नेपाल मानवअधिकार वर्षपुस्तक २०१३



यस वर्षको उल्लेख्य

शान्ति सम्झौताका छ वर्ष

मानवअधिकार वर्षपुस्तक २०१३

(नेपाली संस्करण)

(०६८ पुस १६ देखि ०६९ पुस १६ गतेसम्म अर्थात् सन् २०१२ भरिका घटनाहरूको सङ्कलन)

प्रधान सम्पादक

योगीश खरेल

सम्पादक

मदन पौडेल

सम्पादन मण्डल

प्रशन्नता वस्ती

बालकृष्ण बस्नेत

गणेश भण्डारी

नीर लामा

तथ्याङ्क विश्लेषण

प्रमीन घिमिरे

अनुज के.सी.

ले-आउट

गोविन्दप्रसाद त्रिपाठी

कभर डिजाइन

गीता माली

मानवअधिकार र सामाजिक न्यायका निम्ति

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)

कलङ्की, स्यूचाटार

पोस्ट बक्स २७२६, काठमाडौं, नेपाल

फोन नं. ०१-४२७८७७०, फ्याक्स नं. ०१-४२७०५५१

e-mail: insec@insec.org.np

Web-site: www.insec.org.np

मानवअधिकार वर्षपुस्तक २०१३

प्रकाशन मिति
०६९, फागुन ७ गते

सङ्ख्या
३ हजार प्रति

प्रकाशक
अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)

सर्वाधिकार
इन्सेकमा सुरक्षित

(यस पुस्तकमा प्रकाशित सामग्री इन्सेकको स्रोत उल्लेख गरी पुन:मुद्रण गर्न सकिनेछ।)

मूल्य
रु. ४००।-

मुद्रक
ड्रिम ग्राफिक्स प्रेस
धापासी, काठमाडौँ

विषय सूची

पृष्ठ सङ्ख्या

भूमिका

परिच्छेदहरू

परिच्छेद १	सन् २०१२ को मानवअधिकार स्थिति : समग्र मूल्याङ्कन	१
परिच्छेद २	शान्ति सम्झौताका छ वर्ष	२१
परिच्छेद ३	राज्य र मानवअधिकार	
	३.१ न्यायपालिका	३७
	३.२ कार्यपालिका	६५
	३.३ व्यवस्थापिका	९७
परिच्छेद ४	सन् २०१२ मा नेपालको मानवअधिकार रक्षकको अवस्था	११३
परिच्छेद ५	आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार	
	५.१ पाँचथरमा मातृभाषामा आधारभूत शिक्षा	१२५
	५.२ रौतहटमा दाइजोका कारण भएका महिला हिंसा	१३५
	५.३ कपिलवस्तुमा आन्तरिक विस्थापितहरू	१४५
	५.४ मुगुमा खाद्य उत्पादन र आपूर्तिको अवस्था	१५५
	५.५ अछाममा छाउपडी प्रथा	१६५

अनुसूचीहरू

अनुसूची १	सन् २०१२ र मानवअधिकार उल्लङ्घनका तथ्यहरू	
	१. पूर्वाञ्चल	१७९
	२. मध्यमाञ्चल	२७१
	३. पश्चिमाञ्चल	३८३
	४. मध्यपश्चिमाञ्चल	४४५
	५. सुदूरपश्चिमाञ्चल	५१५
अनुसूची २	मानवअधिकार उल्लङ्घनका तथ्याङ्क २०१२	५५५
अनुसूची ३	सन् २०१२ को मानवअधिकार अवस्थाबारे राजनीतिक पार्टीको धारणा	५५९
अनुसूची ४	सन् २०१२ को मानवअधिकार अवस्थाबारे विभिन्न क्षेत्रको धारणा	५८१
अनुसूची ५	क्रिया/प्रतिक्रिया	५९७
अनुसूची ६	वर्षपुस्तक २०१३ तयारीका क्रममा संलग्न व्यक्तिहरू	६३१

जिल्लागत विषय सूची

१. पूर्वाञ्चल

१.१ झापा १७९
१.२ इलाम १८४
१.३ पाँचथर १८९
१.४ ताप्लेजुङ १९६
१.५ मोरङ १९९
१.६ सुनसरी २०८
१.७ धनकुटा २१५
१.८ तेह्रथुम २२०
१.९ भोजपुर २२४
१.१० सङ्खुवासभा २३१
१.११ सप्तरी २३५
१.१२ सिराहा २४७
१.१३ उदयपुर २५३
१.१४ खोटाङ २५९
१.१५ ओखलढुङ्गा २६४
१.१६ सोलुखुम्बु २६७

२. मध्यमाञ्चल

२.१ धनुषा २७३
२.२ महोत्तरी २८०
२.३ सर्लाही २८४
२.४ सिन्धुली २९०
२.५ रामेछाप २९८
२.६ दोलखा ३०२
२.७ रौतहट ३०६
२.८ बारा ३१६
२.९ पर्सा ३२२
२.१० चितवन ३२६
२.११ मकवानपुर ३३५
२.१२ ललितपुर ३४१
२.१३ काभ्रे ३४६
२.१४ भक्तपुर ३५०
२.१५ काठमाडौँ ३५३
२.१६ धादिङ ३६२
२.१७ सिन्धुपाल्चोक ३७१
२.१८ नुवाकोट ३७६
२.१९ रसुवा ३७९

३. पश्चिमाञ्चल

३.१ तनहुँ ३८५
३.२ गोरखा ३८९
३.३ लमजुङ ३९२
३.४ स्याङ्जा ३९४
३.५ कास्की ३९७
३.६ मनाङ ४०५
३.७ नवलपरासी ४०७
३.८ रूपन्देही ४१४
३.९ पाल्पा ४१८
३.१० कपिलवस्तु ४२१
३.११ अर्घाखाँची ४२८
३.१२ गुल्मी ४३०
३.१३ बाग्लुङ ४३४
३.१४ पर्वत ४३७
३.१५ म्याग्दी ४४०
३.१६ मुस्ताङ ४४२

४. मध्यपश्चिमाञ्चल

४.१ दाङ ४४७
४.२ प्यूठान ४५४
४.३ रोल्पा ४५७
४.४ सल्यान ४६१
४.५ रूकुम ४६४
४.६ बाँके ४६७
४.७ बर्दिया ४७३
४.८ सुर्खेत ४८०
४.९ जाजरकोट ४८८
४.१० दैलेख ४९१
४.११ डोल्पा ४९६
४.१२ जुम्ला ४९८
४.१३ कालीकोट ५०२
४.१४ मुगु ५०७
४.१५ हुम्ला ५११

५. सुदूरपश्चिमाञ्चल

५.१ कैलाली ५१७
५.२ अछाम ५२७
५.३ डोटी ५३१
५.४ बाजुरा ५३४
५.५ बझाङ ५३७
५.६ कञ्चनपुर ५३९
५.७ डडेलधुरा ५४५
५.८ बैतडी ५४८
५.९ दार्चुला ५५१

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) सन् १९८८ देखि मानवअधिकार तथा सामाजिक न्यायका लागि कार्यरत छ। पाँच विकास क्षेत्रमा पाँच क्षेत्रीय कार्यालय तथा १४ जिल्लामा जिल्ला कार्यालय स्थापना गरी इन्सेकका नियमित कार्यक्रम तथा परियोजनाहरू सञ्चालन भइरहेका छन्। मानवअधिकार उल्लङ्घनका घटनाहरूलाई अध्ययन/अनुगमन गर्नका लागि यसले देशका पचहत्तरै जिल्लामा प्रतिनिधिहरूको व्यवस्था गरेको छ।

२०६९ वैशाख २४ गते सम्पन्न साधारण सभाले तीन वर्षका लागि चयन गरेको कार्यसमिति

अध्यक्ष – सुबोधराज प्याकुरेल

महासचिव - लालबाबुप्रसाद यादव

कोषाध्यक्ष - डा. मदनप्रसाद परियार

सदस्यहरू

- डा. पुष्पा कर्ण
- कुन्दन अर्याल
- टीकाराम भट्टराई
- रक्षा बस्याल
- रमेश पौडेल
- हरि फुँयाल
- वसन्तीदेवी झा

कार्यकारी निर्देशक तथा निम्नलिखित कार्यक्रमहरूमार्फत इन्सेकको दैनन्दिन कार्य सम्पादन गरिन्छ ।

मानवअधिकार प्रलेख तथा प्रसार कार्यक्रम

यस कार्यक्रम अन्तर्गत मानवअधिकार उल्लङ्घन/ज्यादतीसम्बन्धी घटनाहरूको अनुगमन, अध्ययन, अनुसन्धान र प्रलेखीकरण तथा स्थलगत अध्ययनमा आधारित प्रतिवेदन प्रकाशन गर्ने गरिन्छ। *त्रैमासिक स्थितिसूचक, नेपाल मानवअधिकार वर्षपुस्तक, प्राची, इन्फर्मल*लगायतका प्रकाशन यही कार्यक्रमअन्तर्गत गरिँदै आएको छ। यसै कार्यक्रम अन्तर्गत *इन्सेक अनलाइन* कार्यक्रम पनि सञ्चालन गरिँदै आएको छ। पीडितहरूलाई तात्कालिक राहत सहयोग गर्न पहल गर्ने, अर्जेन्ट अपिल जारी गर्ने, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मानवअधिकार र सरोकारवाला सङ्घ-संस्थासँग समेत समन्वय कायम गर्नेलगायतका काम यस कार्यक्रममार्फत् हुँदै आएको छ।

मानवअधिकार शिक्षा कार्यक्रम

यस कार्यक्रमअन्तर्गत इन्सेकले जिल्ला स्तरमा कार्यालय स्थापना गरी तथा स्थानीय मानवअधिकार संस्थाहरूसँगको सहकार्यमा मानवअधिकार शिक्षाको प्रचार प्रसार गरिँदै आएको छ। संचेतनामार्फत ग्रामीण क्षेत्रमा जागरण फैलाउन यस कार्यक्रममार्फत मानवअधिकारसम्बन्धी तालिम, समूह परिचालन, सरोकारवालाहरूसँग अन्तरक्रिया तथा छलफल कार्यक्रम सञ्चालन गरिँदै आएको छ। यस कार्यक्रम अन्तर्गत मानवअधिकार सम्बन्धी पुस्तक तथा तालिम सामग्री पनि प्रकाशन तथा वितरण हुँदै आएको छ।

मानवअधिकार अभियान तथा पैरवी कार्यक्रम

राज्यलाई अन्तर्राष्ट्रिय मानवअधिकार तथा मानवीय कानुनका आधारमा नीति-नियम बनाउन र सीमान्तकृत समुदायका अधिकार पहिचान गराउन दबावको सिर्जना गर्नु यो कार्यक्रमको प्रमुख दायित्व रहेको छ। कानुन पुनरावलोकन, मानवअधिकार सन्धि अनुगमन र मानवअधिकार अभियान कार्यक्रमको सञ्चालन पनि यही कार्यक्रमद्वारा हुँदै आएको छ।

मानवअधिकार शिक्षा रेडियो कार्यक्रम

मानवअधिकारका विषयमा रेडियो नेपाल तथा स्थानीय एफएमहरूबाट सर्वसाधारणलाई जानकारी गराउने उद्देश्यले यो कार्यक्रम सञ्चालन गरिएको छ। समसामयिक मानवअधिकारका विषयवस्तुहरूलाई साप्ताहिक रूपमा यो कार्यक्रम मार्फत् प्रशारण गरिँदै आएको छ। यस कार्यक्रम अन्तर्गत रेडियो श्रोता क्लबसँग समन्वय गरी स्थानीय स्तरमा मानवअधिकारसम्बन्धी विभिन्न कार्यक्रमहरू सञ्चालन गरिन्छ। त्यसैगरी विभिन्न सरकारी विद्यालयहरूमा बालअधिकार सचेतना समूह गठन गरी बालअधिकारको विषयमा सचेतना तथा बालबालिकाको व्यक्तित्व विकास सम्बन्धी क्रियाकलापहरू यस कार्यक्रमअन्तर्गत सञ्चालन भइरहेका छन्।

व्यवस्थापन कार्यक्रम

यस कार्यक्रम अन्तर्गत इन्सेकको सम्पूर्ण प्रशासन तथा अर्थ व्यवस्थापन पर्दछ। यस कार्यक्रमले मानव संशाधन व्यवस्थापन अन्तर्गत कर्मचारीको वृत्ति विकासका सम्बन्धमा पनि काम गर्दै आएको छ। इन्सेकको संस्थागत योजना, अनुगमन र मूल्याङ्कन गर्ने काम पनि यस कार्यक्रम अन्तर्गत हुँदै आएको छ। संस्थाको सूचना व्यवस्थापन गर्ने कार्य अन्तर्गत पुस्तकालय तथा सूचना प्रविधिसम्बन्धी शाखाहरू पनि यस कार्यक्रम अन्तर्गत रहेका छन्। इन्सेकको वार्षिक प्रतिवेदन, *इन्सेक अभियान*जस्ता नियमित प्रकाशनको व्यवस्थापन पनि यही कार्यक्रम अन्तर्गत हुँदै आएको छ।

क्षेत्रीय कार्यालयहरू :

- **पूर्वाञ्चल क्षेत्रीय कार्यालय,** जनपथ टोल, विराटनगर। फोन नं. ०२१-४७१०२५, ४७११२७
- **मध्यमाञ्चल क्षेत्रीय कार्यालय,** कलङ्की, काठमाडौँ, फोन नं. ०१- ४२७८७७०
- **पश्चिमाञ्चल क्षेत्रीय कार्यालय,** जनप्रिय मार्ग, पोखरा। फोन नं. ०६१- ४६५५१२
- **मध्यपश्चिमाञ्चल क्षेत्रीय कार्यालय,** नेसनल ट्रेडिङ रोड, नेपालगञ्ज। फोन नं. ०८१- ५२४५०४, ५२२०६८
- **सुदूरपश्चिमाञ्चल क्षेत्रीय कार्यालय,** उत्तरबेहडी, धनगढी। फोन नं. ०९१- ५२२५७६, ५२१४४६

मानवअधिकार वर्षपुस्तक : जनतासँगको सम्वाद

नागरिकहरूले स्वतन्त्रता, न्याय र शान्तिको अनुभूति गर्न पाएनन् भने मानवअधिकार धरापमा पऱ्यो भन्ने बुझ्नु पर्छ। प्रत्येक व्यक्तिमा अन्तरनिहित सम्मान हुन्छ, जो उसले जन्मदै लिएर आएको हुन्छ। प्रत्येकको सम्मान अर्थात् पहिचान र इज्जत, समान र अविभाज्य अधिकार हुन् भनेर पछिल्लोपटक संयुक्त राष्ट्रसङ्घले आर्थिक, सामाजिक, साँस्कृतिक अधिकारसम्बन्धी अतिरिक्त प्रलेख जारी गर्दा पनि दोहोऱ्याएको छ। स्वतन्त्र नागरिकले मात्र आफ्नो राय प्रभावशाली ढङ्गले राख्न सक्छ र आफ्नो कौशलको सृजनात्मक ढङ्गले उपयोग गरेर समाजलाई सघाउन पनि सक्छ। सभ्य मुलुकको दर्जामा हाम्रो पनि गणना होस् भन्ने हामी चाहन्छौं। आफ्नो जमात र समुदायबाहेक अरूलाई वस्तुसरह मात्र ठान्ने र अर्काको मानमर्दन गर्न फौजी र प्रशासनिक लगायत सबै प्रकारका संरचनाको दुरुपयोग हाकाहाकी गर्ने प्रवृत्तिलाई सन् १९३० को दशकमा तत्कालीन सोभियत राज्यका नेता ट्राटस्कीले सामाजिक फासीवादको रूपमा परिभाषित गरेका थिए।

संस्कार, सभ्यता, अनुशासन, परिवार, समाज वा मानवता जे भनौं यिनले हामीलाई आफू, आफ्नो समाज र राष्ट्रप्रति जवाफदेही बनाइरहेका हुन्छन्। जवाफदेहिताको यो अनुभूति मानवअधिकारका सिद्धान्तका आधारमा व्यवहारमा देख्न पाइयोस् भन्ने आमनागरिकको चाहना स्पष्ट रूपमा स्थापित छ। मानवअधिकारकर्मीहरूको क्रियाशील पङ्क्तिको एक सदस्यका नाताले हामीले देशको समग्र परिस्थिति र व्यवहारलाई मानवअधिकारका सिद्धान्त र त्यसप्रतिको हाम्रो देशको वचनबद्धतालाई समेत ख्याल गरेर अभिलेख र विश्लेषण गर्न थालेको २१ वर्ष पूरा भयो। नेपालको शान्तिप्रक्रियाका हरेक दस्तावेजका अनेक ठाउँमा मानवअधिकारको सम्मान र दण्डहीनताको सम्बोधन गरिने वाचा गरिएको छ। अहिले अन्तर्राष्ट्रिय मानवअधिकार संस्थाहरू र संयुक्त राष्ट्रसङ्घीय प्रतिवेदनहरूले नेपालमा मानवअधिकारप्रतिको जवाफदेहीतालाई बेवास्ता गर्ने, न्यायिक प्रक्रियालाई अपहेलना गर्ने र दण्डहीनतालाई हाकाहाकी संरक्षण गर्ने प्रवृत्ति दह्रोरूपमा स्थापित छ भन्ने निष्कर्षमा पुगेका छन्।

आजको युग अन्तर्राष्ट्रिय न्यायिक प्रणालीको युग हो। हामी विकासोन्मुख र संवेदनशील अवस्थामा रहेको राष्ट्र हौं। हामीले विश्वव्यापी मान्यताका आदर्शहरूको परिपालना गर्ने कुरा आफ्नो इज्जत, पहिचान र प्रभावलाई अगाडि बढाउने विषयसँग प्रत्यक्ष गाँसिएको छ। आफ्ना जनताका अधिकार, सामर्थ्य र पहिचानका मामिलामा हामीले गरेका वाचाहरूको प्रगतिशील व्याख्या गर्दै तिनलाई व्यवहारमा अनुवाद गर्नसके मात्र हाम्रो इज्जत बढ्छ। आफ्नै जनतालाई गाली गरेर, एक अर्काको हुर्मत लिन खोजेर कसैको इज्जत बढ्दैन। समानताको व्यवहार र समस्याहरूको दीर्घकालीन समाधान- यी दुई कुरा नेपालीले खोजेका छन्। कुल जनसङ्ख्यामा ४० प्रतिशत तन्नेरीहरू रहेको यो मुलुक आजको नौलो ज्ञान, बुद्धि र विवेकद्वारा प्रभावित छ। सिद्धान्त बखानेर मात्र कुनै आशाजनक परिणाम दिन सक्दैन । सम्मानपूर्वक बाँच्ने र उन्नति गर्न दिने योजना चाहिएको छ। त्यसमाथि झन्डै २० प्रतिशत नागरिकलाई अप्ठ्यारो परिस्थितिमा काम गर्न वैदेशिक रोजगारीमा पठाउने राष्ट्रका राजनीतिज्ञहरूले बुझ्नै पर्ने हुन्छ कि विदेशमा पसिना बगाउन बाध्य भएकाहरूको आक्रोश अबको दिनमा आफ्नो हैकमको रक्षा गर्न नेपालीको भविष्य बिगार्नेहरूले भोग्नु पर्नेछ। संसारभरिका नेपालीहरू एक अर्कासँग निरन्तर सम्वादमा छन् र झन्डै एकतिहाई जनता इन्टरनेटको सञ्जालसँग गाँसिन तम्तयार छन्। आधाभन्दा बढी जनसङ्ख्या दूरसञ्चारका साधनहरूमार्फत एक अर्कासँग गाँसिएका छन्। र, यो सङ्ख्या निरन्तर बढ्दो छ। शक्ति, हिंसा र हतियारको भरमा कुनै पनि शासक टिक्न सक्दैन भन्ने कुराको दृष्टान्त खोज्न अन्त कतै चहार्नु पर्दैन। हामीले केही वर्षअघि मात्र हाम्रै आँखासामु यस्ता शासक पाखा लागेको देखेका छौं।

यस वर्षको मानवअधिकार वर्षपुस्तकले परिच्छेद ५ देखि ९ सम्म पाँच विकास क्षेत्रका पाँच ओटा विषयलाई अध्ययन गरेको छ। पूर्वाञ्चलको पाँचथरमा मातृभाषामा शिक्षा, मध्यमाञ्चलको रौतहटमा दाइजोको नाममा भएको महिला हिंसा, पश्चिमाञ्चलको कपिलवस्तुमा आन्तरिक विस्थापितहरूको अवस्था, मध्य-पश्चिमाञ्चलको मुगुमा खाद्य उत्पादन र आपूर्ति र सुदूर-पश्चिमाञ्चलको अछाममा छाउपडी प्रथा र परिच्छेद- ४ मा मानवअधिकार रक्षकको अवस्थामा प्रकाश पारिएको छ। नेपालीहरूको समग्र जीवनमा प्रभाव पारिरहेको शान्तिप्रक्रियाको सन्दर्भमा परिच्छेद- २ अन्तर्गत शान्ति सम्झौताका छ वर्षको विवेचना गरिएको छ।

मानवअधिकार वर्षपुस्तक मानवअधिकारको प्राथमिक सूचनाको सँगालो हो। यसका आधारमा धेरै अनुसन्धान र विश्लेषण भएका छन्। मानवअधिकारको संरक्षण र सम्वर्धन गर्ने चाहनाका साथ केही सान्दर्भिक सामग्री थपेर यसको प्रकाशन गरेका छौं। यो पुस्तक जनतासँग आधारभूत तहमा गरिने सम्वादको प्रतिफल हो, उनीहरूले इन्सेकप्रति दर्शाएको विश्वासको मूर्त रूप पनि हो । त्यसैले यसमा बौद्धिक विश्लेषण भन्दा जस्ताको त्यस्तै जानकारी बढी पाइन्छ।

हामीलाई सूचना दिएर, वर्षपुस्तकको समीक्षामा भाग लिएर सुधार प्रक्रियामा सहयोग गर्नुहुने र यो काममा निरन्तर संलग्न इन्सेक परिवारका जिल्लादेखि क्षेत्र र केन्द्रमा संलग्न सबै साथीहरूमा हार्दिक धन्यवाद प्रकट गर्न चाहन्छु। यो पुस्तक प्रकाशन गर्न र अन्य संस्थागत कार्यक्रममा सहयोग गर्नुहुने दाताहरूलाई पनि हार्दिक धन्यवाद ज्ञापन गर्दछु।

मानवअधिकारउपर धावा बोल्ने, जनताउपर अत्याचार गर्नेहरूलाई दोषानुभूति गराउने उद्देश्यका साथ विधिको शासनअनुरूप व्यवहार गराउन हामी सबैको सामूहिक प्रयास हुनु अत्यावश्यक छ । यसबाट मात्र आमजनताको अधिकार सुरक्षित हुन सक्दछ ।

सुबोधराज प्याकुरेल
अध्यक्ष

०६९ फागुन ७

आभार

मानवअधिकार वर्षपुस्तक २०१३ तयार गर्ने क्रममा हामीलाई नैतिक, भौतिक तथा बौद्धिक सहयोग गर्ने : नर्वेजियन दूतावास, इको तथा ईईडी, डानिडा, ह्यूगोप्रति आभार व्यक्त गर्दछौं। कठिन परिस्थितिमा पनि मानवअधिकार उल्लङ्घनका घटनाहरूको विवरण सङ्कलन गर्ने जिल्ला-जिल्लाका प्रतिनिधिहरू विशेष धन्यवादका हकदार छन्। अघिल्लो वर्षपुस्तक पढेर प्रतिक्रिया व्यक्त गर्नुहुने तमाम संस्था तथा व्यक्तिहरूमा धन्यवाद ज्ञापन गर्दछौं। सन् २०१२ को मानवअधिकार अवस्थाका सम्बन्धमा धारणा उपलब्ध गराउने सम्पूर्ण राजनीतिक दल, आयोग, मन्त्रालय, सुरक्षा निकाय तथा पेसागत सङ्घ-संस्थाहरूप्रति आभार प्रकट गर्दछौं।

परिच्छेद

१

सन् २०१२ को मानवअधिकार स्थिति : समग्र मूल्याङ्कन

१. प्रारम्भ

सन् २०१२ सम्ममा नेपाल मानवअधिकारसँग सम्बन्धित २४ ओटा अन्तर्राष्ट्रिय दस्तावेजहरूको पक्ष राष्ट्र भइसकेको छ। वर्तमान अवस्थामा नेपालको मानवअधिकारको समीक्षा वा अवस्थाको विवेचना गर्दा ती दस्तावेजलाई मानकको रूपमा लिनुपर्ने हुन्छ। यसबाहेक १० वर्ष लामो सशस्त्र द्वन्द्व र छ वर्षको शान्तिप्रक्रियामा पनि मानवअधिकारसँग सम्बन्धित कैयन् विषयवस्तु गाँसिएका हुनाले विस्तृत शान्ति सम्झौता, नेपालको अन्तरिम संविधान २०६३ एवम् अन्य सहमतिका दस्तावेजलाई पनि उत्तिकै महत्व दिनु आवश्यक हुन जान्छ।

नेपालमा २०५२ सालदेखि २०६३ सम्म भएको सशस्त्र द्वन्द्व तत्कालीन विद्रोही नेकपा माओवादी तथा नेपाल सरकारबीच २०६३ मङ्सिर ५ गते भएको विस्तृत शान्ति सम्झौताले विधिवत रूपमा अन्त्य गरेको थियो। शान्ति सम्झौता सम्पन्न भएपछिका यी छ वर्षको अवधिमा नेपालको मानवअधिकारको अवस्था आशानुरूप सफल हुन सकेन। यस वर्ष माओवादी लडाकुको समायोजनबाहेक अन्य कुनै महत्वपूर्ण कार्य सम्पन्न हुन सकेन।

मुलुकका विविधि समस्या एवम् मानवअधिकार संरक्षण गर्ने अभिभारा बोकेको सरकार आफ्नो दायित्व र कर्तव्यप्रति विमुख भइदिँदा आइपर्ने सङ्कटको सामना नेपालले गरिरहेको तथ्य अन्तर्राष्ट्रियस्तरमा समेत चासो र आलोचनाको विषय बन्न पुग्यो। दण्डविहीनताको अवस्थामा सुधार हुनुको साटो सरकारले गरेका कैयन् निर्णयले मानवअधिकारविरोधी तत्वलाई बल पुग्ने अवस्था आयो। वैधानिकतामाथि नै प्रश्न उठेको अवस्थामा रहेको सरकारले आपराधिक मुद्दामा सजाय भोगिरहेका व्यक्तिहरूको समेत मुद्दा फिर्ता लिने लगायतका त्यस्ता निर्णय गर्‍यो, जसलाई राज्यको अर्को अङ्ग न्यायपालिकाले अवैधानिक ठहर गर्‍यो। न्यायपालिकाको माथिल्लो निकाय सर्वोच्च अदालतका न्यायाधीशहरूको सङ्ख्या यो वर्षको अन्त्यसम्म आइपुग्दा झण्डै एकचौथाइ मात्र बाँकी रहेकाले स्वयम् त्यस संस्थाको कार्यक्षमता प्रति औंला उठाउने अवस्था सिर्जना भयो। यद्यपि अदालतहरूबाट यस वर्ष

तालिका १

सन् २०१२ मा हत्या गरिएकाको सङ्ख्या र पीडकपक्ष



उल्लेखनीय र महत्वपूर्ण फैसलाहरू भए।

दुई वर्षभित्र नयाँ संविधान निर्माण गर्ने जनादेश लिएर गठन भएको संविधानसभाले थप दुई वर्ष म्याद पाउँदा पनि संविधान जारी गर्न सकेन। मुलुकलाई अन्यौलग्रस्त अवस्थामा पुऱ्याउँदै संविधानसभा विघटनको घोषणा सरकारले गऱ्यो। व्यवस्थापिका संसद्को समेत अभिभारा निर्वाह गर्ने जिम्मेवारी पाएको संस्थाले कार्यावधिभरमा शान्ति सम्झौता र अन्तरिम संविधानका प्रावधान बमोजिमका सङ्क्रमणकालीन न्यायका लागि आवश्यक संयन्त्र निर्माण गर्ने कानुन तर्जुमा गर्न सकेन। अधिकांश समय असम्बन्धित विवादमा समय व्यतित गऱ्यो। सरकार गठन गर्ने, उसलाई निर्देशन गर्ने, उसमाथि अङ्कुशसमेत लगाउन सक्ने मुलुकको एक मात्र जननिर्वाचित प्रतिनिधिहरूको संस्थाको अनुपस्थितिमा सरकार निरङ्कुश र स्वेच्छाचारी हुने खतरा दिनानुदिन बढ्दै गएको अनुभूत भयो। यसले मानवअधिकार र आमजनताको जीवनमा प्रत्यक्ष असर परेको देखियो।

महिला, बालबालिका, वृद्ध वृद्धाहरू असुरक्षित देखिन थाले। मानवअधिकारका विभिन्न क्षेत्रमा क्रियाशील व्यक्तिहरू राज्य र गैरराज्य दुवै पक्षबाट प्रताडित भए। यहाँसमेत कि सरकारको नेतृत्व गरिरहकै दलका कार्यकर्ताका आधिकारिक प्रकाशनमार्फत देशका प्रमुख मानवअधिकारकर्मीहरू विरुद्ध धम्की दिइए। सर्वोच्च अदालतमा कार्यरत न्यायाधीशको हत्या भयो, जसको रहस्य यस वर्षको अन्त्यसम्म पनि खुल्न सकेन। नेपाल पक्ष राष्ट्र भएका सन्धि-अभिसन्धि र अन्तर्राष्ट्रिय समुदायसमक्ष प्रतिबद्धता गरेका थुप्रै दस्तावेजअनुरूप नेपालमा मानवअधिकार सम्बर्धन र प्रवर्धनमा यस वर्ष कुनै उल्लेख्य योगदान पुग्न सकेको अवस्था रहेन। मानवअधिकारको प्रवर्धनमा राष्ट्रिय संयन्त्रहरूले निर्वाह गर्नुपर्ने भूमिका तथा प्रभावकारिता यस वर्ष पनि सन्तोषजनक रहेनन्। राष्ट्रिय मानवअधिकार आयोगले गरेका सिफारिशहरू कार्यान्वयन गर्न गराउन सरकारले तत्परता देखाएन।

यिनै परिस्थितिमा ७५ जिल्लामा रहेका इन्सेक प्रतिनिधिहरूले मानवअधिकार वर्षपुस्तक २०१३ का लागि मानवअधिकार अनुगमन गरेका थिए। इन्सेकले विगत दुई दशकदेखि प्रकाशन गर्दै आइरहेको नेपाल मानवअधिकार वर्षपुस्तकले वर्षको

तालिका २

शान्ति सम्झौता भएपछिको छ वर्षमा मारिएकाहरूको सङ्ख्या

(विकास क्षेत्रगत आधारमा- २०६३ पुस १७ देखि ०६५ पुस १७ गतेसमम)



समग्र मानवअधिकारको अवस्थाको चित्रण गर्ने गरेको छ। यस वर्षपुस्तकमा घटनाहरूको प्रलेखिकरण गर्दा मानवअधिकारका मूल्य मान्यता तथा राज्यले अवलम्वन गरेका कानुनी प्रावधानहरू, अन्तर्राष्ट्रिय समुदायसमक्ष गरेका प्रतिबद्धताहरूलाई विश्लेषण गर्दै पीडितलाई न्याय र पीडकलाई सजाय हुनसक्ने ढङ्गले व्याख्या तथा विश्लेषण गर्ने गरिएको छ। मानवअधिकार वर्षपुस्तक २०१३ यसै परम्पराको निरन्तरता हो।

२. अपूर्ण रहेको शान्तिपक्रिया

इन्सेकको अभिलेखअनुसार १३ हजार २ सय ७६ जना मानिसहरूले ज्यान गुमाउनु परेको सशस्त्र द्वन्द्वका पीडितपक्षहरू छ वर्षदेखि न्याय पाउने आसमा थिए। पीडितलाई न्याय दिनुको अर्थ आर्थिक सहयोग मात्र हो भन्ने बुझाइमा सरकार रह्यो। यसै क्रममा सरकारले द्वन्द्वका क्रममा मारिएका मानिसहरूको आफैंले सङ्कलन गरेको तथ्य गलत भएको भन्दै भुलसुधार गऱ्यो। द्वन्द्वकालीन क्षति निर्धारण गर्न सरकारले गठन गरेको कार्यदलको प्रतिवेदनको आधारमा ०६७ चैत ५ गते घोषणा गरेअनुसार नेपालमा सशस्त्र द्वन्द्वमा मृत्यु हुनेहरूको सङ्ख्या १७ हजार २ सय ६५ जना रहेको थियो। तीमध्ये ३ हजार ९ सय जना जीवितै रहेको भनी शान्ति मन्त्रालयले तथ्याङ्क सच्याउन निर्देशन गरेको थियो।

सशस्त्र द्वन्द्वका क्रममा दुवै पक्षबाट भएका मानवअधिकार उल्लङ्घन तथा अपराधलाई सम्बोधन गर्न गठन गर्ने भनिएका सत्य निरूपण तथा मेलमिलाप आयोग र बेपत्ता आयोग यस वर्ष पनि गठन हुन सकेन। विस्तृत शान्ति सम्झौताको महत्वपूर्ण अंशको रूपमा उल्लेखित तथा मानवअधिकारको सम्बर्धन र प्रवर्धनमा गरिएका प्रतिवद्धताहरू गएका छ वर्षमा पनि पूरा भएनन्।

तालिका ३

सन् २०११ मा क्षेत्रगत आधारमा पीडित सङ्ख्या

घटनाको प्रकार	पूर्वाञ्चल	मध्यमाञ्चल	पश्चिमाञ्चल	मध्यपश्चिमाञ्चल	सुदूरपश्चिमाञ्चल	जम्मा
अपहरण	५८	६१	९	११	५	१४४
गिरफ्तारी/यातना	९	३६	७	३६	६	९४
कुटपिट	११५	६८	८३	१३९	५३	४५७
बालअधिकार	१०१	१३१	८३	७३	३६	४१३
हिरासत वा थुनामा मृत्यु		१			१	२
जेलमा मृत्यु	४	४		१		९
आर्थिक/सामाजिक/ सांस्कृतिक अधिकार	६		९	११	७	३३
अमानवीय व्यवहार	६	४	४	२	३	१९
घाइते	३८	१३७	३६	५९	३३	२७३
हत्या	९१	१६८	४६	५३	१९	३७७
जातीय विभेद	१३	७	१५	१९	१९	७३
भेला/सङ्गठित हुने अधिकार	११९	३०४	१३	३७	३४	३८७
धम्की	३३	१६	९	३१	३३	११३
महिलाअधिकार	१३०	१८१	१०४	१८७	४६	६४८
जम्मा	७१३	९९८	४१६	६४९	३६४	३०३९

सरकारले ती प्रतिबद्धता विपरीत जस्तोसुकै अपराधलाई पनि क्षमा दिने मनसायबाट सत्य निरूपण तथा मेलमिलाप आयोग निर्माणका लगि अध्यादेश जारी गराउने प्रयास गऱ्यो।

सन् २००७ देखि २०१२ सम्म राज्यपक्षबाट मानिसको बाँच्न पाउने अधिकारको उल्लङ्घनमा कमी देखिए तापनि आमजनताको सुरक्षा गर्न असफल देखिएको छ। यस अवधिमा २ हजार ८ सय २४ जना मारिए २ हजार ६ सय ३९ गैरराज्यपक्षबाट मारिएका थिए भने राज्यपक्षबाट १ सय ८५ जना मारिएको इन्सेकले अभिलेख गऱ्यो। गैरराज्यपक्षबाट मारिएका मध्ये २८ जना शान्ति सम्झौताको पक्षधर संविधानसभामा सबैभन्दा ठूलो दल र यस अवधिमा दुई पटक सरकारको नेतृत्व गर्ने अवसर प्राप्त गर्ने एमाओवादी पक्षबाट भएको थियो।

शान्ति प्रक्रियाको सन्दर्भ यस वर्ष भएको मुख्य उपलब्धि भनेको माओवादी लडाकुको समायोजन मात्र रह्यो। तत्कालीन विद्रोही पक्षले कब्जा गरेको सम्पत्ति र त्यसको क्षतिपूर्ति दिनेतर्फ सरकारले कुनै चासो देखाएन। यसै गरी विस्थापितहरूको समस्या ओझेलमै रह्यो।

२.१ माओवादी लडाकु समायोजन एक उपलब्धि

छ वर्षदेखि सुचारु शान्तिप्रक्रियाको एउटा महत्वपूर्ण एवम् जटिल पाटो माओवादी लडाकुको समायोजन तथा व्यवस्थापन यस वर्ष सम्पन्न भयो। ०६३ मङ्सिर ५ गते सम्पन्न भएको विस्तृत शान्ति सम्झौतामार्फत प्रारम्भ भएको शान्तिप्रक्रिया अन्तर्गत ०६३ माघ १ गते जारी गरिएको अन्तरिम संविधान, ०६३ मा विशेष समिति बनाएर माओवादी लडाकुको समायोजन र व्यवस्थापन गर्ने उल्लेख गरिएको थियो।

अघिल्ला वर्षहरूमा पनि समायोजनको विषयमा प्रशस्त छलफल हुँदै आएको थियो। माओवादी लडाकुलाई कति सङ्ख्यामा कुन निकायमा

तालिका ४ **सन् २०१२ मा क्षेत्रगत आधारमा पीडित सङ्ख्या**

घटनाको प्रकार	पूर्वाञ्चल	मध्यमाञ्चल	पश्चिमाञ्चल	मध्यपश्चिमाञ्चल	सुदूरपश्चिमाञ्चल	जम्मा
अपहरण	१८	४८	१	३	१	७१
गिरफ्तारी/यातना	१३	१९	१५	१९		६६
कुटपिट	१४३	११८	१३१	१३४	५९	५८५
बालअधिकार	१०३	३०८	७४	६३	४५	४९३
हिरासत वा थुनामा मृत्यु		१				१
जेलमा मृत्यु	३		१			४
बेपत्ता		१				१
आर्थिक/सामाजिक/ सांस्कृतिक अधिकार	७	१०	४	७		३८
अमानवीय व्यवहार	१०	१०	९	३	३	३४
घाइते	३४	१०५	६	१४	५०	३०९
हत्या	११४	३०३	३४	३४	३९	४३३
भूमिहीन/सुकुमबासी समस्या	८					८
जातीय विभेद	३१	३६	१३	३१	३१	१११
भेला/सङ्गठित हुने अधिकार	८८	१३६	१४१	६९	१८	४४३
धम्की	३७	१७	१४	६३	१५	१३६
महिलाअधिकार	१६३	३३३	११३	३३८	८५	९१०
जम्मा	**७५०**	**१११३**	**५५५**	**७५८**	**३४५**	**३५३१**

समायोजन गर्ने भन्ने पटक-पटक विवाद भएका कारण छ महिनामा टुङ्ग्याउने भनिएको समायोजन प्रक्रिया पूरा गर्न झण्डै छ वर्ष लाग्यो।

तत्कालीन राष्ट्रसङ्घीय मिसन अनमिनको प्रमाणीकरणमा उपस्थित झण्डै ३२ हजार लडाकुमध्ये १९ हजार ६ सय २ मात्र वास्तविक लडाकु ठहरिएका थिए। अन्तिम प्रक्रियामा आइपुग्दासम्म प्रमाणित लडाकुमध्ये १० प्रतिशत पनि समायोजन हुन इच्छुक देखिएनन्।

सेना समायोजन विशेष समिति सचिवालयका अनुसार अनमिनले प्रमाणीकरण गरेका लडाकु सङ्ख्या १९ हजार ६ सय २ रहेकोमा विशेष समितिले अद्यावधिक गर्दा १७ हजार ५२ बाँकी रहे। जसमा १४ सय ६० ले समायोजन, १५ हजार ५ सय ८५ ले स्वेच्छिक अवकास र छ लडाकुले पुनर्स्थापना रोजेका थिए। *(थप जानकारीका लागि हेर्नुहोस् कार्यपालिका)* समायोजन रोजेका १४ सय ६० जना ०६९ मङ्सिर १० गतेबाट नेपाली सेनाको तालिममा सहभागी भए । समायोजनमा गएकामध्ये १६ मेजर, ३० क्याप्टेन र २५ लेफ्टिनेण्ट गरी ७१ अधिकृत र बाँकी अन्य दर्जामा छनौट भए। सैनिक तालिम पासआउट पछि पूर्व लडाकुहरूलाई नेपाली सेनाको नवनिर्मित महानिर्देशनालयमा खटाइनेछ। ०६८ कात्तिक १५ मा ६ हजार ५ सय लडाकु समायोजन गरिने राजनीतिक सहमति भए पनि समायोजन प्रक्रियालाई निकै कम लडाकुले मात्र रोजे। स्वच्छिक अवकास रोजेका लडाकुलाई सरकारले ५ लाख देखि ८ लाख रुपियाँसम्म उपलब्ध गराएको थियो। अवकास रोजेका लडाकुले पाएको रकमको चेक ४० प्रतिशतसम्म पार्टीलाई दिनुपर्ने भन्दै कमाण्डरहरूले जबरजस्ती खोसेपछि विभिन्न शिविरमा लडाकुहरू तोडफोड र आन्दोलनमा समेत उत्रिए।

२.२ सङ्क्रमणकालीन न्याय :द्वन्द्वपीडितप्रति उदासिनता

छ वर्ष अगाडि विस्तृत शान्ति सम्झौतामार्फत कार्यादेश भएको सत्य निरुपण तथा मेलमिलाप आयोग र वेपत्ता छानबिन आयोग यो वर्ष पनि गठन गरिएन। अन्तरिम संविधान र त्यसपछि पटक-पटकका राजनीतिक सहमतिमा सत्य निरूपण तथा मेलमिलाप आयोग र बेपत्ता छानबिन आयोग गठन गरी त्यसको सिफारिसको आधारमा न्याय निरूपण गर्ने भनिए पनि यो वर्ष पनि यी आयोगहरू गठन हुन सकेनन्। ढिलो गरी तत्कालीन सरकारले सत्य निरूपण तथा मेलमिलाप आयोग र बेपत्ता नागरिक छानबिन आयोगसम्बन्धी विधेयक संसद्मा पेश गर्दा सहमतिको अवस्था बन्दै गएको थियो। डा. बाबुराम भट्टराई नेतृत्वको सरकारले एउटै आयोग बनाई जघन्य अपराधमा संलग्नहरूलाई उन्मुक्ति तथा माफी दिनुहुँदैन् भन्ने प्रावधान हटाएर पीडित र पीडकबीच जबरजस्ती मेलमिलाप गराउने उद्देश्यको अध्यादेश राष्ट्रपतिसमक्ष पेश गरेपछि यस क्षेत्रमा कार्यरत सङ्घ-संस्था, पीडित र अन्तर्राष्ट्रिय समुदाय निराश बने। व्यवस्थापिका संसद्मा तीन वर्षअघि ती विधेयक दर्ता गरिएको भए पनि नियमित अवरोधका कारण यो विषयले प्रवेश नै पाएन। संविधानसभाको विघटनपछि बेपत्ता छानविन आयोग र सत्य निरूपण आयोगका विषय समेटेर एउटै आयोग बनाउने सरकारी तयारीको राष्ट्रिय तथा अन्तर्राष्ट्रिय तहमा

तालिका ५ **दाइजोका कारण भएका महिला हिंसाका पीडित सङ्ख्या**

जिल्ला	हत्या	पारिवारिक हिंसा	बहुविवाह	जम्मा
बाँके		१		१
धनुषा	१			१
हुम्ला		१		१
मोरङ		३		३
पर्सा	३			३
रौतहट	१	१		३
सप्तरी		३		३
सर्लाही		१		१
सिन्धुली		१		१
सिराहा			१	१
सुर्खेत		१		१
जम्मा	५	११	१	१६

व्यापक विरोधकाबीच डा. बाबुराम भट्टराई सरकारले राष्ट्रपतिसमक्ष एक अध्यादेश पेश गऱ्यो। राष्ट्रपतिले हस्ताक्षर नगरेपछि सो अध्यादेश यस वर्षको अन्त्यसम्म विचाराधीन रह्यो।

२.३ नेपालको द्वन्द्वप्रतिवेदन, २०६९ र विश्वव्यापी क्षेत्राधिकार

संयुक्त राष्ट्रसङ्घीय मानवअधिकार उच्चायुक्तको कार्यालयले 'नेपाल द्वन्द्व प्रतिवेदन-२०६९' सार्वजनिक गऱ्यो। सो प्रतिवेदनमा नेपालमा ०५२ फागुन १ गतेदेखि ०६३ मङ्सिर ५ गतेसम्म माओवादी सशस्त्र द्वन्द्वमा भएका मानवअधिकार उल्लङ्घन र ज्यादतीका घटनाहरू व्यवस्थित अभिलेखीकरण गरिएका छन्। नेपालको सशस्त्र द्वन्द्वमा भएका मानवअधिकार र मानवीय कानूनको गम्भीर उल्लङ्घनका घटनाको अभिलेखन तथा विश्लेषण गरिएको ओएचसीएचआरको प्रतिवेदनमा उल्लेख गरिएको विषय राष्ट्रसङ्घको औपचारिक धारणा हो। यो प्रतिवेदन ओएचसीएचआर आफैंले गरेको अनुसन्धानका साथै राष्ट्रिय मानवअधिकार आयोगलगायत विभिन्न राष्ट्रिय-अन्तर्राष्ट्रिय संस्थाका प्रतिवेदन र सुरक्षाफौजका प्रतिवेदन-विज्ञप्ति, तत्कालीन नेकपा माओवादीका प्रतिवेदन-विज्ञप्ति तथा पत्र-पत्रिकामा आएका मानवअधिकार उल्लङ्घनसम्बन्धी समाचार लगायतका सामग्रीहरूको विश्लेषणमा आधारित छ । आजसम्म नेपालको सङ्क्रमणकालीन न्यायको छलफलमा कम आँकिएका यौनजन्य हिंसा र स्वेच्छाचारी गिरफ्तारीलाई प्रतिवेदनमा व्यवस्थित अभिलेखीकरण गरिएको छ। पीडितको नाम उल्लेख गरिएको प्रतिवेदनमा निर्दोषिताको सिद्धान्तलाई ग्रहण गर्दै पीडकहरूको नाम गोप्य राखिएको छ। सरकार र माओवादीको तत्कालीन नीतिको सूक्ष्म विश्लेषण गरिएको प्रतिवेदनमा द्वन्द्वको समयतालिका तथा दुवै पक्षको चेन अफ कमाण्ड खुलाइएको छ। प्रतिवेदनले आममाफी दिने मनसायले गरिएका छानबिन वा अनुसन्धानलाई राष्ट्रसङ्घले मान्यता दिँदैन भन्ने स्पष्ट सन्देश दिएको छ। प्रतिवेदनले गैरन्यायिक हत्या युद्धरत पक्षको नीतिजस्तै भएको, माओवादीबाट पनि बलात्कार र यौन अपराध भएको, युद्ध अपराधमा

तालिका ६

सन् २०१२ मा पीडित बालबालिका



संलग्नलाई नागरिक अदालतमा नउभ्याइनु दुर्भाग्यपूर्ण भएको, विश्वव्यापी मापदण्डका सङ्क्रमणकालीन न्याय संयन्त्र आवश्यक भएको आममाफीले दीर्घकालीन शान्तिको आधार कमजोर पार्ने लगायतको तथ्यमा जोड दिएको छ। मुख्यत प्रतिवेदनले द्वन्द्वका समयमा भएका गम्भीर मानवअधिकार उल्लङ्घनका घटनाहरूलाई अन्तर्राष्ट्रिय मापदण्ड अनुसार सम्बोधन नगरेमा विश्वव्यापी न्यायिक अधिकार क्षेत्र (युनिभर्सल जुरिडिक्सन) आकर्षित हुनेतर्फ सजग गराएको छ। माओवादी नेतृत्वको सरकारले एकतर्फी रूपमा आएको भन्दै प्रतिवेदनलाई ठाडै अस्वीकार गरेपनि संयुक्त राष्ट्रसङ्घ जस्तो साझा संस्थाबाट आएको प्रतिवेदनले सृजना गरेको दायित्वबाट उम्कन सक्ने अवस्था भने देखिँदैन।

सशस्त्र द्वन्द्वको क्रममा भएका हत्यामध्ये झण्डै २ हजार घटनाहरूमा अन्तर्राष्ट्रिय मानवीय कानुनको गम्भीर उल्लङ्घन भएको र घटनाहरूको प्रकृति र अवस्थालाई विश्लेषण गर्दा सबै हत्याका प्रकृति युद्ध अपराधका भएका निष्कर्ष प्रतिवेदनमा छ। त्यस्तै नेपालमा सशस्त्र द्वन्द्वको समयमा बेपत्ता पारिएका व्यक्तिहरूको सम्बन्धमा पनि अन्तर्राष्ट्रिय कानुनको उल्लङ्घन भएको र सशस्त्र द्वन्द्वको समयमा नेपालमा यस्ता घटनाहरूले मानवता विरुद्धको अपराध भएको निर्क्यौल गरिएको छ।

मानवअधिकारको विश्वव्यापी सिद्धान्तअनुसार अन्तर्राष्ट्रिय कानुनको उल्लङ्घन भएका गम्भीर प्रकृतिका घटनाहरू जस्तै युद्धअपराध, मानवता विरुद्धको अपराध, आमजनसंहार, बलपूर्वक बेपत्ता बनाइने कार्य, गैरन्यायिक हत्या जस्ता घटना

तालिका ७

तराईका जिल्लामा भएका हत्या सङ्ख्या



जुनसुकै राष्ट्रमा भएको भए पनि सम्बन्धित राष्ट्रको कानुनको अधिनमा रही पूपर्क्षका लागि थुनामा राख्ने, मुद्दा चलाउने तथा सजाय तोक्ने अधिकार रहने व्यवस्थालाई मानवअधिकारले विश्वव्यापी क्षेत्राधिकार तोकेको छ।

शान्तिप्रक्रियापछि नेपालमा सङ्क्रमणकालीन न्यायको लागि आवश्यक संयन्त्र निर्माण गरी दोषीउपर कारबाही र पीडितलाई न्याय दिलाउने अवस्था नहुनु, सत्य निरुपण तथा मेलमिलाप आयोग तथा बेपत्तासम्बन्धी आयोगको निर्माण हुन नसक्नु र राष्ट्रिय न्यायिक संयन्त्रहरूबाट यथोचित न्याय नपाउने अवस्था रहेको वर्तमान सन्दर्भमा यस्ता र यस्तै प्रकृतिका घटनाहरूले अन्तर्राष्ट्रिय क्षेत्राधिकार आकर्षित भएको छ।

विश्वव्यापी क्षेत्राधिकारको प्रयोग गरी विगतमा भएका गम्भीर प्रकृतिका मानवअधिकार उल्लङ्घनका घटनाका दोषीहरूलाई कारबाही गरिएका प्रशस्त उदाहरणहरू छन्। चिलीका पूर्व तानाशाह अगस्टो पिनोसोलाई स्पेनमा पक्राउ गरिएको थियो भने अमेरीकी पूर्व विदेशमन्त्री हेनरी किसिँजर, स्पेनका प्रधानमन्त्री एरिएल शरोनले आफ्ना अन्तर्राष्ट्रिय भ्रमणहरू रद्द गर्दै आएका छन्। युद्धअपराध, मानवता विरुद्धको अपराध, जनसंहार तथा बेपत्ता, यातना, गैरन्यायिक हत्या एवम् महिला विरुद्धको हिंसा, बालसैन्य भर्ती जस्ता अन्तर्राष्ट्रिय अपराधहरू घरेलु कानुनअनुसार पनि अपराध नै हुने कुरा सुनिश्चित गर्नका लागि सबै कानुनी उपायहरू अवलम्बन गरिनुपर्नेमा त्यस्ता प्रक्रियामा राज्य उदासिन देखियो।

२.४ परिणामबिनाका वार्ताहरू

संविधानसभाको निर्वाचनपछि सन् २०१२ को अन्त्यसम्म आइपुग्दा सरकारले ५३ ओटा भूमिगत समूहहरूसँग वार्ता गऱ्यो। वार्ताको क्रममा हालसम्म सरकारको सम्पर्कमा रहेका २६ ओटा हिंसात्मक समूहमध्ये केहीले हतियारसमेत बुझाए कोही सरकारको सम्पर्कमा रहेनन्। केहीले हिंसात्मक गतिविधि त्यागेर तराईकेन्द्रित दलमा प्रवेश गरे। देशका हिमाल, पहाड, तराईका विभिन्न स्थानमा हतियारबद्ध राजनीतिक गरिरहेका ५३ समूहमध्ये २६ समूह वार्ताको क्रममा सम्पर्कमा रहे।

कतिपय समूह एक चरणको वार्तापछि सम्पर्कमा नआएको शान्ति तथा पुनर्निर्माण मन्त्रालयले जनायो। वार्ताको पहिलो चरणमा नै पूरा गर्न असम्भव माग राखेकाले धेरैजसो समूहसँग वार्ता असफल भएको पनि मन्त्रालयले जनायो। सशस्त्र विद्रोहका नाममा हिंसा गरिरहेका कतिपय समूहले वार्तालाई सङ्गठन निर्माण र अपराधको सजायबाट जोगिने माध्यम बनाएको स्पष्ट भयो। सन् २०१२ मा वर्ष यस्ता सशस्त्र समूहबाट छ जनाको हत्या भयो। यस वर्ष जनकपुर बम विस्फोट गराउने समूह पनि सरकारसँग वार्ता गर्नेमध्ये कै एक थियो। समूहको नाम नखुले पनि अज्ञात समूहबाट हत्या र अपहरणको सिलसिला बढिरहेको परिस्थितिमा तिनै समूहहरूको संलग्नता रहेको आशङ्का गरिएको छ।

तालिका ८

तराईका जिल्लामा अपहरित सङ्ख्या

जिल्ला	अपहरण
बाँके	१
बारा	३
बर्दिया	३
चितवन	१
धनुषा	५
झापा	१
महोत्तरी	६
रौतहट	६
सप्तरी	९
सर्लाही	५
सिराहा	७
जम्मा	४६

३. संवैधानिक सङ्कट

संविधानसभा विघटनपूर्व नै संवैधानिक अङ्गका कतिपय अवयवहरूमा रहेका रिक्त पदहरूमा नियुक्ति हुन सकेको थिएन। व्यवस्थापिका संसद्समेत रहेको संविधानसभा विघटन भएपछि आइपरेका समस्या समाधान गर्न अन्तरिम संविधानका प्रावधान पनि अपूरो प्रमाणित भएकाले संविधान संशोधन गर्नुपर्ने अवस्था एकातिर छ भने संविधान संशोधन गर्ने संवैधानिक संस्था पनि छैन। यसरी

तालिका ९ **सन् २०१२ मा साठी वर्ष नाघेका पीडितहरूको सङ्ख्या**

घटना	राज्यपक्षबाट			गैरराज्यपक्षबाट		
	महिला	पुरुष	जम्मा	महिला	पुरुष	जम्मा
घाइते				३	९	११
अमानवीय व्यवहार					१	१
आर्थिक/सामाजिक/सांस्कृतिक अधिकार					१	१
अपहरण				१		१
महिलाअधिकार				३१		३१
भूमिहीन/सुकुम्बासी समस्या	१	३	३			
भेला/सङ्गठित हुने अधिकार	१	१०	११			
जेलमा मृत्यु		१	१			
जातीय विभेद					४	४
गिरफ्तारी/यातना		३	३			
कुटपिट	३		३	६	९	१५
धम्की	३	३	४		३	३
हत्या		१	१	१५	३५	४०
जम्मा	**७**	**१८**	**३५**	**४५**	**५१**	**९६**

मुलुकले संवैधानिक सङ्कट व्यहोर्नु भनेको अराजक अवस्थातिर बढ्नु हो। यस्तो अराजकता जनस्तरमा मात्र होइन राज्यस्तरबाट पनि निम्तिन हुन सम्भव छ।

३.१ सरकारको वैधानिकतामाथि प्रश्न

अन्तरिम संविधानले दुई वर्ष भित्र बनाउने भनी कल्पना गरेको संविधानसभाले चार वर्षसम्म पनि संविधान बनाउन सकेन। पटक-पटक राजनीतिक सहमतिका आधारमा संविधान संशोधन गरी म्याद थपिँदै आएको संविधानसभा राजनीतिक दलहरूको अकर्मण्यताको कारण कुनै विकल्प बिना नै विघटन भयो। अन्तरिम संविधानले नयाँ संविधान जारी नगरी संविधानसभाको विघटन र दोस्रो संविधानको कल्पना नगरेको अवस्थामा कुनै विकल्प तय नगरी संविधानसभा तथा व्यवस्थापिका संसद् विघटन गरिएपछि संवैधानिक जटिलता सुरु भयो। नयाँ निर्वाचनका लागि संविधान संशोधन आवश्यक थियो। अन्तरिम संविधानले प्रधानमन्त्री पदको निर्वाचनका लागि व्यवस्थापिका संसद् सदस्य हुनुपर्ने भनी गरेको व्यवस्थाले सरकारलाई राजनीतिक निकासको हलो अड्काउन सजिलो भयो। संवैधानिक सङ्कटको अवस्थामा राजनीतिक सहमति नै निकासको एकमात्र विकल्प भएको अवस्थामा सहमति सस्तो नारामात्र बनिरह्यो र संवैधानिक सङ्कट थप गहिरिँदै गयो।

३.२ रिक्तिँदै गएका संवैधानिक पदहरू

संसद्को समेत काम गर्दै आएको संविधानसभा विघटनपछि संवैधानिक पदहरूमा

तालिका ९ **सन् २०१२ मा अपहरण**



रिक्तता झन् बढेर गयो। चुनाव गर्ने दायित्व पाएको निर्वाचन आयोगका कार्यबाहक प्रमुख आयुक्त नीलकण्ठ उप्रेतीले कात्तिक २७ गते वरिष्ठताका आधारमा अवकाश पाए। बाँकी दुई आयुक्त दोलखबहादुर गुरुङ र अयोधीप्रसाद यादवको पनि पुस २६ गते पदावधि सकिएपछि आयोग आयुक्तविहीन हुने हुनाले आयोगलाई संविधानसभाको चुनाव गराउन चुनौतीपूर्ण हुने निश्चित छ। आयोगमा आयुक्तहरू नियुक्त गर्न संसदीय सुनुवाइ गर्नुपर्ने संवैधानिक व्यवस्था भएकोले संसद्को अभावमा पदाधिकारी नियुक्त गर्न सम्भव थिएन। संसदीय सुनुवाइ समिति नहुँदा तीन वर्षदेखि पदाधिकारीविहिन अख्तियार दुरूपयोग अनुसन्धान आयोगमा आयुक्त नियुक्त हुने अवस्था रहेन। अस्थायी न्यायाधीशको संसदीय सुनुवाइ हुन नसक्दा यस वर्ष सातजना न्यायाधीश पदमुक्त भए। मुद्दाको अत्यधिक चाप रहेको सर्वोच्च अदालतमा वर्षको अन्त्यमा प्रधानन्यायाधीशसहित सात जना मात्र न्यायाधीश रहे। संसद् नभएका कारण संवैधानिक निकायमा नियुक्तिको लागि सिफारिस गर्ने संवैधानिक परिषद्मा सभामुख र विपक्षी दलका नेतासमेत नभएका अवस्थामा ल्याइएको अध्यादेशहरूले दलहरूबीच थप फाटो ल्यायो।

४. सन् २०१२ मा मानवअधिकारको अवस्था

सन् २०१२ जनवरीदेखि २०१२ डिसेम्बरसम्मका मानवअधिकार उल्लङ्घनका घटनाहरूलाई अभिलेख गरिएको नेपाल मानवअधिकार वर्षपुस्तक २०१३ मा मानवअधिकार उल्लङ्घन र ज्यादतीका घटनाहरू समावेश छन्। यसमा समाविष्ट ७५ ओटै जिल्लाका मानवअधिकार उल्लङ्घनका घटनाहरूमा राज्यपक्षबाट तथा अन्यबाट भएका घटनाहरूले नेपालमा मानवअधिकारको मूल्यमान्यता तथा प्रतिवद्धताहरूलाई दोहोऱ्याइरहन पछि नपर्ने राज्य तथा अन्य सरोकारवालाहरूलाई चुनौती दिएको छ।

यस वर्ष राज्य र गैरराज्यपक्षबाट गरी जम्मा ४ सय २३ जनाको हत्या भयो। राज्यपक्षबाट १३ जना मारिएका थिए। ५७ जनाको हत्या कसबाट भएको हो यो वर्षको अन्त्यसम्म खुल्न सकेन।

तालिका १०

शान्ति सम्झौता भएपछिको छ वर्षमा मारिएकाहरूको सङ्ख्या

(जिल्लागत आधारमा- २०६३ पुस १७ देखि ०६५ पुस १७ गतेसमम)



तालिका ११

शान्ति सम्झौता भएपछिको छ वर्षमा गैरराज्यपक्षबाट मारिएकाहरूको सङ्ख्या

(२०६३ पुस १७ देखि ०६५ पुस १७ गतेसमम)



४.१ राज्य र मानवअधिकार

(क) आसलाग्दो न्यायपालिका

यस वर्ष सर्वोच्च अदालतले गरेका केही निर्णयहरूले उच्च हैसियतका व्यक्तिहरूलाई पनि सजायका भागी हुन सक्दा रहेछन् भन्ने सन्देश प्रवाह गर्न सफल भयो। सरकारका बहालवाला मन्त्री जयप्रकाश प्रसाद गुप्ता, पूर्वमन्त्रीद्वय गोविन्दराज जोशी र खुमबहादुर खड्कालाई भ्रष्टाचार गरेको आरोपमा सर्वोच्चले सजाय तोक्यो।

यसका अतिरिक्त एकीकृत माओवादीका प्रवक्ता तथा पूर्वमन्त्री अग्निप्रसाद सापकोटाको मुद्दा तामेलीमा राख्ने सरकारको निर्णय विरुद्ध सर्वोच्च अदालतले ०६९ मङ्सिर १० गते अन्तरिम आदेश जारी गऱ्यो। मानवअधिकारकर्मीहरूले गत वर्ष नै सापकोटाविरुद्ध किटानी जाहेरी भई मुद्दा अनुसन्धानको क्रममा रहेको भनी सञ्चारमन्त्रीको नियुक्ति कानुनी नहुने भन्दै दिएको रिट निवेदनमा सर्वोच्चले किटानी जाहेरी हुँदै अयोग्य नहुने तर पदमा बस्ने नबस्ने निर्णय सम्बन्धित व्यक्तिको नैतिकतामा पर्ने जनाएको थियो। अदालतले गरेका फैसलाको कार्यान्वयन गर्ने दायित्व सरकारको हुने गर्छ। अदालतले जस्तोसुकै राम्रो निर्णय गरे पनि तिनको परिपालना गराउन नसकिएमा न्याय प्राप्त हुन सक्दैन। अदालतका कैयन् निर्णयलाई सरकार र उसका मातहतका निकायले पालना गर्ने गराउने कार्यमा बेवास्ता गरेका पाइयो। यस्ता कार्य लोकतन्त्र र मानवअधिकारका लागि घातक साबित हुनेछन्।

(ख) गैरजवाफदेही सरकार

यस वर्ष संविधानत: काम चलाउ प्रकृतिको सरकारले यस वर्ष कैयन् त्यस्ता निर्णय गऱ्यो जो विधानसम्मत थिएनन्। सरकारका त्यस्ता निर्णय आफैंमा विवादास्पद् त थिए नै सर्वोच्च अदालतले ती निर्णय बदर गर्न आदेश गर्नु परेको थियो। सरकारको यस्ता स्वेच्छाचारी कार्य वर्षभरि नै देखियो। अदालती आदेशहरूको अवमूल्यन भयो। संसद्विहीनतालाई अवसरको रूपमा लिँदै आफू अनुकूल अध्यादेशहरू

पारित गराउने प्रयास भए। पछिल्लो छ महिना कामचलाउको हैसियतमा रहेको सरकारले राज्य सञ्चालनको दैनिक कामकारबाही बाहेक दूरगामी महत्वका निर्णयहरू नगर्ने परम्परालाई लत्याउँदै विभिन्न विवादस्पद निर्णयहरू गरिरह्यो। सरकारका मन्त्रीहरू आफ्ना उदण्ड व्यवहारका कारण विवादमा पर्नेक्रम रोकिएन। *(हेर्नुहोस कार्यपालिका परिच्छेदको बुँदा नं. १७ विवादमा मन्त्री)*

(ग) संविधानसभाको विघटनः जनप्रतिनिधिविहीन अवस्थाको शुरुवात

म्याद समाप्त हुन लागेको संविधानसभालाई प्रधानमन्त्री डा. बाबुराम भट्टराईले १५ मिनेट अगाडि ०६९ जेठ १४ गते राति १२:०० बजे बिना विकल्प विघटन गरिएको घोषणा गरे। अन्तरिम संविधान, २०६३ ले संविधानसभाको म्याद प्रष्टरूपमा दुई वर्षमात्र भनेर उल्लेख गरे पनि राजनीतिक सहमतिका आधारमा संविधान संशोधन गर्दै चारपटक गरी दुई वर्ष म्याद थप गरिएको थियो। पटक-पटक म्याद थप गर्दा पनि संविधानसभाले आशानुरूप काम गर्न नसकेपछि सर्वोच्च अदालतले संविधानसभाको म्याद थप विरुद्ध परेको रिटको सुनवाइ गर्दै ०६८ मङ्सिर ९ गते अन्तिम एकपटक छ महिनाभन्दा बढी संविधानसभाको म्याद थप गर्न नमिल्ने आदेश दिएको थियो। यसअघि तीन महिनाको लागि थपिएको म्याद भदौ १४ गते पूरा हुनुअघि नै संविधान संशोधन गरेर संविधानसभाको म्याद पुनः तीन महिनाका लागि थपिएको थियो। मङ्सिर १४ गते तीन महिना पुग्नुअघि मङ्सिर ९ गते नै सर्वोच्च अदालतले एकपटकको लागि मात्र म्याद थप्न आदेश गरेको थियो। सर्वोच्च अदालतले स्पष्टरूपमा संविधानसभाको म्याद जेठ १४ गतेभन्दा पछाडि थप गर्न नमिल्ने आदेश दिइसकेको र त्यस समयसीमा भित्र संविधानसभाले नयाँ संविधान जारी गर्नसक्ने आधार शून्यप्रायः रहेको अवस्थामा सरकारले समयमा नै विकल्पको खोजी नगरी संविधानसभाको विघटन गऱ्यो। व्यवस्थापिका संसद्को अस्तित्व रहँदै संविधान संशोधन गरी विकल्प तय गर्न सकिन्थ्यो

तालिका १२ **सन् २०१२ मा महिला विरुद्धको हिंसा**



तालिका १३

शान्ति सम्झौता भएपछिको छ वर्षमा मारिएकाहरूको सङ्ख्या

(विकास क्षेत्रको आधारमा- २०६३ पुस १७ देखि ०६५ पुस १७ गतेसमम)



तर, सरकारले मध्यरातमा हठात नयाँ निर्वाचन घोषणा गरी संविधानसभाको विघटनको घोषणा गऱ्यो। नयाँ निर्वाचन सम्पन्न गर्नका लागि पनि व्यवस्थापिका संसद्बाट अन्तरिम संविधान संशोधन गर्न जरुरी थियो। नयाँ संविधानबिना नै संविधानसभा विघटन हुनुमा विपक्षी दल कम जिम्मेवार नरहे तापनि नैतिक रूपमा दोषको जिम्मा तत्कालीन सरकारको रह्यो। मुलुकमा रहेको एकमात्र जननिर्वाचित संस्था पनि विघटन भएपछि आफूमाथि आफैँले रोजेको प्रतिनिधिबाट शासित हुने जनताको अधिकार हनन् भयो।

५ मानवअधिकारका चुनौती

५.१ नरोकिएको दण्डहीनता

विगत वर्षहरूमा जस्तै यस वर्ष पनि दण्डहीनताको चर्चा प्रशस्तै भयो। अपराधिक गतिविधिमा संलग्न व्यक्तिहरूको मुद्दा फिर्ता गर्न सिफारिस गर्नेदेखि लिएर सर्वोच्च अदालतका आदेशहरूलाई बेवास्ता गर्ने कार्य भने रोकिएन। राज्यबाट नै दण्डहीनतालाई प्रोत्साहन गर्ने काम भयो। विधिको शासनको रक्षा गर्ने अभिभारा लिएर बसेका महान्यायाधिवक्ता स्वयम्ले जनअदालत ब्यूँताउने धम्की दिएबाट नै दण्डहीनताको अवस्था को साङ्गोपाङ्गो चित्रण हुन्छ। विश्व हिन्दू युवा सङ्घका अध्यक्ष काशीनाथ तिवारीको हत्याका मुख्य योजनाकारका रूपमा आरोपित सरकारका एकजना मन्त्रीको कारबाहीलाई प्रतिरक्षा गर्दै उनले त्यसो भनेका थिए। विस्तृत शान्ति सम्झौता, नेपालको अन्तरिम संविधान र मानवअधिकारका अन्तर्राष्ट्रिय मूल्य मान्यता विपरीत स्वयम् महान्यायाधिवक्ताले यस्तो अभिव्यक्ति दिनु आश्चर्यजनक थियो। यसबाट सरकार विधिको शासन अपनाउन तयार नभएको स्पष्ट देखियो।

मुद्दा फिर्ताका नजिरलाई पल्टाउने हो भने शान्ति सम्झौता भएपछि गिरिजाप्रसाद कोइरालाको प्रधानमन्त्रीत्वकालमा ५७ थान, पुष्पकमल दाहालको प्रधानमन्त्रीत्वकालमा ३ सय ४९ थान, माधव नेपालको प्रधानमन्त्रीत्वकालमा २ सय ५५ मुद्दा फिर्ता लिइएको थियो। यसैगरी डा. बाबुराम भट्टराईको प्रधानमन्त्रीत्वकालमा ७ सयको हाराहारी मुद्दा फिर्ता

तालिका १४

शान्ति सम्झौता भएपछिको छ वर्षमा राज्यपक्षबाट मारिएकाहरूको सङ्ख्या

(भौगोलिक क्षेत्रको आधारमा- २०६३ पुस १७ देखि ०६५ पुस १७ गतेसमम)



लिइए। दण्डहीनताको परिणाम तत्कालै सादृश्य नभए पनि केही समयपछि त्यसका परिणाम समाजमा देखिन थाल्नेछ। अघिल्लो वर्षको तुलनामा सन् २०१२ बढी हिंसात्मक भएको अभिलेखले देखाउँछ। सन् २००६ मा ८ हजार बन्दी कारागारमा रहेका थिए भने सन् २०१२ सम्म आइपुग्दा यो सङ्ख्या १४ हजारमा पुग्नुले अपराधमा भइरहेको वृद्धिलाई सङ्केत गर्दछ।

५.२ खस्कँदो सुरक्षा अवस्था

विस्तृत शान्ति सम्झौतापछि देशमा हत्या हिसांका श्रृङ्खला रोकिने र भयरहित वातावरणमा बाँच्न पाउने अधिकार सुनिश्चितताको अपेक्षा आमनागरिकले गरेका थिए। यसका वावजुद फितलो सुरक्षा व्यवस्थाले आमनागरिकमा सुरक्षा संयन्त्रप्रतिको विश्वास कम हुँदै गएको आभाष मिल्यो। सर्वोच्च अदालतका न्यायाधीश रणबहादुर बमको राजधानीमा दिनदहाडै गोली हानी हत्या भयो। देशको प्रमुख प्रशासनिक केन्द्र सिंहदरबारबाट १ सय मिटर भन्दा कम दूरीमा भएको बम विस्फोटमा अन्य तीन सर्वसाधारणको समेत ज्यान गयो। सो विस्फोटनको जिम्मा लिने विश्वक्रान्ति र उनको पार्टी संयुक्त जातीय मुक्ति मोर्चामा अधिकांश कार्यकर्ता द्वन्द्वको समयमा माओवादीमा सक्रिय रहेका माओवादी लडाकु थिए। मानवअधिकार ज्यादतीमा प्राय सबै दलको कमोवेश संलग्नता देखियो। आफ्ना कार्यकर्तालाई सजायबाट जोगाउने परम्परा संस्थागत हुँदै जाँदा यस्ता घटनामा वृद्धि हुँदै गएको देखिन्छ। राजनीतिक दल र तिनका भातृसङ्गठनहरूबाट पनि मानवअधिकार ज्यादती भए। प्रमुख राजनीतिक दल एमाओवादी, नेपाली काङ्ग्रेस, एमाले र तराईका सशस्त्र समूहबाट २ सय ५० जना पीडित भएका थिए।

मुलुकमा अपहरण डरलाग्दो अपराधको रूपमा स्थापित भएको छ। विडम्बना यसलाई उद्योगसमेत भन्न थालिएको छ। यस वर्ष ७१ जनाको अपहरण भएको अभिलेख इन्सेकमा छ। यीमध्ये चार जना एमाओवादीबाट पाँच जना तराईका सशस्त्र

तालिका १५

शान्ति सम्झौता भएपछिका छ वर्षमा मारिएकाहरूको सङ्ख्या

(जिल्लागत आधारमा- २०६३ पुस १७ देखि ०६५ पुस १७ गतेसमम)



समूहबाट र अन्यबाट ४३ जना र अज्ञात समूहबाट १९ जनाको अपहरण भयो। काठमाडौं जिल्लामा यस वर्ष १६ जना अपहरित भएका थिए। सप्तरी, सिरहा, रौतहट, धनुषा,महोत्तरी र सर्लाही जिल्लामा पाँच जनाभन्दा बढीको अपहरण भएको थियो।

५.३ जोखिममा मानवअधिकार रक्षक

यस वर्ष २ सय ६४ मानवअधिकार रक्षकहरू मानवअधिकार उल्लङ्घनका घटनाबाट प्रताडित भए। मानवअधिकार क्षेत्रमा कार्यरत, पत्रकार, कानुनव्यवसायी, चिकित्सक, सामाजिक कार्यकर्ताहरू अपहरण, गिरफ्तारी तथा यातना, कुटपिट हत्या जस्ता घटनाहरूबाट मानअधिकार रक्षकहरू प्रताडित भएका थिए । यस वर्ष सबैभन्दा बढी पत्रकारहरू पीडित भएको पाइयो। १ सय ६३ जना सञ्चारकर्मी यस वर्ष धम्की र कुटपिटबाट पीडित भएका थिए।

५.४ बढ्दो महिला हिंसा

यस वर्ष विगत वर्षहरू भन्दा पनि बढी महिला हिंसाका विभत्स घटनाहरू इन्सेकद्वारा अभिलेखित भए। आफ्नै बाबुले छोरीको हत्या गरी जलाएको, श्रीमानले श्रीमती हत्या गरेको, बालिकादेखि वृद्धासम्म बलात्कृत भएको, प्रहरीद्वारा बलात्कृत भएको लगायतका सूचना अभिलेखित भइरहे। हिंसाको अर्को डरलाग्दो पक्ष कथित जातीय प्रतिष्ठाको लागि छोरी बुहारी हत्या गर्नु रहयो। रौतहटमा विन्दू ठाकुर, बर्दियाकी शिवा हासमी र कपिलवस्तुकी सङ्गीता यादवको हत्यामा उनीहरूको परिवारजन आरोपित रहेका छन्।

यस वर्ष महिला अधिकारका ९ सय १० घटना इन्सेकमा अभिलेखित भए। यो सङ्ख्या अघिल्लो वर्ष ६ सय ४८ थियो। दाइजोका कारण ५ जना महिलाको हत्या भयो। दाइजोका कारण गरिएको हत्याका धेरैजसो घटनामा पतिको संलग्नता देखियो। धनुषा जिल्लामा भएको एक घटनामा पत्नीको हत्या गरी पतिसहित घरपरिवार बेपत्ता भयो। यो वर्ष बलात्कार, घरेलु हिंसा, दाइजोका कारण गरिएका हत्या तथा कथित बोक्सीका नाममा हुने दुर्व्यवहार

जस्ता घटना बढी प्रकाशमा आए। यस वर्ष बोक्सीको आरोपमा ५२ जना महिला प्रताडित भए भने १ सय ४० जना बलात्कारबाट पीडित भएका थिए। यसबाहेक ८२ जनाले यौनदुर्व्यवहार खेप्नुपरेको थियो। यस्तै यौनिक हिंसाबाट ६० वर्षभन्दामाथिका नौ जना वृद्धा पीडित भए। यस्ता समस्याबाट बालिकाहरू अझ बढी आक्रान्त भएको पाइयो। यौनिक हिंसाबाट यस वर्ष ३ सय ९८ बालिका पीडित भए जसमध्ये १२ देखि १७ वर्ष समूहका २ सय ४४ जना रहेका थिए ।

अध्यागमनमा सरकारी कर्मचारी र प्रहरीबाट नै एक चेलीमाथि लुटपाट र बलात्कार भयो। सर्लाहीमा कथित बोक्सीको आरोपमा ४५ वर्षीया महिलालाई अभक्ष खुवाएर अमानवीय व्यवहार गरियो। चितवनमा कथित बोक्सीकै आरोपमा एक महिलालाई जिउँदै जलाएर मारियो। राजधानी मै कथित बोक्सीको आरोपमा महिलाहरू माथि निर्घात कुटपिट गरियो। सशस्त्र प्रहरीको डिआइजीले श्रीमतीको हत्या गरे। मेलमिलापलाई बढावा दिने सरकारी शैली र फितलो अभियोजन प्रक्रियाका कारण पीडितहरूले न्याय पाएको देखिएन।

५.६ जेष्ठ नागरिकको अधिकार

यस वर्ष सरकारले ६० वर्ष उमेर नाघेका जेष्ठ नागरिकलाई सार्वजनिक यातायातको सवारीमा ५० प्रतिशत र स्वास्थ्यउपचारमा ५० प्रतिशत छुटको व्यवस्था गऱ्यो। ज्येष्ठ नागरिकसम्बन्धी ऐन २०६१ को ९ (२) मा सार्वजनिक सवारी र स्वास्थ्योपचारमा ५० प्रतिशत छुट दिने व्यवस्था भए पनि सो लागु हुन सकेको थिएन। सर्वोच्च अदालतले ०६७ साल चैतमा जेष्ठ नागरिकलाई सुविधा दिन निर्देशनात्मक आदेश दिएपनि यो आदेश कार्यान्वयन नभएपछि जेष्ठ नागरिक सङ्घर्ष समितिले अमरण अनसन लगायतका कार्यक्रमपछि सरकारले त्यस्तो सहमति गर्न बाध्य भएको थियो। जेष्ठ नागरिकहरूका हक अधिकारलाई संवैधानिक रूपमै संरक्षण गर्नु आवश्यकता देखिएको छ।

बदलिँदो सामाजिक आर्थिक अवस्थाका कारण वृद्ध वृद्धाहरूको सुरक्षामा विशेष ध्यान पुऱ्याउनुपर्ने आवश्यकता देखियो। वैदेशिक रोजगार र सानो परिवारमा बस्ने प्रचलन बढ्दै गएको सन्दर्भमा उनीहरूप्रति राज्य र समाजले बढी ध्यान पुऱ्याउनु पर्ने आवश्यकता बढ्दै गएको छ । यस वर्ष ६० वर्षभन्दा माथिका ४१ जनाको हत्या भयो जसमध्ये एक राज्यपक्षबाट मारिएका थिए । गैरराज्य पक्षबाट १५ महिला र २५ जना पुरुष मारिएका थिए।

५.७ कमजोर सामाजिक न्याय

सामाजिक न्यायका मुद्दाहरू यथोचित सम्बोधन हुन सकेनन्। बढ्दो मूल्यवृद्धिले गरिबको भान्सा महँगियो। खाद्यान्न अभाव, औषधी अभाव,

तालिका १६ **सन् २०१२ मा अपहरित सङ्ख्या**

जिल्ला	महिला	पुरुष	जम्मा
रसुवा		१	१
रौतहट	३	३	६
सप्तरी		९	९
सर्लाही		५	५
बैतडी		१	१
बारा		३	३
बाँके		१	१
बर्दिया	१	१	२
मकवानपुर	१		१
महोत्तरी		६	६
झापा	१		१
सिराहा		७	७
चितवन		१	१
कास्की	१		१
काठमाडौँ	७	९	१६
काभ्रे		१	१
ताप्लेजुङ		१	१
धादिङ	१	२	३
धनुषा	२	३	५
जम्मा	**१७**	**५४**	**७१**

चिकित्सक अभाव आदिका घटनाहरू अभिलेखित हुनेक्रम रोकिएन। झाडापखाला र प्रसुती व्यथाका कारण यसवर्ष पनि नागरिकले ज्यान गुमाए। राजधानीको थापाथलीस्थित बाग्मती नदी किनारमा बसेका सुकुमवासी बस्तीमाथि बिना विकल्प डोजर चलाएर सरकारले निर्दयी व्यवहार प्रदर्शन गऱ्यो। चितवनको चेपाङ बस्तीको भोकमरी हटाउन कुनै नीति आएन। उपचार अभावमा राउटेहरूले ज्यान गुमाउनु पऱ्यो।

निष्कर्ष तथा सुझाव

सन् २०१२, मानवअधिकारको दृष्टिकोणले शान्ति सम्झौतापछिको छ वर्से यात्रामा सबैभन्दा निराशाको वर्ष बन्न पुगेको छ। लोकतान्त्रिक विधिबाट चुनिएको संविधानसभा विघटन भएपश्चात् मानवअधिकारसँग सम्बन्धित विषयवस्तुप्रति विमर्श गर्ने आधिकारिक थलो शून्य भएको छ। मुलुकको सामु रहेको संवैधानिक सङ्कट निराकरण गर्न दलीय सहमतिको विकल्प नरहेको नेपालको अन्तरिम संविधानमा नै उल्लेख भएकोले बिनासहमतिका कुनै पनि निर्णय दिगो हुन नसक्ने अवस्थाप्रति सरोकारवालाहरूको ध्यान जानु आवश्यक छ।

विधिको शासनको मानमर्दन गर्दै मुद्दा फिर्ताको नाममा अपराधलाई प्रश्रय दिने काम केही वर्षदेखि निरन्तर जारी छ। र, जारी छ अपराध र दण्डहीनताको सिलसिला पनि । सशस्त्र द्वन्द्वका क्रममा भएका मानवअधिकार उल्लङ्घन र मानवता विरोधी अपराधहरूको अनुसन्धानलगायतका काम सम्पन्न गर्न गठन गरिनुपर्ने आयोगहरू गठन नभएका कारण विश्व समाजमा नेपालको नकारात्मक छवि निर्माण हुँदै गएको छ। मानवअधिकारका विषयमा संसारका सबै सभ्य मुलुक एउटा समाजको रूपमा विकसित भइरहेको वर्तमान परिस्थितिमा मानवताविरोधी अपराधमा दण्डोन्मुक्ति पाउन असम्भव हुँदै गएको पनि स्मरणीय छ। यस वर्ष संयुक्त राष्ट्रसङ्घीय निकायले सार्वजनिक गरेको 'नेपालको द्वन्द्व प्रतिवेदन, २०६९' ले नेपालको सङ्क्रमणकालीन न्यायको प्रक्रियामा नयाँ तथ्य

तालिका १७

सन् २०१२ मा तराईका जिल्लामा पीडित सङ्ख्या

जिल्ला	कुटपिट	घाइते	महिलाअधिकार
बाँके	८	१	९
बारा	१	१	७
बर्दिया	१३		६४
चितवन	७	१०	१३
दाङ	४	४	३
धनुषा	११	३३	१०
झापा	२	३	७
कैलाली	३३	३६	३१
कञ्चनपुर	१७	१३	२
कपिलवस्तु	१०	१	६
महोत्तरी		६	४
मोरङ	१०	१	३४
नवलपरासी	३८	३	१८
पर्सा	१	१	७
रौतहट		१८	३१
सप्तरी	३३	१	३६
सर्लाही	४	१०	१०
सिराहा	१७	३	१०
सुनसरी	१८	३	५
जम्मा	**३३४**	**१४६**	**३६७**

प्रकाश पारेको छ, जसलाई राज्यले सत्य निरुपण तथा मेलमिलाप आयोगमार्फत गर्न सक्नु पर्दथ्यो। सम्पत्ति कब्जा र विस्थापनका कैयन् समस्या यस वर्ष पनि सुल्झिन सकेनन्।

महिला विरुद्धका हिंसाको सम्बोधन गर्न केही वर्ष अघि लागु गरिएका ऐन र नियमावलीमा भएका कमी कमजोरीप्रति अधिल्ला वर्षहरूमा पनि इन्सेकले सुझाव दिएको थियो। यस वर्ष सतहमा आएका घटनाहरूले पनि ती ऐनहरूको अपूर्णताप्रति लक्षित गरेको छ।

वैदेशिक कामदारहरूप्रति राज्यको सरोकार

तिनको कमाइबाट प्राप्त हुने राजस्वमा मात्र सीमित रहनु हुन्न। राज्यबाट प्राप्त हुने सबै सुविधाबाट समेत वञ्चित भएर मुलुकको आर्थिक अवस्थामा कृषि पछि महत्वपूर्ण योगदान पुऱ्याउने व्यक्तिहरू राज्यबाट उपेक्षित भएको पाइएको छ। यसै गरी १० प्रतिशतको हाराहारीमा रहेका वृद्ध वृद्धाहरूका समस्याप्रति संवैधानिक माध्यमबाट सम्बोधन गर्नुपर्ने आवश्यकता औंल्याइन थालिएको छ।

स्वतन्त्र प्रेसलाई निरूत्साहित गर्न सरकारले सूचनाको हकलाई समेत कुण्ठित पार्ने प्रयास गऱ्यो जसलाई अदालतले विफल तुल्याएको छ। अदालतबाट भएका केही आदेशहरूले एकातिर न्यायालयको गरिमा बढाएको छ भने रिक्त हुँदै गएको सर्वोच्च अदालतले अनिष्टको सङ्केतको रूपमा पनि अर्थ्याइन थालिएको छ।

जनप्रतिनिधिविहीन अवस्था, अन्यौलतर्फ धकेलिएको शान्तिप्रक्रिया, दण्डहीनता, विधिको शासनमा भएका अवरोध, बढ्दो लैङ्गिक हिंसाका कारण सन् २०१२ को मानवअधिकारको अवस्था निराशाजनक रह्यो।

सुझावहरू

- यथाशक्य शीघ्र राजनीतिक सहमतिको आधारमा सरकार गठन गरी नयाँ निर्वाचनको मिति तय हुनुपर्ने। सहमतीय सरकारका लागि वर्तमान कामचलाउ सरकारले मार्ग प्रशस्त गर्नुपर्दछ।
- दण्डहीनताको अन्त्यका लागि अन्तर्राष्ट्रिय मापदण्ड बमोजिमका सङ्क्रमणकालीन न्यायका संयन्त्रहरू तुरुन्त गठन हुनुपर्ने। मुद्दा फिर्ताको नाममा अपराधलाई प्रश्रय दिने काम कारबाही बन्द हुनुपर्ने।
- स्वतन्त्र न्यायपालिकाको अस्मितालाई जोगाउँदै अदालती आदेशहरूको कार्यान्वयन गर्न गराउन सरकार जवाफदेही बन्नुपर्ने। संवैधानिक निकायको रिक्ततालाई लोकतान्त्रिक पद्दतिका अन्तरिम विधिहरू अपनाएर भए पनि यथाशक्य पूर्ति गरिनुपर्ने।
- महिला हिंसा रोक्न प्रचलनमा रहेका मौजुदा कानुनहरू समयसापेक्ष परिमार्जन गरिनुपर्ने। महिला र जेष्ठ नागरिकका मुद्दालाई शीघ्र सम्बोधन गर्न द्रूत अदालत (Fast Track Court) को व्यवस्था हुनुपर्ने।
- राष्ट्रिय मानवअधिकार आयोगका सिफारिसहरू कार्यान्वयन गर्ने साथै आयोगलाई थप स्रोत, साधन र शक्ति सम्पन्न बनाइनुपर्ने।
- बढ्दो अपराध नियन्त्रणका लागि प्रहरी प्रशासनलाई साधनस्रोत सम्पन्न बनाई अपराधको राजनीतिकरण बन्द गरिनुपर्ने।
- जेष्ठ नागरिकका अधिकारलाई संवैधानिक रूपमा सम्बोधन गर्दै संरक्षण गर्नुपर्ने।
- विदेशी श्रमबजारका नेपाली कामदारको अधिकार संरक्षण गर्ने योजना तर्जुमा गर्नुपर्ने।

विजयराज गौतम
कार्यकारी निर्देशक

परिच्छेद

२

यस वर्षको उल्लेख्य

शान्ति सम्झौताका छ वर्ष

१. **पृष्ठभूमि**

नेपाल सरकार र नेकपा माओवादीबीच २०६३ साल मङ्सिर ५ गते सम्पन्न विस्तृत शान्ति सम्झौताको मुख्य उद्देश्य थियो- नेकपा माओवादीले १० वर्षसम्म जारी राखेको सशस्त्र सङ्घर्षको समाप्ति। सात राजनीतिक दल र नेकपा माओवादीबीच २०६२ मङ्सिर ७ गते सम्पन्न १२ बुँदे सम्झौताले नै नेपालको शान्तिप्रक्रियाको बाटो खोलिदिएको थियो भने शान्ति सम्झौताले नेपालको अन्तरिम संविधान, २०६३ को आधारभूमि तयार पारेको थियो। शान्ति सम्झौताले तत्कालीन विद्रोही माओवादीलाई राज्य सञ्चालन प्रक्रियामा उसको सहभागिता सुनिश्चित गऱ्यो भने पुनस्थापित संसद्मा प्रवेश पाएर सत्तामा सहभागी भएको माओवादी अन्तरिम संविधान निमार्णमा पनि संलग्न रह्यो। अन्तरिम संविधान निर्माण हुनासाथ सम्झौताको पक्षधरमध्ये एक मधेसवादी दलले संविधानप्रति देखाएको विमतिका कारण नयाँ शक्तिको उदय हुन गयो।

नेपालको अन्तरिम संविधान मधेसको हितअनुरूप नभएको भन्दै २०६३ माघ १ गते संविधान जलाएपछि आरम्भ भएको मधेस आन्दोलनले सङ्घीयतालाई शान्तिप्रक्रियाको अङ्गको रूपमा स्थापित गरायो । फलस्वरुप अन्तरिम संविधान संशोधन गर्नुपऱ्यो। मधेस आन्दोलनले शान्ति सम्झौताका दुई पक्षधरमध्ये एक तत्कालीन सात दलमा मात्र विभाजन ल्याएन, मधेसमा माओवादीको शक्तिलाई पनि कमजोर तुल्याइदियो। माओवादीले सशस्त्र द्वन्द्वका क्रममा सङ्घीयतालाई मुद्दा बनाए तापनि अन्तरिम संविधान निर्माण गर्दासम्म उसले यसबारे कुनै चर्चा गरेन।सशस्त्र सङ्घर्षका दौरानमा उसले सङ्घीय राज्यको वकालत भने गर्ने गरेको थियो। यिनै कारणलेसमेत संविधानसभा निर्वाचन घोषित मितिभन्दा १० महिनापछि मात्र सम्भव भयो। संविधानसभा निर्वाचनमा मधेसवादी दलहरूले मधेसमा आफ्नो बलियो उपस्थिति प्रदर्शन गर्दै संविधानसभामा अहम् शक्तिको रूपमा उभ्याए। संविधानसभामा माओवादी, नेपाली काङ्ग्रेस, एमाले र मधेसवादीदलहरू प्रमुख शक्ति रहेका थिए। सबैभन्दा ठूलो दलको हैसियतमा माओवादीले सरकारको नेतृत्व गऱ्यो भने एमाले, मधेसवादी दल सरकारमा सहभागी भए। नेपाली काङ्ग्रेस सरकारमा सहभागी भएन। अन्तरिम संविधानको मर्मअनरूप सहमतीय सरकार गठन हुन सकेन। शान्तिप्रक्रियाको औपचारिक थालनीमा मतभेद यही बिन्दुबाट आरम्भ भयो। संविधानसभालाई आफ्नो अनुकूल डोऱ्याएर संविधान निर्माण गर्न चाहने शक्तिसमूहबीचको द्वन्द्व पनि सँगसँगै आरम्भ भयो।

संविधानसभाको प्रमुख दायित्व संविधान निर्माण थियो। मुलुकको एकमात्र जननिर्वाचित संस्था संविधानसभाले शुरुका दिनमा उच्चस्तरीय राजनीतिक संयन्त्रको छायाँमा आफूलाई सीमित राख्नु पऱ्यो। जननिर्वाचित संवैधानिक अङ्ग संविधानसभा असंवैधानिक उच्चस्तरीय राजनीतिक संयन्त्रको निर्देशनमा चलाउनु जनताको मतको सरासर अपमान थियो। पछिल्लो समयमा आदिवासी जनजाति सभासद् सभा (ककस) ले निर्वाह गरेका भूमिकाबाट यसको रहेसहेको हुर्मत पनि बाँकी रहेन। व्यवस्थापिका संसद्को अभिभारासमेत निर्वाह गर्ने जनप्रतिनिधि संस्था द्वन्द्वोत्तर समाजका समस्याको पहिचान गर्दै शान्ति स्थापनामा गम्भीरतापूर्वक संलग्न हुन सकेन। सङ्क्रमणकालीन न्याय विवाद, छलफल, टिप्पणी र वाग्विलाशका विषय मात्र बने, व्यवहारमा रूपान्तरण गर्ने प्रयत्न असफल हुँदै गयो।

सत्यनिरूपण तथा मेलमिलाप र बेपत्ता नागरिकसम्बन्धी आयोग सम्झौतामै सिमित भए। द्वन्द्वपीडितलाई राहत र सशस्त्र द्वन्द्वका क्रममा तत्कालीन विद्रोही पक्षले कब्जा गरेको घरजग्गा फिर्ताजस्ता विषयले मूर्त रूप लिएनन्। यस अवधिमा शान्तिप्रक्रियाको अत्यन्त जटिल र चुनौतीर्पूण पाटो सेना समायोजनाको प्रक्रियाले पूणर्ता पाउन पनि छ वर्ष लाग्यो। यद्दपि एमाओवादीमा आएको विभाजनका कारण स्वेच्छिक अवकाश रोजेका माओवादी सेनाका पूर्व लडाकुको सामाजिक व्यवस्थापन सहज नहुने आँकलन गरिएको छ।

संविधानका विषयमा जे जति काम सम्पन्न भए ती सजिला अविवादित विषयमा मात्र सीमित रह्यो। जटिल विषयहरू जस्तै- सङ्घीयताको स्वरूप, केन्द्र र राज्यहरूबीचको शक्ति बाडफाँड, कस्तो खालको, कतिओटा र के आधारमा सङ्घीय राज्यहरू निर्माण गर्ने हो त्यस विषयमा नै प्रष्ट भइनसकेका दलहरू र एकल जातीय पहिचान कि बहुपहिचान सहितका सङ्घीयतको प्रश्नले शान्तिप्रक्रिया अझै जटिल मार्गतिर धकेलियो।

शान्तिप्रक्रियाका अवरोधहरू यी विषयहरू मात्र थिएनन्। दलहरूबीचको अन्तरकलह, एमाओवादीका नेताहरूबीच शक्ति सञ्चय गर्ने होडबाजी, दलहरूमा देखिएको सत्तालिप्सा, माओवादीप्रति अन्य दलहरूको

आशङ्का, माओवादीको सत्ता कब्जा गर्ने रणनीति भनेर माओवादी नेताले दिएका अभिव्यक्ति पनि उत्तिकै जिम्मेवार तत्व थिए।

यस आलेखमा शान्ति सम्झौतामा उल्लेख गरिएका महत्वपूर्ण दुई विषय शान्ति तथा सङ्क्रमणकालीन न्याय र नयाँ संविधान निर्माणका विषयमा छ वर्षको अवधिमा भएका प्रयास तथा गतिविधिका बारेमा विवेचना गर्ने प्रयास गरिएको छ।

२.१ ऐतिहासिक उपलब्धि :संविधानसभाको निर्वाचन

झण्डै आधा दशकभन्दा अघिदेखि नेपालमा उठान भएको संविधानसभाको निर्वाचन ०६४ चैत २८ गते सम्पन्न भयो। पहिलो पटक संविधाननिर्माणका लागि जनताले आफ्ना प्रतिनिधि चुनेर पठाएका थिए।

घोषित समय भन्दा झण्डै सात महिना ढिलो संविधानसभाको निर्वाचन सम्पन्न भएको थियो। तत्कालीन नेकपा माओवादीको सरकारबाट बहिर्गमन, मधेस आन्दोलनजस्ता विषयले संविधानसभाको निर्वाचन हुन ढिला भएको थियो। समानुपातिक निर्वाचन प्रणाली र संविधानसभाका सदस्य सङ्ख्यामा भएको असहमतिलाई अन्तरिम संविधान संशोधन गरी समाधान गरिएपछि मात्र निर्वाचनको मार्गप्रशस्त भएको थियो। कतिपयले नेकपा माओवादीले घोषित मितिमा संविधानसभा निर्वाचन गर्न अवरोध गर्नुलाई उसको चुनावी रणनीति पनि मानेका थिए। कतिपय विश्लेषकले निर्वाचनमा सम्मानजनक स्थान हासिल हुने वातावरण नहुञ्जेल माओवादी निर्वाचनमै भाग लिन चाहँदैनथ्यो भनी आरोपसमेत लगाएका थिए।[१]

पहिलो हुनेले जित्ने प्रणालीबाट जितेर आएका २ सय ४० जना, समानुपातिक प्रणालीबाट ३ सय ३५ जना र मनोनीत २६ जना गरी कूल ६ सय १ सदस्यीय संविधानसभाको स्थापना त भयो तर, निर्वाचनको सफलतापछि विश्वास गरिएअनुरूप राजनीतिक सहमति भने कायम हुन सकेन। दहहरूबीचको असहमति र विवाद राष्ट्रपति र उपराष्ट्रपतिको चुनाव अनि सरकारको गठनका क्रममा अझ बढी मुखरित भयो। हतियार बिसाएर आएको माओवादी संविधानसभामा सबैभन्दा ठूलो दलको रूपमा उपस्थित भयो। काङ्ग्रेस र एमाले क्रमशः दोस्रो र तेस्रो स्थानमा थिए भने चौथो शक्तिको रूपमा मधेसवादी दलहरू।

संविधानसभाको ऐतिहासिक र बहुप्रतीक्षित पहिलो बैठकबाट २०६३ जेठ १५ गते नेपालमा विधिवत् लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था त सुरुवात भयो तर यसलाई सुदृढ गर्नेतर्फ दलहरू गम्भीर भएनन्। लोकतन्त्रलाई विविधरूपमा व्याख्या गर्ने थरिथरिका शक्तिहरूको थलोको रूपमा संविधानसभा विकसित हुँदै गयो।

२.२ अलमलिएको संविधानसभा

नेपालको अन्तरिम संविधान, २०६३ बमोजिम भएको चुनावमार्फत समावेशी प्रकृतिको संविधानसभाको गठन भयो। संविधानसभामा जनजाति, दलित, मधेसी र महिलाको उल्लेख्य प्रतिनिधित्व रहेको थियो। नेपालको इतिहासमा पहिलोपटक अधिक महिला प्रतिनिधि रहेको यस निकायमा १ सय ९७ जना महिला रहेका थिए।

सबैजसो राजनीतिक दलहरूले संविधानसभा निर्वाचनमा जारी गरेको घोषणापत्रमा प्रतिबद्धता व्यक्त गरेको भए पनि सबै दलहरूबीच नयाँ संविधानको खाकाका सम्बन्धमा मतैक्य कायम हुनै सकेन। संविधानसभाको निर्वाचनपश्चात् देखिएको राजनीतिक गतिरोधका कारण यस्तो हुन पुगेको थियो।

संविधानसभाले आमजनतालाई समष्टिगत रूपमा संविधान निर्माण प्रक्रिया गम्भीर र प्रभावकारी रूपमा अघि बढिरहेको विश्वास दिलाउन सकेन। मतभिन्नता अभिव्यक्त गर्ने उग्र शैलीले समस्याको समाधान कसरी होला भन्ने जिज्ञासासमेत उत्पन्न भयो। संविधानसभामा कैयन् मुद्दामा बैठक अवरुद्ध भए। ती मूलतः संविधान निर्माणसँग असम्बन्धित राजनीतिक मुद्दाहरू थिए।

राजनीतिक किचलोमै बढी गाँजिएको संविधानसभाले यो विघटन हुनु अघिसम्म न विधायिकाको काम कुशलतापूर्वक सम्हाल्न सक्यो, न त संविधान बनाउने जिम्मेवारी नै बहन गर्न सक्यो। व्यवस्थापिकाको भूमिका निर्वाह गर्दा पनि संविधानसभामा मानवअधिकारसँग सम्बन्धित विचाराधीन विधेयकहरू पारित गराउने तत्परता देखिएन। सत्य निरूपण तथा बेपत्ता व्यक्तिहरूसँग सम्बन्धित आयोगसँग सम्बन्धित कानुनहरू पारित हुन सकेनन्। जसका कारण शान्ति सम्झौता तथा नेपालको अन्तरिम संविधानले उठाएको सङ्क्रमणकालीन न्यायसम्पादनको विषय ओझेलमा पऱ्यो। पुनर्गठित

१. नेपाल मानवअधिकार वर्षपुस्तक २०१२, अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)। पृष्ठ २७

संविधानसभाले स्थापनाको सुरुकै महिनामा सरकारलाई रोम विधान अनुमोदन गर्न दिएको निर्देशनको पनि बेवास्ता गरियो।

२.३ उच्चस्तरीय कार्यदल : उपेक्षित संविधानसभा

राजनीतिक दलका नेताहरूले संविधानसभामा थाती रहेका विवाद सुल्झाउन उच्चस्तरीय कार्यदल गठन गर्ने निर्णय गरे। यो अवधिमा संविधानसभाको बैठकहरू विरलै बसे। ८० प्रतिशत काम सकिएको र प्रमुख राजनीतिक दलहरू विवादका बारेमा एक ठाउँमा बस्ने हो भने बाँकी रहेको समयमा संविधान जारी गर्न सकिने बारेमा संवैधानिक समितिका सभापति नीलाम्बर आचार्यले बताइरहँदा[२] यस सम्बन्धमा खासै प्रगति हुन सकेको थिएन। संविधानसभाका विवादित रहेका विषयहरू समाधान गर्ने उद्देश्यका साथ उच्चस्तरीय कार्यदल गठन गर्न राजनीतिक दलहरूले सहमति जनाए। माओवादी अध्यक्ष प्रचण्डको संयोजकत्वमा गठित उच्चस्तरीय समितिले संविधानसभाका सयभन्दा बढी विवादहरू मिलाएको भनिए पनि "एकीकृत मस्यौदा तयार पार्ने जिम्मेवारी पाएको संवैधानिक समितिलाई पङ्गु साबित गर्न थपिएको समयावधिको संवेदनशीलताको समेत कुनै परवाह नगरी संविधानसभाको औचित्य र सक्षमतामाथि नै प्रश्न उठ्ने गरी उच्चस्तरीय कार्यदल गठन"[३] गरिएको थियो।

संविधानले परिकल्पना गरेको संवैधानिक समितिलाई छलेर गठन गरिएको उच्चस्तरीय कार्यदलको कार्यक्षेत्रका बारेमा संवैधानिक समितिका सभापति नीलाम्बर आचार्यले सार्वजनिक रूपमै विरोध जनाए। हरेक दिनजसो बैठक गर्ने उच्चस्तरीय कार्यदलले धेरैजसो विवाद मिलाएको दावी गरे पनि संविधानका कतिपय महत्त्वपूर्ण विषयहरू जस्तै राज्यको शासकीय स्वरूप र सङ्घीयताको ढाँचाका बारेमा सहमतिको प्रयास संविधानसभा विघटन हुनुअघिसम्म हुन सकेन।

२.४ सङ्घीयता एक पेचिलो प्रश्न

सात राजनीतिक दल र नेकपा माओवादीबीचको सम्झौतामार्फत बनेको नेपालको अन्तरिम संविधान २०६३ ले राजतन्त्र फाल्ने आधार त स्थापित गऱ्यो, तर यसले पनि राज्यको पुनर्संरचना गर्ने आधार भने तय गर्न सकेको थिएन। नेपालको अन्तरिम संविधान, २०६३ मात्र होइन विस्तृत शान्ति सम्झौतामासमेत सङ्घीयताको बारे कहीं कतै चर्चा नै थिएन। २०६३ माघ १ गते जारी अन्तरिम संविधान मधेस विरोधी भएको भनी मधेसी जनअधिकार फोरमले २०६३ माघ १ गते काठमाडौँमा अन्तरिम संविधान जलायो। संविधान जलाउने कार्यमा संलग्न फोरमका अध्यक्षलगायत नेता तथा कार्यकर्तालाई प्रहरीले गिरफ्तार गऱ्यो। काठमाडौँमा भएको गिरफ्तारीको विरोधमा सिरहाको लहानमा विरोध प्रदर्शनमा उत्रिएका मधेसी जनाधिकार फोरमका कार्यकर्ता रमेशकुमार महतोको २०६३ माघ ५ गते माओवादी कार्यकर्ताले प्रहार गरेको गोली लागी मृत्यु भयो। लहानमा भएको यो हत्या प्रकरणपछि सुरु भएको मधेस आन्दोलनपछि सरकारले आन्दोलनकारीको माग पूरा गर्न संविधानको संशोधन नै गर्नुपऱ्यो। संशोधित संविधानमा सङ्घीय लोकतान्त्रिक गणतन्त्रका बारेमा उल्लेख गरियो। संविधान संशोधनसँगै सुरु भएको सङ्घीयताको बहस सार्थक निष्कर्षमा पुग्न सकेन।

देशको समग्र पुनःसंरचना गर्ने मुख्य माध्यम सङ्घीयता हुँदाहुँदै पनि सङ्घीयताको बारेमा राजनीतिक दलहरूले थप छलफल, विमर्श गर्न सकेनन्। आफूलाई सङ्घीयताको सूत्रधार मान्ने माओवादी पार्टीले खुल्ला वातावरणमा आएपछि पनि सङ्घीयताको बहसमा राजनीतिलाई केन्द्रित गर्न सकेन, अन्य राजनीतिक दलहरूले यसलाई बुझ्ने र सोहीअनुसार जनतालाई आफ्नो पक्षमा पार्ने रणनीतिक काममा लाग्न सकेनन्। परिणामस्वरूप जनताले नै चाहेको सङ्घीयताको बहसमा देखा परे जातीय, क्षेत्रीय तथा भाषिक आन्दोलनका शक्तिहरू। उनीहरूले सुरुसुरुका दिनमा चलाएका सङ्घीयतासम्बन्धी बहसले देशमा ठूलै हलचल त मच्चायो तर, निकास दिने काममा उर्जा थप्न सकेन। नेपालमा जातीय राज्यको माग अघि बढिरहेकै बेला यस्ता राज्यहरू स्थापनापश्चात् सम्बन्धित जातीय राज्यमा बसोबास गर्ने अन्य जातजातिका मानिसहरूको स्थिति के हुने भन्ने बारेमा चर्चा भएन।

राज्य पुनःसंरचनाका लागि संविधानसभाबाट विशेषज्ञ समिति बनाउनका लागि गर्न लागिएको संविधान संशोधन प्रक्रिया माओवादीका मोहन वैद्य र

---

२. पूर्ववत्

३. नेपाल मानवअधिकार वर्षपुस्तक २०१२, अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)। पृष्ठ २९

अन्य दलका जनजाति सभासद्को सङ्गठित विरोधका कारण अवरुद्ध भयो। शान्तिप्रक्रियासम्बन्धी सात बुँदे सहमतिमा राज्य पुन:संरचनाका विषयमा सुझाव दिन संविधानसभाबाटै विशेषज्ञ समिति बनाउने निर्णय भएको थियो। विवाद समाधान उपसमितिको बैठकले संविधानसभाबाट विशेषज्ञ समिति बनाउन संविधान संशोधनलगायत प्रक्रिया पूरा गर्न सम्बन्धित निकायलाई अनुरोध गर्ने निर्णय गरेको थियो।

एमाओवादीमा फरक मत राख्ने पक्षले थालेको अवरोधका कारण समय लम्बिँदै गर्दा अन्य दलका जनजाति सभासद्हरूको विरोधको स्वर पनि यसमा मिसियो। जनजाति ककसमा आबद्ध सभासद्हरूले विशेष समितिले दिने सुझाव संविधानसभाको राज्य पुन:संरचना समितिको अवधारणाविपरीत हुन सक्ने आशङ्का व्यक्त गर्दै दलका नेताहरूले गरेको सहमतिविपरीत संशोधन प्रस्तावमात्र दर्ता गराएनन्, त्यसको सम्बोधन नभए अप्रिय स्थिति आउने चेतावनी समेत दिए। सरकारले गठन गर्ने राज्य पुन:संरचना आयोगको विरोध गर्दै आएका जनजाति नेताहरूले पछिल्लो समयमा भने विशेषज्ञ समिति बनाउनुभन्दा आयोगै बनाए हुने तर्क गर्न थाले। अन्तत: नेपालका तीन ठूला राजनीतिक दल तथा संयुक्त मधेसी मोर्चा राज्य पुन:संरचना आयोग बनाउन सहमत भए । आयोगले दिएको प्रतिवेदन विवादरहित भएन। पार्टीको कोटाबाट सदस्य भएकाहरूले जनताको भावनाअनुसार काम गर्लान् र त्यहीअनुसारको प्रतिवेदन आउला भन्नेमा आमजनता आश्वस्त थिएनन्। नेपाली काङ्ग्रेस र एमालेलगायतका केही साना दलले राज्य पुन:संरचना आयोगको प्रतिवदेनले सिफारिस गरेको १४ जातीय राज्यको प्रस्तावलाई अस्वीकार गरे। मधेसी मोर्चा र एमाओवादी जातीय राज्यको पक्षमा उभिए। सङ्घीयताको विषयमा भएको असहमति संविधानसभाको विघटनको एक कारक बनेर उभियो।

२.५ जनजाति सभासद्को असहमति

विभिन्न दलका १ सय ३७ जनजाति सभासद्को हस्ताक्षर सङ्कलन गरेर गठन गरिएको ककसमा करिब १ सय ७० जना सभासद् थिए। जनजाति ककसले संसद्मा दलीय ह्वीपलाई चुनौती दिँदै राज्य पुन:संरचनासम्बन्धी विवाद मिलाउन संविधानसभाबाट विज्ञ समूह गठन गर्ने प्रमुख तीन दलको प्रयासमा असहमति जनाए। जनजाति सभासद्ले उक्त प्रस्तावको विपक्षमा मतदान गर्ने भएपछि सरकारले विज्ञ समूह गठन गर्ने बाटो खुलाउन अघि सारेको अन्तरिम संविधानको ११ औँ संशोधन विधेयक फिर्ता लिएको थियो। जनजातिको मागमा देशका प्रमुख दलहरूले चासो नदेखाएको भन्दै जनजाति ककसका केही सभासद्हरूले आ-आफ्ना पार्टीहरू परित्याग गरे।

जातीय आधारमा सङ्घीयतामा जाने हो भने बाहुन क्षेत्रीलाई पनि प्रदेश चाहिन्छ भन्ने आवाज पनि मुखरित भयो। जनसङ्ख्याको ठूलो भाग ओगटेका बाहुन क्षेत्रीलाई अन्य जनजाति भनी वर्गीकरण गरेकोमा ती जातिका मानिसहरूका आवाज सुस्त सुस्त सुनिन थाले। बाहुन क्षेत्रीलाई आदिवासी जनजातिमा सूचीकृत गरिनुपर्ने माग ती समुदायले उठाए पनि त्यस सन्दर्भमा खासै विचारविमर्श भएनन्। जनसङ्ख्याको ठूलो भाग ओगटेका समुदायको आवाजलाई कम आँक्ने हो भने यसले भविष्यमा समस्या ल्याउन सक्ने आँकलन धेरैले गरे। संविधानसभाको अवसान हुनु केहीअघि आदिवासी जनजाति, क्षेत्री समाज आदि सङ्गठनहरूले गरेका बन्दको घोषणाले देशको जनजीवन प्रभावित भयो। यी आन्दोलनका क्रममा अभिव्यक्त भएका विचारहरू सामाजिक सद्भाव खलबल्याउने खालका थिए भनेर नागरिक समाज चिन्तित देखियो।

२.६ राजनीतिक अस्थिरताको निरन्तरता

सरकार र संयुक्त लोकतान्त्रिक मधेसी मोर्चाबीच संविधानसभा निर्वाचनअघि भएको आठ बुँदे सहमतिलाई सम्बोधन गर्ने गरी दलहरूबीचको सहमतिमा संविधानको धारा १३८ को उपधारा १ मा संशोधन गरी 'मधेसी जनतालगायत आदिवासी जनजाति र पिछडिएका तथा अन्य क्षेत्रका जनताको स्वायत्त प्रदेशको चाहनालाई स्वीकार गरी नेपाल सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक राज्य हुनेछ। प्रदेशहरू स्वायत्त र अधिकारसम्पन्न हुनेछन्। नेपालको सार्वभौमिकता, एकता र अखण्डतालाई अक्षुण्ण राख्दै स्वायत्त प्रदेशहरूको सीमा, सङ्ख्या, नाम र संरचनाका अतिरिक्त केन्द्र र प्रदेशका सूचीहरूको पूर्ण विवरण, साधन-स्रोत र अधिकारको बाँडफाँड संविधानसभाबाट निर्धारण गरिनेछ भन्ने उल्लेख गरियो। त्यसैगरी धारा १४४ को उपधारा ४ संशोधन गरी नेपाली सेनालाई राष्ट्रिय स्वरूप प्रदान गर्न र समावेशी बनाउन मधेसी, आदिवासी जनजाति, दलित, महिला, पिछडिएका क्षेत्रलगायतका जनताको प्रवेश समानता र समावेशी सिद्धान्तका आधारमा कानुनमा व्यवस्था गरी सुनिश्चित गरिनेछ भन्ने उल्लेख गरियो। तर, सात दल र नेकपा

माओवादीबीच सम्पन्न सात बुँदे सहमति र विस्तृत शान्ति सम्झौताका कुनै पनि बुँदामा सङ्घीय शासन व्यवस्थाका बारेमा उल्लेख गरिएको थिएन। शान्ति सम्झौता भएदेखिका विभिन्न सम्झौताहरूमा पटक-पटक दोहोऱ्याइएका प्रतिबद्धता व्यवहारमा रूपान्तरण नहुनु शान्तिप्रक्रियाका बाधकका रूपमा रहे। संविधानसभाको मूल दायित्व संविधानको निर्माण गर्नु नै हो भन्ने बुझेका राजनीतिक दलहरूबीचको द्वन्द्वले यी छ वर्षहरू अन्योलमै बिते।

२.७ पार्टी अन्तरकलहको चक्रव्यूहमा शान्ति र संविधान

राजनीतिक दलका कलहले नेपालको लोकतान्त्रिक प्रक्रिया संस्थागत हुन नसकेको इतिहास साक्षी छ। नेपालका राजनीतिक दलहरूले इतिहासको गल्तीबाट भविष्यलाई सुधार्ने अभ्यास गरेको देखिएन। नेपालका दलहरूमा टुटफुटको संस्कृति व्यापक भयो। संविधानसभाको निर्वाचनमा सबैभन्दा ठूलो पार्टी बनेको एनेकपा माओवादी विभाजित भयो। संविधानसभामा प्रतिनिधित्व गर्ने दलहरू २४ बाट फुटेर ३४ पुगे।

सेनापति प्रकरणमा प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले राजीनामा दिएपछि ०६६ जेठ ११ गते एमालेका वरिष्ठ नेता माधवकुमार नेपाल प्रधानमन्त्री भए। एनेकपा माओवादीको निरन्तरको बहिष्करण र आफ्नै दलको असहयोगबीच माधवकुमार नेपालले राजीनामा दिए। माधवकुमार नेपाललाई प्रतिस्थापन गरी नेकपा एमालेका अध्यक्ष झलनाथ खनालको नेतृत्वमा ०६७ माघ २० गते सरकार गठन भएको थियो। त्यस्तै झलनाथ नेतृत्वको सरकार पनि आफ्नै पार्टीको निरन्तर असहयोगको कारण नौ महिनामै विघटन भयो। झलनाथ खनाल सरकारको बहिर्गमनसँगै माओवादी उपाध्यक्ष डा. बाबुराम भट्टराईको नेतृत्वमा ०६८ भदौ ११ गते बहुमतीय सरकार गठन भयो। यसअघिका सबै सरकारहरू अन्तरिम संविधानको भावना विपरीत बहुमतीय आधारमा गठन भएका थिए। नेपालको अन्तरिम संविधानमा नयाँ संविधान नबनाउञ्जेलका लागि राष्ट्रिय सहमतिमा सरकार गठन गरिने उल्लेख छ।

समग्रमा वर्तमान नेपाली राजनीतिमा आन्तरिक कलहबाट अछुतो कुनै पनि दल छैनन्। शान्ति र संविधान निर्माणको कार्यभार बोकेका राजनीतिक दलका प्रमुखहरू त्यो भन्दा बढी पार्टी एकीकरणमा व्यस्त हुनु परेको छ। अन्तरपार्टी शीर्ष नेताहरूको बैठक पनि आन्तरिक कलहलाई साम्य पार्ने विषयमा नै केन्द्रित हुने गरेका छन्। फलतः व्यक्तिवादी राजनीतिले निम्त्याएको पार्टीका आन्तरिक कलह र आन्तरिक कलहले निम्त्याएको चक्रव्यूहमा यतिबेला नेपालको शान्ति र संविधान निर्माण कार्य अधुरो अवस्थामा रहन पुग्यो।

२.८ शासकीय स्वरूप बारेको बहस

राज्यको शासकीय स्वरूपका बारेमा संविधानसभामा रहेका तीन प्रमुख राजनीतिक दलहरूका आ-आफ्नै ढाँचामा अडिग रहनाले यस विषयमा कुनै सार्थक सहमति हुन सकेन। शासकीय स्वरूपका मुख्य दुईवटा विकल्पहरूको बारेमा धेरै छलफलहरू भए। पहिलो, राष्ट्रपतीय प्रणाली र दोस्रो प्रधानमन्त्रीय प्रणाली। नेपाली काङ्ग्रेसलगायतका राजनीतिक दलहरू प्रधानमन्त्रीय प्रणालीका पक्षमा उभिए। जसअन्तर्गत कार्यकारी प्रधानमन्त्री भएको संसदीय व्यवस्था उनीहरूको प्रमुख माग रह्यो। एनेकपा माओवादीले भने राष्ट्रपतीय प्रणालीको पक्षमा वकालत गऱ्यो। यसैगरी तेस्रो ठूलो दल नेकपा एमालेले मिश्रित प्रणाली अघि साऱ्यो।

शासकीय स्वरूपको बारेमा विधायिकाको शासकीय स्वरूप निर्धारणमा रहेका विवादको टुङ्गो लगाउन प्रचण्डको नेतृत्वको शासकीय स्वरूप निर्धारण उपसमितिले विवाद समाधान गर्न नसकेपछि लक्ष्मणलाल कर्णको संयोजकत्वमा बनेको कार्यदलले राष्ट्रपति र प्रधानमन्त्री दुवैलाई कार्यकारी अधिकार रहने फ्रेन्च प्रणालीमा जानुपर्छ भनी प्रतिवेदन बुझाएको भए पनि यसले पनि औपचारिकता पाएन। संवैधानिक समितिअन्तर्गतको विवाद समाधान उपसमितिमा राजनीतिक दलहरूबीच प्रत्यक्ष र समानुपातिक गरी मिश्रित प्रणाली अपनाउने सहमति भयो। शासकीय स्वरूप निर्धारण गर्न आफ्नो राजनीतिक दलको स्वार्थभन्दा माथि उठ्नु आवश्यक भए पनि नेपाली दलहरू विवादलाई कम गर्न असफल भए।

३. सत्ता प्राप्तिका लागि मात्र सहमति

दलीय राजनीतिभन्दा माथि उठेर संविधान निर्माण कार्य सम्पन्न गरी चालु शान्तिप्रक्रियालाई सार्थकताका साथ टुङ्ग्याउनु नेपाली राजनीतिज्ञहरूलाई समयले सुम्पिएको ऐतिहासिक जिम्मेवारी थियो। तर, राजनीतिज्ञहरूमा त्यो चेतनाले छोएको अनुभव गर्न

सकिएन। सत्ताका लागि जस्तासुकै अप्रिय सम्झौता र सहमति गर्ने प्रमुख कमजोरी नेपाली राजनीतिक दलहरूबाट हट्न सकेन । राजनीतिक भनेको सत्ता, सरकार र शक्तिमात्र हैन जनहित, सामाजिक न्याय र लोककल्याणकारी राज्यको स्थापना पनि हो। तर, नेपाली राजनीतिज्ञहरूले यस मर्मलाई आत्मसात् गर्न सकेको देखिएन।

३.१ एमाले र एमाओवादीबीच भएको सातुबँदे सहमति

माधवकुमार नेपालको सरकारले राजीनामा दिएको सात महिना नयाँ सरकारका लागि नेपाली जनताले कुर्नुपऱ्यो। शान्ति र संविधानका लागि राष्ट्रिय सहमतिको सरकारको आवश्यकताका बारेमा नेपाली राजनीतिक दलका बीचमा मतैक्य भए पनि कसको नेतृत्वमा सरकार गठन गर्ने भन्ने विषयले प्राथमिकता पायो। राष्ट्रिय सहमतिको लगातार वकालत गर्दा नथाक्ने एमाले अध्यक्ष झलनाथ खनाल आफ्नै पार्टीका वरिष्ठ नेता माधवकुमार नेपालको सरकारप्रति सकारात्मक थिएनन्। सरकार गठनअघि एमाओवादी र नेकपा एमालेका अध्यक्ष झलनाथ खनालबीच भएको सातबुँदे गोप्य सहमतिको नेपाली काङ्ग्रेस, मधेसी दलहरू तथा प्रधानमन्त्रीको दल नेकपा एमालेलेसमेत विरोध जनाए। सातबुँदे सहमतिको तीन नम्बर बुँदामा "शान्तिप्रक्रियालाई उपलब्धिमूलक निष्कर्षमा पुऱ्याउन माओवादी सेनाका लडाकुहरूको स्वेच्छिक अवकाश, पुनर्स्थापना र समायोजन कार्यलाई सम्मानजनक रूपमा सम्पन्न गरिनेछ। सुरक्षा निकायमा समायोजन गर्ने सम्बन्धमा अहिलेसम्म भएका कामहरूलाई निरन्तरता दिँदै माओवादी लडाकुको छुट्टै वा अन्य सुरक्षा निकायको समेत संलग्नतामा छुट्टै फोर्स निर्माण गर्ने सहमति भएको थियो।"[४] सहमतिको बुँदा नम्बर छ मा 'आपसी सहमतिका आधारमा भविष्यमा सरकारको नेतृत्व आलोपालो गरी दुवै पार्टीबीच दीर्घकालीन सहकार्य र सहयात्रालाई अगाडि बढाइने भनिएको थियो। सरकार गठनका लागि दुई दलबीच भएको सहमतिको नेपाली काङ्ग्रेसको केन्द्रीय समिति बैठकले विरोध जनायो। बैठकले दुई बामपन्थी प्रधानमन्त्रीबीच भएको सहमतिले देशमा कम्युनिस्टहरूबीच ध्रुवीकरण भएको निष्कर्ष निकाल्यो। सातबुँदे सहमतिका आधारमा प्रधानमन्त्री भएका झलनाथ खनालका सात महिनामा शान्तिप्रक्रियामा कुनै उल्लेख्य काम हुन सकेन।

३.२ एमाओवादी र मधेसवादी दलबीच चारबुँदे सहमति

सरकार निर्माणका बेला एमाओवादी र मधेसी मोर्चाबीच भएको चारबुँदे सहमतिअनुसार नेपाली सेनामा एकमुष्ठ मधेसी युवाको प्रतिनिधित्व गराउने मुद्दा फेरि एकपटक उठ्यो। मधेसी दलहरू सत्ता बाहिर रहँदा उनीहरूले दिने आन्दोलनको धम्की र मागहरूमा नेपाली सेनामा मधेसी युवाको सामूहिक प्रवेशको मुद्दाले प्राथमिकता पाउने गरे पनि यसपटक मधेसवादी दलले सामूहिक र पार्टीगत रूपमा प्रधामन्त्री बाबुराम भट्टराई र माओवादी अध्यक्ष पुष्पकमल दाहाललाई समेत यो विषय सम्बोधन गर्न पटकपटक दबाब दिनुका साथै त्यसो नगरे सरकारबाट बाहिरिने चेतावनी दिए। त्यसैको फलस्वरूप मन्त्रिपरिषद्को बैठकले नेपाली सेनामा मधेसी युवाको सामूहिक प्रवेशका लागि गृहकार्य गर्न नेपाली सेनालाई निर्देशन दियो। सर्वोच्च अदालको आदेश र नेपाली सेनाको असहमतिका कारण नेपाली सेनामा १० हजार मधेसीको सामूहिक प्रवेशको मुद्दा ओझेलमा पऱ्यो।

३.३ तीन दल र मधेसी मोर्चाका बीचमा भएको सहमति

संविधानसभाको विघटन हुनु ठीक दुई हप्ता अगाडि एमाओवादी, नेपाली काङ्ग्रेस, नेकपा एमाले र मधेसी मोर्चाले एउटा सहमति गरे। यो सहमति पनि अघिल्ला सहमतिहरू जस्तै बेवारिसे भयो। सोही सहमति अनुसार नेपाली काङ्ग्रेस र नेकपा एमालेका प्रतिनिधिहरू सरकारमा सामेल भए। संविधानसभाबाट नयाँ संविधान घोषणा गरेलगत्तै डा. बाबुराम भट्टराईले सत्ता छाड्ने र राजनीतिक सहमतिमा चुनावी सरकार गठन गर्ने सहमति गरेका राजनीतिक दलको प्रतिबद्धता त्यतिबेला भङ्ग भयो जब अन्य राजनीतिकदलहरूको असहमतिका बीचमा डा. बाबुराम भट्टराईले संविधानसभाको विघटन गरी नयाँ निर्वाचनको घोषणा गरे। सो घोषणासँगै सरकारमा सामेल नेकपा एमाले र

४. नेकपा एमालेका वरिष्ठ नेता माधवकुमार नेपालले प्रधानमन्त्री पदबाट राजीनामा गरेपछि सोही पार्टीका अध्यक्ष झलनाथ खनाललाई प्रधानमन्त्री पदका लागि एमाओवादीले समर्थन गऱ्यो। नेकपा एमाले र एमाओवादीबीच भएको सात बुँदे सहमति सहमतिका आधारमा २०६७ माघ २० गते एमाओवादीको समर्थनमा झलनाथ खनालेको नेतृत्वमा बहुमतीय सरकारको गठन भएको थियो।

नेपाली काङ्ग्रेसका प्रतिनिधि सरकारबाट बाहिरिए। संविधानसभाको नयाँ निर्वाचनमा उनीहरूको असहमति नभए पनि प्रक्रिया र कार्यशैलीप्रति मात्रै असहमति रहेको बताइरहे। राजनीतिक सहमति भए एक मिनेट पनि सत्तामा नबस्ने डा. बाबुराम भट्टराईले बताइरहे पनि उनले खोजेको राजनीतिक सहमति कस्तो हो भन्ने विषय यो वर्षको अन्त्यसम्म छुर्लङ्ग भएन। यो बीचमा कहिले स्वतन्त्र व्यक्ति त कहिले मधेसी नेता अनि कहिले नेपाली काङ्ग्रेसका सभापतिको नामका बारेमा एमाओवादीले अरू राजनीतिक दलहरूलाई अल्मल्याइ रह्यो। नेपाली काङ्ग्रेसले आफ्ना सभापति सुशील कोइरालाको नाम प्रधानमन्त्रीका लागि सिफारिस गऱ्यो। नेकपा एमाले प्रधानमन्त्री पदको दौडमा नभएको बताउँदै सुशील कोइरालालाई प्रधानमन्त्री पदका लागि समर्थन गऱ्यो। कहिल्यै नटुङ्गिने सहमतीय सरकारको आह्वान प्रक्रिया यो वर्षको अन्त्यसम्म जारी रह्यो। सहमतीय सरकार गठनका लागि राष्ट्रपतिको प्रयासले समेत यस वर्षको अन्त्यसम्म कुनै परिणाम देखाउन सकेन।

३.४ संविधानसभाको विघटन

एकपटकका लागि मात्रै म्याद थप गर्न सर्वोच्च अदालतले आदेश दिएपछि नेपाली राजनीतिमा एकप्रकारको तरङ्ग ल्यायो। यसले नेपाली राजनीतिक दल र न्यायालयबीचमा कटाक्ष नै चल्यो। न्यायालय ठूलो की संसदीय सर्वोच्चता भन्ने विषयको बहसमा नेपाली राजनीतिमा व्यापक छलफल भए। सरकार र सभामुखले सर्वोच्च अदालतको आदेश पुनरावलोकनका लागि निवेदन दिएको भए पनि सर्वोच्चले त्यो निवेदन दर्ता नगरी दरपीठ गरिदियो। *(हेर्नुहोस् : परिच्छेद न्यायपालिका)*

आफ्नो म्याद आफैँ थपेर अनन्तकालसम्म संविधानसभाको म्याद बढाइरहने नेपाली राजनीतिक दलको कार्यप्रति नेपाली जनता निराश हुन थालेका थिए। संसदीय व्यवस्थामा आवधिक निर्वाचन हुन्छ। यो संसदीय व्यवस्थाको मुख्य विशेषता हो। तर, दुईवर्से म्याद भएको संविधानसभाको अवधि पटकपटक थप्ने कार्यले निरङ्कुशता बढाउँछ तसर्थ यसको नयाँ निर्वाचन हुनुपर्छ भन्ने आमधारणाहरू पनि यसबीचमा सार्वजनिक भएका थिए।

संविधानसभाको म्याद थप्नुअघि सबै काम थपिएको मितिसम्मा सम्पन्न गर्ने सहमति र सम्झौता भए। तर, भोलिपल्टदेखि सत्ता परिवर्तनको विषय राजनीतिक दलको प्राथमिकतामा पऱ्यो। एनेकपा माओवादीका अध्यक्ष पुष्पकमल दाहालको संयोजकत्वमा गठन भएको विवाद समाधान उपसमितिले संवैधानिक समितिमा रहेका विभिन्न विवाद समाधान गरेको भनियो। आफ्नै पार्टीका अध्यक्षको संयोजकत्वमा रहेको समितिले गरेको निर्णय नमान्ने एमाओवादीका अन्य सभासद्ले बताए। समाधान गरिएका विवादलाई पारित गर्ने संवैधानिक समितिमा भएका छलफलमा एमाओवादी सभासद्ले विरोध जनाएपछि समाधान भएका भनिएका विवाद जस्ताको त्यस्तै रहे। राज्यको शासकीय स्वरूप, सङ्घीयता, निर्वाचन प्रणालीजस्ता विषयमा राजनीतिक दलबीच कायम रहेका मत भिन्नताले संविधानसभालाई कार्यसूचीमा प्रवेश गर्न अप्ठ्यारो भयो। साथै संविधानसभाको आकार, आकार भित्रको प्रकार, प्रकार र आकार अनुरूपको सीमित समयावधिका साथै बाह्य शक्ति राष्ट्रको प्रभाव, सत्तामा रहेका दलहरूको जातीय राज्यप्रतिको लगाव अनि प्रतिपक्षमा रहेका दलहरूको जातीय राज्यप्रतिको असहमति संविधानसभाको अवसानको कारणका रूपमा तत्कालीन अवस्थामा देखिए पनि पछिल्ला दिनहरूका घटनाक्रमले के प्रमाणित गर्दै गयो भने एमाओवादी यथार्थमा सङ्क्रमणकाललाई लम्ब्याउँदै सत्तामा रहिरहन चाहन्छ।

४. शान्ति सम्झौताको बेवास्ता

१२ बुँदे सम्झौताले कोरेको नेपालको शान्तिप्रक्रिया विस्तृत शान्ति सम्झौताले फराकिलो पाऱ्यो। नेपालको शान्तिप्रक्रियालाई टुङ्ग्याउन विस्तृत शान्ति सम्झौता र नेपालको अन्तरिम संविधानले मार्ग प्रशस्त गरेको भए पनि शान्ति सम्झौताका छ वर्षहरूमा यसतर्फ कुनै फलदायी काम भएनन्। शान्ति सम्झौतामा उल्लेख गरिएका सत्य निरूपण तथा मेलमिलाप र बेपत्ता छानबिन आयोग बनाउनेतर्फ कुनै कदम चालिएनन्। यस्ता आयोगहरू नबन्नुका कारणहरू एकअर्कालाई देखाउँदै आफू उम्किने प्रयास गरिरहे। सङ्क्रमणकालीन विषयलाई समाधान गर्न नेपालका सरकार र राजनीतिक दलहरूको इच्छाशक्ति नदेखिएको आरोप संयुक्त राष्ट्रसङ्घ र युरोपेली मुलुकहरूले लगाए। सत्यनिरूपण तथा मेलमिलाप आयोगले माओवादी जनयुद्धका बेला भएका मानवअधिकार उल्लङ्घन गर्ने र मानवताविरुद्धको अपराधमा संलग्न व्यक्तिबारे सत्यतथ्य खोजी गरी जनतासमक्ष ल्याउने, मानवअधिकार विरोधी कार्यमा संलग्नलाई कानुनी दायरामा ल्याई दण्डहीनताको अन्त्य

गर्ने र भविष्यमा दोहोरिन नदिनेतर्फ सर्तक गराउने, द्वन्द्वपीडितको पहिचान र राहतको व्यवस्था गर्ने र पीडक र पीडितको परिवारबीच पारस्परिक सद्भाव र मेलमिलापको वातावरण निर्माण गर्ने उद्देश्य थियो। आयोगको उद्देश्य दीर्घकालीन शान्ति स्थापना र पीडितलाई न्याय प्रदान गर्ने उद्देश्यबाट अभिप्रेरित भए पनि द्वन्द्वकालमा मानवीय अपराध र मानवअधिकार उल्लङ्घनका पीडितहरूको न्यायको पर्खाइ आकासको फल जत्तिकै भएको छ।

४.१ गुमनाम बेपत्ता नागरिक

बेपत्ता नागरिक छानबिनका लागि राजनीतिक वृत्तमा पटकपटक प्रतिबद्धता व्यक्त हुँदै आएका छन्। दलका प्रतिबद्धताहरू व्यवहारमा कार्यान्वयन हुन नसक्दा बेपत्ता नागरिक खोजीको विषय ओझेलमा परेको छ। एकीकृत माओवादी र सात राजनीतिक दलबीच भएको सातबुँदे सहमतिदेखि अन्तरिम संविधानसम्म भएका हरेक समझदारी तथा सम्झौतामा सशस्त्र द्वन्द्वको क्रममा बेपत्ता पारिएका नागरिक छानबिन गर्ने विषय उल्लेख छ। विस्तृत शान्ति सम्झौतामा द्वन्द्वको समयमा राज्य र विद्रोही पक्षबाट बेपत्ता पारिएका नागरिकहरूको जानकारी ६० दिनभित्र सार्वजनिक गर्ने उल्लेख छ। तर, शान्ति सम्झौता भएको छ वर्ष हुँदासमेत बेपत्ता पारिएका नागरिकको अवस्था सार्वजनिक गर्न न सरकार तयार देखियो न त तत्कालीन विद्रोही पक्षले नै यसमा चासो दियो।

बेपत्ता नागरिक सार्वजनिक गर्ने विषय राजनीतिक मुद्दासँग जोडेर राज्य र एकीकृत माओवादी एक अर्कालाई दोषारोपण गरी बेपत्ता नागरिक सार्वजनिक गर्नबाट पछि हटिरहेका छन्। यसरी राजनीतिक खिचातानीका कारण बेपत्ता नागरिक खोजीको विषय किनारामा परेको छ। बेपत्ता नागरिक खोजीको लागि उनीहरूका परिवारले पटकपटक गुहार गर्दा पनि सरकार र राजनीतिक दल संवेदनहीन भएका छन्। विस्तृत शान्ति सम्झौतामा बेपत्ता नागरिकको छानबिन गर्न आयोग बनाउने उल्लेख भएअनुसार सरकारले बेपत्ता नागरिकहरूको छानबिन र तथ्य पत्ता लगाउने गरी 'व्यक्ति बेपत्ता पार्ने (कसुर र सजाय) विधेयक व्यवस्थापिका संसद्मा प्रस्तुत गऱ्यो। तर, लगातारको संसद् अवरोध र दलहरूको इच्छाशक्तिको अभावमा विधेयक पारित हुन सकेन। प्रस्तावित विधेयकमा '२०५२ फागुन १ गतेदेखि २०६३ मङ्सिर ५ गतेसम्म भएको सशस्त्र द्वन्द्वको क्रममा बेपत्ता पारिएका, भएका र त्यस्तो कार्यमा संलग्न व्यक्तिहरूबारे छानबिन गर्न उच्चस्तरीय आयोग गठन गर्ने उल्लेख गरिएको छ।

४.२ सत्य निरूपण तथा मेलमिलाप आयोग

विस्तृत शान्ति सम्झौताको बुँदा नम्बर ५.२.५ मा दुवै पक्ष सशस्त्र द्वन्द्वका क्रममा मानवअधिकारको गम्भीर उल्लङ्घन गर्ने मानवता विरूद्धको अपराधमा संलग्नहरूका बारेमा सत्य अन्वेषण गर्न र समाजमा मेलमिलापको वातावरण निर्माण गर्न आपसी सहमतिबाट उच्चस्तरीय सत्य निरूपण तथा मेलमिलाप आयोगको गठन गर्न सहमत छन् भनेर उल्लेख गरिएको छ। सशस्त्र द्वन्द्वको विधिवत् अन्त्य गर्ने विस्तृत शान्ति सम्झौताको महत्त्वपूर्ण अङ्गका रूपमा सत्य निरूपण तथा मेलमिलाप आयोगलाई लिइएको थियो। यस आयोगबाट गल्ती गर्नेहरूले दण्डित हुन्छन् भनेर द्वन्द्वपीडितहरू आशान्वित थिए। तर, विगत छ वर्षदेखि उठेको सत्य निरूपण तथा मेलमिलाप आयोगको विषयले मूर्त रूप लिन सकेन। सशस्त्र द्वन्द्वका बेला भएका मानवअधिकार उल्लङ्घनका घटनाको सत्यतथ्य पत्ता लगाउन बनेको विधेयक व्यवस्थापिका संसद्मा तीन वर्षअघि दर्ता गरिएको भए पनि नियमित अवरोधका कारण व्यवस्थापिका संसद्मा यो विषयले प्रवेश नै पाएन। संविधानसभा विघटन भएपछि बेपत्ता छानबिन आयोग र सत्य निरूपण आयोगका विषय समेटेर एउटै आयोग बनाउने सरकारी तयारीको राष्ट्रिय तथा अन्तर्राष्ट्रिय तहमा व्यापक विरोध हुँदाहुँदै राष्ट्रपतिसमक्ष एक अध्यादेश पेश गरियो।

संविधानसभाको विघटनलगत्तै डा.बाबुराम भट्टराई नेतृत्वको सरकारले विस्तृत शान्ति सम्झौताको मर्म विपरीत सत्यनिरूपण र बेपत्तासम्बन्धी आयोग विधेयकको साटोमा एउटै आयोगको परिकल्पना गरी अध्यादेश बनायो। मन्त्रिपरिषद्को निर्णयअनुसार त्यसलाई राष्ट्रपति डा. रामवरण यादवसमक्ष पारित गर्नका लागि पठाइयो । तर, राष्ट्रपतिले सो अध्यादेशमा यो वर्षको अन्त्यसम्म लालमोहर लगाएका छैनन्। मानवअधिकारकर्मीहरूले उक्त अध्यादेश अन्तरिम संविधान र विस्तृत शान्ति सम्झौताअनुरूप नभएको भनी विरोध गरे (*हेर्नुहोस्, परिच्छेद कार्यपालिका*)। अन्तरिम संविधान र विस्तृत शान्ति सम्झौतामा सत्यनिरूपण र बेपत्तासम्बन्धी छुट्टाछुट्टै आयोग गठन

गरिने भनी उल्लेख छ। प्रस्तावित अध्यादेशले क्षमादानलाई जोड दिएको छ र न्यायिक निरूपणको पाटोलाई बेवास्ता गरेको छ।

४.३ कब्जा गरिएका जग्गा र सम्पति फिर्ता गर्न अनिच्छुक एमाओवादी

सशस्त्र द्वन्द्व र सङ्क्रमणकालको समयमा कब्जा गरिएको जग्गा र अन्य सम्पत्तिको विषय यो अवधिमा चुनौतीपूर्ण सबालहरूमध्ये एक भएर रह्यो। एमाओवादी, नेपाली काङ्ग्रेस, नेकपा एमाले तथा संयुक्त लोकतान्त्रिक मधेसी मोर्चाबीच भएको सातबुँदे सहमतिको दफा ६ (क) मा सशस्त्र द्वन्द्वको क्रममा एकीकृत नेपाल कम्युनिष्ट पार्टी (माओवादी) को कब्जामा रहेका निजी तथा सार्वजनिक घर, जग्गा सम्बन्धित व्यक्ति र संस्थालाई फिर्ता गरी भोग चलन गराउन एकीकृत नेपाल कम्युनिष्ट पार्टी (माओवादी) ले संस्थागत निर्णय गरी ०६८ मङ्सिर ७ गतेभित्र सम्बन्धित व्यक्ति र संस्थालाई उपलब्ध गराइने प्रतिबद्धता गरिएको थियो। कब्जा भएको अवधिको जग्गाको आयस्ताबापत सम्बन्धित व्यक्तिलाई उपयुक्त क्षतिपूर्ति दिइनेछ भनी उल्लेख गरिएको भए पनि यो सहमति पनि विगतका सहमति झैं बेवारिसे भयो। *(हेनुहोस्, यसै पुस्तकको परिच्छेद कार्यपालिका)*

४.५ माओवादी लडाकूको पुनःस्थापना

माओवादी लडाकु हस्तान्तरणको घोषणासँगै एमाओवादीभित्र यस विषयमा विवाद आरम्भ भयो। डा. बाबुराम भट्टराईसमेतका केही नेताले हस्तान्तरण प्रक्रियाको विरोध गरे भने मोहन वैद्यले यो प्रक्रियाको समर्थन गरेका थिए। माओवादी लडाकुको स्वामित्व हस्तान्तरण गर्ने कार्यको विरोध गर्ने माओवादी उपाध्यक्ष डा. बाबुराम भट्टराई पक्षले कालान्तरमा माओवादी लडाकुको वर्गीकरण, समायोजन, पुनर्स्थापना र स्वेच्छिक अवकाशको वकालत गऱ्यो भने हिजो हस्तान्तरण कार्यको कट्टर समर्थक मोहन वैद्यले हाल जारी रहेको समायोजन, पुनर्स्थापना र स्वेच्छिक अवकाश जस्ता कुराहरूको विरोध गरे। एमाओवादी अध्यक्ष प्रचण्डले विगतमा झैं कहिले भट्टराईको त कहिले वैद्यको पक्षपोषणमा लागिरहे। एनेकपा माओवादीमा विभाजन आउनुको एक कारणका रूपमा माओवादी लडाकुको समायोजन महत्त्वपूर्ण बुँदाको रूपमा अर्थ्याइयो।

अघिल्लो वर्ष तीन प्रमुख दल र मधेसी मोर्चाका बीचमा भएका सम्झौताअनुसार अस्थायी शिविरमा रहेका माओवादी लडाकुको वर्गीकरण सम्पन्न भयो। *(हेर्नुहोस्, यसै पुस्तकको परिच्छेद कार्यपालिका)*

शान्तिप्रक्रिया टुङ्ग्याउने विषयमा तीन दल र मधेसी मोर्चाबीच गएको वर्ष कात्तिक १५ गते भएको सहमतिप्रति माओवादी वैद्यपक्षले गम्भीर असहमति जनायो। उसको असहमति ६ हजार ५ सय माओवादी लडाकुको समायोजन र माओवादी लडाकु अस्थायी शिविरमा रहेका हतियारको कन्टेनरको साँचो सरकारलाई बुझाउने र माओवादीको कब्जामा रहेका घर जग्गा फिर्ता गर्ने विषयमा थिए। त्यही असहमति पनि माओवादी पार्टी फुटको कारक बन्यो।

५. मौलाउँदै दण्डहीनता

स्थायी शान्तिको प्रमुख आधार मानवअधिकारको प्रत्याभूति र कानुनको शासनको स्थापना हो। तर, नेपालमा मौलाइरहेको दण्डहीनताको संस्कृति शान्तिप्रक्रियाको प्रमुख बाधकका रूपमा रह्यो। तत्कालीन सात दल सम्मिलित सरकार र विद्रोही माओवादीबीच २०६३ मङ्सिर ५ गते भएको बृहत् शान्ति सम्झौतापछि जुनसुकै पक्ष विशेषले गरेको हत्या, अपहरणजस्ता क्रियाकलापलाई आपराधिक घटनामा मानिने स्पष्ट उल्लेख गरिएको छ। माओवादीको सशस्त्र द्वन्द्वपूर्वको अवस्था र शान्ति सम्झौतामा हस्ताक्षर गरिसकेपछि कुनै पनि घटनालाई राजनीतिक घटनामा नलिइने र पीडकहरूलाई सम्बन्धित देशको कानुनी व्यवस्थाअनुसार फौजदारी अभियोगमा मुद्दा दायर गर्न सकिने स्पष्ट कानुनी आधार छ। तर, शान्ति सम्झौता पछाडिका कैयन् घटनाहरूमा संलग्न भएकाहरूको मुद्दा मन्त्रिपरिषद्को निर्णयमार्फत फिर्ता लिइनुले दण्डहीनतालाई बढावा दिएको स्पष्ट हुन्छ।

राजनीतिक संस्कारका रूपमा रहेको दण्डहीनताको चर्चा गर्दा द्वन्द्वपश्चात्को वातावरणमा यसलाई निरुत्साहित गर्न कानुनी राज्यको निरन्तरता र सबलीकरणको पक्षले महत्त्वपूर्ण भूमिका खेल्छ तर राजनीतिक नेतृत्वको आफ्ना कार्यकर्ताद्वारा गरिएको अराजक गतिविधिलाई ढाकछोप गर्ने प्रवृत्तिले यस्ता गतिविधिमा लाग्न उनीहरूलाई उक्सायो। 'कानुनी संरचनामा देखिने सैद्धान्तिक अन्तरविरोध र कानुन कार्यान्वयनको अभावले दण्डहीनतालाई बढावा दिन्छ, जसले गर्दा मानवअधिकारको प्रभावकारी संरक्षणमा समस्या आइपर्छ। राजनीतिक तथा प्रशासनिक

हस्तक्षेपहरूले पनि कानुनको शासनलाई प्रभाव पार्छ।[५] अपराधमा संलग्न हुनेहरूमाथि सुरक्षा निकायबाट कुनै कारबाही प्रक्रिया चलाइएको अवस्थामा राजनीतिक दलका नेताहरूद्वारा गरिने हस्तक्षेपका कारण त्यस्ता अपराधीहरूले उन्मुक्ति पाइरहेको अवस्थामा यस छ वर्षको अवधिमा सुधार हुन सकेन। *(हेर्नुहोस् परिच्छेद कार्यपालिका र न्यायपालिका)*

विस्तृत शान्ति सम्झौताको बुँदा नम्बर ७.१.३ मा दुवै पक्ष सम्झौतापत्रमा उल्लेख भएका अधिकारको उपभोगमा बाधा पुऱ्याउने जिम्मेवार व्यक्तिहरू माथि कानुन अनुसार निष्पक्ष छानबिन तथा कारबाही हुनेछ भनी प्रतिबद्धता जाहेर गर्दछन् र दण्डहीनतालाई प्रश्रय नदिने सुनिश्चितता प्रदान गर्दछन्। यसका साथै द्वन्द्व र यातनापीडित तथा बेपत्ता पारिएकाहरूको परिवारको राहत प्राप्त गर्ने अधिकारलाई समेत सुनिश्चित गर्दछन् भनेर उल्लेख गरिएको भए पनि यो बुँदाको परिपालनामा राज्य जिम्मेवार देखिएन।

५.१ मुद्दा फिर्ता र आममाफी

देशमा भएका हरेक राजनीतिक परिवर्तनपछि, राजनीतिक परिवर्तनका लागि क्रियाशील मानिसहरूका विरूद्ध लागेका राजनीतिक प्रकृतिका मुद्दाहरू फिर्ता लिने चलन नेपालमा २००७ सालदेखिकै हो।[६] पञ्चायती व्यवस्थाको अन्त्यसँगै पञ्चायती व्यवस्थाविरूद्ध सक्रिय नेता तथा कार्यकर्ताहरूको राजनीतिक प्रकृतिका मुद्दाहरू फिर्ता लिइएको थियो। यो प्रक्रियाको त्यसबेला कहीँ कतै विरोध भएन, कारण मुद्दा फिर्ता लिइएका सबै विषयहरू राजनीतिक प्रकृतिका थिए।

इन्सेकको तथ्याङ्कअनुसार सशस्त्र द्वन्द्वको दश वर्षको अवधिमा १३ हजार २ सय ४६ जनाले ज्यान गुमाए। यो क्रममा भएका हत्या, बेपत्ता, अङ्गभङ्गका घटनामा प्रत्यक्ष वा परोक्ष रूपमा संलग्नहरूका विषयमा व्यापक चर्चा परिचर्चा भएका छन्। सत्य निरूपण तथा मेलमिलाप आयोगको गठन गर्ने र त्यही आयोगले अपराधमा संलग्नहरूको मुद्दा राजनीतिक हो वा आपराधिक प्रकृतिका आरोप छुट्याएर माफी वा सिफारिस गर्ने संवैधानिक व्यवस्थालाई कार्यान्वयन गर्नुपर्नेमा कानुन नै नल्याई आफू र आफ्ना पक्षकालाई मात्र आममाफी र मुद्दाफिर्ताको प्रयास एमाओवादीले गऱ्यो।

अदालतले सजायको फैसला गरिसकेका व्यक्तिहरूलाई सजायबाट उन्मुक्ति दिने सबैभन्दा सजिलो माध्यम माफी हो। संविधानले माफीको आदेश राष्ट्रपतिबाट जारी हुनुपर्ने व्यवस्था गरेको छ। नेपालको अन्तरिम संविधान २०६३ को धारा १५१ मा राष्ट्रपतिले आममाफी दिनसक्ने व्यवस्था भए पनि मुद्दा फिर्तासम्बन्धमा नेपालको अन्तरिम संविधानमा स्पष्ट व्यवस्था छैन। आममाफी दिनका लागि विशेष उत्सव वा राष्ट्रिय अवसर पारेर कारागारभित्र रहेका कैदीहरूको आचरणमा आएको सुधारका आधारमा मन्त्रिपरिषद्ले निर्णय गर्ने र त्यसलाई राष्ट्रपतिले सदर गर्न सक्ने व्यवस्था छ। मुद्दा फिर्ताका सम्बन्धमा संविधानमा केही उल्लेख नभए पनि विस्तृत शान्ति सम्झौता अन्तरिम संविधानको अनुसूची भएकाले यसका विषयहरू संवैधानिक हुन्छन्। सो सम्झौताको ५.२.७ मा दुवैपक्ष विभिन्न व्यक्तिलाई राजनीतिक कारणले लगाइएका आरोप, दावी, उजुरी र विचाराधीन रहेका मुद्दा मामिला फिर्ता लिन र थुनामा राखिएका बन्दीहरूको स्थिति तत्कालै सार्वजनिक गरी तुरून्त रिहा गर्ने प्रत्याभूत गर्छन् भन्ने उल्लेख छ। नेपालका राजनीतिक दलहरूले विस्तृत शान्ति सम्झौताको यही बुँदालाई गलत व्याख्या गरी चोरी, हत्या, अपहरण, भ्रष्टाचार, डकैती, डाँका, ज्यानमार्ने उद्योगजस्ता गैरराजनीतिक प्रकृतिका मुद्दासमेत फिर्ता लिँदै आएको देखिन्छ। सरकारले ०६७ सालमा फौजदारी मुद्दा फिर्ता लिने सम्बन्धमा मापदण्ड र कार्यविधि कानुन बनाउन कानुन मन्त्रालयका सहसचिव केदार पौडेलेको संयोजकत्वमा एक कार्यदल बनाए पनि त्यसका सिफारिसका आधारमा मुद्दा फिर्ता लिन कठिनाई पर्ने भएकाले त्यसको कार्यान्वयन भएन।

नेपाल सरकार र नेकपा (माओवादी)बीच सम्पन्न 'विस्तृत शान्ति सम्झौता' र मिति २०६३ मङ्सिर २२ गते सम्पन्न 'हतियार र सेनाको व्यवस्थापनको अनुगमन सम्बन्धी सम्झौता' अनुसूची-४ मा राखिएको छ" भन्ने व्यवस्था भएअनुरूप संविधानको अनुसूची- ४ मा राखिएको विस्तृत शान्ति सम्झौताको दफा ५.७ मा "दुवैपक्ष विभिन्न

५. प्रतिबद्धता र वास्तविकता। अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)। २०६७ काठमाडौं: पृ.६

६. इन्सेकद्वारा काठमाडौंमा २०६८ सालमा आयोजित एक कार्यक्रममा अधिवक्ता माधव बस्नेतद्वारा प्रस्तुत कार्यपत्रमा यो विषयका बारेमा विस्तृत रूपमा चर्चा गरिएको थियो।

व्यक्तिहरूलाई राजनीतिक कारणले लगाइएका आरोप, दावी, उजुरी र विचाराधीन रहेका मुद्दामामिला फिर्ता लिन र थुनामा राखिएका बन्दीहरूको स्थिति तत्कालै सार्वजनिक गरी तुरून्त रिहा गरिने ग्यारेन्टी गर्दछन्" भन्ने उल्लेख गरिएको छ। यसरी संविधानको अनुसूचीमा राखेको कारणले त्यो व्यवस्था संविधानको अङ्गको रूपमा रहे पनि त्यो संवैधानिक/कानुनी व्यवस्था होइन राजनीतिक दस्ताबेजमात्र हो भन्ने विषयमा सर्वोच्च अदालतले २०६५ सालमा गरेको फैसलामा भनिसकेको छ। *(थप विवरणका लागि हेर्नुहोस्, यसै वर्षपुस्तकको परिच्छेद कार्यपालिका र न्यायपालिका)*

लोकतन्त्रको पुनर्स्थापना भएपछि गठन भएका सबैजसो सरकार मुद्दा फिर्ताका लागि उद्दत रहे। विषय कसका पालामा कति र कस्ता-कस्ता प्रकृतिका भन्ने मात्रै हो। पछिल्लो समय मुद्दा फिर्ताको सबाललाई ध्यान दिएर हेर्ने हो भने डाँका, चोरी, अपहरण, हत्यारा, भ्रष्टाचारीसमेत राजनीतिक कार्यकर्ता भएका छन्। दण्डहीनताको यस्तो संस्कृतिले विधिको शासनलाई धराशायी बनाउने खतरा बढ्यो।[७]

डा. बाबुराम भट्टराईको सरकार गठन भएसँगै नियुक्त गरिएका महान्यायाधिवक्ता मुक्ति प्रधानले द्वन्द्वकालका सबै मुद्दा फिर्ता लिने अभिव्यक्ति दिए। सर्वोच्चको आदेशले बालकृष्ण ढुङ्गेललाई माफी दिलाउन राष्ट्रपति कार्यालय पुगिसकेको सरकारको सिफारिस कार्यान्वयन रोकियो। सर्वोच्च अदालतले ०६६ सालमा सभासद् ढुङ्गेलले नै उज्जनकुमार श्रेष्ठको हत्या गरेको ठहर गरेको थियो। आममाफीको सजाय कार्यान्वयन नभएपछि उनलाई प्रहरीले गिरफ्तार गर्नुपर्नेमा हालसम्म गिरफ्तार गरेको छैन। मुद्दा फिर्ताका नजिरलाई पल्टाउने हो भने शान्ति समझौता भएपछि गिरिजाप्रसाद कोइरालाको प्रधानमन्त्रीत्वकालमा ५७ थान, पुष्पकमल दाहालको पालामा ३ सय ४९ थान, माधव नेपालको प्रधानमन्त्रीत्वकालमा २ सय ५५ मुद्दा फिर्ता लिइएको थियो।[८] यसैगरी डा. बाबुराम भट्टराईको कार्यकाल आरम्भ भएदेखि यस वर्षको अन्त्यसम्ममा ७ सयको हाराहारी मुद्दा फिर्ता लिइए।

संयुक्त राष्ट्रसङ्घ मानवअधिकार परिषद्को प्रस्ताव २००५/८१ मा पक्ष राष्ट्रहरूले आफ्नो अन्तर्राष्ट्रिय दायित्वअनुरुप जातिसंहार, मानवताविरुद्धको अपराध, युद्ध अपराध र यातना जस्ता अन्तर्राष्ट्रिय अपराधका सहयोगीसहित पीडकलाई न्यायको कठघरामा ल्याई अभियोजन वा प्रत्यर्पण गर्न मान्यता दिन्छ र यी दायित्वहरू कार्यान्वयनका लागि प्रभावकारी कदम चाल्नका लागि सबै राष्ट्रहरूलाई प्रेरित गर्छ भनेर उल्लेख गरिएको छ।

५.२ अडान फेर्दै एकीकृत माओवादी पक्ष

संसद्को सबैभन्दा ठूलो दल र शान्तिप्रक्रियाको आधा हिस्सा ओगटेको माओवादीले पहलकदमी गर्नुपर्ने ठाउँमा अरू दललाई प्रधान शत्रु भएको प्रस्ताव पारित गऱ्यो। माओवादी नेताहरूको प्रतिवेदन र त्यहाँ भएका छलफललाई गहिरिएर हेर्ने हो भने असोज ०६२ को चुनवाङ बैठकबाट लोकतान्त्रिक गणतन्त्रको कार्यनीति तय गरी तत्कालीन सात राजनीतिक दलसँग १२ बुँदे सम्झौता गर्ने एकीकृत माओवादीले लोकतन्त्रका छ वर्ष नेपालका राजनीतिक दल, नागरिक समाज, जनतालाई झुक्याउन खोजेको त होइन भन्ने आशङ्का उत्पन्न हुनु अस्वभाविक थिएन। "चुनवाङ बैठकको निर्णयको जगमा उभिएर माओवादी सात राजनीतिक दलसँग १२ बुँदे समझदारी गर्दै लोकतान्त्रिक मार्गमा प्रवेश गरेको थियो।"[९] एकीकृत माओवादी, उक्त समझदारीको जगमा उभिएर भएको लोकतान्त्रिक आन्दोलन र आन्दोलनको समाप्तिपछि भएको विस्तृत शान्ति सम्झौता, अन्तरिम संविधानलेखन, व्यवस्थापिका संसद्मा ठूलो दलको रूपमा सहभागिता, सरकारमा संलग्नता अनि संविधानसभाको निर्वाचनपछि ठूलो दलको रूपमा उदय हुनु जस्ता महत्त्वपूर्ण गतिविधिको प्रमुख हिस्सा बन्यो।

माओवादीले विभिन्न आन्दोलनका क्रममा व्यक्त उसका अवधारणालगायत पालुङ्टारमा सम्पन्न विस्तारित बैठक र केन्द्रीय समितिको बैठकमा प्रस्तुत विचारहरूको कारण ऊप्रति दलहरूको अविश्वास अझ बढन गयो।

गोरखाको पालुङटारमा सम्पन्न भएको विस्तारित बैठकमा माओवादी अध्यक्ष प्रचण्डद्वारा प्रस्तुत प्रतिवेदनमा "यसरी नै दलाल, नोकरशाह र सामन्तवाद

७. पूर्ववत्:

८. नेपाल मानवअधिकार वर्षपुस्तक २०१२, अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)। पृष्ठ २६

९. पूर्ववत, पृष्ठ २७-२८

वर्गको प्रतिनिधित्व गर्ने दलहरूसँग राष्ट्रिय सहमति कायम गरेर सहमतिको सरकार बनाउने कुराले वर्गसमन्वय, सम्झौतावाद र सुधारवादलाई नै मलजल पुग्छ"।[१०] भन्ने उल्लेख थियो।

सोही बैठकमा मोहन वैद्य "किरण"द्वारा प्रस्तुत प्रतिवेदनमा "विस्तृत शान्ति सम्झौता, एकातिर पार्टी जनयुद्धको पहल गर्ने समयमा गरिएको प्रतिबद्धताको विरोधमा गएको र अर्कातिर त्यसले क्रान्तिमा बल प्रयोगको सार्वभौम नियमलाई परित्याग गरी शान्तिपूर्ण सङ्क्रमणको दक्षिणपन्थी संशोधनवादी सिद्धान्तलाई अँगाल्न पुगेको"[११] भनेर शान्तिप्रक्रियाको एक तवरले आलोचना गरे।

बाबुराम भट्टराईले त्यसै बैठकमा प्रस्तुत गरेको प्रतिवेदनमा "यो स्थितिमा सर्वहारावादी क्रान्तिकारीहरूले पुन: दीर्घकालीन जनयुद्ध वा राष्ट्रिय युद्धको प्रक्रियामा फर्केर पार्टी, जनसेना र क्रान्तिकारी संयुक्त मोर्चाका तीन जादुगरी हतियार प्रयोग गर्दै र अन्तर्राष्ट्रिय साम्राज्यवाद-विस्तारवाद विरोधी मोर्चाको निर्माण गर्दै क्रान्तिलाई निरन्तरता दिने" पक्षमा वकालत गरे। यी तीनै प्रमुख नेताहरूको प्रतिवेदन शान्ति सम्झौता र समस्त शान्तिप्रक्रियाका लागि अनुकूल ठहर गर्न अन्य राजनीतिक दल सहमत हुन सकेनन्।

सशस्त्र द्वन्द्वमा रहेको माओवादीलाई यो अवस्थामा ल्याइपुऱ्याउन नेपालका राजनीतिक दल, नागरिक समाज र जनताको ठूलो योगदान रहेको थियो। जनताको अपेक्षाकै कारण ऊ संविधानसभाको सबैभन्दा ठूलो पार्टी भयो। तर, पनि उसले संविधानसभा र व्यवस्थापिका संसद् र लेनदेनको राजनीतिलाई उपयोग गर्न छाडेन। "माओवादी नेताहरूले संविधानसभा, व्यवस्थापिका संसद् र शान्तिपूर्ण राजनीतिक प्रक्रियालाई अर्को मोर्चाका रूपमा अर्थ्याउँदै युद्धको स्वरूप मात्रै फेरिएको, लक्ष्यबाट विचलित नभएको भन्ने जस्ता अभिव्यक्ति दिँदै आए पनि आमरूपमा उसका यस्ता भनाइलाई कार्यकर्ता थाम्ने अस्त्र मानिँदै आएको थियो।"[१२]

निष्कर्ष

खासगरी माओवादीले भन्ने गरेको क्रान्तिकारी अवस्था कायम गर्न र एकतन्त्रीय शासन व्यवस्थामा जानका लागि उनीहरूले बारम्बार गर्ने गरेको प्रयास र गैरमाओवादी प्रमुख दलहरूको लोकतान्त्रिक अवस्था कायम गर्न शान्तिप्रक्रिया पछिका छ वर्ष गुज्रिए। विस्तृत शान्ति सम्झौताले ठूलो किसिमको राजनीतिक शत्रुताको अन्त्य गरेको महसुस भए तापनि तत्पश्चातका समयमा शक्तिका लागि हुने हानाथाप, गतिरोध, अन्यौलपूर्ण शान्ति सुव्यवस्था एवम् मानवअधिकारको बिग्रँदो अवस्थाबीच नेपालको राजनीतिक घटनाक्रम अघि बढ्यो। संविधानसभा विघटन नहुँदासम्म शान्ति सम्झौताका पक्ष रहेका राजनीतिक दलका आपसी अविश्वास र डरका कारण शान्तिप्रक्रियाले गति लिन सकेन। निरन्तरको गतिरोधलाई एमाओवादीले संविधानसभा विघटनको चालबाजीको रूपमा बुझेको देखिन्थ्यो भने निरन्तर थपिएको संविधानसभाको म्यादका कारण एमाओवादीले एकल शासन व्यवस्था लाद्न सक्ने डर माओवादी बाहेकका दलहरूमा देखिन्थ्यो। तर, संविधानसभाको नाटकीय विघटनपश्चात् परिस्थिति भिन्न हुन पुग्यो, जसका कारण संवैधानिक तथा कानुनी जटिलता देखिए भने राजनीतिक सहमतिको अभावका कारण न्यायपालिकालगायत सवैधानिक निकायहरूमा रिक्तता देखिन पुग्यो। हस्ताक्षर गरिएको छ वर्षभन्दा बढी समय बितिसक्दा पनि शान्ति सम्झौतामा उल्लेख गरिएका विषयहरू कार्यान्वयन भएनन्।

---

१०. २०६७ साल मङ्सिर ५ गतेदेखि १० गतरेसम्म गोरखाको पालुङटारमा सम्पन्न भएको एनेकपा माओवादीको विस्तारित बैठकले जनविद्रोहको कार्यदिशा पारित गरेको थियो। सो बैठकमा फरक मत राख्दै वर्तमान प्रधानमन्त्री डा. बाबुराम भट्टराईले शान्ति र संविधानको कार्यदिशा लिएका थिए भने अध्यक्ष प्रचण्ड तथा उपाध्यक्ष मोहन वैद्यले पार्टीको आगामी कार्यदिशा जनविद्रोह हुने बताए।
बैठक भएको एक वर्ष नबित्दै बाबुराम भट्टराईको पक्षमा अध्यक्ष प्रचण्ड मिसिन आए। शान्ति र संविधान पक्षधर भनिएका एमाओवादीका नेताहरु २५ वर्ष लगातार शासनसत्ता चलाउने बताउँदै आएका छन्।

११. २०६७ मङ्सिर ५गतेदेखि १० गतेसम्म माओवादीको पालुङटारमा भएको बैठकमा मोहन वैद्य किरणद्वारा प्रस्तुत प्रतिवेदन

१२. नेपाल मानवअधिकार वर्षपुस्तक २०१२, अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)। पृष्ठ ३१

६० दिनभित्र बेपत्ता नागरिकहरू सार्वजनिक गर्ने प्रतिबद्धता व्यक्त गर्ने राजनीतिक दलहरूले त्यस विषयमा अहिलेसम्म जवाफदेहिता प्रदर्शन गरेनन्। बेपत्ता नागरिकका परिवारले झक्झक्याउँदा पनि सरकारले खोजबिनका निम्ति आयोग बनाएन। विस्थापितहरूको कब्जा गरिएका घरजग्गा अझै फिर्ता गरिएका छैनन्। द्वन्द्वको अवस्थामा विस्थापित भएका कतिपय पीडितहरूले घर फर्के पनि सम्पत्ति फिर्ता नगरिएको र उचित सुरक्षा प्रबन्ध नमिलाइएको कारण ढुक्क भएर आफ्नो थातथलोमा बस्न पाएका छैनन्। माओवादीद्वारा कब्जा गरिएका निजी तथा सार्वजनिक घरजग्गा, जमिन एक महिनाभित्र सम्बन्धित व्यक्ति तथा निकायहरूलाई फिर्ता गर्ने सहमति भएको थियो। तर, उक्त सहमति कार्यान्वयन हुन सकेन। सहमति कार्यान्वयनका लागि माओवादीका तर्फबाट केन्द्रीय रूपमा आफ्ना कार्यकर्ताहरूलाई कब्जा गरिएको सम्पत्ति फिर्ता गर्न निर्देशन दिइए पनि स्थानीयस्तरमा माओवादी कार्यकर्ताहरूले त्यसको पालना गरेको पाइएन। मानवअधिकार आयोगलगायत अधिकारसम्बन्धी काम गर्ने विभिन्न सङ्घसंस्थाहरूको सिफारिस कार्यान्वयनतर्फ सरकारी प्रयास खासै देखिएन।

यस्तै, नवगठित नेकपा माओवादीले युद्धकालमा कब्जा गरिएका घर जग्गा फिर्ता नगरिने जनाइसकेको छ। अस्थायी शिविरमा रहेका माओवादी लडाकुहरूको समायोजन प्रक्रियासँगै शिविर खाली भएपछि शान्तिप्रक्रिया पूरा भएको विश्लेषण एकथरि मानिसहरूले गरेका छन्। तर नेपालमा शान्ति प्रक्रियालाई सङ्कीर्ण रूपमा परिभाषित गरिएको छ। किनभने शान्तिप्रक्रिया भनेको समायोजन र पुनःस्थापनमात्रै होइन, यसका बृहत्तर र व्यापक पक्षहरू छन्। तर, ती पक्षहरू उपेक्षित देखिए। दशक लामो युद्धका क्रममा राज्य र विद्रोही दुवैतर्फबाट मानवअधिकार दृष्टिले जघन्य अपराध भएका छन्। द्वन्द्वका कारण बेपत्ता भएका तथा आन्तरिक शरणार्थीको जीवन जिउन बाध्य भएका द्वन्द्व पीडितबारे छ वर्षमा केही लाख रुपियाँ दिने काम मात्र भएको छ।

मानवअधिकार हननका दोषीलाई कारबाही गरी पीडितलाई न्याय दिनु शान्तिप्रक्रियाका अभिन्न पक्ष हुन्। अन्तरिम संविधान र विस्तृत शान्ति सम्झौताको भावना पनि यही थियो। द्वन्द्वका क्रममा बेपत्ता भएका, विस्थापित, मानवअधिकार पीडित परिवारहरूले उचित न्याय अहिलेसम्म पनि पाउनसकेका छैनन्। यस्तो जघन्य अपराधप्रति सरकार र दलहरूको संवेदनहीनताले दिगो शान्तिप्रति गम्भीर प्रश्नचिह्न खडा गरेको छ भने दण्डहीनता र हिंसाको संस्कृतिलाई थप प्रोत्साहित गरेको छ।

शान्ति सम्झौताका छ वर्षको अवधिमा सम्पन्न गर्नुपर्ने धेरै काममध्ये केही मात्र पूरा भएको हुँदा द्वन्द्वपीडित जो लाखौँको सङ्ख्यामा छ, तिनलाई सन्तुष्ट पार्न नसके पुन अर्को द्वन्द्व सिर्जना हुने अवस्था आउन नदिन शान्ति सम्झौताका प्रावधानलाई यथार्थमा लागु गर्नुबाहेक अर्को विकल्प नरहेकोमा सरोकारवालाहरू स्पष्ट हुनु जरुरी छ।

परिच्छेद

३

३.१ राज्य र मानवअधिकार

न्यायपालिका

घटनाक्रम

०६८ पुस १६ गतेदेखि ०६९ पुस १६ गतेसम्म

फागुन ५ गते

सूचना तथा सञ्चार मन्त्री जयप्रकाश प्रसाद गुप्ता सर्वोच्च अदालतद्वारा भ्रष्टचारी ठहर।

फागुन १६ गते

न्यायाधीशविरुद्धका उजूरी छानबिन गरिने न्यायपरिषद्को भनाइ।

फागुन २२ गते

न्यायपरिषद्द्वारा जिल्ला अदालतमा न्यायाधीश नियुक्ति गर्न परीक्षा लिने तयारी।

जेठ १० गते

संविधानसभाको म्याद अन्तिम पटकका लागि ६ महिना थप गर्न अदालतले गरेको फैसलाविरुद्ध म्याद थप प्रस्ताव दर्ता गराएको भन्दै प्रम डा. बाबुराम भट्टराईविरुद्ध मानहानिको मुद्दा दायर।

जेठ ११ गते

सर्वोच्च अदालतले संविधानसभाको म्याद थप प्रक्रिया अघि नबढाउन अन्तरिम आदेश।

एकीकृत माओवादीद्वारा सर्वोच्चको म्याद थपविरुद्धको आदेश कार्यादेश बाहिरको भएको भनाइ।

जेठ १६ गते

बम विस्फोटबाट घाइते भएका २३ जनालाई जिउँदै इँटाभट्टामा राखी हत्या गरेको अभियोगमा पूर्वमन्त्री तथा नेपाली काङ्ग्रेसका नेता मोहमद अफताब आलमलाई पक्राउ गर्न आदेश।

असार २० गते

मकवानपुर अदालतद्वारा हत्याका अभियुक्तलाई हत्याको योजना बनाएबापत १५ र हत्या गर्न आदेश दिएबापत २० वर्ष गरी ३५ वर्षको सजायँ तथा योजना, हत्या र बलात्कारका लागि अन्य तीन जनालाई ४४ वर्षको सजायँ।

साउन २

कपिलवस्तुका एक युवकलाई विभिन्न पाँच मुद्दामा सर्वस्वसहित १ सय ८ वर्ष कैद सजाय।

साउन १० गते

पूर्व मन्त्री तथा नेका नेता गोविन्दराज जोशी विशेष अदालतबाट भ्रष्ट्रचारी ठहर।

साउन ११ गते

पूर्व विशिष्टहरूलाई आजीवन सुविधा दिने निर्णयविरुद्ध रिट दायर।

साउन १६ गते

सर्वोच्च अदालतद्वारा पूर्व विशिष्टहरूलाई आजीवन सरकारी सुविधा दिने सरकारी निर्णय कार्यान्वयन नगर्न नगराउन अन्तरिम आदेश।

साउन १७ गते

पूर्व विशिष्टहरूलाई आजीवन गाडी, चालक, इन्धन र सचिवालय सुविधा दिनेसम्बन्धी अध्यादेश कार्यान्वयन नगर्न अन्तरिम आदेश।

साउन २८ गते

व्यक्ति हत्याको अभियोग लागेका कुवेर सिंह रानालाई सरकारले गरेको एआईजीमा बढुवाविरुद्धको रिट सर्वोच्च अदालतबाट खारेज।

साउन ३० गते

पूर्वमन्त्री तथा काङ्ग्रेस नेता खुमबहादुर खड्का भ्रष्ट्रचारी ठहर।

साउन ३२ गते

सर्वोच्च अदालतले अपाङ्गका लागि भत्ताको व्यवस्था गर्न निर्देशनात्मक आदेश।

भदौ ६ गते

सर्वोच्च अदालतले कपिलवस्तु घटनाका दोषीमाथि कारबाही गर्न माग गर्दै दायर गरिएको रिटमा सरकारका नाममा कारण देखाऊ आदेश जारी।

भदौ ७ गते

सर्वोच्च अदालतबाट निजी विद्यालयलाई तीन वर्षसम्म शुल्क बृद्धि नगर्न आदेश।

भदौ १४ गते

प्रधानमन्त्री डा. बाबुराम भट्टराईविरुद्ध सचिव बृन्दा हाडाद्वारा सर्वोच्च अदालतमा मानहानिको मुद्दा दायर।

भदौ २१ गते

नेपाली सेनाको अधिकृत क्याडेट पदको भर्ना प्रक्रिया समावेशी बनाउन अन्तरिम आदेश।

असोज १८

न्यायपरिषद्द्वारा जिल्ला तथा पुनरावेदन अदालतका न्यायाधीश छनौटको मापदण्ड तय । यिनमा केही मापदण्ड सर्वोच्च अदालतका न्यायाधीशको छनौटका लागि पनि अपनाइने जानकारी।

कात्तिक १५

रणबहादुर बमको हत्यासम्बन्धमा गठित प्रेमराज शर्माको न्यायिक छानबिन समितिद्वारा प्रतिवेदन प्रधानमन्त्री समक्ष प्रस्तुत।

कात्तिक १६ गते

संयुक्त राष्ट्रसङ्घीय मिसन नेपाल (अनमिन) ले अयोग्य ठहऱ्याएका माओवादीका पूर्वलडाकुलाई जनही २ लाख रुपियाँ दिने मन्त्रिपरिषद्को निर्णय बदर गर्न माग गर्दै सर्वोच्च अदालतमा रिट दर्ता भएको छ।

कात्तिक १५ गते

सर्वोच्च अदालतद्वारा अनमिनले अयोग्य ठहऱ्याएका लडाकुको पुन:स्थापनाका लागि सरकारले प्रतिव्यक्ति २ लाख रुपियाँ दिने निर्णयविरुद्ध निषेधाज्ञा जारी

मङ्सिर ११ गते

एकीकृत माओवादीका प्रवक्ता तथा पूर्वमन्त्री अग्निप्रसाद सापकोटाको मुद्दा तामेलीमा राख्ने सरकारको निर्णयविरुद्ध सर्वोच्च अदालतद्वारा अन्तरिम आदेश।

मङ्सिर १५ गते

सर्वोच्च अदालतका अस्थायी न्यायाधीश भरतराज उप्रेतीद्वारा राजीनामा।

मङ्सिर २० गते

सर्वोच्च अदालतका पाँच जना न्यायाधीशको अवकाश।

पुस ५ गते

सरकारले कार्यदक्षताको आधारमा भन्दै बढुवा गरेको पाँच वरिष्ठ प्रहरी उपरीक्षकहरूको बढुवा रोक्न अन्तरिम आदेश।

पुस १६ गते

सर्वोच्चद्वारा नेपाल दूरसञ्चार प्राधिकरणका नवनियुक्त अध्यक्ष दिगम्बर झालाई काम गर्न रोक।

असोज १७ गते

०६५ सालमा मृत्यु भएका राष्ट्रिय प्रजातन्त्र पार्टीका नेता तथा पूर्वमन्त्री रवीन्द्रनाथ शर्मा विशेष अदालतद्वारा भ्रष्टचारी ठहर।

१. पृष्ठभूमि

वर्ष २०१२ मा न्यायपालिकाको भूमिका मानवअधिकारको दृष्टिकोणले मिश्रित रह्यो। केही अत्यन्त उत्साहजनक क्षण न्यायपालिकाले दियो भने कुनै निराशाजनक पनि रहे। आफ्नो अधिकारको लागि दह्रो व्यवस्था खोजिरहेका अपाङ्गता भएका व्यक्तिहरूका लागि अदालतले केही आधार यस वर्ष दियो भने भ्रष्टाचारका मुद्दामा न्यायपालिकाले स्थापित गरेका नजिरबाट अदालतको श्रीवृद्धि भयो।

सर्वोच्च अदालतबाहेक पुनरावेदन र जिल्ला अदालतहरूबाट पनि केही उत्साहजनक फैसलाहरू भए। यसै क्रममा केही जिल्ला न्यायाधीशले विभिन्न अपराधका अभियुक्तलाई दिएको लामो कारावास सजाय चर्चाको विषय बन्यो। इनेगिनेका अभियोगमा बाहेक सजाय नखप्टिने नेपालको न्याय व्यवस्था रहे पनि अदालतले सुनाएका सय वर्षभन्दा पनि बढी सजायका केही फैसलाले आपराधिक गतिविधिलाई हतोत्साही तुल्याउन मद्दत नै गर्नेछ। शिक्षाको क्षेत्रमा बढ्दो व्यापारीकरण रोक्नका लागि विद्यार्थी र अभिभावकको शोषण रोक्ने प्रकारको आदेश यस वर्षको आकर्षक फैसला बन्यो।

नेपालको आधुनिक इतिहासमा पहिलोपल्ट अदालतमा कार्यरत एक न्यायाधीशको हत्या यस वर्ष भयो। तत्कालीन प्रधानन्यायाधीशले एक मुद्दामा विवादास्पद निर्णय गरेको आधार जनाई इजलास नतोकिएको र वर्तमान प्रधानन्यायाधीशले पनि सोही निर्णयलाई निरन्तरता दिएका कारण जिम्मेवारविहीन बनाइएका न्यायाधीश रणबहादुर बमको साङ्घातिक आक्रमणबाट मृत्यु भएको थियो। उनको हत्यारा पत्ता लगाउन विभिन्न न्यायिक आयोग गठन भए। न्यायालयबाट अवकाशप्राप्त न्यायाधीश प्रेम शर्माको संयोजकत्वमा गठित आयोगले प्रतिवेदन बुझाएपछि यसका सुझाव कार्यान्वयन गर्ने मन्त्रिपरिषद्को निर्णय सार्वजनिक भयो। राज्यले नियम, कानुनको धज्जी उडाइरहेको आरोप आइरहेको समयमा सर्वोच्च अदालतले विधिको शासन र प्रक्रिया अवलम्बन गरेकाले बमको हत्या उनीसँगको रीसइबी साध्नका लागि नभई सम्पूर्ण न्यायिक प्रक्रियालाई कमजोर तुल्याउनका साथै सर्वोच्च र मातहतका अदालतका न्यायाधीश, प्रहरी प्रशासन, कानुनव्यवसायी तथा मानवअधिकारकर्मीलाई नै चेतावनी दिने उद्देश्यका साथ गराइएको धारणा पनि सार्वजनिक भयो।[१] यही आशङ्कालाई पुष्टि गर्ने गरी औपचारिक/अनौपचारिक रूपमा, यो हत्या न्यायालयलाई त्रसित बनाउन गराइएको[२] तथ्य केही सञ्चार माध्यममा आएपछि भने न्यायाधीश बमको हत्यारामाथि सजाय सजिलै नहुने आशङ्का गरिएको छ।

न्यायपरिषद्को निष्क्रियता तथा बारको विवादास्पद सिफारिसका कारण वर्षको अन्त्यसम्म आइपुग्दा सर्वोच्च अदालत न्यायाधीशविहीन जस्तै अवस्थामा पुग्यो। न्यायालयमा सुस्त न्याय, भ्रष्टाचार आदिको समस्या समाधान हुने लक्षण देखिएन। न्यायापालिकालाई कमजोर तुल्याउने कार्य भने विभिन्न निकाय- विशेष गरी सरकारबाटै जारी रह्यो। सरकारले अदालतबाट भएका फैसला कार्यान्वयन गर्न चासो नदेखाएका कारण न्याय कागजी न्यायमा परिणत हुने आशङ्का पनि उत्तिकै प्रबल देखियो। सत्तासँग प्रत्यक्ष संलग्न व्यक्तिहरूका लागि अदालतका आदेशहरू प्रभावकारी हुन सकेनन्।

गत आर्थिक वर्षका ४९ ओटा सरकारी निर्णय कार्यान्वयनमा सर्वोच्च अदालतले अन्तरिम आदेश जारी गरेको थियो। यी निर्णयहरू कानुनसम्मत नभएको भनेर मानवअधिकारकर्मीहरूले पनि विरोध गरेका थिए। यिनका विरुद्ध सर्वोच्चमा परेका रिट निवेदनमा निर्णय सुनाउँदै अदालतले सरकारी निर्णयको विरुद्ध फैसला गरेको थियो। यसलाई कानुनी क्षेत्रकै व्यक्तित्वले सरकार जनताका अधिकारका सम्बन्धमा संवेदनशील नभएको भनी अदालतले जताइरहेको बताए भने कतिपयले यस्ता अमिल्दा निर्णय गरेर सरकारले अदालतलाई तर्साउन खोजेको धारणा पनि राखे।[३] जेठ १४ गतेअघि

---

१. The assasin creed, , सम्पादकीय, *नेपाली टाइम्स्*, ०६९ मङ्सिर १८ गते हेरिएको http://nepalitimes.com/issue/2012/06/15/Editorial/19383

२. *Justice Bam murder a threat to judiciary, says probe report, http://www.thehimalayantimes.com/fullNews.php?headline=Justice+Bam+murder+a+threat+to+judiciary%2526sbquo%253B+says+probe+report&NewsID=350169*, ०६९ मङ्सिर १४ गते हेरिएको

३. SC stags several govt. decisions. *http://www.ekantipur.com/2012/08/28/top-story/sc-stays-several-govt-decisions/359391.html*

सरकारविरुद्ध २३ वटा रिट परेका थिए भने त्यसपछिको डेढ महिनामा १५ वटा रिट दर्ता भएको सर्वोच्चको अभिलेखले देखाउँछ। त्यसरी दायर भएका अधिकांश रिटमा भएको आदेश सरकारको विपक्षमा छ। विश्वव्यापी आवधिक समीक्षाका क्रममा पनि नेपाल सरकारले आफ्नो प्रतिवेदनमा नेपालमा मानवअधिकारको मुख्य संस्थागत व्यवस्थाका लागि नेपालको स्वतन्त्र न्यायपालिका रहेको र सर्वोच्च अदालत र यसका मातहतका अदालतहरूले विभिन्न फैसलामार्फत मानवअधिकारको संरक्षण र संवर्द्धनका लागि उदाहरणीय कार्य गरेको बतायो।[४]

यिनै स्थितिको सेरोफेरोमा वर्ष २०१२ मा नेपालको न्यायापालिका र मानवअधिकारको अवस्थाको बारेमा यस परिच्छेदमा विश्लेषण गरिएको छ।

२. संविधानमा सर्वोच्च अदालतको स्थानसम्बन्धी विवाद

जेठ १४ गते संविधानसभाको म्याद सकिनु अघिसम्म भएका संविधानका प्रावधानसम्बन्धी छलफलमा छुट्टै संवैधानिक अदालत या सर्वोच्च अदातलअन्तर्गत नै संवैधानिक विवादका लागि विशेष इजलास राख्ने भन्ने विवाद कायम रह्यो। प्रधानन्यायाधीश, सर्वोच्च अदातलतका प्रायश: न्यायाधीशहरूको विचार संवैधानिक अदालत विरुद्ध देखियो। यस विषयमा राजनीतिक दलहरूमा पनि एकमतैक्यता हुन नसकेपछि भावी नेपालको न्यायप्रणालीबारे सुझाव लिन राखिएको बैठकमा संवैधानिक अदालतले न्यायिक स्वतन्त्रता हरण हुने र न्यायपालिका कमजोर हुने भन्दै यस प्रावधानलाई संशोधन गर्न सुझाव[५] दिए। यससम्बन्धी तर्कवितर्कमा संवैधानिक अदालतको स्थापनाले समानान्तर प्रकृतिको संस्थाले अधिकारक्षेत्रमा विवाद ल्याउने कसैको मत रह्यो।[६] नेपालको वर्तमान परिप्रेक्ष्यमा हेर्दा पनि विभिन्न सरकारी निर्णयविरुद्ध आएको सर्वोच्चको फैसला संविधानको व्याख्याताको भूमिका संवैधानिक अदालतको रहेको भए पनि यस्तै आउँथ्यो भन्न सकिने अवस्था देखिँदैन। तथापि, पाँच वर्षका लागि संवैधानिक अदालतको व्यवस्था भएको र यसले सङ्घीयताको नयाँ प्रणालीमा गएको र यस व्यवस्थासम्बन्धी अनुभव नभइसकेको अवस्थामा सहयोग नै गर्नेछ भन्न सकिन्छ।

३. तल्लो निकायको न्यायिक सक्रियता

यस वर्ष शुरु जिल्ला अदालतहरूले गम्भीर प्रकृतिका फौजदारी अपराधहरूमा कानुनमा उल्लिखित सजाय निर्धारण गर्न न्यायिक सक्रियता देखाए। एउटै अपराधमा पृथक-पृथक आपराधिक कार्य गरेकोमा कानुनत: पृथक-पृथक एवम् थप सजाय पनि तोकिनुपर्छ भन्ने अवधारणको प्रयोग सर्वप्रथम मकवानपुर जिल्ला अदालतले गऱ्यो। मकवानपुर छतिवनकी एक महिलालाई आफ्नै पतिले अरु व्यक्तिबाट बलात्कार गराई हत्यासमेत गर्न लगाएको अभियोगमा ज्यान मार्ने षडयन्त्र गरेकामा १२ वर्ष, मानव हत्यातर्फ २० वर्ष, मार्नुअघि जबरजस्ती करणी गरेकोमा सात वर्ष र सामूहिक बलात्कार गरेकामा पाँच वर्ष, गरी ४४ वर्षको सजाय सुनायो। मृतक महिलाका पतिलाई पनि पत्नीको हत्या गराएकोमा २० वर्ष र हत्याको योजना बनाएकामा १५ वर्ष गरी ३५ वर्षको सजाय भयो।[७] त्यस्तै मकवानपुर जिल्ला अदालतबाट भएको फैसलामा दुई दिदी बहिनीलाई भारतको दिल्ली पुऱ्याई बेश्यालयमा बिक्री समेत गरेकोमा एक युवकलाई मानव बेचविखन तथा ओसारपसारमा २० वर्ष र आफैंले भारतको बेश्यालयमा पुऱ्याई बेचेकोमा १४ वर्ष गरी ३४ वर्ष कैद सजाय भयो।[८] नेपालमै पहिलो पटक मकवानपुर जिल्ला अदालतले मानव बेचविखन, जबरजस्ती करणी, ठगी, चोरी, आगलागी घरेलु हिंसा र लागूऔषध जस्ता गम्भीर प्रकृतिका फौजदारी अपराधहरूमा निरन्तर सुनुवाइ (Continuous Hearing) र मानाचामल, लेनदेन, करकाप, सम्बन्धविच्छेद, नाता कायम जस्ता

---

४. विश्वव्यापी आवधिक समीक्षा कार्यदलको नेपालसम्बन्धी प्रतिवेदन, हरफ ११, A/HRC/17/5 , ०६९ पुस २ गते हेरिएको
५. 'अन्य न्यायाधीशले नेतालाई भने, संविधानको मस्यौदा संशोधन गर्नूस्' *http://www.ekantipur.com/nep/2068/12/15/full-story/345045.html* ०६९ मंसिर १५ गते हेरिएको
६. *http://www.thehimalayantimes.com/fullNews.php?headline=Experts+question+Constitutional+Court+provision&NewsID=294302*
७. 'श्रीमतीको हत्या गर्नेलाई ३५ वर्ष कैद', *http://inseconline.org/index.php?type=news&id=37739&lang=np* ०६९ मङ्सिर २ गते हेरिएको
८. 'दिदीबहिदी बिक्री गर्नेलाई ३५ वर्ष कैद', *http://inseconline.org/index.php?type=news&id=37732&lang=np* ०६९ मङ्सिर २ गते हेरिएको

मुद्दाहरूमा समयशारिणी पद्धति (Differentiated Case Management) लागु गऱ्यो। त्यस्तै मानाचामलको मुद्दामा तत्काल फैसला कार्यान्वयन गरी पीडितको बाँच्न पाउने अधिकार सुरक्षित गरिनुपर्छ भन्ने मान्यतालाई यस अदालतले लागु गरेको पाइयो।

अन्य जिल्ला अदालतहरूले पनि गम्भीर मुद्दाहरूमा सजाय थप गर्ने अवधारणालाई पछ्याएको पाइयो। जस्तै : कपिलवस्तु जिल्लामा एक युवकलाई पाँच जनाको हत्याको मुद्दामा सर्वस्वसहित १ सय ८ वर्षको सजाय सुनाइयो। सिन्धुपाल्चोक जिल्लामा ०६९ असार २७ गते मानव बेचबिखनको मुद्दामा १ सय ७० वर्षको सजाय तोकियो।[९] छ जना बालबालिकाहरूलाई विभिन्न मितिमा फकाएर भारतको आगरा शहरमा पुऱ्याएर बिक्री गर्ने शिखरपुर गाविस- ९ का ३७ वर्षीय बजिर सिं तामाङलाई मानवबेचबिखन तथा ओसारप्रसारविरुद्धको ऐन २०६४ दफा १५ (५) अनुसार १ सय ७० वर्षको कैद सजाय फैसला भएको हो।

उपरोक्त फैसलाहरूउपर पुनरावेदन अदालतमा सुनुवाइ हुँदा सजाय घटनसक्ने सम्भावनालाई नकार्ने अवस्था नभए पनि नेपालमा पनि अन्य विभिन्न राष्ट्रमा जस्तै कठोर सजाय दिने व्यवस्था न्यायाधीशबाटै स्वविवेकीय अधिकारको उपयोग सक्रियताको पाटो मान्नु पर्छ। दुई वर्षअघि फिरौती रकम बुझाएर पनि अपहरित छोरा कपिल द्विवेदीलाई जीवितै फेला पार्न नसकेका नेपालगञ्जका अभिभावकले मुख्य अभियुक्तलाई ७८ वर्षको जेल सजाय भएको सुनेर व्यक्त गरेको सन्तोषको उद्गारले पनि यस्तो व्यवस्था सामान्य र व्यापक बनाउनुपर्ने सङ्केत दिएको छ। अदालतले गरेको फैसलाका कारण पीडित या पीडित परिवारले निसाफ पाएको महसुस गर्न सक्छन् भने मात्रै न्याय वास्तविक हुन जान्छ। कानुनी छिद्रहरूका कारण अपराध ठहर भएर पनि सजाय नाम मात्रको भएमा त्यो जनमानसका लागि सन्तोषजनक हुँदैन।

तल्लो निकायबाट यस सम्बन्धमा केही कार्य भए पनि जनताको हितका लागि अदालतको स्वविवेकले गर्न सकिने प्रकारका कदम भने अदालतहरूले चालेको देखिँदैन। देशमा व्याप्त अनेकन विवाद, कुरीति, भ्रष्टाचार जस्ता मुद्दामा विभिन्न माध्यमबाट सार्वजनिक भएका सूचनाका आधारमा पनि कदम चाल्न सक्नुपर्नेमा अदालतहरू कसैको सार्वजनिक सरोकार या अन्य कुनै आधारमा उजुरी वा रिट निवेदन आएपछि मात्र यी विषयको विवेचना गर्ने गरेको देखिएको छ। पदीय आधारमा पनि बुद्धिजीवीको कोटीमा रहेका न्यायाधीशहरू आफैँ पनि सक्रिय हुने हो भने सरकारी या अन्य निकायबाट हुने अनैतिक, अवैधानिक तथा गैरकानुनी कार्य नियन्त्रण गर्न केही सहयोग पुग्न सक्ने थियो।

सरकारले गरेका निर्णयहरू राष्ट्रहीत विपरीत पनि हुन सक्ने भएको र संसद् पनि नभएको अवस्थामा न्यायालय नै सरकारले अङ्गीकार गर्न सक्ने निरङ्कुशतालाई रोक्ने अङ्ग भएको प्रमाण त्रिभुवन अन्तर्राष्ट्रिय विमानास्थलको स्तरोन्नति र विकासको जिम्मा भारतीय कम्पनीलाई दिने निर्णयविरुद्ध परेको रिटको सम्बन्धमा अनुसन्धान गर्ने क्रममा देखियो।[१०]

नेपाल सरकारले भारतीय कम्पनी आईएल एण्ड एफएसलाई विमानस्थल व्यवस्थापन दिने विरुद्धको रिटमा अदालतले माग गरेबमोजिम पेश भएका कागजातबाट भारतीय कम्पनीले अन्य १५ विमानस्थलको जिम्मेवारी लिन पनि इच्छा व्यक्त गरेको, सरकारले सामान्य कुराकानी भएको भनिएको मुद्दामा विस्तृत आयोजना प्रतिवेदन (डीपीआर) नै तयार भइसकेको तथ्य खुलेको थियो।

यो जानकारी सरकारले जनतासँग झुटो बोल्न सक्दोरहेछ भन्ने अर्को प्रमाण साबित भयो भने देशका स्वार्थको हितका लागि शक्ति सन्तुलनको आवश्यकता टड्कारो भयो।

४. अदालत र बजेटको पाटो

अदालतको स्वतन्त्रताको महत्वपूर्ण पक्ष मानिने आर्थिक निश्चितता न्यायपालिकाले महसुस गर्न पाएको छ। हरेक बजेट अध्यादेश तयार हुन थाल्दा प्रधानन्यायाधीशहरूले न्यायपालिकाकालाई बजेट बढाइदिन अनुरोध गरेकै छन्। यस वर्ष पनि प्रधानन्यायाधीशले न्यायापालिकामा भएका कार्यक्रम जारी राख्न र धेरै मुद्दाको चाप हुने काठमाडौँ जिल्ला अदालतमा सन्ध्याकालीन इजलास राख्ने योजना

---

९. ऐन बनेपछिको पहिलो ठूलो फैसला, *http://inseconline.org/index.php?type= news&id=37844&lang=np* ०६९ मङ्सिर २ गते हेरिएको

१०. 'भारतीय कम्पनीले थप १५ कम्पनी मागेको खुलासा', *http://www.ekantipur.com/nep/2069/3/29/full-story/351078.html* ०६९ पुस १३ गते हेरिएको

कार्यान्वयन गर्न, जनशक्ति थप गर्न न्यायाधीश बमको हत्यासँगै न्यायाधीशहरूको सुरक्षाका सवालमा न्यायाधीशहरूको आवास क्षेत्र बनाउन आदिका कार्यका लागि बजेट थप गर्नपर्ने माग आयो।

आर्थिक वर्ष ०६८ ०६९ मा सर्वोच्च अदालतका लागि २० करोड ७३ लाख ४४ हजार विनियोजन भएकोमा ३० करोड, ५६ लाख, ५६ हजार ५ सय ९ खर्च भयो। पुनरावेदन अदालतका लागि १ करोड ५८ लाख १८ हजार ९०० विनियोजन गरिएकोमा १ करोड ५८ लाख ९४ हजार ७ सय ११ खर्च भयो। यसैगरी, जिल्ला अदालतका लागि १ अर्ब, ५ करोड ४४ लाख ४५ हजार १ सय ३६ विनियोजन गरिएकोमा १ अर्ब, १४ करोड ९ लाख ४६ हजार ३ सय ९८ खर्च भयो। अन्य न्यायाधीकरणका लागि ५ करोड ९२ लाख ८ हजार ३२ विनियोजन गरिएकोमा ५ करोड ३७ लाख ७५ हजार ७ सय ७० खर्च भयो। न्याय परिषदको २ करोड २१ लाख ११ हजार ३ सय ६४ विनियोजन गरिएकोमा २ करोड १८ लाख ४९ हजार ८ सय २० खर्च भयो।

५. सन् २०१२ मा न्यायालयबाट भएका केही मुद्दाहरूको विश्लेषण

५.१ नेपाल सरकारको मातहतका कार्यालयको दायित्वसम्बन्धमा

सर्वोच्च अदालतको पूर्ण इजलासले नेपाली सेनाका मेजर, जम्दारलगायत अन्य अधिकारीविरुद्ध हत्याको अभियोगमा दिइएको किटानी जाहेरीमा कारबाही नभएको भन्दै सर्वोच्चमा परेको परमादेशको मागमा सुनुवाइ गर्दै नेपाल सरकारको मातहतमा रहेको सेनामा कार्यरत् व्यक्तिलाई फरार रहेको व्यक्ति वा अनुसन्धान गर्ने निकायको पहुँच बाहिरको व्यक्ति भनी अर्थ गर्न नमिल्ने नजीर स्थापित गऱ्यो।[११] तनहुँ जिल्ला, घाँसीकुवा गाविस-१ निवासी सीता कैनीले आफ्ना पति भरत कैनी भनिने श्यामसुन्दर कैनी[१२]लाई सेनाका मेजरलगायतले हिरासतमा लिई हत्या गरेको भन्दै जिल्ला प्रहरी कार्यालयमा परेको किटानी दरखास्तमा कारबाही नभएको भन्दै पुनरावेदन अदालत पोखरामा परमादेशका लागि रिट निवेदन गरिन्। उनको मुद्दामा फैसला गर्दा पुनरावेदन अदालतले सेनालाई अभियुक्त सेनाका बारेमा सोधखोज गर्दै लेखेको पत्र प्रहरीले अनुसन्धान भइरहेको प्रमाणको रूपमा पेश गर्दा परमादेश जारी हुन नपर्ने आदेश गरेपछि सर्वोच्चमा पुनरावेदन हुँदा नामै किटान भइसकेको अवस्थामा अनुसन्धान भइसक्नु पर्ने जनायो। आफ्ना पदाधिकारीविरुद्ध अभियोग लागेपछि तिनलाई अधिकारप्राप्त निकायसमक्ष उपस्थित गर्नु गराउनु सैनिक कार्यालयको पनि दायित्व रहने निर्णय गऱ्यो।

यसरी कुनै पद, संस्थामा कार्यरत् रहेको भन्दैमा प्रहरीले तीविरुद्ध अनुसन्धान तथा कारबाही गर्न नसक्दा दण्डहीनतालाई बल पुग्ने सर्वोच्चको मतले द्वन्द्वकालीन मुद्दाहरूलाई गति मिल्ने देखिन्छ। विभिन्न जिल्ला तथा पुनरावेदन अदालतबाट पनि यस प्रकारको निर्देशन जारी भइरहेका छन्। सशस्त्र द्वन्द्वको समयमा माओवादीको आरोपमा नियन्त्रमा लिई हत्या गरिएका वनकटवा गाविस-४ का २० वर्षीय क्रान्ति अभिलाषी देवकोटाको मुद्दामा ०६९ पुस ११ गते पुनरावेदन अदालतले सत्य निरूपण आयोगले पछि हेर्ने जताउने जिल्ला प्रहरी कार्यालय र इलाका प्रहरी कार्यालय कोहलपुरको नाममा जाहेरी दर्ता गर्न आदेश[१३] दियो। मैना सुनारको यातनापछि हत्याको मुद्दामा पनि यसैप्रकारको फैसला भइसकेको अवस्थामा कुनै पनि महत्वपूर्ण तथा शक्तिशाली पदमा रहँदैमा अनुसन्धानको दायराबाट उन्मुक्ति हुन नसक्ने फैसला मानवअधिकार समुदायको लागि मात्र होइन आमजनताका लागि पनि उत्साहजनक देखियो।

५.२ मुद्दा फिर्ताका सम्बन्धमा अदालतको भनाइ

विस्तृत शान्ति सम्झौतापछि बनेका विभिन्न सरकारले विभिन्न तर्क पेश गर्दै विभिन्न मितिमा मुद्दा फिर्ता गर्ने कार्य जारी नै राखेका छन्। अदालतले यस निर्णयको विपक्षमा निर्णय सुनाउँदै नै आएको छ। अदालतमा विचाराधीन मुद्दाहरू फिर्ता नहुने भनेर विगतमा स्पष्ट आदेश हुँदाहुँदै पनि सरकारले यस्ता

---

११. नेकाप २०६९, असोज, नि.नं. ८८३७, सीता कैनी विरुद्ध जिल्ला प्रहरी कार्यालय, तनहुँ

१२. द्वन्द्वपीडित पार्श्वचित्र। इन्सेक। *http://www.insec.org.np/victim/candidate_details_user.php?MFID=1172* ०६९ पुस १३ गते हेरिएको

१३. सेना विरुद्धको जाहेरी दर्ता गर्न अदालतको आदेश, *http://inseconline.org/index.php?type=news&lang=np&id=39097,* ०६९ पुस २२ गते हेरिएको

कार्य रोकेका पनि छैनन्। राजनीतिक मुद्दाका नाममा फिर्ता गरिएका ती मुद्दाहरू ज्यादातर द्वन्द्वकालीन वा मधेस आन्दोलनका क्रममा भएका हुन्। दलीय कार्यकर्तालाई उन्मुक्ति दिनका लागि गरिएका त्यस्ता निर्णयप्रति अदालत संवेदनशील देखियो। यसै फैसलाको आधारमा ०६९ साउन १५ गते जिल्ला अदालतले सो मुद्दा फिर्ता नहुने निर्णय गऱ्यो। न्यायपालिकाको एक अङ्गका रूपमा जिल्ला अदालतलाई शान्ति सम्झौता भएदेखि नै बारम्बार आइरहेको मुद्दा फिर्ताको विषयमा जिल्ला अदालतलाई स्विकेक प्रयोग गर्न पाउने अधिकार स्थापित गरिदियो। यसले राजनीतिक रूप दिई मुद्दा फिर्ता गर्ने सरकारी निर्णयमा बेखुशी सर्वसाधारणले सम्बन्धित जिल्लामा नै अपिल गर्न पाउने छन्। तर, स्थानीय तहमै यस्ता मुद्दा चल्ने नचल्ने निर्णय गर्नुपर्ने अवस्थामा जिल्ला अदालतले विना कुनै दबाब निर्णय गर्न पाउने अवस्था भने प्रत्याभूत भएनभएको भने अनुगमन गर्न पर्ने देखिन्छ।

नवलपरासी जिल्ला बुधिराम महतोको हत्याका अभियुक्तहरूलाई उन्मुक्ति दिने प्रकारले मुद्दा फिर्ताको घोषणा भएपछि मृतकका छोराले दायर गरेको उत्प्रेषणको मागसहितको रिट निवेदनमासर्वोच्च अदालतले नेपाल सरकारले राजनीतिक भन्दै मुद्दा फिर्ता गर्ने निर्णयमा उत्प्रेषण जारी गऱ्यो। अदालतको फैसलामा[१४] जघन्य एवम् पाशविक प्रकृतिका अपराध, मानवता विरुद्धका अपराध, लागूऔषध, मानव बेचविखन, बालबालिकाका विरुद्धको अपराध, हातहतियार खरखजानासम्बन्धी अपराध, व्यक्तिको बाँच्न पाउने अधिकारविरुद्धको अपराध, पेशेवर अपराधीद्वारा गरिएको तथा सङ्गठित रूपमा गरिएको अपराधलाई सामान्य अवस्थामा फिर्ता लिन नहुने प्रकृतिको भनी व्याख्या गऱ्यो। यही क्रममा सरकारले कुनै जायज आधार पेश नगरी आधार र कारणबिना राजनीतिक दलसँग आबद्ध रहेको मात्र कारणबाट फिर्ता लिने कार्य स्वीकार्य हुन नसक्ने बतायो।

यस मुद्दामा फैसला गर्दै अदालतले गम्भीर प्रकृतिका मुद्दाहरूमा समेत विषयवस्तुको गम्भीरता नहेरी कानुनी व्यवस्थाको पालनबाट हुने दूरगामी प्रभाव, त्यसबाट समाजमा पर्ने नकारात्मक असर, आपराधिक मनोवृत्तिमा हुन सक्ने वृद्धिको दुष्परिणाम समेत विचार नगरी सरकारले मुद्दा फिर्ता लिँदै जाने हो भने शान्ति सुव्यवस्था खतरामा पर्ने तथा नागरिकको जीउधनको संरक्षण हुन नसक्ने सम्भावना हुने हुँदा यसतर्फ पनि सरकारलाई सचेत गरायो।

सरकारले सरकारी मुद्दासम्बन्धी ऐन, २०४९[१५] ऐनको प्रावधानअनुरूप तथा निश्चित् मापदण्ड र आधार तय गरी कारण र औचित्यका आधारमा मुद्दा फिर्ता लिने निर्णय गरेमा त्यस्तो निर्णय मान्य र निर्विवाद हुन जाने बताइएको छ।

यसैप्रकारको अर्को मुद्दामा जिल्ला अदालतले यस विषयमा निर्णय गर्न पर्ने फैसला सर्वोच्चले गऱ्यो। बाराका सुकदेव रायले उनका दुई छोरालगायत अन्यको हत्या[१६]का अभियुक्तविरुद्धको मुद्दा फिर्ता लिने माधव नेपालको सरकारको ०६७ असार ३ गतेको निर्णय विरुद्ध उत्प्रेषणको माग गर्दै रिट दायर गरेका थिए। ०६९ वैशाख ५ गते कल्याण श्रेष्ठ तथा ज्ञानेन्द्रबहादुर कार्कीको संयुक्त बेञ्चले मुद्दा फिर्ता नहुने तर फिर्ता लिन रोक्ने काम जिल्ला अदालतकै जिम्मामा छोड्दै, जिल्ला अदालतले न्यायिक तवरले निर्णय गर्न सक्ने र कसैको हकअधिकारमा गैरकानुनी हस्तक्षेप वा उल्लङ्घन भएमा यस अदालतको अधिकारक्षेत्र ग्रहण गर्न पाउने लगायतको विकल्पहरू रहने नै हुँदा उत्प्रेषणको आदेश जारी गर्न आवश्यक नरहेको फैसला गऱ्यो।[१६] यसै फैसलाको आधारमा बारा जिल्ला अदालतले ०६९ साउन १५ गते उक्त मुद्दा फिर्ता नहुने निर्णय गऱ्यो।

हुन त न्यायपालिकाकै एक अङ्ग भएको हिसाबले जिल्ला अदालत पनि उत्तिकै सक्षम भए पनि

१४. नेपाल कानुन पत्रिका २०६९, महिना भदौ, नि.नं. ८८३७ रामु महतो विरुद्ध प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत

१५. सरकारी मुद्दासम्बन्धी ऐन, २०४९ को दफा २९ (१) मा "प्रचलित कानुनबमोजिम नेपाल सरकारवादी भई हेरिने वा नेपाल सरकारको तर्फबाट चलाइएको वा नेपाल सरकारउपर परेको मुद्दा मामिला नेपाल सरकारको आदेश भएमा सरकारी वकीलले अरु पक्षको सहमतिले त्यस्तो मुद्दा मिलापत्र गर्ने वा अदालतको मञ्जूरीले त्यस्तो मुद्दामध्ये नेपाल सरकारवादी भएको फौजदारी मुद्दा फिर्ता लिन सक्छ।

१६. माओवादी कार्यकर्तासहित तीनजनाको हत्या, *http://inseconline.org/index.php?type=news&lang=np&id=26844* ०६९ मङ्सिर २० गते हेरिएको

१७. मुद्दा फिर्तामा सर्वोच्च बोलेन, *http://www.ekantipur.com/nep/2069/1/6/full-story/346229.html* ०६९ मंसिर २० गते हेरिएको

सरकारले बारम्बार दोहोराइरहने गल्तीका लागि ठूलै निकायको आदेश आवश्यक देखिएको छ। सर्वोच्चकै निर्णय पनि कार्यान्वयन हुन कठिन भएको समयमा महत्वपूर्ण तर्कमा सर्वोच्चको मौनताले जिल्ला न्यायाधीशमा अनावश्यक भार पर्ने देखिन्छ।

५.३ 'जनसत्ता'का निर्णयलाई मान्यता दिने सरकारी निर्णय बदर

माओवादी सम्मिलित संयुक्त सरकारले १० वर्से द्वन्द्वका क्रममा 'माओवादी जनसत्ता' ले गरेका निर्णयलाई सरकारी मान्यता दिने निर्णय गरे पनि सर्वोच्च अदालतमा यसविरुद्ध रिट निवेदन दायर भयो। तत्कालीन समयमा माओवादीले जनताका सम्पत्ति कब्जामा लिई आफ्नै कार्यकर्ता, समर्थक लगायतलाई बेचेका थिए। द्वन्द्वका समयमा त्रासले केही गर्न नसकेका त्यस्ता सम्पत्तिका धनीले शान्ति प्रक्रिया शुरु भएपछि भने फिर्ता गर्ने माग गर्न थालेका थिए। माओवादीले भने ती सम्पत्ति फिर्ता नहुने र पीडितलाई राज्यले क्षतिपूर्ति दिनुपर्ने बताउँदै आएकोमा सरकारले त्यस प्रकारका किनबेचलाई वैधानिकता दिने लगायत 'जनसत्ता' लाई मान्यता दिने सरकारी निर्णयमा फैसला गर्दै सर्वोच्चको पूर्ण इजलासले यो निर्णय कानुनसम्मत नभएको भन्दै यसको कार्यान्वयनमा रोक लगायो। रिट निवेदनमा मन्त्रिपरिषद्ले आफूलाई हुँदै नभएको अधिकार प्रयोग गरी अवैधरूपमा कब्जा गरिएको सम्पत्तिलाई वैधानिक[१८] ढङ्गले जफत गर्न खोजेको जिकिर गरेको थियो।[१९]

प्रचलित कानुनको प्रयोगमा पर्न सक्ने असर तथा सुविधा र सन्तुलनसमेतलाई विचार गरी उक्त निर्णय वैधतासम्बन्धमा अन्तिम किनारा नभएसम्मका लागि अन्तरिम आदेश जारी गरेको थियो। नेपाल सरकार मन्त्रिपरिषद्ले ०६८ पुस २८ गते माओवादी जनसत्ताले जनयुद्धका समयमा गरेको जग्गा किनबेच, अंशबण्डा र बकसपत्रलाई मान्यता दिने निर्णय गरेको थियो। त्यो निर्णयमा प्रचलित कानुनको अख्तियारी नै उल्लेख भएको नदेखिएको सर्वोच्चको आदेशमा भनिएको छ। अदालतको निर्णयका साथै विपक्षीको अडानका कारण सरकारले यो निर्णय फिर्ता लिने सहमति गऱ्यो।

सर्वोच्च अदालतमा आर्थिक वर्ष ०६८/०६९ मा मुद्दा फर्स्यौटको अवस्था

मौलिक एवं कानुनी अधिकार संरक्षणसम्बन्धी रिट निवेदन र पुनरावलोकन गरिपाऊँ भन्ने निवेदनहरूसम्बन्धमा अनुमान (१४१०) गरेभन्दा कम (१२९४) नयाँ मुद्दा दर्ता भएका छन् भने अन्य सबै विषयहरू कानुनको संवैधानिकताको परीक्षण, सार्वजनिक सरोकारको विवाद, शुरु मुद्दा, पुनरावेदन, पुनरावलोकन, साधक जाँच, मुद्दा दोहोऱ्याइ पाऊँ भन्ने निवेदन, पुनरावेदनको अनुमति तथा अ ब १७ नं.को निवेदन सबैमा अनुमान गरेभन्दा बढी नयाँ मुद्दा दर्ता भएका छन्। सार्वजनिक हित सरोकारसम्बन्धी रिट सम्बन्धमा जम्मा ९३ थान नयाँ मुद्दा दर्ता हुने अनुमान गरिएकोमा जम्मा १ सय ४ थान अर्थात अनुमान गरेभन्दा ११ थान बढी मुद्दा दर्ता भएको देखिन्छ।

फर्स्यौटतर्फ हेर्दा जम्मा ८ हजार ५ सय ६८ थान मुद्दा फट्र्योट गर्ने लक्ष्य राखिएकोमा अनुमानभन्दा २ हजार २ सय ५१ थान कम अर्थात ६ हजार ३ सय १७ थान मुद्दा फर्स्यौट भएको छ। मौलिक तथा कानुनी अधिकार संरक्षणसम्बन्धी रिट निवेदनमा लक्ष्यभन्दा ५ सय २१, देवानी तथा फौजदारी पुनरावेदन हेर्ने कार्यतर्फ लक्ष्यभन्दा १ हजार ४ सय ३९ र पुनरावलोकनको निवेदनतर्फ लक्ष्यभन्दा ३ सय ८ थान कम फर्स्यौट भएको देखिन्छ। यसरी हेर्दा, सर्वोच्च अदालतले प्रतिदिन २३.४ थान मुद्दा फर्स्यौट गरेको देखिन्छ।

स्रोत: सर्वोच्च अदालतको वार्षिक कार्यान्वयन योजना (आव २०६९/७०)

---

१८. मन्त्रिपरिषद्को निर्णयानुसार 'जनसत्ता' ले दिएको पुर्जी वा जारी गरेको लिखत धनीले ३५ दिनभित्र जिल्ला मालपोत कार्यालयमा पेश गरे, त्यसको स्वामित्व प्रचलित कानुन अनुसार पेश गर्नेका नाममा सर्ने थियो। प्रचलित कानुन अनुसार कुनै पनि जग्गामा स्वामित्व कायम हुन भोगचलन होइन, त्यो मालपोत कार्यालयमा दर्ता हुन जरुरी छ। मालपोतमा जसको नाममा दर्ता हुन्छ त्यो जग्गा उसैको हुन्छ। मालपोतमा दर्ता नभएसम्म पैसै तिरेर किनेको भए पनि न्यसले मान्यता पाउँदैन। मालपोत ऐन २०३४ को दफा ८ मा 'लिखतको रजिष्ट्रेसन नामसारी, दाखिल खारेज र लगत कट्टा गर्ने काम मालपोत कार्यालयले गर्ने' उल्लेख छ।

१९. 'जनसत्ता'लाई मान्यता दिने काम रोक : सर्वोच्च, *http://www.ekantipur.com/kantipur/news/news-detail.php?news_id=261821* ०६९ मंसिर १४ गते हेरिएको

५.४ भ्रष्टाचार विरुद्ध तथा सुशासनका पक्षमा केही फैसला

यस वर्ष सर्वोच्च अदालतले भ्रष्टाचारका सम्बन्धमा जनताको आशा जगाइदिएको भन्दा फरक नपर्ने देखियो। अख्तियार दुरूपयोग अनुसन्धान आयोगले विशेष अदालतमा दायर गरेका मुद्दा कमजोर तर्कका साथ खारेज गरिएकामा यस वर्ष ती खारेजीका मुद्दालाई व्युँताई अभियुक्त तत्कालीन मन्त्री तथा उच्च प्रशासनिक कर्मचारीलाई सर्वोच्चले दोषी ठहर गऱ्यो। यस्ता मुद्दा प्रधानन्यायाधीश, सुशीला कार्की, ज्ञानेन्द्रबहादुर कार्की, वैद्यनाथ उपाध्याय र तर्कराज भट्टको फौजदारी प्यानलले हेर्न थाल्यो। आइतबार र सोमबार मुख्य रूपमा भ्रष्टाचारसम्बन्धी मुद्दा हेरिने र अन्य दिनमा यस प्रकृतिका मुद्दा नै प्राथमिकतामा परेको अदातल स्रोतले जनाएको थियो।

जयप्रकाश प्रकाश गुप्ता, गोविन्दराज जोशी, खुमबहादुर खड्का जस्ता पूर्वमन्त्री तथा अन्य उच्चपदस्थ अधिकारी[३०]का मुद्दामा तिनलाई भ्रष्टाचारी ठहर गरेपछि जेल सजाय भयो। पूर्व गृहसचिव पदम पोखरेलको मुद्दामा विशेष अदालतको फैसला उल्टाउँदै विशेष अदालतमै छानबिनका लागि पठायो। कसुर प्रमाण हेरेर गर्नुपर्नेमा हदम्यादको प्रश्न उठाई मुद्दाको तथ्यभित्रै नपस्ने निर्णय नमिलेको सर्वोच्चले बतायो।[३१] सर्वोच्च अदालतले गुप्ताविरुद्धको फैसला गरी पदेन मन्त्रीविरुद्धको पहिलो फैसला मात्र गरेन, विशेष अदालतका पूर्व न्यायाधीशका कार्य सम्पादनमा प्रश्न उठाई छानबिनका लागि न्यायपरिषद्लाई सिफारिस गऱ्यो।[३२]

यसैगरी, विशेष अदालतले सुडान घोटाला काण्डमा अख्तियारको अनुसन्धानमा नै कमी कमजोरी रहेको जनायो। अदालतले गृह मन्त्रालय तथा बङ्गलादेशी नागरिक तथा नेपाली राजनीतिज्ञसँग पारिवारिक सम्बन्ध भएका रुबेन चौधरीको यस घोटालामा रहेको भनिएको संलग्नताका विषयमा छानबिन नगरी साना दर्जाका प्रहरीको मात्र छानबिन गरेको भन्दै अख्तियार दुरुपयोग अनुसन्धान आयोगको पनि कमजोरी देखायो। यसरी, राज्यको महत्वपूर्ण संवैधानिक निकाय अख्तियार दुरूपयोग अनुसन्धान आयोगको कमजोरी देखाएर अदालतले यसलाई तहसम्म सुधार गर्न परोक्षरूपले निर्देश गरेको छ। कानुनबमोजिम नै उनीहरूविरुद्ध फैसला गरे पनि जनताले यिनलाई असामान्य उपलब्धि ठान्नुले नेपालमा भ्रष्टाचारी र शक्तिशालीले दण्डोन्मुक्ति पाउँछ भन्ने कुरा जनमानसमा गढिसकेको निराशजनक अवस्था पनि प्रकाशमा आयो।

नेताहरूविरुद्धको फैसलाका विरुद्ध उनीहरूका कार्यकर्ताबाट न्यायालयमाथि वैरभाव देखाउँदै विभिन्न आक्षेप लगाउने खेदजनक कार्य भए।[३३] खुमबहादुर खड्कालाई कारावास सजाय सुनाउने दुई न्यायाधीश कल्याण श्रेष्ठ तथा वैद्यनाथ उपाध्यायका लागि विशेष सुरक्षाको व्यवस्था गर्नुपर्ने अवस्था पनि आयो।[३४] खड्कालाई अदालतले भ्रष्टचारी ठहर गरिसकेपछि नेपाली काङ्ग्रेसका विभिन्न तहका नेताले अदालतसम्बद्ध व्यक्तिको इमान्दारीमा औंला उठाए। स्वयम् प्रधानन्यायाधीशले स्वीकार गरेको न्यायालयभित्रको आर्थिक अनियमिततालाई हटाउनभन्दा पनि भ्रष्टाचारी ठहर भएका आफ्ना नेतालाई चोख्याउन आएको यस्तो माग भने सार्थक हुन सकेन। अघिल्ला वर्षमा पनि आफ्ना पक्षमा फैसला नआएपछि अदालतको मानहानि हुने प्रकारका अभिव्यक्ति प्रमुख दलकै नेताहरूबाट पनि नआएका होइनन्। यसले पनि अदालतका न्यायाधीश माथि कानुनबमोजिम निर्णय लिन

---

३०. नेपाल कानुन पत्रिका २०६९, भदौ नि. नं. ८८३२ नेपाल सरकार विरुद्ध खुमबहादुर खड्का समेत

३१. पूर्वसचिव पोखरेलको मुद्दा सर्वोच्चले उल्ट्यायो *http://www.ekantipur.com/nep/2069/1/4/full-story/346105.html*

३२. प्रतिवादी जयप्रकाश प्रसाद गुप्तालाई अभियोग मागदावीबाट सफाई दिँदा निजको आय र व्ययको लगत निकाली केही रकमसम्म आयस्रोतले नपुग हुने देखाइएको पाइन्छ। कुल आयव्ययबाट ५ प्रतिशतभन्दा कम रहेको भन्ने देखाई निजको आर्थिक हैसियत सामान्य रहेको पाइन्छ भन्ने आधारमा सफाई पाएको देखिन्छ। यसरी निज प्रतिवादीको सार्वजनिक पदमा प्रवेशपछिका प्रत्येक सम्पत्ति र खर्चका सम्बन्धमा तत्तत् अवस्थाका आय र व्ययलाई सूक्ष्म किसिमले विश्लेषण गरेर फैसला गरेको देखिदैन। *http://www.supremecourt.gov.np/publication/materials/113206.pdf* ०६९ पुस ५ गते हेरिएको

३३. खुमबहादुर खड्का भ्रष्टचारी ठहर, डेढ वर्ष कैद र जरिवाना, कार्यकर्ता तोडफोडमा उत्रिए *http://nagariknews.com/politics/party-politics/44740-2012-08-14-09-31-34.html* ०६९ मङ्सिर २० गते हेरिएको

३४. *http://onlinekhabar.com/2012/09/199730.html* ०६९ पुस ३ गते हेरिएको

पनि एकप्रकारको दबाबको सिर्जना हुने दु:खद परम्परा यस वर्ष पनि कायम रह्यो।

६. पत्रकारिता र पत्रकारको हकहितका सम्बन्धमा केही फैसला

राज्यको अनौपचारिक अङ्गको रूपमा लिइने प्रेसका लागि नेपालको न्यायपालिकाले सहयोगी भूमिका निर्वाह गरेको देखिन्छ। एक अर्काको स्वतन्त्रताको रक्षाका लागि प्रेस र न्यायपालिकाले उल्लेखनीय कदम चाल्न सक्छन्। सन् २०१२ मा प्रेसको न्यायालयप्रतिको सद्भाव देखियो भने न्यायालयले पनि पत्रकार र प्रेसका सम्बन्धमा उत्साहजनक आदेश जारी गऱ्यो।

६.१ सूचनाको हकसम्बन्धी सरकारी कदममा रोक

यस वर्ष सर्वोच्च अदालतले पत्रकारहरूका हितमा केही फैसला गरेको छ। नेपाल सरकारले सूचनाको हकसम्बन्धी ऐनले गोप्य रहनुपर्ने भनी वर्गीकरण गरेका पाँच प्रकारका सूचना[३५]लाई बढाएर १ सय ४० पुऱ्याएपछि दायर रिट निवेदनमा फैसला गर्दै निषेधाज्ञा जारी गऱ्यो। अदालतले सम्बन्धित ऐनले तोकेका शीर्षक मात्रै नै गोप्य राख्न यथेष्ठ भएको भन्दै सरकारी निर्णयलाई खारेज गऱ्यो भने यसप्रकार सूचनाको हकमा बाधा पुऱ्याउनु संवैधानिक हकको विपरीत पनि हुने पनि बतायो। यसअघि अदालतले सूचनाको वर्गीकरण तत्काल कार्यान्वयन नगर्नू भनी अन्तरिम आदेश जारी गरेको थियो।[३६]

६.२ पत्रकारको आर्थिक शोषणमा रोक

यसैगरी, श्रमजीवी पत्रकारहरूलाई न्यूनतम पारिश्रमिक दिइनुपर्ने माग गर्दै परेको रिटमा फैसला गर्दै सर्वोच्च अदालतले अन्तरिम आदेश जारी गऱ्यो। फैसलामा न्यूनतम पारिश्रमिक निर्धारण समितिले सिफारिस गरेबमोजिम नै कायम गरिनुपर्ने अदालतको फैसला छ। सरकारद्वारा गठित न्यूनतम पारिश्रमिक निर्धारण समितिको अध्ययन प्रतिवेदनअनुसार सरकारी सञ्चारमाध्यमहरूमा ४६ प्रतिशत श्रमजीवी पत्रकार, कर्मचारी र कामदारले मात्र न्यूनतम पारिश्रमिक पाएका छन्।

६.३ पत्रकारको श्रम शोषणविरुद्ध फैसला

काठमाडौंको श्रम अदालतले राजधानी दैनिकबाट निकाला गरिएका पत्रकार रामप्रसाद दाहालको पक्षमा फैसला गर्दै प्रकाशन संस्थाका प्रमुख महेन्द्र शेरचनलाई अदालतको फैसला कार्यान्वयन नगरेकामा जेल सजाय तथा जरिवाना पनि गऱ्यो।[३६] दाहाललाई तत्कालीन सत्ताको समर्थनमा कलम नचलाएका कारण ०६१ फागुन १९ गते निकाला गरिएको थियो।

राज्यको चौथो अङ्ग मानिएको सञ्चार क्षेत्रका लागि अदालतले सकारात्मक दृष्टिकोण राखे पनि यसमा सम्बद्ध व्यक्तिहरूको पनि केही जिम्मेवारी हुने र पत्रकारहरूले पनि केही व्यवसायिक मर्यादा राख्न पर्नेतर्फ पनि स्मरण गरायो। पत्रकार आचारसंहिता विपरीत क्रियाकलाप गर्ने मार्गदर्शन मासिकका दीपक पाठकविरुद्ध प्रेस काउन्सिल नेपालले गरेको कारवाही कानुनबमोजिम भएको ठहर सर्वोच्च अदालतले गऱ्यो। आफ्नो पत्रिकालाई वर्गीकरणबाट हटाउने कारबाहीपछि सञ्चारग्रामस्थित काउन्सिलको कार्यालयमा तोडफोड गरेको अभियोगमा उनलाई प्रहरीले ०६८ भदौ २४ गते गिरफ्तार गरेको थियो।

---

३५. सूचनाको हकसम्बन्धी ऐन २०६४ को दफा १ मा प्रत्येक नेपाली नागरिकलाई यस ऐनको अधीनमा रही सूचनाको हक हुनेछ भनिएको छ। दफा २ मा प्रत्येक नेपाली नागरिकलाई सार्वजनिक निकायमा रहेको सूचनामा पहुँच हुने भए पनि दफा ३ (१) र (२) अनुसार सार्वजनिक निकायमा रहेको देहायको विषय सम्बन्धी सूचनामा रोक लगाइएको छ। (क) नेपालको सार्वभौमसत्ता, अखण्डता, राष्ट्रिय सुरक्षा, सार्वजनिक शान्ति सुव्यवस्था वा अन्तर्राष्ट्रिय सम्बन्धमा गम्भीर खलल पार्ने, (ख) अपराधको अनुसन्धान, तहकिकात तथा अभियोजनमा प्रत्यक्ष असर पार्ने, (ग) आर्थिक, व्यापारिक तथा मौद्रिक हित वा बौद्धिक सम्पत्तिको संरक्षण वा बैङ्किग वा व्यापारिक गोपनीयतामा गम्भीर आघात पार्ने, (घ) विभिन्न जातजाति वा सम्प्रदायबीचको सुसम्बन्धमा प्रत्यक्ष रूपमा खलल पार्ने, (ङ) व्यक्तिगत गोपनीयता र व्यक्तिको जीउ, ज्यान, सम्पत्ति, स्वास्थ्य, वा सुरक्षामा खतरा पुऱ्याउने

३६. अग्नि सापकोटासमेतको मुद्दा तामेलीमा राख्ने सरकारी निर्णय बदर गर्न माग गर्दै रिट दायर *http://www.ekantipur.com/nep/2069/8/8/full-story/357860.html* ०६९ पुस १५ गते हेरिएको

३६. Nepal Labour Court Verdict Favours Sacked Journalist *http://asiapacific.ifj.org/en/articles/nepal-labour-court-verdict-favours-sacked-journalist* ०६९ मङ्सिर १५ गते हेरिएको

यसविरुद्धको रिटमा फैसला गर्दै अदालतले कुनै पत्रकारले व्यावसायिक आचारसंहिता उल्लघङ्न गरेको भनी उजुर परेमा नेपाल सरकारबाट पाइने सहुलियत र सुविधा आंशिक वा पूरै रूपमा रोक लगाउन सक्ने कानुनी व्यवस्था रहेको भन्दै माग अनुसारको उत्प्रेषणयुक्त परमादेश जारी गरेन।

७. अदालतको बकपत्र मात्र मुद्दा निर्णयको आधार हुन नसक्ने

जबरजस्ती करणीको एक मुद्दामा सर्वोच्चले अदालतमा गरिने बकपत्र मात्र अभियोग साबित गराउने आधार बन्न नसक्ने फैसला गऱ्यो।[१८] मोरङ जिल्लामा भएको एक बालिकामाथि जजक मुद्दामा सर्वोच्चको फैसलामा अपराधीले सदैव पीडितको घरायसी आर्थिक अवस्थाको फाइदा उठाई प्रभावमा पार्न सक्ने र पीडितको सामाजिक अवस्था कमजोर भएको फाइदा लिन सो अवस्था मूल्याङ्कन गरी त्यसको मूल्य तिर्न उत्सुक रहिरहने हुँदा जाहेरी ढिला परेको रहेछ भन्दैमा भैरहेको अपराधलाई खण्डित गर्न खोज्ने प्रतिवादीका गलत मार्गहरूलाई अदालतले केलाउने प्रयास गर्नुपर्ने निर्णय दियो। घटनाको किटानी जाहेरी, पीडितले मौकामा गरेको कागज तथा वस्तुस्थिति मुचुल्काका व्यक्तिहरूले गरेको कागज तथा चिकित्सकीय प्रतिवेदनलाई नै आधार बनाई फैसला हुनुपर्ने व्याख्या भयो।

जबरजस्ती करणीको वारदातको पहिलो कडी भनेको स्वयम् पीडित भएको र पीडितलाई प्रत्यक्ष र जीवित प्रमाण मान्नुपर्ने निर्देशन फैसलामा दिइएको छ। अदालतको इन्कारी बयान, जाहेरवाला र पीडितको अदालतमा आएर बदलेको बकपत्रलाई मात्र आधार लिएर अभियोग दावीबाट सफाइ दिँदै जाने हो भने समाजमा अपराधले प्रश्रय पाउने र दण्डहीनताको स्थिति सिर्जना हुन जाने व्याख्याले डरत्रासका भरमा अदालतमा बयान बदल्न लगाउने प्रयासलाई निराकरण गर्न बल मिल्ने देखिन्छ तर, प्रहरी हिरासतमा बयान लिने क्रममा व्यापक रूपमा हुने भनिएको यातना[१९] भए नभएको प्रति अदालतको ध्यान जानु पनि उत्तिकै जरुरी छ।

८. मानवअधिकार आयोगका केही प्रावधान बदर गर्न माग

मानवअधिकार ऐन, २०६८ लागू भए पनि यसका केही प्रावधान संविधान र पेरिस सिद्धान्त तथा अन्तर्राष्ट्रिय कानुन तथा मान्यतासँग बाझिएको भन्दै यिनलाई बदर गर्न माग गर्दै सर्वोच्च अदालतमा रिट निवेदन पऱ्यो। ऐनको दफामा मानवअधिकार उल्लङ्घन वा त्यसको दुरुत्साहन भएकोमा सो भए गरेको भए, कुनै व्यक्ति कसैको नियन्त्रणमा रहेकोमा सो नियन्त्रणमा रहेकोमा सो नियन्त्रणबाट छुटेको वा त्यस्तो व्यक्ति सार्वजनिक भएको मितिले छ महिनाभित्र उजुरी गरिसक्नुपर्नेछ भनी गरिएको व्यवस्था नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अभिसन्धि १९६६ को धारा २ सँग बाझिएको दावी गर्दै बदर गर्न माग गरिएको थियो। मानवअधिकार ऐन २०५८ मा यसप्रकारको हदम्यादको व्यवस्था थिएन। यस वर्षको अन्त्यसम्म आदेश भएको छैन।

९. सुशासनका सम्बन्धमा भएको फैसला

निजामती कर्मचारी सङ्गठनका जिल्ला सदस्य भएकाले अन्य जिल्लामा सरुवा हुनु ऐनविपरीत भएको दावी गर्दै परेको रिट निवेदनमा फैसला गर्दै सर्वोच्च अदालतले सरकारले आवश्यकता अनुसार जहाँ पनि सरुवा गर्न पाउने भनी आदेश जारी गऱ्यो। नापी कार्यालय सिरहाका अमिन चिसेन्द्र यादवले उनको सरुवा कपिलवस्तुमा गरिएपछि यो निर्णय निजामती सेवा ऐन र ट्रेड युनियनविपरीत रहेको दावी गर्दै सरुवा निर्णय बदर गर्नाका लागि रिट निवेदन गरेका थिए। निजामती प्रशासनका आधिकारिक र राष्ट्रियस्तरका ट्रेड युनियनका केन्द्रीयदेखि जिल्ला र एकाइ समितिका जुनसुकै पदाधिकारी तथा सदस्य कर्मचारीहरूलाई सरकारले आवश्यकता अनुसार सरुवा गर्न पाउने आदेश भएको थियो। यस निर्णयसँगै ट्रेड युनियन ऐन देखाएर एकै जिल्ला या कार्यालयमा बसिरहने

---

१८. नेकाप २०६९, मङ्सिर, नि नं. ८८७८, नेपाल सरकार विरुद्ध चन्द्रप्रसाद तिवारी भन्ने चन्द्रबहादुर तिवारी

१९. टर्चर ब्रिफिङ, प्रिभेन्सन अफ टर्चर इन नेपाल *http://www.advocacyforum.org/downloads/pdf/publications/torture/torture-briefing-january-to-june-2012.pdf* ०६९ पुस १८ गते हेरिएको

परिपाटी[30]को अन्त्य हुने आशा गर्न सकिन्छ। सुगम या आफ्नो स्वार्थअनुकूल हुने कार्यालयमा वर्षौंसम्म यस किसिमका दावी राख्दै कर्मचारीले जबरजस्ती गर्दा पहुँच नहुने कर्मचारी दुर्गम जिल्लामा रहिरहने, दुर्गम जिल्लमा सरुवा भए पनि काज मिलाउने खालका प्रवृत्तिमा केही कमी आई राष्ट्रसेवकको मनोबल बढ्ने तथा दुर्गम जिल्लाका जनताले पनि केही त्राण पाउने आशा गर्न सकिन्छ।

१०. महिला हकअधिकारका सम्बन्धमा

नेपालमा महिलाविरुद्धका विभेद निराकरणका लागि अदालतले समयसमयमा समय सुहाउँदो व्याख्या गरी सरकारलाई विभिन्न निर्देशन दिने गरेको छ। गत वर्ष आमाको नाममा सन्तानले नागरिकता पाउनसक्ने आदेश यस्तै महिलाको समर्थनमा भएको आदेश थियो। पक्ष राष्ट्रमा महिला विरुद्ध हुने विभेद विरुद्धको महासन्धिको अनुगमन गर्ने कमिटीले पनि नेपालको चौथो र पाँचौ संयुक्त प्रतिवेदनमा प्रतिक्रिया दिदै नेपालमा प्रचलित दाइजो, बालविवाह, बहुविवाह, बोक्सी, झुमा, देउकी तथा धान खानेजस्ता जस्ता हानिकारक परम्पराका सम्बन्धमा चिन्ता व्यक्त गर्दै यस्ता परम्परा निराकरणका लागि तुरुन्त कानुन तर्जुमा गर्न, भएका कानुनको पूर्ण कार्यान्वयन गर्न र यसको प्रभावकारी कार्यावन्यनका लागि अनुगमन गर्न सरकारलाई सिफारिस गरेको छ।[31] कुमारीको अधिकार, छाउपढी परम्पराको निराकरण गर्न कदम चाल्ने आदेश आदि पनि उल्लेख्य रहेका छन्। यस वर्ष पनि अदालतका केही फैसलाले सकारात्मक सुझाव ल्यायो भने कतिपय अवस्थामा कानुनको प्रभावकारिताको मापन हुने अवसर पनि आयो।

वैतनिक कानुनव्यवसायीद्वारा प्रदत्त कानुनी सहायता/प्रतिनिधित्व

नेपालको अन्तरिम संविधान, २०६३ को धारा २४ (१०) मा मौलिक हकको रूपमा पहिलो पटक असमर्थ पक्षलाई कानुनमा व्यवस्था भएबमोजिमको नि:शुल्क कानुनी सेवा पाउने हकको प्रत्याभूति गरिएको छ। अदालतको न्याय सम्पादनको लागि दायर हुने धेरै जसो मुद्दाहरूमा पक्षले आफ्नो तर्फबाट कानुन व्यवसायी राख्ने गरेका छन्। कानुनी राज्यको सिद्धान्तअनुरूप सबैलाई समान रूपमा न्याय उपलब्ध गराउन आवश्यक भएकोले पक्ष स्वयंले कानुन व्यवसायी तोकी कानुनी प्रतिनिधित्व गराउन नसकेको अवस्था र आर्थिक सामाजिक कारणबाट आफ्नो कानुनी हकहितको संरक्षण गर्न नसक्ने असमर्थ, असहाय पक्षको तर्फबाट कानुनी प्रतिनिधित्व गराउने तथा आवश्यक कानुनी सहायता उपलब्ध गराउने उद्देश्यले २०१५ सालमा नै सर्वोच्च अदालत, पूर्ण इजलासको निर्णयबाट वैतनिक कानुन व्यवसायीको व्यवस्था भएको छ। हाल सर्वोच्च अदालतमा दुई जना र अन्य सबै पुनरावेदन तथा जिल्ला अदालतहरूमा एक/एक जना वैतनिक कानुनव्यवसायी नियुक्त गरिएको छ। आर्थिक वर्ष ०६८/६९ मा सर्वोच्च अदालतमा ३ सय २२, पुनरावेदन अदालतहरूमा ३ सय ३०, जिल्ला अदालतहरूमा १ हजार ६ सय ४२ गरी २ हजार २ सय ९४ मुद्दाहरूमा वैतनिक कानुनव्यवसायीबाट नि:शुल्क कानुनी सेवा उपलब्ध गराइएको छ।

त्यस्तै, कानुनी सहायता ऐन, २०५४ बमोजिम तोकिएको वार्षिक आयभन्दा कम आय भएका आर्थिक र सामाजिक कारणबाट आफ्नो कानुनी हक हितको संरक्षण गर्न नसक्ने असमर्थ व्यक्तिको लागि सम्बन्धित कानुनी सहायता समितिको सिफारिशको नि:शुल्क कानुनी सहायता प्रदान गर्न सकिने व्यवस्था छ। उक्त प्रयोजनको लागि कानुन तथा न्याय मन्त्रीको अध्यक्षतामा केन्द्रिय कानुनी सहायता समिति तथा सह न्यायाधिवक्ता/जिल्ला न्यायाधिवक्ताको अध्यक्षतामा जिल्ला कानुनी सहायता समिति गठन गरिएको छ।

स्रोत: सर्वोच्च अदालतको प्रतिवेदन २०६८/२०६९. पृ ६०

---

30. युनियनका पदाधिकारीलाई सरुवा गर्न मिल्छ : सर्वोच्च *http://ekantipur.com/nep/2069/6/11/full-story/355238.html#comments* ०६९ पुस २० गते हेरिएको
31. CEDAW Committee's Concluding comment, CEDAW/C/NPL/CO/4-5, *http://sim.law.uu.nl/SIM/CaseLaw/uncom.nsf/fe005fcb50d8277cc12569d5003e4aaa/42301880f9a9cc4dc12578e600457980?OpenDocument* ०६९ पुस २० गते हेरिएको

१०.१ दाइजोले हुने हिंसा रोक्न निर्देशनात्मक आदेश

यसमा दाइजोसम्बन्धी अपराधलाई गम्भीर प्रकृतिको अपराधको श्रेणीमा राखी पर्याप्त सजायको उपयुक्त कानुन निर्माण गर्न माग गर्दै दायर रिटमा सर्वोच्च अदालतले कानुनको प्रभावकारिता र समसामयिक सुधारको बारेमा सबै क्षेत्रका व्यक्तिहरू संलग्न गराई व्यापक रूपमा अध्ययन गरी त्यसको आधारमा कानुनमा सुधार गर्ने, उपयुक्त रणनीति र कार्यक्रम बनाई लागू गर्ने, कार्यक्रमको प्रभावकारी कार्यान्वयन र अनुगमनको लागि दक्ष जनशक्ति र पर्याप्त बजेटसहितको छुट्टै संरचनाको व्यवस्था गर्ने, दाइजो प्रथाबाट हुने हिँसालाई नियन्त्रण गर्न सो विरूद्धको अभियानलाई प्रभावकारी रूपमा सञ्चालन गर्ने र सोको लागि राष्ट्रिय तथा स्थानीय सञ्चार माध्यमलाई प्रयोग गर्नेलगायतका कार्यहरू अविलम्ब गर्नु भनी विपक्षी नेपाल सरकार समेतका नाउँमा निर्देशनात्मक आदेश जारी गऱ्यो।[३१]

सामाजिक व्यवहार (सुधार) ऐन, २०३३ को ५ ले दाइजो नियन्त्रणको व्यवस्था गरेपनि दफा ५(२) मा आफ्नो कूल परम्पराअनुसार राजीखुसीले बढीमा १० हजार रूपियाँसम्म दाइजो दिन हुन्छ भन्ने गरेको व्यवस्थाले दाइजोलाई मान्यता दिएको देखिएको यो संविधान विपरीत तथा राष्ट्र सङ्घीय महिला विरुद्ध हुने विभेदविरुद्धको महासन्धि विपरीत रहेको दावी गर्दै विभिन्न आदेश जारी गर्न माग गरिएको थियो।

राज्यको तर्फबाट कम्तिमा पनि ऐनको प्रभावकारी कार्यान्वयन र यस प्रकृतिको सामाजिक समस्यालाई प्रभावकारी रूपमा सम्बोधन गर्नको लागि कानुन कार्यान्वयन र सामाजिक क्षेत्रका सम्बन्धित विज्ञहरू समेत संलग्न गराई व्यापक रूपमा अध्ययन गर्ने गराउने लगायतका माग रहेका थिए।

सर्वोच्च अदालतको सामाजिक व्यवहार (सुधार) ऐन, २०३३ सामाजिक व्यवहारमा सुधार गर्नकै लागि ल्याइएको, ऐनको दफा ५ को मनसाय दाइजोलाई सामाजिक मान्यता दिने भन्दा यसलाई नियन्त्रण गर्ने कदमको रूपमा बुझ्नुपर्ने बताउँदै रिटको माग अस्वीकृत गऱ्यो। राजीखुसीले १० हजार रुपियाँसम्म दाइजो दिन हुने भनिए पनि कार्यान्वयनमा नआएको अवस्थामा दाइजोलाई पूर्ण बन्देज नगर्नुले कानुनत: पनि यो प्रथा स्वीकार्य बनाउनु महिलाविरुद्ध हुने विभेदको महासन्धिको धारा २(च) को विपरित छ।

१०.२ वैवाहिक बलात्कार सम्बन्धमा

मकवानपुरमा एक महिलाले आफू बिरामी भएका बेला पतिले मादकपदार्थ सेवन गरी जबरजस्ती यौन सम्बन्ध राखेको भन्दै प्रहरीमा उजुरी गरेपछि उनका पति रामबहादुरलाई गिरफ्तार गरी अदालतमा मुद्दा चलाइयो। रामबहादुरलाई ४ हजार रुपियाँ धरौटी राखी तारेखमा रिहा गर्ने अदालतको निर्णय रह्यो तर धरौटी राख्न नसकेपछि उनलाई थुनामा राखियो।

नेपालको कानुनी व्यवस्थामा महिलाको स्वीकृतीबेगर हुने करणीलाई जबरजस्ती करणीको रूपमा परिभाषित गरिएको छ, जसमा वैवाहिक बलात्कार पनि पर्दछ। महिलालाई समान्यतया घरेलु काम गर्ने, यौनेच्छा पूर्ति गर्ने र सन्तान उत्पादन गर्ने मेसिन तथा कानुनी हैसियत नाबालिगकै जस्तो परनिर्भर हुने समाजमा वैवाहिक बलात्कारलाई अपराध ठहर गर्नु उत्साहजनक कुरा हो। तर, कानुनले सजायभागी बनाए पनि जबरजस्तीकरणीका अन्य पीडित जसरी व्यवहार नगरेर नाम मात्रको सजाय राखिएका[३२]ले अभियुक्तलाई उम्कन सजिलो हुने गरेको छ भने पछि आएर पनि महिला घरेलु हिंसाको शिकार हुने सम्भावना उत्तिकै छ। यसले गर्दा अदालतले चाहेर पनि कानुनको कमी कमजोरीका कारण खासै उपलब्धि हुन सक्ने देखिन्छ। यस्तो अवस्थामा समयसापेक्षता तथा अपराधको गम्भीरता हेरेर अदालत आफैंले उदाहरणीय सक्रियता अपनाउन आवश्यक देखिन्छ।

११. द्वैध योग्यता निर्धारण गर्न नमिल्ने

समावेशिताको सम्बन्धमा अदालतमा विभिन्न प्रकारका मुद्दा पर्दै आएका छन्। यसै क्रममा अदालतले एक मुद्दामा फैसला गर्दै सम्बन्धित पदमा रही कार्यसम्पादन गर्न आवश्यक पर्ने योग्यता, दक्षता, निस्पक्षता, इमानदारिता, निर्भीकता र विशेषज्ञता जस्ता

---

३१. नेकाप २०६९, पुस , नि नं. ८८८३, अधिवक्ता ज्योति लम्साल पौडेल समेत विरुद्ध प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत

३२. मुलुकी ऐन, १४ महलको ३ नम्बर: यस नम्बरमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि लोग्नेले स्वास्नीलाई जबर्जस्ती करणी गरेमा तीन महिनादेखि छ महिनासम्म सजायँ हुनेछ।

गुणहरू नभएको व्यक्तिलाई समावेशिताका नाममा कुनै पदमा नियुक्त गर्नका लागि द्वैध योग्यता निर्धारण गर्न नमिल्ने फैसला गऱ्यो। समावेशिताका नाउँमा योग्यता र क्षमता नै नभएको व्यक्तिलाई नियुक्ति गर्नुपर्ने भन्ने संविधानको आशय र मर्म नभएकाले संवैधानिक निकायका पदाधिकारी चयनको आधार एक वर्गका नागरिकलाई एउटा र अर्को वर्गका नागरिकलाई छुट्टै रूपमा निर्धारण गर्न नमिल्ने[३४] भनी आदेश गऱ्यो।

नेपाली सेनामा मधेसी समुदायको समावेशीकरण नभएको भन्दै परेको मुद्दामा सर्वोच्च अदालतले भर्ना रोक्न अन्तरिम आदेश जारी गऱ्यो। नेपाली सेनाले उपसेनानी दर्जाको लागि लिएको परीक्षामा मधेस समुदायको कोही पनि उत्तीर्ण नभएकाले भर्ना प्रक्रिया रद्द गर्न माग गर्दै परेको रिटमा उक्त आदेश जारी भएको थियो। सेनाले मधेसका लागि छुट्याएको १५ सिटमा कोही पनि उत्तीर्ण हुन नसकेको भन्दै खुला पदपूर्ति गरेको थियो। लिखितमा आवश्यक उत्तीर्णाङ्क ४० प्रतिशत पनि नल्याएकाले मधेसी उम्मेदवारहरू छानिन नसकेको सेनाले जनायो। निवेदक पक्षले पद सङ्ख्या छुट्याइसकिएकाले जसरी पनि मधेसीले पद पाउनुपर्ने जिकिर गरेका थिए। रिट निवेदनमा फैसला गर्दै १५ सिटका लागि मधेसलाई मात्र परीक्षामा सामिल गर्ने गरी कोटा यथावत राख्दै भर्ना प्रक्रिया सुचारु गर्न आदेश भएपछि भने यसैअनुरूप प्रक्रिया अगाडि बढ्यो। लोकतन्त्रको प्राप्तिसँगै नेपाली सेनामा पनि लोकतान्त्रिकरण हुनुपर्ने आवाज उठेको हो। निश्चित वर्गको हालिमुहाली चल्ने, निश्चित वर्गको हितमा मात्रै सेनाको प्रयोग हुने र संरचना पनि केही समूहबाहेक अन्यले प्रवेश पनि पाउन नसक्ने भन्दै नेपाली सेनाको आलोचना हुँदै आएको छ। यस अर्थमा देशको यो महत्वपूर्ण संस्थामा राज्यको जनसङ्ख्याको छवि देखिनु उत्तम नै हुन्छ। पूर्व माओवादी लडाकुका लागि सेना तथा राजनीतिक दलले स्वीकार गरेर केही सर्त लचिलो बनाउनु शान्तिप्रक्रियाका लागि राम्रो निर्णय हो। यसलाई नजिरका रूपमा भने नलिई दीर्घकालीन समावेशिताका लागि अदालतको आदेशमा भनिएजस्तो सकारात्मक आरक्षण नै उपयुक्त उपाय हो।

अदालतमा रिट निवेदनको स्थिति

न्याय प्रशासनसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्न बनेको ऐन, २०६७ ले बन्दीप्रत्यक्षीकरणको रिट र निषेधाज्ञाको निवेदन सहित क्षेत्राधिकारमा विस्तार भएका अनुरूप यस आर्थिक वर्षमा सबै जिल्ला अदालतहरूमा गरी जम्मा ८ सय ४३ रहेकोमा यीमध्ये ५ सय ८० फर्स्यौट भई आर्थिक वर्ष ०६९/७० का लागि २ सय ६३ थान रिट निवेदन जिम्मेवारी सरेको छ।

पुनरावेदन अदालतमा २०६८/०६९ मा जम्मा ४ हजार १ सय ५२ थान मुद्दामा३ हजार १ सय ५५ थान (७८.३१ प्रतिशत) फर्स्यौट भएको देखिन्छ ।

सर्वोच्च अदालतमा ३ हजार ८ सय ५९ थान रिट निवेदन रहेकोमा १ हजार ३ सय २३ थान (३४.२८ प्रतिशत) फर्स्यौट भएको छ ।

१२. एआईजी कुवेरसिंह रानाको बढुवा कायम

भट्टराई सरकारले कुवेरसिंह रानालाई प्रहरी महानिरीक्षकमा नियुक्त गरेपछि धनुषामा पाँच जना युवाको गिरफ्तारीपछि बेपत्ता बनाउने कार्यमा उनी जिम्मेवार रहेको आरोप लगाउँदै मानवअधिकारकर्मीले सर्वोच्चमा यस नियुक्तिविरुद्ध रिट निवेदन दायर गरे।[३५] यसमा फैसला गर्दै अदालतले रानाविरुद्धको रिट खारेज हुनु निराशापूर्ण भए पनि सरकारलाई बढुवा गर्ने समयमा तीन विषयमा ध्यान दिन निर्देशनात्मक आदेश दिई केही सकारात्मक फैसला दियो। यी आदेशमा आइन्दा सार्वजनिक पदमा नियुक्ति गर्दा मानवअधिकार उल्लङ्घन गरे/नगरेको छानबिन गर्ने कानुन बनाएर कार्यान्वयन गर्न सरकारलाई भनिएको छ। आदेशमा *भेटिङ प्रोसेस*लाई सहयोग गर्ने प्रकारले आवश्यक कानुन तथा मापदण्ड तोकेर कार्यान्वयन गर्न तथा बढुवाका लागि लोकसेवा आयोगको पनि परामर्श अनिवार्यरूपमा लिन भनिएको छ।

सरकारले द्वन्द्वकालमा मानवअधिकार उल्लङ्घनको आरोप लागेका विभिन्न व्यक्तिलाई महत्वपूर्ण पदमा नियुक्त गर्ने या तिनको बढुवा गर्ने क्रम जारी राखेको छ। लोकसेवा आयोगको परामर्श

३४. नेकाप २०६९ मंसिर, नि नं. ८८७२, अधिवक्ता जगदेव चौधरी समेत विरुद्ध संवैधानिक परिषद् काठमाडौं समेत

३५. रानालाई सफाइ, *http://ekantipur.com/nep/2069/4/29/full-story/352824.html* ०६९ पुस २५ मा हेरिएको

लिएमा केही महत्वपूर्ण पदका लागि हुने दौडधूप रोकिई सही व्यक्तिले पदधारण गर्ने आशा गर्न सकिन्छ।

भैरवनाथ गणका तोरण सिंह, राजु बस्नेतजस्ता सैनिक पदाधिकारी, धनुषाका तत्कालीन प्रहरी प्रमुख कुवेर सिंह राना तथा माओवादीका अग्नीप्रसाद सापकोटा र सूर्यमान दोडको नियुक्तिका कारण बढेको निराशा अदालतको निर्णय कार्यान्वयनमा आएमा भने केही कम हुने देखिन्छ। तर, संसद्को अनुपस्थितिमा, अध्यादेशका रूपमै भए पनि यस्तो कानुन बनाउन सरकारको प्राथमिकता रहन्छ भन्ने ठाउँ भने छैन।

१३. सीमान्तकृत समुदायका हकअधिकारका सम्बन्धमा

१३.१ अपाङ्ग व्यक्तिलाई आर्थिक सहयोगका लागि सरकारलाई निर्देशन

नेपालले अपाङ्गता भएका व्यक्तिहरूको अधिकारसम्बन्धी राष्ट्रसङ्घीय सन्धि अनुमोदन गरिसके पनि उनीहरूको अधिकारप्रति सम्मान देखाउँदै सरकारी तवरमा खासै केही नभइरहेको अवस्थामा सर्वोच्च अदालतले ०६९ साउन ३० गतेका दिन उनीहरूलाई भत्ताको व्यवस्था गर्न सरकारलाई निर्देशन जारी गऱ्यो।[३६]

अति अशक्तहरूका लागि आवश्यकतानुसार आवासीय अपाङ्ग घरको निर्माण गर्नु र तिनको उचित ढङ्गले सञ्चालन गर्नु एवम् बेरोजगारी वा गरी खान नसक्ने अपाङ्गलाई भत्ताको व्यवस्था गर्नु अत्यन्त आवश्यक छ। तर पर्याप्त अपाङ्ग घरको लागि भौतिक संरचना, तिनको सञ्चालन, प्रत्येक सरकारी एवं सार्वजनिक कार्यालय र सार्वजनिक यातायातको साधन र बाटोमा 'ह्वील चेयर' र सो समेत जान सक्ने छुट्टै मार्ग (Track) को व्यवस्था गर्नुपर्ने भनी रिट निवेदकले माग भने राज्यको आर्थिक अवस्थाका कारण पनि तुरुन्तै पूर्ति हुन नसक्ने अवस्थाको पनि अदालतले स्मरण गरेको छ।

३६. नेकाप २०६९ भदौ नि नं. ८८३३ सुदर्शन सुवेदी समेत वि.मन्त्रिपरिषद्को कार्यालय समेत

अपाङ्गता भएका व्यक्तिका सम्बन्धमा निर्देशनात्मक आदेश जारी गरिएका विषयहरू

१) अपाङ्ग संरक्षण तथा कल्याण ऐन, २०३९ को दफा ३ को प्रयोजनका लागि चिकित्साशास्त्रका सर्वमान्य सिद्धान्त र अन्तर्राष्ट्रिय मापदण्डसमेतको आधारमा शारीरिक, मानसिक र बौद्धिक अपाङ्गहरूको गणना गरी तिनीहरूको स्तरनिर्धारण एवं वर्गीकरण यथाशीघ्र गर्ने, गराउने,

२) अपाङ् घरको निर्माण एवं सञ्चालन गर्ने। यसकोलागि आगामी आर्थिक वर्षदेखि नै अपा को सङ्ख्याको आधारमा बढी अपाङ्ग भएको जिल्लावा क्षेत्रमा योजनाबद्ध ढंगले प्रत्येक वर्ष कम्तीमा एक अपाङ् घरको निर्माण र सञ्चालन गर्दै जानु पर्ने,

३) ऐन र नियमले अपाङ्गहरूको आवास, शिक्षा, स्वास्थ्य, तालीम, रोजगारी र अन्य सुविधाको नेपाल कानुन पत्रिका २०६९, भदौसम्बन्धमा गरेको व्यवस्थालाई प्रभावकारी ढङ्गले लागु गर्दै जाने,

४) अपाङ्ग कल्याण र सुरक्षासम्बन्धी सरकारी र गैरसरकारी स्तरबाट गरिने क्रियाकलाप र गतिविधिको प्रभावकारी अनुगमन गर्ने गराउने उद्देश्यले मन्त्रिपरिषद् सचिवालयमा र महिला बालबालिका तथा समाज कल्याण मन्त्रालयमा अधिकृतस्तरको एक–एक अनुगमन अधिकारीनियुक्त गर्ने र तिनीहरूको काम, कर्तव्य र अधिकार पनि परिमार्जित अपाङ्ग, संरक्षण तथा कल्याण ऐनमा निर्धारण गर्ने,

५) नेपालको अन्तरिम संविधान, २०६३ को धारा १३(३) को प्रतिबन्धात्मक खण्ड र संविधानको भाग ४ मा राज्यको दायित्व र राज्यका नीति उल्लेख गरिएअनुसार अपाङ्गहरूका लागि विशेष व्यवस्था र कार्यक्रमको तर्जुमा गरी लागु गर्दै जानु पर्ने,

६) अपाङ्ता अधिकार र अपाङ्ग कल्याणको क्षेत्रमा कार्यरत सरकारी र गैर सरकारी निकायहरूको कामकारवाहीमा आवश्यकता अनुसार समन्वय र सहयोगको व्यवस्था मिलाउने,

७) नेपालले अपाङ्गता सम्बन्धी महासन्धि, २००६ अनुमोदन गरिसकेको अवस्था समेतलाई विचारगरी यस क्षेत्रका विशेषज्ञ र सरोकारवालाहरूसमेतसँग आवश्यक परामर्श एवम सुझाव लिई अपाङ्ग संरक्षण तथा कल्याण ऐन, २०३९ र नियमावली, २०५१ मा समयानुकूल संशोधन र परिमार्जन गर्ने वा नयाँ एकीकृत ऐन र सोहीअनुरूपको एकीकृत नियमावली निर्माण गर्नुपर्ने।

फैसलाअनुसार अपाङ्गता भएका व्यक्तिहरूलाई महिनाको ५ सय देखि ३ हजारसम्म र ३ हजार रुपियाँदेखि ५ हजार रुपियाँसम्म मासिक भत्ता उपलब्ध गराउन, ऐन नियम नयाँ बनाउन या संशोधन गर्न, अपाङ्ग व्यक्तिहरूको गणना गर्न र अपाङ्गहरूका लागि आवासको व्यवस्था गर्न निर्देशन दियो। यस आदेशमा सरकारलाई अपाङ्गता भएका व्यक्तिहरूलाई मानसिक र शारीरिक अपाङ्गमा वर्गीकरण गर्न पनि निर्देशन दिएको छ।

यस फैसला कार्यान्वयनमा आएपछि उनीहरूको सामाजिक सुरक्षाका लागि राज्यले गरेको राम्रो कार्यमा यसलाई लिन सकिनेछ। सर्वोच्च अदालतले हालसम्म अपाङ्गता भएका व्यक्तिहरूको हकमा स्वास्थ्य, शिक्षा, रोजगारी तथा सामाजिक सुरक्षालगायतका विषयमा १३ निर्देशन जारी गरिसकेको छ। यसले प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय, अर्थ मन्त्रालय, श्रम तथा रोजगार मन्त्रालय, शिक्षा मन्त्रालय तथा स्थानीय मन्त्रालयका कामकारबाहीका क्रममा पनि अपाङ्गताको छलफल गर्दा महत्वपूर्ण रहनेछ।[३७] तर राज्यलाई क्रमिक रूपमा आवश्यकता पूर्ति गर्दै जाने बाटो छाडिँदिदा भने राज्यलाई बाध्यकारी दायित्व सिर्जना नहुने देखिन्छ।

१३.२ यौनिक अल्पसङ्ख्यकका सम्बन्धमा

एक विवाहित महिलाले समलिङ्गी प्रेमीसँग बस्नका लागि श्रीमानको सम्बन्धविच्छेद् गर्न कदम चाल्दा परिवार पक्षले उनको मानसिक स्वास्थ्य ठीक नभएको भनेपछि प्रहरी र केही महिला अधिकारकर्मीले माइती नेपालमा राखेका थिए। पारिवारिक दबाबमा माइती नेपाल र महिला आयोगले आफ्नी साथी रजनी शाहीलाई बन्दी बनाएको दाबीसहित काभ्रेकी प्रेमकुमारी नेपालीले दायर गरेको बन्दी प्रत्यक्षीकरणको रिटमा सर्वोच्चले दुई महिला सँगै बस्न पाउने फैसला गऱ्यो। अदालते उमेर पुगेका व्यक्तिले स्वतन्त्रतापूर्वक आफ्खुशी बस्न पाउने फैसला सुनाएको छ। मुलुकी ऐनमा समलिङ्गी सम्बन्धका विषयमा केही उल्लेख छैन। यस अवस्थामा अदालतले नेपालमा यौनिक अल्पसङ्ख्यकका सम्बन्धमा सहिष्णु रहेको या रहनुपर्ने जनाउँदै ००७ मा गरिएको समलिङ्गीलाई पनि अन्य नागरिक सरह अधिकार रहेको भनी भएको फैसलालाई[३८] नै नेपालमा कानुनी आधार मान्नु पर्ने हुन्छ।

१४. दण्डहीनताका विरुद्ध अदालतको फैसला

१४.१ अग्नि सापकोटालाई मुद्दा तामेलीविरुद्ध आदेश

एकीकृत माओवादीका प्रवक्ता तथा पूर्वमन्त्री अग्निप्रसाद सापकोटाको मुद्दा तामेलीमा राख्ने विरुद्ध सर्वोच्च अदालतले ०६९ मङ्सिर १० गते अन्तरिम आदेश जारी गऱ्यो।[३९] अदालतको आदेशको अवहेलना गर्दै सरकारी निर्णयहरूले दण्डहीनतालाई प्रश्रय दिएको अर्को नमूना अग्नि सापकोटा समेतको मुद्दा हो। मानवअधिकारकर्मीहरूले गत वर्ष नै उनीविरुद्ध किटानी जाहेरी भई मुद्दा अनुसन्धानको क्रममा रहेको भन्दै सञ्चारमन्त्रीको पदको नियुक्ति कानुनी नहुने भन्दै परेको रिट निवेदनमा सर्वोच्चले किटानी जाहेरी हुँदै अयोग्य नहुने तर पदमा बस्ने नबस्ने निर्णय सम्बन्धित व्यक्तिको नैतिकतामा पर्ने जनाएको थियो। साथै, प्रहरी प्रशासनलाई उनीविरुद्धको आरोपको अनुसन्धान तीव्र पार्न पनि भनिएको थियो। सो मुद्दा हालसम्म पनि सर्वोच्चमा विचाराधीन नै छ। तर, मन्त्रिपरिषदले उनीविरुद्धको काभ्रेका अर्जुन लामाको अपहरणपछि हत्याको आरोपमा परेको किटानी जाहेरी तामेलीमा राख्न निर्णय गरेपछि सरकारले न्यायापालिकाको आदेशको अवहेलना तथा प्रहरीको अनुसन्धानमा नै प्रभाव पार्ने गरी निर्णय गऱ्यो। सरकारले साउनमा मुद्दा तामेली गर्ने निर्णय गरेपछि यस विरुद्ध सर्वोच्च अदालतमा लामाकी श्रीमतीले रिट नै दायर गर्नुपऱ्यो।

१४.२ पूर्वमन्त्रीलाई हत्याको आरोपमा गिरफ्तार गर्न आदेश

संविधानसभाको चुनावताका बम विस्फोटबाट घाइते भएका २३ जनालाई जिउँदै जलाएको आरोप लागेका पूर्व मन्त्री तथा नेपाली काङ्ग्रेसका नेता मोहमद अफताब आलमलाई गिरफ्तार गरी कानुनी प्रक्रिया अगाडि बढाउन सर्वोच्च अदालतले रौतहट प्रहरीका

३७. लामिछाने, जगन्नाथ। दि काठमाण्डौ पोष्ट, दे बेटर लिसन, *http://ekantipur.com/2012/08/24/oped/they-better-listen/359209.html* ०६९ पुस १९ गते हेरिएको

३८. नेपाल मानवअधिकार वर्षपुस्तक २००९, न्यायपालिका र मानवअधिकार, पृ ६४, P 68

३९. सर्वोच्च अदालतद्वारा सापकोटाविरुद्ध मुद्दा चलाउन आदेश, *http://www.inseconline.org/index.php?type=news&lang=np&id=38875* ०६९ पुस १९ गते हेरिएका

अदालतहरूको विगत पाँच वर्षको मुद्दाको कार्यबोझको स्थिति

आर्थिक वर्ष	सर्वोच्च अदालत			पुनरावेदन अदालतहरू			जिल्ला अदालतहरू		
	लगत	फर्स्यौट	बाँकी	लगत	फर्स्यौट	बाँकी	लगत	फर्स्यौट	बाँकी
०६४/०६५	१८५६४	५६०८	१२५५६	१८३४२	८६२०	५७२२	६३७२१	२५४०४	३४३१७
०६५/०६६	१७५६१	६५८५	१०२८८	२०२८८	५८६७	१०४२१	७५०४८	३८३१७	३६७३१
०६६/०६७	१७३५४	७७६५	५५८५	२४०२४	१५२७३	८७५१	८२६३१	४६२५७	३६३७४
०६७/०६८	१७८५२	७४७०	१०४२२	२४६२६	१५६४८	८५७८	८७७५५	४८५७७	३८८१८
०६८/०६५	१५०५३	६३३५	१२७१४	२७५६१	१६८८१	१११००	५६४२४	५६०७४	४०३५०

स्रोत: सर्वोच्च अदालतको प्रतिवेदन २०६८/२०६९. पृ ३१

नाममा आदेश जारी गऱ्यो। जिउँदै जलाइएका भनिएका मध्ये रौतहट राजपुर गाविस-४ का कौसी अफ्तर मियाँकी आमा सोक्सना खातीले दिएको रिट निवेदनमा सो आदेश दिइएको हो। रिट निवेदनमा आदेश जारी गर्दै सर्वोच्च अदालतले उपलब्ध प्रमाण मुद्दा चलाउन पर्याप्त रहेको भन्दै अलामलगायत अन्य चार जनालाई गिरफ्तार गर्न आदेश दियो। रिट परेपछि अज्ञात व्यक्तिद्वारा खातीको हत्या हुँदा शङ्का आलममाथि नै आए पनि प्रहरीले पर्याप्त प्रमाण जुटाउन नसकेको भन्दै मुद्दा चलाएन।

राजनीतिक रूपमा शक्तिशाली र प्रहरीलाई समेत प्रभावमा पारेको आशङ्का गरिएका राजनीतिक नेताविरुद्ध मुद्दा चलाउन दिइएको आदेशले अदालतको निर्भिकताको उदाहरण दियो साथै राजनीति र अपराधको दूषित सम्बन्ध पनि उजागर गऱ्यो।

१४.३ एमाओवादी नेतामाथि आक्रमण घटनाका अभियुक्तको मुद्दा फिर्तामा रोक

एमाओवादी मजदुर सङ्गठनका अध्यक्ष शालिकराम जमकट्टेललाई आक्रमण गर्ने पाँच जना अभियुक्तको मुद्दा फिर्ता लिने सरकारको निर्णयलाई सर्वोच्च अदालतले तत्काल कार्यान्वयन नगर्न असोज ३ गते सरकारलाई अन्तरिम आदेश दियो। यस निर्णयको वचाव गर्दै प्रधानमन्त्रीले राजनीतिक कार्यकर्तावीचको झडप भएकाले यो राजनीतिक मुद्दा हुने बताएका थिए। जमरकट्टेलले सरकारले राजनीतिक मुद्दाको नाम दिएर आक्रमणकारीको मुद्दा फिर्ता गर्न खोजेको भन्दै निर्णय बदर गर्न माग गर्दै भदौ ३१ गते रिट दायर गरेका थिए। अदालतको यस अन्तरिम आदेश फुकाइदिनका लागि महान्यायाधिवक्ताको कार्यालयले सर्वोच्चमा निवेदन दिएको थियो। यसरी, सत्ता पक्षकै राजनीतिक दलका प्रभावशाली नेताले न्यायका लागि बारम्बार अदालतको ढोका ढक्ढक्याउनु परेको अवस्थामा राजनीतिक प्रभावका कारण सर्वसाधारणका मुद्दामा हुने दण्डहीनताको सजिलै अनुमान हुन्छ।

१५. कपिलवस्तु घटनामा कारण देखाऊ आदेश

कपिलवस्तुको ०६४ भदौमा भएको हिंसाको घटनाको सम्बन्धमा सरकारी आयोगले प्रतिवेदनका सिफारिसमा कुनै कारवाही नभएको भन्दै दोषीमाथि कारवाही गर्न माग गर्दै दायर गरिएको रिट निवेदनमा सर्वोच्च अदालतले भदौ ६ गते कारण देखाऊ आदेश जारी गऱ्यो।[80] लोकतान्त्रिक मोर्चामा आबद्ध रहेका कपिलवस्तु जिल्लाका मोइद खानको अज्ञात व्यक्तिद्वारा हत्या भएपछि हिंसा भड्किएको थियो। यसमा १४ जनाको मृत्यु भएको थियो भने करोडौंको सम्पत्ति नष्ट भएको थियो। रिटमा घटनालगत्तै आयोगहरू गठन हुने तर आयोगले गरेका सिफारिस कार्यान्वयन नहुँदा मुलुकमा दण्डहीनता बढेकाले यसको अन्त्य गर्न निश्चित मापदण्ड बनाउन तथा यससम्बन्धी कानुनहरूमा संशोधन गर्न समेत रिटमा माग गरिएको थियो।

कपिलवस्तु घटनाको छानबिन गर्न पुनरावेदन अदालतका न्यायाधीश लोकेन्द्र मल्लिकको अध्यक्षतामा गठित आयोगले झण्डै डेड करोड रुपियाँ खर्च गरेर प्रतिवेदन तयार पारेको थियो। तर यही प्रतिवेदन

80. कपिलवस्तु घटनामा कारण देखाऊ आदेश,
http://inseconline.org/index.php?type=news&lang=np&id=38240 ०६९ पुस ९ गते हेरिएका

सार्वजनिक गर्नाका लागि पनि सूचनाको हक अन्तर्गत सूचनाको आयोगको निर्देशन कुर्नुपरेको थियो। अदालतको कारण देखाऊ आदेशले उत्साहित कपिलवस्तु घटना सङ्घर्ष समितिले विगत वर्षमा कालो दिनमा मनाईदै आएको भदौ ३० गतेलाई ०६९ देखि स्मरण दिवसको रूपमा मनाउन शुरु गऱ्यो।[४१]

१६. स्थानीय निर्वाचन गराउन सर्वोच्चको निर्देशनात्मक आदेश

सर्वोच्च अदालतले यथासमयमा स्थानीय निर्वाचन गर्न/गराउन सरकारका नाममा निर्देशनात्मक आदेश जारी गरेको छ। सर्वोच्चको संयुक्त इजलासले सरकारलाई उपयुक्त र आवश्यक प्रबन्ध मिलाई यथा समयमा निर्वाचन गराउन यस्तो आदेश जारी गरेको हो।

लामो समयसम्म स्थानीय निकायमा जनप्रतिनिधिको निर्वाचन हुन नसक्दा संविधानको धारा १३९ (१) को कार्यान्वयन हुन नसकेको, राज्यका तर्फबाट ती निकायमार्फत् जनताले पाउने सुविधाहरू र विकास निर्माणका कामकारबाही प्रभावित भएका, जनताले आफ्नो प्रतिनिधि आफैं छनौट गर्न पाउने अधिकारको प्रयोग गर्न नपाएका, लोकतन्त्र र स्थानीय स्वायत्त शासनमा नकारात्मक असर परेको तथा स्थानीय स्वायत्त शासन ऐन, २०५५ समेतका कानुनको कार्यान्वयनमा समस्याहरू देखा परेको अवस्थालाई अदालतले आफ्नो फैसलामा उल्लेख गरेको छ।

स्थानीय तहमा निर्वाचित प्रतिनिधिबाट शासित हुन पाउने स्थानीय बासिन्दाहरूको हक प्रयोग गर्न नपाइएको तर्फ सरकारको ध्यानाकर्षण गराउने गरी ०६६ मङ्सिर १० गते निर्णय भए पनि करीब तीन वर्ष हुन लाग्दा पनि सो निर्णयको कार्यान्वयन नभएको अदालतले उल्लेख गऱ्यो।

अन्तरिम संविधानको धारा १३९ (३) मा स्थानीय स्वायत्त शासनसम्बन्धी निकायको सङ्गठनात्मक संरचना, त्यसको स्वरूप र प्रादेशिक इलाका तथा गठन विधि कानुनमा व्यवस्था भएबमोजिम हुनेछ भन्ने व्यवस्था गरिएको छ। स्थानीय निकायहरूमा जनप्रतिनिधिको निर्वाचन गर्नका लागि संविधानको उक्त व्यवस्थानुसार विद्यमान ऐन नियममा सामयिक संशोधन वा नयाँ ऐन कानुनको निर्माण हुनुपर्छ। तर, यस प्रकारको कानुन बनिनसकेको सन्दर्भमा रिटमा माग गरिएबमोजिमको स्थानीय निकायको निर्वाचनको तिथि, मिति घोषणा गर्नका लागि परमादेश जारी हुनसक्ने अवस्था देखिन नआउने अदालतको फैसला थियो।

१७. समयअनुसारको सूचना प्रविधि प्रयोगको मान्यता

सर्वोच्च अदालतले शरीरबन्धक तथा अपहरण उद्योगको एक मुद्दामा फैसला गर्दै कसैले एसएमएसबाट मात्रै पनि अपहरण या ज्यानका धम्की दिएमा थुनामा राखेर कारबाही गर्न सकिने आदेश गऱ्यो। काठमाण्डौं जिल्ला अदालतले गरेको फैसलामा थुनामा राखी पुर्पक्ष गर्ने आदेश बदर गर्दै पुनरावेदन अदालत पाटनले २ लाख ५० हजार रुपियाँ धरौट लिई तारेखमा राख्ने फैसला सर्वोच्चले त्रुटीपूर्ण भन्दै उल्ट्याइदिएको थियो। एकराज थापा मगरले अधिवक्ता उद्धव केसीलाई १ करोड रुपियाँ बैंक खातामा जम्मा गर्नु, नभए तिम्री श्रीमतीलाई अपहरण गर्छु भनी मोबाइल फोनमा एसएमएस पठाएको भन्दै काठमाण्डौं जिल्ला अदालतमा मुद्दा चलिरहेको छ। सर्वोच्चले अपराधमा पुर्पक्षको लागि थुनामा राख्दा वा तारेखमा राख्दा समेत खुलाउनुपर्ने प्रष्ट कारण र आधार नभएमा त्यस्तो आदेशको कानुनी मान्यता नहुने जनाएको छ।[४२]

३. फैसला कार्यान्वयनको अवस्था

अदालतको फैसलाको कार्यान्वयन पक्षमा भने कमी कमजोरी रहेको देखियो। अदालतबाट न्याय पाएको पत्र हातमा बोकेर वास्तविक न्यायको लागि सङ्घर्ष गर्दै जिन्दगी नै सकिएको पनि यदाकदा सुनिने गरिन्छ। पूर्व प्रधानन्यायाधीशहरूले फैसला कार्यान्वयनका लागि छुट्टै सुरक्षाकर्मीको एकाइको पनि माग नगरेका होइनन्। सर्वोच्च अदालतको दोस्रो रणनीतिक योजनामा यसलाई विशेष महत्व पनि दिइएको छ। नेपालको विश्वव्यापी आवधिक समीक्षाका समयमा पनि केही राष्ट्रले द्वन्द्वकालीन र यसपछि गम्भीर मानवअधिकार उल्लघङ्नका घटनामा न्यायापालिकाले अभियुक्तविरुद्ध गरेका निर्णयहरू लगायत सबै निर्णयहरूको सम्मानको प्रत्याभूति गराउन

---

४१. स्मरण दिवसका रूपमा कपिलवस्तु घटनाको पाँचौ वार्षिकी, *http://inseconline.org/index.php?type=news&lang=np&id=38465* ०६९ पुस ९ गते हेरिएका

४२. सर्वोच्च अदालत बुलेटिन, वैशाख, पृ. २५

सुझाव दिएका थिए।[४३]

कार्यान्वयनमा जोड दिँदै प्रधानन्यायाधीश खिलराज रेग्मीले सर्वोच्च अदालत फैसला कार्यान्वयन निर्देशनालय नै गठन गरेका छन्। निर्देशनालयको परिचयमा भनिएको छ- फैसला कार्यान्वयन समयमा हुन नसके अदालतप्रतिको जनआस्थामा समेत असर पर्न जाने हुन्छ। देवानी प्रकृतिको विषयवस्तुहरूमा पक्षहरूको सक्रियता अलि बढी हुने भएकोले अदालतबाट गरिएका फैसलाहरू कार्यान्वयन हुने दर त्यति निराशजनक छैन। तर फौजदारी विषयवस्तुमा राज्यको सक्रियता हुनु पर्ने हुनाले यथोचित रूपमा राज्यको सक्रियता हुन नसकेको कारणले गर्दा अदालतका फैसलाहरू कार्यान्वय हुन नसकेको अवस्था छ।[४४]

इन्सेकद्वारा आयोजित एक कार्यक्रममा[४५] पुनरावेदन अदातलका नेपालगञ्जका न्यायाधीश प्रकाशकुमार ढुङ्गानाले देशको प्रणालीमा खराबी भएको र त्यसमा सुधारको आवश्यकता औल्याउँदै सबैले आफ्नो दायित्व पूरा गर्ने र इच्छा शक्ति प्रकट गर्ने भए फैसला कार्यान्वयनमा समस्या नहुने तर्क प्रस्तुत गरेका थिए।

मुद्दा फिर्ताको निर्णयले न्यायालयमा राजनीति हाबी भएको देखाउँछ। तर केही अदालतका निर्णयले यस्तो दबावलाई सहन गर्दै पनि मानवअधिकारको सम्मान हुने प्रकारका फैसला गरेका छन्। बारा जिल्ला न्यायाधीशले अदालतमा विचाराधीन गञ्जभवानीपुर गाविसमा चार माओवादी कार्यकर्ताको हत्यापछि २० जनाविरुद्ध दायर कर्तव्य ज्यान मुद्दा फिर्ता नहुने जनायो। यो मुद्दालाई राजनीतिक दबाबमा माधवकुमार नेपाल नेतृत्वको सरकारले ०६७ असार १६ गते राजनीतिक भन्दै फिर्ता लिएको थियो। यसपछि मृतकमध्ये एकका परिवारले सर्वोच्च अदालतमा उत्प्रेषणको माग गर्दै दायर गरेको रिट निवेदनमा सर्वोच्च अदालतले सरकारमार्फत जिल्ला अदालतलाई मुद्दा फिर्ता लिने या नलिने अधिकार दिएपछि यो फैसला आयो।[४६]

सर्वोच्च अदालतले वैशाख ५ गते पनि नै सरकारलाई राजनीतिक नै भए पनि गम्भीर प्रकृतिका मुद्दाहरू फिर्ता नगर्न निर्देशनात्मक आदेश जारी गरेको थियो। यसका साथै आपराधिक मुद्दा फिर्ता गर्नका लागि कार्यविधि तथा मापदण्ड १९९८ का प्रावधान संशोधन गर्न पनि निर्देशन दिएको थियो। साथै, देशद्रोह, युद्धअपराध, मानवताविरोधी अपराध, तथा गम्भीर मानवअधिकार उल्लघङ्नका मुद्दाहरू भने फिर्ता हुन नहुनेमा जोड दिएको थियो। तथापि, अदालतको आदेशको उल्लङ्घन गर्दै सरकारले कर्तव्य ज्यानजस्ता गम्भीर प्रकृतिका अपराधका अदालतमा विचाराधीन मुद्दासमेत फिर्ता लिने क्रम जारी नै राख्यो। यसैक्रममा, महान्यायाधिवक्ताको कार्यालयले यससम्बन्धी संशोधन भइसकेको भनिए पनि मन्त्रिपरिषद्बाट स्वीकृत भने भइसकेको छैन।[४७] सर्वसाधारणलाई न्यायको अनुभूति हुनका लागि फैसला आफ्नो हकमा भएर मात्र पुग्दैन, फैसलाको मनसाय अनुरूप कार्यान्वयन पनि हुनसक्नुपर्छ। अदालतले जस्तोसुकै फैसला गरे पनि यसको कार्यान्वयन गर्ने भनेको सरकार र यसका अङ्ग नै हुन्। अदालतको निर्णयको पूर्णरूपमा सम्मान नभएमा स्वतन्त्र न्यायपालिकाको दाबीको कुनै अर्थ रहँदैन। नेपालको परिप्रेक्ष्यमा हेर्दा प्रधानमन्त्रीमाथि नै दुई पटकसम्म अदालतको अवहेलना गरेको आरोपमा सर्वोच्चमा आफ्नो बचाव गर्न जानु परेको अवस्थामा सरकारले न्यायपालिका स्वतन्त्र रहेको दाबी गरे पनि, अदालतले गरेका फैसला कार्यान्वयनको अवस्था आशाप्रद देखिँदैन।

ओखलढुङ्गाका पूर्वसभासद् बालकृष्ण ढुङ्गेलालाई सर्वोच्च अदालतले उज्जन श्रेष्ठको हत्यारा ठहर गरी सजाय सुनाइसकेको अवस्थामा उनी कारागारतर्फ लाग्नुपर्नेमा सभासद्का रूपमा संविधानसभा नै जाने गर्दथे। प्रहरीका पदाधिकारीसँग एकै मञ्चमा बस्दासमेत फरारको सूचीमै रहे।

४३. http://daccess-dds-ny.un.org/doc/UNDOC/GEN/G11/116/42/PDF/G1111642.pdf?OpenElement ०६९ पुस ९ गते हेरिएको

४४. सर्वोच्च अदालत फैसला कार्यान्वयन कार्यान्वयन निर्देशनालय : एक परिचय, http://supremecourt.gov.np/jed/docs/jed_intro.pdf

४५. अदालती आदेश कार्यान्वयन नहुनु इच्छा शक्तिको अभाव : सरोकारवाला, *http://inseconline.org/index.php?type=news&lang=np&id=37902,* ०६९ पुस २२ गते हेरिएको

४६. मुद्दा फिर्ता नहुने अदालतको भनाइ, *http://inseconline.org/index.php?type=news&id=38037&lang=np* ०६९ पुस २२ गते हेरिएका

४७. Govt plans to withdraw criminal cases, again *http://ekantipur.com/2012/06/29/editors-pick/govt-plans-to-withdraw-criminal-cases-again/356309.html* ०६९ पुस ९ गते हेरिएका

सभासद्लाई पक्राउ गर्न नमिल्ने प्रहरीको दलिललाई, उनलाई पक्रन कुनै व्यवधान नहुने अदालतकै अर्को फैसलाले रद्द गरिदिँदा पनि ढुङ्गेल पक्राउ परेनन्।

यसैगरी अदालतले तत्कालीन सञ्चारमन्त्री अग्नि सापकोटाविरुद्ध मानवअधिकारकर्मीहरूले दायर गरेको मुद्दामा अदालतले प्रहरीलाई उनीविरुद्धको किटानी जाहेरीमा कानुनी प्रक्रिया अघि बढाउन र अनुसन्धानको अवस्थाको बारेमा अदालतलाई हरेक १५ दिनमा प्रतिवेदन दिन गरेको आदेश न प्रहरीले कार्यान्वयन गऱ्यो, न त अदालतले प्रहरीलाई स्मरण गरायो। उनको मुद्दा तामेलीमा राख्ने निर्णयविरुद्ध अन्तरिम आदेश जारी गर्दै उनीविरुद्ध मुद्दा चलाउन निर्देशन दिए पनि मुद्दा भने चलेको छैन। यसरी नै अदालतले नेपाली सेनाका कर्णेल राजु बस्नेतलाई सहायक रथीमा बढुवा गर्ने मन्त्रिपरिषदको निर्णय कार्यान्वयन नगराउनू भने पनि नेपाली सेनाले उनले फूली लगाइसकेकाले नयाँ पदको दायित्व नै निर्वाह गर्ने[४८] भन्दै अदालती निर्णयको सोझै अवहेलना गऱ्यो।

सर्वोच्च अदालतअन्तर्गत फैसला कार्यान्वयन निकायको व्यवस्था गरिएको छ। सर्वोच्चको फैसला कार्यान्वयन गराउने भनेका जिल्ला अदालतहरू नै हुन्। तर विभिन्न तहका अदालतले विभिन्न मुद्दाको फैसला गर्दा लगाएको करोडौं रुपियाँ बराबरको जरिवाना तथा कैद असुल हुन सकेको छैन। यसको कारण सम्बन्धित सरोकारवालाहरूको असहयोग तथा फौजदारी अभियोगका मुद्दामा सुरक्षाका दृष्टिले पनि फैसला कार्यान्वयन गराउन कठिनाइ रहेको छ। सरकारले फौजदारी मुद्दा कार्यान्वयनका लागि प्रहरी तथा प्रशासनलाई तोकेमा नै फैसला प्रभावकारी ढङ्गले कार्यान्वयन हुने देखिन्छ।

लामो समयसम्म कार्यान्वयन हुन नसकेपछि दण्ड तथा जरीवानामा पनि छुट दिने प्रवृत्तिले अनुसन्धानको स्तर उचाल्न त कुनै प्रोत्साहन गर्दैन नै, इमान्दार भएर चाँडै जरीवाना चुक्ता गर्ने भन्दा बुझ पचाएर बस्नेलाई पुरस्कार दिएजस्तो अमिल्दो अवस्था देखिन्छ।[४९]

४. न्यायपरिषद्को काम कारबाही

इतिहासमै पहिलो पल्ट न्यायपरिषद्ले जिल्ला तथा पुनरावेदन अदालतका न्यायाधीशहरूको चयन गर्नाका लागि मापदण्ड विकास गरी सार्वजनिक रूपमा निवदेन आह्वान गऱ्यो। यी मापदण्डामध्येका केही सर्वोच्च अदालतका न्यायाधीश छनौटका लागि पनि उपयोगी हुने विश्वास परिषद्ले लियो।

उद्देश्य राम्रै भए पनि खुला प्रतिस्पर्धाबाट न्यायाधीश नियुक्तिको बाटो खोलेर सक्षम तथा योग्य न्याययाधीशको नियुक्ति गर्ने न्यायापालिकाको मनशाय पूर्ति नहुने देखिएको छ किनकि १ हजार जनाभन्दा बढीले हालेको निवेदनमा सक्षम र योग्य व्यक्तिभन्दा 'जुनसुकै भए पनि जागिर खाने' प्रकारका व्यक्ति रहेको बताइएको छ।

अस्थायी न्यायाधीशको अवकाश हुने दिनका विषयमा न्यायपरिषदले आफै अन्यौलमा रहेको सार्वजनिक भयो। ०६७ मङ्सिर २० गते नियुक्ति पाएका अस्थायी न्यायाधीशहरूले पदावधि थप नभएपछि मङ्सिर २० गते नै अवकाश पाउने भनिएकोमा २० गते नै आएर शपथ लिएको मिति ०६७ मंसिर २२ भएकाले सो दिनसम्म सेवामै रहने बतायो। यसैबीच न्यायपरिषद्ले तयार गरेको विधेयकमा केही विवादास्पद प्रावधानहरू न्याय सेवामा प्रवेश गरेका कर्मचारीको हितविपरीत भएको, अमुक व्यक्तिविरुद्ध लक्षित भएको भन्ने प्रकारका भनाइ सञ्चारमाध्यमद्वारा प्रसारण भए।

न्यायपरिषदबाट न्यायालयले कारबाही गर्न आदेश भएका र उजुरी परेका गरी झण्डै एक दर्जन बहालवाला र पूर्वन्यायाधीशलाई कारबाही नगरी न्यायालयको अवहेलना गरेको आक्षेप पनि लाग्यो।[५०] यस विषयमा न्यायपरिषद्ले न्यायाधीशहरूविरुद्ध परेका उजूरीको छानबिन गर्ने जनायो। परिषद्मा करिब ६० जना न्यायाधीशविरुद्ध २ सय ओटा उजुरी परेको जनाइएको छ। यस घोषणापछि सर्वोच्चले नै निर्देशन दिएअनुरूप जयप्रकाशप्रसाद गुप्ताको मुद्दा अवैधानिक प्रकारले खारेज गर्ने विशेष अदालतका पूर्व न्यायाधीशहरू भूपध्वज अधिकारी, कोमलनाथ शर्मा तथा चोलेन्द्र शम्शेर जबरालगायत अन्यविरुद्ध छानबिन हुने सम्भावना बढे पनि घोषणाबाहेक यस विषयमा

---

४८. अदालतको आदेश भएपनि राजु बस्नेत बढुवा भएको पदमै, *नेपाल समाचारपत्र*, ०६९ कात्तिक २ गते

४९. *http://www.supremecourt.gov.np/download/baglung.pdf* ०६९ पुस १९ गते हेरिएका

५०. प्रधानन्यायाधीश नै फैसला कार्यान्वयनमा उदासीन, *http://www.souryadaily.com/2012/09/36637.html* ०६९ पुस ९ गते हेरिएका

केही कदम चालेको यस वर्षको अन्त्यसम्म पनि सार्वजनिक भएन।

५. सुधारका कार्यहरू

प्रधानन्यायाधीशको निजी सचिवालयमा टोल फ्रि टेलिफोन तथा इमेलमार्फत पनि गुनासो, उजुरी, शिकायत एवम् सुझाव पठाउन सक्ने व्यवस्था गरिएको छ। वर्ष ०६८/६९ मा ३ सय ४९ र अघिल्लो वर्षका दुई थान गरी जम्मा ३ सय ५१ थान गुनासो तथा उजुरी रहेकोमा २ सय ६० थान व्यक्तिगत समस्यासँग सम्बन्धित वा अप्रासाङ्गिक वा अभिलेख गर्नु नपर्ने प्रकृतिका र जम्मा ९१ थान अदालत/न्यायिक निकायको काम कारबाहीसँग सम्बन्धित रहेका थिए। उपरोक्त सबै गुनासो तथा उजुरीउपर आवश्यक कारबाही भइसकेको छ। लिखितरूपमा प्राप्त उजुरी तथा गुनासोहरू जम्मा १सय ५६ थान प्राप्त भएकोमा १ सय १२ थान तामेलीमा रहेको र ४४ थान कारबाहीयुक्त अवस्थामा रहेका छन्। यसैगरी, इमेलमार्फत प्राप्त २९ थान उजुरी तथा गुनासाहरू सबै आवश्यक सम्बोधन गरेको सर्वोच्च अदालतले जनायो।[५१]

सर्वोच्च अदालतले आर्थिक वर्ष ०६९/७० को लागि रणनीतिक उपायतर्फ समावेश गरिएका प्रमुख क्रियाकलापहरू तर्जुमा गरेको छ। यिनमा बढी मुद्दा भएका अदालतहरूमा विशेष अभियान सञ्चालन गर्ने कार्यक्रमअन्तर्गत मोरङ, सुनसरी, सप्तरी, सिरहा, महोत्तरी, धनुषा, पर्सा, रौतहट, ललितपुर, काठमाण्डौं, बाँके जिल्ला अदालतहरू र पुनरावेदन अदालत पाटनमा विशेष अभियान सञ्चालनका लागि कार्ययोजना तयार गरी कार्यान्वयन गर्ने योजना छ। यसैगरी, दुई वर्ष नाघेका पुराना मुद्दा फर्स्यौट गर्न विशेष अभियान सञ्चालन गर्ने, काठमाण्डौं जिल्ला अदालतमा सन्ध्यकालीन अदालत सञ्चालन गर्ने सम्बन्धमा भएको अध्ययन प्रतिवेदन कार्यान्वयन गर्ने योजना पनि सर्वोच्च अदालतले राखेको छ। यसरी नै भौगोलिकता र कार्यबोझ समेतलाई दृष्टिगत गरी कार्य समय लचिलो बनाई इजलासको कार्य समय बृद्धि गर्ने सम्बन्धमा संभाव्यता अध्ययन गर्ने जस्ता क्रियाकलापहरू समावेश गरिएको छ।[५२] समयअनुरूप र मुद्दाको भारअनुसार आवश्यक निर्णय लिदा सेवाग्राहीले समयमा न्याय पाउने अपेक्षा गर्न सकिन्छ।

६. तरल राजनीतिक अवस्था र अदालत

नेपालको भविष्यसँग महत्वपूर्ण सरोकार राखेर संविधानसभाका मुद्दामा सर्वोच्च अदालतमा विभिन्न समयमा रिट निवेदन पऱ्यो। पटक-पटक गरी दुई वर्ष म्याद थप भइसकेको अवस्थामा पछिल्लो पटक तीन महिना म्याद थप्ने निर्णयलाई चुनौती दिँदै परेको रिट निवेदनमा प्रधानन्यायाधीशको इजलासले यस अघिको फैसलासँग प्रतिकूल भन्दै म्याद थप्ने प्रस्ताविरुद्ध अन्तरिम आदेश दियो। सर्वोच्चले जेठ १४ गतेपछि म्याद नथप्न र तोकिएको समयभित्र संविधान बन्न नसक्ने अवस्थामा जनमत सङ्ग्रह वा अन्य विकल्पमा जान आदेश दिएको थियो।

यस फैसलाको पुनरावलोकनको सरकारी अपिल पनि दरपीठ भएपछि भने संविधानसभाको म्याद ०६९ जेठ २४ गतेसम्म भनी तय भयो। फैसलापछि दुई दिन मात्र म्याद बाँकी रहेको र सङ्घीयताको स्वरूपलगायत केही मुद्दामा मात्र निर्णय हुन नसकेको अवस्थामा सहमति हुन नसकी संविधानसभा विघटन भयो। फैसलालाई जनस्तरमा स्वागत गरिए भने केही माओवादी नेताहरूले[५३] भने सर्वोच्चले राजनीतिक मुद्दामा फैसला गर्दै आफ्नो कार्यक्षेत्रभन्दा बाहिर गएको दाबी गरे।

हालको संसदविहीनताको अवस्था र यसको शून्यताले पारेका अन्य प्रभावको टिप्पणीमा सर्वोच्चको निर्णयलाई कारक मान्नेहरू पनि छन्।[५४] देशमा संसद् नभएपछि विभिन्न महत्वपूर्ण विधेयक संसद्मै थुनिए

---

५१. वार्षिक प्रतिवेदन, सर्वोच्च अदालत, ०६८/६९, पृ ३७

५२. *सर्वोच्च अदालतको वार्षिक कार्यान्वयन योजना (आव २०६८/६९)*

५३. Dispute between Maoists and Supreme Court leaves Nepal without Constitution, *http://www.asianews.it/news-en/Dispute-between-Maoists-and-Supreme-Court-leaves-Nepal-without-Constitution-24849.html* ०६९ पुस ९ गते हेरिएका

५४. Supreme necessity, *http://ekantipur.com/2012/12/04/editorial/supreme-necessity/363586.html* ०६९ पुस ११ गते हेरिएको

भने न्यायपालिका तथा अन्य संवैधानिक निकायमा पनि नयाँ पदाधिकारीको नियुक्ति हुन सकेन। प्रधानन्यायाधीशले अदालतले आवश्यकताको सिद्धान्तलाई मान्दै पटकपटक गरिएको म्याद थपलाई स्वीकार गरे पनि म्याद थप्न आवश्यकताको दुहाइ दिनु भनेको सिद्धान्तको दुरूपयोग भएकाले अदालतले म्याद थपलाई अस्वीकृत गर्न बाध्य भएको जनाए।[५५]

सर्वोच्च अदालतले २०६८ मङ्सिर १४ मा समाप्त हुने संविधानसभाको म्याद अन्तिम पटक छ महिना बढाउन अनुमति दिएपछि ०६९ जेठ १४ गते भित्रमा संविधान जारी गर्नुपर्ने थियो। तर, ती छ महिना संविधानका सहमति हुन नसकेका बुँदामा छलफल गर्नेभन्दा सत्ता आरोहणकै प्रयत्नमा बित्यो। यसै फैसलाको पुनरावलोकनका लागि प्रधानमन्त्री डा बाबुराम भट्टराई र संविधानसभा अध्यक्ष सुवास नेम्वाङले दायर गरेको छुट्टाछुट्टै निवेदन ०६८ पुस १२ गते सह-रजिस्टार दरपीठ भयो। पुस १० मा एक कार्यक्रममा प्रधानन्यायाधीशले संविधानसभाको म्याद थप सम्बन्धी सर्वोच्च अदालतको ०६९ मङ्सिर ९ गतेको निर्णयमा पुनरावलोकन हुन नसक्ने बताएको सञ्चारमाध्यममा आयो। तर सर्वोच्च अदालतले एक विज्ञप्तिमार्फत ०६९ पुस ११ मा सञ्चारमाध्यमद्वारा प्रसारित समाचारको खण्डन गऱ्यो। प्रधानन्यायाधीशले न्यायबमोजिम न्याय सम्पादनका क्रममा अदालतले गरेका फैसला र दिएका आदेशहरू सबैका लागि बाध्यकारी हुन्छन् र कार्यान्वयनमा महत्व पाउनुपर्छ भनी अर्कै सन्दर्भमा दिइएको अभिव्यक्तिलाई एउटा विशेष मुद्दासँग जोडी समाचार बनाउन नहुने बताइयो।

दरपीठ नै गैरकानुनी तथा सह-रजिष्ट्रारलाई यसको अधिकार नभएको दाबीसहित सर्वोच्च अदालतमै परेको अर्को निवेदनमा पुनरावलोकन हुनका लागि अन्तिम आदेश भएको मुद्दामा न्यायमा तात्विक असर पर्ने खालको प्रमाण पछि फेला परेमा वा स्थापित नजीर वा कानुनी सिद्धान्तको प्रतिकूल निर्णय भएको देखिएको हुनुपर्ने र निवेदनमा यस्तो केही उल्लेख नहुने भनी फैसला गरिदियो।

संविधानसभाको म्याद केही दिन बाँकी हुँदा पुनः तीन महिनाका लागि म्याद थप्ने सरकारको निर्णयको विरोधमा उत्प्रेषणको माग राखी दायर गरिएको रिट निवेदनमा सर्वोच्च अदालतले छ महिना अगाडिको आफ्नै फैसलामा जेठ १४ मा म्याद स्वतः समाप्त हुने हुनाले यस समयभित्रै संविधानको धारा १५७ बमोजिम जनमत सङ्ग्रह या धारा ६३ बमोजिम अर्को संविधानसभाको निर्वाचन वा संविधानबमोजिम अन्य उपयुक्त व्यवस्था मिलाउन आदेश भएको स्मरण गरायो। सो फैसला विपरीत पुनः म्याद थपको विषय प्रारम्भिक रूपमा नै त्रुटिपूर्ण रहेकोले कार्यान्वयन नगर्न अन्तरिम आदेश जारी गऱ्यो।

७. न्यायाधीश नियुक्तिको प्रश्न

यसै पनि ढीलो न्याय गर्नेमा गुनासो भएको नेपालको न्यायपालिकाको सर्वोच्च अदालत वर्षको अन्त्यमा आइपुग्दा निरीह नै हुन पुग्यो। संविधानमै प्रधानन्यायाधीश तथा १४ जना स्थायी न्यायाधीश र आवश्यकता अनुसार आठ जनासम्म अस्थायी न्यायाधीश राख्न पाउने प्रावधान भए पनि अस्थायी न्यायाधीशलाई स्थायी गर्ने प्रक्रिया समयमा नहुनाले पाँच जना अस्थायी न्यायाधीशले एकै दिन अवकाश पाएपछि प्रधानान्यायाधीश रेग्मीबाहेक एक अस्थायी र पाँच जना स्थायी न्यायाधीश मात्रै बाँकी हुनेछन्। अर्का एक अस्थायी न्यायाधीशले नयाँ वर्षको शुरुवातमै अवकाश पाउनेछन्।

अस्थायी न्यायाधीशको म्याद थप नगरे या उनीहरूलाई स्थायी नबनाए ०६९ मङ्सिर २० गतेसम्ममा पाँच जना र ०६९ माघ ७ गते दुई जनाले अवकाश पाउने हुनाले यसतर्फ कदम चाल्नुपर्ने माग ०६९ माघदेखि नै उठेको थियो। तथापि, यस विषयमा सरकार, न्यायपरिषद्, प्रधानान्यायाधीशको आवश्यक ध्यान जान सकेन। न्यायपरिषद्ले नयाँ प्रावधान बनाउनमै समय लगायो भने प्रधानान्यायाधीश पनि ढिलो गरी मात्रै जाग्न सके। अन्तिम समयमा बाधा अड्काउ फुकाउन सरकारले पेश गरेको अध्यादेश राष्ट्रपतिले दलीय सहमतिमा मात्र पेश हुनुपर्ने भन्दै थन्क्याइदिए। न्यायाधीश नियुक्तिका लागि परेको रिट निवेदनमा संयुक्त इजलासको राय बाझिइ[५६] पूर्ण इजलासमा जाने भएपछि सर्वोच्च अदालत खाली हुने पक्का भयो।

---

५५. यस्तो अवस्था आउला भन्ने सोचेको थिइनँ : प्रधानन्यायाधीश खिलराज रेग्मी *http://www.ekantipur.com/nep/2069/2/22/full-story/348932.html* ०६९ पुस ११ गते हेरिएको

५६. सर्वोच्च अदालत बुलेटिन २०६९, मङ्सिर २

विगतमा हुकुम प्रमाङ्गीको भरमा न्यायपरिषदले बर्खास्त गरेका स्याङ्जाका न्यायधीश चित्रदेव जोशीको सर्वोच्चको फैसलासँगै पुन: पदबहाली भयो। राजाको प्रत्यक्ष शासनका बेला पृथ्वी जयन्तीको अवसरमा कोही संविधानको विरुद्ध जान नपाइने र मुलुकमा विधिको शासन हुनुपर्ने मन्तव्य राखेका कारण उनलाई स्पष्टीकरण सोधिएको थियो तर पछि कार्यसम्पादन गर्न नसकेको आरोप लगाउँदै बर्खास्तगी पत्र थमाइयो। यस निर्णयविरुद्ध ०६३ सालमा मुद्दा दायर गरेका न्यायाधीशलाई पनि न्याय प्राप्त गर्न ५ वर्ष ९ महिना लाग्यो। एउटा मुद्दा पेशीमा चढ्न महिनौं लाग्ने[५६] र चढे पनि रिट र बन्दीप्रत्यक्षीकरणबाहेक अन्य मुद्दा सरिरहने[५८] समयमा न्यायाधीशको सङ्ख्या कम भएपछि फैसला हुने समय लम्बिन जाँदा सर्वसाधारणलाई न्याय निकै महङ्गो पर्ने अवस्था सिर्जना भएको छ।

वर्षको अन्त्यसम्ममा आइपुग्दा भने न्यायपरिषद्ले जिल्ला र पुनरावेदन अदालतका न्यायाधीशको नियुक्ति गर्ने प्रक्रिया तेज पारेको छ। न्यायपरिषदले न्यायपरिषद् ऐनको दोस्रो संशोधन विधेयक परिमार्जनसहित जिल्ला न्यायाधीशको लागि लिइने परीक्षामा ४८ प्रतिशत आरक्षणको पनि व्यवस्था गरेको छ। पुनरावेदन अदालतमा मुख्य न्यायाधीश लगायत २० र जिल्ला अदालतमा २५ न्यायाधीश नियुक्त गर्ने तयारी भएको जानकारीमा आयो।[५९] तर पनि प्रधानन्यायाधीशभन्दा माथि रहने प्रधानमन्त्री स्वयम् कानुन मन्त्री भएकाले तर न्यायपरिषद्मा प्रधानन्यायाधीश अध्यक्ष र कानुन मन्त्री पदेन सदस्य हुने अवस्थाले प्रोटोकलको समस्या भई भ्यायुताको धार्नी नपुगेजस्तो न्यायपरिषद्को बैठक बस्न सकेन। तथापि, यस समस्या निराकरणमा समयमै र प्रभावकारी भूमिका खेल्न नसकेको आरोप लागेका प्रधानान्यायाधीशले आफ्नो कुनै कमजोरी नभएको बताए।[६०]

समस्या जागै राख्न नेपाल बारको पनि उल्लेख्य भूमिका देखियो। संविधानमा उल्लेख भएअनुरूप उमेर पुगेका व्यक्ति न्यायाधीश हुन पाउनुपर्ने बारका अडानका आधारमा प्रधानन्यायाधीशले नाम सिफारिसका लागि आह्वान गरे। तर, बारले १५ जनाको नाम सिफारिस गर्न करिब १५ हप्ता नै लगायो। यसमा दलीय भागबण्डा, समावेशीकरण र वरिष्ठता आदिका कारण परेका केही नाममा असन्तुष्टि पनि उठेपछि[६१] न्यायाधीश नियुक्त हुन व्यवधान उत्पन्न भयो।

८. न्यायपालिकामा भ्रष्टाचार

न्यायापालिकामा भ्रष्टाचार व्याप्त रहेको यसैले स्वीकार गरेको छ। कुनै पनि प्रधानान्यायाधीशले पद ग्रहण गरेलगत्तै न्यायापालिकाबाट शीघ्र न्याय, भ्रष्ट्राचार निर्मूल पार्ने घोषणा गर्दछन्। ट्रान्सपरेन्सी इन्टरनेशनलको २०११/१२ को वार्षिक प्रतिवेदनमा नेपाल १ सय ७४ राष्ट्रमध्ये १ सय ३९ औं स्थानमा रहेको छ। यी प्रतिवेदनमा भ्रष्ट्राचार हुनेमा न्यायपालिका पनि एक अङ्ग रहेको बताइएको छ।[६२]

न्यायापालिकामा हुने भ्रष्ट्राचारको अर्को पाटो तब सार्वजनिक भयो जब गोरखामा एक जना कानुन व्यवसायीविरुद्ध न्यायाधीशलाई घुस दिएर जेलमुक्त गराइदिने बाचा गर्दै कैदी बन्दीसँग रकम उठाएको भन्दै तिनै कैदीबन्दीले उजुरी गरे।[६३] यसैगरी, घुस लिएको

---

५६. सङ्कटमा सर्वोच्च *http://ekantipur.com/kantipur/news/news-detail.php?news_id=282408* मंसिर २२ गते हेरिएको

५८. प्रधान न्यायाधीश भन्छन्- अध्यादेशबाट भए पनि न्यायाधीश नियुक्ति, *http://nagariknews.com/politics/party-politics/46090-2012-09-11-03-47-12.html* मंसिर २२ गते हेरिएको

५९. JC set to appoint judges, http://www.ekantipur.com/2012/09/04/top-story/jc-set-to-appoint-judges/359723.html

६०. सर्वोच्च अदालत बुलेटिन, मङ्सिर, पृ. ३०

६१. सर्वोच्चमा आफ्ना आधा न्यायाधीश नियुक्त गर्न बारको माग, http://archives.nagariknews.com/2011/archive/38838-2012-04-03-03-46-07.html ०६९ मंसिर २१ गते हेरिएको

६२. न्याय सम्पादनमा जनआस्था, *http://nagariknews.com/opinions/98-opinion/47052-2012-10-01-05-51-42.html* ०६९ मंसिर २१ गते हेरिएका

६३. घुस खाने सरकारी वकिल निलम्बित *http://ekantipur.com/nep/2069/8/15/full-story/358239.html* ०६९ पुस १५ गते हेरिएका

आरोपमा महान्यायाधिवक्ताको कार्यालयले सरकारी वकिल राजेन्द्रबहादुर बस्नेतलाई निलम्बन गऱ्यो। अदालतमा न्यायाधीशलाई पुऱ्याइदिने भन्दै पैसा लिने बिचौलियाहरूका कारण न्यायापालिकाको बदनामी भइरहेको दाबी आइरहेको समयमा उक्त प्रकरण हुनुले यस दाबीलाई बल पुग्यो।

महत्वपूर्ण पदमा रहेका व्यक्तिहरूलाई भ्रष्ट्राचारको मुद्दामा दोषी ठहर गरेर जनमानसमा चर्चा कमाएका विशेष अदालतका न्यायाधीश गौरीबहादुर कार्कीले जाँदाजाँदै नेपालमा भ्रष्ट्राचारविरुद्धका कानुन फितलो भएको र यिनलाई समयसापेक्ष संशोधन गर्न आवश्यक रहेको औंल्याए।[६४]

९. न्यायापालिकाको समष्टिगत कार्यमूल्याङ्कन

राष्ट्रपतिलगायत अन्यले अदालतका निर्णय सबैले मान्नुपर्ने मन्तव्य दिने गरे पनि न्यायपालिकाका विभिन्न फैसलाहरूका कारण आक्षेप आइरह्यो। सर्वोच्चले कार्यपालिकाको कार्यक्षेत्रमा अतिक्रमण गरेको तथा हरेक प्रकारका रिट निवेदन दायर गरेर आफ्नो विशेष क्षेत्राधिकार नै हल्का तुल्याएको भनाइ पनि सार्वजनिक भए। रिट निवेदन पनि जनताको अधिकारको रक्षार्थ भन्दा पनि सरकारले गरेका कार्यविरुद्ध प्रयोग गरिने हतियार जस्तो देखियो। एकीकृत माओवादीका उपाध्यक्ष डा. बाबुराम भट्टराईको नेतृत्वमा रहेका सरकारको विभिन्न निर्णयहरूमा यस्तै रिट निवेदन पर्न थालेको देखियो। सहिदगेटको त्रिभुवनको शालिक हटाउने सरकारी घोषणाविरुद्ध सर्वोच्चमा रिट पर्दा अदालतको आदेशले यो रोकियो। बिजुलीको भाउ बढ्दा, बन्दविरुद्ध कानुन बनाउन, सरकारी नियुक्तिका लागि, बाटो बढाउने कार्य रोक्न, जेमा पनि अदालतलाई नै गुहार्ने प्रवृत्ति फैलिदोँ छ।

भारतका सर्वोच्च अदालतका पूर्व प्रधानन्यायाधीश पीएन भगवतीले सार्वजनिक सरोकारको मुद्दा भनेको पहुँच नभएका जनतालाई न्याय दिलाउने कानुनी साधन भएको बताएका छन्।[६५] यसको अर्थ नेपाली सन्दर्भमा सरकारी स्वेच्छाचारितालाई रोक्ने अर्को कुनै उपाय जनतासँग नहुनु हो भन्न सकिन्छ। तर अदालतले स्वीकार गर्न सक्ने/नसक्ने मुद्दाका सम्बन्धमा कुनै मापदण्ड बनाइएन भने कानुनी रूपमा कमजोर भएका भए पनि जनता खुशी पारी लोकप्रियता कमाउने प्रवृत्तिको विकास हुने र सानातिना मुद्दाका अदालतको बहुमूल्य स्रोत संसाधन खर्च हुनेछ।

महिलाविरुद्धको हिंसालाई सम्बोधन गर्नाका लागि द्रूत महिला इजलास गठनका लागि सरकारले गत वर्ष नै प्रक्रिया शुरु गरे पनि[६६] यो वर्ष पनि इजलासको गठन हुने सकेन। अदालती प्रक्रियामा हुने ढिलासुस्ती जनताका लागि कानुनी प्रक्रियामा जान दुरुत्साहन गर्ने तत्वको रूपमा आउने गरेको छ। यसैबीचमा, फौजदारी अपराध मुद्दामा पीडित र साक्षीको बयान महत्वपूर्ण हुने भए पनि अदालतमा बकपत्र गराउन चासो नदिने गरिएको जानकारीमा आयो। आफ्ना नियमित काममा पनि उपरी कमाइको आशा राख्ने प्रकारको भ्रष्ट्राचारका कारण प्रहरी, सरकारी वकिल, कानुन व्यवसायीदेखि कार्यालय र अदालतका कर्मचारी सबैले बकपत्र गराउन झन्झट मान्ने गरेको बताइयो।[६७] यसले भित्रैभित्रै मुद्दा मिलाउन खोज्ने व्यक्तिलाई सहज बनाउने, मुद्दा कमजोर बनाउने हुन जान्छ।

यसैगरी घरेलु हिंसाका घटना अदालतमा अंश मुद्दा भएर दायर हुने गरेको तथ्य पनि छ। घरेलु हिंसासम्बन्धी ऐनले नै मेलमिलापलाई प्रोत्साहन गरेको र अभियुक्तलाई पुर्पक्षका लागि हिरासतमा राख्न नपर्ने

---

६४. Special Court Chairman Karki retires, *http://www.myrepublica.com/portal/index.php?action=news_details&news_id=46411* ०६९ पुस २५ गते हेरिएको

६५. Disturbing trends in judicial activism, *http://www.thehindu.com/opinion/lead/article3731471.ece?homepage=true* ०६९ पुस २५ गते हेरिएको

६६. Govt seeks resources for fast-track court, *http://www.thehimalayantimes.com/fullTodays.php?headline=Govt+seeks++resources+for+++fast-track+court+&NewsID=299233* ०६९ पुस २५ गते हेरिएको

६७. बकपत्र गराउन झन्झट मान्छन् प्रहरी, वकिल र अदालतका कर्मचारी, *http://www.nayapatrika.com/index.php?option=com_content&view=article&id=7609:2012-12-04-02-18-01&catid=45:2011-07-04-06-06-05&Itemid=60* ०६९ पुस २० मा हेरिएको,

भई पीडित महिलालाई नै सुरक्षा र सहयोगको अभाव हुने हुनाले घरेलु हिंसाका प्राय मुद्दा मेलमिलापमै सकिने या अंश मुद्दामा जाने गरेका छन्। यिनै कारणले बाँके जिल्ला अदालतमा चार वर्षमा सात ओटा मुद्दा मात्रै घरेलु हिंसाका मुद्दाका रूपमा अदालतमा दर्ता भए। इन्सेकको अभिलेख अनुसार सन् २०१२ मा बाँके जिल्लामा घरेलु हिंसा सम्बन्धी सात ओटा उजुरी जिल्ला प्रहरी कार्यालयमा परेको थियो।

१०. निश्कर्ष

लोकतान्त्रिक राज्यको प्रमुख अङ्गको रूपमा रहने न्यायपालिकाको स्थान र कार्यस्तरबाट नै राज्यको सफलताको मापन हुन्छ। कुनै पनि आदर्श राज्यमा हुने भनिएको शक्ति सन्तुलनको सिद्धान्तका लागि पनि न्यायपालिकाको उचित स्थान र कार्यसम्पादन हुनु जरुरी छ। कुनै पनि राज्य वास्तविक अर्थमा लोकतान्त्रिक र लोककल्याणकारी तब हुन्छ, जब आधारभूत मूल्य र मान्यता स्थापित हुन्छन्। मानवअधिकारको संरक्षण र सम्वर्द्धन यस्तै एउटा मान्यता हो। राज्यका हरेक अङ्ग तथा निकायबाट यसतर्फ या विरुद्ध गरिने कार्यले नै राज्यको सफलताको अनुभूति दिलाउँछ।

नेपालको परिप्रेक्ष्यमा वर्ष २०१२ मा न्यायपालिकाको भूमिकालाई सकारात्मक नै मान्नुपर्छ। सर्वोच्च र यसका मातहतका अदालतले विभिन्न अवरोधका बाबजुद पनि मानवअधिकारको संरक्षण र सम्वर्द्धनमा सहयोग हुने प्रकारका फैसला गरे। इतिहासमै पहिलो पल्ट सर्वोच्च अदातलका पदेन न्यायाधीशको हत्या हुनुले अदालतलाई त्रसित बनाउने उदेश्यले यो घटना भएको भन्न सकिन्छ। संसद् नभएको अवस्थामा निरंकुशतातर्फ लाग्न सक्ने कार्यपालिकाका मनोगत निर्णलाई न्यायपालिकाले केही सन्तलुनमा ल्याएको भए पनि यसरी न्यायाधीशमाथि नै साङ्घातिक आक्रमण हुनु र यसमा प्रहरीले कसैलाई गिरफ्तार गर्न नसक्नु या नचाहनुले राष्ट्र गम्भीर सङ्कट तर्फ बढेको इङ्गित हुन्छ। न्यायपालिका पनि आफ्नै आन्तरिक तथा बाह्य समस्याबाट बाहिर आउन सकेन। व्यक्तिगत अहम् र निष्क्रियताले संसदशून्य राज्य पनि विभिन्न संवैधानिक पदसँगै सर्वोच्च अदालत नै पनि शून्य हुने अवस्था आयो भने वर्षौंदेखि रिक्त रहेका पदपूर्ति हुन नसक्दा जनताको छिटो न्याय पाउने अधिकारको पनि रक्षा हुन सकेन।

न्यायपालिकाको कार्यसम्पादन राज्यका अन्य निकायको अनुपस्थिति या असहयोगमा उपलब्धिमूलक हुन सक्दैन। न्यायपालिकाका निर्णय, आदेश कार्यान्वयन नगर्ने हो भने न्यायपालिकाको मानमर्दन त हुन्छ नै, राज्यको आफू लोकतान्त्रिक तथा न्यायप्रेमी तथा मानवअधिकारको रक्षामा उद्यत रहेको दावी कमजोर ठहरिन पुग्छ। नेपालमा सन्दर्भमा पनि पछिल्लो अवस्थाकै झलक देखिन थालेको छ जुन आशावादी, न्यायप्रेमी जनताका लागि सुखद मान्न नसकिने अवस्था हो।

३.२ राज्य र मानवअधिकार

कार्यपालिका

परिच्छेद

३

घटनाक्रम

०६८ पुस १६ गतेदेखि ०६९ पुस १६ गतेसम्म

माघ २६ गते

मन्त्रिपरिषद्को मिति २०६८।९।२८ को बैठकबाट विगतको जनयुद्ध (द्वन्द्व) कालमा स्थानीय जनसत्ताद्वारा पारित गरिएका लिखतहरूलाई रजिष्ट्रेशन (पारित) गर्ने र त्यस्तो लिखतमा लाग्ने रजिष्ट्रेशन दस्तुर छुट दिने विषयको भूमिसुधार तथा व्यवस्था मन्त्रालयको प्रस्तावमा कानुनी तथा प्रक्रियागत विषय मन्त्रालय आफैंले मिलाउने र आगामी तीन महिनाभित्र कार्यसम्पन्न गर्ने गरी लिखतमा लाग्ने रजिष्ट्रेशन दस्तुर छुट दिने निर्णय भएकोमा नेपाल सरकार, मन्त्रिपरिषद्को निर्णय कार्यान्वयन नगर्न सम्मानित सर्वोच्च अदालतले स्थगन आदेश जारी गरेको र त्यस सम्बन्धमा विपक्षी दलहरूले समेत व्यवस्थापिका (संसद्को बैठक अवरुद्ध गरिरहेको सन्दर्भमा मन्त्रिपरिषद्को मिति २०६८।९।२८ को उक्त निर्णय कायम नरहने र कार्यान्वयन नगर्ने। द्वन्द्वकालदेखिका किसानहरूका उक्त समस्या सकारात्मक ढङ्गले समाधान गर्न सरकारले एक साताभित्र आवश्यक व्यवस्था गर्ने।

फागुन २२ गते

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय (लैङ्गिक हिंसा तथा भेदभाव उन्मूलनका लागि रणनीतिक योजना तयार गर्नेसम्बन्धी अवधारणा स्वीकृत गर्ने।

बालबालिकासम्बन्धी राष्ट्रिय नीति, २०६८ मन्त्रिपरिषद् सामाजिक समितिमा छलफल गरी समितिको निर्णयबमोजिम गर्ने।

मानव बेचबिखन विशेषगरी महिला तथा बालबालिकाहरूको बेचबिखन तथा ओसारपसार विरुद्धको राष्ट्रिय कार्ययोजना, २०६८ स्वीकृत गर्ने।

चैत १० गते

सरकारी वार्ता समिति र किरात जनवादी वर्कर्स पार्टीका बीच भएको पाँच बुँदे सहमति अनुमोदन गरी कार्यान्वयन गर्ने।

चैत २७ गते

सशस्त्र द्वन्द्वमा बालबालिकाको प्रयोग विरुद्धको संयुक्त राष्ट्र सङ्घीय बालअधिकारसम्बन्धी महासन्धिको इच्छाधिन आलेख, २००० को प्रारम्भिक प्रतिवेदन मन्त्रिपरिषद्, विधेयक समितिमा छलफल गरी समितिको निर्णयबमोजिम गर्ने।

फरक किसिमले सक्षम (अपाङ्ग) व्यक्तिहरू विरुद्ध हुने भेदभाव अन्त्य र उनीहरूको उत्थान, विकास र अधिकारको प्रवर्द्धसम्बन्धी संयन्त्र, २०६८ स्वीकृत गर्ने।

जातीय भेदभाव तथा छुवाछुत अन्त्य तथा दलितहरूको अधिकार प्रवर्द्धन संयन्त्र, २०६८ स्वीकृत गर्ने।

वैशाख ७ गते

नेपालको अन्तरिम संविधान (बाह्रौ संशोधन), २०६९ व्यवस्थापिका (संसद्समक्ष माननीय कानुन तथा न्यायमन्त्रीले पेश गर्ने।

५० प्रतिशत अपाङ्ग र अशक्तता भएकाले पाएसरहको आर्थिक सहायता र सुविधा उपलब्ध गराउने विषयको प्रस्ताव स्वीकृत गर्ने।

मन्त्रिपरिषद् विधेयक समितिको २०६६ र १० र १८ को बैठकबाट सत्य निररूपण तथा मेलमिलाप आयोगको सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०६६ माननीय शान्ति तथा पुनःनिर्माण मन्त्रीले व्यवस्थापिका (संसद्समक्ष पेश गर्ने निर्णय भएकोमा उक्त विधेयक फिर्ता माग गर्ने।

मन्त्रिपरिषद्, विधेयक समितिको मिति २०६६ र ७ र १२ को बैठकबाट व्यक्ति बेपत्ता पार्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०६६ माननीय शान्ति तथा पुनःनिर्माण मन्त्रीले व्यवस्थापिका (संसद्समक्ष पेश गर्ने निर्णय भएकोमा उक्त विधेयक फिर्ता माग गर्ने।

वैशाख १५ गते

सहिदको परिभाषा एवम् सहिद घोषणाको मापदण्ड निर्धारणसम्बन्धी कार्यदलको म्याद थप गर्ने।

सरकारी वार्ता समिति र नेपाल दशनामी सन्यासी राष्ट्रिय सङ्घर्ष समितिबीच भएको तीन बुँदे सहमति अनुमोदन गरी कार्यान्वयन गर्ने विषयको प्रस्ताव - मन्त्रिपरिषद् राजनैतिक समितिमा छलफल गरी समितिको निर्णयबमोजिम गर्ने।

शान्ति तथा पुनःनिर्माण मन्त्रालय (नेपाल सरकारद्वारा गठित सरकारी वार्ता समिति र राष्ट्रिय जनमुक्ति पार्टी आन्दोलन परिचालन समितिको वार्ता टोलीबीच भएको दुई बुँदे सहमति अनुमोदन गर्ने विषयको प्रस्ताव - मन्त्रिपरिषद्, राजनीतिक समितिमा छलफल गरी समितिको निर्णयबमोजिम गर्ने।

नेपाल सरकारद्वारा गठित सरकारी वार्ता समिति र संयुक्त क्रान्तिकारी तराई मधेस मुक्ति मोर्चाको वार्ता टोलीबीच भएको छ बुँदे सहमति अनुमोदन गर्ने।

वैशाख २१ गते

नेपाल सरकारद्वारा गठित सरकारी वार्ता समिति र खस क्षेत्री एकता समाज आदिवासी जनजातीको वार्ता समितिबीच भएको चार बुँदे सहमति अनुमोदन गर्ने विषयको प्रस्ताव- मन्त्रिपरिषद्, राजनीतिक समितिमा छलफल गरी समितिको निर्णयबमोजिम गर्ने।

माओवादी सेनाका लडाकूहरूको रेखदेख, समायोजन र पुनःस्थापनका लागि नेपाल सरकारबाट गठित माओवादी सेनाका लडाकुहरूको रेखदेख, समायोजन र

पुन:स्थापनासम्बन्धी विशेष समितिको म्याद समाप्त हुने मितिदेखि २०६९ जेठ १४ गतेसम्म थप गर्ने।

असार २१ गते

मृतक सेते दमाईका आश्रित परिवारलाई १० लाख रुपियाँ आर्थिक सहायता उपलब्ध गराउने गरी अरु प्रस्तावमा लेखिएबमोजिम गर्ने।

असार २८ गते

सरकारी वार्ता टोली र थारु संयुक्त सङ्घर्ष समितिको वार्ता टोली बीच भएको १० बुँदे सहमति अनुमोदन गर्ने विषयको प्रस्ताव - कारवाही फिर्ता लिने विषय प्रक्रिया पुऱ्याई कार्यान्वयन गर्न गृह मन्त्रालय पठाउने र राजनीतिक प्रकृतिका अन्य विषयहरू मन्त्रिपरिषद्मा राजनीतिक समितिमा छलफल गरी समितिको निर्णयबमोजिम गर्ने।

सरकारी वार्ता टोली र संयुक्त लोकतान्त्रिक थारु मोर्चाको वार्ता टोली बीच भएको आठ बुँदे सहमति अनुमोदन गर्ने विषयको प्रस्ताव- कारवाही फिर्ता लिने विषय प्रक्रिया पुऱ्याई कार्यान्वयन गर्न गृह मन्त्रालय पठाउने र राजनीतिक प्रकृतिका अन्य विषयहरू मन्त्रिपरिषद्, राजनीतिक समितिमा छलफल गरी समितिको निर्णयबमोजिम गर्ने।

माओवादी सेनाका लडाकुहरूको रेखदेख, समायोजन र पुनर्स्थापना सम्बन्धी विशेष समितिको सचिवालयका लागि अस्थायी दरबन्दी सिर्जना गर्ने विषयको प्रस्ताव- प्रस्तावको प्रकरण निर्णय हुनुपर्ने व्यहोरा अन्तर्गत प्रस्तावित व्यहोरामा रहेको जेठ १ गते देखि ०६९ जेठ १५ गते सम्मका लागि भन्ने व्यहोराको सट्टा जेठ १ गतेदेखि ०६९ असार मसान्तसम्मका लागि भन्ने व्यहोरा राखी अरू प्रस्तावमा लेखिएबमोजिम गर्ने।

साउन १७ गते

निर्वाचन आयोगको च.नं. २१३।०६९ (७० मिति २०६९।४।१५ को अर्को संविधान सभाको निर्वाचन २०६९ मङ्सिर ७ गते हुन नसक्ने जानकारी विषयको पत्र अवगत भयो। सो सन्दर्भमा राजनीतिक दलहरूसँग सहमति कायम गरी निर्वाचनको नयाँ मिति तय गर्नका लागि उपप्रधानमन्त्री एवम् गृहमन्त्रीको संयोजकत्वमा संस्कृति, पर्यटन तथा नागरिक उड्ड्यनमन्त्री र भूमिसुधार तथा व्यवस्थामन्त्री रहेको समिति गठन गर्ने।

भदौ ११ गते

स्वर्गीय न्यायाधीश रणबहादुर बम हत्या जाँचबुझ आयोगको म्याद थप गर्ने।

बेपत्ता भएका व्यक्तिको छानविन, सत्य निरूपण तथा मेलमिलाप आयोग अध्यादेश, २०६९ जारी गर्न नेपालको अन्तरिम संविधान, २०६३ को धारा ८८ को उपधारा (१) बमोजिम सम्माननीय राष्ट्रपतिसमक्ष सिफारिस गर्ने।

शान्ति तथा पुर्ननिर्माण मन्त्रालय राहत तथा पुन:स्थापन इकाई र नागरिक राहत, क्षतिपूर्ति तथा आर्थिक सहायता सम्बन्धी कार्यविधि, २०६६ को म्याद थप गर्ने।

भदौ २५ गते

समायोजनमा नपर्ने माओवादी सेनाका लडाकुहरूका लागि रकमको व्यवस्था गर्ने।

भदौ २८ गते

प्रहरी महानिरीक्षक पदमा कुवेरसिंह रानालाई बढुवा गर्ने।

न्यून आय भएका विद्यार्थीलाई राहत सहुलियत उपलब्ध गराउने

असोज ११ गते

सुदूरपश्चिमाञ्चल विकास आयोग (गठन तथा कार्यसञ्चालन) आदेश, २०६९ को सट्टा छलफलका क्रममा उठेका विषयवस्तु समावेश गरी परिमार्जन गरिएको यसैसाथ संलग्न सुदूरपश्चिम विकास आयोग-गठन तथा कार्यसञ्चालन) आदेश, २०६९ स्वीकृत गर्ने। उक्त आदेश स्वीकृत भएको मितिदेखि लागू हुने गरी नेपाल राजपत्रमा प्रकाशन गर्ने।

असोज १८ गते

माओवादी सेनाका लडाकुहरूलाई स्वैच्छिक अवकाशको रकम व्यवस्था गर्ने।

असोज २५ गते

सुदूरपश्चिम विकास आयोगमा पदाधिकारी नियुक्ति गर्ने।

शान्ति तथा पुननिर्माण मन्त्रालय (द्वन्द्व प्रभावित व्यक्ति, परिवार तथा संरचनाको लगत सङ्कलन कार्यदलको म्याद थप र कार्यादेश स्वीकृत।

कात्तिक १६ गते

भ्रष्टचार विरुद्धको संयुक्त राष्ट्रसङ्घीय महासन्धिको कार्यान्वयन अवस्थाको पुनरावलोकनका लागि अष्ट्रियाको भियनामा आयोजना हुने महासन्धिको कार्यान्वयन पुनरावलोकन समूहको तेस्रो सत्रमा भाग लिन पठाउने।

मुद्दा फिर्ता लिने (शेरमान कुँवरसमेत) विषयको प्रस्ताव - प्रस्तावको प्रकरणद्वारा निर्णय हुनुपर्ने व्यहोरा अन्तर्गत प्रस्तावित खण्ड (ख) हटाई अरू प्रस्तावमा लेखिएबमोजिम गर्ने।

सर्वोच्च अदालतका माननीय न्यायाधीश श्री रणबहादुर बमको हत्या सम्बन्धमा गठित जाँचबुझ आयोग, २०६९ को प्रतिवेदनमा औंल्याइएका सुझावहरूको खण्डमात्र सार्वजनिक गरी प्रतिवेदनका आवश्यक अंशहरू कार्यान्वयन गर्न गृह मन्त्रालयमा पठाउने।

पृष्ठभूमि

मानवअधिकारको संरक्षण, सम्वर्द्धन र प्रवर्धन गर्ने दायित्व सरकारको हो। पक्षराष्ट्र भएको अन्तर्राष्ट्रिय सन्धि महासन्धिले सृजना गरेको दायित्व वहन गर्ने र त्यसको कार्यान्वयन गर्ने गराउने जिम्मेवारी पनि सरकारको हुन्छ। सरकार मानवअधिकारको पालनकर्ता र संरक्षणकर्ता दुवै हो। तसर्थ मानवअधिकारको अवस्था चित्रण गर्नुपर्दा सरकारको काम कारबाहीको सुक्ष्म विश्लेषण आवश्यक हुन्छ। यस परिच्छेदमा सन् २०१२ मा कार्यपालिकाले गरेको काम कारबाही मानवअधिकारको दृष्टिकोणले विश्लेषण गर्ने प्रयास गरिएको छ।

अघिल्लो वर्ष गठन भएको डा.बाबुराम भट्टराई नेतृत्वको सरकारले विपक्षी र आफ्नै दलका शीर्ष नेताहरूको विरोध र विवादका बाबजुद सन् २०१२ भरि नै निरन्तरता पायो। संविधानसभाको निर्वाचनपछि गठित यो चौथो सरकार यसबीचका सरकारमध्ये सबैभन्दा लामो समय स्थिर रहन सफल भयो। तत्कालीन संविधानसभाका ३३ दलमध्ये १२ दलको प्रत्यक्ष सहभागिता र २० दलको समर्थनमा बनेको सरकारले वर्षको मध्यतिर केही समय नेपाली काङ्ग्रेस र एमाले समेतको सहभागितामा संयुक्त सहमतीय सरकारको स्वरूप पाए पनि त्यो टिकाउ रहन सकेन। संविधानसभाको समयावधि थप गर्ने विषयमा असहमति जनाउँदै नेपाली काङ्ग्रेस र एमाले सरकारबाट बाहिरिएपछि सरकारको अङ्कगणितीय समीकरण कमजोर बन्यो। नयाँ संविधानबिना नै संविधानसभा विघटन भएपछि नैतिक र वैधानिक सङ्कट ब्यहोरेको सरकार आफैँले घोषणा गरेको नयाँ निर्वाचन गराउन नसकेपछि थप आलोचित बन्यो। सरकार गठनपूर्व कमाएको अनपेक्षित लोकप्रियता वर्षको उत्तरार्द्धसम्म आइपुग्दा पूर्णरूपमा पतोन्मुख भयो। सरकारको काम कारबाही र शैलीप्रति असन्तुष्टि जनाउँदै १० वर्ष एउटै विचार, सिद्धान्त र दर्शनमा गोलबद्ध भएर सशस्त्र युद्धसमेत गरेका प्रधानमन्त्री भट्टराईका सहकर्मीहरू नै रुष्ट भएर बेग्लै पार्टी गठन गर्नुपर्ने अवस्थामा पुगे।

चार 'स' (शान्ति, संविधान, सुशासन र सम्वृद्धि) लाई आफ्नो मूलमन्त्र भनेर घोषणा गरेको सरकारले शान्तिका पक्षमा केही सकारात्मक र महत्वपूर्ण काम गरे पनि संविधान, सुशासन र सम्वृद्धि भने सस्तो नारामा सीमित हुन पुग्यो। माओवादी लडाकुको नेपाली सेनामा समायोजन र व्यवस्थापन यो वर्ष शान्तिप्रक्रियामा भएको उल्लेखनीय काम थियो। नयाँ संविधानबिना नै संविधानसभाको अवसान हुनाले लम्बिँदै गएको सङ्क्रमणकाललाई भने थप जटिलतातर्फ धकेल्यो। संसद्को रिक्ततालेे संवैधानिक सङ्कटसमेत निम्त्यायो। सङ्क्रमणकालीन न्यायलाई सम्बोधन गर्ने संयन्त्रहरू निर्माण गर्नेतर्फ गम्भीर नबन्दा नयाँ समस्याहरू देखापरे। यसै वर्ष संयुक्त राष्ट्रसङ्घले *'नेपाल द्वन्द्व प्रतिवेदन २०६९'* सार्वजनिक गऱ्यो। सो प्रतिवेदनसँगै सशस्त्र द्वन्द्वको समयमा नेपालमा भएका गम्भीर मानवअधिकार उल्लङ्घनका विषयमा नयाँ बहसको थालनी भयो। सरकारले उक्त प्रतिवेदनलाई अस्वीकार गरेको प्रतिक्रिया दिएर मानवअधिकारप्रति आफ्नो अकर्मण्यता अन्तर्राष्ट्रियस्तरमा उदाङ्गो पाऱ्यो।

जोडतोडका साथ सुशासनको नारा दिँदै आएको सरकारले भ्रष्टाचार न्यूनीकरण गर्न सकेन। इतिहासमा पहिलोपटक बहालवाला मन्त्री भ्रष्टाचारी ठहर भई जेल गए। द्वन्द्वपीडित र माओवादी लडाकुका नाममा निकासा भएको रकममासमेत व्यापक अनियमितता भएको प्रधानमन्त्रीकै दलका नेताहरूबाट रहस्योद्घाटन भयो। दण्डहीनताको निरन्तरता यो वर्ष पनि कायमै रह्यो। अदालतका आदेशहरूका बर्खिलाप गएर कानुनी शासनको हुर्मत लिन सरकारले कुनै कसर बाँकी राखेन। जवाफदेहीताको अभावमा विधिको शासन कमजोर बन्यो। राजनीतिक मुद्दाका नाममा मापदण्ड मिचेर आपराधिक मुद्दाहरू फिर्ता लिने गलत अभ्यास रोकिएन। महिला हिंसाका नयाँ आयामहरू बाहिर आए। सुत्केरी व्यथा र झाडापखालाबाट मान्छे मर्ने क्रम रोकिएन। विकट पहाडी जिल्लामा खाद्यान्न अभाव र चिसोका कारण तराईमा ज्यान गुमाउने नियमित आकस्मिकता यथावत रह्यो।

प्रतिपक्षीको सहमति जुटाउन नसकेकाले सरकारले पूर्ण बजेट ल्याउन सकेन। यसले गर्दा विकास निर्माण कार्यमा अवरोध हुन गयो। राष्ट्रिय सरोकारका विषयभन्दा पनि सरकारको निरन्तरताको मुद्दा वर्षभरि नै सरकारको प्राथमिकतामा पऱ्यो। सरकारप्रमुखको ध्यान मुलुकको समस्या समाधान गर्नेतर्फ भन्दा सत्तारुढ गठबन्धनलाई खुसी तुल्याउनेतर्फ बढी केन्द्रित रह्यो। सन् २०१२ को आधा वर्ष (छ महिना) कामचलाउको हैयिसतमा रहेको यो सरकारले यी तमाम पृष्ठभूमिमा मानवअधिकार र सामाजिक न्यायको क्षेत्रमा गरेका कामहरूको विश्लेषणमा यो परिच्छेद केन्द्रित रहेको छ।

१. सत्ता समीकरणको अङ्कगणितीय अभ्यास

बहुमतीय सरकारको प्रधानमन्त्री नबन्ने

उद्घोष गर्दै आएका डा. बाबुराम भट्टराईले अन्ततः मधेसी मोर्चासँग चारबुँदे सम्झौता गरी अङ्कगणितीय समीकरणको आधारमा अघिल्लो वर्ष गठन भएको सरकारले यस वर्ष पनि निरन्तरता पायो। एकीकृत माओवादी, मधेशी, जनजाति, थरूहट, दलित तथा पिछडावर्ग आन्दोलनका क्रममा आपराधिक मुद्दा खेपिरहेका व्यक्तिहरूको मुद्दा फिर्ता लिने र आममाफी दिने जस्तो मानवअधिकारको आधारभूत सिद्धान्तलाई किनारा लगाएर सत्ता समीकरण गरे। प्रधानमन्त्री भट्टराईले सत्ता टिकाउनैका लागि पटक-पटक मानवअधिकारका मूल्य मान्यता विरुद्ध सम्झौता गरिरहे। नेपालको इतिहासमा सबैभन्दा ठूलो मन्त्रिमण्डल गठन गर्ने भट्टराईको तर्क सत्ता समीकरणको सन्तुलन कायम गर्नु थियो। उनको भन्दा बढी दलहरूको समर्थनमा गठन भएको तत्कालीन माधव नेपाल नेतृत्वको सरकारको आयतन पनि यति ठूलो थिएन। यसैबीच, १२ बुँदे सम्झौतादेखि आत्मसात् गरिएको र नेपालको अन्तरिम संविधान २०६३ को भाग ५ को धारा ३८ (१) मा व्यवस्था गरिए बमोजिम[1] ०६९ वैशाख २३ गते चालु सरकारमै पार्टी महामन्त्री कृष्ण सिटौलाको नेतृत्वमा नेपाली काङ्ग्रेससमेत सम्मिलित पहिलो सहमतीय सरकार गठन भयो। त्यस सरकारमा जेठ ३ गते पार्टी महासचिव ईश्वर पोखरेलको नेतृत्वमा एमाले पनि सहभागी भयो। वैशाख २१ गते मध्यरातमा तीन दल र मधेसी मोर्चाबीच भएको पाँचबुँदे सहमतिपछि काङ्ग्रेस र एमाले सरकारमा सहभागी भएका थिए।[2] संविधानसभाको म्याद थप गर्ने सरकारको प्रस्तावप्रति असहमति जनाउँदै काङ्ग्रेस सरकारमा सहभागी भएको १८ औँ दिनमा र एमाले आठौँ दिनमै सरकारबाट बाहिरिएका थिए। काङ्ग्रेस र एमालेको बहिर्गमनपछि पुनः बहुमतीय सरकारको स्वरूपमा रहेको भट्टराई सरकारले जेठ १४ गते राति नयाँ संविधानविना नै संविधानसभा विघटनको घोषणापछि नयाँ नेतृत्वको सहमतीय सरकार गठन हुनुपर्ने विपक्षी दलहरूले माग गरे। आफूलाई संधै सहमतिको पक्षधरको रूपमा प्रस्तुत गरिरहने भट्टराईले विपक्षीको शान्तिपूर्ण आवाजको बेवास्ता गर्दै देश गहिरो राजनीतिक सङ्कटतर्फ गइरहँदा पनि आफू पदबाट हट्न तयार भएनन्। संवैधानिक जटिलताका कारण राष्ट्रिय राजनीतिको गाँठो फुकाउन राजनीतिक सहमतिको विकल्प नभएको अवस्थामा भट्टराई सरकारको हठधर्मी निरन्तरताले निकासको मागप्रशस्त हुन सकेन। यद्यपि सहमतिका लागि नयाँ नयाँ सर्त राख्दै सहमतिको कुरा गर्न भने उनले छाडेनन्।

२. संविधानसभा विघटन : थप अन्यौलको सिर्जना

०६९ जेठ १४ गते राति १२:०० बजे म्याद समाप्त हुन लागेको संविधानसभालाई प्रधानमन्त्री भट्टराईले १५ मिनेट अगाडि बिनाविकल्प विघटन गरिएको घोषणा गरे। अन्तरिम संविधान, २०६३ ले संविधानसभाको म्याद प्रष्टरूपमा दुई वर्षमात्र भनेर उल्लेख गरे पनि राजनीतिक सहमतिका आधारमा संविधान संशोधन गर्दै चारपटक गरी दुई वर्ष म्याद थप गरिएको थियो। पटक-पटक म्याद थप गर्दा पनि संविधानसभाले आशानुरूप काम गर्न नसकेपछि सर्वोच्च अदालतले संविधानसभाको म्याद थप विरुद्ध परेको रिटको सुनवाइ गर्दै ०६८ मङ्सिर ९ गते अन्तिम एकपटक छ महिनाभन्दा बढी संविधानसभाको म्याद थप गर्न नमिल्ने आदेश दिएको थियो। यसअघि तीन महिनाको लागि थपिएको म्याद भदौ १४ गते पूरा हुनुअघि नै संविधान संशोधन गरेर संविधानसभाको म्याद पुनः तीन महिनाका लागि थपिएको थियो। मङ्सिर १४ गते तीन महिना पुग्नुअघि मङ्सिर ९ गते नै सर्वोच्च अदालतले एकपटकको लागि मात्र म्याद थप्न आदेश गऱ्यो। प्रधानन्यायाधीश खिलराज रेग्मीलगायतको इजलासले प्रधानमन्त्री, मन्त्रिपरिषद् र सभामुखका नाममा आदेश जारी गर्दै अब थपिने म्यादलाई अन्तिम भनी फैसला गरेको थियो।[3]

सर्वोच्च अदालतले स्पष्टरूपमा संविधानसभाको म्याद जेठ १४ गतेभन्दा पछाडि थप गर्न नमिल्ने आदेश

---

१. राजनीतिक सहमतिका आधारमा प्रधानमन्त्री र निजको अध्यक्षतामा मन्त्रिपरिषद् गठन हुनेछ।

२. हेर्नुहोस्, पाँचबुदे सहमति तालिका नम्बर १

३. विशेष इजलासको आदेशमा (क) संविधानको धारा ६४ ले दिएको अतिरिक्त समय पनि सकिएको र आवश्यकताको सिद्धान्तअनुसार थपिएको समयमा पनि संविधान नबनेकाले अब अन्तिम पटक मात्र म्याद थप्न सकिन्छ। (ख) संविधानसभा गठनपछि संविधान निर्माणमा हालसम्म के कस्ता उपलब्धि भए र कति बाँकी छन् निक्यौंल गरी आवश्यकताअनुसार म्याद थप्नूस्। थप्दा अन्तरिम संविधानको धारा ६४ बमोजिम बढीमा ६ महिना पाइनेछ। (ग) थपिएको अवधिमा पनि संविधान निर्माण पूरा गर्न नसकिएमा जनमत सङ्ग्रहमा जानूस् वा अर्को संविधानसभाको निर्वाचन गराउनूस् वा संविधानबमोजिम अन्य उपयुक्त प्रबन्ध मिलाउनूस् भन्ने उल्लेख थियो।

दिइसकेको र त्यस समयसीमा भित्र संविधानसभाले नयाँ संविधान जारी गर्नसक्ने आधार शून्यप्राय: रहेको अवस्थामा सरकारले समयमा नै विकल्पको खोजी गर्नुपर्थ्यो। व्यवस्थापिका संसद्को अस्तित्व रहँदै संविधान संशोधन गरी विकल्प तय गर्न सकिन्थ्यो। तर,सरकारले मध्यरातमा हठात नयाँ निर्वाचन घोषणा गरी संविधानसभाको विघटनको घोषणा गऱ्यो। नयाँ निर्वाचनमै जानका लागि पनि व्यवस्थापिका संसद्बाट अन्तरिम संविधान संशोधन गर्न जरुरी थियो। नयाँ संविधानबिना नै संविधानसभा अवसान हुनुमा विपक्षी दल कम जिम्मेवार नरहे तापनि नैतिक रूपमा दोषको जिम्मा तत्कालीन सरकारको रह्यो।

तालिका नं. १

यस्तो छ सहमति

२०६८ साल कात्तिक १५ गते भएको सातबुँदे सहमतिबमोजिम संविधान निर्माण कार्यलाई सम्पन्न गर्न तथा राष्ट्रिय सहमतिको सरकार गठन गर्न राजनीतिक दलहरूका बीचमा निम्नलिखित सहमति भएको छ :

१) वर्तमान मन्त्रिपरिषद्का सबै सदस्यहरूले राजीनामा गरिसकेको वर्तमान स्थितिमा दुई दिनभित्र विगतमा भएको सातबुँदे सहमतिबमोजिम प्रधानमन्त्री डा. बाबुराम भट्टराईको नेतृत्वमा सहमतिको नयाँ सरकार गठन गरिनेछ।

२) संविधान निर्माणका क्रममा देखिएका राज्यको पुनर्संरचना, शासकीय स्वरूपलगायतका सबै विषयहरूलाई तीन दिनभित्र सहमतिमा टुंग्याइनेछ। सहमति हुन नसकेका विषयहरूलाई प्रक्रियाबाट निर्णयमा लगिनेछ।

३) २०६९ साल जेठ १४ गतेअगावै नयाँ संविधान घोषणा गरिनेछ। संविधान घोषणा गर्नुअघि वर्तमान प्रधानमन्त्रीले राजीनामा गरी नेपाली कांग्रेसको नेतृत्वमा राष्ट्रिय सहमतिको सरकार गठन गरिनेछ। यो सरकारले एक वर्षभित्र राष्ट्रिय आम निर्वाचन सम्पन्न गराउनेछ।

४) शान्ति प्रक्रियाका बाँकी कामहरू विगतका सहमतिबमोजिम अविलम्ब सम्पन्न गरिनेछ।

५) संविधान निर्माणको कामलाई तीव्रता दिन राजनीतिक दलका शीर्ष नेताहरूको नियमित रूपमा बैठक गरिनेछ।

पुष्पकमल दाहाल 'प्रचण्ड'	सुशील कोइराला	झलनाथ खनाल	विजयकुमार गच्छदार
अध्यक्ष	सभापति	अध्यक्ष	संयुक्त लोकतान्त्रिक मधेसी
एनेकपा (माओवादी)	नेपाली कांग्रेस	नेकपा (एमाले)	मोर्चाको तर्फबाट

मिति : २०६९।३।२१

चार वर्षको अवधिमा १ सय १७ दिनमा कुल ३ सय ७७ घण्टा ३८ मिनेट बसेको संविधानसभाका धेरैजसो बैठकले संविधानका विषयवस्तुमाथि छलफल, कार्यतालिका परिर्वतन र नियमावली संशोधन गर्नमा बिताएको थियो। नियमावली संशोधन र कार्यतालिका परिर्वतनका लागि २६ ओटा बैठक बसे। यसबाहेक सभासद्को पद रिक्तता, समितिमा हेरफेर, गयल स्वीकृत र शोकप्रस्तावका विषयमा पनि बैठक बसेका थिए। संविधानलेखन प्रयोजनका लागि बसेका ७७ बैठकमध्ये ६० ओटामा मात्र सभासद्ले छलफलमा भाग लिएका थिए। त्यसमध्ये पनि १७ दिनको बैठक प्रतिवेदन, छलफलको मिति निर्धारण र संवैधानिक समितिमा पठाउने कार्यसूचीका कारण छोटा थिए। विषयगत ११ समितिका मस्यौदा प्रतिवेदन तथा राज्य पुर्नसंरचना उच्चस्तरीय सुझाव आयोगको प्रतिवेदनमाथि ६६ दिन छलफल भएका थिए।

४ वैशाख ०६८ मा बसेको संविधानसभाको १ सय ९ औँ बैठक र २५ कात्तिक ०६८ को ११० औँ बैठकको अन्तर सात महिना २० दिनको थियो। यी दुई बैठक श्यामसुन्दर गुप्ताको सभासद् पद खारेजी र बहालीको विषयमा बसेको थियो। त्यसअघि १२ चैत ०६७ बाट एकैपटक २० मङ्सिर ०६८ मा मात्र नियमित बैठक भएको थियो। संविधानसभाका २९ ओटा बैठक पाँच मिनेट, १८ ओटा १०-१५ मिनेट, २८ ओटा १५ मिनेटदेखि माथि र एक घण्टा भन्दा कम र ५५ ओटा पाँच घण्टा भन्दा बढी चलेका थिए। राज्य पुर्नसंरचना समितिको प्रतिवेदनमाथिको छलफल सकिएको दिन १५ माघ ०६६ मा बसेको सबैभन्दा लामो बैठक आठ घण्टा १५ मिनेटको थियो। १ मङ्सिर ०६५ मा पारित कार्यतालिकालाई ११ पटक र २० मङ्सिर ०६८ मा पारित कार्यतालिकालाई छ पटक परिर्वतन गरिएको थियो। संविधानसभाको दोस्रो वर्ष सबैभन्दा बढी ७२ पटक र तेस्रो वर्ष सबैभन्दा कम आठ, पहिलो वर्ष २९ र चौथो वर्ष १३ ओटा बैठक बसेका थिए। ०६६ सालमा विषयगत समितिका मस्यौदा प्रतिवेदनमाथि धेरै छलफल भएकोले दोस्रो वर्ष बढी बैठक भएका थिए। यसबीचमा व्यवस्थापिका-संसद्को बैठक भने ३ सय ७३ पटक बसेको थियो।[४] यसरी नेपाली जनताले धेरै आशा र विश्वास गरेको ऐतिहासिक संविधानसभा चार वर्षसम्म अस्तित्वमा रहेर पनि संविधान निर्माण नगरी नै समाप्त पारियो। राजनीतिक दलहरूको अकर्मण्यता, सरकारको पहलकदमीको कमीका कारण जनआकाङ्क्षालाई चरम निराशामा परिणत गरियो। ०६९ जेठ १४ को मध्यरातमा संविधानसभासँगै नौ अर्बको सरकारी खर्च र चार वर्षको समय व्यर्थ गएको अनुभव गरियो। सरकारले नारा बनाएको चार 'स' मध्येको एक 'स' संविधान निर्माणको अध्याय यहीं स्थगन भयो।

४. पन्त, सुशील। काम भएको छ। *हिमाल खबरपत्रिका* १-१५ असार , २०६९

तालिका नं. २ विभिन्न शिविरबाट समायोजित माओवादी लडाकु सङ्ख्या

शिविर	अनमिनको रेकर्ड	विशेष समितिको अद्यावधि	समायोजनमा जानेहरू			स्वेच्छिक अवकास	पुन:स्थापना
			अन्य	अधिकृत	जम्मा		
इलाम	१,५३३	१,५१७	१,१२	१३	१२६	१,३५१	–
सिन्धुली	१,६५६	१,२५६	१,८३	१२	१५५	१,०५८	३
चितवन	३,५१२	३,३४७	२,०३	१४	२१७	३,१३०	–
नवलपरासी	३,०७४	२,६२२	२,५५	१५	२७२	२,३५०	–
रोल्पा	२,४३०	२,१८१	१,५२	२	१५४	१,५८७	–
सुर्खेत	३,१०५	२,५५८	२,३१	७	२३८	२,७२०	–
कैलाली	३,३३५	३,१३१	२,१०	८	२१८	२,५०५	३
काठमाडौं	१,५३	०	०	०	०	०	–
जम्मा	१५,६०२	१७,०५२	१,३८६	७१	१,४६०	१५,५८५	६

स्रोत : सेना समायोजन विशेष समिति

३. सरकारको वैधानिकतामा प्रश्न

०६९ जेठ १४ गते राति सरकार स्वयम्ले व्यवस्थापिका संसद्समेत रहेको संविधानसभा विघटनको घोषणा गरेपछि भट्टराई नेतृत्व सरकारको वैधानिकताका विषयमा बहस सुरु भयो। अन्तरिम संविधानको भाग ५ को धारा ३८ (२) बमोजिम व्यवस्थापिका संसद् सदस्यको हैसियतले छानिएका प्रधानमन्त्री व्यवस्थापिका संसद् नै नरहेको अवस्थामा स्वत: पदमुक्त हुने तर्क प्रस्तुत हुन थाले। संविधानका अधिकांश विषयमा सहमति भइसकेको अवस्थामा माओवादीले संविधान जारी गर्न नमानेर सत्ता कब्जा गर्ने रणनीति अनरूप संविधानसभा भङ्ग गरेको आरोप विपक्षी दलका नेताहरूको थियो।[५] स्वत: विघटन हुन लागेको संविधानसभालाई विघटनको घोषणा गरेर चुनावी निर्णयमा जानु नालायकी, अक्षमता, बेइमानी र गैरजिम्मेवारपूर्ण काम भएको आरोप कानुनविद्हरूले पनि लगाए।[६] संविधानसभाको विघटनपछि आउने संवैधानिक जटिलतालाई हल गर्ने उपाय नखोजी नयाँ चुनावको घोषणा मात्र गर्नु सोझो अर्थमा सत्तालाई निरन्तरता दिनु नै थियो। अन्तरिम संविधानले नयाँ संविधान जारी नभई संविधानसभा विघटनको परिकल्पना नै नगरेकाले सङ्कट निम्तिएको थियो। यसैबीच, राष्ट्रपतिले जेठ १६ गते एक विज्ञप्ति जारी गराउँदै संविधानसभा विघटनसँगै प्रधानमन्त्रीको सदस्यता पनि स्वत: समाप्त भएकाले वर्तमान सरकार कामचलाउ रहेको घोषणा भयो। राष्ट्रपतिद्वारा अन्तरिम संविधानको धारा ३८ को उपधारा ९ बमोजिम अर्को मन्त्रिपरिषद् गठन नभएसम्म दैनिक कार्य सञ्चालन गर्न कामचलाउ सरकारलाई स्मरणसमेत गराइएको थियो। यसरी राष्ट्रप्रमुखले कामचलाउ सरकार घोषणा गरे पनि सरकारले भने पूर्ववत शासन गर्ने अभिलाषा अनुरूप आफ्ना क्रियाकलाप जारी राख्दै रह्यो, जसले गर्दा सरकार दिन प्रतिदिन आलोचित हुनथाल्यो।

४. माओवादी लडाकु समायोजन तथा व्यवस्थापन

छ वर्षदेखि सुचारु शान्तिप्रक्रियाको एउटा महत्वपूर्ण एवम् जटिल पाटो माओवादी लडाकुको समायोजन तथा व्यवस्थापन यस वर्ष सम्पन्न भयो। ०६३ मङ्सिर ५ गते विस्तृत शान्ति सम्झौतामार्फत प्रारम्भ भएको शान्तिप्रक्रिया अन्तर्गत ०६३ माघ १ गते जारी गरिएको अन्तरिम संविधान, ०६३ मा विशेष समिति बनाएर माओवादी लडाकुको समायोजन र व्यवस्थापन गर्ने उल्लेख गरिएको थियो। संविधानसभा निर्वाचनपछि बन्ने मन्त्रिपरिषद्ले विशेष समिति गठन गरी छ महिनाभित्र शान्ति प्रक्रिया टुङ्ग्याउने विषयमा दलहरूबीच सहमति भएको थियो। संविधानसभा

५. परियार, गोविन्द। माओवादी रणनीति सत्ता कब्जा। *नागरिक दैनिक*। ०६९ जेठ १७ गते पृ. १
६. दाहाल, विनीता। चुनाव घोषणाले संवैधानिक संकट। *नागरिक दैनिक*। ०६९ जेठ १६ गते पृ.१

निर्वाचनपश्चात् पहिलो सरकार माओवादी नेतृत्वमा ०६५ साउनमा गठन भएको थियो। माओवादी लडाकुलाई कति सङ्ख्यामा कुन निकायमा समायोजन गर्ने भन्ने पटक-पटक विवाद भएका कारण छ महिनामा टुङ्ग्याउने भनिएको समायोजन प्रक्रिया पूरा गर्न झण्डै छ वर्ष लाग्यो। तत्कालीन राष्ट्रसङ्घीय मिसन अनमिनको प्रमाणीकरणमा उपस्थित झण्डै ३२ हजार लडाकुमध्ये १९ हजार ६ सय २ मात्र वास्तविक लडाकु ठहरिएका थिए। अन्तिम प्रक्रियामा आइपुग्दासम्म प्रमाणित लडाकुमध्ये १० प्रतिशत पनि समायोजन हुन इच्छुक देखिएनन्।[७] सेना समायोजन विशेष समिति सचिवालयकाअनुसार अनमिनले प्रमाणीकरण गरेका लडाकु सङ्ख्या १९ हजार ६ सय २ रहेकोमा विशेष समितिले अद्यावधिक गर्दा १७ हजार ५२ बाँकी रहेका थिए। तीमध्ये १ हजार ४ सय ६० जनाले समायोजन, १५ हजार ५ सय ८५ ले स्वेच्छिक अवकास र छ लडाकुले पुनर्स्थापना रोजेका थिए।[८] समायोजन रोजेका १ हजार ४ सय ६० जना ०६९ मङ्सिर १० गतेबाट नेपाली सेनाको तालिममा सहभागी भए। समायोजनमा गएकामध्ये १६ मेजर, ३० क्याप्टेन र २५ लेफ्टिनेण्ट गरी ७१ अधिकृत र बाँकी अन्य दर्जामा छनौट भए। सैनिक तालिम पासआउट पछि पूर्व लडाकुहरूलाई नेपाली सेनाको नवनिर्मित महानिर्देशनालयमा खटाइने योजना रहेको छ।[९] ०६८ कात्तिक १५ मा ६ हजार ५ सय लडाकु समायोजन गरिने राजनीतिक सहमति भए पनि समायोजन प्रक्रियालाई निकै कम लडाकुले मात्र रोजे। स्वेच्छिक अवकास रोजेका लडाकुलाई सरकारले ५ लाख देखि ८ लाख रुपियाँसम्म उपलब्ध गराएको थियो। अवकास रोजेका लडाकुले पाएको रकमको चेक ४० प्रतिशतसम्म पार्टीलाई दिनुपर्ने भन्दै कमाण्डरहरूले जबरजस्ती खोसेपछि विभिन्न शिविरमा लडाकुहरू तोडफोड र आन्दोलनमा समेत उत्रिए।[१०]

५. अन्यौलमा नयाँ निर्वाचन

मध्यरातमा संविधानसभाको विघटन गरी संवैधानिक शून्यताको सूत्रधार रहेको सरकारले आफैले तोकेको मिति ०६९ मङ्सिर ७ गते निर्वाचन गराउन सकेन। यस्तो अवस्थामा आफ्नो सरकार असफल भएको ठहऱ्याउँदै राजीनामा दिने लोकतान्त्रिक अभ्यासको सरकारले वास्तै गरेन। नयाँ निर्वाचनका लागि भन्दै बजेटमा १० अर्ब रुपियाँ विनियोजन गरेको सरकारले निर्वाचनको मिति तय गर्न भने यस वर्षको अन्त्यसम्म पनि सकेन। अन्तरिम संविधानका कुनै पनि धाराले नयाँ निर्वाचन गराउने अवस्था नरहेको अवस्थामा राजनीतिक निकास र नयाँ निर्वाचनका लागि सहमतीय सरकार नै निर्विकल्प आवश्यकता थियो। ०६९ मङ्सिर ७ गते सम्पन्न हुन नसकेको निर्वाचन ०७० वैशाखमा गरिने भनिए पनि यस वर्षको अन्त्यसम्म त्यसका पूर्वाधारहरू तय हुन सकेनन्। निर्वाचन आयोग पदाधिकारीविहीन भएको अवस्थामा त्यसको पदपूर्ति र कानुनी अड्चन फुकाउनेतर्फ ध्यान नदिनु र निर्वाचनको रट मात्र लगाइरहनुले पनि सरकारको व्यवहार शङ्कास्पद देखियो। अन्तरिम संविधानले संविधानसभाको अर्को निर्वाचनको परिकल्पना नगरेकाले त्यो निर्वाचन कुन कानुनी प्रक्रिया र निर्वाचन प्रणालीअनुसार गर्ने, क्षेत्र कसरी निर्धारण गर्ने, नयाँ जनगणनाको नतिजा आइसकेको अवस्थामा ०६४ सालपछि थपिएका मतदातालाई कसरी समेट्ने, निर्वाचन आयोगलगायतका संवैधानिक अङ्गका रिक्त पदहरूमा कसरी पदाधिकारी नियुक्ति गर्ने, संसदविहीनताको अवस्थामा कानुन निर्माण गर्ने र संसदीय सुनुवाइ कसरी गर्नेलगायतका विषयमा १५ पुस अगावै निर्णय लिइसक्नुपर्ने थियो। सत्तामै मात्र केन्द्रित रहेका कारण यी मुद्दा प्राथमिकतामा पर्न सकेनन्। दलहरूबीचको बढ्दो ध्रुवीकरण र सरकारको सत्तालिप्साको चाहनालाई हेर्दा आगामी वैशाख-जेठमा पनि निर्वाचन असम्भव भए पनि सरकार जेठमा निर्वाचन गराउने दृढता व्यक्त गर्दै आएको छ। वैशाख जेठमा निर्वाचन हुन नसक्नु भनेको ०७० कात्तिक-मङ्सिर अगाडि चुनाव हुन नसक्ने निश्चित हुनु हो।[११] निर्वाचन आयोगले पनि पुस २६ पछि आयोग पदाधिकारीविहीन हुने भन्दै मङ्सिर अन्तिम वा पुस पहिलो साताभित्र आवश्यक ऐन कानुन संशोधन नभए

---

६. अधिकारी, सरोजराज। समायोजन प्रक्रियाका आधादशक। *इ-कान्तिपुर।* ०६९ असोज १२
८. *हेर्नुहोस तालिका नम्बर २*
९. भाट, भोजराज। अध्यायको समाप्ति।*नेपाल साप्ताहिक,* ०६९ मङ्सिर १७
१०. गौड, बेचु। कमाण्डरले चेक खोसेपछि झडप। *इ-कान्तिपुर*। ०६८ माघ २३ गते। *http://www.ekantipur.com/np/2068/10/23/full-story/342376.html*
११. बोहरा, रामेश्वर। वैशाखमा चुनाव। *हिमाल खबर पत्रिका* ०६९, १६-३० मङ्सिर

०७० वैशाखमा निर्वाचन गराउन नसक्ने धारणा व्यक्त गऱ्यो।[१२] अन्तरिम संविधान, २०६३ मा संविधानसभाको मतदाताको उमेर हद ०६३ मङ्सिर मसान्तभित्र १८ वर्ष पुगेको हुनुपर्ने उल्लेख छ। संसदीय निर्वाचनका निम्ति अन्तरिम संविधान मौन छ भने स्थानीय निर्वाचनका निम्ति स्थानीय निकाय (निर्वाचन कार्यविधि), २०४८ अनुसार सम्भव हुने आयोगले जनाएको छ। मतदाता नामावली ऐन, २०६३ अनुसार चुनाव हुने मिति तोकिएको अघिल्लो चैत मसान्तसम्ममा १८ वर्ष उमेर पुगेकाले स्थानीय निकायको निर्वाचनमा मतदान गर्न पाउँछन्। आयोगको तयारीले मात्र चुनाव हुन नसक्ने त्यसका निम्ति संविधान, ऐन, कानुन संशोधन, सुधार, परिर्वतन गर्नसमेत आवश्यक रहेको आयोगले सरकारको ध्यानाकर्षण गराउँदै आए पनि सरकार त्यसतर्फ गम्भीर भएन।

सरकारले कहिले स्वतन्त्र व्यक्तिको नेतृत्वमा नयाँ सरकार गठन त कहिले नेपाली काङ्ग्रेसको नेतृत्वमा त कहिले संविधानसभा पुनर्स्थापना जस्ता कुरा निकालेर यो वर्षभरि नै आफ्नो सत्ता लम्ब्याउने अभ्यास मात्र गरिरह्यो। स्वतन्त्र व्यक्तिको रूपमा पूर्व प्रधानन्यायाधीशको नाम आइरहँदा अन्तरिम संविधानले गरेको व्यवस्थालाई ख्याल गरिएन। अन्तरिम संविधान, २०६३ को धारा १०६ को उपधारा २ मा भनिएको छ, सर्वोच्च अदालतको प्रधान न्यायाधीश वा न्यायाधीश भइसकेका व्यक्ति धारा १३१ को उपधारा (१) को खण्ड (क) बमोजिमको पदमा बाहेक कुनै पनि सरकारी पदमा नियुक्तिको लागि ग्राह्य हुने छैन र निजले कुनै पनि अड्डा अदालतमा उपस्थित भई बहस पैरवी गर्न पाउने छैन।' संविधानले धारा १३१ बमोजिमको पद भनेर राष्ट्रिय मानवअधिकार आयोगलाई भनेको हो। संविधानको यो प्रावधानअनुसार मानवअधिकार आयोगमा बाहेक अन्यत्र न्यायाधीश र प्रधानन्यायाधीशलाई नियुक्ति गर्नु असंवैधानिक हुन्छ। यसरी अन्तरिम संविधानले नै छेकेको अवस्थामा दलहरूले प्रधानन्यायाधीशको अध्यक्षतामा सरकार गठन गर्ने बहस गर्नु कानुनी अज्ञानता थियो। सर्वोच्च अदालतको स्थायी न्यायाधीश भइसकेको व्यक्ति कुनै पनि सरकारी ओहदामा नियुक्त नहुने प्रावधान संसारका धेरै मुलुकहरूमा छ।[१३]

सरकारको क्रियाकलाप हेर्दा आगामी वर्ष पनि नयाँ निर्वाचनको अन्यौल कायमै रहने सम्भावना बढ्दै गएको आँकलन गर्न सकिन्छ। एमाओवादीको ठूलो भाग अलग्गिएर नयाँ पार्टी गठन भइसकेको अवस्थामा तत्काल नयाँ निर्वाचन एमाओवादीलाई प्रतिकूल हुने विश्लेषकहरूको तर्कले पनि वर्तमान सरकार विभिन्न बहानामा निर्वाचनलाई पर सारेर सत्ता लम्ब्याउने खेलमा लागेको विश्वास गर्नु स्वभाविक देखिन्छ। अर्कोतर्फ नयाँ निर्वाचन संविधानसभाको हुने वा संसद्को भन्ने बहस नै आरम्भ नहुनु, निर्वाचन आयोगका पदाधिकारी रिक्तप्रायः हुनु, निर्वाचनका लागि आवश्यक कानुन नबनेका कारणले तत्काल निर्वाचन हुने सम्भावना झिनो बनाउँदै लगेको छ। सरकारको नियत निर्वाचन गर्ने भन्दा पनि अवैधानिक तवरले नै सत्ता लम्ब्याउँदै जाने र आफ्नो अनुकूल अवस्था सिर्जना गर्ने मनसायमा रहेको देखियो।

६. भ्रष्टाचार र अनियमितता

भ्रष्टाचार विरुद्ध सर्वोच्च अदालतका दर्जनौँ सकरात्मक फैसलाका बाबजुद पनि भ्रष्टाचारका नयाँ श्रृङ्खला यस वर्ष सार्वजनिक भइरहे। सर्वोच्च अदालतले नेपालको आधुनिक इतिहासमा नै पहिलो पटक सरकारको बहालवाला मन्त्रीलाई भ्रष्टाचार ठहर गरी जेल पठायो।[१४] प्राथमिकताका चार 'स' मध्ये सुशासनलाई पनि मूलमन्त्र मान्दै आएको सरकारले भ्रष्टाचार न्यूनीकरण गर्न सकेन। विश्वव्यापीरूपमा भ्रष्टाचार विरोधी अभियानमा लागेको 'ट्रान्सपरेन्सी इन्टरनेशनल'ले यस वर्ष सार्वजनिक गरेको प्रतिवेदनमा नेपाल अति भ्रष्टाचार हुने मुलुकको सूचीमा दर्ज भयो। संसारका १ सय ७४ मुलुकमध्ये नेपालको स्थान १ सय ३९ मा रह्यो। वर्षभरि नै सरकारी निकायबाट भएका अनियमितता र भ्रष्टाचारका समाचारहरू सार्वजनिक

---

१२. राई, गणेश। मङ्सिरमा कानुन नआए वैशाखमा चुनाव हुदैन : आयोग। *कान्तिपुर दैनिक* ०६९ मङ्सिर २१ गते

१३. पूर्वप्रधानन्यायाधीश प्रधानमन्त्री बन्न नपाउने। *अनलाइनखबर।* *http://www.onlinekhabar.com/2013/02/37856/*

१४. हेर्नुहोस्, यसै पुस्तकको परिच्छेद न्यायपालिका।

भइरहे।[१५] सम्पन्नताको सूचीमा पनि नेपालको स्थान गत सालभन्दा तल खस्कियो। लेगाटम इन्स्टिच्युटले वर्सेनी प्रकाशन गर्ने यस्तो सम्पन्नताको सूचीमा विश्वका १ सय ४२ देशमध्ये नेपाल यो वर्ष १०८ औँ स्थानमा पऱ्यो। अर्थतन्त्र, शिक्षा, सुशासन, स्वास्थ्य, व्यक्तिगत स्वतन्त्रता, सुरक्षा जस्ता विषयलाई आधार बनाएर बनाइएको सूचीमा नेपाल यो वर्ष अघिल्लो वर्षभन्दा १५ अङ्कले खस्किएर १ सय ८ मा पुग्यो। दुई वर्षअघि नेपाल ९१ औँ स्थानमा थियो भने सन् २००९ मा ८८ औँ स्थानमा थियो।[१६] प्रधानमन्त्रीको जनताको घरमा एक रात कार्यक्रमदेखि काठमाण्डौँ सरसफाइ अभियानमा समेत राष्ट्रिय ढुकुटी दुरूपयोग भयो। प्रधानमन्त्री आफै सहभागी भई उनकै अगुवाइमा भएको सरसफाइ अभियानमा पाँच रुपियाँको पन्जा ३० रुपियाँ र चार रुपियाँको मास्क १२ रुपियाँमा खरिद भएको थियो।[१७]श्रम तथा यातायात मन्त्री सरीता गिरीलाई चैत ७ गते भ्रष्टाचारको आरोपमा प्रधानमन्त्रीले नै पदमुक्त गरेका थिए। तत्कालीन एमाओवादी उपाध्यक्ष मोहन वैद्य पक्षले प्रधानमन्त्री पक्षधरले माओवादी लडाकु भरणपोषण, भत्ता र शिविर निर्माणमा सरकारले खर्चेको करिव ९ अर्ब रुपियाँमध्ये पौने ३ अर्ब रुपियाँ भ्रष्टाचार गरेको भन्दै अख्तियार दुरूपयोग अनुसन्धान आयोगलाई गुहाऱ्यो।[१८] उता सरकारले सो भ्रष्टाचारको मुद्दालाई पार्टीले नै छानबिन गर्ने भन्दै संवैधानिक अङ्ग अख्तियारको कार्यक्षेत्रलाई निस्तेज मात्र पारेन सरकारी रकम दुरूपयोगको छानबिन कुनै पार्टी विशेषले गर्ने भनेर विधिको शासनको अपमान पनि गऱ्यो। आर्थिक अनियमितताका अलावा पदीय शक्तिको दुरूपयोग, सरुवा बढुवामा मनपरी गरिएका समाचार पनि वर्षभरि नै चर्चामा रहे। कतिपय अनियमितताहरूलाई सर्वोच्च अदालतले अङ्कुश लगाउनु पऱ्यो। यस वर्षमात्र तीन दर्जनभन्दा बढी सरकारी निर्णयहरूको कार्यान्वयनमा सर्वोच्च अदालतले रोक लगायो। ०६८ पुस ३ गते राजनीतिक हस्तक्षेपका आधारमा भएका १ सय ९३ कर्मचारीको गैरकानुनी सरुवा १५ दिनभित्र रद्द गर्न राज्य व्यवस्था समितिले निर्देशन दियो। त्यस्तै फागुनमा मन्त्रिपरिषद्ले सामान्य प्रशासन मन्त्रालयले गरेको ३ हजार कर्मचारीको सरुवा त्रुटिपूर्ण भएको भन्दै छानबिन समितिसमेत गठन भयो। ०६९ असारमा सरकारले निर्वाचन आचारसंहिता विपरीत नेपाल प्रहरीको उच्च अधिकारीहरूको सरुवा गरेकोमा निर्वाचन आयोगले गम्भीर आपत्ति जनायो र सरकार सरुवा रद्द गर्न बाध्य भयो। त्यस्तै पुस ४ गते सरकारले गरेको नेपाल प्रहरीका पाँच एसएसपीको बढुवा पनि वरिष्ठताको आधारमा नभएको भन्दै सर्वोच्च अदालतले रोक्न आदेश दियो।[१९] एमाओवादी अध्यक्ष प्रचण्डका छोरा प्रकाश दाहाल समेतलाई सगरमाथा चढन सरकारले २ करोड रुपियाँ दिने निर्णयको व्यापक जनविरोध भएपछि सरकार उक्त निर्णय फिर्ता लिन बाध्य भएको थियो। भ्रष्टचार र गैरकानुनी कार्यलाई सरकारले नियन्त्रण

तालिका नं. ३ 'यसरी घोटाला भयो' पौने तीन अर्ब

	सङ्ख्या	दर (रु)	कुल (रु)
लेवी	१७०६८	१००० (६५ महिना)	१ अर्ब १० करोड ५४ लाख
अनुपस्थित लडाकु	२५८५	८००० (६० महिना)	१ अर्ब २४ करोड
पूर्वाधार निर्माण			४० करोड

(स्रोत : नागरिक दैनिक, ०६९वैशाख १२ गते, पृ.१)

१५. खाद्यमा करिब १ करोड अनियमितता। *कान्तिपुर दैनिक* । ०६९ पुस ४, किर्तेमा पनि कीर्तिमान। *कान्तिपुर दैनिक*, ०६९ पुस १५। सामाजिक सुरक्षा भत्ता हिनामिना। *कान्तिपुर* ०६९ असोज ४। सप्तरीमा पनि ३० करोड अनियमितता। *कान्तिपुर*, ०६९ मङ्सिर १५। भ्रष्टचारमा डुव्यो मंगलसेन। *कान्तिपुर*, ०६९ पुस ८। उपत्यकाकै जिविसमा करोडौँको बेरुजु। *कान्तिपुर* ०६९ वैशाख १४। घुस अड्डा मारदै गृहमै झडप। *नागरिक दैनिक* ०६८ चैत २। अपाङ्गको नाममा महालुट। *हिमाल खबरपत्रिका* ०६९, १-१५ असोज।

१६. सम्पन्नता सूचीमा नेपाल झन तल खस्कदै। *http://www.mysansar.com/2012/10/2436/* (हे. मिति २ पुस २०६९)

१७. सुवेदी, अर्जुन। सरसफाई अभियानमा ब्रम्हलुट। *नागरिक दैनिक*। ०६८ चैत २७ पृ. १

१८. भण्डारी, किरण। अख्तियार गुहार्दै वैद्य पक्ष। *नागरिक दैनिक*। ०६९ वैशाख १२ , पृ.१

१९. पाँच एसएसपीको बढुवा कार्यान्वयन नगर्न सर्वोच्चको आदेश। *http://www.onlinekhabar.com/2012/12/23996/* (हे. मिति १० पुस २०६९)

गर्ने प्रयास गर्नुको सट्टा अझ बढी आत्मविश्वासका साथ बढाउँदै लग्यो।

७. सङ्क्रमणकालीन न्याय

विस्तृत शान्ति सम्झौताको बुँदा नम्बर ५.२.५ मा 'दुवै पक्ष सशस्त्र द्वन्द्वका क्रममा मानवअधिकारको गम्भीर उल्लङ्घन गर्ने मानवता विरूद्धको अपराधमा संलग्नहरूका बारेमा सत्य अन्वेषण गर्न र समाजमा मेलमिलापको वातावरण निर्माण गर्न आपसी सहमतिबाट उच्चस्तरीय सत्य निरूपण तथा मेलमिलाप आयोगको गठन गर्न सहमत छन्' भनेर उल्लेख गरिएको छ। त्यस्तै सम्झौताको बुदा नं. ५.२.३ मा 'दुवै पक्षद्वारा बेपत्ता पारिएका व्यक्तिहरूको तथा युद्धको समयमा मारिएकाहरूको वास्तविक नाम,थर र घरको ठेगाना सम्झौता भएको मितिले ६० दिनभित्र सूचनाहरू सार्वजनिक गरी परिवारजनलाई समेत जानकारी उपलब्ध गराउन मञ्जुर गर्दछन्' भन्ने उल्लेख छ। अन्तरिम संविधान र त्यसपछि पटक-पटकका राजनीतिक सहमतिमा सत्य निरूपण तथा मेलमिलाप आयोग र बेपत्ता छानबिन आयोग गठन गरी त्यसको सिफारिसको आधारमा न्याय निरूपण गर्ने भनिए पनि यो वर्ष पनि यी आयोगहरू गठन हुन सकेनन्। ढिलो गरी तत्कालीन सरकारले सत्य निरूपण तथा मेलमिलाप आयोग र बेपत्ता नागरिक छानबिन आयोगसम्बन्धी विधेयक संसद्मा पेश गर्दा सहमतिको अवस्था बन्दै गएको थियो। भट्टराई नेतृत्वको सरकारले एउटै आयोग बनाई जघन्य अपराधमा संलग्नहरूलाई उन्मुक्ति तथा माफी दिनुहँदैन् भन्ने प्रावधान हटाएर पीडित र पीडकबीच जबर्जस्ती मेलमिलाप गराउने उद्देश्यनिहित अध्यादेश राष्ट्रपतिसमक्ष पेश गरेपछि यस क्षेत्रमा कार्यरत सङ्घ-संस्था, पीडित र अन्तर्राष्ट्रिय समुदाय निराश भए।[३०] व्यवस्थापिका संसद्मा तीन वर्षअघि ती आयोग गठन गर्नका लागि विधेयक दर्ता गरिएको भए पनि नियमित अवरोधका कारण व्यवस्थापिका संसद्मा यो विषयले प्रवेश पाउन सकेको थिएन। संविधानसभा विघटन गरिएपछि बेपत्ता छानबिन आयोग र सत्य निरूपण आयोगका विषय समेटेर एउटै आयोग बनाउने सरकारी तयारीको राष्ट्रिय तथा अन्तर्राष्ट्रिय तहमा व्यापक विरोध भए तापनि सरकारले राष्ट्रपतिसमक्ष अध्यादेश पेश गऱ्यो। राष्ट्रपतिले हस्ताक्षर नगरेपछि सो अध्यादेश यस वर्षको अन्त्यसम्म विचराधीन रह्यो। अध्यादेश अन्तर्राष्ट्रिय मापदण्डअनुसार नभएको भन्दै अन्तर्राष्ट्रिय समुदायले समेत प्रश्न उठाए। सत्यनिरूपण तथा मेलमिलाप आयोग र बेपत्ता आयोग सम्बन्धमा सरकारले तयार पारेको मस्यौदा राष्ट्रिय मानवअधिकार आयोगलाई समेत जानकारी नभएको भन्दै आयोगले वैशाख ५ गते प्रधानमन्त्रीको नाममा पत्र लेख्यो। पत्रमा प्रस्तावित आयोगको सम्बन्धमा नेपाल सरकारद्वारा तयार गरिएको विधेयकको अन्तिम मस्यौदा प्रमुख राजनीतक दलहरूको सहमतिका विषय मात्र होइन, मानव अधिकारवादी, नागिरक समाज, द्वन्द्वपीडित समाज, सञ्चारकर्मी जस्ता सरोकारवालाहरूसमक्ष ल्याएर एकपटक सबै सरोकारवालाहरू बीच छलफल र प्रतिकृया लिन उपयोगी हुने सुझाव दिइएको थियो। आयोगले यसअघि चार वर्ष पहिले तत्कालीन मस्यौदामा केही संवाद भए पनि वर्तमान मस्यौदामा भएका परिवर्तनहरूको जानकारी आयोगलाई समेत नभएको जनाएको थियो।[३१]

त्यस्तै सङ्क्रमणकालीन न्यायसँग जोडिएको कब्जा गरिएका सम्पत्ति फिर्ता गर्ने सहमति पनि कार्यान्वयन हुन सकेन। एमाओवादीको नेतृत्वले सम्पत्ति फिर्ता गर्ने बताइरहँदा त्यसै पार्टीका भातृसङ्गठनले थप जग्गा कब्जा गरेका समाचार सार्वजनिक भए।[३२] माओवादीले शीर्ष नेताहरूसमेतकै जग्गा फिर्ता नगरेको विषयमा पीडितपक्षले इन्सेकसमक्ष ज्ञापनपत्र बुझाउँदै सहयोग पुऱ्याउन अनुरोध गऱ्यो। द्वन्द्वपीडित राष्ट्रिय समाजका अध्यक्ष कूलबहादुर गुरुङ र विनयध्यज चन्द सम्मिलित टोलीले बुझाएको ज्ञापनपत्रमा कब्जा गरिएका सम्पत्ति फिर्ता नभएको लगायतका विषयवस्तु समेटिएका थिए।[३३] एमाओवादीले फिर्ता गरेका जग्गा एमाओवादीबाट अलग्गिएर बनेको नेकपा-माओवादीले पुनः कब्जासमेत गरे।[३४] कैलाली जिल्लामा मात्र २

---

३०. बन्दी, गोविन्द/फुयाल, हरि। प्रतिवेदनको पाटो। *हिमाल खबरपत्रिका*, १-१५ मङ्सिर २०६९

३१. ०६९ वैशाख ५ गते राष्ट्रिय मानवअधिकार आयोगले प्रधानमन्त्रीलाई पठाएको पत्र।

३२. माओवादी र एमाले भातृसङ्गठनद्वारा जग्गा कब्जा। *इ-कान्तिपुर*। १ जेठ २०६९

३३. द्वन्द्वपीडित राष्ट्रिय समाजद्वारा इन्सेक अध्यक्षलाई ज्ञापन। *इन्सेक अनलाइन*। काठमाडौं २० पुस २०६८ *http://inseconline.org/index.php?type=news&lang=np&id=35800*

३४. *हेर्नुहोसा जिल्लागत विवरणमा शीर्षक सम्पत्ति कब्जा।*

हजार विघा माओवादी कब्जामा रहेको खबर सार्वजनिक भए।[३५] शान्ति मन्त्रालयका अनुसार सशस्त्र द्वन्द्वका क्रममा तत्कालीन विद्रोही पक्षले ६ हजार ५० परिवारका सम्पत्ति हरण, लुटपाट र क्षति पुऱ्याएको थियो।

मानवधिकार उल्लङ्घनका घटनालाई सङ्क्रमणकालीन न्यायका संयन्त्रहरूमार्फत सम्बोधन नगरिएका कारण नेपालले अन्तर्राष्ट्रिय स्तरमा कुन स्तरमा बद्नामी कमायो भन्ने कुरा मानवअधिकार उल्लङ्घनमा संलग्न भएको भन्दै नेपाल प्रहरीका महानिरीक्षक कुवेरसिंह रानालाई बेलायतले भिसासमेत नदिएको घटनाबाट पनि प्रष्ट भयो।[३६]

८. नेपालको द्वन्द्वप्रतिवेदन २०६९

०६९ असोज २२ गते स्वीट्जरल्याण्डको जेनेभास्थित संयुक्त राष्ट्रसङ्घीय मानवअधिकार उच्चायुक्त कार्यालय (ओएचसीएचआर) को मुख्यालय र काठमाडौंस्थित राष्ट्रसङ्घको कार्यालयबाट एकसाथ 'नेपाल कनफ्लिक्ट रिपोर्ट-२०६९' सार्वजनिक भयो। २ सय ३३ पृष्ठ, ११ परिच्छेदको सो प्रतिवेदनमा नेपालमा ०५२ फागुन १ गतेदेखि ०६३ मङ्सिर ५ गतेसम्म माओवादी हिंसात्मक विद्रोहमा भएका मानवअधिकार उल्लङ्घन र ज्यादतीका घटनाहरू व्यवस्थित अभिलेखीकरण गरिएका छन्। ३० हजारभन्दा बढी दस्तावेजको आधारमा तयार यस प्रतिवेदनले पहिलो पटक विद्रोहकालमा नेपालमा अन्तर्राष्ट्रिय मानवअधिकार कानुन तथा मानवीय कानुन उल्लङ्घनका नौ हजार घटना भएको किटान गरेर नेपालको द्वन्द्वसम्बन्धी नयाँ र महत्वपूर्ण तथ्य स्थापित गरेको छ। प्रतिवेदनमा घटनालाई गैरकानुनी हत्या, बेपत्ता, यातना, स्वेच्छाचारी गिरफ्तारी, यौनजन्य हिंसा आदि गरी सात किसिममा वर्गीकरण गरिएको छ। यस्ता घटनामा आकर्षित हुने अन्तर्राष्ट्रिय मानवअधिकार तथा मानवीय कानुन र राष्ट्रिय कानुनको विश्लेषणसहित विभिन्न निकायलाई सिफारिस गरिएको छ। प्रतिवेदनमा प्रतिनिधिमूलक ४० घटनाको विस्तृत विवरण छ। १२ हजार ६ सय हत्याका घटनाहरूमध्ये २ हजार घटनाहरूमा अन्तर्राष्ट्रिय कानुनको उल्लङ्घन भएको उल्लेख छ।[३७]

नेपालको सशस्त्र द्वन्द्वमा भएका मानवअधिकार र मानवीय कानुनको गम्भीर उल्लङ्घनका घटनाको अभिलेखन तथा विश्लेषण गरिएको उक्त प्रतिवेदनमा लेखिएको कुरा राष्ट्रसङ्घको औपचारिक ठहर हो। यो प्रतिवेदन ओएचसीएचआर आफैंले गरेको अनुसन्धानका साथै राष्ट्रिय मानवअधिकार आयोग, इन्सेक, एडभोकेसी फोरमलगायत विभिन्न राष्ट्रिय-अन्तर्राष्ट्रिय संस्थाका प्रतिवेदन र सुरक्षाफौजका प्रतिवेदन-विज्ञप्ति, तत्कालीन नेकपा माओवादीका प्रतिवेदन-विज्ञप्ति तथा पत्र-पत्रिकामा प्रकाशित मानवअधिकार उल्लङ्घनसम्बन्धी समाचार लगायतका सामाग्रीहरूको विश्लेषणमा आधारित छ। आजसम्म नेपालको सङ्क्रमणकालीन न्यायको छलफलमा कम आँकिएका यौनजन्य हिंसा र स्वेच्छाचारी गिरफ्तारीलाई प्रतिवेदनमा व्यवस्थित अभिलेखीकरण गरिएको छ। पीडितको नाम उल्लेख गरिएको प्रतिवेदनमा निर्दोषिताको सिद्धान्तलाई ग्रहण गर्दै पीडकहरूको नाम गोप्य राखिएको छ। सरकार र माओवादीका तत्कालीन नीतिको सूक्ष्म विश्लेषण गरिएको प्रतिवेदनमा द्वन्द्वको समयतालिका तथा दुवै पक्षको 'चेन अफ कमाण्ड' खुलाइएको छ। प्रतिवेदनले आममाफी दिने मनशायले गरिएका छानबिन वा अनुसन्धानलाई राष्ट्रसङ्घले मान्यता दिँदैन भन्ने स्पष्ट सन्देश यस प्रतिवेदनले दिएको छ[३८] प्रतिवेदनले गैरन्यायिक हत्या युद्धरत पक्षको नीतिजस्तै भएको, माओवादीबाट पनि बलात्कार र यौनअपराध भएको, युद्धअपराधमा संलग्नलाई नागरिक अदालतमा नउभ्याइनु दुर्भाग्यपूर्ण भएको, विश्वव्यापी मापदण्डका सङ्क्रमणकालीन न्याय संयन्त्र आवश्यक भएको आममाफीले दीर्घकालीन शान्तिको आधार कमजोर पार्ने लगायतको तथ्यमा जोड दिएको छ। मूख्यत: प्रतिवेदनले द्वन्द्वका समयमा भएका गम्भीर मानवअधिकार उल्लङ्घनका घटनाहरूलाई अन्तर्राष्ट्रिय मापदण्डअनुसार सम्बोधन नगरेमा विश्वव्यापी न्यायिक

---

३५. छत्याल, दिलबहादुर। २ हजार विघा जग्गा माओवादी कब्जामै। *नागरिक न्युज*। २४ असार २०६९। *http://www.nagariknews.com/society/nation/43142-2012-07-08-03-41-22.html*

३६. UK denies visa to IGP. *ekantipur*. Nov 7, 2012, *http://www.ekantipur.com/the-kathmandu-post/2012/11/07/top-story/uk-denies-visa-to-igp/241506.html* (हे.मिति २४ कात्तिक २०६९)

३७. *Nepal Conflict Archive. http://nepalconflictreport.ohchr.org/*

३८. बन्दी, गोविन्द/फुयाल, हरि। प्रतिवेदनको बाटो। *हिमाल खबरपत्रिका* ,१-१५ मङ्सिर, २०६९

अधिकारक्षेत्र (युनिभर्सल जुरिडिक्सन) आकर्षित हुनेतर्फ सजग गराएको छ। माओवादी नेतृत्वको सरकारले एकतर्फी रूपमा आएको आरोप लगाउँदै यस प्रतिवेदनलाई ठाडै अस्वीकार गरेर आफ्नो मानवअधिकारप्रति अनास्था प्रकट गऱ्यो।[२९] संयुक्त राष्ट्रसङ्घ जस्तो साझा संस्थाबाट आएको प्रतिवेदनले सृजना गरेको दायित्वबाट उम्कन सक्ने अवस्था भने देखिदैँन भन्नेतर्फ सरकारको किञ्चित चिन्ता देखिएन।

९. मुद्दा फिर्ता र दण्डहीनता

विगतका सरकारले झैँ यस सरकारले पनि राजनीतिक मुद्दाको नाममा आपराधिक मुद्दा फिर्ता गर्ने कार्यलाई निरन्तरता दियो। अदालतमा विचाराधीन मुद्दाहरू फिर्ता नहुने भनेर स्पष्ट आदेश हुँदाहुँदै पनि विगतमासरकारले यस्ता कार्य रोकेन। राजनीतिक मुद्दाका नाममा फिर्ता गरिएका मुद्दाहरू ज्यादातर द्वन्द्वकाल वा मधेश आन्दोलनका क्रममा भएका घटनाका आरोपित थिए। दलीय कार्यकर्तालाई उन्मुक्ति दिनका लागि गरिएका त्यस्ता निर्णयप्रति अदालत संवेदनशील देखियो। अदालतले विधिको शासनको शाख गिर्न नदिन हरसम्भव प्रयास गऱ्यो। सरकारी मुद्दासम्बन्धी ऐन, २०४९ को दफा २९ (१) मा 'प्रचलित कानूनबमोजिम नेपाल सरकारवादी भई हेरिने वा नेपाल सरकारको तर्फबाट चलाइएको वा नेपाल सरकारउपर परेका मुद्दा-मामिला नेपाल सरकारको आदेश भएमा सरकारी वकिलले अरु पक्षको सहमतिले त्यस्तो मुद्दा मिलापत्र गर्ने वा अदालतको मञ्जूरीले त्यस्तो मुद्दामध्ये नेपाल सरकारवादी भएको फौजदारी मुद्दा फिर्ता लिन सक्छ' भन्ने प्रावधान छ। त्यस्तै नेपालको अन्तरिम संविधान ०६३ को धारा १५१ मा मन्त्रिपरिषद्को सिफारिसमा राष्ट्रपतिले जुनसुकै अदालत, विशेष अदालत, सैनिक अदालत वा अन्य कुनै न्यायिक, अर्धन्यायिक वा प्रशासकीय पदाधिकारी वा निकायले गरेको सजायलाई माफी, मुलतवी, परिवर्तन वा कम गर्नसक्ने व्यवस्था गरिएको छ। तर सरकारले माथिका दुवै प्रावधानलाई मिचेर मनोमानी ढङ्गले मुद्दा फिर्ताको निर्णय गऱ्यो। ०६८ फागुन १५ गतेको मन्त्रिपरिषद् बैठकले ३४ थान मुद्दा फिर्ताको निर्णय गऱ्यो। जसमा कर्तव्य ज्यान, ज्यानमार्ने उद्योग, अपहरण तथा शरीरबन्धक, डाँका जस्ता जघन्य अपराधका अभियुक्तलाइ समेत [३०]दण्डबाट उन्मुक्ति दिइयो। त्यस्तै ०६९ मङ्सिर १९ गतेको मन्त्रिपरिषद् बैठकले २ सय १९ जना एमाओवादी कार्यकर्ताको मुद्दा फिर्ताको निर्णय गऱ्यो। फिर्ता लिइएका मुद्दा सबैभन्दा बढी प्रधानमन्त्री भट्टराईको गृह जिल्ला गोरखाका थिए। इन्सेकले सरकारको उक्त निर्णय कानुनी शासनको उपहास भन्दै विज्ञप्ति जारी गरी सरोकारवालाको ध्यानाकर्षण गराएको थियो।[३१]यसअघि असोज १० गते सरकारले हत्या तथा हतियार लुटेको आरोप लागेका सिरहाका उदयनारायण अगडिया (यादव) को मुद्दा गोप्य रूपमा फिर्ता गर्ने निर्णय गरेको थियो। अडगडियामाथि पूर्वसांसद् कृष्णचरण श्रेष्ठ र सडक विभागका इन्जिनियर नवराज विष्टको हत्या गरेको, सिरहाको लगनीगोठ प्रहरी चौकीमा आक्रमण गरी हातहतियार लुटेको तथा अन्य हतियार तथा खरखजाना सम्बन्धी अदालतमा विचाराधीन मुद्दा राजनीतिक भन्दै फिर्ता गर्न खोजेको थियो। सरकारले यी मुद्दा फिर्ताका सम्बन्धमा जिल्लामा राय माग्दा अदालत तथा प्रशासनले फिर्ता लिन नहुने बताएकोमा यसको उपेक्षा गरी सरकारले न्यायपालिकाको समेत अपहेलना गरेको भन्दै इन्सेकले भर्त्सना गऱ्यो।[३२] सर्वोच्च अदालतले हत्या अभियोगमा सर्वस्वसहित जन्मकैदको फैसला सुनाएका केशव नेपाल र कृष्ण रानामगरको मुद्दा फिर्ता लिने तयारी गरेको समाचार पनि यस वर्ष सार्वजनिक भयो। फैसला सुनाएको १० वर्ष बित्नलाग्दा पनि दोषीहरू पार्टीको आडमा जेलबाहिर बसेर आममाफीको प्रयास गर्दै रहेका थिए। व्यक्तिहत्याको अभियोगमा दोषी ठहर भएका नेपाल र रानामगरको मुद्दा राजनीतिक भन्दै सरकारले आममाफीको पहल गरेको थियो।[३३]

---

२९. बोहरा, रामेश्वर। अन्तर्राष्ट्रिय कठघरामा द्वन्द्वका ज्यादती। *हिमाल खबरपत्रिका।* १-१५ मङ्सिर २०६९

३०. जघन्य अपराधमै माफी। नागरिक दैनिक। दाहाल विनिता, अदालतले छानविन गर्न सक्छ। *नागरिक दैनिक*। २ चैत०६९ पृ. १

३१. *इन्सेक विज्ञप्ति*। ०६९ मङ्सिर २० गते। *इन्सेक अनलाइन*
http://inseconline.org/index.php?type=pressrelease&lang=np&id=616

३२. *इन्सेक विज्ञप्ति*। ०६९ असोज ११ गते, *इन्सेक अनलाइन।*
http://inseconline.org/index.php?type=pressrelease&lang=np&id=610

३३. दाहाल, विनिता। ज्यान मुद्दाको दोषी माफी प्रयासमा। *नागरिक दैनिक*, ०६९ भदौ ९ पृ.१

मानवअधिकार उल्लङ्घनका आरोपित सुरक्षानिकायका अधिकारीहरूलाई बढुवा दिएर सरकारले विधिको शासनको हुर्मत लिने काम गऱ्यो। भैरवनाथ गणमा ४९ जनालाई बेपत्ता बनाएको आरोप खेपिरहेका महासेनानी राजु बस्नेतको सहायक रथीमा भएको बढुवा र त्यस्तै प्रकृतिको घटनाका आरोपित अतिरिक्त प्रहरी महानिरीक्षक कुवेरसिंह रानाको प्रहरी महानिरीक्षकमा भएको बढुवा प्रसङ्ग अन्तर्राष्ट्रियस्तरमा आलोचनाको विषय बन्यो। संयुक्त राष्ट्रसङ्घले गम्भीर मानवअधिकार हननको आरोप लागेका दुवैलाई बढुवा नगर्न राष्ट्रसङ्घीय मानवअधिकारको कार्यालय, राष्ट्रिय मानवअधिकार आयोगलगायतले बारम्बार गरेको आग्रह लत्याएर सरकार जवाफदेहिता तथा दण्डहीनताप्रति केन्द्रित भएको ठहर गर्दै आपत्ति जनायो।[38]

१०. रित्तिदै संवैधानिक निकाय

भट्टराई सरकारले सत्ता गठबन्धका लागि मधेसी मोर्चासँग गरेको चारबुँदे सम्झौतामा सुशासन प्रत्याभूत गराउन १५ दिनभित्र संवैधानिक निकाय पदपूर्ति गर्ने उल्लेख छ। सरकार गठन भएको १५ महिना बित्दा पनि सरकार आफैले गरेको सम्झौता कार्यान्वयनमा गम्भीर भएन। संवैधानिक निकायमा पदाधिकारी रित्तिदै गइरहे पनि यसले निम्त्याउने सङ्कटतर्फ सरकारले समयमा नै ध्यान दिएन। यसअघिका सरकारले गरेका गल्ती यो सरकारले पनि दोहऱ्यायो। ०६९ जेठ १४ को राति व्यवस्थापिका संसद्समेत रहेको संविधानसभा विघटन भएपछि संवैधानिक निकायको नियुक्ति झनै जटिल बन्न गयो। नयाँ निर्वाचनको घोषणा गरेर संविधानसभाको विघटन गरेको सरकारले निर्वाचन आयोग पदाधिकारीविहीन बन्दै गएकोमा समयमा ध्यान दिएन। संवैधानिक निकायमा पदाधिकारी नियुक्तिका लागि संससदीय सुनवाइ आवश्यक हुने संवैधानिक व्यवस्था भएकाले संसद्विहीनताको अवस्थामा के गर्ने भन्ने प्रश्न स्वभाविकरूपमा उठ्यो। अख्तियार दुरूपयोग अनुसन्धान आयोग कर्मचारीको भरमा चल्न बाध्य भयो। २३ जना न्यायाधीशले रहने सर्वोच्च अदालत यस वर्षको अन्त्यसम्म आइपुग्दा छ जना न्यायाधीशमा सिमित रह्यो। महालेखा परीक्षकको कार्यालय, लोकसेवा आयोग पनि आयुक्तविहीन बन्यो।

नयाँ निर्वाचनको रट लगाइरहेको सरकार र विपक्षी दलहरूमा निर्वाचन आयुक्त नै नभएको अवस्थामा कसरी निर्वाचन हुन्छ भन्ने विषय छायामा परिरह्यो। यस विषयमा सरकार र दलहरू मात्र हैन अन्तरिम संविधान पनि मौन छ। अहिलेको संविधानबाट संवैधानिक निकायमा देखिएको सङ्कट हल हुने अवस्था छैन। यसका लागि संविधान संशोधन जरुरी छ र त्यसका लागि राजनीतिक सहमति। यसबीचमा सरकारले संवैधानिक परिषद् र संसदीय सुनवाइको प्रावधान हटाउने अध्यादेश राष्ट्रपतिसमक्ष पेश गरे पनि त्यो पास हुन सकेन। त्यसका लागि पनि राजनीतिक असहमति नै आवश्यक ठहरियो। प्रधानमन्त्री हुनासाथ संवैधानिक निकायमा भएको रिक्ततालाई पूरा गर्ने अभिव्यक्ति दिएका प्रधानन्त्रीले यो विषयलाई समयमै गम्भीर भएर सम्बोधन गर्न सकेको भए यस्तो सङ्कट निम्तिने थिएन। सत्ता कब्जाको रणनीति अनरूप संवैधानिक निकायलाई रिक्त बनाएर आफ्ना स्वार्थ अनकूलका मानिसहरू ती निकायमा नियुक्त गर्ने भट्टराई सरकारको चाल भएको विश्लेषण हुनु स्वभाविक ठानियो। लोकतान्त्रिक शासन व्यवस्थामा संवैधानिक निकाय रित्तिदै जानुलाई शुभ सङ्केत मानिंदैन। कतिपयले यसलाई सत्ता कब्जाको रणनीतिको रूपमा पनि व्याख्या गरे।[39] उनले आफूलाई १० वर्ष शासन गर्ने इच्छा रहेको धारणा सार्वजनिक रूपमै व्यक्त गरेबाट पनि त्यस्ता धारणाप्रति विश्वस्त हुने आधार तयार भयो।

११. खाद्यान्न अभाव

खाद्य अधिकार भन्नाले मानवीय आवश्यकता अनुसार पाउनुपर्ने उचित पोषणयुक्त स्वच्छ खानाको अधिकारलाई बुझिन्छ। विश्व स्वास्थ्य सङ्गठनका अनुसार प्रत्येक मानिसले २४ घण्टामा तीन पटक खाना खान पाउनुपर्छ। संयुक्त राष्ट्रसङ्घको खाद्य तथा कृषि सङ्गठन (एफएओ) का अनुसार दैनिक १८ सय किलो क्यालोरीभन्दा कम शक्तिको खाद्य उपभोग गर्नेहरूलाई भोको मानिन्छ। विश्व खाद्य कार्यक्रम

---

38. पौडेल, सुरेन्द्र। राना र बस्नेतको बढुवामा राष्ट्रसङ्घको आपत्ति। *नागरिक न्युज*। २३ असोज २०६९ *http://www.nagariknews.com/politics/party-politics/47427-2012-10-09-03-37-41.html*
39. रावल रामबहादुर। प्रधानमन्त्रीको नियत। *नेपाल साप्ताहिक*। ०६९ साउन ७ गते पृ. ३१

(डब्लुएफपी) ले नेपालमा ३० लाख भन्दा बढी मानिसहरू खाद्य सङ्कटमा रहेको जनाएको छ। डब्लुएफीका अनुसार संसारमा सात जना मानिसमध्ये एक जना मानिस प्रत्येक दिन भोको पेटले बिछ्यौनामा जान्छन्। विकासोन्मुख राष्ट्रका चार जना बालबालिकामध्ये एक जना कम तौलका छन्। नेपाल पक्ष राष्ट्र भएको आर्थिक समाजिक तथा सांस्कृतिक अधिकार सम्बन्धी महासन्धि १९६६ साथै नेपालको अन्तरिम संविधान २०६३ ले खाद्य अधिकारलाई मौलिक अधिकारको रूपमा प्रत्याभूत गरेको भए पनि त्यस दायित्वलाई सरकारले पूर्ण पालना गरेको छैन।

सर्वोच्च अदालतले समेत देशभित्र पर्याप्त मात्रामा खाद्यान्न वितरण र उपलब्ध गराउनु पर्ने राष्ट्रको मौलिक जवाफदेहीता हो भन्ने स्मरण गराउँदै जनताको जीउधनको सुरक्षा र संरक्षण गर्न मात्र होइन खाद्यान्नको अधिकार उपभोग गर्न भोकमरी हुन नदिने पनि राज्यको कर्तव्य हो भनेको छ।[३६] तर विगत वर्षझैं यस वर्ष पनि विभिन्न जिल्लाहरुमा खाद्यान्न अभाव भइरहे। *(हेर्नुहोस्, जिल्लागत विवरण आर्थिक सामाजिक तथा सांस्कृतिक अधिकार)*

कृषि मन्त्रालयले आर्थिक वर्ष सन् २०११/०१२ मा नेपालीलाई पुग्ने खाद्यान्न उत्पादन भएको तथ्याङ्क सार्वजनिक गरे पनि व्यवहारमा त्यसको अनुभूति हुन सकेन। सरकारी अभिलेख अनुसार सन् २०१०/११ मा खाद्य सङ्कट व्यहोरेका जिल्ला ३३ बाट घटेर ०११/०१२ मा २७ मा झर्‍यो। विगतमा खाद्य सङ्कट व्यहोर्दै आएका पाँचथर, उदयपुर, सुनसरी, सिन्धुली, मकवानपुर र सर्लाहीलाई खाद्य अभाव मुक्त भएको घोषणा गरियो। यता *इन्टरनेशनल फुड पोलिसी रिसर्च इन्सटिच्युटको* प्रतिवेदनले सूचाकाङ्कको आधारमा नेपाललाई यो वर्ष पनि भोकमरीको गम्भीर अवस्था रहेको मुलुक कै सूचीमा राख्यो। *ग्लोबल फुड सेक्युरिटी इन्डेक्स २०१२* को प्रतिवेदनअनुसार नेपाल संसारका १ सय ५ मुलुकमध्ये खाद्य सुरक्षाको ७९ स्थानमा रह्यो जसलाई सन्तोषजनक मान्न सकिन्न। प्रतिवेदनमा सामर्थ्यता, उपलब्धता, गुणस्तर र सुरक्षालाई खाद्य सुरक्षाको आधार मानिएको छ।[३७] चितवनका चेपाङ बस्ती, सल्यानका राउटे र कर्णाली क्षेत्रलगायतका विकट जिल्लाका बासिन्दा खाद्य सङ्कटको तुलनात्मक बढी मार खेप्न बाध्य भए। जनताको घरमा एकरात कार्यक्रममा चेपाङ बस्ती पुगेका प्रधानमन्त्रीले बाङ्न लिएर गएको चामल भण्डारणमा भएको त्रुटीका कारण ६५ बोरामध्ये २८ बोरा सडेको र सोही सडेको चामल पनि हारालुछ भएको थियो। चेपा बस्तीको अभावलाई स्थलगत अध्ययन गर्न बस्तीमा पुगेर भलाकुसारी गर्ने क्रममा प्रधानमन्त्री भट्टराईले चेपा लाई बेग्लै राज्य चाहिने भाषण गर्न भ्याए। तर, राजधानी फर्केर यस क्षेत्रका नीति निर्माताहरूसँग चेपाङ बस्तीको खाद्य समस्यालाई दीर्घकालीन समाधान कसरी गर्न सकिन्छ भनेर छलफल गर्न भने चासो लिएनन्।[३८]

सरकारी तथ्याङ्कले खाद्यान्न सञ्चित देखाए पनि खाद्यान्न अभाव यथावत रह्यो। डोल्पा, हुम्ला,

---

३६. *नेपाल कानुन पत्रिका*। ०६८ वैशाख।स.अ. निर्णय नं.८५४०-जनहित संरक्षण मञ्च (प्रो. पब्लिक) समेत विरुद्ध प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत। सर्वोच्चद्वारा ०६७ जेठ ५ गते नेपाल सरकारको नाममा दिइएको निर्देशनात्मक आदेशमा 'देशको कुनै पनि भागमा खाद्यान्न अभाव भएमा विदेशबाट आयात गरेर भए पनि यथासक्य चाँडो अभाव क्षेत्रमा खाद्यान्न उपलब्ध गराई उपलब्ध गराएको खाद्यान्न सुपथ मूल्यमा सरल तरिकाले भोकमरीबाट पीडित जनताले खाद्यान्न प्राप्त गर्न सक्ने वातावरण सिर्जना गर्ने सरकारको संवैधानिक कर्तव्य हो। कुनै प्राकृतिक प्रकोप वा खडेरी परेको कारण वा अत्याधिक वर्षाको कारण वा अन्य कुनै मानवीय कारण नेपालको कुनै पनि भागमा खाद्यान्नको अभाव हुन दिनु हुँदैन। देशभित्र उत्पादन भएन वा देशमा खाद्यान्न उपलब्ध भएन भने बाह्य देशबाट आयात गरेर भए पनि अनिकाल वा भोकमरी हुन नदिने व्यवस्था गर्ने सरकारको संवैधानिक कर्तव्य हो। राज्यले यसप्रकार आपतकालको लागि निःशुल्क खाद्यान्न उपलब्ध गराउन पनि पर्ने अवस्था आउन सक्छ। आवश्यक परे यस्तो अवस्थामा सरकारपछि हट्न हुँदैन। पहाडी देश भएको कारण खाद्यान्न अभाव भएमा सडक वा हवाई यातायात जुन मार्गबाट भएपनि कत्ति विलम्ब नगरी यथासक्य चाँडो अभाव क्षेत्रमा खाद्यान्न उपलब्ध गराउने सरकारको कर्तव्य हुँदा भविष्यमा यस्तो खाद्यान्नको अभाव वा खाद्य संकटको अवस्था उत्पन्न हुन नदिन समयमै उचित व्यवस्था गर्न र भविष्यमा यस्तो अवस्था आइपरे हवाई वा सतही जुनसुकै मार्गद्वारा पनि समयमै खाद्यान्न आपूर्ति र उपलब्ध गराई नागरिकहरूलाई भोकमरीबाट बचाउन आवश्यक व्यवस्था गराउने गर्नु भनी विपक्षीहरूको नाममा निर्देशनात्मक आदेश जारी हुन्छ।' भन्ने उल्लेख छ।

३७. *Global Food Security Index.* http://foodsecurityindex.eiu.com/Country/Details#Nepal

३८. बस्नेत, बालकृष्ण। खाद्यअधिकार : मानवअधिकार। *प्राचि संचेतना द्वैमासिक*, पूर्णाङ्क ७९, कात्तिक २०६९

मुगू, बाजुरा लगायतका जिल्लामा स्थानीय उत्पादनले तीन महिना पनि खान पुग्दैन। ७५ मध्ये ३७ जिल्लामात्र स्थानीय उत्पादनमा आत्मनिर्भर छन्। तराईमा भएको खाद्यान्न उत्पादनलाई सरकारले बचतको तथ्याङ्कमा राखे पनि खाद्य अभाव भएका जिल्लामा खाद्यान्न पुऱ्याउन सजिलो छैन। विचौलियाका कारण तथ्याङ्कमा बचत देखिएको खाद्य हिमाली पहाडी जिल्लामा नपुगेर भारत र बङ्गलादेश पुगेको अवस्था छ। कुल ग्राहस्थ उत्पादनमा झण्डै ३४ प्रतिशत योगदान रहेको कृषिले राष्ट्रिय बजेटको ५ प्रतिशत पनि हिस्सा पाउन सकेको छैन। विज्ञले कूल कृषि बजेटको कम्तीमा ४० प्रतिशत हिस्सा अनुसन्धान र प्रसारलाई दिनुपर्ने बताए पनि नेपाल कृषि अनुसन्धान परिषद् (नार्क)ले १० प्रतिशतको हाराहारीमा मात्र पाएको छ। त्यसको आधाभन्दा बढी रकम प्रशासनिक खर्च हुने गरेको छ। अप्रत्याशित मूल्यवृद्धिले निम्न आय भएका जनताले खाद्यको पहुँच गुमाउँदै गएका छन्। गतवर्ष ७.७ प्रतिशतमा रहेको मूल्यवृद्धि यस वर्ष ११.९ प्रतिशतमा पुग्यो। खाद्यको गुणस्तर र मूल्य नियमन गर्ने निकाय फितलो रह्यो। *(विस्तृत जानकारीका लागि हेर्नुहोस्, यसै पुस्तकको मुगू जिल्लामा खाद्य अधिकार परिच्छेद)*

१२. कार्यकारी प्रमुख र राष्ट्र प्रमुखको चिसिएको सम्बन्ध

यस वर्षको अन्त्यसम्ममा सरकारका करिब चार दर्जन अध्यादेश विचराधीन रहे। व्यवस्थापिका संसद् विघटन भइसकेको अवस्थामा पनि सरकारले सहमतिका आधारमा नभई आफू अनुकूलका अध्यादेशहरू राष्ट्रपतिसमक्ष पठाइरह्यो। सबैजसो अध्यादेश राष्ट्रपतिबाट स्वीकृत भएनन्। आफ्नो स्वार्थअनुरूप राष्ट्रपति नचलेपछि प्रधानमन्त्रीको आक्रोश सञ्चारमाध्यम मार्फत् सार्वजनिक भए। 'राष्ट्रपतिले के गर्न खोज्दै छन् ? सरकारले पठाएको अध्यादेश त्यसै अड्काएर राखेका छन्' साउन २० गते प्रधानमन्त्री भट्टराईले आफू निकटका पत्रकारहरूसँग चर्को असन्तोष पोखेका थिए।[३९] जेठ १४ गतेको राति संविधानसभा तथा व्यवस्थापिका संसद्को विघटनपछि आफ्नै सरकारको निरन्तरताको स्वघोषणा गरेका प्रधानमन्त्री भट्टराईलाई ०६९ जेठ १६ गते राष्ट्रपतिले कामचलाउ घोषणा गर्दै धन्यवाद पत्र पठाएपछि यी दुई संस्थाबीचको सम्बन्धमा चिसोपन बढेको थियो। मङ्सिर ३ गते राष्ट्रपतिले प्रमुख राजनीतिक दलका नेताहरूलाई ०६९ मङ्सिर ७ गते भित्रमा सहमति नगरे निकासका लागि आफैले औपचारिक प्रक्रिया थाल्ने बताएपछि प्रधानमन्त्री थप सशङ्कित भए। यसैबीच राष्ट्रपतिले प्रधानमन्त्री भट्टराईले नयाँ निर्वाचनका लागि तोकेको मिति ०६९ मङ्सिर ७ गते निर्वाचन हुन नसकेपछि र राजनीतिक सहमतिको अभावमा देशले राजनीतिक तथा संवैधानिक निकास नपाएपछि मङ्सिर ८ गते दलहरूलाई सहमतिको लागि सात दिनको समयसीमा घोषणा गरे। राष्ट्रपतिले अन्तरिम संविधानको धारा ३८ (१) बमोजिमको सहमतीय सरकार गठनका लागि दलहरूलाई आह्वान गरेर सात दिनको समय दिएका थिए। राष्ट्रपतिको सो आह्वानको सरकारले चर्को आलोचना गऱ्यो। अन्तरिम संविधानले प्रधानमन्त्री हुनका लागि व्यवस्थापिका संसद् सदस्य हुनुपर्ने उल्लेख गरेको र व्यवस्थापिका संसद् नै नभएको अवस्थामा त्यसको वैधानिक आधार के हुने त्यसको जबाफ राष्ट्रपतिले दिनुपर्ने सरकारको तर्क थियो।[४०] राष्ट्रपतिको प्रधानमन्त्रीप्रति संविधानसभा भङ्ग भएपछि पनि नैतिकताको आधारमा राजीनामा नदिएको, अदालती आदेशअनुसार संविधानसभाको म्याद सकिनलाग्दा पनि उपयुक्त निकास पहिल्याउन नसकेको, नयाँ निर्वाचन घोषणा गर्दा अदालती आदेश उपेक्षा गरेको, राष्ट्रिय सहमति जुटाउन नसकेको, अदालतको आदेशपछि पनि संविधानसभाको म्याद थप्ने विधेयक अघि बढाएको, निर्वाचन आयोगले दिएको लिखित पत्रको उपेक्षा गरेको तथा आयोगसँग परामर्श नगरेको, निर्वाचन आयोगको परामर्शको प्रतिकूल हुने गरी अध्यादेश राष्ट्रपतिसमक्ष पठाएको, व्यवस्थापिकामा पेश नभएका र पास नभएका विषयका विधेयकसमेत राष्ट्रपति कार्यालयमा पठाएको लगायतको असन्तोष थियो।

त्यस्तै प्रधानमन्त्रीलाई पदमुक्तको घोषणा गरी कामचलाउको हैसियत तोकेको, सरकारले पठाएका अध्यादेश अस्वीकृत गरी सरकारलाई असहयोग गरेको, सहमतिका नाममा विपक्षी दलको पक्षपोषण गरेको, पूर्ण

---

३९. रावल रामबहादुर। शङ्काको सम्बन्ध। *नेपाल साप्ताहिक*। ०६९ भदौ ३ गते, पृ.२५

४०. अधिकारी बालकृष्ण। सहमतीय सरकारको आह्वान। *नागरिक दैनिक*। ०६९ मङ्सिर ९, पृ.१

बजेट ल्याउन असहयोग गरेको, तत्कालीन राजा ज्ञानेन्द्रको शैलीमा नयाँ प्रधानमन्त्रीका लागि आह्वान गरेको, क्षेत्राधिकारभन्दा बाहिर सक्रिय भएको लगायतका विषयमा प्रधानमन्त्रीको राष्ट्रपतिप्रति असन्तुष्टि रह्यो।[४१] यसरी सरकार प्रमुख र राष्ट्रप्रमुख बीचको अविश्वास पनि राष्ट्रिय सङ्कट समाधानका लागि बाधक बन्यो।

१३. राज्य पुनःसंरचना

अघिल्लो वर्ष डा. मदन परियारको संयोजकत्वमा गठन भएको नौ सदस्यीय राज्य पुनसंरचना सुझाव आयोगले ०६८ माघ १७ गते सरकारलाई प्रतिवेदन बुझायो। आयोगका तीन सदस्यले नाम स्थानीयले तोक्ने गरी छ प्रदेश हुनुपर्ने गरी फरक मत सहितको लिखित सुझाव दिएका थिए। प्रतिवेदनमा लिम्बूवान, किरात तामसालिङ, नेवाः, तमूवान, नारायणी, मगरात, कर्णाली-खप्तड, मिथिला-भोजपुरा-कोच-मधेस, लुम्बिनी-अवध-थारुवान र दलितका लागि गैरभौगोलिक प्रदेशको प्रस्ताव थियो। आयोग आफै बेग्लै सुझाव सहित प्रस्तुत भएको प्रतिवेदन राजनीतिक रूपमा स्वीकार्य हुने सम्भावना नै रहेन। प्रतिवेदनको आ-आफ्नो अनुकूलतामा व्याख्या भयो। यसअघि बहसमा आएका शैर्पा लगायतका राज्य हटाइएको भन्दै ती समुदायले चर्का आलोचना गरे। नयाँ संविधानमा विवादका अपठ्यारा मुद्दामध्ये राज्य पुनसंरचना पनि एक थियो। राजनीतिक सहमति जुटन नसकेपछि बनेको स्वतन्त्र आयोगले पनि यो विवादलाई सर्वमान्य हुने गरी हल गर्न नसकेपछि यो मुद्दा अझ पेचिलो बन्यो। आयोगले पेश गरेको प्रतिवेदनमाथि ०६८ चैत १३ गतेदेखि संविधानसभामा छलफल सुरु भयो। छलफलमा काङ्ग्रेस र एमालेले जातीय राज्यको विरोध गरे पनि जनजाति सभासद्हरू आ-आफ्नो पार्टीको धारणा मान्न तयार भएनन्। राज्य पुनसंरचनाको सबालमा हरेक पार्टीबाट मात्र हैन एकै पार्टीभित्रका फरक नेताबाट फरक-फरक धारणाहरू सार्वजनिक भए। यसैबीच दलहरूबीच जेठ २ गते ११ प्रदेश बनाउने सहमति भयो। यसको विरोधमा मधेसवादी दलहरूले संसद् बैठक अवरुद्ध गराए। अन्ततः यो विषयको टुङ्गो नलाग्दै जेठ १४ गते राति संविधानसभाको विघटन भयो।

१४. घटेन महिला हिंसा

यस वर्ष विगतमा भन्दा महिला हिंसाका कहाली लाग्दा घटनाहरू सार्वजनिक भए। हजुरबुबाबाट नातिनी बलात्कृत, प्रेमीको मिलेमतोमा बलात्कार, बाबुद्वारा छोरी बलात्कृत, प्रेमीबाट खोसेर सामूहिक बलात्कार, प्रहरी डिआइजीबाट श्रीमतीको हत्या यी र यस्तै दर्दनाक घटनाहरू वर्षभरि नै इन्सेकमा अभिलेखित भइरहे। बोक्सीको आरोपमा जिउँदै जलाएर मारेको, राजधानीमै बोक्सीको आरोपमा आखाँ फुटालिएको घटना सार्वजनिक भए। महिला हिंसा विरुद्धको १६ दिने अभियानका अवधिमा मात्र १२ जना महिला मारिएको तथ्याङ्क सार्वजनिक भयो। मङ्सिर महिनामा मात्र १६ जना महिलाको हत्या भएको थियो। १६ दिने अभियानकै दौरानमा ३ हजार ७ सय ४९ ओटा महिला हिंसासम्बन्धी उजुरी विभिन्न सरकारी निकायमा दर्ता भए। यीमध्ये राष्ट्रिय महिला आयोगमा १ सय ७१, प्रहरी प्रधान कार्यालयमा ३ हजार ३ सय ४३ र काठमाडौं जिल्ला अदालतमा २ सय ३६ ओटा दर्ता भएका थिए। जसमध्ये सबैभन्दा बढी २ हजार ३ सय ४८ ओटा घटना महिलामाथि भएका घरेलु हिंसा थिए।[४२] यसबीचमा छाउपडी गोठमा ज्यान गएको र बाबुद्वारा छोरी बेचिएका घटना पनि अभिलेखित भए। घरेलु हिंसाका कारण आत्महत्या गर्नेको सङ्ख्या पनि कम रहेन। बढदो सचेतनाका कारण बालविवाह र बहुविवाहका उजुरी प्रहरीमा आउने क्रम पनि बढेको पाइयो। घरेलु हिंसालाई सम्बोधन गर्ने कानुन भए पनि त्यसको प्रभावकारी कार्यान्वयनमा सरकारी निकाय जिम्मेवार भएको अनुभूत हुन सकेन। वर्षको अन्त्यतिर एक भोजपुरे चेलीलाई अध्यागमनका कर्मचारी र प्रहरीले लुटपाट गरी बलात्कारसमेत गरेको घटनापछि देशव्यापीरूपमा महिला हिंसा विरुद्ध आन्दोलन चर्कियो। 'अकुपाई बालुवाटार' को नाममा प्रधानमन्त्री कार्यालयको प्रवेशद्वारमा पुस १२ गतेबाट सुरु भएको शान्तिपूर्ण धर्ना तथा नागरिक दबाव कार्यक्रम यो वर्षको अन्त्यसम्म जारी रह्यो। हिंसा विरुद्ध बालुवाटारमा धर्ना र देशव्यापी रूपमा आन्दोलन भइरहँदा पनि हत्या, बलात्कार, यातनाजस्ता घटना हुने क्रम रोकिएन। शान्तिसुरक्षा, अमनचयन, कानुनी

---

४१. पूर्ववत, २२

४२. घिमिरे, कल्पना। बढ्यो हिंसा। *इ-कान्तिपुर।* १३ पुस ०६९, *http://www.ekantipur.com/kantipur/news/news-detail.php?news_id=286618*

कारबाही, जनचेतना अभिवृद्धिलगायतका कामहरू गर्ने प्राथमिक जिम्मेवारी पाएको सरकार त्यो दायित्व पूरा गर्न असफल रह्यो। सुरक्षा निकायको लाचारी, फितलो अनुसन्धान, राजनीतिक संरक्षण लगायतका कमजोरी सुधार्नेतर्फ पनि सरकार गम्भीर बनेन। घरेलु हिंसा घटनाका उजुरी दर्तादेखि अनुसन्धानमा समेत हेलचेक्र्याइँ भएको गुनासो अधिकारकर्मीले गरे। अध्यागमनमा लुटिएकी र प्रहरीद्वारा बलात्कृत भएकी महिलालाई १ लाख ५० हजार रुपियाँ क्षतिपूर्ति दिने निर्णय गरेर सरकारले महिला अस्मिताको मूल्य तोकेर महिलाप्रति अपमान गरेको आरोप खेप्नु पऱ्यो। महिला हिंसा विरुद्ध देशव्यापी आन्दोलनलाई सम्बोधन गर्न प्रधानमन्त्रीकै अध्यक्षतामा ०६९ पुस १५ गते बसेको बैठकले बढदो महिला हिंसाका घटना सम्बन्धमा छानबिन गर्न आठ सदस्यीय समिति गठन गऱ्यो। वैदेशिक रोजगारीका क्रममा खाडी मुलुक गएका महिलाहरूले भोग्ने हिंसाका घटनामा पनि कमी आएनन्। हिंसा रोक्ने जिम्मेवारी पाएका सरकारी संयन्त्रले प्रभावकारी ढङ्गले जिम्मेवारी बहन गरेको अनुभूति भएन।

१५. सुधिएन सुरक्षा स्थिति

गत वर्षको तुलनामा सुरक्षा अवस्था खस्किएको पाइयो। यस वर्ष सर्वोच्च अदालतका न्यायाधीश रणबहादुर बमको राजधानीमा दिनदहाडै हत्या भयो। देशको प्रमुख प्रशासनिक केन्द्र सिंहदरवारबाट एक सय मिटरको दुरीमा गराइएको बम विस्फोटमा तीन सर्वसाधरणको ज्यान गयो।[४३] तराईमा व्यक्ति हत्या र हिंसाका घटना रोकिएनन्। मिथिला राज्यको माग गर्दै शान्तिपूर्ण धर्नामा बसेका आन्दोलनकारी माथि अज्ञात समूहले बम विस्फोट गराउँदा चार जनाको मृत्यु र ३१ जना घाइते भए।[४४]

राजधानीलगायत देशैभरि साना हतियारको बिगबिगीले अपराध बढायो। अधिकांश लुटपाट, हत्या र अपराधमा अवैध साना हतियार प्रयोग भए। अपहरण र फिरौतीको श्रृङ्खला रोकिएन। विभिन्न बहानामा राजनीतिक दल आबद्ध भातृ सङ्गठनबाट धम्की दिने र चन्दा असुल्ने क्रम यथावत रह्यो। सत्तारुढ दलका कार्यकर्ताले नै विभिन्न बहानामा जबरजस्ती चन्दा असुलीलाई निरन्तरता दिएका घटना इन्सेकमा अभिलेखित भए।

संविधानसभाको निर्वाचनपछि सन् २०१२ को अन्त्यसम्म आइपुग्दा सरकारले ५३ ओटा भूमिगत समूहहरूसँग वार्ता गऱ्यो। वार्ताको क्रममा हालसम्म सरकारको सम्पर्कमा रहेका २६ ओटा हिंसात्मक समूहमध्ये केहीले हतियारसमेत बुझाए कोही सरकारको सम्पर्कमा रहेनन् केहीले हिंसात्मक गतिविधि त्यागेर तराईकेन्द्रित दलमा प्रवेश गरे। देशका हिमाल, पहाड, तराईका विभिन्न स्थानमा हतियारबद्ध राजनीतिक गरिरहेका ५३ समूहमध्ये २६ समूह वार्ताको क्रममा सम्पर्कमा रहे। कतिपय समूह एक चरणको वार्तापछि सम्पर्कमा नआएको शान्ति तथा पुनर्निर्माण मन्त्रालयले जनायो। वार्ताको पहिलो चरणमा नै पूरा गर्न असम्भव माग राखेकाले धेरैजसो समूहसँग वार्ता असफल भएको पनि मन्त्रालयले जनायो।[४५] सशस्त्र विद्रोहका नाममा हिंसा गरिरहेका कतिपय समूहले वार्तालाई सङ्गठन निर्माण र अपराधको सजायबाट जोगिने माध्यम बनाएको स्पष्ट भयो।

कतिपय आपराधिक घटनामा माओवादी कार्यकर्ताहरू नै संलग्न रहेको पाइयो। राजधानीका चार ठाउँमा शृङ्खलाबद्ध बम राखेको अभियोगमा पक्राउ परेका कमल खतिवडा, चुँडा मोक्तान र रजमान तामाङ माओवादीका कार्यकर्ता भएको पाइयो। गोकर्ण, चाबहिल, कपन र लगनखेलमा सार्वजनिक बसमा सकेट बम राखेको आरोपमा ती व्यक्तिहरू पक्राउ परेका थिए। 'मनिष' उपनाम भएका कमल माओवादी भातृसङ्गठन अनेरास्ववियु क्रान्तिकारीमा सक्रिय रहेको, 'मुक्ति' भनिने रजमान माओवादी जनसरकार प्रमुखका रूपमा काम गरेको र चुँडा पनि विगतमा माओवादी कार्यकर्ता भएको प्रहरीले बतायो। सञ्चारकर्मीसँग कुरा

---

४३. घिमिरे, भिम/घिमिरे, लिलाबल्लभ। बबरमहलका विस्फोटका मुख्य योजनाकार पक्राउ। *इ-कान्तिपुर। १३ असार, २०६९* *http://www.ekantipur.com/nep/2069/3/13/full-story/350201.html* सो विस्फोटको जिम्मा लिने 'विश्वक्रान्ति उपनामका राजकुमार तामाङ नेविसङ्घ र एमाले, जनतान्त्रिक तामाङ् मोर्चा हुँदै संयुक्त जातीय मोर्चाको नाममा हिंसा थालेका व्यक्ति थिए।

४४. इन्सेक विज्ञप्ति। *इन्सेक अनलाइन*। १८ वैशाख २०६९
http://www.inseconline.org/index.php?type=news&lang=np&id=37098

४५. सरकारलाई १ सय ५१ थान हतियार। *हिमालय टाइम्स*। ०६९ माघ १६ गते, पृ. १

गर्दै रजमानले शान्ति र संविधानका लागि दबाब दिन बम राखेको बताए। उनीहरूले आफूहरू हाल पनि माओवादीमा सक्रिय रहेको पनि बताएका थिए। प्रहरीले गोकर्ण, चाबहिल, कपन र लगनखेलमा सार्वजनिक बसमा सकेट बम फेला परेको थियो। बम राखिएको स्थानमा नेपाल कम्युनिष्ट पार्टी पिपुल्स वार ग्रुपको पर्चा फेला परेको थियो।[४६] एकीकृत माओवादीले अपराधिक गतिविधिमा संलग्न आफ्ना कार्यकर्तालाई संरक्षण दिएको पाइयो।

१६. ओझेलमा सामाजिक न्याय

यस वर्ष सामाजिक न्यायका क्षेत्रमा उल्लेखनीय काम हुन सकेन। सामान्य औषधी उपचार नपाएर झाडापखाला, सुत्केरी व्यथा आदिका कारण नागरिकले ज्यान गुमाएका सूचना अभिलेख भइरहे। तराईमा चिसोको कारण यसवर्ष पनि गरिवले ज्यान गुमाए। सुकुमवासी, हलिया, मुक्त कमैयालगायतका समस्या प्रभावकारी सम्बोधन भएन। जनमुखी राहतका कार्यक्रम तय गरिएन।

१६.१ सुकुमबासीमाथि बल प्रयोग

सुकुमवासीको हक हित र अधिकारका लागि चर्को वकालत गर्दै आएको र सशस्त्र द्वन्द्वमा जानुपूर्व तत्कालीन शेरबहादुर देउवा सरकारलाई बुझाइएको ४० सूत्रीय मागमा समेत महत्वका साथ उठाइएको सुकुमवासीको मुद्दा र सोही मुद्दा समेटिएको ४० सूत्रीय मागका सूत्रधारका रूपमा चिनिएका डा. बाबुराम भट्टराईको प्रधानमन्त्रीत्वकालमा नै राजधानीका सुकुमवासीमाथि चर्को दमन भयो। उचित विकल्प नदिई सरकारले थापाथलीस्थित बाग्मती नदी किनारका सुकुमवासी बस्तीमाथि बलपूर्वक डोजर लगायो। आफ्नो बस्तीमाथि वैशाख १७ गते बिहानको सूर्योदयसँगै सरकारले पूर्व सहमति र विकल्प विना लगाएको डोजरको प्रतिकारमा उत्रेका सुकुमवासीहरूमाथि अश्रुग्यास, लाठी र बुट प्रहार भयो। झडपमा दुवैतर्फका घाइते भए। ३८ जनालाई प्रहरीले गिरफ्तार गऱ्यो। घरभित्रका सामानसमेत राम्रोसँग निकाल्न नपाई डोजर चलाइएको चार घण्टाको बीचमा २ सय ५१ घर टहरा ध्वस्त पारेर हजारौँ मानिसलाई बेघर बनाइयो। सुकुमवासी बस्ती भत्काउन नेपाल प्रहरी र सशस्त्र प्रहरी गरी ३ हजार सुरक्षाकर्मी खटाइएको थियो। अतिक्रमण गरी बसेका भए पनि सरकारले उचित विकल्पविना बल प्रयोग गर्नुहुन्नथ्यो। वर्षाको मौसम सुरु हुँदै गर्दा सरकारले बस्तीबाट हटाइएका सुकुमवासीहरू थप कष्ट भोग्न बाध्य भए। प्रहरी दमनका कारण केही महिलाको गर्भपतन भएको खबर पनि सार्वजनिक भए।[४७] यसैबीच सरकारले विचल्लीमा पारेका सुकुमवासीलाई कहाँ पुनर्स्थापना गर्ने भन्ने विषय अर्को विवादको मुद्दा बन्यो। स्थानीय बासिन्दाको सहमति विना नै सरकारले ललितपुरको सुन्दरीघाटमा सुकुमवासीका लागि टहरा निर्माण कार्य सुरु गरेपछि स्थानीय बासिन्दाले त्यसको चर्को प्रतिवाद गरे। कडा सुरक्षा घेराका बीच सरकारले टहरा बनाउन सुरु गरेकोमा स्थानीय बासिन्दाले सङ्घर्ष समिति नै बनाएर सरकारी निर्णयको विरोध गरे। शान्तिपूर्ण आन्दोलनमा प्रहरी दमन भएको भन्दै बन्दका कार्यक्रम समेत भए। यसअघि थापाथलीबाट विस्थापित गराइएका सुकुमवासीलाई चोभारको हिमाल सिमेन्ट कारखाना रहेको क्षेत्रमा पुनर्स्थापित गर्ने निर्णय गरेकोमा त्यसको पनि विरोध भएको थियो।[४८] यसैबीच विगतमा बाबुराम भट्टराईको अगुवाइमा पेश गरिएको ४० बुँदे माग भट्टराई स्वयम प्रधानमन्त्री हुँदा पनि सम्बोधन हुन नसकेको भन्दै नेकपा-माओवादीले विगतको ४० बुँदामा ३० थप गरी ७० बुँदे माग भट्टराई सरकारसमक्ष पेश गऱ्यो। ती मागमा सुकुमवासीको व्यवस्थित बसोवास र रोजगारीको व्यवस्था गरियोस् भन्ने उल्लेख थियो। तत्कालीन ४० बुँदे मागको ३१ नम्बर बुँदामा सुकुमवासीहरूलाई बसोवासको उचित व्यवस्था गरिनुपर्छ, वैकल्पिक बसोबासको व्यवस्था नगरी सुकुमवासीहरूलाई उठीबास गर्ने काम तुरून्त बन्द गरिनुपर्छ भन्ने उल्लेख थियो।

---

४६. ढुङ्गाना, केपी। राजधानीमा बम राख्ने माओवादी। *नागरिक दैनिक*, ०६९ चैत २६।

४७. अधिकारी, गिरिजा/ विष्ट, टिका। सुकुम्वासी वस्तीमा डोजर। *सौर्य दैनिक* , ०६९ वैशाख २७। *http://www.souryadaily.com/2012/05/14591.html*

४८. सुन्दरीघाटमा धमाधम टहरा बन्दै। इ-*कान्तिपुर*। २१ असार २०६९, *http://www.ekantipur.com/kantipur/news/news-detail.php?news_id=274239*

१६.२ आकाशिँदो मूल्यवृद्धि

दैनिक उपभोग्य वस्तुको आकाशिँदो मूल्यवृद्धि र कालोबजारीलाई सरकारले रोक्न सकेन। एक वर्षको बीचमा तीन पटकभन्दा बढी पेट्रोलियम पदार्थको मूल्यवृद्धि हुँदा पनि राहतको नारा दिएर नथाक्ने सरकारले गरिब जनताको भान्सा महङ्गिएको तर्फ गम्भीर भएन। राष्ट्र बैङ्कले मूल्यवृद्धि साढे सात प्रतिशतमा राख्ने प्रक्षेपण गरेकै महिना सर्वसाधारणले अत्यधिक महङ्गीको मार खेप्नुपऱ्यो। अघिल्लो वर्षको साउनमा ७.७ प्रतिशतमा रहेको मूल्यवृद्धि यसपटक ११.९ प्रतिशत पुग्यो। राष्ट्र बैङ्कका अनुसार सबैभन्दा बढी तरकारी, घिउ-तेल, लत्ता कपडाको मूल्य बढेको थियो। ढुवानी सिन्डेकेट, व्यापारीको मिलोमतो, कालोबजारीजस्ता कारणले पनि महङ्गी बढाउन मद्दत पुग्यो। फितलो सरकारी बजार अनुगमन मूल्य बढाउन व्यापारीलाई सहयोगसिद्ध भयो। यस वर्ष साउनमा खाद्यान्न तथा पेय पर्दाथको मूल्यवृद्धिदर १२.२ प्रतिशत रह्यो। गैरखाद्य तथा सेवा समूहको मूल्य ११.६ प्रतिशतले बढ्यो। जब कि अघिल्लो वर्ष खाद्यान्न र पेयपदार्थको मूल्यवृद्धि ९.९ प्रतिशत र गैरखाद्यान्नको ५.८ प्रतिशत मात्र थियो।[४९]

सरकारले उपभोक्ता अधिकार संरक्षण र मूल्य नियमनका लागि बनाएका आधा दर्जन कानुनको प्रभावकारी कार्यान्वयन हुन सकेन। सरकारले प्रतिस्पर्धा प्रर्वधन तथा बजार संरक्षण ऐन, २०६३-२०६६, उपभोक्ता संरक्षण ऐन, २०५४, उपभोक्ता संरक्षण नियमावली,२०५६, कालोबजार तथा केही अन्य सामाजिक अपराध तथा सजाय ऐन, २०३२, निकासी पैठारी नियन्त्रण ऐन, २०१३, निकासी पैठारी नियमावली २०३४ लगायतका ऐन तथा तिनका नियमावली र यिनका आधारमा बनेका निर्देशिकाहरू समेतको प्रभावकारी कार्यान्वयन गर्नसक्थ्यो। सशस्त्र विद्रोह पूर्व डा.भट्टराईकै नेतृत्वमा तत्कालीन सरकारलाई बुझाइएको ४० बुँदेको मागको ३६ नम्बर बुँदामा महङ्गी नियन्त्रण गरिनुपर्छ। महङ्गीका अनुपातमा ज्याला वृद्धि गरिनुपर्छ। दैनिक उपभोगका वस्तुहरू सस्तो र सुलभ तरिकाले आपूर्ति गर्ने व्यवस्था गरिनुर्पछ।' भन्ने उल्लेख थियो। जुन मागहरू पूरा नभएको भन्दै करिब १३ हजारभन्दा बढी नागरिकको ज्यान जाने र २७ अर्ब बराबरको भौतिक सम्पत्ति नष्ट हुनेगरी १० वर्षे सशस्त्र विद्रोहको नेतृत्व गरेका व्यक्तिले नै मुलुकको नेतृत्व सम्हाल्दा पनि जनताले ती मागको सम्बोधन भएको महसुस गर्न पाएनन्।

१६.३ स्वास्थ्य सेवा

सन् २०१२ मा पनि आधारभूत स्वास्थ्य सेवाको अभावमा सर्वसाधरणले ज्यान गुमाउनु पर्ने नियति दोहरियो। झाडापखाला र सुरक्षित तवरले सुत्केरी हुन नसकेकाले नागरिकले ज्यान गुमाए। स्वास्थ्य चौकीहरूमा औषधी र स्वास्थ्यकर्मी अभावका समाचारले निरन्तरता पाए। काठमाण्डौँकै स्वास्थ्य चौकीमा जीवनजल र जिङ्क चक्की समेत उपलब्ध हुन सकेन।[५०] त्यस्तै सुदूरका अस्पतालहरूमा 'सलाइन' नभएको समाचार सार्वजनिक भयो। काठमाण्डौँको महाराजगञ्जस्थित शिक्षण अस्पतालमा भएको बेथिति विरुद्ध डा. गोविन्द केसीले आमरण अनसन बस्दा पनि सरकारले ढिला गरेर मात्र सम्बोधन गऱ्यो। सरकारले यस वर्ष ५ सय २२ उप-स्वास्थ्यचौँकीको स्तरउन्नत्ति गरेर यस क्षेत्रमा केही मात्र भए पनि काम गरेको देखियो।

१६.४ मलको हाहाकार

किसानको हितको नारा जोडतोडका साथ उठाउने सरकारकै पालामा मल बिउको हाहाकार भयो। आफू प्रतिपक्षमा हुँदा मलबिउ अभावको विषयमा चर्को बहस गर्ने भट्टराईले आफ्नो नेतृत्वको सरकारले मलबिउको व्यवस्था गर्न नसकेको विषयमा आफूसँग मलको कारखाना नभएको गैरजिम्मेवार प्रतिक्रिया दिन पछि परेनन्। मल नपाएर रोपाइँ ठप्प भएको समाचार बाहिर आए। बिहान चार बजेदेखि मलका लागि लाम लागेका किसान साँझ पर्दा पनि मल नपाएर घर फर्कन बाध्य भए। अनुदानमा लिएको मल सहकारीहरूले नै ठगी गरेर बेचेको आरोप किसानहरूको थियो। रसायनिक मल प्रयोग नभए मुलुकभर तरकारी ३० प्रतिशत, उखु ७० प्रतिशत र मकै ४० प्रतिशत उत्पादन घटने अनुमान छ।[५१] यसैबीच कालाबजारी

---

४९. एक वर्षमा मूल्यवृद्धि हवात्तै बढ्यो। *नागरिक न्युज*। १५ असोज २०६९ *http://www.nagariknews.com/news-highlights/139-highlights/47039-2012-10-01-03-37-23.html*

५०. दाहाल, दीपक। काठमाडौँकै स्वास्थ्य केन्द्रमा छैन जीवनजल। *नागरिक दैनिक*, ०६९ जेठ २५ गते पृ.१

५१. विष्ट, दीपेन्द्र। धान रोप्ने बेला मलको हाहाकार। *कान्तिपुर दैनिक*। ०६९ असार ७ गते।

गर्ने र तस्करी गर्नेहरूले सरकारी अकर्मण्यताको फाइदा उठाउँदै किसान ठग्ने काम गरे। सरकार आफूले मल ल्याउन पनि नसक्ने र किसानलाई भारतबाट ल्याउन पनि रोक्ने भन्दै कृषकहरू आक्रोशित भए। रामेछापदेखि मल किन्नैका लागि महङ्गो गाडि भाडा तिरेर राजधानी आइपुगी कृषि सामग्री कम्पनीको मुख्य कार्यालयमा नै पुग्दा पनि मल नपाएको गुनासो किसानहरूले गरे।[५२] सशस्त्र विद्रोह गर्ने आधारका रूपमा पेश गरेको ४० सूत्रीय मागमा महत्वका साथ उठाइएको मलबिउको मुद्दा आफ्नै प्रधानमन्त्रीत्वकालमा भने सम्बोधन गर्न असफल भए। यसै विषयमा १७ वर्ष अगाडिसरकारलाई दोषी देख्ने भट्टराईले हाल आएर आफूसँग मलको कारखाना छैन भनेर प्रतिक्रिया दिनु अशोभनीय थियो। भट्टराईले सशस्त्र विद्रोहमा जानुपूर्व तत्कालीन सरकारलाई पेश गरेको ४० बुँदे मागपत्रको ३३ नम्बरमा 'मल, बिउ सस्तो र सुलभ हुनुपर्छ, किसानहरूलाई उत्पादनको उचित मूल्य र बजारको व्यवस्था गरिनुर्पछ' भन्ने उल्लेख थियो। आफ्नै प्रधानमन्त्रीत्वमा त्यो बुँदा पूरा गर्न उनले कुनै महत्वपूर्ण योजना तर्जुमा गर्न सकेनन्।

१७. विवादमा मन्त्री

भट्टराई सरकारका मन्त्रीहरू विभिन्न कारणले यस वर्ष पनि विवादमा परिरहे। गत वर्ष सरकारका रक्षामन्त्रीले राष्ट्रियताको विषयमा दिएको विवादस्पद अभिव्यक्तिपछि चर्को जनदवावका कारण मन्त्री पदबाट मुक्त हुनु परेको थियो। यस वर्ष सरकारका दुई मन्त्री भ्रष्टाचारको आरोपमा पदमुक्त भए। सूचना तथा सञ्चारमन्त्री जयप्रकाश गुप्तालाई सर्वोच्च अदालतले पुरानो मुद्दामा भ्रष्टाचारी ठहर गरी कारावास समेत तोक्यो भने श्रम तथा यातायात मन्त्री सरीता गिरीलाई भ्रष्टाचारको आरोपमा प्रधानमन्त्री स्वयमले बर्खास्त गर्नुपऱ्यो। अर्का मन्त्री प्रभु साहलाई वीरगञ्जका काशिनाथ तिवारीको हत्या गरेको आरोप लाग्यो। चर्को जनदवावपछि मन्त्री साह पनि पदमुक्त हुनुपऱ्यो। प्रधानमन्त्री स्वयम् पनि विवादस्पद अभिव्यक्तिका कारण आलोचित भए। स्वतन्त्र र सार्वभौमसत्ता सम्पन्न मूलुकका प्रधानमन्त्रीले घरि नेपाल 'मर्ज-सबमर्ज' हुनसक्ने र घरि 'साँचो अन्तै रहेको' अभिव्यक्ति दिनु अराष्ट्रवादी सोचको रूपमा व्याख्या भयो।[५३] देशमा शान्ति सुरक्षाको जिम्मेवारी सम्हालेका गृहमन्त्री विजयकुमार गच्छदार सङ्गठित अपराधका नाइके 'डन' गणेश लामाको सुरक्षामा हिँडेका समाचार र तस्विर सार्वजनिक भए। स्वास्थ्य राज्यमन्त्री सरोज यादवले मादक पदार्थ सेवन गरेर रातको समयमा वीर अस्पताल पुगेर मच्याएको अभद्रता सदृश्य सञ्चारमाध्यमबाट प्रसारण भए। उनले अस्पतालका डाक्टर, कर्मचारी र सञ्चारकर्मीलाई दुर्व्यवहार गरेका थिए। मन्त्री यादवको घटनामा मन्त्रीले गल्ती भएको भनी आत्मालोचना गरिसक्दा पनि अस्पतालका चिकित्सक र कर्मचारीलाई समेत आत्मआलोचना गर्न लगाएर कर्मचारीको मनोबल गिराउने काम भयो।[५४] वन मन्त्री मुहम्मद वकिल मुसलमान मन्त्रालय मातहतका संस्थान र प्रकृति संरक्षण कोषमा जभाभावी नियुक्ति बर्खास्ती र सरुवा गरेर विवादित भए। उनका सबैजसो निर्णयहरूमा सर्वोच्च अदालतले रोक लगाइरहँदा पनि उनले विवादस्पद भर्तीहरू रोकेनन्।[५५] कृषि तथा सहकारी मन्त्री नन्दकुमार दत्त उनकै पार्टी मधेसी जनअधिकार फोरम (ग) को सिफारिसमा पदबाट हटाइए। सिचाईमन्त्री महेन्द्रप्रसाद यादवले आफ्नो सिफारिस अनुसारको सरुवा नभएको भन्दै सचिव बिन्द्रा हाडालाई गालीगलौज र दुर्व्यवहार गरे। पर्यटन मन्त्री लोकेन्द्र विष्ट जर्मनी जानेक्रममा संयुक्त अरब इमिरेट्स (युएई) विमानस्थलमा भिसा नभएको भन्दै चार घण्टा प्रहरी नियन्त्रणमा रहनुपर्दा देशकै प्रतिष्ठा धुमिल भयो। मन्त्रीको हैसियतमा रातो पासपोर्ट बोकेर विदेश गएका मन्त्री पासपोर्टमा भिसा लागे नलागेको समेत विचार नगरी प्रस्थान गर्नु लज्जाको विषय बन्यो। सरकारका मन्त्रीहरुको यस्तो गैरजिम्मेवारीपूर्ण क्रियाकलापप्रति सरकारप्रमुख भने निसङ्ग रहिरहे।

---

५२. पोखरेल, विष्णु। मलको हाहाकार। *नागरिक दैनिक*। ०६९ असार १२ पृ. १

५३. एमालले यसरी देख्यो बाबुराम सरकारको सय दिन। *नेपाल जापान डटकम*। 26 August 2012 *http://www.nepaljapan.com/2012/08/26/5617/*

५४. अर्याल सीपी। विवादमा मन्त्रीहरू। *युवामञ्च मासिक*, जेठ २०६९। *http://www.gorkhapatra.org.np/mag/yubamanch.detail.php?article_id=1483&cat_id=42*

५५. मियाँ अवदुल्लाह। विवादमा वनमन्त्री। *कान्तिपुर दैनिक*। ०६८ पुस ३०।

१८. सस्तो प्रचारमा प्रधानमन्त्री

भट्टराई प्रधानमन्त्री भएलगत्तै परिणाममुखी भन्दा पनि प्रचारमुखी कार्य सम्पादनमा व्यस्त रहे। मुस्ताङ गाडी चढेर मितव्ययीताको चर्चा बटुलेका उनले जम्बो मन्त्रीमण्डल र सचिवालयको कीर्तिमान बनाए। होटल-सडक अनुगमन लगायत फेसबुक-ट्वीटर पनि प्रधानमन्त्रीका फगत प्रचारसामग्री साबित भए। उनका अभिव्यक्तिलाई गम्भीरतापूर्वक लिनेभन्दा त्यसलाई व्यङ्ग्य गर्ने र हलुका रूपमा ग्रहण गर्नेहरूको सङ्ख्या बढी देखिए।

१८.१ निष्प्रभावी हेलो सरकार

निकै प्रचारबाजीका साथ सुरु गरिएको हेलो सरकार सुरुका दिनमा निकै चर्चित भए पनि विस्तारै निष्प्रभावी बन्दै गयो। हेलो सरकार संयन्त्रको १११११ नम्बरको फोन प्रारम्भमा २४ सै घण्टा व्यस्त रहने गर्दथ्यो। दिनमा ३ सय भन्दा बढी उजुर र गुनासाहरू त्यहाँ 'नोट' हुन थालेका थिए। तर टिपाइएका गुनासोको सम्बोधन नहुने भएपछि विस्तारै १११११ को फोनमा घण्टी बज्ने क्रम पातलिँदै गयो। शुरुमा केही उजुरीको तत्काल सम्बोधन भएकाले जनता यस संयन्त्रप्रति आकर्षित भएका थिए। यो क्रम टिकाउ र उपयोगी बन्न सकेन। संयन्त्र स्थापना भएको एक वर्ष पुग्न लाग्दालाग्दै यसमा आउने उजुरीको सङ्ख्या क्रमशः घट्दै गयो। दिनमा ३० ओटा उजुरी आउन थाले। यसबीचमा करिब १८ हजार उजुरी हेलो सरकारमार्फत अभिलेखित भए, अधिकांशको सम्बोधन भने भएन।[५६] हेलो सरकारकै अनुसार पनि आएका उजुरीको ५० प्रतिशत पनि सम्बोधन हुन सकेन। भ्रष्टाचार, कालोबजारी, ठगी, कीर्ते, कर्मचारीको कामचोर प्रवृति जस्ता विषयमा उजुरी बढी आए पनि सामान्य विषयका उजुरीको मात्र सम्बोधन हुने गर्‍यो। हेलो सरकारमा हँसिमजाकका फोन पनि आउन थाले। कोहीले प्रधानमन्त्री कहिले राजीनामा दिन्छन् भन्दै मजाक गर्ने, कोही केटीले 'आइलभ यू' भनेर गिज्याउने र कोहीले अश्लील शब्द प्रयोग गरेर मजाक गर्नेसम्मको फोन पनि आउने गरेको कर्मचारीले बताए।[५७] प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयले नै सार्वजनिक गरेको प्रतिवेदन अनुसार ०६९ मङ्सिर महिनामा ७ सय ६८ उजुरी परे तर ३१ ओटाको मात्र सम्बोधन भयो। हेलो सरकारमा सबैभन्दा बढी दैनिक उपभोग्य बस्तु नपाएको, सरकारी कामकारबाही प्रभावकारी नभएको, भ्रष्टाचार र महङ्गी बढेको तथा सार्वजनिक यातायातमा अनियमितता बढेको उजुरी आउने गरेको मन्त्रिपरिषद् कार्यालयले जनायो। हेलो सरकारका लागि टोल फ्री नम्बर १११११, फ्याक्स नम्बर ११००, इमेल 1111@opcm.gov.npर एसएमएसका लागि ११०० नम्बरको व्यवस्था साथै उजुरीकर्ता स्वयम् उपस्थित भएर पनि उजुरी गर्नसक्ने व्यवस्था गरिएको थियो।[५८] प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलगायत विभिन्न मन्त्रालय तथा निकायमा प्राप्त हुने विभिन्न किसिमका जनगुनासो र सुझावहरूको उचित सुनुवाइ गर्न, मन्त्रालयबाट हुने नीतिगत निर्णय, कार्यसञ्चालन र शान्ति सुरक्षाको स्थितिको सम्बन्धमा जानकारी लिई शासकीय व्यवस्थामा सुधार गरी जनमुखी प्रशासन व्यवस्थाको प्रवर्धन गर्नका लागि सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४ को दफा ३१ र सुशासन (व्यवस्थापन तथा सञ्चालन) नियमावली, २०६५ को नियम २० ले गरेको व्यवस्थालाई प्रभावकारी बनाउन हेलो सरकार कक्ष सञ्चालन निर्देशिका, २०६८ बमोजिम हेलो सरकारकक्ष प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा स्थापना भई ०६८ कात्तिक १७ गतेबाट सञ्चालनमा आएको थियो।

१८.२ जनताको घरमा एक रात

'जनताको घरमा एकरात' कार्यक्रम अन्तर्गत जनताको पीरमर्का बुझ्ने बहानामा भएको प्रधानमन्त्रीको खर्चिलो भ्रमण सस्तो प्रचारबाजीको

---

५६. हेलो सरकार संयन्त्र प्रभावविहिन। *बीबीसी नेपाली।* *http://www.bbc.co.uk/nepali/news/2012/10/121023_hello_sarkar.shtml*

५७. आधा गुनासा पनि भएनन् सुनवाइ। हेरिएको मिति ०६९ पुस १० गते *http://www.sansarnews.com/index.php?option=com_content&view=article&id=957:2012-11-07-04-53-33&catid=8&Itemid=102*

५८. हेलो सरकारमा प्राप्त ७ सर ६८ उजुरीमध्ये ३१ वटामात्र सम्बोधन। *नागरिक न्युज।* २४ पुस २०६९ *http://www.nagariknews.com/politics/party-politics/51691-2013-01-07-14-29-56.html*

रूपमा आलोचित बन्यो। जनताको घरको नाममा आफ्ना कार्यकर्ताको घरमा गएर बास बस्ने र सरकारी ढुकुटीबाट लाखौँ रुपियाँ खर्च गर्ने शैली शाही शाशकहरूको नागरिक अभिनन्दन भन्दा फरक देखिएन। मुस्ताङ म्याक्स गाडी चढेर मितव्ययिताको उदाहरण प्रस्तुत गर्ने प्रधानमन्त्रीले राज्यकोषको दुरूपयोग गर्दै गरेको भ्रमणको प्रतिफल शून्य रह्यो। देश गम्भीर सङ्कटतर्फ उन्मुख रहेको अवस्थामा सरकारी अधिकारीहरूको ठूलो भीडलाई पछि लगाएर गरिएको खर्चिलो भ्रमणले प्रधानमन्त्री भट्टराईको सस्तो प्रचारको यथार्थ उदाङ्गो भयो। जेठ १४ गतेसम्म जननिर्वाचित प्रधानमन्त्रीको हैसियतले गरेको उनको भ्रमण केही हदसम्म पाच्य हुनसक्थ्यो तर संविधानसभा र व्यवस्थापिका संसद्को अवसानपछि कामचलाउको हैसियतमा रहेका प्रधानमन्त्रीको पिकनिक शैलीको यो भ्रमण बिल्कुल अराजनीतिक र व्यक्तिगत थियो। उनका यस्ताखाले भ्रमणको एक पटकको खर्च १० लाख रुपियाँभन्दा माथि रहँदै आयो जुन राज्यकोषबाट खर्च हुँदै आएको छ। जनताको घरमा एक रात भन्दै महोत्तरीको मुसहर बस्तीमा बास बस्न पुग्दा स्थानीयले ६ हजार रुपियाँ ऋण काटेर प्रधानमन्त्रीलाई खुवाउनु परेको खबर सार्वजनिक भयो। प्रधानमन्त्री आउनुपूर्व गाउँमा जेनरेटर जडान गर्नेदेखि पङ्खा र झूलको व्यवस्था गर्ने, स्थानीय मिष्ठान्न भोजन तयार गर्ने लगायतको चटारो स्थानीय बासिन्दालाई हुन्थ्यो। तत्कालीन राजा महाराजाको जिल्ला भ्रमणमा रातारात सडक कालोपत्रे बनाउने र सडकका भित्ता पोत्ने शैलीको पुनरावृति बन्यो प्रधानमन्त्रीको 'होम स्टे'। 'जनतासँग प्रधानमन्त्री' नामको मासिक रेडियो कार्यक्रम पनि प्रारम्भमा केही उपयोगी देखिए पनि अन्ततः फोन गर्नेको सङ्ख्या कम हुँदै गयो। फोनमा गरेका गुनासाहरूको सम्बोधन व्यवहारमा परिणत हुन नसकेपछि यो कार्यक्रमको प्रभावकारिता पनि कम भएको थियो। संविधानसभाको अवसान भई संवैधानिक सङ्कट उत्पन्न हुने दिन नजिकिदै गर्दा पनि राष्ट्रिय निकास र संविधानका मुद्दालाई भन्दा पनि प्रधानमन्त्री खुदुरा प्रचारलाई प्राथमिकतामा राखेर प्रचारमुखी कार्यक्रममा व्यस्त रहे। काठमाण्डौँ सरसफाइ र स्वयमसेवक अभियानका नाममा गरिएको कार्यक्रममा उनकै पार्टीका कार्यकर्तासमेत उपस्थित भएनन्। प्रधानमन्त्री दम्पतिको अगुवाइमा भएको त्यस अभियानमा स्कुले विद्यार्थी, सुरक्षाकर्मी र कर्मचारीबाहेक स्वस्फूर्त सहभागिता नाम मात्रको रह्यो। निकै महत्वका साथ प्रचारित सो कार्यक्रम समग्रमा उपलब्धिहीन नै रह्यो।

१९. सरकार र सर्वोच्च अदालत

संवैधानिक शुन्यता र राजनीतिक अस्थिरतालाई अवसर सम्झँदै सरकारले गरेका निर्णयहरू एकपछि अर्को गर्दै सर्वोच्च अदालतले त्यस्ता निर्णय संविधान र कानुनविपरीत रहेको ठहर गर्दै लागु नगर्न आदेश दिँदै गयो। आफ्नो अवैधानिक कार्यको बाधक बनेको सर्वोच्च अदालतप्रति सरकारको रुष्टता पटक पटक सार्वजनिक भयो। राजनीतिक विषयमा सर्वोच्चले हात हालेको आरोप पनि लाग्यो। सरकारले पूर्व विशिष्ट पदाधिकारीहरूलाई ५० लाख रुपियाँ सम्मको गाडीलगायतको सुविधा दिने भनी अध्यादेश मार्फत गरेको निर्णयमा सर्वोच्चले रोक लगायो। भट्टराई नेतृत्वको सरकारले गरेका ४० भन्दा बढी निर्णय कार्यान्वयनमा सर्वोच्चले रोक लगाउनाले सरकार विधिअनुरूप सञ्चालन हुन नखोजेको स्पष्ट भयो। संविधानसभाको म्याद बढाउने, भारतसँग गरिएको चर्चित बिप्पा सम्झौता, सशस्त्र युद्धकालमा माओवादीको तत्कालीन जनसत्ता भनिने निकायले गरेका लिखतलाई वैधानिकता दिने र नेपाली सेनामा समावेशीकरण गर्ने, शहीदगेटबाट राजा त्रिभुवनको सालिक हटाउने, माओवादीका तत्कालीन सभासद् बालकृष्ण ढुङ्गेलको मुद्दा फिर्ता लिने, पूर्ण बजेट ल्याउने, हत्या लगायत जघन्य अपराधमा आरोपितहरू विरुद्ध दायर दर्जनौं मुद्दा फिर्ता लिने लगायतका निर्णय सर्वोच्चले कार्यान्वयन नगर्न आदेश गऱ्यो। त्यस्तै नागरिकता विना नै मतदाता नामावली सङ्कलन गर्ने, जन्मका आधारमा नागरिकता वितरण गर्न गृहमन्त्री विजयकुमार गच्छदारले गरेको मन्त्रीस्तरीय निर्णय र सूचना वर्गीकरण गर्ने निर्णय कार्यान्वयनमा पनि सर्वोच्च अदालत बाधक बन्यो।[५९] सत्ता सम्हालेको एक वर्षको अवधिमा मात्र सरकार विरुद्ध २ सय ३० ओटा मुद्दा परे त्यसमा ९० प्रतिशतमा सरकारका निर्णय अवैधानिक ठहर भए।

---

५९. गौतम विमल। सरकारी निर्णयमा सर्वोच्चको तगारो। *बीबीसी नेपाली अनलाइन*, *http://www.bbc.co.uk/nepali/news/2012/08/120802_govtdecision_vs_sc.shtml*

संविधानसभाको म्याद छ महिनाभन्दा बढी थप नगर्न सर्वोच्चले दिएको आदेश पालना नगरेको भन्दै अदालतको मानहानी गरेको आरोपमा प्रधानमन्त्री अदालतमा उपस्थित समेत हुनुपऱ्यो। बहालवाला प्रधानमन्त्री अदालतमा उपस्थित भएर बयान दिएको यो पहिलो घटना थियो। प्रधानमन्त्री भट्टराईले सपथ लिएको २४ घण्टाभित्र नै उनीविरुद्ध रिट परेको थियो।[६०] सरकारका निर्णय विरुद्ध पटक-पटक सर्वोच्च अदालतले निर्णय गर्नु पर्ने अवस्था आउनुलाई सकारात्मक मानिएन। विधिको शासनप्रति सरकार उदासीन रहेको यस्ता प्रमाण वर्षभरि नै प्रस्तुत भए।

अदालतको निर्णय कार्यान्वयन गराउने दायित्व सरकारको हुन्छ। तर विगतदेखि वर्तमानसम्म नेपालमा यो अभ्यास कमजोर रह्यो। सर्वोच्च, पुनरावेदन र जिल्ला अदालतबाट अन्तिम फैसला भएका करिब साढे ५ हजार मुद्दा कार्यान्वयन हुन नसक्दा राज्यले ८ अर्बभन्दा बढी जरिवाना रकम असुल गर्न नसकेको अदालती तथ्याङ्क छ। दोषीहरूले भोग्नुपर्ने ९६ हजार वर्षभन्दा धेरै कैद पनि असुल हुन सकेको छैन। सर्वोच्च अदालतको फैसला कार्यान्वयन निर्देशनालयका अनुसार तीन तहका अदालतबाट फैसला भएका ५ हजार ४ सय ४२ थान मुद्दा अझै कार्यान्वयन हुन सकेका छैनन्। फैसला कार्यान्वयन नहुँदा ८ अर्ब ८ करोड ६२ लाख ८८ हजार ७ सय २४ जरिवाना रकम र ९६ हजार ६ सय ७३ वर्ष २ महिना ६ दिन कैद असुल हुन सकेको छैन। कार्यान्वयन हुन नसकेका फैसला २००७ सालदेखिका छन्। २००७ सालमा तत्कालीन एकाइ र प्रधानन्यायालयबाट फैसला भएका करिब २ सय मुद्दा अझै कार्यान्वयनमा आएका छैनन्। २००७ सालदेखि ०६८ सालसम्म विभिन्न अदालतले लाखौँ मुद्दामा ८ अर्ब ८५ करोड ९७ लाख ७९ हजार ५ सय १ रुपियाँ जरिवाना तोकेका छन्। कूल जरिवानाको २० प्रतिशतभन्दा कम मात्र असुल-उपर भएको तथ्याङ्क सर्वोच्चको फैसला कार्यान्वयन निर्देशनालयमा छ। जरिवाना रकममध्ये ७७ करोड ३४ लाख ९० हजार ७ सय ७७ रुपियाँ मात्र असुल भएको छ। त्यसैगरी, अदालतले ६३ वर्षयता विभिन्न मुद्दाका दोषीलाई १ लाख २२ हजार ३ सय २५ वर्ष ४ दिनको कैद सजाय तोकेको थियो। कैद असुलको अवस्था पनि नाजुक छ। अदालतले तोकेको कैद वर्षमध्ये २४ हजार ६ सय ५१ वर्ष २८ दिन मात्र असुल भएको छ। कैद र जरिवाना तोकिएका करिब १४ हजार व्यक्ति राज्यको नजरमा फरार छन्। अदालतबाट दोषी ठहर भई प्रहरीको नजरमा फरार रहेका करिब ३ हजार व्यक्ति विभिन्न राजनीतिक दलका नेता-कार्यकर्ता छन्।[६१] यसले दण्डरोत्मुक्तिको भयावह अवस्थाको चित्रण प्रस्तुत गर्दछ।

कतिपय देशमा फैसला कार्यान्वयनका लागि अदालतसँग हुने गरेका छुट्टै न्यायिक प्रहरी एकाइ नेपालमा छैन। सर्वोच्च अदालतले फैसला कार्यान्वयन र सुरक्षाका लागि भन्दै करिब हजारको सङ्ख्यामा न्यायिक प्रहरी युनिट गठन गर्न सरकारसँग माग गरे पनि त्यो एकाइ कसको मातहतमा राखी सञ्चालन गर्ने भन्ने विषयमा गृह मन्त्रालय र न्यायालयबीच कुरा नमिल्दा वर्षौंदेखि गठन प्रक्रिया अलपत्र छ।[६२] अदालती आदेशहरूको कार्यान्वयनमा भएको बेवास्ताले अन्ततः विधिको शासनको मानमर्दन भयो।

२०. नारामा सिमित आर्थिक सम्बृद्धि

प्रधानमन्त्री भट्टराईले पद सम्हाल्दा अघिल्लो सरकारका अर्थमन्त्री भरतमोहन अधिकारीले ल्याएको बजेट कार्यान्वयन भइरहेको थियो। तुरुन्तै अर्को बजेट ल्याउँदा पुराना र नयाँ कार्यक्रमबीच तालमेल नमिल्ने भन्दै नयाँ सरकारले पुरानै बजेटलाई निरन्तरता दियो। आर्थिक वर्ष ०६५/०६६ मा अर्थमन्त्री हुँदादेखि नै 'दोहोरो अङ्कको आर्थिक वृद्धि', 'घस्रिने होइन उफ्रिने विकास' भन्दै आएका प्रधानमन्त्रीले आर्थिक विकास र समृद्धिको तत्कालीन कार्ययोजना नाम दिएर प्रधानमन्त्री भएको पाँच महिनापछि माघमा कार्ययोजना सार्वजनिक गरे। 'जनताले यो सरकारबाट आर्थिक समृद्धि र सुशासनको क्षेत्रमा ठूलो आशा र भरोसा गरेका छन्। जनताका यी अपेक्षा पूरा गर्न सरकार दृढतापूर्वक लागिरहेको छ' कार्ययोजनामा भनिएको थियो। समृद्धिको कार्ययोजना आवधिक योजना, वार्षिक बजेट, नीति तथा

---

६०. प्रधानमन्त्री विरुद्ध २ सय ३० मुद्दा। *ग्लोबल नेपाल न्युज*।
http://globalnepalnews.co.uk/articles.php?cid=6492

६१. विसी, जीवन। अदालतका फैसला कार्यान्वयन नहुदा। *सौर्य दैनिक*, ०६९ कात्तिक १८ गते
http://www.souryadaily.com/2012/11/43083.html

६२. पूर्ववत।

कार्यक्रमले निर्देश गरेका विकास कार्यक्रमहरूलाई प्राथमिकता तोकेर सम्पन्न गर्ने लक्ष्य लिएको थियो। तत्काल सम्पन्न गर्ने मुख्य कार्यक्रम, जिम्मेवार निकाय र समयसीमा समेत तोकिएको उक्त कार्ययोजना प्रभावकारी भने हुन सकेन। बजेटकै सीमाभित्र रहेर समृद्धिको ठूलो फडको मार्ने लक्ष्य राखिएको कार्यक्रम नारामा सिमित भयो। कार्ययोजनाले छ महिनामा ६ लाख ५० हजार रोजगारी सिर्जना गर्ने भने पनि बेरोजगार युवाहरू दैनिक हजारौंको सङ्ख्यामा विदेशिन बाध्य भइरहेको अवस्थामा कुनै परिवर्तन देखापर्नुको साटो विदेशिने क्रम दिनानुदिन बढदै गयो। श्रम तथा रोजगार मन्त्रालयका अनुसार ०६९ कात्तिक मसान्त सम्ममा २५ लाख ९० हजार ९३ नेपाली कामका लागि वैधानिक रूपमा विदेश गएका छन्। मन्त्रालयका अनुसार पछिल्लो समय सरदर दैनिक १ हजार ४ सयदेखि १ हजार ७ सयसम्म नेपाली रोजगारीका लागि विदेसिने गरेका छन्।[63] सरकारको दोहोरो अङ्कको आर्थिक बृद्धि, लगानी अभिबृद्धि, बेरोजगारी अन्त्य र सामाजिक सुरक्षाको प्रत्याभूतिलाई केन्द्रमा राखेर ल्याइएको आर्थिक विकास र समृद्धि तथा सुशासन कार्ययोजना कागजीमात्र रहेको प्रमाणित भयो।

२१. **विवादमा बजेट**

संविधानसभाको निर्वाचनपछिका प्रत्येक आर्थिक वर्षमा समयमा बजेट नआउने प्रवृत्ति रहेकोमा आर्थिक वर्ष ०६९/०७० का लागि सरकारको खर्च गर्ने अधिकारसहितको अधिकार थप अन्योलमा पऱ्यो। संविधानसभा भङ्ग भएको, संसद् नरहेको र सरकार कामचलाउ रहेको अवस्थामा कुन आधारमा बजेट ल्याउने भन्ने संवैधानिक आधार नरहेको यो अवस्था संभवत: नेपालको इतिहासमै पहिलो थियो। यसअघि समयमा बजेट नआउँदा सरकारले अघिल्लो आर्थिक वर्षको वास्तविक खर्चको एकतिहाइ खर्च गर्ने अधिकारसहितको बजेट अध्यादेशमार्फत ल्याउने र त्यसलाई छ महिनाभित्र संसद्ले पारित गरिँदै आएको थियो। यो वर्ष सहमतिबाट पूर्ण बजेट ल्याउन सबै दलहरूसँग सरकारले पहल गर्ने भने पनि विपक्षी दलहरूले सहयोग गरेनन्। बजेट आर्थिक मात्रै नभएर राजनीतिक दस्ताबेज पनि भएकाले पूरै आर्थिक वर्षका लागि ल्याउन नहुने अडान सरकारमा रहेका बाहेकका दलहरूको रह्यो। सरकारको खर्च गर्ने अधिकार नै नभएपछि निजी क्षेत्र अन्योलमा रह्यो। निजी क्षेत्रले बजेटलाई राजनीति भन्दा अलग राखेर हेर्न धेरै प्रयत्न गऱ्यो। निजी क्षेत्रको प्रतिनिधिमूलक संस्था नेपाल उद्योग वाणिज्य महासङ्घले समेत धेरैपटक सबै दलका नेता, अर्थशास्त्री, सरकारलाई भेटेर बजेटमा सहमति जुटाउन पहल गऱ्यो। यसबाट कुनै सकारात्मक नतिजा निस्कन सकेन। अन्ततः अर्थमन्त्रालयले लामो समय लगाएर तयार गरेको पूर्ण बजेट आउन सकेन। सरकारले चार महिनाका लागि खर्च गर्न पाउने अधिकारको एकतिहाइ बजेट अध्यादेशमार्फत ल्यायो। काम चलाउको लागि ल्याइएको एक तृतियांश बजेटले असोजसम्मको खर्च धाने पनि कात्तिकदेखि सरकारी सेवा नै प्रभावित हुने र कैदी बन्दीलाई सिदा दिने रकम समेत सरकारसँग नहुँदा सरकार गहिरो सङ्कटमा पऱ्यो। विपक्षी दलले भने बजेटलाई नै सरकार परिवर्तनको आधार बनाएर पूर्ण बजेट ल्याउन नदिने अडान राखे। सरकारले बजेट अध्यादेश पास गरिदिन राष्ट्रपतिलाई अनुरोध नै गर्नुपऱ्यो। अन्ततः सरकारले लामो सङ्घर्षपछि मङ्सिर ५ गते बाँकी आठ महिनाका लागि काम चलाउन गत आर्थिक वर्षको बाँकी अवधिको खर्च चलाउन ३ सय ५१ अर्ब रूपैयाँ खर्च गर्ने अधिकारसहितको अध्यादेश ल्यायो। यसले विकासको गतिलाई सीमित बनायो। सामाजिक सुरक्षा भत्तालाई प्राथमिकता राखे पनि गत वर्षको भन्दा बढी सीमामा खर्च गर्न नपाउने भएकाले सामाजिक सुरक्षा भत्ता वितरणमा समस्या देखियो। बजेटलाई राजनीतिक हतियार बनाइएको यो पहिलो पटक नभए पनि पूरै आर्थिक वर्षका लागि नयाँ कार्यक्रम नआउनु दुर्भाग्यपूर्ण रह्यो।

२२. **सूचनाको हकमा अंकुशको प्रयास**

यस वर्ष नेपाल सरकारले सूचनाको हकसम्बन्धी ऐनले गोप्य रहनुपर्ने भनी वर्गीकरण गरेका पाँच प्रकारका सूचनालाई बढाएर १ सय ४० पुऱ्याउने निर्णय गऱ्यो। सरकारी निर्णय विरुद्धको रिट निवेदनमा फैसला गर्दै सर्वोच्चले निषेधाज्ञा जारी गऱ्यो। अदालतले सम्बन्धित ऐनले तोकेका शीर्षक मात्रै नै गोप्य राख्न यथेष्ठ भएको भन्दै सरकारी निर्णयलाई खारेज गऱ्यो भने यसप्रकार सूचनाको हकमा बाधा पुऱ्याउनु संवैधानिक हकको विपरीत पनि हुने पनि बतायो।*(हेर्नुहोस्, परिच्छेद*

---

६३. पण्डित, सागर। २६ लाख नेपाली कामदार विदेशमा। *नयाँ पत्रिका दैनिक*। ०६९ मङ्सिर २९ गते।

न्यायपालिका)। ०६९ जेठ ७ गते सूचना तथा सञ्चार मन्त्रालयले इमेज न्युज एफएमको कार्यक्रम 'जनचासो' निष्पक्ष नभएको भन्दै प्रस्तोतामाथि तत्काल कारबाही अगाडि बढाउन निर्देशन दियो। प्रधानमन्त्रीको निर्देशनमा सञ्चार मन्त्रालयमार्फत उक्त पत्राचार गरिएको थियो। कानुनत: सञ्चारमाध्यममा प्रकाशन तथा प्रसारण भएको सामग्रीका आधारमा कारबाहीका लागि पत्राचार गर्ने अधिकार प्रेस काउन्सिलबाहेक अन्य सरकारी निकायलाई छैन। त्यस्तै सरकारी सञ्चारमाध्यमलाई पञ्चायती शैलीमा हस्तक्षेप गरियो। संविधानसभा विघटनपछि प्रतिपक्षी २७ दलले राजधानीको खुलामञ्चमा गरेको आमसभाको प्रत्यक्ष प्रसारण गरेको आरोपमा नेपाल टेलीभिजनका कायममुकायम महाप्रबन्धक दिपकमणी धिताललाई जिम्मेवारीबाट हटाइयो। गोरखापत्रमा प्रकाशित हुने सरकारविरोधी समाचारलाई लिएर पटक-पटक सचेत गराइयो। प्रधानमन्त्रीले यति सानो देशमा सञ्चारमाध्यम धेरै भएको अभिव्यक्तिसमेत दिए।[६४] सञ्चारमाध्यले सरकारको आलोचना गरेका कारण त्यस्तो अभिव्यक्ति दिएको स्पष्ट बुझियो। पत्रकारको पेशागत र भौतिक सुरक्षाको दायित्व बोकेको सरकारले विभिन्न समूहद्वारा गरिएको बन्दको समाचार सङ्कलनका क्रममा दर्जनौ पत्रकारमाथि निर्घात आक्रमण हुँदा मूकदर्शक मात्र बनिरह्यो। पत्रकार महासङ्घ प्रेस स्वतन्त्रता अनुगमन एकाइका अनुसार जातीय र क्षेत्रीय आन्दोलन र बन्दको समाचार सङ्कलनमा निस्किएका पत्रकारमाथि देशैभर आक्रमण भएको थियो। ०६८ माघ १६ गते धनकुटामा प्रधानमन्त्री सहभागी कार्यक्रमको समाचार सङ्कलन गर्न गएका पत्रकारलाई प्रहरीले माथिको आदेश भन्दै तीन घण्टासम्म घेराबन्दीमा राख्यो।[६५] यसैबीच 'रिपोर्टर्स विदाउट बोडर्स' नामक अन्तर्राष्ट्रिय संस्थाले यस वर्ष प्रेस स्वतन्त्रतामा नेपालको स्थान गत वर्षभन्दा १२ स्थान तल खस्किएर ११८ औँ स्थानमा पुगेको प्रतिवेदन सार्वजनिक गऱ्यो। सोही संस्थाको गतवर्षको प्रतिवेदनमा नेपालको स्थान १०६ औँ स्थानमा थियो।[६६] आफ्ना प्रतिकूलका समाचार प्रकाशन तथा प्रसारण गर्ने सञ्चारमाध्यमप्रति अनुदार व्यवहार प्रदर्शन गरेरे सरकारले प्रेसलाई आफ्नो स्वार्थ अनुरूप प्रयोग गर्न चाहेको देखियो।

२३. बन्दीको अधिकार : कष्टकर कारागार

इन्सेकले हरेक वर्ष देशभरिका कारागारको अनुगमन गरी यथार्थ विवरण सार्वजनिक गर्दै आएको छ। यस वर्षको अन्त्यमा पनि इन्सेकले मुलुकभरका कारागार अनुगमन गऱ्यो। विगतमा झैं यस वर्ष पनि कारागारको भौतिक सुधारमा सरकारले ध्यान दिएन। यस वर्षको अनुगमनमा पनि देशैभरका कारागार भवनहरू जीर्ण रहेको, क्षमताभन्दा बढी बन्दी राखिएको, खानेपानी, शौचालयलगायतका आधारभूत सुविधाको अवस्था नाजुक रहेको पाइयो।[६७] कारागारमा सीप र सृजनामूलक अवसरहरू छैनन्। कारागारलाई सुधारगृहको रूपमा विकास गरिने भनिए पनि अहिले पनि यातनागृहकै रूपमा रहेको छ। फितलो सुरक्षा व्यवस्थाका कारण यस वर्ष पनि विभिन्न कारागारमा झडप मात्र भएनन्, कैदीहरू सुरुङ्ग खनेर फरारसमेत भए।[६८] यसैबीच कारागारको अवस्था सुधार्न राष्ट्रिय मानवअधिकार आयोगले सरकारका नाममा पत्राचारसमेत गऱ्यो। मङ्सिर २० गते आयोगले कारागार तथा बन्दीगृहहरूको अवस्था सुधार्न आग्रह गर्दै प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पत्राचार गरेको थियो। आयोगले भूकम्प, आगलागी एवम् सुरक्षाको दृष्टिले कारागार तथा बन्दीगृहको अवस्था जोखिमपूर्ण रहेको भन्दै कारागार तथा बन्दीगृह बन्दीहरूको अत्याधिक चापको कारण अव्यवस्थित रहेको उल्लेख गर्दै महिला बन्दी र तिनका साथमा रहेका बालबालिकाहरूको उचित लालनपालन र शिक्षादीक्षा प्रदान गर्ने व्यवस्था नभएको भन्दै पत्रमा चिन्ता व्यक्त गरेको थियो।[६९] यसैबीच सरकारले कारागार नियमावली २०२० को संशोधन मस्यौदा

६४. रावल रामबहादुर। प्रेसलाई नियन्त्रण। *नेपाल साप्ताहिक*। ०६९ साउन ७ पृ. ३१
६५. प्रहरी घेराबन्दी विरुद्ध पत्रकार आन्दोलित। *नागरिक दैनिक*। ०६९ माघ १७ गते पृ.१७
६६. 2013 WORLD PRESS FREEDOM INDEX: DASHED HOPES AFTER SPRING. *http://en.rsf.org/spip.php?page=classement&id_rubrique=1054*
६७. *हेर्नुहोस्, जिल्लागत विवरणमा शीर्षक जेल र बन्दी*
६८. *हेर्नुहोस जिल्लागत विवरण सुनसरी*
६९. कारागारको अवस्था सुधार्न आयोगको पत्राचार। *अनलाइनखबर*। *http://www.onlinekhabar.com/2012/12/18412/*

तयार गऱ्यो। सरकारले केन्द्रीय कारागार अस्पतालको नयाँ ओपीडी भवन निर्माण, कैलाली, कञ्चनपुर र बर्दियामा महिला कारागार भवन निर्माण सम्पन्न गरी म्याग्दी, तनहूँ, कपिलबस्तु, रूपन्देही, सुनसरी र सुर्खेत गरी छ जिल्लाका कारागारमा अस्थायी टहरा निर्माण गऱ्यो।

२४. वैदेशिक रोजगारको फितलो नियमन

देशमा कृषि, उद्योग, व्यापार-व्यवसाय लगायत कुनै पनि क्षेत्र फस्टाउन नसकेको अवस्थामा देशको अर्थतन्त्रलाई रेमिट्यान्सले धानिरहेको छ। वैदेशिक रोजगारमा रहेका नेपाली कामदारको कमाई (रेमिट्यान्स) को देशको कुल ग्रार्हस्थ उत्पादनमा करिब २३ प्रतिशत योगदान रहेको छ। यो कृषिपछिको ठूलो योगदान हो।[७०] वैदेशिक रोजगारीका लागि खुल्ला गरिएका एक सयभन्दा बढी मुलुकमध्ये मलेसिया, कतार, साउदी अरब, संयुक्त अरब इमिरेटस, कुवेत, ओमान, बहराइन, दक्षिणकोरिया र इजरायल नेपालीको मुख्य गन्तव्य रहे। अर्थतन्त्रका अरु क्षेत्र सुस्त रहँदा पनि रेमिट्यान्सले विदेशी मुद्राको अभाव हुन दिएको छैन। शोधनान्तर स्थितिलाई पनि जोगाएको छ। नेपालमा हाल वार्षिक करिब ४ खर्ब रुपियाँ रेमिट्यान्स भित्रिरहेको अर्थविद्हरूको भनाइ छ। यो रकम देशको वार्षिक बजेटको हाराहारी हो। रेमिट्यान्सकै कारण नेपालीको जीवनस्तर माथि उठेको छ। शिक्षा, स्वास्थ्य र विकासमा पनि यसले सकारात्मक प्रभाव पारेको छ। गाउँका घरहरूमा खरको छानो विस्थापित भएर टिनको छानोले ठाउँ पाएको छ। सरकारी स्कुलमा समेत पहुँच नभएका बालबालिका बोर्डिङ स्कुल पढन थालेका छन्। रेमिट्यान्सले अर्थतन्त्रको हिस्सा ओगटेको आधारमा नेपाल संसारका उत्कृष्ट पाँच देशमा पर्दछ।

आ.व. २०६९/७० मा मात्र ३ लाख ८४ हजार नेपाली स्वीकृति प्राप्त गरी वैदेशिक रोजगारीका लागि विभिन्न मुलुकमा गए। यसमा करीब ९५ प्रतिशत पुरुष र ५ प्रतिशत महिला छन्। यो वैधानिक तथ्याङ्कलाई मात्र आधार मान्ने हो भने पनि दैनिक सरदर १ हजार ४३ नेपाली विदेशिने गर्दछन्। पछिल्लो जनगणना ०६८ को तथ्याङ्कअनुसार यतिबेला १६ लाख २ सय ३७ पुरुष र २ लाख ५४ हजार ६ सय ६६ महिला गरी १९ लाख १७ हजार ९ सय ३ नेपालीहरू विदेशमा छन्। गैरसरकारी संस्थाहरूको तथ्याङ्क यो भन्दा धेरै माथि छ। किनभने अवैधानिक बाटोबाट विदेश जाने नेपालीको सङ्ख्या पनि उल्लेख्य छ। प्रत्येक वर्ष नेपाली श्रमबजारमा ४ लाख भन्दा बढी युवा प्रवेश गर्ने र त्यसमा ४ प्रतिशतले मात्र आन्तरिक रूपमा रोजगार पाउने गरेका छन्। राष्ट्रिय अर्थतन्त्रको यति ठूलो हिस्सा ओगटेको वैदेशिक रोजगार क्षेत्रलाई व्यवस्थित गराउने तर्फ सरकार गम्भीर भएको पाइएन। रेमिट्यान्समा रमाएको सरकारले हरेक दिन सरदर तीन जनाको दरले खाडी मुलुकबाट नेपाल भित्रिने नेपाली कामदारका लासको पीडा बुझ्ने संवेदना देखाउन सकेन। वैदेशिक रोजगारीका लागि खाडी र मलेसियालगायत विभिन्न मुलुक गएका नेपालीमध्ये दैनिक तीन जनाका शव नेपाल आउँछ। यीमध्ये दुईको तथ्याङ्कमात्र सरकारसँग हुन्छ। गैरकानुनी ढङ्गबाट गई मृत्यु भएका कामदारको लगत सरकारले राख्दैन। चालू आर्थिक वर्षका छ महिनामा विदेशबाट ३ सय २४ नेपालीका शव नेपाल भित्रिए। यो तथ्याङ्क वैदेशिक रोजगार विभागबाट श्रम स्वीकृति लिएर गएका कामदारको मात्र हो। वैधानिक कामदारको लगत राख्ने र विदेशमा मृत्यु भए कानुनी/आर्थिक सहयोग गर्ने काम वैदेशिक रोजगार प्रवर्धन बोर्डले गर्छ। तर बोर्डमा पनि वैधानिक ढङ्गले गएकाको मात्र तथ्याङ्क हुने भएकाले अवैधानिक कामदारको मृत्युबारे केही थाहा हुँदैन।[७१]

यसरी युवा पलायनले अल्पकालीन रूपमा देखिएको फाइदामा रमाएको सरकारले यसको दीर्घकालीन प्रभावको विश्लेषण गर्ने गरेको पाइएन। विदेशिनेहरूमा पुरुषको तुलनामा महिलाको सङ्ख्या न्यून रहँदा नेपाली समाजमा देखिएको लैङ्गिक असन्तुलनले पारेको सामाजिक विचलनतर्फ पनि सरकारी ध्यान गएन। वदेशिक रोजगारीबाट भित्रिएको रकम उत्पादनमूलक काममा खर्च हुन सकेको छैन। तेस्रो जीवनस्तर सर्वेक्षणले नेपालमा कृषिमा आधारित जनसङ्ख्या ८० प्रतिशतबाट ७६ प्रतिशतमा झरेको देखाएको छ। युवा जनशक्ति वैदेशिक रोजगारीमा

---

७०. भट्टराई, पूर्णचन्द्र। वैदेशिक रोजगारीको व्यवस्थापन। *इ-कान्तिपुर*। ५ पुस २०६८, *http://www.ekantipur.com/kantipur/news/news-detail.php?news_id=259189*

७१. गुरुङ, मोहन। विदेशबाट दैनिक तीन शव। *कारोबार दैनिक*। ७ माघ २०६९, पृ. १

आकर्षित भएपछि खेतीयोग्य जमिनसमेत बाझो बन्दै गएको देखिएको छ।[७१] यसरी अव्यवस्थित रोजगारीले निम्त्याउन सक्ने दीर्घकालिन असरको विश्लेषण हुन सकेन। यसले नेपाली अर्थतन्त्रलाई परनिर्भरतामुखी बनाउदै लगेको छ। नेपाल अतिकम विकसित मुलुकमध्ये रेमिट्यान्स भित्राउने बंगलादेशपछिको दोस्रो मुलुक हो।[७२]

यसैबीच, वैदेशिक रोजगारलाई नियमन गर्ने निकाय वैदेशिक रोजगार विभाग स्वयम नै अनियमिततामा मुछियो। वैदेशिक रोजगारमा गएका नेपाली चेलीमाथि हुने गरेको हिंसाको कहालिलाग्दा समाचारहरू सार्वजनिक भइरहे तर त्यसको समाधानका लागि सरकारबाट हुनुपर्ने कुटनीतिक पहलमा तदारुकता देखाइएन। विदेशमा नेपाली महिला कामदारमाथि भएको हिंसा कम गर्न भन्दै सरकारले ३० वर्ष नपुगेकी महिला खाडीमा काम गर्न जान नपाउने हास्यास्पद निर्णय गर्‍यो। उमेर छिप्पिएकी महिलामाथि हिंसा हुँदैन भन्ने मनशायबाट प्रेरित सरकारको यो निर्णयबाट सरकारको निर्णयक्षमता प्रति प्रश्न उठ्नु स्वभाविक थियो। वैदेशिक रोजगारका झुटा र आकर्षक विज्ञापन छपाएर खुलेआम ठगी भइरहँदा पनि सरकारले हस्तक्षेप गर्न नसकेको अवस्था भने रहिरह्यो।

२५. राष्ट्रिय मानवअधिकार संयन्त्रहरू

मानवअधिकारको संरक्षण, सम्बर्द्धन तथा प्रवर्धनका लागि स्थापना भएका मानवअधिकारका राष्ट्रिय संयन्त्रहरूको भूमिका प्रभावकारी देखिएन। राष्ट्रिय मानवअधिकार आयोगको सक्रियता निराशजनक नभए पनि सिफारिस कार्यान्वयनको अवस्था निराशजनक रह्यो। दिनदिनै सार्वजनिक भइरहेका देशभरिका महिला हिंसाका घटनाहरूको अनुपात र राष्ट्रिय महिला आयोगमा दर्ता भएका वा आयोगले अभिलेखित गरेका घटनाहरूको तथ्याङ्क हेर्दा आयोगको काम कारवाही प्रभावी देखिएन। त्यस्तै दलित आयोगको सक्रियता पनि सन्तोषजनक रहेन। सरकारले मानवअधिकार आयोग, महिला आयोग, दलित आयोग जस्ता निकायहरूको सिफारिस कार्यान्वयनमा गम्भीरता देखाएन। यी आयोगहरूले सरकारको सहयोग र भूमिकाप्रति असन्तुष्टि जनाइरहे।

२५.१ राष्ट्रिय मानवअधिकार आयोग

यस वर्ष पनि राष्ट्रिय मानवधिकार आयोगले सरकारले आफ्ना सिफारिसहरू कार्यान्वयनमा बेवास्ता गरेको गुनासो गर्‍यो। आयोगको वार्षिक प्रतिवेदन ०६८/०६९ मा अहिले पनि ५ हजार ३ सय ८० उजुरीमाथि निर्णय गर्न बाँकी रहेको देखाइयो। आयोगले अझै ठूलो सङ्ख्यामा मुद्दा फर्स्यौट हुन बाँकी रहेको र उजुरीहरूको चाङ लाग्न थालेपछि विराटनगर र नेपालगञ्जमा मिसन पठाएर झण्डै ३ सय उजुरीमाथि निर्णय गरेको बतायो। आयोगले मुद्दा चलाउन वा विभागीय कारबाही वा अन्तरिम राहतका लागि १ सय ४ ओटा सिफारिस गरको तर, अधिकांश सिफारिस कार्यान्वयन नभएको बतायो। आयोगमा ०६८/०६९ मा २ सय ७६ ओटा उजुरी परे। एक वर्षमा नयाँ र पुरानो गरी हत्या, विस्फोटन, बेपत्ता, विस्थापन, यातना, धम्की, बन्दीका अधिकार, बालअधिकार, महिला अधिकार, अल्पसङ्ख्यकका अधिकारलगायतका ३ सय २० उजुरी टुङ्ग्याइए भने ४५ ओटा खारेज र ५ ओटालाई तामेलीमा राखियो। १ सय ४ ओटा क्षतिपूर्ति वा मुद्दा चलाउन वा विभागीय कारबाही वा अन्तरिम राहतका लागि सिफारिश भए। दण्डहीनताको अवस्था, सङ्क्रमणकालीन परिवेश, आयोगलाई सरकारबाट अपेक्षित सहयोगको अभाव, सिफारिस कार्यान्वयन नगर्ने प्रवृत्ति कायमै रहनु चुनौती भएको आयोगले जनायो। आयोगको तथ्याङ्कअनुसार एक दशकको अवधिमा (२०५७-२०६७) जम्मा ३ सय ८६ थान उजुरीहरू उपर सिफारिश भयो। आयोगले सरकारसमक्ष गरेको सिफारिसमा ३४ थानको पूर्ण र १ सय ३८ थानको आंशिक कार्यान्वयन भयो। त्यस्ते २ सय ३४ थानको कार्यान्वयन भएन र कुनै जवाफ प्रतिक्रिया पनि पठाइएन। प्रतिशतका आधारमा ८.८ प्रतिशन पूर्ण कार्यान्वयन, ३५.८ प्रतिशत आंशिक कार्यान्वयन र बाँकी ५५.४ प्रतिशत कार्यान्वयन भएनन्।[७४] यसैबीच भट्टराई सरकारले एक वर्ष पूरा गरेको अवसरमा

---

७१. महर्जन, बालकृष्ण। रेमिट्यान्स निर्भर अर्थतन्त्र। *सौर्य दैनिक।* *http://www.souryadaily.com/2012/09/34957.html*

७२. शर्मा, भेषराज। रेमिट्यान्स दुष्चक्रममा नेपाल। *कारोवार दैनिक*। ०६९ पुस २० गते पृ. ४

७४. अधिवक्ता अर्याल,ओमप्रकाश। न्यायिक प्रकृतिका सक्षमता तथा सिफारिसहरू। ०६९ ,परिच्छद तीन, पृ. १५

प्रकाशित उपलब्धि प्रतिवेदनमा राष्ट्रिय मानवअधिकार आयोगबाट मानवअधिकार उल्लङ्घनको विषयमा भएका ६ सय ७ ओटा सिफारिसको प्रभावकारी रूपम कार्यान्वयन गराउनेतर्फ कारबाही भइरहेको र १ सय ३९ सिफारिसउपर कार्यान्वयन भएको भनी आयोगलाई लेखी पठाएको र आयोगको सिफारिस अनुसारको क्षतिपूर्ति रकम पीडित परिवारलाई हालसम्म ९ करोड रुपियाँभन्दा बढी वितरण भइसकेको उल्लेख थियो।

२५.२ राष्ट्रिय महिला आयोग

व्यवस्थापिका संसद्को अभावमा सर्वोच्च अदालतले महिलासँग सम्बन्धित विद्यमान कानुनमा समसामयिक संशोधन तथा निर्माणका लागि दिएको निर्देशनात्मक आदेश कार्यान्वयन हुन नसकेको महिला आयोगले जनायो। महिला अधिकारको संरक्षणका लागि महिला आयोगद्वारा मस्यौदा गरिएको बोक्सीको आरोपसम्बन्धी कसुर तथा सजाय विधेयक पनि पास हुन सकेन। दण्डहीनता र राजनीतिक अस्थिरताको सबैभन्दा बढी जोखिम महिला र बालबालिकाले खेप्नुपरेको आयोगको भनाइ रह्यो। आयोगले इन्सेकलाई उपलब्ध गराएको तथ्याङ्क अनुसार यस वर्ष आयोगमा घरेलु हिंसाका १ सय ७२ र महिलामाथि हुने हिंसाका ८४ निवेदन आयोगमा दर्ता भएका थिए। यसैगरी आयोगबाट सङ्कलित विभिन्न पत्रपत्रिकामा प्रकाशित महिला हिंसाका घटनाका सम्बन्धमा आयोगबाट सङ्कलित तथ्याङ्क यौनजन्य हिंसा १ सय ५०, मानववेचविखन ८९, हत्या ९८, घरेलु हिंसाका ८१ तथा सामाजिक कुरीतिका ५५ ओटा घटना अभिलेखित भएको थियो।

२५.४ बालअधिकारको सबाल

सूचकाङ्कहरूले बालबालिकाको अवस्थामा केही सुधार भएको देखिए पनि सन्तोषजनक मान्ने अवस्था भने रहेन। यस वर्ष बालबालिकासम्बन्धी राष्ट्रिय नीति, २०६९ र आवासीय बालगृहको सञ्चालन तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०६९ तर्जुमा भई कार्यान्वयनमा आउनुलाई सकारात्मक मानियो। बालबालिकाको मृत्युदरमा सुधार देखिए पनि शहरको तुलनामा गाउँको अवस्थामा भने अन्तर देखिएन। तौल नपुग्ने, कुपोषण र कम उचाई भएका बालबालिकाको अवस्थामा पनि सुधार देखियो। बालविवाह, यौन दुर्व्यवहार, बालश्रमलगायतका घटनामा भने कमी आएनन्। यसैबीच, संयुक्त राष्ट्रसङ्घीय बाल अधिकार समितिले नेपालमा बाल यौनशोषण बढ्दै गएकोमा चिन्ता प्रकट गऱ्यो। समितिले बालश्रम तथा यौनशोषणविरुद्ध नेपालका कानुन र कार्ययोजनाबारे टिप्पणी गर्दै असन्तुष्टि जनायो। विदेशी यौन दुराचारीबाट बाल यौनशोषणमा बृद्धि, सडक बालबालिका र सुकुमबासी बस्तीमा बाल यौनशोषण बढ्दै गएको दाबी राष्ट्रसङ्घले गऱ्यो। नेपालमा सन् २००५ मा बाल यौन दुराचार तथा बालबालिकाको व्यावसायिक यौनशोषणविरुद्धको समिति स्थापना भएकोमा राष्ट्रसङ्घले त्यसको स्वागत गरेको थियो। १३ पृष्ठको त्यस प्रतिवेदनमा विदेशी यौन दुराचारीबाट बाल यौनशोषण वृद्धिका साथै सडक बालबालिका र सुकुमबासी बस्तीमा बढ्दै गरेको यौनशोषणप्रति आपत्ति व्यक्त गरिएको थियो। उसले यौन दुर्व्यवहारका नियतले खोलिएका अवैधानिक बालगृह, बालबालिका तस्करी र धर्म पुत्रपुत्री व्यवस्थापनका नाममा हुने गरेका गैरकानुनी घटनाको पनि गम्भीर अनुसन्धान गर्न सुझाव दिँदै देउकी, झुमा, कमलरी र बालविवाह प्रथाजस्ता हानिकारक अभ्यासविरुद्ध ठोस कदम चाल्न आग्रह गऱ्यो।[७५] इन्सेकको अभिलेखले पनि बाल यौन हिंसा, बालश्रम, अभिभावकविहिनता, सडक बालबालिका आदिको पीडादायी अवस्था देखाउँछ। *(हेर्नुहोस्, जिल्लागत विवरणमा बालअधिकार शीर्षक)*

२६. मानवअधिकार र सामाजिक न्यायमा भएका प्रयास

सरकारले मानवअधिकार र सामाजिक न्यायका लागि केही सकारात्मक प्रयासहरू पनि गऱ्यो। शान्तिप्रक्रियाको महत्वपूर्ण पाटो माओवादी लडाकु समायोजन तथा व्यवस्थापनलाई टुङ्गो लगाएको सरकारले विपक्षी दलहरूका कारण समयमा पूर्ण बजेट र नयाँ कार्यक्रम ल्याउन नपाएकाले सामाजिक सुरक्षाका प्रभावकारी कार्यक्रम लागु गर्न नसकेको जनायो। यद्यपि यस बीच सरकारले कर्णाली आयोग गठन गऱ्यो। त्यस्तै बोक्सी सम्बन्धी (कसुर र सजाय) विधेयक, २०६९ तयार गरेको जनायो। भ्रष्टाचार विरुद्धको संयुक्त राष्ट्रसङ्घीय महासन्धि

७५. बढदो बाल यौनशोषण प्रति संयुक्त राष्ट्रसङ्घ गम्भीर। *राजधानी दैनिक*। ०६९, असोज २ गते पृ. २

कार्यान्वयनसम्बन्धी राष्ट्रिय रणनीति तथा कार्ययोजना पारित गऱ्यो। लैङ्गिक हिंसाको अन्त्य तथा लैङ्गिक मामिलासम्बन्धी राष्ट्रिय रणनीति तथा कार्ययोजना पारित भयो। उन्नत बिउबिजन खरिद मूल्यमा अनुदान उपलब्ध गराउने सम्बन्धी कार्यविधि, २०६९, साना हतियार व्यवस्थापन योजना, २०६८ को तर्जुमा, महिला हिंसा अनुसन्धान निर्देशिका २०६८, कारागार नियमावली २०२० को संशोधन मस्यौदा तयार, केन्द्रीय कारागार अस्पतालको नया ओपीडी भवन निर्माण र कैलाली, कञ्चनपुर र बर्दियामा महिला कारागार भनव निर्माण सम्पन्न, म्याग्दी, तनहूँ, कपिलवस्तु, रूपन्देही, सुनसरी र सुर्खेत गरी छ जिल्लाका कारागारमा अस्थायी टहरा निर्माण, लैङ्गिक हिंसा विरुद्धको कार्ययोजना २०१० को परिमार्जित कार्ययोजना कार्यान्वयनका लागि विभिन्न जिल्लाम अन्तरक्रिया, बालअधिकारसम्बन्धी महासन्धि १९८९ अनुसार बालअधिकार समितिमा नेपालको तर्फबाट पेश गर्नुपर्ने चौथो र पाँचौ संयुक्त आवधिक प्रतिवेदनको मस्यौदा तयार, लोपोन्मुख जातिहरू कुसुण्डा, वनकरिया, राउटे, सुरेल, हायु, राजी, किसान, लेप्चा, मेचे, कुशवडियालाई ०६८ माघ देखि मासिक १ हजार रुपियाँ उपलब्ध गराउने व्यवस्था, बालबालिकाको बेचविखन तथा ओसारपसार विरुद्धको राष्ट्रिय कार्ययोजना २०६८, मजदुर तथा विद्यार्थीलाई राशन कार्ड उपलब्ध गराउने र खाना पकाउने ग्यासलगायत दैनिक उपभोग्य वस्तुमा राहत अनुदान गर्न कार्यविधिको मस्यौदा तयार, होटल तथा रेष्टुरेण्ट अनुगमन निर्देशिका ०६९ तर्जुमा, खानेपानी सेवा सञ्चालन निर्देशिका ०६९ तर्जुमा, गुरुकुल, मदरसा, गुम्बा निर्देशिका २०६९, बालबालिकासम्बन्धी राष्ट्रिय नीति र आवासीय बालगृहको सञ्चालन तथा व्यवस्थापिकासम्बन्धी मापदण्ड २०६९, जेष्ठ नागरिकलाई सार्वजनिक सवारी र स्वास्थ्य उपचारमा ५० प्रतिशत छुट आदि सकारात्मक रहे। यद्यपि यसको कार्यान्वयनको प्रभावकारिता हेर्न भने बाँकी नै छ।

निष्कर्ष

शान्ति, संविधान, सुशासन र सम्बृद्धि (चार 'स') लाई मूल नारा बनाएको सरकारले यसवर्ष शान्तिका लागि एकमात्र महत्वपूर्ण काम गऱ्यो। छ महिनामा टुङ्ग्याउने भनी ०६३ मङ्सिर ५ गते विस्तृत शान्ति सम्झौतामा गरिएको माओवादी लडाकु समायोजन तथा व्यवस्थापन सम्बन्धी सम्झौता छ वर्षपछि यस वर्ष पूरा भयो। सरकारका अन्य तीन 'स' केवल नारामा सिमित रहे। ऐतिहासिक संविधानसभाका चार वर्षपछि नयाँ संविधान नबनाइ तुहिन गयो। जेठ १४ को राति संविधानसभा तथा व्यवस्थापिका संसद्को विघटन भएपछि कामचलाउको हैसियतमा रहेको सरकारले विवादस्पद् निर्णय गर्ने क्रम जारी राख्यो। सरकारका अवैधानिक निर्णयलाई पटक-पटक सर्वोच्च अदालतले रोक लगाउनुपर्ने अवस्था आउनुले सरकार विधिको शासनप्रति प्रतिबद्ध नरहेको स्पष्ट देखियो। छ महिनाभन्दा बढी कामचलाउको हैसियतमा रहँदा, आफैले घोषणा गरेको नयाँ निर्वाचन सम्पन्न गराउन नसक्दा र देशमा राजनीतिक र संवैधानिक सङ्कट गहिरिँदै जाँदा पनि प्रधानमन्त्रीले आफ्नो अक्षमता स्वीकारेर सहमतिको मार्ग प्रशस्त गर्ने आँट देखाएनन्। सङ्क्रमणकालीन न्यायका संयन्त्रहरू यस वर्ष पनि गठन भएनन्। भ्रष्टाचार, महिला हिंसा, प्रेसमाथिको हस्तक्षेप, दण्डहीनता आदिको निरन्तरताले विधिको शासन दिन प्रति दिन कमजोर हुँदै गयो।

संयुक्त राष्ट्रसङ्घको 'नेपाल द्वन्द्व प्रतिवेदन, २०६९' ले सङ्क्रमणकालीन न्यायप्रति बेवास्ता भएको निष्कर्ष निकालेर विश्वकै ध्यान केन्द्रित गरायो। राष्ट्रिय मानवअधिकार आयोगले आफ्ना सिफारिसहरू कार्यान्वयनमा सरकारले बेवास्ता गरेकोले ध्यानाकर्षण गराउनुपऱ्यो। राष्ट्रिय महिला आयोग, राष्ट्रिय दलित आयोग जस्ता निकाय स्रोत साधन र शक्तिसम्पन्न बन्न सकेनन्।

मूल्यवृद्धि, कालाबजारी रोकिएन। एकवर्षमा तीन पटकभन्दा बढी पेट्रोलियम पदार्थको मूल्यवृद्धि भयो। सामाजिक न्यायको अवस्थामा सुधार हुन सकेन। शान्ति सुरक्षाको अवस्थामा गुणात्मक सुधार आउन नसकेको राजधानीमै गराइएको विस्फोटनमा तीन सर्वसाधरणले ज्यान गुमाएको घटनाले प्रमाणित गऱ्यो। सर्वोच्च अदालतका न्यायाधीशको काठमाडौँमा दिनदहाडै गोली हानी हत्या भयो। तर, लामो समय बितिसक्दा पनि हत्याराको पहिचान हुन सकेन। सरकार आफ्ना नागरिकको सुरक्षादिन असफल हुँदै जान थालेको अनुभूत भयो।

त्यस्तै संवैधानिक निकायमा बढदो रिक्ततले निम्त्याउने सङ्कटतर्फ सरकारको ध्यान नगएका कारण सर्वोच्च अदालत, अख्तियार दुरूपयोग अनुसन्धान आयोग, लोकसेवा आयोग, महालेखा परीक्षकको कार्यालय, निर्वाचन आयोग लगायतका निकायहरू पदाधिकारीविहीन बन्दै गए। अध्यादेशमार्फत मुलुक चलाउने सरकारको चाहना राष्ट्रपति कार्यालयले

रोकिदिएकाले राष्ट्रप्रमुख र कार्यकारीप्रमुख बीचको सम्बन्ध चिसिँदै गयो। सर्वोच्च अदालतले सरकारले गरेका कैयन निर्णय अवैधानिक ठहर गर्दै तिनको कार्यान्वयनमा रोक लगायो। देशवासीका नाममा गरिएको सम्बोधनमा समेत राष्ट्रपति र न्यायपालिकालाई अपशब्द प्रयोग गरेर प्रधानमन्त्रीले शक्ति पृथकीकरणको सिद्धान्तप्रति अनास्था मात्र प्रकट गरेनन्। उनले कानुनी मर्यादा र शिष्टाचारसमेतलाई बिर्सिएको अनुभव गरियो। मानहानीको आरोपमा प्रधानमन्त्रीलाई सर्वोच्च अदालतबाट बोलावटसमेत भयो। यसरी राज्यका प्रमुख अङ्गहरू एकातर्फ सरकारका क्रियाकलापप्रति सन्तुष्ट थिएनन् भने सरकारप्रमुख ती संस्थाप्रति वर्षभरि नै सकारात्मक नरहेको देखियो।

आफ्नै नेतृत्वमा तत्कालीन सरकारलाई ४० बुँदे माग बुझाएर ती मागको सम्बोधन नभएको भन्दै १७ वर्ष अगाडि आरम्भ भएको सशस्त्र विद्रोहका प्रणेतामध्ये एक रहेका डा. बाबुराम भट्टराई आफै प्रधानमन्त्री हुँदा पनि ती मागहरू सम्बोधन गर्न नसकेका कारण आलोचित हुन पुगे। उनकै सहयोद्धहरू समेत उनका क्रियाकलापबाट दिक्क भएर नेकपा-माओवादी नाम गरेर नयाँ पार्टी गठन गर्न बाध्य भएको देखियो। यस नयाँ दलले विगतका ४० सूत्रीय मागमा ३० बुँदा थप गरी ७० बुँदे माग पेश गरेर अवस्था झनै बिग्रिएको प्रमाण प्रस्तुत गरे। ऐतिहासिक जनआन्दोलबाट प्राप्त उपलब्धिहरू संस्थागत गर्ने काममा सरकारको योगदान लगभग शून्य रह्यो।

मानवअधिकार संरक्षण र प्रवर्धन गर्न र शान्तिप्रक्रियालाई सार्थक परिणाम प्रदान गर्न सरकार सफल हुन सकेन। सन् २०१२ मा सरकारको अक्षमताबाट सिर्जित समस्याहरूले आगामी दिनमा अझै सङ्कटपूर्ण हुने सन्देश मात्र दियो। समग्रमा यो वर्ष कार्यपालिकाको काम कारबाही मानवअधिकारको दृष्टिकोणले निराशजनक रह्यो।

सुझाव

- जननिर्वाचित वा जनप्रतिनिधिमूलक संस्थाको रिक्ततालेे निम्त्याएको राजनीतिक सङ्कटतर्फ गम्भीर भई राजनीतिक सहमतिका आधारमा संवैधानिक कानुनी अडचनलाई फुकाई यथाशक्य नयाँ निर्वाचनको मिति तय हुनुपर्ने। त्यसका लागि वर्तमान सरकारले सहमतीय सरकार गठन गर्नका लागि मार्ग प्रशस्त गर्नुपर्छ।
- सङ्क्रमणकालीन न्यायलाई सम्बोधन गर्ने संयन्त्रको अभावमा बढेको अराजकतालाईदृष्टिगत गरेर सरकारले यथाशक्य अन्तर्राष्ट्रिय मापदण्ड अनुसारको सत्यनिरूपण तथा मेलमिलाप र बेपत्ता छानबिन आयोग गठन गर्नुपर्छ।
- सर्वोच्च अदालत लगायतका संवैधानिक निकायमा देखिएको रिक्ततालाई पूरा गर्न सरकारले राजनीतिक सहमतिका आधारमा यस विषयलाई यथाशीघ्र टुङ्गो लगाउनुपर्छ।
- अदालत र राष्ट्रिय मानवअधिकार आयोगको सिफारिस र निर्णयहरूको पालना र कार्यान्वयन गर्ने जिम्मा सरकारको हुने भएकाले ती निकायबाट हुने आदेश, सिफारिस र निर्णय पालनामा सरकार गम्भीर हुनुपर्छ।
- लोकतान्त्रिक व्यवस्थालाई संस्थागत गर्न सरकारले शक्ति पृथकीकरणको सिद्धान्तलाई सम्मान गर्दै स्वायत्त निकायको क्षेत्राधिकारमा अहस्तक्षेपको नीति अपनाउनुपर्छ।

३.३ राज्य र मानवअधिकार

न्यवस्थापिका

परिच्छेद

३

घटनाक्रम

०६८ पुस १६ गतेदेखि ०६९ पुस १६ गतेसम्म

पुस २० गते

वातावरण मन्त्री हेमराज तातेडद्वारा "नेपाल स्वास्थ्य सेवा (चौथो संशोधन) विधेयक, २०६८" प्रस्तुत।

सामान्य प्रशासन मन्त्री रामकुमार यादवद्वारा "निजामति सेवा (तेस्रो संशोधन) विधेयक, २०६८" प्रस्तुत।

"राष्ट्रिय मानवअधिकार आयोग विधेयक, २०६८" सर्वसम्मतिबाट पारित।

पुस २२ गते

"Trans-Asian Railway Network सम्बन्धी Intergovernmental Agreement" सर्वसम्मतिबाट अनुमोदन।

"अन्तर्राष्ट्रिय आणविक उर्जा एजेन्सीको विधान (Statute of the International Atomic Energy Agency)" बहुमतबाट अनुमोदन।

"आणविक विज्ञान तथा प्रविधिसँग सम्बन्धित अनुसन्धान विकास तथा प्रशिक्षणका निमित्त भएको क्षेत्रीय सहयोग सम्झौता (Regional Cooperative Agreement for Research, Development and Training Related to Nuclear Science and Technology)" सम्झौता पेश, सम्झौताको सैद्धान्तिक पक्षमा सामान्य छलफल।

"निजामति सेवा (तेस्रो संशोधन) विधेयक, २०६८" को सैद्धान्तिक पक्षमा छलफलपछि सर्वसम्मतिबाट स्वीकृत।

संविधानसभाको नयाँ कार्यतालिका पहिलो संशोधन।

पुस २४ गते

व्यवस्थापिका-संसद्मा विपक्षी दलका नेता रामचन्द्र पौडेलले विपक्षी दलका नेताले सदनमा बोल्दा प्रधानमन्त्रीको अनुपस्थित रहनु खेदपूर्ण भएको भन्दै शान्ति र संविधान निर्माणका सम्बन्धमा दलहरूबीच पैदा भइरहेको गम्भीर अविश्वासका सम्बन्धमा माओवादी अध्यक्ष र प्रधानमन्त्रीले प्रष्ट पार्नुपर्ने माग ।

"नेपाल स्वास्थ्य सेवा (चौथो संशोधन) विधेयक, २०६८" सर्वसम्मतिबाट स्वीकृत।

पुस २६ गते

वातावरण मन्त्री हेमराज तातेडले "सार्क वातावरण सहयोगसम्बन्धी महासन्धि (SAARC Convention on Cooperation on Environment)"लाई अनुमोदन गर्न राखेका प्रस्ताव निर्णयार्थ पेश गर्न समामुखद्वारा सभासद्हरूको गणपूरक सङ्ख्या नपुग भएको जानकारी।

माघ ३ गते

दसवर्से सशस्त्र द्वन्द्वका क्रममा तत्कालीन विद्रोही माओवादीको जनसत्ताले गरेका घरजग्गा कब्जा, अंशबण्डा जस्ता निर्णयलाई मान्यता दिने निर्णय फिर्ता लिन विपक्षी दलका नेता रामचन्द्र पौडेल र माधवकुमार नेपालको माग।

उक्त विषयहरूका सम्बन्धमा सम्माननीय प्रधानमन्त्रीले सदनमा जवाफ नदिएसम्म र उक्त निर्णय फिर्ता लिएको घोषणा नगरेसम्म बैठकको कारबाही अगाडि बढ्न नदिने भन्दै काङ्ग्रेस र एमालेका सदस्यहरूद्वारा सदन अवरुद्ध।

माघ ६ गते

माओवादी जनसत्ताले गरेका निर्णयलाई मान्यता दिन मन्त्रिपरिषद्को निर्णयमा प्रधानमन्त्रीको जवाफ माग्दै नेपाली काङ्ग्रेस, नेकपा एमाले, राप्रपा, राष्ट्रिय जनमोर्चा, राप्रपा (नेपाल), राष्ट्रिय जनशक्ति पार्टी, नेकपा (माले-समाजवादी) लगायत दलद्वारा सदन अवरोध भएपछि सदस्यहरूबाट बैठकमा उठाइएका विषयहरूका सम्बन्धमा सरकारबाट जवाफ आउनुपर्नेमा सभामुखद्वारा सरकारको गम्भीर ध्यानाकर्षण।

माघ ८, १२, १३, १५, १८, २२ गते

सदनमा सरकारका कोही पनि मन्त्री उपस्थित नभएको, नेपाल कुनै देशसँग मर्ज हुनसक्ने भनी अभिव्यक्ति दिने प्रधानमन्त्रीले सदनलाई स्पष्ट जवाफ नदिएसम्म, माओवादी सम्बद्ध पत्रिकाले सभासद्लाई जनदुश्मन भनेको विषयका सम्बन्धमा सरकारको धारणा र मन्त्रिपरिषद्ले गैरसंवैधानिक निर्णय फिर्ता नलिएको भन्दै नेपाली काङ्ग्रेस, नेकपा एमाले, राप्रपा, राष्ट्रिय जनमोर्चा, राप्रपा. (नेपाल), राष्ट्रिय जनशक्ति पार्टी, नेकपा (माले-समाजवादी) लगायत दलका सदनमा उपस्थित सम्पूर्ण सदस्यहरूद्वारा सदन अवरोध।

माघ १७ गते

राज्य पुनर्संरचना आयोगले फरक मतसहितको प्रतिवेदन सरकारलाई बुझायो।

माघ १९ गते

संविधानसभाको नयाँ कार्यतालिका दोस्रो संशोधन।

राज्य पुनसंरचना सुझाव आयोगद्वारा सरकारलाई प्रतिवेदन हस्तान्तरण।

माघ २६ गते

व्यवस्थापिका संसद्को बैठकमा प्रधानमन्त्री बाबुराम भट्टराईले प्रमुख प्रतिपक्षी लगायतका प्रतिपक्षी दलहरूले विगत तीन सातादेखि सदनमा उठाइरहेको जनसत्ताद्वारा घरजग्गा पारित गरिएका घरायसी लिखतलाई सरकारले मान्यता दिने र त्यस्तो लिखतमा लागेको दस्तुर छुट दिने निर्णय फिर्ता लिनुपर्ने मागका सम्बन्धमा सम्बोधन गर्दै मन्त्रिपरिषद्को बैठकले गत पुस २८ गतेको निर्णय कायम नरहने, कार्यान्वयन नगर्ने, र द्वन्दकालदेखिका किसानको उक्त समस्या सकारात्मक रूपमा समाधान गर्न सरकारले एक साताभित्र आवश्यक व्यवस्था गर्ने निर्णय गरेको, आफूले सार्वजनिक समारोहमा उत्तर र दक्षिणतिर नेपाल मर्ज हुन सक्ने भन्ने अभिव्यक्ति दिएको भनी उठाएको विषयमा केवल उत्तर र दक्षिणतिरका विशाल अर्थतन्त्र भएका देशहरूको आर्थिक विकास सँगसँगै नेपालले पनि आर्थिक विकास गर्न सकेन भने आर्थिक रूपमा सबमर्जमा जानसक्छ भन्ने आशयमात्र व्यक्त भएको जानकारी।

"सार्क वातावरण सहयोगसम्बन्धी महासन्धि (SAARC Convention on Cooperation on Environment) लाई अनुमोदन गरियोस्" प्रस्ताव निर्णयार्थ पेश गर्न गणपुरक सङ्ख्या नपुग भएको जनाउँदै सभामुखद्वारा कार्यसूचीमा रहेका बाँकी कार्यक्रमहरू सूचीबाट हटाइएको सदस्यहरूलाई जानकारी ।

फागुन १ गते

अन्तर्राष्ट्रिय सम्बन्ध र मानवअधिकार समितिका सभापति पदमलाल विश्वकर्माद्वारा अन्तर्राष्ट्रिय सम्बन्ध र मानवअधिकार समितिको "परिवर्तित सन्दर्भमा नेपालको विदेश नीति सम्बन्धी प्रतिवेदन, २०६८" सदन समक्ष प्रस्तुत।

महिला, बालबालिका र समाज कल्याण समितिका सभापति सन्ध्या देवीद्वारा महिला, बालबालिका र समाज कल्याण समितिको "रूपन्देही जिल्लाको बुटवल नपा वडा नं. १३ बस्ने श्रीमती कविता थापालाई स्थानीय जनजागरण आमा समूहले यातना दिएको र तत्पश्चात निजले आत्महत्या गरेको घटनासम्बन्धी अध्ययन प्रतिवेदन, २०६८" र "महिला जिल्ला समन्वय समिति गठन एवं कार्यविधि र संरचनाको अध्ययन सम्बन्धी प्रतिवेदन, २०६८" सदनसमक्ष पेश।

सार्क वातावरण सहयोगसम्बन्धी महासन्धि (SAARC Convention on Cooperation on Environment)"प्रस्ताव सर्वसम्मतिबाट अनुमोदन।

संविधानसभाको नयाँ कार्यतालिका तेस्रो संशोधन।

फागुन ५ गते

सिरहा जिल्लामा भएका घटनाको सम्बन्धमा सरकारले निष्पक्ष न्यायिक छानबिन आयोग गठन गरेर सदनलाई जानकारी नगराएसम्म एमालेका सदनमा उपस्थित सम्पूर्ण सदस्यहरूद्वारा व्यवस्थापिका-संसद्को बैठक अवरोध।

फागुन ६ गते

उपप्रधानमन्त्री एवम् गृह र रक्षामन्त्री विजयकुमार गच्छदारद्वारा सिरहा जिल्लाको विभिन्न स्थानमा भएको घटनाको सम्बन्धमा सरकारले संलग्न व्यक्तिहरू पक्राउ गरी अनुसन्धान गरिरहेको र केही व्यक्तिहरूको खोजी समेत गरिरहेको र उक्त सम्बन्धमा विषयका सम्बन्धमा सरकारले छानबिन आयोग गठन गर्ने र सोही छानबिन आयोगको सिफारिशका आधारमा क्षतिपूर्तिको व्यवस्था गर्ने सदनलाई जानकारी।

सभासद् अमिक शेरचन, इश्वरी न्यौपाने, शान्ति बस्नेत अधिकारी, चन्द्रप्रकाश मैनाली, चन्द्रदेव जोशी, सर्वदेवप्रसाद ओझा, लीला न्याईंच्याईंद्वारा महिलाहरूमाथि हुने गरेका अमानवीय हिंसाको क्रममा गत फागुन ५ गते चितवन जिल्लाकी ढेगनीदेवी महतोलाई बोक्सीको आरोपमा विभत्स हत्या गरिएको सम्बन्धमा र विविध समसामयिक विषयहरूमा आ-आफ्नो धारणा व्यक्त।

कानुन तथा न्याय मन्त्री वृजेशकुमार गुप्ताले "अदालतको अपहेलना सम्बन्धी विधेयक, २०६७", "केही नेपाल कानुनलाई संशोधन तथा खारेज गर्ने विधेयक, २०६८" प्रस्तुत।

चैत १२ गते

राज्य पुनर्संरचनाबारे सुझाव दिन गठित उच्चस्तरीय आयोगको प्रतिवेदन संविधानसभामा पेस।

वैशाख २१ गते

संविधाननिर्माणका विवादित विषयहरूमा सहमति गरी जेठ १४ गते संविधान जारी गर्ने र बाँकी विषय रूपान्तरित संसद्बाट टुङ्गो लगाउने निर्णय गरी माओवादी, काङ्ग्रेस र एमालेबीच पाँचबुदे सहमति।

जेठ ४ गते

प्रमुख राजनीतिकदलबीच राज्य पुनर्संरचना र शासकीय स्वरूप लगायतका विषयमा भएको सहमतिप्रति असन्तुष्टि जनाउँदै संसद् अवरुद्ध।

जेठ ५ गते

प्रधानमन्त्री डा. बाबुराम भट्टराईले राज्य पुनर्संरचना लगायतका विषयमा तीनदलबीच भएको सहमति प्रारम्भिक मात्र भएको र आगामी दिनमा छलफल गरी अगाडि बढ्ने बताएपछि मधेसी मोर्चाको सदन अवरोध अन्त्य।

बिनाविभागीय मन्त्री पोस्टबहादुर बोगटीद्वारा अन्तरिम संविधान १२ औं संशोधन विधेयक सदनमा प्रस्तुत।

जेठ ६ गते

अन्तरिम संविधान १२ औं संशोधन विधेयक बहुमतबाट पारित।

जेठ ५ गते

सरकारद्वारा तीन महिनाका लागि संविधानसभाको म्याद थप गर्न अन्तरिम संविधानको १३ औं संशोधन विधेयक व्यवस्थापिका संसद् सचिवालयमा दर्ता।

जेठ १० गते

संविधानसभाको म्याद थपका लागि व्यवस्थापिका संसद्मा प्रस्तुत संविधान संशोधन विधेयक रोक्न माग गर्दै सर्वोच्च अदालतमा तीन छुट्टाछुट्टै रिट दायर।

जेठ ११ गते

सर्वोच्च अदालतद्वारा संविधानसभाको म्याद नथप्न सरकार र सभामुखका नाममा अन्तरिम आदेश जारी।

जेठ १४ गते

संविधान जारी नगरी संविधानसभा विघटन।

प्रधानमन्त्री बाबुराम भट्टराईद्वारा राति १२ बजे राष्ट्रका नाममा सम्बोधन गर्दै ०६९ मङ्सिर ७ गते नयाँ संविधानसभाको चुनावको घोषणा।

जेठ १६ गते

व्यवस्थापिका संसद्को सदस्य नरहेको अवस्थामा प्रधानमन्त्री स्वत:पद मुक्त हुने संवैधानिक व्यवस्था उल्लेख गर्दै राष्ट्रपतिले प्रधानमन्त्रीलाई अर्को मन्त्रिपरिषद् गठन नभएसम्म दैनिक कार्य सञ्चालन गर्न विज्ञप्तिमार्फत आग्रह।

जेठ २३ गते

प्रधानमन्त्री बाबुराम भट्टराईले जेठ १४ गते घोषणा गरेको संविधानसभा निर्वाचन संविधान र कानुनविपरीत भएको भन्दै त्यसलाई बदर गर्न माग गर्दै सर्वोच्च अदालतमा रिट दायर।

जेठ २५ गते

संविधानसभा एक दिनकालागि पुन:स्थापना गर्न माग गर्दै सर्वोच्च अदालतमा रिट दायर।

साउन १ गते

सर्वोच्च अदालतद्वारा नेपाल सद्भावना पार्टी आनन्दीदेवीकी अध्यक्ष सरिता गिरीले संविधानसभा पुनस्थापनाको माग गर्दै दायर गरेको रिटमा सरकार र व्यवस्थापिका संसद्को नाममा कारण देखाऊ आदेश।

१.पृष्टभूमि

राज्यका तीन अङ्गमध्ये एक व्यवस्थापिकाको कानुन निर्माण गर्ने दायित्व हुन्छ। राज्यले अनुमोदन गरेका मानवअधिकार सन्धि, सम्झौताअनुरूप अन्तर्राष्ट्रिय मापदण्डअनुसार घरेलु कानुन बनाउने जिम्मा पनि संसद्को हो। विद्यमान ऐन, कानुनको कार्यान्यवन भए नभएवारे कार्यपालिकालाई जवाफदेही बनाउने काम पनि यसले गर्छ। विधेयक प्रस्तुत गर्ने, विधायन समितिमा छलफल गर्ने, विधेयक पारित गर्ने लगायतका चरण पार गरी संसद्ले कानुन बनाउँछ। संविधानमा व्यवस्था भएका राष्ट्रिय मानवअधिकार आयोगलगायत आयोगहरूका पदाधिकारीहरूलाई जनताप्रति जिम्मेवार बनाउन उनीहरूको नियुक्तिअघि संसदीय सुनुवाइ गरिन्छ। संसद्को अन्तर्राष्ट्रिय सम्बन्ध तथा मानवअधिकार समितिले मानवअधिकारको संरक्षण, सम्बर्द्धन तथा त्यसको प्रभावकारी कार्यान्वयनलाई सुनिश्चित गर्नेतर्फ भएको प्रगति, मानवअधिकार उल्लङ्घनकर्तालाई कानुनको दायरामा ल्याउन सके नसकेको, मुद्दा फिर्ता लिने प्रक्रिया, हिरासतमा रहेका व्यक्तिलाई गरिने मानवोचित व्यवहारलगायत मानवअधिकारका विषयहरूमा प्रतिवेदन तयार गरी संसद्मा पेस गर्छ। यसैगरी, सांसद् तथा संसद्का विभिन्न समितिहरूले जनतासँग सम्बन्धित विभिन्न विषयहरूमा सरकारको ध्यानाकर्षण गराई निर्देशन दिने गर्छन्। संविधान निर्माण गर्ने ऐतिहासिक दायित्व बोकेको संविधानसभाले व्यवस्थापिका संसद्को हैसियतमा विभिन्न कानुनहरू निर्माण गऱ्यो। चार वर्षको अवधिमा संसद्मा मानवअधिकारका विषयहरूमा चासो व्यक्त गरियो भने संसद्का विभिन्न समितिहरूले सरकारी निकायहरूलाई सुझाव, निर्देशन दिए।

जनताको समावेशी र समानुपातिक प्रतिनिधित्व भएको ऐतिहासिक संविधानसभा सन् २०१२ मा संविधान जारी नगरी विघटन भयो। संविधानसभाले आफ्नो नियमित दुई वर्ष र पटकपटक थपिएको अर्को दुई वर्षको कार्यकालमा निर्धारित मिति जेठ १४ गते संविधान जारी गर्न सकेन। व्यवस्थापिका संसद्को हैसियतमा काम गर्दै आएको संविधानसभा विघटनसँगै सरकारको वैधानिकतामा पनि प्रश्न उठ्नु स्वभाविक थियो । यसका साथै देशमा गम्भीर संवैधानिक सङ्कटमा देखा पऱ्यो। प्रधानमन्त्री बाबुराम भट्टराईले जेठ १४ गते राति १२ बजे राष्ट्रका नाममा सम्बोधन गर्दै ०६९ मङ्सिर ७ गते नयाँ संविधानसभाको चुनाव गर्ने घोषणा गरे। अन्तरिम संविधानमा संविधानसभाको निर्वाचन दुई पटक गर्ने भन्ने व्यवस्था नभएको अवस्थामा प्रधानमन्त्री भट्टराईले घोषणा गरेको निर्वाचनको पनि वैधानिकतामाथि प्रश्न उठ्यो। जेठ १४ गतेपछि सभासद्हरूको कार्यकाल सकिएको र त्यसपछि प्रधानमन्त्री पनि व्यवस्थापिका संसद्का सदस्य नरहेकाले संविधानको धारा ३८ (७) अनुसार प्रधानमन्त्री भट्टराई स्वत: पदमुक्त भएको भन्दै धारा ३८ (९) अनुसार अर्को मन्त्रिपरिषद् गठन नभएसम्मका लागि उनको नेतृत्वको सरकारलाई राष्ट्रपति रामवरण यादवले कामचलाउ घोषित गरे।

विभिन्न खाले सहमति गर्ने तर कार्यान्वयन गर्न भने नसक्ने परम्परा यस वर्ष पनि दलहरूमा देखियो। संविधान निर्माणका धेरै विवादित विषयमा दलहरूबीच सहमति भएको थियो। तर, सङ्घीयताको विषयमा सबैभन्दा बढी विवाद भयो। यसै क्रममा जनताबाट निर्वाचित संविधानसभा प्रधानमन्त्रीले विघटन गरी निर्वाचनको घोषणा गरेर थप विवाद सिर्जना गरे। प्रमुख चार राजनीतिक शक्तिबीच वैशाख २१ मा भएको पाँचबुदे सहमतिपछि एकीकृत माओवादी, काङ्ग्रेस र एमालेले धेरैजसो विवादित विषयहरूमा सहमति गरी जेठ १४ गते संविधान जारी गर्ने र बाँकी विषय रूपान्तरित संसद्बाट टुङ्गो लगाउने निर्णय गरेका थिए। तर अन्तिम समयमा सहमति गर्ने परम्पराबाट पनि पछि हटेपछि संविधानसभाको अनपेक्षित तवरबाट विघटन गरियो। नयाँ संविधान जारी गर्न केन्द्रित हुनपर्नेमा प्रमुख दलहरू सत्ताका लागि लुछाचुडीमा व्यस्त रहे। संविधान जारी गर्ने समय सकिनु एक हप्ताअघि काङ्ग्रेस र एमालेले प्रधानमन्त्री बाबुराम भट्टराईको राजीनामाको माग गरेका थिए।

आफैंले घोषणा गरेको नयाँ संविधानसभाको निर्वाचन प्रधानमन्त्री भट्टराईले गराउन सकेनन्। सहमतीय सरकारका लागि मङ्सिर ८ गतेदेखि राष्ट्रपतिको पटकपटकको आह्वानमा पनि दलहरूले साझा उम्मेदवार दिन सकेनन्। यस वर्षको अधिल्लो छ महिना संविधान निर्माणमा खासै उपलब्धि नहुँदा संविधानसभा विघटन भयो भने पछिल्लो छ महिना सहमतीय सरकार निर्माणमा दलहरू अग्रसर भएनन्। संसद्को अभावमा कुनै संस्थाप्रति जवाफदेही हुन नपर्दा सरकार स्वेच्छाचारी निर्णयहरू गर्न उद्दत रहेको पाइयो।

यस वर्ष व्यवस्थापिका संसद्ले पारित गरेका विधेयक, सन्धि, सम्झौता र मानवअधिकारसम्बन्धी

गरेका क्रियाकलापहरूबारे यस परिच्छेदमा चर्चा गरिएको छ। साथै, संविधानसभाको निर्वाचनपछि चार वर्षअघि गठन भएको संविधानसभाको समाप्तिका कारणबारे विश्लेषण र त्यसपछिको विद्यमान संवैधानिक निकासको बारेमा पनि सुझाव प्रस्तुत गरिएको छ।

२. संविधान निर्माणमा प्रगति

संविधानलेखनका क्रममा अघिल्लो वर्ष सहमति हुन नसकेका शासकीय स्वरूप, न्यायप्रणाली, निर्वाचनप्रणाली, नागरिकताको विषयमा यस वर्ष राजनीतिक दलहरूले सहमति जुटाए । राज्य पुनर्संरचनाको विषयमा दलहरूबीच प्रदेशको सङ्ख्यामा भने विवाद यथावत रह्यो।

२.१ संविधान निर्माणका विवादित विषयमा सहमति

जनताबाट प्रत्यक्ष निर्वाचित राष्ट्रपति र संसद्बाट चुनिएको प्रधानमन्त्रीको व्यवस्था हुने मिश्रित प्रणाली नयाँ संविधानमा राख्न प्रमुख चार राजनीतिक दल सहमत भएका थिए। विवाद समाधान उपसमितिले प्रस्ताव गरेको फ्रेन्च मोडेलको शासकीय स्वरूपसँग मिल्दो मिश्रित स्वरूपमा दलहरूबीच सहमति भएको थियो। प्रदेशको नामाङ्कन र सीमाङ्कन लगायतका विवादित विषयहरू रूपान्तरित संसद्ले टुङ्ग्याउने गरी जेठ १४ गते भित्रै संविधान जारी गर्ने सहमतिमा तीन प्रमुख राजनीतिक दल पुगेका थिए। विवादित विषयको टुङ्गो नलागे रूपान्तरित संसद्बाट टुङ्ग्याउन सकिने विकल्प संविधानसभा अध्यक्षले अघि सारेका थिए। सङ्घीयतासम्बन्धी विवादहरू समाधान गर्ने गरी संवैधानिक सङ्घीय आयोगको गठन गर्ने सहमति पनि दलहरूबीच भयो। प्रदेशको नाम र सीमा पछि तय गर्ने गरी ११ प्रदेशको सङ्घीय संरचनामा जाने दलहरूले सहमति गरे। यद्यपि सत्ता गठबन्धनको संयुक्त लोकतान्त्रिक मधेसी मोर्चा र आदिवासी जनजाति समूहहरूले पहिचानसहितको सङ्घीयताको माग गर्दै उक्त सहमतिको विरोध गरे। संविधानसभाका बहुमत सभासद् (३२०) ले त्यसलाई नमान्ने लिखित अडान पेस गरे। शीर्ष नेताहरूका निर्णय र आफ्नो पार्टीका आदेश पनि नमान्ने भनी हस्ताक्षर अभियान चलाएपछि सो सहमतिबाट एकीकृत माओवादी पछि हट्यो। सबै पक्षलाई सहमत गराएर संविधान जारी गर्न सम्भव नभए पनि धेरै पक्षलाई समेट्नु पर्ने थियो। यसका लागि एक मात्र वैधानिक थलो संविधानसभाको प्रयोग गर्न प्रमुख दलहरू चुके ।

प्रदेशको नाम र सीमा सङ्घीय आयोगले प्रस्ताव गर्ने र त्यसलाई रूपान्तरित संसद्ले निर्णय गर्ने सहमति भयो। गत वर्ष गठन गरिएको राज्य पुनर्संरचना आयोगमा दलीय भागबण्डा गर्दा सो आयोगले सर्वसम्मत प्रतिवेदन बुझाउन सकेन। यसैगरी, दलहरू प्रस्तावित संसद्को सङ्ख्यामा पनि सहमत भएका थिए। प्रतिनिधिसभामा प्रत्यक्षबाट निर्वाचित १ सय ७१, समानुपातिकबाट १ सय ४०, राष्ट्रियसभामा प्रत्येक प्रदेशबाट पाँच पाँच र मन्त्रिपरिषद्को सिफारिसमा विभिन्न क्षेत्रका ख्यातिप्राप्त विशिष्ट व्यक्तिहरूमध्ये १० जना राष्ट्रपतिबाट मनोनित गर्ने सहमति भयो। संविधानसभा सदस्यको सङ्ख्याभन्दा यो कम भए पनि नेपालको सन्दर्भमा यो सङ्ख्या धेरै नै हो ।

संविधान जारी गर्ने समय सकिनै लागे पनि दलहरू भने सहमति गर्ने रटान गरिरहे। तर, त्यसलाई व्यवहारमा उतार्न सकेनन्। दुई हप्तामा बाँकी हुँदा दलहरू विवादित विषयमा सहमत हुन थालेका थिए। अन्तिम समयमा मात्रै आएर राजनीतिक दलहरू सहमति जुटाउन तत्पर भए पनि अन्तरिम संविधानमा व्यवस्था गरिएअनुरूप संविधान निर्माण गर्ने अवस्था भने थिएन। हरेक धारा-उपधारामा छलफल गर्दै अनुमोदनको प्रक्रियामा जान समय अपुग हुने हुँदा छोटो प्रक्रियाबाट संविधान जारी गर्नेतिर दलहरू छलफलमा लागे। संविधान संशोधन गरी प्रक्रिया छोट्याए पनि संसद्को बैठक बस्न नसक्दा संविधानसभा नियमावली संशोधन हुन पाएन। राज्यको पुनर्संरचनासहित १ सय १७ विवादित विषयमा अन्तिम समयसम्म सहमति हुन सकेन।

२.२ राज्य पुनर्संरचना सुझाव आयोगको प्रतिवेदन

अन्तरिम संविधानमा व्यवस्था भएअनुरूप राज्य पुनर्संरचना आयोग गठन गर्न दलहरूले संविधानसभाको थपिएको पछिल्लो कार्यकालमा आएर मात्र चासो देखाए। यस विषयमा पहिलेदेखि नै छलफल भएको भए अन्त्यमा आएर संविधान निर्माणमा यो पेचिलो विषय बन्ने थिएन। चार प्रमुख दलका शीर्ष नेताको सहमतिमा सरकारले आठ सदस्यीय राज्य पुनर्संरचना आयोग ०६८ मङ्सिर ७ गते गठन गऱ्यो। राज्य पुनर्संरचनाबारे सुझाव दिन गठित उच्चस्तरीय आयोगले ०६८ चैत १२ गते संविधानसभामा पेस गरेको प्रतिवेदनमा एक गैरभौगोलिकसहित ११ प्रदेशको भावी नेपालको सङ्घीय संरचना प्रस्तुत गरेको थियो भने त्यसै आयोगका तीन

सदस्यले ६ प्रदेशको सुझाव पेस गरेका थिए।*(हेर्नुहोस् परिच्छेद कार्यपालिका)* प्रदेश निर्माणको आधार, सङ्ख्या, राज्य पुनर्संरचना समितिको प्रतिवेदनले थप विवाद सिर्जना गऱ्यो। प्रान्तको सीमाङ्कनको आधार तय गर्दा भौगोलिक, सामर्थ्यलाई उपेक्षा गर्दै जातीय आधारलाई मात्रै जोड दिइएको भन्दै प्रतिवेदनको आलोचना भयो।

३. संविधानसभाको विघटन : घटनाक्रम

संविधानसभाको म्याद सकिनुअघि मात्र दलहरूले संविधानलेखनमा सक्रियता देखाए। संविधान निर्माणका लागि घनिभूत छलफलको नेतृत्व लिनुपर्ने बेला सरकारले सर्वोच्च अदालतको आदेशविपरीत संविधानसभाको म्याद थप्ने असफल प्रयास गरेको थियो। संविधानसभा विघटन हुनुमा विभिन्न कारकतत्व रहेका थिए।

चारपल्ट म्याद थप

०६७ जेठ १४: १ वर्ष
०६८ जेठ १४: ३ महिना
०६८ भदौ १२: ३ महिना
०६८ मङ्सिर १३: ६ महिना

३.१ म्याद सकिनुअघिको संविधानसभा

एकीकृत मस्यौदा तयार नभएको, सैद्धान्तिक छलफल, जनताको सुझाव सङ्कलन, विधेयक निर्माण, दफावार छलफल र पारित गर्ने प्रक्रियाजस्ता न्यूनतम प्रक्रियामा छलफल नगरिएको म्याद घर्किन लागेका अवस्थामा समेत दलहरूबीच गम्भीर छलफल भएन। राज्य पुनर्संरचना, शासकीय स्वरूपलगायत विवादित विषयमा बहुमतबाट टुङ्गो लगाउने प्रयास पनि प्रश्नावलीमै सहमति भएन। आदिवासी जनजाति सभासद् (ककस) को एकल पहिचानको अडान र सत्तारुढ मोर्चाको तराई मधेसमा दुई भन्दा बढी प्रदेश हुन नहुने अडानले पनि बाँकी रहेको महत्वपूर्ण समय खेर गयो। सङ्घीयता र शासकीय स्वरूपमा भएको छलफलपश्चात् जेठ २ गते गरिएको ११ प्रदेशको सहमतिबाट एकीकृत माओवादी पछि अचानक हटेर अर्को धारणा प्रस्तुत गर्दै एकलजातीय पहिचानको वकालत गर्नपुग्यो। यस प्रसङ्गबाट पुनः विवाद आरम्भ भयो। एमाले-काङ्ग्रेसले एकीकृत माओवादीलाई संविधानविरोधीको आरोप, एकीकृत माओवादीले एमाले-काङ्ग्रेसलाई सङ्घीयताविरोधी भएको आरोप लगाए। एकल जातीय पहिचानको प्रदेश बनाउने माओवादीको हठले पनि सहमतिको बाटो पहिल्याउन अवरोध खडा भयो। प्रधानमन्त्रीका सल्लाहकार देवेन्द्र पौडेलले संविधानसभाको म्याद सकिनु दुई हप्ताअघि जेठ १४ गते भित्र संविधान जारी नभए पनि कुनै न कुनै रूपमा संविधानसभा रहनु पर्ने अभिव्यक्ति दिएका थिए। तर एक्कासि जेठ १४ गते सरकारले एकपक्षीय रूपमा नयाँ संविधानसभाको चुनावको घोषणा गर्नुले प्रधानमन्त्री तथा उनको पार्टी एकीकृत माओवादीदेखि बाहेक अन्य दलहरूले शङ्का गर्नु अस्वभाविक थिएन।

३.२ म्याद नथप्न सर्वोच्च अदालतको अन्तरिम आदेश

पछिल्लो पटक थपिएको संविधानसभाको म्याद जेठ १४ भित्र संविधान नबने स्वतः विघटन हुने फैसला ०६८ मङ्सिर ९ गते सर्वोच्च अदालतले गरेको थियो। उक्त फैसला पुनरावलोकनका लागि सरकार र संसद्ले गरेको अपिललाई सर्वोच्च अदालत प्रशासनले ०६८ पुस १२ गते दरपीठ गरेको थियो। सर्वोच्च अदालतले आदेश दिएपछि ०६९ जेठ १४ गतेभित्र संविधान जारी गर्नुबाहेक अन्य विकल्प थिएन। सर्वोच्च अदालतको आदेशविपरीत सरकारले एकतर्फी रूपमा संविधानसभाको म्याद फेरि तीन महिना थप्ने प्रस्ताव गरी जेठ ९ गते संसद् सचिवालयमा संविधान संशोधन विधेयक दर्ता गऱ्यो। थोरै समय रहेको र सहमति कायम नभए संविधानसभा नै खारेज हुने स्थिति आउने भनी प्रधानमन्त्रीले ल्याएको संविधान संशोधनको प्रस्ताव काङ्ग्रेस एमाले र एकीकृत माओवादीकै मोहन वैद्य पक्षले असहमति जनायो। संविधानसभाको म्याद थप गर्ने सरकारको प्रस्ताविवरुद्ध जेठ १० गते सर्वोच्च अदालतमा रिट दर्ता भयो। सो रिटमाथि निर्णय गर्दै प्रधानन्यायाधीश खिलराज रेग्मीको एकल इजलासले संविधानसभाको म्याद नथप्न सरकार र सभामुखको नाममा जेठ ११ गते अन्तरिम आदेश जारी गऱ्यो। जेठ १४ गते संविधान जारी नभए जनमत सङ्ग्रह, संविधानसभाको अर्को निर्वाचन गर्ने वा अन्य उपयुक्त प्रबन्ध मिलाउन रेग्मीसहितको विशेष इजलासले आदेश दिएको थियो। सरकारले संसद्मा अन्तरिम संविधान संशोधन विधेयक दर्ता गरेको भोलिपल्ट सर्वोच्च अदालतमा तीन छुट्टाछुट्टै रिट दर्ता भएको थियो।

३.३ संविधानसभा विघटन

दुई वर्षका लागि निर्वाचित संविधानसभाले आफ्नो पहिलो कार्यकालमा विषयगत समितिहरूमार्फत

अवधारणासहितको प्रारम्भिक प्रतिवेदन तयार गरेको थियो। त्यसपछि थपिएका कार्यकालहरूमा ती समितिहरूको प्रतिवेदनमा रहेका विवाद समाधानका लागि काम हुन सकेन। एकीकृत माओवादी अध्यक्ष पुष्पकमल दाहाल नेतृत्वको शीर्ष राजनीतिक दलहरू सम्मिलित विवाद समाधान उपसमितिले पनि राज्य पुनर्संरचनासहितका विवादहरूमा सहमति जुटाउन सकेन। दलहरूबीच भएको सहमति कार्यान्वयन नहुँदा पनि जेठ १४ गते संविधान जारी नहुने अवस्था सृजना भई संविधानसभा विघटन हुन पुग्यो। समय छउन्जेल गम्भीर छलफल नगर्ने राजनीतिक दलका प्रवृत्तिका कारण पनि यस्तो अवस्था आएको थियो। विवाद समाधान समितिमा भएका सहमतिहरू पनि संवैधानिक समितिमा पारित हुन सकेनन्। यसैगरी विषयगत समितिले पारित गरेका विषयहरूमा पनि मत बाझियो। संविधान निर्माणका सबै कुरामा स्वयम् संविधानसभाको अन्तिम अधिकार हुँदाहुँदै पनि यो राजनीतिक हस्तक्षेपको अनपेक्षित सिकार भयो। जनतासँग निरन्तर सम्वाद, पृष्ठपोषणबाट बन्नुपर्ने संविधान बनाउने कुरामा जनतासँग लगभग सम्बन्धविच्छेदको अवस्था रहेको अथवा संविधानसभाको निर्णयमा जनताको अभिमत बुझ्ने र अभिव्यक्त गर्ने अभ्यास हुन पाएन।[१] संयुक्त लोकतान्त्रिक मधेसी मोर्चाले नामाङ्कन र सीमाङ्कनसहितको राज्य पुनर्संरचना समिति वा आयोगको १४ वा १० प्रदेशसहितको संविधान जारी गर्नुपर्ने अडानले पनि अन्तिम समयमा दलहरूबीच सहमति कायम हुन सकेन। दलहरूमा विगतका सम्झौतालाई पालना गर्ने परिपाटी नभएकोले पनि संविधानसभा विघटन हुन पुग्यो। सत्ता केन्दित राजनीति हाबी हुँदा संविधान लेखनप्रक्रियामा दलहरूको ध्यान गएन। विभिन्न राजनीतिक दर्शन बोकेका दलहरूले कुन साझा सिद्धान्तमा आधारित भई संविधान लेख्ने भन्ने विषयमा पहिल्याउन नसक्दा संविधानसभा विघटन भयो। संविधानसभाको चार वर्षको अवधिमा एकीकृत माओवादी अध्यक्ष पुष्पकमल दाहाल, एमाले नेता माधवकुमार नेपाल, एमालेकै अध्यक्ष झलनाथ खनाल र एकीकृत माओवादीका उपाध्यक्ष बाबुराम भट्टराईको नेतृत्वमा सरकार बने। संविधानसभाको कार्यकाल थप्ने विषयमा सरकार परिवर्तन पनि कार्यसूचि हुने हुँदा संविधान निर्माणमा दलहरू गम्भीर नभएको प्रष्ट हुन्थ्यो।

संविधानसभाको चौथो वर्षको कार्यकालमा १३ ओटा बैठक बस्यो। संविधानसभाको पहिलो बैठक २०६९ जेठ १५ गते गणतन्त्र घोषणा गरेको थियो भने २०६९ वैशाख १९ को अन्तिम १२२ औँ बैठकले संविधानसभा नियमावली संशोधन गऱ्यो। त्यस दिन २१ वैशाखसम्मका लागि स्थगित संविधानसभाको बैठक २१ पटक सूचना प्रकाशित गरेर १४ जेठसम्म स्थगित भएको थियो। अवसानको त्यो दिन उपाध्यक्ष पूर्णाकुमारी सुवेदीबाहेक कुनै दलका शीर्ष नेता संविधानसभा भवन पुगेनन्। बैठकमा लगातार १० पटक नआउँदा एकीकृत माओवादी अध्यक्ष पुष्पकमल दाहाल, एमाले अध्यक्ष झलनाथ खनाल, विजय गच्छदार लगायत शीर्ष नेताहरूको सभासद् पदन नै निष्क्रिय हुनेसम्मको अवस्था आएको थियो।[२]

४. संविधानसभा विघटनका कारण

चार पटकसम्म म्याद थपे पनि दलहरूले संविधान निर्माण गर्न सकेनन्। संविधान लेखनमा रहेका विभिन्न विवादहरू समाधान गर्न गठित शीर्ष नेताहरूको उच्चस्तरीय कार्यदल, संविधानसभाको कार्यतालिकाको बारम्बार संशोधन र संविधानसभा अध्यक्षबाट आवश्यक दबाब नहुनु पनि संविधानसभा विघटनको मुख्य कारण थिए।

४.१ विवाद समाधान उपसमिति

प्रमुख दलहरूका शीर्ष नेताहरू सम्मिलित विवाद समाधान उपसमितिले संविधान निर्माण प्रक्रियामा रहेका विवादहरू समाधान गर्न पर्याप्त प्रयास गरेन। संविधान जारी गर्न दुई साताभन्दा कम समय बाँकी रहेपछि छोटो प्रक्रियाबाट संविधान जारी गर्न विवाद समाधान समितिले सात सदस्यीय कार्यदल गठन गऱ्यो। कार्यदलले राजनीतिक तहमा भएको सहमतिलाई आधार मानी संविधानमा समेटिने प्रस्तावको विस्तृत रूप र संवैधानिक समितिले त्यसलाई सर्वसम्मत

१. "अन्त्यहीन संविधानसभा"। *कान्तिपुर दैनिक।* ०६३ जेठ ११ : पृ ५

२. पन्त, सुशील। "काम भएको छ" *http://nepalihimal.com/article/report/%E0%A4%95%E0%A4%BE%E0%A4%AE-%E0%A4%AD%E0%A4%8F%E0%A4%95%E0%A5%8B-%E0%A4%9B,18* accessed on December 18, 2013

अनुमोदन गरेर संविधानको कीकृत मस्यौदा लेखन सुरु हुने भनियो। विवाद समाधान उपसमितिको कार्यदलले मिश्रित शासन व्यवस्थाअन्तर्गत प्रधानमन्त्री र राष्ट्रपतिको अधिकार क्षेत्रको खाका तयार पाऱ्यो। विवाद समाधान उपसमितिका अध्यक्ष एकीकृत माओवादी अध्यक्ष पुष्पकमल दाहालको नेतृत्वमा रहेको कार्यदलले नेतृत्वदायी भूमिका निर्वाह गर्नु त परै जाओस्, बेला बेलामा आफैले विवाद सिर्जना समेत गऱ्यो।

४.२ कार्यतालिका बारम्बार संशोधन

समय-समयमा हेरफेर गरिएको संविधानसभाको कार्यतालिका बारम्बार संशोधन गरियो। ०६५ मङ्सिर १ गते संविधानसभाले पारित गरेको ८२ हप्ते कार्यतालिकाअनुरूप काम नहुँदा कार्यतालिका पटकपटक संशोधन गरियो। १२ पटकभन्दा बढी कार्यतालिका संशोधन गर्दा पनि संविधान निमार्णमा दलहरूबीच सहमति नभएपछि ०६८ मङ्सिर २० गते नयाँ कार्यतालिका बनाइयो। सो कार्यतालिका पनि कार्यान्यवन नभएपछि त्यसमा पनि बारम्बार संशोधन गरियो। संशोधन गरिएको कार्यतालिकामा समय अवधि र मितिसमेत उल्लेख गरिएको थिएन। यसले समयसीमा तोकी संविधान निर्माणमा आफूहरू तत्पर रहेको सन्देश सभासद्हरूले दिन सकेनन्।

४.३ संविधानसभा अध्यक्षको भूमिका

संविधानसभा विघटन भएकोमा सभामुख सुवास नेम्वाङको पनि आलोचना भयो। संविधानसभामा कमै उपस्थित हुने शीर्ष नेताहरूलाई उनले उपस्थित हुन कडाइ गरेका भए सभाबाट सहमति हुने सम्भावना थियो। विवादित विषयहरूलाई संविधानसभाबाट टुङ्गो लगाउन उनले पर्याप्त प्रयास गरेनन्। बृहत् मधेसी मोर्चाले प्रमुख राजनीतिक दलहरूले सहमति गरेका ११ प्रदेश अमान्य भएको भन्दै सदन अवरुद्ध गर्दा संविधान निर्माणसँग सम्बन्धित विषयलाई संसद्मा नभई संविधानसभामा छलफल गर्ने व्यवस्था रहेको सभामुख सुवास नेम्वाङले बारम्बार ध्यानाकर्षण गराएका थिए। मोर्चाको अवरोधले संविधान संशोधन प्रक्रिया अवरुद्ध भएको भन्दै जेठ १४ मा संविधान जारी नहुने अवस्था आउन सक्नेबारे उनले सचेत गराएका थिए। संविधानसभाको म्याद नथप्न सर्वोच्च अदालतले आदेश दिएलगत्तै बाँकी समयको सदुपयोग गर्न उनले शीर्ष नेताहरूलाई विशेष आग्रह गरेका थिए। तर त्यसअनुरूपको गम्भीरता दलहरूले देखाएनन्। अन्तिम समयमा उनले विदेश यात्रासमेत रद्द गरेर सहमतिमा आउन नेताहरूलाई दबाब दिए। उनले संविधानसभा विघटन हुनुअघि गरेका प्रयास सराहनीय भए पनि उनको सक्रियता अगावैदेखि आरम्भ भइदिएको भए सम्भवत: उपलब्धिमूलक हुने थियो।

४.४ पुन:स्थापना कि निर्वाचन ?

संविधानसभा विघटन भएपछि त्यसलाई पुन:स्थापना गर्ने वा नयाँ संविधानसभाको निर्वाचनमा जाने भन्ने बहस निरन्तर भइरह्यो। प्रधानमन्त्री भट्टराईले संविधानसभा विघटन भएको रात ०६९ मङ्सिर ७ गते संविधानसभाको निर्वाचन घोषणा गरे पनि उनी निर्वाचन गराउन असफल रहे। जेठ १४ गते संविधान जारी नगरेपछि संविधानसभाको विश्वसनीयता र वैधानिकता सोही दिनदेखि गुम्यो। त्यसैले संविधानसभा पुन:स्थापना हुन सक्ने वैधानिक आधार गुम्यो । पुन:स्थापित संसद्ले नयाँ संविधान जारी गरे पनि त्यो स्वीकार्य हुने अवस्था कानुनत: हुन सक्दैन थियो। राजनीतिक सहमतिका आधारमा यस विषयमा टुङ्गोमा पुग्नु पर्थ्यो। तर त्यस्तो राजनीतिक सहमति विना नै प्रधानमन्त्री भट्टराईले चुनावको घोषणा गरे। सङ्क्रमणकालीन अवस्थामा यस्तो एकपक्षीय निर्णयलाई संविधानले स्वीकार गर्दैन।[3] पुन:स्थापनाको कुरा गर्नु निर्वाचनको विरोध गर्नु हो। म्याद थप्ने प्रक्रिया सर्वोच्च अदालतको आदेश विपरीत हुने थियो भने पुन:स्थापनातिर लाग्नु पनि जनताको चाहनाविपरीत हुने छ। तर चुनावमा जानुअघि दलहरूले चुनाव संविधानसभा वा संसद्को गर्ने, सांसद् सङ्ख्या तोक्नेलगायत विषयमा सहमति गर्नुपर्नेछ। २०६३ चैतमा १८ वर्ष पुगेका व्यक्तिमात्र संविधानसभा चुनावको उम्मेदवार हुन पाउने संवैधानिक व्यवस्था छ।

---

३. Republica. "Only parliamentary polls will help find solutions" *http://myrepublica.com/portal/index.php?action=news_details&news_id=42048* accessed on December 5, 2013

५. संसद्विहीनताको प्रभाव

संसद्विहीनताको अन्त्य गर्नेतर्फ सरकारबाट उचित पहल भएन। यस्तो अवस्थाको फाइदा लिँदै आफ्नो स्वार्थ अनुकूल निर्णय गर्न भने प्रधानमन्त्री र उनको पार्टी एकीकृत माओवादी अग्रसर भयो। संसदीय सुनुवाइ नहुँदा विभिन्न निकायहरूमा पदाधिकारीहरू नियुक्त हुन नसकी कार्यपालिका र न्यायपालिकको काममा पनि प्रत्यक्ष प्रभाव पर्दै गयो। आगामी वर्षका केही महिनाभित्र नै संवैधानिक पदहरू रिक्त हुँदै जाने भएकाले सुशासनमा समेत आघात पुग्ने सम्भावना बढेर गयो।

५.१ सरकारको स्वेच्छाचारिता

शक्ति सन्तुलनको सिद्धान्तअनुसार सरकारको स्वेच्छाचारितालाई अंकुश लगाउने संवैधानिक निकाय संसद्को अनुपस्थितिमा सरकार निरङ्कुशतातिर उन्मुख भएर गयो। मन्त्रिपरिषदको निर्णयमा विभिन्न गम्भीर अपराधमा संलग्नहरूलाई माफ दिइ दण्डहीनतालाई संस्थागत गर्नेतर्फ सरकार अग्रसर भयो। संसद्को विरोधमा गत वर्ष हत्या अभियोग आरोपित मन्त्री प्रभु साह र राष्ट्रिय अखण्डताबारे विवादास्पद अभिव्यक्ति दिने मन्त्री शरदसिंह भण्डारीलाई बर्खास्त गर्न बाध्य भएका प्रधानमन्त्री भट्टराई संसद्को अनुपस्थितिमा मुद्दा फिर्ता लिने निर्णय विना कुनै अवरोध गर्ने अवसर पाए। यद्यपि सरकारका स्वेच्छाचारी निर्णयहरूमा भने न्यायपालिकाले अङ्कुश लगाउने प्रयास गऱ्यो। आफ्ना कार्यकर्तालाई उन्मुक्ति दिनका लागि राजनीतिक प्रकृतिका नाममा मुद्दा फिर्ता लिने सरकारी निर्णयप्रति सर्वोच्च अदालतले सरकारलाई सचेत गरायो। *(हेर्नुहोस् परिच्छेद न्यायपालिका)*प्रधानमन्त्री भट्टराईले गम्भीर मानवअधिकार उल्लङ्घनमा संलग्नहरूलाई आममाफी दिने उद्देश्यले सङ्क्रमणकालीन न्याय संयन्त्रहरू स्थापना गर्नका लागि अध्यादेश राष्ट्रपतिसमक्ष पठाए।

५.२ संवैधानिक पदमा रिक्तता

संसद्को समेत काम गर्दै आएको संविधानसभा विघटनपछि संवैधानिक पदहरूमा रिक्तता झन् बढेर गयो। चुनाव गर्ने दायित्व पाएको निर्वाचन आयोगका कार्यवाहक प्रमुख आयुक्त नीलकण्ठ उप्रेतीले कात्तिक २७ गते वरिष्ठताका आधारमा अवकाश पाए। बाँकी दुई आयुक्त दोलखबहादुर गुरुङ र अयोधीप्रसाद यादवले पुस २६ गते पदावधि सकिएपछि आयोग आयुक्तविहीन हुने हुनाले आयोगलाई संविधानसभाको चुनाव गराउन चुनौतीपूर्ण हुने निश्चित भइसकेको छ ।

आयोगमा आयुक्तहरू नियुक्त गर्न संसदीय सुनुवाइ गर्नुपर्ने संवैधानिक व्यवस्था भएकोले संसद्को अभावमा पदाधिकारी नियुक्त गर्न सम्भव छैन। संविधान संशोधन गर्ने अवस्था नहुँदा ०६३ मङ्सिरपछि १८ वर्ष पुगेका मतदाताहरू चुनावमा सहभागी हुनबाट वञ्चित हुने अवस्थासमेत छ। संसदीय सुनुवाइ समिति नहुँदा तीन वर्षदेखि पदाधिकारीविहीन अख्तियार दुरूपयोग अनुसन्धान आयोगमा आयुक्त नियुक्त हुने अवस्था छैन। संसद् हुँदासमेत पदाधिकारी नियुक्त नगरेका र संसद् विघटनपछि संसदीय सुनुवाइ समिति नहुँदा संवैधानिक आयोगहरूमा रिक्तता बढ्दै जानेछ। संसदीय सुनुवाइ हुन नसक्ने अवस्था रहेकाले यस वर्ष सातजना न्यायाशीश पदमुक्त भए। मुद्दाको अत्यधिक चाप रहेको सर्वोच्च अदालतमा वर्षको अन्त्यमा प्रधानन्यायाधीशसहित सात जना मात्र न्यायाधीश रहे। संसद् नभएका कारण संवैधानिक निकायमा नियुक्तिको लागि सिफारिस गर्ने संवैधानिक परिषद्मा सभामुख र विपक्षी दलका नेतासमेत नभएको अवस्थामा ल्याइएको अध्यादेशहरूले दलहरूबीच थप फाटो ल्यायो। अख्तियार दुरूपयोग अनुसन्धान आयोग र महालेखा परीक्षकको कार्यालय छ वर्षदेखि आयुक्तविहीन छ भने लोकसेवा आयोगमा पनि प्रमुख आयुक्त नभएको चार वर्ष भइसकेको छ।

६. विवादमा सभासद्हरू

विगतका वर्षहरूमा झैं यस वर्ष पनि सभासद्हरू आफ्ना गलत क्रियाकलापका कारण चर्चामा आए। नेपाल सद्भावना पार्टी (आनन्दीदेवी) का सभासद् श्यामसुन्दर गुप्ता उद्यमी पवन सङ्घाइको अपहरणमा संलग्न रहेको अभियोगमा भैरहवाबाट ०६८ माघ १ गते पक्राउ परे। अपहरण योजना बनाउनेदेखि फिरौती असुल्ने कार्यमा पनि गुप्ता संलग्न रहेका प्रहरीले बतायो। एकीकृत माओवादी सभासद् बालकृष्ण ढुङ्गेललाई सर्वोच्च अदालतले हत्यारा भएको पुष्टि गर्दै जन्मकैदको फैसला गरे पनि उनी खुल्लमखुल्ला संसद् बैठकमा सहभागी भए। मधेशी जनअधिकार फोरम (गणतान्त्रिक) बाट सभासद् भएका तत्कालीन सूचना तथा सञ्चार मन्त्री जयप्रकाश प्रसाद गुप्तालाई पुरानो मुद्दामा फैसला गर्दै सर्वोच्च अदालतले भ्रष्टाचारी ठहर गर्दै जेल पठायो।

अघिल्ला वर्षहरूमा पासपोर्ट दुरूपयोग कान्डमा सभासद् नारदमुनि राना, गायत्री साह, बीपी

यादव, शिवपूजन राय पक्राउपश्चात् धरौटीमा रिहा भए। सभासद् किरणकुमारी यादव र प्रेमबहादुर पुलामी एसएलसीमा नक्कली परीक्षार्थी प्रयोग गर्ने कार्यमा संलग्न पाइए। सभासद् डोलबहादुर कार्की प्रहरी निरीक्षक भर्ती गराउने भनी घुस लिँदै गर्दा पक्राउ परेका थिए। एकीकृत माओवादी सभासद लोकेन्द्र विष्ट संविधानसभामा हतियार बोकेर प्रवेश गरी विवादमा आएका थिए।

सभासद्हरू संविधानसभाभित्रै हिंसात्मक गतिविधिमा पनि संलग्न भए। सभासद् विश्वेन्द्र पासवानले संविधानसभा बैठकमा कुर्सी तोडफोड गरे भने सञ्जय साहले माइक भाँचे। एकीकृत माओवादी सभासद् सूर्यमान दोङ र रामकाजी महर्जनले तत्कालीन अर्थमन्त्री सुरेन्द्र पाण्डेले बजेट भाषण गर्न जाने क्रममा बजेट ब्रिफकेस तोडफोड गरेका थिए। सभासद्का यस्ता गलत आचरणका कारण संसद्प्रति नै नकारात्मक सन्देश प्रवाह भयो। देशको मूल कानुन र मानवअधिकारका सिद्धान्तअनुरूप कानुन निर्माण गर्ने गहन जिम्मेवारी पाएका सभासद्हरूले आफ्ना दायित्वप्रति नै गम्भीर नभएकोमा आलोचना भयो।

७. सदन अवरोध

यस वर्ष व्यवस्थापिका-संसद्को बैठक १८ पटक बस्यो। व्यवस्थापिका-संसदको १० औँ अधिवेशन फागुन ९ गते अन्त्य हुँदासम्म यस वर्ष जम्मा १५ पटक बैठक बसेको थियो। संविधान जारी गर्ने प्रक्रिया छोट्याउन डाकिएको संसद् अधिवेशन तीन पटक बैठक बस्यो। व्यवस्थापिका संसद्को बैठक चार वर्षको अवधिमा ३ सय ७३ पटक बसेको थियो।[४] संसद् ठप्प पारी संसदीय कारबाहीहरूलाई अगाडि बढ्न नदिने काम सभासद्हरूबाट यस वर्ष पनि पनि भयो। सशस्त्र द्वन्द्वका क्रममा तत्कालीन विद्रोही माओवादीको जनसत्ताले गरेका घरजग्गा कब्जा, अंशबण्डा जस्ता निर्णयलाई मान्यता दिने सरकारको निर्णय नेपालको अन्तरिम संविधान, शान्ति सम्झौता र प्रचलित कानुनविरुद्ध भएको भन्दै काङ्ग्रेस र एमालेका संविधानसभा सदस्यहरूले यस वर्ष सात पटक भन्दा बढी संसद् अवरोध गरे। एकीकृत माओवादी नेतृत्वको सरकारको यस्तो एकलौटी निर्णयले संविधान निर्माण र शान्तिप्रक्रियासमेत प्रभावित भयो। गत वर्ष कात्तिक १५ गते भएको सातबुँदे सम्झौताको पालना नभएको, पेट्रोलियम पदार्थको मूल्यवृद्धि, जनसत्ताले गरेको निर्णयलाई मान्यता दिने मन्त्रिपरिषद्को निर्णय, एकीकृत माओवादीले आफ्नो पत्रिका लालरक्षकमा विपक्षी दलका सभासद् तथा केही मानव अधिकारकर्मीहरूलाई धम्क्याउने शैलीमा गालीगलौज गरी जनदुश्मन भनिएको विषयमा सरकारको आधिकारिक धारणा आउनु पर्ने माग राखी संसद् अवरुद्ध भएको थियो। संसदीय कारबाहीहरूलाई अगाडि बढ्न दिई सदनमार्फत सत्तापक्षलाई जिम्मेवार बनाउनु पर्नेमा विपक्षी दलहरु सदन अवरुद्ध गरी गैरजिम्मेवार रूपमा प्रस्तुत भए। मन्त्रिपरिषद्का सदस्य सदनमा अनुपस्थित हुँदा सरकार व्यवस्थापिका संसद् र जनताप्रति उत्तरदायी देखिएन। जातीय पहिचानसहितको राज्यको माग गर्दै आदिवासी जनजाति संयुक्त सङ्घर्ष समितिले आह्वान गरेको जेठ ७ गतेको बन्दले संविधानका आधारभूत विषयमा सहमतिको प्रस्तावका लागि बैठक गर्ने प्रयास प्रभावित भयो। बन्दका कारण सभासद्हरू उपस्थित हुन नसक्ने भएपछि संविधानसभा र संसद्को बैठक सूचना टाँसेर स्थगित गरियो। संविधान जारी गर्ने प्रक्रिया छोट्याउन संसद्ले अन्तरिम संविधान संशोधन गरे पनि संविधानसभाले आफ्नो नियमावली संशोधन गर्न पाएन। संविधान जारी गर्ने प्रक्रिया छोट्याउने प्रयोजनका लागि डाकिएको बैठक जेठ ४ गते नै वृहत मधेशी मोर्चाले अवरुद्ध गऱ्यो। एमाले-काङ्ग्रेसद्वारा संविधानको प्रक्रिया छोट्याउन संविधानको धारा ७० लाई संशोधन गर्न पनि तत्काल संसद् बोलाउनुपर्ने धारणा व्यक्त भएको थियो। प्रमुख तीन राजनीतिक दलबीच राज्य पुनर्संरचना र शासकीय स्वरूप लगायतका विषयमा भएको सहमतिप्रति असन्तुष्टि जनाउँदै मोर्चाले सदन अवरुद्ध गरेको थियो। संविधान जारी गर्ने प्रक्रिया छोट्याउनका लागि दलहरूको सहमतिमा सरकारले अन्तरिम संविधानको धारा ७० संशोधनका लागि ल्याएको विधेयकमाथि कारबाही पनि अवरुद्ध भएको थियो। संविधानसभाले निर्क्यौल गर्ने विषयमा पनि सदन अवरुद्ध गर्ने गैरजिम्मेवार क्रियाकलाप मोर्चाले गऱ्यो। यसैगरी आदिवासी जनजाति महासङ्घले एकल पहिचानसहितको सङ्घीयताको माग गर्दै आयोजना गरेको बन्दका कारण पनि सदन स्थगित भयो।

---

४. पूर्ववत् २

८. संसदीय समितिहरूको प्रतिवेदन

संसद्को उपस्थिति रहेको यस वर्षको अधिल्लो महिनामा विभिन्न समितिहरूले गरेको अध्ययन प्रतिवेदनहरू सदनमा प्रस्तुत भए। अन्तर्राष्ट्रिय सम्बन्ध र मानवअधिकार समितिले अन्तर्राष्ट्रिय सम्बन्ध र मानवअधिकार समितिको "परिवर्तित सन्दर्भमा नेपालको विदेश नीति सम्बन्धी प्रतिवेदन, २०६८," महिला, बालबालिका र समाज कल्याण समितिले महिला, बालबालिका र समाज कल्याण समितिको "रूपन्देही जिल्लाको बुटवल नपा- १३ बस्ने कविता थापालाई स्थानीय जनजागरण आमा समूहले यातना दिएको र तत्पश्चात निजले आत्महत्या गरेको घटनासम्बन्धी अध्ययन प्रतिवेदन, २०६८" र "महिला जिल्ला समन्वय समिति गठन एवम् कार्यविधि र संरचनाको अध्ययनसम्बन्धी प्रतिवेदन, २०६८" सदनसमक्ष प्रस्तुत भयो। यसैगरी, अर्थ र श्रम सम्बन्ध समितिले "जुट उद्योग (मोरङ र सुनसरी), सूर्य नेपाल (मोरङ) र औषधि कारखाना (सुनसरी) को स्थलगत निरीक्षण प्रतिवेदन, २०६८" सदनमा पेस भएको थियो। चितवन जिल्लाकी ढेगनीदेवी महतोलाई बोक्सीको आरोपमा विभत्स हत्या गरिएको सम्बन्धमा पनि सदनमा प्रतिवेदन पेस भयो। महिलालाई यातना दिएको, बोक्सीको आरोपमा जिउँदै जलाइएको जस्ता महिलाविरुद्ध हिंसाका घटनाहरूमा सक्रियताका साथ संसदीय समितिहरूले छानबिन गरी प्रतिवेदन बुझाउँदा संसद् मानवअधिकारप्रति संवेदनशील भएको सन्देश प्रवाह भयो। सरकारी कर्मचारीको मनपरी सरुवाप्रति आपत्ति प्रकट गर्दै संसद्को राज्य व्यवस्था समितिले माघ १३ गते कर्मचारीको सरुवा गर्दा ऐन, नियमको पालना नगर्ने मन्त्रालय र मातहतका निकायको सूची एक साताभित्र उपलब्ध गराउन सामान्य प्रशासन मन्त्रालयलाई निर्देशन दियो। संसद्को अन्तर्राष्ट्रिय सम्बन्ध तथा मानवअधिकार समितिले मानवअधिकारको संरक्षण, सम्बर्द्धन, सम्मान, मानवअधिकार उल्लङ्घनकर्तालाई कानुनको दायरामा ल्याउन सके वा नसकेको लगायतका विषयहरूमा प्रतिवेदन पेश गर्ने र यी विषयहरूमा आवश्यक कदम चाल्न सम्बन्धित निकायलाई निर्देशन दिने काम भएन।

९.१ सन्धि/सम्झौता अनुमोदन

व्यवस्थापिका संसद् उपस्थित भएको छ महिना विभिन्न सन्धि, सम्झौता अनुमोदन भए। "Trans-Asian Railway Network सम्बन्धी Intergovernmental Agreement" पुस २२ गते संसद्मा सर्वसम्मतिबाट अनुमोदन भयो। "अन्तर्राष्ट्रिय आणविक उर्जा एजेन्सीको विधान (Statute of the International Atomic Energy Agency)" लाई संसद्ले बहुमतबाट अनुमोदन गऱ्यो। यसैगरी, "सार्क वातावरण सहयोग सम्बन्धी महासन्धि (SAARC Convention on Cooperation on Environment),"आणविक विज्ञान तथा प्रविधिसँग सम्बन्धित अनुसन्धान विकास तथा प्रशिक्षणका निमित्त भएको क्षेत्रीय सहयोग सम्झौता (Regional Cooperative Agreement for Research, Development and Training Related to Nuclear Science and Technology) संसद्मा सर्वसम्मतिबाट अनुमोदन भयो। यस अवधिमा "अदालतको अपहेलनासम्बन्धी विधेयक, २०६७", "केही नेपाल कानूनलाई संशोधन तथा खारेज गर्ने विधेयक, २०६८" विधेयक संसद्मा प्रस्तुत भए।

संसद्को रूपमा कार्य गर्ने संविधानसभा विघटन हुँदा संसद्मा विधेयकहरू प्रस्तुत गर्ने, सैद्धान्तिक छलफल गर्ने, विधायन समितिमा छलफल आदि प्रक्रिया अवरुद्ध भयो। संविधानसभा सदस्यको गणपूरक सदस्यको सङ्ख्या नपुग्दा विभिन्न विधेयक, सम्झौताहरू निर्णयार्थ प्रस्तुत हुन सकेनन्। शान्ति सम्झौता र अन्तरिम संविधानमा उल्लेख गरिएका सत्य निरूपण आयोग र बेपत्ता आयोग गठन गर्ने विधेयकमा विधायन समितिमा दलहरूबीच सहमति भएन। यी सङ्क्रमणकालीन न्याय संयन्त्र स्थापना गर्ने विधेयकमा सहमति हुन नपाई संसद् विघटन भयो।

अन्तरिम संविधान १२ औँ संशोधन विधेयक सदनमा प्रस्तुत भयो। व्यवस्थापिका संसद्को जेठ ९ को बैठकले संविधानको धारा ७० मा भएको संविधानको प्रस्तावना र प्रत्येक धारामा छुट्टाछुट्टै मतदान गर्ने व्यवस्थालाई संशोधन गऱ्यो। यसले संविधानको मस्यौदा तयार भएपछि पारित गर्ने प्रक्रियालाई छोटो र सरल बनायो। तर त्यसपछि संविधानको मस्यौदा तयार पार्न दलहरू गम्भीर भएनन्। संसद् बैठक पनि नबसेको अवस्थामा संविधानसभा विघटन गरियो।

९.२ राष्ट्रिय मानवअधिकार आयोग विधेयक, २०६८ पारित

"राष्ट्रिय मानवअधिकार आयोग विधेयक, २०६८" सदनले पुस २० गते सर्वसम्मतिले पारित गऱ्यो। यस ऐनले आयोगलाई स्वतन्त्र र स्वायत्त हुन नदिने भनी मानवअधिकार समुदायले आलोचना गऱ्यो।

मानवअधिकार उल्लङ्घन वा त्यसको दुरुत्साहन भएकोमा सो भए गरेको, कुनै व्यक्ति कसैको नियन्त्रणमा रहेकोमा सो नियन्त्रणबाट छुटेको वा त्यस्तो व्यक्ति सार्वजनिक भएको मितिले छ महिनाभित्र आयोगमा उजुरी गरिसक्नुपर्ने व्यवस्था ऐनमा छ। मानवअधिकार उल्लङ्घनबाट पीडितहरू घटनाबारे जानकारी दिन र उजुरी दर्ता गर्नका लागि मानसिक रूपमा पनि तयार हुन समय लाग्ने स्पष्ट छ। यी घटनाहरूमा हद म्याद जारी गर्नु उपयुक्त हुँदैन। यातायातको पूर्वाधार कमजोर रहेको र विकट गाँउहरू भएको नेपालजस्तो मुलुकमा पीडितले गर्नु पर्ने यात्राको दूरी र उजुरी दर्ता गर्न लाग्ने खर्चको हिसाबमा यो व्यवहारिक देखिँदैन। र, नेपालका कुना कन्दरामा बस्नेहरूलाई यस प्रावधानबारे जानकारी हुनेछ भनी यस ऐनले गरेको अनुमान पनि व्यवहारिक छैन। यसको विपरीत इथियोपिया जस्ता केही मुलुकहरूले यातना तथा बलपूर्वक बेपत्ता जस्ता अन्तराष्ट्रिय कानुन उल्लङ्घनका घटनामा हदम्याद नलाग्ने प्रावधान आफ्नो संविधानमै राखेका छन्।[५] मानवअधिकार आयोग ऐन, २०६८ लागु भए पनि यसका केही प्रावधान संविधान र पेरिस सिद्धान्त तथा अन्तराष्ट्रिय कानुन तथा मान्यतासँग बाझिएको भन्दै यिनलाई बदर गर्न माग गर्दै सर्वोच्च अदालतमा रिट निवेदन पऱ्यो। *(हेर्नुहोस् परिच्छेद् न्यायपालिका)*ऐनअनुसार आयोगले मानवअधिकार उल्लङ्घन गर्नेका विरुद्ध कारवाहीका लागि गरेका सिफारिसका सम्बन्धमा कारण खुलाई महान्यायाधिवक्ताले प्रचलित कानुन बमोजिम मुद्दा चलाउन नमिल्ने भनी निर्णय गर्न सक्नेछ। सरकारी पक्ष पीडक भएको अवस्थामा सरकारका कानुनी सल्लाहकार महान्यायाधिवक्ताले हाम्रो जस्तो अपराधको राजनीतिकरण भएको मुलुकमा मुद्दा चलाउने कुरामा विश्वास गर्न सकिँदैन। यस्ता अपराधीमाथि कारवाही नहुँदा दण्डहीनताले प्रश्रय पाउनेछ। विभिन्न राष्ट्रिय र अन्तर्राष्ट्रिय सङ्घसंस्थासँग सम्झौता गरी सहकार्य गर्दा गतिविधि सञ्चालन गर्न अर्थ मन्त्रालयको स्वीकृति लिनुपर्ने व्यवस्था यस ऐनमा छ। यस्तो व्यवस्थाले गर्दा आयोगको आर्थिक स्वायत्तता सरकारको नियन्त्रणमा हुनेछ। ऐनको मेलमिलापसम्बन्धी व्यवस्थामा तर अन्तर्राष्ट्रिय कानुनबमोजिम मानवअधिकार मानवीय कानुनको गम्भीर उल्लङ्घन मानिने विषय वा प्रचलित कानुनबमोजिम मिलापत्र हुन नसक्ने विषयमा मेलमिलाप गर्न नसकिने प्रावधान उल्लेख हुनुले गम्भीर मानवअधिकार उल्लङ्घनका पीडकहरूले उन्मुक्ति पाउन नहुने प्रतिबद्धता व्यक्त गरेको सन्देश दियो।

९.३ राष्ट्रपतिसमक्ष अध्यादेश प्रस्तुत

कामचलाउ सरकारले दीर्घकालीन प्रभाव पार्ने नीति, नियम र कानुन बनाउन नपाउने भए पनि भट्टराई सरकारले सङ्क्रमणकालीन न्यायसम्बन्धी आयोग गठन गर्ने लगायतका अध्यादेशहरू राष्ट्रपतिसमक्ष सिफारिस गरे। प्रधानमन्त्री भट्टराईले पठाएको संविधानसभा निर्वाचन ऐन र निर्वाचनसम्बन्धी केही नेपाल ऐन संशोधन अध्यादेश राष्ट्रपतिले अस्वीकृत गरिदिए। संसद्, सभामुख र विपक्षी दलका नेता नभएको मौकामा संविधानविपरीत संवैधानिक निकायमा एकलौटी रूपमा नियुक्ति गर्ने मनसायले उनले संवैधानिक निकायमा रिक्त पद र राजदूत नियुक्ति गर्न अध्यादेश ल्याउनेसमेत तयारी गरेका थिए।

बजेट र सम्पत्ति शुद्धिकरणसम्बन्धी अध्यादेश राष्ट्रपतिले स्वीकृत गरे। यसैगरी चालु आर्थिक वर्षका लागि बाँकी दुईतिहाई बजेट अध्यादेश पनि राष्ट्रपतिले स्वीकृत गरे। राष्ट्रपतिद्वारा स्वीकृत अध्यादेश संसद्मा लगेर अनुमोदन गराउन पर्ने प्रावधान छ। संसद् नभएको विद्यमान अवस्था र चाँडै चुनाव हुने सम्भावना नभएकोले पनि यी अध्यादेशहरूलाई वैधानिकता दिन सरकारलाई भविष्यमा चुनौती हुनेछ। यस्तो अवस्थामा राष्ट्रपतिलाई अप्ठ्यारोमा पार्ने नियतले अध्यादेशहरू निरन्तर सिफारिस गरेको चर्चा भयो। यस वर्ष सरकारले सङ्गठित अपराध नियन्त्रणसम्बन्धी अध्यादेश, सुपुर्दगी र पारस्परिक कानुनी सहायतासम्बन्धी अध्यादेश, स्वास्थ्य सेवा ऐन, शिक्षा सेवा ऐन, निजामती सेवा ऐन, सत्यनिरूपण तथा मेलमिलाप आयोग गठन गर्नेसम्बन्धी अध्यादेश पेस गऱ्यो। विद्यमान सङ्क्रमणकालीन अवस्थामा सत्य निरूपण तथा मेलमिलाप आयोग गठन गर्ने अध्यादेश ल्याउन जरुरी रहे पनि अन्य अध्यादेशहरू तत्काल ल्याउन आवश्यक थिएनन्।

प्रधानमन्त्री बाबुराम भट्टराई नेतृत्वको मन्त्रिपरिषद्ले ०६९ भदौ १२ गते राष्ट्रपतिसमक्ष बेपत्ता भएका व्यक्तिको छानबिन, सत्य निरूपण तथा

५. Abrahams, Pema. "New Act a Blow to Human Rights"*http://asiafoundation.org/in-asia/2012/03/14/new-act-a-blow-to-human-rights-in-nepal/* accessed on December 7, 2013

मेलमिलाप आयोग अध्यादेश, २०६९ सिफारिस गरी पठायो। सशस्त्र द्वन्द्वका क्रममा भएका गम्भीर मानवअधिकार उल्लङ्घनका पीडकहरूलाई आममाफी दिने उद्देश्यले बेपत्ता व्यक्तिको छानबिन गर्ने र सत्य निरूपण तथा मेलमिलाप आयोगलाई एकै बनाई प्रस्तुत गरिएको भन्दै राष्ट्रिय र अन्तर्राष्ट्रियस्तरमा यसको आलोचना भयो। यसअघि यी दुवै आयोगहरू गठन गर्नका लागि निर्माण गरिएको विधेयकहरू व्यवस्थापिका संसद्को विधायन समितिमा विचाराधीन थियो। छुट्टाछुट्टै गठन गरिनुपर्ने यी दुई आयोगलाई एकैमा गाभ्ने सरकारको एकलौटी निर्णय विस्तृत शान्ति सम्झौता, अन्तरिम संविधान र सर्वोच्च अदालतको आदेश विपरित छ। सङ्क्रमणकालीन न्याय संयन्त्र स्थापना गर्ने अन्तर्राष्ट्रिय मापदण्डअनुरूप यस अध्यादेशका प्रावधानहरू नभएका कारण यसको विरोध हुनु स्वभाविक थियो । अध्यादेशमा मेलमिलाप गराउन सक्ने व्यवस्था अनुसार पीडक वा पीडितले मेलमिलापको लागि आयोगसमक्ष निवेदन दिएमा आयोगले पीडक र पीडितलाई एक आपसमा मेलमिलाप गराउन सक्नेछ। तर पीडक वा पीडितको निवेदन नपरे पनि मेलमिलाप गराउन आयोगलाई कुनै बाधा परेको मानिने छैन भन्ने व्यवस्थाले पीडितको सहमतिबेगर जबरजस्ती मेलमिलाप गराउन सकिने कुरालाई यस अध्यादेशमा जोड दिइएको थियो। यसरी गम्भीर प्रकृतिका मानवअधिकार उल्लङ्घनका घटनाका दोषीहरूलाई मेलमिलापको नाममा कारवाहीबाट छुट नपाउने व्यवस्था थपिनुपर्छ। क्षमादानसम्बन्धी व्यवस्थामा आयोगले अध्यादेशबमोजिम छानविन गर्दा पीडकलाई क्षमादान गर्न उपयुक्त देखेमा त्यसको पर्याप्त आधार र कारण खुलाई नेपाल सरकारसमक्ष सिफारिस गर्न सक्नेछ भन्ने प्रावधान रहेको छ। गम्भीर प्रकृतिका मानवअधिकार उल्लङ्घनको घटना जस्तै सशस्त्र द्वन्द्वका बेला भएका बलात्कार र अन्य यौनजन्य हिंसा, बन्धक बनाइएपछि गरिएका हत्या, बेपत्ता र बालअधिकारको हननमा संलग्न दोषीहरूलेसमेत उन्मुक्ति पाउने भएकाले दोषीको सम्बन्धमा आयोगले क्षमादानको लागि सिफारिश नगर्ने तथा पीडितको स्वीकृतिमा मात्र क्षमादान दिन सक्ने अनिवार्य प्रावधान राख्नुपर्छ।[6] सरकारको यस कदमले सङ्क्रमणकालीन अवस्थालाई लम्ब्याउनेछ। सरोकारवालाहरूसँग छलफल नगरी यी आयोगहरू स्थापना गर्ने एकीकृत माओवादीको पटकपटकको प्रयासले मेलमिलापको नाममा दण्डहीनतालाई वैध बनाउन सो पार्टी उद्दत रहेको शङ्का व्यक्त भयो। मेलमिलाप सङ्क्रमणकालीन न्याय संयन्त्रको एक महत्वपूर्ण पाटो भए पनि यस अध्यादेशले अपेक्षा गरेअनुरूप जबर्जस्ती मेलमिलाप हुँदैन।[7] राज्यहरूले जातिहत्या, मानवताविरुद्धको अपराध र युद्ध अपराध जस्ता केही निश्चित अपराधमा आममाफी दिने कामबाट बच्नुपर्छ किनभने यस्ता आममाफी अन्तर्राष्ट्रिय सिद्धान्तविपरीत हुन्छन्। थप, आममाफीले दण्डहीनतालाई प्रोत्साहन दिएर अन्तर्राष्ट्रिय मानवअधिकार कानुनको मात्र उल्लङ्घन गर्ने होइन कि तिनले दिगो र सही अर्थको शान्तिको जगलाई समेत कमजोर बनाउँछन्।[8]

१०. निष्कर्ष

यस वर्ष मानवअधिकार संरक्षण र सम्बर्द्धनमा कार्यपालिकाको ध्यानाकर्षण गराउने कार्यमा व्यवस्थापिका संसद्को भूमिका उपलब्धिमूलक रहेन। संसद्को उपस्थिति रहेको छ महिनामा संसद्ले राष्ट्रिय मानवअधिकार आयोग ऐन, २०६८ पारित गर्नुबाहेक उल्लेखनीय काम गरेन। कार्यपालिकाअन्तर्गतका विभिन्न निकायलाई मानवअधिकारका विषयहरूमा सचेत गराउन, निर्देशन दिन संसद् सक्रिय भएन। व्यवस्थापिका संसद्को रूपमा रहेको संविधानसभा विघटनापछि मानवअधिकारलगायत जनसरोकारका विषयमा सरकारलाई जवाफदेही बनाउने प्रक्रिया पनि अवरुद्ध भयो। अन्तर्राष्ट्रिय मानवअधिकार सन्धिहरू अनुकूल कानुन बनाउने, विद्यमान ऐन, कानुनमा आवश्यक संशोधन गर्ने क्रम पनि रोकियो। सरकारले संसद् नभएको मौका छोपेर एकलौटीरूपमा आममाफी दिने उद्देश्यले राष्ट्रपतिसमक्ष बेपत्ता भएका व्यक्तिको छानबिन, सत्य निरूपण तथा मेलमिलाप आयोग अध्यादेशलगायत अध्यादेशहरू पेश गऱ्यो ।

संविधानसभाको विघटनसँगै चार वर्षमा प्राप्त नयाँ संविधान निर्माणका उपलब्धि र खर्च गरिएको

6 मानवअधिकार सन्धि अनुगमन समन्वय समिति। *प्रेस विज्ञप्ति* ०६१ भदौ २१

7 Pant, Dipendra Prasad and Nir Lama."TJ Ordinance and Its Implications"*INFORMAL* July-December, 2012: 6-15

8 OHCHR.*Nepal Conflict Report*. Geneva:OHCHR, 2012.

अरबौँ रकम निरर्थक साबित भयो। अन्तिम समयमा सहमति गर्ने प्रवृत्तिले पनि संविधानसभा विघटन हुन पुग्यो।

पहिले गरेको सहमतिबाटपछि हट्ने एकीकृत माओवादीको रवैयाले पनि संविधान निर्माण प्रक्रियामा असर गऱ्यो। काङ्ग्रेस एमालेसँग ११ प्रदेशको प्रस्तावमा सहमति गरेपछि बृहत् मधेसी मोर्चा र जातीय सङ्घठनहरूको विरोधसँगै एकीकृत माओवादीले सो सहमतिबाट पछि हटेर मधेसी मोर्चाको गठबन्धनसँग एकल जातीय पहिचानमा आधारित १० प्रदेशको प्रस्ताव अघि सार्‍यो।

अन्तरिम संविधानअनुरूप नयाँ संविधान जारी नगर्दा ०६२/०६३ को आन्दोलनका उपलब्धि र सङ्घीय लोकतान्त्रिक गणतन्त्र संस्थागत नहुने अवस्था सिर्जना भयो। शीर्ष नेताहरूका निवास, होटल, रिसोर्टहरूमा सम्पन्न अनेकौँ बैठक फलदायी भएनन्। दलहरूले एक अर्काविरुद्ध आरोप प्रत्यारोपमै अधिकांश समय बिताए। संविधानसभाको कार्यकाल विस्तार गर्दा दलहरूले म्याद थप गर्नुको कारण र संविधान निर्माणमा भएका प्रगतिहरूबारे जनतालाई जानकारी गराउनेसम्मको जिम्मेवारी पनि देखाएनन्। सभासद्हरू पनि अधिकांश समय विदेश भ्रमण, कार्यक्रम, सेमिनारमै व्यस्त भए। संविधानसभाको बैठकमा उपस्थित भएनन्। संविधानसभा विघटनको सङ्घारमा पुग्दा पनि दलहरू सत्ता स्वार्थ र आफ्ना राजनीतिक अडानहरूमै केन्द्रित भए। विवादित विषयलाई थाती राखेर रूपान्तरित संसद्ले निर्णय गर्ने गरी जेठ १४ मा संविधान जारी गरेर अगाडि बढ्न सक्ने अवस्थामासमेत संविधानसभाको म्याद थप्ने एकपक्षीय प्रस्ताव सारेर सरकारले महत्वपूर्ण समय खेर फाल्यो। संविधानसभाका विषयगत समितिहरूले प्रतिवेदन बुझाइसकेको, सर्वोच्च अदालतले पुन: म्याद थप्न नमिल्ने आदेश दिइसकेको र संविधान जारी गर्ने प्रक्रिया छोट्याइसकेको अवस्थामा अन्य दलहरूसँग छलफल नगरी सरकारले संविधानसभाको म्याद थप्ने प्रस्ताव ल्याउने एकीकृत माओवादीको नियत प्रष्ट देखिएन। निर्वाचन सम्पन्न गर्न दलहरूबीच सहमति कायम गरी जेठ १४ अघि नै चुनाव घोषणा गर्न सकिने अवस्थालाई सरकारले उपयोग गरेन।

अन्तरिम संविधान २०६३ जारी भएपछिको छ वर्ष अवधिमा १८ वर्ष पुगेका मतदाताहरू मतदानबाट वञ्चित हुन नदिन संविधान संशोधन नगरी सम्भव छैन। नेताहरूको गैरजिम्मेवारीका कारण चार वर्षमा पनि संविधान जारी हुन नसक्दा जनतामा निराशा छाउनु स्वभाविक हो। लोकतन्त्रमा निर्वाचनको कुनै विकल्प हुँदैन। राजनीतिक सहमति बिना निर्वाचनको एकपक्षीय घोषणा गर्नु संविधानको मर्मविपरीत हो।

सहमतीय सरकारमा सहभागी भएका काङ्ग्रेस एमाले पनि एकीकृत माओवादीको संविधानसभाको म्याद विस्तार गर्ने निर्णयका कारण सरकारबाट बाहिरिए। सभासद्हरूको भूमिकालाई दलका नेताहरूले गरेका निर्णयलाई समर्थन गर्नेमा मात्र सीमित गरिँदा पनि संविधानसभामा उनीहरूको भूमिका प्रभावकारी भएन। संविधानसभा जारी गर्ने अन्तिम दिन नाराबाजी गरी नेताहरूलाई दबाब दिएका सभासद्हरूले त्यसअघि सहमतिका लागि झकझक्याउन सकेनन्। संविधानसभा विघटनपछि सार्वजनिक महत्वका विषयमा सरकारलाई जवाफदेही बनाउने, निर्देशन दिने लोकतान्त्रिक प्रक्रियामा पनि अवरोध भयो। शान्तिप्रक्रिया र संविधान निर्माण सँगसँगै लैजाने एकीकृत माओवादीको हठ पनि संविधानसभा विघटनको कारण हुन पुग्यो। छ महिनामै पूरा गरिने अपेक्षा गरिएको सेना समायोजन प्रक्रिया छ वर्षपछि मात्र पूरा भयो। संसद्विहीन तरल राजनीतिक अवस्थामा लोकतन्त्र धेरै समयसम्म स्थिर रहन सक्दैन। यस्तो अवस्थामा देश निरङ्कुशतन्त्र वा अराजकतातर्फ धकेलिन सक्छ। त्यसैले राजनीतिक दलहरूबीचको सहमतिले नै लोकतन्त्रका उपलब्धिहरू संस्थागत हुन्छन्। सहमतीय सरकारको गठन र संविधान, कानुनमा आवश्यक संशोधन गरी नयाँ चुनावमा जानु नै यस जटिल परिस्थितिको निकास हुनेछ। चुनावपछि गठन हुने संसद्मा नै जनताको बोलीले उचित स्थान पाउनेछ र मानवअधिकारको विषयमा सरकारलाई यसले निरन्तर सचेत गराउनेछ।

दलहरूले अर्को संविधानसभाबाट संविधान जारी हुन्छ भन्ने जनतालाई प्रत्याभूति दिलाई निर्वाचनमा जानु नै उचित हुन्छ। सहमतीय सरकारको गठन गरी नयाँ निर्वाचन सम्पन्न गर्नु नै उत्तम विकल्प हो।

परिच्छेद

४

सन् २०१२ मा नेपालका मानवअधिकार रक्षकको अवस्था

'कुनै व्यक्तिलाई मानवअधिकारबाट वञ्चित गर्नु भनेको उसको मानवतालाई चुनौती दिनु हो।'

– नेल्शन मण्डेला

१. परिचय

परापूर्वकालमा समाज रीतिरिवाज र परम्परागत धार्मिक प्रचलनबाट नियमित हुने गर्दथ्यो। तत्कालीन शासकले तिनको व्याख्या र अनुवाद आफ्नो अनुकूलतामा गर्ने गर्दथे, जसका कारण विभेदकारी नियमहरू अभ्यासमा आए। धेरै व्यक्ति शोषित भई आफ्नो हकबाट वञ्चित भए। सबै मानिस एक हुन् भन्ने भाव त्यति बेलासम्म विकसित भइसकेको थिएन। आधुनिक नेपालको इतिहासमा अधिकारको आन्दोलन राणाशासन विरुद्ध सुरु भएको हो। जहानिया निरङ्कुश राणा शासन विरुद्ध सुरु भएको आन्दोलनमा मानवअधिकार शब्दको प्रयोग नभएको भए तापनि त्यो अधिकारको आन्दोलनसँग जोडिएको थियो। राणाशासन विरुद्धको आन्दोलनले सङ्गठितरूपमा राजनीतिक आन्दोलनको रूप धारण गरे पनि त्यो राजनीतिसँगै अधिकारसँग जोडिएको विषय थियो।[१] तसर्थ, नेपालमा मानवअधिकारको विकास राजनीतिक अधिकारसँग जोडिएर आएको भन्दा फरक पर्दैन। नेपालको इतिहासलाई हेर्दा यो भन्दा अघि मानवअधिकार सुनिश्चित गर्न आवाज उठेको आधिकारिक अभिलेख नभएकोले, मानवअधिकार रक्षक[२] यही बेलादेखि क्रियाशील भएको मान्न सकिन्छ।

यसैबीच, नेपालले सन् १९४८ मा मानवअधिकारको विश्वव्यापी घोषणापत्र अनुमोदन गरी आफूलाई नैतिक रूपले बन्धनकारी बनायो।[३] त्यस्तै नेपाल वि.स. २०१२ मा संयुक्त राष्ट्रसङ्घको सदस्य भयो। नेपाल सरकार वैधानिक कानुन, नेपाल अन्तरिम शासन विधान २००७, नेपाल अधिराज्यको संविधान २०१५, २०१९, २०४७ र नेपालको अन्तरिम संविधान २०६३ मार्फत अधिकारका विषय पनि समाहित गर्दै गयो। कुन समयमा नेपाली जनताले कति हदसम्म कस्ता अधिकार उपभोग गर्न पायो त्यो बेग्लै पाटो हो।

मानवअधिकारको निश्चित इतिहास नभए तापनि मानवअधिकारको संरक्षणमा आफूलाई समर्पण गर्ने व्यक्ति अथवा व्यक्तिहरूको समूहको आवाज भने सदैव रहिआएको छ। अधिकारका संरक्षणका निमित्त आवाज उठे तापनि उनीहरू को हुन् भनी पहिचान गर्ने र उनीहरूको परिभाषा गर्नेतर्फ भने नेपाल मात्र होइन सम्पूर्ण विश्वकै ध्यान पुगेको थिएन । आजको युगको उद्देश्य भनेको अन्तर्राष्ट्रिय महासन्धिमा मानवताको सिद्धान्त समाहित गरी सबैको मौलिक अधिकारहरूको संरक्षण गर्ने तथ्य त्यस्ता महासन्धि तथा सिद्धान्तहरूलाई देशको कानुनमा सामेल गर्नु हो। मानवअधिकारलाई राज्यको स्वार्थबाट नभई मानव सम्मानबाट उत्पत्ति भएको मानिन्छ। धेरै व्यक्तिले मानवअधिकारको निम्ति निरन्तर रूपमा आफ्नो जीवन अर्पण गरे तापनि अन्तर्राष्ट्रिय समुदायलाई मानवअधिकारका रक्षकहरूको कामलाई मान्यता दिन धेरै वर्ष लाग्यो।[४]

सन् १९९८ मा मानवअधिकारसम्बन्धी विश्वव्यापी घोषणापत्रको पचासौँ वार्षिकोत्सवको अवसर तथा तेह्रौँ वर्षको वार्ता पश्चात् संयुक्त राष्ट्रसङ्घले मानवअधिकार रक्षकहरूको अधिकारको विषयमा घोषणापत्र जारी गऱ्यो जसलाई मानवअधिकार रक्षकहरुको घोषणापत्र (Declaration On Human Rights Defenders)[५] पनि भन्ने गरिन्छ। यस घोषणापत्रले मानवअधिकार रक्षकको अधिकारमा ध्यान केन्द्रित गर्न हाल अस्तित्वमा रहेका अन्तर्राष्ट्रिय दस्तावेजहरूबाट अधिकारहरू तथा

---

१. सुशील प्याकुरेल, अधिकारको संरक्षणमा राष्ट्रिय मानवअधिकार आयोगको एक दशक, *लोकतान्त्रिक स्वतन्त्रता तथा मानवअधिकार संस्था*, पृष्ठ ३

२. अहिलेको परिप्रेक्ष्यमा मानव अधिकारको सुनिश्चितताको निम्ति काम गर्नेलाई मानवअधिकार रक्षक भनिएको हुँदा, सोही कुरालाई मध्यनजर गरी नेपालको राणकालीन परिप्रेक्ष्यमा जोडी मानवअधिकार रक्षक भनी यस वाक्यांशमा बोध गरिएको छ।

३. सुशील प्याकुरेल, अधिकारको संरक्षणमा राष्ट्रिय मानवअधिकार आयोगको एक दशक, *लोकतान्त्रिक स्वतन्त्रता तथा मानवअधिकार संस्था*, पृष्ठ ३

४. Jennifer M. Gleason and Elizabeth Mitchell, "Symposium: The Confluence of Human Rights and The Environment: Will the Confluence between Human Rights and the Environment continue to flow? Threats to the Rights of Environmental Defenders to Collaborate and Speak Out," 11 Or. Rev. Int'l L 267 * 268

५. Adopted by the General Assembly Resolution A/RES/53/144 8 March 1999

तालिका नं. १ **सन् २०१२ मा पीडित भएका मानवअधिकार रक्षकहरूको सङ्ख्या**

घटनाको प्रकार	स्वास्थ्य कार्यकर्ता	मानव अधिकारकर्मी	पत्रकार	कानुन व्यवसायी	स्वास्थकर्मी	सामाजिक कार्यकर्ता	शिक्षक	जम्मा
अपहरण			१				३	३
गिरफ्तारी/यातना			१					१
कुटपिट	४	६	५३	१	१	११	३६	१०३
आर्थिक/सामाजिक/ सांस्कृतिक अधिकार	१		४					५
अमानवीय व्यवहार							४	४
घाइते			३	१		४	३	१०
हत्या	१		३	१		४	३	११
जातीय विभेद						४	१	५
भेला/सङ्गठित हुने अधिकार		६	३	४		३६	३०	६८
धम्की	१	३	४३	१		१	६	५५
जम्मा	६	१४	१०८	८	१	५०	६६	३६४

दायित्वहरू समेटेको छ।

मानवअधिकार रक्षकहरूको कुनै सीमित परिभाषा छैन। मानवअधिकार रक्षकसम्बन्धी घोषणापत्रको धारा १ ले "सबैमा व्यक्तिगत तथा समूहगत रूपमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा मानवअधिकार तथा मौलिक स्वतन्त्रताको प्रवर्धन गर्ने तथा संरक्षण गर्ने अधिकार रहन्छ" भन्ने व्यवस्था गरेको छ। राष्ट्रसङ्घीय मानवअधिकारको उच्च आयोगले यसै प्रावधानलाई व्याख्या गरी मानवअधिकार रक्षक कसलाई भन्न सकिन्छ भनी पहिचान गर्न निश्चित माध्यम तोकेको छ।[६]

नेपालको सन्दर्भमा विस्तृत शान्ति सम्झौतामा (यसपश्चात् सम्झौता भनिएको छ) मानवअधिकारसम्बन्धी प्रतिबद्धता समावेश भएबाट युद्धविराम पश्चात् मानवअधिकारको अवस्थामा सुधार आउने आशा जागृत भएको थियो। विगत वर्षका उपलब्धि संस्थागत हुन नसकेकाले मानवअधिकारको सम्मान साथसाथै संरक्षण फेरि खस्किनु निरशाजनक अवस्था हो । मानवअधिकार रक्षकहरू र पत्रकार, राजनीतिक दलहरू तथा नागरिक समाजका अन्य क्षेत्रहरूले सम्झौता भएपछि पहिलेभन्दा खुला रूपमा आफ्ना गतिविधिहरू अघि बढाउन पाए तापनि उनीहरूले चुनौती तथा व्यवधानहरूको सामना गरिराख्नु परेको छ।[७] राज्यपक्ष, हतियारधारी समूह, विभिन्न सङ्घसङ्गठन, अज्ञातसमूह समेतबाट मानवअधिकार रक्षकको जीवन निरन्तर रूपमा जोखिममा पर्दै आएको छ। राज्यको कमजोर सुरक्षा व्यवस्था तथा विभिन्न क्षेत्रबाट सिर्जित त्रासका कारण स्वतन्त्र अभिव्यक्ति, असल कार्यका लागि स्वतन्त्ररुरूपमा आवाज उठाउन समेत रक्षकहरूले जोखिम भोगिरहनु परेको अभिलेखहरूले देखाउँछ।

---

६. United Nations Office of the High Commissioner for Human Rights, Protecting the Right to Defend Human Rights and Fundamental Freedoms, Fact Sheet No 29, UN Publication Geneva, 2004

७. http://nepal.ohchr.org/en/resources/Documents/English/reports/HCR/CPA%20Report.pdf accessed on 12th of November 2012

मानवअधिकार प्रवर्धन तथा संरक्षणका निम्ति संलग्न व्यक्ति नै मानवअधिकार रक्षक हुने यसको परिभाषा भएकोले यसले व्यापक क्षेत्र ओगटेको छ। यस प्रतिवेदनमा भने स्वास्थ्यकर्मी, शिक्षक, पत्रकार, कानुन व्यवसायी, चिकित्सा व्यवसायी, मानवअधिकारकर्मीका अधिकार हनन् भएको विषयलाई मात्र समेटिएको छ। सन् २०१२ मा नेपालका ती मानवधिकार रक्षकहरूले कोबाट कस्ता बाधा अवरोध बेहोर्नु पऱ्यो त्यसको विवेचना यस आलेखमा गरिएको छ।

२. मानवअधिकार रक्षक सम्बन्धी नेपालका कानुनी प्रावधान

नेपालमा मानवअधिकार रक्षकको अधिकारका निम्ति बेग्लै कानुनको तर्जुमा नभए तापनि ऐनहरू तथा संविधानमा छरिएर रहेका कानुनले मानवअधिकार रक्षकको संरक्षणको उद्देश्य समाहित भएको मान्न सकिन्छ। नेपालको अन्तरिम संविधान २०६३, १२(१), (३), १३ (१), १५(१), १८(१), २०(१), (३), २७, ३०(१), (२), ३२ मा मौलिक अधिकारको व्यवस्था गरिएको छ। राज्यको दायित्व, निर्देशक सिद्धान्त तथा नीतिहरूको धारा ३३ (ग), राष्ट्रिय मानवअधिकार आयोग ऐन २०६९, नागरिक अधिकार ऐन २०१२ को दफा ३, ६(१), (२), (४), सरकारी मुद्दासम्बन्धी ऐन २०४९ को दफा ३ ले मानवअधिकार रक्षकलाई सक्रियताका साथ आफ्नो भूमिका निर्वाह गर्न प्रोत्साहन गर्छन्।

यसैगरी, नेपाल बार काउन्सिल ऐन २०५० को प्रस्तावना[८], दफा २२, २४ (२), २५, २६, समाज कल्याण ऐन २०४९ को प्रस्तावना[९] तथा दफा ३ कानुनी सेवा ऐन २०५४ को दफा (३(१), तथा ८(१), ट्रेड युनियन ऐन २०४९ को विशेषत: प्रस्तावना दफा ३, मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६३ को दफा ५ (१) (२) मानवअधिकार रक्षकसँग सम्बन्धित छ।

(क) मानवअधिकार रक्षक निर्देशिका २०६९

नेपालमा मानवअधिकार रक्षकसम्बन्धी एकमात्र स्पष्ट लिखतका रूपमा मानवअधिकार निर्देशिका, २०६९ रहेको छ। मानवअधिकार संरक्षण तथा प्रवर्धन गर्ने भूमिका बलियो बनाउन तथा व्यवस्थित गर्नका निमित्त तथा मानवअधिकारको सुरक्षासमेत गर्न ०६९ माघ ७ गते मानवअधिकार रक्षक निर्देशिका लागु गरिएको हो।[१०] निर्देशिकाले अधिकारको संरक्षण, प्रवर्धन, सम्मान तथा पूर्ति गर्ने व्यक्तिहरूलाई मानवअधिकार रक्षकको रूपमा परिभाषित गरेको छ।[११] निर्देशिकाको मुख्य उद्देश्य मानवअधिकारको प्रवर्धन, संरक्षण, सम्मान तथा पूर्ति साथै पर्याप्तता, प्रभावकारिता तथा स्तरीय सोचबाट राज्यको दायित्व नियमन गर्नुका साथै मानवअधिकारको भूमिका बलियो, जवाफदेही तथा पारदर्शी बनाउने हो।[१२] निर्देशिकाको दफा ४ मा मानवअधिकारको दायित्व उल्लेख गरिएको छ। तिनीहरूमा वकालत, वार्ता, लबी तथा अभियान, परामर्श, जागरूक, प्रकाशन, नियमन तथा निरीक्षण गर्ने, अभिलेख गर्ने , सार्वजनिक सुनुवाइ गर्ने, प्रतिवेदन बनाउने तथा प्रचलित कानुन, नियम तथा नीतिको समीक्षा गर्ने जस्ता कार्य पर्दछन्। दफा ७ मा आचारसंहिताको व्यवस्था गरिएको छ। दफा ९ ले नागरिक समाज, नेपाल बार एसोसिएसन, चिकित्सक, सरकारी कर्मचारी, सञ्चारमाध्यम तथा अन्य मानवअधिकार संस्थाका प्रतिनिधि रहने गरी नियमन समिति गठन गर्न सुझाएको छ भने दफा १० ले रक्षकको सुरक्षाका निम्ति राज्यको दायित्व सम्बन्धी व्यवस्था गरेको छ। त्यसैगरी दफा ११ ले रक्षकको भूमिका बलियो बनाउन तथा उनीहरूलाई उत्तरदायी

८. Whereas, it is expedient to provide for more accountable service to the society upon establishing and managing for Nepal Bar Council and securing the interest of the Legal Practitioners

९. Preamble: Whereas, it is expedient to the all-around development of Nepalese people and Nepalese society, in order to relate social welfare activities and various social welfare oriented activities to tie up with reconstruction activities, in order to provide humanistic livelihood to the weak and helpless individual, class and community and make them enable; in order to provide status and respect to the welfare oriented institutions and individuals and in order to develop a co-ordination between social welfare oriented institutions and organizations.

१०. See Preamble, Human Rights Defender Directive, 2069.

११. Section 2 (f), Human Rights Defender Directive, 2069.

१२. Section 2.1, Human Rights Defender Directive, 2069.

तथा पारदर्शी बनाउन राष्ट्रिय मानवअधिकार आयोगको भूमिकाको बारेमा व्यवस्था गरेको छ।

यसरी, मानवअधिकार रक्षक निर्देशिका, २०६९ ले मानवअधिकार रक्षकको संरक्षण गर्ने व्यवस्था मात्रै गरेको छैन राज्य तथा राष्ट्रिय मानवअधिकार आयोगलाई मानवअधिकार रक्षकको भूमिका बलियो बनाउने दायित्व सुम्पिएको पनि छ। यसले मानवअधिकार रक्षकहरूको क्रियाकलाप आयोगले निरीक्षण गर्ने व्यवस्था गरेको छ। निर्देशिका भर्खर मात्र लागु भएका कारण यसले समाजमा भावी दिनमा पार्ने प्रभाव यसको कार्यान्वयनले नै तय गर्नेछ।

(ख) नेपालमा मावनअधिकार रक्षक सम्बन्धी न्यायिक सक्रियता

सर्वोच्च अदालतले मानवअधिकार रक्षकसम्बन्धी केही कदम चालेको छ।[१३] राष्ट्रिय मानवअधिकार आयोगका कर्मचारी दयाराम परियार राज्यपक्षबाट मारिएको विषयमा पीडितपक्षले उपयुक्त कानुन बनाई कसुरदारलाई सजाय र पीडितलाई न्याय दिलाउनुपर्ने माग गरेका थिए। सर्वोच्च अदालतले यस मुद्दामा सरकारी मुद्दासम्बन्धी ऐन, २०४९ तथा प्रहरी ऐन, २०१३ मा व्यवस्थित कानुनी दायित्व समेतलाई मध्यनजर गरी यथासक्दो चाँडो अनुसन्धान गर्नू तथा सरकारी वकिललाई बुझाउनू, साथै मुद्दा दर्ता गर्ने वा नगर्ने तर्फसमेत निर्णय लिनू भनी परमादेश जारी गरेको थियो। अदालतले निर्णय दिँदा मानवअधिकार रक्षकलाई मानवअधिकार उल्लङ्घनका पहरेदार तथा मानवअधिकार रक्षकको सुरक्षालाई जोड दिएको छ। सन् २००८ मा सर्वोच्च अदालतले मानवअधिकार रक्षकको पक्षमा उनीहरूको अधिकारको रक्षा तथा सुरक्षाको लागि आदेश जारी गरेको थियो।

३. मानवअधिकार रक्षकका सुरक्षाका निम्ति अन्तर्राष्ट्रिय कानुनी रूपरेखा

मानवअधिकार रक्षकसम्बन्धी घोषणापत्रको[१४] धारा १, ५, ६, ७, ८, ९, १०, १२ र १३ ले मानवअधिकार रक्षकको सुरक्षा तथा उनीहरूको सुरक्षासम्बन्धी व्यवस्था गरेको छ। मानवअधिकार सम्बन्धी विश्वव्यापी घोषणापत्र[१५]ले स्वतन्त्रता न्याय र विश्वशान्तिका जगको रूपमा अन्तर्राष्ट्रिय सम्मान, सबै मानव जातिको समानता तथा अधिकारलाई लिएको छ।[१६] नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र १९६६ को धारा ६, ९ तथा १९ साथै यातना तथा अन्य क्रुर अमानवीय वा अपमानजनक व्यवहार वा दण्ड विरुद्धको महासन्धि[१६] को धारा १ ले स्पष्ट रूपमा उल्लेख नगरे तापनि यी प्रावधानलाई रक्षकको अधिकारसँग जोड्न मिल्छ।

४. मानवअधिकार रक्षक सम्बन्धी अन्य देशहरूमा भएको कानुनी प्रावधान

मानवअधिकार रक्षकको अधिकारको संरक्षणको महत्वलाई ध्यानमा राखेर तथा उनीहरूले गरिराखेको कार्यलाई बढावा दिने हेतुले धेरै देशहरूले क्षेत्रीय दस्तावेजहरूमा मानवअधिकार रक्षक निर्देशिकाको उपयोग गर्दै आएका छन्। उदाहरणका लागि मानव तथा नागरिक अधिकारका लागि अफ्रिकी आयोगले सन् २००४ मा अफ्रिकी मानवअधिकार रक्षकको[१८] रक्षा सम्बन्धी दस्तावेज जारी गऱ्यो। त्यसैगरी अमेरिकाले मानवअधिकार रक्षक निर्देशिका पालना गर्ने मनसाय राखी संयुक्त राज्य अमेरिकाको सङ्गठनको साधारणसभाले लागु गरेको दस्तावेजको पहिचान

---

१३. Advocate Ratna Bahadur Bagchandra v Government of Nepal, 2006, Writ no: 3378, Decision date: 2007/06/8, Advocate Jyoti Lamsal on behalf of Women Rehabilitation Centre v Government of Nepal, Writ no: WO-0187

१४. RESOLUTION ADOPTED BY THE GENERAL ASSEMBLY[on the report of the Third Committee (A/53/625/Add.2)]

१५. Adopted and proclaimed by General Assembly resolution 217 A (III) of 10 December 1948

१६. UDHR प्रस्थावना हेर्नुहोस्

१७. Adopted and opened for signature, ratification and accession by General Assembly resolution 39/46 of 10 December 1984 ,*entry into force* 26 June 1987.

१८. African Comm'n on Human and Peoples' Rights [ACHPR], *Resolution on the Protection of Human Rights Defenders in Africa,* ACHPR/Res. 69 (XXXV) (June 4, 2004), *available at* http://www.achpr.org/english/_info/hrd_res_appoin_3.htmlaccessed on May /23 /12

तालिका नं. २ सन् २०१२ मा क्षेत्रगत आधारमा पीडित भएका मानवअधिकार रक्षकहरूको सङ्ख्या

घटनाको प्रकार	पूर्वाञ्चल	मध्यमाञ्चल	पश्चिमाञ्चल	मध्यपश्चिमाञ्चल	सुदूरपश्चिमाञ्चल	जम्मा
अपहरण	३			१		३
गिरफ्तारी/यातना				१		१
कुटपिट	३३	३३	१९	१६	११	१०३
आर्थिक/सामाजिक/सांस्कृतिक अधिकार		४	१			५
अमानवीय व्यवहार	३	१	१			४
घाइते		५		१	४	१०
हत्या	३	६	१	१		११
जातीय विभेद	३	३	१			५
भेला/सङ्गठित हुने अधिकार	१९	३८	८	६	६	६८
धम्की	१९	६	३	१५	१३	५५
जम्मा	६९	८५	३४	४३	३३	३६४

गऱ्यो।[१९] रक्षकको महत्वलाई उजागर गरी रक्षकलाई अधिकार प्रदान गर्ने तथा उनीहरूको कार्यलाई स्वीकार गरी धेरै देशहरूले कानुन बनाएका छन्। त्यसैले नेपालले पनि क्षेत्रीय दस्तावेज बनाउने तर्फ यथाशीघ्र पहल गर्नु आवश्यक छ।

५. मानवअधिकार रक्षकको अधिकार उल्लङ्घनको तथ्याङ्क विश्लेषण (जनवरी–डिसेम्बर, २०१२)

मानवअधिकार रक्षकको क्षेत्र निकै विस्तृत छ। जो व्यक्ति मानवअधिकारको रक्षाप्रति समर्पित हुन्छ त्यस्ता व्यक्तिलाई मानवअधिकार रक्षक भनिन्छ। यस अध्ययन पेशाअनुसार स्वास्थ्यकर्मी, मानवअधिकारकर्मी, पत्रकार, कानुनव्यवसायी, चिकित्सक, समाजसेवक र शिक्षकलाई मानवअधिकार रक्षक भनिएको छ। स्वास्थ्यकर्मी र चिकित्सक अरू मानिसहरूको जीवन रक्षाको लागि समर्पित हुन्छन्, त्यसरी नै मानवअधिकारकर्मी र समाजसेवी अधिकार सुनिश्चित (अधिकारको रक्षा) र भेदभाव हटाउन सक्रिय हुन्छन्। शिक्षक, पत्रकार अरुलाई उनीहरूको अधिकारको बारेमा सूचित गर्ने र कसैको, कसैले अधिकार हनन् गरेमा त्यसलाई सार्वजनिक गर्न सक्रिय हुन्छन्। माथिका पेशाकर्मीहरूले आफ्नो जीवन मानवअधिकार रक्षाको निम्ति सुम्पेको हुनाले, यिनीहरूलाई मानवअधिकार रक्षक भनिएको हो।

अरूको अधिकार रक्षाको निम्ति खटिने मानवअधिकार रक्षक स्वयम्को जीवन भने निरन्तर रूपमा खतरामा छ। उनीहरू विभिन्न किसिमका घटनाहरूबाट पीडित भइरहेका छन्। उनीहरू अपहरण, गिरफ्तारी, यातना, कुटपिट, आर्थिक, सामाजिक, सांस्कृतिक अधिकार, अमानवीय व्यवहार, धम्की, घाइते, हत्या, जातीय विभेद र भेला/सङ्गठित हुने अधिकारबाट समेत वञ्चित भएका थिए।

यस वर्ष मानवअधिकार रक्षकका अधिकार उल्लङ्घन भएका कूल २ सय ६४ ओटा घटनाहरू इन्सेक अभिलेखमा दर्ता भए। दर्ता भएको घटनाको विश्लेषण गर्दा मुख्यत: पत्रकारहरू सबभन्दा बढी पीडित भएको पाइयो। यस वर्ष पत्रकारसँग १ सय ८ ओटा सम्बन्धित घटनाहरू सङ्कलन भए। त्यस्तै ५० जना समाजसेवी, १५ जना मानवअधिकारकर्मी, आठ जना कानुन व्यवसायी पीडित भए।

१९. General Assembly of the Organization of American States [OAS], *Human Rights Defenders in the Americas, Support for the Individuals, Groups, and Organizations of Civil Society Working to Promote and Protect Human Rights in the Americas,* AG/RES. 1671 (XXIX-O/99) (June 7, 1999)

तालिका नं. ३

सन् २०१२ मा पेशागत आधारमा पीडित सङ्ख्या

पेशा	पूर्वाञ्चल	मध्यमाञ्चल	पश्चिमाञ्चल	मध्यपश्चिमाञ्चल	सुदूरपश्चिमाञ्चल	जम्मा
स्वास्थ्य कार्यकर्ता	३	३	३		१	७
मानवअधिकारकर्मी	३	७	३		१	१४
पत्रकार	३१	३०	१७	३९	११	१०८
कानुन व्यवसायी		८				८
स्वास्थ्यकर्मी	१					१
सामाजिक कार्यकर्ता	७	३३	७	१	१३	५०
शिक्षक	३५	१६	५	१३	७	७६
जम्मा	६९	८५	३४	४३	३३	२६४

यस वर्ष सबभन्दा बढी कुटपिटको घटना अभिलेखित भए। १ सय २ भेला सङ्गठित हुने अधिकारबाट ६८ जना वञ्चित भए। त्यस्तै ५५ जना अधिकारकर्मी धम्कीबाट पीडित भए। १० जना घाइते भए, पाँच जना आर्थिक, सामाजिक, सांस्कृतिक अधिकार उपयोग गर्नबाट वञ्चित भए। तीन जना मानवअधिकारकर्मीलाई अपहरण गरियो भने एक जनालाई गिरफ्तार गरी यातना दिइयो।

नागरिक समाजका अगुवा तथा संयुक्त राष्ट्रसङ्घका पूर्व उपमहासचिव कुलचन्द्र न्यौपाने, इन्सेक अध्यक्ष सुबोधराज प्याकुरेल र वरिष्ठ पत्रकार कनकमणि दीक्षितलाई एमाओवादी निकट पत्रिका लालरक्षक मासिक पत्रिकाको वर्ष ४, अङ्क ५, २०६८, १५ माघ-१४ फागुनको अङ्कमा 'यी हुन जनदुश्मन' शीर्षकको आवरण लेख प्रकाशन गरी जनकारबाही गर्ने धम्की दियो। धम्कीको विरुद्ध तीनै जनाले संयुक्तरूपमा ०६८ माघ २२ गते प्रधानमन्त्री डा. बाबुराम भट्टराईलाई सुरक्षाको माग गर्दै पत्र लेखे। पत्रमा "हामी माथि कुनै आक्रमण हुन गए माओवादी दलका शीर्षस्थ नेताहरू जिम्मेवार हुने र दलको नीति विपरीत रहेको भन्दै पन्छिन नमिल्ने कुरा पनि यहाँ नै स्पष्ट पार्दछौं" भन्ने उल्लेख थियो। पत्रमा लालरक्षकको आवरण लेखका बारेमा प्रधानमन्त्रीको धारणा आउनुपर्ने र यस्तो क्रियाकलापमा संलग्न पत्रिकार सम्पादकमाथि उपयुक्त कारबाही हुनुपर्ने दुईबुँदे मागसमेत प्रस्तुत गरिएको थियो। संयुक्त राष्ट्रसङ्घ मानवअधिकार उच्चआयुक्तको कार्यालय, फोरम एसिया, जवाफदेहिता निगरानी समितिलगायतका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय निकायले घटनाप्रति ध्यानाकर्षण भएको भन्दै धम्कीको भर्त्सना गरेका थिए।

काठमाडौं मनपा-१४ कलङ्कीकी निवासी सर्वोच्च अदालतका न्यायाधीश ६४ वर्षीय रणबहादुर बमलाई ०६९ जेठ १८ गते बिहान ११:५५ बजे ललितपुरको बाग्मती खोला किनारको युएन पार्क क्षेत्रमा अज्ञात समूहले गोली प्रहार गऱ्यो। गोली लागी घाइते भएका न्यायाधीश बमको थापाथलीस्थित नर्भिक अस्पतालमा उपचारको क्रममा सोही दिन दिउँसो मृत्यु भएको थियो *(हेर्नुहोस्, जिल्ला विवरण काठमाडौं)*।

गैरराज्यपक्षबाट मारिएका बमको हत्या अदालतलाई भयभीत तुल्याई आफ्नो पक्षमा पार्ने उद्देश्य रहेको रूपमा पनि अर्थ्याइयो। *(हेर्नुहोस् परिच्छेद न्यायपालिका)*

यस वर्ष भएका केही आन्दोलनका समर्थकहरूले मानवअधिकार रक्षकहरूप्रति गरेको व्यवहार विगतको भन्दा फरक देखियो। यस वर्ष पत्रकार, चिकित्सक, शिक्षकहरूलाई बन्दको अवज्ञा गरेको आरोप लगाउँदै धम्की दिने, कुटपिट गर्ने, उनीहरूको सवारीसाधन तोडफोड गरिएको थियो। बुटवल नपा-८ अमरपथ घर भइ आनन्दवन गाविस-५ मणिग्रामस्थित क्रिमशन अस्पतालका चिकित्सक ३८ वर्षीय डा.मनिष विकलाई ०६९ जेठ ७ गते बेलुका आदिवासी जनजातिका कार्यकर्ताले कुटपिट गरे। बन्दको उल्लङ्घन गरेको भन्दै आन्दोलनकारीले विकको लु ५ प ३२२५ नं.को मोटरसाइकल तोडफोड गरी क्षति पुऱ्याएका थिए। प्रहरीले घटनामा संलग्न कसैलाई पनि गिरफ्तार गरेन।

पेशागत रूपमा वृत्तिविकास र अधिकारका लागि माग राख्ने क्रममा धेरै शिक्षकहरू राज्यपक्षबाट पीडित हुन पुगे। शान्तिपूर्ण तवरले आफ्ना भनाइ राख्न सम्बन्धित निकायमा जानसमेत अवरोध पुऱ्याउँदै बल प्रयोग भएका घटना इन्सेकमा अभिलेख भए।

वीरेन्द्रनगर नपा-९ की शिक्षिका ४२ वर्षीया शान्ति ढकाल सोही नपा-६ की ५२ वर्षीया शिक्षिका पार्वती गिरी र जर्बुटा गाविस-१ का शिक्षक ५६ वर्षीय रामप्रसाद लम्सालले जिल्ला शिक्षा कार्यालयको नियमित कामकाजमा अवरोध पुऱ्याएको आरोपमा ०६८ फागुन १४ गते जिल्ला प्रहरी कार्यालय सुर्खेतका इन्स्पेक्टर ऋषि ढुङ्गाानाको नेतृत्वको प्रहरी टोलीले जिल्ला शिक्षा कार्यालय सुर्खेतको प्रवेशद्वारमा उनीहरूलाई लाठी, बुट र लात्तीमुक्काले कुटपिट गऱ्यो। कुटपिटबाट सख्त घाइते भएकी ढकालको सुर्खेतमा उपचार हुन नसकी काठमाडौँमा उपचार भयो।

६. क्षेत्रगत आधारमा तुलनात्मक विश्लेषण

यस वर्ष मानवअधिकारकर्मीप्रति लक्षित सबैभन्दा बढी घटना मध्यमाञ्चल क्षेत्रमा भएको पाइयो। यस वर्ष पूर्वाञ्चल क्षेत्रमा सात किसिमका घटनाहरू अभिलेखित भए। जसमा ६९ ओटा घटनामा २३ ओटा कुटपिट, दुई ओटा अपहरण, दुई ओटा अमानवीय व्यवहार, दुई ओटा हत्या, दुई ओटा जातीय भेदभाव, १९ ओटा भेला सङ्गठित हुने अधिकार र १९ ओटा धम्कीका घटना रहेका थिए।

सुदूरपश्चिममा चार किसिमका ३३ ओटा घटना अभिलेखित भए। जसमा ११ ओटा कुटपिट, चार ओटा घाइते, छ ओटा भेला सङ्गठित हुने अधिकारबाट वञ्चित र १२ ओटा धम्कीको घटना थिए।

मध्यमाञ्चल क्षेत्रमा आठ किसिमका ८५ ओटा घटना अभिलेखित भए। सङ्ख्यात्मक रूपमा यो अन्य सबै क्षेत्रको भन्दा बढी रह्यो। यस क्षेत्रमा ३२ ओटा कुटपिट, २८ ओटा भेला सङ्गठित हुने अधिकारबाट वञ्चित, चार ओटा आर्थिक, सांस्कृतिक, सामाजिक अधिकारबाट वञ्चित, एउटा अमानवीय व्यवहार, पाँच ओटा घाइते, सात हत्या, दुई जातीय भेदभाव, २८ ओटा सङ्गठित तथा भेला हुने अधिकार छ ओटा धम्कीका घटनाहरू अभिलेख भए।

मध्यपश्चिममा सात किसिमका ४३ ओटा घटना अभिलेखित भए। जसमा एउटा अपहरण, एउटा गिरफ्तार र यातना, १७ ओटा कुटपिट, एउटा घाइते, एउटा हत्या थियो। त्यस्तै सात जनालाई भेला सङ्गठित हुने अधिकारबाट वञ्चित गरियो भने १५ जना मानवअधिकार रक्षकहरूलाई धम्क्याइयो।

तालिका नं. ४ सन् २०१२ मा लिङ्गको आधारमा पीडित सङ्ख्या

क्षेत्रको आधारमा	महिला	पुरुष	जम्मा
पूर्वाञ्चल	४	६५	६९
मध्यमाञ्चल	८	७७	८५
पश्चिमाञ्चल	४	३०	३४
मध्यपश्चिमाञ्चल	५	३८	४३
सुदूरपश्चिमाञ्चल	२	३१	३३
जम्मा	३३	३४१	३६४

स्याङ्जा जिल्ला मनकामना गाविस-७, खल्डाँडा घर भई बुटवल नगरपालिका-५, गोलपार्कमा बस्दै आएका पत्रकार १९ वर्षीय लोक गुरुङलाई ०६८ फागुन २ गते वडा प्रहरी कार्यालय बुटवलका प्रहरी निरीक्षक सुवास गैरेले मिलनचोकबाट नियन्त्रणमा लिई प्रहरी कार्यालयमै लगेर कुटपिट र दुर्व्यवहार गरे। रिक्सामा गइरहेका प्रहरी जवान जीतेन्द्र थापा लडेपछि नजिकै मोटरसाइकमा रहेका पत्रकार गुरुङले लडाएको भन्दै प्रहरीले दुर्व्यवहार र कुटपिट गरेको पीडितले बताए।

बाँके जिल्ला हिर्मिनिया गाविस-७ अहिरापुरवा घर भई हनुमान निमावि पिप्रहवामा कार्यरत ३० वर्षीय शिक्षक भूपेन्द्र सिंहलाई ०६९ वैशाख ७ गते राति घरबाट मधेशी टाइगरका कार्यकर्ताहरूले तपाईसँग केही कुरा गर्नु छ भनी अपहरण गरे। छ/सात जनाको समूहमा मुखमा पट्टी बाँधी हतियारसहित आएका मधेशी टाइगरका कार्यकर्ताले फिरौती बुझ्केर ०६९ वैशाख १२ गते शमशेरगञ्ज गाविसबाट अपहरित सिंहलाई मुक्त गरेका थिए।

पश्चिमाञ्चल क्षेत्रमा सात किसिमका ३४ ओटा घटना अभिलेखित भए। जसमा १९ ओटा कुटपिट, एउटा हत्या, १५ जनालाई धम्कीको घटना थियो। त्यस्तै सात जनालाई भेला, सङ्गठित हुने अधिकार, एउटा आर्थिक सांस्कृतिक, सामाजिक अधिकारबाट वञ्चित र एक जना मानवअधिकार रक्षकसँग अमानवीय व्यवहार गरिएको घटना थियो।

अरूको अधिकार रक्षाको निम्ति कार्यरत

तालिका नं. ५ **सन् २०१२ मा घटनाको आधारमा पीडित सङ्ख्या**

घटनाको प्रकार	गैरराज्यपक्षबाट			राज्यपक्षबाट		
	महिला	पुरुष	जम्मा	महिला	पुरुष	जम्मा
अपहरण		३	३			
गिरफ्तारी/यातना					१	१
कुटपिट	९	६७	७६		२६	२६
आर्थिक/सामाजिक/सांस्कृतिक अधिकार		५	५			
अमानवीय व्यवहार	१	३	४			
घाइते	२	८	१०			
हत्या	१	१०	११			
जातीय विभेद	२	३	५			
भेला/सङ्गठित हुने अधिकार				६	६२	६८
धम्की	२	४७	४९		६	६
जम्मा	१७	१४६	१६३	६	९५	१०१

मानवअधिकार रक्षक भने निरन्तर त्रासमा बाँच्नु परिरहेको छ। इन्सेकको अभिलेखअनुसार यस वर्ष पूर्वाञ्चलमा ३५ शिक्षक, २१ पत्रकार, सात समाजसेवी, तीन अधिकारकर्मी, दुई स्वास्थ्यकर्मी र एक स्वास्थ्य व्यवसायी पीडित भए।

सुदूरपश्चिममा १३ समाजसेवी, ११ पत्रकार, सात शिक्षक, एक स्वस्थ्यकर्मी र एक अधिकारकर्मी आक्रमणमा परे। मध्यमाञ्चलमा ३० पत्रकार, १६ शिक्षक, २२ समाजसेवी, सात अधिकारकर्मी र दुई जना स्वास्थ्यकर्मी पीडित भए। पश्चिमाञ्चलमा १७ पत्रकार, सात समाजसेवी, पाँच शिक्षक, तीनजना मानवअधिकारकर्मी, दुईजना स्वास्थ्यकर्मी पीडित भए। र मध्यपश्चिममा २९ पत्रकार, १३ शिक्षक र एक समाजसेवी पीडित भए।

महिला र पुरुष दुवै यो मानवअधिकारकर्मीका रूपमा सक्रिय छन्। तथ्याङ्कलाई हेर्ने हो भने पुरुष मानवअधिकार रक्षक महिलामानवअधिकार रक्षकको तुलनामा बढी पीडित भएको देखिन्छ। मध्यमाञ्चल विकास क्षेत्रमा सबैभन्दा बढी मानवअधिकार रक्षकहरू पीडित भएका छन्। कूल ८५ मध्ये ७७ जना पुरुष र ८ जना महिला यस क्षेत्रमा पीडित भएको पाइयो। पूर्वाञ्चल विकास क्षेत्रमा कूल ६९ जना पीडितमध्ये ७५ पुरुष र चार महिला रहेका थिए। मध्यपश्चिम विकास क्षेत्रमा कूल ४४ जना मानवअधिकार रक्षक पीडित भएकोमा ३८ पुरुष र पाँच महिला थिए। पश्चिमाञ्चल क्षेत्रमा कूल ३४ ओटा घटनामा ३० पुरुष र चार महिला मानवअधिकार रक्षक पीडित भने सुदूरपश्चिम क्षेत्रमा कूल ३३ ओटा घटनामा ३१ पुरुष र दुई महिला पीडित भएको देखियो।

७. पीडक पक्ष

यस वर्ष राज्यभन्दा गैरराज्यपक्षबाट मानवअधिकारकर्मी पीडित भएको पाइयो।

गैरराज्यपक्षमा अनेरास्ववियु, अखिल (क्रान्तिकारी), व्यापारी, निजी सेवा, नागरिक, एमाले, जनतान्त्रिक तराई मधेसी मुक्ति पार्टी, जे-टि एम एम, जेटि एम एम-आर, किराँत जनवादी वकर्स पार्टी, एमाओवादी, नेकपा-माओवादी, नेकपा माओवादी (मातृका), नेपाली काङ्ग्रेस, जनमुक्ति पार्टी, आरपिपि, तरुण दल, शिक्षक, अज्ञात समूह, वाईसीएल, युथफोर्स आदि रहेका छन्। राज्यपक्षमा नेपाली सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरी पर्दछन्।

यस वर्ष २ सय ६४ ओटा घटनामध्ये १ सय ६३ घटनामा गैरराज्यपक्षको संलग्नता रहेको इन्सेकद्वारा अभिलेखित भयो। राज्यपक्ष १ सय १ घटनामा संलग्न रहेको पाइयो। गैरराज्यपक्षबाट तीन अपहरण, ७६ कुटपिट, पाँच आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारबाट वञ्चित, चार अमानवीय

तालिका नं. ६ **पाँच वर्षमा पीडित सङ्ख्या**[30]

तथ्याङ्क	२००७	२००८	२००९	२०१०	२०११	२०१२
हत्या	५	५	१	७	२	११
कुटपिट	१२	६२	४४	५३	७६	१०२
अपहरण	३१	१९	४	९	४	३
धम्की	३१	३९	२९	५३	६७	५५
गिरफ्तार	११८	२६	१७	२६	-	१
दुर्व्यवहार	-	१२	३६	२१	४	४
विस्थापन	१२	५	६	-	-	-
बेपत्ता	-	२	२	-	-	-
जम्मा	२०९	१७०	१३९	१६९	१५३	१७६

व्यवहार, १० घाइते, ११ हत्या, पाँच जातीय विभेद र ४९ ओटा धम्कीका घटना भए। राज्यपक्ष १६ कुटपिट, एक गिरफ्तार र यातना, ६८ भेला, सङ्गठित हुने अधिकार वञ्चित र छ ओटा धम्कीका घटना भए।

कञ्चनपुर जिल्ला भीमदत्त नपा-४ निवासी अखिल जनस्वास्थ्यकर्मी सङ्घ, कञ्चनपुरका अध्यक्ष नवीन जोशीलाई ०६८ पुस २१ गते एकीकृत नेकपा माओवादीका कार्यकर्ता भीमदत्त नपा-१९ निवासी अखिल क्रान्तिकारीका केन्द्रीय सदस्य २७ वर्षीय प्रेम चन्द, सोही नपा-१८ निवासी अखिल क्रान्तिकारीका कार्यकर्ता २४ वर्षीय राधाकृष्ण जोशी, दैजी गाविस-८ बसन्तला निवासी वाईसीएलका केन्द्रीय सदस्य ३२ वर्षीय जनक धामी, सोही गाविस-६ बगुनका २४ वर्षीय भीम भट्ट, भीमदत्त नपा-१८ डेरा गरी बस्ने २४ वर्षीय कविराज धामीले भीमदत्त नपा-४ चमन चोकस्थित पवनदूत यातायात समितिको बसपार्क नजिक कुटपिट गरेको भन्दै पीडित पक्षले ०६८ पुस २२ गते जिल्ला प्रहरी कार्यालय, कञ्चनपुरमा ज्यान मार्ने उद्योगअन्तर्गत किटानी जाहेरी दिए। पूर्व लडाकुको बन्द कार्यक्रममा उपस्थित जोशीलाई आपसी विवादका कारण संस्थापन पक्षका कार्यकर्ताले कुटपिट गरेका थिए।

प्यूठान जिल्ला घरभई नेपालगञ्ज नपा-१ बस्ने नागरिक दैनिक नेपालगञ्जका सम्वाददाता २८ वर्षीय दिनेश गौतमलाई समाचार प्रकाशित गरेको आरोपमा ०६९ वैशाख ५ गते राँझास्थित नेपाली सेनाको इमामनगर व्यारेकका कर्णेल राजु नेपालीले फोन गरी धम्की दिए। नागरिक दैनिक पत्रिकाको ०६९ वैशाख ५ गतेको तेस्रो पृष्ठमा "कर्णेलद्वारा सात स्थानीय पिटिए" शीर्षकमा प्रकाशित समाचारको विषयमा कर्णेल नेपालीले समाचार प्रकाशित भएकै दिन 'यो समाचारका कारण मेरो प्रमोशन रोकियो वा कुनै कारबाही भयो भने जे पनि हुन सक्ने र रिभेन्ज लिने' भनी पत्रकार गौतमलाई धम्की दिएको पीडितले बताए। घटना सम्बन्धमा नेपाली सेनाले ०६९ वैशाख ७ गते सहायकरथी राज राणाको अध्यक्षतामा तीन सदस्य 'कोर्ट अफ इन्क्वायरी' गठन गऱ्यो। समितिले सञ्चारकर्मी दिनेश गौतमलाई भेट गरी घटनाप्रति दुःख व्यक्त गऱ्यो। समितिको प्रतिवेदन यस वर्षको अन्त्यसम्म सार्वजनिक भएन।

सम्मानपूर्वक बाँच्न पाउने अधिकार,[31] जीवन बाँच्न पाउने अधिकार[32] र कानुनसम्मत काम गर्न पाउने अधिकारलाई प्रत्याभूत गर्न अन्तर्राष्ट्रिय र राष्ट्रिय कानुनमा सक्दो कोसिस भएको छ। तापनि मानवअधिकार रक्षकहरू निरन्तर पीडित भइरहेका छन्। इन्सेकको अभिलेखअनुसार मानवअधिकार रक्षक सबैभन्दा धेरै पीडित भएको वर्ष २००७ थियो। त्यसपछि क्रमसः सन् २००८, २०१२, २०१०, २०११, २००९ मा घटेको पाइयो। इन्सेक तथ्याङ्कअनुसार यस वर्ष ११ जना मानवअधिकार रक्षकहरूको हत्या भएको छ।

मानवअधिकार रक्षकमाथि भएका कुटपिटका घटना पनि विगत वर्षहरूभन्दा यस वर्ष बढी भएको छ। सन् २००८ र २००९ मा जस्तो यस वर्ष राज्यपक्षबाट विस्थापनाको घटना भएन। २०११ देखि अपहरणका घटना कम हुँदै गएको इन्सेकको तथ्याङ्कले देखाउँछ। सन् २००७, २००८, २००९, २०१० मा धेरै

३०. INSEC, Nepal's Human Right Defenders at Risk, 2011, pg 137
३१. The Interim Constitution of Nepal, Article 12
३२. Universal Declaration of Human Rights 1948, Article 4

अपहरणका घटनाहरू इन्सेकमा अभिलेखित भएका थिए। अमानवीय व्यवहार पनि पहिलेको वर्षभन्दा यस वर्षमा कम भयो।

माथिको सूचिमा उल्लेख गरिएका बाहेक यस वर्ष आर्थिक, सामाजिक, सांस्कृतिक अधिकार, भेला सङ्गठित हुने अधिकार, जातीय भेदभाव र घाइतेका घटनाहरू पनि सङ्कलित भए।

निष्कर्ष

जनताको अधिकार संरक्षण तथा सम्वर्धन गर्ने पुनित कार्यमा महिला तथा पुरुष दुवैको संलग्नता रहेको हुन्छ। दुवै लिङ्गको संलग्नता भए तापनि संरक्षकको कार्य चुनौतीपूर्ण रहेको कुरालाई नकार्न सकिन्न। तथापि तुलनात्मक रूपमा पुरुषको संलग्नता भने बढी रहेको छ।

राज्यले मानवअधिकार रक्षक निर्देशिका पालना गर्नु जरुरी छ। नेपाल पनि यस कुराको अपवाद रहन सक्दैन। नेपाल संयुक्त राष्ट्रसङ्घको सदस्य राष्ट्र भएका कारण निर्देशिकाको सिद्धान्त पालना गर्नै पर्ने नैतिक दायित्व रहन्छ।

त्यसैले निर्देशिकाको कानुनी रूपमा बाध्यकारी प्रकृति नरहेको भनी यसबाट पन्छिन मिल्दैन। साथै सिद्धान्त अङ्गिकार गरिएका धेरै महासन्धिहरू जस्तै नागरिक तथा राजनीतिक अधिकार महासन्धि, आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार महासन्धि, यातना विरुद्धको महासन्धिको नेपाल पक्षराष्ट्र हो। तसर्थ नेपाल महासन्धि मार्फत् बाध्यकारी भएको कारण नेपालले निर्देशिकाको सिद्धान्त पालना गर्नु अनिवार्य छ।राज्यहरू यस महासन्धिको पक्ष भएका कारण या त प्रचलित अन्तर्राष्ट्रिय कानुनका कारण या त सर्वमान्य प्रथाका कारण मानवअधिकारको संरक्षण तथा प्रवर्धन गर्न बाध्यकारी छन्।[३३]

सामान्यतया महासन्धिको पक्ष भएका कारण यसका प्रावधान राज्यलाई बाधयकारी हुन्छन्। साथै महासन्धि जहिले पनि असल नियतले पालना गरिनुपर्दछ। प्रचलित अन्तर्राष्ट्रिय कानुनलाई नजरअन्दाज गर्न सकिन्न। प्रचलित अन्तर्राष्ट्रिय कानुका दुई तत्व छन्- राज्यको प्रचलित तथा त्यस्तो प्रचलन कानुन हो भन्ने मनोभावना वा सापेक्ष विश्वास,[३४] यसै कारणहरू सम्भव तरिकाबाट मानवअधिकारको रक्षाका निम्ति स्थान मिल्दछ।

नेपालले मानवअधिकार रक्षक सम्बन्धी निश्चित कानुन बनाउनुपर्छ।

विश्वव्यापी मान्य सिद्धान्तका आधारमा मानवअधिकारकर्मीलाई कुनै रोकटोक विना कार्य गर्न दिइनुपर्छ। स्वतन्त्र पत्रकारिता, भेला हुने अधिकार, विभिन्न महासन्धिले, कानुनले स्वीकारेका छन्। त्यसैले मानवअधिकार रक्षकलाई आफ्नो कर्तव्य पालना गर्न अवरोध पुऱ्याउनु हुन्न। यदि मानवअधिकार रक्षक विरुद्ध कुनै तरिकाको हिंसा भएमा प्रभावकारी समाधान दिने राज्यको दायित्व हुन्छ। रक्षकको अधिकार संरक्षण गर्नुपर्ने राज्य पक्ष नै उनीहरूको अधिकार उल्लङ्घन गर्न संलग्न भएको तथ्याङ्कले देखाउँछ, जुन कुरा लज्जास्पद छ। राज्यको सुरक्षा संयन्त्रमा नै प्रश्न चिह्न उठ्ने गरी गैरराज्यपक्षको बढ्दो संलग्नता पनि देखिएको छ।

मानवअधिकार रक्षकको भूमिका व्यापक तथा चुनौतीपूर्ण छ। उनीहरूले अन्य व्यक्तिले सजिलै गर्न नसक्ने कार्य गर्नुपर्ने हुन्छ। अरुका निम्ति यस्तो व्यवसाय रोज्नु तथा आफ्नो जीवन आर्जन गर्नु भनेको मानवताको ठूलो उदाहरण पनि हो। उनीहरूको कार्य तथा योगदानको कदर गरी उनीहरूको अधिकारको संरक्षण गर्ने तर्फ कदम चाल्नु राज्यको दायित्व हो। बढ्दो दण्डहीनता र मानवअधिकारप्रति राज्यको चासो नहुँदा यस वर्ष इन्सेक अभिलेखमा मानवअधिकार रक्षक विरुद्ध भएका घटनाको सङ्ख्या बढेको छ। त्यसैले राज्यले यसप्रति गम्भीर भई आवश्यक कानुन तर्जुमा गर्न प्रतिबद्ध हुन जरुरी छ।

३३. It is to be noted that when state ratifies a treaty they are legally obligated to ensure that in the same may state should make an effort to protect and promote rights.

३४. Article 38(1)(b) of the statue of the International Court of Justice - "international custom, as evidence of a general practice accepted as law".

परिच्छेद

५

अध्ययन प्रतिवेदन

५.१ पाँचथरमा मातृभाषामा आधारभूत शिक्षा

१. **पृष्ठभूमि**

आर्थिक, सामाजिक र साँस्कृतिक अधिकारहरूको केन्द्रबिन्दुमा शिक्षाको अधिकार रहेको हुन्छ। जुनसुकै अधिकारको सही रूपमा प्राप्ति र उपभोगमा शिक्षाको अधिकारलाई अङ्गीकार गरिन्छ।[१] त्यसमा पनि अल्पसङ्ख्यक समुदायहरूको आफ्नो साँस्कृतिक परिचय अभिव्यक्त गर्ने महत्वपूर्ण माध्यमका रूपमा मातृभाषाको प्रयोग एउटा अभिन्न अङ्ग हो। शिक्षणको भाषा र शिक्षणविधाको रूपमा शिक्षामा मातृभाषाको प्रयोग एउटा आधारभूत अधिकार हो।[२]

नेपालको संविधानले मातृभाषामा शिक्षासम्बन्धी अधिकारलाई सुनिश्चित गरेको छ। नेपालको अन्तरिम संविधान, २०६३ ले मातृभाषामा आधारभूत शिक्षालाई मौलिक हकका रूपमा स्थापित गरेको छ।[३] नेपालको शिक्षा ऐनले पनि मातृभाषा आधारभूत शिक्षाको व्यवस्था गरेको पाइन्छ।[४] यद्दपि यसको प्रयोग भने अपेक्षाअनुरूप भएको पाइँदैन। फलस्वरूप अल्पसङ्ख्यक समुदायका व्यक्तिहरूले सो अधिकारलाई सही रूपमा प्रयोग गर्न पाइरहेको अवस्था छैन।

शिक्षाविद्हरूका अनुसार बालबालिकाहरूलाई पूर्वप्राथमिक तथा प्राथमिक तहमा बहुभाषिक शिक्षा कार्यक्रममार्फत सिकाउँदा उनीहरूले राम्रो प्रगति गर्दछन्। जुन बालबालिकाहरूले आफ्नो मातृभाषामा शैक्षिक जग बलियो बनाएका हुन्छन्, उनीहरूले दोस्रो र तेस्रो भाषामा पनि साक्षरता सीपको विकास प्रभावकारी तरिकाबाट गरिरहेका हुन्छन्।[५]

बालबालिकालाई शिक्षा प्रदान गर्ने उत्तम माध्यम भनेको उनीहरूको मातृभाषा नै हो भनी युनेस्कोले सन् १९५३ मा एक प्रतिवेदनमा उल्लेख गरेको छ।[६] शिक्षा पाउने अधिकार सबैलाई भएको कुरा सन् १९४८ डिसेम्बर १० मा संयुक्त राष्ट्रसङ्घले जारी गरेको मानवअधिकारसम्बन्धी विश्वव्यापी घोषणापत्रको धारा २६ मा उल्लेख गरिएको छ। आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारहरूसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्रको धारा १३ मा शिक्षालाई सबैको पहुँचभित्र राखिनु पर्ने, प्राथमिक शिक्षा अनिवार्य एवं निःशुल्क हुनुपर्ने कुरा उल्लेख छ।

नेपाल अधिराज्यको संविधान, २०४७ ले प्राथमिक तहसम्म मातृभाषामा शिक्षा प्रदान गर्न पाइने व्यवस्था गरेको थियो।[७] सोहीअनुरूप प्राथमिक शिक्षा पाठ्यक्रम २०४९ मा इच्छाधीन विषयको रूपमा मातृभाषामा एक विषय पठनपाठन गर्न पाउने व्यवस्था गरिएको थियो। यो व्यवस्थाले नेपालमा पहिलोपटक मातृभाषालाई विद्यालयस्तरीय पाठ्यक्रममा समावेश गर्ने ढोका खुलेको थियो। प्राथमिक शिक्षा पाठ्यक्रम, २०४९ अनुसार विभिन्न मातृभाषाहरूमा पाठ्यक्रम, पाठ्यपुस्तक र पाठ्यसामग्री तयार भई पठनपाठन भइरहेको अवस्था छ। पाठ्यक्रम विकास केन्द्रका अनुसार हालसम्ममा १९ मातृभाषाहरूमा पाठ्यक्रम तथा पाठ्यपुस्तक निर्माण भई देशका विभिन्न भागमा पठनपाठन भइरहेको छ।[८]

मातृभाषामा शिक्षा प्रदान गर्नका लागि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रावधानहरू विद्यमान भए तापनि मातृभाषा शिक्षाका लागि प्राथमिक तहमा ऐच्छिक विषयको रूपमा एक विषयको छनौट गरी विद्यालयमा पठनपाठन गर्न पाउने व्यवस्थाबाहेक हालसम्म अन्य कुनै किसिमको व्यवस्था नेपालमा गरिएको अवस्था अहिले छैन। यस परिप्रेक्ष्यमा पाँचथरमा मातृभाषा शिक्षाको अवस्थासम्बन्धी यस अध्ययनले नेपालको पूर्वाञ्चल विकास क्षेत्रमा रहेको पाँचथर जिल्लामा मातृभाषामा शिक्षाको अवस्थाबारे जानकारी गराउँछ र तत्सम्बन्धमा केही सुझाव तथा सिफारिस पनि समावेश गर्ने छ।

---

१. प्याकुरेल, सुशील/ अर्याल, कुन्दन। मानवअधिकार र प्रेस, पृष्ठ, ६५

२. *http://kurdistancommentary.files.wordpress.com/2011/07/khrp_mother-tongue-education-in-kurdish-regions.pdf, July 2011, last accessed on January 26, 2013*

३. नेपालको अन्तरिम संविधान, २०६३ धारा १७ (१)

४. शिक्षा ऐन, २०२८ (पाचौँ संशोधन, २०४९) दफा-७ (१)

५. Professor Jim Cummins: Bilingual Children's Mother Tongue:Why Is It Important for Education: Page 3

६. UNESCO, The use of vernacular languages in education (1953), page 6

७. नेपाल अधिराज्यको संविधान, २०४७ , धारा १८ (२)

८. *http://www.thehimalayantimes.com/fullNews.php?headline=Education+in+mother+tongue+still+a+challenge&NewsID=321582*

२. अध्ययनको उद्देश्य

- पाँचथर जिल्लामा मातृभाषामा शिक्षाको वर्तमान अवस्थाबारे जानकारी गराउने।
- मातृभाषाको पाठ्यक्रम, आवश्यकता, क्षेत्र र यसका विविधपक्ष बारेमा राजनीतिक दल, सरकारी निकाय, जातीय समूह, शिक्षक, विद्यार्थी, अविभावकलगायतका सरोकारवालाहरूको धारणा लिने।
- पाँचथर जिल्लामा मातृभाषा शिक्षा सम्बन्धमा निष्कर्षसहित केही प्रभाव प्रस्तुत गर्ने।

३. अध्ययनको औचित्य

बालबालिकाहरूले समान र स्वतन्त्ररूपमा शिक्षा आर्जन गर्न पाउने सन्दर्भमा विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय अधिकारसम्बन्धी नियम तथा कानुनी प्रावधानहरू निर्माण भएका छन्। नेपालमा बालबालिकासम्बन्धी कानुनको निर्माण भएको छ[९] भने बालअधिकारसम्बन्धी महासन्धि तथा प्रतिज्ञापत्रहरूको नेपाल पक्षराष्ट्र पनि हो। नेपालले संयुक्त राष्ट्रसङ्घद्वारा सन् १९८९ मा जारी गरेको बालअधिकारसम्बन्धी महासन्धि[10]मा हस्ताक्षर गरेको छ।

शिक्षालाई मानिसको काम गर्ने अधिकारको परिपूर्ति तथा जीवनस्तर उकास्ने माध्यमका रूपमा व्यवस्थित गराइनु पर्छ तर समान शिक्षाको व्यवस्था गर्दा अल्पसंख्यकको आफ्नो मातृभाषाका शिक्षा प्राप्त गर्ने अधिकारको हनन भने हुनु हुदैन। नागरिक तथा राजनीतिक अधिकारहरूसम्बन्धी प्रतिज्ञापत्रको धारा २७ मा आफ्नो संस्कृतिको उपभोग गर्ने वा आफ्नै भाषा प्रयोग गर्ने अधिकारबाट कसैलाई पनि बंचित गरिने छैन भन्ने उल्लेख छ। आर्थिक, सामाजिक, र साँस्कृतिक अधिकारसम्बन्धी समितिले बालबालिका, शारीरिक तथा मानसिक रूपमा अशक्त व्यक्तिहरू, आप्रवासी मजदुरका बालबच्चा एवं आप्रवासी केटाकेटीको शिक्षामा विशेष ध्यान पुऱ्याउन पक्षराष्ट्रहरूलाई सिफारिस गरेको छ।[११]

मातृभाषामा शिक्षा प्रदान गर्ने विषयमा नेपालको अन्तरिम संविधान, ०६३ को मौलिक हक अन्तरगत धारा १७ मा व्यवस्था गरेको तथा शिक्षा ऐनमा प्राथमिक तहसम्म मातृभाषामा शिक्षा दिने व्यवस्था गरिएको सन्दर्भमा मातृभाषामा शिक्षा प्रदान गर्न राज्यले कस्तो पहल गरेको छ, ती पहलहरू पर्याप्त छन् कि छैनन् तथा मातृभाषामा शिक्षा प्रदान गर्दा कस्ता समस्याहरू देखा परिरहेका छन्? यी सवालहरूको उत्तर खोज्न तथा तिनका बारेमा सरोकारवालालाई वर्तमान समयमा भइरहेका प्रगति तथा यर्थाथ जानकारी गराउने अभिप्रायले यो अध्ययन पाँचथर जिल्लामा गरिएको हो।

यस अध्ययनले सरोकारवालालाई पाँचथर जिल्लामा मातृभाषामा विद्यालयहरूमा शिक्षा प्रदान गर्दा भएका प्रगति, समस्या र चुनौती बारेमा थोरै भए पनि जानकारी गराउन प्रयत्न गरेको छ। यसले राजनीतिज्ञ, शिक्षाविद्, पाठ्यक्रमविद्, प्रशासक, लेखक, अभिभावक, जातीय संस्थाका प्रतिनिधिलगायतका सरोकारवालाहरूलाई पाँचथरमा मातृभाषा शिक्षा कार्यान्वयनको अवस्था बारेमा पनि जानकारी दिनेछ। मातृभाषामा प्रभावकारी तथा सरल तरिकाले विद्यालयमा शिक्षा प्रदान गर्नका लागि सरोकारावालाहरूले के गर्नु पर्दछ भन्ने विषयमा बहस गर्न सबैलाई सहज बनाउने छ भन्ने अपेक्षा पनि यो अध्ययनले केही हदसम्म लिएको छ।

४. अध्ययनविधि

मातृभाषामा शिक्षाको अवस्थाबारे पाँचथर जिल्लामा विभिन्न मातृभाषामा पठनपाठन भइरहेका विद्यालयहरूको भ्रमण तथा अवलोकन गरी शिक्षक, विद्यार्थी, अविभावक, सरकारी निकायका प्रतिनिधि, भाषाविद्लगायतका सरोकारवालासँग भेटघाट तथा छलफल गरिएको थियो। यसका अलवा विद्यालयमा मातृभाषामा पढाइका सन्दर्भमा पाँचथरका राजनीतिक दलका प्रतिनिधि, बुद्धिजीवी, नागरिक समाजका प्रतिनिधि, जातीय समूहका प्रतिनिधि, मातृभाषामा शिक्षा अभियान सञ्चालन गरिरहेका गैरसरकारी संस्था र विभिन्न जातीय संस्थाका प्रतिनिधिहरूसँग पनि छलफल, अन्तरक्रिया, अन्तवार्ता तथा प्रश्नोत्तरमार्फत अध्ययनका लागि आवश्यक जानकारी सङ्कलन गरिएको थियो। यसैगरी अध्ययनका क्रममा मातृभाषा शिक्षासम्बन्धी उपलब्ध पुस्तक तथा पत्रपत्रिकाहरूको पनि अध्ययन गरिएको थियो।

---

९. बालबालिका सम्बन्धी ऐन, २०४८
10. बालबालिका सम्बन्धी महासन्धि, १९८९
११. प्याकुरेल, सुशील, अर्याल, कुन्दन, मानवअधिकार र प्रेस, पृष्ठ ६५

५. जातीय राजनीति र मातृभाषा शिक्षा

देशको राजनीतिले सबै क्षेत्रलाई प्रत्यक्ष तथा अप्रत्यक्ष रूपमा प्रभाव पारिरहेको हुन्छ। राजनीतिको प्रभाव भाषा, संस्कृति र शिक्षा क्षेत्रमा हुनु स्वभाविक हो। शिक्षालाई राजनीतिबाट टाढै राख्नुपर्छ भन्ने गरिए पनि देशमा हुने हरेक राजनीतिक परिवर्तनसँगै शिक्षा नीति र प्रणालीहरू परिवर्तन भएका देखिन्छन्। यद्यपि सबैलाई आफूले प्रयोग गर्ने भाषा, आफ्नो पहिचान र संस्कृति प्यारो लाग्नु स्वभाविक हो।

इतिहासको कुरा गर्दा पृथ्वीनारायण शाहले वि.स.१८३१ मा नेपालको भौगोलिक एकीकरण गरे बेलादेखि नै पूर्वका लिम्बूहरूले आफ्नो भाषाको लागि आवाज उठाउँदै आएको पाइन्छ। त्यसयता भाषा सँस्कृतिको उत्थानका लागि धेरै पहल भए पनि वि.सं. २०१३ र २०१४ सालमा पल्लो किराँत लिम्बूवान समूहको प्रतिनिधिमण्डल काठमाडौँ गएर तत्कालीन राजा महेन्द्र शाहसँग मातृभाषा शिक्षाका लागि माग गरेको थियो। लिम्बू भाषा, संस्कृति र स्वायत्तताको मागसहित वि.स.२०४५ सालमा वीर नेम्बाङको नेतृत्वमा लिम्बूवान मुक्ति मोर्चा गठन भएको थियो।[१२] वि.सं. २०४६ को परिवर्तनपछि भाषाभाषी संरक्षणका लागि थूप्रै सङ्घसंस्थाहरू स्थापना भए। राजनीतिक सङ्गठनकै रूपमा वि.स. २०६३ मा सङ्घीय लिम्बुवान राज्यपरिषद् स्थापना भयो। यो अध्ययन तयार पर्दासम्म थुप्रै जातीय सङ्गठनहरू पाँचथरमा क्रियाशील रहेको अवस्था छ। यी राजनीतिक सङ्गठनहरूले राजनीतिक मुद्दासँगै भाषिक मुद्दाहरूको पनि उठान गर्दै आएका छन्।

जातीय राजनीति र मातृभाषा शिक्षाका बारेमा सरोकारवालको विभिन्न मत रहेको पाइयो। एमाले पाँचथर उपाध्यक्ष राजकुमार भण्डारी जातीय राजनीति र मातृभाषामा शिक्षाबीच पाँचथरमा कुनै किसिमको सम्बन्ध नभएको बताउँछन्।जिल्लामामातृभाषामाशिक्षा क्रमिक विकासको प्रतिफल भएको उनको भनाइ छ। नेपाली काङ्ग्रेस जिल्ला सदस्य भवानीप्रसाद खतिवडाको भनाइ पनि त्यस्तै छ। जातीय राजनीतिको खास सुरुआत वि.स. २०६३ पछि भए पनि यसले मातृमाषा शिक्षामा कुनै ठूलो सम्बन्ध नराख्ने उहाँको भनाइ छ।

मञ्चसम्बद्ध लिम्बूवान राज्यपरिषद्का जिल्ला सचिव सागर केरङ मातृभाषा शिक्षाका लागि आफ्नो संस्थाले पहल गरेको बताउँछन्। मातृभाषामा शिक्षा आफ्नो सङ्गठनको प्रमुख मुद्दा पनि भएको उनको भनाइ छ। मातृभाषामा शिक्षा बारेमा जिल्लामा धेरै प्रगति भएको उनको भनाइ छ। सङ्घीय लिम्बूवान राज्यपरिषद् जिल्ला सचिव कमलराज नेम्बाङ पहिचानवादी राजनीतिक सङ्गठन सक्रिय भएपछि बहुभाषिक शिक्षाको मुद्दा स्थापित भइरहेको बताउँछन्। अहिले पाँचथरका अधिकांश विद्यालयहरूमा राई, लिम्बूलगायतका मातृभाषामा पठनपाठन भइरहेको उनको भनाइ छ। आफ्नो भातृसङ्गठन लिम्बूवान विद्यार्थी परिषद्मार्फत जिल्लामा मातृभाषामा शिक्षाको मुद्दालाई अगाडि बढाएको उनको भनाइ छ। सबै मातृभाषाले समानरूपमा सम्मान पाउनुपर्छ भनेर आफ्नो सङ्गठनले आन्दोलन गरिरहेको उनले बताए।

६. पाठ्यक्रम तथा पाठ्यपुस्तक

यस अध्ययनका लागि सामग्री सङ्कलन गर्ने क्रममा पाँचथर जिल्लामा मातृभाषाका पाठ्यपुस्तकहरू पाठ्यक्रम विकास केन्द्रले निर्माण गरेको पाइयो। सोहीअनुसार शिक्षा तथा खेलकूद् मन्त्रालयअन्तर्गत पाठ्यक्रम विकास केन्द्र, सानोठिमी भक्तपुरद्वारा प्रकाशित पुस्तकहरू मातृभाषामा पढाइ भइरहेका विद्यालयहरूमा प्रयोग हुँदै आएको भेटियो। अहिले बजारमा उपलब्ध पाठ्यपुस्तकहरू पर्याप्त नभएको मातृभाषामा पढाउँदै आएका विद्यालय, शिक्षक तथा अभिभावकले बताए। मातृभाषामा पाठ्यपुस्तकको उपलब्ध ज्यादै न्यून रहेको सुम्निमा निम्न माध्यमिक विद्यालयकी प्रधानाध्यापक इन्द्रकला राईले बताइन्। उनको विद्यालयमा कक्षा तीनसम्म बान्तवा राई भाषामा विगत तीन वर्षदेखि पढाइ हुँदै आएको छ। मातृभाषामा पढाउनको लागि पाठ्यपुस्तकबाहेक अन्य शैक्षिक सामग्रीको पनि अभाव रहेको उनले जानकारी गराइन्।

मातृभाषामा सन्दर्भसामग्री जस्तै शब्दकोश, व्याकरणसम्बन्धी पुस्तकहरू उपलब्ध हुन सकेका छैनन्। त्यसैगरी दृष्टिविहीन बालबालिकाहरूका लागि मातृभाषामा साङ्केतिक भाषा, ब्रेललिपी अहिलेसम्म बनाइएको छैन। पाठ्यक्रमविद् हरिचन्द्र लावती मातृभाषाको पाठ्यक्रम निर्माण भए पनि सो प्रभावकारी बन्न नसकेको बताउँछन्। उनका अनुसार मातृभाषाको पाठ्यक्रममा अन्य भाषाको बढी नक्कल भएको छ। अहिलेको पाठ्यक्रममा समावेश गरिएका भाषा, संस्कार, इतिहासबाहेक अन्य विषयहरूलाई पनि मातृभाषाको

१२. सुब्बा, दिलेन्द्र। लिम्बूवान: क्रान्ति र विकास, २०६५

पाठ्यक्रममा समेट्नु पर्ने उनको भनाइ छ। मातृभाषाको पाठ्यक्रम मौलिक बनाउनु पर्ने उनको विचार छ।

शिक्षक युनियन पाँचथरका अध्यक्ष रूपनारायण जबेगू मातृभाषाको पाठ्यक्रम सरल भए पनि प्रभावकारी बन्न नसकेको बताउँछन्। पाठ्यक्रम स्थानीय परिवेशलाई समेटर र हावापानी सुहाउँदो बनाउनुपर्ने प्रगतिशील प्राबि रानीटार गाविस-३ का प्रधानाध्यापक विष्णुप्रसाद धिमिरेको मत छ। कुनै पनि पाठ्यपस्तक सो अध्यापन गर्ने ठाउँ सुहाउँदो नभए त्यसले सफलता नपाउने उनको भनाइ छ।

मातृभाषामा पाठ्यपुस्तकको वितरण तथा विद्यार्थीहरूलाई पुगे नपुगेको बारेमा अहिलेसम्म कुनै पनि निकायले चासो लिएको पाइएन। त्यसैगरी यससम्बन्धमा कुनै किसिमको अनुगमन पनि अहिलेसम्म पाँचथर जिल्लामा भएको छैन।

७. मातृभाषा शिक्षणमा दक्ष जनशक्ति

मातृभाषा शिक्षणका लागि शिक्षकहरूको उपलब्धता पाँचथर जिल्लामा ज्यादै न्यून रहेको पाइयो। सरोकारवाला निकायजस्तै जिल्ला शिक्षा कार्यालयले पनि यसका लागि उचित ध्यान दिएको पाइएन। मातृभाषामा कक्षा सञ्चालन गरेका विद्यालयमा मातृभाषाका लागि छुट्टै विषय शिक्षक राख्ने व्यवस्था गरेका छैनन्। अरु विषय पढाइरहेका शिक्षकहरूबाट तदर्थ व्यवस्था गरिएको छ। त्यस्ता शिक्षकहरूले आफूले जानेअनुसार मातृभाषामा पढाइरहेका छन्। कतिपय विद्यालयहरूमा मातृभाषाका लागि शिक्षक निजी स्रोतबाट व्यवस्थापन गरिएको छ। मातृभाषा शिक्षणका लागि मातृभाषा दरबन्दीमा शिक्षक नियुक्त गर्नुपर्ने शिक्षाकर्मीहरूको भनाइ छ। त्यसका लागि पहल गरिरहेको किरात याक्थुङ चुम्लुङले जनायो। केही शिक्षकले सुरुसुरुमा स्वयमसेवी तवरले मातृभाषामा पढाए पनि काम गर्दै जाँदा थप भार हुने तर त्यसका लागि अतिरिक्त सेवासुविधा नपाउने भएकाले मातृभाषा पढाउँदै गरेका प्रायः सबै शिक्षकहरू निष्क्रिय हुँदै जाने गरेको किराँत याक्थुङ चुम्लुङका जिल्ला अध्यक्ष बुद्धराज इङवाको अनुभव छ।

लिम्बू साहित्य विकास संस्थाका अध्यक्ष दिलेन्द्र सुब्बा राज्यले मातृभाषा शिक्षाका लागि दर्बिलो नीति बनाउनुपर्ने र सोहीअनुरूप बजेट र जनशक्तिको व्यवस्था गर्नुपर्ने बताउँछन्। शिक्षक दरबन्दी पनि सोहीअनुसार हुनुपर्ने उनको भनाइ छ।

नीतिगतरूपमा मातृभाषामा पढाउने भनेपछि शिक्षक दरबन्दी र आर्थिक स्रोतको पनि सरकारले व्यवस्था गर्नुपर्ने बताउँछन्- नेपाल आदिवासी जनजाति महासङ्घ पाँचथर अध्यक्ष बिर्खबहादुर वाईबा। मातृभाषाका लागि शिक्षक अहिलेसम्म निजी स्रोतबाट व्यवस्थापन भइरहेको उनको भनाइ छ।

शेर्पा भाषा पढाउनका लागि दक्ष शिक्षक पाउन अत्यन्तै गाह्रो भएको नेपाल शेर्पा सङ्घका जिल्ला अध्यक्ष रिञ्जी शेर्पाले बताए। शेर्पा भाषा, लिपी, सँस्कार, सँस्कृतिको संरक्षण गर्ने उद्देश्यले पाँचथर जिल्लाबाट सात जनालाई भारतको दार्जिलिङ पढन पठाएको उनले बताए। परम्परागतरूपमै बौद्ध शिक्षा गुम्बामा पनि पढाइ हुने गरेको उनको भनाइ छ। तमु हँयूला छोँज धी जिल्ला सचिव सावित्रीदेवी गुरुङले गुरुङ जातिको बाहुल्य भएका रानीटार, ओयाम र च्याङ्थापू गाविसहरूका गुरुङ भाषा पढाइ हुने सम्भावना रहेको बताइन्। तर अहिलेसम्म जिल्लामा गुरुङ भाषामा पढाइ शुरुभएको छैन। गुरुङ भाषामा पठनपाठनका लागि केही शिक्षकहरूले आवश्यक तालिम पनि लिइसकेको उनको भनाइ छ।

मातृभाषामा शिक्षणका लागि दक्ष जनशक्तिको पनि अभाव रहेको पाइन्छ। सुनुवार समाज पाँचथरको सल्लाहकार परिषद् सदस्य शेरबहादुर सुनुवार मातृभाषाका लागि दक्ष जनशक्तिको अभाव रहेकाले राज्यले यसबारेमा चासो दिनुपर्ने बताउँछन्। समुदायले पहल गरेको भरमा मातृभाषा शिक्षाका लागि शिक्षक व्यवस्थापन गर्न गाह्रो हुने उनको भनाइ छ। नेपाल आदिवासी जनजाति विद्यार्थी महासङ्घ जिल्ला समन्वय परिषद् अध्यक्ष राजेन्द्र राई पाठ्यपुस्तक र दक्ष शिक्षकको अभाव मातृभाषा शिक्षणका लागि चुनौती रहेको बताउँछन्। राज्यले नै मातृभाषाका लागि दक्ष शिक्षक नियुक्त गर्नुपर्ने उनको भनाइ छ।

नेपाल भुजेल सङ्घका जिल्ला अध्यक्ष मानबहादुर भुजेल पनि मातृभाषा शिक्षाका लागि दक्ष शिक्षकको अभाव रहेको बताउँछन्। शिक्षक युनियन पाँचथर अध्यक्ष रूपनारायण जबेगूको विचार पनि यस्तै रहेको छ। शिक्षा पत्रकार सञ्जाल, पाँचथर अध्यक्ष भीम तुम्बापो भाषागत शिक्षक र उनीहरूलाई समयसमयमा तालिमको आवश्यकता औँल्याउँछन्।

८. सरकारको प्रयास

संविधानमा मातृभाषामा शिक्षा लिने पाइने भनी उल्लेख गरिए पनि यसको लागि आधारभूत पूर्वाधारहरू सरकारले पाँचथर जिल्लामा बनाएको पाइदैन।

मातृभाषा शिक्षकको दरबन्दीको व्यवस्था गरिएको छैन। अनुगमनका क्रममा जिल्लामा चारओटा भाषा राई, लिम्बू, तामाङ र शेर्पामा विभिन्न विद्यालयमा पढाइ भइरहेको छ। विगत दुई वर्षदेखि जिल्लाका दुईओटा उच्च माध्यमिक विद्यालयमा लिम्बू भाषामा पठनपाठन भइरहेको छ। जिल्लामा समुदायको मागअनुसार विभिन्न भाषामा विद्यालयहरूमा मातृभाषामा पठनपाठन गरिएको पाइए पनि त्यो दिगो नभएको पाइयो। एक शैक्षिक सत्र मातृभाषामा कक्षा चलाएका कतिपय विद्यालयहरूले भाषा शिक्षकको अभावमा अर्को वर्षदेखि पढाउन छाडेको पनि पाइयो। प्रगतिशील प्राविरानीटारका प्रधानाध्यापक विष्णुप्रसाद घिमिरेका अनुसार रानीटार गाविसको विद्यार्जन माविमा शैक्षिक सत्र ०६६/६७ मा लिम्बू भाषामा एक वर्ष पढाइ भएको थियो। उक्त विद्यालयमा लिम्बूभाषी बाहेक अरू भाषिक समुदायका पनि विद्यार्थीहरू अध्ययन गर्ने तथा त्यहाँ मातृभाषा शिक्षकको नपाइएकाले अर्को शैक्षिक सत्रमा लिम्बू भाषामा अध्यापन हुन नसकेको उनले बताए।

पढाइ भइरहेका विद्यालयका शिक्षकलाई पनि कुनै किसिमको तालिम कुनै पनि निकायले दिएको पाइएन। वि.स.२०६८ सालमा मातृभाषा सम्बन्धमा एक प्रकारको अभिमुखीकरण दिएको भएपनि हालसम्म तालिम भने नदिएको जिल्ला शिक्षा कार्यालयका विद्यालय निरीक्षक नारायण निरौलाले बताए।

मातृभाषामा पढाइ भइरहेका विद्यालयको अनुगमनसमेत जिल्ला शिक्षा कार्यालयले गरेको छैन। गणेश उच्च मावि, नागीका नेपाली शिक्षक अभिकेशर भारतीका अनुसार उक्त उच्चमाविमा विगत नौ वर्षदेखि लिम्बू भाषा पढाइ हुँदै आए पनि अहिलेसम्म त्यसको अनुगमन भएको छैन। उनका अनुसार वि.सं. २०६९ देखि शिक्षक, विद्यार्थी र विद्यालय व्यवस्थापनले अनुगमनका लागि एक समिति बनाएको छ। सो समितिले मातृभाषा शिक्षाको अनुगमन गर्ने भएको छ। उक्त विद्यालयमा जातीय समुदायका विद्यार्थीभन्दा बाहुन, क्षेत्री समुदायका विद्यार्थीहरूले लिम्बू भाषामा राम्रो अङ्क परीक्षामा ल्याउँदै आएको शिक्षक भारतीले बताए।

मातृभाषामा शिक्षाका लागि सरकारी निकायले पाठ्यक्रम बनाउने कामबाहेक अरू केही काम गरेको देखिदैन्। पाठ्यक्रमअनुसार मातृभाषाको एउटा पुस्तकभन्दा बढी अरू केही प्रकाशन सरकारी निकायले गरेको छैन। केही सन्दर्भसामग्री लिम्बू भाषाका लागि जस्तै लिम्बू वर्णमाला, मङ्गेना, भाषा सकाउने विगबुकलगायतका सामग्री भने लिम्बू साहित्य विकास संस्थाले प्रकाशन गरेको पाइयो।

पर्याप्त शैक्षिकसामग्री नहुने, नियमित अनुगमनको अभाव र सरकारी निकायको बेवास्ता भइरहेमा मातृभाषा शिक्षामा धेरै प्रगति हुन नसक्ने सरोकारवालाको निष्कर्ष छ।

९. कार्यान्वयनको अवस्था

पाँचथर जिल्लामा राई, लिम्बू, शेर्पा, तामाङ, मगर, भजेल, माझी, देवान (याक्खा), सुनुवार र गुरुङ गरी दशओटा जनजातिको बसोबास रहेको छ।[१३] तर यी सबै जनतातिले प्रयोग गर्ने भाषामा मातृभाषा शिक्षामा जिल्लामा शिक्षण भइरहेको भने देखिँदैन।

पाँचथर जिल्लामा ०६९ को शैक्षिक सत्रमा जिल्लाका विभिन्न विद्यालयहरूमा चारओटा भाषा राई, लिम्बू, तामाङ र शेर्पा भाषामा पढाइ भइरहेको छ। पढाइ भइरहेका विद्यालयको सङ्ख्या पनि जातीय सङ्घसङ्गठन र सरकारी निकायमा फरक रहेको पाइन्छ।

किरात राई यायोक्खा जिल्ला अध्यक्ष सगुन सुसाराका अनुसार जिल्लाका १८ ओटा विद्यालयमा प्राथमिक तहमा राई वान्तवा भाषामा पठनपाठन भइरहेको छ। जिल्लाको एकतीन गाविस-७ को जरिङ्गे प्रावि, मेमेङ गाविस-४ को जलकन्या प्रावि, सिदिन गाविस-२ को सिंह बाहिनी मावि, फिदिम गाविसमा सुम्निमा निमाविलगायत रानीटार, लुङरूपा, रवि, च्याङथापू, ओयाम गाविसमा रहेका विद्यालयमा राई वान्तवा भाषाको पढाइ भइरहेको छ।

नेपाल तामाङ घेदुङ जिल्ला कार्यसमितिका अनुसार, जिल्लामा ११ ओटा विद्यालयहरूमा प्राथमिक तहमा तामाङ भाषामा पठनपाठन भइरहेको छ। जिल्लाका लिम्बा, अमरपुर, भारपा, मौवा रानीटारलगायतका गाविसहरूमा तामाङ जातिको धेरै सङ्ख्यामा बसोबास रहेको छ।

किरात याक्थुङ चुम्लुङका अनुसार जिल्लाका २ सय विद्यालयमा प्राथमिक तहमा याङनाम, चोकमागू, नहमीडाँडा, भारपा, पञ्चमीलगायत जिल्लाका धेरै

१३. समथिङ, रामप्रकाश। पाँचथरका आदिवासी जनजातिहरू, २०६६

गाविसमा लिम्बू भाषामा पढाइ हुन्छ।

नेपाल शेर्पा सङ्घका अनुसार जिल्लाको नाङगिन गाविस-८ स्थित सक्रान्ती प्राविमा ०६३ सालबाट शेर्पा भाषामा कक्षा दुईसम्म पठनपाठन भइरहेको छ। सोही ठाउँमा ०६५ सालबाट जिल्ला शिक्षा कार्यालयको सहयोगमा डिङ्मा च्याङछुक छ्योलिङ गुम्बामा कक्षा दुईसम्म पठनपाठन भइरहेको छ। यो शेर्पा भाषामा अध्ययन गराइने अनौपचारिक नमुना भएको नेपाल शेर्पा सङ्घले जनाएको छ।

जिल्ला शिक्षा कार्यालयले भने जिल्लाका १० विद्यालयमा राई बान्तवा, एक विद्यालयमा तामाङ र १ सय १८ विद्यालयमा लिम्बू भाषामा पढाइ भइरहेको जनायो। शेर्पा भाषामा जिल्लामा पढाइ भइरहेको बारे जिल्ला शिक्षा कार्यालयमा अभिलेख भएको पाइएन।

मञ्चसम्बद्ध लिम्बूवान राज्यपरिषद् जिल्ला सचिव सागर केरुङका अनुसार जिल्लाका दुई ओटा उच्च माविमाविगत दुई वर्षदेखि कक्षा ११ र १२ मा लिम्बू भाषामा पठनपाठन भइरहेको छ। पठनपाठन भइरहेका उच्च माविमा सत्यहाङ्मा उच्च मावि, इङ्बुङ् र पृथ्वी उच्च मावि यासोक रहेका छन्। ती उच्च माविमा लिम्बू भाषाको परीक्षा भारतको सिक्किम विश्वविद्यालय अन्तरगत सञ्चालन भइरहेको छ।

मातृभाषा पठनपाठनका लागि राज्यले छुट्टै विषय शिक्षक राख्ने व्यवस्था गरेको छैन। जिल्लामा स्थानीयस्तरबाट व्यवस्था गरिएका शिक्षकहरूले पढाइरहेका छन। उनीहरूले कुनै किसिमका तालिम प्राप्त गरेका छैनन्। अन्य दरबन्दीमा रहेका शिक्षकले नै थप भार लिएर मातृभाषा पठनपाठन गरिरहेका छन्। सरकारी निकायले यसमा कुनै किसिमको लगानी गरेको देखिदैन। कतिपय समुदायमा सम्बन्धित समुदायको शिक्षक नहुँदा र स्थानीयस्तरमा शिक्षक व्यवस्था पनि गर्न नसक्दा पठनपाठन प्रभावकारी बन्न सकेको छैन।

१०. मातृभाषामा आधारभूत शिक्षाको उपयोगिता

मातृभाषामा शिक्षा लिँदा फाइदा र बेफाइदा दुबै रहेको पाँचथर जिल्लाका सरोकारावालले बताए। पाँचथर बहुमुखी क्याम्पसका शिक्षक लक्ष्मी बरालका विचारमा भाषा भनेको सम्पत्ति हो। कुनै पनि मातृभाषा सो भाषा प्रयोग गर्ने समुदायलाई चिनाउने आधार भएकाले सबै मातृभाषामा प्राथमिक शिक्षा प्रदान गरिए ती भाषाहरूको संरक्षण हुने उनको भनाइ छ। संस्कृति जोगाउन पनि मातृभाषामा शिक्षा दिनुपर्ने उनको तर्क छ। तर कुनै पनि समुदायमा लादिएर मातृभाषामा शिक्षा सञ्चालन गरिएको त्यसको प्रतिफल राम्रो नहुने उनले बताए।

नेपाली काङ्ग्रेस जिल्ला सदस्य भवानीप्रसाद खतिवडाका अनुसार कुनै भाषाको संरक्षणका लागि मातृभाषामा पढाइ हुनु राम्रो हो। मातृभाषामा पढाइ हुँदा यसले संस्कृति पनि जोगाउने उनको विचार छ। भाषा संरक्षणमा मातृभाषा शिक्षाले महत्वपूर्ण भूमिका निर्वाहगर्ने सुम्निमा निम्न माध्यमिक विद्यालय फिदिमकी राई बान्तवा भाषा शिक्षिका लिलाकुमारी राईले बताइन्।

सांस्कृतिक पहिचानका लागि मातृभाषामा शिक्षाको आवश्यकता रहेको लिम्बू साहित्य विकास संस्थाका अध्यक्ष दिलेन्द्र सुब्बाको मत छ। परम्परागत दर्शन सिक्न तथा साँस्कृतिक मूल्य मान्यता जोगाउन पनि मातृभाषा शिक्षाको आवश्यकता उनी औँल्याउँछन्।

मातृभाषामा शिक्षा दिँदा सिकाइप्रक्रिया छिटो हुन्छ भन्ने मान्यता रहेको र यही मान्यताबाट पनि मातृभाषामा शिक्षा प्रदान गर्ने सोच अघि बढेको पाँचथर जिल्लाका जिल्ला शिक्षा अधिकारी गोविन्दप्रसाद शर्माको भनाइ छ।

राज्य र समुदाय दुवै जागरुक भएर लागेमा मातृभाषा शिक्षाका धेरै फाइदा हुने डा. देवी क्षेत्री दुलालको भनाइ छ। उच्च मावि शिक्षक एसोशिएसनका केन्द्रीय सदस्य युधिष्ठिरराज आमगाई मातृभाषामा पढाइ हुँदा सम्बन्धित भाषामा सिकेको धारणा अर्को भाषामा रूपान्तरण गर्न सजिलो हुने बताउँछन्।

लिम्बू साहित्य विकास संस्थाका अध्यक्ष दिलेन्द्र सुब्बाका अनुसार मातृभाषामा शिक्षासम्बन्धमा हल्ला बढी काम कम भएको छ। यो विश्वव्यापीकरणको युगमा मातृभाषामा शिक्षा लिन नहुने भन्ने कतिले भन्ने गरेको उनी बताउँछन्। मातृभाषामा शिक्षाका लागि धारणामा पनि परिवर्तन हुनुपर्ने उनको भनाइ छ। अङ्ग्रेजी भाषा सिक्ने बेलामा मातृभाषा सिकेर समयको बबार्दी हुन्छ भन्ने पनि कतिले भन्ने गरेको उनले बताए। ०६८ सालमा लिम्बू भाषामा अनौपचारिक शिक्षा कक्षा सञ्चालन गरौँ भनी जिल्ला शिक्षा कार्यालयले आग्रह गर्दा लिम्बू समुदायकै कोही पनि उक्त कक्षा लिन तयार नभएको अनुभव सुनाउँछन् जिल्ला शिक्षा कार्यालय पाँचथरका विद्यालय निरीक्षक

नारायण निरौला। प्रगतिशील प्रावि रानीटार गाविस-३ का प्रधानाध्यापक विष्णुप्रसाद धिमिरे मातृभाषामा शिक्षा दिएर ठूलो उपलब्धि नहुने बताउँछन्। बरु अङ्ग्रेजी भाषामा शिक्षा दिए राम्रो हुने उनको भनाइ छ।

११. निष्कर्ष

पाँचथर जिल्लामा विभिन्न दश आदिवासी जनजातिको बसोबास भए पनि थौरै भाषामा मात्र मातृभाषामा विद्यालय तहमा अध्यापन भएको पाइयो। मातृभाषा शिक्षा व्यवस्थित भएको पाइएन। जिल्लामा कति विद्यालयमा कुन भाषा कति विद्यार्थीहरू अध्ययन गरिरहेका छन् भन्ने पनि सही तथ्याङ्क सरकारी निकायसँग भएको देखिँदैन।जातीय सङ्गठनहरूका तथ्याङ्कमा पनि एकरूपता भएको पाइँदैन।

मातृभाषा शिक्षाका लागि सरकारी निकायले पाठ्यक्रम बनाउने भन्दा बढी अरु केही लगानी गरेको देखिदैन। मातृभाषामा शिक्षणका लागि सरकारले दरबन्दीमा शिक्षक राख्न सकेको छैन। दक्ष शिक्षक पाउन कठिन छ। कतिपय समुदायमा सो समुदायको शिक्षक नहुँदा र स्थानीयस्तरमा शिक्षक व्यवस्था पनि गर्न नसक्दा पठनपाठन हुन सकेको छैन। मातृभाषामा पठनपाठन भइरहेका ठाउँमा पनि प्रभावकारी बन्न सकेको अवस्था छैन। मातृभाषा शिक्षामा सरकारी उदासिनता देखिन्छ। नीतिगतरूपमा भन्दा पनि समुदायको पहलमा मात्र मातृभाषामा शिक्षा विभिन्न विद्यालयहरूमा सञ्चालन भएकाले यसको स्थायित्व जुनसुकै बेला सङ्कटमा पर्नसक्ने खतरा देखिन्छ।

दक्ष शिक्षक कुनै पनि मातृभाषाका पाइँदैन भने पढाइरहेका शिक्षक शिक्षिकाहरूलाई सरकारी निकायले क्षमता अभिबृद्धिका लागि कुनै पहल गरको छैन। न अभिमुखीकरण छ, न त तालिम नै। केवल आफ्नै तरिकाले शिक्षकले मातृभाषामा पढाउनुपर्ने बाध्यता रहेको छ। कतिपय शिक्षकलाई त आफूले पढाउने भाषाकै राम्रो ज्ञान नभएको पनि पाइयो। यसले अवश्यै पनि राम्रो प्रतिफल दिँदैन्। योग्यता पुगेका, दक्ष तथा तालिमप्राप्त शिक्षकले मात्र सम्बन्धित भाषामा उपयुक्त तवरले पढाउन सक्छन र उनीहरूले पढाएका विद्यार्थीले सोहीअनुरूप प्रगति गर्न सक्दछन्। तर शिक्षा दिने क्रममा यी सबाललाई ध्यान दिइएन भने यसको नकरात्मक असर पनि पुग्न सक्दछन्, त्यसतर्फ सबैले ध्यान दिनु आवश्यक छ।

कुनै पनि कार्यक्रमको नियमितरूपमा अनुगमन भए मात्र कार्यक्रमलाई परिष्कृत र परिमार्जितरूपमा अघि बढाउन सकिन्छ तर मातृभाषा शिक्षाका सबालमा अहिलेसम्म जिल्ला शिक्षा कार्यालयले अनुगमन गरेको पाइएन। एउटा विद्यालयमा मात्र विद्यालय व्यवस्थापन समितिले अनुगमनका लागि स्थानीयस्तरमायसै वर्ष समिति गठन गरेको पाइयो। यसबाट पनि के थाहा हुन्छ भने मातृभाषा दिइँदै गरेको शिक्षाका लागि सरोकारवाला निकायको ध्यान गएको छैन। यसमा मातृभाषामा बनाइएका पुस्तकहरू अध्यापन गराउने ठाउँको स्थानीय परिवेशअनुसारको नभएको पाँचथरका शिक्षाकर्मीको भनाइ रहेको पाइयो। भाषा शिक्षक नपाएकै कारण कतिपय विद्यालयमा मातृभाषामा शिक्षण गराउँदै गरेको भए पनि अर्को वर्षदेखि बन्द गर्नुपर्ने अवस्था छ। मातृभाषा शिक्षा सञ्चालनका लागि पूर्वाधार तयार गर्नु नितान्त आवश्यक छ।

मातृभाषामा शिक्षा प्रदान गर्दा सम्बन्धित भाषा तथा संस्कृतिको संरक्षण हुने तथा सम्बन्धित भाषिक समुदायको पहिचान हुने कुरा निश्चित छ। मातृभाषामा आकर्षण बढाउनका लागि त्यस क्षेत्रको भविष्य सुनिश्चित हुनुपर्ने पाँचथरका शिक्षाकर्मीको मत छ। जसरी अङ्ग्रेजी र हिब्रूलगायतमा भाषा नेपालीहरूले व्यवासायिक तथा रोजगारी प्रयोजनका लागि सिक्ने गर्दछन्, त्यसैगरी मातृभाषा सिक्दा भविष्यमा निश्चित प्रयोजनका लागि काम लाग्छ भनेर देखाउन नसक्दासम्म मातृभाषाप्रति आकर्षण नहुने जिल्लामा मातृभाषा शिक्षामा काम गर्दै आएका भुक्तभोगीहरू बताउँछन्। यसका लागि मातृभाषा शिक्षाका लागि स्पष्ट नीति बनाएर, सोही अनुरूप बजेट व्यवस्था गरी पूर्वाधार निर्माण गर्न राज्यले ध्यान दिन सकेको छैन।

१२. सुझाव

मातृभाषा शिक्षाका लागि सरकारले स्पष्ट दीर्घकालीन निति बनाउनुपर्ने जरुरी देखिन्छ। सरकारले आवश्यक पूर्वाधारको व्यवस्था गरी सम्बन्धित निकायले नियमितरूपमा मातृभाषा शिक्षासम्बन्धी सम्पूर्ण पक्षको अनुगमन गर्नुपर्ने आवश्यकता छ। मातृभाषाको पाठयक्रम स्थानीय परिवेश सुहाउँदो तथा मौलिक बनाउनुपर्ने देखिन्छ भने पाठ्यपुस्तक तथा शैक्षिकसामग्री स्थानीय अनुभवको आधारमा निमार्ण गर्नु पर्दछ। सबै मातृभाषाको लिपी, शब्दकोश,

व्याकरणसम्बन्धी पुस्तक प्रकाशन हुनु नितान्त जरुरी छ। मातृभाषामा साङ्केतिक भाषा तथा ब्रेललिपी पनि बनाउन आवश्यक देखिन्छ। त्यसैगरी मातृभाषा शिक्षकको दरबन्दी आवश्यकताअनुसार व्यवस्था गरिनु पर्दछ भने मातृभाषाका लागि दक्ष शिक्षकको व्यवस्था गरी सोहीअनुरूप नियमितरूपमा क्षमता अधिवृद्धि गरिनु पर्दछ। जुन भाषामा मातृभाषामा शिक्षा दिइँदै आएको छ, त्यो समुदायका शिक्षाकर्मीहरूलाई नीतिनिर्माण तथा कार्यान्वयन तहमा सहभागी गराइ मातृभाषासम्बन्धी नीति, नियम बनाउँदा त्यो प्रभावकारी हुने देखिन्छ। समग्रमा गर्नुपर्छ। राज्यले मातृभाषामा आधारभूत शिक्षा प्रदान गर्न आफ्नो भूमिका प्रबल रूपमा निर्वाह गर्नु जरुरी छ।

परिच्छेद

५

अध्ययन प्रतिवेदन

५.२ रौतहटमा दाइजोका कारण भएका महिला हिंसा

१. पृष्ठभूमि

सामान्यतया दाइजो भन्नाले विवाहको क्रममा केटा पक्षले केटी पक्षबाट लिने नगद वा जिन्सी समानलाई बुझिन्छ। तर, मुलुकी ऐन २०२० को स्त्री अंश धनको महल अन्तर्गत ४ नम्बरमा स्वास्नी मानिसलाई माइती मावली पट्टिका नातेदार इष्टमित्रहरूले दिएको चल अचल र त्यसबाट बढे बढाएको सम्पत्ति दाइजो ठहर्छ भनी परिभाषित गरिएको छ। नेपाली समाजमा दाइजो प्रथाको सुरुवात माइती पक्षले प्रेमको चिनोको रूपमा छोरीज्वाइँलाई दिने नगद वा जिन्सी उपहार प्रक्रियाबाट सुरु भएको देखिन्छ। स्वेच्छिक रूपमा माइती पक्षले दुलहा पक्षलाई उपहार दिने यो संस्कारले कालान्तरमा केटीपक्षसँग केटापक्षले विवाह गरेवापत सौदावाजी गरी लिने सम्पत्तिको रूप धारण गऱ्यो। ऐतिहासिक रूपमा तत्कालिन राजा महाराजाहरूले छोरी बहिनीको विवाह गर्दा केटा पक्षलाई सम्मान दर्शाउन ठूलो धनराशी खर्च गर्ने र बहुमूल्य हिरा जुहारत र सुसारेसमेत दाइजोको रूपमा पठाउने गरेको मानिन्छ। विस्तारै यो प्रथा कुलिन वर्ग हुँदै सामान्य जनताको समेत संस्कार बन्यो।

दाइजो प्रथा पहाडको तुलनामा तराई मधेसमा बढी पाइन्छ। दाइजोका कारण हुने हिंसा पहाडी भन्दा मधेसी समुदायमा बढी छ। दाइजाकै कारणले हुने घरेलु हिंसाको स्वरूप र तथ्याङ्क पनि कहालिलाग्दो पाइन्छ। इन्सेकको तथ्याङ्क अनुसार सन् २०११ मा दाइजोकै कारण १३ महिलाको हत्या भयो जसमा आठओटा घटना रौतहटमा भए। सन् २०१० मा रौतहटमा दाइजोको कारण मारिने महिलाको सङ्ख्या पाँच थियो भने २००९ एक थियो। यस वर्ष पनि रौतहटमा दाइजोको कारण एक महिलाको हत्या भयो।

मधेसमा दाइजोको कारणले बढदै गएको महिला हिंसाको सम्बन्धमा रौतहट जिल्लालाई नमुना मानेर इन्सेकले यो अध्ययन गरेको हो।

२. अध्ययनको उद्देश्य

सन् २००८देखि सन् २०१२ सम्म दाइजोका कारण महिलामाथि हुने हिंसाको अवस्था पहिचान गरी पीडितको न्यायमा पहुँचको अवस्था बारेमा जानकारी लिने, यससम्बन्धमा जिल्लाका सरोकारवालाको सक्रियता तथा कदम बारे बुझ्ने, दाइजोका कारण उत्पन्न समस्या न्यूनीकरणका उपाय पहिचान गर्ने तथा दाइजोका कारण समाजमा पारेको प्रभावबारे विश्लेषण गर्ने।

३. अध्ययनको औचित्य

संयुक्त राष्ट्र सङ्घले सन् १९४८ डिसेम्बर १० मा जारी गरेको मानवअधिकारसम्बन्धी विश्वव्यापी घोषणापत्रको धारा १६ मा महिला र पुरुषको समान अधिकारको सुनिश्चित गरिएको छ। महिलाविरुद्ध हुने सबै प्रकारको भेदभाव उन्मूलन गर्ने महासन्धि १९७९ ले महिलाको हक अधिकारलाई सुनिश्चित गरेको छ। यो महासन्धिलाई नेपालले अनुमोदन गरिसकेको अवस्थामा महिलाहरूको हक अधिकार र सम्मानित रूपले बाँच्ने अधिकार सुनिश्चित गर्नुपर्ने हुन्छ।

महिला हिंसाविरुद्धको घोषणापत्र सन् १९९३ ले महिला विरुद्धको हिंसाको परिभाषा विस्तृतरूपमा गरेको छ। घोषणापत्रको धारा २ ले महिलाहरूको नागरिक, आर्थिक, सामाजिक तथा साँस्कतिक अधिकारहरूको पहिचान गर्दै सुरक्षा र अधिकार सुनिश्चित गरेको छ। बेइजिङमा सन् १९९५ मा सम्पन्न महिलासम्बन्धी विश्व सम्मेलनले सबै महिलाहरू विशेषत: पिछडिएका महिलाहरूको अवस्थामा सुधार गर्नुपर्ने कुरामा जोड दिएको छ।

नेपालको अन्तरिम संविधान, २०६३ को धारा १३(२) मा सामान्य कानूनको प्रयोगमा कुनै पनि नागरिकमाथि धर्म, वर्ण, लिङ्ग, जात, जाति, उत्पत्ति, भाषा वा वैचारिक आस्था वा ती मध्ये कुनै कुराको आधारमा भेदभाव नगरिने उल्लेख छ। नेपालको अन्तरिम संविधान, २०६३ को धारा २० (३) मा पनि सोही अनुसारको व्यवस्था छ। सामाजिक व्यवहार (सुधार) ऐन २०३३ को दफा ५(२) मा विवाह हुँदा जिउमा लगाएको एकसरो गहना बाहेक आफ्नो कुल परम्परा अनुसार राजीखुशीले दिनेले बढीमा १० हजार रुपियाँसम्मको मात्र दाइजो दिन पाउने व्यवस्था गरेको छ।

यसरी कानुनत बन्देज लगाएको लामो समय बितिसक्दा पनि दाइजो प्रथा निरुत्साहित हुनुको सट्टा यो झन फैलँदै गएको पाइन्छ। हरेक वर्ग, जाति र समुदाय कुनै न कुनै रूपमा यो समस्याबाट आक्रान्त छ। कानुन पालना गराउने निकायका जिम्मेवार व्यक्तिहरूले समेत दाइजो विरुद्धको कानुनलाई बेवास्ता गर्दै दाइजोको लेनदेन गरेको पाइन्छ। संविधानले कानुनत: सबै समान भनिसकेको अवस्था र छोरीले पनि छोरासरह पैतृक

सम्पत्तिमा अधिकार राख्ने संवैधानिक 'ग्यारेण्टी' भइसकेको अवस्थामा समेत सम्पत्ति वा दाइजोकै कारण बढ्दो महिला तथा घरेलु हिंसा र हत्यासम्मको घटना हुनु एक्काइसौं सताब्दीको समाजको लागि लज्जाको विषय र सभ्य समाजमाथिको कलङ्क हो।

विशेषगरी तराईका जिल्लाहरू दाइजोको समस्याबाट आक्रान्त छन्। त्यसमा पनि पछिल्ला वर्षहरूको तथ्याङ्कहरूले रौतहट जिल्लामा यसको असर भयावह देखिएको छ। शिक्षामा समेत नेपालको सबैभन्दा पछाडि परेको मध्य तराईमा अवस्थित रौतहट जिल्ला धार्मिक, जातीय, भौगोलिक आदि विभिन्न कारणले विविधता भएको जिल्लो हो। पछिल्लो जनगणना ०६८ अनुसार रौतहटको जनसङ्ख्या ६ लाख ८६ हजार ७ सय २२ छ। जसमा पुरुषको जनसङ्ख्या ३ लाख ५१ हजार ७९ र महिलाको ३ लाख ३५ हजार ६ सय ४३ छ। सो जनगणना अनुसार रौतहट नेपालको ७५ जिल्लामध्ये सबैभन्दा बढी निरक्षर रहेको जिल्ला हो। ४१.७ प्रतिशत साक्षरता रहेको यस जिल्लामा पुरुष ६१.५ प्रतिशत र महिला ३८.५ प्रतिशतमात्र साक्षर छन। जब एक देशमा हाल महिला साक्षरता ५७.४ प्रतिशत पुगेको छ। घरेलु हिंसा जहाँ साक्षरता कम हुन्छ, चेतना कम हुन्छ र गरिबी बढी हुन्छ, त्यहीं हुने गर्छ। कुरीति र कुसंस्कार पनि अज्ञानता र चेतना कम भएकै ठाउँमा हुने गर्छ। तसर्थ तराई मधेसको प्रतिनिधिमूलक जिल्लाको रूपमा चित्रण गरी अध्ययनका लागि रौतहट जिल्ला छनौट गरिएको हो। सामाजिक कलङ्ककको रूपमा रहेको दाइजो कुप्रथालाई निरुत्साहित गर्न सरोकारवालाको ध्यानाकर्षण गराउने अपेक्षाका साथ यो अध्ययन गरिएको हो।

४. अध्ययनविधि

रौतहट जिल्लामा दाइजोका कारण महिलामाथि हुने हिंसा घटनाहरूको पहिचान र त्यसको न्यूनीकरणका उपायका बारेमा पीडित परिवार, सरकारी निकायका प्रतिनिधि, राजनीतिक दल र महिला अधिकारका क्षेत्रमा कार्यरत अधिकारकर्मीहरूसँग भेटघाट तथा छलफल गरिएको थियो। यसैगरी यस सम्बन्धमा प्रकाशित समाचार, पुस्तक, प्रतिवेदन र घरेलु हिंसासँग सम्बन्धित ऐन, कानुन र पुस्तक तथा लेखहरूलाई पनि अध्ययनसामग्रीको रूपमा प्रयोग गरिएको छ।

५. अध्ययनको सीमा

यो अध्ययन मूलत दाइजोका कारण महिलामाथि हुने हिंसामा आधारित छ। अध्ययन क्षेत्र तराईको रौतहट जिल्लामा केन्द्रित भएकाले यस प्रतिवेदनमा संलग्न तथ्याङ्क, उदाहरण र सरोकारवालाको भनाइहरू रौतहट जिल्लाको मात्र लिइएको छ। अध्ययनले दाइजोका कारण हुने हिंसा बाहेकका महिला हिंसाका स्वरूपलाई सम्बोधन गरेको छैन।

६. दाइजो प्रथा र समस्या

दाइजो प्रथाले अहिले बाध्यात्मक लेनदेनको रूप लिन थालेको छ। यसले दाम्पत्य जीवन तहस नहस पार्ने मात्र हैन घरेलु हिंसालाई पनि बढाएको छ। परिवारमा छोरा जन्मिएपछि भोजभतेर गरी खुसीयाली मनाउने र छोरी जन्मदा दुःखी हुने चलनसमेत छ। छोरी जन्मनुलाई अभिशापको रूपमा हेर्ने चलनले गर्दा सुत्केरी अवस्थामा हुने स्याहार सुसारमा समेत विभेद हुने गरेको छ। छोरीलाई बोझ मान्ने संस्कारका कारण लिङ्ग पहिचान गरेर भ्रुण हत्या गर्ने क्रम हवात्तै बढेको समाचार सार्वजनिक भइरहेका छन्। छोरीहरू गर्भमै मारिन थालेका छन्। यसले कालान्तारमा समाजमा निम्त्याउने लैङ्गिक असन्तुलनको परिणामले सामाजिक विचलन पैदा हुने खतरा पनि त्यतिकै छ।

दाइजो प्रथाका कारण गरिबका छोरीहरूलाई हेयको दृष्टिले हेर्ने गरिन्छ। शिक्षित र धनी वर्गमा दाइजोको प्रचलन झनै बढी छ। छोरा जति शिक्षित र सम्मानित पेशामा भयो, त्यति नै बढी दाइजो दिनुपर्ने चलन पनि छ। मधेसमा केटाको शैक्षिक योग्यता र पेशाको आधारमा दाइजो दावी गर्ने गरिन्छ। दाइजोले समाजमा देखासिकी रूप लिँदा यसलाई सामाजिक प्रतिष्ठासँग पनि जोड्न थालिएको छ।

दाइजोका कारण धेरै वैवाहिक जोडीहरू विवाहको पहिलो रातमा नै हिंसाको रूपमा उत्रिएका छन्। कतिपय सम्बन्धहरू टुक्रिएका छन्, कतिपय सम्बन्धहरू महिलाले हिंसा खपेर जबरजस्ती टिकाएका छन्। कतिपय महिलाले दाइजोकै कारण अङ्गभङ्ग हुनुपरेको छ, त कतिपयले ज्यान नै गुमाएका छन्। बढदो बहुविवाहका धेरै कारणमध्ये दाइजो पनि एक कारण बनेको छ। अनमेल विवाह र बालविवाहको कारण पनि बनेको छ दाइजो। उमेर र स्तरमिल्दो केटा खोज्दा दाइजो धेरै दिनुपर्ने बाध्यताले कतिपय अनमेल विवाह भएका छन्। गरिब परिवारले छोरीलाई

नपढाउनुको कारण पनि दाइजो नै हो। पढाउदा पनि खर्च हुने र विवाह गर्दा दाइजोमा पनि खर्च हुने भएकाले दोहोरो खर्च किन गर्ने भन्ने मानसिकताले छोरीलाई पढाउनमा खर्च नगर्ने प्रचलन पनि छ। माबि र उमाबि तहमा पुगेपछि विद्यालयमा घटदो छात्राको सङ्ख्याले पनि यसको पुष्टि गर्दछ।

७. दाइजो र घरेलु हिंसा

एकै घरपरिवारका व्यक्ति वा व्यक्तिहरू वा अन्तरवैयक्तिक सम्बन्धका व्यक्तिहरूबाट हुने शारीरिक कुटपिट, अपहरण, धम्की, धोखा, आफ्नो अनुचित दबाब वा कब्जामा राख्ने, मौखिक दुरूपयोग, बलपूर्वक वा गैरकानुनी प्रवेश, आगो लगाउनु, सम्पत्ति नष्ट गर्नु, यौनजन्य हिंसा, वैवाहिक बलात्कार, दाइजोसँग सम्बन्धित हिंसा, महिलाको योनी भगाङ्कुर छेदन, घरेलु कामदारउपरको हिंसा र त्यस्ता कार्यको उद्योग वा प्रयास लगायतका लिङ्गमा आधारित सबैप्रकारका महिला विरूद्धका हिंसा घरेलु हिंसा हुन्।[१]

नेपालको घरेलु हिंसा (कसूर र सजाय) ऐन, २०६६ मा घरेलु हिंसा भन्नाले कुनै व्यक्तिले घरेलु सम्बन्ध भएको अर्को कुनै व्यक्तिलाई दिएको शारीरिक, मानसिक, यौनजन्य वा आर्थिक यातना सम्झनुपर्छ र सो शब्दले गाली गर्ने वा भावनात्मक चोट पुऱ्याउने अन्य कुनै कार्यलाई समेत जनाउँछ।[२]

प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयकै अभिलेख अनुसार नेपालमा ३५ प्रतिशत महिला कुनै न कुनै प्रकारको हिंसा खेपिरहेका छन्। त्यस्तै ६१ प्रतिशत महिलालाई घरेलु हिंसासम्बन्धी कानुनको बारेमा जानकारी नै छैन। गरीबी, अशिक्षा, तनाव, द्वन्द्व, आयमा असमानता, अत्यधिक मदिराको प्रयोग आदिले पनि घरेलु हिंसालाई मलजल गर्छ भनिन्छ। तर यी धेरै कारणमध्येको एक हो दाइजो किनकि शिक्षित-अशिक्षित, धनी-गरिब, शहरीया-गाउँले सबै परिवारमा दाइजोको कारण हिंसा भएको प्रशस्त उदाहरूणहरू पाइन्छन्।

नेपाली महिलामाथि हुने घरेलु हिंसा र उत्पीडनमा दाइजोले (तिलक प्रथासमेत) भयाभव रूप लिन थालेको पाइएको छ। दाइजो चाहे त्यो स्वेच्छाले दिइएको होस् वा बाध्यतावश यो "शब्द पितृसत्तात्मक व्यवस्थामा रहेको महिलाप्रतिको विभेदसँग एकै अर्थ राख्छ। संवेदनहीन र सामान्य प्रभावका कारण दाइजो हिंसाका कारण हुने मृत्युलगायत अन्य हिंसात्मक कार्य महिलाको श्रमको न्यून मूल्य र विवाहको उच्च मूल्य भई माइतीपक्षका लागि एक दायित्व र घरका लागि एक सम्पत्ति बनाउने प्रवृत्ति हो। छोटकरीमा भन्दा यो शब्द महिलाका लागि तल्लो स्थानको मानक हो।

स्वेच्छाले उपहारको रूपमा दाइजो दिने सामान्य प्रचलन पूर्व, पश्चिम, गरीब, धनी सबै मुलुकमा रहेको पाइन्छ। तर, आर्थिक लाभका दृष्टिले विवाह र दाइजोको उपयोग गर्ने चलन भने दक्षिण एसियाका भारत बङ्गलादेश, पाकिस्तान, नेपाल, श्रीलङ्कामा पाइन्छ। भारतमा सन् २०१० मा मात्र ८ हजार जनाभन्दा बढी महिलाहरू दाइजोकै कारण मारिएका र ९० हजारभन्दा बढी दाइजोजन्य हिंसाबाट आक्रमित भएको भारतको नेशनल क्राइम रेकर्ड ब्यूरो NCRB को तथ्याङ्कमा उल्लेख थियो।[३] भारतसँग सीमा जोडिएका र परम्परागत सम्बन्धका कारण नेपालको तराईमा दाइजोको प्रचलन बढी नै हुने गरेको मान्न सकिन्छ। तराईमा "श्रीमान र उनको घरपक्षले मागेजति रकम या सरसामान दिन नसक्दा धेरै महिला हिंसाको शिकार भएका तथा कतिले जीवन गुमाएका छन्।[४] दाइजोजन्य हिंसा मधेसमा मात्रै सीमित छैन। यसको फैलावट उकालो लाग्दै छ। अपितु पहाडी क्षेत्रमा त्यसको सङ्ख्या कम छ।[५]

८. दाइजो प्रथाको वर्तमान अवस्था

हाल देशैभर महिला हिंसा र घरेलु हिंसाका घटनामा वृद्धि भएका छन्। घरेलु हिंसाका कारणमध्ये दाइजो मुख्य कारण बनेको छ। दाइजोका कारण अहिले पनि महिलाहरू नरकीय जीवन बिताउन बाध्य छन्।

---

१. Dr Arajoo Deuba, *Domestic violence & Human Rights,-ed.)*, Hiramani Ghimire, कामाद CAMAD, A Journal of Adiministration , Management & Development, vol. 2 No. 1, April 1999, pp1-2.

२. घरेलु हिंसा (कसुर र सजाय) ऐन, २०६६ को दफा २ (क)

३. *http://pib.nic.in/newsite/PrintRelease.aspx?relid=78178*

४. देव, श्रवणकुमार। 'कुप्रथा दाइजोको' *http://www.himalkhabar.com/news.php?id=220*

५. झा, हरिवंश। नेपाल ल्फर्टस विथ डोरी , *www.hinduismtoday.com/modules/smartsection.item.php?itemid=4226*

मध्ययुगीन दास समाज झैं एउटी छोरीले विवाहका लागि विक्रीको शैलीमा नगद र जिन्सीमा मोलमोलाई हुनुपर्ने अवस्था छ। दाइजो प्रथाविरुद्ध ऐन बनेको चार दशक हुन लाग्दा पनि यसको कार्यान्वयन हुन सकेको छैन। नेपालको संविधान, राष्ट्रिय अन्तर्राष्ट्रिय सन्धि महासन्धिमार्फत सरकारले महिलाको मर्यादित जीवनप्रति प्रतिवद्धता जनाएको भएता पनि व्यवहारत यो लागु हुन सकेको छैन। राजनीतिक दलका नेता, प्रशासक र सामाजिक अगुवासमेत दाइजो माग्नबाट अछुतो छैनन्। सामाजिक सुधार र महिला अधिकारको बारेमा प्रशिक्षण दिएर हिडनेहरूबाट समेत भडकिलो विवाह गर्ने र दाइजो लेनदेन गर्नेक्रम जारी छ। विवाहमा धेरै दाइजो लिनुदिनु र ठूलो भोजभतेर गर्नुलाई सामाजिक प्रतिष्ठासँग जोडेर हेर्ने चलन छ। सिद्धान्तत: सबै राजनीतिक दल, सामाजिक सङ्घसंस्था तथा व्यक्तिहरु यसको विरुद्धमा देखिए पनि व्यवहारमा त्यो कार्यान्वयन हुन सकेको छैन।

तराइको मधेसी समुदायमा दाइजोको असर अझ विकराल छ। विवाह पूर्व नै केटा पक्षले केटीको जीवनलाई पैसामा मोलमोलाई गर्ने चलन छ। दुवै पक्षबाट दाइजो बढाउने घटाउने दलालीसमेत चल्छ। विवाहमा केटा पक्षका मानिस (जन्ती) लाई दुई/तीन दिनसम्म मिष्ठान्न भोजन खुवाएर राख्नुपर्ने प्रचलन पनि छ। अर्कोतर्फ मुलुकी ऐन २०२० को स्त्री अंश धनको महलको ५ नम्बरले दाइजोमा महिलाको पूर्ण हक रहने, त्यसमा आफ्नो खुशी गर्न पाउने व्यवस्था गरेपनि दाइजोमा पाएकै सामानमाथि पनि केटीको पूर्ण भोगचलनको अधिकार हुदैन। त्यसको भोगचलनको पहिलो अधिकार घरपरिवारका मान्छे र पतिमा हुने गर्छ। दाइजो लेनदेनको कुरा गर्दा केटा पक्षले केटीलाई पनि मूल्यवान धातुका गरगहना र कपडाहरू दिने चलन छ। तर केटीपक्षले यस्तो समान कति लिने भनेर दाबी गर्दैनन्। केटीले पाउने समान केटापक्षको स्वविवेक र इच्छामा भरपर्छ तर केटी पक्षले दिने समानमा भने केटापक्षले माग दाबी नै गर्छन। मधेसी समुदायमा केटी पक्षले समयसीमा तोकेर उधारोमा दाइजो दिने चलन पनि छ। त्यसरी तोकिएको समयमा माइती पक्षले दाइजो दिन सकेनन् भने पनि त्यसको पहिलो सिकार विवाह भएर गएकी चेलीले खेप्नुपर्छ। यसरी तोकिएको समयमा कबुल गरेबमोजिमको दाइजो नपाएको कारण महिलाको हत्या गरिएका उदाहरण प्रशस्त छन्। दाइजो दिन नसक्ने पक्ष सधै गरिब वा कमजोर हुने भएकाले दाइजोका कारण भएका हिंसाका कतिपय घटना सार्वजनिक समेत हुँदैनन्।

९. विद्यमान कानुन र यसको प्रभावकारिता

नेपालमा महिलाको हत्या, कुटपिट, दुर्व्यवहार, बालविवाह, बहुविवाह, सम्बन्धविच्छेद, बोक्सीको आरोप आदि दाइजोको कारणसमेत हुने गरेका छन्। दाइजोका कारण मर्यादित जीवन जिउन पाउने महिलाको नैसर्गिक अधिकार हनन् हुने गर्दछ। सामाजिक व्यवहार सुधार ऐन २०३३ ले नेपालमा पहिलो पटक दाइजो लेनदेनलाई निषेध गर्दै यसलाई दण्डनीयसमेत बनाए पनि यो ऐन कार्यान्वयन हुन सकेको छैन। नत सरकारले यो ऐनमा समयसापेक्ष सुधार गर्न सकेको छ वा खारेज गर्न नै। यसबाहेक, नेपालका अन्य ऐन कानुनले दाइजोका कारणबाट नै हुने हिंसा वा दाइजोको लेनदेनलाई निषेध गर्नेगरी कानुनी व्यवस्था गरेको छैन। तर महिला अधिकार सम्बन्धी बनेका विभिन्न ऐन, नियम, विनियमले महिलाको मर्यादित जीवनको अधिकारको सुनिश्चित गरेका छन्। दाइजोको कारण हुने हिंसालाई घरेलु हिंसा नियन्त्रण ऐन २०६६ अन्तर्गत नै सम्बोधन गर्ने गरिएको छ। नेपालको अन्तरिम संविधानले समेत सामान्य कानुनको प्रयोजनका लागि कसैमाथि पनि विभेद गर्न नपाउने प्रत्याभूत गरेको छ। यो अवस्थामा महिला भएकै कारण दाइजोका कारण खेप्नुपरेको हिंसा सामाजिक अपराध हो।

घरेलु हिंसाको मूल कारक रहेको यो प्रथा नभएको वा कम भएको समुदायमा घरेलु हिंसा पनि तुलानात्मक कम हुने गरेका छन्। दाइजोका कारण हिंसा खेप्न बाध्य परिवार आर्थिक रूपमा प्राय: कमजोर नै हुन्छ। यसरी हिंसामा परेकाहरूको न्यायिक प्रक्रियाका लागि जाने पहिलो ठाउँ प्रहरी नै हो। पीडितले न्यायका लागि प्रहरीमा उजुरी गरेपछि अनुसन्धानको दायित्व प्रहरीको हुन्छ। घटनाको प्रकृति अनुसार प्रहरीले विभिन्न ऐन अनुसार कारबाही अगाडि बढाउनुपर्ने हुन्छ। तर, नेपालमा प्रहरीसमक्ष पुगेका अधिकांश घटना प्रहरीले मेलमिलाप गराउने गरेको पाइन्छ।

घरेलु हिंसाका घटना सार्वजनिक हुँदा आफ्नै बेइज्जत हुन्छ भन्ने मानसिकताले गर्दा प्रथमत महिलाले यस्ता घटना बाहिर ल्याउने हिम्मत गर्दैनन्। उनीहरू घरभित्र यातना सहेर बसेका हुन्छन तर, ती

कुरा बाहिर आउँदैनन्। ग्रामिण भेगम चेतनाको कमी र सम्पन्न परिवारमा कथित सामाजिक प्रतिष्ठाका कारण घटना बाहिर नल्याउन दबाब हुन्छ। घटना सार्वजनिक गर्दा थप असुरक्षा भोग्नुपर्ने कारण पनि महिलाले यस्टा घटना सार्वजनिक गर्दैनन्। दोस्रो कुरा घटना सार्वजनिक गर्ने हिम्मत गरेर प्रहरीमा जानेहरूलाई प्रहरीले पारिवारिक घटना घरमै मिलाउन भन्दै हतोत्साहित गर्ने गरेको पनि पाइन्छ। प्रहरीमा जाहेरी दर्ता भएकै घटनामा पनि अपवाद बाहेक प्रहरीले दुवैपक्षलाई उपस्थित गराएर मिलापत्र गराउने नै काम गर्छ। कानुनी प्रक्रियामा गएका घटनामा पनि पीडित पक्ष कमजोर भइदिँदा उसको पक्षमा बयान दिने साक्षीको अभाव हुने गर्छ। न्यायिक प्रक्रियामा हुने राजनीतिक हस्तक्षेप पनि पीडितले न्याय नपाउने कारण बन्न पुग्छ।

१०. दाइजोसम्बन्धी कानुन परिवर्तनमा भएको पहल

मुलुकी ऐनमै परम्परा अनुसार १० हजार रुपियाँ दाइजो दिन पाइन्छ भन्ने शब्दले महिलामाथि गम्भीर हिंसा भएको भन्दै कन्सोर्टियम फर वोमेन राइट्सका तर्फबाट अधिवक्ताहरू ज्योति लम्साल, सानु लक्ष्मी गसी, ज्ञानी महर्जन र रचना श्रेष्ठले सर्वोच्चमा रिट दायर गर्नुभएको थियो। ऐनमा रहेको प्रावधानको सट्टा निजी सम्पति हुनुपर्ने माग गर्दै सर्वोच्चमा रिट दायर भएको थियो।[६] सामाजिक व्यवस्था (सुधार) ऐन २०३३ को दफा ५ (२) मा आफ्नो कुल परम्परा अनुसार १० हजारसम्म दाइजो दिन पाइने व्यवस्था छ। उक्त ऐन अन्तरिम संविधान २०६३ को धारा २०(३) सँग बाझिएको भन्दै ऐनबाट दाइजो शब्द हटाई निजी सम्पति राख्ने व्यवस्था गर्न रिटमा माग गरिएको थियो। दाइजो प्रथाविरुद्ध भएको कानुन प्रभावकारी हुन नसकेको भन्दै दाइजोसम्बन्धी अपराधलाई गम्भीर प्रकृतिको अपराध मानेर कडा बनाउन र कार्यान्वयन गराउन माग गरिएको थियो। सो रिटका सम्बन्धमा सर्वोच्च अदालतले सो ऐनमा समयसापेक्ष सुधार गर्नु भनी आदेश दिएको छ। सो ऐनले गरेको प्रावधान कार्यान्वयनमा नआएको फैसलाको पाठमै स्वीकारिएको छ।

११. दाइजो प्रथा सम्बन्धमा सरोकारवालाको भनाइ

रौतहटका महिला सुरक्षा दबाव समूह जिल्ला अध्यक्ष देवकी नेपाल यो प्रथा उन्मूलनका लागि राजनीतिक तहबाट चेतनामूलक कार्यक्रम ल्याउन पर्ने तथा प्रभावकारी कानुनको लागु गर्नुपर्ने बताउँछिन्। सामुदायिक प्रहरी कार्यालय, चन्द्रनिगाहपुरका असई रामशरण गौतमले सम्पतिप्रतिको लोभ र मोहले यो प्रथाले व्यापकता पाएकै कारण हत्या हिंसाका घटना हुने गरेको बताए। जिल्ला प्रहरी कार्यालयको महिला तथा बालबालिका सेवा केन्द्रकी इन्स्पेक्टर रूपा लाबुङ्ग दाइजो प्रथा न्यूनीकरणका लागि संस्कारमा परिवर्तन हुनुपर्ने बताउँदै दाइजो प्रथा न्यूनीकरणका लागि अन्तरजातीय विवाहलाई प्रोत्साहन र बसोवासमा विविधता अपनाउनु पर्ने उनको मत छ। एमाओवादी नेता वीरध्वज वाइवा दाइजोका प्रथा न्युनीकरणका लागि राज्यले पाहिला चाल्नु पर्ने बताउँछन्।

नेपाली काङ्ग्रेस जिल्ला उप-सभापति अनन्त कोइराला विवाहलाई सम्पत्ति लेनदेनको विषय बनाइँदा यसले हिंसाको रूप लिएको बताउँछन्। मधेसी जनअधिकार फोरम नेपाल (लोकतान्त्रिक) जिल्ला अध्यक्ष अजयकुमार गुप्ता विगतका तुलनामा घटनाहरूमा कमी आए पनि दाइजो बिना विवाह हुनसक्ने अवस्था अझै नभएको बताउँछन्। महिला हिंसा बढ्नुमा प्रमुख कारण दाइजो हो। सद्भावना पार्टीका नेता श्रीमननारायण मिश्र दाइजो प्रथालाई न्यूनीकरण गर्न महिलालाई रोजगारीमा आरक्षण, अशिक्षितलाई आर्थिक प्याकेजसहित शिक्षामा सहयोगको आवश्यक रहेको बताउँछन्।

१२. अध्ययनबाट प्राप्त तथ्यहरू

रौतहटमा दाइजोका कारण विगत चार वर्ष (२००९ देखि २०१२ सम्म) मा १५ जना महिलाको हत्या भएको पाइयो। सन् २००९ मा एक जना, सन् २०१० मा पाँच जना, सन् २०११ आठ जना र सन् २०१२ मा एक जना गरी १५ जनाको हत्यो भएको थियो। दाइजोको कारण सन् २००८ मा दुई जना, सन् २०१२ मा एक जना गरी कुल तीन जनामाथि कुटपिट भएको थियो। सन् २०१० मा दाइजोको कारण एक

६. 'दाइजोसम्बन्धी छुट्टै कानुनको मागसहित सर्वोच्चमा रिट'
http://www.nepaldubai.com/read.php?ZEc5d2FXTTlhR1ZoWkd4cGJtVnpKbUZ0Y0R0cFpEMHhPRE16TkE9PQ==

जना महिलालाई बेपत्ता पारिएको थियो।

हत्याका अधिकांश घटनामा पीडित र आरोपित परिवारको मिलोमतोमा मुद्दाहरूमा बयान बदल्ने गरेका कारण हत्या घटनाका आरोपित अदालतको आदेशमा साधारण तारेखमै रिहा भएका देखिन्छन्। त्यसैगरी दुई ओटै कुटपिट घटनामा मिलपत्र भएको देखिन्छ।

दाइजोका कारण भएका हत्याका घटनाहरू मध्ये गौर नपा-१ की १८ वर्षीया संगितादेवी साह र जोकहा गाविस-७ का २१ वर्षीया सिलादेवी राउतको परिवारले जिल्ला प्रहरी कार्यालयमा जाहेरी नै दिएको पाइएन। जाहेरी नदिएपछि कानुनी प्रक्रिया अगाडि नबढाई मुद्दा नै दर्ता नभएकोले घटनाका आरोपितलाई कानुनको दायरामा ल्याउने काम नभएको जिल्ला प्रहरी कार्यालय मुद्दा फाँटका असई सुखारी साहले बताए। भारत माइत भएर पनि मृतकका परिवार नेपालमा आएर जाहेरी नदिएको हुन सक्ने सरोकारवालाको भनाइ छ।

दाइजो कम दिएकै कारण इनर्वा गाविस-५ की २० वर्षीया बबितादेवी महतोको पतिलगायतका परिवारले मिली घर आँगनमा घिसार्दै कुटपिटपछि धारिलो हतियारले विभत्स तरिकाले हत्या गरी खेतमा खाल्डो खनेर पुरिएको पीडित पक्षले बतायो। उनलाई डेढ वर्षदेखि घरमा विभिन्न यातना दिँदै आएकोमा पटक-पटक प्रहरीमा जाँदा मिलापत्र गरी पुनः सोही घरमा पठाउने गरिन्थ्यो। घटनाको आरोपित मृतकका ससुराले जिल्ला अदालतबाट सफाइ पाए भने पति हालसम्म फरार रहेको प्रहरीको भनाइ छ।

दाइजोका कारण भएका हत्याका अधिकांश घटना मुद्दा अदालतमा पुगेर पनि पीडितले न्याय नपाएको देखिन्छ। पीडित र आरोपित परिवारबीचको सहमतिमा यसो हुने गरेको सरोकारवालाहरूले बताउँछन्। कर्तव्य ज्यानसम्बन्धी मुद्दा प्रहरीले जिल्ला अदालतमा चलाउने, तर पीडित परिवार तथा जाहेरवाला आफ्नो अडानमा नरहदा पीडित परिवारले न्याय नपाउँने प्रहरीको भनाइ छ।

विवाहमा केटा पक्षले माग गरेअनुसारको दाइजो समयमा नदिएपछि परिवारका सदस्यहरूले कुटपिट, घरनिकाला, खान लाउन नदिने जस्ता विभिन्न यातान दिई हत्या गर्ने गरेको पाइएको छ। यसरी यातना दिएर मारिनेमा १८ देखि २७ वर्ष मुनिका महिलाहरू रहेका छन्।

विवाहपूर्व र विवाहपश्चात् गरी किस्ताबन्दीमा समेत दाइजो दिने गरेको पाइयो। विवाहपछि दिने भनिएको दाइजो समयमा दिन नसक्दा हत्या हिंसा भएका घटनाहरू भेटिए। दाइजोकै कारण जिल्लामा भएका घटनाहरूमा स्थानीय राजनीतिक दलको न्यायिक प्रक्रियामा सक्रियता देखिएन। सकभर गाउँमै त्यस्ता घटनाहरू मिलाउने गरेको पाइयो। तराईमा घुँघट प्रथाले पनि महिलाहरूलाई न्याय प्रक्रियामा समस्या भएको पाइयो। महिलाहरू घरबाट बाहिर निस्कनु हुदैन भन्ने सोचले अहिले पनि स्थानीय समुदायमा जरा गाडेको पाइयो। महिला घर बाहिर जान नहुने, पतिको नाम कसैलाई भन्न नमिल्ने, पतिले यातना दिए पनि कमाएर खुवाउने भएकोले सहेर बस्नुपर्ने, पतिलाई देवता (महादेवको अर्को) रूपमा पूजा गर्ने जस्ता अन्धविश्वासले महिलाहरू पीडित हुने गरेको पाइयो।

जनचेतना, शिक्षा तथा कानुन सम्बन्धी ज्ञानको अभावकै कारण महिलाहरू स्थानीयस्तरमा पीडा सहेर बसेको अवस्था छ। सामाजिक कुरीति तथा परम्पराले अल्झेर बसेका उनीहरू हिम्मत गरेर बाहिर आउन नसक्नुले पनि हिंसाका घटनामा बृद्धि भएका छन्। राज्य संयन्त्र तथा कानुन कार्यान्वयन निकाय, राजनीतिक दल, तीनका भातृसङ्गठन र महिला अधिकारको क्षेत्रमा कार्यरत विभिन्न संस्थाहरूले दाइजो प्रथाकाविरुद्ध प्रभावकारी अभियान जिल्लामा सञ्चालन गरेको पाइएन।

जिल्ला प्रहरी कार्यालयको महिला तथा बालबालिका सेवा केन्द्रमा ०६७ साउन १ गतेदेखि ०६९ पुस मसान्तसम्म महिला हिंसासँग सम्बन्धित कर्तव्य ज्यानका १८ वटा मुद्दा दर्ता भएको पाइयो। यसैगरी सोही अवधिमा कुटपिट, बहुविवाह, घरबाट निकाला, खान बस्न नदिएको, गाली गलौंजको १ सय ३२ ओटा उजुरी परेकोमा १ सय १२ उजुरीमा मिलापत्र भएको देखिन्छ। बाँकी मिलापत्र हुन नसकी मातहतमा पठाइएको प्रहरीले जनायो। उक्त अवधिमा बहुविवाहका नौं उजुरी परेकोमा सबैमा मिलापत्र गरिएको पाइयो।

१३. निष्कर्ष

दाइजो प्रथाका कारण रौतहटमा धेरै महिलाले ज्यान गुमाउनु परेको छ भने धेरै महिलामाथि कुटपिट भएको छ। तुलनात्मक रूपमा मधेसी समुदायमा दाइजोको प्रचनल बढी देखिए पनि सबै समुदाय यो प्रथाबाट पूर्णरूपमा अछुतो रहेको देखिदैन। रौतहटमा घरेलु हिंसा र महिला हिंसाका घटना बढनुमा दाइजो

प्रमुख कारण भएको देखिन्छ। दाइजोको कारण महिलाहरु हिंसा खेप्न बाध्य भएका छन्। दाइजो लेनदेनलाई संस्कृतिको रूपमा मानिएकाले यसविरुद्ध कतै उजुरी गर्ने गरेको पाइँदैन। यसका कारण हुने घरेलु हिंसाका घटना कमै मात्र सार्वजनिक हुने गरेको पाइन्छ। सार्वजनिक भएका घटना पनि अधिकांश गाउँस्तरमा र प्रहरीमा पुगेका घटना समेत मिलापत्र हुने गरेका पाइन्छन्। दाइजोका कारणले महिला हिंसा र घरेलु हिंसा मात्र हैन, सामाजिक अपराध समेत बढेको छ। समाजमा छोराछोरीको विभेद बढाएको छ। छोरीलाई दोस्रो दर्जाको नागरिक ठान्ने गरेको अवस्था छ। चेतनाको अभावले कानुनी प्रक्रिया बारेमा पीडितहरूलाई जानकारी भएको देखिदैन। सामाजिक सङ्घसंस्थाको अभियान सकारात्मक भए पनि पर्याप्त र प्रभावकारी देखिदैन। राजनीतिक स्तरबाट यो प्रथा विरुद्धमा कुनै चेतनामूलक कार्यक्रम गरेको पाइदैन। जिल्लाको तथ्याङ्कलाई हेर्दा दाइजोको कारणले हुने हिंसामा कमी आएको देखिदैन। दाइजोको कारणले महिलामात्र हैन, सिङ्गो परिवार र समाजमा प्रभाव पारेको छ। शिक्षित र सम्भ्रान्त भनिएकै परिवारमा यसको प्रभाव बढी देखिएको पाइन्छ। तसर्थ यो प्रथा उन्मूलनका लागि बृहत् सामाजिक अभियानको जरुरी छ जसले गर्दा दाइजो सामाजिक अपराध हो भन्ने सत्यबोध हुन सकोस् । दाइजोविरुद्ध चार दशक अगाडि बनेको तर निष्कृय रहेको सामाजिक व्यवहार सुधार ऐन २०३३ ले दाइजो लेनदेनमा अधिकतमा कारबाही २५ हजार रुपियाँसम्म जरिवाना र १५ दिनको कैदसजाय वा दुवै भनेको छ। जुन अपराधको मात्रा अनुसार अत्यन्त न्यून हो। लाख देखि करोड रुपियाँसम्मको लेनदेन हुने यो समस्यामा जम्मा २५ हजार रुपियाँ जरिवाना तोकेर रोक्न सम्भव हुँदैन।

१४. **सुझावहरू**

- दाइजोसम्बन्धी कानुनहरू फितलो भएकाले मौजुदा कानुनमा परिवर्तन तथा नयाँ कानुन निर्माण हुनुपर्ने।
- दाइजो परिभाषा गर्ने कानुन र दाइजोलाई निषेध गर्ने कानुनबीच विरोधाभाष भएकाले समयानुकूल उचित कानुन निर्माण हुनुपर्ने।
- दाइजो लेनदेनलाई सामाजिक अपराधमा गणना गरी यसविरुद्ध व्यापक जनचेतना अभियान सञ्चालन गरिनु पर्ने।
- दाइजोविरुद्धको अभियानमा सामाजिक सङ्घसंस्थाको अलावा राजनीतिक दल, स्थानीय क्लबहरू, आमासमूह, धार्मिक गुरुहरूलगायतलाई पनि सहभागी गराइनुपर्ने।
- विद्यायल पाठ्यक्रममा दाइजो र महिला हिंसाविरुद्ध सामग्रीहरू समावेश गरिनुपर्ने।
- दाइजोका कारण भएका हिंसाका घटनाहरूको मेलमिलाप गर्ने प्रचलनलाई निरुत्साहित गरी दण्डहिनीताको अन्त्य गरिनुपर्ने।
- नेपाल पक्षराष्ट्र भएका अन्तर्राष्ट्रिय सन्धि महासन्धिको मापदण्ड अनुसारको घरेलु कानुन निर्माण हुनुपर्ने।

परिच्छेद

५

अध्ययन प्रतिवेदन

५.३ कपिलवस्तुमा आन्तरिक विस्थापितहरू

१. पृष्ठभूमि

मानिस आफू बसिरहेको स्थानबाट अर्को स्थानमा जाने, सर्ने विविध कारण र परिस्थिति हुन्छन्। प्राकृतिक प्रकोप, राम्रो वैकल्पिक वासस्थानको खोजी र युद्ध, लडाईं, झगडा, काटमार, जातीययुद्ध, विद्रोह जस्ता परिस्थितिजन्य बाध्यताहरूबाट मानिसहरू आफ्नो थातथलो छाडेर नयाँ स्थानमा सर्ने गर्दछन्।

आन्तरिक विस्थापनसम्बन्धी निर्देशक सिद्धान्त तथा युद्धसम्बन्धी कानुनको अत्यावश्यक पक्ष पुस्तिकामा उल्लेख गरिएको विस्थापनका निर्देशक सिद्धान्तको २ नं. बुँदामा आन्तरिक विस्थापित व्यक्तिहरू भन्नाले, त्यस्ता व्यक्ति वा समूहहरूलाई बुझाउँछ, जो तिनीहरूको घरबार तथा हालसालै बसिरहेको स्थानलाई छाडेर, कुनै विशेष परिस्थितिका कारणले वा सशस्त्र द्वन्द्वबाट हुने प्रभावबाट मुक्त हुनका लागि हिंसाको सामान्यीकरण भएको अवस्था, मानवअधिकारहरूको उल्लङ्घन वा प्राकृतिक र मानवीय प्रकोपहरूका कारणले पलायन भएका हुन्छन्, जसले अन्तराष्ट्रियरूपमा मान्यता प्राप्त राज्यको सिमाना पार गरेका हुँदैनन्। यसै परिभाषाको परिधिभित्र रहेर कपिलवस्तु जिल्लामा सशस्त्र द्वन्द्व र शान्तिप्रक्रिया आरम्भ भएपश्चात् भएका हिंसात्मक घटनाका कारण सिर्जित विस्थापनका सम्बन्धमा यो अध्ययन केन्द्रित रहेको छ।

खासगरी माओवादी सशस्त्र युद्धमा जिल्ला विशेष भन्दा पनि माओवादी प्रभावित क्षेत्रका माओवादी इतरका मानिसहरू बढी विस्थापित भएका थिए। माओवादीको कारण विस्थापनको सुरुवात भएको कपिलवस्तु जिल्लामा संगठित रुपमा गठन भएको प्रतिकार समूह, माओवादीको प्रतिकार, माओवादीको नाममा हुने राज्यको दमन र वृहत शान्ति सम्झौता पछिको हिंसात्मक घटनाको कारण तराईंका जिल्लामध्ये विस्थापितको कारण धेरै सर्वसाधरण आक्रान्त बनेको कपिलवस्तु हो। जसको कारण आर्थिक, सामाजिक, साँस्कृतक अधिकारको अध्ययन गर्ने क्रममा कपिलवस्तु जिल्लाको विस्थापनको विषयलाई यस अध्ययनमा समेटिएको हो।

२. अध्यनको महत्त्व

सशस्त्र द्वन्द्व र शान्तिप्रक्रिया आरम्भ भएपछि भएको हिंसात्मक घटनामा आफ्नो थातथलो छाडेर विस्थापित भएका परिवार तथा व्यक्तिहरूको तत्कालको अवस्था, सरकारले गरेका काम, राहत तथा मुद्दाको अवस्था र आगामी दिनमा विस्थापितहरूको दीर्घकालीन समस्या समाधान गर्न सरकार तथा सरोकारवाला निकायलाई यो प्रतिवेदनले सघाउने विश्वास गरिएको छ। भविष्यमा हुनसक्ने यसखालका घटना न्यूनीकरणका लागि पूर्वतयारी र सतर्कता अपनाउन यो अध्ययन प्रतिवेदनले सघाउने अपेक्षा गरिएको छ।

३. अध्ययनविधि

अध्ययन तयारीका सन्दर्भमा विस्थापितहरूको बसोवास भएको स्थानको स्थलगत अध्ययन, विस्थापित भएका व्यक्तिहरूसँग कुराकानी, सरोकारवाला सरकारी निकायका अधिकारी, राजनीतिक दलका प्रतिनिधि एवम् मानवअधिकारकर्मीसँग विस्तृत कुराकानी तथा अन्तरवार्ता गरिएको थियो। यसैगरी, जिल्ला प्रशासन कार्यालय तथा अदालतमा परेका मुद्दा र फिर्ता मुद्दाको अवस्थाका बारेमा जानकारी लिइएको थियो। यस सन्दर्भमा पूर्वप्रकाशित सामग्रीहरूको अध्ययन पनि गरिएको थियो।

४. अध्ययनको सीमा

सशस्त्र हिंसात्मक अवस्थाका कारण भएको विस्थापनको समस्या पहिलोपटक तत्कालीन नेकपा माओवादीले शुरु गरेको सशस्त्र द्वन्द्व र त्यसपछि सिर्जना भएको घटना परिघटनाका कारण भएको थियो। यस अध्ययनमा तत्कालीन नेकपा माओवादीको सशस्त्र युद्धबाट सुरु भएको विस्थापनको अवस्थालाई उठान गर्दै माओवादीविरुद्ध सङ्गठित रूपमा गठन भएको प्रतिकार समूह, माओवादीबाट भएको प्रतिकार र विस्तृत शान्ति सम्झौतापछि ०६४ भदौ ३० गते भएको हिंसात्मक घटनाका कारण विस्थापित भएकाहरूको अवस्थालाई मात्र समेटिएको छ।

५. कपिलबस्तुमा विस्थापित

नेकपा माओवादीले ०५२ सालमा ४० सूत्रीय माग राखेर आरम्भ भएको सशस्त्र विद्रोहका क्रममा प्रहरी चौकीमा आक्रमण गर्ने, व्यक्तिहत्या, अपहरण, लुटपाट, चन्दा आतङ्क, कुटपिट र केही व्यक्तिहरूका घरजग्गा कब्जा गर्नेजस्ता कार्यहरू भए। माओवादीका यस्ता कार्यविरुद्ध सरकारी सुरक्षाफौजबाट बेपत्ता, गैरकानुनी गिरफ्तारी, यातना, गैरन्यायिक हत्या जस्ता क्रियाकलाप भएका थिए। सशस्त्र द्वन्द्वका क्रममा १३ हजार भन्दा बढी नेपालीको ज्यान गयो भने ९ सय

३४ जनाव्यक्ति बेपत्ता पारिए।[1] लाखौँ मानिसले आफ्नो बासस्थान छाड्नु पऱ्यो। घाइते तथा अपाङ्ग भएकाहरूको अवस्थाका बारेमा आधिकारिक तथ्याङ्क अझै उपलब्ध हुन सकेको छैन। सोही सशस्त्र द्वन्द्वका कारण राजनीतिक दलका नेता तथा कार्यकर्ता, सरकारपक्षीय पार्टीका नेता तथा कार्यकर्ता, गाउँका समाजसेवी तथा शिक्षक, स्थानीय जमिन्दारवर्ग र पूर्वजनप्रतिनिधिहरू विस्थापित भएका थिए।

यसैगरी कतिपय स्थानमा राज्यबाट पनि माओवादीमा आस्था राख्नेहरू विस्थापित हुन बाध्य भए। आफ्नो थातथलो छोडेर ज्यान जोगाउनकै लागि कि त सहर पस्न बाध्य भए वा सुकुमवासीसरहको कठिन जीवनयापन गर्नु बाहेक उनीहरूसँग विकल्प थिएन। माओवादी विरुद्ध सशस्त्र प्रतिकार गर्न तत्कालीन सरकारको परोक्ष सहयोगमा प्रतिकार समितिहरू गठन भएका थिए। तत्पश्चात् भएका हिंसात्मक घटनाहरूबाट पनि कैयन् मानिसहरू विस्थापित भए। शान्तिप्रक्रियाको थालनी भएपछि यस जिल्लामा मोहिद खाँको हत्या भएलगत्तै भएको हिंसाबाट विस्थापित हुनेहरूको सङ्ख्या कम रहेन। मोहिद खाँको हत्या प्रकरण तथा त्यसका कारण भएको साम्प्रदायिक हिंसा र सो कार्यमा संलग्न रहेका भनिएका व्यक्तिहरूको मुद्दा फिर्ताजस्ता विषयले आन्तरिक विस्थापनको समस्या अझै पेचिलो रहिरहेको छ।

६. विस्थापनका कारण

६:१ माओवादी सशस्त्र युद्ध

तत्कालीन विद्रोही माओवादीले दलित, सुकुमबासी, हरूवा, चरुवा, किसान मजदुरहरूलाई सङ्गठित गर्दै आफ्नो दलको रणनीतिबमोजिम उपयोग गर्दै आएका थिए। सशस्त्र द्वन्द्वका क्रममा जमिन्दारहरू विस्थापित भए। भारतमा पनि सम्पत्ति र नातेदार हुने जति भारततिर विस्थापित भएका थिए। यसबाहेक अन्य राजनीतिक दलका कार्यकर्ताहरूको हत्या गर्ने, उनीहरूको सम्पत्ति कब्जा गर्ने जस्ता माओवादीका गतिविधिका कारण पनि विस्थापित हुनेहरूको सङ्ख्यामा बृद्धि हुन गएको थियो। स्थानीय स्तरमा व्यापार, पेशा व्यवसाय गरेर बस्ने मध्यम वर्गका मानिसलाई माओवादीले चन्दा दिनका लागि दबाब दिने, चन्दाको निश्चित रकम (लेवी) तोकिदिने, आफ्नो क्षमता भन्दा धेरै रकम चन्दा तोक्ने र नदिएमा अपहरण गर्ने, अङ्गभङ्ग हुने गरी घाइते बनाउने र हत्या गर्ने गरेका घटनाहरू दोहोरिरहेकाले त्रासका काण मानिसहरू आफू बसेको ठाउँ नै छाडेर अर्को सुरक्षित स्थान खोज्दै सर्ने गरेका थिए।[2]

६.२ प्रतिकार समूह

तत्कालीन राजा ज्ञानेन्द्रले २०६१ माघ १९ गते शासन सत्ता हातमा लिएपछि माओवादी प्रतिकार समूहहरू यस जिल्लामा सशस्त्र रूपमा परिचालित भए। कपिलवस्तु र नवलपरासी जिल्लामा यस्ता समूहका कारण दर्जनौँको ज्यान गयो भने सयौँ सर्वसाधारण विस्थापित हुनुका साथै सिङ्गो गाउँमा आगो लगाउने क्रियाकलापसमेत भएको थियो। तत्कालीन नेकपा माओवादीले जमिन्दारहरूलाई तोकेर लाखौँ रकम चन्दा दिनुपर्ने, सयौँ जनालाई खानबस्न दिनुपर्ने, घरबाट माओवादीमा छोराछोरी पठाउनुपर्ने र चन्दा नदिए हत्यासम्म गर्न थालेको भन्दै ०६१ फागुन ६ गतेदेखि माओवादी विरुद्धको प्रतिकार अभियान राष्ट्रवादी मिलन केन्द्रको नेतृत्वमा शुरुवात भयो। जिल्लाको पश्चिमी गाविस गणेशपुरबाट शुरु भएको प्रतिकारले कपिलवस्तुका दक्षिणी भेगका ४६ गाविसमासमेत प्रभाव पारेको थियो।

तत्कालीन गृहमन्त्री दानबहादुर शाही, श्रममन्त्री रामनारायण सिंह र शिक्षामन्त्री राधाकृष्ण मैनालीले कपिलवस्तु जिल्लाको गणेशपुर गाविसमा गई गाउँलेहरूलाई माओवादी विरुद्ध जाइलाग्न उक्साएर भाषण गरेका थिए।[3]

हजारौँको सङ्ख्यामा दैनिक निस्किएको प्रतिकार समूहको जुलुसले सर्वसाधारण जनतालाई त्रसित पाऱ्यो। ५/६ दिनको अवधिमा प्रतिकार समूहबाट ३५ जनाको हत्या हुनुको साथै सुरक्षाकर्मीको सहभागितामै करिब सात सय घरमा आगजनी लुटपाट तोडफोड भएको थियो। प्रतिकार समूहले माओवादीको आरोपमा सर्वसाधारण जनतालाई कुटपिट गरेर हत्या गर्नुको साथै ज्यूँदै जलाउने जस्ता अत्यन्त अमानवीय र क्रुर व्यवहार गरेको थियो।

---

१. 'द्वन्द्वपीडित पार्श्वचित्र' *http://www.insec.org.np/victim/candidate_display_user.php?pageno=1*

२. सशस्त्र द्वन्द्व र आन्तरिक विस्थापन। नेपाल मानवअधिकार वर्षपुस्तक २००४। इन्सेक। पृ. ९९

३. 'गहिरिँदो राष्ट्रिय सङ्कट'। नेपाल मानवअधिकार वर्ष पुस्तक २००६। इन्सेक। पृ.४०

बरइपुर गाविस-९, का ३५ वर्षीय सकुर पासी, ३७ वर्षीय रामवली पासी र ३४ वर्षीय अङ्गत यादवलाई ०६१ फागन ९ गते प्रतिकार समूहका व्यक्तिहरूले घरबाटै कब्जामा लिई कुटपिट गरी गाउँको पूर्वतर्फको खेतमा पुऱ्याई आगो लगाएर हत्या गरेका थिए।[४] प्रतिकार समूहले अन्धाधुन्ध व्यक्ति हत्या गर्न थालेपछि माओवादीप्रति आस्था राख्नेहरू विस्थापित भई पहाडी जिल्ला तथा राजमार्गभन्दा माथिको चुरेक्षेत्रका खोलाकिनारमा आश्रय लिन पुगे।

यसैबीच, प्रतिकार समूहबाट भएको हिंसाविरुद्ध माओवादीले पनि ०६१ फागुन १३ गतेदेखि प्रतिकार समूहमा संलग्न व्यक्तिहरूलाई पनि छानीछानी हत्या गर्ने, उनीहरूका घरमा बम विस्फोट गर्ने, तोडफोड, लुटपाट गर्न शुरुवात गरेपछि दक्षिण क्षेत्रका हजारौं जनता भारतमा विस्थापित हुन पुगे। माओवादीले पनि क्रमिक हत्याको श्रृङ्खला बढाउँदै जाँदा २५ जना व्यक्तिको सो अवधिमा हत्या भएको इन्सेकको अभिलेखमा उल्लेखित छ।[५]। यसरी प्रतिकार समूह, माओवादी र राज्यपक्ष तीनओटा सशस्त्र पक्षबाट जनता पीडित हुन पुगे।

कपिलवस्तुमा भएका यसप्रकारका दुर्दान्त घटना देशविदेशमा समेत चर्चाको विषय बन्न पुग्यो। जिल्लामा सक्रिय इन्सेकलगायतका मानवअधिकारकर्मी सङ्घसंस्थाहरूले आ-आफ्नो क्षेत्रबाट संयुक्तरूपमा अनुगमन तथा अपिल प्रकाशित गरी जिल्लाको अवस्था शान्त तुल्याउन महत्त्वपूर्ण भूमिका निर्वाह गरेका थिए।

उक्त घटनामा ५ हजारभन्दा भढी जनता भारतमा विस्थापित भएकोमा भारत सरकारले विभिन्न स्थानमा पाल टाँगेर बस्ने साथै खान बस्नको समेत व्यवस्था मिलाएको थियो। दैनिक सयौं व्यक्ति भारतमा विस्थापित हुन थालेपछि इन्सेकलगायतका जिल्लाका मानवअधिकारवादी संस्थाहरूको पहलमा भारतमा विस्थापित भएका व्यक्तिहरूलाई भेटेर नेपाल फर्काउन पहल गरेका थिए। सरकारले लवनी, हथिहवा, बुटनिया, गणेशपुर लगायतका स्थानमा नेपाली सेनाको क्याम्प राखेको र अन्य स्थानमा संयुक्त सुरक्षाफौजका क्याम्प राख्न थालेपछि भारतमा रहेका व्यक्तिहरू शान्ति सुरक्षा महसुस गरी क्रमिक रूपमा घर फर्किएका थिए।

गणेशपुर, कृष्णनगर विद्यानगर, रामनगर, सिर्सिहवा, भगवानपुर, खुरहुरीया, भलवाडी, हर्दैना, उदयपुर, महाराजगञ्ज, बलरामपुर, अजिगरा, भिल्मी, लवनी, अभिराव, पकडी नन्दनगर, हथिहवा, पिपरा, बैदौली, बसन्तपुरलगायतका गाविस बढी प्रभावित बनेका थिए। उक्त गाविसमा ०६२-०६३ पछि पनि प्रतिकार समूहका व्यक्ति विभिन्न नामबाट क्रियाशील रहेका थिए। जसलाई गाउँ शान्ति समितिको नामाकरण गरिएको थियो।

पछिल्लो अवधिमा आएर गुगौली, खुरहुरीया लगायतका गाविसमा प्रतिकार समूहका व्यक्तिहरूले स्थानीय बासिन्दालाई कुटपिट गर्ने, नाम किटान गर्दै मार्ने धम्की दिइरहेका थिए। राजाको शासनमा तत्कालीन शाही नेपाली सेनाले त्यस क्षेत्रका युवालाई त्रिवेणी गुल्ममा हतियार चलाउने तालिम दिएर सशस्त्र प्रहरी महाविद्यालय बर्दघाटमा बन्दुक बाँडेको मुखिया नामले चिनिने तत्कालीन प्रतिकार सदस्य राधेश्याम यादव बताउँछन्। उनका अनुसार, त्यो बेला प्रमुख जिल्ला अधिकारी माधवराज शर्मा, प्रहरी उपरीक्षक वीरशरण थापा र सशस्त्रका एसएसपी भीष्मकान्त अर्यालले रोजाई-रोजाई बन्दुक बाँडेका थिए। उनी भन्छन्, "बर्दघाटमा नेपालीलाई मात्र बन्दुक दिने प्रशासनको कुरामा प्रतिकार समितिमा रहेका भारतीयहरूले विरोध गरेपछि ठूलो खैरटवामा लगेर सबैलाई बाँडियो।"[६] जसकाकारण समय समयमा प्रतिकार समूहका व्यक्तिले जनतालाई तर्साउने गर्दै आएका थिए।

तत्कालीन सरकारकै निर्देशनमा स्थानीय प्रहरी, प्रशासन र सुरक्षाकर्मी प्रतिकार समूहमा प्रत्यक्ष अप्रत्यक्ष रूपमा संलग्न भएकैले राज्यले ०६१ सालमा भएको घटनाको न कुनै छानबिन गऱ्यो, न त्यसका दोषीलाई कारवाही गऱ्यो। अझ, पीडितलाई उचित राहत दिनु त कता हो कता, बरु प्रतिकार समूहलाई वितरण गरेका हतियार समेत फिर्ता ल्याएन।

७. मोहिद खाँको हत्याकाण्डपछि भएको विस्थापन

७.१ घटनाको सङ्क्षिप्त विवरण

वीरपुर गाविस-४ कुदरवेटवा निवासी लोकतान्त्रिक मधेसी मोर्चाका नेता ६० वर्षीय मोहिद खाँको ०६४ भदौ ३० गते अज्ञात समूहद्वारा गोली प्रहार

४. नेपाल मानवअधिकार वर्ष पुस्तक २००६। इन्सेक। पृ.४४४

५. नेपाल मानवअधिकार वर्ष पुस्तक २००६। जिल्लागत विवरण। कपिलवस्तु। पृ.४४१

६. 'बन्दुकको फन्दा'। *हिमाल खबरपत्रिका*। *http://nepalihimal.com/news.php?id=3791*

गरी हत्या भयो। खाँको हत्यापछि कपिलवस्तु जिल्लामा भएको हिंसात्मक घटनामा १४ जनाको ज्यान गयो भने करिब २० जना गम्भीर घाइते भए। घटनाबाट ७ सय ६० भन्दा बढी घर, पसल, होटलमा आगजनी, तोडफोड र लुटपाट भयो। १ सय ६० ओटा सवारी साधनमा आगजनी र तोडफोड भयो, जसबाट करिब २ अर्ब रुपियाँ बराबरको भौतिक क्षति भयो। घटनापछि प्रभावित स्थानका हजारौँ मानिस विस्थापित भए।[७] सो घटनाका कारण सामुदायिक सद्भाव खल्बलिएपछि हिंसा प्रतिहिंसामा परिणत भएको थियो। जिल्लाका विभिन्न क्षेत्रहरूमा त्रासको वातावरण दिनप्रतिदिन बढिरहेको थियो। घटनामा मानवीय संवेदनासमेत नरहेको र अमानवीय ढङ्गबाट चरम यातनापछि हत्या गरिएको अध्ययनको क्रममा पाएको थियो।

इन्सेकमा सचिवालय रहेको मानवअधिकार सन्धि अनुगमन समन्वय समिति (एचआरटीएमसीसी) को एक टालीले ०६४ असोज २ गतेदखि ५ गतेसम्म गरेको मानवअधिकार उल्लङ्घनको अवस्थाको स्थलगत अध्ययन प्रतिवेदनमा भनिएको छ "जिल्लाका विभिन्न स्थानमा करिब ५ सय घरहरूमा आगजनी, लुटपाट र तोडफोड भएको छ। ती ठाउँबाट करिब ५ हजारको सङ्ख्यामा मानिसहरू विस्थापित भएका छन्। जिल्लाका विभिन्न क्षेत्रहरूमा त्रासको वातावरण दिन प्रतिदिन बढिरहेको छ।" प्रतिवेदनले सरकारलाई नागरिकहरूको जिउ धनको सुरक्षा गर्न तथा सामुदायिक सद्भाव भङ्किन नदिन तत्कालै जिल्लामा विशेष कार्यदल खटाउन र सो कार्यदलले तत्कालै कार्य प्रारम्भ गर्नुपर्ने, विस्थापितहरूलाई तत्कालै यथोचित पुनर्स्थापना गर्नको निम्ति सक्रिय र प्रभावकारी भूमिका निर्वाह गर्नुपर्ने, घटनाको यथार्थ क्षतिका सम्बन्धमा अधिकारी विवरण तत्काल आमजनसुदायलाई अवगत गराउनुपर्ने, सरकारद्वारा गठित छानबिन आयोगले तत्कालै घटनास्थलमा गई कार्य प्रारम्भ गनुपर्ने, लगायतका छ ओटा सुझावसमेत प्रस्तुत गरेको थियो।[८]

घटनाको छैठौँदिनसम्म पनि राज्यका निकायहरू राजमार्गदेखि भित्रसम्मका प्रभावित सबै स्थानहरूमा जान असफल रहेका थियो भने सुरक्षानिकायको सकारात्मक हस्तक्षेप हुन सकेको थिएन। केही दिनसम्म प्रतिकारात्मक आक्रमण भइरह्यो। जसकारण विस्थापित तथा पीडितहरूलाई राहत उपलब्ध गराउन नसकिएको र वास्तविक घटनाको विस्तृत सूचनासमेत सङ्कलन गर्न नसकेको अवस्था थियो।

ठाउँ हेरी एउटा समुदायको व्यक्तिले अर्को समुदायको व्यक्तिगत सम्पत्तिमा आक्रमण गर्ने क्रम जारी रहेको थियो। सरकारको उदासिनता, स्थानीय प्रशासनको लापरबाही तथा सुरक्षा निकायको निष्क्रियताले गर्दा सामुदायिक सद्भाव खल्बलिएको थियो। स्थानीय प्रशासनले ०६१ भदौ ३० गते दिउँसो १.३० बजे कर्फ्यूको आदेश गरेको भए पनि कर्फ्यूको समयमै एक समुदायका व्यक्तिहरूले अर्को समुदायका व्यक्तिहरूको सम्पत्तिमाथि आक्रमण गर्ने क्रम रोकिएको थिएन।

सबै समुदायका मानिसहरू असुरक्षित महसुस गरिरहेका थिए। घटनाबाट पीडित व्यक्तिहरूको आक्रोश दिनप्रतिदिन बढ्दै गइरहेको थियो जसको मारमा मानवअधिकारकर्मी तथा पत्रकारहरू पनि परेका थिए। पीडितहरूले आफ्नो वेदना पत्रकार तथा मानवअधिकारकर्मीसमक्ष आक्रोशको रूपमा पोखिरहेका थिए। असुरक्षित महसुस भएकै कारण मानवअधिकारकर्मी तथा पत्रकारहरू पनि सहजै घटनस्थलमा जान सकिरहेका थिएनन्। सरकारका कुनै पनि निकायहरू पीडितहरूको गुनासो सुन्न समयमा नै पुगेका थिएनन्।

कपिलवस्तुमा एकाएक भङ्किएको हिंसा प्रतिहिंसा प्रति प्रमुख जिल्ला अधिकारी, प्रहरी र सशस्त्र प्रहरीलगायतको सुरक्षाफौज समयमै प्रतिकृया दिन विफल रहेको थियो। घटनाको पहिलो दिन विसनपुर गाविसका गाउँलेहरूले ज्यू-धनको सुरक्षाको मागगर्दै मानवअधिकारकर्मीहरूलाई अपिल गरेपछि मानवअधिकारकर्मीहरूले तत्कालै प्रहरी-प्रशासनलाई जानकारी गराएका थिए। तर प्रहरी-प्रशासन त्यसतर्फ गम्भीर नै भएन। जसले गर्दा गाउँमा व्यक्ति हत्या तथा भौतिक सम्पत्ति बढी क्षति भयो।[९]

---

७. नेपाल मानवअधिकार वर्ष पुस्तक २००८। इन्सेक। पृ. ४१४

८. 'कपिलवस्तु जिल्लाको स्थलगत अध्ययन' *http://www.insec.org.np/pics/1242718828.pdf*

९. पूर्ववत्

७.२. पीडितलाई उपलब्ध गराइएको राहत

कपिलवस्तु जिल्लामा द्वन्द्वको समयमा द्वन्द्वप्रभावित विस्थापित व्यक्ति परिवार संरचना लगत सङ्कलन कार्यदल बबरमहलले तयार पारेको अभिलेखअनुसार ८ सय ६८ परिवारका ५ हजार ३९ व्यक्तिमध्ये आर्थिक वर्ष ०६७/६८ मा विस्थापित भत्ताबापत ३ सय ६४ जनाको ४ हजार १ रुपियाँका दरले १४ लाख ९२ हजार ८ सय रुपियाँ वितरण गरिएको जिल्ला प्रशासन कार्यालय कपिलवस्तुको अभिलेखबाट देखिन्छ।

७.३ विस्थापितको हालको अवस्था

०६४ भदौ ३० देखि असोज ४ गतेसम्म भएको हिंसा र प्रतिहिंसाका कारण विस्थापित भएका विस्थापितहरू कतिपय पुरानै स्थानमा फर्किएका भए पनि अझै १ हजार ५ सयको हाराहारीको सङ्ख्या अझै विस्थापित रहेको पाइयो। हाल विस्थापितको रूपमा पथ्थरदेहियाको शङ्करपुरतालमा १ सय ६४ परिवारका ७ सय २ जना, महेन्द्रकोट गाविसको चाङ्घाटमा २३ परिवारका १ सय २५ जना र मोतिपुर गाविसको मधुवनमा १७ परिवारका १ सय ८४ जना व्यक्ति गरी १ हजार सय ११ जना तीन स्थानमा रहेका छन्। अन्य करिब १ सय जना भन्दा बढी आफन्तकहाँ र अन्य स्थानमा व्यापार व्यवसाय गरी बसिसकेका छन्। त्यसैगरी वीरपुर, शिवपुर, खुरहुरीया, पथ्थरदेहियालगायतका गाविसबाट मधेसी मूलका ५ सय भन्दा बढी व्यक्ति भारतको नौगढ, बढनी, बाँसीलगायतका स्थानमा विस्थापित भएका छन्।

सरकारले विस्थापितहरूलाई पुनर्स्थापना गर्न भनिरहँदा अझै पनि विस्थापितहरू फर्कन नचाहेको र उनीहरूले आफूहरूलाई अन्यत्र पुनर्स्थापना गनुपर्ने माग राखेका छन्। आफूहरू पटक/पटक आक्रमणको निशाना बनिरहेको र फर्किए पनि पुन: भदौ ३० को घटना दोहोरिने आशङ्का रहेको विस्थापितहरूले अध्ययन टोलीलाई बताएका थिए।

'यदि सरकारले हामीलाई आफ्नो नागरिक ठान्छ भने सुरक्षित स्थानमा वासस्थानको व्यवस्था गर्नुपर्छ नत्र बसेको स्थानबाट नहटाओस्' महेन्द्रकोट गाविसस्थित चाङ्घाटमा बस्दै आएका विस्थापित गिरीप्रसाद श्रीसले भने। राज्यले न शान्ति सुरक्षाको व्यवस्था मिलाएको छ, न क्षति भएको सम्पत्तिको क्षतिपूर्ति दिन्छ, न अपराधीलाई कारबाही गर्छ, त्यतिकै पुनर्स्थापना गर्छौं भनेर कोही फर्कने अवस्था नरहेको उनको ठहर छ।

७.४ छानविन अयोगको प्रतिवेदन अझै ओझेलमा

सरकारले कपिलवस्तु घटना छानविनको लागि लोकेन्द्र मल्लिकको अध्यक्षतामा ०६४ असोज ३ गते मन्त्रिपरिषद्को निर्णयबाट तीन सदस्यीय उच्चस्तरीय छानबिन आयोग गठन गरेको थियो। उक्त छानबिन समितिको सदस्यमा सहन्यायधिवक्ता पुष्पराज कोइराला र अतिरिक्त प्रहरी महानिरिक्षक नीरज पुन सदस्य रहेका थिए। तर, त्यो आयोगको प्रतिवेदनले गरेका सिफारिशहरू लागु गर्नु त कता हो कता प्रतिवेदन नै सार्वजनिक भएन। प्रतिवेदन सार्वजनिक नभएपछि कपिलवस्तु घटनापीडित सङ्घर्ष समितिले विभिन्न मानवअधिकार संस्थाको सहयोगमा ०६९ वैशाख ५ गते सूचना आयोगमा सार्वजनिक गर्न माग गर्दै निवेदन दियो। त्यसपछि आयोगले उक्त प्रतिवेदन आंशिक रूपमा सार्वजनिक गरेको थियो। त्यसपछि पुन पीडितहरूले आफ्ना माग सम्बोधन नभएको भन्दै ०६९ भदौ ५ गते प्रतिवेदनले सिफारिस गरेअनुरूप क्षतिपूर्ति, दोषी पत्ता लगाई कारबाही हुनुपर्ने र मृतकलाई शहीद घोषणा गरी १० लाख रुपियाँ क्षतिपूर्ति दिनुपर्ने माग राखी सरकार विरुद्ध सर्वोच्च अदालतमा रिट दायर गरे। उक्त मुद्दालाई सर्वोच्च अदालतले अग्राधिकारमा राखेर हेर्ने निर्णय गरेको छ। तर, यो वर्षको अन्त्यसम्म उक्त मुद्दाको सर्वोच्च अदालतमा चारपटक पेशी भए पनि फैसला नभएको कपिलवस्तु घटना पीडित सङ्घर्ष समिति, कपिलवस्तुका सचिव मुक्ति काफ्लेले बताए।

७.५ अपराधमा संलग्नबारे भएको कारबाही तथा मुद्दा फिर्ता

कपिलवस्तु घटना भनिने ०६४ भदौ ३० गतेपछिको हिंसात्मक क्रियाकलापमा संलग्न भएको आरोपमा २ सय ८६ जना उपर कर्तव्य ज्यान, आगजनी, डाँका, रकम हिनामिनालगायतका १५ थान मुद्दा दायर भएको थियो। मुद्दा दायर भएकामध्ये गिरफ्तार गरी मुद्दा चलाईएका २४ जना जिल्ला अदालत तथा पुनरावेदन अदालतको आदेशमा रिहा भइसकेका छन्।

घटनामा संलग्नहरूका विरुद्ध मुद्दा दायर गर्ने, अनुसन्धान र गिरफ्तार गर्ने अत्यन्तै मन्द गतिमा भएका थिए। केही राजनीतिक दल तथा समूहले मुद्दा फिर्ता

लिन दवाव दिएका कारण आरोपितलाई पक्राउ गर्ने, अनुसन्धान गर्ने कार्य प्रहरीलाई कठिन भएको थियो। कपिलवस्तु, रूपन्देहीको बुटवल र दाङ जिल्लामा भएका अपराधिक घटनामा संलग्न १३ जनाको मुद्दा सरकारले फिर्ता लियो।[१०]

८. विस्थापितहरूको अवस्था

सशस्त्र द्वन्द्वको क्रममा राज्य तथा माओवादी र प्रतिकार समूहबाट विस्थापितमध्ये धेरै आफ्नो बासस्थानमा फर्किसकेका छन् भने केही व्यक्ति विभिन्न अपराधिक मुद्दामा वारेन्ट जारी भएका कारण अझै फर्कन सकेका छैनन्। राजनीतिक पार्टीका कार्यकर्ता तथा पूर्वजनप्रतिनिधिहरू र जमिन्दारहरू घरमा फर्किसकेको अवस्था छ। सशस्त्र द्वन्द्वको समयमा विस्थापित भएकामध्ये केही जमिन्दारहरू भारतका विभिन्न स्थानमा बसोवास गर्दै आएका छन् भने केही नेपालको काठमाडौँ, पोखरा तथा अन्य स्थानमा बस्दै आएका छन्। केही जमिन्दारहरू खेतिपातीको समयमा नेपाल आउने खेतिपाती भित्राएपछि पुनः भारत फर्कने गर्छन्। प्रायः जमिन्दारहरूसँग दुवै देशको नागरिकता रहेकोले आफ्नो सुरक्षा जहाँ हुन्छ, सोही स्थानमा बस्ने गरेका छन्। विशेषगरेर एमाओवादीको प्रभाव रहेको शिवपुर, खुरुहुरीया, वीरपुर, दुविया, गजेहडा, कोपवा निग्लहिवा, पटना, पतेरीया, नन्दनगर जहदीलगायतका गाविसका जमिन्दारहरू केही सम्पत्ति बेचविखन गरी, केही बटैया दिएर र केही जग्गा बाँझो छाडेर विस्थापित भएका छन्।

कपिलवस्तु घटना पीडित सङ्घर्ष समिति, कपिलवस्तुका सचिव मुक्ति काफ्लेका अनुसार अझै पनि १ हजार ३ सय परिवार विस्थापित रूपमै विभिन्न ठाउँमा रहेका छन्। उनले केही विस्थापितहरू आफन्तहरूको घरको आसपासका क्षेत्रमा, केही अर्घाखाँची जिल्लाको विभिन्न ठाउँमा, केही खोला किनार र बगरमा तथा केही भारतमा विस्थापित भएको बताए। ०६४ भदौ ३० गतेको घटनापछि विस्थापित भएकाहरू केही समय वरकलपुर गाविसको चोवन्न भन्ने ठाउँमा बसेकोमा स्थानीय प्रशासनले त्यहाँबाट हट्न बाध्य पारेपछि उनीहरूमध्ये धेरैजसो अर्घाखाँची जिल्लाका विभिन्न स्थानमा, केही आफन्तको आसपासमा, केही भारततर्फ विस्थापित भएका थिए।

कपिलवस्तु घटना पीडित सङ्घर्ष समितिका सहसंयोजक टीका कुँवर पनि विस्थापितहरू एक ठाउँबाट अर्को ठाउँमा पुनः विस्थापित हुँदै जनाले सबैको अभिलेखीकरण गर्न जटिल भएको बताउँछन्। उनका अनुसार विस्थापितहरू पहिले कृष्णनगरको सशस्त्र बेसक्याम्प हुँदै चन्द्रौटा बेसक्याम्प, शङ्करपुरताल क्षेत्र, पथ्थरदैया गाविस हुँदै वरकलपुर जङ्गल, बाडगङ्गा बुङ्चीबाट पनि तङ्घाट, महेन्द्रकोट हुँदै एक ठाउँबाट अर्को ठाउँमा वैकल्पिक वासस्थानको खोजीमा विस्थापित हुँदै गएका छन्। यसबाट उनीहरूको जीवनयापन कठिन त भयो नै, सरकारी अभिलेख, राहत पुनस्थापना जस्ता विषयबाट पनि वञ्चित हुन पुगे।

९. राष्ट्रिय नीति कार्यान्वयनको अवस्था

आन्तरिक विस्थापित व्यक्तिसम्बन्धी राष्ट्रिय नीति, २०६३ अनुसार प्रमुख जिल्ला अधिकारीको अध्यक्षतामा जिल्ला कार्यक्रम समन्वय समितिको गठन भई विस्थापितहरूको क्षेत्रमा काम गर्नुपर्नेमा यो समिति जिल्लामा क्रियाशील रहेको पाइएन। ०६४ मा तत्कालीन प्रमुख जिल्ला अधिकारीको अध्यक्षतामा समिति गठन भई केही विस्थापितहरूलाई राहतस्वरूप नगद ४ हजार १ सय रुपियाँका दरले उपलब्ध गराइएको भए पनि उनीहरूको गाँस, बास, शिक्षा, स्वास्थ्य, रोजगारी, बसाईसराईलगायतको सुविधा उपलब्ध हुन सकेन। वर्तमान प्रमुख जिल्ला अधिकारी कृष्णचन्द्र घिमिरे उक्त समिति हाल क्रियाशील नरहेको र आफू जिल्लामा आएपछि एकपटक पनि समितिको बैठक नबसेको स्वीकार गर्दछन्।

उक्त समितिका सदस्य सचिवसहित रहने जिल्ला विकास अधिकारी रामप्रसाद पाण्डे पनि आफू जिल्लामा आएपछि एउटा पनि बैठक नबसेको बताउँछन्। उनको भनाइअनुसार विस्थापितको समस्या जिल्लामा नभएको होइन, तर त्यसको लागि न यो समिति क्रियाशील छ, न त त्यसको लागि कार्यक्रम र बजेट नै छ। नीति केन्द्रमा बनाइयो। तर, त्यसलाई जिल्लामा स्थानीय तहमा के कसरी लागु गर्ने र निरन्तरता राख्ने भन्नेमा कार्ययोजना नहुँदा बीचमै तुहिएको जस्तो भएको उनको भनाइ असत्य लाग्दैन।

---

१०. कार्यपालिका। नेपाल मानवअधिकार वर्ष पुस्तक २०१०। इन्सेक। पृ. ८४

विस्थापितहरूको मुद्दा सरकारको प्राथमिकतामा त परै जाओस् यस विषयमा कुनै दायित्व निर्वाह गर्न इच्छुक समेत नरहेको स्थानीय अधिकारीहरूकै भनाइबाट पनि पुष्टि हुन्छ।

१०. विस्थापनका सम्बन्धमा नागरिक समाजको धारणा

एड्भोकसी फोरमका संयोजक तथा शान्तिका लागि नागरिक सञ्जालका संयोजक ओमप्रकाश अर्यालले सशस्त्र द्वन्द्वको क्रममा कपिलवस्तु जिल्लाका विभिन्न पार्टीबाट निर्वाचित जनप्रतिनिधिहरू, सरकार पक्षीय पार्टीका नेता, जमिन्दारहरू माओवादीको धम्की, चन्दा आतङ्कबाट विस्थापित रहेका भए पनि ०६३ मङ्सिर ५ गते सरकार र माओवादीबीच भएको बृहत् शान्ति सम्झौता पछि प्रायः सबै पुनर्स्थापित भएको बताए। उनले कतिपयको दोहोरो नागरिकता र नेपाल भारत दुवैतर्फ घरसम्पति भएकोले नफर्किएको अवस्था पनि रहेको बताए।

०६१ सालमा भएको प्रतिकारबाट विस्थापित भएकाहरू लगभग घर फर्किसकेका छन् भने ०६४ सालमा भएको साम्प्रदायिक घटनाबाट विस्थापित भएका व्यक्तिहरू अझै पुनर्स्थापना हुन नसकेको बताउँदै उनीहरू शङ्करपुरताल र महेन्द्रकोट गाविसलगायतका स्थानमा बस्दै आएको अर्यालले बताए। कपिलवस्तु जिल्लामा सशस्त्र द्वन्द्वका कारण विस्थापितहरू खासै छैनन्।

विभिन्न आरोपमा अदालतमा मुद्दा चलेका केही व्यक्तिहरू भारततर्फ विस्थापित रहेका भए पनि सर्वसाधारण जनता कुनै डरका कारण विस्थापित नरहेका मधेश मानवअधिकार गृहका अध्यक्ष रवीन्द्र नाथ ठाकुरले जानकारी दिए। उनले केही जमिन्दारहरू नेपाल भारत दुवै देशका नागरिक भएकोले बेलाबखत नेपाल आउने खेतीपाती लगाउने/उठाउने र बेचविखन गरी जाने गरेको बताए।

११. विस्थापनका सम्बन्धमा राजनीतिक दलको धारणा

माओवादी जनयुद्धको कारण होस् वा प्रतिकार समित वा मोहिद खाँको हत्यापछि भडकिएको साम्प्रदायिक हिंसा ती सबै राजनीतिक प्रकृतिकै हुन्। यसकारण पनि राजनीतिक दलहरूको विस्थापित समस्याप्रति स्वभाविक रुपमै चासो हुनु पर्ने हो। जसरी दलहरूले यो समस्याप्रति संवेदनशील हुनु पर्ने थियो त्यो भने देखिएन।

माओवादीका जिल्ला इञ्चार्ज चन्द्रबहादुर चन्द माओवादी शान्तिपूर्ण राजनीतिमा आएपछि सबै विस्थापितहरू घर फर्किसकेको बताउँछन्। उनको विचारमा जो फर्केका छैनन्, उनीहरूको दुवैतर्फ (भारत र नेपाल) घर तथा सम्पत्ति भएका हुनसक्छन्। माओवादीको डरका कारण विस्थापित हुनेहरू पनि केही अपराधका घटनामा दोषी देखिएका बाहेक अरु फर्किसकेका उनको भनाइ छ।

एमाले जिल्ला कमिटी सचिवका बाबुराम खनालका अनुसार माओवादीले जबरजस्ती चन्दा, सयौं जनालाई खान बस्न दिनुपर्ने र छोराछोरीलाई माओवादीमा पठाउनुपर्ने र माओवादीको आदेश नमान्नेलाई हत्यासमेत गर्न थालेपछि जमिन्दारहरू, राजनीतिक दलका नेता कार्यकर्ताहरू, शिक्षक, जनप्रतिनिधिहरू वासस्थान छाडेर सुरक्षितस्थलमा भागेका थिए। उनीहरू प्रायः माओवादी शान्ति सम्झौतामा हस्ताक्षर गरी शान्तिपूर्ण राजनीतिमा आएपछि पुनस्थापित भइसकेका छन्। ०६४ साल भदौको घटनाबाट विस्थापित भएकाहरूमध्ये करिब १ हजार जना व्यक्ति फर्किएको अवस्था नरहेको उनले बताए।

तर, द्वन्द्वका कारणबाट कपिलवस्तुमा कोही विस्थापित नरहेको नेपाली काङ्ग्रेसका सचिव सुरेश शर्माले बताए। शर्माले भने कुनै अभियोग लागेका वा सशस्त्र समूहमा लागेका बाहेक कोही सर्वसाधारण तथा कुनै दलका कार्यकर्ता विस्थापित नरहेको र ०६४ सालको घटनाबाट आन्तरिक विस्थापित भएकाहरू केही पुनर्स्थापित हुन बाँकी रहेको जानकारी दिए। नेपाली काङ्ग्रेसमा कसैले आफू विस्थापित भएको भनेर जानकारी नदिएको सचिव शर्माले बताए। द्वन्द्वको कारण विस्थापित भएका करीव ३ सय व्यक्तिले राज्यले दिने भनिएको सुविधा लिएर पुनस्थापना भई सकेकोले कोही बाँकी नरहेको उनको दावी थियो।

१२. निष्कर्ष

माओवादी सशस्त्र युद्धको क्रममा माओवादीपक्ष, राज्यपक्ष र प्रतिकार समूहबाट विस्थापित भएका व्यक्तिहरू प्राय सबै फर्किसकेका छन् भने केही पेशा व्यवसाय, रोजगारी तथा बेचविखन गरेर अन्यत्र स्थापित (बसाईसराई) भइसकेका पाइयो। प्रतिकार समूहको विरोधमा माओवादीले प्रतिकार गरेका र प्रतिकार समूहमा लागेका केही व्यक्तिहरू अपराधमा लागेको आरोपमा सरकारले वारेन्ट जारी गरेको कारणले

विस्थापित अवस्थामा रहेका छन्।

तर, ०६४ भदौ ३० गतेपछिको हिंसात्मक घटनामा विस्थापित भएका १ हजार ५ सय जनाभन्दा बढी व्यक्तिहरू अझै पनि विस्थापित भई खोलाकिनार, ऐलानी जग्गा, जङ्गल छेउको परती जग्गा लगायतमा सकुमवासी सरहको जीवन यापन गर्दै आएका छन्। यही अवधिमा विस्थापित भएका अन्य ३ हजार भन्दा बढी व्यक्ति राजधानी, राजमार्गका नवसहरी क्षेत्रतिर बस्दै आएका छन्। उनीहरू रोजगारी, व्यापार व्यवसाय बसाइसराइ वा मजदुरी गरेर जीवन यापन गर्दै आएका छन्। सरकारले उचित प्रबन्ध गरी उनीहरूको जनधनको सुरक्षा र अब त्यसखाले घटना दोहरिन नदिने व्यवस्था गरे। आफ्नो ठाउँमा जाने मनस्थितिमा केही छन् भने केही सरकारले आफ्नो सम्पत्तिको क्षतिपूर्ति दिनुपर्ने वा वैकल्पिक वासस्थानको व्यवस्था गरिदिए नफर्किने मनस्थितिमा रहेका छन्।

१३. सुझाव

- खोला किनारको बगरमा विस्थापित जीवन बिताइरहेकाहरूलाई उचित वासस्थानको खोजी गरी पुनर्स्थापित गरिनु पर्छ।
- उनीहरूको बसाइसराइ, जन्म दर्ता, मतदाता नामावली सङ्कलन लगायतका काम उनीहरू जहाँ छन् त्यहींबाट गरिनुपर्छ।
- विस्थापितहरूको यथार्थ तथ्याङ्क सङ्कलन गरी परिचयपत्र वितरण गरिनुपर्छ।
- विस्थापितहरूलाई आधारभूत सेवा गाँस, बास, स्वास्थ्य, शिक्षाको उचित प्रबन्ध गरिनु पर्छ।
- रोजगारी, आयआर्जन, स्वरोजगारलगायतका कार्यक्रममा पहिलो प्राथमिकता दिनुपर्छ।
- राजनीति वा समूहका नाममा भएका आपराधिक घटनालाई राजनीतिक रङ्ग दिई सरकारले मुद्दा फिर्ता लिने विगतदेखिको गैरकानुनी कार्यले निरन्तरता पाउँदा दण्डहीनता बढेकाले यस्ता कार्य तुरुन्त रोकिनुपर्छ।
- मल्लिक छानबिन आयोगको प्रतिवेदन पूर्णरूपले सार्वजनिक गरी कार्यान्वयन हुनुपर्छ।

परिच्छेद

५

अध्ययन प्रतिवेदन

५.४ मुगूमा खाद्य उत्पादन र आपूर्तिको अवस्था

१. पृष्ठभूमि

नेपाली सञ्चारमाध्यमा खाद्यान्न अभावका समाचारमध्ये अधिकांश समाचार कर्णालीका हुने गर्दछन्। कर्णालीमा खाद्य डिपो रित्तिए, भोकमरीले ज्यान जाने अवस्था, भोकमरीको खाद्य पनि बाटोबाट गायब आदि यस्ता समाचार हुन् जसप्रति सरकारको ध्यान सितिमिति जाँदैन। मानवअधिकार संस्था वा अन्तर्राष्ट्रिय दातृसंस्थाहरूले सरकारको ध्यानाकर्षण गराएमात्र सरकार त्यसप्रति सचेत हुने गर्दछ। सर्वोच्च अदालतलेसमेत आफ्ना जनतालाई खाद्यान्न खाँचो नपार्न र उपयुक्त व्यवस्था गर्न सरकारलाई आदेश गर्नु भन्नुको अर्को अर्थ खान पाउनका लागि जनताले अदालतको सहारा खोजेका रहेछन् भन्ने पनि हो।

व्यक्तिले उसको आवश्यकताअनुसार उचित, पोषणयुक्त र स्वच्छ खाना पाउने अधिकार खाद्यसम्बन्धी अधिकार हो। व्यक्तिको आवश्यकताको आधारमा पर्याप्त पोषणयुक्त खाद्यान्न, त्यसको सहज उपलब्धता र त्यसमा पहुँच खाद्य अधिकारको आधारभूत तत्वहरू हुन् । खाद्य अधिकार व्यक्तिको जीवनको अधिकारसँग प्रत्यक्ष जोडिएको अधिकार हो। सैद्धान्तिकरूपमा खाद्यअधिकार आर्थिक, सामाजिक एवम् सांस्कृतिक अधिकारको विषयभित्र पर्दछ। मानवअधिकारकारको विश्वव्यापी घोषणापत्रको धारा २५ ले प्रत्येक व्यक्तिलाई आफू र आफ्नो परिवारको स्वास्थ्य र कल्याणको लागि खाद्यान्नको अधिकार हुने व्यवस्था गरेको छ। आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्रको धारा ११ ले भोकबाट मुक्त हुने प्रत्येक व्यक्तिको आधारभूत अधिकारलाई स्वीकार गर्दै प्रत्येक व्यक्तिको पर्याप्त भोजनको व्यवस्थाको लागि पक्षराष्ट्रहरूले खाद्यान्नको उत्पादन, सञ्चय तथा वितरणमा सुधार गर्ने, आपूर्तिको समन्यायिक वितरण सुनिश्चित गर्ने दायित्व राज्यलाई सुम्पिएको छ। त्यस्तै महिला विरुद्ध हुने सबै प्रकारको भेदभाव उन्मूलन गर्ने महासन्धिको धारा १२ ले महिलालाई गर्भवती, प्रसुती र त्यसपश्चात्को अवधिमा पर्याप्त पोषणको सुविधा उपलब्ध गराउनुपर्ने व्यवस्था गरेको छ। बालअधिकारसम्बन्धी महासन्धिको धारा २६ र २७ (३) ले पक्ष राष्ट्रहरूले बालबालिकाको पालनपोषणको लागि समुचित ध्यान दिनुपर्ने र पोषणसम्बन्धी सहयोग उपलब्ध गराउनुपर्ने व्यवस्था गरेको छ। नेपालको अन्तरिम संविधान, २०६३ मा पहिलो पटक खाद्य सम्प्रभूताको व्यवस्था गरिएको छ। धारा १८ अन्तर्गत रहेको उक्त प्रावधानमा रोजगारी तथा सामाजिक सुरक्षासम्बन्धी हकअन्तर्गत उपधारा (३) मा प्रत्येक नागिरकलाई कानुनमा व्यवस्था भएबमोजिम खाद्य सम्प्रभूताको हक हुने व्यवस्था गरेको छ।[१] कानुनतः खाद्यलाई मानवअधिकारको रूपमा स्वीकार गरिए पनि नेपालमा खाद्य समस्या चुलिँदो छ। नेपालको सर्वोच्च अदालतले गरेको आदेशमा खाद्य अधिकारलाई सम्मानितरूपमा बाँच्न पाउने जनताको अधिकारसँग जोड्दै जनतालाई भोकमरीबाट बचाउने दायित्व राज्यको भएको स्पष्ट पारिएको छ।

अन्तर्राष्ट्रिय रूपमा सन् १९६६ मा इटलीको रोममा भएको विश्व खाद्य शिखर सम्मेलन पश्चात् संयुक्त राष्ट्रसङ्घको खाद्य तथा कृषि सङ्गठनले आधारभूत मानवअधिकारको रूपमा खाद्य अधिकारलाई मानेको छ। सन् २००० सेप्टेम्बरमा रोममा आयोजित संयुक्त राष्ट्रसङ्घद्वारा आयोजित सहस्राब्दी विकास लक्ष्य घोषणा सम्मेलन तथा सन् २००२ को विश्व खाद्य सम्मेलनमा विश्वका नेताहरूले सन् २०१५ सम्ममा भोकमरीको समस्यालाई ५० प्रतिशत कम गर्ने प्रतिज्ञा गरेका थिए।

खाद्य अधिकार भन्नाले मानवीय आवश्यकताअनुसार पाउनुपर्ने उचित पोषणयुक्त स्वच्छ खानाको अधिकारलाई बुझिन्छ। विश्व स्वास्थ्य सङ्गठनका अनुसार प्रत्येक मानिसले २४ घण्टामा तीनपटक खाना खान पाउनुपर्छ। संयुक्त राष्ट्रसङ्घको खाद्य तथा कृषि सङ्गठन (एफएओ) का अनुसार दैनिक १८ सय किलो क्यालोरी भन्दा कम शक्तिको खाद्य उपभोग भएकालाई भोकमरी वा भोको मानिन्छ। नेपालमा सामान्य २ हजार १ सय ४४ किलो क्यालोरी नपाउने जनसङ्ख्या ४१ प्रतिशत छ। विश्व खाद्य कार्यक्रम (डब्लुएफपी) ले नेपालमा ३० लाखभन्दा बढी मानिसहरू खाद्य सङ्कटमा रहेको जनाएको छ। डब्लुएफीका अनुसार संसारमा सात जना मानिसमध्ये एक जना मानिस प्रत्येक दिन भोको पेटले बिछ्यौनामा जान्छन्। विकासोन्मुख राष्ट्रका चार जना बालबालिकामध्ये एक जना कम तौलका छन्।

---

१. राष्ट्रिय मानवअधिकार आयोगको वार्षिक प्रतिवेदन, ०६८/०६९
http://www.nhrcnepal.org/nhrc_new/doc/newsletter/Annual%20Report%202068-69%20Nep.pdf

संसारमा अमेरिका, क्यानडा र युरोपियन युनियन राष्ट्रका कुल जनसङ्ख्या भन्दा बढी सङ्ख्याका मानिस भोकमरीमा छन्। त्यस्तै संसारमा एड्स, मलेरिया र क्षयरोग भन्दा पनि बढी स्वास्थ्य खतरा खाद्यान्न अभाव वा भोकमरीका कारण छ। यी समस्या भोग्ने अधिकांश मानिस नेपालजस्ता विकासोन्मोख राष्ट्रका छन्।[१] नेपालमा पनि खाद्य सङ्कट र भोकमरीको अवस्था नेपालको सुदूर पश्चिमका पहाडी जिल्लाका दुर्गम गाउँहरू, मध्यपश्चिमका खासगरी कर्णाली जिल्ला बढी आक्रान्त भएको पाइन्छ। मुगूका स्थानीय बासिन्दाले ०६९ भदौ महिनामा मुगूलाई खाद्य सङ्कट क्षेत्र घोषणा गरियोस् भन्ने माग प्रमुख जिल्ला अधिकारीसमक्ष राखेका थिए। जिल्लामा भएको खाद्यान्न अभावबाट पीडित भएर त्यस्तो माग राख्नुको विकल्प भेटेका थिएनन्।[२] इन्सेकले खाद्यान्न सङ्कट भएका जिल्लाहरूको विषयमा सँधै राज्य र अन्य सरोकारवालको ध्यानाकर्षण गराउँदै आएको छ। यसै क्रममा मानव विकास सूचकाङ्कमा सबैभन्दा अन्तिममा रहेको मुगू जिल्लाको खाद्यान्न अवस्थाको बारेमा केन्द्रित रहेर यो अध्ययन गरिएको छ।

२ अध्ययनको महत्व

नेपालको अन्तरिम संविधान ३०६३ धारा १८ (३) ले खाद्य सम्प्रभुत्ताको अधिकारलाई मौलिक अधिकारको रूपमा प्रत्याभूत गरेको छ। नेपाल संयुक्त राष्ट्रसङ्घको आर्थिक सामाजिक तथा सांस्कृतिक अधिकारसम्बन्धी महासन्धिको पक्षराष्ट्र समेत हो। यस महासन्धिले सृजना गरेको दायित्व पूरा गर्नु नेपाल सरकारको कर्तव्य हो। सो महासन्धिले खाद्य अधिकारलाई आधारभूत मानवअधिकारको रूपमा व्यवस्था गरेको छ। सन्धि ऐन २०४७ को दफा ९ (२) ले नेपालको कानुन अन्तर्राष्ट्रिय सन्धि महासन्धिसँग बाझिएको अवस्थामा बाझिएको हदसम्म अमान्य हुने र अन्तर्राष्ट्रिय प्रावधान लागु हुने व्यवस्था गरेको छ। त्यसैले महासन्धिमा भएको व्यवस्था नेपालको घरेलु कानुनसरह लागु हुन्छन। नेपाल सरकारले अन्तर्राष्ट्रिय सन्धि महासन्धिको पक्षराष्ट्र भएका नाताले अन्तरिम संविधानमा खाद्य अधिकारलाई मौलिक अधिकारको रूपमा व्यवस्था गरेर खाद्य अधिकारप्रति सम्मान प्रकट गरेको छ। त्यस्तै राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरमा भएका खाद्य अधिकारसम्बन्धी सभा-सम्मेलनमा सहभागी भई तीनका घोषणाहरूलाई स्वीकारेको अवस्था छ।

खाद्यान्न अधिकारको कुरा गर्दा नेपालको अन्तरिम संविधान २०६३ को भाग ३ का विभिन्न मौलिक हकहरू, भाग ४ को राज्यको दायित्व निर्देशक सिद्धान्त तथा नीति धारा ३७ को कार्यकारी अधिकार तथा नेपाल पक्ष भएको विभिन्न मानवअधिकारसम्बन्धी महासन्धि र खाद्य अधिकारसम्बन्धी विभिन्न घोषणाका व्यवस्थाहरू हेर्नुपर्ने हुन्छ। अन्तरिम संविधानले खाद्यान्नको अधिकार वा भोकबाट मुक्तिलाई मौलिक हक भनी कुनै धारामा नभने पनि धारा १२(१) ले सबै नागरिकलाई सम्मानपूर्वक बाँच्न पाउने हकलाई मौलिक हक प्रदान गरेको हुँदा खाद्यान्नको अधिकार प्रत्येक नागरिकको हक भन्ने देखिन्छ। त्यस्तै, कानुनबमोजिम बाहेक वैयक्तिक स्वतन्त्रता अपहरण हुन नसक्ने व्यवस्था मौलिक हकको रूपमा प्राप्त छ। वैयक्तिक स्वतन्त्रता र खाद्यान्नको अधिकारको अभावमा सम्मानपूर्वक बाँच्न पाउने हक अपूरो र निरर्थक हुन जान्छ।[४]

नेपालले जनाएको अन्तर्राष्ट्रिय प्रतिबद्धता, नेपालको अन्तरिम संविधान र तिनलाई टेकेर सर्वोच्च अदालतले गरेको फैसला अनुरूप खाद्य सुरक्षाका न्यूनतम मापदण्ड कसरी मुगू जिल्लामा अपनाइएको छ भन्ने अध्ययन यस्ता अन्य क्षेत्रका लागि समेत महत्वपूर्ण हुन सक्दछ, जसले त्याहाँका समस्या समाधान गर्न सरोकारवालालाई मद्दत पुग्न सकोस्।

३. अनुगमनको उद्देश्य

- मुगू जिल्लामा खाद्यान्न उत्पादनको अवस्था जान्नु,
- खाद्यको वितरणप्रणालीको प्रभावकारिताको अध्ययन गर्नु,
- खाद्यान्नमा आमजनतामा पहुँच पुऱ्याउन राज्यले निर्वाह गरेको भूमिकाको मूल्याङ्कन गर्नु।

४. अध्ययन विधि

मुगू जिल्लाको सदरमुकामस्थित खाद्य

---

१. World Food Programme. *http://www.wfp.org/hunger/stats*

२. सर्वसाधरणद्वारा खाद्य सङ्कट जिल्ला घोषणा गर्न आग्रह। *इन्सेक अनलाइन।* १४ भदौ २०६९। *http://www.inseconline.org/index.php?type=news&id=38317&lang=np*

४. नेपाल कानुन पत्रिका। ०६८ वैशाख। *स.अ. निर्णय नं.८५४०-जनहित संरक्षण मञ्च (प्रो. पब्लिक) समेत विरुद्ध प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत।*

संस्थानको डिपो, सोही जिल्लाको अन्य गाविसमा रहेका खाद्य संस्थानका डिपोहरूको अवस्था तथा खाद्यान्न उत्पादन तथा वितरणसँग सम्बन्धित कार्यालयहरूका साथै स्थानीय सरोकारवालासँग गरिएको छलफलमा आधारित भएर यो अध्ययन तयार गरिएको छ। अध्ययनका क्रममा सम्बन्धित विषयमा यसअघि प्रकाशित विभिन्न सङ्घ-संस्थाहरूको प्रतिवेदन, जर्नल, बुलेटिन, समाचार र सरकारी गैरसरकारी निकायको तथ्याङ्कलाई पनि अध्ययनको सन्दर्भसामग्रीको रूपमा प्रयोग गरिएको छ।

५. अध्ययनको सीमा

यो अध्ययन मूलत: मुगू जिल्लामा केन्द्रित छ। यस परिच्छेदमा उल्लेख गरिएका उदाहरण, सरोकारवालाको भनाइ, बालीनालीका प्रकार आदि मुख्यत मुगू जिल्लासँग सम्बन्धित छन्। मुगूबाहेक अन्य जिल्लाको विवरण द्वितिय स्रोतको आधरमा लेखिएको हो।

६. नेपालमा खाद्य सुरक्षाको अवस्था र सरकारी नीति

इन्टरनेसनल फूड पोलिसी रिसर्च इन्सटिच्यूटको प्रतिवेदन, २०१२ अनुसार नेपाल विश्वका भोकमरीग्रस्त ७९ मुलुकको सूचीमा ६० औं स्थानमा छ।[५] .पछिल्लो दशकमा खाद्यान्न सङ्कटलाई ६/६ प्रतिशतले घटाउँदै नेपालले सुधार गर्दै लगेको हो। खाद्य सङ्कट समाधानका लागि नेपालको उत्तरी छिमेकी चीनले महत्वपूर्ण प्रगति हासिल गरेको छ, भने भारत यो मामलामा अझै पछाडि छ। सोही 'इन्स्टिच्यूट' को २०१० को प्रतिवेदनमा नेपाल ५६ औं स्थानमा र २००८ मा ५७ औं स्थानमा थियो। प्रतिवेदनमा इन्स्टिच्यूटको सूचकाङ्ककको आधारमा नेपाल भोकमरीको गम्भीर अवस्थामा नै छ। यता ग्लोबल फूड सेक्यूरिटी इन्डेक्स २०१२ को प्रतिवेदनअनुसार नेपाल संसारका १ सय ५ मुलुकमध्ये खाद्य सुरक्षाको ७९ औं स्थानमा छ। प्रतिवेदनमा सामर्थ्य, उपलब्धता, गुणस्तर र सुरक्षालाई खाद्य सुरक्षाको आधार मानिएको छ।[६] एफएओको प्रतिवेदनअनुसार संसारका १ अरबभन्दा बढी मानिसहरू खाद्य सङ्कटमा छन्। जसमा नेपालका मात्र १६ लाख भन्दा बढी छन्। अक्सफाम र साउथ एसिया वाच इन ट्रेड इकोनमिक एण्ड इनभारमेन्ट (सावती)को सर्भे अनुसार विश्वभर करिब १ अरब र दक्षिण एसियामा ४० करोड तथा नेपालमा ३४ लाख ८० हजार मानिसले दुई छाक भरपेट खाना खान पाइरहेका छैनन्। नेपालमा सन् १९९० मा प्रतिव्यक्ति प्रतिवर्ष खाद्यान्न उत्पादन ३१८.२१ केजी थियो भने २००८ मा घटेर ३००.६ केजी भएको थियो। नेपालमा १६ लाख जनताले भोकमरी र ८० लाख जनताले खाद्य अभाव झेलिरहेका छन्। त्यस्तै न्यूनतम क्यालोरी (पर्याप्त क्यालोरी भन्नाले १ सय ९१ केजी खाद्यान्न उपभोग प्रतिवर्ष) उपभोग गर्ने क्षमता नभएका जनताको प्रतिशत ४० छ।[७] सरकारी तथ्याङ्कअनुसार नेपालमा ५ वर्षभन्दा मुनिका आधा बालबालिका होचा पुडका तथा ३८ प्रतिशत बालबालिका कम तौलका छन्। मध्य तथा सुदूर पश्चिमका ५० प्रतिशत बालबालिका कम तौलका रहेको अध्ययनहरूले देखाएको छ।

नेपालको कुल क्षेत्रफल १ लाख ४७ हजार १ सय ८१ वर्ग किमीमध्ये ३० लाख ९१ हजार हेक्टर क्षेत्रफलमा खेती गरिएको छ। १० लाख ३० हजार हेक्टर खेतीयोग्य जमिन बाँझै छ। आर्थिक वर्ष २०१०/०११ को तथ्याङ्कअनुसार १२ लाख ५४ हजार हेक्टर जमिनमा मात्र सिँचाइ सुविधा पुगेको छ। कूल ग्राहस्थ उत्पादनमा कृषिको योगदान करिब ३४ प्रतिशत रहेको छ। कृषि मन्त्रालयका अनुसार आर्थिक वर्ष सन् २०११/०१२ मा नेपालीलाई पुग्ने खाद्यान्न उत्पादन भएको छ। मन्त्रालयको तथ्याङ्कलाई आधार मान्ने हो भने आवश्यकता भन्दा ८ लाख टन खाद्यान्न बढी उत्पादन भएको छ। मन्त्रालयले २ करोड ७० लाख जनसङ्ख्या अनुमान गरी ५१ लाख ५१ हजार टन खाद्य आवश्यक रहेको प्रक्षेपण गरेको छ। उत्पादन भने ६० लाख ३७ हजार टन खाद्य भनिएको छ। एफएओका अनुसार नेपालीले वार्षिक १ सय ९० किलो खाद्य खपत गर्ने अनुमान छ। सोही अनुमानलाई आधार मानेर माग प्रक्षेपण गरिएको हो। मन्त्रालयका अनुसार आर्थिक वर्ष सन् २०१०/०११ मा खाद्य सङ्कट व्यहोरेका जिल्ला ३३ थिए। त्यो घटेर २७ मा झरेको छ। पाँचथर, उदयपुर, सुनसरी, सिन्धुली, मकवानपुर र सर्लाही खाद्य

५. Global Hunger Index. *http://www.ifpri.org/book- 8018/ourwork/researcharea/global-hunger-index*

६. Global food Security Index. *http://foodsecurityindex.eiu.com/Country/Details#Nepal*

७. डा. बुढाथोकी, प्रकाश। मानवअधिकारका रूपमा खाद्यअधिकार। *दैनिक पत्र।* *http://dainikpatra.com/wordpress/?p=17427*

सड्कटबाट मुक्त भएका छन्।[८]

७. मुगू जिल्लामा खाद्यान्नको अवस्था

मध्यपश्चिमाञ्चल विकास क्षेत्रको कर्णाली अञ्चलमा पर्ने मुगू जिल्ला नेपालका ७५ जिल्लामध्ये मानव विकास सूचकाङ्ककको आधारमा ७५ औं स्थानमा पर्ने जिल्ला हो। सन् २०११ को जनगणनाअनुसार यहाँको जनसङ्ख्या ५५ हजार २ सय ८६ छ जसमा पुरुष २८ हजार २५ र महिला २७ हजार २ सय ६१ रहेको छ। सन् १९८१ को जनगणनाअनुसार कुल जनसङ्ख्या ४२ हजार ९ सय २७ रहको थियो। ३५३५ स्क्वायर मिटर क्षेत्रफल रहेको यस जिल्लामा २४ गाविस छन्, जहाँको खाद्यान्न उत्पादनको अवस्था यसप्रकार रहेको छ :-

स्रोत: Village Development Committee Demographic Profile of Nepal, 2013

खाद्यवस्तु	बाली लगाइएको क्षेत्रफल हेक्टरमा	उत्पादन मेट्रिक टनमा
धान	१२६५	२५३१
मक	६०७	६०७
गहुँ	४३२५	७७८५
जौ	१८३७	१८३७
तेलहन	३१	२०
आलु	६०५	६१३५
दलहन	७	६
	८६७७	१८५२१

जिल्लाको कुल ३ लाख १० हजार ३ सय १० हेक्टर जमिनमध्ये १९ हजार ३ सय ४० हेक्टर जमिन खेतीयोग्य भए पनि हाल १८ हजार ४ सय ४१ हेक्टर भूभागमा मात्र खेती हुने र यही खेतीयोग्य जमिनबाट वार्षिक ११ हजार ५ सय ६० मेट्रिक टन उब्जनी हुने गर्छ। यो उत्पादनले जिल्लामा तीनदेखि छ महिनासम्म लाई धान्दछ। जिल्लामा उत्पादन हुने खाद्यान्न जिल्लालाई ८ सय मेट्रिक टन अपुग रहेको जिल्ला कृषि कार्यलयको तथ्याङ्कमा उल्लेख छ। प्रतिव्यक्ति २ सय ९ केजीका दरले आवश्यक पर्ने खाद्यान्न आपूर्ति

पछिल्लो दश वर्षमा नेपालमा खाद्यान्नको बचत र अभाव

आर्थिक वर्ष सन्मा	परिमाण टनमा	अभाव/बचत
२००२/०३	७५,६००।-	बचत
२००३/०४	२१३०००।-	बचत
२००४/०५	१६३०००।-	बचत
२००५/०६	२१५००।-	अभाव
२००६/०७	८०००००	अभाव
२००७/०८	२२३६७।-	बचत
२००८/०९	१३२९००।-	अभाव
२००९/०१०	३३००००।	अभाव
२०१०/०११	९००००।	बचत

स्रोत: कृषि मन्त्रालय

गर्नाका लागि जिल्लाभरका २४ औटै गाविसका ५५ हजार ३ सय ११ जनाका लागि २५ हजार क्विन्टल खाद्यान्न आवश्यक पर्ने हुन्छ। यहाँको जमिनमा कोदो, गहँ, जौ, धान, भुवाधान, चिनो, फापर, कागनो मकै, सिमी, उब्जनी हुने गरे पनि यसबाट कुल जनसङ्ख्याको ७० प्रतिशतलाई मात्र पर्याप्त हुन्छ।

वि.स. ०२७ सालदेखि कर्णालीलगायतका जिल्लामा सहुलियत दरमा चामल बाँड्न सुरु गरेको नेपाल खाद्य संस्थानले ४२ वर्षसम्म पनि त्यही कामलाई निरन्तरता दिइरहेको छ। सरकारले कर्णालीमा मात्र खाद्य ढुवानीमा वार्षिक ५० करोडभन्दा बढी रकम खर्च गरिरहेको छ। सोही क्षेत्रमा सरकारभन्दा बढी परिमाणमा खाद्य ढुवानी गरिरहेको डब्लुएफपीको खर्च भनै ठूलो भएको अनुमान गर्न सकिन्छ।

हालैमात्र सरकारले गरिबी परिचयपत्र बाँड्ने कार्यक्रम अघि सारेको छ। गरिबी निवारणअन्तर्गत थालिएको सो कार्यक्रमले गरिबीको मापदण्ड दैनिक ५२ रुपियाँ भन्दा कम आम्दानी भएका जनतालाई मान्ने बताएको छ।[९]हालको महङ्गीलाई हेर्ने हो भने यो कार्यक्रमको मापदण्डलाई सही मान्न सकिन्न । किन भने नेपालमा वर्षैभर खाद्यान्न सङ्कट भोग्ने जिल्लामा मध्यपश्चिमको कर्णाली अञ्चल पहिलो नम्बरमा पर्दछ।

८. *http://www.ekantipur.com/nep/2069/2/17/full-story/348646.html*

९. बीबीसी साझा सवाल कार्यक्रम, ०६९ असोज १४ गते।

मुगूलगायतका कर्णालीका जिल्लामा १ केजीको चिनीको मूल्य ३ सय, मैदाको २ सयको हाराहारी र तेलको मूल्य प्रतिलिटर ३ सयभन्दा बढी छ। यो अवस्थामा ५२ रुपिँयाको दैनिक आम्दानीले एक छाक खान पनि मुश्किल पर्ने अवस्था छ। त्यस्तै राज्यले सामाजिक सुरक्षाभत्ताका नाममा बाँड्ने गरेको वृद्धवृद्धा, एकल महिला, बालबालिका, अपाङ्गलगायतका भत्तामा पनि अनियमितता रहेको पाइन्छ। भूमिहीन, सुकुमवासी, मुक्त कमैया, हलियाप्रति राज्यले प्रभावकारी कार्यक्रम र योजनाहरू प्रस्तुत गर्न सकेको छैन। बढदो भूमिहीनता, अव्यवस्थित शहरीकरण, खेतीयोग्य जमिनको अतिक्रमण, विश्वव्यापी जलवायु परिवर्तन, भूमिको उत्पादन शक्तिमा ह्रास, स्तरहीन रसायनिक मलको प्रयोग, खडेरी, अतिवृष्टि, अनावृष्टि, प्राकृतिक प्रकोप आदिले पनि खाद्य असुरक्षा बढाएको छ। अन्तर्राष्ट्रिय प्रकृति संरक्षण सङ्घ (आइयूसीएन) को अध्ययनले चुरेभावर क्षेत्रमा भएको मानवीय अतिक्रमण, तीव्र वनविनास र जलवायु परिवर्तनले देशको ११ प्रतिशत भू-भाग रुखविरुवा पनि उम्रन नसक्ने गरी मरुभूमि बनिसकेको जनाएको छ। यसलाई नियन्त्रण गर्न नसके थप २० प्रतिशत भूमि मरुभूमि बन्ने खतरामा रहेको पनि उल्लेख छ। तसर्थ, यी समस्यालाई सम्बोधन नगरी केवल कागजी प्रतिबद्धताले मात्र खाद्य सुरक्षाको प्रत्याभूत गर्दैन।

मुलुक विगत दुई वर्षदेखि लगातार खाद्यान्न वचतमा रहन पुगेको तथ्याङ्क छ । गत आ.व. ०११ र ०१२ मा ९ दशमलव ८ प्रतिशतले खाद्यान्न उत्पादनमा वृद्धि भएपछि ८ लाख ८६ हजार मेट्रिक टन खाद्यान्न बचत भएको थियो। देशमा खाद्यान्न बचत भएको यो लगातार दोश्रोपटक हो। सन् ०११ र १२ मा कूल खाद्यान्न आवश्यकको १७ दशमलव २ प्रतिशत बचत भएको एफएओ लगायतले तयार पारेको संयुक्त अध्ययन प्रतिवेदनमा उल्लेख छ । यसअघि सन् ०१०-११ मा खाद्यान्न बचत ४ लाख ४३ हजार १ सय मेट्रिक थियो भने सन् २००९-१० मा ३ लाख २० हजार ९ सय मेट्रिक टन थियो। सन् ०८ र ०९ मा १ लाख ३२ हजार ९ सय मेट्रिक टन खाद्यान्न अपुग भएको थियो। सन् २००७/०८ मा एकपटक २२ हजार ४ सय मेट्रिक खाद्यान्न बचत भएको थियो। सन् २००६/०७ मा १ लाख ८७ हजार ७ सय मेट्रिक टन र सन्न् २००५/०६ मा २१ हजार ६ सय मेट्रिक टन अपुग रहेको थियो।

८. मुगूमा खाद्यअधिकारको सबाल

खाद्य, स्वास्थ्य, शिक्षालगायत विकासका दृष्टिकोणले मध्यपश्चिम नेपालको पछाडि परेको क्षेत्र हो। मध्यपश्चिममा कर्णाली र कर्णालीमा मुगू सरकारी सेवा, सुविधा, अवसर, पहुँच, सहभागिता, विकास लगायतका कुराले अत्यन्तै पिछडिएको क्षेत्र हो। औसत आयुको हिसाबले पनि यो जिल्ला नेपालको सबैभन्दा कमजोर जिल्लामा पर्दछ। त्यसमा पनि महिलाको औसत आयु अति दयनीय छ। मानव विकास सूचकाङ्कमा नेपालको सबैभन्दा पछाडि परेको जिल्ला पनि हो मुगू। कुपोषणका कारण जिल्लामा बालबालिका कम तौल र कम उचाइका हुने गरेको तथ्याङ्कले देखाउँछ। खाद्यान्न अभाव यस जिल्लाको आधारभूत समस्या हो। वर्षेनी खाद्य अभाव झेलिरहने यस जिल्लालाई यस वर्ष सडक सञ्जालले छोए पनि त्यसको व्यवस्थित सञ्चालनको लागि अझै धेरै वर्ष कुर्नुपर्ने अवस्था छ। जिल्लाको हवाइयातायात नियमित छैन। स्थानीय उत्पादनले आधा वर्ष पनि नधान्ने र ढुवानीको माध्यम हवाइमार्ग वा खच्चर मात्र भएकाले जिल्लामा खाद्यान्न भित्राउन समेत कठिन छ। न्यून आयस्रोत भएका मुगूका जनताले पैसा हुँदा पनि खाद्यान्न नपाउने अवस्था अर्को यथार्थ हो। जिल्लाका स्थानीय बासिन्दामा बढदै गएको चामलकै भातलाई मात्र खाद्यान्न ठान्ने बानी तथा हुकँदै गरेको नयाँ पुस्ताले रैथाने बाली कोदो, फापर, जौँ, गहुँ आदिलाई खाने अन्न नै नठान्ने अवस्था आइसकेको छ। आवश्यक पूर्वाधार, सुविधा, यातायात, अतिथि संस्कार, खानपिन आदिको पर्याप्त व्यवस्था नहुँदा प्रकृतिको अनुपम उपहार रारा तालले अपेक्षाकृत प्रचार र प्रयोग पाउन सकेको छैन। फलत: मुगूले रारा तालको जिल्लाभन्दा पनि अभाव र गरिबीको जिल्लाको परिचय पाएको छ। जिल्लामा भएको स्रोत साधनको व्यवस्थित उपयोग नहुँदा वर्षेनी भोकमरीको चपेटालाई सहन बाध्य छन्- मुगूवासीहरू। राज्यले मुगूको खाद्य अधिकारको सवाललाई दीर्घकालीन सम्बोधन गर्नेतर्फ ध्यान नदिँदा समस्या थप जटिल बन्दै गएको छ। तसर्थ, महङ्गो ढुवानी खर्च व्यहोरेर हेलिकप्टरमा चामल ओसारेर मुगूवासीलाई न्याय गरेको छु भन्ने सरकारी मानसिकतालाई परिवर्तनगर्न ढिला भइसकेको छ।

९. मुगूमा खाद्यान्न आवश्यकता

प्रतिव्यक्ति २ सय ९ केजीका दरले आवश्यक पर्ने खाद्यान्न मुगूका २४ ओटै गाविसका ५५ हजार ३ सय ११ जनालाई पूर्ति गर्ने हो भने २५ हजार क्विन्टल

खाद्यान्न आवश्यक पर्छ। जिल्लाको कुल ३१०.३१० हेक्टर जमिनमध्ये १९ हजार ३ सय ४० हेक्टर जमिन खेतीयोग्य भए पनि हाल १८ हजार ४ सय ४१ हेक्टर भू-भागमा मात्र खेती हुने र यही खेतीयोग्य जमिनबाट वार्षिक ११ हजार ५ सय ६० मेट्रिक टन उब्जनी भएपनि यो खाद्यान्न ३ महिनादेखि ६ महिनासम्मका लागि मात्र पर्याप्त हुने गर्छ। उब्जनी हुने खाद्यान्न जिल्लालाई ८ सय मेट्रिक टन अपुग रहेको जिल्ला कृषि कार्यालयको तथ्याङ्कमा उल्लेख छ। परम्परागतरूपमा यहाँको जमिनमा कोदो, गहुँ, जौ, धान, भुवाधान, चिनो, फापर, कागनो मकै, सिमी, उब्जनी हुने गरेपनि यो खेतीबाट कुल जनसङ्ख्याको ७० प्रतिशतलाई मात्रपुग्ने गर्छ।

१०. खाद्यान्नको आपूर्तिको अवस्था

आर्थिक वर्ष ०६८/०६९ का लागि खाद्य संस्थान मुगू गमगढी र ग्रामीण भेगका तीन डिपोका लागि १५ हजार क्विन्टल खाद्यान्न कोटा छुट्टयाएको भए पनि २७ सय ८२ क्विन्टल चामल कटौती गरेकोले वैशाख महिनादेखि नै जिल्लामा खाद्यन्न अभाव सुरु भयो। सरकारले अनुदानमा खाद्यान्न वितरण गर्ने भने पनि जिल्लाले माग गरेअनुसारको बजेट अर्थमन्त्रालयले निकासा नगर्दा अभाव रोकिएन। जिल्लाको मागअनुसार खाद्यान्न सरकारले आपूर्ति गर्ने हो भने वर्षभरका लागि २५ हजार क्विन्टल आवश्यक पर्छ। खाद्य संस्थानका डिपो रित्तिँदा यहाँका बासिन्दा छिमेकी जिल्ला जुम्ला, बाजुरा र हुम्ला जिल्लाको तल्लो भेगबाट स्थानीयस्तरमा उत्पादित अन्न किनेर छाक टार्न बाध्य भए। सदरमुकाम गमगढीका बासिन्दाले व्यापारीले हवाइमार्ग तथा भरियाले बोकेर सुर्खेत र नेपालगञ्जबाट मगाएको चामल प्रति ३० केजी २३ सय देखि २५ सयसम्म मूल्य तिरेर उपयोग गर्न बाध्य भएका थिए।

जिल्लाका २४ ओटै गाविसका लागि वर्षभर पुग्ने ३७ हजार क्विन्टल जिल्ला खाद्य समितिले माग गरेको भए पनि आ.व. ०६८/०६९ मा १५ हजार ५ सय ५० क्विन्टलको सरकारले स्वीकृत गरेको र अर्थमन्त्रालयले १३ हजार ३ सय ५० क्विन्टल मात्र अनुदान निकासी गरेकोले यो वर्ष खाद्य सङ्कट भयो। गत वर्षका लागि भने २२ हजार ९ सय ८४ क्विन्टल स्वीकृत गर्दासमेत खाद्यसङ्कट सामान्य थियो। असारमा जिल्ला खाद्यसंस्थानमा ५ सय ९६ क्विन्टल खाद्यमात्र मौज्दात रहेको र सतह मार्गबाट ढुवानी भइरहेको १ हजार ९ सय ४८ क्विन्टल २० केजी खाद्यान्न बाटो मै रहेकाले तत्काल सर्वसाधारण र कर्मचारीलाई खाद्यान्न वितरण नगरिने जनायो। मृतक, प्राकृतिक प्रकोप र आपतकालीन अवस्थाका लागि प्रमुख जिल्ला अधिकारीको सिफारिसमा मात्र मौज्दात रहेको खाद्यान्न वितरण गरिने खाद्यसंस्थान मुगूका प्रमुख हिराबहादुर सिंहले बताए।

यो वर्ष जिल्लाले माग गरेअनुसारको खाद्यकोटा सरकारले स्वीकृति नदिँदा जिल्लामा खाद्यान्न सङ्कट परेको थियो। ग्रामीण भेगमा रहेका नेपाल खाद्य संस्थानका तीन बिक्री केन्द्र श्रीकोट, सोरुकोट र पुलूमा पनि ९ सय ६६ क्विन्टल खाद्य पुऱ्सकेन। सतह मार्गबाट आउन बाँकी १९ सय ४८ क्वीन्टल जेठ महिनामा पनि नपुगेको संस्थानले जनायो। खाद्यसंस्थान पर्याप्त मात्रामा खाद्यान्न मौजाद हुँदा सर्वसाधारणलाई महिनाको भने दुई पटक १५ केजीका दरले वितरण गरिन्थ्यो भने सरकारी तथा गैरसरकारी सङ्घ-संस्थाका कर्मचारीलाई महिनाको स्थानीयलाई १५ र बाहिर जिल्लाबाट आएका कर्मचारीलाई १५ देखि २३ केजीसम्म दिने गरेको भए पनि खाद्यसङ्कट हुँदा मृतक परिवार र आपतकालीनमा परेकालाई बाहेक अन्य सबैले एक केजी पनि नपाउने अवस्था सृजना भयो। जिल्लामा खाद्यान्न सङ्कट हुने भएपछि वैशाख २८ गते जिल्ला खाद्य समितिले थप १२ हजार ५ सय क्विन्टल खाद्यसंस्थान केन्द्रिय कार्यालयमा सदरमुकामका लागि ८ हजार १ सय श्रीकोटका लागि १५ सय सोरुकोटका लागि ९ सय र पुलू डिपोको लागि २ हजार क्विन्टल माग गरेको र खाद्य संस्थान केन्द्रीय कार्यालयले वाणिज्य तथा आपूर्ति मन्त्रालय, योजना आयोगमा रकम माग गरिएको भए पनि अर्थ मन्त्रालयले निकासा दिने नदिने जानकारी नै दिएन।[10]

११. खाद्य डिपोहरू कहाँ-कहाँ छन्?

जिल्लाका २४ गाविसमध्ये लागीगम भेगका कार्कीबाडा, श्रीनगर, पिना, रोबा, रुगा, रारा र सदरमुकाम गमगढीका लागि खाद्य संस्थानको जिल्ला कार्यालय गमगढी, करानभेगका लागि मार्ग्री, पुलू, किम्री, डोल्फू, र मुगू लागीपुलू बिक्री डिपो, सोरु भेगको

10. डाँगी, कमल। भोकमरीले ज्यानै जाने अवस्था। *सौर्य दैनिक*। ०६९ असार २६ गते। *http://www.souryadaily.com/2012/07/25249.html*

भिई, नार्थबु, जिमा, कालै, फोतू, धैनाको सोरुकोटबिक्री डिपो, खत्याड भेगको सेरी, श्रीकोट, खमाले, गम्था सुकाढीक, हया लू, कोटडाँडाका लागि श्रीकोट डिपोहरू रहे पनि यी डिपोहरूलाई छुट्टाइयाएको कोटा खाद्य संस्थानको जिल्ला कार्यालयले पुऱ्याउन नसक्दा यहाँका सर्वसाधारणले चर्को खाद्यान्न अभाव भोग्दै आएका छन्।

१२. डिपोहरूमा खाद्यान्न उपलब्धताको अवस्था

आर्थिक वर्ष ०६८ /०६९ का लागि जिल्ला खाद्य संस्थान मुगू, गमगढी र ग्रामीण भेगका तीन डिपोका लागि १५ हजार कोटा छुट्टयाइएको भए पनि २७ सय ८२ क्विन्टल चामल कटौती गरेकोले वैशाख महिनादेखि जिल्लामा खाद्य अभाव सुरु भयो। सरकारले अनुदानमा खाद्य वितरण गर्ने भने पनि जिल्लाले माग गरेअनुसाररको खाद्यको बजेट अर्थ मन्त्रालयले निकासा नगर्दा बेला-बेलामा अभाव हुने गरेको हो। खाद्य संस्थानले सर्वसाधारणका लागि ४० रुपियाँमा खाद्य संस्थानबाट बिक्रीवितरण गर्ने चामल अहिले सुर्खेतबाट हेलिकप्टर माफर्त ढुवानी गर्ने गरिन्छ। २ सय ८५ रूपैया प्रतिकेजीका दरले एक क्विन्टल चामलको मूल्य २१ हजार ७ सय ८५ रुपियाँमा ढुवानी गरिन्छ। त्यस्तै हवाइजहाजबाट ९ हजार ४ सय ६५ प्रति क्विन्टलको ढुवानी तिर्नुपर्छ भने सतहमार्गबाट २५ सय ९५ रुपियाँ तिरी यो आर्थिक वर्ष ०६९/०७० मा गमगढी शाखा केन्द्रका लागि ४२ सय ६०, पुलु डिपोमा ३ सय ४०, सोरुकोट डीपोमा ४ सय ५० र श्रीकोट डिपोका लागि १ सय ५० गरी जम्मा ५२ सय क्विन्टल चामल आपूर्ति भयो।

१३. खाद्यअधिकारबारे सरोकारवालाको भनाइ

जिल्लाको मागअनुसारको खाद्यान्न सरकारले आपूर्ति गर्ने हो भने वर्षभरका लागि २५ हजार क्विन्टल आवश्यक पर्छ। सर्वसाधारणका लागि ४० रुपियाँमा खाद्यसंस्थानबाट बिक्री वितरण गरिने चामल अहिले सुर्खेतबाट निजी हवाइ कम्पनीले महँगो भाडा तिरेर ढुवानी गर्नु परेको खाद्य संस्थान मुगका प्रमुख हिराबहादुर सिंह बताउँछन्।

यसरी लामो समयसम्म जिल्लामा खाद्यान्न अभाव भएको जानकारी प्रशासनकार्यालय र खाद्य समितिबाट गृह मन्त्रालयको शान्ति सुरक्षा महाशाखा र आपूर्ति मन्त्रालयमा बेला-बेला जानकारी गराउँदासमेत सनुवाइ नहुँदा यो समस्या उत्पन्न भएको र तत्कालै जिल्लालाई सङ्कट क्षेत्र घोषणा गर्न नमिल्ने र यसका पनि आफ्नै नीतिनियम भएकाले बरु छिटोभन्दा छिटो ढुवानीका लागी सम्बन्धित निकायमा पहल गरिने सहायक प्रमुख जिल्ला अधिकारी जयबहादुर हितानले बताए।

१४. कृषि विकास कार्यालयको योजना र भावी कार्यक्रम

जिल्लालाई खाद्य उत्पादन तथा आपूर्तिमा आत्मनिर्भर बनाउन जिल्ला स्थित सरकारी तथा गैरसरकारी सङ्घसस्थाहरू क्रियाशील भए पनि खासै उपलब्धि भने हुन सकेको छैन। जिल्ला कृषि विकास कार्यालय मुगूका प्रमुख रामजी देवकोटा भन्छन जिल्लालाई खाद्य परनिर्भरताबाट छुटकारा दिलाउनका लागि जिल्ला कृषि विकास कार्यलयको जनशक्ति र नेपाल सरकारको नीति नियममा रही खाद्य आपूर्ति र उत्पादनमा जनचेतनाका लागि जिल्ला, सेवा केन्द्र र स्थलगत तालिमको व्यवस्था गरिएको छ।

बिशेष गरी जिल्ला लाई खाद्य उत्पादनमा आत्मनिर्भर बनाउन ताजा तरकारीहरूमा मौसमी र बेमौसमी खेतीमा कृषकलाई प्रोत्सान गर्नुका साथै सिमी, आलु, स्याउ र ओखर खेतिलाई बिशेष जोड दिन जिल्ला कृषि कार्यलयले जिल्लास्थित खाद्य सुरक्षासम्बन्धी काम गर्ने सङ्घ सस्थासँग समन्वय गरी काम गरेको छ। जिल्लामा लोप हुँदै गएका बाली चिनो, कागुनो, कोदो, जौं, गहुँ फापर, भुवा धानलगायतका खेती कम हुन थालेको र बाहिरबाट ल्याउने खाद्यान्नतिर उन्मूख हुनाले पनि समग्र जिल्ला खाद्यान्नमा परनिर्भर हुन थालेको हो।

कार्यलयका प्रमुख देवकोटाका अनुसार विशेषत: जिल्लास्थित खाद्य सुरक्षा सम्बन्धी काम गर्ने गैरसरकारी सस्थाहरुसँग कृषि विकास कार्यालयले समन्वय गरी कृषि सम्बन्धी काम गरे पनि प्रगति केही नदेखिएको उनको निष्कर्ष रहेको छ। सरकारले छुट्टै कार्यक्रम ल्याए मात्र जिल्ला खाद्यान्नमा आत्मनिर्भर हुनसक्ने उनको विश्वास छ।

१५. चेतना अभिबृद्धिको प्रयास

मुगूका स्थानीय बासिन्दाहरू स्थानीय उपजप्रति बेवास्त गर्ने र चामल पर्खेर बस्ने प्रवृति दिनानुदिन बढदै गइरहेको छ। चार दशकदेखि ओसारेको चामलमा भर पर्ने बानी परेका मानिसहरू स्थानीय उत्पादनको उपयोगिताप्रति नै विश्वस्त छैनन्। 'यो मुगूका स्थानीयवासीमा बाहिरबाट आउने चामल असल, आफ्नै जमिनमा फल्ने कोदो, फापर, मकै, आलु, सिमी कमसल भन्ने भावना जब्बर भएको प्रमाण थियो। मुगूमा फल्ने

कोदो, फापर, मकै, आलु खाद्यपर्दाथ नै होइन, खाने चिज चामल मात्र हो भनेर त्यहाँका जनतालाई घोकाइएको छ।[११]

सधैँको खाद्यान्न अभावबाट आजित मुगूवासीहरू जिल्लामा बढदो खाद्यान्न अभाव परनिर्भरतालाई निरुत्साहित गर्न जुरमुराउन थालेका छन्। सरकारी तथा गैरसरकारी संस्थाहरू संस्थाहरूले स्थानीय खाद्यान्न उत्पादनमा जोड दिँदै चेतनामूलक कामहरू गरिरहेका छन्। कार्यक्रमको प्रभावकारिता न्यून भए पनि सकारात्मक थालनी भएको छ। जिल्लामा खाद्य निर्भरताका लागि यथार्थबोध हुन लागेको सङ्केतको रूपमा यसलाई मान्न सकिन्छ। खाद्य संस्थान, खाद्य डिपो लगायतका सार्वजनिक ठाउँहरूमा लेखिएका चेतनामूलक भित्ते लेखनले पनि थोरै भए पनि स्थानीयवासिन्दालाई रैथाने बालिनाली लगाउन र सरोकारवालाहरूलाई सचेत बनाउन यस्ता भित्तेलेखन प्रेरणादायी हुनेमा विश्वास गर्न सकिन्छ ।

निष्कर्ष

करिब पाँच दशक अगाडिसम्म खाद्य निर्यात गर्ने नेपालको खाद्य परनिर्भरता अहिले आएर हृवात्तै बढेको छ। परम्परागत खेती प्रणाली, उन्नत बीउबिजन, मल, सिचाईं र आधुनिक प्रविधिको अभावले खाद्य असुरक्षा बढाएको हो। व्यवसायिक खेतीको कमी, नयाँ पुस्तामा कृषिप्रतिको अरुची, युवा शक्तिको विदेश पलायन, भातमात्र खाने बानी आदि पनि खाद्य असुरक्षाको कारण बनेका छन्। सरकारी तथ्याङ्कले गरिबी २५ प्रतिशतभन्दा तल झरेको देखाए पनि खाद्यमा पहुँच नहुने जनसङ्ख्याको हिस्सा ठूलो छ। नेपालको अन्तरिम संविधानमा खाद्य सम्प्रभुतालाई मौलिक अधिकारको रूपमा लिइए पनि खाद्य सुरक्षा नीति बन्न सकेको छैन। खाद्य सुरक्षा सम्बन्धी प्रभावकारी र दीर्घकालीन कार्यक्रमको अभाव छ। आधारभूत मानवअधिकारको रूपमा स्वीकारिएको खाद्य अधिकारलाई प्रत्याभूत गर्ने दायित्व राज्यको हो। सर्वोच्च अदालतले समेत यसतर्फ नेपाल सरकारलाई निर्देशन दिइसकेको छ। राष्ट्रिय अन्तर्राष्ट्रिय कानुन, सन्धि-महासन्धि तथा अन्तरिम संविधानको व्यवस्था र सर्वोच्चको आदेशलाई समेत सम्मान गर्दै सरकार यसतर्फ सचेत हुन जरुरी छ।

मुगू जिल्लाको सवालमा मुगू मानव विकास सूचकाङ्कमा कम आयु र भोकमरी भइरहने जिल्लाको

रूपमा परिचित छ। मुगूको खाद्यान्न सङ्कटको मूल तीन कारण- उत्पादन योग्य जमिन र जनसङ्ख्याको अनुपातबीचको अन्तरविरोध, स्थानीय उत्पादन र आयातित खाद्यान्न सम्बन्धी आहारविहार प्रणालीका साथै यातायातको अभाव हो। यसका अलावा स्थानीयमा बढेको भात खाने बानी, जङ्क फुडप्रतिको आकर्षण, स्थानीय उत्पादनलाई बेवास्ता र खाद्यान्नलाई घरेलु मदिरा बनाउनमा बढी प्रयोग गरिनु पनि हो। यी समस्याहरूलाई सम्बोधन नगरी सँधै हेलिकप्टरबाट ओसारेर दातृनिकायले खुवाएको सेतो चामल वा सरकारी अनुदानमा पुग्ने चाममललाई नै खाद्य सुरक्षाको माध्यम बनाउने हो भने जिल्लाको खाद्य परनिर्भरता कुनै दिन सरकार र दातृनिकायले धानेर नधानिने अवस्थामा पुग्नेछ।

सुझावहरू

- खाद्य समस्या समाधानका लागि दीर्घकालीन रणनीति तय गरी मुगू लगायतका अति जोखिम जिल्लाको पहिचान गरी विशेष कार्यक्रम सञ्चालन गरिनुपर्छ। दातृनिकाय र सरकारी लगानीलाई आत्मनिर्भरतामा जोड दिन आवश्यक छ।
- माटो सुहाउँदो बालीनाली, बिउँबिजनको पहिचान गरी वैज्ञानिक कृषि प्रणालीलाई प्रोत्साहन गर्नुका साथै सिँचाई, यातायातलाई उच्च प्राथमिकतामा राखी कृषि उत्पादनमा लक्षित हुनुपर्छ।
- स्थानीय उत्पादनको उपभोगले स्वास्थ्यमा हुने फाइदाको बारेमा जनचेतना अभिवृद्धि गर्दै श्रम र उत्पादनमा योगदान पुऱ्याउने युवा जनशक्तिले जिल्ला छाडनुपर्ने अवस्थाको अन्त्य गर्न जिल्लामा कृषिमा रोजगारमुखी कार्यक्रम लागु भएमा मात्र समस्या समाधान हुनसक्छ।
- खाद्यान्न ढुवानीमा हुने अस्वस्था ठेक्कापट्टा र विचौलियाको चलखेल बन्द गरिनुपर्ने।

११. डा. उप्रेती, अरुणा। भातको भोकमरी। *हिमाल खबरपत्रिका। http://nepalihimal.com/news.php?id=3281*

परिच्छेद

५

अध्ययन प्रतिवेदन

५.५ अछाममा छाउपडी प्रथा

१ परिचय

नेपाली समाजमा रजस्वला वा रजोवती अथवा मासिकधर्म भएको अवस्थामा महिलाहरूहरूलाई कसैले छुन नहुने र घरपरिवारबाट अलगिएर बस्नुपर्ने प्रचलन छ। खासगरी नेपालका हिन्दू धर्मावलम्बी समाजमा यो परम्परा मान्ने गरेको पाइन्छ। शहरी, विकसित र शिक्षित समुदायले यस्तो अवस्थालाई स्वास्थ्य र सरसफाइसँग जोडेर हेर्ने र त्यसअनुरूपको व्यवहार गर्ने गरेको पाइन्छ भने ग्रामीण क्षेत्रमा गोठ वा बेग्लै कोठामा बस्ने प्रबन्ध मिलाइएको हुन्छ। यस्तो अवस्थामा महिलाहरू पूजा गर्ने, मन्दिर, धारा पँधेरो, विद्यालय जादैनन्। फलफूलका बोटहरू छुँदैनन्। खाद्यसामग्री छुने पकाउने काम पनि अपवित्र मानिन्छन्। पहिलोपटक मासिकश्राव भएका किशोरीहरूले सात वा ११ दिनसम्म सूर्यलाई हेर्न नहुने, आफ्ना दाजुभाइलाई हेर्नु नहुने र आफ्नो घरमा बस्नु नहुने प्रचलन छ। सूर्य हेर्न नहुने मान्यताका कारण उनीहरूलाई अध्याँरो कोठामा राखिने गरिन्छ।

सुदूर तथा मध्यपश्चिमका पहाडी जिल्लाहरूको प्रचलन भने अन्य क्षेत्रभन्दा फरक छ। यस क्षेत्रका महिलाहरू सामान्यत: महिनावारी भएका बेला एउटा छुट्टै छाप्रो अथवा गोठमा पाँच दिनसम्म बस्दछन्। यस्तो प्रचलन खासगरी ग्रामीण क्षेत्रमा बढी व्याप्त छ। पहिलोपटक महिनावारी भएकाहरूले भने आफ्नो चलनअनुरूप त्यस्ता छाप्रामा कम्तीमा पनि ७ देखि ११ दिनसम्म बस्ने गर्दछन्। यस प्रथालाई डडेलधुरा, बैतडी र दार्चुलामा 'छुई' अथवा 'बाहिर हुनु', अछाममा 'छाउपडी' र बझाङमा 'छौकुल्ला' अथवा 'छौकुडी' पनि भन्ने गरिन्छ।

इन्सेकको अभिलेख अनुसार आछाममा छाउपडी गोठमा बस्न गएका बेला ०६६ जेठदेखि ०६९ पुस १६ गतेको अवधिमा सात जना महिलाको मृत्यु भएको थियो। ०६८ पुस १६ देखि ०६९ पुस १६ गतेको अवधिमा तीन जना महिलाहरूको यस्तै गोठमा मृत्यु भएको थियो। पछिल्लो समयमा ०६९ पुस ३ गते १५ वर्षीया शर्मिला भुलको छाउगोठमा मृत्यु भयो। यसकारण छाउपडी अध्ययनका लागि अछाम जिल्लाको चयन गरिएको हो

मानवअधिकार दृष्टिकोणमा छाउपडी प्रथा महिलाप्रति गरिने विभेदको एक रूप भएको हुँदा इन्सेकले यस अध्ययनमा जोड दिएको हो।

२. अध्ययनको महत्व

सयुक्त राष्ट्रसङ्घद्वारा जारी गरिएको मानवअधिकारको विश्वव्यापी घोषणापत्र, १९४८ ले हरेक व्यक्तिलाई लैङ्गिक, धार्मिक, राजनीतिक तथा अन्य आस्था, राष्ट्रिय तथा सामाजिक पहिचान, जन्म तथा अन्य हैसियतका आधारमा समान आत्मसम्मान, अधिकार तथा आधारभूत स्वतन्त्रताको प्रत्याभूतिमा जोड दिएको छ। यस घोषणापत्रमा उल्लेख गरिएका मानवअधिकारका विषयवस्तुहरूलाई पालना गर्नका लागि विश्वका सबै देशहरू नैतिकरूपमा बाध्यकारी छन्।

यसैगरी नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्ध, १९६६ को धारा २ र ३ मा सबै व्यक्तिलाई जाति, वर्ण, लिङ्ग, भाषा, धर्म, समाजिक उत्पत्ति, सम्पत्ति, जन्म अथवा अन्य हैसियतजस्ता कुनै पनि किसिमको अन्तर नराखी सबै अधिकारको आदर एवम् सुनिश्चित पार्ने अभिभारा दिइनुको साथै राजनीतिक अधिकारको उपभोगमा पुरुष र महिलाको समान अधिकार सुनिश्चित गरिएको छ।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्ध, १९६६ को धारा १२ र १३ मा राज्यपक्षहरू प्रत्येक व्यक्तिको शारीरिक र मानसिक स्वास्थ्यको उच्चतम् स्तर उपभोग गर्ने अधिकार र शिक्षाको अधिकारलाई मान्यता दिने र यी अधिकारहरूको उपभोग गराउनका लागि पहलसमेत गरिनुपर्ने कुराको प्रत्याभूत गरिएको छ। महिलाविरुद्धका सबै प्रकारका भेदभावको अन्त्य गर्ने महासन्धि, १९७९ विषेशगरी लिङ्गका आधारमा गरिने विभेदको अन्त्य तथा निर्मूलीकरण गरिनुपर्छ भन्ने मान्यता राख्दछ।

नेपालको अन्तरिम संविधान, २०६३ को धारा १३ ले पनि महिला पुरुषबीच समान अधिकार सुनिश्चित गरेको छ। यसैगरी स्वास्थ्य र शिक्षाको अधिकारलाई आधारभूत अधिकारको रूपमा संविधानले प्रत्याभूत गरेको छ। नेपालको अन्तरिम संविधान २०६३ को धारा २०(१)मा महिला भएकै कारण कुनै पनि किसिमको भेदभाव नगरिने र गरिएको खण्डमा सो कार्य दण्डनीय हुने व्यवस्था छ।

ती अन्तर्राष्ट्रिय तथा राष्ट्रिय कानुनी महिलामाथि हुने जुनसुकै प्रकारको विभेदको अन्त्य गर्नका लागि निर्माण गरिएका हुन्। सयुक्त राष्ट्रसङ्घद्वारा जारी गरिएका अनुबन्ध तथा महासन्धिहरू (विशेष गरी आर्थिक, सामाजिक तथा

साँस्कृतिक अधिकार र महिलाविरुद्ध हुने सबै किसिमका भेदभाव उन्मूलनसम्बन्धी महासन्धि आदि) नेपालले पनि अनुमोदन गरिसकेको छ। महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलनसम्बन्धी महासन्धिले सदस्य राष्ट्रहरूलाई महिलाहरूको रूढीवादी भूमिकामा आधारित विभेदकारी र परम्परावादी प्रथाहरूलाई उन्मूलन गर्नका लागि आह्वान गरेको छ। छाउपडी प्रथा पनि महिलालाई गरिने विभेद हो। छाउपडी प्रथाले विभेदलाई प्रोत्साहन गर्ने र महिलाको आत्मसम्मान तथा स्वास्थ्यका लागि प्रतिकूल हुने भएकाले यसले आधारभूत मानवअधिकारलाई चुनौती दिएको छ। यस्तो प्रथाको निमूर्लीकरण हुनु आवश्यक भएकोले यस प्रथाको वर्तमान अवस्थाको बारेमा जानकारी प्राप्त गरी यस समस्या समाधान गर्नका लागि सुझाव सार्वजनिक गर्नका लागि यो अध्ययनको महत्व रहेको छ।

३. अध्ययनको उद्देश्य

(क) अछाम जिल्लामा रहेको छाउपडी प्रथाको वर्तमान अवस्था र यस प्रथाका कारण महिलाहरूमा परेको प्रभाव तथा असरका बारेमा जानकारी प्राप्त गर्नु।

(ख) छाउपडी प्रथा उन्मूलनका लागि नेपाल सरकारले निर्माण गरेका ऐन, नियम र निर्देशिकाका सम्बन्धमा समाज, सरकारी सयन्त्र, राजनीतिक दल र स्थानीय बासिन्दाहरूको धारणा पहिचान गर्नु।

(ग) सरकारी तथा गैरसरकारी निकायहरूले छाउपडी प्रथा उन्मुलनका लागि सञ्चालन गरेका अभियान र यसले समाजमा पारेको प्रभावका सम्बन्धमा जानकारी प्राप्त गर्नु।

४. अध्ययनविधि

यस अध्ययनका लागि अछाम जिल्लास्थित मङ्गलसेन गाविस-२, जनालीबन्डाली गाविस-६ र मङ्गलसेनस्थित विभिन्न सरकारी तथा गैरसरकारी निकायका प्रमुख, राजनीतिक दलका नेता, मानवअधिकारकर्मी लगायतका सरोकारवालाहरूसँग छाउपडी प्रथाका बारेमा सूचना सङ्कलन गरिएको थियो।

अध्ययनका लागि छलफल, अन्तरक्रिया, प्रश्नोत्तर, अन्तरवार्ता लगायतका विधिहरू प्रयोग गरिएको थियो। विभिन्न अभियान तथा कार्यक्रम सञ्चालन गर्दै आएका सरकारी तथा गैरसरकारी निकायहरूका प्रतिनिधहरूसँग भेट गरी उनीहरूका कार्यक्रम र त्यसले पारेको प्रभावका सम्बन्धमा पनि छलफल गरिएको थियो। अनुगमनका क्रममा महिला बालबालिका मन्त्रालयले छाउपडी प्रथा अन्त्य गर्न बनाएको निर्देशिकाका बारेमा पनि राजनीतिक दल, सरकारी निकाय, स्थानीय बासिन्दा, अगुवा महिला, महिला अधिकारकर्मी शिक्षक, बुद्धिजिवी र धामी झाक्रीहरूसँग पनि छलफल गरिएको थियो। यसक्रममा ४२ जनासँग प्रत्यक्ष भेटघाट गरी छाउपडी प्रथाका बारेमा जानकारी लिइयो। जसमध्ये आठजना शिक्षक, छ जना स्थानीय, आठ जना स्थानीय अगुवा महिला, पाँच जना अधिकारकर्मी, सात जना सरकारी कार्यालयका अधिकारी, दुई जना स्वास्थ्यकर्मी, पाँच जना राजनीतिक दलका नेता र एक जना धामी रहेका थिए। अध्ययनका क्रममा क्रममा छाउपडी प्रथा उन्मूलनका लागि सरकारले जारी गरेको निर्देशिका २०६४ र यस अध्ययनको उद्देश्यको आधारमा सुझावहरू समेत लिइएको थियो।

५. अध्ययनको सीमा

सीमित समय र स्रोतका कारण प्रस्तुत अध्ययन अछामको सदरमुकाम आसपासका गाउँहरूको अवलोकनमा सीमित रहेको छ। यस अध्ययनमा तथ्याङ्कको उपयोग पनि गरिएको छैन।

६. छाउपडी : भेदभावको रूप

६.१ पारिवारिक भेदभाव

महिनावारी भएको समयमा महिलाहरूले परिवारभित्रै थुप्रै भेदभावपूर्ण व्यवहारको सामना गरिरहेको पाइन्छ। यस्तो अवस्थामा उनीहरू घर, भान्छाकोठा र मन्दिरहरूमा प्रवेश गर्न पाउँदैनन्। भैंसी वा गाई दुहुन, दूध वा दूधबाट बनेका खानेकुराहरू खान उनीहरूलाई निषेध गरिएको हुन्छ। धारा र कुँवामा उनीहरूको पहुँच सीमित पारिएको हुन्छ।

परिवारमा हुने भेदभावका विषयमा महिलाहरू आफू पीडित भए तापनि यो परम्परा पछिल्लो पुस्ताले पछ्याइ राख्नु पर्छ भन्ने मान्यता राख्छन्। अध्ययनको क्रममा १० जना प्रौढहरूसँग कुरा गर्दा उनीहरू एकातिर यो प्रथा उचित होइन भन्थे भने अर्कातिर नयाँ पुस्ताले पनि पालना गर्नुपर्छ भन्ने धारणा व्यक्त गरेका थिए। माध्यमिक तहमा अध्ययनरत १० जना बालिकाले भने यो प्रथा मान्नु हुँदैन भनेर आफूहरूले विरोध गरेको

शर्मिलाको मृत्युपश्चात् ब्युँझेको छ रिडीकोट

अछाम जिल्लाको पुरानो सदरमुकाम बयलपाटा र प्रमुख व्यापारिक केन्द्र साँफेबगरसँग जोडिएको तथा साँफेवगर-मङ्गलसैन सडकखण्डको बीचमा पर्ने रिडीकोट गाविसमा पनि छाउपडी प्रथा व्याप्त छ। यसैको कारणले समाजमा ...छोरी भनेको अर्काको नासो भएकाले उनीहरूलाई महिनावारी हुँदा घरमा राख्नुहुन्न, घरमा राख्दा परिवारमा हानी हुन्छ, देवी-देउता रिसाउँछन् भन्ने मान्यता छ। यो मान्यताले रिडीकोट गाविस-३ मा पनि जरो गाडेको छ। रिडीकोट गाविस -३ का यज्ञराज भुलको मनमा पनि उनकी छोरी घरमा बस्दा उनलाई सञ्चो नहुने अन्धविश्वासले घर गरेको थियो। त्यही अन्धविश्वासले गर्दा यज्ञराज र उनकी पत्नीले आफ्नी १५ वर्षीय छोरी शर्मिला भुललाई घरनजिकैको पुरानो घरको गोठ (जहाँ पहिले घाँस-दाउरा राखिन्थ्यो) मा राख्दै आएका थिए। शर्मिलाले तीनपटकको महिनावारी त्यही छाउपडी गोठमा बिताइसकेकी थिइन्। ०६९ पस १ गते शर्मिला चौथोपटक महिनावारी भई उक्त गोठमा बसेकी थिइन्। उनी महेन्द्र उच्चमावि बयलपाटामा कक्षा ९ मा अध्ययन गर्दथिन्। उनी महिनावारी हुँदा प्रत्येक दिन बिहान तातोपानीले नुहाएर विद्यालय जाने गर्दथिन्। पुस ३ गते बिहान धारामा पानी ढिलो आएका कारण नुहाउन नपाई उनी विद्यालय गएकी थिइनन्।

उनले दिउँसो टाउको दुखेको कुरा आमालाई भनेकी थिईन्। बेलुकी खाना खाइसकेपछि ९ बजेसम्म उनी पढेर सुत्न गोठमा गएकी थिइन्। बिहानै उठने शर्मिला पुस ४ गते बिहान ७ बजेसम्म किन उठिनन् भनेर उनका बुबा उठाउन जाँदा ढोका बन्द थियो। ढोका फुटाएर भित्र हेर्दा उनी मृत अवस्थामा भेटिएकी थिइन्। छाउपडी प्रथाका कारण एक १५ वर्षीया बालिकाले अकालमा ज्यान गुमाएको खबर गाउँमा सीमित रहेन, राष्ट्रियस्तरमै फैलियो। वर्षौंदेखि सरकारी गैरसरकारी कार्यालय, सामाजिक सङ्घ संस्थाहरूले छाउपडी प्रथाविरुद्ध चलाँउदै आएको अभियानलाई शर्मिलाको मृत्युले सशक्त बनायो। उनको गोठमै मृत्यु भएको भोलिपल्ट रिडीकोट गाविसका १, २ र ३ नम्बर वडाका महिलाहरूले गाउँमा रहेका सबै छाउपडी गोठ भत्काए। तीनै वडाका महिलाहरूले आफ्नो वडालाई छाउपडी मुक्त वडा घोषणा गर्ने निर्णय समेत गरे। शर्मिलाको अकाल मृत्युपश्चात् अहिले रिडीकोट शोकाकूल मात्र छैन, ब्युँझेको पनि छ। त्यहाँका धेरै मानिसहरूमा यसप्रथाविरुद्ध घृणा जागेको छ। अहिले रिडीकोट गाविसका वडा नं. १, २ र ३ मा रहेका छाउपडी गोठहरू भत्काइएका छन्। धेरै मानिसहरूमा छाउपडी प्रथा ठिक होइन, महिलाहरूले यसबाट मुक्ति पाउनुपर्छ भन्ने सन्देश गएको छ।

तर, परिवारिक दबावका कारण छाउगोठमा बस्नुपर्ने बाध्यता भएको स्वीकार गरे। १० जनामध्ये नौ जनाले यस्तो दबाब परिवारका महिला तथा पुरुष दुवै अग्रजहरूले दिने गरेको बताए।

छाउपडीमा बस्न इच्छा नहुँदानहुँदै पनि परिवारिक, समाजिक दबाब अनि अन्धविश्वासका कारण सिर्जित यस बाध्यतालाई मङ्गलसेन गाविसकी जगू विष्टले आफ्नो व्यथा यसरी पोखिन् "हामीलाई महिनावारी भएको समयमा गोठमा बस्न मन पटक्कै छैन। वर्षातको समयमा गोठ चुहिएर निथ्रुक्क भिजे पनि गोठमै बस्नु पर्दछ। गाउँमा जसको गोठ ओभानो हुन्छ, त्यही गोठमा टाढा भए पनि एक्लै जानु पर्छ। हामीले घरमै बस्न चाहे पनि घरका बुढापाकाहरूले बस्न दिँदैनन्। गोठमा बसेका बेला बच्चाहरूलाई पनि गोठमै सुताउनुपर्ने भएकाले बिहान बिहान नुहाउनु पर्दा उनीहरूलाई निमोनियाले सताउने गरेको छ। छाउ भएको समयमा आफूले मीठो मसिनो खान पाउनु त कता हो कता, बुढापाकाहरूले छोरा छोरीलाई समेत पोषिलो खाना दिँदैनन्। घरमा बस्ने कुरा गर्‍यो भने उनीहरू गाली गर्दछन्।"

६.२ धार्मिक साँस्कृतिक गतिविधिमा निषेध

छाउपडीमा रहेका महिलाहरूलाई 'छाउपडी धारा' (गाउँ नजिकैको कुनै छुट्टै कुवा, खोला अथवा कुलोमा मात्रै नुहाउन अथवा लुगा धुन पाउछन्) बाहेक अन्य धारा कुवाँमा जान दिइदैन। धार्मिक मेला, पूजापाठ र पर्वहरूमा उनीहरूलाई सहभागी हुनबाट वञ्चित गरिन्छ। कुलदेवता लाग्ने डरका कारण महिनावारी भएको दिनदेखि पाँच दिनसम्म गाईगोठ वा घरदेखि अलग्गै बनाएको छाप्रोमा बस्ने र छैठौँ दिन नुहाएर गाईको गहुँत खाएर घर पस्नु पर्दछ। पहिलोपटक महिनावारी भएकाहरूले भने सातदेखि ११ दिनपछि नुहाएर गाईको गहुँत खाएपछि मात्र घरभित्र प्रवेश पाउँदछन्।

६.३ यस प्रथासँग जोडिएका अन्धविश्वास

छाउपडी एक प्रथाका रूपमा स्थापित भएका कारण यससँग बलियो धार्मिक तथा साँस्कृतिक मान्यताहरू गाँसिएका छन्। यस्तो समयमा महिलाहरूले मन्दिरको बाटोसमेत हिँडनु हुँदैन भन्ने विश्वास व्यापक रहेको छ। मन्दिर गयो वा त्यसतिरको बाटो हिँड्यो भने आयु घट्ने, बस्तुभाउ मर्ने अथवा बालीनाली नष्ट हुने, देवता रिसाउने र अनिष्ट हुन्छ भनेर भयभीत हुने गरेका छन्। केही व्यक्तिहरूमा महिनावारी भएका महिलाहरूले फलफूल छोएमा ती फलफूल पाक्नुभन्दा अगाडि नै झर्छन् र पानी ल्याएमा कुवा नै सुक्छ भन्ने विश्वास बलियोसँग स्थापित भएको पाइन्छ। उनीहरूलाई दूध दही दिएमा गाईभैँसीहरू बिग्रने वा गाईभैँसी भीरबाट खस्ने वा बाघले खाने विश्वास व्याप्त रहेको पाइन्छ। छाउपडी भएका महिलाहरूका पतिहरूले देश, विदेश र अन्यत्र कतै जान नहुने मान्यता पनि उत्तिकै प्रबल रहेको छ।

ईश्वरको आदेशले नै छाउगोठमा बस्नुपर्छ भन्ने धारणा प्रसारित गरिएका कारण पनि यो प्रथा नमानेमा नराम्रो हुन्छ भन्ने मान्यतालाई प्रश्रय मिलेको छ। मङ्गलसेन गाविसका जोगी लुहार, जो धामी हुन्, उनको भनाइमा मानिसले छाउपडीमा ईश्वरले नै राख्न लगाएको हो। छाउडीलाई घरमै राख्दा "घरमा आग लाग्छ, वनमा बाघ लाग्छ।" सशस्त्र द्वन्द्वको समयमा छाउ भएका महिला माओवादी कार्यकर्ताहरू उनको आँगनमा आएपछि बाघ कराएको आवाज सुनियो। त्यसपछि ती कार्यकर्ताहरू उनीहरू भागेको उनले दाबी गरेका थिए। यस्ता भ्रामक दृष्टिकोण र विचारहरूले निसन्देह छाउपडी प्रथालाई बलियो पार्न मद्दत मात्र गर्दैन, सामाजिक अन्धविश्वास तथा कुरीतिलाई अझ बलियो पार्न बनाउँछ।

यस्तो खालको अन्धविश्वास अपठित वर्गमा मात्र सीमिति रहेको पाइएन। शिक्षित व्यक्तिहरू यस्तो परम्परागत धारणाबाट मुक्त भएका छैनन्। बोगटी गाउँका एक शिक्षकले मासिक धर्मको समयमा उनकी पत्नी घरमा बसिन् भने आफूलाई सञ्चो नहुने अनुभव सुनाए। गाउँकै एक छाउ भएको महिलाको हातको चिया खाएकै दिन उनको घरमा तीनओटा बाखा मरेको उनलाई विश्वास लागेको छ। उनलाई धामीले यी कुरा बताएका थिए।

६.४ छाउपडी प्रथाको प्रवृत्ति र समस्याहरू:

छाउपडी गोठहरू ढुङ्गा र माटोले बनाइएका हुन्छन्। प्रायःजसो गोठहरू खरले छाइएका हुन्छन्। ती गोठहरूमा प्रायजसो ढोकाहरू हुँदैनन्। अझ पुराना गोठहरूमा त सामान्यतया झ्यालहरू बनाइएका छैनन्। यस्ता छाप्राहरू प्रायः फोहोर हुन्छन् र महिलाहरू भुइँमा परालमाथि पातलो डसना ओछ्याएर सुत्ने गर्दछन्। पातला डसनाहरू एकै दिनमा सुक्ने भएकाले चिसोको समयमा पनि महिलाहरूले बाक्लो कपडा ओछ्याउँदैनन्। यस्ता गोठहरू सुरक्षित नहुने

कुरा विभिन्न समयमा महिलाहरूले ज्यानसमेत गुमाउनु परेको र हिंसाबाट पीडित हुनुपरेको तथ्यहरू सार्वजनिक भइरहेबाट पनि प्रष्ट हुन्छ। अछाम जिल्लाको मङ्गलसेन आसपासका केही गाँउमा भने छाउपडी गोठहरूमा सुधार गरिएको पाइएको छ। ती गोठहरू ढुङ्गा र माटोबाट बनाइएका छन्। गोठमा व्यवस्थित ढोका र साना झ्यालहरू पनि राखिएका छन्। केही गोठका छानो टिनले छाइएका थिए।

जिल्ला प्रहरी कार्यालयका निरीक्षक उद्धवसिँह भाटका अनुसार अछाममा महिला हिंसाका घटना बढ्नुको एक कारण छाउपडी प्रथा पनि हो। महिला गोठमा बसेको समयमा विभिन्न किसिमले असुरक्षित हुन्छन्। गोठमा बसेको समयमा एक वर्षको अवधिमा तीन जना महिलाले ज्यान गुमाएको उनले बताए। छाउपडी गोठमा ज्यान के कति कारणले गयो भन्ने अनुसन्धान नहुनु र त्यस अनुसन्धानलाई छाउपडी प्रथा विरुद्धको अभियानमा उपयोग नगर्नु कमजोरी त देखिन्छ नै तर, सामाजिक मान्यताले यथार्थलाई बेग्लै किसिमले ढाकेको छ। मङ्गलसेन गाविसका जोगी लुहारले छाउपडी गोठमा बस्दा महिलाले नियम पालन नगरेका कारणले उनीहरूलाई सर्प, बाघ, भालुले टोकेर मार्ने गरेको हो भन्ने कुरा पूरा आत्मविश्वासका साथ बताए।

महिनावारी भएका महिलाहरू घरभित्रको काम गर्दैनन्। मङ्गलसेन, जनालीबण्डाली र मङ्गलसेन सदरमुकाम आसपासका क्षेत्रका केही महिलाहरू घरभित्रकै एक छेउमा बस्ने गरेको पाइयो। उनीहरू दैनिकरूपमा सरसफाइमा ध्यान दिन्छन्। घरभित्रको भन्सामा उनीहरू जादैनन्। सधैँजसो गर्ने भातभान्साको काम उनीहरू गर्दैनन्। खानपानका विषयमा भने बार्ने चलन रहेको छ। खेतबारीमा शारीरिक श्रम गर्न भने कुनै बाधा विरोध गरिदैन।

छाउपडी भएको अवधिमा महिलाहरूलाई पोषिलो खाने कुराहरू दिनु हुँदैन भन्ने मान्यताले गर्दा महिलाहरूको स्वास्थ्यमा नकारात्मक असर पर्ने गरेको निमित्त जिल्ला जनस्वास्थ्य प्रमुख झनक ढुङ्गानाको भनाइ छ "रगत बगेको समयमा थप पोषिलो खानेकुरा खान पाउनुपर्ने हो। तर, त्यही समयमा खानेकुरालाई पनि वञ्चित गरिन्छ।" यो प्रथा पहिलेभन्दा केही घट्दो क्रममा भए पनि व्यवहारमा अझै परिवर्तन नआएको उनको अनुभव छ। यो प्रथा पूर्णरूपले निर्मुल हुन अझै एक पुस्ता कुर्नुपर्छ जस्तो उनलाई लागेको छ। विद्यालयमा शौचालयको अभाव, पानीको समस्या र प्याड बदल्न समस्या पनि हुने भएकाले किशोरीहरू छाउ भएको समयमा विद्यालय जान नगरेको पनि उनले बताइन्।

६.५ सुधारका प्रयास

छाउपडी प्रथालाई सामाजिक विकृतिको रूपमा परिभाषित गरी यस भेदभावपूर्ण व्यवहार अन्त्य गर्नका लागि नेपालको सर्वोच्च अदालतले २०६२ वैशाख १९ गते यस प्रथालाई प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले कुरीति घोषणा गर्नुपर्ने, स्वास्थ्य मन्त्रालयले एक अध्ययन टोली बनाई यस प्रथाबाट महिला र बालबालिकामा पर्ने असर र समाधानका उपायको पहिचान गर्नुपर्ने, जनचेतना जगाउन स्थानीय विकास मन्त्रालयले स्थानीय निकाय परिचालन गर्नुपर्ने र महिला तथा बालबालिका मन्त्रालयले महिलामाथि हुने विभेद अन्त्यका लागि निर्देशिका तयार गर्न आदेश गरेको थियो।

उक्त फैसलाको आधारमा निर्देशिका तयार गरेर जारी गर्न झण्डै दुई वर्ष लाग्यो। सर्वोच्च अदालतको आदेशलाई तत्कालीन सरकारको ०६३ वैशाख २६ गतेको निर्णयले छाउपडी प्रथालाई कुरीति भनेर घोषणा गऱ्यो। त्यस्तो निर्णय भएको झण्डै वर्ष दिनपछि मात्र महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालयले छाउपडी प्रथा उन्मूलन निर्देशिका, २०६४ जारी गऱ्यो।

सरकार स्वयम्को ध्यान नपुगेको यस विषयमा अदालतको आदेशले सरकारको आँखा खोलिमात्र दिएन, यस प्रथा निमूलीकरणका लागि योजना बनाउने र कार्यान्वयन गर्न समेत घचघच्यायो। सरकारले जारी गरेको निर्देशिका पालना गर्नेतर्फ भने अछाम जिल्लामा कुनै चासो देखाएको पाइएन। निर्देशिकाले जिल्ला, नगर र गाविस तहमा यो प्रथा हटाउनका लागि समितिहरू निर्माण गर्न आह्वान गरेको भए तापनि अछाम जिल्लामा यस्ता कुनै समिति निर्माण भएका छैनन्। यसैगरी स्थानीय निकायहरूले (जिविस र गाविस) आफ्नो वार्षिक कायक्रममा आवश्यक बजेट विनियोजन गर्नुपर्ने जिम्मेवारी पनि दिएको छ। त्यो काम पनि यस जिल्लामा हुन सकेको छैन।

निमित्त प्रमुख जिल्ला अधिकारी कृष्ण गिरीले निर्देशिकाअनुरूपका समितिहरू नबनाएको स्वीकार्दै आफूले यस विषयमा पहल गर्ने प्रतिबद्धता व्यक्त गरे। उनले समिति गठन गर्ने होइन समिति गठन गर्ने पहल गर्ने प्रतिबद्धता व्यक्त गरेबाट पनि यो काम कार्यसूचिको अग्रस्थानमा छैन भन्ने कुरा बुझ्न गाह्रो छैन। उनी यो

प्रथा हटाउन महिलामा नै जागरण ल्याउन जरुरी ठान्दछन्। आफूलाई भर्खरै आछाम आएको बताउने स्थानीय विकास अधिकारी भने यस विषयमा भएका कानुन र निर्देशिकाबारे आफूलाई खासै केही थाहा नभएको निसंकोच बताए।

महिला विकासलगायत केही सङ्घसस्थाहरूले छाउपडीलाई नै लक्षित गरी कार्यक्रमहरू सञ्चालन गरेका कारण पनि कार्यक्रम सञ्चालित गाविस र गाँउहरूमा केही महिलाहरू महिनावारी भएको समयमा घरभित्रै बस्दै आएका छन् र यस्तो समयमा मीठोमसिनो पनि खाने गरेका छन्। यसको निर्मूलीकरणका लागि सबै निकाय र क्षेत्रबाट संयुक्त अभियान सञ्चालन गर्न आवश्यक रहेको महिला विकास अधिकृत इन्दिरा ओझाको भनाइ छ।

६.७ दलहरूको कार्यसूचिमा अनुपस्थित विषय

राजनीतिक दलका नेताहरूले छाउपडी प्रथा अन्त्यका लागि गाँउस्तरमा जागरण र चेतना फैलाउन जरुरी रहेको औंल्याए पनि उनीहरूले आफ्ना स्थानीय नेता तथा कार्यकर्ताहरूलाई यस समस्याको समाधानका लागि कुनै निर्देशन गरेको पाइएन। र, कुनै कार्यक्रमहरू तय पनि गरिएको छैन। समाजका जिम्मेवार व्यक्ति, नेता, शिक्षक, स्वास्थ्यकर्मीलगायतले यस कूप्रथाविरुद्ध अभियान सञ्चालन गर्न जरुरी रहेको उनीहरूको धारणा छ। नेपाली काङ्ग्रेसका सभापति पुष्पबहादुर शाह, एकीकृत माओवादीका राज्य समिति सदस्य अकलबहादुर रावल, नेकपा एमालेका उपाध्यक्ष गोविन्द कुवँर हुन् वा नेकपा-माओवादीका झंकार साउद, सबै यो कूप्रथा रहनुहुन्न भन्नेमा एक मत छन्।

एकीकृत माओवादीका नेता रावलले सशस्त्र सङ्घर्षका बेला आफूहरूले अभियान नै चलाएर गोठ नै भत्काउने काम गरेको अनुभव सुनाए। शान्तिप्रक्रिया आरम्भ भएपछि छाउगोठको चलन पुन आरम्भ भएको कुरा आफूले "सुनेको" उनले बताए। यस विषयमा बनाएका नीति नियमलाई कार्यान्वयन गर्नु,समाजका जिम्मेवार व्यक्ति, नेता, शिक्षक, स्वास्थ्यकर्मीलगायतले यस प्रथाको विरुद्धमा अभियान सञ्चालन गर्न जरुरी रहेको उनको विचार छ । अन्तरपार्टी महिला सञ्जालकी सदस्य बिन्दु रावलले विगतभन्दा अहिले केही परिवर्तन भएको र पहिले जस्तो नाजुक अवस्था नरहको धारणा व्यक्त गरिन्। अध्ययन टोलीले १० जना महिला राजनीतिक कार्यकर्तासँग छलफल गर्दा पनि आफ्नो पार्टीले कार्ययोजनामा छाउपडी प्रथाविरुद्धको अभियानलाई स्थान नदिएको स्पष्ट पारे।

६.८ परिवर्तनका सङ्केत

०६९ पुस ५ गते रिडीकोट गाविस वडा १, २, ३ का महिलाहरू दुखी थिए, अर्कातिर आक्रोशित पनि। वडा ३ की एक बालिकाको छाउपडी गोठमा मृत्यु भएको घटनाले उनीहरू उदास थिए भने अर्कातिर छाउपडी गोठमा बस्नुपर्ने बाध्यताप्रति आक्रोशित महिलाले तीन वडाहरूमा बनेका छाउपडी गोठहरू भत्काए। (हेर्नुहोस बक्स)

वर्षौंदेखिको विभेदप्रतिको यो आक्रोश उनीहरूको छाउपडी प्रथाबाट मुक्तिको चाहनाको प्रतिबिम्ब थियो। तर, आवेगले मात्र कुनै पनि समस्याको समाधान दीर्घकालीन रूपमा दिन सक्दैन।

मङ्गलसेन गाविस- २ तीनरुखकी भाना विष्ट छाउ भएको समयमा घरमै बस्ने गाउँकै पहिलो महिला हुँन्। अहिले उनी गाई भैंसी पनि दुहुने गर्दछिन्। जनालीवण्डाली गाविस-६ की मीना दमाई_ पहिले त गोठमा सुत्ने ठाउँ नभएर चिसो मौसम तथा बर्खाको समयमा पनि डोकामा सुतेर रात काट्ने गर्थिन्। अहिले उनी छाउ भएको कसैले थाहा पाउँदैनन्। यो उनको नितान्त व्यक्तिगत मामला भएको छ। आजकाल उनका गाउँका महिलाहरू छाउगोठमा बस्दैनन्। मीनाले नै त्यस चलन विरुद्ध अगुवाइ गरेकी थिइन्। त्यतिखेर गाउँका ठालूहरूले उनलाई गालीगलौज समेत गरेका थिए। छाउ भएको समयमा घरनजिक आउँदा धेरै कुराको क्षति हुन्छ भन्ने गरिन्थ्यो, त्यो सबै मनको मात्र डर रहेछ भन्ने कुरा उनले बुझेकी छन्।

अछाममा देखिएको यो परिवर्तन त्यतिकै आएको होइन। अन्तराष्ट्रिय तथा राष्ट्रिय गैरसकारी संस्थाहरूको यसमा प्रशस्तै योगदान रहेको छ। आछाममा महिला तथा बालबालिका कार्यालयले सेभ् द चिल्ड्रेनको आर्थिक सहयोगमा सन् २००७ देखि छाउपडी निवारण परियोजना १९ ओटा गाविसमा सञ्चालन गर्दै आएको छ। यस परियोजनाअर्न्तगत छाउपडीका बारेमा जनचेतना फैलाउने उद्देश्यले बुहारी सासूससुराका बीचमा अर्न्तक्रिया, तालिम, गोष्ठी सञ्चालन गर्ने, किशोरीलाई तालिम प्रदान गर्ने, महिनावारी भएका किशोरीको पढाइ प्रभावित नहोस् भन्ने उद्देश्यले विद्यालयमा किशोरीलक्षित प्रजनन स्वास्थ्य कोष स्थापना गरी महिनावारी भएको समयमा कुनै समस्या आइपरेमा तथा प्याड चाहिएमा त्यही कोषको रकम प्रयोग गर्ने व्यवस्था गरेको छ।

महिनावरी हुँदा घरमै बस्ने महिला र घरमा बस्नको लागि सहयोग गर्ने धामीहरूलाई सम्मान गर्ने लगायतका क्रियाकलापहरू यसले सञ्चालन गदै आइरहेको छ।

एक स्थानीय गैरसरकारी संस्था सम विकास नेपालले सन २०१२ मा पाँच गाविसमा महिलाको आत्मसम्मानका लागि छाउपडी प्रथा उन्मूलन परियोजना सञ्चालन गरेको थियो। यसै संस्थाले जिल्लाको भाग्यश्वर गाविस छाउपडीमुक्त गाविस घोषणा गराएको थियो। यसले पायल गाविसमा २ सय ३५ मण्टामाण्डौमा ३२ भागेश्वरमा २४ नन्देगडामा १६ र बुढाकोटमा १६ जना छाउपडी गोठमा नबस्ने महिलाहरूलाई सम्मान गरेको थियो। संस्थाका अध्यक्ष पशुपति कुँवर अरु सङघसस्थाले पनि यो अभियानमा हातेमालो गरे भने समस्या समाधान गर्न सहज हुने विश्वास व्यक्त गर्दछन्।

सानो क्षेत्रमा सम्पन्न गरिने गैससका यस्ता कार्यक्रमले सरकारात्मक सन्देश प्रवाह गरे पनि पर्याप्त भने छैनन्। राज्यले नै यस प्रथा निमूल गर्न अल्पकालीन र दीर्घकालीन योजनाहरू सञ्चालन गर्नु आवश्यक हुन्छ।

७. निष्कर्ष तथा सुझावहरू

छाउपडी प्रथा कुरीति मात्र होइनन्, महिलाहरू प्रति गरिने विभेदको एक रूप पनि हो। यसले महिलाहरूको आत्मसम्मान तथा स्वास्थ्यमा प्रतिकूल असर पार्दछ। सांस्कृतिक हिंसाको रूपमा रहेको यस प्रथालाई समाप्त गर्न महत्वपूर्ण जिम्मेवारी राज्यले नै निर्वाह गर्नुपर्दछ। तर, स्थानीय तहको सहयोगबिना राज्यका निकायहरूको भूमिकाले सार्थक आकार ग्रहण गर्न सक्दैनन्।धर्म र संस्कृतिसँग गाँसिएर सिर्जना भएको अन्धविश्वासलाई बलकै आधारमा निर्मूल गर्न संभव हुँदैन भन्ने कुरा सशस्त्र द्वन्द्वका क्रममा भत्काइएका छाउगोठ पुननिर्माण भएको घटनाले पनि पुष्टि गर्दछ।

स्थानीय तहमा सामूहिक र व्यक्तिगत रूपमा उत्प्रेरित गर्ने कायक्रमहरू सञ्चालन गर्नु उपयुक्त हुन सक्छ। छाउपडीमुक्त गाविसलाई अन्य गाविसको तुलनामा १० प्रतिशत बजेट थप गर्नु प्रभावकारी र उत्प्रेरक हुन सक्छ। जुन महिला तथा बालबालिकाका क्षेत्रमा उपयोग हुन सकोस्। छाउपडीमा नबस्ने बालिकाका लागि गाविसले स्कूल ड्रेस पाठ्यसामग्री उपलब्ध गराउने आदि यस्ता कार्य हुन् जसले थप आकर्षण प्रदान गर्न सक्छ। छाउगोठमा बस्न नजाने महिलाहरूलाई उत्प्रेरित गर्नका लागि मासिक भत्ताको स्थानीय निकायबाट तर्जुमा गर्ने आदि अल्पकालीन योजनाहरू तय गर्नु फलदायी हुन सक्छ।

राजनीतिक दलहरूले पनि यसमा महत्वपूर्ण भूमिका निर्वाह गर्ने प्रशस्त स्थान छ। दलहरूको पहुँच समाजका प्रत्येक एकाइमा भएका हुनाले यस प्रथा विरुद्ध उनीहरूले जनचेतना फैलाउने काम गर्न सक्छन्। छाउपडीको समर्थनमा लाग्ने आफ्ना कार्यकर्तालाई सचेत गराउने वा कारबाही समेत गर्न सक्छन्। दलका महिला सङ्गठनका सदस्यहरू स्वयम्ले यो समस्या भोगेका कारण पनि उनीहरूको सक्रिय भूमिकाले अहम् महत्व राख्न सक्नेमा दुई मत हुँदैन। त्यसैगरी शिक्षकहरूमार्फत यस्ता कार्यक्रम अझ बढी प्रभावकारी ढङ्गले विस्तार गरिने सम्भावना उत्तिकै प्रबल छ। यी सब कामका लागि स्थानीय सरकार र प्रशासनले योजनाबद्ध रूपमा संयोजनकारी भूमिका निर्वाह गऱ्यो भने छाउपडी प्रथा निर्मूलीकरण सहज रूपमा हुन सक्छ।

सन्दर्भसामग्री

१. *http://myperiodblog.wordpress.com/2010/11/17/history-of-menstruation-part-1/*
२. *http:// www.un.org.np*
३. United state agency for international development girl and women a
४. नेपालको अन्तरिम संविधान, २०६३
५. छाउपडी प्रथा उन्मुलनका लागि बनेको निर्देशिका २०६४
६. महिलाविरुद्धका सबै प्रकारका भेदभावको अन्त्य गर्ने महासन्धि १९७९
७. आर्थिक,सामाजिक तथा सास्कृतिक अधिकारसम्बन्धि अन्तराष्ट्रिय अनुबन्ध १९६६ को धारा १२ र १३
८. नागरिक तथा राजनीतिक अधिकारसम्बन्धि अन्तराष्ट्रिय अनुबन्ध १९६६ को धारा २ र ३

अनुसूची

१

सन् २०१२ र मानवअधिकार उल्लङ्घन तथा ज्यादतीका तथ्यहरू

उल्लेख गर्नैपर्ने केही कुरा

- यो वर्षपुस्तकमा सन् २०१२ भरिका अर्थात् ०६८ पुस १८ देखि ०६९ पुस १६ गतेसम्मका घटनाहरू समावेश गरिएका छन्।
- परिच्छेदहरूमा उद्धरण तथा सन्दर्भ लिँदा सन् २०१२ को अवधिसम्म प्रकाशित सामग्रीहरूबाट मात्र लिइएको छ।
- हामीले पुष्टि गर्न नसकेको घटनामा सरकारी स्रोत उल्लेख गरिएको छ। तिनलाई तथ्याङ्कमा समावेश गरिएको छैन।
- सङ्कलन गरिएकामध्ये प्रतिनिधिमूलक घटना मात्रै वर्षपुस्तकमा उल्लेख गरिएका छन्। वर्षभरि सङ्कलन गरिएका सबै घटना समावेश गर्न सम्भव नभएको जनाउँदछौं।
- मानवअधिकार उल्लङ्घनका घटनालाई प्रकाशमा ल्याउने, त्यस्ता घटनाको प्रकाशनद्वारा नागरिकलाई सचेत गराउने, मानवअधिकार चेतनाको विकासमा सहयोग पुऱ्याउने तथा मानवअधिकारको स्थितिलाई सकारात्मक दिशातिर उन्मुख गराउने उद्देश्य वर्षपुस्तकले राखेको छ। पुस्तकमा उल्लिखित घटनाबाट कसैको निजी जीवन, मान-सम्मान र स्वाभिमानमा आघात पर्न गएको भए हामी क्षमाप्रार्थी छौं।
- वर्षपुस्तकका निम्ति घटना सङ्कलन गर्न पचहत्तरै जिल्लामा प्रतिनिधिको व्यवस्था गरिएको छ। तर, विविध कारणले जिल्लाका सबै गाउँ र ठाउँमा पुगेर घटना सङ्कलन गर्न सम्भव नभएको हामी स्वीकार्दछौं। सार्वजनिक जानकारीमा नआएका केही घटना हाम्रा लागि अज्ञात नै रहेका पनि हुन सक्छन्। तर विभिन्न सम्भाव्य माध्यमद्वारा पुष्टि गरी हामीले सकेसम्मका घटनाको सङ्कलन भने गरेका छौं।
- पत्रपत्रिका पनि वर्षपुस्तकका सूचना स्रोत हुन्। तर पत्रपत्रिकामा प्रकाशित सूचनालाई सम्बन्धित पक्ष वा निकायमा सम्पर्क गरी पुष्टि भएपछि मात्र समावेश गरिएको छ।
- नेपालले अनुमोदन गरेका मानवअधिकारसम्बन्धी विभिन्न अन्तर्राष्ट्रिय महासन्धिहरूमध्ये ठूला छओटा (ICCPR, ICESCR, CAT, CEDAW, CRC र CERD) का आधारमा शीर्षकहरू विभाजन गरी जिल्लागत रूपमा विवरण प्रस्तुत गरिएको छ।
- विस्थापन, संरचना/सम्पत्ति क्षति भएका घटनाहरूलाई आर्थिक, सामाजिक र सांस्कृतिक अधिकार शीर्षकअन्तर्गत समावेश गरिएको छ।
- विभिन्न सशस्त्र समूह, अज्ञात समूह, राजनीतिक दलहरूबाट भएका घटना गैरराज्यपक्ष अन्तर्गत राखिएको छ। त्यसको विस्तृत विवरण अनुसूची २ मा उपलब्ध छ। सामान्यत: व्यक्तिगत हत्याका घटनालाई विवरणमा नदिई तथ्याङ्कमा मात्र समावेश गरिएको छ।
- विवादास्पद घटनाहरू (पीडकको स्पष्ट पहिचान नभएका) लाई पनि 'अन्यबाट' शीर्षकअन्तर्गत समावेश गरेका छौं।
- जिल्लाको तथ्याङ्कमा यो पुस्तक प्रकाशित भइसक्दासम्म धेरै फेरबदल भइसकेको हुन सक्छ। जिल्ला प्रतिनिधिद्वारा सम्बन्धित निकायबाट सङ्कलित तथ्याङ्क नै पुस्तकमा प्रस्तुत गरिएको छ।
- मानवअधिकार वर्षपुस्तकमा समेटिएका घटनाको अनुगमनलाई (विगतको अनुगमन) शीर्षकमा समेट्ने प्रयास गरेका छौं। गत वर्षको वर्षपुस्तकमा पुष्टि हुन नपाएर नसमेटिएका घटनाहरू पनि आवश्यक अध्ययनपछि त्यसै शीर्षकअन्तर्गत यस वर्ष समावेश गरिएका छन्।
- विभिन्न समूहबाट भएका ज्यादतीको तथ्याङ्क अन्य शीर्षकअन्तर्गत समावेश गरिएको छ।
- स्थानीय बोली, भाषा र लय आदि जस्ता कारणले गर्दा कतिपय व्यक्ति र ठाउँको नाममा केही फरक पर्न गएको हुनसक्छ। यस्तो भेटिएको खण्डमा जानकारी दिन हामी सबैमा हार्दिक अनुरोध गर्दछौं।
- अभिव्यक्ति/भेला हुने र सङ्गठित हुने अधिकार अन्तर्गतका तथ्याङ्क तत्काल घटनास्थलमा गिरफ्तार गरिएका र सामान्य चोटपटक लागेका पीडितहरूको मात्र तथ्याङ्क हो।

तथ्याङ्कका अन्य स्रोत

क. केन्द्रीय तथ्याङ्क विभागको संक्षिप्त प्रतिवेदन २०१३

ख. स्थानीय सामाजिक संस्था र व्यक्तिहरू

ग. स्थानीय न्यायिक, अर्धन्यायिक, प्रशासनिक, सञ्चार र सुरक्षासम्बन्धी निकायहरू

घ. १९९२ देखि २०१२ सम्मका इन्सेक मानवअधिकार वर्षपुस्तकहरू

ङ. इन्टेन्सिभ रिसर्च एण्ड स्टडी सेन्टर; *भिलेज डिभलपमेन्ट कमिटी एण्ड डेमोग्राफिक प्रोफाइल अफ नेपाल २०१३, मेघा पब्लिकेशन एण्ड रिसर्च सेन्टर काठमाण्डु, नेपाल*

च. वर्षपुस्तक तयार गर्ने क्रममा इन्सेक पुस्तकालयमा रहेका पुस्तक तथा अभिलेखहरू सन्दर्भ सामग्रीको रूपमा प्रयोग गरिएको छ।

छ. शिक्षासम्बन्धी तथ्याङ्क जिल्लाका शिक्षा कार्यालय, स्वास्थ्यसम्बन्धी तथ्याङ्क जिल्ला स्वास्थ्य कार्यालयबाट उपलब्ध गराइएका हुन्। ग्रामीण स्वास्थ्य कार्यकर्ता र मासिकालाई संयुक्त रूपमा स्वास्थ्य कार्यकर्ताको रूपमा उल्लेख गरिएको छ।

पूर्वाञ्चल

१.१ झापा

१.२ इलाम

१.३ पाँचथर

१.४ ताप्लेजुङ

१.५ मोरङ

१.६ सुनसरी

१.७ धनकुटा

१.८ तेह्रथुम

१.९ भोजपुर

१.१० सङ्खुवासभा

१.११ सप्तरी

१.१२ सिराहा

१.१३ उदयपुर

१.१४ खोटाङ

१.१५ ओखलढुङ्गा

१.१६ सोलुखुम्बु

१.१ झापा

जिल्ला सदरमुकाम: चन्द्रगढी
क्षेत्रफल (वर्ग कि. मि.): १,६०६.००
घरधुरी सङ्ख्या: १८४,५५२
जम्मा जनसङ्ख्या: ८,१२,६५०
पुरुष: ३,८५,०५६
महिला: ४,२७,५५४
अपाङ्ग सङ्ख्या: १५,३७६
गाविस/नपा सङ्ख्या: ४७/३
पुरुष साक्षरता सङ्ख्या: २,५४,३०६
महिला साक्षरता सङ्ख्या: २,७७,३५६
हिन्दू धर्मावलम्बी प्रतिशत: ७५.८८
बौद्ध धर्मावलम्बी प्रतिशत: ४.८४
इस्लाम धर्मावलम्बी प्रतिशत: ३.२
किराँत धर्मावलम्बी प्रतिशत: ८.३२
क्रिश्चियन धर्मावलम्बी प्रतिशत: १.५४
प्रकृति धर्मावलम्बी प्रतिशत: १.४४
अन्य धर्मावलम्बी प्रतिशत: ०.०३
प्रतिपरिवार सरदर सङ्ख्या: ४.४०

नागरिक तथा राजनीतिक अधिकार सम्मानित रूपले बाँच्ने अधिकार

हत्या

अन्यबाट

मोरङ जिल्ला सिजुवा गाविस-९ घर भई अनारमनी गाविस- ३ बिर्तामोडमा डेरा गरी बस्ने पत्रकार ३८ वर्षीय यादव पौडेललाई अनारमनी गाविस- ३ बिर्तामोड बस्ने ३९ वर्षीय युवराज गिरी, मोरङ जिल्ला घर भई शनिश्चरे गाविस-७ नयाँ वसपार्कस्थित पूर्वाञ्चल सेकुवा कर्नर एण्ड लजका सञ्चालक ३९ वर्षीय सोमनाथ ढकाल , उनकी पत्नी २५ वर्षीया मञ्जु ढकाल ०६८ चैत २१ गते राति नयाँ बसपार्कस्थित पूर्वाञ्चल सेकुवा कर्नर एण्ड लजको तीन तलामाथि छतबाट तल बाटोमा फ्याँकेर हत्या गरेको आरोपमा प्रहरी गिरीले र ढकालद्वयलाई सोही दिन गिरफ्तार गऱ्यो। अर्का आरोपित मदन राईले ०६९ वैशाख ६ गते इलाका प्रहरी कार्यालय काँकरभिट्टामा आत्मसमर्पण गरेकोमा ०६९ वैशाख २७ गतेको जिल्ला अदालत झापाको आदेशअनुसार राईलाई २७ हजार रुपियाँ धरौटीमा रिहा गऱ्यो भने अन्य तीन जना पुर्पक्षको लागि झापा कारागारमा थुनामा छन्। पत्रकार पौडेलको परिवारलाई सरकारले राहतस्वरूप १० लाख रुपियाँ उपलब्ध गरायो।

गोली/विस्फोटक पदार्थद्वारा घाइते

राज्यबाट

मेचीनगर नपा- ११ की ३५ वर्षीया सरीता सुब्बालाई इलाका प्रहरी कार्यालय काँकरभिट्टाबाट खटिएका सादा पोशाकका प्रहरी जवानहरू २९ वर्षीय मनोज चौधरी र २४ वर्षीय प्रदीप चौधरीले ०६९ जेठ १६ गते राति १० बजे स्थानीय एक महिलाको घरमा भएको सामान्य विवादमा दायाँ पुठ्ठामा पेस्तोलले गोली हानी गम्भीर घाइते बनाए। सोही घटनामा गोलीको वारुद लागेर सोही स्थानका ११ वर्षीय बालक दीपक बाँतर सामान्य घाइते भए। घाइते सुब्बाको भद्रपुरस्थित ओम साई पाथिभरा अस्पतालमा जिल्ला प्रहरी कार्यालय झापाले उपचार गराएकोमा ०६९ जेठ २५ गते डिस्चार्ज भइन्। घटनामा संलग्न प्रहरीहरूमध्ये प्रदीप चौधरीले भिडमा अन्धाधुन्ध पाँच राउण्ड गोली चलाउँदा एउटा गोली सुब्बालाई लागेको थियो। घटनामा सँलग्न दुवै प्रहरीहरूलाई ०६९ जेठ १७ गतेदेखि नै लागु हुने गरी सेवाबाट निलम्बन गरिएको झापाका एसपी तारिणीप्रसाद लम्सालले बताए।

जेल र बन्दीहरू

'ग' श्रेणीको जिल्ला कारागारको बन्दी क्षमता २ सय २५ जना रहेको छ। यस वर्षको अन्त्यसम्म कैद तोकिएका ३ सय ३० र कैद नतोकिएका २ सय ७५ गरी ६ सय ५ जना बन्दीहरू जिल्ला कारागारमा रहेका छन्। आश्रित बालक चार जना र बालिका पाँच जना आफ्ना अभिभावकसँग बस्दै आएका छन्। पुरुष कारागारको भौतिक अवस्था अत्यन्त जीर्ण रहेको, खानेपानी तथा बिजुलीको लागि सरकारले दिएको बजेट अपुग भएको, बिरामी उपचारको लागि सवारीसाधन अत्यावश्यक रहेको जेलर खगेन्द्र गिरीले बताए।

घटनाको प्रकार	राज्यपक्षबाट			गैरराज्यपक्षबाट		
	महिला	पुरुष	जम्मा	महिला	पुरुष	जम्मा
घाइते	१	१	२	१		१
बालअधिकार				६	१	८
अपहरण				१		१
महिलाअधिकार				६		६
भूमिहीन/सुकुम्बासी समस्या	३	५	८			
भेला/सङ्गठित हुने अधिकार		१२	१२			
गिरफ्तारी/यातना		१	१			
कुटपिट					३	३
हत्या				६	६	१२
जम्मा	४	१९	२३	२२	९	३१

कारागारमा क्षमताभन्दा अत्यधिक कैदी बन्दीहरू कोचिएर बस्नु पर्दा अत्यन्तै कष्टकर जीवन बिताउनु परेको चौकीदार अमित राईले बताए।

अभिव्यक्ति, भेला हुने र संगठित हुने अधिकार

(राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

सरकारको विरोधमा एमाले निकट युवा सङ्घ नेपालका कार्यकर्ताहरूले मेचीनगर नपा- १० काँकरभिट्टामा ०६९ साउन २२ गते निकालेको जुलुशमा प्रहरीले हस्तक्षेप गरी लाठी चार्ज गर्दा युवा सङ्घका कार्यकर्ताहरू राजु कार्की, दीपेन्द्र दहाल, हरि ओझा, विष्णु थापा, रोशन अग्रवाल, भूपाल शिवाकोटी, राहुल शाह, सुमन थापा, चेतन पौडेल, मिलन राई र पुकार कार्की घाइते भए। घाइतेहरूको स्थानीय स्वास्थ्य केन्द्रमा उपचार भयो। पीडितहरूले उजुरी गरेनन्।

शनिश्चरे गाविस-७ नयाँ बसपार्कका १८ वर्षीय दीपेन राईलाई सोही स्थानको प्रहरी विटका इञ्चार्ज असई रामकुमार शेर्पाले स्थानीय बासिन्दासँग चन्दा उठाएको आरोपमा ०६९ साउन ५ गते साँझ आफ्नो घरनजिकै बसिरहेको समयमा कुटपिट गरी गिरफ्तार गरे। गिरफ्तारपछि इलाका प्रहरी कार्यालय विर्तामोडको हिरासतमा राखेकोमा ०६९ साउन ७ गते बाबु धनेश्वर राईको रोहबरमा रिहा भए। घटनापछि एड्भोकेसी फोरम झापाको सहयोगमा ०६९ भदौ १० गते पीडीतले यातना क्षतिपूर्तिको माग गर्दै जिल्ला अदालत झापामा मुद्दा दायर गरे। यस वर्षको अन्त्यसम्म मुद्दाको किनारा लागेको छैन।

अनारमनी गाविस- ३ का ४० वर्षीय गोपाल मैनालीलाई ०६९ जेठ ११ गते विर्तामोड चोकमा सङ्घीय लिम्बूवान राज्यपरिषद् सञ्जुहाङ पक्ष र सद्भाव ज्याली निकाल्न लागेका पक्षबीच हुन लागेको झडपलाई तितरबितर पार्ने क्रममा प्रहरीले टाउकोमा कुटपिट गर्दा चोट लागेर गम्भीर घाइते भए। घाइतेको विर्तामोडको मेची मोल अस्पतालमा उपचार भयो।

मोरङ जिल्लाको विराटनगरबाट प्रकाशित समाजवादी मासिक पत्रिकाका सम्पादक चन्द्रमणि गुरागाईं र हिमशिखर टेलिभिजन दमक सम्वाददाता ज्योति शर्मालाई बन्दको समयमा मोटरसाइकल चलाएको आरोपमा नेपाल आदिवासी जनजाति महासङ्घका कार्यकर्ताले ०६९ जेठ ८ गते दिउँसो दमक नपा-१० दमक चोकमा दुर्व्यवहार गर्नुका साथै पत्रकार गुरागाईंको मोटरसाइकलसमेत तोडफोड गरे।

कान्तिपुर पब्लिकेशन प्रा.लि. तथा अन्नपूर्ण पोस्ट दैनिकका प्रतिहरू विराटगरबाट काँकरभिट्टातर्फ लिएर जाँदै गरेका दुईओटा सवारीसाधनलाई बन्दको समयमा सञ्चालन गरेको आरोपमा नेपाल आदिवासी जनजाति महासङ्घका कार्यकर्ताहरूले ०६९ जेठ ८ गते तोपगाछी गाविस-८ को कमल खोला पुलनजिक तोडफोड गरी क्षति पुऱ्याए।

न्यूज ट्वान्टी फोर टेलिभिजनका झापा सम्वाददाता टीकाराम नेतीलाई सतासीधाम गाविस-८ माईधारमा ०६९ जेठ ८ गते बन्दको समयमा मोटरसाइकल चलाएको र भिडियो खिचेको आरोपमा नेपाल आदिवासी जनजाति महासङ्घका कार्यकर्ताहरूले दुर्व्यवहार गरे।

सुगम र निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालत

०६८ साउनदेखि ०६५ असार मसान्तसम्म

तीन जना न्यायाधीश रहेको यस जिल्लामा फौजदारी मुद्दातर्फ १ हजार २ सय ९० थान मुद्दामध्ये ९ सय ५ थान मुद्दा फैसला भए भने ३ सय ८५ थान मुद्दा फैसला हुन बाँकी रहेका छन्। देवानीतर्फ १ हजार ३ सय ४९ थान मुद्दामध्ये ४ सय ७३ थान मुद्दा फैसला भए भने ८ सय ७६ थान बाँकी रहेका छन्।

०६५ साउनदेखि ०६५ पुस १५ गतेसम्म

तीन जना न्यायाधीश रहेको यस जिल्ला अदालतको फौजदारी मुद्दा तर्फ ६ सय ९१ थान मुद्दामध्ये २ सय ४ थान फैसला भए भने ४ सय ८७ थान मुद्दा बाँकी रहेका छन्। देवानी मुद्दातर्फ ६ सय ९५थान मुद्दामध्ये १ सय ७ थान मुद्दा फैसला भई ५ सय ८८ थान मुद्दा बाँकी रहे। दुई वर्ष नाघेका पाँच थान फौजदारी र ११ थान देवानी मुद्दा रहे।

जिल्ला सरकारी वकिलको कार्यालय

०६८ साउन १ गतेदेखि ०६९ असार मसान्तसम्म

जिल्ला सरकारी वकिलको कार्यालयबाट ०६८ साउन १ गतेदेखि ०६९ असार मसान्तसम्म दायर मुद्दाको सङ्ख्या ७ सय ६० थान रहेको छ भने जसमा २ सय ६३ थान मुद्दा सफल रहे भने १ सय ३१ थान मुद्दा असफल भयो । मुल्तवी तथा तामेलीमा २ सय ४१ थान मुद्दा रहेका छन्। दुई जना सरकारी वकिलको सङ्ख्या रहेको यस जिल्ला कार्यालयबाट दायर मुद्दामध्ये ४ सय २२ थान मुद्दा बाँकी रहेको सरकारी वकिलको कार्यालयले जनाएको छ। दायर मुद्दामध्ये कर्तव्य ज्यान मुद्दा ४८ थान मध्ये २५ थानसफल र नौ थान असफल रह्यो। बलात्कार मुद्दा ६७ थान मुद्दामध्ये ३१ थानसफल र १७ थान असफल रहे। मानव बेचविखनसबन्धी २५ थान मुद्दामध्ये ११ थानसफल र चार थान असफल रह्यो। अपहरण सम्बन्धी २० थान मुद्दामध्ये चार थान सफल र ११ थान असफल रह्यो। बहुविवाह सम्बन्धी २५ थान मुद्दामध्ये आठ थानसफल र पाँच थान असफल रह्यो।

बालअधिकार

शिक्षाको अवस्था

यस जिल्लाका विद्यालय जाने उमेरका १६ हजार ५ सय ४७ बालबालिकाहरूमध्ये ७ हजार ५ सय ३० छात्र ७ हजार ५ सय ३० छात्र र ९ हजार १७ जना छात्रा प्राविदेखि माध्यमिक तहसम्म भर्ना भए। यसमध्ये दलित छात्रा ५ सय ३ छात्रा र ५ सय ९७ छात्र रहेकाछन्। सरकारी र सामूदायिक विद्यालय गरी प्रावि तहमा महिला ७ सय ९६ र पुरुष १हजार ६ सय ८१ गरी जम्मा २४ सय ७७ जना शिक्षकहरू कार्यरत छन्। निमावि तहमा १ सय ६ महिला र ५ सय १९ पुरुष गरी ६ सय २५ जना जम्मा शिक्षकहरू कार्यरत छन्। मावि तहमा ३ सय १८ महिला र ४ सय ३१ जना गरी ७ सय ४९ जना शिक्षकहरू कार्यरत रहेका छन्।

बाल विकास केन्द्रमा ६ हजार ८ सय १२ जना बालिका र ६ हजार ५ सय ७ जना बालिकाहरू गरी जम्मा १३ हजार ३ सय १९ जना रहेकाछन्। जसमध्ये दलित बालक २ सय ११ जना र बालिका ३ सय ६ जना गरी जम्मा ५ सय १७ जना छन्।

बलात्कार पश्चात् हत्या

हल्दीबारी गाविस-४ की १३ वर्षीया सावित्रा राजवंशीलाई ०६८ माघ १९ गते घरनजिकै दाउरा लिन गएको समयमा सोही स्थानका एक १७ वर्षीय बालकले बलात्कार गरी हत्या गरेको आरोपमा उनलाई ०६८ माघ २२ गते बिर्तामोडबाट गिरफ्तार गऱ्यो। आरोपित जिल्ला अदालत झापाको आदेशबमोजिम ०६८ फागुन २१ गतेदेखि पुपर्क्षको लागि झापा कारागारमा थुनामा रहेका छन्।

बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

१७ वर्षीया दुईजना बालिकालाई ०६९ वैशाख १३ गते डाँगीवारी गाविस- १ का २५ वर्षीय अर्जुन मुर्मू, सुनिल मुर्मू, २५ वर्षीय भरत मुर्मू तथा भैरव मुर्मूले साँझ आरोपितमध्ये सुनिल मुर्मूको विवाहपछि बेहुली फर्काउने क्रममा डाँगीवारी गाविस-७ को खोला किनारमा सामूहिक बलात्कार गरेको आरोपमा र उनीहरूलाई सहयोग गरेको आरोपमा सोही गाविस- १ का २० वर्षीय सुरेश महली, २१ वर्षीय रमेश महली, २३ वर्षीय मङ्गलसिंह बेग्रा र सोनाराम मुर्मूलाई इलाका प्रहरी कार्यालय बिर्तामोडले ०६९ वैशाख ३१ गते गिरफ्तार गरी कानुनी कारबाही अघि बढायो। जिल्ला अदालत झापाले ०६९ जेठ १९ गते दिएको आदेशअनुसार अर्जुन मुर्मू र सुनिल मुर्मू पुर्पक्षको लागि झापा कारागारमा थुनामा रहेका छन्। आरोपितमध्ये भैरव मुर्मू र भरत मुर्मू फरार रहेका छन् भने सहयोग गरेको आरोपमा मुद्दा चलेका अन्य चार जनासँग जनही २७ हजार रुपियाँ धरौटी माग भएकोमा सुरेश आदेश भएकै दिन धरौटी बुझाई रिहा भए, रमेश र मङ्गलसिंह ०६९ जेठ २२ गते धरौटी बुझाई रिहा भए भने फरार रहेका सोनाराम ०६९ असार २० गते अदालतमा उपस्थित भई २७ हजार रुपियाँ धरौटी बुझाइ तारेखमा रिहा भए।

एक ११ वर्षीया सुस्त मनस्थितिकी बालिकालाई ०६९ कात्तिक ५ गते साँझ इलाम जिल्ला मङ्गलबारे गाविस- ३ घर भई गरामनी- २ मा डेरा गरी बस्ने ३४ वर्षीय भवानीकुमार सिंह राईले पीडितकै घरनजिकै

बलात्कार गरको आरोपमा पीडित परिवारले सोही दिन प्रहरीमा उजुरी गऱ्यो। आरोपितलाई प्रहरीले सोही दिन गिरफ्तार गऱ्यो। जिल्ला अदालत झापाले ०६९ कात्तिक २३ गते गरेको आदेशबमोजिम आरोपित जिल्ला कारागार झापामा थुनामा रहेका छन्।

एक १२ वर्षीया बालिकालाई ०६९ जेठ २८ गते साँझ उनकै घरमा चकचकी गाविस- ४ का २१ वर्षीय भीम राजवंशीले बलात्कार प्रयास गरेको आरोपमा ०६९ असार २ गते परिवारजनले जाहेरी दिए। जिल्ला अदालतको आदेशमा ०६९ असार २८ गतदेखि आरोपित झापा कारागारमा पुर्पक्षको लागि थुनामा रहेका छन्। यस वर्षको अन्त्यसम्मका मुद्दाको फैसला भएन।

महिलाविरुद्ध हुने सबै प्रकारको भेदभाव, दुर्व्यवहार

बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

एक २० वर्षीया महिलालाई भारत हरिद्वार घर भई अनारमनी गाविस- १ बुट्टाबारीमा जडीबुटी पसल गरी बस्ने २५ वर्षीय रविसिंहले विरामी झारफुक गरिदिने भन्दै ०६८ वैशाख ११ गते पीडितकै घरमा बलात्कार गरेको आरोपमा पीडितपक्षले ०६९ वैशाख १२ गते इलाका प्रहरी कार्यालय बिर्तामोडमा उजुरी दियो। आरोपितलाई प्रहरीले सोही दिन गिरफ्तार गऱ्यो। जिल्ला अदालतको आदेशमा ०६९ जेठ ५ गतेदेखि आरोपित झापा कारागारमा पुर्पक्षको लागि थुनामा रहेका छन्। मुद्दाको यो वर्षको अन्त्यसम्मका फैसला भएन।

एक ४० वर्षीया महिलालाई ०६९ असार ७ गते उनकै घरमा गोल्धाप गाविस-३ का ५८ वर्षीय गङ्गाराम राईले बलात्कार गरेको आरोपमा पीडित परिवारले इलाका प्रहरी कार्यालय बिर्तामोडमा ०६९ असार ८ गते जाहेरी दियो। प्रहरीले आरोपितलाई सोही दिन गिरफ्तार गऱ्यो। जिल्ला अदालत आदेशमा ०६९ असार २८ गतेदेखि आरोपित जिल्ला कारागार झापामा पुर्पक्षको लागि थुनामा रहेका छन्।

एक १९ वर्षीया महिलालाई ०६९ साउन १६ गते उनकै घरनजिकै चारपाने गाविस-६ का ५५ वर्षीय सङ्लु राजवंशीले बलात्कार प्रयास गरको आरोपमा पीडित परिवारले इन्सेक र आईडिएफको सहयोगमा ०६९ साउन १९ गते इलाका प्रहरी कार्यालय बिर्तामोडमा उजुरी दियो। आरोपितलाई प्रहरीले सोही दिन गिरफ्तार गऱ्यो। जिल्ला अदालतको आदेशमा ०६९ भदौ १२ गतेदेखि आरोपित जिल्ला कारागार झापामा थुनामा रहेका छन्।

एक २६ वर्षीया महिलालाई ०६९ पुस १० गते साँझ बुधबारे बजारबाट घर फर्कदै गर्दा शान्तिनगर गाविस-१ का २६ वर्षीय निर्मल राईले घर छेउमा रहेको चिया बगानमा बलात्कार प्रयास गरेको आरोपमा प्रहरीले सोही दिन गिरफ्तार गरी कानुनी कारबाही अघि बढायो।

एक १८ वर्षीया महिलालाई ०६९ मङ्सिर २९ गते उनकै घरछेउमा रहेको खेतमा सुरुङ्गा गाविस-७ का २१ वर्षीय सन्तोष उप्रेतीले बलात्कार गरेको आरोपमा पीडित परिवारले ०६९ मङ्सिर ३० गते जाहेरी दियो। आरोपित फरार रहेकोले खोजी कार्य भइरहेको सुरुङ्गा प्रहरीका इञ्चार्ज सई ववेन्द्र नेम्वाङले बताए।

घरेलु हिंसा

परिवारजनबाट हत्या

पाँचगाछी गाविस-७ की ३१ वर्षीया हेमकुमारी श्रेष्ठको ०६९ असार १५ गते बिहान विराटनगर न्यूरो अस्पतालमा उपचारको क्रममा मृत्यु भयो। उनलाई पति शेरबहादुर, जेठाजु डिल्ली र देवर राजकुमारविरुद्ध जिल्ला अदालत झापामा अंशको माग गर्दै हालेको मुद्दा दायर गरेको विषयमा देवर राजकुमारले ०६९ असार १४ गते बिहान सोही गाविस- ८ मा रहेको विवादित खेतमा गाई सार्न गएको समयमा कोदालोले टाउको र शरीरका विभिन्न ठाउँमा काटेर घाइते बनाएका थिए।

पीडितको सोही दिन मोरङ जिल्लाको मङ्गलबारे स्थित प्राथमिक स्वास्थ्य केन्द्रमा पोस्टमार्टमपछि परिवारले दाहसंस्कार गरे। आरोपित राजकुमार, सहयोगीहरू डिल्ली श्रेष्ठ र जेठानी निर्मलालाई प्रहरीले गिरफ्तार गरी कानुनी कारबाही अघि बढाएकोमा ०६९ साउन ८ गते जिल्ला अदालतको आदेशमा तीनै जना पुर्पक्षको लागि थुनामा रहेका छन्। पतिले गत साल दोस्रो विवाह गरेपछि चरम घरेलु हिंसामा परेकी पीडितले ०६८ वैशाखमा अदालतमा दायर गरेकोमा मुद्दा फिर्ता लिन धम्की दिँदै आएको पीडितपक्षले जनायो। महिला कानूनी सहायता केन्द्रको संयोजकत्वमा इन्सेक, नेपाल पत्रकार महासङ्घ, महिला मानवअधिकार रक्षक सञ्जाल, मानवअधिकार सञ्जालको संलग्नतामा सत्य तथ्य अध्ययन टोली गठन भएकोमा टोलीले मृतक श्रेष्ठको सुनियोजित तवरले हत्या गरेको निष्कर्ष निकाल्दै दोषीलाई कडा कारबाही र मृतकका छोराछोरीहरूको

उचित संरक्षणको व्यवस्था हुनुपर्ने सरकारसँग माग गरेको थियो।

शरणामती गाविस- ५ की ३५ वर्षीया सञ्चलक्ष्मी लिम्बूलाई ०६९ कात्तिक १५ गते साँझ पति ३८ वर्षीय सुखराज लिम्बूले छिमेकीको गाई गोठमा टाउको तथा शरीरमा खुकुरीले काटेर घाइते बनाएकोमा सोही राति सञ्चलक्ष्मीको उपचारको क्रममा दमकस्थित लाईफलाईन अस्पतालमा मृत्यु भयो। आरोपित लिम्बूलाई सोही रात सुरुङ्गा गाविस-५ बाट भाग्दै गरेको अवस्थामा प्रहरीले गिरफ्तार गऱ्यो। जिल्ला अदालतको आदेशमा ०६९ मङ्सिर ११ गतेदेखि आरोपित झापा कारागारमा पुर्पक्षको लागि थुनामा रहेका छन्।

सतासीधाम गाविस- १ की ५५ वर्षीया शुभलक्ष्मी नेपालीको ०६९ मङ्सिर ३० गते राति आफ्नै घरमा पति मनबहादुर नेपालीले बञ्चरोले टाउकोमाा काटेर हत्या गरेको आरोपमा उनको खोजी भइरहेको प्रहरीले जनायो। पीडितको लासको ०६९ पुस १ गते मेची अञ्चल अस्पताल भद्रपुरमा पोस्टमार्टमपछि आफन्तले दाहसँस्कार गरे।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

सुकुमवासी भूमिहीन

राजगढ गाविस- ५ स्थित मनकामना सामुदायिक वनको जग्गामा घर बनाई बसेका १ सय ४६ सुकुमवासी परिवारलाई प्रशासनले अनाधिकृतरूपमा सरकारी जग्गामा घर टहरा बनाई बसेको आरोपमा वन कार्यालय जलथल, इलाका प्रहरी कार्यालय राजगढ र सशस्त्र प्रहरी बेसक्याम्प कुमरखोदको संयुक्त टोलीले ०६७ वैशाख २३ गते आगो लगाई टहरा हटाउँदा भएको झडपमा राजगढ गाविस-५ का ६० वर्षीय रामलाल हास्दा , २९ वर्षीया सुमी मुर्मू गोपाल खड्का , ८४ वर्षीया खोलावती राजवंशी , ६५ वर्षीय जादुलाल राजवंशी , ३९ वर्षीया सुशीलाहास्दा , २६ वर्षीय समिर सोरेन र विजय राजवंशी घाइते भए। त्यस्तै प्रहरीतर्फ सई वैजुकुमार योगी, जवानहरू चावन राई र नवीन विसङ्खे पनि घाइते भएका थिए। स्थितिलाई सामान्य बनाउने क्रममा प्रहरीले ११ राउण्ड हवाई फायरिङ्ग गरेको थियो। घाइतेहरूको स्थानीय स्वास्थ्य केन्द्रमा उपचार भयो।

संरचना, सम्पत्ति क्षति

स्थानीय बासिन्दाबाट

गरामनी गाविसको गरामनी बजारमा बन्दकर्ता कोचिला थरुहट संयुक्त सङ्घर्ष समिति र बन्द गर्न नदिन गरामनीका स्थानीय बासिन्दाहरू बीच ०६९ जेठ ८ गते झडप हुँदा कोचिला थरुहट सङ्घर्ष समितिका कार्यकर्ताहरू प्रमोद राजवंशी, सुरेन राजवंशी, दिलकुमार राजवंशी, विल्टु राजवंशी घाइते भए। त्यस्तै उनीहरू सवार तीन ओटा मोटरसाईकलहरू पनि गरामनीका स्थानीय बासिन्दाहरूले तोडफोड गरी क्षति पुऱ्याए। घाइतेहरूको भद्रपुरमा उपचार भयो। घटनास्थलमा तत्काल प्रहरी आई स्थितिलाई नियन्त्रणमा लिएकोले थप क्षति हुन पाएन। घटनाको विषयमा कतै उजुरी परेन।

नेपाल आदिवासी जनजाति महासङ्घबाट

मेचीनगर नपास्थित नगरपालिका कार्यालय आफ्नो सङ्गठनले गरेको बन्दको दिन कार्यालय खोलेको आरोपमा नेपाल आदिवासी जनजाति महासङ्घका कार्यकर्ताहरूले ०६९ जेठ ७ गते तोडफोड गरी क्षति पुऱ्याए। करिब ५० वटा मोटरसाईकलमा आएका जनजाति कार्यकर्ताहरूले कार्यालयको झ्यालका शिशाहरू, कुर्सीटेबल लगायतका सामग्री तोडफोड गरी कार्यालय बन्द गराएका थिए।

बन्द/हडताल

यस वर्ष बर्हिगमित माओवादी सेना, पूर्वी थारुवान कोचिला राज्यपरिषद्, नेपाल आदिवासी जनजाति महासङ्घ, विभिन्न विद्यार्थी सङ्घ सङ्गठन, राष्ट्रिय जनमोर्चा पार्टी, राष्ट्रिय जनमुक्ति पार्टी, खस क्षेत्री एकता समाज, खस ब्राम्हण समाज, नेपाल दशनामी समाज, जनयुद्ध रक्षा फ्रन्ट, सङ्घीय लोकतान्त्रिक पार्टी, सङ्घीय लिम्बूवान राज्यपरिषद्, सङ्घीय लोकलान्त्रिक राष्ट्रिय पार्टी, यातायात व्यावसायी र नेकपा माओवादी पार्टीले जिल्लाभर ३१ दिन बन्द गरे। बन्दका कारण यातायात, शैक्षिक संस्था, व्यापार व्यवसाय, उद्योगधन्दा ठप्प हुँदा सर्वसाधारणको जनजीवनमा प्रत्यक्ष असर परेको थियो।

स्वास्थ्य सेवाको अवस्था

अस्पताल	१		
स्वास्थ्यचौकी	६		
उपस्वास्थ्यचौकी	३८		
पद	**दरबन्दी**	**कार्यरत**	**रिक्त**
डाक्टर	२४	१०	१४
स्टाफ नर्स	२५	२१	४
ल्याब असिस्टेन्ट	१२	९	३
अहेव	७७	६९	८
अनमी	३९	३४	५
खोप सुपरभाइजर	१	१	
क्षयरोग/कुष्ठरोग सुपरभाइजर	१	१	
हेल्थ असिस्टेन्ट	९	८	१

जिल्ला प्रहरी कार्यालय

जिल्ला प्रहरी कार्यालयमा ०६८ पुस १७ गतेदेखि ०६९ पुस १६ गतेसम्म बलात्कार २८, बलात्कार प्रयास १०, महिला ओसार पसार तथा जिउ मास्नेबेच्ने ११, कर्तव्य ज्यान २०, ज्यानमार्ने उद्योग २२, आत्महत्या १ सय ९२, अपहरण गरी सहरी बन्धक बनाएको दुई, बहुविवाह १९, विस्फोटक पदार्थ छ, अपहरण गर्ने धम्की तीन, चन्दा सङ्कनका चारओटा मुद्दा दर्ता भए ।

१.२ इलाम

जिल्ला सदरमुकाम: इलाम
क्षेत्रफल (वर्ग कि. मि.): १,७०३.००
घरधुरी सङ्ख्या: ६४,५०२
जम्मा जनसङ्ख्या: २,५०,२५४
पुरुष: १,४१,१२६
महिला: १,४५,१२८
अपाङ्ग सङ्ख्या: ७,६३६
गाविस/नपा सङ्ख्या: ४८/१
पुरुष साक्षरता सङ्ख्या: १,१३,०४८
महिला साक्षरता सङ्ख्या: १,०३,४५८
हिन्दू धर्मावलम्बी प्रतिशत: ४४.४५
बौद्ध धर्मावलम्बी प्रतिशत: १५.२५
इस्लाम धर्मावलम्बी प्रतिशत: ०.०८
किराँत धर्मावलम्बी प्रतिशत: ३५.६१
क्रिश्चियन धर्मावलम्बी प्रतिशत: २.५
प्रकृति धर्मावलम्बी प्रतिशत: १.३४
जैन धर्मावलम्बी प्रतिशत: ०.०२
शिख धर्मावलम्बी प्रतिशत: ०.००१
अन्य धर्मावलम्बी प्रतिशत: ०.६६८
प्रतिपरिवार सरदर सङ्ख्या: ४.५०

जेल र बन्दीहरू

सशस्त्र द्वन्द्वका क्रममा ध्वस्त भएको इलाम जिल्ला कारागार निर्माण सम्पन्न भएको छैन। कैदी बन्दीहरू झापा, पाँचथर तथा सुनसरी जेलमा पठाउने गरिएको छ।

धम्की/कुटपिट

अनेरास्ववियु क्रान्तिकारी र नेविसङ्घबाट

महेन्द्ररत्न बहुमुखी क्याम्पस इलामका शिक्षक २९ वर्षीय कुमार सुवेदीलाई ०६८ फागुन ४ गते

अनेरास्ववियु (क्रान्तिकारी) र नेविसङ्घका कार्यकर्ताले क्याम्पस प्रशासनमै आपसी छलफल भइरहेको समयमा कुटपिट गरे। नेपाल प्रगतिशील प्राध्यापक सङ्गठनले विज्ञप्ति जारी गरी दोषीलाई कारबाहीको माग गऱ्यो। आरोपितलाई कारबाही भएन।

अन्यबाट

इलाम नपा-८ निवासी नेपाली काङ्ग्रेस वडासमिति-८ का सभापति ३१ वर्षीय सन्दीप बुढाथोकीलाई ०६९ साउन १० गते इलाम नपा-७ का ३५ वर्षीय रोशन अधिकारीले खुकुरी प्रहार गरी घाइते बनाए। टाउकोमा गम्भीर चोट लागेका बुढाथोकीको न्यूरो अस्पताल विराटनगरमा उपचार भयो। आरोपित यस वर्षको अन्त्यसम्म फरार छन्। नेपाली काङ्ग्रेस जिल्ला सचिव खगेन्द्र देवानले ०६९ साउन ११ गते विज्ञप्ति जारी गर्दै दोषीलाई तत्काल कारबाही गर्न माग गरे।

म्याद सकिएको औषधिबारे खुलासा गरेको भन्दै माइमझुवास्थित उपस्वास्थ्य चौकीका प्रमुख उमेशकुमार साहलाई ०६८ फागुन ५ गते राति सहकर्मीले ज्यान मार्ने धम्की दिए। जिल्लास्थित उपस्वास्थ्य चौकीहरूमा वितरण गरिएको १ सय २५ एमजीको सिसिलिन ट्याब्लेट म्याद गुज्रिएको थियो। उक्त घटनाबारे जिल्ला अस्पतालका मेडिकल सुपरिटेन्डेण्ट डा.तारानाथ पोखेललाई जानकारी गराएपछि रातको समयमा धम्की आएको पीडितले जारी गरेको विज्ञप्तिमा उल्लेख थियो। अस्पतालका स्टोर विभागका कर्मचारी कुवेर शर्मा, औलो इन्सपेक्टर विमल बराल र जिर्मले उपस्वास्थ्य चौकीका अहेव यामनाथ घिमिरेले ज्यान लिने धम्की दिँदै आफू सुतेको कोठामा आक्रमणको प्रयास गरेको समेत शाहले बताए। उक्त विषयमा आफूहरूले चासो मात्रै राखेको आरोपितहरूले बताए। पीडितले ०६८ फागुन ६ गते जिल्ला जनस्वास्थ्य प्रमुख डा.तारानाथ पोखेललाई मौखिक उजुरी दिए। घटनाबारेमा आन्तरिक छलफल बाहेक केही भएन।

प्याङ गाविस-८ का ५५ वर्षीय एमाले कार्यकर्ता कामी शेर्पालाई प्याङ गाविसमा हेल्थपोस्ट भवन निर्माण ठेक्कासम्बन्धी छलफल भइरहेको बेला स्थानीय प्याङ गाविस-२ का नरेश थेवेलगायतका समूहले ०६८ चैत ३ गते कुटपिट गरे। भवन निर्माणबारे फरक मत राख्ने क्रममा आफूलाई लछारपछार गरी कुटपिट गरिएको पीडित शेर्पाले बताए। घटनापछि पीडित शेर्पाको स्थानीय स्वास्थ्य चौकीमा सामान्य उपचार भयो भने घटनामा संलग्नहरू थेवेलाई पक्राउ गरी तीन हजार रुपियाँ धरौटी लिएर ०६८ चैत ७ गते तारेखमा रिहा गरिएको जिल्ला प्रहरी कार्यालय इलामले जानकारी दियो।

घटनाको प्रकार	राज्यपक्षबाट		गैरराज्यपक्षबाट		
	पुरुष	जम्मा	महिला	पुरुष	जम्मा
घाइते				१	१
बालअधिकार			३		३
अमानवीय व्यवहार			१	१	२
महिलाअधिकार			६		६
भेला/सङ्गठित हुने अधिकार				१	१
जातीय विभेद			१		१
कुटपिट	२	२		५	५
धम्की				३	३
हत्या			३	३	४
जम्मा	२	२	१३	१२	२५

अभिव्यक्ति, भेला हुने र संगठित हुने अधिकार

(राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

बाँझो गाविस-८ भालुटारमा आयोजना गरिएको नेकपा एमालेको गाउँ अधिवेशनमा जाँदै गर्दा एमाले नेता तथा पूर्वसभामुख सुवास नेम्वाङलाई ०६९ मङ्सिर ४ गते मञ्च सम्बद्ध सङ्घीय लिम्बूवान राज्य परिषदको भ्रातृ सङ्गठन लिम्बूवान भोलेन्टियर्सका कार्यकर्ताहरूले प्रवेशमा रोक लगाए। कार्यक्रमस्थल नपुगी नेम्वाङ बाटोबाटै फर्किएका थिए। उक्त दिन एमालेको गाउँ अधिवेशन स्थगन भयो। लिम्बूवान भोलेन्टियर्सका जिल्ला कमाण्ड इन्चार्ज राजु राईद्वारा ०६९ मङ्सिर ३ गते जारी गरिएको विज्ञप्तिमा भोलेन्टियर्सले नेम्वाङलाई लिम्बूवान विरोधी र संविधानसभाका विगठनकर्ताको आरोप लगाउँदै इलामको क्षेत्र नं. २ मा प्रवेश गर्न रोक लगाइएको उल्लेख थियो। नेकपा एमालेले ०६९ मङ्सिर ६ गते विज्ञप्ति जारी गरी घटनाको भर्त्सना र घटनामा संलग्नलाई कारबाहीको माग गऱ्यो।

सुगम र निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालत

०६८ साउनदेखि ०६९ असार मसान्तसम्म

यस जिल्ला अदालतको फौजदारी मुद्दातर्फ १ सय ९९ थान मध्ये १ सय २५ थान फैसला भए भने ७४ थान फैसला हुन बाँकी रहे। देवानी मुद्दातर्फ १ सय ७९ थान मध्ये १ सय १६ थान फैसला भए भने ६३ थान फैसला हुन बाँकी रहे।

०६९ साउनदेखि पुस १५ सम्म

जिल्ला अदालतमा फौजदारी मुद्दातर्फ १ सय ४२ थान मध्ये ३७ थान फैसला भए भने १ सय ५ थान फैसला हुन बाँकी रहे। देवानी मुद्दातर्फ ९७ मध्ये २२ थान फैसला भए भने ७५ थान फैसला हुन बाँकी रहे। दुई वर्ष नाघेका फौजदारी मुद्दा र देवानी मुद्दा छैनन्।

पुनरावेदन अदालत

०६८ साउनदेखि ०६९ असार मसान्तसम्म

पुनरावेदन अदालत इलाममा फौजदारी मुद्दातर्फ ४ सय ४३ थान मध्ये २ सय ७२ थान फैसला भए भने १ सय ७१ थान फैसला हुन बाँकी रहे। देवानी मुद्दातर्फ १ सय ७२ थान मध्ये १ सय २४ थान फैसला भए भने ४८ थान फैसला हुन बाँकी रहे।

०६९ साउनदेखि पुस १५ सम्म

पुनरावेदन अदालत इलाममा फौजदारी मुद्दातर्फ ३ सय ९१ थान मध्ये ६७ थान फैसला भए भने ३ सय २४ थान फैसला हुन बाँकी रहे। देवानी मुद्दातर्फ १ सय ६८ थान मध्ये ४३ थान फैसला भए भने १ सय २५ थान फैसला हुन बाँकी रहे। दुई वर्ष नाघेका फौजदारी मुद्दा र देवानी मुद्दा छैनन्।

जिल्ला सरकारी वकिल कार्यालय

जिल्ला सरकारी वकिलको कार्यालयबाट ०६८ साउनदेखि ०६९ असार मसान्तसम्म दायर मुद्दाको सङ्ख्या २ सय ४ थान मध्ये १ सय २ थान सफल भए भने नौ थान असफल भएको छ। सरकारी वकिल सङ्ख्या एक थान रहेको यस जिल्ला कार्यालयबाट दायर मुद्दामध्ये ०६९ असार मसान्तसम्म ८९ थान मुद्दा बाँकी रहेको सरकारी वकिलको कार्यालयले जनायो।

दायर मुद्दामध्ये कर्तव्य ज्यानसम्बन्धी मुद्दा १८ थान मध्ये नौ थान सफल र एक थान असफल रहयो। बलात्कारसम्बन्धी मुद्दा २० थान मध्ये नौ थान सफल रहयो। अपहरणसम्बन्धी मुद्दा एक थान मध्ये एक थान सफल भयो। बहुविवाहसम्बन्धी मुद्दा छ थान असफल रहयो। छुवाछूतसम्बन्धी दुई थान मध्ये दुई थान असफल रहयो।

जिल्ला सरकारी वकिलको कार्यालयबाट ०६९ साउनदेखि ०६९ पुससम्म दायर मुद्दाको सङ्ख्या १ सय ४१ थान मध्ये ६२ थान सफल भए। सरकारी वकिल सङ्ख्या एक थान रहेको यस जिल्ला कार्यालयबाट दायर मुद्दामध्ये ०६९ असार मसान्तसम्म ८९ थान मुद्दा बाँकी रहेको सरकारी वकिलको कार्यालयले जनायो।

बालअधिकार

शिक्षाको अवस्था

यस जिल्लाका विद्यालय जाने उमेरका ५९ हजार १ सय ३८ मध्ये छात्र २७ हजार ६ सय १५ र छात्रा ३१ हजार ५ सय २३ प्राथमिक तहदेखि माबि तहसम्म भर्ना भए। यसमध्ये दलित छात्रा २ हजार ३ सय १८ र छात्र २ हजार १ सय ६६ रहेका छन्। सरकारी र सामुदायिक विद्यालय गरी प्राबि तहमा महिला ५ सय ४ र पुरुष ८ सय ९३ गरी जम्मा १ हजार ३ सय ९७ शिक्षक कार्यरत रहेका छन। निमाबि तहमा तहमा महिला २२ र पुरुष २ सय ३३ गरी जम्मा २ सय ५५ शिक्षक कार्यरत रहेका छन। यसैगरी माबि तहमा महिला ४ र पुरुष १ सय ७३ गरी जम्मा १ सय ७७ शिक्षक रहेका छन्।

बालविकास केन्द्रमा बालक २ हजार ३ सय ९२ र बालिका २ हजार ४ सय १८ गरी जम्मा ४ हजार ८ सय १० रहेका छन। जसमध्ये दलित बालक २ सय ५ र बालिका २ सय ४८ छन्।

हत्या

मङ्गलबारे गाविस-६ की ८ वर्षीया बालिका एञ्जिला शेर्पाको सौतेनी आमा मनमती शेर्पाले २०६९ मङ्सिर २० गते कुटपिट गर्दा गम्भीर घाइते भएकोमा उनको मङ्सिर २१ गते मृत्यु भयो। आफूले अह्राएको काम बालिकाले नटेरेपछि मनमतीले बाँसको भाटाले बालिकालाई निर्घात कुटपिट गरेकी थिइन्। बालिकाको लासको ०६९ मङ्सिर २१ गते जिल्ला अस्पतालमा पोस्टमार्टम गरियो। मृतकका बुबा निङ्मा शेर्पा र सौतेनी आमा मनमायालाई ०६९ मङ्सिर २१ गते प्रहरीले गिरफ्तार गऱ्यो। आरोपितहरू ०६९ पुस १८ गतेदेखि जिल्ला अदालतको आदेशमा पुर्पक्षका थुनामा रहेको डीएसपी भीम दाहालले बताए।

बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

एक १४ वर्षीया बालिकालाई ०६९ जेठ १४ गते बलात्कार गरेको आरोपमा फाकफोक गाविस-६ का १९ वर्षीय तुफान राईलाई ०६९ जेठ १५ गते प्रहरीले गिरफ्तार गऱ्यो। इलाम सदरमुकामबाट घर फर्किदै गर्दा बालिकालाई राईले बलात्कार गरेको पीडित पक्षको आरोप छ। साँझसम्म पनि घर नफर्केपछि खोजतलास गर्दा घरनजिकै बालिका बेहोश अवस्थामा फेला परेकी थिइन्। आरोपितलाई स्थानीय बासिन्दाले नियन्त्रण लिई राँके प्रहरी चौकीमा बुझाएका थिए। पीडित बालिकाको जिल्ला अस्पताल इलाममा स्वास्थ्य परीक्षण भयो। आरोपित जिल्ला अदालतको आदेशमा ०६९ जेठ १० गतेदेखि पुर्पक्षका लागि थुनामा छन्।

एक १४ वर्षीया बालिकालाई बलात्कार गरेको आरोपमा ०६९ असोज २८ गते साङ्रुम्बा गाविस-१ का १८ वर्षीय अर्जुन लाम्गादेलाई प्रहरीले गिरफ्तार गऱ्यो। पीडितको जिल्ला अस्पताल इलाममा स्वास्थ्य परीक्षण भएको थियो। आरोपित जिल्ला अदालत इलामको आदेशमा ०६९ कात्तिक २३ गतेदेखि पुर्पक्षका लागि थुनामा छन्। आरोपित लाम्गादेले ०६९ असोज २६ गते पीडित घरमा एक्लै भएको मौका पारी बलात्कार गरेको स्थानीयले बताए।

एक १७ वर्षीया सुस्तमनस्थिति भएकी बालिकालाई ०६९ असोज २५ गते माईपोखरी गाविस-३ का ४७ वर्षीय दिलबहादुर राईले बलात्कार गरेको भन्दै आफन्तले ०६९ असोज २९ गते जिल्ला प्रहरी कार्यालय इलाममा उजुरी दिए। घरमा कोही नभएको अवस्थामा राईले बलात्कार गरेको आफन्तहरूले बताए। पीडितपक्षले जिल्ला प्रहरी कार्यालय इलाममा ०६९ असोज २९ गते उजुरी दिए पनि आरोपित गिरफ्तार भएका छैनन्। यस वर्षको अन्त्यसम्म आरोपित फरार छन्। पीडितको ०६९ असोज २९ गते स्थानीय उपस्वास्थ्य चौकीमा स्वास्थ्य परीक्षण भएको थियो।

महिलाविरुद्ध हुने सबै प्रकारको भेदभाव, दुर्व्यवहार

बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

एक ३४ वर्षीया महिलालाई ०६८ माघ १० गते नेपाली सेनाका दुई जना जवान टेकबहादुर विश्वकर्मा र कर्ण तामाङले बलात्कार गरेको आरोपमा पीडितकी भाउजूले ०६८ माघ १२ गते जिल्ला प्रहरी कार्यालय इलाममा किटानी जाहेरी दिइन्। पीडितको जिल्ला अस्पताल इलाममा ०६८ माघ ११ गते उपचार र स्वास्थ्य परीक्षण भएको थियो। घरमा भाउजूसँग बसिरहेको अवस्थामा भाउजूलाई एकजना सिपाहीले अलमल्याएर ती महिलालाई नजिकैको अम्लिसोबारीमा बलात्कार गरेका थिए। नेपाली सेनाका कालीध्वज गणका दुई सिपाही टेकबहादुर विश्वकर्मा र कर्ण तामाङलाई ०६८ माघ १७ गते नेपाली सेनाले जिल्ला प्रहरी कार्यालय इलाममा बुझायो। आरोपितद्वय जिल्ला अदालतको आदेशमा ०६८ फागुन १९ गतेदेखि झापा जिल्ला कारागारमा पुर्पक्षका लागि थुनामा छन्।

स्थानीय एक ४५ वर्षीया महिलालाई ०६८ फागुन १५ गते शान्तिपुर गाविस-७ का २३ वर्षीय खगेन्द्र बस्नेतले बलात्कार गरेको आरोपमा उनलाई ०६८ फागुन १७ गते प्रहरीले गिरफ्तार गऱ्यो। पीडित महिलाको ०६८ फागुन १७ गते स्थानीय उपस्वास्थ्य चौकीमा स्वास्थ्य परीक्षण भएको थियो। आरोपित बस्नेतलाई जिल्ला अदालत इलामको आदेशबमोजिम ०६८ चैत ७ गतेदेखि झापा जिल्ला कारागारमा थुनामा राखिएको छ।

एक १९ वर्षीया गर्भवती महिलालाई ०६९ असार १० गते बलात्कार गरेको आरोपमा जमुना गाविस-६ का २३ वर्षीय देवराज गुरुङलाई ०६९ असार ११ गते प्रहरीले गिरफ्तार गऱ्यो। जोगमाईस्थित घरबाट माइत घर जाने क्रममा बीच बाटोमा पर्ने चुच्चेढुङ्गा भन्ने स्थानमा बाटो ढुकेर बसेका गुरुङले लछारपछार गरी बलात्कार गरेको पीडितको उजुरीमा उल्लेख छ। बलात्कारपछि पीडितसँग रहेको नगद १३ हजार रुपियाँ, चार आनाको टप, आठ आनाको मङ्गलसूत्र र एक थान घडी आरोपितले लुटेर लगेका थिए। स्थानीय बासिन्दाले पीडितलाई बेहोश अवस्थामा भेटेपछि जिल्ला अस्पतालमा उपचार भएको थियो। पीडक गुरुङ जिल्ला अदालत इलामको आदेशपछि ०६९ साउन ४ गते पुर्पक्षको लागि थुनामा छन्। घटनापछि पीडित पक्षले ०६९ असार १० गते नै जिल्ला प्रहरी कार्यालयमा मौखिक उजुरी दिएका थिए। पीडित महिलाको जिल्ला अस्पतालमा ०६९ असार ११ गते स्वास्थ्य परीक्षण भयो। इलाममा कारागार नभएका कारण आरोपित यस वर्षको अन्त्यसम्म जिल्ला प्रहरी कार्यालयको हिरासतमा छन्।

एक २५ वर्षीया महिलालाई ०६९ मङ्सिर ५ गते स्थानीय चुलाचुली गाविस-७ निवासी भानु निमाविका व्यवस्थापन समितिका अध्यक्ष ३५ वर्षीय बुद्धिबहादुर सम्बाहाम्फेले बलात्कार गरेको आरोपमा उनलाई ०६९ मङ्सिर ९ गते प्रहरीले गिरफ्तार गऱ्यो। स्थानीय बासिन्दाले ०६९ कात्तिक २८ गते प्रहरी चौकी

चुलाचुलीमा उजुरी दिएका थिए। आरोपित जिल्ला अदालत इलामको आदेशमा ०६९ मङ्सिर २६ गतेदेखि पुर्पक्षका लागि झापा जिल्ला कारागारमा थुनामा छन्।

सुस्तमनस्थिति भएकी एक महिलालाई ०६९ मङ्सिर १२ गते बलात्कार गरेको आरोपमा पाँचथर जिल्लाको रानीटार गाविस-२ का २७ वर्षीय कुमार गुरुङ र इलाम नपा-९ का आकाश राईलाई प्रहरीले ०६९ मङ्सिर १३ गते गिरफ्तार गऱ्यो। पीडितको ०६९ मङ्सिर १३ गते जिल्ला अस्पताल इलाममा स्वास्थ्य परीक्षण भयो। पीडित परिवारले जिल्ला प्रहरी कार्यालय इलाममा ०६९ मङ्सिर १४ गते उजुरी दिएका थिए। आरोपितहरू जिल्ला अदालत इलामको आदेशपछि ०६९ पुस ९ गतेबाट पुर्पक्षका लागि जिल्ला प्रहरी कार्यालय इलाममा थुनामा छन्।

घरेलु हिंसा

परिवारजनबाट हत्या

कोल्बुङ गाविस-३ का ३९ वर्षीया फूलमाया लेप्चालाई हत्या गरेको आरोपमा ०६७ फागुन १७ गते पति ४१ वर्षीय धनबहादुर लेप्चालाई प्रहरीले गिरफ्तार गऱ्यो। फूलमायाको लास ०६८ फागुन १३ गते भेटिएको थियो। फूलमायालाई परपुरुषसँग लागेको आरोपमा हत्या गरिएको स्थानीयले बताए। आरोपित जिल्ला अदालतको आरोपमा ०६८ चैत ७ गतेदेखि पुर्पक्षका लागि झापा जिल्ला कारागारमा थुनामा छन्।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

सुलुबुङ गाविस-६ का ३५ वर्षीय कृष्ण गहतराजको बुबा ७९ वर्षीय स्व.वीरबहादुर गहतराजको माईखोलास्थित स्थानीय घाटमा ०६९ बैशाख ३१ गते लास जलाउने लाँदा सुलुबुङ गाविस-३ का रोम भट्टराईले अन्तिम संस्कार गर्न अवरोध गरे। उक्त घाटमा दाहसंस्कार गर्दा दुषित हुने भन्दै अवरोध गरेको पीडित परिवारले बतायो। अन्तिम दाहसंस्कार भएको दिन भट्टराईले बाटो छेक्न खोजे र सार्वजनिक खाजा खाने स्थानमा बस्न दिएनन्। पीडितपक्षले गाविसको कार्यालय सुलुबुङमा उजुरी दिए। ०६९ असार ५ गते छलफल गर्दा आरोपित पक्षले माफी मागेपछि उक्त स्थानमा सबैले दाहसंस्कार गर्न पाउने र व्यवस्थित घाट बनाउने सहमति भयो।

संरचना, सम्पति क्षति

नेकपा-माओवादीबाट

श्रीअन्तु गाविस-४ स्थित गणेश हिमाल चिया कारखानामा ०६९ असोज ३० गते राति नेकपा-माओवादीका कार्यकर्ताले आगजनी गरे। उक्त घटनामा संलग्न भएको आरोपमा माओवादीका जिल्ला सह - सेक्रेटरी ३५ वर्षीय नरेन्द्र जवेगू र २८ वर्षीय जिल्ला सदस्य पवन शङ्कर (निसान) लाई प्रहरीले गिरफ्तार गऱ्यो। जीतपुर गाविस घर भएका जवेगूलाई ०६९ कात्तिक २० गते इलाम सदरमुकामबाट र गोदक गाविस घर भएका शङ्करलाई घरबाटै २१ गते प्रहरीले गिरफ्तार गरेको थियो। उनीहरूलाई तयारी चिया नष्ट गरेको, नगद र मोबाईल सेट समेत लुटपाट गरेको आरोप छ। आगजनीबाट २ हजार ५ सय किलो तयारी चिया नष्ट हुँदा २४ लाख रुपियाँ मूल्य बराबरको क्षति भएको थियो। गिरफ्तारपछि सहसेक्रेटरी जवेगूले पार्टीको योजनाबमोजिम आफूहरूले घटनामा संलग्न भएको स्वीकार गरे। उनीहरू जिल्ला अदालतको आदेशमा ०६९ मङ्सिर १४ गतेदेखि झापा जिल्ला कारागारमा थुनामा छन्।

बन्द/हड्ताल

०६८ पुस महिनादेखि ०६९ मङ्सिर मसान्तसम्म इलाम जिल्ला र खासगरी मेची राजमार्गमा जम्मा ४२ दिन बन्द भए। जसमध्ये १७ दिन आंशिक बन्द भयो। ०६९ पुसमा ७ दिन, फागुनमा ६ दिन, चैत्रमा १ दिन, ०६९ वैशाखमा ८ दिन, जेठमा १२ दिन, साउनमा २ दिन, भदौमा २ दिन, असोजमा २ दिन र मङ्सिरमा दुई दिन बन्द भयो। यसवर्ष सबै भन्दा बढी बन्द ०६९ जेठमा १२ दिन र ०६८ माघ र ०६९ असार र कात्तिकमा बन्द भएनन्। सबैभन्दा बढी बन्द माओवादी जनसेनाको पूर्वलडाकूले नौ दिन, यातायात व्यावसायीले पाँच दिन, ब्राम्हण समाजले चार दिन, सङ्घीय लिम्बूवान राज्य परिषदले तीन दिन, तरुण दलले दुई दिन, आदिवासी जनजाति संयुक्त सङ्घर्ष समितिले दुई दिन र नेपाली काङ्ग्रेस, खस क्षेत्र एकता समाज, ब्राम्हण, क्षेत्री र दशनामी, राष्ट्रिय जनमोर्चा, जनयुद्ध रक्षा फ्रन्ट, राष्ट्रिय जनमुक्ति पार्टी, एकीकृत लिम्वूवान स्वायत्त राज्य परिषद्, राप्रपा नेपाल, जनजाति महासङ्घ, नेकपा-माओवादी, विद्यार्थी सङ्गठनहरू र प्राकृतिक विपतले एक/एक दिन बन्द गरेका थिए।

स्वास्थ्य सेवाको अवस्था

अस्पताल	४		
स्वास्थ्यचौकी	१२		
उपस्वास्थ्यचौकी	३२		
पद	**दरबन्दी**	**कार्यरत**	**रिक्त**
डाक्टर	६	०	६
स्टाफ नर्स	८	६	२
ल्याब असिस्टेन्ट	७	७	
अहेब	६०	४८	१२
अनमी	२५	१९	६
खोप सुपरभाइजर	१	१	
क्षयरोग/कुष्ठरोग सुपरभाइजर	१	१	
हेल्थ असिस्टेन्ट	१९	१३	६

जिल्ला प्रहरी कार्यालय

जिल्ला प्रहरी कार्यालयमा ०६८ पुस १७ गतेदेखि ०६९ पुस १६ गतेसम्म बलात्कार १०, घरेलु हिंसा ४४, कर्तव्य ज्यान चार, ज्यानमार्ने उद्योग चार, आत्महत्या २०, बहुविवाहका छ ओटा मुद्दा दर्ता भए।

१.३ पाँचथर

जिल्ला सदरमुकाम: फिदिम
क्षेत्रफल (वर्ग कि. मि.): १,२४१.००
घरधुरी सङ्ख्या: ४१,१५६
जम्मा जनसङ्ख्या: १,५१,८१७
पुरुष: ५०,१८६
महिला: १,०१,६३१
अपाङ्ग सङ्ख्या: ५,०४५
गाविस/नपा सङ्ख्या: ४१/०
पुरुष साक्षरता सङ्ख्या: ६८,०५७
महिला साक्षरता सङ्ख्या: ६४,१५५
हिन्दूधर्मावलम्बी प्रतिशत: ३४.३१
बौद्धधर्मावलम्बी प्रतिशत: ११.६७
इस्लामधर्मावलम्बी प्रतिशत: ०.०३
किराँत धर्मावलम्बी प्रतिशत: ५२.०३
क्रिश्चियन धर्मावलम्बी प्रतिशत: १.५८
प्रकृति धर्मावलम्बी प्रतिशत: ०.१३
वोन धर्मावलम्बी: ०.०२
अन्य धर्मावलम्बी प्रतिशत: ०.१६३
प्रतिपरिवार सरदर सङ्ख्या: ४.६६

नागरिक तथा राजनीतिक अधिकार सम्मानित रूपले बाँच्ने अधिकार

हत्या

स्थानीय युवाबाट

याङ्नाम गाविस-६, निवासी नेकपा माओवादी इलाका नम्बर-४ का सदस्य ३० वर्षीय गजेन्द्र जवेगूलाई ०६९ साउन २ गते नेपाली काङ्ग्रेस समर्थक युवाहरूले स्थानीय राँके बजारबाट घर फर्किने क्रममा बाटोमा आक्रमण गरी गम्भीर घाइते बनाएकोमा उनको विराट्नगरस्थित लाइफगार्ड हस्पिटलमा उपचारको क्रममा ०६९ साउन ६ गते साँझ ४.००

घटनाको प्रकार	राज्यपक्षबाट		गैरराज्यपक्षबाट		
	पुरुष	जम्मा	महिला	पुरुष	जम्मा
घाइते			३	३	६
बालअधिकार			६	१	७
महिलाअधिकार			२४		२४
जातीय विभेद			४	३	७
गिरफ्तारी/यातना	३	३			
कुटपिट	३	३	४	३	७
धम्की				४	४
हत्या			४	३	७
जम्मा	५	५	४५	१७	६३

बजे मृत्यु भयो। एमाओवादीले दोषीलाई कारबाही, मृतकलाई सहिद घोषणा र परिवारलाई क्षतिपूर्तिको माग राखी ०६९ साउन ७, ८ र ९ गते तीन दिन जिल्ला बन्द गरेको थियो। मृतकका परिवारले०६९ साउन ७ गते स्थानीय १३ जनाविरुद्ध जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए। आरोपितमध्ये सोही गाविस-४ का २९ वर्षीय लेखनाथ जवेगू, २६ वर्षीय जयप्रकाश जवेगू, १९ वर्षीय सुरेन महरा सोही गाविस-५ का २० वर्षीय मिलन जवेगू, २१ वर्षीय विकेन्द्र जवेगू, २१ वर्षीय राजू जवेगू, सोही गाविस-६ का १९ वर्षीय टीकाराम जवेगू, १९ वर्षीय जीवनकुमार माबो, १९ वर्षीय कैलाश जवेगू, ३४ वर्षीय हंश जवेगू, २० वर्षीय शान्तिराम जवेगू र ३१ वर्षीय सन्तोष जबेगूलाई विभिन्न मितिमा प्रहरीले गिरफ्तार गऱ्यो। नौ जनाआरोपित जिल्ला अदालतको आदेशमा ०६९ भदौ १ गतेदेखि फिदिम कारागारमा पुर्पक्षका लागि थुनामा छन्। सोही गाविस-५ का २० वर्षीय मिलन जवेगू, २१ वर्षीय विकेन्द्र जवेगू र सोही गविस ६ का ३१ वर्षीय सन्तोष जवेगू साधारण

स्थानीय युवाहरूको आक्रमणमा परी मृत्यु भएका गजेन्द्र जवेगू

तारेखमा रिहा भए। सोही गाविस-४ का ३२ वर्षीय गजेन्द्र जवेगू यो वर्षको अन्त्यसम्म फरार छन्। घटनामा आफ्ना कार्यकर्ताको संलग्नता नरहेको भन्दै काङ्ग्रेसका जिल्ला उपसभापति राजेन्द्रप्रसाद तिम्सिनाले ०६९ साउन ८ गते विज्ञप्ति जारी गरे।

जेल र बन्दीहरू

'ङ'श्रेणीको जिल्ला कारागारको बन्दी क्षमता २५ जनाको रहेको छ। यो वर्षको अन्त्यसम्म कैद तोकिएका १ सय २ र कैद नतोकिएका ४४ कैदी र थुनुवा गरी जम्मा १ सय ४६ जना बन्दीहरू रहेका छन्। आश्रित बालिका एक दुई वर्षीय बालिका आमा पवित्रा शेर्पासँग बस्दै आएकी छन्।

२०३० सालमा निर्मित यस कारागारको सयम-समयमा सामान्य मर्मत मात्र भएको पाइन्छ। द्वन्द्व कालमा क्षतिग्रस्त इलाम कारागार पुन:निर्माण भएपनि प्रयोगमा आइनसकेको कारण बन्दीको चाप भएको पाँचथर कारागार प्रमुख सुरेन्द्र दाहालले बताए। बन्दीका चापका कारण खाटमाथि खाट थपेर सुत्ने गरेका छन्। ०६८ मा आएको भूकम्पका कारण जीर्ण अवस्थामा रहेको कारागार पुन उत्तिकै वा सोभन्दा कम रेक्टरको भूकम्प आएमा क्षतिग्रस्त हुने सम्भावना रहेको कारागार प्रशासनले जनाएको छ। कारागार सुरक्षापोस्ट पनि ढल्ने अवस्थामा पुगेको छ। खानेपानीलगायत अन्य सेवा सुविधाको समेत अभाव रहेको छ। यस विषयमा विभागमा जानकारी गराइएको कारागार प्रशासनले जनायो ।

सुनसरी जिल्ला इटहरी नपा-१ निवासी जिल्ला कारागार पाँचथरका कैदी २६ वर्षीय सुजन थापा मगर ०६८ पुस २६ गतेदेखि २८ गतेसम्म विभिन्न माग राखी आमरण अनसन बसे। उनीसँगै फाक्तेप गाविस-२ का ३० वर्षीय जसबहादुर नेम्वाङ र फिदिम गाविस-८ का २४ वर्षीय दुर्गा राईले ०६८ पुस २७ गतेबाट कारागारको मूलगेटमा आमरण अनसनमा बसेका थिए। अदालतले तोकेको जरिवाना तिरेर कैद अवधिको आधा भुक्तान गरेपछि छुटका लागि सम्बन्धित निकायमा सिफारिस गर्नुपर्ने प्रावधान विपरीत कारागार प्रसाशनले अन्याय गरेकाले र कारागार प्रमुख रेणुप्रसाद ओझाले कैदीहरूबाट घुस लिने गरेको भन्दै उनीहरू अनसन बसेका थिए । बन्दीहरूले कारागार प्रसाशनसँग मात्र वार्ता नगर्ने भनेपछि पत्रकार र मानवअधिकारकर्मीको

रोहबरमा ०६८ पुस २८ गते भएको वार्तामा सहायक प्रमुख जिल्ला अधिकारी लक्ष्मीप्रसाद खरेलको संयोजकत्वमा पाँच सदस्य छानबिन समिति गठन भएपछि अनसन स्थगित गरिएको थियो।

छानबिन समितिले तोकिएका समयमा प्रतिवेदन नबुझाएको भन्दै विभिन्न मुद्दामा पाँचथर कारागारमा कैद भुक्तान गरिरहेका १२ जना कैदीहरू ०६८ माग १७ गतेबाट पुनः आमरण अनसन बसे। छानबिन समितिले तोकिएको मितिमा प्रतिवेदन ल्याउन नसकिएको जनाउँदै थप १५ दिनमा प्रतिवेदन बुझाउने प्रतिबद्धता जनाएपछि ०६८ माग १८ गतेबाट अनसन स्थगित भएको थियो। छानबिन समितिले ०६८ फागुन १ गते प्रमुख जिल्ला अधिकारीलाई प्रतिवेदन बुझाए पनि कार्यान्वय नभएको बन्दीहरूले भनाइ छ।

धम्की/कुटपिट

राज्यबाट

शुक्रतारा बोर्डिङ स्कूलका सहायक प्रिन्सिपल फिदिम गाविस-२ निवासी २८ वर्षीय चक्रप्रसाद बाँस्कोटालाई ०६९ भदौ १६ गते राति ८ बजे सशस्त्र प्रहरी बल हिमशिखर गुल्म फिदिमका वरिष्ठ हवल्दार राजकुमार विश्वकर्मासहित अन्य छ जना प्रहरी जवानले मरणासन्न हुने गरी कुटपिट गरे। बाँस्कोटाको जिल्ला अस्पताल पाँचथरमा उपचार नभएपछि न्यूरो अस्पताल विराटनगरमा थप उपचार भएको थियो । स्थानीय बासिन्दाले जिल्ला प्रशासन कार्यालयमा ०६९ भदौ १८ गते कुटपिटमा संलग्न प्रहरीहरूलाई कारबाही गर्न माग गरे। घटना भूलबस भएको र संलग्न प्रहरीलाई कारबाही गरिने प्रतिबद्धतासहित जिल्ला सुरक्षा समितिका संयोजक प्रमुख जिल्ला अधिकारी कोषहरि निरौलाले स्थानीय बासिन्दासमक्ष माफ मागेका थिए।आरोपित प्रहरीहरूलाई स्थानीय बासिन्दाले नियन्त्रणमा लिई नेपाल प्रहरीमा बुझाएका थिए। दोषीमाथि विभागीय कारबाही गरिएको सशस्त्र प्रहरी बलका डिएसस्पी विदुर गुरुङले बताए।

अन्तरजातीय विवाह गरेको भनी घर निकाला गरिएका भद्रीका शङ्कर र भवीन्द्र थुलुङ

युवासङ्घ नेपालबाट

याङ्नाम गाविस-६ निवासी वाईसीएल पाँचथर जिल्ला सदस्य तथा याङ्नाम गाविस संयोजक ३० वर्षीय गजेन्द्र जवेगूलाई ०६८ माघ २२ गते सोही गाविसका युथफोर्स कार्यकर्ता २३ वर्षीय मचिन्द्र जबेगूको नेतृत्वको समूहले वाईसीएलको कार्यक्रमबाट घर फर्किरहेको समयमा टाउकोमा खुकुरी प्रहार गरी घाइते बनाए। पीडितको जिल्ला अस्पताल पाँचथरमा उपचार भयो। वाईसीएल जिल्ला कमिटी पाँचथरले ०६८ माघ २४ गते विज्ञप्ति निकालेर आरोपितहरूमाथि कारबाहीको माग गऱ्यो। आरोपितहरू याङ्नाम गाविस-६ का २३ वर्षीय मचिन्द्र जवेगू, १७ वर्षीय कैलाश जवेगू, १८ वर्षीय जीवन जवेगू, १८ वर्षीय सुमन लोवा र १६ वर्षीय टीका जबेगूविरुद्ध पीडितले ०६८ फागुन १९ गते जिल्ला प्रशासन कार्यालयमा उजुरी दिए। जिल्ला प्रशासन कार्यालय पाँचथरको आदेशमा आरोपितहरू जनही ५ सय र १३ हजार १ सय ३० रुपियाँ क्षतिपूर्ति बुझाएर रिहा भए।

अन्यबाट

मौवा गाविस-१ निवासी सोही गाविसका स्थानीय शान्ति समिति संयोजक एवम् एकीकृत माओवादीका इलाका नम्बर-९ का सचिव ४३ वर्षीय देवेन्द्र खत्रीलाई ०६८ माघ २० गते सोही गाविसका नेपाली काङ्ग्रेसका सचिव टङ्क खड्का र मौवा प्रहरी चौकीका इञ्चार्ज सई कुलबहादुर कार्कीले मार्ने धम्की दिए। पीडितले ०६८ माघ २२ गते पाँचथरस्थित मानवअधिकारकर्मीसमक्ष जीवन रक्षाका लागि आग्रह गरे। खानेपानी मुहानको पाइप काटेको विरोधमा बोलेको भन्दै ०६८ माग २० गते टङ्क खड्का नेतृत्वको समूहले मार्ने धम्की दिएपछि सोही दिन इलाका प्रहरी चौकी मौवामा उजुरी दिन जाँदा प्रहरीले धम्क्याएको पीडितले बताए। मौवा प्रहरी चौकीका इञ्चार्ज कुलबहादुर कार्कीले ०६८ पुस ३० गते ड्राइभर कुटेको विषय मानवअधिकारकर्मीलाई सुनाएको भन्दै धम्की दिएका थिए। जिल्ला प्रहरी कार्यालयका इन्स्पेक्टर यामबहादुर पौडेलले घटनाको छानबिन गरी दोषीलाई कारबाही गरिने बताए । पीडितले प्रहरीमा उजुरी दिएनन्।

गैरकानुनी गिरफ्तारी

ओयाम गाविस-१ का २०

वर्षीय सुमन राई, २१ वर्षीय डम्बर कार्की र २० वर्षीय रामु राईलाई ०६९ असोज २२ गते च्याङथापू गाविस-९ स्थित प्रहरी चौकीमा झैझगडा गरेको आरोपमा सई लेखेन्द्रबहादुर बस्नेतको कमाण्डमा रहेका प्रहरीले बन्दुकको कुन्दा, लाठी र मुक्काले शरीरको विभिन्न भागमा कुटपिट गरी यातना दिए। उनीहरूको पिठ्यूँ, चाक र ढाडमा एक महिनासम्म नीलडाम रहेको थियो। पीडितहरूले घरेलु उपचार गराएका थिए। नागी गाविस-१ का ज्वाला इम्वुङ र ओयाम गाविस-७ का प्रकाश न्यौपानलेलाई कुटपिट गरेको आरोपमा गिरफ्तार गरी बयान लिने क्रममा यातना दिएको थियो। पीडितहरूले ०६९ कात्तिक २१ गते जिल्ला प्रहरी कार्यालयका प्रमुखलाई अधिकारकर्मी र सञ्चारकर्मी उपस्थितिमा घटनाबारे जानकारी गराएका थिए। आरोपितलाई कारबाही भएन। पीडितले प्रहरीलाई जानकारी मात्र गराए। पीडितको घाउजाँच भएन।

अभिव्यक्ति, भेला हुने र संगठित हुने अधिकार

(राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

राष्ट्रिय प्रजातन्त्र पार्टी नेपालले धार्मिक स्वतन्त्रतासहितको हिन्दूराष्ट्र र नयाँ संविधानमा राष्ट्रिय अखण्डताको सुनिश्चितता गर्न माग गर्दै ०६९ जेठ ५ गते निकालेको जुलुसमा मञ्च सम्बद्ध लिम्बूवान राज्य परिषद्का कार्यकर्ताले आक्रमण गरे। आक्रमणबाट फिदिम गाविस-४ निवासी प्रजातान्त्रिक युवक सङ्गठन पाँचथरका अध्यक्ष तथा राप्रपाका जिल्ला सदस्य ४३ वर्षीय मदन पोखरेल घाइते भए। राप्रपा पार्टी कार्यालय घण्टाघरबाट गणतन्त्रचोक हुँदै हस्पिटलमोडमा पुगेको जुलुसमामञ्च सम्बद्ध लिम्बूवान राज्यपरिषद्का कार्यकर्ताले परिषद्कै पार्टी कार्यालय अगाडि राप्रपाका कार्यकर्ताले बोकेको झण्डा खोसेर लाठीले कुटपिट गरेका थिए।सङ्घीयता, लिम्बूवान, धर्म निरपेक्षता र अन्तरिम संविधान ०६३ विरुद्धको क्रियाकलाप गरेका कारण आक्रमण गरिएको मञ्चसम्बद्ध लिम्बूवान राज्य परिषद्का सचिव सागर केरुङले बताए। जिल्ला प्रशासन कार्यालयमा ०६९ जेठ १२ गते सर्वपक्षीय बैठकमा मञ्चका अध्यक्ष लावाहाङ चेम्जोङले घटना नदोहोऱ्याने भन्दै माफी मागेपछि मेलमिलाप भएको थियो।

आफन्तबाट कुटपिट गरिएका बालक साजन बेघा

बन्द हड्ताल

पाँचथर जिल्लामा सन २०१२ जनवरीदेखि डिसेम्बरसम्म विभिन्न १४ ओटा सङ्गठनले ३३ दिन बन्द गरे। जसमा पूर्वलडाकुले छ दिन, लिम्बूवान मुक्तिमोर्चाले १ दिन, संयुक्त विद्यार्थी सङ्घर्ष समितिले एक दिन, खस क्षेत्री एकता समाजले दुई दिन, ब्राह्मण समाज नेपालले छ दिन, राष्ट्रिय जनमोर्चा नेपालले दुई दिन, राष्ट्रिय प्रजातन्त्र पार्टी नेपालले एक दिन, आदिवासी जनजाति सङ्घर्ष समितिले तीन दिन बन्द गरे। त्यस्तै मञ्चसम्बद्ध लिम्बूवान राज्यपरिषदले तीन दिन, लिम्बूवान राज्यपरिषद संस्थापनपक्षले तीन दिन, नेकपा माओवादीले चार दिन, यातायात व्यवसायीले दुई दिन, लिम्बूवान प्रान्तीय परिषदले एक दिन,युवा सङ्घ नेपालले एक दिन गरी ३५ दिन बन्द भयो।

सुगम र निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालत

०६८ साउनदेखि ०६९ असार मसान्तसम्म

एक जनामात्र न्यायाधीश रहेको यस जिल्ला अदालतको फौजदारी मुद्दातर्फ २ सय ७२ थान मध्ये १ सय ९१ थान फैसला भए भने ८१ थान फैसला हुन बाँकी रहे। देवानी मुद्दातर्फ १ सय ९३थान मध्ये १ सय ३७ थान फैसला भए भने ५६ थान फैसला हुन बाँकी रहे।

०६९ साउनदेखि पुस १५ सम्म

एक जनामात्र न्यायाधीश रहेको यस जिल्ला अदालतको फौजदारी मुद्दातर्फ १ सय ७० थान मध्ये ५८ थान फैसला भए भने १ सय १२ थान फैसला हुन बाँकी रहे। देवानी मुद्दातर्फ ९९थान मध्ये ३४ थान फैसला भए भने ६५ थान फैसला हुन बाँकी रहे। दुई वर्ष नाघेका फौजदारी र देवानी मुद्दा छैन।

जिल्ला सरकारी वकिलको कार्यालयबाट ०६८ साउनदेखि ०६९ असार मसान्तसम्म दायर मुद्दाको सङ्ख्या १ सय ५७ थान मध्ये ८३ थानसफल भए भने २४ थान असफल भएको छ। मुलतवी, तमेली पेण्डीमा मुद्दा दुई थान रहेको छ। सरकारी वकिल सङ्ख्या एक थान रहेको छ। यस जिल्ला कार्यालयबाट दायर मुद्दामध्ये ०६९ असार मसान्तसम्म ४८

थान मुद्दा बाँकी रहेको सरकारी वकिलको कार्यालयले जनायो।

दायर मुद्दामध्ये कर्तव्य ज्यानसम्बन्धी मुद्दा १३ थान मध्ये छ थानसफल र एक थान असफल रह्यो। बलात्कारसम्बन्धी मुद्दा छ थान मध्ये दुई थान सफल र चार थान असफल रह्यो। महिला बेचविखनसम्बन्धी मुद्दा छ थान मध्ये दुई थान सफल र दुई थान असफल रह्यो। अपहरणसम्बन्धी मुद्दा चार थान मध्ये दुई थान सफल र एक थान असफल रह्यो। बहुविवाहसम्बन्धी मुद्दा आठ थान मध्ये चार थान सफल र एक थान असफल रह्यो।

जिल्ला सरकारी वकिलको कार्यालयबाट ०६९ साउनदेखि ०६९ पुससम्म दायर मुद्दाको सङ्ख्या ९३ थान मध्ये १४ थान सफल भएको छ। सरकारी वकिल सङ्ख्या एक थान रहेको यस जिल्ला कार्यालयबाट दायर मुद्दामध्ये ०६९ असार मसान्तसम्म ६० मुद्दा बाँकी रहेको सरकारी वकिलको कार्यालयले जनायो।

बालअधिकार

शिक्षाको अवस्था

यस जिल्लाका विद्यालय जाने उमेरका ६७ हजार ३ सय ३९ मध्ये छात्र ३१ हजार ६ सय ४३ र छात्रा ३५ हजार ६ सय ९६ प्राथमिक तहदेखि माबि तहसम्म भर्ना भए। यसमध्ये दलित छात्रा २ हजार २२८ र छात्र २ हजार ३ सय २३ रहेका छन्। सरकारी र सामुदायिक विद्यालय गरी प्राबि तहमा १२ सय ७८ शिक्षक कार्यरत रहेका छन्। निमाबि तहमा ३ सय ५१ शिक्षक कार्यरत रहेका छन्। यसैगरी माबि तहमा २ सय २२ शिक्षक रहेका छन्।

बालविकास केन्द्र बालक ३ हजार ५ सय ५ र बालिका ३ हजार ४ सय ६३ गरी जम्मा ६ हजार ९ सय ६८ रहेका छन् जसमध्ये दलित बालक २६१ र बालिका २ सय २२ छन्। यस जिल्ला शिक्षा कार्यालयले शिक्षासम्बन्धी सबै तथ्याङ्क अद्यावधिक गरिएको पाइएन।

कुटपिट

पञ्चमी गाविस-९ निवासी घरनजिकै मझैटार विमाबि कक्षा-१ मा अध्ययनरत आठ वर्षीय साजन बेघालाई ०६९ असोज ३ गते सोही ठाउँका ठूलीआमा मायादेवी बेघा र ठूलाबाबु राजकुमार बेघाले ढिलो आएको आरोपमा बाँधेर मरणासन्न हुने गरी कुटपिट गरे। बालकको पाँचथर अस्पतालमा उपचार भयो। कुटपिटबाट बालकको चिउँडो, गाला, ढाडलगायत शरीरको विभिन्न भागमा नीलडाम रहेको थियो। आरोपित मायादेवीलाई ०६८ असोज ६ गते प्रहरीले गिरफ्तार गरी ७ गते रिहा गऱ्यो भने राजकुमारलाई असोज १५ गते गिरफ्तार गरी १६ गते रिहा गरेको थियो। दुवैजना गल्ती नदोहोऱ्याउने र बालकको राम्रो हेरचाह गर्ने कागज गरेर रिहा भएका थिए। पीडितका बुबा शुक्रराज बेघा वैदेशिक रोजगारीमा गएको र आमाले दोस्रो विवाह गरेपिछ साजन बेघा आरोपितसँग बस्दै आएका थिए।

बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

एक १५ वर्षीया बालिकालाई ०६८ फागुन १६ गते नवमीडाडा गाविस-८ का २१ वर्षीय गङ्गाप्रसाद आइदेम्बेले नवमीडाँडा मेलाबाट घर फर्कने क्रममा बलात्कार प्रयास गरेको आरोपमा पीडितपक्षले जिल्ला प्रहरी कार्यालयमा ०६८ फागुन २३ गते उजुरी दियो। आरोपितलाई ०६८ फागुन २५ गते प्रहरीले गिरफ्तार गऱ्यो। आरोपित जिल्ला अदालतको आदेशमा ०६८ चैत्र १७ गतेदेखि पुर्पक्षका लागि पाँचथर जिल्ला कारागार थुनामा छन्। यस वर्षको अन्त्यसम्म कुनै फैसला भएन।

एक १७ र अर्की १४ वर्षीया बालिकालाई ०६९ कात्तिक २० गते रानीगाउँबाट घर फर्किने क्रममा रानीगाउँ-६ स्थित जङ्गलको बाटोमा बलात्कार प्रयास गरेको आरोपमा रानीगाउँ गाविस-८ का १८ वर्षीय जीवन सम्बाहाम्फे र सोही ठाउँका १८ वर्षीय मिलन सम्बाहाम्फेलाई सोही दिन प्रहरीले गिरफ्तार गऱ्यो। आरोपितहरू विरुद्ध ०६९ कात्तिक २१ गते जिल्ला प्रहरी कार्यालयमा मुद्दा दर्ता भयो। आरोपित जिल्ला अदालतको आदेशमा ०६९ मङ्सिर १४ गतेदेखि जिल्ला कारागारमा पुर्पक्षका लागि थुनामा छन्।

महिलाविरुद्ध हुने सबै प्रकारको भेदभाव, दुर्व्यवहार बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

एक ३१ वर्षीया एक महिलालाई ०६९ कात्तिक १५ गते रानिटार गाविस-२ का ३० वर्षीय राजु गुरुङले बलात्कार प्रयास गरेको आरोपमा पीडितले ०६९ कात्तिक १७ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिइन्। आरोपितलाई प्रहरीले ०६९ कात्तिक १८ गते गिरफ्तार गऱ्यो। जिल्लाअदालतको आदेशमा ०६९ मङ्सिर १३ गतेदेखि पुर्पक्षका लागि कारागारमा थुनामा छन्।

एक ३० वर्षीया युवतीलाई ०६९ जेठ २३ गते राति सामूहिक बलात्कार गरेको आरोपमा फिदिम गाविस-१ का ३० वर्षीय सुरेन्द्र बस्नेत, सोही ठाउँका १८ वर्षीय दीपेश मगर, १५ वर्षीय सुवास खबास, १७ वर्षीय शिव मगर, १६ वर्षीय डेविट लावर, याङ्नाम गाविस-४ का सलिन थाम्सुहाङ र ताप्लेजुङ जिल्ला सिनाम गाविस-५ घर भै हाल फिदिम-१ बस्ने दीपेश श्रेष्ठलाई प्रहरीले ०६९ जेठ २४ गते गिरफ्तार गऱ्यो। पीडितको पाँचथर जिल्ला अस्पतालमा स्वास्थ्य परीक्षण एवम् उपचार भएको थियो। पीडितको पाखुरा, छाती र ढाडमा नीलडाम रहेको थियो। अनुसन्धानपछि सुवास खबास, शिव मगर, डेविट लावर, दीपेश श्रेष्ठ ०६९ असार १७ गते रिहा भए र सोही दिनदेखि सुरेन्द्र बस्नेत, दीपेश मगर र सलिन थाम्सुहाङ जिल्ला अदालतको आदेशमा पुर्पक्षका लागि पाँचथर जिल्ला कारागार पुर्पक्षका लागि थुनामा छन्। मुद्दाको यस वर्षको अन्त्यसम्म फैसला भएन।

घरेलु हिंसा

परिवारजनबाट हत्या

ओयाम गाविस-७ की ३४ वर्षीया आशा लिम्बूले आफूलाई हेरचाह नगरेको भन्दै पति ३२ वर्षीय घनेन्द्र न्यौपानेविरुद्ध ०६९ मङ्सिर १५ गते जिल्ला प्रहरी कार्यालयमा पाँचथरमा उजुरी दिइन्। आफू गर्भवती हुँदादेखि नै झापा जिल्लाको बिर्तामोड पुऱ्याएर हेरचाह गर्न छोडेको र ०६८ मङ्सिर १ गते इलाका प्रहरी कार्यालय अनारमनी झापामा एक महिनाभित्र विवाह दर्ता र भरणपोषणको व्यवस्था गर्ने कागजात बनाएको पीडितको भनाइ छ। पाँच महिनाको छोरीसहित बिर्तामोडकी एक महिलाको आश्रयमा र केही समय महिला तथा बालबालिका कार्यालयद्वारा फिदिममा सञ्चालित हिंसापीडितका लागि अल्पकालीन सेवा केन्द्रमा बसिन्। हाल सदरमुकाम फिदिममा आफन्तकोमा बसेकी छन्। आरोपितउपर यस वर्षको अन्त्यसम्म कारबाही भएन।

सदरमुकाम फिदिम गाविस -१ मा डेरा गरी बस्ने रानिटार गाविस-५ की २८ वर्षीया कमला तामाङलाई ०६९ भदौ १५ गते राति पति ३८ वर्षीय मानबहादुर तामाङले घरायसी झगडा हुँदा पेटमा छुरी प्रहार गरी गम्भीर घाइते बनाएकोमा उनको ०६९ भदौ १६ गते विहान ६ .०० बजे धरानस्थित विपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानमा मृत्यु भयो। लासको सोही ठाउँमा पोस्टमार्टम भयो। प्रहरीले आरोपितलाई घटनालगतै गिरफ्तार गऱ्यो। आरोपित जिल्ला अदालत पाँचथरको आदेशमा ०६९ असोज १० गतेदेखि पुर्पक्षको लागि पाँचथर कारागार थुनामा छन्।

सिवा गाविस-३ की ३४ वर्षीया रमादेवी आलेमगरलाई ०६८ फागुन १९ गते राति जेठाजु ५० वर्षीय जहरमान आलेमगर, १८ वर्षीय सुभराज नेम्बाङ, इम्बुङ गाविस-९ का ४१ वर्षीय बसन्त तामाङ र बसन्तकी पत्नी ३६ वर्षीया सञ्चमाया तामाङले हत्या गरेको आरोपमा आरोपितहरूलाई ०६८ फागुन २४ गते प्रहरीले गिरफ्तार गऱ्यो । लास ०६८ फागुन २० गते बिहान उनको घरबाट ६० मिटर दक्षिणमा स्थानीय बासिन्दाले फेला पारेका थिए। लासको जिल्ला अस्पताल पाँचथरमा ०६८ फागुन २० गते पोस्टमार्टम भयो। इलाम जिल्ला फुएतपा गाविस-६ निवासी मृतकका बुबा नरबहादुर रानामगरले ०६८ फागुन २० गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए। जिल्ला अदालत पाँचथरको आदेशमा ०६८ चैत्र २० गतेदेखि जहरमान,बसन्त र सुभराज जिल्ला कारागारमा पुर्पक्षका लागि थुनामा छन्। सञ्चमाया चैत २० गते नै साधारण तारेखमा रिहा भइन्।

कुटपिट

थर्पू गाविस-५ की २० वर्षीय रञ्जना लक्सम (लिम्बू) लाई ०६९ असार १७ गते पति २१ वर्षीय गजस्वर लक्समले कुटपिट गरे। पीडितले अंशबडासहित सम्बन्धविच्छेदका लागि ०६९ असार १९ गते जिल्ला अदालत पाँचथरमा मुद्दा दर्ता गरिन्। पतिले गल्ती नदोहोऱ्याउने प्रतिबद्धता जनाएकाले राजनीतिक दलहरू समेतको रोहबरमा पीडित ०६९ असार २५ गते घर फर्किइन्। पतिले दोस्रो पत्नी ल्याउँछु, मुद्दा लगाएर मेरो बेइज्जत गरिस् भन्दै पुन: ०६९ साउन ४ गते कुटपिट गरे। पीडित फिदिम गाविस-१ सानीआमाकी छोरीसँग बसेकी छन्। जिल्ला अदालतमा पीडितले दायर गरेको मुद्दाको टुङ्गो लागेको छैन।

यासोक गाविस-७ की २८ वर्षीया आशा लावतीलाई ०६९ असार २२ गते पति ३६ वर्षीय हर्कबहादुर लावतीले मरणासन्न हुने गरी कुटपिट गरी घाइते बनाए । छाती, पाखुरा र हातमा नीलडाम रहेकी पीडितको पाँचथर जिल्ला अस्पतालमा उपचार भयो। पीडितले ०६९ असार २५ गते जिल्ला प्रहरी कार्यालय पाँचथरमा उजुरी दिइन्। पीडित झापा जिल्लास्थित माइतीमा बसेकी छन्। आरोपित फरार छन्।

बहुविवाह

फिदिम गाविस-१ डेरा गरी बस्ने इलाम जिल्ला एकतपा गाविस-९ की २९वर्षीया कविता योङ्हाङले ०६९ मङ्सिर २६ गते आफूमाथि सौता ल्याएको भन्दै पति ३० वर्षीय टङ्कहाङ योङ्हाङ र कान्छीपत्नी २५ वर्षीया सम्झना धमलाविरुद्ध जिल्ला प्रहरी कार्यालयमा उजुरी हालिन्। आरोपितलाई सोही दिन प्रहरीले गिरफ्तार गऱ्यो। आरोपितले १० वर्षीय र दुई वर्षीय छोरा हुँदाहुँदै पाँचथर जिल्ला रानीटार गाविस-२ की सम्झना धमलासँग दोस्रो विवाह गरेका थिए। पतिले कान्छी पत्नी ल्याएपछि पीडित माइतमा बसेकी छन्। जेठा छोरा १० वर्षीय आशीष योङ्यालाई बुवा र सौतेनी आमाले ०६९ मंसिर २४ गते पाइपले मरणासन्न हुने गरी कुटपिट गरे। कुटपिटबाट बालकको निधार, ओठ र शरीरको विभिन्न भागमा चोट र नीलडाम रहेको अल्पकालीन सेवा केन्द्र फिदिमकी प्रमुख सरस्वती तामाङले बताइन्।

चिलिङ्देन गाविस-८ की २६ वर्षीया सङ्गीता शेर्मा (लिम्बू)ले ०६९ असोज २१ गते आफूमाथि सौता ल्याएको भन्दै पति २६ वर्षीय आइन्द्र शेर्मा विरुद्ध जाहेरी दिइन्। आरोपितलाई सोही दिन प्रहरीले गिरफ्तार गऱ्यो। आरोपितले ०६९ असोज १ गते बहुविवाह गरेका थिए। पीडितसँग उनको ०६२ सालमा विवाह भएको थियो। आरोपित जिल्ला अदालतको आदेशमा ०६९ असोज २९ गते ५२ हजार रुपियाँ धरौटी राखेर रिहा भए।

रानीगाउँ गविस-४ की ३७ वर्षीया चन्दकला गौतमले पति ३८ वर्षीय चित्रलाल गौतम र कान्छी पत्नी चन्द्रकला कार्की विरुद्ध बहुविवाह गरेको आरोपमा ०६९ भदौ २७ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिइन्। आरोपितद्वयलाई सोही दिन ०६९ भदौ ३० गते सप्तरी जिल्लाबाट प्रहरीले गिरफ्तार गऱ्यो। आरोपितहरू ०६९ असोज १० गते ५५ हजार रुपियाँ धरौटीमा रिहा भए।

भारापा गाविस-९ की २७वर्षीया पिङ्की योक्पाङ्देन(लिम्बू)माथि बहुविवाह गरेको आरोपमा पति ३४ वर्षीय बुद्धकुमार योक्पाङ्देन विरुद्ध जिल्ला प्रहरी कार्यलयमा ०६८ चैत १७ गते जिल्ला उजुरी दिइन्। आरोपितलाई ०६८ चैत्र २० गते प्रहरीले गिरफ्तार गऱ्यो। योक्पाङ्देन दम्पतीको ०६४ सालमा विवाह भएको थियो। पतिले ०६८ चैत्र १२ गते सोही ठाउँकी २२ वर्षीया रञ्जु तामाङसँग दोस्रो विवाह गरेका थिए। आरोपित ०६९ वैशाख ८ गते पुर्पक्षका लागि फिदिम कारागारमा थुनामा राखेकोमा ०६९ वैशाख १० गते बुद्धकुमारले ३५ हजार र रञ्जुले १५ हजार रुपियाँ धरौटी बुझाई रिहा भए।

सबै प्रकारका जातीय विभेद

पञ्चमी गाविस-६ का २६ वर्षीय लोकेन्द्र सिगू (लिम्बू) र पत्नी २२ वर्षीया सङगीता (खाती) ले अन्तरजातीय विवाह गरेका कारण दाजुभाइसँगै बसेर बुबाको काजक्रियामा रोक लगाएको आरोपमा सोही ठाउँका खगेन्द्र सिगू, जसबहादुर सिगू, दिपेन्द्र सिगू र अमृत सिगूविरुद्ध ०६९ असोज २ गते जिल्ला प्रहरी कार्यालय पाँचथरमा उजुरी दिए। आरोपितहरूलाई प्रहरीले जातीय भेदभाव तथा छुवाछूतविरुद्ध मुद्दा चलाइएको थियो। आरोपितहरू ०६९ असोज ११ गते जिल्ला अदालतको आदेशमा जनही ५२ हजार रुपियाँ धरौटीमा बुझाएर रिहा भए ।

लुम्फाबुङ गाविस-१ का ३४ वर्षीय भवीन्द्र थुलुङ राई र सोही ठाउँकी २० वर्षीया भद्रिका शङ्करलाई अन्तरजातीय विवाह गरेको आरोपमा ०६९ जेठ २१ गते केटाका घरपरिवारले घरनिकाला गरे। उनीहरूले ०६९ जेठ २१ गते विवाह गरेका थिए। दलितसँग विवाह गरेको भन्दै घरपरिवार, छरछिमेकले ०६९ असार ७ गते काजकिरिया गरिदिएको र घरको संघार टेके मार्ने धम्की आएकाले भोक-भोकै सदरमुकाममा बस्न बाध्य भएको भवीन्द्रले बताए। जिल्लास्थित सञ्चारकर्मी, अधिकारकर्मी र प्रसाशनको समेत सहजीकरणमा भविन्द्र र भद्रिका ०६९ भदौ २१ गतेबाट गाउँमा पुनस्थापित भए।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार संरचना, सम्पत्ति क्षति

नेपाली काङ्ग्रेसबाट

मौवा गाविस-४ र ५ मा सञ्चालित दुईवटा पानीको मूलको पाइप ०६८ माग १४ गते काङ्ग्रेसका कार्यकर्ताले काटिदिए। मौवा गाविसको ४ र ५ नम्बर वडामा एमाले र एमाओवादीको बर्चस्व रहेको भन्दै वडा ३ मा रहेका गङ्पानी र ऐसेलु खानेपानी मूलको पाइप काटिएपछि एकसय बढी घरपरिवार पानी खानबाट वञ्चित भए। पाइप काटिएपछि दुई घण्टा टाढाको नाखोलाबाट स्थानीयबासी पानी बोक्न बाध्य भए। सर्वपक्षीय छलफलबाट गाउँमा भएको खानेपानी अभावको समाधान गर्ने सहमतिपछि ०६८ माग २१ गते पानी सञ्चालन भएको थियो । मौवा गाविस नेपाली काङ्ग्रेसका सचिव टङ्क खड्को नेतृत्वले पाइप

काटेका थिए र पछि स्थानीय शान्ति समितिका संयोजक देवेन्द्र खत्री, मौवा प्रहरी चौकी र सबै पार्टीका स्थानीय नेता र बुद्धिजीवीहरू बसेर पानी अभावको विकराल स्थिति रहेकाले सुचारु गर्ने सहमति भयो। खानेपानी आयोजनामा अनियमितता भएकोसमेत काङ्ग्रेसको आरोप थियो।

स्वास्थ्य सेवाको अवस्था

अस्पताल	१		
स्वास्थ्यचौकी	१५		
उपस्वास्थ्यचौकी	२५		
पद	**दरबन्दी**	**कार्यरत**	**रिक्त**
डाक्टर	५	२	३
स्टाफ नर्स	६	५	१
ल्याब असिस्टेन्ट	३	२	१
अहेब	१०४	८६	१८
अनमी	४५	३७	८
खोप सुपरभाइजर	१	१	
क्षयरोग/कुष्ठरोग सुपरभाइजर	१	१	
हेल्थ असिस्टेन्ट	२५	१७	८

जिल्ला प्रहरी कार्यालय

जिल्ला प्रहरी कार्यालयमा ०६८ पुस १७ गतेदेखि ०६९ पुस १६ गतेसम्म बलात्कार एक, बलात्कार प्रयास पाँच, कर्तव्यज्यान सात, ज्यानमार्ने उद्योग चार, बहुविवाह चार, जातीय छुवाछूत एक, विस्फोटक पदार्थ एक, बालविवाहका एकओटा मुद्दा दर्ता भए।

१.४ ताप्लेजुङ



जिल्ला सदरमुकाम: फुङलिङ
क्षेत्रफल (वर्ग कि. मि.): ३,६४६
घरधुरी सङ्ख्या: २६,५०५
जम्मा जनसङ्ख्या: १,२७,४६१
पुरुष: ६०,५५२
महिला: ६६,९०५
अपाङ्ग सङ्ख्या: ३,७३०
गाविस/नपा सङ्ख्या: ५०/०
पुरुष साक्षरता सङ्ख्या: ४४,४१४
महिला साक्षरता सङ्ख्या: ४०,४२३
हिन्दू धर्मावलम्बी प्रतिशत: ३५.५
बौद्ध धर्मावलम्बी प्रतिशत: २०.५२
किराँत धर्मावलम्बी प्रतिशत: ४१.३७
क्रिश्चियन धर्मावलम्बी प्रतिशत: १.४७
प्रकृति धर्मावलम्बी प्रतिशत: ०.०२
वोन धर्मावलम्बी प्रतिशत:०.४८
अन्य धर्मावलम्बी प्रतिशत: ०.२४
प्रतिपरिवार सरदर सङ्ख्या: ४.८०

जेल र बन्दीहरू

'ग' श्रेणीको जिल्ला कारागारको बन्दी क्षमता २५ जनाको रहेको छ। यस वर्षको अन्त्यसम्म कैद तोकिएका ६० जना र कैद नतोकिएका ३५ कैदी र थुनुवा गरी जम्मा ९५ जना बन्दीहरू रहेका छन्। नेपालकै पुरानो यो कारागारको २५ जनाको क्षमता भए पनि ९५ जना बन्दीहरू राखिएको छ।

क्षमताभन्दा बढी बन्दीहरू भएकाले खानेपानी र बस्ने ठाँउको अपुग भएको बन्दीहरूले गुनासो गरे। कारागारप्रमुख वालकृष्ण गुरागाईंका अनुसार कारागारको अवस्था ज्यादै जीर्ण छ भने महिला बन्दी राख्ने छुट्टै कोठा नभएकाले उनीहरूलाई बाहिर लानुपर्ने

घटनाको प्रकार	राज्यपक्षबाट		गैरराज्यपक्षबाट		
	पुरुष	जम्मा	महिला	पुरुष	जम्मा
घाइते	१	१		३	३
अपहरण				१	१
महिलाअधिकार			१		१
जातीय विभेद			१		१
गिरफ्तारी/यातना	१	१			
कुटपिट	३	३	१	३	३
धम्की				३	३
हत्या			१	३	३
जम्मा	५	५	४	१०	१४

अवस्था रहेको छ। नाइके भक्तबहादुर खड्काले आफूहरूलाई खानेपानीको समस्या रहेको बताए। समयमा पत्रपत्रिका पढ्न पाउने व्यवस्था नभएको कारागारप्रमुखले बताए।

फुङलिङ गाविस-५ स्थित ताप्लेजुङ कारागारमा रहेका थुनुवा ३५ वर्षीय गोविन्द तामाङलाई ०६८ माघ २५ गते साँझ डीएसपी केदार ढकालले कारागारबाट बाहिर निकाल्न लगाएर लाठी र बुटले ढाड र शरीरका विभिन्न भागमा यातना दिएको भन्दै बन्दीहरूले ०६८ माघ २६ गते बिहान कारागारभित्र विरोध प्रदर्शन गरे। पीडितले कारागार सुरक्षामा खटिएका प्रहरी जवान कर्ण विक र रामनारायण चौधरीलाई ४ हजार ५ सय रुपियाँ सापटी दिएका थिए। पीडितले सो रकम फिर्ता माग्दा यातना दिइएको थियो। गोविन्द तामाङले कारागारका प्रहरी जवानहरूलाई पैसा दिई मादकपदार्थ किन्न लगाएर प्रभावित पार्न खोजेको हुनाले सोधपुछका क्रममा सामान्य कुटपिट गरेको डीएसपी ढकाले बताए।

धम्की/कुटपिट

एकीकृत माओवादीबाट

फुङ्लिङ गाविस-१ निवासी एमालेका स्थानीय कार्यकर्ता २५ वर्षीय गोपाल न्यौपानेलाई ०६९ जेठ १० गते बेलुका सोही गाविस-२ निवासी एमाओवादी कार्यकर्ता ओम गौतमसहित पाँच जनाको एक समूहले गाउँलेहरूबीचको विवादलाई लिएर सोही गाविसको देउलिंगे मावि छेउमा कुटपिट गरी सख्त घाइते बनायो। पीडितको उपचार विराटनगरस्थित न्यूरो अस्पतालमा उपचार भयो। राजनीतिक पूर्वाग्रह राखी आफ्नो पार्टीका कार्यकर्तालाई कुटपिट गरेको एमाले कार्यालय सचिव बलबहादुर साम्सोहाङले बताए। कुटपिटमा सम्लग्नमध्ये ओम गौतमलाई प्रहरीले गिरफ्तार गरी सात दिन हिरासतमा राखेको थियो। एमाओवादी जिल्ला कार्यालय सचिव सागरमणि गौतमले घटनामा एमाओवादी कार्यकर्तालाई फसाउने प्रयास भएको आरोप लगाए। पीडित न्यौपानेको उपचार खर्च आरोपित ओम गौतमले बेहोरेका थिए।

सुगम र निष्पक्ष न्यायिक अधिकार

०६८ साउनदेखि ०६९ असार मसान्तसम्म जिल्ला अदालतमा रहेका

०६८ साउनदेखि ०६९ असार मसान्तसम्म एक जनामात्र न्यायाधीश रहेको यस जिल्ला अदालतमा फौजदारी मुद्दातर्फ २ सय ९ थानमध्ये १ सय २८ थान फैसला भए भने ८१ थान फैसला हुन बाँकी रहे। देवानी मुद्दातर्फ १ सय ६७ थानमध्ये ८८ थान फैसला भए भने ७९ थान फैसला हुन बाँकी रहे।

०६९ साउनदेखि ०६९ पुस १५ गते सम्म जिल्ला अदालतमा रहेका

०६९ साउनदेखि ०६९ पुस १५ सम्म फौजदारी मुद्दातर्फ १ सय ३४ थान मध्ये २३ थान फैसला भए भने १ सय ११ थान फैसला हुन बाँकी रहे। देवानी मुद्दातर्फ १ सय २६ थान मध्ये १६ थान फैसला भए भने १ सय १० थान फैसला हुन बाँकी रहे। यस अदालतमा ०६९ पुस १५ गते सम्म २ सय ६० थान मुद्दा रहेका छन्।

सरकारी वकिलको कार्यालय

०६८ साउन १ देखि ०६९ असार ३१ गतेसम्म

जिल्ला सरकारी वकिलको कार्यालयबाट ०६८ साउनदेखि ०६९ असार मसान्तसम्म दायर मुद्दाको सङ्ख्या १ सय ४४ थान छ । जसमध्ये ६३ थान सफल भए भने २४ थान असफल भयो। सरकारी वकिल सङ्ख्या एक रहेको यस जिल्ला कार्यालयबाट दायर मुद्दामध्ये ०६९ असार मसान्तसम्म ५५ थान मुद्दा बाँकी रहेको सरकारी वकिलको कार्यालयले जनायो।

०६९ साउनदेखि ०६९ पुस १५ गतेसम्म

यस वर्ष यस कार्यालयबाट दायर मुद्दामध्ये कर्तव्य ज्यानसम्बन्धी मुद्दा १६ थान मध्ये ११ थान सफल र चार थान असफल रह्यो। बलात्कारसम्बन्धी

मुद्दा आठ थानमध्ये चार थान सफल र चार थान असफल रह्यो। बहुविवाहसम्बन्धी मुद्दा तीन थानमध्ये दुई थान सफल र एक थान असफल रह्यो। जिल्ला सरकारी वकिलको कार्यालयबाट ०६९ साउनदेखि ०६९ पुससम्म दायर मुद्दाको सङ्ख्या २६ थान मध्ये एक थान सफल भएको छ। सरकारी वकिल सङ्ख्या एक रहेको यस जिल्ला कार्यालयबाट दायर मुद्दामध्ये ०६९ असार मसान्तसम्म ५५ थान मुद्दा बाँकी रहेको सरकारी वकिलको कार्यालयले जनायो।

यातना तथा अन्य क्रुर अमानवीय र अपमानजनक व्यवहार वा दण्ड

साँवा गाविस-२ का ६० टेकबहादुर साँवाले आफ्नो छोरा विजय लिम्बूलाई ०६८ फागुन ४ गते जिल्ला प्रहरी कार्यालयबाट खटिएका प्रहरी जवान सूर्य लिम्बू, सुरेन्द्र दाहालसहित १५ जनाको एक समूहले यातना दिएको भन्दै ०६८ फागुन ११ गते जिल्ला प्रशासन कार्यालयमा उजुरी दिए। पीडितको काठमाडौँस्थित गङ्गालाल राष्ट्रिय हृदय रोग केन्द्रमा उपचार भएको थियो। उपचारका लागि रु. १ लाख रुपियाँभन्दा बढी खर्च भएको र अझै अस्पतालमा राख्नुपर्ने अवस्था भएको भन्दै पीडितकी पत्नी मीरा साँवाले ०६८ फागुन ५ गते जिल्ला प्रहरी कार्यालय र जिल्ला प्रशासन कार्यालयमा उजुरी दिइन्। उजुरी दिए पनि कारबाही नभएपछि मीराले राष्ट्रिय मानवअधिकार आयोगमा उजुरी दिएकी थिइन्। पीडित परिवारले यो वर्षको अन्त्यसम्म न्याय पाएका छैनन्। यातनाका कारण पीडितको मुटुमा गम्भीर असर परेको चिकित्सकको प्रतिवेदनमा उल्लेख भएको पीडितका परिवारले जनाए।

बालअधिकार

शिक्षाको अवस्था

यस जिल्लाका विद्यालय जाने उमेरका ५४ हजार ८ सय ४० मध्ये छात्र २६ हजार १ सय ९१ र छात्रा २८ हजार ६ सय ४९ प्राथमिक तहदेखि माविं तहसम्म भर्ना भए। यसमध्ये दलित छात्रा ३ हजार ३ शय ६८ र छात्र २ हजार ९ सय २९ रहेका छन्। सरकारी र सामुदायिक विद्यालय गरी प्राविं तहमा महिला ४ सय १ र पुरुष ५ सय ३४ गरी जम्मा ९ तहमा तहमा महिला ९ र पुरुष १ सय ९२ गरी जम्मा २ सय १ शिक्षक कार्यरत रहेका छन्। यसैगरी माविं तहमा महिला ५ र पुरुष १ सय १३ गरी जम्मा १ सय १८ शिक्षक रहेका छन्।

बालविकास केन्द्रमा बालक २ हजार ४ सय ९६ र बालिका २ हजार ७ सय १७ गरी जम्मा ६ हजार ९ सय ३२ रहेका छन् जसमध्ये दलित बालक हजार ३ सय ६१ र बालिका ४ सय २१ छन्।

महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार दुर्व्यवहार

एक ३० वर्षीय महिलालाई ०६८ फागुन १६ गते आम्वेगुदिन गाविस-६ का कमल भट्टराईले पीडितको घरैमा यौनदुर्व्यवहारको प्रयास गरेको आरोपमा पीडितले ०६८ फागुन १६ गते जिल्ला प्रशासन कार्यालयमा उजुरी दिइन्। पीडितका घरमा पूजाको निम्तो मान्न आएका आरोपितले पूजा सकेपछि राति सुत्ने कोठमा पीडितलाई दुर्व्यवहार गर्ने प्रयास गरेका थिए। पीडित कराएपछि सासूले थाहा पाउनासाथ आरोपित भागेका थिए। आरोपित कमल भट्टराई यस वर्षको अन्त्यसम्म फरार रहेको निमित्त प्रमुख जिल्ला अधिकारी टंक सिटौलाले बताए।

परिवारजनबाट हत्या

चाँगे गाविस-८ की ४६ वर्षीया अम्रिता लिम्बूको ०६८ चैत १८ गते बेलुका पति ५१ वर्षीय नरबहादुर साँवाले सामान्य घरायसी विवादमा भाला प्रहार गर्दा घाइते भएकोमा उपचारको क्रममा मृत्यु भयो । पीडितको स्थानीय स्वास्थ्य संस्थामा उपचार नभएपछि धरानस्थित बीपी मेमोरियल स्वास्थ्य विज्ञान प्रतिष्ठान लैजाँदै गर्दा ०६८ चैत १९ गते बेलुका मृत्यु भएको थियो। आरोपित नरबहादुर साँवालाई प्रहरीले ०६८ चैत २० गिरफ्तार गरेको थियो। जिल्ला अदालतको ०६९ वैशाख १० गतेको आदेशले आरोपित जिल्ला कारागार कार्यालयमा पुर्पक्षका लागि थुनामा रहेका छन्। यस वर्षको अन्त्यसम्ममा मुद्दाको फैसला भएन।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

ताप्लेजुङ बजार खसक्षेत्री एकता समाजले सरकारसँग खसक्षेत्री र ब्राम्मण समुदायलाई आदिवासी जनजातिमा सूचीकृत गर्नेलगायतका विभिन्न माग राखी ०६९ वैसाख २८ देखि ३० सम्म बन्द गऱ्यो। सङ्घीय लिम्बूवान राज्य परिषद्ले ०६९ जेष्ठ ८ गते विभिन्न माग राखी बन्द गऱ्यो।

फुड्लिङ गाविस-४ स्थित न्यूरोडमा सङ्घीय लिम्बूवान राज्यपरिषद् मञ्चआबद्ध कार्यकर्ताहरूले बन्दको उल्लङ्घन गरेको भन्दै ०६९ जेठ ८ गते जिल्ला विकास समितिको मोटरसाइकल जलाए।

स्वास्थ्य सेवाको अवस्था

अस्पताल	१		
स्वास्थ्यचौकी	८		
उपस्वास्थ्यचौकी	४२		
पद	**दरबन्दी**	**कार्यरत**	**रिक्त**
डाक्टर	४	१	३
स्टाफ नर्स	५	३	२
ल्याब असिस्टेन्ट	३	३	
अहेब	५७	३९	१८
अनमी	१६	११	५
खोप सुपरभाइजर	१	१	
क्षयरोग/कुष्ठरोग सुपरभाइजर	१	१	
हेल्थ असिस्टेन्ट	१३	७	६

जिल्ला प्रहरी कार्यालय

जिल्ला प्रहरी कार्यालयमा ०६८ पुस १७ गतेदेखि ०६९ पुस १६ गतेसम्म बलात्कार दुई, बलात्कार प्रयास एक, घरेलुहिसा आठ, कर्तव्यज्यान चार, ज्यानमार्ने उद्योग तीन, आत्महत्या १६, बहुविवाह एक, जातीय छुवाछूतका एकओटा मुद्दा दर्ता भए।

१.५ मोरङ

जिल्ला सदरमुकाम: बिराटनगर
क्षेत्रफल (वर्ग कि. मि.): १,८५५
घरधुरी सङ्ख्या: २,१३,५५७
जम्मा जनसङ्ख्या: ९,६५,३७०
पुरुष: ४,६६,७१२
महिला: ४,९८,६५८
अपाङ्ग सङ्ख्या: ८,३८९
गाविस/नपा सङ्ख्या: ६५/१
पुरुष साक्षरता सङ्ख्या: ३,४१,५८४
महिला साक्षरता सङ्ख्या: २,९७,६२३
हिन्दूधर्मावलम्बी प्रतिशत: ८०.२७
बौद्धधर्मावलम्बी प्रतिशत: ४.१३
इस्लामधर्मावलम्बी प्रतिशत: ४.७४
किराँत धर्मावलम्बी प्रतिशत: ६.५५
क्रिश्चियन धर्मावलम्बी प्रतिशत: १.६४
प्रकृति धर्मावलम्बी प्रतिशत: २.२५
जैन धर्मावलम्बी प्रतिशत:०.१
शिख धर्मावलम्बी प्रतिशत: ०.००२
वोन धर्मावलम्बी प्रतिशत: ०.०१
वहाइ धर्मावलम्बी प्रतिशत: ०.०२
अन्य धर्मावलम्बी प्रतिशत: ०.२८
प्रतिपरिवार सरदर सङ्ख्या: ४.५२

नागरिक तथा राजनीतिक अधिकार

सम्मानित रूपले बाँच्ने अधिकार

हत्या

अन्यबाट

विराटनगर उमनपा-४ गोग्राहकी घरेलु कामदार २७ वर्षीया उर्मिला राजवंशीको ०६९ असोज २२ गते हत्या गरेको आरोपमा सोही ठाउँ निवासी विराटनगरस्थित नेपाल बजारका अध्यक्ष ४० वर्षीय

घटनाको प्रकार	राज्यपक्षबाट			गैरराज्यपक्षबाट		
	महिला	पुरुष	जम्मा	महिला	पुरुष	जम्मा
घाइते					१	१
बालअधिकार				३५	३	३८
अमानवीय व्यवहार					१	१
आर्थिक/सामाजिक/साँस्कृतिक अधिकार					१	१
महिलाअधिकार				३४		३४
जेलमा मृत्यु		३	३			
कुटपिट	१	५	६		४	४
धम्की				१		१
हत्या				५	१३	१८
जम्मा	१	८	८	५५	३३	८८

किरणसिंह बस्नेतलाई प्रहरीले सोही दिन गिरफ्तार गऱ्यो। पीडित आरोपितको घरमा मृत अवस्थामा फेला परेकी थिइन्। पीडित ०६९ असोज २१ गते बिहान आफ्नो घरबाट जितिया पर्व मनाउन माइती घर झोराहाट हिँडेको पीडितका पति राजकुमार राजवंशीले बताए। प्रहरीले असोज २२ गते बिहान पीडितलाई आरोपितको घरमा मृत अवस्थामा फेला पारेको थियो। पीडित परिवारले पीडितको २१ गते नै हत्या भएको उजुरीमा उल्लेख गरेको थियो। पीडितको कोसी अञ्चल अस्पताल र धरानस्थित वीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानमा पोस्टमार्टम भयो। पीडितका पति राजकुमार राजवंशीले ०६९ असोज २३ गते जिल्ला प्रहरी कार्यालयमा हत्या गरेको आरोपमा आरोपितहरू विरुद्ध उजुरी दिए। घटनामा संलग्न भएको आरोपमा प्रहरीले किरण, किरणका साढुभाइ धीरज बस्नेत, साली इन्दिरा बस्नेतलाई घटना भएकै दिन गिरफ्तार गऱ्यो। आरोपितमध्ये किरण ०६९ कात्तिक २० गतेदेखि जिल्ला अदालतको आदेशमा पुर्पक्षका लागि मोरङ कारागारमा थुनामा छन्। धीरज र इन्दिरा ०६९ असोज २५ गते पुनरावेदन अदालत बन्दीप्रत्यक्षकरणको आदेशमा रिहा भए। जाहेरीमा बलात्कारपछि हत्या गरेको उल्लेख छ। प्रहरीले हत्या आरोपमा मुद्दा दायर गरेको छ। घटनापछि आदिवासी जनजाति महासङ्घ मोरङ, राजवंशी एकता समाज र एकीकृत माओवादीले दोषीलाई कारवाही गर्न माग गर्दै विराटनगरमा जुलुश प्रदर्शन, जिल्ला प्रहरी र जिल्ला अदालतमा धर्ना दिएका थिए भने बस्नेतको समर्थनमा खस क्षेत्री एकता समाजले प्रदर्शन गरेको थियो।

इटहरा गाविस-३ निवासी एमाओवादी कार्यकर्ता २७ वर्षीय अरुण मगर,राजघाट गाविस-९ निवासी एमाओवादी कार्यकर्ता ३० वर्षीय अमर धिमाल र उर्लाबारी गाविस-२ का २९ वर्षीय राजीव लिम्बूलाई ०६९ असार ५ गते राति ११.०० बजे उर्लाबारी गाविस-२ स्थित फागो चोकमा स्थानीय कार्यकर्ताहरूले धारिलो हतियार प्रहार गरी गम्भीर घाइते बनाएकोमा घाइतेमध्ये मगरको विराटनगरस्थित न्यूरो अस्पतालमा उपचारका क्रममा ०६९ असार ८ गते र धिमालको भारतको सिलगुढीमा उपचारका क्रममा ०६९ असार १२ गते मृत्यु भयो । राजीवको धरान नपास्थित वीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानमा उपचार भयो । सो घटनामा संलग्न भएको आरोपमा प्रहरीले उर्लाबारी गाविस-२ निवासी नेपाली काङ्ग्रेसका ९ नं. क्षेत्रीय सभापति ४८ वर्षीय खड्ग फागो, सोही ठाउँ निवासी एकीकृत माओवादीको भ्रातृ संगठन जनस्वयसेवक ब्यूरोका उर्लाबारी इन्चार्ज २७ सुसन लिम्बू र सोही गानविस-२ निवासी तरुण दलका उर्लाबारी सचिव नारायण सिटौलालाई ०६९ असार ५ गते इलाका प्रहरी कार्यालय उर्लाबारीले गिरफ्तार गऱ्यो । पीडित पक्षले ०६९ असार १० गते इलाका प्रहरी कार्यालयमा आरोपित खड्ग फागो र नारायण, उर्लाबारी गाविस-३ का ४५ वर्षीय दीपेन्द्र धिमाल र सोही गाविस-१ का ३२ वर्षीय सचिन शाक्यविरुद्ध उजुरी दिए। आरोपितमध्ये खड्ग जिल्ला अदालतको आदेशमा ०६९ साउन ४ गतेदेखि पुर्पक्षको लागि कारागार शाखा मोरङमा थुनामा छन् ।

जेल र बन्दीहरू

'ख'श्रेणीको जिल्ला कारागारको बन्दी क्षमता ३ सय जनाको रहेको छ। यस वर्षको अन्त्यसम्म कैद तोकिएका ४ सय ७ र कैद नतोकिएका २ सय ३४ कैदी र थुनुवा गरी जम्मा ६ सय ४१ जना बन्दीहरू रहेका छन्। आश्रित बालक २ जना र बालिका ४ जना गरी जम्मा ६ जना रहेका छन्। यस जिल्ला कारागारको २०३९ सालमा निर्माण भएको हो। यो कारागारमा

२०४५ भदौदेखि बन्दी राख्न थालिएको हो। यो कारागारमा सुरक्षा आवासगृह र बन्दी आवासगृह अभाव रहेको जेलर राजन रेग्मीले बताए। बन्दीहरूको उपचारमा औषधिका अभाव, सुत्न, बस्न साँगुरो कोठा, बन्दी सङ्ख्याअनुसार धारा, बिजुली बत्तीको सङ्ख्या कम रहेको कारागारका चौकीदार वीरेन्द्रकुमार मेहताले बताए। यस कारागारमा बन्दीको उपचारका लागि कारागार व्यवस्थापन विभागले ५ लाख रुपियाँ वार्षिक बजेट पठाउने गर्दछ। सो रकम छ महिनामा नै सिद्धिने गरेको कारागारका जेलर रेग्मीको भनाइ छ।

सुनसरी जिल्ला बराहक्षेत्र गाविस-१ चतरा निवासी कारागार शाखा मोरङका कैदी ३५ वर्षीय रञ्जीत राईको ०६८ चैत २८ गते उपचारका क्रममा विराटनगरस्थित कोसी अञ्चल अस्पतालमा मृत्यु भयो। उनको सोही अस्पतालमा पोस्टमार्टम गरी परिवारको जिम्मा लगाइएको थियो। पीडितको कारागारका चौकीदार वीरेन्द्र मेहताको निर्देशनमा बन्दीहरूको एक समूहले कुटपिट गरेका कारण मृत्यु भएको पीडितकी पत्नी राधाले बताइन्। पीडितलाई पुरानो रिसइबीका कारण कुटपिट गरिएको पीडितका भान्जा विशाल तामाङले बताए। उनका अनुसार पीडित सुनसरी जिल्लास्थित झुम्का क्षेत्रीय कारागारमा रहँदा चौकीदार मेहता पनि सोही कारागारमा थिए। चौकीदार मेहताको समूहले झुम्का कारागारमा पनि पीडितलाई कुटपिट गरी घाइते बनाएको थियो। सो घटनामा एकजना बन्दीको मृत्यु भएको थियो। सो घटनापछि आरोपित मेहता र पीडितलाई कारागार शाखा मोरङमा सरुवा गरिएको थियो। पीडित चार वर्षदेखि बलात्कारसम्बन्धी घटनामा थुनामा रहेका थिए। कारागार शाखा मोरङका जेलर सुनील निरौलाले रोगका कारण पीडितको मृत्यु भएको बताए। चौकीदार मेहताले घटनामा आफ्नो संलग्नता नभएको बताए।

सुनसरी जिल्ला भलुवा गाविस-३ निवासी कारागार कार्यालय मोरङका बन्दी ४० वर्षीय श्रवण राजवंशीको उपचार अभावमा ०६९ असार ८ गते मृत्यु भयो। सिकिस्त विरामी भएपछि उनलाई विराटनगरस्थित कोसी अञ्चल अस्पताल भर्ना गरिएको थियो। सो अस्पतालमा उपचार नभएपछि उनलाई सुनसरी जिल्ला धरान नपास्थित वीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानमा उपचारका लागि भर्ना गरिएकोमा उनको मृत्यु भएको थियो।

उदयपुर जिल्ला पञ्चमी गाविस-९ निवासी विराटनगरस्थित कारागार कार्यालय मोरङका बन्दी ५५ वर्षीय काजीमान श्रेष्ठको उपचार अभावमा भदौ ८ गते कोसी अञ्चल अस्पतालमा मृत्यु भयो। उनी पहिलेदेखि दम रोगका विरामी थिए। उनी सिकिस्त भएपछि मात्र अस्पताल भर्ना गरिएको थियो। उनी ०६३ असोज २७ गतेदेखि जिउ मास्नेबेच्ने मुद्दामा पुर्पक्षका लागि कारागार कार्यालय मोरङमा थुनामा थिए।

लेटाङ गाविस-८ निवासी विराटनगरस्थित कारागार कार्यालय मोरङमा थुनामा रहेका बन्दी ५५ वर्षीय बीरबहादुर विश्वकर्माको ०६९ भदौ २१ गते उपचार अभावमा कोसी अञ्चल अस्पतालमा मृत्यु भयो। मुटु तथा दम रोगबाट पीडित उनी ०६३ फागुन ३० गतेदेखि कारागारमा बलात्कारसम्बन्धी मुद्दामा पुर्पक्षका लागि थुनामा थिए।

धम्की/कुटपिट

बहत् मधेसी मोर्चाबाट

कटहरी गाविसस्थित बाबा जुटमिलका उत्पादन मेनेजर ४० वर्षीय के एन ठाकुर, प्रवीण प्रेपर उद्योगका प्रशासन प्रमुख ४२ वर्षीय विनोद यादवलाई ०६९ जेठ २ गते बृहत् मधेसी मोर्चाका कार्यकर्ताले कुटपिट गरे। पीडितहरूको स्थानीय स्वास्थ्य केन्द्रमा उपचार भयो। बन्दकर्ताहरूले सो जुटमिल, बबी बिस्कुटलगायतका उद्योगमा बन्द अवज्ञा गरेको भन्दै तोडफोड गरे। बन्दकर्ताहरू फरार भए। बृहत् मधेसी मोर्चाको आह्वानमा ०६९ जेठ २ गते जातीय पहिचान र आत्मनिर्णयको अधिकारसहितको राज्यको माग राख्दै आमहडताल गरेको थियो।

सुगम र निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालत

०६८ साउनदेखि ०६९ असार मसान्तसम्म

चार जनामात्र न्यायाधीश रहेको यस जिल्ला अदालतका फौजदारी मुद्दातर्फ १ हजार ८ सय ४५ मध्ये १ हजार २ सय ३७ थान फैसला भए भने ६ सय ८ थान फैसला हुन बाँकी रहे। देवानी मुद्दातर्फ १ हजार ८ सय ७५ थान मध्ये १ हजार ७६ थान फैसला भए भने ७ सय ९९थान फैसला हुन बाँकी रहे।

०६९ साउनदेखि पुस १५ सम्म

चार जनामात्र न्यायाधीश रहेको यस जिल्ला अदालतको फौजदारी मुद्दातर्फ ४ सय ३८ थानमध्ये १ सय २ थान फैसला भए भने ३ सय ३६ थान फैसला हुन बाँकी रहे। देवानी मुद्दातर्फ ४ सय ६३ थानमध्ये

७५ थान फैसला भए भने ३ सय ८८ थान फैसला हुन बाँकी रहे। दुई वर्ष नाघेका फौजदारी मुद्दा चार थान र देवानी मुद्दा १६ थान रहे।

जिल्ला सरकारी वकिलको कार्यालयबाट ०६८ साउनदेखि ०६९ असार मसान्तसम्म दायर मुद्दाको सङ्ख्या १ हजार ३ सय ६८ थान मध्ये ५ सय ९६ थान सफल भए भने १ सय ४१ थान असफल भयो। सरकारी वकिल सङ्ख्या दुई रहेको यस जिल्ला कार्यालयबाट दायर मुद्दामध्ये ०६९ असार मसान्तसम्म ५ सय २५ थान मुद्दा बाँकी रहेको जिल्ला सरकारी वकिलको कार्यालयले जनायो।

दायर मुद्दामध्ये कर्तव्य ज्यानसम्बन्धी मुद्दा ६९ मध्ये २१ सफल र ११ असफल रहयो। बलात्कारसम्बन्धी मुद्दा ७९ थानमध्ये ३१ थान सफल र छ थान असफल रहयो। महिला बेचविखनसम्बन्धी मुद्दा आठ थानमध्ये एक थान सफल र एक थान असफल रहयो। अपहरणसम्बन्धी मुद्दा ३८ थानमध्ये सात थान सफल र पाँच थान असफल रहयो। बहुविवाहसम्बन्धी मुद्दा २६ थान मध्ये १० थान सफल र चार थान असफल रहयो। बालविवाहसम्बन्धी मुद्दा चार थानमध्ये एक थान सफल र तीन थान असफल रहयो।

जिल्ला सरकारी वकिलको कार्यालयबाट ०६९ साउनदेखि ०६९ पुस २३ सम्म दायर मुद्दाको सङ्ख्या ९ सय ६७ छ थानमध्ये २७ थान सफल भएको छ। यस जिल्ला सरकारी वकिल कार्यालयबाट दायर मुद्दामध्ये ०६९ असार मसान्तसम्म ५ सय २५ थान मुद्दा बाँकी रहेको सरकारी वकिलको कार्यालयले जनायो।

पुनरावेदन अदालत

०६८ साउनदेखि ०६९ असार मसान्तसम्म

सात जना न्यायाधीश रहेको यस अदालतको फौजदारी मुद्दातर्फ ८ सय ३० थान मध्ये ४ सय ९८ थान फैसला भए भने ३ सय ३२ थान फैसला हुन बाँकी रहे। देवानी मुद्दातर्फ ८ सय २ थान मध्ये ५ सय ४५ थान फैसला भए भने २ सय ५७ थान फैसला हुन बाँकी रहे।

०६९ साउनदेखि पुस १५ सम्म

यस अदालतमा फौजदारी मुद्दातर्फ ३ सय ६२ थान मध्ये २ सय २१ थान फैसला भए भने १ सय ४१ थान फैसला हुन बाँकी रहे। देवानी मुद्दातर्फ ५ सय १९ थानमध्ये १ सय ६३ थान फैसला भए भने ३ सय ५६ थान फैसला हुन बाँकी रहे। दुई वर्ष नाघेका फौजदारी मुद्दा तीन थान र देवानी मुद्दा एक थान रहे।

पुनरावेदन सरकारी वकिलको कार्यालयबाट ०६८ साउनदेखि ०६९ असार मसान्तसम्म दायर मुद्दाको सङ्ख्या ७ सय ६९ थान छ जसमध्ये ९९थान सफल भए भने १ सय ५६ थान असफल भएको छ। मुलतवी, तामेली, पेण्डिङमा रहेका मुद्दा ५ सय १४ थान छ। सरकारी वकिल सङ्ख्या ३ थान रहेको यस जिल्ला कार्यालयबाट दायर मुद्दामध्ये ०६९ असार मसान्तसम्म ५ सय १४ थान मुद्दा बाँकी रहेको पुनरावेदन सरकारी वकिलको कार्यालयले जनायो।

दायर मुद्दामध्ये कर्तव्य ज्यानसम्बन्धी मुद्दा ८४ थानमध्ये १० थानसफल र २१ थान असफल रहयो। बलात्कारसम्बन्धी मुद्दा ९६ थान मध्ये १४ थानसफल र २२ थान असफल रहयो। महिला बेचविखनसम्बन्धी मुद्दा २० थान मध्ये दुई थान सफल र तीन थान असफल रहयो। अपहरणसम्बन्धी मुद्दा १४ थानमध्ये एक थान सफल र चार थान असफल रहयो। बहुविवाहसम्बन्धी मुद्दा १२ थान मध्ये पाँच थान असफल रहयो। बालविवाहसम्बन्धी मुद्दा दुई थान मध्ये एक थान सफल रहयो।

पुनरावेदन सरकारी वकिलको कार्यालयबाट ०६९ साउनदेखि ०६९ पुससम्म दायर मुद्दाको सङ्ख्या ६ सय १ थान छ जसमध्ये ४१ थान सफल भएको छ। सरकारी वकिल सङ्ख्या तीन रहेको यस जिल्ला कार्यालयबाट दायर मुद्दामध्ये ०६९ असार मसान्तसम्म ५ सय १४ थान मुद्दा बाँकी रहेको सरकारी वकिलको कार्यालयले जनायो।

यातना तथा अन्य क्रूर, अमानवीय र अपमानजनक व्यवहार वा दण्ड

बयरवन गाविस-८ का ३० वर्षीय मनोज खनाललाई ०६९ साउन २ गते सोही गाविस-७ मङ्गलबारेस्थित अस्थायी प्रहरी चौकीका असई चन्द्रबहादुर कार्कीको आदेशमा सो कार्यालयका प्रहरीले लाठी र बुटले हात, खुट्टा र शरीरका विभिन्न भागमा प्रहार गरेर यातना दिए। पीडितको स्थानीय स्वास्थ्य केन्द्रमा उपचार भयो। उनी एक महिनासम्मा हिँडडुल गर्न नसक्ने अवस्था हुने गरी विरामी भई ओछ्यान परेका थिए। पीडितलाई छिमेकी टुनबहादुर विश्वकर्माको घर आगजनी गरेको आरोप अस्वीकार गरेको भनी यातना दिइएको थियो। यातनापछि पनि पीडितले आगजनी गरेको अस्वीकार गरेपछि ०६९

साउन ४ गते रिहा गरिएको थियो। पीडितले प्रहरी चौकीको डर र धम्कीका कारण उजुरी नदिएको बताए। पीडितलाई राष्ट्रिय मानवअधिकार आयोग र इन्सेकले उजुरी दिन अनुरोध गर्दा उनले मानेन। इलाका प्रहरी कार्यालय पथरीका इन्चार्ज इन्स्पेक्टर केशव भट्टाराईले रमाइलो प्रहरी चौकीका इन्चार्ज असई चन्द्रबहादुर कार्कीलाई कारबाही गर्ने बताए। तर कारबाही भएको हालसम्म सार्वजनिक भएको छैन।

बालअधिकार

शिक्षाको अवस्था

यस जिल्लाका विद्यालय जाने उमेरका १ लाख ६६ हजार ६ सय ७६ मध्ये छात्र ७८ हजार ७३ र छात्रा ८८ हजार ६ सय ३ प्राथमिक तहदेखि माथि तहसम्म भर्ना भए। यसमध्ये दलित छात्रा १८ हजार ८ सय ५ र छात्र १८ हजार १ सय ५७ रहेका छन्। सरकारी र सामुदायिक विद्यालय गरी प्राथि तहमा महिला ८ सय ६८ र पुरुष १ हजार २ सय ९० गरी जम्मा २ हजार १सय ५८ शिक्षक कार्यरत रहेका छन्। निमाथि तहमा महिला १ सय ९७ र पुरुष ३० गरी जम्मा २ सय २७. शिक्षक कार्यरत रहेका छन। यसैगरी माथि तहमा महिला ३५ र पुरुष ३ सय ७० गरी जम्मा ४ सय ५ शिक्षक रहेका छन्।

बालविवाह

बुधनगर गाविस-७ की १४ वर्षीया बालिकालाई ०६८ चैत १३ गते सोही ठाउँका २१ वर्षीय सुनील सरबरियाले विवाह गरेको आरोपमा सुनील र उनका बाबु विन्देश्वर सरबरियालाई प्रहरीले ०६९ चैत १४ गते गिरफ्तार गऱ्यो। आरोपितमध्ये सुनील जिल्ला अदालतको आदेशमा ०६९ वैशाख ५ गतेदेखि विराटनगरस्थित कारागार कार्यालय मोरङमा थुनामा छन्। आरोपित विन्देश्वर सोही दिन सादा तारेखमा रिहा भए।

बालबालिका ओसारपसार

केराबारी गाविस-८ मुगुकी १३ वर्षीय बालिकालाई ०६८ फागुन १५ गते बेचविखन गर्न खोजेको आरोपमा सोही ठाउँ घर भई भारतको अरुणाञ्चल प्रदेशमा बस्ने ३७ वर्षीय समरबहादुर विकलाई प्रहरीले ०६८ फागुन २० गते गिरफ्तार गऱ्यो। पीडितले ०६८ फागुन २० गते इलाका प्रहरी कार्यालय केराबारीमा उजुरी दिइन्। जिल्ला अदालतको आदेशमा आरोपित ०६८ चैत ५ गतेदेखि विराटनगरस्थित कारागार शाखा मोरङमा थुनामा छन्। आरोपितलाई अदालतले ५० हजार रुपियाँ धरौटी तोकेको थियो। आरोपितले सो धरौटी रकम नबुझाएका कारण उनी यो वर्षको अन्त्यसम्म थुनामा छन्।

हसन्दह गाविस-७ का १४ र १५ वर्षीया दुई जना बालिकालाई ०६८ पुस १७ गते भारत जलपाइगुढीका ४१ वर्षीय प्रकाश कटुवाल क्षेत्रीले बेचविखन गरेको आरोपमा प्रहरीले आरोपितलाई ०६८ फागुन २८ गते गिरफ्तार गऱ्यो। आरोपित जिल्ला अदालतको आदेशमा ०६८ चैत २१ गतेदेखि मानव बेचविखन तथा ओसारपसार मुद्दामा कारागार शाखा मोरङमा पुर्पक्षका लागि थुनामा छन्। पीडितद्वय बेपत्ता छन्। पीडितका आफन्तले इलाका प्रहरी कार्यालय पथरीमा उजुरी गरेपछि आरोपितलाई प्रहरीले शनिश्चरे गाविसस्थित आफन्तको घर आएको समयमा गिरफ्तार गरेको थियो।

बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

एक १४ वर्षीया बालिकालाई ०६८ फागुन ७ गते इन्द्रपुर गाविस-६ बेलेपुरका १८ वर्षीय वीरेन्द्र चौधरीले पीडितकै घरमा सुतेको अवस्थामा बलात्कार गरेको आरोपमा उनलाई प्रहरीले ०६८ फागुन ८ गते गिरफ्तार गऱ्यो। बालिकाको ०६८ फागुन ८ गते विराटनगरस्थित कोसी अञ्चल अस्पतालमा स्वास्थ्य परीक्षण भएको थियो। पीडितलाई सिविन विराटनगरले कानुनी र स्वास्थ्य उपचारमा सहयोग गऱ्यो। आरोपित जिल्ला अदालतको आदेशमा ०६८ चैत्र ३ गतेदेखि पुर्पक्षका लागि कारागार शाखा मोरङमा थुनामा छन्।

एक १४ वर्षीया बालिकालाई ०६९ वैशाख १ गते शनिश्चरे गाविस-१ का ३६ वर्षीय ताराबहादुर राईले बलात्कार गरेको आरोपमा प्रहरीले राईलाई वैशाख ५ गते गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण विराटनगरस्थित कोसी अञ्चलअस्पतालमा भएको थियो। पीडितका आफन्तले वैशाख ५ गते इलाका प्रहरी कार्यालय पथरीमा उजुरी दिए। आरोपित ०६९ वैशाख २९ गतेदेखि जिल्ला अदालतको आदेशमा पुर्पक्षका लागि कारागार शाखा मोरङमा थुनामा छन्।

एक १३ वर्षीया बालिकालाई ०६९ वैशाख १४ गते पथरी गाविस-१ की ४१ वर्षीय दीपक भनिने सूर्य तामाङले बलात्कार गरेको आरोपमा उनलाई प्रहरीले ०६९ वैशाख १४ गते गिरफ्तार गऱ्यो। पीडितको सुनसरी जिल्ला धरान नपास्थित वीपी

कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानमा स्वास्थ्य परीक्षण तथा उपचार भएको थियो। आरोपित जिल्ला अदालतको आदेशमा ०६९ जेठ ५ गतेदेखि पुर्पक्षका लागि कारागार शाखा मोरङमा थुनामा छन्।

एक ६ वर्षीया बालिकालाई ०६९ जेठ २३ गते सोराभाग गाविस-२ क ६० वर्षीय सूर्जा भनिने सुरजलाल राय अमातले बलात्कार गरेको आरोपमा पीडितपक्षले ०६९ जेठ २३ गते नै इलाका प्रहरी कार्यालय रंगेलीमा उजुरी दियो। पीडितको विराटनगरस्थित कोसी अञ्चल अस्पतालमा ०६९ जेठ २३ गते स्वास्थ्य परीक्षण भयो। आरोपित जिल्ला अदालतको आदेशमा ०६९ असार १८ गते पुर्पक्षको लागि कारागार शाखा मोरङमा थुनामा छन्।

एक १४ वर्षीया बालिकालाई ०६९ भदौ २५ गते विराटनगर उमनपा-७ सरौचियाका २५ वर्षीय विशाल राईले बलात्कार गरेको आरोपमा प्रहरीले राईलाई ०६९ भदौ २६ गते गिरफ्तार गऱ्यो। पीडितको विराटनगरस्थित कोसी अञ्चल अस्पतालमा स्वास्थ्य परीक्षण भएको थियो। पीडित पक्षले ०६९ भदौ २६ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। आरोपित ०६९ असोज २३ गतेदेखि जिल्ला अदालतको आदेशमा कारागार कार्यालय मोरङमा पुर्पक्षका लागि थुनामा परेका छन्।

एक सात वर्षीया बालिकालाई ०६९ भदौ १२ गते बाहुनी गाविस-९ राधानगरका २२ वर्षीय सुनील चौधरीले बलात्कार गरेको आरोपमा प्रहरीले उनलाई भदौ ०६९ भदौ १४ गते गिरफ्तार गऱ्यो। पीडितको विराटनगरस्थित कोसी अञ्चल अस्पतालमा स्वास्थ्य परीक्षण तथा उपचार भयो। पीडितका आफन्तले ०६९ भदौ १४ गते इलाका प्रहरी कार्यालय बेलबारीमा उजुरी दिए। आरोपितले पीडितलाई पीडितकै घरबाट ललाईफकाई आफ्नै घरमा लगेर बलात्कार गरेको प्रहरीले जनायो। आरोपित जिल्ला अदालतको आदेशममा०६९ असोज १ गतेदेखि मोरङ कारागार पुर्पक्षका लागि थुनामा छन्।

आठ र नौ वर्षीय दुई जना बालकलाई ०६९ भदौ १२ गते इन्द्रपुर गाविस-३ का १९ वर्षीय घनश्याम श्रेष्ठले यौन दुर्व्यवहार गरेको आरोपमा प्रहरीले श्रेष्ठलाई ०६९ भदौ १३ गते गिरफ्तार गऱ्यो। पीडितहरूको विराटनगरस्थित कोसी अञ्चल अस्पतालमा स्वास्थ्य परीक्षण भएको थियो। आरोपितले पीडितहरूलाई ललाईफकाई अप्राकृतिक यौनजन्य कार्य गरेको इलाका प्रहरी कार्यालय बेलबारीले जनायो। आरोपित जिल्ला अदालतको आदेशमा ०६९ भदौ २९ गतेदेखि कारागार कार्यालय मोरङमा पुर्पक्षका लागि थुनामा छन्।

एक १४ वर्षीया बालिकालाई ०६९ भदौ ७ गते हरैंचा गाविस-२ का १८ वर्षीय विनोद साहले बलात्कार गरेको आरोपमा उनलाई प्रहरीले भदौ ८ गते गिरफ्तार गऱ्यो। पीडितको विराटनगरस्थित कोसी अञ्चल अस्पतालमा स्वास्थ्य परीक्षण भएको थियो। पीडितपक्षले ०६९ भदौ ८ गते इलाका प्रहरी कार्यालय हरैंचामा उजुरी दियो। आरोपित जिल्ला अदालतको आदेशममा ०६९ भदौ ३१ गतेदेखि कारागार शाखा मोरङमा पुर्पक्षका लागि थुनामा छन्।

महिलाविरुद्ध हुने सबै प्रकारको भेदभाव, दुर्व्यवहार ओसारपसार

एक २२ वर्षीया महिलालाई ०६९ वैशाख १० गते विराटनगर उमनपा-१३ निवासी नेकपा मालेका कार्यकर्ता नरेश सम्पति शाक्यले वैदेशिक रोजगारमा लगाई दिने प्रलोभनमा बेचविखन गर्ने प्रयास गरेको आरोपमा जिल्ला प्रहरी कार्यालयले ०६९ वैशाख २८ गते शाक्यलाई गिरफ्तार गऱ्यो। प्रहरीले पीडितलाई झापा जिल्ला काडभिट्टाबाट उद्धार गरेको थियो। जिल्ला अदालतको आदेशमा आरोपित ०६९ जेठ ११ गतेदेखि पुर्पक्षका लागि कारागार शाखा मोरङमा थुनामा छन्।

तेह्रथुम जिल्ला फोक्लाङ-३ की एक १८ वर्षीया युवतीलाई ०६९ साउन ८ गते विराटनगर रानी भन्सार नाकाबाट बेचविखन गर्न लगेको आशङ्कामा टाइनी हेण्ड नेपालको सहयोगमा प्रहरीले उद्धार गऱ्यो। सो घटनामा संलग्न भएको आरोपमा प्रहरीले कटहरी गाविस-५ का २४ वर्षीय रञ्जित राजवंशीलाई इलाका प्रहरी कार्यालय रानीले ०६९ साउन ८ गते गिरफ्तार गऱ्यो। कटहरी गाविस-५ का राज भन्ने २४ वर्षीय राजेश चौधरी यो वर्षको अन्त्यसम्म फरार छन्। रञ्जित जिल्ला अदालतको आदेशमा ०६९ भदौ ५ गतेदेखि कारागार शाखा मोरङमा पुर्पक्षका लागि थुनामा छन्।

जाजरकोट जिल्लाकी १८ वर्षीया, भोजपुर जिल्ला दलगाउँ गाविस-१ की ३१ वर्षीया महिला समेत चार जनालाई ०६९ असोज ९ गते वैदेशिक रोजगारीमा पठाइदिने प्रलोभनमा पारी उर्लाबारी गाविस-६ स्थित मङ्गलबारेका बाबुराम खड्काले एक महिनासम्म बन्धक बनाए। पीडितहरूलाई प्रहरीले असोज ९ गते नै मुक्त गरायो। आरोपित र उनकी पत्नी रेणुका खड्का विरुद्ध मानव अपहरण तथा बन्धकविरुद्ध इलाका

प्रहरी कार्यालय उर्लाबारीले मुद्दा दर्ता गऱ्यो। आरोपितहरू यो वर्षको अन्त्यसम्म फरार छन्।

बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

उदयपुर जिल्लाकी एक १९ वर्षीया महिलालाई ०६९ वैशाख १७ गते राति झापा जिल्ला भद्रपुर नपा-३ निवासी विराटनगरस्थित पशुपति सोप एण्ड इन्डस्ट्रिजका कर्मचारी ४५ वर्षीय रामबहादुर खड्काले विराटनगर उमनपा-१४ का श्रेष्ठ गेस्टहाउसमा बलात्कार गरेको आरोपमा पीडितले ०६९ वैशाख २० गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिइन्। पीडितको विराटनगरस्थित कोसी अञ्चल अस्पतालमा ०६९ वैशाख १८ गते स्वास्थ्य परीक्षण भएको थियो। पीडित विराटनगरमा उच्च मावि कक्षा-१२ को परीक्षा दिने क्रममा सो होटलमा बसेकी थिइन्। प्रहरीले आरोपितलाई ०६९ वैशाख १८ गते सोही होटलबाट गिरफ्तार गऱ्यो। आरोपित दोस्रो दिन पुन: पीडितलाई बलात्कार गर्न जाने क्रममा पीडितले होहल्ला गरेका कारण आरोपित होटलका कर्मचारीबाट समातिएका थिए। आरोपित जिल्ला अदालतको आदेशमा ०६९ जेठ १० गतेदेखि पुर्पक्षका लागि कारागार शाखा मोरङमा थुनामा छन्।

एक ३० वर्षीया महिलालाई ०६९ भदौ १ गते बेलबारी गाविस-९ बेतनास्थित आफन्तको घरमा सोही गाविस-९ का २२ वर्षीय जीवन राई, सोही ठाउँका २३ वर्षीय अनील परियार र २५ वर्षीय सन्तोष सुवेदीले सामूहिक बलात्कार गरेको आरोपमा तीनैजनालाई इलाका प्रहरी कार्यालय बेलबारीले ०६९ भदौ २ गते गिरफ्तार गऱ्यो। पीडितको विराटनगरस्थित कोसी अञ्चल अस्पतालमा स्वास्थ्य परीक्षण भएको थियो। आरोपितहरू जिल्ला अदालतको आदेशमा ०६९ भदौ ०६९ भदौ २७ गतेदेखि कारागार कार्यालय मोरङ पुर्पक्षका लागि थुनामा छन्। ओरेक नेपालले विराटनगस्थित सुरक्षित आवासगृहमा राखेर पीडितको कानुनी उपचार गरेको थियो।

एक २० वर्षीया महिलालाई ०६९ साउन ८ गते साँझ ५.०० बजे घरको बरण्डामा बसिरहेको अवस्थामा बुधनगर गाविस-६ का धनपत यादवले बलात्कार गरेको आरोपमा प्रहरीले यादवलाई सोही दिन घटनास्थलबाटै गिरफ्तार गऱ्यो। पीडितको विराटनगरस्थित कोसी अञ्चल अस्पतालमा ०६९ साउन ९ गते स्वास्थ्य परीक्षण भयो। पीडित पक्षले ०६९ साउन १० गते इलाका प्रहरी कार्यालय रानीमा उजुरी दिएको थियो। आरोपित जिल्ला अदालतको आदेशमा ०६९ भदौ १ गतेदेखि पुर्पक्षका लागि कारागार शाखा मोरङमा पुर्पक्षका लागि थुनामा छन्।

एक बौद्धिक अपाङ्गता भएकी ५१ वर्षीया महिलालाई ०६९ पुस ५ गते बलात्कार गरेको आरोपमा प्रहरीले लेटाङ गाविस-४ का ५४ वर्षीय अम्बरबहादुर कार्कीलाई ०६९ पुस ६ गते गिरफ्तार गऱ्यो। पीडितको वीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानमा स्वास्थ्य परीक्षण भएको थियो। जिल्ला प्रहरी कार्यालयका इन्स्पेक्टर शिवकुमार श्रेष्ठका अनुसार आरोपित पीडितको घरैमा गएर बलात्कार गरेका थिए। यस वर्षको अन्त्यसम्म आरोपित प्रहरी हिरासतमा छन्।

घरेलु हिंसा

दाइजोका कारण घरनिकाला

उर्लाबारी गाविस-४ का की २२ वर्षीया किरण साहलाई ०६८ चैत २ गते पीडितका पति २५ वर्षीय प्रकाश साहले माइतीबाट दाइजो नल्याएको आरोपमा कुटपिट गरी घरनिकाला गरे। पीडितले ०६८ चैत ३ गते इलाका प्रहरी कार्यालय उर्लाबमारीमा उजुरी दिइन्। उजुरी दिएकै दिन आरोपितलाई प्रहरीले गिरफ्तार गऱ्यो। पीडितलाई खाइजीविकाका लागि तत्काल १ लाख रुपियाँ दिने र अलगै डेरा गरी बस्ने कागजात गरेपछि आरोपित ०६८ चैत ४ गते रिहा भए। पीडितलाई आरोपितले दुई वर्षअघि भारतको दरभङ्गाबाट विवाह गरेर ल्याएका थिए।

दर्बेसा गाविस-१ की २५ वर्षीया सञ्जीता राजवंशीलाई ०६९ भदौ १७ गते पति सिजुवा गाविस-२ का २६ वर्षीय किशोर राजवंशीले माइतबाट मोटरसाइकल दाइजो नल्याएको आरोपमा कुटपिट गरी घरनिकाला गरे। पीडितले ०६९ असोज २१ गते जिल्ला अदालतमा उजुरी दिइन्। पीडितले पतिविरुद्ध सम्बन्धविच्छेद र सासू जसदेवी र देवर मुकेशविरुद्ध अंशसम्बन्धी मुद्दा दिएकी थिइन्। मुद्दा विचाराधीन अवस्थामा रहेको पीडित पक्षका कानुनव्यवसायी मेदनी सेडाईले बताए। पीडित र आरोपितको ०६९ असार १० गते विवाह भएको थियो।

परिवारजनबाट हत्या

राजघाट गाविस-९ की ३२ वर्षीया जसमाया लिम्बूलाई ०६८ पुस २९ गते बिहान ९:४५ बजे पति ३५ वर्षीय डम्बरबहादुर लिम्बूले रकम लेनदेनसम्बन्धी

घरायसी विवादमा घाँटीमा धारिलो हतियार प्रहार गरी हत्या गरे। प्रहरीले आरोपितलाई ०६८ पुस २९ गते नै गिरफतार गऱ्यो। लासको पोस्टमार्टम उर्लाबारीस्थित प्राथमिक स्वास्थ्य केन्द्र मङ्गलबारेमा भएको थियो। जिल्ला अदालतको आदेशमा आरोपित ०६८ माघ २३ गतेदेखि पुर्पक्षका लागि कारागार शाखा मोरङमा थुनामा छन्।

सुनसरी जिल्ला कुसाहा गाविस-४ घर भई सुन्दुरपुर गाविस-३ मा डेरा गरी बस्ने २७ वर्षीया आशा विकलाई ०६८ चैत २८ गते राति उनका ३५ वर्षीय पति नरेश मिजार विकले घरायसी विवादमा दुवै खातखुट्टामा धारिलो हतियार प्रहार गरी हत्या गरेको आरोपमा आरोपितलाई प्रहरीले ०६९ वैशाख १ गते गिरफ्तार गऱ्यो। हत्या गर्नुअघि पीडितलाई कुटपिट गरेका थिए। कुटपिटका क्रममा पीडित घरबाट भागेर बाटोमा निस्कने बित्तिकै अरोपितले धारिलो हतियार प्रहार गरेका थिए। पीडितको उपचारका लागि धरान अस्पताल लाने क्रममा बाटोमै मृत्यु भएको थियो। आरोपित जिल्ला अदालतको आदेशमा ०६९ वैशाख २० गतेदेखि पुर्पक्षका लागि कारागार शाखा मोरङमा थुनामा छन्।

पोखरिया गाविस-६ की २० वर्षीया सुनीता मण्डललाई ०६८ फागुन २० गते कुटपिट गरी हत्या गरेको आरोपमा उनका पति २५ वर्षीय रमेश मण्डललाई प्रहरीले ०६८ फागुन २१ गते र ३८ वर्षीय जेठाजु विजय मण्डल ०६८ चैत २८ गते गिरफ्तार गऱ्यो। आरोपितमध्ये रमेश ०६८ चैत ५ गते र विजय चैत २९ गतेदेखि जिल्ला अदालतको आदेशमा कारागार शाखा मोरङमा थुनामा छन्। आरोपितले पीडितलाई कुटपिट गरी हत्यापश्चात् नोचा गाविस-४ स्थित कदमको रुखमा झुण्ड्याएर फरार भएका थिए।

टाँडी गाविस-६ की ७५ वर्षीया रनमाया राईलाई ०६९ पुस ९ गते उनका पति ७१ वर्षीय तीलबहादुर राईले फलामे फरुवाले टाउकोमा प्रहार गरी हत्या गरेको आरोपमा प्रहरीले उनलाई ०६९ पुस ११ गते गिरफ्तार गऱ्यो। घरायसी विवादमा सो घटना भएको इलाका प्रहरी कार्यालय उर्लाबारीका इन्स्पेक्टर ढुण्डीराज न्यौपानेले बताए।

कुटपिट

बेलबारी गाविस-२ की २० वर्षीया पवित्रा गुरुङलाई ०६९ जेठ २१ गते पति २५ वर्षीय धीरज गुरुङले मादक पदार्थ सेवन गरेर धारिलो हतियार प्रहरी गरी गम्भीर घाइते बनाए। पीडितको सुनसरी जिल्ला,धरान नपास्थित वीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानमा उपचार भयो। पीडितको टाउकोमा गम्भीर चोट लागेको अस्पतालले जनायो। आरोपितलाई इलाका प्रहरी कार्यालय बेलबारीले ०६९ जेठ २१ गते गिरफ्तार गऱ्यो। आरोपित जिल्ला अदालतको आदेशमा ०६९ असार १० गतेदेखि पुर्पक्षका लागि थुनामा छन्।

बहुविवाह

सुनसरी जिल्ला हाँसपोसा गाविस-५ घर भई दुलारी गाविस-१ मा डेरा गरी बस्ने ३४ वर्षीया कमला विश्वकर्माका पति राजकुमार विकले दोस्रो विवाह गरेको आरोपमा पीडितले ०६९ मङ्सिर २४ गते इलाका प्रहरी कार्यालय बेलबारीमा उजुरी दिइन्। आरोपितलाई प्रहरीले मङ्सिर २५ गते गिरफ्तार गऱ्यो। आरोपितले ०६९ कात्तिक २० गते सिन्धुपाल्चोक जिल्लाकी सुन्तली भन्ने १८ वर्षीया एलिस सुनारसँग सप्तरी जिल्लास्थित ककांलिनी मन्दिरमा दोस्रो विवाह गरेको उजुरीमा उल्लेख गरिएको छ।

कथित बोक्सीको आरोपमा दुर्व्यवहार

दर्बेसा गाविस-८ का ६० वर्षीय पहाडचन्द राजवंशी र ५४ वर्षीय अन्सादेवी राजवंशीलाई ०६९ असोज १३ गते सोही ठाउँका शिवनारायण राजवंशी, श्रवण राजवंशी, जीतलाल राजवंशी, हरिप्रसाद राजवंशी, चम्पादेवी राजवंशी,सुधनीदेवी राजवंशी, उर्मिलादेवी राजवंशी र रविलाल राजवंशीले बोक्साबोक्सीको आरोपमा कुटपिट गरी गाउँनिकाला गरे। पीडितद्वयले ०६९ असोज १४ गते इलाका प्रहरी कार्यालय रंगेलीमा उजुरी दिए। प्रहरीले आरोपितहरूलाई ०६९ असोज १६ गते गिरफ्तार गऱ्यो। प्रहरीका अनुसार, पीडितका छिमेकी ६० वर्षीय भुइचन्द राजवंशीको ढाड दुख्ने रोगबाट ०६९ भदौ १३ गते मृत्यु भएको घटना बोक्सो मन्त्रबाट भएको आरोप लगाउँदै आरोपितहरूले मलमूत्र खुवाउने प्रयास गर्नुका साथै २५ हजार रुपियाँ जरिवानाको कागज गराइ गाउँनिकाला गरेका थिए। आरोपितहरू जिल्ला अदालतको आदेशमा ०६९ असोज २८ गते प्रतिव्यक्ति दुई हजार रुपियाँका दरले धरौटी राखी रिहा भए।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार संरचना, सम्पत्ति क्षति, कब्जा

एकीकृत माओवादीबाट

कटहरी गाविस-९ नयाँ बजारका सुनील देवको १ विगाहा १३ कट्ठा जग्गा ०६८ माघ २८ गते एकीकृत नेकपा माओवादीका पूर्व सभासद् टङ्कीसिनवारी गाविस निवासी बाबुनन्दन पासवानको नेतृत्वमा सो पार्टीका कार्यकर्ताले झण्डा गाडेर कब्जा गरेको घोषणा गरे। कब्जापछि सो जग्गा सुकुमवासीलाई बसोबास गराउने पासवानले बताए। पीडितले प्रहरीमा उजुरी दिएनन्। यसअघि पनि सो जग्गामा एमाओवादी कार्यकर्ताले घरटहरा बनाएकोमा प्रहरीले भत्काएको थियो। आरोपितहरु विरुद्ध मुद्दा दायर भएन।

नेपाल आदिवासी जनजाति महासङ्घ सङ्घर्ष समिति र बृहत् मधेसी मोर्चाका कार्यकर्ताहरूले ०६९ जेठ ८ गते टङ्कीसिनवारी गाविस-१ पुष्पलाल चोकस्थित गोपाल कटुवालको घरको माथिल्लो तलामा रहेको विराटलक्ष्मी बैंक बसेको कोठाको सिसा र खड्का कस्मेटिक पसलमा ढुङ्गा प्रहार गरी तोडफोड गरेका थिए। तोडफोडको जानकारी प्राप्त हुनासाथ गैरप्रदर्शनकारीहरूले प्रतिकार गर्ने अवस्था सिर्जना भएको थियो। तर बन्दकर्ताले तोडफोडको क्षतिपूर्ति दिने सहमतिपछि पीडित पक्षले उजुरी दिएन। घटनास्थलमा इन्सेकले अनुगमन गरेको थियो। यसैगरी संयुक्त थरुहट सङ्घर्ष समिति र वृहत् मधेसी मोर्चाको आह्वानमा ०६९ जेठ ३ गते सरकारसँग जातीय पहिचान र आत्मनिर्णयको अधिकारसहितको छुट्टै राज्यको माग राख्दै बन्द भयो। बन्दका क्रममा विराटनगरस्थित ग्रीनल्याण्ड उच्च माविको बा १ ख ५७५१ नम्बरको बस विराटनगर-इटहरी सडकखण्डको नेमुवामा बन्द अवज्ञा गरेको आरोपमा थरुहटका कार्यकर्ताहरूले विद्यार्थी ओरालेर तोडफोड गरे। तोडफोडबाट बसका झ्यालका सिसाहरू फुटेर क्षति पुग्यो। त्यस्तै, वृहत मधेसी मोर्चा सङ्घर्ष समिति र नेपाल आदिवासी जनजाति महासङ्घ, सङ्घर्ष समितिको आह्वानमा ०६९ जेठ ८ गते सरकारसँग जातीय पहिचानसहितको राज्य र आत्मनिर्णयको अधिकारसहितको राज्यको माग राख्दै बन्द भयो। बन्द अवज्ञा गरेको आरोपमा महासङ्घका कार्यकर्ताले डाँगीहाट गाविस-५ लक्ष्मीमार्गस्थित महेन्द्र राजमार्ग सडकखण्डमा गुडिरहेको झापा जिल्ला,दमक नपाको असहाय सेवा समाजको मे१च ८३४ नम्बरको एम्बुलेन्स रोकेर तोडफोड गरे। सो गाडीका चालक लक्ष्मी मिश्रलाई महासङ्घका कार्यकर्ताहरूले कुटपिट गरे। कुटपिटबाट घाइते पीडितको धरानस्थित वीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिषठनमा उपचार भयो। पीडितको टाउको, आँखालगायत शरीरका विभिन्न भागमा लाठी, लात्ती र मुक्का प्रहार भएको थियो।

स्वास्थ्य सेवाको अवस्था

अस्पताल	२		
स्वास्थ्यचौकी	२२		
उपस्वास्थ्यचौकी	३७		
पद	**दरबन्दी**	**कार्यरत**	**रिक्त**
डाक्टर	७	४	३
स्टाफ नर्स	७	४	३
ल्याब असिस्टेन्ट	१०	९	१
अहेब	१५२	१४८	४
अनमी	६७	६७	
खोप सुपरभाइजर	२	२	
क्षयरोग/कुष्ठरोग सुपरभाइजर	२	२	
हेल्थ असिस्टेन्ट	३१	१९	१२

जिल्ला प्रहरी कार्यालय

जिल्ला प्रहरी कार्यालयमा ०६८ पुस १७ गतेदेखि ०६९ पुस १६ गतेसम्म बलात्कार २९, बलात्कार प्रयास तीन, कर्तव्यज्यान २२, ज्यानमार्ने उद्योग २३, आत्महत्या ९६, अपहरण गरी शरीर बन्धक बनाएको दुई, बहुविवाह पाँच, अपहरण एक, विस्फोटक पदार्थ चार, मार्नेधम्की तीन, चन्दा सङ्कलन दुई, बालविवाह पाँच, मानवबेचबिखनका नौ ओटा मुद्दा दर्ता भए।

१.६ सुनसरी

जिल्ला सदरमुकाम: इनरुवा
क्षेत्रफल (वर्ग कि. मि.): १,२५७
घरधुरी सङ्ख्या: १,६२,४०७
जम्मा जनसङ्ख्या: ७,६३,४८७
पुरुष: ३,७१,२२५
महिला: ३,५२,२५८
अपाङ्ग सङ्ख्या: १०,४०५
गाविस/नपा सङ्ख्या: ४५/३
पुरुष साक्षरता सङ्ख्या: २,६५,४६१
महिला साक्षरता सङ्ख्या: २,२४,५२५
हिन्दू धर्मावलम्बी प्रतिशत: ७३.२८
बौद्ध धर्मावलम्बी प्रतिशत: ४.१२
इस्लाम धर्मावलम्बी प्रतिशत: ११.५४
किराँत धर्मावलम्बी प्रतिशत: ६.८८
क्रिश्चियन धर्मावलम्बी प्रतिशत: १.४५
प्रकृति धर्मावलम्बी प्रतिशत: १.५४
जैन धर्मावलम्बी प्रतिशत:०.०५
शिख धर्मावलम्बी प्रतिशत: ०.००३
अन्य धर्मावलम्बी प्रतिशत: ०.३५८
प्रतिपरिवार सरदर सङ्ख्या: ४.७०

नागरिक तथा राजनीतिक अधिकार सम्मानित रूपले बाँच्ने अधिकार

हत्या

एकीकृत माओवादीबाट

बक्लौरी गाविस-४ का २८ वर्षीय रामेश्वर चौधरीलाई सोही गाविस-६ निवासी एकीकृत नेकपा माओवादी पार्टीका जिल्ला सदस्य २६ वर्षीय अञ्जनी राजधामीले एकआपसमा वादविवाद हुँदा ०६९ जेठ १३ गते सोही गाविस-६ सिसुवा चौकस्थित एक पसलमा छातीमा गोली हानी घाइते बनाए। घाइते चौधरीको उपचारका लागि विराटनगरस्थित न्युरो अस्पतालमा लैजाँदै गर्दा बाटोमै मृत्यु भयो। लासको सोही अस्पतालमा पोस्टमार्टम गरी परिवारको जिम्मा लगाएको प्रहरीले जनायो। इलाका प्रहरी कार्यालय पकलीको एक टोलीले स्थलगत अध्ययन गरी घटनास्थलबाट ७.६५ एम.एम पेस्तोलको खोका १ थान फेला पारेको थियो। मृतक चौधरीको को ७ प ६९४८ नं.को पल्सर मोटरसाइकल लिई घटनाका आरोपित फरार भएको स्थानीय खुशीलाल राजधामीले जानकारी दिए। उक्त मोटरसाइकल मधेसा गाविस-९ मा प्रहरीले फेला पारेको इलाका प्रहरी कार्यालय पकलीले जनायो। आरोपित यस वर्षको अन्त्यसम्म फरार छन्।

जेल र बन्दीहरू

क्षेत्रीय कारागार

श्रेणीविहीन भादगाउँ सिनुवारी गाविस-५ झुम्कास्थित क्षेत्रीय कारागारको क्षमता ५ सय जनाको भए पनि यो वर्षको अन्त्य सम्ममा कैदी तोकिएका ३ सय ४० र कैद नतोकिएका २ सय १६ कैदी र थुनुवा गरी जम्मा ५ सय ५६ जना बन्दीहरू रहेका छन्। यो कारागार २०६६ सालमा निर्माण भएको हो।

कैदी बन्दीहरूका लागि ३९ ओटा कोठा रहेका छन्। कारागारमा पानीको व्यवस्था राम्रो छ। राष्ट्रिय दैनिक तथा साप्ताहिक पत्रिका नियमित उपलब्ध हुने कारागारका सबै कोठामा टेलिभिजन सेट रहेका छन्। प्राथमिक उपचारका लागि अहेब तथा अनमीको सेवा उपलब्ध छ।

यस वर्ष कारागारका कैदी खोटाङ जिल्ला दिक्तेल गाविस-७ घर भइ नेर्पा गाविस-६ निवासी ६० वर्षीय सार्कीधन भन्ने प्रेम राईको धरानस्थित बीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानमा ०६९ भदौ २४ गते मृत्यु भयो।

जिल्ला वन कार्यालय इलाममा बिना इजाजत वन्यजन्तु ओसार पसारको मुद्दामा सङ्खुवासभा जिल्ला किमाथाङ्का गाविस-४ का ३५ वर्षीय दावा च्यावा विरामी भई मोरङ जिल्ला विराटनगरस्थित कोसी अञ्चल अस्पतालमा उपचारको क्रममा ०६९ भदौ २ गते मृत्यु भएको कारागार प्रशासनले जनायो।

यस वर्ष क्षेत्रीय कारागारबाट योजनाबद्ध रूपमा ०६९ कात्तिक २३ गते राति ९० फिट लामो सुरुङ खनी एक बंगलादेशी, पाँच भारतीय र छ नेपाली कैदीहरू भागे। उक्त कारागारमा ६ सय १४ जना कैदीबन्दी रहेकोमा १२ जना फरार भएपछि ६ सय २

घटनाको प्रकार	राज्यपक्षबाट		गैरराज्यपक्षबाट			
	पुरुष	जम्मा	महिला	पुरुष	नखुलेको	जम्मा
घाइते				३		३
बालअधिकार			६			६
आर्थिक/सामाजिक/साँस्कृतिक अधिकार					१	१
महिलाअधिकार			५			५
भेला/सङ्गठित हुने अधिकार	१७	१७				
गिरफ्तारी/यातना	१	१				
कुटपिट	१	१	९	८		१७
धम्की	१	१		३		३
हत्या			३	६		९
जम्मा	३०	३०	३३	१९	१	४३

जना कैदीबन्दीहरू रहेका थिए।

कारागारबाट फरार हुनेहरूमा कीर्ते नागरिकता मुद्दामा जेल जीवन बिताइरहेका बंगलादेशी नागरिक तथा कारागारका नाइके अलि असरफ अन्सारी, अन्तर्राष्ट्रिय आंतकवादी सूचिमा रहेका मुखिया भनिने भारतीय कुख्यात अपराधी धीरेन्द्र यादव, रमेश भनिने नरसिंहका रवीन यादव, सत्तेरझोराका विनायक यादव, गुड्डु भनिने भारत सुपौलका बमबम यादव, सुभाष यादव, भारतकै सरफराज आलम, बिराटनगरका पवन चेन्हा भनिने ममताज मियाँ, भारत अररियाका जामिर मियाँ, सर्लाही हरिवनका फारुक रायभाट, साहेबगंजका रमेश सदा मुसहर र श्रीपुर जब्दीका दिनेश झा रहेको कारागार प्रशासनले जनायो। फरार भएकाहरूको खोजी तिव्र पारिएको सुनसरी एसपी सौरभ राणाले जानकारी दिए।

कैदीहरू फरार भएपछि सोही दिन बिहानै इन्स्पेक्टर ईश्वरकुमार बस्नेतको नेतृत्वमा रहेको ४६ जना प्रहरीको टोलीलाई जिल्ला झिकाई क्षेत्रीय प्रहरी कार्यालय विराटनगरबाट इन्स्पेक्टर शैलेश थापाको नेतृत्वको नयाँ टोलीलाई कारागार सुरक्षाको जिम्मा लगाइएको सुनसरी प्रहरीले जनायो। जेलर रामुप्रसाद उपाध्यायलाई समेत निलम्बन गरी जिल्ला प्रशासन सुनसरीका अधिकृत जयनारायण यादवलाई नयाँ जेलरको रूपमा खटाइएको सुनसरी प्रशासनले जनायो।

धम्की/कुटपिट

राज्यबाट

सप्तरी जिल्ला ववनगामाकट्टी गाविस- ३ तोपा घर भई इनरुवा नपा- ७ निवासी पत्रकार ३५ वर्षीय अवधेशकुमार झालाई जिल्ला प्रहरी कार्यालय सुनसरीका सई ४५ वर्षीय मनोज पौडेलको हत्या गर्ने योजना बनाएको अडियो फेला परेपछि ०६९ साउन ८ गते घटना सार्वजनिक भयो। पीडित झाले आफू असुरक्षित भएको भन्दै सोही दिन सुरक्षा तथा योजनाकारलाई कारबाहीको माग गर्दै जिल्ला प्रशासन कार्यालय र जिल्ला प्रहरी कार्यालय सुनसरीमा उजुरी दिए। समाचारको विषयलाई लिएर सई पौडेलले आफ्ना सहकर्मीहरूलाई खटाएर पीडितको हातखुट्टा भाँचेर ल्याउन अह्राएको र नल्याए पदवाट राजीनामा दिएर आफैंले पत्रकार झामाथि गोली हानी हत्या गर्ने योजना बनाएको अडियो फेला परेको थियो। सई पौडेलमाथि विभागीय कारबाही भएको प्रहरीले जनायो।

इटहरी नपा-५ निवासी नेपाल नगरपालिका कर्मचारी एशोसिएशन एकाइ समिति इटहरीका अध्यक्ष ३५ वर्षीय गायत्री लम्साललाई इलाका प्रहरी कार्यालय इटहरीमा कार्यरत हवल्दार ३२ वर्षीय प्रगति चौधरीले ०६९ कात्तिक १७ गते घर जादै गर्दा इटहरीको मुलचौकमा लाठीले दाँया तिघ्रामा कुटेर घाइते बनाए। उनले आफ्नो उपचार स्थानीय सामुदायिक अस्पताल इटहरीमा गराएका थिए। बिनाकारण प्रहरीले कुटपिट गरेको भन्दै पीडितले ०६९ कात्तिक २० गते प्रहरीसहित विभिन्न निकायमा उजुरी गरे। इटहरी महोत्सव हेरेर परिवारसहित घर फर्कने क्रममा इटहरीको मुलचोकस्थित ग्रीनबेल्ट छेउमा इलाका प्रहरी कार्यालय इटहरीमा कार्यरत हवल्दार चौधरीले बिनाकारण लाठीले हात, खुट्टालगायतको ठाउँमा कुटपिट गरी घाइते बनाएको पीडितले बताए। पीडितले घटनामा संलग्न प्रहरीलाई कारबाहीको माग गर्दै इलाका प्रहरी कार्यालय इटहरी, राष्ट्रिय मानवअधिकार आयोग, क्षेत्रीय कार्यालय, विराटनगरलगायतको ठाउँमा उजुरी दिएको बताए। घटनामा संलग्न रहेको

चौधरीलाई विभागीय कारबाही स्वरूप काज फिर्ता गरिएको इस्पेक्टर सागर थापाले बताए।

अज्ञात समूहबाट

दुहबी गाविस-५ स्थित महेन्द्र उच्च माविका शिक्षक ३० वर्षीय भुवन घिमिरेलाई अज्ञात चार जनाको एक नकाबधारी समूहले ०६९ भदौ २५ गते कुटपिट गऱ्यो। दुहबी बजारको उत्तर बसपार्क नजिक रहेका एक होटलबाट खाना खाएर बेलुका साइकलमा घर फर्कदै गर्दा उक्त समूहले घरेलु हतियार देखाउदै बाटो छेकी मार्ने धम्की दिदै कुटपिट गरेको पीडितले बताए। पीडितले ०६९ भदौ २७ गते इलाका प्रहरी कार्यालय दुहबीमा उजुरी गरे। यस वर्षको अन्त्यसम्म आरोपित पत्ता लागेनन्।

अन्यबाट

खनार गाविस-४ स्थित रिलायन्स स्पिनिङ मिलका मजदुरको एक समूहले ०६९ असार २५ गते दिउँसो इटहरी नपा-१ बाट प्रकाशित हुने न्युज डटकम साप्ताहिकमा प्रकाशित भएको समाचारको विषयलाई लिएर कार्यालयमा तोडफोड गरी सम्पादक सोमनाथ बास्तोलालाई दुर्व्यवहार गरे। मिलमा कार्यरत महिला मजदुरहरूले राति यौनधन्दा चलाउने गरेको विषयमा प्रकाशित समाचार निराधार भएको भन्दै पत्रिकाको कार्यालयमा ज्ञापनपत्र बुझाउन पुगेका १ सय बढी मजदुरहरूले कार्यालयमा तोडफोड गर्दे सम्पादकमाथि दुर्व्यवहार गरेको प्रहरीले जनायो। समाचारमा चित्त नबुझे खण्डन गर्ने तथा स्पष्टीकरण दिने कानुनी प्रक्रिया हुँदाहुँदै मजदुरहरूले गरेको व्यवहारप्रति सम्पादक बास्तोलाले दु:ख व्यक्त गरे। पत्रकारप्रति साकारात्मक व्यवहार गर्ने र समाचार पूर्वाग्रही नभई प्रकाशित गर्ने समहति भएपछि घटना मिलेको प्रहरीले जनायो।

अभिव्यक्ति, भेला हुने र संगठित हुने अधिकार

(राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

इटहरी नपा-५ निवासी नेपाल शिक्षक युनियन सुनसरीका अध्यक्ष ४५ वर्षीय गोविन्द मिश्र, सोही नपा - ८ का शिक्षक ४४ वर्षीय गोपाल पराजुली, प्रकाशपुर गाविस - ७ का ३९ वर्षीय शम्भु यादव, इनरुवा नपा- ७ का ४० विष्णुप्रसाद यादवसहित ३ सय बढी शिक्षकले ०६८ फागुन १५ गते अस्थायी शिक्षकलाई प्रक्रिया पु ऱ्याएर स्थायी गरिनुपर्नेलगायतका माग राखी ४७ सूत्रीय माग राखी इनरुवा नपा-७ स्थित जिल्ला शिक्षा कार्यालयमा धर्ना बसी तालाबन्दी गर्न खोज्दा प्रहरीको लाठीचार्जमा शिक्षकहरू घाइते भए। घटनामा इनरुवा नपा-९ का ५८ वर्षीय जयप्रसाद भट्टराई, ४० वर्षीय कृष्णराज कोइराला, सोही नपा-८ का ३० वर्षीय रमानन्द मण्डल, ५६ वर्षीय बोधनारायण मेहता, सोही नपा-६ का २५ वर्षीय सुरेन्द्र उराँव, धरान नपा- १२ का ५० वर्षीय गजेन्द्र लामिछाने, डुम्राहा गाविस - २ का ४० वर्षीय केशव तिम्सिना, सोही ठाउँका मनोज मण्डल, वीरेन्द्र मण्डललगायतका घाइते भएका थिए। केही घाइतेहरूको विराटनगरस्थित न्यूरो अस्पतालमा उपचार गरिएको थियो। उनीहरूको टाउको तथा शरीरका विभिन्न भागमा चोट लागेको थियो। घटनामा प्रदर्शनकारी शिक्षकहरू प्रहार गरेको ढुङ्गा लागेर सुरक्षार्थ खटिएका प्रहरी जवानहरू बाबुलाल खान, सुरेशकुमार माझी, डिल्ली भुजेल र राजकुमार विक सामान्य घाइते भएको एसपी सौरभ राणाले बताए।

सदरमुकाम इनरुवा नपा- ७ मा मधेसी विद्यार्थी मोर्चाले कान्तिपुर दैनिक पत्रिकाको दृष्टिकोण पृष्ठको आपत्तिजनक सम्झौता शीर्षकको लेखमा मधेशी समुदायलाई घोचपेच गरेको भन्दै ०६८ माघ ८ गते सो पत्रिको जलाए। विद्यार्थीहरूले कान्तिपुर दैनिकको दृष्टिकोण पृष्ठ छ को 'आपत्तिजनक सम्झौता' शीर्षकमा सौरभले लेखेको लेखमा मधेसी समुदायलाई घोचपेच गरेको भन्दै पत्रिका जलाएका थिए । पत्रिकामा एकतर्फीरूपमा हुँदै नभएका आरोपहरू उल्लेख गरेर जनतामा भ्रम फैलाउने सन्देश प्रकाशन गरेको भन्दै पत्रिका जलाएको विद्यार्थीहरूले बताएका थिए। मधेसी मोर्चासँग आबद्ध रहेका विद्यार्थी सङ्ठनहरूले इनरुवा नपा- ७ स्थित जिल्ला प्रशासन कार्यालय नजिकै सडकमा पत्रिका जलाएको विद्यार्थी मञ्चका नइम अन्सारीले बताए।

सुगम र निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालत

०६८ साउनदेखि ०६९ असार मसान्तसम्म तीन जना न्यायाधीश रहेको यस जिल्ला अदालतको फौजदारी मुद्दातर्फ १ हजार ८ सय १० थान मध्ये १ हजार २५ थान फैसला भए भने ७ सय ८५ थान फैसला हुन बाँकी रहे। देवानी मुद्दातर्फ २ हजार १ सय २३ थान मध्ये ९ सय ९१थान फैसला भए भने १ हजार १ सय ३२ थान फैसला हुन बाँकी रहे।

०६९ साउनदेखि पुस १५ सम्म

फौजदारी मुद्दातर्फ १ सय २८ थान मध्ये १४ थान फैसला भए भने १ सय १४ थान फैसला हुन बाँकी रहे। देवानी मुद्दातर्फ ५ सय १० थान मध्ये ७५ थान फैसला भए भने ४ सय ३५ थान फैसला हुन बाँकी रहे। दुई वर्ष नाघेका फौजदारी मुद्दा १७ थान र देवानी मुद्दा ६८ थान रहे।

जिल्ला सरकारी वकिलको कार्यालयबाट ०६८ साउनदेखि ०६९ असार मसान्तसम्म दायर मुद्दाको सङ्ख्या ११ सय ८६ थान मध्ये ४ सय ४५ थानसफल भए भने ७९ थान असफल भएको छ। सरकारी वकिल सङ्ख्या दुई थान रहेको यस जिल्ला कार्यालयबाट दायर मुद्दामध्ये ०६९ असार मसान्तसम्म ६ सय ६२ थान मुद्दा बाँकी रहेको सरकारी वकिलको कार्यालयले जनायो।

दायर मुद्दामध्ये कर्तव्य ज्यानसम्बन्धी मुद्दा ५० थान मध्ये २० थान सफल र सात थान असफल रह्यो। बलात्कारसम्बन्धी मुद्दा ७१ थान मध्ये २४ थान सफल र १५ थान असफल रह्यो। महिला बेचविखनसम्बन्धी मुद्दा १२ थान मध्ये १२ थान सफल र तीन थान असफल रह्यो। अपहरणसम्बन्धी मुद्दा २० मध्ये दुई थान सफल र सात थान असफल रह्यो। बहुविवाहसम्बन्धी मुद्दा १२ थान मध्ये आठ थान सफल र चार थान असफल रह्यो।

जिल्ला सरकारी वकिलको कार्यालयबाट ०६९ साउनदेखि ०६९ पुससम्म दायर मुद्दाको सङ्ख्या ९ सय १७ थान मध्ये ४ सय ६ थान सफल भए। सरकारी वकिल सङ्ख्या दुई रहेको यस जिल्ला कार्यालयबाट दायर मुद्दामध्ये ०६९ असार मसान्तसम्म ५ सय ११ थान मुद्दा बाँकी रहेको सरकारी वकिलको कार्यालयले जनायो।

यातना तथा अन्य क्रूर, अमानवीय र अपमानजनक व्यवहार वा दण्ड

पाँचकन्या गाविस-५ देउरालीका १८ वर्षीय मणिकुमार लिम्बूले आफूलाई ०६८ चैत २४ गते प्रहरीको टोलीले ०६८ चैत २१ गते पाँचकन्या जङ्गलमा भएको बम विस्फोटनमा संलग्न रहेको आरोपमा नियन्त्रणमा लिई इलाका प्रहरी कार्यालय धरानको हिरासतमा राखेर सई भीम दाहालसहितको टोलीले शारीरिक तथा मानसिक यातना दिएको आरोप लगाए। पीडितका अनुसार प्रहरीले उनलाई इलाका प्रहरी कार्यालय धरानको हिरासतमा राखी हात पछाडि बाँधेर कुटपिट गरी बम राख्न संलग्न भएको कागजमा हस्ताक्षर गराएको पीडितले बताए। पाँचकन्या गाविसका स्थानीय बासिन्दाहरू र क्रान्तिकारी लिम्बू युवा सङ्गठन सुनसरीले आफना निर्दोष कार्यकर्ताहलाई यातना दिने धरान प्रहरीलाई कारबाही गर्नुपर्ने माग गर्दै ०६८ चैत्त २९ गते सुनसरी जिल्ला प्रशासन कार्यालयमा ज्ञापनपत्र बुझायो। धरानका डिएसपी राजेन्द्र विष्टले सार्वजनिकरूपमा माफी माग्नुपर्ने तथा उनीमाथि विभागीय कारबाही गर्नुपर्ने माग राखेका थिए। घटनामा संलग्नलाई कुनै किसिमको कारबाही नभएको पीडित परिवारले जनायो।

बालअधिकार

शिक्षाको अवस्था

यस जिल्लाका विद्यालय जाने उमेरका २ लाख ६९ हजार ४ सय ४५ मध्ये छात्र ५१ हजार ९ सय ७१ र छात्रा ५८ हजार ४ सय ८९ प्राथमिक तहदेखि माबि तहसम्म भर्ना भए। यसमध्ये दलित छात्रा ११ हजार ८ सय ७६ र छात्र ११ हजार ४ सय ६ रहेका छन्। सरकारी र सामुदायिक विद्यालयमा जम्मा १ हजार ७ सय १२ शिक्षक कार्यरत रहेका छन्। निमाबि तहमा तहमा जम्मा ५ सय ५९ शिक्षक कार्यरत रहेका छन्। यसैगरी माबि तहमा जम्मा ३ सय ९७ शिक्षक रहेका छन्। बालविकास केन्द्र बालक ६ हजार ८ सय १ र बालिका ७ हजार ३ सय २६ गरी जम्मा १४ हजार १ सय २७ रहेका छन्। *यस जिल्ला शिक्षा कार्यालयले शिक्षासम्बन्धी सबै तथ्याङ्क अद्यावधिक गरिएको पाइएन।*

बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

एक सात वर्षीया बालिकालाई महेन्द्रनगर गाविस-८ का २० वर्षीय सुनिल उराँवले राँगा चराउन खेतमा गएको अवस्थामा ०६८ माघ १३ गते बलात्कार गरेको आरोपमा उनलाई सोही दिन प्रहरीले घरबाट गिरफ्तार गऱ्यो । पीडित बालिकालाई सोही दिन धरानस्थित वीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानमा उपचार तथा स्वास्थ्य परीक्षणको लागि लगेको इलाका प्रहरी कार्यालय महेन्द्रनगरले जनायो। आरोपित जिल्ला अदालत सुनसरीको ०६८ फागुन १ गतेको आदेशअनुसार पुर्पक्षका लागि झुम्कास्थित क्षेत्रीय कारागार चलान गरेको प्रहरीले जनायो। यस वर्षको अन्त्यसम्म मुद्दा फैसला भएन।

एक ११ वर्षीया बालिकालाई उनकै बाबुले

पटकपटक बलात्कार गर्ने गरेको घटना ०६९ असार २८ गते सार्वजनिक भयो । पीडित बालिका तथा उनकी आमाले इलाका प्रहरी कार्यालय इटहरीमा दिएको जाहेरीको आधारमा प्रहरीले ०६९ असार २९ गते आरोपितलाई गिरफ्तार गऱ्यो। पीडित बालिकाकाअनुसार आमा सुतिसकेपछि तथा आफू एक्लै भएको अवस्थामा बुवाले जबरजस्ती यौन शोषण गर्दै आएका थिए। आमाका अनुसार छोरीले घरमा बान्ता गर्न थालेपछि सोधपुछ गर्दा बाबुले बलात्कार गर्ने गरेको थाहा भएको थियो। पीडितको मोरङ जिल्लाको विराटनगरस्थित कोसी अञ्चल अस्पतालमा स्वास्थ्य परीक्षण गराइएको इन्स्पेक्टर सागर थापाले बताए। आरोपितलाई जिल्ला अदालत सुनसरीको ०६९ साउन २४ गतेको आदेशानुसार पुर्पक्षका लागि क्षेत्रीय कारागार झुम्काको थुनामा छन् । यस वर्षको अन्त्यसम्म मुद्दा फैसला भएको छैन।

उदयपुर जिल्लाकी एक १४ वर्षीया बालिकालाई धरान नपा -८ का ३२ वर्षीय राज लिम्बूले बन्धक बनाई यौनशोषण गरेको आरोपमा लिम्बूलाई प्रहरीले ०६९ भदौ २४ गते गिरफ्तार गऱ्यो । आरोपितको घरबाट ०६९ भदौ २४ गते पीडित भागेपछि छिमेकीले इलाका प्रहरी कार्यालय धरानमा उजुरी गरेको आधारमा आरोपितलाई प्रहरीले गिरफ्तार गरेको थियो।

घरबाट काम खोज्दै बसमा सुनसरी आएकी ती बालिकालाई ०६९ साउन २६ गते सुनसरीको हरिपुर गाविसको भण्टाबारी बजारमा भेट हुँदा काम लगाई दिने भनी लिम्बूले आफ्नो घर ल्याएका थिए। पीडित बालिकालाई महिना दिनसम्म बन्धक बनाएर यौनशोषण गरेको आरोपित लिम्बूले स्वीकार गरेका थिए। बालिकाको स्वास्थ्य परीक्षण धरानस्थित वीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानमा गरिएको थियो। आरोपित जिल्ला अदालत सुनसरीको आदेशमा ०६९ असोज १८ गते देखि क्षेत्रीय कारागार झुम्कामा पुर्पक्षका लागि थुनामा रहेका छन्।

एक १७ वर्षीया बालिकालाई सोनापुर गाविस-२ का २४ वर्षीय तजमुल मियाँले ०६९ मङ्सिर ११ गते दुहबी गाविस-७ स्थित आफ्नै कपडा सिलाई पसलमा बलात्कार गरेको आरोपमा मियाँलाई प्रहरीले सोही दिन गिरफ्तार गऱ्यो। दुहबीस्थित सिलाई कटाई पसलमा काम गर्न राखिएकी पीडितलाई बलात्कार गर्दा होहल्ला भएपछि स्थानीय बासिन्दाले प्रहरीलाई खबर गरेका थिए। आरोपित मियाँ जिल्ला अदालत सुनसरीको ०६९ पुस ९ गतेको आदेशअनुसार पुर्पक्षका लागि थुनामा रहेका छन्।

महिलाविरुद्ध हुने सबै प्रकारको भेदभाव, दुर्व्यवहार बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

एक ३० वर्षीया महिलालाई ०६९ वैशाख २३ गते भारत मधुवनी जिल्ला लौकाही थानाका २८ वर्षीय महमद मजाहिर मियाँले ललाईफकाई सोही गाविस- ४ स्थित स्थानीय एक निजी विद्यालयनजिक बलात्कार गरेको आरोपमा पीडितपक्षले ०६९ वैशाख २४ गते इलाका प्रहरी कार्यालय हरिनगरामा उजुरी दियो । प्रहरीले सोही दिन आरोपित मियाँलाई गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण जिल्ला अस्पताल इनरुवामा गरिएको थियो। मियाँ जिल्ला अदालत सुनसरीको ०६९ जेठ १८ गतेको आदेशअनुसार क्षेत्रीय कारागार झुम्काको थुनामा रहेका छन्।

घरेलु हिंसा

परिवारजनबाट हत्या

मधेशा गाविस-४ घोपाली टोलकी ३० वर्षीया दयावती चौधरीलाई ०६८ पुस ३० गते पति ३४ वर्षीय इन्द्रलाल सरदारले घरमै ढोका थुनेर धारिलो चक्कुले घाँटी रेटी हत्या गरे। आरोपितले आफू वैदेशिक रोजगारका लागि विदेश गएको अवस्थामा पत्नीले परपुरुषसँग सम्बन्ध राखेकाले आवेगमा आफूबाट हत्या भएको बताए। मृतकको लास सोही दिन इनरुवास्थित जिल्ला अस्पतालमा पोस्टमार्टम गरी परिवारको जिम्मा लगाएको प्रहरीले जनायो । आरोपितलाई जिल्ला अदालत सुनसरीको ०६८ माघ २७ गतेदेखिको आदेशबमोजिम पुर्पक्षका लागि झुम्कास्थित क्षेत्रीय कारागार थुनामा राखिएको छ । यस वर्षको अन्त्यसम्म मुद्दा फैसला भएन।

कुटपिट

झापा जिल्ला दमक नपा-५ घर भई इटहरी नपा-५ जनता बस्तीमा डेरा गरी बस्ने ३२ वर्षीया सुनीता रोक्कालाई ०६९ मङ्सिर २० गते ससुरा ६० वर्षीय छत्रबहादुर रोक्काले घरायसी विवादलाई लिएर पेटमा छुरा प्रहार गरी घाइते बनाए। पीडितको धरानस्थित वीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानमा उपचार भयो। बुहारीलाई छुरा प्रहार गरेलगतै आरोपितले पनि विषादी सेवन गरेकाले उनलाई प्रहरीको निगरानीमा सोही प्रतिष्ठानमा उपचार गराउँदै गर्दा

०६९ मङसिर २५ गते मृत्यु भएको इलाका प्रहरी कार्यालय इटहरीका इन्स्पेक्टर श्यामसारु मगरले बताए।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार संरचना, सम्पत्ति क्षति

लिम्बूवान राज्यपरिषद्बाट

धरान नपा- १५ बगरकोटस्थित लुम्चुङ चाम्लिङ सेकुवा कर्नरमा ०६८ फागुन ५ गते सञ्जुहाङ पालुङ्वा नेतृत्वको सङ्घीय लिम्बूवान राज्यपरिषद्का कार्यकर्ताहरूले चन्दा माग गर्दा नदिएको भन्दै तोडफोड गरे। परिषद्का भातृसङ्गठन युवा सङ्घ परिषद्का सुनसरी अध्यक्ष प्रकाश लिम्बूसहितका १५ बढी कार्यकर्ताहरूले चन्दा माग गर्दा चन्दा नदिएको भन्दै होटलमा तोडफोड गरेको सञ्चालक प्रेमचन्द्र राईले बताए। तोडफोडबाट २ लाख रुपियाँभन्दा बढीको क्षति भएको पीडितले बताए। प्रहरीले घटनामा संलग्न धरान नपा १५ का २९ वर्षीय प्रकाश लिम्बू, उनका सहयोगीहरू सोही ठाउँका १८ वर्षीय नवीन गुरुङ, १८ वर्षीय किरण लिम्बू, १८ वर्षीय सुमन लिम्बू र १८ वर्षीय बिक्रम भन्ने विशाल श्रेष्ठलाई नियन्त्रणमा लियो। घटनामा संलग्न भएकाहरूले क्षतिपूर्तिसहित ८ हजार रुपियाँ जरिवाना तिरेपछि तथा यस्तो घटना नदोहऱ्याउने प्रतिबद्धता जनाएपछि उनीहरूलाई ०६८ फागुन २ गते प्रहरीले रिहा गऱ्यो।

अनेरास्ववियु (क्रान्तिकारी) बाट

धरान नपा- ९ स्थित न्यू प्राक्टिकल इङ्गलिस ल्याङ्ग्वेज सेन्टरले चन्दा नदिएको आरोपमा ०६९ असोज १ गते नेकपा- माओवादीको भातृसङ्गठन अखिल क्रान्तिकारीका नेताले सो सेन्टरमा तोडफोड

मधेसी विद्यार्थी मोर्चाले क्रान्तिपुर दैनिक पत्रिकाको दृष्टिकोण पृष्ठको आपत्तिजनक सम्झौता शीर्षकको लेखमा मधेशी समुदायलाई घोचपेच गरेको भन्दै आगजनी गरेको पत्रिका

अखिल क्रान्तिकारीका विद्यार्थीले आगजनी तथा तोडफोड गरेको दिल्ली पब्लिक स्कूलको बस

गरी क्षति पुऱ्याए। अखिल क्रान्तिकारी महेन्द्र बहुमुखी क्याम्पस एकाई अध्यक्ष रामबहादुर राईले १९ औँ राष्ट्रिय अधिवेशनका लागि चन्दा माग गर्दा नदिएपछि सेन्टरमा तोडफोड गरेको सञ्चालक राजकुमार श्रेष्ठले बताए। उनकाअनुसार ०६९ साउन २९ गते नै २ हजार रुपियाँ चन्दा दिएकाले तीन साता नबिल्दै फेरि २ हजार माग गर्न आएपछि ०६९ भदौ १७ गते खाली हात फर्काएको भन्दै सोही निहुँमा तोडफोड गरेको जनाए। घटनालगतै वैद्यपक्षका कोचिला राज्य समिति संयोजक प्रल्हाद राउतले सहमतिमा आउन श्रेष्ठलाई दबाब दिएका थिए। उनकाअनुसार यसअघि नै सेन्टरबाट चन्दा लिई सकेकाले फेरि एक्लै आएर चन्दा उठाउने प्रयास गरेकाले राईको विषयमा छानबिन गरी कारबाही गरिने जनाए। सञ्चालक श्रेष्ठका अनुसार ०६९ भदौ २२ गते नै सुरक्षाको माग गर्दै इलाका प्रहरी कार्यालय धरानमा उजुरी दिएको आधारमा घटनामा संलग्नको खोजि भइरहेको जनाए।

धरान नपा- १८ घोपा क्याम्पभित्र सञ्चालित दिल्ली पब्लिक स्कूलका दुई बसमा नेकपा- माओवादी निकट अखिल क्रान्तिकारी विद्यार्थी सङ्गठनले ०६९ साउन ८ गते बिहान ७ बजे आगजनी र तोडफोड गरी क्षति पुऱ्याए। विराटनगर, इटहरी तरहरालगायत ठाउँबाट विद्यार्थीहरू बोकेर आइरकेको बेला धरान र हाँसपोसा गाविसको सिमानामा पर्ने सेउती पुलनजिक पाँचजनाको सङ्ख्यामा आएका युवाहरूले स्कूल बस रोकेर आगजनी र तोडफोड गरेको जिल्ला ट्राफिक प्रहरी कार्यालय धरानका इन्स्पेक्टर मुकुन्द रिजालले बताए। क्रान्तिकारीका कार्यकर्ताले १ ख ३२०४ नम्बरको बस सेउती पुलमा रोकेर मट्टितेल खन्याएर आगो लगाएका थिए। बसलाई जलाउन लाग्दा व्याक गरेर भगाएको को १ ख ३२०४ नम्बरका चालक

रेमलाल उरावले बताए। उनका अनुसार पुलनजिक आएपछि ३/४ जनाको समूहले गाडी रोकेको थियो। गाडी रोकी पेट्रोल छर्किएर विद्यार्थीहरूलाई निकालेर आगो लगाएका थिए। उक्त बसमा ३० जना विद्यार्थी रहेका थिए। को १ ख ४५० नम्बरको बसमा तोडफोड गरेको थिए।

युवा सङ्घ नेपालबाट

नेकपा एमालेको भातृ सङ्गठन युवा सङ्घ नेपालले प्रधानमन्त्रीले राजिनामा दिनुपर्ने, सहमतिको सरकार गठन गरिनुपर्ने लगायतका माग राखी ०६९ साउन २४ गते आह्वान गरेको बन्दका क्रममा सवारी चलाएको भन्दै इटहरी नपा-५ स्थित बालग्राम चोकमा जिल्ला विकास समिति सुनसरीको बा १ झ ८९८९ नम्बरको गाडी तोडफोड गऱ्यो।

नेकपा-माओवादीबाट

नेकपा- माओवादीले आह्वान गरेको बन्दमा सवारीसाधन चलाएको भन्दै ०६९ भदौ २९ गते कोसी राजमार्ग अन्तर्गत दुहवी गाविस- ६ मा इटहरीबाट विराटनगरतर्फ जादै गरेको को १ च ६१९२ नम्बरको मारुती भ्यान बन्दकर्ताहरूले तोडफोड गरी क्षति पुऱ्याए। चालक इटहरी नपा- ५ का ३० वर्षीय प्रदिप श्रेष्ठले टाउकोमा चोट लागेर घाइते भए। घाइते चालकको विराटनगरस्थित न्यूरो अस्पतालमा उपचार भएको इलाका प्रहरी कार्यालय दुहवीले जनायो। उनको माओवादीका कार्यकर्ता तथा पीडित परिवार मिलेर उपचार गराएको इलाका प्रहरी कार्यालय दुहबीका इन्स्पेक्टर सुमन तिम्सिनाले जनाए।

स्वतन्त्रतापूर्वक आवत-जावत गर्न पाउने अधिकार

पूर्वी थारुवान कोचिला सङ्घर्ष समितिले पूर्वको तराई क्षेत्रमा पर्नेछ जिल्लालाई पूर्वी थारुवान कोचिला राज्य घोषणा गर्नुपर्ने माग गर्दै ०६९ वैशाख २४ गतेदेखि दुई दिने पूर्वाञ्चल बन्दका कारण बजार, पसल, कलकारखाना तथा सवारीसधान चल्न सकेनन्। नेपाली सेनामा १५ हजारको सङ्ख्यामा थारु आदिवासी जनजातिलाई समूहगत प्रवेश गराउनु पर्ने, संयुक्त थारु मोर्चा र सरकारबीच भएको ६ बुँदे सम्झौता कार्यान्वयन गर्नुपर्ने माग राखी थारुवान सङ्घर्ष समितिले आन्दोलन गर्दै आएको थियो।

स्वास्थ्य सेवाको अवस्था

अस्पताल	१		
स्वास्थ्यचौकी	७		
उपस्वास्थ्यचौकी	४०		
पद	**दरबन्दी**	**कार्यरत**	**रिक्त**
डाक्टर	१०	२	८
स्टाफ नर्स	९	६	३
ल्याब असिस्टेन्ट	८	८	
अहेब	१८	१८	
अनमी	२९	२९	
खोप सुपरभाइजर	१	१	
क्षयरोग/कुष्ठरोग सुपरभाइजर	१	१	
हेल्थ असिस्टेन्ट	१५	१५	

जिल्ला प्रहरी कार्यालय

जिल्ला प्रहरी कार्यालयमा ०६८ पुस १७ गतेदेखि ०६९ पुस १६ गतेसम्म बलात्कार सात, कर्तव्यज्यान सात, ज्यानमार्ने उद्योग चार, आत्महत्या ३१, अपहरणका तीन ओटा मुद्दा दर्ता भए।

१.७ धनकुटा

जिल्ला सदरमुकाम: धनकुटा
क्षेत्रफल (वर्ग कि. मि.): ८५१.००
घरधुरी सङ्ख्या: ३७,६३७
जम्मा जनसङ्ख्या: १,६३,४१२
पुरुष: ७६,५१५
महिला: ८६,८५७
अपाङ्ग सङ्ख्या: ४,८८१
गाविस/नपा सङ्ख्या: ३५/१
पुरुष साक्षरता सङ्ख्या: ५८,२७१
महिला साक्षरता सङ्ख्या: ५५,४३५
हिन्दू धर्मावलम्बी प्रतिशत: ४५.१७
बौद्ध धर्मावलम्बी प्रतिशत: १३.५५
इस्लाम धर्मावलम्बी प्रतिशत: ०.१
किराँत धर्मावलम्बी प्रतिशत: ३४.५४
क्रिश्चियन धर्मावलम्बी प्रतिशत: १.७८
प्रकृति धर्मावलम्बी प्रतिशत: ०.१२
जैन धर्मावलम्बी प्रतिशत: ०.०१
शिख धर्मावलम्बी प्रतिशत: ०.००१
अन्य धर्मावलम्बी प्रतिशत: ०.२५१
प्रतिपरिवार सरदर सङ्ख्या: ४.३४

जेल र बन्दीहरू

'घ' श्रेणीको जिल्ला कारागारको बन्दी क्षमता २५ जनाको रहेको छ। यस वर्षको अन्त्यसम्म कैद तोकिएका ४४ जना र कैद नतोकिएका १० जना कैदी र थुनुवा गरी जम्मा ५४ जना बन्दीहरू रहेका छन्। जसमा ५० जना पुरुष, तीनजना महिला र आश्रित बालक एकजना रहेका छन्। जीर्ण अवस्थामा रहेको जिल्ला कारागार अत्यन्तै चिसो र ओसिलो रहेको छ। क्षमताभन्दा बढी बन्दी रहेकाले सुत्न समस्या रहेको कारागारका चौकीदार दीपक तामाङले बताए। कारागारमा औषधि उपचार र पढन चाहने विद्यार्थीहरूका लागि पढने व्यवस्था गरिएको कारागारका लेखापाल रन्जीत साहले बताए। कारागारका जेलर नरेन्द्र आचार्य ०६९ साउनमा सरुवा भएर गएको भए पनि हालसम्म अर्को जेलर नआएको लेखापाल साहले बताए।

धम्की/कुटपिट

राज्यबाट

मोरङ जिल्लाको बयरवन गाविस-३ हरकपुर घर भई हाल धनकुटा नपा-६ दीपाचौक डेरा गरी बस्ने १५ वर्षीय एक बालकलाई ०६९ मङ्सिर ३ गते सादा पोशाकका प्रहरीले केही सोधपुछ गर्नुछ भन्दै धनकुटा नपा-६ मा रहेको एक पसलबाट गिरफ्तार गऱ्यो। पीडितका बुबाले प्रहरीले बिनाकारण चरम यातना दिई छोरालाई कुटपिट गरेको आरोपमा राष्ट्रिय मानवअधिकार आयोग क्षेत्रीय कार्यालय विराटनगरमा ०६९ मङ्सिर १६ गते उजुरी दिए। पीडित बालकलाई प्रहरीले ०६९ मङ्सिर ४ गते अभिभावकको रोहबरमा तारेखमा रिहा गऱ्यो। आफूलाई प्रहरीले बिनाकारण गिरफ्तार गरी हिरासतमा राखेर यातना दिएको पीडित दर्नालले बताए। कुटपिटबाट घाइते दर्नालको पैताला र घुँडामा असर परेको थियो। घाइतेको जिल्ला अस्पतालमा उपचार भयो। पीडित बालकले मोबाईलबाट फोन गरी धम्की दिने गरेको भन्ने सूचनाको आधारमा प्रहरीले सोधपुछको लागि गिरफ्तार गरेको र शारीरिक यातना नदिएको जिल्ला प्रहरी कार्यालयमा डिएसपी विष्णुबहादुर कार्कीले बताए। प्रहरीबाट यातना दिएको भए किटानीसहित उजुरी आएमा दोषी प्रहरीमाथि कारबाही गरिने जिल्ला प्रहरी कार्यालयका एसपी सूर्यप्रसाद उपाध्यायले बताए।

एमालेबाट

धनकुटा नपा-८ चाम्जिबुडस्थित चुलीवन प्राविका प्रधानाध्यापक ४३ वर्षीय देवबहादुर खड्कालाई ०६९ वैशाख २१ गते एमाले जिल्ला अध्यक्ष ४४ वर्षीय राजेन्द्र राईले एमाले पार्टीलाई गालीगलौज गरेको भन्दै फोन गरी मार्ने धम्की दिए। नेपाल राष्ट्रिय अभिभावक सङ्घ र अखिल नेपाल शिक्षक सङ्गठन धनकुटाले ०६९ वैशाख २५ गते विज्ञप्ति जारी घटनाप्रति विरोध जनायो। प्रधानाध्यापक खड्काले जिल्ला शिक्षा कार्यालयमा ०६९ वैशाख २१ गते शिक्षक सरुवाको विषयलाई लिएर एमालेलाई लाञ्छना लगाएकोले

घटनाको प्रकार	राज्यपक्षबाट			गैरराज्यबाट		
	पुरुष	नखुलेको	जम्मा	महिला	पुरुष	जम्मा
घाइते					१	१
बालअधिकार				४		४
महिलाअधिकार				६		६
भेला/सङ्गठित हुने अधिकार	१	३५	३६			
गिरफ्तारी/यातना	१		१			
कुटपिट					५	५
धम्की					३	३
हत्या				३	३	४
जम्मा	३	३५	३६	१३	११	३४

शिक्षकले आफ्नो पेशाको आचरणभित्र रहेर काम गर्न आग्रह गर्दै कुनै पनि पार्टीलाई सार्वजनिकस्थलमा गालीगलौज नगर्न आफूले सुझाव मात्र दिएको अध्यक्ष राईले बताए। पीडित खडकाले विज्ञप्ति जारी गरी विरोध जनाइसकेका कारण कतै उजुरी नदिएको बताए।

नेपाली काङ्ग्रेसबाट

धनकुटा नपा-४ अधिकारी टोल निवासी पत्रकार ३८ वर्षीय रमेशचन्द्र अधिकारीलाई ०६९ जेठ ४ गते नेपाली काङ्ग्रेस जिल्ला कार्यसमिति सदस्य ४५ वर्षीय विष्णु पौडेलले गलत समाचार एफएममा प्रशारण गरेको भन्दै फोन गरी धम्की दिए। आरोपितले जेठ ६ गते पुन: फोन गरी आफूले भनेको कुरालाई तिललाई पहाड नबनाउन भन्दै सामान्य रूपमा लिनसमेत दबाब दिएका थिए। आफूलाई पुन: दबाब दिएपछि निर्वाध रूपमा समाचार सम्प्रेषण गर्न पाउने वातावरण सृजना गरी पाऊँ भनी सोही दिन नेपाल पत्रकार महासङ्घलाई ध्यानाकर्षणपत्र बुझाएको पीडित अधिकारीले बताए। नेपाली काङ्ग्रेसले गरेको बन्दको गलत समाचार कान्तिपुर एफएममा ०६९ जेठ ३ गते बिहान ९ बजे सम्प्रेषण गरेको भनी धम्की दिएको अधिकारीले पत्रकार महासङ्घमा दिएको उजुरीमा उल्लेख थियो। आमहड्ताल जारी रहेको बेला कान्तिपुर एफएममा बन्द खुलेको समाचार सम्प्रेषण गरेर सयौँ गाडी तथा यात्रुहरू सडकमा अलपत्र परेको गुनासो यात्रुहरूबाट आएपछि यथार्थ बुझ्न मात्र आफूले फोन गरेको तर, धम्की नदिएको आरोपितले बताए।

अभिव्यक्ति, भेला हुने र सङ्गठित हुने अधिकार
(राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

सरकारले एक सय ४० वटा सूचना लुकाउन खोजेको विरोधमा हातमा कालो पट्टी बाँधेर धनकुटा महोत्सव तथा पूर्वाञ्चल औद्योगिक मेलाको उद्घाटनस्थलमा पुगेका पत्रकारहरूलाई ०६८ माघ १५ गते प्रहरीले तीन घण्टा घेराबन्दी गऱ्यो। कार्यक्रमको उदघाटन गर्न आएका प्रधानमन्त्री डा. बाबुराम भट्टराई सामु हातमा कालो पट्टी बाँधेर आएको भन्दै प्रहरीले नेपाल पत्रकार महासङ्घका केन्द्रीय सदस्य सिद्धराज राई, पूर्व केन्द्रीय उपाध्यक्ष सञ्जयसन्तोषी राई र जिल्ला अध्यक्ष मोहन वान्तवासहित ३६ जना पत्रकारहरूलाई हतियारसहितका नेपाल प्रहरी र सशस्त्र प्रहरीले समाचार सङ्कलन गर्न नदिई घेराबन्दी गरेको नेपाल पत्रकार महासङ्घ धनकुटाका अध्यक्ष मोहन बान्तावाले बताए। महोत्सवको समाचार नलेखेका पत्रकाहरूसँग आयोजकले ०६८ माघ १८ गते माफी मागे। पत्रकारलाई घेराबन्दी गर्न आदेश दिने प्रजिअको सरुवा माग गर्दै उनी सम्मिलित कार्यक्रम बहिष्कार गरेका पत्रकारहरूसँग प्रजिअ चापागाईंले ०६८ फागुन १ गते माफी मागेपछि समाचार सङ्कलन थालिएको पत्रकार महासङ्घका अध्यक्ष बान्तवाले बताए।

सुगम र निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालत

०६८ साउनदेखि ०६९ असार मसान्तसम्म

एक जनामात्र न्यायाधीश रहेको यस जिल्ला अदालतको फौजदारी मुद्दातर्फ ८० थान मध्ये ५७ थान फैसला भए भने २३ थान फैसला हुन बाँकी रहे। देवानी मुद्दातर्फ ६१ थान मध्ये २० सय थान फैसला भए भने ४१ थान फैसला हुन बाँकी रहे।

०६९ साउनदेखि पुस १५ सम्म

एक जनामात्र न्यायाधीश रहेको यस जिल्ला अदालतको फौजदारी मुद्दातर्फ ४० थानमध्ये १७ थान फैसला भए भने २३ थान फैसला हुन बाँकी रहे। देवानी मुद्दातर्फ २८ थानमध्ये चार थान फैसला भए भने २४

थान फैसला हुन बाँकी रहे। दुई वर्ष नाघेका फौजदारी मुद्दा र देवानी मुद्दा नरहेको अदालतले जनायो।

पुनरावेदन अदालत

०६८ साउनदेखि ०६९ असार मसान्तसम्म

तीन जनामात्र न्यायाधीश रहेको यस पुनरावेदन अदालतको फौजदारी मुद्दातर्फ १ सय ६७ थानमध्ये १ सय ३९ थान फैसला भए भने २८ थान फैसला हुन बाँकी रहे। देवानी मुद्दातर्फ १ सय ९ थानमध्ये ७६ थान फैसला भए भने ३३ थान फैसला हुन बाँकी रहे।

०६९ साउनदेखि पुस १५ सम्म

तीन जनामात्र न्यायाधीश रहेको यस जिल्ला पुनरावेदनको फौजदारी मुद्दातर्फ १ सय १० थानमध्ये २५ थान फैसला भए भने ८५ थान फैसला हुन बाँकी रहे। देवानी मुद्दातर्फ ६४ थानमध्ये १० थान फैसला भए भने ५४ थान फैसला हुन बाँकी रहे। दुई वर्ष नाघेका फौजदारी मुद्दा र देवानी मुद्दा नभएको पुनरावेदन अदालतले जनायो।

जिल्ला सरकारी वकिलको कार्यालय

०६८ साउनदेखि ०६९ असार मसान्तसम्म

जिल्ला सरकारी वकिलको कार्यालयबाट ०६८ साउनदेखि ०६९ असार मसान्तसम्म दायर मुद्दाको सङ्ख्या ८७ छ, जसमध्ये ५३ सफल भए भने १२ असफल भएको छ। मुलतवी, तामेली पेण्डिङमा मुद्दा रहेको छैन। सरकारी वकिल सङ्ख्या एक रहेको यस जिल्ला कार्यालयबाट दायर मुद्दामध्ये ०६९ असार मसान्तसम्म २२ मुद्दा बाँकी रहेको सरकारी वकिलको कार्यालयले जनायो।

दायर मुद्दामध्ये कर्तव्य ज्यानसम्बन्धी मुद्दा १३ मध्ये सात सफल र छ असफल रह्यो। बलात्कार सम्बन्धी मुद्दा सातमध्ये तीन सफल र दुई असफल दुई फैसला हुन बाँकी रह्यो। महिला बेचविखनसम्बन्धी मुद्दा परेन। अपहरण सम्बन्धी मुद्दा एकमध्ये असफल रह्यो। बहुविवाह सम्बन्धी मुद्दा दुईमध्ये एक सफल र एक फैसला बाँकी रह्यो।

०६९ साउनदेखि ०६९ पुससम्म

जिल्ला सरकारी वकिलको कार्यालयबाट ०६९ साउनदेखि ०६९ पुससम्म दायर मुद्दाको सङ्ख्या ४३ छन्। जसमध्ये १० सफल भएको छ। सरकारी वकिल सङ्ख्या १ रहेको यस जिल्ला कार्यालयबाट दायर मुद्दामध्ये ०६९ असार मसान्तसम्म २२ मुद्दा बाँकी रहेको सरकारी वकिलको कार्यालयले जनायो।

बालअधिकार

शिक्षाको अवस्था

यस जिल्लाका विद्यालय जाने उमेरका ५३ हजार २५ मध्ये छात्र २५ हजार ७ सय ३९ र छात्रा २७ हजार २ सय ८६ प्राथमिक तहदेखि उच्चमावि तहसम्म भर्ना भए। यसमध्ये दलित छात्रा २ हजार २ सय ९२ र छात्र २ हजार २ सय ६४ रहेका छन्। सरकारी र सामुदायिक विद्यालय गरी प्रावि तहमा महिला ३ सय ७४ र पुरुष ६ सय ५८ गरी जम्मा १ हजार ३२ शिक्षक कार्यरत रहेका छन्। निमावि तहमा तहमा महिला ४१ र पुरुष २ सय ४९ गरी जम्मा २ सय ९० शिक्षक कार्यरत छन्। यसैगरी मावि तहमा महिला ३१ र पुरुष १ सय ८७ गरी जम्मा २ सय १८ शिक्षक रहेका छन्। बालविकास केन्द्र बालक २ हजार १ सय ५८ र बालिका २ हजार २ सय २१ गरी जम्मा ४ हजार ३ सय ७९ रहेका छन् जसमध्ये दलित बालक २ सय ६० र बालिका २ सय ५० छन्।

बलात्कारपछि हत्या

मारेककटहरे गाविस-४ पारिखाप्राङ स्थायी घर भई परेवादिन गाविस-७ नाम्जाडस्थित दिदी भिनाजुको घरमा बस्ने ११ वर्षीया बालिका मन्दिरा कटुवालको ०६९ मङ्सिर १३ गते बलात्कारपछि हत्या भयो। स्थानीय बासिन्दाले ०६९ मङ्सिर १४ गते घरनजिकैको जङ्गलमा उनको लास फेला पारेर प्रहरीलाई खबर गरेका थिए। लासको मङ्सिर १५ गते जिल्ला अस्पतालमा पोस्टमार्टम भयो। सोही दिन मृत्तक बालिकाका काका ५० वर्षीय एत्नबहादुर कटुवालले जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए। परेवादिन गाविस-७ का ६५ वर्षीय पहलमान घिमिरे, २० वर्षीय योगेन्द्र घिमिरे र ४० वर्षीया लक्ष्मी घिमिरेलाई हत्याको आशङ्कामा ०६९ मङ्सिर २० गते घरैबाट गिरफ्तार गऱ्यो। उनीहरूलाई अदालतबाट ०६९ मङ्सिर २९ गते पुनः म्याद थप गरिएको थियो। यस वर्षको अन्त्यसम्म मुद्दाको फैसला भएको छैन।

बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

एक आठ वर्षीया बालिकालाई ०६९ वैशाख

युवा सङ्घ नेपालका कार्यकर्ताद्वारा पूर्वअर्थराज्यमन्त्री हरिराज खेवाले प्रयोग गर्दै आएको सरकारी गाडीमाथि गरिएको तोडफोड

२३ गते मौनाबुधुक गाविस-७ तल्लोगिद्ध १९ वर्षीय राजकुमार लिम्बूले आफ्नै घरनजिकैको बलात्कार गरेको आरोपमा ०६९ जेठ ९ गते पीडितले जिल्ला प्रहरी कार्यालयमा उजुरी दिइन्। आरोपितले मार्ने धम्की दिएपछि घटना तत्काल सार्वजनिक हुन नसकेको पीडितपक्षले जनायो। पीडितको गुप्ताङ्गबाट निरन्तर रगत बगेपछि उपचारको लागि ०६९ वैशाख २६ गते नोबेल मेडिकल कलेज विराटनगर लगिएको थियो। डाक्टरले स्वास्थ्य परीक्षणको क्रममा बालिकामाथि बलात्कार भएको जानकारी गराएका थिए। प्रहरीले ०६९ जेठ १० गते जिल्ला अदालतमा मुद्दा दायर गरे तापनि आरोपित यो वर्षको अन्त्यसम्म फरार छन्।

एक आठ वर्षीया बालिकालाई बारम्बार बलात्कार गरेको आरोपमा धनकुटा नपा-२ वारिपात्लेका ५१ वर्षीय अमर वाग्लेलाई प्रहरीले ०६९ असार १७ गते घरबाट प्रहरीले गिरफ्तार गऱ्यो। पीडितकी आमाले सोही दिन जिल्ला प्रहरी कार्यालयमा उजुरी दिएकी थिइन्। वाग्लेले पीडित बालिकालगायत छिमेकका अन्य बालिकाहरूलाई पनि चकलेट दिएर फकाउँदै शरीरका संवेदनशील अङ्गहरूमा छुनेलगायतका यौनजन्य गतिविधि गर्दै आएको स्थानीय बासिन्दाले सोही दिन थाहा पाई प्रहरीलाई जानकारी गराएका थिए। जिल्ला अदालतले ०६९ मङ्सिर २६ गते अभियुक्तलाई १४ वर्ष कैद सजाय गर्दै फैसला गऱ्यो।

एक १५ वर्षीया बालिकालाई ०६९ असार २८ गते बलात्कार गर्ने प्रयास गरेको आरोपमा खोटाङ जिल्ला लिक्वापोखरी गावि घर भई हाल धनकुटा नपा-७ मा बस्ने २१ वर्षीय रामकुमार राईलाई ०६९ असार २९ गते धनकुटा बजारबाट प्रहरीले गिरफ्तार गऱ्यो। आरोपितले बालिकालाई भेटघाटको लागि धनकुटा आएको बेला आफ्नै घरमा बोलाएर बलात्कार गर्ने प्रयास गरेका थिए। पीडित बालिका रुँदै कराउँदै छिमेकीकोमा शरण लिन पुगेपछि स्थानीय बासिन्दाले पीडितको आफन्त र प्रहरीलाई सोही दिन खबर गरेका थिए। पीडितका बुबाले ०६९ असार २९ गते जिल्ला प्रहरी कार्यालय धनकुटामा उजुरी दिए। प्रहरीले ०६९ असार ३१ गते जिल्ला अदालतमा मुद्दा दर्ता गऱ्यो। आरोपित जिल्ला अदालतको आदेशमा ०६९ साउन २४ गतेदेखि पुर्पक्षका लागि थुनामा छन् ।

महिलाविरुद्ध हुने सबै प्रकारको भेदभाव, दुर्व्यवहार

बलात्कारपछि हत्या

भेडेटार गाविस-४ कार्कीछापकी ६७ वर्षीया वृद्धालाई सोही वडाका २३ वर्षीय पन्थे भन्ने नितेश विश्वकर्मा, बोधे गाविस-२ का १८ वर्षीय शेरबहादुर तामाङ र गगन तामाङले ०६९ भदौ ५ गते मादक पदार्थ सेवन गरेर सामूहिक बलात्कारपछि टाउकोमा दाउराको चिर्पट र चिउडोमा धारिलो हतियारले प्रहार गरी हत्या गरे। घरमा एक्लै बस्दै आएकी लिम्बूको हत्या भएको स्थानीय बासिन्दाले भदौ ६ गते थाहा पाएपछि प्रहरीलाई खबर गरेका थिए। लासको जिल्ला अस्पतालमा ०६९ भदौ ७ गते पोस्टमार्टम भयो। पीडितकी कान्छी छोरीले ०६९ भदौ ६ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिइन् आरोपित युवाहरूलाई ०६९ भदौ १३ गते मोरङको बेलबारीबाट प्रहरीले गिरफ्तार गऱ्यो। उनीहरू जिल्ला अदालतको आदेशमा ०६९ असोज ७ गतेदेखि पुर्पक्षको लागि कारागारमा थुनामा रहेकामा जिल्ला अदालतले ०६९ पुस ४ गते जन्मकैदको फैसला गऱ्यो।

बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

एक २१ वर्षीया युवतीलाई ०६९ असार २९ गते धनकुटा नपा-१ हिलेस्थित कुमार तामाङको घरमा डेरा बस्दै आएका २८ वर्षीय सुरज राईले बलात्कार गरेको आरोपमा राईलाई ०६९ असार ३० गते प्रहरीले गिरफ्तार गऱ्यो। पीडितले जिल्लास्थित महिला मानवअधिकारकर्मीहरूको रोहबरमा ०६९ असार ३१ गते जिल्ला प्रहरी कार्यालय धनकुटामा उजुरी दिइन्। पीडितको ०६९ असार ३१ गते जिल्ला अस्पतालमा स्वास्थ्य परीक्षण भयो। सुरजमाथि जबरजस्ती करणी अर्न्तगतको मुद्दा र साबित्रालाई सो घटना घटाउन सहयोग गरेको भन्दै ०६९ असार ३१ गते जिल्ला अदालतमा प्रहरीले मुद्दा दायर गरेको थियो।

आरोपितहरू जिल्ला अदालतको आदेशमा ०६९ साउन २४ गते सावित्रा २० हजार रुपियाँ, सुरज ४५ हजार रुपियाँ धरौटी तिरेर रिहा भएको इन्सपेक्टर नवीनकिशोर प्रधानले बताए।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार संरचना, सम्पत्ति क्षति

अनेरास्ववियु (क्रान्तिकारी)

नेकपा-माओवादीको भातृ सङ्गठन अनेरास्ववियु (क्रान्तिकारी) का कार्यकर्ताहरूले धनकुटा बहुमुखी क्याम्पसका क्याम्पसप्रमुख डा.गोपालबहादुर भट्टराईको कुर्सी ०६९ भदौ १४ गते आगजनी गरे। क्याम्पसलाई स्वायत्ततामा लैजान नहुने, स्नातकोत्तर र विएस्सीलाई आङ्गिक बनाइनुपर्ने लगायतका ३५ बुँदे मागलाई बेवास्ता गरेको र ०६९ भदौ १३ गते अखिल (क्रान्तिकारी) क्याम्पस एकाइ समितिको भेलालाई क्याम्पस प्रमुखले विथोल्न खोजेको आरोपमा क्याम्पस प्रमुखको कुर्सी जलाएको अखिल क्रान्तिकारीका संयोजक मिलन बास्तोलाले बताए।

युवा सङ्घ नेपालबाट

पूर्व अर्थराज्यमन्त्री हरिराज खेवा चढेको सरकारी जीप ०६९ असोज १९ गते एमाले निकट युवा सङ्घका कार्यकर्ताले सरकारी ढुकुटीको दुरूपयोग गरेको आरोपमा तोडफोड र आगजनी गरी क्षति पुऱ्याए। धनकुटा नपा-७ चुवाबोटमा रोकिराखेको बा.१ज.८८२१ नं. को स्कारपीयो गाडीलाई दिउँसो २.३० बजे युवा सङ्घका कार्यकर्ताले तोडफोड गरी क्षति पुऱ्याएका थिए। सरकारी ढुकुटीको दुरूपयोग गरी व्यक्तिगत काममा प्रयोग गरेकोले आफ्ना कार्यकर्ताले तोडफोड गरेको एमाले नेता एवं जिल्ला मोर्चा सङ्गठनका संयोजक अर्जुनकुमार राईले बताए। पीडितले उजुरी दिएनन्।

बन्द/हड्ताल

यस वर्ष जिल्लामा विभिन्न राजनीतिक दल, विद्यार्थी सरूघसङ्गठनहरू, जातीय सङघसङ्गठन, यातायात मजदुर सङ्घसङ्गठनहरूले ३० दिन बन्द हड्ताल गरे।

स्वास्थ्य सेवाको अवस्था

अस्पताल	१		
स्वास्थ्यचौकी	१९		
उपस्वास्थ्यचौकी	१६		
पद	**दरबन्दी**	**कार्यरत**	**रिक्त**
डाक्टर	५	४	१
स्टाफ नर्स	६	१	५
ल्याब असिस्टेन्ट	५	१	४
अहेब	७८	६५	१३
अनमी	५३	४३	१०
खोप सुपरभाइजर	१	१	
क्षयरोग/कुष्ठरोग सुपरभाइजर	१	१	
हेल्थ असिस्टेन्ट	२४	१३	११

जिल्ला प्रहरी कार्यालय

जिल्ला प्रहरी कार्यालयमा ०६८ पुस १७ गतेदेखि ०६९ पुस १६ गतेसम्म बलात्कार चार, बलात्कार प्रयास तीन, कर्तव्य ज्यान तीन, ज्यानमार्ने उद्योग चार, आत्महत्या २८, बहुविवाह तीन, अपहरण गरी बलात्कार गरी हत्याका एक ओटा मुद्दा दर्ता भए।

१.८ तेह्रथुम

जिल्ला सदरमुकाम: म्याग्लुङ
क्षेत्रफल (वर्ग कि. मि.): ६७५.००
घरधुरी सङ्ख्या: २२,०५४
जम्मा जनसङ्ख्या: १,०१,५७७
पुरुष: ४७,१५१
महिला: ५४,४२६
अपाङ्ग सङ्ख्या: २,६२६
गाविस/नपा सङ्ख्या: ३२/०
पुरुष साक्षरता सङ्ख्या: ३६,४६५
महिला साक्षरता सङ्ख्या: ३४,५२३
हिन्दू धर्मावलम्बी प्रतिशत: ५२.१७
बौद्ध धर्मावलम्बी प्रतिशत: १२.५३
इस्लाम धर्मावलम्बी प्रतिशत: ०.०३
किराँत धर्मावलम्बी प्रतिशत: ३३.९३
क्रिश्चियन धर्मावलम्बी प्रतिशत: १.०२
प्रकृति धर्मावलम्बी प्रतिशत: ०.१५
अन्य धर्मावलम्बी प्रतिशत: ०.१६१
प्रतिपरिवार सरदर सङ्ख्या: ४.६०

जेल र बन्दीहरू

'घ' श्रेणीको जिल्ला कारागारको बन्दी क्षमता ३५ जनाको रहेको छ। यस वर्षको अन्त्यसम्म कैद तोकिएका ३६ र कैद नतोकिएका ९ कैदी र थुनुवा गरी जम्मा ४५ जना बन्दीहरू रहेका छन्। जसमा महिला ४ र पुरुष ४१ जना गरी जम्मा ४५ जना रहेका छन्। आश्रित बालबालिका छैनन्। यस जिल्ला कारागारको २०३१ सालमा निर्माण भएको हो।

यस जेलमा महिला र पुरुष का लागि छुट्टाछुट्टै एकै भवनभित्र कोठा छन्। जेलमा खानेपानी र जीर्ण अवस्थाको चर्पीहरू छन्। जेलको भवन ज्यादै पुरानो भई बन्दीहरू बस्ने भवनमा पानी चुहिन थालेको छ। बन्दी सुत्ने काठको फलेकहरू कुहिएकाले चिसो भुइँमा सुत्नु पर्ने अवस्था बनेको छ। भवन पुरानो भएर भित्ता र भुईको प्लास्टर भत्किएर जीर्ण बनेको छ। जेलको अग्लो पर्खाल भत्किने अवस्थामा पुगेको छ। महिला र पुरुष बन्दीका लागि भलिबल ,चेस ,क्यारामबोर्ड र लुडो जस्ता खेल सामग्रीको व्यवस्था गरिएको छ। पुरुष बन्दीहरूका लागि टेलिभिजनको व्यवस्था गरिएको छ भने महिला बन्दीहरूका लागि त्यो व्यवस्था छैन। जेलका बन्दी कैदीलाई 'घ' श्रेणीमा उपलब्ध हुने सबै सुविधा उपलब्ध गराएको जेलर लेखनाथ खतिवडाले बताए।

जेलका बन्दीले ०६९ भदौ ४ देखि ९ गतेसम्म जेलमा विभिन्न मागसहित आन्दोलन गरे। बन्दीले जेलमा आर्थिक अनियमिताको भएको भन्दै नाराजुलुस गरी धर्ना दिएका थिए। आर्थिक अनियमितता बारेमा छानबिन गर्न सहायक प्रमुख जिल्ला अधिकारीको संयोजकत्वमा छानबिन समिति गठन गरेर सत्यतथ्य सार्वजनिक गर्ने विश्वास प्रमुख जिल्ला अधिकारी किशोरकुमार चौधरीले विश्वास दिलाएपछि उनीहरूले विरोधका कार्यक्रम रोकेका थिए।

पौठाक गाविस-५ का दुई बालकलाई ०६८ पुस २५ गते सोही स्थानका बेदराज लिम्बूको अलैँची चोरी गरेको आरोपमा मोहोराहाङ प्रहरी चौकीले बिनापूर्जी गिरफ्तार गऱ्यो। चोरीमा संलग्न दुई जना बालक जनही १८ हजार रुपियाँ धरौटी जम्मा गर्न नसकेका कारण माघ १३ गतेदेखि थुनामा छन्। जिल्लामा बाल सुधारगृह नभएका कारण यस वर्षको अन्त्यसम्म उनीहरू कारागारमा छन्। बालकहरूलाई बाल सुधारगृहमा लैजाने तयारी भए तापनि आर्थिक अभावको कारण लैजान नसकिएको जिल्ला कारागार शाखाका जेलर रामप्रसाद ढुङ्गानाले बताए।

धम्की/कुटपिट

राज्यबाट

म्याङ्लुङ गाविस-२ निवासी नेपाल विद्यार्थी सङ्घका जिल्ला सदस्य २४ वर्षीय सुमन बस्नेत र उनका २७ वर्षीय दाजु सुजनकुमार बस्नेतलाई ०६८ माघ २६ गते बेलुका पिप्ले गाविस घरभई कपिलवस्तु जिल्ला प्रहरी कार्यालयमा कार्यरत प्रहरी हवल्दार तीर्थबहादुर श्रेष्ठ र जवान कुमार विश्वकर्माले लिएको रिर्जभ बसमा बिनाअनुमति चढेको विषयमा विवाद हुँदा सुमन र सुजनकुमारलाई कुटपिट गरी घाइते बनाए। घाइतेको जिल्ला अस्पतालमा उपचार हुन नसेपछि वीपी

घटनाको प्रकार	राज्यपक्षबाट		गैरराज्यपक्षबाट		
	पुरुष	जम्मा	महिला	पुरुष	जम्मा
बालअधिकार			३		३
अमानवीय व्यवहार			१		१
महिलाअधिकार			९		९
भेला/सङ्गठित हुने अधिकार	४	४			
जातीय विभेद			१	१	३
गिरफ्तारी/यातना	४	४			
कुटपिट	३	३	३	६	९
धम्की				१	१
हत्या			३		३
जम्मा	११	११	१८	९	२७

कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान धरानमा ०६८ फागुन २ गतेसम्म उपचार भएको थियो। घटनामा संलग्न प्रहरीलाई गिरफ्तार गरिए पनि उनीहरूलाई कुनै कानुनी कारबाही भएन।

एकीकृत माओवादीबाट

रौतहट जिल्ला चन्द्रनिगापुर-३ घरभई खाम्लालुङ गाविस-१ स्थित महेन्द्र उच्च माविमा कार्यरत ३८ वर्षीय शिक्षक उत्तिचन्द्र यादवलाई ०६८ फागुन २९ गते दिउँसो विद्यालयको परीक्षा अमर्यादित गराएको आरोपमा एमाओवादीका स्थानीय कार्यकर्ताहरू ३२ वर्षीय सन्जय पाहिम लिम्बू, ३९ वर्षीय मिलन पाहिम लिम्बू र २३ वर्षीय राजु पाहिम लिम्बूले कुटपिट गरे। पीडितले विद्यालयमा काम गर्न नसक्ने भन्दै सरुवाका लागि जिल्ला शिक्षा कार्यालयमा निवेदन दिए।

वाईसीएलबाट

काठमाडौ महानगरपालिका-१८ घरभई सिम्ले गाविस-५ औँसीबजारका २८ वर्षीय ग्रामीण पहुँच कार्यक्रमका प्राविधिक सहायक कैलाश विष्टलाई ०६८ पुस २९ गते इशिबु गाविस-८ का एमाओवादी निकट वाईसीएलका गाविस सदस्य दिलकुमार लिम्बूले सडक निर्माणमा भएको वादविवादमा कुटपिट गरी घाइते बनाए। पीडितको स्थानीय स्वास्थ्य चौकीमा उपचार भयो। म्याङलुङ-आठराई सडकखण्डमा सडक निर्माणको क्रममा प्राविधिकले काम नजानेको विषयमा विवादका क्रममा आरोपितले कुटपिट गरी घाइते बनाएका थिए। वाईसीएल कार्यकर्ताले फोन गरी उनको ज्यान लिने धम्की दिएको भनी पीडित जागिर छाडेर ०६९ माघ २५ गते घर फर्किए।



प्रहरीको कुटपिटबाट घाइते भएका सुमन बस्नेत

जल्जले गाविस-३ का १६ वर्षीया विपना बस्नेतलाई ०६८ चैत्र १४ गते सोही ठाउँका वाईसीएलका गाउँस्तरीय कार्यकर्ताहरू २६ वर्षीय घनश्याम घिमिरे, ३० वर्षीय विदुर बस्नेत र २३ वर्षीय पूर्णबहादुर लिम्बूले आपसी विवादमा कुटपिट गरी घाइते बनाए। स्थानीय स्वास्थ्य संस्थामा उपचार हुन नसकेपछि चैत्र १५ गतेदेखि १८ गतेसम्म जिल्ला अस्पतालमा पीडितको उपचार भयो। पीडकहरूलाई प्रहरीले घटना भएको भोलिपल्ट नै गिरफ्तार गऱ्यो। पीडित घरमा भएको किराना पसलमा किनमेल गर्न पुगेका आरोपितहरूले अपशब्द बोलेको सुनेर पीडितका बुबा गजेन्द्र बस्नेतले त्यस्तो नबोल्न आग्रह गरेपछि वाईसीएल कार्यकर्ताले बुबालाई हातपात गर्दा बालिकाले छुट्याउँन जाँदा आरोपितले उनलाई कुटपिट गरी घाइते बनाएका थिए। आरोपितहरूलाई सिम्ले प्रहरी चौकीले चैत्र २० गतेसम्म राखी उपचारमा भएको खर्च तिर्न लगाएर रिहा गऱ्यो।

अभिव्यक्ति, भेला हुने र संगठित हुने अधिकार

(राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

सोल्मा गाविस-५ घर भई म्याङलुङ गाविस-१ मा डेरा गरी बस्ने पत्रकार २८ वर्षीय मनोज लिम्बूलाई ०६९ जेठ १० गते दिउँसो जिरीखिम्ती बजारमा लिम्बूवान् कार्यकर्ताले बन्दका दिन मोटरसाइकल चलाएर अवज्ञा गरेको आरोपमा आवतजावतमा रोक लगाए।

मञ्चसम्बद्ध सङ्घीय लिम्बूवान् राज्यपरिषद्का कार्यकर्ताहरू आम्बुङ गाविसका २५ वर्षीय भीमबहादुर खापुङ, इशिबू गाविस-३ का सेसेहाङ हुक्पा चोङवाङ, जल्जले गाविस-४ का २५ वर्षीय ओमबहादुर सिघक र श्रीजुङ् गाविस-१ का २२ वर्षीय लीलाकुमार लिम्बूलाई ०६९ जेठ ६ गते लिम्बूवानले

निकालको मसाल जुलुसमा प्रहरीले लाठीचार्ज गरी घाइते बनायो। घाइतेहरुको ०६९ जेठ ८ गतेसम्म जिल्ला अस्पतालमा उपचार भएको थियो। घाइते भएका भीमबहादुर लिम्बू र सेसेहाङ चोडवाङको टाउकोमा चोट लागेको थियो। परिषद्द्वारा आह्वान् तीनदिने मेची-कोसी बन्दको अघिल्लो दिन निकालेको मसालजुलुसमा प्रहरीले हस्तक्षेप गरेको थियो।

सुगम र निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालत

०६८ साउनदेखि ०६९ असार मसान्तसम्म

एक जना मात्र न्यायाधीश रहेको यस जिल्ला अदालतको फौजदारी मुद्दातर्फ ४९ थान मध्ये ३९ थान फैसला भए भने १० थान फैसला हुन बाँकी रहे। देवानी मुद्दातर्फ ७५ थान मध्ये ५५ थान फैसला भए भने २० थान फैसला हुन बाँकी रहे।

०६९ साउनदेखि पुस १५ सम्म

एक जनामात्र न्यायाधीश रहेको यस जिल्ला अदालतको फौजदारी मुद्दातर्फ ३१ थान फैसला भए भने आठ थान फैसला हुन बाँकी रहे। देवानी मुद्दातर्फ ४१ थान फैसला भए भने १९ थान फैसला हुन बाँकी रहे। दुई वर्ष नाघेका फौजदारी र देवानी मुद्दा सङ्ख्या कुनै पनि छैन।

जिल्ला सरकारी वकिलको कार्यालयबाट ०६८ साउनदेखि ०६९ असार मसान्तसम्म दायर मुद्दाको सङ्ख्या १७ जसमध्ये ९ सफल भए भने दुई थान असफल भएको छ। सरकारी वकिल सङ्ख्या एक रहेको यस जिल्ला कार्यालयबाट दायर मुद्दामध्ये ०६९ असार मसान्तसम्म पाँच थान मुद्दा बाँकी रहेको सरकारी वकिलको कार्यालयले जनायो।

दायर मुद्दामध्ये कर्तव्य ज्यानसम्बन्धी मुद्दा तीन थानमध्ये दुई थान सफल र एक थान असफल रह्यो।

जिल्ला सरकारी वकिलको कार्यालय

०६९ साउनदेखि ०६९ पुससम्म दायर मुद्दाको सङ्ख्या ११ थान छ जसमध्ये तीन थान सफल भएको छ। सरकारी वकिल सङ्ख्या एक थान रहेको यस जिल्ला कार्यालयबाट दायर मुद्दामध्ये ०६९ असार मसान्तसम्म आठ थान मुद्दा बाँकी रहेको सरकारी वकिलको कार्यालयले जनायो।

वाईसीएलको कुटपिटबाट घाइते भएकी विपना बस्नेत

यातना तथा अन्य क्रूर, अमानवीय र अपमानजनक व्यवहार वा दण्ड

जल्जले गाविस-७ का २१ वर्षीय रमेश निरौलालाई ०६९ जेष्ठ २ गते सिम्ले गाविस-७ की २९ वर्षीया जमुना बर्देवाको मोबाइल फोन सेट चोरी गरेको आरोपमा प्रहरीले म्याङ्लुङ् बजारबाट गिरफ्तार गरेर भुईंमा सुताएर बुटले छाती र पेटमा तथा फलामको रडले टाउकोमा प्रहार गरी यातना दिए। पीडित निरौला १२ कक्षाको परीक्षा दिन ०६९ वैशाख १५ जिल्ला सदरमुकाम म्याङ्लुङ पुगेका थिए। पीडितको जिल्ला अस्पतालमा ०६९ जेठ ५ गते उपचार भयो। प्रहरीले पीडितलाई गम्भीर किसिमको यातना नदिई डर देखाउनका लागि मात्र कुटपिट गरेको बतायो। प्रहरीले साप्ताहिक तारेख दिएर ०६९ जेठ १८ गते पीडितलाई रिहा गऱ्यो।

बालअधिकार

शिक्षाको अवस्था

यस जिल्लाका विद्यालय जाने उमेरका ४० हजार मध्ये छात्र १९ हजार र छात्रा २१ हजार प्राथमिक तहदेखि माबि तहसम्म भर्ना भए। यसमध्ये दलित छात्रा ४ हजार र छात्र ४ हजार ५ सय रहेका छन्। निजी विद्यालय १२ वटामा १ हजार ४ सय ५३ छात्रा र १ हजार ३ सय १ गरी कुल २ हजार ७ सय ५४ जना विद्यार्थी रहेका छन्।

यस जिल्ला शिक्षा कार्यालयले शिक्षासम्बन्धी सबै तथ्याङ्क अद्यावधिक गरिएको पाइएन।

यस जिल्लामा हाल १५६ वटा प्राथमिक विद्यालय ४३ वटा निम्न माध्यमिक विद्यालय र माबि उमाबि ४२ वटा र क्याम्पस १ सरकारी र ३ वटा निजी रहेका छन्। सबै शैक्षिक संस्थामा रहेका विद्यार्थी संख्या ४० हजार रहेको पाईन्छ।

विभिन्न राजनीतिक दल र तिनका भातृ सङ्गठनले गरेको बन्दले यस वर्ष १६ दिन पूर्णरूपले शैक्षिक संस्था बन्द हुँदा बालबालिका शिक्षाको अवसरबाट वञ्चित भए। सरकारी विद्यालयहरूमा विद्यालय व्यवस्थापन समितिको निर्वाचन विवाद र शिक्षक न्युक्तिको कारणपानि पटकपटक विद्यालयहरू बन्द भएको पाइएको छ।

बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

एक १५ वर्षीया बालिकालाई ०६९ भदौ १० गते राति श्रीजुङ गाविस-६ निवासी शिक्षक ४० वर्षीय इन्द्रप्रसाद दाहालले बलात्कार गरेको आरोपमा पीडितले जिल्ला प्रहरी कार्यालयमा ०६९ भदौ १४ गते उजुरी दिइन्।

एक १५ वर्षीया बालिकालाई ०६९ कात्तिक १५ गते जिरीखिम्ती गाविस-९ का १९ वर्षीय किशोरकुमार बर्देवा दमाईले सुङनाम गाविस-८ तिनजुरेको जङ्गलमा घुमाउन लैजाने बहानामा बलात्कार गरेको आरोपमा पीडितपक्षले जिल्ला प्रहरी कार्यालयमा ०६९ कात्तिक १७ गते उजुरी दियो। पीडितको वीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान धरानमा ०६९ कातिक १६ गते उपचार भयो। प्रहरीले कात्तिक १७ गते आरोपितलाई गिरफ्तार गऱ्यो। आरोपित जिल्ला अदालतको आदेशमा ०६९ कात्तिक २७ गतेदेखि पुर्पक्षका लागि कारागारमा थुनामा छन्।

मञ्च सम्बद्ध सङ्घीय लिम्बूवान राज्य परिषदका कार्यकर्तांको कुटपिटबाट घाइते भएका गङ्गाप्रसाद रिजाल

महिलाविरुद्ध हुने सबै प्रकारको भेदभाव, दुर्व्यवहार

परिवारजनबाट हत्या

पिप्ले गाविस-२ बस्ने २९ वर्षीया मुनादेवी निरौला दाहाललाई ०६९ साउन १२ गते बिहान उनका पति ३२ वर्षीय टङ्कप्रसाद निरौलाले घरायसी विवादमा टाउको र घाँटीमा बञ्चरो प्रहार गरी गम्भीर घाइते बनाए। घाइतेको उपचार जिल्ला अस्पताल हुन नसकेर विराटनगरस्थित लाईफगार्ड अस्पतालमा उपचारकाक्रममा ०६९ साउन १३ गते मृत्यु भयो। आरोपितलाई साउन १२ गते प्रहरीले गिरफ्तार गऱ्यो। आरोपित ३० गतेदेखि पुर्पक्षका लागि थुनामा छन्।

सम्दू गाविस-३ का ४३ वर्षीया भीमकुमारी लिम्बूलाई ०६९ वैशाख १२ गते सौतेने छोरा २३ वर्षीय विवेककुमार लिम्बूले घरायसी विवादमा चिरुवा दाउराले टाउकोमा प्रहार गरी हत्या गरे। लासको ०६९ वैशाख १३ गते जिल्ला अस्पतालमा पोस्टमार्टम भयो। लासको परिवारले दाहसंस्कार गरे। आरोपितलाई ०६९ वैशाख ३० गते सुनसरीको धरानबाट प्रहरीले गिरफ्तार गऱ्यो। आरोपित जिल्ला अदालतको आदेशमा जेठ १२ गतेदेखि पुर्पक्षका लागि जिल्ला कारागारमा थुनामा रहेका छन्।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

यस जिल्लामा हाल ज्येष्ठ नागरिक ७ हजार ५ सय ३७ जनाले स्थानीय निकायबाट जेष्ठ नागरिक सुरक्षा भत्ता लिइरहेका छन्। जिल्लामा १हजार २ सय ४१ जना एकल महिला र १ सय ५० जना अपाङ्गले समेत सामाजिक सुरक्षा भत्ता लिईरहेका छन्।

संरचना, सम्पति क्षति

मञ्च सम्बद्ध सङ्घीय लिम्बूवान् राज्य परिषद्बाट

विराटनगर उपमहानगरपलिका घर भई हाल म्याङलुङ गाविस-६ विटारमा काठ उद्योग सञ्चालन गर्ने ४० वर्षीय मनोज खड्का र ३५ वर्षीय लेखु आर्चायलाई ०६९ जेठ १० गते दिउँसो आदिवासी जनजाति महासङ्घले गरेको बन्दमा उद्योग सञ्चालन गरेको आरोपमा मञ्चसम्बद्ध सङ्घीय लिम्बूवान् राज्य परिषद्का १० जनाको सङ्ख्यामा आएका मञ्च सम्बद्ध सङ्घीय लिम्बूवान् राज्य परिषद्का कार्यकर्ताहरूले उद्योग तोडफोड गरी सञ्चालकलाई आक्रमणसमेत गर्ने धम्की दिए। मञ्चका कार्यकर्ताले ०६९ वैशाख २८ गते काठको उद्योगमा गएर आन्दोलन सहयोगका लागि २५ हजार रुपियाँ चन्दा मागेका थिए। सञ्चालकहरूले मोटो रकम चन्दा दिन नसक्ने जानकारी दिएका थिए। रकम नदिएका कारण लिम्बूवान् कार्यकर्ताले जिल्ला सदरमुकाम भन्दा दुई किलोमिटर टाढा रहेको उद्योगमा गएर तोडफोड गरेका थिए। तोडफोडका कारण १ लाख रुपियाँ बराबरको क्षति भएको थियो।

स्वास्थ्य सेवाको अवस्था

अस्पताल	१		
स्वास्थ्यचौकी	१५		
उपस्वास्थ्यचौकी	२०		
पद	**दरबन्दी**	**कार्यरत**	**रिक्त**
डाक्टर	४	४	
स्टाफ नर्स	४	२	२
ल्याब असिस्टेन्ट	१	१	
अहेब	५०	४७	३
अनमी	३८	३८	
खोप सुपरभाइजर	१	१	
क्षयरोग/कुष्ठरोग सुपरभाइजर	१	१	
हेल्थ असिस्टेन्ट	२३	१४	९

जिल्ला प्रहरी कार्यालय

जिल्ला प्रहरी कार्यालयमा ०६८ पुस १७ गतेदेखि ०६९ पुस १६ गतेसम्म बलात्कार दुई, घरेलु हिंसा छ, महिला ओसार पसार तथा जीउमास्ने बेच्ने एक, कर्तव्यज्यान चार, ज्यानमार्ने उद्योग तीन, आत्महत्या आठ, बहुविवाह दुई, मार्नेधम्कीका एक ओटा दर्ता भए।

१.९ भोजपुर

जिल्ला सदरमुकाम: भोजपुर
क्षेत्रफल (वर्ग कि. मि.): १,५०७.००
घरधुरी सङ्ख्या: ३५,४१५
जम्मा जनसङ्ख्या: १,८२,४५५
पुरुष: ८६,०५३
महिला: ९६,४०६
अपाङ्ग सङ्ख्या: ४,६१८
गाविस/नपा सङ्ख्या: ६२/१
पुरुष साक्षरता सङ्ख्या: ६२,९२४
महिला साक्षरता सङ्ख्या: ५६,०००
हिन्दू धर्मावलम्बी प्रतिशत: ५३.३३
बौद्ध धर्मावलम्बी प्रतिशत: १४.१७
इस्लाम धर्मावलम्बी प्रतिशत: ०.०१
किराँत धर्मावलम्बी प्रतिशत: ३१.५१
क्रिश्चियन धर्मावलम्बी प्रतिशत: ०.५४
प्रकृति धर्मावलम्बी प्रतिशत: ०.१८
शिख धर्मावलम्बी प्रतिशत: ०.००१
अन्य धर्मावलम्बी प्रतिशत: ०.२४६
प्रतिपरिवार सरदर सङ्ख्या: ४.६३

नागरिक तथा राजनीतिक अधिकार

सम्मानित रूपले बाँच्ने अधिकार

हत्या

अज्ञात समूहबाट

खार्तामछा गाविस-१ चाम्लादाका स्थानीय तीनजनाको ०६८ चैत ६ गते अज्ञात समूहले हत्या गऱ्यो। ०६८ चैत ६ गते राति खाना खाएर सुतेकी ३५ वर्षीय पासाङ लामू शेर्पा, उनका तीन वर्षीय छोरा तेन्जी शेर्पा र स्थानीयबासी लाक्पा शेर्पाका नौ वर्षीय छोरा आङछिरिङ शेर्पाको मकै पिस्ने जाँतो र बञ्चरोको पासो प्रहार गरी सामूहिक हत्या भएको थियो। राति

घटनाको प्रकार	राज्यपक्षबाट		गैरराज्यपक्षबाट		
	पुरुष	जम्मा	महिला	पुरुष	जम्मा
घाइते				१	१
बालअधिकार			८		८
आर्थिक/सामाजिक/साँस्कृतिक अधिकार				३	३
महिलाअधिकार			४		४
गिरफ्तारी/यातना	१	१			
कुटपिट	५	५	१	१	३
हत्या			१	६	७
जम्मा	६	६	१४	१०	२४

खाना खाएर सुतेका तीनैजना ०६८ चैत ७ गते विहान अबेरसम्म नउठेपछि स्थानीय बासिन्दाले घरको ढोका खोलेर हेर्दा रक्ताम्य अवस्थामा तीनैजनाको लास फेला पारेका थिए। हत्याका आरोपितका बारेमा कुनै जानकारी प्राप्त नभएको जिल्ला प्रहरी कार्यालयका डिएसपी युवनारायण वैद्यले बताए। दुई वर्ष अघिदेखि वैदेशिक रोजगारीमा साउदी अरेबियामा रहेका मृतक पासाङलामुका पति पेमनुरु शेर्पा घटनापछि घर फर्किसकेका छन्।मृतकमध्ये आङछिरिङको लास भुइँतलामा रहेको खाटमा भेटिएको थियो भने आमा छोरा दुवैको लास भुइँतलाको मझेरीमा रक्ताम्य अवस्थामा भेटिएको स्थानीय बासिन्दाले बताए। मृतक तीनै जनाको लास ०६८ चैत ८ गते जिल्ला अस्पतालमा पोस्टमार्टम गरियो। घटनामा संलग्न आरोपितको खोजी कार्यलाई तीव्र पारिए पनि यस वर्षको अन्त्यसम्म कसैलाई गिरफ्तार गर्न नसकिएको डिएसपी वैद्यले बताए।

गोली/विस्फोटक पदार्थद्वारा घाइते

अन्यबाट

छिनामखू गाविस-९ का ४८ वर्षीय लोकबहादुर गुरुङ ०६९ भदौ २३ गते साँझ अज्ञात व्यक्तिले भरुवा बन्दुकबाट प्रहार गरेको गोली तिघ्रामा लागेर गम्भीर घाइते भए। घरनजिकैको जङ्गलमा हिंडिरहेको अवस्थामा पीडितको तिघ्रामा लागेको गोली छिनामखू स्वास्थ्य चौकीमा निकालियो। गोली लागेर घाइते पीडितको जिल्ला अस्पताल भोजपुरमा उपचार भएको थियो। गोली प्रहारमा संलग्न आरोपितको खोजी गरिए पनि यस वर्षको अन्त्यसम्म कोही गिरफ्तार नभएको जिल्ला प्रहरी कार्यालय भोजपुरका सई लक्ष्मीकुमार थापाले बताए। पीडितले घटनामा संलग्न व्यक्ति नचिनेको जनाउँदै कारबाहीका लागि प्रहरीमा उजुरी दिएनन्।

जेल र बन्दीहरू

'ख' श्रेणीको २५ जना क्षमताको जिल्ला कारागार कार्यालय भोजपुरमा ०६९ पुस ५ गतेसम्म कैद तोकिएका ६६ जना पुरुष र ६ जना महिला छन् भने कैद नतोकिएका २४ जना पुरुष र एकजना महिलासहित जम्मा ९७ जना बन्दीहरू रहेका छन्। जिल्ला कारागार कार्यालय भोजपुरमा आश्रित बालबालिका छैनन्। जिल्ला कारागार कार्यालय भोजपुरमा कैदीको सङ्ख्या क्षमताभन्दा चौबर नाघेपछि उनीहरूको दैनिकी कष्टकर बनेको छ। जीर्ण बनेको जिल्ला कारागारमा क्षमताभन्दा बढी कैदी राखिँदा आधारभूत मानवीय पूर्वाधार पूरा गर्न समेत कठिनाइ भएको छ। पुरुष कैदीहरूको सङ्ख्या क्षमताभन्दा तेब्बर बढी भएकाले कैदीहरू भुई, भान्सा कोठा र त्रिपालमुनि सुत्ने गरेका छन्।

जिल्ला कारागार कार्यालयमा एकजना अहेवको दरबन्दी रहे पनि सो दरबन्दीमा सरकारले हालसम्म कर्मचारी पठाएको छैन। कैदी बन्दी विरामी हुँदा जिल्ला अस्पतालमा लगेर उपचार गर्ने व्यवस्था मिलाइएको जेलर प्रदीप सापकोटाले बताए।

धम्की/कुटपिट

राज्यपक्षबाट

खाटम्मा गाविस-६ का मकरबहादुर तामाङलाई ०६९ असार ५ गते दोभाने प्रहरी चौकी प्रहरीले पारिवारिक विवादमा नियन्त्रणमा लिएर शारीरिक यातना दिएर हात भाँचिदिए। दोभाने प्रहरी चौकीबाट हवल्दार राजन माझीको नेतृत्वमा खाटम्मा पुगेका प्रहरीले पीडितलाई नियन्त्रण लिएर शारीरिक यातना दिने क्रममा देब्रे हात भाँचिएको थियो। पीडितको खाटम्मा स्वास्थ्य चौकीमा उपचार हुन नसकेपछि स्थानीय बासिन्दाले २ हजार ८ सय रुपियाँ उठाएर उपचारका लागि सङ्खुवासभाको खाँदबारी पठाए। खाँदबारी अस्पतालमा एक्सरे गरेपछि सो अस्पतालले सुविधायुक्त अस्पतालमा उपचारका लागि रिफर गऱ्यो।

आफूसँग खर्च नभएकाले बाहिर उपचार गराउन नसक्ने पीडितले बताए।आपसी विवादका क्रममा पीडितका छिमेकी फुर्वा तामाङले झिकाएपछि प्रहरी चौकी दोभानेबाट गएका प्रहरीले नियन्त्रणमा लिएर स्थानीय बासिन्दाकै सामुन्ने गम्भीर घाइते हुने गरी शारीरिक यातना दिएका थिए। हवल्दार राजेश माझीको कमाण्डमा पुगेका प्रहरीले गाउँलेकै अगाडि मकरबहादुरलाई यातना दिएको पीडितका छिमेकी शुक्रबहादुर तामाङले बताए। पीडितलाई कुटपिटमा संलग्न चार जना प्रहरीले सुरुमा लछारपछार गरेर बुटले हानी बेहोस बनाएका थिए। घटनाबारे कसैलाई भनेमा प्रहरीले जेल हाल्ने धम्की दिएको पीडित तामाङले बताए। आफूसँग रहेको १ हजार ५ सय रुपियाँ पनि सञ्चित कोषमा जम्मा गर्ने भनेर प्रहरीले हिरासतमा हुँदा नै लगेको पीडितले बताए। प्रहरीले यातना दिने क्रममा छुट्याउन आएकी उनकी पत्नी इन्द्रमाया तामाङलाई पनि कुटपिट गरेका थिए। डीएसपी युवनारायण वैद्यले दोभाने प्रहरी चौकीका इन्चार्जलाई आफूले घटनाबारे सोध्दा खाटम्मामा कसैलाई यातना नदिएको स्पष्टीकरण दिएको बताए। प्रहरीले यातना दिएको पुष्टि भए दोषीमाथि कारवाही गर्ने डिएसपी वैद्यले बताए पनि प्रहरीले कारबाहीबारे कुनै विवरण खुलाएन।

सुगम र निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालत भोजपुर

०६८ साउनदेखि ०६९ असार मसान्तसम्म

एकजना न्यायाधीश रहेको यस जिल्ला अदालतको फौजदारी मुद्दातर्फ १ सय ३ थान मध्ये ५६ थान फैसला भए भने ४७ थान फैसला हुन बाँकी रहे। देवानी मुद्दातर्फ ६२ थान मध्ये २८ थान फैसला भए भने ३४ थान फैसला हुन बाँकी रहे।

०६९ साउनदेखि पुस १५ सम्म

एक जनामात्र न्यायाधीश रहेको यस जिल्ला अदालतको फौजदारी मुद्दातर्फ ८३ थान मध्ये ४४ थान फैसला भए भने ३९ थान फैसला हुन बाँकी रहे। देवानी मुद्दातर्फ ४९ थान मध्ये २१ थान फैसला भए भने २८ थान फैसला हुन बाँकी रहे। दुई वर्ष नाघेका फौजदारी मुद्दा ३ थान र देवानी मुद्दा १ थान रहे।

जिल्ला सरकारी वकिलको कार्यालय

जिल्ला सरकारी वकिलको कार्यालयबाट ०६८ साउनदेखि ०६९ असार मसान्तसम्म दायर मुद्दाको सङ्ख्या ४५ थान छ। जसमध्ये ३६ वटा सफल भए भने सात थान असफल भए। सरकारी वकिल सङ्ख्या एक जना रहेको यस जिल्ला कार्यालयबाट दायर मुद्दामध्ये ०६९ असार मसान्तसम्म ४२ थान मुद्दा बाँकी रहेको सरकारी वकिलको कार्यालयले जनायो।

दायर मुद्दामध्ये कर्तव्य ज्यानसम्बन्धी मुद्दा पाँच थान मध्ये चार थान सफल र एक थान असफल रह्यो। बलात्कारसम्बन्धी मुद्दा तीन थान मध्ये तीन थान सफल रह्यो। बहुविवाहसम्बन्धी मुद्दा एक थान मध्ये एक थान सफल रह्यो।

उजुरी अस्वीकार

खार्तामछ्या गाविस-१ चाम्लादाकी ३१ वर्षीया पासाङल्हामु शेर्पासहित तीनजनाको हत्यामा संलग्न भएको भन्दै उनकी आमा दावाडोमा शेर्पाले सोही स्थानका दुई जनाविरुद्ध ०६८ वैशाख १३ गते जिल्ला प्रहरी कार्यालय भोजपुरमा किटानी जाहेरी दिन जाँदा प्रहरीले दर्ता गर्न अस्वीकार गऱ्यो। घटनाको अनुसन्धान भइरहेकाले अनुसन्धान प्रभावित हुने जनाउँदै प्रहरीले जाहेरी दर्ता गर्न नमानेको पीडित पक्षले बतायो। जाहेरी दर्ता गर्न अस्वीकार गरेपछि पीडितपक्षले हत्यामा संलग्न व्यक्तिहरूसँग प्रहरीको मिलेमतो रहेको आरोप लगाए ०६८ चैत ६ गते राति सामूहिक हत्या गरिएका पासाङ ल्हामू, उनका तीन वर्षीय छोरा तेन्जी शेर्पा र स्थानीय लाक्पा शेर्पाका छोरा नौ वर्षीय आडछिरिङ, मृतक पासाङ ल्हामूकी आमा दावाडोमाले प्रहरीले जाहेरी लिन नमानेको बारे आफूलाई कुनै जवाफ नदिएको बताइन्। हत्यामा संलग्नहरूको खोजी कार्यलाई तीव्र पारेपछि चाँडै हत्यामा संलग्नको नजिक पुग्न लागेको जनाउँदै अनुसन्धान प्रभावित हुने भएकाले जाहेरी दर्ता नगरेको जिल्ला प्रहरी कार्यालय भोजपुरका डिएसपी युवनारायण वैद्यले बताए।

यातना तथा अन्य क्रूर, अमानवीय र अपमानजनक व्यवहार वा दण्ड

खार्तम्छा गाविस-१ का ४० वर्षीय लाक्पा शेर्पालाई ०६८ चैत २८ गते तीनजनाको हत्याको आरोपमा गिरफ्तार गरी जिल्ला प्रहरी कार्यालय भोजपुरको हिरासतमा राखेर प्रहरीले शारीरिक यातना दियो।

खार्तामछ्या गाविस-१ चाम्लादा का ३५ वर्षीय पासाङ लामू शेर्पा, उनका तीन वर्षीय छोरा तेन्जी शेर्पा

र आफ्नै नौ वर्षीय छोरा आङछिरिङसहित तीनजनाको ०६८ चैत ६ गते हत्या गरेको भन्दै गिरफ्तार शेर्पालाई प्रहरीले हिरासतमा राखेर शारीरिक यातना दिएको उनकी पत्नी दाबाडोमाले बताइन्।प्रहरीले पहिलोपटक लाक्पालाई ०६८ चैत ८ गते हिरासतमा राखेर रिहा गरेको थियो। त्यसपछि दोस्रो पटक आरोपितलाई प्रहरीले हिरासतमा राखेर शारीरिक यातना दिएको थियो। पीडितलाई प्रहरीले हिरासतभित्र र हिरासत बाहिर निकालेर यातना दिएको बताए। तीनैजनाको हत्यामा लाक्पा संलग्न भन्दै हिरासतमा राखेपछि लाक्पालाई प्रहरीले तिघ्रा, ढाड, हात र शरीरका अन्य अङ्गमा कुटपिट गरी यातना दिएको थियो। एकीकृत माओवादीका जिल्ला सदस्य मादेन किराँतीले पीडितहरूलाई प्रहरीले यातना दिएको कुरा कसैलाई नभन्न भनेर धम्क्याएको बताए। पीडितले घटनाबारे राज्यका अन्य कुनै निकायमा उजुरी दिएनन्। डिएसपी युवनारायण वैद्यले घटनाबारे अनुसन्धान जारी रहेकाले कुनै विवरण सार्वजनिक गर्न नमिल्ने र कसैलाई पनि यातना नदिएको पनि बताए।

बोखिम गाविस-४ का उत्तरधन राई र सोही गाविस-८ का ध्रुवकुमार तामाङलाई ०६९ जेठ ८ गते अस्थायी प्रहरी चौकी सुन्तलेमा कार्यरत महिला प्रहरी जवान रञ्जिता चौधरीलाई दुर्व्यवहार गरेको आरोपमा सोही चौकीमा कार्यरत पाँचजना प्रहरीले नियन्त्रणमा लिएर मरणासन्न हुने गरी शारीरिक यातना दिए। गर्भवती महिला प्रहरीमाथि मादकपदार्थ सेवन गरेका दुवैजनाले शारीरिक दुर्व्यवहार गरेपछि आक्रोशमा आएर प्रहरीले कुटपिट गरेको स्थानीय प्रत्यक्षदर्शीले बताए।

सुन्तले प्रहरी चौकीमा प्रहरी जवानहरू हेमचन्द्र राई, घनेन्द्र रोका, रुपधन राई र भगवानलाल माझीले आरोपितद्वयलाई नियन्त्रणमा लिएर मरणासन्न हुनेगरी शारीरिक यातना दिएका थिए। पीडित दुवैलाई प्रहरीले सामूहिकरूपमा आग्लो, मुढा, बुट र लात्तीले मरणासन्न हुनेगरी शरीरका विभिन्न भागमा कुटपिट गरेका थिए। जिल्ला प्रहरी कार्यालयबाट गएको टोलीले पनि सोही दिन दुवैजनालाई हत्कडी लगाएपछि प्रहरी चौकीमै शारीरिक यातना दिएको थियो।दुवैको अनुहार, टाउको, गाला र शरीरमा चोट लागेको थियो। उनीहरूको उपचार भएन। हिरासतमा हुँदा आफन्तलाई भेट्न समेत दिइएन। मानवअधिकारकर्मीको पहलमा पीडितहरूसँग उनीहरूका आफन्तले भेटघाट गरेको पीडित ध्रुवकुमारकी पत्नी सुधालक्ष्मीले बताइन्। पीडितपक्षले यातना दिने प्रहरीविरुद्ध कारबाही माग गर्दै राष्ट्रिय मानवअधिकार आयोग, स्थानीय राजनीतिक दल र इन्सेक भोजपुरमा निवेदन दियो। जिल्ला प्रहरी कार्यालय भोजपुरका डिएसपी युवनारायण वैद्यले महिला प्रहरीमाथि दुर्व्यवहार गरेकाले दुवैजनामाथि सार्वजनिक अपराध ऐनअन्तर्गत मुद्दा चलाइएको बताए। उनले हिरासतमा रहेकालाई अस्पताल नलगे पनि हिरासतमै उपचार गरेको बताएका थिए। पीडितपक्षले भने प्रहरीको शारीरिक यातनाबाट दुवैको अवस्था गम्भीर रहेकाले तत्काल अस्पताल भर्ना गरेर उपचार गर्न माग गरे। उत्तरधनकी पत्नी शकुन्तलाले पतिको अवस्थाबारे बुझ्न खोज्दा प्रहरीले धम्क्याएर भेट्न नदिएको बताइन्।

प्रहरीद्वारा गिरफ्तार गरी शारीरिक यातना दिइएका मकरबहादुर तामाङ

बालअधिकार

शिक्षाको अवस्था

यस जिल्लाका विद्यालय जाने उमेरका ६० हजार तीन सय १७मध्ये छात्र २९ हजार ६ सय १४ जना र छात्रा ३० हजार ३ सय ५७ जना प्राथमिक तहदेखि माबि तहसम्म भर्ना भए। यसमध्ये दलित छात्र एक हजार ९ सय ९९ जना र छात्रा २ हजार १ सय ७ जना रहेका छन्। सरकारी र सामुदायिक विद्यालय गरी प्राबि तहमा महिला ३ सय ४६ जना र पुरुष ७ सय १६ जना गरी जम्मा १ हजार ६२ जना शिक्षक कार्यरत रहेका छन्। निमाबि तहमा महिला १८ जना र पुरुष १ सय ९३ जना गरी जम्मा २ सय ११ जना शिक्षक कार्यरत रहेका छन्। यसैगरी माबि तहमा महिला ३ जना र पुरुष १ सय ५१ गरीजम्मा एक सय ५४ जना शिक्षक रहेका छन्।

बालविकास केन्द्रमा बालक २ हजार ९ सय १५ जना र बालिका २ हजार ६ सय ७ जना गरी जम्मा ५ हजार ५ सय २२ जना रहेका छन् जसमध्ये दलित बालक ३ हजार ८ सय ३२ जना र बालिका ४ हजार ८५ जना छन्। त्यसैगरी यस जिल्लामा विद्यालय छाड्ने विद्यार्थीको संख्या १० हजार ८ सय २४ जना रहेका छन्। यस जिल्ला

शिक्षा कार्यालयले शिक्षासम्बन्धी सबै तथ्याङ्क अद्यावधिक गरिएको पाइएन।

बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

एक १६ वर्षीया बालिकालाई ०६९ साउन १९ गते दिउँसो प्याउली गाविस-७ का ३५ वर्षीय उमेशप्रसाद तिम्सिनाले पीडितको घरैमा बलात्कार गरेको आरोपमा पीडितपक्षले ०६९ साउन २१ गते जिल्ला प्रहरी कार्यालय भोजपुरमा किटानी जाहेरी दियो। खड्कालाई प्रहरीले ०६९ साउन २१ गते गिरफ्तार गऱ्यो। बालिकाको स्थानीय स्वास्थ्य संस्थामा उपचारपछि भोजपुर अस्पतालमा स्वास्थ्य परीक्षण र थप उपचार भएको थियो। आरोपित जिल्ला अदालतको आदेशबमोजिम ०६९ भदौ ६ गतेदेखि जिल्ला कारागारमा थुनामा छन्।

एक पाँच वर्षीया बालिकालाई ०६९ कात्तिक २८ गते पात्लेपानी गाविस-३ १८ वर्षीय आनन्द राईले बलात्कार गरेको आरोपमा राईलाई इलाका प्रहरी कार्यालय घोडेटारले ०६९ कात्तिक २९ गते गाउँबाटै गिरफ्तार गरी जिल्ला प्रहरी कार्यालय भोजपुरमा पठायो । पीडितलाई कात्तिक ३० गते भोजपुर अस्पतालमा भर्ना गरियो। बालिकाको भोजपुर अस्पतालमा उपचार हुन नसकेपछि थप उपचारका लागि ०६९ मङ्सिर १ गते वीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान धरानमा भर्ना गरियो। आर्थिक अवस्था कमजोर भएकी बालिकाको उपचारका लागि सोल्टी युनाईटेड भोजपुरले १० हजार, जिल्ला प्रहरी कार्यालयले २ हजार, महिला तथा बालबालिका कार्यालयले २ हजार र भोजपुर अस्पतालले २ हजार रुपियाँ आर्थिक सहयोग गरेका थिए। जिल्ला अदालत भोजपुरको आदेशमा ०६९ मङ्सिर २० गतेदेखि आरोपित जिल्ला कारागार भोजपुरमा पुर्पक्षको लागि थुनामा छन्।

एक १० वर्षीया बालिकालाई ०६९ मङ्सिर १ गते पात्लेपानीगाविस-३ की ४५ वर्षीय गोविन्द दर्जीले बलात्कार गरेको आरोपमा पीडितपक्षले ०६९ मङ्सिर २ गते इलाका प्रहरी कार्यालय घोडेटारमा उजुरी दियो। गाउँ नजिकैको जङ्गलमा घाँस काट्न गएकी बालिकालाई मार्ने धम्की दिएर आरोपितले बलात्कार गरेको प्रहरीले जनायो। बालिकालाई प्रहरीले उद्धार गरी जिल्ला अस्पताल भोजपुरमा उपचार गराएको थियो। अरोपितलाई इलाका प्रहरी कार्यालय रानीवासको टोलीले ०६९ मङ्सिर २ गते गिरफ्तार गरी जिल्ला प्रहरी कार्यालयमा पठाएको थियो। जिल्ला अदालत भोजपुरको आदेशमा ०६९ मङ्सिर २० गतेदेखि आरोपित जिल्ला कारागार भोजपुरमा पुर्पक्षका लागि थुनामा छन्। मुद्दाको यस वर्षको अन्त्यसम्म फैसला भएन।

कुलू गाविस-७ की एक १० वर्षीया बालिकालाई ०६९ मङ्सिर २४ गते घरनजिकैको खेतमा बस्तु चराउन गएको बेला मादकपदार्थ सेवन गरेका सोही स्थानका २६ वर्षीय रमेश थापाले बलात्कार गरेको आरोपमा पीडितपक्षले ०६९ मङ्सिर २९ गते इलाका प्रहरी कार्यालय दिङलामा उजुरी दिए। बालिकाको उपस्वास्थ्य चौकी कुलुङमा स्वास्थ्य परीक्षण भयो। घटनाका पीडकविरुद्ध आरोपितलाई प्रहरी चौकी कुलुङको टोलीले ०६९ मङ्सिर २८ गते गाउँबाटै गिरफ्तार गऱ्यो। जिल्ला अदालत भोजपुरको आदेशमा ०६९ पुस १९ गतेदेखि आरोपित जिल्ला कारागार कार्यालय भोजपुरमा पुर्पक्षका लागि थुनामा छन्।

एक १४ वर्षीया बालिकालाई ०६९ भदौ २८ गते सानोदुम्मा गाउँ विकास समिति-७ का ५५ वर्षीय चन्द्रबहादुर थापाले बलात्कार गरेको आरोपमा पीडितपक्षले जिल्ला प्रहरी कार्यालयमा ०६९ असोज २२ गते उजुरी दियो।। बालिकाको जिल्ला अस्पताल भोजपुरमा उपचार भयो। घरैमा बसिरहेकी बालिकालाई पीडकले धम्की दिएर बलात्कार गरेको प्रहरीले जनायो। घटनापछि आरोपितलाई प्रहरी चौकी वास्तिमको टोलीले ०६९ असोज २१ गते गिरफ्तार गरी जिल्ला प्रहरी कार्यालयमा पठाएको थियो। जिल्ला अदालत भोजपुरको आदेशमा ०६९ असोज २९ गतेदेखि आरोपित कारागार भोजपुरमा पुर्पक्षका लागि थुनामा छन्।

एक १४ वर्षीया बालिकालाई ०६८ चैत ९ गते श्यामसिला गाविस-५ का २८ वर्षीय राजकुमार खड्काले राति आफ्नो घरैमा बोलाएर बलात्कार गरेको आरोपमा पीडित पक्षले ०६८ चैत ११ गते जिल्ला प्रहरी कार्यालय भोजपुरमा किटानी जाहेरी दियो। पीडितको स्वास्थ्य परीक्षण तथा थप उपचार भोजपुर अस्पतालमा भएको थियो। प्रहरीले आरोपितलाई ०६८ चैत १२ गते गिरफ्तार गऱ्यो। जिल्ला अदालतको आदेशमा ०६९ वैशाख ६ गतेदेखि आरोपित पुर्पक्षका लागि थुनामा थिए। जिल्ला अदालतलले ०६९ साउन ३१ गते फैसला गर्दै आरोपितलाई ७ वर्ष कैद र ५० हजार रुपियाँ जरिवानाको सजाय सुनायो।

एक १७ वर्षीया बालिकालाई ०६९ वैशाख ३१ गते टक्सार गाविस-८ का १९ वर्षीय रमेश श्रेष्ठले बलात्कार गरेको भन्दै पीडितपक्षले ०६९ जेठ २ गते

जिल्ला प्रहरी कार्यालय भोजपुरमा किटानी जाहेरी दियो। घरैमा बसिरहेकी पीडितलाई परिवारका अन्य सदस्य नभएको समयमा आरोपितले बलात्कार गरेको किटानी जाहेरीमा उल्लेख छ। आरोपितलाई प्रहरीले ०६९ जेठ ५ गते उनको गाउँबाटै गिरफ्तार गऱ्यो। पीडितको जेठ १ गते स्वास्थ्य परीक्षण र उपचार जिल्ला अस्पताल भोजपुरमा भएको थियो। जिल्ला अदालतको आदेशमा ०६९ जेठ २४ गतेदेखि आरोपित जिल्ला कारागार थुनामा छन्।

महिलाविरुद्ध हुने सबै प्रकारको भेदभाव, दुर्व्यवहार

बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

एक ३८ वर्षीया महिलालाई ०६९ जेठ २ गते सिरहा जिल्ला भेडिया गाविस-३ घर भई हिले भञ्ज्याङ सडक खण्डमा मजदुरी गर्ने ४१ वर्षीय सत्यनारायण ठाकुरले पीडितको घरैमा बलात्कार गरेको आरोपमा ०६९ जेठ २ गते जिल्ला प्रहरी कार्यालय भोजपुरमा किटानी जाहेरी दियो। पीडितको जिल्ला अस्पताल भोजपुरमा स्वास्थ्य परीक्षण र उपचार भएको थियो। आरोपितलाई प्रहरीले पीडितपक्षले ०६९ जेठ २ गते बोया गाविसबाटै गिरफ्तार गऱ्यो। आरोपितविरुद्ध जिल्ला प्रहरी कार्यालयले ०६९ जेठ २० गते जिल्ला अदालतमा मुद्दा दायर गऱ्यो। जिल्ला अदालतको आदेशमा ०६९ जेठ २३ गतेदेखि आरोपित पुपर्क्षका लागि जिल्ला कारागार कार्यालयमा थुनामा छन्।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

खाद्यान्न सङ्कट

रानीवास गाविस र मूलपानी गाविसमा रहेका नेपाल खाद्य संस्थानका डिपोहरू पुन:स्थापना नहुँदा जिल्लाको उत्तरी र दक्षिणी क्षेत्रका नागरिक खाद्यान्न उपभोगबाट वञ्चित भइरहेका छन्। सशस्त्र द्वन्द्वका क्रममा माओवादीले आक्रमण गरेपछि भोजपुर सदरमुकाममा विस्थापित दुईवटा डिपोहरू पुन:स्थापना नहुँदा सो क्षेत्रका ३५ भन्दा बढी गाविसका स्थानीय बासिन्दाले सहुलियत दरमा खाद्यान्न उपभोग गर्न पाएका छैनन्। माओवादी कार्यकर्ताले ०५८ सालमा आक्रमण गरी चामल लुटेपछि बन्द भएका दुबै डिपो पुन: सञ्चालन गर्न स्थानीय बासिन्दाले माग गरे पनि सम्बन्धित निकायले चासो नदिएको बताए। खाद्य संस्थानले प्रतिकिलो ३५ रुपियाँ सम्म बिक्री गर्ने चामल उपभोक्ताले ९० रुपियाँ तिरेर स्थानीय व्यापारीसँग किन्ने गरेका छन्। खाद्य संस्थानले दुबै डिपोबाट प्रत्येक वर्ष ५ सय क्वीन्टलभन्दा बढी चामल सहुलियत दरमा बिक्री गर्ने गरेको थियो। खाद्य डिपो सञ्चालनमा नआउँदा खाद्यान्न कम उत्पादन हुने जिल्लाको दक्षिणी क्षेत्रका रानीबास, खैराङ, पात्लेपानी, हसनपुर र पावलासहितका २० वटा बढी गाविसका उपभोक्ताले सुनसरीको चतरा, उदयपुरको बेलटार र धनकुटाको पाखीबासबाट महङ्गो मूल्यमा चामल किन्न बाध्य भए। बन्द भएका खाद्य डिपोहरू पुन:सञ्चालन गर्न विभागमा पत्राचार गरिसकेको जनाउँदै बन्द डिपोहरू चाँडै पुन:स्थापना हुने नेपाल खाद्य संस्थान भोजपुरका प्रमुख गङ्गाप्रसाद साहले बताए।

बन्द/हड्ताल

यस वर्ष विभिन्न राजनीतिक तथा गैरराजनीतिक सङ्गठनहरूले फरक फरक माग गर्दै १७ दिन बन्द आह्वान गरेका थिए। आफूहरूलाई आदिवासी जनजातिमा सूचिकृत गरिनुपर्ने माग गर्दै खसक्षेत्री एकता समाजले फागुन ११ गतेदेखि १३ गतेसम्म तीन दिन, ब्राह्मण समाज नेपालले ०६८ फागुन १९ गते बसको छतबाट झरेर एकजना यात्रु घाइते भएपछि प्रहरीले चालकलाई गिरफ्तार गरेको विरोधमा भोजपुरस्थित यातायात मजदुरले ०६८ चैत २१ गते यातायात बन्द गरे। आदिवासी जनजाति संयुक्त सङ्घर्ष समितिले ०६८ जेठ ७ गतेदेखि अवैज्ञानिक सीमाङ्कनबाट भोजपुरलाई टुक्राउन लागेको विरोधमा भोजपुर बचाऔं सङ्घर्ष समितिले ०६९ जेठ ६ गतेदेखि जेठ १३ गतेसम्म भोजपुरबासीले बन्द गरेका थिए।

संरचना, सम्पत्ति क्षति

एकीकृत माओवादीबाट

दलगाउँ गाविस-१ का चारजना स्थानीय बासिन्दाको करिब ४० रोपनी जग्गामा उत्पादित ३० मुरी धान एकीकृत माओवादीका कार्यकर्ताले ०६९ मङ्सिर १९ गते कब्जामा लिए। फलेको धान उठाउन आएका श्याम सुवेदीले एकीकृत माओवादी कार्यकर्ताले जग्गा पार्टीको कब्जामै रहेको बताएपछि खाली हात फर्कन बाध्य भएको बताए।सशस्त्र द्वन्द्वका समयमा कब्जा गरेको जग्गा फुकुवा गर्न नआएको भन्दै एकीकृत माओवादीको जिल्ला सम्मेलन आयोजक समितिका सदस्य गोपाल तिमल्सेना 'शिशिर शर्मा' को नेतृत्वमा आएका तीनजनाले स्थानीय श्याम सुवेदी, चुडाराज सुवेदी, पुरुषोत्तम सुवेदी र कृष्ण सुवेदीको खेतमा

उत्पादित धान ०६९ मङ्सिर १९ गते कब्जामा लिएका थिए। सशस्त्र द्वन्द्वका समयमा कब्जा गरेर घरको चल सम्पत्ति लुटपाट गरेपछि माओवादी कार्यकर्ताले उनीहरूको घर, खेतबारीसमेत कब्जा गरेको घोषणा गरेका थिए। कब्जा जग्गा फिर्ता माग्दा माओवादीले विभिन्न सर्त राखेर नमानेको पीडित पक्षले जनायो। एकीकृत माओवादीका जिल्ला सम्मेलन आयोजक समितिका सदस्य राजेश खतिवडाले जग्गाधनी कब्जा जग्गा फुकुवाका लागि नआएकाले पार्टीको नियन्त्रणमा रहेको जग्गाको धान उठाइएको बताए। जिल्ला प्रहरी कार्यालय भोजपुरका डिएस्पी युवनारायण वैद्यले धान कब्जा गरेको सम्बन्धमा पीडितपक्षले उजुरी नगरेकाले पीडकपक्षलाई कारबाही गर्न नसकिएको बताए।

वासीथर्पू गाविस-५ स्थित पञ्चकन्या माध्यमिक विद्यालयका शिक्षकहरूको तलब एकीकृत माओवादीका कर्यकर्ताहरूले ०६९ असोज २९ गते वासीथर्पू गाविसकै साइलाम जङ्गलमा लुटपाट गरे। ओखेगाविस-४ निवासी एकीकृत माओवादीका किराँत राज्य समिति सदस्य २८ वर्षीय नकुल राई 'वसन्त' को नेतृत्वमा रहेका सात जनाको समूहले पेस्तोलसहितका हतियार देखाएर शिक्षकबाट रकम लुटपाट गरेको थियो। दशैँ खर्चसहितको ४ लाख ८८ हजार ८९ रुपियाँ लुटिएपछि पीडितपक्षले ०६९ कात्तिक २ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। पीडितपक्षको उजुरीपछि प्रहरीले रकम डकैतीमा संलग्न भएको अभियोगमा इलाम जिल्लाको साडरुम्वा गाविस-२ निवासी एकीकृत माओवादी कार्यकर्ता २१ वर्षीय सन्तोष राई 'विनम' लाई पाँचथर जिल्लाबाट गिरफ्तार गरेको थियो। उनीसहित सातजना एकीकृत माओवादीका कार्यकर्तामाथि डकैतीमा संलग्न भएको अभियोगमा प्रहरीले जिल्ला अदालतमा मुद्दा दायर गरेको थियो। अदालते ०६९ मङ्सिर १९ गते सन्तोषलाई थुनामा पठाउने आदेश दियो। डकैतीमा संलग्न अन्य एकीकृत माओवादीका कार्यकताहरू यूँ गाविस-७निवासी २१ वर्षीय उमेश राई 'गजम', ओखे गाविस-४ निवासी २८ वर्षीय नकुल राई 'वसन्त',वासिखोरा गाविस-५ निवासी२७ वर्षीय जयकुमार राई 'संजोग' सहित छ जना फरार अभियुक्तहरूको खोजी भइरहेको प्रहरीले जनयो। डिएसपी युवनारायण वैद्यले फरार अभियुक्तहरू र डकैती भएको रकम खोजी जारी रहेको बताए। एकीकृत माओवादी जिल्ला सम्मेलन आयोजक समितिका सदस्य टीकाराम प्रधानले रकम डकैतीमा पार्टीको कुनै संलग्नता नरहेको जनाउँदै रकम लुटपाटमा संलग्नहरू घटनापछि पार्टीको सम्पर्कमा नरहेको बताए।

स्वास्थ्य सेवाको अवस्था

जिल्लामा रहेका सरकारी स्वास्थ्य संस्थामा दरबन्दी अनुसारका स्वास्थ्यकर्मी नहुँदा ग्रामीण क्षेत्रका नागरिक अहिले पनि आधारभूत स्वास्थ्य सेवाबाट वञ्चित छन्। जिल्लामा सुविधासम्पन्न अस्पतालको अभावमा गम्भीर किसिमका विरामीलाई उपचारका लागि विराटनगर र काठमाडौं लानुपर्ने बाध्यता अझै पनि विद्यमान छ। सरकारले स्वास्थ्य संस्थामा प्रसुतिलाई प्रोत्साहित गर्न भत्ता दिने व्यवस्था गरे पनि भौगोलिक विकटताले अझै पनि गर्भवती आमा र बच्चाले ज्यान गुमाइरहेका छन्। सुरक्षित प्रसुतिका लागि जिल्ला अस्पताल भोजपुरसँगै निर्माण गरिएको प्रसुतिगृह भवन स्वास्थ्यकर्मीको अभावमा अझै सञ्चालनमा आएको छैन। करिब ६० लाख रुपैँयाँको लागतमा बनेको प्रसुतिगृह सञ्चालनका लागि स्वास्थ्यकर्मी माग गरे पनि सरकारले उपलब्ध गराउन नसकेको जिल्ला स्वास्थ्य कार्यालय प्रमुख डा. नरेन्द्र झाले बताए। आर्थिकरुपमा सबल परिवारले स्वास्थ्य समस्या भएमा तत्कालै हेलिकप्टरबाट सुविधासम्पन्न अस्पतालमा लाने गरेका छन्। तर आर्थिकरुपमा कमजोर परिवारका महिलाले अझै अकालमा ज्यान गुमाउनु परेको छ।

अस्पताल	१		
स्वास्थ्यचौकी	१६		
उपस्वास्थ्यचौकी	४४		
पद	**दरबन्दी**	**कार्यरत**	**रिक्त**
डाक्टर	५	२	३
स्टाफ नर्स	७	४	३
ल्याब असिस्टेन्ट	४	१	३
अहेव	१२८	८९	४९
अनमी	८६	४३	४३
खोप सुपरभाइजर	१	१	
क्षयरोग/कुष्ठरोग सुपरभाइजर	१	१	
हेल्थ असिस्टेन्ट	४	१	३

जिल्ला प्रहरी कार्यालय

जिल्ला प्रहरी कार्यालयमा ०६८ पुस १७ गतेदेखि ०६९ पुस १६ गतेसम्म बलात्कार नौ, बलात्कार प्रयास दुई, महिला ओसारपसार जिउमास्ने बेच्ने एक, कर्तव्यज्यान आठ, ज्यानमार्ने उद्योग एक, आत्महत्या ३२, विस्फोटक पदार्थका एक ओटा मुद्दा दर्ता भए।

१.१० सङ्खुवासभा

जिल्ला सदरमुकाम: खाँदबारी
क्षेत्रफल (वर्ग कि. मि.): ३,४८०
घरधुरी सङ्ख्या: ३४,६२४
जम्मा जनसङ्ख्या: १,५८,७४२
पुरुष: ७५,२२५
महिला: ८३,५१८
अपाङ्ग सङ्ख्या: ४,०५४
गाविस/नपा सङ्ख्या: ३३/१
पुरुष साक्षरता सङ्ख्या: ५४,२३३
महिला साक्षरता सङ्ख्या: ४५,३४७
हिन्दू धर्मावलम्बी प्रतिशत: ४२.७३
बौद्ध धर्मावलम्बी प्रतिशत: १५.२८
इस्लाम धर्मावलम्बी प्रतिशत: ०.०३
किराँत धर्मावलम्बी प्रतिशत: २८.७५
क्रिश्चियन धर्मावलम्बी प्रतिशत: १.४७
प्रकृति धर्मावलम्बी प्रतिशत: ०.११
जैन धर्मावलम्बी प्रतिशत: ०.०४
अन्य धर्मावलम्बी प्रतिशत: ०.२५४
प्रतिपरिवार सरदर सङ्ख्या: ४.५८

जेल र बन्दीहरू

'घ'श्रेणीको यस जिल्ला कारागारको बन्दी क्षमता २५ जनाको रहेको छ। यो वर्षको अन्त्यसम्म कैद तोकिएका ६३ र कैद नतोकिएका २१ जना गरी जम्मा ८४ जना बन्दीहरू रहेका छन्। जसमा ७४ पुरुष र १० महिला छन्। आश्रित बालबालिका छैनन्। यस जिल्ला कारागार भवनको निर्माण २०४३ सालमा भएको हो।

पुरानो जीर्ण रहेको कारागारभित्र कैदीहरू राखिएको छ। नयाँ चारकोठे भवन निर्माण कार्य भइरहेको कारागार प्रशासनले जनाएको छ। कारागारभित्र पत्रपत्रिका, टेलिभिजन र टेलिफोनको सुविधा रहेको कारागारका प्रमुख डम्बर कटुवालले जनाए ।

धम्की/कुटपिट

एकीकृत माओवादीबाट

स्याबून गाविस-३ का २१ वर्षीय सूर्यबहादुर तामाङलाई ०६९ कात्तिक २४ गते एकीकृत माओवादीका कार्यकर्ता जलजला गाविस-६ का २२ वर्षीय धीरज राई, २९ वर्षीय जगत राई, ३८ वर्षीय कृष्ण राई, ४२ वर्षीय कर्ण राई, जलजला गाविस-१ का ४९ वर्षीय गङ्गा तामाङ, जलजला गाविस-५ का ५० वर्षीय चन्द्रबहादुर न्यौपाने र जलजला गाविस-२ का ६० वर्षीय नीमा शेर्पाले ०६९ कात्तिक २४ गते अपहरण गरी खुकुरी प्रहार गर्न खोजे। पीडितले आरोपितविरुद्ध ०६९ मङ्सिर २ गते प्रहरीमा उजुरी दिए। इलाका प्रहरी कार्यालय चैनपुरको आदेशमा जलजला प्रहरी चौकीले ०६९ मङ्सिर ८ गते दुवै पक्ष झिकाई पीडकले गल्ती स्वीकार गरी आउने दिनमा यस्तो नगर्ने सर्तमा मिलापत्र गराइदिए। आफू घरनजिकै घाँस काटन गएका बेला काम छ भनी धीरज, कृष्ण र जगतले बोलाएर नजिकैको जङ्गलमा लगेर खुकुरी निकालेर काट्न खोजेपछि आफू भागेको र फेरि पनि घर घेरा गर्न आएको भनी ज्यानको सुरक्षा र दोषीलाई कारबाहीको माग गर्दै निवेदन दर्ता गराए। एकीकृत नेकपा माओवादीका जिल्लास्तरका नेतासमेत रहेका गङ्गा तामाङ, कर्ण राई र चन्द्रबहादुर न्यौपानेसमेत गरी १२ जनाको समूहले आफूलाई मार्न खोजेको पीडितले बताए। गङ्गा तामाङले पटकपटक मार्ने धम्की दिएपछि आफू भागेर केही दिन चैनपुरमा बसेको पीडितले बताए। मानवअधिकार वर्षपुस्तकको समीक्षा कार्यक्रममा सहभागी एमाओवादी जिल्ला सदस्य राजेन्द्र

घटनाको प्रकार	गैरराज्यपक्षबाट		
	महिला	पुरुष	जम्मा
घाइते		१०	१०
बालअधिकार	१०		१०
आर्थिक/सामाजिक/साँस्कृतिक अधिकार		३	३
महिलाअधिकार	६		६
कुटपिट		१	१
धम्की		१	१
हत्या	३	३	४
जम्मा	१९	१६	३५

थापाले आफ्ना जिल्लास्तरका कार्यकर्ताको निर्देशन मात्र भएको तर धम्की र अपहरण गर्ने स्थानीय युवाहरू रहेको बताएका थिए। एमाओवादीले स्याबून गाविस-५ मा रहेको रामेश्वर श्रेष्ठको अलैँची कब्जा गर्ने क्रममा सूर्यबहादुरले बाधा पुऱ्याउन खोजेकाले धम्की दिइएको थापाले बताए।

सुगम र निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालत

एक जनामात्र न्यायाधीश रहेको यस जिल्ला अदालतको ०६८ साउनदेखि ०६९ असार मसान्तसम्म फौजदारी मुद्दातर्फ १ सय ६६ थान मध्ये १ सय १३ थान फैसला भए भने ५३ थान फैसला हुन बाँकी रहे। देवानी मुद्दातर्फ १ सय ९९थान मध्ये १ सय ३७ थान फैसला भए भने ६२ थान फैसला हुन बाँकी रहे।

०६९ साउनदेखि पुस १५ सम्म

जिल्ला अदालतमा फौजदारी मुद्दातर्फ ८७ थान मध्ये २७ थान फैसला भए भने ६० थान फैसला हुन बाँकी रहे। देवानी मुद्दातर्फ १ सय १६ थान मध्ये २७ थान फैसला भए भने ८९ थान फैसला हुन बाँकी रहे। दुई वर्ष नाघेका फौजदारी मुद्दा र देवानी मुद्दा बाँकी छैनन्।

जिल्ला सरकारी वकिलको कार्यालय

जिल्ला सरकारी वकिलको कार्यालयबाट ०६८ साउनदेखि ०६९ असार मसान्तसम्म दायर मुद्दाको सङ्ख्या ८८ छन्। जसमध्ये ४६ थान सफल भए भने छ थान असफल भएको छ। सरकारी वकिल सङ्ख्या १ रहेको यस जिल्ला कार्यालयबाट दायर मुद्दामध्ये ०६९ असार मसान्तसम्म ३६ थान मुद्दा बाँकी रहेको सरकारी वकिलको कार्यालयले जनायो।

दायर मुद्दामध्ये कर्तव्य ज्यानसम्बन्धी मुद्दा १० थान मध्ये सात थानसफल र तीन थान असफल रह्यो। बलात्कारसम्बन्धी मुद्दा १५ थान मध्ये चार थानसफल र दुई थान असफल रह्यो अन्य किनारा लाग्न बाँकी छन्। महिला बेचविखनसम्बन्धी मुद्दा दुई थान मध्ये दुई थान नै बाँकी छन्। बहुविवाहसम्बन्धी मुद्दा पाँच थान मध्ये तीन थान सफल र दुई थान बाँकी छन्। बालविवाहसम्बन्धी एक थान बाँकी छ।

जिल्ला सरकारी वकिलको कार्यालयबाट ०६९ साउनदेखि ०६९ पुससम्म दायर मुद्दाको सङ्ख्या ५९ थान छ जसमध्ये १३ थानसफल भएको छ भने एक थान असफल भयो। सरकारी वकिल सङ्ख्या एक थान रहेको यस जिल्ला कार्यालयबाट दायर मुद्दामध्ये ०६९ असार मसान्तसम्म ४५ थान मुद्दा बाँकी रहेको सरकारी वकिलको कार्यालयले जनायो।

बालअधिकार

शिक्षाको अवस्था

यस जिल्लाका विद्यालय जाने उमेरका ४९ हजार ४ सय ४२ मध्ये छात्र २४ हजार ३ सय ५० र छात्रा २५ हजार ९२ प्राथमिक तहदेखि माबि तहसम्म भर्ना भए। यसमध्ये दलित छात्रा २ हजार २ सय ७७ र छात्र २ हजार १सय५२ रहेका छन्। सरकारी र सामुदायिक विद्यालय गरी प्रावि तहमा जम्मा १ हजार ८० शिक्षक कार्यरत रहेका छन्। निमावि तहमा तहमा जम्मा २ सय ६४ शिक्षक कार्यरत रहेका छन्। यसैगरी माबि तहमा जम्मा २ सय ११ शिक्षक रहेका छन्।

बालविकास केन्द्र बालक ३ हजार १ सय७ र बालिका २ हजार७सय ५५ गरी जम्मा ५ हजार ८ सय ६२ रहेका छन् जसमध्ये दलित बालक २ सय ७४ र बालिका २ सय ७२ छन्।

बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

एक १३ बर्षीय बालिकालाई ०६८ माघ १६ गते खराङ गाविस-२ का ३० वर्षीय गणेशबहादुर अधिकारीले घरबाट दुई सय मिटर टाढाको खरबारीमा पुऱ्याएर बलात्कार गरेको आरोपमा पीडितपक्षले माघ

१७ गते उजुरी गऱ्यो । पीडितको ०६८ माघ १७ गते जिल्ला अस्पतालमा स्वास्थ्य परीक्षण भएको थियो। स्थलगत अध्ययन गर्ने क्रममा बालिकाको टि-सर्ट र आरोपितको टोपी फेला परेको इलाका प्रहरी कार्यालय चैनपुरका असइ मचिन्द्र भण्डारीले बताए। यस वर्षको अन्त्यसम्म फरार रहेका आरोपितविरुद्ध इलाका प्रहरी कार्यालय चैनपुरले ०६८ माघ १८ गते मुद्दा दर्ता गऱ्यो।

एक १५ वर्षीया बालिकालाई ०६८ फागुन १२ गते तामाफोक गाविस-६ का ४३ वर्षीय मोहन जिमीले बालिकाकै घरमा बलात्कार गरेको आरोपमा इलाका प्रहरी कार्यालय चैनपुरले आरोपितलाई ०६८ फागुन १३ गते गिरफ्तार गऱ्यो। प्रहरीले आरोपित विरुद्ध ०६८ फागुन १७ गते मुद्दा दर्ता गऱ्यो। आरोपित जिमी जिल्ला अदालतको आदेशले ०६८ फागुन २८ गतेदेखि जिल्ला कारागारमा पुर्पक्षका लागि थुनामा छन्।

एक १७ वर्षीया बालिकालाई ०६८ चैत १५ बिहान ताम्कू प्रहरी चौकीमा कार्यरत प्रहरी जवान अमृत राईले बलात्कार गरेको आरोपमा राईलाई प्रहरीले ०६८ चैत १५ गते गिरफ्तार गऱ्यो। आरोपित जिल्ला अदालतको आदेशले ०६९ वैशाख ६ गतेदेखि पुर्पक्षका लागि थुनामा छन्। ताम्कू परीक्षा केन्द्रमा परीक्षा दिने क्रममा उनीमाथि बलात्कार भएको थियो। घटनापछि उनी अन्तिम परीक्षा दिनबाट वञ्चित भइन्।

एक १३ वर्षीया बालिकालाई मत्स्यपोखरी गाविस-६ २९ वर्षीय कमल गुरुङले ०६८ चैत २३ गते बलात्कार गरे। बालिका बलात्कार गरेको आरोपमा प्रहरीले आरोपित गुरुङलाई ०६८ चैत २४ गते गिरफ्तार गरी ०६८ चैत २९ गते मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतको ०६९ वैशाख ७ को आदेशले आरोपित पुर्पक्षका लागि थुनामा रहेका छन्।

एक १५ वर्षीया .बालिकालाई मकालु गाविस-३ का १९ वर्षीय भूपालमान कार्की र हटिया गाविस-८ का २७ वर्षीय च्यान्डुक भोटेले ०६९ असार १८ गते राति खाँदबारी नपा-१ को यात्री होटलमा सामूहिक बलात्कार गरेको आरोपमा ०६९ असार १९ गते बालिकाले दिएको जोहेरीको आधारमा आरोपितलाई जिल्ला प्रहरी कार्यालय खाँदबारीले ०६९ असार १९ गते गिरफ्तार गरी ०६९ असार २० गते मुद्दा दर्ता गऱ्यो। अदालतको ०६९ साउन ७ गतेको आदेशले आरोपितहरू पुर्पक्षका लागि थुनामा रहेका छन्। खाँदबारीमा पढाइ गरिरहेका आफ्ना भाइबहिनीलाई सहयोगका लागि बस्दै आएकी बालिकालाई च्यान्डुकले घुम्न जाउँ भन्दै मोटरसाइकलमा ल्याई होटलमा पुऱ्याएर बलात्कार गरेको पीडितले बताइन्।

एक ७ वर्षीया बालिकालाई मादीराम्बेनी गाविस-७ का एक १५ वर्षीय बालकले ०६९ असार १५ गते घरमै बलात्कार गरे। प्रहरीले आरोपितलाई ०६९ असार १६ गते गिरफ्तार गरी ०६९ असार १८ गते मद्दा दायर गऱ्यो ।अदालतले आरोपित बालक भएको कारण देखाउँदै ०६९ साउन १ गते बाल सुधारगृह भक्तपुर पठाउन आदेश दियो।

एक सात वर्षीया बालिकालाई ०६९ साउन १६ गते माम्लिङ गाविस-९ क एक १६ वर्षीय बालकले पीडितको घरमै बलात्कार गरेको आरोपमा पीडित पक्षले ०६९ साउन १७ गते इलाका प्रहरी कार्यालय चैनपुरमा उजुरी दियो। पीडितको प्राथमिक स्वास्थ्य केन्द्र चैनपुरमा ०६९ साउन १७ गते स्वास्थ्य परीक्षण भएको थियो । आरोपितलाई प्रहरीले ०६९ साउन १८ गते गिरफ्तार गऱ्यो। प्रहरीले आरोपितविरुद्ध ०६९ साउन १८ गते मुद्दा दर्ता गऱ्यो। आरोपितलाई जिल्ला अदालत चैनपुरले ०६९ साउन ३२ गते पुर्पक्षका लागि कारागार चलान गऱ्यो। पीडितको अवस्था सामान्य रहेको छ।

बालविवाह

एक १३ वर्षीया बालिकासँग उदयपुर कटहरी गाविस-३ का २८ वर्षीय राजु लामाले ०६९ जेठ २९ गते बिवाह गरे। बसका सहयोगी चालक रहेका लामाले बालिकालाई ०६९ जेठ २५ गते धरानमा लगेर जबरजस्ती विवाह गरेको पीडितको परिवारले जनायो ।पीडितकी काकीले ०६९ जेठ २९ गते बालविवाह गरेको भन्दै आरोपितविरुद्ध ०६९ जेठ ३० गते उजुरी दिइन्। आरोपितलाई इलाका प्रहरी कार्यालय चैनपुर प्रहरीले ०६९ असार ३ गते गिरफ्तार गरी ०६९ असार ४ गते अदालतमा मुद्दा दायर गऱ्यो। आरोपित जिल्ला अदालतको आदेशले ०६९ असार २१ गतेदेखि पुर्पक्षका लागि थुनामा रहेका छन्। मुद्दाको फैसला यस वर्षको अन्त्यसम्म भएन।

महिलाविरुद्ध हुने सबै प्रकारको भेदभाव, दुर्व्यवहार बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

एक ४० वर्षीया महिलालाई ०६९ साउन ३२ गते मत्स्यपोखरी गाविस-४ की जीरे भनेर चिनिने ५३

वर्षीय तुलबहादुर गुरुङले बलात्कार गरेको आरोपमा पीडितले ०६९ भदौ १ गते प्रहरीमा निवेदन दिइन्। आरोपितलाई प्रहरीले ०६९ भदौ १३ गते गिरफ्तार गऱ्यो। आरोपितलाई जिल्ला अदालतले ०६९ मङ्सिर २६ गते ५ वर्ष कैद र पीडितलाई ५० हजार रुपियाँ क्षतिपूर्ति दिलाउन फैसला गऱ्यो।

घरेलु हिंसा

परिवारजनबाट हत्या

दिदिङ गाविस-९ खर्सूका ३५ वर्षीया आनन्दकुमारी राईलाई ०६८ फागुन २ गते राति पति मनकुमार राई र उनकी कान्छी पत्नी यमुना राईले कुटपिट गरी घरनजिकैको भिरबाट फ्याँकेर हत्या गरेको पीडित परिवारले जनायो। कान्छी पत्नी विवाह गरेपछि परिवारमा जेठी पत्नीले घर कलह गरेको भन्दै उनको हत्या भएको जिल्ला प्रहरी कार्यालयको मुद्दा फाँट प्रमुख सई श्याम राउतले बताए। आनन्दकी कान्छी छोरी सात वर्षीय अनु राई, उनकी दिदी सुषमा राई र नम्रता राईले संयुक्तरूपमा प्रहरीमा जाहेरी दिए। प्रहरीले आरोपित दम्पतिलाई ०६८ फागुन ३ गते गिरफ्तार गरी ०६८ फागुन ४ गते कर्तव्य ज्यान महलमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतको ०६८ फागुन २३ गतेको आदेशले आरोपितद्वय पुर्पक्षका लागि कारागारमा थुनामा रहेका छन्। मुद्दाको यस वर्षको अन्त्यसम्म फैसला भएन।

नुम गाविस-७ आम्राङकी २८ वर्षीया सुखमाया राइलाई पति ४४ वर्षीय दिलबहादुर राईले ढुङ्गाले टाउकोमा प्रहार गरी ०६९ कात्तिक ४ गते हत्या गरेको भनी आरोपित दिलबहादुरका भाइ युवराज राईले ०६९ कात्तिक ६ गते दाजुले भाउजूको हत्या गरी फरार रहेको भनी कारबाहीका लागि प्रहरीमा उजुरी दिएपछि घटना सार्वजनिक भएको थियो। जिल्ला प्रहरी कार्यालयले ०६९ कात्तिक १४ गते कर्तव्य ज्यान महलमा मुद्दा दर्ता गऱ्यो। अरोपित दिलबहादुर यस वर्षको अन्त्यसम्म फरार छन्।

बहुविवाह

धुपू गाविस-३ का २७ वर्षीय केदार पन्तले सोही गाउँकी टङ्ककुमारी अधिकारीसँग ०६९ मङ्सिर १५ गते दोस्रो विवाह गरेपछि प्रहरीले आरोपितलाई ०६९ मङ्सिर २७ गते गिरफ्तार गऱ्यो। पन्तका जेठी पत्नी २२ वर्षीया सरु कार्कीले ०६९ मङ्सिर २६ गते बहुविवाह गरेको भन्दै जिल्ला प्रहरी कार्यालयमा उजुरी दिएकी थिइन्। प्रहरीले ०६९ मङ्सिर २८ गते बहुविवाह महलमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतले ०६९ पुस १२ गते केदारलाई २५ हजार रुपियाँ धरौटीमा तारेखमा रिहा गर्ने आदेश दियो।

बाह्रबीसे गाविस-१ का ४४ वर्षीय कालुमान तामाङले ४० वर्षीया पत्नी नीरमाया तामाङ हुदाँहुदै बेलवारी गाविस-८ मोरङ जिल्लाकी २८ वर्षीया सगुनमाया तामाङसँग ०६९ माघ २२ गते दोस्रो विवाह गरे। पत्नी नीरमायाले ०६९ पुस १ गते जिल्ला प्रहरी कार्यालय खाँदबारीमा जाहेरी दिएपछि प्रहरीले कालुमान र सगुनमायालाई सोही दिन गिरफ्तार गरी ०६९ पुस २ गते बहुविवाह मलहमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतले ०६९ पुस २४ गते कालुमानलाई ३० हजार र सगुनमाया तामाङलाई १५ हजार रुपियाँ धरौटी लिई तारेखमा रिहा गऱ्यो।

दुर्व्यवहार

एक २९ वर्षीया महिलालाई ०६९ असार २१ गते माम्लिङ बजारको सडकमा संवेदनशील अङ्गमा छोएको भन्दै माम्लिङ गाविस-७ का २० वर्षीय पूर्णबहादुर गुरुङलाई इलाका प्रहरी कार्यालय चैनपुरको प्रहरी टोलीले ०६९ असार २२ गते गिरफ्तार गरी ०६९ असार २२ गते सार्वजनिक अपराध ऐनअर्न्तगत मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालत चैनपुरले आरोपितलाई १० हजार रुपियाँ धरौटी बुझाउन भनेकोमा सो रकम बुझाउन नसकेका कारण देखाउँदै एक वर्षका लागि ०६९ साउन ७ गते थुनामा राखेको छ। आरोपित यस वर्षको अन्त्यसम्म थुनामै रहेका छन्।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार संरचना, सम्पत्ति क्षति

नेकपा माओवादीबाट

मादीराम्बेनी गाविस-१ ओखरबोटेस्थित नारदमणि दाहालको घर ०६९ वैशाख २८ गते नेकपा माओवादीले कब्जा गरेको घोषणा गऱ्यो । एकीकृत माओवादीले द्वन्द्वकालमा कब्जा गरी बिक्री गरेको भन्दै नेकपा (माओवादी) पार्टीले झण्डा गाडेर कब्जा गरेको घोषणा गरेको थियो। एकीकृत माओवादीले द्वन्द्वकालदेखि कब्जामा लिई प्रयोग गरिरहेको घर मादीराम्बेनी गाविस-१ का मात्रिका सुवेदीलाई ४ लाख ५० हजार रुपियाँमा बिक्री गरेको आरोप लगाउँदै घर पुन: कब्जा

गरेको नेकपा (माओवादी)का जिल्ला सचिव छत्रमणि अधिकारीले बताए। यस वर्षको अन्त्यसम्म जग्गा उक्त पार्टीकै कब्जामा रहेको छ।

सितलपाटी गाविस- १ सिरीसेमा पर्शुराम थापाको ५० रोपनी जग्गा नेकपा (माओवादी)ले ०६९ जेठ १२ गते झण्डा गाडी कब्जा गरेको घोषणा गऱ्यो। सो पार्टीको जनसुरक्षा बल जिल्ला इन्चार्ज आकाशको नेतृत्वमा गएको २० जनाको एक समूहले जग्गामा झण्डा गाडेर कब्जा गरेको घोषणा गरेको थियो। यस वर्षको अन्त्यसम्म जग्गा उक्त पार्टीकै कब्जामा रहेको छ।

स्वास्थ्य सेवाको अवस्था

अस्पताल	१		
स्वास्थ्यचौकी	१६		
उपस्वास्थ्यचौकी	२०		
पद	**दरबन्दी**	**कार्यरत**	**रिक्त**
डाक्टर	५	१	४
स्टाफ नर्स	६	२	४
ल्याब असिस्टेन्ट	१	१	
अहेब	७७	४७	३०
अनमी	४७	३२	१५
खोप सुपरभाइजर	१	१	
क्षयरोग/कुष्ठरोग सुपरभाइजर	१	१	
हेल्थ असिस्टेन्ट	२२	११	११

विगतको अनुगमन

खम्बूवान मुक्ति मोर्चा (संयुक्त) बाट

चैनपुर गाविस-४ स्थित मादी होटलमा ०६८ पुस ११ गते बम विस्फोटन गराउने जलजला गाविस-५ का २० वर्षीय दीपेश रोका र सोही ठाउँका २९ वर्षीय हेमबहादुर न्यौपानेलाई प्रहरीले ०६८ पुस ३० गते गिरफ्तार गऱ्यो। खम्बूवान मुक्ति मोर्चा (संयुक्त)का कार्यकर्ता रहेका आरोपितहरूविरुद्ध प्रहरीले विस्फोटक पदार्थ ओसारपसार ऐन अर्न्तगत ०६८ माघ २ गते मुद्दा गऱ्यो। आरोपितहरूलाई जिल्ला अदालतले जनही ४० हजार रुपियाँ धरौटी बुझाउन ०६८ माघ २१ गते आदेश दियो र तोकिएको धरौटी बुझाई आरोपितहरू सोही दिन रिहा भए।

जिल्ला प्रहरी कार्यालय

जिल्ला प्रहरी कार्यालयमा ०६८ पुस १७ गतेदेखि ०६९ पुस १६ गतेसम्म बलात्कार आठ, कर्तव्यज्यान चार, बहुविवाह पाँच, विस्फोटक पदार्थ एक, बालविवाहका तीन ओटा मुद्दा दर्ता भए ।

१.११ सप्तरी



जिल्ला सदरमुकाम: राजविराज
क्षेत्रफल (वर्ग कि. मि.): १,३६३
घरधुरी सङ्ख्या: १,२१,०५८
जम्मा जनसङ्ख्या: ६,३५,२८४
पुरुष: ३,१३,८४६
महिला: ३,२५,४३८
अपाङ्ग सङ्ख्या: ८,०४४
गाविस/नपा सङ्ख्या: ११४/१
पुरुष साक्षरता सङ्ख्या: १,५६,७०५
महिला साक्षरता सङ्ख्या: १,३४,४४५
हिन्दू धर्मावलम्बी प्रतिशत: ८५.७३
बौद्ध धर्मावलम्बी प्रतिशत: ४.६८
इस्लाम धर्मावलम्बी प्रतिशत: ८.५२
किराँत धर्मावलम्बी प्रतिशत: ०.०६
क्रिश्चियन धर्मावलम्बी प्रतिशत: ०.०५
प्रकृति धर्मावलम्बी प्रतिशत: ०.०१
जैन धर्मावलम्बी प्रतिशत:०.०३
अन्य धर्मावलम्बी प्रतिशत: ०.५२१
प्रतिपरिवार सरदर सङ्ख्या: ५.२८

नागरिक तथा राजनीतिक अधिकार सम्मानित रूपले बाँच्ने अधिकार

हत्या

अज्ञातबाट

नेंगडा गाविस-६ का ३० वर्षीय रमेश चौधरीलाई अपरिचित व्यक्तिहरूले ०६८ पुस २१ गते राति टाउकोमा धारिलो हतियार प्रहार गरी हत्या गरे। ०६९ पुस २२ गते बिहान सोही गाविस-८ स्थित सडक छेउको खेतमा उनको लास फेला परेको थियो। लासको ०६९ पुस २२ गते राजविराजस्थित अस्पतालमा पोस्टमार्टम भयो। आरोपितको पहिचान हुन नसकेको प्रहरीले जनायो।

जण्डौल गाविस-८ का ३६ वर्षीय डम्बरप्रसाद भट्टराई र उनकी पत्नी ३१ वर्षीया कौशिला भट्टराईलाई अज्ञात समूहले ०६९ पुस १६ गते राति घाँटी थिचेर हत्या गऱ्यो। दाउराको चिर्पटले हिर्काएको र रुमालले घाँटी थिचेर हत्या गरेको अवस्थामा भट्टराई दम्पतिको लास जण्डौल गाविस-८ स्थित उनीहरू सुत्ने ओछ्यानमा ०६९ पुस १७ गते फेला परेको जिल्ला प्रहरी कार्यालयका एसपी संजयसिंह बस्नेतले बताए। ७/८ जनाको सङ्ख्यामा ०६९ पुस १६ गते राति १२ बजेतिर आएका अज्ञात व्यक्तिहरूले कुटपिट गर्नुका साथै गम्छाले घाँटी थिचेर हत्या गरेको मृतकका जेठा छोरा १२ वर्षीय दीपेश भट्टराईले बताए। प्रहरीले लासको ०६९ पुस १७ गते राजविराजस्थित अस्पतालमा पोस्टमार्टम गरी परिवारलाई बुझायो।

अन्यबाट

सारस्वर गाविस-६ निवासी नेपाली काङग्रेस गाउँ समितिका सभापति ५० वर्षीय इन्द्रनारायण यादवलाई ०६९ असार २८ गते राति सारस्वर गाविस-५ गौरा टोल निवासी ६१ वर्षीय ताराकान्त यादवले गोली प्रहार गरी हत्या गरे। गाविसको बजेट र उपभोक्ता समितिको विवाद तथा पूर्व रिसइबीका कारण दुई पक्षबीच भिडन्त भएको थियो। लासको सिरहा लहान नपा-३ स्थित रा.उ. स्मारक अस्पतालमा ०६९ असार २९ गते पोस्टमार्टम भयो। प्रहरीले ०६९ असार २९ गते आरोपितको घर खानतलास गरी ताराकान्त र निजका छोरा ३६ वर्षीय मधेसी जनअधिकार फोरम नेपालका क्षेत्रीय सदस्य दीपेन्द्रकुमार यादवलाई गिरफ्तार गऱ्यो। प्रहरीले आरोपितबाट १२ बोरको जोरनाले बन्दुक एक थान, १५ थान गोली र दुई थान खोका फेला पाऱ्यो। ताराकान्त जिल्ला अदालतको आदेशमा ०६९ साउन ३१ गते पुपर्क्षका लागि कारागारमा थुनामा छन्। हत्या गर्न आदेश दिएको आरोपमा सारस्वर गाविस-५ का ५१ वर्षीय राजेन्द्रप्रसाद यादव जिल्ला अदालतको आदेशमा ०६९ असोज १६ गतेदेखि पुपर्क्षका लागि सप्तरी कारागारमा थुनामा छन्। आरोपित ताराकान्त र राजेन्द्रबाहेक अन्य नौ जना साधारण तारेखमा रिहा भए।

जेल र बन्दीहरू

२०५३ सालमा गरिएको वर्गीकरण अनुसार 'घ' श्रेणीको जिल्ला कारागारको बन्दी क्षमता एक सय २५ जनाको रहेको छ। यो वर्षको अन्त्यसम्म कैद तोकिएका ९४ कैदी र कैद नतोकिएका१ सय ५ थुनुवा गरी जम्मा १ सय ९९ जना बन्दीहरू रहेका छन्। जसमा पुरुष १ सय ९६ र महिला ३ जना रहेका छन्। बन्दीहरू सुत्न नपुगेर चिसो भुईंमा बरण्डा, भान्सामा कोचाकोच भएर सुत्छन्।

कारागारको जमिन चारैतिरबाट अतिक्रमणमा परेको छ। पुनरावेदन अदालत राजविराजले पाँच कठ्ठा १५ धुर जग्गा बाटोका लागि छुट्याउन आदेश गरेपछि दुई विघा ८ कट्ठा ४ धुर जमिन कारागारको हुनुपर्नेमा अहिले कारागारले एक बिगाहा चार कट्ठा जग्गा मात्र उपभोग गरिरहेको छ। कारागारको पर्खाल ठाउँ-ठाउँमा भत्किएको छ भने कतिपय ठाउँमा पीपलका रुखहरू उम्रिएर चर्किएको छ। कारागारलाई चारैतिरबाट घेरबेरा गरेको तारका जालीहरू उखेलिएकाले सुँगुर, गाई, भैंसी, बाख्रा भित्रै आएर चर्ने गर्छन्। सुरक्षाका लागि कम्तीमा पर्खाल नभए पनि तारको जालीले घेरबेर गर्नु आवश्यक छ।

पाँच वर्षदेखि पुर्पक्षमा बसेकाहरूको मुद्दा नटुङ्गिदा तथा पेसी र बयानमा ढिलाई भई समयमै फैसला नहुनाले कैदी भन्दा बढी थुनुवालाई पुर्पक्षका लागि कारागारमा राख्नु परेको छ। २०१० सालदेखि सञ्चालनमा आएको कारागारको बजेट समयक्रमसँगै बढाइएको छैन। आर्थिक अभावका कारण सप्तरी कारागार प्रशासनले चर्को व्याजमा ऋण ल्याएर बन्दीहरूलाई यस वर्षको दशैँ खर्च र सिदा जुटाएको छ। बजेटको अभावले गर्दा जेल प्रशासनले जिल्ला विकास समिति र विभिन्न व्यक्तिहरूसँग तीन लाख ऋण लिएको छ। बन्दीहरूको दुई समूहबीच ०६९ भदौ २० गते भएको झडपमा घाइते पाँच जना बन्दीको उपचारमा ४ लाख ३० हजार रुपियाँ खर्च भएकाले पनि आर्थिक अभाव सृजना भएको हो। सरकारले

घटनाको प्रकार	राज्यपक्षबाट				गैरराज्यपक्षबाट		
	महिला	पुरुष	नखुलेको	जम्मा	महिला	पुरुष	जम्मा
घाइते						१	१
बालअधिकार					५		५
अमानवीय व्यवहार					१	१	२
अपहरण						९	९
महिलाअधिकार					३६		३६
भेला/सङ्गठित हुने अधिकार	४	३	७	१४			
जातीय विभेद					२		२
कुटपिट	५	७		१२		११	११
धम्की		१		१			
हत्या					५	९	१४
जम्मा	९	११	७	३७	३९	३१	७०

दैनिक प्रतिबन्दी तथा कैदीलाई नगद सिदाको रूपमा ४५ रुपियाँ र वर्षको एकपटक दर्शैं खर्चको रूपमा ३ सय रुपियाँ दिने गरेको छ भने दैनिक चामल ७ सय ग्राम उपलब्ध गराउने गरेको छ। सप्तरीको जेल प्रशासनले बन्दीहरूलाई नगद सिदा र चामल १० दिनको एकै पटक उपलब्ध गराउने गरेको छ।

कारागारमा खेलकूद सामग्री, पत्रपत्रिका, उत्पादित सीपमूलक सामग्रीको बजार व्यवस्थाका साथै नयाँ भवन निर्माण गर्नुपर्ने आवश्यक्ता रहेको निमित्त जेलर भागवत यादवले बताए।

राजविराज नपा-७ स्थित कारागाराभित्रका बन्दीहरूको दुई समूहबीच ०६९ भदौ २० गते राति भएको झडपमा सकरपुरा गाविस-८ का उमेश यादव, कल्याणपुर गाविस-२ का अन्सारुल मियाँ, लोहजरा गाविस-४ का ३९ वर्षीय सत्यनारायण मण्डल, पिप्रा पूर्व गाविस-६ का प्रशान्त खड्ग र बकधुवा गाविस-१ का २७ वर्षीय डम्बर शर्मा सख्त घाइते भए। कारागारको पश्चिम ब्लकमा पसल र मेस सञ्चालनका विषयमा भएको विवादपछिको झडपमा दाउराको चिर्पट र धारिलो हतियारले रमानन्द खवासको समूहले मरणासन्न हुने गरी कुटेको घाइतेहरूले बताए। टाउकोमा चोट लागेका उनीहरू सगरमाथा अञ्चल अस्पताल राजविराज र बिराटनगरस्थित न्युरो अस्पतालमा उपचार भयो। घाइते पाँचजना कैदीहरूको उपचारमा ४ लाख ३० हजार रुपियाँ खर्च भएको कारागारका लेखा प्रमुख प्रकाश बस्नेतले जानकारी दिए। कारागारभित्र ०६९ भदौ २६ गते बिहान पुनः झडप भएपछि प्रहरीले आठजना बन्दीहरूलाई इलाका प्रहरी कार्यालय रूपनीमा राख्यो। बन्दीहरूबीच झडप सम्बन्धमा ०६९ भदौ २२ गते जिल्ला प्रशासन कार्यालयका प्रशासकीय अधिकृत होमनाथ खत्रीको संयोजकत्वमा जिप्रका सप्तरीका प्रहरी निरीक्षक नन्दलाल साह र राष्ट्रिय अनुसन्धान कार्यालयका अनुसन्धान अधिकृत संजयकुमार मण्डल रहेको तीन सदस्यीय छानबिन समिति गठन भयो। छानबिन समितिले नख्खु कारागारबाट १२ दिनअघि मात्र राजविराज जेल आएका उमेश यादवले समूह निर्माण गरी पसल, मेस, फोन कब्जा गर्न खोजेपछि रमानन्द खवासको समूहले दाउरा र मुढा बनाउने सामग्रीले आक्रमण गरेको प्रतिवेदन बुझाएको छ। कुटपिटको घटनापछि विवेक भन्ने सोमबहादुर तामाङ, सरोज विक, वैद्यनाथ पण्डित, दुर्गानन्द यादव, प्रेम राई, भीषण राई, इन्द्रजीत राई भन्ने प्रवीण राई, दीपेश खरेल, सूर्यबहादुर पुन, सानो तामाङ भन्ने सुरेन्द्र सिग्देललाई वीरगञ्ज कारागार सरुवा गरियो। बन्दीहरू रमानन्द खवासलाई झापा र पासाङ गुरुङलाई रसुवा कारागार सरुवा गरियो।

बेपत्ता/अपहरण

अज्ञात समूहबाट

देउरी गाविस- ३ का नेकपा (एमाले) ४ नम्बर क्षेत्रीय सदस्य ५७ वर्षीय जयलाल यादवलाई ०६८ माघ १३ गते बिहान २.०० बजे अज्ञात समूहले उनकै निवासबाट अपहरण गऱ्यो । पाँचजनाको सङ्ख्यामा आएको हतियारधारी समूहले यादवलाई अपहरण गरेको परिवारका सदस्यले बताए। उनी चैत १५ गते अपहरणकारीको आँखा छलेर भागेर मुक्त भए।

धम्की/कुटपिट

राज्यबाट

शम्भुनाथ गाविस-७ र ८ मा निर्माण भइरहेको दलितहरूको घरटहरा स्थानीय प्रशासनले

०६९ जेठ ३० गते भत्काएर आगजनी गऱ्यो। घरटहरा भत्काउन पुगेको प्रहरी टोलीलाई अवरोध पुऱ्याएको भन्दै प्रहरीले लाठीचार्ज गरी शम्भुनाथ गाविस-७ की २५ वर्षीया सेवकीदेवी सरदार, ३५ वर्षीया चन्दादेवी सरदार, ४० वर्षीया गुलाबीदेवी सरदार, शम्भुनाथ गाविस-८ की ३८ वर्षीया कोशिलादेवी पासवान र ४२ वर्षीया मालतीदेवी सरदारलाई घाइते भए। गुलाबीदेवीको टाउकोमा तथा अन्यको हातखुट्टामा चोटपटक लागेको थियो। सबै घाइतेको सगरमाथा अञ्चल अस्पताल राजविराजमा उपचार भयो। जग्गा अतिक्रमण नगर्न दिएको आदेशको अवज्ञा गर्दै घरहरू बनाउन थालेपछि निर्माणाधीन टहराहरू हटाउन सामान्य बल प्रयोग गरेको प्रमुख जिल्ला अधिकारी हरिराज पन्तले बताए।

बथनाहा गाविस-३ का २८ वर्षीय तमलोपाका गाउँ प्रतिनिधि सञ्जय यादव र नेकपा माओवादीका गाउँ प्रतिनिधि मनोज यादवलाई ०६९ भदौ ३ गते राजविराज नपा-१० स्थित बथनाहा गाविसका सचिव नारायण यादवको घरमा चन्दा माग्न गएको आरोप लगाउँदै सादा पोशाकका प्रहरीले नियन्त्रणमा लिई लात्ती, मुक्का र लाठीले निर्घात कुटपिट गरे। पीडितद्वयको ०६९ भदौ ३ गते सगरमाथा अञ्चल अस्पताल राजविराजमा उपचार भयो। गाविस सचिव नारायणले चन्दा माग्न आएको आरोप लगाए भने पीडितद्वयले आफूहरूलाई सचिवले घरमा बोलाई झूठो हल्ला फैलाएर सादा पोशाकका प्रहरीबाट कुटपिट गर्न लगाएको बताए। गाविस सचिव नारायणले सुरक्षाका लागि ०६९ भदौ २ गते नै प्रहरी माग गरेअनुरूप एसपी गणेशबहादुर थापाले सादा पोशाकका प्रहरी खटाएका थिए।

राजविराज नपा-८ निवासी पत्रकार २७ वर्षीय

अज्ञात समूहद्वारा हत्या गरिएका कौशिला भट्टराई र डम्बरप्रसाद भट्टराईको लास

जीतेन्द्रकुमार झालाई ०६९ असोज २१ गते दिउँसो जिल्ला प्रहरी कार्यालयका प्रहरी इन्स्पेक्टर नन्दलाल साहको नेतृत्वमा खटिएको टोलीले जिविस प्राङ्गणमा क्यामेरा खोसेर दुव्यर्वहार गऱ्यो। जिल्ला विकास समितिको कार्यालयमा तालाबन्दी गर्न गएका १२ राजनीतिक दलका प्रतिनिधिहरूलाई प्रहरीले लाठीचार्ज गरेको फोटो खिच्दा पत्रकार झाको क्यामेरा खोसिएको थियो। नेपाल पत्रकार महासङ्घ सप्तरीको पहलमा सोही दिन प्रहरीले माफी माग्दै क्यामेरा फिर्ता गरे।

राजविराज नपा- ६ स्थित सिरहा रोडमा राति सादा पोशाकका प्रहरीहरूले राजविराज-६ का ५० वर्षीय श्यामनारायण देवलाई ०६९ कात्तिक १४ गते निर्घात कुटपिट गरे। घाइते श्यामको टाउको, अनुहार, हातको कुहिनालगायत १४ ठाउँमा राजविराज अस्पतालमा टाँका लगाए। पीडितको थप उपचार विराटनगरस्थित न्यूरो अस्पतालमा भयो। राति ९.०० बजे घरअगाडि मिरा टेलर्समा होहल्ला भएपछि घरबाट निस्किएका श्यामलाई सादा पोशाकका प्रहरीहरू र टेलर्सका प्रोपाइटर राजेश मण्डलले हेल्मेट र लात, मुक्काले कुटेका थिए। श्यामले जिल्ला प्रहरी कार्यालयमा कार्यरत सादा पोशाकका प्रहरी हवल्दार सिरहा भगवानपुर गाविसका सम्पतलाल यादव, प्रहरी हवल्दार सिरहा कल्याणपुर गाविसका प्रदीप यादव, प्रहरीहरू सप्तरी दिघवा गाविस- ८ का अशोक यादव, सप्तरी राजविराज नपा- ७ का वीरेन्द्र साह, सप्तरी बथनाहा गाविसका दीपेन्द्र यादव र मोरङ्ग विराटनगरका चन्द्र राजवंशी विरुद्ध ०६९ कात्तिक १९ गते जिल्ला अदालतमा उजुरी दिए। यस वर्षको अन्त्यसम्म मुद्दाको फैसला भएको छैन।

देउरी गाविस-९ निवासी रवीन्द्रप्रसाद साहलाई ०६९ कात्तिक १५ गते प्रहरी चौकी देउरीका प्रहरी जवानद्वय सिरहा जिल्ला प्रिपा-६ जमुवाका ३१ वर्षीय सुरेन्द्र सिंह र सिरहाकै इनर्वा-९ का २५ वर्षीय गौरीनारायण यादवले समान चेकजाँचका क्रममा मुखमुखै लागेको भनी कुटपिट गरे। पीडितको राजविराजस्थित अस्पताल र धरानस्थित विपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानमा उपचार भयो। पीडितले कात्तिक १७ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए। जिल्ला प्रहरी कार्यालयका प्रमुख प्रहरी जवानद्वय सिंह र यादवलाई दुई पटक स्पष्टीकरण सोधे। ०६९ कात्तिक २६ गते आरोपित सुरेन्द्र र गौरीनारायणले पीडितलाई ६/६ हजार रुपियाँ क्षतिपूर्ति तिरे।

डिमन गाविस-३ निवासी सद्भावना पार्टीको

क्षेत्रीय समितिका सचिव ३७ वर्षीय नवीनकुमार यादवलाई ०६९ कात्तिक २१ गते राति प्रहरी चौकी डिमनका असई रामप्रित साफीले प्रहरी चौकीभित्र निर्घात कुटपिट गरे। सात वर्षअघिको डाँका मुद्दामा डिमन प्रहरीले गिरफ्तार गरेका डाँडा गाविस-८ का अफरोज मियाका बारेमा ०६९ कात्तिक २१ गते राति ८:३० बजे सोधपुछ गर्न जाँदा आफूलाई नियन्त्रणमा लिई ढोका थुनेर लाठी र मुक्काले कुटपिट गरेको पीडितले बताए। स्थानीय गाउँले र आफन्तले असई साफीमाथि कारबाहीको माग गर्दै ०६९ कात्तिक २५ गते प्रहरी चौकीमा धर्ना दिए भने ०६९ कात्तिक २६ गते जिल्ला प्रशासन कार्यालयमा ज्ञापनपत्र दिए। आरोपित असईकै खर्चमा धरानस्थित वीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानमा यादवको उपचार भयो। पीडित ०६९ कात्तिक २९ गते उपचार गरी घर फर्किए। असई साफीलाई ०६९ कात्तिक २८ गते प्रहरी उपरीक्षक संजयसिंह बस्नेतले स्पष्टीकरण माग गरे।

अभिव्यक्ति, भेला हुने र संगठित हुने अधिकार

(राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

मुस्लिम समुदायको छुट्टै पहिचानसहितको संविधान बन्नुपर्ने माग गर्दै रायपुर गाविसस्थित रूपनी चौकमा ०६९ वैशाख १५ गते पूर्व-पश्चिम लोकमार्गस्थित रूपनी चौकमा दुई घन्टा चक्काजाम गर्नेहरूमाथि प्रहरीले लाठीचार्ज गरी आठजनालाई घाइते बनायो। लाठीचार्जबाट महेन्द्र राय यादव नेतृत्वको तमलोपा नेपालका केन्द्रीय सदस्य मो. याकुब राइन, रायपुर गाविसका युनिस मियाँ, अनवर मियाँ, मलेठ गाविसका रहमुल मियाँ, आसीन मियाँ, रोजित मियाँ, पंसेरा गाविसका अजिम मियाँ र राजविराज नगरपालिकाका जुबेर अन्सारी घाइते भए। प्रदर्शनका क्रममा पूर्व राज्य मन्त्री अनिस अन्सारी, तमलोपा नेपालका केन्द्रीय सदस्य याकुब राइन, एमाले जिल्ला सदस्य मो. इस्लाम मियाँ, नेविसङ्घका इर्शाद अन्सारी, एमाओवादीका कलामउद्दीनलगायत ३४ जनालाई प्रहरीले दुर्व्यवहार गर्दै दुई घण्टा नियन्त्रणमा राखी दुई रिहा गऱ्यो।

बननिया गाविसमा महिलाहरूको लागि बजेट छुट्याउन माग गर्दै आन्दोलित स्थानीय पारालिगल कमिटी, महिला अधिकार मञ्चका महिलाहरूलाई ०६९ असार २१ गते प्रहरीले लाठीचार्ज र अमानवीय व्यवहार गऱ्यो। प्रहरीको लाठीचार्जबाट बननिया गाविस-१ की पानोदेवी खंग, वडा नं. २ की जितनीदेवी खंग, वडा नं. ३ की उम्दादेवी पण्डित, वडा नं. ५ की गुलशन खातुन र मरियम खातुन घाइते भए। धेरै दिनपछि गाउँ आएका गाविस सचिवसँग महिला तथा बालबालिकाका लागि बजेट माँग गर्दा सशस्त्र प्रहरी बेसक्याम्प बननियाका असई प्रकाश जैसी र प्रहरी चौकी झुटकीका असई वीरबहादुर साहको नेतृत्वको प्रहरी टोलीले लाठीचार्ज गरेको पारालिगल समितिका सचिव पूजा सिंहले बताइन्। लाठीचार्जका क्रममा केही महिलाहरूको लुगासमेत च्यातिएको थियो। स्थानीय बुद्धिजीवी र अधिकारकर्मीहरूको उपस्थितिमा गाविस सचिवले ०६९ असार २४ गते आय-व्यय प्रस्तुत गर्नुका साथै महिलाहरूका लागि बजेट छुट्याउने प्रतिबद्धता जनाएपछि स्थिति सामान्य भएको थियो।

सुगम र निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालत

०६८ साउनदेखि ०६९ असार मसान्तसम्म

पाँच जनामात्र न्यायाधीश रहेको यस जिल्ला अदालतमा फौजदारी मुद्दातर्फ १ हजार ५ सय ३७ थान

कारागारभित्र भएको झडपमा परी घाइते भएका अन्सारुल मियाँ र सत्यनारायण मण्डल

मध्ये ७ सय ४८ थान फैसला भए भने ७ सय ८९ थान फैसला हुन बाँकी रहे। देवानी मुद्दातर्फ ४ हजार १ सय ३४ थान मध्ये १ हजार ९ सय ४० थान फैसला भए भने २ हजार १ सय ९४ थान फैसला हुन बाँकी रहे।

०६९ साउनदेखि पुस १५ सम्म

पाँच जनामात्र न्यायाधीश रहेको यस जिल्ला अदालतमा फौजदारी मुद्दातर्फ १ हजार ४८ थान मध्ये २ सय ४६ थान फैसला भए भने ८ सय २ थान फैसला हुन बाँकी रहे। देवानी मुद्दातर्फ २ हजार ७ सय २६ थान मध्ये ६ सय ८२ थान फैसला भए भने २ हजार ४४ थान फैसला हुन बाँकी रहे। दुई वर्ष नाघेका फौजदारी मुद्दा १ सय १४ थान र देवानी मुद्दा २ सय ६९ थान रहे।

पुनरावेदन अदालत

०६८ साउनदेखि ०६९ असार मसान्तसम्म

सात जनामात्र न्यायाधीश रहेको यस पुनरावेदन अदालतमा फौजदारी मुद्दातर्फ ८ सय ७५ थान मध्ये ३ सय ७४ थान फैसला भए भने ५ सय १ थान फैसला हुन बाँकी रहे। देवानी मुद्दातर्फ १ हजार १ सय ७० थान मध्ये ५ सय ५१ थान फैसला भए भने ६ सय १९ थान फैसला हुन बाँकी रहे। यस अवधिमा दुई वर्ष नाघेका फौजदारी मुद्दा १० थान र देवानी मुद्दा १४ थान रहे।

०६९ साउनदेखि पुस १५ सम्म

सात जनामात्र न्यायाधीश रहेको पुनरावेदन अदालतको फौजदारी मुद्दातर्फ ७ सय ६० थान मध्ये ६७ थान फैसला भए भने ६ सय ९३ थान फैसला हुन बाँकी रहे। देवानी मुद्दातर्फ १ हजार ३५ थान मध्ये १ सय थान फैसला भए भने ९ सय ३५ थान फैसला हुन बाँकी रहे। दुई वर्ष नाघेका फौजदारी मुद्दा २० थान र देवानी मुद्दा १६ थान रहे।

कारागारभित्र भएको झडपमा परी घाइते भएका डम्बर शर्मा र प्रशान्त खंग

०६८ साउनदेखि ०६९ असार मसान्तसम्म जिल्ला सरकारी वकिलको कार्यालयबाट दायर मुद्दा

सरकारी वकिल सङ्ख्या दुई रहेको यस जिल्ला सरकारी वकिलको कार्यालयबाट ०६८ साउनदेखि ०६९ असार मसान्तसम्म दायर कर्तव्य ज्यानसम्बन्धी मुद्दा १५ थान, बलात्कारसम्बन्धी मुद्दा १३ थान, अपहरणसम्बन्धी मुद्दा ११ थान, जातीय भेदभाव र छुवाछुतसम्बन्धी एक थान र बोक्सीको आरोप सम्बन्धी दुई थान मध्ये कुनै पनि फैसला हुन नसकी बाँकी रहेको छ।

०६९ साउनदेखि ०६९ पुस १५ सम्म जिल्ला सरकारी वकिलको कार्यालयबाट दायर मुद्दा

सरकारी वकिल सङ्ख्या दुई रहेको यस जिल्ला सरकारी वकिलको कार्यालयबाट ०६९ साउनदेखि ०६९ पुससम्म दायर कर्तव्य ज्यानसम्बन्धी मुद्दा पाँच थान, बलात्कारसम्बन्धी मुद्दा तीन थान, अपहरणसम्बन्धी मुद्दा तीन थान र बोक्सीको आरोप सम्बन्धी एक थान मध्ये कुनै पनि फैसला हुन नसकी बाँकी रहेको छ।

यातना तथा अन्य क्रुर अमानवीय र अपमानजनक व्यवहार र दण्ड

राजविराज नपा-२ निवासी अनेरास्वावियुका केन्द्रीय सदस्यद्वय ३२ वर्षीय अखिलेशकुमार झा र रायपुर गाविस-८ निवासी २७ वर्षीय दुर्गानन्द ठाकुरलाई ०६९ असोज २८ गते प्रधानमन्त्रीलाई कालो झण्डा देखाएको आरोपमा गिरफ्तार गरी प्रहरीले जिल्ला प्रहरी कार्यालयभित्र निर्घात कुटपिट गऱ्यो। प्रहरी नियन्त्रणमा रहेका झा र ठाकुरलाई प्रहरी वेस क्याम्प लोहजराका सई कुलानन्द चौधरी, प्रहरी वेस क्याम्प पत्थरगाढाका असई रवीन्द्र चौधरी, जिल्ला प्रहरी कार्यालयका प्रहरी हवल्दार सुरेशप्रसाद यादव र प्रहरी जवान रामपुकार यादवले लाठी, बुट र मुक्काले कुटपिट गर्नुका साथै अमानवीय व्यवहार गरे। शरीरभरी निलडाम र चोटपटक लागेका घाइते झा र ठाकुरको राजविराजस्थित अस्पताल र धरानस्थित विपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानमा उपचार भयो। कारवाहीस्वरूप प्रहरी हवल्दार सुरेश र प्रहरी जवान

रामपुकारको दुई वर्ष पदोन्नति रोक्का भयो भने सई कूलानन्द र असई रवीन्द्रलाई सचेत गराइयो। अभिलेख नं. ०७६

बालअधिकार

शिक्षाको अवस्था

यस जिल्लाका विद्यालय जाने उमेरका विद्यार्थीमध्ये छात्र ७७ हजार ८ सय ९७ र छात्रा ७९ हजार ८ सय ८ प्राथमिक तहदेखि माबि तहसम्म भर्ना भए। यसमध्ये दलित छात्र २४ हजार २ सय ६० र छात्र २३ हजार ९ सय ११ रहेको छ। सरकारी र सामुदायिक विद्यालय गरी प्राबि तहमा एक हजार तीन सय सात शिक्षक कार्यरत रहेका छन्। निमाबि तहमा दुई सय ६८ र माबि तहमा २३४ गरी जम्मा एक हजार आठ सय नौ शिक्षक रहेका छन्। बालविकास केन्द्रमा बालक सात हजार आठ सय ६ र बालिका सात हजार सात सय २५ गरी जम्मा १५ हजार ५ सय ३१ रहेका छन्। जसमध्ये दलित बालक २०७९ र बालिका २ हजार १ सय १२ छन्। जिल्लामा महिला साक्षरता ४२.५६६ र पुरुषतर्फ ६६.९६८ साक्षरता रहेको छ। यस जिल्ला शिक्षा कार्यालयले शिक्षासम्बन्धी सबै तथ्याङ्क अद्यावधिक गरिएको पाइएन।

बन्द/हड्ताल

मलेठ गाविस-९ जगदरीस्थित मदरसा रहमानिया दारुल कुरआन विद्यालय ०६९ वैशाख १५ गतेदेखि ०६९ भदौ ११ गतेसम्म प्रधानाध्यापक मौलाना अब्दुल रहमान काश्मी र विद्यालय व्यवस्थापन समितिका अध्यक्ष मो. इनुसबीचको विवादका कारण बन्द भयो। मदरसाको खाता विद्यालय व्यवस्थापन समितिका अध्यक्ष र प्रधानाध्यापकको संयुक्त खाताबाट सञ्चालन गर्नेलगायतका निर्णयपछि ०६९ भदौ १२ गतेबाट विद्यालय खुल्यो। कक्षा ४ सम्म पढाइ हुने विद्यालय चार महिना बन्द रहँदा एक सय ५५ जना विद्यार्थीको पठनपाठन प्रभावित भयो।

नर्घो गाविस-१ पूर्वारी टोल घर भई राजविराज नपा-७ स्थित प्राइम होलिक्रस एकेडेमीमा अध्ययनरत कक्षा ६ का १३ वर्षीय बालक सन्दीपकुमार मण्डललाई ०६९ पुस ५ गते सो विद्यालयका प्रिन्सिपल सञ्जयकुमार शर्माले निर्घातरूपमा कुटपिट गरे।सन्दीपले गृहकार्य नगरेको विषयमा प्रिन्सिपल सञ्जयकुमार शर्माले विद्यालयमा रहेको रुखमा हात बाँधेर बाँसको लौराले कुटपिट गरेको बताए। पीडितको पिठ्यु, खुट्टा र पाखुरामा निलडाम लागेको थियो। प्रिन्सिपल शर्माले भने विद्यार्थी सन्दिपले विद्यालयका शिक्षक दीपककुमार ठाकुरलाई धम्की दिएकाले रुखमा हात बाँधेर छड़ीले कुटेको बताए। शिक्षक ठाकुरले ०६९ पुस ५ गृहकार्य नगरेकै विषयमा सन्दीपलाई कुटेका थिए। जिल्ला बाल कल्याण समितिले घटनाको भत्सर्ना गर्दै आवश्यक कारबाहीका लागि जिल्ला प्रहरी कार्यालय र जिल्ला शिक्षा कार्यालयलाई पत्र पठायो। यो वर्षको अन्त्यसम्म आरोपितलाई कुनै कारबाही भएको छैन।



प्रहरीद्वारा कुटपिट गरिएका श्यामनारायण देव

बालबालिका ओसारपसार

कुशहा गाविस-४ कि १४ वर्षीया बालिकालाई ललाईफकाई ०६९ पुस ८ गते पटेर्वा गाविस-८ घर भई पीडित बालिकाको घरमा डेरा लिई सुनचाँदीको पसल सञ्चालन गर्दै आएका २५ वर्षीय बिमलकिशोर गुप्ता विश्वकर्माले बारा जिल्लाको सिमरा पुऱ्याए। पीडितलाई आरोपितले बाराको सिमराबाट अन्यत्र लैजाने क्रममा बारा जिल्ला प्रहरी कार्यालयको सहयोगमा ०६९ पुस १६ गते प्रहरीले उद्धार गऱ्यो। पीडित बालिकालाई ०६९ पुस १७ गते उनका आफन्तको जिम्मा लगाइयो। इलाका प्रहरी कार्यालय कल्याणपुरले ०६९ पुस १७ गते विश्वकर्माविरुद्ध मानव बेचबिखन मुद्दा दर्ता गरी अनुसन्धान गरिरहेको छ।

बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

एक १२ वर्षीया बालिकालाई ०६९ वैशाख २ गते साँझ छिन्नमस्ता बोर्डिङ्ग स्कुलका शिक्षक छिन्नमस्ता गाविस-२ का २४ वर्षीय अनिलकुमार मण्डलले बलात्कार गरेको आरोपमा पीडितले ०६९ वैशाख २८ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी गरिन् । ट्युशन पढ्न आएकी बालिकाबाहेक अन्य विद्यार्थीहरूलाई विदा दिएपछि विद्यालयमा उनले बलात्कार गरेको पीडितपक्षले जनायो पीडितको उपचार ०६९ वैशाख २ गतेदेखि रायपुर गाविसस्थित युनिक अस्पतालमा भयो। पीडितको स्वास्थ्य परीक्षण युनिक अस्पताल र राजविराजस्थित सगरमाथा अञ्चल अस्पतालमा ०६९ वैशाख २९ गते भयो। जिल्ला अदालतबाट आरोपितका नाममा

०६९ असार ५ गते पक्राउ पुर्जीको म्याद जारी भएपछि बयानका लागि अदालतमा हाजिर भएका अनिल सप्तरी जिल्ला अदालतको आदेशले ०६९ साउन २२ गतेदेखि पुपर्क्षका लागि कारागारमा थुनामा छन्।

एक आठ वर्षीया बालिकालाई ०६९ जेठ २१ गते धर्मपुर गाविस-७ का १४ वर्षीय बालकले दिउँसो घरनजिकैको केराघारीमा लगेर बलात्कार गरे। पीडितको राजविराजस्थित सगरमाथा अञ्चल अस्पतालमा ०६९ जेठ २१ गते स्वास्थ्य परीक्षण र उपचार भयो। पीडितले ०६९ जेठ २१ गते उजुरी गरिन्। इलाका प्रहरी कार्यालय कञ्चनपुरले आरोपितलाई ०६९ जेठ २१ गते गिरफ्तार गऱ्यो। आरोपित जिल्ला अदालतका न्यायाधीश किरणप्रसाद शिवाकोटीको आदेशले अंशलगायत सम्पत्तिसमेत रोक्का भई पुर्पक्षका लागि ०६९ असार १४ गतेदेखि सप्तरी कारागारमा थुनामा छन्।

महिलाविरुद्ध हुने सबै प्रकारको भेदभाव, दुर्व्यवहार बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

एक १८ वर्षीया महिलालाई ०६८ चैत २३ गते बकधुवा गाविस-६ का ३० वर्षीय मो. इसराइल खलिफा मियाँले बलात्कार गरेको आरोपमा पीडितले ०६८ चैत २३ गते इलाका प्रहरी कार्यालय कञ्चनपुरमा उजुरी दिएपछि सोही दिन आरोपित गिरफ्तार भए। पीडितको ०६८ चैत २३ गते सगरमाथा अञ्चल अस्पताल राजविराजमा स्वास्थ्य परीक्षण भएको थियो। मियाँ सप्तरी जिल्ला अदालतको आदेशमा पुपर्क्षका लागि ०६९ वैशाख १५ गतेदेखि सप्तरी कारागारमा थुनामा थिए। ०६९ कात्तिक २० गते जिल्ला न्यायाधीश मोहनराज भट्टराईको इजलासले मियाँलाई पाँच वर्ष कैद र रु १५ हजार रुपियाँ जरिवाना पीडितले पाउने गरी फैसला गऱ्यो।

एक १८ वर्षीया महिलालाई ०६९ वैशाख २२ गते राति ७:३० बजे रम्पुरा मल्हनिया गाविस-५ का २२ वर्षीय कपिल यादव, २२ वर्षीय अनिलकुमार यादव र राजविराज नपाका दुई जना बालकसमेतले बलात्कार गरेको आरोपमा तीनजनालाई प्रहरीले सोही राति घटनास्थलबाट गिरफ्तार गऱ्यो। आरोपित कपिल र अन्य दुइजना बालक सप्तरी जिल्ला अदालतको आदेशमा ०६९ जेठ १९ गतेदेखि पुपर्क्षका लागि सप्तरी कारागारमा थुनामा छन्। आरोपितमध्ये अनिलकुमार यो वर्षको अन्त्यसम्म फरार छन्।

एक २४ वर्षीया सुस्त मनस्थितिकी एक युवतीलाई ०६९ पुस ८ गते घोघनपुर गाविस-४ का ३२ वर्षीय मो. जमिल मियाँ, ३४ वर्षीय मुम्ताज मिया र ३५ वर्षीय डोडल भन्ने समिमउल्लाहले ठेलिया गाविस ९ स्थित बाँसघारीमा सामूहिक बलात्कार गरेको आरोपमा पीडितपक्षले पुस ९ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो । राजविराज नपा-१ स्थित शिवशङ्कर चित्र मन्दिर सिनेमा हलबाट पुस ८ गते दिउँसो ३ बजे सिनेमा हेरेर निस्केकी सुस्त मनस्थितीकी दलित युवतीलाई आरोपितहरूले घर पुऱ्याइदिन्छु भन्दै मोटरसाइकलमा ठेलिया गाविस-९ पुऱ्याई बाँसघारीमा लगेर सामूहिक बलात्कार गरेपछि घोघनपुर गाविस-४ स्थित मो. मुस्ताकको घरमा जिम्मा लगाएका थिए। पीडित ०६९ पुस ९ गते राजविराज नपा-७ स्थित घर आएर अभिभावकलाई घटनाबारे जानकारी गराएपछि। प्रहरीले पुस १० गते राजविराजस्थित अस्पतालमा पीडितको स्वास्थ्य परीक्षण गराएपछि पुस १२ गते मुद्दा दर्ता गऱ्यो।

घरेलु हिंसा

परिवारजनबाट हत्या

बदगामा गाविस-२ की २८ वर्षीया सुनीता पासवानलाई ०६८ चैत २५ गते राति चरित्रमाथि शङ्का गर्दै उनका पति ३० वर्षीय महेन्द्र पासवानले फलामको गह्रौं ढकले प्रहार गरेर हत्या गरे। महेन्द्रले इलाका प्रहरी कार्यालय कञ्चनपुरमा ०६८ चैत २६ गते आत्मसमर्पण गरे। मृतकका बुबा दिनेश पासवान र आरोपित महेन्द्रका बाबु बेचु पासवानले महेन्द्रविरुद्ध ०६९ चैत २६ गते इलाका प्रहरी कार्यालय कञ्चनपुरमा उजुरी दिए। आरोपित महेन्द्र सप्तरी जिल्ला अदालतको आदेशले ०६९ वैशाख १८ गतेदेखि पुपर्क्षका लागि सप्तरी कारागारमा थुनामा थिए। जिल्ला अदालतले ०६९ असोज ११ गते पीडकलाई जन्मकैद गर्ने फैसला गऱ्यो।

बरही वीरपुर गाविस-१ की २१ वर्षीया रम्भादेवी यादवलाई ०६९ असार ४ गते राति उनका पति २५ वर्षीय सन्तोषकुमार यादवसहित घरपरिवारका सदस्यहरूले घाँटी थिचेर हत्या गरेको भनी मृतकका पिता बोरिया गाविस-८ का श्यामसुन्दर यादवले ०६९ असार २० गते जिल्ला प्रहरी कार्यालयमा मृतकका पति सन्तोष, ससुरा ५१ वर्षीय वीरेन्द्र यादव, सासू ४५ वर्षीया अरुहुलियादेवी यादव र नन्दहरू १९ वर्षीया रन्जुदेवी यादव र १७ वर्षीया मन्जुदेवी यादव बिरुद्ध

कर्तव्य ज्यान मुद्दा दर्ता गरे । मृतकको घाँटीमा चोटपटक र नीलडाम रहेको अवस्थामा ०६९ असार ५ गते बिहान घरमै लास फेला परेको थियो। विवाह भएको तीन वर्ष बिते पनि सन्तान नभएपछि घरपरिवारले उनलाई यातना दिँदै आएका थिए। आरोपितहरू यस वर्षको अन्त्यसम्म फरार छन्। राजविराजस्थित सगरमाथा अञ्चल अस्पतालमा फोरेन्सिक विशेषज्ञ चिकित्सक नभएकोले लासको पोस्टमार्टम ०६९ असार ५ गते धरानस्थित विपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानमा भएको थियो।

रूपनगर गाविस-८ की ३५ वर्षीया पवित्रादेवी महतो ०६९ असोज २९ गते घरमा मृत अवस्थामा फेला परिन्। पत्नीको मृत्युलगत्तै मृतकका पति लेलाई महतो फरार भएपछि गाउँलेले हत्याको अनुमान गरेका छन्। पिठ्युभरी बाँसको चिर्पटको निलडाम रहेको लासको प्रकृतिअनुसार हत्या भएको हुनसक्ने प्रहरीले समेत अनुमान गरेको छ। लेलाईले सधैँ रक्सी खाएर पत्नीलाई कुटपिट गर्ने गरेको छिमेकीहरूले बताए। लासको पोस्टमार्टम राजविराजस्थित सागरमाथा अञ्चल अस्पतालमा ०६९ असोज २९ गते भयो। अन्तिम संस्कारका लागि मृतकका जेठाजु कञ्चनपुर गाविस-९ का गोपाल महतो र सासू जहदी कोइरी महतोले लास बुझेका थिए।

बहुविवाह

गोइठी गाविस-९ की २८ वर्षीया बबिताकुमारी यादवका पति ३५ वर्षीय महेन्द्र भन्ने वरुणकुमार यादवले सुनसरी हाँसपोसा गाविस-२ की २७ वर्षीया प्रमिलाकुमारी कोइरालासँग दोस्रो विवाह गरेको ०६८ चैत २४ गते पीडित पक्षले थाहा पाएपछि इलाका प्रहरी कार्यालय कञ्चनपुरमा ०६९ जेठ १ गते बहुविवाहको मुद्दा दर्ता गरिन्। कान्छि पत्नी प्रमिला जिल्ला अदालतको आदेशमा ०६९ भदौ १२ गते र बरुण ०६९ भदौ ३१ गते १५/१५ हजार रुपियाँ धरौटी राखेर तारेखमा रिहा भए।

मैनाकडेरी गाविस- ३ की ३० वर्षीया शिलु झा मिश्रका पति मैनाकडेरी गाविस- ३ घर भई राजविराज नपा-८ बस्दै आएका ३५ वर्षीय प्रणित मिश्रले दोस्रो विवाह गरेको कुरा शिलुले ०६९ भदौ १३ गते थाहा पाइन्। बहुविवाहको आरोप लगाउँदै शिलुले ०६९ भदौ १७ गते दिएको उजुरी जिल्ला प्रहरी कार्यालयले ०६९ असोज २२ गते दर्ता गऱ्यो। प्रहरीले मुद्दा दर्ता गरे पनि प्रणीत र कान्छी पत्नी २८ वर्षीया बाणी मिश्रलाई गिरफ्तार गरेको छैन। ०६२ असार १० गते प्रणितसँग विवाह गरेकी शिलु चिनीको रोगी र निसन्तान छिन्। हाल उनी राजविराज नपा-२ स्थित माइतीघरमा बस्दै आएकी छन्।

घरबाट निकाला

बरमझिया गाविस-३ की २४ वर्षीया रोशन खातुनलाई ०६९ असोज २९ गते बिहान पति २८ वर्षीय जख्तर हुसेनले घरबाट निकालिदिए। रोशनले ०६९ मङ्सिर १ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिइन्। उनले अदालतमा अंश मुद्दा दायर गरिन्। देवर अख्तर भाटले जबर्जस्ती यौनजन्य व्यवहार गर्ने प्रयास गरेकोमा विरोध गरेपछि पति जख्तरसहित घरका सदस्यहरूले खान लाउनसमेत नदिइ घरबाट निकालेको भन्दै उनले पतिलाई कारबाही र आफूलाई न्याय दिलाउन प्रहरीमा उजुरी दिइन्। खातुनलाई सुरक्षाका लागि ०६९ मंसिर १८ गतेदेखि महिला तथा बलबालिका कार्यालयको सुरक्षागृहमा राखिएको छ।

दाइजोका लागि कुटपिट

लौनिया गाविस-५ की २१ वर्षीया लक्ष्मी मण्डललाई ०६९ भदौ २४ गते दिउँसो पति श्रीराम मण्डलले दाइजो माग्दै लात र मुक्काले कुटपिट गरे। घाइतेको ०६९ भदौ २४ गते सगरमाथा अञ्चल अस्पताल राजविराजमा उपचार भयो। पटक-पटक दाइजोका कारण कुटपिटबाट पीडित लक्ष्मीलाई अब आइन्दा नकुटने सहमति गरी यस अघि ०६९ असार ५ गते जिल्ला प्रहरी कार्यालयमा श्रीरामले मिलापत्र गरेका थिए। मिलापत्र भएपछि पत्नीलाई साथै लिएर गएका पति श्रीरामले पुनः मोटरसाइकल र फर्निचर समान माग गर्दै कुटपिट गर्न थालेको पीडितले बताइन्। पीडित महिलाले जिल्ला प्रहरी कार्यालयको महिला तथा बालबालिका सेलमा ०६९ भदौ २५ गते उजुरी दिइन्। पीडित लक्ष्मीको सगरमाथा अञ्चल अस्पताल राजविराजमा ०६९ भदौ २९ गते घाउ जाँच गरियो। उनले पतिविरुद्ध जिल्ला अदालतमा ०६९ असोज २२ गते कुटपिट र अंश मुद्दा दायर गरिन्। पीडित लक्ष्मी हाल राजविराज नपा-९ स्थित माइतमा बस्दै आएकी छिन्।

कथित बोक्सीको आरोपमा दुर्व्यवहार

मोहनपुर गाविस-१ की २८ वर्षीया लिलादेवी भगतलाई ०६९ भदौ १० गते राति सोही वडाका ३७

वर्षीय सन्तोष भगत, ३१ वर्षीय हसन्त भगत, ६१ वर्षीय बिन्दु भगत, ३३ वर्षीय राम भगत र बरमझिया गाविसकी धामी ५२ वर्षीया बसर्नी खातुनले बोक्सीको आरोप लगाई कुटपिट गर्दै धूपले पिठ्यूमा डामे। हसन्तको पत्नी शर्मिलादेवी भगतलाई बोक्सी लगाएको आरोपमा २०६९ भदौ १० गते राति २ बजे घरबाटै बन्धक बनाएर लगेका उनीहरूले सन्तोषको घरमा धामी खेल्दै कुटपिट गरेर ०६९ भदौ ११ गते मुक्त गरे। पीडितको ०६९ भदौ ११ गते लहानमा उपचार भयो। इलाका प्रहरी कार्यालय कल्याणपुरमा ०६९ भदौ १५ गते आरोपित पाँच जनाविरुद्ध मुद्दा दर्ता भयो। प्रहरीले ०६९ असोज १२ गते जिल्ला अदालतमा मुद्दा दर्ता गऱ्यो। स्रेस्तेदार वेदप्रसाद उप्रेतीले फरार आरोपितहरूका नाममा ३० दिने म्याद जारी गर्ने आदेश गरे। आरोपित पाँचै जना फरार छन्।

सबै प्रकारका जातीय विभेद

छिन्नमस्ता गाविस-६ की ३५ वर्षीया श्यामादेवी रजकलाई ०६९ जेठ १८ गते दिउँसो सार्वजनिक धारामा पानी लिन पुग्दा सोही टोलका ४५ वर्षीय हसन्त भन्ने बसन्त ठाकुर, २१ वर्षीय सोनु ठाकुर र २८ वर्षीय सुनिल ठाकुरले छिन्नमस्ता गाविस-६ मा जातीय छुवाछुत विभेद गरी कुटपिट गरे। पीडितले जिल्ला प्रहरी कार्यालयमा ०६९ जेठ २४ गते दिएको उजुरीका आधारमा सोही दिन बसन्त र निजका छोरा सोनुलाई प्रहरीले गिरफ्तार गऱ्यो। जिल्ला अदालतको ०६९ असार ११ गतेको आदेशअनुसार आरोपितहरू सोनु १० हजार र बसन्त ५ हजार रुपियाँ धरौटी राखेर तारेखमा रिहा भए। आरोपित सुनिल ठाकुर फरार छन्।

पँसेरा गाविस-३ का २१ वर्षीय शिवशङ्कर दास ०६८ माघ १६ गते घाइते र अर्द्धबेहोश अवस्थामा फेला परेकोमा ०६८ माघ १८ गते राति उपचारका क्रममा वीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान धरानमा उनको मृत्यु भयो। स्थानीय चौधरी थरकी युवतीसँगको अन्तरजातीय प्रेमसम्बन्ध स्वीकार गर्न नसक्दा पँसेरा गाविस-४ का जीतेन्द्र चौधरीलगायतकाले घरमा बोलाई विष खुवाएको मृतकका बुबा ६५ वर्षीय राजकुमार दास तत्माले आरोप लगाए। दलित गैसस महासङ्घले ०६८ फागुन १६ देखि २० गतेसम्म गरेको स्थलगत अध्ययन प्रतिवेदनमा अन्तरजातीय प्रेमसम्बन्धका कारण शिवशङ्करको हत्या भएको निष्कर्ष निकाल्यो। व्यवस्थापिका संसद् महिला, बालबालिका र समाज कल्याण समितिअन्तर्गत भेदभाव, छुवाछुत समस्या र समाधानको उपाय अध्ययन गर्न सभासद् विनोद पहाडीको संयोजकत्वमा गठित ११ सदस्यीय उपसमितिले अन्तरजातीय प्रेम सम्बन्धका कारण हत्या भएको प्रतिवेदन बुझायो। किटानी जाहेरी दर्ता गर्न प्रहरीले नमानेपछि ०६८ चैत १ गते हुलाकमार्फत प्राप्त उजुरी ०६८ चैत ५ गते प्रहरीले दर्ता गऱ्यो। मृतकका बुबा राजकुमारले ०६९ साउन १४ गते जिल्ला अदालतमा प्रमाण लगाइ पाऊँ भनी जीतेन्द्र चौधरी विरुद्ध कर्तव्य ज्यान मुद्दा दर्ता गराए। न्यायाधीश मोहनराज भट्टराईको एकल इजलाशले आरोपित ०६९ साउन १५ गते साधारण तारेखमा रिहा भए। मृतकका पिता राजकुमारले जिल्ला अदालतबाट भएको बेरीतको आदेश बदर गरी जीतेन्द्रलाई पुपर्क्षका लागि थुनामा राख्ने आदेश माग गर्दै ०६९ भदौ ६ गते पुनरावेदन गरेका छन्।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

संरचना, सम्पत्ति क्षति

अज्ञात समूहबाट

राजविराज नपा-९ बस्ने मानवअधिकार तथा जनवकालत केन्द्र (हुपेक) का अध्यक्ष अधिवक्ता ३५ वर्षीय धर्मेन्द्रप्रसाद यादवको घरआँगनमै राखेको स२प २२६९ नम्बरको ग्लाडिएटर मोटरसाइकल, बच्चाले चढ्ने साइकल, घरमा जडान भएको बिजुलीको मिटर, तार, आँपको रुख ०६९ जेठ ८ गते अज्ञात व्यक्तिले आगजनी गऱ्यो। पीडितले प्रहरीमा किटानी उजुरी दिएको आधारमा जिल्ला प्रहरी कार्यालयले ०६९ असोज १८ गते देउरी भरुवा गाविस-२ का ३६ वर्षीय सुशीलकुमार यादवलाई राजविराज नपा-३ बाट गिरफ्तार गऱ्यो। जिल्ला अदालतका न्यायाधीश किरणप्रसाद शिवाकोटीको आदेशबाट ०६९ असोज २८ गते आरोपित २ लाख २५ हजार रुपियाँ धरौटी राखी तारेखमा रिहा भए।

राजविराज नपा-५ मदननगरस्थित नेकपा (एमाले) जिल्ला पार्टी कार्यालयमा ०६९ जेठ ८ गते राति अज्ञात समूहले आगजनी गऱ्यो। पार्टी कार्यालयमा कोही नभएका बेला मध्यराति भएको आगजनीले पार्टी कार्यालयको एउटा कोठाको ढोका जलेर नष्ट भयो। तत्कालै छिमेकीहरूले आगो निभाएकाले ठूलो क्षति हुन पाएन। आगजनी गर्नेलाई प्रहरीले फेला पार्न सकेको छैन। उक्त ०६९ जेठ ९ गते एमालेलगायत जिल्लाका

विभिन्न पार्टीहरूले विज्ञप्तिमार्फत घटनाको छानबिन गरी दोषीलाई कारबाही गर्न माग गरेका थिए।

राजविराज नपा-९ स्थित सुनिलकुमार झाको घरको आगनमा राखेको मिनी बसमा २०६९ जेठ १७ गते राति अज्ञात समूहले आगजनी गऱ्यो। बसभित्रको सिटहरूमा आगो लाग्दा रु ४० हजार मूल्य बराबरको क्षति भएको बसका सञ्चालक बथनाहा गाविसका ३० वर्षीय पवनकुमार यादवले बताए।

हनुमाननगर इलाका प्रहरी कार्यालयमा ०६९ भदौ २८ गते स्थानीय युवाहरूले तोडफोड र आगजनी गरे। हनुमाननगर गाविस-१ का २० वर्षीय अर्जुन मिश्रा, २४ वर्षीय अरविन्द दास, हनुमाननगर गाविस-२ का २१ वर्षीय जीतेन्द्र साहलाई गिरफ्तार गरेको आक्रोशमा स्थानीय बासिन्दाहरूले प्रहरी कार्यालय परिसरमा रहेको मूल प्रवेशद्वार र प्रहरीपोस्टलाई तोडफोड गरी आगजनी गरेको असई मनोज राउतले बताए। राजविराजबाट बिराटनगरका लागि चल्ने माइक्रो बसमा हनुमाननगरसम्म जाने यात्रुहरूलाई चढ्न नदिएको विरोधमा स्थानीय युवाहरूले ०६९ भदौ २८ गते बिहानदेखि हनुमानगर चोकमा गरेको चक्काजाम खुलाउने क्रममा प्रहरीले अर्जुन, अरविन्द र जीतेन्द्रलाई गिरफ्तार गरेपछि प्रहरी कार्यालयमा तोडफोड र आगजनी भएको थियो। स्थानीय बासिन्दा जुलुशले प्रहरी कार्यालयभित्र पसेर गिरफ्तार तीनै जनालाई मुक्त गरेको थियो। सो क्रममा प्रहरी कार्यालयका इन्चार्ज सई मनोजकुमार राउतलाई समेत हातपात गर्दै उनीहरूले अपरान्ह ४.०० बजेसम्म बजार बन्द गरे। प्रहरीले अर्जुन मिश्रा, जीतेन्द्र साह, अरविन्द दास, हनुमाननगर गाविस-२ का २० वर्षीय सम्शेर अली, ३० वर्षीय शत्रुघ्न साह, हनुमाननगर गाविस- ३ का २२ वर्षीय राजेश झा, २४ वर्षीय महेन्द्र ठाकुर, हनुमाननगर गाविस-४ का २२ वर्षीय सुनिल दास, २२ वर्षीय शंकर साह, हनुमाननगर गाविस-७ का २२ वर्षीय सब्बिर अलीबिरुद्ध आगजनी मुद्दा दर्ता गऱ्यो। यो वर्षको अन्त्यसम्म आरोपितहरू गिरफ्तार भएका छैनन्।

राजविराज नपा-४ स्थित राजविराज मोडल क्याम्पसमा ०६९ असोज २५ गते राति ८ बजे अज्ञात समूहले आगजनी गऱ्यो। क्याम्पस सुरक्षार्थ बस्ने गरेका सुरक्षा गार्ड सदानन्द यादव खाना खान गएको मौका छोपी आएका तीन युवाले झ्यालको सिसा फुटाली पेट्रोल छर्केर पुस्तकालयमा आगो लगाएर भागे। घटनामा एक/एक थान कम्प्युटर प्रिन्टर, मोनिटर, सिपीयु, काठको च्याक र सोमा रहेको केही गेसपेपरहरू र रजिष्ट्रेशन फर्म जलेर क्षतिग्रस्त भयो। आगजनी गर्नेहरू बारे हालसम्म केही पत्ता लागेको छैन।

उचित वातावरणमा काम गर्न पाउने अधिकार कुटपिट

राजबिराज नपा- ९ घर भई विद्युत प्राधिकरण राजविराज शाखामा कार्यरत हेडपाले ४१ वर्षीय दिनेश मण्डललाई ०६८ फागुन १२ गते सोही कार्यालयका इन्जिनियर बद्रीनारायण चौधरी लगायतका कर्मचारीले कार्यालयको गाडी निजी काममा प्रयोग गर्न नदिएको रीसमा कुटपिट गरी घाइते बनाए। कुटपिटबाट घाइते भएका मण्डलको राजविराजस्थित सगरमाथा अञ्चल अस्पतालमा उपचार भयो। उनको छाती, अनुहार, पिठयूँ र टाउकोमा गम्भीर चोट लागेको चिकित्सकले बताए। राति करिब १० वजे आएका इन्जिनियर बद्रीनारायण चौधरी, असिस्टेण्ट ईन्जिनियर उपेन्द्रनारायण यादव, सहलेखापाल टंकनाथ साह, स्टोरकिपर जागेश्वर यादव र लाईन हेल्पर मो. मुर्तुजाले जन्ति जान कार्यालयको पिकअप भ्यान लान खोजेको र आफूले हाकिमको अनुमति विना लान नमिल्ने अडान लिएपछि कुटपिट गरेको पीडितले बताए। कुटपिटपछि बेहोश भएका मण्डललाई राति नै ड्युटीमा रहेका विद्युतका कर्मचारी र प्रहरीले अस्पताल भर्ना गराएका थिए। घटनाको विषयलाई लिएर प्राधिकरणका कर्मचारीहरूले कुटपिटमा संलग्नलाई कारबाही, घाइतेको उपचार तथा उचित क्षतिपूर्तिको माग गरे। घटना सम्बन्धमा प्राधिकरण प्रमुख शम्भु कुसियतले घटनाबारे छानबिन थालिएको र दोषी पाइएकाहरूलाई विभागीय कारबाही गरिने बताए। प्रहरीले भने घटनाबारे अनुसन्धान भइरहेको बतायो।

जिल्ला हुलाक कार्यालय सप्तरीका निमित्त प्रमुख पाण्डव ठाकुर र हलकारा रामप्रसाद इसरलाई ०६९ फागुन २१ गते सत्तासीन मधेसी जनअधिकार फोरम (लोकतान्त्रिक) का कार्यकर्ताले दुर्व्यवहार गर्नुका साथै कुटपिट गरे। फोरम (लोकतान्त्रिक) का अध्यक्ष एवम् उपप्रधान तथा गृहमन्त्री विजयकुमार गच्छेदारको प्रमुख आतिथ्यतामा ०६९ फागुन २२ गते राजविराजमा हुने पार्टी कार्यक्रमका लागि चन्दा नदिएको आक्रोशमा कर्मचारीहरूलाई दुर्व्यवहार गर्नुका साथै कुटपिट गरिएको निमित्त प्रमुख ठाकुरले बताए। नेपाल निजामति कर्मचारी सङगठनका सप्तरी अध्यक्ष सुब्बालाल मण्डलले कार्यालयभित्र कर्मचारीमाथि हातपात गर्ने

फोरम (लोकतान्त्रिक) का कार्यकर्तामाथि कारबाही गर्नुपर्ने र सुरक्षाको व्यवस्था हुनुपर्ने माग राखे। घटनास्थलबाट गिरफ्तार गरेका तीनजना कार्यकर्तालाई प्रहरीले तत्कालै रिहा गऱ्यो।

राजविराज नपा-८ स्थित महेन्द्र विन्देश्वरी बहुमुखी क्याम्पसका आंशिक प्राध्यापक पिन्टु भनिने कृष्णचन्द्र यादवलाई ०६९ मङ्सिर १२ गते विद्यार्थी र युवाहरूले क्याम्पसमा कुटपिट गरे। टाउको फुटेर घाइते भएका यादवको राजविराजस्थित अस्पतालमा उपचार भयो। क्याम्पसकै करार शिक्षक रामअशिष यादवको निर्देशनमा उनका भतिजा लालापट्टी गाविस १ का ३८ वर्षीय विरेन्द्र यादव, सालाहरू सिम्राहा सिंग्यौन गाविस- ७ कनकट्टाका २२ वर्षीय सुरेन्द्र यादव र छत्रनारायण यादव, सालाका साथी त्रिकोल गाविसका २७ वर्षीय नरेन्द्र यादव, जेठानको छोरा सिम्राहा सिग्यौन गाविस ७ कनकट्टाका २४ वर्षीय कृष्णा भन्ने सन्तोष यादवलगायतकाले कुटेको आरोप लगाउँदै कारबाहीका लागि ०६९ मंसिर १३ गते क्याम्पसमा र ०६९ मङ्सिर १८ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए। आरोपितहरूमाथि हालसम्म कुनै कारबाही भएको छैन्।

स्वास्थ्य सेवाको अवस्था

औषधी अभावमा मृत्यु

रामपुर जमुवा गाविस-३ का ६० वर्षीय शिवराम मण्डलको सर्पदंशका विरामीलाई दिइने एन्टी स्नेक भेनम औषधिको अभावले ०६९ साउन १७ गते मृत्यु भयो। राजविराजस्थित अस्पतालमा औषधि नपाएपछि विरामीलाई सुनसरीको इटहरी, धरान र मोरङगको विराटनगरस्थित अस्पताल पुऱ्याए पनि एन्टीस्नेक भेनम भ्याक्सिन नपाएका कारण मण्डलको मृत्यु भयो। स्वास्थ्य विभागले माग अनुसार भ्याक्सिन दिन नसकेपछि सरगमाथा अञ्चल अस्पताल राजविराजले २०६९ साउन १७ गते भ्याक्सिन नभएको सार्वजनिक सूचना अस्पतालमा टाँस गरेको थियो। भ्याक्सिनको अभावमा सर्पदंशका बिरामीहरू ०६९ साउन २५ गतेसम्म उपचारबाट वञ्चित भए। पूर्वाञ्चल क्षेत्रीय मेडिकल स्टोर बिराटनगरबाट ०६९ साउन २५ गते एक सय भायल 'एन्टि स्नेक भेनम' औषधी राजविराज अस्पताल आएपछि सेवा पुन: सुचारु भयो।

अस्पताल	१		
स्वास्थ्यचौकी	१७		
उपस्वास्थ्यचौकी	९५		
पद	**दरबन्दी**	**कार्यरत**	**रिक्त**
डाक्टर	१९	१२	७
स्टाफ नर्स	२३	१८	५
ल्याब असिस्टेन्ट	१०	८	२
अहेब	१४५	१६१	बढी
अनमी	४२	३४	८
खोप सुपरभाइजर	१	१	
क्षयरोग/कुष्ठरोग सुपरभाइजर	१	१	
हेल्थ असिस्टेन्ट	२३	२०	३

जिल्ला प्रहरी कार्यालय

जिल्ला प्रहरी कार्यालयमा ०६८ पुस १७ गतेदेखि ०६९ पुस १६ गतेसम्म बलात्कार आठ, बलात्कार प्रयास एक, महिला ओसार पसार जिउ मास्नेबेच्ने एक, कर्तव्य ज्यान १०, ज्यानमार्ने उद्योग १२, आत्महत्या ६७, अपहरण गरी शरीर बन्धक बनाएको सात, बहुविवाह पाँच, जातीय छुवाछुत एक, अपहरण उद्योग पाँच, विस्फोटक पदार्थका दुई ओटा मुद्दा दर्ता भए।

१.१२ सिरहा

जिल्ला सदरमुकाम: लहान (सिरहा)
क्षेत्रफल (वर्ग कि. मि.): १,१८८
घरधुरी सङ्ख्या: १,१७,५६२
जम्मा जनसङ्ख्या: ६,३७,३२८
पुरुष: ३,१०,१०१
महिला: ३,२७,२२७
अपाङ्ग सङ्ख्या: ६,६६५
गाविस/नपा सङ्ख्या: १०६/२
पुरुष साक्षरता सङ्ख्या: १,७७,७०८
महिला साक्षरता सङ्ख्या: १,२३,१००
हिन्दू धर्मावलम्बी प्रतिशत: ५०.१५
बौद्ध धर्मावलम्बी प्रतिशत: १.७३
इस्लाम धर्मावलम्बी प्रतिशत: ७.४६
किराँत धर्मावलम्बी प्रतिशत: ०.०७
क्रिश्चियन धर्मावलम्बी प्रतिशत: ०.०६
प्रकृति धर्मावलम्बी प्रतिशत: ०.१२
शिख धर्मावलम्बी प्रतिशत: ०.००१
अन्य धर्मावलम्बी प्रतिशत: ०.३६४
प्रतिपरिवार सरदर सङ्ख्या: ५.४०

नागरिक तथा राजनीतिक अधिकार सम्मानित रूपले बाँच्ने अधिकार

हत्या

राज्यबाट

जिल्ला प्रशासन कार्यालय सिरहा अगाडि एमालेद्वारा ०६८ माघ ९ गते आयोजित धर्नामा सहभागी भएका हनुमाननगर (प्रम) गाविस- ७ का ६२ वर्षीय रामस्वरूप पासवान प्रहरीको लाठिचार्जमा परी घाइते भएकोमा उनको ०६८ माघ २३ गते मृत्यु भयो। प्रहरीले धर्नाकारीहरूमाथि लाठीचार्ज गर्दा टाउकोमा चोट लागेर गम्भीर घाइते भएका पासवानलाई उपचारका लागि सिरहा अस्पतालमा भर्ना गरिएकोमा अस्पतालबाट केही दिनपछि घर फर्किएका थिए। माघ २३ गते पुन: जाँचको लागि सिरहा अस्पताल जाने क्रममा बाटोमा उनको मृत्यु भयो। आफ्ना कार्यकर्ताको प्रहरीको कुटाइका कारण मृत्यु भएको जनाउँदै एमालेले शहीद घोषणा, घटनाको उच्चस्तरीय न्यायिक छानबिन समिति गठन, दोषी प्रहरीउपर कारबाही तथा पीडितका परिवारलाई उचित राहत उपलब्ध गराउनुपर्ने माग राखी पटक पटक आन्दोलन गऱ्यो।

सरकारद्वारा न्यायिक छानबिन समिति गठन र पीडित पारिवारलाई १० लाख रुपियाँ राहत उपलब्ध गराउने निर्णयपछि आन्दोलन स्थगन गरिएको एमालेका जिल्ला अध्यक्ष लिलानाथ श्रेष्ठले लहानमा पत्रकार सम्मेलन गरी सार्वजनिक गरेका थिए। घटनाको राष्ट्रिय मानवअधिकार आयोग, इन्सेकलगायतले अलग अलग रूपमा स्थलगत अध्ययन गरेका थिए। इन्सेकद्वारा स्थलगत अध्ययनपछि सार्वजनिक गरिएको प्रतिवेदन अनुसार पीडित प्रहरीको लाठीचार्जबाट घाइते भई अशक्त भएकोमा राम्रो उपचार पाउन नसकेका कारण करिब दुई सातापछि उनको मृत्यु भएको ठहर गरिएको छ। सो घटनामा मृतक पासवानलगायत करिब ४० जना एमालेका अन्य कार्यकर्ताहरू समेत घाइते भएका थिए। सरकारद्वारा पीडित परिवारलाई १० लाख रुपियाँ राहत उपलब्ध गराउने भनेको रकम यस वर्षको अन्त्यसम्ममा उपलब्ध नगराएको एमालेका सिरहा जिल्ला अध्यक्ष लीलानाथ श्रेष्ठले बताए। उनका अनुसार सरकारद्वारा गठित न्यायिक छानबिन समितिले सरकारलाई प्रतिवेदन बुझाए पनि सरकारले वास्ता नगरेको कारण कसैलाई कारबाही भएन ।

असनपुर गाविस-८ का २२ वर्षीय सन्तोष सिंहको ०६९ असोज १२ गते राति सिरहाको महेशपुर पतारी र जिझौल गाविसको सीमानामा पर्ने कटैया नदीमा प्रहरीको गोली लागी मृत्यु भयो। दोहोरो भिडन्तमा उनको मृत्यु भएको प्रहरीले जनायो। लासको लहान अस्पतालमा ०६९ असोज १३ गते पोस्टमार्टम गरी दाहसंस्कारको लागि प्रहरीले परिवारको जिम्मामा लगायो। घटनास्थलबाट अन्य दुईजना फरार भएको र उनीहरूको नाम ठेगाना खुल्न नसकेको र घटनास्थलबाट एकथान कटुवा पेस्तोल, दुईथान थ्रिनट थ्री राइफलको गोली भेटिएको, मृतक आपराधिक कार्यहरूमा संलग्न रहेको जिल्ला प्रहरी कार्यालय सिरहाका इन्स्पेक्टर राजकुमार शाहीले बताए।

घटनाको प्रकार	राज्यपक्षबाट			गैरराज्यपक्षबाट		
	महिला	पुरुष	जम्मा	महिला	पुरुष	जम्मा
घाइते					३	३
बालअधिकार				४	१	५
अमानवीय व्यवहार				१	३	४
अपहरण					६	६
महिलाअधिकार				१०		१०
भेला/सङ्गठित हुने अधिकार	१	३	४			
जातीय विभेद				१	१	२
गिरफ्तारी/यातना		१	१			
कुटपिट	१	६	८	३	६	९
धम्की					१	१
हत्या		४	४	५	९	१४
जम्मा	२	१५	१६	२४	३१	५५

अन्यबाट

डुम्री गाविस- ८ स्थित घुर्मीखोलाको किनारमा ०६८ फागुन २७ गते बेवारिसे अवस्थामा एक महिलाको लास भेटियो। मधेशी मुलकी अन्दाजी २५ बर्षको देखिने महिलाको शरीरका कपडाहरू पनि च्यातचूत गरिएको अवस्थामा रहेकोले उनको बलात्कारपछि हत्या गरिएको हुन सक्ने आशङ्का रहेको जिल्ला प्रहरी कार्यालय सिरहाले जनायो। घटनास्थल नजिक विभिन्न किसिमका औषधिको बट्टासमेत फेला परेको, घटनाको अनुसन्धान भए पनि मृतकको सनाखत नभएको र हत्या कसले किन गरेको पनि खुल्न नसकेको इलाका प्रहरी कार्यालय मिर्चैयाले जनायो।

दोहोरो झडपमा मृत्यु

इलाका प्रहरी कार्यालय गोलबजार र सशत्र प्रहरी बल बेसक्याम्प गोलबजारको सुरक्षा टोली र अपहरणकारीहरूको समूहबीच ०६८ चैत ८ गते साँझ

प्रहरीको गोली लागी मृत्यु भएका सन्तोष सिंह

चन्द्रोउदयपुर गाविस-१ स्थित सिरहा र उदयपुरको सिमाना पर्ने चुरे जङ्गलमा भएको दोहोरो फायरिङमा प्रहरीको गोली लागी दुईजना अपहरणकारीको घटनास्थलमै मृत्यु भयो। मृत्यु हुनेहरूमा लालपुर गाविस-४ का १८ वर्षीय सञ्जय साह र पिप्रा गाविस-६ का २२ वर्षीय रमोद सिंह रहेका थिए। उनीहरूले असनपुर गाविसको गोलबजारका स्थानीय व्यापारी विजय साहलाई अपहरण गरी सो ठाउँमा राखेको भन्ने सूचनाका आधारमा प्रहरी पीडितलाई मुक्त गराउन सो ठाउँमा पुगेपछि दोहोरो फायरिग भएको थियो। घटनामा दुईजनाको मृत्यु भएको र अन्य व्यक्तिहरू भागेपछि पीडितलाई सकुशल अपहरणमुक्त गरिएको जिल्ला प्रहरी कार्यालय सिरहाका एसपी राजेशकुमार लाल कर्णले बताए। व्यापारी विजय साहलाई उक्त अपहरणकारी समूहले चैत ४ गते साँझ करिब ७ बजे अपहरण गरेकोमा १५ लाख रुपियाँ फिरौती रकम माग गर्दै आएका थिए। अपहरणको क्रममा पीडितलाई शारीरिक र मानसिक यातना दिइएको पीडितले बताए।

गोली/विस्फोटक पदार्थद्वारा घाइते

अज्ञात समूहबाट

असनपुर गाविस निवासी मधेशी जनअधिकार फोरम (लोकतान्त्रिक) का जिल्ला अध्यक्ष रामचरित्र साहलाई ०६८ माघ ११ गते राति सोही गाविस-६ की एक महिलाको घरमा सुतिरहेको अवस्थामा अपरिचित व्यक्तिले गोली प्रहार गरे। अध्यक्ष साहलाई सो घरको भेन्टिलेशनबाट गोली प्रहार भएको थियो। साह धरानस्थित वीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान, धरानमा उपचार भयो। गोली कसले र किन हानेको पता नलागेको इलाका प्रहरी कार्यालय मिर्चैयाले जनायो।

जेल र बन्दीहरू

'घ' श्रेणीको जिल्ला कारागारको बन्दी क्षमता १ सय ५० जनाको रहेको छ। यस वर्षको अन्त्यसम्म कैद तोकिएका ४० र कैद नतोकिएका १ सय १८ कैदी र थुनुवा गरी जम्मा १ सय ५८ जना बन्दीहरू रहेका

छन्। जसमा आश्रित बालिका १ जना बालक १ रहँदै आएका छन्।

जेलका भौतिक अवस्था जीर्ण हुँदै गइरहेको छ। महिला बन्दी र पुरुष बन्दीहरूका लागि छुट्टा छुट्टै ब्लक भए पनि भेटघाटको लागि एकै ठाउँ भएकोले अप्ठ्यारो भएको महिला बन्दीहरूले बताए। जेलर बबिता महतोका अनुसार खाने पानीको लागि टयूबेल सात वटा रहेको कैदीहरूलाई प्रत्येक दुइ वर्षमा ओढने ओछ्याउने दिने गरिएको यस कारागारमा पत्रिकाको व्यवस्था भए पनि नियमित छैन। प्रत्येक दिन खानको लागि सात सय ग्राम चामल र ४५ रुपियाँ नगद दिने गरेको भए पनि भान्सा आफैले गर्नुपर्ने भएकोले उनीहरुले मेस चलाएको बताए। दशैमा ३ सय रुपियाँ दिने गरेको यो दर अपुग भएको बताए। जेलमा कैदीहरुका लागि स्वास्थ्य चाँजको लागि डाक्टरको दरबन्दी रहे पनि डाक्टर कार्यरत रहेका छैनन्। डाक्टर जेलमा नरहेकोले सानो विरामी हुँदा पनि अस्पताल लग्नु परेको र अस्पतालसम्म पुऱ्याउने साधन नरहेकोले धेरै समस्या रहेको छ। यसका साथै जेलमा एउटा मात्र टेलीफोन भएकोले पनि कैदीहरूले थप टेलिफोनको माग गरेका छन्।

बेपत्ता/अपहरण

अज्ञात समूहबाट

महदेवा पोर्ताहा गाविस-८ स्थित सरनचियाका २४ वर्षीय राधेश्याम यादवलाई ०६९ जेठ २४ गते अज्ञात समूहले अपहरण गऱ्यो । पीडित परिवारका अनुसार पीडित अपहरणको ४० दिनपछि ९ लाख ५० हजार रुपिया फिरौती बुझाई भारतीय क्षेत्रबाट मुक्त भए। लहान नगरपालिकास्थित एशियन लाइफ इन्स्योरेन्स कम्पनी लहानमा कार्यरत यादव बेलुका ५ बजेतिर बजारको सैलुनमा दाह्री काटेर निस्किएका बखत सोही ठाउँबाट उनलाई अपहरण गरी भारतको जयनगर भन्ने ठाउँमा राखेको उनले बताए। अपहरणकारीहरूले प्रहरीमा खबर नगर्न धम्काएका कारणले उजुरी न गरेको परिवारले बताए।

धम्की/कुटपिट

राज्यपक्षबाट

कृष्णपुर गाविस-७ घर भई हाल सिरहाबाट प्रकाशित अनुकल्प राष्ट्रिय दैनिकका प्रमुख सिरहा सम्वाददाता शम्भुकुमार यादवलाई ०६८ माघ २४ गते प्रहरीको फोटो खिचेको निहुँमा प्रहरीले दुर्व्यवहार गऱ्यो। सिरहा सदरमुकाममा ट्राफिक प्रहरीले अदालत चोकमा एकजना मोटरसाइकल यात्रीको प्रहरीले जबर्जस्ती मोटरसाइकलको हावा खोल्दै गरेको फोटो खिच्दा पत्रकार यादवलाई नगर प्रहरी सिरहाका प्रहरी नायव निरीक्षक राजकुमार बस्नेतले दुर्व्यवहार गरेका थिए। नगर प्रहरी सिरहाका प्रहरी नायव निरीक्षक राजकुमार बस्नेतसहितको ट्राफिक प्रहरी र नेपाल प्रहरीले नियन्त्रणमा लिएर क्यामरामा भएको फोटो डिलिट गर्नुका साथै दुर्व्यवहार गरेको पीडित पत्रकार यादवले बताए। उनले आफना क्यामारा, मोबाईल लिई प्रहरीको नियन्त्रमा दुई घण्टा राखेको बताए। जिल्ला प्रहरी कार्यालय सिरहाका एसपी राजेशलाल कर्णले घटनाको बारेमा आफूले जानकारी पाएको र सो विषयमा तत्काल छानबिन गरी दोषी प्रहरीलाई कारबाही गरिने बताए।

असनपुर गाविस- ८ निवासी इन्सेक जिल्ला प्रतितिधि तथा नेपाल पत्रकार महासङ्घ सिरहाका जिल्ला सदस्य गुरुशरण सदा र न्युज २४ का जिल्ला सम्वादाता गणेश साहलाई ०६९ जेठ १७ गते बडहरामाल ५ बस्तिपुर प्रहरी र स्थानिय बासिन्दा बीच भएको झडपको अनुगमन तथा समाचार सङ्कलन गर्ने क्रममा इलाका प्रहरी कार्यालय मिरचैयाका प्रहरी जवानले कुटपिट गर्दै दुर्व्यवहार गऱ्यो। कुटपिटबाट घाइते भएका सदालाई भूमिजा हस्पिटल गोलबजारमा सामान्य उपाचार पछि कान उपचार केन्द्र सिरहामा थप उपचारको लागि पठाइएको थियो। प्रहरीले मुड्कीले प्रहार गर्दा सदाको देब्रे कानमा चोट लागेको थियो। अधिकारकर्मी र सञ्चारकर्मीमाथि भएको घटनाको विरोध गरी इन्सेक पूर्वाञ्चालसहित विभिन्न सङ्घ संस्थाहरूले विज्ञप्ति जारी गर्दै कारबाहीको माग गरेका थिए। जिल्ला प्रहरी कार्यालय सिरहाका एसपी राजेशकुमार लाल कर्णले इन्सेक प्रतिनिधिको असनपुर-७ स्थित घरमा पुगी घटनामा प्रहरी जवानबाट घटना भएको स्वीकार गर्दै अबका दिनमा यस्ता गलती नदोहऱ्याउने र औषधि खर्च व्यहोर्ने प्रतिबद्धता व्यक्त गरे। सोही घटनालाई राष्ट्रिय मानवअधिकार आयोग जनकपुरको एक टोलीले ०६९ जेठ २२ गते स्थलगत अध्ययन गरेको थियो। आयोगले स्थलगत अध्ययन गरे पनि प्रतिवेदन नआएको आयोगको जनकपुरस्थित कायालयले जनायो।

नेकपा माओवादीबाट

मल्हनिया गम्हरिया गाविस ५ घर भई चन्द्रलालपुर- १ स्थित जनता उच्चमाविका

प्रधानध्यापक पदमा कार्यरत ५६ वर्षीय योगेन्द्रप्रसाद यादवलाई राजनीतिक दलका प्रतिनिधि सम्मिलित केही अभिभावकहरूले ०६८ माघ १७ गते कार्यालयमा दुर्व्यवहार गर्नुका साथै कुटपिटसमेत गरे। पीडित प्रअ यादवका अनुसार नेकपा माओवादी (मातृका) समूहका गाविस प्रतिनिधि रामकुमार महतो लगायतले कार्यलयमा नै हातपात गर्दै कुटपिट गरेको बताए। विद्यालयमा शिक्षक नियुक्ति र विद्यालय व्यवस्थापन समिति नहुँदा राजनीतिक दलहरूलाई जिम्मेवारी दिइएको कारण सो विषयमा सामूहिक रूपमा बुझ्न जाँदा प्रअ झोक्किएर बोल्न थालेपछि हातपात भएको स्थानीय बासिन्दाले बताए। पीडितले कतै उजुरी गरेनन्।

अभिव्यक्ति, भेला हुने र संगठित हुने अधिकार

(राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

लहान नपा-५ कि ३२ वर्षीया राजदा खातुन ०६९ कातिक २ गते नेपाली काङ्ग्रेसका कार्यकर्ताहरूले लहान नगरपालिकाको कार्यालयमा घेराउ र तालाबन्दीको कार्यमा संलग्न भएका समयमा प्रहरीको लाठीचार्जमा परी घाइते भइन्। घाइते खातुनको नोबेल अस्पताल विराटनगरमा उपचार भएको थियो। पीडित खातुनका अनुसार लहान नगरपालिकामा आर्थिक अनियमितता र भ्रष्टाचार भएकोले सो सम्बन्धमा कार्यालय प्रमुखसँग छानबिन गर्न पटक पटक माग गरेकोमा प्रमुखले चासो नदेखाएपछि माग पूरा गराउन दबाब दिँदै सो तालाबन्दी गरेका थिए। सो सङ्गठनका अनुसार नपा कार्यालयमा एकीकृत सम्पति करमा अत्याधिक मात्रामा बृद्धि गरिएकोले सो बृद्धि गर्ने निर्णय समेत फिर्ता लिनुपर्ने लगायतको माँग समेत रहेको उल्लेख गरे। काङ्ग्रेसका कार्यकर्ताहरूले गरेको सो विरोध कार्यमा आन्दोलनकारीको तर्फबाट प्रहरीलाई ढुङ्गा प्रहार भएपछि प्रहरीले लाठीचार्ज र अश्रुग्याँससमेत प्रहार गरेका थियो। सोही क्रममा प्रदर्शनकारीको ढुङ्गा प्रहारबाट वडा प्रहरी कार्यालय लहानका असई निरबहादुर खडका घाइते भएका थिए। टाउकोमा चोट लागी घाइते भएका असई खड्काको लहान अस्पतालमा उपचार भएको थियो।

सुगम र निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालत

०६८ साउनदेखि ०६९ असार मसान्तसम्म

तीन जनामात्र न्यायाधीश रहेको यस जिल्ला अदालतको फौजदारी मुद्दातर्फ ८ सय ३८ थान मध्ये ३ सय ४९ थान फैसला भए भने ४ सय ८९ थान फैसला हुन बाँकी रहे। देवानी मुद्दातर्फ ३ हजार २६ थान मध्ये १२ सय ५५ थान फैसला भए भने १७ सय ७१ थान फैसला हुन बाँकी रहे।

०६९ साउनदेखि पुस १५ सम्म

तीन जनामात्र न्यायाधीश रहेको यस जिल्ला अदालतको फौजदारी मुद्दातर्फ २ सय ३६ थान मध्ये १ सय ११ थान फैसला भए भने १ सय २५ थान फैसला हुन बाँकी रहे। देवानी मुद्दातर्फ ७ सय १६ थान मध्ये ५ सय ५२ थान फैसला भए भने १ सय ६४ थान फैसला हुन बाँकी रहे। दुई वर्ष नाघेका फौजदारी मुद्दा ६९ थान र देवानी मुद्दा ३ सय ३१ थान रहे।

जिल्ला सरकारी वकिलको कार्यालयबाट ०६८ साउनदेखि ०६९ असार मसान्तसम्म दायर मुद्दाको सङ्ख्या ४९ थान छ जसमध्ये ३६ थान सफल भए भने १३ थान असफल भएको छ। मुलतवी, तमेली पेण्डिङमा मुद्दा दुई थान रहेको छ। सरकारी वकिल सङ्ख्या दुई रहेको यस जिल्ला कार्यालयबाट दायर मुद्दामध्ये ०६९ असार मसान्तसम्म १ सय ३४ थान मुद्दा बाँकी रहेको सरकारी वकिलको कार्यालयले जनायो।

दायर मुद्दामध्ये कर्तव्य ज्यानसम्बन्धी मुद्दा २४ थान मध्ये १५ थान सफल र नौ थान असफल रह्यो। बलात्कारसम्बन्धी मुद्दा छ थान मध्ये चार थान सफल र दुई थान असफल रह्यो। महिला बेचविखनसम्बन्धी मुद्दा एक थान मध्ये एक थान सफल रह्यो। अपहरणसम्बन्धी मुद्दा पाँच थन मध्ये चार थान सफल र एक थान असफल रह्यो। बहुविवाहसम्बन्धी मुद्दा चार थान मध्ये दुई थान सफल र दुई थान असफल रह्यो।

जिल्ला सरकारी वकिलको कार्यालयबाट ०६९ साउनदेखि ०६९ पुससम्म दायर मुद्दाको सङ्ख्या ८९ थान छ जसमध्ये २५ थान सफल भएको छ। सरकारी वकिल सङ्ख्या दुई थान रहेको यस जिल्ला कार्यालयबाट दायर मुद्दामध्ये ०६९ असार मसान्तसम्म १ सय ३४ थान मुद्दा बाँकी रहेको सरकारी वकिलको कार्यालयले जनायो।

यातना तथा अन्य क्रूर, अमानवीय र अपमानजनक व्यवहार वा दण्ड

अयोध्यानगर गाविस-६ का ४६ वर्षीय हरिशचन्द्र महतोलाई ०६८ पुस ३० गते राति घरबाट

सशस्त्र प्रहरी बल बेसक्याम्प गोलबजारको टोलीले बिनापूर्जी गिफ्तार गरी आँखा र हातमा बाँधेर गागन खोलाको पुलदेखि उत्तरतर्फ लगेर महतोलाई यातना दियो। पीडितका अनुसार प्रहरीले सो ठाउँमा खाल्टो खनी पीडितलाई घोप्टो पारेर कञ्चटमा पेस्तोल ताकेर सन्दीप यादवको हत्या गरेको स्वीकार गर्न दबाब दिँदै लास गाडेको ठाउँ देखाउन र नदेखाए मारिदिने धम्की दिएका थिए। पीडितले सो कुरा थाहा नभएको बताएपछि पीडितलाई सो ठाउँबाट पुनः गाडीमा बसाई बेसक्याम्प गोलबजार लगिएको थियो। सोही राति सशस्त्र प्रहरीले इलाका प्रहरी कार्यालय गोलबजारमा पीडितलाई जिम्मा लगाएको थियो। पीडितका अनुसार उनलाई गोलबजारबाट सो दिन राति नै इलाका प्रहरी कार्यालय मिर्चैयामा र भोलिपल्ट बिहान जिल्ला प्रहरी कार्यालय सिरहामा लगेर राखिएको थियो। अधिकारकर्मीहरूले सोधखोज गरेपछि पुस ३१ गते साँझ पीडितलाई सार्वजनिक गरिएको थियो। पीडित जिल्ला अदालतको ०६८ माघ ५ गतेका आदेशमा सादा तारेखमा रिहा भए।

असनपुर गाविस- २ का २८ वर्षीय रवीन्द्र साह (टाईगर), सोही गाविस ६ का ३२ वर्षीय रविन्द्र साह र २८ वर्षीय व्यापारी अनिल साहलाई ईलाका प्रहरी कार्यालय गोलवजारले ०६८ माघ १७ गते बिनापूर्जी गिरफ्तार गरी जिल्ला प्रहरी कार्यालय सिरहामा बुझायो। प्रहरी कार्यालयको हिरासतमा आफूहरूलाई पाईप, लठी, मुडकी र लात्तीले हानिएको पीडितले बताए। उनका अनुसार एस.पी. राजेशकुमार लाल कर्णको निर्देशनमा अन्य सुरक्षाकर्मीहरूले निर्मम कुटपिट गरेका थिए। कुटपिटबाट शरीरभरि नीलडाम भएको र आफूहरूलाई केही दिनसम्म ज्वरोसमेत आएको पीडितहरूले बताए। पीडितहरू माघ १८ गते सोही प्रहरी कार्यालयबाट रिहा भए। स्थानीय अस्पतालमा उपचार गराएका साहले उजुरी नगरेको बताए।

बालअधिकार

शिक्षाको अवस्था

यस जिल्लाका विद्यालय जाने उमेरका १ लाख ३४ हजार ६ सय २ मध्ये छात्र ६४ हजार ६ सय ५० र छात्रा ६९ हजार ९सय ५२ प्राथमिक तहदेखि माथि तहसम्म भर्ना भए। यसमध्ये दलित छात्रा २० हजार ४ सय १६ र छात्र २० हजार ९सय ७५ रहेका छन्। सरकारी र सामुदायिक विद्यालय गरी प्राथि तहमा जम्मा१७ सय ३ शिक्षक कार्यरत रहेका छन्। निमाथि तहमा तहमा जम्मा ३ सय१२ शिक्षक कार्यरत रहेका छन्। यसैगरी माथि तहमा जम्मा २ सय ७९ शिक्षक रहेका छन्।

बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

एक १७ वर्षीया बालिकालाई ०६८ चैत्त १७ गते रामनगर मिर्चैया गाविस- ६ का एक बालकले बलात्कार गरेको आरोपमा स्थानीय बासिन्दाले ०६८ चैच २० रामनगर मिर्चैयाबाट समातेर बालकलाई इलाका प्रहरी कार्यालय मिर्चैयामा बुझाए । पीडितले आरोपितविरुद्ध ०६८ चैत २० गते इलाका प्रहरी कार्यालय मिर्चैयामा उजुरी दिए । पीडितको उजुरीको आधारमा छानबिन गरी ०६९ जेठ २७ गते थप दुई जना उमेश मण्डल र उमेश साहलाई गिरफ्तार गरी प्रहरीले अदालतमा पेश गरेको थियो। उमेर कम भएका कारण बालकलाई अदालतले रिहा गऱ्यो भने मण्डल र साह ०६९ जेठ २८ गतेदेखि पुर्पक्षका लागि थुनामा रहेका छन्।

एक १७ वर्षीया बालिकालाई ०६९ भदौ १४ गते राति गोविन्दपुर गाविस-२ निवासी लहान नपा-३ मा डेरा गरी बस्ने ३८ वर्षीय घुरन यादवले बलात्कारको प्रयास गरेको आरोपमा प्रहरीले यादवलाई त्यसै राति गिरफ्तार गऱ्यो। पीडित चिच्याएका कारण साथीहरूले थाहा पाएर आरोपितलाई सो ठाउँबाट निकालेर प्रहरीलाई खबर गरेका थिए। पीडितका अनुसार आफूले डेरा लिएकै घरमा आरोपितको पनि डेरा रहेको र सो राति करिब १० बजेतिर कोठामा प्रवेश गरी बलात्कारको प्रयास गरेका थिए। आरोपित जिल्ला प्रशासन कार्यालय सिरहाबाट ०६९ भदौ २६ गते २८ हजार रुपियाँ धरौटीमा रिहा भए।

महिलाविरुद्ध हुने सबै प्रकारको भेदभाव, दुर्व्यवहार

बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

एक २२ वर्षीया युवतीलाई धनगढी गाविस- ९ मुसहरनियाका वीरेन्द्र साह र सुरेश साहले ०६९ पुस १६ गते सामूहिक बलात्कार गरेको जानकारी पाएर इलाका प्रहरी कार्यालय धनगढीका प्रहरी टोली घटनास्थल पुगे पनि आरोपितहरू फरार रहेकोले गिरफ्तार गर्न नसकेको प्रहरीले जनायो। सुस्तमनस्थितिकी पीडित दिउँसो १२ वजे गाउँनजिकै चौरीमा बाखा चराउन गएको बखत ती युवाहरूले सामूहिक बलात्कार गरेको पीडितका परिवारले बताए।

वडा प्रहरी कार्यालय लहानका इन्स्पेक्टर ढकेन्द्र खतिवडाले पीडित युवतीलाई स्वास्थ्य परीक्षणको लागि सगरमाथा अञ्चल अस्पताल,राजविराज पठाइएको र आरोपितहरूको खोज तलास जारी रहेकोले चाँडै गिरफ्तार गरी कारवाही प्रकृया अगाडि बढाउने बताए।

घरेलु हिंसा

परिवारजनबाट हत्या

तरेगाना गोविन्दपुर गाविस-७ कि २८ वर्षीया सनेचरी खातुनलाई ०६९ मङ्सिर १६ गते उनका पति सहमद मियाले कुटपिट गर्दा गम्भीर घाइते भएकीमा खातुनको लहानस्थित गणेश क्लिनिकमा उपचारकै क्रममा मङ्सिर १७ गते मृत्यु भयो। पीडितलाई घरमा घरखर्चसम्बन्धी विवाद भएपछि उनका पतिले कुटपिट गरेका थिए। वडा प्रहरी कार्यालयले उपचारमा संलग्न स्वास्थ्यकर्मी गणेश साह र उनका पति सहमद मियाँलाई गिरफ्तार गरी अनुसन्धान गरिरहेको जनायो। मृतक खातुनको लहान अस्पतालमा ०६९ मङ्सिर १८ गते पोस्टमार्टम गरी परिवारलाई जिम्मा लगाएको वडा प्रहरी कार्यालय लहानका इन्सपेक्टर ढकेन्द्र खतिवडाले बताए। जिल्ला अदालतले ०६९ पुस ११ गते सहमद मियालाई पूर्पक्षका लागि जिल्ला कारागारमा थुनामा पठाएको थियो भने स्वास्थ्यकर्मी साहलाई ३० हजार रुपियाँ धरौटीमा रिहा गरेको वडाप्रहरी कार्यालय लहानका इन्स्पेक्टर ढकेन्द्र खतिवडाले बताए।

गोविन्दपुर गाविस -८ की १७ वर्षीया कमला विकलाई उनका पति उमेश महतोले विषसेवन गराई हत्या गरेको आरोपमा ०६९ असोज ५ गते मृतकका दाजु हरिबहादुर विकले वडा प्रहरी कार्यालयमा जाहेरी दर्ता गराए। उनकाअनुसार उमेश महतोले जेठी पत्नी हुँदाहुँदै कमलालाई बहुविवाह गरेर ल्याएकोमा आपसी विवादपछि उनको हत्या भएको जनाउँदै निवेदन दिएको बताए। पीडितको उजुरीको आधारमा आरोपित उमेश महतोलाई गिरफ्तार गरी ०६९ असोज २९ गते अदालतमा पेश गरेको र अदालतले महतोलाई पुर्पक्षका लागि जिल्ला कारागारमा राख्ने आदेश दियो ।

इनर्वा गाविस-८ की १७ वर्षीया निधि गुप्ताको ०६९ जेठ ९ गते कुटपिटका कारण मृत्यु भयो। मृतकका बुबा उमाशङ्कर गुप्ताले हत्याको आरोपमा मृतकका पति शिवशङ्कर गुप्तालगायत परिवारका अन्य सदस्यमाथि कारवाहीको माग गरी प्रहरी कार्यालयमा उजुरी दिए। पीडितपक्षको जाहेरीका आधारमा मृतककी सासू कृष्णादेवी गुप्ता र जेठाजु विजयशङ्कर गुप्तालाई ०६९ असोज ५ गते घरबाट गिरफ्तार गरी जिल्ला अदालतमा पठाएको वडा प्रहरी कार्यालय लहानका इन्स्पेक्टर ढकेन्द्र खतिवडाले बताए। आरोपितहरू ०६९ असोज २९ गतेको अदालतको आदेशमा पुर्पक्षका लागि कारागार शाखा सिरहामा थुनामा छन्।

बहुविवाह

लहान नपा-२ कि २३ वर्षीया रेखा महतोले आफ्ना पति रामविलास महतोले बहुविवाह गरेको आरोपमा ०६९ अशोज १० गते वडा प्रहरी कार्यालय लहानमा कारबाहीको लागि निवेदन दिइन्। पीडितले आफूलाई दाइजो नल्याएका कारण पटकपटक शारीरिक तथा मानसिक यातना दिने गरेको बताइन्। दुइ वर्षअघि परम्परागत रूपमा रामविलाससँग विवाह भए पनि विवाह दर्ता तथा छोरीको जन्म दर्ता समेत नगरिदिएको उनले बताइन्। महतोले पत्नी रेखा नराम्री भएकी, अटेर गर्ने र भनेको नमान्ने हुनाले आफूले दोश्रो विवाह गरेको बताए। वडा प्रहरी कार्यालय लहानले पीडित रेखादेवीको उजुरीमा महतोलाई ०६९ असोज २५ गते गिरफ्तार गरेकोमा २७ हजार रुपियाँ धरौटीमा रिहा भए।

लहान नपा-४ बस्ने २५ वर्षीया सोनी सहनीले उनका पति ३१ वर्षीय देवनारायण सहनीले बहुविवाह गरेको आरोपमा २०६९ पुस ५ गते वडा प्रहरी कार्यालय लहानमा जाहेरी दिइन्। विवाहको विरोध गर्दा उनका पति देवनारायणले कुटपिट गरेपछि कारबाहीको माग गर्दै प्रहरीमा उजुरी गरेको उनले बताइन्। पीडितको जाहेरीका आधारमा वडा प्रहरी कार्यालय लहानले देवनारायण सहनी र आसा मण्डललाई गिरफ्तार गरी कारबाही अगाडि बढाइएको जनायो।

स्वास्थ्य सेवाको अवस्था

अस्पताल	२		
स्वास्थ्यचौकी	२०		
उपस्वास्थ्यचौकी	८४		
पद	**दरबन्दी**	**कार्यरत**	**रिक्त**
डाक्टर	७	१	६
स्टाफ नर्स	८	४	४
ल्याब असिस्टेन्ट	७	७	
अहेब	१८४	१२६	५८
अनमी	८५	६७	१८
खोप सुपरभाइजर	१	१	
क्षयरोग/कुष्ठरोग सुपरभाइजर	१	१	
हेल्थ असिस्टेन्ट	२७	१	२६

जिल्ला प्रहरी कार्यालय

जिल्ला प्रहरी कार्यालयमा ०६८ पुस १७ गतेदेखि ०६९ पुस १६ गतेसम्म बलात्कार एक, कर्तव्यज्यान चार, ज्यानमार्ने उद्योग पाँच, आत्महत्या २०, अपहरण गरी शरीर बन्धक एक, विस्फोटक पदार्थका दुई ओटा मुद्दा दर्ता भए ।

१.१३ उदयपुर



जिल्ला सदरमुकाम: गाईघाट
क्षेत्रफल (वर्ग कि. मि.): २,०६३.००
घरधुरी सङ्ख्या: ६६,५५७
जम्मा जनसङ्ख्या: ३,१७,५३२
पुरुष: १,४५,७१२
महिला: १,६७,८२०
अपाङ्ग सङ्ख्या: ७,७८१
गाविस/नपा सङ्ख्या: ४४/१
पुरुष साक्षरता सङ्ख्या: १,०६,५५१
महिला साक्षरता सङ्ख्या: ५७,५३५
हिन्दू धर्मावलम्बी प्रतिशत: ७२.५७
बौद्ध धर्मावलम्बी प्रतिशत: १२.१२
इस्लाम धर्मावलम्बी प्रतिशत: ०.६८
किराँत धर्मावलम्बी प्रतिशत: ५.८५
क्रिश्चियन धर्मावलम्बी प्रतिशत: २.३५
प्रकृति धर्मावलम्बी प्रतिशत: २.११
वोन धर्मावलम्बी प्रतिशत: ०.०१
अन्य धर्मावलम्बी प्रतिशत: ०.२३८
प्रतिपरिवार सरदर सङ्ख्या: ४.७७

जेल र बन्दीहरू

'ङ'श्रेणीको जिल्ला कारागारको बन्दी क्षमता ५० जनाको रहेको छ। यस वर्षको अन्त्यसम्म कैद तोकिएका ६७ र कैद नतोकिएका १सय ४८ कैदी र थुनुवा गरी जम्मा २ सय १५ जना कैदी बन्दीहरू रहेका छन्। यस कारागारमा आश्रित बालबालिका छैनन्। यस जिल्ला कारागारको ०३९ सालमा निर्माण भएको हो।

कारागारमा महिला बन्दीगृह नभए पनि आन्तरिक व्यवस्थापन गरी महिला बन्दी बस्ने व्यवस्था मिलाइएको छ। केही वर्षयता क्षमताभन्दा बढी कैदी

घटनाको प्रकार	राज्यपक्षबाट			गैरराज्यपक्षबाट		
	महिला	पुरुष	जम्मा	महिला	पुरुष	जम्मा
घाइते					१	१
बालअधिकार				६	१	७
आर्थिक/सामाजिक/साँस्कृतिक अधिकार					१	१
महिलाअधिकार				१४		१४
जेलमा मृत्यु		१	१			
कुटपिट	४	३	६			
हत्या				१	१	३
जम्मा	४	३	७	३१	४	३५

बन्दी राखिएकाले अन्य सेवा सुविधामा असर परेको भन्दै बन्दीले नयाँ बन्दीगृह निर्माण गर्नु पर्ने माग राखेका छन्। बन्दीगृह पुरानो भएको र ०६८ असोज १ को भूकम्पबाट क्षति भई पानी चुहिन थालेको छ। कम्पाउण्ड नभएका कारण सुरक्षाको दृष्टिले असहज भएको सुरक्षाकर्मीको भनाइ छ। जेलर खगेन्द्रबहादुर तामाङका अनुसार कारागारमा जिविसको सहयोगमा पत्रपत्रिका उपलब्ध गराइएको छ भने शौचालय पाँच ओटा र खानेपानीको धारा दुईओटा रहेका छन्। कारागारभित्र चेस, लुडो, क्यारम्बोर्डजस्ता खेलहरू खेल्ने सुविधा छ भने बन्दीहरूले हस्तकलाका सामानहरू निर्माण गर्दै आयआर्जन गरिरहेका छन्।

धम्की/कुटपिट

राज्यबाट

कटारी गाविस-१ कटारी बजारमा बा २ ख ५६८६ नम्बरको मिनी ट्रकका मालिक चेतनारायण ढकाल र सहचालक नीरबहादुर श्रेष्ठलाई ०६९ भदौ ८ गते राति १० बजे सादा पोशाकमा आएका नेपाल प्रहरी र सशस्त्र प्रहरीको टोलीले कुटपिट गऱ्यो । खाना खाएर बस बिसौनीमा पार्किङ गरेको मिनीट्रकमा सुत्न गइरहेका सहचालक श्रेष्ठ र मालिक ढकाललाई बिनाकारण प्रहरीले कुटपिट गरेको ओम हलेसी ट्रक व्यावसायी सङ्घका अध्यक्ष कृष्ण थापाले बताए। घटनाको विरोधमा ०६९ भदौ ९ गते व्यवसायीहरूले कटारीबाट सञ्चालन हुने सम्पूर्ण यातायात बन्द गराएका थिए। यातायात बन्द भएपछि दुबै पक्षबीच इलाका प्रहरी कार्यालय कटारीमा भएको छलफलबाट आगामी दिनमा कमजोरी नगर्ने सहमति भएपछि दिउँसो ११ बजेबाट व्यवसायीले बन्द फिर्ता लिए। पीडितहरूले उजुरी गरेनन्।

त्रियुगा नपा-१ बोक्से निवासी नेपाली काङ्ग्रेसका तर्फबाट मनोनित पूर्व सभासद ३६ वर्षीया लक्ष्मी परियारलाई ०६८ चैत २६ गते बिहान काठमाडौँबाट गाईघाटतर्फ आइरहेका बेला त्रिनपा- ८ बगाहाका सशस्त्र प्रहरी जवान २६ वर्षीय रमेशकुमार तामाङ र २५ वर्षीय सुरेशकुमार तामाङले कद्माहा गाईघाट सडकखण्डमा पर्ने त्रियुगा नगरपालिका- ८ बगाहाको सालघारीमा कुटपिट गरे। पीडितका भाइ दीपक परियारले जिल्ला प्रहरी कार्यालय उदयपुरमा चैत्र २७ गते सार्वजनिक स्थलमा दुर्व्यवहार गरेको भन्दै जाहेरी दिए। जिल्ला प्रशासन कार्यालयले आरोपित दुबैको नाममा पत्राउपुर्जी जारी गरेकोमा रमेशकुमार तामाङ ०६९ असार २६ जिल्ला प्रशासन कार्यालयमा हाजिर भई मुद्दा पेश हुँदा सोही दिनको आदेशले १० हजार रुपियाँ धरौटी राखी रिहा भए। सुरेशकुमार तामाङ वर्षको अन्त्यसम्म फरार रहेका छन्।

अभिव्यक्ति, भेला हुने र संगठित हुने अधिकार

(राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

आदिवासी जनजाति महासङ्घ, आदिवासी जनजाति समन्वय समिति, ब्राह्मण, खस क्षेत्री, दशनामी र दलित, थारुहट सङ्घर्ष समितिलगायतका विभिन्न सङ्घसङ्गठन तथा मोर्चाहरूले नयाँ संविधानमा आफ्नो अधिकार सुनिश्चित हुनुपर्नेलगायत विभिन्न माग राख्दै गरेको बन्दका कारण यस वर्ष जिल्ला १४ दिन पूर्ण रूपमा र १८ दिन आंशिक रूपमा गरी कुल ३२ दिन बन्द गराए। यसमा खस क्षेत्री एकता समाज तथा आदिवासी जनजातिले सात दिन, आदिवासी जनजाति महासंघ, आदिवासी जनजाति समन्वय समिति नौ दिन, थारुहट सङ्घर्ष समितिले छ दिन बन्द गराए। बन्दका कारण जिल्लामा शिक्षण संस्था, कलकारखाना तथा यातायात सञ्चालन नहुँदा सर्वसाधारणले सास्ती खेप्नु पर्यो।

सुगम र निष्पक्ष न्यायिक अधिकार

०६८ साउनदेखि ०६९ असार मसान्तसम्म

एक जनामात्र जिल्ला न्यायाधीश रहेको यस जिल्ला अदालतमा ०६८ साउनदेखि ०६९ असार मसान्तसम्म फौजदारी मुद्दातर्फ ३ सय २५ थान मध्ये १ सय १२ थान फैसला भए भने २ सय १३ थान फैसला हुन बाँकी रहे। देवानी मुद्दातर्फ २ सय ९० थान मध्ये ७८ थान फैसला भएर २ सय १२ थान फैसला हुन बाँकी रहे।

०६९ साउनदेखि पुस ५ सम्म

एक जना मात्र न्यायाधीश रहेको यस जिल्ला अदालतको फौजदारी मुद्दातर्फ ९५ मध्ये १९ थान फैसला भएर ७६ थान फैसला हुन बाँकी रहे। देवानी मुद्दातर्फ ८३ थान दर्ता भएकोमा १६ थान फैसला भई ६७ थान फैसला हुन बाँकी रहे। दुई वर्ष नाघेका फौजदारी मुद्दा एक थान रहेको छ भने देवानी मुद्दा छैनन्।

जिल्ला सरकारी वकिलको कार्यालय

जिल्ला सरकारी वकिलको कार्यालयबाट ०६८ साउनदेखि ०६९ असार मसान्तसम्म दायर मुद्दाको सङ्ख्या १ सय ५५ छ जसमध्ये ४७ सफल भए भने ३९ असफल भएको छ। मुलतवी, तमेली पेण्डिङ्गमा मुद्दा पाँच थान रहेको छ। सरकारी वकिल सङ्ख्या दुई रहेको यस जिल्ला कार्यालयबाट दायर मुद्दामध्ये ०६९ असार मसान्तसम्म ८३ मुद्दा बाँकी रहेको सरकारी वकिलको कार्यालयले जनायो।

दायर मुद्दामध्ये कर्तव्य ज्यानसम्बन्धी मुद्दा १४ थान मध्ये छ थान सफल र सात थान असफल रह्यो। बलात्कारसम्बन्धी मुद्दा मध्ये पाँच मध्ये तीन थान सफल र दुई थान असफल रह्यो। महिला बेचविखनसम्बन्धी मुद्दा सात थान मध्ये तीन थान सफल र चार थान असफल रह्यो। अपहरणसम्बन्धी मुद्दा तीन थानमा तीनवटै मुद्धा फिर्ता भयो। बहुविवाहसम्बन्धी मुद्दा आठ थान मध्ये दुई थान सफल र एक थान असफल रह्यो। बालविवाहसम्बन्धी मुद्दा छैनन् छुवाछूतसम्बन्धी एक थान मध्ये एक थान सफल रह्यो।

जिल्ला सरकारी वकिलको कार्यालयबाट ०६९ साउनदेखि ०६९ पुससम्म दायर मुद्दाको सङ्ख्या १९ छ जसमध्ये छ। सरकारी वकिल सङ्ख्या दुई थान रहेको यस जिल्ला कार्यालयबाट दायर मुद्दामध्ये ०६९ असार मसान्तसम्म २१ मुद्दा बाँकी रहेको सरकारी वकिलको कार्यालयले जनायो।

यातना तथा अन्य क्रूर, अमानवीय र अपमानजनक व्यवहार वा दण्ड

त्रियुगा नपा- ११ स्थित लालपत्ताका ४५ वर्षीया बिन्दा लामा, ५९ वर्षीया नर्मदा राउत र ३५ वर्षीया उर्मिला परियारलाई ०६८ माघ १५ गते बन्द सडक खुलाउने क्रममा पीडितहरूको घरमा बन्दकर्ता लुकेको आशङ्कामा प्रहरीले राति घरमा पसेर कुटपिट गऱ्यो। उनीहरूको सिराहाको लहानस्थित नर्सिङ होममा पाँच दिनसम्म उपचार भयो। जिल्ला विकास समितिले लगाएको निकासी कर उठाउने ठेकेदारले राखेका कर्मचारी र प्रहरीबीच करको विषयमा भएको विवाद बढ्दै जाँदा प्रहरी र स्थानीयबीच झडप भएको थियो। सोही क्रममा जिल्ला प्रहरी कार्यालयका इन्स्पेक्टर खगेन्द्र खड्काको नेतृत्वमा खटिएको नेपाल प्रहरी र सशस्त्र प्रहरीको टोलीले घरभित्र रहेका पीडितहरूमाथि लाठी र बुट प्रहार गरेको थियो।

बालअधिकार

शिक्षाको अवस्था

यस जिल्लाका विद्यालय जाने उमेरका १ लाख ३ सय सत्र मध्ये छात्र ४४ हजार ७ सय ९ र छात्रा ४९ हजार २ सय ७० प्राथमिक तहदेखि माबि तहसम्म भर्ना भए। यसमध्ये दलित छात्रा छात्र ४ हजार ८ सय ३५ रहेका छन्। सरकारी र सामुदायिक विद्यालय गरी प्राबि तहमा १ हजार ३ सय ६० शिक्षक कार्यरत रहेका छन्। निमाबि तहमा तहमा ४ सय २४ र माबि तहमा २ सय ७५ शिक्षक शिक्षिका कार्यरत रहेका छन्।

३ सय ९५ वटा बालविकास केन्द्रमा बालिका ४ हजार ५८ र बालक ३हजार ८ सय ६६ गरी जम्मा ८ हजार १ सय ९८ रहेका छन्। *यस जिल्ला शिक्षा कार्यालयले शिक्षासम्बन्धी सबै तथ्याङ्क अद्यावधिक गरिएको पाइएन।*

बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

एक ५ वर्षीया बालिकालाई ०६८ फागुन १० गते स्थानीय भञ्याङस्थित खेतमा जाल्पा चिलाउने गाविस-३ का १९ वर्षीय जीवनप्रसाद दाहालले बलात्कार गरेको आरोपमा पीडित पक्षले ०६८ फागुन १६ गते जिल्ला प्रहरी कार्यालय उदयपुरमा उजुरी दियो। प्रहरीले आरोपितलाई ०६८ फागुन १७ गते गिरफ्तार

गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण जिल्ला अस्पताल उदयपुरमा भएको थियो। प्रहरीले सरकारी वकिल कार्यालयमार्फत जिल्ला अदालतमा आरोपितलाई ०६८ चैत १० गते पेश गऱ्यो। जिल्ला अदालतको आदेशमा ०६८ चैत १२ गतेदेखि आरोपित पुर्पक्षका लागि थुनामा रहेका छन्। मुद्दाको यस वर्षको अन्त्यसम्ममा फैसला भएन।

एक ४ वर्षीया बालिकालाई ०६८ फागुन ८ गते स्थानीय धारखोलास्थित बाँसझ्याङमा तपेश्वरी गाविस-१ का १८ वर्षीय ईश्वर कोइरालाले बलात्कार गरेको भन्दै पीडित पक्षले ०६८ फागुन ८ गते इलाका प्रहरी कार्यालय रामपुर ठोक्सिलामा उजुरी दियो। प्रहरीले आरोपितलाई सोही दिन गिरफ्तार गऱ्यो। बालिकाको स्वास्थ्य परीक्षण प्राथमिक स्वास्थ्य केन्द्र रामपुरमा भयो। प्रहरीले ०६८ चैत १ गते सरकारी वकिल कार्यालयमार्फत आरोपितलाई जिल्ला अदालतमा पेश गऱ्यो। अदालतको आदेशमा आरोपित ०६८ चैत १ गतेदेखि जिल्ला कारागारमा पुर्पक्षका लागि थुनामा रहेका छन्। मुद्दाको यस वर्षको अन्त्यसम्म फैसला भएन।

एक १६ वर्षीया बालिकालाई ०६९ असार १७ गते उनका ४९ वर्षीय बाबुले बलात्कार गरेको भन्दै पीडितले ०६९ असार २७ गते इलाका प्रहरी कार्यालय रामपुर ठोक्सिलामा उजुरी दिइन्। पीडितको स्थास्थ्य परीक्षण प्राथमिक स्वास्थ्य केन्द्र रामपुरमा भयो। आरोपितलाई प्रहरीले ०६९ असार २८ गते गिरफ्तार गऱ्यो। आरोपित जिल्ला अदालतको आदेशमा ०६९ साउन २१ गतेदेखि पुर्पक्षका लागि थुनामा रहेका छन्। यस वर्षको अन्त्यसम्म मुद्दाको फैसला भएन।

एक १२ वर्षीय बालकलाई ०६९ साउन १ गते राति सोही ठाउँका २६ वर्षीय नवराज कोइरालाले यौन दुर्व्यवहार भन्दै मानवअधिकारकर्मीहरूको पहलमा पीडितकी आमाले ०६९ साउन ७ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिइन। प्रहरीले आरोपितलाई सोही दिन सदरमुकाम गाईघाटबाट गिरफ्तार गऱ्यो। बालकलाई नियन्त्रणमा लिएर आरोपितले यौन दुर्व्यवहार गरेको पीडित परिवारले जनायो। प्रहरीले घटनाको अनुसन्धान सकेर ०६९ साउन ३१ गते अदालतमा मुद्दा पेश गरेकोमा सोही दिनको आदेशले आरोपित पुर्पक्षका लागि जिल्ला कारागार कार्यालयमा थुनामा रहेका छन्।

ओसारपसार

त्रियुगा नपा-३ दुर्गा टोलकी १५ वर्षीया एक बालिकालाई ०६९ मङ्सिर २५ गते सप्तरी जिल्लाको रूपनगर गाविस-५ का २० वर्षीय जीतेन्द्रकुमार साहले ललाईफकाई बेचबिखन गर्ने उद्देश्यले लाँदै गर्दा बालिकालाई सप्तरी जिल्लाको पिप्रा पश्चिम गाविसस्थित स्कुल टोलबाट आफन्तले उद्धार गरी प्रहरीलाई बुझाए। प्रहरीले अड्डासार गर्दै बालिकालाई उदयपुर ल्याएर आफन्तको जिम्मा लगायो। बालिकाका आफन्तले ०६९ मंसिर २६ गते आरोपित मानवबेचबिखनमा संलग्न रहेको भन्दै जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए। आरोपितलाई प्रहरीले ०६९ मङ्सिर २६ गते गिरफ्तार गऱ्यो। ०६९ पुस २३ गते जिल्ला सरकारी वकिल कार्यालयमा पेश गरिएकोमा २४ गतेको अदालतको आदेशले आरोपित पुर्पक्षका लागि थुनामा रहेका छन्।

महिलाविरुद्ध हुने सबै प्रकारको भेदभाव, दुर्व्यवहार बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

एक वाक्यबिहीन ४५ वर्षीया महिलालाई ०६९ भदौ २ गते तपेश्वरी गाविस -७ का २९ वर्षीय राजेश पाण्डेले रामपुर गाविस-२ रामपुर बजारदेखि ५ सय मिटर पूर्वमा पर्ने खस्रेटो घारीमा बलात्कार गरेको भन्दै पीडितका आफन्तले ०६९ भदौ ३ गते इलाका प्रहरी कार्यालय रामपुर ठोक्सिलामा जहेरी दर्ता गराए। पीडितको स्वास्थ्य परीक्षण प्राथमिक स्वास्थ्य केन्द्र रामपुर ठोक्सिलामा ०६९ भदौ ३ गते भएको थियो। प्रहरीले आरोपितलाई सेही दिन गिरफ्तार गरी अनुसन्धान सकेर जिल्ला सरकारी वकिल कार्यालयमार्फत कारबाही माग गर्दै मुद्दा पेश गरेकोमा जिल्ला अदालतको ०६९ भदौ २४ गतेको आदेशले आरोपित हाल पुर्पक्षका लागि थुनामा रहेका छन्।

सोलुखुम्बू जिल्लाकी एक १९ वर्षीया युवतीलाई ०६८ चैत ३० गते राति उदयपुरको कटारी गाविस - ४ का १८ वर्षीय रमेश परियार र नाम ठेगाना खुल्न नसकेका रोहित उदयपुरको सिरिसे गाविस -८ मा बास बसेको ठाउँमा बलात्कार गरेको भन्दै पीडितले ०६९ वैशाख ७ गते इलाका प्रहरी कार्यालय कटारीमा जाहेरी दिइन्। पीडितको जिल्ला अस्पताल कटारीमा सोही दिन स्वास्थ्य परीक्षण भयो। प्रहरीले आरोपितहरूको खोजी गरिरहेको बताए पनि हालसम्म गिरफ्तार गर्न सकेको छैन। घटनाको अनुसन्धान सकेर प्रहरीले ०६९ वैशाख ३० गते सरकारी वकिल कार्यालयमार्फत जिल्ला अदालतमा मुद्दा पेश गरेकोमा सोही दिनको आदेशले आरोपितहरूको नाममा म्याद

स्थानीय गाउँलेद्वारा विद्यालयमा गरिएको आगजनी

जारी भएको छ। पीडित सोलुखुम्बू जिल्लामा परिवारसँगै बस्दै आएको प्रहरीले जनायो।

एक ४८ वर्षीया महिलालाई ०६९ जेठ ४ गते बिहान समयमा सोही गाविसमा पर्ने सामुदायिक वनमा रामपुर ठोक्सिला गाविस-२ का २५ वर्षीय राजु राईले बलात्कार गरेको भन्दै पीडित पक्षले ०६९ जेठ ८ गते इलाका प्रहरी कार्यालय रामपुरमा जाहेरी दियो। प्रहरीले १६ गते जाहेरी दर्ता गरी प्राथमिक स्वास्थ्य केन्द्र रामपुर ठोक्सिलामा पीडितको स्वास्थ्य परीक्षण गरायो। पीडित हाल परिवार सँगै बस्दै आएकी छिन्। प्रहरीले आरोपितलाई सोही दिन गिरफ्तार गरी अनुसन्धान सकेर जेठ २८ गते सरकारी वकिल मार्फत जिल्ला अदालतमा मुद्दा पेश गरेकोमा अदालतको २९ गतेको आदेशले वर्षको अन्त्यसम्म पुर्पक्षका लागि कारागार कार्यालय उदयपुरमा थुनामा राखिएको छ।

एक २९ वर्षीया महिलालाई ०६९ असार १२गते राति ११ बजे पीडितकै घरमा गाविस-८ कपासेका ४० वर्षीय कुमारशेर राईले बलात्कार गरेको भन्दै पीडितपक्षले ०६९ असार १८ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। पीडितको जिल्ला अस्ताल गाईघाटमा स्वास्थ्य परीक्षण भयो। आरोपितलाई प्रहरीले २३ गते गिरफ्तार गऱ्यो। ०६९साउन १५ गतेदेखि जिल्ला अदालतमा आदेशमा आरोपित पुर्पक्षका लागि थुनामा रहेका छन्।

एक २५ वर्षीया महिलाले ०६९ मङ्सिर ८ गते सोरुङ छबिसे गाविस-२ का ३२ वर्षीय देवबहादुर सुनुवारले सोही गाविस-२ स्थित ठेलाबोटे भन्ने स्थानको झाडीमा बलात्कार गरेको भन्दै ०६९ मङ्सिर १८गते जिल्ला प्रहरी कार्यालयमा जाहेरी दिइन्। प्रहरीले आरोपितलाई मङसिर १९ गते गिरफ्तार गरी जिल्ला प्रहरी कार्यालयको हिरासतमा राखी अनुसन्धान गरिरहेको छ। पीडित परिवारसंगै बसेकी छन्।

एक ३९ वर्षीया महिलालाई ०६९ मङ्सिर १ गते जोगिदह गाविस-२ की ४६ वर्षीय रत्नप्रसाद आचार्यले सोही ठाउँका रामप्रसाद राईको घरमा बलात्कार गरेको भन्दै पीडितले जिल्ला प्रहरी कार्यालय उदयपुरमा मंसिर ३ गते किटानी जाहेरी दिइन्। सोही जाहेरीका आधारमा प्रहरीले आरोपितलाई सोही दिन गिरफ्तार गऱ्यो। ०६९ मङ्सिर २६ गते सरकारी वकिल कार्यालयमार्फत जिल्ला अदालतमा पेश गरेकोमा अदालतले २७ गतेको आदेशले आरोपित साधारण तारेखमा रिहा भए।

एक ७० वर्षीया बृद्धालाई ०६९ पुस ९ गते दिउँसो २ बजे रामपुर ठोक्सिला गाविस-२ का २८ बर्षीय सूर्यबहादुर तामाङले पीडितकै घरमा बलात्कार गरेको भन्दै पीडितले इलाका प्रहरी कार्यालय रामपुर ठोक्सिलामा ०६९पुस १० गते किटानी जाहेरी दिइन्। घटनासँगै अचेत बनेकी पीडितका आफन्त र स्थानीयले जिल्ला अस्पताल उदयपुरमा पुस १० गतेदेखि १२ गतेसम्म उपचार गराएका थिए। प्रहरीले स्थानीयको सहयोग लिएर घटनालगत्तै आरोपितलाई गिरफ्तार गरी अनुसन्धान सुरु गरेको इलाका प्रहरी कार्यालय रामपुरका इन्चार्ज इन्स्पेक्टर महेन्द्र थापाले बताए। आरोपितलाई मुलुकी ऐनको जबरजस्ती करणीको महल अनुसार अपराध गरेको अभियोगसहित मुद्दा दर्ता गरे। ०६९ पुस २३ गते जिल्ला सरकारी वकिल कार्यालयमार्फत जिल्ला अदालतमा पेश गरेकोमा सोही दिनको आदेशले आरोपित पुर्पक्षका लागि थुनामा रहेका छन्।

घरेलु हिंसा

हँडिया गाविस-२ भिमास्थित आफ्नै घरमा घाटीमा पासो लगाएर झुण्डिएको अवस्थामा फेला परेकी ३१ वर्षीय देवी मगर राईको हत्या भएको भन्दै मृतकका बुबा निरबहादुरले ०६९ भदौ ७ गते इलाका प्रहरी कार्यालय बेल्टारमा किटानी जाहेरी दिए। लासको ०६९ भदौ ६ गते जिल्ला अस्पताल गाईघाटमा पोस्टमार्टमपछि आफन्तलाई बुझाइयो । जाहेरीमा छोरीले आत्महत्या गरेको नभइ घरयासी विवाद, घटना र लासको अवस्थाले हत्या गरिएको आधार रहेको उल्लेख छ। प्रहरीले मृतकका पति ३७ वर्षीय नारायणभक्त राईलाई सोही दिन गिरफ्तार गऱ्यो। आरोपित जिल्ला अदालतको आदेशमा ०६९ भदौ २८ गते पुर्पक्षका लागि कारागार कार्यालयमा थुनामा

पठाएकोमा पुनः अदालतको फैसलामा ५ लाख रुपियाँ धरौटी बुझाएर रिहा भए।

बहुविवाह

त्रियुगा नपा-६ की २४ वर्षीया किरणकुमारी राउतले ०६९ वैशाख ३० गते २४ वर्षीय पति शिवजी बस्नेत र सोही नपा-९ की १८ वर्षीया रीता भट्टराईसँग दोस्रो विवाह गरी आफूलाई अबहेलना गरेको भन्दै जिल्ला प्रहरी कार्यालयमा जाहेरी दिइन्। प्रहरीले आरोपित दुवैलाई सोही दिन गिरफ्तार गरी ०६९ वैशाख ३१ गते उजुरी दर्ता गऱ्यो। प्रहरीले ०६९ जेठ १९ गते सरकारी जिल्ला सरकारी वकिल कार्यालयमार्फत जिल्ला अदालतमा मुद्दा पेश गऱ्यो। अदालतले सोही दिन जनही ५५ हजार रुपियाँका दरले धरौटी माग गरेकोमा तत्काल धरौटी बुझाउन नसकी आरोपितद्वय पाँच दिनसम्म कारागार कार्यालय उदयपुरमा थुनामा बसी ०६९ वैशाख २५ गते धरौटी बुझाएर तारेखमा रिहा भए।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार संरचना, सम्पति क्षति

नेकपा-माओवादीबाट

सप्तरी जिल्लाको राजविराज नपा-१ का ५६ वर्षीय गजराज तातेडको ०६८ पुस २० गते उदयपुरको जोगिदह गाविस–२ स्थित ४ विगाहा १७ धुर जग्गामा नेकपा-माओवादीले घर टहरा बनायो। विगतमा कब्जा गरिएका व्यक्तिका सम्पति फिर्ता गर्ने भट्टराई सरकारले निर्णय गरेलगत्तै सुकुमबासी बस्दै आएको जग्गा उनीहरूले नै भोग गर्न पाउनुपर्ने र क्रान्तिकारी भूमिसुधार लागू हुनुपर्नेलगायतका माग राख्दै एकीकृत नेकपा (माओवादी)को वैद्य पक्षले घर टहरा बनाएको थियो। उक्त जग्गा ०५८ सालदेखि माओवादीले कब्जा गरेको थियो। उनीहरूले बनाएको घर टहरा स्थानीय प्रशासनले सोही दिन भत्काए पनि पुनः सुकुमबासीले घर टहरा बनाए। उक्त जग्गा हालसम्म कब्जामै रहेको छ। उक्त विषयमा राजकुमारी तातेडले लुटपाटको मुद्दा जिल्ला अदालत उदयपुरम दर्ता गरेकोमा कारबाहीको प्रक्रियामा रहेको छ।

स्थानीय गाउँलेबाट

त्रियुगा नपा-११ जलजलेस्थित उदयसी अङ्ग्रेजी उच्च माध्यमिक विद्यालयमा ०६८ फागुन ९ गते पर्खालले किचेर विद्यार्थीको मृत्यु भएको विषयलाई लिएर मृतकका आफन्त र आक्रोशित समूहले विद्यालयमा आगजनी र तोडफोड गरे। घटनामा विद्यालयलाई ५० लाख रुपियाँ बराबर क्षति भएको प्रहरीले जनायो। आगजनीबाट विद्यालयको विज्ञान प्रयोगशाला कम्युटर कागजात भवन तथा फर्निचरमा क्षति पुगेको थियो। आगो निभाउन सिरहा जिल्लाबाट मगाइएको दमकल आन्दोलनकारीले फर्काएका कारण क्षतिको मात्रा बढेको विद्यालय प्रशासनले जनायो। विद्यालयमा दिउँसो ४.०० बजेबाट तोडफोड र आगजनी भए पनि प्रहरी तीन घण्टा पछिमात्र घटनास्थल पुगेको थियो।

स्वास्थ्य सेवाको अवस्था

अस्पताल	२		
स्वास्थ्यचौकी	१५		
उपस्वास्थ्यचौकी	३५		
पद	**दरबन्दी**	**कार्यरत**	**रिक्त**
डाक्टर	८	६	२
स्टाफ नर्स	११	११	
ल्याब असिस्टेन्ट	३	३	
अहेब	९६	७९	१७
अनमी	५२	५०	२
खोप सुपरभाइजर	१	१	
क्षयरोग/कुष्ठरोग सुपरभाइजर	१	१	
हेल्थ असिस्टेन्ट	१४	१७	बढी

जिल्ला प्रहरी कार्यालय

जिल्ला प्रहरी कार्यालयमा ०६८ पुस १७ गतेदेखि ०६९ पुस १६ गतेसम्म बलात्कार ११, बलात्कार प्रयास तीन, घरेलुहिंसा एक, महिला ओसार पसार जिउ मास्नेबेच्ने एक, कर्तव्यज्यान छ, ज्यानमार्ने उद्योग नौ, आत्महत्या ७२, अपहरण गरी शरीर बन्धक बनाएको एक, बहुविवाह दुई, चन्दा सङ्कलनका एक ओटा मुद्दा दर्ता भए।

१.१४ खोटाङ

जिल्ला सदरमुकाम: दिक्तेल
क्षेत्रफल (वर्ग कि. मि.): १,५५१.००
घरधुरी सङ्ख्या: ४२,६६४
जम्मा जनसङ्ख्या: २,०६,३१२
पुरुष: ९७,०९२
महिला: १,०९,२२०
अपाङ्ग सङ्ख्या: १,१५८
गाविस/नपा सङ्ख्या: ७६/०
पुरुष साक्षरता सङ्ख्या: ७०,३५८
महिला साक्षरता सङ्ख्या: ६३,७८३
हिन्दू धर्मावलम्बी प्रतिशत: ५८.७८
बौद्ध धर्मावलम्बी प्रतिशत: ७.३३
इस्लाम धर्मावलम्बी प्रतिशत: ०.०२
किराँत धर्मावलम्बी प्रतिशत: ३१.३८
क्रिश्चियन धर्मावलम्बी प्रतिशत: २.०५
प्रकृति धर्मावलम्बी प्रतिशत: ०.०६
वहाइ धर्मावलम्बी प्रतिशत: ०.०१
अन्य धर्मावलम्बी प्रतिशत: ०.३२
प्रतिपरिवार सरदर सङ्ख्या: ४.८३

जेल र बन्दीहरू

'ङ' श्रेणीको जिल्ला कारागारको बन्दी क्षमता महिला ३३ र पुरुष ६६ जना गरी ९९ जनाको रहेको छ। कैद नतोकिएका १८ जना बन्दीहरू रहेका छन्। जसमा आश्रित बालक एकै जना पनि छैन। यस जिल्ला कारागारको ०६९ सालमा निर्माण भएको हो। यो वर्षदेखि सञ्चालनमा आएको आधुनिक कारागारमा अहिलेसम्म जेलरको व्यवस्था गरिएको छैन्।

धम्की/कुटपिट

राज्यबाट

दिक्तेल गाविस-१ का २७ वर्षीय युवराज बस्नेतलाई डीएसपी भीमबहादुर दाहालले २०६९ असोज ५ गते दिउँसो कुटपिट गरी घाइते बनाए। पूर्वाञ्चल प्रहरी विशेष टोलीका प्रमुख दाहालले आफूले भनेको ठाउँमा घोडा नल्याएको भन्दै खार्मी गाविसको बाँझोबारीमा पीडितलाई कुटेका थिए। जिल्ला प्रहरी कार्यालयका परिचर बस्नेत दिक्तेलबाट ०६९ असोज ५ गते घोडा लिएर डीएसपी दाहाललाई लिन गएका थिए। खम्बूवानका केन्द्रीय सदस्य विश्वास खम्बूले चन्दा आतङ्क मच्चाएको जानकारीपछि विशेष अभियानमा खटिएका डीएसपी दाहाल जिल्लाको उत्तरी क्षेत्र गएका थिए। घाइते बस्नेतको जिल्ला अस्पताल दिक्तेलमा उपचार भएको थियो।

खम्बूवान राष्ट्रिय मोर्चाबाट

च्यास्मिटार गाविस-४ निवासी रुपाकोट सामुदायिक रेडियोका समाचार संयोजक तथा नेपाल पत्रकार महासङ्घ खोटाङका कार्यावाहक अध्यक्ष २८ वर्षीय दमन राईलाई ०६८ मङ्सिर २८ गते खम्बूवान राष्ट्रिय मोर्चाका कार्यकर्ताले आफ्नो बारेमा समाचार लेख्दा गम्भीर हुन भन्दै धम्की दिए। जिल्लास्थित सरकारी तथा गैरसरकारी कार्यालयहरुमा खम्बुवानले धम्कीसहित चन्दा उर्दी गर्ने गरेको समाचार लेखेपछि पत्रकार राईलाई धम्की दिएका थिए। टेलिफोन गरी आफ्नो बारेमा समाचार लेख्दा ध्यान नदिए भौतिक कारबाही हुनसक्ने खम्बूवानले धम्की दिएपछि पीडितले प्रशासनमा उजुरी गरेका थिए। नेपाल पत्रकार महासङघको अगुवाइमा ०६८ पुस २७ गते प्रशासनमा उजुरी दिएपछि खम्बूवानका जिल्ला अध्यक्ष पूर्णकुमार खम्बूले ०६८ माघ ५ गते माफी मागेका थिए।

खम्बूवान राष्ट्रिय मोर्चाका कार्यकर्ताले खोटाङका इन्सेक प्रतिनिधि सइन्द्र राईलाई ०६८ पुस २६ गते आफ्नो बारेमा प्रहरीमा फोन गरेको भन्दै त्यसो नगर्न धम्की दिए। सुड्देल गाविस-३ स्थित चन्द्र प्राविका शिक्षक ४४ वर्षीय सिद्धमान राईलाई कुटपिट गरेको घटना बुझ्न प्रहरीलाई फोन गरेको भन्दै खम्बूवानका जिल्ला अध्यक्ष पूर्णकुमार खम्बूले दिक्तेल गाविस-३ स्थित इन्सेकको कार्यालयमै आएर धम्की दिएका थिए। धम्कीबारे पीडितले ०६८ पुस २७ गते जिल्ला प्रशासनमा मौखिक उजुरी गरेपछि खम्बूवानले माफी मागेको थियो । प्रमुख जिल्ला अधिकारी शिवराम

घटनाको प्रकार	राज्यपक्षबाट		गैरराज्यपक्षबाट		
	पुरुष	जम्मा	महिला	पुरुष	जम्मा
बालअधिकार			२		२
महिलाअधिकार			८		८
जातीय विभेद			२	१	३
कुटपिट	१	१	२	७	९
धम्की				४	४
हत्या			१	१	२
जम्मा	१	१	१५	१३	२८

गेलालले प्रशासनमा खम्बूवान अध्यक्ष खम्बूलाई बोलाएर घटनाबारे बुझेपछि इन्सेकको कार्यालयमा आएर खम्बूले ०६८ माघ ५ गते आफूहरुले गल्ती नदोहोऱ्याउने बताएका थिए।

सामुदायिक रेडियो हलेसी एफएमका समाचार संयोजक उजीर कार्कीलाई ०६८ पुस १२ गते खम्बूवान राष्ट्रिय मोर्चाका कार्यकर्ताले आफ्नो बारेमा समाचार लेख्दा गम्भीर हुन भन्दै धम्की दिए। जिल्लास्थित सरकारी तथा गैरसरकारी कार्यालयहरुमा खम्बूवानले धम्कीसहित चन्दा उर्दी गर्ने गरेको समाचार लेखेपछि धितुङ गाविस-४ निवासी २१ वर्षीय पत्रकार कार्कीलाई धम्की थिए। टेलिफोन गरेर आफ्नो बारेमा समाचार लेख्दा ध्यान नदिए भौतिक कारबाही हुनसक्ने खम्बूवानको धम्कीपछि प्रशासनलाई उजुरी गरेका थिए। नेपाल पत्रकार महासङ्घको अगुवाइमा प्रशासनमा उजुरी दिएपछि खम्बूवानका जिल्ला अध्यक्ष पूर्णकुमार खम्बूले ०६८ माघ ५ गते माफ मागे। उनले गल्ती नदोहोऱ्याउने भनेपछि घटना मिलेको थियो।

दिक्तेल गाविस-४ निवासी हलेसी साप्ताहिक खबर पत्रिकाका सम्पादक तथा एभिन्युज टेलिभिजनका जिल्ला सम्वाददाता २५ वर्षीय हरिबोल आचार्यलाई खम्बूवान राष्ट्रिय मोर्चाका कार्यकर्ताले ०६८ पुस १५ गते आफ्नो बारेमा समाचार लेख्दा गम्भीर हुन भन्दै धम्की दिए। जिल्लास्थित सरकारी तथा गैरसरकारी कार्यालयहरूमा खम्बुवानले धम्कीसहित चन्दा उर्दी गर्ने गरेको समाचार लेखेपछि पत्रकार आचार्यलाई धम्की दिएका थिए। आफ्नो बारेमा समाचार लेख्दा ध्यान नदिए भौतिक कारबाही हुनसक्ने खम्बूवानको धम्कीपछि प्रशासनलाई उजुरी गरेका थिए। ०६८ पुस २७ गते नेपाल पत्रकार महासङ्घको अगुवाइमा प्रशासनमा उजुरी दिएपछि खम्बूवानका जिल्ला अध्यक्ष पूर्णकुमार खम्बुले ०६८ माघ ५ गते माफी मागे। उनले गल्ती नदोहोऱ्याउने भनेपछि घटना मिलेको थियो।

प्रहरीदारा कुटपिट गरी घाइते बनाइएका युवराज बस्नेत

लिच्कीरामचे गाविस-६ निवासी गोरखापत्र दैनिकका जिल्ला संवाददाता तथा हलेसी साप्ताहिक खबरपत्रिका कार्यकारी संम्पादक २४ वर्षीय डिएम चामलिङलाई ०६८ पुस १४ गते खम्बूवान राष्ट्रिय मोर्चाका कार्यकर्ताले आफ्नो बारेमा समाचार लेख्दा गम्भीर हुन भन्दै धम्की दिए। जिल्लास्थित सरकारी तथा गैरसरकारी कार्यालयहरुमा खम्बूवानले धम्कीसहित चन्दा उर्दी गर्ने गरेको समाचार लेखेपछि पत्रकार चामलिङलाई धम्की दिएका थिए। टेलिफोनमार्फत आफ्नो बारेमा समाचार लेख्दा ध्यान नदिए भौतिक कारबाही हुन सक्ने धम्की खम्बूवानको धम्कीपछि प्रशासनलाई उजुरी गरेका थिए। नेपाल पत्रकार महासङ्घको अगुवाइमा प्रशासनमा उजुरी दिएपछि खम्बूवानका जिल्ला अध्यक्ष पूर्णकुमार खम्बूले २०६८ माघ ५ गते माफी मागे।

अन्नपूर्ण दैनिकका जिल्ला संवाददाता तथा खोटाङखबर साप्ताहिकका सम्पादक दिलीप खत्रीलाई ०६८ मङ्सिर २८ गते खम्बूवान राष्ट्रिय मोर्चाका कार्यकर्ताले आफ्नो बारेमा समाचार लेख्दा गम्भीर हुन भन्दै धम्की दिए। जिल्लास्थित सरकारी तथा गैरसरकारी कार्यालयहरुमा खम्बुवानले धम्कीसहित चन्दा उर्दी गर्ने गरेको समाचार लेखेपछि सप्तेश्वरछितापोखरी गाविस-६, निवासी ३० वर्षीय पत्रकार खत्रीलाई धम्की दिएका थिए। आफ्नो बारेमा समाचार लेख्दा ध्यान नदिए भौतिक कारबाही हुन सक्ने धम्की खम्बुवानको धम्कीपछि प्रशासनलाई उजुरी गरेका थिए। नेपाल पत्रकार महासङ्घको अगुवाइमा प्रशासनमा उजुरी दिएपछि खम्बूवानका जिल्ला अध्यक्ष पूर्णकुमार खम्बूले २०६८ माघ ५ गते माफी मागे। उनले गल्ती नदोहोऱ्याउने भनेपछि घटना मिलेको थियो।

दिक्तेल गाविस-२ निवासी २४ वर्षीय जीतेन्द्र राईलाई खम्बूवानका कार्यकर्ताहरुले ०६८ फागुन ३० गते कुटपिट गरे। खम्बूवानका कार्यकर्ताको कुटपिटबाट घाइते राईको जिल्ला अस्पताल दिक्तेलमा २०६८ फागुन ३० गते उपचार भएको थियो। कुटपिटमा संलग्न खम्बूवानका विद्यार्थी ईन्चार्ज रवीन राई तथा कार्याकर्ताहरु विवस राई र नन्द राईलाई प्रहरीले ०६८ फागुन ३० गते गिरफ्तार गरेपनि पीडित राईकै अनुरोधमा ०६८ फागुन ३० गते नै रिहा भए।

माक्पा गाविस-६ निवासी ३४ वर्षीय पत्रकार भीम राईलाई खम्बूवान राष्ट्रिय मोर्चाका केन्द्रीय सदस्य विश्वास साम्पाङले ०६९ वैशाख ५ गते भौतिक कारबाही गर्ने धम्की दिए। मोर्चाले चन्दा उठाएको समाचार प्रकाशन गरेको भन्दै साम्पाङले फोन गरी धम्की दिएका थिए। जिल्लाको उत्तरी क्षेत्रका शिक्षकहरुबाट जबरजस्ती चन्दा उठाउन मोर्चाका केन्द्रीय सदस्य साम्पाङको संलग्नता रहेको समाचार राईले ०६९ वैशाख अङ्कको रुपाकोट मासिकमा लेखेका थिए। घटनाप्रति नेपाल पत्रकार महासङ्घलगायत सञ्चार संस्थाले विज्ञप्ति प्रकाशित गरी ध्यानाकर्षण भएको जनाएका थिए।

युवासङ्घ नेपालबाट

एकीकृत नेकपा माओवादीका विजयखर्क गाविस गाउँ ईन्चार्ज बाणीविलाश ढुङ्गानालाई ०६८ फागुन २३ गते युवा सङ्घका कार्यकर्ताले कुटपिट गरे। युवा सङ्घका गाउँ अध्यक्ष सुन्दर राईको नेतृत्वको समूहले कुटपिट गरेका थियो। कुटपिटबाट देब्रे हात भाँचिएका ढुङ्गानाको जिल्ला अस्पताल दिक्तेलमा उपचार भयो। सर्वदलीय बैठकबाट घर फर्किरहेका ढुङ्गानालाई ती समूहले कुटपिट गरेका थिए। कुटपिटमा संलग्नमध्ये बिजयखर्क-५ का १६ वर्षीय सुरेश पुकुर्टी, १८ वर्षीय दीपक मुग्राती र १८ वर्षीय कृष्णबहादुर रम्तेललाई प्रहरीले नियन्त्रणमा लिए पनि उनीहरू दुईपक्षीय सहमतिमा रिहा भएका थिए।

आदिवासी जनजाति महासङ्घका कार्यकर्ता २८ वर्षीय निर्मल राईलाई ०६९ असोज २५ गते युवा सङ्घका कार्यकर्ताले कुटपिट गरे। एमालेका वरिष्ठ नेता तथा पूर्व प्रधानमन्त्री माधवकुमार नेपाल खाल्ले गाविसस्थित खानीडाडाँ विमानस्थलबाट दिक्तेल सदरमुकाम आउने क्रममा दिक्तेल गाविस-१, हाटडाडाँमा कालो झण्डा प्रदर्शन गरेको भन्दै उनीहरू युवा सङ्घका कार्यकर्ताहरुले कुटपिट गरेका थिए। आदिवासी जनजाति महासङ्घ र खम्बूवान राष्ट्रिय मोर्चाले ०६९ असोज २५ गते साँझ छुट्टा छुट्टै विज्ञप्ति प्रकाशन गरी ध्यानाकर्षण भएको जनाएका थिए। तर उनीहरुले प्रहरीमा जाहेरी भने दिएनन्।

सुगम र निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालत

०६८ साउनदेखि ०६९ असार मसान्तसम्म

एक जनामात्र न्यायाधीश रहेको यस जिल्ला अदालतको फौजदारी मुद्दातर्फ एक सय ८ थान मध्ये ७१ थान फैसला भए भने ३७ थान फैसला हुन बाँकी रहे। देवानी मुद्दातर्फ ५९ थान मध्ये २८ थान फैसला भए भने ३१ थान फैसला हुन बाँकी रहे।

०६९ साउनदेखि ०६९ पुस १५ गतेसम्म

एक जनामात्र न्यायाधीश रहेको यस जिल्ला अदालतको फौजदारी मुद्दातर्फ ७१ थान मध्ये ४६ थान फैसला भए भने २५ थान फैसला हुन बाँकी रहे। देवानी मुद्दातर्फ ४८ थान मध्ये २० थान फैसला भए भने २८ थान फैसला हुन बाँकी रहे। दुई वर्ष नाघेका फौजदारी र देवानी मुद्दा छैनन्।

जिल्ला सरकारी वकिलको कार्यालय

०६८ साउन १ देखि ०६९ असार ३१ सम्म जिल्ला न्यायाधिवक्ता कार्यालयबाट दायर मुद्दा

जिल्ला सरकारी वकिलको कार्यालयबाट ०६८ साउनदेखि ०६९ असार मसान्तसम्म दायर मुद्दाको सङ्ख्या ४० छ जसमध्ये २१ सफल भए भने ४ असफल भएको छ। सरकारी वकिल सङ्ख्या २ रहेको यस जिल्ला कार्यालयबाट दायर मुद्दामध्ये ०६९ असार

युवा सङ्घका कार्यकर्ताद्वारा कुटपिट गरी घाइते बनाइएका वाणीविलास ढुङ्गाना

मसान्तसम्म १५ मुद्दा बाँकी रहेको सरकारी वकिलको कार्यालयले जनायो।

दायर मुद्दामध्ये कर्तव्य ज्यानसम्बन्धी मुद्दा ६ मध्ये ५ सफल रह्यो। बलात्कारसम्बन्धी मुद्दा ३ मध्ये १ सफल रह्यो। बहुविवाहसम्बन्धी मुद्दा १ मध्ये १ सफल रह्यो। बोक्सीको आरोप सम्बन्धी एकमध्ये एक असफल रह्यो।

०६९ साउनदेखि ०६९ पुस १५ सम्म जिल्ला न्यायाधीवक्ता कार्यालयबाट दायर मुद्दा

जिल्ला सरकारी वकिलको कार्यालयबाट ०६९ साउनदेखि ०६९ पुससम्म दायर मुद्दाको सङ्ख्या २९ छ जसमध्ये १ सफल भएको छ। सरकारी वकिल सङ्ख्या दुई रहेको यस जिल्ला कार्यालयबाट दायर मुद्दामध्ये ०६९ असार मसान्तसम्म १५ मुद्दा बाँकी रहेको सरकारी वकिलको कार्यालयले जनायो।

बालअधिकार

शिक्षाको अवस्था

यस जिल्लाका विद्यालय जाने उमेरका ७७ हजार ७ सय २६ मध्ये छात्र ३६ हजार २ सय २७ र छात्रा ४१ हजार ४ सय १९ प्राथमिक तहदेखि माबि तहसम्म भर्ना भए। यसमध्ये दलित छात्रा ५ हजार ३ सय ८३ र छात्र ४ हजार ७ सय ९४ रहेका छन्। सरकारी र सामुदायिक विद्यालय गरी प्राबि तहमा ४ सय ३८ महिला र एक हजार २८ गरी जम्मा एक हजार ४ सय ६६ शिक्षक कार्यरत रहेका छन्। निमाबि तहमा तहमा महिला ४३ र पुरुष ३ सय १७ गरी जम्मा ३ सय ६० शिक्षक कार्यरत रहेका छन्। यसैगरी माबि तहमा महिला १३ र पुरुष २ सय ५६ गरी जम्मा २ सय ६९ शिक्षक रहेका छन्।

बालविकास केन्द्र बालक ३ हजार ३ सय ९५ र बालिका ३ हजार १ सय ३८ गरी जम्मा ६ हजार ५ सय ३३ रहेका छन्। दलित छात्रछात्रा सम्बन्धी यस जिल्ला शिक्षा कार्यालयले तथ्याङ्क अद्यावधिक गरिएको पाइएन।

महिलाविरुद्ध हुने सबै प्रकारको भेदभाव, दुर्व्यवहार

बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

एक ६० वर्षीया वृद्धालाई ०६९ कात्तिक १ गते राति सोही ठाउँका २९ वर्षीय तोयानाथ कोइरालाले बलात्कार गरेको आरोपमा पीडितले ०६९ असोज १६ गते जिल्ला प्रहरी कार्यालयमा जाहेरी दिइन्। घरमै सुतिरहेकी वृद्धालाई आरोपित कोइरालाले बलात्कार गरेको पीडितले बताइन्। स्थानीय स्वास्थ्य चौकीमा उपचार गरिएपछि पीडितको स्वास्थ्य अवस्था सामान्य भएको थियो। फरार आरोपित कोइरालाको नाममा जिल्ला अदालतले ०६९ मङ्सिर १० गते वारेन्टसहितको म्यादी पूर्जी जारी गऱ्यो। आरोपित यस वर्षको अन्त्यसम्म गिरफ्तार भएनन्।

घरेलु हिंसा

हत्या

नुनथला गाविस-३ निवासी ६६ वर्षीया निरमाया राईको ०६८ माघ १० गत उनका छोरा ३३ वर्षीय टार्जन राईले हत्या गरे। मदिरा सेवन गरेका टार्जनले घरायसी विवाद बढ्दै जाँदा भाटाले टाउकोमा प्रहार गर्दा घट्नास्थलमै आमाको मृत्यु भएको थियो। गाउँलेले प्रहरीलाई खबर गरेपछि जिल्ला प्रहरी कार्यालयबाट गएको प्रहरी टोलीले टार्जनलाई ०६८ माघ ११ गते बिहान गिरफ्तार गरेको थियो। टार्जनलाई जिल्ला अदालतले ०६९ माघ २१ गते १० वर्ष कैद सजाय गर्ने फैसला गऱ्यो।

बहुविवाह

लफ्याङ गाविस-४ का ३० वर्षीय दीपक नेपाली र पूजा परियारलाई बहुविवाह गरेको आरोपमा ०६९ असार १८ गते प्रहरीले गिरफ्तार गऱ्यो। परियारकी पत्नी २८ वर्षीय शोभा परियारले पतिले अर्को विवाह गरेकाले कारबाहीको माग गर्दै ०६९ असार १५ गते जिल्ला प्रहरी कार्यालयमा निवेदन दिएपछि प्रहरीले उनलाई गिरफ्तार गरेको थियो। दीपकले सुनसरी जिल्लाको धरानकी पूजासँग दोश्रो विवाह गरेकाले बहुविवाहको आरोपमा शोभाले प्रहरीमा उजुरी दिएकी थिइन्। दीपकले दुई छोरीसहित तीन सन्तान र जेठी पत्नी हुँदाहुँदै दोश्रो विवाह गरेका थिए। बहुविवाह गर्ने दीपक र पूजालाई २५ दिन हिरासतमा राखियो। जिल्ला अदालतले ०६९ साउन ८ गते जनही ३२ हजार रुपियाँ धरौटी बुझाउन दीपक र पूजालाई आदेश दिएपछि उनीहरु तारेखमा रिहा भए। यो वर्षको अन्त्यसम्म मुद्दा फैसला भएन।

दोर्पा गाविस-८ की ५० वर्षीय ज्ञानकुमारी राईलाई ०६८ फागुन २९ गते उनका ज्वाइँ चिउरीडाँडा गाविस-४ का ३६ बर्षीय रामकृष्ण राईले बेलुकी खुकुरी प्रकार गरे। छिमेकीको घरमा बसिरहेको अवस्थामा एक्कासि ज्वाइँले टाउकोमा खुकुरी प्रहार

गरेको प्रहरीले जनायो। अनुहार र घाँटीमा गहिरो चोट लागेका पीडितको जिल्ला अस्पताल दिक्तेलमा उपचार हुन नसकेपछि हेलिकप्टर चार्टर गरी काठमाडौँ लगेर उपचार गरियो। पीडित पक्षले ०६८ चैत ३ गते जिल्ला प्रहरी कार्यालयमा जाहेरी दिए पनि आरोपित यस वर्षको अन्त्यसम्म फरार छन्।

कथित बोक्सीको आरोपमा दुर्व्यवहार

सप्तेश्वर गाविस-९ का ४९ वर्षीय पदमसरी राईलाई ०६८ फागुन २६ गते छिमेकी सीता राईले बोक्सी भन्दै मार्ने धम्की दिइन्। बारम्बार धम्की दिइरहने आरोपितले पीडितको घरमै ढुङ्गा हानेपछि पीडितले ०६८ फागुन २९ गते जिल्ला प्रशासन कायालय र चैत ५ गते राष्ट्रिय मानवअधिकार आयोग उपक्षेत्रीय कार्यालय दिक्तेलमा उजुरी दिइन्। आरोपित सीतालाई जिल्ला अदालतले ०६९ असार ६ गते ५ हजार रुपियाँ जरिवाना हुने फैसला सुनायो।

सबै प्रकारका जातीय विभेद

छोरम्बू गाविस-७ की १८ वर्षीय कविता रोकालाई ०६९ जेठ २० गते दिक्तेल गाविस-१ का ४५ वर्षीय युवराज बस्नेतले दलित भन्दै घर बहाल दिएको कोठाबाट निकाला गरे। दिक्तेल पढ्न आएकी पीडितलाई पहिले कोठा दिए पनि दलित भन्ने बुझेपछि कोठाबाट निकाला गरेका थिए। बस्नेतले कोठा दिएको नौ दिनपछि धम्काएर निकाला गरेको पीडित रोकाले बताइन्। कोठाबाट निकालेपछि ०६८ जेठ २२ गते जिल्ला प्रशासनमा पीडितले नेपाल राष्ट्रिय दलित समाज कल्याण सङ्घ खोटाडको सहयोगमा उजुरी दिएपछि आरोपित बस्नेतले जिल्ला प्रहरी कार्यालयमा पीडित रोकासँग माफ मागेका थिए। पीडितलाई पुनः कोठामा भने फर्काइएन।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार बन्द

विभिन्न समूहहरुले आह्वान गरेका बन्दका कारण यस वर्ष सात दिनसम्म जिल्ला बन्द भएको थियो। बन्दका कारण सर्वसाधारणको जनजीवन कष्टकर बनेको थियो। युवासङ्घको आह्वानमा बुईपा गाविसस्थित पञ्चेदोबाटो बजार ०६८ फागुन २६ गते बन्द भयो। राष्ट्रिय प्रजातन्त्र पार्टी नेपालको आह्वानमा ०६९ जेठ ५ गते गरेको नेपाल बन्दका कारण जिल्लाको जनजीवन प्रभावित भएको थियो। नेपाल आदिवासी जनजाति महासङ्घले ०६९ जेठ ७ देखि १० गतेसम्म बन्द गऱ्यो। नेकपा-माओवादीले जनसंविधान, कालोबजारी र महँगी नियन्त्रणको माग गर्दै ०६९ भदौ २९ गते बन्द आह्वान गर्दा जिल्लाको जनजीवन प्रभावित भएको थियो।

स्वास्थ्य सेवाको अवस्था

अस्पताल	१		
स्वास्थ्यचौकी	१५		
उपस्वास्थ्यचौकी	५८		
पद	**दरबन्दी**	**कार्यरत**	**रिक्त**
डाक्टर	५	३	२
स्टाफ नर्स	६	१	५
ल्याब असिस्टेन्ट	३	१	२
अहेब	१४४	९४	५०
अनमी	८७	५८	२९
खोप सुपरभाइजर	१		१
क्षयरोग/कुष्ठरोग सुपरभाइजर	१	१	
हेल्थ असिस्टेन्ट	१९	१३	६

जिल्ला प्रहरी कार्यालय

जिल्ला प्रहरी कार्यालयमा ०६८ पुस १७ गतेदेखि ०६९ पुस १६ गतेसम्म बलात्कार एक, कर्तव्यज्यान नौ, ज्यानमार्ने उद्योग १२, चन्दा सङ्कलनका दुई ओटा मुद्दा दर्ता भए।

१.१५ ओखलढुङ्गा

जिल्ला सदरमुकाम: ओखलढुङ्गा
क्षेत्रफल (वर्ग कि. मि.): १,०७४.००
घरधुरी सङ्ख्या: ३२,५०२
जम्मा जनसङ्ख्या: १,४७,५८४
पुरुष: ६८,६८७
महिला: ७५,२५७
अपाङ्ग सङ्ख्या: ३,४५०
गाविस/नपा सङ्ख्या: ५६/०
पुरुष साक्षरता सङ्ख्या: ४७,५३४
महिला साक्षरता सङ्ख्या: ४२,५५६
हिन्दू धर्मावलम्बी प्रतिशत: ७०.७६
बौद्ध धर्मावलम्बी प्रतिशत: १७.६५
इस्लाम धर्मावलम्बी प्रतिशत: ०.०२
किराँत धर्मावलम्बी प्रतिशत: १०.२४
क्रिश्चियन धर्मावलम्बी प्रतिशत: ०.५२
प्रकृति धर्मावलम्बी प्रतिशत: ०.०६
जैन धर्मावलम्बी प्रतिशत: ०.०१
अन्य धर्मावलम्बी प्रतिशत: ०.३०१
प्रतिपरिवार सरदर सङ्ख्या: ४.५६

जेल र बन्दीहरू

श्रेणी नतोकिएको ओखलढुङ्गा जिल्ला कारागारको बन्दी क्षमता २५ जनाको रहेको छ। यस वर्षको अन्त्यसम्म कैद तोकिएका ३२ र कैद नतोकिएका ९ कैदी र थुनुवा गरी जम्मा ४१ जना बन्दीहरू रहेका छन्। कारागारमा आश्रित बालक एक जना र बालिका एक जना रहेका छन्।

क्षमताभन्दा बढी बन्दी रहेकाले बसोबास कष्टकर भएको बन्दीहरूको भनाइ छ। पुरुष २५ जनाको क्षमता भए पनि क्षमताभन्दा कैदीबन्दी बढी भएकाले सुत्नसमेत समस्या भएको कैदी रमेश श्रेष्ठले बताए। कारागारमा खानेपानीको अभाव भएको जेलर सुवास भट्टराईले बताए। पुरुष कैदीहरूको कोठामा पालैपालो सुत्नुपर्ने अवस्था रहेको तथा भवन जीर्ण भएकाले भूकम्प आउँदा भत्किने त्रास हुने गरेको कैदीबन्दीले गुनासो गरे। कारागारमा दुई बन्दीगृह (महिला र पुरुष गरी) एक भान्छाघर र दुईवटा शौचालय छन्। कारागारमा एउटा टेलिभिजन छ भने गोरखापत्र दैनिक बन्दीहरूका लागि उपलब्ध गराइएको छ। कारागारका लागि एक अहेवको दरबन्दी भएपनि सो पद रिक्त रहेको कारागार प्रशासनले जनायो।

धम्की/कुटपिट

एकीकृत माओवादीबाट

सिरहा जिल्ला औराही गाविस-७ निवासी लेती मावि पोकली गाविस-२ मा कार्यरत ३९ वर्षीय शिक्षक जयकान्त यादवलाई ०६९ फागुन ३ गते सोही विद्यालय व्यवस्थापन समितिका अध्यक्ष तथा एकीकृत माओवादी जिल्ला सदस्य केशवहरि ढुङ्गेल र व्यवस्थापन समितिका सदस्य रमेश घिमिरेले विद्यालयका एक छात्रासँग यौनसम्बन्ध राखेको आरोप लगाउँदै विद्यालयबाट जर्बजस्ती राजीनामा दिन लगाई ज्यान मार्ने धम्की दिए। पीडितले ०६८ फागुन ५ गते जिल्ला प्रशासन कार्यालय र जिल्ला शिक्षा कार्यालयमा उजुरी दिए। जिल्ला शिक्षा कार्यालयले पीडितलाई हाल चम्पादेवी निमावि कृपेटार कटुञ्जेमा ०६८ चैतदेखि काजमा खटाएको जिल्ला शिक्षा अधिकारी खड्गबहादुर कमालले बताए। आरोपितविरुद्ध उजुरी नपरेकाले कुनै कारबाही नभएको जिल्ला शिक्षा कार्यालयले जनायो।

नेपाली काङ्ग्रेसबाट

उबूँ गाविस-१ का ४३ वर्षीय देवमणि राईलाई खचापु खानेपानी योजनाको धारा बनाइरहेको अवस्थामा एमालेका कार्यकर्ता भएर गाउँका योजनामा राम्रो काम नगरेको भन्दै सोही स्थानका काङ्ग्रेस कार्यकर्ता मानबहादुर राई र बलिराज राईसहितले ०६८ फागुन ६ गते साँझ कुटपिट गरी घाइते बनाए। दुवै आँखा र पिठ्यूँमा गम्भीर चोट लागेका पीडितको सामुदायिक अस्पताल ओखलढुङ्गामा उपचार भयो। पीडितले जिल्ला प्रहरी कार्यालयमा ०६८ फागुन ७ गते उजुरी दिए पनि आरोपितहरूमाथि कारबाही भएन।

सुगम र निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालत

०६८ साउनदेखि ०६९ असार मसान्तसम्म

एक जनामात्र न्यायाधीश रहेको यस जिल्ला अदालतको फौजदारी मुद्दातर्फ २ सय ६४ मध्ये १ सय ८९ थान फैसला भए भने ७५ थान फैसला हुन बाँकी रहे। देवानी मुद्दातर्फ २ सय ६६ थान मध्ये १ सय ८८ थान फैसला भए भने ७८ थान फैसला हुन बाँकी रहे।

घटनाको प्रकार	गैरराज्यपक्षबाट		
	महिला	पुरुष	जम्मा
बालअधिकार	२		२
महिलाअधिकार	६		६
जातीय विभेद	१	२	३
कुटपिट	३	६	९
धम्की		३	३
हत्या		१	१
जम्मा	१३	१३	२५

०६९ साउनदेखि पुस १५ सम्म

फौजदारी मुद्दातर्फ १ सय १६ थान मध्ये १९ थान फैसला भए भने ९७ थान फैसला हुन बाँकी रहे। देवानी मुद्दातर्फ १ सय २५ थान मध्ये १६ थान फैसला भए भने १ सय ९ थान फैसला हुन बाँकी रहे। दुई वर्ष नाघेका फौजदारी मुद्दा चार थान र देवानी मुद्दा १७ थान रहे।

जिल्ला सरकारी वकिलको कार्यालय

जिल्ला सरकारी वकिलको कार्यालयबाट ०६८ साउनदेखि ०६९ असार मसान्तसम्म दायर मुद्दाको सङ्ख्या ४४ थान मध्ये २२ सफल भए भने आठ थान असफल भए। मुलतवी, तामेलीमा रहेका मुद्दा ५ थान छन्। सरकारी वकिल सङ्ख्या एक रहेको यस जिल्ला कार्यालयबाट दायर मुद्दामध्ये ०६९ असार मसान्तसम्म दुई थान मुद्दा बाँकी रहेको सरकारी वकिलको कार्यालयले जनायो। दायर मुद्दामध्ये कर्तव्य ज्यानसम्बन्धी मुद्दा पाँच थान मध्ये चार थान सफल र एक थान असफल रहे। बलात्कारसम्बन्धी मुद्दा छ थान मध्ये चार थान सफल र दुई थान असफल रहे। जिल्ला सरकारी वकिलको कार्यालयबाट ०६९ साउनदेखि ०६९ पुससम्म दायर मुद्दाको सङ्ख्या नौ थान मध्ये नौ थान नै विचाराधीन छन्। सरकारी वकिल सङ्ख्या एक रहेको यस जिल्ला कार्यालयबाट दायर मुद्दामध्ये ०६९ असार मसान्तसम्म दुई थान मुद्दा बाँकी रहेको सरकारी वकिलको कार्यालयले जनायो।

जिल्ला प्रशासन कार्यालय र जिल्ला अदालत समेतबाट फर्स्यौट भएका मुद्दाको विवरण समयमा उपलब्ध नगराएको सरकारी वकिल एकराज अधिकारीले बताए। माग भएअनुसार मुद्दाको अभिलेख नराखिएको पाइयो भने कतिपय पुराना मुद्दाकोसमेत अवस्था के हो पत्ता लाग्न सकेन। कार्यालयले विवरण अद्यावधिक गरेको पाइएन।

यातना तथा अन्य क्रूर, अमानवीय र अपमानजनक व्यवहार वा दण्ड

पोखरे गाविस-९ का १८ वर्षीय अम्मरे तामाङ, १७ वर्षीय मणिराज तामाङ, २१ वर्षीय निरबहादुर तामाङ र ५० वर्षीय मङ्गले तामाङलाई ०६९ असार २४ गते राति प्रहरी चौकी पोखरेखानीभञ्ज्याङका प्रहरी हवल्दार लोकराज काफ्लेले आफ्ना प्रहरी कर्मचारीमाथि हातपात गरेको आरोपमा घरबाट नियन्त्रणमा लिई हिरासतमा यातना दिए। टाउको, अनुहार र नाकमा चोट लागेका पीडितहरूको ०६९ असार २५ गते स्थानीय श्रेष्ठ मेडिकलमा उपचार भयो। आफूहरूलाई बिनाकारण प्रहरीले यातना दिएको पीडित मङ्गले तामाङले बताए। गाउँमा ट्र्याक्टर पुगेको हेर्न गएका उनीहरूको ट्र्याक्टर चालकसँग विवाद भए पनि प्रहरीका एक जना स्टाफलाई स्थानीय शङ्कर चौधरीले हातपात गर्न खोजेको विषयलाई लिएर प्रहरीले निर्दोषलाई कुटपिट गरेको प्रत्यक्षदर्शी बुद्धवीर राईले बताए। पीडितसहित स्थानीय बासिन्दाले यातनाका विषयमा प्रहरी चौकीमा छलफल गर्दा सहमति नभएपछि विवाद मिलाउन रुम्जाटार विमानस्थलको सुरक्षाका लागि खटिएका प्रहरीको टोलीका सई बुद्धि कार्कीको नेतृत्वमा भएको छलफलमा तत्कालीन अवस्थामा इञ्चार्ज रहेका काफ्लेलाई चौकीबाट अन्यत्र सरुवा गर्ने सहमतिमा ०६९ असार २६ गते विवाद मिलेको थियो। जिल्ला प्रहरी कार्यालयका इन्स्पेक्टर पद्म थपलियाले विवाद सामान्य भएकाले स्थानीयस्तरमै समाधान भएको बताए।

बालअधिकार

शिक्षाको अवस्था

यस जिल्लाका विद्यालय जाने उमेरका ६३ हजार ८ सय ३९ मध्ये छात्र २२ हजार २ सय ४ र छात्रा २४ हजार ३ सय १५ प्राथमिक तहदेखि माविं तहसम्म भर्ना भए। यसमध्ये दलित छात्रा २ हजार ९ सय ९ र छात्र २ हजार ८ सय २४ रहेका छन्।

सरकारी र सामुदायिक विद्यालय गरी प्रावि तहमा महिला २ सय ३३ र पुरुष ६ सय गरी जम्मा ८ सय ३३ शिक्षक कार्यरत रहेका छन्। निमावि तहमा तहमा महिला १८ र पुरुष २ सय ५३ गरी जम्मा २ सय ७१ शिक्षक कार्यरत रहेका छन्। यसैगरी मावि तहमा महिला १ र पुरुष ८७ गरी जम्मा ८८ शिक्षक रहेका छन्।

बालविकास केन्द्रमा बालक १ हजार ३ सय ३८ र बालिका १ हजार ४ सय १२ गरी जम्मा २ हजार ७ सय ६० रहेका छन् *जसमध्ये दलित बालक र बालिका छुट्याइएको पाइएन। यस जिल्ला शिक्षा कार्यालयले शिक्षासम्बन्धी सबै तथ्याङ्क अद्यावधिक गरिएको पाइएन।*

बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

एक १३ वर्षीया बालिकालाई फूलबारी गाविस-५ का २५ वर्षीय भूपालकुमार दर्जीले ०६९ भदौ ११ गते राति पीडित आफ्नै मतानमा बसिरहेको समयमा बलात्कार प्रयास गरेको आरोपमा पीडित परिवारले ०६९ भदौ १९ गते आरोपितविरुद्ध जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए। चिच्याउँदै भागेपछि आफू बलात्कार हुनबाट बचेको पीडितले बताइन् प्रहरी चौकी घोराखोरीको टोलीले आरोपितलाई भदौ १९ गते नै गिरफ्तार गऱ्यो। आरोपित जिल्ला अदालतको आदेशमा ०६९ असोज ८ गतेदेखि पुर्पक्षका लागि थुनामा छन्। वर्षको अन्त्यसम्ममा उक्त मुद्दाको फैसला भएन।

एक १० वर्षीया बालिकालाई पलापू गाविस-६ का २२ वर्षीय कुमार भनिने रुद्रबहादुर सार्कीले ०६९ असोज २५ गते राति ९.०० बजे घरमा कोही नभएको मौका छोपी बलात्कार गरेको आरोपमा प्रहरीले सार्कीलाई ०६९ असोज २६ गते गाउँलेको सहयोगमा गिरफ्तार गऱ्यो । पीडितको इलाका स्वास्थ्य ओखलढुङ्गामा ०६९ असोज २७ गते स्वास्थ्य परीक्षण र उपचार भएको थियो। जिल्ला अदालतको ०६९ कात्तिक १७ गतेदेखि जिल्ला कारागारमा पुर्पक्षका लागि थुना छन्। यो वर्षको अन्त्यसम्ममा उक्त मुद्दाको फैसला भएन।

महिलाविरुद्ध हुने सबै प्रकारको भेदभाव, दुर्व्यवहार

बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

एक ५४ वर्षीया महिलालाई ०६९ जेठ १० गते साँझ सिस्नेरी गाविस- ८ का २७ वर्षीय गणेशमान राईले पीडित घरमा सुतिरहेको अवस्थामा बलात्कार गरेको आरोपमा पीडितले जिल्ला प्रहरी कार्यालयमा ०६९ जेठ १२ गते उजुरी दिएकोमा इलाका प्रहरी कार्यालय मानेभञ्ज्याङको एक प्रहरी टोलीले आरोपितलाई ०६९ जेठ १३ गते गिरफ्तार गरी जर्बजस्ती करणी मुद्दा दर्ता गऱ्यो। जिल्ला अस्पताल, रुम्जाटारमा ०६९ जेठ १२ गते पीडितको स्वास्थ्य परीक्षण र उपचार भएको थियो। जिल्ला अदालतको आदेशमा आरोपित ०६९ जेठ २१ गतेदेखि जिल्ला कारागारमा पुर्पक्षमा रहेकोमा जिल्ला अदालत ओखलढुङ्गाको ०६९ असार २० को आदेशले थुनामा छन्। यस वर्षको अन्त्यसम्ममा उक्त मुद्दाको फैसला भएन।

एक २१ वर्षीया युवतीलाई ०६९ जेठ ३ गते बिहान भदौरे गाविस-२ का २३ वर्षीय विकाश राईले पीडितलाई घरनजिकै मकैबारीमा लगेर बलात्कार प्रयास गरेको आरोपमा पीडितले जिल्ला प्रहरी कार्यालयमा ०६९ जेठ ७ गते उजुरी दिइन्। प्रहरीले आरोपितलाई ०६९ जेठ ७ गते गिरफ्तार गरी जबरजस्तीकरणीमा ०६९ जेठ ८ गते मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतको आदेशमा आरोपित ०६९ जेठ २१ गतेदेखि जिल्ला कारागारमा पुर्पक्षमा रहेकोमा जिल्ला अदालतको ०६९ असार २० गतेको आदेशमा थुनामा छन्। यस वर्षको अन्त्यसम्ममा उक्त मुद्दाको फैसला भएन।

घरेलु हिंसा

घर निकाला

वरुणेश्वर गाविस-६ की २८ वर्षीया सरीता कार्कीलाई ०६८ चैत १० गते अंश मागदा उनका पति ३६ वर्षीय विनोज कार्की र सासू गोमा कार्कीले कुटपिट गरी घरनिकाला गरे। पीडितले पति र कान्छी सौता कुमारी कार्कीमाथि कारबाही माग गर्दै जिल्ला प्रहरी कार्यालय ०६८ चैत १२ गते उजुरी दिइन्। यसअघि आरोपितले बहुविवाह गरेका तीनजना पत्नी माइतीमै छन्। प्रहरीले दुवैजनालाई ०६८ चैत १३ गते गिरफ्तार गऱ्यो। आरोपितले अन्तिमपटक सोलुखुम्बूमा बहुविवाह गरेकाले थप कारबाहीका लागि उनलाई ०६८ चैत १५ गते सोलुखुम्बू जिल्ला लगिएको जिल्ला प्रहरी कार्यालयका डिएसपी सुदमकुमार सिजापतिले बताए। सोलुखुम्बू जिल्ला प्रहरी कार्यालयले आरोपितविरुद्ध जिल्ला अदालत सोलुखुम्बूमा ०६८ चैत १६ गते

बहुविवाहको मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालत सोलुखुम्बूमा मुद्दा हाल विचाराधीन रहेको छ।

अन्यबाट

दियाले गाविस-२ कार्की गाउँकी २४ वर्षीया गीता परियारलाई जेठानी गीता परियारले आफ्नाविरुद्ध प्रहरीमा उजुरी दिएको आरोपमा ०६९ असार २१ गते मार्ने धम्की दिइन्। आरोपितले आफूलाई घरमा सुतेको समयमा ०६९ जेठ ११ गते राति ढोकामा चाबी लगाएर बाहिरबाट आगो लगाइ मार्ने प्रयास गरेको भनी पीडितले प्रहरीमा उजुरी दिएकी थिइन्। धम्कीपछि फूपूको घरमा बस्दै आएकी पीडित हालसम्म घर फर्किन सकेकी छैनन्। जिल्ला प्रहरी कार्यालयले ०६९ जेठ ३० गते आरोपितलाई गिरफ्तार गरेकोमा जिल्ला अदालतले असार २१ गते साधारण तारेखमा रिहा गऱ्यो। रिहापछि आरोपितले पीडितलाई ज्यान मार्ने धम्की दिएको स्थानीय रविन कार्कीले बताए। धम्कीका विषयमा जिल्ला प्रहरी कार्यालयका डीएसपी सुदमकुमार सिजापतिले असुरक्षित हुने अवस्था आए सुरक्षा दिने बताए। हाल पीडित ज्यामिरे गाविसमा नाताले फुपू पर्ने आफन्तकोमा बस्दै आएकी छिन्। पीडितका पति वैदेशिक रोजगारमा गएका छन्। पीडित र आरोपितबीच घरायसी विवाद भएको पुरानो रिसइबीका कारणले आगो लगाउन खोजेको पीडितले बताइन्।

स्वास्थ्य सेवाको अवस्था

अस्पताल	१		
स्वास्थ्यचौकी	१६		
उपस्वास्थ्यचौकी	३८		
पद	**दरबन्दी**	**कार्यरत**	**रिक्त**
डाक्टर	३	३	
स्टाफ नर्स	७	२	५
ल्याब असिस्टेन्ट	१	१	
अहेब	१०३	५८	४५
अनमी	६६	४८	१८
खोप सुपरभाइजर	१	१	
क्षयरोग/कुष्ठरोग सुपरभाइजर	१	१	
हेल्थ असिस्टेन्ट	१९	९	१०

जिल्ला प्रहरी कार्यालय

जिल्ला प्रहरी कार्यालयमा ०६८ पुस १७ गतेदेखि ०६९ पुस १६ गतेसम्म बलात्कार चार, बलात्कार प्रयास दुई, कर्तव्यज्यान दुई, आत्महत्याका ३३ ओटा मुद्दा दर्ता भए।

१.१६ सोलुखुम्बु

जिल्ला सदरमुकाम: सल्लेरी
क्षेत्रफल (वर्ग कि. मि.): ३,३१२.००
घरधुरी सङ्ख्या: २३,७८५
जम्मा जनसङ्ख्या: १,०५,८८६
पुरुष: ५१,२००
महिला: ५४,६८६
अपाङ्ग सङ्ख्या: २,६०५
गाविस/नपा सङ्ख्या: ३४/०
पुरुष साक्षरता सङ्ख्या: ३५,४४५
महिला साक्षरता सङ्ख्या: २५,१५७
हिन्दू धर्मावलम्बी प्रतिशत: ४०.२१
बौद्ध धर्मावलम्बी प्रतिशत: २७.१५
इस्लाम धर्मावलम्बी प्रतिशत: ०.०१
किराँत धर्मावलम्बी प्रतिशत: ३०.१६
क्रिश्चियन धर्मावलम्बी प्रतिशत: २.२१
प्रकृति धर्मावलम्बी प्रतिशत: ०.०६
अन्य धर्मावलम्बी प्रतिशत: ०.१८६
प्रतिपरिवार सरदर सङ्ख्या: ४.४५

जेल र बन्दीहरू

'घ' श्रेणीको जिल्ला कारागारको बन्दी क्षमता ३५ जनाको रहेको छ। यस वर्षको अन्त्यसम्म कैद तोकिएका ४० र कैद नतोकिएका ९ (पुरुष ६ र महिला ३) कैदी र थुनुवा गरी जम्मा ४९ जना बन्दीहरू रहेका छन्। यस बाहक एक जना आश्रित बालक पनि अभिभावकसँग बस्दै आएका छन्। यस जिल्ला कारागारको वि.स. २०६१ सालमा निर्माण सम्पन्न भई २०६३ सालबाट प्रयोगमा आएको हो।

जिल्ला कारागारमा रहेका बन्दीहरूले टिभी हेर्न, रेडियो सुन्न पाउँछन्। खानेपानी र औषधि उपचारको व्यवस्था रहेको कारागार प्रमुख निरमान पाखिनले बताए। वर्षमा कात्तिक र वशाख गरी दुई पटक लुगा, दुई दुई वर्षमा सिरक डस्ना, तीन तीन वर्षमा म्याट्रेस दिइने गरेको पाखिनले बताए। अन्य सुविधा पनि आवश्यकता अनुसार दिइने गरेको कारागार प्रमुख पाखिनले बताए। महिला कैदी बन्दीहरूले कारागार भित्रै ढाका बुनाई गरी कैदीबन्दीले आम्दानी गरिरहेको कारागार प्रशासनले जनायो।

सुगम र निष्पक्ष न्यायिक अधिकार

०६८ साउनदेखि ०६९ असार मसान्तसम्म

एक जनामात्र न्यायाधीश रहेको यस जिल्ला अदालतको फौजदारी मुद्दातर्फ ८९ मध्ये ७४ थान फैसला भए भने १५ थान फैसला हुन बाँकी रहे। देवानी मुद्दातर्फ ४३ मध्ये ३४ थान फैसला भए भने नौ थान फैसला हुन बाँकी रहे।

०६९ साउनदेखि पुस १५ सम्म

एकजनामात्र न्यायाधीश रहेको यस जिल्ला अदालतको फौजदारी मुद्दातर्फ ३४ मध्ये ६ थान फैसला भए भने २८ थान फैसला हुन बाँकी रहे। देवानी मुद्दातर्फ १५ मध्ये ०६८ साउनदेखि ०६९ असार मसान्तसम्म एक थान फैसला भए भने १४ थान फैसला हुन बाँकी रहे।

०६९ साउनदेखि पुस १५ सम्म

जिल्ला सरकारी वकिलको कार्यालयबाट ०६८ साउनदेखि ०६९ असार मसान्तसम्म दायर मुद्दाको सङ्ख्या ४६ छ जसमध्ये १९ सफल भए भने १६ असफल भएको छ। सरकारी वकिल सङ्ख्या एक रहेको यस जिल्ला कार्यालयबाट दायर मुद्दामध्ये ०६९ असार मसान्तसम्म ११ मुद्दा बाँकी रहेको सरकारी वकिलको कार्यालयले जनायो।

दायर मुद्दामध्ये कर्तव्य ज्यानसम्बन्धी मुद्दा नौ थान मध्ये तीन थान सफल र तीन थान असफल रह्यो। बलात्कारसम्बन्धी मुद्दा छ थान मध्ये चार थान सफल र एक थान असफल रह्यो। महिला बेचविखनसम्बन्धी मुद्दा एक थान मध्ये थान असफल रह्यो। बहुविवाहसम्बन्धी मुद्दा उक थानमध्ये एक थान नै असफल रह्यो।

जिल्ला सरकारी वकिलको कार्यालयबाट ०६९ साउनदेखि ०६९ पुससम्म दायर मुद्दाको सङ्ख्या २९ छ जसमध्ये पाँच थान सफल भएको छ। सरकारी वकिल सङ्ख्या एक रहेको यस जिल्ला कार्यालयबाट दायर मुद्दामध्ये ०६९ असार मसान्तसम्म १७ थान मुद्दा बाँकी रहेको सरकारी वकिलको कार्यालयले जनायो।

बालअधिकार

शिक्षाको अवस्था

यस जिल्लाका विद्यालय जाने उमेरका ३५ हजार ११ मध्ये छात्र १६ हजार ९ सय ६ र छात्रा १८ हजार १ सय ५ प्राथमिक तहदेखि माबि तहसम्म भर्ना भए। यसमध्ये दलित छात्रा १ हजार ८ सय ६४ र छात्र २ हजार १३ रहेका छन्। सरकारी र सामुदायिक विद्यालय गरी प्राबि तहमा महिला र पुरुष गरी जम्मा ७ सय ७३ शिक्षक कार्यरत रहेका छन्। निमाबि तहमा तहमा महिला र पुरुष गरी जम्मा १ सय ३० शिक्षक कार्यरत रहेका छन्। यसैगरी माबि तहमा महिला र पुरुष गरी जम्मा १ सय ३ शिक्षक रहेका छन्।

बालविकास केन्द्रमा बालक २ हजार ४ सय ४७ र बालिका २ हजार ४ सय १९ गरी जम्मा ४ हजार ८ सय ६६ रहेका छन्। *यस जिल्ला शिक्षा कार्यालयले शिक्षासम्बन्धी सबै तथ्याङ्क अद्यावधिक गरिएको पाइएन।*

विद्यालय बन्द

वासाखाली माध्यमिक विद्यालयका शिक्षकहरूले ०६८ फागुन ३ गते अनिश्चितकालका लागि विद्यालय बन्द गरे। प्रधानाध्यापक कुमारराज श्रेष्ठमाथि ०६८ माघ २७ गते राति भएको कुटपिटमा संलग्न व्यक्तिहरूलाई पाँच दिन बितिसक्दासमेत कारबाही नभएपछि सत्यतथ्य छानविनको माग गर्दै उनीहरूले विद्यालय बन्द गरेका थिए। कुटपिट बारे यथार्थ छानविन, संलग्न तथा ज्यान मार्ने धम्की दिने व्यक्तिहरूलाई कारबाही, विद्यालय व्यवस्थापन

घटनाको प्रकार	गैरराज्यपक्षबाट		
	महिला	पुरुष	जम्मा
बालअधिकार	६		६
महिलाअधिकार	३		३
कुटपिट		१	१
हत्या	१	५	६
जम्मा	१०	६	१६

समितिको तत्काल विगठन र शान्तिसुरक्षाको प्रत्याभुति दिलाउनुपर्ने लगायतका माग राख्दै विद्यालय बन्द गराइएको विद्यालयको विज्ञप्तिमा उल्लेख थियो। विद्यालयका नौ जना शिक्षकहरूद्वारा हस्ताक्षरित विज्ञप्तिमा ०६८ माघ २७ गते राति प्रधानाध्यापकलाई विद्यालय व्यवस्थापन समितिका अध्यक्ष आनन्द राईसहित गाउँलेहरूले निर्घात कुटपिट गरी ज्यान मार्ने धम्की दिएको र घटनाको यथार्थ छानविन नहुञ्जेलसम्म विद्यालयको पठनपाठन एवं सम्पूर्ण क्रियाकलाप नगर्ने उल्लेख गरिएको थियो। खालिङ राई समुदायको संस्कारमा आँच आउने काम गरेको आरोप लगाउँदै मादकपदार्थ सेवन गरेका स्थानीयले आफूमाथि हातपात गरेको प्रधानाध्यापक श्रेष्ठले बताएका थिए।

बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

एक १३ वर्षीया बालिकालाई ०६९ जेठ २३ गते सोताङ गाविस-४ का ३४ वर्षीय टीकाराम बस्नतेले सोताङ-४ स्थिति आफ्नै घरमा बलात्कार गरेको आरोपमा बस्नेतलाई इलाका प्रहरी कार्यालय सोताङले ०६९ जेठ २६ गते गिफ्तार गऱ्यो। आरोपितले ०६८ असार महिनादेखि आफूलाई बारम्बार बलात्कार गरेको पीडितले बताइन् । आफूलाई धेरै पटक बलात्कार गरे पनि कसैलाई भनेमा मार्ने धम्की दिएकाले चुपचाप बसेकी थिइन्। आफन्तहरूको सहयोगमा घटनाका बारेमा प्रहरीमा पीडित पक्षले उजुरी दिएको थियो। चिकित्सकको प्रतिवेदनमा बालिकालाई बलात्कारमा गरेको प्रमाणित भएको प्रहरीले जनायो। प्रहरीले आरोपितविरुद्ध ०६९ असार ९ गते मुद्दा दायर गरेको थियो। जिल्ला अदालतबाट २२ वर्ष कारावास सजायको फैसला भएबमोजिम अभियुक्त जिल्ला कारागार कार्यालय सल्लेरीमा थुनामा रहेका छन्।

एक ११ वर्षीया बालिकालाई ०६९ भदौ ९ गते छेस्काम गाविस-२ का १९ वर्षीय दाछेतर शेर्पा छेस्काम गाविस-२ कै १८ वर्षीय दातेन्जी शेर्पा र छेस्काम गाविस-२ कै १६ वर्षीय दाकिपा शेर्पाले गोठमा बलात्कार गरेको आरोपमा ०६९ भदौ २० गते छेस्काम प्रहरी चौकीमा पीडित पक्षले दिएको उजुरीको आधारमा दाछेतर र दातेन्जीलाई गिरफ्तार गरिएको थियो।। ६ वर्षका भाइसँगै चौरीगोठमा बसेकी बालिकालाई आरोपितहरूले रातको समयमा डर देखाइ सामूहिक बलात्कार गरेका थिए। प्रहरीले ०६९ असोज ५ गते आरोपितहरू विरुद्ध मुद्दा दायर गऱ्यो। जिल्ला अदालत सोलुखुम्बुको आदेशमा दाछेतर तारेखमा रिहा भए। दातेन्जी पुर्पक्षका लागि थुनामा रहेका छन् भने दाकिपा शेर्पा यो वर्षको अन्त्यसम्म फरार रहेका छन्।

एक ६ वर्षीया बालिकालाई ०६८ फागुन २४ गते सल्लेरी गाविस-२ का फाप्लुका१० वर्षीय र १२ वर्षीय दुइ दाजु भाइले बलात्कार गरेको आरोपमा प्रहरीले ०६८ चैत ११ गते उनीहरुलाई गिरफ्तार गऱ्यो। गिरफ्तार गरेको चार दिनपछिमात्र प्रहरीले घटना सार्वजनिक गरेको थियो। बालिकालाई बलात्कार गरेको पीडितले आरोप लगाए पनि ०६८ चैत १४ गतेमात्रै घटनालाई प्रहरीसमक्ष लगेको पीडित परिवारले बतायो। घटनालाई छिमेकमै मिलाउने प्रयास असफल भएपछि महिला तथा बालबालिका कार्यालय सोलुखुम्बुमार्फत कानुनी सहायता केन्द्र हुँदै घटनालाई प्रहरीसमक्ष पुऱ्याएको पीडित परिवारले बतायो। पीडित बालिकाको स्वास्थ्य जाँचमा बलात्कार भएको प्रमाणित भैसकेको इन्स्पेक्टर कृष्ण खड्काले बताए। यस घटनाको अद्यावधिक गर्नु पर्ने।

महिलाविरुद्ध हुने सबै प्रकारको भेदभाव, दुर्व्यवहार
बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

एक २७ वर्षीया महिलालाई ०६८ माघ २२ गते तिङला गाविस-२ का २२ वर्षीयका कामी शेर्पाले तिङला गाविस-२ मा बलात्कार गरे। पीडित पक्षले आफन्तहरूको सहयोगमा घटनाका बारेमा प्रहरीमा उजुरी दिएको थियो। घटनाका आरोपित कामी शेर्पा हाल फरार रहेकोले मुद्दा मुल्तबीमा रहेको छ।

एक २२ वर्षीया महिलालाई ०६८ फागुन १४ गते राति ११:३० बजे सुतिरहेको अवस्थामा सोही वडाका तिङला गाविस-२ का २२ वर्षीय कामी शेर्पाले बलात्कार गरे। पीडितले ०६८ फागुन १६ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिइन्। पहिलेदेखिनै आफूलाई आरोपितले अश्लिल शब्दहरू प्रयोग गर्दै जिस्काउने र शरीरमा हातले छुने गरेको पीडितले उजुरीमा उल्लेख गरेकी थिइन्। महिला समूहले कारबाही गरेपछि त्यो

गर्न छोडेको थियो। आरोपित फरार भएको जिल्ला प्रहरी कार्यलय सोलुखुम्बुका इन्स्पेक्टर कृष्ण खड्काले बताए। पीडितको स्वास्थ्य परीक्षण जिल्ला अस्पतालमा भएको प्रहरीले जनायो।

घरेलु हिंसा

सल्लेरी गाविस खोरियाकी २२ वर्षीय निर्मला नेपालीलाई ०६९ वैशाख १२ गते उनका ३० वर्षीय पति खड्गबहादुर नेपालीले बिहान लाठीले कुटपिट गरी हत्या गरे। पत्नीसँग रातभर झगडा गरी सल्लेरी गाविस-६ खोरियाकी २४ वर्षीया निर्मला नेपालीलाई २०६९ वैशाख १२ गते उनका पति ३२ वर्षीय खड्गबहादुर नेपालीले रातको समयमा आफ्नै घरमा लाठी प्रहार गरी हत्या गरे। घटनामा सम्लग्न खड्ग नेपालीविरुद्ध ०६९ वैशाख २९ गते मुद्दा दायर गरिएको थियो। खड्गलाई जिल्ला अदालत सोलुखुम्बुले सर्वस्वसहितको जन्मकैदको सजाय तोकेको थियो। आरोपित सोलुखुम्बू कारागारमा थुनामा छन्। नेपाली दम्पतीका दुई छोरा र दुई छोरी छन्। गाउँलेहरू वैसाख १३ गते बिहानै नेपालीको घर पुग्दा उनीहरूले निर्मलालाई मृत अवस्थामा फेला पारेपछि प्रहरीलाई खबर गरेका थिए। मृतकको शरीरका सबै भागमा नीलडाम भएको प्रहरीले जनायो। ०६९ वैसाख १२ गते मादकपदार्थ सेवन गरेका कारण आफूले पत्नीलाई झापडमात्र हानेको खड्कबहादुरले प्रहरीलाई दिएको बयानमा उल्लेख छ।

स्वास्थ्य सेवाको अवस्था

अस्पताल	१		
स्वास्थ्यचौकी	१४		
उपस्वास्थ्यचौकी	१८		
पद	**दरबन्दी**	**कार्यरत**	**रिक्त**
डाक्टर	५	२	३
स्टाफ नर्स	८	८	
ल्याब असिस्टेन्ट	४	४	
अहेब	७०	३८	३२
अनमी	५३	१०	४३
खोप सुपरभाइजर	१	१	
क्षयरोग/कुष्ठरोग सुपरभाइजर			
हेल्थ असिस्टेन्ट	१९	६	१३

जिल्ला प्रहरी कार्यालय

जिल्ला प्रहरी कार्यालयमा ०६८ पुस १७ गतेदेखि ०६९ पुस १६ गतेसम्म बलात्कार चार, कर्तव्यज्यान आठ, ज्यानमार्ने उद्योग एक, आत्महत्या २८, बहुविवाहका एक ओटा मुद्दा दर्ता भए।

मध्यमाञ्चल

२.१ धनुषा
२.२ महोत्तरी
२.३ सर्लाही
२.४ सिन्धुली
२.५ रामेछाप
२.६ दोलखा
२.७ रौतहट
२.८ बारा
२.९ पर्सा
२.१० चितवन
२.११ मकवानपुर
२.१२ ललितपुर
२.१३ काभ्रे
२.१४ भक्तपुर
२.१५ काठमाडौँ
२.१६ धादिङ
२.१७ सिन्धुपाल्चोक
२.१८ नुवाकोट
२.१९ रसुवा

२.१ धनुषा



जिल्ला सदरमुकाम: जनकपुर
क्षेत्रफल (वर्ग कि. मि.): १,१८०
घरधुरी सङ्ख्या: १,३८,२४५
जम्मा जनसङ्ख्या: ७,५४,७७७
पुरुष: ३,७८,५३८
महिला: ३,७६,२३५
अपाङ्ग सङ्ख्या: ८,४१२
गाविस/नपा सङ्ख्या: १०१/१
पुरुष साक्षरता सङ्ख्या: २,१७,२२३
महिला साक्षरता सङ्ख्या: १,४८,२६०
हिन्दू धर्मावलम्बी प्रतिशत: ८५.३५
बौद्ध धर्मावलम्बी प्रतिशत: १.४५
इस्लाम धर्मावलम्बी प्रतिशत: ८.३६
किराँत धर्मावलम्बी प्रतिशत: ०.०२
क्रिश्चियन धर्मावलम्बी प्रतिशत: ०.०५
प्रकृति धर्मावलम्बी प्रतिशत: ०.०८
शिख धर्मावलम्बी प्रतिशत: ०.६२
अन्य धर्मावलम्बी प्रतिशत: ०.००१
प्रतिपरिवार सरदर सङ्ख्या: ५.४६

नागरिक तथा राजनीतिक अधिकार

सम्मानित रूपले बाँच्न पाउने अधिकार

हत्या

गैरराज्यपक्षबाट

अज्ञात समूहबाट

सिरहा जिल्ला लक्ष्मीया गाविस-१ की ३० वर्षीया रीनाकुमारी यादवलाई अज्ञात व्यक्तिले घाँटी थिचेर हत्या गरेको अवस्थामा उनको लास ०६९ वैशाख ९ गते फेला परेको प्रहरी कार्यालयले जनायो। धनुषा जिल्लाको बल्हा सघरा गाविस-९ स्थित कमला नदीमा उनको लास फेला परेको थियो। उनलाई कसले किन हत्या गरेको हो खुल्न नसकेको प्रहरीले जनायो। पीडितपक्षले घटनामा संलग्नलाई कारबाहीको माग गर्दै ०६९ वैशाख १९ गते जाहेरी दर्ता गराए। यस वर्षको अन्त्यसम्म पीडकको पहिचान भएन।

दोहोरो भिडन्त

तारापट्टी सिरसिया गाविस-१ का ३२ वर्षीय हरेशिव यादवको ०६९ साउन ६ गते राति १०:३० बजे प्रहरी र हतियारधारी सशस्त्र समूहबीच दुहवी गाविस-५ स्थित सडकमा भएको दोहोरो भिडन्तमा गोली लागी घटनास्थलमै मृत्यु भएको जिल्ला प्रहरी कार्यालयका डिएसपी टेकबहादुर गुरुङले बताए। इलाका प्रहरी कार्यालय औरहीबाट सई अयोध्याशरण यादवको नेतृत्वमा गस्तीमा गएको प्रहरी टोलीलाई सशस्त्र हतियारधारीको एक समूहले लक्षित गरी गोली प्रहार गर्दा त्यसको जवाफी कारबाहीमा यादवको मृत्यु भएको डिएसपी गुरुङले बताए । हतियारधारी डाकाहरूको समूहले प्रहरी टोलीलाई देखेपछि गोली फायर गर्दा प्रतिकारमा प्रहरीले पाँच राउण्ड गोली फायर गर्दा यादवको छातीमा गोली लागेर घटनास्थलमै मृत्यु भएको प्रहरीले जनायो। भारतको छतौनीबाट सुराकीको आधारमा यादवलाई गिरफ्तार गरी हत्या गरेको पारिवारिक स्रोतले आरोप लगायो । प्रहरीले लासको पोस्टमार्टम ०६९ साउन ७ गते गराई मृतकको आमा सञ्जोगीयादेवी यादवलाई बुझायो। लास गाउँमै साउन ८ गते सदगत् गरियो। मृतक यादव विभिन्न भूमिगत सशस्त्र समूहमा लागेको प्रहरीले पत्रकार सम्मेलन गरी जानकारी गरायो। मृतक यादव जनतान्त्रिक तराई मुक्ति मोर्चा समाजवादी नामक भूमिगत समूहमा लागेको भनी बुझिएको प्रहरी कार्यालयले जनायो। तारापट्टी सिरसिया गाविस-१ निवासी नेपाल रेल्वेका महाप्रबन्धक ४९ वर्षीय सुरेश यादवलाई ०६९ जेठ १६ गते हरेशिव यादवले गोली हानी हत्या गरेको आरोपमा जिल्ला प्रहरी कार्यालयमा तारापट्टी सिरसिया गाविस-१ का धीरज यादवले उनीविरुद्ध किटानी जाहेरी दिएका थिए। मृतक हरेशिव यादवउपर हातहतियार खरखजानाको मुद्दा समेत चलेको प्रहरी कार्यालयले जनायो। धनुषाका मानवअधिकारकर्मीको एक टोलीले साउन ९ गते घटनास्थलको अनुगमन गरेको थियो। पीडित परिवार, स्थानीयवासी र प्रहरीसँग घटनाको बारेमा बुझ्दा यो घटना गैरन्यायिक भएको टोलीको ठहर थियो।

घटनाको प्रकार	राज्यपक्षबाट				गैरराज्यपक्षबाट		
	महिला	पुरुष	नखुलेको	जम्मा	महिला	पुरुष	जम्मा
घाइते						३३	३३
बालअधिकार					५		५
अमानवीय व्यवहार						२	२
आर्थिक/सामाजिक/सांस्कृतिक अधिकार	१			१			
अपहरण					२	३	५
महिलाअधिकार					१०		१०
भेला/सङ्गठित हुने अधिकार		२	१०	१२			
गिरफ्तारी/यातना		२		२			
कुटपिट	१	४		५	३	३	६
धम्की						१	१
हत्या		१		१	६	१४	२०
जम्मा	२	९	१०	२१	२६	५५	८१

जनतान्त्रिक तराई मुक्ति मोर्चा (राजन समूह)बाट

जनकपुर नपा-८ स्थित रामानन्द चौकमा ०६९ वैशाख १८ गते सोमबार बिहान जनतान्त्रिक तराई मुक्ति मोर्चाले गराएको बम विस्फोटमा परी पाँच जनाको मृत्यु भयो भने ३२ जना घाइते भए। मिथिला राज्यको माग गर्दै मिथिला राज्य सङ्घर्ष समितिले आयोजना गरेको शान्तिपूर्ण धर्नाका क्रममा बिहान १० बजेर ३ मिनेट जाँदा बम विस्फोट भएको थियो। उक्त घटनाको जिम्मेवारी जनतान्त्रिक तराई मुक्ति मोर्चा राजन समूहले लिएको सञ्चारमाध्यमहरूमा प्रकाशित भएका समाचारमा उल्लेख थियो। घटनास्थलमा एक जना र उपचारका लागि जनकपुर अञ्चल अस्पताल लग्दै गर्दा तीन जनाको मृत्यु भएको थियो। घटनास्थलमै मृत्यु हुनेमा जनकपुर नपा-८ बस्ने ४० वर्षीय विमलशरण कुर्मी रहेका थिए। त्यस्तै अस्पताल लग्दै गर्दा मृत्यु हुनेहरूमा मैथिल कलाकार महोत्तरी जिल्ला बथनाहा गाविस-९ घरभई जनकपुर नपा-४ बस्ने ४० वर्षीया रञ्जू झा, जनकपुर नपा-१० का ४९ वर्षीय झगरु दास र जनकपुर नपा-८ का ४४ वर्षीय सुरेश उपाध्याय रहेका थिए। सो घटनामा घाइते भएका बेङ्गाशिवपुर गाविस-६ का २८ वर्षीय दीपेन्द्र दासको काठमाडौँ महाराजगञ्जस्थित शिक्षण अस्पतालमा ०६९ वैशाख २१ गते राति ११ बजे उपचारको क्रममा मृत्यु भएको थियो। घटनामा मिथिला राज्य सङ्घर्ष समितिका संयोजक बघचौडा गाविस-९ का ५६ वर्षीय परमेश्वर कापडी, जनकपुर नपा-८ का रामानन्द युवा क्लबका अध्यक्ष ४० वर्षीय नवीन मिश्र, जनकपुर नपा-१० अशोक दत्त, जनकपुर नपा-२ का ३५ वर्षीय मनमोहन साह, जनकपुर नपा-८ का ३० वर्षीय राजेशकुमार सिंह, जनकपुर नपा-१ का २७ वर्षीय दिलिप थापा, जनकपुर नपा-८ का २५ वर्षीय रामबाबु झा, जनकपुर नपा-११ का ३१ वर्षीय प्रफुल्लराज घिमिरे, जनकपुर नपा-१ का ३० वर्षीय अमलेश साह, जनकपुर नपा-१ का २० वर्षीय जयशंकर ठाकुर, लोहना गाविस-१ का ५१ वर्षीय दानबीर झा, धनुषा मखनाहा गाविस-७ का ११ वर्षीय संजीव महरा, महोत्तरी खैरबन्नी गाविस-७ का ३५ वर्षीय बासुदेव महरा, जनकपुर नपा-८ का ३३ वर्षीय जामुन ठाकुर, महोत्तरी रजौलका ३० वर्षीय मुकेशकुमार यादव, जनकपुर नपा-१३ का २५ वर्षीय सुरेन्द्र यादव, जनकपुर नपा-८ का २७ वर्षीय सुरेश ठाकुर, जनकपुर नपा-९ का ४५ वर्षीय धीरेन्द्रमोहन झा, जनकपुर नपा-४ का ३२ वर्षीय सम्झना बर्मा, सिरहा जिल्ला भगवापुरका ३१ वर्षीय अरुण साह, जनकपुर नपा-२ का ३० वर्षीय अमर मण्डल, धनुषा गोविन्दपुर गाविस-८ का ३० वर्षीय शत्रुघन यादव, जनकपुर नपा-२ का २२ वर्षीय कृष्णबहादुर राय, जनकपुर नपा-१ का २७ वर्षीय ओजिर शेख, जनकपुर नपा-१ का २५ वर्षीय सञ्जय पंजियार, जमुनीया गाविस-२ का १४ वर्षीय राजेशकुमार महरा, जनकपुर नपा-८ का ४० वर्षीय रमेश ठाकुर, जनकपुर नपा-१ का ३२ वर्षीय रोसन श्रीवस्तव, जनकपुर नपा-१ का २८ वर्षीय प्रमोद राउत, जनकपुर नपा-१ का ३८

वर्षीय कान्तिपुर सम्वाददाता श्यामसुन्दर शशी र जनकपुर नपा-८ का ३८ वर्षीय दिगम्बर पाठक घाइते भएका थिए। घाइतेमध्ये केहीको जनकपुर अञ्चल अस्पतालमा र १८ जनाको शिक्षण अस्पताल महराजगञ्जमा उपचार भएको थियो।

रिमोट कन्ट्रोलबाट बम विस्फोट गराइएको पत्रकार सम्मेलन गरी प्रहरीले जानकारी गरायो। बम विस्फोट गराउने सप्तरी जिल्ला बिसहरिया गाविस-८ का २१ वर्षीय शिवम शर्मा भनिने जयप्रकाश चौधरी रहेको प्रहरीले जनायो। त्यस्तै बम उपलब्ध गराउने, ओसार-पोसार र व्यवस्थापन तथा बम बनाउने धनुषा सपही-१ का प्रकाश भनिने ३३ वर्षीय सुरेशकुमार कर्ण, महोत्तरी जिल्ला मडई गाविस-६ का छोटु भनिने २७ वर्षीय दीपेन्द्र झा, धनुषा भुतही पटेर्वा घरभई हाल जनकपुर नपा-१४ मा बस्ने २८ वर्षीय मुकेशकुमार कर्ण रहेको प्रहरी प्रतिवेदनमा उल्लेख थियो । त्यस्तै चारैजनाको समूह मध्येका जीतेन्द्र कर्ण फरार रहेको प्रहरीले जनायो। बम विस्फोट घटनामा संलग्न रहेको आरोपमा चौधरीलाई ०६९ वैशाख १८ गते प्रहरीले गिरफ्तार गर्‍यो भने अरु तीन जनालाई ०६९ जेठ ४ गते गिरफ्तार गरेको प्रहरी कार्यालयले जनायो। घटनाको जिम्मा लिने जनतान्त्रिक तराई मुक्ति मोर्चाका राजन मुक्ति भनिने रञ्जीत झा रहेको र विस्फोट गराउने योजना बनाउने र निर्देशन दिने व्यक्ति तराई मधेस विद्यार्थी लिब्रेशन फ्रन्टका सन्तोष चौधरी रहेको प्रहरीको अनुसन्धान प्रतिवेदनमा उल्लेख थियो। उनीहरू फरार छन्। पीडितपरिवारले जिल्ला प्रहरी कार्यालयमा ०६९ जेठ १९ गते जाहेरी दर्ता गराएको थियो। उनीहरूमध्ये तीन जनालाई जिल्ला अदालतको आदेशमा ०६९ असार १ गतेदेखि र दीपेन्द झा असार १६ गते देखि पुर्पक्षका लागि थुनामा छन्। अपराध अनुसन्धान ब्यूरोका डिआइजी उपेन्द्रकान्त अर्यालले ०६९ जेठ ५ गते पत्रकार सम्मेलन गरी प्रारम्भिक प्रतिवेदन सार्वजनिक गरेका थिए। घटनाको अनुसन्धानका लागि गृहमन्त्रालयले वैशाख १८ गते डिएसपी भूपेन्द्र खत्रीको नेतृत्वमा तीन सदस्यीय अनुसन्धान टोली जनकपुर पठाएको थियो। घटनाको अनुसन्धान यस वर्षको अन्त्यसम्म पनि समाप्त भइसकेको छैन।

सत्तोषर गाविस-२ का २५ वर्षीय रामभरोश यादवलाई ०६९ असोज २६ गते सबैला बजारबाट अज्ञात व्यक्तिहरूले अपहरण गरी हत्या गरेको पीडित परिवारले बतायो। अपहरित यादवको धारिलो हतियारले घाँटी काटी, आँखा निकाली, कान र मुखसमेत काटेर विभत्सरुपमा हत्या गरिएको अवस्थामा ०६० असोज २८ गते सत्तोषर-२ स्थित खोलामा लास फेला परेको पीडित परिवारले बतायो। प्रहरीले लासको असोज २९ गते जनकपुर अञ्चल अस्पतालमा पोस्टमार्टम गराई परिवारजनलाई बुझाएको थियो। सोही दिन जनकपुरकै स्वर्गद्वारीमा अन्तिम संस्कार गरिएको पीडित परिवारले बतायो। पीडितपक्षले असोज २९ गते जिल्ला प्रहरी कार्यालयमा जाहेरी दर्ता गराए पनि यस वर्षको अन्त्यसम्म पीडक गिरफ्तार भएनन्। घटनामा संलग्नहरूको खोजी भइरहेको जिल्ला प्रहरी कार्यालयले जनायो।

धम्की/कुटपिट

राज्यबाट

गोठकोयलपुर गाविस-३ की ३५ वर्षीया रामविराजीदेवी मुखियालाई ०६८ फागुन २४ गते चोरा कोयलपुर प्रहरी चौकीका असई दीपकुमार राउतले पीडितकै घरको अगाडि कुटपिट गरे। पीडित महिलाको जेठाजु दायालाल मुखियाले स्थानीय रामपृत कलालबाट लिएको ऋण चुक्ता गरे पनि साहुले तमसुक नदिएको कारण दुवै जनाबीच लेनदेनको विवाद भई प्रहरीले

जनतान्त्रिक तराई मुक्ति मोर्चा राजन समूहले गराएको बम विस्फोटमा परि मृत्यु भएका रञ्जु झा, सुरेश उपाध्याय, विमल सरण दास, झगरु दास र दीपेन्द दास

मुखियालाई गिरफ्तार गर्न जाँदा मुखिया भागेका थिए। जेठाजु मुखियालाई इशारा गरी भगाएको भन्दै प्रहरीले उनलाई देब्रे कञ्चटमा मुक्काले हान्दा आफू लडेको पीडितले बताइन्। उनको जनकपुर अञ्चल अस्पतालमा उपचारपछि थप उपचारका लागि काठमाडौँ लगिएको पीडितका पतिले बताए। पीडितपक्षले न्यायको लागि जिल्ला अदालतमा ०६८ चैत ९ गते मुद्दा दर्ता गराए। उनको मुद्दाको पेशी ०६९ पुस १ गते थियो भने ०६९ पुस २६ गते साक्षीलाई बोलाएको जिल्ला अदालतले जनायो। काठमाडौँमा काम गरिरहेका पीडितको पति देवलाल मुखियालाई असई दीपकुमारले मुद्दा फिर्ता लिन दबाब दिँदै आएको र ०६९ असारको पहिलो साताितर अपहरण समेत गराएको पीडितले बताए। आफ्नो साथीभाइको सहयोगले आफू अपहरणमुक्त भएको देवलालले बताए।

अभिव्यक्ति, भेला हुने र सङ्गठित हुने अधिकार

(राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

तारापट्टी सिरसिया-१ स्थित सुरक्षाको लागि खटिएको प्रहरी बिटको अगाडि स्थानीय बासिन्दाहरू ०६९ साउन २९ गते बिहान १० बजेदेखि प्रहरीको विरोधमा धर्नामा बसे। प्रहरी दुर्व्यवहारका कारण दुई महिनादेखि त्रसित भएका स्थानीय बासिन्दाहरूले बाध्य भएर प्रहरी विरुद्ध उत्रेको स्थानीय राजेश्वर झाले बताए। जनकपुर रेलवेको प्रबन्धक सुरेश यादवको हत्यापछि ०६९ जेठ १८ गतेदेखि यादव परिवारको सुरक्षाका लागि हवल्दार रामानन्द कटेलको कमाण्डमा तीन प्रहरी जवानसहित अस्थायी प्रहरी बिट खडा गरिएको थियो। प्रहरीहरूले स्थानीय गाउँलेहरूको घर घरमा अपराधीको खोजी कार्यको बहानामा महिलाहरूउपर जबरजस्ती हातपात गरेको स्थानीय गाउँलेहरूले बताए। स्थानीय तारापट्टी सिरसिया-१ का वेदानन्द झा र लिलानाथ यादव, महेन्द्र यादव, विजय यादव, रुद्रनारायण यादवलगायतका घरघरमा सुरेश यादवको भतिजो कृष्णा यादव, महोत्तरी जिल्ला बगरा गाविसका अरुण यादवले प्रहरीको आडमा ०६९ साउन २७ गते राति महिलाहरूमाथि दुर्व्यहार गरेको स्थानीय बासिन्दाले बताए। प्रहरी र सुरेश यादवका भाइभतिजाहरूले जबरजस्ती ढोका फोडेर घरमा पसेर छोरी बुहारीहरू सुतेको बेला उनीहरूले ओढेको कम्बल शरीरबाट हटाउने र मार्ने धम्कीसमेत दिएको स्थानीय बासिन्दाले गुनासो गरे। प्रहरी र सुरेश यादवको छोरा भतिजाहरूको क्रियाकलापबाट त्रसित भएका गाउँलेहरूले आजित भएर धर्नामा बस्नु परेको स्थानीय राजेशवर झाको भनाइ थियो। जिल्ला प्रहरीको अनुसार ०६९ साउन २९ गतेदेखि प्रहरी बिट हटाउन निर्णय भएपछि गाउँलेहरूले विरोधका सबै कार्यक्रम स्थगित गरेका थिए।

दोहोरो भिडन्तमा प्रहरीको गोली लागी मृत्यु भएका हरेशिव यादव

सुगम र निष्पक्ष न्यायिक अधिकार

पुनरावेदन अदालत

०६८ साउनदेखि ०६९ असार मसान्तसम्म

आठ जनामात्र न्यायाधीश रहेको यस पुनरावेदन अदालतको फौजदारी मुद्दातर्फ ७ सय ६७ थान मध्ये ४ सय ४९ थान फैसला भए भने ३ सय १८ थान फैसला हुन बाँकी रहे। देवानी मुद्दातर्फ १ हजार ८५ मध्ये ६ सय २ फैसला भए भने ४ सय ८३ फैसला हुन बाँकी रहे।

०६९ साउनदेखि पुस १६ गते सम्म

सात जनामात्र न्यायाधीश रहेको यस पुनरावेदन अदालतको फौजदारी मुद्दातर्फ २ सय ९३ मध्ये १ सय२३ फैसला भए भने १ सय ७० फैसला हुन बाँकी रहे। देवानी मुद्दातर्फ २ सय २२ थानमध्ये ८२ थान फैसला भए भने १ सय ४० थान फैसला हुन बाँकी रहे। दुई वर्ष नाघेका फौजदारी मुद्दा १४ थान र देवानी मुद्दा ३५ थान रहे।

जिल्ला अदालत

०६८ साउनदेखि ०६९ असार मसान्तसम्म

चार जनामात्र न्यायाधीश रहेको यस जिल्ला अदालतको फौजदारी मुद्दातर्फ १ हजार ९५ थानमध्ये ५ सय ८७ थान फैसला भए भने ५ सय ८ थान फैसला हुन बाँकी रहे। देवानी मुद्दातर्फ ३ हजार ५ सय

८८ थान मध्ये २ हजार १ सय ३४ थान फैसला भए भने १ हजार ४ सय ५४ थान फैसला हुन बाँकी रहे।

०६९ साउनदेखि पुस १६ गतेसम्म

चार जनामात्र न्यायाधीश रहेको यस जिल्ला अदालतको फौजदारी मुद्दातर्फ ७ सय ८७ थान मध्ये १ सय ४४ थान फैसला भए भने ६ सय ४३ थान फैसला हुन बाँकी रहे। देवानी मुद्दातर्फ २ हजार २ सय ६५ थानमध्ये ६ सय २३ थान फैसला भए भने १ हजार ६ सय ४२ थान फैसला हुन बाँकी रहे। दुई वर्ष नाघेका फौजदारी मुद्दा ५४ थान र देवानी मुद्दा १ सय ४९ थान रहे।

जिल्ला सरकारी वकिलको कार्यालय

जिल्ला सरकारी वकिलको कार्यालयबाट ०६८ साउनदेखि ०६९ असार मसान्तसम्म दायर मुद्दाको सङ्ख्या ३ सय ७६ छ जसमध्ये २ सय ३१ थान सफल भए भने ४८ थान असफल भएको छ। मुलतवीमा रहेको मुद्दाको सङ्ख्या दुई थान रहेको छ । सरकारी वकिल सङ्ख्या दुई जना रहेको यस जिल्ला कार्यालयबाट दायर मुद्दामध्ये ०६९ असार मसान्तसम्म ६ सय २६ मुद्दा बाँकी रहेको सरकारी वकिलको कार्यालयले जनायो।

दायर मुद्दामध्ये कर्तव्य ज्यानसम्बन्धी मुद्दा ४७ थानमध्ये १२ थान सफल र तीन थान असफल रहयो। बलात्कार सम्बन्धी मुद्दा १२ थानमध्ये तीन थान सफल र एक थान असफल रहयो। महिला बेचविखन सम्बन्धी मुद्दा परेको छैन। अपहरणसम्बन्धी मुद्दा २३ थानमध्ये दुई थान सफल र पाँच थान असफल रहयो। बहुविवाहसम्बन्धी मुद्दा २३ थानमध्ये आठ सफल र दुई असफल रहयो। बालविवाहसम्बन्धी मुद्दा परेको छैन।

जिल्ला सरकारी वकिलको कार्यालयबाट ०६९ साउनदेखि ०६९ कार्तिकसम्म दायर मुद्दाको सङ्ख्या १ सय ४५ थानमध्ये २० थान सफल भएको छ। सरकारी वकिल सङ्ख्या दुई रहेको यस जिल्ला कार्यालयबाट दायर मुद्दामध्ये ०६९ असार मसान्तसम्म ६ सय २६ थान मुद्दा बाँकी रहेको सरकारी वकिलको कार्यालयले जनायो।

जनतान्त्रिक तराई मुक्ति मोर्चा राजन समूहले गराएको बम विस्फोटमा परि घाइते भएका परमेश्वर कापडी

बालअधिकार

शिक्षाको अवस्था

यस जिल्लाका विद्यालय जाने उमेरका ११ हजार ७ सय ९२ मध्ये छात्र ५४ हजार ४९ र छात्रा ५५ हजार ५ सय ४३ प्राथमिक तहदेखि माबि तहसम्म भर्ना भए। यसमध्ये दलित छात्रा १७ हजार ९ सय २९ र छात्र १७ हजार ७ सय ३८ रहेका छन्। सरकारी र सामुदायिक विद्यालय गरी प्राबि तहमा महिला ४ सय ५ र पुरुष ९ सय १ गरी जम्मा १ हजार ३ सय ६ शिक्षक कार्यरत रहेका छन्। निमाबि तहमा महिला १० र पुरुष २ सय २७ गरी जम्मा २ सय ३७ शिक्षक कार्यरत रहेका छन्। यसैगरी माबि तहमा महिला १३ र पुरुष २ सय ६१ गरी जम्मा २ सय ७४ शिक्षक रहेका छन्। बालविकास केन्द्रमा जम्मा १४ हजार ९ सय ७५ बालबालिका छन्। बालक र बालिकाको विवरण छैन। जसमध्ये दलित बालक र बालिकाको पनि विवरण उपलब्ध छैन्। यस जिल्ला शिक्षा कार्यालयलमा शिक्षासम्बन्धी सबै तथ्याङ्क अद्यावधिक गरिएको पाइएन।

बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

एक १६ वर्षीया बालिकालाई ०६८ चैत ७ गते हरिहरपुर गाविस-४ का १८ वर्षीय सन्तोषकुमार महतोले हरिहरपुर-३ स्थित उखुखेतमा जबरजस्ती बलात्कार गरेको आरोपमा पीडितपक्षले चैत १० गते जिल्ला प्रहरी कार्यालयमा जाहेरी दिए। सोही दिन प्रहरीले आरोपित महतोलाई गिरफ्तार गऱ्यो। पीडितको जनकपुर अञ्चल अस्पतालमा स्वास्थ्यपरीक्षण भएको थियो। जिल्ला अदालतको आदेशमा आरोपित ०६८ चैत ३० गतेदेखि पुर्पक्षको लागि थुनामा छन्।

एक पाँच वर्षीया बालिकालाई ०६९ साउन ३० गते तुलसीगाविस-३ का २६ वर्षीय रामकुमार भनिने कुलमणि थापाले घरमा सुतेको बेला जबरजस्ती बलात्कार गरेको आरोपमा पीडित पक्षले ०६९ साउन ३१ गते जिल्ला प्रहरी कार्यालयमा जाहेरी दर्ता गरायो । साउन ३१ गते जनकपुर अञ्चल अस्पतालमा पीडित बालिकाको स्वास्थ्य परीक्षण भएको थियो। प्रहरीले आरोपित थापालाई साउन ३० गते गिरफ्तार गऱ्यो। जिल्ला अदालतको आदेशमा ०६९ भदौ २७ गतेदेखि थापा पुर्पक्षको लागि थुनामा छन् ।

महिलाविरुद्ध हुने सबै प्रकारको भेदभाव, दुर्व्यवहार

बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

एक २० वर्षीया .महिलालाई ०६९ भदौ २४ गते बिन्ही-२ की २५ वर्षीय सदाम राइनले बिन्ही-२ स्थित पुरानो पोखरीनजिकै बलात्कार गरेका आरोपमा पीडितपक्षले भदौ २६ गते जिल्ला प्रहरी कार्यालयमा जाहेरी दर्ता गराएलगत्तै राइनलाई सोही दिन प्रहरीले गिरफ्तार गऱ्यो। पीडितको जनकपुर अञ्चल अस्पतालमा भदौ २५ गते स्वास्थ परीक्षण गरिएको जिल्ला प्रहरी कार्यालयले जनायो । जिल्ला अदालतको आदेशमा ०६९ असोज २२ गतेदेखि आरोपित पुर्पक्षका लागि थुनामा छन्।

घरेलु हिंसा

परिवारजनबाट हत्या

नक्टाझिज गाविस-८ की १९ वर्षीया पुनमदेवी महतोको लास ०६८ माघ २० गते नक्टाझिज-८ स्थित झाडीमा जिमहरको रुखमा झुण्डिएको अवस्थामा फेला परेको प्रहरी कार्यालयले जनायो। तीन दिनदेखि बेपत्ता रहेकी शत्रुघन महतोकी पत्नी पुनमदेवी झुण्डिएको अवस्थामा स्थानीय बासिन्दाले देखेपछि प्रहरीलाई खबर गरेका थिए। इलाका प्रहरी कार्यालय ढल्केबरमा ०६८ माघ १९ गते खोजतलासका लागि मृतकका पतिले निवेदन दिएका थिए। तर, पुनमको लास फेला परेको कुरा गाउँमा फैलिएपछि प्रहरीले उनको परिवारजनलाई खोजी गर्दा पुनमका पति शत्रुघन माघ २० गतेदेखि फरार रहेको प्रहरी कार्यालयले जनायो। दाइजोमा फर्निचरको सट्टा ७ हजार रुपियाँ दिए पनि केही दिनदेखि पुनमका पतिले मानसिक यातना दिने गरेको पीडित परिवारले बतायो। लासको प्रकृति हेर्दा घाँटी थिची हत्या गरेर रुखमा झुण्ड्याइएको पीडित पक्षको आरोप छ। मोटरसाइकल, सुन र फर्निचरको सट्टा नगद दाइजो दिएको पीडित परिवारले जनायो। प्रहरीले माघ २१ गते लासको पोस्टमार्टम गराई परिवारजनलाई बुझायो। घटनामा संलग्न मृतकका ससुरा ५५ वर्षीय बिल्टु महतो, जेठाजु राजकुमार महतो र देवर शिवकुमार महतोलाई प्रहरीले ०६८ माघ २५ गते गिरफ्तार गऱ्यो। जिल्ला अदालतको आदेशमा ०६८ फागुन २४ गतेदेखि उनीहरू पुर्पक्षका लागि थुनामा छन्। यस वर्षको अन्त्यसम्म मुद्दाको किनारा लागेको छैन।

भरतपुर गाविस-६ की २२ वर्षीया राजकुमारी दासलाई ०६९ वैशाख १९ गते उनका ससुरा ५५ वर्षीय रामनारायण दास र सासू हिरियादेवी दास मिलेर घरमै विष खुवाएर हत्या गरेको आरोपमा मृतकको माइतीपक्षले ०६९ असार २२ गते जिल्ला प्रहरी कार्यालयमा जाहेरी दर्ता गरायो। वैशाख १९ गते मृतकको लासको जनकपुर अञ्चल अस्पतालमा पोस्टमार्टम गराई माइतीपक्षले बुझेको प्रहरी कार्यालयले जनायो। यस वर्षको अन्त्यसम्म पीडकहरू गिरफ्तार भएनन्। घटनामा संलग्नहरूको खोजी कार्य भइरहेको जिल्ला प्रहरी कार्यालयले जनायो।

ढल्केबर गाविस-७ की १९ वर्षीया सरस्वतीदेवी चौधरीलाई ०६९ भदौ २३ गते पति २२ वर्षीय अमरेश चौधरी, ससुरा ५६ वर्षीय रामविलास चौधरी, सासू ४० वर्षीया गीतादेवी चौधरीसमेत मिलेर धारिलो हतियार प्रहार गरी हत्या गरेको आरोपमा मृतकको माइतीपक्षले ०६९ भदौ २५ गते जिल्ला प्रहरी कार्यालयमा जाहेरी दर्ता गराए पनि यस वर्षको अन्त्यसम्म आरोपितहरू गिरफ्तार भएनन्। सरस्वतीको पहिले नै हत्या गरे पनि भदौ २३ जनकपुर नपा-१३ स्थित लास फेला परेको प्रहरी कार्यालयले जनायो। लासको जनकपुर अञ्चल अस्पतालमा भदौ २४ गते पोस्टमार्टम गराई पीडित परिवारलाई बुझाइयो। आरोपितहरूको खोजी कार्य भइरहेको प्रहरी कार्यालयले जनायो।

कुटपिट

बेंगाशिवपुर गाविस-८ की २४ वर्षीया पुनीतादेवी दासलाई पति २५ वर्षीय विजय दासले ०६९ साउन २५ गते राति हत्या गर्ने प्रयास गरेको पीडितले बताइन् । चारैतिरको ढोका बन्द गरी कुटपिट गरी हसिया र खुकुरीले टाउकोमा प्रहार गरी गम्भीर घाइते भएकी पुनीताको जनकपुरस्थित सीता नर्सिङ होममा उपचार भयो। घाइते सीताको टाउकोमा धारिलो हतियारले काटिएको अस्पताल श्रोतले जनायो। घटना भएको राति मै जनकपुर अञ्चल अस्पताल उपचारको लागि ल्याए पनि सोही राति थप उपचारको लागि भारतको सिलगढी रेफर गरेको थियो। आर्थिक स्थिति कमजोर रहेकोले त्यहाँ उपचारको लागि लाग्ने खर्च तिर्न नसकी पुनः जनकपुर फिर्ता भएको पीडित परिवारले जनायो। धारिलो हतियारले टाउकोमा काटेपछि पुनीतालाई स्थानीय बासिन्दाहरूले बचाएका थिए। गाउँलेहरूको सहयोगमा आफूलाई अस्पताल पुऱ्याएको पीडितले बताइन्। उनलाई आक्रमण गर्ने पति अहिले फरार छन्। पहिलेदेखि दुःख दिँदै आएकोले अन्तमा देवर हरि दासको योजनामा पतिले कुटपिट गरेको उनले आरोप लगाइन्। आफू माइत भएको बेला

घरमा भएको टिभी, क्यामरा, कम्प्युटर बेचेर हत्या गरी भाग्ने योजना रहेको पीडितले बताइन्। प्रहरी कार्यालयमा ०६९ साउन २७ गते जाहेरी दिए पनि यस वर्षको अन्त्य सम्म आरोपित गिरफ्तार भएनन्।

कथित बोक्सीको आरोपमा दुर्व्यवहार

हसपुर कठपुल्ला गाविस-२ की ५० वर्षीया गुलावदेवी दास,उनका पति ६० वर्षीय गुदर दास, छोरा २३ वर्षीय जीतन दास समेतलाई ०६९ असार १७ गते सोही गाविस-२ का ४५ वर्षीय शुभनारायण दास, उनका छोरा २४ वर्षीय विश्वनाथ दास, मल्हनीया-३ का ४५ मोहीलाल कापर र उनका छोरा २० वर्षीय रवीन्द्र कापरले बोक्सीको आरोपमा कुटपिट गरी गम्भीर घाइते बनाएको पीडित जीतन दासले बताए। उनीहरूको जनकपुरस्थित पब्लिक नर्सिङ् होममा उपचार भएको पीडित दासले बताए। नातिलाई बोक्सी लगाएर मारेको भन्दै शुभनारायण दासले छिमेकी गाउँका मोहीलाल र उनको छोरालाई उस्काएर कुटपिट गरी अस्पताल भर्ना गराएको पीडित पक्षको भनाइ थियो। गुदरको टाउकोमा लाठी प्रहार गरिएकोले टाउको काटिएको, जीतनको लाठी प्रहारले नीलडाम परेको तथा बोक्सीको आरोप खेपेकी गुलाबको छातीमा चोटपटक लागेको पीडित परिवारले जनायो। पीडितपक्षले ०६९ असार २४ गते जिल्ला प्रहरीमा जाहेरी दर्ता गराए पनि यस वर्षको अन्त्यसम्म आरोपित गिरफ्तार भएनन्। आरोपितको खोजी कार्य भइरहेको प्रहरी कार्यालयले जनायो।

प्रको महुवा-४ की ५० वर्षीया सुमित्रादेवी महतोलाई ०६९ जेठ ७ गते सोही गाविस-४ का ४० वर्षीय चन्देश्वर महतो, ३१ वर्षीय गणेश महतो र सोही गाविस-३ का ३५ वर्षीय सञ्जीव महतोले बोक्सीको आरोपमा गाली बेइज्जती तथा कुटपिट गरेको पीडितपक्षले बतायो। सुमित्राले गाउँमा बोक्सी लगाई हैरान पारेको भन्दै कुटपिट गरेको पीडितपक्षको भनाइ थियो। पीडित पक्षले जिल्ला प्रहरी कार्यालयमा जेठ १८ गते जाहेरी दर्ता गरायो। आरोपितहरूलाई प्रहरीले जेठ २२ गते गिरफ्तार गऱ्यो। जिल्ला अदालतको आदेशमा ०६९ असार ५ गते उनीहरू साधारण तारेखमा रिहा भए।

बहुविवाह

जनकपुर नपा-९ की ३३ वर्षीया अनामिका उप्रेतीका पति ४७ वर्षीय शिवशङ्कर चौधरीले ०६९ असार १५ गते धनुषाधाम-१ की २२ वर्षीया भोजकुमारी पोखरेलसँग दोश्रो विवाह गरेको पीडितले बताइन्। पीडितपक्षले जिल्ला प्रहरी कार्यालयमा ०६९ असार १५ गते बहुविवाह विरुद्ध जाहेरी दर्ता गराए पनि यस वर्षको अन्त्यसम्म पीडक गिरफ्तार भएनन्। प्रहरीकाअनुसार आरोपित फरार छन्। उनको खोजी कार्य भइरहेको प्रहरी कार्यालयले जनायो।

सोनिगामा गाविसकी २१ वर्षीया निर्मलाकुमारी देवी धानुकले आफू घरमा हुँदाहुँदै पनि उनका पति रामहृदय मण्डलले बहुविवाह गरेको भनी पतिविरुद्ध ०६८ फागुन २० गते जिल्ला प्रहरी कार्यालयमा जाहेरी दर्ता गराइन् २५ वर्षीय रामहृदय मण्डलले ०६८ माघ ५ गते सोनीगामा-६ की १७ वर्षीया रोशनीदेवी मण्डलसँग दोश्रो विवाह गरेको पीडितले बताइन्। आरोपित यस वर्षको अन्त्यसम्म गिरफ्तार भएनन्। उनीहरूको खोजी भइरहेको प्रहरी कार्यालयले जनायो।

रमदैया भवाडी-७ की ३५ वर्षीया अनीतादेवी यादवका पति ३८ वर्षीय सञ्जिवकुमार यादवले ०६८ माघ २० गते महोत्तरी जिल्लाको लक्ष्मीनिया गाविस-८ की १८ वर्षीया रीता यादवसँग दोश्रो विवाह गरेपछि पीडित अनीताले ०६८ फागुन १४ गते जिल्ला प्रहरीमा जाहेरी दर्ता गराइन्। यस वर्षको अन्त्यसम्म आरोपितहरू गिरफ्तार भएनन्। प्रहरीका अनुसार उनीहरू फरार छन्।

सखुवा महेन्द्रनगर गाविस-४ की २४ वर्षीया आसमी खातुनका पति २९ वर्षीय मो. अनजारुल हकले ०६८ माघ २९ गते भुतही पटेर्वा गाविस-७ की महरूल खातुनसँग दोश्रो विवाह गरेको पीडितले बताइन् । पति विदेश गएको बेला पाँच वर्षीया छोरीलाई मुटु रोग लागेपछि उपचारको लागि साहुबाट पीडितले ऋण लिई उचार गराएका थिए। पीडितका पति विदेशबाट घर आएपछि ऋण किन लिएको भन्दै आफूलाई यातना दिने गरेको र पछि बहुविवाह गरेको पीडितले बताइन्। पीडित आसामीले जिल्ला प्रहरी कार्यालयमा ०६८ फागुन ४ गते निवेदन दर्ता गराएपनि यस वर्षको अन्त्यसम्म आरोपित गिरफ्तार भएनन्। घटनाको आरोपितहरू फरार रहेको प्रहरी कार्यालयले जनायो।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार संरचना, सम्पत्ति क्षति

बृहत्तर मधेसी मोर्चाबाट

बृहतर मधेशी मोर्चाले आह्वान गरेको ०६९

जेठ ५ गतेदेखिको अनिश्चितकालीन जनकपुर बन्दको क्रममा ०६९ जेठ ११ गते राधे आयल मुजेलियाको पेट्रोल पम्प र तीन ओटा ट्याक्टर मोर्चाका कार्यकर्ताले तोडफोड गरे। मोर्चाको बन्दको प्रतिकारमा व्यापारीहरूले मोर्चाको तीनओटा मोटरसाइकल जलाए।

स्वास्थ्य सेवाको अवस्था

अस्पताल	१		
स्वास्थ्यचौकी	१७		
उपस्वास्थ्यचौकी	८०		
पद	**दरबन्दी**	**कार्यरत**	**रिक्त**
डाक्टर	५	२	३
स्टाफ नर्स	५	१	४
ल्याब असिस्टेन्ट	५	५	
अहेब	१२४	१२४	
अनमी	११२	९७	१५
खोप सुपरभाइजर	२	२	
क्षयरोग/कुष्ठरोग सुपरभाइजर	१	१	
हेल्थ असिस्टेन्ट	२२	१६	६
स्वास्थ्य कार्यकर्ता	१९०	१८२	८

जिल्ला प्रहरी कार्यालय

जिल्ला प्रहरी कार्यालयमा ०६८ पुस १७ गतेदेखि ०६९ पुस १६ गतेसम्म बलात्कार छ, घरेलुहिंसा ९४, कर्तव्यज्यान २२, ज्यानमार्ने उद्योग १२, आत्महत्या ६०, बहुविवाह छ, अपहरण दुई, अपहरण गर्ने धम्की एक, हातहतियार तथा खरखजनाका १७ ओटा मुद्दा दर्ता भए।

२.२ महोत्तरी



जिल्ला सदरमुकाम: जलेश्वर
क्षेत्रफल (वर्ग कि. मि.): १,००२
घरधुरी सङ्ख्या: १,११,३१६
जम्मा जनसङ्ख्या: ६,२७,५८०
पुरुष: ३,११,०१६
महिला: ३,१६,५६४
अपाङ्ग सङ्ख्या: १०,१६६
गाविस/नपा सङ्ख्या: ७६/१
पुरुष साक्षरता सङ्ख्या: १,६२,३५०
महिला साक्षरता सङ्ख्या: १,०५,७८२
हिन्दू धर्मावलम्बी प्रतिशत: ८४.२४
बौद्ध धर्मावलम्बी प्रतिशत: २.०२
इस्लाम धर्मावलम्बी प्रतिशत: १३.३४
किराँत धर्मावलम्बी प्रतिशत: ०.०१
क्रिश्चियन धर्मावलम्बी प्रतिशत: ०.१४
प्रकृति धर्मावलम्बी प्रतिशत: ०.०१
अन्य धर्मावलम्बी प्रतिशत: ०.२४२
प्रतिपरिवार सरदर सङ्ख्या: ५.६४

नागरिक तथा राजनीतिक अधिकार सम्मानितरूपले बाँच्ने अधिकार

हत्या

अज्ञात मूहबाट

सुन्दरपुर गाविस-१ का २७ वर्षीय सञ्जयकुमार साहलाई ०६९ वैशाख १० गते अज्ञात समूहले रघुनाथपुर गाविस-१ स्थित नेपाल र भारत सीमाको दशगजा क्षेत्रमा गोली हानी हत्या गऱ्यो। मृतका बुबाले ०६९ वैशाख १२ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए। प्रहरीले आवश्यक अनुसन्धानपछि फाइल अदालतमा बुझाए पनि यो

वर्षको अन्त्यसम्ममा पीडकलाई गिरफ्तार गर्न सकेको छैन।

गोली/विस्फोटक पदार्थद्वारा घाइते

अज्ञात समूहबाट

औरही गाविस-३ का ११ वर्षीया सुरजकला महरा, १२ वर्षीया रेनुकुमारी महरा, दश वर्षीया सुन्दरकुमारी महरा, १२ वर्षीया पूजाकुमारी महरा, १० वर्षीया सङ्गीता ताकुमारी महरा र अनीताकुमारी महरा ०६८ फागुन १४ गते सोही ठाउँका लालबाबु महराको खेतमा घाँस काटन जाँदा बेवारिसे बम विस्फोटन हुँदा घाइते भए। घाइतेहरूको होप अस्पताल बर्दीवासमा उपचार भएका थियो।

जेल र बन्दीहरू

'ख' श्रेणीको जिल्ला कारागारको बन्दी क्षमता १ सय ३५ जनाको रहेको छ। यस कारागारमा वर्षको अन्त्यसम्म कैद तोकिएका १ सय ३२ र कैद नतोकिएका २ सय ४९ कैदी र थुनुवा गरी जम्मा ३ सय ८१ जना बन्दीहरू रहेका छन्। जसमा महिला ३७ र पुरुष ३ सय ४४ जना रहेका छन्। यस बाहेक आश्रित बालक पाँच जना र बालिका तीन जना गरी जम्मा आठ जना रहेका छन्। पुरुष कारागारभित्र दशओटा शौचालयमध्ये नौ ओटा प्रयोगमा रहेका छन्। महिला कारागारभित्र दुईओटा शौचालय रहेकोमा एक मात्र प्रयोगमा रहेको एक भत्किएर प्रयोगविहीन भएको छ। त्यस्तै पुरुष कारागारमा छ ओटा चापाकल रहेकामा पाँचमात्र प्रयोगमा छन् र महिला कारागारमा एक चापाकल मात्र रहेको छ। कैदी सङ्ख्याको अनुपातमा शौचालय नहुँदा खासगरी हरेक बिहान शौचका लागि एक घण्टासम्म लाइनमा बस्नु बाध्य छ। पुरुषतर्फ पाँच ओटा टिभी र महिलातर्फ एकओटा थान टिभी रहेको छ। व्यक्तिगत रुपमा राखिएका रेडियो झण्डै सबैसँग रहेको कारागारका नाइके विकरु मिजारले बताए। जीर्ण अवस्थामा रहेको जलेश्वर कारागारको छतका लिउन उप्किएर झर्ने गरेकोले कैदीहरु त्रासमा रहेका छन्। क्षमताभन्दा तेब्बर कैदी भएकाले यस्तो जाडोको मौसममा पनि कैदीहरु छतमा पाल हालेर सुत्ने गरेका छन्।

बेपत्ता/अपहरण

राज्यबाट

जलेश्वर नपा-५ का २५ वर्षीय अजीतलाल कर्णलाई ०६९ वैशाख २४ गते प्रहरीले जनकपुरको रमानन्दचोकमा भएका विस्फोटको घटनामा संलग्न रहेको आरोपमा घरैबाट गिरफ्तार गरी बेपत्ता पाऱ्यो। पीडित परिवारले अजीतको स्थिति सार्वजनिक गर्न माग गर्दै सर्वोच्च अदालतमा जेठको पहिलो साता दिएको बन्दी प्रत्यक्षियकरणको प्रतिउत्तरमा प्रहरीले गिरफ्तार नै नगरेको जनाएपछि बेपत्ता पारिएको कुरा सार्वजनिक भयो। बीबीएसको पढाइ सकेर घर बस्दै आएका अजीतलाई वैशाख १८ गते जनकपुरको रामानन्द चोकमा भएको बम विस्फोटमा संलग्न रहेको आशङ्कामा प्रहरीको केन्द्रीय अनुसन्धान टोलीले गिरफ्तार गरेको थियो। सो अनुसन्धान टोलीका कमाण्डर डिएसपी भूपेन्द्र कार्कीसमेतले अजितलाई घरैबाट गिरफ्तार गरेको छिमेकीहरूले बताए। गिरफ्तार हुँदाका बखत पीडित अजीत बिरामी भएर घरमै सुतेको पीडित परिवारजनले बताए। अजीतलाई गिरफ्तार गर्ने प्रहरी टोलीले नै पुन: वैशाख २७ गते उनको घरमा गई विस्फोटक पदार्थ बरामद भएको मुचुल्का बनाएको छिमेकीहरूले बताए। उनीहरूका अनुसार प्रहरीको भ्यान घरमै आएर रोकिएकोले जिज्ञासा लागेर हेर्न गएका छिमेकीहरुलाई प्रहरीले छेउमा पनि जान नदिएको तर पछि मुचुल्कामा सही गर्न भने घरघरबाट बोलाएर लगेको छिमेकीले बताए। सोही दिनदेखि प्रहरीले सो घरका सबै कोठामा ताला लगाएकोमा राष्ट्रिय मानव अधिकार आयोग, क्षेत्रीय कार्यालय जनकपुरका प्रमुख बुद्धनारायाण साहनीको पहलमा जेठ २७ गते ताला खोलिएको थियो। यस वर्षको अन्त्यसम्म अजीतको अवस्था अज्ञात रहेको पीडित परिवारले जनायो ।

जनतान्त्रिक तराई मुक्ति मोर्चा (त्यागी समूह)बाट

सोनमा गाविस-६ का २२ वर्षीय राकेश साहलाई जनतान्त्रिक तराई मुक्ति मोर्चा (त्यागी) समूहले सोनमा गाविसकै गुलरिया टोलबाट ०६८ माघ १२ गते अपहरण गऱ्यो । पीडित साह २ लाख रुपियाँ फिरौती बुझाएर महोत्तरी जिल्लाकै ईटहर्वाकट्टी गाविस-४ भोल्हीबाट माघ १८ गते अपहरण मुक्त भए।

जनतान्त्रिक तराई मुक्ति मोर्चा (पृथ्वी) समूहबाट

बलावा गाविस-४ का २२ वर्षीय रोशनकुमार यादव र २३ वर्षीय महेशकुमार यादवलाई ०६८ माघ २७ गते जनकपुरबाट घर फर्कदै गर्दा भ्रमरपुरा गाविस-७ बाट जनतान्त्रिक तराई मुक्ति मोर्चा (पृथ्वी) समूहका कार्यकर्ताले अपहरण गरे । अपहरणमा परेका

घटनाको प्रकार	राज्यपक्षबाट			गैरराज्यपक्षबाट		
	महिला	पुरुष	जम्मा	महिला	पुरुष	जम्मा
घाइते				६		६
बेपत्ता		१	१			
बालअधिकार				७		७
अपहरण					६	६
महिलाअधिकार				४		४
भेला/सङ्गठित हुने अधिकार	१	३	४			
धम्की					१	१
हत्या				७	५	१२
जम्मा	१	४	५	३४	१२	३६

दुवै जना भारतको सीमावर्ती गाउँ बेलाथानास्थित कन्हमा गाउँबाट ०६८ फागुन १ गते मुक्त भए। पीडितले उजुरी दिएनन्।

सुगम र निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालत

०६८ साउनदेखि ०६९ असार मसान्तसम्म

तीन जनामात्र न्यायाधीश रहेको यस जिल्ला अदालतको फौजदारी मुद्दातर्फ ६ सय ७५ थानमध्ये २ सय ८८ थान फैसला भए भने ३ सय ८७ थान फैसला हुन बाँकी रहे। देवानी मुद्दातर्फ २ हजार ३ सय ३५ थान मध्ये १ हजार ३ सय १६ थानफैसला भए भने १ हजार ९१ थान फैसला हुन बाँकी रहे।

०६९ साउनदेखि पुस १५ सम्म

तीन जनामात्र न्यायाधीश रहेको यस जिल्ला अदालतको फौजदारी मुद्दातर्फ ५ सय ६ थानमध्ये १ सय १६ फैसला भए भने ३ सय ९० थान फैसला हुन बाँकी रहे। देवानी मुद्दातर्फ १ हजार ६ सय ७९ थानमध्ये ३ सय ७५ फैसला भए भने १ हजार ३ सय ४ थान फैसला हुन बाँकी रहे। दुई वर्ष नाघेका फौजदारी मुद्दा ४२ र देवानी मुद्दा ९६ थान रहे।

जिल्ला सरकारी वकिलको कार्यालय

जिल्ला सरकारी वकिलको कार्यालयबाट ०६८ साउनदेखि ०६९ असार मसान्तसम्म दायर मुद्दाको सङ्ख्या ५५ थानमध्ये ६ थान सफल भए भने चार थान असफल भए। दुई वर्ष नाघेको मुद्दा सङ्ख्या २३ रहे। सरकारी वकिल सङ्ख्या दुई रहेको यस जिल्ला कार्यालयबाट दायर मुद्दामध्ये ०६९ असार मसान्तसम्म ७८ मुद्दा बाँकी रहेको सरकारी वकिलको कार्यालयले जनायो।

दायर मुद्दामध्ये कर्तव्य ज्यानसम्बन्धी २९ थान मुद्दा परेको छ। जबरजस्तीकरणी मुद्दा १० मध्ये तीन थान सफल र एक थान असफल रहयो। जबरजस्तीकरणी मुद्दा दुई थान मध्ये एक थान सफल रहयो। अपहरण मुद्दा १० थानमध्ये एक थान सफल र दुई थान असफल भए।

यस सरकारी वकिलको कार्यालय चोरी, रहजनी, सवारी ज्यानलगायतका गरी ०६९ पुस १५ गते सम्ममा अदालत तर्फ जम्मा १ सय १९ र केही सार्वजनिक अपराधलगायतका जिल्ला प्रशासन कार्यालय तर्फ जम्मा ८९ र वन, खाद्य, मालपोत कार्यालय तर्फ ६९ र निषेधाज्ञा र परमादेश आदि दुई मुद्दा फैसला हुन बाँकी रहयो। यसरी सरकारी वकिलको कार्यालयले विभिन्न न्यायिक तथा अर्धन्यायिक निकायमा दायर गरेका २ सय ८९ मुद्दा फैसला हुन बाँकी रहे।

बालअधिकार

शिक्षाको अवस्था

यस जिल्लाका विद्यालय जाने उमेरका १ लाख ६० हजार ११ मध्ये छात्र ८० हजार १ सय ९७ र छात्रा ७९ हजार ८ सय १४ प्राथमिक तहदेखि माबि तहसम्म भर्ना भए। यसमध्ये दलित छात्रा २५ हजार ६ सय २१ र छात्र २५ हजार ८ सय ५२ रहेका छन्। सरकारी र सामुदायिक विद्यालय गरी प्राबि तहमा महिला ५ सय १३ र पुरुष १ हजार ४ सय ९५ गरी जम्मा २ हजार ८ शिक्षक कार्यरत रहेका छन्। निमाबि तहमा तहमा महिला २६ र पुरुष २ सय ६० गरी जम्मा २ सय ८६ शिक्षक कार्यरत रहेका छन्। यसैगरी माबि तहमा महिला १० र पुरुष २ सय ६५ गरी जम्मा २ सय ७५ शिक्षक रहेका छन्।

बालविकास केन्द्रमा बालक ६ हजार ४ सय ४० र बालिका ६ हजार ४ गरी जम्मा १२ हजार ४ सय ४० रहेका छन् जसमध्ये दलित बालक २ हजार ५ र बालिका १ सय ९ सय १३ छन्। यस जिल्ला शिक्षा कार्यालयले शिक्षासम्बन्धी सबै तथ्याङ्क अद्यावधिक गरिएको पाइएन।

महोत्तरी जिल्लाको जिल्ला शिक्षा कार्यालय अत्यन्त अव्यवस्थित रहेको शैक्षिक तथ्याङ्कको अभिलेख राख्न चासो नै नराखेको पाइयो। सो कार्यालयका अधिकृत बरुण चौधरीका अनुसार कक्षा १ देखि १० सम्म विद्यालय भर्ना भएका छात्रछात्रा जम्मा १ लाख ६ हजार ५ सय ४८ र विद्यालय बाहिर रहेका छात्रछात्रा जम्मा ४३ हजार ८ सय रहेका छन्।

बलात्कार, बलात्कार प्रयास तथा यौन दुर्व्यवहार

एक १२ वर्षीया बालिकालाई ०६८ पुस ३० गते सहोडवा गाविस-१ का ३५ वर्षीय जामुन मण्डलले पीडितकै घरमा बलात्कार गरेको आरोपमा मण्डललाई सोही दिन प्रहरीले गिरफ्तार गऱ्यो। जिल्ला आदालतको ०६८ माघ २३ गतेको आदेशले आरोपित पुर्पक्षका लागि जलेश्वर कारागारमा थुनामा छन्।

एक १० वर्षीया बालिकालाई ०६८ माघ २२ गते गौरीवास गाविस-१ का ३० वर्षीय हिरा परियारले आफ्नै घरमा बलात्कार गरेको आरोपमा पीडितले सोही दिन इलाका प्रहरी कार्यालयमा उजुरी गरिन्। आरोपितलाई ०६८ माघ २२ गते प्रहरीले गिरफ्तार गरी मुद्दा चलाएकोमा जिल्ला अदालतको ०६८ फागुन ४ गतेको आदेशअनुसार पुपर्क्षको लागि कारागार चलान गरिएको छ।

एक आठ वर्षीया बालिकालाई ०६९ जेठ १२ र १३ गते बर्दिवास गाविस-३ का १८ वर्षीय दीपक विक र २० वर्षीय गणेशबहादुर खड्काले आ-आफ्नै घरमा बोलाएर बलात्कार गरे। पीडितको बर्दिवास अस्पतालमा स्वास्थय परिक्षण गरी पीडित परिवारले जेठ २० गते इलाका प्रहरी कार्यालय, बर्दीवासमा उजुर दिए। प्रहरीले आरोपितमध्ये विकलाई जेठ १४ गते गिरफ्तार गरी जबरजस्तीकरणी सम्बन्धी मुद्दा चलाएकोमा जिल्ला अदालतको ०६९ जेठ २७ गतेको आदेशअनुसार आरोपित दीपक जलेश्वरस्थित कारागारमा थुनामा छन् भने अर्का आरोपित खड्का हालसम्म फरार रहेको प्रहरीले जनायो।

एक १३ वर्षीया बालिकालाई ०६९ भदौ २ गते हाथिलेट गाविस-२ २१ वर्षीय जीवन विकले घरैमा बलात्कार गरेको आरोपमा घटना भएको १२ दिनपछि उजुरी लिएर आएकाले प्रमाण जुटाउन गाह्रो भएपनि पीडितलाई बर्दीवास अस्पतालमा स्वास्थ्य जाँच गराई मुद्दा दर्ता गरिएको इलाका प्रहरी कार्यालय बर्दिवासले जनायो। आरोपितको नाममा वारेन्ट जारी भएको तर फरार भएकाले गिरफ्तार गर्न नसकिएको प्रहरीले बतायो। यो वर्षको अन्त्यसम्ममा आरोपित गिरफ्तार भएका छैनन् भने मुद्दा जिल्ला प्रहरी कार्यालयमै अनुसन्धानकै क्रममा रहेको छ।

एक १३ वर्षीया बालिकालाई ०६९ भदौ २२ गते खेतमा घाँस काट्दै गर्दा गैढाभेटपुर गाविस-५का २१ वर्षीय राजीकुमार यादवले बलात्कार प्रयास गरेको आरोपमा दलित अधिकारवादी कार्यकर्ताको सहयोगमा ०६९ असोज १८ गते प्रहरीमा उजुरी दिएको पीडितका बाबुले बताए। आरोपित फरार भएकाले गिरफ्तार गर्न नसकिएको जिल्ला प्रहरी कार्यालयका इन्स्पेक्टर सुरज खडकाले बताए। यसु वर्षको अन्त्यसम्ममा आरोपित गिरफ्तार भएका छैनन्।

महिला बिरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार
बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

एक १८ वर्षीया महिलालाई ०६९ असार २९ गते खुट्टापिपराढी गाविस-५ की २६ वर्षीय हसरत राइन, २४ वर्षीय दिलमहम्मद राइन, २५ वर्षीय दाउद राइन र २२ वर्षीय कलामुद्दीन राइनले बलात्कार गरेको आरोपमा पीडितले ०६९ साउन १५ गते बलात्कार उद्योगको निवेदन जिल्ला प्रहरी कार्यालयमा दिए। आरोपितहरू फरार भएकोले गिरफ्तार गर्न नसकिएको र फाइल जिल्ला अदालतमा बुझाई सकिएको प्रहरीले जनायो।

बहुविवाह

गौशाला गाविस-२ की २२ वर्षीया सरीता श्रेष्ठका पति ३२ वर्षीय शिवराज भनिने सुशील श्रेष्ठले ०६९ वैशाख ३१ गते रामनगर गाविस-३ की ३४ वर्षीया लोककुमारी मगरसँग बहुविवाह गरे। पीडित सरीताले साउन १४ गते इलाका प्रहरी कार्यालय गौशालामा उजुरी दिइन्। मुद्दा दर्ता गरिए पनि आरोपित दुवै जना फरार भएको प्रहरीले जनाएको छ भने मुद्दा जिल्ला अदालत महोत्तरीमा विचाराधीन रहेको छ।

माइस्थान गाविस-८ की २७ वर्षीया मनमाया आलेका पति ३२ वर्षीय विष्णुबहादुर आलेले ०६९ असार १ गते सोही ठाउँ की ४० वर्षीया देवीमाया आलेसँग बहुविवाह गरे। पीडितले साउन १६ गते इलाका प्रहरी कार्यालय बर्दिवासमा दिएको जाहेरीले अनुसन्धान अघि बढाइए पनि आरोपित दुवै जना फरार भएकाले गिरफ्तार गर्न नसकिएको प्रहरीले जनायो।

सबै प्रकारका जातीय विभेद

हत्या

धमौरा गाविस-३ की १६ वर्षीया पिङ्कीकुमारी मण्डललाई अर्को जातको केटासँग प्रेम गरेको आरोपमा ०६९ जेठ २२ गते सोही ठाउँका उनका काका ३७ वर्षीय रामवीर मण्डल, ३४ वर्षीय शिवजी मण्डल, ३२ वर्षीय रामदिनेश साह र ४१ वर्षीय रामबृक्ष ठाकुरले घाँटी थिचेर हत्या गरी कसैलाई थाहा नदिई जलाएको आरोपमा भदौ २७ गते प्रहरीमा उजुरी परेको भए पनि आरोपितहरु फरार भएको र पोस्टमार्टम रिपोर्ट समेत नभएकाले कानुनी प्रक्रिया अघि बढाउन गाह्रो भएको प्रहरीले जनायो। आरोपितध्येका रामवीर मण्डललाई ०६९ असोज २ गते प्रहरीले गिरफ्तार गऱ्यो। जिल्ला अदालतको असोज २६ गतेको आदेशले ५ हजार रुपियाँ धरौटी राखेर आरोपित मण्डल तारेखमा रिहा भए।

स्वास्थ्य सेवाको अवस्था

अस्पताल	२		
स्वास्थ्यचौकी	१०		
उपस्वास्थ्यचौकी	६२		
पद	**दरबन्दी**	**कार्यरत**	**रिक्त**
डाक्टर	९	४	५
स्टाफ नर्स	१३	८	५
ल्याब असिस्टेन्ट	६	६	
अहेब	८६	८६	
अनमी	२१	१७	४
खोप सुपरभाइजर	१	१	
क्षयरोग/कुष्ठरोग सुपरभाइजर	१	१	
हेल्थ असिस्टेन्ट	१७	१२	५

जिल्ला प्रहरी कार्यालय

जिल्ला प्रहरी कार्यालयमा ०६८ पुस १७ गतेदेखि ०६९ पुस १६ गतेसम्म बलात्कार छ, बलात्कार प्रयास चार, बहुविवाह दुई, कर्तव्यज्यान छ, आत्महत्या ३८, हातहतियार तथा खरखजाना आठ, कुटपिट अङ्गभङ्गका दुई ओटा मुद्दा दर्ता भए।

२.३ सर्लाही



जिल्ला सदरमुकाम: मलङ्गवा
क्षेत्रफल (वर्ग कि. मि.): १,२५५
घरधुरी सङ्ख्या: १,३२,८४४
जम्मा जनसङ्ख्या: ७,६५,७२५
पुरुष: ३,८५,७५६
महिला: ३,७५,९७३
अपाङ्ग सङ्ख्या: ५,५८५
गाविस/नपा सङ्ख्या: ५५/१
पुरुष साक्षरता सङ्ख्या: २,०२,३११
महिला साक्षरता सङ्ख्या: १,३३,०७०
हिन्दू धर्मावलम्बी प्रतिशत: ८५.५६
बौद्ध धर्मावलम्बी प्रतिशत: ५.७२
इस्लाम धर्मावलम्बी प्रतिशत: ७.८८
किराँत धर्मावलम्बी प्रतिशत: ०.०४
क्रिश्चियन धर्मावलम्बी प्रतिशत: ०.२३
प्रकृति धर्मावलम्बी प्रतिशत: ०.२५
अन्य धर्मावलम्बी प्रतिशत: ०.३०७
प्रतिपरिवार सरदर सङ्ख्या: ५.७५

नागरिक तथा राजनीतिक अधिकार

सम्मानित रूपले बाँच्ने अधिकार

हत्या

राज्यबाट

लक्ष्मीपुरकोद्राहा गाविस-४ का ५० वर्षीय ईजहार पमरियाको ०६९ भदौ २४ गते दिउँसो अवरुद्ध विद्युत आपूर्तिको माग गर्दै यातायात अवरुद्ध गरेर मलङ्गवा नवलपुर सडकखण्डको लक्ष्मीपुर चोकमा विरोधमा उत्रिएको अवस्थामा सशस्त्र प्रहरीले अन्धाधुन्ध लाठी, बुट र बन्दुकको कुञ्जाले प्रहार गर्दा घटनास्थलमै मृत्यु भयो। झण्डै दुई महिनादेखि अन्धकारमा परेका लक्ष्मीपुर कोद्राहका बासिन्दाका

लागि मर्मत गरेर लालबन्दीबाट लगिदै गरेको विद्युत ट्रान्सफर्मर हरिपुरका बासिन्दाले नै राखेपछि लक्ष्मीपुर कोद्राहाका बासिन्दाले सडक अवरूद्ध गरी विरोध प्रर्दशन गर्न थालेका थिए। नवलपुरबाट मलङ्गवातर्फ ट्रकमा जाँदै गरेको सशस्त्र प्रहरीको एक समूहले बन्द खुलाउन बल प्रयोग गर्ने क्रममा उक्त घटना भएको थियो। घटनापछि आक्रोशित गाउँलेले कैदी लिएर मलङ्गवातर्फ जाँदै गरेको बरहथवास्थित इलाका प्रहरी कार्यालयको वा १ झ ७४४५ नम्बरको भ्यान आगो लगाई ध्वस्त पारेका थिए। स्थिति नियन्त्रणमा लिन प्रहरीले २५ राउण्ड भन्दा बढी हवाइफायर र केही राउण्ड अश्रुग्याँस प्रहार गरेको थियो। प्रहरीको कुटपिटबाट स्थानीय एमाले नेता ४८ वर्षीय जमरुद्दीन मन्सुर, राजेन्द्र महतो कोइरी, कैलाश महतो, मनोज राम, भोला मन्सुर र सम्सुल मन्सुर घाइते भएका थिए। घाइतेहरूको स्थानीय हरिपुर स्वास्थ्य चौकीमा उपचार भएको थियो।

मृतकको पमरियाको लास गाउँलेले सडकमा राखी अवरोध गरेपछि स्थानीय प्रशासन र मृतकका आफन्त तथा गाउँलेहरूको सहमतिमा मृतकलाई शहीद घोषणा गर्न तथा क्षतिपूर्ति वापत १० लाख रुपियाँ उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिश गर्ने, मृतकका छोराछोरीलाई निःशुल्क शिक्षाको व्यवस्था गर्ने, झडपमा घाइते भएकाहरूको उपचार खर्च सरकारले दिने, दोषी देखिएका इलाका प्रहरी कार्यालय हरिपुरका इन्स्पेक्टर वैद्यनाथ यादव तथा कुटपिट घटनामा संलग्न सशस्त्र सई प्रमोद सिंहलाई कारबाही गर्ने र स्थानीय प्रशासनले किरिया खर्चबापत पीडित परिवारलाई २५ हजार रुपियाँ उपलब्ध गराउने सहमति भएपछि घटना साम्य भएको थियो। स्थानीय प्रशासनले किरिया खर्च २५ हजार रुपियाँ उपलब्ध गराए पनि सहमति भएअनुसारको १० लाख रुपियाँ हालसम्म उपलब्ध नगराएको पीडित पक्षले जनायो।

गोली/विस्फोटक पदार्थद्वारा घाइते

अज्ञात समूहबाट

ईश्वरपुर गाविस-४ निवासी व्यापारी ३० वर्षीय सुरेश गुप्तालाई ०६९ पुस ३ गते विहान महोत्तरीको गौशालाबाट मोटरसाइकलमा घरतर्फ आउँदै गर्दा गौरीशङ्कर गाविस-५ स्थित अम्वेखोलामा अज्ञात समूहले गोली हानी गम्भीर घाइते बनायो। उनको बायाँ गोडाको घुडामुनी गोली लागेको थियो। गम्भीर घाइते भएका गुप्तालाई तत्काल उपचारका लागि जनकपुर लगिएकोमा उनको थप उपचार बीएण्डबी अस्पताल ललितपुरमा भइरहेको पीडित परिवारले जनायो।

बेवारिसे विस्फोटक पदार्थबाट

हेमपुर गाविस-१ का १४ वर्षीय सञ्जीव राय ०६८ पुस १८ गते साँझ बरहथवा गाविस-४ स्थित माछा बजारमा बेवारिसे अवस्थामा झोलामा रहेको प्रेसर कुकर बम विस्फोट हुँदा घाइते भए। तरकारी किन्न बजार गएका रायले नाइलनको झोला देखेर चलाउन खोज्दा झोलाभित्र कालो प्लास्टिकमा रहेको प्रेसर कुकर बम विस्फोट भएको थियो। उनको हात, गोडा र अनुहारमा छर्रा लागेको थियो। घाइतेको स्थानीय बरहथवा स्वास्थ्य चौकीमा उपचार भयो। घटनास्थलमा प्रहरीले नेपाल डिफेन्स आर्मीको पर्चा भेटिएको बतायो।

आफ्नै विस्फोटक पदार्थबाट

गडहिया गाविस-१ विर्ताटोलका २२ वर्षीय रामविराज यादव ०६९ असार १९गते आफैंले बोकेको बम विस्फोट हुँदा गम्भीर घाइते भए। विस्फोटनबाट यादवको बायाँ खुट्टमा गम्भीर चोट लागेको थियो। घाइते यादवको मलङ्गवास्थित जिल्ला अस्पतालमा प्राथमिक उपचार गरी थप उपचारका लागि ०६९ असार २० गते काठमाडौँ लगिएको थियो। यादवले आफ्नो घर गडहीयाबाट सदरमुकाम मलङ्गवातर्फ साइकलमा बोकेर लग्दै गरेको बम मुसैली गाविस-२ मा पुग्दा विहान ८:३० बजे विस्फोट भएको थियो। प्रहरीकाअनुसार साइकलमा आफैंले बोकेको प्रेसर कुकर बम पड्किएर यादव गम्भीर घाइते भएका थिए। रौतहट जिल्ला माधोपुर निवासी ललन यादव भने फरार भएको घाइते यादवले प्रहरीसमक्ष बयान दिएका थिए।

सशस्त्र प्रहरीको कुटपिटबाट मृत्यु भएका इजहार कमरिया

घटनाको प्रकार	राज्यपक्षबाट		गैरराज्यबाट		
	पुरुष	जम्मा	महिला	पुरुष	जम्मा
घाइते			१	९	१०
बालअधिकार			११		११
अपहरण				५	५
महिलाअधिकार			१०		१०
जातीय विभेद			१		१
कुटपिट				४	४
हत्या	१	१	२	२	४
जम्मा	१	१	३५	३०	४५

रामविराजलाई हातहतियार सम्बन्धी मुद्दामा कारबाही अघि बढाइएको प्रहरीले जनायो।

जेल र बन्दीहरू

'ग' श्रेणीको जिल्ला कारागारको बन्दी क्षमता १ सय जनाको रहेको छ। यस वर्षको अन्त्यसम्म कैद तोकिएका ६२ र कैद नतोकिएका १ सय ५ कैदी र थुनुवा गरी जम्मा १ सय ६७ जना बन्दी रहेका छन्। जसमा बालबालिका र महिला छैनन। यस जिल्ला कारागारको नयाँ भवन ०६८ साल फागुनमा पूरा भई कार्यालयको कामकारबाही सोही भवनमा सञ्चालन भइरहेको छ। १९९७ सालमा बनेको कारागारमा पानी ,शौचालय, विद्युत, पत्रपत्रिका, रेडियो, टिभि,खेलकुद सामग्री र लुगा सिउने मेसिनको व्यवस्था रहेको छ। ०६२ चैत्र २३ गते माओवादीले आक्रमण गरी ध्वस्त बनाएको कारागारको महिलातर्फको भवनको थप निर्माण कार्य भइरहेको छ। नयाँ भवन शान्ति तथा पुर्ननिर्माण मन्त्रालयको सहयोगमा बनिरहेको जेलर अनिल आचार्यले बताए।

धम्की/कुटपिट

एकीकृत माओवादीबाट

जानकीनगर गाविस-३ का एमाले कार्यकर्ता ३४ वर्षीय विक्रम महतोलाई ०६९ भदौ १४ गते राति एकीकृत माओवादीका जिल्ला कमिटीका सहइञ्चार्ज ४० वर्षीय केदार खत्रीले राजनीतिक प्रतिशोधका कारण सोही घरमा सुतिरहेको अवस्थामा घरबाट सडकमा ल्याएर कुटपिट गरे। खत्रीलाई प्रहरीले तत्काल गाडीमा राखी इलाका प्रहरी कार्यालय बरहथवामा लगेकोमा भोलिपल्ट खत्रीले लिखितरूपमा माफी मागी आइन्दा त्यस्ता घटना नदोहोऱ्याउने प्रतिबद्धता जाहेर गरेपछि घटना साम्य भएको थियो।

कथित बोक्सीको आरोपमा कुटिएकी लोचनीदेवी महतो

सुगम र निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालत

०६८ साउनदेखि ०६९ असार मसान्तसम्म

तीन जनामात्र न्यायाधीश रहेको यस जिल्ला अदालतको फौजदारी मुद्दातर्फ ९ सय १२ थानमध्ये ४ सय ४८ थान फैसला भए भने ४ सय ६४ थान फैसला हुन बाँकी रहे। देवानी मुद्दातर्फ २ हजार २ सय १९ थान मध्ये १ हजार १ सय १ थान फैसला भए भने १ हजार १ सय १८ थान फैसला हुन बाँकी रहे।

०६९ साउनदेखि पुस १५ सम्म

तीन जनामात्र न्यायाधीश रहेको यस जिल्ला अदालतको फौजदारी मुद्दातर्फ २ सय ५९ थानमध्ये ४८ फैसला भए भने २ सय ३१ थान फैसला हुन बाँकी रहे। देवानी मुद्दातर्फ ५ सय ३१ थानमध्ये १ सय १४ फैसला भए भने ४ सय १७ फैसला हुन बाँकी रहे। दुई वर्ष नाघेका फौजदारी मुद्दा २३ र देवानी मुद्दा ७० थान रहे।

जिल्ला सरकारी वकिलको कार्यालयबाट ०६८ साउनदेखि ०६९ असार मसान्तसम्म दायर मुद्दाको सङ्ख्या २ सय १७ थान मध्ये ३६ थान सफल भए भने १ सय ८१ थान असफल भएको छ। मुलतवी, तामेली पेण्डिङमा रहेका मुद्दाको सङ्ख्या २६ थान रहेको छ। सरकारी वकिल सङ्ख्या एक रहेको यस जिल्ला कार्यालयबाट दायर मुद्दामध्ये ०६९ असार मसान्तसम्म १ सय १७ थान मुद्दा बाँकी रहेको सरकारी वकिलको कार्यालयले जनायो।

दायर मुद्दामध्ये कर्तव्य ज्यानसम्बन्धी मुद्दा छ थान मध्ये छ थान असफल रह्यो। बलात्कारसम्बन्धी पाँच थान मुद्दा पाँचै थान असफल भए। महिला बेचविखन सम्बन्धी मुद्दा एक थानमध्ये एक थान असफल भयो। अपहरणसम्बन्धी मुद्दा पाँच थानमध्ये पाँचै थान असफल भयो। बहुविवाहसम्बन्धी मुद्दा पाँच थानमध्ये पाँचै थान असफल रहे।

जिल्ला सरकारी वकिलको कार्यालयबाट ०६९ साउनदेखि ०६९ पुससम्म दायर मुद्दाको सङ्ख्या ८० थान छन्। सरकारी वकिल सङ्ख्या एकथान रहेको यस जिल्ला कार्यालयबाट दायर मुद्दामध्ये ०६९ असार मसान्तसम्म ८० थान मुद्दा बाँकी रहेको सरकारी वकिलको कार्यालयले जनायो।

बालअधिकार

शिक्षाको अवस्था

यस जिल्लाका विद्यालय जाने उमेरका २ लाख ६ हजार ९ सय ९६ मध्ये छात्र १ लाख ७ हजार ५ सय २७ र छात्रा ९९ हजार ४ सय ६९ प्राथमिक तहदेखि माबि तहसम्म भर्ना भए। यसमध्ये दलित छात्रा १८ हजार ३ सय ९४ र छात्र १७ हजार ५ सय ९२ रहेका छन्। सरकारी र सामुदायिक विद्यालय गरी प्राबि तहमा महिला २ सय ३६ र पुरुष ९ सय ५९ गरी जम्मा १२ सय २१ शिक्षक कार्यरत रहेका छन्। निमाबि तहमा तहमा महिला १० र पुरुष २ सय ७७ गरी जम्मा २ सय ८७ शिक्षक कार्यरत रहेका छन्। यसैगरी माबि तहमा महिला २ र पुरुष १ सय ७२ गरी जम्मा १ सय ७४ शिक्षक रहेका छन्।

४ सय ४६ ओटा बालविकास केन्द्रमा बालक ३० हजार २ सय ४० र बालिका २७ हजार ७ सय ८० गरी जम्मा ५८ हजार २० रहेका छन्।

बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

एक १३ वर्षीया किशोरीलाई प्रेमको नाटक गरी जबरजस्ती बलात्कार गरेको आरोपमा मलङ्गवा नपा-४ का २४ वर्षीय पञ्कज झालाई ०६९ कात्तिक २५ गते प्रहरीले गिरफ्तार गऱ्यो । झालाई ०६९ कात्तिक २६ गते जिल्ला अदालतबाट सात दिनको म्याद थप गरी कानुनी कारबाही अघि बढाइएको जिल्ला प्रहरी कार्यालयले जनायो। ती किशोरीलाई प्रेमको नाटक गरी भगाउन लागेका बेला ०६९ कार्तिक २६ गते प्रहरीले दुवै जनालाई गिरफ्तार गरेको थियो। १४ वर्षसम्मका किशोरीलाई उनीहरुको मञ्जुरीमै करणी गरे पनि कानूनी रूपमा जबरजस्तीकरणी गरेको ठहर्ने भएकाले झालाई गिरफ्तार गरिएको एसपी रामप्रसाद श्रेष्ठले बताए। जिल्ला अदालतको ०६९ मङ्सिर २१ गतेको आदेशले झा पुर्पक्षका लागि कारागार चलान भए।

एक १५ वर्षीया किशोरीलाई ०६९ मङ्सिर १९ गते राति घाँस काटेर फर्कदै गरेको समयमा सङ्ग्रामपुर गाविस-९ का १९ वर्षीय सचिन्द्र यादव र १८ वर्षीय सुबोध मण्डलले बलात्कार गरेको आरोपमा प्रहरीले ०६९ मङ्सिर २० गते दुवै जना आरोपितलाई गिरफ्तार गऱ्यो। आरोपित दुवै जनालाई म्याद थप गरी अनुसन्धान गरिरहेको र पीडित किशोरीको जिल्ला अस्पतालमा स्वास्थ्य परीक्षण गरिएको जिल्ला प्रहरी कार्यालयले जनायो।

एक १३ वर्षीया बालिकालाई मलङ्गवा नपा-१ भेडियाहीका १९ वर्षीय गौतमकुमार यादवले विवाह गर्छु भनी ललाईफकाई ०६९ वैशाखदेखि पटकपटक यौनसम्पर्क गरेको आरोपमा पीडितका बुबाले ०६९ भदौ २६ गते गौतमकुमारको नाममा जिल्ल्ला प्रहरी कार्यालयमा किटानी जाहेरी दिए। घटनाको अनुसन्धान गर्ने क्रममा पीडितको १७ हप्ताको गर्भ भएको कुरा जिल्ला अस्पतालका डाक्टरले प्रतिवेदन दिएपछि ०६९ भदौ २७ गते एसपी रामप्रसाद श्रेष्ठले पीडित बालिका र उनकी आमासहितलाई महिला तथा बालबालिका कार्यालयको सहयोगमा १५ हजार रुपियाँ व्यवस्था गरी प्रसुती गृह थापाथली काठमाडौँमा उपचार भयो।

विद्यालय बन्द

बालगोविन्द जनता उच्चमाबि पिपरियामा ०६९ असोज २० गते विद्यालय व्यवस्थापन समितिको निर्वाचनमा भएको झडपमा करिब २० जना घाइते भए। चुनाव भई मत गणना गर्ने क्रममा अध्यक्ष पदका उम्मेदवार विनोद साह र दीपेन्द्र सिंह पक्षकाबीच सदर र वदर मतपत्रको विवाद उत्पन्न भएपछि स्थिति तनावपूर्ण भएको थियो। स्थितिलाई नियन्त्रणमा लिन प्रहरीले लाठी चार्ज गर्दा पाँच जना प्रहरी र १८ जना सर्वसाधारण घाइते भएका थिए। विवादपछि प्रहरीले हस्तक्षेप गरी मत पेटिकालाई नियन्त्रणमा लिएको थियो। विद्यालयको कोठाभित्र चुकुल लगाएर बसेका शिक्षकमाथि मतपेटिका प्रहरीलाई बुझाएको भन्दै स्थानीयले ढोका फोरेर कुटपिट गरेका थिए। कुटपिटका क्रममा प्रहरीको लाठीबाट स्थानीय महेन्द्र राय , सुरेन्द्र राय , जोगिन्द्र राय, गणेश झा, महेन्द्र ठाकुर, महन्थ राय, मुकेश पण्डितलगायत १८ जना घाइते भएका थिए। स्थानीयको कुटपिटबाट तीनजना शिक्षक मुसैली गाविस-५ का ४५ वर्षीय राजदेव राय, कविलासी-९ का ४२ वर्षीय विष्णुनारायण झा र लक्ष्मीपुर सुकचैनाका ४२ वर्षीय सञ्जय साह घाइते भएका थिए। साथै झडपका क्रममा विद्यालयका लाखौँ रुपियाँ बराबरको

भौतिक सामग्री क्षति भएको थियो। घाइते शिक्षकहरुले जिल्ला प्रहरी कार्यालयमा कुटपिट गर्ने व्यक्तिहरुको नाममा किटानी जाहेरी दिएका थिए। विद्यालय छ दिनसम्म बन्द भई पठनपाठन ठप्प भयो।

महिला बिरुद्ध हुने सबै प्रकारको भेदभाव, दुर्व्यवहार

बलात्कारपछि हत्या

हरिवन गाविस-७ की २७ वर्षीया सुनीता पासवान चौधरीको ०६९ साउन १५ गते केही युवाहरूले बलात्कार गरी हत्या गरे। साउन १५ गते घरबाट हराएकी पीडितको लास साउन १९ गते घुर्कौली गाविस-५स्थित उखुबारीमा अनुहारमा तेजाब हालेको अवस्थामा फेला परेको थियो। पीडितलाई बलात्कार गरी हत्या गरेको आशङ्कामा इलाका प्रहरी कार्यालय हरिवनले घुर्कौली र हरिवन गाविसका केही युवाहरूलाई मृतकको मोबाइलमा रहेको नम्बहरूको आधारमा नियन्त्रणमा लिई सोधपुछ गरेको थियो। घटनामा संलग्न भएको आरोपमा हरिवन गाविस-६ का ३५ वर्षीय केशव गोले र घुर्कौली गाविस-७ का १९ वर्षीय उमेश साहलाई ०६९ भदौ २ गते प्रहरीले गिरफतार गरेकोमा जिल्ला अदालतको ०६९ भदौ २८ गते आदेशले गोलेलाई ५ हजार रुपियाँ धरौटीमा तारेखमा रिहा गर्‍यो भने साह पुपर्क्षका लागि जिल्ला कारागारमा छन्। पीडितका पति बाबुलाल पासवानले ०६९ साउन २० गते आरोपित विरुद्ध किटानी जाहेरी दिएका थिए।

बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

एक ३० वर्षीया एक महिलालाई ०६९ भदौ १४ गते उखुबारीमा घाँस काट्दै गर्दा पर्सा गाविस-९ का ३५ वर्षीय विनोदकुमार यादवले बलात्कार गरेको आरोपमा पीडितले ०६९ भदौ १८ गते जिल्ला प्रहरी कार्यालयमा यादवको नाउँमा किटानी जाहेरी दिइन्। आरोपित यादवलाई ०६९ भदौ २१ गते प्रहरीले गिरफतार गरेकोमा जिल्ला अदालतको ०६९ भदौ २४ गतेको आदेशले जिल्ला कारागार कार्यालय चलान भए।

बोक्सीको आरोपमा दुर्व्यवहार

घुर्कौली गाविस-७ की ४५ वर्षीया लोचनीदेवी महतोलाई ०६८ फागुन ४ गते दिउँसो कथित बोक्सीको आरोपमासोही ठाउँका ६० वर्षीया राजवती देवी, उनका छोरा १७ वर्षीय छोरा राजदेवी भण्डारी माली, विल्टीदेवी महतो, रामनारायण महतो, रामअशिषलाल महतो, शिवकुमार महतो, चन्द्रकलादेवी महतो, हीरादेवी महतो, शिवकुमारी देवी महतो र पुनीतदेवी महतोको समूहले कुटपिट गरी अभक्ष कोचाए। घटनमा संलग्न राजवती देवी र प्रकाश महतोलाई फागुन ५ गते प्रहरीले गिरफतार गर्‍यो। गत कात्तिकमा टाइफाइड भएर मृत्यु भएका कपिलेश्वरका दश वर्षीय भतिजालाई टुनामुना गरेर मारेको आरोप लगाउँदै आफूलाई दुर्व्यवहार गरिएको पीडित लोचनीदेवीले बताइन्। घरमा एक्लै बसिरहेका बेला लछारपछार गर्दै कपिलेश्वरको बारीमा लगेर बाल्टिनमा घोलेको अभक्ष कोच्याइ दिएको पीडित लोचनीले बताइन्। यातनाका कारण बिरामी परेकी महतोको हरिवनस्थित नमुना अस्पतालमा उपचार भयो। पीडितले ०६८ फागुन ७ गते इलाका प्रहरी कार्यालय हरिपुरमा १२ जनाको नाममा किटानी जाहेरी दिइन्। जिल्ला अदालतको ०६८ चैत १ गते आदेशअनुसार राजवती १५ हजार र प्रकाश १० हजार रुपियाँ धरौटी राखेर रिहा भए। त्यसैगरी अन्य आरोपितहरू ०६८ चैत ५ गते जिल्ला अदालतमा हाजिर भएकोमा राजदेवीलाई २० हजार, शिवकुमार, रामनारायण, हिरा, चन्द्रकलालाई १५/१५ हजार, विल्टुनीया, रामआशिष, राजकुमार, शिवकुमारी, सरीता र पुनित जनही पाँच हजार रुपियाँ धरौटी राखी राखेर रिहा भए।

बहादुरपुर गाविस-९ कि ४५ वर्षीया सुशीलादेवी ठाकुरलाई ०६९ कात्तिक १७ गते बोक्सीको आरोपमा सोही गाविस-९ की उनकी जेठानी दिदी ५० वर्षीया उमादेवी हजामलेसुत्केरी गराउने बेलामा अस्पतालमा नन्दको मृत्यु भएपछि बोक्सी भन्दै हातपात गरेको, ५८ वर्षीय पासो कापर, ३७ वर्षीय भगलु कापर ४६ वर्षीय शिवशङ्कर कापरले ०६९ असोज ९ गते बच्चाहरु बिरामी पारेको भन्दै बोक्सीको आरोप लगाई कुटपिट गर्ने प्रयास गरेको र बहादुरपुर गाविस-१ का २६ वर्षीय मनोज बैठा, ३८ वर्षीया उर्मिलादेवी बैठा र ४५ वर्षीया मरनीदेवी बैठाले ०६९ असोज १३ गते बच्चाहरु बिरामी पारेको भन्दै पीडितले सडकमा हिँड्दा बोक्सीको आरोप लगाई कुटपिट गर्ने प्रयास गरी अपमान, दुर्व्यवहार तथा कुटपिट गरे। कापरत्रयलाई जनालाई स्थानीय रूपमा छलफल गरी छ हजार रुपियाँ दण्ड जरिवाना गरी माफी मगाइएको कुरा सामाजिक कार्यकर्ता अवधेश यादवले बताए। पीडितलाई केही समय अघिदेखि गाउँमा कसैको गाई भैंसीले दूध नदिँदा,

कसैका सुत्केरी छोरी बुहारीको दूध नआउँदा र कसैको बच्चा कालगतिले मर्दा बोक्सीको आरोप लगाई पटक पटक अभक्ष कोच्याउने प्रयासका साथै धाकधम्की दिने र कुटपिट गर्ने प्रयत्न गरेको पीडितले बताइन्। पीडितले मौखिक रूपमा जिल्ला प्रहरी कार्यालय र जिल्ला प्रशासन कार्यालयमा घटनाको बारेमा जानकारी दिँदासमेत बेवस्ता गरेको गुनासो गरिन्। पीडित गाविसस्तरीय महिलाअधिकार मञ्चकी सदस्य समेत रहेकी छिन्।

बहुविवाह

हजरिया गाविस-९ भगवतीपुरका २८ वर्षीय रवि खड्कालाई बहुविवाह गरेको आरोपमा ०६९ भदौ १७ गते चितवन जिल्लाको रामनगर नपा-२ बाट प्रहरीले गिरफ्तार गऱ्यो। सर्लाहीको परवानीपुर गाविस-३ की २० वर्षीया प्रमिला बानियासँग ०६६ असार २७ गते विवाह गरेका खड्काले ०६९ फागुन १६ गते कपिलवस्तु जिल्ला दूधिया रनगाई गाविस-८ की २० वर्षीया सुशीला सापकोटासँग दोश्रो विवाह गरेका थिए। पीडितले ०६९ भदौ १५ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिइन्। हाल परवानीपुरस्थित माइतीमा रहेकी प्रमिलाको एक वर्षको छोरा छन्। पहिलेदेखि आपसी मनमुटावका कारण पीडित प्रायजसो माइतमा बस्दै आएकी थिइन्। सौता हालेपछि भने सहन नसकेर कानुनी कारबाही गर्न बाध्य भएको प्रमिलाले बताइन्। खड्का र सुशीला सापकोटा ०६९ असोज ६ गतेसम्म जिल्ला प्रहरी कार्यालयको हिरासतमा रहेकोमा ०६९ असोज ७ गते जिल्ला अदालतको आदेशमा क्रमशः ३५ हजार र १५ हजार रुपियाँ धरौटी राखेर तारेखमा रिहा भए।

घरेलु हिंसा

परिवारजनबाट हत्या

पत्थरकोट गाविस-७ हिरापुरकी १७ वर्षीया ममतादेवी महतोलाई ०६९ पुस १५ गते राति उनका पति २७ वर्षीय रामकिसुन महतोले हत्या गरेको आरोपमा ०६९ पुस १६ गते प्रहरीले गिरफतार गऱ्यो। पीडितका काकाका छोरा राधेश्याम महतोले रामकिसुनको नाममा ०६९ पुस १६ गते जिल्ला प्रहरी कार्यालयमा किटानी जाहेरी दिएका थिए। प्रहरीले कर्तव्य ज्यानसम्बन्धी मुद्दामा कारबाही अघि बढाएको छ। यस वर्षको अन्त्यसम्म आरोपित रामकिसुन प्रहरी हिरासतमा रहेका छन्।

सुन्दरपुर चोहर्वा गाविस-३ की १८ वर्षीया सीतादेवी महतोको ०६९ मङ्सिर १९ गते राति ११ बजे उपचारको क्रममा मृत्यु भयो। मृतकका दाइ राजुप्रसाद कुसवाहाले पीडितका पति विनोद महतो र सासूले विवाहमा दाइजो कम ल्याएको भनी पटकपटक मानसिक तथा शारीरिक यातना दिएकाले मर्न बाध्य बनाइएको बताए। विनोदले भने सामान्य घरायसी विवादका कारण घरमा भनाभन भएकोमा विषसेवन गरी सीतादेवीले आत्महत्या गरेको बताए। इलाका प्रहरी कार्यालय बरहथवाका प्रहरी इन्सपेक्टर भुवनेश्वर साहले लासको प्रारम्भिकस्थिति हेर्दा विषसेवन गरी आत्महत्या गरेको हुनसक्ने बताए पनि पोस्टमार्टम प्रतिवेदनबाट यथार्थ जानकारी हुने बताए। बरहथवा गाविस-६ माइती घर भएकी पीडितको नौ महिना अघि विवाह भएको थियो।

स्वास्थ्य सेवाको अवस्था

अस्पताल	१		
स्वास्थ्यचौकी	१६		
उपस्वास्थ्यचौकी	७८		
पद	**दरबन्दी**	**कार्यरत**	**रिक्त**
डाक्टर	९	७	२
स्टाफ नर्स	१०	१	९
ल्याब असिस्टेन्ट	८	८	
अहेब	२१७	२११	६
अनमी	११९	८८	३१
खोप सुपरभाइजर	१	१	
क्षयरोग/कुष्ठरोग सुपरभाइजर	१	१	
हेल्थ असिस्टेन्ट	२४	१८	६

जिल्ला प्रहरी कार्यालय

जिल्ला प्रहरी कार्यालयमा ०६८ पुस १७ गतेदेखि ०६९ पुस १६ गतेसम्म बलात्कार छ, कर्तव्यज्यान सात, ज्यानमार्ने उद्योग पाँच, आत्महत्या २८, हातहतियार सम्बन्धी १५ ओटा मुद्दा दर्ता भए।

विगतको अनुगमन

डुमरिया गाविस-७ निवासी तराई कोब्राका प्रमुख ५५ वर्षीय नागराज भनिने राजेश्वर सिंहलाई ७ वर्षअघि मकवानपुर जिल्लाका सागर भनिने यदु सिवाकोटीलाई नियन्त्रणमा लिई हत्या गरेको आरोपमा ०६९ मङ्सिर १८ गते घरबाटै प्रहरीले गिरफ्तार गऱ्यो। उखु ढुवानी गर्ने ट्रकका चालक सिवाकोटीलाई ६ वर्षअघि मिर्जापुर गाविसमा नियन्त्रणमा लिई गोली हानी हत्या गरेकोमा तराई कोब्राले हत्याको जिम्मेवारी लिई घटनास्थलमा पर्चासमेत छरेको थियो। पीडितका बुबाले गत असोजमा पीडकको नाममा किटानी जाहेरी दिएका थिए। पर्चा, लासको मुचुल्काले घटनामा नागराजको संलग्नता रहेको पुष्टि भएकोले कर्तव्य ज्यान मुद्दामा कारवाही अघि बढाइएको जिल्ला प्रहरी कार्यालयका एसपी रामप्रसाद श्रेष्ठले बताए। घटनामा संलग्न भएको आशयको जिल्ला अदालतको आदेश भए पनि सिंहको दुवै हातको हत्केला नभएकाले कारागारमा राख्न समस्या देखिएपछि धरौटीमा रिहा गर्ने आदेश भएको हुनसक्ने जिल्ला प्रहरी कार्यालयले बतायो। ०६९ पुस १७ गते जिल्ला अदालतले २ लाख रुपियाँ धरौटी माग गरेकोमा सिंहले रकम तिर्न नसकेकाले यस वर्षको अन्त्यसम्म उनी प्रहरी हिरासतमा रहेका छन्।

२.४ सिन्धुली

जिल्ला सदरमुकाम: सिन्धुलीमाडी
क्षेत्रफल (वर्ग कि. मि.): २,४९१
घरधुरी सङ्ख्या: ५७,५८१
जम्मा जनसङ्ख्या: २,९६,१९२
पुरुष: १,४२,१२३
महिला: १,५४,०६९
अपाङ्ग सङ्ख्या: ९,५८५
गाविस/नपा सङ्ख्या: ५३/१
पुरुष साक्षरता सङ्ख्या: ९२,३२१
महिला साक्षरता सङ्ख्या: ७६,५८१
हिन्दू धर्मावलम्बी प्रतिशत: ६४.४७
बौद्ध धर्मावलम्बी प्रतिशत: ३०.४३
इस्लाम धर्मावलम्बी प्रतिशत: ०.०६
किराँत धर्मावलम्बी प्रतिशत: ०.३५
क्रिश्चियन धर्मावलम्बी प्रतिशत: ०.९८
प्रकृति धर्मावलम्बी प्रतिशत: ३.२५
अन्य धर्मावलम्बी प्रतिशत: ०.४२६
प्रतिपरिवार सरदर सङ्ख्या: ५.१४

जेल र बन्दीहरू

"ङ" श्रेणीको जिल्ला कारागारको बन्दी क्षमता २५ जनाको रहेको छ। हाल कैद तोकिएका ६३ र कैद नतोकिएका ३० गरी कुल ९३ जना बन्दी रहेका छन्। जसमध्ये पुरुष ८३ र महिला १० जना रहेका छन्।

सिन्धुली कारागारको भवन जीर्ण अवस्थामा छ। छत फुटेको कारण सबै कोठामा पानी चुहिने गरेको छ। बन्दी सङ्ख्या अत्यधिक भएपछि यस वर्ष निर्माण सम्पन्न गरिएको नयाँ कारागार भवनमासमेत पानी चुहिएर रातभरि सुत्न नपाएको बन्दीहरूले बताए। क्षमता भन्दा बढी बन्दी राखिएको कारण सुत्ने ठाउँको अभाव, खानेपानी र शौचालय जाँदा लाइनमा बस्नुपर्ने

समस्या रहेको बन्दीहरू बताउँछन्। २५ जनासम्म बस्न हुने कोठामा ४४ जना बस्नु परेको र त्यसमा पनि ओछ्यानमा पानी चुहिने समस्याले कठिनाई हुने गरेको बन्दीहरूको गुनासो रहेको छ। दुई जनासम्म आट्ने ठाँउमा १० जना महिला बन्दी राखिएको छ। बन्दीहरूले आफ्नै प्रयासमा बाँसबाट बन्ने सामानहरू मुढा, नाङ्लो, चाल्नु, घडीफ्रेम लगायतका सामानहरू बनाउने गरेका छन्। उत्पादित सामग्रीको बजार राम्रो रहेको बन्दीहरू बताउँछन्।

बन्दीहरूले कारागारमै स्वास्थ्य परीक्षण गर्न डाक्टरको व्यवस्था हुनुपर्ने माग राखी साउन ८ र ९ गते धर्ना र नाराबाजी गरेका थिए। बन्दीहरूको धर्नापछि साउन ९ गते जिल्ला अस्पतालका डाक्टरलेसबै बिरामीहरूको कारागारमै स्वास्थ परीक्षण गरेका थिए। बन्दीहरू बिरामी परिरहने र औषधि उपचार दैनिक उपलब्ध गराउनुपर्ने तर औषधि उपचारमा बजेट न्यून आउने गरेकोले समस्या आएको र नियमानुसार उनीहरूले पाउने सबै सुविधा दिएको जेलर ताराप्रसाद पौडेलले जनाए। बन्दीहरूको चाप अत्यधिक भएको र आउनेक्रम जारी रहेकोले बस्न समस्या भएको जेल प्रशासनले जनायो।

धम्की/कुटपिट

राज्यबाट

रतनचुरा गाविस-७ की २१ वर्षीया कल्पना बस्नेतलाई ०६८ चैत ८ गते भुवनेश्वरी गाविस-२ स्थित श्री कौशिका उच्चमावि ग्वालटार केन्द्रमा एसएलसी परीक्षामा सहभागी भाइ गिरीराज बस्नेतको हात भाँचिएपछि उनको परीक्षा सहयोगी हुन सो केन्द्रमा गएका बेला परीक्षाको सुरक्षार्थ खटिएका प्रहरीले कुटपिट गरी घाइते बनाए। आफूलाई कुटपिट गरिएपछि भाइ गिरीराजले परीक्षा नदिई फर्किएको बस्नेतले जनाइन्। प्रहरीको कुटपिटबाट पीडितको शरीरभरी नीलडाम भएको थियो। उक्त घटनाको विरोध गर्दै अनेरास्ववियू, नेविसङ्घ र अखिल क्रान्तिकारीका नेताले प्रमुख जिल्ला अधिकारीसमक्ष घाइतेको नि:शुल्क उपचार र महिलामाथि हातपात गर्ने प्रहरीलाई कारबाहीको माग गरेका थिए। तीन विद्यार्थी सङ्गठनको दवावपछि पीडितको सिन्धुली जिल्ला अस्पतालमा नि:शुल्क उपचार गरिएको अनेरास्ववियूका जिल्ला अध्यक्ष टिकाजङ्ग थापाले बताए।

कनपा-७ बर्दैउटारकी २८ वर्षीया अम्बिका थापामगर, सोही ठाउँकी ४५ वर्षीया मैना थापा, ३० वर्षीया सावित्रा थापा, ४५ वर्षीया सानुमैया प्रधान, ४० वर्षीया विमला बस्नेत, ३२ वर्षीया प्रमिला आले, २८ वर्षीया देबु कार्की, नरबहादुर कामी, धनबहादुर थापा, शान्ता पाल्पाली, लिला गुरुङ, गणेशकुमारी थापा मगरलगायत १५ जना महिलाहरू ०६९ कार्तिक २७ गते बिहान खिम्ती-ढल्केवर २ सय २० केभी प्रसारण लाइन निर्माणको क्रममा अवरोध गरेको भनी सशस्त्र प्रहरी बल सुरक्षा बेशक्याम्प सिन्धुलीबाट गएका प्रहरीले कनपा-७ बर्दैउटारमा लाठीचार्ज तथा धकेलेर लडाउँदा घाइते भए। पीडितहरू मध्ये अम्बिका थापामगरको तल्लो पेटमा घाउ भई रक्तश्राव भएको र नरबहादुर कामीको करङ खुस्किएको र थप उपचारकालागि काठमाडौँ लगिएको हाइटेन्सन लाईन सङ्घर्ष समितिका अध्यक्ष सुरेन्द्र मोक्तानले बताए। उक्त प्रसारण लाइनले मानवबस्तीलाई असरगर्ने भएकोले स्थानीयहरूले मानवबस्तीलाई असर नगर्ने क्षेत्रबाट लाईन लैजान वा प्रभावित घर जग्गाहरूलाई उचित क्षतिपूर्ति लगायत १४ सुत्रीय माग राखेर निर्माण कार्यमा विरोध जनाउँदै आएको र सरकारी पक्ष जसरी पनि निर्माण सम्पन्न गर्ने पक्षमा रहेकोले सरकार दमनमा उत्रिएको हाइटेन्सन लाईन सङ्घर्ष समितिले जनायो। सामान्य घाइतेहरूको स्थानीय तहमा उपचार भयो।

एकीकृत माओवादीबाट

कमलामाई नपा-४ निवासी नेपाल तरुणदलका केन्द्रीय सदस्य आकास भनिने नवराज श्रेष्ठ, कपिलाकोट गाविस-६ निवासी काङ्ग्रेसका जिल्ला कमिटी सदस्य कान्छामान वल, कपिलाकोट गाविस-६ निवासी काङ्ग्रेसका गाउँ इकाइ सभापति ५६ वर्षीय दीलिप अधिकारी, महादेवस्थान गाविस-८ का गणेश थापा, कल्पवृक्ष गाविस-१ निवासी तरुणदलका सदस्य नीमा तामाङलाई ०६९ असोज २५ गते बिहान कल्पवृक्ष गाविसको मथौलीमा एकीकृत माओवादीका कार्यकर्ताले आक्रमण गरी घाइते बनाए। कल्पवृक्ष गाविसमा बसको काउन्टर खोल्ने विषयमा असोज २४ गते दुई पक्षबीच विवाद भएको थियो। असोज २५ गते विहान तरुण दलका केन्द्रीय सदस्य नवराज श्रेष्ठको नेतृत्वमा कपिलाकोटबाट ३०/३५ जनाको सङ्ख्यामा विवाद भएको ठाउँतर्फ जाँदै गरेको र नेपाली काङ्ग्रेस कार्यकर्ताहरू चढेको बस कल्पवृक्ष गाविसमा पुगेपछि एमाओवादी कार्यकर्ताहरूले अवरोध गरी आक्रमण गरेका थिए।

घटनाको सन्दर्भमा ०६९ असोज २६ गते

दिउँसो प्रमुख जिल्ला अधिकारीलाई ज्ञापनपत्र बुझाएर फर्कने क्रममा नेपाली काङ्ग्रेसको टोलीमाथि एकीकृत माओवादीको पार्टी कार्यालय अगाडि एमाओवादी कार्यकर्ताहरूले ढुङ्गा प्रहार गरी नेपाली काङ्ग्रेसका जिल्ला कोषाध्यक्ष सरद आचार्यलाई कुटपिट गरे।

नेपाली काङ्ग्रेसबाट

कल्पवृक्ष गाविसमा आफ्ना नेता तथा कार्यकर्तालाई एकीकृत माओवादी कार्यकर्ताहरूले आक्रमण गरेको भन्दै नेपाली काङ्ग्रेस सम्बद्ध युवाहरूले ०६९ असोज २५ गते जिल्ला सदरमुकाम सिन्धुलीमाढीमा एमाओवादी कार्यकर्तामाथि आक्रमण गरे। उनीहरूले एमाओवादीका राजन दाहालको बलेरो गाडी तोडफोड गर्दै गाडीका चालक कमलामाई नपा-४ का २६ वर्षीय नवराज देवकोटा र एमाओवादीका जिल्ला कमिटी सदस्य विनय लामालाई कुटपिट गरे। कुटपिटपछि सदरमुकाम तनावग्रस्त भयो। घटनापछि नेपाली काङ्ग्रेस सम्बद्ध युवाहरूले बजार बन्द गराएका थिए। असोज २५ गते दिउँसो दुवै पक्षबीच झडप भएपछि प्रहरीले एकसेल अश्रु ग्याँस र लाठीचार्ज गरी स्थितिलाई नियन्त्रणमा लिएको थियो। घाइतेमध्ये विनयको सिन्धुली जिल्ला अस्पतालमा र नवराजको वीर अस्पताल काठमाडौँमा उपचार भयो। दुवै पक्षले जिल्ला प्रहरी कार्यालयमा मुद्दा दर्ता गरेको भएपनि कारबाही प्रक्रिया अगाडि नबढेको प्रहरीले जनायो।

सुगम र निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालत

०६८ साउनदेखि ०६९ असार मसान्तसम्म

एक जनामात्र न्यायाधीश रहेको यस जिल्ला अदालतको फौजदारी मुद्दातर्फ १ सय २३ थान मध्ये ९२ थान फैसला भए भने ३१ थान फैसला हुन बाँकी रहे। देवानी मुद्दातर्फ १ सय १५ थान मध्ये ६८ फैसला भए भने ४७ थान फैसला हुन बाँकी रहे।

०६९ साउनदेखि पुस १५ सम्म

जिल्ला अदालतको फौजदारी मुद्दातर्फ ८४ थान मध्ये २९ फैसला भए भने ५५ थान फैसला हुन बाँकी रहे। देवानी मुद्दातर्फ ८४ थान मध्ये ३१ थान फैसला भए भने ५३ फैसला हुन बाँकी रहे। यस जिल्लामा दुई वर्ष नाघेका कुनै पनि मुद्दा नरहेको जिल्ला अदालतले जनायो।

जिल्ला सरकारी वकिलको कार्यालय

जिल्ला सरकारी वकिलको कार्यालयबाट ०६८ साउनदेखि ०६९ असार मसान्तसम्म दायर मुद्दाको सङ्ख्या ८८ थान मध्ये २३ थान सफल भए भने सात थान असफल भए। सरकारी वकिल सङ्ख्या एक रहेको यस कार्यालयबाट दायर मुद्दामध्ये ०६९ असार मसान्तसम्म ५८ थान मुद्दा बाँकी रहेको सरकारी वकिलको कार्यालयले जनायो।

दायर मुद्दामध्ये कर्तव्य ज्यानसम्बन्धी मुद्दा १८ मध्ये ६ सफल र दुई थान असफल रहयो। बलात्कारसम्बन्धी मुद्दा पाँच थान मध्ये एक थान सफल रहयो। महिला बेचविखनसम्बन्धी मुद्दा तीन थान मध्ये एक थान सफल रहयो। अपहरणसम्बन्धी मुद्दा एक थान मध्ये एक थान नै असफल रहयो। ज्यान मार्ने उद्योगसम्बन्धी चार थानमध्ये एक असफल रहयो। बलात्कार प्रयाससम्बन्धी मुद्दा तीन मध्ये दुई असफल रहयो। केही सार्वजनिक अपराधसम्बन्धी ३४ थान मध्ये सात थान सफल रहयो। वनसम्बन्धी मुद्दा आठ थान मध्ये एक सफल रहयो। हातहतियार खरखजाना सम्बन्धी मुद्दा दुई थान मध्ये एक थान सफल रहयो। सवारी ज्यान अङ्गभङ्गसम्बन्धी मुद्दा सात थान मध्ये छ थान सफल भयो।

जिल्ला सरकारी वकिलको कार्यालयबाट ०६९ साउनदेखि ०६९ पुस १६ सम्म दायर मुद्दाको सङ्ख्या ३५ थान मध्ये दुई थान सफल भयो। सरकारी वकिल सङ्ख्या एक रहेको यस जिल्ला कार्यालयबाट दायर मुद्दामध्ये ०६९ पुस १६ सम्म ३३ मुद्दा बाँकी रहेको सरकारी वकिलको कार्यालयले जनायो।

बालअधिकार

शिक्षाको अवस्था

यस जिल्लामा छात्र ४९ हजार ६ सय ४८ र छात्रा ५२ हजार ३ सय १८ प्राथमिक तहदेखि माबि तहसम्म भर्ना भए। यसमध्ये दलित छात्रा ७ हजार ३ सय २५ र छात्र ६ हजार ८ सय ९६ रहेका छन्। सरकारी र सामुदायिक विद्यालय गरी प्राबि तहमा महिला १ सय ८४ र पुरुष ७ सय ६४ गरी जम्मा ९ सय ४८ शिक्षक कार्यरत रहेका छन्। निमाबि तहमा महिला १० र पुरुष १ सय ४५ गरी जम्मा १ सय ५५ शिक्षक कार्यरत रहेका छन्। यसैगरी माबि तहमा महिला ४ र पुरुष १ सय ४१ गरी जम्मा १ सय ४५ शिक्षक रहेका छन्। यसका साथै प्राबि राहतमा ६ सय ८४, निमाबि राहतमा १ सय ७१ र माबि राहतमा १

घटनाको प्रकार	राज्यपक्षबाट			गैरराज्यपक्षबाट		
	महिला	पुरुष	जम्मा	महिला	पुरुष	जम्मा
बालअधिकार				८		८
अमानवीय व्यवहार				१	१	२
आर्थिक/सामाजिक/साँस्कृतिक अधिकार				१		१
महिलाअधिकार				३८		३८
जातीय विभेद				१	१	२
गिरफ्तारी/यातना		३	३			
कुटपिट	२		२	१	६	८
हत्या				४	११	१५
जम्मा	२	३	५	४४	३०	६४

सय २२ जना शिक्षकहरू कार्यरत रहेको जिल्ला शिक्षा कार्यालयले जनायो।

बालविकास केन्द्र बालक ५ हजार २ सय ५२ र बालिका ६ हजार ३ गरी जम्मा ११ हजार २ सय ५५ रहेका छन् जसमध्ये दलित बालक ८ सय २९ र बालिका ९ सय १२ छन्। यस जिल्लामा प्रावि ३ सय ७२, निमावि ८८, मावि ५३ र उच्च मावि सन्चालन भएका ४७ ओटा गरी जम्मा ५ सय ६० सामुदायिक विद्यालयहरू रहेका छन् भने प्रावि १७, निमावि पाँच, मावि नौं र उच्चमावि सन्चालन भएका तीन ओटा गरी जम्मा ३४ संस्थागत विद्यालयहरू रहेका छन्।

बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

एक सात वर्षीया बालिकालाई ०६८ पुस २९ गते जङ्गलमा दाउरा खोज्न गएको बेला रानीचुरी गाविस-१ भिरगाउँका एक १६ वर्षीय बालकले बलात्कार गरेको अरोपमा उनलाई माघ ५ गते प्रहरीले गिरफ्तार गऱ्यो। पीडितको ०६८ माघ १ गते सिन्धुली जिल्ला अस्पतालमा स्वास्थ्य परीक्षण गरिएको थियो। आरोपित खड्कालाई सिन्धुली जिल्ला अदालतको ०६८ माघ २३ गतेको आदेशमा पुर्पक्षको लागि सिन्धुली कारागारमा राखिएकोमा जिल्ला अदालतले ०६९ जेठ १० गते १० वर्ष कैद गर्ने फैसला सुनायो।

एक १५ वर्षीया बालिकालाई ०६९ जेठ १३ गते राति लदाभिर गाविस-३ का १९ वर्षीय मिलन परियारले बलात्कार गरेको आरोपमा परियारलाई प्रहरीले जेठ १४ गते गिरफ्तार गऱ्यो। पीडित बालिका साँझ नुहाउन र कपडा धुन कुवामा गएकी थिइन्। सोही समयमा आरोपित परियार पनि नुहाउन गएका थिए। तर, परियार ननुहाई फर्केर पीडित घर जाने बाटोमा बसी बलात्कार गरेको पीडितपक्षले जनायो। पीडित बालिकाको जेठ १४ गते सिन्धुली जिल्ला अस्पतालमा स्वास्थ्य परीक्षण गरिएको थियो। आरोपितलाई जिल्ला अदालतको आदेशमा ०६९ असार ७ गतेबाट पुर्पक्षको लागि सिन्धुली कारागारमा राखिएकोमा ०६९ असोज ९ गते जिल्ला अदालतले छ वर्ष कैद र १२ हजार ५ सय रुपियाँ पीडितलाई क्षतिपूर्ति भराउने फैसला गऱ्यो।

एक १४ वर्षीया बालिकालाई ०६९ जेठ १८ गते उनका ४३ वर्षीय बुवाले बलात्कार गरेको आरोपमा ०६९ जेठ २२ गते बुबालाई प्रहरीले गिरफ्तार गऱ्यो। पीडित बालिकाकी आमा ५-६ वर्षदेखि माइतीमा बस्ने गरेको र उनकी कान्छी आमा शर्मिला खत्री पनि जेठ १६ गते माइती गएको अवस्थामा बाबुले दिउँसो मादकपदार्थ सेवन गरेर घरमा आई कोठामा ओछ्यान लगाउन भनेको र छोरी ओछ्यान लगाउन थालेपछि बलात्कार गरेको प्रहरीले जनायो। बालिका चिच्याएपछि १३ वर्षीय भाई विजय खत्रीले सुनेर घटनास्थलमा जाँदा बाबुले बलात्कार गर्दै गरेको देखेर सौतनी आमालाई जानकारी गराएपछि घटना सार्वजनिक भएको थियो। पीडितको जेठ २२ गते जिल्ला अस्पताल सिन्धुलीमा स्वास्थ्य परीक्षण गरिएको थियो। आरोपित सिन्धुली जिल्ला अदालतको आदेशमा ०६९ असार १२ गतेबाट पुर्पक्षको लागि सिन्धुली कारागारमा थुनामा छन्।

एक नौ वर्षीया बालिकालाई ०६९ साउन ११ गते बिहान ककुरठाकुर गाविस-८ का ६४ वर्षीय मानबहादुर तामाङले बलात्कार गरेको आरोपमा ०६९ भदौ ५ गते प्रहरीले उनलाई गिरफ्तार गऱ्यो। दैनिक ज्याला मजदुरी गरी खाने परिवारकी ती बालिकाका बाबुआमा बिहानै दाउरा खोज्न जङ्गल गएको र घरमा कोही नभएको अवस्थामा मानबहादुरले बालिकालाई घरभित्र लगी बलात्कार गरेको इन्स्पेक्टर दिलीप झाले बताए। आरोपितको धम्की र दवावका कारण पीडित बालिकाले लामो समयसम्म घटना सार्वजनिक गर्न नसक्दा आरोपित भाग्न सफल भएका थिए। बालिका

नबोल्ने, झोक्काएर बस्ने, खाना नखाने र बिरामी भएपछि साथीहरूले सोधपुछ गरेपछि मात्रै घटना सार्वजनिक भएको थियो। पीडित बालिकाको ०६९ साउन २७ गते उदयपुरको कटारी अस्पतालमा स्वास्थ परीक्षण गरिएको थियो भने पीडितका बुवा कृष्णबहादुर तामाङले साउन ३० गते जिल्ला प्रहरी कार्यालय सिन्धुलीमा जाहेरी दर्ता गराएका थिए। सिन्धुली जिल्ला अदालतको ०६९ भदौ ११ गते आदेशअनुसार आरोपित तामाङलाई पुर्पक्षको लागि कारागारमा राखिएकोमा जिल्ला अदालतको ०६९ मङ्सिर २६ गतेको आदेश अनुसार ११ वर्ष कैद र २५ हजार रुपियाँ पीडितलाई क्षतिपूर्ति भराउने फैसला गऱ्यो।

एक पाँच वर्षीया बालिकालाई ०६९ कात्तिक २० गते दिउँसो कपिलाकोट गाविस-९ का ३९ वर्षीय रामबाबु कार्कीले चिनी खान दिन्छु भनी फकाएर आफ्नै घरमा बोकेर लगी बलात्कार गर्ने प्रयास गरेको आरोपमा उनलाई प्रहरीले कात्तिक २४ गते गिरफ्तार गऱ्यो। पीडित बालिकाको कात्तिक २४ गते जिल्ला अस्पताल सिन्धुलीमा स्वास्थ्य परीक्षण गरिएको थियो। पीडित परिवारले कात्तिक २४ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी गरेको थियो। आरोपितलाई सोही दिन गिरफ्तार गरेकोमा जिल्ला अदालतको ०६९ मङ्सिर १८ गतेको आदेशअनुसार पुर्पक्षको लागि थुनामा छन्।

एक १६ वर्षीया एक बालिकालाई ०६९ मङ्सिर २१ गते दिउँसो उनका ४० वर्षीय बुबाले घरमा कोही पनि नभएको अवस्थामा बलात्कार गरेको अरोपमा उनलाई मङ्सिर २४ गते प्रहरीले गिरफ्तार गऱ्यो। पीडितको ०६९ मङ्सिर २४ गते सिन्धुली जिल्ला अस्पतालमा स्वास्थ्य परीक्षण गरिएको थियो। बाबुले आफूलाई जबरजस्ती बलात्कार गरेको पीडित बालिकाले आफ्नी दिदीलाई जानकारी गराएपछि घटना सार्वजनिक भएको थियो। पीडितलाई हाल प्रहरी हिरासतमा राखी घटनाको अनुसन्धान भइरहेको प्रहरीले जनायो। आरोपितल जिल्ला अदालतको ०६९ पुस १८ गते को आदेशले पुर्पक्षका लागि थुनामा छन्।

महिलाविरुद्ध हुने सबै प्रकारको भेदभाव, दुर्व्यवहार

बेचबिखन तथा ओसारपसार

महादेवस्थान गाविस-४ की २१ वर्षीया एक महिलालाई ०६८ चैत ३० गते सुर्खेत जिल्ला लाटीकोइली गाविस-१ डोलढुङ्गाका ३१ वर्षीय भरत खनाल भनिने भरत विश्वकर्मा र भद्रकाली गाविस-४ की १९ वर्षीया सुशीला मोक्तानले फकाएर बिक्री गर्न लैजान लागेको आरोपमा दुवैजनालाई प्रहरीले सोही दिन सिन्धुली बसपार्कबाट गिरफ्तार गऱ्यो। आरोपित विश्वकर्मा ०६८ पुसमा स्थानीय सुशीलासँग सिन्धुली आई पीडितसँग चिनजान गरेका थिए। त्यसपछि विश्वकर्माले पटक-पटक खानेकुरा लिएर भेट्न आउने गरेको पीडितले बताइन्। आरोपितले आफ्नो थर र उमेर समेत ढाँटेर आफ्नो खनाल थर बताई चैत १९ गते फोन गरी आफूले मन पराएकोले आफैँले विवाह गर्ने, वैदेशिक रोजगारीमा जान चाहेमा राम्रो काममा पठाइदिने लगायतका आश्वासन दिएको पीडितले बताइन्। चैत ३० गते सिन्धुली घुम्न जाऔँ भनी पीडितलाई भद्रकाली गाविस-४ कुसुमटारबाट जिल्ला सदरमुकामसम्म ल्याएको र बसपार्कमा आएपछि अब हामी काठमाडौँ जानुपर्छ भनेपछि पीडितले शङ्का गरी प्रहरीमा खबर गरेकी थिइन्। प्रहरीले आरोपितलाई बसपार्कबाट गिरफ्तार गरेको थियो। आरोपितहरू सिन्धुली जिल्ला अदालतको आदेशमा ०६९ जेठ १ गतेबाट पुर्पक्षको लागि कारागारमा थुनामा छन्। आरोपित सुशीलाले यसअघि सिन्धुलीका तीनजना बालिकालाई यसैगरी फकाएर लगेकोमा उनीहरूको हालसम्मको अवस्था अज्ञात रहेको प्रहरीले जनायो।

घरेलु हिंसा

परिवारजनबाट हत्या

हत्पते गाविस-९ की ३२ वर्षीया सावनी कुँमर दनुवारलाई ०६८ चैत ५ गते ३५ वर्षीय पति रामस्वरुप कुँमरले खुकुरी प्रहार गरी हत्या गरेको आरोपमा दनुवारलाई प्रहरीले सोही दिन गिरफ्तार गऱ्यो। आरोपित रोजगारीको क्रममा विगत ५ वर्षदेखि मलेसियामा बस्दै आएका थिए। उनले गाउँमा रहेकी पत्नीको सम्बन्ध परपुरुषसँग रहेको र विदेशबाट पठाएको पाँच लाख रुपियाँ हिनामिना गरेको खबर पाएर ०६८ फागुन ३० गते मलेसियाबाट घर आएका थिए। घरमा आएर रामस्वरुपले पत्नीलाई आफूसँग बस्न भन्दा अस्वीकार गरेपछि विवाद भएको र रिसको आवेगमा घाँटीमा खुकुरी प्रहार गरी दुई टुक्रा पारेको प्रहरीले जनायो। आरोपितलाई सिन्धुली जिल्ला अदालतको आदेशमा ०६८ चैत २६ गतेबाट पुर्पक्षको लागि कारागारमा राखिएकोमा जिल्ला अदालतको ०६९ असार २० गतेको आदेशअनुसार सर्वस्वसहित जन्मकैदको फैसला गऱ्यो।

बालाजोर गाविस-२ की ५० वर्षीया जगमाया विश्वकर्मालाई ०६९ वैशाख १० गते पति ५० वर्षीय ललितबहादुर विश्वकर्माले घरायसी विवादमा कञ्चटमा बञ्चरो प्रहार गरी हत्या गरे। पीडकले पत्नीको हत्या गरेपछि आफूले पनि आत्महत्या गरेको प्रहरीले जनायो।

कल्पवृक्ष गाविस-१ की ४९ वर्षीया गङ्गादेवी बललाई ०६९ जेठ ८ गते पति ४५ वर्षीय लालकान्छा बलले कुटपिट गरी हत्या गरेको आरोपमा उनलाई प्रहरीले जेठ १२ गते गिरफ्तार गऱ्यो। जेठ ७ गते बेलुकी पीडित छिमेकीको घरमा टिलिभिजन हेरेर घर आएपछि पति र पत्नीबीच झगडा भएको र पतिले दाउराले कुटपिट गरेकोमा सोही राति १:०० बजे पीडित आफ्नै गोठमा झुण्डिएर मरेको अवस्थामा फेला परेको प्रहरीले जनायो। मृतकको लासको पोस्टमार्टम जेठ ९ गते सिन्धुली जिल्ला अस्पतालमा गरिएको थियो। आरोपित लालकान्छालाई सिन्धुली जिल्ला अदालतको आदेशमा ०६९ असार ६ गतेदेखि पुर्पक्षको लागि कारागारमा थुनामा छन्।

हर्षाही गाविस-९ की ३० वर्षीया श्यामकुमारी अधिकारी दनुवारलाई ०६९ पुस ५ गते दिउँसो उनका देवर २८ वर्षीय रविलाल अधिकारी दनुवारले जग्गाको विषयमा विवाद हुँदा काठको किलाले हिर्काएर हत्या गरेको आरोपमा सोही दिन प्रहरीले गिरफ्तार गऱ्यो। पीडितका पति वैदेशिक रोजगारीमा गएको बेला देवरले जग्गाको विषयमा विवाद गरी हत्या गरेको प्रहरीले जनायो। पीडितको लासको पुस ६ गते सिन्धुली जिल्ला अस्पतालमा पोस्टमार्टम गरिएको थियो। आरोपित यस वर्षको अन्त्यसम्म जिल्ला प्रहरी कार्यालय सिन्धुलीमा हिरासतमा छन्।

दुर्व्यवहार

एक ४५ वर्षीया महिलालाई ०६८ फागुन २९ गते राति होटलमा बास बस्न गएको बेला रानीबास गाविस-८ घरभई कमलामाई नपा-६ माढीबजारमा मनकामना होटल सञ्चालन गरी बस्ने ३१ वर्षीय हरिराम राउतले दुर्व्यवहार गरेको आरोपमा प्रहरीले राउतलाई गिरफ्तार गऱ्यो। सो दिन आफू जिल्ला सदरमुकामस्थित मनकामना होटलमा बास बस्न गएको र राति अबेरसम्म सुत्ने कोठा नदिई १० बजेपछि सुत्ने कोठा कुन हो भनी सोध्दा होटल सञ्चालक राउतले तीन जना अपरिचित पुरुष सुतेको कोठामा लगेर यहीँ सुत्न भनी देखाएको पीडित महिलाले बताइन्। आरोपित राउतलाई १६ दिन प्रहरी हिरासतमा राखी ०६८ चैत १६ गते जिल्ला प्रशासन कार्यालय सिन्धुलीले २ हजार रुपियाँ धरौटीमा रिहा गऱ्यो।

कुटपिट

जरायोटार गाविस-९ नर्कटेकी २१ वर्षीया देउमाया दुलाललाई पति २३ वर्षीय लीला कटुवालले ०६८ सालको दशैँमा घरको ढोका थुनेर कुटपिट गरी बालाजोर गाविस-४ स्थित माइतीघरमा लगेर जिम्मा लगाई कुनै वास्ता नगरेपछि पीडितले ०६८ चैत ८ गते जिल्ला प्रशासन कार्यालयमा उजुरी गरिन्। पीडितले उजुरी गरेकै दिन सहायक प्रमुख जिल्ला अधिकारी बिमलकुमार पोखरेलले आरोपितलाई उपस्थित गराउन प्रहरीलाई पत्राचार गरे पनि आरोपित फरार रहेको कारण मुद्दाको कारबाही प्रक्रिया अगाडि नबढेको जिल्ला प्रशासन कार्यालयले जनायो।

भीमेश्वर गाविस-५ की ३३ वर्षीया अमृता कार्कीलाई ०६९ वैशाख २९ गते पति ३६ वर्षीय पुष्पबहादुर कार्कीले बारीमा काम गरिरहेको अवस्थामा लाठीले कुटपिट गरी घरनिकाला गरे। ०५८ सालमा आफूसँग विवाह भएको र ०६० सालमा पति पुष्पबहादुरले दोश्रो विवाह गरेपछि आफूलाई पटक-पटक कुटपिट र दुर्व्यवहार गर्दै आएको पीडितले बताइन्। उनको जिल्ला अस्पताल, सिन्धुलीमा उपचार भएको पीडितका बाबु बेदबहादुर थापाले बताए। जेठी पत्नीलाई घरबाट निकाल्न यसअघि धेरै प्रयास गरेको र अहिले सुनियोजित ढङ्गले कुटपिट गरेको थापाले बताए। पीडितले ०६९ जेठ २ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी गरिन्। प्रहरीले जेठ ४ गते एमाले र नेपाली काङ्ग्रेसका जिल्ला नेताको रोहबरमा औषधि उपचार गर्ने र जेठी पत्नीले पाउने अंश दिने कागज गराएपछि प्रहरीले पुष्पबहादुरलाई रिहा गरेको थियो।

तीनकन्या गाविस-८ की ३५ वर्षीया दिलमाया स्याङ्तानलाई ०६९ वैशाख ३० गते मेलाबाट काम गरेर घर आउना साथै पति ४६ वर्षीय पदमबहादुर स्याङ्तानले लठ्ठी, मुडकीले कुटपिट गरी बेहोश बनाएर बारीमा लगेर फालिदिए। राति आफू होशमा आएपछि घस्रँदै गएर गाउँलेलाई खबर गरेको कारण आफू बाँचेको पीडित दिलमायाले बताइन्। पति पदमबहादुरले यसअघि मादक पदार्थ सेवन गरेर कुटपिट गर्ने, केही बोल्न नदिने, घरबाट निस्केर जा भन्ने गरेको पीडितले जनाइन्। पीडित दिलमायाले ०६९ जेठ ३ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी गरिन्। आरोपित पदमबहादुरलाई प्रहरीले ०६९ जेठ १६ गते

औषधि उपचार गर्ने सर्तमा कागज गराई रिहा गऱ्यो। पीडित दिलमायाको उपचार सिन्धुली जिल्ला अस्पतालमा भयो। आरोपित पदमबहादुर घर फर्किएको ६ दिनपछि जेठ २२ गते घरबाट हराएकोमा ०६९ जेठ २५ गते स्थानीय जङ्गलमा मृत अवस्थामा फेला परेका थिए। आफ्नो बाबुलाई सौतनी आमा दिलमाया र सोही ठाउँका ५३ वर्षीय पदमबहादुर गोलेले जेठ २२ गते राति कुटपिट गरी मारेर जङ्गलमा पुऱ्याई झुण्ड्याएको भनी पीडितका छोरा बिष्णुबहादुर स्याङ्तानले उजुरी गरेको प्रहरीले जनायो। आरोपितहरूलाई जेठ २९ गते प्रहरीले गिफ्तार गरी जिल्ला अदालतमा पेश गर्दा सिन्धुली जिल्ला अदालतको ०६९ असार २४ गतेको आदेशमासाधारण तारेखमा रिहा भए।

बर्दिबास गाविस-१ महोत्तरी माइतीघर भएकी १८ वर्षीया बिमला थापालाई ०६९ असार २८ गते पति २२ वर्षीय ललितबहादुर थापाले विभिन्न आरोप लगाउँदै मानसिक र शारीरिक यातना दिएको कारण पीडित घर छोडेर हिँडिन्। पतिले यसअघि पनि चरित्रहीनको आरोप लगाउने, माइती कमजोर भएको कारण हेप्ने, दुर्व्यवहार र कुटपिट गर्ने गरेको र मार्नेसम्मको षडयन्त्र गरेको कारण आफू घरबाट भागेर रानीबास गाविस-२ सिन्धुलीस्थित माइती आएर बसेको पीडितले बताइन्। पीडितले ०६९ असार २९ गते जिल्ला प्रशासन कार्यालय सिन्धुलीमा उजुरी गरिन्। आरोपितलाई छलफलका लागि पटक पटक फोन तथा पत्राचार गर्दा पनि नआएको कारण कारवाही प्रक्रिया अगाडि नबढेको जिल्ला प्रशासन कार्यालयले जनायो।

कमलामाई नपा-४ सिलामेकी ७५ वर्षीया मानकुमारी श्रेष्ठलाई ०६९ भदौ २१ गते राति आफ्नै छोरा ३३ वर्षीय भीमनारायण श्रेष्ठले घरायसी विवाद हुँदा मादकपदार्थ सेवन गरेर कुटपिट गरे। पीडितको टाउकोमा चोट रहेकोले जिल्लामा उपचार हुन नसकी सोही दिन काठमाडौँ लगिएको थियो। आरोपितलाई भदौ २१ गते राति नै प्रहरीले गिरफ्तार गरी भदौ २४ गते सार्वजनिक अपराधको मुद्दा दर्ता गऱ्यो। आरोपित ०६९ असोज ९ गते ५ हजार धरौटीमा रिहा भए। उनी एकीकृत माओवादीका ताम्सालिङ राज्य समितिका सदस्य हुन्।

कमलामाई नपा-३ बेसारेकी २४ वर्षीया गीता विश्वकर्माले घर परिवारका सबै सदस्य मिलेर आफूमाथि घरेलु हिंसा गरेको जनाउँदै आफ्नो अधिकारको लागि ०६९ भदौ १५ गते सिन्धुली जिल्ला अदालतमा मुद्दा दायर गरिन्। आफूलाई खान लगाउन नदिएको, पढ्न जान बन्देज लगाएको, घरमा बस्न नदिएर भैँसी गोठमा बस्न बाध्य पारी आफ्ना सम्पूर्ण अधिकारबाट वञ्चित पारेकोले आफ्नो अधिकारको लागि उक्त मुद्दा दायर गरेको पीडित गीता विश्वकर्माले बताइन्। गीताले ६० वर्षीय बाबु दुर्गा बहादुर विश्वकर्मा, सौतेनी आमा हर्कमाया विश्वकर्मा, आफ्नी आमा कमला विश्वकर्मा, दाजुहरू पूर्णबहादुर विश्वकर्मा, मीनबहादुर विश्वकर्मा, मनोज विश्वकर्मा, भाई विनोद विश्वकर्मा र पाँचओटी बहिनी विरुद्ध जिल्ला कानुनी सहायता समिति मार्फत अंश मुद्दा दर्ता गरेको अधिवक्ता प्रवीण हायूले बताए। आरोपितहरूले प्रतिउत्तर नलगाएका कारण मुद्दाको कारवाही अगाडि नबढेको अधिवक्ता हायूले बताए।

बहुविवाह

नेत्रकाली गाविस-६ का २९ वर्षीय तीर्थलाल श्रेष्ठले ०६८ चैत २६ गते काभ्रे जिल्लाकी सपना थिङसँग दोश्रो विवाह गरेको भनी जेठी पत्नी चन्द्रकला श्रेष्ठले ०६९ जेठ ४ गते जिल्ला प्रहरी कार्यालय सिन्धुलीमा उजुरी दर्ता गरिन्। दोश्रो विवाह गर्नुअघि आफूलाई कुटपिट गरी गाविसका मुखियालाई छोडपत्रको कागज बनाउन लगाई जबरजस्ती सहीछाप गर्न लगाएर सोही दिन पतिले अर्की पत्नी भित्र्याएको पीडितले बताइन्। प्रहरीले आरोपितलाई गिरफ्तार गरी पेश गर्न नसकेका कारण सरकारी वकिल कार्यालयले आरोपितलाई फरार देखाई जिल्ला अदालतमा मुद्दा दर्ता गऱ्यो। उक्त मुद्दा जिल्ला अदालतमा विचाराधीन छ।

हत्पते गाविस-९ का ३५ वर्षीय राजु भन्ने चन्द्रबहादुर बस्नेतले ०६९ असार ७ गते धादिङ जिल्लाकी २६ वर्षीया अप्सरा सेढाईसँग दोश्रो विवाह गरेको भनी जेठी पत्नी चित्रकुमारी बस्नेतले ०६९ साउन २२ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी गरिन्। प्रहरीले आरोपितलाई गिरफ्तार गर्न नसकेका कारण सरकारी वकिल कार्यालयले आरोपितलाई फरार देखाई जिल्ला अदालतमा मुद्दा दर्ता गऱ्यो। उक्त मुद्दा जिल्ला अदालतमा कार्यान्वयनको प्रारम्भिक चरणमा रहेको अदालतले जनायो।

पुरानो झाँगाझोली गाविस-५ का ३१ वर्षीय निरञ्जन श्रेष्ठले ०६९ साउन १९ गते रामेछाप जिल्ला भीरपानी गाविस-७ की १८ वर्षीया मनीता माझीसँग दोश्रो विवाह गरेको भनी जेठी पत्नी मीरा श्रेष्ठले ०६९ भदौ १५ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी गरिन्। प्रहरीले आरोपितलाई गिरफ्तार गरी पेश गर्न नसकेको

कारण सरकारी वकिल कार्यालयले आरोपितलाई फरार देखाई जिल्ला अदालतमा मुद्दा दर्ता गऱ्यो। उक्त मुद्दा जिल्ला अदालतमा कार्यान्वयनको प्रारम्भिक चरणमा रहेको अदालतले जनायो।

कमलामाई नपा-६ धुराबजार माइतीघर भई महोत्तरी जिल्ला लक्ष्मनीया गाविस-३ की १८ वर्षीया सोनी ठाकुरलाई ०६८ माघ ९ गते पति रमेश ठाकुर, सासू सोमनी ठाकुर र ससुरा दु:खी ठाकुरले दाइजो कम ल्याएको आरोपमा कुटपिट गरी खेतमा फालिदिए। परिवारका सबै सदस्य मिलेर छोरीलाई कुटपिट गरी खेतमा फालेको आफूले जानकारी पाएपछि सिन्धुलीमा ल्याई अस्पताल भर्ना गरेको बाबु राजेन्द्र ठाकुरले बताए। ०६६ सालमा छोरीको विवाह गर्दा नगद २ लाख ४० हजार र रुपियाँ र अन्य जिन्सी सामान गरी ४ लाख रुपियाँ मूल्य बराबरको दाइजो दिएकोमा अहिले दाइजो कम भएको भनी छोरीलाई कुटपिट गरिएको ठाकुरले जनाए। यसअघि पनि दाइजो नल्याएको भनेर पतिले कुटपिट गर्ने र सासूससुराले मानसिक यातना दिने गरेको पीडित सोनीले बताइन्। पीडित सोनीको एक बर्षको छोरा समेत पतिले खोसेर राखेको उनले जनाइन्। पीडितका बाबु राजेन्द्रले ०६८ माघ १९ गते जिल्ला प्रशासन कार्यालय सिन्धुलीको लैङ्गिक हिंसा विरुद्धको डेस्कमा पीडकलाई कारवाहीको माग गर्दै उजुरी गरेका थिए। जिल्ला प्रशासन कार्यालय सिन्धुलीले आरोपितलाई उपस्थित गराउन प्रहरीलाई पत्राचार गरे पनि आरोपित उपस्थित नभएको कारण कारवाही प्रक्रिया अगाडि नबढेको जिल्ला प्रशासन कार्यालय लैङ्गिक हिंसा विरुद्धको डेस्ककी प्रमुख सुनीता सुवेदीले बताइन्।

सबै प्रकारका जातीय विभेद

लाम्पानटार गाविस-३ का २२ वर्षीय ध्रुव भन्ने टीकाराम पहाडी र सोही ठाउँ की १८ वर्षीया ज्ञानकुमारी परियारलाई ०६८ फागुन ११ गते आमा ४० वर्षीया चनमाया पहाडीले अन्तरजातीय विवाह गरेका कुटपिट गरी घरनिकाला गरिन्। आफूहरूले माघ २७ गते अन्तरजातीय प्रेमविवाह गरी गाउँलेलाई बोलाएर भाँडाकुँडा छुट्याउन लगाई गोठमा बस्दै आएको पीडित टीकारामले बताए। बुबासँगै बिराटनगरमा बस्दै आएकी आमा चनमाया आफूले अन्तरजातीय विवाह गरेको थाहा पाएपछि फागुन ११ गते घरमा आई "तँ यहाँ बस्न पाउँदैनस् भनी भाँडा, कपडा सबै खोसेर लगेको, तैले अंश पनि पाउँदैनस्, यो गोठमा बसेमा आगो लगाई दिन्छु "भनी कुटपिट गरी गोठमासमेत बस्न नदिई लखेटेको पीडित टीकाराम पहाडीले बताए। पीडितले फागुन १५ गते जिल्ला प्रशासन कार्यालय सिन्धुलीमा शान्ति सुरक्षा र अन्तरजातीय विवाह गरेबापत राज्यले उपलब्ध गराउने रकमका लागि निवेदन दिएका थिए। ज्ञानकुमारीको उमेर नपुगेको कारण जनाउँदै जिल्ला प्रशासन कार्यालयले राज्यले दिने रकम उपलब्ध नगराएको र घरमा बस्ने वातावरण समेत नभएकोले मजदुरीको लागि पोखरातर्फ गएको पीडित पक्षले जनायो। उक्त निवेदन कारबाहीको प्रक्रियामा रहेको जिल्ला प्रशासन कार्यालयले जनायो।

जिल्ला स्वास्थ्य सेवाको अवस्था

अस्पताल	१		
स्वास्थ्यचौकी	१७		
उपस्वास्थ्यचौकी	३५		
पद	**दरबन्दी**	**कार्यरत**	**रिक्त**
डाक्टर	६	१	५
स्टाफ नर्स	७	२	५
ल्याब असिस्टेन्ट	४	३	१
अहेब	११५	७८	३५
अनमी	७१	५८	१३
खोप सुपरभाइजर	१	१	
क्षयरोग/कुष्ठरोग सुपरभाइजर	१	१	
हेल्थ असिस्टेन्ट	२३	१२	११

जिल्ला प्रहरी कार्यालय

जिल्ला प्रहरी कार्यालयमा ०६८ पुस १७ गतेदेखि ०६९ पुस १६ गतेसम्म बलात्कार पाँच, बलात्कार प्रयास दुई, महिला ओसारपसार जिउ मास्नेबेच्ने दुई, कर्तव्यज्यान १५, ज्यानमार्ने उद्योग छ, आत्महत्या ३५, बहुविवाह तीन, अपहरण एक, अङ्गभङ्ग/कुटपिट एक, गर्भपतनका एक ओटा मुद्दा दर्ता भए।

२.५ रामेछाप



जिल्ला सदरमुकाम: मन्थली
क्षेत्रफल (वर्ग कि. मि.): १,५४७
घरधुरी सङ्ख्या: ४३,५१०
जम्मा जनसङ्ख्या: २,०२,६४६
पुरुष: ९३,३८६
महिला: १,०९,२६०
अपाङ्ग सङ्ख्या: ४,४१८
गाविस/नपा सङ्ख्या: ५५/०
पुरुष साक्षरता सङ्ख्या: ६५,२८५
महिला साक्षरता सङ्ख्या: ५७,७४६
हिन्दू धर्मावलम्बी प्रतिशत: ७१.९३
बौद्ध धर्मावलम्बी प्रतिशत: २४.६७
इस्लाम मावलम्बी प्रतिशत: ०.०२
किराँत धर्मावलम्बी प्रतिशत: ०.०२
क्रिश्चियन धर्मावलम्बी प्रतिशत: १.५७
प्रकृति धर्मावलम्बी प्रतिशत: १.४४
वोन धर्मावलम्बी प्रतिशत:०.०३
अन्य धर्मावलम्बी प्रतिशत: ०.३१५
प्रतिपरिवार सरदर सङ्ख्या: ४.६१

जेल र बन्दी

'ग' श्रेणीको जिल्ला कारागारको बन्दी क्षमता ५० जनाको रहेको छ। यस वर्षको अन्त्यसम्म कैद तोकिएका २ सय १७ र कैद नतोकिएका ३७ कैदी र थुनुवा गरी जम्मा २ सय ५४ जना बन्दीहरू रहेका छन्। जसमा कैद तोकिएका १२ जना महिला र २ सय ५० जना पुरुष रहेका छन्। कैद नतोकिएका दुई जना महिला र ३५ जना पुरुष रहेका छन्।

झडप

कारागार शाखा रामेछापका बन्दी हिरालाल पाखिन, सोमनाथ गोले र शेरबहादुर वाइवा ०६९ कात्तिक १० गते राति सोही कारागारमा रहेका बन्दीहरू पप्पु यादवलगायतको कुटाइबाट घाइते भए। ०६९ असोज १४ गते नक्खु जेलबाट रामेछाप कारागारमा सरुवा गरी ल्याइएका १३ जना बन्दी र रामेछाप कारागारमा रहेका पप्पु यादव लगायतका बन्दीबीच भएको विवादपछि यादवलगायतले कुटपिट गर्दा तीनजना बन्दी घाइते भएका थिए। घाइतेमध्ये पाखिन ज्यान मुद्दा, गोले डाँका र वाइवा हाडनाताकरणीको मुद्दामा जेल परेका हुन्। सर्धै राति १० बजे बन्दीहरूको गणना हुने गरेकोमा सोही दिन राति ९ बजे नै बन्दीहरूको रोलकल गरेको विषयमा विवाद भएपछि यादवलगायतले दाउराले हिर्काउँदा तीनजना घाइते भएका थिए। घाइते तीनै जनाको टाउकोमा चोट लागेको थियो। घाइते पाखिनको टाउकोमा तीन, गोलेको दुई र वाइवाको टाउकोमा एक ओटा टाँका लगाइएको थियो। घाइते तीनै जनाको रामेछाप जिल्ला अस्पतालमा उपचार भयो।

धम्की/कुटपिट

नेपाली काङ्ग्रेसबाट

नामाडी गाविसका सचिव ३८ वर्षीय माधवप्रसाद घिमिरेलाई ०६८ फागुन ३ गते बिहान सदरमुकामबाट आफ्नो कार्यक्षेत्रमा जाँदै गर्दा खिम्ती गाविस-१ को खिम्तीबजारमा नामाडी गाविस-५ का ३७ वर्षीय काङ्ग्रेस कार्यकर्ता दिनेश भनिने काजीबहादुर खड्काले कुटपिट गरी घाइते बनाए। गाविसको समीक्षा कार्यक्रमको लागि मन्थलीबाट नामाडीतर्फ जाँदै गरेका सचिव घिमिरेलाई खड्काले खिम्ती बजारको साँघुटार भन्ने स्थानमा चियाखान लागेको बेला होटलबाट बाहिर निकाली कुटपिट गरेका थिए। कुटपिटबाट उनको नाक, मखु तथा अनुहारमा चोट लागेको थियो। पीडकले गाउँ विकास समितिबाट आर्थिक वर्ष ०६७/०६८ मा खेलकुद कार्यक्रमको लागि उपभोक्ता समितिको अध्यक्ष बनी २५ हजार रुपियाँको योजना लिएकोमा त्यसमध्ये २० हजार रुपियाँ पेश्की स्वरूप लिएको तर, योजना अनुसारको काम नै सम्पन्न नगरी बाँकी रकम माग गरेकोमा योजनाको समीक्षा बैठकपछि मात्र रकम दिने भनेका कारण आफूलाई कुटपिट गरेको पीडितले

घटनाको प्रकार	राज्यपक्षबाट			गैरराज्यपक्षबाट		
	महिला	पुरुष	जम्मा	महिला	पुरुष	जम्मा
बालअधिकार				४		४
आर्थिक/सामाजिक/साँस्कृतिक अधिकार		१	१	३		३
महिलाअधिकार				४		४
जातीय विभेद				१	१	३
गिरफ्तारी/यातना		४	४			
कुटपिट					४	४
धम्की	३	३	४			
हत्या				१	३	३
जम्मा	३	७	९	१३	७	१९

बताए। पीडितका अनुसार उनले कुटपिट गरी खिम्ती खोलामा हुत्याउन खोज्दा स्थानीयले छुट्याएका थिए। कुटपिट गरी आरोपित मोटरसाइकल चढेर भागेको पीडितले बताए। घाइते घिमिरेलाई सदरमुकाम मन्थली ल्याई उपचार गरियो। पीडितले फागुन ३ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिएका थिए। आरोपितलाई ०६८ फागुन १८ गते प्रहरीले नियन्त्रणमा लिई सार्वजनिक अपराध ऐनअन्तर्गत मुद्दा चलाएकोमा आरोपित धरौटीमा रिहा भए ।

सुगम निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालत

एकजना मात्र न्यायाधीश रहेको यस जिल्ला अदालतबाट ०६८ साउनदेखि ०६९ असार मसान्तसम्म फौजदारी मुद्दातर्फ १ सय ३३ थानमध्ये १ सय २ फैसला भए भने ३१ थन फैसला हुन बाँकी रहे। देवानी मुद्दा तर्फ १ सय ७३ थानमध्ये १ सय २९ फैसला भए भने ४४ थान फैसला हुन बाँकी रहे।

जिल्ला अदालतबाट ०६९ साउनदेखि पुस १५ सम्म फौजदारी मुद्दातर्फ ५३ मध्ये १३ फैसला भए भने ४१ फैसला हुन बाँकी रहे। देवानी मुद्दातर्फ ८० मध्ये ३० थान फैसला भए भने ५० फैसला हुन बाँकी रहे। दुई वर्ष नाघेका मुद्दा अदालतमा छैनन्।

नेपाली काङ्ग्रेसका कार्यकर्ताद्वारा कुटपिट माधवप्रसाद घिमिरे

जिल्ला सरकारी वकिलको कार्यालय

जिल्ला सरकारी वकिल कार्यालयबाट ०६८ साउनदेखि ०६९ असार मसान्तसम्म २२ ओटा मुद्दा दायर भए। सो अवधिमा ११ मुद्दा सफल भए। कार्यालयमा दुई वर्ष नाघेका मुद्दा दुईओटा रहेका छन्। फैसला हुन बाँकी मुद्दा १७ ओटा छन्। यस कार्यालयबाट चार ओटा ज्यान मुद्दा, ठगीको एक, चोरीको एक, कर्तव्य ज्यानका छ, गौवध एक, किर्ते नागरिकता एक, केही सार्वजनिक अपराधका पाँच, हातहतियारका दुई, आगलागी एक, ज्यानमार्ने उद्योगको दुई र वन मुद्दा तीन थान दायर भए।

जिल्ला सरकारी वकिल कार्यालयबाट ०६९ साउन १ देखि पुस १५ सम्म १३ ओटा मुद्दा अधि बढेकामा एउटा मुद्दा सफल भए। १२ ओटा मुद्दा फैसला हुन बाँकी छन्। सो अवधिमा ज्यान मार्ने उद्योगका दुई, चोरी तीन, भवितव्य ज्यान एक, सवारी ज्यान एक, नागरिकता एक, बहुविवाहका तीन र केही सार्वजनिक अपराधका तीनओटा मुद्दा दायर भए।

जिल्ला प्रहरी कार्यालय रामेछापमा ०६८ पुस १६ देखि ०६९ पुस १५ गतेसम्म मानवअधिकारसँग जोडिएका नौ ओटा मुद्दाहरू दर्ता भए। जसमा सातओटा मुद्दा विचाराधीन रहेका छन् भने एउटा मुद्दाका आरोपि धरौटीमा छुटेका छन्। सो अवधिमा कर्तव्य ज्यनका चार, ज्यानमार्ने उद्योग एक, आत्महत्या एक र बहुविवाहका तीनओटा मुद्दाहरू दर्ता भए।

यातना तथा अन्य क्रुर अमानवीय र अपमानजनक व्यवहार वा दण्ड

प्रिती गाविस-४ का ५४ वर्षीय तिलक सुनुवारलाई ०६८ फागुन १९ गते सोही ठाउँका ५२ वर्षीय अर्जुन बस्नेतसँग साँधको रुखको घाँस झारेको आरोपमा प्रहरी हवल्दार गोपाल

बास्तोलाको टोलीले घरदेखि नै कुट्दै प्रहरी चौकीमा पुऱ्याएको र प्रहरी चौकीमासमेत यातना दिएको कारण उनी विरामी परेको स्थानीयले बताए। प्रहरी यातना कारण विरामी परेका सुनुवारलाई फागुन २० गते उपचारको लागि जिरी लगिएको थियो। जिल्ला प्रहरी कार्यालय रामेछापले घटनाको छानविन गर्न जिल्लास्तरीय छानविन समिति गठन गऱ्यो। सो प्रहरी चौकीमा यस अघि पनि एक महिलालाई यातना दिएको अभियोगमा चौकीका तत्कालीन इञ्चार्जलाई जिल्ला अदालत रामेछापले दोषी ठहऱ्याई पीडितलाई २० हजार क्षतिपूर्ति दिलाउने फैसला गरेको थियो।

रस्नालु गाविस-२ का कक्षा ६ मा अध्ययनरत बालक १४ वर्षीय सोनाम शेर्पालाई ०६८ चैत २ गते अपरान्ह प्रहरी चौकी बेतालीका प्रहरीले रस्नालुमा कुटपिट गरी यातना दिएको पीडितका परिवारले जनायो। बालक सोनामका बाबु फुर्वाकाअनुसार रस्नालु गाविसको धारापानीस्थित खिम्ती खोलाको पुल नजिकै खाजा खाई रहेको अवस्थामा सोनामले पुलमा राखिएको बोर्डमा हिर्काएको आरोपमा बेतालीबाट प्रहरी सइको नेतृत्वमा आएको प्रहरी टोलीले कुटपिट गरी यातना दिएका थिए। कुटपिटबाट नरोएपछि बालकलाई घुँडा टेकाएर हिँड्न लगाई प्रहरीले लात्तीले हिर्काएको फुर्वाले बताए। प्रहरी यातनाको कारण बालकको घुँडामा छाला गएको तथा बुटले हिर्काएको निलडाम बसेको उनले जनाए। घटना समन्धमा पीडित पक्षले कतै उजुरी गरेनन्

नागदह गाविस-८ का १९ वर्षीय सुमन खड्का र कक्षा १० मा अध्ययनरत १५ वर्षीय वीदुर खड्कालाई २०६९ मङ्सिर १० गते अभिभावकहरूको झगडाको विषयलाई लिएर इलाका प्रहरी कार्यलयका धोवीका प्रहरीले गिरफ्तार गरी यातना दिएको आरोप पीडित परिवारले लगायो। धोवी जाँदै गरेका दाजुभाइलाई बुबाहरू प्रेमबहादुर खड्का र अम्बरबहादुर खड्काको झगडाको विषयलाई लिएर प्रहरीले गिरफ्तार गरेको थियो। इलाका प्रहरी कार्यालयका सई ३६ वर्षीय तीर्थबहादुर उप्रेतीले थुनामा लाठीले हिर्काएर यातना दिएको पीडितको आरोप छ। उनीहरूलाई सोही दिन साँझ प्रहरी कार्यालय मन्थली ल्याई छोडिएको थियो।

बालअधिकार

शिक्षाको अवस्था

सरकारी विद्यालय

यस जिल्लाका विद्यालय जाने उमेरका मध्ये ७१ हजार ८ सय ४३ विद्यार्थीहरू विद्यालयमा भर्ना भएका छन्। जसमा छात्र ३७ हजार ३ सय २३ र छात्रा ३४ हजार ५ सय २० प्राथमिक तहदेखि माविं तहसम्म भर्ना भए। यसमध्ये दलित छात्रा ३ हजार ४ सय २१ र छात्र ३ हजार १ सय ७९ रहेका छन्। सामुदायिक विद्यालयका प्राविं तहमा महिला ३ सय ९ र पुरुष ९ सय ४४ गरी जम्मा १ हजार २ सय ५३ शिक्षक कार्यरत रहेका छन्। निमाविं तहमा महिला ४९ र पुरुष २ सय ९६ गरी जम्मा ३ सय ४५ शिक्षक कार्यरत रहेका छन्। यसैगरी माविं तहमा महिला १८ र पुरुष २ सय ७ गरी जम्मा २ सय २५ शिक्षक रहेका छन्। उच्चमाविं तहमा ५६ जना पुरुषहरू कार्यरत छन्।

बालविकास केन्द्र बालक ३ हजार ८ सय ५४ र बालिका ३ हजार ८ सय ३८ गरी जम्मा ७ हजार ६ सय ८२ रहेका छन् जसमध्ये दलित बालक ४ सय ५३ र बालिका ४ सय ५७ छन्।

हत्या

सैपु गाविस-१ सिसन्दुकी बालिका १४ वर्षीया सुन्तली तामाङको लास ०६८ माघ २० गते सैपु गाविस-१ को लिखु खोलामा फेला पऱ्यो। तामाङ ०६८ माघ ५ गते सिरिसे बजारबाट घर फर्कदै गर्दा विहान ११ बजेतिर बीचबाटो बाट नै वेपत्ता भएकी थिइन्। तामाङको खोजी गर्दा बाटोमा उनले लगाएको भित्री कपडा तथा रगतको छिटाहरू स्थानीयले फेला पारेका थिए। घटनापछि पीडित परिवारले माघ ७ गते इलाका प्रहरी कार्यालय धोबीमा जानकारी गराएका थिए। घटना भएको १५ दिनपछि मृतकको लास माछा मार्न जानेहरूले लिखु खोलामा फेला पारेका थिए। मृतकका मामा चन्द्रबहादुर तामाङका अनुसार लासलाई झोलाले घाँटीमा बाँधी झोलाभित्र ढुङ्गा हालेर फालेको अवस्थामा घटनास्थल भन्दा करिब ५ सय मिटर तल लिखु नदीमा भेटिएको थियो। उनको बलात्कारपछि हत्या गरिएको हुनसक्ने मृतकका आमा डिल्लीमायाँ तामाङले बताइन्। घटनापछि केही मानिसहरूले आफूलाई पिछा गरिरहेकोसमेत उनले बताइन्। शव प्रहरीले माघ २१ गते जिल्ला सदरमुकाम मन्थली ल्याई पोस्टमार्टम गराएर आफन्तको जिम्मा लगाएको थियो। घटनाको छानविन भइरहेको प्रहरीले जनायो।

यौन दुर्व्यवहार

एक नौ वर्षीया एक बालिका र उनका आठ वर्षीय भाइलाई २०६८ सालदेखि नै महोत्तरी जिल्ला बीजरपुर गाविस घरभई साँघुटार गाविसस्थित हिमगङ्गा उच्चमाविमा अध्यापन गराउने शिक्षक ३६ वर्षीय वैद्यनाथ सिंह र उनका छोरा १६ वर्षीय राउल सिंहले यौनजन्य दुर्व्यवहार गरेको भनी पीडितका अभिभावकले ०६९ भदौ २८ गते जिल्ला प्रहरी कार्यालय रामेछापमा उजुरी गरे। दुवै जनाले ती बालबालिकालाई पालैपालो पटकपटक यौनजन्य दुर्व्यवहार गरेको पीडित बालबालिकाले बताए। प्रहरीले दुवैपक्षलाई राखी छलफल गराएकोमा आरोपितलाई भदौ ३१ गते हाजिर हुन आउने गरी छाड्यो। पीडित पक्षले जिल्ला अदालत रामेछापमा मुद्दा दर्ता गरेका छन्। मुद्दा विचाराधीन छ।

गेलु गाविस-४ की १६ वर्षीया निरुता केसीलाई ०६८ माघ १७ गते छोरी जन्माएपछि पतिले स्वीकार नगरेका कारण बालिकाको ११ दिन पुग्दासम्म न्वारन हुन सकेन। कक्षा नौमा पढ्दै गरेकी निरुता दाजु भउजूको बच्चा स्याहार्न गत बैशाख महिनामा काठमाडौँस्थित दाजु भाउजूको कोठामा गएकी थिइन्। पीडित निरुतका अनुसार उनी महिनावारी भएको तीन दिनको दिन आफ्नै भाउजुका दाजु गेलु गाविस-४ का २८ वर्षीय मोहन खत्रीले कोठामा अरु नभएको मौकापारी जबरजस्ती यौन सम्पर्क राखेका थिए। सोही सम्पर्कबाट गर्भ आएको निरुताले बताइन्। पीडित निरुताका बाबु गोपाल केसीका अनुसार मोहनले 'सबै व्यवस्था म मिलाउँछु' भनी केही समयको लागि भनेर निरुतालाई माइतीमा लगेर राखेका थिए। तर, छोरी जन्माएपछि उनी भागेका थिए। पीडित निरुताले रामेछापका प्रमुख जिल्ला अधिकारी बलभद्र गिरीलाई गेलु गाविसमा ०६८ माघ २७ गते आयोजना गरिएको घुम्ति शिविरमा पुगेर आफू अन्यायमा परेको भनी निवेदन बुझाएकी थिइन्। प्रमुख जिल्ला अधिकारीले घटना मिलाउन प्रहरीलाई आदेश गरेकामा २८ गते प्रहरी पुग्नुअघि नै पीडकका ससुराले उनलाई बुहारी स्वीकारी न्वारान गराए।

महिला विरुद्ध हुने सबै प्रकारको भेदभाव, दुर्व्यवहार बेचबिखन तथा ओसारपसार

खनीयापानी गाविस-९, घरभई कक्षा ६ मा अध्ययनरत १४ वर्षीया र १३ वर्षीया दुई बालिकालाई बेचबिखनको लागि पठाउन मतियारको रूपमा काम गरेको आरोपमा सोही स्थानकी ६५ वर्षीया चेतकुमारी रोकाविरुद्ध ०६९ भदौ ६ गते प्रहरी चौकी लुभुमा उजुरी दर्ता भयो। प्रहरी चौकीमा उजुरी परेपछि ती महिलालाई थप अनुसन्धालनका लागि भदौ ७ गते जिल्ला प्रहरी कार्यालय रामेछापमा बुझाएको थियो। दुई बालिकालाई ललाई-फकाई काममा लगाइदिने आश्वासन दिई गाउँबाट अन्यत्र पठाएको आरोपमा रोका विरुद्ध प्रहरीमा उजुरी परेको थियो। बनेपाको एक होटलमा दैनिक २ सय रुपियाँ ज्याला पाउने गरी काम मिलाइदिने भन्दै पुर्कुटी र खड्कालाई बनेपामा आफ्नी छोरी अमृतालाई भेट्न पठाएकी थिइन्। बालिका हराएको आशङ्कामा खोजी गर्दै जाँदा आभिभावकहरूले बनेपा जाँदै गरेका ती दुवैजनालाई ०६९ भदौ ५ गते काभ्रेको पाल्ले खेतमा फेला पारेका थिए। बालिकाका अनुसार ती महिलाले आफूहरूलाई जागिर खान शहर जान र बाटो खर्चका लागि बाबुआमाको पैसा चोर्न समेत उक्साएकी थिइन्। यस विषयमा अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय रामेछापका प्रमुख सञ्जीव शर्माले बताए।

सबै प्रकारका जातीय विभेद

नागदह गाविस-९ की ३५ वर्षीया अलाईची नेपालीलाई ०६९ असोज १० गते सोही स्थानका सुक्रेनारायण श्रेष्ठले होटलमा पसेको आरोपमा कुटपिट गरे। होटलमा बसेर चिया खाइरहेको अवस्थामा दलितलाई मेरो होटलमा बस्न दिन्न भन्दै उनले कुटपिट गरेका थिए। पीडित अलाईचीले इलाका प्रहरी कार्यालयमा सोही दिन उजुरी गरेको भए पनि सुनुवाइ भएन। आरोपित सुक्रे होटल सञ्चालक हुन्।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

भटौली गाविस-९ सल्लेनी नुङ्गेलीटोलकी २७ वर्षीया तारा मगरलाई ०६९ जेठ १ गते साँझ सोही स्थानका ससुरा नाता पर्ने भक्तबहादुर मगरले क्रिश्चियन धर्म मानेको आरोपमा सामाजिक बहिस्कार गर्ने धम्की दिए। आफूलाई कुटपिट गर्ने, गाउँनिकाला गर्ने, घरमा पस्न नदिने, छोएको नखाने तथा डाँडा कटाउने धम्की दिएको पीडितले बताइन्। पीडक भक्तबहादुरले पीडित ताराको घरको छानामा ढुङ्गा प्रहार गरी टायलसमेत फुटाएका थिए। पीडितले प्रहरीमा उजुरी गरिनन्।

भटौली गाविस-८ कल्लेरी पाखाटोलकी २९ वर्षीया सीता तामाङलाई ०६९ जेठ १० गते विहान

ससुरा धनबहादुर तामाङले क्रिश्चियन धर्म मानेको आरोपमा खुकुरीले काट्ने धम्की दिए। उनले बुहारी सीतालाई कुटपिटसमेत गरेका थिए। बुहारी सीतालाई कुटपिट गरेपछि गाउँले जम्मा भई धनबहादुरलाई सम्झाएर रोकेका थिए। पीडक धनबहादुर उपर कुनै कारबाही भने भएन। पीडितले प्रहरीमा उजुरी गरिनन्।

स्वास्थ्य सेवाको अवस्था

खाँडादेवी गाविसको उपस्वास्थ्य चौकी ०६९ साउन २७ गतेदेखि भदौ ७ गतेसम्म बन्द हुँदा स्थानीयहरू सेवाबाट वञ्चित भए। स्वास्थ्य चौकी व्यवस्थापन समितिका अध्यक्ष सिरेलाल तामाङको अनुसार स्वास्थ्यचौकी अहेव एक महिना अघिदेखि तालिमको लागि जिल्ला बाहिर गएका थिए। अहेव तालिममा गएपछि स्वास्थ्य चौकीमा एकजना मासिका मात्रै कार्यरत थिइन्। स्वास्थ्य संस्थामा कार्यरत मासिका निर्मला श्रेष्ठ साउन २७ गते स्वास्थ्य चौकी बन्द गरी हिँडेकीमा साउन ३१ गते स्वास्थ्य संस्था खोल्न आएकोले विना सूचना स्वास्थ्य संस्था बन्द गरेको भन्दै स्थनीयले उपस्वास्थ्य चौकीमा ताला लगाएका थिए। विवादको कारण लागेको ताला भदौ ७ गते स्वास्थ्य कार्यालयका प्रतिनिधिको रोहवमा स्थानीय राजनीतिक दलका प्रतिनिधि, व्यवस्थापन समिति र स्थानीय गाउँले बसि खोले। मासिकाले आइन्दा यस्तो गल्ती नदोहोऱ्याउने र गाविसको कोषबाट थप एकजना स्वास्थ्यकर्मी राख्ने सहमति बैठकमा भएको थियो।

अस्पताल	१		
स्वास्थ्यचौकी	१७		
उपस्वास्थ्यचौकी	३५		
पद	**दरबन्दी**	**कार्यरत**	**रिक्त**
डाक्टर	४	४	
स्टाफ नर्स	५	१	४
ल्याब असिस्टेन्ट	२	२	
अहेब	१०१	६८	३३
अनमी	६६	५५	११
खोप सुपरभाइजर	१	१	
क्षयरोग/कुष्ठरोग सुपरभाइजर	१	१	
हेल्थ असिस्टेन्ट	२३	१४	९

जिल्ला प्रहरी कार्यालय

जिल्ला प्रहरी कार्यालयमा ०६८ पुस १७ गतेदेखि ०६९ पुस १६ गतेसम्म कर्तव्यज्यान चार, ज्यानमार्ने उद्योग एक, बहुविवाह तीन, आत्महत्याका एक ओटा मुद्दा दर्ता भए।

२.६ दोलखा

जिल्ला सदरमुकाम: चरिकोट
क्षेत्रफल (वर्ग कि. मि.): २,१५१
घरधुरी सङ्ख्या: ४५,६८८
जम्मा जनसङ्ख्या: १,८६,५५७
पुरुष: ८७,००३
महिला: ९५,५५४
अपाङ्ग सङ्ख्या: ५,५८७
गाविस/नपा सङ्ख्या:
पुरुष साक्षरता सङ्ख्या: ६०,६१८
महिला साक्षरता सङ्ख्या: ५२,५९९
हिन्दू धर्मावलम्बी प्रतिशत: ६७.८
बौद्ध धर्मावलम्बी प्रतिशत: २२.३
इस्लाम धर्मावलम्बी प्रतिशत: ०.०२
किराँत धर्मावलम्बी प्रतिशत: ०.०२
क्रिश्चियन धर्मावलम्बी प्रतिशत: १.६३
प्रकृति धर्मावलम्बी प्रतिशत: ८.०७
अन्य धर्मावलम्बी प्रतिशत: ०.१४६
प्रतिपरिवार सरदर सङ्ख्या: ४.०८

जेल र बन्दीहरू

'घ' श्रेणीको जिल्ला कारागारको बन्दी क्षमता २५ जनाको रहेको छ। यस वर्षको अन्त्यसम्म कैद तोकिएका २९ र कैद नतोकिएका १२ कैदी र थुनुवा गरी जम्मा ४१ जना बन्दीहरू रहेका छन्। यस कारागारमा आश्रित बालक र बालिका छैनन्।

कारागार भवन जीर्ण अवस्थामा रहेकोले हाल नयाँ निर्मित महिला कारागार भवनमा पुरुष बन्दीहरूलाई सारेर पुरुषहरूका लागि नयाँ भवन निर्माण गर्न बोलपत्र आह्वान भइसकेको छ। कारागारमा रहेका बन्दीहरूलाई दैनिक ७ सय ग्राम चामल र ४५ रुपियाँ दिइन्छ। बन्दीहरूका लागि तीनओटा दैनिक पत्रिका उपलब्ध गराइन्छ भने खेलकुदका लागि एक ओटा क्यारेमबोर्ड, लुँडो र पोटमात्र रहेका छन्।

सुगम र निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालत

०६८ साउनदेखि ०६९ असार मसान्तसम्म

एक जना कार्यरत र एक जना काज दरबन्दी गरी दुई जना मात्र न्यायाधीश रहेको यस जिल्ला अदालतको फौजदारी मुद्दातर्फ ३ सय ३२ थान मध्ये १ सय ६९ थान फैसला भए भने १ सय ६३ थान फैसला हुन बाँकी रहे। देवानी मुद्दातर्फ ३ सय ३६ थान मध्ये १ सय ६५ फैसला भए भने १ सय ७१ थान फैसला हुन बाँकी रहे।

०६९ साउनदेखि पुस १५ सम्म

एक जना कार्यरत र एक जना काज दरबन्दी गरी दुई जना मात्र न्यायाधीश रहेको यस जिल्ला अदालतको फौजदारी मुद्दातर्फ २ सय ३८ थान मध्ये ६४ फैसला भए भने १ सय ७४ थान फैसला हुन बाँकी रहे। देवानी मुद्दातर्फ २ सय २० थान मध्ये ४२ थान फैसला भए भने १ सय ७८ थान फैसला हुन बाँकी रहे। दुई वर्ष नाघेका फौजदारी मुद्दा र देवानी मुद्दा छैनन्।

घटनाको प्रकार	राज्यपक्षबाट		गैरराज्यपक्षबाट		
	पुरुष	जम्मा	महिला	पुरुष	जम्मा
घाइते				१	१
बालअधिकार			४		४
महिलाअधिकार			८		८
गिरफ्तारी/यातना	५	५			
कुटपिट	५	५		१	१
हत्या			३	१	३
जम्मा	१०	१०	१४	३	१७

जिल्ला सरकारी वकिलको कार्यालय

जिल्ला सरकारी वकिलको कार्यालयबाट ०६८ साउनदेखि ०६९ असार मसान्तसम्म दायर मुद्दाको सङ्ख्या ६९ थान छ जसमध्ये ४८ थान सफल भए भने पाँच थान असफल भएको छ। मुलतवी, तमेली पेण्डीमा मुद्दा चार रहेको छ। सरकारी वकिल सङ्ख्या एक रहेको यस जिल्ला कार्यालयबाट दायर मुद्दामध्ये ०६९ असार मसान्तसम्म १ सय ३४ थान मुद्दा बाँकी रहेको सरकारी वकिलको कार्यालयले जनायो।

दायर मुद्दामध्ये कर्तव्य ज्यानसम्बन्धी मुद्दा १३ थान मध्ये छ थान सफल र सात थान बाँकी रह्यो। बलात्कार सम्बन्धी मुद्दा १३ थान मध्ये पाँच थान सफल, छ बाँकी दुई थान मुल्तवीमा रह्यो। महिला बेचविखन सम्बन्धी मुद्दा छैन। अपहरण सम्बन्धी मुद्दा एक थान सफल रह्यो। बहुविवाह सम्बन्धी मुद्दा चार थान मध्ये एक सफल र तीन थान बाँकी रह्यो। बालविवाहसम्बन्धी मुद्दा र छुवाछूतसम्बन्धी मुद्दा दायर भएनन्।

जिल्ला सरकारी वकिलको कार्यालयबाट ०६९ साउनदेखि ०६९ पुससम्म दायर मुद्दाको सङ्ख्या २० थान जसमध्ये दुई थान सफल भएको छ।

यातना तथा अन्य क्रुर अमानवीय र अपमानजनक व्यवहार वा दण्ड

रामेछाप जिल्ला रस्नालु गाविस-१ का ५२ वर्षीय धनबहादुर बस्नेत, ५८ वर्षीय लालबहादुर बस्नेत, ४० वर्षीय इन्द्रबहादुर बस्नेत, २० वर्षीय प्रेमबहादुर बस्नेत र तेजबहादुर बस्नेतलाई ०६८ माघ ६ गते दोलखा जिल्लाको इलाका प्रहरी कार्यालय जिरीका प्रहरीले सामूहिक यातना दिए। पीडितहरूका अनुसार माघ ४ गते सोही स्थानका तेजबहादुर बस्नेत र कविता खड्काको विवाह भोजमा स्थानीय हेमबहादुर बस्नेत, एकबहादुर बस्नेत र चित्रमायाँ बस्नेतले रामेछापको ठोसे प्रहरी चौकीका प्रहरी समेत बोलाई बेहुलालाई हातपात गरेका थिए। घटनास्थलमा प्रहरीले लाठीचार्ज गरेपछि बेहुली घाइते भएकी थिइन्। सोही विषयलाई लिएर भोलिपल्ट प्रहरी चौकीमा दुवैपक्ष राखेर छलफल

हुँदा प्रहरी कसले बोलाएर विवाह भोजमा गएको भनी प्रहरीसमक्ष प्रश्न राखेका थिए। प्रहरी चौकीमा विवाद नमिलेपछि माघ ६ गते ठोसेका प्रहरी असई चिरञ्जीवी राउतसहितको चार जनाको प्रहरी टोलीले बेहुलातर्फका छ जना साक्षी र हेमबहादुर तथा एकबहादुर समेतलाई छलफल गराउन जिल्ला प्रहरी कार्यालय मन्थली ल्याउन भनी लिएर आएका थिए। तर, दोलखाको जिरी इलाका प्रहरी कार्यालयमा पुऱ्याएपछि त्यहाँका इञ्चार्ज इन्सपेक्टर केशरबहादुर खत्रीलगायतका प्रहरीले पीडितहरूलाई प्रहरी चौकीको बाहिर चौर र हिरासत भित्र राखेर लाठी, बुठ र मुड्कीले कुटपिट गरेका थिए। कुटपिटका कारण उनीहरूको ढाड, चाक र तिघ्रामा ठूला ठूला नीलडाम थिए। प्रहरीले यातना दिई भोलिपल्ट कागज गराएर छाडेका उनीहरू दुई दिनसम्म घरमा गएर बसेपछि माघ १० गते साँझ न्यायको खोजी गर्दै जिल्ला सदरमुकाम मन्थली आएका थिए। उनीहरूलाई इन्सेक र एड्भोकेसीले जिल्ला प्रहरी कार्यालय रामेछापमा लगि छलफल गराएको थियो। डीएसपी सञ्जिव शर्माले तत्कालै इन्सपेक्टरको कमाण्डमा छानविन समिति गठन गरी आवश्यक कारबाहीको प्रक्रिया अघि बढाउने बताए। पीडितहरूले जिरीका इन्सपेक्टर विरुद्ध एड्भोकेसी फोरमको सहयोगमा दोलखा जिल्ला अदालतमा ०६८ फागुन ५ गते मुद्दा दर्ता गरे। जिल्ला अदालत दोलखाले ०६९ मङ्सिर २७ गते वादी दावी नपुगेको भनी फैसला गऱ्यो।

बालअधिकार

शिक्षाको अवस्था

यस जिल्लाका विद्यालय जाने उमेरका ५४ हजार ९४ मध्ये छात्र र छात्रा गरी ४९ हजार ९ सय ७६ प्राथमिक तहदेखि माबि तहसम्म भर्ना भए। यसमध्ये दलित छात्रा र छात्रको विवरण अध्यावधिक गरिएको छैन। सरकारी र सामुदायिक विद्यालय गरी प्राबि तहमा महिला २ सय १५ र पुरुष ७ सय ७८ गरी जम्मा ९ सय ९३ शिक्षक कार्यरत रहेका छन्। निमाबि तहमा महिला १२ र पुरुष १ सय ३४ सय गरी जम्मा १ सय ४६ शिक्षक कार्यरत रहेका छन्। यसैगरी माबि तहमा महिला दुई र पुरुष १ सय २९ गरी जम्मा १ सय ३१ शिक्षक रहेका छन्।

प्रहरी हिरासतमा कुटपिट गरिएका धनबहादुर बस्नेत

बालविकास केन्द्र बालक २ हजार ३ सय ५ र बालिका २ हजार ४ सय २४ गरी जम्मा ४ हजार ७ सय २९ रहेका छन् जसमध्ये दलित बालक र बालिकाको सङ्ख्या यस जिल्ला शिक्षा कार्यालयले शिक्षासम्बन्धी सबै तथ्याङ्क अद्यावधिक गरिएको पाइएन।

बालबालिका ओसार पसार

बाबरे गाविस-९ की १४ वर्षीया बालिकालाई सोही ठाउँका ४५ वर्षीया राधिका थापाले फकाई पवटी गाविस-८ का २३ वर्षीय प्रकाश सापकोटा (खत्री) लाई ०६९ माघ २५ गते बेचेको भनी पीडित पक्षका केदार थापाले ०६९ साउन १४ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए। राधिकाले नौ हजार रुपियाँमा बेचेको उजुरीका आरोपमा प्रकाश गिरफ्तार भएकोमा जिल्ला अदालत दोलखाको ०६९ भदौ १२ गतेको आदेशले उनी हाल पुर्पक्षका लागि थुनामा छन् भने राधिका फरार छन्।

बालात्कार, बलात्कार प्रयास, यौन दुव्यर्वहार

एक नौ वर्षीया बालिकालाई ०६९ साउन ३१ गते मालु गाविस-९ का २२ वर्षीय कुवेर पोखरेलले राति सुतेको ठाउँमा बलात्कार गरेको मौखिक उजुरीका आधारमा प्रहरी चौकी किर्नेटारले पोखरेललाई ०६९ भदौ २५ गते गिरफ्तार गऱ्यो। पीडितपक्षले ०६९ भदौ २७ गते जिल्ला प्रहरी कार्यालय दोलखामा लिखित उजुरी दर्ता गऱ्यो । पीडितको ०६९ भदौ २८ गते प्राथमिक स्वास्थ्य केन्द्र चरिकोटमा स्वास्थ्य परीक्षण गरियो। जिल्ला अदालतको ०६९ असोज ३ गतेको आदेशमा आरोपित पुर्पक्षका लागि थुना छन्।

महिला विरुद्ध हुने सबै प्रकारको भेदभाव/दुर्व्यवहार

बलात्कार/बलात्कारको प्रयास, यौन दुव्यर्वहार

एक २६ वर्षीया गर्भवती महिलालाई ०६९ जेठ १९ गते साँझ सुष्पाक्षमावती गाविस-९ का २५ वर्षीय सेते भन्ने लालबहादर थामीले सुष्पाक्षमावती गाविस-६ को गैह्रोखर्क भन्ने ठाउँमा बलात्कारको प्रयास गरेको

आरोपमा पीडितपक्षले ०६९ जेठ २० गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। पीडित महिला गर्भवती भएकोले चरिकोटमा उपचार गरी घर फर्कने क्रममा मुखमा पट्टी बाँधेर लछारपछार गरी बलात्कारको प्रयास गर्दा पीडित चिच्याएपछि छिमेकीले देखेर कराएपछि थामी भागेका थिए। पीडितको स्वास्थ्य परीक्षण ०६९ जेठ २० गते चरिकोटस्थित प्राथमिक स्वास्थ्य केन्द्रमा भयो। आरोपित थामी हालसम्म फरार रहेको प्रहरीले जनायो।

घरेलु हिंसा

परिवारजनबाट हत्या

काटाकुटी गाविस-८ की १८ वर्षीया प्रमिला श्रेष्ठलाई सासू ५४ वर्षीया गीता श्रेष्ठले ०६९ वैशाख २१ गते आफ्नै घरमा मट्टितेल खन्याई घाइते बनाएकोमा पीडित प्रमिलाको ०६९ वैशाख २८ गते उपचारका क्रममा वीर अस्पतालमा मृत्यु भयो। पीडित प्रमिलाले घरको ढोकामा चुकुल लगाई आफैँले मट्टितेल खन्याएको भनी आरोपित गीता श्रेष्ठले बताइन्। जिल्ला अदालत दोलखाको ०६९ असार १२ गतेको आदेशले आरोपित गीता पूर्पक्षका लागि थुनामा छन्।

कुटपिट

जफे गाविस-६ की ३४ वर्षीया सुन्तली नेपालीलाई ०६९ कात्तिक १४ गते बेलुका पति ३५ वर्षीय अर्जुन नेपालीले सिलौटाले हानी घाइते बनाए। मदिरा सेवन गरी घरमा आई खाना पकाइराखेको समयमा घरायसी विवाद झिकी सिलौटाले होनका थिए। घाइते सुन्तलीको चरिकोटस्थित सामुदायिक अस्पतालमा सामान्य उपचारपछि काठमाडौँ वीर अस्पतालमा उपचार गरिएको थियो। पीडित पक्षको मौखिक उजुरीको आधारमा सोही दिन अर्जुन गिरफ्तार भए भने ०६९ कात्तिक १९ गते जिल्ला प्रहरी कार्यालयमा पीडितले जाहेरी दिइन्। आरोपित ०६९ मङ्सिर १२ गतेको जिल्ला अदालतको आदेशले पुर्पक्षका लागि थुनामा रहेका छन्।

आर्थिक, सामाजिक तथा साास्कृतिक अधिकार

आदिवासी जनजाति महासंघबाट

कालिञ्चोक एफएमका अध्यक्ष एवम् नेपाल पत्रकार महासङ्घ दोलखा शाखाका केन्द्रीय पार्षद् दीपक बस्नेत चढेको बा १९ प ५४६८ नम्बरको मोटरसाइकल २०६९ जेठ ८ गते विहान चरिकोट सातदोबाटो नजिकै जनजाति बन्दकर्ताले तोडफोड गरे। कालिञ्चोक एफएमका लागि समाचार तयार गरेर फर्कँदै गर्दा 'कालिञ्चोक एफएम प्रेस' लेखिएको मोटरसाइकल आदिवासी जनजाति बन्दकर्ताले तोडफोड गरे।

स्वास्थ्य सेवाको अवस्था

अस्पताल	१		
स्वास्थ्यचौकी	१९		
उपस्वास्थ्यचौकी	३३		
पद	**दरबन्दी**	**कार्यरत**	**रिक्त**
डाक्टर	२	२	
स्टाफ नर्स	२	१	१
ल्याब असिस्टेन्ट	२		२
अहेब	१११	८५	२६
अनमी	७६	१४	२२
खोप सुपरभाइजर	१	१	
क्षयरोग/कुष्ठरोग सुपरभाइजर	१	१	
हेल्थ असिस्टेन्ट	२३	८	१५

जिल्ला प्रहरी कार्यालय

जिल्ला प्रहरी कार्यालयमा ०६८ पुस १७ गतेदेखि ०६९ पुस १६ गतेसम्म बलात्कार एक, बलात्कार प्रयास तीन, घरलुहिंसा दुई, महिला ओसारपसार जिउ मास्नेबेच्ने एक, कर्तव्यज्यान पाँच, ज्यानमार्ने उद्योग आठ, आत्महत्या ४६, बहुविवाह दुई यातना तथा अन्य क्रुर अमानवीय व्यवहारका एक ओटा मुद्दा दर्ता भए।

२.७ रौतहट

जिल्ला सदरमुकाम: गौर
क्षेत्रफल (वर्ग कि. मि.): १,१२६
घरधुरी सङ्ख्या: १,०६,६६८
जम्मा जनसङ्ख्या: ६,८६,७२२
पुरुष: ३,५१,०७५
महिला: ३,३५,६४३
अपाङ्ग सङ्ख्या: ८,६५८
गाविस/नपा सङ्ख्या:
पुरुष साक्षरता सङ्ख्या: १,६५,२०५
महिला साक्षरता सङ्ख्या: १,०५,५०२
हिन्दू धर्मावलम्बी प्रतिशत: ७७.७७
बौद्ध धर्मावलम्बी प्रतिशत: १.८५
इस्लाम धर्मावलम्बी प्रतिशत: १५.७
किराँत धर्मावलम्बी प्रतिशत: ०.१
क्रिश्चियन धर्मावलम्बी प्रतिशत: ०.१५
प्रकृति धर्मावलम्बी प्रतिशत: ०.१६
जैन धर्मावलम्बी प्रतिशत: ०.०१
अन्य धर्मावलम्बी प्रतिशत: ०.२५८
प्रतिपरिवार सरदर सङ्ख्या: ६.४४

नागरिक तथा राजनीतिक अधिकार सम्मानित रूपले बाँच्ने अधिकार

हत्या

राज्यबाट

महमदपुर गाविस-७ का ३५ वर्षीय रमोध साह जयसवालको ०६९ असार २१ गते बिहान प्रहरीको गोली लागेर मृत्यु भयो। सोही घटनामा प्रहरीको गोली लागेर अन्य आठजना सर्वसाधारण घाइते भए भने सर्वसाधारणको लाठी तथा ढुङ्गा प्रहारबाट छ जना प्रहरी घाइते भएका थिए। घटनामा महमदपुर गाविस-७ का २५ वर्षीय दिनेश यादव र पोठियाही गाविस-९ का २७ वर्षीय विरोधी राय यादव गम्भीर घाइते भएका थिए। घाइतेमध्ये दिनेशको छातीमा र विरोधी रायको खुट्टामा गोली लागेको थियो। घाइतेहरूको काठमाडौंस्थित त्रिविवि शिक्षण अस्पताल महराजगञ्जमा उपचार भयो। यसैगरी प्रहरीको लाठी तथा अश्रुग्याँस प्रहारबाट महमदपुर गाविस-६ का पासपतराय यादव, विनोदराय यादव, राजेश यादव, भोली साह, वीरभुवन साह र निवासराय यादव घाइते भएका थिए। उनीहरूको स्थानीय गरूडा अस्पतालमा उपचार भयो। त्यसैगरी सर्वसाधारणको लाठी तथा ढुङ्गा प्रहारबाट नवलपरासी जिल्ला निवासी सशस्त्र प्रहरी बलका इन्सपेक्टर ३५ वर्षीय सुमन लामिछाने, इलाका प्रहरी कार्यालय गरूडाका प्रहरी इन्सपेक्टर रामनारायण माझी, ३५ वर्षीय सुमन लामिछाने, प्रहरी जवान २८ वर्षीय दीनानाथ साह, २७ वर्षीय कामेश्वर पटेल, ३१ वर्षीय रामदुलार यादव र २४ वर्षीय वलिराम गिरी घाइते भएका थिए। घाइतेमध्ये प्रहरी जवान गिरीको दाहिने हात भाँचिएको थियो। असार १४ गते भएको सडक दुर्घटनामा एकजनाको घटनास्थलमै मृत्यु भएको र अन्य दुईजना घाइते भएको घटनामा इलाका प्रहरी कार्यालय गरूडाले गलत नम्बरको सवारीचालक र सवारीलाई नियन्त्रणमा लिई फसाउन खोजेको भन्दै महमदपुर गाविसका स्थानीय बासिन्दाले असार २१ गते विहानैदेखि गौर चन्द्रनिगाहपुर सडकखण्डअन्तर्गत भाँझ पुलमा यातायात अवरुद्ध गराएकोमा सो बन्द खुलाउन गएको प्रहरी र स्थानीय बासिन्दाबीच झडप हुँदा प्रहरीले गोली प्रहार गरेको थियो। सो झडपका क्रममा प्रहरीले २९ राउण्ड अश्रुग्याँस र २२ राउण्ड गोली प्रहार गरेको प्रहरी इन्सपेक्टर रामनारायण माझीले बताए। प्रर्दशनकारीको तर्फबाट गोली फायर भएकोले आत्मरक्षाको लागि गोली चलाएको प्रहरीले दावी गरेको थियो। प्रहरीले यस घटनालाई भवितव्य बतायो।

अज्ञात समूहबाट

मकवानपुर जिल्ला चुरियामाई गाविस-९ का २५ वर्षीय विजय ढकाललाई ०६८ चैत १२ गते बिहान अज्ञात समूहले गोली हानी हत्या गऱ्यो। स्कापिर्यो जीपका चालक ढकालले हेटौँडाबाट भाडामा चलाएर ल्याएको जीपमा बसेका अज्ञात समूहले सखुअवा धमौरा गाविस-८ स्थित नहरमा रोकेर ढकालको कञ्चटमा एक गोली प्रहार गरेर लाश सोही स्थानमा फ्याँकी जीप लिएर फरार भएको प्रहरीले जनायो। ढकालको हत्या भएको स्थानबाट प्रहरीले

चाइनिज पेस्तोलमा प्रयोग हुने गोलीको खोका एक थान बरामद गरेको थियो। घटनामा संलग्न दोषी र जीपको खोजी भइरहेको इलाका प्रहरी कार्यालय गरुडाका प्रहरी इन्सपेक्टर रामनारायण माझीले बताए पनि हालसम्म कसैलाई गिरफ्तार गर्न सकेको छैन।

गरुडा बैरीया गाविस-७ की ३० वर्षीया पुनकलीदेवी पासवानलाई ०६८ चैत १२ गते दिउँसो अज्ञात समूहले गरुडा बैरीया गाविस-७ स्थित एकान्त स्थानमा रहेको पानी ट्याङ्कीमा गएको बेला गोली हानी हत्या गरेको प्रहरीले जनायो। गोली कसले र किन हानेको हो भन्ने सम्बन्धमा आवश्यक अनुसन्धान भइरहेको इलाका प्रहरी कार्यालय गरुडाका इन्सपेक्टर रामनारायण माझीले बताए पनि यो वर्षको अन्त्यसम्म कसैलाई गिरफ्तार गर्न सकेन।

अकोलवा गाविस-५ का ६० वर्षीय सोभिलाल साह तेलीलाई ०६९ जेठ ९ गते बिहान अज्ञात समूहले छुरा प्रहार गरी हत्या गऱ्यो। आफ्नै काठको घुम्ती पसलमा सुतिरहेको बेला चार पाँचजनाको समूहमा आएका अज्ञात व्यक्तिहरूले छुरा प्रहार गरी हत्या गरेको मृतकका छोरा गौरीशङ्कर साहले बताए। मृतक साहको जिल्ला अस्पताल गौरमा जेठ १० गते पोस्टमार्टम गरी लास पीडित परिवारलाई बुझाएको प्रहरीले जनायो। प्रहरीले घटनामा संलग्न रहेका व्यक्तिहरूको खोजबिन जारी राखेको बताए पनि यो वर्षको अन्त्यसम्म कसैलाई गिरफ्तार गर्न सकेन।

गोली/बम/विस्फोटक पदार्थबाट घाइते

जनतान्त्रिक तराई मधेश मुक्ति पार्टीबाट

अमर दल गुल्म रौतहटका सैनिक हवलदार होमबहादुर राउत ०६८ माघ ७ गते बिहान बम डिस्पोज गर्ने क्रममा घाइते भए। सरमुजवा गाविस-८ स्थित बंकुल बजारका व्यापारी प्रमोद किराना पसलको अगाडि अज्ञात समूहद्वारा माघ ६ गते साँझ राखिएको टाइम बम डिस्पोज गर्ने क्रममा हवलदार राउत घाइते भएको जिल्ला प्रहरी कार्यालयले जनायो। घाइते राउतको खुट्टामा बमको छर्रा लागेको थियो। घाइते राउतको स्थानीय क्लिनिकमा उपचार भयो। जनतान्त्रिक तराई मधेश मुक्ति पार्टीका भोजपुरा इन्चार्ज अभय सिंहले स्थानीय सञ्चारकर्मीलाई टेलिफोन गरी उक्त पसलमा बम राखेको जिम्मेवारी लिए।

जेल र बन्दीहरू

'ग' श्रेणीको जिल्ला कारागारको बन्दी क्षमता ९५ जनाको रहेको छ। यस वर्षको अन्त्ययसम्म कैद तोकिएको महिला तीन र पुरुष ४५ गरी ४८ जना र कैद नतोकिएका महिला चार र पुरुष ७४ जना गरी ७८ जना कैदी र थुनुवा गरी जम्मा १ सय २६ जना बन्दीहरू रहेका छन्। जसमा आश्रित बालक एक जना रहेको छ। यस जिल्ला कारागार १९७५ सालमा निर्माण भएको हो।

तीन ओटा भवन भएको यस कारागारमा महिला बन्दी र पुरुष बन्दी गृह रहेका छन्। कुल ९५ जना कैदी बन्दी राख्ने क्षमता रहेको यस कारागारमा क्षमताभन्दा बढी कैदी बन्दी राख्नु परेकाले विभिन्न समस्याहरू आउने गरेको कारागार प्रशासनले जनाएको छ। यस कारागारमा खेलकुदका सामग्रीहरूमा ब्याडमिन्टन, चेस, लुँडो, क्यारमबोर्ड दिइएको छ। पुरुष बन्दीगृह तर्फ चार ओटा र महिला बन्दीगृहमा दुई ओटा शौचालय रहेको छ। पुरुष बन्दीतर्फ जिल्ला विकास समितिले दिएको टेलिभिजन बिग्रिएका कारण बन्दी आफैंले निजी टेलिभिजन ल्याएर हेर्ने गरेका छन् भने महिला बन्दीतर्फ टेलिभिजनको व्यवस्था नरहेको जेल प्रशासनले जनाएको छ। सुरक्षातर्फ असईको कमाण्डमा २७ जना सुरक्षाकर्मीको दरबन्दी रहेको यस कारागारमा सुरक्षाकर्मीलाई भने कुनै सुविधा नरहेको उनीहरूले बताएका छन्।

सुगम र निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालत

०६८ साउनदेखि ०६९ असार मसान्तसम्म

तीन जनामात्र न्यायाधीश रहेको यस जिल्ला अदालतको फौजदारी मुद्दातर्फ ९ सय ३८ थान मध्ये ४ सय ७९ थान फैसला भए भने ४ सय ५९ थान मुद्दा फैसला हुन बाँकी रहे। देवानी मुद्दातर्फ २ हजार ६ सय ९५ थान मध्ये १ हजार ४ सय २९ थान मुद्दा फैसला भए भने १ हजार २ सय ६६ थान मुद्दा फैसला हुन बाँकी रहे।

०६९ साउनदेखि पुस १५ सम्म

यस जिल्ला अदालतमा फौजदारी मुद्दातर्फ ७ सय २ थान मुद्दा मध्ये १ सय ८० थान मुद्दा फैसला भए भने ५ सय २२ थान मुद्दा फैसला हुन बाँकी रहे। देवानी मुद्दातर्फ २ हजार १५ थान मुद्दा मध्ये ५ सय ३६ थान मुद्दा फैसला भए भने १ हजार ४ सय ७९

घटनाको प्रकार	राज्यपक्षबाट		गैरराज्यपक्षबाट		
	पुरुष	जम्मा	महिला	पुरुष	जम्मा
घाइते	८	८	१	९	१०
बालअधिकार			१२		१२
अपहरण			३	३	६
महिलाअधिकार			३१		३१
हत्या	१	१	७	७	१४
जम्मा	९	९	४४	१९	६३

थान मुद्दा फैसला हुन बाँकी रहे। यस अदालतमा दुई वर्ष नाघेका सरकारवादी फौजदारी मुद्दा ५ थान, दुनियावादी फैजदारी मुद्दा ६ थान र देवानी मुद्दा ६४ थान समेत जम्मा ७५ थान रहेको अदालतको अभिलेखबाट देखिएको छ।

जिल्ला सरकारी वकिल कार्यालय

जिल्ला सरकारी वकिलको कार्यालय रौतहटमा ०६८ साउनदेखि ०६९ असार मसान्तसम्म गते वर्षको जिम्मेवारी सरेर आएको समेत जम्मा मुद्दा सङ्ख्या ६ सय १८ थान रहेकोमा सो अवधिमा १ सय ९२ थान मुद्दा फर्स्यौट भई ४ सय २६ थान मुद्दा फैसला हुन बाँकी रहे।

बालअधिकार

शिक्षाको अवस्था

रौतहट जिल्लाको अधिकांश विद्यालयहरूमा अध्ययनरत विद्यार्थीहरूले असारको पहिलो हप्ता सकिँदा समेत सरकारले उपलब्ध गराएको नि:शुल्क पाठ्यपुस्तक पाउन सकेनन्। जिल्ला शिक्षा कार्यालय रौतहटले सम्पूर्ण विद्यालयहरूलाई अध्ययनरत विद्यार्थीहरूको फोटो सहितको तथ्यांक उपलब्ध गराउन निर्देशन दिएपनि विद्यालयहरूले अटेर गर्दा विद्यार्थीहरू मर्कामा परेका छन्। यस वर्षदेखि लागू गरिएको फोटोसहितको विद्यार्थी तथ्याङ्क जिल्ला शिक्षा कार्यालयले माग गरेपछि विद्यालयलाई समस्या उत्पन्न भएको छ। अघिल्ला वर्षहरूमा विद्यालयले नक्कली विद्यार्थीहरूको नाम लेखेर पाठ्यपुस्तक बापतको रकम लिएर दुरूपयोग गर्ने गुनासो आएपछि यस बर्षदेखि विद्यार्थीको फोटो सहितको विवरण माग गरेको जिल्ला शिक्षा कार्यालयले जनाएको छ। जिल्लाका दर्जनौँ विद्यालयहरूमा अध्ययनरत विद्यार्थीले पाठ्यपुस्तक नपाएको गुनासो गरे। यसैबीच पुस्तक विक्रेताकाहरूले विद्यालयले पाठ्यपुस्तक माग गर्दा १५ प्रतिशत कमिशन माग्ने तर आफूलाई जनक शिक्षाले नौं प्रतिशत मात्र कमिशन दिने हुँदा विद्यालयको माग अनुसार पाठ्यपुस्तक उपलब्ध गराउन कठिनाई भएको बताए

यस जिल्लामा प्रावि तहमा ३ सय ५७, निमावि तहमा ९२ र मावि/उच्च मावि तहमा ७१ समेत गरी ५ सय २० ओटा सामुदायिक र संस्थागत विद्यालयहरु रहेका छन् । जसमा विद्यालय जाने उमेरका मध्ये प्रावि तहमा छात्र ६६ हजार ६ सय २९ र छात्रा ५५ हजार २४ जना प्राथमिक तहमा र निमावि देखि उच्च मावि तहसम्म छात्र ३५ हजार ९ सय २२ र छात्रा २३ हजार ६ सय ४८ जना भर्ना भए । यसमध्ये प्राथमिक तहमा दलित छात्रा १६ हजार ६ सय ४० र छात्र १९ हजार २ सय २३ रहेका छन् । सरकारी र सामुदायिक विद्यालय गरी प्रावि तहमा १ हजार ५१ जना, निमावि तहमा १ सय ७४ जना र मामि तहमा १ सय ९० जना शिक्षकहरु कार्यरत रहेको जिल्ला शिक्षा कार्यालय रौतहटले जनाएको छ । यस जिल्ला शिक्षा कार्यालयले शिक्षासम्बन्धी सबै तथ्याङ्क अद्यावधिक गरिएको पाइएन ।

हत्या

बगही गाविस-९ की पाँच वर्षीया सीमाकुमारी माझी मुसहरलाई ०६८ फागुन २५ गते साँझ सोही ठाउँका २० वर्षीय प्रभु माझी मुसहरले बलात्कार गरी घाँटी थिचेर हत्या गरेर लास पोखरीमा फ्याँकिदिए। फागुन २५ गते बिहानदेखि हराइरहेकी बालिकालाई खोजतलास गर्ने क्रममा फागुन २८ गते बगही गाविस-८ स्थित वीरेन्द्र चौधरीको पोखरीको डिलमा बालिकाको लाश फेला परेको थियो। प्रहरीले अनुसन्धान गर्ने क्रममा प्रभु माझीले बालिकालाई बलात्कार गरी हत्या गरेको खुलासा भएको थियो। पीडित बालिकाको बुबाले ०६८ फागुन ३० गते इलाका प्रहरी कार्यालय गरुडामा किटानी जाहेरी दिएपछि प्रहरीले आरोपितलाई सोही दिन गिरफ्तार गरी कर्तव्य ज्यान मुद्दा चलाएकोमा रौतहट जिल्ला अदालतको ०६८ चैत २२ गतेको आदेशले पुर्पक्षको लागि थुनामा छन्। यस वर्षको अन्त्यसम्म मुद्दाको फैसला भएन।

सर्लाही जिल्ला मानपुर गाविस-९ का गणेश राय यादव र रेखियादेवी यादवका छोरा तीन वर्षीय नितेशकुमार यादवलाई समनपुर गाविस-८ की २५ वर्षीया महादेवी यादव र सोही ठाउँका ४२ वर्षीय छविलाल यादवले ०६९ जेठ ६ गते राति घाँटी रेटी

हत्या गरे। रौतहटको समनपुर गाविस-८ स्थित बागमती नदी किनारमा जेठ ९ गते बिहान तीन वर्षीय बालक नीतेशको काटिएको टाउको र महादेवीले पूजा गर्ने कोठामा बालकको शरीरको बाँकी भाग गाडेको अवस्थामा फेला परेपछि घटना सार्वजनिक भएको थियो। हत्यामा संलग्न रहेको आरोपमा महादेवीलाई प्रहरीले जेठ ९ गते गिरफ्तार गरी अनुसन्धान गर्दा कथित बोक्सी विद्या सिक्न गाउँकै धामी छविलालसँग मिलेर बालकको हत्या गरेको तथ्य खुलेको थियो। गिरफ्तार महादेवीलाई प्रहरीले कर्तव्य ज्यान मुद्दा चलाएकोमा रौतहट जिल्ला अदालतको ०६९ असार १ गतेको आदेशले पुर्पक्षको लागि थुनामा राख्ने आदेश दिएको छ भने अर्का आरोपित छविलाल यादवलाई प्रहरीले यस वर्षको अन्त्यसम्म गिरफ्तार गर्न सकेन।

कनकपुर गाविस-२ की ३० वर्षीया कुश्मी खातुनलाई आफ्नै दुई वर्षीया छोरी जमुनीलाई हत्या गरेको अभियोगमा ०६९ असोज ७ गते प्रहरीले गिरफ्तार गऱ्यो। कनकपुर गाविस-२ स्थित नहरको कल्भर्टमा पानीभित्र ०६९ असोज ३ गते भेटिएको बालिकाको शवको बारेमा अनुसन्धान गर्दा कनकपुर गाविस-२ का सेख जोखन भन्ने शेख जाकिर हुसैन र कुश्मी खातुनको छोरी भएको खुलेको थियो। अनुसन्धानको क्रममा आरोपित कुश्मी खातुनका पति सेख जोखनसँग झगडा भएका कारण दुवैजनाले सम्बन्धविच्छेद गर्नको लागि छोरी जमुनी खातुन बाधक बनेकाले उनको हत्या गर्ने योजना बनाई असोज २ गते राति दुवैजना मिलेर पानीको कल्भर्टमा ल्याएर फालेर हत्या गरेको खुल्न आएको इलाका प्रहरी कार्यालय गरुडाका प्रहरी इन्सपेक्टर ललनप्रसाद कुर्मीले बताए। गिरफ्तार भएकी खातुनलाई कर्तव्य ज्यान मुद्दा चलाएकोमा रौतहट जिल्ला अदालतको मिति ०६९ असोज २८ गतेको आदेशले उनी पुर्पक्षको लागि थुनामा रहेकी छन्। यो वर्षको अन्त्यसम्म मुद्दा फैसला भएको छैन।

चन्द्रनिगाहपुर गाविस-३ की १५ वर्षीया सम्झना विश्वकर्मालाई हत्या गरी सोही गाविस- ५ स्थित चाँदी नदीको किनारामा शव फ्याँकिएको अवस्थामा ०६९ मङ्सिर २४ गते बिहान प्रहरीले लास फेला पाऱ्यो। मृतकको लाशबाट बरामद भएको हातको चुरा, औँठी र कपडाको आधारमा मृतकका बाबु इन्द्रबहादुर विश्वकर्माले ०६९ पुस १ गते इलाका प्रहरी कार्यालय चन्द्रनिगाहपुरमा सनाखत गरेको इलाका प्रहरी कार्यालय चन्द्रनिगाहपुरले जनायो। पीडितको डेढ वर्षअघि सर्लाही जिल्ला हरिवन गाविस-१ का ३० वर्षीय हेमन्त विश्वकर्मासँग प्रेम विवाह भएको र विवाहपश्चात् छोरीलाई बारम्बार कुटपिट गर्ने गरेकाले उनको हत्या ज्वाइँले गरेको भन्दै मृतकका बाबु इन्द्रबहादुर विश्वकर्माले ०६९ पुस १ गते इलाका प्रहरी कार्यालय चन्द्रनिगाहपुरमा किटानी जाहेरी दिए। किटानी जाहेरीका आधारमा आवश्यक अनुसन्धान अघि बढाइएको प्रहरीले बताएपनि यो वर्षको अन्त्यसम्म प्रहरीले पीडकलाई गिरफतार गर्न सकेन।

अपहरण/बेपत्ता

समनपुर गाविस-९ का १३ वर्षीय सुनिलकुमार बैठालाई ०६९ असोज १७ गते सोही ठाउँका २८ वर्षीय राजेन्द्र बैठा र ६५ वर्षीय मुसहर बैठाले अपहरण गरी बेपत्ता बनाएको आरोपमा पीडित बालकका बाबु अच्छेलाल बैठाले ०६९ पुस ६ गते जिल्ला प्रहरी कार्यालय रौतहटमा जाहेरी दर्ता गराए। पीडित बालकलाई पीडकहरूले गरुडा बजार घुम्न जाउँ भनी घरबाट फकाएर ल्याई बेपत्ता बनाएको उनले बताए। प्रहरीले आरोपितहरूलाई यो वर्षको अन्त्यसम्म गिरफ्तार गर्न सकेन। सुनिलकुमारको अवस्था अझै अज्ञात रहेको छ।

बेचविखन तथा ओसारपसार

सुनसरी जिल्ला धरान नपा-१५ की १४ वर्षीया, १५ वर्षीया र १५ वर्षीया बालिका र सोही ठाउँका १३ वर्षीय एक बालकसमेत चारजनालाई सर्कसमा राम्रो काम लगाइदिन्छु भन्दै एक अपरिचित व्यक्तिले फकाई चन्द्रनिगाहपुर हुँदै गौरतर्फ लैजान लागेको अवस्थामा ०६८ माघ १४ गते प्रहरीले चन्द्रनिगाहपुरबाट उद्दार गऱ्यो। ती बालबालिकालाई ल्याउने व्यक्ति प्रहरीलाई देखेपछि उनीहरूलाई छाडेर बेपत्ता भएको उद्दार

प्रहरीको गोली लागी मृत्यु भएका रमोध साह जैसवाल

गरिएका बालबालिकाले बताए। इलाका प्रहरी कार्यालय चन्द्रनिगाहपुरमा ०६८ माघ १५ गते इन्सेक प्रतिनिधिसहित अधिकारकर्मीहरूको बैठक बसेर उद्धार गरिएका बालबालिकालाई उनीहरूको अभिभावकको जिम्मा लगाउन पठाइयो।

गेडही गुठी गाविस-६ की १४ वर्षीया आरतीकुमारी यादवलाई ०६८ पुस १७ गते गम्हरीयावितर्ा गाविस-३ का २५ वर्षीय उमेश ठाकुर हजाम, सोही ठाउँका ४५ वर्षीय राजेन्द्रप्रसाद ठाकुर र गेडही गुठी गाविस-५ की २५ वर्षीया शारदादेवी साह बनियाले बेचविखन गर्ने उद्देश्यले तीन महिनासम्म बन्धक बनाएको आरोपमा पीडितले ०६८ चैत २५ गते इलाका प्रहरी कार्यालय गरुडामा जाहेरी दर्ता गराइन्। पीडित बालिकालाई आरोपितहरूले महमदपुर गाविसस्थित शिव मन्दिरमा ललाइफकाइ विभिन्न प्रलोभनमा पारीराखेको र पछि भारतको मुम्बईमा बिक्री गर्ने योजना बनाएको थाहा पाएर बाबुलाई खबर गरेका कारण प्रहरीको निगरानी भएकोले भारतमा बेचिनबाट जोगिएको पीडितले बताइन्। पीडित बालिकालाई ०६८ चैत २५ गते बारा जिल्लाको निजगढबाट प्रहरीले उद्दार गरेको थियो। प्रहरीले अपहरणमा संलग्न उमेश ठाकुरलाई चैत २५ गते गिरफ्तार गरी मानववेचखिन ऐनअर्न्तगत मुद्दा चलाइएकोमा जिल्ला अदालतको ०६९ वैशाख २५ गतेको आदेशले १० हजार रुपियाँ धरौटी राखेर तारेखमा रिहा भए भने अन्य आरोपितहरू हालसम्म फरार रहेको प्रहरीले जनायो। यस वर्षको अन्त्यसम्म मुद्दाको फैसला भएन।

बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

एक १३ वर्षीया बालिकालाई ०६८ फागुन २७ गते राति कटहरीया गाविस-४ का गम्भीरा राय यादव,

कथित बोक्सीको आरोपमा कुटपिट गरिएकी तेतरीदेवी कुशवाहा

सोही गाविस-१ का २० वर्षीय जीतेन्द्र राय यादव, सोही गाविस-५ का १६ वर्षीय र १७ वर्षीय बालकहरुसमेतले सामूहिक बलात्कार गरेको आरोपमा पीडितले ०६८ चैत ६ गते इलाका प्रहरी कार्यालय गरुडामा जाहेरी दर्ता गराइन्। कटहरीया गाविस -५ की दुगारीदेवी साहले पीडित बालिकालाई राति आफ्नो घरमा सल (पछ्यौरा) लिन पठाएको अवस्थामा आरोपितहरूले सोही गाविस-५ का लक्ष्मी साह सोनारको भुसा राख्ने घरमा लगेर मुख थुनेर सामूहिक बलात्कार गरेको पीडित बालिकाले जाहेरी दर्खास्तमा उल्लेख गरेकी छन्। पीडितको ०६८ चैत ३ गते जिल्ला अस्पताल गौरमा स्वास्थ्य परीक्षण गराउँदा बलात्कार भएको प्रमाणित भएको थियो। आरोपितमध्येका एक बालकलाई प्रहरीले ०६८ चैत ७ गते गिरफ्तार गरी मुद्दा चलाएकोमा रौतहट जिल्ला अदालतको ०६८ चैत २९ गतेको आदेशले आरोपित नाबालक रहेकाले पुर्पक्षको लागि बाल सुधारगृहमा पठाउने आदेश भएबमोजिम उनी हाल भक्तपुर बाल सुधारगृहमा रहेका छन भने अन्य आरोपितहरू यो वर्षको अन्त्यसम्म अदालतमा हाजिर भएका छैनन्।

एक नौ वर्षीया बालिकालाई ०६९ असार १६ गते साँझ डुमरिया(म.) गाविस-२ का १८ वर्षीय जीवनबहादुर विष्टले बलात्कार गरेको आरोपमा प्रहरीले विष्टलाई सोही दिन साँझ गिरफ्तार गऱ्यो। पीडित बालिकालाई विष्टले ललाइ फकाइ साइकलमा राखी चन्द्रनिगाहपुर गाविस-१ स्थित जिल्ला वन कार्यालय भन्दा पश्चिमपट्टिको जङ्गलमा लगेर बलात्कार गरेको पीडित बालिकाले बताएपछि प्रहरीले बिष्टलाई गिरफ्तार गरेको जनायो। आारोपित रौतहट जिल्ला अदालतको ०६९ साउन १२ गतेको आदेशले पुर्पक्षको लागि थुनामा रहेकोमा यस वर्षको अन्त्यसम्म मुद्दाको फैसला भएन।

एक १४ वर्षीया बालिकालाई ०६९ असार २३ गते राति गम्हरीया पर्सा गाविस-१ २३ वर्षीय सञ्जीवकुमार पटेलसहितका व्यक्तिहरूले बलात्कार गरेको आरोपमा पीडितले इलाका प्रहरी कार्यालय गरुडामा उजुरी दिइन्। शनिवार राति सञ्जीव पटेलसहितका व्यक्तिहरू घरभित्र प्रवेश गरी बलात्कार गरेको पीडितले प्रहरी समक्ष बताइन्। पीडितले असार २५ गते इलाका प्रहरी कार्यालय गरुडामा आरोपितलाई ठाडो निवेदन दिएकोमा प्रहरीले पीडितको अस्पताल जाँचको लागि गौर पठाएकोमा अस्पतालको प्रतिवेदनमा बलात्कार भएको प्रमाणित नभएकाले मुद्दा चलाउन

नमिल्ने इलाका प्रहरी कार्यालय गरुडाका प्रहरी इन्सपेक्टर ललनप्रसाद कुर्मीले बताए। बलात्कारको घटना सार्वजनिक गरे समाजमा इज्जत गुम्ने डरले पीडित परिवारले प्रहरीलाई चाँडो खबर नगरेकाले आरोपित व्यक्ति फरार भएको र बलात्कारको प्रमाण नष्ट भएको कुर्मीले बताए।

बालविवाह

पतौरा गाविस-८ का २१ की १३ वर्षीया बालिका अन्तिमाकुमारी महतोलाई सोही गाविस-४ का २१ वर्षीय प्रमोद साह कानुले ०६९ साउन १४ गते बालविवाह गरेको आरोपमा पीडितको बाबु दीनानाथ महतोले ०६९ असोज २४ गते जिल्ला प्रहरी कार्यालय रौतहटमा जाहेरी दर्ता गराए। पीडित बालिकालाई पीडक प्रमोद साह कानुले ललाईफकाई लगेर बालविवाह गरेको र सो विवाह गर्न सहयोग पुऱ्याएको भन्दै पीडितका बाबुले पतौरा गाविस-४ का ५१ वर्षीय शम्भु साह कानू र सोही ठाउँका २५ वर्षीय कृष्ण साह कानूसमेत विरुद्ध मुद्दा दायर गरेकोमा प्रहरीले आरोपित मध्येका रामाकान्त साहलाई ०६९ असोज २४ गते गिरफ्तार गरी बालविवाहको मुद्दा चलाएकोमा रौतहट जिल्ला अदालतको ०६९ कात्तिक १९ गतेको आदेशले उनी २ हजार रुपियाँ धरौटीमा तारेखमा रिहा भए भने अन्य आरोपितहरू यो वर्षको अन्त्यसम्म अदालतमा हाजिर भएनन्।

महिलाविरुद्ध हुने सबै प्रकारको भेदभाव, दुर्व्यवहार बेचबिखन तथा ओसारपसार

चन्द्रनिगाहपुर गाविस-५ की १७ वर्षीया पिङ्कीकुमारी धामीलाई ०६८ फागुन २७ गते सोही गाविस-३ गैँडाटारकी ४५ वर्षीया राजकुमारीदेवी धामीले भारतको गोरखपुरस्थित रमजानपुर भन्ने स्थानमा लगेर २५ हजार भारतीय रुपियाँमा बिक्री गरेको आरोपमा पीडित बालिकाको बुवा शङ्कर धामीले ०६८ फागुन २८ गते इलाका प्रहरी कार्यालय चन्द्रनिगाहपुरमा जाहेरी दर्ता गराए। पीडित बालिकालाई बिक्री गरेको स्थानबाट पीडितको अभिभावक, तथा मानवअधिकार सङ्घ संस्थाका प्रतिनिधिहरूले ०६८ चैत १० गते उद्दार गरी ल्याएपछि पीडितको चैत ११ गते रौतहट जिल्ला अदालतमा बयान प्रमाणित गराउँदा पीडक राजकुमारीदेवी धामिले भारतका राकेस भन्ने व्यक्तिलाई २५ हजारमा बिक्री गरेको खुल्न आएको थियो। प्रहरीले पीडकलाई ०६८ चैत १२ गते गिरफ्तार गरी मानव वेचविखन तथा ओसारपसार बिरुद्ध मुद्दा चलाएकोमा रौतहट जिल्ला अदालतको ०६९ वैशाख ५ गतेको आदेशले पीडक पुर्पक्षको लागि थुनामा रहेकी छिन्। यो वर्षको अन्त्यसम्म मुद्दाको फैसला भएन।

परिवारजनबाट सिक्रीले बाँधेर राखिएकी सकिना खातुन

राजपुर फरहदवा गाविस-८ की २४ वर्षीया समिरुन खातुनलाई ०६८ माघ २८ गते सोही ठाउँका ४० वर्षीय सेख कलामले भारतमा लगी बिक्री गरेको आरोपमा पीडितको भाउजु ३५ वर्षीया मुफिदा खातुनले ०६८ चैत ३ गते जिल्ला प्रहरी कार्यालय रौतहटमा जाहेरी दर्ता गराइन्। प्रहरीले घटनाको सम्बन्धमा अनुसन्धान भइरहेको जनाएपनि पीडितको बयान प्रमाणित गराउन नसकेको र पीडक गिरफ्तार हुन नसकेका कारण कुनै कारवाही अघि बढेन।

धरमपुर गाविस-४ की १७ वर्षीया ताजबुन खातुनलाई ०६८ माघ ६ गते राति धर्मपुर गाविस-५ का २८ वर्षीय कदिर अन्सारी, सोही गाविस-४ का ४५ वर्षीय अहमद अन्सारी र सोही गाविस-५ का ३२ वर्षीय दविर अन्सारीले बिक्री गर्ने उद्देश्यले भारत सीतामढी लगेको आरोपमा पीडितको आमा सुखली खातुनले जिल्ला प्रहरी कार्यालय रौतहटमा ०६९ वैशाख १० गते जाहेरी दरखास्त दर्ता गराइन्। पीडकहरू मध्ये कदीर अन्सारी र अहमद अन्सारीलाई प्रहरीले ०६९ वैशाख १० गते गिरफ्तार गरी मानव वेचविखन मुद्दा चलाइएकोमा जिल्ला अदालतको ०६९ जेठ ४ गतेको आदेशले दुवैजना साधारण तारेखमा रिहा भए भने अर्का आरोपित दविर अन्सारी हालसम्म फरार रहेको प्रहरीले जनायो। यो वर्षको अन्त्यसम्म मुद्दाको फैसला भएको छैन।

बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

महोत्तरी जिल्ला घर भएकी १९ वर्षीया एक युवतीलाई ०६९ मङ्सिर २ गते साँझ चन्द्रनिगाहपुर गाविस- १ का २६ वर्षीय कृष्णबहादुर दर्लामीले बलात्कार गरेको उजुरीको आधारमा प्रहरीले उनलाई मङ्सिर ३ गते बिहान गिरफ्तार गऱ्यो। दर्लामीले पीडित युवतीलाई चन्द्रनिगाहपुर

गाविस-१ स्थित जङ्गलमा लगेर बलात्कार गरेको आरोपमा पीडित युवतीले इलाका प्रहरी कार्यालय चन्द्रनिगाहपुरमा मङ्सिर २ गते साँझ किटानी जाहेरी दिएकी थिइन्। पीडितको चन्द्रनिगाहपुर अस्पतालमा डा. शङ्कर लोहलाले स्वास्थ्य परीक्षण गरेका थिए। रौतहट जिल्ला अदालतको ०६९ मङ्सिर २७ गतेको आदेशले दर्लामी पुर्पक्षको लागि थुनामा रहेका छन्। यस वर्षको अन्त्यसम्म मुद्दाको किनारा लागेको छैन।

एक २२ वर्षीया युवतीलाई सोही ठाउँका ४९ वर्षीय इन्द्रदेव सहनीले ०६९ मङ्सिर ७ गते बलात्कार गरेको आरोपमा पीडितका पतिले ०६९ मङ्सिर ९ गते इलाका प्रहरी कार्यालय चन्द्रनिगाहपुर रौतहटमा जाहेरी दर्ता गराए। पीडित सधैँ बिरामी हुने गरेकोमा आरोपितले आफूले धामीको काम गर्ने गरेको बताउँदै रोग निको पारिदिने भनेर पीडितलाई भुत लागेकाले भगाउने भन्दै सो राति पीडितको घरभन्दा उत्तरतर्फ रहेको सिसौघारीमा लगेर बलात्कार गरेको पीडितका पतिले बताए। जाहेरीको आधारमा आरोपितलाई प्रहरीले मङ्सिर ९ गते गिरफ्तार गरी मुद्दा दायर गऱ्यो। रौतहट जिल्ला अदालतको ०६९ पुस ३ गतेको आदेशबमोजिम आरोपित ४५ हजार रुपियाँ धरौटी राखी रिहा भए।

बलात्कारपछि हत्या

औरया गाविस- ६ की ३० वर्षीया मुनिया भन्ने उषादेवी साहलाई ०६९ भदौ १० गते साँझ गौर नपा-७ का २७ वर्षीय भगवान दास तत्माले बलत्कारपछि हत्या गरेको आरोपमा प्रहरीले ०६९ भदौ १५ गते तत्मालाई गिरफ्तार गऱ्यो। मृतक उषादेवीको लास गाउँकै सिसौघारीमा भदौ ११ गते बिहान भेटिएपछि प्रारम्भिक अनुसन्धानबाट उनको बलात्कारपछि हत्या भएको प्रहरीले दाबी गरेको थियो। आफ्ना सन्तानको लागि किताब खरिद गर्न सदरमुकाम गौर आएकी ती महिला घर पुग्न नपाउँदै उनको बलात्कारपछि हत्या भएको र लास त्यहीँ रहेको अवस्थामा फेला परेको थियो। घटनास्थलमा उनले लगाएका चुरा, चप्पल, कानको फूली बरामद भएको आधारमा प्रहरीले अनुसन्धान गर्दा आरोपित भगवान दासले नै बलात्कारपछि हत्या गरेको निष्कर्षमा प्रहरी पुगेको एसपी ठूले राईले बताए। मृतकका पति हरिहर साहले तत्माविरुद्ध जिल्ला प्रहरी कार्यालय रौतहटमा ०६९ भदौ १७ गते किटानी जाहेरी दर्ता गराएपछि प्रहरीले कर्तव्य ज्यान मुद्दा चलाई रौतहट जिल्ला अदालतमा पेश गरेकोमा अदातलको ०६९ असोज ११ गतेको आदेशले आरोपित तत्मा पुर्पक्षको लागि थुनामा रहेका छन्। यस वर्षको अन्त्यसम्म मुद्दाको किनारा लागेको छैन।

घरेलु हिंसा

परिवारजनबाट हत्या

लक्ष्मीपुर गाविस-८ की १८ वर्षीया रिङ्कुदेवी ठाकुरको ०६९ मङ्सिर २० गते राति शङ्कास्पद तरिकाले मृत्य भएपछि परिवारका सदस्यहरू लास जलाएर बेपत्ता भए। लक्ष्मीपुर गाविस-८ का मोहन ठाकुर हजामका छोरा चन्द्रशेखर ठाकुरसँग गत वर्ष मङ्सिरमा वैवाहिक बन्धनमा बाँधिएकी सर्लाही जिल्ला जमुनीया गाविस-९ की १८ वर्षीया रिङ्कुदेवीलाई ०६९ मङ्सिर १२ गते परम्पराअनुसार गौना गरी घर ल्याइएको थियो। घटनाबारे २१ गते बिहान प्रहरीलाई जानकारी भएपछि जिल्ला प्रहरी कार्यालय रौतहटका प्रहरी इन्सपेक्टर हरिकृष्ण केसी र महिला तथा बालबालिका सेवा केन्द्र रौतहटका प्रहरी इन्सपेक्टर रूपा लाबुङको नेतृत्वमा प्रहरी घटनास्थलमा पुग्दा परिवारका सबै सदस्यहरू घरमा ताल्चा लगाएर फरार रहेको पाइएको थियो। मृतकका बाबु कन्तलाल ठाकुर हजामले मृतकका ससुरा ४८ वर्षीय मोहन ठाकुर हजाम, सासू ४६ वर्षीया समादेवी ठाकुर, पति २४ वर्षीय चन्द्रशेखर ठाकुर, र देवर २२ वर्षीय रोशन ठाकुर हजामले दाइजो कम ल्याएको भन्दै हत्या गरी फरार रहेकाले कारबाहीको लागि ०६९ मङ्सिर २९ गते जिल्ला प्रहरी कार्यालय रौतहटमा जाहेरी दर्ता गराएकोमा यस वर्षको अन्त्यसम्म प्रहरीले आरोपितहरूलाई गिरफ्तार गर्न सकेन।

दुर्व्यवहार

टेङ्ग्राहा गाविस-४ की ६० वर्षीया रामभजीदेवी यादवलाई ०६८ माघ १ गते साँझ सोही ठाउँका ६० वर्षीय विद्यानन्द राय यादव, ३६ वर्षीय रामविश्वास राय यादव, ५५ वर्षीया सम्झादेवी यादव र ३० वर्षीया सविदादेवी यादवले बोक्सीको आरोपमा कुटपिट गर्नुका साथै अभक्ष खुवाए। पीडितले ०६८ माघ १८ गते घटनमा संलग्न उनीहरूलाई कारबाहीको माग गर्दै जिल्ला प्रहरी कार्यालय रौतहटमा जाहेरी दर्खास्त दर्ता गराइन्। पीडकहरूले आफ्नो घरका गाई भैँसीलाई टुनामुना लगाएर दूध दिन छाडेको भन्दै कुटपिट गर्नुका साथै अभक्ष खुवाएको पीडितले बताइन्।

घटनाका आरोपितहरूलाई प्रहरीले गिरफ्तार गर्न नसकेपछि मुलुकी ऐन अदलको महलबमोजिम मुद्दा चलाई ०६८ फागुन ३ गते रौतहट जिल्ला अदालतमा मुद्दा दायर गरेकोमा आरोपित मध्येका सवितादेवी यादव र सम्झादेवी यादव ०६८ चैत २ गते र अर्का आरोपित रामविश्वास राय यादव ०६९ वैशाख १२ गते अदालतमा हाजिर भएकोमा उनीहरू दुई हजार रुपियाँ धरौटी राखेर तारेखमा रिहा भए। यस वर्षको अन्त्यसम्म उक्त मुद्दा फैसला भएन।

कनकपुर गाविस-६ की ३७ वर्षीया तेतरीदेवी महतो कुसवाहलाई ०६९ भदौ १३ गते राति सोही ठाउँका हरि महतो, श्रीचन्द्र महतो कुसवाहा, गीतादेवी महतो कुशवाहा, सुमित्रादेवी महतो समेतले बोक्सीको आरोपमा कुटपिट गरेको पीडितले बताइन्। कनकपुर गाविस-६ की रामबाबु कुलाशाहाकी छोरी रन्जु कुसवाहालाई टुनामुना गरी बिरामी बनाएको भन्दै उनलाई कुटपिट गरेको पीडितले बताइन्। कुटपिटबाट घाइते भएकी कुसवाहाको चन्द्रनिगाहपुरस्थित अस्पतालमा उपचार भयो। पीडतलाई यस अघि पनि बोक्सी आरोप लगाउँदै दुर्व्यवहार गरेकोमा पीडतले प्रहरी चौकी पोखरभिण्डामा निवेदन दिएकोमा आइन्दा दुर्व्यवहार नगर्ने सहमति गरी मिलापत्र गरे पनि उनीहरूले बारम्बार दुर्व्यवहार गर्ने गरेको र अहिले कुटपिट गरेको पीडितका पति तुल्सी महतो कुलाशाहाले बताए। घटनाको सम्बन्धमा इलाका प्रहरी कार्यालय कटहरियामा उजुरी गर्न जाँदा बोक्सीको आरोपमा कुटपिट नभएकाले उजुरी लिन इन्कार गरेको पीडितले बताइन्।

बसतपुर गाविस-८ चण्डिया टोलको ६५ वर्षीया शैलदेवी कायस्थलाई सोही गाविस-९ का ५० वर्षीय महेसी हजरा दुसाध, ४२ वर्षीया कान्तीदेवी हजारीन, ३५ वर्षीय आसनारायण हजरा, ४५ वर्षीया मरछियादेवी हजारीन, २३ वर्षीय सञ्जीव हजरा दुसाधले ०६९ मङ्सिर ३० गते बोक्सीको आरोपमा कुटपिट गरी दुर्व्यवहार गरेको भनी पीडितले ०६९ पुस १६ गते जिल्ला प्रहरी कार्यालय रौतहटमा जाहेरी दर्ता गराइन। पीडकहरू मध्येका सञ्जिव हजरा दुसाधको जुम्ल्याहा छोराको जन्म भएकोमा गत मङ्सिर २६ गते एक छोराको मृत्यु भएपछि पीडकहरूले पीडित शैलदेवीले बोक्सी विद्या लगाई छोरा मारेको भन्दै कुटपिट गरेको पीडितले उजुरीमा उल्लेख गरेकी छन्। पीडितको उजुरीको आधारमा प्रहरीले पीडकहरू महेसी हजरा, कान्तिदेवी, मरछियादेवी र सञ्जिव हजरालाई पुस १६ गते गिरफ्तार गरी अदालतबाट म्याद थप गराई मुद्दा चलायो।

कुटपिट

रामपुर खाप गाविस-१ की २६ वर्षीया फरजाना खातुनलाई ०६८ फागुन २२ गते पति ३५ वर्षीय अफताव आलम, ससुरा ६२ वर्षीय सेख इनुस, सासु ५५ वर्षीया कमरुन नेसा र देवर २९ वर्षीय महताव आलमले कुटपिट गरेको आरोपमा पीडितले जिल्ला प्रहरी कार्यालय रौतहटमा ०६८ चैत २३ गते घरेलु हिंसाऐनअर्न्तगत उजुरी दर्ता गराइन्। अफताव र फरजानाबीच जातीय पररम्परा अनुसार १०-११ वर्ष अघि विवाह भएकोमा पति तथा सासू ससुराले बारम्बार दुःख दिने र कुटपिट गर्ने गरेको पीडितले बताइन्। पीडकहरू मध्ये अफताव आलम ०६९ वैशाख ३ गते प्रहरीमा आफैँ हाजिर भइ बयान दिए। उक्त ऐनअनुसार प्रहरीले मिलापत्र गराउन प्रयास गर्दा सफल नभएको जनाउँदै घरेलु हिंसा ऐन अन्तर्गत प्रहरीले ०६९ वैशाख २९ गते उजुरीसहितको मिसिल रौतहट जिल्ला अदालतमा पेश गरेकोमा रौतहट जिल्ला अदालतले ०६९ असार १७ गते पीडितलाई पीडकहरूबाट मासिक छ हजार रुपियाँ भराउने गरी संरक्षणात्मक आदेश जारी गऱ्यो। उक्त मुद्दा यस वर्षको अन्त्यसम्म फैसला भएको छैन।

सखुअवा धमौरा गाविस-५ की १६ वर्षीया सकिना खातुनलाई उनकै ससुरा ३८ वर्षीय वाजुल मन्सुरी र पति १८ वर्षीय चैतुल्लाह भन्ने सैतुल्लाह मन्सुरी र पीडितकै बाबु जैनुल मन्सुरीले ०६९ मङ्सिर २० गतेदेखि पीडितकै घरमा यातना दिई फलामको सिक्रीले बाँधेर राखेको अवस्थामा ०६९ मङ्सिर २१ गते बिहान प्रहरीले उद्दार गऱ्यो। केही वर्ष अघि आरोपित वाजुल मन्सुरीका छोरा सरफुल्लाह मन्सुरसँग वैवाहिक बन्धनमा बाँधिएकी सकिनालाई मुस्लिम प्रचलनअनुसार १५ दिन अघिमात्र उनको घरमा भित्राइएको थियो। सकिनाले माइत जान्छु भन्दा पीडकहरूले कुटपिट गरि घरमा दुवै खुट्टामा सिक्रीले बाँधेर राखिएको, कपाल काटेको र मुखमा मोसो दलेको अवस्थामा प्रहरीले उद्दार गरेको थियो। पीडित सकिनाले आफूले माइत जान्छु भन्दा पति, ससुराले कुटपिट गरी यसलाई 'पागल बनाउँछु' भन्दै सिक्रीले बाँधेको सो कार्यको लागि आफ्नै बाबु जैनुल मन्सुरीले समेत साथ दिएको बताइन्। उद्दार गरिएकी महिलालाई जिल्ला प्रहरी कार्यालय गौरमा लगी उपचारपछि माइती

पक्षलाई जिम्मा लगाइयो भने पीडकहरू तीनैजनालाई ०६९ मङ्सिर २१ गते गिरफ्तार गरी प्रहरीले सार्वजनिक अपराधको मुद्दा चलाएकोमा जिल्ला प्रशासन कार्यालय रौतहटको ०६९ पुस ४ गतेको आदेशले पीडकहरू जनही १ हजार रुपियाँ धरौटी राखी तारेखमा रिहा भए।

गौर नपा-१ की २५ वर्षीया ललितादेवी साहलाई ०६९ पुस ५ गते पति ४० वर्षीय किशोरीलाल साहले मानसिक तथा शारीरिक यातना दिई कुटपिट गरी घरनिकाला गरी घरेलु हिंसा गरेको आरोपमा पीडितले ०६९ पुस ९ गते जिल्ला प्रहरी कार्यालय रौतहटमा उजुरी दर्ता गराइन्। पीडितको उजुरी बमोजिम प्रहरीले पीडकलाई पुस २५ गते उपस्थित हुन पत्र पठाएको जनायो। पीडितको २ छोरा र १ छोरी रहेका छन्।

डुमरिया(म.) गाविस-२ की ३५ वर्षीय बिमादेवी साहलाई पति सुरेसप्रसाद साह र ससुरा सोनेलाल साहले ०६९ पुस १५ गते छोरी मात्र जन्माएको भन्दै कुटपिट गरी घरबाट निकाला गरे। पीडितले आरोपितहरू विरुद्ध ०६९ पुस १५ गते जिल्ला प्रहरी कार्यालय रौतहटमा उजुरी दर्ता गराइन्। पीडितको उजुरी बमोजिम प्रहरीले पीडकहरूलाई पुस २५ गते प्रहरीमा उपस्थित हुन पत्र पठाएको जनाएको छ।

यसबाहेक यस वर्ष घरेलु हिंसाका कारण पीडित भएको भन्दै ६२ जना महिलाहरूले जिल्ला प्रहरी कार्यालय अन्तर्गतको महिला तथा बालबालिका सेवा केन्द्र रौतहटमा उजुरी दर्ता गराएका छन्। जसमध्ये कुटपिट गरी घरनिकाला गरिएका २७ जना, खानलाउन नदिएको २३ जना, विवाह दर्ता तथा नागरिकता नबनाएको तीन जना, अर्को श्रीमती ल्याएर हेला गरेकोमा तीन जना, मार्ने धम्की दिइएकोमा चार जना, बोक्सीको आरोप लगाएको घटनामा दुई जना पीडित भएका थिए। ती सबै घटनामा प्रहरीले पीडित र पीडकहरूलाई मिलापत्र गराएको सो केन्द्रले जनाएको छ। घरेलु हिंसा कसुर र सजाँय ऐन २०६६ मा पीडित र पीडक मिल्न नचाहेमा मात्र प्रहरीले अदालतमा मिसिल बुझाउनुपर्ने व्यवस्था भएका कारण उजुरी परेपछि दुवैपक्षलाई राखी छलफल गराउँदा मिलापत्र गर्न मञ्जुर भएकाले सबै उजुरीहरूमा मिलापत्र भएको सेवा केन्द्र इन्चार्ज प्रहरी इन्सपेक्टर रूपा लावुङ्ले बताइन्।

बहुविवाह

औरैया गाविस-१ का ४० वर्षीय प्रेमशङ्कर सिंहले ठेगाना थाहा नभएकी ३३ वर्षीया इन्द्रकला सिंहसँग ०६८ माघ १ गते दोश्रो विवाह गरेको आरोपमा जेठी पत्नी २६ वर्षीया सीमादेवी सिंह राजपुतले जिल्ला प्रहरी कार्यालय रौतहटमा फागुन १५ गते जाहेरी दर्खास्त दर्ता गराइन्। पीडक प्रेमशंकरसँग ०५६ वैशाख १४ गते परम्परागत रूपमा आफ्नो मागी विवाह भएको र हाल चारजना छोराछोरीसमेत भएको अवस्थामा दोश्रो विवाह गरेको पीडितले बताइन्। पीडित सिमादेवीले जिल्ला प्रहरी कार्यालय रौतहटमा बहुविवाहको जाहेरी दर्खास्त दिएपनि पीडक दुबैजनालाई प्रहरीले गिरफतार गर्न नसकी मुद्दाको अनुसन्धान गरी जिल्ला सरकारी वकिल कार्यालय मार्फत ०६९ वैशाख ३१ गते अदालतमा पेश गरेकोमा रौतहट जिल्ला अदालतको आदेशले पीडक दुबैजना जनही १ लाख धरौटी राखी तारेखमा रिहा भए। यो वर्षको अन्त्यसम्म मुद्दाको फैसला भएको छैन।

रामपुर खाप गाविस-१ की २६ वर्षीया फरजाना खातुनले पति सोही ठाउँ बस्ने ३५ वर्षीय अफताव आलम र सोही ठाउँकी कौसर जीवनले ०६९ वैशाख २ गते बहुविवाह गरेको आरोपमा जिल्ला प्रहरी कार्यालय रौतहटमा जाहेरी दर्ता गराइन्। आफूसँग १०-११ वर्ष अघि वैवाहिक जीवनमा बाँधिएका पति अफताव आलमसमेतले हेला गरी कुटपिट गरी घरबाट निकाला गरेको भन्दै पीडितले ०६८ फागुन २२ गते जिल्ला प्रहरी कार्यालय रौतहटमा घरेलु हिंसा ऐनअन्तर्गत मुद्दा दायर गरेकोमा सोही कारणले पति अफताव आलम, ससुरा ६२ वर्षीय सेख इनुस, सासु ५५ वर्षीय कमरुन नेसा, देवर २९ वर्षीय महताव आलमसमेत मिली कौसर जीवनसँग बहुविवाह गरेको भन्दै जाहेरी दर्ता गराइन्। प्रहरीले जाहेरीमा उल्लेखित आरोपितहरूलाई गिरफ्तार नगरी ०६९ असार २६ गते जिल्ला सरकारी वकिल कार्यालयमार्फत रौतहट जिल्ला अदालतमा ०६९ असार २६ गते मुद्दा दायर गऱ्यो। अदालतको म्यादी पूर्जीबमोजिम आरोपित मध्येका अफताव आलम ०६९ असोज १८ गते, सेख इनुस र कमरुन नेसा ०६९ असोज २२ गते अदालतमा हाजिर भएकोमा जनही पाँचसय रुपियाँ धरौटी राखी तारेखमा रिहा भए भने अन्य आरोपितहरू यो वर्षको अन्त्यसम्म पनि अदालतमा हाजिर भएनन्।

चन्द्रनिगाहपुर गाविस-६ की २५ वर्षीया सविता पुडासैनीले सोही ठाउँ बस्ने उनकै पति २८ वर्षीय

लीलानाथ पुडासैनीले बहुविवाह गरेको आरोपमा ०६९ असार ३१ गते इलाका प्रहरी कार्यालय चन्द्रनिगाहपुरमा जाहेरी दर्ता गराइन्। पति लीलानाथ पुडासैनीसँग सामाजिक परम्पराअनुसार ०६० साल वैशाख ३ गते विवाह भई एकछोरा र एकछोरीको जायजन्म समेत भएको अवस्थामा पतिले गाउँकै २४ वर्षीया मैया बस्नेतसँग ०६९ जेठ २९ गते अर्को विवाह गरेको भर्खरै थाहा पाएकाले पति बिरुद्ध उजुरी दिएको पीडितले बताइन्। पतिले आफूलाई कुटपिट गरी घरबाट निकाला समेत गरेपनि माइतीमा बस्दै आएकोमा अर्को विवाह गरेकाले उनीहरू विरुद्ध जाहेरी दिएको उनले बताइन्। इलाका प्रहरी कार्यालय चन्द्रनिगाहपुरका प्रहरी इन्सपेक्टर सेख अदालतले पीडकहरूको खोजतलास गरिरहेको बताए।

गरुडा गाविस-३ का २० वर्षीय पवनकुमार गुप्ताले सर्लाही जिल्ला मलङ्गवा नपा-८ की १८ वर्षीया पूजाकुमारी गुप्तासँग बहुविवाह गरेको आरोपमा प्रहरीले दुवैजनालाई ०६९ भदौ १० गते गिरफ्तार गऱ्यो। सर्लाही बरहथवा गाविस-४ की २० वर्षीया सोभिताकुमारी गुप्तासँग पीडक पवनकुमार गुप्ताको ०६९ असार १० गते मागी विवाह भएको थियो। जेठी श्रीमतीलाई कुनै जानकारी नै नदिई ०६९ साउन १८ गते दुवैजनाले विवाह गरेको थाहा पाएको आधारमा पीडित सोभिताकुमारी गुप्ताको दाजु हेमन्तकुमार गुप्ताले इलाका प्रहरी कार्यालय गरुडामा ०६९ भदौ १० गते किटानी जाहेरी दिएका थिए। जाहेरीको आधारमा प्रहरीले आरोपित दुवैजनालाई भदौ १० गते गिरफ्तार गरी बहुविवाह मुद्दा चलाएकोमा रौतहट जिल्ला अदालतको ०६९ भदौ २६ गतेको आदेशले दुवैजना जनही ५० हजार रुपियाँ धरौटी राखी तारेखमा रिहा भए। यो वर्षको अन्त्यसम्म मुद्दाको फैसला भएन।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

यस जिल्लामा सुकुम्वासी समस्या समाधान आयोगमा सुकुम्वासी पचिय पत्र पाउनको लागि २१ हजारले आवेदन दिएको सो आयोगले जनाएको छ। आयोगमा पर्न आएका निवेदन उपर छानविन भइरहेको र गाउँबाट स्थलगत सर्जमिन बुझी वास्तविक सुकुम्वासीलाई परिचय पत्र वितरण गरिने आयोगका जिल्ला अध्यक्ष खिलनाथ पौडेलले बताए।

स्वास्थ सेवाको अधिकार

अस्पताल	२		
स्वास्थ्यचौकी	१३		
उपस्वास्थ्यचौकी	८०		
पद	**दरबन्दी**	**कार्यरत**	**रिक्त**
डाक्टर	१०	५	५
स्टाफ नर्स	१२	४	८
ल्याब असिस्टेन्ट	७	७	
अहेब	१९६	१९६	
अनमी	१०८	५४	५४
खोप सुपरभाइजर	१	१	
क्षयरोग/कुष्ठरोग सुपरभाइजर	१	१	
हेल्थ असिस्टेन्ट	२१	२१	

जिल्ला प्रहरी कार्यालय

जिल्ला प्रहरी कार्यालयमा ०६८ पुस १७ गतेदेखि ०६९ पुस १६ गतेसम्म बलात्कार छ, बहुविवाह पाँच, बालविवाह एक, मानवबेचविखन तथा ओसारपसार पाँच, कर्तव्यज्यान १३, ज्यानमार्ने उद्योग १८, अपहरण तथा शरीर बन्धक आठ, बोक्सीको आरोपमा दुर्व्यवहार तीन, गर्भपतन दुई, कुटपिट अङ्गभङ्ग सात, हातहतियार खरखजानाका ११ ओटा मुद्दा दर्ता भए।

२.८ बारा

जिल्ला सदरमुकाम: कलैया
क्षेत्रफल (वर्ग कि. मि.): १,१९०
घरधुरी सङ्ख्या: १,०८,६३५
जम्मा जनसङ्ख्या: ६,८७,७०८
पुरुष: ३,५१,२४४
महिला: ३,३६,४६४
अपाङ्ग सङ्ख्या: ११,६४५
गाविस/नपा सङ्ख्या:
पुरुष साक्षरता सङ्ख्या: २,०४,७१८
महिला साक्षरता सङ्ख्या: १,३०,१७८
हिन्दू धर्मावलम्बी प्रतिशत: ८१.७३
बौद्ध धर्मावलम्बी प्रतिशत: ४.५३
इस्लाम धर्मावलम्बी प्रतिशत: १३.०४
किरॉंत धर्मावलम्बी प्रतिशत: ०.१५
क्रिश्चियन धर्मावलम्बी प्रतिशत: ०.२४
प्रकृति धर्मावलम्बी प्रतिशत: ०.०८
शिख धर्मावलम्बी प्रतिशत: ०.००१
अन्य धर्मावलम्बी प्रतिशत: ०.१५१
प्रतिपरिवार सरदर सङ्ख्या: ६.३३

नागरिक तथा राजनीतिक अधिकार सम्मानित रूपले बाँच्ने अधिकार

हत्या

अज्ञात समूहबाट

कोल्हवी गाविस-९ का २० वर्षीय अजय चौधरीलाई ०६९ जेठ २५ गते अज्ञात समूहले कोल्हवी गाविस-४ को अन्तिम सीमानाको सडक नजिकको खेतमा मुखमा तेजाव हालेर हत्या गऱ्यो। घटनाको अनुसन्धान भइरहको प्रहरीले जनाएपनि हालसम्म घटनामा संलग्नलाई गिरफ्तार गर्न सकेको छैन। पीडित पक्षले जिल्ला प्रहरी कार्यालयमा जाहेरी दिए पनि मुद्दा दर्ता भएन।

छतवा गाविस-३ की ३२ वर्षीया सरीतादेवी चौरसियाको शव ०६९ भदौ २५ गते बेलुका मटिअर्वा गाविस-२ को आँपको बगैंचामा अज्ञात समूहले घाँटीमा धारिलो हतियार प्रहार गरी फालिएको अवस्थामा फेला पऱ्यो। सरीतादेवी कार्यक्रममा जानु छ भनी घरबाट भदौ १८ गतेदेखि हिँडेको प्रहरीले जनायो। मृतकको पति प्रभु चौरसियाले घटनाबारे केही बताउन चाहेनन्। इन्स्पेक्टर रामनाथ घिमिरेले उनको हत्या किन ? र कसरी भएको हो ? भन्ने बारेमा घटनास्थलमा फेला परेको मृतकको मोबाइल फोनको कल डिटेल्सबाट अनुसन्धान भइरहेको बताए। मृतकको भदौ २६ गते कलैया अस्पतालमा पोस्टमार्टम गरी पीडित परिवारलाई बुझाइएको प्रहरीले जनायो। मृतक स्थानीय पारालिगल कमिटीमा आबद्ध रहेकी थिइन्।

गोली/विस्फोटक पदार्थद्वारा घाइते

अन्यबाट

कलैया नपा-५ निवासी कानुन व्यवसायी ४५ वर्षीय वीरेन्द्र चौधरीलाई ०६८ माघ ५ गते राति घरमा तीन जनाको सङ्ख्यामा आएका व्यक्तिले ढोका खोल्न लगाई गोली प्रहार गरी हत्या प्रयास गरे। सो समूहले चलाएको गोली चौधरीले छल्न सफल भएपछि कुनै चोट लागेन। घटना थाहा पाई छिमेकीहरुले होहल्ला गरेपछि सो समूह भागेको थियो। प्रहरीले चौधरीको हत्या प्रयासमा संलग्न रहेको आरोपमा कलैया नपा-१ का ३० वर्षीय प्रभु मण्डललाई फागुन ५ गते गिरफ्तार गरी मुद्दा चलाएकोमा जिल्ला अदालतको ०६८ फागुन ८ गतेको आदेशले पुर्पक्षको लागि थुनामा राख्न आदेश दियो। यसवर्षको अन्त्यसम्म आरोपित मण्डल थुनामा छन्।

बेपत्ता/अपहरण

अज्ञात समूहबाट

निजगढ गाविस-८ का ५५ वर्षीय इन्द्रलाल चौलागाई र ५२ वर्षीय भीमलाल श्रेष्ठलाई जङ्गलमा स्याउला लिन गएका बेला अज्ञात समूहले ०६९ असोज २५ गते अपहरण गरी बेपत्ता बनायो। बेपत्ता भएकाहरूको खोजी भइरहेको एसपी दानसिंह बोहराले बताए। बेपत्ता पर्ने चौलागाई बकैया ठाकुर सामुदायिक

घटनाको प्रकार	गैरराज्यपक्षबाट		
	महिला	पुरुष	जम्मा
घाइते	१		१
बालअधिकार	६		६
अमानवीय व्यवहार		१	१
आर्थिक/सामाजिक/साँस्कृतिक अधिकार		१	१
अपहरण		३	३
महिलाअधिकार	७		७
जातीय विभेद	१	२	३
कुटपिट		१	१
धम्की		१	१
हत्या	७	८	१५
जम्मा	३३	१७	३९

वन उपभोक्ता समितिका तर्फबाट वन हेरचाह गर्दै आएका थिए भने श्रेष्ठ छिमेकी भएकाले उनीसँगै स्याउला लिन जङ्गल गएका थिए। श्रेष्ठ चुरे भावर एकता पार्टीसित आबद्ध रहेको स्थानीय बासिन्दाले बताए।

धम्की/कुटपिट

अन्यबाट

प्रेस चौतारी बाराका अध्यक्ष तथा रेडियो नेपाल बारा सम्वाददाता प्रष्टोका गाविस-६ बेलहीया घरभई कलैया नपा-६ का २५ वर्षीय सुभाषप्रसाद साहलाई ०६९ वैशाख १ गते राति डेरा अगाडि सडकमा पाँचदेखि छजनाको सङ्ख्यामा आएका व्यक्तिले आक्रमण गरी घाइते बनाए। घाइते उनको नारायणी उपक्षेत्रीय अस्पताल वीरगञ्जमा उपचार भयो। घटनामा संलग्न रहेको अरोपमा कलैया नपा-३ का मिस्टर जोन भनिने सफिक मंसुर, सोही ठाउँका इजहार मंसुर र नाम नखुलेका चार-पाँच जना उपर ०६८ वैशाख ३ गते बारा प्रहरी कार्यालयमा हत्याको प्रयासको मुद्दा दर्ता भयो। घटनामा संलग्न इजहारलाई प्रहरीले घटना भएकै दिन गिरफ्तार गरी मुद्दा अदालतमा दायर गरेपछि जिल्ला अदालतको वैशाख २८ गतेको आदेशले इजहारलाई साधारण तारेखमा छाड्ने आदेश दियो। मुद्दा अहिले पनि अदालतमा विचाराधीन छ। घटनामा संलग्न अन्य आरोपितहरू फरार छन्।

माओवादी मातृका समूहबाट

जिल्ला रौतहट दूधवा गाविस घर भई भूमिसुधार कार्यालयका प्रमुख ४५ वर्षीय जयकान्त झालाई ०६९ असार १७ गते नेकपा माओवादीका कार्यकर्ताले कार्यकक्षमै कालोमोसो दली दुर्व्यवहार गरे। हदबन्दीमा परेको जग्गा साहुहरुसँग मिली नामसारी गर्न खोजेको आरोपमा माओवादी पार्टीको केन्द्रीय नीति अनुरुप राष्ट्रिय मधेसी मुक्ति मोर्चाका केन्द्रीय सदस्य प्रभु यादवको नेतृत्वमा गएको समूहले दुव्यर्वहार गरेको थियो। प्रहरीले घटनामा संलग्न सन्तोष र कलैया नगरपालिका-३ का ४२ वर्षीय उमेश यादवलाई गिरफ्तार गरी सार्वजनिक मुद्दा चलायो। जिल्ला प्रशासन कार्यालयले दुवैलाई साउन ४ गते जनही १०/१० हजार रुपियाँ धरौटीमा रिहा गऱ्यो। घटनापछि फरार एक जनाको मुद्दा मुल्तबीमा छ।

सुगम र निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालत

०६८ साउनदेखि ०६९ असार मसान्तसम्म

तीन जनामात्र न्यायाधीश रहेको यस जिल्ला अदालतको फौजदारी मुद्दातर्फ ७ सय ९५ थान मध्ये ४ सय ४९ थान फैसला भए भने ३ सय ४६ थान फैसला हुन बाँकी रहे। देवानी मुद्दातर्फ २१ सय ३८ थान मध्ये ११ सय २२ थान फैसला भए भने १ हजार १६ थान फैसला हुन बाँकी रहे।

०६९ साउनदेखि पुस १५ सम्म

तीन जनामात्र न्यायाधीश रहेको यस जिल्ला अदालतको फौजदारी मुद्दातर्फ ५ सय ३६ थानमध्ये ९६ थान फैसला भए भने ४ सय ४० थान फैसला हुन बाँकी रहे। देवानी मुद्दातर्फ १५ सय २८ थानमध्ये ३ सय ३० थान फैसला भए भने ११ सय ९८ थान फैसला हुन बाँकी रहे। दुई वर्ष नाघेका फौजदारी मुद्दा नौ थान र देवानी मुद्दा सात थान रहे।

जिल्ला सरकारी वकिल कार्यालय

जिल्ला सरकारी वकिलको कार्यालयबाट ०६८ साउनदेखि ०६९ असार मसान्तसम्म दायर मुद्दाको सङ्ख्या ३ सय ९ छ। जसमध्ये १ सय ७९ सफल भए भने ६६ असफल भएको छ। सरकारी वकिल सङ्ख्या

दुई रहेको यस जिल्ला कार्यालयबाट दायर मुद्दामध्ये ०६९ असार मसान्तसम्म २ सय मुद्दा बाँकी रहेको सरकारी वकिलको कार्यालयले जनायो।

दायर मुद्दामध्ये कर्तव्य ज्यानसम्बन्धी मुद्दा ४६ थानमध्ये १३ थान सफल र १६ थान असफल रह्यो। बलात्कारसम्बन्धी मुद्दा १२ थानमध्ये चार थान सफल र तीन थान असफल रह्यो। महिला बेचविखनसम्बन्धी मुद्दा तीन थानमध्ये एक थान सफल र दुई थान असफल रह्यो। अपहरणसम्बन्धी मुद्दा सात थानमध्ये तीन थान सफल र एक थान असफल रह्यो। बहुविवाहसम्बन्धी मुद्दा छ थानमध्ये तीन थान सफल रह्यो। बालविवाहसम्बन्धी र छुवाछूतसम्बन्धी मुद्दा दर्ता भएको छैन्। बोक्सीसम्बन्धी मुद्दा चार थानमध्ये तीन थान सफल र एक थान असफल रह्यो।

जिल्ला सरकारी वकिलको कार्यालयबाट ०६९ साउनदेखि ०६९ पुससम्म दायर मुद्दाको सङ्ख्या १ सय १४ छ जसमध्ये नौं सफल भएको छ। सरकारी वकिल सङ्ख्या दुई रहेको यस जिल्ला कार्यालयबाट दायर मुद्दामध्ये ०६९ असार मसान्तसम्म १ सय ५ मुद्दा बाँकी रहेको सरकारी वकिलको कार्यालयले जनायो।

बालअधिकार

शिक्षाको अवस्था

यस जिल्लाका विद्यालय जाने उमेरका १ लाख ९३ हजार ३ सय ८२ मध्ये छात्र ९९ हजार ६ सय ७२ र छात्रा ९३ हजार ७ सय १० प्राथमिक तहदेखि माबि तहसम्म भर्ना भए। यसमध्ये दलित छात्रा ३१ हजार ८ सय ८६ र छात्र ३४ हजार ३ सय ८३ रहेका छन्। सरकारी वा सामुदायिक विद्यालय गरी प्राबि तहमा महिला ३ सय २१ र पुरुष १३ सय ५४ गरी जम्मा १६ सय ७५ शिक्षक कार्यरत रहेका छन्। निमाबि तहमा महिला २२ र पुरुष ३ सय ९ गरी जम्मा ३ सय ३१ शिक्षक कार्यरत रहेका छन्। यसैगरी माबि तहमा महिला सात र पुरुष २ सय ३६ गरी जम्मा २ सय ४३ शिक्षक रहेका छन्।

बालविकास केन्द्र बालक ९ हजार ६ सय ७८ र बालिका ९ हजार ३ सय ३७ गरी जम्मा १९ हजार २ सय १५ रहेका छन्, जसमध्ये दलित बालक २ हजार ४ सय ७१ र बालिका २ हजार ३ सय ५६ छन्। यस जिल्ला शिक्षा कार्यालयले शिक्षासम्बन्धी सबै तथ्याङ्क अद्यावधिक गरिएको पाइएन।

जलाएर हत्या गरिएकी विन्दु ठाकुर

हत्या

पिपरपाती गाविस-३ का पाँच वर्षीय सन्दीपकुमार साहलाई ०६८ चैत २४ गते अज्ञात व्यक्तिले घाँटीमा डोरी कसी हत्या गरे। २४ गते बिहानदेखि हराएका सन्दीप साँझ मृत अवस्थामा घरको अगाडि फेला परेका थिए। मृतकको चैत २५ गते जिल्ला अस्पताल कलैयामा पोस्टमार्टम गरी सोही दिन पीडित परिवारले सदगद् गरे। हत्या कसले, किन हत्या गरेको हालसम्म खुल्न सकेको छैन। हत्यामा संलग्न कोही गिरफ्तार भएनन्। पीडित परिवारले चैत २५ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी गऱ्यो। पीडक पहिचान हुन नसकेको प्रहरीले जनायो।

कुडवा गाविस-३ की एक वर्षीया छोरी अञ्जली कुमारीलाई ०६९ साउन १६ गते बुबा २२ वर्षीय मोहन साह कानुले हत्या गरी कुडवा गाविस-७ मा गाडेर फरार भएका थिए। घाँटी थिचेर मारी गाउँको नहर छेउमा गाडिएको सूचना पाएको आधारमा प्रहरीले लास ०६९ साउन १७ गते बरामद गरी कलैया अस्पतालमा पोष्टमार्टम गऱ्यो। पाँच महिनादेखि फरार रहेका कानुलाई ०६९ मङ्सिर १७ गते प्रहरीले गिरफ्तार गऱ्यो। गिरफ्तारपछि आफूले रिसको झोकमा छोरीलाई मारेर गाडेको प्रहरी समक्ष स्वीकारेका छन्। जिल्ला अदालतको ०६९ मङ्सिर १६ गतेको आदेशले यस वर्षको अन्त्यसम्म आरोपित पुर्पक्षका लागि थुनामा छन्।

बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

एक १७ वर्षीया बालिकालाई ०६९ जेठ ७ गते आफ्नै घर पछाडिको बारीमा कचोर्वा गाविस-२ का २२ वर्षीय प्रमोद साह कलवारले बलात्कार गरेको आरोपमा पीडितपक्षले सोही दिन जिल्ला प्रहरी कार्यालयमा निवेदन दिए। परिवारले ०६९ जेठ ७ गते जिल्ला प्रहरी कार्यालयमा निवेदन दिए। आरोपितलाई ०६९ असार ३ गते गिरफ्तार गरिएकोमा जिल्ला अदालतको २०६९ असार १ गतेको आदेशले पुर्पक्षका लागि थुनामा छन्।

एक दश वर्षीया बालकलाई ०६९ असोज २४ गते बलात्कार गरेको आरोपमा

बलिरामपुर गाविस-१ का २५ वर्षीय मुस्लिम मियाँको विरुद्ध पीडितपक्षले प्रहरीमा उजुरी दिए। आरोपितलाई प्रहरीले कात्तिक ३ गते गिरफ्तार गरेकोमा जिल्ला अदालतको कात्तिक २७ गतेको आदेशले पुर्पक्षका लागि थुनामा छन्।

छुट्टाछुट्टै दुई बालिकालाई बलात्कार गरेको आरोपमा प्रहरीले भारतको अगरवा घर भई उचिडिह गाविस-३ मा बस्दै आएका १८ वर्षीय बउवालाल पासवान र गञ्जभवानीपुर गाविस-९ का १८ वर्षीय असलम देवानलाई गिरफ्तार गरी ०६९ मङ्सिर १२ गते सार्वजनिक गऱ्यो। पासवानले ०६९ मङ्सिर ९ गते उचिडिह गाविस-३ की एक १४ वर्षीया एक किशोरी र देवानले मङ्सिर ६ गते उचिडिह गाविस-३ की सात वर्षीया एक बालिकालाई गरेका थिए। पीडितको उजुरीको आधारमा दुवैजना उपर बलात्कार मुद्दा दर्ता भएकोमा जिल्ला अदालतको ०६९ मङ्सिर २ गतेको आदेशमा असलम साधारण तारेखमा रिहा भए भने अर्का आरोपि पासवान भने जिल्ला अदालतको ०६९ मङ्सिर ३ गतेको आदेशमा पुर्पक्षमा छन्।

महिलाविरुद्ध हुने सबै प्रकारको भेदभाव, दुर्व्यवहार घरेलु हिंसा

परिवारजनबाट हत्या

कलैया नपा-१४ विसम्भरपूरकी ३५ वर्षीया लालमतीदेवी कुशवाहालाई ०६८ चैत २२ गते पति ४० वर्षीय शङ्कर कुशवाहाले बञ्चरो प्रहार गरी हत्या गरे। घरायसी विवाद हुँदा बन्चरोले घाँटीमा प्रहार गर्दा पत्नी लालमतीको घटनास्थलमै मृत्यु भएको थियो। मृतकको शवको पोस्टमार्टम कलैया अस्पतालमा सोही दिन गरी स्थानीयको सहयोगमा सद्गद गरियो। हत्यामा सङ्लग्न शंकरलाई सोही दिन गिरफ्तार गऱ्यो। हत्यामा सङ्लग्न आरोपित शंकरलाई जिल्ला अदालतको ०६९ बैशाख १५ को आदेशले पुर्पक्षका लागि जेल चलान गरियो।

दहीयार गाविस-१ की २८ वर्षीया मीनादेवी साहलाई ०६८ माघ १४ गते घरायसी विवादका कारण पति सोनालाल साह कलवारले खुकुरी हानी हत्याको प्रयास गरे। गम्भीर घाइते मीनादेवीको नारायणी उपक्षेत्रीय अस्पताल वीरगञ्जमा उपचार भयो। प्रहरीले घटनामा संलग्न सोनालाललाई २०६८ फागुन १ गते गिरफ्तार गरेकोमा बारा जिल्ला अदालतको ०६८ फागुन २८ गतेको आदेशले वीरगञ्ज कारागारमा छन्।

हरैया गाविस-३ की २५ वर्षीया मन्जुदेवी यादवलाई ०६९ बैशाख २० गते पति गगनदेव यादवले भारत रक्सौलमा आगो लगाई हत्या गरेको स्थानीयवासीले दिएको जानकारी अनुसार प्रहरीले गगनदेवलाई वैशाख २१ गते गिरफ्तार गऱ्यो। जिल्ला अदालतले ०६९ वैशाख २८ गते आरोपित गगनदेवलाई साधारण तारेखमा रिहा गर्न आदेश दियो। घटनाको आरोपित गगनदेवले पत्नी मन्जु आफैँ आगो सल्की जिउ पोलेकोमा उपचारको लागि रक्सौल लगेकोमा डाक्टरले मृत घोषणा गरेपछि उतै सदगत गरेको जनाए।

भारत विहार राज्यको पुर्वी चम्पारण जिल्ला छौडादानो घर भई बसतपुर गाविस-४ माइतमा बस्दै आए की ३२ वर्षीया सामुनी मंसुरीको ०६९ मङ्सिर ११ गते राति धारिलो हतियारले घाँटी रेटी हत्या भयो। हत्या गरी घर नजिकैको धानखेतमा फालिएको अवस्थामा स्थानीयबासिन्दाको सूचनाको आधारमा प्रहरीले शव फेला पारी कलैया अस्पताल पोष्टमार्टम गरायो। ती महिला घरायसी कलहले पतिको घरमा नबसी पाँच र दुई वर्षीया दुई छोरीसहित लामो समयदेखि माइतीमा बस्दै आएकी थिइन्। उनीसित उनका पति सराजुल मियां पनि दुइ सातादेखि सँगै बस्दै आएका थिए। दुवैजना घटना भएको दिन सँगै खाना खाएर सुतेका थिए। घटना भएपछि उनको पति सेराजुल फरार रहेकाले उनैले हत्या गरेको हुनसक्ने प्रहरी अनुसन्धान अधिकृत रामनाथ घिमिरेले बताए। उनका अनुसार पति सेराजुल विदेशबाट कमाएर पठाएको पैसा उनकी पत्नीले माइतीपट्टिमा खर्च गरीदिएको भनी पति र पत्नीबीच लामो समयदेखि खटपट चलेको थियो। घटनाबारे थप अनुसन्धान भइरहेको उनले बताए। पीडितले पक्षले सोही दिन जिल्ला प्रहरी कार्यालयमा उजुरी गरेपनि पीडिक फरार रहेकाले

अज्ञात समूहले अपहरण गरी बेपत्ता पारिएका इन्द्रलाल चौलागाई र भीमलाल श्रेष्ठ

कारबाही प्रक्रिया अघि नबढेको प्रहरीले जनायो।

प्रस्टोका गाविस-५ की १८ वर्षीया बिन्दु ठाकुरको शव ०६९ पुस ११ गते उनको आफ्नै घरदेखि उत्तरपट्टि सय मिटर दुरीको बाँसघारीमा जलाएर फालिएको अवस्थामा फेला पऱ्यो। प्रहरीले घटनास्थलबाट उनले लगाएकी भित्री र बाहिरी कपडाको केही अंश बरामद गरको थियो। मृतकको पहिचान हुने प्राय: सबै अङ्ग डढेको थियो। प्रहरीले लासलाई पोष्टमार्टमका लागि कलैया अस्पताल ल्याई सदगतका लागि परिवारको जिम्मा लगायो। 'गणित विषयको ट्युशन पढ्न जानका लागि तयारी हुन बुवाले उठाएपछि दिदी पढ्न जानेतिर लागिन्, त्यसपछि एक्कासि दिदी जलेको देख्यौं' -बिन्दुकी बहिनी रीनाले भनिन्। प्रहरीले घटनाबारे अनुसन्धान गर्न बिन्दुको बुवा ५० वर्षीय रामा ठाकुरलाई पुस १५ गते गिरफ्तार गऱ्यो। गिरफ्तार गरिएका ठाकुर उपर पुस १६ गते प्रहरीले मुद्दा दर्ता गरी अनुसन्धान अगाडि बढायो। बिन्दुको हत्यामा उनको बुवाको संलग्नतामा रहेको आधार प्रमाण तयार गरी मुद्दा दर्ता गरिएको प्रहरी अनुसन्धान अधिकृत रामनाथ घिमिरेले बताए।

कुटपिट

बेल्दारी गाविस-६ की ३५ वर्षीया आशादेवी यादवलाई ०६९ कार्त्तिक २४ गते बोक्सीको आरोपमा स्थानीयले मलमुत्र खुवाउनुका साथै कुटपिट गरे। कुटपिटबाट घाइते भएकी उनको कलैया अस्पतालमा उपाचार भयो। आशाका छिमेकी लक्ष्मी यादव, रमेश यादव, मङ्नी यादव लगायतकाले आशालाई बोक्सीको आरोपमा मलमुत्र खुवाएर कुटपिट गरी कपालसमेत काटिदिएको पीडितले बताइन्। विधवा आशादेवीकी दुई छोरा र दुई छोरी छन्। उनी निम्न परिवारकी हुन्। उनको पति रामसागर यादवको १३ वर्षअघि मृत्यु भएको थियो। मङ्गनीका तीन वर्षीया नन्की भनिने नातिनी र सोही ठाउँ बस्ने लक्ष्मी यादवका चार वर्षीय छोरालाई टुनामुना गरेको आरोप लगाउँदै पीडितलाई कुटपिट गरिएको प्रहरीले जनायो। घटना भएको चार दिनपछि पीडितले प्रहरी कार्यालयमा उजुरी दर्ता गराएको भए पनि घटनाका कुनै आरोपित गिरफ्तार नभएको प्रहरीले जनायो।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

संरचना, सम्पति क्षति

नेकपा माओवादी (मातृका समूह) बाट

कलैया नपा-५ का ६५ वर्षीय काँग्रेसका कार्यकर्ता विष्णु दहालको धर्मनगर गाविस-६ कित्ता नम्बर ३ को करिब १८ कठ्ठा जग्गा पुन:गठित नेकपा माओवादी मातृका समूहका कार्यकर्ताले ०६८ माघ १२ गते पार्टीको झण्डा गाडी कब्जा भएको घोषणा गऱ्यो। पार्टीका बारा सेक्रट्री सहिम हवारीको नेतृत्वमा रहेका कार्यकर्ताले जग्गा कब्जा गरी उक्त जग्गा १ सय जना स्थानीय भूमिहीन दलितलाई वितरण गरेको जनायो। दहाल परिवार जिल्ला बाहिर भएकोले सम्पर्क गर्न सकिएन।

स्वास्थ्य सेवाको अवस्था

अस्पताल	१		
स्वास्थ्यचौकी	४०		
उपस्वास्थ्यचौकी	५४		
पद	**दरबन्दी**	**कार्यरत**	**रिक्त**
डाक्टर	९	८	१
स्टाफ नर्स	१५	७	८
ल्याब असिस्टेन्ट	८	७	१
अहेब	२४४	१६०	८४
अनमी	१५४	९०	६४
खोप सुपरभाइजर	१	१	
क्षयरोग/कुष्ठरोग सुपरभाइजर	१	१	
हेल्थ असिस्टेन्ट	५४	१७	३७

जिल्ला प्रहरी कार्यालय

जिल्ला प्रहरी कार्यालयमा ०६८ पुस १७ गतेदेखि ०६९ पुस १६ गतेसम्म बलात्कार छ, घरेलुहिंसा २ सय १९, बलात्कार प्रयास एक, कर्तव्यज्यान १४, ज्यानमार्ने उद्योग १५, आत्महत्या २७, बहुविवाह चार, अपहरण चार, बोक्सीका एक ओटा मुद्दा दर्ता भए।

विगतको अनुगमन

माओवादी कार्यकर्ताद्वारा पाँच वर्षअघि हत्या गरिएका बाराका पत्रकार वीरेन्द्र साहको हत्यामा संलग्न पाँच जना मध्ये तीन जना अझै गिरफ्तारीमा पर्न सकेका छैनन्। प्रहरी अधिकारीहरू भने तिनीहरूको खोजी भइरहेको बताए पनि सफलता हात पार्न सकेको छैन। अभियुक्तहरू इनर्वासिरा गाविस-७ का लालबहादुर चौधरी, तेलकुवाँ गाविस-४ इनर्वाका हरेराम पटेल र गडहल गाविस-५ का कुन्दन भन्ने नरेन्द्र फौजदारलाई प्रहरीले गिरफ्तार गऱ्यो। उनीहरूको मुद्दा मुल्तबीमा राखिएको छ। उनीहरू लुकीछिपी बस्दै आएका छन्। पत्रकार साहको हत्यामा संलग्न भएको अभियोगमा इनर्वासिरा गाविस-९ का मैनेजर गिरी र खोपवा गाविस-८ का रामएकवाल सहनी सर्वस्व सहित जेल जीवन बिताइरहेका छन्। पत्रकार साहको ०६४ असोज १८ मा पिपरा बजारबाट अपहरण गरी हत्या गरिएको थियो। अपहरण भएको ३५ दिनपछि अर्थात कात्तिक २२ गते उनको शव डुमरवाना गाविस-९ मा पर्ने चारकोसे जंगलको टाँगीया बस्तीमा गाडिएको अवस्थामा भेटिएको थियो। इनर्वासिरा गाविस-८ बसडिलवा टोल का पत्रकार ३६ वर्षीय साह की पत्नी उमरावती देवी सहित एक छोरा विवेक र एक छोरी विद्यालक्ष्मी छन्। पत्रकार साहक की पत्नी उमरावती देवीले आफु त्यस फैसलाबाट सन्तुष्ट भएपनि बाँकी तीनजना अभियुक्तलाई सोही अनुसारको सजाय दिन अदालतसित माग गरिन्। 'मैले अझै न्याय पाएकी छैन्' उनले भनिन्, 'बाँकी तीन जना जेल नगए मलाई शान्ति मिल्दैन्।' पत्रकार साह एभी न्युज टेलिभिजन, नेपाल एफएम, हिमाल पाक्षिक लगायतका छापा र विद्युतीय संचार माध्यममा आबद्ध भई जिल्ला संवाद्दाताको रुपमा काम गरिरहेका थिए।

साढे दुई वर्षअघि गञ्जभवानीपुर गाविसमा चार माओवादी कार्यकर्ताको हत्या भएपछि २० जनामाथि गरिएको कर्तव्य ज्यान मुद्दा जिल्ला अदालतले ०६९ साउन १५ गते फिर्ता नहुने निर्णय गऱ्यो। ३ नम्बर इजलासका न्यायाधिश अच्युतराज भण्डारीको एकल इजलासबाट यो निर्णय भएको थियो। राजनीतिक हस्तक्षेपले अन्योलमा रहेको यो मुद्दा अदालतको निर्णयले अब चल्ने भएको छ। राजनीतिक दबाबमा तत्कालीन माधवकुमार नेपाल नेतृत्वको सरकारले ०६७ असार १६ मा राजनीतिक मुद्दा भएको भन्दै यी मुद्दा फिर्ता लिने निर्णय गरेको थियो। मुद्दा फिर्ता हुने आधार नदेखिएकोले यस्तो निर्णय भएको अदालतका श्रेस्तेदार बाबुराम दाहालले बताए। फिर्ता गरे लगत्तै पीडित परिवारका तर्फबाट सुकदेव राउत (मृतक रामप्रकाशका बुवा) ले सर्वोच्च अदालतमा उत्प्रेषणको आदेश पाउँ भनेर रिट दायर गरेका थिए। पछि सर्वोच्चले सरकारमार्फत जिल्ला अदालतलाई फिर्ता लिने वा नलिने अधिकार दिएपछि जिल्ला अदालतले यो निर्णय गरेको थियो। ०६६ पुस २२ मा तराई मुक्ति मोर्चाका कायकर्ताहरुले सामूहिक आक्रमण गर्दा गञ्जभवनीपुर गाविस-२ का माओवादी कार्यकर्ता रामप्रकाश यादव, कन्हैया यादव (दाजुभाइ), उनका भान्जा दारा यादव र अर्का एक अम्बिका महतो नुनियाको मृत्यु भएको थियो। मृतक परिवारको तर्फबाट २० जनामाथि किटानी जाहेरी परेको थियो। जसमा गणेशसाह कलवार, महेशसाह कानु र अब्दुल सत्तार पुर्पक्षका लागि अहिले थुनामा छन्। निर्णय स्वातग योग्य र मानवअधिकार रक्षा योग्य भएको मृतक परिवारका शम्भु यादवले बताए।

२.९ पर्सा

जिल्ला सदरमुकाम: विरगञ्ज
क्षेत्रफल (वर्ग कि. मि.): १,३५३
घरधुरी सङ्ख्या: ५५,५३६
जम्मा जनसङ्ख्या: ६,०१,०१७
पुरुष: ३,१२,३५८
महिला: २,८८,६५९
अपाङ्ग सङ्ख्या: ६,२१५
गाविस/नपा सङ्ख्या: ८२/१
पुरुष साक्षरता सङ्ख्या: १,९४,०००
महिला साक्षरता सङ्ख्या: १,१५,४५०
हिन्दू धर्मावलम्बी प्रतिशत: ८३.१
बौद्ध धर्मावलम्बी प्रतिशत: १.६८
इस्लाम धर्मावलम्बी प्रतिशत: १४.४८
किराँत धर्मावलम्बी प्रतिशत: ०.४३
क्रिश्चियन धर्मावलम्बी प्रतिशत: ०.१३
जैन धर्मावलम्बी प्रतिशत: ०.०२
शिख धर्मावलम्बी प्रतिशत: ०.०२२
अन्य धर्मावलम्बी प्रतिशत: ०.१४७
प्रतिपरिवार सरदर सङ्ख्या: ६.२५

नागरिक तथा राजनीतिक अधिकार सम्मानित रूपले बाँच्ने अधिकार

हत्या

अज्ञात समूहबाट

बाराको नितनपुरस्थित कृष्ण पोलिमर प्रालिमा कार्यरत वीरगञ्ज माइस्थानका २७ वर्षीय राजु साहको लास ०६९ जेठ १४ गते लापर्सा गाविस-२ स्थित सडक छेउमा टाउकोमा धारिलो हतियारले प्रहार गरेको अवस्थामा फेला पऱ्यो। लासको नारायणी उपक्षेत्रीय अस्पतालमा डा. रणवीर सिंहले सोही दिन पोष्टमार्टम गरेका थिए। मृतकका बुबा शङ्कर साह कानुले सोही दिन जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए। घटनामा संलग्नको खोजी कार्य भइरहेको प्रहरीले बताए पनि हालसम्म कसैलाई गिरफ्तार गर्न सकेको छैन। मृतक साह माओवादी निकट अखिल नेपाल औद्योगिक मजदुर सङ्घका इकाई अध्यक्ष रहेको अखिल नेपाल ट्रेड युनियन महासङ्घका केन्द्रीय सदस्य अर्जुन चिमोरियाले बताए।

लालपर्सा गाविस-१ निवासी मधेशी जनअधिकार फोरम निकटको मधेशी कारखाना श्रमिक फोरमका केन्द्रीय महासचिव ३८ वर्षीय रामाशङ्कर मण्डललाई ०६९ भदौ ८ गते बिहान वीरगञ्जको कृषि सामग्री संस्थानको मुख्य प्रवेशद्वारमै अज्ञात समूहले गोली हानी हत्या गऱ्यो। घाइते मण्डलको वीरगञ्जको नारायणी उपक्षेत्रीय अस्पतालमा उपचारका लागि लैजाने क्रममा बाटोमै मृत्यु भएको अस्पतालले जनायो। उनको दाहिने छातीमा एउटा गोली लागेको नारायणी उपक्षेत्रीय अस्पतालले जनायो। भारतीय नम्बर प्लेटको पल्सर मोटरसाइकलमा आएका दुई जनाको समूहले मण्डललाई गोली हानेको प्रत्यक्षदर्शीले बताए। पीडित पक्षले भदौ १० गते जिल्ला प्रहरी कार्यालयमा कर्तव्य ज्यान अर्न्तगतको मुद्दा दर्ता गराए। पीडकहरुको पहिचान खुल्न नसकेका कारण हत्यामा संलग्न कोही पनि गिरफ्तार भएनन्।

गोली/विस्फोटक पदार्थद्वारा घाइते

अज्ञात समूहबाट

कौवाबन कटैया गाविस-३ का सिपाही अन्सारी ०६९ वैशाख २४ गते दिउँसो राष्ट्रिय जनप्रजातान्त्रिक पार्टीको आमसभालाई लक्षित गरी अज्ञात समूहले गराएको बम विस्फोटमा परी सामान्य घाइते भए। घाइते उनको स्थानीय स्वास्थ्य क्लिनिकमा उपचार भयो। घटनास्थलमा गराइएको विस्फोट सुतली बम भएको सुरक्षार्थ खटिएको प्रहरीले जनाएको थियो। आमसभालाई पार्टीका महामन्त्री गोविन्द पौडेलले सम्बोधन गर्ने क्रममा विस्फोटको आवाज सुनिएको थियो। बम विस्फोटपछि आमसभा स्थगन भयो।

जेल र बन्दीहरू

'क' श्रेणीको जिल्ला कारागारको बन्दी क्षमता ७ सय जनाको रहेको छ। यो वर्षको अन्त्यसम्म कैद तोकिएको ८ सय ७० र कैद नतोकिएको ६ सय १४ कैदी र थुनुवा गरी जम्मा १ हजार ४ सय ८४ जना बन्दीहरू रहेका छन्। जसमा आश्रित बालक ११ जना

घटनाको प्रकार	राज्यपक्षबाट			गैरराज्यपक्षबाट		
	महिला	पुरुष	जम्मा	महिला	पुरुष	जम्मा
घाइते					१	१
बालअधिकार				५		५
महिलाअधिकार				६		६
भेला/सङ्गठित हुने अधिकार	१	४	५			
कुटपिट		१	१			
हत्या				५	६	११
जम्मा	१	५	६	१६	६	२४

बलात्कारसम्बन्धी मुद्दा नौ मध्ये दुई सफल र दुई असफल रह्यो। महिला बेचविखनसम्बन्धी मुद्दा नौ मध्ये दुई सफल र तीन असफल रह्यो। अपहरणसम्बन्धी मुद्दा १३ मध्ये दुई सफल र ६ असफल रह्यो। बहुविवाहसम्बन्धी मुद्दा चार मध्ये एक सफल र अन्य बाँकी रहेका छन्। बालविवाहसम्बन्धी मुद्दा र छुवाछूतसम्बन्धी मुद्दा दर्ता नभएको कार्यालयले जनायो।

र बालिका १२ जना गरी जम्मा २३ जना रहेका छन्। यस जिल्ला कारागारको निर्माण २००७ साल भन्दा अगाडि भनेर कारागारको अभिलेखमा उल्लेख भएको छ।

सुगम र निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालत

०६८ साउनदेखि ०६९ असार मसान्तसम्म

चार जनामात्र न्यायाधीश रहेको यस जिल्ला अदालतको फौजदारी मुद्दातर्फ १४ सय ४९ मध्ये ८ सय १६ फैसला भए भने ६ सय ३३ फैसला हुन बाँकी रहे। देवानी मुद्दातर्फ ३२ सय २१ मध्ये १७ सय ५५ फैसला भए भने १४ सय ६६ फैसला हुन बाँकी रहे।

०६९ साउनदेखि ०६९ पौष १५ गते सम्म

चार जनामात्र न्यायाधीश रहेको यस जिल्ला अदालतको फौजदारी मुद्दातर्फ १ हजार ३३ मध्ये १ सय ६० फैसला भए भने ८ सय ७३ फैसला हुन बाँकी रहे। देवानी मुद्दातर्फ २१ सय ८९ मध्ये ३ सय ६४ फैसला भए भने १८ सय २५ फैसला हुन बाँकी रहे। दुई वर्ष नाघेका फौजदारी मुद्दा ६ सय ३३ र देवानी मुद्दा १४ सय ६६ रहे।

जिल्ला सरकारी वकिलको कार्यालयबाट ०६८ साउनदेखि ०६९ असार मसान्तसम्म दायर मुद्दाको सङ्ख्या ४ सय ६४ छ जसमध्ये २ सय ६० सफल भए भने ७८ असफल भएको छ। मुलतवी, तामेली पेण्डीङ मुद्दा चार रहेको छ। सरकारी वकिल सङ्ख्या दुई रहेको यस जिल्ला कार्यालयबाट दायर मुद्दामध्ये ०६९ असार मसान्तसम्म ४ सय २२ मुद्दा बाँकी रहेको सरकारी वकिलको कार्यालयले जनायो।

दायर मुद्दामध्ये कर्तव्य ज्यानसम्बन्धी मुद्दा ४० मध्ये नौ सफल र १२ असफल रह्यो।

जिल्ला सरकारी वकिलको कार्यालयबाट ०६९ साउनदेखि ०६९ पौष सम्म दायर मुद्दाको सङ्ख्या ५ सय ४५ छ जसमध्ये सात सफल भएको छ। सरकारी वकिल सङ्ख्या दुई रहेको यस जिल्ला कार्यालयबाट दायर मुद्दामध्ये ०६९ असार मसान्तसम्म ४ सय २२ मुद्दा बाँकी रहेको सरकारी वकिलको कार्यालयले जनायो।

बालअधिकार

शिक्षाको अवस्था

यस जिल्लाका विद्यालय जाने उमेरका १ लाख ६४ हजार ३ सय ४५ मध्ये छात्र ८० हजार १ सय ६६ छात्रा र ८३ हजार १ सय ३६ प्राथमिक तहदेखि माबि तहसम्म भर्ना भए। यसमध्ये दलित छात्रा १९ हजार ८ सय ६९ र छात्र ४० हजार ३ सय ८९ रहेका छन्। सरकारी र सामुदायिक विद्यालय गरी प्राबि तहमा महिला २ सय ९७ र पुरुष १ हजार ६ सय १२ गरी जम्मा १ हजार ९ सय ९ शिक्षक कार्यरत रहेका छन्। निमाबि तहमा महिला १९ र पुरुष ३ सय १८ गरी जम्मा ३ सय ३७ शिक्षक कार्यरत रहेका छन्। यसैगरी माबि तहमा महिला २१ र पुरुष २ सय ९ गरी जम्मा २ सय ३० शिक्षक रहेका छन्।

बालविकासमा केन्द्र बालक ८ हजार १ सय ८५ र बालिका ८ हजार ३ सय ३ गरी जम्मा १६ हजार ५ सय ६८ रहेका छन् जसमध्ये दलित बालक २ हजार ३सय २९ र बालिका २ हजार ३ सय २९ रहेका छन। यस जिल्ला शिक्षा कार्यालयले शिक्षासम्बन्धी सबै तथ्याङ्क अद्यावधिक गरिएको पाइएन।

बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

एक १२ वर्षीया बालिकालाई ०६८ फागुन २७ गते सोनवर्षा गाविस-७ बैरियाका २५ वर्षीय सर्फुद्दिन मियाँ मन्सरीले पर्साको सोनवर्षा गाविसमा पर्ने जङ्गलमा बलात्कार गरेको आरोपमा पीडितको परिवारले सोही दिन आरोपितविरुद्ध जिल्ला प्रहरी कार्यालय पर्सामा किटानी जाहेरी दियो। पीडितको सोही दिन वीरगञ्जको नारायणी उपक्षेत्रीय अस्पतालमा स्वास्थ्य परीक्षण गरिएको थियो। घटनालगत्तै आरोपित सर्फुद्दिन फरार रहेको प्रहरीले जनायो।

एक १३ वर्षीया बालिकालाई ०६९ कार्तिक १ गते ठोरी गाविस-१ तीन घरेटोलका ५२ वर्षीय सन्तबहादुर थापा मगरले रोग निको पारिदिने भन्दै एकान्तस्थानमा पुऱ्याएर बलात्कार गरेको इलाका प्रहरी कार्यालय ठोरीले जनायो। पीडित बालिका छारे रोगको उपचारका लागि झाँक्रीको घरमा गएकी थिइन्। पीडित बालिका रुँदै फर्किएपछि उनकी दिदीले सोधपुछ गर्दा बलात्कार भएको खुलाशा भएको स्थानीय शिक्षक प्रेम लामाले जानकारी दिए पीडित परिवारले ०६९ कार्तिक १ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिएको आधारमा प्रहरीले आरोपितलाई गिरफ्तार गऱ्यो। आरोपित पर्सा जिल्ला अदालतको ०६९ कार्तिक २७ गतेको आदेशमा पुर्पक्षका लागि थुनामा छन्।

एक १६ वर्षीया बालिकालाई ०६९ मङ्सिर २८ गते राति मिर्जापुर गाविस-२ झलमहीयाका ३५ वर्षीय कैलाश यादव र बिलाश यादवले सामूहिक बलात्कार गरेको आरोपमा पीडित परिवारले आरोपितविरुद्ध मङ्सिर २९ गते इलाका प्रहरी कार्यालयमा जाहेरी दियो। पीडितको वीरगञ्जस्थित नारायणी उपक्षेत्रीय अस्पतालमा उपचार भएको प्रहरीले जनायो। आरोपित युवकहरुलाई गिरफ्तार गर्न प्रहरीले चासो नदेखाएको पीडितका आफन्तले बताए। इलाका प्रहरी कार्यालय पोखरीयाका इन्स्पेक्टर खेमनारायण चौधरीले भने दुवै युवकहरु फरार रहेको बताए। जिल्ला प्रहरी कार्यालय पर्सामा पुस २ गते उजुरी परेको इन्सपेक्टर द्वारिका घिमिरेले जानकारी दिए।

दुर्व्यवहार

एक १५ वर्षीया छात्रालाई ०६९ जेठ ७ गते ट्यूशन पढ्न आएको बेला बागवना गाविसको मनवा बजारमा रहेको नेपाल राष्ट्रिय माविमा राहत दरबन्दीमा गणित विषयको अध्यापन गरिरहेका हरपुर गाविस-९ बडेर्वाका ३३ वर्षीय चन्देश्वर रौरालले विद्यालयमा दुर्व्यवहार गरे। विद्यार्थी अभिभावक र विद्यालय प्रशासनको संयुक्त बैठकले छात्रालाई दुर्व्यहार गर्ने शिक्षक रौरालाई ०६९ जेठ ९ गते निलम्बन गर्ने निर्णय गरेको विद्यालयका प्राधानाध्यापक प्रभु साह कानुले बताए। शिक्षक रौराको करेण्ट लागेर ०६९ साउन १४ गते निधन भयो।

महिलाविरुद्ध हुने सबै प्रकारको भेदभाव, दुर्व्यवहार

घरेलु हिंसा

परिवारजनबाट हत्या

शिवर्वा गाविस-१ की २८ वर्षीया उमिता देवीलाई ०६८ फागुन २० गते राति पति प्रवचन राउत कुर्मीले लौरोले हिर्काएर हत्या गरेको इलाका प्रहरी कार्यालय पोखरियाले जनायो। हत्यालगत्तै कान्छी पत्नी र तीन छोराछोरीलाई लिएर पीडक प्रवचन फरार रहेको प्रहरीले जनायो। पीडक प्रवचनले चार दिनअघि कान्छी पत्नी घरमा ल्याएपछि उमितासँग विवाद शुरु भएको थियो। दोस्रो विवाह गरेपछि घरमा विवाद हुँदा कान्छी पत्नीको सहयोगमा पति प्रवचनले उमिताको हत्या गरेको हुनसक्ने प्रहरीको अनुमान छ। घटनाका आरोपित यस वर्षको अन्त्यसम्म फरार रहेको प्रहरीले जनायो।

दाइजोका कारण हत्या

जगन्नाथपुर गाविस-८ लम्हरियाकी उन्तीमा महतोलाई ०६९ भदौ ६ गते बुधवार राती उनकै परिवारका सदस्यले दाइजोको निहुँमा हत्या गरेको पीडितपक्षले आरोप लगायो। मृतकका माइतीले हत्याको आरोपमा पति रामेश्वर महतो, ससुरा राम महतो र सासु सीता महतो लगायत सात जना विरुद्ध जिल्ला प्रहरी कार्यालय पर्सामा किटानी जाहेरी दिएको इन्सपेक्टर द्वारिका घिमिरेले जानकारी दिए। आरोपितहरु सबै हालसम्म फरार रहेको उनले बताए। दाइजोका कारण घरबाट पीडा दिन थालेपछि बहिनी चार वर्षसम्म माइतमै बसेकी थिइन्। उनका दाजु राम विलाश महतोले भने-"४ महिना अघिमात्र बहिनीको आग्रहमा ७ हजार रुपियाँ खर्चेर ट्यूवेल जडान गरिदियौं तैपनि बहिनीलाई मारी छाडे"।

वीरगञ्ज उमनपा-१७ बहुवरीकी २६ वर्षीया आयसा खातुनलाई ०६८ फागुन ६ गते पति २९ वर्षीय जमरुदिन अन्सारीलगायत परिवारका सदस्यले दाइजोका कारण हत्या गरे। मृतककी आमा ६५ वर्षीया नजबुल नेशाले छोरीको हत्याको घटनामा उनकै घर परिवारको

संलग्नता रहेको आरोप लगाइन्। पीडित पक्षले मृतकका पति अन्सारी र ३२ वर्षीय सुनवारी खातुन विरुद्ध ०६८ फागुन ७ गते जिल्ला प्रहरी कार्यालयमा जाहरी दिए। घटनामा संलग्न रहेको आरोपमा प्रहरीले उनीहरुलाई सोही दिन गिरफ्तार गरेकोमा जिल्ला अदालतको चैत २९ गतेको आदेशले पुर्पक्षका लागि थुनामा छन् ।

बेचबिखन तथा ओसारपसार

चेलीबेटी बेचबिखनमा संलग्न रहेको आरोपमा भारतको कोलकत्ता खड्कपुरका २७ वर्षीया चमेली विश्वकर्मा र काठमाडौँ बौद्धमा डेरा गरी बस्ने ३६ वर्षीया सुनीता तामाङविरुद्ध ०६८ फागुन ४ गते पर्सा जिल्ला अदालतमा मुद्दा दर्ता भयो। ती दुवै अभियुक्तले नातामा आफ्नो बहिनी पर्ने १९ वर्षीया दुई युवतीलाई रोजगारीको बहानामा भारत लैजाने प्रयास गरिरहेको अवस्थामा नियन्त्रणमा लिइएको माइती नेपाल वीरगञ्जकी प्रमुख सङ्गीता पुरीले जानकारी दिइन्। उनीहरुले आफूसँगै लैजान लागेका १९ वर्षीया सरीता विश्वकर्मा र नितु तामाङलाई उद्दार गरी अभिभावको जिम्मा लगाएको जनायो। पीडकहरुलाई पर्सा जिल्ला अदालतको ०६८ फागुन २९ गतेको आदेशले पूर्पक्षका लागि थुनामा छन्।

बहुविवाह

रामगढवा गाविस-८ का २५ वर्षीय सिकन्दर अन्सारीले घरमा पत्नी हुँदाहुँदै ०६९ जेठ २ गते २० वर्षीया सआब्जा खातुनसँग बहुविवाह गरे। बहुविवाह गरेको भन्दै जेठी पत्नी २३ वर्षीया गुलश्न खातुन आराले ०६९ साउन १० गते जिल्ला प्रहरी कार्यालय उजुरी दिइन्। बहुविवाहका आरोपित दुवै जना यस वर्षको अन्त्यसम्म फरार रहेका छन्। बहुविवाहको मुद्दा ०६९ भदौ ५ गते जिल्ला अदालतमा दर्ता भयो।

स्वास्थ्य सेवाको अवस्था

अस्पताल	१		
स्वास्थ्यचौकी	९		
उपस्वास्थ्यचौकी	७२		
पद	**दरबन्दी**	**कार्यरत**	**रिक्त**
डाक्टर	५	२	३
स्टाफ नर्स	९	५	४
ल्याब असिस्टेन्ट	६	५	१
अहेब	११५	९२	२३
अनमी	४२	१६	२६
खोप सुपरभाइजर	२	२	
क्षयरोग/कुष्ठरोग सुपरभाइजर	१	१	
हेल्थ असिस्टेन्ट	३४	१४	२०

जिल्ला प्रहरी कार्यालय

जिल्ला प्रहरी कार्यालयमा ०६८ पुस १७ गतेदेखि ०६९ पुस १६ गतेसम्म बलात्कार छ, बलात्कार प्रयास एक, महिला ओसारपसार जिउमास्नेबेच्ने दुई, कर्तव्यज्यान नौ, ज्यानमार्ने उद्योग छ, आत्महत्या २८, बहुविवाह एक, विस्फोटक पदार्थ एक, अपहरण दुई, चन्दा सङ्कलनका एक ओटा मुद्दा दर्ता भए।

२.१० चितवन



जिल्ला सदरमुकाम: भरतपुर
क्षेत्रफल (वर्ग कि. मि.): २,२१८
घरधुरी सङ्ख्या: १,३२,४६२
जम्मा जनसङ्ख्या: ५,७५,५८४
पुरुष: २,७५,०८७
महिला: ३,००,८५७
अपाङ्ग सङ्ख्या: १२,५३७
गाविस/नपा सङ्ख्या: ३८/१
पुरुष साक्षरता सङ्ख्या: २,२०,२२८
महिला साक्षरता सङ्ख्या: २,०३,८७७
हिन्दू धर्मावलम्बी प्रतिशत: ८१.४
बौद्ध धर्मावलम्बी प्रतिशत: १३.०२
इस्लाम धर्मावलम्बी प्रतिशत: १.१६
किराँत धर्मावलम्बी प्रतिशत: ०.०४
क्रिश्चियन धर्मावलम्बी प्रतिशत: ३.३५
प्रकृति धर्मावलम्बी प्रतिशत: ०.६५
वोन धर्मावलम्बी प्रतिशत: ०.०१
शिख धर्मावलम्बी प्रतिशत: ०.००१
अन्य धर्मावलम्बी प्रतिशत: ०.३२६
प्रतिपरिवार सरदर सङ्ख्या: ४.३८

नागरिक तथा राजनीतिक अधिकार सम्मानित रूपले बाँच्ने अधिकार

हत्या

राज्यबाट

पिप्ले गाविस-२ का ४० वर्षीय रेशम चेपाङको ०६८ माघ २३ गते राति चितवन राष्ट्रिय निकुञ्जको लोथर क्षेत्रमा निकुञ्जको सुरक्षार्थ खटिएको नेपाली सेनाले चलाएको गोली लागी मृत्यु भयो। पाँच जनाको सङ्ख्यामा रहेको समूहले निकुञ्जभित्रबाट काठ चोरी गरी ल्याउँदै गर्दा निकुञ्जको एरिया राप्ती खोला र लोथर खोलाको दोभानमा निकुञ्ज सुरक्षार्थ खटिएको सेनाले चलाएको गोली लागी उनको मृत्यु भएको निकुञ्जको सुरक्षामा खटेको सेनाले जनायो। उनीहरूले गस्ती टोलीमाथि ढुङ्गा प्रहार गरी भाग्ने प्रयास गरेकाले गोली चलाउँदा चेपाङको घटनास्थलमै मृत्यु भएको चितवन राष्ट्रिय निकुञ्जका प्रमुख संरक्षण अधिकृत झमक कार्कीले बताए। पीडित परिवारले नियन्त्रणमा लिनसक्ने अवस्था हुँदाहुँदै पनि सेनाले गोली हानी हत्या गरेको बताए। सोही समूहमा रहेका पिप्ले गाविस-२ का ४५ वर्षीय रामकृष्ण चेपाङलाई प्रहरीले सोही स्थानबाट गिरफ्तार गऱ्यो भने अरु तीन जना फरार रहेको प्रहरीले जनायो। अनुसन्धानपश्चात् रामकृष्ण चेपाङ २८ हजार २ सय ५० रुपियाँ धरौटी तिरेर ०६८ चैत १९ गते रिहा भएको सहायक संरक्षण अधिकृत लालबहादुर भण्डारीले बताए। मानवअधिकार सञ्जाल चितवनमा आबद्ध इन्सेकलगायत अन्य मानवअधिकारको क्षेत्रमा कार्यरत सङ्घसंस्थाले सो घटनाको तथ्यसङ्कलन गरी प्रतिवेदन सार्वजनिक गरेका थिए। सार्वजनिक प्रतिवेदनमा पीडितलाई नियन्त्रणमा लिन सकिने अवस्था हुँदाहुँदै सेनाले अत्यधिक बल प्रयोग गरेको उल्लेख थियो। जिल्ला प्रशासन कार्यालयले राहतस्वरुप पीडित परिवारलाई १ लाख ५० हजार रुपियाँ दिएको पीडित परिवारले जनाए।

जगतपुर गाविस-१ घर भई मङ्गलपुर गाविस-१ धार्नेचोकका ३३ वर्षीय पटही दराइको ०६९ साउन ७ गते बेलुका बाटोमा हिँडिरहेको अवस्थामा गस्तीमा रहेको प्रहरीको टोलीको कुटपिटबाट मृत्यु भएको पीडित परिवारले बतायो। दराई सोही ठाउँका तुलबहादुर दराईको घरमा एक महिनादेखि काम गर्न बस्दै आएका थिए। सोही घरमा ट्रयाक्टर चलाउने चालकलाई घर पुऱ्याएर फर्कने क्रममा गस्तीमा रहेको प्रहरीको टोलीले दराईलाई रोकी बिनाकारण कुटपिट गरी घाइते बनाएको तुलबहादुरले बताए। "राति भएकोले चालकलाई घर पुऱ्याउन घरमा काम गर्ने पटही र गैँडा दराई दुईजना गएका थिए। त्यतिकैमा एकछिनपछि गैँडा दराईलाई पुलिसले माऱ्यो-माऱ्यो भन्दै आत्तिँदै घरमा आयो, हामी के भयो भन्दै उसको पछि-पछि गयौँ, बाटोको छेउमा पटही बेहोस अवस्थामा थियो। पुलिसको भ्यान अलि अगाडि गइसकेको थियो। त्यही नजिकै धानको बीउ गोड्ने केही मानिस बस्थे। उनीहरूले पटहीलाई पुलिसले पिटेर झाडीमा फालिदिएको बताए। पटहीको टाउकोमा चोट लागेको

घटनाको प्रकार	राज्यपक्षबाट		गैरराज्यपक्षबाट		
	पुरुष	जम्मा	महिला	पुरुष	जम्मा
घाइते			३	८	१०
बालअधिकार			३४	३	३६
अपहरण				१	१
महिलाअधिकार			१३		१३
हिरात वा थुनामा मृत्यु	१	१			
कुटपिट			१	६	७
हत्या	३	३	४	६	१०
जम्मा	४	४	४४	३३	६६

र छातीमा नीलडाम, अनुहारमा कोतरेको थियो।" वडा प्रहरी कार्यालयमा घटनाबारे आफूले सुनेको र देखेको कुरा जानकारी गराई, गस्तीमा नै रहेको प्रहरीको भ्यान बोलाएर पटहीलाई अस्पताल पुऱ्याएको तुलबहादुरले बताए। पटहीको ०६९ साउन ८ गते बिहान उपचारको क्रममा भरतपुर मेडिकल कलेजमा मृत्यु भयो। पीडितपक्षले प्रहरीको कुटपिटबाट पटहीको मृत्यु भएको बताए। आफूहरूले कुटपिट नगरेको प्रहरीको भ्यान देखेर आफैँ डराएर भागदा पटही लडेर घाइते भई मृत्यु भएको प्रहरीले बतायो। पीडित परिवार र स्थानीयले दोषीलाई कारवाही र पीडित परिवारलाई क्षतिपूर्तिको माग राखी लास नबुझ्ने बताउँदै साउन ८ गते प्रहरी कार्यालयमा धर्ना दिएका थिए। मृतक पटहीको उपचारको क्रममा लागेको खर्च र ५ लाख रुपियाँ राहत दिने सहमतिपछि मृतक परिवारले लास बुझी सदगत् गरेका थिए। हालसम्म पनि सहमति भएको राहत रकम नपाएको पीडित परिवारको गुनासो रहेको छ।

चण्डीभञ्ज्याङ गाविस-९ का १८ वर्षीय रविन गुरुङको ०६८ फागुन ७ गते साँझ सोही ठाउँको पाँच किलो भन्ने ठाउँमा इलाका प्रहरी कार्यालय मुग्लिनबाट खटिएका छ जना प्रहरीको कुटपिटबाट मृत्यु भयो। पीडित परिवारले कुटपिटका कारण रविनको मृत्यु भएको बताए भने जिल्ला प्रहरी कार्यालयले शिवरात्री मनाउने क्रममा गाडी रोकेर पैसा उठाउँदै गरेकोमा प्रहरी टोलीले उनीहरूलाई रोक्न खोज्ने क्रममा झडप हुँदा रवीन घाइते भई उपचारका लागि भरतपुर ल्याउँदै गर्दा बाटोमै मृत्यु भएको दावी गरे। घटनामा संलग्न इलाका प्रहरी कार्यालय मुग्लीनका सई श्रीहरी अधिकारीसहित हवल्दार दानबहादुर शाही, प्रहरी जवान गणेश सुनार, रामशरण सिलवाल, रोहिणी ढकाल र अजय क्षेत्रीलाई निलम्बित गऱ्यो। पीडित परिवारलाई नेपाल सरकारले राहत स्वरुप १० लाख रुपियाँ दिने सहमति भएपछि पीडित परिवारले लास बुझेका थिए। पीडित परिवारलाई सरकारद्वारा दिने भनिएको राहत रकम १० लाख रुपियाँ ०६९ जेठ महिनामा जिल्ला प्रशासन कार्यालयबाट प्राप्त गरेको मृतकका बाबु रमेश गुरुङले बताए। दोषीहरूलाई कानुनबमोजिम कारवाही नगरेकोमा आफूहरू दु:खी रहेको पीडित परिवारले गुनासो गरे।

गोली/विस्फोटक पदार्थद्वारा घाइते

एकीकृत माओवादीबाट

भण्डारा गाविस-१ चौकीडाँडा निवासी एकीकृत नेकपा माओवादी कार्यकर्ता १९ वर्षीय सूर्य तामाङ र भरतपुर नपा-१२ बसन्तचोक निवासी जिल्ला खेलकुद विकास समिति चितवनका अध्यक्ष ३३ वर्षीय उत्तम गुरुङ ०६९ असार १६ गते माओवादी कार्यकर्ताबीच झडप हुँदा गोली लागी घाइते भए। भरतपुरमा रहेको माओवादीको पार्टी कार्यालयमा एकीकृत माओवादी र नवगठित नेकपा–माओवादी पक्षबीच भएको झडपमा गोली प्रहार भएको थियो। नवगठित नेकपा-माओवादीले पार्टी कार्यालयमा मजदुर सङ्गठनको लागि राजनीतिक प्रशिक्षणको तयारी गरिहेको र एकीकृत नेकपा माओवादीले पनि सोही दिन आयोजना गरेको जनवर्गीय सङ्गठन र जातीय मोर्चाको संयुक्त प्रशिक्षण भेलाको लागि भन्दै कार्यालय पुगेको टोलीबीच झडप भएको थियो। तामाङको दाहिने घुँडाभन्दा माथिको भागमा र गुरुङको देब्रे फिलामा गोली लागेको थियो। घाइते दुवै जनाको भरतपुर मेडिकल कलेजमा उपचार भयो। घाइते उत्तम गुरुङले आफूहरुलाई नवगठित नेकपा–माओवादीका कार्यकर्ताले आक्रमण गरेको बताएका थिए। घाइते गुरुङले अर्को पक्षले आक्रमण गरेपछि आफ्ना साथीहरू पनि जम्मा भएर प्रतिकार गर्न खोज्दा उनीहरुले एक्कासि गोली हान्दा आफूलाई गोली लागेको बताए। घटनाको प्रहरीले अनुसन्धान गरेको जनाए पनि यो वर्षको अन्त्यसम्म गोली प्रहार गर्ने व्यक्तिलाई गिरफ्तार गरेन।

जेल र बन्दीहरू

'घ' श्रेणीको जिल्ला कारागारको बन्दी क्षमता १ सय २० जनाको रहेको छ। यस वर्षको अन्त्यसम्म कैद तोकिएका २ सय १४ र कैद नतोकिएका २ सय

१४ थुनुवा गरी गरी जम्मा ४ सय २८ जना बन्दीहरू रहेका छन्। कारागारमा आश्रित बालक तथा बालिका नरहेको जिल्ला कारागार चितवनका खरिदार रामबाबु श्रेष्ठले बताए।

यस वर्ष पुरुष बन्दीगृहको 'ङ' ब्लक भवन नयाँ निर्माण गरिएको छ। जसमा १ सय १० जना पुरुष रहेका छन्। त्यसैगरी चारैतिर पर्खाल लगाएर खेलकुद ग्राउण्ड पनि यसै वर्ष निर्माण गरिएको छ। खानेपानी तथा अन्य सुविधाको लागि पुरुषहरुतर्फ तीनओटा चापाकल, १५ ओटा धारा, छ ओटा शौचालय रहेको छन् भने महिलाहरूका लागि एक चापाकल, एक धारा (सरकारी धाराको माध्यमबाट पानी प्रवाह), दुई ओटा शौचालय रहेको कारागार प्रमुख कमलप्रसाद काफ्लेले बताए। उनले सबै व्यक्तिहरुलाई मनोरञ्जनको अधिकार हुने कुरालाई ध्यानमा राखी कारागारभित्र पनि पुरुषहरुतर्फ छओटा टेलिभिजन, महिलातर्फ तीनओटा टेलिभिन गरी जम्मा नौओटा टेलिभिनको व्यवस्था रहेको र खेलकुद ग्राउण्ड र एउटा पुस्तकालय उपलब्ध रहेको बताए। पहिलाको तुलनामा अहिले केही सुधार भए पनि क्षमताभन्दा बढी बन्दी भएकाले केही असहज हुने गरेको काफ्लेले बताए।

धम्की/ कुटपिट

एकीकृत माओवादीबाट

गर्दी गाविस-२ निवासी एमाले गर्दी गाउँ कमिटीका अध्यक्ष ३५ वर्षीय नारायणप्रसाद अधिकारीलाई ०६९ असोज ३ गते एकीकृत माओवादीका कार्यकर्ताले कुटपिट गरे। साँझको समयमा गर्दीमा भएको फुटबल कार्यक्रम हेरेर घर फर्कने क्रममा सोही गाविसको कुन्तिपुर भन्ने स्थानमा बाटो ढुकेर बसेको एक समूहले आक्रमण गरेको पीडितले बताए। उनले भने-"बाटोमा हिँडिरहेको थिए, एक्कासि नकाब लगाएका नौ १० जनाको सङ्ख्यामा रहेको व्यक्तिले घेरा हाली आज यही खतम पारिदिने हो भन्दै आक्रमण गरे।" उनले आफूलाई आक्रमण गर्ने एमाओवादीका कार्यकर्ता रहेको बताए। सो समूहले लाठी, हात, मुक्का, ढुङ्गा र मोटरसाइकलको हेलमेटले प्रहार गरेपछि आफूले हारगुहार गर्दा स्थानीय व्यक्तिहरू आएपछि उनीहरू भागेको पीडितले बताए। कुटपिटबाट नारायणको टाउको, गोडा र शरीरका विभिन्न भागमा चोट तथा नीलडाम परेको थियो। पीडितको भरतपुर मेडिकल कलेजमा उपचार भयो। एकीकृत माओवादी जिल्ला सङ्गठन समिति चितवनले भने एमालेले निकालेको विज्ञप्तिप्रति आपत्ति जनाउँदै सो घटनामा आफ्ना कार्यकर्ता संलग्न नरहेको दाबी गऱ्यो। सो आक्रमणको घटनामा अनावश्यक रूपमा एमाओवादीका गर्दी गाविस सचिव भरतप्रसाद तिमिल्सिनाको नाम जोडिएको एमाओवादी जिल्ला सम्मेलन आयोजक समितिका संयोजक अविनाशले बताए। पीडित परिवारले घटना भएकै भोलिपल्ट जिल्ला प्रहरी कार्यालय चितवनमा उजुरी दिएको तर घटनामा संलग्नलाई यस वर्षको अन्त्यसम्म प्रहरीले गिरफ्तार गर्न सकेको छैन।

अज्ञात समूहबाट कुटपिट गरी घाइते बनाइएका चितवन एमाले जिल्ला कमिटी सदस्य चक्र रुचाल

चितवन राष्ट्रिय निकुञ्जमा सुरक्षार्थ खटिएको नेपाली सेनाले चलाएको गोली लागी मारिएका रेशम चेपाङ

अज्ञातसमूहबाट

भरतपुर नपा-४ न्यूरोड निवासी नेकपा एमाले जिल्ला कार्यसमिति सदस्य ५० वर्षीय चक्र रुचाल र भरतपुर नपा-४ निवासी नेपाली काङ्ग्रेसका कार्यकर्ता ४७ वर्षीय रघु तिमल्सिनालाई ०६८ चैत २ गते भरतपुर नपा-४ स्थित वडा कार्यालयमा नगरवन उपभोक्ता समिति गठन सम्बन्धमा सर्वदलीय बैठकमा सहभागी भई बाहिरिने क्रममा नकाब लगाएको एक समूहले कुटपिट गऱ्यो। सो समूहको कुटपिटबाट टाउको, मेरुदण्ड र खुट्टामा चोट लागी घाइते उनको

भरतपुर अस्पतालमा ११ दिनको उपचारपश्चात् घर फर्किए भने कुटपिटबाट सामान्य घाइते भएका तिमल्सिना भरतपुर अस्पतालमा उपचारपश्चात् सोही दिन घर फर्किएका थिए। भरतपुर नपा-४ बस्ने २५ वर्षीय दीपक लामासहित अन्य नचिनेका व्यक्तिहरूले कुटपिट गरेको आरोपमा पीडित रुचालको परिवारले लामासहितको अज्ञात समूहका विरुद्ध ०६८ चैत ३ गते जिल्ला प्रहरी कार्यालयमा किटानी जाहेरी दिए। घटनामा संलग्न कसैलाई पनि प्रहरीले कानुनी कारबाही नै गरेन। घटनामा संलग्न भनिएका दीपकलाई जिल्ला प्रहरी कार्यालयमा हाजिर गराई रिहा गरिएको जिल्ला प्रशासन कार्यालयले जनायो।

सुगम र निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालत

०६८ साउनदेखि ०६९ असार मसान्तसम्म

दुई जनामात्र न्यायाधीश रहेको यस जिल्ला अदालतको फौजदारी मुद्दातर्फ ११ सय ८४ थान मध्ये ८ सय ५९ थान फैसला भए भने ३ सय २५ थान फैसला हुन बाँकी रहे। देवानी मुद्दातर्फ ९ सय ५० थानमध्ये ५ सय १२ फैसला भए भने ४ सय ३८ थानफैसला हुन बाँकी रहे।

०६९ साउनदेखि पुस १५ सम्म

दुई जनामात्र न्यायाधीश रहेको यस जिल्ला अदालतको फौजदारी मुद्दातर्फ ७ सय २१ थानमध्ये ३ सय १६ थान फैसला भए भने ४ सय ५ थान फैसला हुन बाँकी रहे। देवानी मुद्दातर्फ ७ सय ८ थानमध्ये २ सय १६ थान फैसला भए भने ४ सय ९२ थान फैसला हुन बाँकी रहे। दुई वर्ष नाघेका फौजदारी मुद्दा तथा देवानी मुद्दा कुनै पनि नरहेको चितवन जिल्ला अदालतले जनायो।

जिल्ला सरकारी वकिलको कार्यालय

जिल्ला सरकारी वकिलको कार्यालयबाट ०६८ साउनदेखि ०६९ असार मसान्तसम्म दायर मुद्दाको सङ्ख्या ८ सय ११ छ जसमध्ये ३ सय १९ थान मुद्दा सफल भए भने ७२ थान असफल भएको छ। सरकारी वकिल सङ्ख्या एक जना रहेको यस जिल्ला कार्यालयबाट दायर मुद्दामध्ये ०६९ असार मसान्तसम्म ४ सय १९ थान मुद्दा बाँकी रहेको सरकारी वकिलको कार्यालयले जनायो।

दायर मुद्दामध्ये कर्तव्य ज्यानसम्बन्धी मुद्दा २२ थान मध्ये सात थान सफल र चार थान असफल रह्यो भने ११ थान मुद्दा बाँकी रहेका छन्। बलात्कारसम्बन्धी मुद्दाहरूमध्ये बलात्कार उद्योगमा जम्मा चार मुद्दा परेकोमा एक थान असफल भयो भने बाँकी मुद्दा तीन थान रहेका छन्। बलात्कारमा जम्मा ३७ थान मुद्दा परेकोमा १३ थान सफल, ११ थान असफल र १३ थान मुद्दा बाँकी रह्यो। महिला बेचविखनसम्बन्धी मुद्दा एक थानमध्ये एक थाननै असफल रह्यो। अपहरणसम्बन्धी मुद्दा ११ थान मध्ये चार थान सफल र छ थान असफल र एक थान बाँकी रह्यो। बहुविवाहसम्बन्धी र छुवाछूतसम्बन्धी चार थान मुद्दामा दुई ओटा सफल र दुई बाँकी रह्यो। यसवर्ष यस जिल्लामा बालविवाहसम्बन्धी कुनै पनि मुद्दा नपरेको जिल्ला सरकारी वकिल कार्यालयले जनायो।

जिल्ला सरकारी वकिलको कार्यालयबाट ०६९ साउनदेखि ०६९ पुससम्म दायर मुद्दाको सङ्ख्या ६ सय ४० थानमध्ये ११ थान मुद्दा सफल भएको छ। सरकारी वकिल सङ्ख्या एक जना रहेको यस जिल्ला कार्यालयबाट दायर मुद्दामध्ये ०६९ असार मसान्तसम्म ६ सय २५ थान मुद्दा बाँकी रहेको सरकारी वकिलको कार्यालयले जनायो।

बालअधिकार

शिक्षाको अवस्था

यस जिल्लाका ९७ प्रतिशत बालबालिका विद्यालय जाने गरेको र अझैपनि तीन प्रतिशत बालबालिका विद्यालयको पहुँचबाट टाँढा रहेको पाइयो। सरकारी र सामुदायिक विद्यालयमा ८० हजार ७ सय २६ छात्रा र ८२ हजार ८ छात्र प्राथमिक तहदेखि उच्च माबि तहसम्म भर्ना भएको जिल्ला शिक्षा कार्यालय चितवनले जानायो। सरकारी र सामुदायिक विद्यालय गरी प्राबि तहमा स्वीकृत दरबन्दी १ हजार ६ सय ७५,

एकीकृत माओवादी र नेकपा-माओवादी कार्यकर्ता बीच भएको झडपमा गोली लागी घाइते भएका सूर्य तामाङ र उत्तम गुरुङ

राहत कोटा २ सय, महिला परियोजना १५ गरी जम्मा १ हजार ८ सय ९० जना शिक्षक दरबन्दी रहेको छ। त्यस्तैगरी निमावि तहमा स्वीकृत दरबन्दी ४ सय ५, राहत कोटा १ सय ३३ गरी जम्मा ५ सय ३८, माविमा स्वीकृत दरबन्दी ३ सय ९, राहत कोटा ७४ गरी जम्मा ३ सय ८३ जना शिक्षक रहेका छन्। यस जिल्लामा प्रावि, निमावि र माविमा गरी जम्मा २ हजार ८ सय ११ जना शिक्षक कार्यरत रहेका छन्।

त्यस्तै गरी विद्यालयमा आधारित ५ सय २, समुदायमा आधारित ४८ बालविकास केन्द्रमा बालक १० हजार ८ सय ८५ र बालिका ८ हजार ९ सय ७९ गरी जम्मा १९ हजार ८ सय ६४ रहेका छन् जसमध्ये दलित विद्यार्थी सङ्ख्या १ हजार २ सय ८४, जनजाति ४ हजार ९ सय २४ र अन्यमा १ हजार ४ सय ३८ विद्यार्थी गरी जम्मा ७ हजार छ सय ४६ बालबालिका बालविकास केन्द्रमा अध्ययनरत रहेका छन्।

बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

एक चार वर्षीया बालिकालाई ०६८ फागुन ८ गते जुटपानी गाविस-३ की बस्ने ४५ वर्षीय ज्ञानबहादुर कुमालले आफ्नै घरमा लगी बलात्कार गरेको आरोपमा पीडितकी आमाले जिल्ला प्रहरी कार्यालयमा ०६८ फागुन १२ गते उजुरी दिइन्। आरोपितलाई प्रहरीले घटना भएकै दिन गिरफ्तार गऱ्यो। पीडितको भरतपुरमा रहेको सरकारी अस्पतालमा स्वास्थ्य परीक्षण भएको प्रहरीले बतायो। घटनाको अनुसन्धानपश्चात् मुद्दा अदालतमा पेश हुँदा चितवन जिल्ला अदालतको ०६८ चैत ५ गतेको आदेशले आरोपित पुर्पक्षका लागि थुनामा रहेकोमा पुन: ०६९ असोज ११ गतेको इजलासले ५ वर्ष कैद फैसला भयो।

एक सात वर्षीया बालिकालाई सोही ठाउँ बस्ने ६० वर्षीय चन्द्रबहादुर हमालले ०६८ चैत १५ गते पीडितकै घरको कोठामा थुनी बलात्कार प्रयास गरेको आरोपमा पीडितको परिवारले जिल्ला प्रहरी कार्यालयमा सोही दिन उजुरी दियो। आरोपित हमाल फरार रहेका छन्। उनी विरुद्ध ०६८ चैत २२ गते मुद्दा दर्ता भएको छ। प्रहरीले घटनाको अनुसन्धानपश्चात् ०६९ वैशाख १३ गते मिसिल जिल्ला सरकारी वकिल कार्यालयमार्फत चितवन जिल्ला अदालतमा पेश गरेको छ।

एक १२ वर्षीया बालिकालाई ०६९ जेठ १२ गते बघौडा गाविस-८ माडीको ५० वर्षीय शिव लामिछानेले बेलुका पीडितको घर नजिकैको आँपको बगैँचामा पुऱ्याई बलात्कार गरेको आरोपमा पीडितकी आमाले ०६९ जेठ १६ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिइन्। आरोपित शिव लामिछानेले यसअघि पनि दुई बालिकालाई बलात्कार गरेको भनी त्यसै दिन उजुरी परेको थियो। आरोपित हालसम्म फरार रहेको प्रहरीले जनायो।

एक चार वर्षीया बालिकालाई ०६९ जेठ २१ गते पदमपुर गाविस-६ की २८ वर्षीय रामेश्वर महतोले बालिका बाटोमा खेलिरहेको अवस्थामा फकाएर बोकी पदमपुर गाविस-६ मा रहेको भीमबेली सामुदायिक वनमा पुऱ्याई बलात्कार गरेको भनी पीडितकी आमाले ०६९ जेठ २१ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिइन्। आरोपितले बालिकालाई मलद्वारमा पनि बलात्कार गरेको अस्पतालको रिर्पोटबाट पुष्टि भएको थियो। पीडकलाई प्रहरीले घटना भएकै दिनमा सोही गाविसबाट गिरफ्तार गऱ्यो। घटनाको अनुसन्धानपश्चात् अदालतमा पेश हुँदा जिल्ला अदालतको ०६९ असार ११ गतेको आदेशले आरोपित पुर्पक्षको लागि थुनामा रहेकोमा आरोपित महतोलाई ०६९ पुस २५ गते जिल्ला अदालत चितवनले १० वर्ष कैद र ५० हजार रूपियाँ जरिवाना गर्ने फैसला गऱ्यो।

एक १३ वर्षीया एक बालिकालाई ०६९ वैशाख ४ गते नवलपरासी जिल्ला शिवमन्दिर गाविस-२ घर भएका २५ वर्षीय सुदन परियारले भरतपुर नपा-३ मा रहेको आफ्नो डेरा घरमा बलात्कार गरेको भनी पीडित परिवारले ०६९ वैशाख १० गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। आरोपितलाई प्रहरीले वैशाख १० गते गिरफ्तार गऱ्यो। जिल्ला अदालतको ०६९ जेठ १ गते आदेशले आरोपित पुर्पक्षको लागि थुनामा रहेका छन्।

एक आठ वर्षीया बालिकालाई भरतपुर नपा-

एकीकृत माओवादी कार्यकर्ताले कुटपिट गरी घाइते बनाएका नारायणप्रसाद अधिकारी

१० मा डेरा गरी बस्ने ४४ वर्षीय अर्जुन भारतीले ०६९ असार २७ गते भरतपुर नपा-७ मा रहेको साइराम फर्निचरको खाली कोठामा लगी बलात्कार गरेको पीडित परिवारले बतायो। पीडक अर्जुन सोही फर्निचरमा काम गर्थे। उनले बालिकालाई ललाइफकाई फर्निचर उद्योगमा लगी बलात्कार गरेको भनि पीडित परिवारले ०६९ असार २७ गते जिल्ला प्रहरी कार्यालय चितवनमा उजुरी दियो। पीडकलाई प्रहरीले सोही दिन गिरफ्तार गऱ्यो। अदालतको ०६९ साउन २२ गतेको आदेशले आरोपित पुर्पक्षको लागि थुनामा रहेका छन्।

एक १४ वर्षीया बालिकालाई भरतपुर नपा-२ बस्ने २६ वर्षीय टेकमान गुरुङले ०६९ साउन ९ गते भरतपुर नपा-२ मा रहेको कैलाश लजमा लगी बलात्कार गरेको आरोपमा पीडितले ०६९ साउन १६ गते प्रहरीमा उजुरी दिइन्। आरोपित गुरुङलाई प्रहरीले सोही दिन गिरफ्तार गऱ्यो। जिल्ला अदालतको ०६९ भदौ ७ गतेको आदेशले आरोपित पुर्पक्षको लागि थुनामा रहेका छन्।

एक पाँच वर्षीया बालिकालाई ०६९ साउन १९ गते भरतपुर नपा-११ की ६८ वर्षीय शेरबहादुर थापा मगरले सोही स्थान नजिकैको जङ्गलको झाडीमा पुऱ्याई बलात्कार गर्ने प्रयास गरेको आरोपमा पीडितको परिवारले सोही दिन प्रहरीमा उजुरी दियो। आरोपित थापालाई प्रहरीले घटना भएकै दिन गिरफ्तार गऱ्यो। घटनाको अनुसन्धानपश्चात् प्रहरीले ०६९ साउन ३१ गते जिल्ला सरकारी वकिलको कार्यालयमा पेश गरेकोमा चितवन जिल्ला अदालतको ०६९ भदौ ५ गतेको आदेशले आरोपित थापा पुर्पक्षको लागि थुनामा रहेकामा ०६९ कात्तिक २६ गते चितवन जिल्ला अदालतले पीडकलाई ५ वर्ष कैद गर्न फैसला गऱ्यो।

एक १५ वर्षीया एक बालिकालाई सोही गाविस-८ बस्ने २१ वर्षीय अनुप भुसालले ०६९ कार्तिक २५ गते सोही गाविसको एक सिसौ घारीमा पुऱ्याई बलात्कार गरे। अनुपले बालिकालाई बलात्कार गरेको भनी पीडितपक्षले ०६९ मङ्सिर ३ गते जिल्ला प्रहरी कार्यालय चितवनमा उजुरी दिए। पीडित बालिकाको भरतपुर अस्पतालमा स्वास्थ्य परीक्षण भएको जिल्ला प्रहरी कार्यालयले जनायो। दोषीलाई गिरफ्तार गरी कानुनी कारबाहीको माग गर्दै पीडितका आफन्तले प्रहरीमा उजुरी दिएको बताए। घटनापश्चात यो वर्षको अन्त्यसम्म आरोपित फरार रहेको र उनको खोजी कार्य भइरहेको प्रहरीले जनायो।

चार वर्षीया एक बालिकालाई मोरङ जिल्ला विराटनगर उमनपा-१७ का ४२ वर्षीय श्यामकुमार श्रेष्ठले ०६९ कात्तिक ३० गते दिउँसोको समयमा भरतपुर नपा-३ स्थित नारायणी नदी किनारमा बलात्कार गरेको आरोपमा बालिकाकी आमाले सोही दिन जिल्ला प्रहरी कार्यालयमा जाहेरी दिइन्। आरोपित श्रेष्ठले बालिकालाई खेलाउन भनी लगेको र धेरै समयपछि बालिका बस्ने डेरा कोठा अगाडि ल्याई बालिकालाई छाडी दिएको र बालिकाको शरीरभर वालुवा नै वालुवा लागेको देखेर सोधखोज गर्दा बलात्कृत भएको खुलेको थियो। पीडित बालिकाको भरतपुर अस्पतालमा स्वास्थ्य परीक्षण भएको थियो। आरोपित श्रेष्ठलाई प्रहरीले उजुरी परेकै दिन गिरफ्तार गऱ्यो। चितवन जिल्ला अदालतको ०६९ मङ्सिर २५ गतेको आदेशले आरोपित पुर्पक्षको लागि थुनामा छन्।

एक सात वर्षीया बालिकालाई सोही ठाउँ बस्ने ३५ वर्षीय जुठे भन्ने शेखर खत्रीले ०६९ मङ्सिर ९ गते सोही गाविसको काँसघारीमा बलात्कार गरे। आरोपित शेखरले बालिका बाटोमा हिँडिरहेको अवस्थामा फकाएर काँसघारीमा पुऱ्याई बलात्कार गरेको भनी पीडितका आफन्तले ०६९ मङ्सिर ९ गते नै जिल्ला प्रहरी कार्यालय चितवनमा उजुरी दिए। आरोपित फरार छन्।

अपहरण

खोटाङ जिल्ला ढिकुवा गाविस-७ घर भई हाल भरतपुर नपा-४ बाह्रघरेमा डेरा गरी बस्ने सरीता राईको तीन दिनको छोरा ०६८ माघ ४ गते अपराह्न सवा ३ बजे भरतपुर अस्पतालको प्रसुती वार्डको बेडबाट हराए। छोरालाई बेडमा छोडी आमा सरीता शौचालय गएको समयमा बच्चा बेपत्ता पारिएको थियो। नवलपरासी जिल्लाको रजहर घर बताउने अन्दाजी २०/२५ वर्षीया पूजा नाम बताउने एक महिलाले अपहरण गरेको हुन सक्ने शिशुकी आमा सरिताले बताइन्। सो घटना अनुसन्धानको सिलसिलामा हुलियाको आधारमा १० जनालाई नियन्त्रणमा लिएर सोधपुछ गरिएको भए पनि दोषी पत्ता लगाउन सकिएन। घटनाको अनुसन्धान गर्न जिल्ला प्रहरी कार्यालय चितवनले इन्स्पेक्टर कुमार थापाको नेतृत्वमा एक अनुसन्धान तथा खोजविन टोलीको गठन गरेको अनुसन्धान कार्य भइरहेको भए पनि हालसम्म दोषी पत्ता नलागेको जिल्ला प्रहरी कार्यालयका डीएसपी रवि पौडेलले बताए। शिशुका बाबुले प्रहरी प्रशासनले चासो दिएमा अझैपनि आफ्नो बच्चा फिर्ता पाउने आश रहेको बताए।

महिलाविरुद्ध हुने सबै प्रकारको भेदभाव, दुर्व्यवहार बेचबिखन तथा ओसारपसार

एक २२ वर्षीया युवतीलाई कोराक गाविस-१ कुचुर गाउँ बस्ने ३७ वर्षीय सागर तामाङ भन्ने सिमसोन चेपाङ र सोही स्थान बस्ने १९ वर्षीय असिमकुमार चेपाङले ०६९ जेठ १३ गते मायाको प्रलोभन देखाई बेच्ने प्रयास गरेको आरोपमा पीडितले कानुन बमोजिम सजायको माग गरी ०६९ साउन १२ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिइन्। आरोपितमध्ये सिमसोन चेपाङलाई ०६९ साउन १३ गते गिरफ्तार गरी अनुसन्धानपश्चात अदालत पेश हुँदा चितवन जिल्ला अदालतको ०६९ साउन १३ गतेको आदेशले साधारण तारेखमा रिहा भए भने अर्का आरोपित असिमकुमार चेपाङ हालसम्म फरार रहेको जिल्ला प्रहरी कार्यालय चितवनले जनायो। युवतीलाई सागर तामाङ भन्ने सिमसोन चेपाङले पटकपटक फोन गरी माया ममताको कुरा गर्ने, घरमा आउने जाने कुरा गर्ने गरेको र ०६९ जेठ ५ गते विवाह गर्छु भनी प्रलोभनमा पारी आफूलाई झुक्याएको पीडितले बताइन्। सो दिन सिमसोनले आफूलाई बोलाई भरतपुर नपा-१ ठिमुरामा पुऱ्याई भोलिपल्ट भरतपुर नपा-१० स्थित लाङ्घाली होटलमा राखेको उनले बताइन्। युवतीलाई शङ्का लागेर पछि बुझ्दै जाँदा सिमसोनले अन्य युवतीहरूलाई समेत बेच्ने उद्देश्यले पत्नी बनाई ल्याएको र यसरी नै बाहाना बनाई विभिन्न ठाउँमा केटी राख्ने गरेको बुझिएको पीडितले बताएकी थिइन्।

बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

एक २५ वर्षीया एक महिलालाई नवलपरासी जिल्ला मनरी गाविस-२ बस्ने ३५ वर्षीय बाबुराम केसीले ०६८ चैत २१ गते पीडितको घर पछाडि टौवामा पुऱ्याई बलात्कार गरे। बाबुरामले छोरीलाई बलात्कार गरेको भनी पीडितकी आमाले जिल्ला प्रहरी कार्यालयमा ०६८ चैत २२ गते उजुरी दिइन्। पीडकलाई प्रहरीले घटना भएकै दिन गिरफ्तार गऱ्यो। घटनाको अनुसन्धानपश्चात अदालतमा पेश हुँदा चितवन जिल्ला अदालतको ०६९ वैशाख ६ गतेको आदेशले पीडक पुर्पक्षको लागि थुनामा रहेकोमा ०६९ असार ३१ गते चितवन जिल्ला अदालतले पीडकलाई २ वर्ष ६ महिना कैदको फैसला गऱ्यो।

एक ४५ वर्षीया महिलालाई घाँस काटन् निकुञ्ज छेउको सामुदायिक वनमा गएको अवस्थामा ०६९ वैशाख ३० गते चितवन राष्ट्रिय निकुञ्जमा कार्यरत जमदार चित्रबहादुर प्रधानले कुटपिट गरी बलात्कारको प्रयास गरे। घाँस काट्न निकुञ्ज छेउको बेलसरी सामुदायिक वनमा पुगेकी पीडितलाई निकुञ्जको सुरक्षार्थ खटिएका सेनाको जवानले यौनसम्पर्कको लागि प्रस्ताव राख्दा उनले अस्वीकार गरेपछि सेनाले दुर्व्यवहार गरेको पीडितले बताइन्। महतोले गुहार माग्दा सेनाले ढाड र खुट्टामा लौराले र छातीमा मुड्कीले हिर्काएको थियो। कुटपिटका कारण घाइते महतोलाई वैशाख ३१ गते भरतपुर मेडिकल कलेजमा उपचार भयो। पीडितको उपचार खर्च नन्दबक्स गणद्वारा नै गरिएको नन्दबक्स गणका क्याप्टेन हरि केसी खड्काले बताए। पीडक चित्रबहादुरलाई विभागीय कारबाहीमा पठाइएको क्याप्टेन खड्काले जानकारी दिए।

एक १८ वर्षीया किशोरीलाई भरतपुर नपा-१२ का २१ वर्षीय किशोर भण्डारीले ०६९ वैशाख ३ गते सोही नपा-१० को बाबा गेष्टहाउसमा पुऱ्याई बलात्कार गरेको भनी ०६९ वैशाख ८ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिइन्। भण्डारीले मोटरसाइकलमा तेल सकियो भन्ने निहुँ पारी झुक्याएर गेष्ट हाउसमा लगी बस्न बाध्य बनाएर लजमा राखी बलात्कार गरेको पीडितले बताइन्। पीडक भण्डारी हालसम्म फरार रहेका छन्।

घरेलु हिंसा

बोक्सीको आरोपमा हत्या

बगौडा गाविस-२ माडीकी ४० वर्षीया ढेगनी महतोलाई ०६८ फागुन ५ गते बिहान बोक्सीको आरोप लगाई दाजुभाई नातापर्ने छिमेकी विक्रम महतोका परिवार मिलेर कुटपिटपछि आगो लगाई जलाएर हत्या गरे। ढेगनी बिहान छिमेकी विक्रमको घर नजिकै रहेको गोठमा गोबर फाल्न जाँदा महतोको परिवारले कुटपिट गरी शरीरमा मट्टितेल खन्याई आगो लगाइदिएका थिए। विक्रमका परिवारले गुरौ (झाँक्री) मानेका जुगेश्वर महतोलाई देखाउन जाँदा उनैले ढेगनीलाई बोक्सी आरोप लगाएको स्थानीयले बताए। 'बिहान ६:३० बजेतिर म उठेर ट्वाइलेट जान लागेको थिए, उनीहरूले बुहारीलाई पिटिरहेका थिए।' मृतका ससुरा झारी महतोले भने-"म त्यहाँ जाँदा मलाई पनि उनीहरूले काट्छु भन्दै लखेट्न आए, अनि म गाउँमा गुहार माग्न गएँ।"

ढेगनीका ससुरा झारी महतोले ०६८ फागुन ७ गते बगौडा गाविस-२ का बिकना भनिने विक्रम महतो,

विक्रमिया महतो, लक्ष्मी महतो, सञ्जु महतो, कृष्णकुमारी महतो, बगौडा गाविस-६ बस्ने विक्रम महतो, मञ्जु महतो, झाँक्री भनिने जोगेश्वर महतो, सरस्वती महतो, लक्ष्मी महतो र पशुपतिया महतो गरी ११ जना विरुद्ध जिल्ला प्रहरी कार्यालय चितवनमा किटानी जाहेरी दिएपछि प्रहरीले घटनामा संलग्न बिकना भनिने विक्रम महतो, उनकी पत्नी विक्रमिया महतो, ज्वाईं विक्रम महतो, छोरीहरू लक्ष्मी, सञ्जु, कृष्ण, मञ्जु, झाँक्री जुगेश्वर महतोलाई सोही दिन गिरफ्तार गऱ्यो। यसैगरी विक्रमकी नातिनी दश वर्षकी सरस्वतीलाई पनि प्रहरीले एकैसाथ नियन्त्रणमा लियो। आरोपिमध्ये पशुपतिया महतो, लक्ष्मी महतोलाई पनि प्रहरीले गिरफ्तार गऱ्यो। महतोको हत्याका आरोपिहरू झाँक्री भनिने जोगेश्वर महतो सहित ११ जना विरुद्ध ०६८ चैत २ गते अदालतमा अभियोग पत्र दायर भयो। अनुसन्धान पश्चात जिल्ला अदालत चितवनको ०६८ चैत ६ गतेको आदेशले गिरफ्तार परेका दश जनामध्ये झाँक्री भनिने जोगेश्वर महतो, विक्रम महतो, विक्रमकी पत्नी बिक्रमियाँ, छोरी लक्ष्मी महतो, सञ्जु महतो, कृष्णकुमारी महतो, मञ्जु महतो र विक्रमका ज्वाई बिक्रम महतो पुर्पक्षको लागि जिल्ला कारागार शाखा, चितवनमा थुनामा रहेका छन् भने २३ वर्षीया लक्ष्मी महतो, पशुपतीया महतो र उजुरी अनुसार घटनाकी आरोपित भनिएकी सरस्वती महतो भने सादा तारेखमा रिहा भइन्। ढेगनीका परिवारलाई सरकारले राहत स्वरुप १० लाख रुपियाँ र दुई छोरीछोरालाई एसओएस बालग्राम भरतपुरले लालनपालन र नि:शुल्क शिक्षाको व्यवस्था गरिदिने निर्णय गऱ्यो।

दुर्व्यवहार

दिव्यनगर गाविस-३ की ५७ वर्षीया एक महिलालाई सोही स्थान बस्ने २० वर्षीया बिना महतो, अयोध्यापुरी गाविस-९ बस्ने २० वर्षीय राजु तामाङ, पार्वतीपुर गाविस-९ मनिपुर बस्ने ४७ वर्षीय लालबहादुर विकले ०६९ असोज १३ गते बोक्सीको आरोपमा अमानवीय व्यवहार गरेको पीडितले बताइन्। बिहान करिब ९ बजेको समयमा पीडित महिलाले घाँसको भारी बोकी आउने क्रमम बिना महतोले 'बोक्सी लगाउने यही हो' भनी अमानवीय व्यवहार गरेको पीडित महिलाले ०६९ असोज १५ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिइन्। पीडितको उजुरी परेकै दिन प्रहरीले आरोपित राजु र लालबहादुरलाई गिरफ्तार गऱ्यो। घटनाको अनुसन्धान पश्चात अदालतमा पेश हुँदा चितवन जिल्ला अदालतको ०६९ असोज १८ गतेको आदेशले प्रति व्यक्ति २ हजार रुपियाँ धरौटीमा रिहा भए।

हत्या

गीतानगर गाविस-२ चम्पानगरकी ४५ वर्षीया विष्णु राउतलाई ०६९ मङ्सिर १ गते पति ६० वर्षीय प्रेमबहादुर राउत भनिने गोविन्दबहादुर कार्कीले आफ्नै घरमा कुटपिट गरेर घाँटी थिची हत्या गरी खाटमा सुताएर सिरक ओढाई फरार भएको मृतकका आफन्तले बताए। पीडितका आफन्तले ०६९ मङ्सिर २ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए। आरोपित गोविन्द फरार रहेको र मुद्दा दर्ता गरी उनको खोजी कार्य तथा अनुसन्धान कार्य भइरहेको जिल्ला प्रहरी कार्यालय चितवनले जनायो।

गर्दी गाविस-१ शितलपुर की २० वर्षीया सरीता परियारलाई ०६९ भदौ १ गते पति २२ वर्षीय नारायण परियारले घरमा कुटपिट गरी हत्या गरे। पतिको कुटपिटबाट गम्भीर घाइते भएकी सरीताको उपचारका क्रममा भदौ २ गते भरतपुर मेडिकल कलेजमा मृत्यु भयो। दोषीलाई कारबाहीको माग गरी सरीताको माइतीपक्षले ०६९ भदौ २ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिएपछि सोही दिन प्रहरीले नारायण परियारलाई गिरफ्तार गरेको थियो। आफूले मादक पदार्थ सेवन गरी सामान्य कुटपिट गर्दा सरीता घाइते भएको प्रहरीसँगको बयानमा नारायणले बताएको जिल्ला प्रहरी कार्यालय चितवनका डीएसपी रवि पौडेलले जानकारी दिए। पीडक नारायणलाई प्रहरीले २०६९ भदौ ४ गते गिरफ्तार गऱ्यो। चितवन जिल्ला अदालतको ०६९ भदौ २५ गतेको आदेशले आरोपित पुर्पक्षको लागि थुनामा रहेका छन्।

कुटपिट

जगतपुर गाविस-१ स्थित माइतीघरमा बस्ने ३३ वर्षीया सीता भुजेललाई ०६८ फागुन १३ गते पति गीतानगर गाविस-४ का ३६ वर्षीय प्रकाश नेपालीले छुरा प्रहार गरी घाइते बनाए। घरमा बस्न सक्ने वातावरण नभएकोले माइती घरमा गएर बसेकी सीतालाई पतिले माइतीघरमा नै गएर बिनाकारण छुरा प्रहार गरेका थिए। पीडितकी आमा पूर्णकला भुजेलले ०६८ फागुन १५ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिइन्। छुरा प्रहारबाट उनको शरीरमा चोटैचोट थियो। घाइते उनको भरतपुर मेडिकल कलेजमा उपचार भयो।

आरोपित प्रकाशलाई ०६८ फागुन १६ गते प्रहरीले उनको घरबाट नै गिरफ्तार गऱ्यो। चितवन जिल्ला अदालतको ०६८ चैत ८ गतेको आदेशले आरोपित प्रकाश पुर्पक्षका लागि थुनामा रहेका छन्। यो वर्षको अन्त्यसम्म मुद्दाको फैसला भएको छैन।

बहुविवाह

जगतपुर गाविस-९ की १९ वर्षीया सङ्गीता विकसँग ०६९ वैशाख १४ गते विवाह गरेका विशाल विकले ०६९ जेठ २० गते जगतपुर गाविसमा नै रहेर काम गर्दै आएकी २१ वर्षीय गङ्गा विकसँग दोस्रो विवाह गरे। सङ्गीता, विशाल र गङ्गा तीनै जना जगतपुर गाविसमा रहेको कुखुरा फारममा काम गर्दै आएका थिए। पीडित सङ्गीताले ०६९ जेठ २६ गते जिल्ला प्रहरी कार्यालयमा बहुविवाहविरुद्ध उजुरी दर्ता गराएपछि सोही दिन विशाल र गङ्गालाई प्रहरीले गिरफ्तार गऱ्यो। घटनाको अनुसन्धान पश्चात अदालतमा पेश हुँदा चितवन जिल्ला अदालतले ०६९ असार १७ गतेको आदेशले विशाल पुर्पक्षको लागि थुनामा राखेर गङ्गालाई साधारण तारेखमा रिहा गर्ने आदेश गरेकोमा ०६९ मङ्सिर ११ गते चितवन जिल्ला अदालतले आरोपितलाई १ वर्ष कैद र ५ हजार रुपियाँ जरिवाना गर्ने फैसला गऱ्यो।

गर्दी गाविस-७ २५ वर्षीय अजय चौधरीले घरमा पत्नी २२ वर्षीया समिना महतो हुँदाहुँदै ०६९ असार २१ गते रुपन्देही जिल्ला बुटवल नपा-६ की २२ वर्षीया सञ्जु शर्मा चौधरीसँग दोस्रो विवाह गरे। आफूसँग ०६६ माघ महिनामा विवाह गरेका अजयले सञ्जुलाई दोस्रो विवाह गरी घरमा ल्याएको पीडित समिनाले बताइन्। पीडित समिनालाई विवाह भएको केही समयपछिबाट नै माइतीबाट मोटरसाइकल र भैंसी लिएर नआए पत्नी नस्वीकार्ने भन्दै शारीरिक तथा मानसिक यातना दिने गरेको समिनाले बताइन्। पीडित समिनाले ०६९ साउन १४ गते जिल्ला प्रहरी कार्यालयमा बहुविवाहमा उजुरी दिइन्। आरोपितहरूमध्ये अजयलाई ०६९ साउन १४ गते गिरफ्तार गरी अनुसन्धान गर्दा अजय नेपाली सेनाको बहालवाला सिपाही भएकोले सैनिक ऐन अन्तर्गत कारवाहीको लागि ०६९ साउन १९ गते नेपाली सेनाको जिम्मा लगाइएको थियो। अर्का आरोपित सञ्जु शर्मा चौधरी फरार रहेको जिल्ला प्रहरी कार्यालयका इन्स्पेक्टर टङ्क भट्टराईले बताए।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

अयोध्यापुरी गाविस-७ बस्ने ५० वर्षीय धनबहादुर परियारले ०६९ कात्तिक ७ गते आर्थिक अभावको कारण दशैँ मनाउन नसक्ने अवस्थाका भएकोले आफ्नै घरमा आत्महत्या गरे। मादल, जाँतो र सिलौटो बनाएर गुजारा टार्दै आएका धनबहादुर दशैँको लागी भनी अष्टमीको दिन गाउँमा मासु खोज्न जाँदा कतैबाट पनि उनले उधारोमा मासु नपाएपछि निराश हुँदै घर फर्किएका धनबहादुर बेलुका पत्नीसँग जाँतो र सिलौटो बेचेर मासु किन्ने घर सल्लाह गरी सुतेका थिए। मृतककी पत्नी ३६ वर्षीया गीता बिहान चुल्होमा जाँदा एक्कासि आफ्नो पति झुण्डिएको भेटेकी थिइन्। पत्नीलाई केहीदिन अघिदेखि नै पैसा छैन कसरी दशैँ मनाउने भन्दै आएका परियार अष्टमीको दिनसम्म जाँतो नबिकेर पत्नी र १२ छोराछोरीलाई मासु खुवाउन नसकेर आत्महत्या गरेको स्थानीयले बताए। धनबहादुरका यसअघिका दुई पत्नीको पनि गरीबीकै कारण उपचार नपाएर मृत्यु भएको स्थानीयले जनाए।

संरचना, सम्पत्ति क्षति

भरतपुर नपा-१० स्थित आशा अस्पतालमा सिटिइभीटीसँग मान्यता लिएर सञ्चालन भएका कलेजले पूर्व सहमति कार्यान्वयन नगरेको भन्दै आन्दोलनरत नर्सिङ कलेजका विद्यार्थीहरूले ०६८ चैत ३ गते कलेजमा तोडफोड गरे। तोडफोडबाट आकस्मिक कक्ष, फिजियोथेरापी कक्ष र क्यान्टिनका झ्यालका सिसाहरू फुट्नुकासाथै अस्पताल परिसरका गमलाहरू नष्ट भएका थिए। विहान करिब ११ बजेको समयमा ६०-७० जनाको समूहले जबरजस्ती अस्पतालमा पसेर तोडफोड गरेको अस्पताल सञ्चालक नारायणसिंह कुँवरले बताए। सो तोडफोडमा संलग्न ६०-७० जना मध्ये आशा नर्सिङ कलेजका केही विद्यार्थी र धेरैजसो अन्य व्यक्तिहरू रहेको कुँवरले बताए।

एकीकृत माओवादीबाट

भरतपुर नपा-११ भोजाडमा रहेको नेपाल पोलिटेक्निक इन्स्टिच्यूटमा ०६९ असार १८ गते एकीकृत माओवादीको चितवन बन्दका दिन १२/१३ जनाको सङ्ख्यामा आएका व्यक्तिहरूले किन कलेज खोलेको भन्दै तोडफोड गरे। आफूलाई अखिल क्रान्तिकारी सिटीइभिटी दक्षिण जिल्ला समितिको सदस्य बताउने बर्दिया घर भई हाल भरतपुर नपा-१० बस्ने

दुर्लभ शाही, सोही ठाउँ बस्ने गोपाल श्रेष्ठलगायत मोटरसाइकलमा आएका सो समूहले कलेज तोडफोड गरेको कलेज प्रशासनले बतायो। रड, घन र अन्य हातहतियारसहित आएको समूहको तोडफोडबाट कलेज प्रशासनको कम्प्युटरहरू, प्रिन्टर, सिसि क्यामेरा, इपिबीएक्स सिस्टम, झ्यालका शिशाहरूमा क्षति पुगेको थियो। तोडफोड नगर्न आग्रह गर्दा सो समूहले कलेजका प्रशासकीय अधिकृत शिवप्रसाद सुवेदीलाई पनि हातपात गरेको थियो। घटना भएकै दिनमा पीडित पक्षले गरेको उजुरीको आधारमा घटनामा सङ्लग्न भएका भनिएका दुर्लभ शाही लगायतलाई प्रहरी कार्यालयमा उपस्थित गराई सोधपुछ गरिएको तर घटनामा संलग्न व्यक्तिको अझै पहिचान हुन नसकेको जिल्ला प्रहरी कार्यालयका इन्स्पेक्टर टङ्क भट्टराईले बताए।

स्वास्थ्य सेवाको अवस्था

अस्पताल	१		
स्वास्थ्यचौकी	१६		
उपस्वास्थ्यचौकी	२०		
पद	**दरबन्दी**	**कार्यरत**	**रिक्त**
डाक्टर	४	३	१
स्टाफ नर्स	४	४	
ल्याब असिस्टेन्ट	८	८	
अहेब	१००	८९	११
अनमी	६०	५५	५
खोप सुपरभाइजर	१	१	
क्षयरोग/कुष्ठरोग सुपरभाइजर	१	१	
हेल्थ असिस्टेन्ट	२२	१४	८

जिल्ला प्रहरी कार्यालय

जिल्ला प्रहरी कार्यालयमा ०६८ पुस १७ गतेदेखि ०६९ पुस १६ गतेसम्म बलात्कार २३, बलात्कार प्रयास ११, घरेलु हिंसाका ३३, यौन दुर्व्यवहार एक, महिला ओसारपसार जिउमास्ने बेच्ने एक, कर्तव्यज्यान १४, ज्यानमार्ने उद्योग १८, आत्महत्या १ सय ४, बहुविवाह तीन, अपहरणका एक ओटा मुद्दा दर्ता भए।

२.११ मकवानपुर

जिल्ला सदरमुकाम: हेटौँडा
क्षेत्रफल (वर्ग कि. मि.): २,४२६
घरधुरी सङ्ख्या: ८६,१२७
जम्मा जनसङ्ख्या: ४,२०,४७७
पुरुष: २,०६,६८४
महिला: २,१३,७९३
अपाङ्ग सङ्ख्या: ८,४६७
गाविस/नपा सङ्ख्या: ४३/१
पुरुष साक्षरता सङ्ख्या: १,४६,२२२
महिला साक्षरता सङ्ख्या: १,२३,२०२
हिन्दू धर्मावलम्बी प्रतिशत: ४८.२६
बौद्ध धर्मावलम्बी प्रतिशत: ४५.५७
इस्लाम धर्मावलम्बी प्रतिशत: ०.४२
किराँत धर्मावलम्बी प्रतिशत: ०.०५
क्रिश्चियन धर्मावलम्बी प्रतिशत: ४.८४
प्रकृति धर्मावलम्बी प्रतिशत: ०.६६
बोन धर्मावलम्बी प्रतिशत: ०.०१
अन्य धर्मावलम्बी प्रतिशत: ०.१५२
प्रतिपरिवार सरदर सङ्ख्या: ४.८८

जेल र वन्दीहरू

जिल्ला कारागार शाखा भीमफेदीको 'घ' श्रेणीको जिल्ला कारागारको बन्दी क्षमता १ हजार २ सय जनाको रहेको छ। यो वर्षको अन्त्यसम्म कैद तोकिएको २ सय ५ र कैद नतोकिएका २ सय ९९ कैदी र थुनुवा गरी जम्मा ५ सय ४ जना बन्दी रहेका छन्। जसमा महिला तथा बालबालिका छैनन्।

मकवानपुरको पूर्व सदरमुकाम भीमफेदीको 'घ' श्रेणीको जेल अत्यन्त जीर्ण भएको र भीमफेदीको हावापानी उपयुक्त भएकाले सरकारले निर्माण गरेको क्षेत्रीय कारागार भीमफेदीको महिला वार्डमा पुरुष

घटनाको प्रकार	राज्यपक्षबाट			गैरराज्यपक्षबाट		
	पुरुष	नखुलेको	जम्मा	महिला	पुरुष	जम्मा
बालअधिकार				१७		१७
अमानवीय व्यवहार					१	१
अपहरण				१		१
महिला अधिकार				९		९
भेला/सङ्गठित हुने अधिकार	१	९	१०			
हत्या				५		५
जम्मा	१	९	१०	३३	१	३३

बन्दीहरू राखिएका छन्। क्षेत्रीय कारागार भीमफेदीमा महिला वार्डमात्र तयार भएकाले भीमफेदी जेलमा रहेका पुरुष बन्दीहरूलाई ०६८ भदौ १४ गतेदेखि उक्त कारागारमा स्थानतरण गरिएको हो। कारागार विभागले पुरुष वार्डमा पनि निर्माण गर्न थालेको छ। महिला वार्ड र पुरुष वार्डमा गरेर १ हजार २ सय बन्दी अटाउने जेलर चिरञ्जीवी थापाले बताए। कैदी र बन्दी गरेर ५ सय ४ जना पुरुष कैदी बन्दी छन्। यहाँका महिला बन्दीहरूलाई वीरगञ्ज पठाउने गरिएको छ।

जेलमा टेलिभिजनको साथै टेलिफोनको पनि सुविधा रहेको बन्दी लुमडी कार्कीले बताए। पानी, शौचालय र बिजुलीको व्यवस्था हुनुको साथै खुला ठाउँ पनि छ। क्षमताभन्दा बढी कैदी तथा थुनुवा भएकाले बन्दीहरूलाई सुत्न र शौचालयको समस्या छ। बन्दीहरूलाई पढ्न, लेख्नका लागि पुस्तकालयको पनि व्यवस्था छ । कारागारमा बन्दीहरूले रेडियो सुन्न पाएका छन् भने पत्रपत्रिकाहरू पढ्ने अवसर, भलिबल, चेस, लुडो र क्यारमबोर्ड पनि खेल्न पाएका छन्। बन्दीहरूले बाँसको मुढा बनाएर आयआर्जन गर्ने गरेका छन्। क्षेत्रीय कारागार भीमफेदीमा पढ्ने स्कुलको अभाव रहेको छ। क्षमता भन्दाबढी बन्दी राख्नु परेकाले बन्दीहरूलाई सुत्न समस्या भएको जेलर थापाले बताए।

'ख' श्रेणीको जिल्ला कारागारको बन्दी क्षमता २ सय ५० जनाको जनाको रहेको छ। यो वर्षको अन्त्यसम्म कैद तोकिएको २ सय ५ र कैद नतोकिएको २ सय ९९ कैदी र थुनुवा गरी जम्मा ५सय ४ जना बन्दीहरू रहेका छन्। जसमा आश्रित बालक छैन। यस जिल्ला कारागारको २०६८ सालमा निर्माण भएको हो। सरकारले १ हजार २ सय कैदी बन्दी अट्न सक्ने क्षेत्रीय कारागार भीमफेदीमा बनाउने योजना भएपनि हालसम्म २ सय ५ जना अट्न सक्ने महिला वार्डमात्र निर्माण गरेको छ। तर साढे ९ सय जना अट्ने पुरुष वार्ड हालसम्म निर्माण गरेको छैन। महिला वार्डमा नै पुरुष बन्दीहरु राखिएका छन्।

सुगम र निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालत

०६८ साउनदेखि ०६९ असार मसान्तसम्म

एक जनामात्र न्यायाधीश रहेको यस जिल्ला अदालतको फौजदारी मुद्दातर्फ ७ सय ५३ थानमध्ये ६ सय १० थान फैसला भए भने १ सय ४३ थान फैसला हुन बाँकी रहे। देवानी मुद्दातर्फ २ सय ६४ थान मध्ये १ सय २२ थान फैसला भए भने १ सय ४२ थान फैसला हुन बाँकी रहे।

०६९ साउनदेखि पुस १५ सम्म

एक जनामात्र न्यायाधीश रहेको यस जिल्ला अदालतको फौजदारी मुद्दातर्फ ३ सय ५३ थान मध्ये १ सय २२ थान फैसला भए भने २ सय ३१ थान फैसला हुन बाँकी रहे। देवानी मुद्दातर्फ २ सय २ थान मध्ये ८० थान फैसला भए भने १ सय २२ थान फैसला हुन बाँकी रहे। दुई वर्ष नाघेका फौजदारी मुद्दा छैनन्।

पुनरावेदन अदालत

पुनरावेदन अदालत हेटौँडामा अघिल्लो आर्थिक वर्षको तुलनामा गत आर्थिक वर्षमा साढे तीन सय भन्दाबढी मुद्दा दर्ता भएका छन्। अघिल्लो आर्थिक वर्षमा २ हजार एक सय २५ थान मुद्दा दर्ता भएको थियो भने गत आर्थिक वर्षमा २ हजार ४ सय ६४ मुद्दा दर्ता भएका थिए। गत आर्थिक वर्षमा जिम्मेवारी सरेर आएको र नयाँ दर्ता भएकोसमेत गरेर पुनरावेदन अदालत हेटौँडामा ३ हजार ५ सय ६४ मुद्दा थिए। तीमध्ये २ हजार २ सय ६० थान अर्थात ६३ दशमलब ४१ प्रतिशत मुद्दा फैसला भएको पुनरावेदन अदालत हेटौडाका रजिष्ट्रार देवेन्द्र पौडेलले बताए। अदालतमा नौ जना न्यायाधिशको दरवन्दी भएपनि एक वर्षदेखि सात जनामात्र कार्यरत छन्। अघिल्लो आर्थिक वर्षमा ३ हजार २ सय ५६ मुद्दा थियो। त्यसमा २ हजार १ सय ५६ मुद्दा अर्थात ६६ दशमलव २१ प्रतिशत मुद्दा फैसला भएको थियो। अघिल्लो आर्थिक वर्षको तुलनामा गत आर्थिक वर्षमा मुद्दा पनि बढी दर्ता भएको र न्यायाधीश पनि दुई जना नभएको अवस्थामा २ हजार

२ सय ६० मुद्दा फैसला हुनु भनेको अदालतको राम्रो उपलब्धी हो रजिष्ट्रार पौडेलले भने।

पुनरावेदन अदालतमा गत वर्ष दुनियावादी देवानी जिम्मेवारी सरेर आएका ६ सय ८५ थान र यस वर्ष दर्ता भएका ५ सय २९ थान गरी १ हजार २ सय १४ थान रहेकोमा २ सय ६५ थान फैसला भएका छन् भने ९ सय ४९ थान फैसला हुन बाँकी रहे। फैसला हुन बाँकी रहेकामध्ये १८ महिना नाघेका चार थान मुद्दा छन्। दुनियावादी फौजदारीमा १ सय ४१ थान जम्मेवारी सरेर आएको छ भने यस वर्ष दर्ता भएको ७५ थान मुद्दा गरी २ सय १६ थान मुद्दा छन्। जसमध्ये ७० थान मुद्दा फैसला भएका छन् भने १ सय ४६ थान फैसला हुन बाँकी रहे। छ थान मुद्दा १८ महिना नाघेका छन्। सरकारवादी फौजदारीमा गत वर्षको जिम्मेवारी सरेर आएको ३ सय ४३ थान र यस वर्ष दर्ता भएको ३ सय ६८ थान गरी ७ सय ११ थान मुद्दामा १ सय ८२ थान फैसला भएका छन्। ५ सय २९ थान मुद्दा फैसला हुन बाँकी छन्। निषेधाज्ञा गत वर्षको जिम्मेवारी सरेर आएको ४५ थान र हालसम्म दर्ता भएका ५५ थान गरी १ सय थान मुद्दामा ६९ थान फैसला भएका छन्। ३१ थान बाँकी छ। पुनरावेदन अदालतमा गत वर्ष जिम्मेवारी सरेर आएको १ हजार ३ सय ४ थान र ०६९ मङ्सिर मसान्तसम्म दर्ता भएका एक हजार १ सय ३० थान मुद्दागरी २ हजार ४ सय ३४ मुद्दामध्ये ६ सय ९२ फैसला भएका छन्। एक हजार ७ सय ४२ थान मुद्दा बाँकी छ। पुनरावेदन अदालत हेटौडाका २ वर्ष नाघेका एउटा पनि मुद्दा छैनन्।

जिल्ला सरकारी वकिलको कार्यालय

जिल्ला सरकारी वकिलको कार्यालयबाट ०६८ साउनदेखि ०६९ असार मसान्तसम्म दायर मुद्दाको सङ्ख्या २ सय ६० थान जसमध्ये १ सय २० थान सफल भए भने २७ थान असफल भए। मुलतवी, तामेली र पेण्डिङ्मा रहेका मुद्दाको सङ्ख्या ११ थान रहेको छ। सरकारी वकिल सङ्ख्या दुई जना रहेको यस जिल्ला कार्यालयबाट दायर मुद्दामध्ये ०६९ असार मसान्तसम्म १ सय १३ मुद्दा बाँकी रहेको सरकारी वकिलको कार्यालयले जनायो।

दायर मुद्दामध्ये कर्तव्य ज्यानसम्बन्धी मुद्दा पाँच थान मध्ये तीन थान सफल, एक थान असफल र दुई थान फैसला बाँकी रहयो। बलात्कारसम्बन्धी मुद्दा १७ थान मध्ये १२ थान सफल, एक थान असफल र चार थान फैसला हुन बाँकी रहे। महिला बेचबिखनसम्बन्धी मुद्दा सात मध्ये पाँच सफल दुई फैसला हुन बाँकी रहयो। अपहरणसम्बन्धी मुद्दा दुई मध्ये एक थान सफल र एक थान फैसला हुन बाँकी रहयो। बहुविवाहसम्बन्धी मुद्दा एक थान मध्ये एक थान सफल रहयो। बालविवाहसम्बन्धी मुद्दा छैनन्। छुवाछूतसम्बन्धी एक थान मध्ये एक थान सफल रहयो।

जिल्ला सरकारी वकिलको कार्यालयबाट ०६९ साउनदेखि ०६९ पुससम्म दायर मुद्दाको सङ्ख्या १ सय ९६ जसमध्ये ९८ थान मुद्दा फैसला भए। तीमध्ये ७५ थान सफल भएको छ। यस जिल्ला कार्यालयबाट दायर मुद्दामध्ये ०६९ असार मसान्तसम्म १ सय १३ थान मुद्दा बाँकी रहेको सरकारी वकिलको कार्यालयले जनायो।

बालअधिकार

शिक्षाको अवस्था

यस जिल्लाका विद्यालय जाने उमेरका ७७ हजार २ सय ४७ मध्ये ७३ हजार २ सय ५७ विद्यालय जान्छन। छात्र ३६ हजार ३ सय २५ र छात्रा ३६ हजार ९ सय २२ प्राथमिक तहदेखि माबि तहसम्म भर्ना भए। यसमध्ये दलित छात्रा ३ हजार ३ सय २३ र छात्र २ हजार ९ सय ९५ रहेका छन्। सरकारी र सामुदायिक विद्यालय गरी प्राबि तहमा महिला ७ सय ४३ र पुरुष ११ सय ३४ गरी जम्मा १ हजार ८ सय ८७ शिक्षक कार्यरत रहेका छन्। निमाबि तहमा महिला १ सय ६५ र पुरुष ३ सय गरी जम्मा ४ सय ६५ शिक्षक कार्यरत रहेका छन्। यसैगरी माबि तहमा महिला ६० र पुरुष २ सय ३१ गरी जम्मा २ सय ९१ शिक्षक रहेका छन्।

बालविकास केन्द्र बालक ९ हजार ९१ र बालिका ८ हजार ८ सय गरी जम्मा १७ हजार ८ सय ९१ हजार रहेका छन्।

कथित बोक्साबोक्सीको आरोपमा गाउँबाट विस्थापित भएका स्याङ्बो दम्पती

हत्या

आमभञ्ज्याङ गाविस-७ की १३ वर्षीया बालिका अमृता पौडेललाई ०६८ फागुन ९ गते सोही स्थान बस्ने २० वर्षीय तुलबहादुर स्याङ्तान र १९ वर्षीय दीपक विकले स्थानीय जङ्गलमा गोठालो गएको बेला हत्या गरेर भीरबाट फालिदिएका थिए। मृतक बालिकाको मामासँगको रिसइबीका कारण हत्या गरेको पीडकहरूले बताए। हत्या घटनाका आरोपित उनीहरूलाई जिल्ला अदालतको असार १५ गतेको आदेशअनुसार सर्वस्वसहित जन्मकैदको फैसला गरेको छ।

फापरबारी गाविस-४ बाखेखोलकी १२ वर्षीया लक्ष्मी रुम्बा, दश वर्षीया सुनीता रुम्बा र नौ वर्षीया अनीता रुम्बालाई सुतिरहेको अवस्थामा ०६८ फागुन ४ गते राति उनीहरूका बाबु ३५ वर्षीय भक्तबहादुर रुम्बाले पालै-पालो ढुङ्गाले टाउकोमा हिर्काएर हत्या गरे। पीडक भक्तबहादुरलाई प्रहरीले सोही दिन गिरफ्तार गरेकोमा जिल्ला अदालतको चैत ८ गते आदेशमा पुर्पक्षका लागि थुनामा राखिएकोमा जिल्ला अदालत मकवानपुरको ०६९ असोज १६ गतेको फैसलाले पीडक रुम्वालाई जन्मकैद गर्ने फैसला गरेको छ।

बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

एक १२ वर्षीया बालिकालाई ०६८ पुस २५ गते हेटौडा नपा-९ का २८ वर्षीय सोभित लम्सालले बलात्कार गरेको आरोपमा उनलाई प्रहरीले सोही दिन गिरफ्तार गऱ्यो। पीडितपक्षले जिल्ला प्रहरी कार्यालय हेटौँडामा ०६८ पुस २५ गते उजुरी दिएका थिए। पीडितको स्वास्थ्य परीक्षण ०६८ पुस २८ गते डा. सञ्जीव सिंहले गरेका थिए। जिल्ला अदालतको ०६८ माघ २० गतेको आदेशअनुसार आरोपित लम्साललाई पुर्पक्षको लागि थुनामा राखिएकोमा जिल्ला अदालत मकवानपुरका न्यायाधीश टेकनारायण कुँवरको ०६९ कात्तिक १० गतेको इजलाशले लम्साललाई १० वर्ष कैद गर्ने फैसला गरेको छ।

एक १३ वर्षीया बालिकालाई ०६८ माघ १८ गते भैंसे गाविस-८ का ४० वर्षीय बाबु शुक्रबहादुर नेगीले बलात्कार गरे। पीडितको अभिभावकले ०६८ माघ १८ गते नै प्रहरी चौकीमा लिखित उजुरी दिएका थिए। हेटौँडा अस्पतालका डा. सञ्जीव सिंहले ०६८ माघ २१ गते पीडितको स्वास्थ्य परीक्षण गरेका थिए। बलात्कारको आरोपित नेगीलाई प्रहरीले सोही दिन गिरफ्तार गरेकोमा जिल्ला अदालतको ०६८ फागुन २१ गते आदेशअनुसार पुर्पक्षका लागि थुनामा राखेको थियो। पीडक नेगीलाई न्यायाधीश टेकनारायण कुँवरको ०६९ कात्तिक १२ गतेको फसैलाले दोषी ठहर गरी आठ वर्ष कैद गर्ने फैसला गऱ्यो।

एक १५ वर्षीया बालिकालाई ०६८ फागुन २८ गते २५ वर्षीय अजय मुक्तानले बलात्कार गरे। पीडितका अभिभावकले हेटौँडा नगरपालिका- ११ नवलपुर प्रहरी चौकीमा उजुरी दिएका थिए। प्रहरीले बलात्कार घटनाका आरोपित मुक्तानलाई सोही दिन गिरफ्तार गरेकोमा जिल्ला अदालतको ०६८ चैत २७ गतेको आदेशअनुसार पुर्पक्षका लागि थुनामा राखेको छ।

एक १४ वर्षीया बालिकालाई ०६९ वैशाख ८ गते पदमपोखरी गाविस-२ का आइते वाइवाले बलात्कार गरे। प्रहरीले बलात्कार आरोपित वाइवालाई सोही दिन गिरफ्तार गरेकोमा जिल्ला अदालत मकवानपुरको ०६९ जेठ १ गतेको आदेशअनुसार पुर्पक्षका लागि थुनामा छन्।

एक नौ वर्षीया बालिकालाई ०६९ वैशाख १२ गते ३७ वर्षीय भीमबहादुर सुवेदीले बलात्कार गरे। बलात्कारका आरोपित सुवेदीलाई सोही दिन प्रहरीले गिरफ्तार गरेकोमा जिल्ला अदालतले बलात्कार गरेको ठहर गर्दै ०६९ असार ८ गते बलात्कार र हाडनाता करणीसमेत गरी ३५ वर्ष कैद गर्ने फैसला गऱ्यो।

एक १३ वर्षीया बालिकालाई ०६९ साउन २८ गते ७० वर्षीय ढोलबहादुर राईले बलात्कार गरे। पीडक राईलाई प्रहरीले सोही दिन गिरफ्तार गऱ्यो। जिल्ला अदालत मकवानपुरले ०६९ मङ्सिर ३ गते पीडकलाई उमेरको हदका कारणले छ वर्ष कैद गर्ने फैसला गरेको छ।

एक सात वर्षीया बालिकालाई ०६९ भदौ ५ गते भार्ता गाविस-९ का ६५ वर्षीय बीरबहादुर थिङले बलात्कार गरे। पीडक थिङलाई ०६९ भदौ ८ गते प्रहरीले गिरफ्तार गऱ्यो। पीडक थिङ जिल्ला अदालत मकवानपुरको असोज २ गतेका आदेशअनुसार पुर्पक्षका लागि थुनामा छन्।

एक १२ वर्षीया बालिकालाई ०६९ भदौ २२ गते ४८ वर्षीय अमर प्रधानले बलात्कार गरे। पीडक प्रधानलाई ०६९ भदौ २६ गते प्रहरीले गिरफ्तार गऱ्यो। पीडकलाई जिल्ला अदालत मकवानपुरको ०६९ पुस १ गतेको फैसलाअनुसार १० वर्ष कैद र पीडितलाई

साढे २ लाख रूपियाँ क्षतिपुर्तिस्वरूप रकम उपलब्ध गराउनुपर्ने आदेश गऱ्यो।

एक १२ वर्षीया बालिकालाई ०६९ असोज १५ गते मनहरी गाविस-६ का १९ वर्षीय सुमन राइले बलात्कार गरेको आरोपमा प्रहरीले सोही दिन गिरफ्तार गऱ्यो। पीडक राईलाई जिल्ला अदालत मकवानपुरको ०६९ कात्तिक १५ गतेको आदेशअनुसार थुनामा छन्।

एक १३ वर्षीया बालिकालाई ०६९ कात्तिक ५ गते मनहरिको कल्लेखोलास्थित सशस्त्र प्रहरी अस्थायी वेशक्याम्पका प्रहरी जवान रोशन पुडासैनीले बलात्कार गरे। पीडक प्रहरी जवान पुडासैनीलाई ०६९ कार्तिक ५ गते प्रहरीले गिरफ्तार गऱ्यो। पीडक अदालतको कार्तिक २६ गतेको आदेशअनुसार थुनामा रहेका थिए। जिल्ला अदालत मकवानपुरले ०६९ पुस १२ गतेको फैसलाले पीडक पुडासैनीलाई ५ वर्ष कैद गर्ने फैसला गर्नुको साथै पीडित बालिकालाई ३ लाख रुपियाँ क्षतिपूर्ति भराउन आदेश गरेको छ।

एक १६ वर्षीया बालिकालाई ०६९ कात्तिक २५ गते ३५ वर्षीय मङ्गलबहादुर चेपाङले बलात्कार गरे। पीडक चेपाङलाई प्रहरीले ०६९ कार्तिक २७ गते गिरफ्तार गऱ्यो। जिल्ला अदालतको ०६९ मङ्सिर १९ गतेको आदेशअनुसार चेपाङ थुनामा छन्।

बालबालिका ओसारपसार

१५ र १७ वर्षीया बालिकालाई ०६८ माघ ४ गते वीरगञ्ज उमनपा-५ का २५ वर्षीय राजकुमार सोनारले जागिर लगाइदिने भन्दै भारतस्थित दिल्लीको कोठीमा बिक्री गरेर फरार भए। माइती नेपाल हेटौँडाले दुई किशारीलाई ०६८ माघ ७ गते भारतबाट उद्दार गरेर ल्यायो। घटनाका आरोपित सोनारलाई प्रहरीले माघ ७ गते गिरफ्तार गऱ्यो। जिल्ला अदालतको ०६९ असार ५ गतेको आदेशअनुसार आरोपित सोनारलाई ३५ वर्ष कैद गर्ने फैसला गरेको छ।

एक १५ वर्षीया बालिकालाई ०६८ माघ २४ गते जबरजस्ती घरबाट लगेर विवाह गरिदिएको आरोपमा ललितपुर धुसेल गाविस-२ की ५२ वर्षीया आशमान डिमडुङ, सोही ठाउँकी ५० वर्षीया ठूलीमाया डिमडुङ र सोही ठाउँका २८ वर्षीय कमल थिङलाई प्रहरीले सोही दिन गिरफ्तार गऱ्यो। गिरफ्तार गरिएका तीनैजना उपर मानवबेचबिखन मुद्दा दायर भयो। जिल्ला अदालतको ०६८ फागुन २३ गतेको आदेशअनुसार अभियुक्त तीनै जनालाई पुर्पक्षका लागि थुनामा राखिएको छ । यस वर्षको अन्त्यसम्म मुद्दाको फैसला भएको छैन।

एक १६ वर्षीया किशोरीलाई ०६९ भदौ ९ गते हर्नामाडी गाविस-४ बस्ने २१ वर्षीय लक्ष्मण घिमिरे र उनको पत्नी १९ वर्षीया सानुमाया स्याङ्तानले भारतमा लगेर बिक्री गरेको आरोपमा प्रहरीले कात्तिक २७ गते गिरफ्तार गरेको थियो। पीडकद्वय जिल्ला अदालत मकवानपुरको ०६९ मङ्सिर १८ गतेको आदेशअनुसार थुनामा छन्। .

महिलाविरुद्ध हुने सबै प्रकारको भेदभाव, दुर्व्यवहार बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

एक ३६ वर्षीया महिलालाई ०६८ माघ ३ गते हर्नामाडी गाविस-४ का २५ वर्षीय नवराज बस्नेतले बलात्कार गरे। घटनाका आरोपित बस्नेतलाई सोही दिन प्रहरीले गिरफ्तार गऱ्यो। जिल्ला अदालतको ०६८ माघ २३ गतेको आदेशअनुसार आरोपित बस्नेत पुर्पक्षका लागि थुनामा छन्। यस वर्षको अन्त्यसम्म मुद्दाको फैसला भएको छैन।

एक ४२ वर्षीया महिलालाई ०६८ फागुन १३ गते रातोमाटे गणका प्रहरी जवान २८ वर्षीय प्रेमबहादुर जर्घामगरले बलात्कार गरे। बलात्कार घटनाका आरोपित जर्घामगरलाई फागुन १४ गते गिरफ्तार गरेकोमा जिल्ला अदालतले ०६९ जेठ १२ गते ५ वर्ष कैद गर्ने फैसाला सुनायो।

एक २६ वर्षीया महिलालाई ०६९ वैशाख २९ गते फापरबारी गाविसका ३१ वर्षीय दीपक लामाले बलात्कार गरे। पीडक लामालाई प्रहरीले सोही दिन गिरफ्तार गरेकोमा जिल्ला अदालत मकवानपुरको ०६९ असार १ गतेको आदेशअनुसार पुर्पक्षका लागि थुनामा राखिएको छ। यस वर्षको अन्त्यसम्म आरोपित लामा थुनामै छन्।

एक २५ वर्षीया महिलालाई ०६९ असार २५ गते हेटौँडा नपा-११ का ३० वर्षीय राजीव श्रेष्ठले बलात्कार प्रयास गरेको आरोपमा प्रहरीले गिरफ्तार गऱ्यो। आरोपित श्रेष्ठ जिल्ला अदालत मकवानपुरको ०६९ साउन २० गतेको आदेशअनुसार थुनामा छन्। यस वर्षको अन्त्यसम्म आरोपित श्रेष्ठ थुनामै छन्।

एक १९ वर्षीया विवाहित युवतीलाई ०६९ पुस १३ गते हाँडीखोला गाविसका २१ वर्षीय राजु स्याङतानले बलात्कार गरेको आरोपमा प्रहरीले ०६९ पुस १४ गते गिरफ्तार गऱ्यो। घटनाका आरोपित स्याङ्तानलाई थप अनुसन्धानका लागि प्रहरी हिरासतमा राखिएको छ।

घरेलु हिंसा

प्रहरी कार्यालयमा ०६९ वैशाखदेखि मङ्सिरसम्म २५ थान घरेलु हिंसासम्बन्धी उजुरी परेका छन्। ती मध्ये एउटा पनि अदालतमा पुगेका छैनन्। प्रहरी सेलमा नै मेलमिलाप गरेर घर फर्कने गरेका छन्। प्रहरीका अनुसार पति र परिवारद्वारा महिलालाई कुटपिट गर्ने, घरबाट निकालिइदिने, अंश नदिने जस्ता घटनाहरू हुने गरेका छन्।

परिवारजनबाट हत्या

गोगने गाविस-५ का ४७ वर्षीया बिबीमाया मुक्तानको ०६९ मङ्सिर २५ गते पति ३५ वर्षीय प्रेमबहादुर मुक्तानले हत्या गरे। घरायसी झगडाका कारण दाउराको चिर्पटले हिर्काएर बिबिमायाको हत्या गरेर नजिकको भीरबाट लाश फालिदिएको थियो। प्रहरीले पीडक मुक्तानलाई ०६९ मङ्सिर २९ गते गिरफ्तार गऱ्यो ।

घर निकाला

पदमपोखरी गाविस-३ की २९ वर्षीया सरस्वती लामालाई ०६८ फागुन २६ गते सोही ठाउँ बस्ने ३१ वर्षीया सौता साहिँली लामा र उनका छोराले घरनिकाला गरे। परपुरुषको गर्भ बोकेको आरोपमा उनलाई घरनिकाला गरिएको हो। उनी अहिले माइतीको शरणमा बसेकी छिन्। उनले कतै पनि उजुरी गरेकी छैनन्।

अमानवीय व्यवहार

डाँडाखर्क गाविस-८ का ५० वर्षीय कुलबहादुर स्याङ्बो र पत्नी ४७ वर्षीया राममाया स्याङ्बोलाई ०६९ साउन २९ गते कथित बोक्सीको आरोप लगाउँदै सोही ठाउँ बस्ने ३५ वर्षीय खड्क मुक्तान, २७ वर्षीय राजकुमार मुक्तान, कान्छीमाया मुक्तान, जीतबहादुर मुक्तान र उनका पत्नीले कुटपिट गरे। कुटपिट पश्चात उनीहरू ०६९ भदौ १ गते राति घरबाट भागेर चुरियामाई गाविसका चिप्लेटीमा बस्दै आएका छन्। पीडकहरूको विरुद्धमा स्याङबो दम्पतिले ०६९ मङ्सिर २९ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिएका छन्। प्रहरीले आरोपित कान्छीमाया मुक्तानलाई ०६९ पुस ११ गते गरिफ्तार गऱ्यो।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

भुमिहीन तथा सुकुमबासी समस्या

दैवी प्रकोपको कारण मकवानपुर जिल्लामा वर्षेनी ३ सय ६१ परिवार सुकुमबासी बन्ने गरेका छन्। राज्य वा अन्य बाह्यपक्षबाट यस वर्ष सुकुमबासी बनेका छैनन्। चार वर्षअघि सरकारले गरेको एक सर्वेक्षणअनुसार जिल्लाको ९४ प्रतिशत भूभाग जोखिममा रहेकाले वर्सेनी आउने बाढीपहिरोबाट थप ३ सय भन्दा बढी परिवार विस्थापित हुने क्रम छ। ८ वर्षअघि सुकुमबासी आयोगले २ हजार ८ सय परिवार सुकमबासी रहेको जनाएको थियो। त्यो सङ्ख्या अहिले बढेर करिब साढे ५ हजार रहेको अनुमान गरिएको छ। २०५९ र ०६० सालमा आएको भीषण बाढी पहिरोले ८ सय परिवार घरवार विहीन भएका थिए। उक्त परिवारका करिब ५ हजार मानिस सुकुमबासी बनेका थिए। अहिलेसम्म पनि उनीहरूको अवस्थामा केही परिवर्तन आउन सकेको छैन। गत वर्ष खासै वर्षा नभएकाले बाढीपहिरो त गएन। तर, खोलाले बगाएर तीन जनाको मृत्यु भयो। मकवानपुरका परम्परागत रूपमा बस्दै आएका र बाढी पहिरोबाट घरवारविहीन सुकुमबासी सङ्ख्या करिब १२ हजारको हाराहारीमा रहेको छ। ती सुकुमबासीहरू अहिले मनहरी गाविस-३ रमनटारको जङ्गल फाँडेर बसेका छन्। त्यसअघि उनीहरू मनहरी खोलाको उकास जमिनमा छाप्रो बनाएर बसेका थिए। यसैगरी विगत ८ वर्षदेखि हेटौँडा नपा-११ स्थित राप्ती बगरमा छाप्रो हालेर करिब २ सय ७५ सुकुमबासीहरू बसिरहेका छन्। सरकारद्वारा गठित सुकुमबासी आयोगले सुकुमबासीहरूलाई परिचयपत्र दिन भनेर फारम भर्न लगायो तर परिचय दिने काम भने गर्न सकेको छैन।

बहिर्गमित माओवादी लडाकुबाट

बसामाडी गाविस-५ स्थित युनिलिभर लिमिटेडको कर्मचारी बोक्ने बस ०६८ पुस २१ गते बहिर्गमित माओवादी लडाकुले आगजनी गरे। बहिर्गमित लडाकुले आयोजना गरेको बन्दको समयमा उद्योग सञ्चालन गर्न बस चलाएको भन्दै वा १ क ४२७३ नम्बरको कर्मचारी बोक्ने बस जलाएका थिए।

मनहरी गाविस-४ बेलुवामा ०६९ जेठ ८ गते नेपाल आदिवासी जनजाति महासङ्घका कार्यकर्ताले बन्दको अवज्ञा गरेको भन्दै बुटबलबाट हेटौडातर्फ आइरहेको बसबाट यात्रुलाई ओरालेर आगजनी गरे।

स्वास्थ्य सेवाको अवस्था

अस्पताल	१		
स्वास्थ्यचौकी	२६		
उपस्वास्थ्यचौकी	१४		
पद	**दरबन्दी**	**कार्यरत**	**रिक्त**
डाक्टर	११	४	७
स्टाफ नर्स	१४	८	६
ल्याब असिस्टेन्ट	६	४	२
अहेब	९५	५१	४४
अनमी	५२	५१	१
खोप सुपरभाइजर	१	१	
क्षयरोग/कुष्ठरोग सुपरभाइजर	१	१	
हेल्थ असिस्टेन्ट	२३	१५	८

जिल्ला प्रहरी कार्यालय

जिल्ला प्रहरी कार्यालयमा ०६८ पुस १७ गतेदेखि ०६९ पुस १६ गतेसम्म बलात्कार १७, बलात्कार प्रयास एक, घरेलुहिंसा २८, यौन दुर्व्यवहार एक, महिला ओसार पसार जिउ मास्नेबेच्ने तीन, कर्तव्यज्यान पाँच, ज्यानमार्ने उद्योग एक, आत्महत्या ३९, अपहरण गरी शरीर बन्धक बनाएको एक, बहुविवाहका तीन ओटा मुद्दा दर्ता भए।

२.१२ ललितपुर



जिल्ला सदरमुकाम: ललितपुर
क्षेत्रफल (वर्ग कि. मि.): ३८५
घरधुरी सङ्ख्या: १,०५,७५७
जम्मा जनसङ्ख्या: ४,६८,१३२
पुरुष: २,३८,०८२
महिला: २,३०,०५०
अपाङ्ग सङ्ख्या: ४,५३४
गाविस/नपा सङ्ख्या: ४१/१
पुरुष साक्षरता सङ्ख्या: २,०३,८०१
महिला साक्षरता सङ्ख्या: १,६५,८१०
हिन्दू धर्मावलम्बी प्रतिशत: ७३.५३
बौद्ध धर्मावलम्बी प्रतिशत: १५.२७
इस्लाम धर्मावलम्बी प्रतिशत: ०.६६
किराँत धर्मावलम्बी प्रतिशत: १.२४
क्रिश्चियन धर्मावलम्बी प्रतिशत: ५.०२
प्रकृति धर्मावलम्बी प्रतिशत: ०.०५
वोन धर्मावलम्बी प्रतिशत: ०.०२
जैन धर्मावलम्बी प्रतिशत: ०.०१
शिख धर्मावलम्बी प्रतिशत: ०.०१६
वहाई धर्मावलम्बी प्रतिशत: ०.०१
अन्य धर्मावलम्बी प्रतिशत: ०.१७५
प्रतिपरिवार सरदर सङ्ख्या: ४.२६

नागरिक तथा राजनीतिक अधिकार

सम्मानितरूपले बाँच्ने अधिकार

हत्या

अज्ञात समूहबाट

काठमाडौँ मनपा-१४ कलङ्की निवासी सर्वोच्च अदालतका न्यायाधीश ६४ वर्षीय रणबहादुर बमलाई ०६९ जेठ १८ गते बिहान ११:५५ बजे ललितपुरको बागमती खोला किनारको युएन पार्क

घटनाको प्रकार	राज्यपक्षबाट		गैरराज्यपक्षबाट		
	पुरुष	जम्मा	महिला	पुरुष	जम्मा
घाइते				३	३
बालअधिकार			६		६
अमानवीय व्यवहार				१	१
महिलाअधिकार			५		५
भेला/सङ्गठित हुने अधिकार	८	८			
कुटपिट			५	३३	३८
हत्या			१	१	३
जम्मा	८	८	१८	३६	४३

क्षेत्रमा अज्ञात समूहले गोली प्रहार गऱ्यो। गोली लागी घाइते भएका न्यायाधीश बमको थापाथलीस्थित नर्भिक अस्पतालमा उपचारको क्रममा सोही दिन दिउँसो १:०० बजे मृत्यु भयो। मोटरसाइकलमा आएका दुई व्यक्तिले सर्वोच्चका न्यायाधीश बम, उनका साथी थानकोट दहचोकका राम गिरी र अङ्गरक्षक महेश गिरीलाई गोली प्रहार गरेका थिए। घाइते राम र महेश गिरीको नर्भिक अस्पतालमा उपचार भयो। न्यायाधीश बमका चालक अष्ट लामालाई घटनामा संलग्न रहेको आरोपमा प्रहरीले सोहीदिन गिरफ्तार गरी कर्तव्य ज्यान मुद्दा चलायो। घटनाकै दिन प्रहरीले एआइजी कुबेरसिंह रानाको संयोजकत्वमा छानविन समिति गठन गरेपनि घटनामा संलग्नको पहिचान गर्न सकेको छैन। मन्त्रीपरिषद्को ०६९ असार १ गतेको बैठकले न्यायाधीश बम हत्या काण्डको छानविन गर्न पूर्वन्यायाधीश प्रेमप्रसाद शर्माको संयोजकत्वमा नायब महान्यायाधिवक्ता प्रेमराज कार्की र डीआइजी नरेश गुरुङ सदस्य रहेको जाँचबुझ आयोग गठन गर्ने निर्णय गऱ्यो। मन्त्रीपरिषद्को बैठकले न्यायाधीश बमलाई सहिद घोषणा गरी पीडित परिवारलाई दश लाख दिने निर्णय समेत गऱ्यो भने गोली लागी घाइते भएका न्यायाधीशका अङ्गरक्षक महेश र उनीसँगै रहेका राम गिरीलाई उपचार खर्च दिने निर्णय गऱ्यो।

अज्ञात व्यक्तिद्वारा गोली हानी हत्या गरिएका सर्वोच्च अदालतका न्यायाधीश रणबहादुर बम

जेल र बन्दीहरू

'ग' श्रेणीको नख्खु कारागारको कूल बन्दी क्षमता १ सय ७५ जना रहेको छ। यो वर्षको अन्त्यसम्म कैद तोकिएका १ सय ५ जना र कैद नतोकिएका १ सय ३८ जना थुनुवा गरी २ सय ४३ जना रहेका छन्। जसमध्ये २१ जना विदेशी नागरिक रहेका छन्। यस कारागारमा बालक र बालिका छैनन्।

जनरल र सीआरसी गरी यस कारागारमा दुई ओटा ब्लक छन्। सीआरसी ब्लकमा कैद तोकिएका १ सय १५ जना र कैद नतोकिएका १ सय ३१ जना थुनुवा रहेका छन्। यो ब्लकमा १८ जना विदेशी नागरिकहरू बन्दीको रुपमा रहेको कारागारका निमित्त प्रमूख शिबचन्द्र धितालले बताए। उनका अनुसार राणाकालीन भवनलाई कारागारको रुपमा प्रयोग गरिएकोले जेल जीर्ण रहेको छ। जेलभित्र शौचालयको व्यवस्था, खानेपानीको व्यवस्था, खेलकुद सामग्री, टेलिफोन, पत्र पठाउने, रेडियो, टेलिभिजन र पुस्तकालयको व्यवस्था रहेको छ। कारागारमा बन्दीको स्वास्थ्य उपचारका लागि एक जना हेल्थ असिष्टेण्टको दरबन्दी रहेको छ।

धम्की/कुटपिट

नेविसङ्घबाट

दोलखा जिल्ला जफे गाविस-७ घर भई हाल काठमाडौं बासँबारी बस्ने नेविसङ्घका केन्द्रीय सदस्य ३१ वर्षीय कुन्दनराज काफ्लेलाई ०६९ पुस १२ गते ललितपुर उमनपा-१ कुपण्डोलमा रहेको एडभान्स इन्जिनियरिङ्ग कलेजमा नेविसङ्घकै अर्को पक्षका कार्यकर्ताहरूले आक्रमण गरी घाइते बनाए। घाइते काफ्लेको आखाँको नानी भन्दामाथि भागमा चोट लागेको थियो। पीडितको थापाथलीस्थित नर्भिक अस्पतालमा उपचार भयो। सो घटनापछि काफ्लेपक्षले नेविसङ्घको केन्द्रीय कार्यालयमा तोडफोडसमेत गरेको थियो। तोडफोडमा तीन लाख रुपियाँ बराबरको क्षति भएको नेपाली काङ्ग्रेसका कार्यलय सचिव शिव रिमालले बताए। पुल्चोक क्यापसबाट एडभान्स इन्जिनियरिङ्ग कलेज पुगेका केही नेविसङ्घ प्रतिनिधिहरूले सोही क्यापसका नेविसङ्घ कार्यकर्ताहरू र क्याम्पस ईकाइ कमिटी अध्यक्षलाई बाहिर राखी क्याम्पस इकाई कमिटीको चुनाव गराउने-नगराउने भन्ने विषयमा छलफल गर्दा दुई पक्षबीच विवाद भएपछि झगडा भएको थियो। कुटपिट

घटनामा संलग्नहरूको खोजी कार्य जारी रहेको प्रहरीले जनाएपनि यस वर्षको अन्त्यसम्म कोही गिरफ्तार भएका छैनन्।

अभिव्यक्ति, भेला हुने र संगठित हुने अधिकार

(राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

नेपाल आदिवासी जनजाति संयुक्त सङ्घर्ष समितिले आह्वान गरेको तीनदिने आमहड्तालको पहिलो दिन ०६९ जेठ ७ गते सो समितिका कार्यकर्ताले हिमालयन टेलिभिजनको मोटरसाइकल ग्वार्कोमा तोडफोड गर्नुका साथै सो मोटरसाइकलमा सवार पत्रकार वाइपी घिमिरेलाई बन्द गराउँदै हिँडेका प्रर्दशनकारीहरूले ०६९ जेठ ७ गते ललितपुर ग्वार्कोमा दुर्व्यवहार गरे। सोही दिन राष्ट्रिय मानवअधिकार आयोगका मानवअधिकार अधिकृत जीवन न्यौपानेलाई अनुगमनको क्रममा बन्दकर्ताले रड प्रहार गरेका थिए भने श्रीराम अधिकारीलाई प्रर्दशनकारीहरूले कठालो समातेर दुर्व्यवहार गर्नुका साथै उनीहरू चढेको बा ११ प ८२५८ नम्बरको मोटरसाइकल तोडफोड गरेका थिए।

आर्थिक अभियान दैनिकका फोटो पत्रकार चापागाउँ-६ ललितपुरका ३० वर्षीय अशोक दुलाललाई ०६९ जेठ ८ गते मध्यान्ह आदिवासी जनजाति संयुक्त सङ्घर्ष समितिले आयोजना गरेको उपत्यका बन्दका क्रममा ग्वार्को चोकमा तस्वीर सङ्कलन गरिरहेको बेला आदिवासी जनजाति महासङ्घका कार्यकर्ताको समूहले रड प्रहार गरी टाउको फुटाइ दिए। घाइते दुलालको ललितपुरको बी एण्ड बी अस्पताल ग्वार्कोमा उपचार भयो। यसैगरी बन्दको समाचार सङ्कलन गर्न गएका माउन्टेन टेलिभिजनका पत्रकार रामेश्वर सापकोटा, धर्मेन्द्र सापकोटा र क्यामरापर्सन प्रतीक्षा शर्मा र मुक्ति श्रेष्ठलाई आन्दोलनकारीले दुर्व्यवहार गर्नुका साथै कुटपिटसमेत गरेका थिए। त्यसैगरी समाचार सङ्कलन गर्न गएका न्यूज २४ टेलिभिजनका पत्रकार नवराज श्रेष्ठलाई ग्वार्को चोकमा आन्दोलनकारीले दुर्व्यवहार गर्नुका साथै उनको क्यामरा लुटेर लगेका थिए। आन्दोलनकारीले सोही टेलिभिजनका पत्रकार निर्मल वलीलाईसमेत दुर्व्यवहार गर्नुका साथै उक्त टेलिभिजनको गाडी समेत तोडफोड गरे। नेपाल आदिवासी जनजाति संयुक्त सङ्घर्ष समितिले गरेको बन्दको दोस्रो दिन ०६९ जेठ ८ गते पनि बन्दकर्ताहरूले सञ्चारमाध्यमलाई समाचार सङ्कलनमा रोक लगाएका थिए।

इमाडोल-४ बस्ने जीवन थापा, इमाडोल-३ कै मञ्जु थापा र सिरहा घर भई काठमाडौँ-३५ कोटेश्वर बस्ने बल्लु दास आदिवासी जनजाति संयुक्त सङ्घर्ष समितिले आयोजना गरेको उपत्यका बन्दका क्रममा बन्दकर्ता र स्थानीयवासीबीच ०६९ जेठ ८ गते ललितपुरको ग्वार्कोमा भएको झडपमा परी घाइते भए। सोही झडपमा बन्दकर्ताहरू आदि लामा, दिनेश महर्जन, रोशन महर्जन, गणेश श्रेष्ठ र अभियान लामा घाइते भएका थिए। घाइते भएका स्थानीय दुई जनाको किष्ट हस्पिटल र चार जना बन्दकर्ताको ग्लोबल अस्पतालमा उपचार भयो। प्रहरीले झडपलाई नियन्त्रणमा लिन आश्रुग्याँस र लाठी प्रहार गरेको थियो। प्रहरीले दुवै पक्षलाई तितरबितर पारी स्थितिलाई नियन्त्रणमा लिएको थियो।

सुगम र निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालत

जिल्ला अदालतमा फौजदारी मुद्दातर्फ ०६९ असार मसान्तबाट जिम्मेवारी सरेर आएका ४ सय ६५ समेत ७ सय ८८ थान मध्ये ६ सय १५ थान फैसला भए भने १ सय ७३ थान फैसला हुन बाँकी रहे। देवानी मुद्दातर्फ ०६९ असार मसान्तबाट जिम्मेवारी सरेर आएका ७ सय ७७ थान सहित १ हजार २ सय १४ थानमध्ये ९ सय ८९ थान फैसला भए भने २ सय २५ थान फैसला हुन बाँकी रहे। ललितपुर जिल्ला अदालतमा ३ जना मात्र न्यायाधीश रहेका छन्।

पुनरावेदन अदालतमा गत वर्षको बाँकी ४ हजार ५ सय ५४ र मङ्सिर मसान्तसम्म दर्ता भएका २ हजार ७ सय ५९ गरी कूल ७ हजार ३ सय १३ मुद्दामध्ये २ हजार ३ सय ७७ वटा मुद्दा फैसला भए भने ४ हजार ९ सय ३६ फैसला हुन बाँकी रहे। पाटन

आदिवासी जनजातिको बन्दमा बन्दकर्ताको कुटपिटबाट घाइते भएका फोटो पत्रकार अशोक दुलाल

पुनरावेदन अदालतमा १८ जना न्यायाधीश कार्यरत रहेका छन्।

जिल्ला सरकारी वकिलको कार्यालयमा ०६९ मङ्सिर मसान्तसम्म ६ सय ११ थान मुद्दा दर्ता भए। जसमा ३ सय ९५ थान मुद्दा फर्स्यौट भए भने २ सय १६ फर्स्यौट हुन बाँकी रहेका छन्। जिल्लामा सरकारी वकिल सङ्ख्या दुई जना रहेका छन्।

बालअधिकार

शिक्षाको अवस्था

यस जिल्लाका विद्यालय जाने उमेरका १ लाख ४४ हजार ४९ मध्ये छात्र ७३ हजार ६ सय ५२ र छात्रा ७० हजार ३ सय ९७ प्राथमिक तहदेखि माबि तहसम्म भर्ना भए। सरकारी र सामुदायिक विद्यालय गरी प्राबि तहमा १ हजार ९ शिक्षक कार्यरत रहेका छन् भने निमाबि तहमा ३ सय १ शिक्षक कार्यरत रहेका छन्। यसैगरी माबि तहमा २ सय ५६ शिक्षक रहेका छन्। जसमध्ये प्राबि तहमा १ सय ४१, निमाबि तहमा ४६ र माबि तहमा ७४ जना शिक्षक राहत दरबन्दीमा कार्यरत छन्। ललितपुर जिल्ला शिक्षा कार्यालयले दलित, जनजाति विद्यार्थीहरूको विवरण, विद्यालय जाने उमेरका बालबालिका र विद्यालय बाहिर रहेका बालबालिकाको विवरण तथा शिक्षासम्बन्धी सबै तथ्याङ्क अद्यावधिक गरेको पाइएन।

बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

एक १४ वर्षीया बालिकालाई ताप्लेजुङ जिल्ला दोखु-२ का २७ वर्षीय अनिल भन्ने आइतराज तामाङले ललाइफकाइ ललितपुर उमनपा-४, धोबीघाटमा ०६९ जेठ २५ गतेदेखि ३० गतेसम्म पटकपटक बलात्कार गरको आरोपमा पीडितका आफन्तले ०६९ असार १५ गते महानगरीय प्रहरी परिसर ललितपुरमा उजुरी गरे। प्रहरीले आरोपित तामाङलाई ०६९ असार १९ गते गिरफ्तार गऱ्यो। ललितपुर जिल्ला अदालतले ०६९ असार ३१ गते तामाङलाई पुर्पक्षका लागि थुनामा राख्न आदेश दियो।

एक १६ वर्षीया बालिकालाई ०६९ भदौ ५ र ६ गते बलात्कार गरेको भनी बर्दिया जिल्ला मोहम्मदपुर-९ घर भई हाल इमाडोल-८ कमलपोखरी बस्ने २४ वर्षीय लालबहादुर रानाका विरुद्ध ०६९ भदौ ६ गते पीडित परिवारले प्रहरीमा उजुरी दिए। उजुरीपछि प्रहरीले भदौ ६ गते नै रानालाई ग्वार्कोबाट गिरफ्तार गरेको थियो। गिरफ्तारपछि अदालत पेश गरेकोमा ललितपुर जिल्ला अदालतले ०६९ असोज १ गते पुर्पक्षका लागि थुनामा राख्ने आदेश दियो ।

एक १४ वर्षीया बालिकालाई ०६९ भदौ २६ गते विहान उदयपुर जिल्ला त्रिवेणी-६ घर भई चापागाउँ-६ मा डेरा गरी बस्ने रणसिंह दल गण कोटडाँडा ललितपुरमा कार्यरत नेपाली सेनाका जवान राजकुमार पाण्डेले बलात्कार गरेको भनी पीडित परिवारले ०६९ भदौ ३१ गते महानगरीय प्रहरी वृत्त चापागाउँमा उजुरी दिए। प्रहरीले ०६९ असोज १ गते अरोपित पाण्डेलाई गिरफ्तार गरी अदालत पेश गरेको थियो। अदालतले आरोपित पाण्डेलाई ०६९ असोज २४ गते पुर्पक्षका लागि नख्खु जेलमा राख्ने आदेश दियो। उनी नख्खु जेलमा थुनामा छन्।

एक सात वर्षीया बालिकालाई ०६९ भदौ २९ गते भारतीय नागरिक मुमताज अन्सारीले बलात्कार गरेको भनी धापाखेल-१ का ६० वर्षीय पुण्यप्रसाद आचार्यले ०६९ भदौ २९ गते प्रहरीमा उजुरी गरे। प्रहरीले ०६९ भदौ ३१ गते अन्सारीलाई गिरफ्तार गरी ०६९ असोज २२ गते ललितपुर जिल्ला अदालतमा मुद्दा दायर गऱ्यो। अदालतले ०६९ असोज २३ गते आरोपित मुमताज अन्सारीलाई पुर्पक्षका लागि थुनामा राख्ने आदेश दियो।

महिलाविरुद्ध हुने सबै प्रकारको भेदभाव, दुर्व्यवहार

मध्यमाञ्चल ग्रामीण विकास बैङ्क लिमिटेड क्षेत्रीय कार्यालय बागमतीकी प्रमुख काठमाडौं मनपा-३ की ४५ वर्षीय विन्देश्वरी बस्नेतलाई सोही कार्यालयमा कार्यरत ललितपुर उमनपा महालक्ष्मीस्थान बस्ने दीपेन्द्र लुइँटेल र सुनिलकुमार अधिकारीले 'कर्मचारी युनियनका मान्छे हौं' भन्दै धम्की दिने, दुर्व्यवहार गर्ने, गालीगलौज गर्ने, अश्लील शब्द बोल्ने र कुटपिट गरेको भनी महानगरीय प्रहरी परिसर जावलाखेलमा ०६९ भदौ २६ गते पीडितले उजुरी गरिन्। बैंकका निमित्त कार्यकारी प्रमुख वेदराज न्यौपानेले लुइँटेल र अधिकारी दुवैजनालाई विभागीय कारबाही गर्ने प्रतिवद्धता जनाएर प्रहरीमा जबरजस्ती मिलापत्र गराएको भएपनि कारबाही नभएको र उनीहरूको व्यवहारले मानसिक तनाव भएको पीडितले बताइन्। कतैबाट पनि न्याय नपाएको भन्दै उनले ०६९ असोज २९ गते ललितपुर जिल्ला अदालतमा कुटपिट मुद्दा दर्ता गराएकी छन्। मुद्दाको फैसला हुन बाँकी रहेको छ।

बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

एक ४१ वर्षीया महिलालाई ०६८ फागुन १० गते सोही ठाउँका ४९ वर्षीय लक्ष्मण मग्रातीले बलात्कार गरेको भनी ०६८ फागुन १६ गते पीडितका आफन्त दलबहादुर मग्रातीले प्रहरीमा उजुरी दिए। प्रहरीले आरोपित मग्रातीलाई ०६८ चैत १६ गते गिरफ्तार गऱ्यो। आरोपित मग्रारातीलाई अदालत पेश गरिएकोमा ललितपुर जिल्ला अदालतले ०६९ चैत २० गते धरौटी माग गरेकोमा राख्न नसकेपछि जेल चलान गरिएको छ। यो वर्षको अन्त्यसम्म मग्राती थुनामै रहेको जिल्ला सरकारी वकिल कार्यालयले जनायो।

एक १८ वर्षीया महिलालाई ०६९ भदौ १५ गते बलात्कार गरेको भनी काभ्रेपलाञ्चोक ज्यामदी घर भई ललितपुर उमनपा प्रयागपोखरी बस्ने चित्रबहादुर तामाङका विरुद्ध पीडितका आफन्तले ०६९ भदौ १६ गते प्रहरीमा उजुरी दिए। बलात्कारका आरोपित तामाङलाई ०६९ भदौ १८ गते प्रहरीले गिरफ्तार गरी ०६९ असोज १० गते अदालत पेश गरेकोमा ०६९ असोज ११ गते अदालतले पूर्पक्षका लागि थुनामा राख्ने आदेश दियो। हाल उनी नख्खु जेलमा रहेका छन्।

घरेलु हिंसा

हत्या

धापाखेल-५ प्रगतिटोल बस्ने ४० वार्षीया कान्छी मिजारलाई पति ४९ वर्षीय गोरे मिजारले ०६९ कात्तिक १८ गते आफ्नै घरमा हम्मरले हिर्काएर हत्या गरे। परपुरुषसँग लागेको भन्ने आरोपमा गोरेले कान्छी पत्नीको हत्या गरेको प्रहरीले बतायो। पीडक मिजारलाई ललितपुरकै ठूलादुर्लुङ्बाट ०६९ कात्तिक १९ गते प्रहरीले गिरफ्तार गरी ०६९ मङ्सिर १३ गते अदालत पेश गरेकोमा ललितपुर जिल्ला अदालतले ०६९ मङ्सिर १४ गते पुर्पक्षका लागि थुनामा राख्ने आदेश दियो।

बहुविवाह

सुनसरी जिल्ला इटहरी नपा-६ घर भई ललितपुर जिल्ला इमाडोल-६ बस्ने ३२ वर्षीय चेतराज कुँवरले इमाडोल-६ की पवित्रा थापामगरसँग ०६९ जेठ ४ गते दोश्रोविवाह गरे। पीडित जेठी पत्नी कोपिला खड्का कुँवरले जेठ ५ गते प्रहरी कार्यालयमा उजुरी दिइन्। प्रहरीले आरोपित दुवैलाई ०६९ जेठ ५ गते गिरफ्तार गऱ्यो। जिल्ला अदालतले ०६९ जेठ २४ गते पवित्रालाई साधारण तारेखमा र चेतराजलाई ४५ हजार रुपैयाँ धरौटीमा रिहा गर्ने आदेश गऱ्यो।

दोलखा जिल्ला ठूलो पातल-५ घर भई ललितपुर जिल्ला गोदावरी गाविस-१ बस्ने २६ वर्षीय मैते लोप्चन तामाङले घरमा २० वर्षीया अञ्जु तामाङसँग दोश्रो विवाह गरेको भनी जेठी पत्नी २६ वर्षीया नीमा तामाङले ०६९ जेठ २३ गते प्रहरीमा उजुरी गरिन्। प्रहरीले ०६९ जेठ २३ गते दुवै जनालाई गिरफ्तार गऱ्यो। जिल्ला अदालतले ०६९ असार ११ गते अञ्जु तामाङलाई साधारण तारेखमा र मैते लोप्चनलाई ५० हजार रुपियाँ धरौटीमा रिहा गर्ने आदेश गऱ्यो।

स्वास्थ्यको अधिकार

अस्पताल	१८		
स्वास्थ्यचौकी	१६		
उपस्वास्थ्यचौकी	२२		
पद	**दरबन्दी**	**कार्यरत**	**रिक्त**
डाक्टर	६	६	
स्टाफ नर्स	४	४	
ल्याब असिस्टेन्ट	३	३	
अहेब	८६	८६	
अनमी	५७	५७	
खोप सुपरभाइजर	१	१	
क्षयरोग/कुष्ठरोग सुपरभाइजर	१	१	
हेल्थ असिस्टेन्ट	२१	१४	७

जिल्ला प्रहरी कार्यालय

जिल्ला प्रहरी कार्यालयमा ०६८ पुस १७ गतेदेखि ०६९ पुस १६ गतेसम्म बलात्कार आठ, बलात्कार प्रयास चार, कर्तव्यज्यान १३, ज्यानमार्ने उद्योग तीन, आत्महत्या ५१, अपहरण गरी शरीर बन्धक तीन, बहुविवाह चार, अपहरण उद्योग एक, विस्फोटक पदार्थ एक, मानवबेचबिखन तथा ओसारपसार दुई, बोक्सीको आरोपमा मानसिक यातनाका एक ओटा मुद्दा दर्ता भए।

२.१३ काभ्रे

जिल्ला सदरमुकाम: धुलिखेल
क्षेत्रफल (वर्ग कि. मि.): १,३५६
घरधुरी सङ्ख्या: ८०,७२०
जम्मा जनसङ्ख्या: ३,८१,५३७
पुरुष: १,८२,५३६
महिला: १,५५,००१
अपाङ्ग सङ्ख्या: ६,६७०
गाविस/नपा सङ्ख्या:
पुरुष साक्षरता सङ्ख्या: १,३८,५८४
महिला साक्षरता सङ्ख्या: १,१८,१३०
हिन्दूधर्मावलम्बी प्रतिशत: ६२.५७
बौद्धधर्मावलम्बी प्रतिशत: ३४.६२
इस्लामधर्मावलम्बी प्रतिशत: ०.०८
किराँत धर्मावलम्बी प्रतिशत: ०.०२
क्रिश्चियन धर्मावलम्बी प्रतिशत: १.७८
प्रकृति धर्मावलम्बी प्रतिशत: ०.६
शिख धर्मावलम्बी प्रतिशत: ०.००१
अन्य धर्मावलम्बी प्रतिशत: ०.३२२
प्रतिपरिवार सरदर सङ्ख्या: ४.७३

जेल र बन्दीहरू

'घ' श्रेणीको धुलिखेल कारागारको बन्दी क्षमता ६१ जनाको छ। यो वर्षको अन्त्यसम्म कैद तोकिएका ८० र कैद नतोकिएका ८६ थुनुवा गरी जम्मा १ सय ६६ जना पुरुष बन्दीहरू यस कारागारमा छन्। यस कारागारमा यस वर्ष दुई जनाको मृत्यु भयो। यस कारागारमा महिला र बालबालिका राख्ने व्यवस्था छैन। कारागारलाई तीन भागमा विभाजन गरी बीचको भागमा गम्भीर स्थितिका मानसिक रोगीहरूलाई राखिने गरिन्छ। यस्ता मानसिक रोगीहरू अहिले ३० जना छन्। कारागारमा चर्पीको मर्मत-सम्भार, भवनको जीर्णोद्धार र क्षमता बढाउनुपर्ने आवश्यकता देखिन्छ।

यस कारागारमा कर्तव्य ज्यान मुद्दामा ७४ , डाकामा १६, जबरजस्ती करणीमा १८, ज्यान मार्ने उद्योगमा दुई, लागु औषधमा पाँच चोरीमा नौ सवारी ज्यानमा १, सार्वजनिक अपराध ऐन अर्न्तगत ११, अपहरण तथा शरिर बन्धक मुद्दामा १९, सरकारी छाप किर्तेमा ६, जिउ मास्ने-बेच्नेमा दुई, हात हतियार खरखजाना मुद्दामा दुई र रक्तचन्दन ओसार पसारमा एक गरी १ सय ६६ जना बन्दी छन्।

कारागारमा क्षमताभन्दा बढी बन्दी रहेका कारण आलोपालो सुत्नुपर्ने बाध्यता देखिन्छ। जेलमा नियमित स्वास्थ्य परीक्षणको व्यवस्था नभए पनि बिरामी अवस्थामा बन्दीहरूलाई 'उधारोमा उपचार' गरिरहेको जेलप्रशासनको भनाइ छ। तीन रोपनी आठ आना क्षेत्रफलमा रहेको यस कारागारका कुल १७ वटा कोठामध्ये १५ वटा साना छन्। सातवटा चर्पीको व्यवस्था छ। चारवटा धारा छन्। केही बन्दी आय-आर्जनका लागि टोपी, मुडा बनाउने र सिलाई सम्बन्धी काम गर्छन्। धुलिखेल कारागारका प्रमुख मातृकाप्रसाद दाहाल क्षमता भन्दा तेव्वर बन्दी राख्नु जेलप्रशासनको बाध्यता भएको बताउँछन्।

कारागारमा मृत्यु

सप्तरी जिल्ला राजविराज नपा-९ का २८ वर्षीय अमितकुमार देवको ०६९ असोज ८ गते उपचारका क्रममा धुलिखेल अस्पतालमा मृत्यु भयो। सप्तरी जिल्ला अदालतको पत्रअनुसार ०६४ जेठ ३१ गते धुलिखेल कारागारमा ल्याइएका मानसिक रोगी देवलाई ज्यान मुद्दा लागेको थियो।

रसुवा जिल्ला धैवुङ गाविस-१ का २० वर्षीय श्री नेपाल भनिने कुमार नेपालीलाई ०६९ पुस ११ गते सोही कारागारमा रहेका तनहुँका हरिप्रसाद सापकोटाले कुटपिट गरी हत्या गरे। कारागारमा रहेका मानसिक रोगी सापकोटाले बाँसको मुडा बन्नका लागि प्रयोग हुने सुइरो रोपी हत्या गरेको पीडकले बताए। चोरीको आरोपमा अदालतले ४ वर्ष कैद र १ लाख जरिवाना तोकेका नेपालीको मानसिक अवस्था ठिक नभएका कारण ०६९ पुस ९ गते उपचारका लागि धुलिखेल कारागारमा पठाइएको थियो। यस घटनालाई प्रहरीले कर्तव्य ज्यान अर्न्तगत मुद्दा दर्ता गरी अनुसन्धान गरिरहेको बतायो। आरोपित सापकोटा कर्तव्य ज्यान मुद्दामा अदालतबाट सर्वश्वसहित जन्मकैदको सजाय भोगिरहेका छन्।

धम्की /कुटपिट

राज्यबाट

मिल्चे गाविस-१ का २६ वर्षीय नवीन घिसिङ र ४५ वर्षीय नेत्रबहादुर घिसिङलाई ०६९ मङ्सिर १४ गते प्रहरी चौकी तालढुङ्गामा बोलाएर प्रहरी हवल्दार फुर्वा थिङलगायतका तीन जना प्रहरीले बेहोश हुनेगरी कुटपिट गरेको भनी पीडितहरूले ०६९ मङ्सिर २३ गते बनेपामा पत्रकार सम्मेलन गरे। पीडितहरूको भतिजा मोहनकी पत्नी फूलमाया पति विदेश गएको समयमा धनमालसहित अन्यत्र विवाह गरी गएको विषयमा कुराकानी गर्नका लागि पीडितहरू प्रहरी चौकी तालढुङ्गामा गएका थिए। फूलमायाले स्थानीय व्यक्तिहरूको रोहबरमा आफूले ९५ हजार रुपियाँ हिनामिना गरेकाले उक्त रकम तिर्छु भनी कागज गरेकाले कागज गरिएको रकम लिनका लागि चौकीमा बोलाइएको पीडितहरूको भनाइ थियो। भतिजो मोहन दुबईमा काम गर्नका लागि गएको भए पनि घर व्यवहार हेर्दै आएका नवीन र नेत्रबहादुरलाई फूलमायाका आफन्त पर्ने हवल्दार फूर्वाले लात, पाइप र लौराले कुटपिट गर्दा मुख सुन्निएको पीडितले बताए। पीडितहरूले काठमाडौंस्थित शिक्षण अस्पतालमा उपचार गराई कारबाहीका लागि ०६९ मङ्सिर २० गते राष्ट्रिय मानवअधिकार आयोगमा उजुरी गरे। घटनाका विषयमा पत्रपत्रिकामा छापिएपछि जिल्ला प्रहरी कार्यालय धुलिखेलले आरोपितलाई मङ्सिर २४ गते अनुसन्धानका लागि जिल्लामा हाजिर हुन बोलायो।

घटनाको प्रकार	राज्यपक्षबाट		गैरराज्यपक्षबाट		
	पुरुष	जम्मा	महिला	पुरुष	जम्मा
घाइते				४	४
बालअधिकार			९		९
अमानवीय व्यवहार				३	३
अपहरण				१	१
महिलाअधिकार			१०		१०
जातीय विभेद			१		१
कुटपिट	३	३		८	८
धम्की			३		३
हत्या			३	८	१०
जम्मा	३	३	३४	३३	४७

सुगम र निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालत

०६८ साउनदेखि ०६९ असार मसान्तसम्म

दुई जनामात्र न्यायाधीश रहेको यस जिल्ला अदालतको फौजदारी मुद्दातर्फ ७ सय ४१ थान मध्ये ४ सय ४६ फैसला भए भने २ सय ९५ थान मुद्दा फैसला हुन बाँकी रहे। देवानी मुद्दातर्फ ७ सय २६ थान मध्ये ४ सय ७४ थान फैसला भए भने २ सय ५२ थान फैसला हुन बाँकी रहे।

०६९ साउनदेखि पुस १५ सम्म

दुई जनामात्र न्यायाधीश रहेको यस जिल्ला अदालतको फौजदारी मुद्दातर्फ ४ सय ७५ मध्ये ४३ थान फैसला भए भने ४ सय ३२ फैसला हुन बाँकी रहे। देवानी मुद्दातर्फ ४ सय ६ थानमध्ये ४२ थान फैसला भए भने ३ सय ६४ थान फैसला हुन बाँकी रहे। दुई वर्ष नाघेका फौजदारी मुद्दा १० थान र देवानी मुद्दा १७ थान रहेका छन्।

जिल्ला सरकारी वकिलको कार्यालय

यस कार्यालयबाट ०६८ साउनदेखि ०६९ असार मसान्तसम्म दायर मुद्दाको सङ्ख्या २ सय ६४ मध्ये १ सय ५ थान सफल भए भने २९ थान असफल भए । दायर मुद्दा मध्ये ६४ थान मुद्दा तामेलीमा छन्। सरकारी वकिल सङ्ख्या दुई रहेको यस कार्यालयबाट दायर मुद्दामध्ये ०६९ असार मसान्तसम्म १ सय ४६ थान मुद्दा बाँकी रहेको सरकारी वकिलको कार्यालयले जनायो।

दायर मुद्दामध्ये अपहरणसम्बन्धी चार थान मुद्दामा चार थान बाँकी देखिन्छ। जबरजस्ती करणीसम्बन्धी ११ थान मुद्दामा तीन थान मुद्दा सफल भएको देखिन्छ भने आठ थान मुद्दा बाँकी छ। जर्बजस्ती करणीको उद्योगसम्बन्धी दुई थान मुद्दामा एक थान मुद्दा सफल भएको छ भने एक थान मुद्दा बाँकी छ। खुन डाँकासम्बन्धी एक थान मुद्दा असफल देखिन्छ भने कर्तव्य ज्यानसम्बन्धी २८ थान मुद्दामा दुई थान मुद्दा सफल, आठ थान मुद्दा असफल र १८ थान मुद्दा बाँकी छ। यस्तै, मानव बेचविखनसम्बन्धी एक थान मुद्दा सफल र बहुविवाहसम्बन्धी पाँच थान मुद्दामा दुईथान मुद्दा सफल र तीन थान मुद्दा बाँकी अवस्थामा देखिन्छ। यस कार्यालयमा यस वर्ष छुवाछुतसम्बन्धी मुद्दा परेन। जिल्ला सरकारी वकिलको कार्यालयबाट ०६९ साउनदेखि ०६९ पुससम्म दायर मुद्दाको सङ्ख्या ५९ छ। यी सबै मुद्दा निर्णय हुन बाँकी छ।

बालअधिकार

शिक्षाको अवस्था

यस जिल्लाका विद्यालय जाने उमेरका १ लाख ९० हजार ८ सय ४० जना मध्ये ६४ हजार ८ सय २१ छात्र र १ लाख २६ हजार १९ जना छात्रा प्राथमिक तहदेखि माबि तहसम्म भर्ना भए। यसमध्ये दलित छात्रा ५ हजार ३ सय ८२ र छात्र ४ हजार ५ सय ९० रहेका छन्। सरकारी र सामुदायिक विद्यालय गरी प्राबि तहमा महिला १ हजार ५ सय ३७ र पुरुष २ हजार २ जना गरी जम्मा ३ हजार ५ सय ३९ जना शिक्षक कार्यरत रहेका छन्। निमाबि तहमा महिला ३ सय ४५ र पुरुष ७ सय ९३ गरी जम्मा १ हजार १ सय ३८ जना शिक्षक कार्यरत रहेका छन्। यसैगरी माबि तहमा महिला १ सय ४ जना र पुरुष ८ सय ७० गरी जम्मा ९ सय ७४ शिक्षक रहेका छन्।

बालविकास केन्द्रतर्फ बालक ८ हजार ४ सय २७ र बालिका ८ हजार ५ सय ५२ गरी जम्मा १६ हजार ९ सय ७९ जना रहेका छन्। जसमध्ये दलित बालक ७ सय ९३ जना र बालिका ८ सय ५७ जना छन्। जिल्ला शिक्षा कार्यालयले हरेक वर्ष विद्यालयस्तरिय शैक्षिक तथ्यांकको पुस्तिका प्रकाशन गर्ने गरेको छ।

बलात्कार, बलात्कार प्रयास तथा यौनदुर्व्यवहार

एक पाँच वर्षीया बालिकालाई ०६९ भदौ ८ गते साँझ कोलाती भुम्लू गाविस-२ का ४० वर्षीय लाटो भनिने चन्द्रबहादुर पहरीले आँगनमा खेलिरहेको बेला उठाएर नजिकैको तरकारी बारीमा लगेर बलात्कार गरेको आरोपमा भदौ ८ गते प्रहरीले गिरफ्तार गरी अनुसन्धानका लागि जिल्ला प्रहरी कार्यालय धुलिखेलको हिरासतमा राख्यो। पीडित बालिकाको स्वास्थ्य जाँच प्रसुतिगृह थापाथलीमा भएको थियो। पीडितको कमजोर आर्थिक अवस्थालाई ध्यान दिएर प्रारम्भिक स्वास्थ्य उपचारका लागि इन्सेक काभ्रेबाट ३ हजार रुपियाँ आर्थिक सहयोग उपलब्ध गराइएको थियो । जिल्ला सरकारी वकिलको कार्यालयले ०६९ भदौ ३१ गते जिल्ला अदालत काभ्रेमा जबरजस्तीकरणी सम्बन्धी अभियोग दर्ता गराएकोमा काभ्रे जिल्ला अदालतको आदेशमा आरोपितलाई पुर्पक्षका लागि थुनामा राख्ने आदेश भयो।

आफ्नै पतिद्वारा आगो लगाई मार्ने प्रयास गरिएकी गीता कार्की

एक १४ वर्षीया बालिकालाई ०६९ भदौ ९ गते महादेवस्थान गाविस-८ कुन्ताका ३१ वर्षीय रामभक्त श्रेष्ठले बलात्कार गरेको आरोपमा ०६९ भदौ १८ गते जिल्ला प्रहरी कार्यालय धुलिखेलमा पीडितपक्षले उजुरी गऱ्यो। घरमा कोही नभएको अवस्थामा 'घरमा काम छ' भनी बालिकालाई बोलाएर बलात्कार गरिएको जाहेरीमा उल्लेख छ। पीडित बालिकाको ०६९ भदौ ९ गते प्रसुतीगृह थापाथलीमा स्वास्थ्य जाँच भएको थियो। घटनाका सम्बन्धमा जिल्ला सरकारी वकिलको कार्यालयले ०६९ असोज ७ गते जिल्ला अदालत काभ्रेमा जर्बजस्ती करणीसम्बन्धी अभियोग दर्ता गरायो। हालसम्म आरोपित फरार छन्।

एक १३ वर्षीया बालिकालाई ०६९ कार्तिक १२ गते दिँउसो मेथिनकोट गाविस-१ का १९ वर्षीय पवनकुमार श्रेष्ठले पैसा दिन्छु भनी बलात्कार गरेको आरोपमा प्रहरीले ०६९ कात्तिक २५ गते गिरफ्तार गऱ्यो। पीडितको ०६९ कात्तिक २५ गते शिक्षण अस्पताल काठमाडौँमा स्वास्थ्य परीक्षण भएको थियो। जिल्ला सरकारी वकिल कार्यालयले आरोपितलाई ०६९ मङ्सिर १५ गते जर्बजस्ती करणी मुद्दामा अदालतमा पेश गर्दा अदालतबाट पुर्पक्षका लागि थुनामा राख्ने आदेश भयो। आरोपित ०६९ मङ्सिर १७ गतेदेखि धुलिखेल कारागारमा थुनामा छन्।

एक नौ वर्षीया बालिकालाई ०६९ असोज २१ गते साँझ भीमखोरी गाविस-८ का १८ वर्षीय रवीन्द्र भुजेलले साँझ नजिकैको झाडीमा लगेर बलात्कार गरेको भनी पीडित बालिकाको बाबुले ०६९ कात्तिक २ गते जिल्ला प्रहरी कार्यालय धुलिखेलमा जाहेरी दिए। पीडित बालिकाको ०६९ कात्तिक २ गते शिक्षण अस्पताल काठमाडौँमा स्वास्थ्य परीक्षण भएको थियो। यस मुद्दालाई ०६९ कात्तिक २३ गते जिल्ला सरकारी वकिलको कार्यालयले जिल्ला अदालतमा अभियोग दर्ता गरायो। वर्षको अन्त्यसम्ममा यस घटनामा आरोपित रवीन्द्र भुजेल फरार रहेको प्रहरीले जनायो।

एक ९ वर्षीया बालिकालाई ०६९ मङ्सिर २१ गते दिँउसो बलात्कारको प्रयास गरेको भनी भुग्देउ गाविस-६ ठकुरीडाँडाका माइला भनिने ७२ वर्षीय चेतबहादुर मल्ल ठकुरीलाई जिल्ला प्रहरी कार्यालयले ०६९ मङ्सिर २४ गते गिरफ्तार गरी अनुसन्धानका लागि प्रहरी हिरासतमा राख्यो।

पीडितका आफन्तले ०६९ मङ्सिर २२ गते उजुरी गरेका थिए। बाबु आमा लप्सी टिप्नका लागि मेला गएको समयमा आरोपितले भैँसी गोठमा लगेर बलात्कारको प्रयास गरेको पीडितपक्षको आरोप लगाए। पीडितको शिक्षण अस्पताल महाराजगञ्जमा स्वास्थ्य परीक्षण भएको थियो। आरोपित ०६९ पुस ८ गतेदेखि धुलिखेल कारागारमा थुनामा छन्।

पाँचजना छात्रलाई ०६८ पुस २८ गते अप्राकृतिक मैथुन गरेको आरोपमा भारत, दार्जिलिङ घर भएका २३ वर्षीय सहदेव भुजेललाई ०६८ माघ ५ गते प्रहरीले गिरफ्तार गऱ्यो। पीडित बालकहरूको वीर अस्पताल काठमाडौँमा सोही दिन स्वास्थ्य जाँच भएको थियो। पाँच वर्षदेखि सोही विद्यालयमा कार्यरत शिक्षक भुजेलका विषयमा गुनासो आएपछि विद्यालय प्रशासनले प्रहरीलाई खबर गरेको थियो। जिल्ला सरकारी वकिलको कार्यालयले ०६८ माघ २९ गते अदालतमा अभियोग दर्ता गरेकोमा आरोपितलाई अनुसन्धानका लागि ०६८ फागुन १ गते जिल्ला अदालतले पूर्पक्षका लागि थुनामा पठायो।

पनौती नपा-१० सुन्थान कि १५ वर्षीया एक बालिकालाई जागिर खुवाउँछु भनी ०६९ कात्तिक १५ गते भारततिर लैजाँदै गर्दा सोही ठाउँका २४ वर्षीय गौरव भनिने कृष्ण श्रेष्ठलाई सप्तरी जिल्लाको रूपनीबाट प्रहरीले गिरफ्तार गरी मानव बेचविखन तथा ओसारपसारविरूद्ध मुद्दा चलायो। पीडितकी आमाले छोरी हराएको भनी प्रहरीलाई खबर गरेपछि उनको खोजतलास शुरु गरिएको थियो। प्रहरीले आरोपित श्रेष्ठलाई ०६९ कात्तिक १८ गते गिरफ्तार गऱ्यो। जिल्ला सरकारी वकिलको कार्यालयले ०६९ मङ्सिर १० गते अदालतमा पेश गर्दा अदालतबाट पुर्पक्षका लागि थुनामा राख्ने आदेश भयो। आरोपित श्रेष्ठ ०६९ मङ्सिर १२ गतेदेखि धुलिखेल कारागारमा थुनामा छन्।

महिलाविरुद्ध हुने सबै प्रकारको भेदभाव, दुर्व्यवहार

बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

एक ६७ वर्षीया महिलालाई ०६९ वैशाख १० गते बिहान नजिकैको आरुबोट बारीमा घाँस काट्न गएको समयमा श्यामपाटी सिमलचौर गाविस-३ का ३५ वर्षीय अजय लामाले बलात्कारको प्रयास गरेको आरोपमा पीडितले ०६९ वैशाख ११ गते प्रहरी कार्यालयमा उजुरी गरिन्। प्रहरीले आरोपितलाई सोही दिन गिरफ्तार गऱ्यो। मादकपदार्थ खाएर बलात्कार गर्न खोज्दा भतिजीहरूले देखेर आफू उम्किएको पीडित महिलाले बताइन्। पीडितको ०६९ वैशाख १० गते प्रसुती गृह थापाथलीमा स्वास्थ्य जाँच भएको थियो। जिल्ला सरकारी वकिलको कार्यालयले ०६९ जेठ १ गते यस मुद्दालाई अदालतमा पेश गरेकोमा जिल्ला अदालतले ०६९ मङ्सिर २० गतेको फैसलाअनुसार आरोपितलाई साढे दुई वर्ष कैद सजाय तोकिएको छ।

घरेलु हिंसा

हत्या

कुशादेवी गाविस-४ दारिमबोटकी २२ वर्षीया सीता थापा (भण्डारी) लाई ०६९ जेठ ३० गतेदेखि पति रोशन थापाले बेपत्ता बनाई धुलिखेलस्थित शान्ति वनमा लगेर हत्या गरेको भनी माइतीपक्षले जिल्ला प्रहरी कार्यालयमा उजुरी गरे। पनौती नपा-१३ पस्थली माइती भएकी उनको ०६६ माघ २४ गते परम्पराअनुसार विवाह भएको थियो। मृतकको एक छोरी रहेकी छिन्। घटना संलग्न भएको आरोपमा पति रोशन थापा, जेठाजु राजकुमार भनिने हेमबहादुर थापा र जेठानी रमा थापालाई जिल्ला अदालत काभ्रेको ०६९ भदौ ७ गतेको आदेशमा पुर्पक्षका लागि थुनामा छन्। सीताको लास प्रहरीले धुलिखेलस्थित शान्ति वनमा सडिगलेको अवस्थामा फेला पारी पोष्टमार्टमपछि दाहसंस्कारका लागि परिवारलाई बुझाएको थियो।

हत्या प्रयास

र्‍याले गाविस-२ का ५० वर्षीय केदारप्रसाद सापकोटाले ०६९ वैशाख १० गते बिहान ३७ वर्षीय पत्नी कान्छी र ५ वर्षीया छोरी आरतीलाई चक्कुप्रहार गरी हत्याको प्रयास गरेको भनी प्रहरीले गिरफ्तार गऱ्यो। मादकपदार्थ सेवन गरी आएका सापकोटाले घरमा आगो लगाई पत्नी र छोरीलाई मार्ने प्रयास गरेका थिए। घाइतेहरूको बनेपास्थित शिर मेमोरियल अस्पतालमा उपचार गरियो। घटनालगत्तै स्थानीयले समातेर प्रहरीमा बुझाएकोमा मानसिक सन्तुलन गुमेकोले उपचारका लागि भनी सोही ठाउँका ५८ वर्षीय विष्णुप्रसाद सापकोटाले ०६९ वैशाख १२ गते पीडकलाई प्रहरीबाट बुझी लगे।

बहुविवाह

बनेपा नपा-११ बुडोलकी २८ वर्षीया अञ्जु श्रेष्ठले आफू हुँदाहुँदै बाँके की ३६ वर्षीया सीता श्रेष्ठसँग ०६८ चैत २९ गते अर्को विवाह गरेको भनी ३० वर्षीय

पति पूर्णनारायण श्रेष्ठ विरुद्ध प्रहरीमा उजुरी गरिन्। पतिले दिनहुँ पिट्ने गरेकाले माइतीघरमा नै बस्ने गरेको पीडितले जाहेरीमा उल्लेख गरेकी छिन्। प्रहरीले ०६९ जेठ २ गते आरोपित दुवैलाई गिरफ्तार गरी अदालतमा पेश गरेकोमा ०६९ जेठ १४ गते भएको जिल्ला अदालतको आदेशमा २५ हजार धरौटीमा रिहा भए।

स्वास्थ्य सेवाको अवस्था

अस्पताल	१		
स्वास्थ्यचौकी	१७		
उपस्वास्थ्यचौकी	७२		
पद	**दरबन्दी**	**कार्यरत**	**रिक्त**
डाक्टर	७	४	३
स्टाफ नर्स	१०	१०	
ल्याब असिस्टेन्ट	४	३	१
अहेब	१९२	१४८	४४
अनमी	१२१	९८	२३
खोप सुपरभाइजर	१	१	
क्षयरोग/कुष्ठरोग सुपरभाइजर	१	१	
हेल्थ असिस्टेन्ट	२४	१६	८

जिल्ला प्रहरी कार्यालय

जिल्ला प्रहरी कार्यालयमा ०६८ पुस १७ गतेदेखि ०६९ पुस १६ गतेसम्म बलात्कार छ, बलात्कार प्रयास तीन, घरेलुहिंसा १ सय ४४, यौन दुर्व्यवहार एक, महिला ओसार पसार जिउ मास्नेबेच्ने एक, जातीय विभेद एक, कर्तव्यज्यान १३, ज्यानमार्ने उद्योग सात, आत्महत्या ७७, अपहरण गरी शरीर बन्धक बनाएको एक, बहुविवाह तीन, विस्फोटक पदार्थका दुई ओटा मुद्दा दर्ता भए।

२.१४ भक्तपुर



जिल्ला सदरमुकाम: भक्तपुर
क्षेत्रफल (वर्ग कि. मि.): ११५
घरधुरी सङ्ख्या: ६८,६३६
जम्मा जनसङ्ख्या: ३,०४,६५१
पुरुष: १,५४,८८४
महिला: १,४५,७६७
अपाङ्ग सङ्ख्या: ३,२०४
गाविस/नपा सङ्ख्या: १६/३
पुरुष साक्षरता सङ्ख्या: १,३२,६१६
महिला साक्षरता सङ्ख्या: १,०४,५३७
हिन्दू धर्मावलम्बी प्रतिशत: ८७.८५
बौद्ध धर्मावलम्बी प्रतिशत: ५.१८
इस्लाम धर्मावलम्बी प्रतिशत: ०.४५
किराँत धर्मावलम्बी प्रतिशत: ०.३८
क्रिश्चियन धर्मावलम्बी प्रतिशत: १.५७
प्रकृति धर्मावलम्बी प्रतिशत: ०.०२
शिख धर्मावलम्बी प्रतिशत: ०.००२
अन्य धर्मावलम्बी प्रतिशत: ०.०५६
प्रतिपरिवार सरदर सङ्ख्या: ४.४४

नागरिक तथा राजनीतिक अधिकार सम्मानित रूपले बाच्ने पाउने अधिकार हत्या

अन्यबाट

कास्की जिल्ला उमनपा–१६ घर भई भक्तपुर जिल्ला कौशलटार बस्ने मानवअधिकार तथा शान्ति समाज भक्तपुरका अध्यक्ष २८ वर्षीय सुजन पौडेल र भक्तपुर नपा-५ महालक्ष्मीस्थानकी २३ वर्षीया विद्यालक्ष्मी शाखकर्मीलाई ०६९ साउन १५ गते राति हतियारधारी समूहले भक्तपुरको ताथली गाविस-८ चुनदेवीइथोलको बाँसघारी नजिक सडकमा धारिलो

हतियारले काटी हत्या गरे। मृतक पौडेल भक्तपुर नपा-४ कमलविनायकस्थित नियोलोजन एकेडमी स्कुलको प्रिन्सिपल तथा शाखकर्मी सोही विद्यालयको लेखापाल थिइन्। घटनास्थल नजिक पौडेलको बा २५ प ५१८ नम्बरको मोटरसाइकलसमेत फेला परेको थियो। घटनाको अनुसन्धानपछि प्रहरीले हत्याको आरोपमा भक्तपुर नपा-४ का १९ वर्षीय मन्त्री भनिने रविन मुस्याक्वा, सोही ठाउँ बस्ने १८ वर्षीय आलु भनिने किरण सुवाल, भक्तपुर-१ बस्ने २० वर्षीय कुशी भनिने रुपेश कुशी, भक्तपुर-३ बस्ने १८ वर्षीय डब्लु भनिने सुजन सेजु, सोही ठाउँ बस्ने १९ वर्षीय कान भनिने निरन मानन्धर, सोही ठाउँ बस्ने १४ वर्षीय आगेश गामवन्जार र सोही ठाउँ बस्ने १८ वर्षीय रुकेश वोछे तथा २१ वर्षीय अनिल शाखकर्मीलाई भक्तपुरको विभिन्न स्थानबाट गिरफ्तार गरिएको भनी प्रहरीले भदौ १७ गते पत्रकार सम्मेलनमा जनायो। पीडित परिवारले महानगरीय प्रहरी परिसर भक्तपुरमा साउन १७ गते जाहेरी दिएका थिए। जिल्ला अदालतको ०६९ असोज १६ गतेको आदेशले १४ वर्षीय आगेश गामवन्जारलाई बाल सुधार गृहमा, अनिल शाखकर्मीलाई १० हजार रुपियाँ धरौटीमा रिहा भयो भने अन्य पुर्पक्षको लागि काठमाडौँको डिल्लीबजार कारागारमा सोही दिनदेखि थुनामा छन्।

घटनाको प्रकार	गैरराज्यपक्षबाट		
	महिला	पुरुष	जम्मा
बालअधिकार	३		३
महिलाअधिकार	१		१
हत्या	३	४	७
जम्मा	६	४	१०

बाल सुधार गृह

भक्तपुर जिल्लामा गैरसरकारी संस्थाको सहयोगमा २०५२ सालदेखि बालसुधार गृह सञ्चालनमा रहेको छ। यसको क्षमता ८५ जना रहेको छ। यो वर्षको अन्त्यसम्ममा फैसला भएको ४६ तथा फैसला नभएका ५० जना गरी जम्मा ९६ जना यस बाल सुधार गृहमा रहेका छन्। जसमध्ये पुरुष ९२ तथा महिला चार जना रहेका छन्।

सुगम र निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालत

०६८ साउनदेखि ०६९ असार मसान्तसम्म

दुई जनामात्र न्यायाधीश रहेको यस जिल्ला अदालतको फौजदारी मुद्दातर्फ ६ सय ४७ थान मध्ये ४ सय १५ थान फैसला भए भने २ सय ३२ थान फैसला हुन बाँकी रहे। देवानी मुद्दातर्फ १ हजार ३ सय ४० मध्ये ७ सय ४६ फैसला भए भने ५ सय ९४ थान फैसला हुन बाँकी रहे। ०६९ साउनदेखि पुस १५ सम्म दुई जनामात्र न्यायाधीश रहेको यस जिल्ला अदालतको फौजदारी मुद्दातर्फ ३ सय ५४ थान मध्ये १ सय ३१ थान फैसला भए भने २ सय २३ थान फैसला हुन बाँकी रहे। देवानी मुद्दातर्फ ९ सय १३ थान मध्ये २ सय ७८ थान फैसला भए भने ६ सय ३५ थान फैसला हुन बाँकी रहे। दुई वर्ष नाघेका फौजदारी मुद्दा र देवानी मुद्दा छैनन्।

जिल्ला सरकारी वकिलको कार्यालयबाट ०६८ साउनदेखि ०६९ असार मसान्तसम्म दायर मुद्दाको सङ्ख्या ४ सय ६८ थान छ जसमध्ये २ सय १४ थान सफल भए भने १६ थान असफल भएको छ। मुलतवी, तमेली पेण्डिङमा मुद्दा छैन। सरकारी वकिल सङ्ख्या दुई रहेको यस जिल्ला कार्यालयबाट दायर मुद्दामध्ये ०६९ असार मसान्तसम्म २ सय ३८ थान मुद्दा बाँकी रहेको सरकारी वकिलको कार्यालयले जनायो।

दायर मुद्दामध्ये कर्तव्य ज्यानसम्बन्धी मुद्दा सात मध्ये एक थान सफल भयो। बलात्कारसम्बन्धी मुद्दा १९ मध्ये १३ थान सफल र दुई थानअसफल रह्यो। महिला बेचविखनसम्बन्धी मुद्दा एक थान मध्ये ० सफल भयो। अपहरणसम्बन्धी मुद्दा २ थानमध्ये सफल भयो। जिल्ला सरकारी वकिलको कार्यालयबाट ०६९ साउनदेखि ०६९ पुससम्म दायर मुद्दाको सङ्ख्या ३ सय ३३ थानमध्ये छ थान सफल र दुई थान असफल भएको छ। सरकारी वकिल सङ्ख्या दुई रहेको यस जिल्ला कार्यालयबाट दायर मुद्दामध्ये ०६९ मङ्सिर मसान्तसम्म ३ सय २५ थान मुद्दा बाँकी रहेको सरकारी वकिलको कार्यालयले जनायो।

बालअधिकार

शिक्षाको अवस्था

यस जिल्लामा ५२ हजार ५ सय २९ जना विद्यार्थी प्राथमिक तहदेखि माविं तहसम्म भर्ना भए। यसमध्ये दलित छात्रा र छात्र २ हजार ३ सय ४३ रहेका छन्। सरकारी र सामुदायिक विद्यालय गरी प्राविं तहमा महिला ३ सय ४८ र पुरुष ५ सय २४ गरी जम्मा ८ सय ७२ शिक्षक कार्यरत रहेका छन्। निमाविं तहमा तहमा महिला ५२ र पुरुष १ सय ५४ गरी जम्मा २

सय ६ शिक्षक कार्यरत रहेका छन्। यसैगरी माबि तहमा महिला २२ र पुरुष १ सय ५५ गरी जम्मा १ सय ७७ शिक्षक रहेका छन्।

बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

एक १५ वर्षीया बालिकालाई भारत अलिगढ जिल्ला तवालीथाना घरभई मध्यपुर थिमी नपा-१३ मा बस्दै आएका २२ वर्षीय कृष्णप्रसादले ०६९ साउन ६ गते बलात्कार गरे। प्रहरीले आरोपित कृष्णप्रसादलाई साउन ६ गते गिरफ्तार गरेकोमा जिल्ला अदालतको साउन ३० गतेको आदेशमा सोही दिनदेखि पुर्पक्षका लागि थुनामा छन्।

एक १५ वर्षीया बालिकालाई ०६९ मङ्सिर १० गते साँझ भक्तपुर नपा-१ का २० वर्षीय राजेन्द्र गाइजोले बलात्कार गरे। पीडितले सोही दिन महानगरीय प्रहरी परिसर भक्तपुरमा निवेदन दिइन्। बलात्कार गरेको आरोपमा महानगरीय प्रहरी परिसर भक्तपुरले सोही दिन गिरफ्तार गरेकोमा जिल्ला अदालतको ०६९ पुस ४ गतेको आदेशले थुनामा छन्। यो वर्षको अन्त्यसम्म मुद्दाको फैसला भएको छैन।

महिलाविरुद्ध हुने सबै प्रकारको भेदभाव, दुर्व्यवहार
बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

एक ३७ वर्षीया महिलालाई ०६९ भदौ ३ गते साँझ घरमा कोही नभएको मौकामा काभ्रे पलाञ्चोक जिल्ला नासिका गाविस-८ काक्रेवारीका ३६ वर्षीय बबु विनोद भनिने विक्रम तामाङले बलात्कार गरे। पीडितले प्रहरी परिसर भक्तपुरमा भदौ ५ गते दिएको जाहेरीको आधारमा प्रहरीले तामाङलाई सोही दिन गिरफ्तार गरेकोमा जिल्ला अदालतको ०६९ भदौ २५ गतेको आदेशले पुर्पक्षको लागि थुनामा छन्। यो वर्षको अन्त्यसम्म मुद्दाको फैसला भएको छैन।

घरेलु हिंसा

परिवारजनबाट हत्या

भक्तपुर नपा-११ भेलुखेलका ४० वर्षीया शोभादेवी देउलालाई ०६९ भदौ १० गते राति पति राजेश देउलाले घाँटीमा पेस्तोलले गोली हानी हत्या गरे। राजेश पत्नी हत्या गरी भदौ ११ गते महानगरीय प्रहरी परिसर हनुमानढोकामा पुगी हतियारसहित आत्मसमर्पण गरेका थिए। पत्नीले परपुरुषसँग सम्बन्ध राखेको रिसमा गोली हानी हत्या गरेको राजेशले प्रहरी समक्ष बयान दिए। पीडित पक्षले प्रहरी परिसर भक्तपुरमा भदौ ११ गते निवेदन दिएका थिए। जिल्ला अदालतको ०६९ असोज ३ गतेको आदेशले आरोपित राजेश पुर्पक्षको लागि थुनामा छन्।

मध्यपुर थिमी नपा-४ बस्दै आएकी ३४ वर्षीया फूलमाया चौधरी ०६९ कार्तिक २५ गते राति आगो लागी घाइते भएकोमा उपचारको क्रममा सोही दिन राति वीर अस्पताल काठमाडौँमा मृत्यु भयो। आगो लगाई हत्या गरेको आशङ्कामा सोही ठाउँ बस्ने फूलमायाकी पति ३५ वर्षीय सूर्यबहादुर कार्कीलाई कार्तिक २६ गते महानगरीय प्रहरी परिसर भक्तपुरले गिरफ्तार गरी अनुसन्धान पश्चात जिल्ला अदालतमा पेश गर्दा जिल्ला अदालतको ०६९ मङ्सिर २० गतेको आदेशले पुर्पक्षको लागि थुनामा छन्।

स्वास्थ्य सेवाको अवस्था

अस्पताल	१		
स्वास्थ्यचौकी	११		
उपस्वास्थ्यचौकी	८		
पद	**दरबन्दी**	**कार्यरत**	**रिक्त**
डाक्टर	२	१	१
स्टाफ नर्स	२	२	
ल्याब असिस्टेन्ट	३	३	
अहेब	४८	४८	
अनमी	३१	३१	
खोप सुपरभाइजर	१	१	
कुष्टरोग सुपरभाइजर	१	१	
हेल्थ असिस्टेन्ट	१५	१२	३

जिल्ला प्रहरी कार्यालय

जिल्ला प्रहरी कार्यालयमा ०६८ पुस १७ गतेदेखि ०६९ पुस १६ गतेसम्म बलात्कार पाँच, घरेलुहिंसा दुई, महिला ओसारपसार जिउ मास्नेबेच्ने एक, कर्तव्यज्यान सात, ज्यानमार्ने उद्योग दुई र आत्महत्याका एक ओटा मुद्दा दर्ता भए।

२.१५ काठमाडौँ



जिल्ला सदरमुकाम: काठमाडौँ
क्षेत्रफल (वर्ग कि. मि.): ३५५
घरधुरी सङ्ख्या: ४,३६,३४४
जम्मा जनसङ्ख्या: १७,४४,२४०
पुरुष: ८,१३,००१
महिला: ८,३१,२३५
अपाङ्ग सङ्ख्या: १७,१२२
गाविस/नपा सङ्ख्या: ५७/२
पुरुष साक्षरता सङ्ख्या: ७,५८,१७५
महिला साक्षरता सङ्ख्या: ६,३५,६३०
हिन्दू धर्मावलम्बी प्रतिशत: ८०.०१
बौद्ध धर्मावलम्बी प्रतिशत: १५.३५
इस्लाम धर्मावलम्बी प्रतिशत: १.२५
किराँत धर्मावलम्बी प्रतिशत: ०.७७
क्रिश्चियन धर्मावलम्बी प्रतिशत: २.३३
प्रकृति धर्मावलम्बी प्रतिशत: ०.०५
वोन धर्मावलम्बी प्रतिशत: ०.०१
जैन धर्मावलम्बी प्रतिशत: ०.०५
शिख धर्मावलम्बी प्रतिशत: ०.००४
अन्य धर्मावलम्बी प्रतिशत: ०.१३३
प्रतिपरिवार सरदर सङ्ख्या: ४००.००

नागरिक तथा राजनीतिक अधिकार

सम्मानित रूपले बाच्ने अधिकार

हत्या

संयुक्त जातीय मुक्ति मोर्चाबाट

धादिङ जिल्ला बैरनी गाविस-१ जुडीखेलका ३४ वर्षीय कृष्णबहादुर तामाङ, सोही गाविस-६ सागिनीका ७० वर्षीय मानबहादुर तामाङ र सोही जिल्ला पिँडा गाविस-८ घर भई बारा जिल्ला रतनपुर गाविस-६ बस्ने ७२ वर्षीय वीरबहादुर तामाङको ०६८ फागुन १५ गते काठमाडौँको बबरमहलस्थित नेपाल आयल निगम लिमिटेडको कार्यालयको मूल ढोका अगाडि भएको बम विस्फोटनमा परेर मृत्यु भयो। सोही घटनामा घाइते भएका बारा जिल्ला रतनपुर गाविसका २५ वर्षीय सोमबहादुर तामाङ, कैलाली जिल्ला धनगढी नपा-१ घरभई पुरानो बानेश्वर बस्ने ३२ वर्षीय विष्णु फुलारा, अछाम जिल्ला मष्टमाण्डू गाविस-१ साफेबगर घर भई भक्तपुर लोकन्थली बस्ने ४० वर्षीय मानबहादुर कुँवर र अछाम जिल्ला मष्टमाण्डू गाविस-२ थाल्चेडका २० वर्षीय भीमबहादुर कुँवर, भक्तपुर जिल्ला ताथली गाविस-४ खड्काटोलका ४५ वर्षीय रघुनाथ खड्का, धादिङ जिल्ला बैरनी गाविस-१ का ६५ वर्षीय लालबहादुर तामाङ र ललितपुर जिल्ला लुभू गाविस-१ का २० वर्षीय बासु श्रेष्ठको वीर अस्पतालमा उपचार भयो। मृतक कृष्णबहादुर र मानबहादुर दुवै जना काठमाडौँ जिल्ला अदालतमा तारेख लिन आएका थिए। संयुक्त जातीय मुक्ति मोर्चाका प्रवक्ता बताउने धनकुटा जिल्ला धनकुटा नपा-११ हिलेबजार घर भएका ३८ वर्षीय देवराज लामा विश्वक्रान्तिले विभिन्न सञ्चार माध्यममा टेलिफोन गरी विस्फोटनको जिम्मेवारी लिए। प्रहरीले घटनामा संलग्न नुवाकोट जिल्ला ओखरपौवा-६ का ३५ वर्षीय भीमबहादुर तामाङ, रामेछाप जिल्ला गोसार-२ का २८ वर्षीय दोर्जे तामाङ, मकवानपुर जिल्ला पदमपोखरी-४ का ६० वर्षीय बुद्धिबहादुर गोले, धादिङ जिल्ला छत्रेदेउराली-४ का २७ वर्षीय प्रेमबहादुर तामाङ, धादिङ जिल्ला तसर्खु-६ का सुरेश तामाङ र धादिङ जिल्ला नौबीसे-८ का २० वर्षीय सागर तामाङलाई सार्वजनिक गर्‍यो। गिरफ्तार उनीहरू जिल्ला अदालतको ०६८ चैत १७ गतेको आदेशले पुर्पक्षको लागि केन्द्रीय कारागारमा थुनामा छन्। यसैगरी विभिन्न सञ्चारमाध्यमबाट विस्फोट घटनाको जिम्मेवारी लिने जातीय मुक्ति मोर्चाका प्रवक्ता बताउने देवराज लामालाई ०६९ असार १३ गते प्रहरीले पाँचथरबाट गिरफ्तार गरेकोमा जिल्ला अदालत काठमाडौँको ०६९ असार १६ गतेको आदेशले आरोपित लामा पुपर्क्षका लागि थुनामा छन्।

जेल र बन्दीहरू

"क" श्रेणीको केन्द्रीय कारागारको बन्दी क्षमता १ हजार २ सय जनाको रहेको छ। यस वर्षको अन्त्यसम्म कैद तोकिएका १ हजार १ सय २१ र कैद नतोकिएका १ हजार २ सय ७ कैदी र थुनुवा गरी जम्मा २ हजार ३ सय २८ बन्दीहरू रहेका छन्।

घटनाको प्रकार	राज्यपक्षबाट				गैरराज्यपक्षबाट		
	महिला	पुरुष	नखुलेको	जम्मा	महिला	पुरुष	जम्मा
घाइते		१		१	३	१३	१४
बालअधिकार					५६	३	५९
अपहरण					७	९	१६
महिलाअधिकार					३४		३४
भेला/सङ्गठित हुने अधिकार	७	४५	३५	८७			
गिरफ्तारी/यातना		३		३			
कुटपिट	३	१		३	३	१४	१७
धम्की						१	१
हत्या					३३	१८	४०
जम्मा	९	५०	३५	९४	१३४	५७	१८१

यसबाहेक आश्रित नाबालक ११ जना रहेका छन्।

त्यसैगरी डिल्लीबजारस्थित "ख" श्रेणीको चारखाल कारागारको बन्दी क्षमता १ सय ५० जना रहेको छ। यस वर्षको अन्त्यसम्म कैद तोकिएका २ सय ७९ र कैद नतोकिएका ३ सय ८ कैदी र थुनुवा गरी जम्मा ५ सय ८७ बन्दीहरू रहेका छन्। यस कारागारको स्थापना १९७८ सालमा भएको हो।

थुनुवा र कैदीको चाप कारागारमा बढ्दै गएको, कारागार भवनको अवस्था जीर्ण भएको संवेदनशील क्षेत्रमा चारैतिरबाट अग्लाअग्ला भवनहरूको निर्माण गरिनाले राज्यको नियन्त्रणमा राखिएका बन्दीहरूको सुरक्षाको समस्या भएको डिल्लीबजार कारागार सुरक्षार्थ खटिएका इन्स्पेक्टर रविराज थपलियाले बताए।

अहपरण/बेपत्ता

अज्ञात समूहबाट

काठमाडौं मनपा-२० जैसीदेवालकी ५१ वर्षीया छोरीमैया महर्जन ०६८ फागुन १६ गते सिलाईसम्बन्धी कामका लागि ज्ञानेश्वरस्थित साथीको घर जाने भन्दै हिँडेकोमा यो वर्षको अन्त्यसम्म बेपत्ता छन्। छोरीमैया की कान्छी छोरीको मोबाइलमा साथीसँग आफू मनकामनामा भएको र पर्सी आउने भनी म्यासेज लेखेकी थिइन्। त्यसपछि छोरीमैया हालसम्म घर नफर्केको पीडितकी छोरी सुधा महर्जनले बताइन्। छोरीमैया अपहरणमा परेको भन्दै पीडित परिवारले फागुन १६ गते न्यूरोडस्थित जनसेवा प्रहरीमा मौखिक जानकारी गराएका थिए। त्यसको लगत्तै बेपत्ता छोरीमायाँको खोजतलास गरी पाउँ भनी ०६८ फागुन १७ गते पीडित परिवारले महानगरीय प्रहरी परिसर हनुमानढोकामा निवेदन दिएका थिए। यस वर्षको अन्त्य सम्ममा कुनै पनि तथ्यपरक आवश्यक प्रमाण नभेटिएको तर आरोपित प्रहरीकै निगरानीमा रहेको हनुमानढोका प्रहरी स्रोतले बतायो।

धम्की/कुटपिट

नेपाली काङ्ग्रेसबाट

नेपाली काङ्ग्रेसका सभापति ७३ वर्षीय सुशील कोइरालालाई ०६९ असोज १३ गते कपनमा आयोजित एक कार्यक्रममा काठमाडौं मनपा-७ निवासी काङ्ग्रेस कार्यकर्ता ३० वर्षीय प्रवेश बस्नेतले आक्रमण गरे। सभापति कोइरालालाई जोगाउने क्रममा काङ्ग्रेस कार्यकर्ता श्याम सङ्गत र नर्मदा पोखरेल घाइते भए। घाइते उनीहरूको चाबहिलस्थित ओम अस्पतालमा उपचार भयो। कार्यक्रममा आयोजकले अतिथिहरूको स्वागतमा खादा लगाइरहेका बेला बस्नेतले कोइरालामाथि आक्रमण गरेपछि आक्रोशित कार्यकर्ताहरूले बस्नेतलाई कुटपिट गरी महानगरीय प्रहरी वृत्त बौद्धको प्रहरी टोलीलाई जिम्मा लगाएका थिए। उक्त घटनामा संलग्न बस्नेतलाई नेविसङ्घले दुई वर्षका लागि साधारण सदस्य समेत नरहने गरी निस्काशन गऱ्यो। कार्यक्रममा वरिष्ठ नेतालाई बोल्न नदिई तल्लो बरीयताका नेतालाई बोल्न दिएको आक्रोशमा आफूले सभापति कोइरालालाई आक्रमण गरेको बस्नेतले सञ्चारमाध्यमलाई बताए। जिल्ला प्रशासन कार्यालयले माग गरेको २० हजार रुपियाँ धरौटी राखी बस्नेत असोज २९ गते रिहा भए।

अन्यबाट

एकीकृत माओवादीका अध्यक्ष ५८ वर्षीय पुष्पकमल दाहाल (प्रचण्ड) लाई ०६९ मङ्सिर १ गते बारलुङ्ग जिल्ला राजकुट गाविस-२ घर भएका एमाओवादी कार्यकर्ता २३ वर्षीय पदम कुँवरले भृकुटीमण्डपमा आयोजित चियापान कार्यक्रममा आक्रमण गरे। आक्रमणबाट दाहालको चश्मा फुटेको थियो। आक्रमणपछि कुँवरलाई एमाओवादी कार्यकर्ताहरूले कुटपिट गरी सोही दिन प्रहरीको जिम्मा

लगाएका थिए। जिल्ला प्रशासन कार्यालय काठमाडौँले ०६९ मङ्सिर १ गते कुँवरलाई सार्वजनिक मुद्दा चलाएको थियो। जिल्ला प्रशासन कार्यालयले ०६९ मङ्सिर २५ गते कुँवरको रिहाइको लागि २८ हजार रुपियाँ धरौटी रकम माग गरेको थियो। एमाओवादी अध्यक्ष प्रचण्डले नै ०६९ मङ्सिर २६ गते प्रचण्डका सहयोगी शिव खकुरेलमार्फत जिल्ला प्रशासन कार्यालयमा धरौटी वापतको रकम तिरीदिए पछि कुँवर रिहा भए।

शिवसेना नेपालबाट

शिवसेना नेपाल जिन्दावाद भन्दै आएका ८० देखि ९० जनाको एक समूहले ०६९ मङ्सिर ५ गते दिउँसो १२ बजे वीरेन्द्र शाहको सम्पतिको बारेमा कसले छापेको भन्दै सुन्धारास्थित नागरिक दैनिकको कार्यालयमा आक्रमण गऱ्यो। सो समूहले नागरिक दैनिका प्रधानसम्पादक किशोर नेपाल, पत्रकार सुदर्शन सापकोटा, स्वरूप आर्चाय, सविना मर्हजन, श्यामबहादुर फुयाल, राजेन्द्र ज्ञवाली लगायतलाई हातपात गर्नुका साथै दुर्व्यवहार गरेको थियो। घटनामा संलग्न १५ जनालाई महानगरीय प्रहरी परिसर हनुमानढोकाका प्रहरीले सोही दिन गिरफ्तार गरेकोमा दुई जना निर्दोष ठहरिएपछि सोही दिन रिहा गऱ्यो भने अन्यलाई मङ्सिर ६ गते सार्वजनिक अपराध ऐन सम्बन्धी मुद्दा दायर गऱ्यो। सबै आरोपितहरू ०६९ मङ्सिर १९ गते जिल्ला प्रशासन कार्यालयको निर्णयअनुसार प्रतिव्यक्ति १० हजार रुपियाँ धरौटी बुझाएर रिहा भए।

अज्ञातबाट

राष्ट्रिय जनमोर्चा नेपालका अध्यक्ष ७३ वर्षीय चित्रबहादुर केसीलाई ०६९ वैशाख २१ गते बिहान सङ्घीयताको विरोध गर्न छाड्न चेतावनी दिँदै जनतान्त्रिक तराई मुक्ति मोर्चा (ज्वाला सिंह) कमाण्डर सुदीप यादवले मार्ने धम्की दिए। सङ्घीयताको विरोध गरेको भनी एउटै व्यक्तिले पटक-पटक दर्जनौं नम्बरबाट मार्ने धम्की दिँदै आएको जनमोर्चाका अध्यक्ष तथा संविधानसभा सदस्य केसीले बताए। एमालेका अध्यक्ष झलनाथ खनाल र वरिष्ठ नेता माधवकुमार नेपाललाई धम्की दिने व्यक्तिको फोन वार्ता प्रत्यक्ष नै सुनाएको केसीले बताए। धम्की दिनेको नम्बरहरू प्रहरी प्रशासनलाई विभिन्न समयमा उपलब्ध गराएको भए पनि प्रहरीले आरोपितलाई गिरफ्तार नगरेको भन्दै केसीले गुनासो गरे।

नेपाल आदिवासी जनजाति संयुक्त सङ्घर्ष समिति

नेपाल १ टेलिभिजनका पत्रकार कविता अधिकारी र मङ्गल लामालाई नेपाल ०६९ जेठ ७ गते आदिवासी जनजाति संयुक्त सङ्घर्ष समितिले आह्वान गरेको आमहड्तालको समाचार सङ्कलनका गरिरहेका बेला प्रर्दशनकारीहरूले नयाँवानेश्वरमा हातपात गर्नुका साथै उनीहरू चढेको बा ७ च १६०० नम्बरको गाडीसमेत तोडफोड गरे।

सुगम र निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालत

०६८ साउनदेखि ०६९ असार मसान्तसम्म

१४ जनामात्र न्यायाधीश रहेको यस जिल्ला अदालतको फौजदारी मुद्दातर्फ ७ हजार १ सय ८६ थान मध्ये ४ हजार ३ सय थान ५४ फैसला भए भने २ हजार ८ सय ३२ थान फैसला हुन बाँकी रहे। देवानी मुद्दातर्फ ६ हजार ४ सय ३४ थान मध्ये २ हजार ८ सय ९४ थान फैसला भए भने ३ हजार ५ सय ४० थान फैसला हुन बाँकी रहे। जसमा दुई वर्ष नाघेका फौजदारी मुद्दा १ सय १७ थान रहेका छन् भने दुई वर्ष नाघेका देवानी मुद्दा १ सय ८३ थान रहेका छन्।

०६९ साउनदेखि पुस १५ सम्म

१४ जनामात्र न्यायाधीश रहेको यस जिल्ला अदालतको फौजदारी मुद्दातर्फ कूल ५ हजार ५३ थानमध्ये १ हजार ८ सय ५७ थान फैसला भए भने ३ हजार १ सय ९६ थान फैसला हुन बाँकी रहे। देवानी मुद्दातर्फ ४ हजार ६ सय ५९ थान मध्ये १ हजार १ सय ४४ थान फैसला भए भने ३ हजार ५ सय १५ थान फैसला हुन बाँकी रहे। दुई वर्ष नाघेका फौजदारी मुद्दा १ सय ८ थान र देवानी मुद्दा १ सय १५ थान बाँकी रहे।

बबरमहलस्थित नेपाल आयल निगम लिमिटेडको कार्यालय मूल ढोका अगाडि भएको बम विस्फोटनमा परी मृत्यु भएका वीरबहादुर तामाङ

जिल्ला सरकारी वकिलको कार्यालय

जिल्ला सरकारी वकिलको कार्यालयबाट ०६८ साउनदेखि ०६९ असार मसान्तसम्म दायर मुद्दाको सङ्ख्या ६ हजार ४ सय ५१ छ जसमध्ये ३ हजार ६ सय १० सफल भए भने ८ सय ९८ असफल भएको छ। मुलतवी, तमेली पेण्डिङ्मा एक थान मुद्दा रहेको छ। सरकारी वकिल सङ्ख्या नौ रहेको यस जिल्ला कार्यालयबाट दायर मुद्दामध्ये ०६९ असार मसान्तसम्म १ हजार ९ सय ४२ मुद्दा बाँकी रहेको सरकारी वकिलको कार्यालयले जनायो।

दायर मुद्दामध्ये कर्तव्य ज्यानसम्बन्धी मुद्दा १ सय ८ मध्ये १३ सफल र ४० असफल रह्यो। बलात्कारसम्बन्धी मुद्दा १ सय २६ मध्ये २४ सफल र २८ असफल रह्यो। महिला बेचविखनसम्बन्धी मुद्दा ५० मध्ये १३ सफल र १२ असफल रह्यो। अपहरणसम्बन्धी मुद्दा १ सय ६ मध्ये २८ सफल र ३२ असफल रह्यो। बहुविवाहसम्बन्धी मुद्दा ४८ मध्ये २१ सफल र १० असफल रह्यो। छुवाछूतसम्बन्धी तीनमध्ये एक सफल रह्यो।

बालअधिकार

शिक्षाको अवस्था

यस जिल्लाका विद्यालय जाने उमेरका ३ लाख ६७ हजार ८ सय ९१ जना विद्यार्थीहरू मध्ये छात्र १ लाख ९० हजार ८ सय ८६ जना र छात्रा १ लाख ७६ हजार ९ सय ५० जना प्राथमिक तहदेखि माबि तहसम्म सरकारी र सामुदायिक विद्यालयमा भर्ना भए। यसमध्ये दलित छात्रा १२ हजार ५ सय ३९ जना र छात्र ११ हजार ८ सय ७२ जना रहेका छन्। सरकारी र सामुदायिक विद्यालयको कूल ३ हजार ५ सय ७९ स्वीकृत दरबन्दी रहेकोमा कूल २ हजार ७ सय ७६ स्थायी तथा कूल ८ सय ३ अस्थायी तथा कूल ५ सय ७७ राहतअनुदान अन्तर्गतका शिक्षक शिक्षिकाहरू कार्यरत रहेका छन्। जसमध्ये प्राबि तहमा २ हजार ५९ शिक्षकको स्वीकृत दरबन्दी रहेकामा १ हजार ५ सय ६६ स्थायी तथा ४ सय ९३ अस्थायी र १ सय ५६ राहतअनुदान अन्तर्गतका शिक्षक शिक्षिकाहरू कार्यरत रहेका छन्। निमाबि तहमा सरकारी, सामुदायिक तथा दरबन्दीमा कार्यरत शिक्षकहरूको कूल ७ सय ९५ शिक्षकको स्वीकृत दरबन्दी रहेकोमा ६ सय ४४ स्थायी तथा १ सय ५१ अस्थायी र २ सय २९ राहतअनुदान अन्तर्गतका शिक्षक शिक्षिकाहरू कार्यरत रहेका छन्। माबि तहमा ७ सय २५ शिक्षकको स्वीकृत दरबन्दी रहेकोमा ५ सय ६६ स्थायी तथा ८ सय ३ अस्थायी र ५ सय ७७ राहतअनुदान अन्तर्गतका शिक्षक शिक्षिकाहरू कार्यरत छन्

बबरमहलस्थित नेपाल आयल निगम लिमिटेडको कार्यालय मूल ढोका अगाडि भएको बम विस्फोटनमा परी घाइते भएका विष्णु फुलारा

यस जिल्लामा ६७ ओटा समुदायमा आधारित सामुदायिक बालविकास केन्द्र र २ सय ५९ सामुदायिक तथा ६ सय ४२ गरी कूल ९ सय १ संस्थागत रूपमा विद्यालयमा आधारित बालविकास केन्द्र रहेका छन्। जसमा सामुदायिक किसिमका बालविकास केन्द्रहरूमा ८८ प्राबि तहमा, ५४ निमाबि तहमा, १ सय ११ माबि तहमा र ४३ उच्चमाबि तहमा गरी कूल ३ सय १ संस्थागत किसिमका बालविकास केन्द्रहरूमा १ सय ९५ प्राबि तहमा १ सय ५ निमाबि तहमा ६ सय ५३ माबि तहमा र २ सय ७२ उच्चमाबि तहमा गरी कूल ११ सय ७७ शिक्षक शिक्षिकाहरू कार्यरत छन्।

बलात्कार, बलात्कार प्रयास तथा यौनदुर्व्यवहार

एक पाँच वर्षीया बालिकालाई ०६९ असोज २७ गते बलात्कार प्रयास गरेको आरोपमा रसुवा जिल्ला माझगाउँ गाविस-२ घर भई हाल काठमाडौँको त्रिपुरेश्वरमा डेरा गरी बस्ने ४१ वर्षीय प्रद्युम्न पौडेललाई प्रहरीले गिरफ्तार गऱ्यो। पीडित बालिकाको थापाथलीस्थित प्रसुति गृहमा स्वास्थ्य परीक्षण गरिएको थियो। आरोपित जिल्ला अदालतको ०६९ कात्तिक २३ गतेको आदेशमा पुपर्क्षका लागि कारागारमा थुनामा छन्।

एक १२ वर्षीया बालिकालाई ०६९ फागुन ११ गते जिल्ला मकवानपुर आग्रा-६ घर भई हाल काठमाडौँ मनपा- १५ चमती बस्ने २८ वर्षीय कान्छा लामाले विवाहको प्रलोभन देखाइ आफ्नो कोठामा लगी बलात्कार गरेको आरोपमा पीडितकी आमाले सोही दिन महानगरीय प्रहरीवृत बालाजुमा जाहेरी दिइन्। प्रहरीले आरोपित लामालाई सोही दिन गिरफ्तार गऱ्यो। आरोपित जिल्ला अदालतको ०६९ वैशाख ७ गतेका आदेशमा पुपर्क्षका लागि कारागारमा थुनामा छन्।

एक १२ वर्षीया बालिकालाई ०६९ साउन २४ गते भारत बिहार मोतिहारी जिल्ला घर भई हाल काठमाडौँ मनपा-१६ स्थित एक कारखानामा काम गर्ने १८ वर्षीय महमद ताहिर हुसेनले कारखानमै बलात्कार गरेको आरोपमा पीडितकी आमाले सोही दिन महानगरीय प्रहरीवृत बालाजुमा जाहेरी दिइन्। जाहेरी दर्ता भएकै दिन आरोपितलाई प्रहरीले गिरफ्तार गऱ्यो। आरोपित जिल्ला अदालतको ०६९ भदौ १७ गतेको आदेशमा पुपर्क्षका लागि कारागारमा थुनामा छन्।

एक १३ वर्षीया बालिकालाई ०६९ साउन २६ गते काभ्रेपलाञ्चोक-८ घर भई हाल काठमाडौँ मनपा गोँगबु बस्ने १८ वर्षीय उमेश थापाले फकाएर घुमाउन मनमैजुमा लगी बलात्कार गरेको आरोपमा पीडितकी आमाले सोही दिन महानगरीय प्रहरीवृत्त बालाजुमा जाहेरी दिइन्। प्रहरीले जाहेरी दर्ता गरेकै दिन थापालाई गिरफ्तार गऱ्यो। आरोपित जिल्ला अदालतको ०६९ असोज २६ गतेको आदेशमा पुपर्क्षका लागि थुनामा छन्।

एक चार वर्षीया बालिकालाई ०६८ चैत १२ गते नुवाकोट जिल्ला शिखरबेसी-२ घर भई हाल काठमाडौँ मनपा-१६ बस्ने बालाजु बाइपास का १४ वर्षीय बालकले आफू बस्ने कोठाको बारदलीमा लगी बलात्कार गरेको आरोपमा बालिकाकी आमाले सोही दिन घटनाको जाहेरी महानगरीय प्रहरीवृत बालाजुमा दिइन्। आरोपितलाई त्यसै दिन प्रहरीले गिरफ्तार गऱ्यो। जिल्ला अदालतको ०६९ वैशाख ७ गतेको आदेशबमोजिम आरोपित पुपर्क्षका लागि थुनामा छन्।

एक १५ वर्षीया बालिकालाई ०६९ जेठ ९ गते चिवतन रत्ननगर नगरपाकिा-९ घर भई हाल भक्तपुर नपा-१० बस्ने २१ वर्षीय आशिष श्रेष्ठ र काठमाडौँ गागलफेदी गाविस-३ घर भई हाल काठमाडौँ मनपा-१८ मा डेरा गरी बस्ने १८ वर्षीय सुमन खड्काले ललाईफकाई बलात्कार गरेको आरोपमा पीडितका बुवाले महिला तथा बालबालिका सेल कालिमाटी प्रहरीमा सोही दिन उजुरी दर्ता गराए। प्रहरीले आरोपित दुवैजना उपर ०६९ जेठ १२ गते मुद्दा दायर गऱ्यो । आरोपितहरू जिल्ला अदालतको ०६९ असार ३ गतेको आदेशमा पुपर्क्षका लागि थुनामा छन्।

छ वर्षीया एक बालिकालाई ०६९ असार १ गते सर्लाही जिल्ला गमहरीया-८ घर भई हाल काठमाडौँ मनपा-३५ मा डेरा गरी बस्ने ३५ वर्षीय केदार महतोले बलात्कार गरेको आरोपमा पीडितपक्षले महानगरीय प्रहरी वृत्त बानेश्वरमा सोही दिन उजुरी दियो। बानेश्वर प्रहरीले महतोलाई त्यसै दिन गिरफ्तार गरी जिल्ला अदालतमा मुद्दा चलाएकोमा जिल्ला अदालतको ०६९ असार २५ गतेको आदेशले पुपर्क्षका लागि थुनामा छन्। पीडितको त्रिविवि शिक्षण अस्पताल महाराजगञ्जमा स्वास्थ्य परीक्षण भएको थियो।

एक १५ वर्षीया बालिकालाई ०६९ कात्तिक १९ गते सिन्धुली जिल्ला बालाजी-१ घर भई काठमाडौँ मनपा-३५ कोटेश्वरमा डेरा गरी बस्ने २० वर्षीय प्रेम मगर र जिल्ला काभ्रे-४ सापी घर भइ हाल सोही ठाउँमा डेरा गरी बस्ने गणेशबहादुर श्रेष्ठले ललाइफकाइ कोठामा लगी बलात्कार गरेको आरोपमा पीडितले महानगरीय प्रहरीवृत बानेश्वरमा सोही दिन उजुरी दिइन्। प्रहरीले उजुरी दिएकै दिन मगर र श्रेष्ठलाई गिरफ्तार गऱ्यो।। पीडितको त्रिविवि शिक्षण अस्पताल महाराजगञ्जमा स्वास्थ्य परीक्षण गरिएको थियो। आरोपिद्वय जिल्ला अदालतको ०६९ मङ्सिर १३ गतेको आदेशमा पुपर्क्षका लागि थुनामा छन्।

छ वर्षीया एक बालिकालाई ०६९ असोज १ गते दोलखा जिल्ला चरिकोट-८ घर भई हाल काठमाडौँ मनपा-३५ मा डेरा गरी बस्ने ३० वर्षीय नवराज बुढाथोकीले बलात्कार गरेको आरोपमा पीडितपक्षले महानगरीय प्रहरी वृतमा सोही दिन उजुरी दियो । पीडितको त्रिविवि शिक्षण अस्पताल महाराजगञ्जमा स्वास्थ्य परीक्षण भएको थियो। प्रहरीले उजुरी दिएकै दिन बुढाथोकीलाई गिरफ्तार गऱ्यो। जिल्ला अदालतको ०६९ असोज २५ गतेको आदेशमा आरोपित थुनामा रहेका छन्।

एक १५ वर्षीया बालिकालाई ०६९ वैशाख २७ गते पर्सा जिल्ला विश्रामपुर गाविस-३ घर भई हाल महानगरीय प्रहरी आयुक्तको कार्यालयमा सिआइभी दरबन्दी भई हाल महानगरीय प्रहरीवृत्त कालिमाटीमा कार्यरत प्रहरी जवान विक्रमप्रसाद यादवले बलात्कार गरेको आरोपमा पीडितका बुबाले सोही दिन कालिमाटी महिला तथा बालबालिका सेल प्रहरीमा उजुरी दिए। आरोपितलाई ०६९ जेठ २६ गते प्रहरीले गिरफ्तार गऱ्यो। आरोपित जिल्ला अदालतको ०६९ जेठ ३१ गतेको आदेशमा पुपर्क्षका लागि केन्द्रीय कारागार सुन्धारामा थुनामा रहेका छन्।

एक नौ वर्षीया बालिकालाई ०६९ जेठ २९ गते भारत मोतीहारी जिल्ला नवरगी-५ घर भई हाल काठमाडौँ मनपा-१६ बालाजु बस्ने २६ वर्षीय श्रवणकुमार यादवले ललाई फकाई ०६९ जेठ २९ गते बलात्कार गरेको आरोपमा पीडितका बुबाले सोही दिन

कालिमाटी महिला तथा बालबालिका सेलमा जाहेरी दिए। प्रहरीले आरोपितलाई सोही दिन गिरफ्तार गऱ्यो।। हाल आरोपित जिल्ला अदालतको ०६९ असार २१ गतेको आदेशबमोजिम पुपर्क्षका लागि थुनामा छन्।

एक सात वर्षीया बालिकालाई ०६९ मङ्सिर १ गते जिल्ला सर्लाही गौरीशङ्कर गाविस-१ घर भई हाल काठमाडौँ ठमेल डेरा गरी बस्ने २६ वर्षीय श्याम चौधरीले बलात्कार गरेको आरोपमा पीडितकी आमाले घटना भएकै दिन प्रहरीमा उजुरी दिइन्। महिला तथा बालबालिका प्रहरी सेल कालिमाटी प्रहरीले चौधरीलाई ०६९ मङ्सिर ९ गते गिरफ्तार गरी मङ्सिर १० गते मुद्दा चलायो। हाल आरोपित जिल्ला अदालतको ०६९ मङ्सिर २८ गतेको आदेशले पुपर्क्षका लागि कारागारमा थुनामा रहेका छन्।

१७ वर्षीया बालिकालाई ०६९ पुस ६ देखि ९ गतेसम्म काठमाडौ मनपा-३५ कोटेश्वरस्थित ताप्लेजुङ सामसुङ लजमा राखेर दोलखा जिल्ला डाडार्खक गाविस-२ घर भई हाल नेपाली सेनाको प्रधान कार्यालय भद्रकालीमा सर्वे शाखामा कार्यरत २९ वर्षीय सिपाही सुर्दशन थापाले बलात्कार गरेको आरोपमा पीडितका आफन्तले पुस ९ गते महानगरीय प्रहरी वृत तीनकुनेमा उजुरी दिए। प्रहरीले आरोपितलाई सोही दिन गिरफ्तार गरी मुद्दा चलायो। प्रहरीले पीडितलाई अभिभावकको जिम्मा लगायो भने आरोपित सैनिक प्रहरी गण भद्रकालीको सैनिक हिरासतमा छन्।

छ वर्षीय एक बालिकालाई ०६८ चैत ४ गते सिन्धुपाल्चोक जिल्ला गाथी गाविस-९ घर भई हाल बानेश्वर-३५ बस्ने ७४ वर्षीय डम्बरबहादुर मगरले बलात्कार गरेको आरोपमा पीडितका आफन्तले महानगरीय प्रहरीवृत बानेश्वरमा सोही दिन उजुरी दिए। प्रहरीले आरोपितलाई ०६८ चैत २६ गते गिरफ्तार गरी मुद्दा चलायो। पीडितको त्रिविवि शिक्षण अस्पताल महाराजगञ्जमा स्वास्थ्य परीक्षण गरी अभिभावकको जिम्मा लगाई पठाइयो । जिल्ला अदालतको ०६९ वैशाख २० गतेको आदेशमा आरोपित मगर पुपर्क्षका लागि कारागारमा थुनामा छन्।

एक १६ वर्षीया बालिकालाई ०६९ वैशाख १९ गते सोही ठाउँका २३ वर्षीय मेटल भनि चिनिने सुजन सेनले बलात्कार गरेको आरोपमा पीडितका आफन्तले सोही दिन महानगरीय प्रहरी वृत्त बानेश्वरमा उजुरी दिए। आरोतिलाई बानेश्वर प्रहरीले ०६९ वैशाख १९ गते गिरफ्तार गऱ्यो। पीडितको त्रिविवि शिक्षण अस्पताल महाराजगञ्जमा स्वास्थ्य परीक्षण गरी अभिभावकको जिम्मा लगाइयो। जिल्ला अदालतको ०६९ जेठ १२ गतेको आदेशमा आरोपित पुपर्क्षका लागि थुनामा छन् ।

बालबालिका ओसारपसार

एक १७ वर्षीया बालिकालाई ०६८ फागुन ५ गते काभ्रे जिल्ला फलाटे-१ घर भई हाल गोलढुङ्गा-१ डेरा गरी बस्ने २७ वर्षीया निर्मला तामाङ र सोही ठाउँकी ३० वर्षीया सीता तामाङले विवाह गरिदिने भन्दै भारत लगेर बिक्री गरेको आरोपमा महानगरीय प्रहरी वृत्त बालाजुले २०६९ जेठ २५ गते गिरफ्तार गऱ्यो। आरोपितहरू जिल्ला अदालतको ०६९ असार १८ गतेको आदेशमा पुपर्क्षका लागि थुनामा छन्।

महिलाविरुद्ध हुने सबै प्रकारको भेदभाव, दुर्व्यवहार
बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

१८ वर्षीया एक युवतीलाई ०६८ माघ १० गते दोलखा जिल्ला फस्कू गाविस-८ घर भई हाल काठमाडौँ मनपा- १५ चमती बस्ने २८ वर्षीय सन्दीप नेपालीले रातिको समयमा कोही नभएको मौका छोपी नर्कट झाडीमा लगेर बलात्कार गरेको आरोपमा पीडितपक्षले घटना भएकै दिन महानगरीय प्रहरीवृत्त बालाजुमा जाहेरी दियो। आरोपितलाई प्रहरीले सोही दिन गिरफ्तार गऱ्यो। जिल्ला अदालतको ०६८ फागुन १७ गतेको आदेशबमोजिम आरोपित पुपर्क्षका लागि कारागारमा थुनामा छन्। पीडितको थापाथलीस्थित प्रसुतीगृहमा स्वास्थ्य परीक्षण भएको थियो।

एक १८ वर्षीया युवतीलाई ०६९ असार २३ गते कालीकोट जिल्ला चिरखी-३ घर भई हाल प्रहरी प्रधान कार्यालय हलचोकमा कार्यरत सिपाही ३० वर्षीय अमरबहादुर शाहीले बलात्कार गरेको आरोपमा पीडितले घटना भएकै दिन महानगरीय प्रहरीवृत बालाजुमा जाहेरी दिइन्। आरोपित शाहीलाई सोही दिन प्रहरीले गिरफ्तार गऱ्यो। जिल्ला अदालतको ०६९ भदौ २० गतेको आदेशले आरोपित ५० हजार रुपियाँ धरौटी राखेर रिहा भए।

एक १८ वर्षीया युवतीलाई ०६९ असोज १ गते नुवाकोट जिल्ला चौघडा-५ घर भइ हाल काठमाडौँ गोलढुङ्गा-२ डेरा गरी बस्ने २१ वर्षीय राजीव श्रेष्ठले बाटोमा हिँड्दै गर्दा काठमाडौँ गोलढुङ्गा-२ स्थित धानको खेतमा पुऱ्याई बलात्कार गरे। पीडितकी दिदीले महानगरीय प्रहरी वृत्त बालाजुमा सोही दिन घटनाको किटानी जाहेरी दिएकी थिइन्। आरोपित जिल्ला अदालतको ०६९ असोज २६ गतेको आदेशमा पुपर्क्षका

लागि थुनामा छन्।

साउदी अरबमा तीन वर्ष घरेलु कामदारको रूपमा काम गरेर नेपाल फर्किएकी २३ वर्षीया एक युवतीलाई ०६९ मङ्सिर ४ गते राति अध्यागमनका कर्मचारी र प्रहरीले बलात्कार तथा लुटपाट गरेको आरोपमा पीडितले महानगरीय प्रहरी परिसर हनुमानढोकामा घटना भएकै दिन जाहेरी दिइन्। पीडित युवतीलाई जिल्ला ओखलढुङ्गा रावादोलू गाविस-२ घर भई हाल काठमाडौँ अध्यागमनमा कार्यरत नेपाल प्रहरी जवान पर्शुराम बस्नेतले बलात्कार गरेका थिए। आरोपित प्रहरी र अध्यागमनका कर्मचारी नायबसुब्बा सोमनाथ खनालले पीडितको साथमा रहेको ९ हजार ३ सय रियललका साथै समानसमेत लुटेका थिए।

पीडित विदेश जाने बेलामा दलालहरूले उनलाई अर्काकै नामको पासपोर्ट बनाई विदेश पुऱ्याएका कारण उनी विदेशबाट नेपाल फर्किएको दिन आरोपित प्रहरी र अध्यागमनका कर्मचारीहरूको मिलोमतोमा त्यहाँबाट गोँगंबुस्थित एक गेस्ट हाउसमा लगेर बलात्कार र लुटपाट गरेका थिए। बलात्कार र लुटपाट गरिसकेपछि प्रहरीले ती युवतीको गृह जिल्ला जाने बसको टिकट काटेर गाडी चढाएर पीडितलाई घर पठाएका थिए। त्यहाँबाट हिडेपछि मात्रै पीडितले आफ्नो पैसा पनि लुटिएको थाहा पाएकी थिइन् । घटनाबारे अनुसन्धान गर्न नेपाल सरकारले गृहसचिव नवीन घिमिरे र सहसचिव भोलाप्रसाद शिवाकोटी सम्मिलित छानबिन टोली गठन गऱ्यो। आरोपित प्रहरी बस्नेतलाई जिल्ला अदालतको आदेशमा ०६९ पुस ९ गतेदेखि पुपर्क्षका लागि केन्द्रीय कारागार सुन्धारामा थुनामा छन्। घटनामा संलग्न अन्य आरोपितका सम्बन्धमा अनुसन्धान भइरहेको हनुमानढोका प्रहरीले जनायो। पीडितलाई नेपाल सरकारले १ लाख ५० हजार रुपियाँ दिने निर्णय गऱ्यो।

एक ६५ वर्षीया बृद्धालाई ०६८ चैत २१ गते सिन्धुपाल्चोक जिल्ला ज्यामिरे गाविस-३ मेलम्ची घर भई हाल काठमाडौँ महाङ्काल-८ मा बस्दै आइरहेका २४ वर्षीय दीपक भुजेलले बलात्कार गरेको आरोपमा पीडितका आफन्तले महानगरीय प्रहरी परिसर हनुमनढोकामा सोही दिन जाहेरी दिए। प्रहरीले सोही दिन भुजेललाई गिरफ्तार गऱ्यो। आरोपित जिल्ला अदालतको ०६९ वैशाख १ गतेको आदेशबमोजिम पुर्पक्षको लागि थुनामा छन्। पीडितको त्रिवि शिक्षण अस्पताल महाराजगञ्जमा स्वास्थ्य परीक्षण गरिएको थियो।

कथित बोक्सीको आरोपमा दुर्व्यवहार

गोठाटार गाविसकी सुनीता पुडासैनी र मकवानपुर जिल्ला फापरबारी गाविस-७ घर भई जोरपाटीस्थित नयाँबस्ती डेरा गरी बस्ने ४४ वर्षीया खोमकुमारी दहाललाई ०६८ चैत ९ गते जोरापाटी नयाँबस्तीस्थित आफ्नै माइतीमा आफन्तले कथित बोक्सीको आरोपमा कुटपिट गरी धारिले हतियार प्रहार गरी गम्भीर घाइते बनाए। कुटपिटबाट सुनीताको टाउको, जिउ र आँखामा गम्भीर चोट लागेको थियो। उनको तिलगङ्गा अस्पतालमा आँखाको उपचार गराइएको थियो भने पुनः थप उपचारकै लागि काठमाडौँ मेडिकल कलेज सिनामङ्गलमा लगिएको थियो। सोही घटनामा कुटपिटमा परी घाइते भएकी खोमकुमारीको उपचार भने चैत १० गते काठमाडौँ मेडिकल कलेज सिनामङ्गलमा भयो। कुटपिटबाट उनको टाउको, अनुहार, छाती, तथा तिघ्रामा नीलडाम र आगोले पोलेको घाउसमेत रहेको थियो। सुनीता र खोमकुमारी दिदी बहिनीका छोरीहरू हुन्। खोमकुमारी दिदी हुन् भने सुनीता बहिनी। खोमकुमारीका तीन जना

कथित बोक्सीको आरोपमा कुटपिट गरिएकी खोमकुमारी दहाल र सुनीता पुडासैनी

छोरा र एक छोरी छन् भने उनका पति मकवानपुरमै खेती गरेर बस्छन्। सुनीताका दुई जना छोरीहरू छन्। उनको पतिको १० वर्ष पहिले नै मृत्यु भएको थियो। पीडित दुवै जनालाई खोमकुमारीकै आफ्नी कान्छी बहिनी तारा दाहाल र उनका पति ज्ञानेन्द्र दाहाल र भाई दीलिप तिमल्सिनालगायतले कुटपिट गरेको पीडितहरूले इन्सेकबाट अनुगमनका लागि गएका गणेश भण्डारीलाई बताएका थिए। उनीहरू अघिल्लो दिनदेखि नै मामा भवानी शङ्कर गौतमलाई बोलाएर झारफूक गर्ने गरिरहेका थिए। मामाले आफन्तले नै बोक्सी लगाएको र तिनीहरूको बोक्सी मन्त्रलाई निस्तेज गर्नका लागि पीडितहरूलाई घरमै बोलाई आक्रमण गरेका थिए। पीडितका अनुसार तारा आफू उनका मामा भवानीशंकर भएर बोलेको हो, तिमीहरूले बोक्सी लगाएर तारा बिमारी भएको हो। अब तिमीहरूबाट बोक्सी उतार्नुपर्छ भन्दै ज्वाईं, भाई र बुहारीको सहयोगमा आमा बुबाको अगाडि नै कुटपिट गरेका थिए। घटनाबारे छरछिमेकीले प्रहरीमा खबर गरेपछि घटनास्थल पुगेका महानगरीय प्रहरीवृत बौद्धका प्रहरीले घटनामा संलग्न तारा, उनका पति ज्ञानेन्द्र, भवानीशंकर, दीलिप लगायतलाई गिरफ्तार गरेको थियो। भवानीशंकर वृद्ध भएकोले सोही दिन रिहा गरिएको थियो भने अन्य आरोपितलाई चैत १० गते हुनमान ढोका पठाइएको बौद्ध प्रहरीले जनायो। जिल्ला अदालतको ०६९ वैशाख ७ गतेको फैसलाले आरोपितत्रय ज्ञानेन्द्र, तारा र दिलिपलाई पुपर्क्षका लागि केन्द्रीय कारागारमा थुनामा राखिएको छ।

घरेलु हिंसा

परिवारजनबाट हत्या

काठमाडौंको बुढानीलकण्ठकी ४० वर्षीया गीता ढकाललाई ०६८ पुस २७ गते पति सशस्त्र प्रहरी बलका डिआइजी रञ्जन कोइरालाले घाँटी थिचेर हत्या गरी मकवानपुरको पालुङ नजिकको मेत्राङमा लगेर लास जलाएको आरोपमा उनलाई ०६८ माघ ८ गते महानगरीय प्रहरी परिसर र अपराध अनुसन्धान शाखाको संयुक्त प्रहरी टोलीले नागढुङ्गाबाट गिरफ्तार गऱ्यो। पत्नी गीताको लास जलाई प्रमाण नष्ट गरेर फर्कंदै गर्दा डिआईजी कोइराला गिरफ्तार भएका थिए। पत्नी हत्याको अभियोग लागेका सशस्त्र प्रहरी बलका डिआईजी कोइरालालाई जिल्ला अदालतले ०६८ फागुन १४ गते पुर्पक्षको लागि थुनामा राख्न आदेश दियो। प्रहरीले सोही हत्या अभियोगमा सहअभियुक्त बनाएर मुद्दा दर्ता गरिएकी डिआइजी कोइरालाकी प्रेमिका भनिएकी तारा रेग्मीलाई भने १ लाख रुपियाँ धरौटीमा रिहा गर्न आदेश दिएको थियो। तारालाई माघ २२ गते प्रहरीले डिल्लीबजारबाट गिरफ्तार गरेको थियो। पीडित परिवारले पुस २७ गते गीताको अपहरण डिआईजी कोइरालाले गरेको उजुरी गर्न प्रहरीमा जाँदा पर्याप्त प्रमाण नभएको भन्दै जहेरी दर्ता गर्न मानेको थिएन।

आदिवासी जनजाति सङ्घर्ष समितिले आह्वान गरेको नेपाल उपत्यका बन्दको क्रममा तोडफोड गरिएको नेपाल १ टेलिभिजनको को गाडी

काठमाडौं मनपा-१५ बिजेश्वरी बस्ने २३ वर्षीया रुवी मानन्धरलाई ०६९ असोज ३० गते ३० वर्षीय पति प्रशान्त तण्डुलकारले कुटपिट गरेर झुण्डाएर हत्या गरे। लाशको नर्भिक अस्पतालमा परीक्षण गराइएको थियो। मृतककी आमा ४८ वर्षीया लक्ष्मी मालाकारले सोही दिन घटनाको जाहेरी महानगरीय प्रहरी वृत बालाजुमा दिइन्। प्रहरीले सोही दिन पीडक प्रशान्तलाई गिरफ्तार गरी कर्तव्य ज्यान मुद्दा चलाएकोमा जिल्ला अदालतको ०६९ जेठ २९ गतेको आदेशमा आरोपित पुपर्क्षका लागि थुनामा छन्।

काठमाडौं मनपा-५ ढल्पाकी २६ वर्षीया रञ्जिता न्यौपाने पौडेललाई ०६८ माघ २ गते पति ३२ वर्षीय दिनेशप्रसाद न्यौपाने, सोही ठाउँकी ५४ वर्षीया सुशीला न्यौपाने र काठमाडौं जिल्ला जोरपाटी-८ की २८ वर्षीया सलिना ढुङ्गाना भनिने गौरी न्यौपाने ढुङ्गाना मिलेर कुटपिट गरी हत्या गरेको भनी छिमेकीले घटनाको बारेमा थाहा पाएपछि सोही दिन महानगरीय प्रहरीवृत बौद्धमा जानकारी गराए । घटनाको जानकारी पाएपछि घटनास्थल पुगेको बौद्ध प्रहरीले घटनाको छानबिन गरी आरोपितहरूलाई ०६८ माघ २ गते नै गिरफ्तार गरी ज्यान मार्ने उद्योगसम्बन्धी मुद्दा चलाएको प्रहरीले जनायो। जिल्ला अदालतको ०६८ फागुन ४ गतेको आदेशले

आरोपितहरू पुपर्क्षका लागि कारागारमा थुनामा छन्।

थानकोट गाविस-९ की ५५ वर्षीया गङ्गामाया बलामीलाई ०६९ साउन २७ गते छोरा ३० वर्षीय महेश्वर बलामीले सामान्य विवादमा धारिलो हतियार हँसियाले प्रहार गरी हत्या गरे । हसियाँले शरीरको विभिन्न भागमा काटेर घाइते बनाइएकी गङ्गामायालाई उपचारका लागि लैजाने क्रममा बाटोमै मृत्यु भएको थियो। आरोपितका दाजु कृष्ण बलामीले ०६९ साउन २७ गते महानगरीय प्रहरी परिसर हनुमानढोका उजुरी दिए । प्रहरीले महेश्वरलाई ०६९ साउन २७ गते गिरफ्तार गरेकोमा जिल्ला अदालतको ०६९ भदौ १७ गतेको आदेशले आरोपित पुपर्क्षका लागि थुनामा छन्।

काभ्रे जिल्ला डराउनेपोखरी-८ घर भई हाल काठमाडौँ जिल्ला जोरपाटी-१ डेरा गरी बस्ने २४ वर्षीया खिरु तामाङलाई ०६९ जेठ १४ गते उनका पति २५ वर्षीय बुद्ध तितुङले मट्टितेल खन्याई आगो लगाएर हत्या गरे। लासको पोस्टमार्टम त्रिविवि शिक्षण अस्पताल महाराजगञ्ज गरिएको थियो। मृतकका आफन्तले महानगरीय प्रहरी परिसर हनुमानढोकामा सोही दिन उक्त जाहेरी दिएका थिए। प्रहरीले आरोपितलाई त्यसै दिन गिरफ्तार गरेको थियो। तामाङ जिल्ला अदालतको ०६९ असार ११ गतेको आदेशले पुपर्क्षका लागि थुनामा छन्।

महाँकाल-६ बस्ने जेनी भनिने १९ वर्षीया सावित्रा गुरुङलाई ०६८ माघ २ गते पति २६ वर्षीय दीपेन्द्र श्रेष्ठले खुकुरीले काटेर हत्या गरे। आरोपित श्रेष्ठलाई सोही दिन हनुमानढोका प्रहरीले गिरफ्तार गरेकोमा जिल्ला अदालतको ०६८ माघ २७ गते आदेशले पुर्पक्षको लागि केन्द्रीय कारागार सुन्धारामा थनामा छन्।

छैमले गाविस-४ घर भएकी ४० वर्षीया कान्छी तामाङ बलको ०६८ फागुन २९ गते पति ४३ वर्षीय कृष्णबहादुर तामाङको कुटपिटबाट मृत्यु भयो । कृष्णबहादुरले अघिल्लो दिन बेलुकादेखि कान्छीलाई कुटपिट गर्दा बेहोश भई भुइँमा टाउको ठोक्किएर चोट लागेको र सोही चोटको कारणले बिहान मृत्यु भएको थियो। मृतकको दाजु जयबहादुर पाखिनले महानगरीय प्रहरी परिसर हनुमानढोकामा सोही दिन उजुरी दिएका थिए। प्रहरीले फागुन २९ गते कृष्णबहादुरलाई गिरफ्तार गरी हिरासत राखी ज्यान मार्ने उद्योगसम्बन्धी मुद्दा चलाएकोमा जिल्ला अदालतको ०६८ चैत २४ गतेको आदेशले पुपर्क्षका लागि कारागारमा थुनामा छन्।

काठमाडौँ मनपा-३० की रमिला निरौलालाई ०६८ चैत ४ गते पति ४२ वर्षीय पुन्यप्रसाद निरौलाले टाउकोमा सिलौटा हानी गम्भीर घाइते बनाएपछि त्रिविवि शिक्षण अस्पतालमा उपचारको क्रममा ०६८ चैत १३ गते मृत्यु भयो। पीडितको आफन्तले महानगरीय प्रहरी परिसर हनुमानढोकामा ०६८ चैत ४ गते घटनाको जाहेरी दिए। आरोपितलाई प्रहरीले सोही दिन गिरफ्तार गऱ्यो। आरोपित जिल्ला अदालतको ०६९ वैशाख ३ गतेको आदेशले पुर्पक्षको लागि थुनामा छन्।

जोरपाटी गाविस-९ की २७ वर्षीया लक्ष्मी कुँवरलाई रौतहट जिल्ला गौर-६ घर भई हाल काठमाडौँ जोरपाटी-४ बस्ने ३५ वर्षीय मुकेश सहनीले ०६८ चैत २५ गते शरीरमा मट्टितेल खन्याई आगो लगाएकोमा उनको त्रिविवि शिक्षण अस्पताल महराजगञ्जमा उपचारको क्रममा सोही दिन मृत्यु भयो। पीडित पक्षले महानगरीय प्रहरी वृत्त बौद्धमा चैत २५ गते नै जाहेरी दियो। आरोपित सहनीलाई प्रहरीले सोही गिरफ्तार गऱ्यो। आरोपित सहनी जिल्ला अदालतको ०६९ जेठ १६ गतेको आदेशमा पुपर्क्षका लागि थुनामा छन्।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार संरचना, सम्पति क्षति

राज्य पक्षबाट

नेपाल सरकारले ०६९ बैशाख २६ गते बिहान थापाथलीस्थित वाग्मती किनारमा जग्गा अतिक्रमण गरी बसेका सुकुमबासी बस्तीमा डोजर लगाएर खाली गराउने क्रममा प्रहरी र सुकुमबासीबीच झडप भयो। झडपका क्रममा सुकुमबासी बस्तीका ४० वर्षीय नीमा तेन्जिङ शेर्पा र ३४ वर्षीया पञ्चमाया तामाङ घाइते भए। घाइतेहरूको वीर अस्पतालमा उपचार भयो। सरकारले बस्ती खाली गराउन त्यहाँ बसोबास गरिरहेका १ सय ८० परिवारलाई तीन महिनाको घर भाडाबापत प्रति परिवार १५ हजार रुपियाँका दरले दिए पनि उक्त सुविधा लिएर बस्ती खाली गर्न नमानेको प्रहरीले जनायो।

नेपाल आदिवासी जनजाति महासङ्घले ०६९ जेठ ७ गते आह्वान गरेको आमहड्तालका क्रममा प्रर्दशनकारीहरूले समाचार सङ्कलनका लागि गएका सञ्चारकर्मीको सवारी साधन तोडफोड गरे । बन्द गराउँदै हिडेका प्रदर्शनकारीहरूले कान्तिपुर

टेलिभिजनको बा ८ च ७६७७ नम्बरको गाडी बिहान ८:३० बजे बुद्धनगरमा तोडफोड गरे भने कान्तिपुर दैनिकको बा ९ च ५५३७ नम्बरको मारुती भ्यान विहान ६:३० बजे जोरपाटीमो तोडफोड गरे।

नेपाल आदिवासी जनजाति संयुक्त सङ्घर्ष समितिले ०६९ जेठ ८ गते आह्वान गरेको आमहड्तालका क्रममा समाचार सङ्कलन गरेर कार्यालयतर्फ आइरहकी कारोबार दैनिकका पत्रकार पवन वर्षा शाहको बा ३४ प ४६३८ नम्बरको स्कुटर बन्दकर्ताहरूले डिल्लीबजारमा तोडफोड गरे।

जिल्ला स्वास्थ्य सेवाको अवस्थ

अस्पताल	१०		
स्वास्थ्यचौकी	१५		
उपस्वास्थ्यचौकी	४३		
पद	**दरबन्दी**	**कार्यरत**	**रिक्त**
डाक्टर	१२	१२	
स्टाफ नर्स	१५	१५	
ल्याब असिस्टेन्ट	९	९	
अहेव	१००	१००	
अनमी	५८	५८	
खोप सुपरभाइजर	२	२	
क्षयरोग/कुष्ठरोग सुपरभाइजर	१	१	
हेल्थ असिस्टेन्ट	२३	१५	८
स्वास्थ्य कार्यकर्ता	५१	५०	१

जिल्ला प्रहरी कार्यालय

जिल्ला प्रहरी कार्यालयमा ०६८ पुस १७ गतेदेखि ०६९ पुस १६ गतेसम्म बलात्कार ६६, बलात्कार प्रयास १४, महिला ओसार पसार जिउ मास्नेबेच्ने १६, जातीय विभेद तीन, कर्तव्यज्यान ५७, ज्यान मार्ने उद्योग १ सय ४, आत्महत्या २ सय ३०, बहुविवाह २३, अपहरण १८, विस्फोटक पदार्थ १०, अपहरण गर्ने धम्की १९, हातहतियार खरखजानाका २८ ओटा मुद्दा दर्ता भए।

२.१६ धादिङ



जिल्ला सदरमुकाम: धादिङवेशी
क्षेत्रफल (वर्ग कि. मि.): १,४२६
घरधुरी सङ्ख्या: ७३,८५१
जम्मा जनसङ्ख्या: ३,३६,०६७
पुरुष: १,५७,८३४
महिला: १,७८,२३३
अपाङ्ग सङ्ख्या: ७,८२७
गाविस/नपा सङ्ख्या: ५०/०
पुरुष साक्षरता सङ्ख्या: १,०५,००५
महिला साक्षरता सङ्ख्या: ५५,०७७
हिन्दू धर्मावलम्बी प्रतिशत: ७२.४२
बौद्ध धर्मावलम्बी प्रतिशत: २०.५७
इस्लाम धर्मावलम्बी प्रतिशत: ०.३१
किराँत धर्मावलम्बी प्रतिशत: ०.०१
क्रिश्चियन धर्मावलम्बी प्रतिशत: ६.३२
प्रकृति धर्मावलम्बी प्रतिशत: ०.२४
वहाई धर्मावलम्बी प्रतिशत: ०.०१
अन्य धर्मावलम्बी प्रतिशत: ०.११५
प्रतिपरिवार सरदर सङ्ख्या: ४.५५

नागरिक तथा राजनीतिक अधिकार
सम्मानित रूपले बाँच्ने अधिकार
हत्या
एकीकृत माओवादीबाट

दार्खा गाविस-७ निवासी वाईसीएल दार्खाका कोषाध्यक्ष २७ वर्षीय भीषण सिंखडालाई एकीकृत माओवादी कार्यकर्ताले ०६९ मङ्सिर १८ गते बेलुका अपहरणपछि हात बाँधेर हत्या गरेको आरोपमा दार्खा गाविसका तीनजना युवालाई गिरफ्तार गऱ्यो। एकीकृत माओवादी जिल्ला सचिवालय सदस्य विजय तामाङको हत्याको बदलामा आफ्नै कार्यकर्ता सिंखडाको विभत्स

घटनाको प्रकार	राज्यपक्षबाट		गैरराज्यपक्षबाट		
	पुरुष	जम्मा	महिला	पुरुष	जम्मा
घाइते			१	१	२
बालअधिकार			१०		१०
आर्थिक/सामाजिक/साँस्कृतिक अधिकार				४	४
अपहरण			१	२	३
महिलाअधिकार			२५		२५
जातीय विभेद			९	६	१५
गिरफ्तारी/यातना	१	१			
कुटपिट	६	६		४	४
धम्की				१	१
हत्या			२	६	८
जम्मा	७	७	४८	३४	७२

हत्या भएको थियो। तामाङको हत्यापछि लुकेर बसेका सिंखडा माओवादी कार्यकर्ताकै आग्रहमा उनीहरू समक्ष बेलुका ६ बजेतिर सत्यदेवी गाविस-८ रागचोकबाट वाईसीएलको सम्पर्कमा गएको र सोही अवस्थामा हातबाँधेर उनको हत्या गरिएको थियो। घटनापछि सिंखडाको लास दार्खा गाविस-१ रातमाटे जङ्गलमा हात बाँधिएको र धारिलो हतियारले घोचेर रगतपक्ष भएको अवस्थामा फेला परेको डिएसपी विकासराज खनालले बताए। एकीकृत माओवादी कार्यकर्ताको हत्या भएपछि हत्याराको खोजी गर्दै प्रहरीलाई बुझाउने योजना रहेको तर आफूहरूले घटना नगराएको एमाओवादी जिल्ला पार्टी कार्यालय सचिव विनोदबाबु रिमालले बताए। हुनै नुहुने घटना भन्दै एमाओवादी जिल्ला सचिवालय सदस्य वीररबहादुर तामाङले विजय तामाङको हत्या भएकोले त्यसको बदलामा भीषण मारिएको बताए। विजय तामाङको हत्यामा पार्टीको संलग्नता नरहेको र अपराधीलाई कारबाही गराउन आफूहरू पनि लागि पर्ने काङ्ग्रेस जिल्ला पार्टी सभापति रामनाथ अधिकारीले ०६९ मङ्सिर १९ गते प्रेस विज्ञप्ति निकालेर जनाए। प्रेस विज्ञप्तिमा घटनामा संलग्न भनिएका दार्खा गाविसका भीषण सिंखडालाई एकीकृत माओवादीको ठाडो निर्देशनमा एमाओवादी कार्यकर्ताले कब्जामा लिई निर्मम यातनापछि विभत्स तरिकाले हत्या गरिएको उल्लेख छ भने एमाओवादीले भीषण जनताको प्रतिकारमा मारिएको बतायो। भीषणकी आमाले प्रहरीलाई घटनाबारेमा जानकारी दिएको भए पनि उद्दार गर्न प्रहरीले तदारुकता नदेखाएको पीडित परिवारले जनायो। भीषणकी आमा कमलादेवीले मङ्सिर २९ गते १७ जनाको नाममा जिल्ला प्रहरी कार्यालयमा किटानी जाहेरी दिइन्। प्रहरीले घटनामा संलग्न भएको आरोपमा दार्खा गाविस-८ का २० वर्षीय मने भनिने मनबहादुर तामाङ, १७ वर्षीय सन्जेश तामाङ, १६ वर्षीय शम्भु तामाङ र १८ वर्षीय बुद्धिमान गुरुङलाई गिरफ्तार गऱ्यो।

अन्यबाट

दार्खा गाविस-८ निवासी एकीकृत माओवादी जिल्ला कमिटीका सदस्य तथा वाईसीएल जिल्ला कमिटी सदस्य विजय तामाङको ०६९ मङ्सिर १८ गते बिहान ८:१० बजेतिर गाडी चढेर आएको एक समूहले खुँडाले हानेर हत्या गऱ्यो । तामाङलाई गुम्दी गाविस-७ सातदोबाटोस्थित तामाङखर्क उच्चमावि अगाडि खुँडाले हानेर घाइते पारेपछि सो समूहले दुई राउण्ड पेस्तोलसमेत फायर गरेको थियो। तर, गोली उनलाई लागेन। तामाङलाई सात जनाको एक समूहले आक्रमण गरेको स्थानीयले बताए। आक्रमणपछि ज्यान बचाउन भागेका तामाङ १ सय ५० मिटर टाढा सतार खेतकोमाथि सतार जङ्गलमा पुगेर ढलेका थिए र त्यही स्थानमा उनको मृत्यु भएको थियो। तामाङलाई आक्रमण गर्नेहरू पछिपछि लखेट्दै गएर मृत्यु भएपछि गुम्दीको जङ्गलतर्फ गएको आफूहरूले देखेको सो विद्यालयका शिक्षक दिनेश सिंखडाले बताए। प्रहरीले दिएको जानकारीकाअनुसार घटनामा संलग्न भएको आरोपमा दार्खा गाविस-७ का २९ वर्षीय अशोक तामाङ, सोही स्थानका २५ वर्षीय अमर लामा, गुम्दी गाविस-८ का किरण सिंखडालाई मङ्सिर ११ गते गिरफ्तार गरी २१ गते मुद्दा दर्ता गऱ्यो। तामाङको हत्याको विरोधमा एमाओवादीले सदरमुकाम र पृथ्वीराजमार्ग दुई घण्टा बन्द गराएको थियो। जिल्ला सदरमुकाम धादिङबेसी, पृथ्वीराजमार्गको चरौँदी र त्रिभुवन राजपथको खानीखोलामा सडक बन्द गरेर एमाओवादी कार्यकर्ताले सडक अवरुद्ध गरेका थिए। घटनाका सम्बन्धमा दोषीलाई कारबाही गर्न माग गर्दै काङ्ग्रेस, एमाले र एमाओवादीले छुट्टाछुट्टै प्रेस विज्ञप्ति जारी गरेका थिए ।

जेल र बन्दीहरू

'ग' श्रेणीको जिल्ला कारागारको बन्दी क्षमता पुरुष २५ र महिला पाँच जना गरी ३० जनाको रहेको छ। यस वर्षको अन्त्यसम्म कैद तोकिएका ७० र कैद नतोकिएका ४७ कैदी र थुनुवा गरी जम्मा १ सय १७ जना बन्दीहरू रहेका छन्। जसमा कैद तोकिएक १० र कैद नतोकिएका एक गरी ११ महिला छन्। यस जिल्ला कारागारको २०३२ सालमा निर्माण भएको हो। जीर्ण कारागार भत्किएर लड्न लागेको छ। बन्दी धेरै भएकोले कारागारको घरबाहिरपट्टिको भागमा त्रिपाल टाँगेर बन्दीहरू सुत्न बाध्य छन्। धेरै बन्दी तर तीनओटा मात्र शौचालय भएकोले दिसापिसाव गर्नका लागि बन्दीहरू दिनभर पालो कुरिरहेका हुन्छन्। धेरैजसो बन्दीहरूलाई छालाजन्य रोग लागेको छ।

बेपत्ता/अपहरण

एकीकृत माओवादीबाट

किराञ्चोक गाविस-४ निवासी एमाले गाउँ कमिटी सदस्य ३८ वर्षीय विष्णु भन्ने मानबहादुर गलान (तामाङ) र ५० वर्षीय बुधराम थिङ (तामाङ) लाई ०६८ माघ २१ गते साँझ किराञ्चोक गाविस-३ ढुङ्गानागाउँमा बाटो ढुकेर बसेका किराञ्चोक गाविस-४ निवासी एकीकृत माओवादी जिल्ला कमिटी सदस्य सूर्य तामाङ नेतृत्वको समूहले आक्रमण गरी अपहरण गऱ्यो । अपहरण गरी जङ्गलमा राखिएका उनीहरू माघ २२ गते अपहरणकारीको पञ्जाबाट भागेर परिवारको सम्पर्कमा आउन सफल भए। उनीहरूलाई धादिङ जिल्लाको किराञ्चोक गाविसमा सम्पन्न एमालेको सातौँ गाउँ अधिवेशनबाट घर फर्कदै गरेको बेला आक्रमण गरी बेपत्ता बनाइएको थियो। यसैगरी सोही समूहको आक्रमणमा किराञ्चोक गाविस-४ का एमाले कार्यकर्ता ७० वर्षीय चिनबहादुर गोले र ६५ वर्षीय सुनबहादुर गलान घाइते भएका थिए। माओवादी मजदुर नेता एवम् संविधानसभा सदस्य शालिकराम जम्मकट्टेलको गाउँ किराञ्चोकमा अधिवेशन गराउन प्रमुख अतिथिको रुपमा एमाले पोलिटव्यूरो सदस्य राजेन्द्रप्रसाद पाण्डे गएका थिए। कार्यक्रम सकिएर फर्किएपछि सभामा गएका कार्यकर्तामाथि माओवादी कार्यकर्ताले बाटोमा आक्रमण गरेका थिए। यसअघि एकीकृत माओवादीले किराञ्चोकमा एक कार्यक्रमको आयोजना गरी एमाले नेता पाण्डेलाई गाउँ आउन नदिने घोषणा गरेको थियो।

एकीकृत माओवादी कार्यकर्तादारा हत्या गरिएका भिषण सिंखडा

धम्की/कुटपिट

राज्यबाट

बेनिघाट–८ विशालटार निवासी चन्द्रोदय उच्चमाविका शिक्षक, स्थानीय कोसोक नेपालका स्वंसेवक ५१ वर्षीय रामहरि विसुराललाई सडकमा प्रहरीसँग कराएको आरोपमा ०६९ मङ्सिर २१ गते बेलुका लागुऔषध ओसारपसार नियन्त्रणमा खटिएको प्रहरी टोलीले आक्रमण गरी घाइते बनायो। काठमाडौँबाट मुगलीनतर्फ जानलागेको सरकारी नम्बर र हरियो दुबै नम्बर भएको गाडीमा सवार प्रहरीहरूले स्थानीयलाई कुटपिट गरेका थिए। विरामी भएर बसेका विसुराल घटनास्थलमा के भएको रहेछ भनेर घरबाहिर निस्कँदा त्याहाँ रहेका प्रहरीहरूले पेस्तोल देखाएर गाडीभित्र लगेर कुटपिट गरेका थिए।

गाडीलाई साइड हानेको निहुँमा विवाद हुँदा मङ्सिर २१ गते बेनिघाट गाविस-८ विशालटारमा गाडीमा आएका सादा पोशाकका प्रहरीले कुटपिट गर्दा विसुराल सहित चार जना स्थानीय घाइते भएका थिए। ईलाका प्रहरी कार्यालय गजुरीले घाइतेहरूको उपचार सम्पूर्ण रुपमा गर्ने भन्ने सहमतिपछि स्थानीयबासीलाई आक्रमण गर्ने प्रहरीलाई ईलाका प्रहरी कार्यालयको जिम्मा लगाई छाडिएको थियो तर घटनापछि प्रहरीले बेवास्ता गरी पीडितलाई सहयोग नगर्दा विरामी परेका विसुरालको अवस्था झनै गम्भीर हुँदै गएको परिवारले जनायो।

एकीकृत माओवादीबाट

गजुरी गाविस-१ निवासी एकीकृत माओवादी जिल्ला सचिवालय सदस्य ३८ वर्षीय तारा भण्डारीलाई पार्टीमा भ्रष्टाचार भएको आरोप लगाएको भन्दै ०६९ असोज ४ गते एकीकृत माओवादी धादिङका १२ नम्बर ईलाका इन्चार्ज ४० वर्षीय ध्रुव सुवेदीले कुटपिट गरी घाइते बनाए। काठमाडौँबाट प्रकाशित एक साप्ताहिक पत्रिकामा पार्टीको आडमा विभिन्न व्यापारी, सङ्घ संस्थासँग अवैध रूपमा चन्दा असुली गरी ५ करोड ५० लाखभन्दा बढी भ्रष्टाचार गरेको सार्वजनिक गराई प्रचारबाजी गरेको भन्दै सुवेदीले मोटरसाइकलमा

मलेखुबाट गजुरी आउँदै गरेका भण्डारीलाई गजुरी गाविस-१ गजुरी बजारस्थित सडक बाटोमै रोकी मुखमा मुक्का हानेका थिए। कुटपिटबाट भण्डारीको ओठ फुटेर रगत बगेको थियो। घाइते भण्डारीको गजुरी अस्पतालमा उपचार भयो। आफूलाई आधारहिन आरोप लगाई बदनाम गरेको आरोप लगाउँदै सुवेदीले भण्डारीको मोटरसाइकल समेत तोडफोड गरिदिएका थिए। पीडितले जाहेरी नदिए पनि घटनाको आफूलाई जानकारी भएको तर कारबाही गर्न नसकिएको इलाका प्रहरी कार्यालय गजुरीका इन्स्पेक्टर विनोद घिमिरेले बताए।

नेपाली काङ्ग्रेसबाट

साङ्कोष गाविस-८ मधुवन निवासी पञ्चकन्या माविका शिक्षक एवम् एकीकृत माओवादी जिल्ला सदस्य ३५ वर्षीय हरिबहादुर गुरुङलाई ०६९ असार १८ गते दिउँसो नेपाली काङ्ग्रेस कार्यकर्ताहरूले आक्रमण गरी कुटपिट गरे। मोटरसाइकलमा आएका काङ्ग्रेस कार्यकर्ताले धारिलो हतियार र हेलमेटले हानेर पीडितलाई आक्रमण गरेका थिए। साङ्कोष गाविस-८ मधुवन निवासी काङ्ग्रेस कार्यकर्ता होमबहादुर गुरुङको नेतृत्व रहेको समूहले आक्रमण गरेपछि घाइते भएका गुरुङको जिल्ला अस्पतालमा उपचार हुन नसकी काठमाडौँको जनमैत्री अस्पतालमा उपचार भयो। पीडितपक्षले ०६९ साउन १८ गते प्रहरी कार्यालयमा निवेदन दिएको इन्स्पेक्टर राजकुमार थिङले बताए। आरोपितलाई कारबाही भएन।

युवा सङ्घ नेपालबाट

बेनिघाट गाविस-१ रिचोक्टार निवासी एकीकृत माओवादी जिल्ला सहइन्चार्ज उत्तम कँडेललाई ०६८ पुस १७ गते विद्यालयको विषयमा गलत प्रचार गरेको आरोपमा युवासङ्घका कार्यकर्ता प्रमेश त्रिपाठीको नेतृत्वमा आएको समूहले कुटपिट गऱ्यो । स्थानीय वागेश्वरी उच्च माविमा आर्थिक अनियमितता भएको बारे प्रचारप्रसार गरेको भन्दै बजारमा आफूमाथि हातपात गरिएको पीडितले बताए। आक्रमण घटनामा संलग्नलाई कारबाही गर्न माग गर्दै पुस १८ गते मलेखुमा माओवादीले विरोध कार्यक्रम गरेको थियो। पीडितले ०६८ पुस १८ गते इलाका प्रहरी कार्यालयमा उजुरी दिएपछि सोही दिन दुबै पक्षबीच मिलापत्र भयो।



एक समूहद्वारा खुँडा प्रहार गरी हत्या गरिएका विजय तामाङ

अन्यबाट

एकीकृत माओवादी जिल्ला सचिवालय सदस्य तथा संविधानसभा सदस्य वीरबहादुर तामाङ (चम्पासिंह) लाई ०६८ माघ १४ गते राति १० देखि १२ जनाको सङ्ख्याका आएको हतियारधारी समूहले आक्रमणको प्रयास गरी मार्ने धम्की दियो। पीडितले ०६८ माघ १५ गते पीडकको खोजी गरी कारबाही गर्न माग गर्दै जिल्ला प्रहरी कार्यालयमा निवेदन दिए। गौतम बुद्ध कृषि सहकारी सेमजोङ धादिङको अधिवेशन सकेर फर्कने क्रममा हातहतियारसहितको समूहले आक्रमणको प्रयास गरेको एकीकृत माओवादी धादिङका सचिव विकासद्वारा माघ १५ गते हस्ताक्षरित विज्ञप्तिमा उल्लेख थियो। विज्ञप्तिमा काङ्ग्रेस कार्यकर्ताहरूले कुटपिट गरी हत्या गरेको दावी उल्लेख थियो।

सुगम र निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालत

०६८ साउनदेखि ०६९ असार मसान्तसम्म

एक जनामात्र न्यायाधीश रहेको यस जिल्ला अदालतको फौजदारी मुद्दातर्फ ३ सय १३ थानमध्ये २ सय २३ फैसला भए भने ९० थान मुद्दा फैसला हुन बाँकी रहे। देवानी मुद्दातर्फ २ सय २१ थान मध्ये १ सय ३२ थान फैसला भए भने ८९ थान मुद्दा फैसला हुन बाँकी रहे। आर्थिक वर्षको अन्त्यमा ५ सय ३४ थान मध्ये ३ सय ५५ थान फैसला भए भने १ सय ७९ थान मुद्दा बाँकी रहे।

०६९ साउनदेखि पुस १५ सम्म

यस जिल्ला अदालतको फौजदारी मुद्दातर्फ ९६ थानमध्ये १५ फैसला भए भने ८१ थान मुद्दा फैसला हुन बाँकी रहे। देवानी मुद्दातर्फ ३३ मध्ये २ फैसला भए भने ३१ थान मुद्दा फैसला हुन बाँकी रहे। दुई वर्ष नाघेका फौजदारी मुद्दा ६ थान र देवानी मुद्दा तीन थान बाँकी रहे।

जिल्ला सरकारी वकिलको कार्यालयबाट ०६८ साउनदेखि ०६९ असार मसान्तसम्म दायर मुद्दाको सङ्ख्या ३ सय ४७ थानमध्ये १ सय २८ थान सफल भए भने ३२ थान असफल भयो। मुलतवी, तामेली पेण्डिङमा ३२ थान मुद्दा रहेका छन्।

सरकारी वकिल सङ्ख्या दुई जना रहेको यस जिल्ला कार्यालयबाट दायर मुद्दामध्ये ०६९ असार मसान्तसम्म २ सय ५ थान मुद्दा बाँकी रहेको सरकारी वकिलको कार्यालयले जनायो।

दायर मुद्दामध्ये कर्तव्य ज्यानसम्बन्धी मुद्दा २५ मध्ये सात सफल र नौ थान असफल रह्यो। बलात्कारसम्बन्धी मुद्दा १७ मध्ये पाँच थान सफल र चार थान असफल रहे। महिला बेचविखनसम्बन्धी मुद्दा चार थान मध्ये दुई थान असफल रह्यो। बहुविवाहसम्बन्धी मुद्दा छ थान मध्ये दुई थान सफल र दुई थान असफल रह्यो।

जिल्ला सरकारी वकिलको कार्यालय

जिल्ला सरकारी वकिलको कार्यालयबाट ०६९ साउनदेखि ०६९ पुससम्म दायर मुद्दाको सङ्ख्या १ सय थान छ। यस वर्ष परेका मध्ये सफल मुद्दाको सङ्ख्या उपलब्ध नभएको जिल्ला सरकारी वकिल कार्यालयले जनायो। सरकारी वकिल सङ्ख्या दुई जना रहेको यस जिल्ला कार्यालयबाट दायर मुद्दामध्ये ०६९ असार मसान्तसम्म २ सय ५ थान मुद्दा बाँकी रहेको सरकारी वकिलको कार्यालयले जनायो।

यातना तथा अन्य क्रुर अमानवीय र अपमानजनक व्यवहार

जिल्ला प्रहरी कार्यालयको हिरासतमा रहेका नीलकण्ठ गाविस-४ स्रोह्नघर निवासी नेविसङ्घका कार्यकर्ता २५ वर्षीय भोजबहादुर थापालाई प्रहरीले हिरासतभित्रै यातना दिएको नेविसङ्घले ०६९ भदौ २८ गते पत्रकार सम्मेलन गरी जानकारी गरायो। नेविसङ्घ नीलकण्ठ इकाइ समितिका सहसचिव थापालाई प्रहरीले एक जना चालकलाई कुटपिट गरेको आरोपमा ०६९ भदौ २० गते गिरफ्तार गरेको थियो। हिरासतमा रहेका थापालाई प्रहरीले यातना दिएको र श्रम गर्न बाध्य पारी अपमान गरेको भन्दै नेविसङ्घले खेद व्यक्त गरेको थियो। ०६९ भदौ २७ गते काङ्ग्रेस सभापति रामनाथ अधिकारी र अन्य काङ्ग्रेस कार्यकर्ता प्रहरी कार्यालय पुग्दासमेत थापालाई घाँस काट्न लगाइएको अवस्थामा भेटिएको अधिकारीले बताए। प्रहरी हिरासतमा थापालाई यातना दिइएको सम्बन्धमा डिएसपी खनालले यस्तो घटना दु:खद भएको र आगामी दिनमा कुनैपनि हालतमा हिरासत भित्र यातना नहुने बताए। पीडितलाई जिल्ला अदालतको असोज ४ गतेको आदेशबाट हिरासत मुक्त भए।

बैरेनी गाविस-८ बाइसकिलाका १९ वर्षीय रवीन्द्र सुनार र २६ वर्षीय दीपक सुनारलाई ०६९ वैशाख १३ गते साँझ सडकमा आएको आरोपमा सई प्रकाश रेग्मीको नेतृत्वमा रहेको प्रहरीले कुटपिट गऱ्यो। घरनजिकै सडक भएकोले राति के भएको रहेछ भनेर बाहिर निस्कँदा प्रहरी जवानले लाठीले हानेर कुटपिट गरेका थिए। केही समयअघि सो क्षेत्रमा लुटपाट भएको भन्ने खबर पाएपछि प्रहरी घटनास्थल पुगेको र केही नभेटिएपछि स्थानीय बासिन्दालाई आक्रमण गरेको पीडितले बताए। घटनामा घाइते भएकाहरूको बैरेनी स्वास्थ्यचौकीमा उपचार भयो। घटनापछि स्थानीय बासिन्दाले वैशाख १४ गते बैरेनी प्रहरी चौकीमा गुनासो गर्न जाँदासमेत प्रहरीले धम्की दिएर आफूहरूलाई दुर्व्यवहार गरेको पीडितहरूको भनाइ थियो। पीडितहरूले प्रहरी चौकीमा लगातार धर्ना दिएपछि वैशाख १५ गते प्रहरीले माफी मागेको थियो।

बेनीघाट–८ विशालटार निवासी चन्द्रोदय उच्चमाविका शिक्षक, स्थानीय कोसोक नेपालका स्वयम्सेवक ५१ वर्षीय रामहरि विसुराललाई सडकमा प्रहरीसँग कराएको आरोपमा ०६९ मङ्सिर २१ गते बेलुका लागूऔषध ओसारपसार नियन्त्रणमा खटिएको प्रहरी टोलीले आक्रमण गरी घाइते बनायो। काठमाडौँबाट मुग्लिनतर्फ जानलागेको सरकारी नम्बर र हरियो दुबै नम्बर भएको गाडीमा सवार प्रहरीहरूले स्थानीयलाई कुटपिट गरेका थिए। बिरामी भएर बसेका विसुराल घटनास्थलमा के भएको रहेछ भनेर घरबाहिर निस्कँदा त्यहाँ रहेका प्रहरीहरूले पेस्तोल देखाएर गाडीभित्र लगेर कुटपिट गरेका थिए। कुटपिटबाट छाती, मुख, ढाड र शरीरका अन्यभागमा समेत नीलडाम हुनेगरी कुटपिट गरिएकोले आफ्नो उपचारमासमेत प्रहरीले सर्त बमोजिम कुनै पनि काम नगरेको बताए।

गैरदलितको आक्रमणमा परी घाइते भएकी इन्दिरा विक र कमला विक

बालअधिकार

शिक्षाको अवस्था

यस जिल्लाका विद्यालय जाने उमेरका १ लाख १ हजार ३ सय २४ मध्ये छात्र ४९ हजार ५२ र छात्रा ५२ हजार २ सय ७२ प्राथमिक तहदेखि माबि तहसम्म भर्ना भए। यसमध्ये दलित छात्रा ७ हजार २ सय ५३ र छात्र ६ हजार ४ सय ९५ रहेका छन्। सरकारी र सामुदायिक विद्यालय गरी प्राबि तहमा महिला २ हजार ६ सय ६० र पुरुष १ हजार ३ सय १२ गरी जम्मा ३ हजार ९ सय ७२ शिक्षक कार्यरत रहेका छन्। निमाबि तहमा महिला ५ सय १४ र पुरुष ८ सय १२ गरी जम्मा १ हजार ३ सय २६ शिक्षक कार्यरत रहेका छन्। यसैगरी माबि तहमा महिला ५ सय २४ र पुरुष १ हजार ४ सय ९२ गरी जम्मा २ हजार १६ शिक्षक रहेका छन्।

जिल्लाका ५ सय ३९ बालविकास केन्द्रमा बालक ७ हजार १ सय ९० र बालिका ६ हजार ६ सय ७८ गरी जम्मा १३ हजार ८ सय ६८ रहेका छन् जसमध्ये दलित बालक १ हजार १ सय २७ र बालिका १ हजार १ सय २७ गरी २ हजार २ सय ५४ जना रहेका छन्। यस जिल्ला शिक्षा कार्यालयले शिक्षासम्बन्धी सबै तथ्याङ्क अद्यावधिक गरिएको पाइयो।

प्रहरीको कुटपिटबाट घाइते भएका शिक्षक रामहरि विसुराल

एकीकृत माओवादीका कार्यकर्ताले कुटपिट गरेका वीरबहादुर तामाङ



युवासङ्घ नेपालका कार्यकर्ताले कुटपिट गरिएका उत्तम कँडेल

बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

एक छ वर्षीया बालिकालाई ०६८ चैत १० गते गोगनपानी गाविस-६ का १४ वर्षीय एक बालकले गाडी खेल्न बोलाएर आफ्नौ घरमा लगी बलात्कार गरेको आरोपमा पीडितपक्षले त्यसै दिन जिल्ला प्रहरी कार्यालयमा निवेदन दियो। बलात्कारपछि गम्भीर घाइते भएकी बालिकाको पाटन अस्पतालमा उपचार भयो। प्रहरीका अनुसार घटनापछि भागेका आरोपितलाई चैत १७ गते नुवाकोट प्रहरीले गिरफ्तार गऱ्यो। जिल्ला अदालतको ०६९ वैशाख ५ गतेको आदेशबमोजिम आरोपित थुनामा छन्।

एक १० वर्षीया बालिकालाई ०६९ वैशाख २२ गते राति ८ बजेतिर घट्टबाट पीठो पिँधेर फर्कँदै गर्दा किराञ्चोक गाविस-३ का ३४ वर्षीय बद्री परियारले खोलाको किनारमा बलात्कार गरको आरोपमा पीडितपक्षले ०६९ वैशाख २३ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। पीडित बालिकाको प्राथमिक स्वाथ्य केन्द्र गजुरीमा स्वास्थ्य परीक्षण गरिएको थियो। जिल्ला अदालतको जेठ १७ गतेको आदेशले आरोपित थुनामा छन्।

एक १६ वर्षीया बालिकालाई ०६९ कात्तिक ११ गते सोर्तुङ गाविस-३ का २२ वर्षीय प्रेमबहादुर तामाङले बलात्कार गरे। घरमा एक्लै भएको बेला बलात्कार गरेका आरोपमा आरोपित तामाङलाई कात्तिक १४ गते प्रहरीले गिरफ्तार गरी जबर बलात्कार गरेको आरोपमा मुद्दा दर्ता गऱ्यो। पीडित महिला कान नसुन्ने र बोल्न नसक्ने किसिमको अपाङ्ता भएकी महिला हुन्। पीडितको जिल्ला अस्पतालमा उपचार भयो। जिल्ला अदालतको मङ्सिर १० गतेको आदेशबमोजिम आरोपित थुनामा छन्।

एक १४ वर्षीया बालिकालाई ०६९ कात्तिक ८ गते राति चैनपुर गाविस-३ का २३ वर्षीय रामकृष्ण पाठक, २२ वर्षीय युवराज दनै र २१ वर्षीय अर्जुन दनैले बलात्कार गरेको आरोपमा पीडित पक्षले ०६९ कात्तिक ९ गते जिल्ला प्रहरी कार्यालयकमा किटानी जाहेरी दियो। दशैँको टिका लगाएर मामाघरबाट घर फर्कने क्रममा बालिकालाई बाटोबाट समातेर गोठमा पुऱ्याई आरोपितहरूले बलात्कार गरेका थिए। प्रहरीले यसवर्षको अन्त्यसम्म कसैलाई पनि गिरफ्तार गरेन।

एक १३ वर्षीया बालिकालाई०६९ मङ्सिर १ गते बेलुका बैरेनी गाविस-६ पाल्चोकका २५ वर्षीय रामकुमार तामाङले

ललाइफकाई काठमाडौँको पाँगाटोलमा लगेर बलात्कार गरेको आरोपमा पीडितपक्षले मङ्सिर १४ गते बैरेनी प्रहरी चौकीमा जाहेरी दियो। जाहेरीपछि सोही दिन बैरेनी प्रहरीले आरोपितलाई गिरफ्तार गरी हिरासतमा राखेकोमा जिल्ला अदालतको ०६९ पुस ११ गतेको आदेशबमोजिम आरोपित पुर्पक्षका लागि थुनामा राखिएको छ।

एक १७ वर्षीया बालिकालाई ०६९ मङ्सिर २८ गते खरी गाविस-७ निवासी नेपाली सेनामा कार्यरत २४ वर्षीय रुद्रबहादुर अधिकारी र धुवाकोट गाविस-९ का १८ वर्षीय लिलाबहादुर रानामगरले बलात्कारको प्रयास गरे। आफूमाथि बलात्कार हुन लागेको अवस्थामा घरबाट भागेर आफूले ज्यान जोगाएको पीडितले बताइन्। पीडितले पुस ५ गते जिल्ला प्रहरी कार्यालयमा किटानी जाहेरी दिएपछि घटनामा संलग्नमध्ये अधिकारीलाई प्रहरीले गिरफ्तार गऱ्यो भने अर्का आरोपित फरार छन्। आरोपित अधिकारी यो वर्षको अन्त्यसम्म प्रहरी हिरासतमा रहेका छन्।

बालविवाह

चितवन जिल्ला पिठुवा गाविस-९ की १४ वर्षीया एक बालिकालाई काम लगाइदिउँला भनी ०६९ मङसिर ६ गते मैदी गाविस-९ का २० वर्षीय सुदीप कुमालसँग बालविवाह गरे। ललाइफकाई गरी मैदी गाविस-९ का ३० वर्षीया कमला कुमाल, तिलबहादुर कुमाल, मीनबहादुर कुमालले बालविवाह गराएको किटानी जाहेरी पीडितपक्षले गरेकोले उनीहरूमध्ये तिललबहादुर र मीनबहदुरलाई मङ्सिर ८ गते प्रहरीले गिरफ्तार गऱ्यो भने कला कुमाल फरार रहेका छन्। बालिकालाई मैदीतर्फ लाँदै गर्दा बालविवाह गराएको सूचनाका आधारमा तीन जनालाई गिरफ्तार गरी बालविवाहअन्तर्गत मुद्दा दर्ता गरिएको थियो। आरोपितहरूलाई जिल्ला अदालतको आदेशबमोजिम मङ्सिर ३० गतेदेखि पुर्पक्षका लागि थुनामा छन्।

धारामा पानी छोएको भनी कुटपिट गरिएकी बालिका लक्ष्मी विक

महिलाविरुद्ध हुने सबै प्रकारको भेदभाव, दुर्व्यवहार

बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

नुवाकोट जिल्ला खड्गभञ्ज्याङ गाविस-६ का दुई युवतीलाई ०६८ फागुन २७ गते नुवाकोट जिल्ला खड्गभञ्ज्याङ गाविस-६ का ३२ वर्षीय केशव सुनार र नुवाकोट जिल्ला चारघरे-७ का २६ वर्षीय रामकाजी सुनारले गोगनपानी गाविस-१ गल्छी नजिकै एउटा होटलका कामको लागि बोलाएर बलात्कार गरेको प्रहरीले जनायो। घटनापछि पीडितहरूको ०६८ चैत २ गतेको जाहेरीको आधारमा आरोपित दुवै जना विरुद्ध जिल्ला प्रहरी कार्यालयमा मुद्दा दर्ता गरिएको थियो। घटनाका अरोपित दुवै जना जिल्ला अदालतको ०६८ चैत २२ गतेको आदेशबमोजिम पुर्पक्षका लागि थुनामा छन्।

एक ४५ वर्षीया अपाङ्ग महिलालाई ०६९ असार १६ गते गोगनपानी गाविस-८ का ३८ वर्षीय रामबहादुर सुनारले बलात्कार गरेको आरोपमा पीडितपक्षले असार १९ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। घरमा कोही पनि नभएको अवस्थामा घरभित्र पसेर महिलालाई बलत्कार गरेको देखेर परिवारका सदस्य र छिमेकीले हारगुहार गरेपछि सुनार लुगासमेत नलगाई भागेका थिए। आरोपित सुनारलाई असार १९ गते प्रहरीले गिरफ्तार गऱ्यो। उनलाई जिल्ला अदालतको ०६९ साउन १५ गतेको आदेशबमोजिम पुर्पक्षका लागि थुनामा छन्।

अपाङ्गता भएकी एक ५६ वर्षीया महिलालाई ०६९ साउन १२ गते जोगिमारा गाविस-९ चोकीटारका २७ वर्षीय सुदिरचन्द्र अधिकारीले घरनजिकै बलात्कार गरेको आरोपमा उनलाई प्रहरीले साउन १५ गते गिरफ्तार गऱ्यो। आरोपित जिल्ला अदालतको ०६९ भदौ ३ गतेको आदेशबमोजिम थुनामा रहेका छन्।

एक २० वर्षीया महिलालाई ०६९ कात्तिक २० गते नलाङ गाविस-९ का २२ वर्षीय हरिबहादुर भन्ने सञ्जीवकुमार सिलवालले बलात्कार गर्ने प्रयास गरेको आरोपमा उनलाई कात्तिक २२ गते प्रहरीले गिरफ्तार गऱ्यो। काठमाडौँबाट धादिङतर्फ आएको बा २ ख ४६९० नम्बरको फोर्स गाडीको यात्रुको रुपमा रहेकी महिलालाई गाडीचालक सिलवालले धादिङबेसी पुछारबजारमा गाडी नरोकी साङ्कोष गाविस-३ स्थित गणेश फर्निचर नजिक रहेको आँशीखोलामा पुऱ्याई बलात्कारको प्रयास गरेका थिए। जिल्ला अदालतको मङ्सिर १८ गतेको आदेशबमोजिम आरोपित पुर्पक्षका लागि थुनामा छन्।

एक ३० वर्षीया महिलालाई ०६९ मङ्सिर २२ गते बेलुका गजुरी

गाविस-१ का २० वर्षीय प्रतीक परियार दमैले बलात्कारको प्रयास गरेको आरोपमा मङ्सिर २५ गते उजुरी गरिन्। रातिको समयमा शौचालय गएको मौका छोपी बलात्कार गर्न खोज्दा प्रतिकार गरेकी महिलालाई आरोपितले कुटपिट गरी गम्भीर घाइते बनाएका थिए। उनको गजुरी अस्पतालमा उपचार भएको थियो। आरोपितले उनको मुख, गाला, शरीरका अन्य भागमा घाउ हुनेगरी कुटपिट गरेको र टोकेको घाउ लिएर पीडित विश्व मानवअधिकार दिवसका दिन गुहार माग्न सदरमुकाम पुगेकी थिइन्। आरोपितलाई प्रहरीले गिरफ्तार गरी हिरासतमा लिएकोमा ०६९ पुस १५ गतेको जिल्ला अदालतको आदेशबमोजिम पुर्पक्षका लागि थुनाममा राखिएको छ।

एक २६ वर्षीया महिलालाई ०६९ पुस ५ गते २६ वर्षीय योगेन्द्र रानामगरले बलात्कार गरेको आरोपमा रानामगरलाई प्रहरीले पुस ७ गते गिरफ्तार गऱ्यो। पीडितले पुस ७ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिएकी थिइन्। पीडित महिलाको जिल्ला अस्पतालमा उपचार भएको थियो। प्रहरीले आरोपितलाई वर्षको अन्त्यसम्म पनि हिरासतमा राखेको छ।

एक ३० वर्षीया महिलालाई ०६९ वैशाख ४ गते कुम्पुर गाविस-५ बेलभञ्ज्याङकी ३० वर्षीय सुरेश भन्ने कृष्णबहादुर कामीले बलात्कारको प्रयास गरेको आरोपमा उनलाई वैशाख ९ गते प्रहरीले गिरफ्तार गऱ्यो । पीडितले प्रतिकार गरेपछि आरोपितले महिलामाथि कुटपिट गरेका थिए। पीडितको गजुरी प्राथमिक स्वास्थ्य केन्द्रमा र जिल्ला अस्पतालमा उपचार भयो। पीडितको अनुहार र शरीरका विभिन्न भागमा चोट लागेको थियो। आरोपित विरुद्ध वैशाख ९ गते जिल्ला प्रहरी कार्यालयमा जाहेरी दर्ता भएको थियो। जिल्ला अदालतको ०६९ जेठ ४ गतेको आदेशले आरोपित पुर्पक्षका लागि थुनामा छन्।

अमानवीय व्यवहार

कुम्पुर गाविस-८ की चापखोलाकी ७३ वर्षीया साहिँली गुरुङलाई बोक्सीको आरोपमा ०६९ असोज २ गते छिमेकी ४० वर्षीया मिनुमायाँ गुरुङले कुटपिट गरी भुत्ल्याएर दुर्व्यवहार गरिन्। । बोक्सी मन्त्र गरेर अरु मानिसलाई बिरामी पारेको आरोप लगाई उनलाई पटकपटक कुटपिट गरिएपछि पीडितले असोज ३ गते इलाका प्रहरी कार्यालय गजुरीमा जाहेरी दिइन्। आरोपितलाई कारबाही भएन।

घरेलु हिंसा

कुटपिट

तिप्लिङ गाविस-२ घोड्देनकी ३२ वर्षीया बोञ्जामाया घलेलाई ०६८ चैत १० गते पति ३४ वर्षीय बुद्धि घलेले कुटपिट गरेर कपाल उखेलिदिए। घाइते बोञ्नामायाको तिप्लिङ स्वास्थ्यचौकीमा उपचार भयो। गाउँका मानिससँग झगडा नगर्न भन्दै गर्दा एक जनालाई गोली हानेपछि रोक्न खोज्दा पीडितलाई पीडक बुद्धिले भुइँमा लडाएर कपाल उखेलेको जिल्ला प्रहरी कार्यालयले जनायो। बुद्धिलाई प्रहरीले चैत १५ गते गिरफ्तार गरी हातहतियार तथा खरखजाना ऐनअन्तर्गत मुद्दा चलाएकोमा जिल्ला अदालतले वैशाख ७ गते पुर्पक्षका लागि थुनामा राख्न आदेश दियो।

कुम्पुर गाविस-३ की कल्पना कौशिकलाई घरमा काम नगरेको आरोपमा ०६८ चैत १० गते पति गिरिश कौशिक र ससुरा रेशम कौशिकले कुटपिट गरी घर निकाला गरे। कुटपिटबाट घाइते कौशिकको मलेखु अस्पतालमा उपचार भयो। पीडितले चैत १३ गते जिल्ला अदालतमा अंशसहित सम्बन्धबिच्छेदको मुद्दा दर्ता गरिन्। जिल्ला अदालतमा मुद्दा विचाराधीन छ।

मुरलीभञ्ज्याङ गाविस-६ की २९ वर्षीया अस्मिता लम्सालेलाई ०६९ वैशाख १ गते अवैध गर्भ बोकेको आरोपमा पति ३२ वर्षीय टङ्कबहादुर लम्सालले गाउँमासमेत बस्न नदिइ घरबाट निकाला गरे। धाराको पानी छोइन्छ भन्दै जात काडेर पीडित अस्मितालाई गाउँनिकाला गरिएपछि पीडितले बैशाख १३ गते जिल्ला प्रहरी कार्यालयमा जाहेरी दिइन्। आरोपित विरुद्ध पीडितले प्रहरीलाई पटक-पटक गुहार गरे पनि कारबाही भएको छैन। पीडित विस्थापित भएर सदरमुकाममा ज्याला मजदुरी गरेर बसेकी छिन्।

सल्यानटार गाविस-१ रानीपौवाकी ३१ वर्षीया राममाया थपलियालाई ०६९ वैशाख २ गते सासू ४९ वर्षीया सोमकुमारी थपलिया र ससुरा ४९ वर्षीय विश्वनाथ थपलियाले कुटपिट गरी घरनिकाला गरे। पीडित राममायाले वैशाख ८ गने जिल्ला प्रहरी कार्यालयमा कारबाहीको गर्न माग गर्दै जाहेरी दर्ता गराइन्। तर, आरोपितलाई कारबाही भएन। पीडितको सल्यानटार प्राथमिक स्वास्थ्यकेन्द्रमा उपचार भएको थियो।

मुरलीभञ्ज्याङ गाविस-५ कोलडाँडाकी २५ वर्षीया सीता भुजेललाई ०६९ जेठ १९ गते पागल भएको भन्दै सासू ५१ वर्षीया मिठु भुजेलले घरभित्र थाममा डोरीले बाँधेर कुटपिट गरिन् । कुटपिटका

कारण घाइते भएकी सीताको जिल्ला अस्पताल धादिङमा उपचार भयो। पीडित सीताले जेठ २० गते जिल्ला प्रहरी कार्यालयमा जाहेरी दिइन्। प्रहरीले पीडकलाई सोही दिन गिरफ्तार गरी सार्वजनिक अपराध ऐन अन्तर्गत कारवाही चलाएकोमा असार २ गते जिल्ला प्रशासन कार्यालयको आदेशमा २५ हजार रुपियाँ धरौटीमा रिहा भइन्।

साङ्कोष गाविस-६ छापगाउँकी सीता धमलालाई ०६९ वैशाख १५ गते माइती बसेको आरोपमा सोही ठाउँका भदौ १८ वर्षीय रविन धमला, भाउजु २८ वर्षीया भगवती धमलाले कुटपिट गरे। घरमा बस्न नदिएकाले माइती बस्दै आएकी पीडित सीतालाई माइतीमा समेत कुटपिट गरिएको थियो। कुटपिटबाट घाइते भएकी पीडितको साङ्कोष स्वास्थ्य चौकी र जिल्ला अस्पतालमा उपचार भयो। आरोपितलाई कारबाही गर्न माग गर्दै वैशाख १५ गते जिल्ला प्रहरी कार्यालय धादिङमा जाहेरी दिएको भए पनि कारबाही भएन।

मुरलीभञ्ज्याङ गाविस–१ रामकोटकी ५३ वर्षीया शान्ति नेपालीलाई घरमा नबसेको आरोपमा ०६९ पुस १२ गते उनका पति ५६ वर्षीय कृष्णबहादुर नेपालीले कुटपिट गरी घरनिकाला गरे। कुटपिटका कारण पीडितको देब्रे हात चलेको छैन। पीडितको वर्षको अन्त्यसम्म पनि जिल्ला अस्पतालमा उपचार भइरहेको र देब्रे हात निको नभएको पीडितले बताइन्।

परिवारजनबाट हत्या

आगिनचोक गाविस-५ बिर्ताकी ३२ वर्षीया पम्फा उपाध्यायलाई घरायसी झगडा भएका कारण ०६९ मङ्सिर २४ गते बिहान पति ३५ वर्षीय होमप्रसाद उपाध्यायले घाँटी थिचेर हत्या गरे। बिहानै उठेर खाना बनाउँदै गरेकी पम्फालाई पतिले घरायसी विवादमा कञ्चटमा मुड्कीले हानेको र त्यसपछि घाँटी थिचेर घरभित्रै हत्या गरेको होमप्रसादले प्रहरीलाई बताए। आरोपितलाई प्रहरीले गिरफ्तार गरी ०६९ मङ्सिर २५ गते ज्यानसम्बन्धी मुद्दा चलाएकोमा यस वर्षको अन्त्यसम्म पनि हिरासतमा राखेको छ। पति पत्नीबीच झाँक्रीको घरमा जाने र नजाने विषयमा विवाद भएको अवस्थामा पति होमप्रसादले कुटपिट गरेका कारण पम्फाको मृत्यु भएको थियो।

बहुविवाह

नीलकण्ठ गाविस -५ पुछारबजार की २० वर्षीया पूर्णिमा कुमाललाई ०६९ मङ्सिर ३ गते पति २१ वर्षीय सोमलाल कुमालले दोश्रो विवाह गरी घरनिकाला गरे। घरमा कुटपिट गर्दै उनलाई घरनिकाला गरेपछि खान लाउनसमेत नपाएर पूर्णिमा दुई वर्षको बच्चा साथमा लिएर मजदुरी गर्दै जीविका चलाइरहेकी छिन्। पीडितले मङ्सिर १६ गते जिल्ला प्रहरी कार्यालय आफूलाई खान लाउन र पतिलाई कारबाही गर्न माग गर्दै निवेदन दर्ता गराइन्। वर्षको अन्त्यमा प्रहरीले सोमललाललाई गिरफ्तार गरी हिरासतमा राखेको छ।

सबै प्रकारका जातीय विभेद

ढोला-८ कामीगाउँकी १५ वर्षीया लक्ष्मी विकलाई ०६९ जेठ १५ गते धारामा पानी छोएको निहुँमा सोही गाउँकी ६५ वर्षीया कान्छी श्रेष्ठले कुटपिट गरिन्। कान्छीको कुटपिटबाट घाइते भएकी लक्ष्मीको जिल्ला अस्पतालमा उपचार भयो। पीडितपक्षले जिल्ला प्रहरी कार्यालयमा कारबाहीका लागि निवेदन दिएको भए पनि पीडकहरूलाई कारबाही भएन।

पिडा गाविस-५ मूलाखर्कमा ०६९ असार १७ गते पिडा गाविस-५ का नवराज सुनार र सोही ठाउँकी सम्झना सुवेदीबीच अर्न्तजातीय विवाह भएपछि गैरदलितहरूले दलित समुदायमाथि असार १९ गतेदेखि २० गतेसम्म आक्रमण गर्दा १५ जना घाइते र विस्थापित भए। दलितहरूको बस्तीमा आक्रमण गर्न डोलभञ्ज्याङ माविका शिक्षक कृष्ण सुवेदी, स्थानीय रामशरण सापकोटा, हरि सापकोटा, विष्णु सापकोटा, रामचन्द्र सुवेदी, विनोद सुवेदी, सीताराम सुवेदी, रामबहादुर सुवेदी सहितको टोलीले लट्ठी, टर्च लाइट र घरेलु हातहतियारसहित आएपछि दलितहरू गाउँबाट भागाभाग गरेका थिए। डोलभञ्ज्याङ माविका शिक्षक कृष्ण सुवेदी, रामबहादुर सुवेदीले डोलभञ्ज्याङ माविमा कक्षा नौमा अध्ययनरत विद्यार्थी कोपिला विक, सीता विक र कक्षा पाँचमा अध्ययनरत ओली विकलाई विद्यालयबाट निष्कासन गर्ने धम्कीसमेत दिएको विद्यार्थीहरूले बताए। विस्थापित दलित समुदायले असार २१ गते सुरक्षाको माग गर्दै इलाका प्रहरी कार्यालय गजुरीमा शरण लिई घटनाको जानकारी गराए। घटनापछि गाउँ पुगेको प्रहरीले कुनै जानकारी ल्याएन। विस्थापितहरूले घर फर्कन सकेनन्। साउन ९ गते केन्द्रीयस्तरका इन्सेक लगायतका संस्थाका मानवअधिकारकर्मीहरूको टोलीले जिल्लामा अन्तर्क्रिया कार्यक्रम गर्दा प्रहरीले रामचन्द्र सुवेदी र शिव

सापकोटालाई गिरफ्तार गरेको जनायो। असार २२ गते पीडित पक्षको तर्फबाट जिल्ला प्रशासनमा शान्ति सुरक्षा माग गर्दै निवेदन दर्ता भयो भने जिल्ला प्रहरी कार्यालयमा पीडक आठ जना विरुद्ध जाहेरी परेको थियो। इन्सेकसहित अधिकारकर्मीहरूको टोलीले असार २३ गते बिहान घटनास्थलको अनुगमन गरेको थियो भने राष्ट्रिय दलित आयोगले असार २६ गते घटनास्थलको अनुगमन गऱ्यो। असार २७ गते प्रमुख जिल्ला अधिकारीलाई पीडकलाई कारवाही गर्न माग गर्दै ज्ञापनपत्र बुझाए। जिल्ला प्रशासन कार्यालयमा असार २८ गते पीडित पक्ष तथा दलित अधिकारकर्मीले धर्ना दिए। इन्सेक सहित दलित सङ्घसंस्थाहरूले तयार गरेको स्थलगत अध्ययन प्रतिवेदन साउन ९ गते काठमाडौंमा सार्वजनिक गरियो। आइसीडीसीद्वारा साउन १२ गते दलित बस्तीमा जातीय भेदभाव नभएको प्रतिवेदन सार्वजनिक गऱ्यो।

स्वास्थ्य सेवाको अवस्था

अस्पताल	१		
स्वास्थ्यचौकी	२५		
उपस्वास्थ्यचौकी	२४		
पद	**दरबन्दी**	**कार्यरत**	**रिक्त**
डाक्टर	५	३	२
स्टाफ नर्स	६	५	१
ल्याब असिस्टेन्ट	७	४	३
अहेब	१०६	६६	४०
अनमी	८२	४७	३५
खोप सुपरभाइजर	२	२	
क्षयरोग/कुष्ठरोग सुपरभाइजर	१	१	
हेल्थ असिस्टेन्ट	३०	१५	१५

जिल्ला प्रहरी कार्यालय

जिल्ला प्रहरी कार्यालयमा ०६८ पुस १७ गतेदेखि ०६९ पुस १६ गतेसम्म बलात्कार आठ, बलात्कार प्रयास तीन, घरेलुहिंसा ३९, कर्तव्यज्यान नौ, ज्यानमार्ने उद्योग १०, आत्महत्या १०, बहुविवाह सात, जातीय छुवाछूत एक, अपहरण तीन, विस्फोटक पदार्थ दुई, बाल विवाहका एक ओटा मुद्दा दर्ता भए।

२.१७ सिन्धुपाल्चोक



जिल्ला सदरमुकाम: चौतारा
क्षेत्रफल (वर्ग कि. मि.): २,५४२
घरधुरी सङ्ख्या: ६६,६८८
जम्मा जनसङ्ख्या: २,८७,७५८
पुरुष: १,३८,३५१
महिला: १,४५,४४७
अपाङ्ग सङ्ख्या: ६,६०८
गाविस/नपा सङ्ख्या: ७५/०
पुरुष साक्षरता सङ्ख्या: ८५,६८४
महिला साक्षरता सङ्ख्या: ७५,४२०
हिन्दू धर्मावलम्बी प्रतिशत: ५८.८५
बौद्ध धर्मावलम्बी प्रतिशत: ३७.५६
इस्लाम धर्मावलम्बी प्रतिशत: ०.०१
किराँत धर्मावलम्बी प्रतिशत: ०.०१
क्रिश्चियन धर्मावलम्बी प्रतिशत: १.८३
प्रकृति धर्मावलम्बी प्रतिशत: १.०८
अन्य धर्मावलम्बी प्रतिशत: ०.१२६
प्रतिपरिवार सरदर सङ्ख्या: ४.३२

नागरिक तथा राजनीतिक अधिकार सम्मानित रूपले बाच्ने अधिकार

हत्या

राज्यबाट

हगाम गाविस-२ का ४२ वर्षीय विवेक श्रेष्ठलाई ०६९ भदौ ३१ गते राति १.३० बजे फूल्पिङकट्टी गाविस-१ स्थित सेलाङकट्टीमा भारी बोकिरहेको बेला प्रहरी चौकी फूल्पिङकट्टीका इन्चार्ज असई राजन कार्कीको नेतृत्वमा गस्तीमा गएको टोलीले रक्तचन्दन बोकेको आरोपमा गोली हानी हत्या गऱ्यो। पीडितको लास बाह्रबीसे प्राथमिक उपचार केन्द्रमा ०६९ असोज १ गते पोस्टमार्टम गरी आफन्तले सद्गत

घटनाको प्रकार	राज्यपक्षबाट		गैरराज्यपक्षबाट		
	पुरुष	जम्मा	महिला	पुरुष	जम्मा
घाइते	१	१		१	१
बालअधिकार			९		९
महिलाअधिकार			१०		१०
जातीय विभेद				१	१
गिरफ्तारी/यातना	१	१			
कुटपिट				३	३
धम्की			१	४	५
हत्या	१	१	४	३	७
जम्मा	३	३	३४	११	४५

गरे। गस्तीमा गएको टोलीलाई रक्त चन्दन बोकेका व्यपारीहरूले गोली प्रहार गरेपछि प्रतिकारमा आफूहरूले नौ राउण्ड गोली प्रहार गरेको प्रहरीको भनाइ थियो।

गोली/विस्फोटक पदार्थद्वारा घाइते

राज्यबाट

चौतारा गाविस-४ घरभई जिल्ला खानेपानी कार्यालय चौताराका सवारीचालक ३६ वर्षीय दिनेश श्रेष्ठलाई ०६८ चैत २७ गते बेलुकी काभ्रेपलाञ्चोक जिल्ला नाला घरभएका प्रमुख जिल्ला अधिकारीका अङ्गरक्षक प्रहरी हवल्दार ४० वर्षीय राजाराम खत्री खनालले साँगाचोक गाविस सुकुटेस्थित रिभरसाइड रिसोर्टमा मादकपदार्थ सेवन गरी गोली हानी घाइते बनाए। पीडित श्रेष्ठको धुलिखेल अस्पतालमा उपचार भयो। खनाललाई प्रहरीले सोही दिन गिरफ्तार गऱ्यो। उनलाई जिल्ला अदालतको ०६९ वैशाख २७ गतेको आदेश अनुसार पुर्पक्षमा राखेकोमा ०६९ असार २५ गतेको अदालतको फैसलाले दुई वर्ष कैदको सजाय सुनाएको थियो। जिल्ला अदालतको निर्णय विरुद्ध आरोपितले पुनरावेदन गरेकाले ०६९ साउन १६ गतेदेखि पुनरावेदन अदालतमा मुद्दा विचाराधीन छ।

जेल र बन्दीहरू

'घ' श्रेणीको जिल्ला कारागारको महिला बन्दीगृह भवनमा बन्दी क्षमता सात जना महिलाको रहेको छ। यस जिल्ला कारागारको महिला बन्दीगृह भवन ०६८ सालमा निर्माण भएको हो भने पुरुष बन्दीगृह निर्माणाधीन छ। यस वर्षको अन्त्यसम्म कैद तोकिएका पुरुष ३७ जना र कैद नतोकिएका पुरुष ६१ जना गरी ९८ जना रहेका छन्। तर, यस कारागारमा हाल महिला बन्दी राखिएको छैन। महिला बन्दीगृहमा पुरुषमात्र राखिएको छ। सात जना क्षमता भएको महिला बन्दीगृहमा क्षमताभन्दा बढी बन्दी राखिएका कारण बन्दीहरूलाई विभिन्न रोग लाग्ने गरेकोले समस्या बढेको बन्दीहरूको भनाइ छ। कारागारका बन्दीहरूलाई राज्यले उपलब्ध गराएको सिधा र विभिन्न राष्ट्रिय दैनिक तथा स्थानीय पत्र पत्रिकाहरू पढ्ने सुविधा उपलब्ध गराइएको छ।

धम्की/कुटपिट

नेपाली काङ्ग्रेसबाट

मानेश्वारा गाविस निवासी एकीकृत माओवादीका जिल्ला नेता ४५ वर्षीय लालकान्छा तामाङ (अरुण) लाई ०६८ चैत २ गते दिउँसो मध्य भोटेकोशी जलविद्युत आयोजनाद्वारा आयोजित सार्वजनिक सुनुवाई कार्यक्रममा भाग लिन गएका बेला मार्मिङ गाविस छ्यामदी घर भएका काङ्ग्रेसका कार्यकर्ता ३० वर्षीय लोपसाङ शेर्पाको नेतृत्वको समूहले गाती गाविस-९ सखुवास्थित दिपज्योति प्राविको प्राङ्गणमा छुरा प्रहार गरी घाइते बनायो। घाइते तामाङलाई बाह्रबीसे प्राथमिक स्वास्थ्य केन्द्रमा सामान्य उपचारपछि थप उपचारका लागि अल्का अस्पताल काठमाडौँ लगिएको थियो। पीडितले सोही दिन बाह्रबीसे इलाका प्रहरी कार्यालय बाह्रबीसेमा उजुरी गरे। आरोपितलाई कारबाही भएन। नेताहरूकै अगाडि र सुरक्षाकर्मीहरूको रोहबरमा आफ्ना नेतालाई छुरा प्रहार गर्न लगाएको भन्दै एकीकृत माओवादी जिल्ला सङ्गठन कमिटीले ०६८ चैत ३ गते प्रेस विज्ञप्ति जारी गरी घटनाको विरोध गऱ्यो। मध्य भोटेकोशी जलविद्युत आयोजनाद्वारा आयोजित सार्वजनिक सुनुवाइ कार्यक्रममा भाग लिन गएका माओवादी जिल्ला नेता तामाङलाई मञ्चमा बसिरहेका बेला 'तपाईंसँग केही कुरा गर्नु छ' भन्दै डाकेर केही पर लगी हाम्रो विरोध गरेको भन्दै नाक र गालामा छुरा प्रहार गरी घाइते बनाएको पीडितले बताए।

एकीकृत माओवादीबाट

थुम्पाखर गाविस-८ घरभई नेपाल पत्रकार महासङ्घ जिल्ला शाखाका कोषाध्यक्ष एवम् प्रेस

चौतारीका जिल्ला अध्यक्ष, दिनेश थापालाई ०६९ मङ्सिर २३ गते राति पाल्चोक गाविस-८ स्थित ककनीका नोर्साङ लामाको समूहले आफु विरुद्ध समाचार लेखेको आरोपमा टेलिफोन गरी धम्की दिए। पत्रकार थापाले ०६९ मङ्सिर २० गतेको सिन्धुप्रवाह साप्ताहिकमा गैरनेपालीलाई नागरिकता वितरणको अखडा बन्दै जिल्ला प्रशासन कार्यालय भन्ने शीर्षकमा समाचार लेखेका थिए। धम्कीविरुद्ध जिल्ला प्रशासन कार्यालयमा ०६९ मङ्सिर २३ गते पत्रकारहरूले मौखिक उजुरी गरेपनि पीडकलाई कारबाही भएन। धम्की दिने समूह एकीकृत माओवादीका गाउँ स्तरीय कार्यकर्ता हुन्।

सुगम र निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालत

०६८ साउनदेखि ०६९ असार मसान्तसम्म

यस जिल्ला अदालतमा फौजदारी मुद्दातर्फ ६७ थान मध्ये ३४ थान फैसला भए भने ३३ थान फैसला हुन बाँकी रहे। देवानी मुद्दातर्फ ९० थान मध्ये २१ थान फैसला भए भने ६९ फैसला हुन बाँकी रहे।

०६९ साउनदेखि पुस १५ सम्म

एक जनामात्र न्यायाधीश रहेको यस जिल्ला अदालतको फौजदारी मुद्दातर्फ १ सय ६ थान मुद्दा मध्ये १५ थान फैसला भए भने ९१ थान फैसला हुन बाँकी रहे। देवानी मुद्दातर्फ ७१ थान मध्ये १२ थान फैसला भए भने ५९ थान मुद्दा फैसला हुन बाँकी रहे। दुई वर्ष नाघेका फौजदारी मुद्दा दुई थान र देवानी मुद्दा एक थान बाँकी रहे।

जिल्ला सरकारी वकिलको कार्यालय

जिल्ला सरकारी वकिलको कार्यालयबाट ०६८ साउनदेखि ०६९ असार मसान्तसम्म दायर मुद्दाको सङ्ख्या ९३ थान छ जसमध्ये ३६ थान सफल भए भने सात थान असफल भए। सरकारी वकिल सङ्ख्या दुई रहेको यस जिल्ला कार्यालयबाट दायर मुद्दामध्ये ०६९ असार मसान्तसम्म ५० मुद्दा बाँकी रहेको सरकारी वकिलको कार्यालयले जनायो।

जिल्ला सरकारी वकिलको कार्यालयबाट ०६९ साउनदेखि ०६९ पुससम्म दायर मुद्दाको सङ्ख्या ३८ थान छ जसमध्ये कति सफल भयो कति असफल भयो भन्ने कुरा जिल्ला सरकारी वकिलको कार्यालयलाई जानकारी नभएको कार्यालयले जनायो।

प्रमुख जिल्ला अधिकारीका अंगरक्षक प्रहरी हवल्दार राजाराम खत्री खनालले चलाएको गोली लागी घाइते भएका दिनेश श्रेष्ठ

यातना तथा अन्य क्रुर अमानवीय र अपमानजनक व्यवहार वा दण्ड

तालामाराङ गाविस-३ घरभई कुन्चोक गाविस-७ मा बस्दै आएका २० वर्षीय विवेक लामालाई ०६९ वैशाख २ गते इलाका प्रहरी कार्यालय नवलपुरका इन्स्पेक्टर कुमार पण्डित क्षेत्रीले हिरासतमा कुटपिट गरी शारीरिक यातना दिई घाइते बनाए। घाइते लामाको स्थानीय नवलपुर स्वास्थ्य चौकीमा उपचार गरी थप उपचारको लागी चौतारा अस्पताल लगिएको थियो। पीडितले ०६९ वैशाख ४ गते जिल्ला प्रशासन कार्यालयमा उजुरी दर्ता गरे। पीडितलाई बिना पक्राउ पुर्जी प्रहरीले थुनेर राखेको र रातिको समयमा तीन घण्टासम्म पाइप र डण्डीले लगातार कुटपिट गरी यातना दिएको पीडितले बताए। पीडितको दुवै खुट्टाको तिघ्रा र ढाँडमा नीलडाम रहेको थियो। पीडितको उजुरी उपर कुनै सुनुवाइ भएन।

बालअधिकार

शिक्षाको अवस्था

यस जिल्लाका विद्यालय जाने उमेरका १ लाख ४४ हजार ६ सय ५८ मध्ये छात्र ४८ हजार ४ सय ५९ र छात्रा ४५ हजार ३० जना बालबालिकाहरू प्राथमिक तहदेखि माथि तहसम्म भर्ना भए। यसमध्ये दलित छात्रा ४ हजार ७ सय ५४ र छात्र ५ हजार ३ सय ४४ रहेका छन्।

सरकारी र सामुदायिक विद्यालय गरी प्राथि तहमा महिला ६ सय १७ र पुरुष १ हजार ८८ गरी जम्मा १७ सय ५ जना शिक्षक कार्यरत रहेका छन्। निमाथि तहमा महिला २ सय ६९ र पुरुष १ सय ५० गरी जम्मा ४ सय १९ जना शिक्षक कार्यरत रहेका छन्। यसैगरी माथि तहमा महिला २ सय २६ र पुरुष १ सय १६ गरी जम्मा ३ सय ४२ शिक्षक रहेका छन्।

बालविकास केन्द्रमा बालक ३ हजार ३ सय ५२ र बालिका ३ हजार १ सय ६६ गरी जम्मा ६ हजार ५ सय १८ रहेका छन्। यस जिल्ला शिक्षा कार्यालयले

शिक्षासम्बन्धी सबै तथ्याङ्क अद्यावधिक गरिएको पाइयो।

बलात्कार, बलात्कार प्रयास, यौनदुर्व्यवहार

एक सात वर्षीया बालिकालाई ०६८ चैत १४ गते विहान पेड्कु गाविसका १४ वर्षीय पेड्कु "क" ले आफ्नै घरमा डाकेर कापीदिन्छु भनी फकाएर बलात्कार गरेको आरोपमा पीडितपक्षले ०६८ चैत १८ गते इलाका प्रहरी कार्यालय बाह्रबीसेमा उजुरी गरे । आरोपितलाई चैत ३० गते प्रहरीले गिरफ्तार गरेकोमा जिल्ला अदालतको ०६९ असार २८ गतेको फैसलाले बालबालिका ऐन २०४८ को दफा ११ बमोजिम पाँच वर्ष जेल सजाय सुनायो। आरोपित बालसुधार गृह भक्तपुरमा छन्।

एक १७ वर्षीया बालिकालाई ०६८ चैत २९ गते साँझ सर्लाही जिल्ला बकैया गाविस-४ घरभई सानोसिरुवारी गाविस-१ स्थित फर्निचर कारखानामा काम गर्दै आएका ४६ वर्षीय ताप्से ठाकुरले पीडितकै घरभित्र बलात्कार गरेको आरोपमा वैशाख २ गते प्रहरीले गिरफ्तार गऱ्यो। आरोपित जिल्ला अदालतको ०६९ जेठ ३ गतेको आदेशले पुर्पक्षका लागि थुनामा छन्।

एक नौ वर्षीया बालिकालाई ०६९ साउन ११ गते विहान ठूलोसिरुवारी गाविस-५ अर्चलेका ५२ वर्षीय गणेश दुलालले आफ्नै घरमा बसिरहेको बेला फकाएर केही पर लगेर बलात्कार गरेको आरोपमा उनलाई ०६९ साउन १९ गते प्रहरीले गिरफ्तार गऱ्यो। पीडितको साउन १८ गते चौतारा अस्पतालमा स्वास्थ्य परीक्षण भएको थियो। पीडितपक्षले ०६९ साउन १८ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी गरेको थियो। आरोपित अदालतको आदेशले ०६९ भदौ १३ गतेदेखि पुर्पक्षका लागि थुनामा छन्।

एक १५ वर्षीया बालिकालाई ०६९ भदौ २२ गते बाडेगाउँ गाविस-७ स्थित जङ्गलको बीच बाटोमा बलात्कार गर्ने प्रयास गरेको आरोपमा बाडेगाउँ गाविस-१ का १९ वर्षीय प्रकाश शाही, १९ वर्षीय राजकुमार शाहीलाई र एक जना बालकलाई ०६९ भदौ २४ गते बिहान प्रहरीले गिरफ्तार गऱ्यो। पीडित बालिकाले भदौ २२ गते प्रहरी चौकी भीमटारमा उजुरी गरेकी थिइन्। जिल्ला अदालतको ०६९ असोज १७ गतेको आदेशले आरोपितहरू हाल पुर्पक्षका लागि थुनामा छन् ।

एक १२ वर्षीया बालिकालाई ०६९ असोज ९ गते विद्यालयबाट घर जान लाग्दा बीचबाटोमा बलात्कार गरेको आरोपमा बाग्लुङ जिल्ला बुर्तीवाङ गाविस घर भई सानोसिरुवारी गाविस-५ स्थित झ्याडी जलविद्युत आयोजनामा कार्यरत ४० वर्षीय चसबहादुर घर्तीलाई ०६९ असोज १९ गते प्रहरीले गिरफ्तार गऱ्यो। आरोपितले विद्यालयबाट घर जान लाग्दा पीडित बालिकालाई झ्याडीको जङ्गलमा चक्लेट दिएर फकाई बलात्कार गरेको आरोपमा पीडितपक्षले ०६९ असोज १९ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। पीडितको स्वास्थ्य परीक्षण गरिएन। आरोपित ०६९ असोज २९ गतेको जिल्ला अदालतको आदेशले पुर्पक्षका लागि थुनामा छन्।

बालबालिका ओसारपसार

एक १४ वर्षीया बालिकालाई ०६९ वैशाख १५ गते दोलखा जिल्ला चिलङ्खा गाविस-७ की २४ वर्षीया अनुजा गुरुङ (श्रेष्ठ) ले फकाएर काममा लगाइदिने बाहानामा घरबाट बिक्री गर्ने उद्देश्यले काठमाडौँ लगेकोमा त्यही समयमा सुदुरपश्चिमाञ्चल क्षेत्र बन्द भएकाले काठमाडौँस्थित टोखाको एक घरमा एक महिनासम्म पीडित बालिकालाई बन्धक बनाएर राखिन्। पीडित बालिका बन्धक बनाएकै ठाउँबाट ०६९ जेठ १४ गते भागेर आफन्तको सम्पर्कमा पुगिन्। पीडितपक्षले जेठ १६ गते प्रहरी कार्यालयमा उजुरी गऱ्यो। अनुजा गुरुङलाई प्रहरीले ०६९ जेठ ३० गते गिरफ्तार गरेकोमा असार २८ गते जिल्ला अदालतले १० वर्षको सजाय हुने फैसला सुनायो।

महिलाविरुद्ध हुने सबै प्रकारको भेदभाव, दुर्व्यवहार

जिल्ला प्रहरी कार्यालयस्थित महिला तथा बालबालिका सेवा केन्द्रमा महिलासँग सम्बन्धित विभिन्न ९५ थान मुद्दाहरू दर्ता भए। दर्ता भएका मध्य ५७ ओटा मुद्दा मिलापत्र गरी पठाएको र ३८ थान मुद्दाहरू कानुनी प्रक्रियामा अगाडि बढाइएको महिला तथा बालबालिका सेवा केन्द्रले जनायो।

मानवबेचविखन तथा ओसारपसार

काठमाडौँ तिलगङ्गा घर बताउने १७ वर्षीया बालिकालाई ०६९ बैशाख १२ गते चीनको खासामा बिक्री गरेको आरोपमा दोलखा जिल्ला बिगु गाविस-१ घरभई चीनको खासा बजारमा क्याबिन रेष्टुरेण्ट सञ्चालन गर्दै आएका असिम तामाङलाई ०६९ असार ४ गते दिउँसो तातोपानी गाविस-५ स्थित लार्चाबाट

प्रहरीले गिरफ्तार गऱ्यो। खासाबाट फर्किएर माइती नेपालको सहारा पाएपछि पीडितले जिल्ला प्रहरी कार्यालय काठमाडौँमा मौखिक उजुरी गरेकी थिइन्। विभिन्न प्रलोभनमा पारेर नेपाली महिलालाई चीनको खासास्थित क्याबिन होटलहरूमा यौनशोषण गर्ने उद्देश्यले लगिएको पीडित महिलाको मौखिक उजुरीका आधारमा आरोपित तामाङलाई गिरफ्तार गरेको प्रहरीले बतायो। आरोपित तामाङलाई जिल्ला प्रहरी कार्यालय काठमाडौँले मुद्दा चलाएको र पीडितलाई माइती नेपालको जिम्मामा बुझाइएको जिल्ला प्रहरी कार्यालय सिन्धुपाल्चोकले जनायो।

बलात्कार, बलात्कार प्रयास तथा यौन दुर्व्यवहार

एक ४५ वर्षीया एकल महिलालाई बलात्कार गरेको आरोपमा जलवीरे गाविस-४ की ३३ वर्षीय साजन श्रेष्ठलाई ०६८ चैत २१ गते प्रहरीले गिरफ्तार गऱ्यो। पीडित महिलाकाअनुसार पीडक श्रेष्ठ मदिरा सेवन गरी २० गते राति घरमा प्रवेश गरी मुख थुनेर बलात्कार गरेका थिए। ईलाका प्रहरी कार्यालय जलबीरेमा पीडितले चैत २१ गते उजुरी गरेकी थिइन्। आरोपित श्रेष्ठ अदालतको ०६९ जेठ ३ गतेको आदेशले पुर्पक्षका लागि थुनामा छन् ।

एक ४५ वर्षीया एकल महिलालाई बराम्ची गाविस-४ का ४० वर्षीय मानबहादुर श्रेष्ठले बलात्कार गरेको भन्दै ०६९ मङ्सिर २० गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दर्ता भयो । पीडित महिलालाई ०६९ मङ्सिर ११ गते आरोपित मानबहादुरले घरमा बसिरहेको बेला जबरजस्ती बलात्कार गरेको आरोप छ। आरोपितलाई ०६९ मङ्सिर २० गते प्रहरीले गिरफ्तार गरी हाल जिल्ला प्रहरी कार्यालयले अनुसन्धानका लागि हिरासतमा राखेको छ ।

घरेलु हिंसा

कुटपिट

चौतारा गाविस-९ घरभई मांखा गाविस-६ स्थित खाडीचौर बजारमा मजदुरी गरी बस्ने २४ वर्षीया भीममायाँ तामाङलाई ०६९ मङ्सिर ४ गते पति याङसिङ तामाङले कुटपिट गरी घर निकाला गरे। दुई महिनाअघि पीडितका पतिले दोश्रो विवाह गरेपछि आफूलाई कुटपिट गर्दै आएको पीडितले बताइन्। पीडितले मङ्सिर ५ गते जिल्ला प्रहरी कार्यालयमा कुटपिट विरुद्ध उजुरी दिइन्। जिल्ला प्रहरी कार्यालयले सक्कलै निवेदन प्रहरी चौकी लामोसाँघुलाई मङ्सिर ५ गते पठाएकोमा पीडक हालसम्म फरार भएकोले कानुनी कारबाही भएन।

परिवारजनबाट हत्या

चौतारा गाविस-४ डाँडाँपारीकी ३८ वर्षीया मानकुमारी नेपालीलाई ०६९ साउन २४ गते बेलुका पति ३६ वर्षीय चन्द्रबहादुर नेपालीले कुटपिट गरी हत्या गरे। पीडित मानकुमारीको लास साउन २५ गते बिहान आफ्नै घरमा फेला परेको थियो। पीडितका छिमेकीले जिल्ला प्रहरी कार्यालयमा मौखिक उजुरी गरेपछि आरोपितलाई साउन २५ गते प्रहरीले गिरफ्तार गरेको थियो। अत्यधिक मादक पर्दाथ सेवन गरेका चन्द्रबहादुर नेपालीले पत्नीलाई कुटपिट गरी हत्या गरेको स्वीकार गरे। पीडितको साउन २५ गते दिउसो चौतारा अस्पतालमा पोष्टमार्टम गरी आफन्तले सदगत् गरे भने आरोपित चन्द्रबहादुर नेपाली अदालतको ०६९ भदौ १८ गतेको आदेशले हाल पुर्पक्षकालागि थुनामा छन्।

सिपापोखरे गाविस-७ की दुई महिने सुत्केरी २२ वर्षीया शर्मिला भट्टराईलाई ०६८ चैत ४ गते विहान पति ३४ वर्षीय सुदिप भट्टराइले घाँटीमा डोरीले कसेर हत्या गरे। पीडितको मेलम्चीस्थित प्राथमिक स्वास्थ्य केन्द्रमा चैत ५ गते पोष्टमार्टम भयो भने पीडकलाई चैत ५ गते प्रहरीले गिरफ्तार गरेकोमा जिल्ला अदालतको ०६९ भदौ ५ गतेको फैसलाले २० वर्ष जेल सजाय सुनायो।

बहुविवाह

ठूलोसिरुवारी गाविस-३ कार्कीछापका २३ वर्षीय सन्तोष गिरीले घरमा २३ वर्षीया शान्ता गिरी पत्नी हुँदाहुँदै ०६८ चैत २१ गते दुवाचौर गाविस केउरिनीकी २० वर्षीया सानो गिरीसँग बहुविवाह गरे। पीडित शान्ताले ०६८ चैत २५ गते साँगाचोक प्रहरी चौकीमा पतिविरुद्ध बहुविवाह गरेको भन्दै उजुरी गरिन्। सोही उजुरीका आधारमा पीडक दुवै जनालाई प्रहरीले चैत २५ गते घरबाट गिरफ्तार गरेको थियो। पीडकहरू अदालतको आदेशले सामान्य तारेखमा रिहा भए।

सबै प्रकारका जातीय विभेद

कर्थली गाविस-८ सिम्लेका ज्ञानेन्द्र राउतलाई दलितसँगको सहभोजमा गएर खाएको आरोपमा स्थानीय गाउँलेहरूले सामाजिक बहिष्कार गरे। स्थानीय एक

विवाहमा भोज खाएको भन्ने विवादले दलित र गैरदलितबीचमा चर्को रुप लिएपछि सो विवाह मिलाउन ०६९ साउन १३ गते कर्थली गाविस-८ स्थित बुदेपामा दलित हकहित सरोकार केन्द्रले सहभोजको आयोजना गरेको थियो। आयोजित सहभोज कार्यक्रममा ज्ञानेन्द्र राउतले नेकपा एमालेबाट प्रतिनिधित्व गरेका थिए। सोही सहभोज कार्यत्रममा गएर खाएको आरोपमा स्थानीय गाउलेहरूले सामाजिक बहिष्कार गरे। दलितको सहभोजमा गएका ज्ञानेन्द्र राउतको घरमा पुरोहित जान मानेनन्। ०६९ साउन २१ गते घरमा पुरोहित नगएपछि ज्ञानेन्द्र राउतले बाजेको श्राद्ध गर्न पाएनन्। उनले दिदी-बहिनीलाई टिका लगाएर श्राद्ध सम्पन्न गर्न बाध्य भए।

स्वास्थ्य सेवाको अवस्था

अस्पताल	१		
स्वास्थ्यचौकी	१०		
उपस्वास्थ्यचौकी	६५		
पद	**दरबन्दी**	**कार्यरत**	**रिक्त**
डाक्टर	६	१	५
स्टाफ नर्स	७	५	२
ल्याब असिस्टेन्ट	४	१	३
अहेब	८३	५९	२४
अनमी	२०	१६	४
खोप सुपरभाइजर	१	१	
क्षयरोग/कुष्ठरोग सुपरभाइजर	१	१	
हेल्थ असिस्टेन्ट	१६	६	१०
स्वास्थ्य कार्यकर्ता	७९	४२	३७

जिल्ला प्रहरी कार्यालय

जिल्ला प्रहरी कार्यालयमा ०६८ पुस १७ गतेदेखि ०६९ पुस १६ गतेसम्म बलात्कार छ, बलात्कार प्रयास तीन, कर्तव्यज्यान १०, आत्महत्या २८, हातहतियार खरखजाना तीन, बहुविवाह तीन, मानवबेचबिखन तीन, विस्फोटक पदार्थका एक ओटा मुद्दा दर्ता भए।

२.१८ नुवाकोट

जिल्ला सदरमुकाम: विदुर
क्षेत्रफल (वर्ग कि. मि.): १,१२१
घरधुरी सङ्ख्या: ५५,२१५
जम्मा जनसङ्ख्या: २,७७,४७१
पुरुष: १,३२,७८७
महिला: १,४४,६८४
अपाङ्ग सङ्ख्या: ४,६५०
गाविस/नपा सङ्ख्या: ६१/१
पुरुष साक्षरता सङ्ख्या: ८७,२३७
महिला साक्षरता सङ्ख्या: ४४,८१३
हिन्दू धर्मावलम्बी प्रतिशत: ५७.७७
बौद्ध धर्मावलम्बी प्रतिशत: ४०.०१
इस्लाम धर्मावलम्बी प्रतिशत: ०.१३
किराँत धर्मावलम्बी प्रतिशत: ०.१५
क्रिश्चियन धर्मावलम्बी प्रतिशत: १.६१
प्रकृति धर्मावलम्बी प्रतिशत: ०.०१
अन्य धर्मावलम्बी प्रतिशत: ०.३१७
प्रतिपरिवार सरदर सङ्ख्या: ४.६५

जेल र बन्दीहरू

'ङ' श्रेणीको जिल्ला कारागारको बन्दी क्षमता ८५ जनाको रहेको छ। यो वर्षको अन्त्यसम्म कैद तोकिएको १ सय ३ जना र कैद नतोकिएको ५१ जना कैदी र थुनुवा गरी जम्मा १ सय ५४ जना बन्दीहरू रहेका छन्। जसमा आश्रित बालक एक जना र बालिका एक जना गरी जम्मा दुई जना नाबलक रहेका छन्। यो कारागार २०६३ सालमा निर्माण भएको हो। कारागारमा पुरुष बन्दी ७० जना र महिला बन्दी १५ जना गरी ८५ जनाको क्षमता रहेको छ। यस कारागारमा पुरुष कोठा छ र महिला कोठा दुई रहेको छ। यस वर्ष घरेलु तथा साना उद्योग विकाश समितिको

सहयोगमा कैदीहरुलाई मुडा बुन्ने, मैनबत्ती बनाउने, सिलाइबुनाई तालिम दिएको कारागार प्रमुख खगेन्द्रकेशरी घिमिरेले बताए। कारागारभित्र पत्रपत्रिका तथा टिभि हेर्ने व्यवस्था मिलाएको कारागार प्रमुख घिमिरेले बताए। कारागारभित्र तीन ओटा धारा रहेको र पाँच ओटा शौचालय रहेकोमा कारागारमा क्षमता भन्दा बढी कैदी रहेकोले शौचालय अपुग भएको कैदीहरुले बताए।

सुगम र निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालत

०६८ साउनदेखि ०६९ असार मसान्तसम्म

एक जनामात्र न्यायाधीश रहेको यस जिल्ला अदालतको फौजदारी मुद्दातर्फ ३ सय १५ थानमध्ये २ सय २१ थान फैसला भए भने ९४ थान फैसला हुन बाँकी रहे। देवानी मुद्दातर्फ ३ सय ३३ थान मध्ये २ सय ३ थान फैसला भए भने १ सय ३० थान फैसला हुन बाँकी रहे।

०६९ साउनदेखि पुस १५ सम्म

एक जनामात्र न्यायाधीश रहेको यस जिल्ला अदालतको फौजदारी मुद्दातर्फ जिम्मेवारी सरेर आएका ९४ थान र यस वर्ष परेको ५१ थान गरी जम्मा १सय ४५ थान मध्ये ३१ थान फैसला भए भने १ सय १४ थान फैसला हुन बाँकी रहे। देवानी मुद्दातर्फ जिम्मेवारी सरी आएको १ सय ३० थान र यस वर्ष परेको ३१ थान मध्ये ५० थान फैसला भए भने १ सय ११ थान फैसला हुन बाँकी रहे। दुई वर्ष नाघेका फौजदारी मुद्दा नरहेको जिल्ला अदालतका खरदार ठाकुर भण्डारीले बताए।

जिल्ला सरकारी वकिलको कार्यालय

यस जिल्लामा जिल्ला सरकारी वकिलको कार्यालयबाट ०६८ साउनदेखि ०६९ असार मसान्तसम्म दायर मुद्दाको सङ्ख्या १ सय ३३ थानमध्ये ६१ थान सफल भए भने २४ थान असफल भए। मुलतवी, तमेली पेण्डिङमा रहेको मुद्दा सङ्ख्या ३८ थान रहेको छ। सरकारी वकिल सङ्ख्या दुई रहेको यस जिल्ला कार्यालयबाट दायर मुद्दामध्ये ०६९ असार मसान्तसम्म ४८ थान मुद्दा बाँकी रहेको सरकारी वकिलको कार्यालयले जनायो।

दायर मुद्दामध्ये कर्तव्य ज्यानसम्बन्धी मुद्दा २४ थान मध्ये सात थान सफल र छ थान असफल रह्यो। बलात्कारसम्बन्धी मुद्दा पाँच मध्ये एक सफल रह्यो।

घटनाको प्रकार	गैरराज्यपक्षबाट		
	महिला	पुरुष	जम्मा
बालअधिकार	६		६
अमानवीय व्यवहार		१	१
महिलाअधिकार	३		३
जातीय विभेद		१	१
हत्या	४	५	९
जम्मा	१३	६	१९

महिला बेचविखनसम्बन्धी मुद्दा २२ मध्ये छ थान सफल र दुई असफल रह्यो। यस जिल्लामा अपहरणसम्बन्धी, बालविवाह सम्बन्धी र छुवाछुतसम्बन्धी मुद्दा परेनन् भने बहुविवाहसम्बन्धी मुद्दा चार थानमुद्दा परेका छन्।

जिल्ला सरकारी वकिलको कार्यालयबाट ०६९ साउनदेखि ०६९ पुससम्म दायर मुद्दाको सङ्ख्या २६ छ जसमध्ये सात सफल भएको छ। सरकारी वकिल सङ्ख्या दुई जना रहेको छ। यस जिल्ला कार्यालयबाट दायर मुद्दामध्ये ०६९ असार मसान्तसम्म १ सय ४५ मुद्दा बाँकी रहेको सरकारी वकिलको कार्यालयले जनायो।

बालअधिकार

शिक्षाको अवस्था

यस जिल्लाका विद्यालय जाने उमेरका ८० हजार ५ सय ८९ मध्ये छात्र ३८ हजार २ सय ९९ र छात्रा ४२ हजार २ सय ९० प्राथमिक तहदेखि माविं तहसम्म भर्ना भए। यसमध्ये दलित छात्रा १ हजार २ सय १५ र छात्र १ हजार ३ सय ४४ रहेका छन्। सरकारी र सामुदायिक विद्यालय गरी प्रावि तहमा महिला ४ सय ११ र पुरुष १ हजार ७८ गरी जम्मा १ हजार ४ सय ८९ शिक्षक कार्यरत रहेका छन्। निमावि तहमा महिला ६५ र पुरुष २ सय ९१ गरी जम्मा ३ सय ५६ शिक्षक कार्यरत रहेका छन्। यसैगरी माविं तहमा महिला १३ र पुरुष २ सय ५५ गरी जम्मा २ सय ६८ शिक्षक रहेका छन्। बालविकास केन्द्र बालक १ हजार १ सय ७८ र बालिका १ हजार १ सय १८ गरी जम्मा २ हजार २ सय ९६ रहेका छन् जसमध्ये दलित बालक ५ सय ८६ र बालिका ५ सय ६८ छन्। यस जिल्ला शिक्षा कार्यालयले शिक्षासम्बन्धी सबै तथ्याङ्क अद्यावधिक गरिएको पाइएन।

हत्या

मदानपुर गाविस-९ मा रहेको मदन तामाङको माछा फर्ममा मजदुरी गरी बस्ने मदानपुर गाविस-९ वस्ने १३ वर्षीया मसिनी भनिने मालती तमाङलाई ०६९ साउन ३२ गते नजिकै रहेको कुखुराको टहरामा झुण्डिएको अवस्थामा मृत फेला परिन् पीडितका बाबु सन्तबहादुर तमाङले छोरीलाई ०६९ साउन ३१ गने सोही माछा फर्ममा काम गर्ने मदानपुर गाविस-९ का २० वर्षीय मितेश तमाङ र काभ्रे जिल्ला फुलबारी गाविस पल्लोघार घर भइ सोही माछा फर्ममा काम गर्ने १९ वर्षीय जङ्गे तमाङले कुटपिटपछि हत्या गरी झुण्डाएको आरोप लगाए। पीडित पक्षले जिल्ला प्रहरी कार्यलयमा ०६९ भदौ १ गते किटानी जाहेरी दिएका थिए। मतृकको लास ०६९ भदौ १ गते जिल्ला अस्पताल त्रिशुलीमा पोष्टमार्टम भयो। आरोपित दुवै जनालाई ०६९ भदौ १ गते प्रहरीले गिरफ्तार गरेकोमा जिल्ला अदालत नुवाकोटको ०६९ असोज ३ गतेको आदेशअनुसार पुर्पक्षका लागि जिल्ला कारागार पठाइएकोमा यस वर्षको अन्तसम्ममा पुर्पक्षका लागि थुनामा छन्।

कुमरी गाविस-६ की २८ महिने बालिका अस्मिता तामाङलाई ०६९ मङ्सिर ७ गते बाबु ३५ वर्षीय पूर्णबहादुर तामाङले लाठीले हिर्काएर हत्या गरे। पीडितपक्षले जिल्ला प्रहरी कार्यालयमा ०६९ मङ्सिर ८ गते किटानी जाहेरी दिएका थिए। आरोपित तामाङलाई जिल्ला प्रहरी कार्यालय नुवाकोटले ०६९ मङ्सिर ८ गते गिरफ्तार गरेकोमा जिल्ला अदालत नुवकोटको ०६९ मङ्सिर २४ गतेको आदेशअनुसार आरोपित पुर्पक्षको लागि यो वर्षको अन्त्यसम्म जिल्ला कारागारमा थुनामा छन्।

बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

एक १३ वर्षीया एक बालिकालाई ०६८ चैत १२ गते र अर्की एक १२ वर्षीया बालिकालाई ०६८ चैत १७ गते दुईपिपल गाविस-३ का १७ वर्षीय राजेन्द्र नेपालीले बलात्कारको प्रयास गरेको आरोपमा पीडितपक्षले ०६८ चैत १९ गते जिल्ला प्रहरी कार्यालयमा किटानी जाहेरी दिए आरोपितलाई प्रहरीले ०६८ चैत २१ गते गिरफ्तार गऱ्यो। जिल्ला अदालत नुवाकोटको ०६९ असोज ६ गते आरोपितलाई दुई वर्ष कैद हुने फैसला सुनायो।

महिलाविरुद्ध हुने सबै प्रकारको भेदभाव, दुर्व्यवहार बेचबिखन तथा ओसारपसार

एक १३ वर्षीया बालिकालाई ०६८ फागुन १२ गते घरमा कसैलाई थाहा नदिई सोही ठाउँकी ४८ वर्षीया सुकुमाया तामाङले बिक्रीका लागि लग्ने क्रममा सोही दिन ओखरपौवा गाविस-१ बाट प्रहरीले उद्धार गरे। आरोपित सुकुमायालाई सोही दिन प्रहरीले गिरफ्तार गरेकोमा जिल्ला अदालत नुवाकोटको ०६८ चैत ९ गतेको आदेशअनुसार यस वर्षको अन्त्यसम्म पनि पुर्पक्षका लागि थुनामा छन्।

एक २७ वर्षीया महिला र उनका दुई नाबालक छोरीलाई ०६८ चैत १२ गते उर्लेनी गाविस-९ बस्ने मनोज परियार, शिखरवेशी-३ बस्ने रवि नेपाली र सोही गाविस-७ बस्ने बसन्त परियार मिली भारतको कलकत्तामा लगी बेचेको पीडितका दाजलु जिल्ला प्रहरी कार्यालयमा जाहेरी दिए। आरोपित दुवै जनालाई ०६९ असोज २१ गते प्रहरीले घरबाटै गिरफ्तार गरेकोमा जिल्ला अदालत नुवाकोटको ०६९ कात्तिक ११ गतेको आदेशअनुसार यस वर्षको अन्त्यसम्ममा पुर्पक्षका लागि जिल्ला कारागारमा थुनामा छन्।

बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

एक ३८ वर्षीया एक महिलालाई ०६८ माघ २४ गते खोटाङ जिल्ला खार्पा गाविस-७ घरभई महाकाली गाविस-५ बस्ने तथा सेयर एण्ड कियर नेपालमा कार्यरत सामाजिक परिचालक २८ वर्षीय लेखराज मगरले सोही गाविसको जङ्गलमा बलात्कार गरेको आरोपमा पीडितले जिल्ला प्रहरी कार्यलयमा ०६८ माघ २८ गते किटानी जाहेरी दिएकोमा आरोपित मगरलाई ०६८ माघ २८ गते प्रहरीले गिरफ्तार गऱ्यो। जिल्ला अदालतले ०६९ भदौ २६ गते आरोपितलाई दुई वर्ष ६ महिना कैद तोक्यो।

जिल्ला स्वास्थ्य सेवाको अवस्था

अस्पताल	१		
स्वास्थ्यचौकी	११		
उपस्वास्थ्यचौकी	५३		
पद	**दरबन्दी**	**कार्यरत**	**रिक्त**
डाक्टर	६	५	१
स्टाफ नर्स	७	५	२
ल्याब असिस्टेन्ट	६	६	
अहेब	७२	६९	३
अनमी	२१	१५	६
खोप सुपरभाइजर	१	१	
क्षयरोग/कुष्ठरोग सुपरभाइजर	१	१	
हेल्थ असिस्टेन्ट	१७	१२	५
स्वास्थ्य कार्यकर्ता	११९	९२	२७

जिल्ला प्रहरी कार्यालय

जिल्ला प्रहरी कार्यालयमा ०६८ पुस १७ गतेदेखि ०६९ पुस १६ गतेसम्म बलात्कार दुई, घरेलु हिंसा ६७, महिला ओसारपसार चार, जातीय विभेद एक, कर्तव्यज्यान नौ, ज्यानमार्ने उद्योग सात, बहुविवाह दुई, विस्फोटक पदार्थ एक, आत्महत्या ४४, हतियार तथा खरखजानाका एक ओटा मुद्दा दर्ता भए।

२.१९ रसुवा

जिल्ला सदरमुकाम: धुन्चे
क्षेत्रफल (वर्ग कि. मि.): १,५४४
घरधुरी सङ्ख्या: ५,७७८
जम्मा जनसङ्ख्या: ४३,३००
पुरुष: २१,४७५
महिला: २१,८२५
अपाङ्ग सङ्ख्या: १,०१६
गाविस/नपा सङ्ख्या: १८/०
पुरुष साक्षरता सङ्ख्या: १२,४५२
महिला साक्षरता सङ्ख्या: ५,८६१
हिन्दूधर्मावलम्बी प्रतिशत: २५.३८
बौद्धधर्मावलम्बी प्रतिशत: ६५.५५
इस्लामधर्मावलम्बी प्रतिशत: ०.०२
किराँत धर्मावलम्बी प्रतिशत: ०.०१
क्रिश्चियन धर्मावलम्बी प्रतिशत: ४.३
प्रकृति धर्मावलम्बी प्रतिशत: ०.०७
अन्य धर्मावलम्बी प्रतिशत: ०.२६१
प्रतिपरिवार सरदर सङ्ख्या: ४.४२

जेल र बन्दीहरू

'ङ' श्रेणीको रसुवा जिल्ला कारागारको बन्दी क्षमता २५ जनाको रहेको छ। यस वर्षको अन्त्यसम्म कैद तोकिएका ३५ र कैद नतोकिएका सात कैदी र थुनुवा गरी जम्मा ४२ जना बन्दीहरू रहेका छन्। यस वर्ष कारागारमा महिला तथा बालबालिका बन्दी छैनन्। यस जिल्ला कारागारको २०२८ सालमा निर्माण भएको हो। जिल्ला कारागार शाखा रसुवाको भवन जीर्ण रहेकोले यस वर्ष मर्मत तथा घेरावार गरिएको छ। यहाँका बन्दीलाई दैनिक ७ सय ग्राम खाद्यान्न र ४५ रुपियाँ दिइन्छ। जिल्ला सदरमुकाममा रहेको यस कारागारमा बन्दीहरूले रेडियो सुन्ने, टेलिभिजन हेर्न

र पत्रपत्रिका पढ्न पाएका छन्। यस कारागारमा बन्दी तथा थुनुवाहरूलाई सीपमूलक तालिम प्रदान गरिएको भएता पनि यहाँ उत्पादित पछ्यौरा, टोपी, मुढा लगायतका सामानको बजार अभावले समस्या रहेको बन्दी पेम्पा तामाङले गुनासो गरे। बन्दीले आफैँले टेलिभिजन एक थान व्यवस्था गरेका छन्। कारागारमा क्यारेमबोर्ड र बुद्धिचाल खेल्ने व्यवस्था छ। दिउँसो घाम ताप्ने तथा आफन्त भेट्न बाहिरी भागमा गत वर्ष भेटघाट कोठा निर्माण गरेपछि बन्दी तथा कैदीका आफन्तले भेटघाट गर्न सजिलो भएको छ। अन्यत्र जिल्लाबाट बन्दी सरूवा गरेर आउने क्रम बढेको छ। बन्दीको स्वास्थ्य उपचार जिल्ला अस्पतालमा हुने गरेको छ भने जटिल समस्या आएमा राजधानी लैजाने गरिएको छ। उनीहरूको मागपछि गत वर्षबाट विहान १० बजेदेखि आफन्त भेटने व्यवस्था मिलाइएको छ। कारागारमा छ कोठा छन्। दुई कोठामा सुरक्षाकर्मी बस्छन् भने चार कोठामा सबै बन्दीहरू कोचिएर बस्नुपर्ने परेको बन्दीहरूको गुनासो छ। ४३ जना बन्दी तीन ओटा कोठामा कोचिएर सुत्नु पर्ने बाध्यता रहेको कारागारका बन्दी पेम्पा तामाङले बताए।

बेपत्ता/अपहरण

एकीकृत माओवादीबाट

धैबुङ गाविस-१ निवासी नेपाल पत्रकार महासङ्घका सदस्य तथा गोरखापत्र राष्ट्रिय दैनिकका जिल्ला सम्वाददाता २४ वर्षीय विश्वास नेपाली र नेपाल कृषिवन प्रतिष्ठान (न्याफ) का सामाजिक परिचालक एवम् महिला मानवअधिकार रक्षक सञ्जलकी सदस्य सावित्री न्यौपानेलाई ०६८ माघ २५ गते एकीकृत माओवादी जिल्ला सचिव माधव लामिछानेको नेतृत्वमा आएको १२ जनाको एक समूहले धैबुङ गाविस-५ कालिकास्थान बजार नजिकैबाट अपहरण गऱ्यो । सदरमुकाम धुन्चेतर्फ जाने क्रममा केही कुरा गर्नु छ बसबाट ओर्लन भन्दै सो समूहले अपहरण गरेको थियो। एकीकृत माओवादी विरुद्ध गतिविधि गरेको र धैबुङ गाविस-२ स्थित बच्छलादेवी निमावि व्यवस्थापन समितिविरूद्ध उजुरी गर्न सदरमुकाम हिँडेको भन्दै दुई घण्टा अपहरण गरेका थिए। आफूले शिक्षक नियुक्तिका लागि प्रतिस्पर्धामा भाग लिएको र माओवादी कार्यकर्ता नियुक्ति गर्न आफूलाई आवेदन फिर्ता लिन धम्की दिएको पीडितले बताए। उनीहरूको साथबाट दश मिनेटसम्म मोबाइलसमेत लिएका थिए। अपहिरतले कालिकास्थान प्रहरी चौकीमा घटना भएको दिन जाहेरी दिए पनि दवावमा सोही दिन साँझ फिर्ता लिन लगाएपछि पीडितले सहमतिमा जाहेरी फिर्ता लिए।

धैबुङ गाविस-७ घुम्तीका एकीकृत माओवादीका जिल्ला सचिव माधव लामिछानेलाई ०६८ चैत ५ गते एकीकृत माओवादीका संविधानसभा सदस्य प्रेम तामाङले मार्ने धम्की दिएको पार्टीले आरोप लगायो। सभासद् तामाङले पटक पटक आफ्नै जिल्ला नेताहरू जिल्ला सचिव लामिछाने, जिल्ला इन्चार्ज इन्द्र गौतम र जिल्ला सहसचिव मेघनाथ घिमिरेलगायतलाई मार्ने धम्की दिएको एकीकृत माओवादीद्वारा चैत ७ गते जारी विज्ञप्तिमा उल्लेख थियो। सभासद्पक्षले भने घटनामा आफ्नो संलग्नता नरहेको बतायो।

सुगम र निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालत

०६८ साउनदेखि ०६९ असार मसान्तसम्म

रसुवा र नुवाकोट हेर्ने गरी एक जना मात्र न्यायाधीश रहेको यस जिल्ला अदालतको फौजदारी मुद्दातर्फ पाँच थानमध्ये दुई फैसला भए भने तीन थान फैसला हुन बाँकी रहे। देवानी मुद्दातर्फ आठ थानमध्ये आठओटै फैसला हुन बाँकी रहेको छ। यस अवधिमा अघिल्लो वर्षको जिम्मेवारी सरेर आएका समेत गरी दुनियावादी फैजदारी १० गरी जम्मा २३ मुद्दा दायर भएकोमा २१ थान मुद्दा फैसला हुन बाँकी रहेका छन्।

०६९ साउनदेखि पुस १५ सम्म

यस जिल्ला अदालतको फौजदारी मुद्दातर्फ आठ थान मध्ये चार थान फैसला भए भने चार फैसला हुन बाँकी रहे। देवानी मुद्दातर्फ १८ थान मध्ये चार थान फैसला भए भने १४ थान फैसला हुन बाँकी रहे। दुई वर्ष नाघेका फौजदारी मुद्दा दुई र देवानी मुद्दा एक रहे। रसुवा जिल्लामा न्यायाधीश नभएकोले कतिपय मुद्दा फैसला हुन ढिलाइ भएको गुनासो छ। अदालतले भने म्याद तथा रीत पुगेको मुद्दा फैसलाका लागि नुवाकोटबाट न्यायाधीश आउने गरेको जनायो।

जिल्ला सरकारी वकिलको कार्यालय

जिल्ला सरकारी वकिलको कार्यालयबाट ०६८ साउनदेखि ०६९ असार मसान्तसम्म दायर मुद्दाको सङ्ख्या छ थानमध्ये चार थान सफल भए भने दुई थान असफल भए। मुलतवी, तामेली पेण्डिङमा रहेका मुद्दाको सङ्ख्या दुई थान रहेको छ। सरकारी वकिल

सङ्ख्या एक जना रहेको यस जिल्ला कार्यालयबाट दायर मुद्दामध्ये ०६९ असार मसान्तसम्म दुई थान मुद्दा बाँकी रहेको सरकारी वकिलको कार्यालयले जनायो। दायर मुद्दामध्ये बलात्कारसम्बन्धी दुई थान मुद्दा अदालतमा विचाराधिन छन्।

जिल्ला सरकारी वकिलको कार्यालयबाट ०६९ साउनदेखि ०६९ पुससम्म दायर मुद्दाको सङ्ख्या १४ थान छन्। हालसम्म दर्ता भएको मध्ये जबरजस्ती करणी दुई, भवितव्य ज्यान सात, ज्यानमार्ने उद्योग र डाँका एक, चोरी एक, ठगी एक, बहुविवाह एक, हातहतियार तथा खरखजाना एक, वन पैदावारद नोक्सानी एक, सार्वजनिक अपराध एक र लागूऔषध चरेससम्बन्धी एक थान मुद्दा दर्ता भएको सरकारी वकिल कार्यालयका प्रल्हाद मिश्रले जानकारी दिए। त्यसैगरी जिल्ला प्रशासन कार्यालय रसुवामा यस अवधिमा सार्नजनिक अपराध, हातहतियार, शान्ति सुरक्षा माग गरी छ थान मुद्दा दायर भएका छन्।

बालअधिकार

शिक्षाको अवस्था

यस जिल्लाका विद्यालय जाने उमेरका १४ हजार ६ सय ७२ बालबालिका मध्ये १३ हजार ८ सय ८ जना विद्यार्थीहरू प्राथमिक तहदेखि माबि तहसम्म भर्ना भए। यसमध्ये दलित ५ सय ८ जना छन्। जस मध्ये २ सय ८६ छात्रा र २ सय २२ जना छात्र रहेका छन्। सरकारी र सामुदायिक विद्यालय गरी प्राबि तहमा महिला ७७ र पुरुष २ सय ७९ गरी जम्मा ३ सय ५६ शिक्षक कार्यरत रहेका छन्। निमाबि तहमा महिला ३ र पुरुष ३ गरी जम्मा ५३ जना शिक्षक कार्यरत रहेका छन्। यसैगरी माबि तहमा महिला २ र पुरुष ३६ गरी जम्मा ३८ शिक्षक रहेका छन्। जिल्लामा ६९ ओटा बालविकास केन्द्रहरू छन। विद्यालय जाने उमेरका बालबालिकाहरू तथा शिक्षाको पहुँच वाहिर कति वालबालिकाहरू रहेका छन् भन्ने बारे जिल्ला शिक्षा कार्यालयले शिक्षासम्बन्धी सबै तथ्याङ्क अद्यावधिक गरिएको पाइएन।

बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

एक पाँच वर्षीया बालिकालाई ०६९ मङ्सिर २८ गते राति १० बजे खोटाङ जिल्ला दिक्तेल गाविस-३ का पर्यटक मजदुर सुरेश राईले बलात्कार प्रयास गरेको आरोपमा राईलाई प्रहरीले मङ्सिर २९ गते गिरफ्तार गऱ्यो। होटल व्यवसाय गरी बस्ने परिवारको

घटनाको प्रकार	गैरराज्यपक्षबाट		
	महिला	पुरुष	जम्मा
घाइते		१	१
बालअधिकार	३		३
अपहरण		१	१
महिलाअधिकार	४		४
कुटपिट	१	४	५
धम्की		१	१
जम्मा	८	८	१४

पाँच वर्षीया बालिकालाई बलात्कार प्रयास गर्ने राई पर्यटकसँग ट्रेकिङका लागि आएका थिए। आरोपितले बालिकालाई सुन्तला खान जाउँ भनी फकाएर लगेको र धेरै बेरसम्म नआएपछि खोजी गर्न जाँदा जङ्गलमा बालिकालाई नाङ्गो र शरीरमा नीलडाम भएको अवस्थामा फेला पारिएको जिल्ला प्रहरी कार्यालय रसुवाले जनायो। अदालतको आदेबमोजिम राईलाई पुस १० गते पुर्पक्षको लागि थुनामा राखिएको छ। पीडित बालिकाको स्वास्थ्य परीक्षण जिल्ला अस्पतालमा भएको थियो।

एक १७ वर्षीया बालिकालाई ०६९ पुस १२ गते बिहान १० बजे लहरेपौवा गाविस-५ का ३३ वर्षीय किशोर थापा र नुवाकोट जिल्ला मनकामना गाविस-९ का २१ वर्षीय महेन्द्र तामाङले गाउँ नजिकैको पाखोबारीमा बलात्कार गरे। पीडितका परिवारले दिएको जाहेरीको आधारमा स्थानीय डाडाँगाउँ प्रहरीले चौकीका प्रहरीले सोही दिन पीडक दुवैजनालाई गिरफ्तार गरी जिल्ला प्रहरी कार्यालय पठायो। प्रहरीले अदालतबाट म्याद थप गरी अनुसन्धान गरिरहेको छ।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

धैबुङ गाविसका ६० जना महिला तथा वृद्धहरूले आर्थिक वर्ष ०६७/०६८ को सामाजिक सुरक्षा भत्ता नपाएको गुनासो गरे। स्थानीयले जेष्ठ नागरिक तथा एकल महिलाको भत्ता नपाएको भन्दै जिल्ला प्रशासन तथा अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा समेत ०६८ वैशाख ५ गते जाहेरी दिए।

छानबिनपछि उनीहरूले सामाजिक सुरक्षा भत्ता पाए। धैबुङ र भोर्ले गाविसका जेष्ठ नागरिकहरूले ०६८ फागुनदेखि असारसम्मको वृद्धभत्ता पाएनन्। सरकारले दिँदै आएको सामाजिक सुरक्षा भत्ता बापतको जेष्ठ नागरिक, एकल महिलाले भत्ता रकम

पाएनन्। सरकारले नपुग रकम विनियोजन गरेर पठाएकोले दुई गाविसमा रकम नपुग भएको र पछिल्लो चौमासिकमा उनीहरूले पाइरहेको सुविधा पाउने जिविस रसुवाले जनायो।

स्वास्थ्य सेवाको अवस्था

अस्पताल	१		
स्वास्थ्यचौकी	११		
उपस्वास्थ्यचौकी	६		
पद	**दरबन्दी**	**कार्यरत**	**रिक्त**
डाक्टर	२	१	१
स्टाफ नर्स	३	१	२
ल्याब असिस्टेन्ट	३	१	२
अहेब	२२	१२	१०
अनमी	१४	३	११
खोप सुपरभाइजर	१	१	
क्षयरोग/कुष्ठरोग सुपरभाइजर	१	१	
हेल्थ असिस्टेन्ट	११	४	७

रसुवा जिल्लामा एउटा जिल्ला अस्पताल, एक प्राथमिक स्वास्थ्य केन्द्र, एक सामुदायिक अस्पताल रहेको छ। जिल्ला अस्पतालमा दुईजना चिकित्सकको दरबन्दी रहेकोमा एकजना रिक्त रहेको छ। जिल्लाको एकमात्र प्राथमिक स्वास्थ्य केन्द्र एक वर्षदेखि चिकित्सकविहीन भएको छ। चिकित्सकको माग गर्दै स्थानीयले जिल्ला स्वास्थ्य कार्यालयमा पटकपटक विरोधसमेत गरेका छन्। जिल्लाका ६ ओटा उपस्वास्थ्य चौकी तथा ११ स्वास्थ्य चौकी र एक प्राथमिक स्वास्थ्य केन्द्र रहेको छ। जिल्ला भरी १ सय १६ जना स्वास्थ्यकर्मीको दरबन्दी रहेकोमा ८३ जना मात्र कार्यरत छन्। जिल्लामा ३३ जना स्वास्थ्यकर्मीको दरबन्दी रिक्त रहेको छ।

जिल्ला प्रहरी कार्यालय

जिल्ला प्रहरी कार्यालयमा ०६८ पुस १७ गतेदेखि ०६९ पुस १६ गतेसम्म बलात्कार एक, बलात्कारको प्रयास एक, यौन दुर्व्यवहार एक, कर्तव्यज्यान एक, ज्यानमार्ने उद्योग दुई, आत्महत्या नौ, बहुविवाह एक, मार्ने धम्की एक, हातहतियारका एक ओटा मुद्दा दर्ता भए।

पश्चिमाञ्चल

३.१ तनहुँ
३.२ गोरखा
३.३ लमजुङ
३.४ स्याङ्जा
३.५ कास्की
३.६ मनाङ
३.७ नवलपरासी
३.८ रुपन्देही
३.९ पाल्पा
३.१० कपिलवस्तु
३.११ अर्घाखाँची
३.१२ गुल्मी
३.१३ वाग्लुङ
३.१४ पर्वत
३.१५ म्याग्दी
३.१६ मुस्ताङ

३.१ तनहुँ



जिल्ला सदरमुकाम: दमौली
क्षेत्रफल (वर्ग कि. मि.): १,५४६
घरधुरी सङ्ख्या: ७८,३०५
जम्मा जनसङ्ख्या: ३,२३,२८८
पुरुष: १,४३,४१०
महिला: १,७५,८७८
अपाङ्ग सङ्ख्या: ६,६६८
गाविस/नपा सङ्ख्या: ४६/१
पुरुष साक्षरता सङ्ख्या: १,१०,७०२
महिला साक्षरता सङ्ख्या: १,१६,१३५
हिन्दू धर्मावलम्बी प्रतिशत: ८६.५१
बौद्ध धर्मावलम्बी प्रतिशत: ५.४४
इस्लाम धर्मावलम्बी प्रतिशत: १.२५
किराँत धर्मावलम्बी प्रतिशत: १.०१
क्रिश्चियन धर्मावलम्बी प्रतिशत: १.६५
प्रकृति धर्मावलम्बी प्रतिशत: ०.१६
वोन धर्मावलम्बी प्रतिशत: ०.४५
अन्य धर्मावलम्बी प्रतिशत: ०.४०८
प्रतिपरिवार सरदर सङ्ख्या: ४.१३

जेल र बन्दीहरू

'घ' श्रेणीको जिल्ला कारागारको बन्दी क्षमता २५ जनाको रहेको छ। यस वर्षको अन्त्यसम्म कैद तोकिएका ४१ जना र कैद नतोकिएका ७१ जना गरी जम्मा १ सय १२ जना बन्दीहरू कारागारमा रहेका छन्। क्षमताभन्दा बढी बन्दीहरू राखिँदा बन्दीहरूलाई बस्न, सुत्नको समस्या छ। कारागारको भौतिक अवस्था जीर्ण नभए पनि शौचालय र खानेपानीको अभाव छ। बन्दीहरूले अध्ययन, औषधी उपचार, खेलकुद र कानुन व्यवसायी राख्ने सुविधा प्राप्त गरेका छन्। कारागारका नाइके प्रेम परियारले बन्दीहरूलाई अन्य सुविधा प्राप्त भए पनि बस्ने तथा सुत्ने स्थान साँघुरो, खानेपानी र शौचालयको अभाव भएको बताए। कारागारका सहायक प्रमुख तीर्थ खनालले यस विषयमा कारागार व्यवस्थापन विभागलाई जानकारी गराइएको बताए।

धम्की/कुटपिट

अज्ञात समूहबाट

व्यास नपा-१० निवासी पत्रकार कृष्णचन्द्र न्यौपानेलाई ०६८ चैत २७ गते राति साँझ अज्ञात व्यक्तिहरूले व्यास नपा-१० मा कुटपिट गरे। घरबाट कार्यालयतर्फ जाँदै गर्दा न्यौपानेलाई साँझ व्यास नपा-१० स्थित जिल्ला पशु सेवा कार्यालय नजिक दुई जना अज्ञात व्यक्तिहरूले आक्रमण गरेका थिए। आक्रमणबाट घाइते न्यौपानेको स्थानीय मेडिकलमा उपचार भएको थियो। कुटपिटमा संलग्न समूहले न्यौपानको चश्मा फुटाउनुका साथै मोबाइल र नगद लुटेको थियो। पीडित न्यौपानेले घटनामा संलग्नलाई कारबाहीको माग गर्दै जिल्ला प्रहरी कार्यालयमा ०६८ चैत २८ गते जाहेरी दिए पनि आक्रमणकारीको पहिचान नभएको जिल्ला प्रहरी कार्यालयले जनायो।

सुगम र निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालत

०६८ साउनदेखि ०६९ असार मसान्तसम्म

एक जनामात्र न्यायाधीश रहेको यस जिल्ला अदालतको फौजदारी मुद्दातर्फ ४ सय २ थानमध्ये २ सय ७४ थान फैसला भए भने १ सय २८ थान फैसला हुन बाँकी रहे। देवानी मुद्दातर्फ ३ सय ९५ थानमध्ये १ सय ७९ थान फैसला भए भने २ सय १६ थान फैसला हुन बाँकी रहे।

०६९ साउनदेखि पुस १५ सम्म

एक जना न्यायाधीश रहेको यस जिल्ला अदालतको फौजदारी मुद्दातर्फ ३ सय २ थानमध्ये ७१ थान फैसला भए भने २ सय ३१ थान फैसला हुन बाँकी रहे। देवानी मुद्दातर्फ ३ सय ६ थानमध्ये ५३ थान फैसला भए भने २ सय ५३ थान फैसला हुन बाँकी रहे। दुई वर्ष नाघेका फौजदारी मुद्दा छ थान र देवानी मुद्दा आठ थान रहेका छन्।

जिल्ला सरकारी वकिल कार्यालय

जिल्ला सरकारी वकिलको कार्यालयबाट ०६८ साउनदेखि ०६९ असार मसान्तसम्म दायर मुद्दाको

घटनाको प्रकार	राज्यपक्षबाट			गैरराज्यपक्षबाट		
	महिला	पुरुष	जम्मा	महिला	पुरुष	जम्मा
बालअधिकार				४	१	५
महिलाअधिकार				५		५
भेला/सङ्गठित हुने अधिकार	३	१३	१५			
जातीय विभेद				१	१	३
कुटपिट	१		१	३	६	८
हत्या				३		३
जम्मा	४	१३	१६	१५	८	३३

सङ्ख्या १ सय ४० थान छन्। जसमध्ये ४७ थान सफल भए भने एक थान मुद्दा असफल भयो। सरकारी वकिल सङ्ख्या दुई रहेको यस जिल्ला कार्यालयबाट दायर मुद्दामध्ये ०६९ असार मसान्तसम्म ९२ थान मुद्दा बाँकी रहेको सरकारी वकिलको कार्यालयले जनायो।

दायर मुद्दामध्ये कर्तव्य ज्यानसम्बन्धी मुद्दा १० थानमध्ये नौ थान सफल र एकथान असफल रह्यो। बलात्कारसम्बन्धी मुद्दा छ मध्ये एक सफल र पाँच असफल रह्यो। अपहरणसम्बन्धी मुद्दा तीन मध्ये तीन थान सफल रह्यो। बहुविवाहसम्बन्धी मुद्दा तीन थान मध्ये एक थान सफल र दुई थान विचाराधीन रह्यो। जातीय छुवाछूतसम्बन्धी दुईमध्ये दुवै सफल रह्यो।

जिल्ला सरकारी वकिलको कार्यालयबाट २०६९ साउनदेखि २०६९ पुससम्म दायर मुद्दाको सङ्ख्या ४९ थानमध्ये छथान सफल भयो । यस जिल्ला कार्यालयबाट दायर मुद्दामध्ये ०६९ असार मसान्तसम्म ९२ थान मुद्दा बाँकी रहेको सरकारी वकिलको कार्यालयले जनायो।

बालअधिकार

शिक्षाको अवस्था

यस जिल्लाका विद्यालय जाने उमेरका ११ हजार ५ मध्ये छात्रा ५ हजार २ सय ५२ र छात्र ५ हजार ७ सय ५३ गरी ११ हजार ५ जना विद्यार्थी पूर्व प्राथामिक तहमा भर्ना भएका छन्। जिल्लामा प्राथमिक तहमा छात्रा २७ हजार ६ सय ४ र छात्र २७ हजार ३ सय ७० गरी जम्मा ५४ हजार ९ सय ७४ जना, निमावि तहमा छात्रा १३ हजार ९ सय ४२ र छात्र १२ हजार ८ सय ८१ गरी जम्मा २६ हजार ८ सय २३ जना र मावि तहमा छात्रा ६ हजार ६ सय २५ र छात्रा ६ हजार ३ सय ८८ गरी जम्मा १३ हजार १३ जना विद्यार्थी भर्ना भएका छन्। जिल्लाका सामुदायिक र संस्थागत दुवै तर्फका विद्यालयमा उक्त विद्यार्थीहरू भर्ना भएका हुन्। सामुदायिक तर्फ पूर्वप्राथमिक तहमा ४ हजार ४ सय ८१, प्रावि तर्फ ४१ हजार ४ सय ९, निमावि तर्फ २१ हजार ८ सय २५ र मावि तर्फ १० हजार ९ सय ९४ र संस्थागत विद्यालय तर्फ पूर्वप्राथमिक तहमा ६ हजार ५ सय २४, प्रावि तहमा १३ हजार ५ सय ५६, निमावि तहमा ४ हजार ९ सय ९८ र मावि तहमा २ हजार २१ जना विद्यार्थीहरू विद्यालयमा भर्ना भएका छन्।

सामुदायिक विद्यालयतर्फ छात्रा ६ हजार ९ सय ९१ र छात्र ६ हजार ३ सय ३० जना गरी १३ हजार ३ सय २१ जना दलित विद्यार्थी र संस्थागत तर्फ छात्रा १ हजार १ सय ८७ र छात्र १ हजार ६ सय गरी २ हजार ७ सय ८७ जना दलित विद्यार्थी रहेका छन्।

जिल्लाका सरकारी र सामुदायिक विद्यालयमा प्रावि तहमा दरबन्दीमा १ हजार ८ सय ७३ जना र दरबन्दीमा ९८ शिक्षक शिक्षीका कार्यरत रहेका छन्। त्यस्तै निमावि तहमा दरबन्दीमा ३ सय ९३ र राहतमा १ सय १४ जना शिक्षक शिक्षिका कार्यरत रहेका छन्। त्यस्तै मावि तहमा दरबन्दीमा ३ सय २६ र राहतमा ८५ जना शिक्षक शिक्षिकाहरू कार्यरत रहेका छन्। विद्यालयमा कार्यरत महिला शिक्षीकाहरूको तथ्याङ्क जिल्ला शिक्षा कार्यालयले उपलब्ध गराउन सकेन।

जिल्ला भर रहेका ३ सय ३४ बालविकास केन्द्रहरूमा बालक २ हजार ९ सय ५८ र बालिका २ हजार ९ सय २४ गरी जम्मा ५ हजार ८ सय ८२ रहेका छन्। बालविकास केन्द्रमा रहेका बालबालिका मध्ये दलित बालबालिकाको तथ्याङ्क खुल्न सकेन।

बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

एक आठ वर्षीया बालिकालाई रुपाकोट गाविस-२ का सैनिक जवान रूपबहादुर जिसीले ०६९ कात्तिक २८ गते बलात्कार गरेको आरोप पीडितपक्षले लगायो। जिसीले कात्तिक २८ गते लक्ष्मीपूजाको राति बालिकालाई गाउँ नजिकैको जङ्गलमा लगेर बलात्कार गरेको आरोपमा जिसीलाई कारबाहीको माग गर्दै पीडित परिवारले मङ्सिर २ गते जिल्ला प्रहरी कार्यालयमा किटानी जाहेरी दिए। जिसी सिद्धिदल गण विजयपुर

ब्यारेक पोखरामा दरबन्दी भई श्री नं. ३ बाहिनी अड्डा खैरेनीटार तनहुँमा सञ्चालित ५६ सेकेण्ड क्लास तामिममा सहभागी रहेका थिए। पीडितपक्षले प्रहरी कार्यालयमा किटानी जाहेरी दिएपछि प्रहरीको अनुरोधमा सो गणले ०६९ मङ्सिर ४ गते जिसीलाई तनहुँ प्रहरी कार्यालयमा बुझायो। जिसी जिल्ला अदालतको आदेशमा ०६९ मङ्सिर २२ गतेदेखि जिल्ला कारागारमा थुनामा छन्। पीडितको मङ्सिर २ गते दमौली अस्पतालमा स्वास्थ्य परीक्षण भएको थियो।

एक नौ वर्षीया बालिकालाई ०६९ भदौ १३ गते पुर्कोट गाविस-५ २१ वर्षीय विजय श्रेष्ठले बालिकाको घरमै बलात्कार गरेको आरोपमा पीडितका आफन्तले ०६९ भदौ १६ गते इकाला प्रहरी कार्यालय पुर्कोटमा जाहेरी दिए। पीडितको भदौ १६ गते दमौली अस्पतलामा स्वास्थ्य परीक्षण भएको थियो। प्रहरीले आरोपित श्रेष्ठलाई भदौ १७ गते गिरफ्तार गरी हिरासतमा राखेकोमा जिल्ला अदालतको आदेशले असोज २ गतेदेखि पुर्पक्षको लागि जिल्ला कारागारमा थुनामा रहेका छन्।

एक १५ वर्षीया बालिकालाई ०६९ वैशाख ३० गते दुलेगौँडा गाविस-५ का २० वर्षीया ध्रुव बसौलाले बालिकाको घरमै बलात्कार गरेको आरोपमा पीडित बालिकाले कारबाहीको माग गर्दै ०६९ जेठ २ गते जिल्ला प्रहरी कार्यालयमा किटानी जाहेरी दिइन्। प्रहरीले आरोपित बसौलालाई जेठ ६ गते गिरफ्तार गऱ्यो। पीडितको जेठ २ गते दमौली अस्पतालमा स्वास्थ्य परीक्षण भएको थियो। आरोपित बसौला जिल्ला अदालतको आदेशमा ०६९ जेठ २२ गतेदेखि पुपर्क्षको लागि जिल्ला कारागारमा थुनामा रहेका छन्।

कुटपिट

ढोरफिर्दी गाविस-२ पौवाकी १२ वर्षीया बालिका सुस्मिता गाहामगरले बाबुआमाले आफूलाई खान लाउन नदिएको र विभिन्न यातना दिएको भन्दै ०६९ जेठ ५ गते जिल्ला बालकल्याण समितिमा निवेदन दिइन्। जिल्ला बालकल्याण समितिले सोही दिन बालिकाको उद्धार गरी संरक्षण केन्द्रमा राख्यो। बालिकालाई यातना दिने आमा देवी गाहामगरलाई ०६९ जेठ ११ गते इलाका प्रहरी कार्यालय बेलचौतारा झिकाई ३ लाख रुपियाँ दिलाउने निर्णय भएकोमा बालिकाका बाबु प्रेमबहादुर वैदेशिक रोजगारमा भएको कारण उनी आएपछि सो रकम दिलाउने सहमति भयो।

महिलाविरुद्ध हुने सबै प्रकारको भेदभाव, दुर्व्यवहार बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

एक २० वर्षीया महिलालाई ०६९ असोज २५ गते व्यास नपा-२ का ३० वर्षीय राजिन श्रेष्ठले बलात्कार गरेको आरोपमा पीडितले कारबाहीको माग गर्दै ०६९ कात्तिक २ गते जिल्ला प्रहरी कार्यालयमा किटानी जाहेरी दिइन्। पीडित महिलाको दमौली अस्पतालमा सोही दिन स्वास्थ्य परीक्षण भएको थियो। प्रहरीले आरोपितलाई ०६९ कात्तिक १८ गते गिरफ्तार गऱ्यो। आरोपित श्रेष्ठ जिल्ला अदालतको आदेशमा मङ्सिर ५ गतेदेखि पुर्पक्षका लागि थुनामा छन्।

एक ४५ वर्षीया महिलालाई ०६९ जेठ ७ गते भानु गाविस-२ का ३५ वर्षीय आईतबहादुर नेपालीले उनकै घरमा बलात्कार गरेको आरोपमा पीडितले ०६९ जेठ १२ गते जिल्ला प्रहरी कार्यालयमा किटानी जाहेरी दिइन्। पीडितको दमौली अस्पतालमा सोही दिन स्वास्थ्य परीक्षण भएको थियो। आरोपित नेपाली यस वर्षको अन्त्यसम्म फरार रहेको जिल्ला प्रहरी कार्यालयले जनायो।

नवलपरासी जिल्लाकी सुस्तमनस्थिति भएकी ४० वर्षीया महिलालाई ०६९ जेठ ७ गते राति ढोरफिर्दी गाविस-७ का दलबहादुर राना र रणबहादुर राना मगरले घरमै सामूहिक बलात्कार गरेको आरोपमा पीडितका आफन्तले ०६९ जेठ ११ गते इलाका प्रहरी कार्यालय बेलचौतारामा जाहेरी दिए। आरोपित दुवैजनालाई प्रहरीले सोही दिन गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण पनि सोही दिन दमौली अस्पतालमा भएको थियो। आरोपितहरू जिल्ला अदालतको आदेशमा ०६९ असार ४ गतेदेखि पुर्पक्षको लागि तनहुँ कारागारमा थुनामा छन्।

घरेलु हिंसा

व्यास नपा-२ दमौली घर भएकी २१ वर्षीया अञ्जना ढकाल (रानाभाट) को ०६९ मङ्सिर १८ गते उनका पति दिवस ढकालले हत्या गरेको आरोपमा मृतकका बुवा जामुने गाविस-४ का रामबहादुर रानाभाटले दिवस ढकालमाथि कानुनी कारबाहीको माग गर्दै ०६९ मङ्सिर २२ गते जिल्ला प्रहरी कार्यालयमा किटानी जाहेरी दिए। ढकाललाई प्रहरीले मङ्सिर १८ गते नै गिरफ्तार गरी हिरासतमा राखेकोमा किटानी जाहेरीपछि अनुसन्धान सुरु गरेको छ। आरोपित यस वर्षको अन्त्यसम्म जिल्ला प्रहरी कार्यालयमा हिरासतमा

रहेका छन्। मङ्सिर १७ गते राति खाना खाएर सुतेकी अञ्जना बिहान आफ्नै ओच्छ्यानमा अचेत अवस्थामा भेटिएपछि परिवारका सदस्यले उपचारको लागि रत्नहरि अस्पतालमा लैजाँदा चिकित्सकले मृत घोषणा गरेका थिए। माइतीपक्षले भने परिवारको संलग्नतामा हत्या गरिएको आरोप लगायो। शवको मङ्सिर १९ गते पश्चिमाञ्चल अस्पताल पोखरामा पोस्टमार्टम भयो। माइतीपक्षले दाइजोका कारण अञ्जनाको हत्या गरेको आरोप लगाएको छ भने घर पक्षले भने हत्या नभई स्वभाविक मृत्यु भएको बतायो। यस वर्षको अन्त्यसम्म पोस्टमार्टम रिपोर्ट आइनसकेको प्रहरीको भनाइ छ। लासको थप परीक्षण गर्न काठमाडौँको विधिविज्ञान प्रयोगशालामा लगिएको हुँदा पोस्टमार्टम रिर्पोट आउन ढिलाइ भएको जिल्ला प्रहरी कार्यालयले जनायो।

परिवारजनबाट हत्या

राईपुर गाविस-१ राईपुर घर भई हाल ढोरफिर्दी गाविस-३ सिमलडाँडामा अस्थायी बसोवास गर्दै आएकी ३५ वर्षीया यममाया भुजेलको ०६९ असार ८ गते पति ४० वर्षीय मोहनबहादुर भुजेलले कुटपिट गरी हत्या गरेको आरोपमा प्रहरीले मोहनलाई गिरफ्तार गऱ्यो। रक्सी खाई घर गएका भुजेलले सामान्य विवादमा पत्नीको नाक र मुख थुनी हत्या गरी घरनजिकैको सिसौको झाडीमा लगेर फालेको प्रहरीसमक्ष स्वीकार गरेका थिए। भुजेललाई ०६९ असार १७ गते प्रहरीले गिरफ्तार गऱ्यो। आरोपित जिल्ला अदालतको आदेशमा ०६९ साउन ४ गतेदेखि जिल्ला कारागारमा पुर्पक्षको लागि थुनामा छन्।

मनपाङ गाविस-३ सेराकी २३ वर्षीया शर्मिला श्रेष्ठको ०६८ पुस ३० गते परिवारका सदस्यले हत्या गरेको आरोप माइती पक्षले लगायो। सुत्केरी हुने अन्तिम अवस्थामा रहेकी शर्मिलाको लास पृथ्वीराजमार्ग अन्तर्गतको मनपाङ गाविसको सेरामा रहेको पुलको पाईपमा झुण्डिएको अवस्थामा माघ १ गते फेला परेको थियो। माइतीपक्षले परिवारका सदस्यहरू पति टेकनारयण, ससुरा सन्तमान, सासू जौमाया र अमाजू पार्वती श्रेष्ठले पटुकाले घाँटी कसी हत्या गरेको भन्दै जिल्ला प्रहरी कार्यालयमा माघ १ गते किटानी जाहेरी दिएकोमा प्रहरीले उनीहरू सबैलाई सोही दिन गिरफ्तार गऱ्यो। जिल्ला अदालतले आरोपितमध्ये टेकनारायण, सन्तमान र जौमायालाई ०६८ माघ २५ गते पुर्पक्षकोलागि थुनामा राख्ने आदेश दियो भने पार्वती सोही दिन तारेखमा रिहा भइन्। क्यामिन गाविस-२ माझफाँट माइती भएकी शर्मिलाको टेकनारायणसँग ०६५ वैशाख १५ गते जातीय परम्पराअनुसार विवाह भएको थियो।

स्वास्थ्य सेवाको अवस्था

अस्पताल	२		
स्वास्थ्यचौकी	१२		
उपस्वास्थ्यचौकी	३१		
पद	**दरबन्दी**	**कार्यरत**	**रिक्त**
डाक्टर	७	५	२
स्टाफ नर्स	७	७	
ल्याब असिस्टेन्ट	४	३	१
अहेब	५३	४५	८
अनमी	२२	२१	१
खोप सुपरभाइजर	१	१	
क्षयरोग/कुष्ठरोग सुपरभाइजर	१	१	
हेल्थ असिस्टेन्ट	१८	१६	२
स्वास्थ्य कार्यकर्ता	३२	१९	१३

जिल्ला प्रहरी कार्यालयमा

जिल्ला प्रहरी कार्यालयमा ०६८ पुस १७ गतेदेखि ०६९ पुस १६ गतेसम्म बलात्कारका आठ, कर्तव्य ज्यानका आठ, बलात्कार प्रयासका एक, महिला ओसारपसार, जिउमास्ने बेच्नेका एक, जातीय विभेदका सात, ज्यान मार्ने उद्योगका सात, आत्महत्या ५६, बहुविवाहका सात, अपहरणका एक ओटा घटना दर्ता भए।

३.२ गोरखा



जिल्ला सदरमुकाम: गोरखा
क्षेत्रफल (वर्ग कि. मि.): ३,६१०
घरधुरी सङ्ख्या: ६६,५०६
जम्मा जनसङ्ख्या: २,७१,०६१
पुरुष: १,२१,०४१
महिला: १,५०,०२०
अपाङ्ग सङ्ख्या: १२,९३७
गाविस/नपा सङ्ख्या: ६६/१
पुरुष साक्षरता सङ्ख्या: ८४,६७६
महिला साक्षरता सङ्ख्या: ८५,७४१
हिन्दू धर्मावलम्बी प्रतिशत: ७५.१५
बौद्ध धर्मावलम्बी प्रतिशत: १५.१
इस्लाम धर्मावलम्बी प्रतिशत: १.१३
किराँत धर्मावलम्बी प्रतिशत: ०.०१
क्रिश्चियन धर्मावलम्बी प्रतिशत: ३.२७
प्रकृति धर्मावलम्बी प्रतिशत: ०.६१
वोन धर्मावलम्बी प्रतिशत: ०.६३
वहई धर्मावलम्बी प्रतिशत: ०.०१
शिख धर्मावलम्बी प्रतिशत: ०.००१
अन्य धर्मावलम्बी प्रतिशत: ०.१०५
प्रतिपरिवार सरदर सङ्ख्या: ४.०७

जेल र बन्दीहरू

'घ' श्रेणीको जिल्ला कारागारको बन्दी क्षमता ५५ सय जनाको रहेको छ। जसमा ३५ जना पुरुष र २० जना महिला बन्दी राख्ने क्षमता रहेको छ। यस वर्षको अन्त्यसम्म कैद तोकिएका ८० र कैद नतोकिएका ३८ कैदी र थुनुवा गरी जम्मा १ सय १८ जना बन्दीहरू रहेका छन्। आश्रित बालक र बालिका छैनन्।

कारागारको भौतिक अवस्था जीर्ण छ। जीर्ण भएकै कारण वर्षातको समयमा पानी चुहिने समस्या छ। क्षमताभन्दा बढी पुरुष कैदी बन्दी हुँदा शौचालय र खानेपानीको समस्या हुन्छ। शौचालय प्रयोग गर्न लाइनमा बस्नुपर्ने बाध्यता छ। क्षमताभन्दा तेब्बर कैदी बन्दी हुँदा खाना पकाएकै ठाँउमा सुत्नुपर्ने अवस्था छ। कारागारभित्र टेलिभिजन, रेडियो, पत्रपत्रिका र खेलकुदका सामग्रीहरूको पनि प्रबन्ध गरिएको छ।

धम्की/कुटपिट

एकीकृत माओवादीबाट

हंसपुर गाविस-५ निवासी नेविसङ्घका कार्यकर्ता विष्णुप्रसाद अधिकारीलाई ०६९ पुस ६ गते हंसपुर गाविसको भच्चेक बजारमा एकीकृत नेकपा माओवादी कार्यकर्ताले कुटपिट गरे। अधिकारीलाई आफ्ना कार्यकर्ता पुस ५ गते कुटिएको घटनाको विरोधमा आयोजना गरिएको विरोधसभामा गएर फर्किएका एमाओवादीका कार्यकर्ताले कुटपिट गरेका थिए। कुटपिटबाट घाइते अधिकारीको भच्चेक स्वास्थ्य चौकीमा उपचार भयो। प्रहरीले घटनाबारे अनुसन्धान भइरहेको जनाएको छ र कसैलाई गिरफ्तार गरेको छैन। एमाओवादीले भने पार्टीको संलग्नता नभएको दावी गऱ्यो।

नेपाली काङ्ग्रेसबाट

मसेल गाविस-७ निवासी एकीकृत नेकपा माओवादीका जिल्ला कमिटी सदस्य ४० वर्षीय गोपाल बराईली ०६९ जेठ २५ गते नेपाली काङ्ग्रेसका कार्यकर्ताको आक्रमणमा परी घाइते भए। बस चढेर घरतर्फ जाँदै गरेका बराईलीलाई विन्द्रावती उच्च माविमा अखिल क्रान्तिकारीका कार्यकर्ताले नेविसङ्घका कार्यकर्तालाई कुटेको भन्दै उनीहरूले बस रोकेर कुटपिट गरेका थिए। घाइते बराईलीको गोरखा अस्पताल गोरखामा उपचार भयो। यसैगरी, विन्द्रावती उमाविमा ०६९ जेठ २५ गते भएको झडपको घटनालाई लिएर मसेल गाविस-४ निवासी एकीकृत नेकपा माओवादीका इलाका कमिटी सदस्य ३८ वर्षीय अशोक वस्तीलाई ०६९ जेठ २६ गते नेपाली काङ्ग्रेसका कार्यकर्ताले आक्रमण गरी घाइते बनाए। उनको टाउकोमा चोट लागेको थियो। गोरखा अस्पताल गोरखामा पीडितको उपचार भएको थियो। पीडितले जेठ २७ गते जिल्ला प्रहरी कार्यालयमा सर्वाजनिक अपधरामा मुद्दा दर्ता गराए।

घटनाको प्रकार	राज्यपक्षबाट			गैरराज्यपक्षबाट		
	पुरुष	नखुलेको	जम्मा	महिला	पुरुष	जम्मा
बालअधिकार				३		३
अमानवीय व्यवहार					१	१
महिलाअधिकार				७		७
भेला/सङ्गठित हुने अधिकार	१	१५	१६			
कुटपिट				३	६	८
हत्या				३	३	५
जम्मा	१	१५	१६	१३	१०	२३

हंसपुर गाविस-४ निवासी शिक्षक २७ वर्षीय बासु दुवाडी, सोही गाविस-१ निवासी नेकपा-माओवादीका जिल्ला सेक्रटरी ३६ वर्षीय नारायण अधिकारी र सिम्जुङ गाविस-२ निवासी एकीकृत नेकपा माओवादीका इलाका नं. ८ का पूर्व सेक्रेटरी २८ वर्षीय समुन परिवार ०६९ पुस ५ गते नेपाली काङ्ग्रेस कार्यकर्ताको आक्रमणबाट घाइते भए। हंसपुर गाविस-३ ज्ञानज्योति उमावि लप्सीबोटमा ०६९ पुस ५ गते विद्यालय व्यवस्थापन समिति पुर्नगठनको विषयमा विवाद हुँदा नेपाली काङ्ग्रेसका कार्यकर्ताले आक्रमण गरेको पीडितहरूले बताए। घाइतेहरूको भच्चेक उपस्वास्थ्य चौकीमा सामान्य उपचारपछि सोही दिनै काठमाडौँस्थित वीर अस्पतालमा उपचार भयो। घाइतेहरूको टाउको र अनुहारमा चोट लागेको थियो। घटनामा संलग्न रहेको भन्दै जिल्ला प्रहरी कार्यालयले काङ्ग्रेस कार्यकर्ता लीलाधर अधिकारीलाई सोही दिन गिरफ्तार गरी सार्वजनिक अपराधअन्तर्गत मुद्दा दायर गरी हिरासतमा राख्यो। अधिकारी यो वर्षको अन्त्यसम्म जिल्ला प्रहरी कार्यालयको हिरासतमा छन्।

सुगम र निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालत

०६८ साउनदेखि ०६९ असार मसान्तसम्म

एक जना न्यायाधीश रहेको यस जिल्ला अदालतको फौजदारी मुद्दातर्फ १ सय ९७ थान मध्ये १ सय २३ थान फैसला भए भने ७४ थान फैसला हुन बाँकी रहे। देवानी मुद्दातर्फ १ सय ३८ थान मध्ये ७३ थान फैसला भए भने ६५ थान फैसला हुन बाँकी रहे।

०६९ साउनदेखि पुस १५ सम्म

एक जनामात्र न्यायाधीश रहेको यस जिल्ला अदालतको फौजदारी मुद्दातर्फ १ सय १० थान मध्ये ३२ थान फैसला भए भने ६८ थान फैसला हुन बाँकी रहे। देवानी मुद्दातर्फ ७९ थान मध्ये १२ थान फैसला भए भने ६७ थान फैसला हुन बाँकी रहे।

जिल्ला सरकारी वकिलको कार्यालय

जिल्ला सरकारी वकिलको कार्यालयबाट ०६८ साउनदेखि ०६९ असार मसान्तसम्म दायर मुद्दाको सङ्ख्या १ सय २८ थानमध्ये २६ थान सफल भए भने तीन थान असफल भए। सरकारी वकिल सङ्ख्या १ रहेको यस जिल्ला कार्यालयबाट दायर मुद्दामध्ये ०६९ असार मसान्तसम्म ९९ थान मुद्दा बाँकी रहेको सरकारी वकिलको कार्यालयले जनायो।

दायर मुद्दामध्ये कर्तव्य ज्यानसम्बन्धी मुद्दा १० थान मध्ये तीन थान सफल र एक थान असफल भयो। बलात्कारसम्बन्धी मुद्दा आठ थानमध्ये ६ थान सफल र २ थान असफल रहे। महिला बेचविखनसम्बन्धी मुद्दा एक थान रहेकोमा सो असफल भयो। बहुविवाहसम्बन्धी दुई थान मुद्दा मध्ये दुई थान सफल भए।

जिल्ला सरकारी वकिलको कार्यालयबाट ०६९ साउनदेखि ०६९ पुससम्म दायर ६६ थान मुद्दामध्ये ०६९ असार मसान्तसम्म ६६ थान मुद्दा बाँकी रहेको सरकारी वकिलको कार्यालयले जनायो।

यातना तथा अन्य क्रूर, अमानवीय र अपमानजनक व्यवहार वा दण्ड

थुमी गाविस-६ का ठाने सार्कीलाई सोही ठाउँका ४१ वर्षीय हिराबहादुर सार्कीले बोक्सो भएको भन्दै ०६८ फागुन ३० गते बञ्चरो प्रहार गरी हत्या गरे। बिरामी भएर घरमा सुतिरहेको बेला हिराबहादुर बञ्चरोले टाउकोमा हानेका थिए। बञ्चरो प्रहारबाट ठाने सार्कीको घटनास्थलमा नै मृत्यु भयो। हिराबहादुरलाई सोही दिन प्रहरीले गिरफ्तार गऱ्यो। जिल्ला अदालतको ०६९ असार २७ गते सर्वस्वसहित जन्मकैदको फैसला गऱ्यो।

बालअधिकार

शिक्षाको अवस्था

यस जिल्लाका विद्यालय जाने उमेरका ६५ हजार २ सय १३ मध्ये छात्रछात्र प्राथमिक तहदेखि माबि तहसम्म भर्ना भए। यसमध्ये दलित जम्मा २३ हजार तीन सय ८४ जना छात्रा र छात्र ४१हजार ८ सय २९ रहेका छन्। सरकारी र सामुदायिक विद्यालय गरी प्राबि तहमा महिला ५ सय ४७ र पुरुष २ सय ५५ गरी जम्मा ८ सय २ शिक्षक कार्यरत रहेका छन्। निमाबि तहमा तहमा महिला ५७ र पुरुष ३ सय ४४ गरी जम्मा ४ सय १ शिक्षक कार्यरत रहेका छन्। यसैगरी माबि तहमा महिला १३ र पुरुष ५ सय ८ गरी जम्मा ५ सय २१ शिक्षक रहेका छन्।

बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

एक १५ वर्षीया बालिकालाई ०६९ असोज २० गते यौनदुर्व्यवहार गरेको आरोपमा गाँखु गाविस-९ का २१ वर्षीय कुमार गुरुङ र खोप्लाङ गाविस-४ का २८ वर्षीय बलबहादुर गुरुङलाई प्रहरीले ०६९ असोज २२ गते गिरफ्तार गऱ्यो। जिल्ला अदालतको ०६९ कात्तिक १६ को निर्णयले आरोपितहरू पुपर्क्षका लागि गोरखा कारागारमा छन्।

एक १७ वर्षीया बालिकालाई ०६८ माघ ४ सोही गोरखा नपा-४ अमराईका भरत भनिने २२ वर्षीय रवीन मगरले बलात्कार गरेको आरोपमा पीडितका आफन्तले माघ ५ गते प्रहरीमा जाहेरी दिए। प्रहरीले मगरलाई बलात्कार गरेको आरोपमा जाहेरी दिएकै दिन गिरफ्तार गऱ्यो। आरोपित ०६८ माघ २६ गतेको गोरखा अदालतको आदेशले पुर्पक्षका लागि थुनामा छन्। पीडितको गोरखा अस्पताल गोरखामा स्वास्थ्य परीक्षण गरिएको थियो।

महिलाविरुद्ध हुने सबै प्रकारको भेदभाव, दुर्व्यवहार

बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

एक २४ वर्षीया महिलालाई ०६८ फागुन ६ गते ताकुकोट गाविस-४ पाल्खुका ४९ वर्षीय अर्जुनकुमार गुरुङले ताकुकोट गाविस-७ को जङ्गलमा बलात्कार गरेको आरोपमा पीडितका आफन्तले फागुन ८ गते उजुरी दिए। आरोपित गुरुङलाई सोही प्रहरीले गिरफ्तार गऱ्यो। गुरुङ जिल्ला अदालतको ०६९ फागुन ११ गतेको आदेशले पुर्पक्षका लागि गोरखा कारागारमा थुनामा छन्। पीडितको ताकुकोट प्राथमिक स्वास्थ्य चौकी र गोरखा अस्पताल गोरखामा स्वास्थ्य परीक्षण भएको थियो।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

सम्पति कब्जा

गोरखा नपा-७ सरस्वती उमाबि आहालेमा एमाओवादी वैद्य समूह निकट अखिल क्रान्तिकारीका विद्यार्थीले ०६९ जेठ १ गते आगजनी गरे। भर्ना शुल्क लिएको विरोधमा क्रान्तिकारीका विजय आले र शङ्कर नेपालीले विद्यालयको कार्यालयमा पेट्रोल छरेर आगो लगाएको आरोप लगाइएको थियो। आगजनीबाट करिब ७५ हजार रुपियाँ मूल्य बराबरको क्षति भएपछि विद्यालयले आगजनीमा संलग्नहरू विरुद्ध मुद्दा दर्ता गऱ्यो। अखिल क्रान्तिकारीका कोषाध्यक्ष अमृत वाग्लेसहित चारजना विरुद्ध विद्यालयले मुद्दा दर्ता गरायो। यो वर्षको अन्त्यसम्म मुद्दाको फैसला भएको छैन।

स्वास्थ्य सेवाको अवस्था

अस्पताल	२		
स्वास्थ्यचौकी	१९		
उपस्वास्थ्यचौकी	४४		
पद	**दरबन्दी**	**कार्यरत**	**रिक्त**
डाक्टर	१९	९	१०
स्टाफ नर्स	११	२	९
ल्याब असिस्टेन्ट	५	२	३
अहेब	१३२	९२	४०
अनमी	८२	६३	१९
खोप सुपरभाइजर	१	१	
क्षयरोग/कुष्ठरोग सुपरभाइजर	१	१	
हेल्थ असिस्टेन्ट	२९	७	२२

जिल्ला प्रहरी कार्यालय

जिल्ला प्रहरी कार्यालयमा ०६८ पुस १७ गतेदेखि ०६९ पुस १६ गतेसम्म बलात्कारका पाँच, घरेलु हिंसाका एक, बलात्कार प्रयास एक, महिला ओसार पसार जिउमास्ने बेच्ने एक, कर्तव्य ज्यान १२, ज्यानमार्ने उद्योग एक, आत्महत्या ३५, बहुविवाहका पाँच ओटा घटनमा दर्ता भए।

३.३ लमजुङ



जिल्ला सदरमुकाम: वेशीसहर
क्षेत्रफल (वर्ग कि. मि.): १,६५२
घरधुरी सङ्ख्या: ४२,०७५
जम्मा जनसङ्ख्या: १,६७,७२४
पुरुष: ७५,९१३
महिला: ९१,८११
अपाङ्ग सङ्ख्या: ४,७४५
गाविस/नपा सङ्ख्या: ६१/०
पुरुष साक्षरता सङ्ख्या: ५५,९९४
महिला साक्षरता सङ्ख्या: ५७,०४८
हिन्दू धर्मावलम्बी प्रतिशत: ६३.५८
बौद्ध धर्मावलम्बी प्रतिशत: १७.०४
इस्लाम धर्मावलम्बी प्रतिशत: ०.५६
किराँत धर्मावलम्बी प्रतिशत: ०.०१
क्रिश्चियन धर्मावलम्बी प्रतिशत: १.७५
प्रकृति धर्मावलम्बी प्रतिशत: ०.०४
वोन धर्मावलम्बी प्रतिशत: ०.०४
अन्य धर्मावलम्बी प्रतिशत: ०.४३५
प्रतिपरिवार सरदर सङ्ख्या: ३.९९

जेल र बन्दीहरू

'घ' श्रेणीको जिल्ला कारागारको बन्दी क्षमता २५ जनाको रहेको छ। यो वर्षको अन्त्यसम्म कैद तोकिएको ३० जना र कैद नतोकिएको ३४ जना, कैदी र थुनुवा गरी जम्मा ६४ जना बन्दीहरू रहेका छन्। जसमा आश्रित बालक एक जना र बालिका एक जना गरी जम्मा दुई जना रहेका छन्। क्षमता भन्दा बढी बन्दी भएकोले बस्न समस्या भएको र पत्रपत्रिका पढ्न नपाएको बन्दीहरूले बताए। क्षमताभन्दा बढी बन्दीहरू भए पनि अन्य जेलमा पनि बन्दीको चाप भएकोले यहाँ नै मिलाएर राख्नुको विकल्प नभएको जेलर गङ्गाबहादुर घलेले बताए।

धम्की/कुटपिट

नेपाली काङ्ग्रेसबाट

सुन्दर बजार गाविस-४ निवासी एमाले कार्यकर्ता ४० वर्षीय राजु परियारलाई एमालेको राजनीति गरेको आरोपमा २०६८ माघ २७ गते तरुणदलका कार्यकर्ताले कुटपिट गरे। पीडितले कतै उजुर गरेनन्। पीडकलाई कुनै कारबाही भएन। पीडितको उपचार नमुना सामुदायिक अस्पताल सुन्दरबजारमा भएको थियो।

सुगम र निष्पक्ष न्यायिक अधिकार

एक जना न्यायाधीश रहेको यस जिल्ला अदालतको फौजदारी मुद्दातर्फ १ सय १५ मध्ये ९२ फैसला भए भने २३ थान फैसला हुन बाँकी रहे। देवानी मुद्दातर्फ ७९ थान मध्ये ५५ थान फैसला भए भने २४ थान फैसला हुन बाँकी रहे।

०६९ साउनदेखि ०६९ पुस १५ गतेसम्म

यस जिल्ला अदालतको फौजदारी मुद्दातर्फ ९७ थान मध्ये ४६ फैसला भए भने ५१ थान फैसला हुन बाँकी रहे। देवानी मुद्दातर्फ ७६ थान मध्ये १७ थान फैसला भए भने ५९ थान फैसला हुन बाँकी रहे। दुई वर्ष नाघेका फौजदारी मुद्दा नभएको जिल्ला अदालतले जनायो।

सरकारी वकिलको कार्यालय

जिल्ला सरकारी वकिलको कार्यालयबाट ०६८ साउनदेखि ०६९ असार मसान्तसम्म दायर मुद्दाको सङ्ख्या ६८ थान छ। जसमध्ये ३४ थान सफल भए भने ३४ थान असफल भए। मुलतवी, तमेलीमा मुद्दा एक रहेको छ। सरकारी वकिल सङ्ख्या एक रहेको यस जिल्ला कार्यालयबाट दायर मुद्दामध्ये ०६९ असार मसान्तसम्म ४७ थान मुद्दा बाँकी रहेको सरकारी वकिलको कार्यालयले जनायो।

दायर मुद्दामध्ये कर्तव्य ज्यानसम्बन्धी मुद्दा सात थान मध्ये दुई थान सफल दुई थान असफल भयो। भने तीन थान बाँकी रहे। बलात्कारसम्बन्धी मुद्दा दुई थान मध्ये एक थान सफल भयो भने एक थान असफल रह्यो।

घटनाको प्रकार	गैरराज्यपक्षबाट		
	महिला	पुरुष	जम्मा
बालअधिकार	२		२
अमानवीय व्यवहार		१	१
महिलाअधिकार	२		२
कुटपिट		५	५
धम्की		१	१
हत्या	१		१
जम्मा	५	६	११

बालअधिकार

शिक्षाको अवस्था

यस जिल्लाका विद्यालय जाने उमेरका ६१ हजार २८ मध्ये छात्र २९ हजार ४ सय ४३ र छात्रा ३१ हजार ५ सय ८५ प्राथमिक तहदेखि माबि तहसम्म भर्ना भए। यसमध्ये दलित छात्रा ६ हजार ६ सय ८० र छात्र ५ हजार ५ सय ४२ रहेका छन्। सरकारी र सामुदायिक विद्यालय गरी प्राबि तहमा महिला ३ सय ४६ र पुरुष ९ सय ५७ गरी जम्मा सय १ हजार ३ सय ३ शिक्षक कार्यरत रहेका छन। निमाबि तहमा तहमा महिला १४ र पुरुष ३ सय ४३ गरी जम्मा २ सय ५७ शिक्षक कार्यरत रहेका छन्। यसैगरी माबि तहमा महिला ४ र पुरुष १ सय १ सय ८८ गरी जम्मा १ सय १ सय ९२ शिक्षक रहेका छन्।

बालविकास केन्द्र बालक ३ हजार ९ सय ६९ र बालिका ३ हजार ८ सय ६४ गरी जम्मा ७ हजार ८ सय ३३ रहेका छन्। जसमध्ये दलित बालक ८ सय ७६ र बालिका ८ सय ३१ छन्। यस जिल्ला शिक्षा कार्यालयले शिक्षासम्बन्धी सबै तथ्याङ्क अद्यावधिक गरिएको पाइएन।

बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

एक १५ वर्षीया बालिकालाई ०६९ वैशाख १० गते गाउँशहर गाविस-९ का ६४ वर्षीय मीनबहादुर गुरुङले घरमा एक्लै भएको बेला बलात्कार गरेको आरोपमा पीडितका आफन्तले जिल्ला प्रहरी कार्यलयमा वैशाख १४ गते उजुरी दिए। प्रहरीले आरोपित गुरुङलाई सोही दिन गिरफ्तार गऱ्यो। पीडितको जिल्ला सामुदायिक अस्पतालमा वैशाख १५ गते स्वास्थ्य परीक्षण भएको थियो। जिल्ला अदालतको ०६९ जेठ ५ गतेको आदेशमा आरोपित गुरुङ पुपर्क्षका लागि थुनामा छन्। आरोपितलाई बलात्कार प्रयास गरेको आरोपमा ३ महिना कैद र ५ हजार रूपियाँ जरिवाना हुने गरी जिल्ला अदालत काशीनाथ पोखेलको इजलासले गरेको फैसलाअनुसार ०६९ साउन २५ गते थुना मुक्त भए।

बालविवाह

ताप्राडटक्सार गाविस-९ की सूर्यज्योति निमाविको कक्षा ८ मा अध्ययनरत १३ वर्षीया एक बालिकालाई ०६९ मङ्सिर १ गते सोही ठाँउ माइती भएकी सुनीता मल्लले फकाएर कपिलवस्तु जिल्ला पथ्थरदैहा गाविस-५ का १८ वर्षीय निरजसिंह ठकुरीसँग जबरजस्ती विवाह गरिदिइन्। पीडित परिवारको उजुरीको आधारमा बालविवाह र बेचबिखन गर्न लगेको आशङ्कामा सुनीता मल्ल र निरजसिंह ठकुरीलाई प्रहरीले ०६९ मङ्सिर ४ गते कपिलवस्तुबाट गिरफ्तार गऱ्यो। पीडितका आफन्तले मानव बेचबिखन ऐनअर्न्तगत जिल्ला प्रहरी कार्यालय लमजुङमा मङ्सिर ६ गते उजुरी दिए। जिल्ला अदालतको आदेशानुसार ०६९ मङ्सिर २९ गते जनही ३० हजार रुपियाँ धरौटी राखेर रिहा भए

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार संरचना, सम्पत्ति क्षति

अनेरास्ववियु र नेपाल विद्यार्थी सङ्घले गरेको आमहडतालको क्रममा ०६९ भदौ २७ गते बिहान बेसीशहरको मनाडेचौताराबाट शेरातर्फ गइरहेको ग १ ख १९६१ नम्बरको बसमा ती सङ्गठनका कार्यकर्ताले तोडफोड गरे। तोडफोडबाट बसको अगाडि तथा दायाँबायाँका सिसाहरू फुटे। विरोध प्रदर्शनकै क्रममा

लमजुङमा बन्दको क्रममा सवारी साधन चलाएको भनी अनेरास्ववियु र नेविसङ्घका कार्यकर्ताहरूले तोडफोड गरिएको सवारी साधन

विद्यार्थीले ग ३ प ८५०६ र ग ५ प ७९९० नम्बरको मोटरसाइकल समेट तोडफोड गरे। तोडफोडबाट मोटरसाइकलको साइडलाइट, लुकिङ ग्लासलगायत फुटेको थियो।

जिल्ला स्वास्थ्य सेवाको अवस्था

अस्पताल	१		
स्वास्थ्यचौकी	१५		
उपस्वास्थ्यचौकी	४५		
पद	**दरबन्दी**	**कार्यरत**	**रिक्त**
डाक्टर	२	१	१
स्टाफ नर्स	२		२
ल्याब असिस्टेन्ट	२	२	
अहेब	६७	५३	१४
अनमी	२४	१८	६
खोप सुपरभाइजर	१	१	
क्षयरोग/कुष्ठरोग सुपरभाइजर	१	१	
हेल्थ असिस्टेन्ट	१७	११	६

जिल्ला प्रहरी कार्यालय

जिल्ला प्रहरी कार्यालयमा ०६८ पुस १७ गतेदेखि ०६९ पुस १६ गतेसम्म बलात्कारका एक, महिला ओसारपसार दुई, कर्तव्यज्यान १०, आत्महत्या ३२, बहुविवाह पाँच ओटा घटना दर्ता भए।

३.४ स्याङ्जा



जिल्ला सदरमुकाम: पुतलीबजार
क्षेत्रफल (वर्ग कि. मि.): १,१६४
घरधुरी सङ्ख्या: ६८,८८१
जम्मा जनसङ्ख्या: २,८५,१४८
पुरुष: १,२५,८३३
महिला: १,६३,३१५
अपाङ्ग सङ्ख्या: ४,४५१
गाविस/नपा सङ्ख्या: ६०/२
पुरुष साक्षरता सङ्ख्या: ५५,३५८
महिला साक्षरता सङ्ख्या: १,०७,५५५
हिन्दू धर्मावलम्बी प्रतिशत: ५०.२१
बौद्ध धर्मावलम्बी प्रतिशत: ७.४४
इस्लाम धर्मावलम्बी प्रतिशत: ०.६८
किराँत धर्मावलम्बी प्रतिशत: ०.०१
क्रिश्चियन धर्मावलम्बी प्रतिशत: ०.२
प्रकृति धर्मावलम्बी प्रतिशत: ०.०१
बोन धर्मावलम्बी प्रतिशत: १.२५
अन्य धर्मावलम्बी प्रतिशत: ०.१५५
प्रतिपरिवार सरदर सङ्ख्या: ४.२०

जेल र बन्दीहरू

'ङ' श्रेणीको जिल्ला कारागारको क्षमता महिला १० जना र पुरुष २५ जना गरी जम्मा ३५ जनाको रहेको छ। यो वर्षको अन्त्यसम्म कैद तोकिएका ३५ र कैद नताकिएका ३६ जना गरी ७१ पुरुष तथा कैद तोकिएका ११ जना र कैद नतोकिएका दुई जना गरी १३ जना महिलासहित कूल ८४ बन्दीहरू रहेका छन्।

कारागारमा क्षमताभन्दा बढी बन्दीहरू भएकोले कोठा भन्दा बाहिर पाल टाँगेर रात गुजार्नु परेको ६२ वर्षीय दुर्गाप्रसाद चापागाईंले बताए। टिभी, खानेपानी, पानी बोक्ने बाल्टी तथा डस्टबिन जस्ता

घटनाको प्रकार	गैरराज्यपक्षबाट		
	महिला	पुरुष	जम्मा
बालअधिकार	३		३
महिलाअधिकार	५		५
कुटपिट		२	२
हत्या		१	१
जम्मा	८	३	११

सामग्री नहुँदा समस्या भएको उनले गुनासो गरे। कारागारमा केही दैनिक पत्रिका नियमित उपलब्ध भए पनि इन्सेकले पहिले उपलब्ध गराएको टिभी बिग्रिएकोले टिभी हेर्नबाट वञ्चित रहेको कारागारका दाइनाइके टुकमान हमालले बताए।

महिला कारागारकी नाइके राजकुमारी विकले महिलाकक्षमा पानीको बाहेक खासै समस्या नभएको बताइन्। अर्की बन्दी शोभा राईले महिलालाई सीपमूलक तालिमको आवश्यकता रहेको बताइन्। कारागारमा क्षमताभन्दा बढी बन्दीहरू राख्नु परेको कारण समस्या आएको स्वीकार्दै निमित्त प्रमुख जिल्ला अधिकारी शिशिर पौडेलले देशकै कारागारमा क्षमता भन्दा बढी बन्दी राख्नुपर्ने वाध्यता भएको बताए। उनले कारागारमा केही भौतिक पूर्वधार मर्मत सम्भार गर्न सकेमात्र पनि कारागारको क्षमता वृद्धि गर्न सकिने भए पनि आर्थिक अभावले केही गर्न नसकेको बताए।

जेलरप्रमुख मीना ढकालले कारागारको मुलगेटको निर्माण गर्न सकेमात्र पनि केही बन्दीलाई राख्ने ठाउँको विकल्प निकाल्न सकिने बताइन्। उनले १५ जना बन्दीहरूलाई कोठाको अभावका कारण पालमुनी राख्नुपर्ने बाध्यता रहेको बताइन्।

धम्की/कुटपिट

अनेरास्वयुबाट

कालीकाकोट गाविस-४ सिर्सेकोट निवासी नेविसङ्घका इकाई सभापति २३ वर्षीय किसान गुरुङ, नेविसङ्घका कार्यकर्ता २६ वर्षीय अर्जुन अर्याल, वालीङ नपा-८ का १८ वर्षीय अनिल परियार, वालिङ र सोही ठाउँका १७ वर्षीय विक्रम गुरुङ ०६९ असोज १२ गते वालिङ नपा- ३ स्थित वालिङ बहुमुखी क्याम्पसमा नेविसङ्घ र अनेरास्वयुबीच राजनीतिक विवादका कारण अनेरास्वयुका कार्यकर्ताले आक्रमण गरी कुटपिट गर्दा घाइते भए। उनीहरूको स्थानीय मेडिकलमा उपचार भयो। घटनामा क्याम्पस प्रशासन र स्वयुको संलग्नता भएको भन्दै क्याम्पस प्रमुख र स्वयु सचिव मोहन गुरुङको राजीनामा तथा घटनामा संलग्नलाई कानुनी कारवाहीको माग गर्दै नेविसङ्घले असोज १३ गतेदेखि क्याम्पसमा तालाबन्दी गऱ्यो। नेविसङ्घले प्रहरी चौकी वालिङमा कारवाहीको लागि स्वयु सचिव गुरुङविरुद्ध जाहेरी दिए पनि स्वयु सचिववाट गुरुङले राजिनामा दिएपछि विवाद साम्य भयो।

सुगम र निष्पक्ष न्यायिक अधिकार

एक जना न्यायाधीश रहेको यस जिल्ला अदालतको फौजदारी मुद्दातर्फ १ सय ४१ थानमध्ये ६७ थान फैसला भए भने ७४ थान फैसला हुन बाँकी रहे। देवानी मुद्दातर्फ १ सय ४८ थान मध्ये ५५ थान फैसला भए भने ८४ थान फैसला हुन बाँकी रहे। दुई वर्ष नाघेका फौजदारी मुद्दा र देवानी मुद्दा कुनै पनि छैनन्।

जिल्ला सरकारी वकिलको कार्यालयवाट ०६८ साउनदेखि ०६९ असार मसान्तसम्म दायर मुद्दाको सङ्ख्या ७७ थान छ। जसमध्ये ४३ थान सफल भए भने १८ थान असफल भएको छ। मुलतवी, तमेली पेण्डिङमा मुद्दा १६ थान रहेको छ। सरकारी वकिल सङ्ख्या दुई जना रहेको यस जिल्ला कार्यालयबाट दायर मुद्दामध्ये ०६९ असार मसान्तसम्म १६ थान मुद्दा बाँकी रहेको सरकारी वकिलको कार्यालयले जनायो।

दायर मुद्दामध्ये कर्तव्य ज्यानसम्बन्धी मुद्दा १२ थान मध्ये पाँच थान सफल र तीन थान असफल रह्यो। बलात्कारसम्बन्धी मुद्दा ती थान मध्ये दुई थान सफल र एक थान असफल रह्यो। महिला बेचविखन सम्बन्धी मुद्दा एक थान मध्ये एक आटै सफल रह्यो। बहुविवाह सम्बन्धी मुद्दा एक थान मध्ये एक ओटै असफल रह्यो।

जिल्ला सरकारी वकिलको कार्यालयबाट ०६९ साउनदेखि ०६९ पुससम्म दायर मुद्दाको सङ्ख्या २५ थान छ जसमध्ये १३ थान सफल भएको छ। सरकारी वकिल सङ्ख्या दुई जना रहेको यस जिल्ला कार्यलयबाट दायर मुद्दा मध्ये ०६९ असार मसान्तसम्म १० थान मुद्दा बाकी रहेको सरकारी वकिल कार्यलयले जनायो।

बालअधिकार

शिक्षाको अवस्था

यस जिल्लाका विद्यालय जाने उमेरका मध्ये छात्र ४० हजार २ सय ५२ र छात्रा ४१ हजार ४ सय ४४ जना गरी जम्मा ८१ हजार ६ सय ९६ जना

प्राथमिक तहदेखि माथि तहसम्म भर्ना भए। यसमध्ये दलित छात्रा ८ हजार ४ सय ८९ र छात्र ७ हजार ९ सय ३१ रहेका छन्। सरकारी र सामुदायिक विद्यालय गरी प्राथि तहमा महिला १ हजार ६ सय ९ र पुरुष १ हजार ७ सय ३४ गरी जम्मा ३ हजार ३ सय ४३ शिक्षक कार्यरत रहेका छन्। निमाथि तहमा महिला २ सय ३९ र पुरुष ७ सय ५३ गरी जम्मा ९ सय ९२ शिक्षक कार्यरत रहेका छन्। यसैगरी माथि तहमा महिला ४४ र पुरुष ६ सय ६९ जना गरी जम्मा ७ सय १३ शिक्षक रहेका छन्।

बालविकास केन्द्रमा बालक ६ हजार ६ सय ३६ र बालिका ५ हजार ९ सय १० गरी जम्मा १२ हजार ५ सय ४६ रहेका छन्। जसमध्ये दलित बालक १ हजार २ सय ६४ र बालिका १ हजार ३ सय ९ छन्। यस जिल्ला शिक्षा कार्यालयले शिक्षासम्बन्धी सबै तथ्याङ्क अद्यावधिक गरिएको पाइयो।

बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

१३ वर्षीया दुई बालिकालाई ०६९ साउन ६ गते पौवेगौडे गाविस-१ निवासी २३ वर्षीय केशव गोदार र सोही ठाउँका प्रकाश रानाभाटले बलात्कार गरेको आरोपमा पीडितका परिवारले साउन १६ गते प्रहरीमा जाहेरी दिए। पुतलीबजार नपा-१ प्रगतिनगर घुम्तीस्थित होटलमा सुतिरहेको अवस्थामा बलात्कार गरेको पीडितहरूले बताए। गस्तीमा गएको प्रहरी टोलीले घटनाको बारेमा थाहा पाई सोही दिन दुवैलाई गिरफ्तार गरी अदालत पेश गरेकोमा आरोपितहरूलाई जिल्ला अदालतले साउन ७ गते पुर्पक्षका लागि थुनामा पठायो। मुद्दा यो वर्षको अन्त्यसम्म विचाराधिन रहेको छ। पीडित दुवै जनाको स्यास्थ्य परीक्षण स्याङ्जा जिल्ला अस्पतालमा साउन ८ गते भयो। थप परीक्षण केन्द्रीय विधिविज्ञानशाला काठमाडौँमा असोज २५ गते भएको थियो।

महिलाविरुद्ध हुने सबै प्रकारको भेदभाव, दुर्व्यवहार बहुविवाह

जगतभञ्ज्याङ गाविस-२ की २४ वर्षीया श्याममाया गुरुङले आफ्ना पति २७ वर्षीय नरेन्द्र गुरुङले बहुविवाह गरेको आरोपमा ०६९ जेठ ७ गते वडा प्रहरी कार्यालय वालिङमा उजुरी दिइन्। पीडितले आफू र छोराछोरीलाई समेत आरोपितले दुई वर्ष अघिदेखि असहयोग र बेवास्ता गरेको उजुरीमा उल्लेख गरेकी छन्। उनका पतिले पेल्काचौर गाविस-३ की २० वर्षीया सङ्ग्रीला गुरुङसँग ०६९ वैशाख २४ गते दोस्रो विवाह गरेका थिए। प्रहरीले आरोपितद्वयलाई जेठ ७ गते नै गिरफ्तार गऱ्यो। नरेन्द्र ५२ हजार रुपियाँ धरौटी राखेर जेठ १९ गते रिहा भए भने सङ्ग्रीला सोही दिन तारेखमा रिहा भइन्। मुद्दा अदालतमा विचाराधीन छ।

स्वास्थ्य सेवाको अवस्था

अस्पताल	१		
स्वास्थ्यचौकी	१८		
उपस्वास्थ्यचौकी	४७		
पद	**दरबन्दी**	**कार्यरत**	**रिक्त**
डाक्टर	५	३	२
स्टाफ नर्स	५	५	
ल्याब असिस्टेन्ट	५	४	१
अहेब	७३	६२	११
अनमी	१९	१८	१
खोप सुपरभाइजर	१	१	
क्षयरोग/कुष्ठरोग सुपरभाइजर	१	१	
हेल्थ असिस्टेन्ट	१६	१०	६

जिल्ला प्रहरी कार्यालय

जिल्ला प्रहरी कार्यालयमा ०६८ पुस १७ गतेदेखि ०६९ पुस १६ गतेसम्म बलात्कार तीन, बलात्कार प्रयास एक, कर्तव्यज्यान तीन, ज्यानमार्ने उद्योग दुई, आत्महत्या ५२, बहुविवाह दुई ओटा मुद्दा दर्ता भए।

३.५ कास्की



जिल्ला सदरमुकाम: पोखरा
क्षेत्रफल (वर्ग कि. मि.): २,०१७
घरधुरी सङ्ख्या: १,२५,६७३
जम्मा जनसङ्ख्या: ४,५२,०५८
पुरुष: २,३६,३८५
महिला: २,५५,७१३
अपाङ्ग सङ्ख्या: ५,२१५
गाविस/नपा सङ्ख्या: ४३/२
पुरुष साक्षरता सङ्ख्या: १,५८,१५५
महिला साक्षरता सङ्ख्या: १,८३,६१८
हिन्दू धर्मावलम्बी प्रतिशत: ८२.३३
बौद्ध धर्मावलम्बी प्रतिशत: १३.४७
इस्लाम धर्मावलम्बी प्रतिशत: ०.५
किराँत धर्मावलम्बी प्रतिशत: ०.०५
क्रिश्चियन धर्मावलम्बी प्रतिशत: २.१४
प्रकृति धर्मावलम्बी प्रतिशत: ०.१३
वोन धर्मावलम्बी प्रतिशत: ०.५५
वहई धर्मावलम्बी प्रतिशत: ०.०१
शिख धर्मावलम्बी प्रतिशत: ०.००२
अन्य धर्मावलम्बी प्रतिशत: ०.३४
प्रतिपरिवार सरदर सङ्ख्या: ३.५२

नागरिक तथा राजनीतिक अधिकार

सम्मानित रूपले बाँच्ने अधिकार

गोली/विस्फोटक पदार्थद्वारा घाइते

बेवारिसे विस्फोटक पदार्थबाट मृत्यु

स्याङ्जा जिल्ला ओरष्टे गाविस-४ घर भई पोखरा उमनपा-८ सभागृहस्थित क्रिस्टल लाईट हाउसमा कार्यरत २५ वर्षीय राम सुनारको सोही पसलको गोदाममा ०६८ माघ ११ गते ग्रिनेट विस्फोटन हुँदा मृत्यु भयो। पीडित सुनार गोदाममा सामान मिलाउन जाँदा शङ्कास्पद वस्तु हेर्ने क्रममा एक्कासि विस्फोटन हुँदा घाइते भएकोमा पोखरा उमनपा-९ नयाँबजारस्थित चरक अस्पतालमा उपचारका लागि लगिँदै गर्दा बाटोमै मृत्यु भएको थियो। घटनास्थलमा फेला परेको एक थान ३६ ग्रिनेट नेपाली सेनाको बम डिस्पोजल टोलीले निष्कृय पारेको थियो। घटनाको अनुसन्धान जिल्ला प्रहरी कार्यालयले गरे पनि थप केही पत्ता लाग्न सकेन।

जेल र बन्दीहरू

श्रेणी विहीन जिल्ला कारागारको बन्दी क्षमता जम्मा ६० जनाको रहेको छ। यो वर्षको अन्त्यसम्म कैद तोकिएका १ सय ८९ र कैद नतोकिएका १ सय ६९ कैदी र थुनुवा गरी जम्मा ३ सय ५८ जना बन्दीहरू रहेका छन्। जसमा आश्रित बालक एक जना र बालिका एक जना गरी जम्मा दुई जना रहेका छन्।

कारागारमा क्षमताभन्दा छ गुणा बढी बन्दीहरू बस्नु पर्दा सुत्ने ठाउँको अभावमा हिँड्ने गल्लीमा समेत करिब १ सय जना बन्दीहरू सुत्न बाध्य भएको कारागारका जेलर सुनिल अधिकारीले बताए। आर्थिक वर्ष ०६८/६९ मा नयाँ भवन बने पनि बजेटको अभावमा सुरक्षा पर्खाल निर्माण हुन नसक्दा बन्दीहरूलाई स्थानान्तरण गर्न नसकेको अधिकारीले बताए। कारागारमा पर्याप्त खानेपानी आपूर्ति नहुँदा किनेर खानुपरेको, गाडी, क्वार्टर नहुँदा प्रशासनिक काममा समस्या परेको उनले बताए। कारागारमा टेलिभिजन, रेडियो, पत्रपत्रिका, खेलकुद सामग्रीलगायतको सुविधा रहेको छ भने बन्दीहरूले कारागारभित्र तरकारी खेती, च्याउ खेती गरी आयआर्जन समेत गरेका छन्। बन्दीहरूले फर्निचर उद्योगसमेत सञ्चालन गरेकोमा असुरक्षाको कारण कारागार व्यवस्थापन विभागबाट फर्निचर हटाउन परिपत्र आएपछि फर्निचर कारखाना हटाइएको छ।

कारागारमा झडप

जिल्ला कारागार कार्यालयमा ०६९ मङ्सिर ८ गते राति ८ बजे बन्दीहरूबीच भएको विवादको क्रममा झडप हुँदा १२ जना बन्दीहरू घाइते भए। झडपमा लाहाचोक गाविस-२ का बाबु थापा भन्ने ३५ वर्षीय सूर्यबहादुर भुजेल र काठमाडौँ मनपा-१४ कलङ्कीका ३० वर्षीय सुनिल रानाभाट, सुर्खेतका २५ वर्षीय कुबेर पुन, पोखरा उमपनपा-१८ का रविन्द्र कुँवर, काठमाडौँ मनपा-४ का निरोज खत्री, पोखरा उमनपा-१६ का प्रवीण गुरुङ, ल्वाङ्घलेल गाविस-६ का प्रेम तामाङ,

घटनाको प्रकार	राज्यपक्षबाट			गैरराज्यपक्षबाट		
	महिला	पुरुष	जम्मा	महिला	पुरुष	जम्मा
घाइते				१		१
बालअधिकार				८		८
अमानवीय व्यवहार					१	१
आर्थिक/सामाजिक/साँस्कृतिक अधिकार					१	१
अपहरण				१		१
महिलाअधिकार				१९		१९
भेला/गठित हुने अधिकार	७	३४	४१			
गिरफ्तारी/यातना		१	१			
कुटपिट		३	३		३३	३३
धम्की					१	१
हत्या				३	१	३
जम्मा	७	३७	४४	३१	३७	५८

लेखनाथ नपा-६ का स्वागत रानाभाट, कालिका गाविस-९ का सुमन भन्ने हर्कसिं गुरुङ, पोखरा उमनपा-६ का प्रकाश गुरुङ, पोखरा उमनपा-१ का मनबहादुर गुरुङ, स्याङजा जिल्ला पञ्चमुल गाविस-५ का सुनिल गुरुङ, बैतडी जिल्ला दुर्गाभवानी गाविस-३ का मीननाथ क्षेत्री घाइते भएका थिए। उनीहरूको पश्चिमाञ्चल क्षेत्रीय अस्पतालमा उपचार भयो। घटनाको छानबिन गर्न सहायक प्रमुख जिल्ला अधिकारी अन्तरबहादुर सिलवालको संयोजकत्वमा जेलर सुनिल अधिकारी र जिल्ला प्रहरी कार्यालयका इन्स्पेक्टर रविन्द्र पौडेल सदस्य रहेको छानविन समिति गठन गरिएको थियो। समितिले आर्थिक लेनदेनका कारण बन्दीहरूबीच झडप भएको निष्कर्ष निकाल्दै घटनामा संलग्नहरूलाई अन्य कारागारमा स्थानान्तरण गर्न सिफारिस गरेकोमा रौतहट, पाल्पा, काठमाडौँ, म्याग्दी, पर्वत, वीरगञ्ज कारागारमा २९ जना बन्दीहरूलाई स्थानान्तरण गरिएको जेलर अधिकारीले बताए।

धम्की/कुटपिट

राज्यबाट

सिद्ध गाविस-७ निवासी गण्डकी माछापुच्छ्रे सञ्चारगृहमा कार्यरत पत्रकार २३ वर्षीय हरिबहादुर भुजेल विभासलाई वडा प्रहरी कार्यालय बगरको टोलीले ०६८ चैत १८ गते राती पोखरा उमनपा-३ नदीपुरस्थित सडक दुर्घटनाको समाचार सङ्कलनका क्रममा फोटो खिचेको आरोपमा लाठीप्रहार गरी कुटपिट र अमानवीय व्यवहार गऱ्यो। पत्रकार भुजेलको चरक अस्पतालमा उपचार भयो। घटनाप्रति जिल्लास्थित विभिन्न सङ्घ-संस्थाले ०६८ चैत १९ गते विज्ञप्ति जारी गरी निन्दा गरे। घटनामा संलग्न प्रहरीलाई कारवाही भएन।

लामाचौर गाविस-२ गैरीखोरका २१ वर्षीय सविन गुरुङलाई ०६९ जेठ ३१ गते वडा प्रहरी कार्यालय बगरबाट गस्तीका लागि खटिएका प्रहरी हवल्दार अगन्त राउत कुर्मी, प्रहरी जवानहरू दीपेन्द्र टमटा, विजय आउदी र कृष्ण हमालले मादकपदार्थ सेवन गरी होहल्ला गरेको आरोपमा नियन्त्रणमा लिई कुटपिट गरे। प्रहरी भ्यान सहित गस्तीका लागि गैरीखोर पुगेका उनीहरूले केहीबेर स्थानीय युवाहरूसँग भएको भनाभनका क्रममा साथीहरूसँगै घर फर्किरहेका गुरुङलाई नियन्त्रणमा लिएर बाटोमै निर्घात कुटपिट गरेको पीडितका आमा शान्ति गुरुङले बताइन्। पीडितको पोखराको फिस्टेल अस्पतालमा उपचार भयो। पीडित पक्ष र स्थानीबासीको दवावपछि घटनामा संलग्न प्रहरीलाई ०६९ असार ३ गते सार्वजनिक गरिएको थियो। जिल्ला प्रहरी कार्यालय कास्कीका डिएसपी श्यामकृष्ण अधिकारीले कानुन भन्दा बाहिर गई प्रहरीको बदनाम गरेकाले प्रहरी ऐनअन्तर्गत विभागीय कारबाही गरिने र उपचारमा लागेको खर्च कुटपिटमा संलग्न प्रहरीको तलबबाट कट्टी गरी उपलब्ध गराउने बताए। घटनामा संलग्न चारै जना प्रहरीले आफूहरूबाट गल्ती भएको स्वीकार गर्दै आगामी दिनमा गल्ती नदोहोऱ्याउने भन्दै पीडितकी आमा शान्ति गुरुङसँग माफी मागेका थिए।

नेकपा-माओवादीबाट

पोखरा उपनपा-८ चिप्लेढुङ्गामा पेट्रोलियम पदार्थको मूल्यवृद्धिको विरोधमा नेकपा-माओवादीले ०६९ भदौ २९ गते मध्याह्नसम्म आह्वान गरेको नेपाल बन्दको क्रममा बन्दकर्ताहरूले नेपाल पत्रकार महासङ्घका केन्द्रीय पार्षद् तथा प्रेस युनियनका अध्यक्ष ४८ वर्षीय शिरोमणि बरालालाई दुर्व्यवहार गर्नुका साथै उनको ग ६ प ४३८६ को मोटरसाइकल तोडफोड

गरे। नेकपा-माओवादीका जिल्ला सेक्रेटरी कृष्ण वाग्लेले कार्ड नदेखाई प्रेस युनियनको अध्यक्ष मात्र भनेकोले सोधपुछको क्रममा सामान्य घटना भएको बताए। प्रहरीले घटनामा संलग्न भएको आरोपमा पूर्ण राउतलाई गिरफ्तार गरेकोमा उनलाई सोही दिन रिहा गरेको थियो। बन्दको अवज्ञा गरी मोटरसाइकल चलाएको भन्दै बन्दकर्ताहरूले करिब ५० ओटा मोटरसाइकल नियन्त्रणमा लिएकोमा १२ बजेपछि सम्बन्धित सवारीधनीलाई बुझाए।

युवासङ्घ नेपालबाट

पोखरा उपमनपास्थित सृजना चोकमा युवा सङ्घले प्रधानमन्त्री डाक्टर बाबुराम भट्टराईको राजीनामा र सहमतीय सरकारको माग गर्दै ०६९ साउन २३ गते आह्वान गरेको चार घण्टे नेपाल बन्दको क्रममा तनहुँ जिल्ला बन्दीपुर गाविसका २८ वर्षीय लेखबहादुर गुरुङ र धादिङ जिल्ला ज्यामरुङ गाविस-७ का ३४ वर्षीय राजु बयलकोटी आन्दोलनकारीले प्रहार गरेको ढुङ्गा र लाठी प्रहारबाट घाइते बनाए। पीडितद्वयको पोखराको सिर्जनाचोकस्थित मेट्रोसिटी अस्पतालमा उपचार भयो। आन्दोलनकारीले विद्यार्थी चढेको बसमा तोडफोड गर्न खोजपछि त्यसो नगर्न आग्रह गर्दा एक्कासि आफूहरूलाई कुटपिट गरेको पीडितले बताए। बन्दकर्ताले बन्दको अवज्ञा गरेको भन्दै जीजे१५वीवी२३८७ नम्बरको भारतीय जीपमासमेत तोडफोड गरे।

संयुक्त सङ्घर्ष समितिबाट

पाल्पा जिल्ला पालुङ्मैनादी गाविस-१ स्थायी घर भई रेडियो बाराहीका समाचार संयोजक तथा राजधानी दैनिकका सम्वाददाता २८ वर्षीय विजय नेपाललाई ०६९ वैशाख १९ गते जातीय अखण्डता र जातीय सद्भावको लागि संयुक्त सङ्घर्ष समिति कास्कीले निकालेको च्यालीको समाचार सङ्कलनको क्रममा च्यालीका सहभागीहरूले मोटरसाइकलको चावी खोस्नुका साथै दुर्व्यवहार गरे। आफू पत्रकार भएको परिचयपत्र देखाउँदा पनि आक्रोशित कार्यकर्ताहरूले हेल्मेट तान्दै तोडफोडको प्रयास गरेका थिए। प्रमुख जिल्ला अधिकारीलाई ज्ञापनपत्र बुझाउन गएको उक्त च्यालीमा क्षेत्री समाज, ब्राम्हण समाज, नेपाल ठकुरी सङ्गम परिवार नेपाल दशनामी समाजसँग सम्बन्धित व्यक्तिहरू सहभागी थिए।

आदिवासी जनजाति कार्यकर्ताबाट

पोखरा उमनपा-७ मासवार निवासी इलाका वन कार्यालय पुम्दीभुम्दीका सहायक अधिकृत ५० वर्षीय माधव बराललाई ०६९ जेठ ९ गते आदिवासी जनजाति सङ्घर्ष समितिका कार्यकर्ताले कुटपिट गरे। शान्तिपूर्ण च्यालीमा लाठी लिने आन्दोलनकारीलाई गिरफ्तार गर्नुपर्छ भनेपछि पृथ्वीचोकबाट आएको आन्दोलनकारीले पोखराको सिर्जनाचोकमा उनलाई कुटपिट गरेका थिए। पीडित बरालको सोही ठाउँस्थित मेट्रोसिटी अस्पतालमा उपचार भयो। प्रहरीले कुटपिटमा संलग्न भएको आरोपमा २४ वर्षीय इन्द्रबहादुर थापा र २६ वर्षीय सन्तबहादुर गुरुङलाई गिरफ्तार गरी सोही साँझ रिहा गऱ्यो। आन्दोलनकारीले बन्दको अवज्ञा गरेको भन्दै पोखरा उमनपा-१० रामबजारमा ग३प ९७२७ नम्बरको मोटरसाइकल र ग ३ प ५७०५ नम्बरको स्कुटर तोडफोड गरी मोटरसाइकलमा सवार २४ वर्षीय विनोद गुरुङ र १५ वर्षीय सुहिल गुरुङलाईसमेत कुटपिट गरे। पीडितहरूको स्थानीय किरण मेडिकल हलमा उपचार भयो।

तनहुँ जिल्ला राम्जाकोट गाविस-६ स्थायी घर भई रेडियो बाराहीमा कार्यरत २६ वर्षीय राजन उपाध्यायलाई आदिवासी जनजाति संयुक्त सङ्घर्ष समितिले आह्वान गरेको नेपाल बन्दको क्रममा ०६९ जेठ ९ गते रामबजारबाट कार्यालयतर्फ आउँदै गर्दा बन्द आह्वानकर्ताहरूले दुर्व्यवहार गर्नुका साथै उनी चढेको ग४प ६७२२ नम्बरको स्कूटर तोडफोड गरे। पीडितले नेपाल पत्रकार महासङ्घ कास्कीमा निवदेन दिएको भए पनि यो वर्षको अन्त्यसम्म क्षतिपूर्ति पाएनन्।

गैरकानुनी गिरफ्तारी

पाल्पा जिल्ला दोभान गाविस-४ झुम्सा स्थायी घर भई पोखरा उमनपा-५ मालेपाटनस्थित ग्रील उद्योगमा काम गर्ने २४ वर्षीय गुनबहादुर आलेलाई

कारागारमा भएको विवादमा झडप हुँदा घाइते भएका सूर्यबहादुर भुजेल र सुनिल रानाभाट

वडा प्रहरी कार्यालय बगरले बिनाकसुर ०६९ मङ्सिर २० गतेदेखि २४ गतेसम्म हिरासतमा राख्यो। पीडितका दाजु तोयाबहादुर आलेले पोखरा सिम्पानीका विकल पराजुलीको ट्रक धनगढीमा लगेर छोडेको र पैसा उठाएर भागेको अभियोगमा ट्रक धनीको आग्रहमा उनलाई प्रहरीले गिरफ्तार गरेको थियो। घटनाको बारेमा आफूलाई केही थाहा नभएको बताए पनि प्रहरीले बिनाकारण हिरासतमा राखेको पीडितले गुनासो गरे। वडा प्रहरी कार्यालयका इन्स्पेक्टर भुवनेश्वर तिवारीले ट्रक धनीको आग्रहमा अनुसन्धानको क्रममा पीडितलाई हिरासतमा राखिएको बताए।

अभिव्यक्ति, भेला हुने र संगठित हुने अधिकार

(राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

पोखरा उमनपा-९ स्थित पृथ्वीचोकमा जातीय राज्यको विरोधमा संयुक्त सङ्घर्ष समितिले ०६९ वैशाख २७ गते निकालेको मशाल जुलुसका क्रममा आन्दोलनकारी र प्रहरीबीच झडप हुँदा सात जना प्रदर्शनकारी र दुईजना प्रहरी घाइते भए। सङ्घर्ष समितिले ०६९ वैशाख २८ र २९ गते आह्वान गरेको नेपाल बन्दको पूर्वसन्ध्यामा निकालेको उक्त मशाल जुलुसमा सहभागीहरूले पोखराको पृथ्वीचोकस्थित लखन थापामगरको सालिक र तमुवान गणराज्य लेखिएको बोर्डमा तोडफोडको प्रयास गरेपछि प्रहरी र आन्दोलनकारीबीच झडप भएको थियो। झडपमा परी धिताल गाविस-३ का १९ वर्षीय मोहनराज गौतम, पोखराउमनपा-१६ लामाचौरका २२ वर्षीय विक्रम शाही, सोही ठाउँका २४ वर्षीय भेषराज रेग्मी, आर्वाविजय गाविस-२ का १६ वर्षीय सूर्य अधिकारी, पोखरा उमनपा-१३ भद्रकालीका २० वर्षीय गोविन्द लामिछाने, पोखरा उमनपा-९ नयाँबजारका २६ वर्षीय ज्ञानेन्द्रबहादुर कार्की र सोही ठाउँका २५ वर्षीय रामचन्द्र सिग्देल घाइते भए। घाइते भेषराजको पश्चिमाञ्चल क्षेत्रीय अस्पतालमा र अन्यको चरक अस्पतालमा उपचार भयो। त्यसैगरी आन्दोलनकारीको ढुङ्गा लागेर प्रहरी जवानद्वय २६ वर्षीय सहदेव बुढाथोकी र २८ वर्षीय पूर्णबहादुर गुरुङ घाइते भए। उनीहरूको पनि चरक अस्पतालमा उपचार भएको थियो।

आदिवासी जनजाति महासङ्घ सङ्घर्ष समितिले ०६९ जेठ ८ गते आह्वान गरेको नेपाल बन्दको क्रममा आन्दोलनकारी र प्रहरीबीच पोखरा उमनपा-९ स्थित पृथ्वीचोकमा झडप हुँदा ११ जना घाइते भए। सो क्रममा प्रहरीको लाठीचार्जबाट स्याङ्जा जिल्ला राङभाङ गाविस-५ घर भई गण्डकी मिडिया हाउसमा कार्यरत २२ वर्षीया बिनु थापामगर, पोखरा उमनपा-१३ की ४५ वर्षीया नीरदेवी गुरुङ, पोखरा उमनपा-१० रामबजारका २८ वर्षीय सन्दीप गुरुङ, पोखरा उमनपा-१८ खाल्टेमसिनाका ४९ वर्षीय भीमबहादुर गुरुङ, सोही ठाउँका ३५ वर्षीय सुरेश गुरुङ, ५२ वर्षीय ओमबहादुर गुरुङ, पोखरा उमनपा-११ फूलबारीका ५२ वर्षीय बनबहादुर गुरुङ, पोखरा उमनपा-१५ लक्ष्मीटोलका ४६ वर्षीय राज गुरुङ, पोखरा उमनपा-१६ दीपकी २२ वर्षीया रजनी गुरुङ, पोखरा उमनपा-६ जिरोकिमीका २२ वर्षीय सुरज गुरुङ घाइते भए। उनीहरूको नयाँबजारस्थित चरक अस्पतालमा उपचार भएको थियो। त्यसैगरी आन्दोलनकारीको ढुङ्गा प्रहारबाट प्रहरी हवल्दार ३० वर्षीया कन्या गुरुङ घाइते भइन्। उनको पश्चिमाञ्चल क्षेत्रीय अस्पतालमा उपचार भएको थियो।

सुगम र निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालत

०६८ साउनदेखि ०६९ असार मसान्तसम्म

तीन जना न्यायाधीश रहेको जिल्ला अदालतको फौजदारी मुद्दातर्फ १ हजार २ सय ६९ थान मध्ये ९ सय १७ थान फैसला भए भने ३ सय ५२ थान फैसला हुन बाँकी रहे। देवानी मुद्दातर्फ ७ सय ८१ थान मध्ये ४ सय ५१ थान फैसला भए भने ३ सय ३० थान फैसला हुन बाँकी रहे।

०६९ साउनदेखि पुस १५ सम्म

तीन जना न्यायाधीश रहेको यस जिल्ला अदालतको फौजदारी मुद्दातर्फ ७ सय ७० थानमध्ये ३ सय २० थान फैसला भए भने ४ सय ५० थान फैसला हुन बाँकी रहे। देवानी मुद्दातर्फ ५ सय ४८ थान मध्ये १ सय ४८ थान फैसला भए भने ४ सय थान फैसला हुन बाँकी रहे। दुई वर्ष नाघेका फौजदारी मुद्दा र देवानी मुद्दा छैनन्।

जिल्ला सरकारी वकिलको कार्यालयबाट ०६८ साउनदेखि ०६९ असार मसान्तसम्म दायर मुद्दाको सङ्ख्या १ हजार २ सय ५९ थान छ जसमध्ये ३ सय २८ थान सफल भए भने ५४ थान असफल भए। सरकारी वकिल सङ्ख्या दुई रहेको यस जिल्ला कार्यालयबाट दायर मुद्दामध्ये ०६९ असार मसान्तसम्म ८ सय ३७ थान मुद्दा बाँकी रहेको सरकारी वकिलको कार्यालयले जनायो।

दायर मुद्दामध्ये कर्तव्य ज्यानसम्बन्धी मुद्दा २१ थान मध्ये सात सफल र तीन थान असफल रह्यो।

बलात्कारसम्बन्धी मुद्दा ३७ थान मध्ये पाँच थान सफल र चार थान असफल रहे। महिला बेचविखनसम्बन्धी मुद्दा चार थान मध्ये एक थान सफल रहे। अपहरणसम्बन्धी मुद्दा नौमध्ये एक थान असफल रह्यो। बहुविवाहसम्बन्धी २२ थान मध्ये छ थान सफल र एक थान असफल रह्यो।

जिल्ला सरकारी वकिलको कार्यालयबाट ०६९ साउनदेखि ०६९ पुससम्म दायर मुद्दाको सङ्ख्या ३ सय १० छ थान रहेकोमा २ सय १ थान सफल भएको छ।

पुनरावेदन अदालत

०६८ साउनदेखि ०६९ असार मसान्तसम्म

पाँच जनामात्र न्यायाधीश रहेको यस पुनरावेदन अदालतको फौजदारी मुद्दातर्फ ४ सय ९० थान मध्ये ३ सय फैसला भए भने १ सय ९० थान फैसला हुन बाँकी रहे। देवानी मुद्दातर्फ ३ सय ६४ थान मध्ये १ सय ५६ थान फैसला भए भने २ सय आठ थान फैसला हुन बाँकी रहे।

०६९ साउनदेखि पुस १५ सम्म

चार जनामात्र न्यायाधीश रहेको यस पुनरावेदन अदालतको फौजदारी मुद्दातर्फ २ सय ९२ थान मध्ये ९२ फैसला भए भने २ सय थान फैसला हुन बाँकी रहे। देवानी मुद्दातर्फ ३ सय ५८ थान मध्ये ९३ थान फैसला भए भने २ सय ६५ थान फैसला हुन बाँकी रहे। दुई वर्ष नाघेका फौजदारी मुद्दा र देवानी मुद्दा छैनन्।

सरकारी वकिलको कार्यालय

सरकारी वकिलको कार्यालयबाट ०६८ साउनदेखि ०६९ असार मसान्तसम्म दायर मुद्दाको सङ्ख्या १ सय ३२ थानमध्ये सात थान सफल भए भने ५६ थान असफल भए। पुनरावेदन सरकारी वकिल सङ्ख्या चार रहेको यस कार्यालयबाट दायर मुद्दामध्ये ०६९ असार मसान्तसम्म ६३ मुद्दा बाँकी रहेको सरकारी वकिलको कार्यालयले जनायो।

दायर मुद्दामध्ये कर्तव्य ज्यानसम्बन्धी मुद्दा ४० थानमध्ये दुई सफल र ११ थान असफल रहे। बलात्कारसम्बन्धी मुद्दा १४ थानमध्ये एक थान सफल र पाँच थान असफल रहे। महिला बेचविखनसम्बन्धी तीन थान मुद्दामध्ये दुई थान सफल भएभने एक थान असफल भयो।

यातना तथा अन्य क्रूर, अमानवीय र अपमानजनक व्यवहार वा दण्ड

अनेरास्ववियुबाट

खोटाङ जिल्ला रतनछाप गाविस-९ माझगाउँ घर भई उच्च माध्यमिक शिक्षा परिषद्को कार्यालय पोखराका प्रमुख ५२ वर्षीय वीजेन्द्रकुमार राईलाई छात्रवृत्तिमा अनियमितता गरेको आरोपमा ०६९ साउन १४ गते नेकपा एमाले निकट अनेरास्ववियुका कार्यकर्ताले मोसो दलेर दुर्व्यवहार गरे। अनेरास्ववियुका जिल्ला अध्यक्ष अर्जुन अधिकारी र उपाध्यक्ष शेखर गौतमसहितको समूहले उच्च माध्यामिक शिक्षा परिषद्ले उपलब्ध गराउने छात्रवृत्तिमा अनियमितता गरेको आरोपमा हातपात गरी धम्की दिँदै अमानवीय व्यवहार गरेका पीडित राईले बताए। उनले उच्च माध्यमिक परिषद्को निर्देशिका बमोजिम छात्रवृत्ति उपलब्ध गराएको बताए। यसैगरी विद्यार्थीहरूले कार्यालयमा लगाएको ताला प्रहरीले तोडेको भन्दै साउन १५ गते कार्यालयको बा ५ च ९९९२ नम्बरको गाडीमासमेत आगजनी गरी क्षति पुऱ्याए। घटनाको बारेमा जिल्ला प्रहरी कार्यालयमा साउन २१ गते मुद्दा दर्ता गर्न जाँदा प्रमुख जिल्ला अधिकारी चेतनाथ भट्टराईले विद्यार्थी सङ्गठनका कार्यकर्तालाई मुद्दा दर्ता गर्न नमिल्ने भन्दै स्थानीय तहमा मिलापत्र गर्न आग्रह गरेको पीडित राईले बताए।

बालअधिकार

शिक्षाको अवस्था

यस जिल्लाका विद्यालय जाने उमेरका १ लाख १८ हजार ९ सय दुई मध्ये छात्र ६० हजार ६ सय १०

आदिवासी जनजाति महासङ्घ संयुक्त सङ्घर्ष समितिले आह्वान गरेको नेपाल बन्दको क्रममा प्रहरीको लाठी प्रहारबाट घाइते भएका रजनी गुरुङ, सन्दीप गुरुङ र विनु थापामगर

र छात्रा ५८ हजार २ सय ९२ प्राथमिक तहदेखि माथि तहसम्म भर्ना भए। यसमध्ये दलित छात्रा १२ हजार १ सय ४३ र छात्र ११ हजार ६ सय तीन रहेका छन्। सरकारी र सामुदायिक विद्यालय गरी प्राथि तहमा महिला १ हजार २६ र पुरुष १ हजार १ सय ८७ गरी जम्मा २ हजार २ सय १३ शिक्षक कार्यरत रहेका छन्। निमाथि तहमा तहमा महिला १ सय ४३ र पुरुष ४ सय ७१ गरी जम्मा ६ सय १४ शिक्षक कार्यरत रहेका छन्। यसैगरी माथि तहमा महिला ४८ र पुरुष ४ सय ६८ गरी जम्मा ५ सय १६ शिक्षक रहेका छन्।

बालविकास केन्द्र बालक ८ हजार २६ र बालिका ७ हजार ७४ गरी जम्मा १५ हजार १ सय रहेका छन् जसमध्ये दलित बालक १ हजार ८ सय ६ र बालिका १ हजार ७ सय ९३ छन्। यस जिल्ला शिक्षा कार्यालयले शिक्षासम्बन्धी सबै तथ्याङ्क अद्यावधिक गरिएको पाइयो।

बालबालिका ओसारपसार

पोखरा उमनपा-५ मालेपाटन निवासी १५ वर्षीया बालिकालाई म्याग्दी जिल्ला सिङ्गा गाविस-५ घर भई सोही ठाउँ बस्ने ३५ वर्षीया सीमा थापा भन्ने आइतकुमारी छिनालले रोजगारीको प्रलोभनमा पारी भारतमा पुऱ्याई बेचविखन गरेको भन्दै पीडितका आफन्तले ०६८ पुस २८ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए। पीडितको ०६८ माघ २ गते माइती नेपालको सहयोगमा उद्दार गरियो। आरोपित थापालाई प्रहरीले ०६८ माघ १४ गते गिरफ्तार गरी जिल्ला अदालतका न्यायाधीश बालमुकुन्द दवाडीको आदेशमा ०६८ फागुन ११ गते पुर्पक्षका लागि थुनामा पठायो। आरोपित वर्षको अन्त्यसम्म थुनामा छन्।

बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

लेखनाथ नपा-११ मिलनचोक घर भई पोखरा उमनपा-९ नयाँबजारस्थित एनेकपा माओवादीका पूर्वसभासद् मोहम्मद सफिक मियाको घरमा काम गर्ने एक १६ वर्षीया बालिकालाई पूर्वसभासद् मियाले डर, धम्की र प्रलोभन देखाई पटक-पटक बलात्कार गरेको भन्दै पीडित परिवारले ०६९ कात्तिक १८ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। प्रहरीले जबरजस्तीकरणीअन्तर्गत मुद्दा दर्ता गरेकोमा आरोपित मियाँ फरार रहेकोले खोजी भइरहेको जिल्ला प्रहरी कार्यालयले जनायो। पीडित बालिका ०६८ सालदेखि मियाँको घरमा घरेलु कामदारको रूपमा काम गर्दै आएकी थिइन्।

एक १३ वर्षीया बालिकालाई सराङकोट गाविस-८ का ७५ वर्षीय टङ्कबहादुर थापामगरले ०६९ साउन १३ गते विरामी भएर सुतिरहेको बेला पीडितकै घरमा कोही नभएको मौका छोपी ललाइ-फकाइ बलात्कार गरेको आरोपमा पीडित परिवारले प्रहरी चौकी सराङकोटमा उजुरी गरेपछि थापालाई प्रहरीले सोही दिन गिरफ्तार गऱ्यो। जिल्ला अदालतका न्यायाधीश हेमराज पन्तको ०६९ भदौ ६ गते इजालसले थापालाई ३ लाख रुपियाँ धरौटी राख्न आदेश दिएकोमा धरौटी राख्न नसक्दा आरोपित वर्षको अन्त्यसम्म थुनामा छन्।

मकवानपुर जिल्ला घर भएकी एक सात वर्षीया बालिकालाई उनका बाबुले ०६८ चैत ११ गते कोठामा कोही नभएको बेला बलात्कार गरेको भन्दै चैत १२ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिइयो। प्रहरीले आरोपितलाई चैत ३० गते गिरफ्तार गरी अनुसन्धान जारी राखेकोमा जिल्ला अदालतका न्यायाधीश हेमराज पन्तको ०६९ वैशाख १५ गतेको आदेशमा पुर्पक्षका लाथि थुनामा पठायो। पीडितको पश्चिमाञ्चल क्षेत्रीय अस्पताल पोखरामा ०६८ चैत १२ गते स्वास्थ्य परीक्षण भयो। आरोपित वर्षको अन्त्यसम्म थुनामा छन्।

महिलाविरुद्ध हुने सबै प्रकारको भेदभाव, दुर्व्यवहार घरेलु हिंसा

परिवारजनबाट हत्या

सराङकोट गाविस-५ स्थायी घर भइ पोखरा उमनपा-२ मिरुवा बस्ने ३५ वर्षीया मुना तिमिल्सेनालाई ०६९ कात्तिक ३० गते पति ४० वर्षीय रुद्रप्रसाद तिमिल्सेनाले घरायसी विवादको क्रममा खुकुरी प्रहार

आदिवासी जनजाति महासङ्घ संयुक्त सङ्घर्ष समितिले आह्वान गरेको नेपाल बन्दको क्रममा प्रहरीको लाठी प्रहारबाट घाइते भएका भीमबहादुर गुरुङ र सुरज गुरुङ

गरी हत्या गरेको आरोपमा रुद्रलाई प्रहरीले गिरफ्तार गऱ्यो। पीडितको लास ०६९ मङ्सिर १ गते आफन्तले देखेपछि प्रहरीलाई खबर गरेका थिए। जिल्ला अदालतको ०६९ मङ्सिर २५ गतेको आदेशमा पीडक पुर्पक्षका लागि थुनामा छन्।

बहुविवाह

पोखरा उमनपा-१४ चाउथेका ३२ वर्षीय पदमबहादुर सिकेले सोही ठाउँकी १८ वर्षीया कमला नेपालीसँग ०६९ साउन १२ गते दोस्रो विवाह गरे। जेठी पत्नी २८ वर्षीया शोभा सिकेले बहुविवाह विरुद्ध भदौ १४ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिएकोमा दुवै जनालाई प्रहरीले सोही दिन गिरफ्तार गऱ्यो। जिल्ला अदालतको ०६९ असोज २ गतेको आदेशमा पदमबहादुर सिकेलाई पुर्पक्षका लागि थुनामा पठायो भने कान्छी पत्नी कमला नेपाली तारेखमा रिहा भइन्। आरोपित सिके वर्षको अन्त्यसम्ममा थुनामा छन्।

ओखलढुङ्गा जिल्ला मुलखर्क गाविस-४ स्थायी घर भइ पोखरा उमनपा-१२ बस्ने २८ वर्षीय जीतबहादुर तामाङले सोही ठाउँकी २३ वर्षीया पुनम तामाङसँग ०६९ जेठ १८ गते दोस्रो विवाह गरे। जेठी पत्नी २५ वर्षीया नीरमाया तामाङले बहुविवाह विरुद्ध जिल्ला प्रहरी कार्यालयमा सोही दिन उजुरी दिएकोमा प्रहरीले तामाङलाई सोही दिन गिरफ्तार गऱ्यो। जिल्ला अदालतको आदेशमा आरोपित तामाङलाई असार १० गते पुर्पक्षका लागि थुनामा पठाएकोमा अदालतले ०६९ असोज १७ गते एक वर्ष कैद र ५ हजार रुपियाँ जरिवानाको फैसला गऱ्यो।

गोरखा जिल्ला मनकामना गाविस-७ स्थायी घर भइ पोखरा उमनपा-४ गैह्रापाटन बस्ने ४० वर्षीय दिलबहादुर गुरुङले तनहुँ जिल्ला फिरफिरे गाविस-७ हाँडीखोलाकी २५ वर्षीया चन्द्रा गुरुङसँग ०६९ जेठ १७ गते दोस्रो विवाह गरे। जेठी पत्नी ३६ वर्षीया हिमाली गुरुङले जेठ १८ गते बहुविवाहविरुद्ध जिल्ला प्रहरी कार्यालयमा उजुरी दिएकोमा दिलबहादुरलाई प्रहरीले जेठ १९ गते गिरफ्तार गऱ्यो। उनलाई जिल्ला अदालतको ०६९ असार ११ गतेको आदेशमा पुर्पक्षका लागि थुनामा पठाएकोमा जिल्ला अदालतले ०६९ पुस ९ गते एक वर्ष कैद र १० हजार रुपियाँ जरिवानाको फैसला गऱ्यो।

पुम्दीभुम्दी गाविस-२ बडारे घर भई पोखरा उमनपा-६ बैदाम बस्ने नवराज भन्ने ३३ वर्षीय प्रेमनारायण बरालले ०६९ वैशाख १ गते सोही ठाउँका २१ वर्षीया शान्ति पौडेलसँग दोस्रो विवाह गरेको आरोपमा जेठी पत्नी ३३ वर्षीया गीता बरालले वैशाख २ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी गरिन्। आरोपितलाई प्रहरीले वैशाख १८ गते गिरफ्तार गरी जिल्ला अदालतमा पेश गरेकोमा अदालतको जेठ ९ गतेको आदेशमा पुर्पक्षका लागि थुनामा गए भने शान्ति १५ हजार रुपियाँ धरौटीमा रिहा भइन्। आरोपित यस वर्षको अन्त्यसम्म थुनामा छन्।

आदिवासी जनजाति महासङ्घ संयुक्त सङ्घर्ष समितिले आह्वान गरेको नेपाल बन्दको क्रममा आन्दोलनकारीले प्रहार गरेको ढुङ्गा लागी घाइते भएकी बालिका पुजा गिरी

आदिवासी जनजाति महासङ्घ संयुक्त सङ्घर्ष समितिले आह्वान गरेको नेपाल बन्दको क्रममा आन्दोलनकारीको कुटपिटबाट घाइते भएका माधवप्रसाद बराल

पोखरा उमनपा-१६ बाटुलेचौरका २८ वर्षीय भीमबहादुर विकले बहुविवाह गरेको आरोपमा जेठी पत्नी २३ वर्षीय देवी विकले ०६८ चैत २५ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिइन्। प्रहरीले विकलाई चैत २८ गते गिरफ्तार गरी अनुसन्धान जारी राखेकोमा जिल्ला अदालतको ०६९ वैशाख २२ गतेको आदेशमा ३५ हजार रुपियाँ धरौटीमा रिहा भए।

लुम्ले गाविस-८ का ३० वर्षीय कृष्ण विकले सोही ठाउँका २० वर्षीया माया विकसँग ०६८ फागुन ९ गते दोस्रो विवाह गरेको आरोपमा जेठी पत्नी ३० वर्षीया सकुना विकले ०६८ फागुन १० गते जिल्ला प्रहरी कार्यालयमा बहुविवाह विरुद्ध उजुरी दिइन्। कृष्ण विकलाई प्रहरीले सोही दिन गिरफ्तार गरेकोमा जिल्ला अदालतको आदेशमा ०६८ चैत २ गते पुर्पक्षका लागि थुनामा पठायो। कान्छी पत्नी गौमाया भने फरार भएकोले कुनै कारबाही भएन। जिल्ला

अदालतले ०६९ जेठ २३ गते आरोपितलाई एक वर्ष कैद र १० हजार रुपियाँ जरिवानाको फैसला गऱ्यो।

धादिङ जिल्ला आगिनचोक गाविस-६ का ३२ वर्षीय राजाराम थपलियाले तनहुँ जिल्ला दुलेगौँडा गाविस-२ की २८ वर्षीया कल्पना पाठकसँग ०६८ पुस २९ गते दोस्रो विवाह गरे। पीडितकी जेठी पत्नी ३१ वर्षीया विष्णुमाया थपलिया क्षेत्रीले ०६८ माघ १ गते जिल्ला प्रहरी कार्यालय कास्कीमा उजुरी दिएकोमा थपलियालाई प्रहरीले ०६८ माघ २ गते गिरफ्तार गऱ्यो। जिल्ला अदालतको आदेशमा थपलिया ०६८ माघ २२ गते२० हजार रुपियाँ धरौटीमा रिहा भए। कान्छी पत्नी कल्पना पाठक भने फरार भएकोले कुनै कारबाही भएन।

ब्राम्हण, क्षेत्रीलगायतका संयुक्त सङ्घर्ष समितिले निकालेको मसाल जुलुसमा प्रहरीको लाठीचार्जबाट घाइते भएका सूर्य भण्डारी र मोहन गौतम

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार संरचना, सम्पत्ति क्षति

पोखरा उमनपा-८ सिमलचौरस्थित क्याम्पसमा नेविसङ्घ जनप्रिय क्याम्पस इकाईले क्याम्पस प्रमुखको माग गर्दै ०६८ माघ ४ गते क्याम्पसमा तोडफोड र आगजनी गऱ्यो। उनीहरूले क्याम्पसको लेखा शाखाको झ्यालको सीसा, ढोका तोड्फोड गर्नुका साथै कुर्सी र प्रिन्टरमा आगजनीसमेत गरेका थिए। क्याम्पस प्रमुखले क्याम्पसको स्थिति लथालिङ्ग पारी सम्पर्कविहीन भएकोले विद्यार्थीहरूले उनको राजीनामाको माग गर्दै तोडफोड गरेको नेविसङ्घ इकाइ सभापति महेन्द्रबहादुर भट्टराईले बताए। पब्लिक क्याम्पस प्राध्यापक सङ्घ नेपाल जनप्रिय क्याम्पस इकाइ र अनेरास्ववियु जनप्रिय बहुमुखी क्याम्पसले सोही दिन विज्ञप्ति प्रकाशित गरी घटनाको भर्त्सना गरे।

पोखरा उमनपा-१६ लामाचौरमा पेट्रोलियम पदार्थको मूल्यवृद्धिको विरोधमा आन्दोलनमा उत्रिएका विद्यार्थीहरूले नेपाल टेलिकमको ग १ य ०१९ नम्बरको गाडीलाई ०६८ माघ १७ गते आगजनी गरी क्षति पुऱ्याए। टेलिफोनमर्मत गरी फर्कदै गरेको उक्त गाडीमा विद्यार्थीहरूले चालकलाई बाहिर निकालेर आगजनी गरेका थिए। आन्दोलनरत विद्यार्थीहरूले सरकारी क्याम्पसको अगाडि सरकारी गाडी चल्न नदिने घोषणा गरेका थिए।

स्वास्थ्य सेवाको अवस्था

अस्पताल	१४		
स्वास्थ्यचौकी	१४		
उपस्वास्थ्यचौकी	४०		
पद	**दरबन्दी**	**कार्यरत**	**रिक्त**
डाक्टर	३	३	
स्टाफ नर्स	३	३	
ल्याब असिस्टेन्ट	६	६	
अहेब	५७	५२	५
अनमी	२५	१९	६
खोप सुपरभाइजर	१	१	
क्षयरोग/कुष्ठरोग सुपरभाइजर	१	१	
हेल्थ असिस्टेन्ट	२२	१५	७
स्वास्थ्य कार्यकर्ता	४३	२५	१८

जिल्ला प्रहरी कार्यालय

जिल्ला प्रहरी कार्यालयमा ०६८ पुस १७ गतेदेखि ०६९ पुस १६ गतेसम्म बलात्कार ११, बलात्कार प्रयास एक, घरेलुहिंसा एक, महिला ओसारपसार जिउ मास्नेबेच्ने एक, कर्तव्यज्यान १०, ज्यानमार्ने उद्योग १४, बहुविवाह ११, अपहरण गर्ने ९ ओटा मुद्दा दर्ता भए।

३.६ मनाङ



जिल्ला सदरमुकाम: चामे
क्षेत्रफल (वर्ग कि. मि.): २,२४६
घरधुरी सङ्ख्या: १,४८०
जम्मा जनसङ्ख्या: ६,५३८
पुरुष: ३,६६१
महिला: २,८७७
अपाङ्ग सङ्ख्या: २०४
गाविस/नपा सङ्ख्या: १३/०
पुरुष साक्षरता सङ्ख्या: २,५११
महिला साक्षरता सङ्ख्या: १,७४१
हिन्दू धर्मावलम्बी प्रतिशत: ३५.१५
बौद्ध धर्मावलम्बी प्रतिशत: ५५.१५
इस्लाम धर्मावलम्बी प्रतिशत: ०.०६
किराँत धर्मावलम्बी प्रतिशत: ०.०२
क्रिश्चियन धर्मावलम्बी प्रतिशत: १.४२
प्रकृति धर्मावलम्बी प्रतिशत: ०.२१
वोन धर्मावलम्बी प्रतिशत:०.४७
शिख धर्मावलम्बी प्रतिशत: ०.०३
अन्य धर्मावलम्बी प्रतिशत: ३.४४१
प्रतिपरिवार सरदर सङ्ख्या: ४.४१

जेल र बन्दीहरू

यस जिल्लामा कारागार भवन नभएकोले जिल्ला शिक्षा कार्यालयको भवनलाई भाडामा लिई प्रयोग गरिएको छ। श्रेणीविहीन यस कारागारमा कैद तोकिएका जम्मा ११ जना पुरुष बन्दीहरू रहेका छन्। बन्दीहरूलाई खेल मैदानको व्यवस्था, सामान्य उपचारको व्यवस्था, पत्रपत्रिका, टेलिभिजनको सुविधा आवश्यक रहेको जेलर भेषराज आचर्यले बताए।

सुगम र निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालत

०६८ असार मसान्तदेखि ०६९ असार मसान्तसम्म जिल्ला अदालतमा रहेका जिल्ला अदालतमा रहेका तीन थान मुद्दा जिल्ला न्यायाधीश काशीनाथ पोखरेलको इजालसबाट फैसला भयो।

जिल्ला सरकारी कार्यालय

०६९ असार मसान्तसम्म जिल्ला न्यायाधीवक्ता कार्यालयबाट दुईटा मुद्दा जिल्ला अदालतमा दायर भएकोमा दुवै मुद्दा सफल भए भने एउटा मुद्दा माथिल्लो अदालतमा पुनरावेदनका लागि गएको छ। सरकारी वकिल एक जना रहेका छन्।

बालअधिकार

शिक्षाको अवस्था

यस जिल्लाका विद्यालय जाने उमेरका छात्र ३ सय ९३ र छात्रा ४ सय ९४ जना गरी जम्मा ८ सय ४७ जना विद्यार्थी प्राथमिक तहदेखि माबि तहसम्म भर्ना भए। यसमध्ये दलित छात्रा ३५ जना र छात्र २५ जना रहेका छन्। यसैगरी निजी विद्यालयतर्फ १८ जना छात्रा र १५ जना छात्र प्राबि तहको विद्यालयमा भर्ना भएका छन्।

सरकारी र सामुदायिक विद्यालय गरी प्राबि तहमा महिला ४९ र पुरुष ८५ जना गरी जम्मा १ सय ३४ शिक्षक कार्यरत रहेका छन्। निमाबि तहमा तहमा महिला ६ र पुरुष ३४ गरी जम्मा ४० जा शिक्षक कार्यरत रहेका छन्। यसैगरी माबि तहमा २१ जना पुरुष शिक्षक रहेका छन्।

बालविकास केन्द्र बालकमा ३१ र बालिका ९२ जना गरी जम्मा १ सय २३ जना रहेका छन्। जसमध्ये दलित बालक ९ जा र बालिका ६ जना छन्। जिल्ला शिक्षा कार्यालयले शिक्षासम्बन्धी सबै तथ्याङ्क अद्यावधिक गरिएको पाइएन।

यो वर्ष चामे गाविस र ताचै बगरछाप गाविस सहित दुई गाविसका २ सय जना बालबालिकाहरूलाई निशुल्क स्वास्थ्य परीक्षण गरिएको र चामे गाविसमा ७५ जना बालबालिकाहरूलाई शैक्षिक सामग्री वितरण गरिएको महिला तथा बालबालिका कार्यालयले जनायो।

मनाङ जिल्ला अन्नपुर्ण पदयात्रा भित्र पर्ने भएकोले यो जिल्लामा प्रशस्त होटलहरू रहेका छन्। होटलहरूमा बाल मजदुरहरू पनि रहेको पाइन्छ। तर, उनीहरू आफैं काम खोज्दै आएकोले राख्नु पर्ने बाध्यता

रहेको होटल व्यवसायीहरू बताउँछन्।

मनाङका अन्नपूर्ण राउण्डमा पर्ने केही होटलहरूमा बालिकाहरूलाई मजदुरको रूपमा काममा लगाइएको छ। यी बालबालिकाहरू विशेष गरी गोरखा, रुकुमका रहेका र उनीहरू घरबाट भागेर काम खोज्न आउने होटल व्यवसायीहरू बताउँछन्।

शिक्षकहरूको राष्ट्रियस्तरको अन्दोलनका कारण ०६८ फागुन १४ र १५ गते विद्यालयहरू बन्द भएका थिए।

महिलाविरुद्ध हुने सबै प्रकारको भेदभाव, दुर्व्यवहार

यो जिल्लामा उजुरी वा मुद्दा नपरेकोले महिला हिंसाका घटनाहरू सार्वजनिक हुँदैनन्।

भुमा प्रथा

परम्परागत रूपमा रहिआएको भुमा प्रथामा माहिली छोरी 'भुमा' बनाउनुपर्ने चलन थियो। हाल आएर बाध्यता नभई स्वेच्छाले भुमा बस्ने प्रचलन रहेको छ। भुमा भएपछि विवाह गर्न नहुने चलन भए पनि समयको परिवर्तनसँगै विस्तारै विवाह गर्ने र विवाह गरेमा माइतीका रूपमा गुम्बा वा गुम्बाको प्रमुख लामासँग चलनअनुसार माफ माग्ने गर्दछन्।

मुखिया प्रथा

परम्परागतदेखि यस जिल्लामा मुखिया प्रथाको प्रचलन रहे तापनि केही समय अर्थात प्रजातन्त्रको आगमनसँगै गाउँको जनप्रतिनिधिद्वारा सञ्चालन गरिएको थियो। हाल आएर जनप्रतिनिधि विहीनताको अवस्थाले जनसहभागिताद्वारा मुखिया छनोट गर्ने गरिन्छ। साथै विकास निर्माणदेखि सम्पूर्ण काम कारबाहीहरू उनीहरूबाटै गर्ने गरिन्छ। मुखियाबाट हुने काम कारबाही छिटो, छरितो, पारदर्शी, कम झन्झटिलो हुने र काम गर्ने तौरतरिकाहरू पनि क्रमश: सुधार भएकोले स्थानीय जनताहरू सन्तुष्ट रहेको डावल गाउँका डीमा गुरुङले बताए।

स्वास्थ्य सेवाको अवस्था

अस्पताल	१		
स्वास्थ्यचौकी	१०		
उपस्वास्थ्यचौकी	३		
पद	**दरबन्दी**	**कार्यरत**	**रिक्त**
डाक्टर	२	३	
स्टाफ नर्स	२	१	१
ल्याब असिस्टेन्ट	१		१
अहेब	१०	४	६
अनमी	४	३	१
खोप सुपरभाइजर	१	१	
क्षयरोग/कुष्ठरोग सुपरभाइजर	१	१	
हेल्थ असिस्टेन्ट	१२	५	७
स्वास्थ्य कार्यकर्ता	४	५	

जिल्ला प्रहरी कार्यालय

जिल्ला प्रहरी कार्यालयमा ०६८ पुस १७ गतेदेखि ०६९ पुस १६ गतेसम्म एउटा पनि मुद्दा दर्ता भएनन्।

३.७ नवलपरासी



जिल्ला सदरमुकाम: परासी
क्षेत्रफल (वर्ग कि. मि.): २,१६२
घरधुरी सङ्ख्या: १,२८,७५३
जम्मा जनसङ्ख्या: ६,४३,५०८
पुरुष: ३,०३,६७५
महिला: ३,३५,८३३
अपाङ्ग सङ्ख्या: १०,८७३
गाविस/नपा सङ्ख्या: ७३/१
पुरुष साक्षरता सङ्ख्या: २,२५,११५
महिला साक्षरता सङ्ख्या: २,०२,५२६
हिन्दू धर्मावलम्बी प्रतिशत: ८८.१८
बौद्ध धर्मावलम्बी प्रतिशत: ३.०६
इस्लाम धर्मावलम्बी प्रतिशत: ३.७५
किराँत धर्मावलम्बी प्रतिशत: ०.०६
क्रिश्चियन धर्मावलम्बी प्रतिशत: १.७४
प्रकृति धर्मावलम्बी प्रतिशत: ०.०६
वोन धर्मावलम्बी प्रतिशत: ०.०७
अन्य धर्मावलम्बी प्रतिशत: ०.१३८
प्रतिपरिवार सरदर सङ्ख्या: ५.००

नागरिक तथा राजनीतिक अधिकार सम्मानित रूपले बाँच्ने अधिकार

हत्या

राज्य पक्षबाट

कुमारवर्ती गाविस-७ गोछडाका ४८ वर्षीय धनबहादुर थनेत ०६९ वैशाख २७ गते प्रहरीको गोली लागि घाइते भएकोमा उनको उपचारको क्रममा ०६९ जेठ २३ गते शिक्षण अस्पताल काठमाडौँमा मृत्यु भयो। ब्राम्हण क्षेत्री समाजका कार्यकर्ताले अर्ग्यौली गाविस-९ डण्डास्थित थारू सङ्ग्राहलयमा ०६९ वैशाख २६ गते आगजनी गरेको घटनालाई लिएर विरोध प्रदर्शन गरिरहेका थारू सङ्घर्ष समितिका कार्यकर्ता र प्रहरीबीच कावासोती गाविस-५ स्थित कालीगण्डकी अस्पताल अगाडि झडप भएको थियो। थारू कार्यकर्ताले प्रहरीमाथि ढुङ्गा प्रहार गरेपछि प्रहरीले गोली चलाएको थियो। उक्त घटनामा थनेतसहित अर्ग्यौली गाविस- ३ हेगौलीका २३ वर्षीय विशाल चौधरी, सोही गाविस-८ का २२ वर्षीय ताराबहादुर थनेत, अर्ग्यौली गाविस-४ का टोकबहादुर थनेत, कुमारवर्ती गाविस-७ का २२ वर्षीय महेन्द्र आलेमगर प्रहरीको गोली लागेर घाइते भएका थिए। उनीहरूको चितवन र काठमाडौँमा उपचार भयो। घटनामा प्रहरीको लाठी चार्जबाट अर्ग्यौली गाविस-४ का २७ वर्षीय नीम महतो सोही गाविस-८ का ३२ वर्षीय देव चौधरी, सोही गाविस-३ हेगौलीका उद्देश महतो, सोही गाविस-१ का कोशीराम महतो, मानबहादुर महतो, सोही गाविस-८ का जीवन महतो, सोही गाविस-७ का प्रदीप थनेत, नारायण महतो, जितेन्द्र महतो, अर्ग्यौली गाविस-२ का दुर्गा महतो, सोही गाविस-१ का निरग महतो, नानिराम गुरौ, देवनारायण महतो, मझिलाल महतो, पिठौली गाविस-४ का ईश्वरीप्रसाद गुरौ, देउराली गाविस-५ का वीरेन्द्र महतो, तमसंरिया गाविस-५ का जीतबहादुर महतो, रजहर गाविस-१ का विश्वेश्वर चौधरी, कुमारवर्ती गाविस-३ का राजेश महतो, घटनामा प्रहरी निरीक्षक उमेश लम्साल, सई देवराज शर्मा, असइ हवल्दार कृष्णा बास्ताकोटी, प्रहरी जवान सूर्यप्रसाद जैसी, छक्कबहादुर कार्की, दिलुबहादुर थापा, नापित चौधरी घाइते भएका थिए। उनीहरूको कालीगण्डकी अस्पताल र स्थानीय मेडिकल कलेजमा उपचार भयो।

जेल र बन्दीहरू

'ङ' श्रेणीको कारागार कार्यालय बन्दी क्षमता ३५ जनाको रहेको छ। यस वर्षको अन्त्यमा कैद तोकिएका तीन जना महिला र ४० जना पुरुष तथा कैद नतोकिएका तीन जना महिला र ४१ जना पुरुष गरी जम्मा ८७ जना बन्दी रहेका छन्। आय आर्जनको लागि कारागारका बन्दीहरू मुढा बुन्ने काम गर्छन्। शौचालय, पानी, पत्रपत्रिकाको सामान्य व्यवस्था रहेको छ। भेटको लागि आइतवार र बुधवार तोकिए पनि टाढाबाट आउने बन्दीका आफन्तलाई कुनै बन्देज नभएको बन्दीहरूले बताए। राणाकालीन तबेलालाई कारागारको रूपमा प्रयोग गरिएको कारागार प्रमुख तोयानाथ भट्टराईले बताए। नयाँ भवन निर्माण हुँदै गरे

घटनाको प्रकार	राज्यपक्षबाट			गैरराज्यपक्षबाट		
	महिला	पुरुष	जम्मा	महिला	पुरुष	जम्मा
घाइते		३	३			
बालअधिकार				६		६
अमानवीय व्यवहार					४	४
महिलाअधिकार				१८		१८
भेला/सङ्गठित हुने अधिकार	१	४६	४८			
जातीय विभेद				१	१	३
गिरफ्तारी/यातना		११	११			
कुटपिट	३	३०	३३	१	५	६
धम्की					१०	१०
हत्या		१	१	५	३	६
जम्मा	३	९३	९५	३३	३३	५४

पनि निर्माण कार्य सुस्त भएकोले भवन तयार हुन सकेको छैन।

धम्की/कुटपिट

राज्यपक्षबाट

पञ्ननगर गाविस-९ गैडाहा निवासी १४ वर्षीय प्रेमलाल चौधरी, १५ वर्षीय भीमनरायण चौधरी, १३ वर्षीय युवराज चौधरी, रवि चौधरी, बालकृष्ण चौधरी, रामग्राम-११ की सुशीला चौधरी, तिलकपुर- ६ की गायत्री यादव, सोही ठाँउका लालजीव हरिजन र सिद्दिकी मुसलमान ०६९ जेठ ३ गते थारू संयुक्त सङ्घर्ष समिति र आदिवासी जनजातिले आह्वान गरको जातीय पहिचानलगायतका मागसहित ०६९ जेठ १ गतेदेखि ५ गतेसम्म बन्दको तेस्रो दिन यातायात खुलाउन प्रहरीले बल प्रयोग गर्दा प्रहरीको लाठी प्रहारबाट घाइते भए। घाइतेहरूको स्थानीय मेडिकल र जिल्ला अस्पतालमा उपचार भएको थियो।

संयुक्त थारु सङ्घर्ष समितिका कार्यकर्तादारा कुटपिट गरिएका पत्रकार हरि शर्मा

प्रहरीको गोलीबाट घाइते भएका थारू सङ्घर्ष समितिका कार्यकर्ता

थारू संयुक्त सङ्घर्ष समितिबाट

रामग्राम नपा-३ निवासी नेपाल पत्रकार महासङ्घका केन्द्रीय पार्षद् हरि शर्मालाई थारू संयुक्त सङ्घर्ष समितिले आह्वान गरेको बन्दको समाचार सङ्कलनका क्रममा ०६९ जेठ ४ गते तिलकपुर गाविसमा थारू कार्यकर्ताले कुटपिट गरे। साथै उनी चढेको लु ४ प २६५५ नम्बरको मोटरसाइकलमासमेत तोडफोड गरेका थिए। पीडितको जिल्ला अस्पताल परासीमा उपचार भयो।

चितवन जिल्ला गुञ्जनगर गाविस- २ का ३७ वर्षीय रामकृष्ण दवाडीलाई बुटवलबाट चितवन जाँदै गर्दा थारू सङ्घर्ष समितिका कार्यकर्ताले ०६९ जेठ ३ गते राति तिलकपुर गाविस-१ तुल्सीपुरमा रड, लाठी प्रहार गरी मरणासन्न हुने गरी कुटपिट गरे। उनलाई जेठ ४ गते स्थानीय बासिन्दाले घाइते अवस्थामा फेला पारेपछि दाउन्ने गाविस-४ स्थित दाउन्ने पोलिक्लिनिकमा लगेर उपचार गराए। बुटवलका एक आफन्तसहित मोटरसाइकलमा गएका उनीहरूलाई थारू कार्यकर्ताले कुटपिट गरी अचेत भएपछि छाडेका थिए। उनले भारतबाट छुट्टीमा घर आएको र आफूसँग भएको ५० हजार भारु समेत उक्त समूहले लगेको बताए। सङ्घर्ष समितिका सदस्य देवराज चौधरीले आफ्नो आन्दोलनमा घुसपैठ भएको हुनसक्ने बताए।

स्याङ्जा जिल्ला बिर्घा गाविस निवासी इलाका प्रहरी कार्यालय गैँडाकोटका इन्सपेक्टर डिल्लीनारायण पाण्डे, गोर्खा जिल्ला निवासी सोही कार्यालयमा कार्यरत सई ४२ वर्षीय किसनप्रसाद खनाललाई ०६९ वैशाख २७ गते अर्ग्यौली गाविस- ९ डण्डामा थारु सङ्घर्ष समितिका कार्यकर्ताले लाठी र फलामे रड प्रहार गरी गम्भीर घाइते बनाए। इलाका प्रहरी कार्यालयमा प्रमुख जिल्ला अधिकारी शशीशेखर श्रेष्ठ एसपी ज्ञानविक्रम शाह, राष्ट्रिय अनुसन्धानका डिएसपी नवीन अधिकारी जातीय सङ्गठन ब्राह्मण क्षेत्री समाजका ज्ञानेश्वर ज्ञवाली, मानबहादुर थापा, संयुक्त थारू सङ्घर्ष समितिका नरेश चौधरी,

मभिलाल थनेत, गणेश महतो, राजकुमार महतो लगायत, राष्ट्रिय थारू सङ्ग्राहलयमा भएको क्षति छलफल गर्न आएका नेताहरूलाई भ्यानमा राखेर पुऱ्याउन जाँदा प्रहरीद्वयलाई कुटपिट गरिएको थियो। घाइतेको स्थानीय अस्पतालमा उपचार हुन नसकेपछि काठमाडौँस्थित वीरेन्द्र प्रहरी अस्पतालमा उपचार भएको थियो। पीडित पाण्डेको टाउकोमा २२ थान टाँका लगाउनु परेको थियो भने चार ओटा करङ भाँचिएका थिए। खनाल तीन महिनाको उपचारपछि कार्यालयको काममा फर्किए।

गैरकानुनी गिरफ्तारी

माकर गाविस -२ चिसापानी निवासी ३३ वर्षीय तेजबहादुर गर्बुजा मगरलाई घरेलु हिंसा मुद्दाअन्तर्गत पत्नी टीकाकुमारीले दिएको जाहेरीअनुसार ०६९ भदौ १० गते जिल्ला प्रहरी कार्यालयमा हाजिर हुन आएकोमा गिरफ्तार गरी अदालत नपुऱ्याई गैरकानुनीरूपमा ०६९ भदौ १३ गतेसम्म हिरासतमा राख्यो। गैरकानुनी थुनामा राखेको जानकारी पाई मानवअधिकारकर्मी इन्सेक प्रतिनिधि र कानुन व्यवसायी चुडाबहादुर थापाले भदौ १३ गते एसपी ज्ञानविक्रम शाहसँग जानकारी माग गर्दा कमजोरी स्वीकार्दै आगामी दिनमा यस्तो कमजोरी हुन नदिने प्रतिबद्धता सहित पीडितलाई भदौ १३ गते रिहा गरे।

अभिव्यक्ति, भेला हुने र संगठित हुने अधिकार

(राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

थारूवान संयुक्त सङ्घर्ष समितिले घाइते कार्यकर्ताको उपचार, क्षतिपूर्तिका माग गर्दै ०६९ जेठ १ गते आह्वान गरेको बन्दको क्रममा यात्रु र बन्दकर्तावीच झडप हुन थालेपछि प्रहरीले लाठीचार्ज र अश्रुग्याँस प्रहार गऱ्यो। सो क्रममा प्रहरीको लाठीबाट जमुनिया गाविस-८ का २४ वर्षीय मोहन चौधरी, माकर गाविस-९ का ३० वर्षीय ब्राम्हण, क्षेत्रीलगायत संयुक्त सङ्घर्ष समितिले निकालेको मसाल जुलुसमा प्रहरीको लाठीचार्जबाट घाइते भएकी सूर्य भण्डारी र मोहन गौतम डिल्लीराम चौधरी, सोही ठाउँका २१ वर्षीय गौरीशङ्कर चौधरी, १८ वर्षीय हिमाल चौधरी, सोही गाविस-६ का २५ वर्षीय दिनेश चौधरी, ऋषिराम चौधरी, ५५ वर्षीय केदार चौधरी, सोही गाविस-४ का २२ वर्षीय चित्रबहादुर थापामगर, सोही गाविस-५ का ३२ वर्षीय अर्जुन मुसहर, १९ वर्षीय विनोद मुसहर, शम्भु चौधरी, नरसिङ चौधरी, सोही गाविस-२ का २४ वर्षीय अमर पुन, दीपेन्द्र चौधरी, रेशम गुरुङ, सोही गाविस-७ का २१ वर्षीय विष्णु थारू, तुलाराम थारू, चन्द्रबहादुर चौधरी, सोही गाविस-९ का अमित चौधरी, दुर्योधन चौधरी, माकर गाविस-३ का धिरेन्द्र थारू, विजय थापा, सोही गाविस-४ का पशुपति चौधरी, सोही गाविस-६ का अरुण चौधरी, बलराम चौधरी, दिनबहादुर चौधरी घाइते भए। उनीहरूको स्थानीय मेडिकलमा उपचार भएको थियो।

संयुक्त थारू सङ्घर्ष समितिले आह्वान गरेको तराई बन्दको क्रममा ०६९ जेठ ३ गते तिलकपुर गाविस-१, ५, ६ र रामनगर गाविस-१ भूमहीमा प्रहरी र आन्दोलनकारीबीच झडप भयो। घटनामा प्रहरीको लाठीचार्जबाट पञ्चनगर गाविस-९ गैडाहाका १५ वर्षीय डम्मर चौधरी, सोही ठाउँका १५ वर्षीय भीमनारायण चौधरी, १४ वर्षीय प्रेमलाल चौधरी, १३ वर्षीय युवराज चौधरी, रामनगर गाविस-१ का सुशीला चौधरी घाइते भए। उनीहरूको स्थानीय मेडिकल र जिल्ला अस्पतालमा उपचार भएको थियो। त्यसैगरी आन्दोलनकारीको रड, लाठी, ढुङ्गा प्रहारबाट प्रहरी इन्स्पेक्टर खड्कबहादुर खत्री, प्रहरी हवल्दारद्वय सुजन खरेल र टेकबहादुर क्षेत्री, प्रहरी जवान रामु लामिछाने, सुदीप सिंह, तिलक बस्याल घाइते भए। घाइते प्रहरीहरूमध्ये हवल्दार टेकबहादुर क्षेत्री र जवान रामु लामिछानेको भैरहवा मेडिकल कलेजपछि काठमाडौँमा उपचार भयो भने अन्यको जिल्ला अस्पतालमा उपचार भयो।

सुगम र निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालत

०६८ साउनदेखि ०६९ असार मसान्तसम्म

तीन जना न्यायाधिश रहेको यस जिल्ला अदालतमा ०६८ साउनदेखि ०६९ असार मसान्तसम्म २ हजार १ सय ३७ थान मुद्दा दर्ता भए भने १ हजार ३ सय ५३ थान मुद्दा फैसला भए। देवानी १ हजार २ सय ७२ थानमा ७ सय २६ थान फैसला भए भने फौजदारी ८ सय ६४ थान मुद्दामा १ हजार ३ सय ५३ थान फैसला भए।

०६९ साउनदेखि ०६९ पुस १५ गतेसम्म

यस्तै ०६९ साउन १ गते देखी ०६९ पुस १६ गतेसम्म ३ जना न्यायधिश रहेका फौजदारी मुद्दा २ सय २९ र देवानी ३ सय ७९ मुद्दा दर्ता भए भने फौजदारी तर्फ फौजदारी १ सय ४६ र देवानी ३ सय २८ गरी

४ सय ७४ फैसला भएका छन्। यस समयसम्म फौजदारी २ सय ३८, देवानी ५ सय ४४ र निषेधाज्ञा २ गरी ७ सय ८४ मुद्दा बाँकी रहेका छन् जसमध्ये डेढ वर्ष नाघेका २० थान र एक वर्ष नाघेका १ सय ५० रहेका छन्।

सरकारी वकिल कार्यालय

०६८ साउनदेखि ०६९ असारसम्म ३ सय ८ थान मुद्दा दर्ता भएका छन् भने तीमध्ये २ सय ४२ थान सफल २० थान असफल र बाँकी ४४ थान रहे। उक्त समयमा कर्तव्य ज्यान ३६ थान, जबरजस्ती करणी २५, मानव बेचविखन ओसारपसार १३, बहुविवाह १०, अपहरणका १० थान मुद्दा लगायतका दर्ता भए। जिल्ला प्रशासन तर्फ सार्वजनिक अपराध तथा हातहतियार खरखाजना ८३ दर्ता भएकोमा ७३ सफल रहेका छन्। जसमा दुई असफल र आठ बाँकी रहेका छन् ०६९ साउन देखि पुस १६ गतेसम्म एक हातहतियार, खरखजाना २५ सार्वजनिक अपराध दर्ता भएका छन्। ती मध्ये सबै विचाराधिन रहेको सरकारी वकिल कार्यालयले जनाएको छ।

यातना तथा अन्य क्रूर, अमानवीय र अपमानजनक व्यवहार वा दण्ड

दुम्कीवास गाविस-१ दुम्कीवासका २६ वर्षीय थम्मनबहादुर चौधरी, ३० वर्षीय ठगबहादुर गुरुङ, नारायण कामु मगर सोही ठाँउका शङ्कर पोखेल, चोपबहादुर गाहा, विशाल पौडेल, डोरबहादुर राना, आशिक श्रेष्ठ, महेश श्रेष्ठ, राजकुमार पुन समेत १२ जनालाई झडप गर्न खोजेको आरोपमा ०६९ कात्तिक १५ गते दिउँसो नयाँ बलहानी प्रहरी चौकीका इन्चार्ज सई कृष्णकुमार पोखेलको कमाण्डमा रहेको टोलीले धुरकोट गाविस-२ देउरालीबाट गिरफ्तार गरी खाना र पानीसमेत खान नदिई राति १२ बजेदेखि ३ बजेसम्म घोप्टो पर्न लगाई यातना दिए। पीडितहरूका दुवै हात बुटले कुल्चिने, पछाडिको भागमा लाठीले प्रहार गरेका पीडितहरूले जानकारी गराए। उनीहरूको शरीरमा नीलडाम परेको थियो। पीडितमध्ये थम्मन चौधरी र ठगबहादुर गुरुङको जिल्ला अस्पताल परासीमा उपचार भएको थियो। आरोपितलाई कुनै कारवाही भएन। पीडितहरूले मौखिक रूपमा प्रहरी र मानवअधिकारकर्मीलाई जानकारी गराए।

जहदा गाविस-३ दोविल्लाकी रमिता पुनलाई मोवाइल चार्ज गर्ने क्रममा छिमेकीसँग विवाद गरेको आरोपमा ०६८ माघ २१ गते इलाका प्रहरी कार्यालय सेमरीले गिरफ्तार गरी यातना दियो। घटनाको विरोधमा पीडितले ०६८ माघ २२ गते जिल्ला प्रहरी कार्यालयमा निवेदन दिइन्। पीडितको जिल्ला अस्पतालमा उपचार भयो। पीडितले इन्सेक जिल्ला प्रतिनिधि र अन्य मानवअधिकार संस्थालाई घटनाबारे जानकारी गराइन्। प्रहरी चौकीले थप उपचारको लागि भन्दै २ हजार रुपियाँ उपलब्ध गराएको पीडितले बताइन्।

पञ्चनगर गाविस- २ भुताहाका ३९ वर्षीय रुक्माङ्गत लम्साल सोही ठाउँका ३५ वर्षीय उमाकान्त पौडेललाई ब्राह्मण क्षेत्री दशनामी समाजले आह्वान वैशाख २८, २९ र ३० गते आह्वान गरेको बन्दको क्रममा परालको टूकमा आगजनी गरेको आरोपमा प्रहरीले ०६९ वैशाख ३० गते गिरफ्तार गरी लाठीले प्रहार गरी कुटपिट गर्दै जिल्ला प्रहरी कार्यालयमा पुऱ्याई सोही दिन ८ घण्टापछि रिहा गऱ्यो। घाइतेमध्ये रुक्माङ्गतको दुवै खट्टा र हातमा नीलडामहरू रहेका थिए। पीडितले आफू मर्निङवाकमा निस्केको अवस्थामा झुठो आरोप लगाई गिरफ्तार गरी यातना दिएको बताए। पीडितको सोही दिन जिल्ला अस्पतालमा उपचार भयो।

बालअधिकार

शिक्षाको अवस्था

विद्यालय जाने उमेरका आधारभूत तहमा छात्रा ७४ हजार ५ सय ७१, छात्र ७५ हजार १ सय ७१ गरी जम्मा १ लाख ४९ हजार ७ सय ४२ छन्। यसमध्ये दलित विद्यार्थी छात्रा १२ हजार ४ सय ४२ गरी जम्मा २४ हजार ५ सय ५२ छन्। त्यसैगरी जनजाति तर्फ छात्र ३७ हजार ७ सय ५४ छात्रा ३८ हजार २ सय ८१ गरी ७६ हजार ३५ जना रहेका छन्। माबि तह छात्रा ११ हजार ५ सय २६, छात्रा ११ हजार ४ सय १६ गरी २२ हजार ९ सय ४५, माबि तहमा दलित छात्रा १ सय ९० छन् भने जनजाति तर्फ छात्रा ५ हजार ५ सय ७५ छात्रा ५ हजार ७ सय ७१ गरी ११ हजार ३ सय ४६ छन्।

बाल विकास विद्यालय सामुदायिक विद्यालय तर्फ ५ सय ४७ सामुदायमा ३० गरी ५ सय ७७ थान छन्। विद्यार्थी छात्रा ६ हजार ६ सय ४७, छात्र ६ हजार ५ सय ४७ गरी जम्मा १३ हजार १ सय ९४ छन्। जसमा दलित छात्र १ हजार २ सय ६०, छात्रा १ हजार ३ सय २५ गरी जम्मा २ हजार ५ सय ८५ जना रहेका

छन्। यसरी नै जनजाती छात्र ३ हजार २ सय १७ छात्रा ३ हजार ३ सय ३३ गरी जम्मा जनजाति ६ हजार ५ सय ५० रहेको शिक्षा कार्यालयले जनाएको छ।

जिल्लामा प्रावि तहमा महिला ३ सय ४९ जना, पुरुष १ हजार १ सय ४३ जना, राहत कोटामा ४ सय ८२ गरी जम्मा १ एक हजार ९ सय ७४ जना, निमाविमा महिला २१ जना, पुरुष २ सय ९० जना, राहत शिक्षक २ सय ३५ जना गरी ५ सय ४६ जना र माविमा महिला ६ जना, पुरुष २ सय २४ जना, राहत कोटामा १ सय ६५ जना गरी जम्मा ३ सय ९५ रहेका छन्।।

बालबालिका ओसारपसार

एक १४ वर्षीया बालिकालाई सुक्रौली गाविस-३ का २० वर्षीय मकबुल भाटले ०६९ वैशाख ६ गते विभिन्न प्रलोभनमा पारी विवाह गर्ने बहानामा बिक्रीको लागि लैजाँदै गर्दा चितवन जिल्लाको भरतपुर पुऱ्याएको भन्दै ०६९ जेठ ११ गते पीडितपक्षले जिल्ला प्रहरी कार्यालयमा जाहेरी दियो। आरोपितलाई ०६९ असार १ गते जिल्ला अदालतको आदेशमा पुर्पक्षको लागि थुनामा पठाइएको छ। घटनामा सहयोग गर्ने सोही गाविस- ४ का जयफुल्लाह हुसेनलाई पनि पुर्पक्षका लागि थुनामा राखिएको छ। यो वर्षको मुद्दाको अन्त्यसम्म फैसला भएको छैन।

बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

एक ७ वर्षीया बालिकालाई सोही रामग्राम नपा-१ सण्डाका १८ वर्षीय विक्रम यादवले ०६९ साउन १२ गते आफ्नो घरमा बलात्कार गरेको भन्दै ०६९ साउन १२ गते जिल्ला प्रहरी कार्यालयमा जाहेरी दिएकोमा सोही दिन प्रहरीले गिरफ्तार गरी अनुसन्धानपछि ०६९ भदौ ६ गते जिल्ला अदालतमा पेश गरेकोमा आरोपित यादव सोही दिनदेखि पुर्पक्षका लागि थुनामा छन्।

एक १३ वर्षीया बालिकालाई देउराली- ३ घर भइ तमसरिया गाविस-२ मा डेरा गरी बस्ने २४ वर्षीय भवीन्द्र थापाले ०६८ फागुन १९ गते सोही ठाउँस्थित एक निर्माणाधीन घरमा बलात्कार गरेको भन्दै पीडितपक्षले ०६८ फागुन २० गते इलाका प्रहरी कार्यालय कावासोतीमा निवेदन दियो। पीडितको स्वास्थ्य परीक्षण फागुन २० गते जिल्ला अस्पतालमा भयो। प्रहरीले आरोपित थापालाई ०६८ फागुन २१ गते गिरफ्तार गऱ्यो। आरोपित थापा ०६८ चैत २० गतेदेखि जिल्ला अदालतको आदेशानुसार पुर्पक्षका लागि थुनामा रहेका छन्। जिल्ला अदालतको मङ्सिर ११ गतेको फैसलाले चार वर्ष कैद सजाय तोकेको छ।

एक १३ वर्षीया बालिकालाई ०६९ वैशाख ६ गते मुकुन्दपुर गाविस-३ भेडाबारीका २४ वर्षीय मानबहादुर थारूले सोही ठाउँस्थित खेतमा बलात्कार गरेको भन्दै पीडित पक्षले वैशाख ७ गते इलाका प्रहरी कार्यालय गैँडाकोटमा उजुरी दिए। आरोपित थारूलाई प्रहरीले त्यसै दिन गिरफ्तार गरी अनुसन्धान जारी राखेकोमा जिल्ला अदालतको आदेशमा ०६९ जेठ १ गते पुर्पक्षको लागि थुनामा राखिएको छ। यो वर्षको अन्त्यसम्म मुद्दाको फैसला भएको छैन।

महिलाविरुद्ध हुने सबै प्रकारको भेदभाव, दुर्व्यवहार ओसारपसार

प्रतापपुर गाविस-१ की २१ वर्षीया आरती राजभरलाई रुपौलिया गाविस-४ का राजकुमारी मुसहर र पति जमुनिया गाविस-४ गोपीगञ्जका २५ वर्षीय सलिम अन्सारीले ०६८ मङ्सिर २७ गते भारतको कप्तानगञ्जमा पुऱ्याई २० हजार भारुमा बिक्री गरेकोमा ०६९ भदौ ५ गते घर फर्की ०६९ भदौ १४ गते इलाका प्रहरी कार्यालयमा उजुरी दिइन्। प्रहरीले आरोपितलाई ०६९ भादौ १५ गते गिरफ्तार गरी अनुसन्धानपछि ०६९ असोज २८ गते अदालत पेश गरेकोमा आरोपित पुर्पक्षको लागि थुनामा छन् भने सलिम अन्सारी फरार भए।

बलात्कारपछि हत्या

गैँडाकोट गाविस-७ शितलनगर का २८ वर्षीया देवी कुमाललाई उनका भतिजा २३ वर्षीय सुरेश कुमालले ०६९ कात्तिक ८ गते बिहान पीडितको घरमै बलात्कार गरी हत्या गरे। आरोपितले घटनाकी प्रत्यक्षदर्शी हजुरआमालाई पहिले घाँटी च्यापेर हत्या गरेको र देवीबाट पोल खुल्ने डरले पुनः उनको पनि हत्या गरेका थिए। हत्याको आरोपमा पीडितपक्षले ०६९ कात्तिक ९ गते इलाका प्रहरी कार्यालय गैँडाकोटमा उजुरी दिएकोमा फरार रहेका आरोपितलाई ०६९ कात्तिक १२ गते प्रहरीले गिरफ्तार गरी अनुसन्धानपछि ०६९ मङ्सिर ५ गते जिल्ला अदालतमा पेश गरेकोमा ६ गतेको आदेशले पुर्पक्षका लागि थुनामा छन्। दुवै लासको कात्तिक ८ गते दुम्कौली स्वास्थ्य केन्द्रमा पोस्टमार्टम भयो।

बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

बोल्न र सुन्नसमेत नसक्ने एक ४५ वर्षीया महिलालाई ०६९ असार १५ गत बञ्जरिया गाविस-१ निवासी ५२ वर्षीय खेदु पासीले पीडितको घरमै बलात्कार गरेको आरोपमा पीडितपक्षले ०६९ असार २५ गते जिल्ला प्रहरी कार्यालयमा जाहेरी दियो। पीडितको सोही दिन जिल्ला अस्पतालमा स्वास्थ्य परीक्षण भयो। सोही दिन प्रहरीले आरोपितलाई गिरफ्तार गऱ्यो। आरोपित ०६९ साउन १७ गतेको जिल्ला अदालतको आदेशबमोजिम थुनामा राखिएको छ। यो वर्षको अन्त्यसम्म मुद्दाको फैसला भएको छैन।

एक २२ वर्षीया महिलालाई गैँडाकोट गाविस-२ का २९ वर्षीया विष्णु सार्की र जिल्ला बारा बतरा गाविस-८ घर भई सशस्त्र प्रहरी जवान २९ वर्षीय रमेशभगत मालीले ०६९ असोज १२ गते बिहान गैँडोकोट गाविस- २ स्थित नारायणी नदीमा नुहाइरहेको अवस्थामा सोही ठाउँमा सामूहिक बलात्कार गरेको भन्दै सोही दिन पीडितले इलाका प्रहरी कार्यालय गैँडाकोटमा उजुरी दिइन्। अदालतको आदेशबमोजिम ०६९ असोज २८ गतेदेखि दुवै आरोपित पुर्पक्षका लागि थुनामा छन्। पीडितको भरतपुर अस्पतालमा असोज १३ गते स्वास्थ्य परीक्षण भएको थियो। यो वर्षको अन्त्यसम्म मुद्दाको फैसला भएको छैन।

घरेलु हिंसा

गैँडाकोट गाविस -१ जमुवाकी २८ वर्षीया मीना आचार्यलाई दाइजो नल्याएको आरोपमा ०६९ जेठ २५ गते पति २९ वर्षीय ऋषि आचार्य, ससुरा दुर्गाप्रसाद आचार्य, सासू गोमा आचार्य र नन्द सरस्वती आचार्यले घरमै कुटपिट गरी हत्या गरेको भन्दै ०६९ जेठ २७ गते इलाका प्रहरी कार्यालयमा उजुरी दिँदा उजुरी नलिएको र जिल्ला प्रहरी कार्यालयलेसमेत चासो नदिएको भन्दै अञ्चल प्रहरी कार्यालयमा किटानी जाहेरी दिएको मृतककी भाउजू जमुना पौडेलले बताइन्। जिल्ला प्रहरी कार्यालयले भने अहिलेसम्मको अनुसन्धानबाट पीडितले आत्महत्या नै भएको जनाएको छ।

बेणिमणिपुर गाविस-१ निवासी ३४ वर्षीया रेनुका खनाललाई पति ३६ वर्षीय कृष्णप्रसाद खनाल, सासू राधादेवी खनाल जेठाजुहरू गुणराज खनाल र चेतकाना खनालले ०६९ भदौ ४ गते घरमै कुटपिट गरी यातना दिएको आरोपमा पीडितले ०६९ भदौ १० गते जिल्ला प्रहरी कार्यालयमा निवेदन दिएको भए पनि यो वर्षको अन्त्यसम्म आरोपितलाई कुनै कारवाही भएन। न्याय नपाएपछि पीडितले ०६९ असोज ११ गते जिल्ला अदालतमा अंश मुद्दा दर्ता गराएकी छन्। यो वर्षको अन्त्यसम्म मुद्दा जिल्ला अदालतमा विचाराधीन रहेको छ।

बहुविवाह

सुक्रौली गाविस-९ नदुवा निवासी २९ वर्षीया भगवन्तीदेवी चौधरी घरमा छँदाछँदै पति ३५ वर्षीय प्रभाख चौधरीले ०६९ जेठ २५ गते स्थानीय रुपा चौधरीसँग दोस्रो विवाह गरी आफू र ७ वर्षीया छोरी अस्मिता चौधरीलाई अलपत्र पारेको भनी ०६९ भदौ १२ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी भदौ १४ गते प्रहरीले आरोपितलाई गिरफ्तार गरी अनुसन्धानपछि ०६९ असोज १ गते पति १४ हजार ५ सय रुपियाँ र कान्छी पत्नीलाई ५ हजार रुपियाँ धरौटीमा जिल्ला अदालतको आदेशमा रिहा भए।

दुर्व्यवहार

नारायणी गाविस-९ का ४७ वर्षीय मणि भट्टराईलाई पत्नी ३५ वर्षीया बिन्दु भट्टराईले छोडपत्र गर्ने विषयमा विवाद हुँदा ०६९ वैशाख १९ गते राति घरमै लाठी प्रहार गरी हत्या गरेको आरोपमा पीडितका दाजुले ०६९ वैशाख २० गते इलाका प्रहरी कार्यालय कावासोतीमा किटानी जाहेरी दिएकोमा सोही दिन प्रहरीले गिरफ्तार गरी अनुसन्धानपछि ०६९ जेठ १२ गते जिल्ला अदालत पेश गरेकोमा अदालतको आदेशमा आरोपी बिन्दुलाई पुर्पक्षका लागि थुनामा पठायो। यस वर्षको अन्त्यसम्म मुद्दा फैसला भएको छैन।

सबै प्रकारका जातीय विभेद

रुचाङ गाविस-१ वैगन निवासी १८ वर्षीया गोमा भन्ने बेनुका परियारसँग रुचाङ गाविस-८ मौलाथा निवासी १९ वर्षीय आशिष विकले विगत दुई वर्षदेखि विवाह गर्नेलगायतका प्रलोभन देखाइ प्रेमसम्बन्ध राख्दै आएको र एकवर्षदेखि शारीरिक सम्बन्ध राख्दै आएकोमा ०६९ असार १० गते बच्चाको जन्म भयो। आशिष रोजगारीका लागि भारततर्फ गएकोले पीडितपक्षले विकको परिवारलाई जिम्मा लिन अनुरोध गरेकोमा उल्टै काट्ने मार्ने धम्की दिएपछि आमा र नवजात शिशु अलपत्र परे। पीडित पक्षले इन्सेक प्रतिनिधि तथा कानुन व्यवसायीको सहयोगमा ०६९ भदौ १७ गते नाता कायम गर्न माग गर्दै जिल्ला अदालतमा उजुरी दिएकी छन्। उक्त मुद्दा जिल्ला

अदालतमा विचाराधीन रहेको छ।

तमसरिया गाविस-१ बसन्तपुर निवासी २३ वर्षीया कोपिला सुनारलाई सोही ठाउँ निवासी ३६ वर्षीया राधादेवी गौतमले घरको ड्रामको पानी छोएको आरोपमा ०६८ चैत १५ गते गाली बेइजती गरी अपमान गरेको भन्दै ०६९ वैशाख ३ गते अस्थायी प्रहरी पोष्ट चोरमारामा निवेदन दिएकोमा आरोपित फरार रहेकोले दोस्रो पटक ०६९ असार ८ गते इलाका प्रहरी कार्यालय कावासोतीमा निवेदन दिएकी छन्। आरोपित फरार रहेको भए पनि भेदभाव तथा छुवाछूत ऐन अन्तरगत मुद्दा चलाई ०६९ असार १४ गते अदालत पेश गरेकोमा ०६९ कात्तिक १५ गते अदालतको आदेशमा १५ हजार रुपियाँ धरौटीमा रिहा भइन्।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार संरचना, सम्पत्ति क्षति

अर्ग्यौली गाविस-९ डण्डामा रहेको राष्ट्रिय थारू सङ्ग्राहालयमा ब्राह्मण क्षेत्री ठकुरी संयुक्त सङ्घर्ष समितिका कार्यकर्तालेहरूले ०६९ वैशाख २६ गते तोडफोड र आगजनी गरे। ब्राह्मण क्षेत्री ठकुरी संयुक्त सङ्घर्ष समितिले बुटवलमा गर्न लागेको आमसभामा भाग लिन जाने क्रममा थारु सङ्घर्ष समितिका कार्यकर्ताले अवरोध गरेको आरोपमा तोडफोड गरिएको थियो। घटनामा पार्किङ गरी राखेको ना. १६ प. ९६१० को स्कुटरमा आगजनी, लु. ३ प. ८४३८ को र ६१७७ को मोटरसाइकलमा तोडफोड गरिएको थियो भने भवनका झ्यालढोका र शिशासमेत तोडफोड गरिएको थियो। साथै थारू संस्कृति झल्किने खालका सामग्रीसमेत नष्ट गरिएको थारू संयुक्त सङ्घर्ष समितिले जनायो। थारू सङ्घर्ष समितिले जातीय पहिचान थारूहट राज्यको माग गर्दै ०६९ वैशाख २६ गते बन्द आह्वान गरेको र सोही दिन बुटवलमा ब्राह्मण क्षेत्रीको कार्यक्रम परेको र कार्यक्रम जुधेको कारण ब्यानर सहितको गाडी नं र ड्राइभरको नाम समेत टिपाएर पठाउने क्रममा विवाद भएपछि उक्त घटना भएको थियो। घटनामा ४३ ओटा साइकिल समेत क्षतिग्रस्त भएका थिए।

मधेसी जनाधिकार फोरम नेपालबाट

तिलकपुर गाविस-५ बासा बसहीमा मधेशी जनअधिकार फोरम नेपालले आह्वान गरेको एक मधेश एक प्रदेश र जातीय सङ्घीयताको मागसहित ०६९ वैशाख ३१ गतेको एक दिने बन्दको क्रममा बन्द अवज्ञा गरेको भन्दै लु १ च ४०७३ नम्बरको फलफुल बोकेको मिनी ट्रक लु १ ख ५८८५ नम्बरको ट्रक, ना.४ प. १९६१ नम्बरको ट्रकमा तोडफोड गरी क्षति पुऱ्याए।

स्वास्थ्य सेवाको अवस्था

अस्पताल	२		
स्वास्थ्यचौकी	५		
उपस्वास्थ्यचौकी	५३		
पद	**दरबन्दी**	**कार्यरत**	**रिक्त**
डाक्टर	११	१०	१
स्टाफ नर्स	१०	७	३
ल्याब असिस्टेन्ट	१२	११	१
अहेब	९०	७७	१३
अनमी	३२	२२	१०
खोप सुपरभाइजर	१	१	
क्षयरोग/कुष्ठरोग सुपरभाइजर	१	१	
हेल्थ असिस्टेन्ट	२६	१९	७

जिल्ला प्रहरी कार्यालय

जिल्ला प्रहरी कार्यालयमा ०६८ पुस १७ गतेदेखि ०६९ पुस १६ गतेसम्म बलात्कार ११, कर्तव्यज्यान आठ, ज्यानमार्ने उद्योग चार, आत्महत्या १ सय २५, बहुविवाह चार, चेलिबेटी ओसार पसार तीन, विस्फोटन एक, अपहरण तथा शरीर बन्धक एक, जातीय विभेद एक, घरेलु हिंसा एक ओटा मुद्दा दर्ता भए।

३.८ रुपन्देही



जिल्ला सदरमुकाम: बुटवल
क्षेत्रफल (वर्ग कि. मि.): १,३६०
घरधुरी सङ्ख्या: १,६३,५१६
जम्मा जनसङ्ख्या: ८,८०,१५६
पुरुष: ४,३२,१५३
महिला: ४,४८,००३
अपाङ्ग सङ्ख्या: ५,८५०
गाविस/नपा सङ्ख्या: ६५/२
पुरुष साक्षरता सङ्ख्या: ३,१८,२०२
महिला साक्षरता सङ्ख्या: २,५८,६५७
हिन्दू धर्मावलम्बी प्रतिशत: ८६.२४
बौद्ध धर्मावलम्बी प्रतिशत: ४.६१
इस्लाम धर्मावलम्बी प्रतिशत: ८.२३
किराँत धर्मावलम्बी प्रतिशत: ०.०३
क्रिश्चियन धर्मावलम्बी प्रतिशत: ०.६६
प्रकृति धर्मावलम्बी प्रतिशत: ०.०२
वोन धर्मावलम्बी प्रतिशत:०.०८
शिख धर्मावलम्बी प्रतिशत: ०.००
अन्य धर्मावलम्बी प्रतिशत: ०.१३
प्रतिपरिवार सरदर सङ्ख्या: ५.३७

जेल र बन्दीहरू

'ग' श्रेणीको जिल्ला कारागारको बन्दी क्षमता १ सय जनाको रहेको छ। यो वर्षको अन्त्यसम्म कैद तोकिएको १ सय ८७ जना र कैद नतोकिएको १ सय ८९ जना गरी जम्मा तीन सय ७६ जना बन्दीहरू रहेका छन्। क्षमता भन्दा तेब्बर बढी बन्दी रहेकाले उनीहरूलाई शौचालय र स्नानलगायतका काममा समस्या छ। साँघुरा कोठामा उनीहरू कोचिएर बस्ने गरेका छन्। कारागार सुधारका लागि सरकारले योजना बनाए पनि जीर्ण बनेको भवनको मर्मत सम्भार हुन सकेको छैन।

कारागारमा बन्दीहरूलाई उनीहरूका परिवारसँग सातामा दुई पटक भेटघाट गर्ने, दुई पटक टेलिफोनमा कुरा गर्न पाउने सुविधा छ। बन्दीहरूलाई नियमित स्वाथ्य जाँचको पनि सुविधा दिइएको छ। त्यस्तै प्रत्येक कोठामा टेलिभिजन र पत्रपत्रिकाहरूको पनि व्यवस्था गरिएको जेलर पुकार श्रेष्ठले बताए।

धम्की/कुटपिट

राज्यबाट

बुटवल नपा-६, लक्ष्मीनगर निवासी नागरिक अभियानका संयोजक ४२ वर्षीय पदमबहादुर कार्कीलाई ०६९ भदौ ७ गते बेलका बुटवल नपा-६, ट्राफिकचोकमा इलाका प्रहरी कार्यालय बुटवलका प्रहरी जवान २८ वर्षीय केशव केसीले कुटपिट गरे। चेकिङमा मोटरसाइकल नरोकेको भन्दै प्रहरी जवान केसीले एक्कासि कुटपिट गरेको भन्दै पीडित कार्कीले सोही दिन इलाका प्रहरी कार्यालय बुटवलमा निवेदन दिए। प्रहरी कार्यालयका प्रमुख डिएसपी कृष्णकुमार महतले आरोपित केसीलाई सामान्य सोधपुछ गरे पनि अन्य कुनै कारबाही गरेनन्। कार्कीले आफूलाई बिनाकारण प्रहरीले कुटपिट गरेको भन्दै न्यायका लागि पहल गरिदिन मानवअधिकार सङ्घ संस्थामा अपिल गरेका थिए।

स्याङ्जा जिल्ला मनकामना गाविस-७, खल्डाँडा घर भई बुटवल नगरपालिका-५, गोलपार्कमा बस्दै आएका पत्रकार १९ वर्षीय लोक गुरुङलाई ०६८ फागुन २ गते वडा प्रहरी कार्यालय बुटवलका प्रहरी निरीक्षक सुवास गैरेले मिलनचोकबाट नियन्त्रणमा लिई प्रहरी कार्यालयमै लगेर कुटपिट र दुर्व्यवहार गरे। रिक्सामा गइरहेका प्रहरी जवान जीतेन्द्र थापा लडेपछि नजिकै मोटरसाइकमा रहेका पत्रकार गुरुङले लडाएको भन्दै प्रहरीले दुर्व्यवहार र कुटपिट गरेको पीडितले बताए। घटनापछि प्रहरी निरीक्षक गैरेले पत्रकार महासङ्घको टोलीसित गल्ती भएको भन्दै माफी मागेका थिए।

अन्यबाट

बुटवल नपा-६, लक्ष्मीनगरका ५५ वर्षीय प्रेमप्रसाद शर्मालाई थारुहट संयुक्त सङ्घर्ष समितिका कार्यकर्ताले ०६९ जेठ १० गते पडसरी गाविस-५ ठुटिपिपलमा आगजनीको प्रयास गरे। बन्दको क्रममा

सवारी चलाएको भन्दै थरुहटका कार्यकर्ताले शर्माको लु १ ख ५३३८ नम्बरको मालबाहक ट्रक रोकेर उनलाई जिउँदै जलाउने प्रयास गरेका थिए। बन्दकर्ताले शर्मालाई ट्रकबाट झर्नै नदिई एक्कासि गाडीमा पेट्रोल छर्केर आगो लगाइदिएपछि शर्माको घाँटी, छाती, हात र खुट्टा चोट लागेको थियो। पीडितको भैरहवास्थित युनिभर्सल मेडिकल कलेजमा उपचार भएको थियो। प्रहरीले घटनामा संलग्न कसैलाई पनि गिरफ्तार गरेन।

रुद्रपुर गाविस घर भइ पर्रोहा गाविसस्थित सुनगाभा पब्लिक उमाविमा अध्ययनरत १८ वर्षीय विष्णु ढकाल र १७ वर्षीया गीता थापा ०६९ जेठ ७ गते विद्यालयबाट घर फर्कने क्रममा आदिवासी जनजातिका कार्यकर्ताहरूले प्रहार गरेको ढुङ्गा लागी घाइते भए। जनजातिका कार्यकर्ताहरूले बन्दको उल्लङ्घन गरेको भन्दै विद्यार्थी लिएर जाँदै गरेको उक्त विद्यालयको लु १ ख ४००१ नं.को गाडी तोडफोड गर्ने क्रममा आन्दोलनकारीले प्रहार गरेका ढुङ्गा लागेर ती विद्यार्थीहरू घाइते भएका थिए। उनीहरूको स्थानीय क्लिनिकमा उपचार भयो। पीडितहरूले कतै पनि उजुरी गरेनन्।

बुटवल नपा-८ अमरपथ घर भई आनन्दवन गाविस-५ मणिग्रामस्थित क्रिमशन अस्पतालका चिकित्सक ३८ वर्षीय डा.मनिष विकलाई ०६९ जेठ ७ गते बेलुका आदिवासी जनजातिका कार्यकर्ताले कुटपिट गरे। बन्दको उल्लङ्घन गरेको भन्दै आन्दोलनकारीले विकको लु ५ प ३२२५ नं.को मोटरसाइकल तोडफोड गरी क्षति पुऱ्याएका थिए। प्रहरीले घटनामा संलग्न कसैलाई पनि गिरफ्तार गरेन।

शङ्करनगर गाविस-३ योगीकुटी निवासी पत्रकार ३८ वर्षीय दिनेश पाण्डेलाई ०६९ वैशाख २८ गते जातीय राज्य हुन नहुने भन्दै आन्दोलनरत ब्राह्मण, क्षेत्री, दशनामी, ठकुरी, दलितलगायतको संयुक्त सङ्घर्ष समितिका कार्यकर्ताहरूले कुटपिट र दुर्व्यवहार गरे। प्रहरीले घटनामा संलग्न कसैलाई पनि गिरफ्तार गरेन।

अभिव्यक्ति, भेला हुने र संगठित हुने अधिकार
(राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

बुटवल नपा-१३ देवीनगरका २४ वर्षीय स्वस्तिक श्रेष्ठ र बुटवल नपा-११ र मिलनचोक निवासी ३० वर्षीया अमृता अनमोल पाण्डेलाई थारुहट प्रदेशको माग गर्दै आन्दोलनरत थरुहट सङ्घर्ष समितिका कार्यकर्ताले ०६९ जेठ १० गते

घटनाको प्रकार	राज्यपक्षबाट			गैरराज्यपक्षबाट		
	महिला	पुरुष	जम्मा	महिला	पुरुष	जम्मा
बालअधिकार				१४		१४
गिरतारी/यातना	१		१			
कुटपिट		६	६	१	१३	१३
जम्मा	१	६	७	१५	१३	२८

सिद्धार्थनगरपालिका-३, बर्मेलीटोलमा कुटपिट र दुर्व्यवहार गरे। आन्दोलनकारीले श्रेष्ठको मोटरसाइकल र क्यामेरा तोडफोड गरेका थिए। पीडित दुवै पत्रकार हुन्। प्रहरीले घटनामा संलग्न कसैलाई पनि गिरफ्तार गरेन।

बन्द/हड्ताल हिंसात्मक बन्दै गएको, पत्रकार, सञ्चारकर्मी तथा अधिकारकर्मीहरूमाथि आक्रमण भएको, पत्रकारहरूलाई समाचार सङ्कलनमा बाधा उत्पन्न भएको, पत्रकारमाथि श्रृखंलाबद्ध रुपमा आक्रमण भएको भन्दै रुपन्देहीका सबै पत्रिका ०६९ जेठ ९ गते एक दिनका लागि बन्द भए। एफएम रेडियो र टिभीहरूले पनि बिहान ९ गते बेलुका ५ बजेसम्म समाचार बुलेटिन प्रसारण बन्द गरेका थिए।

मधवलिया गाविस-५, का रेडियो लुम्बिनीका कार्यकारी प्रमुख ४६ वर्षीय कृष्ण नेपालमाथि ०६९ जेठ ८ गते आदिवासी जनजातिका बन्दकर्ताले मधवलियामा कुटपिट र दुर्व्यवहार गरे। बन्दकर्ताले नेपालको मोटरसाइकल पनि तोडफोड गरी सामान्य क्षति पुऱ्याए।

गड्गोलिया गाविस-२ निवासी लुम्बिनी सामुदायिक टेलिभिजनका पत्रकार २३ वर्षीय भरत प्रधानलाई आदिवासी जनजाति महासङ्घका कार्यकर्ताहरूले ०६९ जेठ ८ गते बुटवल नपा-१२ योगिकुटीमा कुटपिट र दुर्व्यवहार गरे। बन्दकर्ताले बन्द अवज्ञा गरेको भन्दै श्रेष्ठको मोटरसाइकल पनि तोडफोड गरे। प्रहरीले घटनामा संलग्न भएको भन्दै करहिया गाविस-४ का २९ वर्षीय मदन थापालाई सोही दिन गिरफ्तार गरी रिहा गऱ्यो।

पर्रोहा गाविस-१, मुर्गिया घर भएका इन्सेक रुपन्देही जिल्ला प्रतिनिधि ३० वर्षीय अमृत गिरीलाई जातीय राज्यको माग गर्दै आन्दोलनरत आदिवासी जनजाति महासङ्घका कार्यकर्ताले ०६९ जेठ ८ गते बुटवल नपा-१५, बेलबासमा कुटपिट तथा दुर्व्यवहार गरे। बन्दको उल्लङ्घन गरेको भन्दै बन्दकर्ताले गिरीको मोटरसाइकल पनि तोडफोड गरी क्षति पुऱ्याए।

पीडितले घटनामा संलग्न भएको भन्दै सो सङ्गठनका कार्यकर्ताहरू क्या.बलबहादुर थापा, दीपक थापा, राजु सर्तु, सन्तोष थापाविरुद्ध इलाका प्रहरी कार्यालय बुटवलमा सोही दिन उजुरी दिए पनि प्रहरीले माथिको आदेश नभएको भन्दै कसैलाई पनि गिरफ्तार गरेन। प्रहरीले घटनामा संलग्न कसैलाई पनि गिरफ्तार गरेन। पीडितले क्षतिपूर्ति पाएनन्।

करहिया गाविस-७ का लुम्बिनी एफएममा कार्यरत २५ वर्षीय प्रकाश गौतमलाई ०६९ जेठ ७ गते थारुहट संयुक्त सङ्घर्ष समितिका कार्यकर्ताले दूधराक्ष गाविस-२ कलौनीमा कुटपिट र दुर्व्यवहार गरे। आन्दोलनकारीले गौतमको मोटरसाइकल पनि तोडफोड गरेका थिए। प्रहरीले घटनामा संलग्न कसैलाई पनि गिरफ्तार गरेन।

सुगम र निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालत

०६८ साउनदेखि ०६९ असार मसान्तसम्म

चार जना न्यायाधीश रहेको जिल्ला अदालतमा फौजदारी मुद्दातर्फ १ हजार २ सय ५९ थान मध्ये ९ सय ३ थान मुद्दा फैसला भए भने ३ सय ५६ थान मुद्दा फैसला हुन बाँकी रहे। देवानी मुद्दातर्फ १ हजार ६ सय ५० मध्ये १ हजार ६७ फैसला भए भने ६ सय १८ फैसला हुन बाँकी रहे।

०६९ साउनदेखि पुस १५ सम्म

चार जना न्यायाधीश रहेको यस जिल्ला अदालतको फौजदारी मुद्दातर्फ ७ सय ४८ थान मध्ये २ सय ५८ थान मुद्दा फैसला भए भने ४ सय ९० थान मुद्दा फैसला हुन बाँकी रहे। देवानी मुद्दातर्फ १ हजार १७ थान मुद्दामध्ये १ सय ९४ थान फैसला भए भने ८ सय २३ थान मुद्दा फैसला हुन बाँकी रहे। दुई वर्ष नाघेका फौजदारी मुद्दा चार थान र देवानी मुद्दा १३ थान बाँकी रहे।

जिल्ला सरकारी वकिलको कार्यालयबाट ०६८ साउनदेखि ०६९ असार मसान्तसम्म दायर मुद्दाको सङ्ख्या ६ सय ६८ थान मध्ये ४ सय ५० सफल भए भने १ सय ६७ थान मुद्दा असफल भए। मुलतवी, तमेली पेण्डिङमा १८ थान मुद्दा रहेका छन्। सरकारी वकिल सङ्ख्या दुई रहेको यस जिल्ला कार्यालयबाट दायर मुद्दामध्ये ०६९ असार मसान्तसम्म ३ सय ५४ मुद्दा बाँकी रहेको सरकारी वकिलको कार्यालयले जनायो।

दायर मुद्दामध्ये कर्तव्य ज्यानसम्बन्धी मुद्दा ३३ मध्ये चार सफल र १८ असफल रहयो। बलात्कारसम्बन्धी मुद्दा १४ मध्ये चार सफल र चार असफल रहयो। महिला बेचविखनसम्बन्धी मुद्दा पाँच मध्ये एक सफल र दुई असफल रहयो। अपहरणसम्बन्धी मुद्दा १६ मध्ये एक सफल र तीन असफल रहयो। बहुविवाहसम्बन्धी मुद्दा १४ मध्ये पाँच सफल र तीन असफल रहयो। बालविवाहसम्बन्धी मुद्दा एक मध्ये असफल रहयो।

जिल्ला सरकारी वकिलको कार्यालयबाट ०६९ साउनदेखि ०६९ पुससम्म दायर मुद्दाको सङ्ख्या ६ सय ३४ थान रहे।

पुनरावेदन अदालत

०६८ साउनदेखि ०६९ असार मसान्तसम्म

छ जना न्यायाधीश रहेको यस पुनरावेदन अदालतको फौजदारी मुद्दातर्फ ५ सय ४ थान मध्ये १ सय ६६ थान फैसला भए भने ३ सय ३८ थान फैसला हुन बाँकी रहे। देवानी मुद्दातर्फ ५ सय ३२ थानमध्ये १ सय ८७ फैसला भए भने ३ सय ४५ थान फैसला हुन बाँकी रहे।

०६९ साउनदेखि पुस १५ सम्म

छ जना न्यायाधीश रहेको यस पुनरावेदन अदालतको फौजदारी मुद्दातर्फ १ सय ५५ मध्ये ४९ थान फैसला भए भने १ सय ६ थान फैसला हुन बाँकी रहे। देवानी मुद्दातर्फ ४ सय १४ थानमध्ये १ सय फैसला भए भने ३ सय १४ थान फैसला हुन बाँकी रहे। दुई वर्ष नाघेका फौजदारी मुद्दा छैनन्।

यस अदालतमा कूल १ हजार २ सय ६८ मुद्दा दर्ता भए र त्यसमा ४ सय ५५ थान फैसला भए। यो वर्षको अन्त्यमा ८ सय १३ थान मुद्दा फैसला हुन बाँकी छन्।

क्षेत्राधिकार सम्बन्धी मुद्दा (बाणिज्य समेत) ५ थान दर्ता भएकामा दुई थान फैसला भए र ३ थान बाँकी छन्। रिट निवेदन ७२ परेकोमा ५१ को निर्णय भइ २१ बाँकी रहेका छन्।

बालअधिकार

शिक्षाको अवस्था

यस जिल्लाका विद्यालय जाने उमेरका २ लाख ९ हजार ६ सय ९ मध्ये छात्रा १ लाख ४ हजार ४ सय ४४ र छात्र १ लाख ५ हजार एक सय ६५ प्राथमिक तहदेखि माबि तहसम्म भर्ना भए। यसमध्ये

दलित छात्रा १५ हजार ९ सय ९९ र छात्र १६ हजार एक सय ८० रहेका छन्। सरकारी र सामुदायिक विद्यालय गरी करिब ७ सय बढी विद्यालयहरूम प्रावि तहमा महिला २ हजार ४ सय ८ र पुरुष, २ हजार ३ सय ४३ गरी जम्मा ४ हजार २ सय ४३ शिक्षक कार्यरत रहेका छन्। निमावि तहमा तहमा महिला ४ सय ६५ र पुरुष १ हजार २ सय ४१ गरी जम्मा १ हजार ७ सय १४ शिक्षक कार्यरत रहेका छन्। यसैगरी मावि तहमा महिला २ सय ६ र पुरुष १ हजार २ सय २ गरी जम्मा १ हजार ४ सय १० शिक्षक रहेका छन्।

बालविकास केन्द्रमा बालक १८ हजार ९ सय ४९ र बालिका १६ हजार ८ सय ४७ गरी जम्मा ३५ हजार सात सय ९६ रहेका छन् जसमध्ये दलित बालक २ हजार ८ सय ४४ र बालिका २ हजार ९ सय ९४ गरी जम्मा ५ हजार ५ सय ३८ जना रहेका छन्।

बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

एक सात वर्षीया बालिकालाई ०६९ कात्तिक ८ गते बिहान मक्रहर गाविस-६, गणेशनगरका ३५ वर्षीय टेकबहादुर दराईले पीडितको घरनजिकै खोला छेउमा लगेर बलात्कार गरेको आरोपमा पीडितका आफन्तले सोही दिन इलाका प्रहरी कार्यालय बुटवलमा जाहेरी दिए। प्रहरीले सोही दिन आरोपितलाई गिरफ्तार गऱ्यो। पीडितको लुम्बिनी अञ्चल अस्पतालमा उपचार भएको थियो। आरोपित जिल्ला अदालतको मङ्सिर २७ गतेको आदेशमा पुर्पक्षका लागि थुनामा रहेका छन्। यो वर्षको अन्त्यसम्म मुद्दाको फैसला भएको छैन।

एक नौ वर्षीया बालिकालाई ०६९ भदौ २७ गते देवदह गाविस-२, खैरेनीकी ४८ वर्षीय नकुल पोखरेलले खोलानजिकै बलात्कार गरेको आरोपमा पीडितका आफन्तले भदौ २८ गते इलाका प्रहरी कार्यालयमा जाहेरी दिए। इलाका प्रहरी कार्यालय बुटवलले भदौ २९ गते आरोपितलाई गिरफ्तार गऱ्यो। जिल्ला अदालतको ०६९ असोज २५ गतेको आदेशले आरोपित पुर्पक्षका लागि जिल्ला कारागारमा थुनामा छन्।

एक १७ वर्षीया बालिकालाई ०६९ वैशाख ३० गते सालझण्डी गाविस-४ का १८ वर्षीय राजेन्द्र थापाले घरनजिकै बलात्कार प्रयास गरेको आरोपमा पीडितले इलाका प्रहरी कार्यालयमा उजुरी गरेपछि प्रहरीले सोही दिन थापालाई गिरफ्तार गऱ्यो। पीडितको बुटवलस्थित लुम्बिनी अञ्चल अस्पतालमा स्वास्थ्य परीक्षण भएको थियो । आरोपित जिल्ला अदालतको आदेशमा ०६९ जेठ २६ गतेदेखि पुर्पक्षको लागि जिल्ला कारागारमा थुनामा छन्। यो वर्षको अन्त्यसम्म मुद्दाको फैसला भएको छैन।

एक १४ वर्षीया एक बालिकालाई ०६९ जेठ २९ गते बुटवल नपा-७, सङ्गमपथक २८ वर्षीय सन्तोष परियारले घरमै बलात्कार प्रयास गरको आरोपमा पीडितले जेठ २९ गते कारबाहीको लागि इलाका प्रहरी कार्यालय बुटवलमा जाहेरी दिइन्। प्रहरीले आरोपितलाई सोही दिन गिरफ्तार गऱ्यो। आरोपित जिल्ला अदालतको आदेशमा ०६९ असार २२ गतेदेखि पुर्पक्षको लागि जिल्ला कारागारमा थुनामा रहेकोमा जिल्ला अदालतको असोज २ गतेको फैसलाअनुसार चार महिना कैद भुक्तान गरी सोही दिन रिहा भए।

एक १३ वर्षीया सुस्तमनस्थितकी बालिकालाई बर्दिया जिल्ला तारातल गाविस-६ घर भइ देवदह गाविस-३ मामा घरमा आएका २१ वर्षीय शिव विकले ०६९ जेठ २९ गते मामाको घरमा लगेर बलात्कार प्रयास गरेको आरोपमा इलाका प्रहरी कार्यालय बुटवलले आरोपितलाई ०६९ असार ४ गते गिरफ्तार गऱ्यो। असार २८ गते अदालतमा मुद्दा दायर भयो। आरोपित जिल्ला अदालतको साउन २८ गतेको आदेशमा पुर्पक्षका लागि थुनामा छन्। यो वर्षको अन्त्यसम्म मुद्दाको फैसला भएको छैन।

मधवलिया गाविस-४, कोटिहास्थित अविनाश अनाथ आश्रममा रहेका ११ देखि १६ वर्ष उमेरका सात जना बालिकालाई ०६९ जेठ २० गते सोही आश्रमका व्यवस्थापक सिद्धार्थनगर नपा-४, भैरहवाका २९ वर्षीय आशिष थापाले यौनदुर्व्यवहार र बलात्कार प्रयास गरेको आरोपमा पीडित बालिकाहरूले जेठ २१ गते सहयोगीमार्फत इलाका प्रहरी कार्यालय बुटवलमा कारबाहीको लागि उजुरी गरे। प्रहरीले थापालाई जेठ ३० गते भैरहवाबाट गिरफ्तार गऱ्यो। पीडितहरूको बुटवलस्थित लुम्बिनी अञ्चल अस्पतालमा स्वास्थ्य परीक्षण भएको थियो। चिकित्सकले अवस्था सामान्य रहेको बताए। आरोपित जिल्ला अदालतको आदेशमा ०६९ असार २२ गते देखि पुर्पक्षका लागि जिल्ला कारागारमा थुनामा छन्।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

संरचना, सम्पत्ति क्षति

पेट्रोलियम पदार्थको मूल्यवृद्धिका विरुद्ध आन्दोलनरत विद्यार्थीहरूले ०६८ माघ १९ गते बुटवल नपा-१२ कालिकानगरमा नेपाल विद्युत प्राधिकरणको

बा १ झ २३४५ नम्बरको जीप सडकमै रोकेर आगजनी गरी ध्वस्त बनाए। घटनामा संलग्नहरूको पहिचान भए पनि प्रहरीले कसैलाई पनि गिरफ्तार गरेन।

पत्रिका बोकेर भैरहवातर्फ गइरहेको गोरखापत्र दैनिक र अन्नपूर्ण पोष्ट दैनिकको जिप ०६९ जेठ १० गते थारुहट संयुक्त सङ्घर्ष समितिका कार्यकर्ताले भैरहवामा तोडफोड गरे। तोडफोडमा संलग्न रहेको आरोपमा प्रहरीले शिव रतन र सरीता थारुलाई नियन्त्रणमा लिएर जेठ १८ गते रिहा गऱ्यो।

स्वास्थ्य सेवाको अवस्था

अस्पताल	२		
स्वास्थ्यचौकी	८		
उपस्वास्थ्यचौकी	६३		
पद	**दरबन्दी**	**कार्यरत**	**रिक्त**
डाक्टर	९	९	
स्टाफ नर्स	१०	७	३
ल्याब असिस्टेन्ट	८	७	१
अहेब	९०	८७	३
अनमी	२८	२८	
खोप सुपरभाइजर	१	१	
क्षयरोग/कुष्ठरोग सुपरभाइजर	१	१	
हेल्थ असिस्टेन्ट	१६	१६	

जिल्ला प्रहरी कार्यालय

जिल्ला प्रहरी कार्यालयमा ०६८ पुस १७ गतेदेखि ०६९ पुस १६ गतेसम्म बलात्कारका १५, बलात्कार प्रयास आठ, महिला ओसार पसार जिउ मास्नेबेच्ने नौ, कर्तव्यज्यान ११, ज्यानमार्ने उद्योग पाँच, आत्महत्या १ सय ६९, अपहरण गरी शरीर बन्धक बनाइएको तीन, बहुविवाह छ ओटा मुद्दा दर्ता भए ।

३.९ पाल्पा



जिल्ला सदरमुकाम: तानसेन
क्षेत्रफल (वर्ग कि. मि.): १,३७३
घरधुरी सङ्ख्या: ५५,२५१
जम्मा जनसङ्ख्या: २,६१,१८०
पुरुष: १,१५,८४०
महिला: १,४५,३४०
अपाङ्ग सङ्ख्या: ६,५३७
गाविस/नपा सङ्ख्या: ६५/१
पुरुष साक्षरता सङ्ख्या: ५०,२८१
महिला साक्षरता सङ्ख्या: ५६,३५७
हिन्दू धर्मावलम्बी प्रतिशत: ५०.५२
बौद्ध धर्मावलम्बी प्रतिशत: ७.८२
इस्लाम धर्मावलम्बी प्रतिशत: ०.४७
क्रिश्चियन धर्मावलम्बी प्रतिशत: ०.८८
प्रकृति धर्मावलम्बी प्रतिशत: ०.१७
अन्य धर्मावलम्बी प्रतिशत: ०.१४६
प्रतिपरिवार सरदर सङ्ख्या: ४.४१

जेल र बन्दीहरू

'ग' श्रेणीको जिल्ला कारागारको बन्दी क्षमता १ सय ७५ सय जनाको रहेको छ। यस वर्षको अन्त्यसम्म कैद तोकिएका २ सय ७१ र कैद नतोकिएको ५४ जना बन्दी गरी जम्मा ३ सय २५ जना बन्दीहरू रहेका छन्। यसबाहेक आश्रित बालक चार जना र बालिका एक जना गरी जम्मा पाँच जना बालबालिका रहेका छन्। पाल्पा कारागारमा रहेका कैदीहरूले आफूहरूलाई नेपाल सरकारबाट दिइने दैनिक खाना सुविधा अत्यन्तै न्यून भएको गुनासो गरे।

गत वर्ष निर्माण सम्पन्न भएको नयाँ भवन सुरक्षाका दृष्टिले अनुपयुक्त भएका कारण बन्दीहरू सार्न नसकेको जेलर राजेन्द्रराज अधिकारीले बताए।

यस कारागारमा कूल १ सय ७५ बन्दी राख्न सक्ने क्षमता भएकोमा हाल बालबालिका सहित ३ सय ३० जना बन्दीहरू रहेका छन्। वि.सं. १९८३ सालमा निर्माण भएको पुरानो भवनमा दलिनहरू भाँचिएकाले टेका लगाएर बस्न बाध्य भएको कुरा बन्दीहरूले बताए।

खाने पानीको दुईओटा मात्र धारा भएकोले खानेपानीको समस्या रहेको र प्रमुख जिल्ला अधिकारी हरिप्रसाद मैनालीको पहलमा नजिकै रहेको खानेपानीको अस्थायी मुलबाट वर्षायामको छ महिनालाई भए पनि व्यवस्था मिलाई राहत भएको र हिउँदमा पानीको समस्या हुने कुरासमेत जेलरले बताए।

सुगम र निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालत

०६८ साउनदेखि ०६९ असार मसान्तसम्म

एक जनामात्र न्यायाधीश रहेको यस जिल्ला अदालतको फौजदारी मुद्दातर्फ १ सय ५४ मध्ये १ सय ८ फैसला भए भने ४६ फैसला हुन बाँकी रहे। देवानी मुद्दातर्फ ९० मध्ये ५७ फैसला भए भने ३३ फैसला हुन बाँकी रहे।

०६९ साउनदेखि पुस १६ सम्म

यस जिल्ला अदालतको फौजदारी मुद्दातर्फ १ सय ५ थान मध्ये २ फैसला भए भने १ सय ३ थान फैसला हुन बाँकी रहे। देवानी मुद्दातर्फ ५८ थान मध्ये २ फैसला भए भने ५४ थान फैसला हुन बाँकी रहे। दुई वर्ष नाघेका फौजदारी मुद्दा र देवानी मुद्दा यस अदालतमा छैनन्।

जिल्ला सरकारी वकिलको कार्यालयबाट ०६८ साउनदेखि ०६९ असार मसान्तसम्म दायर मुद्दाको सङ्ख्या १ सय ११ थानमध्ये ७२ थान सफल भए भने पाँच असफल भएको छ। जिल्ला सरकारी वकिल कार्यालयबाट दायर मुद्दामध्ये ०६९ पुस १६ गतेसम्म ३४ मुद्दा बाँकी रहेको सरकारी वकिलको कार्यालयले जनायो।

दायर मुद्दामध्ये कर्तव्य ज्यानसम्बन्धी मुद्दा नौ थान मध्ये तीन थान सफल र तीन थान असफल रह्यो। बलात्कारसम्बन्धी मुद्दा नौ मध्ये चार सफल र एक असफल रह्यो। महिला बेचविखनसम्बन्धी मुद्दा दुई मध्ये एक सफल रह्यो भने एक थान मुद्दा विचाराधिन छ।

जिल्ला सरकारी वकिलको कार्यालयबाट ०६९ साउनदेखि ०६९ पुससम्म दायर मुद्दाको सङ्ख्या ३२ थान छन्। जसमध्ये सबै मुद्दाहरू प्रक्रियामा रहेका छन्। सरकारी वकिल सङ्ख्या दुई रहेको यस जिल्ला कार्यालयबाट दायर मुद्दामध्ये ०६९ पुस १६ गतेसम्म ३१ मुद्दा बाँकी रहेको सरकारी वकिलको कार्यालयले जनायो।

बालअधिकार

शिक्षाको अवस्था

यस जिल्लाका विद्यालय जाने उमेरका ८२ हजार ५ सय ८५ मध्ये छात्र ४० हजार ८ सय २५ र छात्रा ४१ हजार ७ सय ६० प्राथमिक तहदेखि माविं तहसम्म भर्ना भए। यसमध्ये दलित छात्रा ५ हजार ९ सय र छात्र ५ हजार ३ सय ४३ रहेका छन्। सरकारी र सामुदायिक विद्यालय गरी प्राविं तहमा महिला ५ सय ७३ र पुरुष १२ सय ३१ गरी जम्मा १८ सय ४ शिक्षक कार्यरत रहेका छन्। निमाविं तहमा तहमा महिला ९० र पुरुष ३ सय ९० गरी जम्मा ४ सय ८० शिक्षक कार्यरत रहेका छन्। यसैगरी माविं तहमा महिला ३७ र पुरुष ३ सय ५७ गरी जम्मा ३ सय ९४ शिक्षक रहेका छन्। बालविकास केन्द्र बालक ५ हजार ६ सय २५ र बालिका ५ हजार १ सय ७८ गरी जम्मा १० हजार ८ सय ३ रहेका छन् जसमध्ये दलित बालक ८ सय ३३ र बालिका ७ सय ३६ छन्।

बालबालिका ओसारपसार

एक १६ वर्षीया बालिकालाई ०६८ पुस २० गते रामपुर गाविस-४ की ३२ वर्षीय मिठू परियारले घरमा कसैलाई पनि जानकारी नदिई मुम्बईमा गइ राम्रो जागिर दिलाउने भनेर फकाएर आफूसुँग लगेको आरोपमा पीडितकी आमाले सोही दिन इलाका प्रहरी कार्यालय रामपुरमा जाहेरी दिइन्। सोही दिन आर्यभञ्ज्याङ प्रहरी चौकीले बसमा गइरहेको अवस्थामा आरोपितलाई गिरफ्तार गरी पीडितको उद्दार गऱ्यो। छानबिन र अनुसन्धान जिल्ला अदालत पाल्पाको पुस ३० गतेको आदेशमा आरोपितलाई पुर्पक्षका लागि थुनामा राख्ने आदेश दिएकोमा उनी पाल्पा कारागारमा थुनामा छन्। यस वर्षको अन्त्यसम्म मुद्दाको फैसला भएको छैन।

स्याङ्जा जिल्ला कुवाकोट गाविस-१ की १६ वर्षीया बालिकालाई ०६८ चैत २१ गते विवाह गर्ने प्रलोभन देखाइ पाल्पा रिङ्नेरह गाविस-५ की मन्जु नेपालीको घरमा बन्दी बनाएर लुकाइ राखेको

घटनाको प्रकार	गैरराज्यपक्षबाट		
	महिला	पुरुष	जम्मा
घाइते	१		१
बालअधिकार	८		८
अमानवीय व्यवहार		१	१
महिलाअधिकार	१७		१७
कुटपिट		३	३
हत्या	३	१	३
जम्मा	३८	४	३३

अवस्थामा प्रहरीले उद्दार गऱ्यो। बालिकालाई बेचविखनको उद्देश्यले घरमा बन्दी बनाउन संलग्न रहेको आरोपमा रिग्नेरह गाविस-५ का विष्णु नेपाली, पुरन नेपाली र मञ्जू नेपालीलाई प्रहरीले सोही दिन गिरफ्तार गऱ्यो। आरापित पुरन जिल्ला अदालतको ०६९ वैशाख १४ गतेको आदेशबाट ४५ हजार रुपियाँ धरौटी राखी रिहा भए भने मन्जु नेपाली बिना धरौटी रिहा भइन्। अर्का आरोपित विष्णु नेपाली पुर्पक्षका लागि जिल्ला कारागारमा थुनामा रहेका छन्। यो वर्षको अन्त्यसम्म मुद्दा फैसला भएको छैन।

बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

एक १४ वर्षीया बालिकालाई ०६९ साउन ३ गते चिर्तुङधारा गाविस-७ का २४ वर्षीय सुमनबहादुर कुमालले बलात्कार गरेको आरोपमा पीडितका आफन्तले ०६९ भदौ ५ गते जिल्ला प्रहरी कार्यालय पाल्पामा उजुरी दिए। प्रहरीले आरोपितलाई सोही दिन गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण सोही दिन जिल्ला अस्पताल पाल्पामा भयो। आरोपित कुमाल जिल्ला अदालत पाल्पाको ०६९ भदौ ११ को आदेशमा पुर्पक्षका लागि थुनामा रहेका छन्। यस वर्षको अन्त्यसम्म मुद्दाको फैसला भएको छैन।

एक १४ वर्षीया बालिकालाई ०६९ जेठ १ गते पपोखराथोक गाविस-५ निवासी नेपाली सेनामा कार्यरत २६ वर्षीय अर्जुन दमाईले बलात्कार गरेको आरोपमा पीडितले जेठ ३ गते जिल्ला प्रहरी कार्यालयमा जाहेरी दिइन्। प्रहरीले आरोपितलाई सोही दिन गिरफ्तार गऱ्यो। पीडितको पाल्पा जिल्ला अस्पतालमा स्वास्थ्य परीक्षण भएको थियो। आरोपित जिल्ला अदालतको ०६९ मङ्सिर २० गतेको आदेशले आठ वर्षको कैद सजाय फैसला भई थुनामा छन् ।

एक १४ वर्षीया बालिकालाई ०६८ चैत ८ गते राती बन्दीपोखरा गाविस-३ का २८ वर्षीय दीपक ठडराइले घरमा सुतेको अवस्थामा बलात्कार गरेको आरोपमा पीडितका आफन्तले ०६८ चैत ९ गते जिल्ला प्रहरी कार्यालय पाल्पामा उजुरी दिए। आरोपितलाई सोही दिन प्रहरीले गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण सोही दिन जिल्ला अस्पताल पाल्पामा भयो। जिल्ला अदालतले ०६९ असार १० थापालाई ८ वर्ष कैद र ५० हजार रुपियाँ जरिवानाको फैसला गऱ्यो। आरोपित हाल जिल्ला कारागार पाल्पामा थुनामा छन्।

एक १४ वर्षीया बालिकालाई ०६८ फागुन १४ गते राति तानसेन नपा-१४ की २५ वर्षीय देवीप्रसाद भट्टराईले बलात्कार गरेको आरोपमा पीडितकी आमाले फागुन १५ गते जिल्ला प्रहरी कार्यालय पाल्पामा जाहेरी दरखास्त दिइन्। पीडित बालिकाको स्वास्थ्य परीक्षण पाल्पा जिल्ला अस्पतालमा भयो। जिल्ला अदालत पाल्पाले ०६९ असोज १० गते पीडितलाई पीडकबाट ५० हजार क्षतिपूर्ति भराउने र छ वर्ष कैद हुने फैसला गऱ्यो। पीडक पाल्पा कारागारमा थुनामा रहेका छन्।

एक १५ वर्षीया बालिकालाई ०६८ माघ १३ गते स्याङ्जा जिल्ला कुवाकोट गाविस-३ घर भइ हाल पाल्पा रामपुर बेजाड बजारमा डेरा गरी बस्ने २४ वर्षीय दीपक थापाले घरमा कोही नभएको बेला पारी पीडितकै घरमा बलात्कार गरेको आरोपमा पीडितकी आमाले इलाका प्रहरी कार्यालय रामपुरमा जाहेरी दिइन्। आरोपित थापालाई प्रहरीले सोही दिन गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण सोही दिन जिल्ला अस्पताल पाल्पामा भएको थियो। इलाका प्रहरी कार्यालयले थापालाई माघ १५ गते जिल्ला प्रहरी कार्यालय पाल्पामा पठायो। जिल्ला अदालत पाल्पाले ०६८ चैत्र २१ गते अदालती बन्दोबस्त १९० बमोजिम मुद्दा मुलतवी रहने र अंश रोक्काको फैसला गऱ्यो।

महिलाविरुद्ध हुने सबै प्रकारको भेदभाव, दुर्व्यवहार

घरेलु हिंसा

पारिवारिक हिंसा

रामपुर गाविस-५ की २७ वर्षीया सोनु खनाल श्रेष्ठ ०६९ पुस ४ गतेदेखि बेपत्ता भएको भनी पीडितकी दिदी विष्णुमाया खनालले पुस ११ गते बहिनीको खोजतलास गरी उनका पति ३१ वर्षीय ओम श्रेष्ठलाई कारबाही गरी पाउँ भनी इलाका प्रहरी कार्यालय रामपुरमा जाहेरी दिइन्। जाहेरीमा सोनुका पतिले यस अघि पनि बहिनीलाई कुटपिट गरी मानसिक तथा शारीरिक यातना दिने गरेकोले बहिनीलाई ओम

श्रेष्ठले नै बेपत्ता बनाएको शङ्का भएकोले उनलाई गिरफ्तार गरी अनुसन्धान गर्न आग्रह गरिएको थियो। प्रहरीले पीडितका पति ओम श्रेष्ठलाई सोही दिन इलाका प्रहरी कार्यालय राममुरमा हाजिर गराई पत्नीको खोजी गरी प्रत्येक हप्ता विवरण बुझाउने गरी जमानतमा रिहा गऱ्यो। पति ओमले पत्नी यस अघि पनि घर छोडेर हिँड्ने गरेको र कतै गएको हुनुपर्छ भन्दै खोजी गर्न समय दिन आग्रह गरेपछि जमानतमा रिहा गरेको इलाका प्रहरी कार्यायका इन्सपेक्टर चुराबहादुर कार्कीले बताए।

स्वास्थ्य सेवाको अवस्था

यसका अतिरिक्त पाल्पा जिल्लामा युनाइटेड मिसन अस्पत्ताल, पाल्पा लायन्स आँखा अस्पताल र लुम्बिनी मेडिकल कलेज गरी जम्मा पाँच ओटा रहेका छन।

अस्पताल	२		
स्वास्थ्यचौकी	२२		
उपस्वास्थ्यचौकी	४०		
पद	**दरबन्दी**	**कार्यरत**	**रिक्त**
डाक्टर	८	४	४
स्टाफ नर्स	१०	६	४
ल्याब असिस्टेन्ट	८	६	२
अहेब	१३२	१०६	२६
अनमी	८९	६९	२०
खोप सुपरभाइजर	२	२	
क्षयरोग/कुष्ठरोग सुपरभाइजर	१	१	
हेल्थ असिस्टेन्ट	२८	१२	१६

जिल्ला प्रहरी कार्यालय

जिल्ला प्रहरी कार्यालयमा ०६८ पुस १७ गतेदेखि ०६९ पुस १६ गतेसम्म बलात्कार सात, घरेलुहिंसा ४७, महिला ओसारपसार जिउमास्नेबेच्ने एक, कर्तव्यज्यान दुई, आत्महत्या ३०, बहुविवाह तीन, विस्फोटक पदार्थ एक ओटा मुद्दा दर्ता भए।

३.१० कपिलवस्तु



जिल्ला सदरमुकाम: तौलिहवा
क्षेत्रफल (वर्ग कि. मि.): १,७३८
घरधुरी सङ्ख्या: ५१,३२१
जम्मा जनसङ्ख्या: ५,७१,५३६
पुरुष: २,८५,५५५
महिला: २,८६,३३७
अपाङ्ग सङ्ख्या: ७,३३३
गाविस/नपा सङ्ख्या: ७७/१
पुरुष साक्षरता सङ्ख्या: १,७३,५५१
महिला साक्षरता सङ्ख्या: १,२४,११३
हिन्दू धर्मावलम्बी प्रतिशत: ८०.६२
बौद्ध धर्मावलम्बी प्रतिशत: ०.८७
इस्लाम धर्मावलम्बी प्रतिशत: १८.१६
क्रिश्चियन धर्मावलम्बी प्रतिशत: ०.१५
प्रकृति धर्मावलम्बी प्रतिशत: ०.०२
शिख धर्मावलम्बी प्रतिशत: ०.००४
अन्य धर्मावलम्बी प्रतिशत: ०.१३
प्रतिपरिवार सरदर सङ्ख्या: ६.२६

नागरिक तथा राजनीतिक अधिकार सम्मानित रूपले बाँच्ने अधिकार

हत्या

राज्य पक्षबाट

शिवानगर गाविस-७ छिटौनी घर भई रिक्सा चलाएर जीविकोपार्जन गर्ने २५ वर्षीय मगरे मुराउको ०६८ चैत २७ गते शिक्षण अस्पताल काठमाडौँमा उपचारको क्रममा मृत्यु भयो। पीडितलाई ०६८ चैत २४ गते दिउँसो सशस्त्र प्रहरी सीमा सुरक्षा कार्यालय

कृष्णनगरका प्रहरी हवल्दार राजकुमार गुप्ता र जवान प्रदीप अधिकारीले अन्य व्यक्तिको मदिरा रिक्सामा राखेर लगेको आरोपमा छाती र टाउकोमा बुटले हानी घाइते बनाई छाडेकोमा भोलिपल्ट चैत २५ गते उनी बेहोस भएपछि इलाका प्रहरी कार्यालय कृष्णनगरले स्थानीय मेडिकलमा सामान्य उपचारका लागि भर्ना गऱ्यो। सो अस्पतालमा उपचार हुन नसकी थप उपचारका लागि काठमाडौँ शिक्षण अस्पताल रिफर गरेको थियो। मुराउको मृत्यु भएपछि पीडित परिवार, आफन्त र शिवानगर गाविसका स्थानीयले चैत २७ गते विहान ११ बजेदेखि कृष्णनगर चन्द्रौटा सडक अवरुद्ध गरी पीडकलाई कारवाही र मृतकका परिवारलाई १० लाख रुपियाँ राहतको माग गरेका थिए। सशस्त्र प्रहरी सीमा सुरक्षा कार्यालयका प्रहरी उपरीक्षकले गल्ती स्वीकारेपछि चार बुँदे सहमति भई आन्दोलन फिर्ता भएको थियो। मृतकका परिवारलाई १० लाख राहत दिने, तत्काल किरिया खर्चबापत १ लाख ५० हजार रुपियाँ रकम उपलब्ध गराउने, दोषी प्रहरीलाई कानुन बमोजिम कारवाही गर्ने र सहमति भयो। तर, पीडितका परिवारले ४ लाख ५० हजार नगद मात्र पाए भने पीडकलाई कारवाही भएन।

गोली/विस्फोटक पदार्थद्वारा घाइते

बेवारिसे विस्फोट पदार्थबाट

भलवार्ड गाविस-७ पडेरीया निवासी ७५ वर्षीया उर्मिला ओली ०६९ वैशाख १७ गते साँझ बेवारिसे अवस्थामा फेला परेको बम समात्दा विस्फोटन भई गम्भीर घाइते भइन्। शौचालयमा लाईटजस्तो वस्तु देखेर समात्दा उक्त वस्तु विस्फोट हुँदा उनको बायाँ हात भाँचियो भने शरीरका विभिन्न भागमा छर्रा लाग्यो। उपचारका लागि अञ्चल अस्पताल बुटवल लगिएकोमा त्यहाँ उपचार हुन नसकेपछि शिक्षण अस्पताल महाराजगञ्ज काठमाडौँमा उनको थप उपचार गरिएको इलाका प्रहरी कार्यालय पिपराका प्रहरी इस्पेक्टर बामदेव गौतमले बताए। पीडितको शौचालयमा कसले र किन सो बम राखेको थियो भन्नेबारे कुनै जानकारी प्राप्त नभएको प्रहरीले जनायो।

जेल र बन्दीहरू

'घ' श्रेणीको जिल्ला कारागारको बन्दी क्षमता ८५ जनाको रहेको छ। यो वर्षको अन्त्यसम्म कैद तोकिएका १ सय ५ र कैद नतोकिएका ८६ जना कैदी र थुनुवा गरी जम्मा १ सय ९१ जना बन्दीहरू रहेका छन्। जसमा आश्रित बालक एक जना गरी जम्मा १ सय ९१ जना रहेका छन्। यो जिल्ला कारागारको १९९५ सालमा निर्माण भएको हो। कारागारको भौतिक अवस्था जीर्ण रहेको र क्षमताभन्दा बढी बन्दी हुनाले बस्न, सुत्न, खानेपानी, शौचालय आदिको समस्या हुने गरेको बन्दीहरूले गुनासो गरे। जेलमा टिभी रेडियो र खेलकुदका सामान, लाईब्रेरी रहेका छन्। महिला र राजनीतिक बन्दीका लागि करिब ५ करोड रुपियाँको लागतमा नयाँ जेल भवनको निर्माण गरिएको भए पनि प्राविधिक रूपमा त्रुटि भएकोले ठेकेदारले भवन हस्तान्तरण गरेको छैन।

कपिलवस्तु नपा-३ शिवमन्दिर घर भई कपिलवस्तु कारागारमा रहेका ४५ वर्षीय अजय कहारको ०६८ चैत १४ गते राती उपचारको क्रममा भैरहवा मेडिकल कलेजमा मृत्यु भयो। लागूऔषध ओसार पसार तथा बेचविखन गरेको आरोपमा ०६८ फागुन २९ गते प्रहरीले गिरफ्तार गऱ्यो। जिल्ला अदालत कपिलवस्तुले ०६८ चैत १३ गते पुर्पक्षका लागि थुनामा राखेर अनुसन्धान गर्न आदेश दिएको थियो। कहार जण्डिस रोगबाट पीडित रहेकोमा उपचारको क्रममा मृत्यु भएको कारागार प्रशासनले जनायो। पहिलेदेखि रोगी रहेको भए पनि पर्याप्त उपचार नभएकोले मृत्यु भएको आफन्तले बताए।

धम्की/कुटपिट

राज्यबाट

जहदी गाविस-२ का २८ वर्षीय अल्ताप हुसेन मुसलमानलाई ०६९ भदौ ४ गते प्रहरीले नियन्त्रण लिई कुटपिट गर्दा घाइते भए। जहदी गाविसमा भदौ ३ गते सवारी दुर्घटना भएको र मिलाउन गएका प्रहरी हवल्दार रामनारायण यादवलाई विवाद मिलाएर फर्कने क्रममा जहदी गाविसका चार/पाँच जना युवाहरूले आक्रमण गरी हवल्दार यादवलाई घाइते बनाएका थिए। प्रहरीमाथि आक्रमण गरेको आरोपमा अल्ताप हुसेन मुसलमान र सुनिल मुसलमानलाई गिरफ्तार गरी प्रहरी भ्यानमा राखी प्रहरी कार्यालयमा ल्याउने क्रममा बाटो कुटपिट गरेको पीडितले बताए। प्रहरीले भदौ ४ गते साँझ जिल्ला अस्पतालमा उपचारको लागि पुऱ्याएको थियो। पीडितले आफू घटनामा संलग्न नभएको बताए पनि प्रहरीले घटनामा संलग्न रहेको आरोप लगाएको थियो। अल्ताप हुसेन ०६९ भदौ ६ गते रिहा भए भने सुनिल मुसलमानलाई सार्वजनिक अपाधको मुद्दा चलाइकोमा जिल्ला प्रशासन कार्यालयले १ हजार रुपियाँ

धरौटीमा असोज १४ गते रिहा गऱ्यो।

पथ्थरदेहीया गाविस-९ का ४५ वर्षीय रामकुमार तिवारी र सोही ठाउँका ५० वर्षीय पृथ्वीपाल लोनियालाई ०६८ चैत १८ गते राति ११ बजे जगदीशपुर प्रहरी चौकीका असई योगविलास पौडेलले मादक पदार्थ सेवन गरी कुटपिट र अमानवीय व्यवहार गरे। सोही ठाउँकी एक महिलालाई देवी उत्रिएको भन्दै गाउँलेहरू नजिकैको बगैँचामा मन्दिर निर्माण गरी पूजापाठ गर्दै आएका थिए। सोही राती नजिकै रहेको जगदीशपुर प्रहरी चौकीमा रात्रीभोजको आयोजना गरिएको र असई पौडेलले मादकपदार्थ सेवन गरी सो स्थानका स्थानीयवासीलाई कुटपिट गर्नुको साथै मन्दिरमा तोडफोडसमेत गरेका थिए। मादकपदार्थ सेवन गरेकोले आफूले मन्दिरमा तोडफोड गरेको स्वीकार गरी घटनाको भोलिपल्ट असई पौडेलले सोही गाउँमा गई आफूबाट गल्ती भएको भन्दै माफी मागी १ हजार ५ सय रुपियाँ क्षतिपुर्ति दिएका थिए।

अभिव्यक्ति, भेला हुने र संगठित हुने अधिकार

(राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

बाणगङ्गा गाविस -१ निवासी एमाले कार्यकर्ता ४० वर्षीय शङ्कर पाण्डे, नेपाली काङ्ग्रेसका कार्यकर्ता ४२ वर्षीय दोलक घिमिरे र मानवअधिकारकर्मी ४० वर्षीय उमनाथ पौडेल प्रधानमन्त्री बाबुराम भट्टराईलाई कालोझण्डा देखाउने क्रममा ०६९ कात्तिक २६ गते प्रहरी र प्रदर्शनकारीबीच भएको दोहारो झडपमा घाइते भए। प्रधानमन्त्री भट्टराई महिनाको एक दिन जनताको घरमा बस्ने कार्यक्रम अन्तर्गत कपिलवस्तुका मुस्थाफा दर्जीको घरमा बास बस्न जाने कार्यक्रमअनुसार द्वन्द्व पीडितहरूलाई भेट्ने क्रममा गजेहडा गाविसको जितपुर गएका बेला नेकपा एमाले, नेपाली काङ्ग्रेस र नेकपा-माओवादीका कार्यकर्ताले कालो झण्डा देखाएका थिए।

सुगम र निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालत

०६८ साउनदेखि ०६९ असार मसान्तसम्म

तीन जना न्यायाधीश रहेको यस जिल्ला अदालतको फौजदारी मुद्दातर्फ ५ सय ८६ मध्ये ३ सय ३४ थान मुद्दा फैसला भए भने २ सय ५२ थान मुद्दा फैसला हुन बाँकी रहे देवानी मुद्दातर्फ १ हजार ३ सय २५ मध्ये ६ सय ८८ फैसला भए भने ६सय ३७ फैसला हुन बाँकी रहे।

०६९ साउनदेखि ०६९ मङ्सिर ११ सम्म

तीन जना न्यायाधीश रहेको यस जिल्ला अदालतको फौजदारी मुद्दातर्फ १ सय ५४ थान मध्ये २३ फैसला भए भने १ सय ३१ थान फैसला हुन बाँकी रहे। देवानी मुद्दातर्फ ३ सय २८ थान मध्ये ३० फैसला भए भने २ सय ९८ फैसला हुन बाँकी रहे। दुई वर्ष नाघेका फौजदारी मुद्दा चार थान र देवानी मुद्दा एक थान बाँकी रहे। यसैगरी यस अवधिमा बन्दीप्रत्यक्षीकरणका ३६ रिट परेकोमा २५ थान फैसला र आठ थान बाँकी रहेका छन्।

घटनाको प्रकार	राज्यपक्षबाट		गैरराज्यपक्षबाट		
	पुरुष	जम्मा	महिला	पुरुष	जम्मा
घाइते			१		१
बालअधिकार			५		५
आर्थिक/सामाजिक/साँस्कृतिक अधिकार	२	२		१	१
महिलाअधिकार			६		६
भेला/गठित हुने अधिकार	३	३			
जेलमा मृत्यु	१	१			
जातीय विभेद			१	१	२
गिरफ्तारी/यातना	२	२			
कुटपिट	३	३	१	६	७
धम्की				२	२
हत्या	१	१	२	१	३
जम्मा	१२	१२	१६	११	२७

जिल्ला सरकारी वकिलको कार्यालय

जिल्ला सरकारी वकिलको कार्यालयबाट ०६८ साउनदेखि ०६९ असार मसान्तसम्म दायर मुद्दाको सङ्ख्या ४ सय ७१ थान रहेकोमा जसमध्ये २ सय ७९ थान सफल भए भने २४ थान असफल भएको छ। मुलतवी, तमेली पेण्डीमा मुद्दा १ सय ६६ थान बाँकी रहेको छ। सरकारी वकिल सङ्ख्या दुई रहेको यस जिल्ला वकिलको कार्यालयले जनायो।

जिल्ला सरकारी वकिलको कार्यालयमा दायर मुद्दामध्ये कर्तव्य ज्यानसम्बन्धी मुद्दा २९ थान मध्ये १३ थान सफल भए। पाँच थान असफल र ११ थान बाँकी रहे। बलात्कारसम्बन्धी मुद्दा १५ थान मध्ये दुई थान सफल र १३ थान बाँकी रहे। महिला बेचविखनसम्बन्धी मुद्दा छ थान मध्ये चार थान सफल र दुई थान बाँकी रहे। अपहरणसम्बन्धी तीन थान मुद्दामध्ये दुई थान सफल र एक थान बाँकी रह्यो। बहुविवाहसम्बन्धी मुद्दा पाँच थान मध्ये एक थान सफल र पाँच थान बाँकी रहे।

जिल्ला सरकारी वकिलको कार्यालयबाट ०६९ साउनदेखि ०६९ पुससम्म दायर मुद्दाको सङ्ख्या २ सय ६३ थानमा जसमध्ये २८ सफल भए भने एक थान असफल भयो। सरकारी वकिल सङ्ख्या दुई जना रहेको यस जिल्ला कार्यालयबाट दायर मुद्दामध्ये ०६९ मङ्सिर मसान्तसम्म २ सय ३४ थान मुद्दा बाँकी रहेको सरकारी वकिलको कार्यालयले जनायो।

सरकारी वकिलको कार्यालयमा ०६९ साउनदेखि मङ्सिरसम्म दायर भएका १ सय १० थान दर्ता भएकोमा नौ थान सफल एक थान असफल १ सय थान बाँकी रहे। त्यस्तै जिल्ला प्रशासनमा ८९ थान दर्ता भएकोमा १६ थान सफल ७३ थान बाँकी रहे।

०६८ साउनदेखि ०६९ असार मसान्तसम्म अदालततर्फ १ सय ९६ थानमा १ सय ८ थान सफल, २३ थान असफल, १ सय ३२ फर्स्यौट, दुई थान मुल्तवी, ६४ थान बाँकी रहे। प्रशासनतर्फ १ सय ५४ थान दर्ता भएकोमा ९२ थान सफल, दुई थान असफल, ९४ थान फैसला भए भने , ६० थान बाँकी रहे। ०६८ साउनदेखि ०६९ असार मसान्तसम्म सरकारी वकिलको कार्यालयबाट पुनरावेदन अदालतमा पेश भएका २ सय ७५ थान मध्ये ५० थान सफल, १५ थान असफल, १ सय १० थान बाँकी रहे। ०६९ साउनदेखि मङ्सिरसम्म ९४ थान मध्ये ३२ थान सफल, नौ थान असफल र ५३ थान बाँकी रहे।

यातना तथा अन्य क्रूर, अमानवीय र अपमानजनक व्यवहार वा दण्ड

पकडी गाविस -६ का ४० वर्षीय अब्दुलसलाम अन्सारीलाई ०६९ जेठ १९ गते जिल्ला प्रहरी कार्यालय भित्रै एक कोठामा लगी १०/१२ पटक प्रहरीको बुट र लाठीले हानी कुटपिट गरी यातना दिएको पीडितले बताए। उनलाई पाखुरा तिघ्रा र ढाडमा हान्दा नीलडाम समेत बसेको थियो। अब्दुल सलामकी पत्नी जैसन निशाले पतिकाविरुद्ध ०६९ जेठ १९ गते उजुरी गरेपछि छलफलका लागि प्रहरी कार्यालयले उनलाई हाजिर हुन बोलाएको थियो। महिला सेलमा छलफको क्रममा महिला सेल प्रमुखले पति पत्नीबीचको झगडालाई लिएर छलफल भइरहेको अवस्थामा प्रहरीलाई कुट्न पठाएकी थिइन्। प्रहरीले अपराध गरेको भए कानुन बमोजिम कारबाही हुनुपर्नेमा प्रहरीले घाइते हुने गरी कुटपिट गर्नुले मानवअधिकार हनन भएको पीडितले बताए। पीडितले इन्सेक तथा जवाफदेहीता निगरानी समितिलगायतका संस्थामा उजुरी गरेपछि अधिकारकर्मीको टोलीले प्रहरी प्रमुखसँग घटनाबारे जानकारी लिएको थियो। प्रहरी कार्यालय भित्र कुटपिट तथा यातना दिन आदेश दिने महिला सेल प्रमुखलाई विभागीय कारबाही गर्ने प्रहरी उपरीक्षक सुरेश बस्नेतले बताए। विभागीय कारबाही स्वरुप उनलाई सचेत गराइएको जिल्ला प्रहरी कार्यालयले जनायो।

निग्लीहवा गाविस-२ कुस्माका १८ वर्षीय पदम विकलाई प्रहरीले ०६९ जेठ ८ गते प्रहरी चौकी कोपवाको हिरासतमा कुटपिट गरी यातना दिए। विकलाई प्रहरी जवानले ४० डण्डा भन्दा बढी लाठीले हिर्काएर लछारपछार गरेको उनले बताए। कुटाइपछि बस्न नसक्ने र सुत्दा पनि गाह्रो हुने गरेको पीडितले बताए। कुटाईबाट विकको शरीरका विभिन्न भाग तथा घुँडा, हिप, हात र घाँटीमा गम्भीर चोट र शरीरका विभिन्न भागमा नीलडाम देखिएको थियो। प्रहरीले ०६९ जेठ ७ गते चोरी गरेको र यौनहिंसाको क्रियाकलाप गरेको आरोपमा गिरफ्तार गरेको थियो। कुटपिट गर्ने प्रहरीलाई मौखिक रूपमा सचेत गराइएको प्रहरीले बतायो।

बालअधिकार

शिक्षाको अवस्था

यस जिल्लाका विद्यालय जाने उमेरका १ लाख ४९ हजार ३ सय ८०मध्ये छात्र ७६ हजार ४सय १७ र छात्रा ७० हजार ४ सय १७ प्राथमिक तहदेखि माबि

तहसम्म भर्ना भए। यसमध्ये दलित छात्रा १३ हजार ९ सय ४३ र छात्र १२ हजार ७ सय ९४ रहेका छन्। सरकारी र सामुदायिक विद्यालय गरी प्रावि तहमा महिला ३ सय ७९ र पुरुष १ हजार ४४ गरी जम्मा १ हजार ४ सय २३ शिक्षक कार्यरत रहेका छन्। निमावि तहमा महिला १८ र पुरुष २ सय ४१ गरी जम्मा २ सय ५९ शिक्षक कार्यरत रहेका छन्। यसैगरी मावि तहमा महिला ८ र पुरुष २ सय २७ गरी जम्मा २ सय ३ शिक्षक रहेका छन्।

यस जिल्लामा विद्यालयको सङ्ख्या प्रावि ४ सय २२ निमावि १ सय ३५ मावि ६५, उच्चमावि ३४, बालविकास केन्द्र ५ सय २८ ओटा मर्दशा १ सय ५३ ओटा आश्रम २ ओटा र गुम्वा १ ओटा रहेका छन्।

बालविकास केन्द्र बालक ९ हजार ४ सय १२ र बालिका ८ हजार २ सय ३३ गरी जम्मा १७ हजार ६ सय ४५ रहेका छन् जसमध्ये दलित बालक १.हजार ७ सय ४५ र बालिका १ हजार ६ सय २२ छन्। यस जिल्ला शिक्षा कार्यालयले निजी तथा सामदायिक विद्यालयको शिक्षासम्बन्धी सबै तथ्याङ्क अद्यावधिक गरिएको पाइएन।

बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

एक ११ वर्षीया बालिकालाई ०६९ मङ्सिर १७ गते गुगौली गाविस-२ का ७० वर्षीय राजेश्वर मिश्राले बलात्कार गरेको आरोपमा पीडितका आफन्तले मङ्सिर १८ गते इलाका प्रहरी कार्यालय कृष्णनगरमा किटानी जाहेरी दिए। मिश्राले घरमा कोही नभएको अवस्थामा एक महिलालाई घरमा बोलाउन पठाई पैसा दिएर फकाएर घरनजिकैको खेतमा रहेको उखुबारीमा पुऱ्याई बलात्कार गरेको पीडित बालिकाले बताइन्। प्रहरीले बलात्कारको आरोपमा मिश्रालाई मङ्सिर १८ गते नै गिरफ्तार गरी अनुसन्धानका लागि जिल्ला अदालतबाट म्याद थप गरी जिल्ला प्रहरी कार्यालयको हिरासतमा राखेको छ।

१४ वर्षीया र १६ वर्षीया दुई बालिकालाई ०६९ मङ्सिर २ गते राति नौजना युवाहरूले सामूहिक बलात्कार गरेको आरोपमा पीडित बालिकाहरूले इलाका प्रहरी कार्यालय चन्द्रौटामा ०६९ मङ्सिर २ गते किटानी जाहेरी दिए। दिपावलीको अवसरमा भैलो हेर्न बोलाएर आएका दुई दिदी बहिनीलाई वीरपुर गाविस-९ चन्द्रौटामा नौ जना युवाहरूले सामूहिक बलात्कार गरेको आरोप पीडितद्वयले लगाए। पीडितको जाहेरीका आधारमा वीरपुर गाविस-९ का एक १६ वर्षीय बालक र १८ वर्षीय विक्रम गिरीलाई इलाका प्रहरी कार्यालय चन्द्रौटाले सोही दिन गिरफ्तार गऱ्यो भने अन्य आरोपित सात जना फरार रहेका छन्। गिरफ्तार गरिएका दुवैलाई ०६९ मङ्सिर ३ गते जिल्ला अदालतबाट अनुसन्धानको लागि म्याद थप गरिएको छ भने अन्य फरार युवालाई प्रहरीले खोजतलास गरिरहेको प्रहरी इस्पेक्टर रामप्रसाद घर्तीले जानकारी दिए।

एक १५ वर्षीया बालिकालाई ०६८ फागुन २० गते यौनदुर्व्यवहार गरेको आरोपमा सोही गाविस-२ का ४५ वर्षीय सिब्वढ मियाका विरुद्ध पीडितका आफन्तले ०६८ चैत १ गते प्रहरीमा जाहरी दर्ता गरे। आरोपित मियाले बालिकाको घरमा कोही नभएको अवस्थामा फकाई घर भित्र लगेर मुख थुनेर यौनदुर्व्यवहार गरेका थिए। घटनामा बालिका चिच्याएपछि गाउँलेहरूले थाहा पाई मियालाई घटनास्थलबाट नियन्त्रणमा लिएर इलाका प्रहरी कार्यालय महाराजगञ्जमा बुझाएका थिए। प्रहरीले सोही दिन दुवै पक्षलाई बोलाई ५ हजार रुपियाँ उपचार खर्च दिने गरी पीडित पक्षलाई जबरजस्ती सहमति गराई मिलापत्र गराएको थियो। कानुन विपरीत मिलापत्र गरेको खबर पाएपछि महिला अधिकारकर्मी तथा दलित सङ्घसंस्थाहरूको सहयोगमा ०६८ चैत १ गते आरोपित सिब्वढ मियाका विरुद्ध पीडितका बाबु कमलनाथ केसीले जाहेरी दिए। मियालाई ०६८ चैत १ गते गिरफ्तार गरिएकोमा ०६८ चैत २४ गते जिल्ला अदालतको आदेशमा पुर्पक्षका लागि थुनामा छन्।

अन्तरजातीय विवाह गरेको आरोपमा परिवारजनबाट हत्या गरिएका रामसेवक बढई र सङ्गीता यादव

महिलाविरुद्ध हुने सबै प्रकारको भेदभाव, दुर्व्यवहार

बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

एक २५ वर्षीय महिलालाई बलात्कार गरेको आरोपमा जिल्ला अदालतबाट वारेन्ट जारी गरिएका रुपन्देही जिल्ला बोगटी गाविस-८ का जल्लु भन्ने मुवारक अलि मुसलमानलाई इलाका प्रहरी कार्यालय मजगवा रुपन्देहीले ०६९ साउन ५ गते गिरफ्तार गरी जिल्ला प्रहरी कार्यालय कपिलवस्तुलाई बुझायो। चार महिना पहिले बलात्कार गरी फरार रहेका आरोपित मुसलमानलाई जिल्ला अदालत कपिलवस्तुका जिल्ला न्यायधीश रामकृष्ण खनालको एकल इजलासले थुनामा राखी अनुसन्धान गर्न आदेश दिएपछि मुसलमान ०६९ साउन ७ गतेदेखि पुर्पक्षका लागि थुनामा छन्।

घरेलु हिंसा

परिवारजनबाट हत्या

चनई गाविस -३ गुलरीकी ३० वर्षीया जुनमाया बढईको शरीरमा मट्टितेल खन्याएर हत्या गरेको आरोपमा ०६८ चैत १४ गते पति भगेडी भन्ने ३८ वर्षीय राम देव बढई र सासू ५६ वर्षीया चन्द्रवती बढईलाई प्रहरीले गिरफ्तार गरी अदालतको आदेशमा पुर्पक्षका लागि थुनामा छन्। पीडित जुनमायांको लास ०६८ फागुन १४ गते गाउँदेखि डेढ किमी पश्चिमको आँपको बगैँचामा शरीर जलेको अवस्थामा फेला परेको थियो। आफ्ना पतिसँगको घरमा सामान्य विवाद भएको र घरबाट निस्केकी भनिएकी जुनमाया दिनभर चारैतिर खोजी गर्दा नभेटिएको र साँझ ७ बजे गाउँलेहरूले आँपको बगैचामा मृत अवस्थामा फेला पारेका थिए। मृतकको लास फागुन १४ गते शिवराज अस्पताल बहादुरगञ्जमा पोस्टमार्टम गरी सोही दिन दाहसंस्कार भएको थियो। हत्याको आरोपमा पति र सासूलाई प्रहरीले गिरफ्तार गरेको इलाका प्रहरी कार्यालय कृष्णनगरका प्रहरी सहायक निरीक्षक रुद्रबहादुर क्षेत्रीले बताए। पति रामदेव बढइ र सासू चन्द्रवती बढईलाई ०६८ चैत १२ गते जिल्ला अदालतले.पुर्पक्षका लागि थुनामा राख्ने आदेश दिएको छ। यो वर्षको अन्त्यसम्म मुद्दाको फैसला भएको छैन।

कुटपिट

अजिगरा गाविस-४ विसमपुरकी २८ वर्षीया सरजहाँ मुसलमानलाई उनका पति ३० वर्षीय इस्लाम मुसलमानसहित परिवारका सदस्य मिलेर कुटपिट गरी घरनिकाला गरेको भन्दै ०६९ पुस ११ गते जिल्ला प्रशासन कार्यालयमा उजुरी दर्ता गरिन्। पतिसहित घरपरिवारले पटक/पटक कुटपिट गर्ने र खान, बस्न नदिइ आफूलाई घर निकाला गरेको भनी जिल्ला प्रशासन कार्यालयमा लिखित उजुरी दिइन्। घरमा पति, सासू, ससुरा, जेठाजु लगायतले बस्न नदिएकोले छिमेकीको घरमा बस्न बाध्य रहेको पीडितले बताइन्। प्रहरीले यो वर्षको अन्त्यसम्म कुनै कानुनी कारवाही अगाडि बढाएन।

सबै प्रकारका जातीय विभेद

हथिहवा गाविस -१ का २९ वर्षीय रामसेवक बढई र २० वर्षीय सङ्गीता यादवको अपहरणपछि हत्या गरेको आरोपमा सङ्गीताका बुबा ५० वर्षीय हरिराम यादव, दाजुहरू ३७ वर्षीय खदेरु यादव र ३४ वर्षीय भागीरथी यादव, भिनाजु बल्दु भन्ने ३५ वर्षीय तौलेश्वर यादवलाई जिल्ला अदालत कपिलवस्तुका न्यायाधीश रामकृष्ण खनालको एकल इजलासले ०६९ असोज १० गते पुर्पक्षका लागि थुनामा राख्ने आदेश दियो। रामसेवक र सङ्गीता यादव ०६८ चैत १६ गते प्रेमविवाह गरी घरबाट भागेका थिए। उनीहरूले जिल्ला अदालत नवलपरासीबाट ०६८ चैत २९ गते पति पत्नीको नाता कायम गरेका थिए। केटीपक्षका परिवारले दुवैको खोजतलास गर्न प्रहरीलाई उजुरी गरेपछि प्रहरीले केटाकेटी दुवै जनालाई नवलपरासीवाट गिरफ्तार गरी उनीहरूको आआफ्ना अभिभावकहरूलाई जिम्मा लगाएको थियो। तर केटी सङ्गीताले पटक/पटक भागेर केटासँग जान खोजेपछि परिवारले उनलाई भारतको मिश्रौलनमा बहिनी ज्वाइँ शेषराम यादकको घरमा पठाएका थिए। पुन भाग्ने आशङ्काले आफ्नो खानदानको इज्जत बचाउन केटीका बाबुलगायत आफन्तहरूले हत्या गर्ने योजना बनाई रामसेवक बढईलाई ०६९ वैशाख २० गते हथिहवा गाविस-४ को छोटुडिहीबाट अपहरण गरी भारतको सिद्धार्थनगर जिल्लाको मिश्रौलिया गाउँनजिक गोली हानी हत्या गरिएको र हत्या गर्न केटीका बुबाले ४० हजार भारतीय रुपियाँ खर्च गरेको प्रहरीले जनायो। रामसेवकको हत्यापछि सो हत्या काण्डबारे सङ्गीताले थाहा पाएकोले रहस्य खुल्न सक्ने डरले पुन: आफ्नै छोरी सङ्गीतालाई पनि एक महिनापछि जेठ २० गते भारतको सिद्धार्थनगर जिल्ला नौगढ थाना अर्न्तगतको नगवा गाउँ किनारमा लगी हत्या गरिएको प्रहरीले जनायो।

पीडितहरूको हत्यामा सङ्गीताका बाबु,

दाजुहरू तथा भिनाजु संलग्न रहेको भन्दै उनीहरूविरुद्ध केटाका बाबु झबर बढईले ०६९ असार २० गते जिल्ला प्रहरीमा किटानी जाहेरी दिएपछि प्रहरीले केटीका बुबा, दाजु, भिनाजुलाई ०६९ असार २४ गते गिरफ्तार गरी अपहरण तथा शरीर बन्धकमा मुद्दा चलाएको थियो। प्रहरीले अनुसन्धानको क्रममा केटीका बाबु हरिराम यादव, दाजुहरू खदेरु यादव, भागीरथी यादव, भिनाजु बल्दु भन्ने तौलेश्वर यादवले प्रहरीमाथि अभद्र व्यवहार गरेपछि प्रहरीले हिरासतमा गम्भीर चोट लाग्ने गरी कुटपिट गरेको थियो। जिल्ला अदालतले ०६९ असोज १० गते पुर्पक्षका लागि थुनामा राख्ने आदेश दिएपछि हरिराम बढईसहितका चार जनाले आफूहरूलाई हिरासतमा यातना दिएको र गैरकानुनी तबरले थुनामा राखेको भन्दै पुनरावेदन अदालत बुटबलमा बन्दी प्रत्यक्षीकरणको रिट हालेकोमा पुनरावेदन अदालतले कात्तिक ७ गते थुनामुक्त गरी सादा तारेखमा रिहा गऱ्यो। सोही हत्याकाण्डमा संलग्न रहेको आरोप लागेका तीन जना भारतीय नागरिक र हथिहवा गाविसमा रहेको सत्यकुमारी शेरचन निमाविका प्रधानाअध्यापक राईटर कुमार यादव भने यो वर्षको अन्त्यसम्म फरार रहेको प्रहरीले जनायो।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार उचित वातवारणमा काम गर्न पाउने अधिकार

अर्घाखाँची जिल्ला ढिकुरा गाविस-२ घर भई हाल जिल्ला वन कार्यालय कपिलवस्तुका प्रमुख ५० वर्षीय कृष्णप्रसाद पोखरेललाई वन निरीक्षणको क्रममा ०६९ असोज २ गते साँझ पटना गाविसका हृदयनारायण चौधरी, हविदुल्ला तेली लगायत सयौँको सङ्ख्यामा जम्मा भएका स्थानीय बासिन्दाहरूले दुर्व्यवहार गरी सात घण्टा नियन्त्रणमा लिए। सशस्त्र प्रहरी कार्यालय पिपराबाट आएका सुरक्षाकर्मीले राती गाउँलेको नियन्त्रणबाट मुक्त गरे। घटनाका दोषीलाई कुनै कारबाही भएन।

स्वास्थ्य सेवाको अवस्था

अस्पताल	३		
स्वास्थ्यचौकी	२१		
उपस्वास्थ्यचौकी	५५		
पद	**दरबन्दी**	**कार्यरत**	**रिक्त**
डाक्टर	११	२	७
स्टाफ नर्स	१४	४	१०
ल्याब असिस्टेन्ट	७	६	१
अहेब	१०१	९९	२
अनमी	१८	१८	
खोप सुपरभाइजर	१	१	
क्षयरोग/कुष्ठरोग सुपरभाइजर	१	१	
हेल्थ असिस्टेन्ट	१५	१५	
स्वास्थ्य कार्यकर्ता	७६	६४	१२

जिल्ला प्रहरी कार्यालय

जिल्ला प्रहरी कार्यालयमा ०६८ पुस १७ गतेदेखि ०६९ पुस १६ गतेसम्म कर्तव्य ज्यानका ११, ज्यानमार्ने उद्योग सात, आत्महत्या ९२, बलात्कार ११, बलात्कार प्रयास आठ, मानव बेचबिखन चार, अपहरण तथा शरीर बन्धन एक, बहुविवाह चार, हतियार तथा खरखजाना १३, अपहरण उद्योग एक ओटा मुद्दा दर्ता भए ।

३.११ अर्घाखाँची



जिल्ला सदरमुकाम: सन्धिखर्क
क्षेत्रफल (वर्ग कि. मि.): १,१५३
घरधुरी सङ्ख्या: ४६,८३५
जम्मा जनसङ्ख्या: १,५७,६३२
पुरुष: ८६,२६६
महिला: १,११,३६६
अपाङ्ग सङ्ख्या: ५,१६५
गाविस/नपा सङ्ख्या: ४२/०
पुरुष साक्षरता सङ्ख्या: ६३,१६७
महिला साक्षरता सङ्ख्या: ६५,०४०
हिन्दू धर्मावलम्बी प्रतिशत: ५७.०३
बौद्ध धर्मावलम्बी प्रतिशत: ४.३५
इस्लाम धर्मावलम्बी प्रतिशत: २.०६
किराँत धर्मावलम्बी प्रतिशत: ०.०१
क्रिश्चियन धर्मावलम्बी प्रतिशत: ०.२६
अन्य धर्मावलम्बी प्रतिशत: ०.१
प्रतिपरिवार सरदर सङ्ख्या: ४.२२

सुगम र निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालत

०६८ साउनदेखि ०६९ असार मसान्तसम्म एक जना न्यायाधीश रहेको यस जिल्ला अदालतमा फौजदारी मुद्दातर्फ १ सय ५ मध्ये ७६ फैसला भए भने २९ फैसला हुन बाँकी रहे देवानी मुद्दातर्फ ८१ मध्ये ४७ फैसला भए भने ३४ फैसला हुन बाँकी रहे ०६९ साउनदेखि पुस १५ सम्म यस जिल्लाको फौजदारी मुद्दातर्फ ४५ मध्ये १९ फैसला भए २६ फैसला हुन बाँकी रहे दुइ वर्ष नाघेका देवानी र फौजदारी मुद्दा यस अदालतमा छैनन् ।

सरकारी वकिलको कार्यालय

जिल्ला सरकारी वकिलको कार्यलयमा ०६८ साउनदेखि ०६९ असार मसान्तसम्म दायर मुद्दाको सङ्ख्या नौ थान मध्ये एक थान सफल भयो एक असफल भयो। सरकारी वकिलको सख्या एक जना रहेका सरकारी वकिलको कार्यलयमा सात थान मुद्दा बाँकी रहे। दायर मुद्दामध्ये कर्तव्य ज्यान सम्बन्धी दुई थान मुद्दा मध्ये सफल असफल केही भएको छैन बलात्कार सम्बन्धी मुद्दा एक थान मध्ये सफल केही भएको छैन। बेचबिखन तथा ओसार सम्बन्धी एक थान मध्ये सफल असफल केही भएको छैन ।

जिल्ला सरकारी वकिल कार्यलय अर्घाखाँचीबाट ०६९ साउनदेखि ०६९ पुससम्म दायर मुद्दाको सङ्ख्या १७ थान रहेकोमा जसमध्ये एक थान सफल भएको छ भने १६ थान मुद्दा बिचाराधीन अवस्थामा रहेको छन्।

बालअधिकार

शिक्षाको अवस्था

यस जिल्लाका विद्यालय जाने उमेरका ६० हजार ७ सय ७१ जना मध्ये छात्र २९ हजार ६ सय ५२ जना र छात्रा ३१ हजार १ सय १९ जना प्राथमिक तहदेखि माबि तहसम्म भर्ना भए। यसमध्ये दलित छात्रा ७ हजार ८ सय १७ जना र छात्र ७ हजार १ सय ५८ जना रहेका छन्। सरकारी र सामुदायिक विद्यालय गरी प्राबि तहमा महिला ५ सय १३ जना र पुरुष ८ सय ७८ गरी जम्मा १ हजार ३ सय ९१ शिक्षक कार्यरत रहेका छन्। निमाबि तहमा तहमा महिला २५ जना र पुरुष ३ सय १ जना गरी जम्मा ३ सय २६ जना शिक्षक कार्यरत रहेका छन्। यसैगरी माबि तहमा महिला ११ जना र पुरुष २ सय ५७ गरी जम्मा २ सय ६८ जना शिक्षक रहेका छन्।

बालविकास केन्द्र ३ सय ८१ ओटामा बालक ५ हजार ३ सय ६४ र बालिका ५ हजार १ सय ५५ जना गरी जम्मा १० हजार ५ सय १९ जना रहेका छन् । जसमध्ये दलित बालक १ हजार १ सय ५२ जना र बालिका १ हजार १ सय २७ जना छन्।

जिल्लाको साक्षरता प्रतिशत ७५.४८ प्रतिशत र महिला साक्षरता प्रतिशन ५७.८९ रहेको छ ।

बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

एक सात वर्षीया बालिकालाई ०६९ मङ्सिर २० गते जुकेना गाविस-७ क १९ वर्षीय शालिकराम

घटनाको प्रकार	गैरराज्यपक्षबाट		
	महिला	पुरुष	जम्मा
बालअधिकार	६		६
महिलाअधिकार	१३		१३
कुटपिट		४	४
जम्मा	१९	४	२३

थापाले बलात्कार गरेको आरोपमा पीडित परिवारले ०६९ मङ्सिर २६ गते इलाका प्रहरी कार्यालय ठाडामा उजुरी दिए । आरोपित यो वर्षको अन्त्यसम्म गिरफ्तार भएका छैनन् । पीडितको ०६९ मङ्सिर २७ गते जिल्ला अस्पतालमा स्वास्थ्य परीक्षण भयो ।

एक १६ वर्षीया बालिकालाई ०६९ असोज १ गते बुबाले बलात्कार गरेको आरोपमा पीडितले ०६९ असोज ४ गते इलाका प्रहरी कार्यालय ठाडामा आरोपितविरुद्ध जाहेरी दिइन् । बालिकको उजुरीको आधारमा इलाका प्रहरी कार्यलय ठाडाले आरोपितलाई ०६९ असोज ४ गते गिरफ्तार गऱ्यो । पीडितको स्वास्थ्य परीक्षण ०६९ असोज ५ गते जिल्ला स्वास्थ्य कार्यालय सन्धिखर्कमा भयो। जिल्ला अदालतका जिल्ला न्यायाधीश ऋषिप्रसाद अधिकारीको इजालसले ०६९ असोज २८ गते आरोपितलाई पुर्पक्षका लागि थुनामा राख्ने आदेश दियो । यस वर्षको अन्त्यसम्म मुद्दा फैसला भएन ।

एक १३ वर्षीया बालिकालाई ०६९ साउन १८ गते चिदीका गाविस-२ का २५ वर्षीय प्रकाश पाण्डेले बलात्कार गरेको आरोपमा पीडितले ०६९ साउन २३ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिइन्। बालिकाका आफन्तले इलाका प्रहरी कार्यालय बल्कोटमा ०६९ साउन २१ गते निवेदन दिएका थिए । फरार रहेका आरोपितलाई ०६९ कात्तिक १० गते प्रहरी चौकी बल्कोटले मेला हेरिराखेका बेला गिरफ्तार गऱ्यो । आरोपित ०६९ कात्तिक १६ गते जिल्ला अदालतको आदेशबाट पुर्पक्षका लागि थुनामा छन् । पीडितको स्वास्थ्य परीक्षण ०६९ साउन १९ गते जिल्ला स्वास्थ्य कार्यलय अर्घाखाँचीमा भयो ।

एक १६ वर्षीया बालिकालाई ०६८ फागुन २० गते बिहान अडगरी गाविस-७ का ६७ वर्षीय चुरामनी श्रेष्ठले सोही गाविसको जङ्गलमा दाउरा खोज्न गएको समयमा बलात्कारको प्रयास गरेको आरोपमा पीडितका आफन्तले फागुन २१ गते जिल्ला प्रहरी कार्यलयमा जाहेरी दिए । आरोपित श्रेष्ठलाई फागुन २२ गते प्रहरी कार्यालयबाट खटिएको टोलीले गिरफ्तार गऱ्यो । बालिकाको फागुन २२ गते जिल्ला स्वास्थ्य कार्यालयमा स्वास्थ्यपरीक्षण भएको थियो । आरोपित जिल्ला अदालतको आदेशबमोजिम ०६८ चैत १० गतेदेखि पुर्पक्षका लागि थुनामा छन् । यस वर्षको अन्त्यसमम मुद्दाको फैसला भएको छैन ।

महिलाविरुद्ध हुने सबै प्रकारको भेदभाव, दुर्व्यवहार बेचबिखन तथा ओसारपसार

केरुङ्गा गाविस-८ की १९ वर्षीया महिलालाई दुवीचौर गाविसका २२ वर्षीय इन्द्रबहादुर सुनारले नक्कली विवाह दर्ता गरी बेचबिखनको लागि भारत लैजाँदै गरेको अवस्थामा ०६८ चैत ९ गते रुपन्देही जिल्लाको बर्मेलीटोलबाट साना हातहरू नामक संस्थाले पीडितको उद्दार गरी अर्घाखाँची जिल्ला प्रहरीलाई जिम्मा लगायो । प्रहरीले बेचबिखनको आरोपमा सोही दिन इन्द्रबहादुरलाई गिरफ्तार गऱ्यो । सुनारलाई बेचबिखन र गाविस सचिव श्यामलाल पाण्डेलाई नक्कली विवाह दर्ता गराउन सहयोग गरेको आरोपमा पीडितले ०६८ चैत १४ गते जिला प्रहरी कार्यालयमा उजुरी दिइन् । गाविस सचिव पाण्डेलाई प्रहरीले सोही दिन गिरफ्तार गऱ्यो । जिल्ला अदालतको ०६९ वैशाख ७ गतेको आदेशबाट सुनार पुर्पक्षका लागि थुनामा छन् भने गाविस सचिव तारेखमा रिहा भए । यस वर्षको अन्त्यसम्म मुद्दा फैसला भएन ।

घरेलु हिंसा

बहुविवाह

सन्धिखर्क गाविस-२ छापडाँडाककी २७ वर्षीया सुनीता राक्सेमगरले ०६८ माघ १८ गते पति ३० वर्षीय राजेन्द्र शम्शेमगर र नवलपरासी बर्दघाट गाविसकी २५ वर्षीया रेनुकुमारी राक्सेमगरले बहुविवाह गरेको आरोपमा जिल्ला प्रहरी कार्यालयमा उनीहरू विरुद्ध जाहेरी दिइन् । आरोपित राजेन्द्र र रेनुकुमारी दुवै जनालाई प्रहरीले माघ १८ गते गिरफ्तार गरी हिरासतमा राखेकोमा जिल्ला अदालतबाट तारेखमा रिहा भए । जिल्ला अदालतआदेशले ०६९ जेठ ११ गते गरेको फैसलामा आरोपितलाई एक वर्ष कैद र ५ हजार रुपियाँ जरिवाना हुने आदेश भयो ।

नुवाकोट गाविस-७ बरवास निवासी २६ वर्षीय रीता सुनारले आफ्ना पति २७ वर्षीय राजु सुनारले पाल्पा जिल्ला रामपुर गाविस-८ की १९ वर्षीय मुना

नेपालीसँग बहुविवाह गरेको आरोपमा ०६९ भदौ १५ उनीहरू विरुद्ध जिल्ला प्रहरी कार्यालयमा उजुरी दिइन् । पीडक सुनारले दोस्रो पत्नीसँग ०६९ भदौ ११ गते विवाह गरेर बुटवल गएको थाहा पाएपछि प्रहरी कार्यालय अर्घाखाँचीलाई खबर गरी प्रहरीले पीडक दुवै जनालाई ०६९ भदौ १४ गिरफ्तार गऱ्यो । जिल्ला अदालतले ०६९ असोज ४ गते दुवै जनालाई जनही ३५ हजार रुपियाँ धरौटी राखेर तारेखमा रिहा गर्ने आदेश गऱ्यो।

स्वास्थ्य सेवाको अवस्था

अस्पताल	१		
स्वास्थ्यचौकी	१९		
उपस्वास्थ्यचौकी	२२		
पद	**दरबन्दी**	**कार्यरत**	**रिक्त**
डाक्टर	५	३	२
स्टाफ नर्स	६	४	२
ल्याब असिस्टेन्ट	५	३	२
अहेब	८४	६७	१७
अनमी	५६	४५	९
खोप सुपरभाइजर	१	१	
क्षयरोग/कुष्ठरोग सुपरभाइजर	१	१	
स्वास्थ्य कार्यकर्ता	२२	१३	९

जिल्ला प्रहरी कार्यालय

जिल्ला प्रहरी कार्यालयमा ०६८ पुस १७ गतेदेखि ०६९ पुस १६ गतेसम्म बलात्कारका चार, बलात्कार प्रयास दुई, महिला ओसार पसार जिउ मास्नेबेच्ने एक, घरेलु हिंसा एक, कर्तव्यज्यान दुई, आत्महत्या ३८, बहुविवाह तीन ओटा मुद्दा दर्ता भए।

३.१२ गुल्मी



जिल्ला सदरमुकाम: तम्घास
क्षेत्रफल (वर्ग कि. मि.): १,१४५
घरधुरी सङ्ख्या: ६४,५२१
जम्मा जनसङ्ख्या: २,८०,१६०
पुरुष: १,२०,५५५
महिला: १,५५,१६५
अपाङ्ग सङ्ख्या: ७,६७१
गाविस/नपा सङ्ख्या: ७५/०
पुरुष साक्षरता सङ्ख्या: ८८,८८८
महिला साक्षरता सङ्ख्या: ५८,७४५
हिन्दू धर्मावलम्बी प्रतिशत: ९६.७८
बौद्ध धर्मावलम्बी प्रतिशत: २.७८
इस्लाम धर्मावलम्बी प्रतिशत: ०.१५
क्रिश्चियन धर्मावलम्बी प्रतिशत: ०.२
प्रकृति धर्मावलम्बी प्रतिशत: ०.०१
अन्य धर्मावलम्बी प्रतिशत: ०.०७२
प्रतिपरिवार सरदर सङ्ख्या: ४.३२

नागरिक तथा राजनीतिक अधिकार सम्मानित रूपले बाँच्ने अधिकार

अन्यबाट

मर्भुङ गाविस-१ निवासी सामुदायिक रेडियो स्काईका सम्वाददाता ३० वर्षीय चन्दन नेपाली ०६९ भदौ २६ गते मृत अवस्थामा फेला परे। घरबाट तरकारी किन्न बजार निस्केका बेला बेपत्ता भएका नेपाली दुई दिनसम्म घर नफर्केपछि आफन्त, स्थानीय बासिन्दा र प्रहरीले खोजी गर्दै जाँदा मर्भुङ-२ को गैरेभीरको तल भ्यागुते खोलामा घोप्टो परेको अवस्थामा उनको लास फेला परेको थियो। नेपालीको ०६९ भदौ २६ गते तम्घास अस्पतालमा पोस्टमार्टम पछि आफन्तलाई बुझाइयो। पोस्टमार्टम रिर्पोटले चोटपटका

कारणले मृत्यु भएको भन्ने देखाएकोले घटनाका बारेमा थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालयले जनाए पनि यो वर्षको अन्त्यसम्ममा घटनाको वास्तविकता सार्वजजिनक भएको छैन। उनी भदौ २४ गतेदेखि बेपत्ता भएका थिए।

जेल र बन्दीहरू

'ङ' श्रेणीको जिल्ला कारागारको बन्दी क्षमता २५ जनाको रहेको छ। यो वर्षको अन्त्यसम्म कैद तोकिएका ४९ र कैद नतोकिएका १३ जना गरी जम्मा ६२ जना बन्दीहरू रहेका छन्। जेलमा आश्रित बालबालिका छैनन्। २०२७ सालमा बनेको भवन जीर्ण बन्दै गएका कारण छाना चुहिने र वर्षा मौसममा मूल पलाउने समस्या छ भने क्षमता भन्दा बढी कैदी तथा थुनुवा राखिँदा समस्या उत्पन्न भएको छ। बन्दीहरूले ढाका बुनाई, मुडा बुनाई, आरन जस्ता उद्यमशीलताका अवसर पाएका छन्। रेडियो, पत्र पत्रिका र टेलिभिजनको व्यवस्था छ। कारागार प्रमुख गोपालप्रसाद पाण्डेले बजेट समयमा निकासा नभएका कारण बन्दीहरूले ०६८ जेठमा प्राप्त गर्नुपर्ने लुगावापतको रकम यस वर्षको अन्त्यसम्म पनि प्राप्त गर्न नसकेको बताए।

धम्की/कुटपिट

राज्यबाट

तम्घास गाविस-४ बसपार्कका २० वर्षीय ताराबहादुर बस्नेतलाई ०६९ भदौ ३ गत मोबाईल चोर्ने बालकलाई प्रहरीमा बुझाउँछु भन्दै सोही ठाउँको चौधरी होटलबाट भगाएको आरोपमा जिल्ला प्रहरी कार्यालयका इन्सपेक्टर हेमबहादुर केसीले पाईप र बुटले कुटपिट गरे। हिरासतमा राखिएका पीडितसँग आफन्तलाई समेत भेट्न नदिएर कुटपिट गरिएको थियो। होटलमा काम गर्ने १४ वर्षीय बालकले पाहुनाको मोबाईल चोरेको विषयमा स्थानीय बासिन्दाले बालकलाई कुटपिट गरेकाले छुटाएर प्रहरीमा बुझाउन लगेको तर, जिल्ला प्रहरी कार्यालयको गेटमा खटिएका प्रहरीले नाबालको मुद्दा नचल्ने भन्दै फर्काएपछि पुन: होटललाई बुझाई दिएको पीडितले बताए। कुटपिटबाट ढाड र तिघ्रामा चोट लागेका बस्नेतको जिल्ला अस्पतालमा उपचार भयो। घटनाको विरोधमा ०६९ भदौ ३ गते ३ घण्टा तम्घास बजार बन्द भयो भने सोही दिन पीडितले वन टेष्ट युवा क्लबको पहलमा इन्सपेक्टर विरुद्ध कारबाहीको माग गर्दै डिएसपी राजकुमार बैदवारसमक्ष निवेदन दिए। सोही निवेदनको आधारमा स्थानीय राजनीतिक दल, पत्रकार, मानवअधिकारकर्मी र युवा क्लवका प्रतिनिधिको रोहबरमा इन्सपेक्टर केसीलाई माफी मागाएर विभागीय कारवाही गर्ने सहमतिको साथै पीडितको ०६९ भदौ ३ गते तम्घास अस्पतालमा उपचार गर्दा लागेको खर्च इन्सपेक्टर केसीले व्यहोरेपछि विवाद समाधान भयो।

सुगम र निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालत

०६८ साउनदेखि ०६९ असार मसान्तसम्म

गुल्मी जिल्ला अदालतबाट फौजदारी मुद्दातर्फ १ सय ८६ थान मध्ये १ सय ५३ थान फैसला भए भने ३३ थान मुद्दा फैसला हुन बाँकी रहे। देवानी मुद्दातर्फ १ सय ९१ थान मुद्दा फैसला भए भने ५७ थान मुद्दा बाँकी रहे।

०६९ साउनदेखि ०६९ पुस १६ गतेसम्म

यस जिल्ला अदालतको फौजदारी मुद्दातर्फ ४६ मध्ये ५ फैसला भए भने ४१ फैसला हुन बाँकी रहे। देवानी मुद्दातर्फ ५९ मध्ये १९ फैसला भए भने ४० फैसला हुन बाँकी रहे। यस अदालतमा दुई वर्ष नाघेका मुद्दा रहेका छैनन्।

जिल्ला सरकारी वकिल कार्यालय

जिल्ला सरकारी वकिलको कार्यालयबाट २०६८ साउनदेखि २०६९ असारसम्म दायर मुद्दाको सङ्ख्या १ सय १ थान रहेको छ। जसमध्ये ६१ थान सफल भए भने नौ थान असफल भए। एक जना सरकारी वकिल रहेको यस कार्यालयबाट दायर मुद्दा मध्ये ०६९ असार मसान्तसम्म ३० थान मुद्दा बाँकी रहेका छन्। दायर मुद्दामध्ये कर्तव्य ज्यानसम्बन्धी मुद्दातर्फ छ थान सफल र तीन थान फैसला हुन बाँकी रहे। बलात्कारसम्बन्धी छ थान मुद्दामध्ये एक थान सफल भयो भने दुई थान असफल र तीन थान फैसला हुन बाँकी रहे।

जिल्ला सरकारी वकिलको कार्यालयबाट २०६९ साउनदेखि २०६९ पुस १६ सम्म दायर मुद्दाको सङ्ख्या ५२ थान रहेका छन्। जसमध्ये १५ सफल भए भने कुनै पनि मुद्दा असफल भएका छैनन्। एक जना सरकारी वकिल रहेको यस कार्यालयबाट दायर मुद्दा मध्ये ०६९ पुस १६ सम्म ३७ थान मुद्दा बाँकी रहेका छन्।

घटनाको प्रकार	राज्यपक्षबाट		गैरराज्यपक्षबाट		
	पुरुष	जम्मा	महिला	पुरुष	जम्मा
बालअधिकार			७		७
अमानवीय व्यवहार				१	१
महिलाअधिकार			१३		१३
जातीय विभेद			१	३	३
कुटपिट	१	१	३	३	५
हत्या			३	३	५
जम्मा	१	१	३६	७	३३

बालअधिकार

शिक्षाको अवस्था

यस जिल्लाका विद्यालय जाने उमेरका ८५ हजार १९ जना मध्ये छात्र ४० हजार ३ सय चार जना र छात्रा ४२ हजार ४ सय ४२ जना प्राथमिक तहदेखि माबि तहसम्म भर्ना भए। यसमध्ये दलित छात्रा १० हजार ४ सय ३२ जाना र छात्र ९ हजार ९ सय ४८ जाना रहेका छन्। सरकारी र सामुदायिक विद्यालय गरी प्राबि तहमा महिला ४ सय ४६ जना र पुरुष ९ सय ९७ जना गरी जम्मा १ हजार ४३ जना शिक्षक कार्यरत रहेका छन्। निमाबि तहमा तहमा महिला ११ जना र पुरुष २ सय ७१ जना गरी जम्मा २ सय ८२ जना शिक्षक कार्यरत रहेका छन्। यसैगरी माबि तहमा महिला ५ जना र पुरुष २ सय ५२ जना गरी जम्मा २ सय ५७ शिक्षक रहेका छन्।

४ सय ५७ वटा बालविकास केन्द्रमा बालक ६ हजार ६ सय ९३ र बालिका ६ हजार ३ सय ११ गरी जम्मा १३ हजार ४ जना रहेका छन् जसमध्ये दलित बालक ५ हजार ५७ जना र बालिका ५ सय ४९ जना छन्। यस जिल्लामा शिक्षा कार्यालयले शिक्षासम्बन्धी सबै तथ्याङ्क अद्यावधिक गरिएको पाइएन।

बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

एक १५ वर्षीया बालिकालाई घमीर गाविस-२ का २३ वर्षीया उमबहादुर नेपालीले ०६९ मङ्सिर २७ गते हस्तीचौर गाविस-१ को तोरीखर्कमा बलात्कार गरेको आरोपमा पीडितका आफन्तले मङ्सिर २८ गते इस्मा प्रहरी चौकीमा जाहेरी दिए। प्रहरीले आरोपितलाई सोही दिन गिरफ्तार गरी अनुसन्धनपछि जिल्ला अदालतमा पेश गरेकोमा ०६९ पुस ४ गते पुर्पक्षका लागि कारागार चलान भए। पीडितको ०६९ मङ्सिर २९ गते तम्घास अस्पतालमा स्वास्थ्य परीक्षण भयो।

बालविवाह

अर्खले गाविस-५ की १३ वर्षीया एक बालिकालाई जैसीथोक गाविस-७ का २८ वर्षीय फर्शुराम पोखरेलसँग ०६९ कात्तिक ११ गते अर्खले गाविस-५ का ४० वर्षीय रेशौ पन्थी, सोही ठाउँकी ३७ वर्षीया गङ्गा पन्थी र २० वर्षीया इन्दु पन्थीले विवाह गराए। बालिकाका बुबाले ०६९ मङ्सिर ७ गते जिल्ला प्रहरी कार्यालयमा बालविवाहको उजुरी दिए। सोही उजुरीको आधारमा प्रहरीले रेशौ पन्थी र गङ्गा पन्थीलाई घरबाटै सोही दिन गिरफ्तार गरेकोमा जिल्ला अदालतको आदेशमा ०६९ मङ्सिर १९ गते जनही ७ हजार ५ सय धरौटी राखी तारेखमा रिहा भए। आरोपितमध्ये फर्शुराम पोखरेल र इन्दू पन्थी यो वर्षको अन्त्यसम्म फरार रहेको जिल्ला प्रहरी कार्यालयले जनायो।

महिलाविरुद्ध हुने सबै प्रकारको भेदभाव, दुर्व्यवहार

बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

एक ३५ वर्षीया अशक्त महिलालाई ०६९ कात्तिक ६ गते ६ गते साँझ भङ्कुवा-८ को शिवहरिबारी भन्ने स्थानमा बलात्कार गरेको आरोपमा सोही गाविस-९ का ३८ वर्षीय राजेन्द्र थापाविरुद्ध ०६९ कात्तिक ९ गते इलाका प्रहरी कार्यालय रिडीमा पीडितपक्षले जाहेरी दियो। पीडितको ०६९ कात्तिक ९ गते तम्घास अस्पतालमा स्वास्थ्य परीक्षण भयो। आरोपितलाई सोही दिन प्रहरीले घरबाटै गिरफ्तार गरी जिल्ला अदालतमा पेश गरेकोमा जिल्ला अदालत गुल्मीले ०६९ कात्तिक २२ गते ३५ हजार रुपियाँ धरौटी राखी सामान्य तारेखमा रिहा गर्ने आदेश दियो।

घरेलु हिंसा

परिवारजनबाट हत्या

दर्लामचौर गाविस-९ की ३० वर्षीया हरिकला कुमालको ०६९ भदौ २६ गते दिउँसो उनका पति ३७ वर्षीय चन्द्रबहादुर कुमालले मसला पिस्ने ढुङ्गाले टाउकोमा हानी पछ्यौराले घाँटी कसेर हत्या

गरी फरार भए । चन्द्रबहादुरलाई प्रहरीले इस्मारजस्थलको रोदीबाट सोही दिन गिरफ्तार गऱ्यो। पीडितको लास ०६९ भदौ २७ गते तम्घास अस्पतालमा पोस्टमार्टम गरी प्रहरीले लास मृतकका आफन्तलाई बुझायो। जिल्ला न्यायाधीश कृष्णराम कोइरालाको ०६९ असोज १४ गते इजलासले आरेपितलाई पुर्पक्षको लागि थुनामा राख्न आदेश दियो।

इस्मारजस्थल गविस-१ की २६ वर्षीया कमला कुमाललाई ०६९ मङ्सिर १ गते पति २७ वर्षीय गोपाल कुमालले मुक्काले हिर्काएर हत्या गरे। लासको ०६९ मङ्सिर २ गते तम्घास अस्पतालमा पोस्टमार्टम पश्चात आफन्तलाई बुझाइयो। पीडितकी आमा हरिकला कुमालको किटानी जाहेरीको आधारमा घटना भएकै दिन आरोपितलाई प्रहरीले गिरफ्तार गऱ्यो। आरोपित जिल्ला अदालतको आदेशमा ०६९ मङ्सिर २० गतेदेखि पुर्पक्षको लागि जिल्ला कारागारमा थुनामा छन् ।

मुसीकोट गाविस-२ जलजलेकी २३ वर्षीया ममता थापाले पति २७ वर्षीय वुद्धबहादुर थापा एक महिनादेखि लुक्दै छिप्दै हिँडेको र ससुरा छविलाल थापालगायत परिवारका सदस्यले खान लगाउन नदिएर घर खाली गर्न भन्दै यातना दिएको भन्दै पीडितले ०६९ जेठ १७ गते जिल्ला प्रशासन कार्यालयमा उजुरी दिइन्। पीडितलाई 'घर खाली गरी दिनुपऱ्यो हामीले छोराको अर्को विवाह गर्ने हो' भन्दै यातना दिएपछि घर छाडेर ८ महिनाको छोरासहित माइतीघरमा बस्दै आएकी छन्। यो वर्षको अन्त्यसम्म पीडितको जाहेरी उपर कुनै कारबाही भएन।

बहुविवाह

बीरबास गाविस-९ जीमिकी २३ वर्षीया विष्णुकुमारी नेपालीका पति २३ वर्षीय लक्ष्मण नेपालीले ०६८ फागुन २९ गते पाली गाविस-७ अर्घाखाँचीकी १८ वर्षीया सुनीता नेपालीसँग दोस्रो विवाह गरेको आरोपमा पीडितले ०६८ चैत ७ गते जिल्ला प्रहरी कार्यालयमा जाहेरी दिइन्। जाहेरीका आधारमा प्रहरीले ०६८ चैत ८ गते आरोपितहरूलाई घरबाटै गिरफ्तार गरी जिल्ला अदालतमा पेश गरेकोमा जिल्ला न्यायाधीश कृष्णराम कोइरालाको इजलाशले ०६९ असार २४ गते जनही १० हजार रुपियाँ जरिवाना र एक वर्ष कैदको फैसला सुनायो।

थानपती गाविस-६ की २२ वर्षीय मीना घर्तीका पति २३ वर्षीय भीमबहादुर घर्तीले मुझुङ गाविस-६ पाल्पाकी लीला सोमैसँग ०६८ कात्तिक १७ गते दोस्रो विवाह गरेको आरोपमा पीडितले ०६८ माघ २ गते जिल्ला प्रहरी कार्यालयमा जाहेरी दिइन्। प्रहरीले ०६८ माघ ३ गते आरोपितहरूलाई घरबाट गिरफ्तार गऱ्यो। जिल्ला न्यायाधीश कृष्णराम कोइरालाको इजलासले ०६९ वैशाख ४ गते आरोपितद्वयलाई जनही २० हजार रुपियाँ जरिवाना र एक वर्ष कैद गर्ने फैसला गऱ्यो।

आँपचौर गाविस-३ आपारुख की २५ वर्षीया राधिका खरेलका पति हेमराज खरेलले दोस्रो विवाह गरेको आरोपमा पीडितले ०६९ साउन २६ गते जिल्ला प्रहरी कार्यालयमा निवेदन दिइन्। आरोपितले वामी गाविसकी पार्वता खरेललाई आसार ३१ गते दोस्रो पत्नीको रूपमा भित्राएको निवेदनमा उल्लेख छ। रोजगारीको लागि भारतमा बस्दै आएका हेमराजले ०६८ फागुनमा घर आई घर खाली गर्न भन्दै यातना दिएपछि माइतमा बस्दै आइरहेको समयमा दोस्रो विवाह गरेको पीडितले बताइन्। घटनापछि आरोपित फरार रहेकाले मुद्दा अगाडि बढ्न नसकोको जिल्ला प्रहरी कार्यालयले जानकारी दियो।

सिमीचौर गाविस-१ की ३० वर्षीया सीता कुँवरका पति ३० वर्षीय खड्गबहादुर कुँवरले ०६९ भदौ ७ गते तम्घास गाविस- ५ छापटोलाकी २६ वर्षीया सुन्तली विकलाई दोस्रो पत्नीको रुपमा भित्राए। पीडित सीताले ०६९ भदौ ९ गते जिल्ला प्रहरी कार्यालयमा बहुविवाहको उजुरी दर्ता गराइन्। उजुरीको आधारमा आरोपितलाई घरबाटै गिरफ्तार गरी जिल्ला अदालतमा पेश गरेकोमा ०६९ भदौ २९ गते जनही १५ हजार रुपियाँ धरौटी राखी तारेखमा रिहा भए।

जिल्ला प्रहरी कार्यालयमा कुटपिट गरी यातना दिइएका ताराबहादुर बस्नेत

स्वास्थ्य सेवाको अवस्था

अस्पताल	१		
स्वास्थ्यचौकी	१६		
उपस्वास्थ्यचौकी	६४		
पद	**दरबन्दी**	**कार्यरत**	**रिक्त**
डाक्टर	७	६	१
स्टाफ नर्स	८	३	५
अहेब	८६	८५	१
अनमी	२६	२५	१
खोप सुपरभाइजर	१	१	
क्षयरोग/कुष्ठरोग सुपरभाइजर	१		१
हेल्थ असिस्टेन्ट	५	५	

जिल्ला प्रहरी कार्यालय

जिल्ला प्रहरी कार्यालयमा ०६८ पुस १७ गतेदेखि ०६९ पुस १६ गतेसम्म बलात्कारका चार, बलात्कार प्रयास तीन, घरेलु हिंसा ७०, जातीय विभेद एक, कर्तव्य ज्यान आठ, ज्यानमार्ने उद्योग दुई, आत्महत्या ५१, बहुविवाह तीन, जातीय छुवाछूत एक, बालविवाह एकओटा मुद्दा दर्ता भए।

३.१३ बाग्लुङ



जिल्ला सदरमुकाम: कालिका (बाग्लुङ)
क्षेत्रफल (वर्ग कि. मि.): १,७८४
घरधुरी सङ्ख्या: ६१,५२२
जम्मा जनसङ्ख्या: २,६८,६१३
पुरुष: १,१७,५५७
महिला: १,५०,६१६
अपाङ्ग सङ्ख्या: ६,१७५
गाविस/नपा सङ्ख्या: ५५/१
पुरुष साक्षरता सङ्ख्या: ८६,२५५
महिला साक्षरता सङ्ख्या: ५३,१८०
हिन्दू धर्मावलम्बी प्रतिशत: ८५.२७
बौद्ध धर्मावलम्बी प्रतिशत: ८.७४
इस्लाम धर्मावलम्बी प्रतिशत: ०.२७
क्रिश्चियन धर्मावलम्बी प्रतिशत: ०.६३
प्रकृति धर्मावलम्बी प्रतिशत: ०.६७
बोन धर्मावलम्बी प्रतिशत: ०.०३
अन्य धर्मावलम्बी प्रतिशत: ०.३५२
प्रतिपरिवार सरदर सङ्ख्या: ४.३७

जेल र बन्दीहरू

'घ' श्रेणीको जिल्ला कारागारको बन्दी क्षमता २५ जनाको रहेको छ। यो वर्षको अन्त्यसम्म कैद तोकिएका ३३ र कैद नतोकिएका ४१ जना गरी जम्मा ७४ जना बन्दीहरू रहेका छन्। जसमा ७ जना महिला बन्दी रहेका छन्। यस जिल्ला कारागारको २०२८ सालमा निर्माण भएको हो। पुरुष १८ र महिला ७ गरी जम्मा २५ जनाको क्षमता रहेको बागलुङ कारागारमा पुरुष बन्दी-गृहमा क्षमताभन्दा धेरै कैदी/बन्दी हुँदा खाना, बस्न र सुत्नका लागि समस्या भएको छ।

कैदी बन्दीहरूले खानेपानी उपलब्ध

गराउनुपर्ने, सुत्ने ठाउँको व्यवस्थापन गर्नुपर्ने, सबै कैदी बन्दीहरू चिसो भुईंमा सत्नुपर्ने भएकाले खाटको व्यवस्था गर्नुपर्ने, ५० प्रतिशत भन्दा बढी कैद भुक्तानी गरेका बन्दीहरूलाई कारागार प्रशासनको सिफारिसका आधारमा छुट दिनुपर्ने, सिदा रकम समयमा नपाइने भएकाले समयमै दिनुपर्ने र सिदा बृद्धि गर्नुपर्नेलगायतका माग राखेर ०६९ कात्तिक २४ गतेदेखि २७ गतेसम्म बन्दीगृहभित्रै आन्दोलन गरे। स्थानीय प्रशासनले जिल्ला तहबाट गर्न सकिने माग तत्काल पूरा गर्ने र गर्न नसक्ने मागहरू केन्द्रमा माग गरी पठाउने सहमति गरेको थियो। बन्दी नाइके ससबहादुर विकले सुधारगृहको रूपमा रहेको कारागारमा खान बस्नका लागि समस्या भएकाले सुधार गर्न माग गर्दै आन्दोलन गरेको र माग सम्बोधन गर्ने प्रतिवद्धता जनाएपछि आन्दोलन फिर्ता लिएको बताए। कारागारका प्रमुख टीकाराम सापकोटाले केन्द्रबाट दिइने सुविधाका लागि लेखेर पठाएको जानकारी दिए। सुत्नका लागि समस्या भएको र बन्दीहरू खुल्ला चौरमा सुत्नु पर्ने भएकाले स्थानीय स्तरबाट पाल माग गरिएकोमा आदर्श सञ्चार सहकारी संस्थाले पाल दिएपछि बन्दीहरूले आन्दोलन फिर्ता लिएका थिए।

धम्की/कुटपिट

राज्यपक्षबाट

बाँके कोहलपुर गाविस-३ घर भई मालिका चलचित्र निर्माण प्रालिका प्रमुख सम्पादक तथा रेडियो कोहलपुर एफएमका कार्यक्रम संयोजक २५ वर्षीय कपिल न्यौपानेलाई ०६९ पुस ४ गते साँझ अपशब्द प्रयोग गरेको भन्दै झिवाखोला प्रहरी चौकी बोहोरागाउँका इन्चार्ज असई राजेन्द्र भट्टले बोहोरागाउँस्थित होटलमा कुटपिट गरे। बुर्तीबाङबाट जीपमासँगै जाने क्रममा भनाभन भएको र न्यौपानेले अपशब्द प्रयोग गरेको भन्दै कपिल बसेको किसान होटलमा गएर असई भट्टले कुटपिट गरेका थिए। बालविकास केन्द्रको डकुमेन्ट्री निर्माणका लागि बोहोरागाउँ पुगेका न्यौपानेलाई प्रहरीले गरेको आक्रमणको जिल्लामा क्रियाशील विभिन्न सङ्घ सङ्गठनले विरोध गरेका थिए। पीडितले मङ्सिर २९ गते जिल्ला प्रहरी कार्यालयमा मुद्दा दर्ता गरे पनि कुटपिटमा संलग्न प्रहरीमाथि कुनै कारबाही भएन।

अभिव्यक्ति, भेला हुने र संगठित हुने अधिकार

(राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

धौलागिरी अञ्चल अस्पतालको उद्घाटन गर्न आएका प्रधानमन्त्री डा.बाबुराम भट्टराईलाई बागलुङमा क्रियाशील तीन विद्यार्थी सङ्गठनले ०६९ मङ्सिर १३ गते कालो झण्डा देखाउने क्रममा प्रहरीले हस्तक्षेप गर्दा अनेरास्ववियु क्रान्तिकारीका पदम खत्री, नेपाल विद्यार्थी सङ्घका हरिहर शर्मा, अनेरास्ववियुका अध्यक्ष नारायण पौडेल, अखिल क्रान्तिकारीका रिम रोका, नेपाल विद्यार्थी सङ्घका जोकलाल बुढा, बालकृष्ण शर्मा, पुर्ण आचार्य, हेमराज शर्मा, बसन्त शर्मा घाइते भए। उनीहरूमध्ये पदम खत्रीको पोखरामा र अन्यको धौलागिरी अञ्चल अस्पतालमा उपचार भएको थियो।

सुगम र निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालत

०६८ साउनदेखि ०६९ असार मसान्तसम्म

एक जनामात्र न्यायाधीश रहेको यस जिल्ला अदालतको फौजदारी मुद्दातर्फ २ सय ४५ थान मध्ये १ सय ७७ थान फैसला भए भने ६८ थान फैसला हुन बाँकी रहे। देवानी मुद्दातर्फ २ सय १५ थान मध्ये १ सय ३९ थान फैसला भए भने ७६ थान फैसला हुन बाँकी रहे।

०६९ साउनदेखि पुस १५ सम्म

यस जिल्ला अदालतको फौजदारी मुद्दातर्फ १ सय ३२ थान मध्ये ६४ थान फैसला भए भने ६८ फैसला हुन बाँकी रहे। देवानी मुद्दातर्फ १ सय १० मध्ये ३२ फैसला भए भने ७८ थान फैसला हुन बाँकी रहे। दुई वर्ष नाघेका फौजदारी मुद्दा १२ थान र देवानी मुद्दा सात थान बाँकी रहे।

पुनरावेदन अदालत

०६८ साउनदेखि ०६९ असार मसान्तसम्म

चार जना न्यायाधीश रहेको यस पुनरावेदन अदालतको फौजदारी मुद्दातर्फ १ सय २४ मध्ये ९३ फैसला भए भने ३१ फैसला हुन बाँकी रहे। देवानी मुद्दातर्फ ६३ मध्ये ५३ फैसला भए भने १० फैसला हुन बाँकी रहे।

०६९ साउनदेखि पुस १५ सम्म

चार जना न्यायाधीश रहेको यस पुनरावेदन अदालतको फौजदारी मुद्दातर्फ ९२ मध्ये ४१ फैसला भए

घटनाको प्रकार	राज्यपक्षबाट		गैरराज्यपक्षबाट		
	पुरुष	जम्मा	महिला	पुरुष	जम्मा
बालअधिकार			१		१
महिलाअधिकार			३		३
भेला/सङ्गठित हुने अधिकार	१३	१३			
जातीय विभेद			१		१
कुटपिट	१	१	१	१	३
हत्या				१	१
जम्मा	१३	१३	५	३	८

भने ५१ फैसला हुन बाँकी रहे। देवानी मुद्दातर्फ ३७ मध्ये आठ थान फैसला भए भने २९ थान फैसला हुन बाँकी रहे।

जिल्ला सरकारी वकिलको कार्यालय

जिल्ला सरकारी वकिलको कार्यालयबाट ०६८ साउनदेखि ०६९ असार मसान्तसम्म दायर मुद्दाको सङ्ख्या २ सय ६१ थान मध्ये ४७ थान सफल भए भने १७ थान असफल भए। सरकारी वकिलको कार्यालयबाट दायर मुद्दामध्ये ०६९ असार मसान्तसम्म १ सय ९७ थान मुद्दा बाँकी रहेको सरकारी वकिलको कार्यालयले जनायो।

जिल्ला सरकारी वकिलको कार्यालयबाट ०६९ साउनदेखि ०६९ पुससम्म दायर मुद्दाको सङ्ख्या १ सय २२ थान मध्ये ९५ थान सफल भए। जिल्ला कार्यालयबाट दायर मुद्दामध्ये ०६९ असार मसान्तसम्म १ सय ९५ मुद्दा बाँकी रहेको सरकारी वकिलको कार्यालयले जनायो।

बालअधिकार

शिक्षाको अवस्था

यस जिल्लाका विद्यालय जाने उमेरका ९३ हजार ४ सय २७ मध्ये छात्र ४५ हजार २ सय ७५ र छात्रा ४८ हजार १ सय ५२ प्राथमिक तहदेखि माविं तहसम्म भर्ना भए। यसमध्ये दलित छात्रा १४ हजार १ सय १९ र छात्र १३ हजार ४ सय ४५ रहेका छन्। सरकारी र सामुदायिक विद्यालय गरी प्राविं तहमा महिला ६ सय ५१ र पुरुष १ हजार ६२ गरी जम्मा १ हजार ७ सय १३ शिक्षक कार्यरत रहेका छन्। निमाविं तहमा तहमा महिला ८० र पुरुष ३ सय ६० गरी जम्मा ४ सय ४० शिक्षक कार्यरत रहेका छन्। यसैगरी माविं तहमा महिला २३ र पुरुष ३ सय ४७ गरी जम्मा ३ सय ७० शिक्षक रहेका छन्।

बालविकास केन्द्र बालक ४ हजार ६ सय ९६ र बालिका ४ हजार ५ सय ८७ गरी जम्मा १० हजार २ सय ८३ रहेका छन्। जसमध्ये दलित बालक १ हजार ५ सय ३२ र बालिका १ हजार ३ सय ५० छन्। यस जिल्ला शिक्षा कार्यालयले शिक्षासम्बन्धी सबै तथ्याङ्क अद्यावधिक गरेको पाइएन।

कुटपिट

बोबाङ गाविस-८ सुकुरदुङकी १३ वर्षीया बालिका मनी विकलाई बुबा ५३ वर्षीय जुठे विकले मदिरा सेवन गरी कुटपिट गर्दै रहेको अवस्थामा नेकपा एमाले बागलुङको एक टोलीले ०६९ कात्तिक १८ गते उद्दार गरी जिल्ला बाल कल्याण समिति बागलुङलाई बुझायो। बालकल्याण समितिले पीडित बालिकालाई ०६९ कात्तिक २३ गते काठमाडौं पठाएको छ। बालिकालाई नियमित कुटपिट गर्दै आएका बालिकाका बाबु जुठेलाई प्रहरीले ०६९ कात्तिक २० गते अदालत पेश गरेकोमा ०६९ कात्तिक २७ गते जिल्ला अदालतको आदेशबाट पुर्पक्षका लागि थुनामा राखिएकोमा उनी अदालतको ०६९ मङ्सिर २६ गतेको आदेशमा २० हजार रुपियाँ धरौटी राखी रिहा भए।

बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

एक १५ वर्षीया किशोरीले आफूलाई ०६९ मङ्सिर ९ गते बलात्कार प्रयास गरेको भनी पर्वत जिल्लाको धाइरिङ घर भई बागलुङ नपा-१ बस्ने २० वर्षीय सूर्य सुनार विरुद्ध जिल्ला प्रहरी कार्यालयमा उजुरी दिइन्। आरेपितलाई प्रहरीले ०६९ मङ्सिर १२ गते गिरफ्तार गऱ्यो। आरोपित जिल्ला अदालतको ०६९ मङ्सिर १८ गतेको आदेशमा पुर्पक्षका लागि थुनामा छन्।

महिलाविरुद्ध हुने सबै प्रकारको भेदभाव, दुर्व्यवहार बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

एक १८ वर्षीया युवतीलाई ०६९ भदौ १७ गते साँझ बलात्कार गरेको आरोपमा तारा गाविस-१ का २२ वर्षीय ईश्वर गौचन, १७ वर्षीय एक बाल, सोही गाविस-५ का १८ वर्षीय दीपक बुढाथोकी, १९ वर्षीय थम्मन घर्ती र म्याग्दी रुपमा गाविस-२ घर भइ तारा गाविस-५ बस्ने ओमकार बुढाथोकीलाई ०६९ भदौ ३०

गते प्रहरीले गिरफ्तार गऱ्यो। जिल्ला अदालत बागलुङको ०६९ असोज २५ गतेको आदेशमा सबै आरोपित पुर्पक्षका लागि कारागारमा थुनामा रहेका छन्। पीडितको ०६९ असोज ४ गते धौलागिरी अञ्चल अस्पतालमा स्वास्थ्य परीक्षण भएको थियो।

एक २२ वर्षीया महिलालाई काडेबास गाविस-५ का २१ वर्षीय प्रकाश विकले ०६८ पुस २९ गते दिउँसो घरमा बसिरहेको समयमा बलात्कार गरेको भनी पीडितले ०६८ माघ १ गते इलाका प्रहरी कार्यालय गलकोटमा उजुरी दिइन्। प्रहरीले आरोपित विकलाई माघ १४ गते नियन्त्रणमा लिएर जिल्ला अदालतमा पेश गरेकोमा अदालतले माघ २६ गते पुर्पक्षका लागि थुनामा राख्न आदेश दिएपछि हाल उनी जिल्ला कारागारमा रहेका छन्। पीडितको ०६८ माघ १६ गते धौलागिरी अञ्चल अस्पतालमा स्वास्थ्य परीक्षण भएको थियो।

स्वास्थ्य सेवाको अवस्था

अस्पताल	१		
स्वास्थ्यचौकी	१२		
उपस्वास्थ्यचौकी	४९		
पद	**दरबन्दी**	**कार्यरत**	**रिक्त**
डाक्टर	१६	२	१४
स्टाफ नर्स	१९	१०	९
ल्याब असिस्टेन्ट	७	४	३
अहेब	११५	१०२	१३
अनमी	७५	६८	७
खोप सुपरभाइजर	१		१
क्षयरोग/कुष्ठरोग सुपरभाइजर	१	१	
हेल्थ असिस्टेन्ट	२०	९	१०

जिल्ला प्रहरी कार्यालय

जिल्ला प्रहरी कार्यालयमा ०६८ पुस १७ गतेदेखि ०६९ पुस १६ गतेसम्म बलात्कार नौ, बलात्कार प्रयास एक, जातीय विभेद एक, ज्यानमार्ने उद्योग पाँच, आत्महत्या १९, बहुविवाहका तीन ओटा मुद्दा दर्ता भए ।

३.१४ पर्वत



जिल्ला सदरमुकाम: कुस्मा
क्षेत्रफल (वर्ग कि. मि.): ४५४
घरधुरी सङ्ख्या: ३५,७१५
जम्मा जनसङ्ख्या: १,४६,५५०
पुरुष: ६५,३०१
महिला: ८१,२८५
अपाङ्ग सङ्ख्या: ३,६५३
गाविस/नपा सङ्ख्या: ५५/०
पुरुष साक्षरता सङ्ख्या: ५०,००५
महिला साक्षरता सङ्ख्या: ५१,२८०
हिन्दू धर्मावलम्बी प्रतिशत: ८५.४८
बौद्ध धर्मावलम्बी प्रतिशत: ५.३२
इस्लाम धर्मावलम्बी प्रतिशत: ०.४३
किराँत धर्मावलम्बी प्रतिशत: ०.०२
क्रिश्चियन धर्मावलम्बी प्रतिशत: ०.४५
प्रकृति धर्मावलम्बी प्रतिशत: ०.०२
वोन धर्मावलम्बी प्रतिशत: ०.१५
शिख धर्मावलम्बी प्रतिशत: ०.००१
अन्य धर्मावलम्बी प्रतिशत: ०.०५३
प्रतिपरिवार सरदर सङ्ख्या: ४.१०

जेल र बन्दीहरू

'घ' श्रेणीको जिल्ला कारागारको बन्दी क्षमता २५ जनाको रहेको छ। यो वर्षको अन्त्यसम्म कैद तोकिएका ४८ जना र कैद नतोकिएका १२ जना गरी जम्मा ६० जना बन्दीहरू रहेका छन्। जसमा १ जना महिला बन्दी रहेका छन्। कारागारको क्षमताभन्दा बन्दी भएका कारण सुत्न बस्न, शौचालय र पानीको समस्या रहेको छ। चिसोमा पाल टाँगेर बस्नु परेकोले टिनको छानोको व्यवस्था गर्न बन्दी र कारागारका

घटनाको प्रकार	राज्यपक्षबाट		गैरराज्यपक्षबाट		
	पुरुष	जम्मा	महिला	पुरुष	जम्मा
बालअधिकार			४		४
महिलाअधिकार			४		४
भेला/सङ्गठित हुने अधिकार	६	६			
जातीय विभेद				१	१
जम्मा	६	६	८	१	९

कर्मचारीहरूको माग गरेको निमित्त जेलर दयाराम शर्माले बताए।

सुगम र निष्पक्ष न्यायिक अधिकार

०६८ साउनदेखि ०६९ असार मसान्तसम्म

एक जनामात्र न्यायाधीश रहेको यस जिल्ला अदालतको फौजदारी मुद्दातर्फ १ सय ३ मध्ये ७९ फैसला भए भने २४ फैसला हुन बाँकी रहे। देवानी मुद्दातर्फ १ सय २ मध्ये ७० फैसला भए भने ३२ फैसला हुन बाँकी रहे।

०६९ साउनदेखि पुस १५ सम्म

एक जनामात्र न्यायाधीश रहेको यस जिल्ला अदालतको फौजदारी मुद्दातर्फ ६३ मध्ये २८ फैसला भए भने ३५ फैसला हुन बाँकी रहे। देवानी मुद्दातर्फ ६५ मध्ये १९ फैसला भए भने ४६ फैसला हुन बाँकी रहे।

जिल्ला सरकारी वकिलको कार्यालय

जिल्ला सरकारी वकिलको कार्यालयबाट ०६८ साउनदेखि ०६९ असार मसान्तसम्म दायर मुद्दा २३ थान छ। जसमध्ये १९ थान फैसला भयो। सरकारी वकिल सङ्ख्या एक रहेको यस जिल्ला कार्यालयबाट दायर मुद्दामध्ये ०६९ असार मसान्तसम्म चार थान मुद्दा बाँकी रहेको सरकारी वकिलको कार्यालयले जनायो।

जिल्ला सरकारी वकिलको कार्यालयबाट ०६९ साउनदेखि ०६९ पुससम्म दायर मुद्दाको सङ्ख्या ७ थान छ जसमध्ये २ सफल भएको छ। सरकारी वकिल सङ्ख्या एक रहेको यस जिल्ला कार्यालयबाट दायर मुद्दामध्ये ०६९ असार मसान्तसम्म चार थान मुद्दा बाँकी रहेको सरकारी वकिलको कार्यालयले जनायो।

बालअधिकार

शिक्षाको अवस्था

यस जिल्लाका विद्यालय जाने उमेरका ४१ हजार ८२ मध्ये छात्र २० हजार ३ सय ६६ र छात्रा २०हजार ७ सय १६ प्राथमिक तहदेखि माबि तहसम्म भर्ना भए। यसमध्ये दलित छात्रा ६ हजार ४ सय २२ र छात्र ६ हजार १ सय ८४ रहेका छन्। सरकारी र सामुदायिक विद्यालय गरी प्राबि तहमा महिला ४ सय ३० र पुरुष ८ सय ५९ गरी जम्मा १२ सय ८९ शिक्षक कार्यरत रहेका छन्। निमाबि तहमा तहमा महिला ४५ र पुरुष ३ सय १२ गरी जम्मा ३ सय ५७ शिक्षक कार्यरत रहेका छन्। यसैगरी माबि तहमा महिला १३ र पुरुष २ सय ८२ गरी जम्मा २ सय ९५ शिक्षक रहेका छन्। दलित शिक्षक पाँच महिला र २३ पुरुष गरी २८ शिक्षक रहेका छन्। निजी विद्यालयका शिक्षकहरू समावेश गरिएको छैन।

बालविकास केन्द्र बालक ३ हजार ३ सय ७८ र बालिका ३ हजार १ सय ३४ जना गरी जम्मा ६ हजार ५ सय १२ रहेका छन् जसमध्ये दलित बालक ९ सय ८७ र बालिका ९ सय ३० जना छन्। यस जिल्ला शिक्षा कार्यालयले शिक्षासम्बन्धी सबै तथ्याङ्क अद्यावधिक गरिएको पाइयो।

बालबालिका ओसारपसार

एक १३ वर्षीया बालिकालाई ०६९ साउन १५ गते अपहरण गरी लगेको आरोपमा पर्सा जिल्ला पिठुवागुठी गाविस-८ का २४ वर्षीय आसिस अन्सारीलाई फलामखानी गाविसस्थित घण्टेदेउरालीबाट प्रहरीले सोही दिन गिरफ्तार गऱ्यो। पीडितका आफन्तले जिल्ला प्रहरी कार्यालय पर्वतमा अपहरण गरी आरोपितविरुद्ध छोरी भगाएको आरोपमा ०६९ साउन १६ गते प्रहरीमा उजुरी दर्ता गरे। जिल्ला अदालतको भदौ १४ गतेको आदेशमा आरोपित अन्सारी पुपर्क्षका लागि पर्वत जिल्ला कारागारमा थुनामा छन्।

बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

एक १२ वर्षीया बालिकालाई ०६९ असोज २२ गते राति माझफाँट गाविस-२ का २३ वर्षीया दलबहादुर दर्जीले बलात्कार प्रयास गरेको आरोपमा जिल्ला प्रहरी कार्यालयमा पीडितपक्षले ०६९ असोज २४ उजुरी दर्ता गरे। आरोपित हालसम्म फरार रहेका छन्।

एक १४ वर्षीया बालिकालाई ०६९ जेठ ४ गते शिवालय गाविस-९ स्थित चिउरी ढाड नजिकै जङ्गलको बाटो हुँदै घरतर्फ जाँदै गर्दा सोही गाविस-९ का २१ वर्षीय कमल परियारले बलात्कारको प्रयास गरेको पीडितले आरोप लगाइन्। परियारले एकान्त ठाउँमा बलात्कारको प्रयास गर्दा बालिकाले हारगुहार गरेपछि स्थानीय बासिन्दाले आरोपित परियारलाई नियन्त्रणमा लिई सोही दिन प्रहरीलाई बुझाएका थिए। जिल्ला अदालतको आदेशमा ०६९ जेठ १२ गते देखि पुर्पक्षका लागि थुनामा छन्। आरोपितलाई चार वर्ष कैदको सजाय हुने गरी भदौ २७ गते फैसला भयो।

एक १३ वर्षीया बालिकालाई ०६८ पुस २४ गते एक बालकले १६ वर्षीय नजिकैको खोल्साबारी काम गरिरहेको अवस्थामा बलात्कार गरेको आरोपमा पीडितका आफन्तले सोही दिन प्रहरी कार्यालयमा उजुरी दिए। प्रहरीले आरोपितलाई पुस २५ गते गिरफ्तार गरी पुर्पक्षका लागि थुनामा राखेकोमा पर्वत जिल्ला अदालतको ०६९ असार २४ गतेका आदेशमा ८ वर्षको जेल सजाय फैसला अनुरुप पर्वत कारागारमा थुनामा छन्।

सबै प्रकारका जातीय विभेद

धाइरिङ गाविस-९ स्थित रहेको भूमेको स्थानमा शनिवार पूजा गर्न गएका धाइरिङ गाविस-९ का ४६ वर्षीय चन्द्र दमैलाई पूजा गर्न र टीकाप्रसाद समेत नदिई जातीय विभेद गरेको आरोपमा पीडितले धाइरिङ गाविस-५ निवासी पूर्व गाविस अध्यक्ष ५५ वर्षीय रुद्रलाल आर्चाय, पूजारी सोही गाविस-७ का ४० वर्षीया जीवनधर आचार्य र ठेकेदार ५९ वर्षीय होमप्रसाद आर्चायविरुद्ध ०६९ मङ्सिर १९ गते जिल्ला प्रहरी कार्यालय पर्वतमा उजुरी दिए। जिल्ला प्रहरी कार्यालय पर्वतले ०६९ पुस ३ गते गिरफ्तार गरी कारबाही अगाडि बढाएकोमा पुस ६ गतेको अदालतको निर्णयबाट तीनै जना सादा तारेखमा रिहा भए।

स्वास्थ्य सेवाको अवस्था

अस्पताल	५		
स्वास्थ्यचौकी	१२		
उपस्वास्थ्यचौकी	४२		
पद	**दरबन्दी**	**कार्यरत**	**रिक्त**
डाक्टर	४	२	२
स्टाफ नर्स	५	४	१
ल्याब असिस्टेन्ट	२	१	१
अहेब	१०४	८८	१६
अनमी	६९	५५	१४
खोप सुपरभाइजर	१	१	
हेल्थ असिस्टेन्ट	२४	९	१५

जिल्ला प्रहरी कार्यालय

जिल्ला प्रहरी कार्यालयमा ०६८ पुस १७ गतेदेखि ०६९ पुस १६ गतेसम्म बलात्कार एक, बलात्कार प्रयास दुई, महिला ओसारपसार जिउमास्ने बेच्ने एक, जातीय विभेद एक, कर्तव्यज्यान दुई, ज्यानमार्ने उद्योग एक, आत्महत्या १८ ओटा मुद्दा दर्ता भए ।

३.१५ म्याग्दी



जिल्ला सदरमुकाम: बेनी
क्षेत्रफल (वर्ग कि. मि.): २,२५७
घरधुरी सङ्ख्या: २७,७६२
जम्मा जनसङ्ख्या: १,१३,६४१
पुरुष: ५१,३५५
महिला: ६२,२४६
अपाङ्ग सङ्ख्या: ६,१२२
गाविस/नपा सङ्ख्या: ४१/०
पुरुष साक्षरता सङ्ख्या: ३७,७३७
महिला साक्षरता सङ्ख्या: ३७,७५३
हिन्दू धर्मावलम्बी प्रतिशत: ८७.१६
बौद्ध धर्मावलम्बी प्रतिशत: १०.३३
इस्लाम धर्मावलम्बी प्रतिशत: ०.१६
किराँत धर्मावलम्बी प्रतिशत: ०.०२
क्रिश्चियन धर्मावलम्बी प्रतिशत: १.३३
प्रकृति धर्मावलम्बी प्रतिशत: ०.७८
वोन धर्मावलम्बी प्रतिशत: ०.०२
अन्य धर्मावलम्बी प्रतिशत: ०.२०५
प्रतिपरिवार सरदर सङ्ख्या: ४.०५

जेल र बन्दीहरू

'ङ' श्रेणीको कारागार शाखामा २५ पुरुष र ७ महिला जना गरी जम्मा ३२ जनाको क्षमता रहेको छ। यो वर्षको अन्त्यसम्म कैद तोकिएका ४६ जना र कैद नतोकिएका ९ जना गरी जम्मा ५५ जना बन्दीहरू रहेका छन। यस जिल्ला कारागारको २०५० सालमा सालमा निर्माण भएको हो। क्षमताभन्दा बन्दीहरू धेरै हुँदा कारागारमा सुत्न र शौचालयको समस्या भएको र फोहोर व्यवस्थापन नहुँदा उपियाँ र उडुसले दुःख दिएको बन्दीहरूले बताए। दुई वटा कोठामा नअटेका बन्दीहरू भान्सा कोठा, मन्दीरको पेटी र बाथरुममा समेत कोचाकोच भई बसेका छन्। जेलभित्र खानेपानी, खेलकुदका सामग्री, टेलिभिजन लगाएतका सञ्चार सामाग्री उपलब्ध छन्। बन्दीले मुडा बुन्ने, तान धागोबाट कपडा बुन्ने समेतका सीपमुलक काम गर्दै आएका छन्।

सुगम र निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालतमा

०६८ साउनदेखि ०६९ असार मसान्तसम्म

एक जनामात्र न्यायाधीश रहेको यस जिल्ला अदालतको फौजदारी मुद्दातर्फ एक सय ५० थान मुद्दा मध्ये एक सय १४ थान मुद्दा फैसला भए भने ३६ थान फैसला हुन बाँकी रहे। देवानी मुद्दातर्फ ९९ थान मुद्दा मध्ये ६४ थान फैसला भए भने ३५ थान फैसला हुन बाँकी रहे।

०६९ साउनदेखि पुस १५ सम्म

यस जिल्ला अदालतको फौजदारी मुद्दातर्फ ७६ थान मध्ये ३१ थान फैसला भए भने ४५ फैसला हुन बाँकी रहे। देवानी मुद्दातर्फ ७३ थान मध्ये २५ थान फैसला भए भने ४८ थान फैसला हुन बाँकी रहे। दुई वर्ष नाघेका कनैपनि मुद्दा छैनन्।

जिल्ला सरकारी वकिलको कार्यालय

जिल्ला सरकारी वकिलको कार्यालयमा अघिल्लो वर्षबाट जिम्मेवारी सरेर आएका ३१ र ०६८ साउनदेखि ०६९ असार मसान्तसम्म दायर ४५ समेत जम्मा मुद्दाको सङ्ख्या ७६ वटा मध्य २५ थान सफल भए भने १० असफल भएको छ। सरकारी वकिल सङ्ख्या एक जना रहेको यस जिल्ला कार्यालयबाट दायर मुद्दामध्ये ०६९ असार मसान्तसम्म ४७ मुद्दा बाँकी रहेको सरकारी वकिलको कार्यालयले जनायो। अभिलेख नगर्ने गरिएका पाँच वर्ष पुराना तीन थान मुद्दा छन्। दायर मुद्दामध्ये कर्तव्य ज्यानसम्बन्धी पाँच थान मध्ये तीन सफल र दुई थान असफल रह्यो। बलात्कारसम्बन्धी, महिला बेचविखन, बालविवाह, छुवाछुत र अपहरणसम्बन्धी कुनै मुद्दा परेनन।

जिल्ला सरकारी वकिलको कार्यालयबाट अघिल्लो वर्षबाट जिम्मेवारी सरेर आएका समेत ०६९ साउनदेखि ०६९ पुस २ गतेसम्म दायर मुद्दाको सङ्ख्या ६४ छ जसमध्ये पाँच सफल र दुई असफल भएको छ। सरकारी वकिल सङ्ख्या एक जना रहेको यस जिल्ला कार्यालयबाट दायर मुद्दामध्ये ०६९ पुस २ गतेसम्म

५७ थान मुद्दा बाँकी रहेको जिल्ला सरकारी वकिलको कार्यालयले जनायो।

बालअधिकार

शिक्षाको अवस्था

यस जिल्लाका विद्यालय जाने उमेरका १६ हजार ३५ मध्ये छात्र र छात्रा १४ हजार ८ सय ६१ प्राथमिक तहदेखि माबि तहसम्म भर्ना भए। यसमध्ये दलित छात्रा ५ हजार ४ सय ६५ छात्र ५ हजार ७ सय रहेका छन। सरकारी र सामुदायिक विद्यालय गरी प्राबि तहमा महिला २ सय १५ र पुरुष ४ सय ८२ गरी जम्मा ६ सय ९७ जना शिक्षक कार्यरत छन। निमाबि तहमा तहमा महिला १७ र पुरुष एक सय ५८ गरी जम्मा एक सय ७५ शिक्षक कार्यरत रहेका छन्। यसैगरी माबि तहमा महिला १ र पुरुष १ सय १५ गरी जम्मा १ सय १ शिक्षक रहेका छन।

बालविकास केन्द्र बालक १ हजार ८ सय २४ र बालिका १ हजार ९ सय १५ गरी जम्मा ३हजार ७ सय ३९ रहेका छन्। जसमध्ये दलित ६ सय ५० बालक र ७ सय बालिका छन। यस जिल्ला शिक्षा कार्यालयले शिक्षासम्बन्धी सबै तथ्याङ्क अद्यावधिक गरिएको पाइएन।

बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

एक १४ वर्षीया बालिकालाई ०६९ मङ्सिर २६ गते कुहुँ गाविस-५ का २३ वर्षीय अनिल किसानले बाबियाचौर गाविस-५ सिमको जङ्गलमा बलात्कार प्रयास गरेको आरोपमा पीडितका आफन्तले ०६९ मङ्सिर २८ गते जिल्ला प्रहरी कार्यालयमा कारबाहीको लागि किटानी जाहेरी दिए। प्रहरीले आरोपित किसानलाई ०६९ मङ्सिर २८ गते गिरफ्तार गऱ्यो। यो वर्षको अन्त्यसम्म किसान अनुसन्धानको क्रममा प्रहरी हिरासतमा रहेका छन्।

घटनाको प्रकार	गैरराज्यपक्षबाट		
	महिला	पुरुष	जम्मा
बालअधिकार	१		१
महिलाअधिकार	३		३
जातीय विभेद		१	१
जम्मा	४	१	५

स्वास्थ्य सेवाको अवस्था

अस्पताल	१		
स्वास्थ्यचौकी	१३		
उपस्वास्थ्यचौकी	२७		
पद	**दरबन्दी**	**कार्यरत**	**रिक्त**
डाक्टर	३	२	१
स्टाफ नर्स	४	३	१
ल्याब असिस्टेन्ट	२	१	१
अहेब	७४	५०	२४
अनमी	४८	४५	३
खोप सुपरभाइजर	१		१
क्षयरोग/कुष्ठरोग सुपरभाइजर	१	१	
हेल्थ असिस्टेन्ट	१४	६	८

जिल्ला प्रहरी कार्यालय

जिल्ला प्रहरी कार्यालयमा ०६८ पुस १७ गतेदेखि ०६९ पुस १६ गतेसम्म बलात्कार एक, बलात्कार प्रयास एक, कर्तव्यज्यान छ, ज्यानमार्ने उद्योग छ, आत्महत्याका २८ ओटा उजुरी दर्ता भए ।

३.१६ मुस्ताङ



जिल्ला सदरमुकाम: जोमसोम
क्षेत्रफल (वर्ग कि. मि.): ३,५७३
घरधुरी सङ्ख्या: ३,३५४
जम्मा जनसङ्ख्या: १३,४५२
पुरुष: ७,०५३
महिला: ६,३५९
अपाङ्ग सङ्ख्या: २०४
गाविस/नपा सङ्ख्या: १६/०
पुरुष साक्षरता सङ्ख्या: ५,१७३
महिला साक्षरता सङ्ख्या: ३,४६६
हिन्दू धर्मावलम्बी प्रतिशत: ३७.४७
बौद्ध धर्मावलम्बी प्रतिशत: ६०.१८
इस्लाम धर्मावलम्बी प्रतिशत: ०.०२
किराँत धर्मावलम्बी प्रतिशत: ०.१४
क्रिश्चियन धर्मावलम्बी प्रतिशत: १.१३
प्रकृति धर्मावलम्बी प्रतिशत: ०.०४
जैन धर्मावलम्बी प्रतिशत: ०.०१
वोन धर्मावलम्बी प्रतिशत: ०.७३
अन्य धर्मावलम्बी प्रतिशत: ०.२९
प्रतिपरिवार सरदर सङ्ख्या: ४.०१

जेल र बन्दीहरू

'ङ' श्रेणीको जिल्ला कारागारको बन्दी क्षमता आठ जनाको रहेको छ। यो वर्षको अन्त्यसम्म कैद तोकिएको छ जना बन्दीहरू रहेका छन्। यस जिल्ला कारागारको २०२९ सालमा निर्माण भएको हो। यस कारागारमा कम्पाउण्ड वाल नभएको कारणले थुनुवा तथा बन्दीहरूको लागि खुला चौरमा खेल्ने, घाम ताप्ने र हिँडडुल गर्ने सुविधा छैन। भवनको संरचना अनुसार बन्दीहरूका लागि कोठाभित्रै शौचालय बनाउन सम्भव नभएको भए तापनि जिविस मुस्ताङको सहयोगमा यसै वर्ष भवन भित्र बन्दीहरूको प्रयोगको लागि मात्र शौचालयको व्यवस्था भएको जेलर सुजन श्रेष्ठले बताए। उनले दरबन्दी अनुसारको प्रहरीहरू राख्नको लागि कोठाहरू अपर्याप्त भएको बताए। नेपाल सरकारले व्यवस्था गरेको खाद्यान्न तथा लत्ता सुविधामा थप व्यवस्था गर्न, बन्दीहरूलाई घरपायक पर्ने जेलमा सरुवाको व्यवस्था गर्न कैदी बन्दीहरूले आग्रह गरे। यस जिल्लामा जाडो महिनामा अत्यन्त चिसो हुने भएकोले कैदीहरूको लागि घाम ताप्ने व्यवस्था भएमा राम्रो हुने प्रहरी सहायक निरीक्षक टेकबहादुर घर्ती क्षेत्रीले बताए।

सुगम र निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालत

०६८ साउनदेखि ०६९ असार मसान्तसम्म

एक जनामात्र न्यायाधीश रहेको यस जिल्ला अदालतको फौजदारी मुद्दातर्फ नौ थान मुद्दा मध्ये चार थान फैसला भए भने पाँच थान फैसला हुन बाँकी रहे। देवानी मुद्दातर्फ दुई थान मुद्दामा दुवै थान मुद्दा फैसला हुन बाँकी रहे।

०६९ साउनदेखि पुस १५ सम्म

यस जिल्ला अदालतको फौजदारी मुद्दातर्फ आठ थान मुद्दा मध्ये चार थान मुद्दा फैसला भए भने चार थान मुद्दा फैसला हुन बाँकी रहे। देवानी मुद्दातर्फ दुई थान मुद्दामा एक थान फैसला भए भने एक थान फैसला हुन बाँकी रहयो।

जिल्ला सरकारी वकिलको कार्यालयबाट ०६८ साउनदेखि ०६९ असार मसान्तसम्म दायर मुद्दाको सङ्ख्या सात थान छन्। जसमध्ये छ थान सफल भए भने एक थान असफल भयो।

जिल्ला सरकारी वकिल कार्यालय

जिल्ला सरकारी वकिलको कार्यालयबाट ०६९ साउनदेखि ०६९ पुससम्म दायर मुद्दाको सङ्ख्या चार थान छन्। जसमध्ये चारै थान सफल भयो। सरकारी वकिल सङ्ख्या एक रहेको यस जिल्ला कार्यालयबाट दायर मुद्दामध्ये ०६९ असार मसान्तसम्म चार ओटा

मुद्दा बाँकी रहेको सरकारी वकिलको कार्यालयले जनायो।

मुखिया प्रथा

परम्परागत रूपमा यस जिल्लामा मुखिया प्रथाको प्रचलन रहिआएको छ। केही गाउँहरूमा मुखियाहरूले सरकारको नीति नियम विपरीत कानुनलाई हातमा लिने कार्य भइरहेको देखिन्छ। यस्तो भए तापनि यस जिल्लाका अधिकांश स्थानीयवासीहरू मुखिया प्रथाबाट सन्तुष्ट रहेको बताउँछन्। मुखियाबाट हुने काम कारबाही छिटो, छरितो, पारदर्शी, कम झन्झटिलो भएको, काम गर्ने तौरतरिकामा क्रमश: सुधार हुँदै आएको र मुखिया छनौट प्रक्रिया सबैको सहमतिमा हुने गरेको त्यहाँको नागरिक समाजका चन्दबहादुर थकाली र स्थानीय रत्ने विकले बताए। मुखिया छान्ने अधिकार धेरै जसो गाउँमा सबैलाई भएको र कतै पालै पालो बस्ने प्रावधान पनि देखियो। मुखियामा महिलाहरू पनि रहेको पाइयो।

स्थानीय सरकारको अभावमा गाविस तथा गाउँस्तरका काम कार्यवाही र विकास निर्माणका काममा अयन्त सहयोग पाइएको कुरा कागबेनी गाविसका सचिव यज्ञप्रसाद शर्मा गोतामे र झोङ गाविसका सचिव हिक्मतबहादुर थकालीले बताए। समग्रमा हेर्दा राम्रो देखिए तापनि केही गाउँहरूमा अझ मुखिया प्रथाको निर्णयलाई प्रतिवाद गर्न नपाइने र गाउँको बैठकमा महिला र दलितहरू सहभागी हुन नपाइएको अवस्था यथावत छ। मुखिया र स्थानीय मध्यस्थकर्ताहरूलाई कानुनी साक्षरता तालिमको व्यवस्था गर्नुपर्ने जिल्ला अदालतका न्यायाधीश वीरेन्द्रकमार कर्णले बताए भने स्थानीय विकास अधिकारी डिल्लीराम सिग्देलले तालिम सञ्चालनको लागि जिविसले सहयोग गर्ने प्रतिवद्धता जनाए।

बालअधिकार

शिक्षाको अवस्था

यस जिल्लाका विद्यालय जाने उमेरका २ हजार ९ सय ४५ जना मध्ये छात्र १ हजार ४ सय ३५ र छात्रा १ हजार ५ सय १० प्राथमिक तहदेखि माथि तहसम्म भर्ना भए। यसमध्ये दलित छात्रा २ सय ७० जना र छात्र ३ सय ३२ जना रहेका छन्। सरकारी र सामुदायिक विद्यालय गरी प्राथि तहमा महिला ७५ जना

घटनाको प्रकार	गैरराज्यपक्षबाट	
	महिला	जम्मा
बालअधिकार	१	१
जम्मा	१	१

र पुरुष १ सय ५३ गरी जम्मा २ सय २८ शिक्षक कार्यरत रहेका छन्। निमाथि तहमा तहमा महिला ५ जना र पुरुष ४७ गरी जम्मा ५२ जा शिक्षक कार्यरत रहेका छन्। यसैगरी माथि तहमा महिला एक जना र पुरुष ४१ जना गरी जम्मा ४२ जा शिक्षक रहेका छन्।

बालविकास केन्द्र बालक ४६ ओटा रहेको छ। जसमा बालिका २ सय ३५ जाना र बालका २ सय १४ जना गरी जम्मा ४ सय ४ रहेका छन्। जसमध्ये दलित बालक ५५ जना र बालिका ५३ जना छन्।

यस जिल्लाको संस्कृति र परम्परागत चालचलनको प्रभाव सोझै बालबालिकाहरू माथि परेको देखिन्छ। बहुपति प्रथालाई समाजले सहजरुपमा लिने गरेको कारणले त्यस घरमा जन्मेको बच्चाहरूको बाबुको नाम फरक फरक हुन जाने भएकोले नागरिकता प्रमाणपत्र लिने र अन्य कानुनी कारबाहीमा समस्या पर्न गएको छ। त्यसैगरी कुमारी आमा बन्ने वा (ड्याालु (नाजायज सन्तान) जन्माउने कार्यले उक्त आमाबाट जन्मेका सन्तानले जीवनभर विभिन्न समस्याहरू भोग्नुपर्ने हुन्छ। नागरिकता प्रमाणपत्र सजिलैसँग प्राप्त गर्न नसकिने, पैत्रिक सम्पत्तिबाट वञ्चित हुनुपर्ने, शिक्षा, स्वास्थ्य, ममता र सुरक्षाबाट वञ्चित हुनु परेको देखिन्छ।

बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

एक आठ वर्षीया बालिकालाई ०६९ वैशाख १५ गते म्यार्दी जिल्ला लुलाङ गाविस- ४ घर भई मार्फा गाविस-९ छैरोमा ज्यालादारी गर्दै आएका ३८ वर्षीय जगबहादुर तिलिजा मगरले बलात्कार गरेको आरोपमा पीडितका आफन्तले ०६९ वैशाख २० गते जिल्ला प्रहरी कार्यालय मुस्ताङमा उजुरी दिए। आरोपितलाई सोही दिन प्रहरीले गिरफ्तार गऱ्यो। पीडितको जिल्ला अस्पतालमा स्वास्थ्य परीक्षण भयो। जिल्ला अदालतले ०६९ भदौ १५ गते एक फैसला गरी आरोपितलाई १५ वर्ष कैदको फैसला गऱ्यो।

महिलाविरुद्ध हुने सबै प्रकारको भेदभाव, दुर्व्यवहार झूमा प्रथा

यस जिल्लामा परम्परागत रूपमा झुमा प्रथा अन्तरगत परिवारकी माहिली छोरी बाध्य भई झुमा बस्नुपर्ने प्रचलन रहेकोमा हाल आएर कुनै बाध्यता नभई स्वेच्छाले झूमा बस्ने प्रचलन पनि बढ्दै गएको छ। झूमा भएर बसेपछि अन्य लामा वा ढावा सरह गुम्बामा बसेर पढ्ने, पूजाआजामा समान सहभागिता हुने, कसैको घरमा पूजाआजामा जादा पुरुष सरह वा आफ्नो दक्षताअनुसारको ज्याला वा दक्षिणा पाउने गरेको घार गुम्बाकी प्रमुख आनी छेवाङले बताइन्। अहिलेको अवस्थामा प्राय:जसो आमाले दुई सन्तान भन्दा बढी सन्तान नजन्माउने भएका कारण पनि होला माहिली छोरी झूमा भन्ने प्रसङ्गै आउँदैन। त्यसकारण यहाँका गुम्बाहरूमा झुमा बस्न आउने बालिका तथा महिलाहरू अन्यत्र जिल्लाहरू जस्तै डोल्पा, मुगु, काठमाडौँ बौद्धबाट पनि छन् भनी झोङ गाविस निवासी आनी धावा र आनी धावा खाण्डोले बताए।

जिल्ला स्वास्थ्य सेवाको अवस्था

अस्पताल	१		
स्वास्थ्यचौकी	९		
उपस्वास्थ्यचौकी	७		
पद	**दरबन्दी**	**कार्यरत**	**रिक्त**
डाक्टर	३	२	१
स्टाफ नर्स	३	१	२
ल्याब असिस्टेन्ट	३	२	१
अहेब	१९	९	१०
अनमी	१४	७	७
खोप सुपरभाइजर	१		१
क्षयरोग/कुष्ठरोग सुपरभाइजर	१	१	
हेल्थ असिस्टेन्ट	११	५	६
स्वास्थ्य कार्यकर्ता	२२	११	११

जिल्ला प्रहरी कार्यालय

जिल्ला प्रहरी कार्यालयमा ०६८ पुस १७ गतेदेखि ०६९ पुस १६ गतेसम्म बलात्कारका एक र आत्महत्याका एक ओटा मुद्दा दर्ता भए।

मध्यपश्चिमाञ्चल

४.१ दाङ

४.२ प्यूठान

४.३ रोल्पा

४.४ सल्यान

४.५ रूकुम

४.६ बाँके

४.७ बर्दिया

४.८ सुर्खेत

४.९ जाजरकोट

४.१० दैलेख

४.११ डोल्पा

४.१२ जुम्ला

४.१३ कालीकोट

४.१४ मुगु

४.१५ हुम्ला

४.१ दाङ



जिल्ला सदरमुकाम: घोराही
क्षेत्रफल (वर्ग कि. मि.): २,४५५
घरधुरी सङ्ख्या: १,१६,४१५
जम्मा जनसङ्ख्या: ५,५२,५८३
पुरुष: २,६१,०५५
महिला: २,५१,५२४
अपाङ्ग सङ्ख्या: १२,८८१
गाविस/नपा सङ्ख्या: ३८/२
पुरुष साक्षरता सङ्ख्या: १,८८,५३३
महिला साक्षरता सङ्ख्या: १,७१,५५४
हिन्दू धर्मावलम्बी प्रतिशत: ९६.४६
बौद्ध धर्मावलम्बी प्रतिशत: १.१६
इस्लाम धर्मावलम्बी प्रतिशत: ०.८७
क्रिश्चियन धर्मावलम्बी प्रतिशत: १.३४
प्रकृति धर्मावलम्बी प्रतिशत: ०.०७
वहई धर्मावलम्बी प्रतिशत: ०.०१
अन्य धर्मावलम्बी प्रतिशत: ०.०७५
प्रतिपरिवार सरदर सङ्ख्या: ४.७५

नागरिक तथा राजनीतिक अधिकार

सम्मानित रूपले बाँच्ने अधिकार

हत्या

अज्ञात समूहबाट

हापुर गाविस-९ खरीबोट ज्यामिरे निवासी नेपाली काङ्ग्रेसका सक्रिय कार्यकर्ता ८८ वर्षीय हिमबहादुर बस्नेतलाई ०६९ असोज ६ गते राति अज्ञात समूहले घाँटी रेटेर हत्या गऱ्यो। राति तीन चार जनाको समूहमा आएका अज्ञात समूहले तरवारले घाँटी रेटी बस्नेतको हत्या गरेको प्रहरीले बतायो। घटना स्थलबाट प्रहरीले एक थान छुरा, एक थान रुमालसमेत बरामद गरेको बतायो। मृतक बस्नेतको पोष्टमार्टम ०६९ असोज ७ गते राप्ती उपक्षेत्रीय अस्पताल घोराहीमा भयो। नेपाली काङ्ग्रेस दाङ क्षेत्र नं. ३ ले ०६९ असोज ७ गते एक विज्ञप्ति जारी गरी घटनाको भर्त्सना गर्दै दोषीको पहिचान गरी कडा कारवाही गर्न माग गऱ्यो। घटनामा संलग्न रहेको आरोपमा हापुर गाविस-६ हिक्मतपुरका २१ वर्षीय भीमबहादुर रोका, नारायणपुर गाविस-२ पेरनीका २० वर्षीय सुकलाल विक र बिजौरी गाविस-१ दुधरासका २० वर्षीय चूडामणि घर्तीलाई प्रहरीले ०६९ असोज २५ गते गिरफ्तार गऱ्यो। अभियुक्तहरू जिल्ला अदालत दाङको ०६९ कात्तिक २ गतेको आदेशअनुसार पुर्पक्षका लागि थुनामा छन्। मृतकको शव स्थानीय दरीबोट खोलामा ०६९ असोज ८ गते दाहसंस्कार भयो ।

गोली/विस्फोटक पदार्थद्वारा घाइते

मधेसी जनअधिकार युवा फोरमबाट

गढवा गाविस-५ चिल्लेमा मेला भर्न गएका नेपाली काङ्ग्रेस र मधेसी जनअधिकार युवा फोरमका युवाहरूबीच भएको विवादमा गोली चल्दा ०६९ कात्तिक ५ गते राति गङ्गापरस्पुर गाविस-८ बाँकीका १८ वर्षीय नारायण थापा, १९ वर्षीय वर्षात योगी र १८ वर्षीय बुद्धिराम चौधरी घाइते भए। घाइतेमध्ये चौधरीको टाउको, योगीको खुट्टा र थापाको पेटमा गोली लागेको प्रहरीले बतायो। घाइतेको घोराहीस्थित राप्ती उपक्षेत्रीय अस्पतालमा प्राथमिक उपचारपछि थप उपचार नेपालगञ्जमा भयो। चुरे क्षेत्र बचत तथा ऋण सहकारी संस्था गढवाको असोज २१ गते भएको निर्वाचनको विषयलाई लिएर गढवा गाविस-२ गढवा निवासी खुमबहादुर कुँवर र सुरेश योगीबीच सामान्य विवाद भएपछि मेलाबाट फर्किने क्रममा गोली चलेको प्रहरीको भनाइ छ। घाइतेहरू नेपाली काङ्ग्रेसका कार्यकर्ता भएको र गोली प्रहार मधेसी जनअधिकार युवा फोरमका केन्द्रीय सङ्गठन विभाग प्रमुख वीरेन्द्र चौधरी सहितको समूहले गरेको नेपाली काङ्ग्रेस दाङले आरोप लगायो। फोरमले भने फरार अभियुक्त आफ्नो पार्टीको कार्यकर्ता भएता पनि घटनामा पार्टीको नीति अनुरुप नभएको बतायो। अभियुक्तहरू विरुद्ध प्रहरीले ०६९ कात्तिक ६ गते ज्यान मार्ने उद्योगमा मुद्दा दर्ता गराए पनि यो वर्षको अन्त्यसम्म गिरफ्तार भएनन् ।

जेल र बन्दीहरू

तुलसीपुर कारागार

"घ" श्रेणीको तुलसीपुर कारागारको बन्दी

घटनाको प्रकार	गैरराज्यपक्षबाट		
	महिला	पुरुष	जम्मा
घाइते		४	४
बालअधिकार	३		३
महिलाअधिकार	३		३
जातीय विभेद	१		१
कुटपिट	३	३	४
धम्की		३	३
हत्या	५	३	८
जम्मा	१३	११	२४

क्षमता १ सय जना रहेको छ। यो वर्षको अन्त्यसम्म कैद तोकिएको महिला १३, पुरुष १ सय २ र कैद नतोकिएका महिला एक र पुरुष सात कैदी र थुनुवा गरी जम्मा १ सय २३ जना बन्दीहरू रहेका छन्। जसमा आश्रित बालक एक र बालिका दुई गरी जम्मा तीन जना रहेका छन्। गत आर्थिक वर्षमा कारागारको स्तरवृद्धि गर्ने कार्यक्रम अनुरुप नयाँ कारागार भवन तीन वर्षभित्र निर्माण गर्ने लक्ष्यका साथ भवन निर्माण भइरहेको छ। कारागारमा शौचालय, खानेपानी, पत्रपत्रिका, क्यारेमबोर्ड, लुडो, टिटी, भलिबललगायतका सेवा सुविधा उपलब्ध छन्।

घोराही कारागार

"ङ" श्रेणीको घोराही कारागारको बन्दी क्षमता ५० जना रहेको छ। यो वर्षको अन्त्यसम्म कैद तोकिएका पुरुष ९६ र कैद नतोकिएको ४४ कैदी र थुनुवा गरी जम्मा १ सय ४० जना बन्दीहरू रहेका छन्। यस कारागारको निर्माण वि.स. २०६२ सालमा भएको हो। कारागारमा दुईओटा व्लक सहितको पक्की बन्दीगृह, शौचालय, भलिबल कोर्ट, टि.टी. बोर्ड लगायतका भौतिक पूर्वाधार एवं खेलकुद, पत्रपत्रिका, सूचना र मनोरञ्जनको लागि टेलिभिजनको उपलब्धता लगायतका न्यूनतम सेवा सुविधाहरू रहेका छन्।

धम्की/कुटपिट

राज्यबाट

घोराही नपा-३ वर्गदी निवासी थारु पत्रकार सङ्घ दाङका सदस्य २६ वर्षीय रुन्चुराम चौधरीलाई कपिलवस्तु जिल्लामा नेपाली सेनामा कार्यरत सोही ठाउँका ३२ वर्षीय खोपीराम डाँगीले ०६९ कात्तिक ९ गते खुकुरी प्रहार गरी घाइते बनाएको थारु पत्रकार सङ्घ दाङले बतायो। पीडितका बुबाले खेतमा सिचाईं गरिरहेको अवस्थामा मादक पदार्थ सेवन गरेका डाँगीले पीडितका बुबालाई दुर्व्यवहार गरेको र सो कुरा जानकारी पाएपछि रुन्चुराम सो स्थानमा पुगे लगत्तै डाँगीले नजिकै रहेको मामा नाता पर्नेका घरबाट खसी काट्ने भनेर खुकुरी ल्याई रुन्चुराम माथि प्रहार गरेको पीडितले बताए। पीडितको टाउकोमा चोट लागेको थियो भने दाहिने हात र खुट्टा नचल्ने भएको छ। पीडित चौधरीको नेपालगञ्जमा उपचार भयो। पीडितले ०६९ कात्तिक १२ गते उजुरी दिए। प्रहरीले घटनाको अनुसन्धान भइरहेको प्रतिक्रिया दियो तर आरोपित यो वर्षको अन्त्यसम्म गिरफ्तार भएनन्।

अन्यबाट

ढिकपुर गाविसका गाविस सचिव खिमेन्द्रसिंह खड्कालाई गाविसमा विद्युत विस्तारका लागि गठन गरिएको उपभोक्ता समितिका अध्यक्ष रामकृष्ण शाहले ०६९ भदौ १० गते ज्यान मार्ने धम्की दिएको पीडितले बताए। ढिकपुर गाविस अन्तर्गत बकुलाई, अस्परी, कर्मटुवा र भगवानपुर विद्युत विस्तारका लागि छुट्याइएको ३ लाख १ हजार ५ सय ५५ रुपियाँको योजनामा भ्रष्टाचार भएको ठहर गरी गाविसको सर्वपक्षीय बैठकले शाहसँग रकम असुल गर्ने निर्णय गर्दै शाह प्रति खेद व्यक्त गरे पछि शाहले कार्यालयमा पुगेर तथानाम गाली गर्दै मार्ने धम्की दिएको पीडितले बताए। घटनाको गाविस सचिवको साझा सङ्गठन गाविस हकहित संरक्षण केन्द्र दाङले ०६९ भदौ १८ गते विज्ञप्ति निकाली कारबाहीको माग गऱ्यो। आरोपित शाहले ०६९ भदौ १९ गते विज्ञप्ति मार्फत् आफूले मार्ने धम्की दिएको भन्ने कुरा निराधार भएको बताए। पीडितले कतै उजुरी दिएनन्।

अभिव्यक्ति, भेला हुने र संगठित हुने अधिकार

(राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

यस वर्ष जिल्लामा विभिन्न सङ्घ-सङ्गठनहरूद्वारा नेपाल बन्द, जिल्ला बन्द र चक्का जाम गरी ३८ दिन बन्द भयो।

स्वेच्छिक अवकाश रोजेका पूर्व माओवादी लडाकुले पाए सरह रकम आफूहरूले पनि पाउनु पर्ने माग राख्दै वहिरगर्मित पूर्व माओवादी लडाकुहरूले ०६९ असोज १६ देखि १७ गतेसम्म गरेको राप्ती अञ्चल बन्दका क्रममा बन्दको अवज्ञा गरेको भन्दै रेडियो नेपालका दाङका सम्वाददाता अमर क्षितिज

भण्डारीलाई बन्दकर्ताले दुर्व्यवहार गरे। समाचार संकलनका क्रममा हिँडेका पत्रकारलाई तुलसीपुर चोकमा उनी चढेको रा १ प ५२११ नम्बरको मोटर साइकिल पल्टाइ दुर्व्यवहार गरेको पीडितले बताए। घटनामा मोटरसाइकलको अगाडिको सिसा फुट्नुका साथै पीडितको देब्रे खुट्टामा सामान्य चोट लाग्यो। नेपाल पत्रकार महासङ्घ, प्रेस युनियन, क्रान्तिकारी पत्रकार सङ्घ, प्रेस चौतारी लगायतले ०६९ असोज १६ गते विज्ञप्ति प्रकाशन गरी घटनाको भर्त्सना गरे।

सुगम र निष्पक्ष न्यायिक अधिकार

पुनरावेदन अदालत

०६८ साउनदेखि ०६९ असार मसान्तसम्म

तीन जना मात्र न्यायाधीश रहेको पुनरावेदन अदालत तुलसीपुरको फौजदारी मुद्दातर्फ ३ सय ९५ मध्ये २ सय ७३ थान फैसला भए भने १ सय २२ थान फैसला हुन बाँकी रहे। देवानी मुद्दातर्फ २ सय ४४ थानमध्ये १ सय ३५ थान फैसला भए भने १ सय ९ थान फैसला हुन बाँकी रहे। देवानी तर्फ दुई वर्ष नाघेका तीन थान मुद्दा रहे।

०६९ साउनदेखि पुस १५ सम्म

फौजदारी मुद्दातर्फ २ सय ६१ थानमध्ये ६० थान फैसला भए भने २ सय १ थान फैसला हुन बाँकी रहे। देवानी मुद्दातर्फ २ सय १६ थानमध्ये ६१ थान फैसला भए भने १ सय ५५ थान फैसला हुन बाँकी रहे।

जिल्ला अदालत

०६८ साउनदेखि ०६९ असार मसान्तसम्म

एक जनामात्र न्यायाधीश रहेको यस जिल्ला अदालतको फौजदारी मुद्दातर्फ ६ सय ६३ थानमध्ये ४ सय ८१ थान फैसला भए भने १ सय ८२ थान फैसला हुन बाँकी रहे। देवानी मुद्दातर्फ ६ सय ५४ थानमध्ये ४ सय ३८ थान फैसला भए भने २ सय १६ थान फैसला हुन बाँकी रहे।

०६९ साउनदेखि पुस १५ सम्म

यस जिल्ला अदालतको फौजदारी मुद्दातर्फ ४ सय ३४ थानमध्ये १ सय ८१ थान फैसला भए भने २ सय ५३ थान फैसला हुन बाँकी रहे। देवानी मुद्दातर्फ ४ सय २८ थानमध्ये १ सय ६१ थान फैसला भए भने २ सय ६७ थान फैसला हुन बाँकी रहे।

जिल्ला सरकारी वकिलको कार्यालय

जिल्ला सरकारी वकिलको कार्यालयबाट ०६८ साउनदेखि ०६९ असार मसान्तसम्म दायर मुद्दाको सङ्ख्या १ सय ७ थान छ। जसमध्ये ५५ थान सफल भए भने ३३ थान असफल भएको छ। सरकारी वकिल सङ्ख्या दुई रहेको यस जिल्ला कार्यालयबाट दायर मुद्दामध्ये ०६९ असार मसान्तसम्म १६ थान मुद्दा बाँकी रहेको सरकारी वकिलको कार्यालयले जनायो।

दायर मुद्दामध्ये कर्तव्य ज्यानसम्बन्धी मुद्दा ४१ थानमध्ये ३० थानसफल र दुई थान असफल रह्यो। बलात्कार सम्बन्धी मुद्दा ३५ थानमध्ये १४ थानसफल र १६ थान असफल रह्यो। महिला बेचबिखनसम्बन्धी मुद्दा तीन थानमध्ये दुई थान सफल र एक थान असफल रह्यो। अपहरणसम्बन्धी मुद्दा १९ मध्ये ४ थान सफल र १२ थान असफल रह्यो। बहुविवाहसम्बन्धी मुद्दा नौ थानमध्ये पाँच थान सफल र दुई थान असफल रह्यो। जिल्ला सरकारी वकिलको कार्यालयबाट ०६९ साउनदेखि ०६९ पुससम्म दायर मुद्दाको सङ्ख्या २७ थान छ जसमध्ये एक थान सफल भयो।

बालअधिकार

शिक्षाको अवस्था

जिल्लामा विद्यालय जाने उमेरका १ लाख ३७ हजार ९ सय ४९ जनामध्ये छात्र ६५ हजार ५ सय ६५ र छात्रा ७२ हजार ३ सय ८४ प्राथमिक तहदेखि १२ कक्षासम्म भर्ना भए। सरकारी र सामुदायिक विद्यायलय गरी प्रावि तहमा महिला र पुरुष गरी १ हजार ६ सय ९५ शिक्षक कार्यरत छन्। निमावि तहमा महिला पुरुष गरी ४ सय १२ शिक्षक कार्यरत छन्। मावि तहमा २ सय ७६ शिक्षक रहेको जिल्ला शिक्षा कार्यालय दाङले जानकारी दिएको छ। ५ सय ८६ बालविकास केन्द्रहरूमा छात्र ४ हजार ५ सय ६० र छात्रा ५ हजार ९ सय ८८ गरी जम्मा १० हजार ५ सय ४८ रहेका छन्। यस जिल्लामा शिक्षा कार्यालयले शिक्षा सम्बन्धी सबै तथ्याङ्क अद्यावधि गरेको पाइएन।

हत्या

फूलबारी गाविस-२ अम्बापुरका ५ वर्षीय अनिश वली ०६९ कात्तिक २९ गते बेपत्ता भएकोमा ०६९ मङ्सिर १२ गते सडेको अवस्थामा प्रहरीले शव फेला पाऱ्यो। बालक हत्याको आरोपमा प्रहरीले सोही गाविसका ४१ वर्षीय जिवेश परियार, उनका ११ वर्षीय

छोरा जगदिश परियार र सोही ठाउँका २८ वर्षीया बालिका नेपालीलाई गिरफ्तार गरी ०६९ मङ्सिर २१ गते पत्रकार सम्मेलन मार्फत सार्वजनिक गऱ्यो। प्रहरीले जिवेश परियारलाई भैरहवाको अम्बापुर इट्टा भट्टाबाट मङ्सिर १८ गते, जगदिशलाई सोही दिन उनकै घरबाट र बालिकालाई मङ्सिर २० गते तुलसीपुर नपा-११ अश्वाराबाट प्रहरीले गिरफ्तार गरेको थियो। घटनाका आरोपी बालिकाका छोरा १२ वर्षीय युवराज नेपाली हालसम्म फरार छन्। प्रहरीका अनुसार मृतक बालक अनिश वलीले ०६९ कात्तिक २९ गते बुबाको मोवाइल छिमेकीलाई देखाउन गएको र मोबाइल नदिएपछि जगदिश परियार र युवराज नेपालीले धकेलेर बालकलाई खाडलमा खसाएर बेहोस बनाएका थिए। बालक घाइते भएपछि जिवेश परियारले अनिशलाई डोरीले घाँटी कसेर हत्या गरी थैलोमा हालेर जङ्गलमा पुऱ्याई फालेका थिए। अभियुक्तहरूको विषयमा थप अनुसन्धान भइरहेको प्रहरीले बतायो।

सल्यान जिल्ला धनबाङ गाविस-१ स्थायी घर भई तुलसीपुर नपा-८ माइती घरमा बस्दै आएकी १८ वर्षीया टीका पुनले २३ दिनकी छोरी मुना पुनलाई ०६९ जेठ ९ गते राति घाटी थिचेर हत्या गरिन्। प्रहरीका अनुसार पुनलाई पतिले पटक-पटक छोरी आफ्नो नभएको भनी मानसिक दवाव दिएकाले उनले छोरीको हत्या गरेको थिइन्। अभियुक्त पुनलाई ०६९ जेठ १० गते प्रहरीले गिरफ्तार गऱ्यो। जिल्ला अदालत दाङको ०६९ जेठ २५ को आदेशले पुन हाल पुर्पक्षका लागि थुनामा छिन्।

बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

एक १३ वर्षीया बालिकालाई तुलसीपुर नपा-५ बसपार्कमा ०६८ चैत ७ गते राति सामूहिक बलात्कार गरेको आरोपमा शङ्खमुल गाविस-७ छायाँक्षेत्र सल्यानका १७ वर्षीय सुवास वली, छायाँक्षेत्रका १६ वर्षीय विकास पुन, १५ वर्षीय मोहन विक, सोही गाविस-९ का १६ वर्षीय रवीन नेपाली, खलङ्गा गाविस-५ का १६ वर्षीय अम्मर श्रेष्ठलाई प्रहरीले ०६८ चैत ७ गते गिरफ्तार गऱ्यो। घटनामा संलग्न नाम ठेगान खुल्न नसकेका टाइगर भनिने फरार रहेको प्रहरीले बतायो। गिरफ्तार परेकाहरूलाई इलाका प्रहरी कार्यालय तुलसीपुरले ०६८ चैत ८ गते पत्रकार सम्मलेन गरी सार्वजनिक गऱ्यो। पत्रकार सम्मेलनमा दिइएको जानकारी अनुसार अभियुक्तहरूलाई तुलसीपुर नपा-५ बसपार्कमा ती बालिकालाई ना ३ ख ५५९१ नम्बरको बसमा सामूहिक बलात्कार गर्दै गरेको अवस्थामा ०६८ चैत ७ गते राति करीब साढे १० बजे गिरफ्तार गरेको थियो। आरोपितहरू जिल्ला अदालत दाङको ०६८ चैत २९ गतेको आदेशमा पुर्पक्षका लागि थुनामा रहेका छन्।

महिलाविरुद्ध हुने सबै प्रकारको भेदभाव, दुर्व्यवहार

हत्या

बाघमारे गाविस-२ अमुवाकी ४२ वर्षीया भूमि कँडेलालाई ०६८ माघ १२ गते अज्ञात समूहले धारिलो हतियार प्रहार गरी हत्या गऱ्यो। स्याउला लिन जङ्गल गएकी कँडेल रातिसम्म घर नफर्किए पछि खोज्न गएका परिवारका सदस्यले उनको शव क्षतविक्षत अवस्थामा सोही गाविसको धारापानी सामुदायिक वनको चिरामा राति १० बजे फेला पारेका थिए। प्रहरीका अनुसार स्याउला लिन गएकी कँडेलको डोकोमा स्याउला भरिएको र उनले लगाएको चप्पल शवको करिब एक सय मिटर टाढा रहेको अवस्थामा थियो। हत्या कसले किन गरेको भन्ने अहिलेसम्म थाहा हुन नसकेको प्रहरीले बतायो। शवको पोष्टमार्टम राप्ती अञ्चल अस्पताल तुलसीपुरमा भयो। यो वर्षको अन्त्यसम्म घटनामा संलग्नको पहिचान हुन सकेन।

घरेलु हिंसा

परिवारजनबाट हत्या

घोराही नपा-१ स्थानी अम्मबापुरका ४९ वर्षीय पूर्णबहादुर पुन मगरले आमा ९० वर्षीया बिनकला पुन मगरलाई ०६८ फागुन ९ गते राति कुटपिट गरी हत्या गरे। मादकपदार्थ सेवन गरेका पूर्णले घरायसी विवाद हुँदा कुटपिट गरी आमाको हत्या गरेको जिल्ला प्रहरी कार्यालय दाङले बतायो। अभियुक्त पुनलाई ०६८ फागुन १० गते प्रहरीले गिरफ्तार गऱ्यो। शवको पोष्टमार्टम फागुन १० गते राप्ती उपक्षेत्रीय अस्पताल घोराहीमा भयो। आरोपित जिल्ला अदालतको ०६८ फागुन २८ गतेको आदेशमा पुर्पक्षका लागि थुनामा छन्।

डुरुवा गाविस-५ पहरूवाकी ३१ वर्षीया प्रदेशनी चौधरीको पती ३५ वर्षीय प्रेमलाल चौधरीको कुटपिटबाट ०६९ वैशाख २९ गते मृत्यु भयो। मादकपदार्थ सेवन गरेका चौधरीले नसाको झोकमा कुटपिट गरी हत्या गरेको हुन सक्ने प्रहरीले बतायो। पत्नीको हत्यापछि अभियुक्त प्रेमलाल ३० गते बिहान बिजौरी गाविस-४ स्थित हेन्तापुर प्रहरी चौकीको सम्पर्कमा आएका थिए। आरोपित जिल्ला अदालत

दाङको ०६९ जेठ १८ गतेको आदेशमा पुर्पक्षका लागि थुनामा छन्।

पवननगर गाविस-२ बयालेका ३० वर्षीय इमबहादुर घर्तीको कुटपिटबाट ३० वर्षीया पत्नी पुष्पा घर्ती र ९ महिनाको छोरा खुमबहादुर घर्तीको ०६९ मङ्सिर २ गते मृत्यु भयो। अत्यधिक मादक पदार्थ सेवन गरेका घर्तीले घरयासी विवाद पछि बञ्चरो प्रहार गरी पत्नी र छोराको हत्या गरेको प्रहरीले बतायो। बञ्चरो प्रहारबाट खुमबहादुरको घटनास्थलमै र पुष्पाको राप्ती अञ्चल अस्पताल तुल्सीपुरमा उपचारका क्रममा मृत्यु भएको थियो। घटनाका आरोपित इमबहादुरलाई ०६९ मङ्सिर ३ गते प्रहरीले गिरफ्तार गऱ्यो। आरोपित जिल्ला अदालत दाङको ०६९ मङ्सिर १८ गतेको आदेशमा पुर्पक्षका लागि थुनामा छन्।

घर निकाला

रामपुर गाविस-९ सिमलताराकी ३० वर्षीया महिलालाई पति गोकर्ण वलीले ०६८ फागुन १० गते कुटपिट गर्दै घर निकाला गरे। विगत दुई वर्षदेखि पतिले पटक-पटक मानसिक दवाव दिँदै आएको पीडितले बताइन्। केही समय ओरेक दाङको सेफ हाउसमा बसेकी पवित्रा हाल घोराहीमा डेरा गरी बस्दै आइरहेकी छिन्। उनले ओरेक दाङको सहयोगमा ०६९ मङ्सिर २० गते मुद्दा दर्ता गराइन्। यो वर्षको अन्तसम्म अदालतबाट मुद्दाको फैसला भएको छैन।

मानपुर गाविस-९ बेलझुण्डीकी १८ वर्षीय कविता नेपालीलाई पति अभ्यास वलीले ०६९ जेठ २९ गते अलपत्र पारी बेपत्ता भए। ०६९ जेठ १९ गते अभ्यासले कवितासँग अन्तरजातीय प्रेम विवाह गरेको र उनका परिवारले अभ्यासलाई ०६९ जेठ २९ गते घरमा बोलाएको र अभ्यासले पनि कवितालाई घरमा बोलाएका थिए। कविता घरमा आउँदा घर परिवार कोही पनि नभएको र अभ्यास पनि सम्पर्कमा नभएकाले आफू अलपत्र परेको पीडितले बताइन्। पीडितले ०६९ असार १८ गते जिल्ला प्रहरी कार्यालय दाङमा उजुरी दिइन्। पीडक हालसम्म फरार रहेका छन्। कविता हाल काठमाडौँ कपन स्थित माइती घरमा बस्दै आएकी छिन्।

डुरुवा गाविस-६ कुरहरीयाकी ४० वर्षीया जोमोती चौधरीलाई पति खिमलाल चौधरी र घर परिवारले बच्चा जन्माउन नसकेको आरोपमा ०६७ कात्तिक ९ गते घर निकाला गरेको पीडितले बताइन्। घर परिवारले यस अघि पनि पटक-पटक मानसिक दवाव दिदै कुटपिट गर्दै आएको पीडितले बताइन्। ०५० सालमा उनी गर्भवती भएको समयमा ससुरा कुलबहादुर चौधरीले हातखुट्टा, कोदालोको विंडले निर्मम तरिकाले कुटपिट गरेको पीडितको भनाइ छ। यातनाकै कारण छ महिनाको गर्भ नेपालगञ्जमा अप्रेशन गरी निकालिएको र तीनओटा बच्चा यसरी नै गर्भपतन भएको उनको भनाइ छ। दिनहुँ कुटाई सहेर बसेकी उनीलाई बच्चा जन्माउन नसकेको आरोपमा पतिले ०६६ फागुन २१ गते वहुविवाह गरी घरबाट खाली हात निकालिदिए। उनले ०६९ असार १३ गते जिल्ला अदालतमा अंश मुद्दा दिइन। अदालतबाट यो वर्षको अन्तसम्म मुद्दाको टुङ्गो लागेन। हाल उनी अर्काको घरमा काम गरेर बस्दै आइरहेकी छिन्।

बहुविवाह

गोल्टाकुरी गाविस-६ कमल खोलाका २६ वर्षीय कृष्ण पुनले सोही ठाउँकी २२ वर्षीया राधा केसीसँग ०६९ भदौ १ गते बहुविवाह गरे। कमलकी पत्नी राधा पुन विदेश कमाउन गएको अवस्थामा एक छोरीकी आमासँग विवाह गरेको स्थानीय विष्णु गौतमले जानकारी दिइन्। पीडितले कतै उजुरी दिइनन्।

कुटपिट

लक्ष्मीपुर गाविस-६ बालिमकी २८ वर्षीया अनिता नेपालीका पति सुरेश नेपालीले अनिताको नाममा भएको चार कठ्ठा जग्गा आफ्नो नाममा पास नगरिदिएको आरोपमा ०६९ फागुन १ गते मरणाशन्न हुने गरी कुटपिट गरी घाइते बनाएको पीडितले बताइन्। जिल्ला प्रहरी कार्यालयको सहयोगमा सोही दिन उनको राप्ती उपक्षेत्री अस्पतालमा उपचार भयो। पीडितले ०६९ असार २८ गते गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिइन्। आरोपित सुरेशलाई प्रहरीले ०६९ साउन १ गते गिरफ्तार गऱ्यो र सोही दिन सामान्य तारेखमा छाड्यो। तारेखको समयमा प्रहरीले सुरेशलाई पटक-पटक खबर गर्दा पनि उपस्थित नभएकोले घटनाका बारेमा कुनै पनि कानुनी प्रक्रिया अगाडि नबढेको पीडितले बताइन्। अनिता हाल ओरेक नेपालको संरक्षणमा छिन।

दुर्व्यवहार

तुलसीपुर नपा-७ बल्लेकी ३४ वर्षीया दीलकुमारी परियारलाई सोही ठाउँका ५३ वर्षीय खिमबहादुर घर्तीले ०६९ असोज ६ गते दुर्व्यवहार

गरेको स्थानीय अनिता बुढाले जानकारी दिइन्। पीडित महिलाले स्थानीय लालीगुँरास आमा समूहमा आफूलाई बोक्सी भनी दुर्व्यवहार गरेको भन्दै जानकारी गराए पछि आमा समूहको पहलमा ०६९ असोज ७ गते पीडक घर्तीले आफूले अञ्जानमा गल्ती गरेको भन्दै माफी मागे र २ हजार ५ सय रुपियाँ जरिवाना तिर्न मन्जुर भए पछि दुवै पक्षबीच मिलापत्र भयो।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार संरचना, सम्पति क्षति

अज्ञात समूहबाट

तुलसीपपुर नपा-६ का उद्योग वाणिज्य सङ्घ दाङका अध्यक्ष ३८ वर्षीय टेकनप्रसाद बस्नेतको सोही ठाउँमा रहेको आशीर्वाद फुड प्रोडक्शनमा ०६८ पुस १७ गते राति अज्ञात समूहले बम विष्फोट गरायो। विष्फोटबाट मिलको ढोका, भवनको छानो र बोराहरूमा सामान्य क्षति भएको पीडितले बताए। सो स्थानमा जनतान्त्रिक तराई मधेस मुक्ति पार्टीको पर्चा र कालो ब्यानर फेला परेको इलाका प्रहरी कार्यालय तुलसीपुरले जानकारी दियो। एक व्यक्तिले टेलिफोन गरी बस्नेतसँग पुस १७ गते राति ५ लाख रुपियाँ चन्दा माग गरेको र चन्दा नदिएको भन्दै चेतावनी स्वरुप बम विष्फोट गराइएको पीडितले बताए। घटनामा संलग्नको यो वर्षको अन्त्यसम्म पहिचान हुन सकेन।

धनौरी गाविस-५ कोरबाङ्का सरोज भण्डारीको घरमा रोकी राखेको भे १ ज ३९३ नम्बरको गाडीमा अज्ञात समूहले ०६८ माघ १५ गते राति करीब १ बजेतिर आगजनी गरी क्षति पुऱ्यायो। आगजनी कसले के कारणले गरेको भन्ने बारेमा यो वर्षको अन्त्यसम्म पहिचान हुन सकेन।

तुलसीपुर नपा-५ का कृष्ण बुढाथोकीको लु १ ख ४६८१ नम्बरको बसभित्र तुलसीपुर नपा-५ स्थित नयाँ बसपार्कमा अज्ञात समूहले ०६८ चैत ९ गते दिउँसो प्रेसर कुकुर बम बिस्फोट गरायो। सल्यानतर्फ जाने अवस्थामा रहेको बस छुटनु दश मिनेट पहिले बस भित्र राखिएको बम बिस्फोट भएको थियो। बिस्फोटबाट ढुङ्गेवगर सल्यानका करीब २१ वर्षका प्रभात नाम गरेका युवकको दुवै हातमा सामान्य चोट लागेको र तुलसीपुर नपा-५ बसपार्क स्थित भुवन मेडिकलमा सामान्य उपचार पछि घर फर्किएको गाडीका कन्डक्टर गोविन्द न्यौपानेले बताए। विस्फोटनबाट प्रभातकी पत्नी पनि दुवै कान नसुन्ने भइन्। घटनामा बसमा सामान्य क्षति भयो। विष्फोटको जिम्मा लिदै भूमिगत जनतान्त्रिक तराई मधेस मुक्ति पार्टीका जिल्ला संयोजक बारुतले सोही दिन सञ्चारमाध्यममा पत्र पठाए। घटनाको नेपाल यातायात स्वतन्त्र मजदुर सङ्गठनले चैत्र ९ गते विज्ञप्ति निकाली विरोध जनायो।

अन्यबाट

राष्ट्रिय अखण्डाता, र जातीय राज्यको विरोधमा ब्राह्मण, क्षेत्री, ठकुरी, मुस्लिम, दलितलगायतका जातजातिका विभिन्न सङ्गठनले ०६९ वैशाख २८ गते देखि गरेको तीन दिने बन्दको कारण शिक्षण संस्था बजार, कलकारखाना, ठप्प हुँदा सर्वसाधारण मर्कामा परे। बन्दको अवज्ञा गरेको भन्दै बन्दकर्ताले ०६९ वैशाख २८ गते कृष्णनगरबाट स्वर्गद्वारी दर्शनका लागि भारतीय तीर्थालु बोकेर घोराही आउँदै गरेको रा १ ख ३१६ नम्बरको बसमा घोराहीको ट्राफिक चौक नजिक बिहान तोडफोड गरे। तोडफोडबाट बसका सम्पूर्ण सिसा फुटे। सोहीदिन बन्दकर्ताले तुलसीपुरमा रुकुमबाट नेपालगञ्ज तर्फ जाँदै गरेको युनिसेफ क्षेत्रीय कार्यालय नेपालगञ्जको ६६/१/१३२ नम्बर जीपको चार ओटै चक्काको हावा फालिदिए। त्यस्तै बन्दको क्रममा घोराहीमा पत्रकार लोकराज साधकको रा १ प २९ नम्बरको मोटरसाइकिल तोडफोड गरियो। तुलसीपुरमै रेडियो प्रकृतिका प्राविधिक प्रमुख जनक केसीलाई समेत बन्दकर्ताले दुर्व्यवहार गरेको केसीले बताए। परिचयपत्र देखाउँदा समेत वन्दको समयमा मोटरसाइकिल चलाए आगो लगाइदिने भन्दै अपशब्द प्रयोग गरेको केसीको भनाइ छ। तोडफोड तथा दुर्व्यवहारको जिल्लास्थित नेपाल पत्रकार महासङ्घ, प्राविधिक सङ्घ र रेडियो प्रकृति एफएम दाङले वैशाख २८ गते छुट्टाछुट्टै विज्ञप्ति मार्फत निन्दा गरे।

जातीय पहिचान सहितको सङ्घीय राज्य स्थापनाको माग गर्दै सङ्घीय पक्षधर संयुक्त सङ्घर्ष समितिले ०६९ जेठ १ गते देखि गरेको बन्दको क्रममा बन्दकर्ताहरूले जिल्लाका विभिन्न स्थानमा सवारीका साधन तोडफोड गरे। बन्दकर्ताले बन्दको अवज्ञा गरेको ०६९ जेठ १ गते काठमाडौंबाट नेपालगञ्ज जाँदै गरेको डोल्पा जिल्ला चन्दननाथ गाविस-८ स्थायी घर भई जिल्ला वन कार्यालय जुम्लामा कार्यरत ३९ वर्षीय गगनराज महतराको भे १ प ९५६१ नम्बरको मोटर साइकलमा बिहान पूर्व पश्चिम राजमार्ग अन्तर्गत देउखुरीस्थित सोनपुर गाविस-१ नर्तीमा आगजनी गरे।

त्यस्तै काठमाडौँबाट नेपालगञ्ज जाँदै गरेको ना ४ ख २५५० र काठमाडौँबाट तुलसीपुर तर्फ आउँदै गरेको ना ४ ख ६४०६ नम्बरको गाडीमा समेत बन्दकर्ताले तोडफोड गरी क्षति पुऱ्याए। दाङको सतबरीयामा जेठ ३ राति आन्दोलनकारीले घोराहीबाट यात्रु लिएर नेपालगञ्जबाट तर्फ जाँदै गरेको लु १ च ४४५६ नम्बरको जिप नियन्त्रणमा लिए। त्यस्तै बन्दकर्ताले जेठ २ बेलुकी घोराहीमा रा १ प १५३५ र रा २ प २११ नम्बरको मोटरसाइकल तोडफोड गरे । जेठ ४ गते राति बन्दको अवज्ञा गरेको भन्दै बन्दकर्ताले दाङको सतवरिया गाविस-५ को चोकमा एउटा मोटरसाइकल र एउटा ट्रकमा तोडफोड गरे। त्यस्तै ना २ ख ७२०६ नम्बरको ट्रक तोडफोड गरियो। जेठ ६ गते घोराहीको ट्राफिक चोकमा रा १ प ८८१८ नम्बर र सहिद गेट नजिक ग ३ प ८६८२ नम्बरको मोटरसाइकिल तोडफोड गरे। जेठ ७ गते घोराही नपा स्थित परिवार नियोजनको कार्यालय अगाडि रा २ प ४७५ नम्बरको मोटरसाइकिल तोडफोड गरे। तुलसीपुर स्थित गुम्बा चोकमा ना ४ ख २३१३ नम्बरको बस तोडफोड भयो। जेठ ८ गते राति पूर्वबाट नेपालगञ्ज जाँदै गरेको ना ३ ख ७ नम्बरको ट्रकमा पूर्वपश्चिम राजमार्ग अन्तर्गत सतबरीया भन्ने स्थानमा राति बन्दकर्ताले तोडफोड गरे। त्यस्तै बन्दको अवज्ञा गरेको भन्दै लालमटियास्थित दूरसञ्चार कार्यालयको रा १ प ९६५४ नम्बरको मोटरसाइकलमा भदौ ७ गते दिउँसो तोडफोड भयो। पूर्वपश्चिम राजमार्ग अन्तर्गत कालाकाटे भन्ने स्थानमा रोकिराखेको रा १ प ५९९२ नम्बरको मोटरसाइकलमा आगजनी भयो। सोही दिन लमहीमा ना ४ ख ४८११ नम्बरको बस तोडफोड गरे। तोडफोडबाट बाँके कोहलपुर घर भएकी ६० वर्षीया मगमाया थापाको निधारमा सामान्य चोट लागेको प्रहरीले बतायो।

नेपाली काङ्ग्रेसका नेता खुमबहादुर खड्कालाई सर्वोच्च अदालतले भ्रष्टाचारी ठहर गरेको फैसला पुनरावलोकन र मुद्दाको फैसला पूर्ण इजलासबाट गरिनुपर्ने माग गर्दै नेपाल विद्यार्थी सङ्घ र तरुण दल दाङले ०६९ भदौ ५ गते गरेको एक दिन जिल्ला बन्द गरे। बन्दको अवज्ञा गरेको भन्दै घोराही स्थित पुरानो बैंक रोडमा रा १ प ११३३ नम्बरको मोटर साइकिल तोडफोड गरे। त्यसैगरी तुलसीपुर खानेपानी उपभोक्ता तथा सरसफाइ संस्थाको रा १ प १८९१ नम्बरको मोटरसाइकिलसमेत तोडफोड गरेको संस्थाले बतायो। त्यसैगरी बन्दकर्ताहरूले तुलसीपुरमा रहेको बम्बे हेयर सैलुनभित्र समेत ऐना तोडफोड गरेको पीडितले बताए। घटना सम्बन्धमा खानेपानी उपभोक्ता तथा सरसफाइ संस्थाले सोही दिन विज्ञप्ति निकाली घटनाको विरोध गर्दै तुलसीपुर क्षेत्रमा खानेपानी सेवा बन्द गराए। सो कार्यको नागरिक समाज दाङले भदौ ६ गते विज्ञप्ति प्रकाशन गरी पानी तत्काल सुचारु गर्न माग गऱ्यो। बन्दकर्ता र संस्थाबीच भदौ ६ गते यस्तो कार्य नदोहाऱ्याउने सहमतिमा पानी सुचारु गरियो।

जिल्ला स्वास्थ्य सेवाको अवस्था

अस्पताल	३		
स्वास्थ्यचौकी	१५		
उपस्वास्थ्यचौकी	२१		
पद	**दरबन्दी**	**कार्यरत**	**रिक्त**
डाक्टर	५०	२०	३०
स्टाफ नर्स	४२	३८	४
ल्याब असिस्टेन्ट	९	७	२
अहेब	६५	६५	
अनमी	६०	५९	१
क्षयरोग कुष्ठरोग सुपरभाइजर	१	१	
हेल्थ असिस्टेन्ट	२७	२३	४

जिल्ला प्रहरी कार्यालय

जिल्ला प्रहरी कार्यालयमा ०६८ पुस १७ गतेदेखि ०६९ पुस १६ गतेसम्म बलात्कार नौ, बलात्कार प्रयास चार, घरेलु हिंसा ६९, महिला ओसारपसार जिउ मास्नेबेच्ने एक, कर्तव्यज्यान १६, ज्यानमार्ने उद्योग १५, आत्महत्या ९२, अपहरण गरी शरीर बन्धक एक, बहुविवाह चार, अपहरण छ, विस्फोटक पदार्थ एक, चन्दा सङ्कलनका एक ओटा मुद्दा दर्ता भए ।

४.२ प्युठान



जिल्ला सदरमुकाम: प्युठान
क्षेत्रफल (वर्ग कि. मि.): १,३०५
घरधुरी सङ्ख्या: ४७,७३०
जम्मा जनसङ्ख्या: २,२८,१०२
पुरुष: १,००,०५३
महिला: १,२८,०४५
अपाङ्ग सङ्ख्या: ५,५३०
गाविस/नपा सङ्ख्या: ४५/०
पुरुष साक्षरता सङ्ख्या: ६८,३६५
महिला साक्षरता सङ्ख्या: ६८,५०४
हिन्दू धर्मावलम्बी प्रतिशत: ५६.६१
बौद्ध धर्मावलम्बी प्रतिशत: २.८२
इस्लाम धर्मावलम्बी प्रतिशत: ०.२७
क्रिश्चियन धर्मावलम्बी प्रतिशत: ०.२४
प्रकृति धर्मावलम्बी प्रतिशत: ०.०१
अन्य धर्मावलम्बी प्रतिशत: ०.०५४
प्रतिपरिवार सरदर सङ्ख्या: ४.७८

नागरिक तथा राजनीतिक अधिकार

सम्मानित रूपले बाँच्ने अधिकार

गोली/विस्फोटक पदार्थद्वारा घाइते

बम विस्फोटनबाट

वेलवास गाविस-३ का ४५ वर्षीय भालु सुनारको ०६९ वैशाख ४ गते आफ्नो घरको कोठामा बसी काम गर्न लागेको अवस्थामा विष्फोटमा परि मृत्यु भयो। उनको दाँया हात चुडिनुको साथै शरिरमा गहिरो घाउहरू परेका थिए। कोठाका समानहरू छरपष्ट र फुटेको अवस्थामा फेला परेको स्थानीय शिक्षक गिरबहादुर पुनले बताए। जिल्ला प्रहरी कार्यालयले मृतकले कुनै विष्फोटक पदार्थ बनाउदा वा खेलाउदा विष्फोट भएको हुन सक्ने बतायो। मृतकको शव ०६९ वैशाख ५ गते जिल्ला अस्पतालमा पोष्टमार्टम पछि घर परिवारको जिम्मा लगाइयो।

स्यालीबाङ गाविस-२ निवासी १३ वर्षीय बालक छविलाल बुढामगर ०६९ मङ्सिर ९ गते घर नजिकैको जङ्गलमा घास काटन गएको समयमा बेबारिसे विष्फोटक पदार्थ विष्फोटन भई घाइते भए। उनको बाँया हातका चार ओटा औला क्षेतविक्षत हुनुको साथै शरीर भरी स-साना चोट लागेका थिए। जिल्ला प्रहरी कार्यालयले सो बिष्फोटक पर्दाथ द्वन्द्वको समयमा कुनै पक्षले फालिएको सकेट बम हुन सक्ने बतायो। घाइते बालकको प्राथमिक उपचार जिल्ला अस्पताल बिजुवारमा र थप उपचार बुटवलमा भयो।

जेल र बन्दीहरू

'घ' श्रेणीको जिल्ला कारागारको बन्दी क्षमता २५ जनाको छ। यो बर्षको अन्त्यसम्म कैद तोकिएको ३० र नतोकिएको छ कैदी र थुनुवा गरी जम्मा ३६ जना बन्दीहरू रहेका छन्। जसमा कैद तोकिएका पुरूष २६ र महिला चार रहेका छन् भने कैद नतोकिएका पुरूष पाँच र महिला एक रहेका छन्। जसमा आश्रीत बालबालिका छैनन्। कारागार भित्र टिभी, खानेपानी र पत्रपत्रिकाको सुविधा भएता पनि पुरानो भवनमा क्षमता भन्दा बढी कैदी थुनुवा राखिदा बस्न साँघुरो र अपठ्यारो छ।

धम्की/कुटपिट

नेपाल विद्यार्थी सङ्घबाट

बादीकोट गाविस-६ लाकुरे डाँडाँको भिरको बाटोमा ०६९ कात्तिक १३ गते साँझ बादीकोट-८ बस्ने ३२ वर्षीय अखिल छैंठौका केन्द्रीय उपाध्यक्ष बिमल पोखेल र राष्ट्रिय जनमोर्चाका कायकर्तहरू ३५ वर्षीया मिना पोखेल, २७ बर्षीया कमला पोखेल, ५६ बर्षीय जनार्दन पोखेल र ओखरकोट गाविस–४ बस्ने ३९ वर्षीय टिका जिसीलाई बादीकोट गाविस-५ मा रहेको बलभद्र उच्च माविमा कम्प्युटर खरिदमा अखिल कार्यकर्ताले अनियमितता गरेको आरोपमा नेपाल विद्यार्थी सङ्घका कार्यकताले कुटपिट गरे। कुटपिटमा नेविसङ्घ आवद्ध बादीकोट-५ निवासी २५ वर्षीय दिपक जिसी, २६ वर्षीय चित्र थापा लगाएत थिए। बादीकोट-५ मा सांस्कृतिक कार्यक्रम सकेर फकदै गर्दा अखिल र जनमोर्चा का कार्यकता माथि आक्रमण भएको थियो पीडित पक्षले बताए। सो घटनामा नेविसङ्घका कार्यकर्तालाई प्रहरीले गिरफ्तार गरी सार्वजनिक

अपराधको मुद्दा चलाएकोमा ०६९ कात्तिक २४ गते २ हजार रुपियाँ धरौटीमा तारेखमा रिहा भए।

सुगम र निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालत

०६८ साउनदेखि ०६९ असार मसान्तसम्म : एक जनामात्र न्यायाधीश रहेको यस जिल्ला अदालतको फौजदारी मुद्दातर्फ १ सय ५४ मध्ये १ सय एक फैसला भए भने ५३ फैसला हुन बाँकी रहे। देवानी मुद्दातर्फ १ सय १२ मध्ये ५८ फैसला भए भने ५४ फैसला हुन बाँकी रहे।

०६९ साउनदेखि पुस १५ सम्म : यस अवधिमा फौजदारी मुद्दातर्फ ९८ मध्ये १४ फैसला भए भने ८४ फैसला हुन बाँकी रहे। देवानी मुद्दातर्फ ३६ मध्ये आठ फैसला भए भने २८ फैसला हुन बाँकी रहे। दुई वर्ष नाघेका फौजदारी मुद्दा र देवानी मुद्दा यस अदालतमा छैनन्।

जिल्ला सरकारी वकिलको कार्यालय

जिल्ला सरकारी वकिलको कार्यालयबाट ०६८ साउनदेखि ०६९ असार मसान्तसम्म दायर मुद्दाको सङ्ख्या ४६ छ जसमध्ये २९ सफल भए भने सात असफल भए। मुलतवी, तामेली र पेण्डीमा मुद्दा छैनन्। सरकारी वकिल सङ्ख्या एक रहेको यस जिल्ला कार्यालयबाट दायर मुद्दामध्ये ०६९ असार मसान्तसम्म १० मुद्दा बाँकी रहेको सरकारी वकिलको कार्यालयले जनायो। दायर मुद्दामध्ये कर्तव्य ज्यानसम्बन्धी मुद्दा नौं मध्ये चार सफल र दुई असफल रहयो भने तीन फैसला हुन बाँकी रहयो। बलात्कारसम्बन्धी मुद्दा पाँचमध्ये चार सफल र एक फैसला हुन बाँकी रहयो। बहुविवाह सम्बन्धी मुद्दा तीनमा तीन सफल रहयो। जिल्ला सरकारी वकिलको कार्यालयबाट ०६९ साउनदेखि ०६९ पुससम्म दायर मुद्दाको सङ्ख्या आठ रहयो। ती सबै मुद्दा फैसला हुन बाकी रहेको सरकारी वकिल कार्यालयले जानकारी दियो।

बालअधिकार

शिक्षाको अवस्था

यस जिल्लामा विद्यालय जाने उमेरका ७० हजार ८ सय ९२ मध्ये छात्र ३४ हजार ३ सय ८४ र छात्रा ३६ हजार ५ सय आठ प्राथामिक तहदेखि माबि तहसम्म भर्ना भए। यसमध्ये दलित छात्रा ९ हजार ४ सय ४२ र छात्र ८ हजार ८ सय ४६ रहेका छन्। सरकारी र सामुदायिक विद्यालय गरी प्रावि तहमा महिला ३ सय ८२ र पुरुष ७ सय २४ गरी जम्मा १ हजार १ सय २६ शिक्षक कार्यरत रहेका छन्। निमावि तहमा महिला २६ र पुरुष २ सय १ गरी जम्मा २ सय २७ शिक्षक कार्यरत रहेका छन्। यसैगरी माबि तहमा महिला चार र पुरुष १ सय ५८ गरी जम्मा १ सय ६२ शिक्षक कार्यरत रहेका छन्। बालविकास केन्द्रमा बालक ४ हजार ९ सय ४५ र बालिका ४ हजार ८ सय २० गरी जम्मा ९ हजार ७ सय ६५ रहेका छन् जसमध्ये दलित बालक १ हजार १ सय आठ र बालिका १ हजार ३५ छन्। यस जिल्ला शिक्षा कार्यालयले शिक्षासम्बन्धी सबै तथ्याङ्क अद्यावधिक गरिएको पाइएन।

दुर्व्यवहार

एक १५ वर्षीया बालिकालाई ०६९ मङ्सिर ९ गते साँझ दाखाक्वाडी गाविसबाट खैरा आफ्नो घरतर्फ जाँदै गर्दा खैरा गाविस-६ बस्ने ३५ वर्षीय बुद्धिराम आचार्यले खैरा गाविस-७ मा हातपात गरी दुर्व्यवहार गरेको भन्दै ०६९ मङ्सिर १० गते जिल्ला प्रहरी कार्यालयमा पीडितपक्षले आरोपितविरुद्ध निवेदन दर्ता

घटनाको प्रकार	गैरराज्यपक्षबाट			
	महिला	पुरुष	नखुलेको	जम्मा
घाइते		१		१
बालअधिकार	१			१
आर्थिक/सामाजिक/साँस्कृतिक अधिकार			१	१
महिलाअधिकार	८			८
कुटपिट	३	३		५
हत्या		१		१
जम्मा	११	५	१	१७

गरायो। प्रहरीले आरोपितलाई सोही दिन गिरफ्तार गऱ्यो। आरोपित ०६९ पुस ४ गते ४० हजार रुपियाँ धरौटी राखी रिहा भए। पीडित बालिकाको ०६९ मङ्सिर १० गते जिल्ला अस्पताल बिजुवारमा स्वास्थ्य परीक्षण भयो।

एक १८ वर्षीया युवतीलाई ०६९ असोज १ गते साँझ घर नजिकै सारी गाविस-१ का २२ वर्षीय तिलराम रेग्मीले हातपात गरी दुर्व्यवहार गरेको भन्दै पीडितले जिल्ला प्रहरी कार्यालयमा ०६९ असोज ८ गते निवेदन दिइन। आरोपितलाई प्रहरीले सोही दिन गिरफ्तार गऱ्यो। अभियुक्तलाई जिल्ला अदालतले ०६९ असोज २२ गते ४० हजार रुपियाँ धरौटीमा तारेखमा रिहा गऱ्यो। यो वर्षको अन्त्यसम्म मुद्दाको फैसला भएन।

एक १८ वर्षीया युवतीलाई ०६९ वैशाख १ गते झिमरुक जलविद्युतमा वनभोज खाएर फर्कंदै गर्दा खैरा गाविस-४ का १८ वर्षीय रामबहादुर थापा, २२ वर्षीय तेजबहादुर सोती र ३५ वर्षीय सनबहादुर थापाले हातपात तथा दुर्व्यवहार गरेको भन्दै पीडितले ०६९ वैशाख २ गते जिल्ला प्रहरी कार्यालय प्यूठानमा जाहेरी दिइन्। प्रहरीले आरोपितलाई सोही दिन गिरफ्तार गऱ्यो। आरोपितहरू ०६८ वैशाख १५ गते दश-दश हजार रुपियाँ धरौटीमा रिहा भए। उनीहरूलाई सार्वजनिक अपराधको मुद्दा लगाइएको थियो।

महिलाविरुद्ध हुने सबै प्रकारको भेदभाव, दुर्व्यवहार बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

एक २३ वर्षीया महिलालाई बिजुवार गाविस–४ का ३५ वर्षीय सुरज जिसीले ०६८ फागुन ३० गते बिजुवारबाट आफ्नो घर धरमपानी जादै गर्दा खलङ्गाको सम्झना होटलमा लगी बलात्कार गरेको पीडितले बताइन्। पीडितका अनुसार उनको छोरा बोक्न सहयोग गर्ने बहानामा उनीमाथि बलात्कार भएको थियो। पीडितले ०६८ फागुन ३० गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दर्ता गरिन्। प्रहरीले ०६८ चैत ८ गते आरोपित सुरजलाई गिरफ्तार गऱ्यो। जिल्ला अदालत प्यूठानको ०६८ चैत ३० गतेको फैसलाअनुसार पुर्पक्षका लागि कारागारमा थुनामा छन्। पीडितको ०६८ फागुन ३० गते जिल्ला अस्पताल बिजुवारमा स्वास्थ्य परीक्षण भयो।

एक ५० वर्षीया महिलालाई सोही खैरा गाविस-४ बेलाडाँडा गाविस-४ बस्ने २८ वर्षीय कालु दमाई, २६ वर्षीय दीपक थापा, २२ वर्षीय दीपक विक, २६ वर्षीय थोजु थापा र २६ वर्षीय राजु सोतीले ०६९ असार २७ गते सामूहिक बलात्कार गरेको भन्दै पीडितले ०६९ साउन ४ गते जिल्ला प्रहरी कार्यालय प्यूठानमा निवेदन दिइन्। पीडितका अनुसार उनी खाना खाएर भाँडा माझ्दै गर्दा आएका पाँच जनाले उनलाई घर नजिकैको मकैबारीमा पुऱ्याई सामूहिक बलात्कार गरेका थिए। प्रहरीले आरोपितहरूलाई खोजी गरिरहेको बताए पनि यो वर्षको अन्तयसम्म गिरफ्तार गर्न सकेन। पीडितको जिल्ला अस्पाताल बिजुवारमा २०६९ असार ३० गते स्वास्थ परीक्षण भयो।

घरेलु हिंसा

वादीकोट गाविस-४ घर भई ओखरकोट गाविसमा भाडाको घरमा होटल गरी बस्ने ५० वर्षीया निर्मला महतरालाई उनका पति ५२ वर्षीय हेरबहादुर महतराले ०६८ चैत २४ गते मादक पदार्थ सेवन गरी संवेदनशिल अङ्गमा चोट लाग्ने गरी कुटपिट गरेर फरार भए। दोस्रो दिन छिमेकीहरूले उपचारका लागि जिल्ला अस्पताल पुऱ्यायको घाइतेलाई थप उपचारको लागि बुटवल लैजान डाक्टरले सल्लाह दिए। ०६८ चैत २६ गते बुटवल लग्दा त्याँहाबाट पनि काठमाण्डौ लैजाने सल्लाह दिएपछि उपचारको लागि रकम अभाव भएकोले घर फर्काइयो। जिल्लामा क्रियाशील अखिल नेपाल महिला सङ्घका सदस्य कमला रिजालले जिल्ला प्रशासन र महिला विकास कार्यालयमा गई उपचारको लागि १० हजार रुपियाँ जम्मा गरी पीडितलाई काठमाडौँ पठाइयो। घाइतेको काठमाडौँस्थित बीर अस्पतालमा उपचार भयो। पीडितले ०६९ वैशाख ३ गते जिल्ला प्रहरी कार्यालयमा जाहेरी निवेदन दिइन। यो वर्षको अन्त्यसम्म आरोपित गिरफ्तार भएनन्।

सबै प्रकारका जातीय विभेद

खलङ्गा गाविस-१ कसेरी स्थित बाहुनपानी दुग्ध उत्पादन सहकारी संस्थाले सोही ठाउमा रहेको दलित समुदायले पालेको भैसीको दुध सङ्कलनमा रोक लगायो। खलङ्गा गाविस-१ की ५० वर्षीया मना सुनारका अनुसार आफूहरूले लगेको भैसीको दुध सहकारीले नलिने गरेको र आफूहरू घण्टौ लगाएर सदरमुकाम दुध बिक्री गर्न जाने गरेको बताइन्। सहकारिका उपाध्यक्ष डिलप्रसाद खनालले आफूहरूले दुध लिन नमानेको स्वीकारे पनि दलित भएको कारण नभई सहकारीको सदस्य नभएकाको दुध सङ्कलनमा

रोक लगाएको बताए। बाहुनपानी दुग्ध सहकारी वि.स. ०५४ सालमा स्थापना भएको थियो।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार संरचना, सम्पति क्षति

एकीकृत माओवादीबाट

एकीकृत नेकपा माओवादीले तत्कालिन जनसत्ताले दिएको घरजग्गा रजिष्ट्रेसन पासलाई सरकारले कानुनी मान्यता दिनुपर्ने भन्दै जिल्ला मालपोत कार्यालयमा ०६८ माघ २९ गते तालावन्दी गरे। जिल्ला सह-इन्चार्ज रामबहादुर केसीको अगुवाईमा गएको एमाओवादी कायकर्ताको समूहले तालाबन्दी गरेका थिए।

राजनीतिक दलहरूबाट

जिल्लामा ०६८ फागुन २० गते देखि नेपाल बिद्युत प्राधिकरणले दैनिक छ घण्टाका दरले लोडसेडिङ गर्ने भनी गरेको निर्णय बदर गराउन भन्द जिल्लाका क्रियाशील सात राजनीतिक दल (एमाओवादी , एमाले , नेपाली काङ्ग्रेस, राष्ट्रिय जनमोर्चा, माले, एकीकृत र राष्ट्रिय प्रजातन्त्र पार्टी) को अगुवाई तथा मुक्ति शर्माको संयोजकत्वमा ०६८ फगुन २१ गते देखि फागुन २६ गतेसम्म नेपाल बिद्युत प्राधिकरण प्युठान शाखामा तालावन्दी गरियो। तालावन्दीका कारण सो कार्यालयबाट सेवा लिने सेवाग्राहीहरूले सास्ती भोग्नु पऱ्यो।

स्वास्थ्य सेवाको अवस्था

अस्पताल	१		
स्वास्थ्यचौकी	१८		
उपस्वास्थ्यचौकी	२८		
पद	**दरबन्दी**	**कार्यरत**	**रिक्त**
डाक्टर	५	२	३
स्टाफ नर्स	६	३	३
ल्याब असिस्टेन्ट	३	१	२
अहेब	५३	४६	७
खोप सुपरभाइजर	१	१	
क्षयरोग/कुष्ठरोग सुपरभाइजर	१	१	
हेल्थ असिस्टेन्ट	२	२	
अनमी	२५	१८	७

जिल्ला प्रहरी कार्यालय

जिल्ला प्रहरी कार्यालयमा ०६८ पुस १७ गतेदेखि ०६९ पुस १६ गतेसम्म बलात्कार दुई, बलात्कार प्रयास दुई, घरेलु हिंसा १४, कर्तव्यज्यान चार, आत्महत्या ४३, बहुविवाह एक, विस्फोटक पदार्थका एक ओटा मुद्दा दर्ता भए।

४.३ रोल्पा



जिल्ला सदरमुकाम: लिवाङ
क्षेत्रफल (वर्ग कि. मि.): १,८७५
घरधुरी सङ्ख्या: ४३,७५७
जम्मा जनसङ्ख्या: २,२४,५०६
पुरुष: १,०३,१००
महिला: १,२१,४०६
अपाङ्ग सङ्ख्या: ७,४५८
गाविस/नपा सङ्ख्या: ५१/०
पुरुष साक्षरता सङ्ख्या: ६६,०५१
महिला साक्षरता सङ्ख्या: ५७,५८५
हिन्दू धर्मावलम्बी प्रतिशत: ८५.१७
बौद्ध धर्मावलम्बी प्रतिशत: ११.७४
इस्लाम धर्मावलम्बी प्रतिशत: ०.१
क्रिश्चियन धर्मावलम्बी प्रतिशत: १.७२
प्रकृति धर्मावलम्बी प्रतिशत: ०.६६
अन्य धर्मावलम्बी प्रतिशत: ०.६०६
प्रतिपरिवार सरदर सङ्ख्या: ५.१३

नागरिक तथा राजनीतिक अधिकार
सम्मानित रूपले बाँच्ने अधिकार
हत्या
अन्यबाट

मिझिङ गाविस-५ बस्ने ३६ वर्षीया मुसी रोकामगरलाई ०६९ मङ्सिर २ गते खुमेल गाविस-४ अँधेरी खोलामा खुमेल गाविस-५ का १९ वर्षीय रवि पुनमगर र सोही स्थानका २१ वर्षीय राते भनिने राकेश विकले हत्या गरे। मङ्सिरको पहिलो हप्तामा परेको चौथीको दिन खुमेलमा लाग्ने मेलामा जाने क्रममा राति मृतकको शव अर्धनग्न अवस्थामा भीरबाट फालिएको अवस्थामा फेला परेको थियो। हत्यामा संलग्न भनिएका रवि पुनलाई प्रहरीले ०६९ मङ्सिर १३ गते घरबाट पक्राउ गरेको थियो भने राते भनिने राकेश विकलाई भारतको गुजरातबाट ०६९ मङ्सिर २२ गते पक्राउ गरिएको थियो। उनको लासलाई ०६९ मङ्सिर ३ गते बेलुकी जिल्ला अस्पताल रेउघामा पोष्टमार्टम गरिएको थियो। प्रहरीले पक्राउ गरिएका दुवै आरोपितलाई ०६९ मङ्सिर २४ गते पत्रकार तथा मानवअधिकारकर्मीबीच सार्वजनिक गरेको थियो।

गोली/विस्फोटक पदार्थद्वारा घाइते
बेवारिसे बम विस्फोटनबाट

कोटगाउँ गाविस-६ का १५ वर्षीय मविन्द्र विक ०६९ जेठ १३ गते बेवारिसे बम खेलाउँदा विष्फोट भई घाइते भए। खेलौना जस्तो मानेर तार समात्दा सो विस्फोटन भएको थियो। घाइते विकको प्राथमिक उपचार स्थानीय स्वास्थ्य केन्द्रमा गरी थप उपचारका लागि जिल्ला अस्पताल लगिएकोमा त्यहाँ पनि उपचार हुन सकेन। इन्सेकलगायत विभिन्न सङ्घ संस्थाले १६ हजार ५ सय रुपियाँ आर्थिक सहयोग गरी ०६९ जेठ १६ गते घाइतेको थप उपचारका लागि काठमाडौँ तिलगङ्गा आखाँ अस्पताल पठाइयो। घाइतेको ०६९ जेठ १८ गते आँखाको अप्रेशन भयो।

घटनाको प्रकार	राज्यपक्षबाट			गैरराज्यपक्षबाट		
	महिला	पुरुष	जम्मा	महिला	पुरुष	जम्मा
घाइते					१	१
बालअधिकार				३		३
महिलाअधिकार	३		३	१०		१०
जातीय विभेद					१	१
गिरफ्तारी/यातना		१	१			
कुटपिट				३	७	१०
धम्की					१	१
हत्या				१	३	४
जम्मा	३	१	३	१७	१३	३०

जेल र बन्दीहरू

"घ" श्रेणीको रोल्पा जिल्ला कारागारको बन्दी क्षमता ५० जनाको रहेको छ। यो वर्षको अन्त्यसम्म कैद तोकिएको ४२ र कैद नतोकिएको २६ कैदी र थुनुवा गरी जम्मा ६८ जना (चार महिला, ६४ पुरुष) बन्दीहरू रहेका छन्। जसमा आश्रित बालबालिका छैनन्। यस जिल्ला कारागारको २०२९ सालमा निर्माण भएको हो। क्षमताभन्दा बढी कैदीबन्दीका कारण पुरुष बन्दीहरू महिला कोठामा सुत्न र रातमा बाल्टिनमा दिशापिसाव गर्न बाध्य छन्। महिलाका लागि चार कोठा र पुरुषका लागि छ कोठा भएता पनि पुरुषका लागि कोठा अपुग भएकाले महिला बन्दीको कोठामा राख्न बाध्य भएको जेलर दिलिपकुमार श्रेष्ठले बताए। महिलाका लागि भित्रै शौचालय भएपनि पुरुषका लागि बाहिर एउटा मात्र शौचालय रहेकाले रातको समयमा बन्दीहरूलाई कोठामा बाल्टिनमा दिशापिसाब गरेर बिहान फाल्नुपर्ने अवस्था छ। पुरानो र जीर्ण भवनको साँघुरा कोठामा १२ जनासम्म एउटै कोठामा कोचिएर सुत्ने गरेको जेलर श्रेष्ठले बताए। वर्षात याममा कोठामा पानी चुहिने भएकाले कोठाभित्रै वर्षाती ओढेर बस्नुपर्ने अवस्था छ। नयाँ भवन निर्माणका लागि हालसम्म कतैबाट पहल भएको छैन। कारागारमा मनोरञ्जनका लागि दुईओटा टिभी रहेका छन्। थोरै भएपनि पत्रपत्रिका अध्ययन गर्ने व्यवस्था रहेको छ। केहीले आफ्नो लगानीमा कपडा बुनाई, तान बुनाइ, टोपी बुनाइ गरेर आम्दानी गर्दै आएका छन्। पीडित सेवा समाजले कारागार भित्र सानो पुस्तकालयको व्यवस्था गरिदिएको छ।

धम्की/कुटपिट
अन्यबाट

फगाम गाविसमा रहेको नेपाल राष्ट्रिय बेलुका माध्यामिक विद्यालयका प्रधानाध्यापक देउमन रोका क्षेत्रीलाई ०५८ माघ २२ गते स्थानीय साउने पुन, राजु पुन र विकास पुनले कुटपिट र दुर्व्यवहार गरे। प्रधानध्यापक माथि कुटपिट भएको विरोधमा शिक्षक, विद्यार्थीहरू असुरक्षित भएको भन्दै

०६८ माघ २३ गतेदेखि एकहप्ता विद्यालय बन्द गरियो। विद्यालयको वार्षिक उत्सव समापन गरी स्कुलको छानोमाथि ढुङ्गा प्रहार गरेपछि सो बुझ्न गएका प्रधानाध्यापक माथि आरोपितले कुटपिट गरेको पीडितले आरोप लगाए। विद्यालयमा ढुङ्गामुढा गरेपछि "सबैको साझा सम्पत्तिमा किन यस्तो गरेको" भनी सम्झाउन लाग्दा खुकुरी, लाठीसहित तीन जना कुटपिटमा उत्रिएपछि प्रधानध्यापक सुरक्षाको लागि स्थानीयवासीकोमा लुक्न गएका थिए। लखेट्दै गर्दा रोकालाई नभेटाएपछि उनको घरमा पुगी छोरालाई लुकाएको आरोपमा वुवा मुक्तबहादुर रोकालाई लाठी प्रहार गरी गम्भीर घाइते बनाएको पीडित परिवारले जानकारी दियो पीडितले प्रहरीमा उजुरी दिएनन् भने विस्तारै सो घटना सामान्यीकरण हुँदै गयो।

सुगम र निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालत

०६८ साउनदेखि ०६९ असार मसान्तसम्म

एक जना न्यायाधीश रहेको जिल्ला अदालत रोल्पामा यस अवधिमा ७६ थान फौजदारी मुद्दा फैसला भए र २३ थान फैसला हुन बाँकी रहे। देवानी तर्फ सोही अवधिमा ६१ थान मुद्दा फैसला भए र २७ थान मुद्दा फैसला हुन बाँकी रहे।

०६८ साउनदेखि ०६९ पुस १५ गतेसम्म

यस अवधिमा रोल्पा जिल्ला अदालतमा २० थान फौजदारी मुद्दा सफल भए र ४२ थान फैसला हुन बाँकी रहे। त्यस्तै देवानी तर्फ १७ थान मुद्दा फैसला भए र ३३ थान फैसला हुन बाँकी रहे। यस अदालतमा दुई वर्ष नाघेका मुद्दाहरू फैसला हुन बाँकी छैनन्।

जिल्ला सरकारी वकिल कार्यालय

०६८ साउनदेखि ०६९ असार मसान्तसम्म

एक जना वकिल रहेको यस कार्यालयमा कर्तज्य ज्यानका तीन मुद्दा दर्ता भएकोमा एकको फैसला भई सफल भयो। सवारी ज्यानको पाँच थानमा पाँचै थान फैसला भई सवै सफल भयो। जवरजस्ती करणीको तीनमा दुई सफल र एक असफल, अप्राकृतिक मैथुनमा एकमा एक नै असफल रह्यो। त्यस्तै डाँका चोरीको दुई, कुटपिटको एक, मानवबेचबिखन तथा ओसारपसार एक, किर्ते ठगी एक, आगलागी एक, ज्यानमार्ने उद्योग एक, हतियार खरखजना एक र सवारी ज्यान क्षतिपूर्ति तीन थान मुद्दामा कुनै पनि फैसला भएन। यसैगरी गर्भपतनको दुईमा दुवै सफल र लागु औषधको चार थानमा तीन थान फैसला भई सवैमा सफल र एकथान फैसला हुन बाँकी रह्यो।

०६९ साउनदेखि ०६९पुस १५ सम्म

यस अवधिमा कर्तव्य ज्यानको एक थान, डाकाचोरी दुइ, कुटपिट एक, अवैध गर्भपतन एक, बहुविवाह एक, ज्यानमार्ने उद्योग दुई र क्षतिपूर्ति सवारी ज्यानबाट एक थान मुद्दा दर्ता भएकोमा कुनै पनि फैसला भएन। सवारी ज्यानको तीनमध्ये एक फैसला भई सफल भयो भने दुई थान फैसला हुन बाँकी रह्यो। जवरजस्ती करणीको एक मुद्दामा नै सफल भयो।

बालअधिकार

शिक्षाको अवस्था

जिल्लामा विद्यालय जाने उमेरका ७७ हजार ४ सय ३६ मध्ये छात्र ३७ हजार ९ सय ४७ र छात्रा ३९ हजार ४ सय ८९ प्राथमिक तहदेखि माविं तहसम्म भर्ना भए। यसमध्ये दलित छात्रा ७ हजार १ सय १० र छात्र ७ हजार २१.रहेका छन्। सरकारी र सामुदायिक विद्यालयमा प्राविं तहमा १ हजार ७ शिक्षक कार्यरत रहेका छन्। निमाविं तहमा २ सय ८ शिक्षक कार्यरत रहेका छन्। यसैगरी माविं तहमा १ सय १६ शिक्षक रहेका छन्। बालविकास केन्द्र बालक ३ हजार ९ सय १० र बालिका ३ हजार ९ सय ३७ गरी जम्मा ७ हजार ८ सय ४७ रहेका छन्।

बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

एक १० वर्षीया बालिकालाई लिवाङ गाविस-१ हरिगातिना बस्ने २५ वर्षीय पुर्ने भनिने पुनाराम विकले बलात्कार प्रयास गरेको आरोपमा ०६९ साउन १२ गते प्रहरीले उनलाई गिरफ्तार गऱ्यो। उनले बालिकालाई ०६९ असार २९ गते लिवाङ गाविस-६ को जङ्गलमा करणीको प्रयास गरेका थिए। आरोपित पुनाराम जिल्ला अदालतको साउन १२ गतेको आदेशअनुसार पुर्पक्षका लागि थुनामा रहेका छन्।

बेवारिसे बम विस्फोटनमा परी घाइते भएका मविन्द्र विक

महिलाविरुद्ध हुने सबै प्रकारको भेदभाव, दुर्व्यवहार

बेचबिखन तथा ओसारपसार

डुब्रिङ- निवासी १८ वर्षीया एक युवतीलाई बेचबिखन गर्न खोजेको आरोपमा दाङ हापुर-१ कात्तिके बस्ने ३७ वर्षीया खिमकुमारी घर्ती र सोही गाविस ७ बस्ने ४६ वर्षीया टिकादेवी नेपाली डुब्रिङ-१ सर्रेचौरबाट ०६९ जेठ ७ गते गिरफ्तार भए। उनीहरूले ती युवतीलाई ०६९ जेठ ४ गते ललाइफकाई गरी भारततिर लैजाँदै गरेको प्रहरीको भनाइ थियो। अनुसन्धानका लागि जिल्ला कारगार रोल्पामा रहेका आरोपितहरू पुनरावेदन अदालत तुलसीपुरको आदेशले २५/२५ हजार रुपियाँ धरौटीमा ०६९ असोज २१ गते रिहा भए।

घरेलु हिंसा

कुटपिट/घरनिकाला

सखी गाविस-२ निवासी ४५ वर्षीया माली विकलाई ०६९ जेठ २६ गते ४८ वर्षीय पति मनिराम विकले सामान्य भनाभनको कारण दाउराले टाउकोमा दुईपटक हान्दा गम्भीर चोट लाग्यो। चोटबाट वेहोस भएकी माली विकको उपचार प्राथमिक उपचार केन्द्र होलेरीमा भयो। कुटपिट गर्ने पति मनिराम यो वर्षको अन्तसम्म फरार छन्।

बहुविवाह

खुङ्ग्री गाविस-२ घर भई हाल काठमाडौँ मनापा- ५ बस्ने ३६ वर्षीय नरबहादुर गुरुङ ०६९ भदौ १५ गते दोस्रो पत्नी ल्याएको आरोपमा पक्राउ परे। उनले खुङ्ग्री गाविस-२ घर भई हाल दाङ घोराही नपा-१० मा बस्दै आएकी आफ्नी ३३ वर्षीया पत्नी ईश्वरी गुरुङ हुँदाहुँदै ३० वर्षीया करिष्मा बोहरालाई ०६९ असार १७ गते विवाह गरेपछि पीडित ईश्वरी गुरुङले जिल्ला प्रहरी कार्यालय रोल्पामा ०६९ भदौ १५ गते न्यायका लागि उजुरी दिएकी थिइन्। गुरुङ र करिष्मा ०६९ भदौ २७ गते १४-१४ हजार रुपियाँ धरौटीमा साधारण तारेखमा रिहा भए।

सबै प्रकारका जातीय विभेद

जुगार गाविस-५ कोइरालनेटाका २२ वर्षीय कुलबीर विकसँग विवाह गरेको भन्दै सोही स्थानकी १७ वर्षीया सपना वलीका अभिभावकले सपनालाई ०६८ माघ २५ गते बेलुकी इच्छाविपरीत जबरजस्ती हातपात गरी घरमा ल्याए। अन्तरजातीय विवाह गर्न लागेको भन्दै जवर्जस्ती केटी खोसेर लगेको र केटालाई समेत कुटपिट गरेको केटापक्षले बताए। ०६८ माघ २४ गते कुलबीर विक र सपना वलीले राजीखुसी प्रेम विवाह गर्न कुलबिरको घरमा गएका थिए। दलितसँग विवाह गरेको भन्दै भेदभाद गरेको विरुद्धमा प्रहरी चौकी जुगारमा ०६८ माघ २७ गते उजुरी दिन जाँदा जनजागृति उच्च माविमा कक्षा ९ मा अध्ययनरत छात्रा सपनाको विद्यालयको अभिलेख अनुसार १५ वर्षीया रहेकोले बालविवाह ठहरिने भन्दै उजुरी लिइएन। माघ २२ गते सपनाको घरमा पुजाआजा भएको र २४ गते बेलुकी घरबाट आफ्ना कपडा समानसहित केटाले केटीलाई घरमा ल्याएकोमा २५ गते बिहान केटीका दाजुभाउजू गई सोध्दा इच्छाले आएको भनेपछि फर्केको तर सोही दिन बेलुकी २०-२२ जनाको समूहमा गई केटी पक्षकाले केटीलाई जबरजस्ती खोसेर लगेका थिए। घटनाको ५ दिनपछि ०६८ माघ ३० गते सपना पुन: आफ्नो इच्छाले कुलबीर विकको घरमा गएपछि उनीहरूको विवाह भयो।

जिल्ला स्वास्थ्य सेवाको अवस्था

अस्पताल	१		
स्वास्थ्यचौकी	१५		
उपस्वास्थ्यचौकी	३४		
पद	**दरबन्दी**	**कार्यरत**	**रिक्त**
डाक्टर	४	२	२
स्टाफ नर्स	४	२	२
ल्याब असिस्टेन्ट	४	२	२
अहेब	५७	४५	१२
अनमी	२६	१५	११
खोप सुपरभाइजर	१	१	
क्षयरोग/कुष्ठरोग सुपरभाइजर	१	१	
हेल्थ असिस्टेन्ट	१९	८	११
ग्रा.स्वास्थ्य कार्यकर्ता	५०	२७	२३

जिल्ला प्रहरी कार्यालय

जिल्ला प्रहरी कार्यालयमा ०६८ पुस १७ गतेदेखि ०६९ पुस १६ गतेसम्म बलात्कार एक, बलात्कार प्रयास एक, घरेलुहिंसा २६, महिला ओसारपसार जिउमास्नेबेच्ने एक, कर्तव्यज्यान चार, ज्यानमार्ने उद्योग एक, आत्महत्या ३९, बहुविवाहका एक ओटा मुद्दा दर्ता भए ।

४.४ सल्यान

जिल्ला सदरमुकाम: सल्यान
क्षेत्रफल (वर्ग कि. मि.): १,४६२
घरधुरी सङ्ख्या: ४६,५५६
जम्मा जनसङ्ख्या: २,४२,४४४
पुरुष: १,१५,५६५
महिला: १,२६,४७५
अपाङ्ग सङ्ख्या: ६,२३३
गाविस/नपा सङ्ख्या: ४७/०
पुरुष साक्षरता सङ्ख्या: ७८,७१५
महिला साक्षरता सङ्ख्या: ६६,२६५
हिन्दू धर्मावलम्बी प्रतिशत: ९७.७१
बौद्ध धर्मावलम्बी प्रतिशत: ०.८२
इस्लाम धर्मावलम्बी प्रतिशत: ०.११
क्रिश्चियन धर्मावलम्बी प्रतिशत: १.२८
अन्य धर्मावलम्बी प्रतिशत: ०.०६८
प्रतिपरिवार सरदर सङ्ख्या: ५.२०

जेल र बन्दीहरू

'घ' श्रेणीको जिल्ला कारागारको बन्दी क्षमता २० जनाको रहेको छ। यो वर्षको अन्त्यसम्म कैद तोकिएका ५२ र कैद नतोकिएका २६ गरी जम्म ७८ कैदी थुनुवाहरू रहेका छन्। जसमा पुरुष ६३ र महिला १५ जना रहेका छन्। आश्रित बालिकाको सङ्ख्या दुई रहेको छ। पुरानो र जिर्ण भवनमा क्षमताभन्दा चौव्वर थुनुवा बन्दी राखिदा आधारभूत सेवा निष्प्रभावी र अपुग छ। खानेपानी र शौचालयको समेत समस्या रहेको कैदीको भनाइ छ।

धम्की/कुटपिट

एकीकृत माओवादीबाट

दार्माकोट गाविस-३ निवासी नेकपा एमालेका गाउँ कमिटी सदस्य ४३ वर्षीय बीरबहादुर खत्रीलाई जनज्योती प्रावि र सामुदायिक वन उपभोक्ता समूहको हिसावकिताव मागेको भन्दै ०६८ फागुन १८ गते राति सोही ठाँउ निवासी एकीकृत नेकपा माओवादीका जिल्ला सदस्य सार्कु खत्री, एरिया कमिटी सदस्य तथा विद्यालय व्यवस्थापन समिति सदस्य लगायतकाले कुटपिट गर्दा निजको दायाँ हात भाँचियो। पीडित बीरबहादुरले ०६८ फागुन १९ गते भल्चौर प्रहरीमा उजुरी दिएपनि राजनीतिक मुद्दा भन्दै सुनवाई नभएको बताए। उनको ०६९ फागुन २१ गते जिप्रका सल्यानमा घाउकेश भयो। जिल्ला अदालतले ०६९ जेठ ५ गते दुवै पक्षलाई बोलाई आगामी दिनमा यस्तो कार्य नदोहोऱ्याउने सर्तमा मिलापत्र गरायो।

वाईसीएलबाट

शिवरथ गाविस-९ देउरालीखोला घर भई हाल दाङ जिल्ला धनौरी गाविस-२ देविपुर निवासी ५१ वर्षीय कृतिबहादुर बस्नेत र उनका भतिजा २४ वर्षीय प्रकाश बस्नेतलाई द्वन्द्वकालमा माओवादीको तत्कालीन जनसत्तामा पास गरिसकेको जग्गाको रेखदेख गर्न आएको र सो जग्गा छोड्न धम्की दिएको आरोपमा ०६८ चैत ३ गते बिहान १० बजे सोही गाविस-८ स्थित उक्त जग्गामा घर बनाइ बसेका एमाओवादी किसान सङ्घका जिल्ला अध्यक्ष कलिराम वलीका छोरा २२ वर्षीय भीमबहादुर वली र उनकी पत्नी रुपा वलीको गुहारमा आएका सोही गाविस-२ निवासी वाईसीएल कार्यकर्ता २९ वर्षीय प्रकाश विक, सोही ठाँउका ३२ वर्षीय निमबहादुर वली र सोही गाविस-७ गोठिवनका माओवादी कार्यकर्ता विजय भण्डारीले हातखुट्टा भाँच्ने धम्की दिनुका साथै मार्ने प्रयास गरे। पीडितले भागेर ज्यान जोगाएको बताए। पीडितले ०६८ चैत ४ गते इप्रका थारमारेमा उजुरी दिए लगत्तै सोही दिन आरोपीलाई प्रहरीले गिरफ्तार गरी इप्रका थारमारे ल्यायो। ०६९ चैत ५ गते जिल्ला प्रशासनमा जाने भनेर सहमति भएपनि प्रशासनमा पीडित पक्षमात्र आए, पीडक पक्ष आएनन्। ०६८ चैत ५ गते आरोपित पक्षका कलिराम वलीले पनि परिवार र जीउधनको रक्षा गरीपाउँ भनि प्रहरीमा उजुरी दिए।

सुगम र निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालत

०६८ पुस देखि ०६९ असार मसान्तसम्म

एक जना न्यायाधीश रहेको जिल्ला अदालतमा फौजदारी तर्फ ४५ मुद्दा फैसला भई १२ मुद्दा फैसला हुन बाँकी रहे। देवानी तर्फ ५९ मुद्दा फैसला भई १५ मुद्दा फैसला हुन बाँकी रहे। दुवै तर्फ गरी २७ मुद्दा फैसला हुन बाकी रहे।

०६९ साउन देखि ०६९ पुस १५ गतेसम्म

यस अवधिमा फौजदारी तर्फ २७ मुद्दा फैसला भई ४३ मुद्दा फैसला हुन बाँकी रहे। सोही अवधिमा देवानी तर्फ १५ मुद्दा फैसला भई ४० मुद्दा फैसला हुन बाँकी रहे। दुवै तर्फ गरी ८३ मुद्दा फैसला हुन बाँकी रहे।

जिल्ला सरकारी वकिल कार्यालय

०६८ पुस देखि ०६९ असार मसान्तसम्म

एक जना सरकारी वकिल रहेको यस कार्यालयबाट कर्तव्य ज्यानसम्बन्धी आठ थान मुद्दा दर्ता भए जसमा चार ओटाको फैसला हुँदा तीन सफल र एक असफल भयो र चार थान फैसला हुन बाँकी रहे। सवारी ज्यानसम्बन्धी पाँच थानमा चार थानको फैसला हुँदा सवैमा सफलता भयो। एक थान फैसला हुन बाँकी रह्यो। ज्यानमार्ने उद्योगका तीन थान मुद्दामा एक फैसला भई सफलता भयो दुई थान सफलता हुन बाकी रहे। त्यस्तै लागुऔषधको दुई, चोरीका तीन, जवरजस्ती करणीको तीन, बालविवाह एक, आगलागी एक र बहुविवाहको एक थान मुद्दा दर्ता भए। जसमा लागुऔषधमा एक फैसलाभई सफलता एक बाँकी, चोरीमा एक फैसलाभई सफलता दुई बाँकी, जजकमा तीनैओटा फैसला हुन बाँकी, बालविवाहको एक फैसला हुन बाँकी र आगलागी र बहुविवाहको मुद्दा फैसला भई सफल भयो।

०६९ साउनदेखि ०६९पुस १५ सम्म

यस अवधिमा कर्तव्यज्यानको चार, सवारी ज्यान एक, ज्यानमार्ने उद्योग तीन, चोरी एक, सार्वजनिक अपराध एक, चन्दा एक, बलात्कारको उद्योग एक, लागुऔषध एक र बालविवाहको एक थान मुद्दा दर्ता भयो।

बालअधिकार

शिक्षाको अवस्था

जिल्ला शिक्षा कार्यालयको तथ्याङ्क अनुसार सल्यानमा बालविकास केन्द्र ३ सय ११, प्राथमिक विद्यालय ३ सय ३, निम्न माध्यमिक विद्यालय ८५, माध्यमिक विद्यालय ७०, उच्च माध्यमिक विद्यालय २४, क्याम्पस सात र सामूदायिक अध्ययन केन्द्र १३ ओटा रहेका छन्। बालविकास केन्द्रमा ३ हजार ८ सय २६ छात्रा र ४ हजार १ सय १९ छात्र गरी ८ हजार २५ अध्ययनरत छन्। जसमा दलित छात्रा ६ सय ९० र छात्र ७ सय ५२ गरी १४ सय ४२ छन्। आधारभूत तहमा छात्रा ३७ हजार ४ सय ५७ र छात्र ३४ हजार ६ सय ९४ गरी जम्मा ७२ हजार १ सय ५१ रहेका छन् जसमा दलित छात्रा ७ हजार १ सय ५८ र छात्र ६ हजार ६ सय ६९ गरी १३ हजार ८ सय २७ रहेका छन्। माध्यमिक तहमा छात्रा ४ हजार ९ सय ६९ र छात्र ४ हजार ५ सय ८५ गरी जम्मा ९ हजार ५ सय ५४ छन्। जसमा दलित छात्रा ५ सय ७७ र छात्र ६ सय १४ गरी ११ सय ९१ रहेका छन्। उच्च माध्यमिक तहमा छात्रा २ हजार ५१ र छात्र २ हजार २ सय ६९ गरी जम्मा ४ हजार ३ सय २० छन्। जसमा दलित छात्रा १ सय ३९ र छात्र २ सय २ गरी जम्मा ३ सय ४१ छन्। जिल्लामा प्राथमिक तहमा ८ सय ४० दरबन्दी शिक्षक, ३ सय ५६ राहत र २५ परियोजना गरी १२ सय २१ शिक्षक कार्यरत छन्। निमाविमा १ सय ३ दरबन्दी र ९३ राहत गरी १ सय ९६ शिक्षक कार्यरत छन्। माध्यमिक तहमा ९१ दरबन्दी र ५७ राहत गरी १ सय ४८ शिक्षक कार्यरत छन्। जिल्ला शिक्षा कार्यालय तथ्याङ्क व्यवस्थित हिसाबले राखेको पाइएन।

घटनाको प्रकार	राज्यपक्षबाट		गैरराज्यपक्षबाट		
	पुरुष	जम्मा	महिला	पुरुष	जम्मा
घाइते				३	३
बालअधिकार			६		६
महिलाअधिकार			८		८
गिरफ्तारी/यातना	१	१			
कुटपिट			१	३	४
धम्की				२	२
हत्या				४	४
जम्मा	१	१	१५	१२	२८

बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

एक १३ वर्षीया बालिकालाई ०६८ माघ २६ गते डाँडाँगाउँ गाविस-३ निवासी ठाउँ निवासी २२ वर्षीय प्रकाश रावलले बलात्कार गरेको पीडित पक्षले बताए। पीडितकी आमाले ०६८ फागुन ५ गते जिल्ला प्रहरी कार्यालयमा किटानी जाहेरी दिईन। घटनापछि फरार रहेका आरोपी यो वर्षको अन्त्यसम्म पक्राउ परेनन्।

बालविवाह

स्यानीखाल गाविस-२ की १४ वर्षीया बालिकालाई सोही गाविस-१ डाङ्ग्रीका पार्वती नेपाली लगायतको टोलीले ०६८ माघ ४ गते उनकै घरबाट भगाएर बालविवाह गराइदिएको पीडित पक्षले बताए। पीडितकी आमाले जिल्ला प्रहरी कार्यालयमा ०६८ फागुन २६ गते सो विवाह विरुद्ध उजुरी दिइन। घटनामा संलग्नहरू विरुद्द ०६८ चैत २२ गते जिल्ला अदालतमा मुद्दा दायर भयो। ०६९जेठ ३१ गते आरोपीहरू अदालतमा हाजिर भए र सोही दिन घटनामा संलग्न पार्वती नेपाली र कमला नेपालीलाई जनही १० हजार रुपियाँ धरौटीमा सफाई दिएर रिहा भए। यस्तै फरार रहेका आरोपी आकाश नेपालीलाई ६९ असोज १४ गते जिल्ला अदालतको फैसला अनुसार ४ महिना कैद र १५ सय रुपियाँ जरिवानाको सजाय सुनाए पनि यो वर्षको अन्त्यसम्म उनी फरार रहे।

महिलाविरुद्ध हुने सबै प्रकारको भेदभाव, दुर्व्यवहार बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

त्रिवेणी गाविस-६ घर भई शिवजन उच्च मावि्मा कक्षा १२ मा अध्ययनरत एक २१ वर्षीया युवतीलाई ०६९ वैशाख १४ गते स्यानीखाल गाविस-९ घर भई खलङ्गा गाविस-२ श्रीनगर बस्दै आएका २२ वर्षीय विनोद परियारले बलात्कार गरेको पीडितले बताइन। ०६९ वैशाख १६ गते जिल्ला प्रहरी कार्यालयले आरोपीलाई पक्राउ गरी ०६८ जेठ २ गते जिल्ला अदालतको आदेशमा पुर्पक्षका लागि कारागार चलान गरियो। २०६९ मङ्सिर २७ गते जिल्ला अदालत सल्यानले आरोपी परियारलाई दोषी ठहर गर्दै ३० हजार रुपियाँ जरिवानासहित ५ वर्ष कैदको फैसला सुनायो।

घरेलु हिंसा

खलङ्गा गाविस-२ दारीमचौर निवासी १९ वर्षीया अस्मीता बुढाथोकीलाई ०६८ माघ ११ गते पति १९ वर्षीय सौगात बुढथोकीले घर बाट निस्कन दवाव दिदै मार्ने धम्की दिए। मार्ने धम्की दिएको जानकारी केटीका बुवा काशीराम अधिकारीले प्रहरी चौकी शितलपाटीमा गराए। सोही दिन प्रहरीको टोली गएर निज अस्मीतालाई उद्दार गरी माइतीमा पुऱ्यायो

बहुविवाह

बाँके उदयपुर स्थायी घर भई सल्यान खलङ्गा गाविस-२ श्रीनगरमा बस्दै आएका गाडी चालक २३ वर्षीय जयराम पुनले घरमा पत्नी र १ छोरा हुँदाहुँदै ०६९ वैशाख २५ गते कोर्वाङभिम्पे गाविस-३ की १९ वर्षीया पुष्पा पुनसँग बहुविवाह गरे। पीडितले ०६९ जेठ ४ गते वहुविवाह विरुद्ध जिप्रकामा जाहेरी दिएपछि सोही दिन प्रहरीले आरोपिलाई गिरफ्तार गऱ्यो। जिल्ला अदालतले ०६९ असार २१ गते पीडक दुवैलाई ५ हजार रुपियाँ जरिवाना र एक वर्ष कैदको फैसला सुनायो।

जिल्ला स्वास्थ्य सेवाको अवस्था

अस्पताल	१		
स्वास्थ्यचौकी	१५		
उपस्वास्थ्यचौकी	३०		
पद	**दरबन्दी**	**कार्यरत**	**रिक्त**
डाक्टर	५	३	२
स्टाफ नर्स	१४	१३	१
ल्याब असिस्टेन्ट	३	१	२
अहेब	५१	४९	२
अनमी	१६	१४	२
खोप सुपरभाइजर	१	१	
क्षयरोग/कुष्ठरोग सुपरभाइजर	१	१	
हेल्थ असिस्टेन्ट	१४	१४	
ग्रा.स्वास्थ्य कार्यकर्ता	४७	३४	१७

जिल्ला प्रहरी कार्यालय

जिल्ला प्रहरी कार्यालयमा ०६८ पुस १७ गतेदेखि ०६९ पुस १६ गतेसम्म बलात्कार छ, कर्तव्यज्यान १३, ज्यानमार्ने उद्योग छ, आत्महत्या २६, बहुविवाह एक, बालविवाह एक, चन्दा सङ्कलनका एक ओटा मुद्दा दर्ता भए।

४.५ रुकुम



जिल्ला सदरमुकाम: खलङ्गा
क्षेत्रफल (वर्ग कि. मि.): २,८७७
घरधुरी सङ्ख्या: ४१,८५६
जम्मा जनसङ्ख्या: २,०८,५६७
पुरुष: ९५,१५९
महिला: १,०५,४०८
अपाङ्ग सङ्ख्या: ५,९२२
गाविस/नपा सङ्ख्या: ४३/०
पुरुष साक्षरता सङ्ख्या: ६४,०६२
महिला साक्षरता सङ्ख्या: ५५,०५६
हिन्दू धर्मावलम्बी प्रतिशत: ९६.५१
बौद्ध धर्मावलम्बी प्रतिशत: १.०७
इस्लाम धर्मावलम्बी प्रतिशत: ०.०६
क्रिश्चियन धर्मावलम्बी प्रतिशत: १.५९
प्रकृति धर्मावलम्बी प्रतिशत: ०.१७
अन्य धर्मावलम्बी प्रतिशत: ०.५९
प्रतिपरिवार सरदर सङ्ख्या: ४.९९

जेल र बन्दीहरू

'घ' श्रेणीको रुकुम जिल्ला कारागारमा पाँच महिला र २० पुरुष गरी २५ जनाको क्षमता छ। तर कारागारमा क्षमता भन्दा दोब्बर कैदीहरू राखिएको छ। यो वर्षको अन्त्य सम्म कैद तोकिएका ३८ र कैद नतोकिएका २३ गरी ६१ ज्ना कैदी राखिएको छ। कारागारको भौतिक अवस्था जिर्ण छ। एउटा भएको टेलिभिजन पनि मर्मत नहुँदा नचल्ने अवस्थामा छ। पत्रपत्रिका नियमित उपलब्ध छैन। एउटा मात्र शौचालय भएकाले लामो पालो पर्खनुपर्ने अवस्था छ। रातको समयमा सबैतिर ताला लाग्ने र शौचालय बाहिर भएकाले कोठामा नै बाल्टिनमा शौच गर्नुपर्ने अवस्था छ। भलिवल लगायतका केही खेल सामाग्री उपलब्ध छन्।

धम्की/कुटपिट

राप्रपा पार्टी बाट

बिजयश्वरी गाविस-३ का ४२ वर्षीय हिमप्रसाद शर्मालाई सोही गाविस-९ का राष्ट्रिय प्रजातन्त्र पार्टीका कार्यकर्ता बिनय केसीले ०६८ पुस १८ गते चक्कु प्रहार गरी घाईते बनाए। पीडितले खानेपानी उपभोक्ता समितिमा अनियमितता गरेकाले छानबिन गर्नुपर्ने माग समितिको बैठकमा राखेपछि विवाद हुँदा उनीमाथि चक्कु प्रहार भएको थियो। घटनाको विरोधमा एमाले कार्यकर्ताले ०६८ पुस १९ गते चौरजहारी बजार बन्द गरे। केसीलाई एमाले कार्यकर्ताले सोही दिन कुटपिटसमेत गरे। घटनाका सम्बन्धमा पीडितले जिल्ला प्रहरी कार्यालय रुकुममा ०६८ पुस २५ गते उजुरी गरेपनि आरोपितलाई यसवर्षको मध्यसम्म कुनै कारवाही भएन। पीडितको उपचार चौरजहारी मिसन अस्पतालमा भयो।

गैरकानुनी गिरफ्तारी

मङ्गोल नेशनल अर्गनाईजेसन नेपालका केन्द्रिय सदस्य भलाक्चा गाविस-३ का २६ वर्षीय राजेश पुन सोही पार्टीका जिल्ला अध्यक्ष आठबीसकोट-७ का बिनोद पुनलगायत सो सङ्गठनका १७ जना कार्यकर्ताले अबैधानिक काम गरेको आरोपमा ०६८ पुस २२ गते खलङगा गाविस-१ पतुखोला बाट प्रहरीले बिना पूर्जि पक्राउ गऱ्यो। पीडितका अनुसार उनीहरू जिल्ला कमिटिको बैठक बसिरहेको स्थानबाट प्रहरीले गिरफ्तार गरेको थियो। पक्राउ परेकाहरूलाई पार्टीको वैधानिक प्रमाणपत्र देखाए पछि ०६८ पुस २३ गते जिल्ला प्रहरी कार्यालय रुकुमको हिरासतबाट मुक्त गरियो।

अभिव्यक्ति, भेला हुने र संगठित हुने अधिकार

(राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

क्याम्पसमा प्रारम्भिक कमिटी गठनको विषयलाई लिएर २०६९ साउन १० गते मुसिकोट बहुमुखी क्याम्पसमा एकीकृत नेकपा माओवादी सम्वद्ध अनेरास्ववियु क्रान्तिकारी र एमाले निकट अखिल बीच संगठन निर्माणको विषयमा विवाद भयो । सोही विवादको विषयमा २०६९ भदौ १७ गते छलफल भइरहदा क्रान्तिकारी सम्वद्ध विद्यार्थीहरूले एमाले नेता एवं क्याम्पस सञ्चालक समितिका अध्यक्ष खेममान खड्का माथि हातपात र दुर्व्यवहार गर्दै बाहिर निकाल्न थालेपछि आक्रोसित अखिलका विद्यार्थीहरूले आक्रमण

गर्दा क्रान्तिकारीका तीन जना कार्यकर्ता घाईते भए। घाईतेको जिल्ला अस्पताल सल्लेमा प्रारम्भिक उपचार पछि काठमाण्डौँमा थप उपचार भयो। घाईते हुनेमा क्रान्तिकारीका जिल्ला सदस्य सुशील बिष्ट, क्याम्पस इकाई अध्यक्ष शुन्दर शर्मा र सदस्य बिनोद ओली थिए। दुई पक्षीय झडप नियन्त्रणमा लिन क्याम्पस हाताभित्र प्रहरी परिचालनसमेत भयो। झडपमा संलग्न भएको भन्दै अखिलका अध्यक्ष मदन खड्कासहित सातजना बिद्यार्थी कार्यकर्तालाई प्रहरीले पक्राउ गऱ्यो। पक्राउ विद्यार्थी २१ दिन सम्म हिरासतमा राखि अदालतको आदेशमा सामान्य तारिखमा ०६९ असोज ८ गते छाडियो।

सुगम र निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालत

०६८ साउनदेखि ०६९ असार मसान्तसम्म : एक जना न्यायाधीश रहेको रुकुम जिल्ला अदालतमा यस अवधिमा १ सय ४७ फौजदारी मुद्दा फैसला भए र ५५ मुद्दा फैसला हुँन बाँकी रहे। सोही अवधिमा देवानी मुद्दातर्फ १ सय ८५ मुद्दा फैसला भए र ६३ मुद्दा फैसला हुन बाकी रहे। ०६८ असार मसान्तसम्म फैसला हुन बाकी मुद्दा सङ्ख्या १ सय १८ रहयो।

०६८ साउनदेखि ०६९ पुस १५ गतेसम्म : यस अवधिमा फौजदारी तर्फ १ सय ८२ मुद्दा फैसला भए र १ सय २२ फैसला हुन बाकी रहे। देवानी तर्फ सोही अवधिमा १ सय ९३ मुद्दा फैसाला भए र १ सय १ मुद्दा फैसला हुन बाँकी रहयो। पुस १५ गतेसम्म फैसला हुन बाँकी जम्मा मुद्दाको सङ्ख्या १ सय ८० रहयो।

जिल्ला सरकारी वकिलको कार्यालय

०६८ पुस १५ देखि असार मसान्तसम्म: यस अवधिमा तीन थान जवर्जस्ती करणी, दुई थान करणी र ज्यान मार्ने, डाका, बहुविवाह र लागु औषध गरी सात थान मुद्दा दर्ता भए। जसमा पाँच ओटा फैसला भई सात ओटा फैसला हुन बाँकी रहे। फैसला भएकाहरूमा बहुविवाह एक र अन्य लागु औषध र डाका सम्बन्धी मुद्दा रहे। ०६९ साउन १ देखि पुस मसान्तसम्म जिल्ला सरकारी वकिलको कार्यालय रुकुममा जिम्मेवारी सरी आएका सरकारवादी फौजदारी अदालत दायर भएका मुद्दाहरू १५ थान रहे। जसमा कर्तब्य ज्यान सात, ज्यान मार्ने उद्योग तीन, चोरी एक, जवर्जस्ती करणी एक, किर्ते जालसाक्षी एक, सवारी ज्यान दुई र चोरी एक थान रहे। यीमध्ये एक थान चोरीको मुद्दामात्र फैसला भयो। ०६९ पुस मसान्तसम्म १९ थान मुद्दा फैसला हुन बाँकी रहे। जिल्ला प्रशासन तर्फ सरकारवादी फौजदारी मुद्दा ०६८ पुस १ गतेबाट ०६९ असार मसान्तसम्म जम्मा दर्ता मुद्दा सङ्ख्या १३ रहे। जसमा चार थान फैसला भई नौ थान फैसला हुन बाँकी रहे।

घटनाको प्रकार	गैरराज्यपक्षबाट		
	महिला	पुरुष	जम्मा
बालअधिकार	३		३
महिलाअधिकार	३		३
कुटपिट		९	९
हत्या	१		१
जम्मा	७	९	१६

०६९ साउन देखि पुस १५ गतेसम्म : यस अवधिमा क्षतिपूर्ति मागदावी, सार्वजनिक अपराध र हात हतियार तथा खरखजना गरी जम्मा १३ ओटा मुद्दा दर्ता भएकोमा कुनै पनि फैसला भएनन्।

बालअधिकार

शिक्षाको अवस्था

जिल्ला शिक्षा कार्यालयले जिल्लाको शिक्षा सम्बन्धी तथ्याङ्क अद्यावधि गरेको पाइएन। सो कार्यालयले उपलब्ध गराएको तथ्याङ्क अनुसार जिल्लामा ३ सय ९४ सरकारी विद्यालय छन्। जसमा विद्यालय जाने उमेरका २९ हजार १ सय ४६ छात्र र ३१ हजार ७ सय २२ छात्रा गरी जम्मा ६० हजार ८ सय ६६ छात्रछात्रा प्राथमिक तहमा विद्यालय भर्ना भएका छन्। त्यसमा दलित छात्रछात्राको सङ्ख्या १८ हजार १ सय ९६ रहेको छ। निम्न माध्यमिक तहमा छात्र ९ हजार २ सय ८१ र छात्रा १० हजार २ सय ४, माध्यमिक तहमा छात्र ४ हजार ४ सय १७ र छात्रा ४ हजार ४ सय १ र उच्च माध्यमिक विद्यालयमा छात्र २ हजार ५ सय र छात्रा २ हजार ३ सय ५३ अध्ययनरत छन्। बालविकास केन्द्रमा छात्र २ हजार ३ सय ४१ र छात्रा ३ हजार ८ सय ८५ गरी जम्मा ६ हजार २ सय २६ विद्यार्थी अध्ययनरत छन्। जिल्लामा प्राबि तहमा १ सय ४९ शिक्षिका र ६ सय २६ शिक्षक, निमाबि तहमा तीन शिक्षिका र १ सय ३३ शिक्षक र माबि तहमा दुई शिक्षिका र ९६ शिक्षक कार्यरत छन्। निजी विद्यालयको तथ्याङ्क जिल्ला शिक्षा कार्यालयसँग नरहेको पाइयो।

बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

एक १० वर्षीया बालिकालाई ०६९ वैसाख १२ गते सोही ठाँउका २७ वर्षीय लोकबहादुर केसीले फकाई फुल्याई बलात्कार गरेको आरोपमा पीडित पक्षले सोही दिन ईलाका प्रहरी कार्यालय बाँफिकोटमा उजुरी दिए। आरोपीलाई प्रहरीले सोही दिन पक्राउ गऱ्यो। जिल्ला अदालत रुकुमको ०६९ वैसाख ३१ गतेको आदेशमा अभियुक्त पुर्पक्षका लागि कारागार चलान भए। यो वर्षको अन्त्यसम्म मुद्दाको अन्तिम फैसला भएन।

एक ११ वर्षीया बालिकालाई सोही गाविसका ६० वर्षीय भद्रबहादुर ओलीले ०६९ साउन २६ गते गोठमा एक्लो भएको अवस्थामा बलात्कार गरी फरार भएको पीडित पक्षले बताए। पीडित पक्षले ०६९ साउन २८ गते इलाका प्रहरी कार्यालय काक्रीमा उजुरी दिए। प्रहरीले खोजी गरिरहेका आरोपी ०६९ भदौ ३० गते महत गाविस-६ को जङ्गलमा मृत अवस्थामा फेला परे। प्रहरी अनुसन्धानमा बलात्कृत बालिकाका आफन्तले ओलीलाई कुटपिट गरी हत्या गरेको खुल्यो। मृतकका छोरा विकास ओलीले ०६९ साउन ३ गते जिल्ला प्रहरी कार्यालयमा किटानी जाहेरी दिए। जिल्ला प्रहरी कार्यालय रुकुमले उजुरीका आधारमा ०६९ साउन ५ गते महत-८ निवासी ४३ वर्षीय धने कामी, सोही ठाउँका २३ वर्षीय पूर्ण कामी, २० वर्षीय बालाराम कामीलाई पक्राउ गऱ्यो। अभियुक्तहरू जिल्ला अदालतको ०६९ भाद्र २१ को आदेसमा पुर्पक्षका लागि जेल चलान भए। यो वर्षको अन्त्यसम्म मुद्दाको फैसला भएन।

एक नौ वर्षीया बालिकालाई सोही गाविसका १९ वर्षीय युवराज दाहालले ०६९ असोज १२ गते बलात्कार गरेको भन्दै पीडित पक्षले इलाका प्रहरी कार्यालय बाफीकोटमा जाहेरी दिए। आरोपीलाई ०६९ असोज १५ गते घर बाट प्रहरीले पक्राउ गऱ्यो। रुकुम जिल्ला अदालतको ०६९ असोज २८ को आदेशले आरोपी दाहाल पुर्पक्षको लागि कारागार चलान भए। यो वर्षको अन्त्य सम्म मुद्दाको अन्तिम फैसला भएन।

महिलाविरुद्ध हुने सबै प्रकारको भेदभाव, दुर्व्यवहार बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

एक २८ वर्षीया एक युवतीलाई स्यालापाखा गाविस-१ का ३५ वर्षीय लोकबहादुर सुनार र नैनसिंह बि.क.ले ०६९ वैसाख १३ गते स्यालापाखा गाविस-५ को जङ्गलमा बलात्कार गरेको आरोपमा पीडितले ०६९ वैसाख १४ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिईन। आरोपितलाई प्रहरीले ०६९ वैसाख १७ गते गरफ्तार गऱ्यो। अभियुक्तहरू रुकुम जिल्ला अदालतको आदेसमा ०६९ जेठ ९ गते पुर्पक्षका लागि जेल चलान गरिए। यो वर्षको अन्त्यसम्म मुद्दाको अन्तिम फैसला भएन।

घरेलु हिंसा

परिवारजनबाट हत्या

सल्यान बाफुखोला गाविस-६ घर भई हाल रुकुमको खारा गाविस-२ झुल्नेटा बजारमा घडी-रेडियो पसल गर्दै आएका ३० वर्षीय नरेन्द्र ओलीले ०६९ मङ्सिर ४ गते आफ्नै २८ वर्षीया पत्नी गिता ओलीको हत्या गरेको आरोपमा प्रहरीले मङ्सिर ५ गते नियन्त्रणमा लियो। गिताको शरीर भरि घाउँचोट भएकाले माइती पक्षले ०६९ मङसिर ६ गते जिल्ला प्रहरी कार्यालय कर्तव्य ज्यानको किटानी जाहेरी दिए। आरोपी जिल्ला अदालत रुकुमको ०६९ मङ्सिर २९ गतेको आदेशमा पुर्पपक्षको लागि जेल चलान भए।

बहुविवाह

खारा गाविस-३ का ३२ वर्षीय नवराज ओलीले जेठी पत्नी मीना ओली हुँदाहुँदै सल्यान दार्माकोट निवासी तुलसा ओलीसँग ०६८ माघ ११ दोस्रो विवाह गरे। पीडितले घटनाको विरुद्ध जिल्ला प्रहरी कार्यालय रुकुममा २०६८ चैत १० गते उजुरी दिए पनि यो वर्षको अन्त्यसम्म कुनै सुनवाई भएन। (अ.नं. ००५)

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

संरचना, सम्पति क्षति

अनेरास्ववियु र अनेरास्ववियु (क्रान्तिकारी) बीच सङ्गठन निर्माणको विषयमा ०६९ साउन १० झडप भयो। प्रहरीले प्रहरीले दुबै पक्षलाई त्यहाँबाट हटाएपछि एमाले निकट अखिललाई प्रहरी, स्थानीय प्रसाशन र क्याम्पस प्रसाशनले सङ्रक्षण गरेको आरोपमा अखिल (क्रान्तिकारी)ले मुसिकोट खलङ्गा बहुमुखि क्याम्पसका प्रमुखको कार्यकक्ष तोडफोड गरे। टेबुल, कुर्सी, टेलीफोन, र सिसा तोडफोड भएको क्याम्पस प्रमुख फलबहादुर बोहराले जानकारी दिए।

स्वास्थ्य सेवाको अवस्था

अस्पताल	१		
स्वास्थ्यचौकी	१०		
उपस्वास्थ्यचौकी	३१		
पद	**दरबन्दी**	**कार्यरत**	**रिक्त**
डाक्टर	४	३	२
स्टाफ नर्स	५	३	२
ल्याब असिस्टेन्ट	३	१	२
अहेब	५०	४८	२
अनमी	२०	१५	५
खोप सुपरभाइजर	१	१	
क्षयरोग/कुष्ठरोग सुपरभाइजर	१	१	
हेल्थ असिस्टेन्ट	१५	१२	३
ग्रा.स्वास्थ्य कार्यकर्ता	४१	२९	१२

जिल्ला प्रहरी कार्यालय

जिल्ला प्रहरी कार्यालयमा ०६८ पुस १७ गतेदेखि ०६९ पुस १६ गतेसम्म बलात्कार तीन, बलात्कार प्रयास दुई, महिला ओसरपसार जिउमास्नेबेच्ने एक, कर्तव्यज्यान ११, ज्यानमार्ने उद्योग छ, आत्महत्या १५ र बहुविवाहका एक ओटा मुद्दा दर्ता भए।

४.६ बाँके

जिल्ला सदरमुकाम: नेपालगञ्ज
क्षेत्रफल (वर्ग कि. मि.): २,३३७
घरधुरी सङ्ख्या: ५४,७७३
जम्मा जनसङ्ख्या: ४,५१,३१३
पुरुष: २,४४,२५५
महिला: २,४७,०५८
अपाङ्ग सङ्ख्या: ७,४६८
गाविस/नपा सङ्ख्या: ४६/१
पुरुष साक्षरता सङ्ख्या: १,५८,५४१
महिला साक्षरता सङ्ख्या: १,२८,५४८
हिन्दू धर्मावलम्बी प्रतिशत: ७८.४२
बौद्ध धर्मावलम्बी प्रतिशत: १.१४
इस्लाम धर्मावलम्बी प्रतिशत: १८.५८
किराँत धर्मावलम्बी प्रतिशत: ०.०३
क्रिश्चियन धर्मावलम्बी प्रतिशत: १.३२
प्रकृति धर्मावलम्बी प्रतिशत: ०.०१
जैन धर्मावलम्बी प्रतिशत: ०.०१
शिख धर्मावलम्बी प्रतिशत: ०.००८
अन्य धर्मावलम्बी प्रतिशत: ०.०८
प्रतिपरिवार सरदर सङ्ख्या: ५.१८

नागरिक तथा राजनीतिक अधिकार सम्मानित रूपले बाँच्ने अधिकार

हत्या

जनतान्त्रिक तराई मधेश मुक्ति पार्टी (भगतसिंह) बाट

होलिया गाविस-२ चौफेरीकी ५० वर्षीया नन्दा यादवलाई चन्दा नदिएको आरोपमा आफूलाई जनतान्त्रिक तराई मधेश मुक्ति पार्टी (भगतसिंह) पार्टीका कार्यकर्ता बताउने एक समूहले ०६८ माघ ४ गते साँझ घरमा एक्लै रहेको अवस्थामा गोली हानी हत्या गऱ्यो। उनको घटनास्थलमै मृत्यु भयो। मृतकका

पति बहादुर यादवले कर्तव्य जिल्ला प्रहरी कार्यालयमा जाहेरी दर्ता गराए। हत्यामा संलग्न भएको आरोपमा ०६८ माघ ५ गते होलिया गाविस-२ का ३० वर्षीय विनोद गडरिया, २७ वर्षीय राजेश यादव, किरण धोवी, अर्जुन सिंह भन्ने कन्हैयालाल गोडियालाई प्रहरीले गिरफ्तार गरेकोमा उनीहरू घटनामा संलग्न नभएको पाइएपछि उनीहरूलाई छाडियो। प्रहरीले ०६९ असोज २७ गते होलियाका तिरथ धोबी र नान हरिजनलाई हत्याको आरोपमा प्रहरीले गिरफ्तार गऱ्यो।। जिल्ला अदालतको ०६९ कात्तिक २४ गतेको आदेशमा अभियुक्तहरू पुर्पक्षका लागि जिल्ला कारागारमा थुनामा छन्।

गोली/विस्फोटक पदार्थद्वारा घाइते

मोरङ जिल्ला विराटनगर उमनपा-१ घर भई इलाका प्रहरी कार्यालय कोहलपुरमा कार्यरत डीएसपी ३७ वर्षीय रमेशकुमार बस्नेत ०६८ चैत २९ गते बिहान मनिकापुर गाविस-१ नँयाबस्ती ईंटाभट्टा नजिक खेतमा पत्रिकामा बेरी राखेका तीन ओटा विष्फोटक पदार्थ परीक्षण गर्न खोज्दा विस्फोट भइ घाइते भए। दाहिने खुट्टाको बुढी औँला र बाँया आँखामा चोट लागी घाइते भएका डीएसपी बस्नेतको नेपालगञ्ज शिक्षण अस्पतालमा उपचार भयो। नेपाली सेनाले सोही दिन बम निष्कृय पाऱ्यो।

जेल र बन्दीहरू

श्रेणी नतोकीएको जिल्ला कारागारको बन्दी क्षमता २ सय जनाको रहेको छ। यो वर्षको अन्त्यसम्म कैद तोकिएका १ सय ५१ र नतोकिएका २ सय ३३ कैदी र थुनुवा गरी जम्मा ३ सय ८४ रहेका छन्। जसमा पुरुष ३ सय ४८ र महिला ३६ जना रहेका छन्। ती मध्ये यो वर्ष एक कैदीको भेरी अञ्चल अस्पतालमा उपचारको क्रममा मृत्यु भयो। कारागारको भौतिक अवस्था नाजुक छ। कारागारमा शौचालय, खानेपानी र क्षमताभन्दा बढी कैदी बन्दी भएकाले सुत्न बस्न समस्या छ। जाडोमा बाहिर पाल हालेर सुत्नु पर्दा र गर्मीमा लामखुट्टेको टोकाई सहेर सुत्नुपर्ने बाध्यता रहेको बन्दीहरूले बताए। वर्षको एक पटक सिरक, डस्ना दरी र तन्ना दिइने गरेको जेलर श्याम लामिछानेले बताए।

बेपत्ता /अपहरण

राज्यबाट

बिनौना गाविस-८ का २५ वर्षीय दीपक परियार ०६९ असोज २३ गते हिरासतबाटै भागेर राप्ती नदीमा हाम फालेर बेपत्ता भए। उनी ०६९ असोज २१ गते स्थानीय युवतीलाई यौनदुर्व्यवहार गरेको आरोपमा गिरफ्तार भएका थिए। प्रहरीले हिरासतबाट युवक बेपत्ता भएको जानकारी गाउँले र निजको परिवारलाई गराए पनि नदीमा हामफालेर बेपत्ता भएको तथ्य सार्वजनिक गरेन। घटनाको १२ दिनपछि ०६९ असोज ४ गते मात्र नदीमा हामफालेर बेपत्ता भएको सार्वजनिक भयो। हिरासतमा रहेका अभियुक्तको सुरक्षा गर्न नसकेको र युवक बेपत्ता भएको घटना लुकाएको ठहर गर्दै प्रहरी चौकीका तत्कालीन इन्चार्ज चुडामणि थापा र ड्युटीमा रहेका जवान रापबहादुर घर्तीलाई निलम्बन गरिएको जिल्ला प्रहरी कार्यालयका एसपी विक्रमसिंह थापाले बताए। यस वर्षको अन्त्यसम्म पनि पीडितको अवस्था पत्ता लागेन।

घटनाको प्रकार	राज्यपक्षबाट				गैरराज्यपक्षबाट		
	महिला	पुरुष	नखुलेको	जम्मा	महिला	पुरुष	जम्मा
घाइते						१	१
बालअधिकार					८		८
अपहरण						१	१
महिलाअधिकार					९		९
भेला/सङ्गठित हुने अधिकार	३	१७	३७	५७			
गिरफ्तारी/यातना		३		३			
कुटपिट		४		४	३	३	४
धम्की		१		१		५	५
हत्या					३		३
जम्मा	३	३४	३७	६४	३१	९	३०

धम्की/कुटपिट

राज्यबाट

प्यूठान जिल्ला घरभई नेपालगञ्ज नपा-१ बस्ने नागरिक दैनिक नेपालगञ्जका सम्वाददाता २८ वर्षीय दिनेश गौतमलाई समाचार प्रकाशित गरेको आरोपमा ०६९ वैशाख ५ गते राँझास्थित नेपाली

सेनाको इमामनगर व्यारेकका कर्णेल राजु नेपालीले फोन गरी धम्की दिए। नागरिक दैनिक पत्रिकाको ०६९ वैशाख ५ गतेको तेस्रो पृष्ठमा "कर्णेलद्वारा सात स्थानीय पिटिए" शीर्षकमा प्रकाशित समाचारको विषयमा कर्णेल नेपालीले समाचार प्रकाशित भएकै दिन 'यो समाचारका कारण मेरो प्रमोशन रोकियो वा कुनै कारवाही भयो भने जे पनि हुन सक्ने र रिभेन्ज लिने' भनी पत्रकार गौतमलाई धम्की दिएको पीडितले बताए। घटना सम्बन्धमा नेपाली सेनाले ०६९ वैशाख ७ गते सहायकरथी राज राणाको अध्यक्षतामा तीन सदस्य 'कोर्ट अफ इन्क्वायरी' गठन गऱ्यो। समितिले सञ्चारकर्मी दिनेश गौतमलाई भेट गरी घटनाप्रति दुःख व्यक्त गऱ्यो। समितिको प्रतिवेदन यस वर्षको अन्त्यसम्म सार्वजनिक भएन।

कोहलपुर नपा-३ घरभई नेपालगञ्ज नपा-१५ का होटल व्यवसायी ३४ वर्षीय राजबहादुर विक, सोही होटलमा कार्यरत नौवस्ता गाविस-७ का १७ वर्षीय रोहित चौधरी, प्युठान ओखरकोट गाविस-२ का १७ वर्षीय रुमबहादुर केसी, नेपालगञ्ज नपा-१७ का सुरज महत, कोहलपुर नपा-३ का २० वर्षीय पवन विक र भारत घर भई सोही होटलमा कार्यरत ४५ वर्षीय चौकीदार गोपाल शर्मालाई बाहिरबाट ढोकाको चुक्कुल लगाएको आरोपमा राँझास्थित नेपाली सेनाको इमामनगर व्यारेकमा कार्यरत कर्णेल राजु नेपालीले ०६९ वैशाख ३ गते राति कुटपिट गरे। हड्गेरी होटल नजिक तुलसी नाम गरेकी भारतीय युवती बस्दै आएको कोठामा कर्णेल नेपाली राति करिब १० बजे प्रवेश गरेपछि स्थानीयवासीले कोठाको बाहिरबाट चुकुल लगाएका थिए। आफ्नो गार्डलाई फोन गरी ढोकाको चुक्कुल खोलेका कर्णेल नेपाली बाहिर निस्केपछि होटल सञ्चालक र होटलमा कार्यरत कर्मचारीलाई कुटपिट गरेका थिए। कर्णेलको कुटपिटबाट घाइते रोहित, रुम, राजकुमार, पवन र सुरजलाई प्रहरीले घटनास्थलबाट गिरफ्तार गरेकोमा ०६९ वैशाख ४ गते रिहा गऱ्यो। स्थानीय युवाहरूले आफूलाई आक्रमण गरेको कर्णेल नेपालीले प्रतिक्रिया दिए। पीडित पक्षले ०६९ वैशाख ४ गतेबाट जिल्ला प्रहरी कार्यालयमा उजुरी गर्न गएपनि प्रहरीले उजुरी दर्ता गर्न नमानेको पीडितले जनाए। पीडितले जीउ ज्यानको सुरक्षा गरी पाउँ भनी ०६९ वैशाख ४ गते जिल्ला प्रशासन कार्यालयमा उजुरी दिए। घटनाको छानबिन गर्न नेपाली सेनाले ०६० वैशाख ७ गते सहायक रथी राज राणाको अध्यक्षतामा प्रमुख सेनानी विश्वराज थापा र सेनानी महेन्द्रजङ्ग शाह सदस्य रहेको तीन सदस्यीय 'कोर्ट अफ इन्क्वायरी' गठन गऱ्यो। समितिले घटनाका पीडित, प्रत्यक्षदर्शी र अन्य सरोकावालासँग भेटघाट गऱ्यो। समितिको प्रतिवेदन यस वर्षको अन्त्यसम्म सार्वजनिक भएन।

थरुहट कार्यकर्ताहरूबाट कुटपिट गरी घाइते बनाइएकी पत्रकार दीपा आले

नेपालगञ्जबाट प्रकाशित हुने नेपाली एक्सप्रेस दैनिकका सम्पादक नेपालगञ्ज नपा-१७ बाँकेबगिया बस्ने ४० वर्षीय शिव डोटेललाई ०६९ भदौ २८ गते साँझ कार्यालयतर्फ जाँदै गर्दा त्रिभुवनचोकमा गस्तीमा रहेका नेपाल प्रहरीका असई बत्तीकुमार पोखरेल नेतृत्वको प्रहरी टोलीले सामान्य विवादमा कुटपिट गर्नुको साथै बन्दुकको कुन्दाले टाउकोमा हिर्काएर गम्भीर घाइते बनायो। घाइतेलाई तत्काल प्रहरीले नै उद्दार गरी भेरी अञ्चल अस्पतालमा पुऱ्याइ उपचार गऱ्यो। कुटपिटबाट टाउकोमा सात ओटा टाँका लगाइएका डोटेलको ढाडमा पनि नीलडाम परेको थियो। नेपाल पत्रकार महासङ्घ बाँके शाखाले ०६९ भदौ २९ गते विज्ञप्ति प्रकाशन गरी घटनाको भर्त्सना गऱ्यो। जिल्ला प्रहरी कार्यालयले ०६९ असोज १५ गते दोषी असई पोखरेललाई चार वर्षको लागि बढुवा रोक्का गर्ने गरी कारवाही गरेको जनायो।

प्रहरीको कुटपिटबाट घाइते भएका पत्रकार शिव डोटेल

नेपालगञ्ज नपा-१ घर भई नेपालगञ्जबाट प्रकाशित हुने सद्भाव दैनिकका प्रकाशक तथा सम्पादक ३० वर्षीय दामोदर भण्डारीलाई सद्भाव दैनिकमा प्रकाशित समाचारको विषयमा निजामति कर्मचारी युनियन बाँकेका

अध्यक्ष तथा जल उत्पन्न प्रकोप नियन्त्रण कार्यालय नेपालगञ्जका लेखा अधिकृत पदम जिसीले धम्की दिएको पीडितले बताए। सद्भाव दैनिकको ०६९ कात्तिक १५ गतेको अङ्कमा जिसीले सरकारी नम्बर प्लेटको बा १ झ ५२७६ नम्बरको गाडीमा धान ओसारेको समाचार फोटोसहित प्रकाशन भएको थियो। पत्रकार भण्डारीले ०६९ कात्तिक १७ गते जिल्ला प्रशासन कार्यालय बाँकेमा सुरक्षाको माग तथा धम्की दिनेलाई कारबाहीको माग गर्दै उजुरी दर्ता गराए। जिसीले पत्रकार महासङ्घको रोहबरमा अब आइन्दा यस्तो नगर्ने भनी कात्तिक १८ गते पत्रकार भण्डारीसँग माफी मागे।

मधेस मुक्ति टाइगर्स

नेपालगञ्ज नपा-१ धम्बोझीस्थित पुजा दाल मिलका मालिक ४६ वर्षीय केडी बाबुलाई ०६८ माघ २५ गते र नेपालगञ्ज नपा-३ सुर्खेत रोडस्थित खेतान इलेक्ट्रोनिक्सका सञ्चालक ४० वर्षीय अनिल खेतानलाई ०६८ माघ १३ गते मधेश मुक्ति टाइगर्सका बाँके जिल्ला इञ्चार्ज जलजला सिंहले ३ लाख रुपियाँ चन्दा मागी नदिए भौतिक कारबाही गर्ने धम्की दिए। मधेश मुक्ति टाइगर्स बाँके जिल्ला इञ्चार्ज घटनामा संलग्न भएको आरोपमा प्रहरीले नेपालञ्ज नपा-१४ का ३९ वर्षीय हृदयनारायण सिंह र सोही ठाँउका ३१ वर्षीय अकिल शेषलाई ०६८ फागुन १ गते गिरफ्तार गऱ्यो। सिंह मेडिकल कलेज नेपालगञ्जमा सिनियर ल्याब टेक्निसियन थिए। आरोपित दुवैलाई ०६८ फागुन २ गते अपहरण तथा हातहतियार खरखजाना ऐनअनुसार मुद्दा चलाइएकोमा अकिल शेषलाई जिल्ला अदालत बाँकेले ०६९ असार २४ गते २ वर्ष कैद र १२ हजार रुपियाँ जरिवनाको फैसला सुनायो भने हृदयनारायण जिल्ला अदालतको ०६९ असार २४ गतेको आदेशअनुसार कारागारबाट रिहा भए।

प्रहरीको लाठीचार्जबाट घाइते भएका हरि तिमिल्सिना

प्रहरीको लाठीचार्जबाट घाइते भएका चन्द्रदेव कार्की

थरूहट कार्यकर्ताबाट

नेपालगञ्ज नपा-१३ निवासी सगरमाथा टेलिभिजनका बाँके सम्वाददाता २७ वर्षीया दीपा आलेलाई ०६९ जेठ ८ गते नेपालगञ्ज कोहलपुर सडकखण्डमा स्थित चित्रनगरमा थरुहटका कार्यकर्ताले बन्दको अवज्ञा गरेको आरोपमा बाँसको चिरपटले हिर्काइ घाइते बनाए। आँखा र छातीमा चोट लागेकी घाइतेको नेपालगञ्ज मेडिकल कलेजमा उपचार भयो। आक्रमणकारीले आलेको भे ३ प ५८६ नम्बरको मोटरसाइकल पनि तोडफोड गरे। उक्त घटनामा संलग्न शमसेरगञ्ज-१का १९ वर्षीय सर्जु चौधरी, सोही ठाँउका २२ वर्षीय दीपचन्द्र चौधरी र २४ वर्षीय जीवन चौधरी तीन जनालाई प्रहरीले गिरफ्तार गरेकोमा जिल्ला प्रशासन कार्यालयको ०६९ जेठ २२ गतेको आदेशअनुसार प्रति व्यक्ति ३ हजार रुपियाँ धरौटीमा सबैजना ०६९ जेठ २२ गते इलाका प्रहरी कार्यालय कोहलपुरबाट रिहा भए।

बर्दिया जिल्ला गुलरिया नपा-१ निवासी नेपाल टेलिभिजन बर्दियाका सम्वाददाता २६ वर्षीय डिलप्रसाद गौतमलाई सुर्खेतबाट बर्दिया आइरहेको अवस्थामा बाँकेको वनियाभार गाविसमा थरुहटका कार्यकर्ताले बन्दको अवज्ञा गरेको आरोपमा ०६९ जेठ ८ गते कुटपिट गरे। प्रहरीको सहयोगमा पीडितको नेपालगञ्ज मेडिकल कलेजमा उपचार भयो। थरुहटका कार्यकर्ताले सञ्चारकर्मी गौतमले प्रयोग गरेको भे २ प ५१५८ नम्बरको मोटरसाइकल तोडफोड गरे भने परिचय पत्र र नेपाल टेलिजिनको नियुक्ति पत्रसमेत खोसे। घटनामा संलग्न कसैलाई पनि कारबाही भएन।

सुगम तथा निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालत

०६८ साउनदेखि ०६९ असार मसान्तसम्म

चार जना न्यायाधीश रहेका यस जिल्ला अदालतबाट फौजदारी मुद्दातर्फ १ हजार ६ सय ४ थानमध्ये १ हजार १ थान फैसला भए भने ६ सय ३ थान फैसला हुन बाँकी रहे। देवानी मुद्दातर्फ १ हजार

३ सय ६० थानमध्ये १ हजार ३२ थान फैसला भए भने ३ सय २८ थान फैसला हुन बाँकी रहे। दुईवर्ष नाघेका फौजदारी मुद्दा १३ थान र देवानी मुद्दा तीन थान रहे।

०६९ साउनदेखि ०६९ पुस १५ सम्म

यस अवधिमा फौजदारी मुद्दातर्फ ९ सय ७८ मध्ये २ सय ८० फैसला भए भने ६ सय ८५ फैसला हुन बाँकी रहे। देवानी मुद्दातर्फ १३ सय ७४ थानमध्ये २ सय ९९ थान फैसला भए भने १ हजार ७५ थान फैसला हुन बाँकी रहे। दुईवर्ष नाघेका फौजदारी मुद्दा आठ थान र देवानी मुद्दा २४ थान रहे।

पुनरावेदन अदालत

०६८ साउन देखि ०६९ असार सम्म

पाँच जना न्यायाधीश रहेको यस पुनरावेदन अदालतबाट फौजदारी मुद्दा तर्फ ५ सय ४३ थानमध्ये २ सय १५ थान फैसला भए भने ३ सय २८ थान बाँकी रहे। देवानीतर्फ ५ सय ५ थानमध्ये २ सय ६७ थान फैसला भए भने २ सय ३८ थान बाँकी रहे।

०६९ साउन देखि ०६९ पुस १५ गते सम्म

यस अवधिमा फौजदारी मुद्दातर्फ ५ सय ९४ थानमध्ये ९१ थान फैसला भए भने ५ सय ३३ थान बाँकी रहे। जसमा १८ थान मुद्दा दुई वर्ष नाघेका छन्। भने देवानीतर्फ ३ सय ७६ थानमध्ये ७४ थान फैसला भए भने ३ सय २ थान बाँकी रहे। जसमा १७ थान मुद्दा दुई वर्ष नाघेका छन्।

जिल्ला सरकारी वकिल कार्यालय

जिल्ला सरकारी वकिल कार्यालयबाट ०६८ साउन देखि ०६९ असारसम्म दायर चालु मुद्दाको सङ्ख्या ६ सय ३२ मध्ये २ सय ९२ थान फैसला भए जसमा १ सय ३२ थान सफल र १ सय ५० थान असफल भए भने १० थान मुल्तवीमा रहे। ०६९ साउन देखि पुस १५ गते सम्म १ सय ८ थान मुद्दा दायर भए पनि फैसला भएको जानकारी नआएको जिल्ला वकिल कार्यालयले जानकारी दियो।

नेपाली सेनाका तत्कालीन कर्णेल राजु नेपालीले धम्की दिइएका पत्रकार दिनेश गौतम

निजामति कर्मचारी युनियन बाँकेका अध्यक्ष पदम जिसीद्वारा धम्की दिइएका पत्रकार दामोदर भण्डारी

बालअधिकार

शिक्षाको अवस्था

विद्यालय जाने उमेरका १ लाख ३८ हजार २५ बालबालिकामध्ये छात्रा ६७ हजार ६ सय ३१ र छात्र ७० हजार ३ सय ९४ प्राथमिक तह देखि उमावि तह सम्म भर्ना भए। यसमध्ये दलित छात्रा १० हजार ८ सय ८ र छात्र ११ हजार ५ सय ६४ रहेका छन्। सरकारी र सामुदायिक विद्यालय गरि प्रवि तहमा महिला २ सय ६६ र पुरुष ५ सय १४ गरि ७ सय ८० शिक्षक कार्यरत छन्। निमावि तहमा महिला ३७ र पुरुष १४३ गरि १ सय ८० शिक्षक कार्यरत छन्। यसैगरी माबि तहमा महिला १७ र पुरुष १ सय २७ गरी १ सय ४४ शिक्षक रहेका छन्। यसमा राहत र पिसिएफ कोटाका शिक्षक शिक्षिकाहरूको सङ्ख्या समावेश गरिएको छैन्। बालविकास केन्द्रहरूमा छात्रा १० हजार ९ सय ४३ र छात्र १२ हजार ४ सय ६१ गरि जम्मा २३ हजार ४ सय ४ विद्यार्थी रहेका छन्। जसमध्ये दलित छात्रा २ हजार ९ र छात्र २ हजार ८८ रहेका छन्। यस जिल्ला शिक्षा कार्यालयले सबै तथ्याङ्कहरू अद्यावधिक गरेको पाइएन्।

बलात्कार, बलात्कार प्रयास तथा यौन दुर्व्यवहार

एक १० वर्षीया बालिकालाई ०६८ माघ ८ गते राति सोही ठाँउ निवासी आफ्नै २३ वर्षीय भिनाजुले घरमा कोही नभएको अवस्थामा बलात्कार गरेको भन्दै पीडितपक्षले ०६८ माघ ९ गते जिल्ला प्रहरी कार्यालय बाँकेमा किटानी जाहेरी दिए। आरोपितलाई इलाका प्रहरी कार्यालय धनौलीले ०६८ माघ ९ गते गिरफ्तार गऱ्यो । बालिकाको भेरी अञ्चल अस्पतालमा ०६८ माघ ९ गते स्वास्थ्य परीक्षण भयो। आरोपित जिल्ला अदालत बाँकेको ०६९ असार २६ गतेको आदेशअनुसार पुर्पक्षका लागि कारागारमा थुनामा छ । यस वर्षको अन्त्यसम्म मुद्दा फैसला भएको छैन्।

एक १७ वर्षीया एक किशोरीलाई सोही ठाँउका ३१ वर्षीय

रामहर्ष शर्मा र उनकी पत्नी २९ वर्षीया शारदा शर्माले ०६९ साउन ९ गते नेपालगञ्ज घुम्न जाने भन्दै ल्याएर रात परेपछि होटलमा राखी पति पत्नीले मदिरा सेवन गरेको र खाना खाएर सुतेपछि आफूलाई बलात्कार गरेको पीडितले बताइन्। युवती घर फर्केर माइजुलाई घटनाको बारेमा बताएपछि पीडित पक्षले ०६९ साउन ११ गते प्रहरी चौकीमा उजुरी गरे। प्रहरीले ०६९ साउन ११ गते आरोपीलाई गिरफ्तार गऱ्यो। बाँके जिल्ला अदालतले ०६९ असोज १५ गते रामहर्षलाई पुर्पक्षका लागि कारागार पठाउने र पत्नी शारदालाई २१ हजार रुपियाँ धरौटीमा रिहा गर्ने निर्णय गऱ्यो।

१५ र १३ वर्षीया दुई बालिकालाई ०६९ मङ्सिर २१ गते बागेश्वरी- ९ का २७ वर्षीय रविन्द्र शाही र बनकटवा-२ पिडारीका २८ वर्षीय चन्द्रकेश थारुले नेपालगञ्ज र बर्दिया ठाँउमा ११ दिन राखी बलात्कार गरेको भनी पीडित बालिकाले पुस २ गते रविन्द्र शाही विरुद्ध जिल्ला प्रहरी कार्यालय बाँकेमा उजुरी दर्ता गरिन्। प्रहरीले आरोपित शाहीलाई फुल्टेक्राबाट ०६९ पुस ४ गते गिरफ्तार गऱ्यो भने थारु फरार भए।

यातना, दुर्व्यवहार

टिटिहिरीया गाविस-९ का १४ वर्षीय बालकद्वय सुनील थापा र सुनिल विकलाई ०६९ असार ३१ गते अस्थायी प्रहरी चौकी रनियापुरले मोवाइल फोन चोरेको आरोपमा गिरफ्तार गऱ्यो। स्थानीय गोविन्द बुढाक्षेत्रीको किटानी जाहेरीका आधारमा बालकलाई गिरफ्तार गरिएको प्रहरीले बतायो। प्रहरीले आरोपित बालकद्वयलाई बाँसको लाठीले कुटपिट गरेको, कुहिनाले टेकेर घस्रिन लगाउनुका साथै प्रहरी हाताभित्र हजाम (नाइ) लाई बोलाएर बालकहरूको कपाल मुण्डन गरायो। प्रहरी यातनाबाट जोगिन बालकहरूले चोरी गरेको स्वीकारेपछि बालकका अभिभावकले तीन तीन हजार रुपियाँका दरले जरिवाना बुझाएको बताए। गाविन्दको मोवाइल चोरेको आरोपमा हिक्मत कार्की ०६९ साउन ६ गते गिरफतार भएपछि बालकहरू निर्दोष भएको प्रमाणित भयो। जिल्ला प्रहरी कार्यालयले घटनामा संलग्न प्रहरीहरूलाई आन्तरिक कारबाहीको लागि भन्दै जिल्ला बोलाएको बताए पनि के कारबाही गरेको हो खुलाउन मानेन।

अज्ञात समूहले आगजनी गरेको बस

महिलाविरुद्ध हुने सबै प्रकारको भेदभाव, दुर्व्यवहार
बलात्कार, बलात्कार प्रयास, यौनदुर्व्यवहार

एक ८५ वर्षीया वृद्धालाई नेपालगञ्ज नपा-१२ का ३५ वर्षीय भीमसिंह ठाकुरले ०६८ फागुन ३ गते बलात्कार गरेको भन्दै पीडितपक्षले सोही दिन जिल्ला प्रहरी कार्यालय बाँकेमा उजुरी दिए। घरमा कोही नभएको अवस्थामा मुखमा कपास कोचेर भीम सिंहले हरिजनलाई घरको बरण्डामा रहेको खटियामा बलात्कार गरेको पीडितपक्षले बतायो। प्रहरीले आरोपित सिंहलाई सोही नपा-१२ बाट सोही दिन गिरफ्तार गऱ्यो। आरोपित ०६८ चैत ३० गतेदेखि जिल्ला अदालतको आदेशअनुसार पुर्पक्षका लागि थुनामा छन्।

एक २० वर्षीया युवतीलाई बलात्कार गरेको आरोपमा इन्द्रपुर गाविस-७ का हरिशकुमार राडले सोही ठाँउकी प्रहरीले ०६९ साउन ३० गते गिरफ्तार गऱ्यो। युवतीले आफू शौच गर्न ०६९ साउन ३० गते बिहान खेतमा गएको बेलामा बलात्कृत भएको जानकारी आफन्तलाई दिएपछि आफन्तले प्रहरीलाई खबर गरेका थिए। पीडितको भेरी अञ्चल अस्पतालमा साउन ३० गते स्वास्थ्य उपचार भयो। आरोपित जिल्ला अदालतको ०६९ भदौ २५ गतेको आदेशअनुसार पुर्पक्षका लागि थुनामा छन्।

घरेलु हिंसा

पविारजनबाट हत्या

खजुराखुर्द गाविस-४ की २८ वर्षीया सान्नु कोरीलाई आफ्नै पति ३२ वर्षीय पादु कोरी भनिने जगदिश कोरीले ०६८ माघ २६ गते राति हत्या गरेको भन्दै मृतकका बुवाले ०६८ माघ २८ गते जिल्ला प्रहरी कार्यालय बाँकेमा कर्तव्य ज्यानसम्बन्धी किटानी जाहेरी दिए। घरमा सुतेको अवस्थामा राति हत्या गरी मृतकका पति जगदिश सोही दिन फरार भएको र खोजी भइरहेको प्रहरीले जनाए पनि हालसम्म अभियुक्त फरार रहेका छन्।

कुटपिट

नेपालगञ्ज नपा-८ गगनगञ्जकी ३१ वर्षीया तरन्नुबन्नो हलवाईले पति ३३ वर्षीय साविर अलि हलवाइले कुटपिट गरेको भन्दै पीडितले जिल्ला प्रहरी कार्यालयमा ०६९ पुस १० गते निवेदन दिइन्। प्रहरीले ०६९ पुस ११ गते

आरोपितलाई गिरफ्तार गऱ्यो। कुटपिटबाट पीडितको टाउकोमा चोट लागेको थियो। उनको भेरी अञ्चल अस्पतालमा उपचार भयो।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

अनेरास्ववियु क्रान्तिकारी

बाँके जिल्ला नेपालगञ्जनपा–३ सुर्खेत रोडस्थित जय बागेश्वरी उच्चमाविको माइक्रो बस विद्यालयका नेकपा-माओवादी निकट अनेरास्ववियु क्रान्तिकारीका कार्यकर्ताले ०६९ साउन २४ गते तोडफोड गरे।

स्वास्थ्य सेवाको अवस्था

अस्पताल	९		
स्वास्थ्यचौकी	१५		
उपस्वास्थ्यचौकी	२९		
पद	**दरबन्दी**	**कार्यरत**	**रिक्त**
डाक्टर	३	२	१
स्टाफ नर्स	३	२	१
ल्याब असिस्टेन्ट	६	५	१
अहेब	९०	९०	
अनमी	२१	२१	
खोप सुपरभाइजर	२	२	
क्षयरोग/कुष्ठरोग सुपरभाइजर	१	१	
हेल्थ असिस्टेन्ट	१२	१२	
ग्रा. स्वास्थ्य कार्यकर्ता	४७	३५	१२

जिल्ला प्रहरी कार्यालय

जिल्ला प्रहरी कार्यालयमा ०६८ पुस १७ गतेदेखि ०६९ पुस १६ गतेसम्म बलात्कार १५, बलात्कार प्रयास पाँच, घरेलुहिंसा एक, महिला ओसारपसार जिउमास्नेबेच्ने नौ, जातीय विभेद एक, कर्तव्य ज्यान ३२, ज्यानमार्ने उद्योग ३१, आत्महत्या १ सय ३४, अपहरण गरी शरीर बन्धक बनाएको नौ, बहुविवाह १२, विस्फोटक पदार्थ तीन र बालविवाहका एक ओटा मुद्दा दर्ता भए।

४.७ बर्दिया



जिल्ला सदरमुकाम: गुलरीया
क्षेत्रफल (वर्ग कि. मि.): २,०२५
घरधुरी सङ्ख्या: ८३,१७६
जम्मा जनसङ्ख्या: ४,२६,५७६
पुरुष: २,०५,०८०
महिला: २,२१,४५६
अपाङ्ग सङ्ख्या: ८,१५७
गाविस/नपा सङ्ख्या: ३१/१
पुरुष साक्षरता सङ्ख्या: १,३५,४१२
महिला साक्षरता सङ्ख्या: १,२१,३४०
हिन्दू धर्मावलम्बी प्रतिशत: ९४.१७
बौद्ध धर्मावलम्बी प्रतिशत: १.०१
इस्लाम धर्मावलम्बी प्रतिशत: २.६
किराँत धर्मावलम्बी प्रतिशत: ०.०१
क्रिश्चियन धर्मावलम्बी प्रतिशत: २.१७
प्रकृति धर्मावलम्बी प्रतिशत: ०.०१
वहई धर्मावलम्बी प्रतिशत: ०.०१
अन्य धर्मावलम्बी प्रतिशत: ०.०३४
प्रतिपरिवार सरदर सङ्ख्या: ५.१३

जेल र बन्दीहरू

'ग' श्रेणीको जिल्ला कारागारको बन्दी क्षमता १ सय २५ सय जनाको रहेको छ। यो वर्षको अन्त्यसम्म कैद तोकिएको १ सय ३२ र कैद नतोकिएको ५७ कैदी र थुनुवा गरी जम्मा १ सय ८९ जना बन्दीहरू रहेका छन्। जसमा आश्रित बालक एक जना र बालिका तीन जना गरी जम्मा चार जना रहेका छन्। यस जिल्ला कारागारको निर्माण वि.स. २०३४ सालमा भएको हो। महिला कारागार २०६८ सालमा निर्माण भएको हो। पुरुष र महिला कैदी तथा थुनुवाको लागि छुट्टा छुट्टै कारागार भवन रहेको छ। कारागारमा

घटनाको प्रकार	गैरराज्यपक्षबाट		
	महिला	पुरुष	जम्मा
बालअधिकार	१०		१०
अमानवीय व्यवहार		२	२
अपहरण	१	१	२
महिलाअधिकार	६४		६४
भेला/सङ्गठित हुने अधिकार		२	२
जातीय विभेद	१	१	२
कुटपिट	११	१	१२
धम्की	१		१
हत्या	४		४
जम्मा	१०२	६	१०९

शौचालय, खानेपानी ट्याङ्की र धारा रहेका छन्। पुस्तकालय, रेडियो, टेलिभिजनको व्यवस्था छ। कैदी बन्दीहरूका आफन्तलाई हप्तामा चार दिन भेटघाट गर्न र चार दिन टेलिफोन मार्फत सम्पर्क गर्ने सुविधा उपलब्ध छ। बिरामी भएको अवस्थामा सामान्य औषधी उपचार गर्न स्वास्थ्यकर्मीको व्यवस्था र थप उपचारका लागि जिल्ला अस्पताल लैजाने व्यवस्था रहेको कारागारले जानकारी दियो। महिला कारागार बनेपछि महिला कैदी तथा थुनुवाहरूले भोग्दै आएको समस्या समाधान भएको छ। तर पुरुष कैदी तथा थुनुवाहरू पुरुष कारागारको क्षमता भन्दा बढी भएको कारण नुहाउन र शौचालय प्रयोग गर्न समस्या छ। पुरुष कारागारको क्षमता १ सय भए पनि १ सय ६८ जना राखिएको छ।

बेपत्ता/अपहरण

तराई जनतान्त्रिक मुक्ति मोर्चाबाट

गुलरिया नपा-६ फूलबारीटोलका १७ वर्षीय उपेन्द्र आलेलाई ०६९ असोज २७ गते तराई जनतान्त्रिक मुक्ति मोर्चाका इञ्चार्ज रणबीर भनिने गुलरिया नपा-३ निवासी २५ वर्षीय राजन यादवको नेतृत्वमा आएको समूहले अपहरण गऱ्यो। प्रहरीले अपहरणकारी राजन यादव र भारतको लखिमपुर दहरा थान पूर्तैया गाउँ घर भएका २४ वर्षीय सरिक खाँलाई पीडित परिवारले फिरौती बुझाउन गएको अवस्थामा ०६९ कात्तिक ३ गते कैलालीको सतीघाटमा गिरफ्तार गऱ्यो। पीडित भारतको लखिमपुरमा बन्धक बनाएर राखेकोमा मूर्तियाबाट भारतीय सुरक्षाकर्मीको सहयोगमा मुक्त भए। पीडितका बुबा बुद्धिबहादुर आलेले राजन यादव, रसिक खाँ र महम्मदपुर गाविस-२ का ३१ वर्षीय कलिमअहमद मनिहार विरुद्ध अपहरण गरी बन्धक बनाएको आरोपमा जिल्ला प्रहरी कार्यालय बर्दियामा ०६९ कात्तिक ३ गते जाहेरी दर्ता गराए। बर्दिया जिल्ला अदालतको आदेशमा ०६९ मङ्सिर ५ गते तीनै जना अभियुक्तलाई जिल्ला कारागार गुलरियामा पुर्पक्षको लागि थुना पठायो।

अन्यबाट

मोतिपुर गाविस-५ की १९ वर्षीया सितला घर्तीलाई ०६९ साउन ३ गते डोटी जिल्ला घण्टेश्वर गाविस- १ घर भई कैलाली जिल्लामा बसमा सह-चालकको काम गर्ने २१ वर्षीय विष्णु बोहोराले फोन गरी विवाह गर्ने प्रलोभनमा पारी मोतिपुर गाविस-८ बाँसगढी बजारमा बोलाई बेपत्ता बनाए। आरोपित बोहोराले पीडित कैलाली जिल्लाको अत्तरियासम्म पुगेपछि बसका मालिक कैलाली जिल्ला मालाखेती गाविस-३ का २५ वर्षीय प्रकाशजङ्ग खड्का र सोही ठाउँका २२ वर्षीय गाडी चालक नरेन्द्र कुवँरले आफूसँग लगेर रातभरी राखेको सम्म थाहा भएको तर पछिल्लो अवस्था थाहा नभएको बताए। पीडितको परिवारले विष्णु बोहोरा विरुद्ध छोरीलाई अपहरण गरी बेपत्ता पारेको आरोपमा ०६९ साउन १७ गते जिल्ला प्रहरी कार्यालय बर्दियामा जाहेरी दर्ता गराए। आरोपित बोहारालाई बर्दिया जिल्ला अदालतको आदेशमा ०६९ भदौ ११ गते २५ हजार रुपियाँ धरौटीमा जिल्ला प्रहरी कार्यालय बर्दियाले रिहा गऱ्यो। मुद्दाको वादीपक्षले पुनरावेदन अदालत नेपालगञ्जमा ०६९ भदौ २९ गते पुनरावेदन गरेकोमा अदालतले ०६९ मङ्सिर ७ गते अभियुक्त विष्णु बोहरालाई थुनामा राख्न आदेश दियो। फैसला लगत्तै अभियुक्त बोहरा हाल फरार भए भने पीडित युवती अझै वेपत्ता छन् ।

अभिव्यक्ति, भेला हुने र संगठित हुने अधिकार

(राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

मोतिपुर गाविस-८ बाँसगढी बजारमा राष्ट्रिय जनमोर्चा पार्टीले आमसभा गर्दै गर्दा ०६९ जेठ ७ गते थारु संयुक्त सङ्घर्ष समितिका कार्यकर्ताले मञ्च तोडफोड गर्नुको साथै सो पार्टीका केन्द्रीय सदस्य कोहलपुर गाविस-६ दडुवा खोला निवासी ५५ वर्षीय तुलसी सापकोटा र मोतिपुर गाविस-८ निवासी राष्ट्रिय जनमोर्चा पार्टीका भेरी कर्णाली संयोजक बासुदेव पोखरेललाई हातपात गरे। पीडितले कतै उजुरी दिएनन्।

सुगम र निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालत

०६८ साउनदेखि ०६९ असार मसान्तसम्म

एक जनामात्र न्यायाधीश रहेको यस जिल्ला अदालतको फौजदारी मुद्दातर्फ ३ सय २४ थानमध्ये २ सय १४ थान फैसला भए भने १ सय १० थान फैसला हुन बाँकी रहे। देवानी मुद्दातर्फ ४ सय ८६ थानमध्ये २ सय ६७ थान फैसला भए भने २ सय १९ थान फैसला हुन बाँकी रहे।

०६९ साउन देखि ०६९ पुस १५ सम्म

यस अवधिमा जिल्ला अदालतको फौजदारी मुद्दातर्फ १ सय ६ थानमध्ये ६३ थान फैसला भए भने ४३ थान फैसला हुन बाँकी रहे। देवानी मुद्दातर्फ १ सय ५५ थानमध्ये ७६ थान फैसला भए भने ७९ थान फैसला हुन बाँकी रहे।

जिल्ला सरकारी वकिल कार्यालय

जिल्ला सरकारी वकिलको कार्यालयबाट ०६८ साउनदेखि ०६९ असार मसान्तसम्म दायर मुद्दाको सङ्ख्या ७१ रहे। जसमध्ये १६ सफल भए भने १३ थान असफल भयो। सरकारी वकिल सङ्ख्या १ थान रहेको यस जिल्ला कार्यालयबाट दायर मुद्दामध्ये ०६९ असार मसान्तसम्म ४२ थान मुद्दा बाँकी रहेको सरकारी वकिलको कार्यालयले जनायो। दायर मुद्दामध्ये कर्तव्य ज्यानसम्बन्धी मुद्दा १५ थानमध्ये दुई थान सफल र पाँच थान असफल तथा आठ थान फैसला हुन बाँकी रहयो। बलात्कारसम्बन्धी मुद्दा १८ थानमध्ये पाँच थान सफल र एक थान असफल साथै १२ थान फैसला हुन बाँकी रहयो। महिला बेचविखनसम्बन्धी मुद्दा एक थानमध्ये तामेली रहयो। बहुविवाह सम्बन्धी मुद्दा तीन थानमध्ये तीन थान फैसला हुन बाँकी रहयो। सवारी ज्यान सम्बन्धी मुद्दा १३ थानमध्ये तीन थान सफल र एक थान असफल साथै नौ थान फैसला हुन बाँकी रहयो। बलात्कार उद्योग सम्बन्धी मुद्दा तीन थानमध्ये दुई थान असफल साथै एक थान फैसला हुन बाँकी रहयो। बहुविवाह सम्बन्धी मुद्दा तीन थानमध्ये तीन थान फैसला हुन बाँकी रहयो। लागु औषधसम्बन्धी मुद्दा छ थानमध्ये एक थान सफल र पाँच थान फैसला हुन बाँकी रहयो। ज्यान मार्ने उद्योग सम्बन्धी मुद्दा पाँच थानमध्ये तीन थान सफल र दुई थान असफल रहयो। डाँकाचोरी सम्बन्धी मुद्दा सात थानमध्ये दुई थान सफल र दुई थान असफल साथै तीन थान फैसला हुन बाँकी रहयो। जिल्ला सरकारी वकिलको कार्यालयबाट ०६९ साउनदेखि ०६९ पुससम्म दायर मुद्दाको सङ्ख्या ४२ थान रहेकोमा सबै मुद्दा फैसला हुन बाँकी रहे।

तराई जनतान्त्रिक मुक्ति मोर्चाका कार्यकर्ताले अपहरण गरेका उपेन्द्र आले

बालअधिकार

शिक्षाको अवस्था

यस जिल्लाका विद्यालय जाने उमेरका १ लाख ३५ हजार ७ सय ५९ मध्ये छात्र ५८ हजार ३ सय ९ र छात्रा ६९ हजार ६ सय ३७ प्राथमिक तहदेखि माबि तहसम्म भर्ना भए। यसमध्ये दलित छात्रा १२ हजार ६ सय ८२ र छात्र १२ हजार ८ सय ८२ रहेका छन्। सरकारी र सामुदायिक विद्यालय गरी स्वीकृत दरबन्दी अन्तर्गत प्राबि तहमा महिला १ सय ९८ र पुरुष ६ सय ४० गरी जम्मा ८ सय ६२ शिक्षक कार्यरत रहेका छन्। निमाबि तहमा तहमा महिला १५ र पुरुष १ सय ७० गरी जम्मा १ सय ८५ शिक्षक कार्यरत रहेका छन्। यसैगरी माबि तहमा महिला ७ र पुरुष १ सय ७७ गरी जम्मा १ सय ८४ शिक्षक रहेका छन्। यसैगरी राहत अनुदान तर्फ प्राविमा ४ सय ९०, निमाविमा १ सय ६४ र माविमा ८६ गरी ७ सय ४० जना शिक्षकहरू कार्यरत छन्। बालविकास केन्द्रमा बालक ८ हजार ४ सय ९५ र बालिका ७ हजार ७ सय १३ गरी जम्मा १६ हजार २ सय ८ रहेका छन्। जसमध्ये दलित बालक १ हजार १ सय १२ र बालिका १ हजार ६९ छन्। यस जिल्लामा सामुदायिक तथा संस्थागत विद्यालय तर्फ प्राविमा २ सय ८, निमाविमा ७३ ओटा, माबि ४९ र उमाबि ३५ ओटा विद्यालयहरू रहेका छन्। जिल्लाको प्राथमिक तहमा कोरा भर्नादर १०७.५% रहेको छ भने खुद भर्नादर ९८.०९% रहेको जिल्ला शिक्षा कार्यालयले जनायो। कक्षा १ मा दोहोऱ्याउने दर ११.०५ % रहेको छ भने सोही कक्षामा विद्यालय छाड्ने दर १२ % रहेको छ। यस जिल्ला शिक्षा कार्यालयले शिक्षासम्बन्धी सबै तथ्याङ्क अद्यावधिक र व्यवस्थित गरेको पाइएन।

बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

एक ११ वर्षीया बालिकालाई ०६८ फागुन ५ गते पदनाहा गाविस-६ पदनाहाकीका २० वर्षीय कमल थारुले खेतमा घाँस काट्न गएको समयमा आफ्नो गुप्ताङ्ग खेलाउन लगाई बलात्कारको प्रयास गरेको पीडित पक्षले बताए। पीडितका अभिभावकले बलात्कार प्रयासको आरोपमा ०६८ फागुन ९ गते इलाका प्रहरी कार्यालय बनियाँभारमा जाहेरी दर्ता गराए। प्रहरीले आरोपी थारुलाई ०६८ फागुन ९ गते नै गिरफ्तार गरी हिरासतमा राख्यो। अभियुक्त बर्दिया जिल्ला अदालतको ०६८ फागुन २१ गतेको आदेश अनुसार २५ हजार रुपियाँ धरौटी बुझाएर तारखेमा रिहा भए।

एक १० वर्षीया बालिकालाई ०६८ चैत ९ गते वेलवा गाविस-७ राझाँका १८ वर्षीय हरि परियारले घरमै सुतिरहेको अवस्थामा बलात्कार गरेको पीडित पक्षले बताए। पीडितका आफन्तले घटनाको बारेमा जानकारी गराएपछि प्रहरीले ०६८ चैत ११ गते आरोपी हरि परियारलाई गिरफ्तार गरी हिरासतमा राख्यो। पीडितका अभिभावकले ०६८ चैत १२ गते जिल्ला प्रहरी कार्यालय बर्दियामा बलात्कारको आरोपमा जाहेरी दर्ता गराए। बर्दिया जिल्ला अदालतको ०६८ चैत १९ गतेको आदेशमा अभियुक्त पुर्पक्षका लागि जिल्ला कारागार चलान भए। बर्दिया जिल्ला अदालतले ०६९ असार ३ गते अभियुक्तलाई दोषी ठहर गरी आठ वर्ष कैद र ५० हजार रुपियाँ क्षतिपूर्तिको फैसला गऱ्यो।

एक १३ वर्षीया बालिकालाई ०६९ वैशाख १५ गते घरमा ट्याक्टर चालकको रुपमा काम गर्ने ढोढरी गाविस-१ निवासी ४४ वर्षीय छेदुराम थारुले राति सुत्ने समयमा झुल दिन बोलाएर बलात्कार गरेको पीडित पक्षले बतायो। पीडित परिवारले थाहा पाएपछि आरोपी फरार भए। बालिकाका अभिभावकले ०६९ वैशाख १६ गते जिल्ला प्रहरी कार्यालय बर्दियामा बलात्कारको आरोपमा पीडक विरुद्ध जाहेरी दर्ता गराए। अभियुक्त यसवर्षको अन्त्यसम्म फरार रहेको जिल्ला प्रहरी कार्यालयले जनायो ।

पेट्रोल खन्याएर आगो लगाई हत्या गरिएकी शिवा हासमी

एक पाँच वर्षीया बालिकालाई ०६९ असार १३ गते गाउँ नजिकै जङ्गलमा बाखा चराइरहेको अवस्थामा बगनाहा गाविस-६का १६ वर्षीय खुसीराम थारुले बलात्कार गरेको पीडित पक्षले बतायो। प्रहरीले आरोपित थारुलाई ०६९ असार १४ गते घरबाटै गिरफ्तार गरी हिरासतमा राख्यो। बालिकाको प्रारम्भिक उपचार बाँकेको कोहलपुर मेडिकल कलेजमा र थप उपचार भेरी अञ्चल अस्पतालमा भयो। पीडितका अभिभावकले खुसीराम विरुद्ध बलात्कारको आरोपमा ०६९ असार १५ गते जाहेरी दर्ता गराए। बर्दिया जिल्ला अदालतले ०६९ साउन ७ गते अभियुक्तलाई पुर्पक्षको लागि थुनामा पठाउने आदेश दियो ।

एक १६ वर्षीया बालिकालाई ०६८ फागुन २३ गते धधवार गाविस-३ का २३ वर्षीय लोकराज भण्डारीले घर नजिकैको खेतीबारीमा लगी बलात्कार गरेको पीडितले बताइन्। पीडितका अभिभावकले घटनाको आरोपी भण्डारी विरुद्ध जिल्ला प्रहरी कार्यालय बर्दियामा ०६८ चैत २ गते बलात्कारको आरोपमा जाहेरी दर्ता गराए। यस वर्षको अन्त्यसम्म अभियुक्त फरार रहेको जिल्ला प्रहरी कार्यालयले जनायो ।

एक १६ वर्षीया बालिकालाई ०६८ चैत २६ गते वेलवा गाविस-७ का १९ वर्षीय टेकबहादुर विकले घरमा कोही नभएको अवस्थामा बलात्कार गरेको पीडितले बताइन। पीडितका अभिभावकले विकविरुद्ध बलात्कारको आरोपमा ०६९ वैशाख १ गते जिल्ला प्रहरी कार्यालय बर्दियामा जाहेरी दर्ता गराए। प्रहरीले घटनाका आरोपित विकलाई ०६९ वैशाख १३ गते गिरफ्तार गरी अनुसन्धानको लागि जिल्ला प्रहरी कार्यालयमा राख्यो। बर्दिया जिल्ला अदालतले अभियुक्तलाई ०६९ वैशाख ३१ गते पुर्पक्षका लागि थुनामा पठाउने निर्णय गरेकोमा ०६९ असार १७ गते ५० हजार रुपियाँ धरौटी राखी तारेखमा रिहा गर्ने निर्णय गऱ्यो।

एक १२ वर्षीया बालिकालाई ०६९ वैशाख २५ गते घर नजिकैको जङ्गलमा घाँसदाउरा काट्न गएको अवस्थामा सूर्यपटुवा गाविस-५ का ३४ वर्षीय तेजबहादुर मल्लले बलात्कार गरेको पीडित पक्षले बताए। पीडितकी आमाले मल्ल विरुद्ध हाडनाता र नाबालिका करणीको आरोपमा जिल्ला प्रहरी कार्यालय

बर्दियामा ०६९ वैशाख २६ गते जाहेरी दर्ता गराइन्। प्रहरीले अभियुक्तलाई सोही दिन गिरफ्तार गऱ्यो। जिल्ला अदालतले ०६९ कात्तिक २० गते अभियुक्तलाई दोषी ठहर गर्दै हाडनाता करणीमा १० वर्ष र जबरजस्ती करणीमा ८ वर्ष गरी १८ वर्ष कैद र १ लाख रुपियाँ क्षतिपूर्ति दिनुपर्ने फैसला गऱ्यो।

एक नौ वर्षीया बालिकालाई ०६९ साउन २४ गते राति ३१ वर्षीय डम्बरबहादुर विकले बलात्कार गर्दै गरेको अवस्थामा छिमेकीले देखेपछि गाउँलेले नियन्त्रणमा लिएर प्रहरीलाई बुझाए। पीडितको मामाघर पक्षले पीडक विरुद्ध हाडनाता, नाबालिका करणी गरेको आरोपमा सोही दिन जिल्ला प्रहरी कार्यालय बर्दियामा निवेदन दर्ता गराए। प्रहरीले सोही दिन आरोपितलाई गिफ्तार गऱ्यो। बर्दिया जिल्ला अदालतको ०६९ भदौ ११ गतेको आदेशमा अभियुक्त पुर्पक्षका लागि जिल्ला कारागार चलान भए।

महिलाविरुद्ध हुने सबै प्रकारको भेदभाव, दुर्व्यवहार

बेचबिखन तथा ओसारपसार

बेलवा गाविस-४ की १९ वर्षीया युवतीलाई ०६८ साउन १ गते बाँके जिल्ला वनकटुवा गाविस-९ का २१ वर्षीय वाले सुनारले मामाले धान रोप्न बोलाएका छन् भनी बोलाएर ललाई-फकाई भारतमा पुऱ्याई बिक्री गरेको पीडितले बताइन। पीडित बेचिएको ठाउँबाट भागेर नेपाल फर्की ०६८ चैत २९ गते जिल्ला प्रहरी कार्यालय बर्दियामा आरोपित विरुद्ध मानव बेचबिखनको आरोपमा जोहरी दर्ता गराइन्। फरार अभियुक्तलाई प्रहरीले हालसम्म गिरफ्तार गर्न सकेन।

बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

एक १८ वर्षीया अपाङ्ग युवतीलाई ०६८ पुस ३० गते सोही ठाउँका ४० वर्षीय मस्तबहादुर खत्रीले घरमा कोही नभएको अवस्थामा बलात्कार गरेको पीडित पक्षले बतायो। पीडितलाई डोरीले बाँधेको अवस्थामा बलात्कार गर्दै गर्दा छिमेकीले देखेपछि पीडितको अभिभावकलाई खबर गर्नुको साथै प्रहरीलाई जानकारी गराएका थिए। प्रहरीले ०६८ माघ १ गते आरोपीलाई गिरफ्तार गऱ्यो। सोही दिन जिल्ला अस्पतालमा पीडितको स्वास्थ्य परीक्षण भयो। पीडितका अभिभावकले खत्री विरुद्ध ०६८ माघ २ गते जिल्ला प्रहरी कार्यालय बर्दियामा बलात्कारको आरोपमा जाहेरी दर्ता गराए। अभियुक्तलाई बर्दिया जिल्ला अदालतले ०६८ माघ १५ गते पुर्पक्षको लागि थुनामा पठायो। बर्दिया जिल्ला अदालतले ०६९ भदौ २६ गते १० वर्ष कैद र ५० हजार रुपियाँ क्षतिपूर्ति तिर्नुपर्ने फैसला गऱ्यो।

घरेलु हिंसा

परिवारजनबाट हत्या

गुलरिया नपा-१२ की २५ वर्षीया हसना बेहनालाई ०६८ चैत १४ गते आफ्नै पति २८ वर्षीय मन्दी बेहनाले कुटपिट गरी कोठामा लगि मुखमा बुजो लगाई शरीरमा पेटोल खन्याएर आगो लगाई हत्या प्रयास गरे। पीडित हसनाको नेपालगञ्ज भेरी अञ्चल अस्पतालमा उपचारको क्रममा ०६८ चैत १९ गते मृत्यु भयो। घटनाको अनुसन्धानको लागि प्रहरीले पीडितकी पति मेहदी हसनालाई ०६८ चैत २१ गते गिरफ्तार गऱ्यो। पीडित पक्षले पति मेहदीविरुद्ध ०६८ चैत २४ गते जिल्ला प्रहरी कार्यालयमा जाहेरी दर्ता गराए। बर्दिया जिल्ला अदालतको ०६९ वैशाख १३ गतेको आदेशमा अभियुक्त तारेखमा रिहा भए।

गुलरिया नपा-८ मस्जिद टोलकी १९ वर्षीया शिवा हासमीलाई ०६९ पुस २२ गते यो वर्षको अन्त्यसम्म पहिचान नखुलेको व्यक्तिले पेट्रोल खन्याएर आगो लगाउँदा जलेर घाइते भएकोमा उनको उपचारको क्रममा काठमाडौँस्थित वीर अस्पतालमा ०६९ मङ्सिर २७ गते मृत्यु भयो। हासमी ०६९ मङ्सिर २२ गते बिहान पेट्रोल खन्याएर आगो लगाउँदा जलेर गम्भीर घाइते भएकी थिइन्। उनको प्रारम्भिक उपचार जिल्ला अस्पताल गुलरियामा गरी थप उपचारको लागि नेपालगञ्ज स्थित भेरी अञ्चल अस्पतालमा लगियो। नेपालगञ्जमा पनि हासमीको स्वास्थ्य सुधार नभए पछि ०६९ मङ्सिर २५ गते काठमाडौँ लगिएकोमा काठमाडौँमा नै ०६९ मङ्सिर २७ गते उनको मृत्यु भयो। भारतको बहाराइच जिल्ला घर भई १० वर्षदेखि गुलरियामा बस्दै आएका २० वर्षीय बाबु भन्ने रहिस खानले हासमीमाथि पेट्रोल खन्याएर आगो लगाएको आशङ्कामा ०६९ मङ्सिर २२ गते प्रहरीले गिरफ्तार गरी हिरासतमा राखेर अनुसन्धान गरिरहेको छ। परिवारले २० वर्षीय बाबु भन्ने रहिस खान विरुद्ध घटना भए लगत्तै जिल्ला प्रहरी कार्यालय बर्दियामा जाहेरी दर्ता गराएका थिए। पीडित हासमीको ०६९ मङ्सिर २८ गते दाहसंस्कार भयो। जिल्ला प्रहरी कार्यालय बर्दियामा, गुलरिया नपा-८ का आरिफ अहम्मद राईनले ०६९ पुस ३ गते पीडित शिवाको परिवारको सदस्य विरुद्ध किटानी जाहेरी दर्ता गराए।

सोही दिन प्रहरीले शिवा हासमीकी आमा हसिना हासमी र दाजु सुद्धु हासमीलाई अनुसन्धानका लागि गिरफ्तार गऱ्यो। यो वर्षको अन्त्यसम्म हत्याराको पहिचान हुन नसकेको र अनुसन्धान जारी रहेको प्रहरीले बतायो।

कुटपिट

धधवार गाविस-६ बनगाई निवासी २१ वर्षीया सुमित्रा उपाध्ययलाई ०६९ जेठ २१ गते पति ४१ वर्षीय हरि उपाध्यायले घरमै सुतिरहेको अवस्थामा मादक पदार्थ सेवन गरी मासु काट्ने गडासीले घाँटीमा प्रहार गरी घाइते बनाए। घाइतेको सोही दिन धधवार गाविस-३ स्थित कर्तनियामा रहेको औषधी पसलमा उपचार भयो। पीडक उपाध्यायलाई ०६९ जेठ २२ गते प्रहरीले गिरफ्तार गरी हिरासतमा राख्यो। पीडित पक्षले उपाध्याय विरुद्ध जिल्ला प्रहरी कार्यालय बर्दियामा ०६९ जेठ २३ गते ज्यान मार्ने उद्योगमा जाहेरी दर्ता गराए। बर्दिया जिल्ला अदालतको ०६९ जेठ २९ गतेको आदेशमा प्रहरीको निगरानीमा मानसिक अस्पतालमा उपचार गराउन आदेश दियो ।

बहुविवाह

मगरागाडी गाविस-७ का ४१ वर्षीय सञ्जयकुमार झाले सोही ठाउँकी ३३ वर्षीया शान्ता खड्कासँग ०६८ फागुन ७ गते दोस्रो विवाह गरी पहिलो पत्नी ३५ वर्षीया पद्माकुमारी झालाई पीडित बनाए। पीडितले पति र सौता शान्ता विरुद्ध जिल्ला प्रहरी कार्यालय बर्दियामा ०६८ फागुन २६ गते न्यायका लागि जाहेरी दर्ता गराइन्। बर्दिया जिल्ला अदालतले पीडकद्वयलाई ०६८ चैत ७ गते पुर्पक्षको लागि थुनामा पठाउने आदेश गऱ्यो। आरोपित झा ०६९ जेठ २८ गते ५२ हजार रुपियाँ धरौटी बुझाई तारेखमा रिहा भए। यस वर्षको अन्त्यसम्म मुद्दाको फैसला भएन।

दुर्व्यवहार

महम्दपुर गाविस-९ की ५९ वर्षीया ढाठी थारुलाई ०६८ फागुन २१ गते छोरा ४६ वर्षीय भिख्खु थारुले बुवा राजाराम थारुलाई टुनामुना गरी विरामी बनाएको आरोपमा गालीगलौज र कुटपिट गरे। स्थानीय धामीले पति राजारामलाई विरामी बनाएको आरोप लगाएपछि झाँक्रीको विश्वासमा परी भिख्खुले आमालाई कुटपिट गरेका थिए। छोरा भिख्खुकै साथमा बस्दै आएकी पीडितले न्यायको लागि कही निवेदन दिइनन्।

सबै प्रकारका जातीय विभेद

कालिका गाविस-४ की १७ वर्षीया महिसा गौतमलाई ०६९ वैशाख ११ गते सासू-ससुरा ५० वर्षीय नन्दलाल गौतम र ४८ वर्षीय नन्दकली गौतमले अछुतको छोरी भन्दै कुटपिट गर्नुको साथै घरनिकाला गरे। सासू-ससुराले घरबाट निकाला गरेपछि पीडित महिला गौतम सोही ठाउँमा माइतमा सहरा लिएर बसिन् । पीडितले न्यायको लागि कतै निवेदन दिइनन्।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार संरचना, सम्पति क्षति

मधेस मुक्ति टाइगर्स (तराई)/मेधश मुक्ति टाइगर

गुलरिया नपा-८ गुलरिया बजारको राधाकृष्ण चौकस्थित ३५ वर्षीय कुलप्रसाद कँडेलको केपी स्टोरमा ०६८ माघ १८ गते अज्ञात समूहले बम विष्फोट गरायो। विष्फोटबाट स्टोरमा ३५ हजार रुपियाँ बराबरको क्षति भएको पीडितले बताए। घटना राति पसल बन्द भएको समयमा भएकोले मानवीय क्षति भएन। पसलमा समान किन्ने निहुँमा आएका व्यक्तिले कालो प्लाष्टिकको झोलामा तल बम र माथि काउली र साग राखी छोडेर गएको पनि पीडितले बताए। मधेश मुक्ति पार्टी टाइगर्स (तराई) का इन्चार्ज रणवीर सिँहले स्थानीय सञ्चार माध्यमलाई फोन गरी केपी स्टोरका सञ्चालक कुलप्रसाद कँडेलले आफ्नो पार्टीलाई आर्थिक सहयोग नगरी सुराकी गरेकाले घटना गराइएको जानकारी गराए।

गुलरिया नपा-५ स्थित जिल्ला भूमिसुधार कार्यालय बर्दियामा ०६८ चैत २० गते साँझ अज्ञात समूहले सकेट बम विष्फोट गरायो। विष्फोटबाट कार्यालयको बरण्डाको रेलिङ र सोही ठाउँमा राखिएको टेवल कुर्सीमा क्षति भयो। मधेश मुक्ति टाइगर्स (तराई) का इन्चार्ज रणबीर सिहँले स्थानीय सञ्चार माध्यमलाई फोन गरी मुक्तकमैयाको नाममा भूमिसुधार कार्यालयले गैर मुक्तकमैयालाई जग्गा वितरण गरेको र त्यसलाई रोक्न आग्रह गर्दा अटेर गरेकाले चेतावनी स्वरुप विस्फोट गराइएको जानकारी गराए। भूमिसुधार कार्यालयले घटनाको सम्बन्धमा ०६८ चैत २१ गते जिल्ला प्रहरी कार्यालय बर्दियामा जानकारी गरायो। प्रहरीले घटनाका आरोपी गुलरिया नपा-६ इसराइल धोवीलाई ०६९ वैशाख २५ गते गिरफ्तार गरी हिरासतमा राख्यो। बर्दिया जिल्ला अदालतको ०६९ जेठ २२ गते को आदेशमा १ लाख रुपियाँ धरौटी माग

गरेकोमा धरौटी राख्न नसकेपछि जिल्ला कारागार थुनामा पठायो।

गुलरिया नपा-१ खैरापुर स्थित ३८ वर्षीय विकास रानाको घरमा रहेको पाउरोटी उद्योगमा ०६९ वैशाख २८ गते राति अज्ञात समूहले सकेट बम विस्फोट गरायो। घटनामा मानवीय क्षति भएन। विस्फोटबाट उद्योगको ढोका, एउटा साइकल र विद्युत मिटर पूर्ण रुपमा क्षति भयो। साथै चार बोरा युरिया मल र घर छाउन प्रयोग हुने माटोको टायल र अलवेस्टर टायल पनि क्षति भयो । विस्फोटबाट २० हजार रुपियाँ बराबरको क्षति भएको पीडितले बताए। अपरिचित व्यक्तिले ०६८ फागुन २२ गते अविन सिंहको नामबाट "**फोन रिसिब करो, नहीं तो बम दगादेंगे**" लेखिएको एसएमएस पठाएको घरधनीले बताए। मधेशी मुक्ति टाइगर्सका इन्चार्ज रणबीर सिंहले पीडितलाई फोन गरी चन्दा नदिएकोले बम विष्फोट गराएका भन्दै घटनाको जिम्मेवारी लिए।

अर्घाखाँची जिल्ला ढिकुरा गाविस-५ घर भई गुलरिया नपा-१० कोठिया गाउँमा गल्ला व्यापार गर्दै आएका ३२ वर्षीय पवन पोखरेलको पसलमा ०६९ वैशाख ११ गते राति मधेशी मुक्त टाइगरको कार्यकर्ताले चन्दा नदिएको आरोपमा वम विष्फोट गराई क्षति पुऱ्याए। विष्फोटबाट पसलमा २५ हजार रुपियाँ बराबरको भौतिक क्षति भयो। विष्फोट लगत्तै मधेशी मुक्ति टाइगर्सका इन्चार्ज रणबीर सिंहले स्थानीय एफएममा फोन गरी ५ लाख रुपियाँ चन्दा नदिएकोले चेतावनी स्वरुप विस्फोट गराइएको जानकारी गराए। पीडितले जिल्ला प्रहरी कार्यालय बर्दिया ०६९ जेठ ३ गते निवेदन दर्ता गराए। प्रहरीले घटनाका आरोपी गुलरिया नपा-६ इसराइल धोवीलाई ०६९ वैशाख २५ गते गिरफ्तार गरी हिरासतमा राख्यो। बर्दिया जिल्ला अदालतको ०६९ जेठ २२ गतेको आदेशमा १ लाख रुपियाँ धरौटी माग गरेकोमा धरौटी राख्न नसकेपछि जिल्ला कारागार थुनामा पठायो।

गुलरिया नपा-३ तिकुनियाँ निवासी ४८ वर्षीय ध्रुव श्रेष्ठको घरमा ०६९ वैशाख २४ गते राति अज्ञात समूहले सकेट वम विष्फोट गरायो। घरको पछाडिको भागमा गराइएको विस्फोटबाट घरमा सामान्य क्षति भयो। विस्फोटको जिम्मा लिँदै मुक्ति टाइगर्स (तराई) का अध्यक्ष राजन प्रतापले चन्दा नदिएका कारण गराइएको बताए। घटनाको दोषी कोही पनि गिरफ्तार परेनन्।

सानोश्री गाविस-२, १२ नम्बर गाँउ निवासी ३८ वर्षीय हर्कबहादुर बस्नेतको आफ्नै घरमा रहेको पूजा खाद्य भण्डारमा ०६९ असार ७ गते राति मधेश मुक्ति टाइगर्स (तराई) का कार्यकर्ताले, सकेट बम विष्फोट गराई क्षति पुऱ्याए। बम विष्फोटबाट मानवीय क्षति नभएपनि २० हजार रुपियाँ बराबरको भौत्तिक सम्पत्ति क्षति भयो। पीडितले न्यायको लागि जिल्ला प्रहरी कार्यालय बर्दियामा ०६९ असार १५ गते गुलरिया नपा-३ निवासी २५ वर्षीय रणबीर भन्ने राजन यादव विरुद्ध निवेदन दिए। प्रहरीले घटनाको आरोपीलाई ०६९ कात्तिक ३ गते कैलाली जिल्लाको शक्ति घाटबाट गिरफ्तार गरी जिल्ला प्रहरी कार्यालयमा हिरासतमा राख्यो। बर्दिया जिल्ला अदालतको ०६९ मङ्सिर ५ गते पूर्पक्षका लागि जिल्ला कारागार गुलरियामा पठायो। यो वर्षको अन्त्यसम्म मुद्दाको अन्तिम फैसला भएन।

स्वास्थ्य सेवाको अवस्था

अस्पताल	१		
स्वास्थ्यचौकी	११		
उपस्वास्थ्यचौकी	१९		
पद	**दरबन्दी**	**कार्यरत**	**रिक्त**
डाक्टर	६	५	१
स्टाफ नर्स	७	७	
ल्याब असिस्टेन्ट	६	५	१
अहेब	४६	४६	
अनमी	२१	२१	
खोप सुपरभाइजर	१	१	
क्षयरोग/कुष्ठरोग सुपरभाइजर	१	१	
हेल्थ असिस्टेन्ट	१३	१३	
ग्रा.स्वास्थ्य कार्यकर्ता	३४	२८	६

जिल्ला प्रहरी कार्यालय

जिल्ला प्रहरी कार्यालयमा ०६८ पुस १७ गतेदेखि ०६९ पुस १६ गतेसम्म बलात्कार १३, बलात्कार प्रयास एक, महिला ओसारपसार जिउ मास्नेबेच्ने एक, कर्तव्यज्यान १०, ज्यानमार्ने उद्योग चार, आत्महत्या ३५, अपहरण गरी शरीर बन्धक बनाएको दुई, बहुविवाह पाँच, विस्फोटक पदार्थका चारओटा मुद्दा दर्ता भए।

४.८ सुर्खेत



जिल्ला सदरमुकाम: विरेन्द्रनगर
क्षेत्रफल (वर्ग कि. मि.): २,४५१
घरधुरी सङ्ख्या: ७२,८६३
जम्मा जनसङ्ख्या: ३,५०,८०४
पुरुष: १,६५,४२१
महिला: १,८१,३८३
अपाङ्ग सङ्ख्या: १०,२५१
गाविस/नपा सङ्ख्या: ५०/१
पुरुष साक्षरता सङ्ख्या: १,२६,०४४
महिला साक्षरता सङ्ख्या: १,१०,१८७
हिन्दू धर्मावलम्बी प्रतिशत: ५१.८६
बौद्ध धर्मावलम्बी प्रतिशत: ४.११
इस्लाम धर्मावलम्बी प्रतिशत: ०.५२
क्रिश्चियन धर्मावलम्बी प्रतिशत: ३.४३
प्रकृति धर्मावलम्बी प्रतिशत: ०.०१
अन्य धर्मावलम्बी प्रतिशत: ०.०७
प्रतिपरिवार सरदर सङ्ख्या: ४.८२

जेल र बन्दीहरू

'ङ' श्रेणीको जिल्ला कारागारको बन्दी क्षमता २५ जनाको रहेको छ। यो वर्षको अन्त्यसम्म कैद तोकिएका ८१, कैद नतोकिएका ५६ र एक आश्रित बालक गरी १ सय ३८ बन्दी रहेका छन्। जसमा महिला १३ र पुरुष १ सय २४ रहेका छन्। पुरानो र जिर्ण भवनमा क्षमताभन्दा पाँच गुणा बढी बन्दी राखिएकाले आधारभूत आवश्यकता समेत प्रभावकारी छैन। बन्दीहरू कोचियर बस्न वाध्य छन्।

धम्की/कुटपिट

राज्यबाट

बीरेन्द्रनगर नपा-९ की शिक्षिका ४२ वर्षीया शान्ति ढकाल सोही नपा-६ की ५२ वर्षीया शिक्षिका पार्वती गिरी र जर्बुटा गाविस-१ का शिक्षक ५६ वर्षीय रामप्रसाद लम्सालले जिल्ला शिक्षा कार्यालयको नियमित कामकाजमा अवरोध पुऱ्याएको आरोपमा ०६८ फागुन १४ गते जिल्ला प्रहरी कार्यालय सुर्खेतका इन्स्पेक्टर ऋषि ढुङ्गाानाको नेतृत्वको प्रहरी टोलीले जिल्ला शिक्षा कार्यालय सुर्खेतको प्रवेशद्वारमा उनीहरूलाई लाठी, बुट र लात्तीमुक्काले कुटपिट गऱ्यो। कुटपिटबाट सख्त घाइते भएकी ढकालको सुर्खेतमा उपचार हुन नसकी काठमाडौँमा उपचार भयो। गिरी र लम्सालको बीरेन्द्रनगरस्थित देउती नर्सिङ होममा उपचार भयो। शान्तिपूर्वक जुलुससहित जिल्ला शिक्षा कार्यालय सुर्खेतमा ज्ञापनपत्र बुझाउन जाँदा प्रहरीले आफूहरू माथि दमन गरेको पीडितहरूले बताए। घटनाको जिल्लास्थित सबै राजनीतिक दल, अधिकारकर्मी, सङ्घ-संस्था, नागरिक समाज, कानुन व्यवसायी, व्यापारी र सञ्चारकर्मीहरूले समेत ०६९ फागुन १५ गते छुट्टाछुट्टै विज्ञप्ति मार्फत भर्त्सना गरे। यता शिक्षकहरूले नै प्रहरीमाथि ढुङ्गामुढा गरेपछि स्थिति नियन्त्रणमा लिन बल प्रयोग गर्नुपरेको जिप्रका सुर्खेतका एसपी गोविन्दराम परियारले बताए। पीडितहरूले कहीँ उजुरी गरेनन्।

बीरेन्द्रनगर नपा-७ का ३८ वर्षीय होटेल व्यवसायी खुमानसिंह सिँजालीले घरेलु मदिरा बिक्री वितरण गरेको आरोपमा ०६९ वैशाख १३ गते जिल्ला प्रहरी कार्यालय सुर्खेतका एसपी गोविन्दराम परियारले जिप्रका सुर्खेतमा उनलाई कुटपिट गरे। आफूले घरेलु मदिरा बिक्री वितरण नगरेको जानकारी गराउँदा गराउँदै आफूलाई जिप्रका सुर्खेतमा बोलाई अपशब्द बोली लात्तीमुक्काले कुटपिट गरेको पीडितले बताए।

बीरेन्द्रनगर नपा-६ का होटेल व्यवसायी २५ वर्षीय दिल्लीराम भण्डारी र २३ वर्षीय दलबहादुर भण्डारीले जुवा खेलाएको आरोपमा ०६९ असार २९ गते जिल्ला प्रहरी कार्यालय सुर्खेतका सई सुकबहादुर केसीको नेतृत्वमा खटिएको प्रहरीले उनीहरूलाई घरमा सुतिरहेको अवस्थामा खानतलासीको निहुँमा डेराकोठामा प्रवेश गरी बन्दुकको कुन्दा र लात्तीमुक्काले कुटपिट गरेको पीडितले बताए। भण्डारीद्वयलाई प्रहरीले कुटपिट साथै ०६९ असार २९ गते रातभर हिरासतमा राखी रिहा गरेका थिए। पीडितमध्ये दलबहादुर सशस्त्र प्रहरी सहायक हवल्दार हुन्। घाइते दुवैजनाको सुर्खेतमा उपचार भयो। पीडितले कतै उजुरी गरेनन्।

बीरेन्द्रनगर नपा-११ का ५३ वर्षीय हस्तबहादुर कटुवालले खानेपानी धाराको पाइपलाईन तान्ने बारेमा

घटनाको प्रकार	राज्यपक्षबाट			गैरराज्यपक्षबाट		
	महिला	पुरुष	जम्मा	महिला	पुरुष	जम्मा
घाइते					१	१
बालअधिकार				३	१	३
महिलाअधिकार				१४३		१४३
भेला/सङ्गठित हुने अधिकार	३	१	३		१	१
जातीय विभेद				१	१	३
गिरफ्तारी/यातना		३	३			
कुटपिट		६	६		३८	३८
धम्की	१	३	४	१	३८	३९
हत्या				१		१
जम्मा	३	१३	१६	१४७	६०	३०७

विवाद गरेको आरोपमा ०६९ साउन २ गते जिल्ला प्रहरी कार्यालय सुर्खेतका परिचर शेरबहादुर कटुवालले लात्तीमुक्काले उनलाई घरमै कुटपिट गरे। कुटपिटबाट टाउकोमा चोट लागेका पीडितको स्थानीय माया नर्सिङ्ग होममा उपचार भयो। पीडितले कँही उजुरी नगरेको बताए।

उत्तरगङ्गा गाविस-७ की ५० वर्षीया बुधनी थारुले अवैधरुपमा मदिरा उत्पादन तथा बिक्री वितरण गरेको आरोपमा ०६९ असोज २१ गते प्रहरीले घरमै उनलाई दुर्व्यवहार गरे। 'बिक्रीको लागि होइन संस्कृति बचाउन मदिरा राखेको हो भन्दा भन्दै पनि प्रहरीले जबरजस्ती मदिरा लिएको, यो देवतालाई चढाउन राखेको मदिरा लैजान्छौ भने यो मुर्ति पनि लैजाउ भनेको लगत्तै प्रहरीले मुर्ति बीच बाटोमा ल्याई फोडिदिएको' पीडितले बताइन्। प्रहरीले ज्यादती विरुद्ध गाउँका सबै महिलाहरूले प्रतिकार गर्न खोज्दा प्रहरीले गाडीले किचेर मार्ने धम्की दिएको पीडितले बताइन्। घटनाको थारु कल्याणकारिणी सभा लगायतका थारु जातिका सङ्घ-संस्थाहरूले ०६९ असोज २५ गते विज्ञप्ति जारी गरी भर्त्सना गरे।

उत्तरगङ्गा गाविस-१ टेम्पोपार्कका ५० वर्षीय चन्द्रबहादुर पुलामी र ४७ वर्षीय शेरबहादुर पुलामीले अवैध मदिरा उत्पादन तथा बिक्री वितरण गरेको आरोपमा ०६९ कात्तिक १३ गते प्रहरीले पुलामीद्वयलाई घरमै अभद्र व्यवहार गर्नुको साथै कुटपिट गरेको पीडितले बताए। बिक्री वितरणको लागि नभै चाडवाडको समयमा पाहुँना र भाइटिकाको लागि मदिरा राखेको भन्दा भन्दै पनि प्रहरीले मदिरासहित पक्राउ गरेको र अन्य घरबाट बरामद गरेको मदिरालाई आफूहरूको घरबाट मात्रै ठूलो परिमाणमा मदिरा फेला परेको भनी झुठो मुद्दा लगाएको पीडितहरूले आरोप लगाए। यता ठूलो परिमाणमा मदिरा फेला परेको र पुलामीद्वयले प्रहरीमाथि हातपात गरेको भनी सार्वजनिक मुद्दा चलाएको जिल्ला प्रहरी कार्यालय सुर्खेतका एसपी विश्वनिरञ्जन प्रधानले बताए। दुवैजना ०६९ कात्तिक २० गते धरौटीमा रिहा भए।

रानीवास गाविस-६ का ५३ वर्षीय भीमबहादुर खड्कालाई मटेला गाविसको ठाँटी बजारमा लाग्ने स्थानीय मेलामा सुरक्षार्थ खटिएका मध्यपश्चिम प्रहरी गण सुर्खेतका प्रहरी हवल्दार र दुईजना प्रहरी जवानले ०६९ मङ्सिर १३ गते लात्तीमुक्का, बुट र लाठीले कुटपिट गरे। मदिरा सेवन गरी मात्तिएका प्रहरीले आफूलाई अनाहकमा कुटपिट गरेको पीडितले बताए। कुटपिटबाट टाउको, ढाड र खुट्टामा चोट लागेका पीडितको स्थानीय स्वास्थ्य केन्द्रमा उपचार हुन नसकेपछि क्षेत्रीय अस्पताल सुर्खेतमा उपचार भयो। खड्कालाई कुटपिटमा संलग्न हवल्दारसहित दुईजना प्रहरी जवानलाई ०६९ मङ्सिर १५ गतेदेखि नियन्त्रणमा लिएको स्वीकार गरेपनि जिल्ला प्रहरी कार्यालय सुर्खेतका इन्स्पेक्टर वीरेन्द्रकुमार यादवले उनीहरूको नाम सार्वजनिक गर्न चाहेनन्। दुवै पक्षबीच ०६९ मङ्सिर १८ गते मिलापत्र भएको प्रहरीले बतायो।

नेकपा-माओवादीबाट

एकीकृत नेकपामाओवादी जिल्ला कमिटी सुर्खेतका सदस्य ३२ वर्षीय नरेन्द्र कार्कीले कार्यालय स्थापना गर्ने विवादमा अवरोध गरेको आरोपमा नेकपा-माओवादी समर्थित अखिल क्रान्तिकारीका सुर्खेत अध्यक्ष भीष्म शाहीले ०६९ साउन ६ गते कार्यालयमै उनलाई हातपात गरे। पार्टी विभाजन भएपछि एकअर्काले कार्यालय रहेको भवन आफनो भएको दावी गर्नेक्रममा आफूलाई हातपात गरेको पीडितले बताए। घटनालगत्तै कार्यालय भवनको दुई-दुई कोठा विभाजन गरेको भन्ने नेकपा-माओवादीले घोषणा गरी बोर्ड राखेको लगत्तै एमाओवादीका प्रताप पौडेल लगायतको समूहले नेकपा-

माओवादीको बोर्ड तोडफोड गरेर हटाए। त्यस लगत्तै नेकपा-माओवादीका इश्वर सुनार लगायतको समूहले पनि एमाओवादीको बोर्ड तोडफोड गरी फ्याके। हाल सो भवनमा एमाओवादीले कब्जा गरी बसेको छ।

माओवादी लडाकुबाट

कल्याण गाविस-३ का २४ वर्षीय नरबहादुर सलामी, ३० वर्षीय गणेश गुरुङ, सोही गाविस-४ का १५ वर्षीय प्रशान्त भुजेल, १९ वर्षीय लालित सलामी र २२ वर्षीय चन्द्रबहादुर बुढाले फरकमत राखेको आरोपमा ०६८ माघ १८ गते कल्याण गाविस-३ स्थित जीत स्मृति ब्रिगेडका माओवादी लडाकु देवबहादुर विकको नेतृत्वमा आएको समूहले उनीहरूलाई खुकुरी प्रहार गऱ्यो। खुकुरी प्रहारपछि भएको दोहोरो झडपमा घाईते भएका माओवादी लडाकु विकको भारतको लखनउ र अन्य सबैजनाको क्षेत्रीय अपताल सुर्खेतमा उपचार भयो। झडपमा दुवै पक्षका पाँच जना सामान्य घाइते भएका थिए। घटनाको कतै पनि उजुरी भएन।

दशरथपुर गाविस-५ स्थित माओवादी सेनाको छैठौं डिभिजन र त्यस मातहतका शिविरहरूबाट वर्हिगमनमा परेका अयोग्य लडाकुहरूको समूहले ०६८ माघ २२ गते जवरजस्ती छैठौं डिभिजनमा प्रवेश गर्न खोजेको आरोपमा सो डिभिजनका माओवादी लडाकुहरूले डिभिजनको मुल द्वारमा उनीहरूलाई कुटपिट गरे। स्वेच्छिक अवकाश रोजेका माओवादी लडाकुलाई रकम वितरण तथा विदाई कार्यक्रम चलिरहेको समयमा आफूहरूलाई पनि सेना समायोजनमा समावेश गर्नुपर्ने र नगरिए उचित क्षतिपूर्ति दिनुपर्ने माग राखी वर्हिगमन लडाकु सङ्घर्ष समितिका केन्द्रीय उपाध्यक्ष राजु गहतराजको नेतृत्वमा रहेको लडाकु समूह जवरजस्ती डिभिजन भित्र प्रवेश गर्न खोज्दा भएको झडपमा वर्हिगमनमा परेका माओवादी लडाकु २८ वर्षीय सुमन सुनार, २५ वर्षीय अभिवादन सुनार, ३० वर्षीय विज्ञान बुढा र २६ वर्षीय विश्व बुढा घाइते भए। घाइते सबैको क्षेत्रीय अस्पताल सुर्खेतमा उपचार भयो। अयोग्य लडाकुको समूहले कार्यक्रम विथोल्ने उद्देश्यले जबरजस्ती प्रवेश गरी तोडफोडमा उत्रिएकाले प्रतिकारको क्रममा उनीहरूलाई चोट लागेको छैठौ डिभिजनका कमाण्डर महेन्द्र शाहीले बताए। तोडफोडमा संलग्न भएको आरोपमा सोहीदिन उपाध्यक्ष गहतराज सहित ७० जना अयोग्य लडाकुहरूलाई प्रहरीले पक्राउ गरी सोही दिन रिहा गऱ्यो। राजनीतिक झगडाको बारेमा सुनुवाई नहुने भनी कँही उजुरी नगरेको उपाध्यक्ष गहतराजले बताए।

दशरथपुर गाविस-५ स्थित माओवादी सेनाको छैठौं डिभिजन अन्तर्गतको पूर्णझरना ब्रिगेडबाट स्वेच्छिक अवकाश रोजेका माओवादी लडाकुहरू ३३ वर्षीय मानबहादुर चन्द, २७ वर्षीय रत्नबहादुर चलाउने, ३२ वर्षीय नोखबहादुर वली र ३६ वर्षीय शेरबहादुर बुढाले स्वेच्छिक अवकाश गएबापत प्राप्त गरेका रकम नदिएको आरोपमा ०६८ माघ २३ गते डिभिजन कमाण्डर महेन्द्र शाहीको निर्देशनमा माओवादी लडाकु कमाण्डर नरेश र शक्तीले छिन्चु गाविस-७ स्थित कृषि विकास बैंक परिसरमा धम्की दिए। पार्टीको निर्देशन भन्दै प्रतिव्यक्ति २ लाख रुपियाँ रकम दिनु पर्ने भनी बैंकमै पुगी चेक खोस्न खोजेपछि रकम नै नलिई फिर्ता हुनुपरेको पीडितहरूले बताए। तोकेजती रकम नदिए जे पनि हुन्छ भनी धम्की दिएको पीडितहरूले बताए। यता शिविरमा नबसेकाहरूसँग पूर्व सर्तअनुसारको रकम माग गरिएको र धम्की भने नदिईएको माओवादी लडाकु कमाण्डर नरेशले बताए। घटनाको कतैपनि उजुरी भएन्।

दशरथपुर गाविस-५ स्थित माओवादी सेनाको छैठौ डिभिजन अन्तर्गतको पूर्ण झरना ब्रिगेडबाट स्वेच्छिक अवकाश भएका माओवादी लडाकुहरू २७ वर्षीय कर्मा रावत, ३३ वर्षीय बीरबहादुर नेपाली र ३० वर्षीय लक्ष्मी चौलागाईले स्वेच्छिक अवकाश बापत प्राप्त गरेको रकम नदिएको आरोपमा ०६८ माघ २४ गते सो डिभिजनका कमाण्डर महेन्द्र शाहीको निर्देशनमा माओवादी सेना कमाण्डर नरेश र शक्तिले छिन्चु गाविस-७ कृषि विकास बैंकमा धम्की दिई पाटिको निर्देशन भन्दै प्रतिव्यक्ति २ लाख रुपैयाँ रकम दिनुपर्ने र सो रकम नदिए जे पनि हुन सक्छ भनी धम्की दिएको पीडितहरूले बताए। माओवादी सेना कमाण्डरद्वयले बैंकमा पुगि चेक खोस्न खोजेपछि पीडितहरू रकम नै नलिई फिर्ता भएका थिए। यता शिविरमा नबसेकाहरूसँग पूर्व सर्तअनुसारको रकम माग गरिएको र धम्की भने नदिईएको माओवादी लडाकु कमाण्डर नरेशले बताए। घटनाको कतैपनि उजुरी भएन।

दशरथपुर गाविस-५ स्थित माओवादी सेनाको पूर्णझरना ब्रिगेडबाट अवकाश रोजेका माओवादी लडाकु ३२ वर्षीय लोकबहादुर वलीले आफूबाट चेक खोस्न र २ लाख रुपियाँ रकम माग गरेको घटना प्रकाशमा ल्याएको आरोपमा ०६८ माघ २५ गते सो ब्रिगेडका सहायक कमाण्डर दामोदर अधिकारीले

टेलिफोन गरी धम्काए। धम्की पछि त्रसित अवस्थामा बस्न बाध्य भएको पीडितको भनाइ थियो। सुनुवाई नहुने भनी पीडितले कहिँ उजुरी गरेनन्। यता सहायक कमाण्डर अधिकारीले ब्रिगेडमा नबसेका वली जस्ता माओवादी लडाकुहरू र ब्रिगेडबीच भएको सहमति अनुरुप रकम माग गरेको तर धम्की नदिएको प्रतिक्रिया दिए। घटनाको कतैपनि उजुरी भएन।

दशरथपुर गाविस-५ स्थित पूर्णझरना ब्रिगेडबाट स्वेच्छिक अवकाश रोजेका माओवादी लडाकु ३० वर्षीय कृष्ण बोहोरा, २८ वर्षीय दीपेन्द्र खत्री, ३१ वर्षीय प्रेमबहादुर चौधरी, ३० वर्षीय हरिकिसन थारु, २६ वर्षीय ओमबहादुर चौधरी, २५ वर्षीय प्रेम चौधरी र ३२ वर्षीय धनीराम कुमालले तोकेजति रकम नदिएको आरोपमा सो ब्रिगेडका सहायक कमाण्डर दामोदर अधिकारी र अर्जुनले ०६८ माघ २६ गते ब्रिगेडमै उनीहरूलाई धम्काए। पार्टीको निर्देशन भन्दै प्रति व्यक्ति २ लाख रुपैयाँ दिनुपर्ने धम्की दिएको पीडितहरूले बताए। यता शिविरमा नबसेकाहरूसँग पुर्व सर्तअनुसारको रकम माग गरिएको र धम्की भने नदिईएको माओवादी लडाकु कमाण्डर नरेशले बताए। उनीहरूले रकम भने दिएनन्। सुनुवाई नहुने भनी कही उजुरी नगरेको पीडितले बताए।

दशरथपुर गाविस-५ स्थित पूर्णझरना ब्रिगेडबाट स्वेच्छिक अवकाश रोजेका माओवादी लडाकु ३१ वर्षीय गङ्गासागर चौधरी, ३५ वर्षीय हरी खुना, २९ वर्षीय कर्म शर्मा, ३४ वर्षीय श्याम चौधरी, २८ वर्षीय सुन्दर कुमाल, २९ वर्षीय रमेश चौधरी, २७ वर्षीय लक्ष्मण चौधरी र ३० वर्षीय वेदबहादुर चौधरीले तोकेजती रकम नदिएको आरोपमा ०६८ माघ २७ गते सो ब्रिगेडका सहायक कमाण्डर दामोदर अधिकारी र अर्जुनले ब्रिगेडमै उनीहरूलाई धम्की दिए। पार्टीको निर्देशन भन्दै प्रति व्यक्ति २ लाख रुपियाँ दिनुपर्ने भनी धम्की दिएको पीडितहरूले बताए। यता शिविरमा नबसेकाहरूसँग पूर्व सर्तअनुसारको रकम माग गरिएको र धम्की भने नदिइएको माओवादी लडाकु कमाण्डर नरेशले बताए। उनीहरूले रकम भने दिएनन्। घटनाको कतैपनि उजुरी भएन।

दशरथपुर गाविस-३ का एमाले निकट युवासङ्घका कार्यकर्ता ३१ वर्षीय छविलाल पौडेलले फरक मत राखेको आरोपमा ०६८ फागुन १९ गते घोराही सतवरिया ब्रिगेडमा कार्यरत माओवादी लडाकुद्वय परिवर्तन र विजयले घर नजिकै लात्तीमुक्का र लाठीले कुटपिट गरे। कुटपिटबाट टाउकोमा चोट लागेका पीडितको स्थानीय प्राथमिक स्वास्थ्य केन्द्रमा उपचार भयो। माओवादी सेनाको विरुद्ध प्रहरीले कारबाही नगर्ने भएकाले घटनाको उजुरी नगरेको पीडितले बताए।

लेखफर्सा गाविस -९ स्थित घोराही सतबरिया ब्रिगेडमा कार्यरत माओवादी सेना ३२ वर्षीय सुमन शाही, २८ वर्षीय राजेन्द्र तामाङ र २९ वर्षीय बिग्रेड कमाण्डर गगनबहादुर मल्लले ब्रिगेडका भौतिक सामग्रीहरू मनोमानी तबरले लैजान खोज्दा अवरोध गरेको आरोपमा ०६८ चैत २७ गते ब्रिगेड सहायक कमाण्डर दीपक सहितको समूहले लात्तीमुक्का र लाठीले ब्रिगेड परिसरमै उनीहरूलाई कुटपिट गरे। कुटपिटबाट घाइते सबैको क्षेत्रीय अस्पताल सुर्खेतमा उपचार भयो। आन्तरिक विवादका बारेमा सुनुवाई नहुने भनी कहीं उजुरी नगरेको पीडितहरूले बताए। आन्तरिक विवाद भनी विग्रेड कमाण्डर मल्लले कुनै प्रतिक्रिया दिन मानेनन्। अवरोधका कारण बिग्रेड कमाण्डर मल्लले सामान लिन पाएनन्। घटनाको कतैपनि उजुरी भएन्।

नेविसङ्घबाट

लगाम गाविस-३ स्थित महाकाली उच्च माविमा अध्ययनरत अनेरास्वियूका कार्यकर्ताहरू २२ वर्षीय दीपक थापा र २६ वर्षीय खड्कबहादुर थापाले फरकमत राखेको आरोपमा ०६८ फागुन २४ गते नेपाल विद्यार्थी सङ्घका कार्यकर्ताहरू मिलन बान्तोला र हर्कबहादुर बान्तोला सहितको समूहले विद्यालय परिसरमै उनीहरूलाई खुकुरी प्रहार गरे। खुकुरी प्रहारबाट टाउकोमा चोट लागेका पीडितहरूको क्षेत्रीय अस्पताल सुर्खेतमा उपचार भयो। पीडितले ०६८ माघ २७ गते जिल्ला प्रहरी कार्यालय सुर्खेतमा किटानी जाहेरी दिएपनि यसवर्षको अन्त्यसम्ममा सुनुवाइ भएन।

अन्यबाट

उत्तरगङ्गा गाविस-८ निवासी एवम् नेपाल पत्रकार महासङ्घ कालिकोट शाखाका उपाध्यक्ष ४१ वर्षीय देउलासिंह ठकुरीलाई ०६८ माघ २८ गते सोही स्थानका नौले बुढा र ३५ वर्षीय हरि बुढाले घर नजिकैको सडकमा ढुङ्गा र फलामको रडले कुटपीट गरे। कुटपिटबाट टाउकामा चोट लागेका पीडितको क्षेत्रीय अस्पताल सुर्खेतमा उपचार भयो। पीडितले ०६८ माघ २९ गते जिल्ला प्रहरी कार्यालय सुर्खेतमा बुढाद्वयको विरुद्ध किटानी जाहेरी दिएपनि यस वर्षको अन्त्यसम्ममा सुनुवाइ भएन।

अभिव्यक्ति, भेला हुने र संगठित हुने अधिकार
(राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

राप्रपा नेपाल सुर्खेतद्वारा आयोजना गरिएको जुलुस सहितको आमसभालाई ०६८ माघ ५ गते अखिल (क्रान्तिकारी), नेविसङ्घ, अनेरास्ववियू, अखिल छैठौँ र क्रान्तिकारी विद्यार्थी सङ्घले वीरेन्द्रनगरको बीच बजारमा अवरोध गरे। अवरोधपछि प्रहरीको कडा सुरक्षामा जुलुश अगाडि बढेको थियो।

दशरथपुर गाविस-५ स्थित माओवादी सेनाको छैठौँ डिभिजन अन्तर्गतको पूर्णझरना ब्रिगेडबाट स्वेच्छिक अवकास रोजेका माओवादी लडाकु २७ वर्षीय कर्मा रावत, ३३ वर्षीय बीरबहादुर नेपाली र ३० वर्षीय लक्ष्मी चौलागाईबाट चेक खोस्न खेजेको र धम्की दिएको घटनाको बारेमा अनुगमन गर्न गएको अधिकारकर्मी र सञ्चारकर्मीको टोलीलाई ०६८ माघ २४ गते इलाका प्रहरी कार्यालय छिन्चुमा स्थानीय प्रशासनले अवरोध गऱ्यो। धम्कीपछि ईलाका प्रहरी कार्यालय छिन्चुमा राखिएका माओवादी लडाकुको अवस्था बारेमा अनुगमन गर्न निमित्त प्रमुख जिल्ला अधिकारी हरि प्याकुरेलको अनुरोधमा नेपाल पत्रकार महासङ्घका केन्द्रीय सदस्य सूर्यमणि गौतम, महासङ्घ सुर्खेत शाखाका अध्यक्ष एवम इन्सेक जिल्ला प्रतिनिधि दुर्गा थापा सहितको टोलीलाई पीडितसँग भेटघाट गर्न स्थानीय प्रशासनले अवरोध गरेको थियो। निमित्त प्रजिअ प्याकुरेल र एसपी गोविन्दराम परियारले भेटघाट गर्न दिन्छौँ भनी पाँच घण्टासम्म इप्रका छिन्चुमा पर्खन लगाई माथिको निर्देशन भन्दै पीडितहरूसँग टोलीलाई भेटघाट गर्न दिएनन्। घटनाको नेपाल पत्रकार महासङ्घ सुर्खेत शाखाले ०६८ माघ २५ गते प्रेस विज्ञप्ति जारी गरी भर्त्सना गऱ्यो।

लाटीकोइली गाविस-९ निवासी एवम् सौर्य दैनिकका समाचारदाता २८ वर्षीय लक्ष्मण भण्डारी र काक्रेविहार दैनिकका समाचारदाता २३ वर्षीय बिनोद शाहीलाई ०६८ फागुन १० गते क्षेत्रीय प्रहरी कार्यालय सुर्खेतका डिएसपी शारदाप्रसाद चौधरीले सूचनाको हकबाट वंचित गरे। सार्वजनिक चासोको विषयमा सूचना दिईसकेपछि डिआईजी पार्वती थापाको निर्देशन भन्दै डिएसपी चौधरीले आफैँले दिएको सूचना च्यातेर राखेको पीडितले बताए। घटनाको नेपाल पत्रकार महासङ्घ सुर्खेत शाखाले ०६८ फागुन ११ गते प्रेस विज्ञप्ति मार्फत घटनाको भर्त्सना गऱ्यो। माथिको आदेश पालना गरेको डीएसपी चौधरीले बताए।

नेपाल पत्रकार महासङ्घ सुर्खेत शाखाका उपाध्यक्ष एवम नयाँ पत्रिका समचारदाता गणेकञ्चन भारतीले मटेला गाविसको ठाँटीबजारको मेलामा रानीवास गाविस-६ का ५३ वर्षीय भीमबहादुर खड्कालाई कुटपिटमा संलग्न प्रहरीहरूको बारेमा ०६९ मङ्सिर १६ गते जानकारी माग्दा जिल्ला प्रहरी कार्यालय सुर्खेतका डिएसपी विनोद घिमिरेले उनीहरूको नाम भन्न नमिल्ने भनी सूचनाको हकबाट वञ्चित गरे। प्रहरीहरूद्वारा सर्वसाधारणलाई कुटपिट गरेपछि जिप्रकाको नियन्त्रणमा राखिएको भएपनि अहिले नाम उल्लेख नगरौँ भनी डिएसपी घिमिरेले सूचना नदिएको पीडितले बताए।

सुगम र निष्पक्ष न्यायिक अधिकार
पुनरावेदन अदालत
०६८ साउनदेखि ०६९ असार मसान्तसम्म

चार जना न्यायाधीशको दरबन्दी भएपनि यस पुनरावेदन अदालतमा दुई जना न्यायधीश मात्र कार्यरत छन्। यस अवधिमा १ सय ६३ थान फौजदारी मुद्दामध्ये २४ थान फैसला भई १ सय ३९ थान फैसला हुन बाँकी रहे। देवनी तर्फ ५५ थान मुद्दामध्ये चार थान फैसला भई ५१ थान फैसला हुन बाँकी रहे। यसअवधिमा फैसला हुन बाँकी रहेका मुद्दा १ सय २४ मध्ये अघिल्लो सालको जिम्मेवारी सरेर आएका मुद्दा सङ्ख्या ३४ थान रहेका थिए।

०६८ साउनदेखि ०६९ पुस १५ गतेसम्म

यस अवधिमा १ सय २३ थान फौजदारी मुद्दामध्ये १५ थान फैसला भई १ सय ८ थान फैसला हुन बाँकी रहे। देवानीतर्फ सोही अवधिमा २० थान मुद्दामध्ये चार ओटा फैसला भई १६ थान फैसला हुन बाँकी रहे। यो वर्षको अन्त्यसम्म फैसला हुन बाँकी मुद्दा सङ्ख्या १ सय २४ थान रहे।

जिल्ला अदालत
०६८ साउनदेखि ०६९ असार मसान्तसम्म

एक जना न्यायाधीश रहेको यस अदालतमा ३ सय ९५ थान फौजदारी मुद्दामध्ये यस अवधिमा २ सय ८२ थान फैसला भई १ सय १३ थान फैसला हुन बाँकी रहे। देवानीतर्फ २ सय ८४ मध्ये १ सय ३४ थान फैसला भई १ सय ५० थान मुद्दा फैसला हुन बाँकी रहे। दुबै तर्फ गरी २ सय ६३ थान मुद्दा फैसला हुन बाँकी रहे।

०६९ साउनदेखि ०६९ पुस १५ गतेसम्म

यस अवधिमा २ सय ७० थान फौजदारी

मुद्दामध्ये ९७ थान फैसला भई १ सय ७३ थान फैसला हुन बाँकी रहे। देवानी तर्फ सोही अवधिमा २ सय ५ मध्ये ५३ थान फैसला भई १ सय ५२ थान मुद्दा फैसला हुन बाँकी रहे। यो वर्षको अन्त्यसम्म फैसला हुन बाँकी मुद्दाको सङ्ख्या ३ सय ३५ थान रहे।

जिल्ला सरकारी वकिल कार्यालय

०६८ साउनदेखि ०६९ असार मसान्तसम्म

एकजना सरकारी वकिल रहेको यस कार्यालयबाट कर्तव्य ज्यानको १३ थान मुद्दामा १२ थान फर्स्यौट हुँदा १० ओटामा सफल, दुईओटा असफल र दुई थान माथिल्लो अदालतमा दर्ता भई एक थान फैसला हुन बाँकी रहयो। जवरजस्ती करणीको १६ थान मुद्दामा सबै फैसला भई १२ सफल, चार असफल र चार थान मुद्दा माथिल्लो अदालतमा दर्ता भयो। ज्यानमार्ने उद्योगका १० थानमा सबै फर्स्यौट भई आठ थान सफल, दुई थान असफल र दुई थान माथिल्लो अदालतमा दर्ता भयो। सवारी ज्यानका १७ थानमा सबै फर्स्यौट भई १२ थान सफल, पाँच असफल र पाँच थान माथिल्लो अदालतमा दर्ता भए। जवरजस्ती करणी उद्योगका १० थानमा सबै फैसला भई आठ थान सफल, दुई थान असफल र दुई थान माथिल्लो अदालतमा दर्ता भए। लागुऔषधका १२ थानमा सबै फैसला भई सात थान सफल, पाँच थान असफल र दुई थान माथिल्लो अदालतमा दर्ता भए। मानववेचविखनका तीन थानमा सबै फैसला भई सबै सफल भए। त्यस्तै जुवाका पाँच थानमा सबै फैसला भई सबै सफल, सवारी अड्भङ्गका तीनमा सबै फैसला भई सबै सफल र एक माथिल्लो अदालतमा दर्ता, किर्ते नागरिकताको एकमा फैसला भई सफल, अपहरणको एकमा फैसला भई सफल, जातीय विभेदको एकमा फैसला भई सफल, विस्फोटक पदार्थको एकमा फैसला भई सफल, चोरीको सात थानमा छ सफल एक असफल र बहुविवाहको दुईमा दुवै सफल रहे।

०६९ साउनदेखि ०६९पुस १५ सम्म

यस अवधिमा कर्तव्यज्यानको चार थानमा दुई सफल, एक असफल र एक बाही रहयो जसमा एक थान माथिल्लो अदालतमा दर्ता भयो। ज्यानमार्ने उद्योगको दुई थानमा दुवै सफल भयो। जवरजस्ती करणीको सातमध्ये छ ओटा सफल र एक असफल भयो जसमा एक थान माथिल्लो अदालतमा दर्ता भयो। जबक उद्योगका चारमध्ये दुई सफल र दुई असफ रहे जसमा दुई थान माथिल्लो अदालतमा दर्ता भए। सवारी ज्यानका १० थानमध्ये सात सफल, तीन असफल भई दुई थान माथिल्लो अदालतमा दर्ता, लागुऔषधका ११ मध्ये १० सफल र एक असफल, मानवबेचबिखनको एकमा सबै सफल, जुवाको १० मा आठ सफल दुई असफल भए जसमा दुई थान माथिल्लो अदालतमा दर्ता भए। त्यस्तै अपहरण एकमा एक सफल, गौवध दुईमा दुई सफल, चोरी छ मा चार सफल र दुई असफल भए जसमा दुई थान माथिल्लो अदालतमा दर्ता भए। बहुविवाहको दुईमा दुवै असफल, बालविवाहको तीनमा दुई सफल र एक असफल र अप्राकृतिक मैथुनको एक थान फर्स्यौट भई सफल रहयो।

पुनरावेदन वकिल कार्यालय

०६८ साउनदेखि ०६९ असार मसान्तसम्म

एक जना सरकारी वकिल सङ्ख्या रहेको यस कार्यालयबाट कर्तव्यज्यानको ५१ मध्ये ४५ मा सबै फैसला भई ४५ थान सफल र चारथान असफल रहयो। ज्यानमार्ने उद्योगको २५ थामा सबै फैसला भई २० सफल र पाँच असफल रहे। सवारी ज्यानको पाँचमा तीन सफल र दुई असफल, जवरजस्ती करणीको २३ मा १८ ओटा सफल र पाँच थान असफल, जबक उद्योगको १० मा आठ सफल र दुई असफल, लागुऔषको नौमा सात सफल र दुई असफल, मानववेचविखनको दुईमा दुवै सफल, गर्भपतनको दुईमा दुवै सफल, चोरीको एकमा एक नै सफल, हातहतियारको चारमा तीन सफल र एक असफल, केही सार्वजनिक अपराधका १२ मा सात सफल र पाँच असफल, गौवधको एकमा एकनै सफल, विस्फोटक पदार्थ एकमा एक नै सफल, चोरीको १० मा नौ सफल एक असफल, बहुविवाहको आठमा छ सफल दुई असफल, बनको चारमा तीन सफल एक असफल, ठगीको एकमा एक नै सफल र आगलागीको चारमा चार नै सफल भए।

०६९ साउनदेखि ०६९पुस १५ सम्म

यस अवधिमा कर्तव्यज्यानका २९ थानमा २० सफल र नौ असफल, ज्यानमार्ने उद्योगका १३ मा १० सफल र तीन असफल, जबरजस्ती करणीका सातमा छ सफल र एक असफल, जबज उद्योगका ११ मा सात सफल र चार असफल, सवारी ज्यानमा एकमा एक नै सफल, लागुऔषध छ मा चार सफल दुई असफल, ठगीको एकमा एक नै सफल, आवश्यक बस्तु चोरी एकमा एक नै सफल, अपहरणको एकमा एक नै सफल, गौवध दुईमा एक सफल एक असफल, चोरीको आठमा

छ सफल दुई असफल, बहुविवाहको पाँचमा तीन सफल दुई असफल, केही सार्वजनिक अपराधका छ थानमा पाँच सफल एक असफल, बनको नौमध्ये सात सफल दुई असफल र सवारी अड्गभङ्गका दुईमा दुवै सफल भए।

यातना तथा अन्य क्रूर, अमानवीय र अपमानजनक व्यवहार वा दण्ड

वीरेन्द्रनगर नपा-६ का ३० वर्षीय खड्कबहादुर सार्कीले सडक जाम गरेको आरोपमा ०६८ फागुन २६ गते वीरेन्द्रनगर नगरप्रहरी इन्चार्ज सई हरिबहादुर खड्काले नगरप्रहरी हिरासतमा राखी यातना दिए। हिरासतमा हतकडी लगाएर लाठी बुट र लात्तीमुक्काले कुटपिट गरेको पीडितले बताए। पीडितको क्षेत्रीय अस्पताल सुर्खेतमा उपचार भयो। प्रहरीले यातना दिएको उजुरी सुनुवाई नहुने भनी कतै उजुरी नगरेको पीडितले बताए।

कल्याण गाविस-५ की ३२ वर्षीया हिरा गुरुङलाई ०६९ भदौ ३१ गते सोही स्थानका तुलाराम वली सहितका पाँचजनाले हत्या गरेको आरोपमा वलीसहित उनका पत्नी मोतीसरा वली, जेठान प्रेम बुढा, फुपु कौशिला बस्नेत र माईला बुबा माथवरसिं वलीको विरुद्ध ०६९ असोज २ गते उजुरी दिन गएकी कल्याण गाविस-५ की ३५ वर्षीया पवित्रा सारुलाई इलाका प्रहरी कार्यालय छिन्चुका इन्स्पेक्टर रमेश तामांडले तुलारामको विरुद्ध बाहेक अन्यको "मुद्दा दायर गर्न नसकिने र जहाँसुकै जाऊ" भनी दुर्व्यवहार गर्दै मुद्दा दायर गरेनन्। मुद्दा दायर नभएपछि जिल्ला प्रहरी कार्यालय सुर्खेतमा ०६९ असोज ३ गते पुन मुद्दा दायर गर्न गएपनि जिल्ला प्रहरी कार्यालय सुर्खेतका एसपी गोविन्दराम परियारले समेत मुद्दा दायर नगरिदिएको पीडितले बताइन्। डिआईजी पार्वती थापाको निर्देशनपछि मात्र ०६९ असोज ३ गते जिल्ला प्रहरी कार्यालय सुर्खेतमा मुद्दा दायर भएको तर अनुसन्धानमा वेवास्ता गरेको मृतककी दिदी पवित्रा सारुले बताइन्। ईप्रका छिन्चुमा आफै गिरफतारी दिन पुगेका तुलाराम वली ०६९ असोज २९ गते जिल्ला अदालत सुर्खेतको आदेशमा पुर्पक्षको लागि थुनामा रहे। आरोपितलाई प्रहरीले यसवर्षको अन्त्यसम्ममा गिरफ्तार गरेन।

बालअधिकार

शिक्षाको अवस्था

यस जिल्लामा विद्यालय जाने उमेरका ३ हजार ४ सय छात्रमध्ये ३ हजार ४५ भर्ना भए। जसमा दलित २ सय १३ जना रहे। त्यस्तै छात्रा तर्फ विद्यालय जाने उमेरका ३ हजार ६ सय ६० मध्ये ३ हजार ४ सय २० जना विद्यालय भर्ना भए। जसमा २ सय ४३ दलित रहे। भर्ना भएर पढाई छाडने ४ सय ५० छात्र र ६ सय ३५ छात्रा रहेको जिल्ला शिक्षा कार्यालयले जनायो।

जिल्लामा ४ सय ४१ प्राथमिक विद्यालयमा ३३ हजार ४ सय ९९ छात्र र ३५ हजार ५ सय ६८ छात्रा अध्ययनरत छन्। निम्न माध्यमिक विद्यालय ९३ ओटा रहेक छन् जसमा १३ हजार ८ सय ४५ छात्र र १५ हजार १ सय ८ विद्यार्थी अध्ययनरत छन्। मावि र उमाविसमेत गरी १ सय ६ विद्यालयमा ९ हजार २७ छात्र र ९ हजार २ सय २३ छात्रा अध्ययनरत छन्। त्यस्तै आठ ओटा क्याम्पसमा ८ हजार ४ सय ४५ छात्र र ६ हजार ४ सय ३० छात्रा अध्ययनरत छन्। यसरी जम्मा १ लाख ३१ हजार १ सय ४५ विद्यार्थीमध्ये ७ हजार ४ सय ५० छात्र र ४ हजार ८ सय ५० छात्रा दलित विद्यार्थी रहेका छन्। निजी विद्यालय तर्फ ४७ ओटा प्राविमा छात्र ३ हजार ८ सय ५७ छात्र र ३ हजार १ सय ४५ छात्रा अध्ययनरत छन्। निजीकै निमावि तर्फ १३ ओटामा ३ हजार ७ सय ६६ छात्र र २ हजार ८ सय ६५ छात्रा अध्ययनरत छन्। मावि र उमावि तर्फ ३ हजार २ सय ४३ छात्र र २ हजार ५ सय ६० छात्रा अध्ययनरत छन्। निजी विद्यालयका जम्मा १९ हजार ४ सय ३६ विद्यार्थीमध्ये दलित विद्यार्थी ८ सय ४० छात्र र ५ सय छात्रा रहेका छन्। जिल्लामा रहेका सामुदायिक विद्यालयतर्फ आठ ओटा प्राविमा छात्र ४ हजार ३२ र छात्रा ४ हजार २ सय २१ अध्ययनरत छन्। पाँच ओटा निमाविमा छात्र २ हजार ४ सय ३५ र छात्रा २ हजार ५ सय ६५ रहेका छन्। सामुदायिक मावि रहेका छैनन्। सामुदायिक विद्यालयका कूल १३ हजार २ सय ५३ विद्यार्थीमध्ये दलित विद्यार्थी सङ्ख्या छात्र ६ सय ४० र छात्रा ५ सय ६८ रहेका छन्। जिल्लाका ४ सय ४६ बालविकास केन्द्रमा छात्र १० हजार ८० र छात्रा १२ हजार २ सय २० गरी कूल २२ हजार ३ सय विद्यार्थी अध्ययनरत छन् जसमा ६ सय ७० छात्र र ७ सय ४२ छात्रा दलित रहेका छन्।

जिल्लामा कार्यरत शिक्षकको सङ्ख्या प्रावि तहमा दरबन्दी, राहत र अनुदान समेत गरी जम्मा १ हजार ५ सय ६१ छन्। जसमा शिक्षिका ६ सय ४५ र शिक्षक ९ सय ६ रहेका छन्। निमावि तहमा राहत र अनुदानसमेत गरी ३ सय ९५ कार्यरत छन् जसमा शिक्षिका १ सय १२ र शिक्षक २ सय ८३ छन्। मावि तहमा राहत र अनुदानसमेत २ सय ५८ मा शिक्षिका

८८ र शिक्षक १ सय ७० छन्। क्याम्पस तहमा १ सय ८० मध्ये महिला ३५ र पुरुष १ सय ४५ कार्यरत छन्। जिल्लामा जम्मा महिला शिक्षक ८ सय ८० र पुरुष १ हजार ५ सय ३ कार्यरत छन्। यसमा दलित शिक्षक ८६ र शिक्षिका २५ कार्यरत छन्।

कुटपिट

लाटीकोईली गाविस-२ नयाँगाउँका ११ वर्षीय दिनेश चौधरीले ५० रुपियाँ चोरेको आरोपमा ०६८ फागुन २३ गते बुबा इन्द्रबहादुर चौधरीले घरमै मुख र दुवै हातमा अगुल्टाले डामे। अगुल्टाले डामेपछि घाइते भएका दिनेशको बुबाले उपचारसमेत गरेनन्। दिनेशका बुवा इन्द्रबहादुर सशस्त्र प्रहरी हुन्। नाबालकलाई डामेको घटनाको इन्सेक सुर्खेतद्वारा जनसेवा मावि घुस्रामा गठित बालअधिकार समूहले ०६८ फागुन २८ गते प्रेस विज्ञप्ति जारी गरी भर्त्सना गऱ्यो। नाबालक चौधरी जनसेवा मावि घुस्रामा कक्षा ४ मा अध्ययनरत थिए।

दुर्व्यवहार

वीरेन्द्रनगर बसपार्क स्थित एक होटेलमा सुतिरहेका पाँच वर्षीय नाबालकलाई कैलाली जिल्ला मालाखेतीका २२ वर्षीय विशाल ताम्राकारले ०६९ साउन ३१ गते राति अप्राकृतिक मैथुन गरे। अप्राकृतिक मैथुन गर्दै गर्दा बालक चिच्याएपछि ताम्राकारलाई स्थानीयवासीले नियन्त्रणमा लिई सोहीदिन प्रहरी समक्ष बुझाए। आरोपी जिल्ला अदालतको ०६९ भदौ १३ गतेको आदेशमा पुर्पक्षका लागि थुनामा छन्। यो वर्षको अन्त्यसम्म मुद्दाको अन्तिम फैसला भएन।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार संरचना, सम्पत्ति क्षति

राज्यबाट

सामुदायिक वन अतिक्रमण गरेको आरोपमा जिल्ला वन कार्यालय सुर्खेतका कर्मचारी र प्रहरीको संयुक्त टोलीले ०६९ मङ्सिर १७ गते साटाखानी गाविस-७ रुप्सेको २४ घर दलित परिवारको घरमा आगजनी गरी उनीहरूको घरवास उठाए। पीडितहरूले ०६९ मङ्सिर २४ गतेदेखि जिल्ला प्रशासन र जिल्ला वन कार्यालय सुर्खेतको अगाडि धर्ना दिए। खुल्ला आकाश मुनि कठाङ्ग्रिने चिसोमा २४ घर दलित परिवारका १ सय ५० जना बृद्ध, बृद्धा, बालबालिका, सुत्केरी र गर्भवती महिलाहरूसमेत धर्ना तथा अनसनमा बसेका थिए। पीडितहरूको धर्नासँगै स्थानीय राजनीतिक दल, भूमि अधिकारवादी सङ्घ-संस्थाहरू, र अधिकारवादी संस्थाहरूले उनीहरूलाई यथास्थानमा बसोबास गर्न दबाब दिएपछि ०६९ पुस १५ गते मात्र विकल्प नहुँदासम्म यथास्थानमा बस्न दिने सर्तमा पीडितहरू घर फर्किए। विकल्प विना उठाएर खोलाको बगरमा बस्न बाध्य भएको कारण भीमबहादुर सार्कीको २ महिनाको छोराको मृत्यु हुनुको साथै गर्भवती महिलाहरू बिरामी परेको पीडितले बताए। प्रमुख जिल्ला अधिकारी पुरुषोत्तम कुँवर र जिल्ला वन कार्यालयका निमित्त प्रमुख रामविचारी ठाकुरले भने सामुदायिक वन अतिक्रमण गरेको भनी आगजनी गरेको बताए। यता पीडितहरूले भने ०२८ सालदेखिनै आफूहरूले सो स्थानमा बसोबास गर्दै आएको दाबी गरे। घट्नाको ०६९ मङ्सिर २५ गते भूमिअधिकारवादी सङ्घ-संस्था, दलित गैरसरकारी संस्था, राजनीतिक दलहरू र इन्सेकलगायतका अधिकारवादी संस्थाहरूले संयुक्त विज्ञप्ति जारी गरी भर्त्सना गरेका थिए।

स्वास्थ्य सेवाको अवस्था

अस्पताल	२		
स्वास्थ्यचौकी	२४		
उपस्वास्थ्यचौकी	२३		
पद	**दरबन्दी**	**कार्यरत**	**रिक्त**
डाक्टर	२७	९	१८
स्टाफ नर्स	८	४	४
ल्याब असिस्टेन्ट	७	६	१
अहेब	६८	६६	२
अनमी	२५	२१	४
खोप सुपरभाइजर	१	१	
क्षयरोग/कुष्ठरोग सुपरभाइजर	१	१	
हेल्थ असिस्टेन्ट	२	२	
ग्रा.स्वास्थ्य कार्यकर्ता	३५	२६	९

जिल्ला प्रहरी कार्यालय

जिल्ला प्रहरी कार्यालयमा ०६८ पुस १७ गतेदेखि ०६९ पुस १६ गतेसम्म बलात्कार १९, घरेलुहिंसा २ सय ४०, कर्तव्यज्यान आठ, ज्यानमार्ने उद्योग नौ, अपहरण एक, बहुविवाहका दुई ओटा मुद्दा दर्ता भए।

४.९ जाजरकोट



जिल्ला सदरमुकाम: जाजरकोट
क्षेत्रफल (वर्ग कि. मि.): २,२३०
घरधुरी सङ्ख्या: ३०,४७२
जम्मा जनसङ्ख्या: १,७१,३०४
पुरुष: ८५,५३७
महिला: ८५,७६७
अपाङ्ग सङ्ख्या: ६,८४८
गाविस/नपा सङ्ख्या: ३०/०
पुरुष साक्षरता सङ्ख्या: ५०,७६७
महिला साक्षरता सङ्ख्या: ३८,७१५
हिन्दू धर्मावलम्बी प्रतिशत: ९८.९६
बौद्ध धर्मावलम्बी प्रतिशत: ०.०५
इस्लाम धर्मावलम्बी प्रतिशत: ०.०१
क्रिश्चियन धर्मावलम्बी प्रतिशत: ०.८७
अन्य धर्मावलम्बी प्रतिशत: ०.१०७
प्रतिपरिवार सरदर सङ्ख्या: ५.६२

जेल र बन्दीहरू

'घ' श्रेणीको जिल्ला कारागार २५ जना क्षमताको रहको छ। यस वर्षको अन्त्यसम्म कैद तोकिएका २८ जना पुरुष र दुईजना महिला गरी ३० जना बन्दी र कैद नतोकिएका १० जना पुरुष थुनुवा रहेका छन्। कारागारमा रेडियो टेलिभिजन, पत्रपत्रिका, खेलकुद र पुस्तकालयको सुविधा रहेको छ। कारागारको परिसर साँघुरो रहेकाले बन्दी र थुनुवालाई घुमफिर गर्न समस्या छ। कारागार परिसरमा बन्दीहरूलाई बिहान ६:३० बजे देखि अपरान्ह ५:३० बजे सम्म खुल्ला छाडने गरिन्छ।

धम्की/कुटपिट

राज्यबाट

अनेरास्ववियु क्रान्तिकारी, नेविसङ्घ र एमाले निकट अनेरास्ववियुसहितको संयुक्त विद्यार्थी समितिले भेरीगङ्गा र भेरी राप्ती बस व्यवसायी समितिले कायम राखेको सिन्डीकेटका विरुद्ध आयोजना गरेको कार्यक्रममा ०६८ पुस २६ गते प्रहरीले लाठी चार्ज गऱ्यो। घटनामा अनेरास्ववियु (क्रान्तिकारी) का जिल्ला सदस्य अर्जुन अधिकारी, खलङ्गा-४ का नारायण शाही लगायत पाँच जना घाइते भए। घाइते अधिकारीलाई उपचारका लागि सोही दिन नेपालगञ्ज लगियो भने अन्यको जिल्ला अस्पतालमा उपचार भयो। सिन्डीकेटको विरोधमा उत्रिएका विद्यार्थीले शान्ति चौतारास्थित बसपार्कमा राखिएका बस तोडफोड गर्न थालेपछि लाठीचार्ज गर्नुपरेको प्रहरीले बतायो।

नेपाल विद्यार्थी सङ्घबाट

खलङ्गा गाविस-१ गैरिखाली स्थित जाजरकोट फलफूल तथा तरकारी बजार र सोही ठाउँमा रहेको लक्ष्मी फर्निचर उद्योगमा ०६८ फागुन २० गते नेविसङ्घका पूर्व केन्द्रीय सदस्य रामजङ्ग शासको नेतृत्वमा आएका विद्यार्थीहरूको समूहले सो ठाउँमा फर्निचर उद्योग र फलफूल तरकारी पसल राख्न नपाइने भन्दै तोडफोड गरी क्षति पुऱ्याए। पीडितले कतै पनि उजुरी गरेनन्।

गिरफ्तारी र यातना

खगेनकोट गाविस-२ दल्ली निवासी २७ वर्षीय लोकेन्द्र चन्द , खलङ्गा गाविस-२ का १९ वर्षीय जीवन शाह, सोही गाविस-३ का १८ वर्षीय निराजन भडेल, २२ वर्षीय अमर शाही, रमेश कार्की र २४ वर्षीय बबी शाहलाई ०६९ कात्तिक २९ गते साँझ जिल्ला प्रहरी कार्यालयबाट असई विशाल राणाको नेतृत्वमा खटिएको प्रहरी गस्ती टोलीले प्रहरीसँग विवाद गरेको भन्दै खलङ्गा-१ गैरीखालीमा राइफलको कुन्दा र मुक्काले पिटेको पीडितले बताए। घाइतेहरूका खलङ्गा-१ स्थित रोशन मेडिकलमा उपचार भयो। पीडितहरूले उजुरी गरेनन्।

झाप्रा गाविस-७ निवासी २० वर्षीय चक्रबहादुर पुन, सोही ठाउँका २२ वर्षीय गगनबहादुर पुन र १८ वर्षीय टिलक पुनलाई ०६९ असार १३ गते इलाका प्रहरी कार्यालय वडावन चौकीले सुन चोरेको आरोपमा गिरफतार गरी हिरासतमा तीन दिनसम्म निर्मम यातना

दिएको पीडितले बताए। प्रहरीले बयानको क्रममा घोप्टो बनाई प्लाष्टिकको पाइप र लाठीले पैतला र ढाडमा पिटेको पीडितले बताए। यातनाका कारण चक्रबहादुरको पिसाबबाट रगत बग्ने गरेको र अन्यको शरीरमा चोट लागेको थियो। पीडितहरूलाई प्रहरीले ०६९ असार १६ गते हिरासतबाट रिहा गऱ्यो। पीडितहरूले जिल्ला अस्पतालमा उपचार गरे। पीडितले प्रहरीचौकी इञ्चार्ज असई चन्द्रबहादुर शाहीविरुद्ध ०६९ असार २३ गते जिल्ला प्रहरी कार्यालयमा लिखित जाहेरी दिएपनि आरेपितलाई कुनै कारबाही भएन।

घटनाको प्रकार	राज्यपक्षबाट			गैरराज्यपक्षबाट		
	पुरुष	नखुलेको	जम्मा	महिला	पुरुष	जम्मा
घाइते				१	१	२
बालअधिकार				१		१
आर्थिक/सामाजिक/साँस्कृतिक अधिकार				४		४
महिलाअधिकार				१४		१४
भेला/गठित हुने अधिकार	१	५	६			
गिरतारी/यातना	७		७			
कुटपिट	८		८	१	५	६
धम्की					२	२
जम्मा	१६	५	२१	२१	८	२९

सुगम र निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालत

०६८ साउनदेखि ०६९ असार सम्म

एक जनामात्र न्यायाधीश रहेको यस जिल्ला अदालतबाट फौजदारी मुद्दातर्फ पाँचमध्ये सबै फैसला भए। देवानी मुद्दा तर्फ २२ थानमध्ये २२ थान नै फैसला भए। दुई वर्ष नाघेका देवानी मुद्दा रहेनन्।

०६९ साउन देखि पुससम्म

यस अवधिमा यस अदालतबाट फौजदारी मुद्दातर्फ १६ थानमध्ये १३ फैसला भइ तीन थान बाँकी रहे। देवानी मुद्दातर्फ ७८ थान फैसला भई १४ थान बाँकी रहे।

जिल्ला सरकारी वकिलको कार्यालय

सरकारी अधिवक्ताको कार्यालयले जाजरकोट जिल्ला अदालतमा ०६८/०६९ मा चार थान सवारी ज्यानसम्बन्धी मुद्दा दायर गऱ्यो। दायर भएका मुद्दामध्ये दुई सफल र दुई थान विचाराधीन रहे। जबरजस्ती करणीसम्बन्धी पाँच थान मुद्दा दायर भए जसमध्ये एक थान मुद्दा सफल भयो भने चार थान मुद्दा विचाराधीन रहे। ज्यान मार्ने उद्योगसम्बन्धी दुई थान मुद्दा दायर भएकोमा दुवै मुद्दा विचाराधिन रहे। डाका चोरीसम्बन्धी पाँच थान मुद्दा दायर भएकोमा सबै नै विचाराधीन रहे। त्यस्तै १० थान मुद्दा मुल्तवीमा रहे।

बालअधिकार

शिक्षाको अधिकार

जिल्लाको विद्यालय जाने उमेरका ८३ हजार ७ सय ३८ जनामध्ये छात्र ३७ हजार ४ सय ४४ र छात्रा ३८ हजार ६ सय ७५ प्राथमिक तह देखि माबि तह सम्म भर्ना भए यसमा दलित छात्र १३ हजार ३ सय ५१ र छात्रा १४ हजार २ सय ४३ रहेका छन्। जिल्लामा २ सय ८२ प्राबि, ९५ निमाबि, माबि ओटा १३ उमाबि रहेका छन्। प्राबि तहमा ६ सय ८१ शिक्षक शिक्षिका, निमाबि तहमा ५ सय १ शिक्षक शिक्षिका र माबि तह मा ५६ शिक्षक शिक्षिका कार्यरत रहेका छन्। प्रत्येक वर्ष दलित अपाङ्ग असहाय र द्वन्द्वपीडित विद्यार्थीहरूका लागि राहत तथा छात्रवृत्ति उपलब्ध गराउदै आएको छ। प्राबि तह देखि माबि सम्म निशुल्क पुस्तकहरू समयमा उपलध हुन सकेको छैन्।

महिला विरुद्ध हुने सबै प्रकारको भेदभाव, दुर्व्यवहार बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

एक १७ वर्षीया किशोरीलाई ०६९ वैशाख १४ गते पुन्मा गाविस-६ तिम्ले निवासी २१ वर्षीय हरिबहादुर थापाले बलात्कार गरेको पीडितले बताइन। पीडितले ०६९ वैशाख १५ गते जिल्ला प्रहरी कार्यालयमा दिएको जाहेरीका आधारमा प्रहरीले ०६९ वैशाख १९ गते आरोपीलाई गिरफ्तार गऱ्यो। अदालतको ०६९ जेठ १ गतेको आदेशमा अभियुक्त जिल्ला कारागार चलान भए।

एक २८ वर्षीया युवतीलाई ०६९ जेठ २१ गते राति घरमै सुतिरहेको अवस्थामा सक्ला गाविस-२ का ३४ वर्षीय हेमन्त सिंहले बलात्कार गरेको आरोपमा

पीडितले ०६९ जेठ २४ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी गरिन्। आरोपितलाई प्रहरीले ०६९ जेठ २६ गते गिरफ्तार गऱ्यो। जिल्ला अदालतले ०६९ असार १ गते सिंहलाई दोषी ठहर गरी तीन वर्ष कैद सजायको फैसला गऱ्यो।

एक २८ वर्षीया युवतीलाई ०६९ कात्तिक १६ गते राति घरमै सुतिरहेको अवस्थामा सोही ठाउँका ३१ वर्षीय धनबहादुर शाहीले बलात्कार गरेको भन्दै ०६९ कात्तिक १९ गते इलाका प्रहरी कार्यालय जगतिपुरमा जाहेरी दर्ता गराएको तर कुनै सुनवाई नभएको पीडितले बताइन। शाही विरुद्ध उजुरी दिएपछि उनले आफूलाई धम्की दिने गरेको भन्दै पीडित युवतीले ०६९ मङ्सिर १८ गते जिल्ला प्रहरी कार्यालयमा निवेदन दिइन। पीडितका पति कामका लागि भारतमा छन्। आरोपी फरार भएकाले कारवाही हुन नसकेको प्रहरीले बतायो। पीडितलाई घटनापछि पतिले घरमा राख्न अस्वीकार गरेको पनि पीडितले बताइन्।

घरेलु हिंसा

घरबाट निकाला

खलङ्गा गाविस-१ बस्ने चन्दा शाहलाई उनकैसौता वर्षा शाहले ०६८ चैत १४ गते नाबालक सहित घर निकाला गरिन्। पीडित चन्दा हाल पन्मा गाविस-९ स्थित माइतीघरमा छिन। पीडितले कतै उजुरी गरिनन्।

पुन्मा गाविस-३ निवासी २८ वर्षीया नदी गिरीलाई ०६९ असोज ११ गते साँझ पति दुर्गाबहादुर गिरीले परपुरुषसँग सम्बन्ध राखेको आरोपमा कुटपिट गरी घरनिकाला गरे। पीडित यो वर्षको अन्त्यसम्म भुर गाविस-६ स्थित माइतीमा बस्दै आएकी छन्। पीडितले कतै उजुरी गरिनन्।

पजारु गाविस-९ टिकाचौर निवासी २७ वर्षीया भीमा घर्तीलाई उनका पति २९ वर्षीय कमल घर्तीले दोस्रो विवाह गरी ०६९ असोज २९ गते घरनिकाला गरे। घरनिकाला पछि पीडित यो वर्षको अन्त्यसम्म पुन्मा गाविस-५ स्थित माइतीको संरक्षणमा छिन।

दशेरा गाविस-९ धैया निवासी १६ वर्षीया कमला गिरीलाई ०६९ कात्तिक १६ गते पति २४ वर्षीय महेन्द्र गिरीले पहिला दलित युवासँग विवाह गरेको आरोप लगाउँदै घरनिकाला गरे। घरनिकाला पछि पीडित यो वर्षको अन्त्यसम्म गर्खाकोट गाविस-२ स्थित माइतीमा बस्दै आएकी छिन। पीडितले कतै उजुरी गरिनन्।

कुटपिट

खलङ्गा गाविस-९ रावतगाउँ निवासी १५ वर्षीय सुष्मा परियारलाई ०६९ भदौ २४ गते उनका पति पृथ्वीबहादुर रावतले कुटपिट गरी घर निकाला गरेको पीडितले बताइन। पीडितले पति रावत विरुद्ध नाताकायम र अंश पाउँ भन्दै जिल्ला अदालत जाजरकोटमा ०६९ असोज २२ गते मुद्दा दायर गरिन्। यस वर्षको अन्त्यसम्म मुद्दाको फैसला भएन।

स्वास्थ्य सेवाको अवस्था

अस्पताल	१		
स्वास्थ्यचौकी	११		
उपस्वास्थ्यचौकी	२१		
पद	**दरबन्दी**	**कार्यरत**	**रिक्त**
डाक्टर	४	२	२
स्टाफ नर्स	५	५	
ल्याब असिस्टेन्ट	३	२	१
अहेब	३८	५	३३
अनमी	१५	१२	३
खोप सुपरभाइजर	१	१	
क्षयरोग/कुष्ठरोग सुपरभाइजर	१		१
स्वास्थ्य कार्यकर्ता	५९	४५	१४

जिल्ला प्रहरी कार्यालय

जिल्ला प्रहरी कार्यालयमा ०६८ पुस १७ गतेदेखि ०६९ पुस १६ गतेसम्म कर्तव्य ज्यानसम्बन्धी मुद्दा तीन, ज्यानमार्ने उद्योग तर्फ दुई, बलात्कार चार, बलात्कार प्रयास दुई, आगजनी एक र आत्महत्याका १३ ओटा घटना दर्ता भए।

४.१० दैलेख



जिल्ला सदरमुकाम: दैलेख
क्षेत्रफल (वर्ग कि. मि.): १,४०२
घरधुरी सङ्ख्या: ४८,५१५
जम्मा जनसङ्ख्या: २,६१,७७०
पुरुष: १,२६,५५०
महिला: १,३४,७८०
अपाङ्ग सङ्ख्या: ७,६०७
गाविस/नपा सङ्ख्या: ५५/१
पुरुष साक्षरता सङ्ख्या: ८२,८४६
महिला साक्षरता सङ्ख्या: ६६,०७५
हिन्दू धर्मावलम्बी प्रतिशत: ९७.४
बौद्ध धर्मावलम्बी प्रतिशत: १.५५
इस्लाम धर्मावलम्बी प्रतिशत: ०.१८
क्रिश्चियन धर्मावलम्बी प्रतिशत: ०.४६
अन्य धर्मावलम्बी प्रतिशत: ०.०१२
प्रतिपरिवार सरदर सङ्ख्या: ५.३५

जेल र बन्दीहरू

'घ' श्रेणीको जिल्ला कारागारको बन्दी क्षमता १६ जनाको रहेको छ। यो वर्षको अन्त्यसम्म कैद तोकिएको र कैद नतोकिएको ३९ जना कैदी र १० जना थुनुवा गरी जम्मा ४९ जना बन्दीहरू रहेका छन्। जसमा आश्रित एक जना बालक र एक जना बालिका छन्। कारागार भवन पुरानो र जीर्ण अवस्थामा छ। कारागारमा रेडियो, टेलिभिजन, क्यारेमबोर्ड र कहिलेकाहीं पत्रपत्रिका उपलब्ध हुँदै आएको छ। पानीको अभावमा नुहाउने र लुगाधुने कार्यमा कठिनाइ हुने गरेको बन्दीहरूले बताए।

धम्की/कुटपिट

अज्ञात समूहबाट

नारायण नपा-१ कुइकाना निवासी स्थानीय तेस्रो आँखा दैनिक पत्रिकाका निर्देशक तथा नेपाल पत्रकार महासङ्घका केन्द्रीय पार्षद् उमेश केसीलाई ०६८ चैत ७ गते साँझ अज्ञात व्यक्तिले मार्ने धम्की दिए। केसीले चैत ७ गते ६.३९ बजे अपरिचित व्यक्तिले ९८४८३३३२१६ नम्बरको मोबाईलबाट फोन र एसएमएस पठाइ आफूलाई धम्की दिएको बताए। टेलिफोन र एसएमएसबाट ज्यान मार्ने धम्की आएपछि आफू असुरक्षित भएको भन्दै पत्रकार केसीले जिल्ला प्रहरी कार्यालय दैलेखमा ०६८ चैत ८ गते ज्यान सुरक्षा र धम्की दिने व्यक्ति खोजी गरी आवश्यक कारबाहीका लागि निवेदन दिए। जिल्ला प्रहरी प्रमुख डिएसपी सुदर्शन थापाले धम्की दिइएको मोबाइल नम्बरवाला व्यक्तिका बारेमा नेपाल टेलिकमको सहयोग लिई सो व्यक्तिलाई गिरफ्तार गरी आवश्यक कानुनी कारबाही गरिने बताएपनि यो वर्षको अन्त्यसम्म ती व्यक्तिको पहिचान भएन।

अज्ञात व्यक्तिले आफूलाई टेलिफोन गरी मार्ने धम्की दिएको भन्दै दैलेखका पत्रकार कविराज बीसीले जिल्ला प्रहरी कार्यालयमा ०६९ असोज २४ गते उजुरी दिए। एबीसी टेलिभिजन र गोरखापत्रका दैलेख सम्वाददाता रहेका पत्रकार विसीले ०६९ असोज २३ गते राति ८ बजे अज्ञात व्यक्तिले मोबाइलबाट टेलिफोन गरी 'तेरो घाँटी रेटीदिन्छु' भन्दै धम्की दिएको पीडितले बताए। उनले सुरक्षा साथै धम्की दिने व्यक्तिको खोजी गरी कानुनी कारबाहीको माग गर्दै प्रहरीमा उजुरी दिए। जिल्ला प्रहरी प्रमुख डिएसपी सुदर्शन थापाले पत्रकार बीसीले दिएको उजुरीको आधारमा टेलिफोन गरी धम्की दिने व्यक्तिको खोजीका लागि काठमाडौंस्थित नेपाल प्रहरीको अपराध अनुसन्धान व्युरोको सहयोग लिई अगाडि बढिरहेको जानकारी दिए। पत्रकार बीसीलाई धम्की दिने व्यक्ति यो वर्षको अन्त्यसम्म पत्ता लाग्न नसकेको प्रहरीले बतायो।

नेकपा एमालेबाट

बाँसी गाविस-३ निवासी नेपाली काङ्ग्रेस दैलेखका उपसभापति ६२ वर्षीय कर्णबहादुर शाहीलाई ०६८ वैशाख ३ गते राति एमाले कार्यकर्ताले आक्रमण गरे। आक्रमणबाट ढाडमा सामान्य चोट लागेको र आफूलाई बचाउन खोज्दा छोरा सुरेन्द्र शाहीको

मुख,हात, नाक र दुवै खुट्टामा साथै गर्भवती बुहारी पार्वती शाहीको रक्तश्राव भएको पनि उनले बताए। पार्टीको काममा आफ्नै गाविसमा गएको र साँझको खाना खाएर सुत्ने तरखर गरिरहेको अवस्थामा एक्कासि आक्रमण भएको काङ्ग्रेस नेता शाहीले बताए। आक्रमणबाट घाइते भएका शाहीका छोराबुहारीको जिल्ला अस्पताल दैलेखमा ०६९ वैशाख ४ गते उपचार भयो। पीडितले ०६९ वैशाख ४ गते छ जना विरुद्ध जिल्ला प्रहरी कार्यालयमा उजुरी दर्ता गरे। जिल्ला प्रहरी कार्यालयका इन्सपेक्टर इन्द्रप्रसाद सुवेदीले घटना हुनुमा राजनीतिक कारण भएको जानकारी दिए। प्रहरीले घटनामा संलग्न वाँसी गाविस-६ का सन्तोष बुढा, धर्मबहादुर बुढा र रामु बुढालाई ०६९ वैशाख १० गते गिरफ्तार गरी आवश्यक अनुसन्धान गरेको बतायो। घटनाका आरोपितहरूले ०६९ वैशाख १ गते एमाले जिल्ला कमिटी सदस्य मिनबहादुर बुढाका छोरा सन्तोष बुढाको वैवाहिक कार्यक्रममा काङ्ग्रेस कार्यकर्ताहरूले अवरोध पुऱ्याएकाले घटना भएको बताए। जिल्ला सरकारी वकिल कार्यालयको ०६९ वैशाख २० गते मुद्दा नचल्ने निर्णय गऱ्यो।

नेकपा-माओवादीबाट

कासीकाँध गाविस- निवासी क्रान्तिकारी पत्रकार सङ्घ केन्द्रीय सम्मेलन आयोजक कमिटीका सदस्य र जिल्ला अध्यक्षसमेत राष्ट्रिय समाचार समितिका जिल्ला प्रतिनिधि २९ वर्षीय नवीन रिजाललाई नेकपा-माओवादी दैलेखका सह-सेक्रेटरी तथा पूर्व जनमुक्ति सेना जलेन्द्र चन्द 'अजित' ले पार्टीको आन्तरिक विवाद बढाउने कार्यमा लागेको आरोपमा ०६९ भदौ ८ गते राति कुटपिट गरे। घाइते पत्रकारको जिल्ला अस्पताल दैलेख र कोहलपुर मेडिकल कलेजमा उपचार हुन नसकेपछि थप उपचारका लागि ०६९ भदौ २५ गते काठमाण्डौंको बीर अस्पताल लगियो। कुटपिटबाट उनको मुत्रथैली र मेरुदण्डमा गम्भीर समस्या भएको उपचारमा संलग्न चिकित्सकले जानकारी दिए। दुई महिनासम्म उनको उपचार वीर अस्पतालमा भयो। पीडितका अनुसार कुटपिटमा नेकपा-माओवादी दैलेखका इञ्चार्ज रामलाल विश्वकर्मा, सेक्रेटरी गजेन्द्र घर्तीलगायत पनि संलग्न थिए। एकीकृत नेकपा माओवादीले घटनाको विषयमा न्यायिक छानविन माग गर्दै ०६९ असोज १२ गते प्रेस विज्ञप्ति जारी गऱ्यो। एमाओवादी जिल्ला सम्मेलन आयोजक समितिका संयोजक दीपशिखाद्वारा हस्ताक्षरित सो विज्ञप्तिमा मानवअधिकारकर्मीलगायत सरोकारवालाहरूलाई दोषीलाई कानुनी कारबाहीका लागि पहल गरीदिन हुन अनुरोध गरिएको थियो। पत्रकार रिजाललाई कुटपिट गर्ने व्यक्तिलाई कानुनी कारबाहीको माग गर्दै उनका बुवा जयबहादुर रिजालले ०६९ असोज ५ गते जिल्ला प्रहरी कार्यालय दैलेखमा उजुरी दर्ता गरे। जिल्ला प्रहरी कार्यालयले ०६९ मङ्सिर ७ गते प्रहरी रायसहित जिल्ला अदालतमा मुद्दा जिल्ला अदालतमा पेश गऱ्यो। यो वर्षको अन्त्यसम्म आरोपित गिरफ्तार भएका छैनन्।

घटनाको प्रकार	गैरराज्यपक्षबाट		
	महिला	पुरुष	जम्मा
बालअधिकार	५		५
महिलाअधिकार	९		९
जातीय विभेद	१		१
कुटपिट		३	३
धम्की		३	३
हत्या	४	३	६
जम्मा	१९	६	३५

सुगम र निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालत

०६८ साउनदेखि ०६९ असार मसान्तसम्म

एकजनामात्र न्यायाधीश रहेको यस जिल्ला अदालतको फौजदारी मुद्दातर्फ १ सय २२ थानमध्ये १ सय २ थान फैसला भए भने २० थान मुद्दा फैसला हुन बाँकी रहे। देवानी मुद्दातर्फ ५६ थानमध्ये ३३ थान मुद्दा फैसला भए भने २३ थान मुद्दा फैसला हुन बाँकी रहे।

०६९ साउनदेखि पुस १५ सम्म

यस जिल्ला अदालतको फौजदारी मुद्दातर्फ ६८ थान मुद्दामध्ये २९ थान फैसला भए भने ३९ थान मुद्दा फैसला हुन बाँकी रहे। देवानी मुद्दातर्फ ३३ थानमध्ये १२ थान फैसला भए भने २१ थान मुद्दा फैसला हुन बाँकी रहे। दुई वर्ष नाघेका फौजदारी मुद्दा र देवानी मुद्दा अदालतमा छैनन्।

जिल्ला सरकारी वकिलको कार्यालय

जिल्ला सरकारी वकिलको कार्यालयबाट ०६८ साउनदेखि ०६९ असार मसान्तसम्म दायर मुद्दाको सङ्ख्या ८२ थान छन् जसमध्ये ५८ थान सफल भए

भने दुई थान मुद्दा असफल भए। मुलतवी, तामेली पेण्डिङमा मुद्दा रहेका छैनन्। सरकारी वकिल सङ्ख्या एक जना रहेको यस जिल्ला कार्यालयबाट दायर मुद्दामध्ये ०६९ असार मसान्तसम्म २२ मुद्दा बाँकी रहेको सरकारी वकिलको कार्यालयले जनायो।

दायर मुद्दामध्ये कर्तव्य ज्यानसम्बन्धी मुद्दा १८ थानमध्ये १५ थान मुद्दा सफल र दुई थान मुद्दा असफल रह्यो भने एक थान मुद्दा बाँकी रह्यो। बलात्कारसम्बन्धी मुद्दा आठ थानमध्ये पाँच थान मुद्दा सफल र तनि थान मुद्दा बाँकी रहे। महिला बेचविखनसम्बन्धी मुद्दा एक थानमध्ये एक थान नै सफल रह्यो। बहुविवाहसम्बन्धी मुद्दाचार थानमध्ये दुई थान सफल र दुई बाँकी रहे। छुवाछूतसम्बन्धी मुद्दा एक थानमध्ये एक थान नै सफल रह्यो।

जिल्ला सरकारी वकिलको कार्यालयबाट ०६९ साउनदेखि ०६९ पुससम्म दायर मुद्दाको सङ्ख्या ३५ थानमध्ये ३४ थान मुद्दा सफल भए। सरकारी वकिल सङ्ख्या एक रहेको यस जिल्ला कार्यालयबाट दायर मुद्दामध्ये ०६९ असार मसान्तसम्म २२ थान मुद्दा बाँकी रहेको सरकारी वकिलको कार्यालयले जनायो।

बालअधिकार

शिक्षाको अवस्था

यस जिल्लाका विद्यालय जाने उमेरका १ लाख २ हजार ७ सय ८३ जनामध्ये छात्र ५० हजार ४० जना र छात्रा ५२ हजार ७ सय ४३ जना प्राथमिक तहदेखि माबि तहसम्म भर्ना भए। यसमध्ये दलित छात्रा १५ हजार ५४ जना र छात्र १४ हजार ८ सय ७२ जना रहेका छन्। सरकारी र सामुदायिक विद्यालय गरी जम्मा १ हजार २ सय ५४ जना शिक्षक कार्यरत रहेका छन्। निमाबि तहमा ३ सय ९ जना शिक्षक कार्यरत रहेका छन्। माबि तहमा २ सय १७ जना शिक्षक रहेका छन्।

बलात्कार, बलात्कारको प्रयास तथा यौन दुर्व्यवहार

एक सात वर्षीया बालिकालाई ०६८ चैत २८ गते विन्ध्यवासिनी गाविस-३ का ३५ वर्षीय गोविन्द विकले बलात्कार गरेको पीडितपक्षले बतायो। पीडितकी आमाले ०६९ चैत २९ गते जिल्ला प्रहरी कार्यालयमा जबरजस्ती करणी मुद्दा दायर गरिन्। प्रहरीले ०६९ वैशाख २ गते घरमै गई आरोपितलाई गिरफ्तार गऱ्यो। जिल्ला अदालतको ०६९ वैशाख २२ गतेको फैसलाअनुसार आरोपित पुर्पक्षका लागि थुनामा छन्। यो वर्षको अन्त्यसम्म मुद्दाको फैसला भएको छैन।

एक १३ वर्षीया बालिकालाई ०६९ साउन ४ गते खड्गवाडा गाविसका ४५ वर्षीय बिर्खबहादुर विकले बलात्कार गरेको आरोपमा पीडितपक्षले सोही दिन प्रहरी चौकी रानीमत्तामा घटनाको जानकारी गरायो। जिल्ला प्रहरी कार्यालयले आरोपित बिर्खबहादुरलाई ०६९ साउन ५ गते गिरफ्तार गऱ्यो। जिल्ला अदालतले ०६९ पुस १८ गते एक फैसला गरी पीडकलाई १३ वर्ष जेल सजाय तोक्यो।

एक ३० वर्षीया महिलालाई घरमै बसिरहेको अवस्थामा ३४ वर्षीय हर्के भनिने उपेन्द्र खड्काले ०६९ कात्तिक ५ गते बलात्कार गरे। बलात्कारपछि पीडितका परिवारले ०६९ कात्तिक १५ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दर्ता गरेकोमा प्रहरीले ०६९ कात्तिक १८ गते घरबाटै खड्कालाई गिरफ्तार गऱ्यो। जिल्ला अदालतले ०६९ मङ्सिर १० गते आरोपितलाई पुर्पक्षका लागि थुनामा राख्ने आदेश दियो। आरोपित हाल जिल्ला कारागारमा थुनामा रहेका छन्।

एक १४ वर्षीया बालिकालाई बलात्कार गरेको आरोपमा मझकोट गाविस-४ का ३५ वर्षीय सिहंबहादुर रावतलाई प्रहरीले ०६९ मङ्सिर १ गते राति गिरफ्तार गऱ्यो। बलात्कारको आरोपमा गिरफ्तार गरिएका रावत जिल्ला प्रहरी कार्यालय बर्दियामा प्रहरी जवान पदमा कार्यरत रहेको खुल्यो। दैलेखको रुम गाविस-१ बेस्तडा बजारमा ०६९ मङ्सिर १ गते बुवासहित होटलमा बास बसेको अवस्थामा रावतले बलात्कार गरेको भन्दै पीडितले सोही समयमा बेस्तडा प्रहरी चौकीमा उजुरी दिएपछि उनलाई गिरफ्तार गरी सदरमुकाममा ल्याइएको जिल्ला प्रहरी कार्यालयले जानकारी दियो। जिल्ला अदालतले आरोपितलाई ०६९ मङ्सिर २१ गते पुर्पक्षका लागि थुनामा राख्ने आदेश दियो। अहिले आरोपित जिल्ला कारागारमा रहेका छन्।

महिला विरुद्ध हुने सबै प्रकारको भेदभाव, दुर्व्यवहार घरेलु हिंसा

परिवारजनबाट हत्या

नारायण नपा-३ भुर्तिका ५५ वर्षीया लक्ष्मी सार्कीको ०६८ चैत २५ गते राति उनका पति ५८ वर्षीय चने सार्कीले हत्या गरे। मृत अवस्थामा घरमा भेटिएकी लक्ष्मीका पति चनेलाई प्रहरीले ०६८ चैत २६ गते गिरफ्तार गऱ्यो। जिल्ला अदालतले चनेलाई ०६९ वैशाख २१ गते पुर्पक्षका लागि थुनामा राख्ने आदेश दिएकोमा ०६९ असार २७ गते मुद्दाको फैसला गर्दै

पीडकलाई सर्वस्वसहित जन्मकैदको सजाय सुनायो।

नौमुले गाविस-८ नौगाउँकी ३६ वर्षी रत्ना सुनारको ०६९ असोज ३ गते राति ४९ वर्षीय पति रणबहादुर सुनारले हत्या गरे। सामान्य पारिवारिक विवादलाई लिएर रणबहादुरले घरमै निर्घात कुटपिट गरी घाँटी थिचेर हत्या गरी परालको गुन्द्रीमा सुताई कम्बलले छोपेर भागेको प्रहरीले बतायो। आरोपित रणबहादुरलाई प्रहरीले ०६९ असोज ५ गते घरबाटै गिरफ्तार गऱ्यो। जिल्ला अदालतको आदेशमा रणबहादुर ०६९ असोज २१ गतेदेखि पुर्पक्षका लागि थुनामा छन्।

डाँडाँपराजुल गाविस-६ की ५५ वर्षीया सासू धनसरी विकको गोगनपानी गाविस-५ का २५ वर्षीय मानबहादुर विकले ०६८ चैत २८ गते टाउकोमा धारिलो हतियार प्रहार गरी हत्या गरे। हत्या भएको खबर पाएलगत्तै घटनास्थलमा पुगेको प्रहरी टोलीले हत्यामा संलग्न रहेको आशङ्कामा गोगनपानी गाविस-५ कै प्रदीप विकलाई ०६८ चैत ३० गते गिरफ्तार गऱ्यो। केही समयदेखि माईतीमै बस्दै आएकी पत्नीलाई घरमा लैजानका लागि ससुरालीमा आएका मानबहादुरले सासूले लैजान नदिएपछि हत्या गरेको छिमेकीले बताए। जिल्ला अदालतले ०६९ वैशाख २१ गते मानबहादुरलाई पुर्पक्षका लागि थुनामा राख्ने आदेश दियो। जिल्ला अदालतका न्यायाधीश रामकृष्ण भट्टको इजलासले ०६९ असार २४ गते फैसला गर्दै अभियुक्तलाई सर्वस्वसहित जन्मकैदको सजाय तोक्यो।

बहुविवाह

नारायण नपा-५ छातिकोटकी ३० वर्षीया निर्मला दमाईलाई पति ३५ वर्षीय मदन दमाईले ०६८ माघ ४ गते बिहान कुटपिट गरी घरबाट निकाले। पीडितले पतिले बहुविवाह गरेको र घरबाट समेत निकालेको भन्दै ०६८ माघ १५ गते पतिविरुद्ध प्रहरीमा उजुरी दिइन्। पीडितले ०६८ माघ ३ गते साँझ नारायण नपा-२० वर्षीया विमला दमाईलाई विवाह गरी घरमा ल्याई आफूलाई कुटपिट गरी घरनिकाला गरेको बताइन्। प्रहरीले पीडितले दिएको उजुरीअनुसार आरोपित मदनको खोजीकार्य गरेको र उनी हालसम्म फरार रहेको जानकारी दियो।

कुटपिट

नारायण नपा-२ ढुङ्गेखानीकी ५० वर्षीया कोपिला विकलाई पति ५५ वर्षीय नैनसिंह विकले ०६८ माघ १९ गते साँझ करिब ७ बजे खानबस्न नदिई घरबाट निकाले। पतिले आफूमाथि अन्याय गरेको भन्दै पीडितले ०६८ माघ २० गते जिल्ला प्रहरी कार्यालयमा उजुरी गरीन्। पीडितको उजुरी अनुसार आरोपितको खोजीकार्य गरेपनि फरार रहेकाले फेला नपारेको प्रहरीले जानकारी दियो।

नारायण नपा-१ कुईकानाकी १९ वर्षीया सिता कोइरालाले पति २३ वर्षीय रमेश कोइराला लगायत उनका परीवारले मानसिक तथा शारीरिक यातना दिएको भन्दै ०६८ चैत २४ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिईन्। पीडित सिताले पति लगायत परीवारका सदस्यले परपुरुषसँग लागेको, नपढेको र माइतबाट दाइजो नल्याएको जस्ता आरोप लगाई गालीगलौज र कुटपिट गरेको कारण उजुरी दिन बाध्य भएको बताइन्। उनले एक छोरा र एक छोरीसहित आफूलाई पनि खानबस्न नदिई बेवास्ता गरेको र मुगु जिल्ला प्रहरी कार्यालयमा नेपाल प्रहरीको जवान पदमा कार्यरत पतिले ०६८ वैशाखमा मुगु जिल्लाबाट दोस्रो विवाह गरी आफूलाई दु:ख दिएको गुनासो गरिन्। सीताले स्थानीय आवाज संस्थाको पहलमा प्रहरीमा कानुनी उपचारको लागि उजुरी दिएपछि प्रहरीले छलफलका लागि बोलाएपनि हालसम्म उनीहरू उपस्थित नभएको जनाएको छ।

रानीवन गाविस-५ काडाँसिरौलाकी २७ वर्षीया कृष्णा शाहीले विद्यार्थी नेतासमेत रहेका पति ३१ वर्षीय पूर्णबहादुर शाहीले कुटपिट गरेको भन्दै पीडितले ०६९ असार ३१ गते जिल्ला प्रहरी कार्यालय दैलेखमा उजुरी दिइन्। कुटपिटबाट घाइते भएकी पीडितले घाउ जाँच गरी घरेलु हिंसा (कसुर र सजाय) ऐन २०६६ अन्तर्गत कानुनी उपचारको माग गर्दै उजुरी दिएको सई ईश्वरीप्रसाद तिवारीले जानकारी दिँदै पीडितको घाउजाँच केश फारम भरिएको बताए। शाही राष्ट्रिय जनमोर्चा पार्टीको भातृ सङ्गठन अनेरास्ववियु (छैटौं)का केन्द्रीय उपाध्यक्ष हुन्। पीडितले ०६२ कात्तिक १२ गते विवाह भएको र छोराको जन्म भएपछि पतिले बेवास्ता गर्दै शारीरिक र मानसिक यातना दिन सुरु गरेको बताइन्। पतिले ०६९ असार २५ गते पनि नारायण नपा-१ पुरानो बजारमा राति ९ बजे 'तलाई मार्छु' भन्दै निर्घात कुटपिट गरेपछि न्यायका लागि प्रहरीमा उजुरी गर्न बाध्य भएको उनले बताइन्। कुटपिटबाट कृष्णाको दुवै घुँडाको माथिल्लो भागमा नीलडाम लागेको थियो। मिलापत्रका लागि पटक पटक

छलफल हुदै आएको र आरोपित ०६९ पुष १० गतेदेखि नियमित रुपमा जिल्ला प्रहरी कार्यालयमा तारेखमा रहेको सई तिवारीले बताए।

बराह गाविस-९ घर भई नेपाली सेनाको बरख गण श्रीपुर वीरगञ्जमा सिपाही पदमा कार्यरत २९ वर्षीय खड्क बुढाविरुद्ध घरेलु हिंसा गरेको भन्दै उनकी पत्नी २९ वर्षीया मनमाया वलीले ०६९ मङ्सिर ६ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिइन्। पीडित मनमायाले पति घरबिदामा आएको बेला परपुरुषसँग लागेको आरोप लगाउने र आफूलाई बेवास्ता गर्ने गरेकाले प्रहरीमा उजुरी गर्न वाध्य भएको बताइन्। जिल्ला प्रहरी प्रमुख डिएसपी सुदर्शन थापाले पीडितको उजुरीको आधारमा दुवै पक्षलाई राखी छलफल गराउने र छलफलबाट सहमति नभए कानुनअनुसार कारबाहीका लागि अगाडि बढाइने बताए।

नारायण नपा-६ नमुनाबस्तीका ५० वर्षीय कमारो सार्कीले सामान्य घरायसी विवादमा पत्नी ४० वर्षीया चावली सार्कीको शरीरमा ०६९ पुस १३ गते राति आगो लगाए। खाना पकाएर घरमा बसिरहेकी चावलीलाई कामबाट फर्किएका कमारोले रक्सीको मातमा सामान्य पारिवारिक विवाद हुँदा चुलोबाट बलेको दाउराले उनको तिघ्रामा घोचीदिएको पीडितले बताइन्। घटनाको बारेमा छोरा १२ वर्षीय कालु सार्कीले छिमेकीलाई भनेपछि छिमेकीले पीडित घाइतेको उद्दार गरी तत्काल अस्पताल पुऱ्याएका थिए। आरोपितलाई प्रहरीले सोही दिन गिरफ्तार गरी ज्यानमार्ने उद्योग दर्ता गरायो। आरोपित हाल अनुसन्धानका लागि जिल्ला प्रहरीको हिरासतमा रहेका छन् भने पीडित यो वर्षको अन्त्यसम्म जिल्ला अस्पतालमा उपचाररत छन्।

स्वास्थ्य सेवाको अवस्था

अस्पताल	१		
स्वास्थ्यचौकी	११		
उपस्वास्थ्यचौकी	४५		
पद	**दरबन्दी**	**कार्यरत**	**रिक्त**
डाक्टर	५	३	२
स्टाफ नर्स	३	३	
ल्याब असिस्टेन्ट	५	४	१
अहेब	६४	६१	३
अनमी	१९	१७	२
खोप सुपरभाइजर	१	१	
क्षयरोग/कुष्ठरोग सुपरभाइजर	१	१	
हेल्थ असिस्टेन्ट	१४	९	५
स्वास्थ्य कार्यकर्ता	१०६	७६	३०

जिल्ला प्रहरी कार्यालय

जिल्ला प्रहरी कार्यालयमा ०६८ पुस १७ गतेदेखि ०६९ पुस १६ गतेसम्म बलात्कार पाँच, बलात्कार प्रयास एक, घरेलुहिंसा दुई, कर्तव्यज्यान छ, ज्यानर्मो उद्योग छ, आत्महत्या ३३, बहुविवाह पाँच, विस्फोटक पदार्थका एक ओटा मुद्दा दर्ता भए।

४.११ डोल्पा

जिल्ला सदरमुकाम: दुनै
क्षेत्रफल (वर्ग कि. मि.): ७,८८५
घरधुरी सङ्ख्या: ७,४८८
जम्मा जनसङ्ख्या: ३६,७००
पुरुष: १८,२३८
महिला: १८,४६२
अपाङ्ग सङ्ख्या: ७,४५८
गाविस/नपा सङ्ख्या: २३/०
पुरुष साक्षरता सङ्ख्या: ११,२२५
महिला साक्षरता सङ्ख्या: ७,११७
हिन्दू धर्मावलम्बी प्रतिशत: ७०.१५
बौद्ध धर्मावलम्बी प्रतिशत: २५.४
इस्लाम धर्मावलम्बी प्रतिशत: ०.०४
क्रिश्चियन धर्मावलम्बी प्रतिशत: ०.३८
वोन धर्मावलम्बी प्रतिशत: ०.०३
अन्य धर्मावलम्बी प्रतिशत: ०.००३
प्रतिपरिवार सरदर सङ्ख्या: ४.५०

जेल र बन्दीहरू

"ङ" श्रेणीको जिल्ला कारागारमा ३० जना बन्दी क्षमता रहेको छ। यो वर्षको अन्त्यसम्ममा कैद तोकिएका नौ र कैद नतोकिएका १६ गरी २५ जना बन्दी रहेका छन्। कारागारमा चार ओटा पुरुष कक्ष र चार महिला कक्ष रहेका छन्। यसैगरी दुई शौचालय, एक भान्सा, प्रशासन शाखा एक, सुरक्षाकर्मीहरूको निवास एक रहेको छ। कारागारमा खानेपानी, टेलिभिजन, टेलिफोन, पत्रपत्रिका र खेलकुदको सुविधा छैन्। जीर्ण अवस्थामा रहेको कारागारको छतबाट पानी पर्दा चुहिने भएकाले बन्दीलाई समस्या छ।

धम्की/कुटपिट

एकीकृत माओवादीबाट

त्रिपुराकोट गाविस-४ निवासी राप्रपा गाउँ कमिटी सदस्य ४२ वर्षीय सुकराम थापालाई राजनीतिक रिसइवीका कारण ०६९ वैशाख २७ गते सोही गाविस निवासी एकीकृत माओवादी कार्यकर्ता ४५ वर्षीय नरिचन्द्र रोकायाले ढुङ्गा प्रहार गरी कुटपिट गरे। कुटपिटबाट थापाको निधारमा गहिरो चोट लाग्यो। पीडित थापाले २०६९ वैशाख २८ गते कारबाहीको माग गर्दै त्रिपुराकोट प्रहरी चौकीमा निवेदन दिए। प्रहरीले दुवै पक्षलाई चौकीमा मिलापत्र गरायो।

एमालेबाट

त्रिपुराकोट गाविस-१ निवासी नेपाली काङ्ग्रेस जिल्ला समिति सदस्य ३५ वर्षीय राजीमान सार्कीलाई राजनीतिक प्रतिशोध राख्दै सोही ठाउँका एमाले सर्मथक २६ वर्षीय भरुन सार्कीले २०६८ माघ २९ गते राति त्रिपुराकोटकै जयपति सार्कीको घरमा बसिरहेको बेलामा एक्कासि आई 'तँ मेरो भाइको घरमा आउने काङ्ग्रेसीलाई एक एक गरी मार्छु' भन्दै चिरपट दाउराले हिर्काए। कुटपिटबाट राजीमान सार्कीको निधार र नाकमा गहिरो चोट लाग्यो। पीडितले ०६८ माघ २९ गते राति नै प्रहरी चौकी त्रिपुराकोटमा निवेदन दिए। प्रहरीले ०६८ माघ ३० गते दुवै पक्षलाई झिकाई गाउँका भद्रभलादमी राखेर पीडितलाई उपचार खर्च दिने सर्तमा मिलापत्र गरायो।

रुकुम जिल्ला आठवीसकोट गाविस घर भई डोल्पा जिल्ला सुँ गाविस- ७ सिउरेनीमा होटल व्यवसाय गरी बस्ने ४५ वर्षीय बीरेन्द्र सार्कीलाई 'तँ माओवादीले डोल्पा आएर दादा देखाउने' भन्दै डोल्पा सुँ गाविस- ७ का गाउँस्तरीय एमाले कार्यकर्ता ३५ वर्षीय प्रताप बुढाले ०६९ कात्तिक २८ गते दिउँसो सामान्य भनाभनमा चिर्पट दाउराले कुटपिट गर्दा पीडितको टाउकोमा गहिरो चोट लाग्यो। कुटपिटबाट घाइते सार्कीको त्रिपुराकोटस्थित सुन्दरी मेडिकलमा उपचार भयो। पीडितले सोही दिन प्रताप बुढाकाविरुद्ध त्रिपुराकोट प्रहरी चौकीमा निवेदन दिए। प्रहरी कार्यालयमा ०६९ कात्तिक २९ गते भएको छलफलमा पीडितलाई उपचार खर्च दिने र भविष्यमा गल्ती नदोहऱ्याउने सर्तमा मिलापत्र भयो।

नेपाली काङ्ग्रेसबाट

त्रिपुराकोट गाविस-३ निवासी २६ वर्षीय एमाले

गाउँ समिति सदस्य मनराम नेपालीलाई सामुदायिक वनमा दाउरा काटेको रिसइवीमा सोही ठाउँका नेपाली काङ्ग्रेस गाउँ समिति सदस्य ३० वर्षीय मनबहादुर नेपालीले ०६८ फागुन २७ गते हँसिया प्रहार गरी दायाँ हातको माहिली औंला काटिदिए। पीडितले सोही दिन प्रहरी चौकी त्रिपुराकोटमा निवेदन दिए पछि दुवैपक्षलाई चौकीमा झिकाई उपचार खर्च दिन सर्तमा प्रहरीले मिलापत्र गरायो।

त्रिपुराकोट गाविस-५ का एमाले गाउँस्तरीय कार्यकर्ता २५ वर्षीय नवराज थापालाई ०६९ कात्तिक २९ गते 'आफ्नो घरमा एमाले किन देउँसी खेल्न आयौ' भन्दै त्रिपुराकोट गाविस-४ का नेपाली काङ्ग्रेसका गाउँस्तरीय कार्यकर्ता हरिभक्त बुढाले मदिरासेवनको सुरमा चक्कु प्रहार गरी घाइते बनाए। चक्कु प्रहारबाट एमाले कार्यकर्ता थापाको दायाँ पाखुरामा गहिरो चोट लाग्यो। पीडितले प्रहरी चौकी त्रिपुराकोटमा २०६९ मङ्सिर १ गते निवेदन दिए। प्रहरीले ०६९ मङ्सिर २ गते गाउँका भद्रभलादमी र दुवै पक्षलाई राखेर आगामी दिनमा गल्ती नगर्ने लिखत प्रतिवद्धता गराएर विवाद मिलायो।

सुगम र निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालत

०६८ पुस मसान्तदेखि ०६९ असार मसान्तसम्म :

एक जना जिल्ला न्यायाधीश रहेको यस अदालतमा फौजदारी मुद्दातर्फ १२ मध्ये १० ओटा फैसला भई दुई मुद्दा फैसला हुन बाँकी रहे। देवानी छ मुद्दामध्ये तीन ओटा फैसला भई तीन मुद्दा फैसला हुन बाँकी रहे। दुवैतर्फका गरी पाँच मुद्दा फैसला हुन बाँकी रहे।

०६९ असार मसान्त देखि पुस १६ गतेसम्म

यस अवधिमा फौजदारी मुद्दातर्फ २७ मध्ये आठ मुद्दा फैसला भई १९ थान फैसला हुन बाँकी रहे। सोही अवधिमा देवानी तर्फ सात मुद्दामध्ये तीन ओटा फैसला भई चार मुद्दा फैसला हुन बाँकी रहे।

जिल्ला सरकारी वकिल कार्यालय

एक जना सरकारी वकिल रहेको यस कार्यालयबाट कर्तव्यज्यान सम्बन्धी चार मुद्दा दायर भए जसमा दुई सफल, एक असफल र एक विचराधीन रह्यो। त्यस्तै चोरीको चार थान मुद्दामध्ये एक थान सफल र तीन थान मुद्दा बाँकी रहे। सार्वजनिक अपराधको १४ थान मुद्दामध्ये पाँच थानमा सफलता र

घटनाको प्रकार	गैरराज्यपक्षबाट		
	महिला	पुरुष	जम्मा
बालअधिकार	१		१
महिलाअधिकार	४		४
जातीय विभेद	१	६	८
कुटपिट		५	५
जम्मा	६	१२	१८

अन्य विचराधीन रहे।

बालअधिकार

शिक्षाको अवस्था

यस जिल्लामा विद्यालय जाने उमेरका १२ हजार ८ सय ६० बालबालिकाहरू विद्यालय भर्ना भएका छन्। जिल्ला शिक्षा कार्यालयको तथ्याङ्क अनुसार जिल्लामा रहेका ८५ ओटा प्राथमिक विद्यालयमा ३ हजार ३ सय ४९ छात्र र ३ हजार ७ सय ३ छात्रा अध्ययनरत छन्। निमावि सङ्ख्या १२ ओटा छ जसमा छात्र १ हजार ८७ र छात्रा ४ सय ९८ छन्। मावि १४ ओटा छन् जसमाा छात्र ४ सय ९८ र छात्रा ३ सय २२ र उमावि पाँच ओटामा छात्र ४ सय ६ र छात्रा २ सय १३ अध्ययनरत छन्। जसमा दलित विद्यार्थीको सङ्ख्या छात्र ९ सय ९६ र छात्राको ८ सय ९६ रहेको छ। निजी विद्यालयतर्फ प्राविमा छात्र २ सय ५० र छात्रा ७५ अध्ययनरत छन्। जिल्लाका दुई क्याम्पसमा छात्र २ सय ५० र छात्रा ५० अध्ययनरत छन् जसमा दलित विद्यार्थी छात्र २० र छात्रा १० छन्। सामुदायिक विद्यालयतर्फ प्राविमा छात्र ३ हजार २ सय १८ र छात्रा ३ छ सय २० छन्। जसमा दलित विद्यार्थी छात्र ९ सय ६२ र छात्रा ८ सय ९६ छन्। यसैगरी बालविकास केन्द्रमा छात्र ८ सय ८३ र छात्रा ९ सय ६ रहेका छन् जसमा दलित छात्र १ सय ३८ र छात्रा १ सय ५६ रहेका छन्। शिक्षकको दरबन्दी तर्फ जिल्लामा प्रावि तहमा ९९ शिक्षिका र ३ सय १३ शिक्षक, निमाविमा आठ शिक्षिका र ६७ शिक्षक र माविमा एक शिक्षिका र ४५ शिक्षक गरी कूल १ सय ८ शिक्षिका र ४ सय २५ शिक्षक कार्यरत छन्।

सबै प्रकारका जातीय विभेद

त्रिपुराकोट गाविस-१ निवासी ३८ वर्षीय राजीमान सार्की, २६ वर्षीय लालबहादुर सार्की २६ वर्षीय रनबीर सार्की र ३५ वर्षीय रुपलाल सर्कीलाई सोही गाविस-२ निवासी ३८ वर्षीय टिकादत न्यौपानेले ०६९

पुस २ गते बालात्रिपुरा सुन्दरी भगवतीको मन्दिरमा जुम्ला वुढुबाट आएका देवताको दर्शन गर्ने क्रममा 'छुई हुन्छ तिमी दलित सार्कीहरू यहाँबाट भाग' भनेर दुर्व्यवहार गरे। पीडितले जिल्ला प्रहरी कार्यालय डोल्पामा कारवाहीको लागि ०६९ पुस ६ गते ठाडो निवेदन दिए। जिल्ला प्रहरी कार्यालयले आरोपीलाई ०६९ पुस ९ गते कार्यालयमा झिकाई अब आइन्दा यस्ता अपशब्द प्रयोग नगर्ने र गरेमा कानुनी कारवाही अगाडि बढाउने सर्तमा कागज गराएर विवादको अन्त्य भयो।

पहाडा गाविस-८ का २६ वर्षीय हरिबहादुर केसीले ०६९ कात्तिक ७ गते सोही गाविस-७ की २३ वर्षीया कमला विकसँग प्रेम विवाह गरेको आरोपमा केसीको परिवारले सो विवाहलाई अस्वीकार गऱ्यो। परिवारले बहिस्कार गरेका जोडी हाल त्रिपुराकोट गाविस-२ मा मजदुरी गरेर जीवन भएका छन् ।

जिल्लामा स्वास्थ्यको अवस्था

अस्पताल	१		
स्वास्थ्यचौकी	९		
उपस्वास्थ्यचौकी	१४		
पद	**दरबन्दी**	**कार्यरत**	**रिक्त**
डाक्टर	२	१	१
स्टाफ नर्स	२	१	१
ल्याब असिस्टेन्ट	१	१	
अहेव	३	३	
अनमी	२	२	
खोप सुपरभाइजर	१		१
क्षयरोग/कुष्ठरोग सुपरभाइजर	१		१
हेल्थ असिस्टेन्ट	२	२	

जिल्ला प्रहरी कार्यालय

जिल्ला प्रहरी कार्यालयमा ०६८ पुस १७ गतेदेखि ०६९ पुस १६ गतेसम्म भवितव्य चार, सार्वजनिक अपराध तीन, हातहतियार खरखजना सम्बन्धी एक, ज्यान मार्ने उद्योग एक, कर्तव्य ज्यान एक, आत्महत्या एक, जातीय विभेद सम्बन्धी दुई र घरेलु हिंसाको एक उजुरी दर्ता भए। जसमा जातीय विभेद र घरेलु हिंसाका मुद्दा मिलापत्र भए र बाँकी ११ ओटा मुद्दा अनुसन्धानका क्रममा रहेको प्रहरीले बतायो।

४.१२ जुम्ला



जिल्ला सदरमुकाम: जुम्ला
क्षेत्रफल (वर्ग कि. मि.): २,५३१
घरधुरी सङ्ख्या: १५,३०३
जम्मा जनसङ्ख्या: १,०८,५२१
पुरुष: ५४,८५८
महिला: ५४,०२३
अपाङ्ग सङ्ख्या: ३,२४८
गाविस/नपा सङ्ख्या: ३०/०
पुरुष साक्षरता सङ्ख्या: ३३,८४३
महिला साक्षरता सङ्ख्या: २०,६५६
हिन्दू धर्मावलम्बी प्रतिशत: ९७.८५
बौद्ध धर्मावलम्बी प्रतिशत: १.२३
इस्लाम धर्मावलम्बी प्रतिशत: ०.१
क्रिश्चियन धर्मावलम्बी प्रतिशत: ०.६६
अन्य धर्मावलम्बी प्रतिशत: ०.१२१
प्रतिपरिवार सरदर सङ्ख्या: ५.६४

नागरिक तथा राजनीतिक अधिकार

सम्मानित रूपले बाँच्ने अधिकार

हत्या

अज्ञातबाट

डिल्लीचौर गाविस-२ निवासी ६० वर्षीया साउनी वुढालाई ०६९ असार २ गते राति अज्ञात समूहले सोही गाविस-३ बढीखोली भन्ने स्थानमा रहेको होटलमा सुतिरहेको अवस्थामा बाहिरबाट गोली प्रहार गरी हत्या गऱ्यो। मृतक बुढाको दाँया स्तनको माथि भागमा गोली लागेको थियो। सो समूहले नगद २७ हजार रुपियाँ पनि लुटेर लगेको मृतकका छोरा कालिवहादुर बुढाले वताए। घटनास्थलमा गोलीको खोका भेटिएको जिल्ला प्रहरी कार्यालयले जनायो। पीडितपक्षले जिल्ला प्रहरी कार्यालयमा ०६९ असार ३

गते जाहेरी दर्ता गरे। प्रहरीले घटनाको आशङ्कामा गर्ज्याङ्कोट गाविस-५ का २५ वर्षीय बेदनराज थापालाई ०६९ असार ४ गते अञ्चल अस्पताल जुम्लावाट गिरफ्तार गरी अनुसन्धानका लागि जिल्ला अदालतबाट ०६९ साउन १४ गते सात दिनको अन्तिम म्याद थप गरी प्रहरी हिरासतमा राख्यो। जिल्ला अदालतको आदेशमा ०६९ साउन २३ गते पुर्पक्षका लागि कारागार चलान गरिएका अभियुक्त अदालतकै आदेशमा ०६९ असोज १९ गते साधारण तारेखमा रिहा भए। यो वर्षको अन्त्यसम्म मुद्दाको अन्तिम फैसला भएन।

जेल र बन्दीहरू

'ङ' श्रेणीको यस कारागारको क्षमता २० रहेको छ। यसवर्षको अन्त्यसम्ममा यस कारागारमा दुई महिला बन्दी र १५ पुरुष बन्दी गरी १७ बन्दीहरू रहेका छन्। जसमा कैद तोकिएका नौ र कैद नतोकिएका आठ रहेको छन्। कारागारमा एक बालक र एक बालिका आश्रित रहेका छन्। कारागार भवन पुरानो र जीर्ण छ। शौचालयको पर्खाल कुनै पनि बेला भत्कने खतरामा रहेको छ। कारागार प्रशासनले बजेटको अभाव भन्दै भौतिक सुधार गर्न नसकेको बतायो। सुरक्षाकर्मीको प्रत्यक्ष निगरानीमा कैदी बन्दीलाई फोन सुविधा दिइएको छ। कारागार व्यवस्थापन विभागबाट कैदी बन्दीको क्षमता विकास गर्न स्याउ प्रशोधनसम्बन्धी १० दिने तालिम दिइएको पनि कारागार प्रशासनले बतायो।

सुगम र निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालत

०६८ साउनदेखि ०६९ असार मसान्तसम्म :

एक जना न्यायाधीश रहेको यस जिल्ला अदालतमा फौजदारी तर्फ सात थान मुद्दा फैसला भई १५ थान मुद्दा फैसला हुन बाँकी रहे। देवानी तर्फ ९० थान मुद्दा फैसला भई ३२ थान मुद्दा फैसला हुन बाँकी रहे।

०६९ साउनदेखि ०६९ पुस १५ गते सम्म : यस अवधिमा यस जिल्ला अदालतबाट २९ थान फौजदारी मुद्दामध्ये सात फैसला भई २१ थान मुद्दा फैसला हुन बाँकी रहे। देवानीतर्फ ६४ मध्ये ११ मुद्दा फैसला भई ५३ थान मुद्दा फैसला हुन बाँकी रहे। यसवर्षको अन्त्यसम्ममा ७४ थान मुद्दा फैसला हुन बाँकी रहे।

घटनाको प्रकार	गैरराज्यपक्षबाट		
	महिला	पुरुष	जम्मा
बालअधिकार	३		३
महिलाअधिकार	३५		३५
जातीय विभेद	२	१	३
कुटपिट	५		५
हत्या	१		१
जम्मा	३६	१	३७

पुनरावेदन अदालत

०६८ साउनदेखि ०६९ असार मसान्तसम्म

दुई जना न्यायाधीश रहेको यस पुनरावेदन अदालतमा ५४ थान फौजदारी मुद्दामध्ये ३६ थान फैसला भई १८ थान मुद्दा फैसला हुन बाँकी रहे। देवानी तर्फ ३२ थान मुद्दामध्ये १३ थान फैसला भई १९ थान मुद्दा फैसला हुन बाँकी रहे।

०६९ साउनदेखि ०६९ पुस १५ गते सम्म

यस अवधिमा ४९ थान फौजदारी मुद्दामध्ये १९ थान फैसला भई २९ थान मुद्दा फैसला हुन बाँकी रहे। देवानी तर्फ ४४ थान मुद्दामध्ये छ थान फैसला भई ३८ थान मुद्दा फैसला हुन बाँकी रहे। यो वर्षको अन्त्यसम्ममा ६७ थान मुद्दा फैसला हुन बाँकी रहे।

जिल्ला सरकारी वकिल कार्यालय

०६८ साउनदेखि ०६९ असार मसान्तसम्म

एकजना सरकारी वकिल रहेको कार्यालयमा कर्तव्य ज्यानका दुई थानमध्यै दुवै फैसला हुन बाँकी रहे। ज्यानमार्ने उद्योगका तीनमध्ये दुईको फैसला भई दुवै असफल भए। जवरजस्ती करणी उद्योगका एकमा एक नै सफल रह्यो। बहुविवाहको एकमा एक सफल, सवारी साधनको तीनमा तीनवटै सफल, जुवातासको एकमा एक असफल, जातीय विभेदको एकमा एक नै असफल र केही सार्वजनिक अपराधको नौमा दुईको फैसला भई दुवै सफल भई सात फैसला हुन बाँकी रहे।

०६९ साउनदेखि ०६९पुस १५ सम्म

यस अवधिमा कर्तव्य ज्यानको एक, ज्यानमार्ने उद्योगको एक, जवरजस्ती करणीको एक, लागु औषध एक, हातहतियार तथा खरखजना एक र केही सार्वजनिक अपराधका तीन थान मुद्दा दर्ता भए। जसमा जवरजस्ती करणी उद्योगको एक थान फैसला भएकोमा असफल भयो।

पुनरावेदन सरकारी वकिल कार्यालय

०६८ साउनदेखि ०६९ असार मसान्तसम्म

एक जना सरकरी वकिल रहेको यस कार्यालयमा कर्तज्य ज्यानको छ थानमध्ये एकको फैसला भई असफल भयो। ज्यानमार्ने उद्योगको छ थानमध्ये दुई फैसला भई एक सफल र एक असफल भयो। त्यस्तै जवरजस्ती करणीको एक, केही सार्वजनिक अपराध एक र मूर्ति चोरीको एक थान मुद्दा दर्ता भएकोमा कुनै पनि फैसला भएनन्।

०६९ साउनदेखि ०६९ पुस १५ सम्म

यस अवधिमा कर्तव्य ज्यानका दुई, ज्यानमार्ने उद्योगका आठ, जवरजस्ती करणीको एक, जुवातास एक, चोरी डकैती एक, आगो लगाएको एक र जाती छुवाछुतसम्बन्धी एक थान मुद्दा दर्ता भएकोमा कुनैपनि फर्स्यौट भएनन्।

बालअधिकार

शिक्षाको अवस्था

यस जिल्लाका प्राथमिक तहमा १२ हजार ७ सय ९५ बालक र १३ हजार ७ सय ६३ बालिका, निम्न माध्यमिक तहमा बालक १६ हजार ९ सय ९ र बालिका १६ हजार ७ सय ९९, माध्यमिक तहमा १ हजार ९ सय ८६ र बालिका १ हजार २ सय १४ र क्याम्पस तहमा छात्र १ हजार २ सय ७९ र छात्रा ७ सय २४ गरी ६५ हजार ५ सय ९ विद्यार्थी भर्ना भए । जसमा दलित बालक २ हजार ४ सय ९४ र बालिका १ हजार ९ सय ४८ रहे । निजी विद्यालयतर्फ प्राबि तहमा छात्र ९ सय ४५ र छात्रा ५ सय १८, निमाविमा छात्र १ सय ६० र छात्रा ८९ र माविमा छात्र ५३ र छात्रा ३७ गरी १ हजार ८ सय २ छात्रछात्रा भर्ना भए । बालविकास केन्द्रतर्फ छात्र २ हजार ४ सय ७८ र छात्रा २ हजार ५ सय ९ गरी ४ हजार ९ सय ८७ भर्ना भए । जिल्लामा प्राबि तहका १ सय ३२ महिला र ३ सय ८ पुरुष शिक्षक, निमाविमा छ जना महिला र ७४ पुरुष शिक्षक, माविमा एक महिला र ५९ पुरुष शिक्षक र क्याम्पस तहमा एक महिला र १ सय ४० पुरुष शिक्षक गरी जम्मा ४ सय ६१ शिक्षकशिक्षिका कार्यरत छन् । जसमा दलित ११ रहेका छन् ।

बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

११ वर्षीया एक बालिकालाई चन्दननाथ गाविस-९ स्थित चन्दननाथ गेष्ट हाउस तथा होटलमा ०६८ माघ ९ गते लाटिकोईली गाविस-५ सुर्खेतका २७ वर्षीय अम्मर बोहोराले बलात्कारको प्रयास गरेको पीडित पक्षले बताए। पीडितका आफन्तले जिल्ला प्रहरी कार्यालयमा ०६८ चैत ७ गते उजुरी गरे। उजुरीका आधारमा जिल्ला प्रहरी कार्यालयले आरोपितलाई ०६८ माघ १३ गते जिल्ला सदरमुकाम खलङ्गामा गिरफ्तार गऱ्यो। जिल्ला अदालत जुम्लाले अभियुक्तलाई ०६८ चैत १४ गते पुर्पक्षका लागि कारागार चलान गरेकोमा ०६९ असार १० गते जिल्ला न्यायधीश महेन्द्रराज गौतमको एकल इजलासले १० वर्षको कैद र ८० हजार रुपियाँ जरिवानाको फैसला गऱ्यो।

चन्दननाथ गाविस-३ का २४ वर्षीय लक्ष्मण कुमाई, पटमारा गाविस-४ का २२ वर्षीय गगनराज वुढा र सोही वडाका २५ वर्षीय पदम रोकायले तीन जना बालिकालाई ०६९ वैशाख ९ गते डिल्लीचौर गाविस-३ पानीधारा भन्ने जङ्गलमा जिल्ला सदरमुकाम खलङ्गाबाट समान किनमेल गरी छात्राबासतर्फ जाँदै गरेको अवस्थामा बलत्कारको प्रयास गरेको पीडित पक्षले बताए। घटना सम्बन्धमा कतै उजुरी गरिए मार्ने धम्की समेत दिएको छात्राहरूले बताए। पीडितहरूले न्यायका लागि जिल्ला प्रहरी कार्यालयमा ०६९ वैशाख १० गते उजुरी दर्ता गराए। उजुरीका आधारमा जिल्ला प्रहरी कार्यालयले सार्वजनिक अपराध अन्तरगत मुद्दा दर्ता गऱ्यो। आरोपितहरू ०६९ वैशाख १४ गते धरौटीमा रिहा भए।

महिलाविरुद्ध हुने सबै प्रकारको भेदभाव, दुर्व्यवहार

बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

चन्दननाथ गाविस-५ वुङ्थावाडाँका २२ वर्षीय कमल खत्रीले ०६८ चैत ४ गते उपचारका लागि अञ्चल अस्पताल आएकी १९ वर्षीय एक किशोरीलाई अञ्चल अस्पतालमा बलात्कारको प्रयास गरेको पीडितले बताइन्। पीडितले ०६८ चैत ४ गते जिल्ला प्रहरी कार्यालयमा जाहेरी दर्ता गरिन्। जाहेरीका आधारमा ०६८ चैत ४ गते चन्दननाथ-५ वुङ्थावाडाँको जिउँलोबाट आरोपितलाई प्रहरीले गिरफ्तार गरी जबरजस्ती करणीको उद्योग अर्न्तगत मुद्दा चलायो। आरोपित खत्री जिल्ला अदालत जुम्लाको आदेशमा ०६८ चैत ३० गते ३० हजार रुपियाँ धरौटी राखी तारेखमा रिहा भए।

घरेलु हिंसा

बहुविवाह

शनिगाउँ गाविस-२ की २६ वर्षीया पानसरा

शाहीले ०६८ फागुन ७ गते २७ वर्षीय पति रामबहादुर शाहीले बहुविवाह गरेको भन्दै ०६९ वैशाख ४ गते जिल्ला प्रहरी कार्यालयमा जाहेरी गरिन्। आरोपितलाई पीडितको उजुरी पछि ०६९ जेठ १४ गते प्रहरीले गिरफ्तार गऱ्यो। पीडित शाहीको ०६० मङ्सिर १४ गते सामाजिक परम्परा अनुसार विवाह भएकोमा एक छोरा र एक छोरी छन्। जिल्ला अदालत जुम्लाको आदेशमा रामबहादुर शाहीलाई ०६९ वैशाख २५ गते पुर्पक्षका लागि थुनामा पठायो भने शाहरा थापा साधारण तारेखमा रिहा भइन्। सो घटनामा जिल्ला अदातल जुम्लाका जिल्ला न्यायधीश महेन्द्रराज गौतमको एकल इजलासले ०६९ असार २४ गते शाहीलाई एक वर्ष कैद र १० हजार रुपियाँ जरिवानाको फैसला गऱ्यो।

कनकासुन्दरी गाविस-१ की ३२ वर्षीया जयकली वुढाले पति ३६ वर्षीय नन्दवहादुर वुढाले दोस्रो विवाह गरी सुर्खेतमा बस्दै आएको भनी जिल्ला प्रहरी कार्यालय जुम्लामा पति विरुद्ध ०६९ भदौ १३ गते जाहेरी दर्ता गरिन्। निवेदनअनुसार खोजतलासको लागि सुर्खेत जिल्ला प्रहरी कार्यालयलाई पत्रचार गरिएको, सोही अनुसार सुर्खेत जिल्ला प्रहरी कार्यालयले एलिसा श्रेष्ठ भन्ने महिला दुईतीन महिनासँगै वस्दै आएको र हाल उनीहरू सँगै नभएको ०६९ मङ्सिर २१ गते पत्र आएको र पुन जिल्ला प्रहरी कार्यालय जुम्लामा उपस्थिति गराउनका लागि ०६९ पुस ३ गते पत्रचार गरिएको जिल्ला प्रहरी कार्यालयले जनायो।

डिल्लीचौर गाविस-७ की १८ वर्षीया शर्मिला कामीलाई पति २१ वर्षीय सुशील कामीले ०६९ मङ्सिर १५ गते कुटपिट गरेको पीडितले बताइन्। पीडितकाअनुसार कामीले गोठीचौर गाविस-५ मणिसाँघुकी २० वर्षीया लक्ष्मी कामीसँग दोस्रो विवाह गरेपछि कुटपिट गरेका थिए। पीडितले ०६९ मङ्सिर १८ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी गरिन। निवेदन अनुसार पीडकहरूलाई खोजतलास गरी जिल्ला प्रहरी कार्यालयमा उपस्थित गराउन गोठीचौर मणिसाघुँ प्रहरी चौकी र डिल्लीचौर प्रहरी चौकीलाई पत्रचार गरिएको जिल्ला प्रहरी कार्यालयले जनायो। तर यो वर्षको अन्त्यसम्ममा आरोपितहरू पक्राउ परेनन्।

कुटपिट

शनिगाउँ गाविस-५ का २३ वर्षीय लछिमण रोकायाले सोही गाविस-२ निवासी २२ वर्षीया शान्ति शाही रोकायलाई हिन्दु परम्परा अनुसार ०६७ जेठ २१ गते विवाह गरी ०६८ वैशाख १ गते छोरी जन्मिए पछि वेवास्ता गरेको पीडितले बताइन। आफू जन्मदेखि अपाङ्ग भएको र कुनै काम गर्न सक्दिन भन्दा पनि पीडकले आफूलाई स्वीकारेको तर छोरी जन्मिए पछि बेवास्ता गरेकाले माइतीमा बस्न वाध्य भएको पीडितको भनाइ छ। पीडितले नाता कायमका लागि जिल्ला अदालतमा ०६८ पुस २९ गते उजुरी दर्ता गरिन्। मुद्दाको सम्पूर्ण अङ्ग पुरा भई फैसलाको लागि ०६९ मङ्सिर २६ गते पेसीमा चढेको जिल्ला अदालतले जनायो।

महावैपाथरखोला गाविस-२ की ३९ वर्षीया पद्मा अधिकारीलाई सोही गाविस-३ का ४३ वर्षीय जग्गवहादुर अधिकारीले विवाह गरी वेवस्ता गरेको भन्दै नाता कायम गरी पाउँ भनी जिल्ला अदालत जुम्लामा ०६९ भदौ २० गते मुद्दा दर्ता गरिन्। वादी प्रतिवादी बीचको वयान नमिलेको कुरामा दुवैपक्षका साक्षी बुझ्नु भन्ने आदेश ०६९ मङ्सिर २१ गते भएको जिल्ला अदालतले जनायो।

जिल्ला स्वास्थ्य सेवाको अवस्था

अस्पताल	१		
स्वास्थ्यचौकी	१४		
उपस्वास्थ्यचौकी	१८		
पद	**दरबन्दी**	**कार्यरत**	**रिक्त**
डाक्टर	१९	१	१८
स्टाफ नर्स	१९	५	१४
ल्याब असिस्टेन्ट	४	३	१
अहेब	३५	३३	२
अनमी	४	४	
खोप सुपरभाइजर	१	१	
क्षयरोग/कुष्ठरोग सुपरभाइजर	१	१	
हेल्थ असिस्टेन्ट	४	२	२
स्वास्थ्य कार्यकर्ता	२८	२६	२

जिल्ला प्रहरी कार्यालय

जिल्ला प्रहरी कार्यालयमा ०६८ पुस १७ गतेदेखि ०६९ पुस १६ गतेसम्म बलात्कार प्रयास दुई, घरेलुहिंसा ३०, कर्तव्यज्यान दुई, ज्यानमार्ने उद्योग दुई, आत्महत्या आठ, जातीय छुवाछूत एक, बहुविवाहका एक ओटा मुद्दा दर्ता भए।

४.१३ कालिकोट



जिल्ला सदरमुकाम: मान्मा
क्षेत्रफल (वर्ग कि. मि.): १,७४१
घरधुरी सङ्ख्या: २३,०१३
जम्मा जनसङ्ख्या: १,३६,५४८
पुरुष: ६८,८३३
महिला: ६८,११५
अपाङ्ग सङ्ख्या: ५,२६२
गाविस/नपा सङ्ख्या: ३०/०
पुरुष साक्षरता सङ्ख्या: ४१,७८४
महिला साक्षरता सङ्ख्या: २८,८७७
हिन्दू धर्मावलम्बी प्रतिशत: ९९.७९
बौद्ध धर्मावलम्बी प्रतिशत: ०.०६
इस्लाम धर्मावलम्बी प्रतिशत: ०.०२
क्रिश्चियन धर्मावलम्बी प्रतिशत: ०.१
अन्य धर्मावलम्बी प्रतिशत: ०.०२१
प्रतिपरिवार सरदर सङ्ख्या: ५.९६

जेल र बन्दीहरू

'घ' श्रेणीको जिल्ला कारागारको बन्दी क्षमता २५ जनाको रहेको छ। यो वर्षको अन्त्यसम्म कैद तोकिएको ४१ र कैद नतोकिएको चार थुनुवा गरी जम्मा ४५ जना बन्दीहरू रहेका छन्। कारागारमा आश्रित बालबालिका छैनन् । यस कारागारको ०३४ सालमा निर्माण भएको हो। यँहा ४२ जना पुरुष र तीन जना महिला रहेका छन्। कारागार भवन पुरानो र जीर्ण छ। झ्यालढोका र पर्खालहरू समेत जीर्ण छन्। कारागारमा टेलिभिजन, क्यारिमबोर्ड, चेस, लुँडो लगायतका सामग्री उपलब्ध छन्। क्षमता भन्दा बढी बन्दी राखिएकाले खानेपानी, शौचालय जस्ता आधारभूत सुविधा पर्याप्त छैन। आफन्तले बन्दीहरूलाई भेट गर्न र सञ्चार सम्पर्क गर्न सहजै पाउने व्यवस्था छ।

धम्की/कुटपिट

एकीकृत माओवादीबाट

फूकोट गाविस-६ का ३४ वर्षीया नयाँ भण्डारी, उनकी २८ वर्षीया पत्नी राधिका भण्डारी, १० वर्षीया छोरी सिर्जना भण्डारी, आठ वर्षीय छोरा सनेस, एक वर्षीया छोरी पवी, २१ वर्षीय भाइ अविलाल सोही ठाउँका रज रोकायालगायत १५ जनालाई एकीकृत माओवादीका जसी रोकाया, नरज शाहीलगायत २८ जनाको समूहले आफू विरुद्ध ज्यानमार्ने उद्योगसम्बन्धी मुद्दा चलाएको आरोपमा ०६९ जेठ २ गते घरमै आई मार्ने धम्की दिए। धम्कीका कारण पीडितहरू जिल्ला सदरमुकाम मान्ममा विस्थापित भए। ०६८ भदौ ८ गते मुम्रामा भएको माओवादी जनसैन्य मार्च अभियानमा गाउँलेहरूलाई रोक लगाएको आरोपमा रज रोकाया र सतल बोगटीलाई माओवादी कार्यकर्ताले खुकुरी प्रहार गरी घाइते बनाएका थिए। सोही घटनालाई लिएर पीडितले जिल्ला प्रहरी कार्यालयमा ०६८ भदौ १४ गते मुद्दा दर्ता गराएका थिए। निवेदन दिएपछि पिडकहरू फरार अवस्थामा रहेका र उक्त मुद्दा फिर्ता नलिए ०६९ वैशाख २९ गते मार्ने धम्की दिएपछि पीडितहरू यो वर्षको अन्त्यसम्म सदरमुकाम विस्थापित भए। विस्थापितहरूले जिल्ला प्रहरी समक्ष उजुरी दिए पनि वर्षको अन्त्यसम्ममा कुनै सुनुवाइ भए।

फुकोट गाविस-५ निवासी नेपाल राष्ट्रिय शिक्षक सङ्गठनका अध्यक्ष एवम् वडिमालिका उच्चमावि रास्कोटका प्राचार्य ४५ वर्षीय मनिराज बरालालाई एमाओवादी निकटका शिक्षकहरूलाई एमालेमा प्रवेश गराएको आरोपमा ०६९ भदौ २५ गते एमाओवादी इलाका नम्वर ४ का सदस्यहरू जया केसी, चिने केसी, हंसे लुवारलगायत १५ जनाको समूहले विद्यालयमा आई मार्ने धम्की दिए। पीडित बरालले जीवन रक्षाको माग गरी भदौ २७ जिल्ला प्रहरी कार्यालयमा उजुरी दिएपनि यो वर्षको अन्त्यसम्ममा दर्ता भएन।

ओदानकु गाविस-१ का ४६ वर्षीय जोरे सुनार र उनका दाइ ४८ वर्षीय कल्या सुनारलाई एमाओवादी कायकर्ता गान्टे सुनार र टक्क सिंहले ०६८ माघ २७ गते राति ११ वजे फलामको रड प्रहार गरी घाइते बनाए। घाइतेहरूको जिल्ला अस्पताल कालीकोटमा उपचार भयो पीडितले ०६८ माघ २९ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए पनि यो वर्षको अन्त्यसम्म कुनै सुनुवाइ भएन।

सिप्खाना गाविस-३ निवासी एभिन्यूज

घटनाको प्रकार	राज्यपक्षबाट		गैरराज्यपक्षबाट		
	महिला	जम्मा	महिला	पुरुष	जम्मा
बालअधिकार			५		५
अमानवीय व्यवहार				१	१
आर्थिक/सामाजिक/साँस्कृतिक अधिकार				१	१
महिलाअधिकार	३	३	१०		१०
कुटपिट				५	५
धम्की			३	११	१४
हत्या			१	१	३
जम्मा	३	३	१९	१९	३८

टेलिभिजन कालीकोट सम्वाददाता २५ वर्षीय पवित्रकुमार शाहीलाई अखिल क्रान्तिकारीका जिल्ला कार्यकर्ता तुलाराम धितालले एभिन्यूज च्यानलमा द्वन्द्वकालमा माओवादीले भत्काएको भत्तडी पुलको समचार प्रसारण गरेको आरोपमा ०६८ फागुन २७ गते जिल्ला सदरमुकाम मान्ममा मार्ने धम्की दिए। पीडितले ०६८ फागु २८ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए। सोही दिन प्रहरीले आरोपितलाई जिल्ला प्रहरी कार्यालय बोलाई अब आइन्दा नधम्काउने सर्तमा रिहा गऱ्यो। ०६८ फगुन २८ गते नेपाल पत्रकार महासङ्घ जिल्ला शाखा कालीकोटले विज्ञप्ति प्रकाशन गरी घटनाको भर्त्सना गऱ्यो।

फुकोट गाविस-६ पुच्छेगाउँ निवासी ३४ वर्षीय नयाँ भण्डारीको घरमा एनेकपा माओवादी कार्यकर्ता नहकुल शाही, जसी रोकायासहित सात जनाको समूहले ०६९ वैशाख ३० गते आगजनी गरे। पीडितले एमाले पार्टीको समर्थन गरी गाउँमा माओवादी पार्टी विपरीत गतिविधि सञ्चालन गरेको भन्दै दिउँसो ३ बजे आगजनी गरेपछि पीडितका आठजनाको परिवार स्यूना प्रहरी चौकीमा विस्थापित भए। पीडितले ०६९ वैशाख ३० गते स्युना प्रहरी चौकीमा उजुरी दिएपनि यो वर्षको अन्त्यसम्ममा सुनुवाई भएन।

छाप्रे गाविस-४ निवासी एमाओवादी इञ्चार्ज पदम भण्डाराको नेतृत्वमा गज भण्डारा, अज भण्डारालगाएत १४ जनाको समूहले ०६८ माघ १३ गते माओवादी लालकिल्लामा झण्डा राखेको भन्दै सोही गाविस-२ स्थित चन्द्र भण्डाराको धुरीमा राखिएको नेपाली काङ्ग्रेसको पार्टी झण्डा च्यातेर फाले। घटनाको विरोधमा नेपाली काङ्ग्रेस जिल्ला समिति कालीकोटले ०६८ माघ १५ गते एक विज्ञप्ति जारी गर्दै घटनाको निन्दा गऱ्यो। पीडितपक्षले ०६८ माघ २५ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए पनि यो वर्षको अन्त्यसम्ममा कुनै सुनुवाइ भएन।

लालु गाविस-३ का २५ वर्षीय सुनाम विष्टलाई एमाओवादी निकट शिक्षक सङ्गठनका जिल्ला सदस्य लोकबहादुर शाहीलगायतको समूहले ०६९ कात्तिक १ गते आफ्नो हित विपरीत गतिविधि सञ्चालन गरेको आरोपमा घरमा आई मार्ने धम्की दिए। धम्कीपछि पीडितले प्रहरी चौकी खुलालुमा उजुरी दिए पनि सुनवाई भएन।

फूकोट गाविस-९ निवासी रेडियो नेपाल क्षेत्रीय प्रसारण सेवा सुर्खेतमा कार्यरत पत्रकार बसन्त विकलाई एनेकपा माआवादी निकट वाईसीएल इलाका कमिटी सदस्य कुल विक, नयाँ विकलगायत सात जनाको समूहले गरिबी निवारण अन्तरगतको समूहको रकम लुटेको विरोध गरेको आरोपमा ०६९ कात्तिक १३ गते दिउँसो मार्ने धम्की दिए। गरिबी निबारण कोषको अन्तर्गत पानीपातल सामुदायिक संस्थाको बैठक बसी हिसाब भइरहेको बेला पीडकहरूले समूहको ३ लाख ७५ हजार रुपियाँ नगदसमेत लुटेर भागेका थिए। धम्की पछि जिल्ला सदरमुकाम मान्मामा विस्थापित भएका पीडित पत्रकार बिकले ०६९ कात्तिक १४ गते जिल्ला प्रहरी कार्यालय कालीकोटमा जीवन रक्षाको साथै पीडकहरूलाई कानूनी कारवाहीको माग गर्दै उजुरी दिए पनि यो वर्षको अन्त्यसम्म कुनै कारबाही भएन।

लालु गाविस-३ का २५ वर्षीय सुनाम विष्टलाई एमाओवादी निकट शिक्षक सङ्गठनका जिल्ला सदस्य लोकबहादुर शाही लगायतको समूहले ०६९ कात्तिक १ गते आफ्नो हित विपरीत गतिविधि सञ्चालन गरेको आरोपमा घरमा आई मार्ने धम्की दिए। धम्की पछि पीडितले सोही दिन प्रहरी चौकी खुलालुमा उजुरी दिए पनि सुनवाई भएन।

नेपाली काङ्ग्रेसबाट

भर्ता गाविस-२ निवासी अजमारे भगवती प्राबि गाल्जेनाका प्रधानाध्यापक धनराज शाहीलाई सोही ठाउँका काङ्ग्रेस गाँउ समिति सदस्यहरू शेरबहादुर शाही, चित्रबहादुर शाही, चन्द्रबहादुर शाहीलगायत १२ जनाको समूहले ०६९ कात्तिक २७ गते बिहान घरमा आई लाठीले कुटपिट गरी घाइते बनाए। कुटपिटबाट

छातीमा चोट लागेर गम्भीर घाइते भएका पीडित शाहीको जिल्ला अस्पताल कालीकोटमा उपचार भयो। विनाकारण कुटपिट गरी घाइते बनाइएको भन्दै नेपाल शिक्षक युनियन कालीकोटले ०६९ कात्तिक २९ गते विज्ञप्ति प्रकाशन गरी आपत्ति जनायो। युनियनका अध्यक्ष हंसबहादुर शाही र सचिव धनबहादुर बटालाद्वारा हस्ताक्षरित विज्ञप्तिमा घटनामा संलग्नलाई तत्काल कानुनी कारबाहीको माग गरिएको थियो। पीडितले ०६९ मङ्सिर १ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए पनि यो वर्षको अन्त्यसम्म दर्ता भएन।

एमालेबाट

थिर्पु गाविस-४ घरभई रेडियो नयाँ कर्णालीमा कार्यरत पत्रकार २८ वर्षीय भरतराज बिष्टलाई एमाले ९ नम्बर जिल्ला कमिटी सदस्य रत्न विकले कालीकोटको जुबिथामा भएको मानबीरे सुनार हत्याको विषयमा इन्सेक नेपालगञ्जले घटनास्थलको स्थलगत अध्ययन गरी ०६८ पुस १५ गते सार्वजनिक गरेको प्रतिवेदन सम्बन्धी समाचार रेडियो नयाँ कर्णालीमा प्रसारण गरेको आरोपमा ०६८ पुस १६ गते राति मार्ने धम्की दिए। बेलुका तिर रेडियो स्टेसनमा फोन गरी यस्ता गलत समाचार बजाउने रेडियोको टावरसमेत फालेर त्यसै भित्र दबाइदिने धम्की दिएको पीडितले बताए। पीडितले ०६८ पुस १८ गते जिल्ला प्रहरी कार्यालयमा निवेदन दिए। जिल्ला प्रहरी कार्यालयले धम्की दिनेलाई जिप्रकामा बोलाइएर बिनासर्त छाड्यो।

अन्यबाट

कुमालगाउँ गाविस-५ का २७ वर्षीय पत्रकार अर्जुन भट्टराईलाई अज्ञात व्यक्तिले ०६९ जेठ ३२ गते दिउसो २:३० बजे मोवाइलबाट फोन गरी मार्ने धम्की दिए। अव आइन्दा पत्रकारीता गरेमा कलम समातेमा, क्यामरा समातेमा ज्यान नरहने धम्की दिएको पीडितले बताए। धम्की पछि नेपाल पत्रकार महासङ्घ कालीकोट र केन्द्रीय समितिले विज्ञप्ति जारी गरी घटनाको निन्दा गऱ्यो। पीडितले ०६९ असार १ गते जिल्ला प्रहरी कार्यालयमा निवेदन दिएपनि यो वर्षको अन्त्यसम्म पीडकको पहिचान भएन।

एमाओवादी कार्यकर्ताद्वारा कुटपिट गरी घाइते बनाइएका जोरे सुनुवार

सुगम र निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालत

०६८ साउनदेखि ०६९ असार मसान्तसम्म

यस जिल्ला अदालतको फौजदारी मुद्दातर्फ १ सय ३९ जसमा सरकारवादी १३ थान र दुनियावादी १ सय २६ थान रहेका छन्। यसमध्ये सरकारवादी पाँच र दुनियावादी ९७ गरी जम्मा १ सय २ थान फैसला भए। ८ थान सरकारवादी २९ थान दुनियावादी गरी जम्मा ३७ थान फैसला हुन बाँकी रहे। देवानी मुद्दातर्फ १ सय ८ थानमध्ये ७८ थान फैसला भए भने ३० थान फैसला हुन बाँकी रहे।

०६९ साउनदेखि पुस १५ सम्म

यस अवधिमा फौजदारी मुद्दातर्फ ९२ थान (सरकारवादी १३ थान र दुनियावादी ७९ थान) मध्ये सरकारवादी तीन र दुनियावादी ४६ थान गरी) ४९ थान मुद्दा फैसला भए भने (सरकारवादी १० थान र दुनियवादी ३३ थान गरी ४३ थान फैसला हुन बाँकी रहे। देवानी मुद्दातर्फ ५८ थानमध्ये २७ थान फैसला भए भने ३१ थान फैसला हुन बाँकी रहे। दुई वर्ष नाघेका कुनै पनि मुद्दा यस अदालतमा छैनन्।

जिल्ला सरकारी वकिलको कार्यालय

०६८ साउनदेखि ०६९ असार मसान्तसम्म दायर मुद्दाको सङ्ख्या २४ थान छ। जसमध्ये नौ थान सफल भए भने तीन असफल भए। सरकारी वकिल सङ्ख्या दुई रहेको यस जिल्ला कार्यालयबाट दायर मुद्दामध्ये ०६९ असार मसान्तसम्म १० मुद्दा बाँकी रहेको कार्यालयले जनायो। दायर मुद्दामध्ये कर्तव्य ज्यानसम्बन्धी मुद्दा आठ थानमध्ये चार थान सफल रह्यो। बलात्कार, महिला बेचविखन, बालविवाह र अपहरणसम्बन्धी मुद्दा छैनन्। बहुविवाहसम्बन्धी मुद्दा एक र छुवाछूतसम्बधी एक थान छ। जिल्ला सरकारी वकिलको कार्यालयबाट ०६९ साउनदेखि ०६९ पुससम्म दायर मुद्दाको सङ्ख्या नौ थान रहेको छ जसमध्ये छ थान सफल भएको छ।

यातना तथा अन्य क्रूर, अमानवीय र अपमानजनक व्यवहार वा दण्ड

दाँहा गाविस-२ का २१ वर्षीय

जगत हमाललाई गाउँकी एक बालिकालाई बलात्कार गर्ने प्रयास गरेको आरोपमा ०६९ पुस ११ गते स्थानीय वासिन्दाहरूले मोसो दल्नुका साथै जुत्ताको माला लगाई गाउँ घुमाए।

बालअधिकार

शिक्षाको अवस्था

यस जिल्लाका विद्यालय जाने उमेरका मध्ये २८ हजार ८ सय ७ जना छात्र र २७ हजार ६ सय ४० जना छात्रा गरी जम्मा ५६ हजार ४ सय ४७ जना प्राथमिक तहदेखि माबि तहसम्म भर्ना भएका छन्। यसमध्ये दलित छात्रा ३ हजार ९ सय ११ र छात्र ४ हजार ९ सय २० गरी जम्मा ९ हजार ८ सय ३१ रहेका छन्। सरकारी र सामुदायिक विद्यालय गरी प्राबि तहमा शिक्षिका १ सय ४ र शिक्षक ३ सय ३९ गरी जम्मा ४ सय ४३ शिक्षकशिक्षिका कार्यरत छन्। निमाबि तहमा शिक्षिका एक र शिक्षक ८५ गरी जम्मा ८६ कार्यरत छन्। यसैगरी माबि तहमा शिक्षिका एक र शिक्षक ६४ कार्यरत छन्। बालविकास केन्द्रमा बालक ३ हजार ४ सय ४४ र बालिका ३ हजार ४ सय ५५ गरी जम्मा ६ हजार ८ सय ९९ रहेका छन् जसमध्ये दलित बालक ९ सय ३८ र बालिका १ हजार २२ छन्।

बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

१४ वर्षीया एक बालिकालाई दाँहा गाविस-२ का २२ वर्षीय जगत हमालले ०६९ पुस १० गते बलात्कारको प्रयास गरी कुटपिटसमेत गरी घाइते बनाएको पीडित पक्षले बताए। घाइते बालिकाको पारालिगल गाउँ कमिटिको सहयोगमा जिल्ला अस्पतालमा उपचार भयो। पीडितले जिल्ला प्रहरी कार्यलयमा उजुरी दिए पनि यो वर्षको अन्त्यसम्ममा दर्ता भएन।

१५ वर्षीया एक बालिकालाई सोही गाविसका बीरमाने तिरुवा, नरजीत टमाटा, जैरामे टमाटा, बृकोसे टमाटा, कल्से टमाटा र सुक टमाटाले ०६८ पुस २५ गते सामूहिक बलात्कारको प्रयास गरेको पीडितले बताइन्। बालिका चिच्याएपछि गाउँलेले उनको उद्दार गरे। चिच्याएको भन्दै आरोपीहरूले बालिकामाथि कुटपिट समेत गरे। घाइते बालिकाको स्थानीय स्वास्थ्य चौकीमा उपचार भयो। पीडितले ०६८ पुस २८ गते जिल्ला प्रहरी कार्यालय र पारालिगलमा उजुरी दिए पनि यो वर्षको अन्त्य सम्ममा सुनुवाई भएन।

महिलाविरुद्ध हुने सबै प्रकारको भेदभाव, दुर्व्यवहार

बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

२२ वर्षीया एक युवतीलाई मान्म सदरमुकामबाट घर फर्कदै गर्दा ०६८ पुस २४ गते एमाओवादी इलाका कमिटी ६ का सदस्य कल चौलागाँईले सुकाटिया गाविस-२ सोही ठाउँको कालेखोलामा बलात्कारको प्रयास गरेको पीडितले बताइन्। शरीरको कपडा च्यातिएको अवस्थामा रुँदै घर आइपुगेकी पीडितले हाउँडी प्रहरी चौकीलाई खबर गर्दा सुनुवाई नभएपछि गाउँका २५ जना युवाहरूले गएर ०६८ माघ १ गते राति आरोपितलाई कब्जामा लिएर माघ २ गते आक्रोशित स्थानीय महिलाले आरोपीलाई मोसो र जुत्ताको माला लगाएर गाउँ घुमाए र प्रहरीलाई बुझाए। घटनाको अनुसन्धान गरिने भन्दै ०६९ माघ ४ गते प्रहरीले आरोपितलाई मुक्त गऱ्यो।

२३ वर्षीया एक युवतीलाई सुकाटिया गाविस-१ का २८ वर्षीय मीन शाहीले पीडितको पसल रारागाटमा ०६९ जेठ १७ गते बलात्कारको प्रयास गरेको पीडितले बताइन्। बलात्कारको प्रतिकार गर्दा शाहीले आफूलाई कुटपिट गरी घाइतेसमेत बनाएको भन्दै पीडितले ०६९ जेठ १८ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी गरिन्। आरोपीलाई प्रहरीले ०६९ जेठ २१ गते प्रक्राउ गरेपनि २२ गते बिनासर्त रिहा गऱ्यो।

३० वर्षीया एक महिलालाई रकु गाविस-९ का नरजित देवकोटाले ०६९ जेठ २० गते राति घरमा आई बलात्कारको प्रयास गरेको र प्रतिकार गर्दा छातीमा लात्तिले कुटपिट गरेको पीडितले बताइन्। पिटाइबाट घाइते पीडितको जिल्ला अस्पताल कालिकोटमा उपचार भयो। पीडितले ०६९ जेठ ४ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए पनि यो वर्षको अन्त्यसम्ममा दर्ता भएन।

घरेलु हिंसा

कुटपिट

मान्म गाविस-५ की २९ वर्षीया शान्ति शाहीलाई पति रतनबहादुर मल्लले अंशबण्डामा पाएको आफ्नो सम्पत्ति बेच्न नदिएको र रोक्काको लागि जिल्ला अदालतमा निवेदन दिएको आरोपमा ०६९ जेठ ७ गते जिल्ला न्यायाधीशको कार्यकक्षमा नै उजुरी च्यात्नुका साथै कुटपिट गरी घाइते बनाए। घटनालगत्तै जिल्ला न्यायाधीश अमृतबहादुर बस्नेतले डिएसपीलाई फोन गरी मल्ललाई पक्राउ गर्न लगाए। प्रहरीले ०६९

जेठ १५ गते भविष्यमा गल्ती नदोहऱ्याउने सर्तमा रिहा गऱ्यो।

पाँखा गाविस-४ का १९ वर्षीया विन्दा शाही मल्ललाई पति पङ्ख मल्लले ०६९ कात्तिक २२ गते पढाई कम भएको, सम्बन्ध विच्छेद गर्न नमानेको र छोरा नजन्माएको आरोपमा लाठी प्रहार गरी घाइते बनाए। पिटाइबाट पीडितको कान चुँडिनुका साथै घाँटीमा गम्भीर चोट लाग्यो। घाइतेको उपचार जिल्ला अस्पताल कालिकोटमा भयो। पीडितले थप पिटाइको डरले कतैपनि उजुरी नगरेको बताइन्।

मान्म गाविस-५ का ४० वर्षीया नन्दा शाहीलाई पति ४८ वर्षीय टेकबहादुर शाहीले जङ्गलमा बाखा चराउन गएको समयमा मान्मस्थित सुरक्षा सेनासँग कुरा गरेको आरोपमा ०६९ कात्तिक २८ गते राति लाठी प्रहार गरी घाइते बनाए। घाइते पीडितको जिल्ला अस्पताल कालीकोटमा उपचार भयो। पीडकले घटनाको कतै उजुरी गरेमा हातखुट्टा भाच्ने धम्की दिएकाले कतै पनि उजुरी नगरेको पीडितले बताइन।

बहुविवाह

दाँहा गाविस-३ का २७ वर्षीया लक्ष्मी न्यौपाने शाहीका पति अलिबहादुर शाहीले ०६९ साउन २५ गते बहुविवाह गरी भारत गएपछि आफ्नै सासू पुल्ती शाहीलगायत घरपरिवारले ०६९ साउन २८ गते कुटपिट गरी घरनिकाला गरे। घटनापछि पीडित एक महिनाको काखे छोरादेखि चार वर्षीया छोरीसम्म साथमा लिएर सदरमुकाम मान्ममा विस्थापित भइन्। घरपरिवारको कुटाइबाट घाइते पीडितको प्रमुख जिल्ला अधिकारीको सहयोगमा जिल्ला अस्पताल कालिकोटमा उपचार भयो। पीडित शाही सदरमुकाममा मागेर जीवन गुजारा गर्छिन। लक्ष्मी र अलिबहादुर शाही बीच ०६५ साल असोज १५ गते परम्परागत विवाह भएको थियो। उनले जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए पनि पीडक फरार भएका कारण यो वर्षको अन्त्यसम्ममा कुनै कारबाही भएन।

सुकाटिया गाविस-१ का ४१ वर्षीया रामपुरा शाहीलाई पति दुर्गाबहादुर शाहीले आफूलाई बहुविवाह गर्नबाट रोकेको आरोपमा ०६९ असोज २८ गते हात र लात्तीले कुटपिट गरी घाइते बनाए। कुटाइबाट घाँटी र गालामा गम्भीर चोट लागेकी घाइतेको स्थानीय स्वास्थ्य चौकीमा उपचार भयो। पीडितले थप कुटाइ खाने डरले कतै उजुरी नगरेको बताइन। उनका पति ०६९ मङ्सिर २७ गते दैलेख जिल्ला घर भई कालिकोट जिल्ला सदरमुकाम मान्ममा हाटेल व्यवसाय गर्दै आएकी महिलासँग बहुविवाह गरी यो वर्षको अन्त्यसम्म सुर्खेत वस्दै आएका छन्। उनी उच्चमावि राराकाटिया सुकाटियाका प्राचार्य समेत हुन्।

दाँहा गाविस-८ घरभई जिल्ला सदरमुकाम मान्म वस्दै आएकी पदमकली शाहीलाई पति लोकेन्द्रबहादुर शाहीले ०६९ कात्तिक २८ गते आफूले बहुविवाह गरेकोमा उजुरी दिएको आरोपमा ढुङ्गा प्रहार गरी घाइते बनाए। पीडितको पाखुरामा ढुङ्गा लागि हात भाँचियो। घाइतेको प्राथमिक उपचार जिल्ला अस्पताल कालिकोटमा भएपनि राम्रो उपचार हुन नसक्दा हाल उनी शारीरिक रूपमा अशक्त छन्। पीडितले जिल्ला प्रहरी कार्यालयमा उजुरी दिएपनि घरमै मेलमिलाप गर्नु भन्दै उजुरी दर्ता हुन सकेन।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार संरचना, सम्पति क्षति

एकीकृत माओवादीबाट

फूकोट गाविस-६ पुच्छेगाउँका ३४ वर्षीय नयाँ भण्डारीको घरमा एनेकपा माओवादी कार्यकर्ता नहकुल शाही जसी रोकायासहित सात जनाको समूहले ०६९ वैशाख ३० गते आगजनी गऱ्यो। पीडितले एमाले पार्टीको समर्थन गरी गाउँमा माओवादी पार्टी विपरित गतिविधि सञ्चालन गरेको भन्दै आगजनी गरेको पीडितले बताए। आगजनीपछि पीडितका आठ जनाको परिवार स्यूना प्रहरी चौकीमा विस्थापित भए। ०६९ वैशाख ३० गते पीडितले स्युना प्रहरी चौकीमा उजुरी दिएपनि यो वर्षको अन्त्यसम्ममा सुनुवाइ भएन।

जिल्ला स्वास्थ्य सेवाको अवस्था

कुमालगाँउ गाविस-४ का धनसुरे बुढाका ९ महिनाका छोरा परे बुढा सुन्निएको अवस्थामा स्वास्थ्य चौकी कुमालगाउँमा उपचार लागि लगिए पनि स्वास्थ्य चौकीमा स्वास्थ्यकर्मी नहुँदा उपचार पाउन नसकेर ०६९ असोज २५ गते मृत्यु भयो। कुमालगाउँ स्वास्थ्य चौकीमा एक जान अहेबको दरबन्दी भए पनि ०६९ साउन २० गतेबाट घरबिदामा रहेका कारण स्वस्थ्य चौकी खाली थियो ।

ओदानकु गाविस-४ की ३५ वर्षीया लालपुरा सिंहको उपचार नपाएर सुत्केरी हुन नसकी ०६९

वैशाख १४ गते मृत्यु भयो। सुत्केरी व्यथा लागेपछि स्थानीय स्वास्थ्य चौकी पुगेकी उनलाई स्वास्थ्य चौकीमा स्वास्थ्यकर्मी नहुँदा जिल्ला अस्पताल लैजाने क्रममा सोही गाविस-३ पात्मघाटस्थित बाटामै मृत्यु भयो।

अस्पताल	१		
स्वास्थ्यचौकी	११		
उपस्वास्थ्यचौकी	१८		
पद	**दरबन्दी**	**कार्यरत**	**रिक्त**
डाक्टर	४	१	३
स्टाफ नर्स	२	२	
ल्याब असिस्टेन्ट	१	१	
अहेब	४३	३८	५
अनमी	८	८	
खोप सुपरभाइजर	१	१	
क्षयरोग/कुष्ठरोग सुपरभाइजर	१		१
स्वास्थ्य कार्यकर्ता	४३	३६	७

जिल्ला प्रहरी कार्यालय

जिल्ला प्रहरी कार्यालयमा ०६८ पुस १७ गतेदेखि ०६९ पुस १६ गतेसम्म बलात्कार एक, कर्तव्यज्यान एक, ज्यानमार्ने उद्योग एक र बहुविवाहका दुई ओटा मुद्दा दर्ता भए।

४.१४ मुगु



जिल्ला सदरमुकाम: गमगडी
क्षेत्रफल (वर्ग कि. मि.): ३,५३५
घरधुरी सङ्ख्या: ५,६१५
जम्मा जनसङ्ख्या: ५५,२८६
पुरुष: २८,०२५
महिला: २७,२६१
अपाङ्ग सङ्ख्या: १,५१७
गाविस/नपा सङ्ख्या: २४/०
पुरुष साक्षरता सङ्ख्या: १६,५००
महिला साक्षरता सङ्ख्या: ५,५८८
हिन्दू धर्मावलम्बी प्रतिशत: ५१.६४
बौद्ध धर्मावलम्बी प्रतिशत: ८.०८
इस्लाम धर्मावलम्बी प्रतिशत: ०.०१
क्रिश्चियन धर्मावलम्बी प्रतिशत: ०.२
प्रकृति धर्मावलम्बी प्रतिशत: ०.०१
अन्य धर्मावलम्बी प्रतिशत: ०.०५६
प्रतिपरिवार सरदर सङ्ख्या: ५.७५

जेल र बन्दीहरू

'घ' श्रेणीको मुगु कारागारको आफ्नो भवन नभएकाले बन्दीलाई जुम्ला र बर्दिया कारागार पठाउने गरिएको छ। जिल्लाका बन्दीलाई टाढा पठाउनु पर्दा चर्को यातायात खर्च हुने गरेको छ । यसवर्ष जिल्ला अदालत मुगुले बर्दियामा एक र जुम्लामा तीन गरी जम्मा चारजनालाई पुर्पक्षका लागि थुनामा पठायो।

धम्की/कुटपिट

राज्यबाट

पुलु गाविस-६ निवासी ३५ वर्षीय दोर्जे लामालाई ०६९ मङ्सिर १६ गते पुलु बगरबाट महिला

घटनाको प्रकार	राज्यपक्षबाट			गैरराज्यपक्षबाट		
	महिला	पुरुष	जम्मा	महिला	पुरुष	जम्मा
बालअधिकार				३		३
महिलाअधिकार				४		४
गिरफ्तारी/यातना		५	५			
कुटपिट	१	३	३		४	४
जम्मा	१	८	८	६	४	१०

स्वयम्सेविकाहरूको छलफलमा सहभागी भइ साँझ घर फर्कने बेला बाटोमा रहेको पुलु चौकीका दुई प्रहरीको आँखा दोर्जेले आँखामा टर्च देखाएको आरोपमा प्रहरीलाई उनलाई कुटपिट गरे। प्रहरीले रातभर लामालाई नियन्त्रणमा लिई कपडासमेत फुकालेर भुईंमा टाउको टेकाई नीलडाम हुने गरी कुटपिट गरी रातभर चिसोमा राखी बिहान चौकीनजिक होटल व्यवसाय गर्ने पाल्जोर लामाको रोहबरमा छाड्यो। घटना सार्वजनिक भएपछि आक्रोशित भएका गाउँलेले पुलु चौकीमा नाराबाजी र ढुङ्गामुढा गरे। पीडित दोर्जे र पुलु-५ निवासी ३२ वर्षीय फोनजोक लामालाई ०६९ मङ्सिर १८ गते प्रहरीले छलफलका लागि भनी बोलाएर नियन्त्रणमा लिई ०६९ मङ्सिर १९ गते जिल्ला प्रहरी कार्यालय मुगु पच्याई सार्वजनिक अपराधको मुद्दा लगायो। प्रहरीले पीडित दोर्जेकी २७ वर्षीया पत्नी ईटोल लामालाई समेत कुटपिट गच्यो। इटोलमाथि कुटपिट गर्ने प्रहरीलाई कारबाहीको माग गर्दै जिप्रकामा उजुरी दिँदा प्रहरीले दर्ता गर्न नमानेको पीडितले बताइन्। सार्वजनिक अपराधको मुद्दा लगाइएका पीडितद्वयलाई सरकारी वकिलको रायअनुसार जिल्ला प्रशासन कार्यलयले ०६९ मङ्सिर २२ गते जमानतमा रिहा गर्ने आदेश गच्यो।

फोतु गाविस-८ निवासी २१ वर्षीया राजनीति शाहीलाई ०६९ कात्तिक २२ गते राति आफ्नो दाइको पसल अगाडि मदिरा सेवन गरेका युवाहरू र प्रहरीबीच विवाद भइरहँदा पसल तोडफोड हुने डरले पसल अगाडि उभिरहेको अवस्थामा गस्तीमा रहेको प्रहरीले बीचमा किन आएको भन्दै लाठी लात्ती र मुक्काले कुटपिट गरे। पीडितले आफू छ महिनाको गर्भवती भएकाले आफ्नो स्वास्थ्य जाँच र घाउजाँच गरी घटनामा संलग्नलाई कारबाहीको माग राखी ०६९ कात्तिक २३ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिएपनि प्रहरीले दर्ता गरेन। पीडितले जिल्ला प्रशासन कार्यालयमा सोही दिन उजुरी दर्ता गराइन्। पीडितको ०६९ कात्तिक २४ गते जिल्ला अस्पतालमा स्वास्थ्य परीक्षण भयो तर, अस्पतालले मेसिन बिग्रिएको भन्दै थप परीक्षणका लागि नेपालगञ्ज जान सल्लाह दिएपछि पीडितलाई प्रहरीले उपचार खर्च दिने सहमति गरी थप उपचारका लागि नेपालगञ्ज पठाएपनि यो वर्षको अन्त्यसम्म प्रहरीले खर्च उपलब्ध नगराएको पीडितले बताइन।

एकिकृत नेकपा माओवादीबाट

भिई गाविस-१ निवासी २४ वर्षीय नेकपा-माओवादीका जिल्ला सदस्य तुफान भनिने जयरुप नेपालीलाई ०६९ भदौ १३ गते आफ्नो पसलमा सानो छोरा साथमा लिएर बसिरहेको अवस्थामा एकीकृत माओवादीका जिल्ला संयोजक अमरध्वज भनिने अजबहादुर शाहीको नेतृत्वमा आएका अन्य पाँच जनाको समूहले अघिल्लो दिन आफ्ना पार्टीका साथीमाथि कुटपिटमा संलग्न भएको आरोपमा कुटपिट गरे। आफू विनाकारण पिटिएको र पसलबाट २० हजार रुपियाँसमेत चोरिएको भन्दै पीडितले सोही दिन नै जिल्ला प्रहरी कार्यालयमा उजुरी दिएपनि प्रहरीले कसैलाई पनि गिरफ्तार गरेन।

नेकपा-माओवादीबाट

गम्था गाविस-४ निवासी जनमुक्ति सेनाबाट स्वेच्छिक अवकास रोजेका २५ वर्षीय अजबहादुर बुढथापालाई नेकपा-माओवादीका पाँच कार्यकर्ताले ०६९ असोज १८ गते गम्था गाविसको तलिबगरमा बसिरहेको अवस्थामा कुटपिट गरी घाइते बनाए। कुटपिटबाट दायाँ हात भाँचिएका पीडितलाई उपचारको लागि ०६९ असोज २१ गते जुम्ला जिल्लाको खिडकीज्युलाबाट नेपालगञ्ज भेरी अञ्चल अस्पतालमा ल्याइयो। पीडितले ०६९ असोज १९ गते प्रहरीमा उजुरी गरे पनि प्रहरीले वेवास्ता गरेको पीडितले बताए।

युवा सङ्घबाट

कार्कीबाडाँ गाविस-७ निवासी १८ वर्षीय दोर्ण रावललाई ०६८ चैत १७ गते श्रीनगर गाविस-५ निवासी युवा सङ्घ मुगुका अध्यक्ष २३ वर्षीय पारसमणि मल्ललगायत अन्य चारजनाले धारिलो हतियार प्रयोग गरी कुटपिट गरे। कुटपिटपछि आरोपितलाई जिल्ला प्रहरी कार्यलयमा उजुरी दिँदा प्रहरीले पक्राउ नगरेको भनी कार्कीबाडाँ गाविस-७ र ८ वडाका बासिन्दाले प्रहरीविरुद्ध नाराबाजी गर्दा २२ वर्षीय प्रेम कार्कीलाई

प्रहरीले कुटपिट गरी दुई घण्टा नियन्त्रणमा लियो। युवासङ्घका कार्यकर्ताबाट कुटिएका रावल उपचार गर्न नेपालगञ्ज आएपछि यो वर्षको अन्त्यसम्म जिल्ला फर्केनन्।

गिरफ्तारी/यातना

राज्यबाट

जिल्लामा अवैध हतियारको बिगबिगी, सुरक्षामा चुनौती शीर्षकमा ०६९ मङ्सिर २४ गते स्थानीय सामुदायिक मुगु रेडियोबाट समाचार प्रसारण गरेको विषयलाई लिएर ०६९ मङ्सिर २९ गते जिल्ला प्रशासन कार्यालय मुगुको निर्देशनमा प्रहरीले रेडियोका स्टेशन इञ्चार्ज एवम् नयाँपत्रिका दैनिकका सम्वाददाता सुमन मल्ललाई पाँच घण्टा नियन्त्रणमा राखी साँझ छोड्यो। नेपाल पत्रककार महासङ्घ मुगु शाखाका उपाध्यक्षसमेत रहेका मल्ललाई प्रहरीले बजारमा हिँडिरहेको अवस्थामा दिउँसो करिब १ बजे पक्राउ गरेको थियो। मल्लको गिरफ्तारीको पत्रकार महासङ्घ मुगु शाखा, स्थानीय राजनीतिक दल, नागरिक समाजलगायतले विरोध गरेपछि साँझ छाडेको थियो। उनलाई अघिल्लो दिन साँझ ६ बजे रेडियोको कार्यालयमा नै बर्दिधारी प्रहरी पुगेर समाचार पढिरहेको बेला गिरफ्तार गर्न खोजेको पीडितले बताए। कामको व्यस्तता र राति भएकाले पक्राउ पूर्जी खोजेपछि भोलिपल्ट गिरफ्तार गरेको थियो। घटनाका सम्बन्धमा प्रमुख जिल्ला अधिकारी ईश्वरराज रेग्मीले समाचारको विषयमा सोधपुछ गर्न मात्र बोलाएको तर, नआएपछि प्रहरी परिचालन गर्नुपरेको बताए।

सुगर र निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालत

०६८ पुस १६ गतेदेखि ०६९ असार मसान्तसम्म : एक जनामात्र न्यायाधीश रहेको यस अदालतमा न्यायाधीश समयमा उपस्थित नहुँदा जुम्ला जिल्ला अदालतका न्यायाधीशबाट काम अगाडि बढ्यो। यस अवधिमा फौजदारी तर्फका १ सय मुद्दामध्ये ५४ थान फैसला भई ४६ थान फैसला हुन बाँकी रहे। त्यस्तै देवानी तर्फ ३८ थानमध्ये १८ थान मुद्दा फैसला भई २० थान मुद्दा फैसला हुन बाँकी रहे।

०६९ साउन १ गतेदेखि ०६९ पुस १५ गतेसम्म : यस अवधिमा फौजदारीतर्फ ८२ थानमध्ये ३४ थान मुद्दा फैसला भई ४८ थान फैसला हुन बाँकी रहे। त्यस्तै देवानीतर्फ २७ थानमध्ये १२ थान मुद्दा फैसला भई १५ थान फैसला हुन बाँकी रहे।

जिल्ला सरकारी वकिलको कार्यालय

०६८ पुसदेखि ०६९ असार मसान्तसम्म

एक जना सरकारी वकिल भएको यस कार्यालयबाट यस अवधिमा नौ थान मुद्दा दायर भए। जसमा कर्तव्य ज्यान एक, आवेश प्रेरित हत्या एक, भवितव्य ज्यान एक, जबरजस्तीकरणी एक, सार्वजनिक अपराध एक र ज्यान मार्ने उद्योगका चार थान मुद्दा रहे।

०६९ साउनदेखि पुससम्म

यस कार्यालयबाट सार्वजनिक अपराध छ, बहुविवाह एक, जबरजस्तीकरणी एक, भवितव्य ज्यान एक र ज्यानमार्ने उद्योग तीन थान गरी जम्मा १२ थान मुद्दा दर्ता भए।

बालअधिकार

शिक्षाको अवस्था

यस जिल्लामा विद्यालय जाने उमेरका १६ हजार ८ सय २८ मध्ये छात्र ८ हजार ५ सय ६९ र छात्रा ८ हजार २ सय ५९ प्राथामिक तहदेखि माबि तहसम्म भर्ना भए। यसमध्ये दलित छात्र १ हजार ७ सय ४० र छात्रा १ हजार १ सय ६४ रहे। सरकारी र समुदायिकसमेत गरी प्राविमा ५८ शिक्षक र दुई शिक्षिका, निमाविमा ६२ शिक्षक, दुई शिक्षिका र १० राहत शिक्षक र माविमा ४४ शिक्षक, एक शिक्षिका र १० राहत शिक्षक कार्यरत छन्। जिल्लामा ९३ प्रावि, २२ निमावि, २१ मावि र सात उमावि रहेका छन्। यसैगरी बालविकास केन्द्रतर्फ बालक १ हजार ७ सय २० र बालिका १ हजार ५१ गरी २ हजार ७ सय ७१ भर्ना भएका छन्।

बलात्कार, बलात्कारको प्रयास तथा यौनदुर्व्यवहार

एक १७ वर्षीया युवतीलाई ०६९ मङ्सिर १२ गते रुँगा गाविस-३ निवासी २० वर्षीय रामसिंह बोहोराले ललाइफकाई विवाह गर्ने भनी राति पीडितको घर नजिकको बारीमा पुऱ्याई बलात्कार गरेको भन्दै पीडितले ०६९ मङ्सिर १३ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिइन। प्रहरीले सोही दिन नै आरोपितलाई गिरफ्तार गऱ्यो। पीडितलाई पनि जीवनसुरक्षाका लागि भन्दै प्रहरीले ०६९ मङ्सिर २१ गतेसम्म जिल्ला प्रहरी कार्यालयमा महिला प्रहरीको

साथमा राखेको थियो भने प्रहरीले आरोपित बोहोरालाई ०६९ पुस ४ गते जिल्ला सरकारी कार्यालयमा बुझाइ वकिल कार्यालयमार्फत सोही दिन जिल्ला अदालतले आरोपित बोहोरालाई अदालतले खोजेको समयमा हाजिर हुने भनी तारेखमा रिहा गऱ्यो।

बालविवाह

रुगा गाविस-३ निवासी १४ वर्षीया कोशेली वडुवाललाई घरमा वसी रहेको अवस्थामा माङ्ग्री गाविस-३ निवासी २२ वर्षीय चन्द्र बुढाले ०६८ फागुन १४ गते ललाईफकाई आफ्नो घरमा लगी ०६८ फागुन २० गते परम्परागत विवाह गरे। रुगाँ गाविस-३ थार्पस्थित मष्टा बालक्लबले उक्त विवाह रोक्न जिल्ला प्रहरी कार्यालयमा ०६९ फागुन १६ गते निवेदन पेस गरे पनि प्रहरीले सो विवाह रोक्न चासो नदेखाएकाले गाउँ बाल संरक्षण समिति रुगाँले ०६९ वैशाख ९ गते दुवैपक्षलाई बोलाई पीडित बालिका बडुवाल २० वर्ष नपुगेसम्म माइतीमै बस्ने भनी कागज गराई मिलापत्र गरायो।

महिला विरुद्ध हुने सवै प्रकारको भेदभाव, दुर्व्यवहार बहुविवाह

पिना गाविस-१ निवासी २३ वर्षीय सीपलाल कामीले ०६९साउन २१ गते सुर्खेत बीरेन्द्रनगर नपा-११ निवासी १७ वर्षीया विष्णु सुनारसँग दोश्रो विवाह गरे। कामीको जेठी पत्नीले बहुविवाह विरुद्ध ०६९ भदौ १८ गते जिल्ला अदालतमा मुद्दा दर्ता गराए पनि पीडकका आफन्तले पालनपोषण र हेरचाह गर्ने भन्दै मुद्दा फिर्ता गर्न लगाए। पीडित हाल माइतीमा बस्दै आएकी छन्।

आर्थिक, सामाजिक तथा साास्कृतिक अधिकार

कार्कीवाडा गाविस-७ निवासी १८ वर्षीय दोण रावललाई श्रीनगर गाविस-५ निवासी २३ वर्षीय पारसमणि मल्ललगायत अन्य चार जना युवाले ०६८ चैत १७ गते धारिलो हतियार प्रयोग गरी घाइते बनाएको घटनामा पीडितपक्षले प्रहरीमा उजुरी दिँदा आरोपितहरूलाई प्रहरीले गिरफ्तार नगरेको विरोधमा कार्कीवाडा-७ र ८ का युवाले जिल्ला प्रहरी कार्यालयमा श्रीनगर गाविसको नाउरबाट ल्याएको खानेपानीको पाइपलाइन काटी दिए। त्यस्तै, सोही घटनामा पिना गाविसको झ्यारी खोलाबाट ल्याएको पानीको पाइप पनि ०६८ चैत १२ गते काटिएपछि सदरमुकाम गमगडीका १ सय १६ धाराको पानी बन्द भयो र सदरमुकामवासीले दुई दिनसम्म खानेपानी अभाव खेप्नुपऱ्यो। विरोधकर्ता र प्रहरी प्रशासनबीच ०६८ चैत २१ गते बसेको सर्वपक्षीय बैठकले पीडकलाई कानुनी कारबाही गर्ने सहमति जनाएपछि खानेपानी पाइप जडान गर्न दिइयो।

स्वास्थ्य सेवाको अवस्था

अस्पताल	१		
स्वास्थ्यचौकी	१२		
उपस्वास्थ्यचौकी	१२		
पद	**दरबन्दी**	**कार्यरत**	**रिक्त**
डाक्टर	३	२	१
स्टाफ नर्स	३	२	१
ल्याब असिस्टेन्ट	२	१	१
अहेब	३२	३१	१
अनमी	११	७	४
खोप सुपरभाइजर	१	१	
क्षयरोग/कुष्ठरोग सुपरभाइजर	१		१
हेल्थ असिस्टेन्ट	१४	९	५

जिल्ला प्रहरी कार्यालय

जिल्ला प्रहरी कार्यालयमा ०६८ पुस १७ गतेदेखि ०६९ पुस १६ गतेसम्म कुटपिटका २७ वटा निवेदन परेकोमा सबै मिलापत्र भए। त्यस्तै बहुबिबाह दुई, फुटकर ज्यान एक, भवितव्य ज्यान एक, जबरजस्ति करणी दुई, कर्तव्य ज्यान दुई, अवैध हातहतियार खरखजना एक, ज्यान मार्ने उद्योग चार, सार्वजनिक अपराधका पाँच ओटा मुद्दा दर्ता भए।

४.१५ हुम्ला



जिल्ला सदरमुकाम: सिमीकोट
क्षेत्रफल (वर्ग कि. मि.): ५,६५५
घरधुरी सङ्ख्या: ५,४७५
जम्मा जनसङ्ख्या: ५०,८५८
पुरुष: २५,८३३
महिला: २५,०२५
अपाङ्ग सङ्ख्या: २,४११
गाविस/नपा सङ्ख्या: २७/०
पुरुष साक्षरता सङ्ख्या: १४,३७५
महिला साक्षरता सङ्ख्या: ७,५५२
हिन्दू धर्मावलम्बी प्रतिशत: ८१.६२
बौद्ध धर्मावलम्बी प्रतिशत: १८.१२
इस्लाम धर्मावलम्बी प्रतिशत: ०.०२
क्रिश्चियन धर्मावलम्बी प्रतिशत: ०.०२
अन्य धर्मावलम्बी प्रतिशत: ०.०४१
प्रतिपरिवार सरदर सङ्ख्या: ५.३७

जेल र बन्दीहरू

'घ' श्रेणीको जिल्ला कारागारको बन्दी क्षमता २५ जना रहेको छ। यो वर्षको अन्त्यसम्म कैद तोकिएको दुई जना र कैद नतोकिएको १३ कैदी र थुनुवा गरी जम्मा १५ जना बन्दीहरू रहेका छन्। जसमा आश्रित बालक र बालिका छैनन्। जिल्ला कारागार जिल्ला प्रहरी कार्यालयको परिसरमा रहेको भएपनि हाल कारागार पूणरूपमा भत्किएर राख्न नमिल्ने भई हाल जिल्ला प्रहरी कार्यालय हुम्लाको हिरासतमा राखिएको छ। कारागारमा पानी, शौचालय लगायतका आधारभूत सुविधासमेत पर्याप्त छैन। यसवर्ष मूर्ति चोरीको आरोपमा पक्राउ परेका जुम्ला जिल्ला ढापा गाविस-८ का २८ वर्षीय शंकर भन्ने किड्कट शर्माले राया गाविस-९ थालिका थुनुवा प्रेम रावललाई ०६९ असोज ४ गते बिहान जिल्ला कारागारमा भएको झडपमा अचार राखेको सिसाको बट्टा प्रहार गरी गम्भीर घाइते बनाए। घाइतेको जिल्ला अस्पतालको आकस्मिक कक्षमा उपचार भयो। कारागार पूर्ण रूपमा भत्केको र हिरासतमा एउटै कोठामा क्षमता भन्दा बढी थुनुवा राख्नु पर्ने बाध्यताले घटना भएको जिल्ला प्रहरी कार्यालयले जनायो।

धम्की/कुटपिट

एकीकृत माओवादीबाट

डाँडाँफया गाविस-४ बस्ने ३३ वर्षीय भक्तबहादुर शाहीलाईसोही ठाउँका २० वर्षीय हस्तबहादुर शाहीले ०६९ जेठ १९ गते बेलुकी सिमकोटबाट घरतर्फ जाँदै गरेका सोही ठाउँका विद्यालय व्यवस्थापन समिति गठन प्रकृयाको रिसइवीका कारण बीच बाटोमा पर्ने ठूला ढुङ्गा भन्ने स्थानमा ढुङ्गा प्रहार गरी सख्त घाइते बनाए। पीडितका बाबु र पीडकबीच घटना भएको केही दिन पहिले विद्यालय व्यवस्थापनको अध्यक्ष पदका लागि निर्वाचनमा भक्तबहादुर शाहीलाई भोट नहालेको भन्दा एक अर्काबीच हानाहान भएको निहुँमा यो घटना भएको पीडितले जानकारी दिए। आफू नेपाली काङ्ग्रेस आवद्ध भएको र पीडक एमाओवादी सम्बद्ध भएकाले राजनीतिक प्रतिशोधका कारण समेत घटना भएको पीडितको दावी थियो। पीडितले न्यायका जिल्ला प्रहरी कार्यालय हुम्लामा ०६९ जेठ २१ गते ज्यानमार्ने उद्योगमा जाहेरी दिए। सो मुद्दा हाल अदालतमा विचराधीन रहेको छ।

नेकपा-माओवादीबाट

मैला गाविस-३ का ३० वर्षीय जयधन सुनार र सोही गाउँका ३५ वर्षीय नरदीप सुनारलाई माओवादी पार्टी परित्याग गरी एमालेमा प्रवेश गरेको आरोपमा ०६८ माघ २ गते सोही ठाउँका ५० वर्षीय लालचन्द्र जैसी र लक्ष्मी जैसीले कुटपिट गरी घरमा बस्ने अधिकार छैन भन्दै घरनिकाला गरे। घटनापछि सदरमुकाम सिमकोट विस्थापित भएका पीडितहरू ०६९ जेठ महिनामा मात्र घर फर्कन सके। पीडितले जिल्ला प्रहरी कार्यालयमा ०६८ माघ ६ गते उजुरी दिएपनि घटनामा संलग्न व्यक्तिहरू गाउँमै रहेको भन्दै छलफल गराउन बोलाएको प्रहरीले बतायो। पीडितहरू ०६८ माघ १ गते मैला गाउँमा आयोजित नेकपा

घटनाको प्रकार	राज्यपक्षबाट		गैरराज्यपक्षबाट		
	महिला	जम्मा	महिला	पुरुष	जम्मा
घाइते				१	१
आर्थिक/सामाजिक/साँस्कृतिक अधिकार			१		१
महिलाअधिकार	१	१	१०		१०
जातीय विभेद				३	३
कुटपिट			३	७	१०
जम्मा	१	१	१४	११	२५

एमालेको पार्टीको गाउँ जागरण अभियानमा पार्टी प्रवेश गरेका थिए।

सर्किदेउ गाविस-७ उनपानी निवासी २९ वर्षीय जीवन फडेरालाई नेपाली काङ्ग्रेसँग आवद्ध भएको भन्दै सोही ठाउँका २८ वर्षीय नेकपा-माओवादीका सङ्गठित सदस्य जीवन फडेराले ०६९ असार ४ गते राति ९ बजेतिर घरमा कुटपिट गरे। पीडितले जिल्ला प्रहरी कार्यालयमा ०६९ असार ७ गते कुटपिट विरुद्ध जाहेरी दिए। अभियुक्तको मुद्दा हाल अदालतमा विचराधिन छ।

नेपाली काङ्ग्रेसबाट

खार्पुनाथ गाविस-८ बस्ने ४६ वर्षीय नेकपा एमालेका सङ्गठित सदस्य कुबेरबहादुर शाहीलाई सोही ठाउँस्थित घट्टेखोलाबाट सानो बिजुली निर्माणका लागि कार्य सञ्चालन गर्न गएको अवस्थामा सोही गाविस-९ निवासी २५ वर्षीय नेपाली काङ्ग्रेसका कार्यकर्ता धिरेन्द्र शाही समेतका पाँच जनाले उक्त योजना निर्माण गर्न नपाउने भनी ०६९ मङ्सिर १० गते विहान ११ बजे कुटपिट गरी घाइते बनाए। घाइतेको जिल्ला स्वास्थ्य कार्यालय हुम्लामा उपचार भयो। दुवै पक्षबीच जिल्लास्तरमा दलीय सहमति भई विद्युत निर्माण कार्य नरोक्ने सर्तमा ०६९ मङ्सिर १३ गते जिल्ला प्रहरी कार्यालयमा मिलापत्र भयो।

सुगम र निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालत

०६८ साउनदेखि ०६९ असार मसान्तसम्म :

एक जनामात्र न्यायाधीश रहेको यस जिल्ला अदालतको फौजदारी मुद्दातर्फ १२ थानमध्ये छ फैसला भई छ थान फैसला हुन बाँकी रहे। देवानी मुद्दातर्फ तीन थानमध्ये एक थान फैसला भई दुई थान फैसला हुन बाँकी रहे।

०६९ साउनदेखि पुस १५ सम्म

यस अवधिमा फौजदारी मुद्दातर्फ नौ थानमध्ये सबै मुद्दा फैसला हुन बाँकी रहे। देवानी मुद्दातर्फ दुई थानमध्ये दुई थान फैसला हुन बाँकी रहे। दुई वर्ष नाघेका फौजदारी मुद्दा नभएको हुम्ला जिल्ला अदालतले जानकारी दियो।

जिल्ला सरकारी वकिलको कार्यालय

जिल्ला सरकारी वकिलको कार्यालयबाट ०६८ साउनदेखि ०६९ असार मसान्तसम्म दायर मुद्दाको सङ्ख्या आठ थानमध्ये छ थान सफल भई दुई थान मुद्दा विचाराधीन रहे। त्यस्तै १२ थान मुद्दा मुलतवीमा रहे। सरकारी वकिल सङ्ख्या एक रहेको यस जिल्ला सरकारी वकील कार्यालयबाट दायर आठ थान मुद्दामध्ये ०६९ असार मसान्तसम्म दुई थान मुद्दा फर्स्यौट हुन बाँकी रहेको सरकारी वकिलको कार्यालयले जनायो। दायर मुद्दामध्ये कर्तव्य ज्यानसम्बन्धी मुद्दा एक थान मुद्दामध्ये एक थान सफल रह्यो। बलात्कारसम्बन्धी मुद्दा नभएको, महिला बेचविखनसम्बन्धी मुद्दा नभएको, अपहरणसम्बन्धी मुद्दा एकमध्ये एक नै विचाराधिन रहेको। बहुविवाहसम्बन्धी नभएको, बालविवाहसम्बन्धी मुद्दा नरहेको र छुवाछूतसम्बन्धी मुद्दा नरहेको सरकारी वकिल कार्यालयले जनायो । त्यस्तै ०६९ साउनदेखि ०६९ पुससम्म दायर मुद्दाको सङ्ख्या नौ थान रहे जसमध्ये दुई थान मुद्दा सफल भएको र सात थान मुद्दा विचाराधिन रहेका सो कार्यालयले जनायो।

झडपमा घाइते कलबहादुर हमाल

बालअधिकार

शिक्षाको अवस्था

यस जिल्लाका विद्यालय जाने उमेरका ३० हजार ४ सय ११ मध्ये छात्र १३ हजार ८ सय ६ र छात्रा १३ हजार ६ सय ८५ प्राथमिक तहदेखि माबि तहसम्म भर्ना भए। यसमध्ये दलित छात्रा १ हजार ५ सय ६० र छात्र १ हजार ८ सय १२ रहेका छन्।

सरकारी र सामुदायिक विद्यालय गरी प्रावि तहमा शिक्षिका ५२ र शिक्षक २ सय ६६ गरी जम्मा ३ सय १८ शिक्षकशिक्षिका कार्यरत छन्। निमावि तहमा ७५ जना शिक्षक कार्यरत छन्। यसैगरी मावि तहमा २३ जना शिक्षक कार्यरत छन्। त्यस्तै जिल्लामा १ सय १६ बालविकास केन्द्र रहेको तर बालबालिकाको सङ्ख्या अद्यावधि नगरिएको जिल्ला शिक्षा कार्यालयले बतायो। कार्यालयले अन्य सूचना समेत व्यवस्थित अभिलेखीकरण गरेको पाइएन।

कुटपिट

राया गाविस-९ थाली निवासी शङ्कर निम्नमाध्यामिक विद्यालयमा कक्षा १ मा अध्ययनरत ९ वर्षीय छात्र लोकेन्द्र रावलको ०६९ भदौ २६ गते विज्ञान शिक्षकले अघिल्लो दिन विद्यालय नआएको र ओखर खाएर हात कालो पारेको भन्दै कुटपिट गर्दा डरले भाग्ने क्रममा चौरमा लड्दा हात भाँचियो। बालकलाई उपचारकालागि सिमकोटस्थित् चित्त नेपाल मेडिकल सेन्टरमा भर्ना गरिएकोमा सेन्टरले थप उपचारका लागि नेपालगञ्ज रिफर गऱ्यो। आर्थिक अवस्था कमजोर भएकाले बालकको अभिभावकले उपचारका लागि नेपालगञ्ज ल्याउन सकेनन्।

महिलाविरुद्ध हुने सबै प्रकारको भेदभाव, दुर्व्यवहार कुटपिट

लाली गाविस-७ प्यूसका ३६ वर्षीय दिनेश शाहीले पत्नी ३० वर्षीया सुशीला शाहीलाई ०६९ जेठ ९ गते राति मादक पदार्थ सेवन गरी दाइजो नल्याएको भन्दै लाठी प्रहरी गरी घाइते बनाएको पीडितले बताइन्। पीडितको सोही गाविसस्थित स्वास्थ्य चौकीमा उपचार भयो। पीडित पतिको धम्कीका कारण कतै पनि उजुरी गर्न नसकेको पीडितले बताइन्।

सिमकोट गाविस-१ माथिल्लो गाउँ निवासी २७ वर्षीया उनकला सुनारलाई ०६९ असार २० गते दिउँसो ज्यालादारी गरी घर पुग्नासाथ पति वीरबहादुर सुनारले खाना चिसो भएको आरोपमा दाउराले आँखामा हिर्काउदा पुरै आँखा रक्ताम्मे भएको पीडितले बताइन्। आर्थिक अभाव तथा गरिबीका कारण दैनिक ज्याला मजदुरी गरेर दुई छोरा र एक छोरी पाल्दै आएको र तीनै छोराछोरीको कारण सम्बन्धविच्छेद गर्न नसकेको पनि पीडितले बताइन। पीडितको जिल्ला अस्पतालमा उपचार भयो। उनले न्यायका लागि कतै पनि उजुरी गरिनन्।

झडपमा घाइते प्रेम रावल

बाँके नेपालगञ्ज माइती घरभई हाल गोठी गाविस-९ निवासी नैनबहादुर शाहीसँग नौ वर्ष अघि प्रेमविवाह गरेकी २८ वर्षीया मीरा शाहीलाई ०६९ मङ्सिर १३ गते पतिले शरीरमा तातो चिया खन्यायर घाइते बनाएको पीडितले बताइन। हिंसा सहन नसकी माइती जान भनी सदरमुकाम आएपनि खर्च अभावका कारण अलपत्र परेको पनि पीडितले बताइन्। पतिले सिमकोटमा आएर पनि धम्की दिई दुई वर्षकी छोरीलाई खोसेर लगेको। पीडितले बताइन् । जिल्ला प्रहरी कार्यालयले ०६९ मङ्सिर २३ गते पतिपत्नी बीच छलफल गराई मेलमिलापको प्रयास गरेपनि नसकेको बतायो।

जैर गाविस-६ निवासी २२ वर्षीय उब्जन रोकायाले १९ वर्षीया पत्नी निर्मला रोकायालाई ०६९ जेठ १ गते राति आफ्नै घरमा सुतिरहेको समयमा बहुविवाह गर्न नदिएको आरोपमा दाउराले हिर्काएर घाइते बनाई भागेर भारत गए। पीडितको जैर स्वास्थ्य चौकीमा उपचार भयो। भारत गएका उनका पति यो वर्षको अन्त्यसम्म घर फर्केनन्। पीडितले सम्बन्ध विच्छेदका लागि जिल्ला अदालतमा मुद्दा दर्ता गराएकी छिन।

सबै प्रकारका जातीय विभेद

अछाम जिल्ला घरभई हाल सिमकोट गाविस-५ माथिल्लो बजारमा सुन व्यवसाय गर्दै आएका ५२ वर्षीय हरिलाल सुनारलाई ठेहे गाविस-९ दोजाम गाउँका ४२ वर्षीय कुन्छाङ लामाको नेतृत्वमा ०६८ चैत २७ गते हरिलाल सुनारको छोरा २१ वर्षीय माधव सुनारसँग कुन्छाङ लामाकी छोरी १८ वर्षीया न्युबुटी लामासँग अन्तर जातीय विवाह गराइदिएको आरोपमा लामाले सुनारलाई कुटपिट गरेको पीडितले बताए। "किन आफ्नो छोरालाई विवाह गराई नेपालगञ्ज पठाएको तँ दलितले हाम्रो लामा जातिसँग विवाह गर्न मिल्दैन" भन्दै कुटपिट गरेको पीडितको भनाइ थियो। केटीपक्षले लामा जातिको संस्कार अनुसार आफ्नी छोरी दलितसँग विवाह गरेर मरेको भन्दै अन्त्यष्टीसमेत गरे। अन्तरजातीय विवाह गरेका जोडी हाल धनगढीमा

आफन्तको घरमा बस्दै आएका छन्।

नेकपा-माओवादी पार्टी गाउँ विकास समितिका इन्चार्ज कालिका गाविस-९ निवासी ४१ वर्षीय हरिदल पुनले सोही गाविस-६ निवासी ३५ वर्षीय केन्द्रलाल विकलाई माओवादी पार्टी परित्याग गरी नेकपा एमालेमा प्रवेश गरेको आरोपमा ०६९ असार २७ गते दिउसो सिमकोट गाविस-४ तल्लो बजार शाही होटलमा चिया खानेक्रममा 'डुम जुन पार्टीमा गए पनि के नै गर्न सक्छ' भनेर अपशब्द बोली दुर्व्यवहार गरेको पीडितले बताए। विवाद थप चर्कने भन्दै आफूले कतै उजुरी गर्न नचाहेको पनि पीडितले बताए।

मैला गाविस-४ रामा निवासी ५३ वर्षीय मनबहादुर शाही र छोरा १९ वर्षीय प्रकाश शाहीले सोही गाविस-४ रामा निवासी ४० वर्षीय अशोकलाल सार्कीसहित छ जनालाई "दलित भएर तिमीहरूले हाम्रो काम गर्न नमान्ने" भन्दै ०६८ माघ ६ गते बेलुकी कुटपिट गरेको पीडितले बताए। पीडितले गाउँ नछोडेमा ज्यान मार्ने धम्कीसमेत दिएकोले हालसम्म पनि घर नगई सदरमुकाममा बसेको र न्यायका लागि जिल्ला प्रहरी कार्यालयमा ०६८ माघ १९ गते निवेदन दर्ता गरे पनि सानातिना कुरामा झगडा गर्न उचित नभएको भन्दै सो निवेदन दर्ता गर्न नमानेको पीडितले बताए।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार संरचना, सम्पति क्षति

एमालेबाट

मैला गाविस-४ मा रहेको उपस्वास्थ्य चौकीको भवनमा स्वास्थ्य सेवा राम्रो नभएको भन्दै मैला गाविस-९ का एमाओवादीका जिल्ला कमिटी सदस्य २५ वर्षीय अकवीर खड्कासहित छ जनाको टोलीले ०६८ माघ ५ गते दिउँसो कार्यालयमा ढुङ्गा प्रहार गरी टिनसहित झ्याल तोडफोड गरे।

जिल्ला स्वास्थ्य सेवाको अवस्था

अस्पताल	१		
स्वास्थ्यचौकी	१४		
उपस्वास्थ्यचौकी	१२		
पद	**दरबन्दी**	**कार्यरत**	**रिक्त**
डाक्टर	२	२	
स्टाफ नर्स	२	१	१
ल्याब असिस्टेन्ट	२	१	१
अहेव	२९	२६	३
अनमी	३	३	
खोप सुपरभाइजर	१	१	
क्षयरोग/कुष्ठरोग सुपरभाइजर	१		१
हेल्थ असिस्टेन्ट	१२	५	७
स्वास्थ्य कार्यकर्ता	३२	२०	१२

स्वास्थ्य सेवा नपाएर मृत्यु

प्रसुती व्यथाले च्यापेकी मैला गाविस-७ की छुपुका खड्काको ०६८ माघ ५ गते मृत्यु भयो। स्वास्थ्य कार्यालयमा अहेवसहित चार जनाको दरवन्दी भए पनि सो दिन पियन बाहेक कोही नभएकाले स्वास्थ्य सेवा नपाएर सुत्केरीको मृत्यु भएको थियो।

जिल्ला प्रहरी कार्यालय

जिल्ला प्रहरी कार्यालयमा ०६८ पुस १७ गतेदेखि ०६९ पुस १६ गतेसम्म घरेलुहिंसा छ, कर्तव्यज्यान चार, ज्यानमार्ने उद्योग दुई, कुटपिट तथा अङ्गभङ्ग एक, हातहतियार खरखजनाका एक ओटा मुद्दा दर्ता भए।

सुदूरपश्चिमाञ्चल

५.१ कैलाली

५.२ अछाम

५.३ डोटी

५.४ बाजुरा

५.५ बझाङ

५.६ कञ्चनपुर

५.७ डडेल्धुरा

५.८ बैतडी

५.९ दार्चुला

५.१ कैलाली

जिल्ला सदरमुकाम: धनगढी
क्षेत्रफल (वर्ग कि. मि.): ३,२३५
घरधुरी सङ्ख्या: १,४२,४८०
जम्मा जनसङ्ख्या: ७,७५,७०५
पुरुष: ३,७८,४१७
महिला: ३,९७,२९२
अपाङ्ग सङ्ख्या: १५,३७८
गाविस/नपा सङ्ख्या: ४२/२
पुरुष साक्षरता सङ्ख्या: २,६७,५९३
महिला साक्षरता सङ्ख्या: २,१६,४०३
हिन्दू धर्मावलम्बी प्रतिशत: ९४.९१
बौद्ध धर्मावलम्बी प्रतिशत: २.०१
इस्लाम धर्मावलम्बी प्रतिशत: ०.६१
किराँत धर्मावलम्बी प्रतिशत: ०.०१
क्रिश्चियन धर्मावलम्बी प्रतिशत: १.८७
प्रकृति धर्मावलम्बी प्रतिशत: ०.२२
शिख धर्मावलम्बी प्रतिशत: ०.००६
अन्य धर्मावलम्बी प्रतिशत: ०.३३१
प्रतिपरिवार सरदर सङ्ख्या: ५.४४

नागरिक तथा राजनीतिक अधिकार सम्मानित रूपले बाँच्ने अधिकार

हत्या

अज्ञात समूहबाट

धनगढी नपा-५ का २५ वर्षीय ओमप्रकाश पन्तको ०६९ मङ्सिर २५ गते अज्ञात समूहले धारिलो हतियारले घाँटीमा प्रहार गरी हत्या गऱ्यो। घाँटी रेटिएको अवस्थामा पन्तको लास धनगढी नपा-४ मा फेला परेको थियो। घटनास्थलमा एउटा फलामको रड फेला परेको प्रहरीले जनायो। पीडितको लास सेती अञ्चल अस्पताल, धनगढीमा ०६९ मङ्सिर २६ गते पोस्टमार्टम भएको थियो। घटनामा संलग्न भएकाहरूको खोजी भइरहेको जिल्ला प्रहरी कार्यालय, कैलालीले जनायो। यस वर्षको अन्त्यसम्म पनि पीडकको पहिचान भएको छैन।

गदरीया गाविस-८ कोइहरीकी ४७ वर्षीया लक्ष्मी साउदको ०६९ असोज २१ गते अज्ञात समूहले गेटा गाविस-१ गेटास्थित आँखा अस्पताल नजिकैको जङ्गलमा हत्या गऱ्यो। घरबाट ०६९ असोज २० गते गेटा आँखा अस्पतालमा आँखाको उपचारका लागि हिँडेकी साउदको ०६९ असोज २१ गते गेटा आँखा अस्पतालनजिकैको जङ्गलमा प्लास्टिकको डोरीले घाँटी कसेर हत्या गरेर फालिएको अवस्थामा लास फेला परेको जिल्ला प्रहरी कार्यालय, कैलालीका डिएसपी रणबहादुर रायमाझीले बताए। मृतकको घाँटीमा डोरी कसेको र शरीरका कपडाहरू च्यातिएको अवस्थामा फेला परेको जिल्ला प्रहरी कार्यालय मुद्दा शाखाका इञ्चार्ज सुदाम रावलले बताए। लासको पोस्टमार्टम ०६९ असोज २१ गते सेती अञ्चल अस्पताल, धनगढीमा भयो। मृतकका छोरा वीरबहादुरले जिल्ला प्रहरी कार्यालय कैलालीमा ०६९ असोज २२ गते कर्तव्य ज्यानमा जाहेरी दिए।

जेल र बन्दीहरू

घ श्रेणीको जिल्ला कारागारमा यस वर्षको अन्त्यसम्ममा कैद तोकिएका १ सय ४१ जना पुरूष र १० जना महिला रहेका छन् भने कैद नतोकिएका ९५ पुरूष र १४ महिला थुनुवा रहेका छन्। यसरी कैलाली कारागारमा जम्मा २ सय ६० जना बन्दी तथा थुनुवा रहेका छन्। जसमा दुई जना विदेशी नागरिक पनि रहेका छन्। त्यस्तैगरी एक बालक र तीन बालिका पनि कारागार, कैलालीमा आश्रित रहेका छन्। यसरी १ सय जना क्षमता भएको कारागारमा क्षमताभन्दा तेब्बर बन्दी बस्दाखानेपानी, शौचालय, पत्रपत्रिका, बस्ने स्थानको अभाव र खेलकुद सामग्रीको अभाव रहेको कैदी तथा थुनुवाहरूले बताए।

धम्की/कुटपिट

राज्यपक्षबाट

फूलबारी गाविस-७ निवासी नेपाल तराई थरूहट पार्टीका केन्द्रीय अध्यक्ष ३५ वर्षीय लक्ष्मण थारू, धनगढी नपा-१ निवासी नेकपा एमालेका जिल्ला अध्यक्ष ४२ वर्षीय होरीलाल चौधरी, धनगढी नपा-२ निवासी थारू कल्याणकारीसभा कैलालीका अध्यक्ष ४०

घटनाको प्रकार	राज्यपक्षबाट			गैरराज्यपक्षबाट		
	महिला	पुरुष	जम्मा	महिला	पुरुष	जम्मा
घाइते				३	३३	३६
बालअधिकार				१४	१	१५
महिलाअधिकार				२१		२१
जातीय विभेद				१	१	२
कुटपिट	६	५	११	२	९	११
धम्की		१	१		१	१
हत्या				८	८	१६
जम्मा	६	६	१२	४९	५३	१०२

वर्षीय प्रभात चौधरीले प्रहरीको आदेशको अवज्ञा गरेको आरोपमा ०६९ वैशाख २९ गते जिल्ला प्रहरी कार्यालय, कैलालीका प्रहरी निरीक्षक उद्धवसिंह भाटको नेतृत्वमा रहेको प्रहरी टोलीले लाठी प्रहार गर्दा सेती अञ्चल अस्पताल, धनगढीअगाडि घाइते भए। घाइतेहरूको उपचार सोही दिन सेती अञ्चल अस्पताल, धनगढीमा भयो। जिल्ला प्रहरी कार्यालय, कैलालीद्वारा परिचालित प्रहरीको गस्ती टोलीमाथि लक्ष्मण थारूलगायतका नेताहरूले आक्रमण गर्न थालेपछि उनीहरूलाई नियन्त्रणमा लिन लाठी प्रहार गर्नुपरेको प्रहरी निरीक्षक उद्धवसिंह भाटले बताए। घाइते भएका आफ्ना कार्यकर्ताहरूलाई भेट्न गइरहेको अवस्थामा प्रहरीले आफूहरूलाई लाठीचार्ज गरी कुटपिट र दुर्व्यवहार गरेको एमाले कैलालीका जिल्ला अध्यक्ष होरीलाल चौधरीले बताए। अखण्ड सुदूरपश्चिम र थरूहट कार्यकर्ताबीच ०६९ वैशाख २९ गते भएको झडपमा परी घाइते भएकाहरूलाई सोही दिन उनीहरू भेटघाट गर्न गएका थिए।

सुदूरसन्देश राष्ट्रिय दैनिक पत्रिकाका सम्पादक हेमन्त पौडेललाई ०६९ साउन ३१ गते जिल्ला प्रहरी कार्यालयको लेखाशाखामा कार्यरत असई जयबहादुर सिंहले समाचारको विषयलाई लिएर मार्ने चेतावनी दिएको भन्दै ०६९ साउन ३२ गते पौडेलको सुरक्षाको प्रत्याभूतिका लागि स्थानीय तथा राष्ट्रियस्तरबाट सञ्चारकर्मी तथा मानवअधिकारकर्मीहरूद्वारा माग गरियो। सुदूरसन्देश राष्ट्रिय दैनिकद्वारा ०६९ साउन २८ गते प्रकाशित पत्रिकाको वर्ष १२ अङ्क १ सय २२ पहिलो पृष्ठमा तस्करीमा प्रहरीकै संलग्नता र रकम असुल्नका लागि घुमुवा प्रहरी बढे शीर्षकमा समाचार प्रकाशन गरिएका कारण जिल्ला प्रहरी कार्यालय, कैलालीका लेखा शाखामा कार्यरत असई जयबहादुर सिंहले मार्ने धम्की दिएको सुदूर सन्देशमा कार्यरत् पत्रकार कैलाशकुमार जोशीले ०६९ साउन ३० गते पत्रकार पौडेललाई जानकारी गराएका थिए। आफूसँग भेट भएको अवस्थामा 'पूर्वतिर भएको भए पहिल्यै मरिसक्थ्यो तर पश्चिम भएर बाँचेको हो तैपनि अब धेरै दिन बाँच्दैन' भनी आफूसँग सिंहले बताएको पत्रकार जोशीले घटनाको छलफलका क्रममा ०६९ भदौ १ गते जिल्ला प्रशासन कार्यालयमा बताए। उक्त भनाइ अञ्जानवशमा गरिएको भन्दै सिंहले सोही दिन जिल्ला प्रशासन कार्यालय, कैलालीमा पत्रकार हेमान्त पौडेलसँग माफी मागेपछि दुवै पक्षबीच मिलापत्र भएको थियो।

एमाओवादी पूर्व लडाकुबाट

कञ्चनपुर जिल्ला भीमदत्त नपा-१ स्थायी घर भई हाल धनगढी नपा-१ स्थित हिमालय बैङ्कमा कार्यरत ३२ वर्षीय नवराज जोशीले बन्दको अवज्ञा गरेको आरोपमा ०६८ पुस २१ गते बहिर्गमित जनमुक्ति सेना सङ्घर्ष समितिका कार्यकर्ताहरूले कुटपिट गरे। कुटपिटबाट जोशीको मुख र हातमा चोट लागेको थियो। जोशीले चढेको बा.२३.प. २९२७ नम्बरको मोटरसाइकलको सिसा र हेडलाइट तोडफोड गर्दा क्षति भएको थियो। बहिर्गमित लडाकुले मोटरसाइकलमा आगो लगाउन खोजिरहेको समयमा स्थानीय व्यापारीहरूले बचाएका थिए।

अज्ञात समूहबाट

श्रीपुर गाविस-७ वहेडाकी ६५ वर्षीया जानकी पनेरू र २५ वर्षीया दुर्गा पनेरूलाई अज्ञात हतियाधारी समूहले ०६९ मङ्सिर २७ गते राति आक्रमण गरी गम्भीर घाइते बनायो। हतियारधारी समूहले हानेको बञ्चरो प्रहारबाट ६५ वर्षीय जानकी पनेरुको बाँया खुट्टा बाँचियो भने सोही आक्रमणमा परी दुर्गा गम्भीर घाइते भइन्। घाइतेहरूको उपचार धनगढीमा सम्भव नभएपछि थप उपचारका लागि काठमाडौँ लगिएको थियो। हतियारधारी समूहसँग गाउँलेहरूले प्रतिकार गर्न खोज्दा चार राउण्ड हवाई फायर गरी हतियारधारी समूह भागेको स्थानीयवासी बिन्तीराम चौधरीले बताए। पीडितहरूको घरबाट झण्डै डेढ किलोमिटर दक्षिणपूर्वमा रहेको गहुँ खेतमा दुईओटा सकेट बम पनि भेटिएको जिल्ला प्रहरी कार्यालय, कैलालीले जनायो।

धनगढीस्थित बोराडाडीबाट गएको नेपाली सेनाको बम डिस्पोजल टोलीले ०६९ मङ्सिर २८ गते दुईओटा बम निष्कृय पारेको थियो।

अखण्ड सुदूरपश्चिम पक्षधर कार्यकर्तामाथि

धनगढी नपा-५ जाइका २२ वर्षीय प्रेम चौधरीलाई ०६९ जेठ ३ गते राति अखण्ड सुदूरपश्चिम पक्षधर युवाहरूको समूहले उनकै घर अगाडि कुटपिट गरी घाइते बनायो। घरमा सुतिरहेका चौधरीलाई बोलाएपछि उनी घर बाहिर आएका थिए। घरबाहिर आउनेबित्तिकै १५ जना जतिको युवाहरूको समूहले एक छिन काम छ भनी आफूलाई लब्ली चौराहमा लगेर कुटपिट गरेको पीडितले बताए। घाइते चौधरीको उपचार ०६९ जेठ ४ गते सेती अञ्चल अस्पतालमा भएको थियो। घाइतेको टाउकोमा सात टाँका लगाइएको उनका छिमेकी रूपलाल चौधरीले जानकारी दिए। घटनाका सम्बन्धमा पीडितले वडा प्रहरी कार्यालय, धनगढीमा मौखिक जानकारी दिएको भए पनि पीडकहरूलाई गिरफ्तार गर्न नसकिएको प्रहरी जनायो।

धनगढी नपा-१ निवासी थारू कल्याणकारीसभाका कैलाली जिल्ला सभापति प्रभात चौधरीलाई ०६९ जेठ ३ गते साँझ अखण्ड सुदूरपश्चिम पक्षधरहरूले धनगढी पार्कमोडमा आक्रमण गरी घाइते बनाए। आक्रमणबाट उनको बाँया आँखामा चोट लागेको थियो। चौधरीको उपचार ०६९ जेठ ३ गते स्थानीय मेडिकलमा भएको पीडितले बताए। धनगढी क्याम्पस चोकबाट थारू सयुक्त सङ्घर्ष समितिले निकालेको मसाल जुलुसलाई धनगढीको एलएन चोकमा गएर प्रहरी गस्ती टोलीले अगाडि बढ्न नदिएपछि प्रहरी र थारू कार्यकर्ताहरूबीच तनाव भएको थियो। यसै क्रममा भएको भागदौडमा अखण्ड सुदूरपश्चिम पक्षधरले चौधरीलाई बाटोमा हिँडिरहेको अवस्थामा आक्रमण गरेका थिए। आक्रमणकारीहरूको यकिन नाम थाहा नभएको कारण आफूले किटानी जाहेरी दिन नसकेको पीडित चौधरीले बताए।

धनगढी नपा-१ स्थित श्रमसृजना नेपाली राष्ट्रिय दैनिक सम्पादक तथा प्रकाशक नकुलदेव जिसीले धनगढीबाट प्रकाशित श्रमसृजना नेपाली दैनिकको वर्ष ३ अङ्क १९ मा प्रकाशित समाचारमा 'थरूवान तथा थरूहटको पक्षमा बृहत् जुलुस प्रदर्शन' शीर्षकको समाचार प्रकाशन गरेको भन्दै ०६९ वैशाख २४ गते अखण्ड सुदूरपश्चिम पक्षधर कार्यकर्ताहरूले धनगढीस्थित एलएन चौकमा आक्रमण गरे। आक्रमणपश्चात् पत्रकार जिसी कञ्चनपुर विस्थापित भए। अखण्ड सुदूरपश्चिमको आन्दोलन ०६९ जेठ १५ गते स्थगित भएपछि पत्रकार जिसी धनगढी फर्किएका थिए।

धनगढी नपा-१ का व्यापारी २८ वर्षीय लोकेन्द्रबहादुर अवस्थीलाई ०६९ वैशाख २६ गते अखण्ड सुदूरपश्चिम पक्षधर बन्दकर्ताहरूले आफूहरूले गर्दै आइरहेको अनिश्चिकालीन सुदूरपश्चिम बन्दको अवज्ञा गरेको भन्दै कुटपिट गरे। घरसँगै जोडिएको किराना पसल खोलिरहेको समयमा अखण्ड सुदूरपश्चिम बन्दकर्ताहरूले बन्दमा पसल खोलेको भन्दै चार/पाँच जनाको बन्दकर्ताको समूहले मुखमा मुक्का प्रहार गरेको पीडित अवस्थीले इन्सेक प्रतिनिधिलाई बताए। सामान्य चोट भएकोले उपचार तत्कालै नगरेको पनि पीडितले बताए।

थरूहट सङ्घर्ष समितिबाट

पहलमानपुर गाविस-१ का २२ वर्षीय सन्देश बोगटी र २३ वर्षीय जङ्ग थापाले ०६९ वैशाख १ गते थरूहट सयुक्त सङ्घर्ष समितिका कार्यकर्ताहरूले सडकमा राखेको ढुङ्गा हटाएको आरोपमा थरूहटका कार्यकर्ताहरूले उनीहरूलाई कुटपिट गरे। कुटपिटबाट सामान्य घाइते भएका बोगटी र थापाको घोडाघोडी अस्पताल सुखडमा सामान्य उपचारपछि घर फर्केको इलाका प्रहरी कार्यालय, सुखडका इन्स्पेक्टर कर्ण चन्दले जानकारी दिए। थारूवान पक्षधर तथा एमाओवादीका कैलाली जिल्ला समिति सदस्यसमेत

अखण्ड सुदूरपश्चिम र थरूहट तथा थारूवान पक्षका कार्यकर्ताहरूबीच भएको झडपमा परी घाइते भएका विनोद जैरु

रहेका सुयोग चौधरीले आफूहरूले कुटपिट नगरेको तर सम्झाइ बुझाइ मात्र गरेको बताए

अभिव्यक्ति, भेला हुने र सङ्गठित हुने अधिकार
(राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

अखण्ड सुदूरपश्चिम र थरूहट तथा थारूवान पक्षका कार्यकर्ताहरूबीच ०६९ वैशाख २९ गते धनगढी नपा-३ भन्सारमा भएको झडपमा परी कञ्चनपुर जिल्ला लक्ष्मीपुर गाविस-७ मटैयाका ३५ वर्षीय रामबहादुर गिरी, लक्ष्मीपुर गाविस-९ का ३५ वर्षीय रामलाल चौधरी, शङ्करपुर गाविस-५ का ३३ वर्षीय भुली राना, लक्ष्मीपुर गाविस-३ गोकुलपुरका ६० वर्षीय रामदिन राना, श्रीपुर गाविस-३ बेलौरीका ४८ वर्षीय सेना राना, धनगढी नपा-४ उत्तरवेहडीका ३० वर्षीय जनकराज अवस्थी, हसुलिया गाविस-१ के गाउँका राजु चौधरी, धनगढी नपा-१ का अमृत वीसी, सोही ठाउँका सन्तोष सेट्टी र धनगढी नपा-१ पशुपति टोलका ३४ वर्षीय विनोद जैरु घाइते भए। घाइते सबैको टाउको, हात, मुखमा चोट लागेको थियो। उनीहरूको उपचार ०६९ वैशाख २९ गते सेती अञ्चल अस्पताल धनगढीमा भयो। आदिवासी जनजातिहरूले आयोजना गरेको आमसभामा सहभागी हुन आएका आदिवासी जनजाति समर्थकहरू धनगढीस्थित कार्यक्रमस्थल पार्कमोडमा अखण्ड सुदूरपश्चिम पक्षधर कार्यकर्ताहरूले अवरोध सृजना गरेपछि झडप भएको थियो। एलएन चोकमा भएको कोणसभामा बोल्ने जनजाति नेताहरूले आफ्ना कार्यकर्ताहरूलाई भन्सारमा आक्रमण भएकोले त्यसको विरोध गर्ने बताए जनजाति पक्षधर कार्यकर्ताहरूलाई प्रहरीले एलएन चोकमा रोक्न खोज्दा तनावको स्थिति सृजना भएको थियो। स्थिति नियन्त्रणमा लिन प्रहरीले आठ राउण्ड अश्रुग्याँससमेत प्रहार गरेको थियो।

अखण्ड सुदूरपश्चिम पक्षधर र थरूहट कार्यकर्ताहरूबीच ०६९ जेठ २ गते भएको झडपमा परी १७ जना घाइते भए। घाइते हुनेमा उर्मा गाविस-६ निवासी रानाथरू संयुक्त सङ्घर्ष समितिका संयोजक तथा एमाओवादी जिल्ला सदस्य ४० वर्षीय रामसमज राना, धनगढी नपा-८ का ३० वर्षीय राजेश रावल, धनगढी नपा-१२ का ३० वर्षीय मोहन मिश्र, धनगढी नपा-७ का २८ वर्षीय मुखीराम चौधरी, धनगढी नपा-५ का २५ का लालबहादुर कुँवर, वडा-५ का २० वर्षीय देवराज जोशी, वडा-८ का १८ वषीय रामजनम चौधरी, वडा-८ का १९ वर्षीय हेमन्त कुँवर, चौमाला गाविस-३ का २० वर्षीय शेरबहादुर कुँवर, धनगढी नपा-३ हसनपुरका २० वर्षीय रामराज केसी, हसुलिया-१ के गाउँका ३६ वर्षीय वीरबहादुर चौधरी, धनगढी नपा-१ का २० वर्षीय कृष्ण बोगटी, धनगढी नपा-२ का ३६ वर्षीय योगेश मल्ल, धनगढीनपा-३ का २६ वर्षीय दिनेश बम, धनगढी नपा-७ का ४१ वर्षीय कृष्ण सिंह, धनगढी नपा-५ का ४२ वर्षीय भरत खाती, धनगढी नपा-१२ का मोहन मिश्र, धनगढी नपा-२ का ३७ वर्षीय योगेन्द्र मल्ल, सोही नाप-२ का ४६ वर्षीय सिता केसी, सोही नाप-३ का ४२ वर्षीय लालबहादुर शाही, सोही नपा-८ का २२ वर्षीय अर्जुन जोशी र धनगढी नपा-७ का भरत कुँवर रहेका थिए। घाइतेहरूको सेती अञ्चल अस्पातलमा उपचार भएको थियो। घाइते सबै जनाको टाउको, हात र खुट्टामा चोट लागेको सेती अञ्चल अस्पतालले जानकारी दियो। अखण्ड सुदूरपश्चिमका पक्षधरहरूले आयोजना गरेको अनिश्चितकालीन बन्द तथा आन्दोलनले १९ दिन पार गरेको अवसरमा धनगढीमा आयोजित आमसभालाई थरुहटका कार्यकर्ताहरूले आक्रमण गरी कार्यक्रम बिथोल्ने प्रयास गरेको भन्दै अखण्ड सुदूरपश्चिम पक्षधरहरू धनगढीको क्याम्पस रोडमा गएर थरूहटका कार्यकर्तामाथि आक्रमण गर्न खोज्दा दुवै पक्षबीच झडप भएको थियो।

सुगम र निष्पक्ष न्यायिक अधिकार
०६८ साउन देखी ०६९ असार मसान्त सम्म

एक जना मात्र न्यायाधीश रहेको यस जिल्ला अदालतबाट फौजदारी मुद्दा तर्फ ४ सय ९९ मध्ये ३ सय ११ मुद्दा फैसला भए भने १ सय ८८ फैसला हुन बाँकी रहे। देवानी मुद्दा तर्फ ३ सय ८८ मध्ये १ सय ९३ फैसला भए भने १ सय ९५ फैसला हुन बाकी रहे। यसै गरी फौजदारी तर्फ दुई वर्ष नाघेका ६ ओटा मुद्दा रहे भने देवानी तर्फ १० मुद्दा रहे।

०६९ साउन देखि पुस १६ सम्म

एक जनामात्र न्यायाधीश रहेको यस जिल्ला अदालतबाट फौजदारी तर्फ ३४० मुद्दा तर्फ ८४ ओटा फैसला भए भने २ सय ५६ मुद्दा बाँकी रहे। देवानी तर्फ ३ सय ९ मुद्दा मध्ये ७८ फैसला भए भने २ सय ३१ बाँकी रहे भने फौजदारी तर्फ दुई वर्ष नाघेका १० थान मुद्दा रहे भने देवानी तर्फ ४ थान मुद्दा बाँकी रहेका छन। यस वर्ष ०६९ साउन देखि १५ सम्म फौजदारी तर्फ १ सय ५३ थान र देवानी तर्फ १ सय १३ थान

मुद्दा दर्ता भए भने अघिल्लो वर्ष जिम्मेवारी सरिआएका ३ सय ८३ मुद्दा मध्ये फौजदारी १ सय ८७ र देवानी १ सय ९६ रहेका थिए।

जिल्ला सरकारी वकिलको कार्यालय

जिल्ला सरकारी वकिलको कार्यालयबाट ०६८ साउनदेखि ०६९ असार मसान्तसम्म फौजदारी ६ सय ४९ मुद्दामा ४ सय १८ फैसला भए भने २ सय ३१ मुद्दा बाँकी रहे भने दुई वर्ष नाघेका मुद्दा ६ मुद्दा बाँकी रहे। यसैगरी ०६९ साउनदेखि पुस १६ सम्म ३ सय ३८ फौजदारी मुद्दामा १० मुद्दा फैसला भए भने ३ सय २८ मुद्दा बाँकी रहेको सरकारी वकिल कार्यालय, कैलालीले जनायो।

बालअधिकार

शिक्षाको अधिकार

यस जिल्लाका सामुदायिक तथा संस्थागत विद्यालय जाने उमेरका दुई लाख ३८ मध्ये छात्र ८७ हजार ५ सय २० र छात्रा १ लाख १२ हजार ५ सय १८ जना प्रथामिक देखी माबि तह सम्म भर्ना भए। यस मध्ये दलित छात्रा १६ हजार ९७ र दलित छात्र तर्फ १८ हजार रहेका छन। उच्च माविमा तर्फ छात्रा ५ हजार १ सय ५६ र छात्र तर्फ ५ हजार ५ सय ९१ जना रहेका छन। सरकारी तथा सामुदायिक विद्यालय गरी प्राबि तहमा महिला १ सय ८८ र पुरुष १ हजार ६ सय ८३ गरी जम्मा १ हजार ८ सय ७१ जना शिक्षक कार्यरत रहेका छन। निमाबि तहमा महिला ११ र पुरुष ५ सय ६८ गरी जम्मा ५ सय ७९ शिक्षक कार्यरत रहेका छन। यसै गरी माबि तहमा महिला ६ र पुरुष ३ सय ६३ गरी जम्मा ३ सय ६९ शिक्षक रहेका छन। जिल्लामा निजि तथा आवासीय प्राबि तह देखी उमाबि तह सम्म जम्मा २५४ ओटा विद्यालय रहेको भए पनि सोही विद्यालयहरूमा अध्यायनर बालबालिका तथ्याङ नभएको जिल्ला शिक्षा कार्यालय,कैलालीले जनायो।

बालविकास केन्द्रहरूमा बालक ४ हजार ८ सय ५५ र बालिका ५ हजार १ सय ८७ गरी जम्मा १० हजार २ जना रहेका छन।

बलात्कारपश्चात् हत्या

एक आठ वर्षीया बालिकालाई ०६८ चैत २६ गते बिहान बलात्कार गरी हत्या गरेको आरोपमा खैराला गाविस-१ का १३ वर्षीय एक बालकलाई जिल्ला प्रहरी कार्यालय, कैलालीले ०६८ चैत २७ गते गिरफ्तार गऱ्यो। पीडित बालिका इनारमा पानी लिन गएको अवस्थामा बालकले उनलाई नियन्त्रणमा लिई स्थानीय जङ्गलमा लगेर बलात्कार गरेको र पीडित बालिकाले घरमा भनिदिन्छु भनेपछि बालिकाको हत्या गरिएको जिल्ला प्रहरी कार्यालय, कैलालीका डिएसपी सानुराम भट्टराईले बताए। लासको पोस्टमार्टम ०६८ चैत २७ गते सेती अञ्चल अस्पताल, धनगढीमा भएको थियो। जिल्ला अदालत, कैलालीको आदेशमा आरोपित बालकलाई ०६९ वैशाख २० गते सामान्य तारेखमा रिहा गरिएको थियो। पीडित पक्षले आरोपित भनिएका बालक विरुद्धमा ०६८ चैत २७ गते जिल्ला प्रहरी कार्यालयमा जाहेरी दिएका थिए। अदालतको आदेशमा सामान्य तारेखमा रिहा भएका बालक सोही दिन अभिभावकसंग घर फर्केको थिए। यस वर्षको अन्त्यसम्म मुद्दाको किनारा लागेको छैन।

एक १७ वर्षीया बालिकालाई ०६९ साउन १ गते मालाखेती गाविस-२ खमौराका २१ वर्षीय प्रकाश विकले बलात्कारपश्चात् हत्या गरेको भन्दै आरोपितका विरुद्धमा इलाका प्रहरी कार्यालय, मालाखेतीमा पीडित पक्षले जाहेरी दिए। पीडितका बुबाले इलाका प्रहरी कार्यालय, मालाखेतीमा जाहेरी दिएपछि प्रहरीले प्रकाशलाई ०६९ साउन १ गते गिरफ्तार गरेको जिल्ला प्रहरी कार्यालय, कैलालीले जनायो। पीडित बालिका ०६९ असार ३१ गते राति घर नजिकैको जङ्गलमा रहेको रुखमा झुण्डिएको अवस्थामा मृत फेला परेकी थिइन्। घटनाका बारेमा प्रारम्भिक अनुसन्धान गरे पनि कुनै तथ्य फेला नपरेको जिल्ला प्रहरी कार्यालय, कैलालीले जनायो। लासको पोस्टमार्टम ०६९ साउन १ गते सेती अञ्चल अस्पताल, धनगढीमा भएको थियो। आरोपित ०६९ साउन २४ गते जिल्ला अदालतको आदेशमा पुर्पक्षका लागि जिल्ला कारागार, कैलालीमा थुनामा छन्।

बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

एक १४ वर्षीया बालिकाले ०६९ जेठ २८ गते राति आफूलाई बलात्कार गरेको भन्दै दरख गाविस-४ का ३० वर्षीय लक्ष्मण विक र २८ वर्षीय थमन विकका विरुद्धमा ०६९ असार १० गते इलाका प्रहरी कार्यालय, सुखडमा किटानी जाहेरी दिइन्। आरोपितहरूको खोजी कार्य भइरहेको इलाका प्रहरी कार्यालय, सुखडले जानकारी दियो। बालिकाको स्वास्थ्य परीक्षण ०६९ असार १० गते सेती अञ्चल अस्पताल, धनगढीमा

भएको जिल्ला प्रहरी कार्यालय, कैलालीले जनायो। आरोपितका विरुद्धमा ०६९ असार २९ गते जिल्ला अदालत, कैलालीमा मुद्दा दर्ता गरिएको पनि आरोपितहरू फरार रहेको कारण उनीहरूलाई यस वर्षको अन्त्य सम्म गिरफ्तार गर्न नसकिएको जिल्ला प्रहरी कार्यालय, कैलालीले जनायो।

एक सात वर्षीया बालिकालाई ०६९ वैशाख २६ गते बलात्कार गरेको भन्दै धनगढी नपा-१२ जुगेडा का १८ वर्षीय विर्ख ढाँटलाई जिल्ला प्रहरी कार्यालय, कैलालीले सोही दिन गिरफ्तार गऱ्यो। आरोपित ढाँटले आफूलाई ललाईफकाई आफ्नै घरको सुत्ने कोठामा लगी बलात्कार गरेको बालिकाले सोही दिन परिवारका सदस्यलाई बताएकी थिइन्। पीडित बालिकाको स्वास्थ्य परीक्षण ०६९ वैशाख २६ गते सेती अञ्चल अस्पताल, धनगढीमा भयो। आरोपितलाई ०६९ जेठ १७ गते जिल्ला अदालत, कैलालीले कसुर ठहर गर्दै ११ वर्षको जेल सजायको फैसला गरेपछि उनी जिल्ला कारागार, कैलालीमा कैद सजाय भोगिरहेका छन्।

एक १४ वर्षीया बालिकालाई ०६९ असोज १३ गते बलात्कार गरेको आरोपमा उदासीपुर गाविस-५ का २० वर्षीय विमल बोगटीलाई ०६९ असोज १५ गते इलाका प्रहरी कार्यालय, मसुरीयाले दोदोधारा गाविस-१ स्थानीय घरबाट गिरफ्तार गऱ्यो। पीडितले आरोपित विरुद्ध ०६९ असोज १५ गते प्रहरीमा जाहेरी दिएपछि दोदोधारा गाविस-१ स्थानीयको घरमा लुकेर बसेको अवस्थामा आरोपितलाई गिरफ्तार गरेको थियो। पीडित भनिएकी बालिकाको स्वास्थ्य परीक्षण ०६९ असोज १५ गते सेती अञ्चल अस्पतालमा भयो। जिल्ला अदालतको आदेशमा आरोपित ०६९ कात्तिक १४ गतेदेखि जिल्ला कारागार कैलालीमा पुर्पक्षका लागि थुनामा छन्।

एक सात वर्षीया बालिकालाई ०६९ कात्तिक १२ गते धनगढी नपा-१२ जुगेडाका १६ वर्षीय बालकले बलात्कार गरेको आरोपमा पीडित पक्षले सोही दिन जिल्ला प्रहरी कार्यालय, कैलालीमा जाहेरी दिएपछि ०६९ कार्त्तिक १३ गते प्रहरीले गिरफ्तार गऱ्यो। पीडित बालिका घरमा खेलिरहेको अवस्थामा आरोपितले बिस्कुट र चाउचाउ किनिदिने बाहनामा फकाएर बलात्कार गरेको भन्दै पीडित पक्षले प्रहरीमा जाहेरी दिएको जिल्ला प्रहरी कार्यालय मुद्दा शाखाका इन्स्पेक्टर सुदाम रावलले जानकारी दिए। पीडित बालिकाको स्वास्थ्य परीक्षण ०६९ कात्तिक १२ गते सेती अञ्चल अस्पतालमा भएको थियो। आरोपित जिल्ला अदालत, कैलालीको आदेशमा ०६९ मङ्सिर १२ गतेदेखि जिल्ला कारागार कैलालीमा थुनामा छन्।

एक १४ वर्षीया बालिकालाई ०६९ मङ्सिर १२ गते बलात्कार गरेको भन्दै दरख गाविस-५ का २५ वर्षीय बमबहादुर ओलीलाई इलाका प्रहरी कार्यालय सुखडले सोही दिन गिरफ्तार गऱ्यो। पीडितका पक्षले ०६९ मङ्सिर १३ गते ओलीका विरुद्धमा जाहेरी दिइन्। पीडित बालिकाको स्वास्थ्य परीक्षण ०६९ मङ्सिर १३ गते सेती अञ्चल अस्पतालमा भएको थियो। आरोपितले पीडित बालिका सुतेको कोठामा आएर जबरजस्ती करणी गरिरहेको देखेपछि पीडितकी आमाले बाहिर ढोका बन्द गरी इलाका प्रहरी कार्यालय कार्यालय, सुखडलाई ०६९ मङ्सिर १२ गते खबर गरेकी थिइन्। आरोपित ओलीलाई अनुसन्धानका लागि जिल्ला प्रहरी कार्यालय, धनगढीमा ०६९ मङ्सिर १२ गतेदेखि राखिएकोमा थप अनुसन्धानका लागि ०६९ पुस ६ गते जिल्ला कारागार कैलालीमा पठायो।

एक १५ वर्षीया बालिकालाई ०६९ भदौ २७ गते टीकापुर नपा-९ का १९ वर्षीय हेमराज तिवारी, १८ वर्षीय शिखर शाही र १९ वर्षीय देवीकृष्ण देवकोटाले बलात्कारको प्रयास गरेको भन्दै इलाका प्रहरी कार्यालय, टीकापुरले ०६९ भदौ २७ गते गिरफ्तार गऱ्यो। ट्युसन पढ्न टीकापुर बहुमुखी क्याम्पस नजिकै रहेको ट्युसन सेन्टरमा गइरहेको समयमा आफूलाई बलात्कार गर्न खोजेको भन्दै बालिकाले ०६९ भदौ २७ गते इलाका प्रहरी कार्यालय, टीकापुरमा आरोपितहरूका विरुद्ध जाहेरी दिएपछि प्रहरीले उनीहरूलाई गिरफ्तार गरेको थियो। किटानी जाहेरी दिएकामध्ये घटनामा संलग्न १९ वर्षीय खडक शाही भने फरार रहेकाले गिरफ्तार गर्न नसकेको इलाका प्रहरी कार्यालय, टीकापुरले जनायो। आरोपितहरूमध्ये हेमराज तिवारीलाई जिल्ला अदालतको ०६९ असोज २१ गतेको आदेशअनुसार पुर्पक्षका लागि जिल्ला कारागार कैलालीमा थुनामा पठायो भने। शिखर शाही र देवीकृष्ण देवकोटालाई सोही दिन सामान्य तारेखमा रिहा गर्ने आदेश दियो।

बालबालिका ओसारपसार

एक ११ वर्षीया बालिकालाई भारतका दिल्ली शहरको दुदारी भन्ने ठाउँमा बेचविखन गर्न खोजेको भन्दै धनगढी नपा-५ का २० वर्षीय सञ्जु विक, १७ वर्षीय तुल ओड र सोही नपा-६ का २२ वर्षीय गोरे सार्कीका विरुद्धमा ०६९ साउन ७ गते जाहेरी दर्ता गरे। जाहेरीका आधारमा ०६९ साउन ७ गते

आरोपितहरूलाई जिल्ला प्रहरी कार्यालय, कैलालीले गिरफ्तार गऱ्यो। आरोपित विक, ओड र सार्कीले ०६९ साउन २ गते पीडित भनिएकी बालिकालाई धनगढीनपासँग जोडिएको गौरीफन्टा बजारमा घुम्न जाने भन्दै ०६९ साउन ३ गते भारतको दिल्ली लगेका थिए। दिल्लीमा भारतीय प्रहरीले चार जनासँग सोधपुछ गर्दा शङ्कास्पद गतिविधि देखेकाले चार जनालाई गिरफ्तार गरेको थियो। गिरफ्तार परेका चार जनालाई नेपालमा ०६९ साउन ५ गते दिल्लीमा बोलाएर दिल्ली प्रहरीले जिम्मा लगाएको थियो। आरोपित जिल्ला अदालत, कैलालीको आदेशमा ०६९ साउन २२ गते देखि पुर्पक्षका लागि थुनामा छन्।

एक १४ वर्षीया बालिकालाई भारतमा लिएर बेचविखन गर्न खोजेको आरोपमा ०६९ पुस ४ गते धनगढी नपा-७ का २४ वर्षीया किसन थापा र सोही नपा-१२ जुगेडा देवबहादुर विष्टका विरुद्धमा माइती नेपालको सहयोगमा पीडितका आफन्तले जिल्ला प्रहरी कार्यालयमा, कैलालीमा जाहेरी दर्ता गरे। पीडित बालिकाका अभिभावकहरूले ०६९ मङ्सिर अन्तिम साता छोरी हराएको भन्दै खोजी कार्यका लागि माइती नेपाल, धनगढीमा निवेदन दिएका थिए। पीडित पक्षको आग्रहमा माइती नेपाल, धनगढीको पहलमा भारतीय प्रहरी, माइती नेपाल दिल्ली र प्रवासी नेपाली सङ्घको सहयोगमा पीडित बालिकालाई ०६९ पुस १ गते भारतको शोहलापुरस्थित करुवाडी भन्ने ठाउँको एक घरमा बन्धक बनाइराखेको अवस्थामा उद्दार गरेका थिए। अभियुक्तहरूलाई हालसम्म पनि गिरफ्तार गर्न नसकिएको जिल्ला प्रहरी कार्यालय, धनगढीले बतायो।

महिलाविरुद्ध हुने सबै प्रकारको भेदभाव, दुर्व्यवहार बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

एक ६० वर्षीया वृद्धालाई ०६८ माघ २२ गते बलात्कार गरेको आरोपमा गेटा गाविस-७ का ४५ वर्षीय पल्टु रानालाई सोही दिन जिल्ला प्रहरी कार्यालय, कैलालीले उनकै घरबाट गिरफ्तार गऱ्यो। पीडित महिलाको स्वास्थ्य परीक्षण ०६८ माघ २३ गते सेती अञ्चल अस्पताल, धनगढीमा भयो। जिल्ला अदालत, कैलालीले ०६८ फागुन १५ गते आरोपित चौधरीलाई थप अनुसन्धानका लागि थुनामा राख्ने आदेश दिएपछि हाल उनी जिल्ला कारागार, कैलालीमा थुनामा रहेका छन्।

एक २६ वर्षीया गर्भवती महिला र अर्की २१ वर्षीयाले ०६९ जेठ ४ गते आफूहरूलाई बलात्कारको प्रयास गरेको भन्दै दरख गाविस-५ का २२ वर्षीय सन्देश चौधरी, २५ वर्षीय पञ्चराम चौधरी, २२ वर्षीय कमल चौधरी, २७ वर्षीय सुनील चौधरी, २३ वर्षीय कालीचरण चौधरी, १९ वर्षीय वेदप्रकाश चौधरी, ३२ वर्षीय ज्ञानु चौधरी र रामशिखरझाला गाविस-४ का ३५ वर्षीय रामकुमार चौधरीको विरुद्ध सोही दिन इलाका प्रहरी कार्यालय, सुखडमा किटानी जाहेरी दिएको इन्स्पेक्टर कर्ण चन्दले जानकारी दिए। गर्भवती महिलालाई सुत्केरी गराउनका लागि उनका पति र भान्जी से१च ५८४ नम्बरको एम्बुलेन्सद्वारा धनगढी आइरहेको अवस्थामा उनीहरूलाई आरोपितहरूले रामशिखरझाला गाविसस्थित लोकमार्गमा नियन्त्रणमा लिएको पीडितहरूले बताए। घटनामा संलग्न भएको आरोपमा रामकुमार चौधरीलाई सुखड इलाका प्रहरीले ०६९ जेठ ४ गते गिरफ्तार गरेकोमा उनीलाई ०६९ जेठ ९ गते जिल्ला प्रशासन कार्यालय, धनगढीमा २ हजार धरौटी राखी रिहा भए। रामशिखरझाला गाविस-७ लोकमार्गमा कुटपिट तथा यौन दुर्व्यवहार गरेको भन्दै पीडितले छ जनाको विरुद्धमा इलाका प्रहरी कार्यालय, सुख्खडमा जाहेरी दिए पनि प्रहरीले रामकुमार चौधरीबाहेक अन्य पाँच जना फरार भएका कारण उनीहरूलाई गिरफ्तार गर्न नसकेको जनायो।

एक १८ वर्षीया महिलाले आफू बाटोमा हिँडिरहेको अवस्थामा ०६९ असार ५ गते कञ्चनपुर जिल्ला दोधारा गाविस-७ निवासी नरबहादुर रावतले बलात्कारको प्रयास गरेको भन्दै सोही दिन रावतका विरुद्धमा इलाका प्रहरी कार्यालय, सुखडमा जाहेरी दिइन्। जाहेरीका आधारमा इलाका प्रहरी कार्यालय, सुखडले आरोपितलाई सोही दिन गिरफ्तार गरेको इलाका प्रहरी कार्यालय इन्स्पेक्टर कर्ण चन्दले जानकारी दिए। आरोपितले रामशिखरझाला गाविस-७ स्थित दिदीको घरमा आएको अवस्थामा आफूलाई बलात्कारको प्रयास गरेको पीडितले जाहेरीमा उल्लेख गरेकी थिइन्। आरोपित २०६९ असार २९ गतेदेखि पुर्पक्षका लागि थुनामा छन्।

एक २० वर्षीया महिलाले ०६९ जेठ ११ गते आफूलाई स्थानीय निम्दी जङ्गलमा बलात्कार गरेको भन्दै ०६९ जेठ १८ गते दरख गाविस-५ सुखडका २० वर्षीय महेश चन्दका विरुद्धमा इलाका प्रहरी कार्यालय सुखडमा जाहेरी दिइन्। जाहेरीका आधारमा आरोपित चन्दलाई इलाका प्रहरी कार्यालय सुखडले सोही दिन सुखडबाट गिरफ्तार गऱ्यो। महिलाको स्वास्थ्य परीक्षण ०६९ जेठ १८ गते सेती अञ्चल अस्पतालमा भएको

थियो। आरोपित यस वर्षको अन्त्य सम्म जिल्ला कारागार, कैलालीमा ०६९ असार १४ गतेको जिल्ला अदालतको आदेशमा पुर्पक्षका लागि थुनामा रहेका छन्।

एक ३५ वर्षीया महिलालाई ०६९ मङ्सिर ७ गते बलात्कार गरेको भन्दै रामशिखरझाला गाविस-७ का ४२ वर्षीय चेतराज भट्टलाई इलाका प्रहरी कार्यालय, सुखडले ०६९ मङ्सिर २१ गते गिरफ्तार गऱ्यो। महिलाले आफूलाई गहुँखेतमा बलात्कार गरेको भनी आरोपितका विरुद्धमा ०६९ मङ्सिर २० गते इलाका प्रहरी कार्यालय, सुखडमा किटानी जाहेरी दिएकी थिइन्। आरोपित जिल्ला प्रहरी कार्यालय, कैलालीको हिरासतमा छन्। पीडित महिलाको स्वास्थ्य परीक्षण ०६९ मङ्सिर २१ गते सेती अञ्चल अस्पतालमा गरिएको थियो। जिल्ला अदालतको आदेशमा ०६९ पुस ९ गतेदेखि पुर्पक्षका लागि आरोपित जिल्ला कारागार, कैलालीमा थुनामा छन्।

एक १९ वर्षीया महिलाले आफूलाई ०६९ वैशाख २५ गते चुहा गाविस-५ का २२ वर्षीय आशाराम चौधरी, २३ वर्षीय धनीराम चौधरी र २५ वर्षीय शङ्कर चौधरीले सोही गाउँ नजिकैको चरेला खोलामा ०६९ वैशाख २३ गते सामूहिक बलात्कार गरेको भन्दै पीडित महिलाले ०६९ वैशाख २६ गते जिल्ला प्रहरी कार्यालयमा जाहेरी दिइन्। जाहेरीका आधारमा प्रहरीले सोही दिन आशाराम र धनीरामलाई घरबाट गिरफ्तार गऱ्यो। घटनामा संलग्न शङ्कर चौधरी भने फरार रहेको जिल्ला प्रहरी कार्यालयले बतायो। पीडित महिलाको स्वास्थ्य परीक्षण ०६९ वैशाख २६ गते सेती अञ्चल अस्पतालमा भएको थियो। आरोपित आशाराम र धनीराम जिल्ला अदालतको आदेशमा ०६९ जेठ १७ गतेदेखि पुर्पक्षका लागि जिल्ला कारागार कैलालीमा थुनामा छन्।

घरेलु हिंसा

परिवारजनबाट हत्या

फूलबारी गाविस-९ डी गाउँकी २४ वर्षीया सरीता सापकोटाको नेपाली सेनामा कार्यरत् उनका पति २५ वर्षीय रामबहादुर खत्री र देवर १८ वर्षीय इन्द्रबहादुर खत्रीले हत्या गरेको आरोपमा ०६९ वैशाख ३ गते जिल्ला प्रहरी कार्यालय, कैलालीले उनीहरूलाई गिरफ्तार गऱ्यो। सरीताको हत्या गरेर धनगढी नपा-१२ जुगेडा नजिकैको मोहना नदीको किनारमा गाडेको अवस्थामा लास फेला परेपछि घटनामा संलग्न भएको आरोपमा रामबहादुर र इन्द्रबहादुरलाई प्रहरीले गिरफ्तार गरेको जिल्ला प्रहरी कार्यालयका एसपी बसन्तकुमार पन्तले बताए। प्रहरीको प्रारम्भिक अनुसन्धानका क्रममा सरीतालाई पति रामबहादुर र देवर इन्द्रबहादुरले ०६८ चैत १९ गते राति हत्या गरेको अनुसन्धानबाट पत्ता लागेको एसपी पन्तले जानकारी दिए। लासको पोस्टमार्टम ०६९ वैशाख ४ गते सेती अञ्चल अस्पतालमा भएको थियो। माइतीपक्षले छोरी हराएको भन्दै खोजी कार्यका लागि ०६८ चैत १३ गते भन्दै स्थानीय प्रहरी चौकी फूलबारीमा आग्रह गरेपछि खोजतलासका क्रममा सरीताको लास गाडेको अवस्थामा फेला परेको थियो। हत्यामा संलग्न भएको आरोपमा गिरफ्तार गरिएका आरोपित रामबहादुर खत्रीलाई पुर्पक्षका लागि जिल्ला कारागार कैलालीमा राखिएको छ भने उनका भाई इन्द्रबहादुर खत्रीलाई भने ०६९ वैशाख २७ गते सामान्य तारेखमा रिहा गरे।

स्याङ्जा जिल्ला बहकोट गाविस-२ स्थायी घर भई हाल टीकापुर नपा-९ टीकापुर माउन्ट एभरेष्ट होटलमा बस्दै आएका ३५ वर्षीय गौरी (सीता) ज्ञवाली/पौडेललाई ०६९ असार १३ गते राति सोही होटलमा कुकको काम गर्ने उनका पति ४२ वर्षीय रेशमलाल पौडेलले चक्कु प्रहार गरी हत्या गरे। होटलमा सुतेका बेला पौडेलले तरकारी काट्ने चक्कु प्रहार गरी गम्भीर घाइते बनाएकी गौरीको टीकापुर अस्पतालमा ०६९ असार १३ गते उपचारका क्रममा मृत्यु भएको इलाका प्रहरी कार्यालय, टीकापुरका इन्स्पेक्टर प्रेम शाहीले बताए। लासको पोस्टमार्टम ०६९ असार १४ गते टीकापुर अस्पतालमा भयो। घटना हुनुको मुख्य कारण खुल्न नसकेको भए पनि आरोपित रेशमलालले भने पत्नी गौरीले आर्थिक अभाव भएका समयमा पनि आफ्नै म:म पसल सञ्चालन गर्ने दबाब दिँदै आएकोले आफूले हत्या गरेको प्रहरीसमक्ष बयान दिएको इन्स्पेक्टर शाहीले बताए। रेशमलाल र गौरी ०६९ असार पहिलो हप्ता टीकापुरमा आएका थिए। आरोपित पौडेललाई पुर्पक्षका लागि जिल्ला कारागारमा राखिएको छ।

सहजपुर गाविस-८ की २१ वर्षीया कोपिला सारुमगरलाई ०६९ मङ्सिर १६ गते राति उनका पति २५ वर्षीय तिलक सारुमगरले गोली हानी हत्या गरे। लासको पोस्टमार्टम ०६९ मङ्सिर १६ गते सेती अञ्चल अस्पतालमा भएको थियो। तिलकले कान्छी पत्नी कोपिलालाई गोली हानी हत्या गरेपछि आफूलाई पनि गोली हानी आत्महत्याको प्रयास गरे। आत्महत्याको

प्रयास गरेका तिलक सारुमगरको ०६९ मङ्सिर १६ गतेदेखि यस वर्ष अन्त्यसम्म पनि प्रहरीको निगरानीमा पदम अस्पताल अत्तरियामा उपचार भइरहेको जिल्ला प्रहरी कार्यालय कैलालीले जनायो।

कथित बोक्सीको आरोपमा दुर्व्यवहार

दरख गाविस-५ कौवापुरकी २३ वर्षीया सरुदेवी नेपाली बोक्सी भएको आरोपमा ०६९ जेठ २९ गते पति २५ वर्षीय दिनेश नेपालीले उनको गाला र टाउकोमा तातो पन्यूले डामी गम्भीर घाइते बनाए। पीडित महिलाले ०६९ असार २ गते इलाका प्रहरी कार्यालय, सुखडमा निवेदन दिएपछि सोही दिन प्रहरीले आरोपित नेपालीलाई घरबाट गिरफ्तार गऱ्यो। गिरफ्तार गरिएका नेपालीलाई ०६९ असार १३ गते जिल्ला प्रशासन कार्यालय, कैलालीले पाँच सय रुपियाँ धरौटी लिई समान्य तारेखमा रिहा गऱ्यो। घाइते नेपालीको उपचार स्थानीय मेडिकलमा ०६९ जेठ २९ गते भएको थियो।

महिला ओसारपसार

डडेल्धुरा जिल्ला कैलपाल गाविस-२ की २० वर्षीया कलावती फूलाराले ०६८ पुस २२ गते आफूलाई डोटी जिल्ला दिपायलनगरपालिका-२ का उजेली गाउँका ३२ वर्षीय गणेश बादी र सोही जिल्ला बरवट्टा गाविस-७ का ४५ वर्षीय नरबहादुर बलायरले बेच्न खोजेको भन्दै जिल्ला प्रहरी कार्यालय, कैलालीमा ०६९ पुस २२ गते जाहेरी दिइन्। पीडितको जाहेरीका आधारमा जिल्ला प्रहरी कार्यालय, कैलालीले श्रीपुर गाविस-३ लालपुरबाट ०६८ पुस २२ गते आरोपित दुवैलाई गिरफ्तार गऱ्यो। आरोपित ०६८ माघ १३ गतेदेखि पुर्पक्षका लागि थुनामा छन्। बलायरले बादीलाई ३ हजार रुपियाँ दिएर पीडित युवतीलाई धनगढीसम्म ल्याउन लगाई केही दिन श्रीपुर गाविस-४ लालपुरमा बलायर आफ्नो फूपुको घरमा राखेको जिल्ला प्रहरी कार्यालय, धनगढीले बतायो।

सबै प्रकारका जातीय विभेद

चौमाला गाविस-८ की १९ वर्षीया गीता खड्काले दलितसँग विवाह गरेको भन्दै ०६८ चैत ४ गते डोटी जिल्ला पोखरी गाविस-२ का उनका काका प्रेम खडका र काकी सुनिता खड्काले उनीलाई धनगढी नपा-६ जाईबाट नियन्त्रणमा लिए। गीताका पति १८ वर्षीय सन्देश विकलाई दुई ओटा मोटरसाइकलमा आएका अपरचित चार जनाको एक समूहले सोही दिन ०६८ चैत ४ गते धनगढी नपा-७ आफन्तको घरबाट अपहरण गरे। अपहरणमा परेका विक र नियन्त्रणमा लिइएकी गीता सोही दिन अपहरणकारीहरूलाई छलेर भाग्न सफल भएपछि उनीहरू दलित अधिकारकर्मी प्रेम विकको सम्पर्कमा आए। दलित अधिकारकर्मीले सुरक्षाको माग गर्दै पीडित भनिएका दुवै जनालाई ०६८ चैत ४ गते साँझ जिल्ला प्रहरी कार्यालयमा बुझाए। जिल्ला प्रहरी कार्यालय, कैलालीको अनुरोधमा गीतालाई ०६८ चैत ६ गतेदेखि ०६८ चैत १५ गतेसम्म ओरेक नेपाल, धनगढीको सेफ हाउसमा राखियो भने सन्देश विक प्रहरी निगरानीमा धनगढी बजारमा आफन्तको घरमा बसे। घटनामा संलग्न भएका प्रेम खड्का र सुनीता खड्काले उपरान्त गल्ती नगर्ने बताएपछि ०६८ चैत १५ गते जिल्ला प्रहरी कार्यालयले पीडितहरूलाई अभिभावकको जिम्मा लगायो। माइती पक्षको डरले १० महिनादेखि विस्थापित भई धनगढीमा डेरा गरी बस्दै आएका विक र खड्काले ०६८ असार २९ गते भागेर प्रेम विवाह गरेका थिए।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

संरचना, सम्पत्ति क्षति, सम्पत्ति कब्जा

अखण्ड सुदूरपश्चिम पक्षधरबाट

आफूहरूले आह्वान गरेको अनिश्चिकालीन बन्दको अवज्ञा गरी मोटरसाइकल चलाएको आरोपमा ०६९ वैशाख २५ गते अखण्ड सुदूरपश्चिम पक्षधर कार्यकर्ताहरूले जिल्ला प्रहरी कार्यालय, कैलालीमा कार्यरत् प्रहरी जवानले चलाएको से.१.च ८६३५ नम्बरको मोटरसाइकललाई धनगढी चौराहमा आगजनी गरे।

धनगढी नपा-१ मिलनटोलस्थित व्याकवार्ड सुसाइटी एजुकेशन (वेस) नेपालको कार्यालयमा अखण्ड सुदूरपश्चिम पक्षधर कार्यकर्ताहरूको एक समूहले ०६९ वैशाख ३० गते कार्यालयमा आगजनी गरे। आगजनी गरे लगत्तै स्थानीयहरूले नियन्त्रणमा लिएर कार्यालयको क्षति हुनबाट जोगाएका थिए। थरूहट तथा थरूवन सङ्घीय राज्यको मागमा थारू समुदायलाई डलर बाँडेको भन्दै अखण्ड सुदूरपश्चिम माग गदै आन्दोलित युवाहरूको समूहले कार्यालयको झ्याल्बाट मट्टितेल छर्केर आगजनी गर्दा कार्यालयको एक सेट सोफामा आगजनी भएको थियो।

बलिया गाविस-८ लम्की निवासी माउन्टेन टेलिभिजका सम्वाददाता ३८ वर्षीय नवराज खानलको

बन्दको अवज्ञा गरेको भन्दै अखण्ड सुदूरपश्चिम पक्षधरद्वारा कैलालीको धनगढीमा जलाइएको मोटरसाइकल

से.२प ६५१४ नम्बरको मोटरसाइकल, क्यामेरा र सानो क्यामरालाई अखण्ड सुदूरपश्चिमका कार्यकर्ताहरूले ०६९ वैशाख २७ गते दोदोधरा गाविस-५ सडकपुर बौनियामा रिपोटिङ गरिरहेको अवस्थामा तोडफोड गरे। मोटरसाइकल र दुई ओटा क्यामरा लगाएर करिब एक लाख बरावरको क्षति भएको पत्रकार खनालले जानकारी दिए।

दोदोधारा गाविस-५ बौनिया बजारमा अखण्ड सुदूरपश्चिम पक्षधर र था रूहट पक्षधरबीच भएको झडपमा अखण्ड सुदूरपश्चिम कार्यकर्ताहरूले थरूहट कार्यकर्ताहरूका १ सय ओटा साइकल नियन्त्रणमा लिएर ०६९ जेठ १२ गते आगजनी गरेको बौनिया प्रहरी चौकीले जानकारी दियो। साइकलधनीहरू प्रहरी सम्पर्कमा नआएको जिल्ला प्रहरी कार्यालय राजनीतिक अभिलेख शाखाले जानकारी दियो।

आफूहरूले आह्वान गरेको बन्दको अवज्ञा गरेको आरोपमा ०६९ वैशाख २७ गते धनगढी नपा-३ स्थित तिलक अधिकारीले चलाएको से.२प ५३३८ नम्बरको मोटरसाइकललाई अखण्ड सुदूरपश्चिमका पक्षधर कार्यकर्ताहरूले मोहनाको पुलमा आगजनी गरे। आगजनीबाट मोटरसाइकल पूर्ण रूपमा क्षति भएको भन्दै पीडितले ०६९ असार १२ गते जिल्ला प्रशासन कार्यालय, कैलालीमा क्षतिपूर्तिको माग गदै निवेदन दिए।

थरूहट सयुक्त सङ्घर्ष समितिबाट/ थारूहट तराई पार्टी तथा एमाओवादी भातृसङ्गठन थारूवनबाट

अखण्ड सुदूरपश्चिम पक्षधर र थरूहट कार्यकर्ताहरूबीच भइरहेको दोहोरो झडपमा परी घाइते भएकाहरूमध्ये पनि अखण्ड पक्षधर कार्याकर्ताहरूलाई मात्र नेपाल रेडक्रस सोसाईटीको बा.१.च.२११४ नम्बरको एम्बुलेन्सद्वारा उपचारका लागि ओसारपसार गरेको आरोपमा ०६९ जेठ २ गते धनगढी नपा-८ देवरिया चोकमा थरूहटका कार्यकर्ताहरूले रेडक्रसको एम्बुलेन्समा तोडफोड गरेको वडा प्रहरी कार्यालयका सई बजीरसिंह धामीले जानकारी दिए। तोडफोडपश्चात् रेडक्रस सोसाईटी, कैलालीले ०६९ असार ५ गते क्षतिपूर्तिको माग राखी जिल्ला प्रशासन कार्यालय, कैलालीमा निवेदन दिएको भए पनि हालसम्म कुनै पनि क्षतिपूर्ति पाएको छैन। घटनामा थरूहटका कार्यकर्ताहरूको संलग्नता रहेको प्रहरीले जनाए पनि थरूहटका कार्यकर्ताहरूले भने आफूहरूको संलग्नता नरहेको बताए।

धनगढी नपा-१ स्थित पार्कमोडमा रहेको लोकराज जोशीको घरमा ०६९ जेठ ३ गते थरुहट कार्यकर्ताहरूले तोडफोड गर्दा घरको झ्याल र ढोका शिशा, घरायासी सामग्री तोडफोड हुँदा १६ हजार ८ सय ७७ रुपियाँ मूल्य बराबरको क्षतिपूर्तिको माग गर्दै जिल्ला प्रशासन कार्यालयमा ०६९ असार ५ गते निवेदन दिए। थरूहटका कार्यकर्ताहरूले धनगढी क्याम्पस रोडबाट निकाले ऱ्यालीलाई प्रहरीको सुरक्षा टोलीले ०६९ जेठ ३ गते पार्कमोडस्थित जोशीको घरको अगाडि रोकेपछि दुवैपक्षबीच विवादमा प्रहरीले लाठी चार्ज र थरूहटका कार्यकर्ताहरूले ढुङ्गामुडा प्रहार गरेका थिए। थरूहटको आन्दोलनकारी आफूहरूको जुलुस धनगढी ट्राफिक चौराहसम्म जान पाउनुपर्ने माग गरेपछि विवाद भएको थियो।

अज्ञात समूहबाट

चौमाला गाविस-३ स्थित मोहन्याल इङ्लिस सेकेण्डरी स्कुलको प्रशासन कोठासहित अन्य दुई ओटा कोठामा ०६९ वैशाख २५ गते राति अज्ञात समूहले आगजनी गऱ्यो। आगजनीबाट भवनका ढोका, झ्याल, टेबल, कुर्ची, बेञ्च, विद्यालयका शैक्षिक सामग्रीलगायत गरी २५ लाख ९८ हजार ६ सय ६५ रुपियाँ बराबरको भौतिक सम्पत्तिको क्षति भएको इलाका प्रहरी कार्यालय, चौमालाले जानकारी दियो। अज्ञात समूहले विद्यालय प्रशासनकक्षमा मट्टितेल तथा पेट्रोल छर्केर आगो लगाएको विद्यालयका प्रधानाध्यापक मदनराज जोशीले जानकारी दिए। घटनामा संलग्न भएकाहरूकाहरूलाई हालसम्म पनि पक्राउ गर्न नसकिएको जिल्ला प्रहरी कार्यालय धनगढीका इन्स्पेक्टर सुदाम रावलले बताए।

स्वास्थ्य सेवाको अवस्था

अस्पताल	२		
स्वास्थ्यचौकी	२४		
उपस्वास्थ्यचौकी	५		
पद	**दरबन्दी**	**कार्यरत**	**रिक्त**
डाक्टर	२८	१८	१०
स्टाफ नर्स	३०	२७	३
ल्याब असिस्टेन्ट	१४	१२	२
अहेब	९९	८७	१२
अनमी	६५	६५	
खोप सुपरभाइजर	१	१	
क्षयरोग/कुष्ठरोग सुपरभाइजर	१	१	
हेल्थ असिस्टेन्ट	२०	१४	६

जिल्ला प्रहरी कार्यालय

जिल्ला प्रहरी कार्यालयमा ०६८ पुस १७ गतेदेखि ०६९ पुस १६ गतेसम्म बलात्कार २६, बलात्कार प्रयास आठ, महिला ओसारपसार जिउ मास्नेबेच्ने तीन, कर्तव्यज्यान ३५, ज्यानमार्ने उद्योग १६, अपहरण शरीर बन्धक एक, बहुविवाह पाँच, विस्फोटक पदार्थका ११ ओटा मुद्दा दर्ता भए।

५.२ अछाम

जिल्ला सदरमुकाम: मङ्गलसेन
क्षेत्रफल (वर्ग कि. मि.): १,६८०
घरधुरी सङ्ख्या: ४८,३५१
जम्मा जनसङ्ख्या: २,५७,४७७
पुरुष: १,२०,००८
महिला: १,३७,४६५
अपाङ्ग सङ्ख्या: ८,६०२
गाविस/नपा सङ्ख्या: ७५/०
पुरुष साक्षरता सङ्ख्या: ७५,६७४
महिला साक्षरता सङ्ख्या: ५५,८७४
हिन्दू धर्मावलम्बी प्रतिशत: ९९.४३
बौद्ध धर्मावलम्बी प्रतिशत: ०.३
इस्लाम धर्मावलम्बी प्रतिशत: ०.१
क्रिश्चियन धर्मावलम्बी प्रतिशत: ०.१३
अन्य धर्मावलम्बी प्रतिशत: ०.०३६
प्रतिपरिवार सरदर सङ्ख्या: ५.३३

जेल र बन्दीहरू

'घ' श्रेणीको जिल्ला कारागारको बन्दी क्षमता २५ जनाको रहेको छ। यस वर्षको अन्त्यसम्म कैद तोकिएको ३५ र कैद नतोकिएको ७ कैदी र थुनुवा गरी जम्मा ४२ जना बन्दीहरू रहेका छन्। हालको कारागारको भौतिक अवस्था निकै नाजुक छ। घेरापर्खालको धेरै ठाउँमा फुटेको छ भने छाना चुहिने गर्दछ। पानी परेको समयमा त्रिपाल हालेर पानी रोकिने गरिन्छ। नयाँ कारागार भवन निर्माणाधिन अवस्थामा छ। कारागार भित्र कैदि र थुनुवालाई प्रतिव्यक्ति दैनिक ४५ रुपैँया नगद भत्ता र ७ सय ग्राम सिदा दिने गरिन्छ।

धम्की / कुटपिट

स्थानीय बासिन्दाबाट

रहफ गाविस -६ स्थित रहफ प्रहरी चौकीले पीडितले न्याय नपाउनु भन्दा अघि नै आरोपितलाई रिहा गरेको भन्दै ०६९ वैशाख ७ गते सोही गाविस-६ का स्थानीय बासिन्दाले प्रहरी चौकीमा आक्रमण गर्दा सोही चौकीमा कार्यरत दार्चुला ग्वानी-७ का प्रहरी हवल्दार शम्भुसिंह धामी, दार्चुल्ला डाँडाकोट-३ का प्रहरी जवान हर्कबहादुर पाल र डोटीको दीपायल सिलगढी नगरपालिका-११ का प्रहरी जवान शेरबहादुर खड्का घाइते भए। घाइते धामीको दैलेख जिल्लाको प्राथमिक स्वास्थ्य केन्द्रमा उपचार भयो भने अन्य दुई जनाको कोहलपुर मेडिकल कलेजमा उपचार भयो। सोही गाविस -६ का ५० वर्षीय भक्तबहादुर रावललाई ०६९ वैशाख ३ गते सोही गाविस-४ का टेकबहादुर शाहीले कुटपिट गरेको र घाइते रावलको उपचार भइरहेको अवस्थामा नै शाहीलाई प्रहरीले केही स्थानीयको रोहबरमा ०६९ वैशाख ५ गते हिरासत मुक्त गरेको भन्दै रावलपक्षका स्थानीयले चौकीमा आक्रमण गरेका थिए। घाइते रावलको ०६९ वैशाख ६ गते कोहलपुर मेडिकल कलेजमा मृत्यु भयो। मृतकको सोही दिन कोहलपुर मेडिकल कलेजमा पोस्टमार्टम गरियो। रावलको मृत्युलगत्तै फरार रहेका शाहीलाई प्रहरीले ०६९ वैशाख ११ गते गिरफ्तार गरी ०६९ जेठ १ गते जिल्ला अदालतमा कर्तव्य ज्यान मुद्दा दर्ता गऱ्यो। शाही पुपर्क्षका लागि कारागार चलान गरिएका छन्। उक्त मुद्दा अदालतमा विचाराधीन छ।

सुगम र निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालत

०६८ साउनदेखि ०६९ असार मसान्तसम्म

एक जनामात्र न्यायाधीश रहेको यस जिल्ला अदालतको फौजदारी मुद्दातर्फ ३९ थानमध्ये २७ फैसला भए भने १२ थान फैसला हुन बाँकी रहे। देवानी मुद्दातर्फ १९ थान मध्ये १५ थान फैसला भए भने चार थान फैसला हुन बाँकी रहे।

०६९ साउनदेखि पुस १५ सम्म

जिल्ला अदालतको फौजदारी मुद्दातर्फ आठ थानमध्ये सात थान फैसला भए भने एक थान मुद्दा फैसला हुन बाँकी रह्यो। देवानी मुद्दातर्फ दुई थानमध्ये दुई थान फैसला हुन बाँकी रहे। दुई वर्ष नाघेका कुनै मुद्दा छैनन्।

जिल्ला सरकारी वकिलको कार्यालय

जिल्ला सरकारी वकिलको कार्यालयबाट ०६८ साउनदेखि ०६९ असार मसान्तसम्म दायर मुद्दाको सङ्ख्या २९ थान छन् जसमध्ये १३ थान सफल भए भने १६ थान असफल भए। सरकारी वकिल सङ्ख्या एक रहेको यस जिल्ला कार्यालयबाट दायर मुद्दामध्ये ०६९ असार मसान्तसम्म १३ थान मुद्दा बाँकी रहेको सरकारी वकिलको कार्यालयले जनायो।

दायर मुद्दामध्ये कर्तव्य ज्यानसम्बन्धी छ थानमध्ये दुई थान सफल र चार थान असफल रहे। बलात्कारसम्बन्धी मुद्दा दुई थान मध्ये एक थान सफल र एक थान असफल रहे। बहुविवाहसम्बन्धी मुद्दा एक थान मध्ये एक थान सफल रह्यो।

बालअधिकार

शिक्षाको अवस्था

यस जिल्लाका विद्यालय जाने उमेरका ९७ हजार ४ सय ३४ मध्ये छात्र ४६ हजार ८ सय ७६ र छात्रा ५० हजार ५ सय ४६ प्राथमिक तहदेखि माथि तहसम्म भर्ना भए। यसमध्ये दलित छात्रा १४ हजार ८ सय २७ र छात्र १५ हजार ५ सय ५८ रहेका छन्। सरकारी र सामुदायिक विद्यालय गरी प्राथि तहमा महिला ४ सय १८ र पुरुष १५ सय ९५ गरी जम्मा २१ सय १३ शिक्षक कार्यरत रहेका छन्। निमाथि तहमा महिला ४८ र पुरुष ४ सय २७ गरी जम्मा ४ सय ७५ शिक्षक कार्यरत रहेका छन्। यसैगरी माथि तहमा महिला ५ र पुरुष २ सय ७९ गरी जम्मा २ सय ८४ शिक्षक रहेका छन्।

बालविकास केन्द्र बालक ४ हजार ४ सय ९२ र बालिका ४ हजार ६ सय २९ गरी जम्मा ९ हजार १ सय १७ रहेका छन्। दलित बालक र बालिकाको छुट्टाछुट्टै तथ्यांक राखेको भेटिएन।

परिवारजनबाट हत्या

सिद्धेश्वर गाविस-१ साँफेहाटबजारकी चार वर्षीया छोरी सरस्वती तिवारीको ३८ वर्षीय बाबु मेघराज तिवारीले ०६९ असार १४ गते राती टाउकोमा ढुङ्गा प्रहार गरी हत्या गरे। घटनालगत्तै प्रहरीले तिवारीलाई नियन्त्रणमा लियो। तिवारीले ०६९ असार १३ गते पत्नीलाई कुटपिट गरेपछि उनकी पत्नी छिमेकीको घरमा बास बस्न गएकी थिईन्। त्यो रात तिवारी दुई जना छोराछोरीसँग सुतेका थिए। आरोपितलाई प्रहरीले असार १४ गते गिरफ्तार गऱ्यो।

आरोपितविरुद्धको मुद्दा अदालतमा विचाराधीन छ।

पुल्लेतोला गाविस -९ का मीनबहादुर रावलकी पत्नी २६ वर्षीया धनसरी रावलले ०६९ साउन २१ गते आफ्नो तीन महिनाको छोरी दुर्गा रावल र दुई वर्षीय छोरा बिमल रावललाई गाउँनजिकैको भीरबाट खसालेर उनीहरूको हत्या गरिन्। सासू र पतिसँग झगडा भएपछि छोरा छोरी लिएर घरबाट निस्केकी धनसरीले दुवैजनालाई भीरबाट खसाली हत्या गरेकी थिइन्। हत्या गरिएका दुवै जनाको लास स्थानीय खोलामा ०६९ साउन २४ गते परिवारले भेटाएका थिए। माइती घरमा भेटिएकी धनसरीलाई ०६९ साउन २४ गते गाउँलेले नियन्त्रणमा लिएर इलाका प्रहरी कार्यालय, बिनायकको जिम्मा लगाए। उनका पतिले ०६९ साउन २५ गते इलाका प्रहरी कार्यालय, बिनायकमा पत्नीका विरुद्ध जाहेरी दिए। लासको पोष्टमार्टम ०६९ साउन २५ गते जिल्ला अस्पताल, मङ्गलसेनमा गरियो। सासू ससुरासँग सँगै बस्न नसके पछि पतिसँग अलग बस्नको लागि आफूले पहिलेदेखि नै भन्दै आएको र पतिले सो कुरा नमानेपछि झगडा हुँदा पहिले छोरा छोरीको हत्या गरेर पछि आफूले पनि आत्महत्या गर्न खोजेको तर नसकेको धनसरीले प्रहरीसमक्ष बयान दिइन्। प्रहरीले आरोपिविरुद्ध ०६९ साउन २६ गते जिल्ला अदालतमा कर्तव्य ज्यान मुद्दा दर्ता गऱ्यो। आरोपित पुर्पक्षका लागि जिल्ला कारागार, मङ्गलसेनमा थुनामा छन्। सो मुद्दा अदालतमा विचाराधीन छ।

बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

एक छ वर्षीया बालिकालाई ०६९ असार १३ गते बुढाकोट गाविस-४ का १७ वर्षीय एक बालकले बलात्कारको प्रयास गरेको भन्दै बालिकाका आफन्तले आरोपितविरुद्ध ०६९ असार १४ गते जिल्ला प्रहरी कार्यालय,अछाममा जाहेरी दिए। जाहेरीलगत्तै प्रहरीले दीपकलाई गिरफ्तार गरी हिरासतमा राख्यो। प्रहरीले ०६९ साउन १ गते उनका विरुद्ध जिल्ला अदालत, अछाममा मुद्दा दर्ता गरेकोमा सोही दिन अदालतले आरोपितलाई पुर्पक्षका थुनामा राख्ने आदेश दियो। आरोपित बलात्कारको प्रयास गरेको ठहर गर्दै जिल्ला अदालत अछामले ०६९ असोज १७ गते पाँच बर्ष कैदको फैसला सुनायो।

एक छ वर्षीया बालिकालाई ०६९ भदौ २८ गते जनालीवण्डाली गाविस-२ का १७ वर्षीय बालकले बलात्कारको प्रयास गरेको भन्दै बालिकाका आफन्तले ०६९ भदौ २९ गते उनका विरुद्ध प्रहरी चौकी, गैटाँडमा जाहेरी दिए। बीरपथ गाविस-५ को गैटाड बजारस्थित आफ्नै होटलमा सुतिरहेकी बालिकालाई आरोपितले बलात्कारको प्रयास गरेपछि बालिकाका आमा बुबाले बालकलाई नियन्त्रणमा लिई ०६९ भदौ २९ गते नै अस्थायी प्रहरी पोस्ट, गैटाँडमा बुझाएका थिए। बालिकाको ०६९ भदौ २९ गते जिल्ला अस्पताल,अछाममा स्वास्थ्य परीक्षण गरियो। आरोपित भदौ ३० गतेदेखि पुर्पक्षका लागि जिल्ला कारागारमा थुनामा छन्।

एक ११ वर्षीया बालिकालाई ०६८ फागुन १६ गते पुल्लेतोला गाविस-२ का दुई बालकले गाउँ नजिकैको घट्टमा बलात्कार गरेको भन्दै ०६८ फागुन १७ गते पीडित बालिकाका बाजेले इलाका प्रहरी कार्यालय, नियकमा जोहरी दिए। प्रहरीले आरोपितद्वयलाई ०६८ फागुन १७ गते नै गिरफ्तार गरी फागुन २२ गते जिल्ला अदालत, अछाममा मुद्दा दर्ता गऱ्यो। बालिकाको जिल्ला अस्पताल, अछाममा ०६८ फागुन २१ गते स्वास्थ्य परीक्षण गरिएको थियो। आरोपित बालक भएकाले अदालतले उनीहरूललाई मुक्त गर्न आदेश दियो। मुद्दाको फैसाल भएको छैन।

एक १५ वर्षीया बालिकालाई ०६८ फागुन २४ गते जनालीकोट गाविस -४ का डिल्ली स्वाँर, धुव्र कुँवर जनालीकोट गाविस-३ का एक बालकले सामूहिक बलात्कार गरेको आरेपमा बालिकाका आफन्तले ०६८ चैत ८ गते इलाका प्रहरी कार्यालय, बयलपाटामा जाहेरी दिए। प्रहरीले सोही दिन आरोपित चारै जनालाई गिरफ्तार गऱ्यो। पीडित बालिकाको ०६८ चैत ९ गते जिल्ला अस्पताल मङ्गलसैनमा स्वास्थ्य परीक्षण गरिएको थियो। आरोपित मध्येका एकको उमेर १६ बर्ष भन्दा कम भएकाले उनलाई ०६९ चैत २४ गते जिल्ला अदालतले अभिभावकको जिम्मा लगाउन आदेश दियो भने अरु तीन जना भने पुर्पक्षका लागि कारागार चलान गरिए। यस वर्षको अन्त्यसम्म मुद्दाको फैसला भएको छैन।

घटनाको प्रकार	राज्यपक्षबाट		गैरराज्यपक्षबाट		
	महिला	जम्मा	महिला	पुरुष	जम्मा
बालअधिकार			४		४
महिलाअधिकार	३	३	१०		१०
जातीय विभेद				६	६
कुटपिट			३	३	५
हत्या			३	१	३
जम्मा	३	३	१८	११	२९

महिला बिरुद्ध हुने सबै प्रकारका भेदभाव र दुर्व्यवहार

बलात्कार, बालात्कार प्रयास, यौन दुर्व्यवहार

ढकारी गाविस - ९ का २९ वर्षीय दीपेन्द्र थापा, कुन्तिबण्डाली गाविस -१ का २५ वर्षीय लालबहादुर थापा र हिच्मा गाविस -२ का २२ वर्षीय सुरेन्द्र शाहीले ०६८ माघ ९ गते सदरमुकाम मङ्गलसेनस्थित सगरमाथा होटलमा बास बसिरहेका अछ्याम जिल्ला महिला भलिबल टिमका खेलाडी युवतीहरूमाथि हातपात गरेको भनी युवतीहरूले सोही दिन ०६८ माघ ९ गते राती जिल्ला प्रहरी कार्यालयमा निवेदन दिए। पीडित युवतीको जाहेरी लगत्तै प्रहरीले घटनास्थलबाटै आरोपित तीनै जनालाई गिरफ्तार गऱ्यो। क्षेत्रीय महिला भलिबल प्रतियोगितामा सहभागिता जनाउन खेलाडीहरूले ०६८ माघ १० गते बिहानै डोटी जानुपर्ने भएकोले जिल्ला प्रहरी कार्यालय,अछ्यामले ०६८ माघ ११ गते तीनै जनाका नाममा जिल्ला प्रशासन कार्यालय,अछ्याममा सार्वजनिक अपराध ऐनअर्न्तगत मुद्दा दर्ता गऱ्यो। प्रमुख जिल्ला अधिकारी हरिप्रसाद भण्डारीले ०६८ माघ २५ गते जनही ५ हजार रुपियाँ धरौटी राखी तारेखमा रिहा गर्ने आदेश गरे।

घरेलु हिंसा

छाउपडी गोठमा मृत्यु

बारला गाविस - ६ की ४० वर्षीया झुमादेवी शाहीको ०६८ माघ १ गते छाउपडी गोठमा मृत्यु भयो। घरसँगै जोडिएको छाउपडी गोठमा एक्लै सुतेकी शाही ०६८ माघ २ गते बिहान गोठमै मृत अवस्थामा भेटिएकी थिइन्। बेलुकी सुत्ने समयमा कुनै बिरामी नभएको र बिहान भने नाकबाट रगत बगेको अवस्थामा गोठ भित्र लास फेला परेको मृतकका आफन्तले बताए। मृतकको लासलाई पोस्टमार्टम नै नगरेर ०६८ माघ २ गते दाहसंस्कार गरियो । मृतकका दुई छोरा र दुई छोरी छन्।

ढकारी गाविस - ४ की १६ वर्षीया लक्ष्मी बुढाको ०६८ माघ १९ गते राती छाउपडी गोठमा सुतेको अवस्थामा मृत्यु भयो। उनको दुबै खुट्टा जलेको अवस्थामा लास भेटिएको मृतकका बुबा जयसमै बुढाले बताए। मृत अवस्थामा भेटिएपछि परिवारले नजिकै रहेको ढकारी प्रहरी चौकीलाई खबर गरेपछि प्रहरीको एक टोली घट्नास्थल पुगी लास जाँच मुचुल्का गरेर ०६८ माघ २१ गते जिल्ला अस्पतालमा पोस्टमार्टम गरियो। उनको २१ गते नै दाहसंस्कार गरियो। सानो गोठमा आगो बालेको र छारेरोगकी पीडितको सोही रोगका कारण मृत्यु भएको हुनसक्ने प्रहरीले बतायो।

रिडीकोट-३ की १६ वर्षीया शर्मिला भुलको ०६९ पुस ३ गते राती छाउपडी गोठमा सुतेको अवस्थामा ज्यान गयो। पुस ३ गते राति घरकै एक छेउमा बनाइएको गोठमा एक्लै सुतेकी शर्मिला ४ गते बिहान मृत अवस्थामा भेटिएको उनका बुबा एकराज भुलले जानकारी दिए। मृतकको शवपरीक्षण नै नगरी परिवारले ४ गते नै उनको शवलाई स्थानीय बूढीगङ्गा नदीमा गाडे। झ्याल नभएको उक्त गोठमा आगो बालेको र ढोकामा राम्रोसँग कपडासमेत लगाएर थुनेकाले उनको मृत्यु निसासिएर भएको हुन सक्ने अनुमान गरियो। जिल्ला प्रहरी कार्यालयले यस बारेमा कुनै जानकारी नआएको जनायो।

बहुविवाह

बारला गाविस -४ की २४ वर्षीया कुश्मा शाहीले पति ध्रुव शाहीले बान्नातोली गाविस-७ की पार्वती शाहीसँग अर्को विवाह गरेको भन्दै ०६९ मङ्सिर १४ गते पति ध्रुव शाहीको विरुद्ध महिला तथा बालबालिका कार्यालय, अछ्याममा उजुरी दिइन्। महिला तथा बालबालिका कार्यालय,अछ्यामले आवश्यक छानबिन गरी कानुनी कारबाहीको माग गर्दै लागि जिल्ला प्रशासन कार्यालय,अछ्यामलाई ०६९ मंसिर १५ गते सिफारिससहितको पत्र पठायो। जिल्ला प्रहरी कार्यालय,अछ्यामले ०६९ मङ्सिर २२ गते ध्रुवका विरुद्धमा बहुविवाहको मुद्दा दर्ता गऱ्यो। प्रहरीले ध्रुवको खोजी कार्य भइरहेको बताए पनि हालसम्म भेटाउन नसकेको जनायो। कुश्मा र ध्रुवको ०६६ भदौ २४ गते प्रेम विवाह भएको थियो। ध्रुव गाउँकै विद्यालयमा निजीस्रोतमा कार्यरत शिक्षक हुन्।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

स्वास्थ्यको अधिकार

बारला गाविस -१ की ४२ वर्षीया जसुदेवी खनालको स्थानीय उपस्वास्थ्य चौकीमा स्वास्थ्यकर्मी नुहँदा उपचार नपाएर ०६९ जेठ १४ गते ज्यान गयो। सोही दिन बिहान घरमै बच्चा जन्माएकी खनाललाई अत्यधिक रक्तश्राव भएपछि आफन्तले उपचारका लागि उपस्वास्थ्य चौकी पुऱ्याएका थिए। उपस्वास्थ्य चौकीमा स्वास्थ्यकर्मी कोही पनि नहुँदा उनले उपचार पाउन सकिनन्। उक्त स्वास्थ्य चौकीमा कार्यरत अनमी कल्पना डाँगीको दाङ जिल्लामा सरुवा भएको र अहेब

रोशन यादव पनि त्यो दिन स्वास्थ्य चौकीमा नभएको बताइयो। स्थानीयहरूले महिला स्वास्थ्यकर्मीमाथि दुर्व्यवहार गरेकाले स्वास्थ्यकर्मी स्वास्थ्य चौकीमा बस्न मन नपराउने गरेको जिल्ला स्वास्थ्य कार्यालय, अछामका जनस्वास्थ्य निरीक्षक झनक ढुङ्गानाले बताए।

स्वास्थ्य सेवाको अवस्था

अस्पताल	१		
स्वास्थ्यचौकी	१२		
उपस्वास्थ्यचौकी	६०		
पद	**दरबन्दी**	**कार्यरत**	**रिक्त**
डाक्टर	३	१	२
स्टाफ नर्स	५	१	४
ल्याब असिस्टेन्ट	४	२	२
अहेब	८३	५१	३२
अनमी	२३	११	१२
खोप सुपरभाइजर	१	१	
क्षयरोग/कुष्ठरोग सुपरभाइजर	१		१
हेल्थ असिस्टेन्ट	२२	७	१५

जिल्ला प्रहरी कार्यालय

जिल्ला प्रहरी कार्यालयमा ०६८ पुस १७ गतेदेखि ०६९ पुस १६ गतेसम्म बलात्कार तीन, बलात्कार प्रयास एक, कर्तव्यज्यान पाँच, ज्यानमार्ने उद्योग एक, आत्महत्या १८, बहुविवाह एक, जातीय छुवाछूतका एक ओटा मुद्दा दर्ता भए।

५.३ डोटी

जिल्ला सदरमुकाम: सिलगढी
क्षेत्रफल (वर्ग कि. मि.): २,०२५
घरधुरी सङ्ख्या: ४१,४४०
जम्मा जनसङ्ख्या: २,११,७४६
पुरुष: ९७,२५२
महिला: १,१४,४९४
अपाङ्ग सङ्ख्या: ७,३०२
गाविस/नपा सङ्ख्या:
पुरुष साक्षरता सङ्ख्या: ६२,६०५
महिला साक्षरता सङ्ख्या: ४५,४२२
हिन्दू धर्मावलम्बी प्रतिशत: ९९.०४
बौद्ध धर्मावलम्बी प्रतिशत: ०.७५
इस्लाम धर्मावलम्बी प्रतिशत: ०.०५
क्रिश्चियन धर्मावलम्बी प्रतिशत: ०.१३
प्रकृति धर्मावलम्बी प्रतिशत: ०.०१
अन्य धर्मावलम्बी प्रतिशत: ०.०१७
प्रतिपरिवार सरदर सङ्ख्या: ५.११

जेल र बन्दी

"घ" श्रेणीको जिल्ला कारागारमा ४५ जनासम्म कैदी राख्न सकिने क्षमता भएकोमा यो वर्ष जम्मा कैदीको सङ्ख्या ३६ रहेको जसमध्ये २९ जना कैद तोकिएका र ७ जना कैद नतोकिएका छन्। कारागारमा महिला बन्दी राख्ने छुट्टै कक्ष नभएका कारण कारागार व्यवस्था विभागको सहयोगमा कारागार परिसरभित्रै महिला थुनुवा कक्षको निर्माण भइरहेको प्रमुख खड्काले बताए।

सुगम र निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालत

०६८ साउनदेखि ०६९ असार मसान्तसम्म

१ जनामात्र न्यायाधीश रहेको यस जिल्ला

घटनाको प्रकार	राज्यपक्षबाट		गैरराज्यपक्षबाट		
	पुरुष	जम्मा	महिला	पुरुष	जम्मा
बालअधिकार			७		७
महिलाअधिकार			१७		१७
जातीय विभेद			४	३	६
कुटपिट	३	३	१	१	३
धम्की			१	४	५
हत्या			१	१	३
जम्मा	३	३	३१	८	३९

अदालतको फौजदारी मुद्दातर्फ ४४ थान मध्ये ३५ थान फैसला भए भने नौ थान फैसला हुन बाँकी रहे। देवानी मुद्दातर्फ २८ थान मध्ये १७ थान फैसला भए भने ११ थान फैसला हुन बाँकी रहे।

०६९ साउनदेखि पुस १५ सम्म

एक जनामात्र न्यायाधीश रहेको यस जिल्ला अदालतको फौजदारी मुद्दातर्फ १६ थान मध्ये ११ थान फैसला भए भने पाँच थान फैसला हुन बाँकी रहे। देवानी मुद्दातर्फ १४ थान मध्ये दुई थान फैसला भए भने १२ थान फैसला हुन बाँकी रहे। दुई वर्ष नाघेका फौजदारी मुद्दा र देवानी मुद्दा रहेका छैनन्।

कार्यालयबाट दायर मुद्दामध्ये ०६९ असार मसान्तसम्म नौ थान मुद्दा फैसला हुन बाँकी रहेको सरकारी वकिलको कार्यालयले जनायो।

पुनरावेदन अदालत

०६८ साउनदेखि ०६९ असार मसान्तसम्म

दुई जनामात्र न्यायाधीश रहेको यस पुनरावेदन अदालतको फौजदारी मुद्दातर्फ २ यस ४५ थानमध्ये

बन्दको अवज्ञा गरेको भन्दै अखण्ड सुदूरपश्चिम पक्षधरद्वारा डोटी जिल्लामा जलाइएको मोटरसाइकल

१६० थान फैसला भए भने ८५ थान फैसला हुन बाँकी रहे। देवानी मुद्दातर्फ ८६ थानमध्ये ५१ थान फैसला भए भने ३५ थान फैसला हुन बाँकी रहे।

०६९ साउनदेखि पुस १५ सम्म

यस पुनरावेदन अदालतका फौजदारी मुद्दातर्फ १ सय ७२ थान मध्ये ३९ थान फैसला भए भने १ सय ३३ थान फैसला हुन बाँकी रहे। देवानी मुद्दातर्फ ५४ थानमध्ये २१ थान फैसला भए भने ३३ थान फैसला हुन बाँकी रहे। दुई वर्ष नाघेका फौजदारी मुद्दा र देवानी मुद्दा यस अदालतमा रहेका छैनन्।

जिल्ला सरकारी वकिलको कार्यालय

जिल्ला सरकारी वकिलको कार्यालयबाट ०६८ साउनदेखि ०६९ असार मसान्तसम्म दायर मुद्दाको सङ्ख्या २३ थान रहेका छ। जसमध्ये १७ थान मुद्दा सफल भए भने चार थान असफल भए।। सरकारी वकिल सङ्ख्या १ जनारहेको यस जिल्ला कार्यालयबाट दायर मुद्दामध्ये ०६९ असार मसान्तसम्म नौ थान मुद्दा बाँकी रहेको सरकारी वकिलको कार्यालयले जनायो।

दायर मुद्दामध्ये कर्तव्य ज्यानसम्बन्धी मुद्दा तीन थानमध्ये २ थान सफल र एक थान असफल रह्यो। बलात्कारसम्बन्धी दुई थान मुद्दामध्ये एक थान सफल रह्यो। महिला बेचविखनसम्बन्धी एक थान मुद्दामध्ये सफल १ थान असफल रह्यो। बहुविवाहसम्बन्धी दुई थान मुद्दामध्ये दुई थान नै सफल रह्यो।

जिल्ला सरकारी वकिलको कार्यालयबाट ०६९ साउनदेखि ०६९ पुससम्म दायर मुद्दाको सङ्ख्या २४ थानमध्ये छ थानमा सफलता प्राप्त भयो।

यातना तथा अन्य क्रुर अमानवीय र अपमानजनक व्यवहार वा दण्ड

दीपायल सिलगढी नपा-७ का २० वर्षीय लवराज भट्टराईले सार्वजनिक सम्पत्तिमा आगजनी गरेको आरोपमा ०६९ वैशाख २४ गते इलाका प्रहरी कार्यालय, दीपायलले उनलाई गिरफ्तार गरी हिरासतमा राख्यो। हिरासतमा राखेको समयमा ड्यूटीमा रहेका प्रहरीको कुटपिटका कारण उनको दायाँ हातको हड्डीमा चोट लाग्नुको साथै शरीरका बिभिन्न भागमा चोटपटक लागेको थियो। उनलाई ०६९ वैशाख २५ गते जिल्ला प्रहरी कार्यालय,डोटीले थुनामुक्त गरेपछि उनको उपचार काठमाडौँमा उपचार भएको थयो।

दीपायल सिलगढी नपा-७ निवासी उद्योग

वाणिज्य सङ्घका कर्मचारी २७ वर्षीय चक्र साहूले प्रहरीलाई ढुङ्गामुढा र गालीगलौज गरेको आरोपमा ०६८ फागुन २५ गते जिल्ला प्रहरी कार्यालय, डोटी र इलाका प्रहरी कार्यालय, दीपायलको संयुक्त प्रहरी टोलीले गिरफ्तार गरी कुटपिट गऱ्यो। प्रथम डोटी महोत्सव समापन समारोहको कार्यक्रम सञ्चालन भइरहेको समयमा जम्मा भएका दर्शकहरूलाई प्रहरीमाथि ढुङ्गामुढा प्रहार गर्न उक्साएको आरोपमा गिरफ्तार गरिएका चक्र साहुका हात पछाडि बाँधी प्रहरीले निर्घात रूपमा कुटपिटसमेत गरेको थियो। गिरफ्तार गरी महोत्सवस्थलमै राखिएका पीडित निर्दोष भएको भन्दै निवर्तमान जिविस सभापति भरतबहादुर खड्कालगायतले डोटीका डिएसपी भरत बोहरासँग कुराकानी गरेपछि पीडित साहू उनका आफन्त डम्बर भण्डारीको रोहबरमा सोही दिन रिहा भएका थिए।

बालअधिकार

शिक्षाको अधिकार

यस जिल्लाका विद्यालय जाने उमेरका ६७ हजार ९ सय १८ मध्ये छात्र ३२ हजार ६ सय ३ र छात्रा ३३ हजार ३ सय १९ प्राथमिक तहदेखि माविं तहसम्म भर्ना भए। यसमध्ये दलित छात्रा १०हजार २ सय २ र छात्र १० हजार ३ सय ५५ रहेका छन्। सरकारी र सामुदायिक विद्यालय गरी प्रावि तहमा ७ सय २४ दरबन्दी र ३ सय ४३ राहत दरबन्दी गरी जम्मा १० हजार ६७ जना महिला र पुरुष शिक्षक कार्यरत रहेका छन् भने निमावि तहमा तहमा महिला र पुरुष गरी दरबन्दीमा १सय ४६, राहतमा १ सय २० गरी जम्मा २ सय ६६ शिक्षक कार्यरत रहेका छन्। यसैगरी मावि तहमा महिला र पुरुष गरी दरबन्दीमा ९१ र राहतमा ९१ गरी जम्मा १सय ८२ जना शिक्षक कार्यरत रहेका छन्। सामुदायिकतर्फ ३ सय ९१ र सँस्थागत तर्फ २३ गरी जम्मा ४ सय १४ विद्यालय रहेको यस जिल्लामा प्रावि तहमा २ सय ५९, निमावि तहमा ७८ र मावि तहमा ७७ विद्यालय रहेका छन्। बालविकास केन्दतर्फ २ हजार ५ सय ५१ छात्र र २ हजार ६ सय ७२ गरी जम्मा ५ हजार २ सय २३ बालबालिका अध्ययनरत छन्। जसमध्ये दलित(छात्र) बालक ६ सय ६४ र (छात्रा)बालिका ७ सय ७२ गरी जम्मा १ एक हजार ३ तिन ९१ अध्ययनरत रहेका छन्। यस जिल्ला शिक्षा कार्यालयले शिक्षासम्बन्धी सबै तथ्याङ्क अद्यावधिक भएपनि शिक्षकहरूको हकमा महिला पुरुषको तथ्याङ्क र महिला साक्षरता प्रतिशत पनि अद्यावधिक गरेको पाइएन।

बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

एक १३ वर्षीया बालिकालाई रानागाउँ गाविस -८ का वीर ताम्राकार र हरि विकले ०६९ जेठ १ गते बलात्कार गरेको आरोपमा पीडितका बुबाले ०६९ जेठ २ गते जिल्ला प्रहरी कार्यालय, डोटीमा निवेदन दिए। प्रहरीमा जाहेरी दिएको भए पनि आरोपितहरू फरार रहेको प्रहरीले जनायो। आरोपितहरूका नाममा ०६९ जेठ ४ गते जिल्ला अदालत, डोटीमा मुद्दा दायर गरिएको प्रहरीले जनायो । घाँस काटेर घर फर्कंदै गरेको समयमा आएका २९ वर्षीय वीर ताम्राकार र २२ वर्षीय हरि विकले बलात्कार गरेको पीडितले बताइन्। पीडितको स्वास्थ्य परीक्षण जिल्ला स्वास्थ्य कार्यालय डोटीमा गरिएको थियो। पीडितलाई दुई दिन अल्पकालीन महिला पुनर्स्थापना केन्द्र, डोटीमा राखी घर पठाइएको थियो।

तोलेनी गाविस - ३ का १४ वर्षीय बालकले ०६९ भदौ ३ गते एक बालिकालाई काँक्रो खान जाउँ भनी फकाई फुल्याई बारीमा लगेर बलात्कार गरेको आरोपमा डौड प्रहरी चौकीले ०६९ भदौ ९ गते उनलाई गिरफ्तार गऱ्यो। आरोपित बालकको विरुद्धमा जिल्ला प्रहरी कार्यालय, डोटीले बलात्कारको मुद्दा दर्ता गरी ०६९ भदौ २१ गते जिल्ला अदालत डोटीमा पेश गरेपछि जिल्ला अदालतका न्यायाधीश प्रकाश खरेलको एकल इजलासले सोही दिन बोहरालाई कास्की जिल्लाको सराङकोटस्थित बाल सुधारगृहमा पठाउने आदेश गऱ्यो। हाल उनलाई कास्की जिल्लास्थित बाल सुधारगृहमा राखिएको छ।

स्वास्थ्य सेवाको अवस्था

अस्पताल	१		
स्वास्थ्यचौकी	१६		
उपस्वास्थ्यचौकी	३३		
पद	**दरबन्दी**	**कार्यरत**	**रिक्त**
डाक्टर	५	४	१
स्टाफ नर्स	६	३	३
ल्याब असिस्टेन्ट	५	४	१
अहेब	१०६	७९	२७
अनमी	७५	५२	२३
खोप सुपरभाइजर	१	१	
क्षयरोग/कुष्ठरोग सुपरभाइजर	१		१
हेल्थ असिस्टेन्ट	२१	९	१२

जिल्ला प्रहरी कार्यालय

जिल्ला प्रहरी कार्यालयमा ०६८ पुस १७ गतेदेखि ०६९ पुस १६ गतेसम्म बलात्कार चार, घरेलुहिंसा तीन, महिला ओसारपसार जिउमास्नेबेच्ने एक, कर्तव्यज्यान पाँच, ज्यानमार्ने उद्योग दुई, आत्महत्या २०, जातीय छुवाछुतका एक ओटा मुद्दा दर्ता भए।

५.४ बाजुरा



जिल्ला सदरमुकाम: मार्तडी
क्षेत्रफल (वर्ग कि. मि.): २,१८८
घरधुरी सङ्ख्या: २४,५०८
जम्मा जनसङ्ख्या: १,३४,५१२
पुरुष: ६५,८०६
महिला: ६५,१०६
अपाङ्ग सङ्ख्या: ५,८५५
गाविस/नपा सङ्ख्या: २७/०
पुरुष साक्षरता सङ्ख्या: ३५,५५०
महिला साक्षरता सङ्ख्या: २७,४७६
हिन्दू धर्मावलम्बी प्रतिशत: ५८.६८
बौद्ध धर्मावलम्बी प्रतिशत: १.१४
इस्लाम धर्मावलम्बी प्रतिशत: ०.०७
किराँत धर्मावलम्बी प्रतिशत: ०.०१
क्रिश्चियन धर्मावलम्बी प्रतिशत: ०.०६
अन्य धर्मावलम्बी प्रतिशत: ०.०२७
प्रतिपरिवार सरदर सङ्ख्या: ५.४२

जेल र बन्दीहरू

'ङ' श्रेणीको जिल्ला कारागारको बन्दी क्षमता २५ जनाको रहेको छ। यस वर्षको अन्त्यसम्म कैद तोकिएका ३६ र कैद नतोकिएका ७ कैदी र थुनुवा गरी जम्मा ४२ जना बन्दीहरू रहेका छन्। जसमा पुरुष ३५ र महिला एक जना रहेका छन्। कैदी तथा बन्दीहरूलाई आधारभूत सुविधाहरू प्रदान गरिएको भए पनि भवन भने जीर्ण रहेको छ।

धम्की/कुटपिट

राज्यबाट

मार्तडी गाविस-८ का ३५ वर्षीय कलकबहादुर विकले मदिरा नदिएको आरोपमा ०६९ पुस १ गते राती

जिल्ला प्रहरी कार्यालय बाजुरामा कार्यरत प्रहरी जवानद्वय हरिश पार्की र राजेन्द्र पार्कीले घरमै गई कुटपिट गरे। कुटपिटबाट घाइते विकको मार्तडीस्थित आरसी मेडिकलमा उपचार भयो। पीडितले ०६९ पुस २ गते जिल्ला प्रहरी कार्यालयमा घाइतेको उपचार र दोषीलाई कारबाही गर्न माग गर्दै उजुरी दिएपछि कार्यालयले कुटपिटमा संलग्न जवानहरूलाई नियमानुसार कारबाही सुरु गरिएको बतायो। पीडितपक्षले उपचारसहित क्षतिपूर्तिको माग गरेपछि ०६९ पुस २ गते ५ हजार रुपियाँ हर्जाना गराएर मिलापत्र गरिएको पीडितपक्षका काल्चे दमाइले बताए।

सुगम तथा निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालत

०६८ साउनदेखि ०६९ असार मसान्तसम्म

एक जनामात्र न्यायाधीश रहेको यस जिल्ला अदालतको फौजदारी मुद्दातर्फ ३६ मध्ये २८ फैसला भए भने ८ फैसला हुन बाँकी रहे। देवानी मुद्दातर्फ ६ मध्ये ४ फैसला भए भने २ फैसला हुन बाँकी रहे।

०६९ साउनदेखि पुस १६ सम्म

एक जनामात्र न्यायाधीश रहेको यस जिल्ला अदालतको फौजदारी मुद्दातर्फ २१ मध्ये ५ फैसला भए भने १६ फैसला हुन बाँकी रहे। देवानी मुद्दातर्फ ५ मध्ये १ फैसला भए भने ४ फैसला हुन बाँकी रहे। यस जिल्ला अदालतमा दुई वर्ष नाघेका कुनै मुद्दा छैनन्।

सरकारी वकिलको कार्यालय

सरकारी वकिलको कार्यालयबाट ०६८ साउनदेखि ०६९ असार मसान्तसम्म दायर मुद्दाको सङ्ख्या १५ छ। सरकारी वकिल सङ्ख्या एक रहेको यस जिल्लामा दायर मुद्दामध्ये सात थान सफल भए भने पाँच थान असफल भए र तीन थान फैसला हुन बाँकी रहेको सरकारी वकिल कार्यालयले जनायो।

०६९ साउनदेखि ०६९ पुस १५ सम्म १३ थान मुद्दा दर्ता भए। यी मुद्दा फैसला हुन बाँकी छन्। ०६८ साउन महिनादेखि हालसम्म दायर भएर असफल भएका सात थान मुद्दाहरू माथिल्लो निकायमा पेश भएको कार्यालयले जनायो। दायर मुद्दामध्ये कर्तव्य ज्यानसम्बन्धी तीन मध्ये दुई ओटा सफल रहे। बहुविवाह सम्बन्धी तीन मुद्दा दायर भए जसमध्ये एक सफल भयो। चोरीका तीन थानमध्ये दुई थान सफल भए। हातहतियार तथा खरखजानासम्बन्धी एक थान मुद्दा दायर भएकोमा उक्त मुद्दा सफल भयो।

बालअधिकार

शिक्षाको अवस्था

यस जिल्लाकाविद्यालयजाने उमेरका ५१ हजार ५ सय ५४ मध्ये छात्र २५ हजार ५ सय ५२ र छात्रा २६ हजार २ प्राथमिकतहदेखि माविंतहसम्मभर्ना भए। यसमध्ये दलित छात्रा ७ हजार ५सय ४६ र छात्र ७ हजार ७ सय ५५ रहेका छन्। सरकारी र सामुदायिकविद्यालय गरी प्राविंतहमा महिला २३ र पुरुष ५सय ५ गरी जम्मा ५सय ३८ शिक्षककार्यरत रहेका छन्। निमाविं तहमा महिला ० र पुरुष १ सय ३३ गरी जम्मा १ सय ३३ शिक्षक कार्यरत रहेका छन्। यसैगरी माविं तहमा महिला शिक्षक छैनन भने ७२ जना पुरुष शिक्षक रहेका छन्।

बालविकास केन्द्र बालक २ हजार ७ सय ५५ र बालिका २ हजार ५ सय ७० गरी जम्मा ५ हजार ३ सय २५ रहेका छन् जसमध्ये दलितबालक ८ सय ८१ र बालिका ७ सय ९५ छन्। यस जिल्लाशिक्षाकार्यालयले शिक्षासम्बन्धी सबै तथ्याङ्क अद्यावधिकगरिएको पाइएन।

बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

एक १४ वर्षीया बालिकालाई बुढीगङ्गा गाविसको रिला गाउँका अन्दाजी २५ वर्षीय रामबहादुर उखेडाले ०६९ असोज १६ गतेदेखि ०६९ मङ्सिर १० गतेसम्म ललाईफकाई गरी नियन्त्रणमा राखेर बलात्कार गरेको आरोपमा पीडितका आफन्तले ०६९ मङ्सिर १४ गते रामबहादुर विरुद्ध जिल्ला प्रहरी कार्यालयमा जाहेरी दिए। पीडितको ०६९ मङ्सिर ११ गते जिल्ला अस्पतालमा स्वास्थ्य परीक्षण गराएको थियो। प्रहरीले रामबहादुर विरुद्ध मुद्दा दर्ता गराएको भए पनि उनी फरार रहेको जिल्ला प्रहरी कार्यालयका सई ईश्वरीदत्त पाण्डेले बताए।

महिलाविरुद्ध हुने सबै प्रकारको भेदभाव, दुर्व्यवहार

बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

मार्तडी गाविस-५ बाउलीकी २५ वर्षीया पार्वती कुँवर र छोरा डेढ वर्षीय आयुषलाई पति छिरिङ कुँवरले आफूलाई 'रक्सी नखानुस्' भनेको झोकमा ०६९ मङ्सिर ३० गते आफ्नै घरमा चुल्होमा उम्लदै गरेको तातोपानी खन्याएर घाइते बनाए। घाइतेहरूको जिल्ला अस्पतालमा उपचार भयो। चिकित्सकका अनुसार

घटनाको प्रकार	राज्यपक्षबाट			गैरराज्यपक्षबाट		
	महिला	पुरुष	जम्मा	महिला	पुरुष	जम्मा
बालअधिकार				३		३
महिलाअधिकार	३		३	३		३
जातीय विभेद				३	३	५
कुटपिट		१	१			
हत्या				३		३
जम्मा	३	१	४	९	३	१२

घाइतेहरूको शरीर सात प्रतिशत जलेको थियो। घटनालगत्तै प्रहरीले छिरिङडलाई गिरफ्तार गऱ्यो। प्रहरीले ०६९ पुस ६ गते जिल्ला अदालतमा छिरिङडविरूद्ध ज्यान मार्ने उद्योगको मुद्दा दर्ता गरेको जिल्ला प्रहरी कार्यालयका इन्सपेक्टर प्रेमबहादुर खड्काले बताए।

घरेलु हिंसा

हत्या

कुल्देवमाण्डौं गाविस-८ बेलकाटियाकी ३४ वर्षीया पारुदेवी पाध्यायलाई ०६९ असोज १९ गते राति पति ५२ वर्षीय प्रभुराज पाध्यायले हसिया प्रहार गरी हत्या गरे। पति पत्नीबीच भनाभन भएको र त्यस क्रमा सुरुमा पारुदेवीले पति प्रभुराजलाई हँसिया प्रहार गरेपछि आक्रोशित भएका प्रभुराजले त्यही हँसिया खोसेर पत्नीको घाँटीमा प्रहार गरेपछि उनको मृत्यु भएको प्रहरी नायब उपरीक्षक बहादुरजङ्ग मल्लले बताए। पीडितको पोस्टमार्टम ०६९ असोज २० गते टाँटे स्वास्थ्य चौकीमा गरियो। प्रहरीले ०६९ असोज २० गते प्रभुराजलाई गिरफ्तार गरी ०६९ असोज २५ गते जिल्ला अदालतमा पेश गऱ्यो। जिल्ला अदालतको ०६९ असोज २६ गतेको आदेशअनुसार पीडक पुर्पक्षका लागि थुनामा छन्।

मानाकोट गाविस-८ की ४५ वर्षीया धनकला रोकायाको ०६९ असोज २६ गते उनका पति ५५ वर्षीय चतुरे रोकायाले हत्या गरे। माइतीपक्षका भाइ नाता पर्ने दहकोट गाविस-१ भीमबहादुर बोहराले दिदी धनकलाको मृत्युमा आशङ्का गर्दै ०६९ कात्तिक १ गते जिल्ला प्रहरी कार्यालयमा खोजी गरी पाऊँ भन्दै निवेदन गरेपछि ०६९ कात्तिक २ गते प्रहरीले घटनास्थलमा गई अनुसन्धान गर्दा ०६९ असोज २६ गते राति पति चतुरेले हत्या गरी भोलिपल्ट गाउँलेलाई आफ्नी पत्नी कालगतिले मरेकी बताएको प्रहरी निरीक्षक मदन गिरीले बताए। प्रहरीको अनुसन्धानमा धनकलाको हत्या गरी ०६९ असोज २८ गते चतुरे आफैंले गाउँ नजिकैको खोलामा गाडेका थिए। प्रहरीको टोलीले गाडेको ठाउँबाट लास उत्खनन गरी ०६९ कात्तिक ४ गते जिल्ला अस्पताल मार्तडीमा पास्टमार्टम गराएको थियो। प्रहरीले चतुरे, उनकी जेठी पत्नी ४८ वर्षीया उजा रोकाया र जेठी पत्नीकी छोरी १८ वर्षीया बिस्ना रोकायालाई ०६९ कात्तिक ३ गते गिरफ्तार गरी उनीहरू विरुद्ध मुद्दा दायर गऱ्यो। जिल्ला अदालतले ०६९ कात्तिक २७ गते चतुरेलाई पुर्पक्षका लागि जिल्ला कारागार चलान गऱ्यो भने बिस्नालाई सामान्य तारेखमा रिहा गऱ्यो। जेठी पत्नी उजालाई भने ३० हजार रुपियाँ धरौटीमा रिहा गऱ्यो।

आर्थिक, सामाजिक र सांस्कृतिक अधिकार

बाँधु गाविस-९ का कलबहादुर विक, प्रेमबहादुर विक, रामबहादुर विक, रत्ने विक, लालबहादुर विकलगायतका हलिया परिवारहरूलाई ०६८ पुस महिनामा खाद्य सङ्कट भयो। साहुको हलो जोते बापत पाएको अन्न सकिएको र बजारबाट खरिद गरेर छाक टार्नका लागि आयश्रोत नभएकाले गाउँका आठ भन्दा बढी परिवार भोक भोकै परे। साहुको खेतमा हलो जोतेबापत आएको हिउँदे अन्नले दुई महिना पनि गुजारा नचलेपछि बाँधुका परिवारले भोकै बस्ने अवस्था आएको हलिया कर्ण बिकले बताए। बजार र खाद्य गोदामबाट चामल खरिद गर्न पाइने भए पनि आर्थिक अभावले आफूहरूलाई खाद्य सङ्कट भएको लोहारले बताए। वर्ष भरि हलो जोते बापत वर्षको दुई पटक उनीहरू अन्न पाउने गर्छन्।

स्वास्थ्य सेवाको अवस्था

कैलाशमाण्डौ गाविस-३ की १७ वर्षीया टिउकी विकको ०६९ जेठ १५ गते प्रसुति सेवा नपाएका कारण मृत्यु भयो। सुदूरपश्चिम आमहडतालका कारण यातायात सेवा ठप्प भएकाले ०६९ जेठ १३ गते व्यथाले च्यापेकी बिकलाई उनका परिवारले तत्काल सुविधासम्पन्न अस्पतालमा लैजान सकेनन्। आपतकालीन अवस्थामा हारगुहार गरेर ०६९ जेठ १३ गते नै उनका परिवारहरूले ट्र्याक्टरमा राखेर उनलाई अछामस्थित बयलपाटा अस्पताल पुऱ्याएका थिए। बयलपाटा अस्पतालका चिकित्सकले ढिलो भई सकेको बताउँदै उपचार गर्न नसकिने बताउँदै अन्यत्र रिफर गरेपछि बिकलाई अछाम जिल्ला अस्पतालमा पुऱ्याएकै

भोलिपल्ट उनको मृत्यु भएको थियो।

कोटिला गाविस-८ दैयाकी २० वर्षीया जुनादेव विकको प्रसुति सेवा नपाएर ०६९ भदौ ४ गते कोल्टी प्राथमिक स्वास्थ्य केन्द्रमा मृत्यु भयो। उपचारका लागि कोल्टी प्राथमिक स्वास्थ्य केन्द्रमा पुऱ्याइएको भए पनि केन्द्र चिकित्सकविहीन भएकाले जुनादेवीको उपचार हुन सकेन।

बाह्रबीस गाविस-६ की २२ वर्षीया दुर्गा नेपालीको सुरक्षित प्रसुति सेवा पाउन नसकेर ०६९ कात्तिक ११ गते अत्यधिक रक्तश्राव भएको र स्थानीय देवलसैन स्वास्थ्य चौकीमा उपचार हुन नसक्ने भएपछि थप उपचारका लागि जिल्ला बाहिर लैजाने क्रममा बाह्रबीस गाविसको बेतालमाण्डौंमा मृत्यु भएको उनका आफन्त बिनोद नेपालीले बताए।

अस्पताल	२		
स्वास्थ्यचौकी	१२		
उपस्वास्थ्यचौकी	१५		
पद	**दरबन्दी**	**कार्यरत**	**रिक्त**
डाक्टर	३	२	१
स्टाफ नर्स	३	१	२
ल्याब असिस्टेन्ट	२	१	१
अहेब	४१	३९	२
अनमी	२३	१७	६
खोप सुपरभाइजर	१	१	
क्षयरोग/कुष्ठरोग सुपरभाइजर	१	१	
हेल्थ असिस्टेन्ट	१७	१७	१
स्वास्थ्य कार्यकर्ता	२७	२७	

जिल्ला प्रहरी कार्यालय

जिल्ला प्रहरी कार्यालयमा ०६८ पुस १७ गतेदेखि ०६९ पुस १६ गतेसम्म बलात्कार एक, घरेलुहिंसा पाँच, कर्तव्यज्यान पाँच, आत्महत्या पाँच, बहुविवाहका दुई ओटा मुद्दा दर्ता भए।

५.५ बझाङ

जिल्ला सदरमुकाम: चैनपुर
क्षेत्रफल (वर्ग कि. मि.): ३,४२२
घरधुरी सङ्ख्या: ३३,७८६
जम्मा जनसङ्ख्या: १,५५,१५५
पुरुष: ५२,७५४
महिला: १,०२,३६५
अपाङ्ग सङ्ख्या: ४,५७६
गाविस/नपा सङ्ख्या: ४७/०
पुरुष साक्षरता सङ्ख्या: ६०,०६५
महिला साक्षरता सङ्ख्या: ३८,६५१
हिन्दू धर्मावलम्बी प्रतिशत: ९९.७४
बौद्ध धर्मावलम्बी प्रतिशत: ०.१८
क्रिश्चियन धर्मावलम्बी प्रतिशत: ०.०३
अन्य धर्मावलम्बी प्रतिशत: ०.०३७
प्रतिपरिवार सरदर सङ्ख्या: ५.७८

जेल र बन्दीहरू

'ङ' श्रेणीको जिल्ला कारागारको बन्दी क्षमता २५ जनाको रहेको छ। यस वर्षको अन्त्यसम्म कैद तोकिएका नौ र कैद नतोकिएका २४ कैदी थुनुवा गरी जम्मा ३३ जना बन्दीहरू रहेका छन्।

सुगम र निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालत

२०६८/देखि ०६९ असार मसान्त सम्मको विवरण

यस जिल्ला अदालतबाट यस वर्ष फौजदारी मुद्दातर्फ जम्मा २९ थान मुद्दा छन्। जसमध्ये २ थान फैसला भए भने २७ थान फैसला हुन बाँकी रहे। देवानी मुद्दातर्फ ४६ थान मध्ये सात थान फैसला भए भने ३९ थान फैसला हुन बाँकी रहेका छन्। दुई वर्ष नाघेका फौजदारी मुद्दा १० थान र देवानी मुद्दा १५ थान रहेका छन्।

घटनाको प्रकार	राज्यपक्षबाट		गैरराज्यपक्षबाट		
	पुरुष	जम्मा	महिला	पुरुष	जम्मा
बालअधिकार			१		१
महिलाअधिकार			१		१
जातीय विभेद			१	६	७
कुटपिट	१	१	१		१
हत्या			१		१
जम्मा	१	१	५	६	११

जिल्ला सरकारी वकिलको कार्यालय

जिल्ला न्यायाधिवक्ताको कार्यालयबाट २०६८ साउनदेखि ०६९ असार मसान्तसम्म दायर मुद्दा ४२ थान र कर्तव्य ज्यानसम्बन्धी मुद्दा ११ थान रहेका छन्। जसमध्ये दायर मुद्दातर्फ फैसला हुन बाँकी ४२ थान र फैसला हुन बाँकी ११ थान रहेका छन्। यसैगरी कर्तव्य ज्यानसम्बन्धी मुद्दा ११ थान रहेका छन् भने यी मुद्दा फैसला हुन बाँकी रहेका छन्।

बालअधिकार

शिक्षाको अवस्था

यस जिल्लाका विद्यालय जाने उमेरका ७८ हजार ६ सय ४६ मध्ये छात्र ४० हजार ७ सय ७३ र छात्रा ३६ हजार ९ सय ७३ प्राथमिक तहदेखि माध्यमिक तहसम्म भर्ना भएका छन्। त्यसैगरी जिल्लामा आधारभूत तहमा जम्मा विद्यार्थी सङ्ख्या ७१ हजार ४ सय २२ रहेको छ भने कक्षा १-५ सम्म अध्ययनरत विद्यार्थी सङ्ख्या ५६ हजार ८ सय ५१ मध्ये छात्राको सङ्ख्या २८ हजार ९ सय ५८ रहेको छ भने छात्रको सङ्ख्या २७ हजार ८ सय ९३ रहेको छ। यसमध्ये दलित छात्राको सङ्ख्या ६ हजार ३ सय ८ छ भने छात्रको सङ्ख्या ५ हजार ९ सय २५ रहेको छ। यसैगरी कक्षा ६-८ सम्म अध्ययनरत विद्यार्थी सङ्ख्या १४ हजार ५ सय ८१ रहेको छ जसमध्ये छात्राको सङ्ख्या ५ हजार ९ सय ४४ र छात्रको सङ्ख्या ८ हजार ६ सय ३७ रहेको छ। जसमध्ये दलित छात्राको सङ्ख्या ९सय १० र दलित छात्रको सङ्ख्या १ हजार ४ सय २० रहेको छ। यस जिल्लामा माध्यामिक तहमा अध्ययनरत जम्मा विद्यार्थी सङ्ख्या ९ हजार ५ सय ५६ मध्ये छात्रको सङ्ख्या ३ हजार ३ सय ५ र छात्राको सङ्ख्या ६ हजार २ सय ५१ रहेको छ भने दलित छात्राको सङ्ख्या ३ सय ६८ र छात्राको सङ्ख्या ७ सय ८५ रहेको छ।

जिल्लाका कार्यरत शिक्षकको अवस्था हेर्दा सरकारी र सामुदायिक विद्यालय गरी प्रा.वि. तहमा महिला ३५ र पुरुष ६ सय ८० गरी जम्मा ७ सय १५ शिक्षक कार्यरत रहेका छन्। नि.मा.वि. तहमा महिला नभएको र पुरुष ९२ गरी जम्मा ९२ शिक्षक कार्यरत रहेका छन्। त्यसैगरी माध्यामिक तहमा महिला नभएको र पुरुष ८१ शिक्षक रहेका छन्। बालविकास केन्द्रमा बालक ४ हजार ५ सय ३ र बालिका ३ हजार ९ सय ८९ गरी जम्मा ७ हजार ९ सय ९४ रहेका छन् जसमध्ये दलित बालक ७ सय ६५ र बालिका ७ सय ९० रहेका छन्। यस जिल्ला शिक्षा कार्यालयले शिक्षा सम्बन्धी सबै तथ्याङ्क अद्यावधिक गरेको पाईएन।

सबै प्रकारका जातीय विभेद

रिलु गाविस-५ का २४ वर्षीय डम्बरबहादुर विकलाई सोही गाविसको स्थानीय बजार रिलुको होटलमा चिया नास्ता खाई भाडा नमाझेको आरोपमा ०६८ माघ ३ गते सोही ठाउँका ३५ वर्षीय रमेश बोहराले 'डुम' भन्ने अपशब्द बोली गालीगलौज गरे। आर्थिक स्थिति कमजोर भएका कारण आफूले उजुरी दिन नसकेको पीडित विकले बताए।

सुनकुडा गाविस-८ सुवाकोट निबासी सुनकुडा गाविस कार्यालयका कार्यालय सहयोगी ३१ वर्षीय गणेशलाल विक स्थानीय बजार सनकुडामा हिँडिरहेको समयमा ०६८ पुस २१ गते सोही गाविस-३ का ३४ वर्षीय ईश्वर ढाटले गाविस मार्फतवितरण गर्ने योजना आफ्नै गाउँमा लगेको आरोपमा 'डुम आयो' भन्ने अपशब्द प्रयोग गरी सार्वजनिक स्थलमा गाली बेइज्जत गरे। पीडितले न्यायका लागि ०६८ पुस २२ गते जिल्ला प्रशासन कार्यालय, बभ्राडमा उजुरी गर्नुका साथै जिल्ला अदालतमा समेत ०६८ माघ २ गते मुद्दा दर्ता गरे पनि पीडकलाई प्रहरीले गिरफ्तार गरेन।

स्वास्थ्य सेवाको अवस्था

अस्पताल	१		
स्वास्थ्यचौकी	१०		
उपस्वास्थ्यचौकी	३५		
पद	**दरबन्दी**	**कार्यरत**	**रिक्त**
डाक्टर	४	१	३
स्टाफ नर्स	४	४	
ल्याब असिस्टेन्ट	३	३	
अहेव	५४	५३	१
अनमी	१८	१७	१
खोप सुपरभाइजर	१	१	
क्षयरोग/कुष्ठरोग सुपरभाइजर	१	१	
हेल्थ असिस्टेन्ट	१४	१०	४
स्वास्थ्य कार्यकर्ता	८३	७२	११

जिल्ला प्रहरी कार्यालय

जिल्ला प्रहरी कार्यालयमा ०६८ पुस १७ गतेदेखि ०६९ पुस १६ गतेसम्म कर्तव्यज्यान १२, ज्यानमार्ने उद्योग छ, आत्महत्या पाँच र बहुविवाहका तीन ओटा मुद्दा दर्ता भए।

५.६ कञ्चनपुर

जिल्ला सदरमुकाम: महेन्द्रनगर
क्षेत्रफल (वर्ग कि. मि.): १,६१०
घरधुरी सङ्ख्या: ८२,१५२
जम्मा जनसङ्ख्या: ४,५१,२४८
पुरुष: २,१६,०४२
महिला: २,३५,२०६
अपाङ्ग सङ्ख्या: ५,०७२
गाविस/नपा सङ्ख्या: १५/१
पुरुष साक्षरता सङ्ख्या: १,६१,२१७
महिला साक्षरता सङ्ख्या: १,३५,२६२
हिन्दू धर्मावलम्बी प्रतिशत: ५५.०५
बौद्ध धर्मावलम्बी प्रतिशत: १.१५
इस्लाम धर्मावलम्बी प्रतिशत: ०.१
किराँत धर्मावलम्बी प्रतिशत: ०.०१
क्रिश्चियन धर्मावलम्बी प्रतिशत: २.६५
प्रकृति धर्मावलम्बी प्रतिशत: ०.८२
वही धर्मावलम्बी प्रतिशत: ०.१
अन्य धर्मावलम्बी प्रतिशत: ०.०५
प्रतिपरिवार सरदर सङ्ख्या: ५.४५

जेल र बन्दीहरू

'ग' श्रेणीको जिल्ला कारागारको बन्दी क्षमता ९५ जनाको रहेको छ। यो वर्षको अन्त्यसम्म कैद तोकिएका १ सय २१ र कैद नतोकिएका ६१ जना बन्दीहरू रहेका छन्। यहाँ आश्रित बालक दुई जना रहेका छन्। यस जिल्ला कारागारको २०२३ सालमा निर्माण भएको हो। कारागार भित्र खेलकुद सामग्री टिभि रेडियो र पत्रपत्रिकाको सुविधा रहेको छ।

धम्की/कुटपिट

अनेरास्ववियु क्रान्तिकारीबाट

भीमदत्त नपा-४ निवासी वैद्य पक्षधर अखिल जनस्वास्थ्यकर्मी सङ्घ, कञ्चनपुरका अध्यक्ष नविन जोशीलाई ०६८ पुस २१ गते एकीकृत नेकपा माओवादीको संस्थापन पक्षका कार्यकर्ता भीमदत्त नपा-१९ निवासी अखिल क्रान्तिकारीका केन्द्रीय सदस्य २७ वर्षीय प्रेम चन्द, सोही नपा-१८ निवासी अखिल क्रान्तिकारीका कार्यकर्ता २४ वर्षीय राधाकृष्ण जोशी, दैजी गाविस-८ बसन्तला निवासी वाईसीएलका केन्द्रीय सदस्य ३२ वर्षीय जनक धामी, सोही गाविस-६ बगुनका २४ वर्षीय भीम भट्ट, भीमदत्त नपा-१८ डेरा गरी बस्ने २४ वर्षीय कविराज धामीले भीमदत्त नपा-४ चमन चोकस्थित पवनदूत यातायात समितिको बसपार्क नजिक कुटपिट गरेको भन्दै पीडित पक्षले ०६८ पुस २२ गते जिल्ला प्रहरी कार्यालय, कञ्चनपुरमा ज्यान मार्ने उद्योगअन्तर्गत किटानी जाहेरी दिए। पूर्व लडाकुको बन्द कार्यक्रममा उपस्थित जोशीलाई आपसी विवादका कारण संस्थापन पक्षका कार्यकर्ताले कुटपिट गरेका थिए। कुटपिटबाट जोशीको टाउको, निधार, नाक र दायाँ खुट्टामा चोट लाग्यो। कुटपिटबाट घाइते भएका जोशीको महाकाली अञ्चल अस्पतालमा उपचार हुन नसकेपछि थप उपचार काठमाडौँस्थित मोडल अस्पतालमा भएको थियो। जिल्ला सरकारी वकिल कार्यालयले ज्यान मार्ने उद्योगअन्तर्गत आधार प्रमाण नभएको भन्दै ०६८ चैत ७ गते मुद्दा फिर्ता गरेको जिल्ला सरकारी वकिल कार्यालय, कञ्चनपुरले जनायो।

थरूहटबाट/अखण्ड सुदूरपश्चिम सङ्घर्ष समितिबाट

झलारी गाविस-४ नौखरी निवासी थरुहट कार्यकता सोनीदेवी डगौरा, श्रीपुर गाविस-१ का प्रताप चौधरी, प्रवेश चौधरी र रामभरोषा राना ०६९ वैशाख २६ गते थारु सयुक्त सङ्घर्ष समिति, कञ्चनपुरका कार्यकर्ता र अखण्ड सुदूरपश्चिमका समर्थकहरूबीच भएको झडपमा परी घाइते भए। थारु सयुक्त सङ्घर्ष समिति, कञ्चनपुरले अग्रधिकारसहितको स्वायक्त थारुवान राज्यको माग राख्दै गरेको विरोध प्रदर्शनमा सहभागी भई घर फर्किरहेको अवस्थामा दुवै पक्षबीच झलारी गाविस-७ झलारी बजारमा राती आठ बजे भएको झडपमा परी उनीहरू घाइते भएका थिए। घाइते सबै जनाको टाउकोमा चोट लागेको थियो। घाइतेहरूलाई उपचारका लागि नेपालगञ्ज मेडिकल कलेज कोहलपुर लगेकोमा सोनीदेवी डगौराको कोहलपुरमा उपचार हुन नसकेपछि काठमाडौँमा उपचार गरिएको थियो। पीडितहरूले कहीं उजुरी दिएनन्।

भीमदत्तनपा-४ भगतपुर निवासी मानवअधिकार तथा वातावरण संरक्षण केन्द्र (ह्युपेक), कञ्चनपुरका सदस्य ३४ वर्षीय युवराज घिमिरेले बन्दको अवज्ञा गरी मोटरसाइकल चलाएको भन्दै ०६९ वैशाख १७ गते आन्दोलनकारीहरूले दुर्व्यवहार गरे। अखण्ड सुदूरपश्चिमको माग गर्दै अखण्ड सुदूरपश्चिम सर्वदलीय सर्वपक्षीय सङ्घर्ष समिति, कञ्चनपुरले आह्वान गरेको अनिश्चितकालीन बन्दको अनुगमन गर्ने क्रममा भीमदत्त नपा-४ बजारमा आन्दोलनकोरीहरूले घिमिरेको मोटरसाइकलको चाबी एक घण्टासम्म नियन्त्रणमा लिएका थिए। आन्दोलनको अनुगमन गरिरहेको भन्दाभन्दै पनि आन्दोलनकारीहरूले मोटरसाइकलको चाबी एक घण्टा नियन्त्रणमा राखेर फिर्ता गरेको अधिकारकर्मी घिमिरेले बताए। आन्दोलनकारीहरूले अवज्ञा गरी मोटरसाइकल चलाएकोले मोटरसाइकललाई नियन्त्रण गरेको बताए।

सुडा गाविस-१ लालपुरका ६० वर्षीय रामसिंह गिरी ०६९ जेठ ८ गते थरुहटका कार्यकर्ता र अखण्ड सुदूरपश्चिम समर्थकहरूबीच भएको झडपमा परी घाइते भए। झडपका क्रममा थरुहटका कार्यकर्ताहरूले लट्ठी प्रहार गर्दा गिरी घाइते भएका थिए। घाइते भएका गिरी ०६९ जेठ ८ गते नै महाकाली अञ्चल अस्पतालमा उपचार गरी घर फिर्ता भए।

कृष्णपुर गाविस-१ गुलरियामा ०६९ जेठ ८ गते साँझ थरुहट कार्यकर्ता र स्थानीय बासिन्दाहरूबीच भएको झडपमा परी तीन जना घाइते भए। आन्दोलनमा सहभागी थारु सङ्घर्ष समितिका महिला कार्यकर्तालाई पहाडी मूलका स्थानीय बासिन्दाहरूले जिस्काएको विषयमा स्थानीय बासिन्दा र थारुहट कार्यकर्ताहरूबीच गुलरियामा झडप भएको थियो। झडपमा परी कृष्णपुर गाविस-१ गुलरियाका ४१ वर्षीय विष्णु सिंह, ३३ वर्षीय भोजी भाट, २९ वर्षीय शिवराज सार्की घाइते भए। आन्दोलनरत् थारुहटका कार्यकर्ताहरू र स्थानीय बासिन्दाबीच झडप हुन थालेपछि स्थितिलाई नियन्त्रणमा लिन प्रहरीले पाँच सेल अश्रुग्याँस प्रहार गरेको थियो। झडपमा सामान्य घाइते भएका अन्य पीडितहरूको उपचार ०६९ जेठ ८ गते नै स्थानीय मेडिकलमा भएको थियो। पीडितहरूले भने कहीं कतै उजुरी दिएनन्।

थरुहट कार्यकर्ताबाट

डडेल्धुरा जिल्ला जोगबुडा गाविस-९

घटनाको प्रकार	राज्यपक्षबाट			गैरराज्यपक्षबाट		
	महिला	पुरुष	जम्मा	महिला	पुरुष	जम्मा
घाइते				३	९	१२
बालअधिकार				६		६
अमानवीय व्यवहार					३	३
महिलाअधिकार				३		३
भेला/सङ्गठित हुने अधिकार	३	९	११			
कुटपिट	१	११	१२	३	३	५
धम्की					३	३
हत्या				१	३	३
जम्मा	३	३०	३३	१४	१९	३३

कुरमुलीकी ५१ वर्षीया जयमती ऐर र उनका २७ वर्षीय छोरा नन्दसिंह ऐर उपचार गराउनका लागि मोटरसाइकलमा महेन्द्रनगर जाँदै गरेको अवस्थामा ०६९ वैशाख ३० गते सुडा गाविस-१ लालपुरमा थरुहटका कार्यकर्ताहरूले बन्दको अवज्ञा गरी मोटरसाइकल चलाएको भन्दै कुटपिट र लाठी प्रहार गरे। कुटपिटबाट जयमतीको टाउकोमा चोट लागी घाइते भइन्। उनको टाउकोमा तीनओटा टाँका लगाइएको थियो भने नन्दसिंह पनि घाइते भए। दुवै घाइतेको उपचार महाकाली अञ्चल अस्पतालमा भयो। पीडितहरूले ०६९ वैशाख ३० गते जिल्ला प्रहरी कार्यालय, कञ्चनपुरमा उजुरी गरेपछि घाइतेको उपचार खर्चवापत आन्दोलनकर्ताहरूले पीडितलाई १५ हजार रुपियाँ दिएका थिए।

अभिव्यक्ति, भेला हुने र सङ्गठित हुने अधिकार

(राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

दैजी गाविस-३ पोल्खरीका ६२ वर्षीय लालबहादुर बम, ३५ वर्षीय रामबहादुर बोहरा, २५ वर्षीय गोपाल कुँवर, २० वर्षीय भोजराज अवस्थी, ४१ वर्षीय धर्मसिंह कुँवर, २५ वर्षीया कमला बोहरा र २३ वर्षीय बिमला बोहरा ५० वर्षदखि बसोबास गरिरहेको जग्गाको जग्गा धनीपूर्जा नपाएका पीडित परिवारहरूले घरजग्गा दर्ता गरिनुपर्ने माग गर्दै ०६९ भदौ १४ गते विरोध स्वरूप जिल्ला नापी कार्यालय र जिल्ला वन कार्यालयमा तालाबन्दी गर्न खोज्दा प्रहरी र आन्दोलनकारीहरूबीच भएको झडपमा परी घाइते भए। घाइतेहरूमध्ये रामबहादुर बोहराको टाउकोमा र अन्य घाइतेहरूको पिठ्यूँ तथा हातखुट्टामा चोट लाग्यो। घाइतेहरूको महाकाली अञ्चल अस्पतालमा उपचार भयो। पीडितले कहीँ उजुरी दिएनन्।

सुगम र निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालत

०६८ साउनदेखि ०६९ असार मसान्तसम्म

एक जनामात्र न्यायाधीश रहेको यस जिल्ला अदालतको फौजदारी मुद्दातर्फ २ सय २१ थानमध्ये १ सय ८० थान फैसला भए भने ४१ थान फैसला हुन बाँकी रहे। देवानी मुद्दातर्फ ३ सय ८४ थानमध्ये २ सय ४५ थान फैसला भए भने १ सय ३९ थान फैसला हुन बाँकी रहे।

०६९ साउनदेखि पुस १५ सम्म

एक जनामात्र न्यायाधीश रहेको यस जिल्ला अदालतको फौजदारी मुद्दातर्फ २ सय ४७ थान मध्ये ४९ थानफैसला भए भने १ सय ९८ थान फैसला हुन बाँकी रहे। देवानी मुद्दातर्फ १ सय ४८ थानमध्ये ४४ थान फैसला भए भने १ सय ४ थान फैसला हुन बाँकी रहे। दुई वर्ष नाघेका फौजदारी मुद्दा र देवानी मुद्दा छैनन।

पुनरावेदन अदालत

०६८ साउनदेखि ०६९ असार मसान्तसम्म

तीन जनामात्र न्यायाधीश रहेको यस पुनारावेदन अदालतको फौजदारी मुद्दातर्फ १ सय ७८ मध्ये १ सय ३० फैसला भए भने ४८ फैसला हुन बाँकी रहे। देवानी मुद्दातर्फ ८६ मध्ये ३९ फैसला भए भने ४७ फैसला हुन बाँकी रहे।

०६९ साउनदेखि पुस १५ सम्म

दुई जनामात्र न्यायाधीश रहेको यस पुनारावेदन अदालतको फौजदारी मुद्दातर्फ १ सय १८ मध्ये २२ फैसला भए भने ९६ फैसला हुन बाँकी रहे। देवानी मुद्दातर्फ ९६ मध्ये ७ फैसला भए ८९ फैसला हुन बाँकी रहे। दुई वर्ष नाघेका फौजदारी मुद्दा र देवानी मुद्दा छैनन।

जिल्ला सरकारी वकिलको कार्यालय

जिल्ला सरकारी वकिलको कार्यालयबाट ०६८ साउनदेखि ०६९ असार मसान्तसम्म दायर मुद्दाको सङ्ख्या १ सय ६१ छ जसमध्ये ९१ सफल भए भने १५

असफल भएको छ। सरकारी वकिल सङ्ख्या एक थानरहेको यस जिल्ला कार्यालयबाट दायर मुद्दामध्ये ०६९ असार मसान्तसम्म ६० थान मुद्दा बाँकी रहेको सरकारी वकिलको कार्यालयले जनायो।

दायर मुद्दामध्ये कर्तव्य ज्यानसम्बन्धी मुद्दा १० मध्ये तीन थान सफल सात थान फैसला हुन बाँकी रहेका छन्। बलात्कारसम्बन्धी मुद्दा सात थान मध्ये चार थान सफल र तीन थान फैसला हुन बाँकी रहे। महिला बेचविखनसम्बन्धी मुद्दा एक थान सफल रह्यो। बहुविवाहसम्बन्धी मुद्दा दुई थान मध्ये दुई थान सफल रह्यो। बालविवाहसम्बन्धी मुद्दा एक थान फैसला हुन बाँकी रहेको छ। छुवाछूतसम्बन्धी मुद्दा छैन।

जिल्ला सरकारी वकिलको कार्यालयबाट ०६९ साउनदेखि ०६९ पुससम्म दायर मुद्दाको सङ्ख्या ९३ थान रहेको र फैसला भएको मुद्दाको सङ्ख्याको जानकारी आउन बाँकी रहेको जनायो। सरकारी वकिल सङ्ख्या १ रहेको यस जिल्ला कार्यालयबाट दायर मुद्दामध्ये ०६९ असार मसान्तसम्म ३४ मुद्दा बाँकी रहेको सरकारी वकिलको कार्यालयले जनायो।

पुनरावेदन सरकारी वकिलको कार्यालय

पुनरावेदन सरकारी वकिलको कार्यालयबाट ०६८ साउनदेखि ०६९ असार मसान्तसम्म दायर मुद्दाको सङ्ख्या ९५ थान मध्ये ३६ थान सफल भए भने ३६ थान असफल भए। सरकारी वकिल सङ्ख्या एक जना रहेको यस कार्यालयबाट दायर मुद्दामध्ये ०६९ असार मसान्तसम्म २३ थान मुद्दा बाँकी रहेको सरकारी वकिलको कार्यालयले जनायो।

दायर मुद्दामध्ये कर्तव्य ज्यानसम्बन्धी २३ थान मध्ये १० थान सफल र नौ थान असफल रह्यो। बलात्कारसम्बन्धी मुद्दा १२ थान मध्ये छ थान सफल र चार थान असफल रहे। महिला बेचविखनसम्बन्धी मुद्दा चार थानमध्ये एक थान सफल र तीन थान असफल रहे। बहुविवाहसम्बन्धी मुद्दा एक थान मध्ये एक थान सफल रह्यो। बालविवाहसम्बन्धी मुद्दा नभएको। छुवाछूतसम्बन्धी एक थान मध्ये एक थान सफल रह्यो।

पुनरावेदन सरकारी वकिलको कार्यालयबाट ०६९ साउनदेखि ०६९ पुससम्म दायर मुद्दाको सङ्ख्या ३७ थान छ जसमध्ये १ थान सफल र तीन थान असफल भएको छ। सरकारी वकिल सङ्ख्या एक थान रहेको यस कार्यालयबाट दायर मुद्दामध्ये ०६९ असार मसान्तसम्म २३ मुद्दा बाँकी रहेको सरकारी वकिलको कार्यालयले जनायो।

यातना तथा अन्य क्रूर, अमानवीय र अपमानजनक व्यवहार वा दण्ड

भीमदत्त नपा-४ बजार निवासी सिद्धनाथ बहुमुखी क्याम्पसका क्याम्पस प्रमुख यज्ञराज भट्ट र सोही ठाउँ निवासी सहायक क्याम्पसप्रमुख नित्यानन्द पाण्डेयलाई ०६९ साउन ८ गते अनेरास्ववियु क्रान्तिकारीका विद्यार्थीहरूले उनकै कार्यकक्षभित्र एक घण्टा थुने। क्याम्पसमा शैक्षिक वातावरणमा सुधार ल्याउनुपर्ने, त्रिभुवन विश्वविद्यालयको नियमावली अनुरूप कामको निर्धारण गर्नुपर्ने, आर्थिक पारदर्शिता स्वच्छ राख्नुपर्ने, भौतिक निर्माण गर्दा राजनीतिक सङ्गठनका प्रतिनिधिसँग छलफल गरेर मात्रै काम गर्नुपर्नेलगायतका मागहरू राखेकोमा अहिलेसम्म माग सम्बोधनका लागि क्याम्पस प्रशासनले कुनै पहल नगरेका कारण क्याम्पस प्रमुख यज्ञराज भट्ट र सहायक प्रमुख नित्यानन्द पाण्डेयलाई कार्यकक्षभित्र थुनेको अनेरास्ववियु क्रान्तिकारीका जिल्ला सचिव नवराज ऐरले बताए। पीडितहरूले कतै पनि उजुरी दिएनन्।

बालअधिकार

यस जिल्लाका सामुदायिक तथा संस्थागत विद्यालय जाने उमेरका एक लाख २३ हजार एक सय १४ मध्ये छात्र ६३ हजार ४ सय ६ र छात्रा ५९ हजार ७ सय ८ जना प्राथमिक देखी माबि तह सम्म भर्ना भए। यस मध्ये दलित छात्रा १२ हजार ४ सय ६१ र दलित छात्र तर्फ ११ हजार ५ सय ९९ रहेका छन। सरकारी तथा सामुदायिक विद्यालय गरी प्राबि तहमा १हजार २ सय ९ , निमाबि तहमा ४ सय ३ र माव तहमा २ सय ८६ जना र बालविकास केन्द्रमा ४ सय ५९ शिक्षक गरि २ हजार ३ सय ५७ जना शिक्षक कार्यरत रहेका छन। बालविकास केन्द्रहरुमा बालक ५ हजार ३ सय३० र बालिका ७ हजार ९ सय ९५ गरी जम्मा १३ हजार ३ सय २५ जना रहेका छन। यस जिल्ला शिक्षा कार्यालयले शिक्षा सम्बन्धी सबै तथ्याङ् अद्यावधिक गरेको पाइएन

बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

एक तीन वर्षीया बालिकालाई ०६८ माघ ५ गते कृष्णपुर गाविस-३ बड्डकका २२ वर्षीय सीताराम रानाले बलात्कार गरी गम्भीर घाइते बनाएको आरोपमा ०६८ माघ ११ गते बालिकाकी आमाले रानाविरुद्ध जिल्ला प्रहरी कार्यालय, कञ्चनपुरमा जाहेरी दर्ता गरिन्। बलात्कार गरी भागेका रानालाई पीडितका आफन्तहरूको सहयोगमा

इलाका प्रहरी कार्यालय, त्रिभुवनबस्तीले ०६८ माघ १३ गते गिरफ्तार गऱ्यो। अनुसन्धानपश्चात् जिल्ला प्रहरी कार्यालय, कञ्चनपुरले आरोपित रानालाई जिल्ला अदालतमा पेश गरेकोमा ०६९ जेठ २४ गते जिल्ला अदालतले रानालाई १० वर्ष जेल सजाय र पीडितलाई २० हजार जरिवाना तिर्नुपर्ने फैसला गरेपछि रानालाई जिल्ला कारागार, कञ्चनपुर चलान गरियो। पीडित बालिकाको ०६८ माघ ५ गते महाकाली अञ्चल अस्पतालमा०६८ माघ ८ गतेसम्म उपचार गरिएको थियो।

एक सात वर्षीया बालिकालाई ०६८ फागुन १४ गते सोही ठाउँका १८ वर्षीय दीपक रावलले बलात्कार गरेको आरोपमा पीडितका आफन्तले आरोपित विरुद्ध ०६८ फागुन १६ गते जिल्ला प्रहरी कार्यालय, कञ्चनपुरमा किटानी जाहेरी दिए। पीडित बालिका गम्भीर घाइते भइन्। पीडित बालिकालाई ललाईफकाई घरदेखि नजिकै खेतबारीमा लगेर बलात्कार गरी फरार रहेका दीपक रावललाई महिला पारालिगल समितिका पदाधिकारीहरूले सोही दिन ०६८ फागुन १४ गते नियन्त्रणमा लिई प्रहरीलाई बुझाए। पीडित बालिकाको ०६८ फागुन १४ गते महाकाली अञ्चल अस्पतालमा स्वास्थ्य परीक्षण र उपचार भएको थियो। आरोपित रावललाई ०६८ फागुन १४ गते प्रहरीले गिरफ्तार गरेकोमा जिल्ला अदालतको आदेशमा ०६८ चैत १२ गते पुर्पक्षको लागि जिल्ला कारागार, महेन्द्रनगरमा चलान गरियो। यो वर्षको अन्त्यसम्म मुद्दाको फैसला भएको छैन।

एक १४ वर्षीया बालिकालाई ०६९ मङ्सिर २२ गते दैजी गाविस -९ का ५१ वर्षीय ध्वजराम कामीले बालिका बजारबाट सामान खरिद गरी आफ्नी दिदीको घर जाँदै गर्दा बञ्चरो देखाई बालिकालाई आफ्नो घरमा पुऱ्याई बलात्कार गर्ने प्रयास गरेको भनी कामीलाई स्थानीयबासीहरूले नियन्त्रणमा लिई इलाका प्रहरी कार्यालय, झलारीबाट आएको प्रहरी टोलीलाई जिम्मा लगाए। इलाका प्रहरी कार्यालय, झलारीले ०६९ मङ्सिर २२ गते कामीलाई जिल्ला प्रहरी कार्यालय पठाएपछि अनुसन्धानका क्रममा०६९ मङ्सिर २३ गते कामीका विरुद्ध सार्वजनिक अपराधसम्बन्धी मुद्दा दर्ता भएकोमा जिल्ला प्रशासन कार्यालयले ०६९ पुस ९ गते तीन हजार धरौटीमा रिहा गर्न आदेश दिएकोमा धरौटी राख्न नसकेका कारण कामीलाई जिल्ला कारागार चलान गरियो।

कमलरी

कृष्णपुर-३ बेलकुण्ठी का १५ वर्षीया बालिकालाई ०६८ माघ ३ गते त्रिभुवनवस्ती गाविस-३ पुनर्वासका गणेशप्रसाद सुवेदीको घरमा कमलरीका रूपमा काम गर्न गइरहेको अवस्थामा भीमदत्त नपा-४ भीमनगर बसपार्कबाट कञ्चनपुर जिल्लामा मानवअधिकारको क्षेत्रमा क्रियाशील सङ्घसंस्थाहरूले उद्दार गरे। पाँच वर्षदेखि सुवेदीको घरमा कमलरी रहेकी खुना माघी पर्व मनाएर सुवेदीको घर फर्किन लाग्दा बसपार्कबाट मुक्त कमलरी विकास मञ्चलगायतका सङ्घसंस्थाले उनको उद्धार गरेका थिए। उद्धारकर्ताहरूले बालिकालाई उनको घर पुऱ्याएर ०६८ माघ ३ गते परिवारको जिम्मा लगाए।

महिलाविरुद्ध हुने सबै प्रकारको भेदभाव, दुर्व्यवहार घरेलु हिंसा

कुटपिट

झलारी गाविस-७ सिसैयाकी २७ वर्षीया सुदामा चुनारालाई ०६८ पुस २७ गते उनकी ५५ वर्षीया सासू पशु चुनारा र २२ वर्षीय देवर वीरबहादुर चुनारले कुटपिट गरी घर निकाला गरे। सासू र देवर दुवै मिलेर कुटपिट गरी घर निकाला गरेको सुदामाले बताइन्। कुटपिटबाट उनको खुट्टा र छातीमा चोट लागेको थियो। घर निकाला गरेपछि हाल उनी पिपलाडी गाविस-४ स्थित आफ्नो माइतीघरमा बस्दै आएकी छिन्। पीडितले पिपलाडी गाविसस्तरीय महिला सञ्जालमा ०६८ पुस २८ गते उजुरी दिए पनि उनले न्याय पाउन सकेकी छैनन्।

हत्या

कृष्णपुर गाविस-२ बाणीकी ३६ वर्षीया कलावती धामीको ०६९ असार १६ गते १६ वर्षीय छोरा मोहनबहादुर धामीले घाँटीमा बञ्चरो प्रहार गरी हत्या गरे। आमाछोराबीच घरमै विवाद भएपछि छोराले आमाको घाँटीमा बञ्चरो प्रहार गरी हत्या गरेका थिए। आमाको हत्या गरिसकेपछि मोहनबहादुर धामीले कृष्णपुर इलाका प्रहरी कार्यालय, गुलरिया गएर आत्मसर्मपण गरे। जिल्ला अदालतले ०६९ साउन ४ गते अभियुक्त बालकलाई पुर्पक्षका लागि बालबालिका ऐन, २०४८ को दफा ५० उपदफा १ बमोजिम बाल सुधार गृहमा राख्न आदेश दिएकोमा बालक हाल बाल सुधारगृह पोखरामा छन्। कलावतीको ०६९ असार १६ गते महाकाली अञ्चल अस्पतालमा पोस्टमार्टम भएपछि आफन्तहरूले ०६९ असार १७ गते उनको दाहसंस्कार गरे।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

संरचना, सम्पत्ति क्षति, सम्पत्ति कब्जा

एमाओवादी पूर्व लडाकुबाट

आफूहरूले आयोजना गरेको नेपाल बन्दको अवज्ञा गरेको भन्दै ०६८ पुस २१ गते पूर्वलडाकुहरूले भीमदत्त नपा-३ ट्राफिक चौराहमा से.१.प. ५७५६ नम्बरको मोटरसाइकल तोडफोड गरी क्षति पुऱ्याए। दैजी गाविस-९ रानादैजीका २७ वर्षीय राकेश राना बहिनीको विवाहका लागि ग्याँस सिलेण्डर भर्न बजारतर्फ जाँदै गर्दा पूर्वपश्चिम राजमार्गमा बन्दकर्ताहरूले मोटरसाइकल रोकेर तोडफोड गरेका थिए। पीडितले कतै उजुरी दिएनन्।

दैजी गाविस-६ बसन्थला निवासी वाईसीएल केन्द्रीय सदस्य ३४ वर्षीय जनक धामीको से.१.प ७१६९ नम्बरको मोटरसाइकल भीमदत्त नपा-३ भासीमा बन्दको अवज्ञा गरेको भन्दै ०६८ पुस २१ गते एमाओवादी पूर्व लडाकुहरूले तोडफोट गरे। तोडफोडबाट मोटरसाइकलको हेडलाइट र पछाडिको भागमा क्षति भएको थियो। पीडितले कतै उजुरी दिएनन्।

राष्ट्रिय जनमोर्चाबाट

सुदूरपश्चिम बन्दको अवज्ञा गरेको भन्दै ०६८ फागुन २६ गते मालपोत कार्यालय, कञ्चनपुरको म.१.ब.६५ नम्बरको मोटरसाइकल राष्ट्रिय जनमोर्चाका कार्यकर्ताहरूले जिल्ला यातायात कार्यालय नजिक तोडफोड गरे भने नेपाल टेलिकम महेन्द्रनगर शाखाको कार्यालयमा ढुङ्गा प्रहार गरी टेलिकम कार्यालयको झ्यालका सिसामा क्षति पुऱ्याए। तोडफोडबाट मोटरसाइकलको अगाडिको भागमा क्षति भएको मालपोत कार्यालयले जनायो।

थरुहट कार्यकर्ताबाट

सुडा गाविस-५ सुन्दरपुरका ४१ वर्षीय मोहनसिंह खत्रीले बन्दको अवज्ञा गरी मोटरसाइकल चलाएको आरोपमा ०६९ जेठ ४ गते थारु सङ्घर्ष समितिका कार्यकर्ताहरूले सुडा गाविस-१ पूर्वपश्चिम राजमार्ग लालपुरमा उनको मोटरसाइकल तोडफोड गरे।

सुडा गाविस-५ सुन्दरपुरका ४१ वर्षीय भगीरथ जोशीले बन्दको अवज्ञा गरी मोटरसाइकल चलाएको भन्दै ०६८ जेठ ६ गते थारु सङ्घर्ष समितिका कार्यकताहरूले मोटरसाइकल तोडफोड गरे।

संयुक्त विद्यार्थी सङ्गठनबाट

अनेरास्ववियु, एनेकपा माओवादी आबद्ध अखिल क्रान्तिकारी, नेकपा-माओवादी आबद्ध अखिल क्रान्तिकारी, अनेरास्ववियु छैठौं, अनेरास्ववियु पाचौं र नेपाल विद्यार्थी सङ्घका कार्यकर्ताले ०६९ भदौ २६ गते जिल्ला शिक्षा अधिकारीको कार्यकक्षमा प्रवेश गरी कार्यकक्षमा रहेका टेबल, कुर्सी र रुमाल बाहिर निकालेर कार्यालय परिसरमा जलाए। सुडा गाविस-३ सिसैयास्थित श्री भुवनेलशरी उमाविमा शिक्षक नियुक्ति र भवन निर्माण कार्यमा विद्यालय व्यवस्थापन समितिले अनयिमितता गरेकोले उनीहरूलाई कारबाहीको माग राखी जिल्ला शिक्षा कार्यालयमा निवेदन दिँदासमेत सुनवाइ नभएकोले आफूहरूले शिक्षा कार्यालयमा आन्दोलन गरेको संयुक्त विद्यार्थी सङ्घर्ष समितिले जनायो।

अनेरास्ववियु क्रान्तिकारीबाट

भीमदत्त नगरपालिका-१६ वसन्तपुरस्थित प्रभात विद्या निकेतन हायर सेकेण्ड्री स्कुलले माग गरेअनुसारको चन्दा नदिएको आरोपमा ०६९ भदौ ३१ गते एकीकृत नेकपा माओवादीसँग आबद्ध अखिल क्रान्तिकारीका विद्यार्थीहरूले विद्यालयमा तोडफोड गरे। विद्यालय पुगेका क्रान्तिकारीका विद्यार्थीहरूले विद्यालयमा गरेको तोडफोडबाट विद्यालयको एक थान कम्प्युटर, एक थान टेबल, एक थान कुर्सी र एक थान टेलिफोन सेट क्षति भएको विद्यालयले जनायो। तोडफोडको विरोधमा प्याब्सन र एन प्याब्सनलगायतका सङ्गठनहरूको आह्वानमा ०६९ असोज १ गते कञ्चनपुरका सबै विद्यालयहरू बन्द गरियो। तोडफोड गर्ने पक्षले तोडफोडबाट भएको क्षतिपूर्ति दिने सहमति भएपछि आन्दोलनरत् पक्षले ०६९ असोज ३ गते अनिश्चतकालीन विद्यालय बन्द फिर्ता लिएपछि विद्यालयको पठनपाठन सुचारु भएको थियो।

भीमदत्तनगरपालिका-१८ स्थित फ्लोरिडा इन्टरनेशनल बोर्डिङ हायर सेकेण्ड्री स्कूलमा एकीकृत नेकपा माओवादीसँग आबद्ध अखिल क्रान्तिकारीका विद्यार्थीहरुले माग गरे अनुसारको चन्दा नदिएको ०६९ भदौ ३१ गते तोडफोड गरे। क्रान्तिकारीका विद्यार्थीहरुले चन्दा नदिएको भन्दै प्रिन्सिपलको कार्यकक्षमा पसी एक थान कम्प्युटर र विद्यालयका झ्यालका सिसा, विद्यालय परिसरमा पार्किङ गरिएको बा १ क ४६७९ नम्बरको बस र विद्यार्थी लिएर विद्यालय आउँदै गरेको बा १ क ४६८१ नम्बरको बसलाई विद्यालय नजिकै जानकी

टोलमा रोकेर तोडफोड गरे। तोडफोडको विरोधमा प्याब्सन र एन प्याब्सनलगायतका सङ्गठनहरूको आह्वानमा ०६९ असोज १ गते कञ्चनपुरका सबै विद्यालयहरु बन्द भए। जिल्ला प्रशासन कार्यालयमा प्रमुख जिल्ला अधिकारी, प्याब्सन तथा एन प्याब्सनलगायतका शैक्षिक सङ्गठनहरुका प्रतिनिधि र एकीकृत नेकपा माओबादीका प्रतिनिधि सहित बसेको बैठकले तोडफोड गर्ने पक्षले तोडफोडबाट भएका क्षतिपूर्ति दिने सहमति भएपछि आन्दोलनरत पक्षले ०६९ असोज ३ गते अनिश्चतकालीन विद्यालय बन्द फिर्ता लियो।

स्वास्थ्य सेवाको अवस्था

अस्पताल	१		
स्वास्थ्यचौकी	११		
उपस्वास्थ्यचौकी	११		
पद	**दरबन्दी**	**कार्यरत**	**रिक्त**
डाक्टर	२१	९	१२
स्टाफ नर्स	२२	२२	
ल्याब असिस्टेन्ट	१०	१०	
अहेब	४४	४४	
अनमी	२२	२२	
खोप सुपरभाइजर	१	१	
क्षयरोग/कुष्ठरोग सुपरभाइजर	१	१	
हेल्थ असिस्टेन्ट	५	५	
स्वास्थ्य कार्यकर्ता	१९	१९	

जिल्ला प्रहरी कार्यालय

जिल्ला प्रहरी कार्यालयमा ०६८ पुस १७ गतेदेखि ०६९ पुस १६ गतेसम्म बलात्कार आठ, बलात्कार प्रयास एक, यौन दुर्व्यवहार एक, महिला ओसारपसार जिउमास्नेबेच्ने तीन, कर्तव्यज्यान नौ, ज्यानमार्ने उद्योग तीन, आत्महत्या १ सय १६, बहुविवाह चार, बालविवाह एक, जातीय छुवाछुतका एक ओटा मुद्दा दर्ता भए।

५.७ डडेल्धुरा

जिल्ला सदरमुकाम: डडेल्धुरा
क्षेत्रफल (वर्ग कि. मि.): १,५३८
घरधुरी सङ्ख्या: २७,०४५
जम्मा जनसङ्ख्या: १,४२,०५४
पुरुष: ६६,५५६
महिला: ७५,५३८
अपाङ्ग सङ्ख्या: ५,१५०
गाविस/नपा सङ्ख्या: २०/१
पुरुष साक्षरता सङ्ख्या: ४७,५५५
महिला साक्षरता सङ्ख्या: ३७,२५४
हिन्दू धर्मावलम्बी प्रतिशत: ९८.८८
बौद्ध धर्मावलम्बी प्रतिशत: ०.७१
इस्लाम धर्मावलम्बी प्रतिशत: ०.०३
क्रिश्चियन धर्मावलम्बी प्रतिशत: ०.३३
प्रकृति धर्मावलम्बी प्रतिशत: ०.०३
अन्य धर्मावलम्बी प्रतिशत: ०.०१६
प्रतिपरिवार सरदर सङ्ख्या: ५.२५

जेल र वन्दीहरू

'घ'श्रेणीको जिल्ला कारागारको बन्दी क्षमता २५ जनाको रहेको छ। यो वर्षको अन्त्यसम्म कैद तोकिएका ३१ जना र कैद नतोकिएका १३ कैदी र थुनुवा गरी जम्मा ४४ जना बन्दीहरू रहेका छन्। जसमा आश्रित बालक एक जना रहेका छन्। यस कारागारमा विभिन्न सङ्घसंस्थाले दैनिक पत्रपत्रिका उपलब्ध गराउँदै आएका छन्। कारागारमा सञ्चारमाध्यम रेडियो, टिभी ,पत्रपत्रिका उपलब्ध छन्। कारागार भित्र क्षमताभन्दा बढी बन्दी भएकाले शौचालय, खानेपानीको समस्या हुनुका साथै एउटै कोठामा १२ जनासम्मले कोचिएर बस्नु परिरहेको बन्दी

घटनाको प्रकार	राज्यपक्षबाट		गैरराज्यपक्षबाट		
	पुरुष	जम्मा	महिला	पुरुष	जम्मा
महिलाअधिकार			१४		१४
भेला/सङ्गठित हुने अधिकार	७	७			
कुटपिट	४	४			
हत्या			१	१	३
जम्मा	११	११	१५	१	१६

प्रेम धामीले बताए। जेलर कृष्ण बोहराले श्रोत साधनले भ्याएसम्म बन्दीहरुलाई दिने सुविधा पुऱ्याइरहेको बताए।

सुगम र निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालत

०६८ साउनदेखि ०६९ असार मसान्तसम्म

एक जनामात्र न्यायाधीश रहेको यस जिल्ला अदालतको फौजदारी मुद्दातर्फ १७ थान मध्ये १२ थान फैसला भए भने पाँच थान फैसला हुन बाँकी रहे। देवानी मुद्दातर्फ ४३ थान मध्ये २७ थान फैसला भए भने १६ थान फैसला हुन बाँकी रहे।

०६९ साउनदेखि पुस १५ सम्म

एकजनामात्र न्यायाधीश रहेको यस जिल्ला अदालतको फौजदारी मुद्दातर्फ ३७ थान मध्ये एक थान फैसला भयो भने ३६ थान फैसला हुन बाँकी रहे। देवानी मुद्दातर्फ १५ थान फैसला भए भने १५ थान फैसला हुन बाँकी रहेको छ। दुई वर्ष नाघेका फौजदारी मुद्दा र देवानी मुद्दा एकथान रहेको छ ।

जिल्ला सरकारी वकिलको कार्यालयबाट

जिल्ला सरकारी वकिलको कार्यालयबाट ०६८ साउनदेखि ०६९ असार मसान्तसम्म दायर मुद्दाको सङ्ख्या ३४ थान छन्। जसमध्ये एक थान सफल भए भने एक थान असफल भयो।सरकारी वकिल सङ्ख्या एक जना रहेको यस जिल्ला कार्यालयबाट दायर मुद्दामध्ये ०६९ असार मसान्तसम्म ३३ थान मुद्दा बाँकी रहेको सरकारी वकिलको कार्यालयले जनायो।

दायर मुद्दामध्ये कर्तव्य ज्यानसम्बन्धी छ थान मुद्दा फैसला भएका छैनन्। महिला बेचविखनसम्बन्धीतिन थान मुद्दामध्ये कुनैको पनि फैसला भएको छैन्। बालबिवाह र छुवाछूतसम्बन्धी मुद्दा परेनन्।

बालअधिकार

शिक्षाको अवस्था

यस जिल्लाका विद्यालय जाने उमेरका ४५ हजार २ सय ६८ मध्ये छात्र २२ हजार ४१ जना र छात्रा २३ हजार २ सय २७ जना प्राथमिक तहदेखि माबि तहसम्म भर्ना भए। यसमध्ये दलित छात्रा ५ हजार ४ सय २० जना र छात्र ५ हजार १ सय ३२ जना रहेका छन्। यस जिल्लामा प्राथमिक तह देखी उच्च माध्यमिक तहसम्म १ हजार २ सय २८ जना शिक्षक दरवन्दी रहेकोमा निजीमा समेत गरि १ हजार ७ सय शिक्षकहरू कार्यरतरहेका छन।

२ सय ८० बालविकास केन्द्रमा छात्र ३ हजार ६ सय ७३ जना र छात्रा ३ हजार ४ सय ६जना गरी जम्मा ७ हजार ७९ जना रहेका छन् जसमध्ये दलित वालवालिकाहरू १ हजार ७ सय ४६ जना रहेका छन।

महिलाविरुद्ध हुने सबै प्रकारको भेदभाव, दुर्व्यवहार घरेलु हिंसा

हत्या

अमरगढी नपा– ६ छचोडा स्थायी घर भई जोगबुडा –६ डेवरीमा बसोवास गर्दै आएकी १५ वर्षीया मीना ताम्राकारको हत्या गरेको आरोपमा ०६९ असार १२ गते ३० वर्षीय पति दानी ताम्राकार,२९ वर्षीया जेठी पत्नी मनु ताम्राकार, ३८ वर्षीय जेठाजु गगन ताम्राकार र ६० वर्षीया सासू पटुदेवी ताम्राकारलाई इलाका प्रहरी कार्यालय जोगबुडाले गिरफ्तार गरी हिरासतमा राख्यो। मृतकका आफन्त पदम ताम्राकारले ०६९ असार ११ गते जिल्ला प्रहरी कार्यालय, डडेल्धुरामा जाहेरी दिएपछि उनीहरू सबैजनालाई प्रहरीले गिरफ्तार गरेको थियो। जिल्ला प्रहरी कार्यालय डडेल्धुराका इन्स्पेक्टर महेन्द्र चन्दको नेतृत्वमा अनुसन्धान टोली ०६९ असार १४ गते घटनास्थल पुगी शव उत्खनन् गरेको थियो। शव उत्खनन्पछि भेटिएका हड्डीहरू प्रहरीले अनुसन्धानका लागि ल्याएको थियो। आरेपितमध्ये जेठी पत्नी मनु , जेठाजू गगने र सासू पट्टुदेवीलाई जिल्ला अदालत, डडेल्धुराको आदेशले ०६९ असार २९ गते सामान्य तारेखमा रिहा गऱ्यो। पति दानी ताम्राकारलाई जिल्ला अदालत, डडेल्धुराको आदेशमा हालसम्म पनि पुर्पक्षका लागि थुनामा राखेको छ। मीनाको मृत्युपछि गाउँलेहरूको सहयोगमा ०६९

असार २ गते डेवरीस्थित घरबाट करिब पाँच सय मिटर टाढा शव खाडलमा गाडिएको थियो। जिल्ला प्रहरी कार्यालय डडेल्धुराबाट ०६९ असार १४ गते गएको प्रहरी टोलीले अनुसन्धानका क्रममा कुहिएको अवस्थामा शव खाडलबाट निकाले पनि पोष्टमार्ट हुननसक्ने देखिएपछि भिसेरा चेकजाँचका लागि बरामद गरिएका मृतकका हड्डीहरू काठमाडौँ पठाएको छ। हत्याका आरोपित दानी ताम्राकारले ०६८ मङ्सिर २७ गते मृतक मीनासँग विवाह गरेका थिए। जेठी पत्नी मनुले पति दानीविरुद्ध वहुविवाहको उजुरी दिएपछि प्रहरीले उनको खोजी गरिरहेको भए पनि फेला पर्न सकेका थिएनन्। मङ्सिरमा विवाह गरी फरार भएका दानी जोगबुडा गाविस- ६ स्थित ईश्वर धामीको घरमा डेरा गर्दै आएका थिए।

कुटपिट

अमरगढीनपा –४ हरडकी ३२ वर्षीया कलावती बोहराले ०६९ मङ्सिर ०६ गते मदिरा सेवन गरी कुटपिट गरेको भन्दै ३८ वर्षीय पति शिवा बोहरा , ८० वर्षीय ससुरा वीरवहादुर बोहरा , ६० वर्षीयसासु जमुनी देवि बोहरा ,४० वर्षीय जेठाजु नवलसिह बोहरा र ३५ वर्षीय जेठानी मीनादेवी बोहराको नाममा ०६९ मङ्सिर ७ गते जिल्ला प्रहरी कार्यालय, डडेल्धुरामा उजुरी दर्ता गरिन्। घरेलु हिंसा तथा कसूर सजाय ऐनअन्तर्गत प्रहरीले उक्त मुद्दा दर्ता गराई पीडकहरूलाई ०६९ मङ्सिर ९गते गिरफ्तार गरेकोमा ०६९ मङ्सिर १० गते तारेखमा रिहा भए। घाइतेको उपचार जिल्ला अस्पताल डडेल्धुरामा भएको थियो।

वहुविवाह

अमरगढी नपा-१ कोठीकी १९ वर्षीया निर्मलादेवी टमटाले २० वर्षीय पति करन टमटाविरुद्ध ०६९ जेठ १७ गते जिल्ला प्रहरी कार्यालय डडेल्धुरामा बहुविवाहको मुद्दा दर्ता गरिन् । प्रहरीले टमटालाई गिरफ्तार गरी ०६९ जेठ १८ गते उनीविरुद्ध जिल्ला अदालत, डडेल्धुरामा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतले करन टमटालाई एक वर्ष कैद र पाँच हजार जरिवाना र साथै कान्छी पत्नी मनिषा टमटालाई सफाइ दिएको थियो।

सबै प्रकारका जातीय विभेद

जोगबुडा गाविस –८ का १९ वर्षीय भीम विकले सोही ठाउँकी १९ वर्षीया विपना खातीसँग प्रेम विवाह गरेपछि दलित भएर गैरदलितकी छोरीसँग विवाह गरेको भन्दै ०६९ साउन २५ गते केटी पक्षले विक परिवारलाई मार्ने धम्की दिएपछि विक परिवार विस्थापित भयो। धम्कीपछि भीम विक,उनका काकाहरू राधे विक र प्रजावती विकसहित १७ जनाको परिवार घर छोडी जोगवुडा गाविस-८ कुर्मुल्ले रहेको आफन्तको घरमा बस्दै आएका छन्। भीमकी आमा पार्वतीले प्रहरी चौकी कुर्मुल्लेमा ०६९ साउन २५ गते निवेदन दिन खोज्दा प्रहरीले विभिन्न प्रक्रिया नमिलेको भन्दै निवेदन दर्ता गरेन। सीताराम उच्चमावि कुर्मुल्लेमा अध्ययनरत भीम र विपनाले परीक्षा दिन गएका बेला डडेल्धुरा सदरमुकामबाटै विवाह गरीबैतडी सित्तड गाविस –७ पुर्ख्यौली घरमा गएका थिए। हाल पनि खाती परिवारको डरले भीम र विपना घर फर्कन सकेका छैनन्। भने उनको सम्पूर्ण परिवार जोगवुडा गाविस-८ कुर्मल्ले बस्दै आएका छन्।

स्वास्थ्य सेवाको अवस्था

अस्पताल	२		
स्वास्थ्यचौकी	१८		
उपस्वास्थ्यचौकी	६		
पद	**दरबन्दी**	**कार्यरत**	**रिक्त**
डाक्टर	३	२	१
स्टाफ नर्स	४	४	
ल्याब असिस्टेन्ट	४	४	
अहेब	२८	२५	३
अनमी	१६	१३	३
खोप सुपरभाइजर	१	१	
क्षयरोग/कुष्ठरोग सुपरभाइजर	१	१	
हेल्थ असिस्टेन्ट	१३	८	५

जिल्ला प्रहरी कार्यालय

जिल्ला प्रहरी कार्यालयमा ०६८ पुस १७ गतेदेखि ०६९ पुस १६ गतेसम्म घरेलुहिंसा दुई, कर्तव्यज्यान छ, ज्यानमार्ने उद्योग दुई, आत्महत्या १९ र बहुविवाहका एक ओटा मुद्दा दर्ता भए।

५.८ बैतडी

जिल्ला सदरमुकाम: बैतडी
क्षेत्रफल (वर्ग कि. मि.): १,५१५
घरधुरी सङ्ख्या: ४५,१६१
जम्मा जनसङ्ख्या: २,५०,८५८
पुरुष: १,१७,४०७
महिला: १,३३,४५१
अपाङ्ग सङ्ख्या: ७,७८८
गाविस/नपा सङ्ख्या: ६२/१
पुरुष साक्षरता सङ्ख्या: ८२,३७७
महिला साक्षरता सङ्ख्या: ६१,१६६
हिन्दू धर्मावलम्बी प्रतिशत: ९९.९३
बौद्ध धर्मावलम्बी प्रतिशत: ०.०२
इस्लाम धर्मावलम्बी प्रतिशत: ०.०१
क्रिश्चियन धर्मावलम्बी प्रतिशत: ०.०२
अन्य धर्मावलम्बी प्रतिशत: ०.०१४
प्रतिपरिवार सरदर सङ्ख्या: ५.५५

नागरिक तथा राजनीतिक अधिकार

सम्मानित रूपले बाँच्ने अधिकार

गोली / विस्फोटक पदार्थद्वारा घाइते

विस्फोटक पदार्थबाट

कटौजपानी गाविस-२ वणीयाका ५० वर्षीय दानसिंह भाट र उनकी पत्नी ४३ वर्षीया लालमती भाटको ०६८ चैत १८ गते उनकै घर भित्र बम विस्फोट हुँदा घटनास्थलमै मृत्यु भयो। सोही घटनामा परी मृतकका १६ वर्षीया छोरी द्रोपती भाट र ४० वर्षीया बुहारी कमला भाट सामान्य घाइते भए। घर सरसफाई गर्ने क्रममा सशस्त्र द्वन्दको समयमा माओवादी पक्षबाट घरमै छुटेको प्रेसरकुकर बम विस्फोट भएको थियो। मृतकहरूको पोस्टमार्टम ०६८ चैत १९ गते जिल्ला अस्पताल, बैतडीमा गरिएको थियो भने सोही दिन आफन्तले लासको दाहसंस्कार गरेका थिए। विस्फोटनबाट पीडितको दुई तले छ कोठाको घरसमेत ध्वस्त भएको श्रीकोट प्रहरी चौकीले बतायो। घटनापछि पीडितका दुई छोरा र दुई छोरी जेठाबाबुको घरमा शरण लिई बसिरहेको पीडितका गाउँले दाजु मानबहादुर भाटले बताए।

जेल र बन्दीहरू

'घ' श्रेणीको जिल्ला कारागारको क्षमता १५ जना पुरुष र १० जना महिला गरी जम्मा २५ जनाको रहेको छ। यो वर्षको अन्त्यसम्म कैद तोकिएका ३५ जना र कैद नतोकिएको १३ जना कैदी र थुनुवा गरी जम्मा ४८ जना बन्दीहरू रहेका छन्। कारागारमा खानेपानी, ढलनिकास र शैचालयको अवस्था जीर्ण रहेको र पुनर्निमार्णका निम्ति पटकपटक सरोकारवाला निकायसँग अनुरोध गर्दा पनि हालसम्म कुनै पहल नभएको भनि सो करागारका प्रमुखले बताए। जेल भित्र कैदीहरूलाई नियम अनुसार 'ख' श्रेणीको सिदा र मौसम अनुसार गर्मी र चिसो समयमा लुगा कपडा नियमित रुपमा वितरण गर्दै आएको जेलरले बताए।

बन्दीहरूले कारागार क्षेत्रभित्र प्रदर्शन गरी करागारको खानेपानीलगायत अन्य भौतिक सुधारको माग गर्दै ०६९ वैशाख २५ गते करागार प्रशासनमार्फत प्रधानमन्त्रीलाई ज्ञापनपत्र बुझाए।

सुगुम र निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालत

०६८ साउनदेखि ०६९ असार मसान्तसम्म

यस जिल्ला अदालतको फौजदारी मुद्दातर्फ २३ थान मुद्दामध्ये जम्मा ११ थान मुद्दा फैसला भए जम्मा १२ थान मुद्दा फैसला हुन बाँकी रहे। देवानी मुद्दातर्फ एक मुद्दामात्रै परेको र फैसला हुन बाँकी रहेको छ ।

०६९ साउनदेखि पुस १५ सम्म

यस जिल्ला अदालतको फौजदारी मुद्दातर्फ २६ थान मुद्दामध्ये जम्मा सात थान मुद्दा फैसला भए जम्मा १९ थान मुद्दा फैसला हुन बाँकी रहे। देवानी मुद्दातर्फ दुई थान मुद्दा मात्रै परेको र दुवै मुद्दा फैसला हुन बाँकी रहे। यस जिल्ला अदालतको फौजदारी मुद्दातर्फ ४७ मुद्दा मध्ये १८ वटा फैसला भए भने २९ वटा मुद्दा फैसला हुन बाँकी रहे। देवानी मुद्दातर्फ दुई वटा मुद्दामा दुवै मुद्दा फैसला हुन बाँकी रहे।

घटनाको प्रकार	गैरराज्यपक्षबाट		
	महिला	पुरुष	जम्मा
घाइते	३		३
बालअधिकार	३		३
अपहरण		१	१
महिलाअधिकार	७		७
जातीय विभेद	१	३	३
धम्की		१	१
हत्या	५	४	९
जम्मा	१८	८	२६

जिल्ला सरकारी वकिलको कार्यालय

०६८ साउनदेखि ०६९ असार मसान्तसम्म दायर मुद्दाको सङ्ख्या ४१ थान छन् जसमध्ये १५ थान सफल भए भने तीन ओटा थान मुद्दा असफल भए। मुलतवी, तमेली पेण्डीङमा रहेका मुद्दाको सङ्ख्या २६ थान छन्। सरकारी वकिल सङ्ख्या एक जना रहेको यस जिल्ला कार्यालयबाट दायर मुद्दामध्ये ०६९ असार मसान्तसम्म २६ थान मुद्दा बाँकी रहेको सरकारी वकिलको कार्यालयले जनायो। दायर मुद्दामध्ये कर्तव्य ज्यानसम्बन्धी मुद्दा पाँच थान मध्ये तीन थान सफल र २ थान असफल रहे। बलात्कारसम्बन्धी तीन थान मुद्दामध्ये दुई थान सफल र एक थान मुद्दा असफल भयो। महिला बेचविखनसम्बन्धी एक थान मुद्दा रहेको र सो फैसला हुन बाँकी रह्यो।

बालअधिकार

शिक्षाको अवस्था

विद्यालय जाने बालबालिकाको कूल सङ्ख्या :- एकलाख सात हजार एक सय १९ जना चार वर्ष भन्दा मुनिका वाल वालिकाको कुल सङ्ख्या ९ हजार ६ सय ६३ जना वालवालिका र विद्यालयमा भर्ना भएका वावालिकाको कुल सङ्ख्या ९७ हजार चार सय ३६ जना रहेका छन्। जसमध्ये छात्र ४९ हजार तीन सय २४ जना र छात्रा ४८ हजार एक सय १२ जना गरि जम्मा ९७ हजार चार सय ३६ जना वालवालिका प्राथमिक तहदेखि माबि तहसम्म भर्ना भए। यसमध्ये दलित छात्रा नौ हजार चार सय ६४ जना र छात्र १० हजार दुई सय एकचालिस जना गरि जम्मा १९ सात सय पाच जना जम्मा दलित वालवालिका रहेका छन। भने सोही तहमा जिल्ला भरिमा जम्मा २८ जना वालिका र ४१ जना वालका गरि जम्मा ६९ जना जनजातिबालबालिका रहेका छन्। त्यसैगरी विद्यालयमा रहेका शिक्षक दरबन्दी अन्तरगत प्रा.वि .तहमा सरकारी र सामुदायिक विद्यालय गरी प्रावि तहमा जम्मा एक हजार दुई सय ९५ शिक्षक कार्यरत् रहेको र जसको कुल २३.१६ प्रतिशत महिला शिक्षक दरवन्दी रहेका छन्। निमावि तहमा तहमा जम्मा ३ तीनसय ६९ जना मध्ये २.७ प्रतिशत महिला शिक्षक कार्यरत रहेका छन ्। यसैगरी माबि तहमा २ सय ६२ दरबन्दी मध्ये १.५२ प्रतिशत महिला शिक्षक दरवन्दी रहेको र यसमा दलित र जनजाति शिक्षकहरुको यकिन तथ्याङ्क कार्यालयमा उपलब्ध नभएको भनी जिल्ला शिक्षा कार्यालय बैतडीले जनायो। बालविकास केन्द्र बालक चार हजार आठसय ९८ जना बालक र बालिका चारहजार सातसय पचासी गरी जम्मा ९ हजार ६ सय ८३ बालबालिका रहेका छन्। जसमध्ये दलित बालक १ हजार १ सय ८० जना वालक र बालिका १ हजार २ सय २९ जना वालवालिका रहेका छन्। जनजाति बालबालिकाहरू जिल्लाभरिमा जम्मा १५ जना छात्रा र १८ जना छात्र गरी जम्मा ३३ जना जनजाति बालबालिका रहेका छन्।

महिलाविरुद्ध हुने सबै प्रकारको भेदभाव, दुर्व्यवहार

हत्या

विशालपुर गाविस-३ कोटीगाउँका २६ वर्षीया झापु ठगुन्नालाई ०६९ मङ्सिर १७ गते परिवारका सदस्यहरूले हत्या गरेको आरोपमा ०६९ मङ्सिर १९ गते मृतकको सासू ५६ वर्षीया सेतु ठगुन्ना र ससुरा ६० वर्षीया दानसिंह ठगुन्नालाई प्रहरीले गिरफ्तार गऱ्यो। घटनापछि पीडितका पति विस्नसिंह ठगुन्ना भने फरार रहेको इलाका प्रहरी कार्यालय मेलैलीका इञ्चार्ज सई मीनबहादुर धामीले बताए। मृतकको लाश सोही गाविस-४ मा रहेको कोटीगाउँ सामुदायिक वनमा ०६९ मङ्सिर १७ गते स्थानीयले फेला पारेपछि प्रहरीलाई खबर गरेका थिए। लासको प्रकृति हेर्दा उनको टाउकोलगायत शरीरका अन्य विभिन्न भागमा गहिरो घाउसमेत भएकोले उनलाई कसैले हत्या गरी फालेको हुन सक्ने भनी घटना अनुसन्धानमा संलग्न इलाका प्रहरी कार्यालय मेलैलीले जनायो। घरायासी विवादका कारण डडेल्धुरा जिल्लाको देवलदिव्यपुर गाविसमा रहेको आफ्नो माइतीघरमा बस्दै आएकी मृतक महिला ०६९ मङ्सिर १४ गते बैतडी घर आएकी थिइन।

लासको पोस्टमार्टम ०६९ मङ्सिर १८ गते डडेल्धुरा जिल्लाको टीम अस्पतालमा भयो। गिरफ्तार परेका सासू र ससुरा हाल जिल्ला कारागार बैतडीमा थुनामा छन्।

शमार्ली गाविस-४ बन्डका ३० वर्षीय भीमसिंह साउदले घरायसी विवादका कारण ०६९ वैशाख ११ गते २६ वर्षीय पत्नी कुन्दा साउदको टाउकोमा हँसिया प्रहार गरी घरमै हत्या गरे। पत्नीको हत्यापछि सोही हँसियाले आफ्नो घाँटी रेटी आत्महत्या गर्न खोज्दा घाइते भएका साउदको उपचारको क्रममा ०६९ वैशाख १२ गते दिउँसो शर्माली हेल्थपोस्टमा मृत्यु भयो। दुवैजना घरको काम गरिरहेका र दिउँसोको खाना नपाएपछि रिसको झोकमा पत्नी कुन्दाले पति भीमलाई हँसियाले प्रहार गर्न खोज्दा सोही हसिया खोसेर पति भीमले पत्नीको हत्या गरेका थिए। पत्नीको हत्यापछि आफूले पनि सोही हसियाँले घाँटी रेटी भीमले आत्महत्या गरेको प्रहरीले जनायो। पीडितको लाश ०६९ वैशाख १२ गते शर्माली उपस्वास्थ्य चौकमा पोस्टमार्टमपछि सोही दिन उनको आफन्तहरूले दाहसंस्कार गरेका थिए। मृतकका चार वर्षीय छोरा र डेढ वर्षीया छोरीसमेत रहेका छन्। आमाबुबाको मृत्युपश्चात उनीहरूको लालनपालन बाजे बाज्यैले गरिरहेका छन्।

कञ्चनपुर जिल्ला कृष्णपुर गाविस-५ गुलरिया निवासी नेपाली सेनाको भैरवनाथ गण डोटीमा कार्यरत् २८ वर्षीय सैनिक जवान चन्द्रसिंह ऐरीले २५ वर्षीया पत्नी धनसरी ऐरी र चार वर्षीया छोरी सरस्वती ऐरीको ०६९ भदौ २९ गते बैतडी जिल्ला सिद्धेश्वर गाविस-९ धारीको जङ्गलमा हत्या गरे। जगदीशप्रसाद अवस्थीले ०६९ भदौ ३१ गते हत्या गरेर जङ्गलमा लास देखेपछि प्रहरीलाई जानकारी गराएका थिए। सो लासको ०६९ असोज १ गते पाटन स्वास्थ्य चौकीमा पोस्टमार्टम गरी लाश आफन्तलाई बुझाएको इलाका प्रहरी कार्यालय, पाटनले जनायो। पीडित महिला र बालिकालाई कञ्चनपुरबाट बैतडी ल्याई हत्या गरेको भनी मृतकका बाबु डडेल्धुरा जिल्ला आलिताल गाविस-८ का रामबहादुर साउदले चन्द्रसिंहको विरुद्धमा ०६९ असोज ३ गते जिल्ला प्रहरी कार्यालय, बैतडीमा उजुरी दिए। आरोपितलाई जिल्ला प्रहरी कार्यालय, बैतडीका प्रहरी निरीक्षक लालबहादुर साउदको नेतृत्वमा गएको प्रहरी टोलीले ०६९ साउन ६ गते डोटीबाट गिरफ्तार गऱ्यो। ऐरी हाल जिल्ला करागार, बैतडीमा थुनामा छन्।

बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

एक १६ वर्षीया बालिकालाई भूमेश्वर गाविस-२ का २४ वर्षीय सागर भट्ट र गुजर गाविस-३ का २७ वर्षीय अमर अवस्थीले ०६८ चैत १० गते पाटन गाविस-७ पाटनबजारमा सामूहिक बलात्कार गरे। पाटनबजारमा चाँदनी फोटो स्टुडियोका सञ्चालक रहेका पीडक भनिएका भट्ट र सोही ठाउँमा स्टेसनरी पसल सञ्चालक रहेका अवस्थीले बलात्कार गरेको आरोपमा ०६८ चैत ११ गते पाटन बजारबाट गिरफ्तार गरेको डिएसपी बिष्णुबहादुर कार्कीले बताए। जिल्ला प्रहरी कार्यालयले अनुसन्धानपश्चात ०६८ चैत ३० गते जिल्ला अदालत बैतडीमा मुद्दा दर्ता गरेपछि आरोपितलाई ०६८ चैत ३० गतेदेखि जिल्ला करागार, बैतडीमा थुनामा राख्न आदेश दियो।

एक ३२ वर्षीया महिलालाई ०६९ जेठ २ गते कैलपाल गाविस-१ का ५१ वर्षीय देवबहादुर चन्दले ०६९ जेठ २ गते घरनजिकै बलात्कार गरेको भन्दै पीडितले इलाका प्रहरी कार्यालय, मेलौलीमा किटानी जाहेरी दिइन्। पीडितपक्षले ०६९ जेठ ८ गते प्रहरीलाई उजुरी गरेपछि सोही दिन प्रहरीले पीडक भनिएका चन्दलाई गिरफ्तार गऱ्यो। पीडित महिलाको ०६९ जेठ १० गते जिल्ला अस्पताल, बैतडीमा स्वास्थ्य परीक्षण भएको थियो। पीडक हाल जिल्ला करागार बैतडीमा थुनामा छन्। यो वर्षको अन्त्यसम्म मुद्दाको फैसला भएको छैन।

बहुविवाह

वाशुलिंग गाविस-५ का ३१ वर्षीय करन पाण्डेयले कञ्चनपुर जिल्ला भीमदत्त नपा-१७ वासखेडाका २२ वर्षीया रमा जोशीसँग ०६८ कात्तिक महिनामा दोस्रो विवाह गरे। घटनापछि घरमा रहेकी जेठी पत्नी सरस्वती पाण्डेयले ०६८ माघ २२ गते जिल्ला प्रहरी कार्यालयमा बहुविवाहमा पति करन र रमाका विरुद्ध जाहेरी दर्ता गरिन्। बहुविवाहका आरोपित रमा जोशीलाई गिरफ्तार गरी ०६८ फागुन १४ गते जिल्ला अदालत, बैतडीले २५ हजार रुपियाँ धरौटी रकम लिई सोही दिन तारेखमा रिहा गऱ्यो। आरोपित करन पाण्डेय हालसम्म फरार रहेको जिल्ला प्रहरी कार्यालय बैतडीले जनायो। विवाहमा पतिका विरुद्धमा जाहेरी दिएको भन्दै घरका अन्य सदस्यले दुर्व्यवहार तथा मानसिक यातना दिएकाले दशरथ चन्द नपा-७ तितरगाउँमा रहेको माइतीघरमा बस्दै आएको पीडित महिलाले बताइन्।

दशरथ चन्द नपा-२ का २८ वर्षीय भुवन भट्टले भीमदत्त नपा-७ हल्दुखालका २१ वर्षीया मीना कपाडीसँग ०६९ साउन २६ गते बहुविवाह गरे। उनकी जेठी पत्नी २४ वर्षीया जयन्ती भट्टले ०६९ साउन ३२ गते जिल्ला प्रहरी कार्यालय,बैतडीमा उजुरी गरिन्। प्रहरीले भुवन भट्ट र मीना भट्टलाई सोही दिन गिरफ्तार गऱ्यो । जिल्ला प्रहरी कार्यालयले दुवै जना विरुद्ध जिल्ला अदालतमा मुद्दा दर्ता गरेकोमा जिल्ला अदालत, बैतडीले ०६९ भदौ १४ गते जनही ५२ हजार धरौटी राखी तारेखमा रिहा गर्ने आदेश गऱ्यो।

स्वास्थ्य सेवाको अवस्था

अस्पताल	१		
स्वास्थ्यचौकी	१०		
उपस्वास्थ्यचौकी	५५		
पद	**दरबन्दी**	**कार्यरत**	**रिक्त**
डाक्टर	५	३	२
स्टाफ नर्स	६	३	३
ल्याब असिस्टेन्ट	३	२	१
अहेब	६७	५०	१७
अनमी	१८	११	७
खोप सुपरभाइजर	१	१	
क्षयरोग/कुष्ठरोग सुपरभाइजर	१	१	
हेल्थ असिस्टेन्ट	१५	११	४
स्वास्थ्य कार्यकर्ता	१२३	८९	३४

जिल्ला प्रहरी कार्यालय

जिल्ला प्रहरी कार्यालयमा ०६८ पुस १७ गतेदेखि ०६९ पुस १६ गतेसम्म बलात्कार तीन, बलात्कार प्रयास एक, घरेलुहिंसा २६, महिला ओसारपसार जिउमास्नेबेच्ने एक, कर्तव्यज्यान सात, ज्यानमार्ने उद्योग एक, आत्महत्या २४, विस्फोटक पदार्थका एक ओटा मुद्दा दर्ता भए।

५.९ दार्चुला

जिल्ला सदरमुकाम: दार्चुला
क्षेत्रफल (वर्ग कि. मि.): २,३२२
घरधुरी सङ्ख्या: २४,६१८
जम्मा जनसङ्ख्या: १,३३,२७४
पुरुष: ६३,६०५
महिला: ६९,६६९
अपाङ्ग सङ्ख्या: ३,६६९
गाविस/नपा सङ्ख्या: ४१/०
पुरुष साक्षरता सङ्ख्या: ४५,१२२
महिला साक्षरता सङ्ख्या: ३४,२०२
हिन्दू धर्मावलम्बी प्रतिशत: ९८.८८
बौद्ध धर्मावलम्बी प्रतिशत: ०.८८
इस्लाम धर्मावलम्बी प्रतिशत: ०.०२
क्रिश्चियन धर्मावलम्बी प्रतिशत: ०.०६
प्रकृति धर्मावलम्बी प्रतिशत: ०.१५
अन्य धर्मावलम्बी प्रतिशत: ०.०१२
प्रतिपरिवार सरदर सङ्ख्या: ५.४१

जेल र बन्दीहरू

'घ' श्रेणीको जिल्ला कारागार,दार्चुलाको बन्दी क्षमता ४० जना रहेको छ। जसमा २५ जना पुरुष र १५ जना महिला बन्दीको क्षमता रहेको छ। यो वर्षको अन्त्यसम्म कैद तोकिएका ३६ जना र कैद नतोकिएका छ जना कैदी बन्दीहरू रहेका छन्। जसमा महिला कैदी पाँच जना रहेका छन्। यस जिल्ला कारागारको स्थापना २०२२ सालमा भएको हो। यस कारागारभित्र खानेपानी, क्यारेमबोर्ड, टिभी, भलिबल, चेस, पत्रपत्रिका र सीप सिक्नलाई विभिन्न सामग्री उपलब्ध छन्। कैदीहरूले नियमानुसार पाउने सरकारी सुविधा निरन्तर पाइरहेका छन्। रकम अभावमा पत्रपत्रिकाको व्यवस्था गर्न नसकिएको कारागार शाखाले जनायो। जिल्ला

कारागार, दार्चुलाको भौतिक अवस्था जीर्ण रहेको छ। भवनको छत कर्कटपाताले छाएको छ। पाँचओटा कोठा रहेको भवनमा चार कोठामा बन्दी र कैदी राखिएको छ भने एक कोठामा सुरक्षा गार्ड बस्दै आएका छन्। कोठाको अभावमा एउटा कोठालाई ठूलो बनाएर एउटै कोठामा २०/२५ जनासम्म सुताएको अवस्था छ। जिल्ला कारागार शाखाका जेलर पदमराज जोशी भवन जीर्ण र टिनको पाता भएकोले कैदीलाई बस्न समस्या भएको बताए। पटक पटक भवन मर्मत गर्न र थप पक्की कोठा बनाउनको लागि पहल गरेको जेलर जोशीले बताए।

सुगम र निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालत

०६८ साउनदेखि ०६९ असार मसान्तसम्म

०६८ साउनदेखि ०६९ असार मसान्तसम्म १ जनामात्र न्यायाधीश रहेको यस जिल्ला अदालतको फौजदारी मुद्दातर्फ तीन थान मध्ये एक थान फैसला भए भने दुई थान फैसला हुन बाँकी रहे। देवानी मुद्दातर्फ १४ मध्ये आठ थान फैसला हुन बाँकी रहे।

०६९ साउनदेखि पुस १५ सम्म जिल्ला अदालतको फौजदारी मुद्दातर्फ छ थान मध्ये कुनै फैसला भएनन्। देवानी मुद्दातर्फ १५ थान मध्ये एक थान फैसला भयो भने १४ थान फैसला हुन बाँकी रहे।

जिल्ला सरकारी वकिलको कार्यालयबाट ०६८ साउनदेखि ०६९ असार मसान्तसम्म दायर मुद्दाको सङ्ख्या २५ थान रहेको छ। जसमध्ये आठ थान सफल भए भने छ थान असफल भएको छ।

जिल्ला सरकारी वकिलको कार्यालय

सरकारी वकिल सङ्ख्या एक जना रहेको यस जिल्ला सरकारी वकिल कार्यालयबाट दायर मुद्दामध्ये ०६९ असार मसान्तसम्म ९ थान मुद्दा बाँकी रहेको सरकारी वकिलको कार्यालयले जनायो। यस कार्यालयमा दायर मुद्दामध्ये कर्तव्य ज्यानसम्बन्धी पाँच थानमध्ये तीन थान सफल र दुई थान बाँकी रहे। बलात्कारसम्बन्धी तीन थान मुद्दा मध्ये एक थान सफल र एक थान असफल रह्यो।

जिल्ला सरकारी वकिलको कार्यालयबाट ०६९ साउनदेखि ०६९ हालसम्म दायर मुद्दाको सङ्ख्या ११ थान छन् जसमध्ये एक थान सफल भएको छ। सरकारी वकिल सङ्ख्या एक रहेको यस जिल्ला कार्यालयबाट दायर मुद्दामध्ये ०६९ असार मसान्तसम्म एक थान सफल र एक थान असफल रह्यो। भने नौ थान मुद्दा बाँकी रहेको सरकारी वकिलको कार्यालयले जनायो।

बालअधिकार

शिक्षाको अधिकार

यस जिल्लाका विद्यालय जाने उमेरका ५१ हजार ६ सय ६९ मध्ये छात्र २३ हजार ३ सय ६३ र छात्रा २५ हजार ८ सय ६ प्राथमिक तहदेखि माबि तहसम्म भर्ना भए। यसमध्ये दलित छात्रा २ हजार ८ सय १० र छात्र २ हजार ८ सय ७६ रहेका छन्।

सरकारी र सामुदायिक विद्यालय गरी प्राबि तहमा महिला २ सय ५७ र पुरुष ६ सय ५४ गरी जम्मा ९११ शिक्षक कार्यरत रहेका छन्। निमाबि तहमा तहमा महिला २७ र पुरुष १ सय ८८ गरी जम्मा २ सय १५ शिक्षक कार्यरत रहेका छन्। यसैगरी माबि तहमा महिला ५ र पुरुष १ सय १४२ गरी जम्मा १ सय ४७ शिक्षक रहेका छन्।

बालविकास केन्द्र बालक ३ हजार ९ सय १५ र बालिका ३ हजार ७ सय १८ गरी जम्मा ७ हजार ७ सय १३ रहेका छन् जसमध्ये दलित बालक ४ सय ९७ र बालिका ५ सय १० छन्। यस जिल्ला शिक्षा कार्यालयले शिक्षासम्बन्धी सबै तथ्याङ्क अद्यावधिक गरेको छ।

बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

एक १३ वर्षीया बालिकालाई बलात्कार गरेको अरोपमा ०६८ फागुन १८ गते धुलीगडा गाविस-९ का १६ वर्षीय एक बालकका विरुद्धमा बालिकाका आफन्तले ०६८ फागुन २१ गते जिल्ला प्रहरी कार्यालय, दार्चुलामा किटानी जाहेरी दिए। जाहेरीका आधारमा प्रहरीले धामीलाई ०६८ फागुन २२ गते गिरफ्तार गऱ्यो। पीडित बालिकाको घटना भएकै दिन जिल्ला अस्पताल, दार्चुलामा स्वास्थ्य परीक्षण गरिएको थियो। घटनाका सम्बन्धमा प्रहरीले दुवै पक्षलाई बोलाई दुई दिनसम्म छलफल गराएको थियो। छलफलमा पीडितका बुबाले छोरीको विवाह अभियुक्त धामीसँग हुनुपर्ने माग गरेपनि केटापक्षले विवाह गर्न मानेन। पीडित बालिकाका बुबाले ०६८ फागुन २६ गते जिल्ला अदालतमा मुद्दा दायर गरे। जिल्ला अदालतले ०६९ भदौ २० गते धामीलाई ३० महिनाका लागि लागि केन्द्रीय बालसुधार गृह सानोठिमी भक्तपुरमा राख्ने फैसला सुनायो। हाल अभियुक्त बाल सुधार गृह भक्तपुरमा छन्।

घटनाको प्रकार	राज्यपक्षबाट		गैरराज्यपक्षबाट		
	महिला	जम्मा	महिला	पुरुष	जम्मा
बालअधिकार			६		६
महिलाअधिकार			५		५
जातीय विभेद			१		१
कुटपिट	१	१	१	२	३
धम्की				४	४
हत्या				१	१
जम्मा	१	१	१३	७	२०

एक १६ वर्षीया बालिकालाई रानीशिखर गाविस-६ का धनजीतसिंह ठगुन्नाले ०६८ चैत्र १६ गते जबरजस्तीकरणी गरेको भन्दै जिल्ला अदालत, दार्चुलाले ०६९ वैशाख ११ गते आठ वर्षको कैद सजाय सुनायो। पीडित बालिकाले ०६८ चैत्र २० गते जिल्ला प्रहरी कार्यालय, दार्चुलामा ठगुन्नाविरुद्ध जाहेरी दर्ता गरेकी थिइन्। घटनापछि एक महिना फरार रहेका भट्टलाई इलाका प्रहरी कार्यालय, गोकुलेश्वरले ०६९ वैशाख ११ गते धुलीगडा गाविसको खेडाबाट गिरफ्तार गऱ्यो। ठगुन्नाले आफूलाई रानीशिखर गाविस-६ की पार्वती भट्टको घरमा जबरजस्तीकरणी गरेको पीडित बालिकाले बताइन। ठगुन्ना जिल्ला कारागार, दार्चुलामा थुनामा छन्।

एक १० वर्षीया बालिकालाई ०६९ मङ्सिर २१ गते राती बलात्कार गरेको भन्दै खार गाविस-७ सुण्डुमुण्डुका २३ वर्षीय पदम टमटाका विरुद्ध पीडितका आफन्तले ०६९ पुस १ गते प्रहरी चौकी, दल्लेखमा किटानी जाहेरी दिएपछि पीडक टमटालाई जिल्ला प्रहरी कार्यालय, दार्चुलाले ०६९ पुस २ गते गिरफ्तार गऱ्यो। पीडितको जाहेरीका आधारमा प्रहरीले ०६९ पुस ३ गते टमटाविरुद्ध जबरजस्तीकरणी अन्तर्गत मुद्दा दर्ता गरेको प्रहरीले बतायो। गाउँलेको विवाहमा गएका बेला बालिकाको घरमा आमा बुवा नभएको मौकामा बालिकालाई गोठमा पुऱ्याई बलात्कार गरेको पीडित परिवारले बतायो। बालिकाको ०६९ पुस २ गते जिल्ला अस्पताल दार्चुलामा स्वास्थ्य परीक्षण गरिएको थियो। पीडक टमटाको अदालती फैसला हुन बाँकी रहेको छ।

महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव,दुर्व्यवहार घरेलु हिंसा

धारी गाविस-१ तल्लीफारा की २८ वर्षीया म्याक्चे कुँवरलाई परपुरुषसँग हाँसबोल गरेको आरोपमा ०६८ माघ ६ गते उनका ३० वर्षीय पति चन्द्रसिंह कुँवरले धारिलो हतियारले काटेर घाइते बनाए। पतिको यातनाका कारण घाइते भएकी कुँवरलाई उपचार गर्न ०६८ माघ ८ गते जिल्ला अस्पताल, दार्चुलामा भर्ना गरियो। पीडित महिलाको जाहेरीका आधारमा आरोपितलाई सोही दिन गिरफ्तार गरेकोमा जिल्ला प्रहरी कार्यालय, दार्चुलाले मानसिक सन्तुलन बिग्रिएको भन्दै कुनै कारबाही नगरी रिहा गऱ्यो। पीडित महिलाको डेढ साता लामो उपचार पछि स्वास्थ्यमा सुधार आएको जिल्ला स्वास्थ्य कार्यालय, दार्चुलाका जनस्वास्थ्य निरीक्षक बीरहरि राईले बताए।

स्वास्थ्य सेवाको अवस्था

अस्पताल	१		
स्वास्थ्यचौकी	११		
उपस्वास्थ्यचौकी	२९		
पद	**दरबन्दी**	**कार्यरत**	**रिक्त**
डाक्टर	५	४	१
स्टाफ नर्स	४	२	२
ल्याब असिस्टेन्ट	२	२	
अहेब	४४	३५	९
अनमी	१६	१५	१
खोप सुपरभाइजर	१	१	
क्षयरोग/कुष्ठरोग सुपरभाइजर	१	१	
हेल्थ असिस्टेन्ट	१५	८	७

जिल्ला प्रहरी कार्यालय

जिल्ला प्रहरी कार्यालयमा ०६८ पुस १७ गतेदेखि ०६९ पुस १६ गतेसम्म बलात्कार दुई, कर्तव्यज्यान तीन, आत्महत्याका आठ ओटा मुद्दा दर्ता भए।

मानवअधिकार उल्लङ्घन तथ्याङ्क २०१२

अनुसूची २

परिशिष्ट १.१

नेपाल- घटनाको प्रकारअनुसार पीडित सङ्ख्या

घटनाको प्रकार	राज्यपक्षबाट				गैरराज्यपक्षबाट			
	महिला	पुरुष	नखुलेको	जम्मा	महिला	पुरुष	नखुलेको	जम्मा
घाइते								
बम विस्फोटबाट					९	४२		५१
दोहोरो झडपमा घाइते		६		६	६	४२		४८
आफ्नै बम विस्फोटनबाट						१		१
एसिड छर्केर						३		३
गोलीबाट	१	९		१०	३	३८		३१
धारिलो हतियारबाट					१२	४७		५९
जम्मा	**१**	**१५**		**१६**	**३०**	**१६३**		**१९३**
बेपत्ता								
बेपत्ता पारिएका		१		१				
बालअधिकार								
बालबालिका बेचबिखन					४९			४९
बालविवाह					३१	३		३३
बलत्कार					३००			३००
नवजात शिशुको हत्या					१४	५		१९
शिक्षाबाट बञ्चित					१			१
यौन दुर्व्यवहार					९१	७		९८
कमलरी					१			१
हत्याको प्रयास					१			१
जम्मा					**४७८**	**१४**		**४९२**
अमानवीय व्यवहार								
बोक्सीको आरोपमा						१३		१३
अन्य					३	४		६
अनुहारमा मोसो लगाएको					३	९		१२
जुत्ताको माला लगाएको						३		३
जम्मा					**५**	**२९**		**३४**

घटनाको प्रकार	राज्यपक्षबाट				गैरराज्यपक्षबाट			
	महिला	पुरुष	नखुलेको	जम्मा	महिला	पुरुष	नखुलेको	जम्मा
आर्थिक/सामाजिक/सांस्कृतिक अधिकार								
आफ्नो सम्पत्तिको अधिकार		२		२		९	१	१०
अन्य	१	१		२		४	१	५
ज्यालामा भेदभाव					४	१		५
धार्मिक स्वतन्त्रता					४			४
जम्मा	**१**	**३**		**४**	**८**	**१४**	**२**	**२४**
अपहरण								
अपहरण					१६	५४		६१
महिलाअधिकार								
बोक्सीको आरोपमा					५२			५२
बलात्कार					१४०			१४०
बलात्कारको प्रयास					३९			३९
बहुविवाह					१४६			१४६
महिला बेचबिखन					३१			३१
प्रशुती सेवा	११			११				
पारिवारिक हिंसा					४४६			४४६
यौन दूर्व्यवहार					४३			४३
जम्मा	**११**			**११**	**८९९**			**८९९**
भूमिहीन/कुम्बी मस्या								
भूमिहीन/सुकुम्बासी	३	५		८				
भेला/सङ्गठित हुने अधिकार								
भेला/सङ्गठीत हुने अधिकार	१०	११५	१३४	२४९		४		४
लाठी चार्ज	२२	१३८	२९	१८९				
जम्मा	**३२**	**२५३**	**१५३**	**४३८**		**४**		**४**
जेलमा मृत्यु								
जेलमा मृत्यु		४		४				
जातीय विभेद								
सावजनिक स्थलमा प्रवेशबाट बञ्चित					८	१०		१८
अन्तरजातीय विवाह					११	१३		२४
जातीय छुवाछूत					३०	३९		६९
जम्मा					**४९**	**६२**		**१११**
गिरफ्तारी/यातना								
गिरफ्तारी/यातना	१	६५		६६				

घटनाको प्रकार	राज्यपक्षबाट				गैरराज्यपक्षबाट			
	महिला	पुरुष	नखुलेको	जम्मा	महिला	पुरुष	नखुलेको	जम्मा
हिरासत वा थुनामा मृत्यु								
हिरासत/थुनामा मृत्यु		१		१				
कुटपिट								
कुटपिट	३८	१४४		१८३	८९	३३४		४१३
धम्की								
चन्दाको लागी धम्की						३		३
धम्की	३	९		१३	१०	११३		१३३
जम्मा	**३**	**९**		**१३**	**१०**	**११४**		**१३४**
हत्या								
घाँटी रेटेर					३	६		८
घाँटी थिचेर					४	३		६
घाँटी काटेर					८	६		१४
घन प्रहारबाट					३			३
टाउको छिनाएर					१			१
ढुङगाले किचेर					६	७		१३
बम विस्फोटनबाट					३	१०		१३
बलात्कारपछि					१३			१३
दोहोरो झडपमा मृत्यु						३		३
आगो लगाएर हत्या					१०			१०
भीर वा डाँडाबाट खालिएको					३	५		७
झुण्ड्याएर					७	४		११
विष खुवाएर					५	४		९
लाठी प्रहारबाट		१		१	३	९		१३
कुटपिट गरी		५		५	६१	५३		११३
गोली हानी		७		७	१३	१६		३९
खुकुरी प्रहारबाट					७	१०		१७
धारिलो हतियार प्रहारबाट					३६	७४		११०
हत्याको प्रकृति नखुलेको					१०	१३		३३
जम्मा		**१३**		**१३**	**१९१**	**३१९**		**४१०**
कुल जम्मा	**८०**	**५१३**	**१५३**	**७४६**	**१७७६**	**९९७**	**३**	**३७७५**

परिशिष्ट १.२ भौतिक संरचनामा क्षति

राजनीतिक पार्टी कार्यालय	१
स्वास्थ्य केन्द्र	१
सरकारी सवारी साधानहरू	९
सरकारी कार्यालयहरू	५
सञ्चार क्षेत्र	१
नीजि सवारीसाधन	९८
नीजि घर	११
नीजि कार्यालयहरू	३
नगरपालिका भवन	१
प्रहरी चौकी	२
निजी सम्पत्ती	११
जिल्ला शिक्षा कार्यालय	१
विद्यालय	१०
एम्बुलेन्स	२
क्याम्पस	६
गैरसरकारी संस्था	२
जम्मा	१६४

परिशिष्ट १.३ १८ वर्षभन्दा मुनिका पीडित बालबालिका सङ्ख्या

घटनाको प्रकार	महिला	पुरुष	जम्मा
अपहरण	६	११	१७
गिरफ्तारी/यातना		८	८
कुटपिट	११	३१	४२
घाइते	८	९	१७
हत्या	३२	३८	६०
जम्मा	५७	८७	१४४

परिशिष्ट १.४ उमेरको आधारमा यौनिक हिंसा

उमेर	पीडित सङ्ख्या
०–५	३३
६ –११	१३१
१२–१७	२४४
१८–२३	९१
२४–३९	५६
३०–३५	३२
३६–४१	१६

उमेर	पीडित सङ्ख्या
४२–४७	१३
४८–५३	३
५४–५९	२
६०–६५	३
६६–७१	२
७२+	४
जम्मा	६२०

परिशिष्ट १.५ पेशागतआधारमा पीडित सङ्ख्या

पेशा	राज्यपक्षबाट				गैरराज्यपक्षबाट			
	महिला	पुरुष	नखुलेको	जम्मा	महिला	पुरुष	नखुलेको	जम्मा
कृषक	३७	१५२		१८९	१०००	२९८		१२९८
कलाकार					१	२		३
उद्योग व्यवसायी	१	३८		३९	५६	५५		१११
जागिरे / कर्मचारी		११		११	८	२७		३५
वन सुरक्षाकर्मी						१		१
स्वास्थकर्मी		१		१	३	७		१०
मानवअधिकारकर्मी		८		८	१	५		६
पत्रकार	१	१८		१९	७	८२		८९
मजदुर	१०	१६		२६	७१	५३		१२४
कानुन व्यवसायी		४		४		४		४
ओभरसियर		१		१				
फोटोग्राफर						२		२
राजनीतिक कार्यकर्ता	१४	७६		९०	४	१३३		१३७
बन्दी						१		१
शरणार्थी		१		१		१		१
प्रहरी	१	११		१२	६	१७		२३
समाजी कार्यकर्ता	२	२९		३१	११	११		२२
विद्यार्थी	४	५७		६१	२५७	१०३		३६०
शिक्षक	३	३५		३८	८	३७		४५
नखुलेको	७	५५	१५३	२१५	३४३	१५८	२	५०३
जम्मा	**८०**	**५१३**	**१५३**	**७४६**	**१७७६**	**९९७**	**२**	**२७७५**

परिशिष्ट २.१ पूर्वाञ्चल : घटनाको प्रकारअनुसार पीडित सङ्ख्या

घटनाको प्रकार	राज्यपक्षबाट				गैरराज्यपक्षबाट			
	महिला	पुरुष	नखुलेको	जम्मा	महिला	पुरुष	नखुलेको	जम्मा
घाइते	१	२		३	४	२७		३१
बालअधिकार					९६	६		१०२
अमानवीय व्यवहार					४	६		१०
आर्थिक/सामाजिक/सांस्कृतिक अधिकार						६	१	७
अपहरण					१	१७		१८
महिलाअधिकार					१६२			१६२
भूमिहीन/सुकुम्बासी समस्या	३	५		८				
भेला/सङ्गठित हुने अधिकार	५	४०	४२	८७		१		१
जेलमा मृत्यु		३		३				
जातीय विभेद					१३	८		२१
गिरफ्तारी/यातना		१३		१३				
कुटपिट	११	३८		४९	३५	६९		९४
धम्की		२		२	१	३४		३५
हत्या		४		४	४२	६८		११०
जम्मा	२०	१०७	४२	१६९	३४८	२३३	१	५८१

परिशिष्ट २.२ मध्यमाञ्चल : घटनाको प्रकारअनुसार पीडित सङ्ख्या

घटनाको प्रकार	राज्यपक्षबाट				गैरराज्यपक्षबाट		
	महिला	पुरुष	नखुलेको	जम्मा	महिला	पुरुष	जम्मा
घाइते		१०		१०	१४	८१	९५
बेपत्ता		१		१			
बालअधिकार					२०३	५	२०८
अमानवीय व्यवहार					१	९	१०
आर्थिक/सामाजिक/सांस्कृतिक अधिकार	१	१		२	३	५	८
अपहरण					१४	३४	४८
महिलाअधिकार					२२२		२२२
भेला/सङ्गठित हुने अधिकार	९	६३	५४	१२६			
जातीय विभेद					१४	१२	२६
गिरफ्तारी/यातना		१९		१९			
हिरासत वा थुनामा मृत्यु		१		१			
कुटपिट	५	१९		२४	१४	८०	९४
धम्की	२	२		४	३	१०	१३
हत्या		७		७	८८	१०७	१९५
जम्मा	१७	१२३	५४	१९४	५७६	३४३	९१९

परिशिष्ट २.३ पश्चिमाञ्चल : घटनाको प्रकारअनुसार पीडित सङ्ख्या

घटनाको प्रकार	राज्यपक्षबाट				गैरराज्यपक्षबाट		
	महिला	पुरुष	नखुलेको	जम्मा	महिला	पुरुष	जम्मा
घाइते		३		३	३		३
बालअधिकार					७३	१	७४
अमानवीय व्यवहार						९	९
आर्थिक/सामाजिक/सांस्कृतिक अधिकार		२		२		२	२
अपहरण					१		१
महिलाअधिकार					११३		११३
भेला/सङ्गठित हुने अधिकार	११	११५	१५	१४१			
जेलमा मृत्यु		१		१			
जातीय विभेद					५	७	१२
गिरफ्तारी/यातना	१	१४		१५			
कुटपिट	३	४३		४६	११	७४	८५
धम्की						१४	१४
हत्या		२		२	२०	१२	३२
जम्मा	१५	१८०	१५	२१०	२२६	११९	३४५

परिशिष्ट २.४ मध्यपश्चिमाञ्चल : घटनाको प्रकारअनुसार पीडित सङ्ख्या

घटनाको प्रकार	राज्यबाट				गरराज्यबाट			
	महिला	पुरुष	नखुलेको	जम्मा	महिला	पुरुष	नखुलेको	जम्मा
घाइते					१	१३		१४
बालअधिकार					६२	१		६३
अमानवीय व्यवहार						३		३
आर्थिक/सामाजिक/सांस्कृतिक अधिकार					५	१	१	६
अपहरण					१	२		३
महिलाअधिकार	५			५	३३३			३३३
भेला/सङ्गठित हुने अधिकार	५	१९	४२	६६		३		३
जातीय विभेद					६	१४		२१
गिरतारी/यातना		१९		१९				
कुटपिट	१	२०		२१	३०	८३		११३
धम्की	१	४		५	५	५३		५८
हत्या					२०	१४		३४
जम्मा	१२	६२	४२	११६	४५४	१८६	१	६४२

परिशिष्ट १.५ सुदूरपश्चिमाञ्चल : घटनाको प्रकारअनुसार पीडित सङ्ख्या

घटनाको प्रकार	राज्यबाट			गरराज्यबाट		
	महिला	पुरुष	जम्मा	महिला	पुरुष	जम्मा
घाइते				८	४३	५०
बालअधिकार				४४	१	४५
अमानवीय व्यवहार					३	३
अपहरण					१	१
महिलाअधिकार	६		६	७९		७९
भेला/सङ्गठित हुने अधिकार	३	१६	१८			
जातीय विभेद				१०	३१	३१
कुटपिट	८	३४	३३	९	१८	३७
धम्की		१	१	१	१३	१४
हत्या				३१	१८	३९
जम्मा	१६	४१	५७	१७३	११६	३८८

परिशिष्ट ३ नेपाल- पीडित हुनेहरूको सङ्ख्या : घटनाको प्रकार र महिना

घटनाको प्रकार	Jan	Feb	Mar	Apr	May	Jun	Jul	Aug	Sep	Oct	Nov	Dec	Total
अपहरण	८	१४	८	९	३	११	३	१	३	७	६		७१
गिरफ्तारी/यातना	५	९	६	९	३	३	४	४	१	१३	६	४	६६
कुटपिट	४३	७४	५६	३६	१०९	३७	३७	३३	३४	५०	५५	३१	५८५
बालअधिकार	३०	३८	५३	४१	४३	४४	४४	४७	३८	३३	४९	३४	४९३
हिरात वा थुनामा मृत्यु					१								१
जेलमा मृत्यु			३					१	१				४
बेपत्ता					१								१
आर्थिक/सामाजिक/ सांस्कृतिक अधिकार	४	३	४		७	४	३	३	१			१	३८
अमानवीय व्यवहार	३	१		१	३	३	७	८	३	६			३४
घाइते	१४	१८	१०	४१	६०	७	१९	१६	७	९	३	६	३०९
हत्या	३३	३३	५३	४३	४०	४०	३३	३८	३०	३५	३७	३९	४३३
भूमिहीन/सुकुम्बासी समस्या					८								८
जातीय विभेद	१०	९	६	९	९	६	३४	६	९	१३	३	८	१११
भेला/सङ्गठित हुने अधिकार	७५	५३	३०	८६	९५		५६	३९		१५	७	६	४४३
धम्की	३३	३७	९	६	१९	१०	८	५	६	७	३	४	१३६
महिलाअधिकार	७६	७३	९०	७६	९१	८०	१००	८७	७८	५३	५१	५६	९१०
जम्मा	३३३	३६०	३१६	३५७	४९१	३४५	३३७	३७७	३००	३३८	३०८	१७९	३५३१

परिशिष्ट ४ जातजातिका आधारमा पीडित सङ्ख्या

जात	राज्यपक्षबाट				गैरराज्यपक्षबाट			
	महिला	पुरुष	नखुलेको	जम्मा	महिला	पुरुष	नखुलेको	जम्मा
आदिवासी	४	८		१२	३८	१२		५०
वैश्य		१		१	६	११		१७
बँनिया					४	१		५
ब्राह्मण	७	१२८		१३५	२०१	२००		४०१
क्षेत्री	१६	९९		११५	४१६	२१५		६३१
दलित	१९	३०		४९	३५६	१४२		४९८
गोडिया	१	२		३				
जनजाती	१८	१४१		१५९	४३५	२३६		६७१
कायस्थ		२		२	३	३		६
कोइरी	१	४		५	१४	५		१९
मण्डल	१	८		९	१५	१९		३४
मुस्लिम	५	९		१४	३९	२०		५९
नेवार	६	९		१५	३८	१४		५२
सन्यासी	१			१	३	२		५
तेली		६		६	२०	२५		४५
थादव		३५		३५	३५	४४		७९
नखुलेको	१	३१	१५३	१८५	१५३	४८	२	२०३
जम्मा	**८०**	**५१३**	**१५३**	**७४६**	**१७७६**	**९९७**	**२**	**२७७५**

परिशिष्ट ५ धर्मको आधारमा पीडित सङ्ख्या

धर्म	राज्यपक्षबाट				गैरराज्यपक्षबाट			
	महिला	पुरुष	नखुलेको	जम्मा	महिला	पुरुष	नखुलेको	जम्मा
बाहाइ		१		१	१	१		२
बोन					१			१
बौद्ध	९	३९		४८	६९	४९		११८
क्रिश्चियन					१			१
हिन्दु	६५	३९५		४६०	१३९४	८००		२१९४
किराँत		८		८	५०	२४		७४
मुस्लिम	५	९		१४	३३	१८		५१
अन्य		१		१	१४	७		२१
शिख						१		१
नखुलेको	१	६०	१५३	२१४	२१३	९७	२	३१२
जम्मा	**८०**	**५१३**	**१५३**	**७४६**	**१७७६**	**९९७**	**२**	**२७७५**

मानवअधिकार उल्लङ्घनका ज्यादतीहरू

परिशिष्ट ६.१ एमाओवादीपक्ष (भातृ सङ्गठन समेत)बाट

घटनाको प्रकार	महिला	पुरुष	नखुलेको	जम्मा
अपहरण	१	३		४
कुटपिट	६	६६		७२
बालअधिकार	१			१
आर्थिक/सामाजिक/सांस्कृतिक अधिकार		५	१	६
घाइते		८		८
हत्या		२		२
धम्की	५	४४		४९
जम्मा	**१३**	**१२८**	**१**	**१४२**

परिशिष्ट ६.२ पूर्वी पहाडमा सङ्घर्षरत समूहबाट

घटनाको प्रकार	पुरुष	जम्मा
कुटपिट	५	५
भेला र सङ्गगठित	१	१
धम्की	५	५
जम्मा	**११**	**११**

परिशिष्ट ६.३ नेपाली काङ्ग्रेसपक्ष (भातृ सङ्गठन समेत)बाट

घटनाको प्रकार	महिला	पुरुष	जम्मा
कुटपिट	२	२४	२६
घाइते		२	२
हत्या		१	१
जातीय विभेद		१	१
धम्की		६	६
महिलाअधिकार	१		१
जम्मा	**३**	**३४**	**३६**

परिशिष्ट ६.४ अज्ञात समूहबाट

घटनाको प्रकार	महिला	पुरुष	जम्मा
अपहरण		१९	१९
कुटपिट	२	५	७
बालअधिकार	४	२	६
घाइते	१४	५०	६४
हत्या	१७	४०	५७
धम्की		८	८
महिलाअधिकार	१		१
जम्मा	**३८**	**१२४**	**१६२**

परिशिष्ट ६.५ एमालेपक्ष (भातृ सङ्गठन समेत)बाट

घटनाको प्रकार	पुरुष	जम्मा
कुटपिट	२०	२०
अमानवीय व्यवहार	२	२
घाइते	१	१
धम्की	४	४
जम्मा	**२७**	**२७**

परिशिष्ट ६.६ अन्यपक्षबाट

घटनाको प्रकार	महिला	पुरुष	नखुलेको	जम्मा
अपहरण	१६	२७		४३
कुटपिट	७८	२०४		२८२
बालअधिकार	४७३	१२		४८५
आर्थिक/सामाजिक/सांस्कतिक अधिकार	८	९	१	१८
अमानवीय व्यवहार	५	२७		३२
घाइते	१६	७३		८९
हत्या	१७२	१७२		३४४
जातीय विभेद	४९	६१		११०
भेला /सङ्गठित हुने अधिकार		३		३
धम्की	५	४२		४७
महिलाअधिकार	८९८			८९८
जम्मा	**१७२०**	**६३०**	**१**	**२३५१**

परिशिष्ट ६.७ तराईमा सङ्घर्षरत समूहबाट

घटनाको प्रकार	महिला	पुरुष	जम्मा
अपहरण		५	५
घाइते		२९	२९
हत्या	२	४	६
धम्की		५	५
जम्मा	**२**	**४३**	**४५**

परिशिष्ट ७

स्थायी बसोबासका आधारमा पीडित सङ्ख्या

जिल्ला	राज्यपक्षबाट	गैरराज्यपक्षबाट
झापा	३३	३६
इलाम	३	३८
पाँचथर	६	६३
ताप्लेजुङ	५	१५
मोरङ	६	६७
सुनसरी	१९	४७
धनकुटा	३	३३
तेह्रथुम	११	३५
भोजपुर	६	३५
सङ्खुवासभा		३४
सप्तरी	३१	७३
सिराहा	१८	५६
उदयपुर	८	३७
खोटाङ	१	३३
ओखलढुङ्गा		३३
सोलुखुम्बु		१८
धनुषा	९	७५
महोत्तरी	५	४३
सर्लाही	३	४८
सिन्धुली	५	६३
रामेछाप	३०	३४
दोलखा		३५
रौतहट	९	६०
बारा		४३
पर्सा	६	१८
चितवन	४	६६
मकवानपुर		३८
ललितपुर	१०	११
काभ्रे	३	४९
भक्तपुर		१३
काठमाडौँ	१६	९४
धादिङ	७	८१
सिन्धुपाल्चोक	३	५०
नुवाकोट	१	३४
रसुवा		१७

जिल्ला	राज्यपक्षबाट	गैरराज्यपक्षबाट
तनहुँ	१७	३३
गोरखा	१	३८
लमजुङ	१	१०
स्याङ्जा	४	१६
कास्की	३५	४३
नवलपरासी	९५	५३
रुपन्देही	४	३४
पाल्पा	३	३३
कपिलवस्तु	१३	३९
अर्घाखाँची	३	३६
गुल्मी	१	३४
बाग्लुङ	१६	८
पर्वत	६	१०
म्याग्दी		५
मुस्ताङ		१
दाङ	१	३३
प्युठान		१७
रोल्पा	३	३३
सल्यान	३	३६
रुकुम		१७
बाँके	१८	३०
बर्दिया	१	११३
सुर्खेत	१५	१८३
जाजरकोट	१३	३८
दैलेख	१	३५
डोल्पा		१६
जुम्ला		३८
कालिकोट	३	३६
मुगु	८	१०
हुम्ला	३	३५
कैलाली	१३	१०१
अछाम	३	३७
डोटी	३	३६
बाजुरा	५	११
बझाङ	१	११
कञ्चनपुर	३४	३७
डडेलधुरा	११	१८
बैतडी		३५
दार्चुला	१	३४
नखुलेको	१९६	७६
जम्मा	**७४६**	**३७७५**

परिशिष्ट ८ सन् २०१२ डिसेम्बर महिनामा जेलमा रहेका बन्दीहरूको सङ्ख्या

क्र. सं.	जिल्ला	श्रेणी	जेलको क्षमता सङ्ख्या	सन् २०१२ को अन्त्यमा जेलमा रहेकाहरूको सङ्ख्या					जेलमा अभ्रितसङ्ख्या		जेलमा मृत्यु भएको सङ्ख्या
				थुनुवा	कैदी	पुरुष	महिला	जम्मा	बालक	बालिका	
१.१	झापा	'ग'	३३५	२७५	३३०	५६०	४५	६०५	४	५	
१.२	इलाम	'ङ'	बन्दी छैनन्								
१.३	पाँचथर	'ङ'	३५	४४	१०२	१३४	१२	१४६		१	
१.४	ताप्लेजुङ	'ङ'	३५	३५	६०	९५		९५			
१.५	मोरङ	'ख'	३००	४०७	३३४	५८५	५६	६४१	३	४	६
१.६	सुनसरी	'ख'	५००	२१६	३४०	५५६		५५६			१
१.७	धनकुटा	'ङ'	३५	९	४४	५०	३	५३	१		
१.८	तेह्रथुम	'घ'	३५	९	३६	४१	४	४५			
१.९	भोजपुर	'ङ'	३५	३५	७३	९०	७	९७			
१.१०	सङ्खुवासभा	'घ'	३५	३१	६३	७४	१०	८४			१
१.११	सप्तरी	'घ'	१३५	१०५	९४	१९६	३	१९९			
१.१२	सिराहा	'घ'	१५०	११८	४०	१४९	९	१५८	१	१	१
१.१३	उदयपुर	'ङ'	५०	१४८	६७	२०९	६	२१५			
१.१४	खोटाङ	'ङ'	३०	१८		१८		१८			
१.१५	ओखलढुङ्गा	श्रेणी विहीन	३५	९	३२	३७	४	४१	१	१	
१.१६	सोलुखुम्बु	'घ'	३५	९	४०	४६	३	४९			
२.१	धनुषा	जेल छैन									
२.२	महोत्तरी	'ग'	१३५	२४९	१३२	३४४	३७	३८१	५	३	
२.३	सर्लाही	'ग'	१००	१०५	६२	१६७		१६७			
२.४	सिन्धुली	'ङ'	३५	३०	६३	८३	१०	९३			
२.५	रामेछाप	'ङ'	५०	३७	२१७	२४०	१४	२५४			
२.६	दोलखा	'ङ'	३५	१२	२९	४१		४१			
२.७	रौतहट	'घ'	९५	७८	४८	११९	७	१२६			
२.८	बारा	जेल छैन									
२.९	पर्सा	'ख'	७००	६१४	८७०	१४०९	७५	१४८४	११	१२	
२.१०	चितवन	'घ'	१३०	२१४	२१४	३८१	४७	४२८			
२.११	मकवानपुर	'ख'	१२००	२९९	२०५	५०४		५०४			
२.१२	ललितपुर	'ग'	१७५	१३८	१०५	२४३		२४३			
२.१३	काभ्रे	'ङ'	६१	८६	८०	१६६		१६६			२
२.१४	भक्तपुर	बालसुधार गृह		५०	४६	९२	४	९६			
२.१५	काठमाडौं	'क'	१२००	१५१५	१४००	३६३५	२९०	३९१५	११		
२.१६	धादिङ	'ङ'	३०	४७	७०	९५	३२	११७			
२.१७	सिन्धुपाल्चोक	'ङ'	७	६१	३७	९८		९८			
२.१८	नुवाकोट	'ङ'	८५	५१	१०३	१३९	२५	१५४	१	१	
२.१९	रसुवा	'ङ'	३५	७	३५	४२		४२			

क्र. सं.	जिल्ला	श्रेणी	जेलको क्षमता सङ्ख्या	सन् २०१२ को अन्त्यमा जेलमा रहेकाहरूको सङ्ख्या					जेलमा अभ्रित सङ्ख्या		जेलमा मृत्यु भएको सङ्ख्या
				थुनुवा	कैदी	पुरुष	महिला	जम्मा	बालक	बालिका	
३.१	तनहुँ	'ङ'	३५	७१	४१	११३		११३			
३.२	गोरखा	'घ'	५५	३८	८०	१०९	९	११८			
३.३	लमजुङ	'घ'	३५	३४	३०	५७	७	६४	१	१	
३.४	स्याङजा	'ङ'	३५	३८	४६	७१	१३	८४			
३.५	कास्की	श्रेणीविहीन	६०	१६९	१८९	३१३	४५	३५८	१	१	
३.६	मनाङ	श्रेणीविहीन			११	११		११			
३.७	नवलपरासी	'ङ'	३५	४४	४३	८१	६	८७			
३.८	रुपन्देही	'ग'	१००	१८९	१८७	३७६		३७६			
३.९	पाल्पा	'ग'	१७५	५४	३७१	३६१	६४	३२५	४	१	१
३.१०	कपिलवस्तु	'घ'	८०	८६	१०५	१९१		१९१	१		३
३.११	अर्घाखाँची	'ङ'	बन्दी छैनन्								
३.१२	गुल्मी	'ङ'	३५	१३	४९	५६	६	६२			
३.१३	बाग्लुङ	'ङ'	३५	४१	३३	६७	७	७४			
३.१४	पर्वत	'ङ'	३५	१२	४८	५९	१	६०			
३.१५	म्यार्दी	'ङ'	३५	९	४६	५३	२	५५			
३.१६	मुस्ताङ	'ङ'	१०		६	६		६			
४.१	दाङ	'घ' र 'ङ'	१५०	५२	२११	२४९	१४	२६३	१	२	
४.२	प्युठान	'ङ'	३५	६	३०	३१	५	३६			
४.३	रोल्पा	'घ'	५०	२६	४२	६४	४	६८			
४.४	सल्यान	'घ'	३०	२६	५२	६३	१५	७८		२	
४.५	रुकुम	'घ'	३५	२३	३८	६१		६१			
४.६	बाँके	श्रेणी विहीन	३००	२३३	१५१	३४८	३६	३८४			१
४.७	बर्दिया	'ग'	१००	५७	१३२	१८१	८	१८९	१	३	
४.८	सुर्खेत	'ङ'	३५	५६	८१	१२४	१३	१३७	१		
४.९	जाजरकोट	'ङ'	३५	१०	३०	३८	२	४०			
४.१०	दैलेख	'ङ'	१६	१०	३९	४५	४	४९	१	१	
४.११	डोल्पा	'ङ'	३०	१६	९	२२	३	२५			
४.१२	जुम्ला	'ङ'	३०	८	९	१५	२	१७		१	
४.१३	कालिकोट	'ङ'	३५	४	४१	४२	३	४५			
४.१४	मुगु	'ङ'	बन्दी छैनन्								
४.१५	हुम्ला	'ङ'	३५	१३	२	१५		१५			
५.१	कैलाली	'घ'	१००	१५१	१०९	२३६	२४	२६०	१	३	
५.२	अछाम	'घ'	३५	७	३५	३८	४	४२			
५.३	डोटी	'घ'	४५	७	२९	३६		३६			
५.४	बाजुरा	'ङ'	३५	७	३६	४२	१	४३			
५.५	बझाङ	'ङ'	३५	२४	९	३२	१	३३			
५.६	कन्चनपुर	'घ'	९५	५९	१३१	१६७	१३	१८०	२		
५.७	डडेल्धुरा	'घ'	३५	१३	३१	४१	३	४४	१		
५.८	बैतडी	'घ'	३५	१३	३५	४८		४८			
५.९	दार्चुला	'घ'	४०	६	३६	३७	५	४२			
	जम्मा		७४६४	६६६६	७७६३	१३४१६	१०१३	१४४२९	५२	४३	१५

सन् २०१२ को मानवअधिकार स्थितिबारे राजनीतिक दलका धारणा

नेपाली काङ्ग्रेस
नेपाल कम्युनिस्ट पार्टी (एमाले)
मधेसी जनअधिकार फोरम लोकतान्त्रिक
मधेसी जनअधिकार फोरम नेपाल
नेपाल मजदुर किसान पार्टी
राष्ट्रिय जनमोर्चा
राष्ट्रिय प्रजातन्त्र पार्टी
नेकपा (माओवादी)

अनुसूची

३

नेपाली काङ्ग्रेस

मुलुकमा वर्षभरि भएका मानवअधिकार उल्लङ्घन सम्बन्धी विभिन्न प्रकृतिका घटनाहरूलाई समेटेर सङ्ग्रहका रूपमा विगत एक्काइस वर्षदेखि अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) द्वारा प्रकाशन गरिँदै आएको "नेपाल मानवअधिकार वर्षपुस्तक", मानव अधिकार संरक्षण र सम्वर्द्धनका लागि अत्यन्त उपयोगी र मार्गदर्शक पाठ्यसामग्रीका रूपमा रहेको छ। मानव अधिकार उल्लङ्घनकर्ता पक्षका लागि यो प्रकाशनले भविष्यमा मानवअधिकार उल्लङ्घनका घटनाहरूको पुनरावृत्ति गर्नबाट रोक्नका लागि प्रभावकारी प्रेरणा प्रदान गर्ने उद्देश्य समेत राखेको पाइन्छ। मानवअधिकारको संरक्षण र सम्वर्द्धनमा अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) को यो निरन्तर प्रयास र प्रयत्नको नेपाली काङ्ग्रेस हार्दिक सराहना गर्दछ।

नेपाल मानवअधिकार वर्षपुस्तकका विगतका अङ्कहरूमा प्रकाशित हुँदै आएका मानवअधिकार उल्लङ्घनका घटनाहरूका जे जस्ता प्रकृति र उल्लङ्घनकर्ता पक्ष हुने गर्दथे, सन २०१२ मा मानव अधिकार उल्लङ्घनका घटनाहरूको प्रकृति र उल्लङ्घनकर्ता पक्ष नितान्त फरक किसिमका रहे। नेपाल पक्ष रहेका मानवअधिकार सम्बन्धी विश्वव्यापी घोषणापत्रका प्रावधानहरू तथा मानवअधिकार सम्बन्धी विभिन्न अन्तर्राष्ट्रिय सन्धि, अभिसन्धि, सम्झौता, घोषणापत्र तथा वडापत्रका प्रावधानहरूको ठाडो उल्लङ्घन हुने गरी मुलुककै राष्ट्रिय गरिमा र प्रतिष्ठामा गम्भीर आँच पुऱ्याउने किसिमका मानवअधिकार उल्लङ्घनका घटनाहरूमा सन् २०१२ मा सरकार स्वयम् नै प्रत्यक्ष संलग्न रह्यो।

मुलुकको जननिर्वाचित निकाय संविधानसभा/व्यवस्थापिका संसद्को नियोजित रूपमा अन्त्य गरेर कार्यपालिकाको प्रमुखको पद हत्याउन सफल भएपछि एनेकपा (माओवादी) पार्टी र सत्तासमेत राज्यको स्वतन्त्र र निष्पक्ष न्यायपालिका र राज्यको चौथो अङ्ग सञ्चारक्षेत्रलाई समेत निकम्मा र धराशायी बनाउने एकोहोरो प्रयत्नमा निरन्तर सक्रिय रह्यो।

एनेकपा (माओवादी) डा. बाबुराम भट्टराई नेतृत्वको सरकारको शासनकाल शुरु हुनासाथ हत्या, हिंसा, आतङ्क, महङ्गी, कालाबजारी, चोरी, डकैती, अवैध वन्यपैदावर तथा अन्य निषेधित सामग्रीको आयात-निर्यात गरेर नेपाललाई ट्रान्जिट बनाउने, बालिका तथा किशोरीहरूको बलात्कार, बलात्कारपछि हत्या, विभिन्न प्रकृतिका असङ्ख्य महिला हिंसाका घटना, कथित अछुत/बोक्सीको आरोपमा यातना इत्यादि मानवअधिकार उल्लङ्घनसँग सम्बन्धित सयौँ घटनाहरू भए। हत्या जस्तो गम्भीर प्रकृतिको अपराधमा न्यायालयबाट दोषी ठहर भइसकेका अपराधी समेतको संरक्षण गर्दै यो सरकारले अपराधी र मानवअधिकार उल्लङ्घनका गम्भीर दोषीहरूलाई संरक्षण र प्रोत्साहन प्रदान गरी न्यायको याचना गर्नेहरूलाई ललकार्दै रह्यो। एनेकपा (माओवादी) का गतिविधि र क्रियाकलापहरूप्रति असहमति जनाउने जो कोही पनि उसको निशानामा परे। मुलुकको संविधान, कानुन तथा लोकतन्त्र, मानवअधिकार र नागरिक सचेतनाका पक्षमा काम गर्ने सञ्चार क्षेत्र तथा सञ्चारकर्मी, कानुनव्यवसायी, मानवअधिकारकर्मी तथा न्यायविद्समेत मुलुकमा सुरक्षित रहन सकेनन्।

देशभरका कानुनव्यवसायीहरूको एकमात्र साझा संस्था नेपाल बार एशोसिएसनले २०६८ फागुन १२ गते शान्ति र लोकतान्त्रिक संविधान निर्माणका पक्षमा दबाब सृजना गर्न शान्तिपूर्ण जुलुश प्रदर्शन गर्दा सरकारले प्रदर्शनमा हस्तक्षेप गरी कानुनव्यवसायीहरूमाथि अन्धाधुन्ध बल प्रयोग गऱ्यो र २ सय भन्दा बढी कानुनव्यवसायीलाई गिरफ्तार समेत गऱ्यो।

मुलुकको स्वतन्त्र र निष्पक्ष न्यायालयलाई कमजोर बनाउने र न्यायाधीशहरूलाई स्वतन्त्ररूपले न्याय निरूपणमा समेत हस्तक्षेप गर्ने उद्देश्यका साथ सर्वोच्च अदालतका बहालवाला न्यायाधीश रणबहादुर बमको २०६९ जेठ १८ गते राजधानीको मुटु, शङ्खमूल नजिकै दिनदहाडै नृश्रंस हत्या गरियो। यसैगरी, एभिन्यूज टेलिभिजनका सञ्चारकर्मी यादव पौडेलको २०६८ चैत्र २१ गते राति एक होटलको छतबाट धकेलेर हत्या गरियो।

एनेकपा (माओवादी) नेतृत्वको सरकारको आगमनसँगै मुलुकभर नै मूलत: नेपाली काङ्ग्रेसका नेता तथा कार्यकर्ताहरू एनेकपा (माओवादी) र सत्ता साझेदार मधेशी जनअधिकार फोरमका कार्यकर्ताहरूबाट आक्रमणको निशाना बन्नु पऱ्यो। पाल्पाको सत्यवती गाउँ कार्यसमितिको कार्यक्रमलाई बिथोल्ने उद्देश्यका साथ पार्टीका केन्द्रीय सदस्य राजनप्रसाद पन्तलगायत पार्टीका नेताहरूमाथि वाईसीएलका कार्यकर्ताहरूबाट आक्रमण र अवरोध

पुऱ्याउने कार्य भयो। उक्त घटनामा नेपाली काङ्ग्रेस पाल्पा जिल्ला कार्यसमितिका सदस्य एवम् क्षेत्र नं. ३ का पूर्व क्षेत्रीय सभापति विष्णु पोखरेल गम्भीर घाइते भए। नेपाली काङ्ग्रेसका महाधिवेशन प्रतिनिधि एवम् संविधानसभाका तत्कालीन सदस्य लक्ष्मी परियार र उहाँका भाइ सन्दीप टेलरसमेत माथि २०६८ चैत्र २६ गते उदयपुर सदरमुकामनजिकै साङ्घातिक आक्रमण गरियो। धनुषाको सिर्सिया नेपाली काङ्ग्रेस गाउँ कार्यसमितिका सभापति राजेन्द्र यादवमाथि २०६९ जेठ १७ गते साङ्घातिक आक्रमण गरी गम्भीर घाइते बनाइयो। नेकपा (माओवादी) का कार्यकर्ताद्वारा २०५९ भाद्र १६ गते गोली हानी अशक्त बनाइएका नेपाली काङ्ग्रेस भक्तपुरका तत्कालीन सभापति राधेश्याम जोन्छेको २०६९ जेष्ठ २४ गतेका दिन दु:खद निधन भयो। २०६९ असार २८ गते राति सप्तरीको सारस्वर गाउँ कार्यसमितिका सभापति इन्दुनारायण यादवलाई मधेशी जनअधिकार फोरम लोकतान्त्रिकका कार्यकर्ताहरूले गोली हानी हत्या गरे। नेपाल तरुण दल चितवनका तत्कालीन अध्यक्ष शिव प्रसाद पौडेलमाथि कारागारमा रेहका बेला गरिएको षडयन्त्रपूर्ण र नियोजित आक्रमणका कारण २०६८ पुष २ उनको गते दु:खद निधन भयो। बाबुराम भट्टराई नेतृत्वको सरकारले गराएको यो जघन्य हत्याकाण्डको जति निन्दा गरे पनि पुग्दैन। निरङ्कुश राणाशाही र पञ्चायती सत्ताको बर्बर दमनलाई समेत बिर्साउने यो घटनाले मुलुकमा कुनै पनि नागरिक कहिँ कतै पनि सुरक्षित नरहेको र एनेकपा (माओवादी) सँग असहमति जनाउने अन्य राजनीतिक दल सम्बद्ध प्रभावशाली युवाहरूको षडयन्त्रपूर्ण हत्यामा माओवादी निरन्तर सक्रिय रहिरहेको पुष्टि गऱ्यो। यसैगरी एनेकपा (माओवादी) का कार्यकर्ताहरूबाट रुकुमका नेपाली काङ्ग्रेस गाउँ एकाइ सभापति लक्षिराम खत्रीको पनि निर्ममतापूर्वक हत्या गरियो।

भट्टराई सरकारले व्यक्ति हत्याका अलावा विगतको सशस्त्र र हिंसात्मक द्वन्द्वका समयमा एमाओवादीले गठन गरेका कथित जनसत्ताबाट पारित गरेका सम्पत्ति कब्जा, बेचबिखन लगायतका लिखितहरूलाई मान्यता दिई सरकारी निकायबाट रजिष्ट्रेशन पारित गर्ने र त्यस्तो लिखतको रजिष्ट्रेशन दस्तुर मिनाह गर्ने जस्ता अत्यन्त गैरकानुनी र गरैजिम्मेवार निर्णयसमेत मन्त्रिपरिषद्ले गऱ्यो।

यसका साथै, जनतालाई सुशासन, राहत र मुलुकलाई सहज राजनीतिक निकास प्रदान गर्ने प्रतिबद्धताका साथ सत्तारोहण गरेको सरकारले मुलुकमा भ्रष्टाचार र कमिशनका ठूला ठूला घटनाहरू गरायो। आफ्ना नातेदारहरूलाई उच्च ओहदामा नियुक्ति गर्ने, निजामति, प्रहरी र जङ्गी सेवामा ठाडो हस्तक्षेप र आतङ्क मच्चाउने काम गरिरहयो। संविधानसभाको विघटन गरी मुलुकमा एकछत्र शासन गर्ने अभीष्टका साथ एमाओवादी दलको नीति र मान्यताका अनुकूल नरहेका सम्पूर्ण राज्य संरचनाहरूलाई ध्वस्त बनाउँदै मुलुकमा गम्भीर सङ्कट उत्पन्न गर्ने कार्य मात्र गरिरहयो। राजनीतिमा सहमति र समझदारी बन्न नदिने, संवैधानिक निकायहरूलाई रिक्त र निकम्मा बनाई मुलुकलाई सङ्कटैसङ्कटका बीचमा संवैधानिक निकायहरूको सम्पूर्ण अधिकार दुरूपयोग गर्दै एकक्षत्र रूपमा अत्यन्त गैर जिम्मेवारीपूर्ण तरिकाले मुलुकको बागडोर समाइरहने कार्य गरी नै रहयो।

सन २०१२ को अन्त्यतिर, यो सरकार अपराधिकरण र दण्डहीनताको संरक्षकको रूपमा रहयो। मुलुकमा न्याय र कानुनी शासनको अन्त्य गर्ने कार्यमा सरकार नै अत्यन्त निकृष्ट रूपमा प्रत्यक्ष संलग्न देखियो। एक्काइसौँ शताब्दीका सचेत नेपाली नागरिकहरूलाई बर्बर दास युगको पाशविक घटनाको बिर्साउने गरी सरकारबाट नै मानवअधिकार उल्लङ्घनका जघन्य घटना घटाई त्यसलाई ढाकछोपसमेत गर्ने असफल दस्प्रयास गरियो। मुलुकमा मानवअधिकारको अत्यन्त बिग्रँदो अवस्थाका काराण अन्तर्राष्ट्रिय समुदायहरूको समेत गम्भीर ध्यानाकर्षण भयो। मानवअधिकार उल्लङ्घनका घटनाहरूमा सरकार नै संलग्न भएपछि सन् २०१२ को अन्त्य र सन् २०१३ को आगमन मानवअधिकारको दृष्टिकोणमा मुलुकका लागि इतिहासमै सर्वाधिक दु:खद र दयनीय समयका रूपमा रहन पुग्यो।

समग्रमा, सन २०१२ नेपालको मानवअधिकारको स्थितिको दृष्टिकोणले सर्वाधिक दु:खद वर्षका रूपमा रहयो। बाबुराम भट्टराई नेतृत्वको वर्तमान सरकार मुलुकमा जति धेरै दिन रहन्छ, मुलुकमा दण्डहीनता तथा मानवअधिकार उल्लङ्घनका गम्भीर घटनाहरू भइरहने अनि त्यस्ता कार्यमा संलग्नहरू प्रोत्साहन र प्रश्रय पाइरहने निश्चित छ।

वसन्तकुमार गौतम
मुख्य सचिव

नेकपा (एमाले)

सन् २०१२ थुप्रै मानवअधिकार विरोधी घटनाहरू बोकेर विदा भएको छ। खासगरी महिला हिंसाका घटनाहरू देशभर सार्वजनिक भए। सन् २०१२ मा देशका विभिन्न भागमा बलात्कार, अपहरण, ज्यूँदै जलाउने जस्ता नेपाली महिलामाथि भएका जघन्य अपराधहरूले मानवअधिकारको धज्जी उडाएको मात्र छैन, हाम्रो देशलाई अन्तर्राष्ट्रिय समुदायमासमेत लज्जित बनाएको छ। द्वन्द्वकालको पीडाको रूपमा अनेकन् समस्याहरू पनि २०१२ मा पनि जारी रहे।

देशका मुख्य राजनीतिक शक्तिहरूले राष्ट्रिय सहमतिको माध्यमबाट शान्ति र संविधानलाई टुङ्ग्याउने प्रयास गरे पनि संविधानसभाको अवसान भएका कारण संविधान निर्माण प्रक्रिया अन्यौलग्रस्त बनेको मात्र छैन नेपालको सङ्क्रमणकाल नै सङ्कटग्रस्त गोरेटोमा उभिन पुगेको छ। अझै पनि देशका कतिपय जिल्लाहरूमा फरक मत राख्ने व्यक्ति वा पार्टीका गतिविधिहरूलाई नियन्त्रण गर्न खोज्ने परिपाटीको अन्त्य भएको छैन। राज्यद्वारा सिर्जित विभिन्न मानवअधिकार विरोधी घटनाहरूसमेत सन् २०१२ ले देख्नुपऱ्यो। द्वन्द्वकालमा भएका जघन्य अपराधहरूको निष्पक्ष रूपमा छानविन गरी अपराधीलाई हदैसम्मको कारबाही गर्नुपर्छ भन्ने मान्यतामा नेकपा (एमाले) अडिग छ र देशमा मानवअधिकारको वर्तमान स्थितिलाई सुधार्नका लागि सम्बन्धित सबै सङ्घ-संस्थाहरूसँग मिलेर अगाडि बढ्न तयार रहेको छ।

सामाजिक न्याय र मानवअधिकारको क्षेत्रमा अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) ले गर्दै आएको कार्य प्रशंसनीय छ। आगामी दिनमा यस संस्थाले अझ सशक्त रूपमा आफ्ना गतिविधि अगाडि बढाउने छ भन्ने हाम्रो पार्टीले अपेक्षा गरेको छ।

परशुराम मेघी गुरुङ, सचिव
केन्द्रीय कार्यालय

मधेसी जनअधिकार फोरम, नेपाल (लोकतान्त्रिक)

मानवअधिकारको विषय नेपालको सङ्क्रमणकालीन वर्तमान राजनीतिमा अत्यन्त महत्वपूर्ण र गम्भीर विषय हो। नेपाली समाज लामो समयदेखि सङ्क्रमणकालबाट गुज्रिरहेको हुनाले राज्य यन्त्रहरू कमजोर भएको, राजनीतिक रूपमा उग्रवाद र अराजकताले ठाउँ लिन खोजेको, राजनीतिमा हिंसा, हत्या, अपहरण, रकम असुली, बलात्कार आदि सामाजिक अपराधहरू बढ्दै गएको, देशमा राजनीतिक सहमति र सहकार्यको संस्कृति कमजोर बन्दै गएको कारणले संविधानसभाको अवसान भई नयाँ संविधान बन्न नसकेकोले देशमा अलि अलि अस्थिरता, अलिअलि अराजकता र अनिश्चितताको माहौल विद्यमान रहेको स्थिति छ।

सन् २०१२ पनि उपरोक्त परिस्थिति भन्दा भिन्न रहेन सकेन। मुलुकको कमजोर सङ्क्रमणकालीन राज्ययन्त्रको फाइदा उठाई अनेक रूप र रङ्गका सामाजिक अपराधीहरूले समाजमा जघन्य अपराधहरूको श्रृङ्खला बढाई मानवअधिकारको स्थितिलाई कमजोर बनाएको तथ्यबाट प्रमाणित हुन्छ। विशेष गरी मधेस-तराईमा राजनीतिक हिंसा र हत्या तथा लुट र अपहरणहरूको घटना बढ्नुको साथै देशैभर महिला हत्या, हिंसा र बलात्कारका घटनाहरूमा बढोत्तरी भएको देखिन्छ। राज्यको गोलीबाट केही व्यक्तिको हत्या भएको देखिन्छ भने सशस्त्र समूह र आपराधिक गुटहरू समेतबाट निर्दोष व्यक्तिहरूको हत्या भएको देखिन्छ। समग्रमा सन् २०१२ को मानवअधिकारको स्थिति समेत सूचकाङ्कहरूको आधारमा भन्नु पर्दा निराशजनक देखिन्छ। मानवअधिकारका आर्थिक र अन्य सामाजिक सूचाङ्कहरू पनि उत्साहजनक देखिन्न। यो देशको लागि शुभसङ्केत होइन।

सन् २०१३ को मानवअधिकार वर्षपुस्तक प्रकाशन गर्न लाग्नु भएकोमा सफलताको कामना।

जीतेन्द्रनारायण देव
महासचिव, मधेसी जनअधिकार फोरम, नेपाल
(लोकतान्त्रिक)

मधेसी जनअधिकार फोरम, नेपाल

देश सङ्क्रमणकालको अत्यन्त जटिल परिस्थितिबाट गुज्रिरहेकोले मानवअधिकारदेखि लोकतान्त्रिक अन्य हक अधिकारहरूको अवस्था दयनीय रहँदै आएको छ। सबैभन्दा महत्वपूर्ण जीवनको

अधिकार, वैयक्तिक स्वतन्त्रता र सम्मानपूर्वक बाँच्न पाउन अधिकारबाट अधिकांश जनता वञ्चित रहँदै आएका छन्। आपराधिक समूहबाट अपहरणका घटनाहरू सामान्य भइसकेका छन्। जनआन्दोलन, मधेस आन्दोलनलगायत विभिन्न आन्दोलनहरूमा हताहत/पीडित व्यक्त एवम् परिवारहरूलाई राहत प्रदान हुन सकेको छैन। संविधानसभाको विघटनले गर्दा देशको समस्त स्थिति नै अन्योलग्रस्त छ। राजनीतिक अस्थिरता, अपराधमा राजनीतिकरण र राजनीतिमा अपराधिकरण, हतियारको बिगबिगी, फौजदारी मुद्दा फिर्तासम्बन्धी निर्णय, दण्डहीनताको अवस्थाले गर्दा खासगरी मधेसमा शितलहरबाट बच्न न्यूनतम बचावको साधनको अभावमा कतिपय मानिसहरूको कालकलवित भए। आर्थिक विपन्नता, राजनीतिक अस्थिरताले गर्दा मानवीय मूल्य क्षतविक्षत भएका छन्। रोजगारीको अधिकार प्रत्याभूत नभएको कारण हजारौँ युवायुवती आप्रवासी कामदारको रूपमा बाहिरी मुलुकमा जान बाध्य भएका छन्। बालअधिकार, महिला अधिकार, दलित अधिकारको स्थिति दयनीय रहेको छ। देशको यस्तो अवस्थामा मानवअधिकार संरक्षण गर्नुका साथै विधिको शासन कायम गर्न चुनावी सरकारको गठन गरी यथाशीघ्र चुनाव गराई नयाँ जनप्रतिनिधिहरूको चयन गरी संविधान निर्माणको साथै जनताप्रति उत्तरदायी स्थायी सरकार आजको आवश्यकता हो। मधेसी जनअधिकार फोरम, नेपाल यसका लागि कृतसङ्कल्पित छ।

उपेन्द्र यादव
अध्यक्ष

नेपाल मजदुर किसान पार्टी

मितव्ययिता, पारदर्शीता र भ्रष्टाचारमा शून्य सहनशीलता' को नारा दिएर मधेसी मोर्चासँगको चारबुँदे सहमतिको आधारमा २०६८ भाद्र ११ गते एमाओवादी उपाध्यक्ष डा. बाबुराम भट्टराईको नेतृत्वमा सरकार गठन भयो। बाबुराम भट्टराईले सरकारको नेतृत्व सम्हाल्ने बित्तिकै उनको पक्षमा धेरै प्रचारप्रसार पनि भयो। विशेषगरी भारतीय लगानी भएका सञ्चारमाध्यमहरूले उनको अति प्रशंसा गरे। यही बीचमा उनले 'शान्ति र संविधान निर्माण कार्य पूरा नभए एक मिनेट पनि कुर्सीमा नबस्ने' उद्घोष गर्न भ्याए।

शान्ति र संविधान निर्माण छिट्टै होस् भन्ने चाहना भएका नेपाली जनताले भट्टराई सरकारलाई विश्वास गरे। नयाँ संविधान निर्माणबिना जनआन्दोलनका उपलब्धिहरू संस्थागत नहुने प्रस्ट थियो। पटकपटक संविधानसभाको म्याद थप गरेका कारण राजनीतिक दलहरूप्रति नै वितृष्णा पैदा भइरहेको बखत संविधानसभाका सबभन्दा ठूलो दलकै नेतालाई संसद्ले बहुमत दिएपछि त्यो सरकारलाई विश्वास गर्नुको विकल्प जनतासँग थिएन। संविधान निर्माणको अन्तिम समयसम्म आइपुग्दा 'एक मधेस एक प्रदेश, आत्मनिर्णयको अधिकार, जातीय राज्य र जातीय अग्राधिकार' जस्ता विषयहरूलाई अधिकांश दलका सभासद्हरूले अस्वीकार गरे। भारतीय स्वार्थ पूरा गर्न सुनियोजित तरिकाबाट आएका ती विषयहरू नयाँ संविधानमा नरहने निश्चित भएपछि भारतकै निर्देशनमा भट्टराई सरकारले संविधानसभाको हत्या गऱ्यो। भट्टराईले जनतालाई धोका दिए र देशलाई विश्वासघात गरे। संविधानसभाको हत्याको कलङ्क उनीमाथि लामो समयसम्म लागिरहने छ। देशमा अस्थिरता र अन्यौल सिर्जना गर्न संविधानसभा विघटन गर्ने कार्यको प्रमुख दोषी सत्तारुढ एमाओवादी र मधेसी मोर्चा छन्। विकल्पबिना संविधानसभा विघटनको अवस्था आउँदासमेत बचाउको निम्ति केही नगरी खाली कुर्सीको झगडामा मात्रै केन्द्रित हुने नेका र एमाले पनि त्यही अनुपातमा दोषी छन्।

संसद्विहीनताको अवस्थामा अध्यादेशबाट देश सञ्चालन गर्ने प्रयत्न भइरहेको छ। संसद्ले बनाउने ऐनहरू अध्यादेश जारी गर्दै अघि बढने हो भने भोलि संसद्को औचित्यमाथि प्रश्न उठ्छ। सरकारले पारस्परिक कानुनी सहायतासम्बन्धी अध्यादेश, सुपुर्दगी सन्धिसम्बन्धी अध्यादेश, विशिष्ट व्यक्तिहरूलाई सुविधा दिनेसम्बन्धी अध्यादेश सिफारिस गरेकोमा राष्ट्रपतिबाट ती अध्यादेशहरू जारी भयो। अन्य धेरै अध्यादेशहरू पनि स्वीकृतिका लागि राष्ट्रपति कहाँ पठाइएका छन्। निर्वाचनबिना अध्यादेशबाट देश सञ्चालन गर्न खोज्नु सरकारको प्रजातन्त्रविरोधी र निरङ्कुश प्रवृत्ति हो। भट्टराई सरकारको निरङ्कुश शैलीको कारण जनअधिकारको सुनिश्चितता सहितको नयाँ संविधान झन् अनिश्चित बन्यो।

माओवादीले चलाएको सशस्त्र द्वन्द्वको व्यवस्थापन गर्नुपर्थ्यो। तर भट्टराई सरकारले द्वन्द्वकालको घटनामा संलग्न भन्दै सैयौँ मुद्दाहरू फिर्ता लिने, धेरैलाई माफी दिने कार्य गऱ्यो। सिद्धान्ततः यो गलत काम हो। सत्य निरूपण तथा मेलमिलाप आयोग

र बेपत्ता आयोग गठन गरिएको भए धेरै समस्या समाधान गर्न सकिन्थ्यो। क्रुर हत्या, बलात्कार, आगजनीजस्ता घटनाहरूलाई समेत राजनीतिक घटना मानी त्यस्ता घटनामा संलग्नहरूलाई समेत आममाफी दिनुपर्ने भट्टराई सरकारको अडानकै कारण ती विधेयकहरू व्यवस्थापिका-संसद्बाट पारित हुन सकेनन्। अहिले १० वर्षको अवधिमा भएका सबै घटनाहरूमा संलग्नहरूलाई आममाफी दिने प्रावधानसहित अध्यादेश सिफारिस गऱ्यो। यसले माओवादीको आवरणमा धेरै अपराधीहरूले फाइदा लिन सक्ने र बढ्दै गएको दण्डहीनता थप मौलाउने अवसर पाउने सम्भावना बढायो।

भ्रष्टाचार त मन्त्रीहरू, सचिवहरू, विभाग प्रमुखहरूलगायतको जीवनपद्धति जस्तै बनेको छ। भूमिसुधार, मालपोत, अदालत, स्थानीय निकायजस्ता सरकारी कार्यालयहरू भ्रष्टाचारको अखडा बन्दैछन्। मन्त्री र मन्त्रीका सचिवहरू नै भ्रष्टाचारमा संलग्न हुनु, एउटै कार्यालयमा करोडौँ भ्रष्टाचार हुनु र करोडौँ करोडको पेश्की बेरुजु निस्कनु सुशासन होइन, कुशासन हो।

जनताले खानेपानी पाउन सकेका छैनन्, महङ्गी आकाशिँदो छ, लोडसेडिङका कारण जनता अन्धकारमा जिउन बाध्य छन्। सामान्य जीवन बिताउनसमेत जनता असमर्थ हुँदै गएको स्थितिमा सरकार झन् गैरजिम्मेवार भएर प्रस्तुत हुँदैछ। जनताले सरकारको उपस्थिति अनुभूति गर्न पाएनन्।

स्थानीय निकायमा जनप्रतिनिधिविहीन भएको १० वर्ष नाघ्यो। प्रजातन्त्रवादी र लोकतन्त्रवादी दावी गर्न नथाक्ने दलहरू अझै स्थानीय निकायको निर्वाचनको पक्षमा छैनन्। साम्राज्यवादीहरू गैरसरकारी संस्था र अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरूलाई स्थानीय निकायको विकल्पको रूपमा खडा गर्ने कोसिस गर्दैछन्। खानेपानी, फोहरमैला व्यवस्थापन, स्वास्थ्य शिविरलगायतका कामहरू अहिले ती संस्थाहरूमार्फत् अगाडि सार्दैछन्। राजनीतिक दल, जनप्रतिनिधिहरूप्रति नकारात्मक भावना सृजना गरेर विदेशी डलर र पाउण्डमार्फत् हाम्रो संरचना सञ्चालन गर्नेतर्फ कोसिस भइरहेकोमा राजनीतिक दलहरू मौन समर्थन गर्दैछन्। नवउपनिवेशवाको लक्षण यही हो।

नेपाली युवाहरूले आफ्नो श्रम र सीप नेपालमै प्रयोग गर्ने अवसर पाएका छैनन्। विभिन्न खाडी मुलुकहरूमा गएर उनीहरू दासदासीसरहको जीवन व्यतीत गर्न बाध्य छन्। महिलाहरू विदेशमा बलात्कृत हुनु सामान्य भइसकेको छ। दैनिक हजारौँ युवाहरू बाहिरिने क्रमसँगै ४-५ जना युवाको लास भित्रिने क्रम पनि रोकिएको छैन। विगतका सरकारहरूमा भन्दा भट्टराई नेतृत्वको विगत एक वर्षमा त्यस्ता घटनाहरूमा झन् वृद्धि हुँदैछ। वैदेशिक रोजगारबाट फर्किएकी चेली विमानस्थलमै लुटिनु र प्रशासनकै सहयोग र साँठगाँठमा बलात्कृत हुनु जघन्य अपराध हो। प्रधानमन्त्री र गृहमन्त्री यसमा जिम्मेवार अनुभव गर्दैछन्।

पौष महिनासँगै सुरु भएको चिसोले पौष महिनाको आधाआधीमै तराईका जिल्लाहरूमा धेरैले ज्यान गुमाए। आङसम्म ढाक्न नपाएर चिसोमा कठ्याङ्ग्रिएर मर्न बाध्य हुनु राज्यबाट भएको बाँच्न पाउने मानवअधिकारको हनन मात्र होइन उपनिवेशवादी सरकारको चरित्र पनि हो। सबैले खान, लाउन, बास पाउने, रोजगारीको सुनिश्चितता र व्यक्तित्व विकासमा समान अवसर नै मानवअधिकार हो। पूँजीवादी व्यवस्थामा काम गरी खाने धेरै जनताले मानवअधिकार उपभोग गर्न पाउँदैनन्। शोषण, भ्रष्टाचार र अपराध पूँजीवादी व्यवस्थाका अभिन्न विशेषताहरू हुन्। पूँजीवादकै विकल्प हो समाजवाद। काम र मामको सुनिश्चिता, व्यक्तित्व विकासमा सम्मान अवसर, शोषण विरोधको अधिकार, सम्पतिको सीमाङ्कन, विदेशमा सम्पति राख्न नपाउने आदि व्यवस्थाले अत्याधिक जनताले मानवअधिकारको सुनिश्चिता पाउँछन्। कामदार वर्गको निम्ति समाजवाद सर्वोत्कृष्ट व्यवस्था हो।

विगत सात महिनादेखि देशमा निर्वाचित सरकार छैन। कामचलाउ सरकारले नै निर्वाचित सरकारले झैँ काम काम गर्दैछ। यो प्रजातन्त्रविरोधी काम हो। सिद्धान्ततः कामचलाउ सरकारलाई बजेट पेश गर्ने, अध्यादेश जारी गर्ने वा कुनै पनि नीतिगत निर्णय गर्ने अधिकार हुँदैन। भट्टराई सरकार सबै प्रजातान्त्रिक मूल्य र मान्यतालाई कुल्चिँदै अघि बढ्दैछ।

सहमतीय सरकार निर्माण गर्न भनी पटकपटक राष्ट्रपतिले दिएको समय सीमाभित्र सहमति हुन सकेको छैन। कथित ठूला दलहरूको सत्ता स्वार्थको कारण मुलुक र नेपाली जनताको भविष्य अन्योल हुँदैछ। संविधानसभाको हत्या गर्ने, आफैँले तोकेको निर्वाचन गर्न अक्षम भट्टराई लाजै नमानी कुर्सीमा बसिरहेका छन्।

इमानदारिता, राजनीतिक नैतिकता आदि सबै बिर्सेर कुर्सी मोहमा चुर्लुम्म डुबेका भट्टराई सरकारको एक वर्ष सन् २०१२ मानवअधिकारको दृष्टिको अन्धकारको वर्ष मान्नुपर्छ।

सुनिल प्रजापति
सचिव, नेमकिपा, केन्द्रीय समिति

राष्ट्रिय जनमोर्चा

इन्सेकले मानवअधिकार वर्ष पुस्तक २०१३ प्रकाशन गर्न लागेकोमा हामीलाई निकै खुसी लागेको छ। इन्सेकको प्रकाशनसहित सबै कार्यहरूको उच्चतम् सफलताको हार्दिक कामना गर्दछौ।

देशको राजनीतिक अवस्थाबाट ध्यान हटाएर हामीले गत साल मानवअधिकारको स्थिति कस्तो रह्यो ? भनेर मूल्याङ्कन गर्न सक्दैनौं। मानवअधिकारको संरक्षणको प्रश्न हमेशा देशको राजनीतिक परिस्थितिसँग अभिन्न रूपले गाँसिएको हुन्छ। देशको राजनीतिक परिस्थितिबाट मानवअधिकार संरक्षणको प्रश्नलाई अलग गरेर हेर्न सकिँदैन। संविधानसभाको विघटनदेखि आजसम्मको समग्र राजनीतिक परिस्थितिको विश्लेषण गर्ने हो भने यो भन्नका लागि पर्याप्त आधार छ कि, यदि वर्तमान सरकारको विस्थापन भएर त्यसको ठाउँमा राष्ट्रिय सहमतिको सरकारको निर्माण र राष्ट्रिय सहमतिको सरकारको नेतृत्वमा संविधानसभाको निर्वाचन हुन सकेन भने मानवअधिकार संरक्षणमा तात्कालीक रूपले मात्र होइन दीर्घकालीन रूपले समेत आघात पुग्ने खतरा बढेर गएको छ।

सामान्यतया सङ्घीयता र मुख्यतया सङ्घीयताको स्वरूपसम्बन्धी विवादका कारण संविधानसभा, संविधान निर्माण नगरिकनै विघटन भयो। संविधानसभाको विघटनले देशमा उत्पन्न भएको राजनीतिक तथा संवैधानिक समस्याले सङ्कटको रूप लिँदै गइरहेको छ। सरकार दिनप्रतिदिन स्वेच्छाचारी तथा अधिनायकवादी बन्दै गइरहेको छ। सरकारको स्वेच्छाचारीतालाई नियन्त्रण र सन्तुलन गर्ने संवैधानिक अङ्गहरू खाली भइरहेका छन्। देशमा व्यवस्थापिका छैन। सर्वोच्च अदालत न्यायधीशविहीन बन्दै गइरहेको छ। निर्वाचन आयोग पूर्णतया आयुक्तविहीन भइसकेको छ। अख्तियार दुरूपायोग अनुसन्धान आयोग र महालेखापरीक्षक नेतृत्वविहीन छ। नयाँ निर्वाचनमा जान सक्ने कानुनी तथा संवैधानिक व्यवस्था छैन। यो सरकारलाई हटाउनका लागि व्यवस्थापिका छैन। यस्तो संवैधानिक समस्याको बीचबाट देशको राजनीति अगाडि बढिरहेको अवस्थामा देशमा मानवअधिकारको अवस्था र त्यसको संरक्षणको प्रश्न अत्यन्त जटिल र चुनौतीपूर्ण रहेको छ।

नेपाल सरकार र नेकपा माओवादीबीच २०६३ साल मङ्सिर ५ गते भएको विस्तृत शान्ति सम्झौतामा सशस्त्र द्वन्द्वका क्रममा मानवअधिकारको गम्भीर उल्लङ्घन गर्ने तथा मानवताविरुद्धको अपराधमा संलग्न व्यक्तिको बारेमा सत्य अन्वेषण गर्न तथा समाजमा मेलमिलापको वातावरण निर्माण गर्न उच्चस्तरीय सत्य निरूपण तथा मेलमिलाप आयोग गठन गर्ने सहमति भएको थियो। त्यो सहमतिलाई संवैधानिक रूप समेत दिइएको छ। अन्तरिम संविधानको धारा ३३ को उपधारा (घ) ले उच्चतरीय सत्य निरूपण तथा मेलमिलाप आयोग गठन गर्ने कार्यलाई राज्यको दायित्व अन्तर्गत व्यवस्था गरिएको छ। त्यसै अनुसार तात्कालीन सात दल, माओवादी र नेपाल सरकारबीच संविधानसभाको निर्वाचन भएको मितिले ६ महिना भित्र सत्य निरूपण तथा मेलमिलाप सम्बन्धी आयोग गठन गरिसक्ने सहमति भएको थियो।

तर, संविधानसभाको निर्वाचन भएको करिब पाँच वर्ष पुग्न लाग्दा पनि विस्तृत शान्ति सम्झौता तथा शान्ति प्रक्रियाको अभिन्न अङ्ग मानिएको सत्य निरूपण तथा मेलमिलाप आयोग र बेपत्ता नागरिक छानबिन आयोग अझै गठन हुन सकेको छैन। माओवादीहरू मानवताविरुद्धको अपराधमा संलग्न व्यक्तिहरूलाई कुनै कारबाही नगरी आममाफी दिने गलत सोचाइबाट प्रेरित छन्। त्यसका लागि सत्य निरूपण तथा मेलमिलाप र बेपत्ता नागरिक छानबिनसम्बन्धी कानुन बनाउन ढिलाई गर्ने वा कानुन बनाए पनि फितलो प्रकारको कानुन बनाएर अपराधीहरूलाई आममाफी दिन चाहन्छन्। त्यस सबालमा तात्कालीन सत्ता पक्ष र माओवादीका बीचमा एक प्रकारको अघोषित कार्यगत एकता नै भएको देखिन्छ। माओवादी नेतृत्वको संयुक्त सरकारले जेनेभास्थित राष्ट्रसङ्घीय मानवअधिकारको कार्यालय (OHCHR) ले यसै वर्ष असोजको दोस्रो साता जारी गरेको नेपालको दश वर्से सशस्त्र द्वन्द्वको द्वन्द्व प्रतिवेदनका विरुद्ध कडा प्रतिक्रिया दिएको थियो। त्यो द्वन्द्व प्रतिवेदनले नेपालको सशस्त्र द्वन्द्वको क्रममा नौ हजार मानवअधिकार उल्लङ्घनका घटनाहरू भएको र मानवताविरुद्धका अपराधीहरूलाई कारबाही हुनुपर्नेमा

जोड दिएको हुनाले माओवादीको सरकारबाट त्यसको विरोध भएको थियो।

मानवअधिकार संरक्षणका लागि देशमा बढ्दो दण्डहीनताको संस्कृतिले समेत निकै ठूलो समस्या पैदा गरिरहेको छ। दण्डहीनतालाई राज्यले नै बढावा दिइरहेको छ। विभिन्न अपराधमा जेल सजाय काटिरहेका अपराधीहरूलाई मन्त्रिपरिषद्को निर्णयले सजाय मिनाहा गर्दै उन्मुक्ति दिने गरेका छन्। त्यस सिलसिलामा बाबुराम भट्टराईको सरकारले दुई पटक मन्त्रीपरिषद्बाट निर्णय गरेर विभिन्न अपराधमा सजाय भोगिरहेका अपराधीहरूलाई जेलबाट छुटाउने काम गरेको छ। २०६९ असोज १८ गते आफ्नै पार्टीका नेता तथा पूर्वराज्यमन्त्री सूर्यमान दोडका दुई थान कर्तव्य ज्यान र ज्यान मार्ने उद्योग सम्बन्धी मुद्दा फिर्ता लिएको छ भने एमालेका रामप्रसाद राय र रामवृज रायलाई गोलीहानी हत्या गरेको आरोपमा सर्लाही जिल्ला अदालतबाट मुद्दा खेपिरहेका फोरम लोकतान्त्रिकका तीन जना कार्यकर्ता सहित ६ सय ७५ जना अपराधीको फौजदारी मुद्दा फिर्ता लिएका थिए।

सङ्घीयता र त्यसको स्वरूप जातिवाद र क्षेत्रीयतावादसँग असहमति राख्ने पत्रकार र राजनीतिक शक्तिहरूप्रति सरकारले अत्यन्तै असहिष्णु रवैया अपनाउने गरेको छ। गत जेष्ठमा जातीय तथा क्षेत्रीय राज्यको माग सहित जातिवादी तथा क्षेत्रीयतावादीहरूद्वारा सञ्चालित जातिवादी आन्दोलनको आलोचना गरेका कारण देशैभरि झण्डै सात दर्जन भन्दा बढी पत्रकारहरू सरकार संरक्षित व्यक्तिहरूद्वारा कुटपिट भए। उनीहरूका सञ्चार सामग्री तथा सवारीसाधनहरू तोडफोड गर्ने काम भयो।

सङ्घीयतासँग आफ्नो असहमति राख्दै शान्तिपूर्ण आन्दोलन गरिरहेको हाम्रो पार्टीका नेता तथा कार्यकर्ताहरूलाई सरकारले नियन्त्रणमा लिइसकेपछि पनि प्रहरीहरूले हातखुट्टा भाँच्ने, निर्घात कुटपिट र अपमानित गर्ने काम गरेको पाइन्छ। सङ्घीयतासँग असहमति राख्दै २०६८ फागुन २६ गते आयोजित सेती-महाकाली क्षेत्रीय आमहड्तालको क्रममा कैलालीमा प्रहरीले नियन्त्रणमा लिई सकेपछि राजमोका स्थानीय नेता नरबहादुर विष्टलाई पिटेर दाँत भाँचिदिए भने जगत जोशीलाई शरीरमा निलडाम पर्ने गरी कुटपिट गरेका थिए। सोही दिन कञ्चनपुरमा नियन्त्रणमा लिएर जिप्रका पुऱ्याएपछि प्रहरीले राजमो सेती-महाकाली क्षेत्रीय समितिका उपाध्यक्ष लोकेन्द्र लम्साल राजमो कञ्चनपुरका उपाध्यक्ष विद्यानाथ अधिकारी, जिल्ला सदस्य लालबहादुर कुँवर, जितबहादुर थापा, पूर्णप्रसाद पौडेललगायतका ११ जनालाई निर्घात कुटपिट गऱ्यो। प्रहरीको कुटाइबाट लालबहादुर कुँवरको खुट्टा भाँचिएको थियो भने विद्यानाथ अधिकारीलाई गम्भीर चोटपटक लागेको हुनाले प्रहरीहरूले नै अस्पताल भर्ना गर्नु परेको थियो।

२०६८ चैत्र २० गते नारायणी बन्दको क्रममा बाराको सिमरामा हाम्रो पार्टीका केन्द्रीय सल्लाहकार कर्णबहादुर थापालाई प्रहरीले नियन्त्रणमा लिएर प्रहरी कार्यालय पुऱ्याएपछि पिटेर खुट्टा भाँचिदिएका थिए। उपचारका लागि अस्पताल लैजान माग गर्दा पनि अस्पताल नलगेर दिनभरी घाइते अवस्थामा प्रहरी हिरासतमा राखियो। सोही दिन भेरी-कर्णाली बन्दको सिलसिलामा हाम्रो पार्टीका केन्द्रीय सदस्य तुलसी सापकोटालाई बाँकेको कोहलपुरबाट नियन्त्रणमा लिई लछारपछार र कुटपिट गरेर अत्यन्त अपमानित ढङ्गबाट प्रहरी कार्यालयमा थुन्ने काम भयो भने हाम्रो पार्टी समर्थक रोमलाल गिरी जो शारीरिकरूपमा अशक्त पनि हुनुहुन्छ, उहाँलाई नियन्त्रणमा लिएर प्रहरी कार्यालयभित्र गम्भीर प्रकारले कुटपिट गरियो। चैत्र २७ गते उपत्यका बन्दको सिलसिलामा सरकारले एक प्रकारको अघोषित निषेधाज्ञा जस्तै लागु गरेर व्यापक धरपकड र गिरफ्तारी चालएको थियो।

नेपाली समाजमा महिलामाथि हुने हिंसाका घटनाहरू एकदम थोरै मात्रामा मात्र सञ्चार माध्यमसम्म आइपुग्ने गर्दथे। तर, यो पटक महिला हिंसाका थुप्रै घटनाहरू सञ्चार माध्यम मार्फत् सार्वजनिक भएका छन्। सञ्चार माध्यमले पनि तिनीहरूलाई महत्वका साथ उजागर गरेको छ। महिलाहरूमाथि हिंसा र बलात्कारका घटना प्रत्येक वर्ष बढिरहेको तथ्याङ्क सरकारले अगाडि सारेको छ। तर सरकारले अगाडि सारेको तथ्याङ् भन्दा कयौं गुना बढी महिला हिंसाका घटनाहरू हुने गरेका छन्। महिला हिंसाका कयौं घटना सरकारी निकायसम्म आई पुग्दैनन्। आए पनि पीडित र पीडकका बीचमा सम्झौता गराएर फर्काइन्छ। कयौं उजुरीहरू प्रहरीले विभिन्न निहुँमा दर्ता नै नगरीकन पीडितलाई झन पीडा दिने गर्दछन्। नेपालको सामन्ती सामाजिक संरचना र पैतृक सम्पत्तिसहित राज्यका सम्पूर्ण अङ्गहरूमा महिलाहरूलाई पुरुषसरह समान अधिकार नभएको हुनाले महिला हिंसामा वृद्धि भइरहेको छ।

देशभित्रका महिलाहरूमाथि भइरहेको हिंसाको चर्चा गर्दा विदेशमा रहेका नेपाली महिलाहरूले

भोगिरहेको अत्यन्तै कष्टकर तथा नारकीय जीवनलाई नजरअन्दाज गर्नु सही हुने छैन। केही समय अगाडि लैङ्गिक समानता र सशक्तिकरणका लागि राष्ट्रसङ्घीय निकाय युएन वुमनले विभिन्न खाडी मुलुकहरूमा पुगेका थुप्रै महिलाहरूले त्यहाँका साहु मालिकहरूको यौनशोषण र हिंसा सहन नसकेर मानसिक सन्तुलन गुमाउन पुगेका, कयौंले आत्महत्या गरेको, बलात्कारबाट अनिच्छित गर्भ बोक्न बाध्य भएका, बलात्कारबाट गर्भ रहन गई त्यसबाट जन्मेका बालबच्चा बोकेर स्वदेश फर्किनु परेको, कयौं बेपत्ता भएका, दलालहरूको ठगीमा परेर खाडी राष्ट्र पुऱ्याइएका कयौं महिलाहरू त्यहाँ जेल जीवन बिताइरहेका छन् भनेर डरलाग्दो तथ्याङ्क सार्वजनिक गरेको थियो। भारत लगायत अन्य मुलुकहरूमासमेत ठूलो परिणाममा नेपाली महिलाहरूले विभिन्न दु:ख कष्ट र शोषण भोगिरहेका छन्।

मानवअधिकारका कुरा गर्दा हामीले देश भित्रकै घटनालाई मात्र आधार बनाउने गर्दछौं। तर देशको ठूलो जनसङ्ख्या विदेशमा छ। काम वा अन्य सिलसिलामा विदेशमा छरिएर रहेका आफ्ना जनताको मानवअधिकार संरक्षणको दायित्व समेत नेपाल सरकारको नै हुन्छ। नेपाल सरकार त्यो दायित्वबाट पन्छिन मिल्दैन। सन् २०१२ मा मात्र खाडी तथा मलेशियामा मात्र कार्यरत ८ सय ३४ जना नेपाली कामदारले व्यवसायजन्य सुरक्षाको अभावमा ज्यान गुमाएका छन्। विदेशमा श्रम गर्ने आफ्ना कामदारको जीवन तथा उनीहरूले गर्ने व्यवसायको सुरक्षाका लागि सरकारले पर्याप्त कुटनीतिक पहल गरेको पाईंदैन। अहिलेसम्म विदेशस्थित नेपाली नागरिकहरू चुन्ने र चुनिने अधिकारबाट वञ्चित हुँदै आएका छन्। चुन्ने र चुनिने अधिकारको लागि सबैतिरबाट आवाज उठ्नु जरुरी छ।

जातीय छुवाछुत विरुद्धको अपराध नियन्त्रणसम्बन्धी कानुन बने पनि हाम्रो समाजको सामन्ती सामाजिक संरचनाका कारण समाजमा जातीय विभेद अझै पनि चर्को रूपमा कायम छ। धादिङको एक जना दलित युवाले 'माथिल्लो' जातको युवतीलाई प्रेम र विवाह गरेको कारण माथिल्लो जातकाले दलित बस्तीमाथि आगजनी, कुटपीट र आतङ्क खडा गरेर बस्ती नै विस्थापित गरिएको थियो। स्थानीय राजनीतिक तथा सामाजिक विवादमा सरकारले दोहरो मापदण्ड अपनाउने गरेको छ। सत्तारुढ दलका सदस्यहरूले जस्तोसुकै अपराध गरे पनि त्यसलाई ढाकछोप गर्ने वा बचाउ गर्ने गरिन्छ भने विपक्षी जस्तो सुकै अन्यायमा परे पनि त्यसलाई न्याय दिने सवालमा आनाकानी गर्ने प्रवृति पाइन्छ। गत कात्तिकमा अर्घाखाँचीको हंसपुरमा माओवादी ज्यादतीका कारण स्थानीय जनता र माओवादी बीच उत्पन्न विवादमा सरकारले माओवादीको पक्ष लिएको थियो। प्रधानमन्त्री अर्घाखाँची गएका बेला त्यहाँको स्थानीय प्रहरी प्रशासनलाई बोलाएर विपक्षी र सर्वसाधारण जनतामाथि मुद्दा चलाउन ठाडो आदेश दिएका थिए।

प्रधानमन्त्रीको ठाडो आदेशपछि स्थानीय प्रशासनले स्थानीय विपक्षी कार्यकर्तामाथि मुद्दा चलाएर दु:ख दिने काम गरियो भने प्यूठानमा कात्तिक १३ गते पुर्णिमाको मेलामा सांस्कृतिक कार्यक्रम सम्पन्न गरी घर फर्किरहेको अवस्थामा स्थानीय गुण्डा, काङ्ग्रेस, सत्तापक्षीय माओवादीको मिलोमतोमा अनेरास्ववियु (छैठौं) का केन्द्रीय उपाध्यक्ष विमल पोखेल र उहाँकी श्रीमती, स्थानीय एक जना कर्मचारी र उहाँकी नाबालिका छोरीलाई ज्यानमार्ने उद्देश्यले कुटपिट गरी घाइते तुल्याई ज्यान मार्ने उद्योग गर्दा पनि स्थानीय जनताको दबाबपछि मात्र सरकारले घटनामा संलग्न व्यक्तिहरूलाई मुद्दा त चलायो, तर सामान्य प्रकारको।

उपरोक्त सबै घटनाको विश्लेषण गर्ने हो भने सन् २०१२ मा मानवअधिकारको क्षेत्र निराशाजनक नै रह्यो। देशमा फासीवादी प्रकारको सरकार रहेको अवस्थामा नेपाली जनताको मानवअधिकारको संरक्षण र निर्वाधरूपमा त्यसको उपयोग हुन सक्ने प्रश्न आउँदैन।

चित्रबहादुर के.सी.
अध्यक्ष, राष्ट्रिय जनमोर्चा

राष्ट्रिय प्रजातन्त्र पार्टी

सन् २०१२ मा मानवअधिकारका चरम उल्लङ्घन भएका घटनाहरू सार्वजनिक भएका छन्। यसै अवधिमा बर्दियाका शिवा हासमीलाई पेट्रोल छर्केर आगो लगाउँदा अस्पतालमा उपचार गर्दागर्दै मृत्यु भएको, बाराकी बिन्दु ठाकुरको जिउँदै आगो लगाइँदा मृत्युवरण हुन गएको र वैदेशिक रोजगारीबाट फर्कंदा आफ्नै देशको त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा सरकारी कर्मचारी र प्रहरीको मिलेमतोमा सीता राईले (नाम परिवर्तन) विदेशबाट दु:ख गरी ल्याएको नगदको लुटपाट र प्रहरीबाट उनीमाथि भएको बलात्कारका घटनाहरूले मुलुक दु:खी र स्तब्ध मात्र भएन संसारको

अगाडि मुलुकले लज्जाबोध गरी शीर झुकाउनु पऱ्यो। यसैगरी चाहे पूर्वको झापामा होस् वा मुलुकका अन्य भागमा महिलाहरू सामूहिक बलात्कारको शिकार भएका घटनाहरू सार्वजनिक भए। छोरी मैया महर्जनको अवस्था अझै टुङ्गो लाग्न सकेको छैन। घरेलु हिंसाबाट पीडित महिलाहरूको सङ्ख्याको वर्णन गरेर साध्यै छैन। देशका विभिन्न भागमा बोक्सीको आरोपमा प्रताडित महिलाको सङ्ख्या कति हो कति उल्लेख गर्न सकिने अवस्था नै भएन।

यसै बीचमा डा.बाबुराम भट्टराईको नेतृत्वमा रहेको सरकारले ज्यान मुद्दा, ज्यान मार्ने उद्योग, चोरी, डकैती, लुटपाट, अपहरण, फिरौती, आगजनी, जबरजस्तीकरणी लगायत मानवअधिकार हननका गम्भीर अपराध लगायतका अनेकौँ मुद्दाहरू राजनीतिक आवरणमा फिर्ता गऱ्यो। सम्मानित सर्वोच्च अदालतबाट अपराधी ठहऱ्याइएकाहरूलाई कानुनबमोजिम सजाय गर्नुपर्नेमा उल्टै सरकारले संरक्षण दिएको हुँदा अपराधीहरू छाती खुलाएर स-सम्मान सार्वजनिक स्थलमा उपस्थित भए। ठूला तीन दल र मधेसी मोर्चालगायतका दलहरूको भातृसंस्थाहरूबाट दलहरू र सरकारी संरक्षणमा मानवअधिकार उल्लङ्घनका अनेक घटनाहरू गरिँदा पनि कानुनको कठघरामा ल्याउने काम हुँदै भएन।

द्वन्द्वकाललगायतका समयमा कब्जा गरिएका व्यक्तिको निजी सम्पत्ति घर जग्गा पूर्ण रूपमा फिर्ता हुन सकेनन्। विस्थापितहरूले ससम्मान आफ्नो थातथालोमा पुनःस्थापित हुन सक्ने वातावरण बनेन।

पत्रकार तथा सञ्चार क्षेत्र, शैक्षिक जगत, उद्योगधन्दा, कलकारखाना एवम् गाविस सचिव लगायतका कर्मचारी, वर्ग र समाजका हरेक क्षेत्र असुरक्षाको भयबाट मुक्त हुन सकेनन्।

संविधानसभाको विघटन हुँदा मुलुकमा संवैधानिक एवम् राजनीतिक सङ्कट झन् गहिरिँदै अन्योल र अनिश्चितता बढ्दै गयो। परिणामस्वरूप झन झन मानवअधिकार हननका घटनाहरू बृद्धि भइरहेको सर्वत्र महसुस हुन थालेको छ।

अर्को शब्दमा भन्ने हो भने सरकारी उदासिनता र गैरजिम्मेवारीको कारणबाट देशमा चरम दण्डहीनताले फस्टाउने मौका पायो। अराजकताले मुलुक आक्रान्त बन्यो। दण्डहीनताले प्रश्रय पाएकोमा सरकारी रवैयाको आम जनताले सर्वत्र निन्दा र भर्त्सना गरेको प्रतीत हुन्छ। सङ्क्षेपमा भन्ने हो भने मानवअधिकारको दृष्टिले सन् २०१२ ज्यादै उदासित एवम् निराशजनक रह्यो।

परशुराम खापुङ
महामन्त्री

नेकपा (माओवादी)

सर्वप्रथम त्यस संस्थाद्वारा प्रकाशित भएको "नेपाल मानवअधिकार वर्ष पुस्तक २०१२" प्राप्त भयो। हामीलाई पुस्तक पठाइदिनु भएकोमा धन्यवाद दिन चाहन्छौँ। दशवर्से महान जनयुद्ध र संयुक्त जनआन्दोलनपछि जनताले अपेक्षा गरेअनुसार मानवअधिकारको क्षेत्रमा कुनै सुधार आएको छैन। जनताको जीवन दिनानुदिन कष्टकर भइरहेको छ। हाम्रो बुझाइमा जहाँ जनताको जीवनमा कुनै प्रकारको शोषण दमन र उत्पीडन छैन, त्यहाँ मात्र मानवअधिकारको स्थिति राम्रो भन्न सकिन्छ। जहाँ जुन हदसम्म शोषण, दमन र उत्पीडन कायम छ त्यही हदसम्म मानवअधिकारको उल्लङ्घन भएको मानिन्छ। नेपालमा राज्यद्वारा र विभिन्न अपराधी समूहहरूबाट व्याप्त आतङ्क र दण्डहीनता चरम भ्रष्टाचार, कालोबजारी, तस्करी, कृतिम महँगी, कमिशनखोरी र विदेशी शासकहरूको नाङ्गो दलालीले गर्दा नेपालमा मानवअधिकारको अवस्था जर्जर रहेको हाम्रो स्पष्ट दृष्टिकोण छ।

विगतका वर्षहरूमा झैँ आगामी वर्षहरूमा पनि सत्य र तथ्यमा आधारित भई इन्सेकले आफ्नो पुस्तक प्रकाशित गरोस् भन्ने हाम्रो पार्टीको शुभकामना छ।

सुजन
सचिव, बाग्मती व्युरो समिति

सन् २०१२ को मानवअधिकार स्थितिबारे विभिन्न क्षेत्रका धारणा

राष्ट्रिय मानवअधिकार आयोग

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

परराष्ट्र मन्त्रालय

नेपाली सेना

नेपाल प्रहरी

सशस्त्र प्रहरी बल

राष्ट्रिय महिला आयोग

राष्ट्रिय दलित आयोग

नेपाल बार एसोसिएसन

नेपाल पत्रकार महासङ्घ

अनुसूची

४

राष्ट्रिय मानवअधिकार आयोग

विगत दुई दशकभन्दा बेसी समयदेखि मानवअधिकारको क्षेत्रमा निरन्तर कार्यरत संस्था अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) ले मानवअधिकार उल्लङ्घन एवम् ज्यादतिका घटनालाई "नेपाल मानवअधिकार वर्ष पुस्तक" मार्फत प्रत्येक वर्ष सार्वजनिक गर्दै आएको छ। जुन प्रंशसनीय कार्य हो। सदाझैं यसवर्ष पनि मुलुकको मानवअधिकारका विविध विषयवस्तुलाई समेटी प्रकाशित हुन गइरहेको मानवअधिकार वर्ष पुस्तकको पूर्ण सफलताको म कामना गर्दछु। प्रस्तुत पुस्तक सरकार, मानवअधिकारको क्षेत्रमा कार्यरत राष्ट्रिय/अन्तर्राष्ट्रिय सङ्घसंस्थाहरू एवम् सबै सरोकारवालाहरूको लागि उपयोगी एवम् सहयोगी हुनेछ भन्ने मैले विश्वास लिएको छु।

मुलुकमा भएको ऐतिहासिक राजनैतिक परिवर्तनले नेपाली जनतामा आशा र भरोसाको सन्देश प्रवाह गरेको थियो। तर आन्दोलनकारी शक्तिहरूको सत्ता स्वार्थको कारण आन्दोलनका उपलब्धीहरू संस्थागत हुन नसक्नु र द्वन्द्वको रुपान्तरण सार्थक निश्कर्षमा पुग्न नसक्नु निश्चय नै दु:खद् पक्ष हो। परिणामस्वरुप समाजमा राजनीति एवम् नेतृत्वप्रति नै वितृष्णाभाव उत्पन्न हुन थालेको देखिन्छ जुन निश्चय नै सकारात्मक कुरा होइन। लोकतन्त्र र मानवअधिकारका मूल्यमान्यता खण्डहर हुँदै जानु कुनैपनि अर्थमा सकारात्मक मान्न सकिँदैन। देशमा विधिको शासनको ख्याल नराखी राजनीतिमा अपराधीकरण र अपराधमा राजनीतिकरण संस्थागत रुपमा प्रवेशको सङ्केत कुनै अर्थमा स्वीकार्य हुन सक्दैन। यस्ता गतिविधिले लोकतन्त्र र मानवअधिकारको क्षेत्रमा पनि गम्भीर चुनौती खडा गर्न थालेको देखिन्छ।

विस्तृत शान्तिसम्झौतापछि अन्य क्षेत्रका अलावा मानवअधिकारको अवस्थामा व्यापक सुधारको अपेक्षा गरिएको थियो। थुप्रै वादविवाद, बहस र मिहेनतको बावजुद शान्ति प्रकृयामा केहि महत्वपूर्ण उपलब्धीहरू भएका छन्। लामो समयपश्चात हतियार व्यवस्थापन, क्यान्टोनमेण्टको खारेजी, सेना समायोजन र सामाजिक पुनएकिकरण इत्यादि कुराहरू अगाडि बढ्नु निश्चय पनि सकारात्मक कुरा हुन्। तर समय सिमाभित्र संविधान बन्न नसक्नु, संविधान सभा विघटन हुनु र संक्रमणकालिन न्यायको व्यवस्था अगाडि नबढ्नु भने दु:खद् र गम्भीर कुरा हो। शान्तिसम्झौता सम्पन्न भएको ६ वर्ष बितिसक्दा पनि बलपूर्वक बेपत्ता पारिएका व्यक्तिको खोजविन गर्नका लागि बलपूर्वक बेपत्तासम्बन्धी आयोग र सत्यनिरुपण तथा मेलमिलाप आयोग गठन हुन सकेको छैन। फलत: सशस्त्र द्वन्द्वबाट पीडित व्यक्तिहरू न्यायबाट विमुख छन् भने पीडक कानुनको दायरामा आउन सकेका छैनन्। गम्भीर मानवअधिकार उल्लङ्घन गर्ने वा मानवताविरुद्धको अपराधमा संलग्न व्यक्तिहरूमाथि कारवाही हुन सकेको छैन। एकातिर राजनीतिक आस्थालाई आधार बनाएर विगतमा मुद्दा फिर्ता लिई न्यायिक प्रक्रियाबाट उन्मुक्ति दिइएका व्यक्तिहरूले राजनीतिक दलहरूमा आफ्नो प्रभुत्व बलियो बनाउँदै लगेका छन्। अर्कातिर मानवअधिकार उल्लङ्घनका दोषी तथा आरोपी राज्यका सेना/प्रहरी तथा कर्मचारीहरूले उन्मुक्ती पाउँदा दण्डहीनता बढ्दै गएको छ। महिला हिंसाजस्ता अमानवीय घटनाले भयावह रुप लिइरहेको अवस्था छ। राजनीतिक चलखेलको प्रभाव राज्यसंयन्त्र एवम् प्रहरी प्रशासनको कामकारवाहीमा समेत पर्न पुगेको अवस्था छ।

देश र दुनियाँले चाहे मुताविक यसवर्ष पनि मानवअधिकारमैत्री संविधान मुलुकले प्राप्त गर्न सकेन, जुन अत्यन्तै दु:खद् पक्ष हो। मानवअधिकारको दृष्टिकोणबाट हेर्दा देशको निम्ति विगत वर्षहरूझैं यो वर्ष पनि सुखद् रहन सकेन। आफूले गरेका प्रतिवद्धताहरू पूरागर्न सरकार चुकेको अवस्था छ। मानवअधिकारको संरक्षण, सम्वर्द्धन, परिपालन एवम् मानवअधिकार संस्कृतिको विकासका लागि स्थापित संवैधानिक संस्था राष्ट्रिय मानवअधिकार आयोगले यसवर्ष देशमा भएको मानवअधिकारको स्थितिलाई समेटेर आफ्नो राष्ट्रिय प्रतिवेदन सार्वजनिक गरिसकेको छ। गत वर्षझैं यसवर्ष आयोगको तथ्याङ्कले मानवअधिकारको संरक्षणका क्षेत्रमा सकारात्मक विकास भएको सङ्केत दिन सकेको छैन। आयोगको तथ्याङ्कअनुसार आयोग स्थापना कालदेखि हालसम्म पुराना र नयाँ गरी ६००० को हाराहारीमा विभिन्न उजुरीहरू माथि छानविन भइसकेको छ भने हाल ५,३८० उजुरीहरू निर्णय गर्न बाँकी छन्। यसवर्ष आयोगमा परेका २७६ उजुरीहरूमा हत्या, बेपत्ता, अपहरण, यातना, धम्की, गैरन्यायिक थुना आदि रहेका छन्। त्यसैगरी सम्पत्ति कब्जा, आन्तरिक विस्थापन, भेदभाव जबर्जस्ती चन्दा, आर्थिक-सामाजिक अधिकार उपभोगमा अवरोध, महिला तथा बालअधिकार,

आदिवासी जनजातिका अधिकार उल्लङ्घनलगायतका विषय रहेका छन्।

मानवअधिकार संरक्षणअन्तर्गत अनुगमन र अनुसन्धान गरी प्राप्त तथ्य प्रमाणको आधारमा पीडकलाई कारबाही, पीडितलाई राहत र क्षतिपूर्ति लगायतका विषयमा नेपाल सरकारलाई सिफारिस गरेको थियो। यस अवधिमा देशभरी २१२ अनुगमन टोलीले मानवअधिकारका विषयउपर अनुगमन गरेको थियो भने ३९४ उजुरीउपर आयोगबाट निर्णय भएको थियो। विगत वर्षहरूमाझैं यसवर्ष पनि आयोगले राष्ट्रिय समाधिक्षकको कार्यालय अन्तर्गत मानव बेचविखन सम्बन्धि विद्यमान स्थिति र चुनौति, त्यसको सामनाको निम्ति आवश्यक सहकार्यमा केन्द्रित अनुसन्धानमा आधारित अध्ययन सम्पन्न गऱ्यो।

हत्या, विष्फोटन, बेपत्ता, विस्थापन, यातना, धम्की, बन्दीका अधिकार, बालअधिकार, महिला अधिकार, अल्पसंख्यकका अधिकार लगायतका विषयमा ३७० उजुरीउपर खारेजी गर्ने, टु ्याउने र तामेलीमा राख्ने निर्णय गरेको थियो। जसमा ३२० वटा उजुरी टुङ्ग्याइएको, ४५ वटा खारेज र ५ वटालाई तामेलीमा राखिएको छ। १०४ वटा उजुरीहरू माथि छानविन पश्चात सिफारिस भएको छ भने ३५ वटा नीतिगत सिफारिस गरिएका छन्। मानवअधिकार संस्कृति विकासको निम्ति सम्बर्द्धनात्मक गतिविधिहरूलाई पनि प्राथमिकतामा राखी कार्य गर्दै आएको छ। मानवअधिकारका विषयवस्तुमा केन्द्रित रही सुरक्षाकर्मी, विभिन्न सरकारी, गैरसरकारी निकायका प्रतिनिधि, राजनैतिक दल, नागरिक समाज, सञ्चारकर्मी, मानवअधिकारकर्मी, शिक्षक, विद्यार्थी एवम् व्यवसायिक सङ्घसंस्थाहरूलाई संलग्न गराइ तालिम, अन्तरक्रिया, कार्यशाला, गोष्ठी, छलफल लगायतका कार्यक्रमहरू आयोजना गरेको थियो। यस अवधिमा आयोगले ३१२ वटा कार्यक्रमहरू सम्पन्न गरेको छ। जसमा २४६ एकल र ६६ वटा सहकार्यमा गरिएका छन्। सम्पन्न कार्यकक्रहरूमा अन्तरक्रिया ७४, तालिम/प्रशिक्षण ५७, अभिमुखिकरण १८, दिवस १५, कार्यशाला/गोष्ठी २४, खेल ३, रक्तदान २ रहेका छन्। त्यसैगरी च्याली/प्रभातफेरि ८, छलफल ३३, बैठक ६८ र अन्तरसम्वाद, सचेतना र निवन्ध प्रतियोगिता २/२ वटा रहेका छन्।

विगत वर्षहरूझैं यसवर्ष पनि विस्तृत शान्ति सम्झौताको मर्म र भावनानुसार संक्रमणकालिन न्यायको प्रकृया विधिसम्मत ढ ले अगाडि बढ्न सकेन/एकातिर सत्यनिरुपण आयोग र व्यक्ति बेपत्ता सम्वन्धी छानविन आयोग गठन नहुनु र अर्कोतिर विद्यमान संविधान र कानून बमोजिम स्थापित संयन्त्रहरूले गरेका निर्णय र सिफारिसहरू व्यवहारमा सरकारले लागू नगरिदिनाले जनसाधारणको लोकतन्त्र र विधिको शासन प्रति नै अविश्वास खडा हुनसक्ने स्थिति सृजना भएको छ। सरकार र राजनैतिक पार्टीहरूबिचको शक्ति संघर्ष, असमझदारी र विश्वासको संकट बढ्दै जानाले देशमा पीडायुक्त संक्रमणकालिन अवस्था झन्झन् लम्बिदै गएको छ। यसकार्यले देशमा मानवअधिकारको सम्मान, संरक्षण र पालना गर्ने राज्यको दायित्व प्रभावकारी ढ ले अगाडि बढ्न नसकेको कुरा स्वत: स्पष्ट हुन पुगेको छ।

यस अवधिमा आयोगले विभिन्न उपलब्धी हासिल गर्नुको साथै विभिन्न चुनौती एवम् समस्याहरूबाट गुज्रनुपऱ्यो। मानवअधिकार उल्लङ्घन एवम् ज्यादतिसम्बन्धी उजुरी ग्रहण, ती उजुरीउपर कारबाही प्रक्रिया अगाडि बढाउने क्रममा अनुगमन र अनुसन्धान गरी तथ्यको आधारमा आयोगले सम्बन्धित निकायलाई सिफारिस कार्यलाई निरन्तरता दिनु, आयोगमा परेका उजुरीउपर पर्छौट कार्यलाई तीव्रताका साथ अगाडि बढाउनु लगायतका कार्यलाई आयोगले उपलब्धीको रुपमा लिएको छ। आयोगका चुनौतीहरूमा दण्डहीनताको अवस्था, सङ्कमणकालीन परिवेश, आयोगलाई सरकारबाट अपेक्षित सहयोगको अभाव, सिफारिस कार्यान्वयन नगर्ने प्रवृत्ति कायमै रहनु रहेका छन्। त्यस्तै मानवसंसाधनको व्यवस्थापन हुन नसक्नु, नयाँ ऐनमा कमजोर प्रावधान राखिनु, आन्तरिक समस्या कायमै रहनु, जीर्ण भौतिक संरचना एवम् पूर्वाधारको कमी पनि आयोगका प्रमुख चुनौती हुन्। यी चुनौतीहरूबाट पार पाउन आयोगले नेपाल सरकार र राजनीतिक दलहरूलाई सिफारिस एवम् सुझावहरू दिँदै आएको छ।

मानवअधिकारको संरक्षण र सम्वर्द्धन गर्ने कार्यमा थप जागरुकता ल्याउन आयोगले मानवअधिकार रक्षक, नागरिक समाज र द्वन्द्वपीडित समाजसंग पनि विभिन्न कार्यक्रमहरू सम्पन्न गरेका छन्। यसै सन्दर्भमा आयोगले यसवर्ष उपभोक्ता अधिकार र बन्दीहरूको अधिकारको सुनिश्चितता गर्न बनेका मार्ग निर्देशिकाहरूको कार्यान्वयनको अनुगमन पनि गरेको छ। यसवर्ष यसैक्रममा शवोत्खनन् सम्बन्धी मार्ग निर्देशिका समेत जारी गरेको छ। यसबाहेक महिला, बालबालिका, अपाङ्ग व्यक्तिहरू, आप्रवासित

कामदारहरू, दलित, मधेसी, आप्रवासी तथा जनजातिका अधिकार सुनिश्चित गर्न सम्बन्धित संघ-संस्था र निकायहरूसंग मिलेर विभिन्न कार्यक्रमहरू सम्पन्न गरेका छन्। विकासमा 'मानवअधिकार मैत्री अवधारणा' लाई व्यवहारमा रुपान्तरित गर्न पनि आयोगले सरकारी कर्मचारी, गैसस प्रतिनिधि र सामुदायिक सङ्घ/संस्थाका प्रतिनिधिहरूबीच विभिन्न जिल्लाहरूमा तालिम प्रशिक्षण प्रदान गरेको छ। यसै सन्दर्भमा आयोगले विश्वव्यापी आवधिक समिक्षा (UPR) को राष्ट्रिय प्रतिवेदन, संयुक्त राष्ट्रसङ्घ मानवअधिकार परिषद्मा छलफलबाट निकालेको सिफारिस र निश्कर्षको प्रभावकारी कार्यान्वयनार्थ एक वर्षपछि के कस्ता अवस्थामा रहेको छ भनी सरकारी र गैरसरकारी प्रतिनिधिहरूको उपस्थितिमा एक राष्ट्रिय कार्यक्रम सम्पन्न गरेको छ।

आयोगले आफ्नो कार्य सम्पादनको सिलसिलामा व्यवस्थापिका/संसद्, नेपाल सरकार, विभिन्न आयोगहरू, नागरिक समाज/गैरसरकारी संस्था/पेशागत सङ्घसङ्गठनहरूसँग समन्वय र सहकार्यमा जोड दिँदै आएको छ। युएनडीपी, ओएचसीएचआर, सेभ द चिल्ड्रेन, एसिया फाउण्डेशन, आईसीआरसीलगायतका सङ्घसंस्थाहरूसँग सहकार्य गरेको छ। अन्तर्राष्ट्रिय निकायहरू, मित्रराष्ट्रका दूतावासहरू तथा अन्य मुलुकका राष्ट्रिय मानवअधिकार आयोगहरूसँग आयोगले समन्वय गर्दै सम्बन्ध बिस्तार गर्दै आएको छ।

अन्त्यमा, म पुन: वर्ष पुस्तकको सफलताको शुभकामना व्यक्त गर्दै आगामी दिनमा पनि मानवअधिकारको संरक्षण, सम्वर्द्धन एवम् विकासको लागि यस संस्थाले थप प्रभावकारी भूमिका निर्वाह गर्न सकोस्।

गौरी प्रधान
सदस्य तथा प्रवक्ता

नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

मानवअधिकारको सम्मान, संरक्षण र सम्वर्द्धन गर्ने राज्यको प्राथमिक दायित्व हो। यो दायित्व पूरा गर्न नेपाल सरकार प्रतिबद्ध छ। हालसम्म मानवअधिकारसम्बन्धी विभिन्न २२ वटा महासन्धिहरू (सार्कस्तरीय २ वटासहित) लाई नेपालले अनुमोदन गरेको र यसबाट सिर्जना हुने राष्ट्रिय एवम् अन्तर्राष्ट्रिय दायित्वलाई बहन गर्न र मुलुकमा मानवअधिकार संस्कृतिको विकास गर्न नेपाल सरकार हरसम्भव प्रयासरत छ।

सन् १९९३ मा अष्ट्रियाको राजधानी भियनामा सम्पन्न भएको संयुक्त राष्ट्रसङ्घीय विश्व मानवअधिकार सम्मेलनले सबै पक्षराष्ट्रहरूलाई मानवअधिकारको सम्मान, संरक्षण र सम्वर्द्धन गर्न तथा मानवअधिकार संस्कृतिको विकास गर्न राष्ट्रिय कार्ययोजना बनाई कार्यान्वयन गर्न आह्वान गरेअनुरूप नेपालले मानवअधिकारको सम्मान, संरक्षण र सम्वर्द्धन गर्ने दृढ अठोटका साथ नागरिक समाज र निजी क्षेत्रको समन्वयात्मक प्रयासमा आ.व. २०६१/०६२ देखि त्रिवर्षीय मानवअधिकार राष्ट्रिय कार्ययोजना तर्जुमा गरी कार्यान्वयन गर्दै आएको छ। यसक्रममा दुईवटा त्रिवर्षीय कार्ययोजना सम्पन्न भई हाल तेस्रो त्रिवर्षीय मानवअधिकार राष्ट्रिय कार्ययोजना (आ.व. २०६७/०६८-२०६९/०७०) कार्यान्वयनमा ल्याएको छ। प्रस्तुत तेस्रो कार्ययोजनाको प्रभावकारी कार्यान्वयनबाट मुलुकमा कानुनको शासनलाई प्रत्याभूत गर्न, सबै नागरिकलाई आधारभूत मानवअधिकारको सुनिश्चितता प्रदान गर्न र मुलुकमा मानवअधिकार संस्कृतिको विकास गर्नमा सहयोग पुग्ने विश्वास लिइएको छ। यो कार्ययोजनाको कार्यान्वयन अवधि २०७० आषाढ मसान्तसम्म रहेकाले आगामी वर्षका लागि नयाँ रणनीति तथा कार्ययोजना तर्जुमा गर्नुपर्ने भएको छ। यसका लागि प्रारम्भिक कार्य थालनी गरिसकिएको छ।

यसैगरी, लैङ्गिक हिंसाविरुद्ध राष्ट्रिय कार्ययोजनालाई समयसापेक्ष परिमार्जन गरी २०६९ श्रावणदेखि आगामी ५ वर्षसम्मका लागि लैङ्गिक हिंसा अन्त्य तथा लैङ्गिक सशक्तीकरणसम्बन्धी राष्ट्रिय रणनीति तथा कार्ययोजना, २०६९ लाई कार्यान्वयनमा ल्याइएको छ। उक्त राष्ट्रिय रणनीति तथा कार्ययोजनामा सम्बद्ध मन्त्रालयहरूको मन्त्रालयगत कार्ययोजना समावेश गरी कार्यान्वयन भइरहेको छ भने जातीय भेदभाव उन्मूलनका लागि पनि योजनाबद्ध रूपमा प्रभावकारी कार्यक्रम लागु हुँदैछन्।

मानवअधिकार उल्लङ्घनका घटनामा राष्ट्रिय मानवअधिकार आयोगबाट २०५८ सालदेखि हालसम्ममा भएका सिफारिशहरूलाई कार्यान्वयन गर्न सम्बन्धित निकायमा लेखी पठाउनुका साथै त्यसको प्रभावकारी कार्यान्वयन भए नभएको बारेमा अनुगमन

गर्ने र अभिलेख अद्यावधिक गर्नेलगायतका कार्यहरू भइरहेको छ। आयोगबाट हालसम्म भएका सिफारिसअनुसारको क्षतिपूर्ति/राहत रकम पीडित एवम् पीडितका परिवारलाई दिने सम्बन्धमा नेपाल सरकार (मन्त्रिपरिषद्)बाट निर्णय भई शान्ति तथा पुनर्निर्माण मन्त्रालय र गृह मन्त्रालयबाट त्यसरी सिफारिश गरिएका व्यक्तिहरूलाई तोकिएबमोजिमको रकममध्ये हालसम्म ९ करोड रूपैयाँभन्दा बढी क्षतिपूर्ति/राहत रकम वितरण भइसकेको छ।

मानवअधिकार उल्लङ्घनका घटनामा अन्तर्राष्ट्रिय मानव अधिकारसम्बन्धी सङ्घसंस्थाबाट माग भएका जवाफ तथा जानकारी समयै उपलब्ध गराउने र नेपाल सरकारका तर्फबाट पेश गर्नुपर्ने प्रतिवेदन एवम् प्रतिक्रियासमेत सम्बन्धित निकायहरूको संलग्नतामा तयार गरी पठाउने गरिएको छ।

विभिन्न मानवअधिकारसम्बन्धी महासन्धिको नेपाल पक्ष भए वापत बुझाउनुपर्ने अन्य आवधिक प्रतिवेदनहरू समेत समयमै बुझाउन आवश्यक व्यवस्था मिलाइएको छ। यसैगरी, Universal Periodic Review (UPR) सम्बन्धी नेपालको राष्ट्रिय प्रतिवेदन तयार गरी जनवरी २०११ मा संयुक्त राष्ट्रसङ्घीय मानवअधिकार परिषद्मा पेश गरिएको थियो। उक्त प्रतिवेदन उपर प्राप्त सुझाव एवम् सिफारिसहरूको कार्यान्वयनका लागि कार्ययोजना तयार गरी कार्यान्वयन भइरहेको र यससम्बन्धी भएगरेका गतिविधिको अद्यावधिक विवरण प्रकाशन गरिएको छ। साथै, आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र, १९६६ अन्तर्गत संयुक्त राष्ट्रसङ्घसमक्ष नेपालले सन् २०११ मा पेश गरेको तेस्रो आवधिक प्रतिवेदनको प्रतिरक्षाका लागि प्रतीक्षारत रहेको र यो महासन्धिअन्तर्गत नेपालले बुझाएका प्रारम्भिक, दोस्रो र तेस्रो आवधिक प्रतिवेदनहरूको सँगालो (Concluding Observation सहित) समेत प्रकाशन गरिएको छ।

नेपाल सरकारबाट मानवअधिकारको संरक्षण र सम्बर्धनका लागि राष्ट्रिय मानवअधिकार आयोग, राष्ट्रिय महिला आयोग, राष्ट्रिय दलित आयोग तथा आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठानको संस्थागत सुदृढीकरण गर्नुका साथै सम्बद्ध मन्त्रालयहरूमा मानवअधिकार महाशाखा र तीनवटै सुरक्षा निकायहरूमा मानवअधिकार निर्देशनालय/इकाईको गठन गरी कार्यसम्पादन भइरहेको छ। साथै, नेपाल सरकारले मानवअधिकारसम्बन्धी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सङ्घसंस्थाहरू र सरकारका विभिन्न निकायहरूबीच समन्वय गरी मानवअधिकारको संरक्षण र सम्वर्धनका लागि आवश्यक कार्यहरू सम्पादन गर्दै आएको छ।

झइन्द्रप्रसाद गुरागाई
शाखा अधिकृत

परराष्ट्र मन्त्रालय

वर्तमान विश्व परिवेशमा मानवअधिकारको संरक्षण तथा प्रवर्धनले परराष्ट्र सम्बन्धका क्षेत्रमा महत्वपूर्ण स्थान ओगट्दै आएको छ। नेपाल मूलभूत मानवअधिकारसम्बन्धी २४ वटा अन्तर्राष्ट्रिय दस्तावेजहरूको पक्षराष्ट्र भएकोले देशको प्रचलित नियम कानुन तथा अन्तर्राष्ट्रिय प्रतिबद्धता एवम् दायित्वहरूबमोजिम मानवअधिकारको संरक्षण तथा प्रवर्धनका क्षेत्रमा सरकार पूर्ण प्रतिबद्ध रहेको छ। नेपालको अन्तरिम संविधान, २०६३ ले नागरिकलाई थप मौलिक हकहरू प्रदान गरेर मानवअधिकारको दायरालाई फराकिलो बनाएको छ।

मानवअधिकारको संरक्षण र सम्बर्द्धनका लागि संवैधानिक अङ्गका रूपमा राष्ट्रिय मानवअधिकार आयोगको स्थापना भई सो आयोगले आफ्नो कार्यसम्पादन गर्दै रहेको छ। राष्ट्रिय मानवअधिकार आयोगलाई सक्षम, सुदृढ र क्षमतायुक्त बनाई मानवअधिकारको संरक्षण र संवर्द्धन गर्ने अग्रणी संस्थाका रूपमा विकास गर्न सरकार प्रतिबद्ध छ। सोही क्रममा राष्ट्रिय मानवअधिकार आयोगलाई थप सुदृढ एवम् अन्तर्राष्ट्रिय मापदण्ड अनुरूप बनाउने उद्देश्यका साथ राष्ट्रिय मानवअधिकार आयोग ऐन, २०६८ जारी गरिएको छ। मानवअधिकारका विषयमा नेपाल पक्ष भएका विभिन्न अन्तर्राष्ट्रिय सन्धि/अभिसन्धिहरूबाट सिर्जित दायित्व तथा नेपालको अन्तरिम संविधानमा व्यवस्था गरिएका प्रतिबद्धताहरू पूरा गर्न नेपाल सरकारले आ.ब. २०६१/६२ देखि आवधिक रूपमा मानवअधिकार राष्ट्रिय कार्ययोजना कार्यान्वयन गरिरहेको छ। हाल तेस्रो मानवअधिकार राष्ट्रिय कार्ययोजना, २०६७/६८ - २०६९/७० कार्यान्वयनको क्रममा छ।

कार्यकारी निकायअन्तर्गत प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, कानुन तथा मानवअधिकार

प्रवर्धन महाशाखा मानवअधिकारको क्षेत्रमा राष्ट्रिय सम्पर्क बिन्दुका रूपमा कार्यरत छ। मानव अधिकारको संरक्षण तथा प्रवर्द्धन कार्यलाई प्रभावकारी बनाउन यसले विभिन्न निकायहरूबीच समन्वय, सहयोग र सहकार्य गरिरहेको छ। यसै एकाइको समन्वय र सम्बन्धित निकायहरू तथा सरोकारवालाहरूको सक्रिय सहभागितामा संयुक्त राष्ट्र सङ्घीय मानवअधिकार आयोगको विश्वव्यापी आवधिक समीक्षा (Universal Periodic Review) अन्तर्गत नेपालका प्रतिबद्धता एवम् प्राप्त सिफारिशहरूको प्रभावकारी कार्यान्वयनका लागि कार्ययोजना तयार पारी कारबाही गरिँदै आइएको छ। त्यस्तै विगतको द्वन्द्वका क्रममा भएका मानवअधिकार तथा अन्तर्राष्ट्रिय मानवीय कानुन उल्लङ्घनका गम्भीर घटनाहरूलाई सम्बोधन गर्ने गरी अन्तरिम संविधानमा व्यवस्था भए बमोजिम सङ्क्रमणकालीन न्यायप्रणालीसँग सम्बन्धित कानुन जारी गर्न सरकार प्रतिबद्ध छ।

द्वन्द्वकालीन परिस्थितिमा सन् २००५ मे देखि नेपालमा आई सन् २०११ डिसेम्बरसम्म मुलुकमा कार्यरत संयुक्त राष्ट्रसङ्घीय मानवअधिकार उच्चायुक्तको कार्यालय (OHCHR) समेतको सहकार्यमा खासगरी वृहत् शान्ति सम्झौता, २००६ पश्चात् मुलुकमा मानव अधिकार प्रवर्द्धनको अवस्थामा आएको उल्लेख्य सुधारको क्रममा मानवअधिकारका क्षेत्रमा कार्यरत राष्ट्रिय संस्थाहरूको क्षमता वृद्धि र कृयाशीलतालाई संस्थागत गर्नेतर्फ ठोस उपलब्धि हासिल हुन सकेको छ। मानवअधिकारको संरक्षण र सम्वर्द्धन कार्यलाई निरन्तर राष्ट्रिय क्षमता अभिवृद्धिद्वारा दिगो र दीर्घकालीन रूपमा सम्बोधन गर्नु नै उपयुक्त विकल्प भएको परिप्रेक्ष्यमा संयुक्त राष्ट्रसङ्घलगायत अन्तर्राष्ट्रिय समुदायले नेपालको मानवअधिकार क्षेत्रमा संस्थागत सुदृढीकरण र क्षमता विकासका लागि अनवरत योगदान गरी मानवअधिकारको संरक्षण र संवर्द्धनमा सकारात्मक सहयोग पुऱ्याउने अपेक्षा गरिएको छ।

नेपालले विभिन्न अन्तर्राष्ट्रिय सन्धि/अभिसन्धिहरूको पक्षराष्ट्रको हैसियतले सम्बन्धित निकायहरू समक्ष आवधिक रूपमा प्रस्तुत गर्नुपर्ने प्रतिवेदनहरू मध्ये गत वर्ष बालअधिकारसम्बन्धी महासन्धि अनुसारको तेस्रो, चौथो र पाँचौँ संयुक्त आवधिक प्रतिवेदन एवम् सो महासन्धि अन्तर्गतकै सशस्त्र द्वन्द्वमा बालबालिकाको सहभागितासम्बन्धी अतिरिक्त आलेख अनुसारको प्रारम्भिक प्रतिवेदन बालअधिकार समितिमा प्रस्तुत गरिएको छ।

नेपालले भ्रष्टाचार विरुद्धको राष्ट्रसङ्घीय महासन्धिलाई सन् २०११ मा अनुमोदन गरी सो को सदस्य राष्ट्र भएको सन्दर्भमा महासन्धिले श्रृजना गरेका दायित्व कार्यान्वयनको लागि सरकारले राष्ट्रिय रणनीति तथा कार्ययोजना, २०६९ स्वीकृत गरी कार्यान्वयन शुरु गरेको छ। त्यस्तै, लैङ्गिक हिंसा अन्त्य तथा लैङ्गिक सशक्तिकरणसम्बन्धी राष्ट्रिय रणनीति तथा कार्ययोजना, २०६९/७० - २०७३/७४ कार्यान्वयनको क्रममा रहेको छ। साथै, अन्तर्राष्ट्रिय सङ्गठित अपराधसम्बन्धी संयुक्त राष्ट्रसङ्घीय महासन्धि (UN Convention Against Transnational Organized Crime) लाई अनुमोदन गरी सन् २०११ को डिसेम्बरदेखि नेपाल सो महासन्धिको पक्ष राष्ट्र बनेको छ।

यसका अतिरिक्त मानवअधिकारका क्षेत्रमा कार्यरत सक्रिय एवम् जागरुक नागरिक समाजका सकारात्मक प्रयासहरूले पनि नेपाल सरकारलाई मानव अधिकारको क्षेत्रमा सचेत एवम् संवेदनशील रहन अभिप्रेरित गर्दै आएको छ। मानवअधिकारको सूचना र सचेतना प्रवाह गराई यसको संरक्षण, सम्बर्द्धन र मानवअधिकारसम्बन्धी हक स्थापित गराउन राज्यका साथै अन्य क्षेत्रको भूमिका पनि उल्लेखनीय रहेको छ।

उपर्युक्त गतिविधिहरूबाट मानवअधिकार संरक्षण र सम्बर्द्धनका क्षेत्रमा नेपाल पूर्णत: प्रतिबद्ध रही जिम्मेवारीका साथ निरन्तर अघि बढिरहेको तथ्य स्पष्ट झल्किन्छ। सरकार, नीजि क्षेत्र एवम् नागरिक समाजको सहकार्यलाई थप घनीभूत गरी मुलुकको मानवअधिकारको स्थितिलाई अझ सुदृढ गर्दै लैजानु आजको आवश्यकता पनि हो। यसका लागि निकायगत समन्वय, साझेदारी र सहकार्य अपरिहार्य रहन्छ। आफ्नो क्षेत्राधिकारभित्र पर्ने विषयमा सञ्चार, समन्वय, सहकार्य र सहजीकरण गरी मानवअधिकार प्रवर्द्धन कार्यमा सहयोग पुऱ्याउन परराष्ट्र मन्त्रालय सदा झैँ कटिबद्ध रहेको छ।

नेपाली सेना

(१) हालको विद्यमान परिस्थितिमा मानवअधिकारलाई निकै सुक्ष्म ढङ्गबाट विश्लेषण र जनताको मौलिक हक एवम् नैसर्गिक अधिकारको पक्षमा दाँजिन थालेको छ। सन् २००६ पछि विशेष गरी मानवअधिकारको सम्बन्धमा सुरक्षा अङ्गमा मात्र

यसको टिकाटिप्पणी नभई राज्यका विभिन्न निकायहरूमा समेत यसको पालनाको सम्बन्धमा सकारात्मक बृद्धि भएको महशुस गरिएको छ।

(२) नेपाल संयुक्त राष्ट्रसङ्घप्रति प्रतिवद्ध रही विभिन्न सन्धि सम्झौता एवम् अभिसन्धिलाई हस्ताक्षर, अनुमोदन गरी सो को पक्ष रहेको कारणले मानवअधिकार एवम् मानवीय कानुन प्रति उत्तरदायी र प्रतिबद्ध रहेको नै छ। राष्ट्रका अन्य जिम्मेवार व्यक्ति, राजनीतिक पार्टी तथा सङ्घ संस्थाहरूले समेत समय-समयमा व्यक्त गरेको अभिव्यक्ति, धारणा तथा प्रतिवद्धतामा नेपाली जनता र मानवअधिकारको संरक्षण र सम्बर्द्धन गर्ने गराउने भन्ने उल्लेख भइरहेको अवस्थामा सबैबाट यसको मर्मअनुसार व्यवहारमा पालना हुँदै गए अन्तर्राष्ट्रिय जगतमा नेपालको शान्तिप्रिय छवि उजगार हुने सम्भावना बढ्ने देखिन्छ।

(३) मानवअधिकार र मानवीय कानुनप्रति राज्यले गरेको विभिन्न सन्धि सम्झौता, घोषणामार्फत व्यक्त गरेको प्रतिवद्धता अनुरूप राज्यले दायित्व सुम्पेको अवस्थामा नेपाली सेनाले नेपाली जनताको संविधानमा प्रद्धत मानवअधिकारको संरक्षण गर्ने गराउने कार्यमा सधैँ सजग र प्रतिवद्ध रहेको जग जाहेरै छ। सोही बमोजिम नेपालले पूरा गर्नुपर्ने दायित्व स्वरूप नेपाली सेनाको तर्फबाट निम्न कार्यहरू समेत गरिँदै आएको छः

(क) संयुक्त राष्ट्र सङ्घद्वारा पारित मानवअधिकारको विश्वव्यापी घोषणापत्र, १९४८ लाई पालना गर्नुपर्ने राज्यको दायित्व रहेको हुन्छ जसमा जनतालाई राजनीतिक, सामाजिक, आर्थिक, सांस्कृतिक अधिकार तथा उसको मौलिक हक अधिकारलाई सुरक्षा गर्ने प्रत्याभूति दिएको हुन्छ। त्यस्तै जेनेभा महासन्धि, १९४९ (अन्तर्राष्ट्रिय मानवीय कानुन) लाई नेपालले सन् १९६५ मा अनुमोदन गरेपछि लामो समयदेखि नेपाली सेनामा पढाइने युद्धकलाका विषयहरूमा समेत मानवीय पक्ष जस्तै : नागरिक तथा नागरिकको सम्पत्तिमा हानी नपुऱ्याउने, बालिनालीलाई क्षति नगर्ने, बालबालिका, महिला तथा बुढापाकाहरूलाई सम्मान गर्ने, मठमन्दिर एवम् सांस्कृतिक सम्पदा र महत्वपूर्ण संरचनालाई क्षति नपुऱ्याउने साथै युद्धबन्दी तथा घाइतेहरू प्रति गर्नुपर्ने व्यवहार जस्ता कुराहरूलाई जोड दिईँदै आइरहेको छ।

(ख) नेपालको अन्तरिम संविधान, २०६३ र सैनिक ऐन २०६३ को दफा २० (१) मा सैनिक व्यक्तिहरूलाई मानवअधिकार तथा अन्तर्राष्ट्रिय मानवीय कानुन सम्बन्धी तालिम तथा शिक्षा दिने प्रावधान रहेको छ। सोही अनरूप नेपाली सेनामा IHL Integration Order लागु गरिएपछि सम्पूर्ण फौजहरूलाई मानवअधिकार तथा अन्तर्राष्ट्रिय मानवीय कानुनको संरक्षण र सम्बर्धन गर्ने कार्यमा तत्कालै सैद्धान्तिक र व्यवहारिक रूपमा पालना गरी व्यवहारमा लागु गर्ने र क्रमिकरूपमा सकल दर्जालाई IHL/IHRL तालिम गराउँदै लगिएको साथै सोही कुरालाई सेनाको तल्लो तहसम्म अति संवेदनशील तरिकाले सचेत गराउन सशस्त्र द्वन्द्वको कानुन सम्बन्धी नेपाली सेनाको प्रकाशित हाते पुस्तक "Nepal Army Hand Book on Law of Armed Conflict" र यस निर्देशनालयबाट मानवीय कानुन सम्बन्धी तालिम डकुमेन्ट्री तयार गरी सेनाको सम्पूर्ण युनिटहरूमा वितरण गरिनुको साथै तालिमहरूमा समेत त्यो बारेमा जानकारी गराउने गरिएको छ। यसैगरी नेपाल सरकार श्री रक्षा मन्त्रालयका रक्षा सचिव र तत्कालिन UNIFEM हाल UN Women बीच ९ जुन २०१० मा MOU मा चार वर्षको लागि हस्ताक्षर भई Promoting Gender Responsive Security Sector (PROGRESS) कार्यक्रम लागु गर्ने समझदारी भए अनुसार यस निर्देशनालय र UN Women बीच २०६९ कात्तिक ३ गते Letter of Agreement मा हस्ताक्षर भई दोस्रो वर्षका लागि कार्यक्रम सञ्चालन भइरहेको छ। यस निर्देशनालय र UN Women को संयुक्त प्रयासमा जङ्गी अड्डा, पूतना निर्देशनालय, शिक्षालय तथा बाहिनी अड्डाहरूमा UNSCRs 1325 & 1820 सम्बन्धी तालिम सञ्चालन गर्ने गरिएको साथै नेपाली सेनाद्वारा लैङ्गिक समानता तथा संयुक्त राष्ट्रसङ्घ सुरक्षा परिषद्को तालिम प्रस्ताव नम्बर १३२५ र १८२० सम्बन्धी तालिमहरू भविष्यमा अन्य संस्थाहरूको सहयोग बिना नेपाली सेनाभित्रका प्रशिक्षकहरूको प्रयोग गर्ने गरी Teaching Manual तयार भइ वितरण गर्ने कार्य भइरहेको छ जसले नेपाली सेनामा लैङ्गिक हिंसा विरुद्धको कार्यहरूप्रति सजग एवम् रोकथाम गर्ने कार्य तथा लैङ्गिक समानता, महिलाप्रतिको व्यवहार र आदर कायम गर्न अहम् भूमिका निर्वाह गर्ने आशा गरिएको छ।

(ग) मानवअधिकारको संरक्षणतर्फ नेपाली सेनाले दण्डहीनतालाई प्रश्रय नदिने नीति अवलम्वन गरे अनुरूप नेपाली सेनाका कुनै पनि सदस्यहरूबाट मानवअधिकारको उल्लङ्घन भएको भनी जुनसुकै माध्यमबाट प्राप्त उजुरी वा घटनाहरू उपर तत्काल

अनुसन्धान गरी दोषी पाइएमा आवश्यकता अनुसार कारबाही गरिँदै आएको छ। साथै नेपाली सेनाले कमाण्ड जिम्मेवारीमा नियुक्त भएर जाने अधिकृतहरूलाई मानवअधिकार तथा अन्तर्राष्ट्रिय मानवीय कानुन बारेमा ब्रिफ्रिङ दिने कार्यबाट कमाण्डर आफू र आफ्नो मातहतमा रहेका फौजहरूलाई सदैव सचेत गराउन नेपाली सेनाले मानवअधिकार हनन् गर्नेलाई दण्डितसमेत गरी सुन्य सहिष्णुता नीतिले अहम् भूमिका खेलको छ।

(घ) शान्ति सेनामा जाने नेपाली सेनाका सकल दर्जाहरूलाई कडा छनौट प्रक्रिया अनुसार छनौट गरी वीरेन्द्र शान्ति कार्य तालिम केन्द्र, पाँचखालमा सञ्चालन हुने Pre-Deployment तालिममा समेत उनीहरूलाई मानवअधिकार तथा अन्तर्राष्ट्रिय मानवीय कानुन, Command Responsibility, Superior Orders , लैङ्गिक समानता, Sexual Abuse, UN Resolution 1325 र 1820 बारे ज्ञानमा अभिवृद्धि गरी नेपालको संयुक्त राष्ट्रसङ्घ प्रतिको प्रतिवद्धतालाई अझ टेवा पुऱ्याएको छ।

(४) अन्तमा, मानवअधिकारको सम्बर्द्धन र संरक्षका लागि अहरात्र खटिने अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) सदाझै नागरिकहरूको मानवअधिकार सम्वर्धनमा रहेको संवेदनशीलता अझ प्रभावकारी रूपमा आउदा दिनहरूमा पनि बिना भेदभाव स्वतन्त्रतापूर्वक कार्यान्वयन गर्दै जाने छ भन्ने दृढ विश्वासका साथ यस वर्ष प्रकाशन हुन लागेको "नेपाल मानवअधिकार वर्षपुस्तक २०१३"को लागि नेपाली सेनाको तर्फबाट मानवअधिकार निर्देशनालय सफलताका कामना गर्दछ।

राजेश्वर भट्टराई
प्राड महासेनानी
सह-निर्देशक, मानवअधिकार निर्देशनालय

नेपाल प्रहरी

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) को वार्षिक प्रकाशनको क्रममा यस वर्ष पनि मानव अधिकारसँग सम्बन्धित घटनाहरूलाई देशव्यापी एवम् वार्षिक अभिलेखको रूपमा मानव अधिकार वर्षपुस्तक २०१२ प्रकाशन गर्न लागेकोमा हामीलाई खुशी लागेको छ। इन्सेकको यो योगदान वास्तव मै उल्लेखनीय एवम् सराहनीय रहेको छ।

संविधान प्रदत्त मौलिक हक तथा जनतामा निहित सार्वभौम अधिकारबाट प्राप्त लोकतन्त्र र कानुनी शासनको मेरुदण्डको रूपमा रहेको मानवअधिकारको व्यवहारिक अभ्यास बिना लोकतान्त्रिक शासन व्यवस्थाको संस्थागत विकास असम्भव रहेको कारण नागरिकको जीउ-धन र मानमर्यादा र प्रतिष्ठाको सम्मान, सुरक्षा तथा अधिकतम हितहरूको संरक्षण र समग्र देशको विकासका लागि कानुनी राज्य, लोकतान्त्रिक शासन व्यवस्था र मानव अधिकारका विश्वव्यापी तथा आधारभूत सिद्धान्तहरूलाई पुर्ण आत्मसात गर्दै जनताका आधारभूत अधिकारहरूको संरक्षण गर्नु लोकतान्त्रिक शासनको मुख्य उद्देश्य हो।

तसर्थ मानवअधिकारको संरक्षण कुनै पृथक विषय वा सन्दर्भ नभई प्रहरी सङ्गठनको स्थापनाको मुलभूत उद्देश्य नै हो। नागरिकहरूका संविधान प्रदत्त मौलिक हक अधिकारहरूलाई संरक्षण गर्दै जनताप्रतिको आफ्नो उत्तरदायित्वको रूपमा मनन गरी मानवअधिकारलाई जनताको सेवा र आफ्नो व्यवसायिक दक्षताको मापदण्ड बनाई समाजमा कानुन कार्यान्वयन गर्ने जस्तो अत्यन्तै महत्वपूर्ण एवम् संवेदनशील जिम्मेवारी बोकेको नेपाल प्रहरी अपराधको रोकथाम तथा अनुसन्धान गर्न आफ्नो स्थापनाकालदेखि हालसम्म कुशलतापूर्वक हरेक क्रियाकलापहरूलाई परिष्कृत एवम् परिमार्जित गर्दै जनताका हक अधिकारहरूको संरक्षण एवम् सम्बर्द्धनतर्फ लक्षित एवम् निर्देशित गरेको छ।

विशेष गरी समाजमा शान्ति सुव्यवस्था कायम गर्न अहम जिम्मेवारी बहन गर्ने र मानव अधिकारको संरक्षण एवम् सम्बर्द्धनलाई सांगठनिक प्राथमिकताको रूपमा अङ्गीकार गरी प्रत्येक प्रहरी कर्मचारीलाई मानवअधिकारको बढी भन्दा बढी ज्ञान दिने उद्देश्यले **"नेपाल प्रहरी मानवअधिकार स्थायी आदेश"** पुस्तिकाको प्रकाशन गरी सम्पुर्ण प्रहरी कर्मचारीहरूलाई वितरण गरिएको, मानवअधिकारको सम्वर्द्धन, संरक्षण र समन्वयलाई मुल कार्यप्रणलीको रूपमा लिई नेपाल प्रहरी मानवअधिकार इकाईको स्तरोन्नति गरी सबै क्षेत्रीय र अञ्चल प्रहरी कार्यालयहरूमा मानवअधिकार सेल र सबै जिल्ला प्रहरी कार्यालयहरूमा मानवअधिकार डेस्क स्थापना गरी क्रियाशील रूपमा कामकारबाही गर्ने योजना रहेको, प्रहरी कर्मचारीहरूका लागि सञ्चालन हुने सबै तहका तालिम कार्यक्रमहरूमा मानवअधिकार सम्बन्धी कक्षाहरू सञ्चालन गर्ने उद्देश्यले उक्त तालिम

कार्यक्रमका पाठ्क्रमहरूलाई मानवअधिकारका दृष्टिकोणबाट पुनरावलोकन एवम् परिमार्जन गर्ने काम भइरहेको, नेपाल सरकारको मानवअधिकारसम्बन्धी त्रीवर्षीय कार्ययोजना अनुरूप कार्यक्रमहरूको निर्माण र कार्यान्वयन गरी मानवअधिकारको प्रभावकारी संरक्षण एवम् सम्वर्द्धनका लागि राष्ट्रिय मानवअधिकार आयोगलगायत मानवअधिकारसँग सम्बन्धित विभिन्न सरकारी एवम् गैरसरकारी सङ्घ संस्थाहरूसँग समन्वय एवम् सहकार्य आदि मानवअधिकारको संरक्षण एवम् सम्वर्द्धनमा नेपाल प्रहरीले चालेका केही महत्वपूर्ण प्रयासहरू हुन्।

मानवअधिकार दिवसको अवसरमा राष्ट्रिय मानवअधिकार आयोगसँगको समन्वय र सहकार्यमा नेपाल प्रहरीले मानवअधिकार महाभेलामा आयोजकका रूपमा सहभागिता जनाई मानवअधिकारको संरक्षण र सम्वर्द्धनको क्षेत्रमा गरिरहेको क्रियाकलापको जानकारी तथा प्रकाशित प्रकाशनहरूको निःशुल्क रूपमा वितरण, र मानव अधिकारको संरक्षण र सम्र्द्धनमा नेपाल प्रहरीको प्रतिवद्धता तथा ऐक्यवद्धता जनाउन स्थानीय स्तरमा पनि विभिन्न अन्तर्क्रियात्मक कार्यक्रम गरी मनाइएको, Human Rights and Democratic Policing, Human Rights and Law Enforcement, Crime Investigation Related to Women and Children विषयमा छुट्टै एवम् विशिष्टीकृत तालिम पाठ्यक्रम, तालीम निर्देशिका निमार्ण गरी क्षेत्रीय तथा अञ्चलस्तरमा तालिमहरू तथा अनुशिक्षण कार्यक्रम सञ्चालन गरी ५ हजार भन्दा बढी प्रहरी कर्मचारीहरूलाई मानवअधिकारसम्बन्धी प्रशिक्षण गरिएको, नेपाल प्रहरीले मानवअधिकारको संरक्षण तथा सम्वर्द्धनलाई साङ्गठनिक प्राथमिकताको रूपमा अङ्गीकार गरेको फलस्वरूप मानवअधिकार उल्लङ्घनका घटना र उजुरीहरूमा व्यापकरूपमा कमी आएको छ। मानवअधिकारसँग सम्बन्धित प्राप्त उजुरीहरूको सङ्ख्यालाई विश्लेषण गर्दा पछिल्ला वर्षहरूमा उजुरीहरूको सङ्ख्या र मानवअधिकार उल्लङ्घनका घटनाका संलग्न प्रहरी कर्मचारीहरूलाई गरिएको कारबाहीको सङ्ख्या पनि क्रमशः न्यून रहेको देखिन्छ। मानवअधिकार उल्लङ्घनको आरोपमा हालसम्म ५ सय ८८ जना प्रहरी कर्मचारीहरू उपर कारवाही भएको छ। साथै मानवअधिकार संरक्षण एवम् सम्वर्द्धनलाई नेपाल प्रहरीले उच्च साङ्गठनिक प्राथमिकतामा राखी हरेक प्रहरी क्रियाकलापलाई मानवअधिकार मैत्री बनाउने विभागीय नीति अनुरूप नेपाल प्रहरीको मानवअधिकारसम्बन्धी एक वर्से कार्ययोजना सार्वजनिक गरिएको।

कानुनको कार्यान्वयन गराउने जिम्मेवारी नेपाल प्रहरीको काँधमा रहेकाले प्रहरीका हरेक क्रियाकलापमा मानवअधिकारको प्रश्न उत्पन्न हुने भएकोले नागरिकका संविधान प्रदत हक अधिकारहरूको हनन कुनै अवस्थामा हुनु हुँदैन भन्ने कुरामा नेपाल प्रहरी सचेत, सजग र प्रतिवद्ध रहेको छ। हाम्रो यो प्रतिबद्धता र प्रयासलाई मूर्त रूप दिन र अपराधको प्रभावकारी रूपमा रोकथाम, नियन्त्रण र सफल अनुसन्धान गरी शान्ति, सुरक्षा र न्यायपूर्ण सामाजिक वातावरणको सृजना गर्न नेपाल प्रहरीलाई कानुन कार्यान्वयनको दृष्टिकोणबाट स्वच्छ, स्वतन्त्र र व्यवसायिक रूपबाट अझ बढी दक्ष एवम् साधन, श्रोत र विधिसम्पन्न बनाउन सम्बन्धित सबैको निरन्तर सकारात्मक पहल र सहयोगको अपेक्षाका साथै इन्सेकलाई यो पुस्तक प्रकाशनको सफलताको कामना गर्दछौं।

नेपाल प्रहरी मानव अधिकार एकाइ
प्रहरी प्रधान कार्यालय,
नक्साल, काठमाडौं

सशस्त्र प्रहरी बल

(१) विगत वर्षहरूमा झैं यस वर्ष पनि मुलुकभरिकै मानवअधिकार स्थितिको बारेमा सामाजिक न्यायको निम्ति स्थापित इन्सेकले सत्यतथ्यमा आधारित रही प्रकाशनमा ल्याउन गइरहेका "मानवअधिकार वर्षपुस्तक २०१३" को सफलताको कामना गर्दछौं। साथै केन्द्रले आउँदा दिनहरूमा आमनागरिकहरूको मानवअधिकार संरक्षण एवम् सम्वर्धन गर्ने कार्यमा महत्वपूर्ण योगदान पुऱ्याउन सफल हुनेछ भन्ने हामीले विश्वास लिएका छौं।

(२) सशस्त्र प्रहरी बलले स्थापनाकालदेखि नै राज्यद्वारा प्रदत्त जिम्मेवारीहरूलाई राज्यको चाहना र जनअपेक्षा अनुरूप व्यवसायिक, पारदर्शी, जिम्मेवार भई गतिशील एवम् प्रभावकारीरूपमा कार्य निर्वाह गर्दै आइरहेको छ। सङ्गठनले विधिको शासनलाई आत्मसाथ गर्दै संविधान, प्रचलित ऐनकानुन, स्थापित कार्यविधि र प्रक्रियाहरूको अवलम्वन गरी मानवअधिकारको संरक्षण र सम्वर्द्धन गर्दै शान्ति सुरक्षा सहयोग र उद्दार कार्यमा अहोरात्र क्रियाशील रहँदै आएको छ। राज्यद्वारा निर्दिष्ट जिम्मेवारीहरू पूरा गर्ने

क्रममा सङ्गठनमा आवद्ध राष्ट्रसेवक सशस्त्र कर्मचारीहरूले मानवीय मूल्य मान्यता र संस्कारलाई सदै सम्मान गर्ने गरेको छ। नेपाल सरकारले आमनेपालीको नैसर्गिक अधिकारहरूको सम्मान र संरक्षण गर्ने हेतुले राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरमा प्रतिवद्धता जनाएका सन्धि अभिसन्धि तथा सम्झौताहरूको मर्मलाई पूर्णरूपमा आत्मसात गर्दै व्यवहारत पालना गर्दै आइरहेको छ।

(३) सशस्त्र प्रहरी बलमा सञ्चालन हुने सबै किसिमका तालिम पाठ्यक्रमहरूमा मानवअधिकार र अन्तर्राष्ट्रिय मानवीय कानुनसम्बन्धी विषयवस्तुहरूक समावेश गरी सशस्त्र प्रहरी कर्मचारीहरूलाई प्रशिक्षण दिँदै आएको छ। यसको अलवा सङ्गठनले समय-समयमा मानवअधिकार सचेतना अभिवृद्धि गर्ने हेतुले आयोजना हुने विभिन्न तालिम, सम्मेलन, गोष्ठी, कार्यशाला आदिमा सक्रियतापूर्वक सहभागिता जनाउँदै आइरहेको छ। मानवअधिकारको मर्म अनुरूप सङ्गठनबाट प्रबाह गरिने कार्य सम्पादनहरूमा सङ्गठन सदैव सचेत एवम् सजग रहँदै आएको छ।

(४) यसैगरी नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट जारी गरिएको "त्रिवर्षीय मानवअधिकार राष्ट्रिय कार्ययोजना कार्यान्वयन" अन्तर्गत स्थानीय स्तरसम्म सबै निकायका प्रतिनिधि, नागरिक समाज, राजनीतिक दलका प्रतिनिधि, वुद्धिजिवी, भद्रभलादमीहरूसँग समन्वय गरी मानवअधिकारका मूल्यमान्यता र स्थापित गरेका अन्तर्राष्ट्रिय सिद्धान्तहरूको प्रचारप्रसार गरी जनचेतना अभिवृद्धि गर्ने, मानवअधिकार सम्बन्धी सङ्घ संस्थाहरूसँग समन्वय गरी तालिमसम्बन्धी पाठ्यक्रमलाई समयानुकुल परिमार्जन गर्ने र मानवअधिकारसम्बन्धी कक्षाहरू सञ्चालन गर्दै आइरहेको छ।

(५) सशस्त्र प्रहरी बलका युनिटहरूमा कार्यरत सम्पूर्ण कर्मचारीहरूले सहज किसिमले कार्य सम्पादन गर्ने वातावरण निर्माणका लागि हरेक युनिटमा उजुरी तथा गुनासो शाखाको गठन गरिएको छ। जसमा गुनासो तथा उजुरी सुनवाइका लागि नोडल अधिकृत तोकिएको छ। यसरी आएका गुनासाहरू सम्भव भएसम्म युनिट तहमै सही सुनवाई गर्न सम्भव नभएमा मात्र आफ्नो Chain of Command अनुरूप सम्बन्धित क्षेत्र (बाहिनी) हुँदै प्रधान कार्यालय सशस्त्र प्रहरी महानिरीक्षकज्यू समक्ष तुरुन्त जाहेर हुने गरी उजुरी तथा गुनासो शाखाको गठन गरी सुनवाइ गर्ने काम गरिएको छ।

(६) सङ्गठनमा कार्यरत महिला सशस्त्र प्रहरी कर्मचारीहरूको हक हितको संरक्षण, शसक्तिकरण, विकासका साथै लैङ्गिक मैत्री वातावरण निर्माण गर्ने उद्देश्यले राज्यद्वारा प्रतिपादित शून्य सहनशीलताको नीतिलाई अङ्गिकार गर्दै प्रधान कार्यालयदेखि सीमा सुरक्षा कार्यालय स्तरसम्म लैङ्गिक इकाईहरूको स्थापना गरिएको छ। यसै परिप्रेक्ष्यमा सङ्गठनका विभिन्न इकाईहरूमा भौतिक स्रोतसाधन सम्पन्न लैङ्गिक शाखाको स्थापनाको लागि आवश्यक प्रक्रिया अगाडि बढाइसकिएको छ। लैङ्गिक इकाईले सशस्त्र महिला नोडल अधिकृत कर्मचारी समेतको व्यवस्था गरी लैङ्गिक विभेदसम्बन्धी परेका उजुरीहरू जस्तै : बहुविवाह, कुटपिट, गाली बेइज्जती, पारिवारिक उत्तदायित्वको वहन नगर्ने, मानवअधिकार उल्लङ्घन गर्नेलाई उजुरीकर्ताको पहिचानलाई गोप्य राखी कानुन बमोजिम कारवाही गर्दै आइरहेको छ।

(७) सङ्गठनले विभिन्न मन्त्रालयहरूलगायत अन्य सरोकारवाला सङ्घसंस्थासँग समन्वय एवम् सहकार्य गरी केन्द्रदेखि क्षेत्रस्तरसम्म नियमिति रूपमा लैङ्गिक अभिमूखिकरण, तालिम, लैङ्गिक हिंसा विरुद्ध चेतना अभिवृद्धि अनुशिक्षण कक्षा तथा अन्तर्क्रिया कार्यक्रम सञ्चालन गर्दै आइरहेको छ। सशस्त्र प्रहरी बलमा सञ्चालन हुने विभिन्न तालिमहरूको पाठ्यक्रमहरूमा लैङ्गिकताको आधारमा हिंसासम्बन्धी विषयहरूको समायोजन कार्यको थालनी गरिनुको साथै सङ्गठनमा कार्यरत पुरुष तथा महिला सशस्त्र प्रहरी कर्मचारीहरूलाई लैङ्गिक विभेदसम्बन्धी जानकारी गराउने गरिएको छ।

(८) सशस्त्र प्रहरी बलले शान्ति स्थापनार्थ खटी जाने FPU Mission हरूमा सशस्त्र प्रहरी कर्मचारीहरूको छनौट गर्ने क्रममा लिइने परीक्षामा मानवअधिकारसम्बन्धी प्रश्नावली सोधिने प्रावधान रहेको जसले गर्दा सशस्त्र प्रहरी बलमा अन्तर्राष्ट्रियस्तरमा समेत मानवअधिकारको मूल्यमान्यता तथा सिद्धान्तहरूको उल्लङ्घन हुन नदिनेतर्फ सङ्गठन प्रतिवद्ध रहेको पुष्टि गर्दछ साथै FPU Mission तथा UNPOL Mission खटिइ जाने सशस्त्र प्रहरी कर्मचारीहरूलाई मानवअधिकारसम्बन्धी कक्षाहरू सञ्चालन गरी मानवअधिकारसम्बन्धी ज्ञान दिलाउने गरिएको छ।

(९) अन्त्यमा, मानवअधिकारका स्थापित मूल्य, मान्यता र सिद्धान्तका मापदण्डहरूलाई लागु गर्न

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) लगायत अन्य सम्बन्धित सरोकारवाला निकायहरूलाई पूर्ण सहयोग गर्ने प्रतिवद्धता र सहकार्य गर्ने चाहना व्यक्त गर्दै आगामी दिनहरूमा अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) तगा यस क्षेत्रमा समर्पित सरोकारवाला निकायहरूको उपयुक्त सल्लाह एवम् सुझावहरूको अपेक्षा राखी केन्द्रद्वारा गरिने हरेक प्रयासहरूमा सफलता मिलोस भनि शुभ-कामना व्यक्त गर्दछौ।

जानकीराज भट्टराई
सशस्त्र प्रहरी वरिष्ठ उपरीक्षक

राष्ट्रिय महिला आयोग

महिला हक हितको संरक्षण एवम् सम्वर्द्धन गरी विकासको मूलप्रवाहमा महिलालाई समाहित गरी लैङ्गिक न्याय कायम गर्ने उद्देश्यअनुरूप स्थापित राष्ट्रिय महिला आयोग स्थापनाकालदेखि नै आफ्नो उद्देश्य प्राप्तिमा क्रियाशील रहँदै आएको छ। यसअन्तर्गत आयोगले महिला हक हितसँग सरोकार राख्ने राष्ट्रिय नीति तथा कार्यक्रमको तर्जुमा गरी कार्यान्वयनका लागि सिफारिस गर्ने, प्रचलित कानुनमा सुधार गरी लैङ्गिक न्याय कायम गर्ने तथा नेपाल पक्ष भएका अन्तर्राष्ट्रिय सन्धि सम्झौताहरूको कार्यान्वयन समेतका विषयमा अनुगमन गरी सरकारलाई सिफारिस गर्ने, महिला अधिकार उल्लङ्घन वा महिला हिंसाका उजुरीहरूको जाँचबुझ गर्ने समेतका कार्यहरू सम्पादन गर्दै आएको छ।

सन् २०१२ को महिला मानवअधिकारको उल्लङ्घन तथा महिलामाथि हुने हिंसाको अवस्था हेर्दा महिलाहरूलाई जलाएर हत्या गर्ने, सामूहिक बलात्कार गर्ने, बालिकामाथि बलात्कार गर्ने, चेलिबेटी बेचबिखन, दाइजो नल्याएको वा कम ल्याएको निहुँमा यातना दिने जस्ता महिला माथिका हिंसाका गम्भीर घटनाहरू बढी त्रामा घटेको देखिएको छ। यसैगरी सामाजिक कुरीतिका नाममा बोक्सीको आरोप लगाई कुटपिट तथा दुर्व्यवहार गर्ने, असुरक्षित छाउपडी गोठमा बस्न बाध्य हुनुपर्ने, बालविवाह आदि हिंसाका घटनाहरूमा कमी आएको देखिँदैन। संविधानसभाको विघटन पश्चात् कानुन निर्माण गर्ने निकाय विधायिका संसद नरहेका कारण विद्यमान कानुनमा समसामयिक संशोधन, सम्मानित सर्वोच्च अदालतले कानुन निर्माण तथा संशोधनका लागि सरकारलाई दिएको निर्देशनात्मक आदेश कार्यान्वयन, महिला अधिकारको संरक्षणका लागि राष्ट्रिय महिला आयोगबाट मस्यौदा गरिएको बोक्सीको आरोपसम्बन्धी कसुर तथा सजाय विधेयकलगायत अन्य विधेयकहरू पारित हुन सकेको छैन। यसैगरी विद्यमान राजनीतिक अस्थिरताका कारण दण्डहीनताले प्रश्रय पाउनुका साथै कानुन कार्यान्वयनमा समेत चुनौति देखिएको छ। यी सम्पूर्ण समस्याको असर सबैभन्दा बढी जोखिममा रहेका महिला तथा बालबालिकामा परेको देखिन्छ।

यस वर्ष आयोगमा घरेलु हिंसाका १ सय ७२ र महिलामाथि हुने अन्य हिंसाका ८४ निवेदन दर्ता भएका छन्। आयोगमा दर्ता भएका निवेदनहरूमा आयोगको तर्फबाट पक्षहरूको सहमतिमा मिलापत्र, कानुन सहायता, मनोसामाजिक परामर्श सेवा तथा अन्य आवश्यक सहयोगका लागि सम्बन्धित निकायमा सिफारिस गरिँदै आएको छ। यसैगरी विभिन्न पत्रपत्रिकामा प्रकाशित महिला हिंसाका घटनाका सम्बन्धमा आयोगबाट सङ्कलित तथ्याङ्क हेर्दा यस वर्ष यौनजन्य हिंसा १ सय ५०, मानव बेचबिखन ८९, हत्या ९८, घरेलुहिंसा ८१ तथा सामाजिक कुरीतिका नाममा ५५ वटा महिला हिंसाका घटना भएको देखिएको छ। आयोगले महिलामाथि हुने हिंसाका विभिन्न घटनाहरूको स्थलगत अध्ययन तथा अनुगमन गरी पीडितलाई न्याय र आरोपित पक्षलाई कानुनी कारबाहीको माग गरेको छ। आयोगले महिला अधिकारको वर्तमान अवस्था र समस्याको पहिचान गरी समस्या समाधान गर्ने उद्देश्य अनुरूप विभिन्नि अध्ययन तथा अनुसन्धान कार्यलाई निरन्तरता दिएको छ। संयुक्त राष्ट्रसङ्घीय सुरक्षा परिषद्बाट पारित प्रस्ताव नं. १३२५ र १८२० को कार्ययोजना कार्यान्वयनका लागि गठित निर्देशक समिति र कार्यान्वयन समितिमा रही अनुगमनसम्बन्धी कार्य समेत गर्दै आएको छ।

अन्त्यमा, इन्सेकले सत्यको अभिलेख र प्रसारद्वारा न्याय र सहअस्तित्वको वातावरण निर्माण गर्ने उद्देश्य अनुरूप मानवअधिकार उल्लङ्घनका घटनाहरूलाई सङ्कलन गरी यस वर्ष पनि नेपाल मानवअधिकार वर्षपुस्तक २०१३ प्रकाशन गर्न लागेकोमा राष्ट्रिय महिला आयोग शुभकामना व्यक्त गर्दछ।

शारदा विष्ट
सचिव

राष्ट्रिय दलित आयोग

मानवअधिकार उल्लङ्घनका घटनाहरूलाई सङ्कलन गरी नेपालमा मानवअधिकार वर्षपुस्तक स्पष्ट २०१२ प्रकाशन गर्न लागेकोमा अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)लाई धन्यवाद दिन चाहन्छौं।

समाजिक, आर्थिक, शैक्षिक एवम् साँस्कृतिक क्षेत्रमा पछाडि पारिनुका साथै छुवाछुत जस्ता अमानवीय व्यवहारको सिकार भई बाँच्न बाध्य दलित समुदायको मानवअधिकारको सम्झना गर्दा कल्लीकुमारी बोक्सीको आरोपमा अखाद्यय वस्तु खुवाईएको बर्दिया राष्ट्रिय निकुञ्ज भित्र सिकार गिरेको आरोपमा दलित महिलाहरूको गोली हानी हत्या गरिएको, दैलख सेते दमाईलाई छोराले अन्तरजातीय विवाहको कारण मारिएको र चुल्हो छोएको निहुँमा शारीरिक यातना दिई हत्या गरेको मनवीरे सुनारको घटना झल्झली स्मरण गराउँछ। सन् २०१२ मा नेपाली समाजमा विभिन्न स्वरूपमा दलित र गैरदलित बीचमा छुवाछुत, जातीय विभेद, असमानता लैङ्गिक असमानताहरू प्रमुख समस्याका रूपमा देखा परे।

जातकै आधारमा सार्वजनिक सेवासुविधा वञ्चित गरिनु, स्वास्थ्य, शिक्षा नपाउनु, समधुर सामाजिक सम्बन्धको पाटोका रूपमा रहेको अन्तरजातीय विवाह र गैरदलित बीचको सम्बन्ध स्वीकार नगर्नु, सहयोगी हुन नदिन परम्परागत सीपलाई मान्यता नदिनु, ज्याला बीना र न्यून ज्यालमा काम लगाउनु, जबरजस्ती सिनो खाने र फाल्ने जस्ता अमानवीय काममा लगाउनु, अभद्र अशिष्ट भाषा बोलेर आत्मसम्मानमा ठेस पुऱ्याई प्रभुत्व जनमाउन खोज्नु, दलितलाई अशुभ ठान्नु र छोईछिटो गर्नु, वैवाहिक जोडीलाई गाउँनिकाला गर्नु, क्षतिपूर्ति भनी जरिवाना गराउनु, बलात्कार यौनजन्य हिंसा, झुटा आरोप, कथित बोक्सीको आरोपमा मलमुत्र खुवाउने र उच्च राजनीतिक पदमा उमेदवार हुन नदिनु र नपाउनु जस्ता आमानवीय व्यवहारका शिकार भई बाँच्न बाध्य दलित समुदायको मानवअधिकारको अवस्था अपेक्षाकृत सुधार नभएको कुरा सन् २०१२ मा घटेका घटनाले स्मरण गराउँछ।

दलित मानवअधिकारको क्षेत्रमा उल्लेखित केही सुधार भए तापनि आयोगमा पर्न आएका उजुरी र आयोगले समयसमयमा गरेको अनुगमन अनुसन्धानका आधारमा सन् २०१२ पनि दलितहरूका लागि चुनौति पूर्ण रह्यो।

विभिन्न समयमा विभिन्न प्रकृतिका घटनाका उजुरीहरू यस आयोगमा परेका छन्। दलित अधिकार संरक्षण र सम्वर्धन गर्नको लागि राष्ट्रि तथा अन्तर्राष्ट्रिय स्तरमा छुवाछुत जस्तो जघन्य अपराध न्यूनीकरण गर्न यस पुस्तकले विगतमा जस्तै यस वर्ष पनि दबाब श्रृजना गर्न सकोस्।

सुशीला सिर्पाली
अध्यक्ष, राष्ट्रिय दलित आयोग

नेपाल बार एसोसिएसन

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) ले प्रत्येक वर्ष निकाल्दै आएको मानवअधिकार वर्षपुस्तकले नेपालको मानवअधिकार आन्दोलन र समग्र लोकतान्त्रिक आन्दोलनलाई महत्वपूर्ण उर्जा प्रदान गरेको छ। यसमा प्रकाशित हुने मानवअधिकार हनन् बारेको सूचना, अभिलेख र राज्यका तिनै अङ्गको काम कारबाही बारेको वस्तुनिष्ठ मूल्याङ्कनले यस क्षेत्रमा क्रियाशीले सम्बद्ध सबै सरोकारवाला निकायलाई आफ्नो काम कारबाही तथा नीतिगत विषयमा पुनरावलोकनको अवसर प्राप्त हुने भएकोले इन्सेकको यो कार्य अति नै सराहनीय रहेको छ।

नेपाल बार एसोसिएसन आफ्नो स्थापनाकालदेखि नै मानवअधिकारको सम्वर्धन र प्रवर्धन एवम् संरक्षणमा क्रियाशील रहिआएको नेपालको अग्रणी व्यवसायिक संस्था भएको नाताले इन्सेकजस्ता सामाजिक संस्थाहरूसँग समान चासो र सरोकारका विषयमा आवश्यकता अनुसार सहकार्य गरेर अघि बढ्न इच्छुक छ। नेपाल बार एसोसिएसन दशौं हजार सदस्य र ८६ ओटा बार एकाइसहित एक राष्ट्रिय सञ्जाल भएकाले यसका प्रत्येक सदस्यहरू देशै भरि विधिको शासन, संवैधानिक सर्वोच्चता र स्वतन्त्र, सक्षम अनि जवाफदेही न्यायपालिकाका लागि क्रियाशीले रहिआएका छन्। विगतमा जस्तै इन्सेकजस्ता मानवअधिकारको क्षेत्रमा क्रियाशील सङ्घसंस्थासँग मिलेर मानवअधिकधारको नियमित अनुगमन गर्ने कार्यमा नेपाल बार सदैव तत्पर रही आएको छ।

इन्सेकले अन्तर्राष्ट्रिय फौजदारी अदालतको रोम विधानलाई नेपालले अनुमोदन गर्नुपर्ने मान्यताका साथ चलाएको अभियानमा नेपाल बार सक्रिय रूपमा सहगोगी रहिआएको छ। त्यसैगरी इन्सेकले हालै

सार्वजनिक गरेको स्वच्छ सुनुवाई (Fair Trial) सम्बन्धी अनुसन्धनले नेपालको फौजदारी न्यायमा सुधारको खाँचो औँल्याएको छ। यस प्रकारका सृजनशील कार्यको लागि नेपाल बार एसोसिएसन हार्दिक धन्ववाद ज्ञापन गर्दछ र भविष्यमा समेत सहकार्य गर्दै जाने प्रतिवद्धता पनि व्यक्ति गर्दछ।

अन्त्यमा सदा झैँ यसपटक पनि प्रकाशन हुन लागेको मानवअधिकार वर्षपुस्तकले नेपालको मानवअधिकाार आन्दोलनमा थप योगदान पुऱ्याउने आशा व्यक्त गर्दछु। साथै, यो महत्वपूर्ण प्रकाशनमा नेपाल बारको धारणा राख्ने अवसर दिनु भएकोमा इन्सेकलाई हार्दिक ज्ञापन गर्न चाहन्छु।

हरिकृष्ण कार्की
अध्यक्ष, नेपाल बार एसोसिएसन

नेपाल पत्रकार महासङ्घ

दण्डहीनताका कारण अभिव्यक्ति स्वतन्त्रता उपभोगको अवस्था कमजोर छ भने प्रेस स्वतन्त्रता उल्लङ्घनका २ सय ७१ वटा घटना भएका छन्।

अन्तरिम संविधान २०६३ लागु भएयताका ६ वर्षदेखि मुलुकमा संविधान र सरकार दुवै अन्तरिम प्रकृतिका छन्। पुरानो संविधान खारेज भएको, नयाँ संविधान नबनिसकेको कारण मुलुक सङ्क्रमणकालमा छ। यस्तो अवस्थामा संवैधानिक र कानुनी भन्दा पनि राजनीतिक लोकप्रियतालाई ध्यानमा राखेर धेरै अभ्यास र प्रयोगहरू हुने गरेका छन्। विचार तथा अभिव्यक्ति स्वतन्त्रता, सूचनाको हक र श्रमजीवी पत्रकारको हितसँग सम्बन्धित कानुन, नीति र व्यवहारलाई यही पृष्ठभूमिमा राखेर हेर्नुपर्छ।

विचार तथा अभिव्यक्ति स्वतन्त्रता र सूचनाको हक नागरिक शसक्तिकरणका दृष्टिले महत्वपूर्ण संवैधानिक आधारहरू हुन्। कुनै पनि मुलुकमा लोकतन्त्र कति बलिया छ भने मुल्याङ्क गर्न त्यहाँ शासन पद्धति र प्रक्रियामा नागरिकको सहभागिता कति प्रभावकारी छ भनेर हेर्नुपर्छ। नेपालको लोकतन्त्र पनि कति नागरिकमुखी छ भनेर मुल्याङ्कन गर्ने आधार यहाँ विचार अभिव्यक्ति स्वतन्त्रताको अवस्था र सूचनाको हक जस्ता नागरिक अधिकारसँग सम्बन्धित विधिको प्रभावकारी कार्यान्वयन भए/नभएको अवस्थासँग जोडेर हेर्नुपर्ने हुन्छ।

अन्तरिम संविधानमा विचार तथा अभिव्यक्ति स्वतन्त्रताको सुनिश्चितता गरिएको छ। तर, सैद्धान्तिकरूपमै अझै पनि समस्याहरू बाँकी छन्। विचार र अभिव्यक्ति स्वतन्त्रताको संवैधानिक हैसियत अर्थात यो संशोधनीय वा असंशोधनीय हुने भन्ने बारेको बहसले एउटा निक्यौंल निकाल्न बाँकी छ। विचार र अभिव्यक्ति स्वतन्त्रता तथा प्रेस स्वतन्त्रतालाई कुन हदसम्म कानुनी रूपमा नियमन गर्न सकिन्छ भन्ने मामिलामा अझै बहसको जरुरी छ। अन्तरिम संविधान र भावी संविधानका लागि संविधानसभाको समितिद्वारा प्रस्तावित मस्यौदामा पनि व्यापक अर्थ लाग्ने प्रकृतिका कतिपय शब्दहरू उल्लेख भएका कारण यसको भावी प्रयोगका सम्बन्धमा निश्चिन्त हुन सकिने अवस्था छैन।

नेपालको अन्तरिम संविधान २०६३ मा विचार तथा अभिव्यक्ति स्वतन्त्रता र आमसञ्चारसम्बन्धी हकको सुनिश्चितता छ। तर, सोही धारासँग सम्बन्धित उपधारमा विचार तथा अभिव्यक्ति स्वतन्त्रता र आमसञ्चार सम्बन्धी हकलाई रोक लगाउने गरी कानुन बनाउन सकिने यति व्यापक व्यवस्था गरिएको छ कि त्यसले कुनै पनि बेला विचार र अभिव्यक्ति स्वतन्त्रता तथा आमसञ्चारसम्बन्धी हक नियन्त्रित हुनसक्ने खतरा कायमै राख्छ। जस्तो कि यी प्रतिबन्धात्मक वाक्यांशमा सरकारलाई 'सार्वजनिक शिष्टाचार' वा 'नैतिकताको प्रतिकुल हुने', 'छुवाछुत एवम् जातीय तथा लैङ्गिक भेदभावलाई दुरुत्साहन गर्ने' कार्य जस्ता व्यापक अर्थ भएका विषयमा समेत विचार र अभिव्यक्ति स्वतन्त्रतामा प्रतिबन्ध लगाउनसक्ने गरी कानुन बनाउने अधिकार दिन्छ।

सरकारले १ माघ २०६८ देखि लागु गरेको (हाल फिर्ता लिएको भनिएको) सूचना वर्गीकरणसम्बन्धी निर्णय नेपालमा नागरिक अधिकार कुनै पनि बेला सङ्कटमा पर्न सक्छ भन्ने एउटा उल्लेख्य उदाहरण थियो। सञ्चारकर्मी, अधिकारकर्मी र पेशाकर्मीहरूको व्यापक विरोध पछि सूचनाका हकसम्बन्धी ऐन २०६४ लाई व्यवहारमा निस्क्रिय बनाउने सरकारको प्रयास तत्काललाई असफल भएको छ। ऐनको दफा ३(३) मा सार्वजनिक निकायमा रहेका सूचना संरक्षण गर्न सूचना वर्गीकरण गर्नुपर्ने व्यवस्था छ। तर नेपाल सरकारका मुख्य सचिवको संयोजकत्वमा हुने समितिले त्यसलाई यसरी वर्गीकरण गरिदिएको थियो कि त्यस आधारमा 'सरकारले दिन नचाहेको सूचना नागरिकले नपाउने' हदैसम्मको प्रयास थियो त्यो।

सरकारले किन यसरी सूचना वर्गीकरण गर्न खोजेको थियो ? यसको नियत पनि उदाङ्गो भएको छ। अन्तर्राष्ट्रिय फौजदारी अदालतको विधान पारित

गर्न प्रतिनिधिसभाले निर्देशन दिए पछि सरकारले सो सम्बन्धमा अध्ययन गर्न गठन गरेको कार्यदलले परराष्ट्र मन्त्रालयलाई दिएको प्रतिवेदन पाउँ भनेर गैरसरकारी संस्था फ्रिडम फोरमका तर्फबाट परराष्ट्र मन्त्रालयमा निवेदन परेको थियो। त्यसमा परराष्ट्र मन्त्रालयले सूचना वर्गिकरण सम्बन्धी समितिको निर्णयअनुसार यो सूचना दिन नमिल्ने भनेर पत्र लेखेको थियो। यसबाट स्पष्ट हुन्छ सरकार 'जुनसुकै पनि सूचना लुकाउने उद्देश्यले' सूचना वर्गीकरणसम्बन्धी यस्तो काम गर्न उत्प्रेरित थियो। यो पृष्ठभूमिमा सूचनाको हक सम्बन्धी कानुन कार्यान्यनका आगामी चुनौती भनेको सरकार यो कानुन प्रभावकारी रूपमा कार्यान्वयन गर्ने पक्षमा होइन कि मौका पर्नासाथ फेरि नागरिक अधिकार कुण्ठित गर्न अग्रसर हुनसक्छ भन्ने हो। यसप्रति हाम्रो सजग निगरानी जरुरी छ।

सरकारले २०६९ पुष महिनादेखि फेरि 'नयाँ सञ्चार नीतिको मस्यौदा' भनेर एउटा दस्तावेज माथि छलफल चलाउन थालेको छ। सो नीति आधारभूत रूपमा नियन्त्रणमुखी छ। 'पत्रकारहरूलाई उनीहरूको दायित्व र कर्तव्य प्रति पूर्ण सचेत हुन प्रोत्साहित गर्ने', 'सञ्चार माध्यमले कुनै खास संस्था वा व्यक्तिको मात्र समर्थन वा विरोध गरी स्वतन्त्र तथा स्वस्थ्य प्रजातान्त्रिक वातावरणमा अवरोध पुऱ्याउन नदिने कुराको सुनिश्चितता गर्न सरकारलाई प्रोत्साहन गर्ने' भन्ने जस्ता यसका कतिपय प्रावधानहरू आपत्तिजनक छन्। दुइवटा कारणले यसमा सहमत हुन सकिन्न। पहिलो, स्वतन्त्रताको सीमा संविधानले तय गर्ने हो नीतिले होइन, दोस्रो, सञ्चार माध्यम र सञ्चारकर्मीहरूलाई कर्तव्यप्रति जिम्मेवारी बनाउन उनीहरू स्वयमद्वारा निर्मित आचारसंहिताले हो अरु कुनै आदेशले होइन।

अन्यत्र झैं नेपालमा पनि 'न्यू मिडिया' प्रति आर्कषण र प्रयोग दुवै बढ्दो क्रममा छ। प्रतिदिन अनलाईन मिडियामा पहूँच हुने पत्रकारहरूको सङ्ख्या थपिँदो क्रममा छ। अन्यत्र झैं नेपालमा पनि ब्लग, अनलाईन पत्रकारिता, विभिन्न सामाजिक सञ्जालहरू अभिव्यक्ति स्वतन्त्रताका सहज माध्यमहरू हुँदै गएका छन्। तर, अभिव्यक्ति स्वतन्त्रताका यी उपलब्ध माध्यमप्रति सरकार हदैसम्म असहिष्णु हुन थालेको छ भन्ने प्रधानमन्त्री डा बाबुराम भट्टराइको अभिव्यक्तिबाट स्पष्ट हुन्छ। प्रधानमन्त्रीले 'विशेषगरी सामाजिक सञ्जालको प्रयोगबाट हुने गरेका सामाजिक शिष्टाचार, नैतिकता र सार्वजनिक हितको प्रतिकुल हुने, सामाजिक सदभावलाई खलल पुऱ्याउने, तथा समाजमा द्वेष र आतङ्क फैलाउने, राष्ट्रिय अस्मिता र स्वाभिमानको विरुद्धका सामग्रीहरूको प्रशारण भइरहेको' भनेका छन्। यसको गम्भीर पक्ष भनेको संविधानमा विचार र अभिव्यक्ति स्वतन्त्रता तथा आमसञ्चारसम्बन्धी हकको प्रतिबन्धात्मक वाक्यांशमा प्रयोग भएका शब्दहरू नै प्रयोग गरेर प्रधानमन्त्री भट्टराईले सामाजिक सञ्जालहरू माथि आलोचना गरेका छन्। त्यसैले पनि संविधानमा यस्ता व्यापक अर्थ लाग्ने शब्दहरू प्रयोग गरिनु हुन्न भन्ने महासङ्घको भनाइ हो।

पछिल्लो एक वर्षको तथ्याङ्क केलाउँदा मात्रै पनि देखिन्छ कि भौतिक सुरक्षा नेपाली प्रेस जगतले भोगेको ठुलो समस्या हो। सन् २०१२ मा मात्रै नेपालमा पत्रकार र मिडिया व्यवस्थापक गरेर तीन जनाको हत्या भयो। झापामा हत्या गरिएका पत्रकार यादव पौडेलको हत्यामा संलग्नहरू जेलमा भए पनि यस अघि पत्रकार हत्या र वेपत्ता प्रकरणमा संलग्नहरू अहिले पनि खुलेआम हिँडिरहेको अवस्था छ। भर्खरै मात्र नागरिक दैनिकको कार्यालयमा आक्रमण गरिएको छ। शिव सेना नेपालका नाममा नागरिक दैनिकका प्रधानसम्पादक किशोर नेपाल सहितका सञ्चारकर्मीहरू माथि गरिएको यो आक्रमण प्रेसमाथि गरिएको लज्जास्पद आक्रमण हो र यसले सरकार प्रेसको सुरक्षा गर्न असफल छ भन्ने देखाउँछ।

नेपाल पत्रकार महासङ्घको विवरणअनुसार सन् २०१२ मा नेपालमा प्रेस तथा अभिव्यक्ति स्वतन्त्रता उल्लङ्घनका २ सय ७१ घटना भएका छन्। यस मध्ये दुई जनाको हत्या, एक जनाको शंकास्पद मृत्यु एक एक जना वेपत्ता, ४४ ओटा आक्रमण र त्यति नै अर्थात ४४ ओटा धम्कीका घटनाहरू थिए। त्यसैगरी पत्रकारमाथि दुर्व्यवहार ७२, पत्रपत्रिका जलाइएका सात र सञ्चार माध्यममाथि आक्रमण तथा धम्की १६, स्वतन्त्र पत्रकारितामा बाधा १३ र सञ्चारकर्मी र माध्यमका सवारी साधनमाथि आक्रमणका ४३ वटा घटना भएको विवरणबाट देखिन्छ। यसबाहेक गिरफ्तार दुई, प्रकाशन तथा प्रशारण बन्द छ र जागिरबाटनिकाला गरिएका २० ओटा घटना छन्। सरकार र प्रतिपक्षमा बसेका दलहरूबाट, दल आवद्ध सङ्घसंस्थाहरू, सार्वजनिक ओहोदामा रहेका व्यक्ति, सरकारी कर्मचारी र सुरक्षा संयन्त्रबाट पनि पत्रकारमाथि आक्रमण र धम्की दिने काम भएको छ।

पत्रकारहरूमाथि आक्रमण गर्ने, धम्क्याउने, दुव्यवाहार गर्ने प्रवृतिले पत्रकारहरूलाई भौतिक रूपमा

असुरक्षित बनाइरहेको छ। यस बाहेक 'यो लेख्नु, यो नलेख्नु' भनेर दिइने धम्कीका कारण पत्रकारहरूको व्यवसायिक निष्ठा कमजोर पार्न खोजिएको छ। सञ्चारकर्मीका सवारी साधनमा आगो लगाइ दिने, तोडफोड गर्ने, पत्रपत्रिका जलाई दिने, सञ्चारमाध्यमका कार्यालयमा आगो लगाइदिने जस्ता कामहरूले पत्रकारको आत्मविश्वास कमजोर बनाइरहेको छ। विवरणहरूको अध्ययनबाट के भन्न सकिन्छ भने प्रेस माथिका यस्ता ज्यादतीहरूमा संलग्नहरू माथि विरलै मात्र कारबाही हुने गरेको छ।

प्रेस तथा अभिव्यक्ति स्वतन्त्रता विरोधी यस्ता घटनामा संलग्नहरूमाथि कारबाही चलाउनु साटो सरकार पत्रकार अपहरण र हत्यामा संलग्न व्यक्ति माथि चलिरहेको मुद्दा फिर्ता लिने प्रयासमा छ। अदालतले अनुमति नदिएका कारण मात्रै मुद्दा फिर्ता लिने उसको प्रसाय सफल हुन सकिरहेको छैन। यस्तै भौतिक असुरक्षा जस्तै ठूलो समस्या छ व्यवसायिक असुरक्षाको। सामूहिक सौदाबाजीको अभाव छ। उचित श्रम अभ्यासको कमी छ। पत्रकारले बिना नियुक्तिपत्र, न्यूनतम पारिश्रमिक समेत नपाउने अवस्थामा पनि काम गर्नु पर्ने बाध्यता छ। यसले पत्रकारको न क्षमता विकास हुनसक्छ न आत्मविश्वास नै बढ्छ। पूँजी लगानीको कमी र प्रतिस्पर्धी क्षमता अभिवृद्धिका लागि प्रतिस्पर्धी बजारको कमीका कारण पत्रकारहरू व्यवसायिक रूपमा पनि हदैसम्म असुरक्षित छन्। सरकार स्वयम्ले आमसञ्चार माध्यम चलाउने र त्यसमा पनि श्रमजीवी पत्रकार ऐन लागु नहुने बिडम्बनापूर्ण अवस्थाको अन्त्य जरुरी छ।

शिव गाउँले
अध्यक्ष

अनुसूची

५

क्रिया/प्रतिक्रिया

इन्सेकद्वारा प्रकाशन गरिने नेपाल मानवअधिकार वर्षपुस्तक म नियमित अध्ययन गर्छु। यस पुस्तकमा नेपालको मानवअधिकारको स्थिति यथार्थरूपमा चित्रण भएको हुन्छ। नेपालमा भएको मानवअधिकार उल्लङ्घन र ज्यादतीका घटनाहरू तथ्याङ्कीय ढङ्गमा अभिलेखीकरण गरिएको हुन्छ। नेपालको मानवअधिकारको सवालमा वर्षपुस्तक एक सन्दर्भसामग्री नै हो। यति हुदाँहुदै पनि कहिले काहीं भूलबस एउटा सङ्गठनको नाम हुनुपर्नेमा अर्को सङ्गठनको नाम आउने जस्ता सानोतिनो कमजोरीहरू हुने गरेको छ। यसतर्फ ध्यान दिन आवश्यक छ।

कमलराज नेम्बाङ
सचिव, सङ्घीय लिम्बूवान राज्यपरिषद्, पाँचथर

लोकतन्त्र, स्वतन्त्रता र मानवअधिकारको हिमायती हो इन्सेक। लामो समयदेखि नेपालमा मानवअधिकार उल्लङ्घनका घटनाहरू अभिलेखीकरण गर्दै आएको छ। खास सुझाव दिने ठाउँ छैन। इन्सेकको यो काममा अझ परिष्कृत भएर आउन सकोस्।

चन्दकुमार आङ्दम्बे
सभापति, मानवअधिकार तथा शान्ति समाज, पाँचथर

मानवअधिकारको क्षेत्रलाई विश्लेषण गर्ने हो भने थुप्रै प्रश्न चिह्नहरू छन्। वास्तविक घटनाको गहिराइमा नपुगी राजनीतिक प्रतिशोधात्मक रूपमा मनोगत ढङ्गले टिकाटिप्पणी गर्नु न्यायोचित हुन सक्दैन। त्यसकारण समाजमा भएको सबै प्रकारका मानवअधिकार उल्लङ्घनका घटनाहरूको सत्य तथ्य पहिचान गरी प्रकाशन गर्नु सान्दर्भिक ठानेको छु। फेरि पनि इन्सेकले मानवअधिकारको क्षेत्रमा खेलेको भूमिका कम महत्वको छैन। तसर्थ, सामाजिक, आर्थिक, साँस्कृतिक रूपमा भएका मानवअधिकार उल्लङ्घनका घटनाहरूलाई वास्तविक रूपमा उजागर गरे यो पुस्तक अत्यन्तै उपयोगी हुनेछ।

विशाल रसाइली
सहइन्चार्ज, नेकपा माओवादी, पाँचथर

इन्सेकले हरेक वर्ष प्रकाशन गर्दै आएको नेपाल मानवअधिकार वर्षपुस्तक एकदमै यथार्थपरक छ। मानवअधिकारको सवालमा वर्षौंदेखि लामो अनुभव र अध्ययन गरी अभिलेखीकरण गर्दै आएको यस संस्थाको काममा सुधार गर्नको निम्ति सल्लाह दिने ठाउँ छैन।



अब आउने नयाँ प्रकाशनमा पनि त्यो अपेक्षा गर्दछौं।

बृजहाङ आङदेम्बे
सहसचिव, नेपाली काङ्ग्रेस, पाँचथर

मानवअधिकारको सवालहरूमा देशव्यापी रूपमा भएको घटनाहरूको अभिलेखकीरण गरिनु आफैंमा प्रशंसा र चुनौतीको पाटो हो। इन्सेकबाट हरेक वर्ष प्रकाशन हुने नेपाल मानवधिकार वर्षपुस्तकमा आरोपितहरूको सम्पूर्ण विवरण अभिलेखीकरण गरिने भएकाले अपराध गर्दा आफ्नो नाम सार्वजनिक हुने भयले उल्लङ्घन कम गर्न मद्दत पुगेको छ। यति धेरै अभिलेखकीरणका लागि एकजना प्रतिनिधि अपर्याप्त देखिन्छ। साथै व्यवस्थापनमा पनि सुधार ल्याउने हो भने इन्सेकको कामको सबैले प्रशंसा गर्नै पर्छ।

बिमला ढकाल
अध्यक्ष, महिला मानवअधिकार रक्षक सञ्जाल, पाँचथर

मुलुकका विभिन्न स्थानमा भएका घटनालाई एकीकृत गर्दै इन्सेकले वर्षौंदेखि प्रकाशन गर्दै आएको मानवअधिकार वर्षपुस्तक आफैंमा एउटा महत्वपूर्ण दस्तावेज हो। मानवअधिकार हनन् र उल्लङ्घनका घटनालाई नजिकबाट नियालेर फलोअप गर्दै

वर्षपुस्तकमा सङ्ग्रहित गर्नु चानचुने विषय होइन। समग्रमा यस पुस्तकले जिल्ला-जिल्लाका घटनाहरूलाई सङ्ग्रहित गर्दै मानवअधिकारका पक्षमा चासो राख्ने व्यक्तिहरूका लागि महत्वपूर्ण सन्दर्भसामग्रीका रूपमा पनि स्थापित भइसकेको छ। समावेश नगरिएका केही विधालाई थप गरेर सबै खाले आपराधिक घटना समावेश गर्न इन्सेकसँग मेरो अनुरोध छ।

लक्ष्मी गौतम

अध्यक्ष, नेपाल पत्रकार महासङ्घ, पाँचथर

मुलुकको वर्तमान लम्बिँदो सङ्क्रमकालीन परिस्थितिका कारण महिला हिंसालगायत मानवअधिकार उल्लङ्घनका घटनाहरू दिन प्रतिदिन बढिरहेको अवस्थामा इन्सेकद्वारा प्रकाशित मानवअधिकार वर्षपुस्तक २०१२ मार्फत राज्य र गैरराज्य पक्षबाट विभिन्न क्षेत्र र समयमा भए गरेका मानवअधिकार उल्लङ्घनका घटनाहरू एउटै पुस्तकमा समेटेर सार्वजनिक गर्नु साहसिक महत्वपूर्ण तथा प्रसंशनीय कार्य हो। आगामी दिनमा पनि मानवअधिकार उल्लङ्घनका सत्यतथ्य घटनाहरू जनतासमक्ष ल्याउन वर्षपुस्तक अझ सफल हुनेछ भन्ने आशा गरेको छु। द्वन्द्वको समयमा भएका जघन्य र आपराधिक घटनाहरूलाई सङ्कलन गरी ऐतिहासिक काम गरेकोले वर्तमान अवस्थालाई अरु व्यवस्थित गर्न सफलताको कामना गर्दछु।

तिलकुमार मेन्याङवो

अध्यक्ष, नेकपा (एमाले), ताप्लेजुङ

इन्सेकद्वारा हरेक वर्ष प्रकाशन हुने नेपाल मानवअधिकार वर्षपुस्तकले कानुन कार्यान्वयन गर्ने निकायहरूलाई आफ्नो कार्यक्षेत्रमा मानवअधिकारको संरक्षण र सम्वर्धनमा थप सजग सचेत गराउने गरेको मेरो बुझाइ छ। मानवोचित मूल्यको ख्याल गर्दै उसको आधारभूत अधिकारप्रति सबै क्षेत्रबाट सम्मान र कदर हुनुपर्ने जरुरी देख्छु। चाहे त्यो सर्वसाधारण नागरिक किन नहोस् वा बर्दीमा खटिएका राष्ट्रसेवक सुरक्षाकर्मी नै किन नहोस्, उसको पक्षमा भेदभावरहित अवधारण राख्नुपर्ने आजको आवश्यकता ठान्दछु। यही आवश्यकतालाई आत्मसात गरी इन्सेकले आगामी अङ्कहरू अझ परिमार्जित र परिष्कृत स्वरूपमा प्रकाशन हुँदै जाओस् भन्ने शुभकामना दिन चाहन्छु।

गोविन्दप्रसाद आचार्य

डिएसपी, जिल्ला प्रहरी कार्यालय, ताप्लेजुङ

मानवअधिकार वर्षपुस्तक २०१३ को प्रकाशनका लागि बधाई एवम् आगामी दिनहरूको निमित्त सफलताको अग्रीम शुभकाना व्यक्त गर्न चाहन्छु। मानवअधिकार हनन्का विषयहरूलाई लिएर यसपुस्तकले जनतामा चेतना जगाउन र सम्बन्धित क्षत्रलाई सचेत गराउन पुऱ्याएको योगदानको बारेमा हामी सबैले बुझेका छौं। हाम्रो मुलुकमा मानवअधिकारको अवस्था दिनानुदिन बिग्रँदै गइरहेको अवस्थामा यस पुस्तक र पुस्तकसँग सम्बन्धित व्यक्तित्वबाट अझ बढी निष्पक्ष खोजविन गरी समाजमा प्रष्ट पार्नु आवश्यकता महसुस गरेको छु । अन्त्यमा यस पुस्तक र यसले राखेको लक्ष प्राप्त होस् भनी शुभकामना व्यक्त गर्न चाहन्छु।

केशवप्रसाद दाहाल

सभापति, नेपाली काङ्ग्रेस, जिल्ला कार्यसमिति, ताप्लेजुङ

इन्सेकले प्रकाशन गरेको मानवअधिकार वर्षपुस्तक सबैको साझा सम्पति हो। यस पुस्तकमा सूचना संवेदनशीलतामा निकै ध्यान दिएको पाइएको छ। घटनामा संलग्नलाई आरोपित भनी परिभाषित गर्नु उचित हो। अधिकारकर्मी कहिलै पनि न्यायाधीश होइन भन्ने कुरालाई वर्षपुस्तकले ख्याल गरेको देखिन्छ । अधिकारकर्मीले अनुगमन र अध्ययन गर्ने र सत्यतथ्य कुरा सार्वजनिक गर्ने हो भन्ने कुरालाई इन्सेकको वर्षपुस्तकले अबलम्वन गरेको छ। वर्षपुस्तकमा उल्लिखित घटनाहरू तथ्यपरक भएको कारण द्वन्द्वकालका कतिपय घटनाहरू अहिले आएर राष्ट्रिय तथा अन्तर्राष्ट्रिय अदालतसम्म प्रमाणका रूपमा प्रयोग हुने गरेको भेटिन्छ। पुस्तक प्रकाशनले न्यायक्षेत्रलाई समेत दिशानिर्देश गर्न मद्दत पुगेको महसुस गर्न सकिन्छ। पुस्तकलाई अझ बढी परिस्कृत र समय सापेक्ष बनाउन जरुरी छ।

डिल्लीबहादुर कार्की

अध्यक्ष, नेपाल बार एसोसिएशन नेपाल, मोरङ

म मानवअधिकार वर्षपुस्तकको नियमित विद्यार्थी हुँ। यो पुस्तक मेरा लागि अनुसन्धानको महत्वपूर्ण स्रोतसामग्रीका रूपमा रह्यो। वर्षपुस्तकलाई मैले मेरो अनुसन्धानमा भरपूर उपयोग गर्न पाएँ। पुस्तकमा आधारित रहेर मैले तयार पारेको सामग्रीलाई विषयविज्ञहरूले सुरुमा स्वीकार गर्न नमाने पनि पुस्तकमा भएका घटनाहरू तथ्यपरक रहेको पुष्टि

भएपछि उनीहरू वर्षपुस्तकलाई आधिकारिक स्रोत मान्न तयार भए। वर्षपुस्तकमा उल्लेख गरिएका सबै घटनाहरूमा स्रोत उल्लेख गर्न सके भविष्यमा यो पुस्तक खोजकर्ता र अनुसन्धानबेत्ताका लागि अझ बढी उपयोगी हुनेछ। वर्षपुस्तकले हरेकवर्ष नेपालको मानवअधिकारको अवस्थालाई झल्काउन र राज्यलाई जबाफदेही र उत्तरदायी बनाउनमा ठूलो मद्दत गरेको महसुस गर्ने प्रशस्त आधारहरू छन्।

मेदनी सेडाईं,
उप-प्राध्यापक, स्नातकोत्तर क्याम्पस, विराटनगर

इन्सेकले प्रकाशन गरेको मानवअधिकार वर्षपुस्तकले राज्यलाई सजग गराउन, आरोपितलाई दण्डसजाय गर्न र पीडितलाई न्याय दिलाउन सहयोगी भूमिका निभाएको छ। वर्षपुस्तक नागरिक आवाज बुलन्द गर्ने र अधिकारका बारेमा बोलिदिने एउटा सशक्त माध्यम बनेको छ। यसले मानवअधिकार उल्लङ्घन, हनन् र ज्यादतीलाई कम गर्न सम्बन्धित पक्षलाई दबाब दिन सफल भएको छ। यो पुस्तक अलि बढी घटनाप्रधान भएजस्तो देखिन्छ। यसलाई चेतनामुखी बनाउन जरुरी छ। शैक्षिक अधिकारलाई उठाउन कन्जुस्याइँ गरेको हो कि भन्ने वर्षपुस्तकमा छापिएका सामग्रीले पुष्टि गरेको छ। शैक्षिक क्षेत्रमा हुने बन्द हड्तालजस्ता कार्यलाई न्यूनीकरण र निरुत्साहित गर्न वर्षपुस्तक सहयोगी बनोस्। शैक्षिक क्षेत्रमा विभिन्न पक्षबाट भएका विकृति, विसङ्गति र अराजकताको अन्त्यका लागि मानवअधिकार शिक्षा अति आवश्यक हुन्छ।

उपेन्द्र दाहाल
उप-सचिव, जिल्ला शिक्षा कार्यालय, मोरङ

इन्सेकले जोखिम मोलेर नेपाली समाजलाई मानवअधिकारमैत्री बनाउन मानवअधिकार वर्षपुस्तकमार्फत जुन भूमिका निर्वाह गर्दै आएको छ, त्यो सराहनीय र महत्वपूर्ण छ। वर्षपुस्तकमा उल्लेख गरिने र गरिएका सूचनाहरू तथ्यपरक र बढी विश्वसनीय बनाउन इन्सेकले घटनास्थल र पीडितसमक्ष पुग्नु अनिवार्यजस्तै हुन्छ। कतिपय घटना अतिरिञ्जत गरेर प्रकाशन हुने गरेका छन्। त्यस्ता विषयलाई सुधार गर्न आवश्यक छ। आग्रह-पूर्वाग्ररहित घटनाको सङ्कलन र सम्पादनले पक्कै पनि सबैको मन जित्न सकिन्छ। यो पुस्तक सबैको चासो र जनअपेक्षाअनुरुपको साझा दस्तावेज बन्न सकोस्। वर्षपुस्तकमा मानवअधिकारसम्बन्धी सबै विषयवस्तु समेट्न सक्नुपर्छ।

अर्जुन निरौला
सदस्य, नेपाली काङ्ग्रेस, मोरङ

इन्सेकद्वारा प्रकाशित नेपाल मानवअधिकार वर्षपुस्तक एउटा ऐतिहासिक र महत्वपूर्ण दस्तावेज हो। यो पुस्तकको उपयोगिता आजको २० वर्षपछि अझ बढी खोजपूर्ण र अनुसन्धानमूलक हुनेछ। वर्षपुस्तकमा पछिल्लो चरणमा नागरिक र राजनीतिक अधिकारसँग सम्बन्धित घटनाक्रमहरू न्यून हुँदै गएको देखिएको छ। यसखाले न्यूनीकरणले जनताले राजनीतिक अधिकार उपयोग गर्न पाए पनि आर्थिक, सामाजिक र साँस्कृतिक अधिकारहरूकम उपभोग गर्न पाएको विषय वर्षपुस्तक पढेर थाहा पाउन सकिन्छ। अबका दिनमा इन्सेकले आर्थिक, सामाजिक र साँस्कृतिक अधिकारलाई बढी जोड दिनुपर्छ भन्ने लाग्छ। पछिल्लो चरणमा पहिचानको अधिकारका विषयमा इन्सेकले नबोलेको हो कि भन्ने उसका प्रकाशन सामग्रीबाट विश्लेषण गर्न सकिन्छ। ट्रेडयुनियन अधिकार ओझेलमा परेको अवस्थामा मजदुरका हकअधिकारका विषयमा इन्सेकले कम चासो दिएको वर्षपुस्तक पढेर थाहा हुन्छ। इन्सेकले मानवअधिकारका क्षेत्रमा चेतनामूलक काम गरेको कुरा वर्षपुस्तक पढेर थाहा पाउन सकिँदैन।

मृत्युञ्जय झा
केन्द्रीय सदस्य ,मधेसी जनअधिकार फोरम, नेपाल
विराटनगर

इन्सेकले मानवअधिकार र समाजिक न्याका लागि निकै राम्रा काम गर्दै आएको घामजस्तै छर्लङ्ग छ। तथापि इन्सेकले प्रकाशन गरेको मानवअधिकार वर्षपुस्तकमा वातावरणसम्बन्धी अधिकारको विषयवस्तुलाई महत्व दिएको देखिँदैन। खाद्यअधिकारका विषयमा पनि इन्सेक मौन छ। दिनप्रतिदिन मानवस्वास्थ्यमा असर गर्ने विषयवस्तु ओझेलमा परेको वर्तमान अवस्थामा केवल राजनीति तथा नागरिक अधिकारलाईमात्र वर्षपुस्तकमा उल्लेख गरेर समग्र मानवअधिकार क्षेत्र समेट्न सकिँदैन भन्ने लाग्छ। वर्षपुस्तकले उठाएका अन्य विषयवस्तुले पीडितहरूलाई सशक्त बनाउन र आरोपितलाई दण्ड सजाय दिलाउन प्रभावकारी स्रोत बनेको छ। इन्सेकले प्रेस तथा अभिव्यक्ति स्वतन्त्रतालाई पछिल्लो चरणमा पनि सशक्त रूपमा उठाएको महसुस गर्न सकिन्छ। तथापि

वर्षपुस्तक घटनाप्रधानमात्र नभएर विश्लेषणात्मक रूपमा प्रकाशित भए यसको साख अझ बढी हुने थियो। घटना पनि अति छोटो रूपमा मात्र प्रस्तुत हुने गरेकोले शोधकर्ताहरूलाई कठिनाइ उत्पन्न हुने गरेको छ।

रामचन्द्र अधिकारी
उपाध्यक्ष, नेपाल पत्रकार महासङ्घ, मोरङ

देशमा भएका मानवअधिकार उल्लङ्घनका घटनालाई लिपीवद्ध गरी नेपाल मानवअधिकार वर्षपुस्तकमा प्रकाशित सामग्रीले मुलुकमा मानवअधिकार बहालीका लागि राज्यका अङ्गहरूलाई थप जिम्मेबार बन्न र सरोकारवालाहरूलाई दबाव सृजना गर्न सकोस् भन्ने कामना गर्दछु । साथै बढ्दो घरेलु हिंसा, अपहरण, बलात्कारलगायतका आपराधिक क्रियाकलाप न्यूनीकरणमा वर्षपुस्तकले थप टेवा पुऱ्याउने छ भन्ने विश्वास लिएको छु।

राजीव कोइराला,
सभापति, नेपाली काङ्ग्रेस, सुनसरी

नेपाल मानवअधिकार वर्षपुस्तक २०१२ प्रकाशन गर्नु भएकोमा धन्यवाद। यस पुस्तकले मानवअधिकारको क्षेत्रमा घटेका घटनाहरूको सुक्ष्म विश्लेषण गरेको छ। कतिपय घटनाहरूलाई अझ गहिरो गरी खोतल्नु आवश्यक छ। खासगरी पछिल्लो क्रममा महिला हिंसामा बृद्धि भएको हो कि भन्ने देखिन्छ। उत्पीडित समुदायको अधिकारको संरक्षण गर्न प्राप्त उपब्धिको रक्षा गर्दै राजनीतिक र सामाजिक रूपमा अग्रगामी अधिकार खासगरी मानवअधिकारको सुनिश्चतता गर्न पुस्तकले आगामी दिनमा अझ गहन भूमिका खेल्नुपर्छ। मानवअधिकारको गलत परिभाषा गर्ने कथितहरूको लहैलहैमा नलागी सत्यतथ्यको खोजी गरी यथार्थ खोतल्ने छ भनी अपेक्षा गर्दछौं।

डम्बर सुवेदी (हिमाल),
जिल्ला संयोजक, एनेकपा माओवादी, सुनसरी

इन्सेकद्वारा हरेक वर्ष झैं यस वर्ष पनि मानवअधिकार वर्षपुस्तकको प्रकाशनले निरन्तरता पाएकोमा खुसी व्यक्त गर्दछु। मानवअधिकार उल्लङ्घनका घटना र मानवअधिकार संरक्षण एवम् शिक्षा समेतका बारेमा संहितावद्ध यस पुस्तकले समग्र कानूनी प्रक्रिया, शासन, मानवअधिकार र लोकतन्त्रको स्थापनार्थ सराहनीय सहयोग गर्दै आएको छ। यसले सार्वजनिक गर्ने समाचार र घटनाले मानवअधिकार उल्लङ्घनका घटनामा कमी ल्याउने र अपराधीलाई दण्डित गर्ने कार्यमासमेत सहयोग पुऱ्याउनुका अतिरिक्त मानवअधिकार शिक्षा र घटनासँग सरोकार राख्ने हामी मानवअधिकारका क्षेत्रमा कार्यरत व्यक्ति वा संस्थालाई पनि यसले सहयोग पुऱ्याएको छ। यसको निरन्तर प्रकाशन एवम् उत्तरोत्तर प्रगतिको कामना गर्दछु।

कृष्ण दाहाल,
अध्यक्ष, नेपाल बार एशोसिएसन, सुनसरी

इन्सेकले मानवअधिकारसँग सम्बन्धित घटनाहरूको सँगालो मानवअधिकार वर्ष पुस्तक नियमित रूपमा प्रकाशन गर्दै आएको छ। यस पुस्तकमा प्रकाशित मानवअधिकार उल्लङ्घनका घटनाहरू सत्यतथ्य, राम्रो र व्यवस्थित रहेको पाइयो। आगामी दिनमा पनि प्रकाशित हुने घटनाहरू पनि सत्यतथ्य र यर्थाथ परक होस् भन्ने हार्दिक शुभकामना व्यक्त गर्दछु।

राजेन्द्र राई
अध्यक्ष, नेकपा (एमाले), धनकुटा

इन्सेकले वार्षिक रूपमा प्रकाशन गर्दै आएको नेपाल मानवअधिकार पुस्तकमा मानवअधिकार उल्लङ्घनका घटनाहरू सम्पूर्ण विवरणसहित उल्लेख गरी छापिएको पाइयो। जसका कारण पीडितको बारेमा विस्तृत विवरण बुझ्न सो पुस्तकबाट सहज हुने गरेको छ। मानवअधिकारको विश्वव्यापी अवधारणालाई आत्मसात् गर्दै इन्सेकद्वारा प्रकाशन गरिने नेपाल मानवअधिकार वर्षपुस्तकले हरेक जिल्लामा भएका मानवअधिकार उल्लङ्घनका घटनाहरूको अवस्था छर्लङ्ग भएको छ। आगामी दिनमा पनि निरन्तर प्रकाशित हुन सकोस् भन्ने शुभकामना व्यक्त गर्दछु।

टीकाप्रसाद घिमिरे
संयोजक, स्थानीय शान्ति समिति, धनकुटा

मानवअधिकार संरक्षण तथा सम्बर्द्धन गर्ने उद्देश्यअनुरुप स्थापना भई मानवअधिकारको क्षेत्रमा निरन्तर कार्य गर्दै आइरहेको इन्सेकले मानवअधिकारको विश्वव्यापी अवधारणालाई आत्मसात् गरी मानवअधिकारको सम्बन्धमा वर्षपुस्तक प्रकाशित गरी अन्तर्राष्ट्रिय रूपमा नेपाललाई पनि अग्रणी भूमिका निर्वाह गर्न महत्वपूर्ण योगदान पुऱ्याई आइरहेकोमा भावी सफलताको हार्दिक शुभकामना व्यक्त गर्दछु।

सूर्यप्रसाद उपाध्याय
एसपी, जिल्ला प्रहरी कार्यालय, धनकुटा

इन्सेकद्वारा नेपाल मानवअधिकार वर्षपुस्तक २०१३ प्रकाशन हुन लागेकोमा इन्सेक परिवारलाई बधाई एवम् शुभकामना व्यक्त गर्दछु। जिल्ला तहमा इन्सेकले द्वन्द्वको अवधिमा निर्वाह गरेको भूमिका र मानवअधिकारको बारेमा तयार गरेको तथ्याङ्कहरू सबैका लागि मान्य भएका छन्। समाजमा घरेलु हिंसा र दण्डहीनताको अवस्था रहेको हुनाले त्यस्ता घटनालाई मानवअधिकार वर्ष पुस्तकमामा समेटिनु जरुरी भएको छ। प्रकाशन हुन लागेको पुस्तक सकेसम्म सर्वसाधारण नागरिकको हातसम्म पुग्न सकेमा अझ राम्रो हुनेछ।

रघुनाथ गौतम
सह-सेक्रेटरी, एनेकपा माओवादी, तेह्रथुम

इन्सेकले प्रकाशन गर्न लागेको मानवअधिकार वर्षपुस्तकको सफलताको अग्रीम शुभ-कामना प्रकट गर्दछु। जिल्लामा भएका मानवअधिकारका उल्लङ्घनका घटना वर्षपुस्तकमार्फत प्रकाशन हुनेमा म विश्वस्त रहेको छु । पीडितको यर्थाथ विवरण तथा घटनाको सूचना र तथ्याङ्कमा आधारित भएर पुस्तक सार्वजनिक होस्। हाम्रो पार्टीको तर्फबाट शुभकामना व्यक्त गर्दछु।

गोविन्दप्रसाद ढुङ्गाना
सभापति, नेपाली काङ्ग्रेस, तेह्रथुम

क्रमबद्ध र व्यवस्थितरुपले विविध जिल्लागत रूपमा सूचकाङ्कसहित प्रकाशित हुने नेपाल मानवअधिकार वर्षपुस्तक २०१३ प्रकाशन हुन लागेको जानकारी पाउँदा खुसी लागेको छ। यस पुस्तकले मानवअधिकार उल्लङ्घनका घटनाहरू दोहोरिन नदिन नैतिक दबाब श्रृजना गर्दछ। चन्दा अपहरण, हत्या हिंसा तोडफोड लगायतका क्रियाकलापहरूले निरन्तरता पाउनु , ससाना विषयमा बन्द, हडताल, चक्काजाम र घेराउ गर्ने तालाबन्दी गर्ने संस्कृति मौलाउँदै जानुजस्ता कारणले आगामी दिनमा मानवअधिकार संरक्षण र सम्वर्धन गर्नमा थप चुनौती श्रृजना गरेको छ। महिला हिंसाका घटना देशव्यापी रूपमा बढेको परिप्रेक्षमा इन्सेकले मानवअधिकर र सामाजिक न्यायको क्षेत्रमा खबरदारी बढाउनु आवश्यक छ। मानवअधिकार र सामाजिक न्यायको क्षेत्रमा उल्लेखनीय काम गरिरहेको इन्सेकले आगामी दिनमा अझ बढी निष्पक्ष, निर्भिक र प्रभावकारी ढङ्गले काम गर्न सकोस् भन्ने शुभेच्क्षासहित मानवअधिकार उल्लङ्घनका तथ्यहरूको महत्वपूर्ण दस्तावेज अथवा नेपाल मानवअधिकार वर्षपुस्तक २०१३ प्रकाशनको लागि शुभकामना व्यक्त गर्दछु।

तेजमान कन्दङ्वा
अध्यक्ष, नेकपा (एमाले), तेह्रथुम

नेपाल मानवअधिकार वर्षपुस्तकमा मानवअधिकार उल्लङ्घनका घटनाहरू अद्यावधिक गर्ने कार्य सराहनीय छ। मानवअधिकारको संरक्षण र सम्वर्धनमा इन्सेक प्रतिनिधिले निर्वाह गरेको भूमिका सराहनीय छ। मानवअधिकारकर्मीहरू क्षमता अभिवृद्धि गरी संस्थागत गर्न इन्सेकको प्रयासको अपेक्षा गर्दछु।

कपिलदेव सिङ्घक
अध्यक्ष, नागरिक समाज, तेह्रथुम

इन्सेकले नेपाल मानवअधिकार वर्षपुस्तक २०१३ प्रकाशन गर्न लागेको थाहा पाएर मलाई खुशी लागेको छ। यस पुस्तकमा समेटिने मुलुकभरिका महत्वपूर्ण घटनाहरूको अध्ययनबाट अपराधको स्थिति बोध हुन जान्छ। प्रस्तुत पुस्तकले अपराधका कारण सोका कानूनी उपचार एवम् पीडितको अवस्थासमेत खोज र जानकारी गराउने गर्छ। अपराध र सोको निराकरणका बाटो खोज्नेहरूलाई यस पुस्तकले बृहत् ज्ञान दिलाउँछ नै। मूलभूत रूपमा न्याय सम्पादन र कानुनको व्यवसाय एवम् अपराध अनुसन्धानमा संलग्न हुने निकाय या व्यक्तिहरूका लागि यो पुस्तक पठनीय रहेको मैले पाएको छु।

अनुभूतिबम नेपाली
अध्यक्ष, गैरसरकारी संस्था महासङ्घ, तेह्रथुम

प्रत्येक वर्ष मैले नेपाल मानवअधिकार वर्षपुस्तक अध्ययन गर्न छुटाएको छैन। अत्यन्तै मेहनत र तथ्याङ्कीय आधारमा प्रकाशन गरिने यो एकमात्र पुस्तकको रूपमा म मानवअधिकार वर्षपुस्तकलाई लिन्छु। मानवअधिकार आयोग या अन्तर्राष्ट्रिय क्षेत्रका अधिकारमा काम गर्ने संस्थाहरू कोठे रिपोर्टमा व्यस्त हुन्छन् तर इन्सेकले तथ्याङ्कलाई विश्वास गर्ने र सार्वजनिक गर्ने गरेकोमा त्यसमा भने खुसी छु। यस कार्यको निरन्तरताको शुभकामना इन्सेकलाई।

काजीमान राई
योजना तथा अनुगमन अधिकृत, जिल्ला विकास समिति, सङ्खुवासभा

मानवअधिकार हनन् र आपराधिक कृयाकलापमा संलग्न व्यक्तिहरूलाई राजनीतिक दलका कार्यकर्ताले संरक्षण गर्ने प्रवृत्तिले भोजपुरमा मानवअधिकार हननका घटनामा वृद्धि भएको छ। यो गलत कुराबाट राजनीतिक दल मुक्त नभए मानवअधिकार हननका घटनामा अझै बृद्धि हुनसक्छ। मानवअधिकार हननका घटना बढेको कुरा इन्सेकको सन् २०१२ को वर्षपुस्तकले पनि देखाइसकेको छ।

मकरबहादुर खड्का
जिल्ला कमिटी सदस्य, नेकपा (एमाले, भोजपुर

प्रहरी मानवअधिकारप्रति सदैव प्रतिबद्ध रहेको छ। अनुसन्धानको नाममा हिरासतमा हुने यातनालाई रोक्न प्रहरी लागिरहेको छ। जिल्ला कारागार कार्यालय भोजपुरमा पुराना कैदीले नयाँ कैदीलाई दिने यातनाबारे प्रहरी गम्भीर भएर लागेको छ। इन्सेकले प्रमाणसहित तथ्य सार्वजनिक गरेपछि हामीले कारवाही प्रक्रिया अघि बढाइसकेका छौं। इन्सेकको खबरदारीले मानवअधिकार संरक्षणमा मद्दत पुगेको छ। इन्सेकले वर्षपुस्तकका लागि सङ्कलित घटनामार्फत प्रहरीलाई पनि सचेत गराएको छ।

राधाप्रसाद पराजुली,
इन्स्पेक्टर, जिल्ला प्रहरी कार्यालय, भोजपुर

इन्सेकले वर्षपुस्तकमा समावेश गर्ने मानवअधिकार हनन्का घटना तथ्यपरक छन्। मानवअधिकार उल्लङ्घनका घटनामा कमी ल्याउन मानवअधिकारकर्मीले विशेष पहल गर्नु जरुरी रहेको छ। यौनजन्य र अन्य हिंसाबाट पीडित महिलाले समाजमा बहिष्कृत भएर बाँच्नुपर्ने बाध्यता रहेकाले त्यसको न्यूनीकरणका लागि कानुन कार्यान्वयन गर्ने निकाय चनाखो हुनुपर्छ। कानुन कार्यान्वयन गर्ने निकायलाई हामीले निरन्तर खबरदारी गर्नु जरुरी छ। इन्सेकले वर्षपुस्तकमा तथ्य र प्रमाणसहित प्रस्तुत गर्ने मानवअधिकार हननका घटनाले देशको समग्र मानवअधिकारको अवस्थाको प्रष्ट तस्वीर देखाएको छ। महिला अधिकार हनन्का घटनामा संलग्न दोषीलाई कानुनी दायरामा ल्याएर दण्डित गराउन मानवअधिकारकर्मीले विशेष भूमिका खेल्नु आवश्यक छ।

सविना राई,
अध्यक्ष, महिला मानवअधिकार रक्षक सञ्जाल, भोजपुर

एकीकृत माओवादीले अझै पनि सशस्त्र द्वन्द्वमा कब्जा सम्पत्ति फिर्ता नगरेकोमा हाम्रो आपत्ति छ। सरकार र जनसत्ता एकैपटक चलाउने माओवादीको प्रयास स्वीकार्य हुँदैन। इन्सेकले वर्षपुस्तकका लागि सङ्कलन गरेका र वर्षपुस्तकमा छापिएका घटनाले जिल्लाको समग्र मानवअधिकारको अवस्था खुलाएको छ। जिल्लाको बिग्रँदो मानवअधिकार अवस्थामा सुधार ल्याउन सबैले एक भएर काम गर्नु आवश्यक छ।

पिवन्त न्यौपाने,
मानवअधिकार एलाएन्स, भोजपुर

इन्सेकले विगतदेखि प्रकाशन गर्दै आएको मानवअधिकार वर्षपुस्तकले मानवअधिकार उल्लङ्घनका घटनाहरू प्रकाशनमा ल्याई आमनागरिकलाई मानवअधिकारप्रति सचेत, सजग र जागरुक बनाउँदै आएको छ। सामाजिक विभेद, कुरीति, कुसंस्कार, घरेलु हिंसासहित सबै किसिमको अधिकार उल्लङ्घनका घटनालाई अभिलेखका रूपमा राख्न सफल वर्षपुस्तकले जनतालाई सुसूचित गराउनुका साथै राजनीतिक दल, सुरक्षाकर्मी, प्रशासनिक संयन्त्रलगायत जिम्मेवार निकायलाई जिम्मेवारी बोध गर्न सघाएको छ। सिङ्गो जिल्लामा एकजना प्रतिनिधिबाट मानवअधिकारको घटना खोज्ने काम निकै परिश्रम र चुनौतीपूर्ण छ। वर्षपुस्तकमा टाठाबाठा र पहुँच हुन सक्नेका घटनामात्र नभई ग्रामीण क्षेत्रका दूरदराजका घटनाहरू अझै बढी खोजी गर्न र आमनागरिकसँग सहकार्य गर्दै अगाडि बढ्न स्रोतसाधनमा बृद्धि गर्न ध्यान दिनुपर्छ। जिम्मेवार निकायलाई जवाफदेही बनाउन दबाब सृजना गर्न सफल इन्सेक अभियान सशक्त र सबल बन्दै जाओस् भन्ने हार्दिक शुभकामना व्यक्त गर्दछु।

गोविन्द न्यौपाने
अध्यक्ष, नेकपा (एमाले), सप्तरी

मानवअधिकारको सन्दर्भमा, लैङ्गिक हिंसाको सन्दर्भमा र जिल्लामा भएका मानवअधिकार उल्लङ्घनका विविध विषयका विषयवस्तुमा गहन र जिम्मेवारीपूर्वक वर्षपुस्तकमा उल्लेख गरी प्रकाशित भएमा जिल्लामा हुने घटना र मानवअधिकारको सुधारको पक्षमा महत्वपूर्ण भूमिका निभाउन सकिन्छ। महिला हिंसा, मानवअधिकार उल्लङ्घनका कुराहरू अध्ययन र सबैको जानकारीका लागि इन्सेकबाट प्रत्येक वर्ष निकालिने मानवअधिकार वर्षपुस्तकले महत्वपूर्ण

भूमिका निभाउने भएकोले यो पुस्तक अत्यन्त उपयोगी भएको कुरा महसुस गरिएको छ। यो पुस्तकले नागरिकलाई सचेत गराउन, समाजलाई सुधार गर्न, दण्डहीनता न्यूनीकरण गरी सरकारी संयन्त्रलाई सचेत गराउन समेत मद्दत पुग्ने अपेक्षा गरेको छु।

हरिराज पन्त
प्रमुख जिल्ला अधिकारी, सप्तरी

विगतमा भैँ यो वर्ष पनि इन्सेकले नेपाल मानवअधिकार वर्षपुस्तक प्रकाशित गर्न लागेको थाहा पाउँदा खुसी लागेको छ। मानवअधिकारको क्षेत्रमा अनवरत रूपमा कार्य गर्दै आएको स्वतन्त्र, निष्पक्ष तथा जुझारु संस्था इन्सेकले हाम्रो समाजमा भएको मानवअधिकार उल्लङ्घनका घटनाहरूलाई उजागर गर्नुका साथै कानुनसम्मत बाहेक अन्य कुनै पनि गतिविधिलाई निरुत्साहित गर्नका लागि प्रेरित गर्दै विशेष भूमिका खेल्दै आएकोमा हामी अझ गौरवान्वित नभई रहन सक्दैनौँ। प्रहरी जनताका सेवक हुन् र मानवअधिकार रक्षाको लागि सदैव क्रियाशील रहनु हाम्रो दायित्व हो। तसर्थ इन्सेकजस्तो पवित्र संस्थासँग हाम्रो सहकार्य हुन जरुरी महसुस गरिएको छ। सप्तरीमा पनि इन्सेक जिल्ला प्रतिनिधिसँग समन्वय गरी सूचना आदान प्रदान गर्न र मानवअधिकार रक्षा गर्नका लागि अहम भूमिका खेल्दै आएकोमा हामी इन्सेक जिल्ला प्रतिनिधि तथा इन्सेक संस्थासँग खुसी व्यक्त गर्दै संस्थाको उत्तरोत्तर प्रगति तथा अनवरत सेवाको कामना गर्दछौँ।

सञ्जयसिंह बस्नेत
एसपी, जिल्ला प्रहरी कार्यालय, सप्तरी

देशमा गणतन्त्र स्थापना भएपछि पनि मानवअधिकार हनन्का घटनाहरूमा न्यूनीकरण हुनुपर्ने ठाउँमा अझ दिनप्रतिदिन मानवअधिकार हननका घटनामा कमी आएको छैन। यस्तो अवस्थामा वर्षभरि भएका मानवअधिकार उल्लङ्घन घटनाहरूलाई एक ठाउँमा इन्सेकले अभिलेखीकरण गर्नु सरानीय कार्य हो। यसबाट घटनाको सम्बन्धमा जानकारी हुनुका साथै घटना गर्ने, गराउने व्यक्ति वा समूहलाई दण्डित गर्न राज्यलाई नैतिक तथा कानुनी दबाबसमेत पर्ने भएकोले इन्सेकको यो प्रयासको हार्दिक स्वागत गर्दै यसको निरन्तरताको कामना गर्दछु।

हेमनारायण चौधरी
अध्यक्ष, नेपाल बार एकाई, पुनरावेदन अदालत, राजविराज

संविधानसभा विघटन गरी कानुनी राज्यको उपहास र राजनीति तरलता भएको वर्तमान स्थितिमा राज्यका गतिविधिले दण्डहीनता बढाएको छ। नेपाल मानवअधिकार वर्षपुस्तक २०१३ मा प्रकाशित घटना र विचारहरूबाट राज्यले मानवअधिकारको क्षेत्रमा भएका गल्तीलाई सच्याउने आशा गरेको छु।

केशवप्रसाद दास
अध्यक्ष, सप्तरी जिल्ला अदालत बार एकाई

इन्सेकद्वारा प्रकाशित हुने मानवअधिकार वर्षपुस्तकले मानवअधिकार संरक्षणमा योगदान पुऱ्याएको हामीले महसुस गरेका छौँ। फौजदारी न्यायको क्षेत्रमा काम गर्ने हामी सरकारी वकिलहरूका लागि मानवअधिकार उल्लङ्घनका घटनाबाट पीडित हुने व्यक्तिहरूलाई न्याय दिलाउने सन्दर्भमा अझ संवेदनशील भएर काम गर्न यस पुस्तकमा प्रकाशन हुने घटना विवरणहरूले झक्झक्याउँछ।

लोकराज पराजुली
जिल्ला सरकारी वकिल, सप्तरी

इन्सेकले झण्डै दुई दशकदेखि नेपालको हिमाल, पहाड, तराईका शहरदेखि गाउँबस्तीसम्म विभिन्न पक्षबाट भएका मानवअधिकारर हननका विषयवस्तुलाई गहन अध्ययन र विश्लेषण गरी प्रकाशन गर्ने गरेको छ। तथ्यपरक ढङ्गले प्रकाशन गरिएका घटनाहरूले पीडितलाई न्याय दिलाउन र दण्डहीनता न्यूनिकरण गर्न सक्रिय भूमिका निर्वाह गरिरहेकोले इन्सेकको क्रियाकलाप अझ बढी त्रियाशील भएर आउन जरुरी छ।

भगवत यादव
कार्यालय प्रमुख, कारागार कार्यालय, सप्तरी

इन्सेकबाट निरन्तर प्रकाशित हुँदै आएको नेपाल मानवअधिकार वर्षपुस्तक र मानवअधिकारको क्षेत्रमा यस संस्थाले गरेका कामहरू प्रशंसनीय छन्। राजनीतिक दलले पनि आफू जिम्मेवार बन्दै मानवअधिकार उल्लङ्घनका घटनामा संलग्न कार्यकर्ताको पक्षधर बन्ने प्रवृत्ति त्याग्नु पर्छ। इन्सेकको प्रयासमा वर्षपुस्तकको अन्तर्राष्ट्रियकरण हुनु र पुस्तक प्रकाशनले मानवअधिकारसम्बन्धी घटनालाई

न्यूनीकरण गर्न महत्वपूर्ण सहयोग पुगिरहेको विश्वास गर्दछु।

थानसिंह भन्साली
कार्यवाहक अध्यक्ष, नागरिक समाज, सप्तरी

सङ्क्रमणकाल लम्बिँदै गएको नेपालमा दण्डहीनताले पनि प्रश्रय पाउन थालेको छ। विधिको शासन कायम रहन नसक्दा मानवअधिकार हननका घटना शहरी क्षेत्रदेखि ग्रामीण क्षेत्रसम्म दिनानुदिन बढ्दै गइरहेका छन्। मानवअधिकार वर्षपुस्तकमा समावेश भएका जानकारी अति महत्वपूर्ण रहेकोले अनुसन्धानको दायरा फारकिलो पारी अझ बढी घटना समेट्न सकेमा आगामी दिनमा मानवअधिकार उल्लङ्घनका घटना न्यूनीकरण गर्न सजिलो हुने विश्वास मैले लिएको छु।

मुरलीप्रसाद यादव
सदस्य, प्रेस काउन्सिल नेपाल, सप्तरी

मानवअधिकार वर्षपुस्तक राष्ट्रियस्तरको एकीकृत दस्तावेज हो। यसमा सत्य तथ्य सूचना भएकोले राष्ट्रिय, अन्तर्राष्ट्रियस्तरमा यसको विश्वसनीयता रहेको छ। व्यक्तिहरू तथा सङ्घ संस्थाहरू र सरकारी निकायहरूले पनि लामो समयसम्म अभिलेख राख्न नसकेकोमा यो पुस्तकमा अभिलेखहरू सुरक्षित राखिएको हुन्छ र मैले पनि यसलाई विभिन्न मुद्दाहरूमा आधार मानेर मुद्दा लड्ने गर्छु।

गोपीचन्द्र भट्टराई,
जिल्ला सरकारी वकिल, सिरहा

देशभरिको घटनाहरूलाई समेटेर पुस्तक प्रकाशन गर्न सक्नु एकदमै सराहनीय छ। वर्षपुस्तकले देशभरिको मानवअधिकार हननका घटनाहरूको अवस्थालाई दर्शाउँछ।

श्यामकुमारी साह,
महिला मानव अधिकारकर्मी, सिरहा

इन्सेकद्वारा प्रकाशित मानवअधिकार वर्षपुस्तक मानवअधिकार अनुगमन तथा अभिलेखकीरणको क्षेत्रमा एउटा कोसेढुङ्गा हो। यसले नेपालको मानवअधिकार आन्दोलनलाई सङ्गठित बनाउन र अन्तर्राष्ट्रियस्तरमा नेपालको मानवअधिकार अभियानलाई परिचित तुल्याउन अतुलनीय कार्य गरेको छ।

भैरवप्रसाद गेलाल
मानवअधिकारकर्मी, सिरहा

नेपालको पहिलो मानवअधिकारसम्बन्धी तथ्य तथ्याङ्क समेटिएको दस्तावेज हो। जसको माध्यमबाट मानवअधिकार हनन्, उल्लङ्घनका घटनाहरू सरोकारवालाले चाहेको बेला सूचना लिन यस दस्तावेजबाट सहयोग मिलेको छ।

सुनील साह,
अध्यक्ष, मानवअधिकार संरक्षण केन्द्र सञ्जाल, सिरहा

नेपाल मानवअधिकार वर्षपुस्तक मानवअधिकारको क्षेत्रमा आँखीझ्यालको रूपमा स्थापित छ। यसमा समेटिका सूचनाको विश्लेषण विभिन्न कोणबाट गरिने भएकाले बहुउपयोगी हुनुका साथै नेपालको मानवअधिकारको अवस्थाका बारेमा जानकारी दिन सबल छ। वर्षपुस्तकमा सूचना अभिलेखीकरण मात्रै ठूलो विषय होइन। इन्सेकले थालेको मानवअधिकार आन्दोलन सराहनीय भए पनि मानवअधिकारसम्बन्धी चेतना जगाउने खालका कार्यक्रम जिल्लामा आवश्यक छ।

सूर्यबहादुर खत्री,
प्रमुख जिल्ला अधिकारी, ओखलढुङ्गा

इन्सेकले प्रकाशन गर्दै आएको मानवअधिकार वर्षपुस्तक अन्तर्राष्ट्रिस्तरमा नेपालको मानवअधिकारको अवस्था चिनाउने एक मात्र दस्तावेज हो। यो प्रकाशनको निरन्तरताले म अत्यन्तै खुशी छु। वर्षपुस्तकले राज्यका विभिन्न निकाय र अन्य सरोकारवालाहरूलाई मानवअधिकारमैत्री काम गर्न दबाब सृजना गर्ने गरेको छ। इन्सेकले हरेक जिल्लामा जिल्ला प्रतिनिधिमार्फत काम गर्दै आएको छ। अझ यो क्षेत्रलाई फराकिलो बनाउदै गाउँ तहसम्म पुग्ने संयन्त्रको विकास गर्न जरुरी छ।

दीपकराज नेपाल
प्रमुख जिल्ला अधिकारी, खोटाङ

इन्सेकले मानवअधिकारका क्षेत्रमा सशक्त भूमिका निर्वाह गर्दै आएको छ। हरेक वर्ष वर्षपुस्तक निकालेर पीडितलाई न्याय दिलाउन गर्दै आएको इन्सेकको काम सराहनीय छ। अझ द्वन्द्वकालमा गरिएका तथ्याङ्कले नेपाली समाजका लागि ठूलो न्यायको काम गरेको छ। राज्य र गैरराज्यतर्फबाट हुने मानवअधिकार हनन्लाई घटाउन इन्सेक नै सशक्त निकाय बनेको छ। यो सन्दर्भमा हामी राजनीतिक दलका स्थानीय नेतृत्वमा मानवअधिकारको अन्तर्राष्ट्रिय

सन्धि, महासन्धिका बारेमा जानकारी कमै पाइने भएकाले यसबारे ज्ञान लिन जरुरी छ। वर्षपुस्तक प्रकाशनमा नजानेर कतिपय घटनाको दोषी बनिएको देख्न पाइन्छ। अत : राजनीतिक दलका स्थानीय नेतृत्वलाई इन्सेकले मानवअधिकारका विषयमा प्रशिक्षण चलाए थप सहयोग पुग्ने थियो। हामी मानवअधिकारका उल्लङ्घनका घटनाप्रति गम्भीर छौं।

होमकाजी आचार्य(विनोद)
जिल्ला नेता, एनेकपा माओवादी, खोटाङ

इन्सेकले मुलुकभर नै मानव अधिकारको रक्षार्थ अग्रणी भूमिका खेलीरहेकोमा दुई मत छैन। यसले प्रकाशनमा ल्याएको मानवअधिकार वर्षपुस्तकले पनि समग्र मुलुकको मानव अधिकारको अवस्थालाई चित्रण गरेको पाएको छु। जिल्ला वा देशको मानवअधिकारको सप्रँदो वा बिग्रँदो अवस्था जान्नकालागि पुस्तक पठनीय छ। घटनाका पीडितलाई कानूनी उपचार प्राप्तीकालागि पनि यो वर्ष पुस्तक महत्वपूर्ण लिखित प्रमाण हो।

दमन राई, कार्यवाहक अध्यक्ष,
नेपाल पत्रकार महासङ्घ
जिल्ला शाखा, खोटाङ

इन्सेकले थालेको मानवअधिकार उल्लङ्घनका घटना अभिलेखकीरण गर्ने काम सराहनीय भए पनि अभिलेखले मात्रै पीडितले न्याय पाउँदैन। पीडितले न्याय पाउने खालका अन्य कार्यक्रम पनि आवश्यक छ। जिल्लामा मानवअधिकारका घटनाका विषयमा सूचना सङ्कलन र छलफल गराउने एक मात्र संस्था इन्सेक भएकाले दूरदराजका घटना अभिलेखीकरणमा समस्या देखिएको छ। घटना भएको देखाएर मात्र भएन नगकिहरूलाई यी र यस्ता काम गैरकानुनी हुन् भन्ने पनि जानकारी दिनुपऱ्यो।

भेषराज रिजाल
इन्स्पेक्टर, जिल्ला प्रहरी कार्यालय, ओखलढुङ्गा

इन्सेकले दिने सूचना तथ्यपूर्ण हुने आमनागरिकमा विश्वास भएकाले सबैले मानवअधिकार आन्दोलनमा विश्वास गरेका छन्। वार्षिक रूपमा प्रकाशन हुने वर्षपुस्तक आमसर्वसाधारणको पहुँचमा पुगेको छैन। यसलाई प्रचारप्रसार गरेर सबैको पहुँचमा पुऱ्याउनुपर्छ। किताब प्रकाशन गरेरमात्र भएन दुर्गम गाउँका नागरिकहरूलाई उनीहरूको कर्तव्य र अधिकारका बारेमा जानकारी दिने कार्यक्रम सञ्चालन गरेको पाइएन। यसतर्फ ध्यान दिए मानवअधिकार हनन्का घटनामा कमी आउने थियो। आगामी दिनमा यी विषयलाई ध्यान दिएर कार्यक्रम सञ्चालन गर्न सुझाव दिन चाहान्छु।

यज्ञराज सुनुवार
अध्यक्ष, नेकपा (एमाले), ओखलढुङ्गा

अधिकारका क्षेत्रमा भएका विभिन्न घटनालाई इन्सेकले अभिलेख गरी राम्रो गरेको छ। अधिकांश महिला हिंसाका घटना घर बाहिर आएका हुँदैनन् र पीडितले खुलाउन पनि सक्दैनन्। त्यस्ता घटना खोजेर बाहिर ल्याए महिला हिंसाका घटनामा कमी आउने थियो। जिल्लाका अधिकांश महिला हिंसाका घटनामा इन्सेकले गरेको सहयोग महत्वपूर्ण छ। तर यति मात्र पर्याप्त छैन। गाउँ गाउँमा पुगेर सबै घटनाहरूको अनुगमन गरेर कारबाही गराउन सक्नुपर्छ।

चम्पा कार्की
सह- इञ्चार्ज, एनेकपा माओवादी, ओखलढुङ्गा

इन्सेकले मानवअधिकारका क्षेत्रमा गरेको काम सराहनीय छ। घटना उठाउनेभन्दा समाधान गर्नेतर्फ ध्यान दिनुपर्छ। अभिलेखीकरण गरेको घटनाले पछिसम्म पनि पीडक र पीडितबीच झन दूरी बढाउने भएकाले यसतर्फ सचेत हुनु पर्दछ।

प्रदीपकुमार सुनुवार
सभापति, नेपाली काङ्ग्रेस जिल्ला, ओखलढुङ्गा

वर्षभरिका मानवअधिकार उल्लङ्घनका बारेमा विस्तृत विवरण समेटेर प्रकाशन हुने मानवअधिकार वर्षपुस्तकले मानवअधिकारको क्षेत्रमा सकारात्मक प्रभाव पारेको छ। यो साह्रै सराहनीय काम पनि हो। यस कार्यले पीडितलाई न्याय दिलाउन र पीडकलाई कानुनबमोजिम कारबाहीका लागि दबाब सिर्जना गर्न महत्वपूर्ण भूमिका खेलेको छ। नेपालमा मानवअधिकार उल्लङ्घनका विषयमा मानवअधिकार वर्षपुस्तक एक मात्रै जीवित दस्तावेज हो भन्ने मलाई लाग्छ।

नारायणकुमार श्रेष्ठ,
अध्यक्ष, नेपाल पत्रकार महासङ्घ, सोलुखुम्बु शाखा

नेपालमा मानवअधिकारसम्बन्धी भएका कार्यहरूका बारेमा जानकारी लिन मानवअधिकार वर्षपुस्तक एउटा मात्रै भरपर्दो पुस्तक हो। इन्सेकले विभिन्न प्रकारका जोखिम मोलेरै भए पनि नियमित

रूपमा पुस्तक प्रकाशन गर्न सकेकोमा इन्सेकप्रति आभारी छु। पुस्तकको उपलब्धताका बारेमा भने पाठकहरूले समस्या भोग्नुपर्ने अवस्था छ। सहजै पुस्तक पाउने व्यवस्था भए राम्रो हुन्थ्यो।

वुद्धिनारायण श्रेष्ठ,
अध्यक्ष, योङ् स्टार क्लब, सोलुखुम्बु

प्रथमत: सन १९९२ देखि मानवअधिकार वर्ष पुस्तक अविछिन्न रूपमा प्रकाशन हुँदै आएकोमा खुशी व्यक्त गर्न चाहन्छु। मानवअधिकार सम्बन्धमा जारी भएको विश्वव्यापी घोषणा-पत्रको आधारमा मानवअधिकार उल्लङ्घनको विषयमा खोज तथा अनुसन्धान गरी सत्यतथ्य घटनाहरूलाई सार्वजनिक गर्दै अन्यायमा परेकालाई न्याय दिलाउन वर्षपुस्तक सफल भएको अनुभूति गरको छु।

छवि तामाङ
जिल्ला संयोजक, आरआरएन, सोलुखुम्वू

इन्सेकले नियमित रूपमा हरेक वर्ष मानवअधिकार वर्षपुस्तक प्रकाशनलाई निरन्तरता दिएकोमा खुशी लागेको छ। राज्यलगायत अन्यका लागिसमेत इन्सेकको यो वर्षपुस्तक महत्वपूर्ण रहेको छ। यसले राज्यलाई जिम्मेवार बनाउन पनि प्रयास गरेको छ।

डुफकुमार बाँस्तोला
सचिव, नेकपा (एमाले), सोलुखुम्बु

महिला दलित आदिवासी जनजाती मधेसी उत्पीडित उपेक्षित र अल्पसङ्ख्यक समुदाय, पिछडिएका क्षेत्रको आवाज बिहीन, पीडित समुदाय को समस्याहरूलाई पहिचान गर्न र राज्यको वर्तकान केन्द्रिकृत एकात्मक ढाँचाको अन्त्य गर्न जोड दिनु जरुरी छ। द्वन्द्वबाट विस्थापित भएका व्यक्ति वा निजका परिवारहरूले राहत र आ–आफ्ना गाँउ फर्कने वातावरण बनाउन जोड दिने खालका विषयवस्तुहरू प्रकाशनमा समावेश गरिनुपर्छ।

संविधानसभा बिघटनपछि नेपालको राजनीतिमा अन्यौल उत्पन्न भएको छ। कामचलाउ नेतृत्वको सरकारमा भ्रष्टाचार मौलाउँदै गएको, चन्दा आतङ्क बढ्दै गएको, विकास निर्माणको काममा ठप्प भएको, महिला हिंसामा बृद्धि भइरहेको छ। २०१३ को मानवअधिकार वर्ष पुस्तकको सफलताको शुभकामना व्यक्त गर्दछु।

रुद्रबहादुर खड्का
अध्यक्ष, मानवअधिकार शिक्षा क्लब (रिलेक नेपाल),
जिल्ला शाखा, सिन्धुली

इन्सेकले गाउँगाउँमा गएर घटना ल्याएर सार्वजनिक गरेको छ। घटनाहरू तथ्यपरक छन्। तर, घटनालाई लेख्दा कस्ता घटनालाई कति महत्व दिने भन्ने कुरामा भने सोचिदिए राम्रो हुन्छ। घटना भएको हो तर उठान गर्दा कतिपय अवस्थामा महत्व नदिँदा पनि हुने घटनाहरूले महत्व पाएका तर महत्व पाउनु पर्ने विषयले कतिपय अवस्थामा महत्व नपाएको जस्तो लाग्छ। त्यता इन्सेकको ध्यान जाओस्।

पुष्पराज पौडेल
सदस्य, एनेकपा माओवादी, रामेछाप

राज्यले यतिबेला द्वन्द्व पीडितलाई विभाजन गर्न खोजेको छ। पीडितहरू न्यायको लागि एउटै छातामुनि बसेर लड्नु पर्दछ। त्यसो भयो भने मात्र न्याय र मानवअधिकार स्थापित हुन सम्भव छ। अन्यथा राज्य पीडितलाई नै विभाजित गरेर त्यसै माथि राज गर्न चाहन्छ। अब हामीले न्यायको लागि फेरि द्वन्द्व भड्काउनु हुँदैन। द्वन्द्वको पीडालाई कम गराउन राज्य लाग्नु पर्छ। त्यसको लागि मानवअधिकराको संरक्षण र प्रबर्धनमा राज्य लाग्नु पर्छ। नागरिक तथा राजनीतिक अधिकारका साथै आर्थिक अधिकारका घटनाहरू उठाउनु जरुरी छ।

लेखबहादुर कार्की
क्षेत्रीय सभापति, नेपाली काङ्ग्रेस, रामेछाप

राज्यको संयन्त्रमा जनताले चाहेको जस्तो परिवर्तन भएको छैन। अहिले पनि हाम्रो संयन्त्र पुरानै छ। त्यसैले मानवअधिकारको अवस्थामा सुधार भएको छैन। अहिले पनि पीडितले न्याय पाउन सकेको छैनन्। यसतर्फ सबै सचेत हुनु जरुरी छ। इन्सेकले प्रकाशन गरेका घटनाहरू तथ्यसङ्गत छन्।

आनन्द श्रेष्ठ
सदस्य, नेकपा (एमाले), रामेछाप

हरेक प्रतिवेदनको तथ्याङ्क र रिपोर्टमा विश्वसनीयता हुन जरुरी छ। अधिकारकर्मीहरू असुरक्षित छन्। गहिराइमा गएर घटना ल्याउन गाह्रो

छ । यसका बीचबाट पनि इन्सेकले घटना ल्याएर हरेक वर्ष सार्वजनिक गरेको छ। यो एउटा सहासिक काम हो। इन्सेकका जिल्ला प्रतिनिधिको यो लगावको सम्मान गर्नुपर्छ।

शिव कार्की

अध्यक्ष, नेपाल रेडक्रस सोसाइटी, रामेछाप

इन्सेकले उठाएका घटनको विश्वसनीयतामा प्रश्न उठाउने ठाउँ नहोस्। रामेछापमा अघिल्लो वर्षभन्दा भन्दा यो वर्ष मानवअधिकार उल्लङ्घनका घटनामा बृद्धि भएको देखियो। इन्सकेले यस्ता विषयको उठान गरी सबैलाई सचेत गराउने काम गरेको छ यो सराहनीय काम हो। वास्तवमा मानवअधिकार वर्षपुस्तक नेपालीहरूको साझा सम्पत्ति हो। यसको संरक्षण गर्ने र आकार घटाउने कुरामा सबै जना लाग्नु जरुरी छ।

बीचारसिँह दोङ

अध्यक्ष, नेपाल बार एसोसिएसन, रामेछाप

मानवधिकार रक्षाको सवालमा प्रत्येक वर्ष मानवधिकार उल्लङ्घनका घटनाहरू समावेश गरी प्रकाशित गरिएको मानवधिकार वर्षपुस्तक अध्ययन गर्ने सुवर्ण अवसर प्राप्त भयो। यसरी प्रत्येक वर्ष दण्डहीनताको अन्त्यको लागि इन्सेकले गरेको प्रयासलाई भुल्न सकिँदैन। देशव्यापीरूपमा राज्यपक्ष र गैरराज्यपक्षबाट भएका मानवधिकार उल्लङ्घनका घटनाहरूलाई इन्सेकले जनतामाझ ल्याउन गरेको प्रयास सराहनीय र स्वागत योग्य छ।

खेमराज पाठक

जिल्ला सरकारी वकिल कार्यालय, धादिङ।

इन्सेकले वार्षिकरूपमा प्रकाशन गर्ने मानवअधिकार वर्षपुस्तकले देशमा मानवअधिकारको स्थिति कस्तो छ भन्ने कुराको जानकारी सबैको माझमा सार्वजनिक भएको छ। वर्षपुस्तकले मानवअधिकार हननका घटनाहरू सार्वजनिक गर्नाले राज्यका जिम्मेवार निकायलाई संवेदनशील बनाउनको लागि पनि दबाब पुग्छ। वर्षपुस्तकमा पहिलाको तुलनामा महिलामाथि हुने हिंसाका घटनाहरूको अभिलेखिकरणमा वृद्धि भएको पाइन्छ। तर, अझै पनि बलात्कार, हत्या जस्ता गम्भीर घटनाहरू बाहेक महिलामाथि हुने अन्य हिंसाका घटनाहरूलाई वर्षपुस्तकले समेट्न सकेको छैन।

राधिका सापकोटा

महिला मानवअधिकार रक्षक, धादिङ

इन्सेकले हरेक वर्ष प्रकाशन गर्ने गरेको मानवअधिकार वर्षपुस्तक इतिहास निर्माण गरिरहेको छ। मानवअधिकारका सन्दर्भहरूलाई सुत्रबद्ध र व्यवस्थित रुपमा सँगालो बनाउने काम जति आर्थिक र प्राविधिक रूपले जटिल छ, त्यसको तुलनामा इन्सेकले यसलाई अपेक्षाभन्दा इमान्दार ढङ्गले निष्पक्ष बनाएकोमा सायदै कसैको गुनासो होला। जनताका तर्फबाट मूल्याङ्कन गर्दा घटनाहरूको यथार्थ आधिकारिक एकमात्र दस्तावेजको पहिचान कायम राख्न सकिरहनुपर्छ।

अमृतनाथ तिमल्सिना,

सचिव, नेपाल पत्रकार महासङ्घ, ललितपुर

लामो समयदेखि मानव मानवअधिकार वर्षपुस्तक पढ्न पाउँदा ज्यादै खुसी लागेको छ। वर्षपुस्तकका सामग्री राष्ट्रिय स्तरमा मात्र होइन अन्तराष्ट्रिय स्तरमा विश्वसनीय रहँदै आएको छ। यसको पछिल्लो प्रमाण इन्सेकको अभिलेखलाई संयुक्त राष्ट्रसङ्घीय उच्चायुक्तको कार्यालयले नेपालको द्वन्द्वसम्बन्धी प्रतिवेदनमा उल्लेख गरेबाट हुन्छ।

राज्य र गैरराज्य पक्षबाट भएका मानवअधिकार उल्लङ्घन तथा ज्यादतीको अनुगमन गरेर प्रतिवेदन प्रकाशन गर्नु चुनौतीपूर्ण कार्य सम्पन्न गर्दै आएकोमा इन्सेकलाई आभार प्रकट गर्दछु ।

मानवविकास र बदलिँदो परिवेश अनुरुप मानवअधिकारको परिधि पनि फराकिलो हुँदै जान्छ।त्यसलाई इन्सेकले पनि पछ्याउँदै जानु पर्ने हुन्छ। मानवअधिकारका सम्पूर्ण आयामहरुलाई कुनै एक संस्था वा एक पुस्तकले सम्बोधन गरिदियोस् भन्ने अपेक्षा राख्नु स्वभाविक हुन्न। मानवअधिकाका विविध क्षेत्रमा विशिष्ट तवरले क्रियाशील बेग्ला बेग्लै संस्थाहरु छन्, तर सबै क्षेत्रको चाहना के हुन्छ भने इन्सेकले पनि त्यस विषयमा केही अभिलेख गरिदियोस्, केही बोलिदियोस्।

नेपालको कूल जनसङ्ख्याको १० प्रतिशत हिस्सा ओगटने ज्येष्ठ नागरिकहरुका समस्यामाथि राज्यबाट उचित दृष्टि पुगेको पाइँदैन। गैरराज्य पक्षबाट पनि उनीहरु उपेक्षित र पीडित भएको पाइन्छ। उनीहरुको विषयलाई इन्सेकजस्तो संस्थाले प्राथमिकतामा राख्नु पर्छ।

मनोहर उप्रेती

सचिव, राष्ट्रिय ज्येष्ठ नागरिक महासङ्घ तथा
राष्ट्रिय प्रतिनिधि
ज्येष्ठ नागरिक दुर्व्यवहार विरुद्धको अन्तराष्ट्रिय
सञ्जाल- INPEA

इन्सेकले नेपाल मानवअधिकार वर्षपुस्तक प्रकाशन गरी सुसूचित गर्ने कार्य एकदम प्रशंसनीय छ। यथार्थ फरक घटनाको लागि प्रहरीसँग पुष्टि गरी प्रकाशित गरेमा अझ बढी विश्वसनीय र तथ्यपरक हुन सक्छ। गैरराज्य पक्षबाट भएका घटनाहरूलाई उजागर गरी त्यस्ता व्यक्ति वा समूहलाई सचेत गराउन पनि त्यतिकै जरुरी देखिन्छ।

विकासराज खनाल,
प्रहरी नायव उपरीक्षक, जिल्ला प्रहरी कार्यालय, धादिङ

मानव अधिकार उल्लङ्घनको घटनालाई विषय बनाएर हरेक वर्ष मानवअधिकार वर्षपुस्तक प्रकाशन गर्ने कार्य गरेकोमा इन्सेकप्रति आभार व्यक्त गर्न चाहान्छु।

वर्षभर मानवअधिकारको उल्लङ्घन घटनाको सत्यतथ्य खोज अनुगमन गरी तथ्यपरक रूपमा सबै सामु पस्कने यस कार्यबाट राज्यलाई आफ्नो दायित्वप्रति सदा सजग र संवेदनशील बन्न झकझक्याउने काम गरेको छ। यसका साथै कानुनी राज्यको स्थापना गर्न, पीडितलाई न्याय दिन, उल्लङ्घनकर्तालाई कानुनको कठघरमा उभ्याउन, एवम् उल्लङ्घनको घटनालाई न्युनिकरण गर्न समेत वर्ष पुस्तक प्रकाशनबाट सहयोग मिलेको छ।

विजयराज पौडेल
सहायक प्रमुख जिल्ला अधिकारी, धादिङ

इन्सेकले प्रकाशन गर्दै आएको नेपाल मानवअधिकार वर्ष पुस्तक निस्पक्ष र स्वतन्त्र हुनु पर्छ। राजनीतिक प्रभावबाट मुक्त हुनु पर्छ। प्रहरीमा जाहेरी दर्ता भएका घटनाहरू केही छुटेका छन्। सबै समाबेश हुनुपर्ने देखिन्छ। मानवअधिकार वर्ष पुस्तकले उठाउनु पर्ने विषयहरू उठाएकोले यसको निरन्तरताको कामना गर्दछु।

रामबहादुर भण्डारी
नेता, एनेकपा माओवादी, धादिङ

नेपाल मानवअधिकार वर्षपुस्तकको सहायताबाट नै धेरै मानवअधिकार उल्लङ्घनका घटनाहरूको जानकारी दिलाउन सफल भएको छ। मानवअधिकार वर्षपुस्तकमा सबैखालका घटनाहरू सबै समावेश गर्ने गरी प्रकाशन भए राम्रो हुन्थ्यो।

शम्भुकुमार थापा
सहसचिव, नेकपा एमाले, धादिङ

नेपाल मानवअधिकार वर्षपुस्तकका घटनालाई राम्रोसँग गहिरो अध्ययन गरी लेखिएको पाइन्छ। यस पुस्तकमा बालश्रमसम्बन्धी विषय नसमेटिएको पाएँ। नेपाल मानवअधिकार वर्षपुस्तकले सफलता पाओस्।

भक्तबहादुर लामा
सचिव, नेपाली काङ्ग्रेस, धादिङ

महिला हिंसाका घटनाहरू समेट्नु पर्‍यो। नेपाल मानवअधिकार वर्ष पुस्तक सबैको पहुँच हुनेगरी उपलब्ध हुनु पर्‍यो। जिल्लामै यस्तो पुस्तक प्रकाशन भए राम्रो हुन्थ्यो भन्ने चाहना गर्दछौं। विकट ठाउँमासमेत पुस्तक पुगे हुन्थ्यो।

गायत्री खतिवडा
महिला मानवअधिकार रक्षक, धादिङ

मानवअधिकार वर्ष पुस्तकले मानवअधिकारको संरक्षण गरिरहेको छ। धादिङमा होटल व्यवसाय र यातायातमा बालमजदुरहरू देखिन्छन्। उनीहरूको विषय पनि समेट्न सके राम्रो हुन्थ्यो। वर्ष पुस्तक निरन्तर प्रकाशन होस्।

राजेन्द्र पौडेल,
जिल्ला सदस्य, नेकपा माले, धादिङ

नेपाल मानवअधिकार वर्षपुस्तक मानवअधिकार सम्बन्धी सम्पूर्ण सूचना र जानकारी लिन सकिने खालको भएकोले उपयोगी छ। शिक्षाबाट वञ्चित भएका, बालश्रमसम्बन्धी विषयहरू समेटी तथ्याङ्कहरू लिएको अवस्थामा श्रोतसमेत उल्लेख गरी प्रकाशन गर्नुभए राम्रो हुन्थ्यो।

कृष्णकुमार श्रेष्ठ
अध्यक्ष, काहुराष्ट्र, धादिङ

नेपाल मानवअधिकार वर्षपुस्तकले मानवअधिकार संरक्षणमा योगदान गरेकोले यसको महत्व धेरै छ। पुस्तकमा सामाजिक, आर्थिक, राजनीतिक तथा शैक्षिक अधिकारका विषयहरू विस्तृत रुपमा समेटेर सारांश भन्दा पनि विश्लेषणात्मक भए राम्रो हुन्थ्यो। वर्ष पुस्तकको निरन्तर प्रकाशन भइरहोस् भन्ने कामना गर्दछु।

श्यामबहादुर मगराती
अध्यक्ष, दलित सेवा सङ्घ, धादिङ

नेपाल मानवअधिकार वर्षपुस्तकमा महिलामाथि भएका मानवअधिकार उल्लङ्घनका घटनाहरू समेटिएको छ। सबै महिला अधिकार उल्लङ्घनका

घटनाहरू समावेश होस्। मानवअधिकार उल्लङ्घनका घटनाहरूको श्रोत महिलामानवअधिकार रक्षक जिल्ला सञ्जाल पनि हुने भएकोले वर्षपुस्तकमा श्रोत उल्लेख होस्।

अम्बिका रुपाखेती
अध्यक्ष, महिला मानवअधिकार रक्षकहरूको जिल्ला सञ्जाल, धादिङ

मानवअधिकार उल्लङ्घनका घटनाहरू समावेश गरी प्रकाशित गरिएको नेपाल मानवअधिकार वर्ष पुस्तक २०१२ अध्ययन गर्ने अवसर प्राप्त भयो। नेपालमा भएका मानवअधिकार उल्लङ्घनका घटनाहरू यथार्थ चित्रण गरेको छ। मानवअधिकार रक्षाका निम्ति क्रियाशिल संस्था इन्सेकले हरेक वर्ष समेटेर प्रकाशित गर्ने यस्तो पुस्तक भविष्यमा पनि निरन्तर रूपमा प्रकाशित हुँदै जाओस् भन्ने शुभकामना दिन चाहन्छु। मानवअधिकारका हरेक सवालमा आमनागरिक, प्रेस, सरकार र सम्बन्धित निकायलाई सचेत र जिम्मवार बनाउँदै आएको छ। पुस्तकले समाजमा ओझेलमा परेका अन्य घटनाहरू पनि समावेश गर्ने सत्य थय तथ्य अझै घटना सार्वजनिक गरी अघि बढ्दै र निरन्तर प्रकाशित गर्दै जाओस् भन्ने शुभकामना दिन चाहन्छ।

गौतम रिमाल
निमित्त प्रमुख जिल्ला अधिकारी, जिल्ला प्रशासन कार्यालय धुन्चे, रसुवा

हरेक वर्ष जस्तै नेपाल मानवअधिकार वर्षपुस्तक सन् २०१२ अध्ययन गरेँ। देशभरिका मानवअधिकार उल्लङ्घनका सबै घटनाहरू एकै पुस्तकमा समेटेर निरन्तर प्रकाशित गर्नु अति नै राम्रो पक्ष हो। खास गरी सशस्त्र द्वन्द्वका क्रममा इन्सेकले गरेको कामलाई भुल्न सकिन्न। अझै पनि मानवअधिकार शिक्षा कार्यक्रम अझै गाउँगाउँमा आवश्यक देखिएको छ। यसमा समेटिएका विगतमा भएका मानवअधिकार उल्लङ्घनका घटनाहरू तथ्यपरक ढङ्गबाट विश्लेषण भएको छ। जसबाट मानवअधिकारको उल्लङ्घनकर्तालाई नैतिक दवाव परेको छ। मानवअधिकारको विश्वव्यापी घोषणापत्रका कुराहरूको आधारमा समेटिएको यस वर्षपुस्तक सङ्ग्रहणीय पठनीय र अति उपयोगी छ। आगामी दिनमा पनि यसरी नै कुशलता र निष्पक्षतापूर्वक मानवअधिकारको सम्वर्धनमा कटिवद्ध भएर लाग्न सकेकोमा इन्सेकलाई धन्यवाद ज्ञापन गर्दछु।

छोवाङतेन्जिङ तामाङ
अध्यक्ष, नेकपा (एमाले), रसुवा

देशभरका मानवअधिकार उल्लङ्घनका घटना वर्षपुस्तकमा समावेश भएको छ। मानवअधिकार उल्लङ्घनका घटनाहरू समेटेर प्रकाशित नेपाल मानवअधिकार वर्षपुस्तकमार्फत सबै मानवअधिकार उल्लङ्घनका घटनाहरू जनता माझ ल्याउनु स्वागत योग्य काम हो। वर्ष पुस्तक अध्ययन गर्दा मुलुकको मानवअधिकारको अवस्था स्पष्ट हुन्छ। यो पुस्तक प्रकाशनले मानवअधिकारको उल्लङ्घनका घटनामा न्युन गर्न उल्लेखनीय भूमिका खेल्न सकेको छ।

नवराज न्यौपाने
अध्यक्ष, मानवअधिकार तथा सामुदायिक विकास स्रोत केन्द्र, रसुवा

इन्सेकले मुलुकभरका मानवअधिकार विरोधी घटनाहरूलाई केलाएर हरेक वर्ष वर्षपुस्तक मार्फत सार्वजनिक गर्दै आएको छ। सन् २०११ भरका मानवअधिकार उल्लङ्घन र ज्यादतिका घटनाहरूलाई राम्ररी विश्लेषण गरेको पाइयो। प्रकाशित हरेक घटनाहरूको गहन अध्ययन गरिएको छ। दण्डहीनताको अन्त्यको लागि इन्सेकले गरेको प्रयासलाई भुल्न सकिँदैन। यो निकै नै सराहनीय काम हो। कानूनी राज्यको लोकतन्त्रकको संस्थागत गर्नका लागि यसले निकै महत्वपूर्ण भूमिका खेलेको छ। प्रकाशित पुस्तकमा नेपालका धेरै नागरिकको पहुँच पुग्न नसकेको जस्तो लाग्छ। सर्वसुलभ रूपमा पुस्तक उपलब्ध हुन सके आमनागरिकले सजिलै पढ्न पाएर मानवअधिकारको यो दस्तावेजबाट धेरै ज्ञान पाउन सक्ने थिए।

जनक जीवन
उपाध्यक्ष, नेपाली काङ्ग्रेस, रसुवा

नेपाल मानवअधिकार वर्षपुस्तक सन् २०१२ हेर्ने अवसर मिल्यो। वर्ष पुस्तकले वर्षभरि देशका विभिन्न ठाउँमा घटेका मानवअधिकार उल्लङ्घनका घटनाहरूलाई समावेश गरिएको र साना साना घटनालाई समेत समेटेकोप्रति संस्था र इन्सेक प्रतिनिधिलाई विशेष धन्यवाद दिन चाहन्छु। भक्तपुर जिल्लामा कार्यरत रहेका मानवअधिकारकर्मीले सामूहिक प्रयास गर्न सक्यौं भने जिल्लामा हुने मानवअधिकार उल्लङ्घनका घटनामा कमी आउने हुँदा सबै मानव

अधिकारकर्मीको सामूहिक प्रयासको खाँचो देखेको छु। संस्थाको उत्तरोउत्तर प्रगतिका कामना गर्दछु।

किरण न्यौपाने
अधिवक्ता तथा उपसभापति, नेपाली काङ्ग्रेस १ नं. क्षेत्रीय कार्यसमिति, भक्तपुर

इन्सेकद्वारा प्रत्येक वर्ष प्रकाशित गरिने नेपाल मानवअधिकार वर्षपुस्तक यस वर्ष पनि प्रकाशित हुँदैछ। सर्वप्रथम यस अवसरमा सम्पूर्ण आम जनसमुदायमा तथा विशेष गरी मानव अधिकारको क्षेत्रमा अग्रसर सम्पूर्ण मानवअधिकारकर्मीहरूलाई शुभकामना व्यक्त गर्न चाहन्छौं। स्वतन्त्र पहल कदमीकासाथ आगामी दिनहरूमा इन्सेक अघि बढ्ने छ भन्ने आशा गर्दछु।

भास्कर प्रधानाङ्ग (प्रहार)
संयोजक, एनेकपा माओवादी, जिल्ला सम्मेलन आयोजक समिति, भक्तपुर

इन्सेकले प्रत्येक वर्ष प्रकाशित गर्ने नेपाल मानवअधिकार वर्षपुस्तकमा प्रकाशित घटनाले पीडकलाई निरुत्साहित र पीडितलाई राहत पुऱ्याउने हुनाले २०१३ मा प्रकाशन हुने पुस्तकलाई शुभकामना दिँदै यथार्थमा आधारित इन्सेक अभियान अझ बढी निर्भिक्ताकासाथ अघि बढ्न सफल होस्।

सोम शर्मा बजागाई
अध्यक्ष, प्रेस चौतारी नेपाल, भक्तपुर

मानवको स्वतन्त्रतापूर्वक बाँच्ने र व्यवसाय गर्न र हिँड्डुल गर्न पाउने प्राकृतिक एवम् नैसर्गिक अधिकारहरू उपर भएका अतिक्रमणलाई न्यूनिकरण गर्ने कार्यमा यस पुस्तकको योगदान रहँदै आएको छ। यो पुस्तक मुलुकको मानवअधिकारको अवस्थाको ऐना बन्न सफल होस्।

दुर्गाप्रसाद भण्डारी
प्रमुख जिल्ला अधिकारी, मकवानपुर।

मानवअधिकार वर्षपुस्तक मानवअधिकारका उल्लङ्घनका घटना सम्बन्धमा चासो र अनुसन्धान गर्ने व्यक्ति र समुदायलाई महत्वपूर्ण दस्तावेज सावित भएको छ। यो पुस्तकले प्रहरी सङ्गठनलाई मानवअधिकारप्रति सचेत र सजग बनाउने काम गरेको छ।

गुप्तबहादुर श्रेष्ठ
प्रहरी उपरीक्षक, जल्ला प्रहरी कार्यालय, हेटौँडा

मानवअधिकार वर्षपुस्तकले सबै विषयलाई समेटेर सन्तुलित ढङ्गले प्रकाशित हुनुपर्छ। पुस्तक आग्रह र पूर्वाग्रहबाट मुक्त हुनु पर्छ। यो पुस्तक पढ्दा मुलुकको मानवअधिकारको अवस्था छर्लङ्ग होस्। मुख्य गरी आग्रह र पूर्वाग्रहबट यो पुस्तक मुक्त हुनु पर्छ। यस्तो कार्यले निरन्तरता पाइरहोस्।

सोनाम सिंह स्याङतान (विजय)
इन्चार्ज, एनेकपा माओवादी, मकवानपुर

पुस्तक प्रकाशनबाट राज्य र गैरराज्य दुवै पक्षबाट भएका मानवअधिकार उल्लङ्घनका घटनाहरू सार्वजनिक भएबाट पीडकहरू निरुत्साहित हुन जाने र पीडितहरूले राहत महसुस गर्नेछन्। पुस्तक प्रकाशनको कार्यले निरन्तरता पाइरहोस्।

रघुरमण न्यौपाने
सभापति, नेपाली काङ्ग्रेस, मकवानपुर।

यो पुस्तक मुख्यगरी राज्य र विद्रोहीपक्षबाट मानवअधिकार हनन् भएका घट्नाको सँगालो हो। यो पुस्तकले मुलुक कुन दिशातिर लम्किरहेको छ भन्ने कुरा जानकारी गराउँछ । यो पुस्तक आगामी दिनमा अझै परिस्कृत हुँदै अगाडि बढ्दोस भनी शुभकामना व्यक्त गर्दछु।

रामेश्वर राना
अध्यक्ष, नेकपा (एमाले), मकवानपुर

इन्सेकले प्रकाशित गर्दै आएको मानवअधिकार वर्षपुस्तकले मुलुकको मानवअधिकारका अवस्थाका बारेमा जानकारी गराउनुको साथै मानवअधिकारमैत्री बन्न सबैलाई प्रेरित पनि गरेको छ।

कुमारी मोक्तान,
इन्चार्ज, नेकपा-माओवादी मकवानपुर

मानवअधिकार वर्षपुस्तकले मुलुकको मानवअधिकारको समग्र चित्रण गर्न सफल भएको छ। यसले मुलुकमा कुन-कुन पक्षबाट मानवअधिकारको उल्लङ्घन गरेको सार्वजनिक गर्नुको साथै त्यस्तालाई कारबाही गर्न/गराउन दवाव दिने काम गर्दै आएको छ। यो कार्यले निरन्तरता पाइरहोस्।

मदन दाहाल
अध्यक्ष, नेपाल बार एसोसिएसन, पुनरावेदन अदालत, हेटौँडा

इन्सेकले प्रत्येक वर्ष देशभर भएका मानवअधिकार उल्लङ्घनका घटनालाई समेटेर नेपाल मानवअधिकार वर्ष पुस्तक प्रकाशन गर्दै आएको छ। मानवअधिकार वर्षपुस्तक, २०१२ ले मानवअधिकारको समग्र स्थितिलाई चित्रण गर्ने प्रयास गरेको छ। प्रस्तुत पुस्तकले एकातिर यस्ता घटनाको सूचनाहरू सङ्कलन गरी पुस्तकमार्फत जनमानसमा जानकारी गराउने कार्य गरेको छ भने अर्कोतर्फ यस्ता घटनामा संलग्न व्यक्तिहरूलाई कानुनको दायरामा ल्याई मौलाउँदै गएको दण्डहीनताको अवस्थालाई न्यूनिकरण गर्न समेत मद्दत गर्ने अपेक्षा लिएको छु।

सञ्जीवराज रेग्मी

जिल्ला सरकारी वकिलको कार्यालय, चितवन।

इन्सेकद्वारा मानवअधिकार वर्ष पुस्तकमा प्रकाशित गरिएका चितवन जिल्लाका मानवअधिकार उल्लङ्घनका घटनाहरूको बारेमा सूसुचित हुने अवसर प्राप्त भयो। पुस्तकमा राज्य पक्षबाट र गैर राज्य पक्षबाट भएका मानवअधिकार उल्लङ्घनका घटनाहरूको साङ्गोपाङ्गो विवरण समावेश गरिएको छ। यस्ता घटना थप यथार्थपरक बनाउनका लागि भविष्यमा अझ बढी सफलता प्राप्त होस् भन्ने शुभकामना व्यक्त गर्दछु।

दीनबन्धु बराल

श्रेस्तेदार, जिल्ला अदालत, चितवन

लामो समयदेखि मानवअधिकार संरक्षणको क्षेत्रमा कार्यरत इन्सेकद्वारा प्रकाशित मानवअधिकार वर्ष पुस्तकहरूसँग लामो समयदेखि हामी जस्ता स्थानीय प्रशासकहरू जोडिँदै आएका छौँ। वर्षपुस्तक २०१२ पनि अध्ययन गर्ने मौका पाएँ। अन्य क्षेत्र, जिल्लाहरूका घटना र कारबाहीको स्थितिसँग आफू कार्यरत नुवाकोट जिल्लालाई तुलनात्मक रूपमा हेर्दा घटनाका प्रकृतिहरू मिल्दाजुल्दा देखिए तापनि घटनाका परिणाम र गहनता नुवाकोट जिल्लामा कम हुँदै आएको महसुस हुन्छ। प्रशासन र सुरक्षा निकायका आफ्ना विविध कठिनाइका बावजुद पनि जिल्लामा शान्ति सुरक्षा व्यवस्था कायम राख्न जिम्मेवार हुँदै गएको महसुस हुन्छ। हालका दिनमा सुरक्षा निकाय मुद्दाका प्रकृतिअनुसार अभियुक्तहरूलाई अदालतको सामु पुऱ्याउन र पीडितको पक्षमा फैसला ल्याउन धेरै हदसम्म सफल पनि भएको छ।

जीवनप्रसाद ओली

प्रमुख जिल्ला अधिकारी, नुवाकोट

इन्सेक ले विगत वर्ष झैँ यस पटक पनि देशभरिका मानवअधिकार हननका घटनाहरूलाई सँगालेर मानवअधिकार वर्षपुस्तक २०१३ प्रकाशन गर्न लागेकोमा खुसी लागेको छ। सम्बद्ध पक्षसँग प्रकाशन हुनु पूर्व छलफल समेत गराइएको, वर्षदिन भरिका घटनालाई एकै ठाउँबाट हेर्न सकिने यस मानवअधिकार वर्ष पुस्तक २०१३ ले मानवअधिकारको क्षेत्रमा चासो राख्ने सबैलाई फाइदा पुग्नेछ भन्ने विश्वास लिएको छु।

बासुदेव दाहाल

प्रमुख जिल्ला अधिकारी, तनहुँ

मानवअधिकार प्रत्येक व्यक्तिको जन्मसिद्ध प्राकृतिक अधिकार भएकोले व्यक्तिको मानवअधिकार तथा मौलिक स्वतन्त्रताहरूलाई सबै पक्षबाट सम्मान तथा प्रत्याभूत गरिनुपर्छ। व्यक्ति एक्लो हुन्छ कसैले व्यक्तिको अधिकार उल्लङ्घन गऱ्यो भने राज्यले संरक्षण तथा सुनिश्चित गर्नुपर्छ भन्ने विश्वव्यापी मान्यता रहेको छ। मानवअधिकारको उल्लङ्घन राज्यपक्षबाट पनि हुँदै आएको कुरालाई नकार्न सकिँदैन। व्यक्तिको मौलिक हकअधिकार र स्वतन्त्रताको सम्मानको लागि इन्सेकले विगत लामो समयदेखि मानवअधिकार सम्बन्धी घटनाहरूको अनुगमन तथा अनुसन्धान गरी अभिलेख राखेको छ। इन्सेकले प्रकाशन गर्ने मानवअधिकार वर्ष पुस्तकले दुई दशकदेखि नेपालमा निरन्तर मानवअधिकारको अवस्थाको चित्रण गर्दै आएको छ। सो कार्यमा अझै यसको सफलताको शुभकामना व्यक्त गर्दछु।

देववहादुर बोहरा

प्रहरी उपरीक्षक, जिल्ला प्रहरी कार्यालय, तनहुँ

नेपाल सरकारले राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरमा गरेका मानवअधिकारसम्बन्धी प्रतिबद्धताहरूलाई व्यवहारमा कार्यान्वयन गरेको नगरेको र राज्यपक्ष तथा गैरराज्यपक्षबाट हुने मानवअधिकार हननसम्बन्धी घटनालाई निस्पक्षरूपमा इन्सेकले हरेक समयमा उजागर गरेको छ।

बलराम त्रिपाठी

जिल्ला सरकारी वकिलको कार्यालय, तनहुँ

यस वर्ष पनि इन्सेकले मानवअधिकारको हननको घटना खोजविन गरी मानवअधिकार वर्षपुस्तक प्रकाशन गर्न लागेकोमा इन्सेकलाई हार्दिक धन्यवाद।

मानवअधिकार हननका घटनाहरूलाई वर्षपुस्तकको माध्यमबाट सार्वजानिक गरी पीडितलाई न्याय दिलाउने र पीडकलाई सजाय दिलाउन सम्बन्धित निकायलाई दवाव दिने कार्यमा इन्सेकले महत्वपुर्ण भुमिका निर्वाह गर्दै आएको छ।

देवेन्द्रराज हमाल
अध्यक्ष, नेपाल बार एसोसियसन, तनहुँ

इन्सेकले दुई दशकदेखि मानवअधिकार उल्लङ्घनका घटनाहरूको अध्ययन अनुसन्धान गरी हरेक वर्ष मानवअधिकार वर्षपुस्तक प्रकाशन गर्दै आएको सन्दर्भ मानवअधिकारको रक्षाका लागि गरिएको एउटा महत्वपूर्ण अभियान हो। यस पुस्तकले विद्यमान मानवअधिकारको अवस्थाको बारेमा जानकारी लिन खोज्ने प्राध्यापक, कानुन व्यवासायी, पत्रकार, विद्यार्थी, अध्येताहरूका लागि सन्दर्भ सामग्रीको रूपमा ग्रहण योग्य छ।

प्रेमप्रसाद पौडेल
अध्यक्ष, नेपाल पत्रकार महासङ्घ, तनहुँ

देशभरका मानवअधिकार हननका घटनाहरूको तथ्य सत्य आमनागरिक समक्ष पुऱ्याउने र आगामी दिनमा त्यस्ता घटना नहुन् भन्ने इन्सेक परिवारको उद्देश्यलाई सफलता मिलोस्। जहिले र जहाँ पनि त्यस्ता मानवअधिकार हननका घटना मुख्यत: राज्य पक्षबाट हुने गरेको सन्दर्भमा राज्य पक्ष बढी जिम्मेवार र गम्भीर बन्नु पर्छ।

रमेश सिग्देल
संयोजक, एनेकपा माओवादी, तनहुँ

नेपाल मानवअधिकार वर्षपुस्तकको प्रकाशन मानवअधिकारको क्षेत्रमा एउटा महत्वपूर्ण अभियान हो भन्ने म ठान्दछु। एउटा सभ्य, विकसित र सम्बृद्ध समाजको महत्वपुर्ण मापदण्ड भनेकै त्यस समाजमा विद्यमान मानवअधिकारको अवस्था हो। सामाजिक न्यायको पहरेदार इन्सेकलाई मेरो हार्दिक शुभकामना एवम् अभिनन्दन।

ध्रुव वाग्ले
सभापति, नेपाली काङ्ग्रेस, तनहुँ

इन्सेकले विगत वर्षहरूमा जस्तै यस वर्ष पनि मानवअधिकार वर्षपुस्तक प्रकासन गर्न लागेको जानकारी पाउँदा हामीलाई खुसीका साथ गर्वको अनुभुति भएको छ। मानवअधिकारका क्षेत्रमा इन्सेकले पुऱ्याउँदै आएको योगदान अतुलनीय रहेको र वर्षपुस्तकमार्फत देशभरका मानवधिकार उल्लङ्घनका घटनाहरूलाई उजागर गर्ने काम ज्यादै प्रशंसा योग्य रहेको छ।

केदार सिग्देल
अध्यक्ष, नेकपा (एमाले), तनहुँ

वर्षभरका मानवअधिकार हननका घटनाहरूको सँगालोको रूपमा इन्सेकले प्रकाशन गर्दै आएको यो पुस्तक मानवअधिकारको क्षेत्रमा क्रियाशील व्यक्ति, सङ्घ संस्था र सम्बन्धित पक्षको लागि अति उपयोगी सन्दर्भ सामग्री हुनेमा दुईमत छैन। यस्तो उपयोगी पुस्तक प्रकाशनको अभियानमा लागिपरेको इन्सेकलाई उक्त कार्यप्रति मुक्त कण्ठले प्रशंसा गर्दै कार्य सफलताको सुभकामना व्यक्त गर्दछु। मानवअधिकारको क्षेत्र केवल व्यक्ति व्यक्तिबीचको सम्बन्ध र अन्तरविरोधमा आधारित परिघटनाको सवाल मात्र नभएर समाजमा व्याप्त आर्थिक, सामाजिक र साँस्कृतिक र राजनीतिक अन्तरविरोधको सवाल पनि हो। मानवअधिकार हननका घटनालाई प्रकाशन गुर्नको अर्थ समाचार सामग्रीको रूपमा पस्कनु मात्र नभएर समाजको रुपान्तरणको लागि अहम् भूमिकाको सवाल बन्न सकोस् भनी शुभकामना व्यक्त गर्दछु।

डम्बरबहादुर विक
इन्चार्ज, नेकपा-माओवादी तनहुँ

इन्सेकले प्रकाशन गर्ने मानवअधिकार वर्षपुस्तक धेरै उपयोगी छ। वर्षभरि घटेका घटनाहरूलाई जनसमक्ष ल्याई मानवअधिकार प्रवर्द्धन र संरक्षण गर्ने कार्यमा सहयोग पुऱ्याएको छ। यसबाट न्याय निरुपण गर्ने कार्यमा पनि निकै सघाउ पुग्ने देखिन्छ। मानवअधिकार वर्षपुस्तकलाई तथ्यपरक र विश्वसनीय बनाउन जरुरी छ। मानवअधिकार प्रवर्द्धन र संरक्षण गर्ने कार्यमा इन्सेक अझै अगाडि बढ्दै जाओस् हार्दिक शुभकामना।

खड्गबहादुर केसी
जिल्ला सरकारी वकिलको कार्यालय, कास्की

इन्सेक संस्थाको स्थापनासँगै समाजका विविध क्षेत्रमा घटेका मानवअधिकार उल्लङ्घनसँग सम्बन्धित घटनाको अभिलेखीकरण गरी हरेक वर्ष मानवअधिकार वर्षपुस्तक प्रकाशन गर्दै आएको छ। यसले समाजका विभिन्न सङ्घसंस्था, राजनीतिक दल र अन्तर्राष्ट्रिय

समुदायलाई समेत आफ्नो गतिविधि अगाडि बढाउन महत्वपूर्ण सहयोग पुऱ्याउँदै आएको मैले महशुस गरेको छु। वर्षपुस्तकको बारेमा सकारात्मक र नकारात्मक टिप्पणी र विश्लेषण हामीले सुन्दै आए तापनि यो प्रकाशन पछिल्लो समयमा परिष्कृत एवम् निष्पक्ष भएको मैले महशुस गरेको छु।

विष्णुप्रसाद बराल
संयोजक, शान्तिका लागि नागरिक
समाजको सञ्जाल कास्की, पोखरा

इन्सेकद्वारा हरेक वर्ष जस्तै यस वर्ष पनि मानवअधिकार वर्षपुस्तक प्रकाशन गर्ने क्रममा रहेको छ। यसैबीच दुई ओटा समीक्षा कार्यक्रममा म पनि सहभागी हुने मौका पाएँ। मानवअधिकार वर्षपुस्तकमा मुलुकमा घटेका मानवअधिकार उल्लङ्घनका विभिन्न घटनाहरूमध्ये अदालतमा विचाराधीन रहेका मुद्दाहरूलाई पनि उल्लेख गरेको छ। तर अदालतबाट के, कस्तो निर्णय (फैसला) भयो भन्ने बारेमा उल्लेख हुन नसकेकोले यस्ता मुद्दाहरूको बारेमा परिशिष्ट बनाई उल्लेख गर्दा अझ राम्रो हुनेछ।

बासुदेव न्यौपाने
श्रेस्तेदार, जिल्ला अदालत, कास्की

इन्सेकले वर्सेनी प्रकाशन गर्दै आइरहेको नेपाल मानवअधिकार वर्षपुस्तक मानवअधिकार संरक्षण र सम्वर्द्धनको दस्तावेज हो। नेपालको मानवअधिकारका क्षेत्रमा भए, गरेका कार्य प्रगतिको सफा ऐना हो।

बद्रीविनोद प्रतीक
अध्यक्ष, नेपाल पत्रकार महासङ्घ, कास्की

नेपालमा मानवअधिकारसम्बन्धी तथ्यपरक एवम् वास्तविक घटनाक्रमहरूलाई सुसूचित गराउँदै इन्सेकले हरेक वर्ष मानवअधिकार वर्षपुस्तक प्रकाशन गर्दा एकातिर घटनाहरू सार्वजनिक हुने र अर्कातिर सरकारद्वारा नियन्त्रणमा कानुनी दायरमा ल्याई न्याय प्रदान गर्न मद्दत पुग्छ। नेपाली समाजमा हरेक जाति, पेशा, क्षेत्र एवम् वर्गमा पूँचीवादी राज्यसत्ताका परिणाम स्वारुप कुटपिट, बलात्कार, घरेलु हिंसा, लैङ्गिक विभेद, लुटपाट आदि जस्ता मानवअधिकार सम्बन्धी घटनाहरू भएको पाइन्छन्। इन्सेकद्वारा प्रकाशित मानवअधिकार वर्षपुस्तकले घटनाहरूको सार्वजनिकिकरण गराई समाजलाई सही मार्गतर्फ निर्देशन गर्नमा सहयोग पुऱ्याउँदै आएको छ।

कपिल लामा
एनेकपा माओवादी, केन्द्रीय सल्लाहाकार सदस्य एवम्
जिल्ला अध्यक्ष, मनाङ

वर्षभरका मानवअधिकार सम्बन्धित घटनाहरूलाई समेटेर प्रकाशन हुने मानवअधिकार वर्षपुस्तक मानवअधिकारको राष्ट्रिय दस्तावेज मान्न सकिन्छ। मानवअधिकार उल्लङ्घन तथा ज्यादतीका घटनाहरू नछुटुन यसका लागि जिल्ला प्रतिनिधि सक्रिय हुनुर्पछ।

अब्दुल रज्जाक
सभापति, नेपाली काङ्ग्रेस, रुपन्देही

मुलुकको मानवअधिकारको अवस्था छर्लङ्ग पार्ने नेपाल मानवअधिकार वर्षपुस्तक मानवअधिकारको ऐना हो। इन्सेकको अभियानले राजनीतिक दल, नागरिक र राज्य पक्षलाई पनि सुसूचित बनाउने काम गरेको हामीले महशुस गरेका छौँ।

भोजप्रसाद श्रेष्ठ
अध्यक्ष, नेकपा (एमाले), रुपन्देही

मानवअधिकारसँग सम्बन्धित घटनाहरूलाई समेटेर हरेक वर्षपुस्तक प्रकाशन गर्नु आफैँमा महत्वपूर्ण र चुनौतीपूर्ण काम हो। इन्सेकले सङ्कट र चुनौतिको अवस्थामा पनि यसलाई निरन्तरता दिएको छ। मानवअधिकारबारे जनचेतना जगाउनुका साथै देशमा भएका मानवअधिकार उल्लङ्घनका घटनाहरूलाई अझ निर्भिकताका साथ ल्याउने तर्फ इन्सेकको जारी सामाजिक अभियान अझ सशक्त बनोस् इन्सेक परिवारलाई हाम्रो शुभकामना।

पुरुषोत्तम घिमिरे
अध्यक्ष, सामाजिक जागरण तथा विकास मञ्च
(फोसाड)

मानवअधिकारको संरक्षण सम्बर्धन र रक्षाका लागि इन्सेकको अभियान उदाहरणीय छ। यसले मानवअधिकार र सामाजिक न्यायको क्षेत्रमा सराहनीय काम गरेको छ। मानवअधिकारको रक्षा र सम्बर्धनका लागि निरन्तर क्रियाशील भएर काम गर्नु आफैँमा जटिल कुरा हो। अहिले कानुनी राज्य, विधिको शासन र लोकतन्त्र खतरामा परेको छ। यो अवस्थामा इन्सेकले

अझ सशक्त भएर अभियान चलाउन सकोस्।

महेन्द्र पाण्डे
संयोजक, जवाफदेहिता निगरानी समिति, लुम्बिनी

सरकारले मानवअधिकारका लागि प्रतिवद्धता गरेको छ। विभिन्न सन्धि, अभिसन्धिहरू र महासन्धिहरूको अनुमोदन गरेको छ तर मानवअधिकार संस्कारको विकास गराउन सकेको छैन। मुलुकभर नेटवर्क भएको इन्सेकको अभियान सशक्त छ। राज्यलाई आफ्नो दायित्वतर्फ जागरुक र अभिमुख गराउने, गैरराज्य पक्षलाई पनि कर्तव्यप्रति प्रतिबद्ध गराउने काममा इन्सेकले महत्वपूर्ण भूमिका निर्वाह गरेको छ।

मोहनसागर बस्याल
सरकारी वकिलको कार्यालय, रुपन्देही

मानवअधिकारको क्षेत्रमा इन्सेकको भूमिका ऐतिहासिक र महत्वपूर्ण छ। इन्सेकको २० वर्षलामो यो निरन्तरको अभियानले राज्य निकायलाई आफ्नो दायित्व र कर्तव्यप्रति उत्तरदायी, जवाफदेही बनाउन दवाव सिर्जना गरेको मैले महसुस गरेको छु। मानवअधिकार संरक्षण र सम्वर्धनमा इन्सेकको भूमिका उदाहरणीय नै छ। राज्यका निकायहरूसँग पनि समन्वय गर्दै अगाडि बढोस्।

चन्द्रकान्त चापागाईं
राष्ट्रिय मानवअधिकार आयोग उपक्षेत्रीय कार्यालय, बुटवल।

राज्य नागरिकको जीउधनको सुरक्षार्थ संवेदनशील नबन्दा मानवअधिकारको अवस्था अझ दयनीय बन्दै गएको छ। अन्तर्राष्ट्रिय मानवीय कानुनहरूको परिपालनमा राज्य संवेदनशील जवाफदेही बन्न जरुरी छ। जस्तोसुकै जटिल परिस्थितमा पनि देशभर भएका मानवअधिकार उल्लङ्घनका घटनाहरूलाई सङ्ग्रहित गरेर परिपालनातर्फ राज्यलाई र सरोकारवालाहरूलाई घच्घच्याउन यस नेपाल मानवअधिकार वर्ष पुस्तकले ठूलो महत्व राख्दछ।

शिव गौडेल
एड्भोकेसी फोरम, रुपन्देही

मानवअधिकारको क्षेत्रमा इन्सेक जस्ता गैरसरकारी संस्थाहरूको भूमिका महत्वपूर्ण छ। इन्सेकले जसरी आफ्नो देशव्यापी अभियानलाई निरन्तरता दिदै आएको छ त्यो सराहनीय र उदाहरणीय काम हो। मानवअधिकार वर्षपुस्तकले कानुनी राज्य र विधिको शासन सञ्चालनका लागि मार्गदर्शनको पनि काम गरेको छ। इन्सेकको वर्षपुस्तकले मानवअधिकार उल्लङ्घन गर्नेलाई निरुत्साहित गर्न, जवाफदेही बनाउन र मानवअधिकारलाई संरक्षण र सम्वर्द्धन गर्न सहयोग पुऱ्याएको छ।

हरिकृष्ण पौडेल
प्रमुख जिल्ला अधिकारी, रुपन्देही

नेपाल मानवअधिकार वर्षपुस्तक मुलुकको मानवअधिकार क्षेत्रको दस्तावेज हो। यद्यपि यसमा घरेलु हिंसाका घटनाहरू कम उल्लेख हुने गरेका छन्। कुनै पनि घटनाहरू नछुटुन। दण्डहीनता व्याप्त रहेको यस परिस्थितिमा मानवअधिकारको अवस्थामा सुधार आउन सकेको छैन्। हरेक क्षेत्र, भाषा, लिङ्ग, समुदाय, जाति, वर्ग र समूहले आफ्ना हकअधिकार सुनिश्चित गर्न र संवैधानिक सुनिश्चितता प्रदान गर्न आन्दोलनरत छन्। यो आन्दोलनमा इन्सेकले निष्पक्ष सहयोग पुऱ्याएको छ। इन्सेकको अभियानलाई शुभकामना।

थानकुमारी थापा
(उपाध्यक्ष) अनेमसङ्घ, रुपन्देही

मानवअधिकार वर्ष पुस्तक मानवअधिकारको क्षेत्रमा एउटा दस्तावेज हो। यसको प्रकाशनले मानवअधिकारप्रति सचेत र जिज्ञासु नागरिक समाजका लागि मार्गदर्शक दस्तावेजको काम गरेको छ। इन्सेकको अभियानले राज्य पक्ष तथा गैरराज्य पक्ष दुवैलाई आफ्नो दायित्वतर्फ सदैव खबरदारी गर्दै आएको छ।

सावित्रा अर्याल
महिला अधिकार रक्षक सञ्जाल, रुपन्देही

नेपाल मानवअधिकार वर्षपुस्तक मानवअधिकार क्षेत्रमा अति नै प्रभावकारी र महत्वपूर्ण पुस्तक हो। यद्यपि जातीयता र छुवाछूतका आधारमा हुने भेदभाव र अमानवीय क्रियाकलापहरू सबै समेट्न नसकिएको जस्तो लाग्यो। गाउँका धेरै जस्तो समुदायमा छुवाछुतको भेदभाव अझै पनि कायमै छ। यस्ता घटनाहरूलाई पनि इन्सेकले उजागार गर्न सकोस्। इन्सेकको अभियानलाई शुभकामना।

अबिराम विक
दलित अगुवा, रुपन्देही

देशभर भएका मानवअधिकार उल्लङ्घन, ज्यादती र हननका घटनाहरूलाई जस्ताको तस्तै र

निर्भिकताका साथ मानवअधिकार वर्षपुस्तकमा समावेश गरेर इन्सेकले ऐतिहासिक काम गर्दै आएको छ। यो मानवअधिकार वर्षपुस्तक राज्य र गैरराज्य दुवै पक्षका लागि मार्गदर्शक बनेको हामीले महशुस गरेका छौं।

गोविन्द खनाल

केन्द्रीय सदस्य, मानवअधिकार तथा शान्ति समाज, रुपन्देही

इन्सेकद्वारा प्रकाशित मानवअधिकार वर्षपुस्तक २०१२ इन्सेक नवलपरासीमार्फत प्राप्त भई अध्ययन गर्ने अवसर प्राप्त भयो। यस पुस्तकले मानव अधिकारसम्बन्धी विविध घटनाक्रमलाई जिल्लागत रूपमा सम्बोधन गरेको छ। नागरिक अधिकारसँग कर्तव्य पनि जोडिएको हुँदा अधिकारको वकालत गर्दा कर्तव्यलाई समेत आत्मबोध गर्नेतर्फ आम नागरिकलाई सचेत गराउनमा इन्सेकको आगामी वर्षमा सञ्चालन गर्ने कार्यक्रमबाट महत्वपूर्ण भूमिका रहने अपेक्षा राख्दै संस्थाको पूर्ण सफलताको कामना गर्दछु।

वेदप्रकाश लेखक

प्रमुख जिल्ला अधिकारी, नवलपरासी

इन्सेकद्वारा प्रकाशित मानव अधिकार वर्षपुस्तक २०१२ सदाको वर्ष जस्तै यस वर्ष पनि समयमा नै प्राप्त भयो। उक्त पुस्तक अध्ययन गर्दा इन्सेकले निकै मेहनत गरेको महसुस भयो। यस वर्ष पनि मुलुकको मानवअधिकारको अवस्थालाई राम्रोसँग चीरफार गर्न सफल भएको छ। समग्रमा हेर्दा यस पुस्तक सफल पुस्तकको रूपमा आएको ठहर गरेको छु।

विष्णु लामिछाने

सचिव, नेपाली काङ्ग्रेस, नवलपरासी

मानवअधिकार वर्ष पुस्तक २०१२ अध्ययन गर्ने अवसर प्राप्त भयो। यसका लागि इन्सेक प्रति आभार व्यक्त गर्दै आउँदा दिनहरूमा मानवअधिकार उल्लङ्घनका घटनाहरू निर्भिकताका साथ तथ्यपरक विश्लेषण गरी वर्ष पुस्तकमार्फत सार्वजनिक गराउँदै सर्वसाधारण नागरिकलाई सु-सुचित गराउने इन्सेकको अभियानले निरन्तरता पाउने छ। यस क्षेत्रमा हाम्रो पूर्ण सहयोग रहनेछ।

तिलक महत

अध्यक्ष, नेकपा (एमाले), नवलपरासी

विधिको शासन तथा मानवअधिकारको सम्मान लोकतन्त्रका मेरुदण्ड हुन्। जसको अभावमा शान्ति, सशासनको कल्पना पनि गर्न सकिँदैन। इन्सेकले हरेक वर्ष मानवअधिकार उल्लङ्घनका घटनाहरूको प्रकाशन गरी सबैलाई यस सम्बन्धी शिक्षा दिनुका साथै उल्लङ्घनकर्तालाई सचेत समेत गराएकोले यसबाट मानव अधिकारको प्रवर्धन हुने कार्यमा सघाउ पुगेको विश्वास लिएको छु। आगामी दिनमा समेत यस कार्यको निरन्तरताको लागि समेत शुभ-कामना दिन चाहन्छु।

खड्गबहादुर खड्का

सरकारी वकिल कार्यालय, नवलपरासी

मानवअधिकार वर्षपुस्तक, २०१२ सरसर्ती हेर्दै। सङ्गीन क्षेत्र र परिस्थितिसँग जुध्दै इन्सेकका जिल्ला प्रतिनिधिहरूले सङ्कलन गरेको मानवअधिकार उल्लङ्घनका घटना एउटै टेबलमा बसेर पढ्न पाउँदा मैले माहुरीको मह खाएजस्तो महसुस भयो। जिल्ला प्रतिनिधिहरूलाई जोखिमसँग जुध्न सक्ने क्षमता अभिवृद्धिको लागि आवश्यक साधन स्रोत उपलब्ध गराउँदा अझ राम्रो प्रतिवेदन सङ्कलित हुन्छ।

लीलाधर मरासिनी

अध्यक्ष, नेपाल बार एसोशिएसन, नवलपरासी

नेपाल मानवअधिकार वर्षपुस्तकले सत्ता लिप्साको मुल विषयलाई सहमतीय र राजनीतिक निकासबारे तीक्ष्ण एजेण्डा बनाई देशभरका मानवअधिकार उल्लङ्घनका यावत घटनाहरूलाई उजागर गर्नु आफैँमा प्रशंसनीय कार्य हो। संविधान निर्माण हुननसकेको आजको अवस्थाले दण्डहीनताको स्थिति सिर्जित हुनु अपराधको राजनीतिकरणको प्रलयकारी स्वरुप देखाउने अदालतका मानवअधिकार प्रतिको आदेशको क्रियाकलाप हुने अवस्था सिर्जित भइ रहनु मानव अधिकार आयोगका निर्देशन र आदेशको पालना नहुनु, अन्तरिम संविधानको औचित्य करिबकरिब समाप्त हुनुजस्ता विषयलाई वर्षपुस्तकका यावत घटनाले झकझक्याउन सकेको छ।

महम्मद जुनैद आजाद

जिल्ला न्यायाधीश, नवलपरासी

नेपाल मानवअधिकार वर्षपुस्तक २०१२ को समग्र मुल्याङ्कन यथार्थपरक लाग्यो। नयाँ अपराधको रूपमा विकसित हुँदै गएको अपहरणको तथ्याङ्कले नेपालको खस्कँदो स्थितिलाई चित्रित गरेको छ।

मानवअधिकार प्रवर्धनमा व्यवस्थापिका, न्यायपालिका र कार्यपालिकाले गरेका केही सकारात्मक कार्यका साथै कमी कमजोरीको यथार्थपरक टिप्पणी भएको छ। कपिलवस्तुको सन्दर्भमा उल्लेख भएका घटनाहरू यथार्थपरक छन्। अपराधका सबै घटनाहरू उल्लेख हुन नसकेको भन्ने वर्ष पुस्तकमै स्वीकार गरिएको हुँदा कपिलवस्तुको हकमा पनि सो लागु भएको हुन सक्छ।

धनिस्वर पौडेल
जिल्ला न्यायाधिवक्ता, कपिलवस्तु

नेपाल मानवअधिकार वर्षपुस्तक मानवअधिकारको अवस्थासम्बन्धी नियमित अभिलेख हो। जिल्लामा मानवअधिकारको हनन् हुन नदिन सचेत बनाउने राज्यपक्षलाई अझै जिम्मेवार बन्न घचघच्याउने कमजोरी गर्ने पक्षलाई खबरदारी गर्ने कार्य यसले गरेको छ। न्याय निरुपणको विश्लेषण गर्दा अर्धन्यायिक निकायहरूको प्रतिवेदनसमेत समेट्दा राम्रो होला। विगतको माओवादी सशस्त्र द्वन्द्व, मधेश आन्दोलन, कपिलवस्तु घटना जस्ता घटनाबाट पीडितहरूको राहतको विषय पनि समेटिन सके राम्रो हुन्थ्यो कि ?

कृष्णचन्द्र घिमिरे
प्रमुख जिल्ला अधिकारी, कपिलवस्तु

मानवअधिकार हनन्का घटनालाई सूचित गराएर मानवअधिकारको संरक्षणको क्षेत्रमा प्रशंसनीय कार्य गर्दै आइरहेको छ। मानवअधिकार सबै नागरिकको नैसर्गिक अधिकार भएकोले हाम्रो देशमा पनि सबै नागरिक स्वतन्त्रपूर्वक कानुन द्वारा प्रदत्व अधिकारको उपभोग गर्न पाउने हक राख्दछन्। मानवअधिकार उल्लङ्घन भएका घटनाहरूमा इन्सेकको भूमिका बढी पारदर्शी र वस्तुपरक हुने अपेक्षा गर्दै कानुनको शासन तथा मानवअधिकारको प्रवर्धनका लागि जिल्ला प्रहरी कार्यालय कपिलवस्तु सदैव प्रतिबद्ध रहेको विश्वास दिलाउन चाहान्छौं।

राजेन्द्र ढकाल
प्रहरी उपरीक्षक, जिल्ला प्रहरी कार्यालय, कपिलवस्तु

मानवअधिकार वर्ष पुस्तकको सबै भन्दा राम्रो पक्ष भनेको मानवअधिकार हननका पचहत्तरै जिल्लाका घटनालाई समेटेर प्रकासित गर्नु हो। यसले, राज्यलाई मानवअधिकारको संरक्षणमा सचेत गर्दछ भने जिल्लामा नागरिकहरूलाई अन्यजिल्लाको तुलनामा आफ्नो जिल्लामा मानवअधिकारको अवस्था कुन श्रेणीमा छ भन्ने कुराको पाठ सिकाउँछ। मानवअधिकारको संरक्षणका लागि यो कार्य भविष्यमा कोसे ढुङ्गा सावित हुनेछ।

राजेश सिंह
संयोजक, स्थानिय शान्ति समिति, कपिलवस्तु

नेपाल मानवअधिकार वर्षपुस्तक२०१२ लाई अध्ययन गर्दा यसमा भएका सकरात्मक तथा यथार्थ घटनाहरूलाई प्रकासित गर्ने काम समय सान्दर्भिक रहेको दखिन्छ । चुनौतीपूर्ण अवस्थामा पनि यथार्थ रूपमा घटना बाहिर ल्याउने कामले इन्सेकका प्रतिनिधिहरू खारिँदै गएको महसुस भएको छ।

ओमप्रकाश अर्याल
संयोजक, एडोकेसी फोरम, कपिलवस्तु

इन्सेकले हरेक वर्ष मानवअधिकार वर्ष पुस्तकको माध्यमबाट नेपालको मानवअधिकारको स्थितिलाई सार्वजनिक गर्दै आइरहेको छ। यसबाट मानवअधिकारप्रति चासो र सम्मान बढाउन अहम् भुमिका हुने आशा गर्न सकिन्छ। मानवअधिकार वर्षपुस्तकमा मूलत मानवअधिकार हननका घटनालाई उल्लेख गरेको पाएको छु।

राजेन्द्र पोखेल
प्रहरी निरीक्षक, जिल्ला प्रहरी कार्यालय मुस्ताङ, जोमसोम

मानवअधिकार वर्षपुस्तकले मानवसँग सोझै सरोकार राख्ने मानवअधिकारसँग सम्वन्धित विषय वस्तुलाई समेट्ने गरेको छ। यसले विगतमा झै यस वर्ष पनि यस जिल्लाको सत्य तथ्यलाई सबैको सामु ल्याउने छ भन्ने आशा लिएको छु।

महेन्द्रबहादुर थकाली
निमित्त प्रमुख जिल्ला अधिकारी, मुस्ताङ

इन्सेकले नियमित वार्षिक रूपमा समाजमा भएका विभिन्न घटनाहरूबाट पीडित व्यक्तिहरूको विवरण तथा अवस्था र मानवअधिकारका विषयका कुराहरू समेटी नेपाल मानवअधिकार वर्षपुस्तक २०१३ प्रकाशन गर्न लागेकोमा मलाई खुशी लागेको छ र शुभकामना व्यक्त गर्न चाहन्छु।

नेपाल मानवअधिकार वर्षुस्तक २०१२ मा समेटिएका घटनाहरूले आगामी दिनहरूमा त्यस

प्रकारका घटनाहरूलाई न्यूनिकरण गर्न मद्दत पुग्ने छ। मानवअधिकार वर्षपुस्तक सम्बन्धित क्षेत्रमा लागिपरेका अधिकारकर्मीहरू र अन्य जो कोही जिज्ञासु पाठकहरूलाई उपयोगी भइरहको छ भन्ने आशाका साथ प्रकाशकलाई धन्यवाद व्यक्त गर्दछु।

डिल्लीराम सिग्देल
स्थानीय विकास अधिकारी, जिविस कार्यालय, मुस्ताङ

इन्सेकले प्रकाशन गर्ने वर्षपुस्तक नेपालकै राम्रो दस्तावेज हो। द्वन्द्वको समयमा पीडित भएका पीडितहरूले मानवअधिकार वर्षपुस्तकमा समावेश घटनालाई प्रमाणको रुपमा मानी राहतप्राप्त गरेका धेरै उदाहरण रहेका छन्। इन्सेकले प्रकाशन गर्ने वर्ष पुस्तकका घटनालाई स्थानीय प्रशासन र शान्ति समितिलगायतले प्रमाणको रुपमासमेत लिने गरेको छ। वर्ष पुस्तकमा आधिकारीक घटनाहरू समावेश हुने भएकाले यसले नेपाल सरकारलाई पनि सहयोगीको भूमिका खेलेको छ। पीडितहरूलाई न्याय पाउन सहयोग पनि मिलेको छ। वर्षपुस्तकको गरिमा र विश्वसनीयतालाई कायम राख्न जिल्लाका मुख्य घटनाहरूलाई छुटाउनु हुँदैन।

अब्दुल कलाम खाँ,
प्रमुख जिल्ला अधिकारी, दाङ

मानवअधिकार वर्षपुस्तकले समाजमा हुने मानवअधिकार हनन् र ज्यादतीका घटनाहरू तथ्यगत रुपमाबाहिर ल्याउने गरेको छ। यसले अनुसन्धान गर्न, पीडितलाई न्याय र पीडकलाई कारवाही गर्न सहयोगी भूमिका खेलेको छ।

लोकेन्द्रबहादुर मल्ल
एसपी, जिल्ला प्रहरी कार्यालय, दाङ

इन्सेकले प्रत्येक वर्ष झैं यस वर्ष पनिमानवअधिकार वर्ष पुस्तक २०१३ प्रकाशन गर्न लागेकोमा शुभकामना व्यक्त गर्दछु। साथै नेपालभित्र विभिन्न क्षेमा भइरहेको मानवअधिकार उल्लङ्घनका घटनाहरूलाई जनता समक्ष पुऱ्याउने भएकाले यस पुस्तकको महत्व छुट्टै रहेको छ। जसले गर्दा समाजमा भएका घटनाहरूको बारेमा जनतालाई सुसूचितहुने अधिकार प्रदान गरेको छ।

घनश्याम रेग्मी
सभापति, नेपाली काङ्ग्रेस, दाङ

इन्सेकले प्रकाशन गर्दै आएको नेपाल मानवअधिकार वर्षपुस्तक हेर्दै आएको छु। यो पुस्तक मुख्य गरी नेपालको मानवअधिकारको उल्लङ्घन, ज्यादतीलगायतका घटनाको ऐना हो। यसमा मानवअधिकार उल्लङ्घनका घटनाहरूको तथ्यपरक ढङ्गबाट विश्लेषण गरिएको छ। यो पुस्तकले देश कुन दिशामा गइरहेको छ भन्ने बताउँदछ।

गमनसिंह खड्का
सदस्य, नेकपा (एमाले), दाङ

इन्सेकले प्रकाशन गर्दै आएको मानवअधिकार वर्षपुस्तकले राज्य एवम् गैरराज्यबाट भएका मानवअधिकार उल्लङ्घनका घटनाहरूलाई तथ्यगत आधारमा प्रकाशन गर्दै आएको छ। यथार्थपरक ढङ्गबाट नागरिकहरूलाई घटनाबारे सुसूचित गराउने जिम्मेवारी निर्वाह गर्दै आएको मानवअधिकार वर्षपुस्तक परिवार धन्यवादको पात्र बनेको छ।

टीकाराम रेग्मी
संयोजक, नागरिक समाज, दाङ

इन्सेकले प्रत्येक वर्ष प्रकाशन गर्ने नेपाल मानवअधिकार वर्ष पुस्तक निकै प्रशंसनीय छ। द्वन्द्वसँग सम्बन्धित घटनालाई समेटेर तयार पारिएको वर्ष पुस्तक प्रमाणिक पनि हो। वर्षपुस्तकको अध्ययनबाट समग्र नेपालको वस्तुस्थितिको बारेमा जानकारी प्राप्त गरी भोलिको दिनको बारेमा विश्लेषण गर्न सवालमा निकै महत्वपूर्ण भूमिका समेत खेल्नसक्ने भएकोले वर्ष पुस्तकको महत्व धेरै नै छ।

मेटमणि चौधरी
केन्द्रीय सचिव, लोकतान्त्रिक थारु सङ्घ नेपाल

नेपाल मानवधिकार वर्षपुस्तकले बालअधिकार, महिलाअधिकार र हत्याहिंसा लगायतका सम्पूर्ण घटनालाई उजागर गरेको छ। वर्षपुस्तकले कानुनी राज्य तथा विधिको शासनमा जोड दिँदै सामाजिक न्यायका पक्षमा निरन्तर अभियान सञ्चालन गरेको छ। हरेक वर्ग समुदायले आफ्नो अधिकारलाई सुनिश्चित गर्न र संवैधानिकता दिन आन्दोलनरत रहेको यस परिवेशमा इन्सेकले पुऱ्याएको निष्पक्ष सहयोगप्रति इन्सेक परिवारलाई धन्यवाद।

प्रकाश पाण्डेय
सचिव, नेकपा माले, दाङ

इन्सेकले मावअधिकार उल्लङ्घन र ज्यादतीका घटनाको वार्षिक अभिलेख गरी राज्यलाई कर्तव्य र दायित्वबोध गराउन सक्षम भएको छ। साथै पीडित नागरिकहरूको घटनाको प्रत्यक्ष साक्षीको रूपमा रहेको मैले महसुस गरेको छु। सशस्त्र द्वन्द्वपछिको हालको अवस्थामा महिला र बालबालिकामाथि हिसांका बढेका छन्।

मानवअधिकार पुस्तकले आफनो दायरालाई अझ फराकिलो बनाई सङ्क्रमणकालको अन्त्य र शान्ति निमार्ण प्रक्रियालाई निष्कर्षमा पुऱ्याउन राज्यलाई पूर्ण दायित्वबोध गराउन यो अभिलेख सक्षम हुनेछ।

केशवकुमार शर्मा
संयोजक, मानवअधिकार सञ्जाल, दाङ

सदाझैँ मानवअधिकार उल्लङ्घनका घटनाहरू सबैका सामु छर्लङ्ग पार्ने गरी नेपाल मानवअधिकार वर्षपुस्तक २०१३ प्रकाशन हुन लागेकोमा धेरै खुसी लागेको छ। यस्ता मानवअधिकार उल्लङ्घनका घटनाहरूको सम्पूर्ण रूपमा दिइने गरी कसैप्रति पनि पूर्वाग्रह नराख्ने गरी सबै सरोकारवालासँग नियमित समन्वय र सहकार्य गरेर मात्र सत्यतथ्य रूपमा अनन्तकालसम्म यस्ता प्रकाशनहरू प्रकाशित गर्दै जाओस्। विगत केही समयका घटनाहरू अध्ययन गर्दा यसबाट समाजमा सकरात्मक भूमिका निर्वाह गर्न तथा सरोकारवालालाई जिम्मेवारी महसुस गराउन यस्ता पुस्तकहरू प्रकाशनबाट निक्कै नै सघाउ पुग्न गएको हुनाले समाजलाई सन्तुलित रूपमा विकास कार्यमा अग्रसर गराउन यस्ता प्रकाशनहरू कोशेढुङ्गा सावित हुन भन्ने कुरामा कुनै मतभेद छैन।

विजयनारायण मानन्धर
प्रमुख जिल्ला अधिकारी, हुम्ला

मानवअधिकार वर्षपुस्तकका कारण मानवअधिकार उल्लङ्घनका घटना न्यूनीकरण गर्न मद्दत पुगेको हुँदा व्यक्तिगत रुपमा म र हाम्रो पार्टीको तर्फबाट इन्सेकलाई धन्यवाद दिन चाहन्छु। भौगोलिक विकटता बोकेको हुम्ला जिल्लाका २७ वटै गाविसका घटना संलग्न होस्।

तिर्थराज रोकाया
पार्टी सचिव, नेकपा (एमाले), हुम्ला

मानवअधिकार वर्षपुस्तकले जनताको अधिकारको पक्षमा वकालत गरी न्यायसमेत दिलाएको छ। अझैपनि भोलिका आउने दिनहरूमा पीडितको पक्षमा इन्सेक अभियान सक्रिय रहोस्।

मोहनविक्रम सिंह
सचिव, नेपाली काङ्ग्रेस, हुम्ला

गरीब निमुखा, महिला हिंसाका घटना वर्षपुस्तकमा प्रकाशन गरी उनीहरूको अधिकारका रक्षाका लागि इन्सेकले खेलेको भूमिका सराहनीय छ।

दानबहादुर रावत
नि.श्रेस्तेदार, जिल्ला अदालत, हुम्ला

इन्सेकले यो वर्ष पनि मानवअधिकार वर्षपुस्तक प्रकाशन गर्न लागेकोमा हार्दिक आभार व्यक्त गर्दछु। मानवअधिकारको अभिलेख हुने यो पुस्तक नेपालकै एक मात्र पुस्तक हो। मानवअधिकारको प्रत्याभूति गराउन पुस्तकले सहयोग पुऱ्याउने मैले अपेक्षा गरेको छु।

कुँगा सन्डुप लामा
बाल कल्याण अधिकृत, जिल्ला बालकल्याण समिति, हुम्ला

नेपाल मानवअधिकार वर्षपुस्तक २०१२ अध्ययन गर्न पाउँदा अन्यन्तै खुसी लाग्यो मानवअधिकारको राष्ट्रिय दस्तावेजको रूपमा रहेको पुस्तकमा दण्डहीनता र कानुनको बढ्दो उल्लङ्घनको बारेमा स्पष्टसँग लेखिएको छ। वर्षपुस्तकले कानुनी राज्य र शासनको स्थापना गर्न जनदवाव सिर्जना गर्दै आएको छ।

बरमबहादुर महत
अध्यक्ष, नेपाल पत्रकार महासङ्घ, जुम्ला

मानवअधिकार वर्षपुस्तकले मानवअधिकार उल्लङ्घनकर्तालाई दबाब सिर्जना गरेको छ। सञ्चारकर्मीको लागि वर्षपुस्तक तथ्यसूचनाको लागि निकै उपयोगी बनेको छ। साथै राज्य होस्या गैरराज्यको तर्फबाट वर्षभरि घटाइएका मानवअधिकारका घटनाहरू प्रकाशित गरेर थप सचेत बनाउनेका काम गरेको छ।

कमलप्रकाश थापा
अध्यक्ष, नेपाल पत्रकार महासङ्घ, रुकुम

द्वन्द्वको समयमा वर्षपुस्तकले अभिलेखीकरण गरेका दस्तावेज भविष्यको पिँढीलाईसमेत महत्वपूर्ण हुनेछ। मानवअधिकार वर्षपुस्तकले हरेक वर्ष नेपालका

मानवअधिकारका घटनाहरू सार्वजनिक गर्ने कार्य गरेको छ। वर्षपुस्तकले मानवअधिकारको क्षेत्रमा गरेको योगदानको कदर गर्नुपर्छ।

मानबहादुर नेपाली
सभापति, नेपाली काङ्ग्रेस, रुकुम

मानवअधिकार वर्षपुस्तकले गाउँदेखि शहरसम्मका मानवअधिकारका घटनाहरू प्रकाशित गरी देशको मानवअधिकारको अवस्था प्रस्ट पारेको छ। आगामी दिनमा पनि यसले देशको मानवअधिकार प्रर्वधन गर्नको लागि अझै महत्वपूर्ण भूमिका खेल्नुपर्छ।

बिमलकुमार पुन
अध्यक्ष, नेकपा (एमाले), रुकुम

मानवअधिकारको अवस्था चित्रण गर्नको लागि यसले द्वन्द्वको समयमा सङ्कलन गरेका घटनाहरू जतिबेला पनि पल्टाएर हेर्न सजिलो भएको छ। वर्षपुस्तकमा समेटिने सबै मानवअधिकार उल्लङ्घनका घटनाहरूले मानवअधिकारको रक्षार्थ सचेत बनाएको छ।

शरुणकुमार बाठा
जिल्ला इन्चार्ज, एनेकपा माओवादी, रुकुम

मानवअधिकार उल्लङ्घनका घटनाहरूलाई पल्टाएर हेर्नको लागि यो पुस्तक उपयोगी भएको छ। राज्यलाई मानवअधिकारका लागि यसले सचेत बनाएको छ। यो पुस्तकमा समेटिएका मानवअधिकारका घटनाहरू विश्वसनीय हुन्छन।

अर्जुन भण्डारी
सहायक प्रमुख जिल्ला अधिकारी, रुकुम

इन्सेकद्वारा प्रकाशित मानवअधिकार वर्षपुस्तकले नेपालको मानवअधिकारको वास्तविकता चित्रण गरेको छ। नेपालमा मानवअधिकारको अवस्था र राज्यका अङ्गहरूमा मानवअधिकारको अवस्थाका बारेमा प्रस्ट पारेको छ। यस पुस्तकमा उल्लेखित बालअधिकार, महिला हिंसा, घरेलु हिंसाजस्ता नेपालका समस्यालाई ऐना जस्तै छर्लङ्ग पारिएको यो पुस्तक ज्यादै लाभदायक र प्रंशसनीय रहेको छ।

देवेन्द्र पौडेल
सहायक प्रमुख जिल्ला अधिकारी, सल्यान

मानवअधिकार अभियानमा इन्सेकको भूमिका सराहनीय छ। अहिले नेपालमा संवैधानिक र राजनैतिक सङ्कट छ। हत्या, हिंसा, बलात्कार, लुटपाट र भ्रष्टाचार जस्ता जघन्य अपराध बढी रहेका छन्। यस्ता घटनामा स्वयम् राज्यसमेत संलग्न रहेको आभाष छ। मानवअधिकार वर्षपुस्तक मार्फत राज्यका सम्पूर्ण इकाईहरूलाई जनताप्रति उत्तरदायी र बफादार बनाउन सकोस्। सत्तालिप्सामा जकडिएका रानीतिकदललाई मानवअधिकार र मानवीय संवेदनाको असल पाठ पढाउन सकोस् यही शुभकामना दिन चाहन्छु।

हरिशरण आचार्य
अध्यक्ष, नागरिक समाज, सल्यान

नेपाल मानवअधिकार वर्षपुस्तक एक व्यवस्थित दस्तावेज मात्रै नभई मानवअधिकारसम्बन्धी घटनाहरूलाई समाजका अगाडि छर्लङ्ग पार्ने ऐनापनि हो। मानवअधिकारका क्षेत्रमा कार्यक्रम सञ्चालन गर्नु र यसलाई निष्पक्ष रुपमा सञ्चालन गर्नु एउटा चुनौतीको विषय हो। देशका विभिन्न स्थानमा भएका मानवअधिकार उल्लङ्घनका घटनाहरूको खोजी गरी वर्ष पुस्तकमार्फत प्रकाशन गर्ने यस संस्थाको काम अत्यन्त सराहनीय छ।

हरि केसी
अध्यक्ष,नेकपा एमाले, सल्यान

मानवअधिकारको क्षेत्रमा इन्सेकले गरिरहेको योगदान निकै सराहनीय छ। इन्सेकले प्रकाशन गर्दै आएको वर्षपुस्तकले मानवअधिकार उल्लङ्घन गर्नेलाई निरुत्साहित गर्ने, मानवअधिकारलाई संरक्षण र सम्बर्धन गर्न उल्लेख्यनीय भुमिका खेल्दै आएको छ। यस पुस्तकको प्रकाशनले मानवअधिकारप्रति सचेत र जिज्ञासु नागरिकहरूका लागि मार्गदर्शक दस्तावेजको काम गरिरहेको छ। ग्रामीण क्षेत्रकाम समुदायस्तरमा हुने गरेका मानवअधिकार उल्लङ्घनसम्बन्धी घटनाहरूलाई सकभर नछुटाएर प्रकाशन गर्न इन्सेकलाई आग्रह गर्दछु। समुदायलाई सचेत र सजग बनाउन इन्सेकले खेलेको भुमिका सराहनीय रहेको र आगामी दिनमा अझै सफलताको शुभकामना व्यक्त गर्दछु।

सोबिता बस्नेत
अध्यक्ष, महिला मानवअधिकार रक्षक सञ्जाल, सल्यान

इन्सेकले प्रकाशन गर्दै आएको वर्ष पुस्तकले मानवअधिकार उल्लंङ्घनका घटनाहरूलाई सिलसिलेवार रूपले सबैमाझ ल्याएकोमा अत्यन्त खुशी लागेको छ। यस पुस्तकले मानवअधिकार उल्लङ्घन हुँदै आएको छ भन्ने कुराको जानकारी दिने कार्यमा योगदान गर्दै आएको छ। इन्सेकले वर्षभर मानवअधिकारको अवस्था कस्तो भयो भनेर जुन प्रतिवेदन तयार गरेको छ त्यो आफैंमा उल्लेख्य काम हो। यस कार्यले आगामी दिनमा पनि निरन्तरता पाओस्।

प्रकाश डाँगी
सचिव, स्थानीय शान्ति समिति, सल्यान

नेपाल मानवअधिकार वर्षपुस्तकको अध्ययन गर्दा नेपालमा मानवअधिकार उल्लङ्घनका घटनाका बारेमा जानकारी पाइयो। यस वर्ष पुस्तकले अपराध नियन्त्रणमा निकै योगदान पुऱ्याएको छ। वर्ष पुस्तकमा मानवअधिकार उल्लङ्घनका घटनामा आफ्नो विस्तृत जानकारी आउने डरले पनि कतिपय उल्लङ्घनकर्ता निरुत्साहित भएका छन्। पुस्तकको माध्ययमबाट घटनालाई प्रकाशन गरी पीडितलाई न्याय दिन र पीडकलाई कानुनी दायरामा ल्याउने अनुभूति मैले गरेको छु। पुस्तक राज्य पक्ष र गैरराज्यपक्षबाट हुने गरेका यस्ता उल्लङ्घनकर्तालाई कानुनी दायरामा ल्याउनमा सहयोग पुऱ्याउने एक महत्वपूर्ण र विश्वसनीय दस्तावेज बन्नेछ।

नीमबहादुर नेपाली
अध्यक्ष, गैर सरकारी संस्था महासङ्घ, सल्यान

मानवअधिकार वर्षपुस्तकले सशस्त्र द्वन्द्वका क्रममाराज्य, विद्रोही वा अन्य पक्षबाट भएका उल्लङ्घनका घटनालाई वस्तुनिष्ट ढङ्गले अभिलेखीकरण गरिएको छ। वर्षपुस्तक २०१३ ले अझ उन्नतस्तरबाट मानवअधिकार उल्लङ्घनका घटनालाई समेट्ने विश्वासका लिएको छु।

शान्तकुमार वली
अध्यक्ष, नेकपा (एमाले) रोल्पा

इन्सेकले पनि मानवअधिकारको क्षेत्रमा अतुलनीय भूमिका निर्वाह गर्दै आइरहेको कुरामा दुई मत हुन सक्तैन। सन् १९९२ देखि इन्सेकले वार्षिक रूपमा मानवअधिकार वर्षपुस्तक प्रकाशित गर्दै आएकोमा खुसी लागेको छ। वर्षपुस्तकमा प्रकाशित घटनाले दोषी उपर कारबाही गर्ने नैतिक दवाव पनि बन्न सक्ने वातावरण हुन सक्छ। यी र यस्तै आँट, साहस र लगनशीलताको लागि धन्यवाद दिँदै पुस्तक निरन्तर प्रकाशनको कामना गर्दछु।

चन्द्रबहादुर सिँजाली
सरकारी वकील कार्यालय, रोल्पा

देशको मानवअधिकारको स्थितिलाई तथ्यगत रूपमा सबैका सामु स्पष्ट पार्न इन्सेकले प्रत्येक वर्ष मानवअधिकार वर्षपुस्तक प्रकाशन गर्ने गरेको छ। यस्ता प्रकाशनले देशको मानवअधिकारको यथार्थ स्थिति जान्न मानवअधिकार उल्लङ्घनका घटना न्यूनीकरण गर्न तथा राज्य र सम्वद्ध निकायहरूलाई मानवअधिकारको सम्मान गर्दै अझ जिम्मेवार र कर्तव्य परायण बनाउन महत्वपूर्ण योगदान प्रदान गर्दछ। विगतका वर्ष पुस्तकहरूले मानवअधिकार हननका थुप्रै घटनाहरूलाई समेटेको पाइएकोले यो वर्ष पनि यस्ता घटनाहरूलाई निर्भिकताका साथ तटस्थ र विश्वासनीय ढङ्गबाट प्रस्तुत भएको छ भन्नेमा म विश्वस्त छु।

यादव सुवेदी
प्रमुख जिल्ला अधिकारी, रोल्पा

इन्सेकले प्रकाशन गर्ने नेपाल मानवअधिकार वर्षपुस्तक नेपालको मानवअधिकारको अवस्थाको बारेमा जान्न चाहनेका लागि एउटा ऐना हो। यसले नागरिकहरूको सूचित हुने अधिकारलाई स्थापित गर्नुको साथै मानवअधिकार उल्लङ्घनका घटनालाई सार्वजनिक गरी मानवअधिकार उल्लङ्घनकर्तालाई निरुत्साहित गर्न, पीडितलाई न्यायमा जोड दिन, दण्डहीनतालाई निरुत्साहित गर्न तथा मानवअधिकारलाई प्रवर्द्धन गर्न उल्लेखनीय भूमिका खेल्दै आएको छ। आगामी दिनहरूमा अझ तटस्थ, निष्पक्ष र इमान्दारिताका साथ मानवअधिकार उल्लङ्घनका घटनाहरूलाई जनसमक्ष ल्याउनका लागि इन्सेकलाई सफलता मिलोस् भनी शुभकामना समेत व्यक्त गर्दछु।

ओमबहादुर राना
प्रहरी नायब उपरीक्षक, जिल्ला प्रहरी कार्यालय, रोल्पा

इन्सेक रोल्पाको एकजना प्रतिनिधिले मात्र वर्षौंदेखि विभिन्न मानवअधिकारका घटनाहरूलाई

वर्षपुस्तकमा समेट्न सफल भएकोले प्रशंसा गर्न चाहन्छु। यस वर्ष समग्रमा कहालीलाग्दो अवस्था छ। संविधानसभा भङ्ग भयो। सङ्घीयताको सम्बन्धमा खण्ड चाहने र अखण्ड चाहनेको स्वार्थमा धेरै क्षति भयो। महिला हिंसा अहिलेसम्मकै उच्च रह्यो। पत्रकारमाथिको अन्यायमा पनि डर लाग्दो छ।

कृष्णबहादुर घर्तीमगर
सभापति, नेपाली काङ्ग्रेस, रोल्पा

मानवअधिकार वर्षपुस्तक मार्फत देशभरका घटनाहरू सङ्कलन गरी सार्वजनिक गर्नु धेरै प्रशंसनीय काम भएको छ। यति मात्र नभएर अन्य निकायको लागि यो तथ्याङ्क र अभिलेखको विश्वासनीय स्रोत बन्न सकेको छ। निस्वार्थ रुपमा यस्तो कार्य गर्नु धेरै राम्रो कुरो हो। अझै यसलाई परिस्कृत गर्दै लैजानु पर्ने आवश्यकता रहेको छ। कानुनी राज्यको पालना हुन नसकेको छैन, दण्डहिनता बढेको छ। मानवअधिकार हननका घटनाहरू भने भइरहेका छन्। वर्ष पुस्तक अझ सबैको साझाको रूपमा विकसित गर्न सके राम्रो हुने थियो।

हिराबहादुर घर्तीमगर
उपाध्यक्ष, नेपाल पत्रकार महासङ्घ, रोल्पा

मानवअधिकार उल्लङ्घनका घटना सङ्कलन गरेर पुस्तक राम्रो भएको छ। घटनाका बारेमा जानकारी लिनका लागि आफैँ घटनास्थलमै जानुपर्छ। मानवअधिकारका घटना अरु जस्तो नभएर यथार्थपरक हुनुपर्छ। भाषामा सुधार गर्नुपर्छ। सूचना प्रवाह गर्दा सबैसँग समन्वय गर्नुपर्छ। राजनीतिक दललाई पनि जानकार दिँदा राम्रो हुन्छ। नेपाल मानवअधिर वर्षपुस्तकका लागि परिश्रम धेरै छ। वर्ष पुस्तकका लागि सबैको सहयोग आवश्यक पर्छ ।

राजकुमार कक्षपति
सहइन्चार्ज, एनेकपा माओवादी, रोल्पा

इन्सेकले सन् १९९२ देखि मानवअधिकार वर्षपुस्तक प्रकाशन गर्दै आएको छ। दैनिक हुने घटनाहरूको विवरण भारी बनाएर मानवअधिकारको आवश्यकता र औचित्यको पुष्टि हुने पनि होइन होला। यो सत्य तथ्यको निकट पुग्नुपर्दछ। दासतामा पिल्सिएको नेपाल र नेपालीको मुक्ति अझै भएको छैन। यहाँ शान्ति र संविधान पाइएको छैन। भलै राजतन्त्रको ठाउँमा लोकतान्त्रिक गणतन्त्र, एकात्मक राज्यको ठाउँमा सङ्घात्मक राज्य, हिन्दूराज्यको ठाउँमा धर्मनिरपेक्ष जस्तो स्वतन्त्र नेपालको अन्तरिम संविधानमार्फत पाए पनि नेपालीको जीवन व्यवहारमा अझै अनुभूति नगरिरहेको अवस्था विद्यमान छ। मानवअधिकारको समय सान्दर्भिक अर्थ महत्व पनि यही हुन्छ।

सुन्दरकुमार वली
राज्यसमिति सदस्य, नेकपा माओवादी, रोल्पा

नेपाल मानवअधिकार वर्षपुस्तक २०१३ प्रकाशन हुन लागेकोमा धेरै खुसी लागेको छ। मानवअधिकार उल्लङ्घनका घटनाहरूको सर्म्पूण रूपमा दिइने गरी कसैप्रति पनि पूर्वाग्रह नराख्ने गरी सबै सरोकारवालासँग नियमित समन्वय र सहकार्य गरेर मात्र सत्यतथ्य रूपमा अनन्तकालसम्म यस्ता प्रकाशनहरू प्रकाशित गर्दै जाओस् र यसबाट कानून पालना गर्ने, गराउने सबैले आ-आफ्नो दायित्व महसुस गर्नमा मद्दत पुगोस् भनी हृदयदेखि शुभकामना दिन चाहन्छु। विगत केही समयका घटनाहरू अवलोकन गर्दा यसबाट समाजमा सकरात्मक भूमिका निर्वाह गर्न तथा सरोकारवालाहरूलाई जिम्मेवारी महसुस गराउन यस्ता पुस्तकहरू प्रकाशनबाट निक्कै नै सघाउ पुग्न गएको हुनाले समाजलाई सन्तुलित रुपमा विकास कार्यमा अग्रसर गराउन यस्ता प्रकाशनहरू कोशेढुङ्गा साबित हुन भन्ने कुरामा कुनै मतभेद छैन। यही विश्वासका साथ इन्सेक जिल्ला प्रतिनिधिलाई हार्दिक हार्दिक साधुवाद।

विजयनारायण मानन्धर
प्रमुख जिल्ला अधिकारी, हुम्ला

मानवअधिकार वर्षपुस्तकले मानवअधिकारको अवस्था उजागर गरी आमनागरिकलाई सुसूचित र नीति निर्माताहरूलाई दबाव सिर्जना गर्ने साथै विज्ञहरूलाई मानवअधिकारको अवस्था विश्लेषणका लागि आधार प्रदान गरेको छ।

पार्वता आचार्य
संयोजक, जिल्ला स्तरीय मानवअधिकार
सञ्जाल, प्यूठान

इन्सेकले विगत झैँ मानवअधिकार वर्ष पुस्तक प्रकाशन गर्न लागेकोमा यस कार्यालयको तर्फबाट हार्दिक शुभकामना तथा बधाईका साथ साथै सफलताको कामना व्यक्त गर्दछु। साथै निम्नानुसार

सुझाव एवम् सल्लाह दिन चाहान्छु। शान्ति सुरक्षा कायम गर्ने सिलसिलामा प्रहरीले मानव अधिकारको संरक्षण गर्दा कतिपय स्थानमा सार्वजनिक सम्पत्तिको क्षति हुँदा घटनास्थलमा खटिने प्रहरी कर्मचारी बेलाबेलामा आलोचित हुने भई मनोबल गिर्ने भएकोले प्रहरी कारबाहीमा प्रहरीले मानवअधिकार संरक्षणमा खेलेको भूमिकाको बारेमा समेत उल्लेख हुनु आवश्यक देखिन्छ। घटना विवरणलाई विवरणात्मक भन्दा तुलनात्मक रूपमा विश्लेषण गरिएमा यस क्षेत्रमा सरोकार राख्ने सरोकारवालाहरूलाई समेत थप मार्ग निर्देशन हुने देखिन्छ।

डम्बरबहादुर बि.क
प्रहरी नायव उपरीक्षक, जिल्ला प्रहरी कार्यालय, प्यूठान

मानवअधिकार वर्षपुस्तक २०१२ ले मानवअधिकारसम्बन्धी तथ्यलाई सत्यको प्रमुख आधारको रूपमा उल्लेख गरेको छ। इन्सेकले समाजमा हुने मानवअधिकार उल्लङ्घनका घटना र मानवअधिकार विरुद्धका घटनामा संलग्न हुने सङ्घ संस्था र व्यक्तिका बारेमा समग्र समाजलाई सूचित गराएर मानवअधिकारको संरक्षणको क्षेत्रमा प्रशंसनीय कार्य गदै आइरहेको छ।

हरिप्रसाद रिजाल
अध्यक्ष, नेकपा (एमाले), प्यूठान

नेपालमा मानवअधिकारको क्षेत्रमा लामो समयदेखि काम गरिरहेको इन्सेकले देशमा राजनीतिक, आर्थिक, सामाजिक, साँस्कृतिक आदि कारणले हुने गरेका मानवअधिकार हननका घटनाहरूलाई नजिकबाट नियाल्ने, त्यसको लिपीवद्ध गर्ने र राज्यमा सरोकारवाला पक्ष माझ वर्षेनी मानवअधिकार वर्षपुस्तकका रूपमा प्रकाशित गरी लैजाने जुन अथक मिहिनेत गरिरहेको छ त्यो निकै प्रशंसनीय छ। जसलाई आधार मानेर देशभित्रका मानवअधिकार हननका घटनाक्रम र त्यसको वास्तविकता पत्ता लगाउन सजिलो हुने गरेको छ।

प्रशान्त आरसी
सह सेक्रेटरी, नेकपा-माओवादी, सुर्खेत

मानवअधिकार उल्लङ्घनका दोषीहरूलाई कारबाही गर्नुको साटो सरकारले राजनीतिक संरक्षण गरिरहेको छ। पीडितहरू थप पीडा भोगिरहेका छन्। मानवअधिकार वर्षपुस्तकले यो विषयमा आवाज उठाउनु जरुरी छ।

टेकबहादुर सिंह
सचिव, नेपाली काङ्गेस, सुर्खेत

मानवअधिकार वर्षपुस्तक अध्ययन गर्ने मौका पाएँ। पुस्तकमा देशैभर भएका थुप्रै राजनीतिक, सामाजिक र साँस्कृतिक अधिकार उल्लङ्घनसम्बन्धी घटनालाई एउटै पुस्तकमा पढ्न पाउँदा खुसी लाग्यो। कतिपय घटना सामाजिक प्रकृतिका छन् जसमा राजनीतिक रङ्ग देखिन्छ। राज्य र सरोकारवाला पक्षलाई आफ्नो कर्तव्य र मानवअधिकार रक्षाको लागि सचेत र गम्भीर बनाउँदै मानवअधिकार रक्षाको असल पहरेदारीको भुमिका पूरा गरोस् भन्ने कामना गर्दछु ।

भीमबहादुर मल्ल (सुभाष)
संयोजक, नेकपा (माओवादी), सुर्खेत

नेपाल मानवअधिकार वर्षपुस्तक सन् २०१३ प्रकाशनको पूर्वसन्ध्यामा सर्वप्रथम धन्यवाद ज्ञापन गर्दछु। सशस्त्र द्वन्द्वको समयमासमेत निडर र निर्भिक भई जनताका सबैखाले अधिकार सुनिश्चित गर्न खटिएको अधिकारवादी संस्था इन्सेकले आगामी दिनमा पनि यस कार्यलाई निरन्तरता देओस्।

नवराज रावत
अध्यक्ष, नेकपा (एमाले), सुर्खेत

मुलुकभरका मानवअधिकार उल्लङ्घनका घटनाहरूको अभिलेखिकरण भएको नेपाल मानवअधिकार वर्षपुस्तक सन् ०१३ प्रकाशनको तयारीमा रहेको सुन्दा खुसी लागेको छ। मानवअधिकारको संरक्षण सम्बर्द्धनमा विगत दुई दशक अघिदेखि लागि परेको इन्सेकले जनताका समय सापेक्ष अधिकारहरूको बारेमा आवाज कम बुलन्द गर्न थालेको हो कि जस्तो लाग्न थालेको छ।

मोहन थापा
संयोजक, स्थानीय शान्ति समिति, सुर्खेत

नेपाल मानवअधिकार वर्षपुस्तक सन २०१२ अध्ययन गर्ने शुअवसर पाएँ। उक्त पुस्तकमा वर्ष भरिका मानवअधिकार उल्लङ्घनका पीडक पक्षलाई कानुनी दायरामा ल्याएर पीडितलाई न्याय दिलाउन महत्वपूर्ण सहयोग पुग्ने अपेक्षा गरेको छ। नेपाल मानवअधिकार वर्षपुस्तकमा समाजमा रहेको विद्यमान अराजकता

दण्डहीनता एवम् मानवअधिकार विरोधी घटनाको विवरण प्रस्तुत गरेको छ। समिष्टगत रूपमा अति नै ज्ञानवर्धक भएको महशुस गरेको छु।

राधेश्याम थारु
अध्यक्ष, नेपाल बार एकाई, जिल्ला अदालत, बर्दिया

इन्सेकद्वारा प्रकाशित नेपाल मानवअधिकार वर्षपुस्तकले नेपालको मानवअधिकारको क्षेत्रमा महत्वपूर्ण भूमिका निर्वाह गरेको छ। यो अधिकारका क्षेत्रमा नेपालको दस्तावेज नै बनेको छ। आर्थिक अधिकारलाई पनि यसमा महत्वका साथ राख्न जरुरी छ। नेपालमा अहिले आर्थिक क्षेत्रमा भएका ठूला ठूला घटनाले नागरिको जनजीविकामा प्रत्यक्ष असर पुऱ्याएको छ।

बालकृष्ण ओली
संयोजक, नागरिक समाज सञ्जाल, बर्दिया

नेपाल मानवअधिकार वर्षपुस्तक २०१२ अध्ययन गर्ने सुयोग प्राप्त गरेँ। पुस्तकमा समावेश गरिएका घटनाहरू यथार्थपरक छन्। समाजमा विद्यमान अराजकता दण्डहीनता एवम् मानवता विरोधी गतिविधिलाई पुस्तकले वस्तुपरक ढङ्गले चित्रण गरेको छ।

राजेन्द्रप्रसाद धिताल
अध्यक्ष, नेपाल पत्रकार महासङ्घ, बर्दिया

इन्सेकले प्रत्येक वर्ष प्रकाशन गर्दै आएको नेपाल मानवअधिकार वर्षपुस्तकले मानवअधिकार उल्लङ्घन सम्बन्धी वास्तविक विवरण निष्पक्षताका साथ प्रकाशित गर्दै आएको छ। यस पुस्तक प्रकाशनबाट मानवअधिकारको उल्लङ्घनसम्बन्धी वास्तविक विवरणको संरक्षणमा ठूलो सहयोग पुऱ्याउने आशा एवम् विश्वास व्यक्त गर्दछु।

केशव जि.सि
अध्यक्ष, मानवअधिकार एलायन्स, बर्दिया

नेपाल मानवअधिकार वर्षपुस्तक धेरै जानकारीमुलक र महत्वपूर्ण लाग्यो। पुस्तकमा वर्षभर नेपालमा भएका मानवअधिकारसम्बन्धी विभिन्न घटनालाई विस्तारपूर्वक समेट्ने कार्य सरहानीय छ। नागरिकका दायित्व तथा नागरिक शिक्षाका बारेमा पनि जानकारी दिन सकेमा पाठकहरूलाई लाभ पुने विश्वास लिदै वर्षपुस्तक प्रकासन गर्ने कार्यले निरन्तरता पाओस् भन्ने शुभेच्छा सहित।

चक्रपाणी पाण्डे
सहायक प्रमुख जिल्ला अधिकारी, बाँके

इन्सेकले नेपाल मानवअधिकार वर्षपुस्तक २०१३ प्रकाशनको तयारी गरिरहेकोमा फातिमा फाउण्डेशन नेपाल हार्दिक धन्यवाद एवम् शुभकामना व्यक्त गर्दछ। इन्सेकले प्रत्येक वर्ष नेपालमा भएका मानवअधिकार उल्लङ्घनका घटनाबारे पुस्तकमार्फत जानकारी दिँदै आइरहेको कार्य अति नै सराहनीय छ। आगामी दिनमा महिला तथा मानवअधिकारका घरेलु हिंसाका घटनाहरू सङ्कलन गरी पुस्तकमा समावेश गर्नसके राम्रो हुन्थ्यो।

मैमुना सिद्दीकी
कार्यवाहक अध्यक्ष, फातिमा फाउण्डेशन, बाँके

इन्सेकद्वारा प्रकाशित नेपाल मानवअधिकार वर्षपुस्तक २०१२ को अध्ययन गर्दा विभिन्न मितिहरूमा भएका सत्यतथ्यमा आधारित मानवअधिकार हनन्का घटनाहरूलाई सरल भाषामा प्रस्तुत गरिएको पुस्तक सङ्ग्रणीय छ।

रत्न खत्री
उप-सचिव, नेकपा (एमाले), बाँके

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) द्वारा निरन्तररूपमा प्रकाशन गरिने नेपाल मानवअधिकार वर्षपुस्तकमा समावेशगरिने विषयवस्तुका सम्बन्धमा आयोगसँग सुझावका लागि अनुरोध गरिएकोमा सर्वप्रथम धन्यवाद व्यक्त गर्न चाहान्छौ। पुस्तक तयारी गर्ने क्रममा आयोजना गरिने सुझाव सङ्कलन कार्यमा आयोगबाट समयसमयमा सुझाव प्रदान गरिदै आइरहेको अवगत नै छ। यस पुस्तकमा समाजमा घट्ने अधिकांश मानवअधिकार उल्लङ्घनका घटनाहरू समावेश गरिने हुँदा मानवअधिकारको क्षेत्रमा चासो राख्ने आम नागरिकका लागि एक वर्षको समयावधिमा के कस्ता प्रकृतिका मानवअधिकारका घटनाहरू भएका रहेछन् भन्ने कुराको जानकारी लिन सहयोगसिद्ध हुनुका साथै पुस्तकमा प्रकाशन गरिने मानवअधिकारका घटनाहरूको विस्तृतरूपमा उल्लेख गरिने हुँदा मानवअधिकारको संरक्षणको गर्ने दायित्व बोकेका राज्यका सरोकारवाला निकायहरू र

पदाधिकारीहरूलाई, आमनागरिकको शान्ति सुरक्षा र मानवअधिकारको संरक्षणप्रति जवाफदेह र क्रियाशील बन्न महत्वपूर्ण भूमिका निर्वाह गर्दै आएकोमा कुनै दुविधा छैन। अत: मानवअधिकार उल्लङघनका घटनाहरूको लिखित संगालोको रूपमा रहेको यस पुस्तकले देशभर र क्षेत्रगतरूपका आम नागरिकको मानवअधिकारको उपभोगको अवस्थाका बारेमा जानकारी हासिल गर्न सहयोगसिद्ध दस्तावेजको भूमिका खेल्दै आएको छ। प्रकाशनको तयारीमा रहेको नेपाल मानवअधिकार वर्षपुस्तकमा समेटिएका बाँके जिल्लाका मानवअधिकारका उल्लङघन, मानवअधिकार ज्यादती तथा कतिपय अपराधिक घटनाहरू समेत समेटिएका घटनाहरूको विवरण अध्ययन गर्ने मौका प्राप्त भएको थियो। राष्ट्रिय मानवअधिकार आयोग क्षेत्रीय कार्यालय नेपालगञ्जको भौगोलिक क्षेत्राधिकार भित्रका सम्पूर्ण जिल्लाका घटनाहरूको बारेमा अध्ययन गर्ने मौका पाएको भए यस मध्यपश्चिमका घटनाहरूको बारेमा समेत अध्ययन गर्ने मौका मिल्ने थियो। अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) द्वारा उपलब्ध गराइएका घटनाहरूको अध्ययनपश्चात् इन्सेक नेपालगञ्जद्वारा आयोजित पुर्वसमीक्षा कार्यक्रममा सहभागी भई केही सुझावहरू उपलब्ध गराएको अवगत नै छ। नेपाल मानवअधिकार वर्षपुस्तकमा समावेस गरिएका मानवअधिकार उल्लङघन र ज्यादतीका घटनाहरूको पछिल्लो अवस्थाको बारेमा कुनै न कुनै रुपमा समावेश गरी पुस्तक तयार गरिएमा यो अझबढी यथार्थपरक र मानवअधिकारको क्षेत्रमा कलम चलाउने, अनुसन्धान गर्ने र राज्यलाई मानवअधिकारप्रति जवाफदेही गराउने श्रोतसामग्री बन्ने देखिन्छ। यसैगरी आपराधिक घटनासँग जोडिएका घटनाहरूको सबालमा राज्यको सम्बन्धित निकायले कानुनको दायरामा ल्याए, नल्याएको पछिल्लो अवस्था (समेत समेट्न सकेमा थप राम्रो हुने देखिन्छ। देश आर्थिक सम्वृद्धि तथा सामाजिक रूपान्तरणको दिशामा अगाडि बढिरहेको वर्तमान अवस्थामा नागरिकको विकासको अधिकारलाई मानवअधिकारको महत्वपूर्ण एजेण्डा भएको अवस्थामा नागरिकका आर्थिक सामाजिक तथा साँस्कृतिक अधिकारको अवस्था र विकासको अधिकारको मूल प्रचलन र समस्याको पहिचान समेत यस पुस्तकमा समेट्न सकेमा अझ प्रभावकारी हुने सुझावका साथ प्रकाशनको क्रममा रहेको नेपाल मानवअधिकार वर्षपुस्तक - २०१३ ले मानवअधिकारको संरक्षण र सम्वर्द्धनको क्षेत्रमा टेवा पुऱ्याउने महत्वपूर्ण दस्तावेजको रूपमा उपयोगी हुनेछ भन्दै पुस्तक प्रकाशनको सफलताको कामना गर्दछौं।

रमेशकुमार थापा
मानव अधिकार अधिकृत, राष्ट्रिय मानवअधिकार आयोग
मध्यपश्चिमाञ्चल क्षेत्रीय कार्यालय, नेपालगञ्ज

इन्सेकद्वारा नियमित रूपमा प्रकाशित नेपाल मानवअधिकार वर्षपुस्तक नेपाल कै समग्र मानवअधिकारको अवस्था झल्कने एक महत्वपूर्ण दस्तावेजको रूपमा रहेको छ। यसमा प्रकाशित घटनालाई समेत आधार मानी स्थानीय शान्ति समितिले द्वन्द्वपीडितलाई राहत तथा क्षतिपूर्ति सिफारिस गर्ने गरेको छ।

भीमबहादुर चन्द
संयोजक, स्थानीय शान्ति समिति, बैतडी

मानवअधिकार वर्षपुस्तकले नेपाली मानवअधिकार स्थितिको सम्पूर्ण विषय वस्तुलाई समेटने प्रयास गरेको छ। जिल्लामा घटेका खासगरी जातीय विभेदका घटनाहरूसङ्कलन र सो घटनाप्रति वकालत गर्न इन्सेकसँग जिल्लामा हामीले पनि सहकार्य गर्ने गरेका छौं।

मोहनलाल बराल
अध्यक्ष, दलित गैरसरकारी संस्था महासङ्घ शाखा, बैतडी

म यो वर्षपुस्तकको नियमित पाठक हुँ। मैले पुस्तक प्रकाशनदेखि हालसम्मका सबै अङ्कहरू आफ्नो व्यक्तिगत पुस्तकालयमा सङ्ग्रह गरेर राखेको छु।

यो वर्षपुस्तकले मानवअधिकारका घटनाहरूलाई लिपीवद्ध बनाएर प्रकाशन गरेकोले यसबाट मानवअधिकारसम्बन्धी थुप्रै घटना र विषयवस्तुका बारेमा सबै पाठकले राम्रो जानकारी पाउने गरेका छन्। यसमा प्रकाशित घटनाहरूलाई अझ थप विश्वसनीय र अधिकारीक बनाउन इन्सेकले अझै सफलता हासिल गरोस्। जसको कारणले यो पुस्तकलाई मानवअधिकार सम्बन्धी जानकारीको एक विश्वस्त र भरपर्दो समाग्रीका रूपमा देश र विदेशमा समेत यसले विश्वास आर्जन गर्न महत्वपूर्ण सफलता हासिल गरोस भनी शुभकामना समेत दिन चहान्छु।

राजेन्द्र साउद
उपाध्यक्ष, नेपाल बार एशोसिएशन केन्द्रीय समिति

इन्सेकद्वारा विगत २१ वर्षदेखि नियमित प्रकासन हुँदै आएको नेपाल मानवअधिकार वर्षपुस्तक मानवअधिकारको एक महत्वपूर्ण दस्तावेज हो। वर्षपुस्तकमा प्रकाशित घटनाका आधारमा पीडितले न्याय पाएको अवस्था रहेको छ, यसलाईअझ भरपर्दो र विश्वसनीय बनाउनु पर्छ।

करनराम दयाल
कार्यालय सचिव, नेकपा-माओवादी जिल्ला कमिटी, बैतडी

जिल्लामा भएका महिलाअधिकार हनन्का घटनाहरूको अभिलेख राख्न इन्सेकसँग हामी सबै महिला अधिकारकर्मीहरूले नियमित सहकार्य गर्ने गरेका छौं।

यो वर्षपुस्तकवाट सो सम्बन्धमा आफूलाई समेत जानकारी नभएका घटना र विषय वस्तुहरू हामीले पनि यो पुस्तकबाट जानकारी लिने गरेकाले सजिलो भएको छ।

देवु ठगुन्ना
अध्यक्ष, महिला शक्ति केन्द्र, बैतडी

नेपाल मानवअधिकार वर्षपुस्तक मानवअधिकारको क्षेत्रमा एक महत्वपुर्ण दस्तावेजका रूपमा परिचित भएको कारण यस पुस्तकमा समावेश हुने घटनाहरूको गहन रूपमा अध्ययन गरिनु पर्ने हुन्छ। आम समुदायलाई स्वीकार्य हुने किसमले घटनाहरूको अभिलेखिकरण गरी प्रकाशन गरेमा यसको महत्व अझ धेरै बढ्दै जाने विश्वास लिएको छु।

रुद्रप्रसाद पौडेल
प्रमुख जिल्ला अधिकारी, कञ्चनपुर

नेपाल मानवअधिकार वर्षपुस्तकमा मानवअधिकार उल्लङ्घन र ज्यादतिका घटनाहरूका साथ साथै जिल्लाका मानवअधिकारसँग सम्वन्धित सामाजिक सवालहरूको समेत उठान गर्न सके यस पुस्तकको प्रभावकारितामा बृद्धी हुने थियो। यसरी विभिन्न कारणले पीडित रहेका समुदायहरूको समस्याहरूलाई यस पुस्तकका माध्यमबाट उठान गर्न सके पीडितहरूलाई न्याय दिलाउनका लागि पहल हुनेछ।

भोजराज बोहरा
सचीव, नेपाली काङ्ग्रेस, कञ्चनपुर

नेपाल माानवअधिकार वर्षपुस्तकको मानवअधिकार संरक्षण र सम्र्वधनमा महत्वपुर्ण भुमिका रहेको छ। मानवअधिकार वर्षपुस्तक इन्सेकले प्रकाशन गरे पनि सम्पुर्ण नेपालीको साझा सम्पत्तिको रूपमा रहेको छ। यस पुस्तक निर्माणमा सम्पुर्ण नागरिक समाज र मानवअधिकारकर्मीहरू लगायत आम नागरिकले सहयोग गर्नु पर्ने हुन्छ।

नरबहादुर साउद
संयोजक, नागरिक समाज, कञ्चनपुर

इन्सेकले प्रकासन गर्ने मानवअधिकार वर्षपुस्तकमा अहिले पनि ग्रामिण तहका सम्पुर्ण मानवअधिकार उल्लङ्घन तथा ज्यादतिका घटनाहरू समेटिन नसकेको अवस्था रहेकोमा हामी सबै सरोकारवालाहरूले आफ्नो जानकारीमा आएका मानअधिकार उल्लङ्घन तथा ज्यादतिका घटनाहरूका बारेमा इन्सेकलाई जानकारी गराई समावेश गराउनमा सहयोग गर्नु पर्छ। वर्षपुस्तक सबैको साझा दस्तावेज बन्न सकोस शुभकामना दिन चाहान्छु।

विपि अनमोल
पत्रकार, कञ्चनपुर

इन्सेकले नेपाल मानवअधिकार वर्षपुस्तक प्रकाशन गरेर विगत द्वन्द्वकालमा भएका मानअवधिकार उल्लङ्घनका घटनाबारे जानकारी गराउँदै आएको छ। वर्षपुस्तकमा उल्लेखित गरिएका घटनाहरूले द्वन्द्वपीडितहरूलाई राहत पुग्न गएको जानकारीमा आउने गरेको छ। मानवअधिकारका सवालमा आम जनतालाई जागरुक गराउने कुरालाई ध्यान दिदै आइरहेको मानवअिधकार वर्षपुस्तक अझै प्रभावकारी बन्दै जाओस् भन्ने शुभकामना व्यक्त गर्दछु।

भानसिंह धामी
सचिव, स्थानीय शान्ति समिति, दार्चुला

नेपाल मानवअधिकार वर्षपुस्तकलाई हामीले एक महत्वपूर्ण र ऐतिहासिक दस्तावेजको रूपमा लिएका छौ। मानवअधिकार वर्षपुस्तक पढ्दा त्यसमा उल्लेखित घटनाहरू यर्थाथपरक छन्। अधिकारको कुरा गर्दा हामीले आफ्नो कर्तव्यलाई भुल्नुहुँदैन। पत्रकारलाई सत्यतथ्य लेखेको भरमै धम्की दिने गाली गलौज, बेज्जती गर्ने कार्य समाजमा व्याप्त छन्। यस्ता घटनाहरूलाई मानवअधिकार वर्षपुस्तकले समेट्दै आएकोले हामी खुसी छौ। यसैगरी, जिल्लामा भइरहेका जातीय विभेद छुवाछुतका घटना वर्षपुस्तकमा

समेटिएका छन्। यसले पछाडि पारिएका समुदायलाई उत्साहित बनाएको छ। घटना सङ्कलनदेखि हरेक कार्य जिल्लामा सहकार्यमा भइरहेको हुँदा यसको सत्यता राम्रो छ। आगामी दिनमा पनि हरेक विभेदका घटनाहरू नछुटाउन सुझाव दिन्छु। जिल्लामा हुने मानवअधिकारको हरेक क्रियाकलापमा हाम्रो सहकार्य निरन्तरता रहने प्रतिवद्धता जाहेर गर्दछु र शुभकामना।

प्रेम चुनारा

जिल्ला कार्यक्रम अधिकृत, नेपाल राष्ट्रिय दलित समाज कल्याण संघ, दार्चुला

नेपाल मानवअधिकार वर्ष पुस्तकको प्रकाशनको तयारी भइरहेको जानकारी पाउँदा हामीलाई गर्व लागेको छ। एक महत्वपूर्ण र ऐतिहासिक दस्तावेजको रूपमा प्रकाशित हुदै आएको यस वर्ष पुस्तकको सफलताको कामना गर्दछौ। गतवर्षको वर्ष पुस्तक पढ्ने मौका पाएको थिए। यसभित्रका तथ्यांकले सूचनाको भण्डारणको काम गरेको छ। समस्त मानवअधिकारका सवालहरूमा विश्सनीय सामाग्री बनेर देखा परेको छ। समस्या पत्ता लगाउनु आधा समाधान भएपनि यहाँहरूको अवको खोज, अनुसन्धान तथा अन्वेषण सहितको सामाग्री प्रकाशन भए अझै अर्थपूर्ण हुने छ।

विनोद भट्ट

कार्यक्रम संयोजक, हलिया मुक्ति समाज, दार्चुला

इन्सेकले मानवअधिकारको संरक्षण गर्ने क्रममा जिल्लास्तरमा मात्रै नभएर स्थानीय स्तरमा पनि पहुँच बढाएको छ। स्थानीय स्तरमा भएका मानवअधिकार उल्लङ्घनका घटनाक्रमलाई नजिकबाट नियाल्ने र वास्तविकता पत्ता लगाएर दोषीलाई कारबाही गरी पीडित पक्षलाई न्यायका लागि पहल गर्ने काम पनि सराहनीय छ। घटनाक्रमहरूको बारेमा जानकारी गर्ने वर्षपुस्तक झनै ऐतिहासिक संगालाको रूपमा स्थापित हुन पुगेको छ। पीडितको लागि प्रमाण जुटाउने बलियो आधार भएको छ भने न्याय दिलाउनका लागि पनि उत्तिकै महत्वपुर्ण भुमिका खेलेको छ। मलाई सोधपत्र तयार पार्दा मानवअधिकार शब्दावली सहयोगीसिद्ध भएको छ। समयपरिस्थिति अनुसार परिवर्तन अवश्य छ, यसका लागि जति अधिकार संरक्षणका बारेमा राज्यले सपथ खाएको छ, जति संयुक्त राष्टसंघको वडापत्रदेखि लिएर नेपालको संविधानमा कानूनी व्यवस्था गरेको छ, सो सबै पत्रहरूको बारेमा सर्वसाधारणको त्यति पहुँच हुनसक्दैन। तसर्थ आगामी दिनमा पनि यसलाई अफै विश्वसनीय ढङ्गले परिष्कृत गरी सबैको पहुँच पुग्ने प्रकाशन बनोस, शुभकामना।

कैलाश सिंह साउद

उपाध्यक्ष, नेपाल बार एकाई, जिल्ला अदालत, डोटी

इन्सेकका प्रकाशनहरूको म नियमित पाठक हुँ। मानवअधिकारका क्षेत्रमा अग्रणी भुमिका निर्माण गरिरहेको इन्सेकका प्रकाशनहरू केवल शिक्षित वर्गका लागि मात्र नभएर सामान्य साक्षर व्यक्तिका लागि पनि उपयोगी रहेका छन्। वर्षपुस्तकको प्रकाशन भन्दा पहिले यसका सामग्रीहरू माथि जिल्लाका विभिन्न क्षेत्रका व्यक्तिहरूको सहभागितामा पुर्वसमीक्षा गर्ने, प्रकाशन गर्न योग्य नभएका सामग्रीहरूलाई हटाउने, तिथीमितिहरू थपघट गर्नुपर्ने भएमा सुझाव सङ्कलन गर्ने, हुँदा यसमा पूर्ण विश्वसनीयता छ। यसमा प्रकाशन भएका सामग्रीहरूको सञ्चारमाध्यमहरूले पनि साभार गर्ने गरेका छन। तसर्थ, इन्सेकका प्रकाशनहरू सबैको पहुँचमा हुनुपर्दछ। आगामी दिनमा इन्सेकका प्रकाशनहरू सञ्चारकर्मी, अधिकारकर्मी लगायत ग्रामीण बस्तीका विपन्न वर्गका पाठकका सामुमा निःशुल्क पुर्‍याउन सफल होस शुभकामना।

शंकर थापा

अध्यक्ष, सामुदायिक रेडियो शैलेश्वरी एफएम, सिलगढी, डोटी

इन्सेकले मानवअधिकार संरक्षणको सिलसिलामा प्रकाशन गर्ने वर्षपुस्तक ऐतिहासिक प्रमाण राख्नका लागि सक्षम भएको छ। नेपाल मानवअधिकार वर्षपुस्तकले त अझै कारागारमा रहेका कैदी, बन्दी तथा अन्य आरोपितहरूलाई हेर्न तथा आफ्ना गल्तीहरूलाई पत्ता लगाउन सजिलो माध्यम भएको छ। त्यति मात्रै नभएर इन्सेकले गरेका प्रकाशनहरूलाई आधार मानेर हामीले पीडितका कुराहरू बुझ्ने, मानवअधिकारको अवस्थाका बारेमा थाहा पाउने काम टेबुलमै बसेर गर्नसक्छौ। तर, इन्सेकले केही कुरामा अझै चनाखो हुनुपर्ने तथा जिल्लागत रूपमा मानअधिकारसँग सम्बन्धित घटनासहितहरूको अभिलेख राखिदिएमा झनै राम्रो हुनसक्छ। जस्तै जनआन्दोलनका शहीदहरू, जनआन्दोलनका घाइतेहरूका पनि विस्तृत रूपमा प्रकाशन भईदिएमा औधी राम्रो हुने थियो। वर्षपुस्तकहरूलाई आधार मानेर माओवादीको जनयुद्धताका समयमा भएका नरसंहार, ज्यादती तथा

हत्या, अपहरण, गिरफ्तार, अङ्गभङ्ग जस्ता कुराहरूको प्रमाण हेर्नका लागि वर्षपुस्तक र त्यसमा प्रकाशन भएका तस्वीरलाई विशेष आधार मानेर हेर्ने गरेका हुन्छौं। आगामी दिनमा पनि यसरी नै समन्वय, सहकार्य र सहयोगको अपेक्षा गर्दछु।

तेजबहादुर खड्का
जिल्ला प्रशासन कार्यालय, डोटी

इन्सेकले मानवअधिकार संरक्षणको सिलसिलामा प्रकाशन गर्ने प्रकाशनहरू एकदमै पठनीय हुनुका साथै प्रभावकारी र योग्य छन्। विशेष त इन्सेकले प्रकाशन गर्ने वर्षपुष्तक प्रकाशन गर्नु पूर्व गाँउ समाजमा भएका घटनाहरूलाई सार्वजनिक गरेर हरेक व्यक्तिका सुझाव सल्लाह सहित प्रकाशन गर्दछ। यो एकदमै राम्रो पक्षको रूपमा लिएकी छु। देशभरी भएका मानवअधिकार उल्लङ्घनका घटनाहरू समेटिएकोले वर्षपूस्तक लगायत यसका प्रकाशनहरू आफैमा राम्रा छन्। अझ भन्नु पर्दा यो एउटा अभिलेखका रूपमा पनि रहने भएकाले यसले हाम्रो पछिल्लो पिढीका लागि राम्रो सघाउ पुग्नेछ। घटनाहरू भएपछि पीडितले न्याय पाउन नसक्नुका कारण के के हुन् यस्ता कुराहरू पनि यसमा समेटीएको भए अझ प्रभावकारी हुने थियो। दलित महिलाहरूका मुद्दालाई समेत समेट्न सके अझ राम्रो हुन्थ्यो।

शशी सोव
अध्यक्ष, दलित महिला संघ, डोटी

अनुसूची

६

वर्षपुस्तक २०१२ तयारीका क्रममा संलग्न व्यक्तिहरू

परिच्छेद लेखनमा संलग्न व्यक्तिहरु

परिच्छेद २ : शान्ति सम्झौताका छ वर्ष

लेखक: मदन पौडेल

समीक्षक: विजयराज गौतम

परिच्छेद ३

३.१ न्यायपालिका

लेखक: प्रशन्नता वस्ती

समीक्षक: टेकनारायण कुँवर

३.२ कार्यपालिका

लेखक: बालकृष्ण बस्नेत

समीक्षक: प्रा.डा. रामकुमार दाहाल

३.३ व्यवस्थापिका

लेखक: नीर लामा

समीक्षक: प्रा. डा. रामकुमार दाहाल

परिच्छेद ४ : सन् २०१२ मा नेपालका मानवअधिकार रक्षकको अवस्था

लेखक: आकृति गिरी

समीक्षक: विजयराज गौतम

परिच्छेद ५

५.१ पाँचथरमा मातृभाषामा आधारभूत शिक्षा

लेखक: वेदप्रसाद ढकाल/सन्दीप राई

५.२ रौतहटमा दाइजोका कारण भएका महिला हिंसा

लेखक: राजु पासवान/विपीन गौतम

५.३ कपिलवस्तुमा आन्तरिक विस्थापितहरू

लेखक: गणेश भण्डारी/नन्दराम पौडेल

५.४ मुगूमा खाद्य उत्पादन र आपूर्तिको अवस्था

लेखक: बालकृष्ण बस्नेत/जीवन सेजुवाल

५.५ अछाममा छाउपडी प्रथा

लेखक: कृष्ण विक/शिवराज खत्री

जिल्ला प्रतिनिधिहरू

१. पूर्वाञ्चल

१.१ झापा - अर्जुनकुमार बस्नेत
१.२ इलाम - अशोककुमार वान्तवा
१.३ पाँचथर - सन्दीप राई
१.४ ताप्लेजुङ - चन्द्रप्रकाश भट्टराई
१.५ मोरङ - दीपेन नेउपाने
१.६ सुनसरी - शुकदेव चौधरी
१.७ धनकुटा - सन्तोष रुचाल
१.८ तेह्रथुम - छत्र रिमाल
१.९ भोजपुर - ज्ञानेन्द्र खड्का
१.१० संखुवासभा - छेटु शेर्पा
१.११ सप्तरी - प्रकाश खतिवडा/मनोहर पोखरेल
१.१२ सिराहा - गुरुशरण सदा/दुर्गा परियार
१.१३ उदयपुर - कुशलबाबु बस्नेत
१.१४ खोटाङ - सइन्द्र राई
१.१५ ओखलढुङ्गा - शिवप्रसाद ढुङ्गाना
१.१६ सोलुखुम्बु - बुद्धवीर राई/मनोजकुमार श्रेष्ठ

२. मध्यमाञ्चल

२.१ धनुषा - विनोदकुमार रविदास
२.२ महोत्तरी - ईश्वरी काफ्ले
२.३ सर्लाही - विदुर प्याकुरेल
२.४ सिन्धुली - आनन्दप्रसाद दाहाल
२.५ रामेछाप - नवराज पथिक
२.६ दोलखा - उद्धव पोखरेल
२.७ रौतहट - विपीन गौतम
२.८ बारा - रोशनराज अर्याल/लक्ष्मी साह
२.९ पर्सा - कृष्णचन्द्र लामिछाने
२.१० चितवन - सावित्री सापकोटा
२.११ मकवानपुर - प्रताप विष्ट
२.१२ ललितपुर - गोपीकृष्ण भट्टराई/रमेशप्रसाद तिमिल्सिना
२.१३ काभ्रेपलान्चोक - भोजराज तिमल्सिना
२.१४ भक्तपुर - रोशनराज अर्याल
२.१५ काठमाडौं - राजु पासवान/विवेक ढुङ्गाना
२.१६ धादिङ - सीताराम अधिकारी
२.१७ सिन्धुपाल्चोक - नातिबाबु धिताल
२.१८ नुवाकोट - केशव मिश्र
२.१९ रसुवा - हेमनाथ खतिवडा

३. पश्चिमाञ्चल

३.१ तनहूँ - प्रकाशचन्द्र भट्टराई
३.२ गोरखा - सुदीप कैनी
३.३ लमजुङ - कृष्ण अधिकारी
३.४ स्याङ्जा - संगीता रानाभाट
३.५ कास्की - सनबहादुर थापा
३.६ मनाङ - कमानबहादुर गुरुङ
३.७ नवलपरासी - नारायण पराजुली
३.८ रुपन्देही - अमृत गिरी
३.९ पाल्पा - माधव बस्याल
३.१० कपिलवस्तु - नन्दराम पौडेल

३.११ अर्घाखाँची - नारायणप्रसाद भुषाल
३.१२ गुल्मी - नरेश भण्डारी
३.१३ वाग्लुङ - रामबहादुर जिसी
३.१४ पर्वत - माधवराज पाण्डेय
३.१५ म्यार्दी - घनश्याम खड्का
३.१६ मुस्ताङ - शर्मिला गुरुङ

४. मध्यपश्चिमाञ्चल

४.१ दाङ - शालिकराम मुसाफिर
४.२ प्यूठान - रवीन्द्र पाण्डे
४.३ रोल्पा - धरेन्द्र डाँगी
४.४ सल्यान - रोमप्रकाश थापा/मीना बुढाथोकी
४.५ रुकुम - जीवन खड्का/आदर्श केसी
४.६ बाँके - नारायण सुवेदी/रवीन्द्र पाण्डे
४.७ बर्दिया - मानबहादुर चौधरी
४.८ सुर्खेत - दुर्गा थापा
४.९ जाजरकोट - राजुकुमार शाक्य
४.१० दैलेख - यज्ञराज थापा
४.११ डोल्पा - विष्णुप्रसाद देवकोटा
४.१२ जुम्ला - मानदत्त रावल
४.१३ कालीकोट - कालीबहादुर मल्ल
४.१४ मुगु - जीवन सेजुवाल
४.१५ हुम्ला - खगेन्द्र छन्त्याल

५. सुदूर पश्चिमाञ्चल

५.१ कैलाली - सुरबहादुर परियार
५.२ अछाम - शिवराज खत्री
५.३ डोटी - लवदेव भट्ट
५.४ बाजुरा - अर्जुन शाह
५.५ बझाङ - प्रकाश विक
५.६ कञ्चनपुर - कोमलनिरञ्जन भाट
५.७ डडेलधुरा - केशव बोहरा
५.८ बैतडी - शेरबहादुर चन्द
५.९ दार्चुला - नरेन्द्रसिंह कार्की

क्षेत्रीय कार्यालयमा संलग्न

पूर्वाञ्चल

१. सोमराज थापा २. वेदप्रसाद ढकाल

मध्यमाञ्चल

१. कृष्ण गौतम २. राजु पासवान

पश्चिमाञ्चल

१. शिव खकुरेल २. गणेश भण्डारी

मध्य पश्चिमाञ्चल

१. भोला महत २. बालकृष्ण बस्नेत

सुदूर पश्चिमाञ्चल

१. खडकराज जोशी २. कृष्ण विक

सन्दर्भ सामग्री स्रोत

इन्सेक पुस्तकालय

फोटो स्रोत

इन्सेक जिल्ला प्रतिनिधिहरू
बाबुराम भट्टराई डट कम

पुरस्कृत जिल्ला प्रतिनिधिहरू

गत वर्षझैं यस वर्ष पनि सम्पूर्ण प्रतिनिधिमध्येबाट एक जनालाई राष्ट्रियस्तरको 'सर्वोत्कृष्ट जिल्ला प्रतिनिधि' पुरस्कारले, अन्य पाँच जनालाई 'उत्कृष्ट जिल्ला प्रतिनिधि' पुरस्कारले पुरस्कृत गर्ने निर्णय भएअनुरूप निम्नानुसारका जिल्ला प्रतिनिधि छानिनुभएको छ। 'सर्वोत्कृष्ट जिल्ला प्रतिनिधि' लाई प्रशंसापत्र र रू.१०,०००।- तथा 'उत्कृष्ट जिल्ला प्रतिनिधि' लाई प्रशंसापत्र र रू.७,०००।- प्रदान गरिएको छ।

सर्वोत्कृष्ट

सावित्री सापकोटा, चितवन

उत्कृष्ट

छेटु शेर्पा, संखुवासभा, पूर्वाञ्चल
नातिबाबु धिताल, सिन्धुपाल्चोक, मध्यमाञ्चल
सनबहादुर थापा, कास्की, पश्चिमाञ्चल
मानबहादुर चौधरी, बर्दिया, मध्यपश्चिमाञ्चल
शिवराज खत्री, अछाम, सुदूरपश्चिमाञ्चल

इन्सेक पुस्तक १६२/२०६९



संविधानसभाको प्रमुख दायित्व संविधान निर्माण थियो। मुलुकको एकमात्र जननिर्वाचित संस्था संविधानसभाले शुरुका दिनमा उच्चस्तरीय राजनीतिक संयन्त्रको छायाँमा आफूलाई सीमित राख्नु पऱ्यो। जननिर्वाचित संवैधानिक अङ्ग संविधानसभा असंवैधानिक उच्चस्तरीय राजनीतिक संयन्त्रको निर्देशनमा चलाउनु जनताको मतको सरासर अपमान थियो। व्यवस्थापिका संसद्को अभिभारासमेत निर्वाह गर्ने जनप्रतिनिधि संस्था द्वन्द्वोत्तर समाजका समस्याको पहिचान गर्दै शान्ति स्थापनामा गम्भीरतापूर्वक संलग्न हुन सकेन। सङ्क्रमणकालीन न्याय विवाद, छलफल, टिप्पणी र वाग्विलाशका विषय मात्र बने, व्यवहारमा रूपान्तरण गर्ने प्रयत्न असफल हुँदै गयो। संविधानका विषयमा जे जति काम सम्पन्न भए ती सजिला अविवादित विषयमा मात्र सीमित रह्यो। जटिल विषयहरू जस्तै- सङ्घीयताको स्वरूप, केन्द्र र राज्यहरूबीचको शक्ति बाँडफाँड, कस्तो खालको, कतिओटा र के आधारमा सङ्घीय राज्यहरू निर्माण गर्ने हो त्यस विषयमा नै प्रष्ट भइनसकेका दलहरू एकल जातीय पहिचान कि बहुपहिचानसहितका सङ्घीयताको प्रश्नमा अल्झिएपछि शान्तिप्रक्रिया अझै जटिल मार्गतिर धकेलियो।

शान्तिप्रक्रियाका अवरोधहरू यी विषयहरू मात्र थिएनन्। दलहरूबीचको अन्तरकलह, एमाओवादीका नेताहरूबीच शक्ति सञ्चय गर्ने होडबाजी, दलहरूमा देखिएको सत्तालिप्सा, माओवादीप्रति अन्य दलहरूको आशङ्का, माओवादीको सत्ता कब्जा गर्ने भनेर माओवादी नेताले दिएका अभिव्यक्ति पनि उत्तिकै जिम्मेवार तत्व थिए।

मानवअधिकार र सामाजिक न्यायका निम्ति
अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)
कलङ्की, स्यूचाटार
पत्र मञ्जुषा : २७२६, काठमाडौँ
फोन : ४२७८७७०
फ्याक्स : ४२७०५५१
इमेल : insec@insec.org.np
वेबसाइट : www.insec.org.np, www.inseconline.org